विश्वमा प्रेस स्वतन्त्रता, प्राथमिकतामा सकारात्मक पत्रकारिता

का लागि

विश्वभ्रमण अभियान

नेपाल भ्रमणका ७३० दिन







नारायणप्रसाद र नवराज भट्टराई



अरुण नदीको लेगुवाघाटमा फेरीमार्फत्
धनकुटाबाट भोजपुरतर्फ बस तारिदै

खुट्टाका औंलाले कलम चलाउने साहित्यकार झमक घिमिरे शुभकामना लेख्दै

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवका साथ

डोलेश्वर महादेव मन्दिर, सिपाडोल भक्तपुर

मनोक्रान्ति गुरु डा. योगी विकाशानन्द ललितपुरमा विदाई गर्दै



सुनौला बजार, धादिंग

उत्तरगया वेत्रावती, नुवाकोट


घिलिङ्बाट खार्पुनाथ नदी तर्दै गर्दा, हुम्ला

नेपालको सबभन्दा ठूलो ताल रारा, मुगुमा सहायक संरक्षण अधिकृतसँग

गुठीचौर, जुम्ला

सदरमुकाम जाजरकोट खलंगा

नेपालको सबभन्दा गहिरो ताल फोक्सुण्डो, डोल्पा

पुरुष परदेश गएपछि जमीन जोत्दै सल्यानकी एक महिला

कुपिण्डे ताल, सल्यान

स्यार्पु ताल, रुकुम

ठाडा दह, अर्घाखाँची



सट्टितेल निस्किएको भनिएको ठाउँ, कोपवा कपिलवस्तु



मायादेवी मन्दिर, लुम्बिनी रुपन्देही

दाउन्ने, नवलपरासी



थरुहट राज्यको माग गर्दै आन्दोलनमा निस्किएका थारु महिलाहरु (माडी चितवन)



मानव निर्मित ताल इन्द्रसरोवर, मकवानपुर



मर्स्याङ्दी नदी किनारमा अवस्थित ताल गाउँ, मनाङ



सदरमुकाम बेशीशहर, लमजुंग

गोरक्ष मन्दिर, दांग



वागेश्वरी मन्दिर, बाँके

एक सिंगे गैंडा, बर्दिया

टीकापुर बृहत उद्यान, कैलाली



एशियाकै लामो झोलुंगे पुल,
दोधारा-चाँदनी, कञ्चनपुर

मालिकार्जुन मन्दिर, दार्चुला



गौरा बोकेर नाच्दै
सवार जरीली बैतडीका महिलाहरु

रामारोशन ताल, अछाम

अजैमेरुकोटको सुरुङ, डडेल्धुरा



पुल नहुँदा जोखिमपूर्ण तवरले खोला पार गर्दै (बझाङ)

पातबाट दुना टपरी गाँस्दै सिलगढी डोटीकी महिला

काँक्रेविहार, सुर्खेत

नमोबुद्ध क्षेत्र, काभ्रेपलाञ्चोक

यातायातका साधन नहुँदा च्यांग्रालाई भारी (बाजुरा)

नेपाल भ्रमणका ७३० दिन

(यात्रा अभियान दैनिकी)

नारायणप्रसाद र नवराज भट्टराई

प्रकाशक

विश्व दर्शन अभियान, नेपाल

Enlighten the World Campaign (ENWOCAM), Nepal

कुसुन्ती, ललितपुर, **सम्पर्क कार्यालयः** बुद्धनगर काठमाडौं

मो. नं. : ९७४११४३८४४, ९८४५५०८३५६, ९८४९८६१६२३

Email: enwocam@gmail.com, worldjournos@gmail.com

Website: www.worldjournos.com

नेपाल भ्रमणका ७३० दिन

सर्वाधिकारः © प्रकाशकमा

लेखक : नारायणप्रसाद र नवराज भट्टराई

भित्री सज्जा : रोहित ढकाल

आवरण सज्जाः सरोज रस्तेल

प्रथम संस्करणः २०६८ आश्विन १

प्रकाशित संख्याः १००० प्रति

दोस्रो संस्करणः २०६९ चैत्र (संस्थाबाट प्रथम)

प्रकाशित संख्याः ५०० प्रति

प्रकाशक : विश्व दर्शन अभियान, नेपाल

लगानी सहयोगी : भानुभक्त पौडेल (अमेरिका)

विश्वयात्रा सहयोगस्वरुप : रू. १०००/-

मुद्रणः सुजल अफसेट प्रेस, काठमाडौं,
फोनः ०१-४२३३४५९

ISBN: 978-9937-2-3896-0

आवरण तस्वीरहरुः

दायाँ माथिबाट तलः
फोक्सुण्डो ताल (डोल्पा)
आफैं निरन्तर बलिरहने ज्वाला (नाभिस्थान, दैलेख)
साततले दरवार (नुवाकोट)
नाम्चे बजार (सोलुखुम्बु)
कृष्णसार (बर्दिया)
कन्याम चियाबगान (ईलाम)।

बायाँ तलबाट माथिः
रोटा पकाउँदै रुगा ८, मुगुकी महिला
नुवाकोटे किसान खेत साउदै
खप्तड क्षेत्र (डोटी, बझाङ्ग, अछाम र बाजुराको संगम)
सुन्दरीजल (काठमाडौं),
मुक्तिनाथ मन्दिर (मुस्ताङ्ग)
बाग्लुङ्गपानी लमजुङ्गबाट देखिएका हिमालहरु ।

तल बीचमाः स्वयम्भुनाथ (काठमाडौं) ।

प्रकाशकीय

प्रत्येक राष्ट्रका साझा सम्पदा- इतिहास, भूगोल, जातजाति, भाषा, संस्कृ धर्म, दर्शन, साहित्य, कला, जीवन पद्धति एवं अन्य क्षेत्रका विषयमा सुपरिचि हुनु प्रत्येक नागरिकको प्रथम कर्तव्य हो । साथै आफ्नो राष्ट्रलाई विश्वसा परिचित गराउनु र आफूले पनि विश्वलाई चिन्नु आवश्यक छ । भ्रम अध्ययन, अनुसन्धान, प्रकाशन, सम्मेलन, गोष्ठी, वृत्तचित्र प्रदर्शनी आदि माध्यमद्वारा उपर्युक्त दायित्व निर्वाह गर्न सकिन्छ । जसका लागि संस्था पहल जरुरी ठानी विश्व दर्शन अभियान, नेपालको स्थापना भएको हो यसको निर्दिष्ट उद्देश्य 'चिनौं आफूलाई, बुझौं आ-आफ्ना राष्ट्रलाई जगाऔं विश्वलाई' को सन्देशमार्फत् विश्व मानवजातिलाई एक सूत्रमा उ अनि समाज विकासको सुरुवात् आफैंबाट गर्नुपर्छ को चेतना प्रवाह व्यवहारमा उत्रन प्रेरित गर्नु हो ।

यही उद्देश्यअनुरुप विश्व भ्रमणको पहिलो चरण अर्न्तगत नेपाल पचहत्तरै जिल्ला यात्रा गरी पत्रकारद्वय नारायणप्रसाद भट्टराई 'कोऽहम्' नवराज भट्टराई 'सोऽहम्' ले तयार पार्नुभएको देश परिचायक पुस्तक **नेपा भ्रमणका ७३० दिन** प्रकाशनमा ल्याइएको छ ।

विश्व मानचित्रको दक्षिण एशियामा अवस्थित भूपरिवेष्ठित मुलुक नेपा उत्तरमा चीन अनि पूर्व, पश्चिम र दक्षिणमा भारतको सिमानासँग जोडिए एक सुन्दर राष्ट्र हो । हिमाल, पहाड र तराइको भूभागमा विभक्त यो दे विभिन्न जातजाति, धर्म, संस्कृति, भेषभूषा आदिको अनुपम संगम स्थल हो अनेकौं प्राकृतिक सुन्दरताले सुशोभित साथै विविध विशेषताले भरिए नेपाल संसारको एउटा महत्वपूर्ण गन्तव्य स्थल बन्न सक्छ ।

नेपालको यस्तो सम्भावनालाई यथार्थतामा रुपान्तरण गर्न आफ्ना तर्फब ठोस योगदानको उदात्त चेतसहित देशलाई नजिकबाट नियाल्न रु. ३ बोकेर भोजपुरको दिङ्लाबाट भट्टराईद्वयको यात्रा सुरु हुन्छ । यसरी सु भएको यात्रा २ वर्षमा राजधानी काठमाडौं पुगेर समापन गरिन्छ । य क्रममा उहाँहरुले देशका समस्या र सम्भावना, त्यहाँका ऐतिहासिक, धार्मि सांस्कृतिक, पर्यटकीय स्थल, विकासका पूर्वाधार, जनजीवन र पत्रकारिता अवस्था आदिका अनुभव र अनुभूतिलाई दैनिकी स्वरुपमा सचित्र विवरणसहि **नेपाल भ्रमणका ७३० दिन** पुस्तक तयार गर्नुभएको छ । देश चिन्न चिनाउन चाहने प्रत्येक व्यक्तिलाई उपलब्ध कृति भरपर्दो सन्दर्भ सामग्री सक्छ भन्ने हाम्रो विश्वास छ ।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता अभियानसहित सिंगो देशया गरी यसरुपमा प्रकाशित यो कृति नेपालकै पहिलो हो । नेपाललाई विश्वमा चिनाउने उद्देश्यअनुरुप तयार पारिएको प्रस्तुत पुस्तक केवल पुस्तक म होइन, स्वयंमा अभियान हो । अतः यसलाई परम्परागत निरन्तरता भ नयाँ र मौलिक प्रस्तुतिका रुपमा हेर्नु उपयुक्त हुन्छ ।

यस्तो विशेष कृति प्रकाशनको जिम्मेवारी पाएकोमा विश्व दर्शन अभिया नेपाल आफूलाई भाग्यमानी ठान्दछ । आगामी दिनमा पनि लेखकद्वय सामग्रीहरु प्रकाशनको जिम्मा पाउने अपेक्षा यस अभियानले राखेको छ

भविष्यमा समेत लेखकद्वय आफ्नो लक्ष्यप्रति दृढ रहँदै सकारात्म सोचका साथ यात्रामा निरन्तर अगाडि बढ्न सफल हुनुहुनेछ भन्ने हा विश्वास छ । यो यात्रा अभियान समग्र मानवजातिकै निम्ति प्रेरणाको श्र बन्न सकोस्, हार्दिक शुभकामना !

- विश्व दर्शन अभियान, नेपा
Enlighten the World Campaign, Nep

नेपाल पर्यटन बोर्ड

शुभकामना सन्देश

पत्रकारद्वय नारायणप्रसाद भट्टराई 'सोहम्' र नवराज भट्टराई 'कोहम्' ले नेपालका पचहत्तरै जिल्लाका विभिन्न महत्वपूर्ण ऐतिहासिक, सांस्कृतिक, धार्मिक एवं पर्यटकीय स्थलहरु भ्रमण गरी प्राप्त गरेका अनुभवहरुको संगालो पुस्तक 'नेपाल भ्रमणका ७३० दिन' नामक पुस्तक प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ । पर्यटक र पर्यटन सम्पदा बीचको सेतू नै यस्ता पुस्तक हून् जसले पर्यटकलाई ती स्थानका भ्रमणयोग्य स्थानका बारेमा जानकारी प्रदान गर्दछ ।

पर्यटन भन्नासाथ कुनै खास गन्तब्यको विशेष रीतिरिवाज, रहनसहन र मौलिकतालाई बुझिन्छ । तसर्थ यसको बारेमा आकर्षक रुपमा जानकारी संप्रेषण भएमा मात्र पर्यटकहरुलाई भ्रमण गर्न सजिलो पर्ने यथार्थ हामी सबैलाई थाहा भएकै विषय हो । यस अर्थमा सम्पूर्ण पचहत्तरै जिल्लाहरुका प्राकृतिक, सांस्कृतिक, धार्मिक एवं पर्यटकीय सम्पदाहरुको प्रकाशनले पर्यटन सम्पदा विकासमा महत्वपूर्ण आयाम थप्ने छ भन्ने मैले विश्वास लिएको छु ।

प्रकाशोन्मुख पुस्तक र डि.भि.डिले यस नेपालको पर्यटकीय अन्तरबस्तूको पहिचान गरी पठनीय सामग्री प्रस्तुत गर्न सकोस् भन्ने शुभकामना ब्यक्त गर्दछु ।

सुभाष निरौला
नि.कार्यकारी प्रमुख

पर्यटक सेवा केन्द्र, पोष्ट बक्स नं. ११०१८, भृकुटीमण्डप, काठमाडौं, नेपाल
फोन: ९७७-१-४२५६९०९, फ्याक्स: ९७७-१-४२५६९१०, इमेल: info@ntb.org.np, वेब-पेज: www.welcomenepal.com
पर्यटक सेवा केन्द्र, पार्दी, पोखरा, नेपाल फोन: ०६१-५३५२९२

नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति

सञ्चारग्राम, काठमाडौं

नेपाल पत्रकार महासंघ
केन्द्रीय समिति
Central Committee
Federation of Nepali Journalists

पत्र संख्या :
च.नं. :

मिति: ०६८।०५।१५

शुभकामना

पत्रकारद्वय नारायणप्रसाद भट्टराई 'सोहम' र नवराज भट्टराई 'कोहम' ले नेपालको ७५ वटै जिल्लाका भ्रमण गरी सो भ्रमणक्रममा प्राप्त गरेका अनुभवहरुलाई **'नेपाल भ्रमणका ७३० दिन'** नामक पुस्तकका रुपमा प्रकाशन गर्न लागेकोमा अत्यन्त खुसी लागेको छ । यस सुखद् अवसरमा पत्रकारद्वयलाई म हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु ।

नेपालका ७५ वटै जिल्लाका आर्थिक, सामाजिक, धार्मिक, ऐतिहासिक, तथा पर्यटकीय विषयवस्तुहरुलाई समेटेर प्रकाशन हुन लागेको यस **पुस्तक**को प्रकाशनबाट पाठकहरुले देशको हरेक क्षेत्र, जाति, धर्मका बारेमा केही हदसम्म जानकारी पाउने विश्वास मैले लिएको छु । यो **पुस्तक** भावी पिंढी र अध्ययन-अनुसन्धानमा रुचि राख्ने सबैलाई सन्दर्भ सामग्रीको रुपमासमेत उपयोगी हुनेछ भन्ने विश्वास राख्दै आमपाठकका लागि पनि संग्रहणीय बन्न सकोस् भनि हार्दिक शुभकामना दिन चाहन्छु ।

....

शिव गाउँले

अध्यक्ष

फोन नं.: ००९७७-१-४-११२७६३, ४-११२६७३, फ्याक्स : ४-११२७८५, ईमेल : fnjnepal@mail.com.np, Hotline: 4-112723, Website: www.fnjnepal.org

संसारको मानचित्रमा नेपालको छाप हान्ने सुन्दर सपना

– शंकरप्रसाद (एस्पी) कोइराला, मन्त्री
अर्थ, उद्योग र वाणिज्य तथा आपूर्ति, नेपाल सरकार

देख्ता सामान्य लाग्ने तर असामान्य काम गर्ने भट्टराईद्वयले कलिलै उमेरमा अलग र अद्वितीय काम गरेर आफ्नो **पृथक् उपस्थितिको सार्वजनिक सूचना** दिइ सक्नुभएको छ। त्यसैले यत्तिखेर मलाई लाग्छ, 'सोऽहम्' र 'कोऽहम्' को थप परिचय अब आवश्यक छैन । खालि एउटा समस्या मात्र छ उहाँहरूलाई के भन्ने ? **पत्रकार भन्ने कि पर्यटक ? लेखक भन्ने कि राजदूत ? यात्री भन्ने कि अभियानका सारथि ? नेपाल आमाको भूगोलका साक्षी भन्ने कि बाटुलो संसार आफ्नै आँखाले हेर्न खोज्ने पंक्षी ?** जेसुकै होस् । तर एउटा कुरा भने सोह्रै आना पक्का छ त्यो हो - भोजपुरे माटामा उम्रेका यी रहरलाग्दा प्यारा प्रतिभा जो भोजपुरका साँघुरा सीमाना छिचोलेर सिङ्गो नेपाल नियाल्ने साहस राख्छन् र नेपालको चौघेरा नाघेर अब समस्त **संसारको मानचित्रका पाना पानामा नेपालको छाप हान्ने सुन्दर सपना** सजाउँछन् ।

अलिकति उत्साह र अलिकति दुस्साहस मिश्रित यो साहसिक विश्व भ्रमण अभियानको म आत्मैदेखि सराहना गर्दछु । यो पवित्र उद्देश्यले अभिप्रेरित छ । **अभिव्यक्ति स्वतन्त्रता, वाणीको अधिकार र सही सूचनाको हकको सन्देश बोकेको यो अभियानको हिस्सा बन्ने रमाइलो सञ्जोग समयले हामीलाई जुराएको छ ।** यो अवसरको हामीले भरपूर उपयोग गर्न सकौं । हाम्रा शुभकामना र सहयोगका सुभावनाले ती चार थान पाइलालाई नेपालको झण्डा फरफर पार्दै विश्व परिक्रमातर्फ अगाडि लम्कन अदम्य उत्साह र आँट थप्ने कुरामा म ढुक्क छु ।

पूरापुर दुई वर्ष लगाएर यी दुई भट्टराईद्वयले गर्नुभएको नेपालका ७५ जिल्लाको संयुक्त यात्राको बृतान्त **नेपाल भ्रमणका ७३० दिन** पुस्तकमा र **नेपाल दर्शन** वृत्तचित्रमा पनि **बढो रोचक एवम् कौतुहलपूर्ण** ढङ्गले प्रस्तुत भएको पाउँदा म पुलकित भएको छु । यसको दोश्रो संस्करण निस्कने खबरले म उत्तिकै रोमाञ्चित पनि बनेको छु । पुस्तक र यात्रा अभियान दुबैको शतप्रतिशत सफलताको हार्दिक शुभकामना !

शुभकामनाका दुई थुंगा फूल

– सत्यमोहन जोशी, वरिष्ठ संस्कृतिविद्

"**विश्वभ्रमण अभियान**"को उद्देश्य र लक्ष्यअनुरुप सबभन्दा पहिले आफ्नै देश नेपालको भ्रमणमा ७३० दिन खर्च गरी सचित्र बृहत् ग्रन्थ **नेपाल भ्रमणका ७३० दिन** प्रकाशनसहित एउटा नौलो शुभारम्भ गृहकार्यको रुपमा सम्पन्न गर्नुहुने "कोऽहम् र सोऽहम्" ज्यूहरुको अत्यन्त साहसिक र दुष्कर नियात्राका लागि हार्दिक बधाई !

हुन त ७३० दिनभन्दा पनि बढी समय खर्च गरेर नेपाल भ्रमण गर्ने अनन्य साहसी नियात्राकारहरु पनि अल्याख नै होलान् तर आफूहरुले देखेका भोगेका यावत् अनुभवहरु लिपिबद्ध गरेर सचित्र बृहत् ग्रन्थको रुपमा **यस्तो अनुपम तथा अमूल्य नियात्रा कृति जनसमक्ष उपहार प्रस्तुत गर्ने नियात्राकारहरु कमै मात्र होलान्**। फेरि अहिले उक्त नियात्रा ग्रन्थको पहिलो प्रकाशनको आवृत्ति सकिएर दोश्रो आवृत्तिको तयारी हुँदैछ भन्ने कुरो सुन्नमा आउँदा **"कोऽहम् र सोऽहम्" को दार्शनिक पृष्ठभूमि भित्र "शिवोऽहम्" पल्लवित र पुष्पित हुने लक्षण** देख्दैछु । यसमा म विश्वस्त छु ।

नेपालको इन्साइक्लोपेडिया

– जीवा लामिछाने (अध्यक्ष),
गैरआवासीय नेपाली संघ

नारायणप्रसाद भट्टराई र नवराज भट्टराईले नेपालका ७५ जिल्लाहरुको ७३० दिन लगाएर गर्नुभएको कष्टसाध्य स्थलगत भ्रमणको घटना, अनुभव, अनुभुति तथा वस्तुपरक यथार्थताको संग्रह **नेपाल भ्रमणका ७३० दिन** नेपाली भूगोल, संस्कृति, परम्परा, रहनसहन, विशेषता आदिको उद्घाटन गर्न सक्षम कृति हो ।

७३० दिन निरन्तर सम्पूर्ण जिल्लाहरुको भ्रमण गरी तयार गरिएको यो पुस्तक सायद **नेपाली भाषा-साहित्यको प्रथम कृति हो** भन्ने मलाई लाग्दछ ।

हिमाल, पहाड, तराईको विविधता अनि ती विविधता भित्र रहेका अनेक पत्र-पत्रात्मक विशेषतालाई सूक्ष्मतम रुपमा केलाएर लेखिएको यो पुस्तक **नेपालको इन्साइक्लोपेडिया** भन्दा पनि अत्युक्ति नहोला भन्ने मैले अनुभव गरेको छु । शान्ति, सद्भाव, भाइचारा र नेपालको विशेषतालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चिनाउन भट्टराई बन्धुले गर्नुभएको यो कार्य प्रशंसनीय छ । अझ यसलाई वृत्तचित्रमा पनि प्रस्तुत गरेर ९८ मिनेटमा **नेपाल दर्शन** गराउनु निकै अनुकरणीय कार्य हो ।

उहाँहरुले विश्व भ्रमण गरेर नेपाली संस्कृति र सम्पदाको प्रचार प्रसार गर्ने जुन लक्ष्य लिनुभएको छ, त्यसको सफलताको अग्रिम शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

यस्ता स-साना बत्तीले यो देशलाई उज्यालो राख्नेछन्

– प्रा. डा. गोविन्दराज भट्टराई

दुई जना युवाले प्रकाशन गरेको **'नेपाल भ्रमणका ७३० दिन'** शीर्षक कृति पढेर म अत्यन्तै प्रभावित भएको थिएँ । त्यसो त यो कृति आएको डेढ वर्ष पुग्यो; यस अवधिमा सोही कृतिमा आधारित **'नेपाल दर्शन'** नामक एउटा श्रव्यदृश्य सामग्री डिभिडिको पनि निर्माण भइसकेको छ। बिस्तारै ती दुई जनाको प्रयत्नले संस्थागत रूप लिन थालेको छ । यो कुरा देश विदेशका नेपालीहरूलाई अवगत हुन थालेको छ ।

यो अत्यन्तै ठूलो र उदाहरणीय मात्र नभई अत्यन्तै प्रशंसनीय सत्कर्म हो । आफ्नो देशको प्रेमलाई हृदयमा सजाएर यसमा पचहत्तरै जिल्लाको दुई वर्ष लगाएर भ्रमण गर्नु भनेको **एउटा असम्भव कल्पना र त्यसको कार्यान्वयन** जस्तो लाग्दछ । कुनै परिपक्व उमेरका पूर्णप्रकाश नेपाल यात्री, जनकलाल शर्मा, कवि पथिक, धर्मराज थापा, प्रतीक ढकालजस्ता समर्पित अन्वेषक अथवा नियात्राकार भएको भए आश्चर्यको कुरा हुने थिएन। तर दुई जना भर्खरका, विद्यार्थीकाल पूरा गरी नसकेका पत्रकार भाइहरूले त्यत्रो महत्वाकाङ्क्षा लिनु र त्यो पनि युद्ध र द्वन्द्वले देश निसासिएको बेला त्यसको कार्यान्वयनमा संलग्न हुनु एउटा दुरुह मात्र होइन असम्भव कार्यजस्तो लाग्दछ। कुनै विशेष सहायता बिना केवल आत्मबलको भरमा त्यसरी देशलाई आफ्नै आँखाले हेर्नु; आफ्नै पैतालाले परिक्रमा गर्ने र आफ्नै आँखाले ती विभिन्न ठाउँको दर्शन गर्ने र ती कुरालाई अक्षर बद्ध गर्ने जुन शक्ति र सामर्थ्य लिएर यी युवा अघि बढे त्यो **एउटा अद्वितीय उदाहरण** बनेको छ । यसले नेपालका नयाँ पुस्तालाई एउटा सन्देश दिनेछ– **देशप्रति प्रेम गर्नेहरूको अन्त्य भएको छैन; देशलाई अरू समक्ष चिनाउने आत्मगौरवको भावनाले भरिएका युवा पुस्ताको कमी छैन ।**

कति विकट ठाउँहरूमा, कति सङ्कटमय परिस्थितिमा उनीहरूले कठोर यात्रा गरेर कसरी अविचलित हुँदै देशका अमूल्य रत्नगर्भलाई प्रकाशमा ल्याए । जिल्लाहरू चिनाए, मानिसका कठोर जनजीवन देखेर आए । यसको प्रमाण छ– उनीहरूको **नेपाल भ्रमणका ७३० दिन** । यो किताब अध्ययन गर्दा पनि आफ्नो देशको विचित्रताको अलिकति झल्का प्राप्त हुन्छ । त्यतिमात्र नभई यसमा आधारित डिभिडिले केवल अन्ठानब्बे मिनेटमा त्यो सम्पूर्ण दृश्यलाई प्रस्तुत गर्दछ ।

यस्ता कर्मलाई राष्ट्रले सम्मानित र प्रोत्साहित गर्नु पर्ने; त्यसतर्फ हाम्रो दृष्टि पुगेको छैन । त्यति मात्र हैन यस्ता उत्साही युवावर्गलाई यो देशको परिचय हृदयमा बोकेर बुद्धको सन्देश फिँजाउँदै संसारका कुनाकुनाको यात्रा अभियानमा पठाउनु पर्ने त्यसतर्फ पनि हाम्रो दृष्टिकोण पुगेको छैन । **सरकारी खर्चमा अथवा कुनै एन्जिओको प्रोजेक्टमा यो कर्म गराइएको भए कति लाख पुग्थ्यो होला– अनुमान गरी नसक्नु छ ।** कति भोकैतिर्खै, कुनै साधनश्रोत बेगर अनेक विकटताको सामना गर्दै नवराज नारायणले कसरी त्यो शक्ति, सहअस्तित्व, स्वतन्त्रता र देशप्रेमको यात्रा पूरा गरे होला– त्यो पनि कल्पना गरिनसक्नु छ । यस घडि म सम्पूर्ण नेपाली जातिसमक्ष एउटा विनम्र अनुरोध गर्दछु– यस्ता त्यागी युवाहरूलाई शान्ति, स्वतन्त्रता र समानताको झण्डा फहराउँदै **विश्वसमक्ष बुद्धको सन्देश फैलाउने कर्ममा हामी सबैले प्रोत्साहित गरौं** । उनीहरूको कृति पढेर देशलाई नजिकबाट हेर्ने, उनीहरूले तयार पारेको श्रव्यदृश्य सामग्रीलाई आफूले हेरेर आफ्ना सन्तानहरूलाई दृष्टिगत गराएर तथा **देश विदेशमा कोशेली पठाएर नेपालको गौरव दशै दिशामा फैलाऔँ** र यी अग्रगामी साहसी युवालाई विश्वभ्रमणको निमित्त उत्प्रेरित गरौं । उदार मनले सहयोग गरौं । **हाम्रो निवेदन सरकारले पनि सुनिदियोस् म यही हार्दिक आह्वान गर्दछु र सबैभन्दा ठूलो कुरा ता यस कृतिलाई अन्य भाषामा, खासगरी अङ्ग्रेजीमा अनुवाद गर्न सके नेपालको एक आत्मालाई विश्वले दर्शन गर्न पाउने थियो । यसको निमित्त आवश्यक खर्च जुटाइदिनु हुन उदारमना व्यक्ति वा संस्थासमक्ष अनुरोध पनि गर्दछु ।**

नवराज नारायणलाई यो पुस्तकको दोश्रो संस्करण प्रकाशित हुन लागेको यस अवसरमा अनेक धन्यवाद र आशिर्वाद दिँदै यहीँ रोकिन्छु ।

मनको क्रान्ति घटेको छ

– डा. योगी विकाशानन्द

विचारलाई कर्ममा परिणत गरेर मनोवाञ्छित परिणाम उत्पादन गर्न सक्ने एक जोडा नेपाली कालिगढका नमूना हुन्, सोऽहम् र कोऽहम् । **नेपाल भ्रमणका ७३० दिन** नामक अद्वितीय कृति र **नेपाल दर्शन** भिडियोग्राफी यस कुराका साक्षी हुन् ।

सिंगो विश्वलाई नेपाली आँखाले दर्शन गर्ने चुनौतीपूर्ण सपना बोकेका छन् यी युवाले, जसको लागि **विश्व दर्शन अभियान, नेपाल** संस्थासमेत दर्ता गरिसकेका छन् ।

यिनीहरुका साहसिक, ज्ञानबर्द्धक, प्रेरणादायी एवं पुनित कार्यको लागि सबैले आआफ्नो ठाउँबाट सहयोग गर्नु भनेको **सहजै पुण्य आर्जन गर्ने मेसो** जुरेको हो ।

साँचो अर्थमा- **मनको क्रान्ति घटेको छ** कोऽहम् र सोऽहम्मा ।

राष्ट्रलाई चिन्न यस्तै कृतिको आवश्यकता थियो

– डा. तारानाथ शर्मा

नेपाल भ्रमणका ७३० दिन शीर्षक चित्रै चित्र र वर्णनै वर्णनले सिंगारिएको सुन्दर पुस्तक हेर्ने मौका पाउँदा म औधि पुलकित भएँ । नेपाल त्यसै पनि अत्यन्त रमणीय प्राकृतिक सौन्दर्यले पूर्ण देश हो । र यस्तो आकर्षक र अनुपम देशका समस्त पचहत्तरै जिल्ला जिज्ञासा र उत्साहका साथ घुम्ने युवकद्वय नवराज र नारायणप्रसाद भट्टराईको सार्थक प्रयासस्वरुप **पाठक वर्गमा समर्पित यात्रात्मक वर्णन प्रशंसनीय प्रयास मात्र नभई सफलता** पनि हो । राष्ट्रलाई चिन्न यस्तै कृतिको आवश्यकता थियो । यी जिज्ञासु पाईलाहरु सधैं अघि बढून् ।

सम्पूर्ण जिज्ञासु लाभान्वित हुने ग्रन्थ



– प्रा. डा. हरि शर्मा

स्वनामधन्य स्वतन्त्र युवा पत्रकारद्वय नारायण र नवराज कृत **नेपाल भ्रमणका ७३० दिन** समग्रमा भन्दा **नेपालको पर्यटन विषयक एउटा यस्तो ग्रन्थ हो, जुन प्रत्येक टूर अपरेटर एवं पथ प्रदर्शकहरुले अनिवार्य रुपले पढ्नुपर्ने देखिन्छ**। यस्तो ग्रन्थको दोश्रो संस्करणको समाचारले म व्यक्तिगत रुपमा अन्यन्तै हर्षित छु । यस संस्करणबाट पर्यटन सम्बद्ध संघ-संस्था र व्यवसायी तथा मुलुकको प्रत्यक्ष भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा अन्य असंख्य जैविक विविधता र सम्पदाबारे विस्तारमा जानकारी हासिल गर्न चाहने **सम्पूर्ण जिज्ञासु लाभान्वित हुने नै छन्** ।

अर्को खुशीको कुरा के लाग्यो भने यो प्रकाशन प्रकाशनमा मात्रै सीमित नरही एउटा सुदृढ संस्थाको रुपमा पनि विकसित हुँदै गैरहेको छ। कालान्तरमा विश्व-शान्ति, भाईचारा र सकारात्मक सोचको महान् नारालाई लिएर विश्वका अन्य मुलुकमा समेत आफ्नो अन्वेषी भ्रमणलाई निरन्तरता दिन अठोट राख्नु हुने राष्ट्रका चौथो अंगमा संलग्न यी सर्जकद्वय नारायण र नवराजका पाइलाहरु सदा-सर्वदा सफलताको शिखरतर्फ उक्लन सकून् । राष्ट्रले यी युवाहरुलाई सम्मान गर्दै यथेष्ट प्रोत्साहन प्रदान गरोस् । **छिट्टो नै प्रस्तुत ग्रन्थ अंग्रेजी भाषामा समेत तयार होस् र ग्रन्थमा प्रकाशित शुभेच्छा एवं सन्देशहरुले सार्थकता पाऊन्** । प्रस्तुत ग्रन्थप्रति यही नै मेरो अंतर्मनको अभिव्यक्ति रहेको छ ।

अत्यन्त सराहनीय अभियान

– पवन आलोक, अध्यक्ष
नेपाल स्रष्टा समाज

देशलाई अत्यन्त माया गर्ने सक्रिय र ऊर्जाशील पत्रकारद्वय नारायणप्रसाद भट्टराई 'सोऽहम्' र नवराज भट्टराई 'कोऽहम्' को **यो देशदर्शन अभियानबाट म निक्कै प्रभावित भएँ** । देशका ७५ वटै जिल्ला भ्रमण गरेर आफूले प्राप्त गरेका अनुभूतिहरुका साथै ती ठाउँका महत्वपूर्ण जानकारीहरु समस्त पाठकलाई उपलब्ध हुने **नेपाल भ्रमणका ७३० दिन** पुस्तक **सबैका लागि अन्यन्त उपयोगी छ** । त्यतिमात्र होइन, वहाँहरुले भ्रमण गरेका विभिन्न ठाउँहरुमा खिचेका चित्रहरु समावेश गरिएको **डि.भि.डी. समेत उपलब्ध गराएर** वहाँहरुले **ठूलो गुन** लगाउनुभएको छ । यो अत्यन्त सराहनीय अभियानका लागि म वहाँहरुलाई धन्यवाद र हार्दिक बधाई दिन चाहान्छु ।

यसै क्रममा अबको विश्व भ्रमणको योजना पनि सफल होस् र भ्रमणको समाप्ति पछि भ्रमण गरिएका देशहरुको बारेमा महत्वपूर्ण जानकारी हुने पुस्तक र डि.भि.डी. उपलब्ध हनु व्यवस्था गर्नुभएमा सारै ठूलो योगदान हुनेछ । तपाईहरुको यो महत्वपूर्ण अभियानको सफलताका लागि हार्दिक शुभकामना ।

आम नागरिकले पढ्नैपर्ने पुस्तक



– **शशी लुमुम्बु**, अध्यक्ष
नेपाली वाङ्मय परिषद्

मानवीय संवेदना मुर्झाउँदै गइरहेको यो समयमा यात्राका माध्यमबाट **विश्वजगत्मा मानवता बचाऊ अभियान**मा होमिएका युवाद्वय नवराज एवं नारायण भट्टराई **'कोऽहम्-सोऽहम्'**ले ७३० दिन लगाएर पूरा गरेको नेपाल भ्रमणको एक **ऐतिहासिक अभिलेख** हो- यो पुस्तक ।

'नेपाल भ्रमणका ७३० दिन' नामक यस पुस्तकमा प्रकृतिको अनुपम देश नेपालका पचहत्तरै जिल्लाका प्रमुख धार्मिक, सांस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक स्थलहरूका बारेमा यथेष्ट जानकारी समेटिएका छन् । **विद्यालय, विश्वविद्यालय, सञ्चारगृह, सबै खाले संघसंस्थाका साथै नेपाल सरकारका सम्पूर्ण निकायका पुस्तकालयमा अनिवार्य रुपमा राख्नै पर्ने र आम नागरिकले पढ्नै पर्ने पुस्तक हो-** नेपाल भ्रमणका ७३० दिन ।

राज्यले गर्नुपर्ने काम युवाद्वयले गर्नुभयो

– श्रवण मुकारुङ् कवि/लेखक

नेपाली जातिको पहिचानलाई विश्व सामु परिचित गराउने महान् उद्देश्य लिएर यात्रामा निस्कनुभएका नारायण-नवराज भट्टराईले आफ्नो यात्राको प्रारम्भमै नेपालका पचहत्तरै जिल्लाको भ्रमण र अवलोकन पूरा गरी यो स्मारिका (पुस्तक) तयार गर्नुभयो । यसभित्र नेपालको भू-राजनैतिक अवस्था, सामाजिक, सांस्कृतिक सम्पदाहरुको डकुमेन्टेशन गरिएको छ । **आजसम्म पनि खोजी नगरिएका सार्वजनिक महत्वका ऐतिहासिक, धार्मिक एवं जनजातीय सम्पदाहरुलाई उत्खनन्** गरी यसरी पुस्तक नै प्रकाशन गर्नु साच्चै सन्हानीय कार्य हो । राज्यले गर्नुपर्ने काम तपाईं स्वप्नशील युवाद्वयले गर्नुभएको छ ।

सिद्धार्थले आफ्ना सारा राज श्री, सुख-सयल त्यागेर जब यात्रामा निस्किए तब, उनी सर्वपूज्य 'बुद्ध' भए । भट्टराईद्वयको यो यात्राले पनि त्यस्तो गन्तव्य प्राप्त गरोस् । जसले **आजको विखण्डित् र स्खलीत् मानवजातिको व्यक्तित्वलाई पुर्ननिर्माण गर्ने महाज्ञान प्राप्त होस्** । जसको जस यो पवित्र भूमि नेपाल अझ नेपालको पूर्वी पहाड भोजपुरले पाओस् ! जिल्लावासी पनि भएका नाताले म तपाईंहरुलाई अग्रिम शुभकामना दिन्छु ।

महागुरु षडानन्द जस्ता शिक्षासेवी, योगमाया जस्ता सामाजिक अभियन्ता, रामप्रसाद राई जस्ता क्रान्तिकारी नेता जन्मिएको माटोमा फेरि तपाईंहरुले नयाँ हलचल उत्पन्न गर्नुभएको छ ।

सबैलाई थाहा भएकै कुरा हो । जीवन संघर्षमय छ । हिंड्नु वा यात्रामा निस्कनु आफैंमा संघर्ष नै हो । जसरी पृथ्वी संघर्षशील छ । यात्रारत छ । तपाईंहरुको यात्रामा पनि अनेकौं कठिनाईहरु आए होलान् । अझ आउनेछन् । सबभन्दा ठूलो कठिनाइ त आर्थिक नै हो । तर **'तँ चिता म पुर्‍याउँछु'** भन्ने लोकोक्ति छ । यस्तो सुक्ति त्यसै बनेन होला । असल काम गर्नेहरुका लागि अझै हाम्रो समाज, जाति अथवा संसारकै मानिसहरु सबै कृतघ्न भइसकेका छैनन् । **मानिससित अझै दया, करुणा, प्रेम जीवित छ ।** त्यसैले, तपाईंहरुको उद्देश्य (सपना) पूरा हुनेछ भन्ने विश्वास मैले लिएको छु । यसको पहिलो प्रमाण त यो पुस्तकको यति छोटो समयमै दोश्रो संस्करण भयो ।

भारतवर्ष हिंडेका कोलम्बसले त अमेरिका पत्ता लगाए भने तपाईंहरु त विश्वभ्रमण गर्दै हुनुहुन्छ, **कसो ज्ञानको, मानवताको र सदाचारको अर्को विश्व पत्तो नलागला ?** फेरि पनि बधाई एवं शुभकामना !!

साहस र समर्पणको दस्तावेज

– **रवीन्द्र समीर**, चिकित्सक एवं साहित्यकार

आजको व्यस्त, यान्त्रिक एवं उपभोक्तावादी बजारशास्त्रमा आफ्नो सम्पूर्ण काम तथा जिम्मेवारीलाई थाती राखेर नेपाल जस्तो विकट एवं विविध भौगोलिक उतार चढाव भएको देशमा ७५ जिल्ला नै घुमेर पुस्तक तयार गर्नु **आम मानिसको क्षमता एवं साहस बाहिरको कुरा** हो । यही दुस्साहस गरेका छन् प्रिय भाईहरु– नारायणप्रसाद भट्टराई र नवराज भट्टराईले ।

हिमाल, पहाड र तराईका विविध विशेषताहरु, तथ्यांकहरु, अनुभूतिहरु एवं विश्लेषणहरुले सजिएको पुस्तक **नेपाल भ्रमणका ७३० दिन** नेपाली भाषा, साहित्य, संस्कृति एवं पर्यटनको क्षेत्रमा अमूल्य नीधिको रुपमा आएको छ । साथै यो देशदर्शनलाई श्रव्यदृश्यमा समेत उपलब्ध गराएर अर्को गहकिलो काम भएको छ । निजी तवरबाट आफ्नो जन्मभूमिको लागि गरेको यो मेहेनत र समर्पण उदाहरणीय समेत छ । अझ यी पुस्तक र श्रव्यदृष्यलाई विश्वमा परिचित गराउन उनीहरुले संकल्प गरेको **विश्व भ्रमण अभियान** सलाम योग्य छ । यो जो कोहीले गर्न सक्ने साधारण साहस पक्कै होइन । उनीहरुको यो अभियानमा **होस्टेमा हैंसे** गर्नु हाम्रो कर्तव्य हो ।

राष्ट्र, संस्कृति एवं पर्यटनप्रति उनीहरुको समर्पणलाई म शब्दमा सम्मान व्यक्त गर्न सक्दिन । आशा छ, यो पुस्तक अंग्रेजी लगायत विविध भाषामा प्रकाशित हुनेछ र नेपालको स्थलगत चिनारी विश्व समुदायमा फैलिनेछ ।

प्रिय भाईहरुको विश्वभ्रमण, त्यसक्रममा नेपालका विविध पाटाहरुको विमोचन र भ्रमणबाट सिर्जित अर्को अमूल्य कृतिको प्रतीक्षामा सधैं रहनेछु ।

'चिनौं आफूलाई, बुझौं आ-आफ्ना राष्ट्रलाई र जगाऔं विश्वलाई'

विश्व दर्शन अभियान, नेपालका संस्थापकहरु बायाँबाट क्रमशः
सीता तिवारी (सदस्य), माधवप्रसाद तिम्सिना (सचिव), नारायणप्रसाद भट्टराई (महासचिव), रोहित ढकाल (उपाध्यक्ष), नवराज भट्टराई (अध्यक्ष), कविता ढुंगाना (कोषाध्यक्ष), ऋषिराम पाण्डेय, निर्मला पराजुली र सरोज रम्तेल (सदस्यहरु)

पुस्तकबारे छापामा प्रकाशित केही अंश

पढौं न है यी पुस्तक

प्रदीप नेपाल

...तर, नेपाल भ्रमणका ७ सय ३० दिनले त मोहनी नै लगायो। आँखाले म अब पढ्दै पढ्दिनँ भनेर किरिया खाएपछि मध्यरात लाग्ने बेलामा सिरानीमा टाउको टेकाएँ र मस्त निदाएँ।

...मलाई त्यो किताब पढिसिध्याउन ३ साँझ लाग्यो । प्रतिदिन ४ घण्टाको दरले १२ घण्टा । यति लामो समय मैले कुनै एउटा किताबलाई लगातार दिएकै थिइनँ । आफू पुगेका ठाउँको चर्चा आउँदा आफैंभित्रको नस्टलजियामा हराउने । नपुगेको ठाउँको विवरण पढ्दा जानौं जानौं लागेर पढाइ रोक्नै नसकिने । कस्तो जानकारीमूलक पुस्तक !

पचहत्तर जिल्लामा फैलिएका दर्शनीय स्थलहरुको ुन्दर विवरणले भरिएको यो किताबले पूर्वको ताप्लेजुंगदेखि पश्चिमको ार्चुलासम्मको जनजीवन, सामाजिक जीवनको समेत राम्रो चिनारी ुन्छ । त्यसैले यो पुस्तक सक्दा प्रत्येकको हातमा, त्यसो हुन नसक्दा त्येक विद्यालयको पुस्तकालयमा हुनु अनिवार्य छ ।...

नयाँ पत्रिका दैनिक, २०६८ मंसीर ११

देश दर्शन

- अशोक सिलवाल

...स्वदेश यात्राको प्रथम चरणमै ७ सय ३० दिनको नेपाल डायरी प्रकाशित गरेर उनीहरुले पुस्तकमार्फत् नेपाललाई विभिन्न कोणबाट देखाउने प्रयत्न गरेका छन् । यस क्रमका व्यक्तिगत दुःखद/सुखद अनुभव पनि पुस्तकले समेटेको छ, यात्रालाई अझ सरस बनाएको छ, पाठकीय आँखाले हेर्दा ।

युवाद्वय नारायण र नवराजको यो सकारात्मक प्रयास देश हेर्ने आँखीझ्याल पनि भएको छ । पुस्तकले प्रकृति मात्र होइन, पुरातत्वलाई पनि देखाएको छ । सहर र गाउँहरुलाई समावेश गरेको छ। तराई, पहाड र हिमाललाई समेटेको छ । स्थानीय मानिस र सम्बन्धहरुलाई प्रकट गरेको छ । यसले पुस्तकमा विविधता त देखाएको छ नै, पुस्तकलाई निरस हुनबाट पनि जोगाएको छ। पुस्तक विषयवस्तुजस्तै आकारमा पनि फराकिलो छ ।

यो साहित्य वा लेखनभन्दा बढी अभियान हो। त्यसैले भाषा वा साहित्यका दृष्टिले होइन, अलि भिन्नै कोणबाट पुस्तकलाई हेर्नुपर्ने हुन्छ। पुस्तकले आफ्नै किसिमको मौलिकता बोकेको छ, जहाँ रोमाञ्चकता, संघर्ष, अन्वेषण र खुसीहरु छन् ।

राजधानी दैनिक, २०६८ माघ ७

मुलुक छामेका दुई युवा

शिवराज योगी

...नेपाल भ्रमणमा जीवनका सात सय ३० दिन बिताएका ारायण र नवराजले यसलाई रहर मात्रै बनाएनन्। एउटा तिलो उपलब्धिका रुपमा आम नेपालीलाई पस्किएका न् । उनीहरुले भ्रमणमा देखेका पर्यटकीय क्षेत्र, देशको नजीवन, पत्रकार र पत्रकारिता अवस्था, जनताको नजरमा त्रकारिता र पर्यटन, त्यसप्रतिका गुनासा, आशा, जिल्लाको ंक्षिप्त चिनारी लगायत समाजका अग्रणी व्यक्तिको अभिव्यक्तिलाई मेटेर चार सय ८२ अंकमा थप १८ पृष्ठको तथ्यपरक पुस्तक प्रकाशन रेका छन्- 'नेपाल भ्रमणका ७३० दिन' ।...

सौर्य दैनिक, २०६९ बैशाख १

नेपाल दर्शनको झलक

- तृष्णा कुँवर

...पुस्तकमा प्रत्येक जिल्लाको संक्षिप्त परिचय, प्रमुख स्थलका तस्वीरहरुसहित हरेक दिनको डायरी समेटिएको छ ।

...नेपालमा कस्ताकस्ता पर्यटकीय, ऐतिहासिक र धार्मिक सम्भावनायुक्त स्थलहरु रहेछन् भन्ने कुराको जानकारीले भरिएको एउटै कृति भएकाले यो उपयोगी देखिन्छ । पुस्तक पढ्दा आफैंले प्रत्यक्ष नेपाल घुमिरहेको अनुभूति हुन्छ। सिङ्गो देश घुम्ने योजना छ भने पुस्तक हेरेर योजना बनाउन सकिन्छ। सबैले देशका कुना कन्दरा घुम्न भ्याएका हुँदैनौं, यस्तोमा यो पुस्तक जानकारीमूलक पनि हुनेछ ।

सामान्य ज्ञानका लागि उपयोगी पुस्तक छ । पुस्तकले मुलुकको नाडी छाम्न केही न केही सहयोग गर्छ नै । ...

यो सकारात्मक पत्रकारिताको थालनी हो । समाचारमा शक्ति, सत्ता र सम्पन्नता मात्र छाइरहेको सन्दर्भमा उनीहरुले दुर्गम क्षेत्रमा गरिबी विरुद्ध लडिरहेका जनताको समस्या पनि समाचार बन्नुपर्छ भन्ने धारणा पुस्तकमार्फत् राखेका छन् ।...

कान्तिपुर दैनिक, २०६८ माघ १४

'नोट होइन अठोट'

फणीन्द्र संगम

...समस्याका बाबजुद नेपाल भ्रमण सकेका उनीहरुले गएको पुस २७ गते ललितपुर प्रशासनमा 'विश्व दर्शन अभियान नेपाल' संस्था दर्ता गरेका छन्। संस्थाका अध्यक्ष नवराजले भने, 'नेपाल दर्शन नामक डकुमेण्ट्री संस्थाका साथीहरुले प्रदर्शन गर्दै हुनुहुन्छ ।' यात्राले नेपाली संस्कृति, पर्यटनलाई विश्वसामु चिनाउने र प्रेस स्वतन्त्रतालाई जोड दिने लक्ष्य राखेको उनले बताए ।

'विश्व भ्रमणको उद्देश्य नै विश्वमा पत्रकारिताको अवस्था बुझ्दै सकारात्मक पत्रकारितामा जोड दिनु हो,' नवराज भन्छन्। दुई वर्षे नेपाल भ्रमणलाई समेटेर उनीहरुले 'नेपाल भ्रमणका ७३० दिन' पुस्तक र 'नेपाल दर्शन' वृत्तचित्र निकालिसकेका छन् । तिनमा नेपालको सामाजिक, सांस्कृतिक परिवेश, रहनसहन, स्थानीय र पत्रकारहरुको अवस्थाबारे समेटिएको छ । 'हामीले आफ्ना लागि मात्र भ्रमण गरेनौं' अभियानका महासचिव नारायणले भने, 'पुस्तक र वृत्तचित्रमार्फत् नेपाल चिनाउने कोशिश गरेका छौं ।'...

नागरिक दैनिक २०६९ फाल्गुण ५

अभियानबारे :

नेपाल, नेपाली जनता र पत्रकारलाई संसारभर चिनाउने यो अथक् प्रयत्नको म प्रशंसा गर्दछु । नेपालको राष्ट्रिय एकता मजबुत बनाउन यो भ्रमण सफल रहोस् ।

– **डा. रामवरण यादव** (प्रथम राष्ट्रपति नेपाल), १५ अक्टोबर २००८

नेपाल र नेपाली जनतालाई संसारभर चिनाउने यस प्रयासलाई मेरो शुभकामना ।

– **परमानन्द झा** (प्रथम उपराष्ट्रपति, नेपाल), १२ सेप्टेम्बर २००८

अभियान सफलताको कामना ।

– **गोपाल किराँती** (मन्त्री) संस्कृति तथा राज्य पुर्नसंरचना अक्टोबर १, २००८

भ्रमण सफलताको कामना ।

– **गणेश शाह** (मन्त्री), वातावरण विज्ञान तथा प्रविधि, अक्टोबर १, २००८

नेपाल र नेपाली जनतालाई संसारभर परिचित गराउने यस प्रयासले सफलता हासिल गर्न सकोस् । यो अभियानलाई शुभकामना दिन पाउँदा मलाई धेरै खुशी लागेको छ । यात्रा फलदायी वनोस् ।

– **झलनाथ खनाल** (केन्द्रिय महासचिव), नेकपा एमाले, सेप्टेम्बर १४, २००८

नेपाललाई विश्वभर चिनाउन हार्दिक शुभकामना ।

– **रामसहाय प्रसाद यादव** (महासचिव) मधेसी जनअधिकार फोरम नेपाल, १५ सेप्टेम्बर २००८

शान्त र सफल विश्व यात्राको कामना ।

– **रामचन्द्र पोखरेल** (मुख्य सचिव), नेपाली काँग्रेस, १५ सेप्टेम्बर २००८

नेपाल र नेपालीको सम्मान बढाउन यो भ्रमण सफल होस् ।

– **युवराज पाण्डे** (सचिव), सूचना तथा सञ्चार मन्त्रालय १६ अक्टोबर २००८

नेपाली पत्रकारिता विकासको उद्देश्यलाई सम्वन्धित सबैबाट आवश्यक सहयोग मिलोस्, सफलताको कामना ।

– **चोमेन्द्र न्यौपाने** (शाखा अधिकृत), गृह मन्त्रालय, २०६५ असोज ५

पत्रकारिता विकासको उद्देश्यलाई आवश्यक सहयोग गरिदिनुहुन सम्बन्धित सबैमा अनुरोध छ सफलताको शुभकामना ।

– **शिवराम पोखरेल** (शाखा अधिकृत), स्थानीय विकास मन्त्रालय २०६५ असोज १२

अभियानलाई गरिने कुनै पनि समन्वयको म उच्च प्रशंसा गर्नेछु ।

– भरतकुमार रेग्मी (स्वकीय सचिव), परराष्ट्र मन्त्री, १ अक्टोबर २००८

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सम्पन्न यो २ वर्षे नेपाल भ्रमण नेपालकै पहिलो भ्रमण अभियान हो ।

– **धर्मेन्द्र झा** (केन्द्रिय अध्यक्ष), नेपाल पत्रकार महासंघ काठमाडौं, २०६७ मंसीर २८

आजको दिन आम नेपाली पत्रकारका लागि गौरवको दिन हो ।

– **गोविन्द आचार्य** (केन्द्रिय उपाध्यक्ष), नेपाल पत्रकार महासंघ, २०६५ कार्तिक २

देश भित्र र वाहिर सकारात्मक सन्देश दिन सफल हुने अपेक्षा, ल पूरा होस् ।

– **महेश्वर दाहाल** (केन्द्रिय अध्यक्ष क्रान्तिकारी पत्रकार संघ नेपाल, २०६५ भाद्र

पत्रकारिता विकासको उद्देश्य सफलताको कामना ।

– **समीरजंग शाह** (केन्द्रिय अध्यक्ष), नेपाल प्रेस युनियन, २०६५ भदौ २

उच्च साहसिक लक्ष्यलाई सफलताको कामना ।

– **तिलक भुसाल** (कार्यालय सचिव), प्रेस चौतारी नेपाल, २०६५ भदौ २

अभियान सफलताको कामना ।

– **ऋषि धमला** (अध्यक्ष), रिपोर्टर्स क्लब नेपाल, सेप्टेम्बर १०, २००

साहसिक यात्रा सफलताको कामना ।

– **केदार खड्का** (कार्यकारी निर्देशक), प्रोपब्लिक, २०६५ भदौ २

यो यात्रा आफैंमा मौलिक र साहसिक छ, शुभकामना ।

नेपाल पर्यटन वर्ष २०११ लाई सफल बनाउन सहयोग मिल्नेछ, शुभकामना

– **सुरेन्द्रराज पौडेल** (प्रशासकीय अधिकृत जिल्ला प्रशासन कार्यालय काठमाडौं, २०६७ असोज

यो यात्रा आफैंमा मौलिक र साहसिक छ, शुभकामना ।

– **कनकमणि दीक्षित** (प्रकाशक, हिमाल खबर पत्रिका

नेपाल भ्रमण सफल गरेर एउटा डिग्री नै हासिल गर्नुभयो, बधाई छ

– **कुन्दन अर्याल** (स्वतन्त्र पत्रकार), २०६७ असोज १

संसारलाई बदल्ने महान् सपना लिएर अघि बढ्नुभएको छ, प्रत्येक पाइलामा सफलता मिलोस् । हाम्रो समाजलाई यो यात्राले नयाँ बाटो देखाउन सकोस् । हार्दिक शुभकामना ।

– **श्रीरामसिंह बस्नेत** (पत्रकार, लेखक

कलम सही मार्गमा प्रयोग होस्, अभियानलाई शुभकामना ।

– **झमक घिमिरे** (साहित्यकार

भट्टराईद्वयको योजना पूरा भयो भने उनीहरु नै विश्वभ्रमण गर्ने पहिले नेपाली पत्रकारमा दरिनेछन् ।

– **चेतन अधिकारी,** नेपाल राष्ट्रिय साप्ताहिक (६ पुस २०६५

आज फेरी म धेरै दिनपछि धेरै खुशी भएँ । केही हदसम्म नेपाल नेपालीहरुको वारेमा तपाईंहरुसँग बुझ्न, सुन्न र रेडियो कुराकानी गर्न पाएँ । हामी आफैले आफैंलाई बुझ्न नसकिरहेको समयमा समग्र देश नेपाललाई चिनेर बुझेर अब विश्व चिन्ने बुझ्ने यो यात्रा अत्यन्त सुखद, सहज र सफल रहोस् ।

– **नवीन दाहाल** (कार्यक्रम प्रस्तोता), रेडियो नेपाल

आज पत्रकार, प्रेस स्वतन्त्रता, सकारात्मक पत्रकारिताजस्ता न शब्द सुन्न पाउँदा ज्यादै खुशी लाग्यो । विकट डोल्पालाई विश्व चिनाइदिनु होला ।

– **ज्ञानी रावल** (काईगाउँ), जनप्रभा उ.मा.वि. डोल्पा २०६६ जेठ

रेडियोमा समाचार सुन्दा पत्रकार कस्ता हुन्छन् भनेर कल्पना गर्थें आ प्रत्यक्ष देख्न पाएँ, यसरी भेट्न, देख्न र आफैंसँग राख्न पाउँदा मला धेरै खुशी लाग्यो ।

– **पदम बहादुर सिंह** (श्रीमस्टा १, हुम्ला), २०६६ जेठ २

नेपाल चिन्न/चिनाउन यो अभियान

हाम्रो देश नेपालमा १४ अञ्चल, ७५ जिल्ला छन् भन्ने जानकारी ाथमिक तह पढ्दा थाहा भयो । अझ विश्वमा धेरै देश छन् भन्ने ानकारीले मनमा कौतुहलता पैदा भइरह्यो । जति-जति माथिल्लो ्क्षा चढ्दै आइयो, त्यति-त्यति मानवजातिको स्वतन्त्रता, समानता, ाकारात्मकता, धार्मिकता, शान्ति र सहअस्तित्वको विषयमा ामीलाई खुब घोत्लिन मन लाग्थ्यो । जिल्ला एउटै, घर नजिक, ाता नजिक, त्योभन्दा पनि बढी नजिक थियो हाम्रो विचार, हाम्रो ष्टिकोण । त्यहीबेला देखि सबै जिल्ला र सकेसम्म संसार भ्रमण र्ने अभिप्सा बन्यो हामी दुईमा ।

प्रवेशिका (एस.एल.सी.) सकेर उच्च शिक्षाका लागि हुँइकियौं ामी नेपालको राजधानी काठमाडौं । केही वर्षको अन्तरालमा ाठमाडौंमा पनि हामी सँगै भयौं, रह्यौं र अट्यौं एकैसाथ । ाठमाडौं रहँदा पनि भुलेका थिएनौं हामीले भ्रमणको ाभिप्सालाई ।

उच्च शिक्षा अध्ययनका क्रममा एउटा मननीय उद्गार सुन्न ाइयो- **संसार बदल्नेहरुले पहिला स्वयं (आफैं) लाई बदल्नुपर्छ ।** ाफू बदलिए मात्र संसार बदल्न सकिन्छ भन्ने यस ओजस्वी र ाजस्वी उद्गारले हाम्रो मन अनि मस्तिष्क अलि-अलि मात्रै ाल्लिएन, जरैदेखि जन्याकजुरुक हल्लियो । फेरी अर्को भनाईले ाम्रो ध्यान खिच्यो- **धर्तीमा मान्छे भएर जन्मिसकेपछि मर्नुअघि ाही गर्नुपर्छ । साधना, परिश्रम, सीप र समयको यथोचित लगानी र्ने हो भने दुनियामा कुनै पनि काम असम्भव छैन, यस्तो लगानी ार्ने हो भने दुनियामा केही पनि काम सम्भव छैन ।** सम्भव/असम्भव ान/विज्ञानका यी सन्दर्भहरुले हाम्रो ऊर्जा शरीरमा मज्जाले ार्श गऱ्यो, त्यसपछि जीवनमा केही गर्ने ऊर्जा बढ्यो ।

हामी थोरबहुत देश/विदेश बुझ्न थाल्यौं । केही वर्षको अन्तरालमा ासाध्यै आकर्षित भयौं- सानैदेखि मन पर्दै आएको पत्रकारिता क्षेत्रमा ाोक्रान्ति साप्ताहिकमार्फत् । असाध्यै आकर्षित भएको क्षेत्रमा पनि ाम्ररी नियालेर हेर्दा केही चुनौती र केही सम्भावना हुँदा रहेछन् । ाछ यस्तो विचार आयो, **अबको संसार संचारको संसार हो । अद्वितीय ामता भएको सञ्चार (पत्रकारिता) क्षेत्रलाई सकारात्मक तबरले ायोग गर्ने हो भने विश्व मानवजातिको मुहारमा कान्ति (चमक) ाउनेछ । सञ्चारको दुरुपयोग भयो भने विश्वमानवजातिले सोच्ने ादर भविष्य भयंकर अप्ठ्यारोमा पर्नेछ । अतः विश्वमा शान्ति, ानवता, विश्वबन्धुत्व र सकारात्मक सोचको अभिवृद्धि गर्न सबै ातन्त्रताको मुटु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको कुनै विकल्प ान । विश्वभरका पत्रकारहरुले स्वतन्त्र र निर्भय वातावरणमा ालम चलाउनुपर्छ, चलाउन पाउनुपर्छ । हत्या, हिंसा, गाली, ालौज, झैंझगडातर्फ उन्मुख गराउने समाचारभन्दा नागरिकमा ागरण, प्रेरणा र हौसला भर्ने सकारात्मक पत्रकारिता अबको ापरिहार्य आवश्यकता हो** (नेपालमा विभिन्न चुनौतीका बाबजुद ाने धेरै ठाउँका युवाहरुले सिर्जनात्मक र प्रेरणादायी कार्यहरु ारेका रहेछन्, यसबारे विभिन्न जिल्लाका डायरीमा हामीले चर्चा ारेका छौं) । **यसका लागि पत्रकारितामा आएका यावत् विकृति ासंगतिहरुलाई हटाउँदै समस्याको समाधान नगरी धरै छैन** (विस्तृत ापाल भ्रमण प्रतिवेदनमा) ।

यिनै र यस्तै वस्तुस्थितिको विश्लेषण गरिसकेपछि आफैंले गर्न सक्ने प्रयासस्वरुप सुधार र परिवर्तनको आकांक्षा राखेर निस्कियौं हामी **विश्वमा प्रेस स्वतन्त्रता, प्राथमिकतामा सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियान** अर्न्तगत २ वर्षे नेपाल भ्रमणमा । २०६५ कार्तिक २ गते पूर्वी पहाडी जिल्ला भोजपुरवाट । नेपालका सवै (७५) जिल्ला, सबै (५८) नगरपालिका र ३,९१५ गा.वि.स. मध्ये ९९७ गा.वि.स. का प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक स्थलहरु कतै हिंडेर त कतै गुडेर भ्रमण गर्दै र हजारौं नेपालीजनसँग प्रत्यक्ष भेट्दै गर्दा २०६७ कार्तिक १ गते सकियो नेपाल भ्रमण (हामीले यात्रा गर्दा मनाङ, डोल्पा, मुगु र हुम्ला वाहेक नेपालका ७१ जिल्लामा धेरै कच्ची थोरै पक्की, सडक पुगिसकेको थियो भने हाल मुगु र मनाङमा पनि पुगिसकेको छ ।)

आवरण सज्जावाट नै हामीले प्राकृतिक श्रोत, साधन र सुन्दरताको स्वर्णभूमि नेपालको परिचय दिने यथासम्भव जमर्को गरेका छौं । हुन त यी केही तस्वीर मात्रले सिंगो नेपालको प्रतिनिधित्व गर्न नसक्लान् तर नेपाल चिन्ने/चिनाउने आशयलाई भने अवश्य प्रष्ट पार्नेछन् भन्ने हामीलाई लाग्छ । पुस्तकभित्र समावेश गरिएका तस्वीरसहितका यात्रा संस्मरणहरु प्रमुख सामग्री हुन् । हामीलाई लागेको विश्वास के हो भने कृषिप्रधान देश नेपालको पत्रकारिता, जनजीवन, पुरातात्विक, ऐतिहासिक, प्राकृतिक, धार्मिक स्थलहरु, खनिज पदार्थ एवं धेरै सम्भावना बोकेका यी ठाउँहरुको थोरबहुत पहिचान, प्रसार र परिचय यस पुस्तकमार्फत् खुल्नेछ । जसका कारण सम्वन्धित सरोकारवाला व्यक्ति तथा निकायहरुको आँखा पनि खुल्नेछन् ।

अनेकौं प्राकृतिक श्रोत साधनका खानी र ऐतिहासिक पर्यटकीय ठाउँहरु भएको देश नेपाल विश्व प्रविधिसँग राम्ररी जोडिन सकेको छैन । दक्ष जनशक्तिको अभावमा देशको जल, जमीन, पर्यटन, जडीबुटी, खनिज पदार्थ प्रयोगविहीन भएका छन् । एउटा उदाहरण- पुस्तक आवरणमा दिइएको निरन्तर आफैं बलिरहने पञ्चकोशी क्षेत्र दैलेखको ज्वालाको तस्वीरलाई लिन सकिन्छ (थप जानकारी दैलेख डायरीमा) । युवाशक्ति दिन दुगुना रात चौगुना विदेश पलायन हुने क्रम बढ्दो छ । देशले पर्यटन उद्योग तथा अर्थतन्त्रमा ठूलो र परिणाममुखी फड्को मार्न सकेको छैन । सार्वजनिक निकायमा सोर्स, फोर्स, नातावाद, कृपावाद र आवश्यकताभन्दा बढी राजनीतिकरण भएका कारण पनि यस्तो भएको हो ।

यी ठाउँहरुलाई हामी विश्वसँग जोड्न चाहान्छौं, विश्वभ्रमण अभियानमार्फत् । यसमा हामीलाई चाहिन्छ नेपाल सरकार, सरोकारवाला निकाय र नेपाली जनमनको सहयोग । यो पुस्तक लेख्नुको मूल ध्येय पनि यही नै हो कि हामीले देखेका, चिनेका, भोगेका, बुझेका नेपालका यी विभिन्न ठाउँ र मान्छेहरुले नयाँ अवसर प्राप्त गरुन् । स्थानीयवासी तथा जिल्लावासी लाभान्वित होऊन् । नेपालीले नेपाल चिन्न एकदमै आवश्यक छ । यो प्रसंगलाई यहाँ किन पनि उठाइएको हो भने विद्यालय, क्याम्पस पढ्ने विद्यार्थीहरुसमेत नेपालमा कुन जिल्ला हिमाली प्रदेशको, कुन पहाडी प्रदेशको, कुन जिल्ला तराई प्रदेशको ? भन्ने बारेमा समेत त्यति धेरै जानकार छैनन् । उनीहरुलाई नेपालमा के कस्ता प्राकृतिक श्रोत साधन छन् र तिनीहरुको अवस्था कस्तो छ भन्ने थाहा छैन । नेपालको शिक्षाले नेपालका श्रोत, साधन परिचालन गर्न सक्ने दक्ष

जनशक्तिको उत्पादन गरेको छैन । खालि प्रमाणपत्र मात्र भिडाएको छ, व्यवहारिक कार्यान्वयन केही भएको छैन । यस्ता केही विषयमा पुस्तकभित्र हामीले सकेसम्म चर्चा गरेका छौं ।

स्वदेश भ्रमणको पुस्तक प्रकाशनले यस्तै आकार लियो । यो पुस्तकमा बढीजसो प्रयास हाम्रै हुन पुग्यो । टाइप र भित्री पृष्ठको साजसज्जा सकेसम्म आफैंले गरेको, शुद्धाशुद्धि आफैंले हेरेको, भाषा सम्पादन लगायत अरु धेरै काम पनि । जि.वि.स. र केन्द्रीय तथ्यांक विभागको जनगणना २०५८ का श्रोत र अन्य सन्दर्भ सामग्री जुटाएर सकेसम्म तथ्यांक प्रस्तुत गरेका छौं । प्रत्येक जिल्लाको संक्षिप्त परिचय र रंगीन तथा सादा तस्वीरहरुसहित हरेक दिनको डायरी समेटेका छौं ।

पुस्तकमा भावनात्मक आवेग, संवेग कहीं कतै छरिएका होलान्, पोखिएका होलान् । तर पनि हामीले तथ्यपरक सूचना र विश्लेषणमा बढी जोड दिएका छौं । **घोडा चढ्ने मान्छे लड्छ, लडे पनि उठ्न सक्नुपर्छ । काम गर्दा गल्ती हुन्छन्, भएको गल्ती सुधारेर मान्छेले अगाडि बढ्नुपर्छ** भनेझैं हामीले पनि यो कार्य गर्दा कहीं कतै लडेका छौं, रहेछौं भने आदरणीय पाठकहरुले उठाउन सहयोग गर्नुहुनेछ । गल्ती कमजोरी भएका छन्, रहेछन् भने यहाँहरुले सच्याउने अवसर दिनुहुनेछ । सबल र दुर्वल पक्ष औंल्याइदिएर ठूलो गुन लगाउनु हुनेछ । जसका कारण आगामी संस्करणमा सुधार्ने र सच्चिने मौका पाउनेछौं ।

दोश्रो संस्करणसम्म आइपुग्दाका अनुभूति

जिन्दगी परीक्षणको सागर नै रहेछ । गरे हुने, नगरे नहुने । हो, हामीले पनि यो जीवन यात्रामा केही परीक्षण सकी-नसकी, जानी-नजानी गरेका छौं, गरिरहेका छौं । उल्लेख्य परीक्षणचाहिं सम्पन्न २ वर्षे **नेपाल यात्रा**, प्रकाशित पुस्तक **नेपाल भ्रमणका ७३० दिन**, उत्पादित वृत्तचित्र **नेपाल दर्शन** र नवस्थापित संस्था **विश्व दर्शन अभियान, नेपाल** हुन् ।

भोजपुरको दिङ्लावाट यात्रा सुरु गर्दा हाम्रो साथमा थिए, शुभेच्छुकहरुको सहयोगवाट किनिएका कलम, डायरी, ४ वटा झोला (पछाडि र साइडमा भिर्ने), रु. १२ हजारको एउटा डिजिटल क्यामेरा, रु. ३५० र ऋणस्वरुप लिइएको रु. २६ हजारको ह्याण्डीक्याम ।

सारा मानिसले **नोटलाई आवश्यकताभन्दा पनि बढी महत्व दिइरहेका बेला हामीसँग चाहिं नोट होइन, अठोट प्रबल थियो,** जसरी पनि नेपाल घुम्ने उत्कट अभिलाषामा । यिनै अठोट र अभिलाषाले नै होला, लगातार ७३० दिनसम्म नेपाल घुम्दा हाम्रा आफ्नै गल्ती र कमजोरीले वाहेक कहिल्यै भोको वस्नु परेन । यात्राका सवै दिन वडो स्वस्थतापूर्वक विते । ५ हजार मिटर उचाईभन्दा अग्ला हिमाली भूभागहरुमा समेत मुख्यतया हामीले ओढेका २ थान प्लास्टिक र लगाएका ६ जोर स्याण्डलले यति धेरै साथ दिए, कहीं कतै जुत्ता नलगाई पूरै नेपाल भ्रमण सकियो । जाडो होस् या गर्मी, हिमाल होस् वा पहाड, तराई होस् वा समथर उपत्यका सवै सवै याम र भूगोल अभिन्न मित्र वने हाम्रा लागि । जति यात्रा गर्दै गइयो, मानसिकता त्यत्तिकै मजवुत वन्दै गयो । समग्रमा जनतासँग साटेका दुःख, सुख र संकलित अनुभवहरु धेरै स्मरणीय वनेका छन्, जसलाई वाँडीचुँडी गर्दा पनि कहिल्यै सकिने छैनन्, अनुभवको महासागरमा अविरल वगिरहने छन्... ।

यात्रा सुरु गर्दा हामीलाई लागेको थियो, यात्रीले हिंड्दै छ पाइला मेट्दैछ गर्नु हुँदैन । बरु दुई जिल्लाकै यात्रा किन नगरियोस्, त्यसबाट पाठक, दर्शक, श्रोता, समग्रमा जनता लाभान्वित हुनै पर्छ । लागेको यही अनुभूतिले हामी यात्रा संस्थागत गर्न यात्रा डायरी संस्मरण पुस्तक र भिडियो दृश्यको वृत्तचित्र बना सबै काम छोडेर लागि पर्‍यौं । यस कार्यले झण्डै दुई वर्ष समय लि । यात्रा गरेको समय जति नै ।

> **सच्याइएको**
>
> जिल्लाको संक्षि परिचय अन्तर्गत दोलखा रामेछापको अञ्चल जनक हुनपर्नेमा अन्यथा भएक सच्याइएको छ ।

सहयोगी आम नेपाली र स्थानीय निकायको सानो तर अमू सहयोगले यात्रा सम्पन्न गर्न, यात्रा सुरु गर्दाताकाको ऋण ति ल्यापटप किन्न र काठमाडौंमा ६ महिना खान, बस्न पुग्यो यतिञ्जेलसम्म पुस्तकको काम आधाउधी मात्र सकियो । **समय त बिहान बेलुका तरकारी किन्ने पैसा नभएर फिट्फिटी पर्‍यो ।** के गर्नु र कसो गर्नुभयो । आफन्तजनबाट सापटी लि केही समय बिते । पछि पुस्तक प्रकाशनार्थ स्वदेश विदेशा सामाजिक सञ्जाल फेसबुकमा जोडिएका मित्रहरुको हार्दि सहयोगले ठूलो बल दियो ।

पुस्तक तयारी र प्रकाशन गर्दा लागेको ऋण सोही पुस् बिक्रीबाट आएको मुनाफाबाट तिरियो । बाँकी मुनाफा जोहो वृत्तचित्र बनाइयो । संस्था दर्ता गर्दाको खर्च पनि यही आय भएको हो । यी प्रकाशन र उत्पादनलाई धेरैले नेपाल चिन्न, बु र सम्भाव्यता अध्ययन गर्न एउटा ठूलो राष्ट्रिय उपलब्धि र संग्रहा ऐतिहासिक दस्तावेजका रुपमा हेरेका छन् ।

हार्दिक आभार

जीवनमा सुखी हुने चाहनालाई थाती राखी आफ्ना हण्डर, ठक्कर, दुःख र पीडा भुलेर हामीमा निस्वार्थ प्रेम खन **जे काम गर्छौ, राम्रो काम गर** भनी सधैं प्रेरणा दिनुहुने पूज जन्मदाता मातापिता र गुरुवर्गप्रति नतमस्तक छौं । सम साथीसंगी, परिवारजन, इष्टमित्र र समाजको सकारात सहयोगप्रति हामी आभार प्रकट गर्दछौं । यात्रा अभियानमा उ भर्नुहुने र पुस्तकको पहिलो संस्करणलाई साथ दिनुहुने स सञ्चारमाध्यम एवं सञ्चारकर्मी, पुस्तक किनेर सहयोग सम्पूर्ण व्यक्ति तथा संस्था, दोश्रो संस्करणका लागि आफ्ना गहि मन्तव्यसहित हौसला प्रदान गर्नुहुने सम्पूर्ण आदरणीय व्यक्तित्व हामी कृतज्ञ छौं । प्रकाशकको भूमिका निर्वाह गर्ने संस्था वि **दर्शन अभियान, नेपाल**प्रति अनुगृहित छौं ।

अन्तमा, यो उपलब्धिका श्रेयकर्ता मूख्यतः सहयोगी, शुभेच्छ तथा हाम्रा कमीहरुमा सजग र सचेत गराउन आलोचनात भूमिका खेल्ने सवै राष्ट्रप्रेमी नेपालीलाई हजारौं-हजार बधा लाख-लाख धन्यवाद ! कोटी-कोटी नमन् ! आशा एवं विश्व छ, सवै क्षेत्रबाट यस्तो अमूल्य साथ, सहयोग निरन्तर रहने तेश्रो संस्करणमा भेट्न पाउने अपेक्षासहित ।

नाराणप्रसाद भट्टराई 'सोऽहम्' र नवराज भट्टराई 'को
२०६९ चैत्र, बुद्धनगर, काठमाडौं । मोबाइलः ९७४११४३८
ईमेलः worldjournos@gmail.c

विषय-क्रम:

१. भोजपुर डायरी १
२. खोटाङ डायरी १२
३. उदयपुर डायरी १८
४. झापा डायरी २२
५. मोरङ डायरी २७
६. सुनसरी डायरी ३०
७. सप्तरी डायरी ३३
८. सिराहा डायरी ३६
९. धनुषा डायरी ४०
१०. महोत्तरी डायरी ४५
११. सर्लाही डायरी ४८
१२. रौतहट डायरी ५२
१३. बारा डायरी ५६
१४. पर्सा डायरी ६०
१५. मकवानपुर डायरी ६३
१६. चितवन डायरी ६७
१७. नवलपरासी डायरी ७१
१८. रुपन्देही डायरी ७५
१९. कपिलवस्तु डायरी ८२
२०. अर्घाखाँची डायरी ८६
२१. प्यूठान डायरी ९२
२२. रोल्पा डायरी ९७
२३. रुकुम डायरी १०२
२४. सल्यान डायरी १०७
२५. जाजरकोट डायरी ११२
२६. डोल्पा डायरी ११९
२७. जुम्ला डायरी १२९
२८. मुगु डायरी १३५
२९. हुम्ला डायरी १४१
३०. बाजुरा डायरी १४९
३१. कालिकोट डायरी १५५
३२. दैलेख डायरी १६०
३३. सुर्खेत डायरी १६९
३४. अछाम डायरी १७५
३५. डोटी डायरी १८४
३६. बझाङ डायरी १९२
३७. डडेल्धुरा डायरी १९९
३८. वैतडी डायरी २०७
३९. दार्चुला डायरी २१४
४०. कञ्चनपुर डायरी २२०
४१. कैलाली डायरी २२७
४२. बर्दिया डायरी २३४
४३. बाँके डायरी २४०
४४. दांग डायरी २४५
४५. लमजुङ डायरी २५१
४६. मनाङ डायरी २५६
४७. मुस्ताङ डायरी २५९
४८. म्याग्दी डायरी २६६
४९. पर्वत डायरी २७२
५०. बाग्लुङ डायरी २७८
५१. गुल्मी डायरी २८३
५२. पाल्पा डायरी २९०
५३. स्याङ्जा डायरी २९६
५४. कास्की डायरी ३०६
५५. तनहुँ डायरी ३१५
५६. गोरखा डायरी ३२२
५७. इलाम डायरी ३२९
५८. पाँचथर डायरी ३४१
५९. ताप्लेजुङ् डायरी ३४८
६०. तेर्हथुम डायरी ३५५
६१. संखुवासभा डायरी ३५९
६२. धनकुटा डायरी ३६६
६३. ओखलढुंगा डायरी ३७३
६४. सोलुखुम्बु डायरी ३७८
६५. दोलखा डायरी ३८९
६६. रामेछाप डायरी ४००
६७. सिन्धुली डायरी ४०९
६८. काभ्रेपलाञ्चोक डायरी ४१५
६९. सिन्धुपाल्चोक डायरी ४२४
७०. रसुवा डायरी ४३२
७१. नुवाकोट डायरी ४३७
७२. धादिंग डायरी ४४२
७३. ललितपुर डायरी ४५२
७४. भक्तपुर डायरी ४६१
७५. काठमाडौं डायरी ४६७
नेपाल भ्रमण प्रतिवेदन ४७७

विश्वभ्रमण अभियानबारे नेपाल भरका संचारमाध्यमहरुले लेखेका / बोलेका छन् । त्यसमध्ये पत्रपत्रिकाका केही झलक :

अन्नपूर्ण पोष्ट

ढुंगामाटो छाम्दै दुई युवा पत्रकार

कान्तिपुर

विश्वयात्री पत्रकार तानसेनमा

JANASAMSAD, Dec. 3, 2008, Wednesday

दुई पत्रकार विश्व भ्रमणमा

काँकरभिट्टा, १७ मंसिर/ 'प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिता'को मूल नारा बोकेर भोजपुरका दुई पत्रकारले विश्व भ्रमण गर्ने भएका छन् ।

'२ वर्ष नेपाल भ्रमणपछि विश्व यात्रा तय गर्नेछौं', भ्रमणको सिलसिलामा झापा आइपुगेका पत्रकारद्वय नवराज भट्टराई र नारायणप्रसाद भट्टराईले भने - '७ वर्षभित्र विश्वका २ सय ४ मुलुक घुम्ने योजना छ ।' यात्रीद्वयले हालसम्म भोजपुरका २८, खोटाङका ८ र उदयपुरका ६ गाविस भ्रमण गरिसकेका छन् ।

गत कार्तिक २ गतेदेखि उनीहरुले यात्रा शुरु गरेका हुन् । पत्रकारद्वय राजधानीबाट प्रकाशित 'मनोकान्ति' साप्ताहिकसंग सम्बद्ध छन् । 'प्रेस ...

विश्व भ्रमणमा हिंडेका पत्रकारद्वय ।

हिमाल

साँच्चै नयाँ नेपाल

नारायणप्रसाद भट्टराई र नवराज भट्टराई

ग्रामीण जीवन बेस कि शहरी ? यो बहस इतिहासदेखि नै चलिरहेको र शहर पल्लेहरुको लर्कोले गाउँलाई कमजोर साबित गरिरहेको छ । शहर पक्षको तर्कलाई मलत· शासकीय शक्ति ...

हिँडिरहेका भेटिन्छन् । नजिकिँदै गएका स्वास्थ्य सेवा, सडक, सञ्चार र चेतना गाउँलेहरूको जाँगरका स्रोत हुन् ।

यो सब राजधानीमाथि जिल्लाको दबाब ...

उनीहरू राजनीतिक रूपमा जति त्यति नै विभाजित पनि देखिन्छन् ... हितको कुरा आउनेबित्तिकै एक ...

शहरमा टिक्ने क्षमता हुँ ...

हिमदूत राष्ट्रिय दैनिक

२०६६ माघ २ गते शनिबार

विश्व भ्रमणमा निस्किएका दुई पत्रकार पोखरामा

हिमदूत सम्वाददाता

पोखरा, १ माघ

प्रेस स्वतन्त्रता एवं सकरात्मक पत्रकारिता भन्ने नाराका साथ विश्व भ्रमणमा निस्किएका दुई पत्रकार शुक्रबार पोखरा आई पुगेका छन् । नेपालका ७५ जिल्लाको भ्रमण सकेपछि विश्व भ्रमणमा निस्कने क्रममा उनीहरु शुक्रबार नै पोखरा आईपुगेका हुन् ।

भोजपुरका पत्रकारद्वय नारायणप्रसाद भट्टराई "सोहम्" र ... उद्देश्यका बारेमा जानकारी गराएका थिए । पत्रकार सोहम्ले उक्त अवसरमा मोफसलको पत्रकारितामा देखा परेका चुनौती र समस्याका बारेमा आफ्नो धारणा राखेका थिए । पत्रकारिता जगत्मा संकलित समस्याहरु नेपाल सरकार, नेपाल पत्रकार महासंघ तथा अन्तराष्ट्रिय पत्रकार महासंघमा पुर्‍याउने समेत उनीहरुले ठोकुवा गरे ।

यस्तै भ्रमणका क्रममा संकलन गरेका भिडियो दृश्यहरुको वृत्तचित्र ...

विश्वयात्रीहरू धरानमा

नेपाललाई चिनाउन विश्व भ्रमण

पत्रकारहरू विश्वभ्रमणमा

२०६६ कार्तिक ९ गते सोमबार
Monday, 26th Oct. 2009

राप्ती समाचार साप्ताहिक

Rapti Samachar Weekly

सम्पादकीय

विश्वयात्री पत्रकारको प्रेस स्वतन्त्रता अभियान

प्रेसलाई विश्वभर राज्यको महत्वपूर्ण अंगका रुपमा हेरिन्छ । यसको महत्व वुझेर सत्ता सञ्चालकहरुले यसलाई राज्यको चौथो अंगका रुपमा परिभाषित गर्दै आएका छन् । नेपालमा पनि त्यो कुरा लागू भएको छ । आवाजहीनको आवाज वन्ने र सधैंभरि अग्रगमन, परिवर्तन तथा विकासको पक्षमा प्रेसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले पनि यसलाई राज्यदेखि सर्वसाधारणसम्मले ...

बैतडी सन्देश

बिश्वयात्री पत्रकार बैतडीमा

-सन्देश समाचारदाता

बैतडी/प्रेस स्वतन्त्रता, सकारात्मक पत्रकारिताको माग राख्दै विश्व भ्रमणमा हिंडेका दुई सञ्चार कर्मी बैतडी आईपुगेका छन् ।

गतवर्ष कार्तिक २ गते भोजपुर जिल्लाबाट भ्रमण सुरु गरेका पत्रकार नारायणप्रसाद भट्टराई 'सोहम्' र नवराज भट्टराई 'कोहम्' बुधबार बैतडी आईपुगेका हुन् । डडेल्धुराको एकसाता ...

घटना र विचार साप्ताहिक

२०६८ साउन १८ बुधबार August 3-9, 2011

पत्रकारद्वयको विश्वभ्रमण योजना

भोजपुरका दुई पत्रकार नेपाल भ्रमण पूरा गरी विश्व भ्रमणको योजनामा रहेका छन् । 'विश्वमा प्रेस स्वतन्त्रता, प्राथमिकतामा सकारात्मक पत्रकारिता' नारासहित भ्रमणमा निस्किएका पत्रकारद्वय नारायणप्रसाद भट्टराई 'सोहम' र नवराज भट्टराई 'कोहम' यतिबेला विश्वभ्रमणको तयारी, आवश्यक प्रक्रिया र सहयोगका लागि व्यस्त रहेका छन् ।

०६५ कार्तिक २ गते भोजपुरको दिङ्लाबाट यात्रा थालेका भट्टराईद्वयले दुई वर्षको अवधिमा ०६७ कार्तिक १ गते नेपालको ७५ वटै जिल्लाको भ्रमण पूरा गरेका थिए । 'नेपालको पत्रकारिताको अवस्था सङ्कटमा पर्दै गएको अवस्थामा स्वतन्त्र पत्रकारिताको नारा र सन्देश लिएर हामी भ्रमणमा निस्केका हौं,' सोहमले भने, 'अब चाँडै नै हाम्रो नेपाल भ्रमणबारेको पुस्तक प्रकाशन हुँदै छ ।' 'नेपाल भ्रमणका ७३० दिन' नामक पुस्तकमा देशका महत्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरूको जानकारीका साथै पत्रकारिता अवस्थाबारे पनि समेटिने उनले जानकारी दिए । पुस्तक प्रकाशनपछि सन् २०१२ बाट विश्वभ्रमणको यात्रा भारतबाट शुरु गर्ने र भ्रमणका लागि नेपाल पत्रकार महासङ्घका अध्यक्षले आवश्यक सहयोग र समन्वय गर्ने जानकारी दिएको सोहमको भनाइ छ ।

पछिल्लो समयमा पत्रकारिता क्षेत्रमा युवा पिँढीको प्रवेश बढेको र सहज बन्दै गएको आफूहरूले पाएको उनीहरूले बताएका छन् । कोहमले भने, 'पत्रकारितामा अभाव, दबाव र प्रभावको समस्या देखिएको छ, विश्वसनीयता कायम गर्न पत्रकारहरूले अझै कडा मिहिनेत गर्नुपर्छ ।' मनोकान्ति साप्ताहिकबाट ६ वर्षअघि पत्रकारिता थालेका भट्टराईद्वय नेपाल पत्रकार महासङ्घ ललितपुर शाखासँग आबद्ध छन् ।

- फणिन्द्र संगम

२०६७ बैशाख २७ सोमबार 10 MAY 2010 दोलखा एक्सप्रेस

पत्रकारितामा युवाहरू नै बढि

कान्तिपुर । सोमबार ११ असोज २०६६

प्रेस स्वतन्त्रताका लागि विश्व यात्रा

काठमाडौं (कास)- प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि दुई युवक विश्व भ्रमणमा निस्किएका छन् । भोजपुरका २७ वर्षीय नारायणप्रसाद भट्टराई र २८ वर्षीय नवराज भट्टराई विश्व भ्रमण ...

अन्नपूर्ण पोष्ट, बुधबार २६ मंसिर २०६६

प्रेस स्वतन्त्रता अपरिवर्तनीय राख्न माग

अन्नपूर्ण समाचारदाता

काठमाडौं, २८ मंसिर : नेपाल पत्रकार महासंघका अध्यक्ष धर्मेन्द्र झाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई संविधानको ... नराख्ने विषयमा सभासदहरु देखिएको मतभेदप्रति पनि ... गुनासो गरे । उनले भने, 'संविधानमा प्रेस स्वतन्त्रता अपरिवर्तनीय धाराको रूपमा राख्नुपर्छ भन्ने महासंघको पहिलो र एकमात्र माग हो ।'

पहिलो जिल्ला भोजपुर डायरी

२०६५ कार्तिक २ गतेदेखि कार्तिक ६ सम्म: विश्वमा प्रेस स्वतन्त्रता, प्राथमिकतामा सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियान हो यो । २ वर्षे नेपाल यात्राको पहिलो जिल्ला, पूर्वी पहाडी जिल्ला भोजपुर । भोजपुर प्रस्थान गर्ने दिन मनोक्रान्ति म्याट्रिक्स गुरुकुल गोदावरी ललितपुरमा यो अभियानलाई एक कार्यक्रमको आयोजना गरी बिदाई गरियो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवं नेपाल पत्रकार महासंघका केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्यले दिनदिनै **प्रेस स्वतन्त्रता गुमेको र सकारात्मक पत्रकारिताको टड्कारो आवश्यकता देखिएका बेला थालिएको यो विश्वभ्रमण अभियानको पहिलो दिन सबै नेपाली पत्रकारका लागि गौरव र खुशीको दिन** भएको बताउनुभयो । मनोक्रान्ति द्रष्टा डा. योगी विकाशानन्दले **खिई खिई लामो समय बाँच्नुभन्दा एक सेकेण्ड नै सही धपक्कै बलेर किन नमर्नु भन्नु हुँदै संसारलाई बदल्नु अगाडि आफैं बदलिनु पर्छ** भन्ने नारामा जोड दिनुभयो ।

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफलः १,५०७ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ६३ वटा,*
> ***निर्वाचन क्षेत्रः** २, **सदरमुकामः** भोजपुर बजार*
> ***अञ्चलः** कोशी, **विकास क्षेत्रः** पूर्वाञ्चल ।*
> ***भौगालिक अवस्थितिः** पूर्व संखुवासभा र धनकुटा, पश्चिम खोटांग, उत्तर सोलुखुम्बु र दक्षिण उदयपुर जिल्ला*
> ***प्रमुख जातजातिः** राई, क्षेत्री, तामांग, नेवार, ब्राम्हण, कामी, मगर, दमाई, सार्की, शेर्पा, भुजेल, सन्यासी, गुरुंग, हायु आदि ।*
> ***धार्मिक तथा पर्यटकीय स्थलः** ट्याम्के, सेल्मे, सुन्तले, दिंला, मैयुंग डाँडा, हतुवा गढी, साल्पा पोखरी, भविष्यवक्ता पोखरी, हंस पोखरी, च्यांग्रे पोखरी, तीन तल्ले डाँडा तिवारी भञ्ज्यांग, कागेश्वर गुफा (रानीवास) सिद्धकाली मन्दिर (भोजपुर) आदि । (श्रोतः जि.वि.स.)*

उक्त कार्यक्रममा सभासद्त्रय हरिराज खेवा, हेमराज भण्डारी, डम्बरसिंह सम्बाहाम्फे, ई.सी.आर.एफ.एम. का अध्यक्ष अष्टमान किसी महर्जन, जनआस्था साप्ताहिकका सहसम्पादक अरुण बराल, द रेड स्टारका सम्पादक कुमार शाह, साधक/साधिका र विभिन्न क्षेत्रमा आबद्ध मनोक्रान्ति शुभेच्छक तथा जिज्ञासुहरुको उपस्थिति थियो । कार्यक्रमका प्रमुख अतिथि, अथिति लगायत अन्य उपस्थित महानुभावहरुले हामीलाई अबिर तथा खादा लगाई विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो । कार्यक्रमको अध्यक्षता रेकी योग मास्टर ध्रुवानन्द र सञ्चालन योगी श्री णं (गजेन्द्रराज नेम्वाङ्ग) ले गर्नुभएको थियो ।

हामी यात्रामा निस्कियौं । साँझ परिसकेको थियो । अनि सँगसँगै थियो कार्यक्रमका अध्यक्षको गुर्जुधारा काठमाडौंस्थित निवासमा बिदाई निमन्त्रणा । त्यसैले हामी लाग्यौं त्यतैतिर मेमोरी तथा जोक्स मास्टर योगी श्री क्राम् (दीपक नेपाल, जसले आजको कार्यक्रममा ५ हजार जोक्स सुपरमेमोरी विधिबाट कण्ठस्थ प्रदर्शन गर्नुभएको थियो) का साथमा । दिउँसो भएको कार्यक्रमको समीक्षासहित रात्री भोजन गरेर हामी लाग्यौं आराममा ।

भोलीपल्ट बिहान । यात्राका लागि आवश्यक सामाग्री किनेर रात्री बसमा हामी भोजपुरका लागि प्रस्थान गर्‍यौं । यात्राको पहिलो जिल्ला भोजपुरको दिङ्ला आइपुग्न हामीलाई काठमाडौंदेखि ३ दिन लाग्यो । काठमाडौंबाट नौविसे, मुग्लिंग, नारायणघाट, बटौंडा, पथलैया, निजगढ, चन्द्रनिगाहपुर, लालबन्दी, बर्दिवास, ढल्केबर, लहान, कञ्चनपुर, सप्तकोशी ब्यारेज, इनरुवा, इटहरी, धरान, धनकुटा, हिले, पाखीबास हुँदै लेगुवासम्म हामी गाडीमा आयौं । धनकुटको लेगुवाघाटबाट हिंडेरै संखुवासभाको तुम्लिंगटार मनकामना हुँदै हामी आज कार्तिक ६ गते बेलुका केउरेनीपानी- २, धारापानी बितलबका विजया/देवेन्द्र नेपालको घरमा बास बस्न आइपुग्यौं ।

शिक्षाका ज्योति बालागुरु षडानन्द, दिङ्ला
2008/10/23 16:29

२०६५ कार्तिक ७: आज हामी देवेन्द्र र नारायण नेपालको सहयोगमा दिङला बजार क्षेत्र घुम्न निस्कियौं । केउरेनी पानी, मूलपानी र तुंगेछा गा.वि.स. को संगम यो दिङला बजार एउटा यस्तो ठाउं हो- जो भोजपुरमा मात्र चर्चित नभएर राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरमा पनि प्रसिद्ध छ । यो बेजोडको परिचय दिलाउने श्रेय आवाल ब्रम्हचारी एवं नेपालमा शिक्षाका एक प्रमुख ज्योति बालागुरु षडानन्दमा जान्छ । जसले जनस्तरबाट नेपालमै पहिलोपटक वि.सं. १९३२ मा संस्कृत पाठशाला दिङ्लामै स्थापना गर्नुभएको थियो ।

सर्वप्रथम हामी सरस्वती नि.मा.वि. परिसर पुग्यौं । त्यस विद्यालयका प्र.अ. हरि प्रसाद लम्सालले कुटनीतिक क्षेत्रका

मुरारीराज अधिकारी यही विद्यालयका पूर्व विद्यार्थी रहेको बताउनुभयो । त्यहाँबाट हामी आयुर्वेद औषधालय पुग्यौं । औषधाल प्रमुख कविराज लक्ष्मीनारायण भगतले दिङ्लाका डा. ठाकुरराज अधिकारी नेपालका चर्चित आयुर्वेदाचार्य भएको बताउनुभयो आयुर्वेदिक उपचारतर्फ पनि यस भेगका जनताको आकर्षण बढ्दै गएको उहाँको भनाई थियो । हामी कार्यालय भित्र पस्दा चै खेलिरहेको दृश्य पनि देख्न पाइएको थियो ।

आयुर्वेद कार्यालयबाट हामी डाँडामा रहेको ईलाका प्रहरी कार्यालय पुग्यौं । प्रहरी निरीक्षक वैद्यनाथ यादवले नेपाल गणतन्त्र स्थापना पश्चात् जनताले शान्ति सुरक्षाको महसुस गरिरहेको र प्रहरीलाई पनि जनताको हेर्ने दृष्टिकोणमा सकारात्म परिवर्तन आएको बताउनुभयो । पत्रकारले समाचार सम्प्रेषणमा कुनै गल्ती नगरे आफू कुनै पनि सहयोग गर्न तयार रहेको बता उहाँले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो । यो डाँडाब विभिन्न हिमाली दृश्यहरु पनि देखिंदा रहेछन् ।

हामी ईलाका प्रहरी कार्यालय पछि अरुण उच्च मा.वि., दिङ्ला परिसर पुग्यौं । प्र.अ. गुरुप्रसाद राईले दिङ्लाको बारे भन्दा हाम्रै यात्राका बारेमा टिप्पणी गर्नुभयो । **युवा अवस्थामा आउने यो स्वभाविक/सामान्य जोश हो** भन्दै प्र.अ. राईले **तिमीह गोलचक्करमा फस्यौ भाई हो** भन्नुभयों । उहाँले थप्नुभयो- **केही विश्वसाईकलयात्री विदेशीको कुटाईमा परे, अब तिमीहरु थप चुटाइ पर्छौ, त्यतिबेला मात्र तिमीहरुलाई मेरो सम्झना आउँछ** । शिक्षक रविन्द्र अधिकारीले प्रेसको वर्तमान अवस्था सुधारोन्मुख भएप सन्तुष्ट हुन नसकिने र पत्रकारितामा सकारात्मक चिन्तनको कमी भएको बताउनु भयो । शिक्षक अधिकारीका अनुसार **सत्तामुख दृष्टिकोण नै नेपाली प्रेसको समस्या** हो । दिङ्लाको बारेमा अर्न्तराष्ट्रिय सञ्चारमाध्यममा समेत छापिनु पर्ने र त्यसका लागि यो भ्रम समय सापेक्ष रहेको उहाँले बताउनुभयो । सोही विद्यालयमा पत्रकारिता विषय पढाउने एकजना शिक्षकले भन्नुभयो, **पत्रकारिता ध व्यक्तिको हात र हितमा सीमित छ । नेपालमा पनि एउटा पब्लिकेशन्सलाई धेरै विधाका सञ्चारमाध्यम सञ्चालन गर्न दिइएको । यस्तो हुँदा मिडिया निरंकुश बन्न सक्छ** ।

अरुण उ.मा.वि. बाट हामी षडानन्द उ.मा.वि. पुग्यौं । त्यस उ.मा.वि. का प्र.अ. घनश्याम पौडेलले **अणिमा, गरिम लगिमा लगायतका अष्ट सिद्धिका बलमा बालागुरु षडानन्दले रुमाल बिछ्याएर वा खराउ लगाएर अरुण नदी तर्न सकेको र दिंला बसी बसी प्यूठानका स्वर्गद्वारी महाप्रभुसँग साक्षात्कार गर्ने** गरेको जस्ता अचम्म लाग्दा प्रसंगहरु सुनाउनुभयो । जुन साक्षात्क अहिलेको वेभ क्यामेरामार्फत् विश्वका जुन कुनै कुनामा कुराकानी गरेजस्तै हुन्थ्यो रे ! त्यस्तै प्र.अ. पौडेलकै अनुसार गुरु षडानन्द कुनै पनि प्रकारका थोरै खानेकुरा मान्छेको संख्या अनुसार अघाउञ्ज्याल बनाउन सक्ने, कठिनतम रोग निको बनाउन सक याचकको मनोरथ पूरा गर्न सक्ने, असिना पानी तर्काउनेजस्ता सिद्धिहरु थिए । जसको उदाहरण स्थानीय लक्ष्मीभक्त अधिकारील वेद पूरै कण्ठ हुन्छ भनेकै आधारमा पूरै वेद कण्ठ भएको थियो रे !

यसैगरी षडानन्दद्वारा नै **रुद्राक्ष नेपालमा पहिलोपटक यही ठाउँमा रोपिनु ऐतिहासिक कार्य** हो भन्नुहुन्छ, प्र.अ. पौडेल अर्न्तराष्ट्रिय एवं राष्ट्रियस्तरमा समेत छवि बनाएका व्यक्तिले दिङलालाई किन हेरेनन् ? भन्दा उहाँ भन्नुहुन्छ, **मान्छे स्वभावैले नी र स्वार्थी हुन्छ । तर पनि आफ्नी आमा सम्झेर कुनै दिन आउलान् र केही गर्लान्** भन्ने हाम्रो आशा छ ।

हामी राम मन्दिर, कैलाश डाँडा, बालागुरु जन्मिएको घडेरी, साल गाडेको ठाउँ लगायत अन्य क्षेत्र पनि घुम्यौं । शालि र रुद्राक्षका रुखहरु पनि हेर्‍यौं । तर, यो ऐतिहासिक स्थलको उचित रुपमा संरक्षण सम्बर्द्धन हुन सकेको देखिएन । भौतिक पूर्वाधार जीर्ण र भत्किसकेका छन् ।

साँझ पर्ने लागेको थियो । दिङला भञ्ज्याङ्गमा भेट्टिनुभएका केउरेनीपानी ७ का तोंयानाथ गौतमले भन्नुभयो, **शिक्षा लागि कि काशी जानु कि दिङ्ला जानु** भन्ने मान्यता थियो । तर, अहिले शिक्षाका लागि दिङ्ला जानु भन्ने मान्यता सुन्न छोडिए छ । **यति पवित्र स्थलको संरक्षण र सम्बर्द्धन नहुनु आफैंमा उदेकलाग्दो विषय बनेको छ** । दिंलामा जन्मी-हुर्की-पढी-बढी देश/विदेश चर्चा बटुलेका व्यक्तिहरुले समेत यो जन्मभूमिका लागि कुनै गतिलो योगदान नदिएको उहाँको गुनासो रहेछ ।

आज भेट भएका विभिन्न क्षेत्रका व्यक्तिहरुले हामीलाई एउटा गुनासो देश/विदेश जहाँसुकै भेटिने दिङ्लाली व्यक्तित्वल सुनाउनु भनेका छन् । त्यो गुनासो हो, तपाईंहरुले दिङलालाई बिर्सिनुभयो भन्छन् नि दिङलाका स्थानीय बासिन्दा ? वास्तवमा शि जोसुकैले दिङलाबाटै लिने तर शिक्षित समुदाय नै दिङलामा कहिल्यै नअट्ने किन त ? अवश्य पनि देश देशान्तर भ्रमण गरेर षडानन्दले दिङ्लालाई नै सेवा गर्नुको अर्थ **जननी जन्म भूमिश्च स्वर्गादपि गरियसी**को महान् आर्दशसँग मेल खान्छ । यो सन्दे आधुनिक नेपालका शिक्षित व्यक्तिलाई समेत बढी नै मननीय छ जस्तो लाग्छ हामीलाई ।

आज पनि हामी साँझ देवेन्द्र नेपालसँग उहाँको घरमै झर्‍यौं । हामीमा निकै जोश, जाँगर र उत्साह भरिदिएको छ, आज यो ऐतिहासिक स्थल दिंला भ्रमणले । त्यसैले भन्न मन लागेको छ, **बालागुरु षडानन्द हाम्रा प्रेरणाका श्रोत हुन्, देशका साझा सम्प हुन्, विश्वका दुर्लभ मानव हुन् । त्यसैले ऐतिहासिक स्थल दिङ्लाको श्रीबृद्धिमा लाग्नु हामी सबैको कर्तव्य हो ।**

२०६५ कार्तिक ८: दिङ्लाको भ्रमण समापन गरेर हामी सेमेङ्ग हुँदै साङ्गपाङ्ग गा.वि.स. प्रवेश गर्‍यौं । बाटामा श्री चण्डेश्वरी प्रा.वि. सेमेङ्गका प्र.अ. डिल्ली बहादुर श्रेष्ठसँग भेट भयो । प्र.अ. श्रेष्ठका अनुसार ५ जना सहयोगी शिक्षक र १०० जना विद्यार्थी रहेको उक्त विद्यालयलाई नि.मा.वि. बनाउने योजना रहेको उहाँले सुनाउनुभयो । तर, राजनीतिक खिचातानीका कारण समस्या परिरहेको छ भन्दै उहाँले दुखेसो पोख्नुभयो । त्यहाँबाट हिंड्दै हामी मालिका प्रा.वि. साङ्गपाङ्ग आयौं । उक्त प्रा.वि. मा प्रधानाध्यापक भजनकुमार सुवेदी लगायत अन्य शिक्षकले भ्रमण सफलताको कामना गर्नुभयो ।

प्र.अ. सुवेदीसँगै हामी विद्यालयबाट उकालियौं । रामगीता सुवेदी (खड्का) को घरमा निस्कियौं । भोकको झोंकमा मही चिउरा खायौं । खुब मीठो भयो । त्यसपछि हामी साङ्गपाङ्ग ७, आहालेमा अवस्थित प्र.अ. सुवेदीकै घरमा आयौं । यही घरमा आज हामी बस्यौं । र, यात्रा अनुभव सुनायौं । उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो ।

२०६५ कार्तिक ९ र १०: साङ्गपाङ्गको भ्रमण सकेर हामी बोया हुँदै हेलौंछा गा.वि.स. तर्फ प्रस्थान गर्‍यौं । धान पहेंलपुर भएर कतै पाकेको छ त कतै पाक्न थालेको देखिन्छ । बोयामा स्थानीयवासी तिहारको मौका छोपेर गोरेटो बाटो निर्माण र मर्मत गरिरहेका थिए । साँझमा हामी हेलौंछा १, जिमीगाउँ ध्रुवकुमार (काजी) पराजुलीको घरमा आइपुग्यौं । त्यहाँ वल्लाघर, पल्लाघर, माथ्लाघर र तल्लाघरका परिवारजनसँग विश्वभ्रमणका विषयमा जमेर कुराकानी भयो । यशोदा र देवका बहिनीले पकाएका राता-ताता, गुलिया-मीठा सेल रोटी भ्रमणको विषयमा कुरा गर्ने गजबको मसला बन्यो । हाँसो ठट्टा सहितको उक्त माहोलमा ध्रुवकुमार, भूमिनन्द, हरिकृष्ण, कृष्ण पराजुली लगायतको सहभागिता थियो । उहाँहरु सबैले विश्वभ्रमणको अभियानबाट आफूहरु खुशी भएको बताउँदै शुभकामना व्यक्त गर्नुभयो । निद्रादेवीले सबैलाई घेरिहालिन् । हामी सबैजना सुत्यौं ।

आज १० गते बिहानै हामी स्थानीय ध्रुवकुमार पराजुलीको साथमा हेलौंछा हेल्थ पोष्ट छेउमा रहेको केशव रायमाझीको घर पुग्यौं । त्यहाँ सोलारबाट ब्याट्री चार्ज गरियो । केहीबेर बाबु केशव र छोरा शेखरसँग कुराकानी भयो । उहाँहरुले भन्नुभयो, हाम्रो भोजपुर जिल्लामा ३४ प्रतिशत राई र बाँकी अन्य जातजाति छन् भने कसरी किराँत राज्य हुन सक्छ ? त्यहाँबाट हामी उकालो लागेर टीकाबल्लभ पराजुलीको घरमा पुग्यौं । उहाँकी श्रीमती लक्ष्मीले बिहानको खाना बनाएर हामीलाई खान दिनुभयो । उहाँहरुको शुभेच्छा र आर्शिवाद ग्रहण गरेर हामी हेलौंछा गा.वि.स. कार्यालय झर्‍यौं ।

गा.वि.स. कार्यालय भवन १० वर्ष माओवादी जनयुद्धका बेला माओवादीले ध्वस्त बनाएकाले दीपक पराजुलीको गोठमा गुन्द्री ओछ्याएर काम चलाई राखिएको रहेछ । त्यहाँ उपस्थित सेवाग्राहीहरुले हेलौंछा गा.वि.स. को क्षेत्र धेरै ठूलो भएकाले २/३ दिनका लागि खाजा सामल बोकेर आउनु पर्छ भन्दै यतिसम्मको दुःख गरी गरी गा.वि.स. आउँदा पनि समयमा सचिव नभेटिने र सेवा नपाएको गुनासो गरे । त्यहाँ गा.वि.स. सचिव काजी राई, कार्यालय सहयोगी दीपक पराजुली, कालिका मा.वि. का शिक्षक कटक बहादुर विष्ट, पूर्व शिक्षक कपिल पराजुली लगायतको उपस्थिति थियो । उहाँहरुले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानको उच्च मूल्यांकन गर्दै सफलताको कामना गर्नुभयो ।

हेलौंछा गा.वि.स. कार्यालयबाट हामी शिवालय, हेल्थपोष्ट, सहकारी कार्यालय घुम्दै कालिका मन्दिर पुग्यौं । त्यहाँबाट हामी हेलौंछा गा.वि.स. मै पर्ने डाँडाबोखिम तर्फ लाग्यौं । यो ठाउँको सुन्तला धेरै प्रसिद्ध छ । डाँडाबोखिम पुगेपछि सन्देश खतिवडाको घरमा बास बस्यौं । सन्देश भाई हेलौंछादेखिकै हाम्रो सहयात्री हुनुहुन्छ । हामी आइपुगेको सुनेर उहाँकी बिरामी आमा खुशी हुँदै उठ्नुभयो । हर्ष र अश्रु मिश्रित कुराकानी गर्न थाल्नुभयो... ।

२०६५ कार्तिक ११: आज बिहान हामीले पवित्रा बरालको घरमा खाना खायौं । त्यहाँबाट फर्किएर सन्देश भाईकै घरमा आयौं । सुन्तला, भोक्से, अम्बक बगैंचा घुम्यौं । घुमेर मात्र कहाँ चित्त बुझ्नु र ? मुख रसाई हाल्यो । हामीले केही अमिला गुलिया सुन्तला र अन्य फलफूल पनि मज्जाले खायौं । यसको तस्वीर तथा भिडियो दृश्य पनि लियौं ।

डाँडाबोखिमबाट बिदा भएर हामी याँग्वा खोला झर्‍यौं । टन्टलापुर घाम लागेका थिए । गर्मी पनि भएकै हो । चीसो पानीमा मज्जाले नुहाइयो । अनि बोक्तामको उकालो चढ्यौं । ठाउँ ठाउँका चौतारीमा विश्राम गर्दै दिउँसो ४ बजेतिर याङ्गपाङ्ग, चम्पे र प्याउली गा.वि.स. को संगम देउराली आइपुग्यौं ।

देउरालीमा स्थानीय ज्ञानेन्द्र खत्री र गणेश कोईरालासँग कुराकानी भयो । अहिले यस भेगको शान्ति, सुरक्षा पनि राम्रो हुँदै गएको उहाँहरुले बताउनुभयो । आजको बास गणेश कोईरालाको घरमै भयो ।

२०६५ कार्तिक १२: देउरालीबाट हामी प्याउली गा.वि.स. आयौं । शारदा उ.मा.वि. नजिकै रहेको रमेश निरौलाको घरतर्फ हामी लाग्यौं । बिहानको खानपिन उहाँकै घरमा भयो । त्यहाँ उहाँकी दिदी चन्द्रकला, भाञ्जाहरु प्रदीप र पवन, आमा बुवा, बहिनीहरु ठूला बुवा तथा यस क्षेत्रका चर्चित पण्डित शिक्षक होमनाथ निरौलासँग विश्वभ्रमण र अन्य विषयमा हाम्रो कुराकानी भयो ।

पण्डित निरौलाले भन्नुभयो- संस्कृत भाषा वैज्ञानिक तथा प्राविधिक भाषा हो, त्यसकारण यो विषय पढ्ने विद्यार्थीहरुले स्वरोजगार निर्माण गर्न सक्छन् । त्यसैले यो विषय पढ्न चाहनेहरुका लागि सरकारले उचित प्रबन्ध गर्नुपर्छ । धर्म, संस्कार र

संस्कृतिमा पनि आधुनिकीकरण गरिनुपर्ने उहाँको धारणा छ। यहाँ फेरी कुराकानीको अर्को मसला बन्यो घरका सदस्यले साँधेको सुन्तला खाँदै जिब्रो फड्काएको क्षण। जुन क्षण बिर्सिसक्नु छैन। अहिले लेख्दा लेख्दै पनि जिब्रो रसाइरहेकै छ ....।

अनि हाम्रो यात्रा अगाडि बढ्यो मन्याङ्ग डाँडा हुँदै जन्मस्थान तिवारी भञ्ज्याङ्ग (नारायण) र च्यांग्रे (नवराज) गा.वि.स. तर्फ। हिंड्दा हिंड्दै मन्याङ्ग डाँडामा भेट्टिनु भयो, स्थानीय शिक्षक रेवती सापकोटा। उहाँलाई यस अधि हामीले तुम्लिंगटार विमानस्थल संखुवासभामा भेटेका थियौं। र, हाम्रो योजनाको एउटा पर्चा प्रदान गरेका थियौं। आजको भेटमा उहाँले भन्नुभयो, तपाईंहरुको यो विश्वभ्रमण अभियानले नयाँ संविधान तथा योजना निर्माताहरुलाई समेत झकझकाओस्।

साँझमा हामी आ-आफ्नो जन्मघर (नारायणको वरबोटे र नवराजको देउराली) मा आइपुग्यौं। दूरी त खासै टाढा छैनन्, १० मिनेट जति लाग्ने। तापनि एउटा खोल्साले सिमाना छुट्याएका कारण गा.वि.स. फरक-फरक। घरमा भने हजुरआमा-हजुरबुवा, आमा-बुवा, भाई-बहिनीहरु, दाजु-भाउजु, भतिजा-भतिजी, काका-काकी, बढाउ-बढेमा लगायत छिमेकीहरुसँग विश्वभ्रमण अभियानबारे कुराकानी भए। आफ्नो जन्मभूमिमा पाईला टेक्नुको आनन्द कुन शब्दमा कसरी वर्णन गर्न सकिन्छ र ? त्यो पनि ३ वर्ष पश्चात् घरमा पुग्दा जे खाए पनि मीठो, जे हेरे पनि राम्रो, जोससँग बोले पनि रमाईलो...।

२०६५ कार्तिक १३ः धेरै नेपालीको प्रमुख चाडमध्ये एक तिहार। हो, यही चाडको रमाईलोमा हामी घर पुगेका थियौं। यस्तो रमझमकै बेला घर आइपुग्नुको पनि एउटा सौभाग्य जुन्यो, दिदी-बहिनीका हातबाट टीका लगाउनु। तर, उद्देश्य यात्राकै हो, संयोगमात्रै तिहारको। १४ गतेको भाईटीकाका लागि नवराज दिदी पार्वती गौतमको घर जरायोटार १, फेदिटोल भोजपुर तर्फ लाग्ने काम भयो भने नारायण आफ्नै घरमा।

यही अवसरमा याङ्गपाङ्ग ६ बाट वरबोटे मन्जु भट्टराईसँग टीका लगाउन आउनुभएका परशुराम पोखेलले नारायणसँग भन्नुभयो, सरकारले कृषि र धार्मिक क्षेत्रलाई वास्ता गरेन। रासायनिक मल र औषधीले माटोको उर्वरा शक्ति नष्ट गरी मान्छेको स्वास्थ्य जोखिममा पान्यो। यसकारण कम्पोष्ट मल बनाउने आधुनिक प्रविधि सबै किसानको पहुँचमा पुग्नुपर्‍यो। पोखेलको उक्त भनाईलाई ८२ वर्षीय हजुरबुवा रघुनाथ भट्टराईले पनि समर्थन गर्नुभयो। दुवै जनाले यस विषयलाई पत्रकारिता क्षेत्रले पनि प्राथमिकताका साथ समेट्नु पर्ने बताउनुभयो।

२०६५ कार्तिक १४ देखि १७ सम्मः भाईटीकाको दिन अर्थात् कार्तिक १४ गते हामी दुवै जनाले आ-आफ्ना दिदी-बहिनीका हातबाट टीका र आर्शिवाद ग्रहण गर्‍यौं। यही पावन अवसरमा उहाँहरुले पनि प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो। वास्तवमै भन्नुपर्दा विश्वभ्रमणको यो अभियानले हाम्रो घरपरिवार र ईष्ट मित्रमा चासो, उत्सुकता र खुशी ल्याई दिएको छ। जसलाई रमाईलो तिहारले पनि स्वागत गर्न भ्यायो।

देउसी र भैलो खेल्ने, थरिथरिका नाचगान गर्ने/हेर्ने, राता-ताता, गुलिया-मीठा सेल रोटी खाने, सप्तरंगी टीका र फूल लगाउनुको रौनक, साथीभाई, ईष्टमित्र छरछिमेकी सबैसँग लामो समयपछिको मीठो भेटघाट अनि एकअर्काका तीता-मीठा खबर आदान प्रदान गर्ने स्वर्णिम अवसर। हो, यस्तै त्यस्तै रमाईलो वातावरणमा बित्यो, विश्वभ्रमण सुरुवात् पहिलो वर्षको यो तिहार।

बित्न त बित्यो यो तिहार...। हामीले घरमा रमाईलो गरे पनि परदेशमा रहेका केही दाजुभाई र पराईका घरमा रहेका केही दिदी-बहिनीको मिलन हुन नपाउँदा भने खल्लो नै महसुस भयो। हुन त मान्छेको जिन्दगी यस्तै हो। सधैं एकै ठाउँ रहँदैन। कोही कहाँ कोही कहाँ। हामी नै पनि अर्को वर्षको तिहारमा कहाँ पुग्ने हौं थाहा छैन...। यसैगरी बिते हाम्रा यी दिनहरु।

२०६५ कार्तिक १८ः तिहारको रमझम पनि सक्यो। आज हामी घरबाट तिवारी भञ्ज्याङ्ग जाने योजना बनाएर हिंड्यौं। साथमा हुनुहुन्थ्यो, प्याउली गा.वि.स. निवासी बहिनी सरस्वती निरौला र उहाँका छिमेकी भाई। यसक्रममा हामीलाई आफूले प्राथमिक शिक्षा हासिल गरेको श्री जलकन्या प्रा.वि. तिवारी भञ्ज्याङ्ग ३, मा पनि पस्न मन लाग्यो। विद्यालयमा प्र.अ. यादब बहादुर बोहोरा, सहायक शिक्षक पदम बहादुर पौडेल लगायत शिक्षक विद्यार्थीसँग हाम्रो कुराकानी भयो। प्र.अ. बोहोराले २०४५ सालमा स्थापित उक्त विद्यालयको भौतिक संरचना कमजोर रहेको बताउनुभयो। उहाँले हामीलाई विख्यात भारतीय कवि रविन्द्रनाथ टैगोरको प्रसंग झिक्दै भन्नुभयो- दुःखीको घरमा मात्र तेरो बास हुने भए हे ईश्वर दया गरी अझ मलाई बढी दुःख दे, जुन दुःखबाट मेरो जीवनमा अझ दुःख सहन गर्न सक्ने क्षमता बढोस्। यही मूल मन्त्रलाई समात्दै तपाईंहरु प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानमा अगाडि बढ्नुस्, शुभकामना।

विद्यालयबाट हामी खत्रीगाउँ, घर्तीबारी, पिपलटार, पौडेल गाउँ हुँदै कार्की गाउँ चढेर तिवारी भञ्ज्याङ्ग गा.वि.स. परिसर पुग्यौं। भञ्ज्याङ्ग पुगेपछि स्थानीय बयोबृद्ध दान बहादुर खड्का, पूर्व गा.वि.स. अध्यक्ष यामप्रसाद तिवारी, देवेन्द्र खड्का, तेज बहादुर खत्री, चोलप्रसाद तिवारी, द्रोर्ण बहादुर बोहोरा, श्याम बहादुर खड्का, रत्न चौहान, ईलाका प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक कर्ण बहादुर कटुवाल लगायतसँग कुराकानी भयो। उहाँहरुले युद्ध कालमा भोजपुर सदरमुकाम सरेको नेपाल बैंक पुनः स्थापित हुन नसकेको, गणतन्त्र आएपनि शान्ति सुरक्षाको प्रत्याभूति हुन नसकेको, विकासका पूर्वाधारहरुको पहुँच नपुगेको, ईलाका प्रहरी

परिवारका सदस्यहरुसँग

कार्यालयको आफ्नै भवन नभएको जस्ता समस्याहरु सुनाउनुभयो। यस भेलाको वातावरण रामप्रसाद भट्टराईले मिलाउनु भएको थियो।

त्यसपछि हामी स्थानीयवासी यामप्रसाद तिवारी, श्यामबहादुर खड्का र उहाँका छोरासहित तीनतल्ले डाँडातर्फ उकालो लाग्यौं। तीन तले डाँडा यति सुन्दर ठाउँ रहेछ, जहाँबाट हिमाल, पहाड र तराईका अद्‌भूत दृश्यको रसास्वादन गर्न सकिन्छ। विकासका पूर्वाधारको राम्रो विकास र सम्बन्धित निकायको उचित ध्यान पुग्ने हो भने पर्यटकीय सम्भावना बोकेको छ यो डाँडाले। जुन ठाउँ आफ्नै गा.वि.स.मा पर्ने भएपनि हामी अहिलेसम्म पुग्न सकेका थिएनौं। आज पनि अलि ढिला भएछ त्यहाँ पुग्न... ।

साँझ परिसकेको थियो। हामी केहीबेर त्यहाँको दृश्यमा निमग्न भएर अग्निको ज्वालाजस्तै जोश लिएर ओरालो झर्‍यौं। भञ्ज्याङ्गका व्यापारी देवेन्द्र खड्काको टर्च सहयोगमार्फत् हामी घर आइपुग्यौं। भञ्ज्यांगबाट हाम्रो घर झर्न लगभग १ घण्टा लाग्छ। उपर्युक्त ठाउँमा मुहान नभएकाले खानेपानीको समस्याचाहिं टड्कारै छ, यो गाउँमा। गाउँघरमा सोलार टुकीको प्रयोग हुन थालेको छ। हाम्रा पालामा त दियालो टुकी बालेर पढ्नु पर्ने अवस्था थियो। जे होस्, विकास भव्य नभएपनि धेरैजसो मान्छेचाहिं सभ्य नै देखिन्छन्, यहाँ।

२०६७ कार्तिक १९: आज बिहान हामीले श्यामसिला ८, तिलाहारको भ्रमण गर्‍यौं। खेसांग खोला तरेर हामी तिलाहार आइपुगेपछि तल्लो र माथिल्लो देवी थान अनि सिंहदेवी प्रा.वि. घुम्यौं। यिनीहरुको विकासमा सरकारले उचित ध्यान नदिएको स्थानीयवासीले गुनासो गरे। यसक्रममा पूर्वप्रधानपञ्च खड्गबहादुर पाण्डे, सिंहदेवी प्रा.वि.का प्र.अ. रामबहादुर बुढाथोकी, स्थानीयवासी कोमल बहादुर, धनबहादुर, डम्बर बहादुर, रीता पाण्डे लगायतसँग हामीले कुराकानी गर्‍यौं। बिहानको खाना खड्गबहादुर पाण्डेको घरमा भयो। तिलाहारका जग्गा जमीनचाहिं निकै मलिला छन् भन्ने कुराको पुष्टि झपक्क फलेको बालीनालीले नै गरेको छ।

तिलाहारबाट हामी श्यामशिला ५, थलाखामतर्फ उकालो लाग्यौं। थलाखाम पुगेर सविना भट्टराई र उहाँकी आमासँग हाम्रो कुराकानी भयो। एफ.एम.को पत्रमित्र कार्यक्रमबाट पश्चिम गोरखाका माधव खनालसँग आफ्नो भावना मिलेकाले उहाँसँग विवाह गरेको सविनाले बताउनुभयो। साँझ बाबुराम भट्टराईका घरमा हामी बास बस्यौं।

२०६५ कार्तिक २०: आज बिहान हामी थलाखामका स्थानीयवासी महाप्रसाद, बाबुराम र चण्डिका भट्टराई सँग सर्वेश्वर शिवालय मन्दिर गयौं। निर्माणाधीन उक्त मन्दिर भट्टराई बन्धु र त्यस गाउँका बासिन्दाको विशेष सक्रियतामा निर्माण हुन लागेको उहाँहरुले जानकारी दिनुभयो।

थलाखाममा बिहानको खाना खाएर हामी श्यामशिला नाँगी, हिलेभञ्ज्यांग तिवारी भञ्ज्यांग हुँदै च्यांग्रे बजार पुग्यौं। पाक्षिकरुपमा हरेक पञ्चमीमा लाग्ने च्यांग्रेको यो बजार हिजोआज हरेक बुधबार हाटमा परिवर्तन भएछ। आजको बजारमा मारुनी नाच थियो। यो नाच तिहारको रमझममा १५ दिनसम्म गाउँघर र हाट बजारमा देखाइन्छ। आजको हाटमा गाउँघरका साथीभाई, छरछिमकीसँग पनि हाम्रो भेट भयो। बेलुकी घर झरियो।

२०६५ कार्तिक २१: आज बिहान हामीले तिवारी भञ्ज्याङ्ग ३, स्याकुले डाँडामा अवस्थित वशिष्ठेश्वर शिव मन्दिरका दर्शनार्थीहरुको विचारलाई क्यामेरामा कैद गर्‍यौं। यो मन्दिरमा बालाचर्तुदशी, रामनवमी, शिवरात्रीजस्ता विशेष चाडपर्वमा मेला लाग्दछ। प्रत्येक तीन-तीन वर्षमा भट्टराई बन्धुहरुको भव्य कुलपूजा पनि हुने गर्दछ, यस ठाउँमा। यस शिव मन्दिर परिसरको

वनजंगललाई संरक्षण एवं सम्बर्द्धन गर्ने उद्देश्यले उनीहरुले धार्मिक वन समेत गठन गरेका छन् । आउने दिनमा धार्मिक पर्यटकीय क्षेत्र बनाउने योजना रहेको स्थानीयवासी रेवतीरमण भट्टराई, कुल बहादुर भट्टराई र नारायणप्रसाद दाहालले बताउनुभयो । उनीहरुले वशिष्ठ ऋषिका कुलले विश्वभ्रमण अभियान सफल पारुन् भन्दै भ्रमण सफलताको कामना गरे ।

च्यांग्रे वजार परिसर

खाना खाएर हामी ६ देखि १० कक्षासम्म अध्ययन गरेको विद्यालय श्री पञ्चकन्या उ.मा.वि. च्यांग्रे पोखरी तर्फ उकालो लाग्यौं । १ घण्टा उकालो हिंडेपछि हामी च्यांग्रे स्कूल पुग्यौं । च्यांग्रेको परिसरमा जर्मन नागरिक क्रिस र इग्ल्याण्ड नागरिक मार्कोससँग हाम्रो भेट भयो । उनीहरु यही विद्यालयका पूर्व विद्यार्थी कृष्णकुमार विष्टको माध्यमबाट च्यांग्रे पुगेका रहेछन् । यिनीहरुको उद्दश्यचाहिं च्यांग्रेका विद्यार्थीको पठनपाठनलाई कसरी सहयोग गर्न सकिन्छ भन्ने रहेछ । साँच्चै हामीले पनि पढेको विद्यालयको शैक्षिक उन्नति अहिले खस्किएको देख्दा हामीलाई पनि दुःख लाग्छ ।

हामी उपस्वास्थ्य चौकी पुग्यौं । अहेब नवराज कार्की र मासिका अमृता राईसँग भेटचाहिं मासिका राईकै औषधि पसलमा भयो । गाउँलेहरुले निःशुल्क पाइने औषधी स्वयं स्वास्थ्यकर्मीले पसलमा बिक्री गर्ने गरेको गुनासो गरेका थिए । सोही गुनासो भनौं वा आरोपलाई लिएर हामी त्यहाँ पुगेका थियौं । उहाँहरु दुवै जनाले निःशुल्क आएको औषधि निःशुल्कै बाँडेका छौं भन्ने दाबी गर्नुभयो । तपाईंहरुले त माथिबाट आएको भन्दा पनि बढी सोधपुछ गर्नुभयो नि ? भन्दै हामीमाथि मासिका राईले रोष प्रकट गर्नुभयो । उहाँलाई हामीले भन्यौं, जनताका आवाजहरुलाई सम्बन्धित व्यक्ति वा निकायसामु पुऱ्याउनु हाम्रो दायित्व हो । साँझ हामी आफ्नै घर झऱ्यौं । खाना खाएर आराम गऱ्यौं ।

२०६५ कार्तिक २२: आज पनि हामी पञ्चकन्या उ.मा.वि. च्यांग्रेतर्फै लाग्यौं । जहाँ हिजो हामीले भेटेका क्रिस र मार्कोसलाई स्कूलले बिदाई कार्यक्रमको आयोजना गरेको रहेछ । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे सो औपचारिक कार्यक्रममा जानकारी दिने अवसर हामीलाई प्रदान गरियो । सो कार्यक्रममा प्रधानाध्यापक रामकुमार राई, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओमप्रकाश भुजेल, उ.मा.वि. संयोजक मचिन्द्रकुमार राई, शिक्षक काजीमान थापा, गोविन्द अधिकारी, अभिभावक प्रेमकुमार विष्ट, विद्यालय सेवक लाल बहादुर श्रेष्ठ लगायत सयौं विद्यार्थी, अभिभावक एवं शिक्षक शिक्षिकाको उपस्थिति थियो । उहाँहरुले विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो ।

वि.सं. २०१२ सालमा स्थापित यो विद्यालय भोजपुरको पूर्व भेगकै एक प्रमुख शैक्षिक केन्द्र हो । पुरानो भवन निकै राम्रो छ । बाँके छानो भएको सो भवनका ईटालाई कलात्मक तरिकाले सजाइएको छ । अन्य भवन सँगै खेलकुद मैदान, नजिकै वरको चौतारी, छेउमा पोखरी, फाँटिलो स्थल पनि यहाँ छन् ।

विद्यालयमा भएको कार्यक्रम समापन पछि हामी च्यांग्रे सेरोफेरोको तस्वीर लिन थाल्यौं । माथि डाँडाबाट हिमश्रृंखलाको दृश्यांकन पनि गऱ्यौं । त्यहाँबाट चारैतिरको दृश्य आकर्षक देखियो । च्यांग्रे भोजपुरको एउटा राम्रो पर्यटकीय गन्तव्य बन्न सक्छ । यसका लागि स्थानीयवासी र सम्बन्धित निकायको ठोस पहल हुनु जरुरी छ । पोखरीको संरक्षण गर्ने प्रयास भइरहेको भएपनि त्यो पर्याप्त देखिंदैन ।

साँझ हामी च्यांग्रेबाट स्कूल पद्दाताका सधैं आउँदा जादा बसेर हावा खाँदै भलाकुसारी गर्ने सिमले चौतारा, डोकोमा गाग्री राखेर चुईचुईती टाढाबाट ल्याएको पानी पिउन दिने र हामी साहुनी भन्दै जिस्कने बाटाघरे काईला (मित्रबहादुर श्रेष्ठ) को घर तथा स्कूलबाट फर्कंदा नासपाती खाने मोहोरिया गाउँ, सधैं सुसाइरहने अनि शीतलताको महसुस गराउने सल्लेरी डाँडा हुँदै हामी घर झऱ्यौं । स्कूल पढ्दा आउँदा जाँदा बाटामा हुने एक एक दैनिकी हाम्रा मानसपटलमा सल्बलाएर आए, आइरहन्छन्, आइरहनेछन् । कसरी बिर्सन सकिन्छ र बाल्यकालका दुःख सुख साटेको यो ठाउँ... ।

देउराली र वरबोटेका खासगरी दयाराम, पुष्पराज, लक्ष्मी र मान बहादुर भट्टराई, नेत्र बहादुर र टंक बहादुर बोहोरा, र हामी दुई खुब रमाईलो गर्दै स्कूल जान्थ्यौं, फर्कन्थ्यौं । संख्यामा थोरै भएपनि स्कूल पुग्दा र फर्कंदा हाँस्ने, हसाउने अनि चल्ने तर्क, वितर्क, कुतर्कले डाडो खोलो थर्कन्थ्यो । त्यो हाँसो ठट्टा, अनि चल्ने तर्क, वितर्क, कुतर्कले हामीलाई मात्र होइन, तिलाहार, गोसाईंथान र मोहोरियाका विद्यार्थी र स्थानीय बासिन्दालाई छुने अनुभव उनीहरुले नै सुनाउँथे । उनीहरुको समय मापन पनि हाम्रो स्कूल आउने जाने त्यो रमाईलो गुञ्जनले गरिदिन्थ्यो रे । आहा, त्यस्तो समय अब फेरि कहिले आउला र...केवल हरपल आउने कल्पना बाहेक ।

२०६५ कार्तिक २३: आज बिहान हामी जन्मेको ठाउँमा स्थापित सल्लेरी सामुदायिक वन उपभोक्ता समूह च्यांग्रे ५ र तिवारी भञ्ज्यांग ३ एवं सल्लेरी समाज देउराली र वरबोटेले हामीलाई एक कार्यक्रमका बीच विश्वयात्राका लागि अबिर माला पहिऱ्याएर बिदाई गऱ्यो। सो कार्यक्रममा हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि २ वर्षसम्म आफ्नै देश नेपालका १४ अञ्चल, पचहत्तरै जिल्ला त्यसपछि विदेश भ्रमण गर्ने योजना औपचारिकरुपमा प्रस्तुत गऱ्यौं। कार्यक्रममा भण्डारी बोहोरागाउँ, गोसाईथानका छरछिमेक, ईष्टमित्र र हाम्रा परिवारका सदस्य लगायतको उपस्थिति थियो। कार्यक्रममा उपस्थित मान्यजनहरुले आफूले त के बाबु बाजेले समेत गर्न नसकेको काम आफ्नै छोरा भाई भतिजले गर्न लाग्दा आफूलाई औधी खुशी लागेको बताउनुभयो। धन भनेको त हातको मयल हो, राम्रो काम गरेर पाईने नाम नै सबभन्दा ठूलो कृति र दाम हो भन्दै उहाँहरुले हर्ष अश्रु मिश्रित आर्शिवाद र शुभकामना दिनुभयो। सो कार्यक्रम सामुदायिक वनका अध्यक्ष जानुका प्रसाद भट्टराईको अध्यक्षता र समाजका सचिव देवेन्द्र प्रसाद भट्टराईको सञ्चालन तथा एनिमेटर अनुराधा राईको उपस्थितिमा भएको थियो।

बिहानको खाना खाएर हामी कान्ले ढाँडमा नुहाई धुवाई गर्न गयौं। ढुंगै ढुंगाको ढाँडका बीचमा उम्रिएको त्यो कञ्चन पानीले यस ठाउँका किसानलाई खेतीपाती लगाउन गर्नुसम्म सहयोग गरेको छ। यदि यो पानीको मुहान नहुँदो हो त धेरै किसानहरुको खेतीपाती बाँझिने थियो। अतः यो ठाउँका रुख बिरुवाको संरक्षणचाहिं गर्नैपर्ने देखिन्छ। यो पानी च्यांग्रे पोखरीबाट छिरेर उम्रेको जनश्रुति पनि छ।

नुहाई धुवाई गरेर हामी गाउँघर डूल्यौं। बाल्यकालमा खेलेका, डूलेका, हिंडेका, गाएका, नाँचेका ठाउँहरुलाई नियाल्यौं। ती बेलाका क्षणहरु एकपछि अर्को झलझली आइरहेका छन् हामीलाई। भोली हामी यो ठाउँ छाडेर केही वर्षका लागि टाढिदै छौं। यस्तो याद लेख्नुपर्दा कता कता दुःख पनि लागिरहेको छ।

२०६५ कार्तिक २४: आज बिहानै हामीले मन भरिका अनेकौं वेग र आवेगलाई सम्हाल्दै जन्मस्थानबाट यात्रा अगाडि बढायौं। गोसाईथान हुँदै हामी औलिया झऱ्यौं। औलिया बेंसीमा हामीलाई निवर्तमान वडाध्यक्ष रामबहादुर बोहोराले पुरोहितका छोराले झण्डै बाटो काटे भन्दै घरमा बोलाउनुभयो। टीका लगाएर बिदाई गर्नुभयो। मासबारी माईली हजुरआमाले मीठो दही खुवाउँदै भन्नुभयो, तपाईंहरु पढेलेखेका मान्छेलाई म अनपढ मान्छेले के कुरा सिकाउनु पर्छ र ? तर, पनि जथाभावी नखानु, नसुत्नु, बेलैमा ठाउँमा पुगेर बास बस्नु। तपाईंहरुको भ्रमण सफल होस्।

हामी गाउँघरका यस्ता प्रेममय आर्शिवाद र सन्देश बटुल्दै पांगलागे चौतारो झऱ्यौं। त्यहाँबाट गाउँ बस्ती सकियो। खेसांग खोलाको बगर पछ्यायौं। खेसांग पहिले अखुवा अनि अन्य साना तिना खहरे खोल्सासँग मिल्दै पिखुवा खोलामा पुगेर विलय भयो। हामीलाई यो बगर छिचोल्न र जाँघर तर्न झण्डै २ घण्टा लाग्यो। ठाउँ ठाउँमा चिप्ला ढुंगा, बालुवामाथि पाईला चाल्नुपर्ने, अनि खोलाको जाँघर पनि प्रशस्तै तर्नुपर्ने बाध्यता। बाटो त अप्ठ्यारो नै रहेछ। हामीले पारपानी फेदीबाट पिखुवाको पुल पार गर्‍यौं। त्यहाँबाट कावा खोला आइपुगेर एक पसलमा नास्ता गऱ्यौं।

नास्ता पसलमा रानीवास ९, हर्का भोजपुरका चेतनाथ कोईराला भेट्टिनुभयो। हामीलाई उहाँले बहेरे खोलाको किनार भित्तामा रहेको एक अनौठो गुफा पुऱ्याउनुभयो। रानीबास ९ मा पर्ने त्यो गुफाको नामचाहिं कागेश्वर महादेव गुफा रहेछ। झट्ट हेर्दा ढिस्को खसिहाल्छ कि जस्तो एक हिसाबले त डरै लाग्ने। कस्तो अद्‌भूत रहेछ त्यो गुफा। गुफाभित्र शिव पार्वती लगायत विभिन्न देवी देवताका कलात्मक आकृति। गुफाभित्र प्रवेश गर्दा टर्च नभई नहुने।

हामी बेहेरेबाट हर्कातर्फ उकालो चढ्यौं। उकालोमा यत्रतत्र पाखैभरी छरिएका भिटामिन सी का श्रोत अमला टिप्दै खाँदै, बस्दै हिंड्यौं। हर्रोका केही दाना पनि हामीले झोलामा राख्यौं। स्थानीय चेतनाथ कोईरालाले भन्नुभयो, ठाउँमा भए यो हर्रो र अमलाले कति धेरै काम गर्थ्यो, तर यहाँ त्यत्तिकै कुहिएर गएको छ। उकालोमा पानी खान नपाउँदा अलिक गाऱ्हो महसुस भयो। भोकले पनि गाँजेको थियो।

घोरेटार बजार

झमक्क साँझ परेपछि हामी कोईरालाकै घरमा आएर बास बस्यौं। मही पिउन पाउँदा अमृत पिएजस्तै भयो। हुन त अमृत अहिलेसम्म हामीले न त काहिं देखेको नै छौं न त कतै पिएको नै ? हाम्रो अनुभूतिमा पिएको अमृत यही हो। आज ठूली एकादशी परेकाले खाना खाने बेलामा हामी २ जना मात्रै पऱ्यौं।

२०६५ कार्तिक २५: बिहान हामी हर्काबाट रानीवास ८ सल्लेतर्फ उकालो लाग्यौं। सल्ले दूर्गा निरौलाको घरमा आयौं। त्यहीं

बिहानको खाना खायौं। खाना खाएर हामी घोरेटारतर्फ उकालो निस्कियौं। घोरेटार आइपुग्नु अघि हामीले भिमेश्वरी नि.मा.वि. मा शिक्षक शिक्षिका बीच केही बेर कुराकानी गरेका थियौं।

घोरेटारमा आएर श्री सगरमाथा उ.मा.वि. कार्यालय गयौं। प्र.अ. ईश्वरमान राईसँग भेट गर्‍यौं। उहाँले हामीलाई शिक्षक विद्यार्थी बीच परिचयात्मक कार्यक्रमको वातावरण मिलाउनुभयो। यो विद्यालय क्षेत्र पहिले ठूलो ढिस्को थियो रे! प्र.अ. राईकै पहलमा ढिस्को खारिएछ। उहाँले यो विद्यालय चलाउन धेरै मेहनत गर्नुभएको रहेछ। आवश्यक पर्दा आफ्नो तलब पनि अरु शिक्षकलाई बाँडेर विद्यालय चलाउने उहाँको जस्तो यो उच्चकोटीको समाजसेवी भावना अरुमा पनि भइदिए...।

उक्त उ.मा.वि. पछि हामीले घोरेटार बजार क्षेत्रको भ्रमण गर्‍यौं। यो बजार भोजपुरको दक्षिणी भेगको सदरमुकाम नै मानिन्छ। भ्रमणका क्रममा हामीले स्थानीय व्यापारी सुरेश मोक्तान, ओम बहादुर श्रेष्ठ सँग कुराकानी पनि गर्‍यौं। सुरेश मोक्तानको सहयोगमा कालीध्वज गुल्म परिसर र सेनाको नियन्त्रणमा रहेको हतुवागढी तथा अटलसिंह दरबार पुग्यौं। यो दरबार बजारबाट केही माथि डाँडामा पर्छ। यहाँबाट घोरेटार बजारका अतिरिक्त निकै टाढा-टाढा सम्मको दृश्य अवलोकन गर्न सकिन्छ। यसलाई पर्यटकीय गन्तव्य बनाउन सकिन्छ। तर, दरबार क्षेत्रको भ्रमण गर्न जो कोहीलाई निकै गाऱ्हो रहेछ। त्यहाँ पुग्ने व्यक्तिलाई पनि दृश्य कैद गर्न सेनाले सुरक्षाको कारण देखाउँदै दिंदो रहेनछ। हामीलाई पनि दिइएन।

साँझ पर्ने लागेको थियो। त्यहाँबाट हामी खैरांग गा.वि.स.को पात्लेपानी प्रस्थान गर्‍यौं। बाटो सोध्दै खोज्दै अनि छामछाम छुमछुम गर्दै हामी झमक्क रात परेपछि पात्लेपानीका कृष्ण प्रसाद घिमिरेको घरमा पुग्यौं। घरमा उहाँ नभए पनि उहाँकै छोरी शोभा घिमिरे, उहाँकी जेठी दिदी र भाउजु हुनुहँदो रहेछ। बेलुका उहाँहरु विश्वभ्रमण अभियानबारे अचम्मित हुँदै धेरै जिज्ञासु हुनुभयो। खाना खाने क्रममा पनि निकै रमाईला कुराकानी भए उहाँहरुसँग।

२०६५ कार्तिक २६: आज बिहान हामी उठेका मात्र के थियौं, शोभा बहिनीले खाना तयार पारिसक्नु भएको रहेछ। बेलुका हामीले बिहान छिट्टै हिंड्छौ भनेकाले पनि बहिनीलाई जाँगर चलेछ सायद। खाना खाएर हामी खैरांग पात्लेपानी र रानीवास छिचोल्दै साँझ मानेभञ्ज्यांग ८, भोर्लेनी आइपुग्यौं।

भोर्लेनीका केशर पराजुलीको घरमा बेलुकाको हाम्रो बास भयो। भोजपुर बहुमुखी क्यापस पढ्दाताका सहपाठी हुनुहुन्थ्यो उहाँका छोरा तारानाथ पराजुली नवराजसँग। हुन त तारानाथ जीसँग हाम्रो भेट त भएन। निकै थाक्किएछ खासै केही लेख्न सकिएन।

२०६५ कार्तिक २७: बिहान केशर पराजुलीसँग भोर्लेनीको विषयमा हामीले केही जानकारी लियौं। पानीको साऱ्है दुःखी ठाउँ रहेछ त्यो भोर्लेनी पनि। टाढाबाट पाइपमा ल्याइएको पानी पनि अस्थायी प्रकृतिको छ, पराजुलीले दुःखेसो पोख्नुभयो। त्यहाँबाट हामी उहाँसँगै मानेभञ्ज्यांग बजार तर्फ उकालो लाग्यौं।

मानेभञ्ज्यांगका केही व्यक्तिलाई अभियानबारेको पर्चा छोड्दै हामी बैकुण्ठे तेर्सियौं। बैकुण्ठेमा सरस्वती निरौलाको घर पुग्यौं। केहीबेरको कुराकानी पछि बिहानको हाम्रो खानपिन पनि त्यही भयो। उहाँहरुको पनि शुभेच्छा ग्रहण गर्दै हामी स्मृति निरौलाको साथमा बैकुण्ठे गा.वि.स. कार्यालय परिसरसम्म आयौं। उहाँले बाटामा हामीलाई आफ्ना जीवन कहानी पनि सुनाउनुभयो। त्यहाँ आज हाट पनि लागेको रहेछ। हाट अवलोकन पश्चात् स्मृति दिदीले हामीलाई भुल्के आउने बाटो देखाएर फर्किनुभयो।

वैकुण्ठबाट ओरालो झरेर हामी बेहेरे खोलाको माथिल्लो भाग झर्‍यौं। खोला तरेर भुल्के गा.वि.स तर्फ उकालो लाग्यौं। मिलमा तोरी पेल्न आएका भुल्केली भट्टराई दिदी बहिनीहरुले हामीलाई परिचय हुने बित्तिकै नास्ता खान आग्रह गर्नुभयो। हामीले निर्धक्कसँग खान सघायौं।

भुल्के भट्टराई गाउँ निस्कँदा साँझ परेको थियो। घर छेउको बाटामा आकस्मिक भेट हुनुभएका पुण्यप्रसाद भट्टराईले हाम्रो उद्देश्य बुझेपछि हामीलाई आफ्नै घर लैजानुभयो। खाने बस्ने यही भयो। उहाँ निकै रमाईला कुरा गर्ने मान्छे। हामी पनि हाँस्न रुचाउने मान्छे। दुवै पक्षको जोडी मिल्यो कति रमाईलो भयो।

२०६५ कार्तिक २८: भुल्के भट्टराईहरुको एउटा प्रमुख बिर्ता। ३/३ वर्षमा हुने भट्टराईहरुको कुलपूजा (देवाली) का लागि पनि निकै चर्चित छ यो ठाउँ। हाम्रा गाउँका भट्टराईहरु दुई दशक अघिसम्म यहीं कुलपूजा गर्न आउँथे। यहाँ निकै घुईचो हुने भएकाले पनि धेरै दुःख हुन्थ्यो भन्थे हाम्रा गाउँका भट्टराई बन्धुहरु। यति सम्मको भीडकी कुनै कुनै वर्ष त पूजा गर्न ल्याएको आफ्नो बोका पनि हराउथ्यो अनि आफू रित्तै हात फर्कन्थ्यौं भन्छन् उनीहरु।

बिहान पुण्यप्रसाद भट्टराईले हामीलाई भुल्के गाउँ घुमाउनुभयो। रंगनाथ, रघुनाथ, ज्ञानराज र करुणाराज भट्टराईसँग हामीले कुराकानी गर्‍यौं। भट्टराई कुलपूजा समितिका अध्यक्ष समेत रहनुभएका करुणाराज भट्टराईकै घरमा हामीले बिहानको खाना खायौं। खाना खाएर भट्टराई कुलपूजाकै रकममार्फत् चलाइएको पञ्चकन्या प्रस्तावित मा.वि., भट्टराई कुलपूजा स्थल र भुल्केको पानी उम्रिएको भुलभुले मुहानको दृश्यांकन गर्‍यौं। उहाँहरुले हाल भुल्केका अधिकांश भट्टराईहरु बसाई सरेर तराई र शहरतिर झरिसकेको बताउनुभयो। यहाँबाट कुलको दियो अंश लिएर अहिले हाम्रो गाउँ र मोरंगको गोठगाउँमा पनि भट्टराईहरुले

पत्रकारहरुसँग

देवाली गर्ने गरेका छन्। हाम्रा कुलदेवताले तपाईंहरुको विश्वभ्रमण सफल गराउन् भन्ने उहाँहरुको आर्शिवाद र शुभकामना लिएर हामी सदरमुकाम भोजपुरका लागि प्रस्थान गर्‍यौं।

यस क्रममा हामी दलगाउँ, कोट हुँदै सिक्तेल पावर हाउस झर्‍यौं। पावर हाउसको अवलोकन पछि भोजपुरको पुरानो बजार टक्सार हुँदै साँझमा भोजपुर सदरमुकाम आइपुग्यौं। सदरमुकाम आइपुग्दा हामीले भोजपुरका २२ गा.वि.स. को भ्रमण गरिसकेका रहेछौं। बेलुकी गोधुली लजमा हाम्रो बास भयो।

२०६५ कार्तिक २९: असल शासन जिल्ला समन्वय समिति भोजपुरका कार्यवाहक अध्यक्ष लोकेन्द्र कार्कीको विशेष सहयोगमा हामीले प्र.जि.अ. प्रेमप्रसाद भट्टराई, स्था.वि.अ. गोविन्द बहादुर कार्की, प्रहरी नायब उपरीक्षक जनक खत्री, भोजपुर क्याम्पस प्रमुख पर्वतकुमार राई, प्राध्यापक परशुराम तिवारी, नेपाल पत्रकार महासंघ शाखा अध्यक्ष शाहीमान राई, पत्रकारहरु श्यामकृष्ण दाहाल, निरोज कोईराला, रेणुका राई, चन्द्रकला राई, एक्सन खम्बु, नेकपा एमालेका शरणकुमार राई, एनेकपा माओवादीका राजेश खतिवडा लगायत विभिन्न क्षेत्र वर्ग, तप्का र पार्टीका अन्य प्रतिनिधिहरुलाई भेटेर प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं।

लोकेन्द्रजीले सबैलाई भोली पत्रकार महासंघ कार्यालयमा कार्यक्रमका लागि निमन्त्रणा पनि गर्नुभयो। त्यसबेला सबैले ठीक छ, शुभकामना भन्नुभयो। रात गुजार्ने उही गोधुलीमै त हो बास। अरु त के नै विकल्प थियो र ?

२०६५ कार्तिक ३०: पत्रकार महासंघ जिल्ला शाखा भोजपुरले आयोजना गरेको कार्यक्रममा महासंघ सहसचिव एक्सन खम्बु, पत्रकार श्यामकृष्ण दाहाल, मानवअधिकारका लागि नागरिक मञ्चका अध्यक्ष तुलसीराम राई र प्रहरी नायब निरीक्षक राजकुमार खड्का बाहेक अरु कसैको उपस्थिति भएन। अरु त अरु अघिल्लो दिन विशेष सहयोग गर्ने मित्र लोकेन्द्र कार्की समेत अनुपस्थित। खै उहाँहरुको अलिक बढी नै व्यस्तताले नै हो वा अरु केही कारण हामीलाई अलिक बढी नै दुःख लाग्यो।

नागरिक मञ्चका अध्यक्ष राईले यो विश्वभ्रमण गरिमामय एवं साहसिक कदम भएको बताउँदै यस भ्रमणको माध्यमबाट भोजपुर जिल्लाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पनि थप परिचय प्राप्त गर्नेछ भन्नुभयो। समग्र सञ्चार जगतका समस्या र सम्भावना पनि केलाईने छन् भन्ने मलाई लाग्दछ उहाँको थप भनाई थियो। महासंघ सहसचिव राईले वि.सं. २००७ सालमै नेपालमा पहिलोपटक रेडियो बजाएर भोजपुर जिल्ला सूचना क्रान्ति र प्रजातान्त्रिक आन्दोलनमा अगाडि रहेको चर्चा गर्दै वर्तमानमा भने पछि परेको बताउनुभयो। यस भ्रमणले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका धर्म संस्कृति भाषाआदिको ज्ञान पनि बढनेछ भन्दै उहाँले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो। बाराका पत्रकार वीरेन्द्र शाहले खबरदारी गर्दा ज्यान गुमाउनु पर्‍यो अब त्यस्तो अवस्था कसैलाई पनि नआओस् भनी उहाँले कामना गर्नुभयो। स्मरणीय छ, प्रजातन्त्र प्राप्तिका लागि सक्रिय योगदान दिनुभएका शहीद रामप्रसाद राई, नारदमुनि थुलुंग, दिवान सिंह राईजस्ता योद्धाहरुको जन्मस्थान पनि हो भोजपुर जिल्ला।

महासंघ कार्यालयबाट बाहिरिएर हामीले बजार क्षेत्र भ्रमण गर्‍यौं। चार भञ्ज्यांग भीषण श्रेष्ठको पसलमा ज्याकेट किन्यौं।

२०६५ मंसीर १: आज हामीले जिल्ला प्रशासन, जिल्ला प्रहरी र नेपाल पत्रकार महासंघ कार्यालय भोजपुरको तर्फबाट भ्रमण सफलताको कामना गर्दै दिइएको शुभकामना पत्र लियौं। भोजपुर सदरमुकाममा पनि हामीलाई बिदाई गर्न आउनुभएका हाम्रा पिताद्वय रामप्रसाद र रेवतीरमण भट्टराईसँग केहीबेर कुराकानी गर्‍यौं। उहाँहरु आजै घर फर्कनुभयो। यहाँबाट हाम्रो घर हिंडेर पुग्न ३ देखि ४ घण्टा लाग्छ।

बेलुकी हिजोकै ठाउँ र ओछ्यानमा रात्री विश्राम। स्थानीय सिक्तेल खोलामा निकालिएको बिजुलीका दुईवटा टर्बाइन मध्ये एउटामा समस्या आएर सदरमुकाममा पनि बिजुली बत्तीको सुविधा छैन। केन्द्रिय लाईन जोडिएको छैन भने गाडीले पनि अहिलेसम्म स्पर्श गर्न नपाएको अवस्था। निर्माण कार्य भने चलिरहेको देखिन्छ।

२०६५ मंसीर २: बिहान हामीले रजनी स्टोर्सका सञ्चालक मार्फत् भोजपुर उद्योग वाणिज्य संघका अध्यक्षलाई भेट्यौं। उहाँको शुभेच्छा लिएर हामीले भोजपुर सदरमुकाम छोड्यौ।

बोखिम, सिद्धेश्वर, छिनामखु, अन्नपूर्ण हुँदै नाँगी गा.वि.स. तर्फ हामी प्रस्थान गर्‍यौं। आज बिहानको खाना सिद्धेश्वर ५, दाँवाका मित्र परेश जोगीको घरमा भयो। त्यहाँबाट हिंड्दै हामी अन्नपूर्ण गा.वि.स. आइपुग्यौं। यहाँ पूर्व सांसद जयन्ती राईको घरमा

हामी बास बस्यौं । खाना खाने बेला भयो । साना बहिनीहरुले हामीलाई खानाको थाल अगाडि राखिदिएर नमस्कार गर्नुभयो । खानाको थाल राखिदिएपछि दुई हात जोडेर नमस्कार गरिने साँच्चै अनुपम संस्कार अझै छ राई जातिमा ।

ट्याम्के शिखरबाट देखिएको दृश्य

२०६५ मंसीर ३: आज हामी भोजपुरको चर्चित पर्यटकीय स्थल ट्याम्के जाने सुरसारमा छौं । बिहानै जयन्ती राईको घरबाट हामी उकालो ठड्यौं । भुसुक्कै बाटो भुलिएछ । केही बेर पछि हामी नजिक एकजना दाईको आगमन भयो । ती दाईलाई हामीले ट्याम्के शिखर कताबाट जाने हो ? भनेर सोध्यौं । सुरुमा उहाँले बाटो देखाइ दिनुभयो । तर, पछि के विचार आएछ कुन्नि मलाई पछ्याउनुस् म तपाईंलाई ट्याम्के जाने बाटो देखाउँला भन्नुभयो ।

प्रश्नजंग राई नामका यी दाईसँग गफ गर्दै हामी उहाँको लेकाली गोठ चखेवा भञ्ज्यांग पुग्यौं । त्यहाँ पुगेर दाईका आमावुवाले दिएको बिहानी नास्ता अर्न्तगत हरिया मकै टन्न खाइयो । दूध र मही मज्जाले पिइयो । लेकको मीठो च्याँख्लाको भात पनि पो प्लस गरिएछ । त्यसपछि पनि केही माथिसम्म प्रश्नजंग दाईसँगै हामी निस्कियौं । च्यान डाँडाबाट उहाँ खोटांगतिर लाग्नुभयो, हामीचाहिं उहाँले देखाएको बाटोलाई आधार मान्दै ट्याम्के शिखरतिर ।

केही घण्टाको कठिनाई पूर्ण उकालो चढाई पछि हामीले ३२ सय मिटर उचाईमा रहेको ट्याम्केको शिखर चुम्यौं । यो शिखर भोजपुरको सिलिचुंग, साल्पा पोखरी पछि तेश्रो ठूलो शिखर रहेछ । शिखर पुग्दाको खुशी खै कसरी व्यक्त गर्नु ? ट्याम्के भोजपुर जिल्लाको पर्यटकीयस्थल मात्र होइन खोटांगको पनि हो । यो दुवै जिल्लाको सिमानामा पर्छ । आहा ! त्यहाँबाट देखिने हिमाली चुचराका सेताम्मे हिउँ, पहाडका मनमोहक थुम्का-टाकुरीहरु र तराईका सुन्दर फाँटहरु कति आनन्ददायक । मन असाध्यै हर्षित, गर्वित र उत्साहित भयो । यस बेला हामीलाई विश्वभ्रमण अभियानका लागि अगाडि बढ्न थप बल पुगेको महसुस भयो ।

भोजपुरका ६३ गा.वि.स. मध्ये ट्याम्के आइपुग्दा जम्मा २८ गा.वि.स. भ्रमण गर्न सफल भएछौं हामी । भोजपुरको औपचारिक यात्रा यही समापन गरी हामी दोश्रो जिल्ला खोटांगतर्फ प्रवेश गर्‍यौं ।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पत्रकारिताको विकासका निम्ति सफल रहोस् । - प्रेमप्रसाद भट्टराई (प्र.जि.अ.) जिल्ला प्रशासन र जनक खत्री, (प्र.ना.उ.), जिल्ला प्रहरी कार्यालय
कलममाथिको स्वतन्त्रता, सायद योभन्दा ठूलो सन्देश विश्वमा अरु केही हुने छैन । - रेनुका राई स्मृत्ति (किमालुंग १) कोषाध्यक्ष: नेपाल पत्रकार महासंघ
उच्च मूल्यांकनका साथ सफलताको कामना - शाहीमान राई (अध्यक्ष), नेपाल पत्रकार महासंघ
गणतान्त्रिक नेपालको बुलन्द आवाज । - जानुकाप्रसाद भट्टराई (अध्यक्ष) र रमा भट्टराई (सचिव), सल्लेरी सामुदायिक वन उपभोक्ता समूह, च्यांग्रे ५
Wish for success and fame. – Lokendra Karki (Act. President), Good Governance Club, District Co-ordination Commitee
देश विकास आफैंबाट सुरु गरौं । - चन्द्रप्रसाद र पार्वती गौतम, जरायोटार १, फेदीटोल
मानिसको परिचय नै अनुशासन हो । - सीता राई, काफ्ले ९, प्राविधिक रेडियो चोमोलुंगमा
हजारौं माइलको लामो यात्रा एक पाइलाबाट सुरु हुन्छ । - एक्सन राई, सहसचिव नेपाल पत्रकार महासंघ
जीवन संघर्ष हो, यसलाई सार्थकता प्रदान गर्नु । - नवीनकुमार परियार, तिम्मा ५
विशाल लक्ष्य लिएर अगाडि बढ्ने मान्छे नै इतिहासको पानामा सुनौला अक्षरले बाँचिरहन्छ । - विकास राई, देउराली २, जिमीगाउँ
यो भ्रमण सफल भई पत्रकारिता विकासमा टेवा पुगोस् । - पत्रकार निरोज कोईराला, भोजपुर ६, पोखरे
यो कदमबाट भोजपुर जिल्लाको मात्र नाम रहने छैन्, सिंगो देशको गरिमा रहनेछ । - ध्रुर्व सुवेदी, पत्रकार
विश्व भाईचारा बढाउन तपाईहरुले थाल्नुभएको प्रयास सफल होस् । - लोकनाथ पौडेल, स्थानीय विकास अधिकारी
पत्रकारिताको माध्यमद्वारा देशको इज्जत संसारभर फैलाउन सफलता मिलोस् । - दुर्गाप्रसाद दाहाल, आम्तेक पितौंला
अढाई करोड नेपाली जनतालाई चिनाउने प्रयास सफल होस् । - रेवतीरमण र चेतमाया भट्टराई, च्यांग्रे ५, देउराली
महान् कार्य गर्नु नै मानव भएर जन्म लिएको अर्थ रहन्छ । - बलराम राई, च्यांग्रे ४, तलेगाउँ
देश विदेशमा चाल्ने पाईलाहरुले सफलताको शिखर चुमुन् । - दिप्सना (गीता) भट्टराई, तिवारी भञ्ज्यांग ३, वरबोटे
देश विदेशको विश्लेषण गर्दै भ्रमण गर्नु । - रुप्सना (सरिता) भट्टराई, श्यामशिला ५, थलाखाम
कट्टरपन्थी धर्मावलम्वीहरु प्रति सचेत रहँदै यात्रा अनुभव ऐतिहासिक वनाउनु । - भरत खड्का, च्यांग्रे मास्तांग

नेपालकै पहिलो धार्मिक क्रान्तिकारी महिला योगमायाबारे २०६५ माघ ३ को महोत्तरी डायरीबाट:

हामी पहिलोपटक टाँगा (टाँगा टम्टम्) चढेर नेपाल र भारतको सिमानामा पर्ने मटिहानी भ्रमण गर्न गयौं। मटिहानी ६ मा स्थापित लक्ष्मीनारायण मन्दिरका सचिव, साधुसन्त एवं राष्टिय स्वयंसेवक दल भारतका ललित झासँग कुराकानी गर्‍यौं। उहाँले भोजपुर मजुवा बेंशीमा जन्मिएकी नेपालकै पहिलो धार्मिक क्रान्तिकारी महिला योगमायाबारे उत्सुकतापूर्वक धेरै जिज्ञासा राख्नुभयो। र, भोजपुर घुम्ने मनसाय व्यक्त गर्नुभयो। विडम्बना, योगमायाका बारेमा केही कुरा थाहा पाएपनि मझुवाबेंशी ठ्याक्कै कहाँ पर्छ र कताबाट जान सकिन्छ ? भन्ने बारे हामीले उहाँलाई केही बताउन सकेनौं। आफ्नो जिल्ला र आफ्नै राष्ट्रको सम्पत्तिलाई चिन्न नसक्ने हामी पनि कति कमजोर मान्छे रहेछौं, आफैंलाई पश्चाताप लाग्यो।

योगमायाका बारेमा पछि खोजी गर्दा सर्वार्थ योग वाणीमा यस्तो लेखिएको रहेछ, समाजलाई बदल्न आफ्नो जीवन बलिदान गर्न सक्ने अति कम व्यक्तिहरुको अग्रपंक्तिमा गणना गर्न सकिने योगमाया न्यौपाने निरक्षर थिइन्। आजभन्दा १४० वर्ष पहिले नेपालको विकट पहाडी जिल्ला भोजपुरको नेपालेडाँडा मजुवा सानो सिम्लेमा जन्मिएकी तिनै योगमाया न्यौपानेले तत्कालीन समाज र शासकमा ठूलै हलचल ल्याइदिएकी थिइन्। नेपाली समाजका सदियौं पुराना अनेकौं कुरिती, अन्धविश्वास, भेद्भाव, घुसखोरी, भ्रष्टाचार, छुवाछुतका विरुद्ध तथा धर्म, न्याय र महिला हक हितआदिका पक्षमा समेत योगमायाले तत्कालीन समाजमा ठूलो विद्रोह गरेकी थिइन्। उनको विद्रोहले राणा प्रधानमन्त्रीदेखि लिएर तिनको नियन्त्रणमा रहेका क्षेत्रीय तथा बडाहाकिमहरुलाई समेत ठूलै चुनौतीको सामना गर्नुपरेको थियो।

नेपालमा राजनीतिक कारणले बाहेक संगठितरुपमा त्यति ठूलो समूहले सामाजिक सुधारका लागि उनको अगुवाईमा गरेको यो विद्रोहलाई नै प्रथम सामाजिक आन्दोलन मान्न सकिन्छ। उनले सयौं मानिसहरुलाई जीवन बलिदान गर्न सक्ने गरी प्रभावित गरेकी थिइन् भने ती मध्ये ६८ जनाले एकै दिन एकै छिनमा अरुण नदीको उर्लंदो भेलमा हाम्फालेका थिए। त्यति ठूलो संख्यामा विद्रोहीहरुले सरकारलाई चुनौती दिंदै आत्मदाह गरेको यो घट्ना नेपालको मात्र होइन, विश्वकै प्रमुख र ठूला घट्नाहरुमध्ये पर्दछ। तिनै योगमायाले सामाजिक बेथिति र शासकीय विसंगतिका विरुद्ध आफ्ना अनुयायीहरुसँग धारा प्रवाह कवितात्मक प्रवचन दिएकी थिइन्...।

लौ अब सोचौं एउटी साधारण र निरक्षर अनि विकट जिल्लामा जन्मिएकी महिलाले समाजका लागि यति ठूलो योगदान गर्न सकिन् भने हामी थेरथोर पढेलेखेका आधुनिक मान्छे किन केही गर्न नसक्ने भएका हौंला ? अनि योगमायाजस्ता क्रान्तिकारी महिला र समाज परिवर्तनका अगुवा अब नेपालमा अरु पनि जन्मिनु पर्दैन त ? अवश्य पर्छ, जसले तथाकथित् योगयताको छेकबार भत्काएर अघि बढोस् ...।

भोजपुर यात्राका क्रममा प्राप्त नगद सहयोग	
लेखनाथ भट्टराई (तिवारी भञ्ज्यांग ३, वरवोटे)	रु. १७,०००/-
पुष्पराज भट्टराई (च्यांग्रे ५, देउराली)	रु. ९,३००/-
जि.वि.स. एवं जि.वि.स. परिवार	रु. ४,४००/-
चन्द्रप्रसाद गौतम (जरायोटार १, फेदीटोल)	रु. ३००५/-
भट्टराई कुलपूजा समिति (वरवोटे)	रु. २०००/-
सगरमाथा उ.मा.वि. (घोरेटार)	रु. २०००/-
हेलौंछा गा.वि.स.	रु. २०००/-
सल्लेरी सामुदायिक वन (च्यांग्रे ५)	रु. १०००/-
रेवती सापकोटा (प्याउली)	रु. ५००/-
जिल्ला प्रशासन कार्यालय	रु. ५००/-
उद्योग वाणिज्य संघ	रु. ५००/-
भीषण श्रेष्ठ भोजपुर वजार	रु. ५००/-
अनुराधा राई (अन्नपूर्ण)	रु. २५५/-
कुल वहादुर भट्टराई (च्यांग्रे ५, देउराली)	रु. २०२/-
तीर्थप्रसाद दाहाल तिवारी (तिवारीभञ्ज्यांग ३)	रु. २००/-
पं. फणीन्द्रप्रसाद भट्टराई (तिवारीभञ्ज्यांग ३)	रु. २००/-
मञ्जु वोहोरा (च्यांग्रे ५, देउराली)	रु. १५०/-
कुमारी वोहोरा (च्यांग्रे ५, देउराली)	रु. १४०/-
इन्दिरा भट्टराई (च्यांग्रे ५, देउराली)	रु. १०२/-
जसुधा भट्टराई (तिवारीभञ्ज्यांग ३, वरवोटे)	रु. १००/-
मेनुका वोहोरा (च्यांग्रे ५, देउराली)	रु. ५५/-
गणेश वहादुर वोहोरा (च्यांग्रे ५, गोसाईथाना)	रु. ५०/-
ललित वम पाण्डे (च्यांग्रे ६, औलिया)	रु. ५०/-
चन्द्रकला भट्टराई (तिवारीभञ्ज्यांग ३, वरवोटे)	रु. ५०/-

दोस्रो जिल्ला खोटाङ डायरी

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफलः १,५६४ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ७६ वटा, निर्वाचन क्षेत्रः २ वटा, सदरमुकामः दिक्तेल, अञ्चलः सगरमाथा, विकास क्षेत्रः पूर्वाञ्चल*
>
> *भौगालिक अवस्थितिः पूर्व भोजपुर, पश्चिम ओखलढुंगा, उत्तर सोलुखुम्बु र दक्षिण उदयपुर*
>
> *पर्यटकीय स्थलः हलेसी महादेव, ट्याम्के, बार्‌हपोखरी, छितापोखरी, चिसापानी, इन्द्रयाणी पोखरी, जालपा, खोटांग बजार, लिंकुवापोखरी, लामिडाँडा, भुलभुले (नेर्पा), दिक्तेल बजार आदि ।*

२०६५ मंसीर ३ः ट्याम्केको शिखरबाट सिधै खोटांगतर्फको पाटो झर्दा हामी खिदिमा गा.वि.स. को भू-भाग आएछौं । त्यही गा.वि.स. बाट खोटांगको औपचारिक यात्रा प्रारम्भ भयो । यस गा.वि.स. भित्र पर्ने हात्तीसुंडे पातालपानी हुँदै हामी पञ्चकन्या प्रा.वि. सुर्के रतन्छा परिसर झरेछौं । सुर्केबाट अझै तल ओरालो झरेपछि प्रहरी कार्यालय परिसर आइपुग्यो ।

साँझ पर्ने लागेको थियो । हामी प्रहरी कार्यालय परिसरबाट यसो २/४ पाइला के झरेका थियौं, दुई जना व्यक्ति कुराकानी गर्दै आइरहेको भेट्यौं । उनीहरुको जिज्ञासामा हामीले आफ्नो अभियान र योजनाबारे जानकारी गरायौं । उनीहरुले हामीलाई आजको रात कहाँ पुग्ने योजना छ ? भनेर सोधे । हामीले पूर्व निर्धारित कुनै योजना नभएको बताएपछि दुई मध्ये एकले त्यसो भए आज हामीकहाँ जाऔं भने । परिचय गरेपछि थाहा भयो, उहाँ त साकेला उच्च माध्यमिक विद्यालयका प्राचार्य कृष्ण बहादुर बुढाथोकी पो हुनुहँदोरहेछ ।

हामीलाई पनि कता बस्ने के गर्ने भन्ने भइरहेको बेला उहाँको कुरा सुनेपछि ढुंगा खोज्दा देउता मिल्यो भने झैं भयो। भोजपुरको यात्रामा प्रायः पूर्व परिचित आफन्तजनका घरहरु पत्ता लगाउँदै बस्दा सजिलो भएको थियो । तर आजबाट अलिक कसो गर्ने कता बस्ने भन्नेमा हाम्रो मन मडारिई रहेको थियो । वास्तविक यात्रा आजबाट सुरु भएको महुसस भएको छ । तर, संसार हाम्रो घर अनि सम्पूर्ण मानव हाम्रा आफन्तजन भनेपछि के को डर ? किनकी हामी आफूले चाहेर जन्मिएका पनि होइनौं, आफूले चाहेर मर्ने पनि होइनौं ।

हामी प्राचार्य कृष्ण बुढाथोकीको साथ लाग्यौं । उहाँको घर चिउरीडाँडा भएकाले यहाँ शिक्षक सिवेन्द्र राईको घरमा उहाँ बस्नु हुँदोरहेछ । शिक्षक राईको परिवारसँगै सामूहिक खानपिन पनि । आज बेलुकी हामी पनि उहाँहरुको समूहमा खाना खान मिसियौं । उहाँहरुसँग विचार मन्थन दन्है भयो । उहाँहरुले नीजि विद्यालय सञ्चालन गर्ने व्यक्ति सरकारी विद्यालय व्यवस्थापन समिति अध्यक्ष बन्नु/बनाइनु, अभिभावक शिक्षित नभएका ठाउँमा समुदायलाई विद्यालय हस्तान्तरण गरिनु अनि शिक्षा मन्त्रालयमा कुनै पनि दलहरुको उचित दृष्टिकोण नपर्नु र शिक्षाको वास्तविक मर्म बुझेको व्यक्ति शिक्षा मन्त्री बन्न नसक्नु नै वर्तमान शिक्षाका गम्भीर समस्याहरु हुन् भन्नुभयो । हामीलाई पनि उहाँहरुको भनाई ठीक हो भन्ने लाग्यो ।

रतन्छामै जन्मेर साकेलामा नै पढेका विद्यार्थीहरु मध्ये संयुक्त राष्ट्र संघका कृषि विज्ञ समेत भएका रहेछन्, मदन राई। विश्वभ्रमण अभियानका बारेमा प्राचार्य बुढाथोकीले भन्नुभयो, भोजपुरले एउटा राम्रो उदाहरण पेश गरेको छ, भोजपुरे माटोले तपाईंहरुमाथि गर्व गर्नेछ । साहसिक यात्राको शुभकामना ।

२०६५ मंसीर ४ः बिहान हामी साकेला उ.मा.वि. को प्रांगणमा प्राचार्य बुढाथोकीसँग बिदा भएर हिड्यौं । साप्सु खोला झरेर चिउरीडाँडा गा.वि.स.को उकालो लाग्यौं । वुवालुंग आइपुगेपछि हामी प्रहरी चौकी पस्यौं । केहीबेर प्रहरी जवानहरुसँग कुराकानी गरेर अन्नपूर्ण मा.वि. तर्फ निस्कियौं ।

त्यस विद्यालयमा महिला प्र.अ. रेखादेवी बस्नेत (राउत) हुनहुँदो रहेछ । यो यात्रामा पहिलोपटक महिला व्यक्तित्व शीर्ष शैक्षिक नेतृत्वमा देख्न पाउँदा हामीलाई साम्है खुशी लाग्यो । वि.सं. २०२४ मा स्थापित र २०५२ बाट नि.मा.वि. भएको यो विद्यालय २०६३ मा अस्थायी मा.वि.को रुपमा सञ्चालन भइरहेको रहेछ । शिक्षण पेशा सबै खाले प्रबुद्ध वर्ग जन्माउने पेशा हो, प्रत्येक आमाबुवाला झैं सम्मान गर्न लायक व्यक्तित्व हो शिक्षक । पञ्चायतकालमा बरु केही हदसम्म सेवा सुविधा पाउने शिक्षाकर्मीहरु अहिले सेवा सुविधा त परै जाओस् शिक्षक संगठनका जिम्मेवार पदाधिकारीहरुले समेत शिक्षा क्षेत्रका समस्या बुझ्न सक्दैनन् । त्यतिमात्र कहाँ हो ? विद्यालय निरीक्षक पनि निस्क्रिय छन् भन्नुहुन्छ यस विद्यालयका शिक्षक/शिक्षिकाहरु ।

एकजना शिक्षक दीपक चौहानले चाहिं ठट्यौलो पारामा भन्नुभयो, तपाईंहरु आज हाम्रो विद्यालयमा आउँदा हामीलाई केटाकेटीले खेलौना पाएर खुशी भएजस्तै भएको छ। यस विद्यालय परिवारले विश्वभ्रमण अभियानमार्फत् नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापन भइसक्दा समेत नेपाली जनतामा देखिएका विद्यमान समस्या र सम्भावनाहरु जनता र देशका सामु राख्न अनुरोध गर्‍यो।

हामी साकेला उ.मा.वि. का प्राचार्य बुढाथोकीले बनाइदिनुभएको रुटअनुसार यात्रा अगाडि बढाइरहेका थियौं। उहाँकै श्रीमती रीनादेवी बस्नेत बुढाथोकी पनि यही अन्नपूर्ण मा.वि.मा शिक्षिकाका रुपमा कार्यरत हुनुहुँदो रहेछ। उहाँसँग पनि हामी भेट गरेर उहाँहरुकै घरतर्फ लाग्यौं। घर पुग्दा दिउँसोको १ बजिसकेको थियो। तर, खाना खाइएको थिएन। अदृश्य शक्तिको खटन भनौं वा अरु केही... प्राचार्य बुढाथोकीकी आमाले त्यति विधि समय बितिसक्दा र मंसीरको धमाधमका बाबजुद पनि हामीलाई खाना पकाएर खुवाउनुभयो। हे आमा ! तपाईको त्यो असिम स्नेहलाई कुन शब्दले स्मरण गरौं... । जय होस् तपाईको।

खाना खाइसकेपछि हामी त्यहाँबाट नेर्पा गा.वि.स. तर्फ लाग्यौं। राम्रो पर्यटकीय सम्भावना भएको भुलभुले पुगेपछि त्यहाँ देवराज राईसँग परिचय भयो। उहाँ एकदमै सहयोगी व्यक्ति। प्रहरी सेवामा कार्यरत उहाँ छुट्टीमा घर आउनु भएको मौका परेछ। उहाँले हामीलाई भुलभुलबारे जानकारी गराउँदै सर्वधन राईको घरमा लगेर चिया नास्ता र बेलुकीको खानपान तथा बसोबासको प्रबन्ध मिलाउनुभयो।

साँझ खाना खाइसकेपछि स्वर्गिक मार्ग संघ आबद्ध साधकसाधिकाहरु हामीसँग छलफल गर्न आउनुभयो। उहाँहरुले पनि समाज रुपान्तरणका लागि केही राम्रा अभियान सञ्चालन गरिरहनु भएको रहेछ। जसले गर्दा यस भेगका राई जातिको परम्परागत संस्कारमा सकारात्मक परिवर्तन भएको पाइयो। राई जातिको पुरानो संस्कारअनुसार पित्रका लागि अनिवार्य रक्सी भाले चढाउनु पर्ने, अरु जातिले चुला चौका छुन नहुने जस्ता चलनमा अहिले परिवर्तन आइरहेको उहाँहरुले बताउनुभयो। जसले गर्दा यो जातिको खर्चमा समेत मितव्ययिता आउनुका साथै मादक पदार्थ सेवन गरेर हुने झैझगडा समेत कम भएको उहाँहरुको भनाई थियो। तर, यी परिवर्तनका संवाहक मित्रहरुमा पनि आफूद्वारा प्रस्तुत दृष्टिकोण जति सबै सही र अरुद्वारा प्रस्तुत दृष्टिकोणचाहिं धेरै गलत छ भन्ने मानसिकता हावी रहेछ। सायद यो मानसिकता पुरानो समाज र संस्कारले लादेको प्रतिफल हो भन्ने लाग्यो हामीलाई। यसलाई परिवर्तन गर्न अवश्य जरुरी छ।

२०६५ मंसीर ५: बिहान हामी उही स्वर्गिक मार्ग संघका साधकसाधिकाहरुको निमन्त्रणामा हामी बसेको घरबाट पारिपट्टि राई जातिकै घर गयौं। जहाँ उहाँहरुले भनेझैं मान्छे मरिसकेपछि यही नयाँ संस्कार लागू गरिएको रहेछ। यो कुरा कसरी पनि पुष्टि भयो भने, उहाँहरुले हामीलाई त्यही घरभित्र चुलामा लगेर सेल रोटी र चियाको नास्ता गराउनुभयो।

संघका सचिव रामकुमार राईले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान सफलताको शुभकामना पत्र हस्तान्तरण गर्नुभयो। त्यसपछि हामी संघ आबद्ध लक्ष्मी, जीवन राई र अन्य ३ जना युवासँग खोटांग सदरमुकाम दिक्तेलतर्फ लाग्यौं। बाटामा कालिका मा.वि. नेर्पाका प्र.अ. वेदीकुमार राईसँग परिचय भयो। शिक्षामा धनी र गरीब वर्गबीचको खाडल र कमजोर सरकारी नीति प्रमुख समस्या रहेको बताउँदै उहाँले लक्ष्य योजना विहीन व्यक्ति विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाइनु झन् ठूलो कमजोरी हो भन्नुभयो। यद्यपि हिजो आज कम शुल्कमा गरीबका छोराछोरीले पनि सरकारी स्कूलमा भएपनि पढ्न पाउनु गर्वको विषय भएको उहाँले बताउनुभयो। त्यहाँबाट मेया र भालु खोला अनि सोल्मा हुँदै हामी सदरमुकाम दिक्तेल बजार आइपुग्यौं।

पत्रकार रत्नप्रसाद आचार्य

अरु साथीहरु बीच-बीचमा कता जानुभयो हामीलाई थाहा भएन। तर, सँगै दिक्तेल आइपुगेकी लक्ष्मी राई भने भ्रमण सफलताको कामना गर्दै हामीसँग बिदा भएर आफ्नो घर लफ्यांग तर्फ लाग्नुभयो। हामी भने दिक्तेलमै रह्यौं।

बिहानको खाना खाएर हामीले सदरमुकाम दिक्तेल बजारको यात्रा सुरु गर्‍यौं। महासंघ शाखा अध्यक्ष डम्बरसिंह राईको फोन सम्पर्क हुन नसकेकाले हामी जिल्ला प्रहरी कार्यालयको ढोकामा पुग्यौं। त्यहाँ हामीले एकजना महिला प्रहरीसँग पत्रकार महासंघको कार्यालय सोध्यौं। उनले ऊ त्यो बाटामा हिंड्ने दाई पनि पत्रकारै हुन भनेर देखाइदिइन। हामीले भेटेर परिचय गर्दा महासंघ सचिव रत्नप्रसाद आचार्य हुनुहुँदो रहेछ उहाँ। केहीबेर सचिव आचार्यसँग कुराकानी गरिसकेपछि उहाँले शाखा अध्यक्ष डम्बरसिंह हम्रुंगसँग पनि परिचय गराउनुभयो। एकदमै हतारमा रहनुभएका अध्यक्ष हम्रुंगसँग हाम्रो थोरै समय मात्र कुराकानी भयो।

सदरमुकाम दिक्तेल बजार

बेलुका सचिव आचार्यले नै सदरमुकाम दिक्तेल बसुन्जेलका लागि एउटा होटलमा हामीलाई खानपिन र बसोबासको प्रबन्ध मिलाउनुभयो।

२०६५ मंसीर ६: आज हामीले प्रमुख जिल्ला अधिकारी रामप्रसाद घिमिरे, निमित्त स्थानीय विकास अधिकारी खगेन्द्र दाहाल, प्रहरी नायब उपरीक्षक दीपक थापा, पत्रकारहरु हरिबोल आचार्य, उमीद राई, सईन्द्र राई, विमला 'केयरलेस' राई र एफ.एम. कर्मी सरिता राई, प्रमिला राई लगायतलाई भेटेर प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे जानकारी गरायौं। जिल्ला प्रशासन कार्यालयबाट भ्रमण सफलताको कामना गर्दै शुभकामना पत्र दिइयो।

त्यसपछि हामी नेपाली काँग्रेस पार्टी कार्यालय गयौं। कार्यालयमा बैठक चलिरहेको रहेछ। कार्यालयको ढोकामा रहेका व्यक्तिको अनुमति लिएर हामी भित्र पस्यौं। हामी भित्र पस्नासाथ बैठक कक्षको अगाडि नै बसेका केही व्यक्तिहरुले तपाईहरु जासुस हो कि के हो ? बाहिर गइहाल्नुस् भन्दै आक्रोश व्यक्त गरे। हामीले ढोकामा सोधेर आएको भन्दा पनि उनीहरुले सुनेनन्। हामीले खिंचेको फोटो मेट्न लगाए। अनि बैठक सकिएपछि आउनुस् भने। प्रेस स्वतन्त्रता र प्रजातान्त्रिक व्यवस्थाप्रति प्रतिबद्धता जनाएर कहिल्यै नथाक्ने नेपाली काँग्रेस पार्टी कार्यालयमा भएको यो व्यवहार कुन प्रेस स्वतन्त्रता भित्र पर्छ होला ??? हामी छक्क पर्‍यौं।

त्यहाँबाट हामी नेकपा (एमाले) जिल्ला कमिटी कार्यालय आयौं। त्यहाँ जिल्ला सदस्य कुमार आचार्यसँग कुराकानी भयो। उहाँले भन्नुभयो, तपाईहरुले पत्रकारिता क्षेत्रमार्फत् महत्वपूर्ण कार्य सुरु गर्नुभएको रहेछ, नेपालबाट सुरु गर्नुभएको यो विश्वभ्रमण सबै देश र ठाउँमा पुगोस्, अनि सबै व्यक्ति संघ संस्था वा निकायले यो अभियान सफल बनाउन सहयोग गरुन्। त्यहाँबाट हामी एकीकृत नेकपा माओवादी कार्यालय गयौं। त्यहाँ रहेका केही कार्यकर्ताले मुख्य मान्छे हुनुहुन्न भनेपछि हामी हिंड्यौं।

खोटांग उद्योग वाणिज्य संघको कार्यालय पुग्दा त्यहाँ भेट भएका उद्योगी व्यवसायीले नेपालमा गणतन्त्र आएपनि शान्तिपूर्ण वातावरणको सुनिश्चितता नभएकोले आफूहरुले असुरक्षित महसुस गरेको बताए। तर, जिल्ला प्रहरी कार्यालय पुग्दा प्रहरी नायब उपरीक्षक दीपक थापालेचाहिं भोजपुरमा बरु केही भूमिगत संगठनका कारण अप्ठ्यारो स्थिति होला खोटांगमा शान्ति सुरक्षाको स्थिति एकदम राम्रो छ भनी दावी गर्नुभयो।

यिनै ठाउँ र व्यक्तिहरु भेट्दा भेट्दै साँझ परिसकेछ। हामी हिजो बसेकै लजमा आयौं। पैसा तिरेरै खाने होटल भएपनि होटलकी दिदी भरसक तरकारी दिन नपाए हुन्थ्यो जस्तो गर्नुहुँदो रहेछ। खै तरकारी महंगो भएर हो वा तरकारी नपाएर हो अथवा दिल नै साँघुरो, उहाँको व्यवहार त्यति राम्रो लागेन हामीलाई।

२०६७ मंसीर ७: बिहान हामी दिक्तेलबजारबाट १ घण्टा भन्दा बढी उकालो चढेर गढीडाँडा पुग्यौं। त्यहाँ किराँती राजाको भग्नावशेष दरबार रहेछ। जति उकालो चढ्दै गयो, त्यति दिक्तेल बजार लगायतका पहाडी बस्तीहरु सुन्दर देखिन्थे। अझ गढीबाट हिमश्रृंखलाका साथसाथै डाँडाकाँडा, खोंच पहरा अनि बस्तीहरु आर्कषक देखिए। कालिका भगवती मन्दिरमा भेट्टिनुभएका लफ्यांग ९, खोटांगका भक्त बहादुर कटुवालले हामीलाई त्यहाँ पुर्‍याउनु भएको हो। गढीबाट फर्किएर हामीले कालिका भगवती मन्दिर र महादेव गुफा पनि अवलोकन गर्‍यौं। टर्चको व्यवस्था गरी-गरी महादेव गुफाको भित्री भागसम्म पनि हामीलाई कटुवाल बाले

पुऱ्याउनुभयो। गुफाभित्र विभिन्न आकृति र देवी देवताका अनौठा मूर्ति थिए। दिक्तेल पुगेपछि कसैले पनि जान छुटाउन नहुने ठाउँ जस्तो लाग्यो हामीलाई।

लामिडाँडा विमानस्थल

कटुवाल बा सँगै रुपाकोट का साथै अन्य डाँडाकाँडाको दृश्यांकन गर्दै त्यहाँबाट हामी पुन: दिक्तेल बजारमा लागेको हाट झऱ्यौं। सेल रोटी र चिया खुवाएर कटुवाल बा हामीबाट बिदा हुनुभयो। हाटमा गाउँ बस्तीमा पाइने सामानहरुको बाहुल्यता देखियो।

हाटबाट हामी पुन: बसेको होटलमा आयौं। बिहानको खाना खायौं। खोटांगको पत्रकारिताबारे हामीले पत्रकार महासंघ रत्नप्रसाद आचार्यसँग कुराकानी गऱ्यौं। खोटांगमा अहिले १ एफ.एम. र केही साप्ताहिक पत्रिकाहरु सञ्चालनमा रहेको उहाँले जानकारी दिनुभयो। कुनै पनि स्थानमा लुके छिपेका यथार्थ घट्नाहरु प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको यो विश्वभ्रमण अभियानमार्फत् उजागर गर्न हामीलाई आग्रह गर्दै उहाँले अभियान सफलताको कामना गर्नुभयो।

दिक्तेलबजार छोडेर हामी रुपाकोट एफ.एम. को स्टेशनतर्फ उकालो लाग्यौं। स्टेशन आइपुग्न चर्कै उकालो हिंड्नु पर्ने रहेछ। अझ मध्यान्हका ताता घाम पनि कठोर कोशेली बने हाम्रा लागि।

रुपाकोट रेडियो कार्यालय पुगेपछि हामीले रेडियोका मित्रहरुसँग थप परिचय गऱ्यौं। सामुदायिक रेडियोको उद्देश्यअनुसार खुलेको यो एफ.एम. वास्तविक सामुदायिक एफ.एम. जस्तै लाग्यो। चाउचाउ बिस्कुट फास्टफूड जंकफूड जस्ता तयारी खाना तथा उत्पादनको विज्ञापन नगरी स्थानीय स्तरमा उत्पादित गुन्द्रुक सिन्की जस्ता सामानको विज्ञापन गरिरहेको एफ.एम. कर्मी भीमसेना राईले हामीलाई बताउनुभयो। भीमसेना जीले नै विश्वभ्रमण अभियानको विषयलाई लिएर एउटा अन्तर्वार्ता रेकर्ड गर्नुभयो। त्यसपछि हामी सईन्द्र, उमीद लगायत अन्य साथीहरुसँग बिदा भएर हिंड्यौं।

हामी मुडे हुँदै नुनथला आयौं। मूल बाटो छोडेर बासका लागि गाउँ पस्यौं। जालपा मा.वि. नुनथलाका शिक्षक मणिकुमार राईको घर नुनथला ९ धौलाङ्गमा पुगिएछ। यहीं बास भयो हाम्रो। शिक्षक राईले १० वर्षे युद्धकालीन अवस्थामा आफूले भोगेका तीता यथार्थहरु हामीलाई सुनाउनुभयो। मिडिया स्वतन्त्र, सकारात्मक, तथ्यपरक हुनुपर्छ भन्दै उहाँले विश्वभ्रमण सफलताको कामना गर्नुभयो।

२०६५ मंसीर ८: बिहान उठने बित्तिकै चिया पिएर हामी मणि सर र उहाँको परिवारसँग छुट्टिएर यात्रामा अगाडि बढ्यौं। हाम्रो यात्राको रुट थियो खार्पा लामिडाँडा अखौंले हुँदै हलेसी गा.वि.स. प्रस्थान गर्ने। सोही रुट बमोजिम हामी घुम्दै डूल्दै शारदा उ.मा.वि. खार्पा परिसर पुग्यौं। खार्पाली पोखरेल भनेर देशभर चर्चा चलेको छ। किनभने यिनीहरु राष्ट्रका विभिन्न क्षेत्रका ठूला ओहोदामा पुगेका छन्। संविधानसभाको सफल निर्वाचन गराउने तत्कालीन निर्वाचन आयुक्त भोजराज पोखरेल देखि नेता लिलामणि, गिरीराजमणिको जन्मथलो पनि यहीं रहेछ। तर, यी सबैले पुर्ख्यौली थलो छोडिसकेछन्। यो जानकारी हामीलाई शारदा उ.मा.वि.का प्राचार्य सीताराम पोखरेलले दिनुभयो।

जसरी भोजपुरको दिंला र खोटांगको खार्पामा जन्मे महान् प्रतिभाहरु, त्यसैगरी उनीहरुले मातृभूमिलाई खासै योगदान दिएको देखिएन। बरु सुविधाको खोजीमा तराई वा शहरतिर बसाई सराई गरिसकेका छन् उनीहरुले। अनि कसरी होस्, यस्ता प्रतिभाहरु जन्माउने मातृभूमिको विकास ? यो विषय बडो गम्भीर र जटिल देखिन्छ पहाडी गाउँबस्तीतिर।

प्राचार्य पोखरेलसँग कुराकानी गर्दागर्दै बिहानी समय बितिसकेछ। पोखरेल सरले हामीलाई खाना त्यहीं खुवाएर बिदा गर्नुभयो। र, भन्नुभयो तपाईंहरुले समाजको यथार्थ अनुभूति संगाल्दै सकारात्मक पक्षलाई प्रोत्साहन र विकृति विसंगतिको उजागर गरी सुन्दर समाज निर्माण अभियानमा अगाडि बढ्नुहोला, यही मेरो तपाईंहरुलाई शुभकामना।

पोखरेल सरको भावनालाई धन्यवाद दिएर हामी लामिडाँडा विमानस्थल तर्फ अगाडि बढ्यौं । केही घण्टामै हामी विमानस्थल पुग्यौं । मौका त्यही बेला गजबको मिलेछ हुईयाँ....गुईयाँ गर्दै हवाईजहाज मैदानमा अवतरण भयो । मान्छेहरु झुरुप्प एकैछिनमा कति भए कति ? आउने आए, जाने गए । क्या राम्रो दृश्य ! हवाईजहाज उडेको र मान्छे हिंडेको दृश्य हामीले क्यामेरामा कैद गर्‍यौं । एकछिन हामीले पनि सोच्यौं । यस्तो पालो हामीलाई पनि आउँदैछ । हवाईजहाज, पानीजहाज जस्ता उडानमा विदेश घुम्ने । त्यो पनि एक दुई महिना होइन झण्डै एक दशकसम्म । हुन त पाए उडानमा उड्ने हो नपाए सड्कमा गुड्ने हो त्यो पनि नपाए मैदानमा मज्जाले हिंड्ने हो हाम्रो योजना । चाहे त्यो महंगो वा सस्तो यात्रा जे सुकै किन नहोस् ।

विमानस्थलबाट बाहिरिएर हामीले त्यही गाउँमा लटरम्म फलेका सुन्तला किनेर खायौं । सडकमा भर्खर भर्खर जीप चल्न थालेको रहेछ । जीप गुडेर सदरमुकाम दिक्तेलतर्फ लाग्यो । हामी चाहिं जीपले उडाएको क्रिम पाउडर पहिरिंदै ११ नम्बरे गाडीमा हुईकियौं बिजुले भञ्ज्यांगको उकालोतर्फ । उकालोमा एकजना हुलाकी दाई खड्ग बहादुर पुनसँग परिचय भयो । चौतारीमा बसेर उहाँसँग केहीबेर गफ पनि भए । अर्खौले निवासी ती हुलाकी दाईले आफ्नो गाउँमा खानेपानीको समस्या रहेको दुःखेसो पोख्नुभयो । उहाँले थप्नुभयो, "हामीले खानेपानी ल्याउन काम गरे पनि पानीको धारा पाएनौं । अन्यत्र मात्र लगिए । अलिकति जान्ने बुझ्ने मान्छेले पनि हामीलाई सघाएनन् ।" यदि उहाँले भनेको कुरा साँच्चो हो भने खै के गरेका होलान् त यी जान्ने बुझ्नेले पनि ?

बिजुले भञ्ज्यांगमा हामीलाई चिया ख्वाएर हुलाकी दाई छुट्टिनुभयो । त्यसपछि हामीले सोझ्यायौं हाम्रा पाईला खोटांग हलेसी महादेव गुफातर्फ । बाटो अर्खौले ऐसेलुखर्क हुँदै अगाडि बढ्यो । निकै रफ्तारमा हामी हिंड्यौं । मंसीरको महिना गुफा पुग्दा त झमक्कै साँझको ५:४० पो बजिसकेछ । गुफा आसपासको एउटा लजमा हामी बास बस्यौं । बास बस्ने क्रममा काठमाडौंबाट हलेसी महादेव दर्शन गर्न आएका केही भक्तजनसँग हाम्रो चिनापर्ची भयो । हीरा भट्टराई, हीरा थापा लगायतका भक्तजनले हाम्रो विश्वभ्रमण सफल हुन्छ भन्दै हौसला प्रदान गर्नुभयो भने होटल सञ्चालक हेमन्त गिरीले नेपाल भ्रमण ता सफल होला कि नहोला ? विश्वभ्रमण भन्ने कुरा त म पत्याउँदै पत्याउँदिन भन्नुभयो ।

२०६५ मंसीर ९: विहान उठने बित्तिकै हामी हलेसी महादेव गुफा परिसर पुग्यौं । यो खोटाङ्ग हलेसी त्यस्तो एउटा चर्चित धार्मिक स्थल हो, जसलाई पूर्वकै पशुपतिनाथ र दोश्रो लुम्बिनी भनेर पनि चिनिन्छ । यसका भक्त स्वदेशका मात्र छैनन् सार्क लगायत विदेशका पनि छन् । हिन्दू बौद्ध दुवै धर्मावलम्बीको दर्शनीय स्थल हो यो गुफा । हो, हामी गुम्बा हेर्दै यही गुफा अवलोकनका लागि प्रवेश गर्‍यौं । अग्लो ढिस्को भ्वांग परेर गुफा बनेको रहेछ । धर्म शास्त्रअनुसार भस्मासुरको तपस्याबाट महादेव प्रसन्न भएर उनले वरदान माग्न भनेछन् भस्मासुरले मेरो हात जसको टाउकामा राख्छु उ भस्म हुने वरदान दिनुस् भनेर वर मागेछन् । महादेवले सोच विचारै नगरी तथास्तु भनिदिएछन् । भस्मासुरलाई पनि परीक्षण गर्न मन लागि हालेछ । ऊ महादेवको शीरमा हात राख्न तम्सिएछ । आफूले वरदान दिएको भस्मासुर आफैंमाथि खनिए पछि महादेव भागेछन् । भस्मासुरले यसरी महादेवलाई लखेटेको देखेर ब्रम्हाजीले भनेछन्, ए भस्मासुर त्यस्ता महादेवले वरदान दिएको कुरामा तिमी विश्वास गर्ने ? बरु एकपटक आफ्नै टाउकामा हात राखेर हेर त । ब्रम्हाजीको कुरामा विश्वास गर्दै भस्मासुरले पनि हतार हतार आफ्नो शीरमा हात राखे तर भएछन् आफैं भस्म । कत्रो वित्यास । त्यही कारण प्वाल परेर गुफा बनेको हो भनिएको छ ।

त्यहाँ दुई वटा गुफा छन् । हामी माथिल्लो गुफाका खुद्किला झरेर भित्र पस्यौं । यहाँ पर्सी बालाचतुर्दशी मेलाका लागि भक्तजनहरुको घुइँचो लाग्न थालिसकेको छ । गुफा भित्र थरिथरिका मूर्तिहरु छन् । पाप द्वार, धर्म द्वार, जन्म अनि कर्म द्वार नामका भित्तामा प्वालहरु छन् । एकजना बूढी आमै धर्म कमाउन भनेर सकी नसकी प्वालबाट छिर्दै हुनुहुन्थ्यो । हामी माथिल्लो गुफाबाट बाहिर निस्केर तल्लो गुफा आयौं । तल्लो गुफाबाट खुड्किला चढ्दै केही माथि निस्किए पछि वडेमाको भ्वांग आयो । त्यहाँबाट माथि आकाश देखिन्छ । अप्ठ्यारो भीर भएकाले बाहिर निस्कन भने सकिंदैन । हामी पुनः प्रवेशद्वार फर्क्यौं । द्वारको


हलेसीबाट जयरामघाट झर्दा बाटामा भेटिएको पहिरो

भित्तामा कडा माटोले बनेको शंख फुक्ने ठाउँ रहेछ । अरुले शंख बजाएको देखेपछि हामी पनि बजाउन तम्सियौं । तर, हाम्रो सासले भने भ्याएन । हा...हा...हा...। साँच्चै, चित्र विचित्रका दृश्य देख्न पाइने रहेछ हलेसी महादेव गुफामा ।

होटलमा हामीले नास्ता गरेर हलेसी महादेव छोड्यौं । यात्रा जयरामघाट हुँदै उदयपुरतर्फ अगाडि बढाउने योजना बन्यो । हामी जति ओरालो झर्न्थ्यौं, उदयपुर, सप्तरी, सिराहा, धनुषालगायत नेपालका विभिन्न जिल्लाबाट भक्तजनहरु बालाचर्तुदशी मेला भर्न हाई-हाई र हूई-हुई, खाई-खाई र खुई-खुई गर्दै हुलका हुल उकालो लागिरहेका भेटिन्थे । तीर्थ यात्रीहरुको त्यति लामो लर्को देखेर हामी अचम्म, छक्क अनि दंग पऱ्यौं । बूढाबुढी, केटाकेटी, युवायुवती, बच्चा बोकेका श्रीमान् श्रीमतीहरुलाई ठाउँ ठाउँमा साँघुरो बाटोमा गाडीले साइड दिए झैं हामीले साईड दिनु परेको थियो ।

अर्कातिर खकन तक्मा भिरेर तात्ताता घाममा अजस्र पसिनाका धारा झार्दै सक्ने भन्दा पनि बढी भारी बोकेका स्कूल पढ्ने उमेरका बालबालिका भेटिए । आफ्ना अभिभावकहरु सँगै रहेका उनीहरु हामीले फोटो खिंच्न खोज्दा अनुहार देखाउन साह्रै अप्ठयारो मानेर सरासर हिंडे । कति दुःख गर्नुपर्ने होला कापी किताब बोकेर स्कूल जानुपर्ने यी बालबालिका अनि श्रमजीवी नेपालीले ? कहिले आउला यिनीहरुले अनुभव गर्ने सुखका दिन ? सम्झँदा मात्रै पनि बडो दुःख लागेर आउँछ ।

धरानतिर झर्दै गरेका सुनीता राई र उहाँकी आमासँग हाम्रो कुराकानी चल्यो । कुनैबेला हामी उहाँहरुभन्दा केही अघि त कुनै बेला उहाँहरुभन्दा हामी केही पछि भइरह्यौं । भेटको एक मौकामा सुनीताको यस्तो जिज्ञासा रह्यो, जुनसुकै आन्दोलनमा पनि पत्रकारहरुलाई किन कुटेका होलान् दाई ? साँच्चै बहिनी सुनीताको जिज्ञासा ती आन्दोलनकारीहरुले कसरी समाधान गर्थे होलान् ? केहीबेर हामी कल्पनामा डूब्यौं । र, भन्यौं, यही त हो बिडम्बना यो देशको । तर यस्तो अवस्था कहिलै आउनु हुँदैन भनेरै सबैलाई सन्देश प्रवाह गर्न हामी विश्वभ्रमण अभियानमा हिंडेका हौं बहिनी ।

बाटामा बडेमाको पहिरो गएको ठाउँ भेटियो । बाफ रे पहिरो पनि कत्रो गएको । सायद यही त होला नि वन विनास र भूक्षयको परिणाम । खै बेसिक, मिड र नियोकर्टेक्स ब्रेन लिएर जन्मिएका अनि आफूलाई सर्वश्रेष्ठ प्राणी भनेर दाबी गर्ने हामी दानवीय व्यवहारका मानवीय प्राणीलाई कहिले आउला विवेक वृक्षारोपण र वन संरक्षण गर्नुपर्छ भनेर ? स्कूल जाने उमेरका भाई बहिनीसँग किनेका मीठा मीठा सुन्तला ताता ताता घाममा रसास्वादन गर्दै दुर्छिम, च्यास्मिटार, बाहुन डाँडा हुँदै हामी दूधकोशी जयरामघाट झऱ्यौं ।

अहो दूधकोशी ! नामै सुन्दा पनि कति आनन्द । कति रमाईलो अनि कति शीतल, सफा र कञ्चन यो पानी दूधकोशीको । हो, नेपाली धर्ती त प्रकृतिको वरदानै लागिसक्यो हामीलाई यी दुई जिल्ला घुम्दा नै । तर, किन हामी नेपालीले प्रकृतिको यो अनुपम उपहारलाई सदुपयोग गर्न नसकेर आफैंलाई अभिशाप ठानिरहेका छौं ? बडो दुःखको कुरा छ यो । यी भावनाका ज्वारहरुलाई संगेट्दै हामीले यही ठाउँबाट दोश्रो जिल्ला खोटांगको औपचारिक यात्रा समापन गऱ्यौं । जयरामघाटको पुल तरेर ओखलढुंगा थाक्लेको भूभागमा पर्ने जयरामघाटकै एक सानो होटलमा बास बस्ने निधो गऱ्यौं । दिउँसोको ४ बजेको थियो । समय मिलाएर हामीले दूधकोशीको अमृतमय जलमा मज्जाले नुहायौं । लुगा कपडा धोयौं । यात्राका खुब राम्रा रमाईला सुख दुःखका कुरा साट्यौं, हामीले सलल बगेको दूधकोशी नदीसँग । यसो त्यसो गर्दागर्दै बेलुकीको खाना खाने बेला भई गयो । खाना खाएर हामीले रात्री विश्राम गऱ्यौं ।

खोटांग यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. १,०००/-
अन्नपूर्ण मा.वि. (वुवालुंग)	रु. ५५०/-
उद्योग वाणिज्य संघ	रु. ५००/-
जिल्ला प्रहरी कार्यालय	रु. ५००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

उद्देश्यको हार्दिक प्रशंसा भ्रमण सफलताको कामना । - रामप्रसाद घिमिरे (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

नेपालको गणतान्त्रिक शासन पद्धति जनविश्वास योग्य बन्न सकोस् । - रेखादेवी बस्नेत (प्र.अ.), श्री अन्नपूर्ण मा.वि. चिउरी डाँडा ८, वुवालुङ

सकारात्मक पत्रकारिताको विकास गर्नु । - रत्नप्रसाद आचार्य (सचिव), नेपाल पत्रकार महासंघ

देश विदेशभा सबैको सहयोग मिलोस् । - कुमार आचार्य, नेकपा एमाले

पर्यटकीय क्षेत्र र सामाजिक गतिविधि मार्फत् नेपाल विश्वमा चिनाउनु । - रामकुमार राई (सचिव) स्वर्गिक मार्ग संघ

खोज अनुसन्धान गर्ने उद्देश्यमा सफलता मिलोस् । - लक्ष्मी राई लफ्यांग ३, दिक्तेल

सकारात्मक पक्षलाई प्रोत्साहन र विकृति-विसंगतिको उजागर गर्नु । - सीताराम पोखरेल (प्राचार्य), श्री शारदा उ.मा.वि., खार्पा

तेस्रो जिल्ला उदयपुर डायरी

२०६५ मंसीर १०: हामी बिहान ७ बजे उठ्यौं । किनकी अघिल्लो दिनको हिंडाईले निकै थकाई लागेको थियो । हामी हिजो खोटांग हलेसीबाट उदयपुर जिल्ला प्रस्थान गर्ने योजना बनाएर हिंडेका थियौं । ओखलढुंगाको भूभागमा पर्ने जयरामघाटबाट थाक्ले हुँदै हामी हर्कपुर आयौं । बिहानको खाना हर्कपुरमा खायौं । हिजो दूधकोशीमा धोएर नसुकेका लुगा केहीबेर सुकायौं । लुगाकपडा सुकेपछि फेरि हामीले यात्रा सुरु गऱ्यौं । दूधकोशी नदीजस्तै अर्को नदी सुनकोशी पो आएछ । कहिलेकाहीं सामान्य ज्ञानमा पढेको र रेडियोमा सुनेका यी दुई नदी प्रत्यक्ष देख्न पाउँदा कसको मन रोमाञ्चित नहोला र ? हाम्रो मन पनि रोमाञ्चित त भयो नै, केही बढी फराकिलो भयो ज्ञानको क्षितिज पनि । साँच्चै पढ्नु र सुन्नु भन्दा पनि देख्नुको मज्जा बेग्लै हुँदो रहेछ । अनि प्रत्येक पल अविस्मरणीय पनि बन्दा रहेछन् यात्रामा त ।

संक्षिप्त परिचय

क्षेत्रफलः २,०६३ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४४, नगरपालिका १, निर्वाचन क्षेत्रः ३, सदरमुकामः गाईघाट, अञ्चलः सगरमाथा, विकास क्षेत्रः पूर्वाञ्चल

सिमानाः पूर्व धनकुटा र सुनसरी, पश्चिम धनुषा र सिन्धुली, उत्तर भोजपुर, खोटांग र ओखलढुंगा, दक्षिण सप्तरी र सिराहा

धार्मिक तथा ऐतिहासिक स्थलहरुः रौता भगवती, पञ्चावती, इन्द्रेश्वर महादेव ढिम्की, खाट मन्दिर, चुरिया राधाकृष्ण ककनीमैना रानी र साकेला मन्दिर, चौदण्डी गढी, उदयपुर गढी, बेलकातरी दरवार, रंगमहल, टंकेला गुफा आदि ।

जातजातिः क्षेत्री, राई, मगर, थारु, बाहुन, तामांग, कामी, नेवार, दनुवार, दमाई, सार्की, माझी, मुसहर, सुनुवार, ठकुरी, सन्यासी अन्य । (श्रोतः जि.वि.स.)

सुनकोशी नदी पार गरेर उदयपुरको घुर्मी बजार आयौं । बाँसको पुलमा रु. १० खर्च गर्नुपर्ने बाध्यकारी नियम लादेछन् त्यहाँका केही ठेकेदारहरुले । सुनी, हेरी, बुझी ल्याउँदा यस्तो खाले कामबाट कमै व्यक्तिमात्र खुशी रहेको पाइयो । हामीसँग भिडियो र डिजिटल क्यामेरा थिए । अनि हामी प्रत्येक महत्वपूर्ण दृश्यको रेकर्ड क्यामेरामा गरिरहेका थियौं । सायद, यही कारण हुनुपर्छ हरेक व्यक्तिबाट रु. १०/- उठाउने उनीहरुले हामीसँग पैसा माग्न त परै जाओस् मुखमा पनि हेरेनन् । थप कुरा पनि केही गर्न चाहेनन् ।

त्यसपछि हामी आइपुग्यौं, सिन्धुली, ओखलढुंगा र उदयपुरको प्रमुख व्यापारिक केन्द्र घुर्मी बजार । अनि सुरु भयो तेस्रो जिल्ला उदयपुरको औपचारिक यात्रा । घुर्मी बजारबाट हिंड्दै हामी लेखानी गा.वि.स. तर्फको ठाडो उकालो चढ्यौं । केही माथि आइपुगेर हामीले फरक्क फर्केर यसो के हेरेका थियौं, घुर्मी बजार र सुनकोशी नदीको मनमोहक दृश्य पो देखियो त ! रमाईलो अनि हेरिरहुँ-हेरिरहुँ जस्तो लाग्यो हामीलाई त्यो दृश्य । उकालो हिंड्दा खलखली पसिना पनि आए । तर, लक्ष्य प्राप्तिका निम्ति पसिना बगाउँदा नै जीवनको मोती फल्छ भन्ने बुझेपछि के को चिन्ता, के को पीडा अनि के को दुःख ? यी त सब जीवनका महान् अवसर न हुन् । यस्तै-त्यस्तै बोल्दै-सोच्दै हामी लेखानी ६, चनौटे गाउँ निस्कियौं ।



घुर्मी बजार

झण्डै साँझ परेको थियो । हामी सरासर एक घरमा बासका लागि पस्यौं । घरको आँगन टेक्दा-नटेक्दै एकजना व्यक्तिले हामीलाई सिकुवामा राखिएको खाटमाथि ओछ्याइएको गुन्द्री तर्फ संकेत गर्दै बसौं भन्नुभयो । उहाँहरु सपरिवार सुन्तला ताछेर खाँदै हुनहुँदो रहेछ । हामीलाई पनि उहाँहरुले परिचय नै नगरी बाँडिहाल्नुभयो । तब पो भयो परिचय । यो घरका मूली त बालविकास प्रा.वि. लेखानीका शिक्षक विष्णुमुनि मगर पो हुनुहुँदोरहेछ । उहाँको शिष्टतापूर्ण व्यवहारले हामीलाई लोभ्याइ सकेको थियो । अनि त झन् मज्जा भयो गफ गर्न

दूधौली, सिन्धुली घर भएका चन्द्रावती मा.वि. लेखानीका शिक्षक अमर पौडेल पनि यही घरमा बस्नु हुँदोरहेछ। शिक्षक द्वय र यो घरको परिवारलाई हाम्रो योजना उद्देश्य र अभियानका बारेमा हामीले जानकारी दियौं। उहाँहरुले पनि शिक्षा क्षेत्र, लेखानी र उदयपुरका बारेमा जानकारी गराउनुभयो । बेलुकीको खाना खाएर पनि हामी केहीबेर कुराकानीमा नै जम्यौं ।

वर्षायामको पानी संकलन गर्न बनाईएका सिमेण्टका घैंटा

२०६५ मंसीर ११: आज बिहान उठ्ने बित्तिकै हामीले वर्षायामको पानी संकलन गर्ने ठूलठूला घैंटाको तस्वीर खिंच्यौं। पानीको यहाँ पनि असाध्यै समस्या रहेछ । हिउँदमा पानीको अभाव टार्न वर्षायाममा सिधै आकाशबाट परेको पानी यस्ता घैंटामा संकलन गरेर राखिंदो रहेछ । यात्रामा पहिलोपटक हामीले यी घैंटाहरु देखेका हौं। पानी संकलन गर्ने यो शैलीलाई पानीको अभाव हुने अन्य ठाउँमा पनि अपनाउन सके अस्थायी रुपमा नै भएपनि खानेपानीको समस्या समाधान हुने रहेछ भन्ने लाग्यो हामीलाई ।

विष्णुमुरी सरको घरमा बसेको बास निकै अविस्मरणीय बन्यो हाम्रा लागि। हामी उहाँहरुसँग बिदा भएर हिंड्यौं। लेखानी गा.वि.स. केन्द्र, बाँसबारी, पटना भञ्ज्यांग, हर्देनी, सुरुंगा वेतिनी, शिरिषे हुँदै कटारी तर्फको बाटो तय गर्‍यौं। बेतिनी आइपुगेपछि हामीले महाभारत होटलमा बिहानको खाना खायौं। त्यहाँबाट अलिक अगाडि बढेपछि शिरिषेमा एकदमै हतारिएर दौडिरहेका एक युवासँग हाम्रो भेट भयो । उनी गाडीमा कटारीबाट काठमाडौं जान खोजेका रहेछन्। पढ्ने विद्यार्थी यी युवा यस्तरी आत्तिनुको कारणचाहिं गाडी बन्दले काठमाडौं जान नपाइने हो कि भन्ने चिन्ता रहेछ। उनलाई हामीले हुने कुरा नभई छोड्दैन तपाई आत्तिएर के हुने हो र ? भन्दै जाने बुझ्केको सल्लाह दियौं। सरसल्लाहबाट प्रभावित भई उनले आफ्नो अत्याईको गति कम गरे। उनी मुस्कुराए पनि। र, मनका कुण्ठित भावनाहरु कटारी आउञ्जेलसम्म बाँडचुँड गरे ।

ठीक्क बास बस्ने बेलामा हामी तीनै जना उदयपुरको अर्को महत्वपूर्ण व्यापारिक तथा यातायात केन्द्र कटारी बजार आइपुग्यौं। यहाँ आइपुगेपछि ति भाई र हामी छुट्टियौं। हामी बजारकै एक सामान्य होटलमा बास बस्यौं ।

२०६७ मंसीर १२: बिहानै उठेर हामी कटारी बजार भ्रमणमा निस्कियौं। कटारीका ट्रक व्यवसायी नवराज कार्कीसँग हाम्रो परिचय हुन पुग्यो। वडा नं ३, ४ र ५ मा पर्ने कटारी बजारबारे उहाँले हामीलाई जानकारी दिनुहुँदै भ्रमण सफलताको कामना गर्नुभयो। यो भ्रमणलाई सफल बनाउन यातायात संगठनको सहयोग लिन पनि उहाँले हामीलाई सल्लाह दिनुभयो। उहाँको सल्लाह आत्मसात् गर्दै कटारी बजारबाट खोला पार गरेर हामी शिव मन्दिरतर्फ लाग्यौं । मन्दिर परिसरबाट कटारी बजारको दृश्यलाई नियाल्यौं। खोलाको किनारमा लाम्चो आकारमा द्वयाप्प बसेको कति राम्रो बजार कटारी। चारैतिरका डाँडाकाँडा र वन बुट्यानको सौन्दर्यले पनि सिंगारेको रहेछ कटारीलाई ।

मन्दिरबाट फर्किएर हामी कटारीकै बीच बजारमा आइपुग्यौं। हिमाली यातायात बस व्यवसायी संघ, कटारीका अध्यक्ष हरि गोपाल श्रेष्ठसँग हामीले केहीबेर कुराकानी गर्‍यौं। अध्यक्ष श्रेष्ठले हामीलाई कटारीबाट सदरमुकाम गाईघाट बजारसम्मको निःशुल्क बस यात्राको टिकट मिलाइ दिनुभयो ।

बिहानको खाना खाएपछि हाम्रो भेट स्थानीय व्यापारी श्याम जैसवालसँग भयो। उहाँले अहिलेका युवा साह्रै निराश र उदाश भएकाले उनीहरुलाई यो विश्वभ्रमण अभियानले उत्प्रेरित गर्नु र गराउनु पर्ने बताउनुभयो । त्यसपछि हामी आयौं, ॐ हलेसी यातायात व्यवसायी संघको कार्यालयमा। उक्त कार्यालयले पनि हामीलाई यात्रा सफलताको शुभकामना पत्र प्रदान गर्‍यो। संघका सचिव गोपीप्रसाद पराजुलीले शुभकामना पत्र दिने क्रममा जुझारु पत्रकार कृष्णसेन ईच्छुकको जस्तो निर्मम हत्याको नियति अब कुनै नेपाली पत्रकारले भोग्नु नपरोस् भन्नुभयो । हामी कटारी बजारको भ्रमणलाई बिट मार्दै दिउँसो ठीक ३ बजे सदरमुकाम गाईघाटका लागि बस चढ्यौं ।

बस सिराहाको लहान हुँदै साँझमा गाईघाट आइपुग्यो । गाईघाट आइपुगेपछि हामी माझखर्क साप्ताहिकको कार्याल गयौं । त्यहाँ दिनेश चामलिंग सँग भेट भयो । अरु पत्रकारसँग भोली महासंघमा भेट्ने सल्लाह गरेर हामी साधकत्रय क्रिम् (तिर्थ के.सी.), उद्धव अधिकारी र अमित महर्जन बसेको ठाउँमा आयौं । उहाँहरुले मनोक्रान्तिका कार्यक्रमहरु सञ्चालन गरिरहनु भएक रहेछ । हाम्रो यही खानपिन र बसोबास मात्र भएन मीठा मीठा ज्ञानबर्द्धक गफगाफको समेत व्यवस्था भयो । मृदुभाषी, जुझार हँसिला यी मित्रहरुको जादुमय हाँसोमा त हाम्रो यात्राले पनि धित मर्ने गरी थकाई मार्‍यो । साँच्चै हो जीवनका हर दुःख सुख चपाए स्वात्तै निल्ने अभ्यास गरिरहेका अनि केही गर्नुपर्छ यो संसार बदल्न भन्ने चित्र, विचित्रको जोश, जाँगर र सकारात्मक सोच देखि उहाँहरुमा । कास, हामी सबै नेपालीमा पनि यस्तै हौसलापूर्ण जिन्दगी सधैंभरी कायम भइदिने भए कति सुन्दर नेपाल बन्थ्यो होला ? ह हुन्छ अवश्य गरौं आफैंबाट सुरुवात् यस पुनित कार्यको । आजको अब हाम्रो अन्तिम काम छ सुत्ने । हो हामीले त्यही काम पो र लाग्यौं त । कतै गल्ती त गर्दै छैनौ हामीले...?

२०६५ मंसीर १३: बिहान उठ्ने बित्तिकै हामी उदयसि अंग्रेजी बोर्डिंग स्कूल जलजले तिर यिनै साधक मित्रहरुको साथ लाग्यौं स्कुलले विद्यार्थीका लागि सुपरलर्निंग प्रशिक्षण परिचय कार्यक्रम गर्न उहाँहरुलाई बोलाएको रहेछ । सोही कार्यक्रममा हामीलाई प विश्वभ्रमण अभियानको लक्ष्य, उद्देश्य र योजनाबारे जानकारी गराउने मौका प्रदान गरियो । हामीले भविष्यका कर्णधार थुप्रै विद्या माझ आफ्नो जानकारी प्रस्तुत गर्‍यौं । कार्यक्रम समापन लगत्तै सोही विद्यालयका प्रिन्सिपल राधारमण खतिवडाले या सफलताको कामना गर्दै एक शुभकामना पत्र प्रदान गर्नुभयो ।

त्यहाँको कार्यक्रम सकेर हाम्रो टोली पुनः गाईघाट बजार नै आयो । बिहानी खाना खाइसकेपछि पत्रकार महासंघ उदय शाखामा एउटा कार्यक्रम आयोजना भयो । लोडसेडिंगको समस्या र विज्ञापनको अभाव भएकाले उदयपुरमा पत्रकारिता गर्न कठ भएको महासंघ अध्यक्ष महेश्वर चाम्लिंगले बताउनुभयो । महासंघका तर्फबाट प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण सफलताको कामना गर्दै शुभकामना पत्र पनि प्रदान गरियो । कार्यक्रममा महासंघ सचिव गोपाल पोखरेल, क्रान्तिका पत्रकार संघका जिल्ला अध्यक्ष हरीकुमार राई लगायत अन्य पत्रकारहरुको उपस्थिति थियो ।

ठट्यौंलो पारामा अध्यक्ष चाम्लिंगले एउटा व्यंग्य गर्नुभयो, विद्वान त्यो हो, जसले बढीभन्दा बढी मान्छेलाई मुर्ख बनाउँछ हा...हा...हा... हामी सबैमा हाँसोको फोहोरा छुट्यो । एक किसिमले त यो व्यंग्य ठीकै हो कि जस्तो पनि लाग्यो हामीलाई । किनभ अहिलेसम्म जति पनि अनुयायीहरुले विद्वानको संगत गरे, बसे अपवाद बाहेक तिनीहरु विद्वान वा गुरुको हाराहारीमा कहिल्यै पुग्न सके देखिएको छैन । साँच्चै, भन्ने हो भने विद्वान जे गफ गरे नि विद्वान, अनुयायी जे काम गरे नि अनुयायी नै । यसमा हामीले विद्वानहरु मानमर्दन गर्न खोजेको भने होइन । तर, कटु यथार्थ यो पनि हो कि जस्तो पो लाग्यो हामीलाई त । बेलुकी बास ऐ. ऐ. ।

२०६५ मंसीर १४: आज बिहान हाम्रो यात्रा सुरु भयो राधाकृष्ण मन्दिर गाईघाटबाट । मन्दिरमा मनोक्रान्ति योग सञ्चालन भइरहे रहेछ । यसका सञ्चालक क्रिम्, उद्धव र अमित । सहभागीहरु छन्, उदयपुरवासी । योगको विशेषता नै हो प्रफुल्लता, स्वास्थ्य सिर्जनशीलता । हो, त्यसैको प्राप्तिमा मग्न छन् सहभागीहरु ।


सदरमुकाम गाईघाट

हामी यो कार्यक्रम सकिएपछि उद्धव अधिकारी संगम अनुरोधमा उहाँकै घर रातमाटे तर्फ लाग्यौं । पहेंलपुर फूले तोरीबारी र खेतीपातीले रातमाटे गाउँ आकर्षक देखियो । उहाँ घर त्रियुगा न.पा. १७ मा पर्दोरहेछ । रातमाटेमा पुगेपछि संगमका पिता श्री सँग कुरा भयो । उहाँले धार्मिक एवं आध्यात्मि दर्शनको व्यवहारिक प्रयोग नहुञ्जेलसम्म देशमा शान्ति न बताउनुभयो । साथै हामीलाई पढ्नै पर्ने पुस्तक भन्दै समाधि ज्ञ नाम पुस्तक प्रदान गर्नुभयो । नास्ता पनि यही भयो । त्यसपछि फे हामी सबै आयौं गाईघाट बजार ।

साथीहरुको अनुरोध भयो गुरुऊर्जा प्रक्षेपणमा सहभा हुन । त्यसैले हामी पनि लाग्यौं, उही राधाकृष्ण मन्दिर । जीवन

पूर्णताका लागि अर्न्तयात्राको अनुभूति पनि गर्नु नै पर्ने रहेछ, यसो ध्यान गरी हेर्दा त। किनकी संसारका अनेकौं प्रश्नको महासागरमा पस्दा आधा जीवन त हतासा र निराशामै पो डूब्दो रहेछ। त्यसैले आध्यात्मिक तथा भौतिक दुवै खाले यात्रा साधना गर्न आजकाल मन लाग्न पो थालेको छ हामीलाई। ध्यानको कार्यक्रम समापन पश्चात् सम्पूर्ण साधकसाधिकाले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान सफलताको कामना गरे। हामी उनीहरुलाई धन्यवाद दिंदै पूर्वनिधारित कोठामै आयौं, खाना खायौं।

२०६५ मंसीर १५: आज हाम्रो योजना हो, उदयपुरका नीजि सरकारी तथा प्रशासनिक कार्यालय भ्रमण गर्ने। हाम्रा टोलीमा अर्का साथी खिम (गंगा भट्ट) पनि थपिनुभयो। जो धादिंगबाट उदयपुर पुग्नु भएको छ।

पहिला हामी जिल्ला प्रशासन कार्यालय उदयपुर गयौं। त्यहाँ प्रमुख जिल्ला अधिकारी मधुसुदन बुर्लाकोटीसँग हाम्रो भेट भयो। उहाँले हामीसँग खासै केही बोल्न चाहनु भएन। मात्रै भन्नुभयो, मैले तपाईंहरुलाई गर्न सक्ने सहयोग एउटा शुभकामना पत्र मात्र दिने हो। हामीलाई त लाग्छ, आर्थिकभन्दा महत्वपूर्ण कुरा त मान्छेको मीठो बोली र सरल व्यवहार पो हो त। अझ राष्ट्रसेवक कर्मचारीका लागि त झन् नभई नहुने गुण नै यिनै हुन्। होइनन् र ?

प्रशासन कार्यालयबाट शुभेच्छा पत्र लिएर हामी जि.वि.स. तर्फ लाग्यौं। जि.वि.स. मात्रै होइन, त्रियुगा नगरपालिका, उदयपुर उद्योग बाणिज्य संघ, हिमाली यातायात बस व्यवसायी संघ र त्रियुगा एफ.एम. कार्यालयसम्म पनि पुग्यौं हामी। चौथो जिल्ला झापा प्रस्थान गर्न हिमाली यातायात व्यवसायी संघले हामीलाई गाईघाटबाट भण्टाबारी सुनसरीसम्म निःशुल्क यात्रा गर्ने अवसर मिलाइदियो।

त्यसपछि हामी नेपाल पत्रकार महासंघ उदयपुरद्वारा आयोजित संविधान निर्माणमा सञ्चारकर्मीको भूमिका विषयक् अर्न्तक्रिया कार्यक्रममा सहभागी भयौ। कार्यक्रमका सहभागी वक्ताहरुले नयाँ संविधान निर्माणका लागि सञ्चारकर्मीले रचनात्मक र अहं भूमिका खेल्न सक्ने बताए। कार्यक्रम सकिएपछि महासंघ केन्द्रिय सदस्य कौशल चेमजोंगसँग हामीले अभियानबारे कुराकानी गऱ्यौं। सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको यो अभियान नेपालमै नौलो र पहिलो भएको बताउँदै उहाँले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो। यसप्रकार हामीले तेश्रो जिल्ला उदयपुरको भ्रमण पनि पूरा गऱ्यौं।

उदयपुर यात्राका क्रममा प्राप्त नगद सहयोग

ॐ हलेसी यातायात (कटरी)	रु. १,०००/-
प्रेमिला राई (गाईघाट)	रु. ५००/-
विष्णुमुरी मगर (लेखानी)	रु. २५०/-
त्रियुगा नगरपालिका	रु. २००/-
विना भुजेल(गाईघाट)	रु. १५०/-
सरस्वती मगर (गाईघाट)	रु. १००/-
मनोक्रान्ति साधकसाधिका	रु. १७५४/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

सफलताको कामना। - मधुसुदन बुर्लाकोटी (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

सम्पूर्ण पत्रकार र आम नेपालीको प्रतिनिधित्वमूलक भ्रमण सफल रहोस्।

- महेश्वर चाम्लिङ (अध्यक्ष), गोपाल पोखरेल (सचिव) नेपाल पत्रकार महासंघ

नेपालको सम्बृद्धिका लागि कोशेढुंगा सावित हुन सकोस्। - विष्णुमुरी मगर (शिक्षक), श्री बालविकास प्रा.वि. लेखानी ६ चनौटे

मेटिनै लागेको नेपालको छवि उजागर गर्नु। - अमर पौडेल, दूधौली ९ सिन्धुली

भ्रमण सफल रहोस्। - महेन्द्रकुमार राई (उपाध्यक्ष), हिमाली यातायात व्यवसायी संघ, गाईघाट

- गोपीनाथ पराजुली (सचिव) ॐ हलेसी यातायात व्यवासयी संघ, कटारी,

- राधारमण खतिवडा (प्रिन्सिपल), उदयसी इङलिस हाइयर स्कूल, जलजले,

- उद्धव अधिकारी संगम (सचिव) पूर्व रातमाटे टोल सुधार समिति, त्रि.न.पा. १७

चौथो जिल्ला झापा डायरी

संक्षिप्त परिचय

क्षेत्रफल: १,६०६ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ४७ वटा, नगरपालिका: ३, निर्वाचन क्षेत्र: ७, सदरमुकाम: भद्रपुर, अञ्चल: मेची, विकास क्षेत्र: पूर्वाञ्चल

भौगोलिक अवस्थिति: पूर्व बंगाल भारत, पश्चिम मोरंग, उत्तर ईलाम र दक्षिण विहार भारत

पर्यटकीय स्थल: अर्जुनधारा, केचनाकवल (नेपालकै सबभन्दा होचो भनिएको भाग ५८ मि.), सतासी धाम, किचक बध, कन्काईमाई, समयगढ, चिल्लागढ, चन्द्रगढ, कृष्ण थुम्की, जामुनखाडी सिमसार क्षेत्रआदि।

२०६५ मंसीर १६: बिहानै गाईघाटबाट हामी चौथो जिल्ला झापा प्रस्थान गर्न हिमाली यातायात व्यवसायी संघको गाडीमा चढ्यौं। ॐ शाह ट्राभल्स नामको यो गाडीले हामीलाई सुनसरी भण्टाबारीसम्म ल्याइदियो। केहीबेर हिंडेर हामी टेम्पो चढ्यौं। टेम्पोले कोशी कटान क्षेत्रसम्म ल्याईदियो। हरे शिव ! कस्तो दुःखद घट्ना। गत भदौंमा सप्तकोशीको बाँध फुटेर अहिले हजारौं मान्छे घरबार विहीन भएका छन्। नदीले अर्कै बाटो लिएका कारण पुल छैन। त्यसकारण स्टिमरमा प्रति व्यक्ति रु. ५० तिरेर नदी तर्न हामी पनि बाध्य भयौं।

नदी तरिसकेपछि हामी ईटहरीसम्म लिम्बुवान् बन्दको बाबजुद पनि गाडी नै चढेर आयौं। ईटहरी आइपुगेपछि प्रहरी कार्यालयले काँकडभिट्टासम्म आउने कुनै उपाय गरिदिन्छ कि भ… हामी कार्यालय पुग्यौं। केही आश्वासन पनि नपाइएको त होइन। केही घण्टा कुरेपछि गाडी चल्न थाले। एउटा गाडीको छत… चढेर काँकडभिट्टा आयौं हामी। साँझ ५ बजे चलेको यो गाडी रातको ८ बजे काँकडभिट्टा झापा पुग्यो। बसबाट ओर्लिएर हा… स्थानीय एक होटलमा बास बस्यौं। सुत्नुअघि नेपाल पत्रकार महासंघ, झापा शाखा अध्यक्ष मोहनकाजी न्यौपानेलाई फोनमा… झापा आइपुगेको हामीले जानकारी दियौं।

२०६५ मंसीर १७: नेपालका ७५ जिल्लामध्ये चिरपरिचित एउटा जिल्ला झापा। विकासमा अग्रणी मानिन्छ, झापा। नेपालको पू… प्रवेशद्वार अर्थात् भारत नेपालको एउटा प्रमुख सीमा झापा। अनि नेपालमै शंकालु दृष्टिकोणले पनि चर्चित जिल्ला झापा।… यस्तै-त्यस्तै विशेषता र परिचय बोकेको झापा जिल्ला हाम्रो नेपाल यात्राको चौथो जिल्ला बन्न सफल भयो।

झापा जिल्लाको औपचारिक सुरुवात् हामीले मेची पुल काँकडभिट्टाबाट सुरु गऱ्यौं। यही मौकामा मेची पुल पार ग… हामी भारतको दार्जिलिंग जिल्लाको भूभागसम्म पुग्यौं। यसै जिल्ला अर्न्तगत पर्ने रानीगञ्ज शहर पनि केही बेर घुम्यौं। भारत अर्थ… रानीगञ्जबाट फर्केर फेरी हामी मेचीनगर नगरपालिका अर्न्तगत काँकडभिट्टा बजारकै गेट आयौं। सीमा रक्षक नेपाली सशस्त्र… प्रहरीका केही जवानसँग उक्त पुल वरपर हुने गतिविधिबारे जानकारी लियौं। उनीहरुले भारतीय पक्षले पटक-पटक सीमा-खम्बा… सारेर नेपालको भूभाग मिची राखेको बताए।

कस्तो बिडम्बना होला, नेपाल-भारत दुवैको ! आफूलाई विश्वको प्रजातान्त्रिक मुलुक भनेर दाबी गर्ने अनि विश्वकै महाशक्ति… उन्मुख राष्ट्र भारतले अस्थिर राजनीति र जतातत्तै अस्तव्यस्तता भएको मुलुक नेपाललाई थिचोमिचो गर्ने कति निकृष्ट कार्य ? अ… कति घटिया संस्कार कमजोर र सानोलाई हेपिहाल्ने ? सुनेअनुसार भारतले नेपाल लगायत अन्य सार्क राष्ट्रहरुसँग समेत सुमधुर… सम्बन्ध स्थापना गर्न सकेको छैन। यसरी त भारत कसरी होला विश्वको महाशक्ति राष्ट्र ?

यदि भइहाले पनि भौतिक सम्पन्नताको भव्यतामा रमाएर छिमेकी राष्ट्रसँग भारतले हेपाहा प्रवृत्ति नै जारी राख्ने हो… आत्मिक सम्बन्ध ध्वस्त गर्दै जाने बाटोमा अगाडि बढ्ने हो भने यो मुलुक पनि विश्वको एउटा ठूलो अहंकारी र घमण्डी राष्ट्र बाहे… अरु केही हुने छैन। अझ भनौं महान् भारतवर्षको जीवन्त ईतिहास बनाएको भारतले आफ्नो स्वर्णिम इतिहास आफैं नष्ट गर्दै जानेछ… के यही हो त भारतको भावी महान् उद्देश्य ? हाम्रो प्रश्न भारतलाई।

र, सत्यको अर्को पाटो यो पनि हो कि हामी नेपालीले पनि आफू बलियो बन्ने कुनै कार्य गर्न सकेनौं। यो हाम्रो सबभन्दा ठू… कमजोरी बनेको छ। जसका कारण भारतले नेपालमाथि दाइँ र रजाइँ गर्दैछ। त्यसैले अब हामी नेपालीले भारतलाई गाली गरे… मात्र बस्नुको कुनै अर्थ छैन। बरु, हामी एकजुट भएर देशका तमाम समस्या सुल्झाउन अगाडि बढ्नुपर्छ। युवा पंक्तिले पनि यो गम्भी… यथार्थलाई आत्मसात् गरेर महान् राष्ट्र निर्माणको अभियानमा आफूलाई समाहित गर्नु पर्छ।

अझ जतातत्तै बदनाम भएको नेपाली नेतृत्व वर्गले त गुलामी, मलामी र सलामीको मानसिकता पूर्णतया त्यागन सक्नु पर्छ। यस… मानसिकता त्याग गर्न नसक्ने कुनै पनि नेता नेपालको नेता होइन, हुन सक्दैन। बरु त्यस्ता व्यक्तिले नेतृत्व तहमा बस्नु अनि सत्तामा जुको टाँसिए… टाँसिनु पनि राजनीति जस्तो महान् नीतिको अपमान हो, राष्ट्र घात हो र उ स्वयं जिउँदो लास भएर बाँच्नुको परिणति हो।

यदि माथि उल्लेखित व्यवहार आफूमा ल्याउन नसक्नेले सकिन भनेर अरुलाई छोडिदिनु उसको त महान्ता हुने नै छ, देश… समेत प्रगतिको बाटो खुल्नेछ। अनि त्यसबेला आँटिलो, साहसिलो वास्तविक राजनेता अवश्य निस्कनेछ, निस्कनु पर्छ। अन्तमा हा…

कामना गर्छौं, अब हाम्रा नेता एक सेकेण्ड पनि जिउँदो लास भएर बाँच्ने छैनन् । अनि नेपाली जनताले पनि महान् नेता जन्माउन एक सेकेण्ड पनि ढिला गर्ने छैनन् ।

प्रसंग फेरि स्वदेश भ्रमणकै । मेचीनगर नगरपालिका काँकडभिट्टा र धुलाबारीको जोड हो । यो नगरपालिका वि.सं. २०५३ सालमा स्थापित भएको रहेछ । हामीले यही नगरपलिकाको भ्रमण जारी राख्यौं । बिहानको खाना खाएर हामी निस्कियौं विभिन्न सञ्चारमाध्यम कार्यालय र झापाली पत्रकारहरु भेट्न । जनसंसद दैनिक कार्यालय जाने क्रममा ज्ञानेन्द्र निरौलासँग भेट भयो । उहाँ न्यू मेची टाइम्स दैनिकको संवाददाता । विश्वभ्रमणको योजनाबाट प्रभावित भएको बताउँदै उहाँले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो । त्यस्तै सञ्चारकर्मी मुक्ति पौडेल र सन्तोष आचार्यसँग पनि हाम्रो भेट भयो । उहाँहरुले पनि खुशी व्यक्त गर्नुभयो ।

मेचीनगर नगरपालिका कार्यालय परिसर

त्यसपछि हामी एफ.एम. मेची ट्युन्स कार्यालय गयौं । एफ.एम. का निर्देशकले नेपालमा प्रेस स्वतन्त्रताको अवस्था राम्रो रहेको बताउनुभयो । मेचीनगर नगरपालिकाको कार्यालयमा नगरपालिका लेखा अधिकृत राजनकुमार भेटवालले विश्वयात्रा सफल होस् भन्नुभयो । साँझ जनसंसद दैनिक कार्यालयमा पत्रकार महासंघ झापाका अध्यक्ष मोहनकाजीसँग भेट भयो । अध्यक्ष मोहन काजीले प्रेस स्वतन्त्रताका लागि विश्वभ्रमण गर्नु एकदमै ठूलो अभियान भएको बताउनुभयो । साथै नेपालका पचहत्तरै जिल्लाको भ्रमण गर्न सके पनि यस अभियानको एउटा महत्वपूर्ण उपलब्धि हुने उहाँको भनाई थियो । यस अभियानको स्वागतार्थ भोली एउटा कार्यक्रमको आयोजना गरिने पनि उहाँले जानकारी दिनुभयो । त्यसपछि हामी होटल आयौं । खाना खायौं अनि सुत्यौं ।

२०६५ मंसीर १८: आज बिहान टोकला टी स्टेट हेर्दै हामी हिंडेरै धुलाबारी बजार पुग्यौं । केहीबेर डूलघुम गरेर हामी काँकडभिट्टै फर्कियौं । सानैदेखि सुनेको यो बजार घुम्न पाउँदा खुशी लाग्यो । पत्रकार महासंघ अध्यक्ष मोहनकाजीले हामीलाई विहानी खानाको प्रबन्ध गर्नुभयो ।

त्यस लगत्तै हामी प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान स्वागतार्थ मेची बोर्डर जर्नालिस्ट एशोसियसन, काँकडभिट्टाको कार्यक्रममा गयौं । कार्यक्रमका प्रमुख अतिथि नागरिक समाज मेचीनगर अध्यक्ष रविन कोईरालाले भन्नुभयो, तपाईहरुले आमाबुवा, भट्टराई परिवार, भोजपुरवासी, नेपाली प्रेस जगत् र समग्र मानवजातिको आशा र भरोसालाई बीचैमा टुटाउनु हुँदैन । तपाईहरुको यो अभियान सफल होस् हार्दिक शुभकामना । कार्यक्रममा उपस्थित अन्य व्यक्तित्वहरु हुनुहुन्थ्यो, नेपाल तरुण दलका युवा नेता गोपाल तामांग, समाजसेवी कृष्णप्रसाद उप्रेती, पत्रकार महासंघ अध्यक्ष मोहनकाजी अनि विभिन्न सञ्चारमाध्यमका पत्रकारहरु ।



अभियान स्वागातार्थ मेची बोर्डर जर्नालिस्ट एशोसियसन

उपस्थित सबै महानुभवाहरुले भ्रमण सफलताको शुभकामना व्यक्त गर्दै फूल अविर लगाइदिनु भयो । जनसंसद दैनिकले शुभकामना पत्र प्रदान गर्‍यो । कार्यक्रमको अध्यक्षता मेची बोर्डर जर्नालिष्ट एशोसयसनका सचिव मुक्ति पौडेल र सञ्चालन ज्ञानेन्द्र निरौलाले गर्नुभएको थियो । धन्यवाद सम्पूर्ण महानुभावहरुलाई । हामी तपाईंहरुले दिनुभएका अमूल्य सुझाव र शुभकामनालाई शिरोधार्य गर्दै बाँकी यात्रामा अगाडि बढ्ने छौं ।

यस कार्यक्रमको समाप्ति पछि हामीले मेचीनगर नगरपालिका छोड्यौं । झापा जिल्ला सदरमुकाम चन्द्रगढी प्रस्थान गर्‍यौं । चारआली सम्म गाडीमा र चारआलीबाट चन्द्रगढीसम्म टेम्पोमा आयौं । हामी चढेकै टेम्पोमा चढेका २ जना युवतीले हाम्रो वैवाहिक तथा पारिवारिक जीवनबारे जिज्ञासा राखे । विश्वभ्रमण नै हाम्रो त जीवन संगिनी हुन् भन्दा उनीहरु खुब हाँसे । हा...हा...हा... । चन्द्रगढी आइपुगेपछि कविता नेपाल (उम्) सँग हाम्रो भेट भयो । उहाँ हाम्रो चिरपरिचित चिनजान ।

केहीबेरको कुराकानी गर्दा गर्दै साँझ पर्न थालि त हाल्यो । कविताजीले हामीलाई चन्द्रगढीको एउटा होटलमा बासको व्यवस्था गरेर आफ्नो घर फर्कनुभयो ।

२०६५ मंसीर १९: बिहान उठ्ने बित्तिकै हामी भद्रपुर नगरपालिका क्षेत्र भ्रमणका लागि निस्कियौं । वि.सं. २००८ सालमा स्थापित यो नगरपालिका झापाको सबभन्दा पुरानो नगरपालिका हो । नगरपालिका बजार क्षेत्र घुमी नसक्दै बिहानको १० बजिहालेछ । हामी नगरपालिका कार्यालय पुग्यौं । निमित्त कार्यकारी अधिकृत जीवन पाठकबाट नगरपालिकाको ब्रोसर लिएर हिड्यौं । जि.वि.स.मा निमित्त स्थानीय विकास अधिकारी शुसिल श्रेष्ठसँग हामीले भेट गर्‍यौं । त्यहाँबाट हामी गयौं जिल्ला प्रशासन कार्यालय । बैठकमा व्यस्त प्रमुख जिल्ला अधिकारी नरेन्द्र दाहालले प्रशासकीय अधिकृतबाट शुभकामना लिन भन्नुभयो । हामीले त्यसै गर्‍यौं ।

प्रशासन कार्यालयबाट हामी जिल्ला प्रहरी कार्यालय पुग्यौं । त्यहाँ प्रहरी उपरीक्षकसँग भेट भयो । उहाँले वर्तमान पत्रकारितामा सुधार देखिएको अनि झापाको पत्रकारितामा आफू सन्तुष्ट रहेको बताउनुभयो । प्रहरीप्रति जनताको विश्वास बढ्दै गएको बताउँदै उहाँले विश्वभ्रमण सफलताको कामनाका साथ भोली एकपल्ट आफूलाई भेट्न भन्नुभयो ।

यिनै कार्यालय र आसपासका क्षेत्रको भ्रमण पछि साँझ हामीलाई कविता नेपालले आफ्नै घर लैजानुभयो । चन्द्रगढी लेखनाथ चोकबाट उहाँको घर आइपुग्न पैतालिस मिनेट जति लाग्यो । घर पुगेपछि उहाँका बुवा शिक्षक गणेशप्रसाद नेपाल र आमासँग हाम्रो कुराकानी भयो । मनोक्रान्तिको प्रसंग उद्धृत गर्दै शिक्षक नेपालले भन्नुभयो, व्यक्ति आफू सबल र सक्षम भएमात्र समाजलाई बदल्न सक्छ, तर मनोक्रान्ति नेतृत्वकर्ता योगी विकाशानन्दमै यो समस्या देखिएको छ किनभने उहाँ आफैं व्यवसायिकताभन्दा माथि उठ्न सक्नुभएको छैन । यस्तै विषय र विश्वभ्रमण अभियानबारे छलफल गर्दै हामीले खाना खायौं । रात्री विश्राम गर्‍यौं ।

२०६५ मंसीर २०: बिहान उठेर हामी कविता जीसँगै डाँफे टी प्रोसेसिंग कम्पनी कार्यालय परिसर घुम्न गयौं । यो कम्पनी चन्द्रगढी ८, झापामा पर्छ । चिया कसरी तयार गरिंदो रहेछ भन्ने प्रत्यक्ष दृश्य देख्न पाइयो त्यहाँ । अझ जताततै फिजारिएका चिया बगान घुम्नुको मज्जै बेग्लै । यो दृश्यावलोकन पश्चात् हामी कविता जीकै घर आयौं । नारीका सवाल अनि मुद्धाहरुमा निकै गम्भीर र चिन्तनशील देखिने स्वभाव छ उहाँको । उहाँ र हामी मनोक्रान्ति साप्ताहिक ललितपुरका सहकर्मी पनि हौं ।

खाना खाइसकेपछि हामी गा.वि.स. कार्यालय चन्द्रगढी गयौं । त्यहाँ गा.वि.स. सचिव लगायत उपस्थित सेवाग्राहीलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे मौखिक अनि पर्चा दिएर जानकारी गरायौं । उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो । गा.वि.स.को काम सकेर हामी मोमेण्टो एपारेल्स र भद्रपुर विमानस्थल अवलोकन गर्न गयौं । दुवै ठाउँका ढोका भित्र जान पाइएन । जिम्मेवार पदाधिकारीसँग हाम्रो कुनै सम्पर्क सूत्र नहुनु र समयको अभावले पनि यस्तो भएको हो । साँझ हामी चन्द्रगढीकै एक लजमा आएर खाना खायौं । अनि सुत्यौं ।

२०६५ मंसीर २१: बिहानै लेखनाथ चोक चन्द्रगढीबाट बस चढेर हामी केचनाकवल प्रस्थान गर्‍यौं । केचनाकवल नेपालकै होचो ठाउँ भनेर चर्चित छ । जसको उचाई समुद्र सतहदेखि ५८ मि. (कसैकसैले थपघट पनि गरेका छन्) भएको बताइन्छ । गाडीमै हामी बनियानी पृथ्वीनगर अनारमनी र पथरिया गा.वि.स.को केही भूभाग पनि अवलोकन गर्दै अगाडि बढ्यौं । सुकुनाडिगीसम्म पुगेको एकतर्फी गाडी भाडा रु. ८० तिरेर त्यही झर्‍यौं । सुकुनाडिगी पुग्दा बिहानको १०:१५ बजिसकेको थियो । त्यहाँ १०० रुपैयाका दरले खाएको माछा भात सार्‍है मीठो लाग्यो ।

खाना खाएर हामी हिंड्दै र हेर्दै नै केचनाकवल तर्फ अगाडि बढ्यौं । केही मान्छेले हामीलाई हिंडेर पुग्नै नसकिने पनि बताएका थिए । सम्म परेका तराईका फाँटहरु हेर्दा त्यसै पनि रमाईला त लाग्छन् नै अझ बुझ्दै सोध्दै हेर्दै हिंड्नुको मज्जै बेग्लै । हामी केचना गा.वि.स. का केही पोखरी हेर्दै गयौं । खेतमा किसानहरु आफ्नो काम गरिरहेका देखिन्थे । जब हामी केचनाकवल पुग्यौं, तब लाग्यो सुकुनाडिगी बाट केचना हिंडेरै जानु कुनै गार्‍हो कुरा होइन । तर त्यहाँका मान्छे सवारी साधनका कारण अल्छे पनि भएजस्तो लाग्यो हामीलाई ।



केचनाकवल ६, मा पर्दोरहेछ, यो ठाउँ । मन सार्‍है प्रफुल्लित भयो त्यहाँ पुग्न पाउँदा । तर दु:ख पनि लाग्यो यस अर्थमा कि नेपालकै होचो ठाउँ भनेर गाडिएको त्यो एउटा खम्बा पनि एकदमै जीर्ण देखिन्छ । यति महत्वपूर्ण ठाउँको संरक्षण र सम्बर्द्धन गर्न को तम्सिएला त ? पक्कै पनि यो दायित्व नेपाल सरकारको त हो नै त्यतिकै दायित्व स्थानीय जनताको पनि ।

हामी केचनाकवलबाट चन्द्रगढी अब फर्किने सुरसारमा छौं । तर, सुकुनाडिगीबाट बस पाइने सम्भावना छैन । त्यसैले सोच्यौं, जहाँ ईच्छा त्यहाँ उपाय भन्ने भनाईको परिक्षण गरौं । हामी फेरि त्यहाँबाट हिंड्दै सुकुनाडिगी फर्क्यौं । त्यहाँका मान्छेले भर्खरै बस गयो भने । बस गएपनि हामी त्यहाँबाट पैदलै हिंड्यौं । अलिक वर आइपुगेपछि मोटरसाईकलमा आउँदै गरेका एकजना दाईले आफैं बाईक रोकेर हामीलाई बनियानी ९ सम्म लिफ्ट दिने भन्नुभयो । उहाँको नाम रहेछ, रुद्रमणि अर्याल । उहाँले हाम्रो यात्राको बारेमा जनसंसद दैनिकमा पढ्नुभएको रहेछ । अनि त सहयोग गर्न मन लागेको रहेछ उहाँलाई । अहो ! कस्तो अद्भूत शक्ति होला यो मिडियाको पनि, जसले एकैछिनमा अपरिचित व्यक्तिलाई परिचित, आत्मिय र सहयोगी बनाइदियो । मिडियाको यो अद्वितिय शक्तिलाई सलाम अनि दाईलाई धन्यवाद ।

तर, रुद्रमणि दाईको सहयोगले मात्र हामी चन्द्रगढी पुग्न सक्ने अवस्थामा थिएनौं । हामीले अन्य उपाय अपनाउनु पर्ने नै थियो । त्यसैले भटटटट्... चलिरहेको ट्याक्टरमा लिफ्ट मागेर हुइकियौं हामी भद्रपुरसम्म । ट्याक्टरमा चढेपछि त पैसा पनि तिर्नु परेन । क्या मज्जा भयो । तर ट्याक्टरले उफार्दाका क्षणको चाहिं कुरा नगरौं । हा...हा...हा.. ।

डांगडांग, डुंगडुंग, खन्द्रांग, खुन्द्रुंग गर्दै पनि ल्याइदियो ट्याक्टरले हामीलाई भद्रपुर । झापा चोकमा झरेपछि एकजना दाईले हामीसँग परिचयको हात लम्काउनुभयो । ज्ञानबहादुर तामांग नाम बताउने उहाँले हामीलाई भन्नुभयो, तपाईं हामी त दाजुभाई, कहाँ पुग्नुपर्ने हो भाई ? भन्नु त म पैसा विना तपाईंलाई जहाँ पनि पुऱ्याई दिन सक्छु । हामीले चन्द्रगढी भन्यौं । नभन्दै उहाँले हामीलाई गाडी रोकेर चढाइ दिइ त हाल्नुभयो । दाईले रक्सी त टन्न पिउनुभएकै थियो । तर हाम्रो यात्राका एक अविस्मरणीय पात्र बन्न सक्नुभयो उहाँ । गाडीमा चढिसकेपछि उहाँले बाहिरबाट हात हल्लाउँदै भन्नुभयो, मलाई कहिल्यै नबिर्सनु है भाई !

जहाँ ईच्छा त्यहाँ उपायलाई हामीले सिद्ध गरी आइपुग्यौं लेखनाथ चोक चन्द्रगढी । चोकमा पूर्व परिचित डिट्ठा लोक बहादुर अधिकारीसँग हाम्रो आकस्मिक भेट भयो । उहाँ हाम्रो छिमेकी गा.वि.स. श्यामसिला भिर्कोट भोजपुरका हुनुहुन्छ । अहिलेको बसाईचाहिं यही चन्द्रगढीमा रहेछ उहाँको । उहाँले कोटीहोम भन्दा पनि ठूलो विश्वभ्रमण गर्ने तपाईंहरुका यी पैतालाले मेरा घरमा पाइला राख्नैपर्छ भनेर अनुरोध गर्नुभयो । त्यसपछि हामी उहाँको घरमा गएर दही चिउरा खायौं । उहाँले त्यही बस्न अनुरोध गरिरहनु भएको थियो । तर, हामी अन्यत्रै बस्ने सल्लाह भइसकेका कारण उहाँको घरमाा बस्न सकेनौं ।

त्यहाँबाट हामी शिक्षक गणेश प्रसाद नेपालको घरमा आयौं । हामी खाना खाएर दिनभरको थकाईलाई विश्राम दिने सुरमा छौं ।
२०६५ मंसीर २२: आज हामी चन्द्रगढीबाट बिर्तामोड जाने सुरसारमा छौं । बिहान शिक्षक गणेश नेपालका घर परिवारसँगको कुराकानीमा नै केही समय बित्यो । उहाँ पण्डित पनि हुनुहुन्छ । संस्कृत शिक्षा प्राविधिक शिक्षा हो भन्न रुचाउने उहाँले हामीलाई यात्राका क्रममा भेट भएका सम्पूर्ण क्षेत्रका व्यक्तिसँग छलफल गर्दै उनीहरुबाट प्राप्त जानकारीको निचोड मिडिया एवं पुस्तकका माध्यमबाट सबै सामु पुऱ्याउन सफल हुनुहोस् भन्दै यात्रा सफलताको शुभेच्छा व्यक्त गर्नुभयो ।

हामीले बिहानको खाना खायौं । कविता जी, उहाँकी एक साथी र आमासँग बिदा भएर शिक्षक नेपालको अनुरोधमा हल्दिबारी उ.मा.वि. तर्फ लाग्यौं । विद्यालयमा पुगेर केही शिक्षक विद्यार्थीसँग छलफल गऱ्यौं । एक विद्यार्थीले आफूलाई अन्तरिक्ष विज्ञान पढ्न मन भएपनि अवसर नपाएको गुनासो गरे । हाम्रो देशमा कमजोर शिक्षा नीति एवं जोश र होशयुक्त शिक्षक विद्यार्थीको अभाव छ । हामीले यस्तै महसुस गऱ्यौं । एक शिक्षकले नीजि स्कूलमा पढ्ने विद्यार्थी ब्रोइलर कुखराजस्तै र सरकारीमा पढ्ने लोकल कुखुराजस्तै हुन्छन् भने । हामी २ शिक्षकको मोटसाईकल सहयोगमा बिर्तामोड आयौं ।

विर्तामोड बजारमा हामी नेपाल पत्रकार महासंघको झापा शाखा कार्यालय पुग्यौं । कार्यालयमा संस्थापक सभापित केशव आचार्यसँग हाम्रो भेट भयो । हामी उहाँसँग कुराकानी गर्दै जनआन्दोलन साप्ताहिक कार्यालय पुग्यौं । उहाँले हामीलाई महासंघको तर्फबाट प्रेम होटल एण्ड लजमा बसोबासको प्रबन्ध मिलाउनुभयो । त्यसपछि हामी अर्जुनधारा दैनिकको कार्यालय पुग्यौं । त्यहाँका सञ्चारकर्मीसँग केहीबेर कुराकानी गरेर होटलमा फर्क्यौं । खाना खाएर डायरी लेख्यौं । अनि सुत्यौं ।
२०६५ मंसीर २३: आज हामीले कन्चनजंघा एफ.एम. कार्यालय विर्तामोड, धार्मिक पर्यटकीयस्थल अर्जुधनारा जलेश्वरधाम, विवेचना दैनिक, न्यू मेची टाइम्स दैनिक, झापा पोष्ट दैनिक, पूर्वाञ्चल दैनिक, नेपाल पत्रकार महासंघ लगायतका कार्यालय एवं मठमन्दिर भ्रमण गऱ्यौं । महासंघ सहसचिव राजेन्द्र गौतमद्वारा हस्ताक्षरित शुभकामना पत्र महासंघ कार्यालयबाट लियौ हामीले । यो पत्र हामीलाई महासंघ कार्यालय सचिव अम्बिका भण्डारीले प्रदान गर्नुभएको हो । अनि हामी भेट्न गयौं, सहसचिव गौतमलाई पूर्वाञ्चल दैनिक कार्यालयमा । पत्रकारिताको विकासमा झापा जिल्ला निकै अगाडि बढेको बताउनु हुँदै उहाँले पत्रकारिताको नाममा कसैले गल्ती गर्न नहुने सुझाव व्यक्त गर्नुभयो । उहाँले ईलाका प्रहरी कार्यालय विर्तामोडका प्रहरी निरीक्षक उमेश लम्सालसँग पनि भेट गर्ने वातावरण मिलाइ दिनुभयो ।

रेडक्रसका आजीवन सदस्य गौतम र डोयना दाहालको सहयोगमा रेडक्रस कार्यालय दमकमा बेलुकी खानपिन बसोबासको प्रबन्ध भयो हामीलाई । विर्तामोडमा सञ्चारमाध्यम कार्यालय घुम्ने क्रममा विवेचना दैनिकका सम्पादक गोपाल

काफ्ले, निर्देशक चन्द्रदेव गिरी, अर्जुनधारा दैनिकका कार्यकारी सम्पादक कृष्ण हुमागाई, न्यू मेची टाईम्स दैनिकका सम्पादक प्रकाशक तीर्थ सिग्देल, झापा पोष्टका प्रकाश उप्रेती लगायतसँग छलफल गर्ने मौका पायौं। अर्जुनधारा दैनिक सम्पादक हुमागाईले यस विश्वभ्रमणबाट संकलित सूचना एवं सन्दर्भ प्रयोगको माध्यमबाट राष्टमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिने बताउँदै भ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो। अनि हामी आयौं विर्तामोडबाट दमक निःशुल्क गाडी यात्रामा।

दमक आएर रेडक्रस कार्यालय गयौं। एकजना रेडक्रसकर्मीको सहयोगमा खाना खान होटल पुगियो। होटल गएर खाना खाने काम बाहेक अरु केही काम भ्याइएन। भ्याइयो त केवल सुत्न मात्रै।

२०६७ मंसीर २४: बिहानै उठेर हामी रेडक्रस कार्यालयबाट दमकमै अनारमनी गा.वि.स. सचिव जीवराज भट्टराईसँग भेट गर्न गयौं। सचिव भट्टराई र उहाँकी श्रीमतीसँग हाम्रो कुराकानी बिहानभरि नै भयो। सचिव भट्टराईले भन्नुभयो, नेपालमा अहिले अरुलाई असल शासनको पाठ सिकाउँदै हिड्ने व्यक्तिहरु नै भ्रष्टाचारमा संलग्न रहेका छन्, उनीहरु करोडौं कमाएर राज्यलाई कर तिर्दैनन्। हामीले बिहानको खाना उहाँकै घरमा खायौं।

त्यसपछि हामी पूर्व सन्देश दैनिक कार्यालय गयौं। दैनिक सम्पादक गञ्ज बहादुर दाहाल, उपसम्पादक केशव निरौला, पत्रकार गोपाल गड्तौला, टीकाराम लगायतसँग हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे कुराकानी गर्‍यौ.। उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो। पत्रकार गड्तौलाले हामीलाई उहाँको कार्यालय लानुभयो। उहाँ भूटानी शरणार्थीहरुका विषयमा पनि कार्यक्रम उत्पादन गरेर उज्यालो नेटवर्कमा बजाउनु हुन्छ। मान्छेको जातै घुमन्ते हो भन्दै उहाँले भ्रमणले मान्छेलाई ज्ञानको फैलावट, विवेकको परिपक्वता र मानवीय नाताको बडो सुन्दर विस्तृतिकरण गर्छ भनी शुभकामना व्यक्त गर्नुभयो।

पत्रकार गड्तौलासँग बिदा भएर हामी सप्तरंगी एफ.एम. कार्यालयतर्फ लाग्यौं। कार्यालयमा प्रबन्ध निर्देशक रमेशकुमार भट्टराई हतुवाली, रेडियोकर्मी विष्णु पोखरेल लगायतसँग भेट भयो। पोखरेल जीले विश्वभ्रमण अभियानबारे एउटा अन्तर्वार्ता पनि रेकर्ड गर्नुभयो। यो विश्वभ्रमणले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि महत्वपूर्ण भूमिका खेल्ने बताउँदै निर्देशक भट्टराईले भ्रमण सफलताका लागि एफ.एम. का तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो।

यही मौकामा पेल्टीमारी ईलाम निवासी शान्ता, अञ्जु, अनिल पोखरेल र उहाँहरुकी छिमेकी दिदी आइपुग्नुभयो। उहाँहरुसँग पनि हामी केहीबेर गफगाफ गरेर चौथो जिल्ला झापाबाट पाँचौ जिल्ला मोरंगतर्फ प्रस्थान गर्‍यौं। झापाको निर्धारित भ्रमण गरिसक्दा हामीले भोजपुर, खोटांग, उदयपुर र झापा गरी जम्मा ४ जिल्लाका ५५ गा.वि.स. र ४ नगरपालिका भ्रमण गरिसकेछौं।

झापा यात्राका क्रममा प्राप्त नगद सहयोग

गोपाल तामांग (काकडभिट्टा)	रु. २,०००/-
खोमा दाहाल (गरामनी ३)	रु. १,००१/-
महेन्द्रद्वार सहकारी संस्था (काकडभिट्टा)	रु. १,०००/-
जिल्ला विकास समिति	रु. १,०००/-
मेचीनगर नगरपालिका	रु. ७००/-
मनाक्रान्ति समिति वेल्डाँगी	रु. ६००/-
उमेश लम्साल (ई.प्र.का., विर्तामोड)	रु. ५००/-
चन्द्रगढी गा.वि.स.	रु. ३००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

भट्टराईद्वयको योजना पूरा भयो भने उनीहरु नै विश्वभ्रमण गर्ने पहिलो नेपाली पत्रकारमा दरिनेछन्।

- चेतन अधिकारी, नेपाल राष्टिय साप्ताहिक (आईतबार ६ पुस २०६५, वर्ष ९ अंक १८)

भ्रमणले मान्छेको चेतनाको ढोका फराकिलो पार्ने काम गर्दछ। - गोपाल गड्तौला, पत्रकार

सुरु गरिसकिएको उद्देश्य सफल रहोस्। - प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय झापा

सकारात्मक सोचको यो लक्ष्यले सफलता चुमोस्। - मोहनकाजी (प्रधान सम्पादक), जनसंसद दैनिक काँकडरभिट्टा

हाम्रो साथ र सहयोग रहने नै छ। - चन्द्रप्रसाद गिरी (अध्यक्ष) चिन्तन पब्लिकेशन्स प्रा.लि., गोपाल काफ्ले (सम्पादक) विचेचना दैनिक

साहसिक कार्य शुभारम्भ। - राजेन्द्र गौतम (सहसचिव), नेपाल पत्रकार महासंघ

सहयोग गरिदिनु हुन सबैमा अनुरोध। - रमेशकुमार भट्टराई (प्रबन्ध निर्देशक) सप्तरंगी एफ.एम., दमक

पाँचौ जिल्ला मोरङ्ग डायरी

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफल: १८५५०० हेक्टर, गा.वि.स. संख्या: ६५ वटा, निर्वाचन क्षेत्र: ९, उपमहानगरपालिका: १ वटा, सदरमुकाम: विराटनगर, अञ्चल: कोशी, विकास क्षेत्र: पूर्वाञ्चल ।*
>
> *सिमाना: पूर्व झापा र इलाम, पश्चिम सुनसरी, उत्तर धनकुटा र पाँचथर, दक्षिण विहार राज्य भारत*
>
> *पर्यटकीय धार्मिक स्थलहरु: विराटराजाको दरवार (बुधनगर ५), सप्तकन्या (याङ्गशिला ३), महादेव पार्वती गुफा (पाटी गाउँ ७), मिक्लाजुंग डाँडा (रमिते खोला ५), ध्वजे डाँडा (पाटी १) (श्रोत: जि.वि.स.)*

२०६५ मंसीर २४ र २५: उर्लाबारी बजारबाट मोरंगको औपचारिक यात्रा हामीले सुरु गर्‍यौं । झापाको दमकबाट उर्लाबारी आइपुग्दा बेलुकीको ४ बजिसकेको थियो । उर्लाबारीबाट गाडी चढेर इटहरा तर्फ लाग्यौं । इटहरा सोमबारेमा बसबाट झर्‍यौं । साँझ परेको थियो । भाई त्रिलोचन र धरणी सापकोटा हामीलाई बस स्टपमै लिन पुग्नुभयो । यहाँ भोजपुरबाट बसाई सरेर आउनुभएका स्थानीयवासी झम्कनाथ भट्टराई र ढाका प्रसाद सापकोटा परिवारसँग हाम्रो कुराकानी भयो । कुराकानीमा हुनुहुन्थ्यो, गंगादेवी भट्टराई, जानुका भट्टराई, गोमा, पवित्रा, त्रिलोचन र धरणी सापकोटा अनि अन्य साना भाईबहिनीहरु पनि । उहाँहरुले यात्रा अनुभव चाख लिएर सुन्नुभयो । खानपिन र बसोबास यहीं भयो ।

२५ गते बिहान खाना खाएर हामी गोप्पेश्वर महादेव मन्दिर ईटहरा गयौं । यात्राका सहयात्री हुनुहुन्थ्यो, गोमा सापकोटा र जानुका भट्टराई । विगत केही दिनदेखि त्यहाँ नेपालकै प्रथम भागवत वाचिका विदुषी सुश्री तारा घिमिरेले श्रीमद्भागवत् नवाह पाठ पारायण महायज्ञ वाचिरहनु भएको रहेछ । वाचिका घिमिरेसँग हाम्रो छोटो कुराकानी भयो । उहाँलाई हामीले भ्रमणबारे सामान्य जानकारी दियौं । हामीले त्यस महायज्ञमा उपस्थित भक्तजनहरुद्वारा गरिएको पूजा प्रार्थना नाचगान एवं अन्य रोचक गतिविधिहरुको दृश्यलाई नियाल्यौं ।

यस कार्यक्रम पछि हामी गोमा दिदी कहाँ नै गयौं । मंसीरको महिना किसानहरु धान झार्न व्यस्त छन् । हामी पनि सो दृश्यमा केहीबेर भुल्यौं । दिदीले घुम्न हिंडेका भाईहरु घुमेको रोटी ख्वाउँदा फेरि घुमेर आउँछन् भन्दै सेल रोटी पकाएर ख्वाउनुभयो । साँझ हामी भजन कीर्तन हेर्न उही गोप्पेश्वर महादेव मन्दिर गयौं । मन्दिरबाट फर्किएर रात्री विश्राममा लाग्यौं ।

२०६५ मंसीर २६: बिहान उठ्ने बित्तिकै ईटहराबाट हामी गोमा दिदीसँग हसनदह ६ तर्फ प्रस्थान गर्‍यौं । बक्राह खोला हुँदै हसनदह पुग्यौं । हसनदहमा दिदीले भुपेन्द्र तिंसिनाको घर लैजानुभयो । हामीले बिहानको खाना त्यही खायौं । यस ठाउँमा दिउँसो रामप्रसाद तिंसिना, केदारनाथ चापागाईं, बलराम तिंसिना लगायतसँग पनि हाम्रो भेट भयो । त्यसपछि हामी हसनदह वडा नं ७ को केचनातर्फ लाग्यौं । केचनामा चन्द्रप्रसाद तिंसिनको घर रहेछ । उहाँको घरमा पनि हामीलाई दिदीले नै पुर्‍याउनु भएको हो । हामीले आज यही बस्ने निर्णय गर्‍यौं ।

२०६५ मंसीर २७: केचनाबाट गोमा दिदी फर्किनुभयो । र, हाम्रो सहयात्री बन्नुभयो, स्थानीय रामप्रसाद तिंसिना । हामी हिंड्यौ, त्यहाँबाट बबिया बिर्तातर्फ । अमरदह गा.वि.स. वडा नं ६ हुँदै हामी मरियानी बक्राह खोला पुग्यौं । जुन खोला नेपालमै सबभन्दा बढी घुमेको खोला हो भने स्थानीयवासीले । बक्राहा खोला तरेर हामी खयरटोली हुँदै कालाबञ्जार गान्धी आश्रम (गान्धी मनमोहनमार्ग पथरी रंगेली) आयौं । त्यहाँबाट पनि दर्वेशा ८ दोहमाना, दर्वेशा ३, फार्साडाँगी अनि चिसांग खोला हुँदै बबियाबिर्ता ३, आइपुग्यौं ।

ईटहरा सोमबारेमा धान झार्दै युवा कृषकहरु

भोजपुरको हिले भञ्ज्यांग लाकुरेबाट मोरंगको दर्वेशा आएर बसेका एकजना कार्की दाईले भन्नुभयो, पहिले धेरै दुःख भएकाले बसाई सरेर यहाँ आइयो । अहिले भोजपुरको आफ्नै घरबाट गाडी कुद्न थाल्यो । भोजपुर हेरी यहाँ पो अहिले त दुर्गम ठाउँ भयो । के गर्ने मधेश झरि त हाल्यो ? अहिले पछुतो लागेको छ ।

बबिया बिर्ता ३, गंगादेवी घिमिरेको घरमा आइपुग्दा हिन्दू संस्कार अनुसार रुद्रीपूजा लगाई राखिएको रहेछ । ल साईतमा आइपुग्नु भयो आज यहाँबाट कहीं जान पाउनु हुन्न भनेर उहाँहरुले हिंड्नै दिनुभएन । उक्त घर हाम्रा सहयात्री रामप्रसाद तिंसिनाको ससुराली घर पो रहेछ । अनि कहाँबाट पाउनु यहाँ हिंड्नलाई बिदा । हाम्रो थान्को मान्को यहीं भयो । शारदा घिमिरेले हामीलाई केहीबेर आफ्नो गाउँ घुमाउनुभयो । आज यस गाउँमा पूजाआजा र बिहेको सरगर्मी रहेछ ।

२०६५ मंसीर २८: आज बिहानै हामी गंगादेवी घिमिरेको सहयोगमा बबियाबिर्तादेखि बाहुनी ५ सम्म हिंड्दै हिंड्दै आयौं। उहाँको एउटा खुट्टा कमजोर थियो, तर सहयोगी भावना बलियो रहेछ ! यस्तै सहयोगी भावना दुवै खुट्टा सबल भएका हामीजस्ता धेरै मान्छेमा पनि प्रशस्त भइदिए कति धेरै प्रगति गर्न सकिन्थ्यो होला ? उहाँले हामीलाई नन्दप्रसाद आचार्यको घरमा पुऱ्याउनु भएछ। त्यहाँ हामीले बिहानी खाना खायौं। पुण्यप्रसाद आचार्यसँग पनि परिचय भयो। रामप्रसाद तिंसिना र गंगादेवी घिमिरे (ज्वाई सासु) बाहुनीबाट फर्कनुभयो।

भागवत वाचिका पहिलो महिला
विदुषी तारा घिमिरे

बाहुनीबाट हाम्रा सहयात्री बन्नुभयो, निरज आचार्य। जनआन्दोलन २०६२/६३ मा सहभागी हुन जाँदा बसबाट लडेर दुवै खुट्टा कमजोर भएका रहेछन्, निरज भाईका। साईकलविना हिंड्न नसक्ने अवस्था रहेछ उहाँको। यस विषयमा कुनै पनि राजनीतिक दल, संघ संस्था वा सरकारले उचित सहयोग नगरेको उहाँका बुवा पुण्यप्रसादले बताउनुभयो। यी र यस्तै ऊर्जावान् युवाका काँधमा टेकेर आफू सत्तामा पुगेका ठूलाबडा भनाउँदा नेताहरु गजबको सत्ता र भत्ता पाएपछि जनताको रगत पसिनालाई मूल्य नदिने कस्तो निकृष्ट र पापिष्ट कर्ममा लिप्त भएका होलान् ?

आज हामी पनि ठूलै ऋणी भएका छौं। किनभने बिहान दिउँसोका हाम्रा सहयात्री जो आफ्ना खुट्टा कमजोर भएर पनि बलियो मानसिकताका साथ हामीलाई आफ्नो गन्तव्यतर्फ अगाडि बढाइ दिइरहनु भएको छ। यस्ता महान् आत्माहरुलाई हाम्रो हार्दिक सलाम।

निरज भाईको साथमा हामी कसेनीतर्फ नहरै-नहर अगाडि बढ्यौं। उहाँ साईकलमा, हामी पैदल। नहर छेउछाउ गहुँ सणठीमा गोबर बेरेर भक्कु गुइँठा सुकाइएको थियो। तराईमा खाना पकाउनलाई आगो बाल्नका लागि यी गुईठा प्रयोग गरिंदा रहेछन् दाउरा त कहाँ पाउनु र बाल्नु ? एक स्थानीयवासीले भने।

हामी कसेनी चोकबाट बायाँ अगाडि यसो के मोडिएका थियौं, विवाह भइरहेको देख्यौं। यात्रामा हिंडेपछि भेटिएको पहिलो विवाह भएकालो फोटो खिंचौ भनेर यसो बेहुला बेहुलीको मुख हेरेको त बेहुला त हाम्रै भोजपुर चम्पेका तुलसी सापकोटा अनि जन्ती तिर एक नजर लगाएको त्यहाँ पनि चिनजानका आफन्तजन नै। हामी त झल्याँस्स भयौं। त्यहाँ बेहुलाका बुवा छायाप्रसाद सापकोटा, येदु तिंसिना, देवेन्द्र र रमा भट्टराईसँग केहीबेर खानपिन र नयाँ अनुभव बाँडचुँड भयो।

कमला सुवेदी बेहुलीको घरबाट हामी कसेनी ९, सीताराम घिमिरेको घर आइपुग्यौं। त्यसपछि निरज भाई आफ्नै घर तर्फ फर्कनुभयो। हाम्रो बसोबास यहीं भयो। यो घरका एकजना छोरा अपांग हुनुहुन्छ। शरीर बांगो, ह्वील चेयरमा राखेर अरु नै भित्र बाहिर गराउनु पर्ने। बोली आउने तर नबुझिने। कुरा बुझ्न चाहिं साह्रै चलाख। हामीले बिस्कुट दिंदा उहाँले हाँस्दै सलाम ठोक्नुभयो। के गर्नु हामी मान्छेको जन्म कसैको कस्तो कसैको कस्तो ? बुझी नसक्नु छ विचित्रको ! हामीले बूढी हजुरआमा लगायत घरपरिवारका सदस्यलाई विश्वभ्रमणको योजना अनि अहिलेसम्म प्राप्त अनुभव सुनायौं। खुशी हुँदै उहाँहरुले यात्रा सफलताका लागि आर्शिवाद र शुभकामना दिनुभयो।


पत्रकार विक्रम लुइँटेल

२०६५ मंसीर २९: स्थानीय सीताराम घिमिरेको घरबाट बिदा भएर हामी पुण्यप्रसाद घिमिरेको घर मटियारी कसेनी आयौं अप्सरा बहिनीले यहाँ ल्याउनु भएको हो। केही घण्टाको कुराकानी अनि बिहानको खानपिन पश्चात् भाई उमेश घिमिरे त्यहाँबाट हाम्रो यात्राको सहयात्री बन्नुभयो। मोतीपुर तेतरियाबाट हामी विराटनगरका लागि गाडी चढ्यौं। उमेश भाई घर फर्कनुभयो यात्रामा एकपछि अर्को सहयोगी पाउनुले निकै रोमाञ्चक अनुभूति भइरहेछ।

हामी नेपालको दोश्रो ठूलो शहर भनेर चिनिने मोरङ्ग सदरमुकाम विराटनगर बजार आयौं। केहीबेर बजार घुम्यौं। बजार घुम्दा त जता हेरो उतै मान्छे, जता हेरो त्यतै गाडी अनि भ

महल र शहरको गञ्जागोल यहीं त हो नि ठूला शहरको विशेषता। साँझ हामी पत्रकार महासंघका सचिव विक्रम लुईटेलले महासंघका तर्फबाट मिलाइ दिनुभएको होटलमा बास बस्यौं।

२०६५ मंसीर ३०: बिहान पनि हामी विराटनगर बजारै घुम्यौं। खाना खाएर महासंघ कार्यालयमा सचिव विक्रम लुईटेलसँग थप कुराकानी गर्न पुग्यौं। उहाँले रेडियो पत्रकारिताको ईतिहासमा मोरंग जिल्ला अग्रणी रहेको बताउनुभयो। महासंघको तर्फबाट शुभकामना पत्र प्रदान गर्दै उहाँले भन्नुभयो, भेडेटार वनभोज गएर फर्किंदा पत्रकार साथीहरु गाडी दुर्घटनामा परेर घाईते भएर अस्पताल भर्ना हुनु भएकाले कार्यक्रम आयोजना गर्न सकिएन, दुःख लागेको छ। घाईते पत्रकार साथीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै अनि उहाँलाई धन्यवाद दिएर हामी त्यहाँबाट छुट्यौं।

मोरंग सदरमुकाम विराटनगर बजार

बजारबाट टेम्पो चढेर हामी राजवंशी चोक झर्‍यौं। केशव ओझा दाजुसँग चोकमै भेट भयो। हामी उहाँको घरमा आयौं। उहाँकी आमा गोमा ओझाले खाना पकाएर दिनुभयो। खाना खाएर हामी उहाँका मामा कालीदास भट्टराईको घरमा आयौं। यहाँ गा.वि.स. सचिव कालीदास, उहाँकी आमा, श्रीमती लक्ष्मी र काका शिव भट्टराई अनि परिवारका अन्य सदस्यसँग हामीले कुराकानी गर्‍यौं। शहर र गाउँका विषयमा कुराकानी जम्यो। हिमाल, पहाड, तराई, गाउँघर, शहरबजार, जो जहाँ पुगे पनि मान्छेका धेर थोर दुःख सुख सँगसँगै जान्छन्, त्यसैले जो कसैले दुःखलाई स्वीकार गर्दै अगाडि बढ्नु नै जीवनको सार्थकता रहेछ, कुराकानीको सार थियो। हामी यही सुत्यौं।

२०६५ पौष १: बिहान हामी स्थानीय शिव भट्टराई, परशुराम तिंसिना र महेन्द्र भट्टराईका घर पुग्यौं। सबैसँग विश्वभ्रमण अभियानका विषयमा कुराकानी भयो। उहाँहरुले खुशी व्यक्त गर्दै भ्रमण सफलताको कामना गर्नुभयो। बिहानको खाना हामीले शिव भट्टराईकहाँ खायौं।

खाना खाएर हामी स्थानीय फणीन्द्र भट्टराईसँग पुष्पलाल चोक हुँदै मुख्य बजार आयौं। त्यहाँबाट उहाँ आफ्नै बाटो लाग्नुभयो। हामी जिल्ला प्रशासन कार्यालयतर्फ लाग्यौं। सहायक प्रमुख जिल्ला अधिकारी केशवप्रसाद पुडासैनीले अभियान सफलताको कामना गर्दै शुभकामना पत्र प्रदान गर्नुभयो। कार्यालय परिसरमा भोजपुर हेलौछाका शम्भु पराजुलीसँग पनि हाम्रो कुराकानी भएको थियो। त्यसपछि हामी उपमहानगरपालिका र जिल्ला प्रहरी गयौं। कार्यालय प्रमुखहरुको बैठक छ भनेर हामीलाई कतै पनि भेट्न दिइएन।

पूर्वपरिचित शारदा घिमिरे र नवपरिचित आस्मा चौधरीसँग बजारमा भेट भयो। उहाँहरुसँग कुराकानी गर्दै हामी उदय नेपाल मासिक र बी.एफ.एम. कार्यालय पुग्यौं। त्यसपछि उहाँहरुसँग हामी छुट्टियौं। उदय नेपाल मासिकका प्रकाशक भानु कँडेल, सम्पादक सोमप्रसाद आचार्य र कुबेर कोईरालाको अनुरोधमा उहाँहरुको कोठा पुग्यौं। खानपिन, कुराकानी गरेर रात्री विश्राममा लाग्यौं।

२०६५ पौष २: बिहानै उदय नेपाल मासिक र टेक्नोलोजी सोलुसन नेपाल प्रा.लि. ले अभियान सफलताका लागि शुभकामना पत्र प्रदान गरे। उहाँहरुलाई धन्यवाद दिएर हामी मृगौलिया गा.वि.स. सचिव कालिदास भट्टराईको घरमा आयौं। बिहानको खाना पनि त्यही भयो। त्यसपछि पाँचौ जिल्ला मोरंग भ्रमणलाई बिट मारेर हामी छैठौं जिल्ला सुनसरीतर्फ लाग्यौं।

मोरंग यात्राका क्रममा प्राप्त नगद सहयोग	
सीताराम घिमिरे (कसेनी ९)	रु. ५००/-
शारदा घिमिरे	रु. १६८ /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

भ्रमण र उद्देश्य प्राप्तिमा पूर्ण सफलताको कामना। – केशवप्रसाद पुडासैनी (नि.प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
विराटनगर आगमनलाई बधाई यात्रा सफलताको कामना। – विक्रम लुईटेल (सचिव), नेपाल पत्रकार महासंघ
पत्रकारिता विकासको योजना। – भानुभक्त ढुंगाना (प्रकाशक), सोमप्रसाद आचार्य (व्यवस्थापक) उदय नेपाल मासिक
We wish for success and bright future. – Bhuparaj Parajuli, TS Nepal Family Biratnagar
राष्ट्रको बेग्लै पहिचान होस्। – आस्मा चौधरी, डाँगीहाट ३
उठौं, जागौं र लक्ष्य प्राप्ति नभएसम्म प्रयत्न जारी राखौं। – शारदा घिमिरे, बबियाबिर्ता ३
सुन्दर, शान्त र विशाल देश नेपाल विश्वसामु परिचित होस्। – कालिदास भट्टराई (सचिव), मृगौलिया गा.वि.स

छैठौं जिल्ला सुनसरी डायरी

> **संक्षिप्त परिचय**
>
> क्षेत्रफल: १,२५७ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ४९ वटा, नगरपालिका संख्या: ३ वटा (ईटहरी, धरान, इनरुवा), निर्वाचन क्षेत्र: ५ वटा, सदरसुकाम: इनरुवा, अञ्चल: कोशी, विकास क्षेत्र: पूर्वाञ्चल
> भौगालिक अवस्थिति: पूर्व मोरंग, पशिचम सप्तरी र उदयपुर, उत्तर धनकुटा जिल्ला र दक्षिण भारतको विहार प्रदेश
> धार्मिक तथा पर्यटकीय स्थल: बराह क्षेत्र, विष्णुपादुका, दन्तकाली, पिण्डेश्वर, बुढासुब्बा मन्दिर, रामधुनी मन्दिर (सिंगिया), भेडेटार, कोशी टप्पु वन्यजन्तु आरक्ष, ठिंगे ढुंगा-ठिंगबारीआदि।
> श्रोत: सुनसरी जिल्लाको झलक २०६४

२०६५ पौष २: मोरङ्गको सदरमुकाम विराटनगरबाट हामी दुहवी सुनसरीका लागि गाडी चढ्यौं। दुहवी चोकमा गाडीबाट ओर्लियौं। चोकमा भेट्टिनु भएकी मिनु निरौलाले यात्राको विषयमा जिज्ञासा राख्नुभयो। हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी दिंदै आफ्नो पर्चा दियौं। उहाँले चियाको प्रबन्ध मिलाउनुभयो। उहाँको चिया स्वागत सँगै हाम्रो औपचारिक सुनसरी यात्रा सुरु भयो।

दुहबीबाट हिंड्दै राधाकृष्ण मन्दिर, सोनापुर, खनार जुटमिल उद्योग, खनार बाबा बिस्कुट फयाक्ट्री हुँदै हामी साँझ ढाका प्रसाद सापकोटाको घर सोनापुर आयौं। भोजपुर चम्पेमा जन्मनुभएका उहाँ खनार जुटमिलमा काम गर्नुहुँदो रहेछ। उहाँको घरमै आज हाम्रो बसोबास, खानपिन र कुराकानी जम्यो। उहाँले हामीलाई कसैबाट पनि दुश्मनी नकमाई सबैको सहयोगमा यात्रा सफल पार्न सुझाव दिनुभयो।

२०६५ पौष ३: सोनापुरबाट हिंड्दै हामी इटहरी आयौं। नमस्ते एफ.एम. इटहरीका सम्पादक यादव नेपालको पहल कदमी एफ.एम.कार्यालयको हलमै पत्रकार भेटघाट कार्यक्रम भयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारितका लागि विश्वभ्रम अभियानबारे हामीले आफ्ना धारणा राख्यौं। उपस्थित पत्रकार साथीहरुले हामीलाई सल्लाह, सुझाव र शुभकामना व्यक्त गर्नुभयो उहाँहरुको हामीलाई सुझाव थियो, तपाईहरु वास्तविक, व्यावसायिक र विशेष पत्रकार बन्नुपर्छ, कुनै व्यक्ति, दल, संगठन वा संस्थाक प्रवक्ता नबन्नु होला। हामीले भन्यौं, धन्यवाद यहाँहरुको सुझावका लागि। अब हामी तपाईंहरुले दिनुभएको सुझावलाई आत्मसा गर्दै साँच्चिकै स्वतन्त्र पत्रकारिताका लागि लड्नेछौं, यसका लागि नै हो हामीले सुरु गरेको यो विश्वमा प्रेस स्वतन्त्रत प्राथमिकतामा सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान।

हामी यही पत्रकार भेटघाट कार्यक्रममार्फत् यो अनुरोध गर्न चाहान्छौं कि, सबै पत्रकार र सञ्चारमाध्यम सञ्चालकहरू पत्रकारिताको मर्म, धर्म अनुसार चल्नुपर्छ। पत्रकारिता गर्ने मान्छे कसैको लबिंगमा चल्नु हुँदैन, कसैको पेवा बन्नु हुँदैन। किनकी पत्रकारहरुमाथि हातपात, आक्रमण, हत्या हुने विविध कारणमध्ये एउटा प्रमुख कारण स्वयं पत्रकार र सञ्चारमाध्यम कसैको मुखप वा प्रवक्ता बनेर एकपक्षीय विश्लेषण गरिदिनु पनि हो। फेरि, यही विश्लेषणलाई लिएर भौतिक आक्रमणमा उत्रिने आक्रमणकारीह पनि निराश र हतास मनस्थितिका उपज हुन्, कायर हुन्। किनकी विचारको संघर्ष विचारबाटै गर्नुपर्छ। यसो नगर्नु घाटा अरुला होईन स्वयं आक्रमणकारीलाई हुने हो भनेर बुझ्नु पनि आवश्यक छ।

नमस्ते एफ.एम.का स्टेशन म्यानेजर चेतन धमलाले हामीलाई एफ.एम.को तर्फबाट शुभकामना पत्र दिनुभयो। हामी त्यहाँबाट बिदा भएर निस्कियौं।

युनिटी इन्टरनेशनलका विषयमा केही कुरा बुझ्न युनिटीसम्बद्ध व्यक्तिहरुले अनुरोध गरेपछि हामी यसको क्षेत्रीय कार्याल गयौं। उनीहरुले भोको पेटमा भजन हुँदैन भन्दै देश बदल्न आर्थिक क्रान्तिको अगुवाई युनिटीले गर्ने दाबी गरे। हामीलाई भ नेपालमा खुलेका विभिन्न यी नेटवर्किंग र मार्केटिंग कम्पनीसँग अझै विश्वास लाग्दैन। त्यहाँबाट हामी ईटहरी नगरपालिक कार्यालय गयौं। कार्यालयमा लेखापाल लिलामान तामांगसँग परिचय भयो।

त्यसपछि हामी केहीबेर ईटहरी बजार घुम्यौं। ईटहरी पूर्व क्षेत्रको एक प्रमुख चोक हो। पूर्वपश्चिम (महेन्द्र) राजमार्ग पनि यहीं चोक भएर गएको छ। यहाँबाट पूर्व झापा, उत्तर धनकुटा, तेन्हथुम, भोजपुर, संखुवासभा, दक्षिण विराटनगर अनि पश्चि नारायणघाट लगायतका ठाउँ जाने गाडीको मूलसडक छ।

हामी इटहरीबाट साँझ हाँसपोसा २, तरहरा धनपुरीका नवराज बानियाँको घरमा आएर बस्यौं। उहाँको दुर्घटनामा प खुट्टा भाँचिएको रहेछ। हामीले उहाँसँग कुराकानी र खानपिन गऱ्यौं। अनि दिनभरको थकान मेट्न बिस्तारामा पल्टियौं।

२०६५ पौष ४ गतेः बिहान हामी धनपुरीबाट इटहरी २, शान्तिनगर पुग्दा भीमप्रसाद सापकोटा अन्तिम अवस्थामा हुनुहुंदो रहेछ। वाक्य बसे सास जान घिटिक्, घिटिक् गरिरहेको अवस्था। त्यहाँ भेला हुनुभएका आफन्तजन टीकाराम, यमुना, मञ्जु, ध्रुव नेपाल, शिव, शेषरा भट्टराई, यादव, योगेन्द्र र होमा सापकोटासँग हाम्रो केहीबेर कुराकानी भयो। बिहानको खाना त्यहीं खायौं। खाना खाएर हामी २ घर अगाडि के बढेका थियौं पत्रकार पवन विवश अधिकारीले आफ्नो घरमा हामीलाई बोलाउनुभयो। उहाँसँग केहीबेर कुराकानी भयो। त्यसपछि धरा गन्तव्य बनाएर हामी हिंड्यौं।

टेम्पोमा चढेर धरान नगरपालिका आयौं। धरान नेपालका ब्रिटिश लाहुरेहरु बस्ने महंगो शहर मानिन्छ। चूरे पहाडको फेदमा अवस्थित पर्यटकीय नगरी धरान हावापानीका हिसाबले स्वच्छ, सफा, आनन्ददायक शहर पनि हो। नेपाल पत्रकार महासंघ, सुनसरी सहसचिव आनन्द कोईरालाले कार्यालयमा पत्रकार भेटघाट कार्यक्रम व्यवस्थापन गर्नुभयो। भ्रमणको लक्ष्य, योजनाबारे प्रकार

पारिसकेपछि सहसचिव कोईरालाले महासंघको तर्फबाट शुभकामना पत्र दिनुभयो । पत्रकार सम्मेलनमा पत्रकार गोपाल दाहाल, रोहितकुमार राई, सीता मादेम्बा, उमेश लिम्बु, बाबुराम सुवेदी, सचिन नेपाल लगायतले अभियान सफलताको कामना गरे । कार्यक्रम समापन पश्चात् साँझ हामी धरान १६, कमलमार्गमा अवस्थित सुशीला र काशीराम खनालको घरमा आएर बस्यौं ।

२०६५ पौष ५: आज बिहान श्यामशिला थलाखाम भोजपुरबाट धरान १६, कमलमार्गमा आएर बसोबास गरिरहनु भएका रामप्रसाद र मीना भट्टराईको घरमा आयौं । नुहाईधुवाई र खानपिन गर्‍यौं । दिउँसो धरानका प्रमुख धार्मिक एवं पर्यटकीय स्थलहरु बुढासुब्बा, दन्तकाली, पिण्डेश्वर मन्दिर, भानुचोक घण्टाघर लगायतको भ्रमणमा निस्कियौं । धरान नगरपालिकाको कार्यालय पनि पुग्यौं । बुढासुब्बा मन्दिर परिसरमा बाँसका टुप्पा थिएनन् भने फेदमा वरिपरि तारबार गरिएको रहेछ । तारबार गर्नु पहिला आफ्नो प्रेम अमर राख्न भनेर बाँसमा नाम लेख्नेहरुले अहिले सोही फलामे तारको बारमा डोरो बाँध्न थालेका रहेछन् । रंगीचंगी डोराको संख्या त कति कति । तर प्रेमी प्रेमिकाको प्रेमचाहिं कत्तिको अमर भएको छ ? थाहा छैन हामीलाई । आज हामीले घुमेका ठाउँहरु ऐतिहासिक, धार्मिक एवं पर्यटकीय स्थलहरु हुन्, धरानका । जसमार्फत् धरानले चिनिने मौका पाएको छ ।

बुढासुब्बा मन्दिर परिसरमा प्रेम अमर राख्न भन्दै बाँधिएका डोराहरु

साँझ हामी धरानमै बास बसेको एक घरमा ससुरा पनि ज्वाईछोरी सँगै बस्नु हुँदोरहेछ । घरायसी मनमुटाव हुँदा ज्वाई सुसराको रातीसम्म झन्झटाझन्झटी नै चल्यो । यसको प्रमुख कारण रहेछ, ३ भाई छोरा नै मानसिक रुपमा विक्षिप्त भएर लाखापाखा लाग्नु र ससुरा ज्वाईंसँगै बस्नुपर्ने बाध्यात्मक अवस्था आउनु । यसको नकारात्मक असर सम्पूर्ण परिवारजनलाई नै परेछ । कस्तो बिडम्बनापूर्ण जिन्दगी ? दुई दिन बाँच्ने जिन्दगीमा आफ्नै ज्वाईं ससुराबीच किन यस्तो झगडा भएको होला ? आफन्त को ? पराई को ? मान्छेको व्यवहार.....अचम्म छ दुनियाँ !

२०६५ पौष ६ र ७: बिहान वरगाछीमा दुर्गा र राजेन्द्र कटुवाल, रुद्रप्रसाद र मीना भट्टराईसँग केहीबेर कुराकानी भयो । त्यहाँबाट हिजो बिहान खानपिन र नुहाईधुवाई गरेकै घर कमलमार्ग आयौं । खाना खायौं । अनि घोपा क्याम्प, विष्णुपादुका हुँदै बराह क्षेत्र आइपुग्ने योजना बनाएर हिंड्यौं ।

वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान परिसर केहीबेर घुम्यौं । त्यहाँबाट खोलाको किनारै किनार हिंडेर विष्णुपादुका पुग्यौं । विष्णुपादुकामा पौषे औंशीका दिन श्राद्ध गर्नेहरुको ठूलो भीड लाग्ने गर्दछ । त्यहाँ मन्दिर र विभिन्न मूर्तिका साथै दुईवटा पैतालाका आकृति छन्, जसलाई विष्णुका पाइला भनेर पुजिन्छ ।

विष्णुपादुकाबाट हामीले कोकाहा खोलाको किनारलाई समायौं । ठाउँ ठाउँमा जाँघर तर्नुपर्ने चिप्ला ढुंगा, अप्ठ्यारो बाटो थियो । पुसका दिन ५ बजे नै रात पर्छ । हामी अँध्यारोमा छामछाम छुमछुम गर्दै ७ बजे बराहक्षेत्र आइपुग्यौं । पूजारी भोला आचार्यको डेरामा बस्यौं । आफूले खाना खाइसकेको भएपनि उहाँहरुले हामीलाई पुनः पकाएर खुवाउनुभयो । धन्यवाद उहाँहरुको सहयोगका लागि ।

भोलिपल्ट ७ गते बिहान उठेर हामी बराह क्षेत्र परिसर घुम्न थाल्यौं । सानैदेखि अरुले कुरा गरेको सुनेको बराहक्षेत्र, कस्तो होला भन्ने कौतुहलता हामीमा खुब थियो । कोकाहा खोला र कोशी नदीको दोभान किनारमा अवस्थित रहेछ, बराह क्षेत्र । निकै रमाईलो, ज्ञानबर्द्धक, ऐतिहासिक एवं नेपालका चारधाम (मुक्ति, बराह, रुरुरेसुंगा र पशुपति क्षेत्र) मध्ये एउटा प्रमुख धाम हो यो क्षेत्र । यहाँ माघे संक्रान्तिमा भव्य मकर मेला लाग्ने गर्दछ । मन्दिर परिसरमा बालुवा माथि राखिएको एउटा ढुंगो उठाउन पनि बडो मज्जा आयो । तर सकिएन उठाउन हा...हा...हा...। सुनेअनुसार ४ जना मान्छेको कान्छी औंलाले यो ढुंगो उठाउन सके पुण्य प्राप्त हुन्छ भन्ने जनविश्वास छ ।

प्रेस स्वतन्त्रताका लागि पत्रकारहरुको धर्ना

हामीले त्यहाँ भूबराह अन्नक्षेत्रकी पद्मावती माता, भक्तजन र भारतका विभिन्न ठाउँबाट आएका साधुसन्तसँग पनि कुराकानी गर्‍यौं । यस अन्नक्षेत्रमा ईच्छुक जो कोही व्यक्तिले ३ दिनसम्म निःशुल्क खान बस्न पाउने रहेछन् । अझ भारतीय सन्तहरुलाई त त्योभन्दा बढी पनि बस्न पाउने व्यवस्था रहेछ । जे होस्, अन्न

दाताहरुको यो काम निकै राम्रो मान्न सकिन्छ, तर पारदर्शिता भने आवश्यक हुन्छ नै। अनि मात्र भक्तजनहरुलाई आफ्नो गच्छेअनुसार दान दिन स्वतःस्फुर्त हौसला र प्रेरणा मिल्नेछ ।

पावनभूमि बराह क्षेत्रलाई छाडेर हिंड्दै हामी चतरातर्फ अगाडि बढ्यौं । जसलाई प्राचीन हरिद्वार पनि भनिंदो रहेछ । हो, यही हरिद्वारसम्म हाम्रो पैदल यात्रा भयो । चतरासा हाम्रा बाबु बाजे पहिले नूनतेल लिन आउने गर्दथे । बीचमा पर्ने अक्करको भीर अनि खोला, पाखा, पखेरामा हिंड्दा, बस्दाका रोचक अनुभव पनि उहाँहरुले हामीलाई सुनाउने गर्नुहुन्छ । त्यहाँबाट हामी झुम्काका लागि गाडी चढ्यौं । झुम्का झरेर केहीबेर साइबरमा पस्यौं । पत्रिकाका लागि लेखिएको डायरी पठाउन भने इन्टरनेटमा आएको समस्याका कारण सकिएन ।

बराह क्षेत्र मन्दिर परिसरमा राखिएको ढुंगा

झुम्काबाट इनरुवा २, लोकतान्त्रिक टोल रम्बा काफ्ले दिदीको घरमा हामी आयौं । झमक्कै साँझ परिसकेको थियो । फोन नम्बर नभएकाले धेरै ठाउँमा सोधपुछ गरेर हामी यहाँ आइपुगे हौं । यस घरपरिवारका सदस्यहरु शिव, उर्मिला र गणेश काफ्लेसँग कुराकानी गर्दै खाना खाइयो । अनि सुतियो ।

२०६५ पौष ८: बिहान झुम्का पुगेर इमेल गरियो । त्यहाँबाट इनरुवामै फर्किएर खाना खाइयो । दिउँसो सुनसरी सदरमुकामक सरकारी कार्यालय भ्रमणमा गइयो । जिल्ला प्रशासन कार्यालयमा सहायक प्रजिअ फणीन्द्रमणी पोखरेलले भ्रमण सफलताको कामन गर्दै शुभकामना पत्र प्रदान गर्नुभयो । जिल्ला प्रशासन कार्यालयमा सुनसरीका पत्रकारहरुले धर्ना दिए । धर्ना दिनुको कारणचा एनेकपा माओवादीसम्बद्ध मजदुरद्वारा हिमाल मिडियामाथि गरिएको आक्रमणको विरोधमा रहेछ । सहभागी पत्रकारहरुले सहाय प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र बुझाए ।

जिल्ला प्रशासन कार्यालयबाट सुनसरी जि.वि.स., इनरुवा नगरपालिका तथा विभिन्न राजनीतिक दलका कार्यालयमा पुगे हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारितका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । त्यसपछि पपुल एफ.एम. कार्यालय गयौं । त्यहाँ जनलक्ष्य दैनिकका सुविद गुरागाईं, मधेश मिडिया मिशनका अध्यक्ष इकवाल अहमद, पत्रकार चेत धमला लगायतको पनि उपस्थिति थियो । रेडियोका स्टेश म्यानेजर प्रकाश मेहेत्ताले विश्वभ्रमण सफलताका लागि रेडियो तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो ।



कोशी विस्थापितका अस्थायी टहराहरु

साँझ हामी रम्बा दिदीकै घर आयौं । छिमेकी भट्टराई घरमा बार्‍हौं दिनको पुण्य तिथि रहेछ । हाम्रो खानपिन त्या भयो । त्यहाँ भेट हुनुभएका नेत्र भट्टराईले सप्तरीदेखि पर्सासम्म मधेश यात्रामा राम्रोसँग सजगता अपनाउन सल्लाह दिनुभयो

२०६५ पौष ९: बिहानै इनरुवाबाट लौकही, कोशी कटान क्षेत्र हामी ५६ ढोका भएको कोशी ब्यारेज आइपुग्यौं । गत भदौ सप्तकोशी नदीको बाँध फुटेर हजारौलाई विस्थापित बनाए दुःखद दृश्य पनि देख्नु पर्‍यो यहाँ । यहाँका घरजग्गा जमीन अहि बालुवाको बगरमा परिणत भएका छन् । पीडितहरु अस्थायी टह बनाएर यत्रतत्र छरिएर बसेका छन् । यहींबाट हामीले सुनस यात्रा अन्त्य गरेर सप्तरीका लागि अगा बढ्यौं ।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

हार्दिक शुभकामना । - फणिन्द्रमणि पोखरेल (स.प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

Have a nice journey.

– Chetan Dhamala (Station Manager), Namaste F.M. Itahari

हार्दिक स्वागत अभिवादन र सफलताको शुभकामना ।

- आनन्द कोईराला (सहसचिव) नेपाल पत्रकार महासंघ

पाईलाहरु लक्ष्यमा पुग्नुअघि नथाकुन् । - प्रकाश मेहता (स्टेशन मैनेजर) पपुलर एफ.एम. इनरुवा

पत्रकारिता विकासका लागि मिसन पूरा होस् । - इकवाल अहमद (अध्यक्ष), मधेश मिडिया मिसन

नेपाललाई चिनाउने भ्रमण सफल होस् । - रामप्रसाद, मीना, नमिता र ईशा भट्टराई, धरान

सुनसरी यात्राका क्रममा प्राप्त नगद सहयोग

रामप्रसाद र मीना भट्टराई (धरान)	रु. ५,०००
नवराज वानियाँ (हासपोसा)	रु. १०००
युनिटी लाइफ (ईटहरी)	रु. १०००
इटहरी नगरपालिका	रु. ३००
पपुलर एफ.एम. (इनरुवा)	रु. २०१
ढाकाप्रसाद सापकोटा (सोनापुर ३)	रु. १०१
फणीन्द्रमणि पोखरेल (जि.प्र.का.)	रु. १००

सातौं जिल्ला सप्तरी डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,३६३ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ११४ वटा, नगर पालिका संख्याः १, निर्वाचन क्षेत्रः ६ वटा, सदरमुकामः राजविराज, अञ्चलः सगरमाथा, विकास क्षेत्रः पूर्वाञ्चल

भौगालिक अवस्थितिः पूर्व सुनसरी, पश्चिम सिराहा, उत्तर उदयपुर जल्ला र दक्षिण भारत ।

भाषाः मैथिली, थारु, नेपाली, उर्दु, मगरआदि ।

धार्मिक तथा पर्यटकीय स्थलः प्रसिद्ध छिन्नमस्ता भगवती र कंकालिनी माई मन्दिर, फत्तेपुर मत्स्य विकास केन्द्र आदि ।

२०६५ पौष ९ गतेः सुनसरी भण्टाबारीबाट सप्तकोशी ब्यारेजको पुल तरेर हामीले सप्तरी जिल्लाको भूभाग टेक्यौं । कोशी टप्पु वन्यजन्तु आरक्षको बोर्ड, सिमसार क्षेत्रमा चर्दै र उड्दै गरेका चराचुरुंगी अनि स्थानीयवासीले भैंसीगाई घरतर्फ फर्काउँदै गरेको दृश्यले हाम्रो ध्यान खिच्यो । केही गोठाला भैंसीको पिठ्युँ चढेर फर्किरहेका थिए । हिंड्दै हामी भारदह हनुमाननगर आयौं ।

भारदहबाट टेम्पो चढेर सदरमुकाम राजविराज आइपुगियो। नेपाल पत्रकार महासंघ सप्तरी अध्यक्ष व्यासशंकर उपाध्यायलाई फोन गरियो । सिंह लजमा बस्ने हाम्रो निधो भयो । जुन ठाउँ नेता चोक अर्थात् शहीद चौकको नजिक छ । आज सदरमुकाम आइपुग्ने बाहेक अरु केही काम भ्याइएन । खाइयो, सुतियो बस् यति हो ।

२०६५ पौष १०ः बिहान हामीले विश्वभ्रमण व्यागका अक्षरलाई परिमार्जित गऱ्यौं । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण भनी ठूला अक्षरमा लेखायौं । यहाँसम्म यात्रा गर्दा हामीलाई के पनि अनुभूति भयो भन्दा मनोक्रान्तिको लोगो ड्याम्मै झोलामा टाँसेर हिंड्नु हाम्रो ठूलो कमजोरी भएछ । त्यसैले सबै मानवजातिको मुक्ति र कल्याणका लागि भनेर हिंडेका हामीलाई कुनै एउटा व्यक्ति र अभियानलाई मात्र बढीभन्दा बढी प्रचार गर्न ठीक लागेन । यसो हुँदा अन्य संघ,संस्था वा व्यक्ति सहयोग र सद्भावका लागि पूरै हच्किंदा पनि रहेछन् । फेरि मनोक्रान्ति हाम्रो प्रेरणाका धेरै श्रोतहरुमध्ये एउटा श्रोत भएपनि यात्राको प्रायोजक भने होइन । यस यात्राका प्रायोजक त स्वतःस्फूर्त ईच्छुक नेपाली जनता नै हुन् ।

खाना खाइसकेपछि नेपाल पत्रकार महासंघको कार्यालयमा स्वयं महासंघ सप्तरीले विश्वभ्रमण अभियानलाई आयोजना गरेको पत्रकार सम्मेलनमा सहभागी भयौं । दिनभरी जसो पत्रकार महासंघ अध्यक्ष व्यासशंकर उपाध्याय, सचिव धिरेन्द्र प्रसाद शाह, मेची महाकाली मिडिया सोसाइटीका केन्द्रिय उपाध्यक्ष वैद्यनाथ झा, पत्रकारहरु राजु विश्वकर्मा, रामनारायण विश्वास, उपेन्द्र नारायण मेहत्ता, शुभचन्द्र झा, राजेश झा र जनमोर्चा नेपाल सप्तरीका रामनारायण शाह लगायतसँग भेटघाट र कुराकानीमा व्यस्त रह्यौं । उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । महासंघ सचिवले संस्थाको तर्फबाट शुभकामना पत्र दिनुभयो ।

२०६५ पौष ११ गतेः आज बिहान हामी सप्तरी सदरमुकाम राजविराजबाट बसमार्फत् फत्तेपुर बजार प्रस्थान गऱ्यौं । फत्तेपुर बजार पुगेपछि चिन्तामणि ढकाल र बस कण्डक्टर सितेश्वर सिंह लगायतसँग परिचय भयो । नेपालकै पहिलो नहर चन्द्रनहर (वि.सं. १८८५) र फत्तेपुर बजार पनि त्यहीं रहेछ । हामीले यी दुवै ठाउँ मज्जाले घुम्यौं । घुम्दै गर्दा प्रहरी चौकी कार्यालय छेउ पुगिएछ । त्यहाँ एकजनाले हाम्रो नाम लिएर बोलाएको सुनियो । भरे उहाँ त वास्तिम भोजपुरकाका टीकाराम घिमिरे पो हुनुहुँदो रहेछ । उहाँको कार्य क्षेत्र पनि उही प्रहरी कार्यालय ।

नेपालकै पहिलो नहर चन्द्रनहर, फत्तेपुर

हामीलाई प्रहरी जवान घिमिरेले नै बेलुकाको लागि खानपिन र बसोबासको प्रबन्ध गर्नुभयो । यहाँका इन्चार्ज प्रहरी सहायक निरीक्षक लेखनाथ खनाल हुनुहुँदो रहेछ । प्रहरी कार्यालय परिवारसँग हाम्रो कुराकानी पनि भयो ।

२०६५ पौष १२ः बिहानीको सुरुवात् हामीले फत्तेपुर ३ मा रहेको भट्टराई कुलपूजा स्थल भ्रमणबाट गऱ्यौं । केही भट्टराई बन्धुसँग परिचय पनि भयो । त्यहाँबाट आएर हामी चौकी द्वारा आयोजित शान्ति सुरक्षा विषयक् कार्यक्रममा सहभागी भयौं । उक्त कार्यक्रममा

स्थानीय बुद्धिजिवी, राजनीतिक दल, सुरक्षा निकायका प्रतिनिधिहरु उपस्थित थिए । उनीहरुलाई हामीले विश्वभ्रमण अभियानबारे जानकारी गरायौं ।

कार्यक्रम पछि खाना खाएर हामी ॐ साई माता मनकामना केन्द्र फत्तेपुर लाग्यौं । केन्द्रमा डा. वीरेन्द्र प्रसाद यादवसँग भेट भयो । उहाँले प्राकृतिक चिकित्साप्रति दिनप्रतिदिन जनचासो बढ्दै गएको बताउनुभयो । साथै प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणप्रति पनि शुभकामना व्यक्त गर्नुभयो । यो भेटपछि हामी नेपालकै दोश्रो ठूलो भनिएको मत्स्य विकास केन्द्र गयौं । यो केन्द्र पनि फत्तेपुरमै रहेको छ । त्यहाँबाट हामी कञ्चनपुर गा.वि.स. पुग्यौं ।

कञ्चनपुरमा सप्तरी इन्सेक प्रतिनिधि प्रकाशकुमार खतिवडा, पत्रकार भोला पासवान, एकीकृत माओवादीका भगतकुमा चौधरी, व्यवसायी युगोलकिशोर सिंह, शिक्षक एवं स्थानीयवासीसँग हाम्रो कुराकानी भयो । बेलुकाको बास र खानपिन धर्मपुर १ म अवस्थित इन्सेक प्रतिनिधि खतिवडाको घरमै भयो । यहाँ उहाँकी श्रीमती उषा एवं छोरीहरुसँग भ्रमणका विषयमा कुराकानी भए उहाँका ३ छोरीहरु तर्क एवं व्यवहार कुशलतामा निकै चलाख लाग्यो हामीलाई ।

२०६५ पौष १३: बिहान हामी उषा खतिवडासँगै सर्वोदय उ.मा.वि. कञ्चनपुर परिसर गयौं । उक्त विद्यालयमा विद्यालय व्यवस्थाप समितिको चुनाव रहेछ । आजकाल विद्यालय व्यवस्थापन समितिको चुनाव पनि संसदकै जस्तो हुन थालेछ । पक्ष र विपक्षमा चलि हेको थियो लबिंग । त्यहाँ हामीले विद्यालयका प्र.अ. विद्यार्थी, अभिभावक, स्थानीय बासिन्दासँग कुराकानी गर्न पायौं । अशोक कुमा शाह, किरण चौधरी लगायतले मुलुकमा यादववाद बढी हावी हुँदै गइरहेको आरोप लगाए । हामी त्यहाँबाट अगाडि बढ्यौं ।

कञ्चनपुरबाट रुपनीसम्म आउन हामीलाई ट्राफिकले सहयोग गऱ्यो । बसबाट हामी रुपनीमा ओर्लियौं । रुपनीबाट हिंड हामी साँझ सदरमुकाम राजविराज आइपुग्यौं । रुपनीबाट राजविराज १० कि.मी. को दूरीमा रहेछ । राजविराज आएपछि बल बल्लको फुर्सदमा केश छाट्यौं ।

साँझ साँझमा जिल्ला अदालत परिसरमा भेट हुनुभएका कर्मचारी कृष्ण बहादुर बस्नेतको अनुरोधमा हामी उहाँको कोठ गयौं । उहाँ भोजपुर जरायोटारको हुनहुँदो रहेछ । हामी उहाँको कोठामा खाना खाएर सुत्नका लागि नगरपालिकाको अतिथि ग आयौं । उहाँसँग भएको पहिलो भेट हाम्रा लागि स्मरणीय रह्यो ।

२०६५ पौष १४: बिहानभर पनि बस्नेत दाईसँगै कुराकानी भयो । राष्ट्रसेवक कर्मचारी त्यसमा पनि तल्लो तहको व्यक्तिलाई कति पीड र तनाव हुँदा रहेछन् कार्यालयमा काम गर्दा भन्ने कुरा उहाँबाट हामीले बुझ्न पायौं । यही बुझाईको रफ्तारमा बिहानको खाना खा बेला पनि भैसकेछ । हामी सबैजना सामेल भयौं, खाना खानमा ।

खाना खाएर हामी पत्रकार महासंघ अध्यक्ष व्यासशंकर उपाध्याय र केन्द्रिय पार्षद अर्जुन शाहका साथ राजविरा नगरपालिका कार्यालय गयौं । कार्यालयबाट सदरमुकाम बसुन्जेल बस्ने व्यवस्था अतिथि गृहमा मिलाइयो । हामी नगरपालिकाा केही जानकारी लिएर जिल्ला प्रशासन कार्यालय पुग्यौं ।

प्रमुख जिल्ला अधिकारी रामविलास रायसँग हाम्रो भेटवार्ता भयो । उहाँले आफ्नो कार्यालयमा कामको अत्यधिक च भएको तर मधेशमा डर त्रासका कारण नयाँ कर्मचारी आउन नमानेको गुनासो गर्नुभयो । यस्तै धारणा हामीले नगरपालि कार्यालयबाट पनि पाएका थियौं । प्र.जि.अ.ले हामीलाई भ्रमण सफलताको कामना गर्दै शुभकामना पत्र प्रदान गर्नुभयो ।

हामीलाई अन्य कार्यालय भ्रमणमा सहयोग पुऱ्याउन आउनुभयो, उपेन्द्रनारायण महतो । उहाँले हामीलाई सुरुमा जिल प्रहरी कार्यालयका एस.पी. भुपालकुमार भण्डारीसँग भेट गराउनुभयो । एस.पी. भण्डारीले त्रसित मानसिकताका कारण सप्तरीवासी आफ्नो काम ढुक्कसँग गर्न नसकेको बताउनुभयो । भ्रमण सफलताका लागि उहाँले शुभेच्छा व्यक्त गर्नुभयो ।

त्यसपछि हामी जिल्ला जनस्वास्थ्य कार्यालय र सशस्त्र प्रहरी सीमा सुरक्षा बल कार्यालय परिसर पुग्यौं । सशस्त्रका डी.एस.पी. विदुर खड्का चाहिं एस.पी. हुनहुन्न भन्दै पछि हट्नु भयो । कुरा पनि सामान्यभन्दा अरु केही भएन । बेलुकीको खाना बाहिर होटलमा खाएर सुत्न नगरपालिकाको लज आइयो ।

२०६५ पौष १५: बिहान हामीलाई कृष्ण ब. बस्नेत दाईले नै पुनरावेदन अदालत सप्तरीका कर्मचारी थिर बहादुर कार्कीसँग परिचय गराउनुभयो । उहाँको घर भोजपुरको प्याउली रहेछ । तपाईंहरुलाई मैले एक छाक खाना त खुवाउनै पर्छ भन्दै उहाँले परिवारका सदस्यलाई खाना बनाउन लगाई हाल्नुभयो । हामीले बिहानको खाना यही पारिवारिक वातावरणमा खायौं ।

खाना खाएर हामी लाग्यौं, मधेशी जनअधिकार फोरम, एनेकपा (माओवादी) र नेपाली कांग्रेस कार्यालय भ्रमणमा । सबै कार्यालयमा विश्वभ्रमण अभियानबारे कामचलाउ कुरा भए । तर, पनि नेपाल पत्रकार महासंघ केन्द्रिय अध्यक्ष धर्मेन्द्र झा, उपाध्यक्ष गोविन्द आचार्य तथा प्रेस काउन्सिल नेपालका नवनियुक्त अध्यक्ष नारायणप्रसाद शर्माको टेलिफोन हौसलाले हामीलाई अगाडि बढ्न थप प्रेरणा जगायो ।

२०६५ पौष १६: बिहान हामीलाई कृष्णबहादुर बस्नेत, उहाँकी श्रीमती सञ्चिता, छोरीहरु कृति र कृपाले विश्वभ्रमण सफलताको कामना गर्दै डायरी र डटपेन उपहारस्वरुप प्रदान गर्नुभयो । अर्को संयोग के पनि परेछ भने नवराजको जन्मदिन । उहाँहरुको आत्मियता र शुभेच्छालाई आभार प्रकट गर्दै हामी सगरमाथा आवाज साप्ताहिक कार्यालय गयौं । त्यहाँ इन्सेकका महासचिव कुन्दन अर्याल र प्रेस चौतारी सप्तरी अध्यक्ष एवं साप्ताहिकका प्रकाशक सुरेशप्रसाद आचार्यसँग परिचय भयो । महासचिव अर्यालले भ्रमण सफलताको कामना गर्दै हाम्रो डायरीमा लेख्नुभयो, नेपालको राष्टिय एकता मजबुत बनाउन तपाईंहरुको स्वदेश भ्रमण सफल बनोस् । अन्तराष्ट्रिय जगत्‌मा नेपालको पहिचान स्थापित गर्न तपाईंहरुको विश्वभ्रमणले योगदान पुऱ्याउने कुरामा म विश्वस्त छु । यसैगरी अध्यक्ष आचार्यले पनि संस्थाको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो । बिहानी खानाको व्यवस्थापन पनि उहाँले नै मिलाउनु भयो ।

त्यहाँबाट हामी अध्यक्ष आचार्य र इन्सेक प्रतिनिधि प्रकाशकुमार खतिवडाको साथमा ने.क.पा. एमाले अञ्चल समन्वय समिति र जि.वि.स कार्यालय गयौं । उहाँहरुले हामीलाई अञ्चल समन्वय सचिव सुमनराज प्याकुरेल, कार्यालय सचिव दिवाकर देवकोटा, स्थानीय विकास अधिकारी विश्वराज डोटेलसँग परिचय गराउनुभयो । सचिव देवकोटाले कार्यालयको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो । एल.डी.ओ. डोटेलले के अब मरेका मान्छे पनि बाँचेका छन् भनेर लेख्नु ? भन्नु ? भन्दै शुभकामना व्यक्त गर्नुभयो । वास्तवमा हामीले लगाएको सकारात्मक पत्रकारिताको अर्थ त जनतालाई आशा र भरोसा जगाउने अनि गाउँघर कुना कन्दरामा भइरहेका विकास निर्माणका विविध गतिविधिलाई मिडियामा प्राथमिकताका साथ उठाउनुपर्छ भन्ने हो । खाली नेताका गाली गलौज र सस्ता मनोरञ्जनले प्राथमिकता पाउने गरेको वर्तमान अवस्थालाई मिडियाले सुधार गर्नुपर्छ, नत्र मानव समाज विनाशको भयंकर भड्खालोमा जाकिनेछ भनेर सचेत गराउनु हो । यसप्रकार हामीले सातौं जिल्ला सप्तरी भ्रमण सिध्याएर आठौं जिल्ला सिराहा भ्रमणका लागि प्रस्थान गऱ्यौं ।

सप्तरी यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. १००० /-
ॐ साई मनकामना आरोग्य केन्द्र (फत्तेपुर)	रु. ५०० /-
जिल्ला प्रहरी कार्यालय	रु. ५०० /-
जिल्ला जनस्वास्थ्य	रु. ५०० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

हार्दिक शुभकामना । - रमाविलास राय (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
नेपालीलाई चिनाउने गहन काम पूरा होस् । - कृष्ण बहादुर बस्नेत, श्रीमती संचिता एवं छोरीहरु कृति र कृपा जरायोटार, २ भोजपुर एवं थिर बहादुर कार्की परिवार, प्याउली, भोजपुर
हार्दिक बधाई र सफलताको कामना । - धीरेन्द्रप्रसाद शाह (सचिव), नेपाल पत्रकार महासंघ
साहसिक कार्यलाई हार्दिक शुभकामना । - सुरशेप्रसाद आचार्य (अध्यक्ष), प्रेस चौतारी
प्रेस स्वतन्त्रताका लागि प्रतिवद्धता । - दीवाकर देवकोटा (कार्यालय सचिव) नेकपा एमाले, सगरमाथा अञ्चल समन्वय कमिटी
विश्वमा नेपालको पहिचान अझ स्थापित गर्न योगदान पुग्नेछ । - कुन्दन अर्याल स्वतन्त्र पत्रकार

आठौं जिल्ला सिरहा डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,१८८ वर्ग किलोमिटर, गा.वि.स. संख्याः १०६ बढ
नगरपालिकाः २, निर्वाचन क्षेत्रः ६, सदरमुकामः सिराहा बजार,
अञ्चलः सगरमाथा, विकास क्षेत्रः पूर्वाञ्चल
भौगालिक अवस्थितिः पूर्व सप्तरी, पश्चिम धनुषा, उत्तर उदयपुर
दक्षिण भारत ।
भाषाः मैथिली, नेपाली, थारु, उर्दु, तामांगआदि ।

२०६५ पौष १६ः अपरान्ह ३ बजे हामी राजविराजबाट गाडीमा सिरहा जिल्ला प्रस्थान गऱ्यौं । लहान बजारबाट हाम्रो आठौं जिल्ला सिरहाको औपचारिक यात्रा प्रारम्भ भयो । लहानमै नेपाल पत्रकार महासंघ जिल्ला शाखा अध्यक्ष दिनेश्वर गुप्तालाई हामीले भेट्यौं । उहाँले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान बारे थप केही जानकारी हासिल गरेर हामीलाई लजको व्यवस्था गरिदिनुभयो ।

यसअघि हामीले लहान चोकमा महासंघ सचिव दिनेश देव, इन्सेक जिल्ला प्रतिनिधि देवराज पोखरेल र अन्य पत्रकारहरुसँग पनि भेटघाट गर्न र अभियानबारे जानकारी गराउन पाएका थियौं । खाना बाहिर होटलमा खाएर हामी सुत्यौं ।

२०६५ पौष १७ः आज बिहान हामी समाद एफ.एम. लहानको अनुरोधमा सोही एफ.एम. कार्यालय गयौं । एफ.एम. कर्मी राधेश्याम हामीसँग आधा घण्टा अर्न्तवार्ता रेकर्ड गर्नुभयो । यही रेडियोका सब स्टेशन म्यानेजर शान्ता चौधरीसँग पनि केहीबेर संवाद त्यसपछि हामी खाना खान लहान बजार नै आयौं । खाना खाइसेकपछि दिनभर डायरी टाइप गर्ने काम भयो । बेलुका नेपाल टेलिक भोला गिरीले बासको व्यवस्था गर्नुभयो । जससँग हाम्रो सप्तरी जिल्लाको कञ्चनपुर गा.वि.स.मा परिचय भएको थियो । यस्तै बित्यो आजको दिन पनि ।

२०६५ पौष १८ः बिहान लहान चोकको एउटा चिया पसलमा पत्रकार भेटघाट कार्यक्रम भयो । कार्यक्रममा नेपाल पत्रकार मह सिराहाका सहसचिव दिलीप सिंह, नेकपा एमालेका कार्यकर्ता सत्यनारायण यादव, पत्रकार मिथिलेश यादव, राजस्व अनुसन्धा अधिकृतहरु, जिल्लाका केही पत्रकारहरु लगायतको उपस्थिति रह्यो । एमालेका कार्यकर्ता यादवले २०५ राष्ट्रै घुमेपनि स्वतन्त्रता र सकारात्मक पत्रकारिता नहुने दाबी गर्नुभयो । यादवका अनुसार एक अर्काको स्वतन्त्रता हनन् गर्न सबै स्वतन्त्र भए अब थप केही आशा गर्न सकिंदैन । उहाँमा आफ्नै दलदेखि लिएर अन्य व्यक्ति निकायसँग पनि खुब आक्रोश झल्किन्थ्यो । यति पनि भन्न भ्याउनुभयो कि उहाँले, ठूला भनिने दलका नेताहरुले नै तराईमा भूमिगत संघ संगठन चलाइरहेका छन्, जनतालाई दिने सशस्त्र गतिविधि हाँकिरहेका छन् ।

उपस्थित पत्रकारहरुले भने, नेपालका नेतृत्वदायी सञ्चारमाध्यमहरुले नै विभिन्न ठाउँ र गाउँमा भइरहेका सकारा अभियान र विकासका सामाग्रीभन्दा पनि हत्या, हिंसा, अपहरण, ठूला नेताले गरेका भाषण, गाली गलौजकै समाचारमा बढी केन्द्रित गर्छन्, त्यसैलाई ब्रेकिंग न्यूज बनाउँछन्, फोन, इमेल गरी गरी सोध्छन् । तर, सकारात्मक सामाग्री पठाउँदा त्यस्तो सा तपाईले पठाउनु भएकै छैन भनेर वास्तै नगर्ने परिपाटी छ । यो परिपाटी अन्त्य नभएसम्म सकारात्मक पत्रकारिताको विकास नेपा हुनै सक्दैन । फेरि, अहिले त धेरै तस्कर पत्रकार र धेरै पत्रकार तस्कर भएकाले आफूलाई पत्रकार भनेर चिनाउनु लाजमर्दो हुँदै ग पनि ठान्छन् उनीहरु ।

आज बिहानको खाना भोला गिरीले टेलिकम कार्यालयमा नै ख्वाउनुभयो । खाना खाए लगत्तै हामी लहान नगरपा कार्यालयमा कार्यकारी अधिकृत शत्रुघन चौधरीसँग भेट गर्न पुग्यौं । उहाँले विश्वभ्रमणको माध्यमबाट सञ्चारमाध्यममा परि आउनु पर्ने बताउनुभयो । र, भ्रमण सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो । नगरपालिकाको काम सकेर हामी सगर चौधरी आँखा अस्पताल परिसर भ्रमण गर्न गयौं । जानकारीअनुसार यो अस्पताल मोतियाविन्दु शल्यक्रिया सफलतापूर्वक गर्ने वि दोश्रो ठूलो अस्पताल हो । हामीले यही अस्पताल भ्रमण गरेर पुनः लहान टेलिकमकै गेस्ट हाउसमै बास बस्न आयौं । खाना त ख खाइहालियो । कुनै चिन्ता भएन ।

२०६५ पौष १९: आज हामी लहान बजारबाट सदरमुकाम सिरहा बजार जाने क्रममा छौं। यही योजना मुताविक हामीले छोड्यौं लहानलाई। बजारलाई छिचोल्दै अगाडि बढ्दा ६-७ जना विद्यार्थीसँग हाम्रो परिचय भयो। ती विद्यार्थी साथीहरु पनि सिरहाको चर्चित शलहेस फूलबारीतर्फ जाने गरी हिंडेका रहेछन्। हामी पनि त्यही फूलबारी जाने योजनाका साथ हिंडिरहेका थियौं। उनीहरुले उक्त फूलबारी लगायत सिरहाको वस्तुस्थिति अनि आफ्नो पठनपाठनका विषयमा पनि हामीलाई केही अनुभव सुनाए।

प्रत्येक नववर्ष वैशाख १ गतेका दिन २४ घण्टा मात्रै यस रुखमा फूल फुल्छ भन्छन् स्थानीय वासिन्दा।

यी विद्यार्थीहरुले प्रत्येक नववर्ष वैशाख १ गतेका दिन यहाको एउटा रुखमा फूल फूल्ने, २४ घण्टासम्म रहने त्यसपछि नरहने गरेको बताए। हामी सबैजना रोमाञ्चित हुँदै एकसाथ सलहेस फूलबारी घुम्यौं। वनभोज स्थलसमेत रहेको उक्त फूलबारी पासवान्हरुका कुलदेवता सलहेस भगवान् मार्फत् चर्चित रहेछ। आज हामी त्यहाँ पुगेका दिन पनि पिक्निक्मा झुमिरहेका थिए केही युवा युवतीहरु। यो धार्मिक पर्यटकीय स्थल सलहेस फूलबारीको आनन्दानुभूति सम्हाल्दै हामी गोलबजारतर्फ अगाडि बढ्यौं।

हामीलाई ती विद्यार्थीहरुले गाडी रोकेर बिदाईको हात हल्लाए। हामीले पनि गाडी चढ्दै बिदाईको हात हल्लायौं। उनीहरुले बसका कर्मचारीलाई उहाँहरु जस्तो यात्रीलाई निःशुल्क लगिदिनु, यदि भाडा मागेको खण्डमा फेरि पनि हिंडने बाटो त यही होला नि ? भने। यहाँ कस्तो नराम्रो संस्कार चलेको रहेछ भने अलिकति कडा बचन नबोली कसैलाई नहुने। हामी गाडीबाट गोलबजार आयौं।

यही बजार आसपास घुम्यौं। प्रथमतः पत्रकार गणेश शाहसँग फोन गरी भेट्यौं। उहाँले आज गोलबजारमा लागेको हटियातिर भ्रमण गर्न हामीलाई आग्रह गर्नुभयो। हामी घुम्न थाल्यौं हटियातिरै। यहाँको असनपुर गा.वि.स. मा केही समयअघि मधेशी र पहाडी समुदायबीच भएको झैझगडाले ठूलो त्रास फैलिएको रहेछ, मधेश आन्दोलनको क्रममा। तर हामी त्यहाँ पुग्दाको क्षण भने शान्तिपूर्ण नै थियो। यो गा.वि.स. दुवै समुदायको मिश्रित बसोबास भएको गा.वि.स. पनि रहेछ। हामीले यही गा.वि.स.का स्थानीयवासी खेम लामासँग सोधी खोजी गर्दा उहाँले भन्नुभयो, विगतमा धेरै कष्टदायक दिन बितायौं हामीले। तर, अहिले भने शान्ति सुरक्षामा सुधार आएको अनुभूति भएको छ।

हामीले हाम्रो ब्याग गोलबजार पुलिस स्टेशनमा राखेका थियौं। गोलबजार हिंड्दै हेर्दै गर्ने क्रममा शाह जीले अर्का पत्रकार रामबाबु यादवसँग पनि परिचय गराउनुभयो। केही छिनको परिचय र बोलचाल पछि हामी पत्रकार रामबाबु यादवकै कोठामा जाने भयौं। कोठामा आउनुअघि हामी पुलिस स्टेशन गयौं। ब्याग ल्यायौं। उहाँसँगै गफिदै कोठातर्फ लाग्यौं।

उहाँले हामीलाई एकदमै आत्मीयताका साथ खानपिन र बसोबासको प्रबन्ध गर्नुभयो। थप गफगाफ गर्न गणेश शाह पनि आउनुभयो। रामबाबुका भाईहरु पनि भद्र र मिलनसार लाग्यो। उहाँहरुले सिरहाको पत्रकारिताबारे चर्चा गर्दै जस्तोसुकै कठीन परिस्थितिमा पनि आफूले तराईका कुना काप्चामा पुगेर समाचार संकलन तथा सम्प्रेषण गरिरहेको बताउनुभयो। प्रेस स्वतन्त्रताको आन्दोलनमा पत्रकार महासंघको दिगो अडान नहुनुले पनि पत्रकारहरुमाथि पेशागत तथा भौतिक सुरक्षाको चुनौती थपिएको शाहले बताउनुभयो। पत्रकारितामा आफ्ना सुख दुःखका कथा रामबाबुजीले पनि सुनाउनुभयो। उहाँहरुसँग यस्तै दुःख सुखका अनुभूतिहरु साटासाट गर्दै हामी सुत्यौं।

२०६५ पौष २०: रामबाबुजीले आज बिहानै हामीलाई पसल गएर चिया पिउने सुरसारमा सेभ द चिल्ड्रेन यु.एस. संस्थामा कार्यरत अर्जुन थपलियासँग परिचय गराउनुभयो। थपलियाले विश्वभ्रमण अभियानलाई स्वागत एवं शुभकामना छ भन्नुभयो। चियापान पश्चात् गोलबजारबाट हामी गाडीमै हाँक्कियौ सिरहा बजारतर्फ।

सिरहा बजार आइपुग्ने बित्तिकै बाटामै परिचय भयो, नयाँ दृष्टि साप्ताहिकका सहसम्पादक सुरेन्द्रकुमार कामतीसँग। सहसम्पादक कामतीले हामीलाई नेपाल पत्रकार महासंघ सिराहा शाखा कार्यालयसम्म पुऱ्याउनुभयो। महासंघ कार्यालय पुगेपछि

उपाध्यक्ष देवकुमार यादवसँग हामी परिचित भयौं। लगत्तै उहाँले हामीलाई बिहानी भोजनको व्यवस्था गेरिहाल्नुभयो । खाना खाइसकेपछि महासंघ कार्यालयमै आयौ हामी । कार्यालयमा पत्रकार देवनारायण शाह र सुष्माकुमारी ठाकुरसँग परिचय थपियो । उहाँहरुसँगै हामी जि.वि.स. सिरहाका प्रमुख जिल्ला इञ्जिनियर एवं निमित्त स्थानीय विकास अधिकारी शितलप्रसाद गुप्ता र जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत श्रीनारायण शर्मासँग कार्यालयमै कुराकानी गर्न पुग्यौं। जि.वि.स.मा अधिकारी गुप्ताले सिरहाको पत्रकार महासंघलाई सहयोग गरेको बताएपनि तत्काल हामीसँगै गएका पत्रकारहरुले प्रतिवाद गरे । आफू खुशी मन परेकालाई सहयोग गरे पनि महासंघलाई चाहिं सहयोग नगरिएको दु:खेसो सहभागी पत्रकारहरुको थियो ।

सिराहाका सञ्चारकर्मीहरुसँग

कृषि विकास अधिकृत शर्माले पत्रकारिता क्षेत्रको विकासबाट आफू सन्तुष्ट भएपनि पत्रकारहरुमाथि हुने हत्या, हि आक्रमणको घट्नाले निकै चिन्तित भएको बताउनुभयो। हामी सिरहा सदरमुकाम बसुञ्जेल सोही कार्यालयको अतिथि गृहमा व्यवस्था महासंघ उपाध्यक्ष यादव र पत्रकार देवनारायण शाहको पहल कदमीमा भयो। यी दुई कार्यालयको भ्रमण पश्चात् फेरि सबैजना महासंघ कार्यालय गयौं। त्यहाँ केही पत्रकारहरु उपस्थित भैसकेका रहेछन्। अध्यक्ष दिनेश्वर गुप्ता, पत्रकारहरु राजेशप्र बर्मा, बी.एन्. विन्दास, प्रशिक्षार्थी पत्रकार रीना पासवान्, सुष्माकुमारी ठाकुर, निरमाया यादव, सुचिता यादव लगायत उपस्थि हुनु भएको रहेछ ।

अर्न्तक्रियाका क्रममा सञ्चारकर्मीहरुले यस्तो दु:खेसो पोखे, मिडिया हाउसबाटै हामी श्रम शोषणमा परिरहेका छौं। उ बेगर पत्रकारिता गर्नु हाम्रो बाध्यता बनेको छ। जसले गर्दा निर्बाधरुपमा समाचार संकलन तथा सम्प्रेषण हुन सकेको छैन। अभ्र नामधारी एवं छदमभेषी पत्रकारहरुबाटै हामी असुरक्षित छौं। उक्त कार्यक्रममा शिक्षा पत्रकार समूहका केन्द्रिय अध्यक्ष भुप खड्का पनि पुग्नुभएको थियो ।

बाहिर खाना खाएर हामी दिउँसो टुंगो गरेको लजमा आयौं। केहीबेर कृषि विकास अधिकृत शर्मासँग हाम्रा थप कुराक भए। कुराकानी पश्चात् आराम गरियो ।

२०६५ पौष २१: आज बिहान हामीले जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रमेशप्रसाद खरेलसँग भेट गऱ्यौं। एस.पी. खरे भ्रमणमा पूर्ण समर्थन छ भन्दै शुभकामना व्यक्त गर्नुभयो। खाना खाएपछि जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत निमित्त प्र.जि.अ. दिलीपकुमार लामिछानेसँग पनि सोही कार्यालयमा हाम्रो भेट भयो। उहाँले हामीलाई कार्यालयको तर्फबाट भ्र सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो । जि.प्र.का. हामी सिरहा नगरपालिका कार्यालय गयौं ।

सलहेस मन्दिर

साँझ हामी सदरमुकाममा रहेको सलहेस मन्दिर घुम सलहेस मन्दिरका बारेमा जगत पासवान्ले यसो भन्नुभयो, हा यस्ता महत्वपूर्ण मन्दिरलाई आधुनिकीकरण गरी नयाँ व्य बसाल्नु पर्छ । किनभने भगवान् कसैका व्यक्तिगत हुँदैनन्। समाजमा हेपिएका तल्लो जातिका लागि त उहाँ बौद्धिक, बुद्धिम सहयोगी भगवान् पो हुनुहुन्छ त। साथमा पत्रकार महासंघ उपा देवकुमार यादव, सुचिता र निरमाया यादव हुनुहुन्थ्यो। पत्र महासंघबाट पनि आज हामीलाई शुभकामना पत्र प्राप्त भ

सबै कामलाई बिट मारेर हामीले साँझ खाना खायौं । अनि हिजोकै लजमा आएर रात्री विश्राम लियौं ।

२०६५ पौष २२: आज बिहान हामी पत्रकार देवनारायण शाह र देवकुमार यादवसँग माडर भन्सार कार्यालय सिरहा गयौं । नेपाल र भारत जयनगरभित्र पर्ने सिमाना दशगजा क्षेत्रमा पनि हामीले पाइला टेक्यौं । भन्सार कार्यालयका गतिविधिको विषयमा उहाँहरुले समाचार संकलन गर्नुभयो । यो भन्सार कार्यालयले राजस्व बढाएको पनि दाबी गऱ्यो ।

माडर भन्सार सँगै रहेको सीमा पिलर

हामीलाई बिहानको खानपिनको व्यवस्था पनि यही कार्यालयको तर्फबाट भयो । पुनः हामी सिरहा बजार आयौं । केही दिन अघिदेखि हाम्रो यात्रामा पनि सँगसँगै यात्रारत मित्रहरुले हामीलाई बिदा गर्नुभयो । अनि हामी लाग्यौं, पत्रकार महासंघ कार्यालयबाट चौहर्वा हुँदै रामनगर मिर्चैया तर्फ । यसक्रममा चन्द्र अयोध्यापुर १ मा पर्ने चौहर्वा चोकदेखि हिंडेरै हामी मिर्चैया पुग्यौं । आजको रात मिर्चैयाको एक होटलमै बस्यौं ।

२०६५ पौष २३: बिहान उठ्ने बित्तिकै हामी रामनगर मिर्चैया बजार घुम्न थाल्यौं । यहीं क्रममा शान्ति युवा क्लब शान्ति चोकमा पुगेछौं । उक्त क्लबका अध्यक्ष जयप्रकाशप्रसाद शाह, सचिव अमरेन्द्र कुमार यादव र लक्ष्मण शाह लगायत हुनुहुँदो रहेछ । यी क्लबका पदाधिकारीले भने, सरकारले स्थानीय क्लबलाई सिधैं बजेट दिनुपर्छ । यसो भएमा बजेटको दुरुपयोग हुँदैन आफ्नो गाउँ टोल आफैं बनाउन जनता लागि पर्छन् ।

यो ठाउँ सिराहाको एउटा व्यापारिक केन्द्र पनि हो । यहीं बजार आसपास बाऱ्हबिगाहा आँप बगैंचा पनि घुम्यौं हामी क्लबका पदाधिकारीहरुसँग । यहाँको आँप निकै प्रसिद्ध छ । सोही बगैंचा छेउ रहेको मोहन उ.मा.वि. लाई सिमेण्ट, प्लास्टिक लगायत अन्य सामाग्रीको सहयोग गर्ने दामोदरानन्द ब्रम्हचारीको शालिक पनि हामीले अवलोकन गऱ्यौं । बन्दको बेला छ, हिंड्नुको विकल्प छैन । त्यसैले हामी हिंड्दै कमलापुल बन्दीपुर आयौं । यहींबाट सिराहा जिल्ला भ्रमण अन्त्य गरेर नवौं जिल्ला धनुषाका लागि हामी अगाडि बढ्यौं ।

बाऱ्हबिगाहा आँप बगैंचा, मिर्चैया



सिराहा यात्राका क्रममा प्राप्त नगद सहयोग	
लहान नगरपालिका	रु. ३०० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

हार्दिक शुभकामना । - दिलिपकुमार लामिछाने (प्रशासकीय अधिकृत), जिल्ला प्रशासन कार्यालय

असुविधालाई सुविधामा परिणत गरी सहयोग गर्न सबैमा आग्रह ।

- देवकुमार यादव (उपाध्यक्ष), नेपाल पत्रकार महासंघ, पत्रकारहरु वीरेन्द्र कर्ण (वी.एन् विन्दास), राजेश बर्मा, सुरेन्द्रकुमार कामती

हेर्दा सुन्दा धेरै खुशी लाग्यो, अठोटले सफलता पाओस् । - सुषमाकुमारी ठाकुर, रिना पासवान्, निरमा यादव, सुचिता यादव

मधेशी पत्रकार समाज सिरहाको तर्फबाट धन्यवाद । - सन्तोषकुमार यादव

रामनगर मिर्चैयामा हार्दिक स्वागत ।

- जयप्रकाशप्रसाद शाह (अध्यक्ष), अमरेन्द्रकुमार यादव (सचिव), शान्ति युवा क्लब शान्तिचौक, मिर्चैया

नवौं जिल्ला धनुषा डायरी

संक्षिप्त परिचय

क्षेत्रफल: १,१८० वर्ग किलोमिटर, गा.वि.स. संख्या: १०१ वटा, नगरपालिका: १, निर्वाचन क्षेत्र: ७,

सदरमुकाम: जनकपुरधाम, अञ्चल: जनकपुर, विकास क्षेत्र: मध्यमाञ्चल

भौगालिक अवस्थिति: पूर्व सिराहा, पश्चिम महोत्तरी, उत्तर सिन्धुली जिल्ला र दक्षिण भारत

भाषा: मैथिली, नेपाली, तामांग, उर्दु, मगरआदि ।

२०६५ पौष २३: सिरहा र धनुषाको सिमाना कमलापुल बन्दिपुरबाट हामीले नवौं जिल्ला धनुषाको औपचारिक यात्रा प्रारम्भ गर्‍यौं । अपरान्ह ४ बजे बन्दिपुरबाट गाडीमै हामी ढल्केबर हुँदै सदरमुकाम जनकपुरधाम आइपुग्यौं । आज बेलुकीको बास जनकपुर नगरपालिका अतिथि कक्षमा भयो ।

२०६५ पौष २४: आज बिहानै नेपाल पत्रकार महासंघ धनुषा शाखाका अध्यक्ष उमेश शाह हामीलाई भेट्न नगरपालिका अतिथि गृहमा नै आउनु भयो । अध्यक्ष साहले हाम्रो जनकपुर बसाई 'अवधिभर यहीं बस्ने व्यवस्था मिलाइ दिनुभयो । अनि सुरु भयो जनकपुरको पत्रकारिता अवस्थाबारे कुराकानी । अध्यक्ष शाहका अनुसार धनुषामा सरकारी विज्ञापन सञ्चारमाध्यमलाई समानुपाति ढंगले वितरण गरिएको छैन । लोडसेडिंगको चर्को मार छ । विभिन्न पक्षको धाक, धम्की, आक्रमण, हत्या प्रयासजस्ता कारण मधेशको पत्रकारिता नै जोखिमपूर्ण, धराशायी एवं पेशा नै छोड्नु पर्ने अवस्थामा पुगेको छ ।

खाना खाएर हामी रेडियो टुडे कार्यालय गयौं । त्यहाँ बी.बी.सी. नेपाली सेवामा कार्यरत पत्रकार वृजकुमार यादवसँग हा भेट भयो । उहाँको आवाज रेडियोमा सुनेका हामीले आज प्रत्यक्ष भेट्ने मौका पायौं । पत्रकार यादवले हामीले सुरु गरेको अभियान भन्नुभयो, प्रेस स्वतन्त्रताका लागि यो अभियान राम्रो छ, साँच्चै, जनताले खोजे जस्तो सकारात्मक पत्रकारिता हामी सञ्चारकर्मी अझै दिन सकेका छैनौं ।

पुनरावेदन अदालतमा कार्यरत जरायोटार भोजपुरका मुक्ति गौतमसँग परिचय गरेर हामी नेपालकै प्रसिद्ध मन्दि रामजानकी मन्दिर घुम्न गयौं । मन्दिरमा निर्मित कला-कौशल त साँच्चै गर्व गर्न लायक छ । यी कला कौशलले नौलखा मन्दिर अस्तित्व पनि धानेको देखिन्छ । मन्दिर त नेपाल भारत भरि चर्चित छ । तर, यहाँ भने अझ ठूलो चर्चा रहेछ मन्दिर सरसफा एवं व्यवस्थापन अभावको । जुन देख्न र सुन्न हामीले पनि पायौं । यहाँ आइनपुगुञ्जेल हामीलाई यो ठाउँको नामै सुन्दा प आनन्द लाग्थ्यो, पवित्र ठाउँ ठानिन्थ्यो । तर...सोचे र सुनेजस्तो देख्न भने पाइएन । कारण, यो ठाउँमा अहिले मानव-मान बीच भिडन्त, हत्या, हिंसा, आक्रमण खुब चलेको छ । अनि पहिलाको यो सुन्दर पवित्र जनकपुरधाम युद्ध मैदानभैं भएको छ । य हुनु दुर्भाग्य हो ।

समावेशी नेपाल भने पनि तराईमा बस्ने केही मधेशी समूहले अधिकांश पहाडका बासिन्दालाई भगाइ सकेछन् । के पहाडियाहरु डर त्रासले आफैं भागी सकेछन् । एकले अर्को प्रति चर्को हिंसा । कस्तो नमीठो मानव विभाजन ? त्यो पनि प्रदेश नाममा । छालाको रंगका नाममा । कस्तो नराम्रो दाग लागेको होला, राजा जनक र सीताको पुण्यभूमि यो जनकपुरधाममा । दुःख लाग्यो हामीलाई यस्तो अवस्था सुने-देखेपछि । हामी कामना गर्छौं, आउने दिनमा यो विभाजन र मनमुटाव अन्त्य भएर मान मानवबीचको प्रेम, भातृत्व र सहअस्तित्व पुर्नजागृत होस् ।

रामानन्द चोकको प्रवेशद्वार

बेलुकीको खाना हामीलाई मुक्ति गौतमले आफ्नै कोठा व्यवस्था गर्नुभयो । हामी यहाँ बसुञ्जेलका लागि उहाँले हामीलाई खानाको व्यवस्था गर्ने हुनुभएको छ । हामी कृतज्ञ उहाँप्रति । सुत्नका लागि भने अतिथि गृहमा नै आयौं ।

२०६५ पौष २५: बिहान हामीले जनकपुरमै अवस्थित रारा बहुमु क्याम्पस र जनकपुर विमानस्थल भ्रमण गर्‍यौं । स्थानीय व्यापारीसँग हाम्रो भेट भयो । उहाँको नाम मोहम्मद अब्दुल्ला इलेक्ट्रोनिक्स सामानको व्यापारी । उहाँले भन्नुभयो, विश्व पत्रकारिता क्षेत्रसँग बन्दूकभन्दा बढी बल छ, त्यसकारण क्षेत्रको उच्चतम सदुपयोगद्वारा विश्वबन्धुत्वको भावनालाई साका बनाउन सकिन्छ ।

त्यस्तै आज भेट भएका जनकपुरवासीले हामीलाई नेपाल र नेपाली जनताको इतिहासमा कालो धब्बा लाग्ने काम कहिल्यै नगर्न आग्रह गरेका छन् । खाना खाएर हामी विभिन्न सञ्चारमाध्यम कार्यालय भ्रमण गर्न निस्कियौं । जनकपुर एक्सप्रेस, विश्वजागरण, मिथिला डटकम दैनिक तथा एफ.एम. कार्यालय घुम्यौं । सञ्चारकर्मी र सञ्चार व्यवसायीसँग हाम्रो कुराकानी भयो । कुराकानीमा उनीहरुले भने, भारतका केही ठाउँबाट प्राप्त विज्ञापनले मात्र सधैंभरी जनतालाई सूचना सम्प्रेषण गर्न सकिदैन । हो, साँच्चै यो समस्या निराकरण गर्न अब नेपाल सरकारले ध्यान दिनैपर्छ । विश्वभ्रमण अभियान सन्दर्भलाई लिएर विश्वजागरण दैनिकका सम्पादक राघवेन्द्र साहले भन्नुभयो, भ्रमणका क्रममा हरेक प्रकारका मान्छेसँग भेटवार्ता र संगत हुने भएकाले यसबाट प्राप्त अनुभवहरु सबैभन्दा ठूला सम्पत्ति हुन्छन्, जसले राष्ट्रलाई मार्गनिर्देश गर्न सकोस् ।

दिउँसो हामी जिल्ला प्रशासन कार्यालय धनुषा गएका थियौं । सहायक प्रमुख जिल्ला अधिकारी ले जिल्ला प्रशासनको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो । साँझ हामी खाना खाएर साविककै स्थानमा रात्री विश्रामका लागि आयौं ।

२०६५ पौष २६: बिहानै हामी जनकपुरधामबाट ऐतिहासिक धनुषाधामतर्फ लाग्यौं । धनुषाधाममा गाडीबाट ओर्लियौं । घुमघाम गऱ्यौं । पूजारीका कुरा सुन्यौं । उहाँले भन्नुभयो, कुनै पनि काम गर्दा आफू इमान्दार भए सबैले सम्मान गर्छन् । म पनि यहाँ इमान्दारीका साथ बसेकाले अहिलेसम्म सबै पक्षबाट सहयोग पाएको छु । माओवादी युद्ध वा मधेशका जुन कुनै आन्दोलनमा लागेका व्यक्ति नै किन नहुन्, सबैबाट मलाई सम्मान मिलेको छ ।

पिपलको फेदमा अवस्थित सो धाम भगवान् रामचन्द्रले धनुषमा ताँदो चढाउन लाग्दा भाँचिएको चोइटा उफ्रिएर बनेको धार्मिक विश्वास छ । पुन: हामी धनुषाधामबाट जनकपुरधाम फर्कियौं । रेडियो जनकपुरमा गयौं । उक्त रेडियोका सञ्चारकर्मीहरुसँग हाम्रो कुराकानी भयो । उहाँहरुले तपाईंहरुको यो थकान्रहित यात्रालाई हाम्रो तर्फबाट स्वागत र समर्थन छ भन्नुभयो ।

त्यहाँबाट हामी आज फेरी विश्वजागरण दैनिक कार्यालय गयौं । त्यहाँ नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यालयबाट प्रेस स्वतन्त्रता सेनानी सम्मान २०६५ बाट विभुषित वरिष्ठ पत्रकार राजेश्वर नेपालीसँग हाम्रो कुराकानी चल्यो । उहाँले यस्तो गुनासो गर्नुभयो, नेपाल पत्रकार महासंघको केन्द्रिय समितिले काठमाडौंका विग् मिडियाप्रति मात्र बढी सहयोग गर्छ, सद्भाव देखाउँछ तर मोफसलप्रति महासंघकै विभेद छ । विश्वभ्रमण अभियानलाई उहाँले जागरणको संज्ञा दिंदै सबै पक्षबाट सहयोग मिलोस् भनी शुभेच्छा प्रकट गर्नुभयो ।

२०६५ पौष २७: हामीले बिहान प्र.जि.अ. शम्भु कोईरालालाई उहाँको निवासमै भेट्यौं । अधिकारी कोईरालाले भन्नुभयो, तपाईंहरुको विश्वभ्रमणले पत्रकारिता क्षेत्रको सन्तुलित विकासमा टेवा पुऱ्याओस् । तर, यस क्षेत्रले प्रतिस्पर्धाका नाममा घटनाको सम्वेदनशीलता नबुझी हचुवाको भरमा मात्र समाचार सम्प्रेषण गर्नुहुँदैन ।

खाना खाएर हामी नेपाली मानव दल कार्यालय पुग्यौं । अध्यक्ष हुनुहुँदो रहेछ, विपत्ति मण्डल । विश्वभ्रमणका बारेमा उहाँले भन्नुभयो, नयाँ नेपाल निर्माणमा लागेका तपाईंहरुले स्वच्छ, सफा आहार, विहार र व्यवहारमा सम्पूर्ण मानवले ध्यान पुऱ्याउनु पर्ने सन्देश विश्वसामु पुऱ्याउनुहोला ।

त्यसपछि हामी मधेशी जनअधिकार फोरम, मधेशको कार्यालयमा गयौं । यहाँ भेट्टिनु भएका केन्द्रिय सदस्य रामप्रकाश साहले भन्नुभयो, म पनि पत्रकारिता गरिरहेको छु । तर, ८० प्रतिशतभन्दा बढी पत्रकारले सरकारी पैसा लिएर वास्तविक सूचना लुकाउने छिपाउने गरेका छन् । यस्ता कुराको वास्तविकता बुझ्न तपाईंहरुको विश्वयांत्रा केन्द्रित हुनुपर्छ । उहाँलाई हामीले प्रश्न गऱ्यौं, तपाईं र तपाईंका संगठनका चाहिं कमजोरी के छन् ? उहाँले भन्नुभयो, हामी त एकदम प्रष्ट छौं हाम्रा कमीकमजोरी केही छैनन् ।

बिडम्बना सबैलाई नराम्रो देख्ने र अरुलाई आक्रोशपूर्ण ढंगले गाली गर्ने हामीहरु म पनि कुन ठाउँमा गलत छु भन्ने कुराको चाहिं ख्यालै राख्दैनौं । आफूमा लागू नभएको नियम अरुलाई लगाउन खोज्छौं कस्तो अचम्म ? हामी आफूले आफैंलाई एकपटक हेर्नु पर्ने हो कि ? पत्रकारलाई उहाँले लगाएको आरोप निकै सम्वेदनशील विषय हो ।

तराई मधेश लोकतान्त्रिक पार्टीका केन्द्रिय उपाध्यक्ष वृषेशचन्द्रलाल जानकी एफ.एम. जनकपुरको प्रबन्ध निर्देशक हुनुहुँदो रहेछ । प्रेस स्वतन्त्रताप्रति आफू सधैं

प्रतिबद्ध भए पनि राज्यले मधेशका मुद्धालाई प्राथमिकतामा नपारेकोले आफू पार्टी र मिडियामार्फत् दबाब दिन लागि परेको उहाँको भनाई छ ।

जानकी एफ.एम. कार्यालयबाट हामी जनकपुर एफ.एम. कार्यालय गयौं । साँझ परिसकेको थियो । कार्यालयमा एफ.एम. अध्यक्ष राम आशीष यादव र अन्य सञ्चारकर्मीसँग हाम्रो कुराकानी भयो । अध्यक्ष यादवले ९० प्रतिशत काठमाडौं उपत्यकाका र १० प्रतिशतमात्र मोफसलका समाचार प्रकाशन प्रसारण गर्ने कुनै पनि मिडिया राष्ट्रिय मिडिया होइनन् सबै भ्याली मिडिया हुन् भन्नुभयो । तराईको पत्रकारिता क्षेत्र एकदमै असुरक्षित छ,...उहाँले यतिमात्र के भन्नुभएको थियो, उहाँको मोबाइलको घण्टी बज्यो । उक्त मोबाइलमा महिला पत्रकार उमा सिंहलाई डेरामै अज्ञात समूहले खुकुरी प्रहार गरेर घाइते बनाएका छन् भन्ने अत्यन्त दुःखद खबर आयो। मुटु चसक्क चस्कियो। हाम्रो कुराकानीमा पूर्णविराम लाग्यो। अध्यक्ष यादवले हामीलाई अबेर भइसक्यो, तपाईहरु अतिथि गृह नै जानुस् भन्नुभयो ।

हामी लगभग ८ बजेतिर नगरपालिकाको अतिथि गृह आयौं । खबर सुनियो, घाइते पत्रकार उमा सिंहलाई जनकपुर अञ्चल अस्पताल भर्ना गरियो... । मनभरी अनेक आरोह अवरोह आइरहे ...।

२०६५ पौष २८: बिहानको राती नै दुःखद खबर सुन्नु पऱ्यो कि थप उपचारका लागि काठमाडौं लैजादै गर्दा रातको बाऱ्ह बजे पत्रकार उमा सिंहको मृत्यु भयो । सरकारी सहयोग नमिलेकाले चाँडो हेलिकोप्टरबाट काठमाडौं पुऱ्याउन सकिएन। महोत्तरीको बर्दिवासमा पुऱ्याउँदा नपुऱ्याउँदै उनको नि भयो । पोर्ष्टमार्टमका लागि जनकपुर अञ्चल अस्पताल ल्याइएको छ... ।

हामी पनि हत्तपत्त जनकपुर अञ्चल अस्पताल पुग्यौं । त्यहाँ भेला भएका सम्पूर्ण आफन्तजन र पत्रकारहरु भावविव्हल भि आँखाबाट आँसु झरे । शव पोस्टमार्टमका लागि भित्र लगियो । हामीले पनि एकपटक नियाल्यौं । उमाको शरीर ठाउँ-ठाउँ काटिएको रहेछ। कसरी वर्णन गर्नु त्यो विभत्स हत्याका बारेमा... । यो हत्या मानवजाति माथिकै एउटा ठूलो चोट हो। हत्या दानवीय प्रवृति सदाका लागि अन्त्य हुनुपर्छ, प्रेस स्वतन्त्रताको सबैबाट सम्मान गरियोस्, हामी जोडदार माग गर्दछौं ।

स्व. पत्रकार उमा सिंहका हत्यारालाई तत्काल पक्राउ गरी कारवाही गर्नुपर्ने, शहीद घोषणा हुनुपर्ने, गृह एवं सञ्चारमन्त्री राजीनामा दिनुपर्ने, दण्डहीनताको अन्त्य गरिनु पर्ने लगायतका माग राखी शवसहित नगर परिक्रमा गरे पश्चात् जिल्ला प्रशा कार्यालयमा दिइएको धर्नामा हामी पनि सहभागी भयौं । उक्त धर्ना स्थलमा धनुषा, महोत्तरी, सिरहा, सप्तरी लगायतका जिल्ला उपस्थित पत्रकारहरुसँग पनि हामीले भेट्यौं ।

उमा सिंह माथि भएको हत्याको विषयलाई लिएर जनकपुरमै क्रियाशील केही महिला पत्रकारसँग हामीले सोधखोज गर्‍ पत्रकार महिला गायत्री मिश्र र स्मिता शाहले स्वर्गीय पत्रकार उमाको हत्याबाट आफू किञ्चित् पनि विचलित नभई लाखौं उमा जन्मिन र जन्माउन लागि पर्ने बताउनुभयो। अर्की सञ्चारकर्मी महिला अनामिका ठाकुरले चाहिं आफ्ना अभिभावकलाई सम्झा गाऱ्हो हुने भएकाले यो हत्याबाट आफू हतोत्साहित भएको बताउनुभयो । किनभने यसअघि नेपालमा महिला पत्रकारहरुको ह भएको थिएन। साँच्चै महिला पत्रकारको यो आधार गुम्दा पक्कै पीडा त हुने नै भयो । तर हिम्मत हार्नु कसैले पनि हुँदैन। ह सुझाव उहाँलाई पनि यही नै रह्यो ।

उक्त धर्ना स्थलमा उपस्थित नेपाल सद्भावना पार्टी आनन्दीदेवीका राम गोविन्द यादव, नेपाली काँग्रेसका शम्भु झा, ने एमालेका शत्रुघन महतो, सद्भावना पार्टीका ईन्द्रकान्त झा, र मधेशी जनअधिकार फोरम नेपालका पवनकुमार झासँग उमा सिं हत्या र हामीले सुरु गरेको विश्वभ्रमणबारे कुराकानी गऱ्यौं । उहाँहरुले भन्नुभयो, उमा सिंहको हत्या प्रकरणले त तपाईहरुको अभियान अझ सार्थक र समय सान्दर्भिक बनेको छ । त्यसैले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणलाई निश्चित लक्ष्यमा पुऱ्याउन कत्ति पनि विचलित नभई अगाडि बढ्नुहोस् ।

केही समयपछि नेपाल पत्रकार महासंघको केन्द्रिय टोली धर्ना स्थल आइपुग्यो। टोलीमा महासंघ अध्यक्ष धर्मेन्द्र झा, हि मिडियाका अध्यक्ष कनकमणि दीक्षित, कान्तिपुर दैनिकका सम्पादक नारायण वाग्ले, पत्रकार महासंघ पूर्व उपसभापति शिव गा र महिला केन्द्रिय सदस्य यशोदा तिमल्सिना हुनुहुन्छ। अध्यक्ष झा, हिमाल मिडियाका अध्यक्ष दीक्षित र पूर्व सम्पादक वाग्ले हाम्रो केहीबेर कुराकानी भयो ।

अध्यक्ष दीक्षितले उमा सिंहजस्ता दर्जनौं नेपाली पत्रकारको हत्या भएको अवस्थामा प्रेस स्वतन्त्रताका लागि सुरु गरिएको यो विश्वभ्रमण आफैंमा मौलिक र साहसिक यात्रा हो भन्नुभयो । र, यसका लागि आफू जुनसुकै सहयोग गर्न तत्पर रहेको बताउनुभयो । उहाँले भरिदिनुभएको साहस र आत्मविश्वासले हामीलाई बाँकी यात्रामा अगाडि बढ्न थप प्रेरणा जाग्यो, अर्थात् पुर्नताजगीकरण भयो । साँच्चै संकटका बेला अगाडि बढ्न प्रेरणा दिने मान्छे अमूल्य मान्छे लाग्दो रहेछ । उहाँप्रति हामी आभारी छौं । यसैगरी आजको हाम्रो दिन बित्यो । राती बास उही स्थानमा भयो ।

रामजानकी विवाह मण्डप, जनकपुरधाम

२०६५ पौष २९: आज पनि बिहानै हामी जिल्ला प्रशासन कार्यालय गयौं । मध्यान्ह १२ बजेतिर धर्नास्थलमा बसेका पत्रकारहरुले राखेको माग पूरा गर्ने आश्वासन जि.प्र.का. मार्फत् प्राप्त भयो । त्यसपछि जनकपुर अञ्चल भरिका सञ्चारकर्मी, राजनीतिक दल, शिक्षक शिक्षिका, विद्यार्थी, प्रशासक लगायत विभिन्न क्षेत्रका प्रतिनिधिहरुको विशाल सहभागितामा शव र्‍याली सुरु भयो । र्‍याली जि.प्र.का. बाट गंगासागर आर्यघाट जनकपुरधाम लाग्यो । सो विशाल जनसागरले उमा सिंहलाई अन्तिम श्रद्धाञ्जली दियो । शव दाहसंस्कार नगरुञ्जेल उमा सिंहको हत्या र विश्वभ्रमणबारे चर्चा जारी नै रह्यो । हामीसँग कुराकानी गर्नेहरुले महिला पत्रकार सिंहले पत्रकारितामा देखाएको साहस र प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणको सन्दर्भ दुवै प्रेरणाको श्रोत भएको बताए । पत्रकार सिंहलाई हाम्रो पनि सलाम अनि हार्दिक श्रद्धाञ्जली ।

दाह संस्कारका क्रममा हजारौं अनुहारहरु गहभरि आँसु छचल्काउँदै रोईरहेका थिए । वातावरण यस्तो बन्यो कि, जीवनमा हामीले यति भयावह दृश्य कहिल्यै देखेका थिएनौं । र, यो नै हाम्रो यात्राको दुःखद अविस्मरणीय क्षणमध्ये एउटा विशेष क्षण हो । खाल्डो खनेर वरिपरि गोबरका गुईठा राखियो, माझमा शब अनि माथिबाट दाउरा । यो हाम्रा लागि नौलो थियो । किनभने हामीले दाउराको चितामाथि शव राखेर जलाएको मात्र देखेका थियौं ।

पत्रकार सिंहको दाह संस्कारपछि हामी मुक्ति गौतम र धनुषाका भोगेन्द्रलाल कर्ण 'रमणजी' को सहयोगमा जनकपुर रेल वे स्टेशन, जनकपुर चूरोट कारखाना लिमिटेड, रामजानकी विवाह मण्डप, संकट मोचन, वान्ह बिगाहा लगायतका ठाउँ भ्रमण गर्‍यौं । स्मरणीय यो छ कि, जनकपुर रेल वे स्टेशन नेपालकै पहिलो र हालसम्मको एकमात्र रेल वे स्टेशन हो । तर, यस स्टेशनको दूरावस्था असाध्यै पीडादायक रहेछ ।

हामीले ज.चू.का. लि. का अध्यक्ष भक्त बहादुर के.सी. र महाप्रवन्धक डा. भोला शाहसँग पनि कार्यालयमै भेट गर्‍यौं । यो कारखानाको क्षेत्रफल ३२ बिघा ९ कट्ठा र २ धुर रहेको उहाँहरुले जानकारी दिनुभयो । यो चूरोट कारखाना पनि नेपालकै पहिलो र सरकारलाई सबभन्दा बढी कर तिर्ने कारखाना हो भन्ने उहाँहरुको भनाई थियो । मान्छेको स्वास्थ्यलाई जोखिम पार्ने यस्तो कारखाना किन चाहिन्छ ? भनेर हामीले प्रश्न गर्दा उहाँहरुले भन्नुभयो, चूरोट स्वास्थ्यका लागि खराब त हो, तैपनि लत लागिसकेकाले यसलाई मान्छेले छोड्न सक्दैन ।

लत मान्छेले चाहेमा छुटाउन सक्छ । सकिदैन भन्नु खाने र पिउनेहरुको बहानाबाजी मात्र हो । त्यसकारण राजस्व जतिसुकै बढी उठोस्, मान्छेलाई मृत्युको मुखमा पुर्‍याउने यी र यस्तै रक्सी, चूरोट कारखानाबाट उठेको राजस्व कुनै पनि अर्थ र निहुँमा आवश्यकता छैन । देशमा राजस्व उठाउने अरु धेरै बाटा छन् । त्यसैले मानवको स्वास्थ्यमा खेलबाड गर्ने कुनै पनि प्रकारका कारखाना विश्वबाटै बन्द हुनुपर्छ । यो हाम्रो जोडदार माग र अनुरोध खाने, पिउने, नपिउने सबैका लागि ।

साँझ हामी अतिथि गृह नजिकै रहेको रामजी होटल आयौं । खाना खायौं । सोही क्रममा होटल परिवार एवं केही विद्यार्थीहरुले विश्वभ्रमण सम्बन्धमा जिज्ञासा राखे । उनीहरुको जिज्ञासा हामीले सकेसम्म प्रस्ट्यायौं । उनीहरुले विश्वभ्रमण सफलताको कामना गरे । नगरपालिका अतिथि गृहमा आएर हामी सुत्यौं । झुलभित्र पनि केही मच्छड छिरेर हामीलाई आक्रमण गरे ।

२०६५ माघ १: बिहानै हामीले नेपाल पत्रकार महासंघ धनुषा शाखा अध्यक्ष उमेश शाहको नेतृत्वमा माग पूरा गराउन जिल्ला प्रशासन कार्यालय धनुषामा अनिश्चितकालीन धर्ना दिएर बसेका पत्रकारहरुसँग भेट गर्‍यौं । उक्त धर्नामा हामी पनि केही घण्टा सामेल भयौं । केहीबेर उहाँहरुसँग अर्न्तक्रिया पनि भयो । उनीहरुले उमा सिंह लगायत नेपाली पत्रकारमाथि भइरहेका सम्पूर्ण

घट्नालाई विश्वभ्रमणका क्रममा उठाउन र सम्बन्धित निकायसम्म पुऱ्याउन आग्रह गरे। महासंघको तर्फबाट अध्यक्ष शाहले स्थलबाटै विश्वभ्रमणका लागि शुभकामना पत्र प्रदान गर्नुभयो।

खाना खाएर हामी पत्रकार उमेश यादवसँग उमा सिंहको हत्या गरिएको घट्नास्थल प्रस्थान गऱ्यौं। यो घट्नास जनकपुर १४, रजौरमा रहेछ। उक्त घट्नाबारे घरबेटी गोविन्द र शकुन्तला कार्कीसँग हामीले जानकारी लियौं। १४-१५ जना अज्ञात समूहले केही मिनेट भित्रै रहस्यमय ढंगले आक्रमण गरेर भाग्दै गरेको अवस्थामा मात्र हामीले देखेका हौं, आँसु पु उहाँहरुले भन्नुभयो। हामीले उमा सिंहको कोठा पनि हेऱ्यौं। खुनका टाटाहरु ओढ्नेमा देखिए। गोलभेंडाको अचार बनाएर राखि थियो। कोठाका पुस्तक र पत्रपत्रिका पनि छरिएका थिए। तर थिइनन् ती जुझारु पत्रकार उमा। उनले प्रयोग गर्ने भाँडाकुँ लगाउने लुगा कपडा धोइ पखाली गर्न बाहिर रहेको धारा एक्लै रोईरहे जस्तो लाग्यो हामीलाई। कलमकी यी यात्रीलाई समा गरी छाडे कलमबाट कायर भएकाहरुले। तर कलम कलम नै हो। यसको कला र गला रेट्न दुनियाको कुनै तागतले सक्ने छै कलमले कहिल्यै आत्मसमर्पण गर्ने छैन। कलम जनताको पक्षमा सधैं उभिरहने छ। बुझ्नुन् यी कुरा कलमको शक्तिबाट कायर भए र हुनेहरुले।

के अहिले उनीहरुको आत्मा भत्भती पोलिरहेको छैन ? यदि छैन भने उनीहरु हत्याजस्तो कायर काम गर्ने बुद्धिवि प्राणीभन्दा अरु केही भन्न सकिदैन। धिक्कार छ यिनीहरुलाई। जसले मानवको बाँच्न पाउने नैसर्गिक अधिकारमाथि हमला ग मानवतामाथि ठाडो प्रहार गरे। अझ त्योभन्दा नमीठो कुरा आफ्नै अमूल्य जीवनलाई आफैंले मूल्यहीन बनाए।

अझसम्म पत्रकार सिंहको हत्याराको पहिचान हुन नसक्नु र शंका उपशंकामा रहिरहनु बिडम्वना नै हो। त्यसैले हामी हि बेलामा जोडदार माग गर्छौं, हत्याराको पहिचान गरी छिटोभन्दा छिटो कारवाही गर्न सरकार सफल होस्। दण्डहीनता अन्त्य दिशामा सरकार लागि परोस्। कानूनी शासनको बहाली होस्।

यस्तै त्यस्तै तीता घटनाहरुलाई छिचोल्दै अनि शोकलाई शक्तिमा बदल्ने अठोटसहित हामीले धनुषा जिल्लाको भ्रमण पूरा गऱ्यौं। घट स्थल पुग्न हामीलाई महत्वपूर्ण सहयोग गर्ने मित्र उमेश लगायत सबै पत्रकारहरुलाई हाम्रो विशेष आभार एवं धन्यवाद। साँझ गाडी च हामी जनकपुरधामबाट महोत्तरी सदरमुकाम जलेश्वर आइपुग्यौं।

धनुषा यात्राका क्रममा प्राप्त नगद सहयोग	
मुक्ति गौतम (जरायोटार, भोजपुर)	रु. ६४० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

सफलताका लागि हार्दिक शुभकामना। - स.प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय
भ्रमण पूर्णरुपमा सफल होस्। - उमेश शाह (अध्यक्ष), नेपाल पत्रकार महासंघ
बन्दूकभन्दा बढी बल छ पत्रकारितामा। - मोहम्मद अब्दुल्लाह, लोहना २ (इलेक्ट्रोनिक्स मेकानिक्स)
म एकदमै प्रभावित भएँ। - रोशनकुमार झा, नगराईन ६
राष्ट्र पहिचानका निम्ति कठोर त्याग, तपस्या मंगलमय रहोस्। - उमेशकुमार यादव, रघुनाथपुर ५
यो यात्रा Milestone को रुपमा रहिरहोस्। - विजय कुमार दत्त, सदस्य ने.प.म.संघ
जनताको सुसूचित हुन पाउने अधिकारको संरक्षण गरोस्। - बुद्ध नारायण साहनी केष्ट, जनकपुर
विश्वभ्रमण माता जानकीले सफल पारुन्। - शैलेन्द्र झा, उपाध्यक्ष ने.प.म.संघ
विश्वभ्रमण सकारात्मक लाग्यो। - विकास कुमार शाह, मिथिलाञ्चल एफ. एम. १०५ मे., जनकपुर
पत्रकारिता क्षेत्रको विकासमा राम्रो सन्देश दिन सकोस्। - अजय कुमार झा, सम्वाददाता रेडियो नेपाल
हरेक कदम यसरी नै अगाडि बढिरहोस्। - प्रवीण शाह, अध्यक्ष नेपाल प्रेस युनियन
यात्रा सफल र माग पूरा होस्। जगदीश सांह, अध्यक्ष प्रेस चौतारी
सम्पूर्ण पत्रकार जगत्को भावना पूरा होस्। - घनश्यामकुमार मिश्र, जनकपुर ४
यात्रा अनुभव पढ्न पाइयोस्। - अनामिका, रेडियो जनकपुर ९७ मे.
महिला पत्रकार निडर भएर पत्रकारितामा लागि परौं। - दीपा देवकोटा, सिन्धुली हाल: रेडियो जनकपुर
यात्रा धेरै राम्रोसँग पूरा गर्नु। - भोगेन्द्रलाल कर्ण रमनजी, नगराईन १
देश विदेशको पत्रकारिता स्तर पत्ता लगाउनु। - लक्ष्मण प्यासा, रेडियो जनकपुर

दशौं जिल्ला महोत्तरी डायरी

संक्षिप्त परिचय
क्षेत्रफलः १,००२ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ७६ र नगरपालिका १ वटा, निर्वाचन क्षेत्रः ४ वटा, सदरमुकामः जलेश्वर, अञ्चलः जनकपुर, विकास क्षेत्रः मध्यमाञ्चल
भौगालिक अवस्थितिः पूर्व धनुषा, पश्चिम सर्लाही जिल्ला र भारतको विहार, उत्तर सिन्धुली र दक्षिण धनुषा र भारतको विहार राज्य
धार्मिक तथा पर्यटकीय स्थलः जलेश्वरनाथ महादेव, मटिहानी स्थान, टुटेश्वरनाथ महादेव (माईस्थान), मंगलनाथ (सुन्दरपुर), धुर्व कुण्ड (धमौरा), कञ्चन वन (हरिहरपुर हरिणमरी), पडौलस्थान, सिद्धनाथ (सिंग्याही), सोनामाईस्थान आदि ।
(साभारः महोत्तरी जिल्ला तथ्यांक विवरण २०६०)

२०६५ माघ २: सदरमुकाम जलेश्वरबाटै महोत्तरीको औपचारिक यात्रा सुरु गर्‍यौं हामीले । सर्वप्रथमः नेपाल पत्रकार महासंघ महोत्तरी शाखा अध्यक्ष हरी मण्डल, पूर्व सभापति दशरथ भण्डारी, सचिव नागेन्द्र कर्ण, इन्सेक जिल्ला प्रतिनिधि ईश्वरी काफ्ले, पत्रकारहरु गोपाल बराल, विवेकानन्द झा, सञ्जिव मण्डल लगायतसँग भेट भयो हाम्रो । उहाँहरुले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण अभियान एकदमै ठूलो र पृथक् मिसन भएको बताउनुभयो । र, भ्रमण सफलताको कामना पनि गर्नुभयो ।

खाना खाईसकेपछि हामी जनकपुरकी पत्रकार उमा सिंह हत्याको विरोधमा पत्रकार महासंघ महोत्तरीद्धारा आयोजित विरोध कार्यक्रममा सहभागी भयौं । उक्त कार्यक्रममा महोत्तरीका पत्रकारहरुले प्र.जि.अ. तारानाथ गौतममार्फत् सरकारलाई विरोध पत्र पठाए । लगत्तै हामीले महासंघ पूर्वसभापति दशरथ भण्डारीको सहयोगमा प्र.जि.अ. गौतमसँग भेट गर्‍यौं । विश्वभ्रमणको उच्च मूल्यांकन गर्दै उहाँले भ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो । केही समय पश्चात् पूर्वसभापति भण्डारी र वर्तमान अध्यक्ष मण्डलको पहलकदमीमा जलेश्वर नगरपालिकाको अतिथि गृहमा हामीलाई २ दिने बस्ने खाने प्रबन्ध मिलाइयो । यो व्यवस्थापन पछि हामीले जलेश्वरनाथ एफ.एम. ९०.४ मेगाहर्ज र रेडियो अप्पन मिथिला ९४.४ मे. कार्यालय घुम्यौं ।

भ्रमणका क्रममा दुवै स्टेशनका सहकर्मीहरुले महोत्तरीको पत्रकारिताको वर्तमान अवस्थाबारे जानकारी दिनुभयो । पत्रकार गोपाल बरालले जलेश्वरनाथ एफ.एम.मा हाम्रो अर्न्तवार्ता पनि रेकर्ड गर्नुभयो । उहाँहरुका अनुसार महोत्तरीमा २ वटा एफ.एम. सञ्चालन छन् भने बर्दिवासमा पनि एउटा एफ.एम. सञ्चालन उन्मुख अवस्थामा छ । केही साप्ताहिक पत्रिका प्रकाशित भइरहेको भएपनि आर्थिक कठिनाई झेल्नु परिरहेको वर्तमान अवस्था समस्या बनेको रहेछ यहाँ ।

आज हामीलाई दिवा नास्ता महोत्तरीका अग्रज पत्रकार दशरथ भण्डारीले उहाँको घरमै व्यवस्था गर्नुभयो । नास्ता ग्रहणकै क्रममा पत्रकारिता क्षेत्रबाटै आफूले आफ्नो छोरा कञ्चनकुमार भण्डारीलाई गुमाउनु परेको नमीठो क्षण स्मरण उहाँले हामीलाई सुनाउनु भयो । तर, अहिलेको पत्रकारिता क्षेत्रमा नव जवान युवायुवतीको व्यापक प्रवेशले आफूलाई उत्साहित गराएको उहाँले बताउनुभयो । सँगसँगै उहाँले थप्नुभयो, तर होनाहार युवायुवतीहरुको कसैले मनोबल गिराउने कार्य गर्नुहुँदैन, जसरी जनकपुरकी पत्रकार महिला उमा सिंहको विभत्स हत्या गरियो । नास्ता गरिसकेपछि उहाँले हामीलाई फेरि जलेश्वर बजार डुलाउनुभयो । बेलुका खाना खाएर हामी नगरपालिकाको लजमा सुत्न गयौं ।

२०६५ माघ ३: बिहान हामीले रेडियो अप्पन मिथिला ९४.४ मे. की व्यवस्थापक संगीता ज्ञवालीसँग कुराकानी गर्‍यौं । आर.सी.डी.सी. नामक संस्था द्वारा सञ्चालित उक्त एफ.एम.ले मधेशमा महिलाले झेल्नु परेका हिंसाको विरुद्धमा, महिला जागरणको पक्षमा र समाजको विकासमा योगदान दिन सक्ने विविध समाचार, संगीत र मनोरञ्जनका कार्यक्रम प्रसारण गरिरहेको उहाँले जानकारी दिनुभयो । तपाईंहरुले सुरु गर्नुभएको विश्वभ्रमण सम्पूर्ण नेपाली पत्रकार र जनताको विश्वभ्रमण हो भन्नु हुँदै उहाँले भ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

हामी पहिलोपटक टाँगा (टाँगा टम्टम्) चढेर नेपाल र भारतको सिमानामा पर्ने मटिहानी भ्रमण गर्न गयौं । मटिहानी ६

मा स्थापित लक्ष्मीनारायण मन्दिरका सचिव, साधुसन्त एवं राष्ट्रिय स्वयंसेवक दल भारतका ललित झासँग कुराकानी गऱ्यौं। उहाँले भोजपुर मजुवा बेंशीमा जन्मिएकी नेपालकै पहिलो धार्मिक क्रान्तिकारी महिला योगमायाबारे उत्सुकतापूर्वक धेरै जिज्ञासा राख्नुभयो। र, भोजपुर घुम्ने मनसाय व्यक्त गर्नुभयो। विडम्बना, योगमायाका बारेमा केही कुरा थाहा पाएपनि मझुवावेंशी ठ्याक्कै कहाँ पर्छ र कताबाट जान सकिन्छ ? भन्ने बारे हामीले उहाँलाई केही बताउन सकेनौं। आफ्नो जिल्ला र आफ्नै राष्ट्रको सम्पत्तिलाई चिन्न नसक्ने हामी पनि कति कमजोर मान्छे रहेछौं, आफैंलाई पश्चाताप लाग्यो।

लक्ष्मीनारायण मन्दिर, मटिहानी

योगमायाका बारेमा पछि खोजी गर्दा सर्वार्थ योग वाणीमा यस्तो लेखिएको रहेछ, समाजलाई बदल्न आफ्नो जीवन बलिदान गर्न सक्ने अति कम व्यक्तिहरुको अग्रपंक्तिमा गणना गर्न सकिने योगमाया न्यौपाने निरक्षर थिइन्। आजभन्दा १४० वर्ष पहि नेपालको विकट पहाडी जिल्ला भोजपुरको नेपालेडाँडा मजुवा सानो सिम्लेमा जन्मिएकी तिनै योगमाया न्यौपानेले तत्कालीन समा र शासकमा ठूलै हलचल ल्याइदिएकी थिइन्। नेपाली समाजका सदियौं पुराना अनेकौं कुरिती, अन्धविश्वास, भेद्भाव, घुसखो भ्रष्टाचार, छुवाछुतका विरुद्ध तथा धर्म, न्याय र महिला हक हितआदिका पक्षमा समेत योगमायाले तत्कालीन समाजमा ठूलो विद्रे गरेकी थिइन्। उनको विद्रोहले राणा प्रधानमन्त्रीदेखि लिएर तिनको नियन्त्रणमा रहेका क्षत्रीय तथा बडाहाकिमहरुलाई समेत चुनौतीको सामना गर्नुपरेको थियो।

नेपालमा राजनीतिक कारणले बाहेक संगठितरुपमा त्यति ठूलो समूहले सामाजिक सुधारका लागि उनको अगुवाईमा गरे यो विद्रोहलाई नै प्रथम सामाजिक आन्दोलन मान्न सकिन्छ। उनले सयौं मानिसहरुलाई जीवन बलिदान गर्न सक्ने गरी प्रभावि गरेकी थिइन् भने ती मध्ये ६८ जनाले एकै दिन एकै छिनमा अरुण नदीको उर्लंदो भेलमा हाम्फालेका पनि थिए। त्यति ठूलो संख्या विद्रोहीहरुले सरकारलाई चुनौती दिदै आत्मदाह गरेको यो घट्ना नेपालको मात्र होइन, विश्वकै प्रमुख र ठूला घट्नाहरुमध्ये पर्दछ। योगमायाले सामाजिक बेथिति र शासकीय बिसंगतिका विरुद्ध आफ्ना अनुयायीहरुसँग धारा प्रवाह कवितात्मक प्रवचन दिए थिइन् ।...

लौ अब सोचौं एउटी साधारण र निरक्षर अनि विकट जिल्लामा जन्मिएकी महिलाले समाजका लागि यति ठूलो योगदा गर्न सकिन् भने हामी धेरथोर पढेलेखेका आधुनिक मान्छे किन केही गर्न नसक्ने भएका हौंला ? अनि योगमायाजस्ता क्रान्तिका महिला र समाज परिवर्तनका अगुवा अब नेपालमा अरु पनि जन्मिनु पर्दैन त ? अवश्य पर्छ, जसले तथाकथित् योग्यताको छेक भत्काएर अघि बढोस् ...।

यसैगरी मटिहानीमै अवस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयको पनि हामीले अवलोकन गऱ्यौं। प्र.अ. राधेश्यामप्रस सिंह र अन्य शिक्षकले यो विश्वभ्रमण सयौं कोटी होमभन्दा पनि अत्यन्तै ठूलो यज्ञ भएको बताउनुभयो। अहिले यस विद्यालय भारतका केही विद्यार्थीहरु पनि आएर संस्कृत पढ्ने गरेको उहाँहरुको भनाई थियो।

नेपाल भारत सिमाना माधवपुरसम्म पुगेर हामी पुनः महोत्तरी सदरमुकाम जलेश्वर नै फर्क्यौं टाँगा चढेर। जलेश्व आइसकेपछि हामीले जिल्ला विकास समितिका आ.ले.प. अधिकृत वीरेन्द्रकुमार मिश्रसँग कार्यालयमै संक्षिप्त कुराकानी गऱ्यौ जि.वि.स. को बारेमा जानकारी दिदै उहाँले पत्रकारिता क्षेत्रबाट सुरु भएको यो विश्वभ्रमण राष्ट्रकै विशेष अनि महत्वपूर्ण दस्ता बनोस् भनी शुभकामना व्यक्त गर्नुभयो। यो शुभकामना मनभरि गुन्दै हामी जलेश्वरनाथ महादेव मन्दिर परिसर पुग्यौं। मन्दिरभि जलको कुण्ड र मूर्ति रहेछन्। मन्दिरको वनावट पनि निकै आकर्षक लाग्यो हामीलाई।

जलेश्वरनाथ मन्दिर परिसरमा भेटिएका ५ जना स साना विद्यार्थी भाईले हामीलाई बजारको केही भूभाग साथै मणिप क्षेत्रको दृश्यांकन गराउनुभयो। भ्रमणका क्रममा ती भाईहरुले भन्नुभयो, जनकपुरकी पत्रकार उमा सिंहको हत्याले आफूलाई अत्य नराम्रो लागेको छ। त्यस्तै विद्यालयलाई शान्ति क्षेत्र बनाउन कुनै पनि हालतमा जो कोही लागि पर्नु पर्ने र देशमा सबैजना मिलेर शा स्थापना गर्नुपर्छ। यस्ता महत्वपूर्ण विषयमा बोल्ने भाईहरुले हामीलाई उनीहरुका अभिभावकले मन्दिरमा लगाएको पूजाको प्र खाएर जान अनुरोध गर्नुभयो। हामी प्रसाद ग्रहण गरेर उनीहरुसँग छुट्टियौं।

जलेश्वर चोकमा भेट भएका केही पत्रकार, वाइसियल कार्यकर्ता र एन.जी.ओ. सम्बद्ध व्यक्तिहरुसँग हाम्रो कुराकानी चल्यो। उनीहरुले सञ्चारक्षेत्रको विकास, विस्तार, अध्ययन एवं अनुसन्धानका लागि सुरु गरिएको विश्वभ्रमण अभियान विना बाधा अवरोध सफल होस् भनी शुभकामना व्यक्त गरे। पत्रकार महासंघ महोत्तरी शाखाले पनि हामीलाई शुभकामना पत्र प्रदान गऱ्यो। शुभकामना ग्रहण पश्चात् पत्रकार दशरथ भण्डारीले रेडियो अप्पन मिथिलाको कार्यालयमा एउटा अर्न्तवार्ता रेकर्ड गर्नुभयो। खाना खाएर हामी नगरपालिका गई सुत्ने कामसम्म भ्यायौं।

हात्तीलेटमा भेटिएका युवाहरु

२०६५ माघ ४: हाम्रो आजको योजना बर्दिवास जाने। त्यसैले जलेश्वरबाट हामी अगाडि बढ्यौं। जलेश्वरवासीले सेवा केन्द्र मात्र भन्दै सरकारले सदरमुकाम नै बर्दिवास सार्ने निर्णय गरेको हो भनेर विरोधस्वरुप विगत केही दिनदेखि गरेको बन्दले गाडी चलेनन्। ट्र्याक्टर चढेर हामी महोत्तरीकै हात्तीलेट सम्म आयौं। हात्तीलेट ओर्लिएपछि त्यहाँका स्थानीय युवासँग हाम्रो कुराकानी भयो। सुरज र अनिल बस्नेत लगायतका अन्य युवाहरुले राज्यको उचित नेतृत्वको अभावमा दिनप्रतिदिन बेरोजगारी समस्या बढ्दै गएका कारण आफू निराश हुँदै गएको बताए। यद्यपि, समाजमा आफ्नै प्रयासबाट शान्ति सुरक्षा कायम गर्न र सामान्य आर्थिक आय आर्जन गर्न सकेको उनीहरुको भनाई थियो। यस्ता विद्यमान यथार्थताहरुलाई सम्बन्धित निकायसामु ध्यानार्कषण गराउन स्वतन्त्र प्रेस एवं सकारात्मक पत्रकारिताका लागि सुरु भएको यो विश्वभ्रमणले सफलता प्राप्त गरोस् भनी शुभकामना र सहयोगका लागि सबैलाई उनीहरुले अनुरोध पनि गरे।

हात्तीलेटबाट हिंड्दै हामी बर्दिबासतर्फ लाग्यौं। वर्दिवास बजारमा ॐ सेवा समितिका अध्यक्ष जगत् (जीत) बहादुर खड्काले हामीलाई आजको रात खाने-बस्ने व्यवस्था मिलाउनुभयो। उहाँको घरमा बस्दा अन्य युवाहरुसँग यो भ्रमण र यहाँको वस्तुस्थितिबारे जानकारी आदान-प्रदान भयो। त्यसपछि अस्पतालको गेष्ट रुममा हामीले रात्री विश्राम गऱ्यौं।

२०६५ माघ ६: स्थानीय जगत बहादुर खड्का र रुपक हमालको सहयोगमा आज बिहानै हामी बर्दिवास बजारमा रहेका विभिन्न मठमन्दिर, रेडियो नेपाल रिपिटर टावर गौरीवास, काठमाडौं छिटो पुग्न सकिने वर्दिवास-सिन्धुली-वनेपा-काठमाडौं सडक खण्ड लगायतका ठाउँ भ्रमण गऱ्यौं। यही भ्रमणका क्रममा स्थानीय सञ्चारकर्मी कुर्महरी सुवेदीसँग पनि भेट भयो। सुवेदीले विकास निर्माणको हिसाबले वर्दिवास अगाडि बढिसकेको बताउनुभयो। सबै तिरको निशाना पत्रकार बनिरहेको बेला विश्वयात्रा गर्ने साहस देखाउनु निकै ठूलो कुरा हो भन्दै उहाँले शुभकामना व्यक्त गर्नुभयो।

महोत्तरी जिल्लाको भ्रमणलाई बिट मार्न स्थानीय युवा एवं वाइसियल कार्यकर्ता द्वय निकेश खनाल र सन्तोष हमालले जगत खड्काको पहलकदमीमा सर्लाही बजारको लालबन्दीसम्म निःशुल्क बसयात्राको व्यवस्था मिलाइ दिनुभयो। र, हामी एक अर्काबीच बिदा भयौं। जीत बहादुर खड्काकै पसलमा भेटिनुभएका सर्लाही शंकरपुरका बोध बहादुर राउतसँगै हामी लालबन्दी बजारसम्मका लागि बस चढ्यौं।

महोत्तरी यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. ३,००० /-
आर.सी.डी.एस.सी.(जलेश्वर)	रु. ५५० /-
सुरज वस्नेत (हात्तीलेट)	रु. १०० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

हार्दिक शुभकामना। - तारानाथ गौतम (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
विना बाधा विरोध अठोट पूरा होस्। - संजीत कुमार मण्डल, अध्यक्ष मधेशी पत्रकार समाज
मानवता र मानव कर्म चाहीं नभुल्नु। - अनिल बस्नेत, हात्तीलेट ३
केही दुःख परे साहस र आँटले आफ्नो कार्य सफल गर्नु। - सुरज बस्नेत, हात्तीलेट
अंतराष्टिय सद्भावना एवं शांतिका कारक बने। - ललित झा, राष्टिय स्वयंसेवक दल, भारत

एघारौं जिल्ला सर्लाही डायरी

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफल: १,२५९ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ९९ व… नगरपालिका: १ निर्वाचन क्षेत्र: ६, सदरमुकाम: मलंगवा, अञ्चल: जनकपुर, विकास क्षेत्र: मध्यमाञ्चल*
> *भौगालिक अवस्थिति: पूर्व महोत्तरी, पश्चिम रौतहट, उत्तर सिन्धु… जिल्ला र दक्षिण भारत ।*
> *भाषा: मैथिली, भोजपुरी, नेपाली, तामांग, उर्दु आदि ।*

२०६५ माघ ५: लालबन्दी बजारबाटै हाम्रो औपचारिक यात्रा सर्लाही जिल्लामा प्रारम्भ भयो । सुरुमा हामीले पत्रकार डुकु कोईराला, रोहित लामा र मीना सुवेदीसँग कुराकानी गर्‍यौं । गोलभेंडाको राजधानी भनेर चिनिने लालबन्दी बजार र सर्लाही जिल्लाको वस्तुस्थितिबारे जानकारी दिनुहुँदै उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । त्यसपछि हामी लालबन्दी बजार घुम्न थाल्यौं । मौका वसन्त पञ्चमी अर्थात् सरस्वती पूजाको पूर्वसन्ध्या परेछ । सरस्वती पूजाका लागि बाटो छेकेर बसेका केही बालबालिकाले हामीसँग पैसा मागे । पैसाको सट्टा हामीले उनीहरुको भिडियो दृश्य र तस्वीर खिंचेर देखाइ दियौं, उनीहरु त म… परे । र, हामीलाई पैसा नदिइकनै बाटो पो छोडिदिए है । हा...हा...हा...।

हामीले कुराकानी गर्‍यौं, मानवले आफ्नो राम्रो प्रचार-प्रसार होस् भन्ने चाहेकै हुँदो रहेछ । हो, यहाँ पनि यस्तै भयो । ब… घुमिसकेर हामी स्थानीय होटलमा आएर बास बस्यौं ।

२०६५ माघ ६: बिहान लालबन्दीकै केही पत्रकारहरु कृष्ण थपलिया, रोहितप्रसाद पौडेल र इन्द्रप्रसाद न्यौपानेसँग केहीबेर कुराका… चल्यो । उहाँहरुले विश्वभ्रमणका क्रममा तराईका सञ्चारकर्मीसँग सम्बन्धित समस्या बुझ्न आउनु भएकोमा तपाईंहरुलाई वि… धन्यवाद छ भन्नुभयो । उहाँहरुले हाम्रा यात्राका अनुभव पनि सोध्नुभयो । तराईंमा ढुक्कसँग पत्रकारिता गर्न नसकिएको उहाँह… गुनासो थियो ।

पत्रकार थपलियाकै सहयोगमा लालबन्दी गा.वि.स. सचिव केशव शाही, नेकपा एमालेका ध्रुव गौतम र यातायात… हीराकाजी योञ्जन लगायतसँग हाम्रो भेट भयो । उहाँहरुले साईकलबाट विश्वभ्रमण गर्छु भन्दै हिंड्ने केही व्यक्तिले झैं यात्राका न… उठाइएको रकमबाट व्यक्तिगत बदमासी नगर्न, ठूल्ठूला बिल्डिंग नठड्याउन, रकम दुरुपयोग नगर्न र विश्वभ्रमण गर्न सकिन भ… बीचैमा यात्रा नटुटाउन समेत आग्रह गर्दै नेपाली पत्रकारिता क्षेत्र एवं सम्पूर्ण नेपाली जनताको समस्या र सम्भावना विषयलाई विश्व… नै जानकारी दिन सफल हुनुहोस् भन्दै शुभकामना व्यक्त गर्नुभयो ।

पत्रकार थपलियाले हाम्रो बिहानी खानाको र हरिवनसम्मको बसभाडा तिरिदिनुभयो । हामी लालबन्दी बजार छोडेर ग… चढी हरिऔन बजार आयौं । हरिवनमा नवपरिचर्चा साप्ताहिकका प्रकाशक/सम्पादक चूडामणि वाग्लेसँग हाम्रो भेट भ… सम्पादक वाग्लेले सर्लाहीमा हाल केही साप्ताहिक प्रकाशित भइरहे तापनि अहिलेसम्म एफ.एम. रेडियो नभएको तर हरिव… जिल्लाकै पहिलो एफ.एम. खोल्ने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका ल… सुरु गरिएको विश्वभ्रमण अभियानप्रति शुभकामना व्यक्त गर्नुहुँदै यो भ्रमणलाई नेपालको सञ्चार क्षेत्रले उच्च मूल्यांकन गर्नु… भन्नुभयो ।

उहाँकै सल्लाह बमोजिम हामी चर्तुभुजेश्वर महादेव मन्दिर भ्रमण गर्न गयौं । मन्दिर भ्रमण पश्चात् फेरि हामी हरिवन ब… वडा नं. २ मा पर्ने पुरानो बजार आउने क्रममा बाल साहित्यकार कार्तिकेय घिमिरेको घरमा पुगेछौं । त्यहाँ चन्द्रनाथ घिमिरे र पुरु… घिमिरेसँग केहीबेर हाम्रो कुराकानी भयो । चियापान पश्चात् हामी उहाँहरुले नै बाटो देखाए बमोजिम तेजकृष्ण भट्टराईको घरमा गयौं । उहाँ… हामीले गा.वि.स. कार्यालय हरिवनमै दिउँसो भेटेका थियौं । उहाँको घरमा हाम्रो बसाई खुवाई, अर्न्तक्रिया गराई सबै राम्रो, रमाई… उद्देश्यमूलक नै भयो ।

२०६५ माघ ७: बिहान हरिवन २, पुरानो बजार निवासी तेजकृष्ण भट्टराईकै जेठी श्रीमती तर्फकी एक किशोरी छो… हदैसम्मको अपांग जीवन व्यतित गरिरहनु परेको अवस्थालाई हामीले नियाल्यौं । न बोली आउँछ, न त शरीर चलाय… खुट्टा ठाडाको ठाडै आकाशतिर ...! वर्णनै गर्न नसकिने यी बालाको जीवन...। मान्छेको जन्म पनि कस्तो कस्तो ...

उफ् ! उफ् ! यति सम्मको अपांगता हामीले अहिलेसम्म देखेकै छैनौं । ति बालाका छेउमा बसेर आँखाभरि आँसु छचल्काउँदै उनकी आमाले भन्नुभयो, म हुञ्जेल त अरु कसैले नहेरे पनि मैले हेरौंला, मेरो शेखापछि कसले हेर्ला अनि मेरी छोरीको भविष्य के होला ? फेरि, कुनै पनि संघ संस्थाले खासै सहयोग गरेका पनि छैनन् । हामी पनि गम्भीर भयौं, उहाँको चिन्ता र दु:खेसो सुनेर ।

हरिवन २ मा भेटिएकी यी किशोरी

खाना खानुअघि यस गाउँका स्थानीयवासी कृष्णप्रसाद, तुलसी, पुरुषोत्तम र राम भट्टराई तथा तुलसी गौतम लगायतसँग हामीले परिचय र कुराकानी गऱ्यौं । यो गाउँ उखुका लागि प्रसिद्ध रहेको बताउँदै उहाँहरुले यस विश्वभ्रमणमार्फत् नेपालको राष्ट्रिय एकता मजबुत बनाउन सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो । हामी खाना खाएर हामी पुरानो बजारबाट पुन: हरिवन गा.वि.स. तर्फै लाग्यौं ।

गा.वि.स.कार्यालयमा सचिव राजकुमार थापासँग हाम्रो कुराकानी भयो । उहाँले हरिवन गा.वि.स.मा प्रमुख नगदे बालीकारुपमा उखु खेती रहेको बताउनुभयो । विश्वभ्रमण सफलताको कामना गर्दै उहाँले गा.वि.स.का तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो । शुभकामना पत्र ग्रहण पश्चात् हामी हरिवनबाट नयाँ रोड हुँदै ट्रकमा बरहथवा गा.वि.स. हुईकियौं । ट्रक निकै हल्ली खल्ली मच्चाउने खालकै थियो, हामी उसको तालमा ताल मिलाउँदै हुइँकिदै थियौं । बरहथवा बजार पुगेपछि नेपाल पत्रकार महासंघ सर्लाही अध्यक्ष कृष्णकुमार एस्मालीसँग हामीले भेट गऱ्यौं । अध्यक्ष एस्मालीले हाम्रो बसोबासको प्रबन्ध बरहथवा गा.वि.स. मार्फत् मिलाउनुभयो । यसैगरी आजको दिन पनि बित्यो ।

२०६५ माघ ८: बरहथवा गा.वि.स. भ्रमणका क्रममा उद्योग वाणिज्य संघ उपशाखा बरहथवाका अध्यक्ष शम्भु शाह र गा.वि.स. सचिव जगन्नाथ शाहसँग हामीले भेट गऱ्यौं । उहाँहरु दुवैले बरहथवा बजार सर्लाहीको एक प्रमुख व्यापारिक केन्द्र भएकाले यसको विकास र विस्तारमा उ.वा.संघ तथा गा.वि.स.ले नयाँ योजना बनाइरहेको बताउनुभयो । तपाईंहरुको विश्वभ्रमण एकदमै नवीन र प्रशंसनीय कार्य हो भन्दै उहाँहरुले भ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो । उहाँहरुसँगको यो भेटपछि हामीले बरहथवाका स्थानीयवासी र प्रहरीसँग पनि केहीबेर कुराकानी गऱ्यौं ।

बरहथवा बजारको भ्रमण सकेर हामी केही विद्यार्थीहरुसँग कुराकानी गर्दै शंकरपुर गा.वि.स. वडा नं. २ निवासी बोध बहादुर राउतको घरमा पुग्यौं । उहाँसँग हाम्रो महोत्तरीको बर्दिवासबाटै परिचय र सर्लाही लालबन्दीसम्म बसयात्रा भैसकेको थियो । उहाँ हाम्रो एकदमै शुभचिन्तक । उहाँकै अनुरोधमा हामी शंकरपुर आइपुगेका पनि हौं । उहाँको घरमा पुगेपछि त हामीलाई नुहाई धुवाई गर्नु बाहेक अरु केही सुर नै थिएन आज । दिनभरी हामीले नुहाई धुवाई गऱ्यौं । साँझमा चाहिं एकैछिन राउत जीसँगै शंकरपुर बजार घुम्न गयौं । फर्किएर उहाँकै घर आइयो । खाना खाइयो । परालको आगो बालेर गफ गर्दै तापियो । अनि सुतियो ।



२०६५ माघ ९: बिहानी खाना खाएर हामी शंकरपुरमा स्थापित सामुदायिक बहुमुखी सहकारी संस्था लि.का संयोजक जवाहरलाल कुशवाह र व्यवस्थापक राम बहादुर बस्नेत, सामुदायिक विद्युत ग्रामीण सहकारी संस्था, साना किसान कृषि सहकारी संस्थाका प्रबन्धक माधवप्रसाद काफ्ले एवं सूर्योदय बचत तथा ऋण सहकारी संस्था लि. कार्यालय भ्रमण र सामूहिक कुराकानीमा जुट्यौं ।

एघारौं जिल्ला सर्लाही डायरी

> **संक्षिप्त परिचय**
>
> क्षेत्रफलः १,२५९ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ९९ व
> नगरपालिकाः १, निर्वाचन क्षेत्रः ६, सदरमुकामः मलंगवा,
> अञ्चलः जनकपुर, विकास क्षेत्रः मध्यमाञ्चल
> भौगालिक अवस्थितिः पूर्व महोत्तरी, पश्चिम रौतहट, उत्तर सिन्धुली जिल्ला र दक्षिण भारत ।
> भाषाः मैथिली, भोजपुरी, नेपाली, तामांग, उर्दु आदि ।

२०६५ माघ ५ः लालबन्दी बजारबाटै हाम्रो औपचारिक यात्रा सर्लाही जिल्लामा प्रारम्भ भयो । सुरुमा हामीले पत्रकार डुकु कोईराला, रोहित लामा र मीना सुवेदीसँग कुराकानी गऱ्यौं । गोलभेंडाको राजधानी भनेर चिनिने लालबन्दी बजार र सर्लाही जिल्लाको वस्तुस्थितिबारे जानकारी दिनुहुँदै उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । त्यसपछि हामी लालबन्दी बजार घुम्न थाल्यौं । मौका वसन्त पञ्चमी अर्थात् सरस्वती पूजाको पूर्वसन्ध्या परेछ । सरस्वती पूजाका लागि बाटो छेकेर बसेका केही बालबालिकाले हामीसँग पैसा मागे । पैसाको सट्टा हामीले उनीहरुको भिडियो दृश्य र तस्वीर खिंचेर देखाइ दियौं, उनीहरु त म परे । र, हामीलाई पैसा नदिइकनै बाटो पो छोडिदिए है । हा...हा...हा...।

हामीले कुराकानी गऱ्यौं, मानवले आफ्नो राम्रो प्रचार-प्रसार होस् भन्ने चाहेकै हुँदो रहेछ । हो, यहाँ पनि यस्तै भयो । बा घुमिसकेर हामी स्थानीय होटलमा आएर बास बस्यौं ।

२०६५ माघ ६ः बिहान लालबन्दीकै केही पत्रकारहरु कृष्ण थपलिया, रोहितप्रसाद पौडेल र इन्द्रप्रसाद न्यौपानेसँग केहीबेर कुराक चल्यो । उहाँहरुले विश्वभ्रमणका क्रममा तराईका सञ्चारकर्मीसँग सम्बन्धित समस्या बुझ्न आउनु भएकोमा तपाईंहरुलाई वि धन्यवाद छ भन्नुभयो । उहाँहरुले हाम्रा यात्राका अनुभव पनि सोध्नुभयो । तराईंमा ढुक्कसँग पत्रकारिता गर्न नसकिएको उहाँह गुनासो थियो ।

पत्रकार थपलियाकै सहयोगमा लालबन्दी गा.वि.स. सचिव केशव शाही, नेकपा एमालेका ध्रुव गौतम र यातायात हीराकाजी योञ्जन लगायतसँग हाम्रो भेट भयो । उहाँहरुले साईकलबाट विश्वभ्रमण गर्छु भन्दै हिंड्ने केही व्यक्तिले झैं यात्राका उठाइएको रकमबाट व्यक्तिगत बदमासी नगर्न, ठूलूला बिल्डिंग नठड्याउन, रकम दुरुपयोग नगर्न र विश्वभ्रमण गर्न सकिन बीचैमा यात्रा नटुटाउन समेत आग्रह गर्दै नेपाली पत्रकारिता क्षेत्र एवं सम्पूर्ण नेपाली जनताको समस्या र सम्भावना विषयलाई विश्व नै जानकारी दिन सफल हुनुहोस् भन्दै शुभकामना व्यक्त गर्नुभयो ।

पत्रकार थपलियाले हाम्रो बिहानी खानाको र हरिवनसम्मको बसभाडा तिरिदिनुभयो । हामी लालबन्दी बजार छोडेर ग चढी हरिऔन बजार आयौं । हरिवनमा नवपरिचर्चा साप्ताहिकका प्रकाशक/सम्पादक चूडामणि वाग्लेसँग हाम्रो भेट भ सम्पादक वाग्लेले सर्लाहीमा हाल केही साप्ताहिक प्रकाशित भइरहे तापनि अहिलेसम्म एफ.एम. रेडियो नभएको तर हरि जिल्लाकै पहिलो एफ.एम. खोल्ने तयारी भइरहेको जानकारी दिनुभयो । उहाँले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका स सुरु गरिएको विश्वभ्रमण अभियानप्रति शुभकामना व्यक्त गर्नुहुँदै यो भ्रमणलाई नेपालको सञ्चार क्षेत्रले उच्च मूल्यांकन गर्नु भन्नुभयो ।

उहाँकै सल्लाह बमोजिम हामी चर्तुभुजेश्वर महादेव मन्दिर भ्रमण गर्न गयौं । मन्दिर भ्रमण पश्चात् फेरि हामी हरिवन बज वडा नं. २ मा पर्ने पुरानो बजार आउने क्रममा बाल साहित्यकार कार्तिकेय घिमिरेको घरमा पुगेछौं । त्यहाँ चन्द्रनाथ घिमिरे र पुरुषो घिमिरेसँग केहीबेर हाम्रो कुराकानी भयो । चियापान पश्चात् हामी उहाँहरुले नै बाटो देखाए बमोजिम तेजकृष्ण भट्टराईको घरमा गयौं । उहाँ हामीले गा.वि.स. कार्यालय हरिवनमै दिउँसो भेटेका थियौं । उहाँको घरमा हाम्रो बसाई खुवाई, अर्न्तक्रिया गराई सबै राम्रो, रमाई उद्देश्यमूलक नै भयो ।

२०६५ माघ ७ः बिहान हरिवन २, पुरानो बजार निवासी तेजकृष्ण भट्टराईकै जेठी श्रीमती तर्फकी एक किशोरी छो हदैसम्मको अपांग जीवन व्यतित गरिरहनु परेको अवस्थालाई हामीले नियाल्यौं । न बोली आउँछ, न त शरीर चलाय खुट्टा ठाडाको ठाडै आकाशतिर ...! वर्णन गर्न नसकिने यी बालाको जीवन...। मान्छेको जन्म पनि कस्तो कस्तो ... उ

उफ् ! उफ् ! यति सम्मको अपांगता हामीले अहिलेसम्म देखेकै छैनौं । ति बालाका छेउमा बसेर आँखाभरि आँसु छचल्काउँदै उनकी आमाले भन्नुभयो, म हुन्जेल त अरु कसैले नहेरे पनि मैले हेरौंला, मेरो शेखापछि कसले हेर्ला अनि मेरी छोरीको भविष्य के होला ? फेरि, कुनै पनि संघ संस्थाले खासै सहयोग गरेका पनि छैनन् । हामी पनि गम्भीर भयौं, उहाँको चिन्ता र दु:खेसो सुनेर ।

हरिवन २ मा भेटिएकी यी किशोरी

खाना खानुअघि यस गाउँका स्थानीयवासी कृष्णप्रसाद, तुलसी, पुरुषोत्तम र राम भट्टराई तथा तुलसी गौतम लगायतसँग हामीले परिचय र कुराकानी गऱ्यौं । यो गाउँ उखुका लागि प्रसिद्ध रहेको बताउँदै उहाँहरुले यस विश्वभ्रमणमार्फत् नेपालको राष्ट्रिय एकता मजबुत बनाउन सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो । हामी खाना खाएर हामी पुरानो बजारबाट पुन: हरिवन गा.वि.स. तर्फै लाग्यौं ।

गा.वि.स.कार्यालयमा सचिव राजकुमार थापासँग हाम्रो कुराकानी भयो । उहाँले हरिवन गा.वि.स.मा प्रमुख नगदे बालीकारुपमा उखु खेती रहेको बताउनुभयो । विश्वभ्रमण सफलताको कामना गर्दै उहाँले गा.वि.स.का तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो । शुभकामना पत्र ग्रहण पश्चात् हामी हरिवनबाट नयाँ रोड हुँदै ट्रकमा बरहथवा गा.वि.स. हुईकियौं । ट्रक निकै हल्ली खल्ली मच्चाउने खालकै थियो, हामी उसको तालमा ताल मिलाउँदै हुइँकिदै थियौं । वरहथवा बजार पुगेपछि नेपाल पत्रकार महासंघ सर्लाही अध्यक्ष कृष्णकुमार एस्मालीसँग हामीले भेट गऱ्यौं । अध्यक्ष एस्मालीले हाम्रो बसोबासको प्रबन्ध वरहथवा गा.वि.स. मार्फत् मिलाउनुभयो । यसैगरी आजको दिन पनि बित्यो ।

२०६५ माघ ८: वरहथवा गा.वि.स. भ्रमणका क्रममा उद्योग वाणिज्य संघ उपशाखा वरहथवाका अध्यक्ष शम्भु शाह र गा.वि.स. सचिव जगन्नाथ शाहसँग हामीले भेट गऱ्यौं । उहाँहरु दुवैले वरहथवा बजार सर्लाहीको एक प्रमुख व्यापारिक केन्द्र भएकाले यसको विकास र विस्तारमा उ.वा.संघ तथा गा.वि.स.ले नयाँ योजना बनाइरहेको बताउनुभयो । तपाईंहरुको विश्वभ्रमण एकदमै नवीन र प्रशंसनीय कार्य हो भन्दै उहाँहरुले भ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो । उहाँहरुसँगको यो भेटपछि हामीले वरहथवाका स्थानीयवासी र प्रहरीसँग पनि केहीबेर कुराकानी गऱ्यौं ।

वरहथवा बजारको भ्रमण सकेर हामी केही विद्यार्थीहरुसँग कुराकानी गर्दै शंकरपुर गा.वि.स. वडा नं. २ निवासी बोध बहादुर राउतको घरमा पुग्यौं । उहाँसँग हाम्रो महोत्तरीको बर्दिवासबाटै परिचय र सर्लाही लालबन्दीसम्म बसयात्रा भैसकेको थियो । उहाँ हाम्रो एकदमै शुभचिन्तक । उहाँकै अनुरोधमा हामी शंकरपुर आइपुगेका पनि हौं । उहाँको घरमा पुगेपछि त हामीलाई नुहाई धुवाई गर्नु बाहेक अरु केही सुर नै थिएन आज । दिनभरी हामीले नुहाई धुवाई गऱ्यौं । साँझमा चाहिं एकैछिन राउत जीसँगै शंकरपुर बजार घुम्न गयौं । फर्किएर उहाँकै घर आइयो । खाना खाइयो । परालको आगो बालेर गफ गर्दै तापियो । अनि सुतियो ।



२०६५ माघ ९: बिहानी खाना खाएर हामी शंकरपुरमा स्थापित सामुदायिक बहुमुखी सहकारी संस्था लि.का संयोजक जवाहरलाल कुशवाह र व्यवस्थापक राम बहादुर बस्नेत, सामुदायिक विद्युत ग्रामीण सहकारी संस्था, साना किसान कृषि सहकारी संस्थाका प्रबन्धक माधवप्रसाद काफ्ले एवं सूर्योदय बचत तथा ऋण सहकारी संस्था लि. कार्यालय भ्रमण र सामूहिक कुराकानीमा जुट्यौं ।

उहाँहरुले "सरकारी मुख नताकी समुदायको पहलमा ८४ लाखको लगानी गरेर ग्रामीण विद्युतीकरण" गरेको बताउनुभयो। संस्थागत तथा सामूहिक कार्यमा कुनैपनि पार्टीगत गुटबन्दी नभई सबै मिलेर सहकार्य गर्ने गरिएको पनि उहाँहरुको भनाई थियो। शंकरपुरको यो विकास एउटा सफल उदाहरण भएको भन्दै उहाँहरुले यस उदाहरणलाई नेपाली राजनीतिको केन्द्रिय नेतृत्वले समेत अनुसरण गर्न आग्रह गर्नुभयो। उहाँहरुको भनाई र गराई पुष्टि हुँदै गएको हामीले पनि महसुस गऱ्यौं।



शंकरपुरको विकासमा यी संस्थाहरूले खेलेको भूमिका राष्ट्रियस्तरमा सञ्चारमाध्यममार्फत सम्प्रेषण गर्न पत्रकारहरुलाई ताकेता गर्दा पनि नआएको दुःखेसो उहाँहरुले पोख्नुभयो। पत्रकारिता क्षेत्र स्वतन्त्र, न्यायिक र मर्यादित हुनुपर्नेमा जोड दिँदै यो विकास सन्देश विश्वभ्रमणको माध्यमबाट सम्बन्धित निकायमा पु दिन उहाँहरूले हामी सामु आग्रह गर्नुभयो।

शंकरपुरवासीसँगको छलफल पछि हामी नवजनजागरण मा.वि. राजघाट शंकरपुर सर्लाहीमा पुग्यौं। त्यहाँ उप शिक्षक शिक्षिकाहरूले विद्यालय व्यवस्थापन, शिक्षक दरबन्दी तथा विद्यार्थीको बढ्दो चाप, विद्यालय क्षेत्र शंकरपुरको हो कि रा गा.वि.स.को ? भन्ने विवाद जस्ता समस्या विद्यालयमा रहेको गुनासो पोख्नुभयो। जसका कारण विद्यालयको दैनिक गति सञ्चालन गर्न गाऱ्हो परिरहेको हुँदा यसको सुनुवाई राज्यले गरी समस्याको समाधान गर्नुपर्ने उहाँहरूको जोडदार माग थि

त्यो विद्यालयबाट हामी बोध ब. राउत, राम ब. महतो लगायत अन्य स्थानीयवासीको सहयोगमा राजघाट गा.वि. खुल्ला चौर पुग्यौं। त्यहाँ केहीबेर अन्र्तक्रिया चल्यो। अन्र्तक्रियामा विभिन्न क्षेत्र, पेशा, वर्गका प्रतिनिधिहरूले उक्त गा.वि. समस्या र सम्भावनाबारे जानकारी गराउँदै "हाम्रो जस्तो विकट क्षेत्रमा तपाईंहरू आउनु भएकोमा धन्यवाद" भन्दै शुभकाम शब्द उपहार दिनुभयो।

बेलुका हामीले शंकरपुर ४ निवासी राम बहादुर महतोको अनुरोधमा उहाँको घरमा भोजन ग्रहण गऱ्यौं। केहीं भलाकुसारी भयो। उहाँका छोरा र साथीले हामीलाई मोटरसाईकल मार्फत शंकरपुर वडा नं २ मा रहेको बोध बहादुर राउतको ल्याइदिनुभयो।

२०६५ माघ १०: बिहानै राउत परिवारको सहयोगलाई धन्यवाद दिएर हामी शंकरपुरबाट सोल्टी, नवलपुर हुँदै गाडीमार्फत स सदरमुकाम मलंगवा आयौं। सर्लाहीका प्र.जि.अ. राम वली सिंहसँग कार्यालयमै हाम्रो भेट भयो। प्रशासकीय अधिकृत मो

पाध्याले जिल्ला प्रशासनको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो।

त्यहाँबाट हामी जि.वि.स. कार्यालय गयौं। जि.वि.स. कार्यालयमा एल लगायत कसैले पनि खासै वास्ता गरेनन्। जि.वि.स.बाट हामी मलंगवा नगरप कार्यालय पुग्यौं। नगरपालिकामा लेखापाल जमसेद अलाम, नेपाली काँग्रेसका शाह लगायत अन्य उपस्थित व्यक्तिहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकार पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे जानकारी गरायौं। उहाँहरुको शु लिएर हामीले केहीबेर बजार भ्रमण गऱ्यौं।

बेलुकी पख हामीले जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि अधिकृत नथुनी साहलाई भेट्यौं। उहाँको सहयोगमा हामीलाई उक्त कार्या अतिथि गृहमा २ रातका लागि बासको प्रबन्ध भयो। खानपिनका लागि हामी होटलमा गयौं। विशेषगरी सप्तरीदेखि हामीलाई मधेशी समुदायका होटलमा खादा तरकारी अचारमा लगाइएको चर्को नुनले सताउनु सताइरहेको छ।

माघ ११: बिहान हासी घुम्दै मलंगवाको चित्रगुप्ता पत्रिका पसल पुग्यौं। पसल सञ्चालक विनोद कुमार कर्णले हामीसँग भन्नुभयो, रक्सीका लागि जति पनि पैसा खर्च गर्न तयार व्यक्तिले पत्रपत्रिका पढ्ने भनेर रु. २ खर्च गर्न पनि गाऱ्हो मान्छन्, अनि कसरी हुन्छ बौद्धिक विकास ?

बिहानको खाना खाएर हामी आफ्नै सुरमा मलंगवा बजार छिचोलेर ग्रामीण बस्ती नियाल्दै थियौं। अनायसै नेपाल र भारतको सिमानामा पुगिएछ। विहार राज्यका एस.एस.बी. सँग जम्काभेट भयो हाम्रो। उनीहरूले हामीलाई केही क्षण सोधपुछ गरे। हामीले उनीहरुलाई विश्वभ्रमण अभियानबारे जानकारी दिँदै आफ्ना कागजातहरु देखायौं। त्यसपछि उनीहरुले हामीलाई भारतको सिमाना सुरु भएका कारण नेपाल फर्केर जान निर्देशन दिए।

त्यहाँबाट फर्किएर हामी मलंगवा बजारतर्फ आउँदै थियौं। जथाभावी गरिएको दिसाका रासको चक्काजामले झण्डै बाटो बन्द ! सदरमुकाम छेउछाउमा पनि यो के देख्नु परेको ? सरसफाई गर्नुपर्छ भन्ने संघ संस्थालाई पनि यही चक्काजामले बाटो थुन्यो कि क्या हो ? यो चक्काजामलाई पार गरेर हामी मलंगवा नगरपालिका- २ मा अवस्थित राम कवीर मठ आयौं। मठका महन्थ रामनारायण दासले विश्वभ्रमण सकेर आफूद्वारा सञ्चालित १० बिगाहा क्षेत्रफलमा फैलिएको सो मठको नेतृत्व गर्न हामीलाई प्रस्ताव गर्नुभयो। हामी हाँस्यौ मात्र...। मठ परिसरमा मृतक सन्त महन्तका शरीर राखिएका स-साना ढिस्काहरु थिए। त्यहीं ढिस्कामाथि मन्दिर बनाउने चलन पनि त्यहाँ रहेछ। महन्थ दासले हामीलाई मलंगवा बजारका केही मन्दिर घुमाउँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो। यसक्रममा हामीले पूर्व मेयर नवलकिशोर माली र स्थानीयवासी रामानन्दन ठाकुरसँग कुराकानी पनि गरेका थियौं। पूर्व मेयर मालीले पारदर्शी नेता र पार्टी नभएकाले यहाँ विकास हुन सकेको छैन भन्नुभयो।

माघ १२: हामी बिहानको खाना खाएर मलंगवाबाट हिंड्यौं। मलंगवाबाट नेत्रगञ्ज गा.वि.स.को नवलपुरमा आइपुगेपछि बसबाट ओर्लियौं। ज्ञान ज्योति पुस्तक पसलमा भेटिएका व्यक्तिहरुसँग केहीबेर कुराकानी गऱ्यौं। त्यहाँबाट हिंड्दै हामी पुन: लालबन्दी बजार पुग्यौं। पत्रकार कृष्ण थपलियाले सो गा.वि.स. का सचिव केशव शाही एवं कार्यालय परिसरमा उपस्थित स्थानीयवासीसँग परिचय गराउनुभयो। यातायातकर्मी हीराकांजी योञ्जनले लालबन्दीबाट चन्द्रनिगाहपुर सम्म मिलाइदिनुभएको नि:शुल्क बस यात्रालाई सदुपयोग गरेर हामी हिंड्यौं। यसप्रकार सर्लाही जिल्लाको औपचारिक यात्रा प्रारम्भ र समापन लालबन्दीमै भयो।

महोत्तरी यात्राका क्रममा प्राप्त नगद सहयोग

वरहथवा गा.वि.स.	रु. १,००० /-
मलंगवा नगरपालिका	रु. १,००० /-
लालबन्दी गा.वि.स.	रु. ७५० /-
वरहथवा उ.वा.संघ	रु. ५०० /-
हरिवन गा.वि.स.	रु. ५०० /-
राम वहादुर महतो (शंकरपुर ४)	रु. २५० /-
सामुदायिक व.उ.संस्था(शंकरपुर)	रु. २०० /-
सामुदायिक विद्युत् ग्रा.स.स.(शंकरपुर)	रु. २०० /-
साना किसान कृ.स.संस(शंकरपुर)	रु. २०० /-
सूर्योदय बचत ऋण स.सं.(शंकरपुर)	रु. २०० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरूले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पूर्ण सफलताको हार्दिक शुभकामना। - मेघनाथ पाध्या (प्रशासकीय अधिकृत), जिल्ला प्रशासन कार्यालय
आपके विश्वभ्रमण के वात हम् अपने स्वागत अभिवादन किया था। - रामनारायण दास (महन्थ), मलंगवा न.पा. २, राम कवीर मठ
भ्रमण सफल रहोस्। - मीना सुवेदी (खत्री), परवानीपुर ४
हार्दिक प्रशंसा। - राजकुमार थापा (सचिव), हरिवन गा.वि.स.

१२ औं जिल्ला रौतहट डायरी

२०६५ माघ १२: हामी सर्लाही लालबन्दीबाट गाडी चढेर दिउँसो ४ बजे चन्द्रनिगाहपुर बजार आइपुग्यौ । १२ औं जिल्ला रौतहट यात्रा चन्द्रनिगाहपुर गा.वि.स. बाटै औपचारिक रुपमा प्रारम्भ भयो । प्रारम्भमै हामीले ज्ञान सागर स्टेशनरीका अनिल तामाङ्ग, अनेरास्ववियु का दीपक रेग्मी, इन्सेक प्रतिनिधि विपीन गौतम, पत्रकार महासंघ रौतहटका सहसचिव फणी महत, स्थानीयवासी केशव भट्टराई लगायतसँग भेट्यौं । र, प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । आजको हाम्रो बास स्था... होटलमै भयो ।

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफलः १,१२६ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ९६ वटा, नगरपालि... १, निर्वाचन क्षेत्रः ६, सदरमुकामः गौर, विकास क्षेत्रः मध्यमाञ्च... भौगोलिक अवस्थितिः पूर्व सर्लाही, पश्चिम बारा, उत्तर मकवानपु... दक्षिण भारत*
>
> *भाषाः बाज्जिक, भोजपुरी, नेपाली, उर्दु, मैथिली आदि ।*

माघ १३: बिहान हामीले नेपाल पत्रकार महासंघ रौतहटका उपाध्यक्ष अशोक पहाडी, सहसचिव फणी महत, पत्रकार स... मिश्रलगायतसँग चन्द्रनिगाहपुर बजारमै भेट गर्‍यौं । सहसचिव महतले "श्रमजीवी पत्रकार ऐन लागू नभएका कारण खास... तराईका पत्रकारहरू व्यक्तिगत समस्या, द्वन्द्व, आर्थिक मारजस्ता चपेटामा परेको बताउनुभयो । प्रेस स्वतन्त्रता एवं सकारात... पत्रकारिताका लागि सुरु भएको यस्तो विश्वभ्रमण नेपालका सबै पत्रकारले गर्नु आवश्यक छ भन्दै उहाँले यात्रा सफलताका... शुभकामना प्रकट गर्नुभयो ।

बिहानी खाना खाएर हामी च.पुर गा.वि.स. कार्यालय गयौं । नगरउन्मुख गा.वि.स.बारे बोल्दै सचिव देवकोटाले "जनता... सुसूचित गराउने पत्रकारको तर्फबाट सुरु भएको यो विश्वभ्रमण सन्हानीय छ" भनी शुभकामना व्यक्त गर्नुभयो ।

च.पुर गा.वि.स. कार्यालयबाट हामी खोला किनार पार गरेर सोही गा.वि.स.को वडा नं ३ गैडाटार प्रवेश गर्‍यौं ।... समुदायद्वारा सञ्चालित जनहित प्रा.वि. व्यवस्थापन समितिका अध्यक्ष लाल ब. दोङ्ग, श्रीकृष्ण प्रणामी मन्दिर गैडाटारका अ... लीलाधर तिंसिना, सचिव टुक ब. राउत, बाल मण्डलीका सचिव गोपाल राउत, जनशक्ति मा.वि. व्यवस्थापन समितिका अ... उत्तर बहादुर थापा मगरलगायतका स्थानीयवासीसँग गाउँको अवस्थाबारे कुराकानी भयो । एक स्थानीय वृद्धले भन्नुभयो... देशका नयाँ प्रधानमन्त्री प्रचण्डलाई जनताको परिपक्व काम गर्न कम्तीमा ५ वर्ष शासन सत्ता सञ्चालनको अनुभव संगाल्न... सहयोग गर्नुपर्छ, नत्र हिजो आजको अशान्ति र असुरक्षा नेपालबाट कहिल्यै समाप्त हुँदैन । आज हामी नेपालदेखि भारतसम्म ... अगाडि ९२ दिने सामूहिक साईकल यात्रा गरेका एक सदस्य टुक ब. राउतका घरमा बास बस्यौं ।

माघ ६: स्थानीय टुक ब. राउतका घरमा बिहान भेला भएका स्थानीयवासी शम्भु प्र तिंसिना, त्रिण प्रसाद दुलाल र विमल सापकोटा... जातीय आन्दोलनका नाममा सिर्जित मनोवैज्ञानिक त्रास र अबरूद्ध भएको विकास निर्माण प्रक्रियाबारे छलफल चल्यो । उहाँ... "दैनिक जीवन त्रासदीपूर्ण हुँदै गएको, च.पुरको वडा नं ३ र ४ मा रहेको गैडाटार एउटा गा.बि.स. बनाउन सकिने जनसंख्या भए... त्यसो गर्न नसकिएको, १० वर्ष पहिला नै बिजुलीका खम्बा गाडिएपनि अहिलेसम्म बत्ती नबलेको" जस्ता समस्याहरू विश्वभ्रम... क्रममा सम्बन्धित निकायसम्म राखिदिन आग्रह गर्नुभयो । अनि यात्रा सफलताको शुभकामना पनि दिनुभयो ।

बिहानको नास्ता खाएर हामी गैडाटारबाट पुन: च.पुर आयौं । च.पुर बजारका स्थानीय व्यापारी कुमार प्र. आचार्य र... प्र. मैनालीले हामीलाई चिया बिस्कुटले स्वागत गर्नुभयो । उहाँहरुसँग केहीबेर कुराकानी गरेर हामी सन्तपुरतर्फ अगाडि बढ्यौं ।... भिडियो क्यामेराका लागि क्यासेट किन्न भुल्लिएछ । हतारका बेला पतार के गर्नु...पुन: बजार फनक्कै फर्कनु पर्‍यो । क्यासेट कि... त्यहाँबाट हामी सन्तपुर आयौं । त्यहाँ श्रीकृष्ण प्रणामी मन्दिरका ९८ वर्षीय सन्त धनीदास महाराज र पूजारी मुक्तिनाथ दंगाल... नेपालको अवस्थाबारे कुराकानी चल्यो । सन्तले राणा शासन कालमा धार्मिक स्वतन्त्रता नभएको र अहिले देशमा गतिलो अभिभा... नपाइएको गुनासो गर्नुभयो । उहाँले हामीलाई विश्वभ्रमण गर्दा कुनै व्यक्ति वा संस्थाको कर्मचारी नभई स्वतन्त्रतापूर्वक अर्न्तया... भौगोलिक यात्रा गर्न सुझाव दिनुभयो ।

सन्तपुरबाट हामी डूमरिया-२ ,नजरपुरतर्फ लाग्यौं । हिड्दा-हिड्दै बाटैमा यमप्रसाद सापकोटासँग परिचय भयो ।... कृष्ण प्रणामी बस्तीकै बासिन्दा हुनुहुँदो रहेछ । अनि त के चाहियो र गन्तव्यको साथी भेटेपछि । हामी उहाँकै सहयोगमा प्र...

बस्ती पुग्यौं र केहीबेर अवलोकनमा जुट्यौं । हामीलाई उहाँले आफ्नै घरमा खानपिन गराउनुभयो । बासको प्रवन्ध मन्दिरको अतिथि गृहमा मिल्यो । साँझ मन्दिरमा भएको पूजा आरती, भजन र बालबालिकाका लागि सामान्य ज्ञान प्रश्नोत्तर जस्ता रोचक एवं ज्ञान ध्यानबर्द्धक कार्यक्रम पनि हेरियो । आनन्दको अनुभूति भयो ।

माघ १५: बिहान हाम्रो श्रीकृष्ण प्रणामी मन्दिरका अध्यक्ष दात्ता प्र. दाहालसँग कुराकानी भयो । उहाँले प्रणामी बस्तीमा भएको विकासबारे जानकारी दिँदै भन्नुभयो यो बस्तीमा १० वर्षे जनयुद्ध, मधेश आन्दोलन अथवा वर्तमानमा भइरहेका सशस्त्र गतिविधिहरुले समेत कुनै असर परेको छैन । र, यहाँ दुर्व्यसनमुक्त युवा र नमूना समाजको एउटा उदाहरण छ । अध्यक्ष दाहालले आफू स्वयंले पनि २०६३ सालमा १२ जना साइकलयात्रीको टोलीलाई नेतृत्व गरेर यही मन्दिरदेखि भारतको गुजरात जामनगरसम्म ९२ दिन गरिएको यात्रा संस्मरण सुनाउनुभयो । अनि हामीले सुरु गरेको यात्राका विषयमा उहाँले भन्नुभयो, "महान् उद्देश्यका लागि सुरु गर्नुभएको तपाईंहरूको यो विश्वभ्रमण अवश्यमेव भगवान्ले पूर्ण गर्न सहयोग गर्नेछन्" म शुभकामना अर्पण गर्दछु । हँसिला-रसिला कुराकानीका साथ उहाँले आफैं खाना तयार गर्नुभयो । उहाँले तयार गरेको मीठो खाना खाएर हामी बिदा भयौं । साँच्चै यो प्रणामी बस्ती हामीलाई पनि एउटा उदाहरणीय बस्ती लाग्यो ।

डूमरियाबाट गरूडा गा.वि.स. आउने क्रममा हामी सखुअवा धमौरा गा.वि.स. कार्यालय आयौं । कार्यालयमा सचिव भगवान् चौधरी र स्थानीय राजनीतिक कार्यकर्तासँग त्यस क्षेत्रको अवस्थाबारे कुराकानी भयो । उहाँहरूले आजकाल गाउँको शान्ति सुरक्षामा "६५ प्रतिशत सुधार आएको" दाबी गर्नुभयो । यो गा.वि.स. बारे जानकारी दिँदै सचिव चौधरीले भन्नुभयो, फुर्सद र जवानी भए म पनि विश्वभ्रमण गर्ने थिएँ, तर सकिन । जे भएपनि तपाईहरुले थाल्नुभयो, यसमा म खुशी छु । जनतामा सकारात्मक मानसिकता बृद्धि गर्न यो विश्वभ्रमण सफल होस्, शुभकामना ।

सखुअवा धमौराबाट हामी हिंड्दै गरुडा बजार आयौं । बाटामा पूर्व परिचित ईञ्जिनियर प्रकाश अधिकारीसँग भेट भयो । उहाँ साथीहरुसँग पीच बाटोका लागि नाप जाँच गरिरहनुभएको थियो । हामी केहीबेर कुराकानी गरेर अगाडि बढ्यौं । गरुडा बजार आएपछि हाम्रो स्थानीय युवा धर्मेन्द्र चौधरीसँग भेट भयो । केहीबेर बजार भ्रमण गरेपछि हामी चौधरीकै सहयोगमा नेपाल उद्योग वाणिज्य संघ उपशाखा गरुडाका अध्यक्ष नवल किशोर प्र. गुप्ताकहाँ पुग्यौं । अध्यक्ष गुप्ताले हाम्रो बेलुकी खाना र बासको प्रबन्ध गरिदिनुभयो ।

माघ १६: ने.उ.वा. संघ गरुडा उपशाखाका अध्यक्ष नवलकिशोर गुप्तासँग हाम्रो गरुडा गा.वि.स. र व्यापार व्यवसायबारे कुराकानी भयो । उहाँले भन्नुभयो, व्यापारिक केन्द्र गरुडा बजारको विकास र बिस्तारका निम्ति हाम्रो पहल त छँदैछ, यसका अलावा सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउन तपाईहरूको विश्वयात्राले सफल भूमिका खेलोस्, शुभकामना ।

गरुडाबाट हिंड्दै हामी महम्मदपुर गा.वि.स. शिवनगर आयौं । शिवनगरमा स्थानीयवासी कृष्णदेव गिरी, कृषक रामाशंकर गिरी, गा.वि.स. सचिव राम चरित्र प्रसाद, धरहरी गा.वि.स. सचिव वीरेन्द्र गुप्ता लगायतसँग हाम्रो भेट भयो । धार्मिक पर्यटकीय स्थल रहेको शिवनगरलाई बाढीले सताउने गरेको दुःखेसो कृष्णदेव गिरीले पोख्नुभयो । कृषकलाई सरकारले उचित बीउ बिजन, मलखादआदिको व्यवस्था नगरिएको गुनासो रामाशंकर गिरीको रह्यो । गा.वि.स.मा जनप्रतिनिधि नभएकाले सर्वदलीय सहमति जुटाएर विकास निर्माणका कार्य गर्न नसकिएको भन्ने सचिवद्वय प्रसाद र गुप्ताको भनाई थियो । प्रेस स्वतन्त्रता पत्रकारलाई मात्र नभई प्रत्येक नागरिकलाई अपरिहार्य छ भन्ने धारणामा सबैको एकमत बन्यो । केहीबेर हामी मन्दिर क्षेत्र घुम्यौं । हामीलाई बिहानको खाना र शिवनगरदेखि रौतहट सदरमुकाम गौरसम्म निःशुल्क बसयात्रामा स्थानीय कृष्णदेव गिरीले सहयोग गर्नुभयो ।

नेपाल पत्रकार महासंघ रौतहट कार्यालयमा

गौर पुगेपछि नेपाल पत्रकार महासंघ रौतहट शाखाका अध्यक्ष प्रेमचन्द्र झा र सचिव राजेन्द्र कु. क्षेत्रीले हामीलाई चोकबाट पत्रकार महासंघको कार्यालयमा लानुभयो । पत्रकारहरूबीच अर्न्तक्रिया तथा अनुभव आदान-प्रदान कार्यक्रमको आयोजना भयो । कार्यक्रममा महासंघ केन्द्रिय सभासद् शैलेन्द्र

गुप्ता, सदस्य अरुण यादव, पत्रकारहरू सञ्जिव मिश्र, आनन्द खनाल, मदन ठाकुर, प्रवीण झा लगायतको उपस्थिति रह्यो । कार्यक्रममा उपस्थित पत्रकारहरुले मोफसलबाट दुःख गरेर पठाइएका समाचारको अभिलेख केन्द्रले उचित रूपमा व्यवस्थापन नगरिदिएको, कम पारिश्रमिक पाइरहेको, धेरै जसो मिडियामा पारिश्रमिक लिन केन्द्रमै धाउनु पर्ने विद्यमान अवस्था रहेको, समाचार संकलन गरेको खर्च समेत उठ्न नसकेको र पत्रकारहरूबीचमै आन्तरिक द्वन्द्व देखिएको जस्ता दुःखेसो/गुनासाहरु पोखे ।

रौतहट सदरमुकाम गौर

साँझ पर्न लाग्दा हामी बजार भ्रमण गर्दै थियौं । एक स्थानीयवासीले गौरको असुरक्षित अवस्था अवगत गराउँदै चाँडै बास बस्न सल्लाह दिए । हामीलाई महासंघद्वारा सदरमुकाम गौर बसुञ्ज्यालका लागि रौतहट लजमा बास बस्ने प्रबन्ध मिलाइयो । खानाचाहिं बाहिरै खाइयो ।

माघ १७: बिहान हामीलाई महासंघ अध्यक्ष प्रेमचन्द्र झाले गौर बजार भ्रमण गराउँदै स्थानीय राजनीतिक दल, नागरिक स एवं स्थानीय प्रशासनका प्रतिनिधिबीच परिचय गराउनुभयो । उहाँले महासंघद्वारा गरिएको वृक्षारोपण नजर गराउँदै आफ्नै लगेर चियापान गराउनुभयो ।

उहाँको परिवारसँग बिदा भएर अध्यक्ष झासँगै हामी महासंघ कार्यालय आयौं । महासंघले कार्यालयमा विश्व सफलताको शुभकामना पत्र प्रदान गऱ्यो । लगत्तै नेपाल पत्रकार महासंघ पूर्व केन्द्रिय सभापति किशोर नेपालको संयोजकत्व सदस्यीय प्रेस स्वतन्त्रता अनुगमन राष्ट्रिय मिसन टोली रौतहट सदरमुकाम गौर आइपुग्यो । पत्रकार महासंघ रौतहट शा कार्यालयमै उक्त टोलीसँग पत्रकारहरूबीच अन्तर्क्रिया गरायो । कार्यक्रममा सहभागी पत्रकारहरुले हिजो हामीलाई सुनाए अनुभव मिसन टोलीलाई पनि सुनाए ।

रौतहट एफ.एम. ले प्रेस स्वतन्त्रता अनुगमन राष्ट्रिय मिसन टोली र हामीलाई एकैसाथ बिहानी भोजनको व्य गरायो । भोजन ग्रहणका क्रममा महासंघ अध्यक्ष झाद्वारा टोली प्रमुख नेपाल, अन्य सदस्य प्रताप विष्ट, महेश दास, हेमन्त र पुनीता रिमाल, रौतहट एफ.एम. अध्यक्ष रेवन्त झा लगायतलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्व अभियानबारे जानकारी गराइयो । टोलीले हामीलाई भ्रमणका क्रममा संकलित स्थलगत रिपोर्ट स्थानीय तथा राष्ट्रिय सञ्चारमाध्य सम्प्रेषण गर्न सुझाव दियो । र त्यसका लागि आफूले पनि सहयोग गर्ने टोली प्रमुख नेपालले आश्वासन दिनुभयो ।

खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय, रौतहट पुग्यौं । प्र.जि.अ. डा. कमलेश कान्त सिन्हाले "विश्वभ्रमण ठूलो हो" भनी प्रशंसा गर्नुभयो । विश्व घुम्दै जाँदा किताब लेख्नुपर्ने सुझाव दिदै शुभकामना पत्र प्रदान गर्नुभयो ।

नेपाल पत्रकार महासंघ रौतहटद्वारा राजनीतिक दल, नागरिक समाज, स्थानीय निकाय, पत्रकार लगायतका प्रतिनिधि उपस्थितिमा जि.वि.स. हलमा आयोजित प्रेस स्वतन्त्रता अनु राष्ट्रिय मिसन टोलीले सहभागीहरूबीच गरेको अन्त कार्यक्रममा हामी पनि सहभागी भयौं । अन्तर्क्रियाका सह वक्ताहरूले प्रेस स्वतन्त्रता बहाली गर्न राष्ट्रिय मिडियाद्वारा मु मुद्दालाई पनि उच्च प्राथमिकतामा समेट्नु पर्ने र राज्यले दण्डहीन अन्त्य गर्नुपर्ने कुरामा विशेष जोड दिए ।


प्रेस स्वतन्त्रता अनुगमन राष्ट्रिय मिसन टोली

राष्ट्रिय मिसन टोलीसँगै हामीले पनि रौतहट एफ कार्यालय भ्रमण गऱ्यौं । बाँकी समय बजार घुम्यौं । साँझ खाईयो । रात्री विश्रामका लागि लज आइयो ।

माघ १८: बिहानी मर्निंग वाक्को समय । गौर बजार भ्रमणको अनायस, दौड्दा-दौड्दै सशस्त्र प्रहरी सीमा सुरक्षा बल रौतह

उपरीक्षक महेश कुमार श्रेष्ठले विश्वभ्रमणबारे जिज्ञासा राख्नुभयो। हामी उहाँकै अनुरोधमा सँगै सुरक्षा बल कार्यालय गयौं। उपरीक्षक श्रेष्ठले रौतहटमा शान्ति सुरक्षामा सुधार आइरहेको र राजस्व संकलनमा बृद्धि भइरहेको दाबी गर्नुभयो। पीत पत्रकारिताको अन्त्य गर्न तपाईंहरुको यो अभियान सफल रहोस् भन्दै शुभकामना पत्र दिनुभयो। हाम्रो बिहानी खाना पनि उहाँसँगै भयो।

त्यसपछि हामी पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झा र सचिव राजेन्द्र कुमार क्षेत्रीसँग जिल्लाकै पहिलो क्राइम एक्सप्रेस दैनिकको कार्यालयमा गयौं। उहाँहरुले "रौतहटमा जोखिमपूर्ण पत्रकारिता गरिरहेको जानकारी गराउनुभयो। तर, पनि आफूहरू महासंघको केन्द्रिय कार्यालयबाट निर्देशित योजना अनुसार चलिरहेको, महासंघको आफ्नो भवन निर्माण प्रक्रिया सुरु गरिएको र महासंघद्वारा वृक्षारोपणजस्ता वातावरणीय विकासका काम पनि गरिएको र गरिरहेको" बताउनुभयो। पत्रकारहरूबीचमै अर्न्तद्वन्द्व देखिन्छ नि भन्ने हाम्रो जिज्ञासामा सचिव क्षेत्रीले भन्नुभयो, अर्न्तद्वन्द्व पत्रकारको सक्रियता र निस्क्रियतामा भर पर्छ।

हामी उहाँहरूसँगै गौर बजार भ्रमणमा निस्कियौं। वसन्त पञ्चमीको दिन रहेछ आज। महर्षि वाल्मिकी क्याम्पस र प्रभात उ.मा.वि.का विद्यार्थी र शिक्षक सरस्वती पूजामा रमाइरहेका थिए। हामीले उनीहरुको कार्यक्रम अवलोकन गऱ्यौं, विश्वभ्रमणबारे जानकारी गरायौं। प्रसाद खाएर हिंड्यौं। बाटामा भेट भएका विभिन्न दलका प्रतिनिधि र कानून व्यवसायीलाई पनि प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता का थालिएको विश्वभ्रमणबारे जानकारी गरायौं।

बेलुकीको खाना महासंघ सचिव क्षेत्रीले आफ्नै घरमा प्रबन्ध गर्नुभयो। हाम्रो माछा ख्वाई देखेर उहाँकी दिदीले भन्नुभयो, तपाईहरुको घर साँच्चिकै पहाड रहेछ । हा...हा...हा...।

माघ १९: हाम्रो रौतहट जिल्ला भ्रमण गौरमै सम्पन्न भयो। बिहान पत्रकार महासंघ रौतहटकै सदस्यद्वय आनन्द खनाल र रमेश सिंहको सहयोगमा हामी टाँगा चढेर गौरदेखि भारतको बैरगिनियासम्म पुग्यौं। त्यसपछि सुरु भयो जीवनमै पहिलोपटक हाम्रो रेलयात्रा। रेलको डिब्बाभित्र बस्दा बसको भन्दा फरक अनुभूति भयो। रेलले अलि अलि हल्लायो पनि। बैरगिनियाबाट रेल चढेर रक्सौल झऱ्यौं। अनि रक्सौलबाट टेम्पोमार्फत पर्सा सदरमुकाम वीरगञ्ज गयौं।

हामी वीरगञ्ज जानुको कारणचाहिं महिला पत्रकार उमा सिंह हत्याको विरोध र प्रेस स्वतन्त्रता बहालीका लागि पत्रकार महासंघ पर्साद्वारा आयोजित क्षेत्रीय विरोध ऱ्याली कार्यक्रममा सहभागी हुनु थियो। ऱ्याली नगर परिक्रमा पश्चात् उद्योग वाणिज्य संघको हलमा पुगेर सभामा परिणत भएको थियो। उक्त कार्यक्रमका प्रमुख अतिथि प्रेस स्वतन्त्रता अनुगमन मिसन टोलीका संयोजक वरिष्ठ पत्रकार किशोर नेपालले जस्तोसुकै चुनौती आइपरे पनि पत्रकारलाई निर्भीक, निडर र साहसिक भई पत्रकारिता गर्न सल्लाह दिनुभयो। कार्यक्रममा विभिन्न राजनीतिक दल, नागरिक समाज, उद्योगी, व्यापारी, रौतहट, बारा र पर्साबाट भेला भएका पत्रकार लगायतको उपस्थिति थियो।

कार्यक्रम समापन पश्चात् पत्रकार महासंघ पर्सा र बाराका अध्यक्षद्वय शत्रुघन नेपाल र गुरुप्रसाद गौतमलाई हामीले रौतहटका पत्रकार साथीहरु मार्फत् प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे जानकारी गरायौं। बाराको भ्रमण सकेर पर्सा आउने जानकारी उहाँहरुलाई गराउँदै वीरगञ्जबाट हामी १३ औं जिल्लाको रुपमा बारा भ्रमणका लागि निजगढ आयौं।

रौतहट यात्राका क्रममा प्राप्त नगद सहयोग	
सीमा सुरक्षा सशस्त्र प्रहरी वल	रु. २,००० /-
चन्द्रनिगाहपुर गा.वि.स.	रु. ५०० /-
सखुअवा धमौरा गा.वि.स.	रु. ५०० /-
रामाशंकर गिरी (मोहम्ममदरपुर)	रु. ५०० /-
महम्मदपुर गा.वि.स.	रु. ५०० /-
धरहरी गा.वि.स.	रु. २५० /-
गरुडा उ.वा.संघ	रु. २०० /-
श्रीकृष्ण प्रणामी मन्दिर (नजरपुर)	रु. १६० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पूर्ण सफलताको कामना। - डा. कमलेशकुमार सिन्हा (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
अभियानले मूर्तरुप लेओस्। - प्रेमचन्द्र झा (अध्यक्ष), नेपाल पत्रकार महासंघ
हरेक नागरिक सफलतापूर्वक बाँच्न पाउनु उसको नैतिक अधिकार हो। - गोपाल राउत, गैडाटार प्रणामी टोल
कठीन परिस्थितिको देश देखाउन खोजिएकोमा मलाई खुशी लाग्यो। - अरुणकुमार यादव, मौवाही ७, सिराहा
Heartily best wishes. - Mahesh Kr. Shrestha (S.P.), Armed Police Force, Boarder Security Office Routahat

१३ औं जिल्ला बारा डायरी

माघ १९: पूर्वराजा ज्ञानेन्द्रको शाही घोषणा त होइन, यात्रा डायरी है पाठकवृन्द । वीरगञ्जबाट हामी गाडी चढेर साँझ निजगढ आइपुगेपछि श्रीकृष्ण प्रणामी सम्बद्ध युगलकिशोर लामिछानसँग उहाँको घर पुग्यौं । लामिछाने पनि नेपालदेखि भारतसम्म ९२ दिने साइकलयात्रा गरेका अर्का एक सदस्य हुनहुँदो रहेछ । हामीले उहाँ र उहाँका घरपरिवारसँग यात्राका अनुभव साटासाट गर्दै खाना खायौं । युगल जीले भन्नुभयो, हाम्रो यात्रा आध्यात्मिक थियो तर तपाईंहरुको यात्राचाहिं उद्देश्यमूलक रहेछ, यात्रा सफल रहोस् शुभकामना ।

संक्षिप्त परिचय

क्षेत्रफलः ११९० वर्ग किलोमिटर, गा.वि.स. संख्याः ९८ वटा, नगरपा... १, निर्वाचन क्षेत्रः ६, सदरमुकामः कलैया, विकास क्षेत्रः मध्यमा... भौगालिक अवस्थितिः पूर्व रौतहट, पश्चिम पर्सा, उत्तर मकवा... जिल्ला र दक्षिण भारत

भाषाः भोजपुरी, नेपाली, थारु, तामांग, मगर आदि ।

माघ २०: बिहान हामीले निजगढ बजार घुम्यौं । निजगढ बजारमा त एकैछिनमा गाडी रोकेर टायर बल्न पो सुरु गर्‍यो । किन... गरे होला भनेको त प्रशासनिक सेवा केन्द्र निजगढ ल्याउने मागका लागि पो रहेछ । हामीले त्यहीं भीडमा पत्रकार ... घोरसाइनेसँग भेट गर्‍यौं । उहाँले हामीलाई बारा जिल्लाको पत्रकारिताबारे जानकारी दिदै भन्नुभयो, पत्रकारहरू पनि बौद्धि... अध्ययनशील हुनुपर्छ अनि मात्र प्रेस स्वतन्त्रता बलियो हुन्छ, हामी पत्रकारहरु मध्ये पनि कोही कतै लोभलालचमा फसेका कारण तराईको पत्रकारिताले सास्ती व्यहोर्नु परिरहेको छ ।

हामीले युगल लामिछानेकै घरमा बिहानको खाना खायौं । त्यसपछि निजगढ गा.वि.स. कार्यालय गयौं । सचिव अ... कुमार राउतसँग गा.वि.स.को अवस्थाबारे जानकारी लियौं । उहाँले भ्रमणका क्रममा प्राप्त सामाग्री र अनुभवलाई किताब... सी.डी. मार्फत देशभरमा पुर्‍याउन आग्रह गर्दै विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

निजगढबाट हामी सशस्त्र प्रहरी बल भद्रकाली गण पिलुवासम्म हेटौडा निवासी एक व्यक्तिको नीजि गाडीमा लिफ्ट ... आयौं । हामीलाई २ घण्टा गेटमा कुराइयो । त्यसपछि भद्रकाली गणका प्रहरी निरीक्षकद्वय नन्द किशोर महतो र कविन्द्रमान श्रेष्ठ... प्रहरी बलले गरिरहेका गतिविधिबारे कुराकानी भयो । घट्ना भएको घण्टौं पछि मात्र सुरक्षा निकाय आइपुग्छन् भन्ने जनगुनासो... नि भनी प्रश्न गर्दा "अन्त के छ ? थाहा छैन तर हाम्रो कार्यक्षेत्रमा त्यस्तो ढिलाई भएको छैन" भन्ने उहाँहरूको दाबी थियो । बेलुकीको खानपिन र बसोबास प्रहरी गणकै अतिथि गृहमा भयो । मेसमा खाना खान जाने क्रममा पहिला पत्रकारिता गरेको ... एक जुनियर अधिकृतले भने, पत्रकारितालाई राज्यले चौथो अंग होइन १०४ औं अंग बनाएर राखेजस्तो मलाई लाग्छ ।

माघ २१: बिहान हामी रतनपुरी हल्खोरिया बारामा तप... तपस्वी राम ब. बम्जनको तपस्यास्थल भ्रमणका लागि ... त्यहाँ पुगेर तपस्वीकी दिदी राजकुमारी बमजनलाई तपस्वी... भेट गर्न पाइन्छ ? भनी सोध्दा उहाँले भन्नुभयो, "नमोबुद्ध ... गुरु उहाँ २०६२ जेठ २ गतेदेखि विना खाना-पानी ठाउँ परि... गरी-गरी कठोर तपस्यामा बस्नु भएको छ, साधनामा बाधा... भएकाले उहाँलाई ४ कि.मी. क्षेत्रमा बार लगाएर राखिएको... त्यसकारण अहिले भेट्न मिल्दैन ।" उहाँले थप्नुभयो, "तप... निर्धारित समय अर्थात् ६ वर्षको तपस्या गरिसकेपछि नयाँ ... ल्याएर संसारलाई परिवर्तन गर्ने कुरामा म शतप्रतिशत वि... छु, र, अरूलाई समेत विश्वास गर्न" आग्रह गर्दछु ।

कुनामा बसेर पनि संसारभरीका समाचार थाहा पाउन सजिलो बनाउने पत्रकारलाई म त यो युगकै भगवान् नै ठान्छु भन्ने बम्जनले "तपस्वी र संरक्षण समितिको विषयलाई लिएर यदाकदा गलत प्रचार" गरिदिएको भन्दै पत्रकारप्रति दुःखेसो व्यक्त गर्नुभयो। तपस्वीका विषयमा उहाँले यसो त भन्नुभयो तर हेरौं आगामी दिनमा के हुने हो ? जुन रहस्यकै गर्भमा छ !

गढीमाई मन्दिर

हल्खोरियाबाट पुनः हामी पिलुवा फर्कियौं। पिलुवाबाट पर्सामा कार्यरत सशस्त्र प्रहरीका डी.एस.पी. सत्य ॐ श्रेष्ठको सहयोगमा उहाँकै गाडीमार्फत् पथलैया आयौं। पथलैयामा विराट शान्ति ज्ञान महायज्ञ सञ्चालन भइरहेको रहेछ। शहीदहरु तथा सडक दुर्घटनामा जीवन गुमाएका महान् आत्माहरुको स्मृत्तिमा राजमार्ग अस्पताल बनाउन यो यज्ञ आयोजना गरिएको ब्यानरमा लेखिएको छ। यज्ञ परिसरमा उपस्थित पत्रकारहरू वसन्त खतिवडा, दिवाकर भण्डारी, प्रकाश लम्साल, विभु अधिकारी एवं केही भक्तजनसँग यज्ञ, पत्रकारिता र पथलैयाको गतिविधिवारे सोधपुछ गऱ्यौं। हामी यहींको एक होटलमा बास बस्यौं।

माघ २२ः बिहान पथलैयामा भेट भएका एक पत्रकारले भने, पत्रकारिता र प्रेस स्वतन्त्रताको नाममा कसैले पनि राजनीति नगरुन् र आफ्नो मागी खाने भाँडो नबनाउन्। किनभने पत्रकार भनेर चिनिन/चिनाउन पनि लाज हुने अवस्था सिर्जना भइरहेको छ।

पथलैयाबाट सिमरा आएपछि तिवारी फोटो स्टूडियोमा हाम्रो भेट पत्रकार उपेन्द्र लामिछ्ानेसँग भयो। लामिछ्ानेले "विश्वभ्रमण अत्यन्त राम्रो काम हो भनी प्रशंसा गर्दै २ वर्ष नेपाल भ्रमणका क्रममा पर्याप्त अनुभव र फोटो संकलन गर्न" सुझावसहित शुभकामना व्यक्त गर्नुभयो। अचानक भिडियो क्यामराको चार्जरमा आएको प्राविधिक समस्या हल गर्न हामी गाडीबाट वीरगञ्ज झऱ्यौं। आज बन्दैन भोली आउनुपर्छ भन्ने मेकानिक्सको सल्लाह मान्यौं। त्यसपछि गाडीमार्फत् बारा सदरमुकाम कलैया आयौं।

कलैया पुग्नासाथ हामीले सशस्त्र प्रहरी सीमा सुरक्षा बल बाराका प्रहरी उपरीक्षक शिव ब. मल्ललाई कार्यालयमा भेट्यौं। २ दिनका लागि हाम्रो खानपान र बसोबास यहीं प्रबन्ध हुने भयो।

माघ २३ः बिहान हामी कलैया बजार भ्रमणमा निस्कियौं। भ्रमणका क्रममा भेट भएका स्थानीयवासीहरूले अस्ति माघ २१ गते प्रहरीले पक्राउ गरेका रिपोर्टर्स क्लबका अध्यक्ष ऋषि धमलाबारे चासो व्यक्त गरे। उनीहरुले भने, पत्रकार धमलामाथि लागेको अभियोग नेपाली पत्रकारितामाथि ठूलो चोट हो, यदि उनी दोषी नै हुन् भने इमान्दार पत्रकारहरूले धमलाजस्ता पत्रकारको बचाउ गर्न हुँदैन।

खाना खाएर हामीले बारा प्रशासन कार्यालयमा प्र.जि.अ. कैलाशनाथ खरेल र नेपाल प्रहरीका डी.एस.पी. नर बहादुर के.सी. लाई जिल्ला प्रहरी कार्यालयमै भेटेर विश्वभ्रमणबारे जानकारी गरायौं। प्र.जि.अ. खरेलले भ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो।

खोई संरक्षण ? हरिहरपुर, सिम्रौनगढमा रहेको ऐतिहासिक ढुंगा (पत्थर) को बाकस

यसैगरी साँझपख सशस्त्र प्रहरीका उपरीक्षक शिव ब. मल्लले "बाराको शान्ति सुरक्षामा सशस्त्र प्रहरीले खेलेको भूमिका बारे प्रकाश पार्दै प्रेसले झेलिरहेका समस्यालाई आफूले गम्भीरतापूर्वक नियालिरहेको बताउनुभयो। यही समयमा उहाँले तपाईंहरूले सुरु गर्नुभएको विश्वभ्रमण विशेष महत्वको भ्रमण बनोस्" भनी शुभकामना व्यक्त गर्नुभयो। कार्यालय परिसरमै हामीले सशस्त्र प्रहरीकै डी.एस.पी. सुधीरजंग थापा, सिनियर सई सुवोध गुरूङ्ग, असईद्वय मनोज गुरूङ्ग र मधु गौतमलगायतका प्रहरी जवानहरूसँग कुराकानी गऱ्यौं।

२०६५ माघ २४ः बिहान हामी ५ वर्षमा एकपटक भव्य मेला लाग्ने बाराको प्रसिद्ध धार्मिकस्थल गढीमाई मन्दिरको अवलोकन

गर्न गयौं। मन्दिरमा भेटिएका एक भक्तले भने यहाँ भारतबाट समेत हजारौंको संख्यामा भक्तजन आउँछन् दशौं हजार प हुन्छ यसमा हामीलाई गर्व छ। हजारौंका संख्यामा पशुबली दिने... खै कस्तो धर्म... ?

मन्दिरबाट फर्किएपछि बाराका स्थानीय विकास अधिकारी कोमल प्रसाद काफ्लेसँग निवासमै कुराकानी भयो। कुराका क्रममा अधिकारी काफ्लेले भन्नुभयो सचिवहरूलाई गा.वि.स. जानुस् भन्दा अधिकांश सचिव विभिन्न समूहहरूको धाक, धम कारण देखाउँदै जान मान्दैनन् र गा.वि.स. अनुसार सचिवको संख्या पनि अपुग छ। "अहिलेको युग मिडियाकै युग भएकाले पत्रकारिता स्वतन्त्र, स्तरीय, निष्पक्ष र पारदर्शी हुनुपर्ने भन्दै एल.डी.ओ. काफ्लेले यसो हुनमा तपाईहरूको विश्वभ्रमणले महत भूमिका खेलोस्" शुभकामना व्यक्त गर्नुभयो।

कलैया नगरपालिकाका लेखा प्रमुख मुस्ताक अन्सारीसँग कार्यालय परिसरमा नगरपालिकाको वस्तुस्थितिबारे कुरा भयो। अन्सारीले स्थानीय पत्रपत्रिका जिल्लामा दर्ता भएपनि खासगरी वीरगञ्जमै कार्यालय खोलेर त्यहींबाटै सञ्चालन गरिएक भन्नुभयो। "पत्रकारिता क्षेत्रको विकासका निम्ति तपाईंहरूको विश्वभ्रमणले सफलता पाओस्" भन्ने उहाँको शुभकामना

नेपालमा मान्छे बढी भएका हुन् कि गाडीको संख्या कम ? बाराको सदरमुकाम कलैयाबाट हामी पूजा ट्राभल्सको गा छतमा बसेर सिम्रौनगढका लागि प्रस्थान गऱ्यौं। नयाँ ठाउँ, नयाँ परिवेश, नयाँ यात्री, नयाँ भाषा हामी सिम्रौनगढ पा आइपुगेछौं झण्डै २ घण्टा टाढा रौतहटको तेजापाकड हा...हा...हा..। यसो हुनुको कारणचाहिं गाडी स्टाफहरू र हामी एकअर्कामा गन्तव्यस्थलबारे सोधपुछ नै भएन। गाडीको अन्तिम गन्तव्य नै सिम्रौनगढ होला भन्ने हामीलाई लागेको थियो हामीलाई लागेजस्तो मात्रै कहाँ हुँदो रहेछ र ?

हामी गाडी स्टाफहरु सँगै रौतहटको तेजापाकड बजारमा रमाइलो कुराकानीका साथ बास बस्यौं। टुकीको उज्यालो मात्रको बजार। सानो फुसको झुपोमा बाहिर पट्टि काठको पलंगमा हामीलाई ओछ्यानको प्रबन्ध भयो। यहाँ भेट भएका स्थानीय भने हाम्रा आफ्नै गाउँ र जिल्लाबाट केन्द्रमा गएका नेताहरूले समेत जिल्लाको विकासका निम्ति बेवास्ता गरेका छन्। हामी यसै जीवन बिताइरहेका छौं।" खै कहिले गरि देलान् नेताले हाम्रा देशका यी कुना काप्चाको विकास ? कसले सुनी दे आवाजविहिनका आवाज ?

माघ २५: अघिल्लै दिन चढिएको गाडीको सहयोगमा तेजापाकडबाट ऐतिहासिक सिम्रौनगढ आयौं हामी। सिम्रौनगढ बजार भ्र क्रममा गोलागञ्ज गा.वि.स.मा अवस्थित कंकाली माई मन्दिर, इशारा पोखरी, डढेको चामल पाइने स्थान, अमृतगञ्जमा अ



रानीवास मठ

रानीवास मठ र हरिहरपुरमा रहेको ढुंगा (पत्थर) को बाकस, गाँजा खेती अवलोकन गऱ्यौं हामीले। रानीवास मठमा अझै पनि जंगबहादुर राणाको श्रा रे ! कलाकौशलपूर्ण भवन चाहिं जीर्ण भइसकको अवस्था रहेछ त्यहाँ। सि भ्रमणका क्रममा प्रहरी निरीक्षक कमलेश भट्ट, क्षेत्र नं. १ सभासद सरोज प्र. स्थानीयवासी रमेश सुवेदी, राहुल कुशवाहा, सिम्रौनगढ स्वास्थ्य चौकीका कुशेश्वर महतो, अनमोल ट्राभल्सका कर्मचारीहरू र स्थानीयवासीहरुसँग पनि हाम्रो भेट। दियौं हामीले विश्वभ्रमणबारे जानकारी। भ्रमणलाई सहज बनाउन कुशवाहाको मिल्यो सहयोग। अहेब कुशवाहाले भन्नुभयो जति सम्भ्रान्त समर्थवान् व्यक्तिहरूले समेत शौचालय नबनाई जथाभावी दिसा पिसाब गर्ने कसलाई के भन्ने र खै ?

हामीलाई अनमोल ट्राभल्सको सहयोगमा सिम्रौनगढदेखि कलैयासम्म नि यात्रा गर्ने अवसर मिल्यो। कलैयाबाट पुनः वीरगञ्ज आएर हामी बास बस्यौं

माघ २६: वीरगञ्जबाट बारा जिल्ला पुनः प्रस्थान गरी हामीले औद्योगिक जीतपुर र सिमरा गा.वि.स. एवं पथलैया बजार भ्रमण गऱ्यौं। भ्रमणका सिमरा नागरिक उड्डयन कार्यालय, सिमरा विमानस्थलका प्रबन्धक सुबोध चौधरीसँग कुराकानी भयो। प्रबन्धक चौधरीले सिमारा विमानस्थलमा बुद्ध

एयरले प्रत्येक दिन क्रमशः ६ र १ पटक मात्र उडान भरिरहेको जानकारी दिनुभयो । संकटमा परिरहेको नेपाली प्रेस जगत्लाई जोगाउन तपाईको विश्वभ्रमणले टेवा पुऱ्याओस् भनी शुभकामना व्यक्त गर्नुभयो । सोही क्रममा हामीले एयर ट्राफिक अफिसर सन्तोष बस्नेतसँग पनि उडान प्रक्रियाका विषयमा कुराकानी गऱ्यौं । र, जीवनमै पहिलोपटक एयर ट्राफिक ककपिटबाट जहाज आएको/गएको देख्यौं । खुब रमाईलो लाग्यो त्यो क्षण ।

सिमरा विमानस्थल अवलोकन पश्चात् पूर्व पशिचम महेन्द्र राजमार्ग अबरूद्धका कारण त्यसबेला पथलैयामा १ हप्तादेखि अलपत्र परेका यात्रुहरूसँग कुराकानी गऱ्यौं । पीडित यात्रुहरूले विभिन्न माग र आन्दोलनका नाममा राजमार्ग अवरुद्ध पार्नु अनि खुल्ला सडकमा बन्द, हड्ताल, चक्काजाम जस्ता कार्यक्रम बारम्बार आयोजना गर्नु गणतन्त्र नेपालको नराम्रो विशेषता बनेको दुःखेसो व्यक्त गरे । उक्त दुःखेसोलाई विश्वभ्रमणका क्रममा छलफलको विषय बनाइ सम्वन्धित सबैसँग स्थायी समाधानका निम्ति पुऱ्याइदिन आग्रह पनि थियो उनीहरुको । विभिन्न संघसंस्था र व्यक्तिहरुले यात्रुहरुलाई खानाको व्यवस्था गरिदिएको पनि उनीहरुले बताए । आज पनि हामी वीरगञ्ज नै फर्केर बास बस्यौं ।

माघ २७: बिहान सुरुमै हामी बारा मिडिया प्रा.लि. द्वारा वीरगञ्जमा सञ्चालित गढीमाई एफ.एम.को कार्यालय गयौं । पत्रकार महासंघ बाराका अध्यक्ष गुरु प्रसाद गौतमसँग बाराको पत्रकारिता अवस्थाबारे कुराकानी भयो । अध्यक्ष गौतमले बारा जिल्लामा दर्ता भएका कृपा दैनिक र गढीमाई एफ.एम. को प्रकाशन कार्यालय र प्रसारण केन्द्र वीरगञ्ज भएको र केही साप्ताहिक पत्रिका पनि प्रकाशनमा आइरहेको बताउनुभयो । समाचार सकारात्मक अथवा नकारात्मक भन्ने नहुने धारणा राख्दै उहाँले बरु पत्रकारितालाई बलियो एवं व्यवस्थित कसरी बनाउन सकिन्छ भनेर जनताले सोच्नु पर्ने अवस्था छ भन्नुभयो । यही जिल्लाका पत्रकार वीरेन्द्र साहको हत्यारालाई राज्यले छिटो भन्दा छिटो कारवाही गर्नुपर्ने माग उहाँको थियो । जनतालाई सत्य, तथ्य र निष्पक्ष समाचार सम्प्रेषण गर्ने गरी गहन दायित्व बोकेको सञ्चार क्षेत्रको तर्फबाट सुरु गरिएको विश्वभ्रमणले आफूलाई हर्षित तुल्याएको र यो भ्रमण लक्ष्यमा पुगोस् भनी शुभकामना पनि उहाँले व्यक्त गर्नुभयो । अध्यक्ष गौतमसँग भएको यही कुराकानी सँगसँगै बारा जिल्लाको १ हप्ते भ्रमण समापन भयो ।

(नोटः बारा डायरीको बाँकी अंश पर्सा डायरीमा)

अमलेखगञ्ज हात्तीसार

बारा यात्राका क्रममा प्राप्त नगद सहयोग

कलैया नगरपालिका	रु. २,००० /-
जिल्ला विकास समिति	रु. २,००० /-
सशस्त्र प्रहरी बल सीमा सुरक्षा	रु. १,००० /-
निजगढ गा.वि.स.	रु. ५०० /-
सत्य ओम दुवाल श्रेष्ठ	रु. ५०० /-
सहदेव ब. क्षेत्री (अमलेखगञ्ज ३)	रु. ५०० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

सफलताको कामना । - कैलाशनाथ खरेल (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

नेपाली प्रेसको अवस्था र गरिमा बढाउन सफल हुनेछ । - गुरुप्रसाद गौतम (अध्यक्ष), नेपाल पत्रकार महासंघ

१४ औं जिल्ला पर्सा डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,३५३. वर्ग किलोमिटर, गा.वि.स. संख्याः उपमहानगरपालिकाः १ वटा, निर्वाचन क्षेत्रः ५, सदरमुकामः वीरग अञ्चलः नारायणी, विकास क्षेत्रः मध्यमाञ्चल भौगालिक अवस्थितिः पूर्व बारा, पश्चिम चितवन र भारतको बि उत्तर मकवानपुर र चितवन र दक्षिण भारतको विहार, (साभार जिल्लाको एक झलक २०५९)

२०६५ माघ २७: दिउँसो ४ बजे गढीमाई एफ.एम. वीरगञ्जको समाचार कक्षमा हामीले नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष शत्रुध्न नेपालसँग भेटघाट गर्न पुग्यौं। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे कुराकानी भएपछि अध्यक्ष नेपालले पर्सा जिल्लाको १ हप्ते बसाईलाई व्यवस्थित गर्न राणीसती मन्दिर र महावीर धर्मशाला ल्याउनुभयो।

माघ २८-फाल्गुण २: लगातार ५ दिनसम्म सप्तरीदेखि बारा जिल्लासम्मको स्थलगत डायरी विस्तृतिकरणमा हामी व्यस्त भयौं। डायरी लेखन समापन पश्चात् वीरगञ्ज बजार भ्रमण गर्न निस्कियौं। नेपालको ढोका भनेर चिनिने व्यस्त यो वी बजार भारतको रक्सौलसँग जोडिएको छ।

पत्रकार महासंघ पर्साका सचिव कृष्णचन्द्र (के.सी.) लामिछाने, पत्रकार रवि दाहाल र महिला पत्रकार नारायणी हिमा नारायणी एफ.एम.को कार्यालयमा कुराकानी भयो। सचिव लामिछानेले तराईमा सकारात्मक पत्रकारितालाई प्राथमिकता दि

वीरगञ्ज, घडीअर्वा पोखरीको बीचमा

मधेशका ५० प्रतिशत समस्या स्वतः समाधान हुने धारणा राख पत्रकार सबैको हुतुपर्छ कसैको पनि हुनुहुँदैन भन्दै उहाँले विश्वभ्र आशय राम्रो लागेको बताउनु भयो। पत्रकार दाहालले ह पीत पत्रकारिता गर्नेलाई मात्र गाऱ्हो भएको धारणा गर्नुभयो। महिला पत्रकार हिमालीले मधेशका महिला पत्रका जीउधन लगायत आर्थिक समस्या चुनौतीको रूपमा रहेको भयो। भ्रमण पश्चात् बेलुका स्टार होटलमा खाना यथास्थानमै बास बसियो।

फाल्गुण ३: वीरगञ्ज बजार भ्रमणकै क्रममा पर्यटकीय घडीअर्वा पोखरी, स्वीमिङ्ग पुल, ठाकुरराम बहुमुखी क्या तराई टेलिभिजन कार्यालय लगायत हामीले भ्रमण ग ठाकुरराम क्याम्पस परिसर किसिम किसिमका फूलले ढ सजिएको रहेछ। जसले क्याम्पस क्षेत्रको वातावरण नै सुन्द बनाएको छ। यसको पाठ अरु स्कूल, कलेज, युनिभर्सिटीले पनि सिके कति राम्रो हुने थियो ?

तराई टेलिभिजनका सञ्चालक राम सरार्फले मोफसलको पहिलो टेलिभिजन भएकाले नियमित सञ्चालन गर्न निकै मु परेको बताउनु भयो। साथै उहाँले विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै यात्राका क्रममा आइपरेका कठिनाई र समस्याहरूलाई तराई टेलिभिजनसामु प्रस्तुत गर्न आग्रह गर्नुभयो। अर्का सञ्चालक रमेश समवेदनाले स्थानीय गतिविधिलाई प्राथमिकताका साथ प्रसारण गर्न टेलिभिजन लागि परिरहेको जानकारी दिनुभयो। उहाँहरुका अनुसार गतिविधि तराई, पहाड, हिमाल सबैको समेट्ने गरिएको भएपनि नाम तराई भएकाले मान्छेहरुको बुझाई अलिं संकुचित भएको छ। अघिल्लो दिनझैं खानपिन र बसोबास यथास्थानमै भयो।

पर्सा सदरमुकाम वी

फाल्गुण ४: पत्रकार महासंघको सभा हलमा उपस्थित अध्यक्ष शत्रुघन नेपाल, उपाध्यक्ष अशोक कुमार तिवारी, बारा शाखाका अध्यक्ष गुरु प्र. गौतम तथा विभिन्न मिडियामा कार्यरत

भिश्वामा रहेको बुद्ध प्रतिमा भेला भएका बालबालिका

पत्रकारहरूसँग अर्न्तक्रिया कार्यक्रम सम्पन्न भयो। अर्न्तक्रियाका क्रममा महासंघ अध्यक्ष नेपालले तपाईहरू समस्यादेखि नभागी जुनसुकै कुना अथवा गाउँमा जान सक्नु पर्छ, जान सक्नुहोस् भनी शुभकामना व्यक्त गर्दै सबै पत्रकारलाई सहयोगका लागि अनुरोध गर्नुभयो । यसैगरी उहाँले भूकम्प गएपनि अथवा ज्वालमुखी विष्फोट भएपनि पत्रकारिताको धर्म कहिल्यै नछाड्न सबैलाई सुझाव दिनुभयो। अर्न्तक्रियामै उपस्थित महिला पत्रकार रसना ढकालले आफूलाई पनि केही पक्षबाट धाक, धम्की आइरहेको प्रतिकूल अवस्थामा जोखिमपूर्ण पत्रकारिता गरिरहेको बताउनुभयो। कार्यक्रम समापन पश्चात् पत्रकार महासंघ सहसचिव शिवशंकर शाहले महासंघको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो।

जिल्ला प्रशासन कार्यालय पुगेर हामीले शुभकामना पत्र लियौं। वीरगञ्ज उपमहानगरपालिका कार्यालय पुगी निमित्त कार्यकारी अधिकृत प्रकाश ब. सिंह अमात्यसँग नगरपालिकाका विषयमा कुराकानी गर्‍यौं। अमात्यले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो।

फाल्गुण ५: हामी जि.वि.स. कार्यालयमा स्थानीय विकास अधिकारी रामदयाल यादवसँग भेटघाट गर्न पुग्यौं। सूचना अधिकृत धर्मराज थापाले जिल्लाको सूचना दिनुभयो। जि.वि.स.को काम सकी हामी वीरगञ्ज भन्सार कार्यालय पुग्यौं। भन्सारमा भ्रष्टाचारको अभियोग लागि गम्भीर मुद्रामा देखिनुभएका प्रमुख भन्सार अधिकृत केवलप्रसाद भण्डारीसँग हामीले भेट गर्‍यौं। भन्सारको गतिविधिबारे जानकारी दिदै र आफ्नो अभियोगप्रति इङ्गित गर्दै अधिकृत भण्डारीले पत्रपत्रिकामा खण्डन छाप्न पाउनु पर्ने प्रावधान भएपनि पत्रकारले खण्डन नछापिदिएको गुनासो गर्नुभयो। उहाँको आक्रोश छ, "देशमा न्यायहीनताको पराकाष्ठा छ, पीत पत्रकारिता बढेको छ।"

भन्सार कार्यालयबाट बाहिरिए पछि हाम्रो भेट जिल्ला मालपोत कार्यालयका अधिकृत दिनेश शर्मा र जिल्ला प्रहरी कार्यालयका डी.एस.पी. हरिकृष्ण खाँणसँग भयो। उहाँहरूले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो।

फाल्गुण ६: बिहान हामी वीरगञ्जबाट रिक्सा र बस यात्रामार्फत ग्रामीण बस्ती पोखरिया प्रस्थान गर्‍यौं। पोखरियामा ग्रामीण सूचना केन्द्रका सदस्य एवं पत्रकार नरेन्द्र कु. सुमन, धर्मेन्द्र चौरसिया, पन्नालाल चौरसिया, सुर्जाहा गा.वि.स. पूर्व अध्यक्ष विद्याकान्त पाण्डे, सुर्जाहाकै राजदेव महतो, प्रसौनी गा.वि.स.का अध्यक्ष माइनेजर तिवारी, श्री जिल्ला उच्चाञ्चल उ.मा.वि. पोखरियाका प्र.अ. हरेन्द्र प्रसाद कुर्मी, ३२ वर्षदेखि सोही विद्यालयमा लगातार कार्यरत रहेको बताउने शिक्षक राम प्र. चौरसिया लगायतसँग गाउँ, शिक्षा र पत्रकारिताको विषयमा छलफल भयो।

छलफलमा प्र.अ. कुर्मीले २ वर्षे नेपाल भ्रमणका क्रममा हरेक जिल्लाका समस्या र सम्भाव्यता संकलन गरी सरकारलाई पेश गर्नुपर्ने र विदेश भ्रमणका क्रममा प्रत्येक राष्ट्रले आर्थिक, सामाजिक, शैक्षिक, भौगोलिक लगायतका क्षेत्रमा गरेका राम्रा काम र प्रगतिहरूलाई अध्ययन/अनुसन्धान गरी नेपालसामु ल्याइ सार्वजनिक गर्न सुझाव दिनुभयो।

पोखरिया

पत्रकार नरेन्द्र कु. सुमनले गाउँमा पत्रकारिता गर्न गार्‍हो भैरहेको बताउनु भयो। पोखरियाबाट वीरगञ्ज फर्कने बेलामा उहाँले नास्ताको प्रबन्ध गर्नुभयो। गाडी चढ्ने बेलामा भेट भएका केही स्थानीयवासीले मिडियाको कार्यप्रति आफूहरू सन्तुष्ट रहेको धारणा व्यक्त गरे। हामी पोखरिया भ्रमण सिध्याएर पुनः वीरगञ्ज फर्कियौं।

फाल्गुण ७: खाना खाएर हामी महासंघको सभाहल आयौं। त्यहाँ रिपोर्टर्स क्लब पर्साका अध्यक्ष कन्हैया गुप्ता र स्वतन्त्र मधेशी नागरिक समाज नेपालका अध्यक्ष डा. महानन्द ठाकुरसँग कुराकानी भयो। भ्रमणप्रति उहाँहरूले शुभकामना व्यक्त गर्नुभयो। महासंघबाट हामी बिदा भई वीरगञ्जबाट गाडी र ट्रकको सहयोगमा बारा पथलैया हुँदै पर्सा वन्यजन्तु आरक्ष कार्यालय आधारभार आयौं।

आरक्षका प्रमुख संरक्षण अधिकृत टीकाराम अधि... मध्यवर्ती क्षेत्र अमलेखगञ्जका सहदेव घिमिरेसँग आरक्ष... कुराकानी भयो । प्रमुख संरक्षण अधिकृत अधिकारीले ... बारेमा जानकारी दिँदै विश्वभ्रमणका क्रममा वन्यजन्तु र ... बारेमा पनि अध्ययन गर्न सुझाव दिनुभयो । उता मध्यव... अमलेखगञ्ज निवासी घिमिरेले चाहिँ आरक्षले सीमावर्ती जनताको समस्यामाथि ध्यान नदिएको आरोप लगाउनु... बेलुका अमलेखगञ्ज हात्तीसारमा खाना खायौं र मीना ... घरमा बास बस्यौं ।

फाल्गुण ८: अमलेखगञ्ज हात्तीसारबाट हामीले ... पहिलोपटक शिताष्मा कली नामक हात्तीमा चढेर चाल... इकवाल चौधरीको सहयोगमा कामिनी दह र आरक्ष... करीब डेढ घण्टा भ्रमण गर्‍यौं । लमक् लमक् लम्किने यत्रो बडेमाको जन्तु कसरी चढ्ने होला ? चढेपछि के हुने हो ? भनेर ... त डर डर पनि लाग्यो । तर हात्ती बराबर उचाईको काठ ठोकेर बनाइएको टाँडमा उक्लिएर हात्तीको पिठ्युँमा बसेर डे... घुमिसकेपछि त अझै घुम्न पाए पनि हुन्थ्यो भन्ने पो महसुस भयो । यो हात्तीले दिनमा १५ के.जी. धान, डेढ के.जी. ... घाँस खाने गरेको माउते चौधरीले जानकारी दिनुभयो । आरक्ष भ्रमणपछि हात्तीसारमै खाना खाएर क्रसर उद्योग... अमलेखगञ्ज, विषादी भण्डार लगायतको अवलोकन हामीले गर्‍यौं ।

पुकार समाचार केन्द्र अमलेखगञ्जका केन्द्र ब. गुरूङ्ग तिराली र शारदा गुरूङ्गले विश्वभ्रमण सफलताको शुभकामना ... डायरी र डटपेन उपहारस्वरुप प्रदान गर्नुभयो । त्यसपछि हामी नारायण थापा र अर्का एक स्थानीयवासीको सहयोगमा उद्योग क्षेत्र गयौं । त्यहाँ अव्यवस्थित तरिकाले उद्योग सञ्चालन भइरहेको र अत्यधिक धूलोका कारण वातावरण प्रदूषित बनेको पाइयो ।

मानव स्वास्थ्यमाथि खेलवाडः नेपाल मा.वि. भव... अमलेखगञ्जमा राखिएको विषादी भण्डार



स्थानीय सहदेव घिमिरे (क्षेत्री) को सहयोगमा हामी नेपाल मा.वि. परिसर पुग्यौं । स्कूलसँगै विषादी भण्डार राखिएको रहेछ । जसले गर्दा त्यहाँ पढ्ने विद्यार्थी, पढाउने शिक्षक र स्थानीयवासीको स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको पाइयो । विषादी भण्डारबारे मिडियामा पटक-पटक समाचार प्रकाशन/प्रसारण हुँदा पनि सम्बन्धित निकायले वेवास्ता गरेको विद्यार्थीहरुको आक्रोश थियो । स्थानीय घिमिरे (क्षेत्री) ले तपाईहरूको विश्वभ्रमण अदृश्य शक्तिको योजनाबाट सञ्चालित भएकाले अवश्य सफल हुन्छ भनी शुभकामना व्यक्त गर्नुभयो ।

यसप्रकार पर्सा जिल्लाको यात्रा समापन गरी बसबाट हामी १५ औं जिल्लाको रूपमा मकवानपुरको हेटौंडा आयौं ।

पर्सा यात्राका क्रममा प्राप्त नगद सहयोग

जि.वि.स. कार्यालय	रु. २,००० /-
शत्रुघ्न नेपालले (बसाई खर्च)	रू. ८८०/-
प्रकाशमानसिंह अमात्य (वीरगञ्ज)	रु. ५,०० /-
जिल्ला उच्चांगल उ.मा.वि.(पोखरिया)	रु. २०० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरुः

वीरगञ्जमा आइपुग्नुभएकोमा यात्रा सफल रहोस् । - प्रशासकीय अधिकृत जिल्ला प्रशासन कार्यालय
स्वागत अभिवादन गर्दै सफलताको शुभकामना । - शिवशंकर शाह (सहसचिव) नेपाल पत्रकार महासंघ
साहसिक कार्यमा सहयोग पुऱ्याउनु हुन सबै पक्षसँग आग्रह । - राम सर्राफ, तराई टी.भी. वीरगञ्ज

१५ औं जिल्ला मकवानपुर डायरी

२०६५ फाल्गुण ९: दिउँसो ४ बजेतिर पर्साको भ्रमण सकेर हामी मकवानपुरको हेटौंडा प्रवेश गऱ्यौं । नेपाल पत्रकार महासंघ मकवानपुर शाखा अध्यक्ष राममणि दाहालसँग भोली भेटघाट गर्ने गरी टेलिफोन वार्ता भयो। बेलुकाको खानपिन र बसोबासका लागि हामी मनोक्रान्ति साधिका कल्पना वाग्ले र ठाकुर वाग्लेको निवासतर्फ आयौं । हेटौंडा बसुञ्जेल यहीं बस्ने निर्णय भयो ।

फाल्गुण १०: बिहान हेटौंडाको सीमा चोकमा पत्रकार महासंघ अध्यक्ष राममणि दाहालसँग पत्रकार भेटघाट कार्यक्रम राख्ने र मकवानपुरको केही ठाउँ भ्रमण गर्ने विषयमा कुराकानी भयो । खाना खाएपछि पत्रकार महासंघका केन्द्रिय सदस्य प्रताप विष्ट लगायत मकवानपुरमा कार्यरत केही पत्रकारसँग सोही चोकमा भेटघाट भयो ।

संक्षिप्त परिचय

क्षेत्रफलः २,४२६ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४३ वटा र १ नगरपालिका, निर्वाचन क्षेत्रः ३, सदरमुकामः हेटौंडा, अञ्चलः नारायणी, विकास क्षेत्रः मध्यमाञ्चल

भौगालिक अवस्थितिः पूर्व ललितपुर, काभ्रे र सिन्धुली, पश्चिम चितवन, उत्तर धादिंग, काठमाडौं र दक्षिण बारा, पर्सा र रौतहट जिल्ला

प्रमुख भाषाभाषीः तामांग, नेपाली, नेवारी, चेपांग, राई, मगर, भोजपुरी, मैथिली, हिन्दी, गुरुंग, शेर्पा, माझी, थारु, उर्दु, माड्वारी, पहरी र अन्य ।

धार्मिक तथा पर्यटकीय स्थलः हेटौंडा, भिमफेदी, मार्खु, मकवानपुर गढी, चिसापानी गढी, सिम भञ्ज्यांग, चित्लांग, दामन, मनकामना भैरव डाँडा, राक्सी रांग, मनहरी आदि ।

(साभारः संक्षिप्त जिल्ला परिचय २०६० जि.वि.स.)

सीमा चोकबाट हामी जिल्ला प्रशासन कार्यालयमा उपसचिव कृष्ण प्रसाद रेग्मीसँग भेट गर्न पुग्यौं । उपसचिव रेग्मीले आनाकानी गर्दै शुभकामना पत्र दिनुभयो । उहाँले विश्वभ्रमणबाट केही उपलब्धि नहुने तर्क पेश गर्नुभयो । त्यहाँबाट हामीले जि.वि.स. कार्यालयमा लेखा अधिकृत एवं निमित्त स्थानीय विकास अधिकारी भुवनप्रसाद काफ्लेसँग भेट गऱ्यौं । अधिकारी काफ्लेले पत्रकारिता क्षेत्रबाट सुरु भएको विश्वभ्रमणले आफूलाई हर्षित तुल्याएको भन्दै प्रेस स्वतन्त्र एवं मर्यादित हुन यो भ्रमणले टेवा पुऱ्याओस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

जि.वि.स.को काम सकेर हामीले हेटौंडा नगरपालिका कार्यालयमा निमित्त कार्यकारी अधिकृत शंकर उपाध्यायसँग भेट गऱ्यौं । प्रेस स्वतन्त्रताका लागि मिसन राम्रो छ भन्दै उहाँले अन्य सहयोगका लागि नगर सूचना केन्द्र प्रमुख गंगा चौलागाई सँग भेट गराई दिनुभयो । चौलागाईंले विकास निर्माणका निम्ति नगरबासीको योगदानलाई प्रशंसा गर्दै विभिन्न जानकारी प्रदान गर्नुभयो ।

नगरपालिकाबाट हामी हेटौंडा टुडे दैनिकका सम्पादक नवीन सिग्देलको निमन्त्रणामा उक्त दैनिकको कार्यालय गयौं । कार्यकारी सम्पादक रामशरण पुडासैनीले सिंगो नेपाल र नेपाली पत्रकारिता जगत्लाई विश्वमा चिनाउन यो विश्वभ्रमण सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो। उक्त दैनिकको कार्यालयबाट हामी जिल्ला प्रहरी कार्यालयमा पुगी डी.एस.पी. अनुरागकुमार द्विवेदीसँग कुराकानी गऱ्यौं। एस.पी. साहेब हुनुहुन्न भन्दै विश्वभ्रमणको मिसनमा आर्थिक बाहेक सबै सहयोग हुने द्विवेदीले बताउनु भयो।

फाल्गुण ११: बिहान हामी नारायणी यातायात व्यवसायी संघको हलमा सञ्चालन भइरहेको मनोक्रान्ति योग अवलोकन गर्न पुग्यौं। अवलोकनका क्रममा योग प्रशिक्षणमा सामेल भइरहेका उक्त संघका अध्यक्ष हिरालाल श्रेष्ठ, सचिव बद्री चौलागाई लगायतका पदाधिकारी, अन्य योग प्रशिक्षार्थी एवं योग प्रशिक्षिका प्राकृतिक चिकित्सक कल्पना वाग्लेसँग कुराकानी भयो। योगमा सहभागी अध्यक्ष श्रेष्ठ लगायतका धेरै प्रशिक्षार्थीले आफूलाई लाभ भइरहेको र केहीले लाभ भइनसकेको जानकारी गराउनु भयो । पीत पत्रकारिता अन्त्य गर्न यस भ्रमणले सहयोग पुऱ्याओस् भनी शुभकामना व्यक्त गर्दै अध्यक्ष श्रेष्ठले नारायणी यातायात व्यवसायी संघको तर्फबाट निःशुल्क बसयात्रा गराउने बताउनु भयो ।

खाना खाए पश्चात् बिहान ११ बजे पत्रकार महासंघद्वारा महासंघकै हलमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा हामी सहभागी भयौं । त्यहाँ उपस्थित महासंघ सचिव दीपक अधिकारी, महिला पत्रकार चाँदनी शर्मा, पत्रकारहरू सुवेन्द्र बस्नेत, विनोद चौलागाई, राजन दाहाल, कृष्ण सारु, प्रकाश दाहाल, जितेन्द्र पौडेल, राज कु. ढकाल 'तुफान', रिपेश दाहाल लगायतसँग परिचय तथा अनुभव आदान प्रदान भयो । उहाँहरूले श्रमजीवी पत्रकार ऐन लागू गराउन र सबै पक्षबाट प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको सम्मान गर्न यस भ्रमणले सम्बन्धित निकायमा दबाब पुगोस् भनी शुभकामना व्यक्त गर्नुभयो। त्यहाँबाट बिदा भएर हामी शहीद स्मारक प्रस्थान गऱ्यौं ।

पदयात्रा मार्फत शहीद स्मारक प्रस्थान गर्ने क्रममा एकीकृत नेकपा माओवादी मकवानपुर सचिवालय सदस्य सा बसामाडीका राज कु. भेटवालसँग हाम्रो जम्काभेट भयो। उहाँहरुले कुनै पनि व्यक्ति, पार्टी वा पक्षको मुखपत्र नबनी पत्रकारले नि पत्रकारिता गरेको खण्डमा प्रेस स्वतन्त्रता बलियो हुने धारणा राख्नुभयो।

शहीद स्मारक पुगेपछि हामीले स्मारक भित्र देखिएको सुन्दर शान्त वातावरणलाई नियाल्ने क्रममा थाहा स्माम रुपचन्द्र विष्ट), स्व. नेता मदन भण्डारीको पूर्णकदको प्रतिमा एवं एउटै शिलामा १२ जना शहीदको सालिक, विभिन्न जीव आदिको अवलोकन गर्‍यौं। हामीलाई प्राप्त एउटा जानकारीअनुसार थाहा आन्दोलनका प्रणेता रुपचन्द्र विष्ट मानवीय व्यव उति ध्यान नदिइएका नैतिक विचलनलाई ज्यादै खराब प्रवृत्ति ठान्थे। मकवानपुरको पहाडी गाउँ डुल्दा एक दिन एउटा कार्य भुटेको मकै फूलफूल छानेर खाइदिएपछि रुपचन्द्रले भनेछन्, मकै पाउँदा त फूलफूल छानेर खान्छस्, देशै पाए के गर्लास्? त्यो गाउँमा आमसभा गर्दा उनी वक्तालाई घाम र श्रोतालाई शीतल हुने गरी मञ्च बनाउँथे। एउटा सभामा सही नसक्नु घामले पो एक महिला कार्यकर्ताले गुनासो गरिछन्। अनि रुपचन्द्रले तत्कालै मञ्चबाटै भने, यो केटी सुविधाभोगी छे, मौका पाई भने सुविधाजति आफूलाई र असुविधाजति जनतालाई पार्छे। खोई अहिलेको समयमा यस्ता नेता?

यो स्मारक क्षेत्र परिसरमा कोही पिक्निकक्मा नाँचगान गर्दै रमाइरहेका थिए, कोही विभिन्न वन्यजन्तुको अवलोक अनि कोहीचाहिं रंगीचंगी फूल फूलेका बगैंचामा तस्वीर खिंच्न व्यस्त। जे होस्, निकै रमाईलो अनि स्मरणीय बन्यो हा निमार्णाधीन शहीद स्मारक भ्रमण तथा अवलोकन। साँझ हामी त्यहाँबाट हेटौडा बजारै फर्कियौं।

फाल्गुण १२: हामी हेटौंडाबाट बसयात्रा गर्दै श्रीपुर छतिवन गा.वि.स. पुग्यौं। त्यहाँ महेन्द्र उ.मा.वि.का प्राचार्य नारायण प्र. चा र अन्य शिक्षकसँग कुराकानी भयो। कुराकानीका क्रममा प्राचार्य चापागाईंले आफ्नो विद्यालयलाई गुणस्तरीय शिक्षा प्रदा प्रयास गरिरहेको र यही प्रयास आफूलाई चुनौती बनेको बताउनुभयो। पत्रकारिता क्षेत्रबाट सुरु गरिएको यो भ्रमण युगान्त विश्वभ्रमण भएको भन्दै उहाँले शुभकामना व्यक्त गर्नुभयो। श्रीपुर छतिवन गा.वि.स. परिसरमा कार्यालय सहायक बलराम रेडक्रसका सभापति कृष्ण चौलागाई प्राथमिक स्वास्थ्य केन्द्रकी अ.न.मी अनु लामा, कृष्ण प्र. घिमिरे लगायतका अन्य उ स्थानीयवासीसँग हामीले कुराकानी गर्‍यौं। कार्यालय सहायक घिमिरेले सरकारले फाष्ट ट्र्याक सडक यही गा.वि.स.बाट निर्मा निर्णय गरेको हुँदा अब छतिवन गा.वि.स.का स्थानीय वासिन्दा लाभान्वित हुने र यो क्षेत्र शान्तिको युगमा प्रवेश गर्ने बताउनु उपस्थित स्थानीयवासीले विकास निर्माणका पूर्वाधारमा अझै समस्या रहेको र सो समस्यालाई समाधान गर्न राजनीतिक दल गतिलो काम गर्न नसकेको दुःखेसो व्यक्त गरे। उनीहरुले विश्वभ्रमण सफलताको कामना गर्दै प्रेस स्वतन्त्रता बलियो हुन पत्रक नै एकजुट हुनुपर्ने धारणा राखे। त्यहाँबाट हामी पदयात्रामार्फत धूले सडक पार गर्दै फुर्की चौर र फुर्की चौरबाट बस चढेर बजार आयौं।

फाल्गुण १३ : बिहान हामी हेटौंडाबाट बस यात्रा गर्दै प्रसिद्ध पर्यटकीय स्थल दामन आयौं। दामनमा प्रतिध्वनि एफ.एम. र भ्यू टावरको भ्रमण गर्दा एफ.एम.का अध्यक्ष सुरेन्द्रमान प्रधान, लेखक टीकाराम यात्री, पत्रकार बैकुण्ठ ढकाल लगायतसँग कुरा भयो। सकारात्मक पत्रकारितालाई बढावा दिनुपर्ने लेखक यात्रीले बताउनुभयो भने पत्रकार ढकालले दामन गा.वि.स.को बारेमा

इन्द्रसरोवर

भ्यू टावरबाट जानकारी दिदै यस टावरले तपाईंहरूको विश्व चियाइ राख्नेछ भनी शुभकामना व्यक्त गर्नुभयो। भ्यू टाव चारैतिर दृश्यांकन गर्न पाउँदा हामीमा अझ जोश, जाँगर आयो। पालुंग र दामन भेगको दृश्य सकिन्न वर्णनै गरी

हामी पुलकित हुँदै दामनबाट बसमा मार्खु प्रस्थान गर्‍यौं। मार्खुमा आइपुगेपछि ईन्द्र सरोवर युवा अध्यक्ष मणिराज थापा, सचिव पार्वती बस्नेत, सल्लाहकार बस्नेत लगायतका पदाधिकारीसँग भेट भयो। उपस्थित पदाधि जनताले अधिकार खोज्ने मात्र होइन, आफ्नो कर्तव्य पनि पू दिशातर्फ अगाडि बढ्नुपर्ने धारणा व्यक्त गर्दै आफ्नो क्लब सोही अनुसार गाउँको विकासमा सकारात्मक भूमिका खेलि



बताउनुभयो । क्लबले विश्वभ्रमणप्रति ऐक्यबद्धता र शुभकामना व्यक्त गर्दै हाम्रो बेलुकीको खानपिन र क्लबको पाहुनाघरमा बासको प्रबन्ध मिलायो ।

फाल्गुण १४: पदयात्रामार्फत हामीले मार्खु र कुलेखानीको बीच बाटोमा पुगेर मानव निर्मित नेपालकै ठूलो तर पानीको मात्रा घट्दै गएको इन्द्रसरोवर तालको दृष्य नियाल्यौं । तालको पानीमा यत्रतत्र तैरिरहेका स साना घर, वारिपारिको चट्टाने भीर पाखा, हरियाली वनजंगल आदिले भरिपूर्ण यो ताल मान्छेले साँच्चिकै गर्न चाह्यो भने के नहुने रहेछ र ? भन्ने एउटा उदाहरण हो । यस्तै अनुभूति संगाल्दै पुनः मार्खु फर्केर हामीले स्थानीय मेडिकल व्यवसायी माधव भट्टराईसँग कुराकानी गर्‍यौं । उहाँको भ्रमण सफलताको शुभेच्छा ग्रहण गरेर हामी बाटो लाग्यौं ।

त्यहाँबाट हामी पुनः पदयात्रा गर्दै चित्लाङ्ग टौखेल, वज्रवाराही कुन्छल भञ्ज्याङ्गमा त्रिभुवन राजपथ हुँदै रमणीय देखिने पालुङ्ग उपत्यका आयौं । चित्लांगको चिनारी मूला रहेछ । साँझ रेडियो पालुङ्ग एफ.एम.को कार्यालयमा कार्यक्रम संयोजक मनोहर ढकाल र समाचार वाचिका ववित‍ा ढकालसँग हाम्रो कुराकानी भयो । संयोजक ढकालले स्थानीय परिवेशमा सहकारीमार्फत् पालुङ्ग एफ.एम.ले स्थानीय जनसरोकारका मुद्धा उठाएर भिन्न छाप छोड्दै गएको बताउनु भयो । समाचार वाचिका ववितले पत्रकारको सुरक्षा राज्यले गर्नुपर्ने, नगरेसम्म प्रेस स्वतन्त्रता बलियो नहुने धारणा राख्नुभयो । बेलुका शिखरकोट आई होटलमा खानपिन र बसोबास भयो ।

फाल्गुण १५: शिखरकोटबाट माइक्रोबस मार्फत फेरी पनि हामी हेटौंडा आयौं । हेटौंडा एफ.एम. र मध्यस्थता साप्ताहिकमा कार्यरत महिला पत्रकार चाँदनी शर्माको सहयोगमा सोही साप्ताहिकका सम्पादक देवराज रिमालसँग कुराकानी भयो । मोफसलमा साप्ताहिक चलाउन निकै गाह्रो भएको सम्पादक रिमालले बताउनु भयो । भूटनदेवी मन्दिर र ए.डी. नेपालद्वारा सञ्चालन हुन लागेको रेडियो मकवानपुर कार्यालय भ्रमण गर्‍यौं ।

स्थानीय स्तरमा सूचना संकलन गर्न खासगरी महिला पत्रकारलाई निकै समस्या पर्ने गरेको तर सबै समस्याका बाबजुद पनि आफू पत्रकारितामा अगाडि बढिरहेको भूटनदेवी मन्दिर भ्रमणका क्रममा पत्रकार शर्माले बताउनु भयो । मन्दिर अवलोकनका क्रममा व्यवस्थापन समितिका अध्यक्षले पञ्चपाण्डव मध्ये भीमकी श्रीमती भूटनदेवी रहेको र महाभारत युद्धको बखतमा नै मन्दिर स्थापना भएको जस्ता जानकारी हामीलाई पस्कनु भयो । ए.डी. नेपालका सचिव रिपेश दाहालले अरू मिडियाका कमी कमजोरीलाई अध्ययन गरी सञ्चालन उन्मुख रेडियो मकवानपुरले आफ्नो एफ.एम.मा कार्यरत सञ्चारकर्मीहरुलाई उचित पारिश्रमिकको व्यवस्था गर्ने लगायतका भावी योजना रहेको बताउनुभयो ।



फाल्गुण १६: बिहान हेटौंडा एफ.एम. भ्रमणका क्रममा समाचार वाचक श्री रिमालसँग एफ.एम. र पत्रकारिता क्षेत्रको विषयमा कुराकानी गर्‍यौं । समाचार वाचक रिमालले पत्रकारिता क्षेत्रमा प्रवेश गर्ने व्यक्तिले सुरुमै आफू किन र के का लागि पत्रकारिता गर्दैछु ? भन्ने विषयमा स्पष्ट हुनुपर्ने अनिमात्र पत्रकारिता गर्नुपर्ने धारणा प्रस्तुत गर्नुभयो । त्यहाँबाट हामी नेपाल पत्रकार महासंघ मकवानपुर कार्यालय आयौं । महासंघ अध्यक्ष राममणि दाहालले विश्वका पत्रकार र सञ्चार गृहमाथि विभिन्न पक्षले हत्या र आक्रमण गरिरहेको यस चुनौतिपूर्ण अवस्थामा सुरु गरिएको

विश्वभ्रमणले आफूलाई हर्षित तुल्याएको र यस भ्रमणलाई सफलतापूर्वक सम्पन्न गर्न सम्बन्धित सबैसँग सहयोग गर्न आग्रह महासंघको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो ।

खाना खाए पश्चात् हामी नारायणी यातायात व्यवसायी संघको कार्यालयमा पुग्यौं । अध्यक्ष हिरालाल श्रेष्ठले यातायातकर्मीलाई सहयोग गर्न आग्रह गर्दै संघका तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो । त्यहाँबाट हामी मकवानपुर वाणिज्य संघका अध्यक्ष जीवनकाजी माकजु श्रेष्ठसँग कार्यालयमा भेटघाट गर्न पुग्यौं । स्थानीय/राष्ट्रिय सञ्चारमाध्यमहरूले गतिविधिहरूलाई राम्रो कभरेज गरेको प्रति प्रशंसा गर्दै अध्यक्ष श्रेष्ठले पीत पत्र अन्त्य हुनमा यो भ्रमण सफल रहोस् भन्ने कामना गर्नुभयो ।

भूटनदेवी मन्दिर

हेटौडाबाट हामी क्षेत्रफलका आधारमा मकवानपुरकै सबभन्दा ठूलो गा मनहरी बसबाट प्रस्थान गर्‍यौं । मनहरी गा.वि.स. कार्यालयमा कार्यालय स ठाकुर बर्तौला र सहयोगी बुद्धि प्रसाद मैनालीसँग कुराकानी भयो । राप्ती र म खोलामा समय समयमा आउने बाढीका कारण स्थानीयवासी पीडित हुनुपरेको सम्बन्धित निकायसम्म पुर्‍याइदिन उहाँहरुले आग्रह गर्नुभयो ।

यसप्रकार मनहरी गा.वि.स.मा मकवानपुरको औपचारिक भ्रमण स गरी हामी बसबाट १६ औं जिल्लाको रूपमा चितवन नारायणगढ आयौं ।

मकवानपुर यात्राका क्रममा प्राप्त नगद सहयोग

जि.वि.स. कार्यालय	रु. २,००० /-
नारायणी यातायात बस व्य. (हेटौंडा)	रु. १,००० /-
महेन्द्र उ.मा.वि. (छतिवन)	रु. ५०१ /-
मकवानपुर उ.वा.संघ	रु. ५०० /-
मनहरी गा.वि.स.	रु. ५,०० /-
भुवन नेपाल (श्रीपुर छतिवन ६)	रु. ३०० /-
वलराम घिमिरे (श्रीपुर छतिवन ६)	रु. ३०० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पत्रकारिता क्षेत्रबाट थालिएको एउटा युगान्तकारी यात्रा । - नारायण प्रसाद चापागाई (प्राचार्य) श्री महेन्द्र उ.मा.वि. छतिवन मकवा
इच्छाएको र आँटेको कुरा पुगोस् । - चाँदनी शर्मा, मकवानपुर महिला पत्रकार
पूर्ण तयारीका साथ विश्वयात्रा सुरु गर्नु । - सुवेन्द्र बस्नेत, सम्पादक प्रकाशक सक्रिय साप्ताहिक
सफल भएको समाचार यही कलमले लेख्न पाउने मलाई पूर्ण विश्वास छ । - विनोद चौलागाई, सञ्चारकर्मी
नेपाली पत्रकार बन्दूक बारुद र पारिश्रमिकको शिकारमा छन् । - रिपेश दाहाल, रेडियो मकवानपुर १०१.३ मे.
संघर्षशील यात्रीको लक्षित यात्राले पूर्णता पाओस् । - राजन दाहाल खुशराज, सञ्चारकर्मी
पत्रकारिताको विकासमा सहयोग पुर्‍याउने उद्देश्य । - कृष्ण सारु, पत्रकार
पत्रकारिता जगत्को हितको लागि थालेको अभियान धेरै राम्रो छ । - प्रकाश दाहाल, अन्नपूर्ण पोष्ट दैनिक
पत्रकारिता क्षेत्रमा परिवर्तन ल्याउन खोज्नुभएको अवस्था प्राप्त होस् । - जीतेन्द्र पौडेल, सञ्चारकर्मी
पत्रकारिता क्षेत्रको भेद्भाव र अपमानलाई हटाउन सकोस् । - राजकुमार ढकाल तुफान, प्रयास अर्द्धसाप्ताहिक
सकारात्मक पत्रकारिताको खाँचो छ । - कल्पना वाग्ले, मनोक्रान्ति साधिका
असम्भव भन्ने केही छैन । - ठाकुर वाग्ले, मनोक्रान्तिप्रेमी
हार्दिक शुभकामना । - कृष्णप्रसाद रेग्मी (उपसचिव), जिल्ला प्रशासन कार्यालय
मार्खु गा.वि.स. मा आइपुग्दा हामी आभारी छौं । - मणिराज थापा (अध्यक्ष), इन्द्र सरोवर युवा क्लब
पत्रकारमाथि आक्रमणका घट्ना बढिरहेका बेला थालिएको यात्रा पूरा होस् । - राममणि दाहाल (अध्यक्ष), नेपाल पत्रकार महा
सशक्त आवाजसहित देश विदेश भ्रमण, सकारात्मक अभियानमा सबैले सहयोग गरौं ।
- हीरालाल श्रेष्ठ (अध्यक्ष), नारायणी यातायात व्यवसायी संघ, मुख्य कार्यालय हे

१८ औं जिल्ला चितवन डायरी

फाल्गुण १५: मकवानपुरको मनहरीबाट गाडी चढेर कमलनगर नारायणगढ आइपुगेपछि चितवनको हाम्रो औपचारिक यात्रा सुरु भयो। नेपाल पत्रकार महासंघ अध्यक्ष कृष्ण गिरीलाई फोन गर्दा उहाँको फोनै उठेन। हामी मनोक्रान्ति मिनी म्याट्रिक्स कमलनगर पुग्यौं। त्यहाँ योगिनी श्री टं (मीलादेवी राई, भोजपुर), साधक ड्राम् (नानीराम दाहाल, ओखलढुंगा) र साधिका डिल्म् (निर्मला पराजुली, काभ्रे) सँग हाम्रो भेट भयो। भ्रमणको अनुभव साटासाट गर्दागर्दै यहाँ स्थानीय मनोक्रान्तिप्रेमीहरू पनि भेला भएर विश्वभ्रमण अभियानका विषयमा उत्सुकता जाहेर गरे। समय न हो, छलफल गर्दा गर्दै झमक्क साँझ परेको पत्तै भएन। हाम्रो यहीं खानपिन र बसोबासको प्रबन्ध भयो।

संक्षिप्त परिचय

क्षेत्रफल: २,२३८.३९ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ३६ वटा, नगरपालिका: २ वटा निर्वाचन क्षेत्र: ५ वटा। सदरमुकाम: भरतपुर, अञ्चल: नारायणी, विकास क्षेत्र: मध्यमाञ्चल

भौगालिक अवस्थिति: पूर्व मकवानपुर र पर्सा, पश्चिम नवलपरासी र तनहुँ, उत्तर गोरखा र धादिंग जिल्ला र दक्षिण भारतको विहार र उत्तर प्रदेश

विकासको क्रममा पिछडिएका जातिहरु: चेपांग, थारु, माझी, दराई, कुमाल आदि।

धार्मिक तथा पर्यटकीय स्थल: देवघाट, वागेश्वरी, गणेशस्थान, शिवघाट, त्रिवेणी, गोढ्क, पाण्डवनगर, सोमेश्वर कालिका, विक्रम बाबा, चित्रसारी, जुटपानी कालिका, उपर दांग गढी, चितवन राष्टिय निकुञ्ज, मनकामना दर्शन प्रा.लि. चेरेस कुरिनटार, चिसापानी गढी, सोमेश्वर गढी, कविलासपुर गढी, कंकाली सामुदायिक वन, सिराईचुली आदि।

(साभार: जि.वि.स. सूचना तथा अभिलेख केन्द्र २०६५)

फाल्गुण १६ र १७: डायरी लेखनका कारण दोश्रो र तेश्रो दिन पनि कमलनगरमै बित्यो। यि दिनहरूमा खासै उल्लेखनीय काम त भएनन्। तर पनि रेकी साधनाको नियमित अभ्यासले गुम्दै गएको आँखाको ज्योति पुन: फर्किएको बताउने भरतपुर- ११ निवासी दिदी बहिनी पूजा र आरती कुमालसँग हाम्रो कुराकानी भयो। उहाँहरूले काठमाडौंका तिलगंगा र त्रिपुरेश्वर आँखा अस्पताल अनि चितवनको भरतपुर अस्पताल जस्ता देशकै नामी अस्पताल धाएर उपचार गर्दा पनि ठीक नभएको र डाक्टरद्वारा ठीक नहुने भनिएको आफ्नो समस्या रेकी उपचारकै कारण ठीक भएको बताउनुभयो। भन्दै हुनुहुन्थ्यो उहाँहरु यसको श्रेय मनोक्रान्तिकी माता योगिनी टंलाई जान्छ। "तपाईंहरूको विश्वभ्रमण विश्वका सम्पूर्ण मानवजातिका लागि प्रेरणादायी बन्न सकोस्" भनी शुभकामना व्यक्त गर्ने योगिनी टंसँग हामीले ती दुई बहिनीको सफल उपचारबारे कुराकानी गऱ्यौं। उहाँले ब्रम्हाण्डीय शक्ति रेकीको साधनाले उहाँहरूको रोग प्रतिरोधात्मक क्षमतामा बृद्धि भएका कारण यस्तो सम्भव भएको बताउनुभयो।

फाल्गुण १८: हामी चितवनबाट प्रकाशित चितवन पोष्ट र कायाकैरन दैनिकको कार्यालय गयौं। चितवन पोष्टका प्रकाशक/सम्पादक धर्मराज अर्यालसँग चितवनको पत्रकारिताबारे हाम्रो कुराकानी भयो। नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष कृष्ण गिरीसँग टेलिफोन वार्ता गऱ्यौं। अध्यक्ष गिरीले विश्वभ्रमणबारे सूचना पाएपछि भोली मध्यान्ह १२ बजे महासंघको कार्यालयमा भेटघाट गर्न आउनुस् भन्नुभयो।

फाल्गुण १९: पत्रकार महासंघ भरतपुर कार्यालयबाट हामीले आजको यात्रा सुरु गऱ्यौं। त्यहाँ महासंघका कार्यालय सचिव राजन आचार्य, कानून व्यवसायीद्वय धर्म वाग्ले र निलकण्ठ अधिकारी, औषधी व्यवसायी विष्णु प्र. तिवारी, हामी सक्छौं अभियानकी शान्ति अधिकारी लगायतसँग भेट भयो। सचिव आचार्यले चितवनमा ४ वटा दैनिक, ४ वटा साप्ताहिक र ७ वटा एफ.एम. सञ्चालनमा रहेको जानकारी दिनुभयो। खै किन हो कुन्नि ? महासंघ अध्यक्ष कृष्ण गिरीसँग हाम्रो भेट भएन। महासंघ कार्यालयले फोन डायल गरेपनि अध्यक्षद्वारा फोन उठाइएन। जे भएपनि यात्रीको काम यात्रा र भेटघाट न थियो, हामी त्यहाँबाट बाहिरियौं।

त्यसपछि हामी भरतपुर र नारायणगढ बजार भ्रमणमा जुट्यौं। हिंड्दा हिंड्दै लोकतन्त्र सन्देश दैनिकको कार्यालय पुगियो। उक्त दैनिकका सम्पादक चिन्तामणि पौडेल, पत्रकार सन्तोष देवकोटा, कम्प्युटर अपरेटर राजु भट्ट र प्रकाशक बिल ब. अधिकारी लगायतसँग भेट भयो। अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकका संवाददाता समेत रहेका सम्पादक पौडेलले तपाईंहरूको

विश्वभ्रमण सम्पूर्ण पत्रकार र जनताको साहस हो भन्दै सहयोग गर्ने आश्वासन दिनुभयो। साँझ कमलनगर आइपुग्दा मनोक्रान्तिका पञ्चकन्या मध्ये साधिका क्लिम् (शारदा के.सी., प्यूठान) र प्लिम् (शान्ता सिम्खडा, काठमाडौं) सँग हाम्रो भेट भयो । पारिवारिक जमघट झैं हामी भेला भयौं त्यहाँ, एकअर्काका अनुभव आदानप्रदान गर्दै खुशियाली मनायौं । खाना खाएर सुत्यौं ।



देवघाटधाम

फाल्गुण २०: हामी योगिनी श्री टं, साधक ड्राम् र साधिका डिल्म्सँग कुराकानी गर्दै नारायणी नदी किनारमा अवस्थित चितवन, नवलपरासी र तनहुँ जिल्लाको सिमानामा पर्ने देवघाटधाम त्रिवेणी भ्रमण गर्न पुग्यौं । देवघाटमा सञ्चालित विराट ज्ञान महायज्ञ हामी सबैले अवलोकन गऱ्यौं । महायज्ञमा भक्तजनहरुको ओइरो थियो । देवघाटको गुफामा बसेकी १०१ वर्षकी भएँ भन्ने आफू शान्तिका लागि बसेकी हुँ भन्नुभयो । त्यसपछि डुंगामार्फत नारायणी नदी तऱ्यौं हामीले । खुब आनन्दित स्थल हो देवघाट । हामी देवघाटबाट पुनः नारायणगढ आयौं ।

साधिका क्लिम् र प्लिम्को सहयोगमा नारायणगढबाट बस चढेर हामी माडीको गर्दी गा.वि.स. आयौं । नारायणी अञ्चल सम्पूर्ण गा.वि.स.मा मनोक्रान्ति प्रशिक्षण सञ्चालन गर्न हिँडेका उनै साधिकाद्वयकी अर्की सहकर्मी साधिका न्लिम् (सुमित्रा, काठमाडौ) सँग भेट भयो । माडीका थारु समुदायमाझ प्रशिक्षण दिइरहेको यो टोलीले हामीलाई उक्त समुदायसँग भेट गरायो । खेलाडी अमृता महतो, गृहिणी बिक्रमिया महतो, हरिमाया महतो, लक्ष्मी महतो लगायतसँग विश्वभ्रमण र थारु समुदायका बि... कुराकानी भयो । उनीहरूले भन्दै थिए मनोक्रान्तिकै कारण हाम्रो बोलीचाली र व्यवहारमा धेरै परिवर्तन आएको छ, स... जनचेतनाको विकास भएको छ, श्रीमान्हरू समेत व्यवहारमा सकारात्मक भएका छन् । तर, खोलामा पुल नहुँदा यातायातको समस्या छ ।" बेलुकी खानाको व्यवस्था हरिमाया महतो र बसोबासको प्रबन्ध लक्ष्मी महतोले मिलाउनुभयो ।

फाल्गुण २१: बिहान उठेर हामी गर्दी गा.वि.स.को सेरुवा टोलमा पञ्चकन्या टोलीद्वारा सञ्चालित एक हप्ते योग प्रशिक्षण स्वास्थ्य शिविर अवलोकनका लागि पुग्यौं । मिसन नारायणीको उक्त टोली र योग प्रशिक्षार्थीहरुले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु भएको विश्वभ्रमणप्रति हर्ष प्रकट गर्दै शुभकामना व्यक्त गरे । थारु समुदायकै एक घरमा खाना... टोलीकी संयोजक क्लिम् र सदस्य प्लिम् सँग हिँड्दै हामी वसन्तपुर माडीतर्फ लाग्यौं ।

थारु महिलाहरु एक मधेश एक प्रदेशको विरोधमा आफ्नो हक, अधिकार स्थापित गराउन भन्दै हात हातमा लाठी लिएर ... निस्किएको देखियो । यात्राको क्रममा बघौडा गा.वि.स.मा अवस्थित वसन्तपुर, रमाइलो डाँडा, भैरवपुर, ढिकुन र गर्दी गाउँ...



माडी

वसन्तपुरमा माडी मनोक्रान्ति अभियानका अध्यक्ष नारा... लामिछाने, उपाध्यक्ष राजकिशोर चौधरी, कोषध्यक्ष कमल रा... समिति सदस्य दीपा तिवारी, सरस्वती रामदाम, प्रेम ना... अधिकारी, पशुपति पाण्डे, मनोक्रान्ति साधक घ्रिम् (सविन म... ललितपुर), छ्रिम् (मिनबहादुर साउद, अछाम) स्वस्तिका लगाय... हाम्रो कुराकानी भयो । समितिका पदाधिकारीले चितवन रा... निकुञ्ज माडीवासीका लागि "वरदान भन्दा अभिशाप" ... गुनासो पोखे । उनीहरुको शुभेच्छा लिएर हामी पुनः गर्दी आ... खानपिन पछि निद्रादेवीको शरणमा गयौं ।

फाल्गुण २२: नास्ता पश्चात् गर्दीवासीसँग बिदा भई त्यहाँबाट हिँडयौं । थरुहट बन्दका कारण गाडी नचलेकाले हामी चितवन राष्ट्रिय निकुञ्ज, गीतानगर, हुँदै फेरी

बीसहजारी ताल

नारायणगढ बजार आइपुग्यौ । आउँदा-आउँदै बाटोमा पञ्चकन्या टोलीकी अर्की एक सदस्य साधिका दिल्म् (सुभद्रा के.सी., काठमाडौं) र ठोरीका दिलिप वि.क.सँग भेट भयो । बेलुका कमलनगरमै खानपिन र बसोबास ।

फाल्गुण २३ः थरुहट संघर्ष समितिको अनिश्चितकालीन बन्द र चितवनको सौराहा चोकमा स्थानीय प्रशासनद्वारा लगाइएको कर्फ्युका कारण हिंडेरै हामी बीस हजारी ताल हुँदै चर्चित पर्यटकीय स्थल सौराहा पुग्यौं । बीस हजारी ताल जाने क्रममा रामचन्द्र पौडेलको घरमा पुगी पानी पियौं, मेवा खायौं । मेवा र पानीले हामीलाई शीतलताको आभाष गरायो । बीस हजारी ताल भ्फार र लेउले पानी नै छैन कि जस्तो लाग्यो ।

साँझ चितवन रेष्ट हाउस सौराहामा बास बस्यौं । बेलुकी १० बजे हाउसका निर्देशक गोविन्द चापागाईं र सहयोगी विमल कंडेलसँग सौराहामा दिनहुंजसो हुने बन्द, हड्तालका कारण घट्दो पर्यटकको आगमन र विश्वभ्रमणका विषयमा हाम्रो कुराकानी भयो । विश्वभ्रमणको योजनाले आफूलाई हर्षित तुल्याएको बताउँदै निर्देशक चापागाईंले भन्नुभयो, "थकानरहित यात्रा गरिरहनुस् ।"

फाल्गुण २४: बिहान उठ्ने बित्तिकै हामी सौराहा बजार भ्रमणमा निस्कियौं । भ्रमणका क्रममा हामी राष्ट्रिय प्रकृति संरक्षण कोषमा प्रशासन सहायक नकुल खड्का, नेचर गाइड जीतु लामा उटका माउते कमल नेपाली र स्थानीय व्यवसायीसँग भेट गर्न पुग्यौं । प्रकृति संरक्षण कोषको संग्राहलयमा चितवन राष्ट्रिय निकुञ्ज भित्र पाइने तर तुहिएका र मरेका विभिन्न वन्यजन्तु र चराचुरुङ्गीका बच्चा बच्चीलाई सजाएर राखिएको रहेछ । प्रत्यक्षरूपमा हात्ती र उँट अवलोकन पश्चात् सौराहाको भ्रमण समापन भयो । पहिलोचोटि लामो घाँटी र ठूलो जीउ, अग्ला पातला खुट्टा भएको अजीवको जीव प्रत्यक्ष हेर्न पाउँदा मन त्यसै त्यसै हर्षित भयो । मरुभूमिमा बस्ने यो जनावरलाई अन्य ठाउँमा बचाउन गाऱ्हो हुने गरेको अनुभव उँट माउते नेपालीले बताउनुभयो । त्यहाँबाट हिंड्दै हामी रत्ननगर नगरपालिका टाँडीसम्म आयौं । रिक्सामार्फत टाँडीबाट नारायणगढ बजारसम्मको यात्रा गऱ्यौं । खै के... खै के... बन्द, पत्रकारसँग अर्न्तक्रिया हुन नपाउनु, गर्मी, सौराहाको अधुरो भ्रमण आदि कारणले चितवन भ्रमण निकै चुनौतीपूर्ण बनेको छ, खासै उल्लेखनीय प्रगति पनि केही हुन सकेको छैन । बेलुकी अस्तिकै स्थानमा बसोबास र खानपिन ।

फाल्गुण २५: बिहानी खाना खाएर हामी जिल्ला प्रशासन कार्यालयमा प्र.जि.अ. रत्नराज पाण्डेयसँग भेट गर्न पुग्यौं । प्र.जि.अ. पाण्डेयले आफ्नो हक, अधिकारका निम्ति भन्दै जसले जे गरे पनि सबैलाई ठीकै छ भन्नु पर्ने बाध्यात्मक अवस्था दिनप्रतिदिन सृजना भइरहेको धारणा राख्नुभयो । उहाँले दुनियाँको चासो एवं सार्वजनिक महत्वको विषय प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता का लागि सुरु गरिएको विश्वभ्रमण पूर्ण सफलताका साथ सम्पन्न होस्" भनी शुभकामना पत्र प्रदान गर्नुभयो ।

सौराहामा भेट्टिएको उँट

त्यसपछि हामी जि.वि.स. कार्यालयतर्फ लाग्यौं । स्थानीय विकास अधिकारी कुमार ब. खड्का, सभासद् चित्र ब. श्रेष्ठ लगायतसँग जि.वि.स. हलमा आयोजित जिल्ला यातायात गुरुयोजना अन्तिम रुप दिने कार्यशाला गोष्ठीमा हाम्रो भेट भयो । सूचना अधिकृत बलराम लुइटेलले "चितवन जिल्लामा ७५ वटै जिल्लाका मान्छे बसोबास गर्ने हुँदा यो जिल्ला ७६ औं जिल्लाको रूपमा चिनिने र विकासमा पनि भ्फापा पश्चात् दोश्रो नम्बरमा पर्छ भन्नुभयो । चितवनमा कार्यरत पत्रकारहरू सँग राम्रो सम्बन्ध

एक सिंगे गैंडाको अनुरोध

रहेको जानकारी गराउँदै उहाँले देश विकासका निम्ति र प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्व सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

जि.वि.स.बाट बाट हामी वीरेन्द्र बहुमुखी क्याम्पस गेटमा पुग्यौं। गेटमा सोही क्याम्पसका एक प्रशासनिक कृष्ण पण्डित, मध्यविन्दु एफ.एम. १०१ मेगाहर्ज नवलपरा समाचार सम्पादक रमेश बास्ताकोटी र केही स्थानीयसँग भेट भयो । पत्रकारिता क्षेत्रबाट सुरु भएको विश्वभ्रमण होस् भन्दै सबैले शुभकामना व्यक्त गरे । उक्त गेटबाट भरतपुर नगरपालिका कार्यालयतर्फ लाग्यौं । कार्यालयमा अधिकृत ईश्वरी प्रसाद कँडेल, योजना शाखा सहायक प्रसाद आंचार्य र समाज कल्याण सहायक होमनिधि पौडेलसँग भेट भयो । नगरपालिकाका विषयमा सहायक पौडेलले जा दिदै प्रेस स्वतन्त्रता भएपछि मात्र लोकतन्त्र र गणतन्त्रको संस्थागत विकास हुने धारणा राख्दै विश्वभ्रमणप्रति शुभकामना गर्नुभयो ।

नगरपालिकाबाट हामी जिल्ला प्रहरी कार्यालय पुग्यौं । एस.पी. ज्ञान विक्रम शाहसँग भेट गराउन प्रहरी कन्ट्रोल बारम्बार प्रयास गरिएपनि एस.पी. शाहले किन हो कुन्नि ? भेट दिनु भएन । त्यसपछि नेपाल पत्रकार महासंघ चितवन उपाध्यक्ष सुरेशचन्द्र अधिकारी र सचिव शान्ता अधिकारीसँग टेलिफोन सम्पर्क भयो । एकातिर अघिल्लो दिन नै बिहान पत्रकार महासंघ कार्यालयमा उपाध्यक्ष अधिकारीले भेट गर्ने आश्वासन दिए पनि त्यो पूरा हुन सकेन भने अर्कातिर अधिकारीले अगाडि थाहा नभएका कारण भेट हुन सकेन भन्दै प्रेस स्वतन्त्रताका लागि थालनी भएको विश्वभ्रमण सफल होस् भनी फोनबाटै शुभकामना व्यक्त गर्नुभयो । यसप्रकार चितवन जिल्लाको हाम्रो भ्रमण समाप्त हुँदैछ ।

(नोट: चितवन जिल्लासम्बन्धी केही अंश धादिंग डायरीमा ।)

चितवन यात्राका क्रममा प्राप्त नगद सहयोग

ईश्वरीप्रसाद कँडेल (भरतपुर ५)	रु. ५५५ /-
जिल्ला विकास समितिरु.	५०० /-
माडी मनोक्रान्ति अभियान	रु. ५०० /-
पञ्चकन्या टोली	रु. ५०० /-
मनोक्रान्ति साधना केन्द्र (भ.न.पा. ११)	)रु. ४०५/-
भरतपुर नगरपालिका	रु. २०० /-
नानीराम दाहाल (ड्राम्)	रु. २०० /-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

आफूलाई बदलेर संसार बदल्ने अभियान । - सुमिना के.सी. (ल्लिम्), पञ्चकन्या टोली, काठमाडौं
नौलो शिक्षा प्राप्ति होस् । - शान्ता सिंखडा (प्लिम्), पञ्चकन्या टोली, काठमाडौं
विश्वकै एक नव ईतिहास बन्नेछ । - निर्मला पराजुली (डिल्म्), काभ्रेपलाञ्चोक
विश्व प्रेस जगत्मा कोशेढुंगा सावित होस् । - नानीराम दाहाल (ड्राम्)
World's most beautiful and awakening messages. - Sujan Kandel 'Slim', Kaski
यात्रा सँगै नयाँ चिन्तन र आध्यात्मिक ऊर्जा थपियोस् । - रोशन दाहाल (रत्नम्), दोलखा
तन मनमा विश्व जगाउनु । - आरती र पूजा कुमाल, भ.न.पा ११, वसन्तपुर
बुझ्नेले त नभन्दै बुझ्छन् रे मनका पीडाहरु... । - अनिता थापा, भ.न.पा. ११
गाउँघरमा ध्यान साधना गर्दै/गराउँदै रमाएकी छु । - निर्मला कुमाल (रेकी मास्टर) मनोक्रान्ति साधना स्थल, भ.न.पा. ११,
संसारलाई बदल्नु छ, सुरु आफैंबाट गर्नु छ । - रामबहादुर कुमाल भ.न.पा. ११, भोजाड
बास्तविक उद्देश्य पूर्ति गर्न सकियोस् । - रामजी पाण्डे,(भरतपुर ४), भृकुटी बोर्डिङ्ग स्कूल
दुनियाँको चासो एवं सार्वजनिक महत्वको विषय । - रत्नराज पाण्डेय (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

१७ औं जिल्ला नवलपरासी डायरी

२०६५ फाल्गुण २६: बिहान हामी नारायणगढमै खाना खाएर नवलपरासी जिल्लाका लागि अगाडि बढ्यौं। बन्दका कारण हिंड्दै हामी नारायणी नदीको पुल पार गरेर गैडाकोट गा.वि.स. मा अवस्थित भृकुटी पल्प एण्ड पेपर लि. को गेटमा आइपुग्यौं। त्यहाँ सिनियर सेक्युरिटी माधव घिमिरेले बन्द र हड्तालका कारण उद्योगमा समस्या परिरहेको बताउनुभयो। त्यहाँबाट अगाडि बढ्ने क्रममा कालिका एफ.एम. चितवनका २ सञ्चारकर्मीसँग भेट भयो। उनीहरूले विश्वभ्रमणप्रति जिज्ञासा राखे, र भने भ्रमण सफल रहोस्।

संक्षिप्त परिचय

क्षेत्रफलः २,१६२ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ७३ वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः ६, सदरमुकामः परासी बजार,
अञ्चलः लुम्बिनी, विकास क्षेत्रः पश्चिमाञ्चल
भौगालिक अवस्थितिः पूर्व चितवन, पशिचम पाल्पा, रुपन्देही, उत्तर तनहुँ पाल्पा, र दक्षिण भारत
भाषाः नेपाली, भोजपुरी, मगर, थारु, गुरुंग आदि।

गैंडाकोटको काँग्रेस चोक, मुकुन्दपुर गा.वि.स.का पितौजी, भैसाखोरी हुँदै हामी अमरापुरी गा.वि.स. आईपुग्यौं। बाटामा स्थानीयवासी, सुरक्षा निकायका प्रतिनिधि, विद्यार्थी, युवायुवती लगायतसँग भेट भयो। उनीहरूले "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि विश्वभ्रमणबारे जिज्ञासा राखे र भने "उद्देश्य राम्रो रहेछ आँटेको चाहेको कुरा पूरा होस्।"

अमरापुरी आइपुगेपछि स्थानीय एक होटलमा दुई युवासँग भेट भयो। सरस्वती एकेडमीका सञ्चालक समेत रहेको बताउने युवा रामचन्द्र पौडेलले विश्वभ्रमणबारे जिज्ञासा राख्नुभयो। भ्रमणको योजना, उद्देश्य र महत्वबाट प्रभावित भई पौडेलले खानपिन र बसोबासको व्यवस्था गर्नुभयो। उहाँको घरमा जानु भन्दा अगाडि एकेडेमीद्वारा सञ्चालित अतिरिक्त कक्षामा सामेल विद्यार्थी र शिक्षकहरू माझ पौडेलले परिचयको वातावरण मिलाउनु भएको थियो। सबै शिक्षक विद्यार्थीले विश्वभ्रमण सफलताको हार्दिकतापूर्वक शुभकामना व्यक्त गरे।

फाल्गुण २७: बिहान उठ्नासाथ हामीले सुन्दरी सामुदायिक वन उपभोक्ता समूहका कार्यकारी सदस्य तथा जडीबुटी उपसमिति अमरापुरीका संयोजक बाबुराम पौडेलसँग कुराकानी गर्‍यौं। संयोजक पौडेलले ३८४.७५ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त वन सामाजिक विकासका लागि गरेको योगदानका हिसाबले नेपालकै दोश्रो ठूलो वन भएको बताउनुभयो।

त्यसपछि हामीले सोही वन उपभोक्ता समूहको कार्यालय पुगी अध्यक्ष बद्री प्र. सापकोटा, उपाध्यक्ष हीरा देवी घिमिरे, कार्यालय सचिव लगायतका पदाधिकारी एवं भेडावारी वन उपभोक्त समूहका अध्यक्ष जीत ब. श्रेष्ठसँग भेट गर्‍यौं। अध्यक्ष सापकोटाले "वनमा धेरै प्रजातिका जडीबुटी पाइने भए तापनि उत्पादन र बजार व्यवस्थापन गर्न नसकिएको र यस्तो नमूना वनको विषयमा मिडियामा समेत प्रचार प्रसार कमी भएको" गुनासो पोख्नुभयो। राज्यले पत्रकारिता क्षेत्रलाई चौथो अंग भने पनि "आफूले पहिलो अंग भन्न रुचाउँछु" भन्दै उहाँले विश्वभ्रमणका लागि शुभकामना व्यक्त गर्नुभयो।

सिद्धिदात्री दुर्गा मन्दिर, मुकुन्दपुर परिसरमा खाना पकाउन व्यस्त साधुहरु

त्यहाँबाट हामी मिठु पौडेलको घर आई खाना आयौं। खाना खाएर हिंड्ने बेलामा प्राध्यापिका चित्रा रेखा तिवारीसँग भेट भयो। उहाँको जिज्ञासा बमोजिम हामीले विश्वभ्रमणबारे जानकारी दिएपछि प्राध्यापिका तिवारीले भन्नुभयो "यति सानो उमेरमैं सबै

कुरा त्यागी बौद्धिक क्षेत्र त्यसमा पनि पत्रकारिताबाट विश्वभ्रमणमा हिँड्नु निकै सह्रानीय कार्य हो, सफलता मिलोस्" शुभकामना ।

अमरापुरीबाट बिदा भई हिँड्दै हामी रजहर गा.वि.स., बौलाहा खोला, प्रगतिनगर हुँदै कावासोती आयौं । कावासोती बजार पुग्ने बेलामा एक प्रतीक्षालयमा भेट भएका सानी एक बहिनी र साना दुई भाईले अत्यन्त उत्सुकताका साथ विश्वभ्रमणबारे हाकाहाकी प्रश्न गरे । उनीहरूको प्रश्न गराइले हामीलाई एकदमै प्रभावित पाऱ्यो । हिँड्ने बेलामा भन्दै थिए उनीहरू, शुभयात्रा !


बन्दको प्रभाव

कावासोती आईपुगेपछि हामी सामुदायिक रेडियो मध्यविन्दू एफ.एम. कार्यालय छिऱ्यौं । त्यहाँ महिला पत्रकार रीतु भण्डारी, पत्रकारहरू गणेश भुषाल, धर्म बस्याल, नवीन पौडेललगायत सँग एफ.एम. पत्रकारिता र विश्वभ्रमणबारे हाम्रो कुराकानी भयो । हामी सँगको भेटमा महिला पत्रकार भण्डारीले "देश विदेशका घट्ना छिटो भन्दा छिटो सम्प्रेषण गरी नागरिकलाई सूचनाको हकले लाभान्वित गराई रहने पत्रकारिता क्षेत्र समय सान्दर्भिक भएको" धारणा राख्नुभयो । अर्का रेडियोकर्मी नवीन पौडेलले "जोखिम मोलरै भएपनि रेडियोभन्दा पत्रपत्रिकामा काम गर्न सिकिने" बताउनुभयो । पत्रकार धर्म बस्याल पत्रकारितामा लागेपछि नीजि जीवन नहुने बताउनु हुन्छ । यस्तै कुराकानी गर्दै र एफ.एम.ले भ्रमणका अनुभव सोध्दा-सोध्दै झमक्कै साँझ परिसकेको हुन्छ । गणेश भुषालको सहयोगमा बेलुकाको खाना बसोबासको प्रबन्ध सोही एफ.एम. ले गर्छ ।

फाल्गुण २८: बिहान हामी एफ.एम. कार्यालयबाट बिदा भएर हिँड्दै डण्डाबजार तर्फ लाग्यौं । डण्डा बजारबाट गाडी चढी चोरमारा, अरुणखोला हुँदै दुम्कीबास गा.वि.स.को दाउन्ने ओर्लियौं । दाउन्नेबाट उकालो चढ्दै हामी बौद्ध गुम्बा, दाउन्ने मन्दिर र टेलिभिजनको टावर अवलोकन गऱ्यौं । डाँडामा पुगेर चारैतिरको दृश्य हेर्न पाउनुको मज्जै बेग्लै । त्यहाँबाट ओरालो छिचोल्दै सडकमा आयौं । तत् पश्चात् निःशुल्क बस यात्रा गर्दै बर्दघाट बजार झऱ्यौं ।

बर्दघाट बजार भ्रमणका क्रममा माकर- ४ बाढीपिडीत (नवजीवन) गाउँकी चन्द्रकला भट्टराईसँग दाउन्ने उ.मा.वि. नजिकको पसलमा हाम्रो भेट भयो । सोही उ.मा.वि.का शिक्षक राजकिशोर चौधरीले विश्वभ्रमणबारे जानकारी पाएपछि हामी बाइकमार्फत बाढीपिडीत गाउँका स्थानीयवासी यज्ञप्रसाद भट्टराईको घरमा पुऱ्याउनुभयो । यहाँ भट्टराई र अन्य स्थानीयवासी गाउँका समस्या र विश्वभ्रमणबारे बातचित भयो । बातचितमा सरिक दूर्गादत्त आचार्यले गाउँमा वर्षा याममा बर्दघाट बजार आउने अनियन्त्रित पानीको उचित निकासको अभाव, अस्पतालको समस्या र अव्यवस्थित बाटो घाटो लगायतका विषयलाई गर्न अनुरोध गर्नुभयो । बेलुका स्थानीय यज्ञप्रसादकै घरमा खाना र बसोबासको प्रबन्ध ।

बर्दघाट

फाल्गुण २९: बिहान उठेपछि स्थानीयवासी गंगाप्रसाद भट्टराईको सहयोगमा ५२ बिघाहा क्षेत्रफलमा फैलिएको बाढीपिडीत गाउँका केही ठाउँ हामीले भ्रमण गऱ्यौं । २०३८ सालमा देशका विभिन्न ठाउँमा आएको बाढीबाट विस्थापित भई उक्त गाउँमा बसोबास गरिरहेको बताउने स्थानीय बासिन्दाहरूले आफ्नो पहिलेको तुलनामा अहिले केही हदसम्म विकास भएको बताए बेरोजगारी, अशान्ति र असुरक्षा बढ्दै गएकोमा उनीहरूले चिन्ता

व्यक्त गरे। बेलुका बास बसेकै घरमा खाना खाएर हामी उहाँसँगै माकर गा.वि.स. कार्यालय पुग्यौं ।

गा.वि.स. कार्यालयमा सचिव चिरञ्जिवी अर्याल, कार्यालयका अन्य कर्मचारी र स्थानीयवासीसँग हाम्रो भेट भयो। गा.वि.स. को अवस्थाबारे सचिव अर्यालले जानकारी दिँदै जनप्रतिनिधि नहुँदा काम गर्न अप्ठ्यारो परिरहेको बताउनुभयो । उहाँले "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि सुरु गरिएको विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्नुभयो ।

त्यहाँबाट बिदा भई हामी पुन: बर्दघाट बजार आयौं । बजारमा नवलपरासीका इन्सेक प्रतिनिधि नारायण लामिछाने र स्थानीयवासीसँग हाम्रो भेट भयो। विश्वभ्रमणको योजनाले आफूलाई खुशी तुल्याएको भन्दै इन्सेक प्रतिनिधि लामिछानेले मानवअधिकारका निमित्त समेत यस भ्रमणले ठोस योगदान दिन सकोस् भनी शुभकामना दिनुभयो। साथै उहाँ पञ्चनगर- ३ (विशालनगर) भूताहासम्म हामीलाई पुऱ्याउन आउनुभयो। त्यहाँ स्थानीयवासी सुमन खरेल, नेपाली काँग्रेस इकाई सभापति एवं सुशेली कला समूहका कोषाध्यक्ष नरेश्वर शर्मा, इन्द्रेणी सामाजिक विकास मञ्चका कार्यकारी निर्देशक आचार्य, लेखा अधिकृत शिव प्र. पाण्डे, एक्सन एड (खाद्य सुरक्षा) का नारायण घिमिरे लगायत सँग हाम्रो २ घण्टा छलफल भयो। छलफलमा सहभागी एक्सन एडका घिमिरेले सञ्चारमाध्यममा बढी बिलासी समाचार आएको तर सृजनात्मक समाचार नआएको भन्दै दुःखेसो व्यक्त गर्नुभयो । उहाँको दुःखेसोमा अरूले पनि सहमति जनाए। केही सहभागीले भ्रमणबारे चासो देखाउँदै शुभकामना व्यक्त गरे भने एक अर्का सहभागीले विश्वभ्रमणको उद्देश्य सानो भएको धारणा राखे ।

त्यहाँबाट हामी अगाडि बढ्यौं। भालुही खोला हुँदै हामी सुनवल बजार आइपुग्यौं। यहाँ आइपुग्दा अँध्यारै भैसकेको थियो। पिच रोड भएकाले हिंड्न भने सजिलै भयो। बजारकै एक स्थानीय होटलमा खानपिन र बसोबास गऱ्यौं ।

फाल्गुण ३०: बिहान उठेर हामी सुनवल बजार भ्रमण गर्न थाल्यौं। भ्रमणका क्रममा मिलन पुस्तकका सञ्चालक ऋषि ज्ञवालीसँग भेट भयो। सञ्चालक ज्ञवालीले प्राथमिकताका साथ स्थानीय समाचार पनि सञ्चारमाध्यममा समेटिनु पर्ने धारणा राख्दै बिहानी खानपिनको प्रबन्ध मिलाउनुभयो। उहाँको घरमा पुगेपछि परिवारका अन्य सदस्य दूर्गा ज्ञवाली, लक्ष्मी ज्ञवाली (न्यौपाने) लगायतसँग आत्मिक वातावरणमा परिचय भयो। हिँडने बेलामा ज्ञवाली परिवारले आत्मियता र भावुकताका साथ उपहारस्वरुप डायरी, डटपेन र पत्र-पत्रिका प्रदान गऱ्यो ।

त्यहाँबाट हामी सुनवल आर्दश गा.वि.स. कार्यालय गई सचिव तेज ब. सोमरे, असिस्टेण्ट सब इञ्जिनियर रेशम प्र. शर्मा लगायत अन्य कर्मचारीसँग भेट गऱ्यौं। सचिव सोमरेले बन्दका बेला आउनु भयो भन्दै जति सूचना दिएपनि र जेसुकै लेखेपनि केही नहुने धारणा राख्नुभयो। गा.वि.स.को बारेमा कुराकानी रेकर्ड गर्न खोज्दा उहाँले अस्वीकार गर्नुभयो। "सचिव ज्यूलाई टेन्सन छ" भन्दै अन्य कर्मचारीले सब इञ्जिनियर शर्मासँग गा.वि.स.को जानकारी लिन अनुरोध गरे। नगर उन्मुख रहेको उक्त गा.वि.स. बारे जानकारी दिँदै उहाँले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

सुनवलबाट हिँड्दै हामी ८ कि.मी. दूरीमा रहेको नवलपरासी जिल्लाको सदरमुकाम परासी बजार पुग्यौं। परासी बजारको बुद्ध चोकमा नेपाल पत्रकार महासंघ नवलपरासी शाखाका अध्यक्ष कृष्ण बहादुर कार्कीसँग भेट भयो। साँझ होटलमा खाना खाएर हामी अध्यक्ष कार्कीको घरमा आएर सुत्यौं। हामीले अहिलेसम्म भेटेका महासंघ अध्यक्षमध्ये सबभन्दा बृद्ध अध्यक्ष हुनुहुन्छ कार्की, र जोश भने युवाको भन्दा कडा ।

चैत्र १: बिहान पत्रकार महासंघका अध्यक्ष कृष्ण बहादुर कार्कीले हामीलाई सचिव हरी शर्मासँग भेट गराउनुभयो। खाना खाइसके पश्चात् अध्यक्ष कार्कीले एमनेस्टी इन्टरनेशनल नेपाल, समूह ३१, परासीद्वारा आयोजित संस्थाको १८ औं वार्षिक साधारण सभामा

हामीलाई अतिथि एवं वक्ताको रूपमा सहभागी गराउनु भयो । सोही सभामा उपस्थित जिल्ला न्यायाधीश करूणानिधि, एकीकृत नेकपा माओवादीका द्रोर्ण शिवाकोटी लगायतका अन्य राजनीतिक दल, विभिन्न संघ-संस्थाका प्रतिनिधि, पत्रकार संस्थाका पदाधिकारीहरूमाझ आयोजक संस्थालाई शुभकामना व्यक्त गर्दै हामीले विश्वभ्रमणबारे जानकारी गरायौं । आ संस्थाले विश्वभ्रमण सफलताको लागि शुभकामना व्यक्त गऱ्यो ।

त्यहाँबाट हामी नेपाल पत्रकार महासंघ नवलपरासीको भवन पुग्यौं । भवनमा महासंघ शाखाले विश्वभ्रमण अभियान स्वागत कार्यक्रमको आयोजना गऱ्यो । स्वागत कार्यक्रममा बोल्दै अध्यक्ष कार्कीले नवलपरासीमा ३ वटा एफ.एम. सञ्चालनमा र दैनिक पत्रिका नभएको बताउँदै "विश्वभ्रमण गर्ने आँट तपाईहरूलाई कसरी आयो म ७० वर्षे बूढो आश्चर्यमा छु" साँच्चिकै स मिलोस् भनी शुभकामना पत्र प्रदान गर्नुभयो । साथै त्यहाँ उपस्थित अन्य महासंघ पदाधिकारी एवं पत्रकारले पनि प्रेस स्वतन्त्र लागि सुरु गरिएको विश्वभ्रमण लक्ष्यमा पुगोस् भनी शुभकामना व्यक्त गरे ।

उक्त कार्यक्रम पश्चात् महासंघद्वारे प्रेस स्वतन्त्रताको माग गर्दै मुखमा कालो पट्टी बाँधेर निकालिएको साङ्ले जुलुस प्र हामी सहभागी भयौं । जुलुस प्रदर्शन पश्चात् हामीले परासी एफ.एम. ९०.२ मेगाहर्जको कार्यालयमा एफ.एम. अध्यक्ष सुमन आचार्य र प्रबन्धक मेघराज गौतमसँग भेट गऱ्यौं । अध्यक्ष आचार्य र प्रबन्धक गौतमले विश्वभ्रमण प्रति चासो व्यक्त गर्दै पत्रकारिता क्षेत्रलाई कस्तो बनाउने भन्ने विषयमा विज्ञ पत्रकार, कानूनविद् लगायतसँग बृहत छलफल गरी आवश्यक नीति निर्देशिका गर्नुपर्ने र सोही अनुसार पत्रकारिता क्षेत्र चल्नुपर्ने धारणा राख्नुभयो । बेलुका खाना खाएर हामी महासंघ अध्यक्षकै घरमा सुत्यौं

चैत्र २: परासी बजार भ्रमणका क्रममा नाई संघ नवलपरासीका अध्यक्ष वीरेन्द्र ठाकुरसँग हाम्रो भेट भयो । अध्यक्ष ठाकुरले श्रमिकहरूको सम्मान गर्ने परिपाटी नभएको गुनासो पोख्नुभयो । खाना खाएर हामीले अध्यक्ष कृष्ण कार्कीको सहयोगमा प्रशासन कार्यालयमा प्र.जि.अ. बालकृष्ण पन्थी, जि.वि.स.मा स्थानीय विकास अधिकारी टीकाराम घिमिरे, नवलपरासी वाणिज्य संघको कार्यालयमा अध्यक्ष वैजनाथ जैसवाल, खानेपानी तथा ढल निकास कार्यालयमा डिभिजन प्रमुख राम निवास र रामग्राम नगरपालिका कार्यालयमा निमित्त कार्यकारी अधिकृत भगवती यादवसँग भेट गऱ्यौं । भेटका क्रममा प्र.जि.अ. नवलपरासीको सुरक्षा मजबुत रहेको बताउँदै विश्वभ्रमण सफलताका लागि शुभकामना पत्र प्रदान गर्नुभयो । ने.उ.वा.संघ जैसवालले उद्योग व्यवसाय धराशायी भइरहेको बताउँदै विश्वभ्रमणले प्रेस स्वतन्त्रता बलियो बनाउन भूमिका खेलोस् शुभकामना व्यक्त गर्नुभयो । डिभिजन प्रमुख चौधरीले कार्यालयका गतिविधिबारे जानकारी गराउँदै प्रेसको अवस्था दयनीय धारणा राख्दै पत्रकारिताको विकास निम्ति भ्रमण फलदायी रहोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

अध्यक्ष कार्कीसँग बिदा भई परासी बजार बुद्धचोकबाट गाडीमा हामी पुनः सुनवल बजार पुग्यौं । त्यहाँबाट हिँड्दै हामी रमवापुर र कहरार नदी पुलमा आयौं । यही पुलमा नवलपरासी जिल्लाको औपचारिक यात्रा समापन गऱ्यौं । र, १८ औं जिल्लाको रूपमा रुपन्देहीको देवदह प्रस्थान ।

नवलपरासी यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. १,२००/-
नवलपरासी उ.वा.संघ	रु. ५००/-
रामग्राम नगरपालिका (परासी)	रु. ५००/-
खानेपानी तथा सरसफाई कार्यालय	रु. २००/-
माकर गा.वि.स.	रु. ५००/-
सुन्दरी सा. वन उ.स. (अमरापुरी)	रु. २००/-
इन्द्रेणी सामुदायिक विकास मञ्च	रु. २००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देश

लक्ष्यको पूर्ण सफलताको कामना । - बालकृष्ण पन्थी (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
सुनवल आगमनमा हार्दिक स्वागत । - ऋषिराम ज्ञवाली, मिलन पत्रिका पसल, सुनवल
शाखा अत्यन्तै हर्षित भएको छ, शुभकामना । - कृष्णबहादुर कार्की (अध्यक्ष) नेपाल पत्रकार महासंघ

१८ औं जिल्ला रुपन्देही डायरी

संक्षिप्त परिचय
क्षेत्रफलः १,३६० वर्ग किलोमिटर, गा.वि.स. संख्याः ६९ वटा, नगरपालिकाः २ वटा निर्वाचन क्षेत्रः ७। सदरमुकामः भैरहवा (सिद्धार्थनगर), अञ्चलः लुम्बिनी, विकास क्षेत्रः पश्चिमाञ्चल
भौगालिक अवस्थितिः पूर्व नवलपरासी, पश्चिम कपिलवस्तु, उत्तर पाल्पा र दक्षिण भारतको उत्तर प्रदेश
धार्मिक तथा पर्यटकीय स्थलः लुम्बिनी, देवदह, मणि मुकुन्दसेनको दरबार (बुटवल), जितगढी (बुटवल), गैडहवा ताल (विष्णुपुरा), नन्द भाउजु ताल (चिल्हिया), पर्रोहा, प्रकटेश्वर महादेव (गोनाहा ९, सेमरहाना), मर्चवारी देवी मन्दिर (वोगडी), सैनामैना ऐतिहासिक स्थल (पर्रोहा)
(साभारः रुपन्देही जिल्ला एक परिचय २०६४, जि.वि.स.)

२०६५ चैत्र २: साँझमा हामी नवलपरासी जिल्लाबाट रुपन्देही जिल्लाको देवदह गा.वि.स. आइपुग्यौं। यहींबाट हाम्रो औपचारिक रुपन्देही यात्रा प्रारम्भ भयो। प्रारम्भमै हामी देवदह बजारमा अवस्थित लोकेश्वर मन्दिरमा पस्यौं। मन्दिर अवलोकन पश्चात् मन्दिरका पुजारी शोभाखर (बाबुराम) ज्ञवालीसँग भेट भयो। पुजारी ज्ञवालीले नेपाल तथा भारतका विभिन्न ठाउँबाट तीर्थयात्रीहरू मन्दिरमा आउने गरेको बताउनुभयो। पूजारीले हामीलाई मन्दिरमा २ दिन बसोबासको प्रबन्ध गर्ने सहमति जनाउँदै आफ्नो चाहना यसरी राख्नुभयो- "यस मन्दिरलाई व्यवस्थापन गर्ने समिति देवदह आध्यात्मिक प्रतिष्ठानको एकतामा धार्मिक पर्यटन क्षेत्रको रूपमा यो ठाउँ विकसित होस्।" विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै पूजारी ज्ञवालीले थप्नुभयो- "तपाईहरूले संसार घुमेर प्राप्त गरेका विविध ज्ञान हामी घरमै बसेर सुन्न/हेर्न पाउँ।"

२०६५ चैत्र ३: बिहान उठ्ने बित्तिकै लगातार बेलुकीसम्म हाम्रो डायरी विस्तृतिकरण जारी रह्यो। बीच बीचमा मन्दिरमा आउने युवा तथा भक्तजनहरूले हाम्रो योजनाप्रति जिज्ञासा राख्दै बिना कठिनाई भ्रमण सफल होस् भनी शुभकामना व्यक्त गरे। यसक्रममा देवदह आध्यात्मिक प्रतिष्ठानका महासचिव गोपाल प्र. ढकालले "राम्रो काममा हिँड्नु भएको छ, यात्रा अवश्य सफल हुन्छ" भन्दै शुभकामना व्यक्त गर्नुभयो। नेपालमा हरेक जिल्ला र विश्वका प्रत्येक देशका सञ्चारमाध्यमले सम्प्रेषण गरेका समाचार सामाग्रीहरूलाई संकलन गर्दै र सम्बन्धित निकायमा जानकारी दिदै विश्वभ्रमण गर्दा उद्देश्य प्राप्तिमा राम्रो हुने उहाँको सुझाव छ।

यसैगरी देवदहकै स्थानीयवासी सुमित्रा भण्डारीले आफ्नो गाउँमा पानीको समस्या रहेको हामीसँग बताउनु भयो। उहाँलाई पत्रकार के हो, को हो, उसले के गर्छ ? थाहा छैन। तैपनि रेडियोमा बढी गीत सुन्न मनपर्छ रे उहाँलाई।

चैत्र ४ गतेः लोकेश्वर मन्दिरबाट बिदा भई हामी स्थानीयवासीका अनुसार कहिल्यै नसुक्ने पाकडी वृक्ष अवलोकन गर्न पुग्यौं। उक्त वृक्ष छेऊ पुगेर हामीले फेदमा हेर्दा धेरै रुख गाँसिए जस्ता देखिएपनि माथि हाँगा र पात एउटै उस्तै भएको रुख पायौं। त्यहाँ उपस्थित सन्तोष कु. लोध, जगदीश लोध र गोविन्द पाण्डेसँग हाम्रो कुराकानी भयो। उनीहरूले पनि हामीलाई यो रुख सधै हरियो नै रहिरहेको अवस्थामा आफूले देखेको बताए। करेवानी- ६ निवासी गोविन्द पाण्डेले हामीलाई आफ्नो घरमा ल्याएर बिहानी खाना व्यवस्था गर्नुभयो।

पाकडी वृक्ष

युवा कृषक पाण्डेले वर्तमानमा देशकै सबैभन्दा बढी दूध उत्पादन गर्ने स्थान देवदह रहेको र आफूले पनि गाई पालेर दूध बेच्ने व्यावसाय अंगालिरहेको बताउनुभयो। यसबाट आफूले मासिक २०/२५ हजार कमाउने भएपनि "बी.कम. पास गरेर गोबर सोरेर बस्छ भन्ने समाजको नकारात्मक दृष्टिकोण रहेको" उहाँले दुःखेसो गर्नुभयो। समाजले यसरी हेरेकोमा उहाँकी जीवन संगीनीलाई पनि दुःख लागेको रहेछ। कृषक् पाण्डे थप्नुहुन्छ- "पढे लेखेको मान्छेले जागिरै खानुपर्छ भन्ने मान्यता समाजमा हाबी छ, त्यसकारण मैले गर्ने पेसाप्रति समाजले हौसला र सम्मान दिन नसकेको हो, तर आफू कति पनि विचलित नभई विदेशिन्न र यो पेशा पनि छोड्दिन।" उहाँको यो दृढ अठोट र सत्कर्मलाई हाम्रो तर्फबाट हार्दिक सलाम र शुभकामना।

त्यहाँबाट हामी कोलिय राज्य बुद्ध मावली क्षेत्र विकास समिति करेवानी-७, भवानीपुर, देवदहका पदाधिकारीसँग भेट गर्न पुग्यौं। उनीहरूले हामीलाई मायादेवी माइती मन्दिर, प्राचीन इनार, पर्खाल, विद्यालय क्षेत्रआदिको अवलोकन

गराए। उत्खनन्का क्रममा फेला परेका प्राचीन सिक्काको फोटो देखाउँदै उक्त स्थानमा पार्क र पोखरी बनाउने थप योजना रहेको समितिका सचिवले जानकारी पस्किए।

युवा ... गोविन्द ...

हामीले त्यस ठाउँलाई छोड्यौं। हिँड्दै हामी मक्रहर-८ रामनगरबाट करहिया- ८ शिवपुर आइ पुग्यौं। शिवपुर चोकबाट निःशुल्क बसयात्रामार्फत रुपन्देही जिल्लाको चर्चित शहर बुटवल, गोलपार्क पुग्यौं। बुटवल बसपार्क पुग्ने क्रममा गाडीमा यात्रा गरिरहेकै बखत बुटवलका विभिन्न क्याम्पसमा अध्ययनरत ५ जना छात्रासँग हाम्रो कुराकानी भयो। उनीहरूले क्यापसको पढाइ लेखाई, तत्कालीन स्ववियु चुनाव, पत्रकारिता र विश्वभ्रमणबारे आफ्नो धारणा राखे। बसबाट उठ्ने र छुटने बेलामा विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै उनीहरू बिदा भए र गन्तव्यतर्फ लागे।

गोलपार्क पुगेपछि बुटवल बहुमुखी क्याम्पसको गेट परिसरमा नेपाल पत्रकार महासंघ रुपन्देही शाखाका अध्यक्ष मोहन चापागाईं, नेपाल राष्ट्रिय दलित पत्रकार संघका अध्यक्ष दिनेश प्र. हरिजन, अन्य पत्रकार एवं विद्यार्थीसँग हाम्रो भेट भयो। अध्यक्ष चापागाईंले त्यहाँ उपस्थित साथीहरूलाई परिचय गराउँदै बुटवल टेक्निकल इन्स्टिच्यूट गेष्ट हाउसमा खाने बस्ने प्रबन्ध मिलाइ दिनुभयो। हामी सोही गेष्ट हाउसतर्फ लाग्यौं।

बी.टी.आई. गेष्ट हाउसबाट हामीले बुटवल बजार भ्रमणको क्रमलाई अगाडि बढायौं। हामी रेडियो जागरण ९३.६ ... कार्यालय पुग्यौं। त्यहाँ जागरण मिडिया सेन्टरका केन्द्रिय कोषाध्यक्ष दीपक परियार, स्टेशन म्यानेजर शिवजी गायक, एफ.एम. ... विनोद परियार, राम ब. पहाडी लगायतसँग हाम्रो भेट भयो। विश्वभ्रमणप्रति जिज्ञासा राख्दै उनीहरूले शुभकामना व्यक्त ... त्यहाँबाट हामी बजार घुम्दै बी.टी.आई. गेष्ट हाउसमा आएर खानपिन गरी सुत्यौं।

२०६५ चैत्र ५ बिहान उठ्ने बित्तिकै हामी दलित सञ्चारकर्मीहरूद्वारा स्थापित सामुदायिक रेडियो जागरण ९३.६ मे. को निमन्त्र... रेडियो कार्यालय पुग्यौं। त्यहाँ हामीलाई १ घण्टा विशेष रेडियो कुराकानीमा सहभागी गराइयो। रेडियो कुराकानी पश्चात् ... म्यानेजर शिवजी गायकले विश्वभ्रमण सफलताका लागि शुभकामना पत्र प्रदान गर्नुभयो। साथै हाम्रो बिहानी खाना व्यवस्थाप... सोही रेडियोले नै गऱ्यो। यसक्रममा जागरण मिडिया सेन्टरकी क्षेत्रीय संयोजक उमा पौडेलसँग पनि हाम्रो परिचय भयो।

त्यहाँबाट हामी नेपाल पत्रकार महासंघ रुपन्देही शाखा कार्यालय बुटवलतर्फ लाग्यौं। महासंघको आफ्नै भवनको का... परिसरमा उपस्थित महासंघ उपाध्यक्ष दीपक ज्ञवाली, सचिव यानेन्द्र जि.सी. र अन्य पत्रकारसँग परिचय तथा जिज्ञासा ... प्रदान भयो। उपाध्यक्ष ज्ञवाली र सचिव जि.सी.ले रुपन्देहीको फस्टाउँदो पत्रकारिताबारे जानकारी दिँदै बुटवल पत्रकारिता ... मोफसलको राजधानी भनेर चिनिएको बताउनुभयो। जानकारी अनुसार रुपन्देहीमा हाल ७ वटा दैनिक, केही साप्ताहिक, ... एफ.एम. र स्थानीय एक केवल च्यानल नियमित प्रकाशन/प्रसारणमा आइरहेका छन्। साथै २ वटा एफ.एम. प्रसारण ... रहेका छन्।

रुपन्देहीका पत्रकारहरुसँग

कार्यक्रमको अन्तमा महासंघले "लम्बे यात्रा आफैंमा ... परिघट्ना हो, यसलाई भरपुर सदुपयोग गर्न र नेपाली पत्रकारि... नयाँ जीवन दिन सके यात्रा सार्थक रहनेछ" भनी यात्रा सफल... शुभकामना पत्र प्रदान गऱ्यो। पत्रकार युवराज पाण्डे र ... खड्काले पनि शुभकामना व्यक्त गनुभयो।

महासंघ भवनबाट हामी बुटवल टुडे दैनिकको कार्या... पुग्यौं। कार्यालयमा सम्पादक वसन्त पोखरेल र सम्पाद... झविन्द्र देवकोटासँग भेट भयो। सम्पादक पोखरेलले देश ... नघुमी/नबुझी वास्तविक पत्रकारिता गर्न नसकिने धारणा ... विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो। त्यहाँ... हामी लुम्बिनी दैनिकको कार्यालयतर्फ लाग्यौं। उक्त दैनि... कार्यालयमा पत्रकार तथा बजार व्यवस्थापकहरूसँग हाम्रो ...

भयो। भेटघाटमा सामेल सबैजनाले आ-आफ्नो कार्यक्षेत्रका तीता-मीठा अनुभव सुनाउँदै उत्सुकतापूर्वक विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गरे।

पत्रिका कार्यालयबाट बाहिरिएपछि हामी नगरपालिका कार्यालय गयौं। कार्यालयबाट हामीले केही सूचना लिएर फेरी पनि बुटवल बजार भ्रमणमै जुट्यौं। भ्रमणका क्रममा पतञ्जली योग पीठ बुटवलका प्रशिक्षक दीपेन्द्र बाबु तिवारी र स्थानीयवासीसँग हाम्रो कुराकानी भयो। विश्वभ्रमणप्रति आश्चर्य व्यक्त गर्दै प्रशिक्षक तिवारीले नास्ताको प्रबन्ध गर्नुभयो। स्मरणीय के छ भने प्रशिक्षक दीपेन्द्र बाबु तिवारी केही वर्षअघि मनोक्रान्तिका सक्रिय योद्धा हुनुहुन्थ्यो।

भेटघाटपछि हामी बुटवल एफ.एम. ९४.४ मे. कार्यालय तर्फ लाग्यौं। त्यहाँ पुग्नासाथ पत्रकार झविन्द्र देवकोटाले स्वागत अभिवादनका साथ रेडियोमा अर्न्तवार्ता प्रसारण गराउनुभयो। अर्न्तवार्ता प्रसारणकै क्रममा उहाँले रेडियो तरंगमार्फत शुभकामना व्यक्त गर्नुभयो। बुटवल एफ.एम.बाट हामी रेडियो नमस्तेको निमन्त्रणामा सो कार्यालय पुग्यौं। त्यहाँ पुग्ने बित्तिकै पत्रकार सी.पी. खनालले प्रत्यक्ष अर्न्तवार्ता प्रसारण गराउनुको साथै थप कार्यक्रमका लागि अर्न्तवार्ता रेकर्ड गराउनुभयो। सो अवसरमा रेडियोका प्रबन्धक डायल्सन अधिकारी लगायत अन्य सञ्चारकर्मीसँग पनि भेट भएको थियो। रेडियो नमस्ते यूनिटले विश्वभ्रमण सफलताको शुभकामना दिए पश्चात् हामीसँग थप भेटघाट गर्ने समय थिएन। कारण त्यतिबेला रातको १० बजिसकेको थियो। हामी पुन: बी.टी.आई. गेष्ट हाउसमा आई बास बस्यौं।

२०६५ चैत्र ६: भ्रमण पश्चिम नेपाल बस व्यवसायी संघको कार्यालय प्रस्थानबाट सुरु भयो। संघको कार्यालय आउँदा आउँदै सगरमाथा टेलिभिजनमा कार्यरत महिला पत्रकार मीना ढकालसँग हाम्रो जम्काभेट भयो। भ्रमणका अनुभवबारे पत्रकार ढकालले जिज्ञासा राख्नुभयो। महिला पत्रकारलाई समाचार संकलन गर्न पुरुषलाई भन्दा बढी नै गाऱ्हो पर्ने गरेको उहाँको अनुभव छ। उहाँको माग छ- "सरकारले महिला पत्रकारलाई श्रमजीवि पत्रकार ऐन लागू गरी प्रोत्साहित गरोस्।" यो भेटघाटपछि हामी पूर्व उल्लेखित संघको कार्यालय पुग्यौं। कार्यालयमा संघका अध्यक्ष तुलसीराम बञ्जाडे, महासचिव दधिराम खरेल, कार्यालय प्रमुख नारायण प्रसाद भट्टराई, कर्मचारी तेजलाल (खुमानन्द) भट्टराई लगायतसँग हाम्रो भेट भयो। अध्यक्ष बञ्जाडेले विद्यार्थीको कार्ड दुरुपयोग गरी गैर विद्यार्थी र कर्मचारीले विद्यार्थी सहुलियत लिने गरेको दु:खेसो व्यक्त गर्दै विश्वभ्रमण समापन पश्चात् तपाईहरूलाई आफ्नो घरमा स्वागत गर्न पाउँ भन्ने कामना गर्नुभयो। साथै यातायातकर्मीलाई नि:शुल्क यात्रा गराउन आव्हान गर्दै शुभकामना पत्र पनि हामीलाई उहाँले प्रदान गर्नुभयो।

त्यहाँबाट हामी वि.सं. २०३५ सालमा स्थापित रुपन्देही उद्योग संघ बुटवल कार्यालय पुग्यौं। सचिव शर्माका अनुसार रुपन्देही उद्योग संघले पत्रकारका लागि रू ११,१११/- राशीको उत्कृष्ट औद्योगिक पत्रकारिता पुरस्कार स्थापना गरेको छ। हिंड्ने बेलामा शर्मा लगायत उपस्थित महिला कर्मचारीहरूले सफलताको शुभकामना व्यक्त गरे।

त्यहाँबाट बिदा भएर हामी बुटवल उद्योग वाणिज्य संघको कार्यालय पुग्यौं। त्यहाँ कार्यालय सचिवले औद्योगिक नगरी बुटवल र उद्योग व्यवसायको अवस्थाका बारेमा जानकारी गराउनुभयो। त्यसपछि बुटवलको यात्रा समाप्त।

हामी बुटवलबाट नि:शुल्क बसयात्रा गर्दै आनन्दवन नमूना गा.वि.स. मणिग्राम प्रस्थान गऱ्यौं। आनन्दवन गा.वि.स. कार्यालयमा निवर्तमान अध्यक्ष रोमणी प्रसाद पाठक, स्थानीयवासी पूर्णभद्र गौतम (८१ वर्ष), सरस्वती भट्टराई लगायतसँग हाम्रो भेट भयो। गा.वि.स.का बारेमा नि. अध्यक्ष पाठकले जानकारी दिँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो। उहाँका अनुसार त्यो गा.वि.स.मा कुनैपनि जग्गा खरिद कर्ताले जम्मा खरिद रकमको ०.५ प्रतिशत कर गा.वि.स.लाई तिर्नुपर्ने र त्यो कर शिक्षा र स्वास्थ्यका लागि खर्च गरिने प्रावधान छ। अर्को एक प्रसंगमा अध्यक्षले आफ्नी छोरीको विवाह गर्दा दाइजो जति दिएपनि हुने तर्क पेश गर्नुभयो। हामीले चाहिं तामझामका साथ दाइजो दिंदा समाजमा नकारात्मक संस्कृति स्थापित हुँदै गएको र नसक्नेलाई मार पर्ने भएकाले यसको उन्मूलन हुनुपर्ने धारणा प्रस्तुत गऱ्यौं।

गा.वि.स. कार्यालयबाट हामी मणिग्राममा स्थापित रेडियो लुम्बिनी ९६.८ मेगाहर्ज कार्यालय गयौं। कार्यालयमा स्टेशन म्यानेजर कुलमणि ज्ञवाली, पत्रकार महासंघ सदस्य गुरुदत्त ज्ञवाली, शारदा गैरे, पत्रकारहरू संगम महत, सरिता घिमिरे, सरिता पाठक, होमनाथ भट्टराई लगायतसँग हाम्रो परिचय भयो। म्यानेजर ज्ञवालीले रेडियो लुम्बिनी मोफसलको पहिलो सामुदायिक रेडियो भएको र लुम्बिनी सूचना तथा सञ्चार सहकारी संस्था लि. द्वारा सञ्चालनमा आइरहेको जानकारी दिनुभयो। २००० वाट प्रसारण क्षमता रहेको उक्त रेडियोमा कार्यक्रम प्रस्तोता संगम महतले अर्न्तवार्ता रेकर्ड गराउनुभयो भने भेटघाटमा सरिक सबैले विश्वभ्रमण सम्बन्धमा जिज्ञासा राख्दै शुभकामना व्यक्त गरे।

उक्त एफ.एम.बाट हामी गाडीको आंशिक छुटमा मणिग्रामबाट भैरहवा बजार प्रस्थान गऱ्यौं। भैरहवा पुग्दा साँझ झमक्कै परिसकेका कारण हामीले केही गरेनौं। मात्र एक स्थानीय होटलमा खानपिन र बसोबास गऱ्यौं। बसमा यात्रा गर्दा एक शिक्षिका राधा पराजुलीले शिक्षण पेशाबाट आफू एकदमै सन्तुष्ट रहेको बताउनुभएको थियो।

२०६५ चैत्र ७: बिहान होटल गण्डकीकी पवित्रा गौतमसँग हाम्रो कुराकानी भयो। कुराकानीमा गौतमले विश्वभ्रमणबारे भ्रम गर्ने बेलामै रेडियो नेपालबाट प्रसारित अन्तर्वार्ता सुनेको बताउँदै भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो। खाना खाए जि.वि.स. कार्यालय रुपन्देहीतर्फ लाग्यौं। कार्यालयमा स्थानीय विकास अधिकारी दीपेन्द्र पौडेलसँग भेट गऱ्यौं। छोटो कुरा अधिकारी पौडेलले भ्रमण सफलताको कामना गर्नुभयो। जि.वि.स.को जानकारी सूचना अधिकारी टोपलाल शर्माले दिनुभ

सोही समयमा गैर सरकारी संस्था जिल्ला समन्वय समिति रुपन्देहीका लक्ष्मीनाथ ज्ञवालीसँग हाम्रो भेट भयो। ज्ञ हालको पत्रकारिताबारे टिप्पणी गर्दै "मानवीयतालाई पत्रकारिताले उचित स्थान दिन नसकेको, विद्युतीय सञ्चारमाध्यमबाट प्र भइसकेका सामाग्री दैनिक पत्रपत्रिकामा पुनः प्रकाशित हुँदा पाठकलाई खल्लो लाग्ने गरेको, साप्ताहिक पत्रिकामा विश्लेषण सञ्चारमाध्यममा विज्ञापन राख्ने आचार संहिताको अभाव भएको" जस्ता धारणा राख्नुभयो । उहाँले यसो भनिरहँदा गैरसरकारी संस्था (डी.एन.एफ.) का अध्यक्ष बाबुराम प्यासी परियार पनि त्यही हुनुहुन्थ्यो ।

जि.वि.स.को काम सकी हामी यसकै कम्पाउण्डभित्र रहेको जिल्ला प्रशासन कार्यालय, रुपन्देही, भैरहवा गयौं। त्यहाँ अधिकृत गोविन्द प्रसाद भट्टराई, प्रशासकीय अधिकृत रमेश गौतम, कर्मचारी शोभा भट्टराई लगायतसँग हाम्रो भेट भयो। प्र अनुपस्थित रहेका कारण अधिकृत गौतमले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता का लागि विश्वभ्रमण सफलताको गर्दै शुभकामना पत्र प्रदान गर्नुभयो। त्यहाँबाट हामी सिद्धार्थनगर नगरपालिका कार्यालय गयौं। कार्यालयबाट सूचना लिए हाम्रो यात्रा सिद्धार्थनगर उद्योग वाणिज्य संघतर्फ अगाडि बढ्यो। कार्यालय प्रमुख मदन कार्कीले अध्यक्षसँग सम्पर्क गर्न गर्नुभयो। उहाँको अनुरोधपछि हामी बाहिरियौं।

भैरहवा बजार घुम्दा-घुम्दै नारायणस्थान मन्दिर पुग्दा शंकर पन्थीले पत्रकारिताबारे जनधारणा बुझ्नका लागि प्रश्न तयार गर्न अनुरोध गर्दै कलिला भाईहरूले सुरु गरेको विश्वभ्रमण सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो। त्यहाँबाट नेपाल-भारत भूतपूर्व सैनिक संगठनका पदाधिकारीहरूको बोलावटमा संगठनको कार्यालय पुग्यौं। त्यहाँ संगठनका अध्यक्ष रेशम के.सी., सदस्य बाबुराम शर्मा लगायसँग हाम्रो भेट भयो। भूतपूर्व सैनिकलाई एकीकृत गर्न संगठन खोलेको जानकारी उनीहरूले जातियताका आधारमा देश विखण्डन नहोस् र नयाँ बन्ने संविधानमा आफ्ना आवाज पनि राज्यले समेटोस् भन्ने राखे।

साँझ परिसकेकाले त्यहाँबाट हामी बाग्लुङ्ग कालिका होटल आई खानपिन र बसोबास गऱ्यौं।

२०६५ चैत्र ८: हाम्रो भ्रमण भैरहवाबाट नेपाल-भारतको सिमाना सुनौलीतर्फ लाग्यो। भारतको महाराजगंज बजार हामीले केही भ्रमण गऱ्यौं। सीमाबाट मानिसहरूको आवत-जावत र मालसामान ओसार-पसारलाई केहीबेर हामीले नियाल्यौं। एक नेपाली अधिकृतले हामीलाई सीमा नियम विपरीत भारतले निर्माण गरेको प्रवेश द्वार देखाए। उनको भनाईलाई आधार मानेर हेर्दा त्यस्तै देख्यौं।

त्यहाँबाट हामी बसमार्फत् भैरहवा आयौं। सिद्धार्थ एफ.एम. भैरहवाको कार्यालयमा स्टेशन म्यानेजर टी.बी. रुपन्देही क्यापस प्रमुख एवं पारदर्शी नेपालका डा. गीतु गिरी र एफ.एम.कर्मीसँग हाम्रो भेट भयो। म्यानेजर भुसालले "लोक गणतन्त्र स्थापना भएर पनि पत्रकारले निर्भयका साथ कलम चलाउन नपाएको अवस्थामा सुरु गरिएको प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण सह्रानीय कदम भएको" उल्लेख गर्दै शुभकामना पत्र प्रदान गर्नुभयो । डा. गिरीले विश्व सफलताको शुभकामनासहित उपहारस्वरूप लुम्बिनी द बुद्धिस्ट वर्ल्ड नामक पुस्तक प्रदान गर्नुभयो। त्यहाँबाट बाहिर निस्कँदा परिसकेको थियो। होटलमा आई खानपिन र बसोबास भयो।

२०६५ चैत्र ९: बिहान उठ्ने बित्तिकै हामी रुपन्देही एफ.एम. १०२ मेगाहर्ज कार्यालय भैरहवा भ्रमण गर्न गयौं। त्यहाँ एफ.एम. कार्यक्रम संयोजक खेमराज रेग्मीसँग हाम्रो भेट भयो। संयोजक रेग्मीले पत्रकारले आफू को हुँ ? भनेर चिन्न/बुझ्न सक्नुपर्ने विश्वभ्रमणको योजना, अनुभव र सन्देशलाई रेडियोकै तरंगमार्फत प्रस्तुत गर्न प्रत्यक्ष अन्तर्वार्ता प्रसारण गराउनुभयो। त्य एफ.एम. का उपसम्पादक एवं अन्नपूर्ण पोष्ट दैनिकका संवाददाता अनु ज्ञवाली, सगरमाथा टी.भी.का दीपेश पछाई, का सञ्चालिका कल्पना भट्टराई, लाइब्रेरियन तुलसा ज्ञवाली लगायतसँग परिचय भयो। सबैले विश्वभ्रमण सफल होस् भनी शुभ व्यक्त गर्नुभयो। त्यसपछिको पूरै समय हामीले डायरी विस्तृतिकरणमा खर्चियौं। बेलुका खानु र बस्नु त यथास्थानमै छँदै थि

२०६५ चैत्र १०: बिहान उठ्ने बित्तिकै अघिल्लो दिन नसकिएको डायरी लेखन लगातार १० घण्टा लगाएर लेखी छाड्यौं। बाँकी समयलाई सदुपयोग गर्न हामी भैरहवालाई छाडी विश्वसम्पदा सूचीमा सूचिकृत एवं सर्वाधिक महत्वको ठाउँ भगवान् गौतम जन्मस्थल लुम्बिनीतर्फ गाडीमार्फत प्रस्थान गऱ्यौं।

हरेक नेपाली र बुद्धका बारेमा सुन्ने, जान्ने जो कोही विदेशीको पनि सपना हुन सक्छ लुम्बिनी भ्रमण । त्यस्तै सपना हामीमा पनि सानैदेखि रेडियो सुन्दै, किताब पढ्दै जन्मिएको थियो । त्यतिबेला देखिनै हामीलाई कस्तो होला लुम्बिनी ? के-के होलान् त्यहाँ ? बुद्धका कस्ता-कस्ता मूर्ति होलान् ? विश्वभरबाट कस्ता कस्ता मान्छे आउँछन् भन्ने जस्ता विभिन्न कौतुहलता, उत्सुकता र उत्साह मानसपटलमा खेलिरहन्थे । सपना देखेकै ले हुनुपर्छ हरेक दिन सपना देखिएको यो ठाउँ आज हामी विपनामै आइपुगेका छौं । यही पावनभूमि विश्व शान्तिका अग्रदूत एवं महामानव भगवान् बुद्धको जन्मस्थान आइपुग्दा हामीमा अपार हर्ष र आनन्दको वर्षा भइरहेको छ, मन चंगा भएको छ, शरीरमा स्फूर्ति बढेको छ, सकारात्मक ऊर्जा तरंगित भइरहेका छन्, यात्राका सबै थकान्हरुले विश्राम पाएका छन्, जीवनमा जतिसुकै दुःखकष्ट आइपरे पनि नआत्तिकइन सामना गर्न सकिन्छ भन्ने आत्मविश्वास जागेको छ, नेपाली धर्तीमा जन्मनुको गौरब बोध भएको छ, के के भएको छ ? के के भएको छ ? भनेर, गनेर र लेखेर साध्य छैन... ।

लुम्बिनी पुग्दा साँझ परिसकेको थियो । स्थानीय होटल सञ्चालकहरूले हामीलाई कोरियन मन्दिरको गेष्ट हाउसमा गई बास बस्न सुझाव दिए । हामी सोही मन्दिर परिसर पुग्यौं ।

१ रात त्यहाँ निःशुल्क बास बस्ने व्यवस्था भयो । अत्यन्त महत्वको ठाउँ लुम्बिनीमा स्वदेशी/विदेशी नागरिकहरूले के गर्दारहेछन् ? भन्ने उत्सुकता हामीमा पहिलादेखि नै सल्बलाइरहेकै थियो । यसै उत्सुकतालाई मेट्न हामीलाई विदेशीहरूको क्रियाकलाप नजर गर्न मन लाग्यो । मन्दिर व्यवस्थापन समितिले उक्त गेष्ट हाउसमा धुम्रपान, मद्यपान गर्न एवं अनावश्यक रोमान्स निषेधित छ भनी नेपाली, अंग्रेजी र कोरियन भाषामा सूचना टाँसेकै छ । तैपनि त्यहाँ विदेशीहरू धुम्रपान मद्यपानमा व्यस्त देखिए । फेरी हातमा अगरबत्ती लिई शान्तिको कामना गर्ने विदेशी पनि त्यहीं भेटिए । बस् यस्तै मिश्रित अनुभवका साथ सुत्न मन लाग्यो । अनि सुति पनि हाल्यौं ।

२०६५ चैत्र ११: बिहान उठेपछि कोरियन मन्दिरका कर्मचारीद्वय धर्मराज यादव र रामसेवक चौधरीसँग हाम्रो भेट भयो । मन्दिरको व्यवस्थापन प्रक्रियाबारे उनीहरूले हामीलाई बताए । चौधरीका अनुसार उक्त मन्दिरमा स्वदेशी अथवा विदेशी जुनसुकै नागरिकले कोरियन बाबाको अनुमतिअनुसार ३ दिनसम्म निःशुल्क बस्न सकिने तर बस्नेले आफ्नो गच्छेअनुसार दान दिन सक्ने व्यवस्था रहेछ । त्यहाँबाट बाहिरिई चाइनिज टेम्पल, मायादेवी मन्दिर, राजकीय बुद्ध विहार, मनाङ्ग समाज स्तुपा, महाचैत्य, तारा फाउण्डेसन (द ग्रेट लोटस) जर्मनी, रोयल थाई मोनास्ट्री, भियतनाम मन्दिर, कम्बोडियन मन्दिर, म्यानमार मन्दिर, श्रीलंका मन्दिर, जापानीज टेम्पल, लुम्बिनी इन्टरनेशनल रिसर्च इन्स्टिच्यूट, गौतमी भिक्षुणी विहार, महावोधी सोसाइटी भारत, लुम्बिनी संग्रहालय, अखण्ड दीप, लुम्बिनी विकास कोष सूचना केन्द्र लगायतका महत्वपूर्ण ठाउँहरू हामीले भ्रमण गर्‍यौं । लुम्बिनी विकास कोष सूचना

केन्द्र भ्रमणका क्रममा सूचना प्रमुख हरि राईले हामीलाई खादा ओढाई स्वागत सम्मान गरी लुम्बिनीको मास्टर प्लानका बारेमा जानकारी गराउनुभयो ।

बहुप्रतिक्षित मायादेवी मन्दिर भित्र प्रवेश गरेर हामीले श्रीलंकाबाट आएका बौद्ध भिक्षु भिक्षुणीहरुसँगै सिद्धार्थ गौतम जन्म स्मारक शिला, जन्मने बित्तिकै सात पाइला हिंडेको ठाउँ अवलोकन गर्‍यौं । यिनै महत्वपूर्ण शीला र भग्नावशेष ठाउँलाई संरक्षण गरेर मायादेवी मन्दिर बनाइएको रहेछ । मन्दिर बाहिर अशोक स्तुपा, फूलबारी, पोखरी तथा पूरै मन्दिर वरपर घुम्यौं । घुम्दा स्वदेशी विदेशी पर्यटकको भीडभाड पाइयो । विभिन्न देशबाट आएका भिक्षु भिक्षुणीहरु प्रार्थना गरिरहेको देख्न पाउँदा विश्वका मानवजातिलाई चुम्बकले झैं तान्न सक्ने बुद्धको झन् बढी स्मरण भयो, श्रद्धा र सम्मानभाव बढ्यो ।

यहाँ हामीलाई अझ स्मरण भएको महत्वपूर्ण कुरा त के छ भने राजखानदानमा जन्मेर पनि भौतिक सुख सुविधालाई तिलाञ्जली दिएर जीवनको मूल्यबोध गर्न सिद्धार्थ गौतम दरबार र घरबार छाडेर हिंड्नु । त्यसकै फलस्वरुप ६ वर्षसम्म तपस्या गरेर सम्पूर्ण दुःखबाट मुक्त हुने कारण पत्ता लगाई आज विश्वमा भगवान्को रुपमा चम्किई रहनु । आज यही मौकामा गौतम बुद्धको दिव्ययज्ञान मार्फत् हामी पनि आफूलाई दुःख मुक्तिको बाटो तिर अगाडि बढ्ने प्रेरणा प्राप्त होस् भनी प्रार्थना गर्दछौं । अनि हाम्रो कामना यो पनि छ कि, बुद्धका रट्ने र अरुलाई उपदेश दिनमा मात्र केन्द्रित नरही हामी सबै मानवजातिले यी उपदेशलाई व्यवहारमा उतार्न सकौं । यसो गर्न खण्डमा मात्र बुद्धको वास्तविक सम्मान हुनेछ, उहाँबाट प्राप्त आर्शिवादको सही सदुपयोग गर्न सकिनेछ भन्ने हामीलाई

मनाङ्ग समाज स्तुपा भ्रमण गर्ने क्रममा हल्याण्डका २ नागरिक HANSKUL PERS र BENTHE VANDEPOL सँग भएको थियो । हामीले विश्वभ्रमणबारे बताएपछि उनीहरूले "भेरी विग् प्लान" भन्दै हल्याण्ड आएपछि सक्दो सह प्रतिबद्धता व्यक्त गरे ।

बेलुका लुम्बिनी विकास कोषका योजना प्रमुख इञ्जिनियर तेम्बा शेर्पासँग सूचना शाखा प्रमुख हरि राईले हामी गराउनुभयो । इञ्जिनियर शेर्पाको निवासमा भएको कुराकानीमा शेर्पाले लुम्बिनी र सगरमाथालाई विश्वमाझ चिनाउन आवश्यक भएको बताउनुभयो । राईले विदेश भ्रमणलाई व्यवस्थित बनाउन अहिले देखि नै अन्तर्राष्ट्रिय पत्रकार महासंघ ला सञ्चार संस्थाहरूसँग सम्बन्ध अगाडि बढाउन सुझाव दिनुभयो । बेलुकीको खानपिन र बसोबासको व्यवस्था उहाँले मिलाउनुभयो ।



२०६५ चैत्र १२: बिहान उठ्ने बित्तिकै हामीले लुम्बिनी विकास कोषका प्रमुख इञ्जिनियर तेम्बा शेर्पासँग थप कुराकानी गर्‍यौं । ई. शेर्पाले बन्धुहरू ठूलो कदम चाल्नुभएको रहेछ । खुशी लाग्यो, हामी नेपालीहरूका गौरवको कदम चाल्नुभएको महसुस गरे । यात्रा सफल सुखद रहोस्, शुभकामना छ" भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

त्यहाँबाट हामी पुनः लुम्बिनी भ्रमणमै जुट्यौं । भ्रमणका क्रमम वकील बताउने Argentina (अर्जेन्टिना) की भिक्टोरियासँग हाम्रो भयो । हामीले Victoria लाई विश्वभ्रमणबारे जानकारी गराएपछि उन टिप्पणी लेखिन्- "I think that this mission is very impo for Nepal to let the people, who cannot travel, kno country and the different places all around Nepal. two boys are working very hard and doing something good for the Society. Was very nice to met them in Lu उनको टिप्पणी लेखाइ पश्चात् पनि हाम्रो लुम्बिनी भ्रमण जारी थियो ।

यस क्रममा कुन देशबाट आउनुभयो भनेर अंग्रेजीमा सोध्दा झर्किएर बोल्ने एक विदेशी महिलासँग केही समयपछि अर्कै ठाउँमा उनी चुरोट तान्दै लुम्बिनी घुमिरहेको अवस्थमा भेटिइन्। झट्ट हामीलाई देखेपछि उनी अत्तालिएर Where are you from ? भन्दै डराएको अनुहार लिएर अगाडि बढिन्।

यसप्रकार बुद्धको जन्मस्थल लुम्बिनी र रुपन्देही जिल्लाको सफल भ्रमण हामीले गऱ्यौं। यहाँ सोचेका नसोचेका दुवै खाले अनुभवहरु भए। हामीलाई यति धेरै मोनाष्ट्री लुम्बिनीमा होलान् भन्ने लागेकै थिएन। विभिन्न देशले बनाएका यी मोनाष्ट्रीले विश्वबन्धुत्वको सन्देश दिएको हामीले महसुस गऱ्यौं। त्यसकारण पनि यो लुम्बिनी गेटमा लेखिएझैं विश्वशान्तिको मुहान लुम्बिनीबाट हामी सबैले शान्तिको पौडी खेल्न सक्नुपर्छ। शान्तिको यो सन्देश त अझ हाम्रो आफ्नै देश नेपालका नेता र जनताको मनमस्तिकमा लागू हुन जरुरी छ। किनकी अहिले हामी बुद्धमार्गतर्फ होईन, बुद्धमार्गतर्फ अगाडि बढिरहेका छौं। यही कारणले पनि भारतले बुद्ध आफ्नो देशमा जन्मिएको हौवा चलाइरहेको छ, जालझेल, षड्यन्त्र गरिरहेको छ। अतः यो तितो यथार्थलाई बुझ्न र चिनें पर्छ हामीले र विश्वसम्पदा सूचीमा सूचिकृत यो पावन लुम्बिनी क्षेत्रको संरक्षण, सम्बर्द्धन गर्नैपर्छ नेपालीले। किनकी यो हामी सबै नेपालीको प्रमुख कर्तव्य हो अनि विश्वमानवजातिकै दायित्व पनि।

हामीलाई लुम्बिनी विकास कोषकै गाडीमा योजना प्रमुख ई. शेर्पाले कोषका संरक्षण अधिकृत सुनील दाहाल र ईञ्जिनियर सरोज भट्टराईका साथ कपिलवस्तुको सदरमुकाम तौलिहवा ल्याउनुभयो। जि.वि.स. कार्यालय परिसरमा गाडी रोकिएपछि ई. शेर्पाले हाम्रो आफ्नै उत्पादन भन्दै खादा ओढाई रुपन्देहीबाट बिदाई र कपिलवस्तु जिल्लामा स्वागत छ भन्नुभयो। अनि उहाँ आफ्नो गन्तव्यतर्फ लाग्नुभयो। यसरी पप मस्ती भयो हाम्रो रुपन्देही यात्रा। यहाँ पपको अर्थ पत्रकारिता + पर्यटन भनेर पाठकवृन्दले बुझ्नुहोला।

रुपन्देही यात्राका क्रममा प्राप्त नगद सहयोग

इञ्जिनियर तेम्वा शेर्पा (लु.वि.कोष)	रु. २,२१०/-
जिल्ला विकास समिति	रु. १,५००/-
पश्चिम नेपाल वस व्य. संघ (बुटवल)	रु. १,०००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

हामी नेपालीहरुको लागि नै गौरवको कदम। - ईञ्जिनियर तेम्बा शेर्पा योजना प्रमुख लुम्बिनी विकास कोष

संसार भ्रमण सफल होस्। - प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय

नेपाली पत्रकारितामा नयाँ जीवन दिन सके सार्थकता रहनेछ।
- दीपक ज्ञवाली (उपाध्यक्ष), यानेन्द्र जि.सी.(सचिव), नेपाल पत्रकार महासंघ

नेपालमा गणतन्त्र आइसक्दा पनि निर्भयका साथ कलम चलाउन पाइएको छैन।
- टी.पी. भुसाल (स्टेशन म्यानेजर), सिद्धार्थ एफ.एम. भैरहवा

साहसको कद्दर गर्दै सफलताको कामना। - शिवजी गायक (स्टेशन म्यानेजर) रेडियो जागरण बुटवल

यात्रा सफलताका लागि शुभकामना। - दिनेशप्रसाद हरिजन (अध्यक्ष), नेपाल राष्टिय दलित पत्रकार संघ

Best wishes.
- Capt. Resham K.C. (President), Nepal-India Ex-Army Family welfare Organization, Siddharthanagar

It is very important for Nepal & Nepalese people. - Victoria from Argentina

सशक्त आवाजसहित देश विदेश भ्रमण, सकारात्मक अभियानमा सबैले सहयोग गरौं।
- तुलसीराम बञ्जाडे (अध्यक्ष), पश्चिम नेपाल बस व्यवसायी संघ, प्रधान कार्यालय बुटवल

१९ औं जिल्ला कपिलवस्तु डायरी

२०६५ चैत्र १२: लुम्बिनी विकास कोषको गाडीबाट कपिलवस्तुको सदरमुकाम तौलिहवा आउने क्रममा कोठी नदी (रुपन्देही र कपिलवस्तुको सिमाना छुट्याउने) तरेर लबली, वेभी पुल, पकडी, परोहिया हुँदै जि.वि.स. कपिलवस्तु परिसरबाट १९ औं जिल्ला कपिलवस्तुको हाम्रो यात्रा प्रारम्भ भयो । जि.वि.स. कार्यालयमै स्थानीय विकास अधिकारी दामोदर भण्डारी, नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाका अध्यक्ष भेषराज पाण्डे, कपिलवस्तु सन्देश साप्ताहिकका सम्पादक कृष्ण ढकाल, स्थानीय राजनीतिक दलका प्रतिनिधि, विभिन्न संघ संस्थाका पदाधिकारी, युवा लगायतसँग हाम्रो भेट भयो । उनीहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । त्यसपछि योजना अनुगमन तथा प्रशासकीय अधिकृत यज्ञप्रसाद पन्थीसँग हामीले जि.वि.स.को बारेमा जानकारी लियौं । अधिकृत पन्थीले कपिलवस्तुमा मुस्लिम समुदायको बाहुल्यता रहेको र बढी अवधि भाषा बोलिने जानकारी दि विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै पन्थीले पत्रकारि कुनैपनि पक्षबाट निर्देशित हुन नहुने, स्वतन्त्र हुनुपर्ने तत्र जा जस्ताको तस्तै नसमेटिने धारणा राख्नुभयो ।

संक्षिप्त परिचय

क्षेत्रफलः १,७३८ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ७७ वटा, नगर १ निर्वाचन क्षेत्रः ४ । सदरमुकामः तौलिहवा, अञ्चलः
विकास क्षेत्रः पश्चिमाञ्चल
भौगालिक अवस्थितिः पूर्व रुपन्देही, पश्चिम दांग र भारत, अर्घाखाँची र दांग र दक्षिण भारत
धार्मिक तथा पर्यटकीय स्थलः तिलौराकोट, कुदान, गोटीहवा, निग्लिहवा, देरुवा, सार्कप, अरौराकोट, सिसानिया, कल्याणको माई, तौलेश्वरनाथ महादेव, शिवगढी, रामघाट, लक्ष्मणघाट, ताल आदि ।
जातजातिः मुस्लिम, थारु, यादव, ब्राम्हण, कुर्मी, चमार, क्षेत्री कहर अन्य ।
(साभारः कपिलवस्तु डिष्टिक्ट फ्याक्ट सिट सन् २००

कुदान क्षेत्र

जि.वि.स. को काम सिध्याई हामी कपिलवस्तु नगरपा अतिथि गृहमा गयौं । होटलमा खाना खाई अतिथि गृहमा २०६५ चैत्र १३: बिहान उठ्ने बित्तिकै हामी तौलिह भ्रमणमा जुट्यौं । बजार भ्रमणका क्रममा राष्ट्रिय जन कपिलवस्तु जिल्ला अध्यक्ष दधिराम आचार्य, सुजन स्टे रमेश भुजेल, सौगात सञ्चार मिडिया गौडी चोकको गहतराज, कानून व्यवसायी प्रभु प्रसाद मिश्र, कपिलवस्तु वाणिज्य संघका सदस्य बबी कौशल, नेपाली कांग्रेसका सदस्य सुनीद बिक्रम शाह लगायतसँग हाम्रो भेट भयो । अध्यक्ष आचार्यले कपिलवस्तुमा ११ वटा राजनीतिक दल क्रियाशील रहेको जानकारी दिनुभयो । विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै आचार्यले बिहानी नास्ताको प्रवन्ध गर्नुभयो । भेटघाटका अन्य सहभागीले पनि प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

खाना खाई हामी जिल्ला प्रशासन कार्यालय गयौं । प्रशासन कार्यालयमा प्र.जि.अ. नभएका कारण हामीले प्रशासकीय अधिकृत पुरन गिरी, शाखा अधिकृतद्वय विजया लक्ष्मी सिंह र शेषकान्त पौडेल एवं कर्मचारी खेमराज पोखरेलसँग भेट गऱ्यौं र विश्वभ्रमणवारे जानकारी गरायौं । कार्यालयको तर्फबाट भ्रमण सफलताको कामना गर्दै प्रशासकीय अधिकृत पुरन गिरीले हामीलाई शुभकामना पत्र प्रदान गर्नुभयो । त्यसपछि हामी कपिलवस्तु



कपिलवस्तु सदरमुकाम तौलिहवा चौक

नगरपालिका कार्यालय तौलिहवा गयौं। नगरपालिका कार्यालयमा कार्यकारी अधिकृत निरंजन श्रेष्ठलाई हामीले विश्वभ्रमणबारे जानकारी दियौं। नगरपालिकाको बारे जानकारी दिँदै अधिकृत श्रेष्ठले २ रात अतिथि गृहमा बस्ने व्यवस्था मिलाइदिनुभयो। साथै यस भ्रमणले प्रेस निष्पक्ष र स्वतन्त्र हुन टेवा पुऱ्याओस् भन्दै भ्रमण सफलताको कामना गर्नुभयो।

कपिलवस्तुका पत्रकारहरुसँग

नगरपालिकाको काम सिध्याई हामीले नेपाल रेडक्रस सोसाईटी कपिलवस्तुका टीका राना, कृषि विकास बैंक तौलिहवाका का.मु. प्रबन्धक केशव सिंह, अधिकृत खलिल खानलगायतसँग भेट गऱ्यौं। भेटमा प्रबन्धक सिंहले कृषकलाई कृषि विकास बैंकले अरू बैंकको भन्दा बढी नै सेवा सुविधा प्रदान गरेको बताउनुभयो। साथै उहाँले कसैले पनि प्रेसमाथि थिचोमिचो गर्न नहुने र प्रेसले पनि घटनाको वास्तविक चित्रण गर्नुपर्ने, समस्यामात्र देखाउने होइन समाधानका उपाय पनि पेश गरिदिनुपर्ने जस्ता धारणा राख्दै भ्रमण सफलताको कामना गर्नुभयो।

त्यसपछि हामी कपिलवस्तु उद्योग वाणिज्य संघको कार्यालय गयौं। कार्यालयमा संघका अध्यक्ष सन्तोष कुमार कसौधन र अन्य पदाधिकारीलाई हामीले विश्वभ्रमणबारे जानकारी गरायौं। अध्यक्ष कसौधनले सरकारले उद्योग वाणिज्य संघमार्फत युवा स्वरोजगार फाराम भराउन दिएको सामाजिक जिम्मेवारीले आफूलाई अत्यन्त उत्साहित गराएको बताउनुभयो। विज्ञापन उपलब्ध गराइएका सञ्चारमाध्यमले संघका गतिविधिलाई समेट्ने तर संघको विज्ञापन नपाएका सञ्चारमाध्यमले समाचार सम्प्रेषणमा विभेद गरेको आरोप उहाँले लगाउनु भयो। बजार भ्रमणकै क्रममा कपिलवस्तु बहुमुखी क्याम्पसका विद्यार्थीहरू भगवती पासवान, लखपति कुर्मी र वाजिद अलिनसँग हाम्रो जम्काभेट भयो। जम्काभेट भएका ती विद्यार्थीहरूले विश्वभ्रमणबारे चासो राख्दै बासका लागि क्याम्पस होस्टल गएर बस्न अनुरोध गरे।

क्याम्पस परिसर पुगेपछि आशिष शर्मा, विराट भण्डारी, विनोद पोखेल, राहुल चौधरी, राम मनोरथ लोहार, अनिल चौधरी र स्ववियुका नवनिर्वाचित सहसचिव भोजराज गिरी 'अन्जान' लगायतसँग परिचय र विश्वभ्रमणबारे छलफल भयो। क्याम्पसमा परिचय भएका सबै विद्यार्थीले भ्रमण सफल होस् भनी कामना गरे। बेलुका खानपिन र बसोबासको व्यवस्था राहुल चौधरी 'रोहित' र राममनोरथ लोहारले मिलाउनुभयो।

२०६५ चैत्र १४: कपिलवस्तु बहुमुखी क्याम्पसबाट बिदा भई हिंड्दै हामी सिद्धार्थ गौतमले ज्ञान प्राप्त गरेर बुद्ध बनेपछि राजा शुद्धोधनले बुद्धलाई पहिलोपटक भेट गरेको भनिएको पुरातात्विक स्थल कुदान पुग्यौं। वरपर आँप बगैंचा र बोटविरुवाले शोभायमान भग्नावशेष परिसर नियाल्यौं। कुदान अवलोकन पश्चात् पुनः हामी तौलिहवा आई तौलेश्वर महादेव मन्दिर भ्रमण गऱ्यौं। त्यही भ्रमणसँगै साँझ परिसकेको थियो। हामी होटलमा खाना खाई नगरपालिकाको अतिथि गृहमै सुत्यौं।


कपिलवस्तु संग्रहालयभित्र

२०६५ चैत्र १५: बिहान उठ्ने बित्तिकै हामी ऐतिहासिक पर्यटकीयस्थल तिलौराकोटतर्फ प्रस्थान गर्ने सुरसारमा थियौं। नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाका अध्यक्ष भेषराज पाण्डेले पाम होटलमा पत्रकार साथीहरूसँग भेट गर्नुस् भनेर टेलिफोन गर्नुभयो। सोही बमोजिम हामी उक्त होटलमा पुगेर महासंघ उपाध्यक्ष वनारसी शर्मा र उपस्थित कपिलवस्तुका सञ्चारकर्मीहरू माझ अनुभव आदान प्रदान गऱ्यौं। पत्रकार नन्दराम पौडेलले हाल कपिलवस्तु जिल्लामा सञ्चालन भइरहेको एस.एल.सी. परीक्षामा पत्रकारलाई सूचना संकलन तथा अनुगमन गर्न नपाइएको उदाहरण प्रस्तुत गर्दै जिल्लामा प्रेस स्वतन्त्रता नभएको बताउनुभयो। महिला पत्रकार पार्वती पाण्डेले घरायसी, सामाजिक, आर्थिक कारणले पत्रकारिता पेसा अपनाउन र

निरन्तरता दिन महिलालाई अप्ठ्यारो परेको बताउनुभयो । कार्यक्रममा पत्रकार महासंघ उपाध्यक्ष शर्मा लगायत उपस्थित सञ्चारकर्मीहरूले "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि सुरु गरिएको विश्वभ्रमण सफलतापूर्वक सम्पन्न होस् भनी शुभेच्छा प्रकट गर्नुभयो ।



तिलौराकोट दरबार क्षेत्र

उक्त कार्यक्रम पश्चात् हिँड्दै हामी कपिलवस्तु संग्रहालय पुग्यौं । हामी त्यहाँ पुग्दा संग्रहालयका प्रमुख कृपाशंकर गुप्ता कार्यालयमा अनुपस्थित हुनुहुन्थ्यो । कर्मचारी रामअयोध्या महतोले जिल्लाका विभिन्न स्थानमा फेला परेका पुरातात्विक वस्तुहरू संग्रहालयमा राख्ने गरिएको बताउनुभयो । संग्रहालय भ्रमणपछि त्यहाँको वर्तमान अवस्थालाई नियाल्दा संरक्षण-सम्बर्द्धनमा सरकारी निकाय र सम्बन्धित क्षेत्रले उचित ध्यान दिन नसकेको हामीले पायौं । हिँड्ने बेलामा महतोले विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै नास्ताको प्रबन्ध गर्नुभयो ।

संग्रहालयबाट हामी सिद्धार्थ गौतमले २९ वर्षसम्म राजकीय जीवन बिताएको ऐतिहासिक ठाउँ तिलौराकोट दरबार । उक्त दरबारका बारेमा लुम्बिनी विकास कोषका अक्षयलाल गुप्ता र स्थानीय युवा एवं द्वन्द्व विस्थापित सेना रामकुमार साहनी हाम्रो कुराकानी भयो । कुराकानीमा विस्थापित सेना साहनीले राजनीतिक दलका नेताहरूले नै राष्ट्रिय एकता खल्बलाएको लगाउँदै तिलौराकोटमा स्थानीय जनचासो र चेतना नभएको अनि लुम्बिनी विकास कोषले पनि उचित लगानी नगरेको पोख्नुभयो । साहनीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता का लागि सुरु गरिएको विश्वभ्रमणले सबै वर्गका आवाज सक्ने पत्रकारिता क्षेत्रको विकासमा टेवा पुऱ्याओस् भनी शुभकामना व्यक्त गर्नुभयो । लुम्बिनी विकास कोषका गुप्ताले हामी दरबार क्षेत्र भित्र उत्खनन् गरिएको सुरक्षा पर्खाल, मन्दिर, पोखरी, सिद्धार्थ गौतमले सांसरिक जीवन त्यागेर तपस्या गर्न निस्कि ढोका, राजा शुद्धोदन र रानी मायादेवी (बुद्धका बाबा-आमा) को शव गाडिएको स्तुप लगायतका ठाउँ भ्रमण गराउनुभयो । गु अनुसार "स्वदेशी/विदेशी पाहुनाले पुरातात्विक एवं ऐतिहासिक तिलौराकोट दरबारको उत्खनन् र उचित संरक्षण चाहेका शिवगढ गाउँलाई हटाएर तिलौराकोटको क्षेत्रफल बढाउने वर्षौं अघिदेखि चर्चा छ तर चाहे र भनेजस्तो केही भएको छ अवलोकनका क्रममा हामीले पनि यो महसुस गऱ्यौं कि तिलौराकोट रमणीय र ऐतिहासिक महत्वको भएपनि उक्त स्थलको सं र सम्बर्द्धनमा फेरिईरहने सरकारको राजनीतिक नियुक्ति एवं स्थानीयवासीको आवश्यक चासो र ध्यान जान सकेको छैन ।

तिलौराकोट भ्रमणपछि हिँड्दै हामी कपिलवस्तुकै अर्को पर्यटकीय स्थल जगदीशपुरा जलाशय, निग्लिहवा पुग्यौं । फरा भाग ओगटेको उक्त रमणीय जलाशय अवलोकनपछि हामी नहरै-नहर हिँड्दै कोपवा बैदौली आइपुग्यौं । बैदौली आइपुग्दा परिसकेको थियो । त्यसैले हामी खानपिन र बसोबासका लागि एक स्थानीय होटलमा पुग्यौं । खाना खाइसके पश्चात् राती एकीकृत नेकपा माओवादी कपिलवस्तुद्वारा सोही ठाउँको स्कूलमा आयोजित जनसांगितिक अभियान अवलोकन गर्न कमला र सरिता वी.सी.को सहयोगमा गयौं । उक्त अभियान कार्यकर्तालाई विचलित हुन नदिन र जागरुक बनाउने उद्देश्यले सञ्च गरिएको आयोजकले बताए । कार्यक्रममा उपस्थित सयौं दर्शक गीत, संगीत र नृत्यमा रमाएका देखिन्थे, भने भाषणमा विरक्ति भाव झल्काउँथे । कार्यक्रम अवलोकन पश्चात् हामी पुनः होटलमै आई सुत्यौं ।



जगदीशपुरा जलाशय

२०६५ चैत्र १६: बिहान उठेर हामी "मट्टितेल खानी निस्कि भनेर चर्चा चलेको ठाउँ कोपवा- ९, भगलापुर गाउँ नजिक वाणगंगा नदी किनार कपिलवस्तु पुग्यौं । त्यहाँ हामीले सबै पहिला मट्टितेलको गन्ध आयो भनी थाहा पाउने सीताराम चौ ड्यूटीमा खटिएका प्रहरी र नदी किनारमा बालुवा चाल्ने गरिरहेका स्थानीयवासी धन ब. क्षेत्री, डासुराम अधिकारी लगायत सोधपुछ गऱ्यौं । पहिले खनिएका खोपिल्टाहरूलाई अवलो गऱ्यौं । पानीले भरिएका ती खापिल्टाहरूमा गन्धको मात्रा रहेको हामीले पायौं । गन्धको मात्रा थोरै आउँदा हामी विश्वास लागेन । पछि त्यहीं उपस्थित एक स्थानीयवासीले

खोपिल्टा खने । खोपिल्टा खन्नासाथ गन्ध ह्वारैं बाहिर आयो । पानीमा तैरिएर रहेको चिप्लो फिँज हामीले हातमा लियौं । त्यस फिँजले हामीलाई त्यहाँ केही न केही छ भन्ने आभाष दिलायो । र, तत्कालै सरकारले प्राविधिक जाँच गराई वास्तविकता पत्ता लगाउन ढिलाई गर्नु हुन्न भन्ने हामीलाई लाग्यो ।

त्यहाँबाट हामी फर्किएर बेलुकी बास बसेको होटलमै आएर खाना खायौं । खाना खाइसकेपछि मोतीपुर- २, तल्लो वनगाईतर्फ लाग्यौं । वनगाईमा स्थानीयवासीहरूसँग कुरा गरिरहेका बेला मनोक्रान्ति साधिका इम् (प्रमिला देउजा, सिन्धुपाल्चोक) आइ पुग्नुभयो । साधिका इम्सँगै हामी गोरुसिंगे आयौं । उहाँले "विश्वकै पत्रकारिता जगतमा सकारात्मक परिवर्तनका खातिर यो विश्वभ्रमण अभियान उपयोगी हुने हुनेमा शंका छैन" भन्दै शुभकामना व्यक्त गर्नुभयो । बेलुका हाम्रो खानपिन र बसोबास गोरुसिङ्गेकै गेष्ट हाउसमा भयो । लोडसेडिंग, गर्मी, लामखुट्टे आदिका कारण रातभर निद्रा प्रभावित ।

२०६५ चैत्र १७: बिहान उठेर हामी गोरुसिङ्गे बजार भ्रमण गर्न निस्कियौं । बजार भ्रमणका क्रममा स्थानीय गौरी अधिकारी, खेमराज न्यौपाने, न्यौपाने परिवार लगायतसँग हाम्रो भेट भयो । भेटमा अधिकारीले देश हाँक्ने शीर्षस्थ नेताहरूको नाम लिदै "विभिन्न हक अधिकारको नाममा उनीहरूले जनतालाई अकालमा मृत्युवरण गर्न बाध्य पारेको" आरोप लगाउनुभयो । उहाँको भनाई र अहिले देशका नेताको गराईलाई हेर्दा आरोप ठीक होईन भन्न सकिंदैन । अधिकारीको मुखबाट प्रकट यो आक्रोश नेपाली जनताकै ठूलो आक्रोश हो ।

चितवनका अम्बिका प्रसाद अधिकारीद्वारा थालिएको ५ सदस्यीय पहिलो पारिवारिक नेपाल भ्रमण टोलीसँग त्यहीं हाम्रो भेट भयो । यात्री अधिकारीले उक्त यात्रा महेन्द्रनगरको चाँदनी र दोधाराबाट गत माघ १४ गते आफ्नी श्रीमती र ३ नाबालक छोरासहित सुरु गरेको बताउनुभयो । उहाँका अनुसार भ्रमण मोटरसाइकल र पैदल दुवै किसिमले भइरहेको छ । आफ्नो सम्पूर्ण नीजि खर्चमै अर्थात् जग्गा बेचेर भ्रमणको आर्थिक स्रोत जुटाइएको बताउँदै सहयोगका लागि कसैसँग याचना नगर्ने, कसैको ऋणी नबन्ने बरु ७५ जिल्लाका जनताको आर्शिवाद बटुली देशमा शान्ति स्थापना र रोजगारी सिर्जना गराउने लक्ष्य रहेको आफ्नै माइकबाट स्थानीयवासीलाई सम्बोधन गर्दै अधिकारीले बताउनुभयो । सम्बोधनको अन्त्यमा प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै टोलीले सहयोगका लागि सबैसँग आव्हान गर्‍यो ।

नास्ता गरेपछि गोरुसिङ्गेवासीसँग बिदा भएर गाडीमा हामी कपिलवस्तुको चर्चित बजार कृष्णनगरतर्फ लाग्यौं । कृष्णनगर पुगेपछि हामीले स्थानीय एक होटलमा खानपिन र बसोबास गर्‍यौं । बत्ती हुन्जेल त फ्यान चलेका कारण केही राहत मिल्यो । तर जब बत्ती गयो त्यसपछि गर्मी र लामखुट्टेको टोकाई कति भयो कति... मध्यरातमा होटल साहुजीको निद्रामा बाधा पुर्‍याउँदै अनि साहुजी, साहुजी भनेर ढोका ढक्ढक्याइयो । पानी मागेर नपिई धरै भएन । जसले अहिलेसम्मकै यात्राको रेकर्ड ब्रेक गर्‍यो । जे होस्, हार्दिक बधाई छ, यो गर्मी र यी लामखुट्टेहरुलाई । अनि आगामी दिनमा उनीहरुलाई सफल कार्यकालको शुभकामना पनि हाम्रो तर्फबाट । हा...हा...हा...।

२०६५ चैत्र १८: बिहान उठेर हामी कृष्णनगर बजार भ्रमणमा जुट्यौं । बजार भ्रमणका क्रममा स्थानीय चन्द्रशेखर वर्मासँग पत्रकारिता क्षेत्रका विषयमा कुराकानी भयो । कुराकानीमा वर्माले कृष्णनगरमा नेपाली पत्रकार र पत्रपत्रिकाको कुनै प्रभाव नरहेको तर भारतीय पत्रकार र सञ्चारमाध्यमको वर्चस्व रहेको बताउनुभयो । उहाँले यसो भनिरहँदा हामीलाई यस्तो अनुभूति भयो- "कृष्णनगर नेपालमा होइन, भारतमा पर्छ ।" त्यसपछि हामी नेपाल-भारतको एकदमै नजिकमा पर्ने कृष्णनगर सिमाना अवलोकन गरेर पश्चिम नेपाल बस व्यवसायी संघको निःशुल्क सहयोगमा पिपरा, चन्द्रौटा, इमिलिया, गोरुसिङ्गे, पत्थरकोट (कपिलवस्तु र अर्घाखाँची छुट्याउने सिमाना) हुँदै २० औं जिल्लाको रूपमा पश्चिम पहाड अर्घाखाँची प्रस्थान गर्‍यौं ।

कपिलवस्तु यात्राका क्रममा प्राप्त नगद सहयोग	
जिल्ला विकास समिति	रु. १,०००/-
तौलिहवा नगरपालिका	रु. ६००/-
कृषि विकास बैंक (तौलिहवा)	रु. २००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु:

सफलताको शुभकामना । - पुरन गिरी (प्रशासकीय अधिकृत), जिल्ला प्रशासन कार्यालय

A great work, good luck. – Bhojraj Giri 'Anjan', Kapilvastu Multiple Campus Taulihawa

देशको स्वाभिमान र गरिमा चिनाउन उठाइएको पाइला ।

- राहुल चौधरी रोहित र अनिल चौधरी अमन, कपिलवस्तु बहुमुखी क्याम्पस, तौलिहवा

नयाँ युगको सुरुवात् गर्ने बाटो बनोस् । - खेमराज न्यौपाने भ्रृजन, गोरुसिंगे ८, जयनगर

२० औं जिल्ला अर्घाखाँची डायरी

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफल: ११९३ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ४२ वटा, निर्वाचन क्षेत्र: २, सदरमुकाम: सन्धिखर्क,*
> *अञ्चल: लुम्बिनी, विकास क्षेत्र: पशिचमाञ्चल*
> *भौगोलिक अवस्थिति: पूर्व पाल्पा पशिचम प्यूठान, दांग, उत्तर गु र दक्षिण कपिलवस्तु, रुपन्देही*
> *भाषा: नेपाली, मगर, नेवार, कुमाल, उर्दु आदि ।*

२०६५ चैत्र १८: कपिलवस्तु जिल्लाको कृष्णनगरबाट गाडी चढेर गोरुसिंगे हुँदै अर्घाखाँचीको ठाडा दह आयौं । साँझ परिसकेको थियो । ४ महिना लामो तराईका जिल्लाको भ्रमण पश्चात् हामी पश्चिम पहाड प्रवेश गरेका थियौं, त्यसैले होला ठाडा दह झर्ने बित्तिकै हामीलाई शीतलताको आभाष भयो । पहाडी भूभाग, स्वस्थ हावापानी, फिजारिएको दह, छेउछाउमा केही बस्तीसहितको दहलाई नियाल्ने क्रममा देउराली एफ.एम. अर्घाखाँचीका ठाडा संवाददाता लेखनाथ पौडेल र स्थानीयवासीहरूसँग हाम्रो परिचय भयो। उनीहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको अभियानबारे जा गरायौं । संवाददाता पौडेलले आफू स्थानीय गतिविधिहरूलाई उच्च प्राथमिकता दिएर एफ.एम.मा समाचार पठाइरहे एफ.एम.बाट पनि प्रसारण भइरहेको जानकारी दिनुभयो । थप परिचय गर्न हामीसँग कुनै समय थिएन । स्थानीय गौंचन हो आएर हामीले खानपिन र बसोबास गर्‍यौं ।

२०६५ चैत्र १९: बिहान हामी ठाडामैं खाना खाएर नरपानी गा.वि.स. तर्फ प्रस्थान गर्दै थियौं । ठाडामै वन कार्यालय सहायक पोखेल, रुरु एफ.एम. गुल्मीका ठाडा संवाददाता सचिन बोहोरा र केही स्थानीयवासीसँग हाम्रो जम्काभेट भयो । जम्का स्थानीयवासीले ठाडालाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न उचित कदम चाल्न नसकिएको र विद्युत नभएको गुनासो गरे। संवा बोहोराले बसमार्फत राष्ट्रिय र रुपन्देहीका दैनिक पत्रपत्रिका आउने गरेको र चासोका साथ स्थानीय रेडियो ठाडावासीले सुने जानकारी गराउनुभयो । त्यहाँबाट हिंड्दै हामी सीतापुर गा.वि.स.को वडाचौर आयौं । वडाचौरमा इलाका प्रहरी कार्यालय ठाडा मुरारी खड्का, घडी रेडियो मेकानिक्स यमेन्द्र पौडेल लगायतसँग हाम्रो कुराकानी भयो । सई खड्काले यसपटकको एस.एल.सी. शान्तपूर्वक भइरहेको जानकारी दिनुभयो । मेकानिक्स पौडेलले गाउँ विकासको क्रमसँगै राजनीतिक अस्थिरता बढेको बताउनु मिडियाले सत्य, तथ्य समाचार प्रसारण/प्रकाशन गर्नुपर्ने र सबै क्षेत्रबाट मिडियालाई सम्मान गरिनुपर्ने धारणा व्यक्त गर्दै पौडेलले सफलताको कामना गर्नुभयो । उहाँका अनुसार केवल नेटवर्क विना वडाचौरवासीले नेपाल टेलिभिजन पनि हेर्न सक्दैनन् ।

त्यहाँबाट हामी वडाचौरकै नजिकमा पर्ने शीत खोलामा नुहाई-धुवाई गरी भुवनपाटा आयौं । भुवनपाटामा ५० ट्र्याक्टरका लालमणि आचार्य, चालक पदम नेपाली, आतीशकिरण वि.क. लगायतसँग हाम्रो परिचय भयो । उनीहरूले सफलताको कामना गर्दै सुपादेउरालीसम्म सोही ट्र्याक यात्रा गराए । ठाउँ-ठाउँको कच्ची बाटामा ट्र्याक्टरले उ हामीलाई खुब मज्जा आयो । हा...हा...हा... ।



नरपानी डांडा

सुपा देउराली पहराको बीचमा रहेछ । तल हेर्दा खो वारी-पारी हेर्दा डाडा, भीर पहरा देखिन्छ । सोही क्रममा ह सुपादेउराली मन्दिर अवलोकन गर्‍यौं । मन्दिरका साधु, चौत तथा सुपादेउरालीमा व्यवसाय सञ्चालन गर्दै आएका व्यक्ति हाम्रो कुरा भयो । नेपाल र भारतका विभिन्न ठाउँबाट दर्शनार्थी आफ्नो मनोरथ पूरा गर्न उक्त मन्दिर दर्शन गर्न आउने ग साधुले बताउनुभयो । विश्वभ्रमण सफलताको कामना गर्दै उनी यात्राका क्रममा कुनै अवरोध नआओस् भने ।

सुपादेउरालीबाट हिँड्दै हामी नरपानीतर्फ लम्किरहेका थियौं। नरपानी बजार पुग्ने बेलामा रिम्रिम् अँध्यारो भएका कारण डिल माथिबाट हामीलाई प्रहरी चौकीमा बोलाइयो। हामीले चौकीमा पुगेर यात्राबारे जानकारी गरायौं। त्यसपछि हामीलाई चौकीबाट अगाडि बढ्न भनियो। हामी डिल के ओर्लिएका थियौं, चौकीबाटै फेरी कुनै एक प्रहरीको आवाज आयो, कुन कस्तो पत्रकार हो ? झमक्क साँझ परिसकेका बेला हामी त्यहाँबाट अगाडि बढ्यौं।

बजार पुगेपछि २-३ वटा होटलमा बास बस्न पाइन्छ कि ? भनेर सोध्दा होटलवालाहरूले सशंकित हुँदै पाइदैन, अगाडि जानुस् भने। अन्तमा एउटा होटलकी दिदीले चाहिं पत्रकार भनेपछि बास दिइन्। यहाँ एस.एल.सी. दिने विद्यार्थीहरु बसेका रहेछन्। केही विद्यार्थीहरुले हाम्रो भ्रमण अनुभव सोधे। हामी खानपिन गरी सुत्यौं।

२०६५ चैत्र २० बिहान उठेर हामी उकालो चढ्दै नरपानी डाडातर्फ निस्कियौं। आफू आफैं हाँस्दै बोल्दै उकालो चढेर शिखरमा पुगेको हामीलाई कुनै पत्तै भएन। सो डाँडाबाट चूनढुंगा निकालिंदो रहेछ। चारैतिर ढुंगा झिक्दा डाँडाको आकृतिचाहिं बिग्रिएको देखिन्छ। डाँडा अवलोकनका क्रममा सिर्रसिर्र शीतल हावा टाढा-डाढासम्म देखिने डाँडा-काँडा र हरियाली वातावरणले भने हामीलाई आनन्दको अनुभूति दिलायो। यसै आनन्दको अनुभूति सँगसँगै हामी फेरी बजार झरेर खाना खायौं। खानपिन पश्चात् हिँड्दै हामीले अङ्गुरी-१, घुम्तीमा पाइला टेक्यौं। स्थानीय दिलिप मगरले आफ्नो वडामा पानीको समस्या रहेको बताउनुभयो।

त्यहाँबाट हामी नरपानी गा.वि.स. कार्यालय पुग्यौं। गा.वि.स. कार्यालय बन्द रहेका कारण इलाका स्वास्थ्य चौकीका अहेब तारा प्रसाद खनाल र स्थानीयवासीसँग हामीले कुराकानी गऱ्यौं। अहेब खनालले झिनामसिना कुरामा पनि सर्वदलीय प्रतिनिधित्वका नाममा स्थानीय राजनीतिक दलले अनावश्यक बखेडा झिक्ने गरेको आरोप लगाउनुभयो। "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" को माग सबैतिरबाट सुनुवाई हुनुपर्ने भन्दै खनालले विश्वभ्रमण सफलताको कामना गर्नुभयो।

त्यहाँबाट हिँड्दै हामी खाँचीकोट गा.वि.स. फुद्वाङ्ग हुँदै खोला तरेर अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्क आयौं। हामी बाटामा भेटिएका उत्सुक व्यक्तिहरूलाई अभियानबारे लेखिएको पर्चा दिँदै अगाडि बढेका थियौं। सोही क्रममा नरपानी- ६ का श्यामलाल अधिकारीले विश्वभ्रमणको अनुभव ल्याएर हामी सबैलाई सुनाउनु र बुझाउनु होला भन्दै शुभकामना व्यक्त गर्नुभयो।

सन्धिखर्क बजार फाँटिलो ठाउँमा रहेछ। बजार हेर्दै र अगाडि बढ्दै गर्दा स्थानीय कमल बञ्जाडेसँग हाम्रो भेट भयो। बञ्जाडेले विश्वभ्रमणबारे चासो राख्दै सामुदायिक रेडियो अर्घाखाँची एफ.एम. १०५.८ मे. कार्यालयसम्म हामीलाई ल्याउनुभयो। एफ.एम. कार्यालयमा नेपाल पत्रकार महासंघ अर्घाखाँची शाखाका सचिव शोभाखर पंथी, एफ.एम. स्टेशन म्यानेजर विष्णु आचार्य, टेक्निसियन शेषकान्त घिमिरे लगायत उपस्थित सञ्चारकर्मी र विद्यार्थीहरूसँग हाम्रो भेट भयो। स्टेशन म्यानेजर आचार्यले विश्वभ्रमणसम्बन्धी अर्न्तवार्ता रेकर्ड गर्नुभयो। उपस्थित विद्यार्थीले हाम्रा नेपाली पत्रकारको विश्वभ्रमणसम्बन्धी समाचार विश्वभरका रेडियोले बजाउन् भन्ने शुभकामना व्यक्त गरे। कुराकानी गर्दागर्दै समय बितेको यादै भएनछ। महासंघ सचिव पंथीको सहयोगमा हामी होटल डाँफे गयौं।

अर्घा भगवती मन्दिर

होटलमा सञ्चालक जनार्दन खनाल, कृषि विकास बैंकका लेखापाल इन्द्रनाथ पाठक र होटल परिवारसँग कुराकानी, खानपिन र बसोबास भयो। कुराकानीका क्रममा सञ्चालक खनालले भन्नुभयो- "कलिलो उमेरमै ठूलो साहस गर्नुभएछ, तपाईहरूले विश्वभ्रमण गरेर तयार पारेका उपर्युक्त सामाग्री सरकारले पाठ्यक्रममा समावेश गर्नुपर्छ, गरोस्, शुभकामना।

चैत्र २१: संयोग, चैतेदशैंको। हामी बिहान ८ बजे सन्धिखर्कबाट ऐतिहासिक/पर्यटकीय स्थल अर्घा प्रस्थान गऱ्यौं। अर्घा जाने क्रममा खोला नतर्दै भेट्टिनुभएका सन्धिखर्क- ६ का मुनाल महतले समय सान्दर्भिक अभियान रहेछ त्यसकारण मैले पनि थोरै भएनि सहयोग गर्नेपर्छ सकेको गर्छु भन्दै नास्ता गर्नुस् भनेर रू. ५०/- प्रदान गर्नुभयो। खोला तरेर हामी उकालो लाग्यौं।



अर्घाखाँची सदरमुकाम, सन्धिखर्क

धरमपानी, मिर्लिङ्गकोट हुँदै जम्मा ३ घण्टा हिँडेर गन्तव्यस्थल अर्घा पुग्यौं । अर्घा भगवती मन्दिर र... अवलोकन गर्‍यौं । सिर्रसिर्र बतास चल्ने अनि शीतलताको आभाष गराउने उक्त स्थलमा हामी केहीबेर बस्यौं, रमायौं । स्थानीय छविलाल वेदा तथा रामनवमीका... जिल्लाका विभिन्न ठाउँबाट मन्दिर दर्शनार्थ आएका भक्तजनहरूसँग हाम्रो कुराकानी भयो । कुराकानीमा उनी... विश्वभ्रमणबारे चासो देखाए र भ्रमण सफलताको कामना... उक्त मन्दिरमा कोजाग्रत पूर्णिमामा अन्तर जिल्ला भक्तजन... एवं रामनवमी र कृष्णाष्टमीमा स्थानीय मेला लाग्ने उनीहरूको भनाई छ ।

अर्घा, अर्घाखाँची र सन्धिखर्कको नामाकरण कसरी... भन्ने हाम्रो प्रश्नमा बीच बाटोमा भेट हुनुभएका ईञ्जिनियर शशीधर आचार्य भन्नुहुन्छ- "पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्नुअघि गुरूङ्ग राजाले अर्घस्वरूप गाईको रगत ढुङ्गामा चढाएका कारण उक्त स्थानलाई अर्घा, अर्घा र खाँची मिलेर अर्घाखाँची... खाँचीकोटका भुरे राजा दुर्गा भञ्ज्याङ्ग शाह र अर्घाका भूरे राजा वीर कुमार शाही एक आपसमा लडाई गरेर थाके पश्चात् सन्धि गरेका कारण सन्धिखर्क नामाकरण भएको किम्वदन्ती मलाई थाहा छ ।" अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्क... २०१८ सालमा गुल्मीबाट जिल्ला विभाजित भई खाँचीकोटमा अड्डा बसेको थियो, पछि सदरमुकामका रूपमा त्यही अड्डा त्यसपछि नरपानी र हाल सन्धिखर्कमा आइपुगेको आचार्य बताउनु हुन्छ ।

मन्दिर अवलोकन पश्चात् ओरालो झर्ने क्रममा हामी अर्घा- १ पार्थवाङ्ग आयौं । त्यस गाउँमा शिवलाल गन्धर्व, कमला... ठाकुर गन्धर्व, अग्रज विधि लगायतका दलित समुदायसँग हाम्रो भेट भयो । उक्त समुदायका केही गन्धर्वले हामी माझ सारङ्गी रेट्दै... यापन गर्न कठिनाई भएका र पीडामा पिल्सिएका गीत गाउँदै विश्वभ्रमण सफलताको कामना गरे । हिँड्ने बेलामा चैते दशैंको मा... लठिएका ती गन्धर्वहरूले "तपाईंहरूले दलित हितका लागि के गर्नुहुन्छ ? भन्दै हामीलाई गम्भीर प्रश्न गरे । अझै हामीलाई उनी... कडा प्रतिप्रश्न थियो "तिमीहरूलाई कुरै गर्न आउँदैन के गरी विश्वभ्रमण गर्छौ ?" यस्ता प्रश्न र प्रतिप्रश्नले हामीलाई यस्तो... भयो कि जाति र लिङ्गका आधारमा राहत दिनेभन्दा उनीहरूलाई सशक्त बनाउन मानसिकतामा परिवर्तन ल्याएर चेतना प्रवाह... अन्यथा राहत र संरक्षणका नाममा गरिने खर्च बालुवामा पानी हाल्नुझैं हुनेछ । कारण ती गन्धर्वहरूले ज्ञानभन्दा पनि धन चा... छन् भन्ने कुरा उनीहरूका हाउभाउ र बेरोजगारी समस्याबाट बुझ्न हामीलाई कुनै गाह्रो भएन ।

हामी त्यहाँबाट बिदा भई अर्घा गा.वि.स. कार्यालय नजिक रहेको ढाकाचिना भगवती मन्दिर अवलोकन गर्दै र हिँड्दै... पर्ने लाग्दा सन्धिखर्क बजार आइपुग्यौं । बजारमा एक विद्यार्थी सरिता पराजुलीसँग हाम्रो भेट भयो । भेटमा विश्वभ्रमणको... शुभकामना व्यक्त गर्दै पराजुलीले प्रेस स्वतन्त्रता लेखाई र बोलाईमा मात्र सीमित नभई सबै क्षेत्रबाट व्यवहारमा लागू ह... मिडियाले पनि साना तिना घट्नाहरूलाई अतिरञ्जित नगरी प्रस्तुत गर्न आग्रह गर्नुभयो । उहाँको यसै आग्रह र केही विष... कुराकानी सँगै साँझ परिसकेको हुन्छ । त्यसपछि हामी होटलमै जान्छौं, खानपिन गर्छौं र सुत्छौं ।

चैत्र २२: बिहान उठेदेखि बेलुका नसुतेसम्म जम्मा १४ घण्टा हामी डायरी लेखनमा व्यस्त रह्यौं । यद्यपि सोही दिन ... निवासी धनकुटाका देवी गौतमले पठाइदिएको हाम्रो विश्वभ्रमण सहयोग रसिद हंसपुर अर्घाखाँची निवासी पुष्पा अधि... सहयोगबाट प्राप्त भयो । बेलुका खाई, पियाई र बसाई त यथास्थानमै छँदै थियो ।

चैत्र २३: बिहानीको उठाइ सँगै हामी सन्धिखर्कमा स्थापित सामुदायिक रेडियो देउराली एफ.एम. १०१ मेगाहर्ज कार्यालय... गर्‍यौं । सोही क्रममा ३ विष्णु अर्थात् चन्द्र प्रभा मा.वि. का शिक्षक विष्णु खनाल, देउराली एफ.एम. का स्टेशन म्यानेजर... भुसाल र आगामी २०६६ साल बैशाख १ गतेबाट आफ्नो नियमित प्रसारण आरम्भ गर्ने सन्धिखर्कके अर्को सामुदायिक... अर्घाखाँची एफ.एम. १०५.८ मेगाहर्जका स्टेशन म्यानेजर विष्णु आचार्यसँग हाम्रो कुराकानी भयो । देउराली एफ.एम. ...

भुसालले युवा सञ्चारकर्मीहरूमाझ भाषाको अभाव रहेको र पत्रकारिता क्षेत्र पुनः मिसनतर्फ अगाडि बढ्न सक्ने सम्भावना औंल्याउँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

रेडियो अर्घाखाँचीका म्यानेजर आचार्यले पत्रकार समाचार लेखुन्जेल सुरक्षित रहेको तर त्यही समाचार प्रकाशन/प्रसारणपछि ऊ असुरक्षित रहनुपर्ने अवस्था विद्यमान छ भन्दै विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्नुभयो । आफ्नो जिल्ला अर्घाखाँचीलाई ४२ वटै गा.वि.स.मा मोटरबाटो पुगेका कारण सुगम जिल्लाको रूपमा चिनाइदिन हामीसँग आग्रह गर्दै उहाँले आफू पनि सकारात्मक पत्रकारिता विकासका निम्ति आत्महत्या सम्बन्धी समाचार रेडियो अर्घाखाँचीबाट प्रसारण नगर्ने सोचमा रहेको बताउनुभयो ।

खाना खाएपछि जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीमा प्र.जि.अ. भवानी प्रसाद पराजुली, त्रिचन्द्र कलेज काठमाडौंका विद्यार्थी दीपक पुरी, नेपाल पत्रकार महासंघ अर्घाखाँची शाखाका अध्यक्ष निम बहादुर रिजाल, सेवाग्राही तथा अन्य प्रशासनिक कर्मचारीहरूसँग हाम्रो भेट भयो । भेटमा प्र.जि.अ. पराजुलीले यात्राका क्रममा हरेक जिल्लाका महत्वपूर्ण स्थलहरू अनिवार्य भ्रमण गर्न आग्रह गर्दै प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता का लागि सुरु गरिएको विश्वभ्रमणलाई सफल बनाउन सबैलाई सहयोगको आव्हान गर्दै शुभकामना पत्र प्रदान गर्नुभयो ।

जि.प्र.का.को काम सकी हामी जि.वि.स. कार्यालयतर्फ गयौं । जि.वि.स. कार्यालयमा स्थानीय विकास अधिकारी तारा बहादुर कार्कीसँग हाम्रो भेट भयो । भेटमा एल.डी.ओ. कार्कीले जिल्लाका ४२ वटै गा.वि.स.मा मोटरबाटो पुगेको र अन्य विकास निर्माण कार्य पनि भइरहेको जानकारी गराउँदै संकटपूर्ण अवस्थामा रहेको नेपाली प्रेस र सोही क्षेत्रबाट सुरु भएको विश्वभ्रमणले "अन्तर्राष्ट्रियस्तरमा नेपालको छविलाई अझ उज्यालो पार्ने र विकसित गर्नेछ" भनी शुभकामना दिनुभयो । त्यहाँबाट हामी उद्योग वाणिज्य संघ अर्घाखाँचीको कार्यालय पुग्यौं ।

संघको कार्यालयमा कार्यालय सचिव भरत भुसाल, ने.वि.संघ अर्घाखाँचीका पूर्वाध्यक्ष प्रकाशचन्द्र भट्टराई, विद्यार्थी तिलक गैरे लगायतसँग हाम्रो भेट भयो। सचिव भुसालले जिल्लामा खासै ठूला उद्योग नरहेको जानकारी गराउँदै प्रेस निष्पक्ष र स्वतन्त्र हुनुपर्ने धारणाका साथ विश्वभ्रमण सफलताको कामना गर्नुभयो। "म पनि स्वतन्त्रताप्रेमी नै हुँ" भन्ने पूर्वाध्यक्ष भट्टराईले आफू कुनै पनि अधिनायकवाद नस्वीकार्ने बताउँदै भ्रमण सफलताको कामना गर्नुभयो। त्यहाँबाट हामी जिल्ला स्वास्थ्य कार्यालय अर्घाखाँची प्रस्थान गर्‍यौं।

स्वास्थ्य कार्यालयमा प्रमुख डा. चित्र शर्मा वाग्ले र अन्य कर्मचारीसँग हामीले भेट गर्‍यौं। प्रमुख डा. शर्माले हाम्रो औपचारिक शैक्षिक योग्यता सोध्नुभयो । हामीले भन्यौं, स्नातक पढ्दा पढ्दै हामी त हिंडेका हौं । त्यसपछि उहाँले भन्नुभयो, "पढाईको औपचारिक डिग्री पूरा नगरी गरिएको यो भ्रमणले मान्यता पाउँदैन।" हामीले भन्यौं, यदि यस भ्रमण अभियानको विषयलाई लिएर औपचारिक डिग्री वा अन्य कुनै पनि कारण वा समस्याले नै राष्ट्र, जनता र पत्रकारिता क्षेत्रलाई अप्ठ्यारो पार्छ भने हाम्रो भन्नु केही छैन। फेरि हामीलाई यो लोभ र आग्रह पनि छैन कि यस भ्रमणलाई राष्ट्रले विशेष मान्यता दिनुपर्छ, हामीलाई सम्मान गर्नुपर्छ। बस् हामी त कर्म गर्ने हो, अनि यसैमा रमाउने हो। देखेको कुरा लेख्ने हो अनि लेखेको कुरा भन्ने हो। हामीले गरेका कामले राष्ट्र, जनता र पत्रकारिता क्षेत्रलाई हित वा अहित के हुन्छ, हुँदैन ? त्यो राष्ट्र, जनता र पत्रकारिता क्षेत्रले मूल्यांकन गर्ने कुरा हो। हामी त पढेर, सुनेर र रटेर मात्रै जिन्दगीको वास्तविक अर्थ नदेखेपछि खुल्ला परिवेशमा स्वतन्त्र विचरण गर्दै अनि संसारलाई प्रत्यक्ष हेर्दै-हेराउँदै, पढ्दै-पढाउँदै, सुन्दै-सुनाउँदै, बुझ्दै-बुझाउँदै अघि बढ्ने योजनाका साथ हिंडेका हौं ।

हाम्रो कुरामा डा. साबको चित्त बुझेन। चित्त बुझोस् पनि कसरी ? जब कि उहाँ र उहाँ जस्ता धेरै मान्छेले यही पढाईका लागि सकी-नसकी लगानी गरेर पढेका छन्, पाउनु-नपाउनु दुःख पाएका छन्, अनि विभिन्न टेक्निक घुमाएर जागिर खाएका छन्। उनीहरुले समाजले दिएको मार्ग निर्देशनअनुसार धेरै पढ्नुपर्छ, जागिर खानुपर्छ, परिवार पाल्नुपर्छ जस्ता मान्यतालाई अक्षरसः पालना गरेका छन्। तर हामी यो मान्यतामा अब अडिन सक्दैनौं। यसको अर्थ पढ्नै हुँदैन, जागिर खानु हुँदैन, परिवार पाल्नु पर्दैन, जतातत्तै विद्रोही हुनुपर्छ भन्ने पनि हाम्रो भनाईको आशय होइन। बरु हाम्रो बुझाईमा त ति काम सम्हालीकन पनि समाजलाई केही न केही ठोस योगदान दिन सक्नुपर्छ। किनभने खिई खिई आफू र आफ्ना परिवारका लागि मात्रै बाँच्नु यस अमूल्य जिन्दगीको सम्मान होइन, अपमान हो, आफैंप्रतिको धोका हो। त्यसैले अब विश्वलाई खरानी घसेर हिंड्ने जोगी वा भौतिक सुख सुविधामा आफ्नै लागि मात्र बाँच्ने भोगी मान्छे होइन, बीचको मार्ग अपनाउने सममार्गी व्यक्तित्वको आवश्यकता छ।

हामीलाई लाग्दैन कि औपचारिक डिग्री मात्रै राम्रो कामको मापदण्ड अर्थात् योग्यता हो, यो त समाज र संसारलाई देखाउने दाँत मात्र हो। अझ भन्ने हो भने महान् मान्छे बन्न होईन नोकरी गर्न, जागिरे हुन र जेनतेन जीवन गुजारा चलाउन बनाइएको हो। किनकी थोरै औपचारिक शिक्षा र धेरै व्यावहारिक ज्ञानका माध्यमबाट संसार हल्लाउने मान्छेहरु खोजी नै गर्ने हो भने २ जना होईन, सयौं अनि हजारौं छन्, विश्वभरी। जसको योगदानको चमक आजभन्दा भोली, भोलीभन्दा पर्सी अझ बढ्ने निश्चित छ। त्यसैले हाम्रो बुझाईमा डिग्री पास गरिकन पनि समाजका लागि ठोस योगदान दिन नसक्नु वास्तविक अयोग्यता हो, त्यहीं डिग्रीको अपमान हो। त्यसैले हामी चाहान्छौं, हामीले जति पढेका, लेखेका, बुझेका छौं र बुझ्दै जानेछौं त्यसको सही सदुपयोग गरेर विश्वमानवजातिका लागि केही योगदान गर्न सकौं। हाम्रो मूल मन्त्रै हो, गर कि मर किन भनेर प्रश्न नगर।

उदाहरणै हेर्ने हो भने अण्डर एस.एल.सी. थोमस एल्वा एडिसनले आविष्कार गरेको चिम म पी.एच.डी. होल्डर हुँ भनेर उनको सिर्जनशीलतालाई कसले पो बेवास्ता गरेका छन् र ? हाम्रै देशमा पनि स्वअध्ययनबाटै विचारोत्तेजक साहित्य सिर्जना गर्ने साहित्यकार झमक घिमिरेको सिर्जनशीलतालाई कसले मान्दैन र ? चर्चित गायक रामकृष्ण ढकालको गायन र अभिनेता ... आचार्यको अभिनयलाई डिग्री हासिल गरेको छैन भनेर कसले तिरष्कार गरेका छन् र ? बरु बढीभन्दा बढी प्रशंसक यिनीहरुका ... यिनीहरुकै वजनदार र दमदार प्रस्तुतिले राष्ट्रलाई नै सही मार्ग निर्देश गर्ने सन्देश निरन्तर प्रवाह गरिरहेका छन्।

डा. साबले मन लागेर वा नलागेर भ्रमण सफलताको शुभकामना भन्नुभयो। उहाँको शुभेच्छा शब्दलाई धन्यवाद दिँदै सन्धिखर्क गा.वि.स. कार्यालय आयौं। सचिव जीतनारायण आचार्यले सदरमुकामसँगै रहेको र नगरउन्मुख उक्त गा.वि.स.को जानकारी दिनुभयो। भ्रमण शहरमा मात्र होइन गाउँमा पुगनुपर्छ, प्रेस स्वतन्त्र मात्र होइन निष्पक्ष हुनुपर्छ भन्दै उहाँले भ्रमण सफलताको कामना गर्नुभयो।

त्यसपछि पनि हामी सन्धिखर्क बजार भ्रमणकै क्रममा थियौं। जलुके र ठूलापोखरा गा.वि.स.को जिम्मेवारी समेत बताउने गा.वि.स. सचिव नारायण भट्टराई, एन.जी.ओ. सम्बद्ध पवित्रा पुन, विद्यार्थी पार्वता श्रेष्ठ, जिल्ला प्रहरी कार्यालयका निरीक्षक एवं निमित्त जिल्ला प्रहरी प्रमुख भीम भट्टराई, पत्रकार महासंघ अर्घाखाँचीका उपाध्यक्ष राम बहादुर चौहान, ... एकीकृत) की केन्द्रिय सदस्य यमुना भुसाल लगायतसँग हाम्रो भेट भयो। भेटमा सचिव भट्टराईले केही स्थानीय जनताको ... हराएको र आगजनीका कारण गा.वि.स. र मालपोत कार्यालयमा पनि रेकर्ड नभएकाले तत्काल नापी कार्यालयले फेरी जाँच ... जाँच कार्य अगाडि बढाउनुपर्ने विषयलाई मिडियामार्फत सार्वजनिक गरिदिनुस् भन्दै भ्रमण सफलताको कामना गर्नुभयो।

यसैगरी प्रहरी निरीक्षक भट्टराईले विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै "विशेषगरी विद्यालय पुग्न र विद्यालय परिवारलाई भ्रमणबारे जानकारी दिलाउन सल्लाह दिनुभयो। मिसनप्रति नैतिक समर्थन छ," निरीक्षक भट्टराईले भन्नुभयो। अन्य सबैले ... जिज्ञासा राख्दै सफलताको कामना गरे।

माथि उल्लेखित व्यक्ति/व्यक्तित्वसँग भेट गर्दागर्दै समयले नेटो काटिसकेछ। हामी होटल डाँफेमै आयौं, खाना खायौं र सुत्यौं।

चैत्र २४: झिसमिसे बिहानीको उठाई सँगसँगै हामी श्रृजना अपाङ्ग विकास केन्द्र अर्घाखाँची कार्यालय गयौं। ... अध्यक्ष फर्शुराम पाण्डेले उक्त संस्था चलाउन आर्थिक ... कारण कठिनाई भएपनि ठूलो सोचले गर्दा आफू सफल भएको बताउनुभयो। देशमा दण्डहीनताको अन्त्य हुनुपर्ने र ... पनि आफ्नो उत्तरदायित्व बहन गर्नुपर्ने वर्तमान ... जोड दिँदै अध्यक्षले यात्राका क्रममा सबै बाधा अड्चन ... होऊन् भन्दै शुभकामना व्यक्त गर्नुभयो। त्यहाँबाट हामी ... पत्रकार महासंघ अर्घाखाँची शाखाले होटल डाँफेमा आयोजना गरेको स्वागत तथा बिदाई कार्यक्रममा सहभागी भयौं।

उक्त अवसरमा महासंघ शाखाले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै भन्यो, "भ्रमणका क्रममा विभिन्न पक्षबाट देखाउन सक्ने लोभ, लालच र राम्री युवतीहरूको पर्न सक्ने गलत नजर जस्ता सवालमा हरबखत तपाईहरु सजग एवं सचेत रहनु पर्छ, नत्र यो दामी यात्राले हरामी परिणाम ल्याउनेछ । नेपाल गौतम बुद्ध र सगरमाथाको देशबाट चिनिएझैं थप विशेषताको रूपमा प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको देश नेपाल भनेर चिनियोस्, तपाईहरूका नाम गिनेश बुक अफ वर्ल्ड रेकडर्समा समेटिउन् । आर्थिक समस्या अथवा कुनै अवरोधका कारण यात्रा बीचमै रोकिन लागे जुनसुकै बेला खबर गर्नुहोला यो शाखा सहयोग गर्न तत्पर छ ।

अबिर लगाइदिएर हामीलाई उपहारस्वरूप डायरी, डट्पेन, शुभकामना पत्र प्रदान गर्दै अर्घाखाँचीका पत्रकारहरूले भने- "नेपालका पत्रकारले जस्तोसुकै कठीन अवस्थामा पनि आफ्नो धर्म निर्वाह गरिरहेका छन्, उनीहरुले सकारात्मक पत्रकारिता गर्न पनि चाहेका छन् भन्ने सन्देश विश्वभर पुऱ्याउनु होला ।" कार्यक्रममा महासंघ अध्यक्ष निम ब. रिजाल, उपाध्यक्ष राम बहादुर चौहान, सचिव शोभाखर पंथी, महासंघ शाखाका अन्य पदाधिकारी एवं सञ्चारकर्मीहरू इन्द्रमणि भुसाल, हिम बहादुर जी.सी. लेकाली, ऋषिराम भुसाल, सूर्य भुसाल, वीरेन्द्र के.सी., विष्णु आचार्य लगायतको उपस्थिति थियो ।

कार्यक्रम समापन पश्चात् हामीले खाना खायौं । होटल परिवारसँग बिदा हुन गयौं । उक्त परिवारले पनि हामीलाई अबिर लगाइ दिदै नेपाल र नेपाली जनतालाई विश्वमाझ चिनाउन यो भ्रमण सफल रहोस् भनी कामना र बिदाई गऱ्यो । नेकपा (एकीकृत) को नेपाल बन्दका बाबजुद पनि हामी सन्धिखर्क बजार छोडेर ढाकावाङ्ग गा.वि.स. तर्फ लाग्यौं । किमडाँडा, धारापानी गा.वि.स. हुँदै हामी जम्मा ७ घण्टा हिंडेर ढाकावाङ्ग गा.वि.स.को पिपलनेटा आयौं । र एक स्थानीय होटलमा खानपिन र बसोबास गऱ्यौं ।
चैत्र २५: पिपलनेटा ढाकावाङ्गको स्थानीय बजार अवलोकन पश्चात् व्यवसायी प्रेम बेल्वासेले देखाएको बाटो अनुसार हामीले यात्रालाई अगाडि बढायौं । साम्ने खोलामा आई बिहान ९ देखि दिउँसो १ बजेसम्म हाम्रो नुहाई-धुवाई र डायरी लेखन कार्य भयो । त्यस पश्चात् हामी अर्घाखाँची जिल्लाको ढाकावाङ्ग गा.वि.स. कै ओखटे अनि राजिमेमा आइपुग्यौं । त्यहाँबाट २० औं जिल्ला अर्घाखाँचीको यात्रा समापन गरी हामी २१ जिल्लाको रूपमा प्यूठानको धरमपानी-९ चुजाठाँटी बजार प्रस्थान गऱ्यौं ।

अर्घाखाँची यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
नेपाल पत्रकार महासंघ	रु. १,०००/-
रेडियो अर्घाखाँची	रु. ५००/-
सन्धिखर्क गा.वि.स.	रु. २००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

नेपाली पत्रकार कठीन परिस्थितिमा पनि धर्म निर्वाह गरिरहेका छन् ।
- निम बहादुर रिजाल (अध्यक्ष), राम बहादुर चौहान (उपाध्यक्ष), शोभाखर पन्थी (सचिव), इन्द्रमणी भूसाल, ऋषिराम भूसाल, हिम बहादुर जि.सी. लेकाली, सूर्य भूसाल, वीरेन्द्र के.सी., विष्णु आचार्य, सूर्य प्रसाद भूसाल एवं पत्रकार महासंघ परिवार, फर्सुराम पाण्डे (अध्यक्ष), भृजनशील अपांग विकास केन्द्र, जर्नादन खनाल, डाँफे होटल, सन्धिखर्क

सिंगो नेपाल राज्य र संसार भ्रमण सफल होस् । - भवानीप्रसाद पराजुली (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

नेपाली पत्रकारिता जगत्लाई नयाँ उचाईमा पुऱ्याओस् । - विष्णुप्रसाद आचार्य (स्टेशन म्यानेजर) अर्घाखाँची एफ.एम. सन्धीखर्क

२१ औं जिल्ला प्यूठान डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,२५,९२२ हेक्टर, गा.वि.स. संख्याः ४९ वटा, निर्वाचन क्षेत्र २। सदरमुकामः खलंगा, अञ्चलः राप्ती, विकास क्षेत्रः मध्यपश्चिमाञ्चल भौगालिक अवस्थितिः पूर्व गुल्मी र अर्घाखाँची, पश्चिम दाङ र रोल्पा उत्तर बागलुंग र रोल्पा र दक्षिण दाङ र अर्घाखाँची। जातजातिः मगर, क्षेत्री, ब्राम्हण, नेवार, सुनार, गुरुङ, कुमाल, भुजेल, गाइने, मुसलमान, थकाली, दमाई, सार्की, वादी अन्य धार्मिक तथा पर्यटकीय स्थलः स्वर्गद्वारी, ऐरावती, गौमुखी, भित्रीकोट, बिजुलीकोट, कालिका मन्दिर, झाँक्रीस्थान, जाबुने दह आदि।

(साभारः प्यूठान परिचय, जि.वि.स.)

चैत्र २५: धरमपानी- ९, चुजाठाँटी बजार आइपुगेपछि हामीले २१ औं जिल्ला प्यूठानको औपचारिक यात्रा प्रारम्भ गर्‍यौं। प्रारम्भमा हाईनेक्स कम्प्युटर टेक्नोलोजीका यास बहादुर के.सी., प्रहरी चौकी चुजाठाँटीका प्रहरी जवानद्वय वीरेन्द्र बोहोरा र बखत बस्नेत लगायतसँग हाम्रो भेट भयो। भेटमा के.सी.ले पत्रकारिता क्षेत्र निष्पक्ष र स्वतन्त्र होस्, मिडियामा जनताको आवाज हुबहु आओस् भन्ने धारणा राख्दै भ्रमण सफलताको कामना गर्नुभयो। प्रहरी जवानद्वय बोहोरा र बस्नेतले विश्वभ्रमणबारे जिज्ञासा राख्दै १ रात खानपान र बसोबासको प्रबन्ध स्थानीय एक होटलमा मिलाइ दिनुभयो।

चैत्र २६: बिहानीको उठाई सँगै हामी चुजाठाँटी बजार भ्रमणमा निस्कियौं। भ्रमणका क्रममा अम्बर नि.मा.वि.का शिक्षक ज्ञानहरि रिजाल, भानुभक्त उ.मा.वि.का दिनामणि पौडेल, प्रहरी सहायक निरीक्षक छन्द ब. खड्का लगायतसँग हाम्रो भेट भयौं। पौडेलले पत्रकारिता क्षेत्रले कुनै पनि एउटा पक्षको मात्र मुखपत्र नबनी सबैको आवाज समेट्न सक्नुपर्ने र घट्नाको अनावश्यक चढाई गर्न नहुने धारणा राख्दै भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो।

चुजाठाँटीवासीसँग विदा भएर हामी जीपमार्फत प्यूठानको सदरमुकाम प्यूठान खलंगा आयौं। खलंगा बजार भ्रमणका क्रममा न्यू विद्यार्थी पुस्तक पसल तोरवाङ्ग, मच्छीका मिनराज भट्टराई, तोरवाङ्ग गा.वि.स.कै कमलराज पोखेल, भुवन कुँवर, शर्मा, टोपाराम गिरी, हाईनेक्स कम्प्युटर इन्स्टिच्यूट, खलंगाका निर्देशक हिमालय ए.सी., प्रशिक्षक मानव ए.सी., प्रशिक्षार्थी वसन्ता विष्ट र लक्ष्मी खनाल लगायतसँग हाम्रो भेट भयो। भेटमा भट्टराईले "प्यूठान प्राकृतिकरूपमा उर्वर भूमि भएपनि प्यूठानीसँग अपनत्वको भावना नभएको" दुःखेसो पोख्नुभयो। भेटका अन्य सहभागीले पनि भट्टराईको दुःखेसोमा सहमति जनाउँदै भ्रमण सफलताको कामना गर्नुभयो।

खाना खाएर दिनभर हामी कम्प्युटर इन्स्टिच्यूटमा डायरी टाइपमा व्यस्त रह्यौं। बेलुकी खानपिन र बसोबास नेवारी गृह खलंगामा भयो।

चैत्र २७: विहान ७ बजेदेखि नै अघिल्लो दिनको बाँकी डायरी इन्स्टिच्यूटमै साँझको ५ बजेसम्म लगातार टाइप गर्‍यौं। बेलुकी खानपिन र बसोबास त यथास्थानमै छदै थियो।

२०६५ चैत्र २८: बिहान उठ्ने बित्तिकै नेपाल पत्रकार महासंघ प्यूठान शाखाका अध्यक्ष सुशील पोखरेलसँग नेवारी चमेना गृहमा भेट भयो। भेटमा अध्यक्ष पोखरेलले प्यूठान जिल्लाको बारेमा जानकारी दिँदै धार्मिक पर्यटकीय स्थल स्वर्गद्वारी जान सल्लाह दिनुभयो।



प्यूठान सदरमुकाम खलंगा

खाएर हिँड्दै हामी झिम्रुक खोलाको झोलुङ्गे पुल झर्‍यौं। तरेर केहीबेर पानीसँग खेल्दै बिजुवार बजार पुग्यौं। सहयोगमा हामी बिजुवारबाट चकचकेसम्म आयौं।

चकचकेबाट माडी खोलाको तिरैतिर हिँड्दै हामी पावर कम्पनी, झिम्रुक जल विद्युत केन्द्र, दारिमचौर पुग्यौं। कम्पनीका उत्पादन प्रमुख राज कुमार बलालसँग भेट गर्न हामीलाई भेट नदिई उहाले गार्डलाई रू. २००/- दिनु पठाउनु भएछ। हामी त्यहाँ पैसा माग्ने उद्देश्यले नभई पावर अवलोकनका लागि गएका थियौं। त्यसकारण उत्पादन बलालसँग हामी आफैंले टेलिफोनमा कुराकानी गर्‍यौं। "मैले तपाईहरूको उद्देश्य बुझिनछु" भन्दै पछि कार्यालय दिनुभयो। उहाँसँगको भेटघाटमा वितरण प्रमुख शोभाकर

पनि कुराकानी भयो । उत्पादन प्रमुख बलाल र वितरण प्रमुख पन्तबीच छलफल भए पश्चात् हामीलाई पावर हाउस अवलोकन गर्ने मौका दिइयो । पावर हाउस अवलोकन गर्न जानु अगाडि उहाँहरूले झिम्रुक जल विद्युत केन्द्रकै नियमित सेबाका कारण प्यूठानमा लोडसेडिङ्ग नभएको बताउनुभयो । ग्रामीण विद्युतिकरण नभएका अन्य गा.वि.स.का जनताले विद्युत सेवा बारम्बार माग गरे पनि "धेरै लगानी गर्नुपर्ने कारण तेस्याउँदै सेवा दिन नसकेको" उहाँहरूको भनाई थियो ।

पावर हाउस अवलोकन गर्न हामीलाई पावर प्लाण्ट अपरेटर मुम बहादुर केएम र मान बहादुर जी.सी. ले सहयोग पुऱ्याउनुभयो । सुरूङ्ग खनेर त्यहाँ झिम्रुक खोलाको पानी ल्याइएको रहेछ । ४/४ वाट विद्युत उत्पादन क्षमता (जम्मा १२ वाट) भएका ३ वटा टर्बाइन मध्ये पानी अभावका कारण एउटा टर्बाइन मात्र सञ्चालन भइरहेको अपरेटरद्वय के.एम. र जी.सी.ले बताउनुभयो । ३००० पी.पी.एम. भन्दा बढी मात्रामा धमिलो पानी आए विद्युत आपूर्ति बन्द गरिने उहाँहरूको भनाई थियो । हिंड्ने बेलामा उहाँहरूले यात्रा सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

पावर हाउस अवलोकन पश्चात् ७६८७ नं. बसका यातायातकर्मी मुक्तिनाथ पोखरेलको निःशुल्क सहयोगमा हामी भिङ्ग्रीसम्म आयौं । भिङ्ग्री आइपुग्दा झमक्कै साँझ परिसकेको थियो । केहीबेरको कुराकानीमै प्रहरी चौकी भिङ्ग्रीले "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि सुरु गरिएको विश्वभ्रमण सफलताको कामना गर्दै हामीलाई खानपिन र बसोबासको प्रबन्ध मिलाइदियो ।

२०६५ चैत्र २९: भिङ्ग्रीबाट बिहान ६ बजे हामी स्वर्गद्वारी प्रस्थान गऱ्यौं । लगातार ४ घण्टा उकालो हिंडे पश्चात् हामी धार्मिकस्थल स्वर्गद्वारी पुग्यौं । उकालो चढ्दा प्रकृतिले राडी बिछ्याएझैं बिछ्याएको सल्लिपिर (स्थानीय भाषामा कुसुम) मा पाइला टेक्दै, ऐसेलु खाँदै "कत्ता हिंड्नु भयो" भन्ने स्थानीयवासीको जिज्ञासा मेटाउँदै हामी गन्तव्यस्थल पुगेका थियौं । उकालोमा लखतरान परेर खुइखुइ गर्दै बसेका श्रीकृष्ण दास (न्यौपाने) नामका एक जोगीसँग हाम्रो भेट भयो । जन्मस्थान काभ्रे बताउने ७६ वर्षीय जोगीले "आफूले ११ वर्षकै कलिलो उमेरमा व्रतबन्ध गर्दागर्दै घर छोडेको र नेपाल र भारतका विभिन्न ठाउँमा विगत १२ वर्षदेखि पैदलयात्रा गरिरहेको प्रसंग उल्लेख गर्नुभयो । "राम्रो भावना लिएर भगवान्‌को नाम जप्दै यात्रा गर्नुस्, तपाईहरूको विश्वभ्रमण अवश्य सफल हुन्छ" भन्दै उहाँले भ्रमण सफलताका लागि आर्शिवाद दिनुभयो ।

ऐतिहासिक स्थल स्वर्गद्वारी नजिक पुगेर वरिपरिको वातावरणलाई नियाल्दा तल कलकल बग्दै रहेकी माडी नदी, माडी नदी किनारमै रहेको भिङ्ग्रीबजार, वरपरका डाँडाँ खोल्सा, वनजंगल, टाढा-टाढा देखिने हिमश्रृङ्खलाआदिले हाम्रो मनमस्तिष्कलाई निकै लोभ्याईसकेको हामीलाई थाहै भएन । त्यतिबेला यस्तो लाग्यो- सौन्दर्यकी रानीले जन्माएकी छन् स्वर्गद्वारी अनि प्यूठान जिल्लालाई । र, यसको शिखर नेतृत्व गरिरहेका छन्- चर्चित बालतपसी स्वर्गद्वारी महाप्रभुले ।

यस्तै अनुभूतिका साथ हामी स्वर्गद्वारी मन्दिर प्रवेश गऱ्यौं । मन्दिर प्रवेश गर्दागर्दै वि.सं. १९५२ सालदेखि स्वर्गद्वारी महाप्रभु स्वयंले सुरु गर्नुभएको र हालसम्म पनि निरन्तरता पाइरहेको अखण्ड हवनस्थल (ब्राम्हणले वेदमन्त्र उच्चारण गर्दा मुखबाट निस्केको श्वाससँगै उत्पन्न भएको मानिएको आगो) उपस्थित दर्शनार्थीहरूले दर्शन गर्दै गरेका दृष्यहरू, वटुक ब्राम्हणहरूको वेद मन्त्रोच्चारणको ध्वनि तरंग आदि लाई नियाल्यौं । त्यसपछि भोजनालय तथा धर्मशाला प्रबन्धक खिमराज शर्मा, स्वामी हरिहरानन्द गिरीलगायतका आश्रमवासीहरूसँग हाम्रो कुराकानी भयो । कुराकानीकै क्रममा उहाँहरूले हामीलाई भोजन व्यवस्था गर्नुभयो ।



भोजन ग्रहण पश्चात् हामी खिमराज शर्माको सहयोगमा आश्रम भ्रमणमा जुट्यौं । आश्रम भ्रमणका क्रममा शर्माले हामीलाई महाप्रभु र अन्य महन्थको समाधिस्थल र त्यहाँ निर्मित मन्दिर, वालतपसी वेद विद्यालय, स्वर्गद्वारीमा आई

महाप्रभुले प्रथमपटक तपस्या गरेको तपस्यास्थल बाँभको फेद, गौशालामा राखिएका गाई, बाच्छा-बाच्छी तथा भैंसीहरू, उनीहरूको स्याहार-सुसार र व्यवस्थापनमा समय खर्चिएका ग्वाला, पूजारी, वटुक तथा कर्मचारी क्रियाकलाप, जौ कुटिरहेको स्थल र धर्मशालाआदिको अवलोकन गराउनुभयो ।

नेपाल र भारतका विभिन्न ठाउँबाट दर्शनार्थीहरू आउने गरेको अनि वैशाखे र कार्तिके पूर्णिमामा विशेष मेला लाग्ने गरेको जानकारी शर्माले हामीलाई दिनुभयो। यसका साथै मन्दिर व्यवस्थापनार्थ नेपालका विशिष्ट व्यक्तित्वहरू र सरकारले समेत उचित चासो नदिएको दुःखेसो प्रकट गर्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

त्यसपछि हामीले दर्शनार्थीहरूले आफैं खाना बनाइरहेको स्थल र आगन्तुकहरूको क्रियाकलापलाई नियाल्यौं। ऐतिहासिक स्थलको भ्रमण गरिसके पश्चात् हामीले यस्तो निष्कर्ष निकाल्यौं- स्वर्गद्वारीलाई विशिष्ट प्रकृतिको आध्यात्मिक पर्यटन स्थलका रूपमा अझ व्यवस्थित गर्न व्यवस्थापन समिति, सम्पूर्ण प्यूठानी लगायत छिमेकी जिल्लावासी र सिंगो नेपाल सरकार जुझारूकताका साथ अगाडि बढ्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ। यदि यो आवश्यकतालाई पूरा गर्न सरोकारवालाहरू तत्पर भए नेपाललाई ठूलै लाभ हुनेछ। बेलुका आश्रमले नै हामीलाई खानपिन र धर्मशालामा बसोबासको प्रबन्ध मिलाइदियो।

२०६५ चैत्र ३०: बिहान उठेर हामी आश्रमवासीले दिएको प्रसाद लिएर त्यहाँबाट बिदा भयौं। ज्ञान र ध्यानबर्द्धक रोचक अनि रमाइलो कुराकानीका साथ ओरालो झर्दै हामी पुनः भिङ्ग्रीतर्फ लाग्यौं। ३ घण्टापछि हामी भिङ्ग्री आइपुग्यौं र नास्ता गऱ्यौं। नास्तापछि माडी नदीको झोलुङ्गे पुल तरेर हिंड्दै हामी बिजुवारतर्फ लाग्यौं। यसक्रममा बेल्वास ५ का भीम बहादुर कालाथोकीका घरमा पानी पिएर वर्जिवाङ्ग आरनेटा डाँडाँबाट दाखाक्वाडीको ओरालो झर्दै विजयनगर हुँदै जुम्री बसपार्क आइपुग्यौं। जुम्री खोलामा पुल र अहिलेसम्म प्यूठानमा बाटो पीच नभएको देखेपछि यात्रुहरू समस्यामा परिरहेको हामीले महसुस गऱ्यौं ।

जुम्री बसपार्कमा प्यूठानबाट प्रकाशित हाम्रो एकता साप्ताहिकका सहसम्पादक वसन्त के.एम. सँग हाम्रो भेट भयो। सहसम्पादक के.एम.ले विश्वभ्रमणप्रति चासो देखाउँदै आफ्नै कोठामा बस्न अनुरोध गर्नुभयो । उहाँको अनुरोधलाई सहर्ष स्वीकार गर्दै हामीले जुम्री खोलामा रमाइलो कुराकानीका साथ नुहाई-धुवाई गऱ्यौं । नुहाई-धुवाई गर्दागर्दै झमक्कै साँझ परिसकेको थियो। त्यसपछि हामी उहाँको कोठामा पुग्यौं। उहाँको परिवारसँग चिनजान गर्दै खाना खायौं, टी.भी. हेऱ्यौं र सुत्यौं। उहाँहरुको अन्तर्जातीय विवाह रहेछ ।

२०६५ चैत्र ३१: विहान व्यापारिक केन्द्र बिजुवार र प्यूठानको पत्रकारिताबारे जानकारी दिंदै पत्रकार वसन्त के.एम.ले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता भएन भने न्यायले हार्ने र अन्यायले जित्ने धारणा राख्दै त्यस्तो हुन नदिन यो विश्वभ्रमण सफल होस् भनी शुभकामना दिनुभयो। शुभकामना पश्चात् हामी चियाको चुस्की लिएर त्यहाँबाट बाहिरियौं। हिंड्दै हामी धर्मावती गाविसमा पर्ने बाग्दुला बजार पुग्यौं। बजारबाट पुल तरेर हामी धूले सडक पार गर्दै मरन्ठाना स्यालपाखा लाग्यौं।

स्यालपाखामा सूर्य बहादुर के.सी., सीताराम के.सी, कमल बराल लगायतसँग हाम्रो भेट भयो। यहाँ हामी मनोक्रान्ति साधिका क्लिम् (शारदा के.सी.) को अनुरोधमा आइपुगेका हौं । सीताराम के.सी.ले आफू ३ वर्षसम्म माओवादी सेना भएर काम गरेको बताउँदै युद्धका क्रममा आफूले अनुभवमात्र हासिल गरेको तर "बाहिर बुर्जुवा शिक्षा कुनै आवश्यकता छैन भन्ने माओवादी नेताहरूले भित्र पढाईकै कारण भेद्भाव गरेकाले आफूले तत्कालीन समयमा जनमुक्ति सेना छोडेको" बताउनुभयो । शारदा जीकी आमा र बुवाले माओवादी युद्धका बेला आफ्नो कान्छो छोरा हराएको र अहिलेसम्म पनि कुनै खबर नपाएको दुःखेसो गर्नुभयो।


बालपनको रमाइलो

यस्तै किसिमका तितामीठा कुराकानी पछि हामीले खाना खायौं । केहीबेरको आराम पश्चात् के.सी. परिवारसँग बिदा भएर हिंड्दै हामी पुनः प्यूठान खलंगा प्रस्थान गऱ्यौं ।

खलंगा जाँदै गर्दा उकालोमा एउटा सानो बालकले बाटो हिंड्दै गरेकी एउटी महिलासँग बोतलबाट पानी पियाइ दिनुस् भन्दै अनुरोध गऱ्यो । खुरुखुरु ती महिलाले बोतलमा पानी भरिन् र हिंड्दै भनिन्- "मलाई ढिलो भइसक्यो पछि आउँदा खालास् ।" पछि ती सुन्दर बालकलाई हामीले धाराको पानी पिलाइदियौं । यस घट्नाबाट हामीलाई यस्तो नमिठो महसुस भयो कि "मानवीयता संकटमा छ ।" हामीले ती बालकको फोटो खिँचेर उनलाई देखाइदियौं । उनी खुशीले गद्गद् भए । आफ्नो फोटो देखाउन उनले आफ्ना समकालीन साथीलाई बोलाए । साथी पनि उनको अनुरोधलाई इन्कार गर्दै घरतर्फ लागे... । हामीलाई खलंगा पुग्नु नै थियो । हामी उकालो लाग्यौं ।

खलंगा बजार आइपुगेपछि हामी सामुदायिक रेडियो माण्डवी ९७ मेगाहर्ज कार्यालय पुग्यौं । कार्यालय परिसरमा सो रेडियोका अध्यक्ष मेघराज भट्टसँग हाम्रो भेट भयो । भेटपछि हामी कार्यालयभित्र छिऱ्यौं । कार्यालयमा स्टेसन म्यानेजर प्रमोद पोखरेल, श्रीधर भट्टराई, पद्म खनाल लगायतका एफ.एम. कर्मीहरूसँग हाम्रो परिचय भयो । छोटो कुराकानी पश्चात् हामी त्यहाँबाट बाहिरियौं । बेलुका स्थानीय एक होटलमा खाना खायौं र बास बस्यौं । आज २०६५ सालको अन्तिम दिन हो ।

२०६६ वैशाख १: नववर्ष २०६६ को शुभ आगमन र स्थानीय सामुदायिक रेडियोहरूबाट बजेका मंगल धूनसँगै हाम्रो २०६६ साल वैशाख १ गतेको शुभ विहानी सुरु हुन्छ । आजै हामीले विश्वभ्रमण अर्न्तगत नेपाल भ्रमण सुरु गरेको ठ्याक्कै ६ महिना बितेछ । नववर्षको यस मंगलमय बिहानीमा प्यूठान भ्रमण जारी नै थियो । यसैक्रममा नेपाल पत्रकार महासंघ प्यूठान शाखाद्वारा आयोजित र हामीलाई पनि निमन्त्रणा गरिएको नववर्ष विशेष शुभकामना आदान प्रदान कार्यक्रममा हामी सहभागी भयौं । जि.वि.स. हलमा आयोजित उक्त कार्यक्रममा पत्रकार लगायत विभिन्न वर्ग, क्षेत्र, तह र तप्काका व्यक्ति/व्यक्तित्वहरूको प्रतिनिधित्व र सहभागिता थियो ।

कार्यक्रममा हामीले "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि सुरु गरिएको विश्वभ्रमणबारे जानकारी दियौं । सोही अवसरमा पत्रकार महासंघ अध्यक्ष एवं कार्यक्रमका सभाध्यक्ष सुशील पोखरेलले नववर्षको सबैलाई शुभकामना व्यक्त गर्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । पत्रकारहरू लोकतन्त्रका अक्सिजन हुन् भन्दै अध्यक्ष पोखरेलले कार्यक्रममा विश्वभ्रमण सफल बनाउन सबैसँग सहयोगको आह्वान गर्नुभयो । त्यहाँ अन्य सहभागीको शुभकामना नववर्ष विशेषमा केन्द्रित रह्यो ।

उक्त कार्यक्रम समापन पश्चात् हामी महासंघ अध्यक्षकै अनुरोधमा महेन्द्र नमूना उच्च मा.वि. खलंगामा सामुदायिक सेवा केन्द्रद्वारा आयोजित नववर्ष विशेष कार्यक्रममा सहभागी भयौं । त्यहाँ पनि उपस्थित सबैलाई नववर्ष २०६६ को शुभकामना व्यक्त गर्दै हामीले विश्वभ्रमणबारे बोल्यौं । सोही कार्यक्रममा भेट हुनभएका अर्घाखाँचीका राम बहादुर थापाले भ्रमण सफलताको कामना गर्नुभयो ।

हामी सोही उ.मा.वि.को प्राङ्गणमा आयोजित "बी.बी.सी. यात्रा २००९" कार्यक्रम अवलोकनमा सरिक भयौं । उक्त कार्यक्रम लिएर आएको टोली अर्न्तगत हामीले बी.बी.सी. नेपाली सेवाका पत्रकार सुमन खरेल, सुशील शर्मा, आनन्द श्रेष्ठलगायतसँग भेट भयो । उहाँहरुलाई विश्वभ्रमण अभियानबारे हामीले जानकारी दियौं । भेटमा पत्रकार शर्माले "हामीले सहयोग गर्नुपर्ने हो ? तपाईंहरू यहीं बस्दै गर्नुस्, खाना खाएपछि फेरी भेटौंला" भन्दै त्यहाँबाट हिंड्नुभयो । पछि भेटै भएन । त्यस्तै बी.बी.सी. टोलीकै एक सदस्यले "ठूलो मिसन रहेछ, कत्रो भ्रमण गर्न लाग्नुभएको ! हामी यहाँ आउन त कत्रो खर्च भइसक्यो ?" भन्दै आश्चर्य प्रकट गरे । टोलीकै अर्का सहभागी आनन्द श्रेष्ठले खलंगा बजारमा डी.भी. चक्का नभेटिएर अप्ठ्यारो परिरहेको समयमा हामीलाई एउटा चक्का उपहारस्वरुप दिएर सहयोग गर्नुभयो । त्यसपछि हामीले प्यूठान र अर्घाखाँचीबाट भेला भएका सञ्चारकर्मीहरूलाई विश्वभ्रमणबारे जानकारी दियौं । उनीहरूले नववर्ष २०६६ सँगै विश्वभ्रमण सफलताको कामना गरे ।

बी.बी.सी. यात्रा- २००९ कार्यक्रम औपचारिकरूपमा सुरु भैसकेको थियो । कार्यक्रमको उद्घोषण बी.बी.सी. साझा सवालका नारायण श्रेष्ठले गर्नुभयो । सहउद्घोषक रेडियो प्यूठानका स्टेशन म्यानेजर इमानसिंह भारती र रेडियो माण्डवीका स्टेशन म्यानेजर प्रमोद पोखरेल हुनुहुन्थ्यो । पत्रकार सुशील शर्माले सञ्चालन गरेको बहस कार्यक्रममा राष्ट्रिय जनमोर्चाका प्रतिनिधिले संघीयता भए देश टुक्रिने तथा राष्ट्रियता संकटमा पर्ने र एकीकृत नेकपा माओवादीका प्रतिनिधिले संघीयता बिना देशका नागरिकले वास्तविकरूपमा आफ्नो हक, अधिकार र समान अवसर प्राप्त गर्न नसक्ने तर्क पेश गरे ।

बी.बी.सी. नेपाली सेवाका नेपालगञ्ज संवाददाता नेत्र के.सी.ले सञ्चालन गरेको कार्यक्रमका सहभागीहरूले प्यूठानले मोहन बिक्रम सिंह, मोहन वैद्य किरण, वामदेव गौतम, लीलामणि पोखरेलजस्ता कम्युनिष्ट पृष्ठभूमिका नेताहरू जन्माए पनि उनीहरूको माटोप्रति माया नभएका कारण विकास हुन नसकेको आरोप लगाए । सयौं सहभागीका माझ सञ्चालित उक्त कार्यक्रम गीत/संगीत प्रतिभा खोजी, छलफल तथा साझा सवालमा केन्द्रित भई लगातार २ घण्टासम्म चलेको थियो ।

बी.बी.सी. वर्ल्ड सर्भिस ट्रष्टको उक्त कार्यक्रम पश्चात् हामी रेडियो माण्डबीको निमन्त्रणामा उक्त कार्यालयतर्फ लाग्यौं। कार्यालयमा स्टेसन म्यानेजर प्रमोद हाम्रो अन्तर्वार्ता रेकर्ड गर्नुभयो । अन्तर्वार्ता रेकर्डपछि पोखरेलले "तपाईहरूको कुरा घुमाउरो पाराको भएको बुझ्न नसक्ने" भन्दै विश्वभ्रमण सफलताको कामना अन्तर्वार्ता रेकर्ड पश्चात् हामी होटलमा आयौं, खाना सुत्यौं ।

२०६६ वैशाख २: बिहान हामी खलंगा- ९, रेडियो लाईन अवस्थित सामुदायिक रेडियो प्यूठान ९२ मेगाहर्ज कार्या लाग्यौं। कार्यालयमा स्टेसन म्यानेजर एवं नेपाल पत्रकार प्यूठानका पूर्वसभापति इमानसिंह भारतीले स्वागत गर्दै चौतारी' नामक कार्यक्रमको नियमित प्रसारणलाई कटाएर स्टूडियो भित्र लगी रेडियो तरंगमार्फत अन्तर्वार्ता प्रसारण गराउ अन्तर्वार्ता प्रसारणकै क्रममा कार्यक्रम सञ्चालक भारतीले "संसारलाई बदल्नु छ, सुरु आफैंबाट गर्नु छ" भन्ने नाराबाट आफू प्रभावित भएको बताउँदै अरूलाई उज्यालो छर्न आफैं जल्नु/बल्नु पर्ने धारणा राख्नुभयो । रेडियोको उक्त कुराकानी पश्चात् सकारात्मक पत्रकारिताको बढ्दो आवश्यकतालाई औंल्याउँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

त्यसपछि हामी पुनः खलंगा बजार आएर खाना खायौं । खाना खाए पश्चात् जि.वि.स.को कार्यालय प्यूठान पुग्यौं एल.डी.ओ. अनुपस्थित रहेछन् । हामीले सामाजिक विकास कार्यक्रम अधिकृत चन्द्र बहादुर जी.सी.सँग जि.वि.स.को बारेमा कु गऱ्यौं । कुराकानीका क्रममा अधिकृत जी.सी.ले प्यूठानमा ४९ गा.वि.स. रहेको र विकास निर्माणका हिसाबले प्यूठान पछाडि जानकारी गराउनुभयो । "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि सुरु गरिएको विश्वभ्रमणले पत्रकारिता क्षेत्र निष्पक्ष एवं मर्यादित हुन सघाउ पुऱ्याओस् भन्दै उहाँले सफलताको कामना गर्नुभयो । सोही समयमा उपस्थित ग्रामीण पहुँच तथा विकेन्द्रीकरण परियोजना (आर.ए.आई.डी.पी.) का गोविन्द निरौंलासँग पनि हाम्रो भेट भएको थियो ।

त्यहाँबाट हामी जिल्ला प्रशासन कार्यालय गयौं । त्यहाँ त झन् प्र.जि.अ., सहायक प्र.जि.अ. र प्रशासकीय अधि थिएनन् । त्यहाँ भएका एक शाखा अधिकृत भुप बहादुर पुनले जिल्ला प्रशासन कार्यालयको तर्फबाट भ्रमण सफलताको काम शुभकामना पत्र प्रदान गर्नुभयो । जिल्ला प्रशासनबाट बाहिरिए पछि खलंगा बजारमा जनजाति महासंघका जिल्ला सचिव जीएम सँग हाम्रो भेट भयो । सचिव जीएमले जनजाति महासंघ जनजातिको हक, हितका निम्ति सधैं लागिपरिरहेको जानका विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

खलंगावासीसँग बिदा भई हामी खलंगा बसपार्क पुग्यौं । त्यहाँबाट हामीले खलंगा बजारलाई एकपटक नियाल्यौं। कुचुक्क परेको खलंगाबजार आकर्षक देखियो । स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी संघ खलंगा काउण्टरका ईन्चार्ज भुसालसँग कुराकानी गरेर हामी गाडी मार्फत् २२ औं जिल्लाको रूपमा रोल्पा प्रस्थान गऱ्यौं । यसप्रकार सम्पन्न भएको जिल्ला प्यूठान यात्रामा स्थानीय निकायबाट सहयोग जुट्दै नजुटेकाले हाम्रो खर्च बढी भयो । तर भ्रमण भने अत्यन्त रह्यो । बीच बाटोबाट बस फेरेर हामी रोल्पाको सुलिचौरतर्फ लाग्यौं । सुलिचौर पुग्नै लाग्दा गाडीको टायर पञ्चर अँध्यारामा हिंड्दै हामी सुलिचौर आइ छाड्यौं । २/३ वटा होटलमा बास बस्ने असफल प्रयास भयो । अन्ततः एक होटलमा राती १० बजेतिर खाना खाएर सुत्यौं ।

प्यूठान यात्राका क्रममा प्राप्त नगद सहयोग

रेडियो प्यूठान	रु. ५००/-
राजकुमार वलाल (बुटवल पावर क.)	रु. २००/-
रामबहादुर थापा (अर्घाखाँची)	रु. १००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :

सबैले सहयोग पुऱ्याइदिनुहुन हार्दिक अनुरोध । - शाखा अधिकृत जिल्ला प्रशासन कार्यालय
उद्देश्य पूर्ति होस् । - इमानसिंह भारती (स्टेशन म्यानेजर), रेडियो प्यूठान बूढाचौर
सकारात्मक पत्रकारिताको विकास होस् । - वसन्त के.एम. (सहसम्पादक) हाम्रो एकता साप्ताहिक

२२ औं जिल्ला रोल्पा डायरी

२०६६ वैशाख ३: प्यूठान खलंगाबाट हिजो राती १० बजे रोल्पाको सुलिचौर आइपुगेपछि २२ औं जिल्लाको रूपमा हाम्रो रोल्पा भ्रमण सुरु भयो। सुलिचौर आइपुग्नै लाग्दा गाडीको टायर पञ्चर भयो। अँध्यारामा हामी हिंड्दै सुलिचौर आइछाड्यौं। २/३ वटा होटलमा बास बस्ने असफल प्रयास भयो। अन्ततः एक होटलमा खानपिन गरी सुत्यौं।

आज बिहान उठेर हामीले सुलिचौर बजार भ्रमण गऱ्यौं। माडी खोलाको किनारमा साँघुरो ठाउँ नै किन नहोस् चिटिक्क परेको यो बजार मिजिङ्ग गा.वि.स. को वडा नं. ७ मा पर्दोरहेछ। बजार भ्रमणका क्रममा हामीले त्यहाँ मगर संस्कृतिको झल्को पायौं। भिडियोको डी.भी. चक्का सकिएको र बजारमा किन्न नपाएकाले सुलिचौरको दृश्य कैद गर्न भने हामी असफल भयौं।

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफलः १,८७९ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ५१ वटा, निर्वाचन क्षेत्रः २, सदरमुकामः लिवांग, अञ्चलः राप्ती, विकास क्षेत्रः मध्यपश्चिमाञ्चल*
>
> *भौगालिक अवस्थितिः पूर्व बागलुंग र प्यूठान, पश्चिम सल्यान, उत्तर रुकुम र दक्षिण दांग देउखुरी*
>
> *जातजातिः मगर, ब्राम्हण, क्षेत्री, नेवार, कामी, दमाई, ठकुरी, सन्यासी, गुरुंग आदि।*
>
> *धार्मिक तथा पर्यटकीय स्थलः जलजला हिमाल (वराह क्षेत्र), राँक माधुरी चुचुरो, सुनछहरी, जेदवांग, देउराली, शिव पाञ्चायन मन्दिर (खुंग्री), शिव गुफा (जुगाँर र जिनावांग), स्वर्गद्वारी प्रभुको जन्मस्थल (रुन्टी, सखी), शिव मन्दिर (गुम्चाल) आदि।*
>
> *(साभारः जि.वि.स. परिचय)*

खाना खाएर हामीले माडी खोलाकै स्वच्छ पानीमा रमाइलो कुराकानीका साथ नुहाई-धुवाई गऱ्यौं। गर्मी मौसममा चिसो पानीमा नुहाउन पाउँदा हामीमा साऱ्है आनन्दको महसुस भयो। नुहाई-धुवाई पश्चात् हामी ६०३१ नं. को बसका यातायातकर्मी रोहित खनालको निःशुल्क सहयोगमा रोल्पा सदरमुकाम लिवाङ्ग प्रस्थान गऱ्यौं। कच्ची बाटोका कारण गाडीले पीङ्ग खेलाउँदै ल्यायो। सातदोबाटो डाडामा बस रोकियो। यात्रुहरूले चिया नास्ता लिएपछि बस ओरालो झऱ्यो। डाँडा माथिबाटै लिवाङ्ग बजारको दृष्य नजर गर्दा गर्दै लिवाङ्ग बसपार्क झरिहालियो। आजकल हामीलाई समय बितेको कुनै पत्तो हुँदैन। साँझ परिसकेको थियो। हामीले स्थानीय कल्पना होटलमा गइ खाना खाने र बास बस्ने बाहेक अन्य कुनै कार्य गरेनौं।

वैशाख ४: बिहान उठेदेखि नै एकहप्तादेखि लेख्न छुटेको डायरी विस्तृतिकरण हामीले सुरु गऱ्यौं। उक्त कार्यमा लगातार १३ घण्टा बितायौं। बेलुकाको खानपिन र बसोबास पनि सोही होटलमै भयो।

वैशाख ५: हामीले लिवाङ्ग बजार भ्रमण गर्न सुरु गऱ्यौं। भ्रमणका क्रममा रेडियो रोल्पा ९३.८ मेगाहर्ज कार्यालय पुग्यौं। कार्यालयमा रेडियो रोल्पाका सहसम्पादक धरेन्द्र डाँगी, नें.वि.संघ रोल्पा जिल्ला अध्यक्ष शेर बहादुर थापा लगायतसँग हाम्रो भेट भयो। सहसम्पादक डाँगीले रेडियो रोल्पा बिहान ४ घण्टा ५ मिनेट र बेलुका ५ घण्टा नियमित प्रसारण भइरहेको जानकारी दिंदै प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता का लागि सुरु गरिएको विश्वभ्रमणप्रति सफलताको कामना गर्नुभयो। त्यसपछि हाम्रो भेट नेपाल पत्रकार महासंघ रोल्पा शाखाका सचिव मानसिंह वि.क. सँग भयो। भेटमा सचिव वि.क.ले विश्वभ्रमणबारे चासो राख्दै माडीचौर भ्रमण गर्न आग्रह गर्नुभयो। खाना खाएर हामी माडीचौर तर्फ लाग्यौं।

रोल्पा सदरमुकाम लिवाङ्ग

यात्राका क्रममा रा. १ त. ५६३ नम्बरको ट्रयाक्टरले सहयोग गऱ्यो। सोही ट्रयाक्टरका चालक दिल ब. के.सी., धनराज डी.सी. लगायतसँग हाम्रो कुराकानी भयो। कुराकानीका क्रममा उहाँहरूले कच्ची बाटो र खोलाका बगरमा ट्रयाक्टर चलाउन धेरै कठिनाई भएको बताउनुभयो। हामी लिवाङ्गबाट माडीचौर पुगिसकेका थियौं। माडीचौर माडी खोलाको दुवै किनारमा पर्ने ३ वटा गा.वि.स. ह्वामा, जंकोट र कोट गाउँको संगम रहेछ। लटरम्म फलेका गहुँ र जौका बाला अनि धान खेतीका लागि मलिलो जग्गा हामीले त्यहाँ देख्यौ। जसका कारण उक्त ठाउँ रोल्पाको उर्वरभूमि रहेछ। हाम्रो यात्रा जारी नै थियो।

सोही क्रममा हामी श्री बाल उदय मा.वि. जंकोट- १ पुग्यौं । विद्यालयका भित्तामा लेखिएका केही मननीय उद्गारले मन छोयो । "बालबालिकालाई करले होइन रहरले विद्यालयमा आउने वातावरणको सिर्जना गरौं, विद्यालयलाई धुमपान निषेधित क्षेत्र बनाऔं" जस्ता उद्गारहरू भित्तामा लेखिएका थिए । उद्गारहरू पढिसकेपछि के यस्ता उद्गारहरू व्यवहारमा लागू भएका छन् ? कि भित्तामै लेखिएर सीमित पारिएको छ ? भन्ने जस्ता प्रश्न हाम्रा मनमा सल्बलाए । हामीले त्यहाँ उपस्थित विद्यार्थीलाई पनि भेट्न पायौं । उनीहरूले हामीलाई उक्त विद्यालय र माडीचौरका विषयमा केही जानकारी थपे । त्यसपछि हामी खोलाको झोलुङ्गे पुल तरेर कोटगाउँ गा.वि.स. १ माडीचौर पुग्यौं । त्यहाँ स्थानीयवासी शिवराज र ननीराम घर्ती मगरसँग भेट भयो । उनीहरूले माडीमा आलु, धान, मकै, गहुँ, जौ, तरकारी विशेष रूपमा उत्पादन हुने र त्यहाँ उत्पादित तरकारी लिवाङ्ग लैजाने बताए । १० वर्षे द्वन्द्वको समयमा आफूहरूले ठूलो दुःख पाएको, महिलाहरू एक्लैले नै जमीन जोतेर खेतीपाती गर्नुपरेको जस्ता कुरा स्मरण गर्दै अब त्यस्ता दिन कहिल्यै नआउन्, शान्तिले बाँच्न पाइयोस् भनी उनीहरूले कामना समेत गरे ।

माडीचौरबाट हिंड्दै हामी फेरी लिवाङ्गतर्फ लाग्यौं । वारी-पारी देखिएका डाँडा-पहरा, गल्छी, कलकल बग्दै गरेको नदीआदि हाम्रा पैदलयात्राका विशेष आर्कषण भए । लिवाङ्ग गा.वि.स.कै सिमलवाङ्ग आइपुगेपछि हामीले नास्ता गर्यौं । सिमलवाङ्गवासीले विश्वभ्रमणबारे चासो राखे । एक स्थानीय होटल सञ्चालिका विमला घर्तीले भ्रमण राम्रो रहेछ, भन्दै फेरि सिमलवाङ्ग आउन अनुरोध गर्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । त्यहाँबाट पनि हिंड्दै हामीले रेउघामा अवस्थित अस्पताल र जिल्ला स्वास्थ्य कार्यालय अवलोकन गर्‍यौं । ती २ वटा कार्यालय सदरमुकाम लिवाङ्ग बजारभन्दा केही टाढा रहेछन् । हाम्रो यात्रा त्यतिबेलासम्म जारी थियो, जतिबेलासम्म हामी लिवाङ्ग बजार आइपुगेकै थिएनौं ।

लिवाङ्ग बजार आइपुगेपछि बसपार्क नजिकका एक होटल व्यवसायी मोहन कक्षपतिसँग हाम्रो भेट भयो । व्यवसायी कक्षपतिले विश्वभ्रमणबारे उत्सुकता देखाउँदै पत्रकारिता क्षेत्रले कुनै पनि घट्नाका विषयमा "दूधको दूध, पानीको पानी" छुट्याउनु पर्ने र त्यस कार्यमा कसैबाट पनि अवरोध हुन नहुने बताउनुभयो । कक्षपतिसँग गरिएको केहीबेरको कुराकानी पछि रात परिसकेको थियो । हामी अघिल्लो दिन बास बसेकै होटलमा गयौं, खाना खायौं र सुत्यौं ।

वैशाख ६: बिहान उठ्ने बित्तिकै हामीले लिवाङ्ग बजार अवलोकन कार्यलाई जारी राख्यौं । सदरमुकाम छेउको जुनसुकै ठाउँबाट बजारको तस्वीर सजिलै खिंच्न सकिने र हेर्दा अत्यन्त मनोरम देखिने पायौं हामीले लिवाङ्ग बजार । त्यसै बजारको मनोरमता र रमणीयतामा डूल्दै हिंड्दै हामी न्यू पूर्णिमा स्टेशनरी एण्ड सप्लायर्स पुग्यौं । सञ्चालक केशवकुमार आचार्यले पाठकले पत्रिका नकिनी पढ्न चाहने र सदरमुकामका अधिकांश व्यापारी वर्गले पनि एउटा पनि पत्रिका किन्न नचाहने जस्ता दुःखेसो पोख्दै पत्रपत्रिका बिक्री/वितरणबाट दिनप्रतिदिन घाटामा पर्दै गएको बताउनुभयो ।

खाना खाएर हामी लिवाङ्ग गा.वि.स. कार्यालय पुग्यौं । कार्यालयमा सचिव रामु के.सी., कार्यालय सहायक विलि... बृद्धभत्ता लिन उपस्थित बृद्धबृद्धा एवं स्थानीय युवाहरूसँग हाम्रो भेट भयो । कार्यालय सहायक कुँवरले खाम (मगर) भाषा... को अर्थ बाँस र वाङ्गको अर्थ चौर भएको अर्थात् बाँसै बाँस को चौर भएकाले यसको नामाकरण लिवाङ्ग भएको बताउनुभयो । सदरमुकामको गा.वि.स. भएपनि विकास निर्माणका हिसाबले लिवाङ्ग पछाडि परेको उहाँको भनाई थियो । पत्रकारिता क्षेत्र... परेका अनेकौं समस्यालाई समाधान गर्न तपाईंहरूले सुरु गर्नुभएको यस विश्वभ्रमणले महत्वपूर्ण भूमिका खेलोस् भन्दै... भ्रमणप्रति शुभकामना व्यक्त गर्नुभयो ।

लिवाङ्ग गा.वि.स.को काम सकी हामी जि.वि.स. कार्यालय रोल्पा पुग्यौं । जि.वि.स.मा एल.डी.ओ. नभएका कारण... कार्यालय प्रमुख एवं लेखा अधिकृत टुकमान पुन मगर र सूचना अधिकृत राम कुमार न्यौपानेलाई हामीले विश्वभ्रमणबारे जानकारी गरायौं । सूचना अधिकृत न्यौपानेले जम्मा ५१ गा.वि.स. रहेको रोल्पालाई १० वर्षे युद्धले ठूलो असर पारेको जानकारी गराउनुभयो । उहाँले विकासका पूर्वाधारका कारण पछाडि परेको रोल्पामा जातीपाती, छुवाछुत तथा भेदभाव भने अधिकांश ठाउँमा ... बताउनुभयो । "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि थालिएको यस अभियानले विश्वमा प्रेस स्वतन्त्रता बहाली र सकारात्मक पत्रकारिताको विकास गर्न टेवा पुऱ्याओस् भनी शुभकामना व्यक्त गर्नुभयो । लेखा अधिकृत पुनले ... विश्वभ्रमणले समाजलाई सकारात्मक परिवर्तन गर्न सकोस् भन्दै शुभकामना व्यक्त गर्नुभयो । त्यहाँबाट हामी जिल्ला ... कार्यालय रोल्पा पुग्यौं । प्रशासन कार्यालयबाट हामीलाई सहायक प्र.जि.अ. टोपेन्द्र बहादुर के.सी.ले स्वागत गर्दै विश्वभ्रमणको सफलताका लागि शुभकामना पत्र प्रदान गर्नुभयो । उक्त शुभकामना पत्र लिए पश्चात् हामी नेपाल पत्रकार महासंघ रोल्पा ... महासंघकै कार्यालयमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा सहभागी भयौं ।

अन्तर्क्रिया कार्यक्रमका सहभागी वक्ताहरूले पत्रकार र पत्रकारिता क्षेत्रमा देखिएका समस्याहरूलाई समाधान गर्न ... सबै राजनीतिक दल, नागरिक समाज र सञ्चार जगत् साँच्चिकै लागि पर्ने हो भने प्रेस स्वतन्त्र, निष्पक्ष, मर्यादित र सशक्त हुन सक्ने निष्कर्ष निकाले । अर्न्तक्रिया कार्यक्रममा नेपाली काँग्रेस रोल्पाका उपसभापति जीत विक्रम मल्ल, पत्रकार ...

अध्यक्ष खेम बुढा मगर, सचिव मानसिंह वि.क., क्रान्तिकारी पत्रकार संघ रोल्पाका अध्यक्ष मौसम रोका, अन्य राजनीतिक दलका प्रतिनिधि तथा रोल्पा जिल्लामा कार्यरत पत्रकारहरूको उपस्थिति थियो । कार्यक्रमको अन्तमा महासंघ अध्यक्ष बुढाले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणले प्रेस स्वतन्त्रताको प्रत्याभूति र सकारात्मक पत्रकारिताको मूल्य मान्यतालाई स्थापित गर्न ठूलो योगदान पुऱ्याउन सक्ने विश्वास रोल्पा शाखाले लिएको छ उल्लेख गर्दै शुभकामना पत्र प्रदान गर्नुभयो । त्यहाँको कार्यक्रम सिध्याई हामी साविककै होटलमा आई खाना खायौं र सुत्यौं ।

२०६६ वैशाख ७: बिहान ७ बजे हामी थवाङ्गको यात्रा तय गरेर लिवाङ्गबाट हिंड्यौं । धाड्सी खोलाको तीरैतीर पहराको बीचको बाटो छिचोल्दै मध्य धाड्सी खोला र धवाङ्ग खोलाको दोभानमा हामी आइपुग्यौं । जीर्ण अवस्थाको झोलुङ्गे पुल तरेर हामीले चिया पसलमा चियाको चुस्की लियौं र बिस्कुटको कुट्की चपायौं । पुनः धाड्सी खोलाको तीरै तीर केही घण्टा हामी हिंड्यौं र लाटावाङ्गको उकालो लाग्यौं । ह्वामा-६ लाटावाङ्गमा जनदिशा प्रा.वि. का शिक्षक गोविन्द बुढा र स्थानीय चिया पसलेसँग हाम्रो कुराकानी भयो । दलित बस्तीको बाहुल्यता रहेको लाटावाङ्गमा शिक्षक बुढाले कक्षा ३ सम्म पनि पठनपाठनका लागि उचित भवन नभएको बताउनुभयो ।

त्यहाँबाट पुनः हामी उकालो लाग्यौं । गोठेपोखरा, जुमीजा, गल्च्याङ्ग मल्च्याङ्ग हुँदै हामी फागुनेको तेर्सो बाटो पुग्यौं । त्यहाँ लिवाङ्ग जादै गरेका दिदीहरूले बोकेको पानी मागेर हामीले पियौं । उकालो हिंडेको हिंडै गर्दा पानी कतै पाइएन, जसका कारण हामी खुब तिर्खाएका थियौं । खड्गेवाङ्ग, झिलाधुरी हुँदै हामी थापाखोरेबाट मिरुल गा.वि.स. प्रवेश गऱ्यौं । लिवाङ्गबाट लगातार १० घण्टा हिंडेर मिरुल आउँदा पनि हाम्रो पेटमा खाना परेको थिएन । पेटमा मुसा दगुरेको दगुरै गरेपछि टाँगा सिरानमा भेट भएका ३ जना भाईसँग खाने केही चीज छ ? भनी हामीले सोध्यौं । जवाफमा लिवाङ्गबाट आएका उनीहरूले चाउचाउ र बिस्कुट घरका लागि ल्याएका रहेछन् । हामीले १ पोको चाउचाउ र २ पुरी बिस्कुट किन्ने भनेर अनुरोध गरेपछि उनीहरूले सहजै दिए । भोकको झोंकमा हामीले कपाकप बिस्कुट चाउचाउ खायौं । तर त्यहाँ पनि पानी पिउन भने पाएनौं । त्यसबेला भन्दै थिए रोल्पालीहरू "यो अचम्मको ठाउँ छ, यो बाटोमा हिंड्दा पानी पाइदैन" ।

त्यसपछि हामी टाँगाको ओरालो हानियौं । ठूलो टाँगा आएपछि धाराबाट तीव्र वेगमा झरिरहेको पानी देख्दा र पिउँदा अमृत पिएझैं भयो (तर अहिलेसम्म हामीले अमृत पिएका छैनौं, पञ्चामृत मात्र पिएका छौं) हा...हा...हा... । मिरूल- ८, ठूलो टाँगा निवासी मनबहादुर मगर र चाँची मगरका घरमा हामीले बास माग्यौं । खुशी हुँदै उहाँहरूले हामीलाई बास दिनुभयो । आफ्नै छोरा छोरी सरह हामीलाई कान्छा भनेर प्यारो गर्दै आफूले खाना खाइसकेको भएपनि उहाँहरुले खाना पकाएर दिनुभयो । प्रेमपूर्वक हामीलाई उहाँहरूले दिनु भएको गुन्द्रुक र भात धेरै मीठो लाग्यो । उनीहरूले हामीलाई खानपिन त गराए नै साथै आतिथ्यता राम्रो सँग झल्काई सुत्ने ठाउँको प्रबन्ध पनि गरे ।

वैशाख ८: बिहान उठ्ने बित्तिकै हामी त्यस घरबाट बिदा भई टाँगाको ओरालोतर्फ प्रस्थान गऱ्यौं । घरकी बूढी आमा वरसम्म बाटो देखाउन आउनुभयो । हामी अगाडि बढ्दै गर्दा बुढीआमाले "फेरी पनि आउनु है कान्छा" भन्दै हुनुहुन्थ्यो । बाटो भुल्छन् कि भन्दै टुलुटुलु हेरिरहेकी ती आमाले हाम्रो मन पगाल्न सम्म पगाल्नुभयो । उहाँको मानवता र पारिवारिक सत्कारलाई के व्याख्या गरौं...। बरु भन्न मन लाग्छ यस्तै मानवता सबैसँग भइदिएको भए यो विश्वमा के हुने थिएन होला ?

ओरालो झरिरहँदा काँधमा मूढो बोकेर ठमठमी हिंडिरहेकी ८० वर्ष पुग्न लागेको बताउने राना गाउँकी पेउमा बूढासँग हाम्रो भेट भयो । ती बृद्धा सँग कुरा गर्दै जाँदा आफ्ना श्रीमान्, छोराछोरी कोही नभएकाले साऱ्है दुःख पाइरहेकी छु भन्दै र विलौना गर्दै उहाँले बरबरी आँसु झार्नुभयो । छुट्ने बेलामा ती बृद्धाको एउटा तस्वीर खिंचेर देखाइदिए पछि खस भाषा बोल्न गाऱ्हो हुने उहाँ थोरै भएपनि हाँसेर भन्नुभयो- "राम्रोसँग जाउ है बाबु, घरमा भए त दूध ख्वाउँथे, बाटामा के गर्नु र ? .. यस्तै यस्तै ।

बृद्धासँग छुटेर हामी टूटू हुँदै छेर्लोवाङ्ग खोलाको तीरै तीर केही घण्टा हिंडेपछि गोलचौरतर्फ उकालो लाग्यौं । उकालोमा छेर्लोवाङ्गका तेजेन्द्र पुनसँग भेट भयो । भेटमा पुनले नेपाली भाषामा बडो अप्ठ्यारोसँग कुरा गर्नुभयो । उहाँसँग छुट्टिएर हामी थवाङ्ग- ७ गोलचौर चौतारो पुग्यौं । त्यहाँ लिवाङ्गबाट डोकोमा सामान लिएर आएका २ महिलासँग भेट भयो । त्यतिबेला बिहानको ११ बजिसकेको थियो । उनीहरूसँग हामीले खाने केही चीज छ भनी सोध्यौं । प्रत्युत्तरमा आफूसँग केही नभएको उनीहरुले बताए



र त्यहीं नजिकको झुपडीतर्फ इशारा गर्दै भने- "ऊ त्यो घरमा गएर खाना पकाइ माग्नुस्, चामल नभएपनि आँटो पकाइ दिन्छन्" ती महिलाहरूको सल्लाह बमोजिम नै हामी झुपडीतर्फ लाग्यौं।

झुपडीमा असी वर्ष पुगेको बताउने फूलेका लामा-लामा जुँगा भएका बूढा बाजे मानवीर मगरले मकैको आँटो (खस्रो पीठो) पकाई दिनुभयो। भाँडाकुँडा चाहिं पकाउँदै नमाझिकन चोखै राख्ने गरेकाले एकदमै काला र माझ्री परेका थिए। तर भोकको झोंकमा कुनै प्रवाह भएन। भ्रमण सुरु गरेपछि आँटो खुवाई हाम्रा लागि पहिलो थियो, त्यसैले होला साँच्चै मीठो भयो यो आँटो र आलु सिन्कीको तरकारी। हिँड्ने बेलामा ती बा र चित्रामाथि बसेर भेडाको ऊन बाँटिरहनु भएकी यी बूढी आमासँग हाम्रो थप कुराकानी भयो। बूढाका पनि बूढी मरेकी अनि बूढीका पनि बूढा मरेकाले यी बाजे बज्यै नव जोडी बनेर जिन्दगी बिताइरहनु भएको रहेछ। उहाँहरुका छोराछोरी आ आफ्नै सुरमा छन् अरे घरमा रेडियो पनि नभएको बताउने उहाँहरुलाई आफ्नो गाउँघरका सामान्य कुरा बाहेक देशको बारेमा केही जानकारी पनि छैन। पत्रकार भनेको के हो ? थाहा छैन। छ त केवल बिहान बेलुकी कसरी छाक टार्ने भन्ने चिन्ता ती बयोवृद्ध खोई कहिले आइपुग्ला यो झुपडीमां गणतन्त्र ...? उहाँहरुप्रति कृतज्ञ हुँदै हामी बाटो लाग्यौं।

माओवादी जनयुद्धको उद्गम थलो अर्थात् राजधानी भनेर चिनिएको थवाङ्ग ठूलो गाउँ आउने क्रममा थवाङ्ग-३ वि.क.सँग बाटैमा हाम्रो भेट भयो। स्थानीय वि.क.ले १० वर्षे जनयुद्धका क्रममा आफ्नो गाउँ सबभन्दा बढी प्रभावित तत्कालीन शाही सेनाको डरले जंगलमा धेरै दिनसम्म भोकै लुकेर बस्नु परेको अनुभव सुनाउनुभयो। अब त्यस्तो कहिल्यै उहाँले दिगो शान्तिको कामना समेत गर्नुभयो। वरपरका डाँडा-काँडा, पाखा-पखेरा र गाउँलाई चिनाउँदै उहाँले हामीलाई गाउँ ल्याउनुभयो। यहाँ उहाँले रूकुममा जन्मेर थवाङ्गमा स्थायी बसोबास गर्दै आउनुभएका शिक्षक रेशमकुमार शाह गराउनुभयो। केही घण्टा कुराएर शिक्षक शाहले वरिपरि एकै ठाउँमा झुरुप्प बस्ती रहेको थवाङ्ग गाउँ भ्रमण गराउनु

शिक्षक शाहका अनुसार थवाङ्ग ठूलो गाउँमा २३१ घर धुरी रहेका छन्। त्यसमध्ये २५-३० घर दलित बस्ती बाहेक घर धुरी मगर बस्ती अन्तर्गत पर्दछन्। जातीय छुवाछुत र सामाजिक विभेद यो गाउँमा नरहेको बताउँदै उहाँले दलित र गैर दलित पनि विवाह हुने गरेको जानकारी दिनुभयो। जनयुद्धका क्रममा तत्कालीन शाही सेनाले १९ घर आगजनी गराइदिएको भग्नावशेष अवलोकन गराउँदै उहाँले त्यस समयमा थवाङ्गवासीले माओवादी भएकै निहुँमा घर छाडी स साना बालबालिका सहित परिवार भाग्नु परेको र महिनौं जंगलमा भोक भोकै बिताउनु परेको क्षणको स्मरण गर्नुभयो। बेलुका हामी स्थानीय एक होटलमा। स्थानीय लघुजलविद्युत्का कारण यहाँ साँझदेखि बिहानसम्म बिजुली बत्ती बल्दो रहेछ। स्थानीयवासी भेला भएर डेकमा। मोबाइलको टावरचाहिं छैन यहाँ।

वैशाख ९: बिहान उठ्ने बित्तिकै हामी आवश्यक नास्ता प्रबन्धका साथ पर्यटकीय स्थल जलजला प्रस्थान गर्‍यौं। जलजला गर्दा चलावाङ्ग चौतारोमा जिल्ला वन कार्यालय सुनछहरी पोष्टका गोविन्द ओली, श्याम बहादुर घर्ती र एल.एफ. फिल्ड संयोजक रोबर्ट महरासँग हाम्रो भेट भयो। उहाँहरू ओली धवाङ्ग- ८ र घर्ती अनि महरा गजुल- ८ रोल्पाका स्थानीय बासिन्दा। रमाइलो कुराकानी गर्दै र नै बोकेको चिनी पानी पिउँदै जम्मा ४ घण्टा उकालो हिँडेर गन्तव्य स्थान जलजला पुग्यौं।

जलजला पुग्ने बित्तिकै हामी रमायौं। कारण घाँसमा पनि सुन्दर र रमणीय दृश्य देख्यौं हामीले हिँड्दा गर्ने जलजलामा। वरपर, तलमाथि रहेका ठूला-साना बोटबिरुवा जलजलाको वातावरणमा ढकमक्क फूलेका सेतो-रातो फूलहरू, वरिपरिबाट देखिने सेताम्मे हिमश्रृङ्खलाहरू, जलजला

व्यवस्थित पर्यटकीय स्थल बनाउन लागिपरिरहेका थवाङ्ग, जलवाङ्ग र मिरूल गा.वि.स.का स्थानीयवासीहरू आदि हाम्रा लागि विशेष आर्कषण भए । अझै रमाइलो कुरा त के छ भने हामीसँगै जलजला आएका सहयात्रीहरू र त्यहाँ भेला भएका स्थानीय वासिन्दाहरूसँग सँगसँगै बसेर हाँसखेल र ठट्टा गर्दै खानाको सट्टा नास्ता गरेको क्षणलाई त हामी कहाँ बिर्सन सक्छौं र ? बरु भन्छौं त्यस्तै सुखद संयोग अन्तको यात्रामा पनि मिलोस् ।

जलजलामा

नास्ता ग्रहण पश्चात् हामी जलजलामै रहेको भाम गुफा अवलोकन गर्न गयौं । जलजलामा बग्दै गरेको त्यो कञ्चन पानी हेर्दै र बाटो व्यवस्थित बनाउन जुटेका स्थानीयवासीहरूसँग कुराकानी गर्दै हामी गुफाभित्र टर्च बालेर छिर्‍यौं । गुफा भित्रको अँध्यारो कुनामा ध्वजाहरू राखिएको रहेछ । आस्थावान् भक्तजनले त्यहाँ पूजा गर्दा रहेछन् । त्यहाँको मौसम निकै चिसो थियो । हामीलाई गुफाभित्र पसेपछि निकै आनन्दको ऐहसास भयो । त्यहाँबाट हामी बाहिरियौं । र, हामी पाँचै जना रोल्पा जिल्लाकै सबभन्दा अग्लो स्थानमा गाडिएको स्तम्भ अवलोकनका लागि उकालो लाग्यौं ।

२ घण्टा लगातार हिंडेपछि हामी स्तम्भमा पुग्यौं । उकालो चढ्दै जाँदा यस्ता-यस्ता रमाईला दृष्यहरू देख्न पाइयो कि जसका कारण २ घण्टाको उकालो २ मिनेट झैं गरी बित्यो । झट्ट अवलोकन गरी फर्कने सोच बनाएका हामीलाई त्यो मनोरम, रमणीय, हेर्दै लोभलाग्दो देखिने नेपालको गहना जलजलाले बिदाइको इजाजत दिएन । त्यसैगरी सहयात्रीहरूले त्यहीं अग्लो स्तम्भलाई साक्षी राखेर विश्वभ्रमण सफलताको कामना गरे । जलजलाका विभिन्न ठाउँबाट संकलन गरिएका आकर्षक पुष्प गुच्छा हर्षका साथ हामीलाई प्रदान गर्दै उनीहरूले बिदाई गरे । बिदाईका हात हल्लाउँदै हामी पुनः निर्माण कार्य भइरहेको स्थल जलजला तर्फ नै झर्‍यौं ।

त्यहाँ थवाङ्ग- १ माघेखर्कका दीप नारायण पुन र बहादुर सिंह पुन, मिरूल- ३ सिभरीका बाल बूढा मगर लगायतसँग हाम्रो कुराकानी भयो । कुराकानीमा उनीहरूले एउटा पोखरी बनाउने र वर्षायामको पानीले धुजा परेको ठाउँलाई व्यवस्थित गरी गुफासम्म सहजै पुग्न सक्ने बाटो निर्माण गर्ने लगायतका योजनाअनुसार कार्य आरम्भ भएको जानकारी दिए । उनीहरूले जलजला पर्यटकीय स्थल मात्र नभई धार्मिक हिसाबले पनि महत्वपूर्ण रहेको बताए । बेलुका उनीहरूसँगै हामी जलजलामै बस्यौं । दिनभर ढुङ्गा-माटोको काममा व्यस्त भएर पनि बेलुका बाल र वीर ब. बूढा मगरले हामीलाई हार्दिकतापूर्वक स्वागत गर्दै खाना पकाएर खुवाउनुभयो । यदि उहाँहरू नहुनु भएको भए त्यहाँबाट हामी फर्कनु नै पर्ने हुन्थ्यो । कारण त्यहाँ कुनै होटल, पसल र घरहरू छैनन् ।

वैशाख १०: बिहान उठेर चिया चुस्की लिए पश्चात् हामी घाँसमाथि परेको वैशाखे चिसो तुषारो टेक्दै र एकआपसमा कुराकानी गर्दै पुनः थवाङ्गतर्फ ओरालो झर्‍यौं । जम्मा ३ घण्टा हिंडेर हामी थवाङ्ग आइपुग्यौं । थवाङ्गको एक स्थानीय होटलमा खाना खायौं । त्यसपछि हामीले एकीकृत नेकपा माओवादी थवाङ्गका विप्लव उर्फ हितप्रसाद रोकासँग कार्यालयमा भेट गर्‍यौं । उहाँले सस्तो मनोरञ्जन दिने र समाजलाई विकृतितर्फ धकेल्ने सामाग्रीहरूलाई नराखी मिडियाले समाज रूपान्तरणका निम्ति उपयोगी हुन सक्ने तथा युवाहरूलाई आशा र भरोसा जगाउने समाचार सामाग्रीहरूलाई खोजी-खोजी सम्प्रेषण गर्नुपर्ने धारणा राख्नुभयो । साथै उहाँले "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि थालिएको विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै "यो महान् अभियान सफल पार्न जनयुद्धको उद्गमस्थल थवाङ्ग र थवाङ्गवासी तपाईहरूको साथमा छौं" भन्नुभयो । नमूना गाउँ बनाउन निर्माण कार्यमा जुटिरहेका थवाङ्गवासीहरूले हामीलाई हिंड्ने बेलामा अबिर पहिर्‍याएर बिदाई गरे । त्यसपछि हामी रोल्पा जिल्लाको औपचारिक यात्रा समापन गरी २३ औं जिल्ला रूकुम प्रस्थान गर्‍यौं ।

यसप्रकार सम्पन्न भएको २२ औं जिल्ला रोल्पा यात्रामा पनि स्थानीय निकायबाट केही सहयोग जुटेको भएपनि हाम्रो खर्च बढी नै भयो । यद्यपि पुग्न मन लागेका ठाउँहरु पुगियो यसैमा सन्तोष छ हामीलाई ।

रोल्पा यात्राका क्रममा प्राप्त नगद सहयोग	
कुकमान पुन मगर (जि.वि.स.)	रु. ५२०/-
लिवांग गा.वि.स.	रु. ५००/-
नवयात्रा पुस्तक पसल (मिजिंग, सुलिचौर)	रु. ११६/-
गोविन्द वली (धवांग ८)	रु. २००/-
श्यामबहादुर घर्ती (गजुल ८)	रु. २००/-
रोर्वट महरा (गजुल ८)	रु. २००/-
एनेकपा (माओवादी) थवांग	रु. ३२०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरू :

सकारात्मक पत्रकारिताको मूल्य मान्यता स्थापित हुने विश्वास । - खेमबहादुर बुढा (अध्यक्ष), नेपाल पत्रकार महासंघ

महान् अभियानमा पूर्ण सफलताको कामना - टोपेन्द्रबहादुर के.सी. (नि.प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

५३ औं जिल्ला रुकुम डायरी

२०६६ वैशाख १०: रोल्पाको थवाङ्गबाट हिंड्दै हामी रूकुमको धरमशाला आइपुगेपछि औपचारिकरूपमा हाम्रो रूकुम यात्रा प्रारम्भ भयो, जहाँ रोल्पा र रूकुम जिल्लाको सिमाना छुट्टिने रहेछ । स्थानीयवासी र बटुवाहरुलाई बाटो सोध्दै र प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वयात्राबारे जानकारी गराउँदै हामी महत- १, पोखरा डांडा आइपुग्यौं । बेलुकीको ५ बजिसकेको थियो ।

नास्ता खाँदै हामीले पोखरा डाँडाका प्रकाश बूढासँग कुराकानी गऱ्यौं । उहाँले कुनै पनि रेडियो नबज्ने अनि सफा मौसममा रेडियो नेपालचाहिं जसोतसो बज्ने, दाङ्गबाट हुलाकमा पठाइएका पत्र-पत्रिकाहरू १ महिना भित्रमा पनि आइनसक्ने तथा हालसम्म टेलिफोन सेवा समेत आइनपुगेको बताउनुभयो । १० वर्षे युद्धका क्रममा २०५६ सालमा आफ्ना निर्दोष बुवा टीकाराम बूढा राज्यपक्षबाट मारिएको बताउँदै उहाँले हाल आफू बेरोजगार दु:खेसो गर्नुभयो । जानकारीअनुसार महत गाउँ रूकुम जिल्लाको एकदमै विकट ठाउँमध्ये एक हो । त्यहाँबाट ओरालो झर्दै आएर स्थानीय एक होटलमा बास बस्यौं ।

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफल: २१३४.५७ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ४३ निर्वाचन क्षेत्र: २ सदरमुकाम: मुसिकोट खलंगा, अञ्चल: राप्ती, विकास क्षेत्र: मध्यपश्चिमाञ्चल भौगालिक अवस्थिति: पूर्व म्याग्दी र बागलुंग, पश्चिम जाजरकोट, डोल्पा र दक्षिण सल्यान रोल्पा पर्यटकीय स्थल: सिस्ने हिमाल, स्यार्पु ताल, कमल ताल, रुकुमकोट, सिमैछरी झरना, गुल्जा झरना, चौरजहारी, तकसेरा बस्ती, ढोरपाटन आरक्ष आदि ।*

२०६५ वैशाख ११: बिहान उठ्ने बित्तिकै केही घण्टा डायरी लेखेर हामी थवाङ्ग र लुकुम खोलाको संगम रहेको दोमै (दोभान) खाएर रुमालबारा का लागि अगाडि बढ्यौं । रुमालबारा पुग्नुअघि हामीलाई रुमगार खोलामा नुहाई-धुवाईको साइत जुर्‍यो छङ्ग-छङ्ग बग्दै गरेको त्यस खोलाको किनारमा पुन: डायरी लेखन पनि हाम्रो अर्को योजना बन्यो । यी दुईटै योजनालाई हामीले शोभा- ४, कुचिवाङ्ग अन्तर्गत पर्ने त्यस खोला किनारलाई छोड्यौं ।

बाटामा सी.एस.डी.सी. सम्बद्ध रुकुम खलंगा- ९ रातामाटाका टोप बहादुर पुनसँग हाम्रो भेट भयो । पुनसँग कुरा खोलाको किनारै किनार हिंड्दै अनि वारीपारी देखिने गगनचुम्बी डाँडाकाँडाहरूलाई नियाल्दै हामी रुमालबारा पुग्यौं । लगातार हिंडेर रुमालबारा पुग्दा साँझ परिसकेको थियो । आफू क्रिश्चियन धर्मबाट प्रभावित भएको बताउने पुनले समाज पनि दलमा आबद्ध नभई स्वतन्त्रपूर्वक काम गर्न खोज्दा बारम्बार अप्ठ्यारोमा पर्ने गरेको दु:खेसो पोख्नुभयो । हामी पुन सँगै बास बस्यौं ।

२०६५ वैशाख १२: बिहान उठ्नासाथ हामीले वरिपरिका दृश्य नियाल्ने क्रममा रुमालबाराबाट केही तल प्रष्टैसँग देख्न नजिकको दूरीमा रहेको पर्यटकीयस्थल कमल दह र रुकुमकोट गाउँ अवलोकन गऱ्यौं । ५२ पोखरी ५३ टाकुरी भनेर रुकुमकोट गाउँ यससँगै शोभायमान भएर रहेको कमल दह हाम्रा आँखालाई साँच्चिकै राम्रा आकर्षण बने । ती पर्यटकीयस्थलका हामीले रुमालबाराका रञ्जित नेपाली, सुर बहादुर शाही, पूणजंग सिंह लगायतका स्थानीयवासीसँग सोधपुछ गऱ्यौं ।

कमल दह, रुकुमकोट



गाडी आउने तयारी भइरहेको त्यो गाउँ र शोभा गा.वि. जानकारी दिँदै गाउँमा भोकमरीको समस्या हरेक वर्ष बताए । उल्लेखित स्थलको संरक्षण एवं सम्बर्द्धनमा कसैले नदेखाएको बताउँदै उनीहरूले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणले सरोकारवाला आँखा खोलोस् भनी शुभकामना व्यक्त गरे । त्यसपछि चिया गराएर हामीलाई उनीहरूले बिदा दिए ।

त्यहाँबाट ओरालो झरेर चोक बजार हुँदै हामी पुग्यौं । स्थानीयवासी चूडामणि आचार्यले हामीलाई कवि गौतमको घर र ईलाका प्रहरी कार्यालय रुकुमकोट देखाइ दिनुभयो । ईलाका प्रहरी कार्यालयमा प्रहरी निरीक्षक पौडेल, हवल्दार मदनसिंह धामी लगायतसँग हाम्रो भेट

बिहानको खाना खाने समय भैसकेको थियो । उक्त प्रहरी कार्यालयले नै हामीलाई खानपिनको व्यवस्था गऱ्यो । त्यहाँबाट हामी शोभा- ७ बाहुनठाना निवासी कवि मणिराम गौतमको घरतर्फ लाग्यौं ।

सुरुमै कवि मणिराम गौतम घरमा हुनुहुन्छ ? भनेर जसलाई हामीले सोध्यौं, उहाँ नै मणिराम पर्नु भएछ । कवि गौतमसँग परिचय हुनासाथ दही खुवाएर उहाँले हामीलाई स्वागत गर्नुभयो । कविता बाटै बढी बातचित गर्न रुचाउने उहाँको असाधारण व्यक्तित्वले हामीलाई साँच्चिकै प्रभावित पारिहाल्यो । थोरै कुराकानी गरेर हिंड्ने हाम्रो योजनालाई उहाँले विफल बनाइ दिनुभयो । कविता सुनाउँदै अनि साहित्यको बारेमा वर्णन गर्दै कवि गौतमले हामीलाई देउराली गुफा लैजानुभयो । ६१ वर्षीय अल्सरको बिरामी भएपनि युवा जोश र जाँगर निकाल्दै जम्मा ४५ मिनेट (उकालो, तेर्सो र ओरालो) हिंडाएर उहाँले हामीलाई उक्त गुफा पुऱ्याउनु भएको थियो । ओरालो ग्यार-ग्यारे ढुङ्गा (गिट्टीजस्ता) मा घर्स्रदै जानुपर्ने त्यो गुफा शोभा- ९ रुकुमगार खोला किनारमा रहेछ ।

गर्मी मौसम ओडार भित्र पस्नासाथ हामीलाई शीतलताको ऐहसास भयो । नहुनु पनि कसरी त्यहाँ वर्षायामको झरीझैं ओडारका भित्ताबाट पानी कतै तपतपी त कतै तरतरी बर्सदो रहेछ । गुफा भित्र कवि गौतम अगाडि-अगाडि र हामी पछाडि-पछाडि आकृतिहरूलाई नियाल्दै रह्यौं । भित्तामा कतै केराका काइँयाजस्ता त कतै तरुलझैं आकृतिका दृश्य अनि भुइँमा शिवलिङ्गको सौन्दर्यता र जमेको चिसो पानीले भरिएको रुकुमकोटको वास्तविक गहना रहेछ, देउराली गुफा । तर स्थानीय एवं सरकारी बेवास्ताका कारण गुफाको संरक्षण नभएको कवि गौतमले हामीलाई गुनासो पोख्नुभयो ।

त्यहाँबाट निस्किएर कवि गौतमकै साथमा हामी उहाँको गोठतर्फ उकालो लाग्यौं । गोठमा कविले चिया पकाएर खुवाउनु भयो । चियाको चुस्की र चूरोटको धुँवासँगै उहाँको मुखबाट बारम्बार कविताका जागरुक अंश निस्किरहन्थे । कुनै पनि क्षेत्रमा सफल हुन त्यसप्रति लगाव चाहिने रहेछ भन्ने पाठ हामीले उहाँबाट सिक्यौं । पत्रकारिता साहित्यको दाहिने अंग हो भन्दै कविले विश्वभ्रमण गर्दा नयाँ-नयाँ साहित्यिक शब्द खोज्न र साहित्यको रस लिन उहाँले हामीलाई सल्लाह दिनुभयो । साथै ढुंगाभित्रको धातु निकाल्न र माटो भित्रको उर्वरा शक्ति पहिचान गर्न यस विश्वभ्रमणले सफलता पाओस् भनी उहाँले शुभेच्छा प्रकट गर्नुभयो । साँझ उहाँले हामीलाई घर ल्याउनुभयो । उहाँकी श्रीमती र छोरीले खानपिन र बसोबास व्यवस्था मिलाउनुभयो ।

वैशाख १३: बिहान उठ्नासाथ हामीले कवि गौतमका डायरीमा उहाँको धारा प्रवाह कविता वाचनबाट उत्पन्न भएका हाम्रा भावना पोख्यौं । बेलुका हामी सुतेपछि कविजीले हाम्रा विषयमा "सत्यभित्र साहित्य खोज" शीर्षकमा कविता लेख्नुभएको रहेछ । जसको केही अंश यस्ता छन्:

विकृति हिंसा त्यागे, भेटिन्न भ्रान्तिको जर
विश्वभ्रमण गरी फर्क, तिम्रै नेपालको घर ।
गुरुका ज्ञानका तत्व, सकिन्न वर्णनै गरी
मार्ग कुमार्ग बुझेर, युवा जाउ अघि सरी ॥

कविले यस कवितालाई आत्मसात् गर्न हामीलाई अनुरोध गर्दै रुकुमकोट गाउँ भ्रमण गराउनुभयो । भ्रमण पश्चात् कवि गौतमकै घरमा खाना खाई हामी बिदा भयौं । र, रुकुमको अर्को पर्यटकीयस्थल स्यार्पु तालका लागि प्रस्थान गऱ्यौं ।

रुकुमकोटबाट हिंड्दै छिपृदहबाट ओरालो झरेर हामी सानी भेरी नदी किनार पुग्यौं । नदीको किनारै-किनार ताता घाम र समय-समयमा हावा एवं गाडीले उडाउने धूलोलाई निःशर्त स्वीकार गर्दै हामी अगाडि बढिरह्यौं । स्यालापाखा- ९, नाथीगाड र चिसापानी लगायतका ठाउँलाई छिचोल्दै हामीले पीपल भन्ने ठाउँबाट सानी भेरीको झोलुङ्गे पुल तऱ्यौं । पुल तर्नासाथ पीपल- ६ की रीता के.सी.सँग हाम्रो भेट भयो । भेटमा के.सी.ले आफ्नो घरमा रेडियो नभएको र पत्रकार शब्द नौलो लागेको बताउनुभयो । तर कहिंलेकाही टी.भी. भएको घर पुग्दा भने टी.भी. हेर्ने गरेको उहाँको भनाई छ । समाचार खोज्ने एवं भन्ने काम पत्रकारले गर्छन् भन्दा उहाँ खुशी हुनुभयो । र, भन्नुभयो- ए, त्यसो भए स्यार्पु तालको फोटो खिच्न आउनु भएको पो रहेछ !

रीता के.सी.सँगको भेटघाटले हामीलाई नेपाली पत्रकारिताको विकास गर्न अझ मेहनत गर्नुपर्छ भन्ने पाठ सिकायो । यही सिकाइसँगै हामी बाटाका विभिन्न घुम्तीलाई छिचोल्दै कोलचौरबाट स्यार्पु ताल पुग्यौं । स्यार्पु ताल पुगेपछि बाँफिकोट- ३ का टेक

बहादुर के.सी., हरी देवकोटा र स्यार्पु ताल नि.मा.वि.का प्र.अ. जोख बहादुर चन्दसँग हाम्रो भेट भयो । साँझ परिसके स्यार्पुतालको दृश्य देख्न सक्ने सम्भावना थिएन । त्यसैले उनीहरूसँगै केहीबेर कुराकानी भयो ।

उनीहरुले आफ्नो गाउँको यो काललाई केही सञ्चारमाध्यम र सामान्य ज्ञानले स्यार्पु ताल रुकुममा होइन जाजरको भनेर भनिदिंदा चित्त दुख्ने गरेको बताए । हामीले पनि केही सामान्य ज्ञानमा स्यार्पुताल जाजरकोटमा पर्छ भन्ने पढेका रेडियोहरुले पनि त्यही पढ्ने गरेको सुनेका थियौं । हैन, के भएको होला यि सामान्य ज्ञान लेख्नेहरुलाई ??? सायद यिनीहरु नेपा कोठामै बसेर नेपालभरिका ठूल्ठूला साइजका सामान्य ज्ञान तयार गर्छन् र त परिणाम यसरी गलत हुन्छ । यसो किन पनि भ भइयो भने हामीले स्यार्पुतालको सवालमा मात्र होईन अन्य तथ्यहरु पनि गलत पाएका छौं । हामी प्र.अ. चन्दको घरमा बास
वैशाख १४: बिहान उठेर हामीले प्र.अ. जोख ब. चन्दकै सहयोगमा डुंगा चढेर स्यार्पु ताल अवलोकन गऱ्यौं । बाँफिकोट को वडा नं. ३ र ७ मा अवस्थित सो ताल पनि निकै रमणीय र सुन्दर रहेछ । त्रिभुज आकारमा रहेको सो तालको निर्मल हेर्दा निलो रंगमा देखिन्छ । त्यस तालबाट जथाभावी माछा झिकेर केही स्थानीयवासीले लैजादा रहेछन् । साथै संरक्षणको खतरा मोलिरहेको अवस्थामा पनि देखिन्छ स्यार्पु ताल । यी समस्याहरूलाई निराकरण गर्न प्र.अ. चन्दले सरकारको नजर ताल संरक्षण होस् भन्नुभयो । र, आफू लगायत स्यार्पु ताल आसपासमा बस्ने स्थानीयवासी पनि संरक्षणमा लाग्ने बताउनुभयो अवलोकन पश्चात् हिंड्ने बेलामा चन्दले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणले निष्पक्ष एवं मर्यादित पत्रकारिता क्षेत्रको विकास गर्न सहयोग पुऱ्याओस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

त्यहाँबाट हामी रुकुमको सदरमुकाम मुसिकोट खलंगातर्फ प्रस्थान गऱ्यौं । नेटापोखरा हुँदै हामी गा.वि.स. बाँफिकोट आइपुग्यौं । कार्यालय परिसरमा स्थानीयवासी शुकलाल परियार, वीरेन्द्र उ.मा.वि. व्यवस्थापन समितिका अ बहादुर खड्का, शिक्षक तिलक पुन, वीरेन्द्र प्रा.वि.का जोख बहादुर सिंह लगायतसँग हाम्रो भेट भयो । प्र.अ. सिंहले पत्र स्वतन्त्र एवं निष्पक्षताका साथ शान्ति र नागरिक सर्वोच्चताका विषयमा कलम चलाइरहनुपर्ने बताउनुभयो । अध्यक्ष तपाईंहरूको यात्राले ग्रामीण भेगका जनताको अवस्था र वास्तविकता बुझी समस्या समाधानका उपाय खोजी गरोस् भ सफलताको कामना गर्नुभयो ।

त्यसपछि हामी ईलाका प्रहरी कार्यालय बाँफिकोट आयौं । प्रहरी कार्यालय बाँफिकोटमा सई विश्वनाथ महतो, अस कुमार के.सी., प्रहरी जवानहरू पूर्ण बहादुर गिरी, धर्मदेव पन्त लगायतसँग हाम्रो परिचय भयो । नयाँ परिवर्तनसँगै जनताले हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन गरेको जानकारी गराउँदै असई के.सी.ले सोर्स, फोर्स र राजनीतिक प्रभावले प्रशासनिक विकृत नबनाओस् भन्ने धारणा राख्नुभयो । बिहानको १० बजिसकेको थियो । प्रहरी कार्यालयले नै हाम्रो खानपिनको प्रबन्ध

प्रहरी कार्यालयबाट बिदा भई हामी श्री वीरेन्द्र उ.मा.वि. बाँफिकोट झऱ्यौं । उक्त विद्यालयमा प्राचार्य महेश्वर शर्मा वीरभान पुरी अन्य शिक्षक तथा विद्यार्थीहरूसँग हाम्रो कुराकानी भयो । विद्यार्थीहरूले “सरहरूले विभिन्न बहाना गरेर पढाउनु हुन्न” भनेर दुःखेसो पोखे भने शिक्षकहरूले चाही “विशेष परिस्थितिबाहेक विद्यालयमा नियमित पठनपाठन गरिन्छ भनी दाबी गरे । किन विद्यालयमा समस्या आइरहेको छ ? भन्ने प्रश्नमा शिक्षकहरूले भने- “विद्यार्थी अनुपातमा शिक्षकको छैन, सरकारी अनुगमन भएन र व्यवहारिक शिक्षा पनि नभएकाले गुणस्तरीय शिक्षा दिन सकिएन ।” कलिलो उमेरमै दु लिनुभएछ, लक्ष्य पूरा होस् र यस विश्वभ्रमणले नागरिकलाई सकारात्मक ऊर्जा प्रदान गरोस् भन्दै प्राचार्य शर्माले वि तर्फबाट शुभकामना व्यक्त गर्नुभयो ।

उक्त उ.मा.वि.बाट बिदा भई हामी त्रिपुरा मा.वि. स्यालापाखा- ६ का शिक्षक डम्बर चन्दले देखाएको बाटो अनु ओरालो झऱ्यौं । तल कलकल गर्दै थकान् रहित यात्रा गरिरहेकी सानी भेरी नदी, वारीपारीका पहाडी भू-भाग अनि सौन्दर्यतालाई नियाल्दै हामीले छिनखेत कटेर झुला गाराघाटबाट जीर्ण अवस्थामा रहेको झोलुङ्गे पुलमार्फत नदी पार गऱ्यौं पानीको प्यास, वैशाखे घामको ताप अनि शरीरको थकान्बाट कति पनि विचलित नभई हामीले कतै उकालो त कतै ते जारी राख्यौं । यात्राकै क्रममा राउखेत काटेर रातामाटा पुग्यौं ।

रातामाटाको ढुंगे चौतारामा आराम गरिरहेका आठबीसकोट निवासी केदारभक्त शाह, राम बहादुर शाही, इन्द्र प्रसाद र मदन शाहसँग हाम्रो परिचय भयो । उनीहरूले आठबीसकोट गा.वि.स.बारे जानकारी दिँदै क्षेत्री जातिको बाहुल्यता रहे ठाउँमा टाइफाइड, हैजा, झाडापखालाको समस्या रहेको बताए । साथै एक दशक पहिला घटेको घटनाको स्मरण गर्दै उ भने- “आठबीसकोटको एक केटा र चौरजहारीकी एक केटीबीच प्रेम भएको थियो । पछि कारणवश केटीले आत्महत्या गर गाउँका बासिन्दाबीच फाटो आयो । सोही विषयलाई लिएर हालसम्म पनि चौरजहारीबासीले आठबीसकोटवासीलाई दुःख दिइ एकपटक घटेको त्यो घटना अहिलेसम्म पनि इगो बनिरहनु हामीलाई दुःखको विषय बनेको छ ।” उनीहरूसँग कुराकानी ग

रुकुमको सदरमुकाम मुसिकोट (खलंगा) आयौं । सरसर्ती खलंगा बजार अवलोकन गर्दै अगाडि बढ्दा रमाइलै लाग्यो । साँझ परिसकेका कारण राम्ररी घुम्नलाई हामीसँग समय थिएन । त्यसैले हामी सिम्रुतु होटलमा खाना खाएर सुत्यौं ।


रुकुमको सदरमुकाम मुसिकोट (खलंगा)

वैशाख १५ः बिहान उठेर खलंगा बजारमा रहेको सदरमुकामकै एउटै मात्र साइबरमा हामीले मेल गर्‍यौं । दुईटा मात्र कम्प्युटर रहेको उक्त साइबरमार्फत त्यहाँका सञ्चारकर्मीहरूले पालैपालो विभिन्न सञ्चारमाध्यममा समाचार पठाउँदा रहेछन् । यस विषयमा हामीले सञ्चारकर्मीसँग जिज्ञासा राख्दा उनीहरूले भने- "केही वर्ष पहिले त फोन र ईमेल भनै थिएन कुरियरबाट समाचार पठाउने गर्थ्यौं । अहिले बरु हातहातमा मोबाइल-घरघरमा फोन र एउटै भएपनि इमेल सुविधा छ ।" त्यहीं हामीले दीपक संगम थापा, तारक के.सी., आदर्श के.सी., गणेश वि.क., कमल वि.क. लगायतका पत्रकारहरूसँग भेट्यौं । राज्यको तर्फबाट स्वतन्त्र पत्रकारिताका लागि केही भएको छैन भन्ने भन्दै उनीहरूले आर्थिक समस्या, राजनीतिक पार्टीहरूको दबाब र उनीहरूको गल्ती कमजोरीलाई औंल्याउँदा दुर्व्यवहारको शिकारसमेत हुनु परेको गुनासो गरे ।

खाना खाएर हामी दीपक पत्रकार संगमसँग जन्तीधारा साप्ताहिक कार्यालय पुग्यौं । त्यहाँ पत्रकार सुरेन्द्र खत्री र देपेन्द्र कुमार खड्कासँग हाम्रो भेट भयो । भेटमा उनीहरूले रूकुममा पत्रकारिता टुसाएको आलुजस्तो अवस्थामा रहेको, ३ वर्ष पहिलेभन्दा अहिले काम गर्न सहज भएको तर साधन श्रोतको अभावमा एक हुल पस्ने र अर्को हुल निस्कने अवस्था विद्यमान रहेको जानकारी हामीलाई दिए । उनीहरूले जन्तीधारा र नयाँ यात्रा साप्ताहिक प्रकाशित, सानी भेरी एफ.एम. प्रसारित र सिस्ने एफ.एम. खुल्ने तयारी भइरहेको बताए ।

जन्तीधारा साप्ताहिकको कार्यालयबाट हामी पत्रकार देपेन्द्र कुमार खड्काको सहयोगमा जि.वि.स. कार्यालय गयौं । त्यहाँ कायममुकायम स्थानीय विकास अधिकारी हरिप्रसाद किरण ओझा, कार्यक्रम अधिकृत चिन्तामणी दाहाल, म्याक्स प्रो का कर्ण ब. हमाल, यु.एस.ए.आइ.डी. का प्रकाश रोकाया, सिम्लीका विवेक बुढाथोकी, नेपाल पत्रकार महासंघ अध्यक्ष नारायण शाह लगायतसँग हाम्रो भेट भयो । एल.डी.ओ. ओझा र अधिकृत दाहालले ठूलो, साहसिक र राम्रो कार्यको थालनी गर्नुभएछ, विश्वभ्रमण सफल होस् भनी कामना गर्नुभयो ।

जि.वि.स.को काम सकी हामी जिल्ला प्रशासन कार्यालय पुग्यौं । प्रशासन कार्यालयमा प्र.जि.अ. देवराज ढकाल, सामाजिक सेवा कोषका अध्यक्ष खेममान खड्का लगायत उपस्थित महानुभावलाई हामीले भ्रमणबारे जानकारी गरायौं । हाम्रो योजनालाई उच्च मूल्याङ्कन गर्दै प्र.जि.अ. ढकालले कार्यालयको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो । उहाँको जन्मघर देंला भोजपुर रहेछ ।

जि.प्र.का.को पनि काम सकी हामी केहीबेर बजार घुम्यौं । पत्रकार महासंघ रुकुमका अध्यक्ष नारायण शाहसँग जि.वि.स. मा सामान्य देखादेख भएपनि पुनः हाम्रो भेट हुन सकेन । साँझ परिसकेको थियो । अघिल्लो दिन बसेकै होटलमा हामीले खाना खाई सुत्यौं ।

सञ्चारकर्मीहरु सँग

वैशाख १६ः हाम्रो आजको यात्रा सानी भेरी एफ.एम. १००.८ मेगाहर्जको स्टेशन खलंगाबाट सुरु भयो । जहाँ हामी बजारबाट आधा घण्टा उकालो हिँडेर पुगेका थियौं । १०० वाट प्रसारण क्षमता भएको उक्त रेडियो स्टेशनमा समाचार तयार गर्न हस्याङ्ग-फस्याङ्ग गरिरहनु भएकी एफ.एम. कर्मी कमला रोका र एकजना प्राविधिक मात्र रहेछन् । छोटो कुराकानी गरेर पछि बजारमा अवस्थित सोही एफ.एम.को कार्यालयमा भेट गर्ने सल्लाहका साथ हामी फर्क्यौं । र, सल्ले एयरपोर्टतर्फ लाग्यौं ।

एयरपोर्ट पुग्ने बेलामा रुक्मिणी उ.मा.वि. रुकुमकोटका शिक्षक नरेन्द्र दाहालसँग हाम्रो भेट भयो । शिक्षक दाहालले शिक्षकहरू विभिन्न पार्टीको भातृ संगठन बनाएर कमजोर भएका र आफ्नो जिम्मेवारीबाट पन्छिने कारण शिक्षाको गुणस्तरीयतामा

कमी आएको आरोप लगाउनुभयो । प्रेस क्षेत्र पनि दलगत नभई स्वतन्त्र, निष्पक्ष र कुनाकाप्चासम्म पुग्ने हुनुपर्छ भन्ने धारणा उहाँले राख्नुभयो । स्थानीयवासीले स्थानीय मिडियाको विकासमा ध्यान नदिएको देखिन्छ नि ? भन्ने प्रश्नमा उहाँले सहमति जनाउँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । सल्ले एयरपोर्टमा पुगेपछि हाम्रो भेट असई शशीधर शर्मासँग भयो । असई शर्माले उक्त विमानस्थलबाट हप्ताको २ दिन शनिवार र मंगलबार काठमाडौं अनि बुधवार र शुक्रबार नेपालगञ्ज जहाज आवतजावत गर्ने जानकारी दिनुभयो । रुकुमबाट नेपालगञ्ज जानुपर्दा प्लेन र गाडीमा ४-५ सयको मात्र फरक पर्ने भएकाले जहाज चढ्नेको घुइँचो लाग्ने जानकारी समेत असई शर्माले हामीलाई दिनुभयो ।


खारा

सल्ले एयरपोर्टबाट खलंगाबजार आएर हामीले खाना खायौं । त्यहाँ पत्रकार लक्ष्मण के.सी., बालकृष्ण शर्मा, रूद्र गोपाल डाँगी, शक्ति कुमार पुन, पत्रकार महिला टीका हाम्रो परिचय भयो । त्यसपछि हामी सिस्ने बहुउद्देश्यीय जनसेवा केन्द्रद्वारा सञ्चालित सानी भेरी एफ.एम. सम्पर्क पुग्यौं । त्यहाँ नेपाल पत्रकार महासंघ रुकुमका सचिव शेर बहादुर के.सी., का.मु. स्टेशन म्यानेजर कमला रोका, प्रमुख बल ब. ओली, कार्यक्रम प्रस्तोता पुष्पा ओली, रिमा खड्का, लगायतसँग हाम्रो कुराकानी भयो । उपस्थित सबै विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गरे । सचिव के.सी. ले महासंघ र म्यानेजर रोकाले एफ.एम.को तर्फबाट पत्र प्रदान गर्नुभयो । शुभकामना प्रदानका क्रममा रोकाले भन्नुभयो- "महिला सञ्चारकर्मीहरूलाई ग्रामीण क्षेत्रमा नटेर्ने र राम्रो दृष्टिकोणबाट नहेर्ने परिपाटी प्रमुख चुनौती भएको छ । तर त्यसका बाबजुद पनि आफूहरू चुनौतीलाई अगाडि बढिरहेका छौं ।"

खलंगाबाट सबैमाझ बिदा भएर हामी दाङ्ग पुग्ने र सल्यानको यात्रामा आउने निर्णय गरी खारा- १ लिवाङ्ग कारण, भिडियो डी.भी. रूकुममा नपाएकाले हामी दाङ्ग जानुपर्ने नै भएको थियो । यसक्रममा हामी चौपाबाट ओरालो झरे बजार पुग्यौं । र, तेंसो हिंड्दै सिम्रुतु रुँघाबाट उकालो चढ्यौं । लिवाङ्ग गाउँ आइपुगेपछि रीता ओलीको पसलमा बास २०६६ वैशाख १७: बिहानै उठेर हामी लिवाङ्गबाट उकालो चढेर खारा, मुरु, झुल्नेटा हुँदै अगाडि बढ्यौं । अगाडि बढ्ने २ खाराका प्रेम ब. बाठाले १० वर्षे जनयुद्धका क्रममा दोहोरो भिडन्त हुँदा २ पटक आफ्नो घर ध्वस्त भएको दुःखेसो पोख्नुभयो दुःखेसोमा औस्याहा ओलीको पनि सहमति थियो । चर्चित खाराको भिडन्तमा भएको जनधनको क्षतिबारे हा सञ्चारमाध्यममा सुने, पढेका थियौं ।

बिहान करिब १०:३० बजे हामी खौला आइपुग्यौं । र, खौलाबाटै २३ औं जिल्ला रूकुम यात्रा समापन गरी २४ औं जिल्लाको रूपमा सल्यान प्रवेश गऱ्यौं । प्यूठान र रोल्पामा माइनस भएका हामीलाई रुकुमको सहयोगले मलमपट्टि लगाइदियो ।

(नोटः रुकुम यात्राको बाँकी अंश जाजरकोट डायरीमा)

रुकुम यात्राका क्रममा प्राप्त नगद सहयोग

सामाजिक सेवा कोष (जि.प्रशासन)	रु. ५,०००/-
जिल्ला विकास समिति	रु. २,०००/-
वीरेन्द्र उ.मा.वि. (बाफिकोट)	रु. ५००/-
भुपेन्द्र वली (पाखापानी, रोल्पा)	रु. ५०/-
शंकर परियार (गोतामकोट ३)	रु. ५०/-
दीपक परियार (आठविसगाउँ ४)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्दे

मार्ग कुमार्ग बुझेर, युवा जाउ अघि सरी । - कवि मणिराम गौतम, रुकुमकोट
रुकुम जिल्लामा हार्दिक स्वागत । - देवराज ढकाल (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
लक्ष्यअनुरुप उपलब्धि हासिल होस् । - शेरबहादुर के.सी. (सचिव) नेपाल पत्रकार महासंघ
अभिष्ट प्राप्ति एवं उत्साहजनक कार्य सफलताको कामना । - कमला रोका (का.वा.स्टेशन म्यानेजर), रेडियो सानीभेरी
महान् लक्ष्य पूर्ण होस् । - धर्मराज अवस्थी (प्र.ना.नि.), ईलाका प्रहरी कार्यालय आठबिसकोट

२४ औं जिल्ला सल्यान डायरी

२०६६ वैशाख १७: स्थानीयवासीका अनुसार रुकुम जिल्ला र सल्यान जिल्लाको सिमानामा पर्ने खौलाबाट हाम्रो २४ औं जिल्ला सल्यानको औपचारिक यात्रा प्रारम्भ भयो । खौलाबाट ओरालो झर्दै लौराबाङ्ग, समखोला हुँदै शिवरथ- ९, पेडी खोलाबाट हामी उकालो लाग्यौं । उकालोमा केही विद्यार्थीहरूसँग हाम्रो भेट भयो । उनीहरूले "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि थालिएको विश्वभ्रमणबारे जिज्ञासा राख्दै भ्रमण सफलताको कामना गरे । हिँड्दै हामी वाङ्गेलापुरी आइपुग्यौं । त्यहाँबाट केही उकालो अनि तेर्सो हिंड्यौं । र, शिवरथ- ८ मा पर्ने विन्दु देव्रकोटाको पसलमा पुग्यौं । पानी पिउँदै केहीबेर कुराकानी गरी हामी त्यहाँबाट हिंड्यौं ।

संक्षिप्त परिचय

क्षेत्रफल: १,४६२ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ४७ वटा,
निर्वाचन क्षेत्र: २, सदरमुकाम: सल्यान खलंगा.,
अन्चल: राप्ती, विकास क्षेत्र: मध्यपश्चिम
भौगालिक अवस्थिति: पूर्व रोल्पा, पश्चिम सुर्खेत, बर्दिया उत्तर रुकुम, जाजरकोट र दक्षिण दांग, बाँके जिल्ला ।
भाषा: नेपाली, मगर, हिन्दी, मैथिली, थारु आदि ।

बाटामा हिंड्दै गर्दा गाउँका छिमेकीको विवाहमा झ्याली (झ्याम्टा) लिएर बाजा बजाउन हिंडेका एक किशोर मनोज परियारसँग हाम्रो जम्काभेट भयो । परियारले आफू जाँड-रक्सी, चूरोट-खैनी केही सेवन नगर्ने बताउँदै उहाँको गाउँघरको बारेमा जानकारी दिनुभयो । परियारसँग हामी करिब आधा घण्टासम्म सँगै हिड्यौं । गन्तव्य स्थान बेग्ला-बेग्लै भएका कारण उहाँ हामीसँग छुट्टिनुभयो । छुट्टिने बेलामा ती भाईलाई जाँड-रक्सी, चूरोट-खैनी केही सेवन नगर्ने बानी सधैं जारी राख्नु है भाई भनेर हामी खरीबोटतर्फ ओरालो झर्‍यौं । थारमारे- ५, खरिबोट पुगेपछि त्यहाँका स्थानीयवासीसँग हाम्रो भेट भयो । स्थानीयवासीले विश्वभ्रमणबारे चासो राख्दै भ्रमण सफलताको कामना गरे ।

साँझ पर्ने लागेको थियो । हामी पाखापानी शारदा यात्रु होटलमा पुग्यौं । होटल सञ्चालक प्रेम ब. ओलीसँग हाम्रो कुराकानी भयो । सञ्चालक ओलीले १० वर्षे युद्धका समयमा २०५८ चैत्र १९ गते माओवादी कार्यकर्ताले आफ्ना बाबुलाई हत्या गरेको बताउनुभयो । उहाँकाअनुसार बाबु प्रहरी चौकीको मेस चलाउने कार्य गर्दथे । हामीलाई उहाँले होटलको १ कोठामा लानुभयो । कोठामा केहीबेर आराम गर्दै गर्दा पाखापानी रोल्पाका भुपेन्द्र ओली त्यहाँ आइपुग्नु भयो । निःशुल्क खानपिन र बसोबासको व्यवस्था होटल सञ्चालक प्रेम ब. ओली नै मिलाउनु भयो ।

२०६६ वैशाख १८: भिडियोको डी.भी. चक्का लिनुपर्ने कारण बिहान उठ्ने बित्तिकै हामी पाखापानीबाट गाडी चढेर तुल्सीपुर, दाङ्गतर्फ प्रस्थान गर्‍यौं । तराई बन्दका कारण गाडी ठाउँ-ठाउँमा रोकिदै साँझ ६ बजे तुल्सीपुर पुग्यो । साँझका समयमा तुल्सीपुर पुगेपछि हामीले केहीबेर बजार भ्रमण गर्‍यौं । बेलुका तुल्सीपुरकै मयूर एकतारे होटल एण्ड लज गई हामीले खाना खायौं र सुत्यौं ।

२०६६ वैशाख १९: बिहान उठेर पनि हामीले तुल्सीपुर बजार भ्रमण गर्‍यौं । डीभीका लागि धैरै पसलमा चाहार्दा-चाहार्दै बिहानी समय बितिसकेको थियो । अन्तमा एक पसलबाट डीभी चक्का खरीद गर्‍यौं । चक्का खरिद पश्चात् हामी जीप चढेर सल्यान खलंगातर्फ प्रस्थान गर्‍यौं । तरकारी खेतीका लागि निकै प्रसिद्ध कपुरकोट बजार सल्यानमा हामीले काफल खायौं । त्यहाँबाट जीप अरिंगाले पेदी, लुहाम हुँदै अगाडि बढ्यो । सल्यानकै व्यापारिक केन्द्र श्रीनगर आएपछि जीपबाट ओर्लेर हामी नुहाई-धुवाईका लागि शारदा खोला पुग्यौं । नुहाई-धुवाई पश्चात् यहींको होटल रिभर भ्यू एण्ड लजमा पुगी हामीले खाना खायौं र सुत्यौं ।

सल्लीफिर (कुसुम) को भारी

२०६६ वैशाख २०: बिहान उठेर हामी लगातार १० घण्टा रोल्पा र रूकुम डायरी विस्तृतिकरणमा जुट्यौं । तत् पश्चात् श्रीनगर बजार भ्रमणमा निस्कियौं । बजार भ्रमणका क्रममा सिविन नेपाल श्रीनगर सल्यानको कार्यालयमा सामाजिक परिचालक मनवीर बस्नेत, कार्यालय सहायक ललिता वली, काली ब. भण्डारी, निम ब. बुढाथोकी 'अविरल, लोकराज खड्का 'पीडित लगायतसँग हाम्रो भेट भयो । सामाजिक परिचालक बस्नेतले विश्वभ्रमणको योजनाले आफू सल्यानको पत्रकारिता विकास गर्न प्रेरित भएको

उल्लेख गर्दै भ्रमण सफलताको कामना गर्नुभयो। विश्वभ्रमणबारे बस्नेतको टिप्पणी यस्तो छ- "देशमा प्रेस स्वतन्त्रता गुमिरहेको अवस्थामा र राजनीतिक गतिरोध बढिरहेको समयमा प्रेसको विकास तथा प्रेस स्वतन्त्रताको निम्ति जुन महान् कदम थाल्नु भएको छ, त्यसका लागि धन्यवाद । साथै सल्यानका विभिन्न पर्यटकीय स्थल मध्ये खैरावाङ्गको भगवती मन्दिर, कुपिण्डे ताल, कालीमाटी देउती बज्यै, कुमाखको सिद्ध गुफा र माल्नेटाको अदुवाको विषयमा अलिकति कुरा राख्नु हुनेछ ।" बेलुकी अघिल्लो दिन बास बसेकै होटलमा खाना खाइ हामी सुत्यौं ।

वैशाख २१ : बिहान उठेर हामीले एस.बी. इलेक्ट्रोनिक्स श्रीनगरमा ३ घण्टा डायरी टाइप गर्‍यौं। डायरी टाइप पश्चात् स्थानीय एक होटलमा हामीले खाना खायौं। विश्वभ्रमण अभियानबारे बुझाएपछि होटलका सञ्चालकले यसो भने- "हामी जस्ताका झुपडीमा आएर पनि तपाईहरुले खाना खाइदिंदा साह्रै खुशी लाग्यो, पनि आउँदै गर्नुहोला।" खाना खाइसके पश्चात् हामी अदुवाका लागि प्रसिद्ध ठाउँ माल्नेटा गाउँतर्फ प्रस्थान गर्‍यौं। सल्या... सिंचाईका लागि निकै ठूलो योगदान पुर्‍याएको शारदा खोलाको तीरै तीर हिँड्दै हामी कजेरी- ६ बरला आइपुग्यौं। बरला... खोला तरेर हामी ठाडो ढुङ्गातर्फ उकालो लाग्यौं । २ घण्टा लगातार उकालो हिँडेपछि हामी ठाडो ढुङ्गा पुग्यौं ।

ठाडो ढुङ्गा पुगेपछि लक्ष्मी प्रा.वि. माल्नेटाका शिक्षक चेतलाल न्यौपाने सँग हाम्रो भेट भयो। भेट हुने बित्तिकै शिक्षक... हामीलाई डाँडागाउँ- ९, ढारखानी, माल्नेटातर्फ लैजानु भयो। उक्त ठाउँ रेशा विहीन अदुवाको एकदमै उर्वरभूमि रहेछ। ... हामीले अदुवा खेतीलाई नियाल्यौं । न्यौपानेले उक्त ठाउँको अदुवा अन्तर्राष्ट्रियस्तरमै प्रसिद्ध रहेको बताउँदै रेशा विहीन... देखाउनुभयो। माल्नेटामा अदुवा खेती गर्ने कृषक्ले वार्षिक रूपमा न्यूनतम ५ हजारदेखि अधिकतम २ लाखसम्म आय आर्ज... अझ बजार भाउ बढेमा ५ लाखसम्म आम्दानी गर्न सक्ने पनि उहाँको भनाई थियो । "प्रेस स्वतन्त्रता एवं सकारात्मक प... को उद्देश्य लिएर नेपालबाट थालिएको विश्वभ्रमण अत्यन्तै सहज र सरल तरिकाले सम्पन्न होस् भन्दै उहाँले पत्रकार... तथ्य र निष्पक्ष पत्रकारिता गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले हामीलाई पोखरा डाँडा पुर्‍याएर कुमाखको सिद्ध गुफा, ... गा.वि.स.लाई चारैतिरबाट घेरेकी शारदा खोला, भुरे-टाकुरे राजाहरूले प्राचीन समयमा बस्ने गरेका अग्ला-अग्ला ठा... खलंगा लगायत वरपर देखिने बस्ती आदिको दृश्यावलोकन गराउनुभयो। ढारखानीमा अदुवा वीउ उत्पादन समूह माल्नेटाका... कृष्ण ब. गिरीसँग हाम्रो जम्काभेट भयो। अध्यक्ष गिरीले अहिलेसम्म माल्नेटामा कुनै पनि रासायनिक मल तथा कीटनाशक... प्रयोग नगरी अदुवा खेती गरिरहेको बताउँदै बाह्रैमास प्रशस्त मात्रामा अदुवा उत्पादन गर्न सकिने विधि सम्बन्धित विज्ञहरू... लगाउन अनुरोध गर्नुभयो ।

विद्यालयमा राजनीति गर्ने शिक्षक/शिक्षिका हुनु हुँदैन भन्ने धारणा राख्ने शिक्षक चेतलाल न्यौपाने सँगै हामी... बढ्यौं । अगाडि बढ्दै गर्दा हामीले उकालोमा डेढ घण्टा टाढाबाट चुईचुईती डोकामा पानीको गाग्री बोकेर हिँडिरहे... बहिनीहरूलाई भेट्यौं । जसबाट त्यहाँ पानीको समस्या ... भन्ने कुरा सहजै पुष्टि हुन्छ । साँझ परिसकेको थियो... शिक्षक न्यौपानेकै डेरामा पुगी खाना खायौं र सुत्यौं।



वैशाख २२: बिहान उठेर पनि हामीले शिक्षक न्यौपाने... चौरगाउँ, डाँडागाउँ, भुवा टाकुरा कोटलगायतका ठाउँ... भ्रमण गर्‍यौं। ती सबै ठाउँहरू घुमेर आउँदा बिहानको ... समय भैसकेको थियो। खाना खाँदै गर्दा शर्मिला थिताल ... खेमराज न्यौपानेसँग हाम्रो परिचय भयो। त्यहाँबाट बिदा ... सल्यान खलंगातर्फ प्रस्थान गर्‍यौं । बरलासम्म ओराली ...

शारदा खोलाको झोलुङ्गे पुल तरेर बरला ... उकालो लाग्यौं । मध्य दिउँसोको चर्को घाम, सल्लेरी ... उकालो, निरन्तरको हिँडाईले उत्पन्न शारीरिक थकाइ...

पत्रकार प्रतीक शर्मासँग

लागि हामीले केही घण्टा वर पिपलको छहारीमा आराम गऱ्यौं । खलंगाबजार प्रवेश द्वारमा आइपुगेपछि असई ओपीराम वि.क. र उहाँको कमाण्डमा सुरक्षार्थ खटिएको प्रहरी जवानको टोलीसँग हाम्रो भेट भयो । टोलीसँग कुराकानी गरेर हामी बजारतर्फ अगाडि बढ्यौं ।

बजारको विभिन्न ठाउँ अवलोकन गर्दै सिँढी चढेर हामी डाँडामा रहेको जि.प्र.का. पुग्यौं। प्र.जि.अ. सीताराम कार्कीले कार्यालयमा दैनिक ८/१० जोडी सम्बन्ध बिच्छेद गर्न आउने गरेको र छुवाछुत प्रथा एकदमै बढी भएको जानकारी दिनुभयो । पत्रकारिता क्षेत्र पेशागत रूपमा विकसित हुन नसकेको, निष्पक्ष नभएको र पाठक पनि राजनीतिक विचार र आस्थाकै आधारमा पत्र-पत्रिका पढ्ने र चल्ने गरेको लगायतका धारणा राख्दै उहाँले प्रशासन कार्यालयका तर्फबाट भ्रमण सफलताको शुभकामना-पत्र प्रदान गर्नुभयो ।

जि.प्र.का.को काम सकी हामी जि.वि.स. कार्यालय पुग्यौं । कार्यालयमा योजना अधिकृत एवं निमित्त स्थानीय विकास अधिकारी सुरेश अधिकारी, सहायक लेखापाल विष्णु आचार्य, कार्यक्रम अधिकृत पूर्ण ब. ओलीलगायतसँग हाम्रो भेट भयो । निमित्त एल.डी.ओ. अधिकारीले जिल्लाका ३८ गा.वि.स. को विकास निर्माण प्रक्रियाबारे जानकारी गराउनुभयो । स्थानीय सञ्चारमाध्यमलाई सूचना दिन नसकेको स्वीकार गर्दै उहाँले मिडियामा पनि जि.वि.स.का गतिविधि प्राथमिकताका साथ प्रकाशन प्रसारण नभएको बताउनुभयो ।

जि.वि.स.को कामपछि हामी खलंगाबजार भ्रमणमै जुट्यौं । बजार भ्रमणका क्रममा राष्ट्रिय अनुसन्धानका जगत के.सी., नेपाली सेनाका लेसनायक रघुवीर साउद, सुमन के.सी., जिल्ला कारागार कार्यालयका असई भीम बस्नेत, हवल्दार प्रभुराज न्यौपाने, नापी कार्यालयका नापी निरीक्षक राज कु. महतो, सर्भेक्षक नन्दलाल चौधरी, जिल्ला प्रहरी कार्यालयमा निमित्त कार्यालय प्रमुख एवं प्रहरी निरीक्षक गणेश बाँस्तोला, प्रहरी जवानद्वय- कैलाश चौधरी, युद्ध ब. खाँण लगायतसँग हाम्रो भेट भयो । अनुसन्धानका के.सी. ले सल्यानमा सिमेण्ट, कोइला र सीसा खानी रहेको बताउँदै तपाईंहरूको विश्वभ्रमण विश्वकै निम्ति प्रेरणाको श्रोत बनोस् र पत्रकारिता क्षेत्रले सबै नागरिकको आवाज समेट्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

प्रहरी निरीक्षक बाँस्तोलाले विश्वभ्रमण सफलताका लागि शुभकामना-पत्र प्रदान गर्नुभयो । असई भीम बस्नेतले सरल भाषामा वास्तविक समाचार सम्प्रेषण होस् भन्नुभयो । जिल्ला प्रहरी कार्यालयको गेटमा भेटिएका एक प्रहरीले प्रशासनिक क्षेत्रमा समेत पक्षपात भइरहेको दुःखेसो गर्दै सेवा अवधि तोकेर निश्चित समयमा अनिवार्य अवकास दिने व्यवस्था लागू होस् भनी माग गर्नुभयो । बेलुकीको ८ बजिसकेको थियो । एक होटलमा खाना खाएर हामी जि.वि.स.को अतिथि कक्षमा बास बस्यौं ।

२०६५ वैशाख २३ः बिहानीको उठाइ सँगै हामी शारदा एफ.एम. ९९.२ मे. कार्यालय भ्रमण गऱ्यौं । भ्रमणका क्रममा एफ.एम. अध्यक्ष शालिकराम शर्मा, स्टेशन म्यानेजर प्रतीक शर्मा 'ईच्छुक', एफ.एम. कर्मी डिल्लीराज रावतलगायतसँग हाम्रो भेट भयो । भेटमा म्यानेजर ईच्छुकले प्रशस्त मात्रामा सल्ला पाईने विकास उन्मुख सल्यान जिल्ला भन्दै जिल्लाको पत्रकारिता अवस्थाबारे जानकारी दिनुभयो । कुपिण्डे ताललाई मध्यमपश्चिमको फेवाको संज्ञा दिँदै उहाँले सल्यानमा पत्रकार महासंघको शाखा स्थापना, ३ वटा सामुदायिक एफ.एम. प्रसारण र एउटा साप्ताहिक प्रकाशित भइरहेको बताउनुभयो । "प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता" का लागि सुरु गरिएको विश्वभ्रमणबारे बोल्दै उहाँले समाचार सम्प्रेषणमा आफू पनि बढी मात्रामा नेतामुखी भएको स्वीकार्नु भयो । साथै उहाँले विश्वभ्रमणले सन्देश दिने मात्र नभई तपाईंहरूको जीवन रुपान्तरणसहित सबैलाई ऊर्जा प्रदान गरोस् भनी शुभेच्छा प्रकट गर्नुभयो ।

शारदा एफ.एम. बाट बाहिरिंदा बिहानको खाना खाने बेला भइसकेको थियो । हामी सनलाईट होटलमा गई खाना खायौं । त्यसपछि पनि हामी रेडियो राप्ती र रेडियो सल्यान एफ.एम. भ्रमणमा जुट्यौं । दुवै एफ.एम. कार्यालय जाने क्रममा मानवअधिकार तथा शान्ति समाज सल्यानका सभापति शिवशंकर गिरीसँग हाम्रो भेट भयो । सभापति गिरीले विश्वभ्रमणको योजनाले आफूलाई खुशी लागेको बताउँदै भ्रमण सफलताको कामना गर्नुभयो । हामी एफ.एम.तिरै अगाडि बढ्यौं । तर कार्य व्यस्तताका कारण दुवै स्टेशन म्यानेजर र एफ.एम.कर्मीहरूसँग हाम्रो खासै कुराकानी हुन सकेन ।

पत्रकार जीवन वी.सी.को अनुरोधमा हामी जि.वि.स.को सभाहलतर्फ लाग्यौं । सभाहलमा पास नेपाल, शारदा सल्यान र दलित विकास समाजद्वारा आयोजित शान्ति र मानवअधिकारका लागि क्षेत्रीय युवा सम्मेलनको उद्‌घाटन सत्र चलिरहेको उक्त सम्मेलन स्थल पुगेपछि कार्यक्रम सञ्चालक रेशम डी.सी.ले हामीलाई पनि अतिथिको आसन ग्रहण गराउँदै विश्व उद्देश्य तथा मागका बारेमा प्रकाश पार्ने अवसर दिलाउनुभयो । उक्त अवसरलाई सदुपयोग गर्दै हामीले आफ्ना भनाई र राख्यौं । सम्मेलनमा प्रमुख अतिथि प्र.जि.अ. सीताराम कार्की, अतिथिहरूमा कोक्यापका क्षेत्रीय संयोजक रोशन परियार, राजनीतिक दल तथा नागरिक समाजका प्रतिनिधि र युवाहरूको सहभागिता रहेको थियो । सम्मेलनको अध्यक्षता पास सल्यानका ज्ञानेश्वर के.सी.ले गर्नुभएको थियो ।

कार्यक्रम समापन पश्चात् हामी नापी कार्यालय गई सर्भेक्षक नन्दलाल चौधरीसँग पुनः भेट गऱ्यौं । सर्भेक्षक नापी कार्यालयमा दरबन्दीअनुसार कर्मचारी नभएको बताउँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । त्यहाँबाट हामी निस्किएपछि कानुन व्यवसायी टी.पी. वली र सिविन नेपाल सल्यानका रमेश सिग्देलसँग पनि हाम्रो भेट भयो । उहाँसँग कु गर्दागर्दै साँझ परिसकेको थियो । हिजोकै स्थानमा बसोबास भयो ।

वैशाख २४: प्रातःकालीन समयको उठाइपछि पत्रकार महासंघ सल्यानका सचिव रेशम डी.सी. र एन.जी.ओ. फेडरेसनका ओलीसँग हाम्रो भेट भयो । सचिव डी.सी.ले विश्वभ्रमण विश्वको प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताका पक्षमा सावित हुनेछ भन्ने कुरामा सल्यान शाखा आशावादी छ भन्दै शुभकामना-पत्र प्रदान गर्नुभयो । त्यस्तै एन.जी.ओ. फेडरेसनका सल्यान जिल्ला विभिन्न किसिमका जडीबुटी पाइने र खस संस्कृतिको बाहुल्यता रहेको बताउँदै सल्यानी टप्पा, लहरे, पैसेली (मयूर) र सोरठी नृत्य प्रसिद्ध रहेको तर लोपोन्मुख हुँदै गएको जानकारी दिनुभयो ।

सल्यान खलंगा बस्ने हाम्रो निर्धारित समय सिद्धिसकेको थियो । हामी खलंगावासीहरू माझ बिदा भई जिल्ला कार्यालय परिसर पुग्यौं । प्रहरी कार्यालयमा निमित्त कार्यालय प्रमुख एवं प्रहरी निरीक्षक गणेश प्र. बाँस्तोला, सई प्रकाश चन्द्र ब. डाँगी, लोकेन्द्र रावल, भोला पाण्डे लगायतसँग चिया पिउँदै कुराकानी भयो ।

त्यसपछि हामी खैरावाङ्ग भुवनेश्वरी एवं कुपिण्डे ताल अवलोकनको योजना बनाएर हिंड्यौं । बजारबाट ओराली सुके खोलामा आएर कैला धारामा पानी पियौं । त्यहाँ सेजवाल टाकुरी- ८ का तिलक ब. के.सी. र खलंगा- ३ शितलपाटीका के.सी.सँग हाम्रो भेट भयो । तिलक के.सी.ले नेपालमा गरिबी न्यूनीकरण र विकास कसरी गर्न सकिन्छ ? भन्ने कुरामा ध्यान सबै नेताहरू कुर्सीको लडाईमा लागिरहेको आरोप लगाउनुभयो । प्रकाश के.सी.ले भ्रमण सफलताको कामना गर्दै "हामी सबैका हिंड्नुभएका तपाईंहरूलाई सहयोग गर्न मन हुँदाहुँदै पनि खेतीमा आएको मैले पैसा बोकेनछु, त्यसकारण बढी सहयोग नसकेकोमा चिन्तित छु" भन्दै गोजीबाट रू. १५/- टाकन टुकन पारी हामीलाई हस्तान्तरण गर्नुभयो । उहाँको हार्दिकताप्रति आभारी छौं ।

त्यसपछि हामी खैरावाङ्ग वनको उकालो लाग्यौं । केही घण्टापश्चात् हामी हिवल्चा गा.वि.स. वडा नं. ३ मा अ खैरावाङ्ग भुवनेश्वरी मन्दिर पुग्यौं । मन्दिर अवलोकनका क्रममा हामीलाई अग्लो डाँडामा रहेको उक्त मन्दिर राम्रो र लागेपनि व्यवस्थापन पक्ष कमजोर भएको महसुस भयो । मन्दिरका विषयमा हामीले पुजारी छविरमण शर्मा पौडेलको कुराकानी गऱ्यौं । पूजारी पौडेलले चैते दशैं र वडा दशैंमा भव्य मेला लाग्ने गरेको र मन्दिरलाई व्यवस्थापन गर्न खैरावाङ्ग भुव धार्मिक क्षेत्र विकास समिति लागिपरेको बताउँदै मन्दिर आस पानीको एकदमै समस्या रहेको बताउनुभयो ।

खैरावाङ्ग भुवनेश्वरी मूर्ति

पूजारी-घरमा पानी पिएर हामीले खैरावाङ्गका स पसलमा नास्ता गऱ्यौं । तर खाना खान पाएनौं । खाइसकेपछि हिंड्दै हामी सानीबजार पुग्यौं । २-४ वटा रहेको त्यो बजारमा हामीले पानी पिउन पाइन्छ ? भनेर । "अहिलेलाई जसोतसो पाइन्छ तर अब एक महिना पानी भने पानी पिउन पाइदैन" उनीहरूले भने । पानी पिएर भेला भएका स्थानीयवासीहरूसँग कुराकानी गऱ्यौं । फेरी हामी मार्के गा.वि.स. को आरा हुँदै खोला तरेर बागचौर बाँसखोला नामक गाउँमा बास बस्यौं ।

२०६६ बैशाख २५: बिहान उठ्ने बित्तिकै हामी हिंड्न लाग बसेको घर मोहन कुँवरकी आमा आशी कुँवरले चिया पिए

अगाडि बढ्न आग्रह गर्नुभयो । चियाको साथमा नास्ताको पनि व्यवस्था रहेछ । मार्के- २ अन्तर्गत पर्ने त्यो गाउँमा राम्रो कुलो नभएर सिंचाई गर्न नपाएको उहाँले दुःखेसो गर्नुभयो । हामीले खाना नास्ता खाएको हिसाब कति भयो ? भनेर सोध्दा उहाँले भन्नुभयो, "पाहुनाले खाएको १ छाक खानाको मैले कहाँ पैसा लिंदी हुँ ? लिन्न । बरु फेरी-फेरी आउँदा पनि घरमा पस्नु र बस्नुहोला ।"

उहाँको मानवतारुपी हृदयलाई धन्यवाद दिंदै सम्झनास्वरुप एउटा तस्वीर लिएर हामी त्यहाँबाट उकालो लाग्यौं । खिर्रा गाउँबाट तेर्सो लागेर हामी ज्यामिरे गाउँको सिरानमा पुग्यौं । ज्यामिरे गाउँको सिरानबाटै तल कुपिण्डे तालको हामीले थोरै छेउ भएपनि नीलो रंगको पानी देख्न पायौं । झण्डै १ घण्टाको ओरालो हिँडाइ पश्चात् हामी कुपिण्डे ताल पुग्यौं र स्थानीय एक पसलमा खाना पकाउन लगायौं । त्यसपछि कुपिण्डे ताल वरिपरिको वातावरणलाई नियाल्यौं । तालको सिरानमा एउटा मन्दिर रहेछ । त्यहाँ प्रायः साँढा भेडा वा कन्या भेडी, कुखुरा काट्ने, परेवा उडाउने र हाँस तालमा छोड्ने एवं कुभिण्डो चढाउने गरिंदो रहेछ ।

यसक्रममा कुपिण्डे दह संरक्षण तथा विकास समितिका उपाध्यक्ष मोहन बूढाथोकीसँग हाम्रो भेट भयो । उहाँले हामीलाई डुंगामा ताल घुमाउँदै विविध जानकारी पस्कनुभयो । कुपिण्डे ताल सल्यान सदरमुकाम खलंगाबाट पश्चिम कुपिण्डे दह गा.वि.स.को १,२,३,४ र ५ वडाको बीचमा ६१२ रोपनी क्षेत्रफलमा फैलिएको छ । साथै यसको वैज्ञानिक नाप नभएपनि डोरीद्वारा नाप्दा साढे ४६ मिटर गहिराई र समुद्र सतहदेखि ११२५ मि. उचाईमा रहेको रहेछ । यहाँ हामीले दहभन्दा सानो अर्थ लाग्ने भएकाले ताल शब्द प्रयोग गरेका छौं, किनभने कुपिण्डे तालकै आकारमा छ । थप जानकारी दिँदै उपाध्यक्ष बुढाथोकीले भन्नुभयो- माघ पहिलो सातादेखि १५ वा २५ गतेसम्म तालको पानी रातो, २५ माघदेखि फाल्गुण १५ गतेसम्म सेतो र अरू समयमा निलो रहन्छ । मन्दिरका पूजारीलाई पारिश्रमिक दिएर अरू पैसा सदुपयोग होस् भन्ने भक्तजनको चाहना रहेको र स्थानीयवासीले पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न पहल गरिरहेका छन् । माघी, जेष्ठ पूर्णिमामा विशेष मेला लाग्ने गर्दछ ।

पत्रकारिता क्षेत्रलाई उहाँको आग्रह थियो- पत्रकारिताले काठमाडौं बस्ने नेताको भन्दा ग्रामीण क्षेत्रका कुना-कन्दारामा पुगेर आवाजविहीन जनताको प्रतिनिधित्व गर्न र स्वतन्त्र एवं निष्पक्ष बन्न सदैव अग्रसर होस्, शुभकामना । खाना खाएर हामी सल्लीबजारतर्फ प्रस्थान गर्‍यौं ।

हामी संग्रही खोलै-खोला आउँदै थियौं । बीचमा आफूलाई कुपिण्डेदह गा.वि.स.को पूर्वाध्यक्ष बताउने कृष्ण ब. खड्का, शिक्षकद्वय डिल्लीराज गिरी, खुम ब. बस्नेत लगायतसँग हाम्रो भेट भयो । मदिरा पिएका उनीहरूले हामीलाई केहीबेर कुराकानी गर्न भने । खड्काले नेपालमा संवैधानिक राजा चाहिन्छ भन्ने तर्क गर्नुभयो ।

त्यहाँबाट हामी केहीबेर खोलाको बाटो हिँडेपछि बालुवासंग्रही पुग्यौं । प्रहरी चौकी बन्गाडले ट्रक चालक मान ब. बूढासँग हामीलाई सल्लीबजार पुर्‍याइदिन अनुरोध गर्‍यो । सोही ट्रकमा चढेर हामी सल्लीबजार आयौं । देवस्थल गा.वि.स. मा पर्ने सल्लीबजार सल्यानको अर्को एक महत्वपूर्ण व्यापारिक केन्द्र रहेछ । जहाँ सुर्खेत, जाजरकोट, रूकुम, सल्यानका मान्छे बजारका लागि आउँदा रहेछन् ।

साँझ परिसकेको थियो । बेलुकी हामी न्यू राप्ती होटल एण्ड लजमा बस्यौं । गुटु- ९, सुर्खेत निवासी तीर्थ पौडेलसँग हाम्रो परिचय भयो । उहाँले यात्राबाट प्रभावित भई यात्रा समयको माग हो भन्दै रू. ३२/- सहयोग गर्नुभयो । आजको रात नै सल्यान बसाईको हाम्रो अन्तिम रात हो ।

सल्यान यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
जिल्ला विकास समिति	रु. २,०००/-
जिल्ला प्रशासन कार्यालय	रु. ६००/-
नन्दलाल चौधरी (नापी)	रु. २०५/-
मनवीर वस्नेत (सिविन, श्रीपुर)	रु. २००/-
लोकवहादुर खड्का (सिविन, श्रीपुर)	रु. १००/-
कुपिण्डे दह संरक्षण विकास समिति	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पत्रकारिता विकासमा लाग्ने प्रेरणा मिल्यो । - मनवीर बस्नेत, सहसचिव रेडियो राप्ती
यो यात्रा समयको माग हो । - तीर्थराज पौड्याल, गुटु ९, भट्टेसेरा, सुर्खेत
उद्देश्य सरल र सहज तरिकाले पूरा होस् । - चेतलाल न्यौपाने (शिक्षक), लक्ष्मी प्रा.वि. माल्नेटा पानीखोला
सल्यान जिल्लामा हार्दिक स्वागत । - सीताराम कार्की (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
उत्तरोत्तर प्रगतिको कामना । - गणेशप्रसाद बाँस्तोला (प्रहरी निरीक्षक), जिल्ला प्रहरी कार्यालय
पत्रकारिताका पक्षमा कोशेढुंगा सावित हुनेछ । - रेशम डी.सी. (सचिव) नेपाल पत्रकार महासंघ
महान् यात्रा पूर्णरुपमा सफल होस् । - सुरेश अधिकारी (नि.स्था.वि.अ.), नन्दलाल चौधरी (सर्भेक्षक) नापी कार्यालय प्रमुख

२५ औं जिल्ला जाजरकोट डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,२३० वर्ग किलोमिटर, गा.वि.स. संख्याः ३० वटा,
निर्वाचन क्षेत्रः १, सदरमुकामः जाजरकोट खलंगा,
विकास क्षेत्रः मध्यपश्चिम
भौगालिक अवस्थितिः पूर्व रुकुम, पश्चिम कालीकोट, दैलेख,
डोल्पा, जुम्ला र दक्षिण सुर्खेत, सल्यान
भाषाः नेपाली, मगर, भोजपुरी, शेर्पा, राउटे ।

२०६६ वैशाख २६ः सल्यान जिल्लाको सल्लीबजारबाट हामी बिहान ८ बजे ६६८० नं. को भेरी-राप्ती सार्वजनिक यातायात व्यवसायी संघ अन्तर्गतको बसमा चढेर २५ औं जिल्ला जाजरकोट खलंगातर्फ प्रस्थान गर्‍यौं । बस भेरी नदीमा पुल नभएकाले फेरीबाट पार गरेर सुर्खेत जिल्लाको राकम पुग्यो । बसबाटै भएपनि हामी नदीको किनारै-किनार सुर्खेतका अन्य ठाउँ जामुने बजार, ठाँटीबजार, सिम्ता, घोरेटा, बाँखर्क, ओलभ्र्यामबजार हुँदै खोलेपुज्ने आयौं । सुर्खेत र जाजरकोटको सिमाना पर्ने खोलेपुज्नेबाट बस परिवर्तन गरेर जाजरकोटको खलंगा आउनु पर्दोरहेछ । त्यसकारण त्यहीं खाना खाएर हामी ना. २ ख. ७८०७ नं को भेरी-गंगा यातायात व्यवसायी संघ अन्तर्गतको बसमा यात्रा गर्ने सहमतिका साथ चढ्यौं ।

पहाडी जिल्ला, त्यसमाथि भौगोलिक विकटताको कच्ची सडक, अनि सडकभरी उडेको धूलो सबैलाई सहजता स्वीकार गर्दै बसमार्फत हामी अगाडि बढ्दै रह्यौं । भीर पहरा काटेर खनिएको भेरी नदीको तीरैतीर गाडीको बाटो खोलेपुज्नेबाट जाजरकोटको सीमा, कार्कीगाउँ, भुरगाउँ, जक्तीपुर हुँदै बस सदरमुकाम खलंगा आइपुग्यो । यात्राका क्रममा र जक्तीपुरका जंगलमा पहेंलपुर बेल पाकेको देखियो । प्राकृतिक रूपमा शोभायमान बनेर रहेका डाँडा-पाखा, भीर वारीपारीका वनजंगलका दृश्य आदिलाई नियाल्दै हामी खलंगा आइपुगेका थियौं । उक्त यात्रामा हामीलाई यस्तो अनुभूति "नेपालका सबै कुना-कन्दरामा यातायात, विद्युत र सञ्चारको विकास गर्न सके पर्यटन प्रबर्द्धनमार्फत देशको आर्थिक स्तर माथि सकिन्छ ।" सल्यानको सल्लीबजारबाट ३८ कोश टाढा रहेको जाजरकोट खलंगा आउँदा हामीलाई बसले प्रेमपूर्वक गराइदिएको धूलो पखाल्नु पर्ने नै थियो । त्यसैले हामीले खलंगावासीलाई पानीको धारा छ कि छैन ? भनी सोध्यौं । जवाफमा श्रोत नजिकमा नभएको बुझियो ।

विकल्पमा हामीले नेपाल पत्रकार महासंघ जाजरकोटका अध्यक्ष भीम बहादुर सिंहलाई फोन गर्‍यौं । उहाँले आफ्नै घरमा डाकी नुहाई/धुवाईको व्यवस्था मिलाउनुभयो । हामीले नुहाई/धुवाई गरिसक्दा साँझ परिसकेको थियो । सिंहसँग हामीले जाजरकोट जिल्लाको पत्रकारिता लगायत अन्य विषयमा कुराकानी गर्‍यौं । उहाँले मानव विकास सूचक नेपालको ७१ औं जिल्लाकोरूपमा रहेको जाजरकोट जिल्लामा ३० वटा गा.वि.स. रहेको बताउनुभयो । उहाँले थप्नुभयो- "यस जिल्लामा बिजुली बत्ती र सञ्चारको कुनै भरपर्दो सेवा छैन, एकीकृत नेकपा माओवादीका केन्द्रिय सदस्य शक्ति बहादुर र राप्रपा का केन्द्रिय सदस्य गोविन्द बिक्रम शाह बाहेक खासै माथिल्ला स्तरका नेता नजन्मिनु पनि जाजरकोट पछाडि एउटा विशेष कारण हो ।" १० वर्षे द्वन्द्वमा आफूले पनि विनाकारण २ महिना जेल बस्नुपरेको स्मरण गर्दै उहाँले तत्कालीन र माओवादीको ज्यादतीका कारण जनताले खेप्नु परेको सास विषयमा जानकारी गराउनुभयो । यस्तै दुःख-सुखका साट्दै हामी अध्यक्ष सिंहकै घरमा खाना खाएर सुत्यौं ।

महासंघ जाजरकोटका अध्यक्ष भीमबहादुर सिंहसँग

२०६६ वैशाख २७ः बिहान उठेर हामीले अध्यक्ष सिंहसँगै खलंगाबजार भ्रमण गर्‍यौं । भ्रमणका क्रममा खलंगाबजारको उहाँले जाजरकोटका पत्रकारहरूसँग परिचय गराउनुभयो । समयको परिचय र प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारि लागि सुरु गरिएको विश्वभ्रमणबारे जानकारी दिएर हामी महत्वको एउटा प्राचीनस्थल शिवालय अवलोकनका लागि बढ्यौं । अगाडि बढ्दै गर्दा बाटैमा एकीकृत नेकपा माओवा कार्यालय रहेछ । त्यहाँ नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा कमिटी कोषाध्यक्ष हरि ब. बि.क., सदस्य डिल्ली ब.

लगायतसँग हाम्रो परिचय भयो । परिचयपश्चात् थाप्लेबाट हामी तल्लो थाप्ले पुग्यौं । त्यहाँ अवस्थित भेरी ज्ञानोदय क्याम्पसका केही विद्यार्थीसँग हाम्रो परिचय भयो । उनीहरूले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणले लक्ष्य प्राप्ति गरोस् भनी शुभकामना व्यक्त गरे । उनीहरूबाट छुट्टिएर हामी जिल्ला अस्पताल कार्यालयको कम्पाउण्ड हुँदै ओरालो झर्‍यौं ।

शिवालय मन्दिर खलंगा- ९

४५ मिनेट ओरालो झरेपछि हामी ठूली भेरी नदी किनारमा अवस्थित शिवालय मन्दिर खलंगा- ९, कालेगाउँ पुग्यौं । मन्दिर भुरे टाकुरे राजाहरूको पालामा बनेको प्राचीन र आकर्षक रहेछ । शिवालय संरक्षण समितिका अध्यक्ष गोपाल ब. कार्कीले हामीलाई मन्दिरको बारेमा जानकारी दिनुभयो । तप्तेश्र, महेश्वर र शिवेश्वर नामका तीन मन्दिर त्यहाँ रहेछन् । मन्दिरको सुरुमा ६३ मुरी माटो भएपनि पहिलेका समितिका मान्छेहरूले माटो हिनामिना गरेका कारण हाल ४ रोपनी मात्र जग्गा मन्दिरसँग रहेको अध्यक्ष कार्कीको भनाई थियो । शिवरात्रीमा विशेष मेला लाग्ने गरेको उक्त मन्दिरमा सुर्खेत, दैलेख, रूकुमलगायतका विभिन्न जिल्लाबाट दर्शनार्थी आउने सो शिवालयलाई तारबार गर्ने र फलफूल रोपी व्यवस्थित गर्ने लक्ष्य राखिएको बताउँदै उहाँले हामीलाई काँक्रो ख्वाएर यात्रा सफलताको कामनासहित बिदाई गर्नुभयो ।

सालघारीको उकालो पसिना पुछ्दै १ घण्टा हिँडेर थाप्ले आयौं । खाना खाएर हामी नेपाल पत्रकार महासंघ जाजरकोट शाखा कार्यालय पुग्यौं । त्यहाँ उपस्थित अध्यक्ष भीम बहादुर सिंह, उपाध्यक्ष वीर ब. गिरी, पत्रकारहरू दीपेन्द्र शर्मा, महेन्द्र सिंह, कल्पना सिंह लगायतसँग अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा वक्ताहरूले जाजरकोटमा हालसम्म कुनै एफ.एम. रेडियो नभएको, जाजरकोट सन्देश साप्ताहिक नेपालगञ्जबाट प्रकाशित भइरहेको, बिजुली बत्ती, इन्टरनेट र टेलिफोनको भरपर्दो सेवा नभएका कारण समाचार सम्प्रेषणमा बाधा पुगिरहेको अनि पत्रकारिता गर्नेहरूले त्यसका अलावा अन्य व्यवसाय गर्नु परेको बाध्यता रहेको बताए । कार्यक्रमका वक्ता पत्रकार महेन्द्र सिंहले स्वतन्त्र र निष्पक्ष रूपमा व्यवसायिक पत्रकारिता गर्नेहरूलाई प्रोत्साहित गर्ने परिपाटी नरहेको धारणा राख्दै विश्वभ्रमणले स्वतन्त्र र निष्पक्ष पत्रकारिता विकास गर्न सहयोग पुऱ्याउने अपेक्षासहित शुभेच्छा व्यक्त गर्नुभयो । महिला पत्रकार कल्पना सिंहले "नेपालमा ८ कक्षा पढेका पनि पत्रकार, बी.ए. एम.ए. पढेका पनि पत्रकार, ठेकेदार पनि पत्रकार, विकासे कार्यकर्ता पनि पत्रकार, पार्टीका कार्यकर्ता पनि पत्रकार भइरहेकाले पत्रकार कसलाई भन्ने ? कुरामा दुविधा उत्पन्न भइरहेको बताउनुभयो । महासंघ उपाध्यक्ष गिरीले ग्रामीण र सकारात्मक पत्रकारिता गर्न पत्रकारहरूलाई व्यवसायिक स्वतन्त्रता हुनुपर्ने बताउनुभयो । अध्यक्ष सिंहले पत्रकारहरू नकारात्मक कुरा मात्र लेख्छन् र निष्पक्ष हुन सक्दैनन् भन्ने आमनागरिकको बुझाइलाई विश्वभ्रमणले परिवर्तन गर्ने विश्वास गर्दै शुभकामना पत्र प्रदान गर्नुभयो ।

महासंघ कार्यालयबाट अध्यक्ष, उपाध्यक्षसहित हामी सिँढी उक्लदै माथि डाँडाको टुप्पामा रहेको जिल्ला प्रशासन कार्यालयतर्फ लाग्यौं । प्राचीन भवनमा रहेको प्रशासन कार्यालय परिसरबाट चारैतिरको दृश्य अवलोकन गर्न पाइयो । सबभन्दा टुप्पामा प्रशासन कार्यालय, छेउछाउमा अन्य सरकारी कार्यालय र यसको दुवैतिरका होचा भागमा लाम्चो आकारमा बजार बसेको रहेछ । प्रमुख जिल्ला अधिकारी रेशम बहादुर पाण्डेसँगको भेटमा हामीले जाजरकोट जिल्लाका विषयमा जिज्ञासा राख्यौं । सी.डी.ओ. पाण्डेले यो जिल्ला विकासका हिसाबले कर्णाली अञ्चलभन्दा पछाडि परेको भएपनि जाजरकोटेलीहरू शान्त र संयम रहेको धारणा राख्नुभयो । 'प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता' का लागि सुरु गरिएको विश्वभ्रमण सफलताको कामना गर्दै उहाँले शुभकामना-पत्र प्रदान गर्नुभयो ।

त्यहाँबाट हामी जि.वि.स. कार्यालय पुग्यौं । एल.डी.ओ. नभएका कारण हो वा किन कर्मचारी पनि खासै थिएनन् । निमित्त स्थानीय विकास अधिकारी बालकृष्ण ढकालले आफूले केही सहयोग गर्न नसके पनि शुभकामना-पत्र दिन्छु भन्दै लेख्न थाल्नुभयो । नि.एल.डी.ओ. अनि लेखापाल दुवैले १/२ हजार पनि छैन भनेपछि महासंघ अध्यक्ष सिंह र उपाध्यक्ष गिरीले भन्नुभयो, कमिशन काटेर दिने बेलामा तपाईहरूसँग पैसा हुन्छ तर राष्ट्रका लागि केही गर्छु भनेर अगाडि बढेका युवालाई प्रोत्साहित गर्न चाहनु हुन्न । जबकी यस भ्रमणका लागि स्थानीय विकास मन्त्रालयदेखि लिएर सबै केन्द्रिय कार्यालयको पत्र अनि सी.डी.ओ. को सल्लाह र हामी समेत उपस्थित छौं । यति हुँदा हुँदै पनि जि.वि.स.ले विश्वभ्रमण यात्रालाई उपेक्षा गर्नु लाजमर्दो कुरा हो, शुभकामना पत्र मात्र लिनुको कुनै अर्थ छैन । उहाँहरुको यस्तो प्रतिक्रिया र सल्लाहमा हामीले पनि शुभकामना-पत्र लिएनौं ।

जि.वि.स.बाट बाहिरिए लगत्तै महासंघ कोषाध्यक्ष रामविक्रम शाहसँग भेट भयो। त्यसपछि हामी पसलमा चिया... जिल्ला प्रहरी कार्यालय पुग्यौं। कार्यालयमा डी.एस.पी. हिम बहादुर लामा, इन्स्पेक्टर कृष्णराज सापकोटा, सई कृष्ण गोपाल... असई नरेन्द्र विक्रम शाही लगायतसँग हाम्रो भेट भयो। हामीले विश्वभ्रमणबारे जानकारी गराइसकेपछि डी.एस.पी. लामाले '... त खतरा रहेछ नि' राम्रो लाग्यो, सफलतापूर्वक सम्पन्न होस् भनेर शुभकामना-पत्र प्रदान गर्नुभयो।

प्रहरी कार्यालयबाट बाहिर निस्किएर हामी पुनः खलंगाबजार भ्रमणमा जुट्यौं। भ्रमणका क्रममा पत्रकारहरू वीर ब... बद्री पन्त, बाल कु. शर्मा, स्थानीयवासी हरिश खड्का, श्याम शाह, सुशील के.सी., कृष्ण भट्टराई लगायतसँग हाम्रो भेट... स्थानीयवासीले प्रेस स्वतन्त्र, निष्पक्ष, मर्यादित भई वास्तविक घटनालाई जस्ताको तस्तै दिन सफल होस् भन्ने सुझाव... उनीहरुले नेपाल प्रेस युनियनका केन्द्रिय अध्यक्ष समिरजंग शाहको घर पनि यहीं रहेको बताए।

बजार भ्रमणकै क्रममा भेरी ज्ञानोदयका क्याम्पस लेक्चररद्वय रतन सिंह धामी र दिलिप पाण्डेले चूरोटको धुँवा ... भन्नुभयो, हामी यहीं बसीबसी सम्पूर्ण नेपालको बारेमा बताइदिन्छौं, तपाईहरु किन बेकारमा दुःख गर्नुहुन्छ, नजानुस् ... अञ्चलतिर, हिंडेर जाने बाटै छैन, कि त नेपालगञ्जबाट प्लेनमा जानु पर्‍यो कर्णाली...। उहाँहरु जस्तो पढे गुनेका अनि भ... कर्णाधार सक्षम जनशक्ति निर्माण गर्नका खातिर अहोरात्र शिक्षा दिन जुटेका व्यक्तित्वहरुबाट यस्तो निराशाजनक सल्लाह... हामीलाई त उल्टै उहाँहरुकै दया पो लाग्यो। हामीलें भन्यौं, सुनेको र पढेको भन्दा आफूले प्रत्यक्ष देखेको, भोगेको अनि ... गरेकोमा धेरै फरक पर्छ, हामी कर्णाली अञ्चल त के सकेसम्म सारा विश्व नै प्रत्यक्ष घुम्न, बुझ्न अनि आफूले बुझेका... अरुलाई बुझाउन हिंडेका हौं, हिंडेपछि बाटो त आफैं देखिइ हाल्छ, देखाउने मान्छे पनि भेट्टाई हालिन्छ नि अनि श्रोत पनि... जान्छ। तर पनि यहाँहरुको सुझावलाई धन्यवाद। हाम्रो कुरा सुनेर उहाँहरुले भन्नुभयो, ल त्यसो भए ठिकै छ, शुभयात्रा।

यस्तै भ्रमण र छलफल गर्दागर्दै साँझ परिसकेछ। हामी अध्यक्ष सिंहको घर थाप्ले आयौं, खाना खायौं र सुत्यौं।
२०६६ वैशाख २८: बिहान उठेर हामी चियाको चुस्कीसँगै अध्यक्ष सिंह र उहाँको परिवारसँग बिदा भएर खलंगाबाट जाजरकोटका केही गा.वि.स. घुम्दै डोल्पा छिर्ने योजनाका साथ हिंड्यौं। जिल्ला प्रहरी कार्यालय छेउबाट उकालो लागेर ढुंगिलबजार बाटो पुग्ने हाम्रो निधो भयो। हामी उकालो काटेर जति-जति माथि आयौं, त्यति नै चिसो बढ्दै थियो तर खलंगाबजारको दृश्य भने मनमोहक देखियो। पाखेदह काटेर पुन्माको बाघचौर हामी पुग्यौं। बाघचौरमा नास्ता गर्दै चिया पसल सञ्चालक देव ब. ... हामीले केहीबेर कुराकानी गर्‍यौं। भौगोलिक विकटता भएको ठाउँमा छोरा छोरी बिरामी भएर उपचार गर्नका लागि लाग... अनि खर्च गर्न मुस्किल परिरहेको उहाँका कुरा र अनुहारले प्रस्ट्याइरहेको थियो। नास्ता पश्चात् कतै तेर्सो त कतै उकालो... हामी झाप्रा- ७, मछाइना डाँडामा उक्लियौं। स्थानीय होटल सञ्चालिका भवानी बस्नेतले सुख्खा मौसममा ४ महिनासम्म ... लाएर पानी बोकेर ल्याउनु परिरहेको दुःखेसो सुनाउनुभयो। हामी उहाँकै होटलमा घिउ, भात, तरकारी खाएर अनि विश्वभ्रमण... जानकारी गराएर ओरालो लाग्यौं।

जंगल काटेर झाप्रा- ५, बाङ्गेखोलीको सिरानमा आइपुग्नासाथ हामीले आलुखेतीको हरियाली दृश्य देख्यौं। केही तल... पानी पिउँदा वैशाख महिना भएपनि चिसोको अनुभूति भयो। नजिकैको बोर्डमा नजर लाउँदा मालिका आलु विउ उत्पादनको... देखियो। बोर्डको नजिकै हुनुहुँदो रहेछ, त्यस उत्पादनका अध्यक्ष राम ब. पुन। उहाँसँग सोध्दा जिल्लाकै आलु विउ बिजनका... प्रसिद्ध ठाउँ बाङ्गेखोली भएकाले विभिन्न ठाउँबाट विउ लिन किसानहरू आउने गरेको बुझियो। आलु खेतीको दृश्य अवलोकन... हाम्रो झाप्रा गा.वि.स.कै खल्टाउरा, औंला काटी गाउँको ओरालो झरेर ढुङ्गिल आइपुग्यौं। बीच बाटोमा भेट भएका स्थानीयवासी... बाटो सोध्दै अनि पत्रकारिता विषयमा कुराकानी गर्दै हामी अगाडि बढेका थियौं। त्यसबखत पत्रकार भन्ने शब्द सुनेका नि... मान्छे भेटिए। पत्रकार भनेको पत्र-पत्रिका, रेडियो अनि टेलिभिजनमा समाचार लेख्ने र बोल्ने मान्छे हो भन्दा उनीहरू खुसी... अनि भने- "हामीलाई खान/लाउन पुग्दैन, दुर्गम ठाउँमा छौं माथिसम्म खबर लगिदिनुहोला।" ओरालोमा दाउराको भारी हाल्दै... एउटी बूढी आमैले आफ्नी छोरीमाथि सौता हाल्ने ज्वाइँको विषयमा कुरा गर्दै आफू एक्लै गरिबी झेलेर बसिरहेको बताउनु... ढुङ्गिलबजार आइपुग्दा साँझको ५:३० बजेको थियो। पसलमा झोला राखेर साँझ खान, बस्न आउने सल्लाह गरी... जाजरकोटको पश्चिम क्षेत्रको प्रसिद्ध बजार थलहतर्फ लाग्यौं।

चइँया खोलाको थोरै तीर हिंडेपछि पल्लो साइडबाट जर्खाकोट खोला आएर मिसिएको दोभानमा हामी पुग्यौं। पारि... किनारमा थलहबजार रहेछ। हामी २ खोला संयुक्त भएपछि भनिने नाम छेडा खोलाको पुल तरेर थलहबजार अवलोकन... थाल्यौं। थलहबजारमा स्थानीय व्यवसायी एवं युवाहरूसँग हाम्रो परिचय र कुराकानी भयो। ज्याला मजदुरी गरेर जीवन... गर्न गाह्रो भइरहेको छ भन्ने २ युवा होटलमा रक्सी अर्डर गर्दै गरेको दृश्य हामीले देख्यौं। के गर्नु हजुर अलि अलि हल्का मनोरञ्जनका... लागि हाम्रा ठाउँमा अरु केही छैन, तल्तल र चिन्ता मेटाउन प्यास लागेकाले पिएको, उनीहरुले हामीलाई भने। छोराछोरीका...

कापी, कलम, किताब किन्न पनि पैसा छैन, परिवार धान्न असाध्यै कठिन भयो, सामाजिक कामका लागि १ पैसा पनि छैन भन्ने सुगमदेखि दुर्गमसम्मका यस्ता मान्छेहरुलाई धुमपान, मद्यपान गर्ने बेलामा चाहिं पैसा फलेको देख्दा हामी आश्चर्यचकित मात्रै हुँदैनौं, त्यो पैसो दुरुपयोग भएको देखेर हाम्रो मन त्यसै त्यसै रुन्छ...। अहो, यो पैसा सही ठाउँमा सदुपयोग वा बचत गर्न सकेको भए कति ठूला कामहरु सम्पन्न हुने थिए होलान् ???

सोही बजारमा वाइसियल कार्यकर्ता दिनेश रोकाया, लक्ष्मण वि.क., करसिंह वि.क., विद्यार्थी मोहन वि.क., जयलाल गिरी, हुलाक कर्मचारी विर ब. खड्का, डिप्रोक्स नेपालका लक्ष्मी देवकोटा, रंग बहादुर रोकायालगायतका व्यक्तिहरू भेटिए। उनीहरू सबैले दलगत स्वार्थभन्दा माथि उठेको स्वतन्त्र, मर्यादित र सकारात्मक पत्रकारिता चाहिन्छ भने। त्यहाँबाट हामी १५ मिनेटको बाटो हिंडी पुनः ढुङ्गिलबजार फर्किएर खाना खायौं र सुत्यौं।

२०६६ वैशाख २९: बिहान ६ बजे उठेर हामी ढुङ्गिलबाट चइँया खोलाको किनारै किनार पैंक पुग्ने योजना बनाएर हिंड्यौं। नयाँबजार हुँदै मिलबजार आइपुग्दा झाप्रा- ४ का कक्षा १० मा पढ्ने विद्यार्थी दीपक चदारासँग हाम्रो भेट भयो। उहाँले भर्खरै किनेर ल्याउनु भएका नेपाली र सामाजिक शिक्षा पुस्तकलाई हामीले कुनै पत्रपत्रिका वा नौला किताब पढ्न नपाएकाले केहीबेर पढेर तिर्सना मेटायौं। उहाँसँग छुट्टिएर हामी गन्तव्यतर्फ अगाडि बढ्यौं। जीवन उपयोगी ज्ञान भएका यिनै पुस्तक पढेका हामी मान्छेहरु किन व्यवहारिकरूपमा उत्रन सकेका छैनौं भन्ने कुरामा हामीले बाटामा गन्थन-मन्थन गर्‍यौं। झाप्रा- ८ कै मटेला काटेर ढिमे- १ बाटुले चौरमा हामीले खाना खायौं। माछा कति रूपैंयाँ के.जी. भन्ने हाम्रो प्रश्नमा रू. ५००/- भन्ने साहुनीको उत्तरले हामी आश्चर्यमा पर्‍यौं। जे होस्, नेपालमा शान्ति प्रक्रिया आरम्भ सँगै ठाउँ-ठाउँमा पसल राख्ने प्रचलन यो भेगमा पनि बढ्दै गएको पाइयो।

बाटुलेबाट पुनः हामी अगाडि बढ्यौं। यात्री न हो कहाँ के पर्छ के थाहा हुन्छ र ? केहीबेर हिंड्न नपाउँदै कालो बादल मडारिएर हुरीबतास सहित पानी पर्न लाग्यो। तर हामीसँग पानी छल्ने ओढा केही थिएन। ओडारमा बस्नुपर्ला कि भनेर कुरा गर्दै अगाडि बढेपछि पानी झरि त हाल्यो। दौड्दै जाँदा खेतको बीचमा खरले छाएको सानो कटेरो भेट्यौं। त्यहीं कटेरामा बसेर समयलाई सदुपयोग गर्दै हामीले डायरी लेख्यौं। पानी परिरह्यो र बतास चलिरह्यो।

साँझ ५:३० बजे पानी रहेपछि हामी उठेर हिंड्यौं। सरु खोलाको किनार र ढुंगा-पहराको बाटो काट्दै प्राकृतिक सुन्दरताले भरिपूर्ण, डाँडा खोला-छहरासँग हामी रमाइरह्यौं, हिँडिरह्यौं। बाटामा थलहबजार पुगेर घर फर्कँदै गरेका ढिमे- ५, खुर्पाका ऐन ब. सिंह र उहाँका २ छोरासँग हाम्रो भेट भयो। हाम्रो ठाउँ विकट छ, तर यातायात हुने भए के हुन्थ्यो के नि ! भन्ने कुराकानी गर्दै सिंह हामीसँगै हिंडनुभयो। कुराकानी गर्दै कतै उकालो अनि तेर्सो भीरको सानो गोरेटो काट्दै हामी अगाडि बढिरह्यौं। सिंहको गोठमा आइपुग्दा झिसमिसे साँझ परिसकेको थियो। त्यसकारण उहाँले हामीलाई दुःख-सुख यहीं बसौं भनेर अनुरोध गर्नुभयो। हाम्रा लागि पनि के सुख ? के दुःख ? हामी यही बस्यौं। तरकारी पाइदैन सर भन्दै ऐन बहादुरले आलु खनेर ल्याउनुभयो र उहाँकी श्रीमती सवला कुमारी रोटी र आलुको तरकारी पकाउन थाल्नुभयो। हामी कुरा गर्दै रह्यौं। भोक राम्रै लागेको थियो। खाना र रोटी पाक्ना साथ हामीले सँगै खायौं। त्यसपछि ओछ्यानमा निद्रादेवीको आराधानामा जुट्यौं।

२०६६ वैशाख ३०: सायद थकानको कारण हुनुपर्छ, निद्रा राम्रोसँग नपुगेजस्तो भएपनि हामी ६ बजे उठेर हिंड्यौं। ढिमे- ५ साँधीबजार हुँदै अनि स्थानीयवासीलाई बाटो सोध्दै हामी पैंक- १, जिन्ताला पुग्यौं। स्थानीय धनपति सिंहले आफ्ना श्रीमान् मुटुको भल्भ बिग्रिएर लामो समयदेखि ओछ्यान परेको दुःखेसो गर्नुभयो। अर्का एक बृद्ध तिलक सिंह भन्दै हुनुहुन्थ्यो- "मायाले होइन, भयले गर्दा जनता नयाँ व्यवस्थामा गएका हुन्, देउता र राजा मान्नुपर्छ।"

पत्रकार महासंघ जाजरकोटका अध्यक्ष भीम ब. सिंहकी आमा जयकुरा सिंहले आफ्नै घरमा खाना पकाएर हामीलाई खुवाउनुभयो। यसको चाँजो-पाजो हेमन्त सिंहले मिलाउनु भएको थियो। ६५ वर्षे बृद्धा सिंहले भन्नुभयो- "बाबुको काल भया ९ वर्ष भया"। भया, गया जस्ता शब्द यो भेगका बासिन्दाको बोलीचालीमा चल्दो रहेछ।

खाना खाएर हामी पैंकमा अवस्थित मस्ट मन्दिरतर्फ लाग्यौं। मन्दिर छेउको गाउँमा पुगेपछि धामी (दारेमस्ट) खड्ग ब.रोकायाले १४ जिल्लाबाट मनकामना सिद्ध गरी मान्छेहरू बोकाको बलि चढाउन लिएर आउने गरेको बताउनुभयो। जाजरकोट जिल्लामा मस्ट मन्दिर प्रसिद्ध रहेछ। प्रहरी चौकी पैंकका हवल्दार गोपालसिंह धामीले पनि मस्ट मन्दिरको महत्व दर्शाउनु भयो। हामी मन्दिर अवलोकन गरेर फर्कियौं।

जनता उ.मा.वि. कार्यालय, पैंक पुग्यौं। त्यहाँ क्यामराको ब्याट्री चार्ज गर्नुका साथै कम्प्युटर अपरेटर रविन्द्र विक्रम शाही र धारापानी नि.मा.वि. अर्छानिका शिक्षक नवराज विक्रम शाहीसँग केहीबेर कुराकानी गर्‍यौं। यस्तो ग्रामीण भेग भएपनि यहाँ सोलारबाटै आधा दर्जन कम्प्युटर चलाइएको रहेछ। कम्प्युटर अपरेटर शाहीले जाजरकोटको सबभन्दा बढी साक्षरता प्रतिशत भएको पैंकका स्थानीयवासीलाई यहींको उत्पादनले खान पुग्छ भन्नुभयो। साथै प्रसिद्ध मस्ट मन्दिरको विषयमा सामान्य ज्ञानमा पनि

आउनुपर्छ भन्ने उहाँलाई तपाई पनि विश्वास गर्नुहुन्छ ? भनेर हामीले प्रश्न गऱ्यौं । "आफूमा त विश्वास छैन, तर समाजले गरेर मान्ने भएकाले समर्थन गरेको हुँ" भन्ने जवाफ हामीलाई पस्किनुभयो ।

डा. केशर ब. रोकाया क्षेत्री पनि यही गाउँमा जन्मिनुभएको स्थानीयवासीले बताए । पैंकलाई छाडेर हामी रामीडाँडा लाग्यौं । केहीबेर हिंडेपछि हामीले बाटो भुलेको एक स्थानीयवासीले बताए । पछि उनकै सल्लाह बमोजिम हामी जंगल भएको डाँडा काफल खाँदै ठाडो उकालो निस्कियौं । जंगलभरी ठूल्ठूला रूखहरू ढलेर माटोमा मिलिरहेका रहेछन् । मक्किएर खेर गएका यी रूखहरूले नेपालमा प्राकृतिक सम्पत्ति धेरै छ, तर यसको सदुपयोगका लागि यातायात र दक्ष जनशक्तिको अभाव कायमै रहेको कुरालाई प्रस्ट्याएको छ । डेढ घण्टा नाक ठोक्किने ठाडो उकालो हिंडेर हामी फलाटे डाँडा आयौं । र, त्यहाँबाट ओरालो नजिकै देखिने टाकुरा र सेताम्मे हिमश्रृंखलाहरूको दृश्य अवलोकन गर्दै हामीले दोबाटोमा नास्ता गऱ्यौं । रामीडाँडा-९ का नेपाली र प्रेम ब. नेपालीसँग बाटो सोधपुछ गरेर हामी पुनः ओरालो नै लाग्यौं ।

सानो खोलो तरेर ईलाका प्रहरी कार्यालय रामीडाँडा आइपुगेपछि इन्स्पेक्टर मुकुन्द रिजाल, सई तिलक घर्ती, कमलदेव घर्तीलगायतका प्रहरी जवानहरूसँग हाम्रो परिचय भयो । झमक्कै साँझ परिसकेको थियो । ईलाका प्रहरी कार्यालयमा खानपिन र बसोबासको प्रबन्ध भयो । पानी अभावका कारण पावर कम र थोरै समय मात्र भएपनि रामीडाँडामा लघुजलविद्युतबाट निकालिएको बिजुली बल्दो रहेछ ।

२०६६ वैशाख ३१: बिहान उठ्ने बित्तिकै विद्यादेवी प्रा.वि. का शिक्षक जय ब. बूढाले जुम्ला-जाजरकोट जिल्लाको सिमानामा रहेको चाखुरे हिमाल, हिउँचुली, मूलसाम लेक र जन्त लेक लगायतको दृश्य हामीलाई अवलोकन गराउनु भयो । त्यसपछि प्रहरी कार्यालय परिवारको शुभेच्छासहित हामी कालीमाटीतर्फ लाग्यौं । कतै ओरालो अनि कतै तेर्सो बाटो छिचोल्दै तल गहिराईमा बगेको नर्सिङ्गघाट खोलालाई नियाल्दै हामी रामीडाँडाका सिम्नाकोट, वयलागाउँ काटेर सक्ला गा.वि.स. वडा नं. ८ आइपुग्यौं । सक्लाका केही गाउँ र रोकाया गाउँमा झाडा पखलाको प्रकोप रहेछ । स्थानीय जयराम गौतमले भन्नुभयो, यी विकासे दाल र चामल खान थालेपछि हाम्रो गाउँमा मान्छे मरिरहेका छन्, बरु पहिला आफ्नै गाउँको सिधोपीठो खाँदा केही भएको थिएन । प्रकोपकै बारेमा कुराकानी गर्दै उहाँको घरमा हामीले दही र रोटी खायौं । गाउँको शुद्ध, पानी नमिसाएको भैसीको दही निकै मीठो थियो ।

सक्ला गाउँमै दीपेन्द्र मा.वि. व्यवस्थापन सदस्य केदार जैसी, शिक्षक शम्भु प्रसाद शाह र स्थानीयवासीसँग हाम्रो भेट भयो । उनीहरूले यि भेगमा एफ.एम.को पहुँच अहिलेसम्म पनि नपुगेको बताए । एक स्थानीयवासीले भने- "कालीमाटीमा विद्युतका लागि ड्याम बनाउँदा यस गाउँबाट हामी हटनुपर्ने अवस्था छ ।" हाल उनीहरूलाई डिप्रोक्स नेपालद्वारा दिइएको दाल कीराले खाएको र चामल पनि कमसल किसिमको रहेको हामीले पायौं । जसका कारण झाडापखालाको महामारी फैलिएको हो कि ? भन्ने उनीहरूको शंका रहेछ । अहिले सम्म मर्नेको संख्या १५ पुगेको उनीहरूले हामीलाई जानकारी दिए ।

सक्लाबाट हिंडेर हामी सेपुखोलाको पुल तरी ईलाका स्वास्थ्य चौकी सक्ला- २ पुग्यौं । त्यहाँ अहेबद्वय वीरराज र लोकराज वि.क., स्वास्थ्य व्यवसायी संघका अध्यक्ष अम्बर ब. सिंह, चामल उपभोक्ता समितिका सदस्य दिल ब. र स्थानीयवासीसँग हाम्रो कुराकानी भयो । गाउँमा झाडा पखालाको महामारी फैलिनुका ३ वटा कारण सहभागीहरूले निकाले । पहिलो खाद्य कार्यक्रम अन्तर्गत दिइएको गुणस्तरहीन चामल र दाल, दोश्रो राम्ररी नपकाई खानु अनि सरसफाईको कमी र तेश्रो मौसम परिवर्तन । तपाईंहरूले किन गुणस्तरहीन चामल वितरण गर्ने संस्थालाई गुनासो गर्नुभएन ? भनेर हामीले उनीहरूलाई सोध्दा धेरैजसो बोलेनन् तर १/२ जनाले बिस्तारै भने- "गुनासो गरे खान पाइराखिएको यही चामल दाल पनि बन्द भयो भने ..." यसबाट स्पस्ट हुन्छ कि गरिबी र खाद्यान्न अभावका कारण जनता सडेकै चामल र दाल भएपनि चुपचाप खान बाध्य छन् । चामल र दाल बाटो खन्ने, स्कूल बनाउने लगायत विकास निर्माणका काम गर्दा कामका लागि खाद्यन्न कार्यक्रम अन्तर्गत स्थानीयले पाउँदा रहेछन् ।



सेपु खोलाको एकदमै जीर्ण पुल तरेर हामी ... छाल छालै हिंडिरहेका थियौं । एकजना दाईले आफ्नो ... सुस्तरी भने, सर म त विकासले दिएको दाल चामल ... थालेपछि पेट दुःखेर मर्न लागे, केही दवाई छ भने दिनुन ... भन्यौं, तपाईंलाई दिने दबाई हामीसँग त छैन, ऊ त्यो पानी ...

जुनि बाल संरक्षण केन्द्र

अस्पताल जानुस् । त्यहाँ तपाईंलाई चेक गरेर दबाई दिन्छन् । हाम्रो कुरा सुनेर के गरौं र कसो गरौं भएका ति दाई आफ्नो पेट छाम्दै स्वास्थ्य चौकी तिर लागे हामी भने गन्तव्यतर्फै ।

हाम्रा आँखा एकाएक विश्वका चर्चित कम्युनिष्ट नेताहरूको तस्वीरमा पऱ्यो । यसको छेउमा जुनि बाल संरक्षण केन्द्रको बोर्ड थियो । यसको प्रतिक्षालयमा बसेका जय ब. घर्ती मगर र अन्य ४-५ जना व्यक्तिहरूसँग हामीले केही समय कुराकानी गऱ्यौं । संरक्षण केन्द्रमा जुर्क र निपाने गा.वि.स. मा तत्कालीन राज्यसत्ताबाट माओवादी जनयुद्धका बेला सामूहिकरुपमा बेहुला र जन्तीको हत्या गरेर टुहुरा बनाइएका बालबालिका राखिएको रहेछ । बेलाबखत विभिन्न संस्थाका मान्छे आएपनि कारितास र रेडक्रस बाहेक कसैले सहयोग नगरेको गुनासो उनीहरुको थियो । यसको मूल व्यवस्थापन भने माओवादी पार्टीले गरेको उनीहरुले जानकारी दिए । जय बहादुर घर्ती मगरले विश्वयात्रा वैज्ञानिक र वस्तुवादी छ भन्दै प्रेस स्वतन्त्र र सकारात्मक हुन पुगोस् भनी शुभेच्छा व्यक्त गर्नुभयो । लहँ गा.वि.स. वडा नं. ८ सिर्की ज्युलामा रहेको सो संरक्षण केन्द्रमा भएको कुराकानी पश्चात् हामीले लैखुमपुल तरेर आफ्नो यात्रालाई निरन्तरता दियौं ।

तल हेर्दा रिंगटा छुट्लाजस्तो भीर माथि हेर्दा बडेमाका ढुंगाहरु झरेर थिच्लाजस्तो पहरा । यसको बीचमा बनाइएको बाटो । हामी खोलाको वहावलाई पछ्याउँदै हिडिरहेका थियौं । यसैबेला उडाउला जस्तो गरी हुरी र पानीका ठूल्ठूला थोपा बर्सिन थाले । हामी यी सबैसँग पौठेजोरी खेल्दै साँझमा कालीमाटी आइपुग्यौं । रेखा स्टोरका सञ्चालक युवराज रावलले हामीलाई सत्कारका साथ खानपिन र बसोबासको प्रबन्ध गर्नुभयो ।

२०६६ जेठ १: हामी आज डोल्पाका लागि प्रस्थान गरेका छौं । यसका लागि कालीमाटीबाट रुकुम र जाजरकोटको भूभाग हुँदै ठूली भेरी नदीको किनारको बाटो हामीले रोजेका छौं । बिहान उठेर हामीले लहँ ६ मा अवस्थित जाजरकोटको पूर्वी भेगमा रहेको प्रमुख बजार कालीमाटीलाई नियाल्यौं । कक्षा ११ को परीक्षामा जुटेका विद्यार्थीहरुसँग हाम्रो परिचय भयो । यसै क्रममा जनकल्याण नि.मा.वि. लहँ ६ रघुनाथका शिक्षक दिनेश वलीसँग हाम्रो भेट भयो । शिक्षक वलीले आफ्नो भेगमा रेडियो नेपालमात्र बज्ने गरेको जानकारी दिँदै पत्रकारिता क्षेत्र सीमित राजनीतिक स्वार्थबाट माथि उठेर राष्ट्र, राष्ट्रियता र जनचेतनाका विषयमा बढी केन्द्रित होस् भन्ने सुझाव दिनुभयो ।

स्थानीय युवराज रावललाई धन्यवाद दिएर हामी कालीमाटीबाट झोलुंगे पुल पार गऱ्यौं । खगेनकोट १, दल्ली आयौं । ईलाका प्रहरी कार्यालय दल्लीका सई राजनकुमार कार्की, हवल्दार निरक बस्नेत लगायतसँग हाम्रो भेट भयो । उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । हामी अगाडि बढ्यौं । दल्लीबाट हामीले ठूली भेरी नदीको किनारै किनार लगभग डेढ घण्टाजति बाटो पार गरेका थियौं । खगेनकोट ३ का काठ मिस्त्री प्रजित कामी र चित्रजंग शाहीसँग दानी पिपलमा भेट भयो । उनीहरुले हामीलाई मही र गहुँको रोटी नास्ताको प्रबन्ध गरे । यस भेगमा घट्टमा पिसेर बनाइएका गहुँ वा मकै जे सुकै पीठोका रोटी हामीलाई असाध्यै मीठो लागेको छ । मिस्त्री प्रजितले दाजुभाईबीच जग्गाको सिमानालाई लिएर झगडा भइरहेको बताउनुभयो । मान्छेहरु किन सानो कुरामा झगडा गरेका होलान्, कति सानो चित्त ? दाजुभाई मिलेर बराबर गरे त भै हाल्थ्यो नि...।

जाजरकोट यात्राका क्रममा प्राप्त नगद सहयोग

नेपाल पत्रकार महासंघ	रु. २,०००/-
जिल्ला प्रहरी कार्यालय	रु. १,०००/-
ई.प्र.का. (खगेनकोट दल्ली)	रु. ५००/-
महेन्द्र सिंह (जाजरकोट सन्देश)	रु. १०५/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरुः

२५ औं जिल्ला जाजरकोटमा स्वागत । - रेशमबहादुर पाण्डे (प्र.जि.अ.), हिमबहादुर लामा (प्र.ना.उ.), जिल्ला प्रहरी कार्यालय
प्रेस जगत्लाई नयाँ उचाईमा पुऱ्याउन सकोस् । - भीमबहादुर सिंह (अध्यक्ष), नेपाल पत्रकार महासंघ
महान् लक्ष्य पूर्णरुपमा सफल होस् । - गोविन्दबहादुर रोका (प्र.ना.नि.), ई.प्र.का. रगदा चौखा
यार्सागुम्बाको विषयमा छलफल गर्न पाउँदा खुशी लाग्यो । - शंकर परियार (गोतामकोट रुकुम), विद्यालयः वीरेन्द्र हिमालय मा.वि., तल्लु जाजरकोट
भ्रमणबाट धेरै नयाँ कुराको जानकारी हुन्छ । - दीपककुमार परियार (आठबिस, डाँडागाउँ ४, रुकुम), श्री बालकल्याण उ.मा.वि. आठविसकोट
दश औंला जोडी कामना गर्छु यात्रा राम्रो होस् । - भीमबहादुर वि.क. रगदा ३, जुँगेपानी, जाजरकोट

जाजरकोट र रुकुमका भूभाग हुँदै डोल्पा प्रवेश

दानी पिपलबाट हामी प्रजित कामीसँगै झोलुंगे पुल तरेर आठबीसकोट, राडीज्यूँला बजार रुकुममा प्रवेश गर्‍यौं । बजार घुम्यौं । हामीसँग पानी पर्दा ओढ्ने कुनै किसिमको सामान थिएन । त्यसकारण प्लास्टिक किन्यौं । यसक्रममा नेकपा माओवादी जिल्ला कमिटी सदस्य गंगाराम चनारा, स्थानीय सैलुन सञ्चालक दीपेन्द्र शाह (ठकुरी) र केही स्थानीय हाम्रो परिचय भयो । श्रम गर्दा कोही ठूलो सानो हुँदैन भन्ने सैलुन सञ्चालक शाहको व्यवहारिकताले हाम्रो मन छोयो । हामीले आफ्नो देशमा रहेको श्रमको विभाजनको संकुचित मानसिकतालाई सम्झियौं । साना-साना भनिएका यस्ता काम काम गर्न लजाउने हामी धेरै युवाहरुले मानसिकतामा सकारात्मक परिवर्तन गर्ने हो भने देश बन्न केही समय लाग्दैन । उदाहरण शाहले दिनुभएको रहेछ ।

तर, आफ्ना दाजु शिक्षक वीरेन्द्र शाहलाई दश वर्ष युद्धका क्रममा नेकपा माओवादीद्वारा सुराकीको आरोपमा हत्या भएको स्मरण गर्दै सैलुन सञ्चालक शाह स्तब्ध हुनुभयो । कस्तो दुःखद खबर ...? हिंड्ने बेलामा उहाँले हामीलाई केरा ख्वाउनुभयो । बिदा भएर हामी ईलाका प्रहरी कार्यालय आठबीसकोट परिसर आयौं । त्यहाँ सई धर्मराज अवस्थी, असईद्वय राम ब. मीन बहादुर के.सी. सँग हाम्रो कुराकानी भयो ।

सई अवस्थीले आठबीसकोट रुकुमको बढी झगडा हुने गा.वि.स. मा पर्ने जानकारी गराउनुभयो । गल्ती गर्नेहरुलाई राजनीतिक दलहरुले संरक्षण दिने गरेको दुःखेसो पनि उहाँले पोख्नुभयो । राज्यको चौथो अंग पत्रकारिता सकारात्मक एवं स्वतन्त्र हुनुपर्छ । यो विश्वभ्रमण अभियानले सघाउ पुर्‍याओस् भन्ने शुभकामनाका साथ सई अवस्थीले हाम्रो बिहानी खानपिनको प्रबन्ध मिलाउनुभयो ।

राडी ज्युलाबाट पुनः झोलुंगे पुल तरेर हामी जाजरकोटकै भूभागबाट भेरी नदीको किनारसँग मितेरी लाउँदै बढ्यौं । खगेनकोट ८, मैदे र ९ को मालुवा हुँदै रगदा, ३ को दारिमपाटा के पुग्न लालेका थियौं, हावा हुँईकियो, हुण्डरी चल्यो पानी दर्कियो । दौड्दै केहीबेरमा दारिमपाटा आइपुगेर हामी ५:३० बजे नै बास बस्यौं । यहाँ स्थानीयवासी भीम बहादुर नर सिंह तथा यार्चागुम्बा टिप्न हिंडेका गौतमकोट ३ का शंकर परियार र आठबीसकोट रुकुमका दीपक परियारसँग हाम्रो कुराकानी भयो । भाईहरु वि.क. र परियारले आफूहरुलाई पनि नेपाल भ्रमण गरेर अध्ययन अवलोकन गर्न र पत्रकार बन्न प्रेरणा मिलेको बताउँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । गाउँलेहरुले दुर्गम ठाउँका समस्या सरकारसम्म पुर्‍याई दिनुहोला भने । बेलुकीको खाना खाएर हामी निद्रादेवीको साधनामा लाग्दैछौं ।

२०६६ जेठ २: बिहान सबेरै उठेर हामी जाजरकोटको रगदा गा.वि.स.मा पर्ने रोली काटेर चोखा पुग्यौं । चौखा २०६२/६३ को जनआन्दोलन र शान्ति प्रक्रिया सुरु भइसकेपछि विकास भएको ठूलै बजार रहेछ । त्यहाँ ईलाका प्रहरी कार्यालयका सई बहादुर रोका, असई शिव महतारा, स्थानीयवासी भीम बहादुर मल्ल र डिल्ली बहादुर बानियाँ लगायतसँग हाम्रो कुराकानी भयो । उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्दै चिया पिलाएर हामीलाई बिदा गर्नुभयो ।

चौखाबाट १, २ र ५ वडामा अवस्थित तल्लो बगरबाट झोलुंगे पुल पार गरेर हामी रुकुम गोतामकोटको भूभाग प्रवेश गर्‍यौं । तल्लो बगरबाट जाजरकोटको भूभाग सिद्धिएपनि रुकुमको भूभागबाट भगवती गा.वि.स.मा पर्ने विकट पहाड पहरा चढ्ने क्रम जारी नै थियो । गोतामकोट रुकुमको अनाह काटेर मूलबजार पुग्यौं । हामीले त्यहाँ खाना सोध्दा पाएनौं । कारण बिहानको खाना बजिसकेको थियो । एउटा पसलमा मकैको ढिंडो आफूलाई खान पकाएका रहेछन् । आफू पछि पकाएर खाने भन्दै उनीहरुले हामीलाई ढिडो दिए । ढिडो निकै मीठो लाग्यो हामीलाई । एकजनाका लागि पकाएको ढिडो हामी दुई जनालाई पुर्‍याएर रु. १०० लिए ।

त्यसपछि हामी गोतामकोटकै तल्लो ज्यामिरे आइपुग्यौं । त्यहाँ स्थानीय व्यापारी जय बहादुर बोहोरा, कालिका प्रा.वि.का शिक्षक लाल बहादुर रोकाया, डोल्पाका हरिशचन्द्र डाँगी, यार्सागुम्बा टिप्न हिंडेका रुकुमेलीदेखि जाजरकोटेहरुसम्म कुराकानी भयो । शिक्षक रोकायाले केरा किनेर ख्वाउँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । स्थानीय व्यावसायी बोहोराले बखडा ख्वाउँदै आफूले विभिन्न प्रकारका फलफूल खेती गरिरहेको र केराबाट मात्रै वार्षिक ३०-३५ हजार आम्दानी गर्ने गरेको बताउनुभयो । यस्तो विकट ठाउँमा लोभैलाग्दो सुगम आम्दानी । बटुवाहरुले एउटा कोशा केराको रु. ६ त महंगो भयो भन्दै गुनासो गरे । र, यात्रामा अगाडि बढे ।

तल्लो ज्यामिरेबाट हामी माथिल्लो ज्यामिरे हुँदै खोलीबजार आयौं । बाटामा भेट भएका मनराम बोहोरा, हर्क बहादुर लगायतका स्थानीयवासीले भने, रुकुमको सबैभन्दा विकट क्षेत्रमा हामी छौं, १ कि.मी. माथि पानीको श्रोत भएपनि घरसम्म ल्याउन पैसा छैन । एक बाली मकै र पशुपालनबाट हामीले जेनतेन जीवन गुजारा चलाइरहेका छौं । खोलीबजारबाट ढुँगै ढुंगा र पहरो बाटो काट्दै हामी त्रिवेणी आयौं । रुकुम, जाजरकोट र डोल्पाको संगम रहेको त्रिवेणीबाट हाम्रो यात्राको २५ औं जिल्ला जाजरकोटको अन्त्य र २६ औं जिल्ला डोल्पा भ्रमण सुरु भयो ।

२६ औं जिल्ला डोल्पा डायरी

२०६६ जेठ २: जाजरकोट, रुकुम र डोल्पाको संगम त्रिवेणीबाट हाम्रो २६ औं जिल्ला डोल्पा भ्रमण सुरु भयो। त्रिवेणीबाट १ घण्टा पैदल हिंडेर हामी ल्हाँ गा.वि.स. २, करबघाट डोल्पा आइपुग्यौं। करबघाट पुलको मुखमा नै ईलाका प्रहरी कार्यालय रहेछ। हामी यो ठाउं बेलुकी ७:३० बजे पुग्यौं। यस कार्यालयका सई महेन्द्र पराजुली र अन्य प्रहरी जवानले हामीलाई स्वागत गर्नुभयो। सई पराजुलीले स्थानीय कमल होटलमा खान बस्नको प्रबन्ध मिलाइ दिनुभयो। हामी खाना खाएर सुत्यौं।

२०६६ जेठ ३: बिहान उठ्नासाथ हामी जाजरकोट डायरी विस्तृतिकरणमा जुट्यौं। सई महेन्द्र पराजुलीले हामी बसेकै ठाउँमा आएर कुराकानी गर्नुभयो। प्रहरी प्रशासनमा हाल गाउँका सामान्य झैझगडा आउने गरेको जानकारी दिदै उहाँले डोल्पा बस्दाका अनुभव सुनाउनुभयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणप्रति शुभकामना व्यक्त गर्दै उहाँल. हामीलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय क्षेत्रमा पत्रकारिता जगतको प्रतिनिधि भई सक्षम, पारदर्शी एवं निष्पक्ष तरिकाले काम कतर्व्य पूरा गर्न र विचलित नहुन आग्रह गर्नुभयो। साथै नेपाल र नेपालीको वास्तविक एवं साहसिक परिचय विश्वसामु छर्लंग पार्न सक्नुहोस् भनी शुभकामना लेख्नुभयो। उहाँकै सहयोगमा बिहानको खानपिन गरेर हामी दुनैतर्फ प्रस्थान गर्‍यौं।

संक्षिप्त परिचय

क्षेत्रफल: ७,८८९ वर्ग किलोमिटर (क्षेत्रफलको हिसावले नेपालकै सबभन्दा ठूलो जिल्ला, महाकाली अञ्चलको भन्दा पनि बढी क्षेत्रफलमा फैलिएको र यस जिल्लामा पर्ने भक्तपुर जिल्लाभन्दा पनि ठूलो एउटै भिजेर गा.वि.स.), गा.वि.स. संख्या: २३ वटा, निर्वाचन क्षेत्र: १, सदरमुकाम: दुनै, अञ्चल: कर्णाली, विकास क्षेत्र: मध्यपश्चिमाञ्चल

भौगालिक अवस्थिति: पूर्व मुस्तांग र चिनको स्वशासित क्षेत्र तिब्बत, पश्चिम जुम्ला र मुगु, उत्तर तिब्बत र दक्षिण जाजरकोट, रुकुम, म्याग्दी, मुस्तांग जिल्ला।

पर्यटकीय स्थल: तालहरु (फोक्सुण्डो, जगदुल्ला, दुधकुण्ड, खालीदह, सुकदह, छमकुने, सुनदह, ग्यालबारा, चौथारा, कोच्यारा, नाहुरको नाछिर), शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, शे गुम्बा, बालात्रिपुरासुन्दरी मन्दिर, हिमाल तथा उच्च भञ्ज्यांग उपत्यका, उपत्यकाहरु (तिन्जे, धो तराप), तातोपानीका पोखरीहरु, बोन पो धर्म, व्यास गुफा, ओक्ट गुफा आदि।

(साभार: डोल्पा जिल्ला एक झलक २०६३, जि.वि.स.)

करवघाटमा स्थानीय किसानहरु धानको बीउ काढ्न र खेत रोप्नमा व्यस्त देखिन्थे। यार्चागुम्बा टिप्न हिंडेका मान्छेहरु बाटामा भारी बोकेर कोही हिंड्दै थिए, कोही शितलमा पल्टिरहेका त कोही तास खेलिरहेका भेटिन्थे। कतै खसीहरु दुनैतर्फ बेच्न लगिरहेका ताँती थिए त कतै सामान बोकेर हिंडेका खच्चरहरुको लस्कर। बाटो वारीपारी देखिने यस्तै मनोरम एवं प्राकृतिक भीर पहराको दृश्यलाई नियाल्दै हामी ल्हाँ गा.वि.स. कै हरियापानी, खदांग हुँदै शिरविण्डे आयौं। कालीमाटीबाट यता लागेपछि होटल पसलका बोर्डमा फोटो राख्ने र प्रोपाइटरहरुको नाम लेख्ने चलन रहेको हामीले पायौं।

पृथ्वीनारायण प्रा.वि. ल्हाँ ९ पालंगका प्र.अ. कर्णबीर बोहोरा र स्थानीयवासी ज्ञान बहादुर रोकाया लगायतसँग कुराकानी भयो। उनीहरुले १० वर्षे युद्धको जस्तो दुःख अब फेरि भोग्नु नपरोस्, त्यो युद्ध नहोहोरियोस् र देशमा स्थायी शान्ति होस् भन्ने कामना गरे। चौरजहारीबाट खच्चडलाई बोकाएर शिरविण्डे सामान ल्याउँदा प्रतिकेजी रु. ६० तिर्ने गरेको जनाउँदै उनीहरुले विश्वभ्रमण सफलताको कामना पनि गरे। यहाँ लघुजलविद्युत रहेछ। रेडियो नेपाल त्यो पनि ठूलो रेडियोमा सुन्न सकिने र कुनै पनि टी.भी. हेर्न नपाइने रहेछ यहाँ। हामीलाई ज्ञान बहादुर रोकायाले नै आफ्नो होटलमा खानपिन र बसोबासको प्रबन्ध मिलाउनुभयो।



२०६६ जेठ ४: प्रात: ६ बजे हामीले आफ्नो यात्रा शिरविण्डेबाट प्रारम्भ गर्‍यौं। शिरविण्डेबाट दुनै आइपुग्दा साँझको ५:३० बजिसकेको थियो। यसक्रममा सिउडेनी, लिकु ३ धाउने, त्रिपुराकोट, जुफालको कालागौंडा, सुलीगाड लगायतको भूभाग हामीले पार गर्‍यौं। ढुंगै ढुंगाको पहरा बीचको बाटो कतै कतै त निकै अप्ठ्यारो रहेछ। टाढाबाट हेर्दा दुवै पहरा जोडिएर बाटो नै अन्त्य भएको छ कि झैं देखिन्थ्यो। तर, नजिक पुगेपछि भेरी नदी सलल बगिरहेको र फेरि पर हेर्दा त्यस्तै दृश्य नजर गर्न पाइन्थ्यो। यस्तो

अप्ठ्यारो ठाउँमा खच्चडको भारी समेत समाएर मान्छेले पार गराउँदै थिए। ठाउँ ठाउँमा फलामे झोलुंगे पुल र काठका
पनि तर्नु पर्‍यो।

त्रिपुराकोट प्रवेश गर्नासाथ अगाडि देखिएका ढुंगै ढुंगाले बुट्टेदार रहेका बाँदर लड्ने भीर र चुचुरातिर हेर्दा टोपी पहरा सिद्धिएर हरियाली बस्ती देखियो। बजारबाट माथि डाँडामा वाला त्रिपुरासुन्दरी भगवती मन्दिर रहेछ। हामी १५ मिनेट चढेर मन्दिर पुग्यौं। मन्दिरबाट चारैतिरको दृश्य नजर गर्न पाउँदा मनमा शीतलता र प्रफुल्लता छायो। कारण नजिकैको मुकुटेश्वर हिमाल, केही टाढाको दूरीमा थांगे हिमाल हाँसेको अनि त्रिपुराकोट गा.वि.स.का गाउँमा धान रोपाई गरिरहेको, वरि डाँडा काँडा र छंगछंग गर्दै बगिरहेकी भेरी नदीका दृश्य प्रमुख आर्कषण थिए। मन्दिरमा ठूल्ठूला कुण्डल लगाएका पुजारी उपाध्याय भेटि्टनुभयो।

वि.सं. ११११४ सालमा स्थापित ऐतिहासिक एवं प्राचीन यो मन्दिरको विषयमा हामीलाई पूजारी उपाध्यायले दिनुभयो। बडादशैं र चैते दशैंमा विशेष मेला लाग्ने यस मन्दिरमा राजा महाराजा, अफिसर लगायत विभिन्न जिल्लाबाट भक्त दर्शनार्थ आउँदा रहेछन्। न्यौपाने थर बाहेकका कोही पनि पूजारी बस्न नहुने प्रावधान रहेको पनि उहाँले खुलासा गर्नुभयो। वर्षे युद्धका क्रममा आफूले पनि धेरै दुःख व्यहोर्नु परेको स्मरण गर्दै आगामी दिनमा शान्ति र मन्दिरको व्यवस्थापनमा सहयोग सबैसँग उहाँले आग्रह गर्नुभयो। राजा ज्ञानेन्द्रलाई आफ्नो शासनकालमा सत्ता टिकाइ राख्न आर्शिवाद मैले दिएको भएपनि टिकाउन सकेनन् भन्दै पूजारी उपाध्याय गलल्ल हाँस्नुभयो। हा..हा..हा..।

मन्दिरबाट तल बजारमा झरेर हामीले प्रहरी चौकी त्रिपुराकोटका असई मोहम्मद तपिखाँ, ने.काँ. डोल्पा कार्य सदस्यद्वय टंकप्रसाद उपाध्याय र पुरीप्रसाद हमाल, लाली गुराँस होटल सञ्चालिका दीपा थापा, पहाडा देवकोटाबाराकी गुरु जैसी लगायतसँग हाम्रो कुराकानी चल्यो। होटल सञ्चालिका थापाले ६ वर्ष अगाडि आफूले रुकुमबाट यहाँ आएर पहिलो खोलेको र हाल राम्रै बजारको रुपमा विकसित भएको बताउनुभयो। उहाँका अनुसार अहिले त्यहाँ घडेरीको दाम रु. ५ लाख पर्छ। यो ठाउँमा छलगाड लघुजलविद्युत् व्यस्थापन समिति मार्फत् ३ वर्ष अघिदेखि बत्ती बलिरहेको रहेछ। उहाँहरु सबैले हाम्रो भ्रमण सफलताको कामना गर्न पनि भ्याउनुभयो।

त्रिपुराकोटबाट हामीले झोलुंगे पुल पार मात्र के गरेका थियौं, हावा हुरी जोड-जोडसँग चलेर उडाउला जस्तो गर्न थ अझ ससाना ढुंगा र छारो अनि भर्खरै खन्दै गरेको सडकको धुलोले वर्षे झरीले नुहाएझैं हामीलाई नुहाइदिंदा आँखा बन्द थचक्कै बस्नुपर्ने अवस्था नै सिर्जना भयो। भित्ता तिर आड लिन नपाएको भए त्यो हावा हुरीले नजिकै खोंचमा बगिरहेकी भेरीमा हामीलाई हालेर जीवन विश्राम दिने अवस्था आएको थियो। हुरी केही कम भएपनि हाम्रो जिउभरी छारो बर्सिने क्रम चाहिं चलिरहेकै थियो। तैपनि हामी बेला बेला आँखा खोल्दै र बन्द गर्दै आजको गन्तव्य स्थल विकट र अविकसित कर्णाली अञ्चल डोल्पा जिल्ला सदरमुकाम दुनैतर्फ लम्किनै रह्यौं।

अझ मननीय कुरा त के छ भने यस्तो बेलामा पनि बाटामा केही मान्छेहरु थाम्न नसकिने जस्तो देखिने कर्कटपाताको बोक्दै त कोही खसीको लस्कर धपाउँदै अनि कोही खच्चड लखेट्दै अगाडि बढिरहेका थिए...।

कालागौंडामा भेटिएका पसले धनवीर डाँगी ३ वर्षयता महंगी बढेर १०० रुपैया छाक खाना पुगेको छ भन्दै हुनुहुन्थ्यो। सुलीगाड केवलजंग गुल्ममा कार्यरत नेपाली सेनाका नायक भरत रायामाझी ५ वर्षदेखि विकट ठाउँमा बसिरहे पनि घर


डोल्पा सदरमुकाम दुनै

समस्या परिरहेको गुनासो पोखिरहनु भएको थियो। हामी सुलीगार्डबाट बौद्ध गेट पार गरेर केही अगाडि बढ्यौं। त त डोल्पा सदरमुकाम दुनै बजार पो देखियो। जाजरकोटको कालीमाटीबाट जेठ १ गते भेरी नदीको किनारै किनार प्रकृतिसँग रम्दै अनि ठाउँठाउँमा आइपरेका कठिनाईसँग पौठेजोरी खेल्दै आज हामी जेठ ४ गते दुनै आइपुगेका हौं। भेरी नदी किनार वारी पारीका प्राकृतिक डाडा काँडा देखिने दुनै बजारले हामीलाई झट्ट हेर्दै आकर्षित गरि त हाल्यो।

दुनै बजारको गेटमै नेपाल पत्रकार महासंघ शाखा अध्यक्ष विष्णु देवकोटा, पत्रकारहरु विष्णु बुढा र खडक मल्ल प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता अभियानको स्वागतार्थ उभिइसक्नु भएको रहेछ। उहाँहरुसँग कुराकानी गर्दै ठाउँठाउँमा भेटिएका व्यक्तिहरु र यात्राबारे जानकारी दिंदै

दुनै बजार घुम्यौं। पत्रकार बुढाले ११ वर्ष अघिदेखि आफूले नै डोल्पामा पत्रकारिताको सुरुवात् गरेको बताउँदै हाल हिमाली सुस्केरा साप्ताहिक नियमित प्रकाशन गर्न नसकिरहेको बताउनुभयो। उहाँले भन्नुभयो, आफ्नो बदनियत छिपाएर राम्रोमात्र बाहिर ल्याईदेओस् भन्ने मानसिकता राजनीतिक दल, प्रशासन लगायत अन्य क्षेत्रका व्यक्तिहरुको समेत छ। यसै कारणले गर्दा पनि डोल्पामा पत्रकारिता क्षेत्रको विकास हुन नसकेको हो। बेलुका स्थानीय एक होटलमा खाना खाएर हामी सुत्यौं।

२०६६ जेठ ५: बिहान ८ बजे डोल्पा जिल्लाका राजनीतिक दल, नागरिक समाज, स्थानीय प्रशासनका प्रतिनिधि एवं पत्रकारसँग प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका विषयमा गरिने भनिएको अर्न्तक्रिया कार्यक्रम हुन सकेन। पत्रकार महासंघ शाखाले अध्यक्ष विष्णु देवकोटा बिरामी र पूर्वाध्यक्ष विष्णु बुढा नेपालगञ्ज जानु परेकाले हुन नसकेको कारण जनायो। त्यसपछि हामी निमित्त प्रमुख जिल्ला अधिकारी वेदनिधि अधिकारीसँग निवासमै भेट गर्न पुग्यौं। उहाँले आफूहरु जिल्लामा चामल नून बाँड्ने र झैझगडा मिलाउने कार्य गरिरहेको बताउनुभयो। यो डोल्पामा दूध, फलफूल र तरकारी खान पनि पाइदैन के गर्ने ? भन्दै उहाँले गुनासो पोख्नुभयो। यद्यपि डोल्पा पर्यटन, जडीबुटी लगायतका क्षेत्रमा ठूलै सम्भावना रहेको जिल्ला रहेछ उहाँले आफ्नो धारणा राख्नुभयो।

डोल्पामा आएपछि एफ.एम. सुन्न पाइएको छैन भन्दै नि.प्र.जि.अ.ले भन्नुभयो, अहिलेको युगमा बरु केही समय पानी विना मान्छे बाँच्न सक्ला तर सूचना विना मान्छे बाँच्न सक्दैन। यद्यपि पत्रकारिता स्वतन्त्र, निष्पक्ष एवं सकारात्मक हुनुपर्छ। यसका लागि तपाईंहरुले थाल्नुभएको विश्वभ्रमण सफल होस्।

खाना खाएर हामीले प्रशासन कार्यालयबाट शुभकामना पत्र लियौं। त्यसपछि जि.वि.स. कार्यालय पुग्यौं। स्था.वि.अ. ले अहिले परिषद् चलिरहेको छ, तपाईंहरु फोक्सुण्डो ताल पुगेर फर्केपछि थप कुराकानी गरौला भन्नुभयो। हामी त्यही सहमतिमा जिल्ला वन कार्यालयतर्फ लाग्यौं। कार्यालय प्रमुख नभएकाले सहायक वन अधिकृत गणेश शाह, खरिदार नर बहादुर शाही, पोकेपानी सामुदायिक वन उपभोक्ता समूह माझफाल (३,४ र ५ वडा) का अध्यक्षसँग केहीबेर कुराकानी गरेर घरेलु तथा साना उद्योग विकास समितिको कार्यलय प्रस्थान गऱ्यौं।

कार्यालयमा उद्योग अधिकृत एवं कार्यालय प्रमुख मणिराम नेपाल र उद्यमी मन्दिर थापासँग भेट भयो। उद्योग अधिकृत नेपालले हामीलाई डोल्पा जिल्लामा पाइने यार्सागुम्बा, जटामसी, गुची च्याऊजस्ता प्रमुख जडीबुटी र नारु झारबाट स्थानीय स्तरमा उत्पादित साबुन, ढटेलेको तेल र डाले चुकको जुस देखाउनुभयो। जडीबुटी प्रशस्त रहेको डोल्पा यातायातको असुविधाले पछाडि परेको जानकारी दिँदै उद्योग अधिकृत नेपालले विश्व समाजलाई अनुशासित, स्वस्थ र सकारात्मक बनाउन प्रेसले अग्रणी भूमिका खेलोस् भन्नुभयो। उहाँले हामीलाई कोक पिलाएर विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो।

घरेलु कार्यालयबाट हामी दुनै गा.वि.स. कार्यालय पुग्यौं। त्यहाँ सचिव हरी बहादुर मल्ल, एकीकृत नेकपा माओवादी भेरी कर्णाली राज्य समिति सदस्य चेत बहादुर रोकाया, नागरिक समाजका जनक बुढा लगायतसँग हाम्रो भेट भयो। सदस्य रोकायले सञ्चारमाध्यमबाट गा.वि.स.को विषयमा प्रचार प्रसार कम भएको गुनासो गर्नुभयो। उहाँहरुले विश्वभ्रमण सफलताका लागि दिनुभएको शुभेच्छा लिएर हामी जिल्ला प्रहरी कार्यालयतर्फ लाग्यौं।

प्रहरी कार्यालयमा डी.एस.पी. भोजजंग शाह, इन्स्पेक्टर निरञ्जन थापा, सई जंग के.सी., हवल्दार गणेश खड्का लगायतका अन्य प्रहरी जवानसँग पनि हाम्रो कुराकानी भयो। डी.एस.पी. शाहले यातायातको सुविधा हुने हो भने पोखराभन्दा राम्रो पर्यटकीय स्थल डोल्पा बन्न सक्ने धारणा राख्नुभयो। उहाँले दिनुभएको विश्वभ्रमण सफलताको शुभकामना पत्र लिएर हामी बाहिरियौं।

डोल्पा उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष लालीमान बुढासँग हामी भेट गर्न गयौं। उपाध्यक्ष बुढाले चारैतिर हिमालले घेरिएको विकट डोल्पालाई पनि हिमालपारीको जिल्ला भनिनुपर्ने धारणा राख्नुभयो। जडीबुटी र फलफूल खेती प्रशस्त गर्न सकिने प्रकृतिको धनी डोल्पा ३ भागमा विभाजित, विश्वमा कम बोलिने भाषा मध्येको काईके भाषा बोल्नेको संख्या लगभग १००० रहेको र बोन धर्माबलम्बीको संख्या पनि उल्लेख्य रहेको पनि उहाँले हामीलाई जानकारी गराउनुभयो। अहिलेको युगमा मिडियाविना समाजको परिकल्पना गर्न नसकिने, केवलबाट सदरमुकाममा टेलिभिजन हेर्न सकिने र जिल्लामा रेडियो नेपाल बाहेक कुनै रेडियो नबज्ने पनि उपाध्यक्ष बूढाको कथन थियो।

केहीबेर बजार घुमघाम र बजारवासीसँग कुराकानी गर्दागर्दै समयले नेटो काटिहालेछ। हामी रिजाल होटल एण्ड लजमा आयौं। खाना खायौं। र, सुत्यौं।

२०६६ जेठ ६: दुनै बजारबाट हामी बिहान ६ बजे फोक्सुण्डो तालको यात्रामा निस्कियौं। बजार कट्नै लाग्दा भिजेर गा.वि.स. सचिव बौद्धसिंह कठायतसँग हाम्रो भेट भयो। उहाँसँग केहीबेर कुराकानी गरेर चियाको चुस्की लियौं। तालको भ्रमणबाट फर्किएपछि भेट्ने सल्लाह गर्दै हामी अगाडि बढ्यौं। भेरी नदीको छालछालै सुलीगाड झऱ्यौं। फलामे भीम झोलुंगे पुल तरेर हामी शे फोक्सुण्डो राष्ट्रिय निकुञ्जको कार्यालय आयौं। त्यहाँ निमित्त कार्यालय प्रमुख रेञ्जर कुननारायण चौधरी, मध्यवर्ती क्षेत्र व्यवस्थापन समित अध्यक्ष रामप्रसाद महत, त्रिपुरा सुन्दरी मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष दिल बहादुर विष्टसँग

परिचय भयो । फर्कंदा थप कुरा गर्ने निर्णय गरेर ब्रोसर लिएर हामी सुलीगाड नदी किनारै किनार अघि बढ्यौं । रहको शांगदा, छेप्का, न्याची हुँदै साँझ पौने ६ बजे हामी चुनुवार आइपुग्यौं ।

नदीको कन्चन पानीको कलकल संगीत, वनजंगलको हरियाली, बाँदर लड्ने भीरदेखि टोपी खस्ने पहाडका टाकुराहरु, यार्सागुम्बा टिप्न हिंडेका मान्छेका विभिन्न क्रियाकलापहरुलाई नियाल्दै आउन पाउँदा हामीलाई रमाइलो लाग्यो पानी देख्दा हामी सम्झन्छौं, काठमाडौं बस्दा पानी नपाएको क्षण । मिनिरल वाटर किनेर खाएको दृश्य । वास्तवमा यातायात यो पानी निर्यात गर्ने हो भने डोल्पाको महत्व झनै अर्कै हुन्छ ।

पहराका बीचमा कुनै-कुनै ठाउँमा त धेरै अप्ठ्यारा बाटा पनि हामीले छिचोल्यौं । छेप्का आएपछि बिहानको खाना खा भनेर सोध्दा तयारी रहेनछ । समय बढी लाग्ने भएकाले हामीले चाउचाउ र चिउरा खायौं । २ पोका चाउचाउ र १ पाउ चि रु. १२५ तिर्यौं । विकट हिमाली जिल्ला भएकाले सामान ढुवानी गर्न महंगो पर्दोरहेछ ।

त्यहाँ होटलवाला दिदीसँग भएको कुराकानी पनि बढो रमाईलो छ । हामीले खाना छ भनेर सोध्दा उनले छ भनी खाना खाउँ न त भन्दा दिदीले गलैंचा ओछ्याएर वियरका बोतल पो राखिदिइन् । हाँस्दै हामीले भन्यौं, दिदी भात खाने पो त, तपाईंले त वियर दिनुभयो, हामीले त वियर पिउने गरेका छैनौं, अहिलेसम्म मद्यपानको स्वादै चाखेका छैनौं । अनि ती ए भात पो भनेको भात त पकाउनु पर्छ, समय लाग्छ भन्दै वियर उठाएर लगिन् ।

छेप्कामै हामीले पहिलोचोटि अनौठो जनावर देख्यौं । त्यो जनावर हेर्दा खेरी हाम्रा गाउँघरका गोरुझैं देखिन्थ्यो । लाम सिंग भएका ती जनावरका ढाडमा सामान लोड गरिरहेको अवस्था । ती जनावरका बारेमा हामीले जिज्ञासा राख्दा एकजना भन्नुभयो, यी याक र स्थानीय गाईबाट जन्मिएका ठिमाहा झोपा हुन् । न लोकल गाईजस्तो न याक चौरीजस्तो दुवैको मि

छेप्काबाट हामी कतै तेर्सो बाटो त कतै उकालो काट्दै हेर्दै आयौं । बीच बाटामा ठूलठूला रुख फेद जलेर ढलेका । जंगलमा कतै घोडा खच्चड चरिरहेका त कतै घोडा चढेर मान्छे हिडिरहेका भेटिए । जे होस्, प्राकृतिक सौन्दर्यतामा आउन पाउँदा ध्यानी तपस्वीका लागि झनै उत्कृष्ट ठाउँ हामीले पायौं, डोल्पालाई ।

चुनुवारको झरना होटल एण्ड लजमा गिलासमा खोई कुन्नि चिसो हो कि चिया पिइरहेका मान्छे हामीले देख्यौं । कोठा ठूलो चारैतिर थोरै अग्ला ओछ्यान, फलामका पाता जोडेर बनाइएको केही अग्लो चुल्हो रहेछ । हामीलाई होटलवाला त्यही बसाइन् । पछि थाहा लाग्यो, चिया पिउने व्यक्तिहरु रामेछापबाट आएका मिस्त्रीहरु रहेछन् । उनीहरुले हाम्रो यात्राको लिएर सोधे । र, आफ्नो बारे भने हामी पनि डोल्पामा मिस्त्री छेनन् भनेर बोलाएर आएका हौं । अहिलेचाहिं केही दिन यार्सागुम्बा भए ठाउँतिर हिंडेका । बेलुका यही होटलमा खानपिन गरियो । र, निद्रादेवीको प्रार्थनामा डुबियो ।

२०६६ जेठ ७: विहान उठेर बाहिर हेर्दा कुइरो लागेर सिमसिम पानी परिरहेको थियो । मौसम जे जस्तो भएपनि यात्रा रो भएन । भएको प्लास्टिक ओढेर हामी चुनुवारबाट उकालो लाग्यौं । कुइरो लागेको मौसम भएपनि हिमश्रृंखला र वरि डाँडाहरु मधुरो मधुरो रुपमा भएपनि नियाल्न सकिन्थ्यो । ठाडो उकालो भारी बोकेर यार्सागुम्बा टिप्न हिंडेका मान्छेहरु खुइय गरेर पसिना पुछ्दै अनि सुस्केरा हाल्दै उक्लिरहेका थिए । हामी पनि उनीहरुसँगै सार मिलाइरहेका थियौं । अफसोच कुहिरोले सुलीगार्ड झरनाको दृश्य भने हामीले नजर गर्न सकेनौं । उकालो काटेपछि सल्लाघारी सँगै हामीले कराइचो ओरालो बाटो पुन: केहीबेर तेर्सो हिंडेपछि पुरानो गुम्बा भएको स्थान हामीले देख्यौं । अबचाहिं हाम्रो गन्तव्य फोक्सुण्डो तालको क्षेत्र आ क्यारे भन्ने हामीलाई लाग्यो । थप अगाडि बढ्दै जाँदा गाउँ र तालको केही भूभाग घाम झुल्केझैं झुल्कियो ।



कुनै घरको सिलिंगमा प्लास्टिक त कुनैमा स्याउला अनि त्यसमाथि माटो, छेउछाउमा ढुंगा राखेर छाइएका घरहरु त्यहाँ रहेछन् । घोडा, खच्चड, झोपा, याक अनि मान्छेहरुको भीडभाड देखिन्थ्यो त्यहाँ । गाउँको नजर र तालको दर्शन गर्दै हामी शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज रिग्मो पोष्ट पुग्यौं । त्यहाँ गेमस्काउट जनक उखेडा र हित बहादुर रोकाया तथा फोक्सुण्डो ५ न्याचीका स्थानीयवासी सुकबहादुर र लालीमान गुरुङ्गसँग हाम्रो परिचय र कुराकानी भयो ।

गुरुङ्ग दाजुभाईले तोकिएको समय अगाडि नै कीरा (यार्चागुन्वु) टिप्नेलाई पक्राउ र कारवाहीको माग गर्दै आएको तर निकुन्ज र सेनाले अटेर गरेको बताए । निकुन्जका कर्मचारीले

याकचौरीको समूह

भोली बिहानै जान्छौ भने उनीहरुलाई। भ्रमणमा आउने पर्यटकले घोडा खच्चडमा सामान बोकाएर ल्याउँदा गाउँका मान्छेको मजदूरी र व्यापार फस्टाउन नसेकेकोमा दुःखेसो पनि पोखे उनीहरुले । यद्यपि पर्यटक आगमनमा बृद्धि भएकोमा चाहिं उनीहरुले सन्तुष्टि जनाए ।

तपाईंहरुको बारीमा के के खाद्यन्न हुन्छ ? भन्ने हाम्रो प्रश्नको जवाफमा उनीहरुले भने, चैतमा छरेको लेकाली गहुँ मंसीरमा पाक्छ, वैशाखमा रोपेको आलु भदौमा खनिने एवं जेठमा छरिएको फापर र तोरी भदौमा भित्र्याइन्छ ।

पत्रकारिता क्षेत्रप्रति केही भन्नु छ भन्दा उनीहरुले भने, तिब्बती भाषाका कार्यक्रम सुन्न पाउँ, फोक्सुण्डो तालको पानी निकास जान नपाउँदै बनेको झरनालाई एकदिनको बाटो तल झरेर पुगिने सुलिगाडको नाममा नामाकरण गरिएको छ यसको पनि उठान गरिदेओस् । हामीलाई पनि उनीहरुको माग जायज हो भन्ने लाग्यो । किनभने फोक्सुण्डो गा.वि.स. अनि तालको मुखमै भएको झरनालाई सुलिगाड भनेर नामाकरण गरिनु भनेको अन्याय नै हो ।

हामी रिग्मो पोष्टमै खाना खाएर ताल अवलोकन गर्न जुट्यौं । शे फोक्सुण्डो राष्टिय निकुञ्जको लगभग बीच भागमा अवस्थित ल्याटिन अक्षरको आर आकारको फोक्सुण्डो ताल ५ किलोमिटर क्षेत्रफल, लम्बाई करीब ५.५ कि.मी., चौडाई ८०० मिटर र समुद्र सतहदेखि ३६५० मिटर उचाईमा रहेको निकुञ्जले राखेको बोर्डमा उल्लेख छ । हामी तालको बाँया साइडबाट अन्तिम भागसम्म हेर्ने उद्देश्यका साथ अगाडि बढ्यौं । पहराको बीचमा रहेको गोरेटो बाटो ठाडै उकालो चढेर हामी केही माथि डाँडामा पुग्यौं । तालको अधिकांश भागको पानी नीलो देखिए पनि छेउ किनारको भाग हरियो थियो । अधिकांश समय हावा चलिरहने यो तालको पानीमा छाल किनारतर्फ ठोक्किरहेको देखिन्थ्यो । नेपालकै दोश्रो ठूलो र सबैभन्दा गहिरो यो तालको अधिकांश भाग फराकिलो र ठाउँ ठाउँमा कुना परेकोले हामीलाई सान्है सुन्दर र मनमोहक लाग्यो ।

अझ काञ्जिरोवा, ताइकातउ लगायतका सेता चम्किला हिमश्रृंखलाले फोक्सुण्डो तालको सौन्दर्यता थपेको छ । बेला बखत आउने गरेको हावा सहितको पानीमा प्लास्टिक ओढ्दै उकालो काटेर केहीबेर तेंर्सो अनि ओरालो झर्दै हामीले तालको अन्तिम भाग हेर्न पुग्यौं । फोक्सुण्डो र सागर खोला अनि ठाउँ ठाउँबाट हिउँ पग्लिएको पानी फोक्सुण्डो तालको श्रोत रहेछ । हामी त्यहाँबाट पुनः रिग्मोतर्फ फर्क्यौं । जेठ महिना भएपनि हामीलाई चिसो राम्रै अनुभव भयो । तर, पनि तालको सौन्दर्यतामा झुल्दै आउँदा जाडोको कुनै वास्ता भएन । हामीले सुनेको र धेरैले भन्ने गरेको यो तालको नाम शे-फोक्सुण्डो होइन फोक्सुण्डो ताल मात्र रहेछ । किनभने शे नाम गरिएको गुम्बा रिग्मो पोष्टबाट ३ दिन हिंडेर मात्र पुगिन्छ रे । त्यो ऐतिहासिक शे गुम्बा र फोक्सुण्डोताललाई जोडेर शे-फोक्सुण्डो रा.नि. नामाकरण गरिएको बुझियो ।

रिग्मो पोष्टका गेम स्काउट जनक उखेलासँग गाउँबजार घुम्यौं । नेपाली सेना केवलजंग गुल्मका जमदार बीर बहादुर विष्ट, हवलदार रामबहादुर सिजाली, स्थानीयवासी र विभिन्न ठाउँबाट यार्सागुम्बा टिप्न आएका र पाल हालेर बसेको सयौं मानिसहरुलाई विश्वभ्रमणबारे जानकारी गराउँदै रिग्मो पोस्टमा खाना खायौं । गेमस्काउट उखेलाले यार्सागुम्बा टिपेर डोल्पाली जनताले राम्रो आम्दानी गरेपनि केही बाहेकले अनावश्यक खर्च गरेर दुरुपयोग गर्ने र पढाइ लेखाइ पनि छोड्ने गरेको बताउनुभयो । २०६६ जेठ ८: बिहान ५:३० मा उठेर चियाको चुस्कीसँगै हामीले यात्राको प्रारम्भ गऱ्यौं । आजको हाम्रो यात्राको मुख्य उद्देश्य यार्सागुम्बा पाइने ठाउँ, उम्रिएको टुसा र खनेर निकालिसकेको अवस्था अवलोकन गर्नु थियो । त्यसकारण निकुञ्जका गेम स्काउट दावा तेञ्जिंग बैजीका साथमा काञ्जिरोवा हिमालको तल पर्ने ताप्का जंगलतर्फ हामी लाग्यौं । बीचमा भिजेर १ का स्थानीयवासी किमा छिरिंग गुरुंगसँग भेट भयो । अप्ठ्यारो तरिकाले खस भाषा बोल्ने उहाँ अघिल्लो दिन चराउन छोडेका याक लिन जानुभएको रहेछ । भालेलाई याक र पोथीलाई डिमो भनिंदो रहेछ । बाटामा टांगालिन काँडा, धुपी, तुक विषको बोट र आफैं उम्रिएको लसुन पनि गेमस्काउट बैजीले जंगलमा हामीलाई देखाउनुभयो । ठाउँ ठाउँमा ठाडो उकालो हिंड्दाको थकान मेट्दै अढाई घण्टा हिंडेर हामी गन्तव्यमा पुग्यौं ।

घाम लागेर मौसमले पनि हामीलाई राम्ररी साथ दियो । केहीबेरमै बैजीले तरुलको टुसो जमिनबाट टुसाएको जस्तो देखिने यार्सागुम्बाको टुप्पो हामीलाई देखाउनुभयो । ३८०० देखि ५००० मिटरसम्म पाइने यो यार्सागुम्बा शक्तिबर्द्धक, यौनबर्द्धक र बहुमूल्य

हुने कुरा जि.वि.स. डोल्पाद्वारा प्रकाशित ब्रोसरमा उल्लेख गरिएको छ। अरु झारहरु सँगै हुने सो यार्सागुम्बाको टुसा गो... बैजीले खनेर देखाउनुभयो। यसको लार्भा तलको भाग खण्ड खण्ड परेको र माटोले कालो हुने रहेछ। यसलाई नखने हो भ... कीराको रुप लिएर बिलाउने बैजीले बताउनुभयो। ब्रसले लार्भाको माटो सफा गरेर हेर्दा पहेंलो देखियो। डोल्पा आएको हाम्रो उपलब्धि भनेकै नेपालको बहुमूल्य जडीबुटी यार्सागुम्बा फलेको र खनेको वास्तविकता देख्न पाउनु नै हो।

हामी खुशीले गद्गद् हुँदै अनि प्रकृति मातालाई धन्यवाद दिँदै ओरालो झर्‍यौं। सवा १ घण्टाको हिंडाईमा ... तालको छेउमा रहेको थासुंगछोलिंग गुम्बा पुग्यौं। त्यहाँ लामा शेरप गोछासँग हाम्रो भेट भयो। युंग हुंग बोन धर्म १८ हजार... चल्दै आएको र गौतम बुद्ध होइन तोव्वासेन्रप बुद्ध आफूहरुले मानि ल्याएको गोछाले हामीलाई बताउनुभयो। फोक्सुण्डो आसपासमा रेडियो नेपाल बाहेक कुनै पनि रेडियो सुन्न र टी.भी. हेर्न पाइदो रहेनछ। गुम्बा भ्रमणपछि तालसँग बिदा... हामीले होटलमा खाना खायौं। होटल सञ्चालक एवं फोक्सुण्डो २ का स्थायी बासिन्दा छिरिंग बैजीले आफूहरु ९ महिना... मंसीर यहाँ र ३ महिना हिउ पर्ने मौसम पुसदेखि फागुन बेंशी झरेर बस्ने गरेको बताउनुभयो। उहाँका अनुसार फोक्सुण्डो... वडामा कम्तीमा १२ र बढीमा १५ घर धुरी रहेका छन्। होटलमा गरिएको यो कुराकानीमा गुठीचौर ५ जुम्लाका सुरेन्द्र... पनि सहभागी हुनुहुन्थ्यो। ६/७ वर्ष अघिदेखि यार्सागुम्बा टिप्न आउने उहाँले बर्षेनी यार्सागुम्बा टिप्ने मान्छेको संख्या... आउने गरेको बताउनुभयो।

हामी रिग्मो छोडेर दुनैतर्फ फर्क्यौं। ३० मिनेटजति हिंडेपछि हिजो देख्न नपाएको फोक्सुण्डो झर्ना (सुलीगाड झर... दृश्य हामीले आज देख्न पायौं। यो झरना नेपालकै उच्च स्थानको झरना हो। पानी छंगछंग झर्दै गरेको दृश्यसँगै बाफ ... उच्छिटिंदो रहेछ त्यो झरनामा। झरनाको यस्तो मनमोहकतामा लठ्ठ भएर केहीबेर पछि हामी ओरालो झर्‍यौं। १ घण्टा... झरेर खोला तरेपछि हामी तापरिचा मा.वि. (फोक्सुण्डो बोर्डिंग) मा पस्यौं। त्यहाँ प्रबन्ध निर्देशक श्यामदुक लामा र... रामचन्द्र बुढा लगायतसँग हाम्रो भेट भयो। भेटमा निर्देशक लामाले तिब्बती, अंग्रेजी र नेपाली भाषा पढाइ भइरहेको यो ... भवन डोल्पा सामाजिक सहयोगका लागि तापरिचाले निर्माण गरेको, तापरिचा भेराइन (स्वीस) र फ्रेञ्च अफ डोल्पा यु.एस.... सहयोग गरिरहेको अनि अमेरिका हिमालय फाउण्डेसनले पनि बेलाबखत सहयोग गर्ने गरेको जानकारी दिनुभयो।

उक्त विद्यालयको मा.वि. तहमा पढ्ने कुनै पनि विद्यार्थीले स्कूलमा भर्ना गर्दा रु.१ हजार एकपटक, एक शैक्षिक... लागि नगद रु. २०००, ८० के.जी. चामल, ३२ माना (१६ फ्याक्टिन) मकैको पीठो र १६ माना (८ फ्याक्टिन) फापर... विद्यालयलाई दिएपछि उसलाई ड्रेस, किताब कापी र बस्न खान पाउने व्यवस्था रहेछ। तर, एकै ठाउँमा धेरै विद्यार्थी राख्न... आउने गरेको लामाले बताउनुभयो। विकट हिमाली जिल्ला डोल्पाको सदरमुकामबाट १२ घण्टा लगातार हिंडेर पुग्न स... ठाउँमा ढुवानीका कारण काठमाडौंमा रु. २० पर्ने कापी रु. १५० पर्दोरहेछ। डोल्पाका कतिपय सरकारी विद्यालयमा विद्यार्थी... नै काल्पनिक नाम दिएर शिक्षकले तलब खाने र छात्रवृत्तिको सुविधा पनि लिने गरिएको जानकारी समेत हामीले यहाँ पा...

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणले सत्य, तथ्य पत्रकारिताको विकास... भन्ने शुभकामना व्यक्त गर्दै निर्देशक लामाले भन्नुभयो, नीति निर्देशन गर्ने नेतृत्व तह कुना काप्चासम्म पुग्नु पर्छ अन्यथा... कार्यक्रमको बढी लाभ सदरमुकाम दुनै र जुफालले लिएर माथिल्लो भोट क्षेत्रका जनतालाई मारमा पारे जस्तै हुन्छ।... जानकारी अनुसार २० के.जी.को खसीलाई रु. ११००० मा किनेर ल्याइएको रहेछ। सो खसीको मासु उहाँहरुले हामीला... दिनुभयो। खाएर हामी बिदा भयौं।

जसरी पनि छेप्का, फोक्सुण्डो ५ आइपुग्ने गरी दिउँसो ४:३० बजे तापरिचा मा.वि.बाट हामी हिंड्यौं। साँघुरो ... गाडीले साइड दिएझैं हामी यार्सागुम्बा टिप्न आफ्नै खाद्य सामाग्री र लत्ता कपडा बोकेर हिंडेका मान्छे अनि खच्चड ... साइड दिँदै प्राकृतिक वातावरणको आनन्द लिँदै अगाडि बढिरह्यौं। खोलाको कलकल आवाज, गुफा ओढारमा बास अनि भात ... गरेका, कतै तास खेलिरहेका त कतै रोटीको टुक्रा चपाइरहेका मान्छेहरुको दृश्य नियाल्दै हामी राती ८ बजे छेप्का आइपुग्यौं।

स्थानीय एक होटलमा भगवती ९, जाजरकोटका हिरामणी बोहोरा, काइगाउँ कुरिकोट डोल्पाकी ज्ञानी रावल लगायत ... ठाउँबाट यार्सागुम्बा टिप्न हिंडेकाहरुसँग हाम्रो कुराकानी भयो। ज्ञानी रावलले गरिब देश नेपाल अनि विकट जिल्ला डोल्पाको ... प्रचार प्रसार गर्न अनुरोध गर्दै प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिता नयाँ शब्द लागेको र यसबारे जानकारी गराइ दिनुभएकोमा धन्यवाद भन्दै भ्रमण सफलताको कामना गर्नुभयो। उहाँ १२ कक्षाकी विद्यार्थी हुनुहुँदो रहेछ। अहो, १२ कक्षामा पढ्ने विद्यार्थीलाई त यि शब्द नयाँ लागे भने अरु सामान्य जनतामा के कस्तो लाग्दो हो ? होटलमा खाना खाएर हामी १० बजे सुत्यौं।

२०६६ जेठ ९: हिजो बेलुकी ८ बजेसम्मको हिंडाई र ढिलो सुताईले हामीलाई बिहान उठ्दा पनि शरीर थाकेको अनुभव ... तरै पनि पौने ७ बजे हामीले छेप्का छाड्यौं। संटा आएर चिया पिउँदै रुकुम चौरजहारीका यार्सागुम्बा टिप्न हिंडेका साथिहरु... हाम्रो कुराकानी भयो। संसारै भरि घुम्नु भनेको त साह्रै ठूलो कुरा हो, खर्च कति लाग्दो हो, कसले दिने ? भनेर आश्चर्य...

र हाम्रो अनुहार राम्रोसँग नियाले । र, विश्वभ्रमण सफलताको कामना गरे । सांटाबाट हामी ठूल्ठूला रुखहरुको फेदमा आगो लगाएर ढालिएको दृश्य हेर्दै, ठाउँठाउँमा काठका पुलहरु तर्दै अनि भिरालो परेका ठाउँ ठाउँका बारी र बस्ती नियाल्दै सुलीगाड आयौं । यार्सागुम्बा टिप्न हिंडेका वा अन्य बटुवाले यसरी रुखको फेदमा आगो लगाएर हिंडने गरेको जानकारी निकुञ्ज कर्मचारीले दिए । सुलीगाडमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको भवनमा अध्यक्ष रामप्रसाद महत, लेखापाल शैलेन्द्र रोकाया, कर्मचारी रणबहादुर बुढा लगायतसँग हाम्रो भेट भयो । अध्यक्ष महत आफूले हस्ताक्षर नगरी अनि बाहिरी जिल्लाकाले पनि डोल्पा भन्नासाथ स्टाफले रसिद काटेछन् भनेर गाली गर्दै हुनुहुन्थ्यो । कारण, मध्यवर्ती भएको गा.वि.स., मध्यवर्ती भित्रका छिमेकी गा.वि.स. डोल्पाका गा.वि.स. र बाहिरी जिल्लाका मानिसहरुका लागि यार्सागुम्बा टिप्न जाँदा छुट्टा छुट्टै रकम लिने व्यवस्था रहेछ । उल्लेखित गाउँ र जिल्ला अनुसार क्रमशः रु. १२५, १७५, रु. २५० र रु. ५५० गरी ४ किसिमले दस्तुर मध्यवर्तीले उठाइरहेको हामीले पायौं । हामीलाई खानाको व्यवस्था त्यहीं भयो ।

अध्यक्ष महतले विगतका सालमा उठाइएको रकम भवन बनाउन, फोक्सुण्डो ताल मार्गको ठाउँ ठाउँमा बाटो बनाउन, पत्रकारिता लगायत अन्य तालिमहरु सञ्चालन गर्न खर्च गरिएको र आगामी दिनमा पनि विद्युत, पुल, बाटो, फोक्सुण्डो ताल जाने केबुलकार सञ्चालन लगायतका कार्यमा आफूहरु लाग्ने बताउनुभयो । पहिलेदेखि नै यार्सागुम्बा टिप्नेहरुसँग रकम उठाउने आवाज आफूहरुले उठाउँदै आएपनि नेकपा (माओवादी) ले २०६१ सालमा उठाएपछि २०६४ सालदेखि मध्यवर्तीले शे फोक्सुण्डो राष्टिय निकुञ्जका तत्कालीन वार्डेन गणेश पन्त, सी.डी.ओ., एल.डी.ओ. र सर्वदलीय सहमतिमा रकम उठाउँदै आएका छौं अध्यक्ष महतले थप्नुभयो ।

विभिन्न समयमा विभिन्न संस्था र क्षेत्रका मान्छे डोल्पा आएर विकटता, प्राकृतिक सौन्दर्यता र गरीब मान्छेहरुको फोटो खिंचेर लान्छन् । डोल्पालीको सहयोग भनेर माथिबाट पैसा लिन्छन् । त्यसपछि कुखुरालाई चारो हालेजस्तै डोल्पालीलाई दिन्छन् अनि डोल्पालीको नाम बेचेर उनीहरु आफैं धनी बन्छन् भन्ने दुःखेसो अध्यक्ष महतको थियो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण सफलताको कामना गर्दै उहाँले भन्नुभयो, डोल्पाको वास्तविक विकासका लागि सरकार र अन्य क्षेत्रले ध्यान दिउन् भन्ने दबाब तपाईंहरु मार्फत् सबै ठाउँमा पुगोस् ।

सुलीगाडबाट आधा घण्टा हिंडेर हामी दुनै आयौं । दुनैमा स्थानीय व्यावसायी कुमार सुवेदी, बौद्धसिंह कठायत र दलबहादुर ऐरी लगायतसँग हामीले परिचय गर्‍यौं । अनि स्थानीय विकास अधिकारी आनन्दकेशरी पोखरेलसँग निवासमै भेट गर्न पुग्यौं । एल.डी.ओ. पोखरेलले विश्वभ्रमणको योजना चुनौतीपूर्ण भएपनि यस्तै भ्रमणले नेपालीहरुको शिर विश्वमा अझ उचो पार्न सक्ने बताउनुभयो । साथै उहाँले मानवता, शान्ति र स्वतन्त्रता जस्ता मानवअधिकारका आधारभूत विषयहरुमा यो भ्रमणले अझ बढी योगदान पुगोस् भनी शुभकामना व्यक्त गर्नुभयो । उहाँले आफ्नो काम कतर्व्य र अधिकारमा विना पूर्वाग्रह र निसंकोच जनताको सेवामा लाग्ने र यसका लागि राजनीतिक दलका प्रतिनिधि एवं सबै क्षेत्रबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

वास्तवमा डोल्पाको विकास हुन नसक्नुमा भौगोलिक विकटताका कारण ढुवानी महंगो हुनु, डोल्पालीहरु परनिर्भरता तर्फ धकेलिनु, प्रशस्त खेती योग्य जमीन नहुनु, विभिन्न समिति बनाएर समितिका मान्छेहरु सामाजिक विकासमा भन्दा व्यक्तिगत विकासमा लाग्नु, यहाँको विकासको बजेट काठमाडौं वा नेपालगञ्ज शहरका महंगा होटलमै बसेर विकासे संस्था र कार्यकर्ताले सक्नु र विकटताकै कारण कुनै पनि संघ संस्थाको निरीक्षण र अनुगमन प्रभावकारी हुन नसक्नु नै प्रमुख कारणहरु हामीले पायौं । हामी बास बस्ने गरेको होटलमा स्थानीय शान्ति समिति डोल्पाका संयोजक मान बहादुर रोकायासँग हाम्रो कुराकानी भयो । उहाँले १० वर्षे युद्धका क्रममा ४५ जना डोल्पालीले ज्यान गुमाएको जानकारी हामीलाई दिनुभयो । बेलुकी यही होटलमा हामीले खाना खायौं । अनि सुत्यौं ।

२०६६ जेठ १०: बिहान केहीबेर हामीले दुनैबजार घुम्यौं । हाम्रो साथमा हुनुहुन्थ्यो, धौलागिरी किराना स्टोरका प्रोपाइटर कुमार सुवेदी र स्वर्गद्वारी कस्मेटिक एण्ड जनरल स्टोरका प्रोपाइटर गोर्कण के.सी. । उहाँहरु जीवनमा सकारात्मक सोच राख्न र विचारकै कारण मान्छे दुःखी वा सुखी हुने हो भन्ने भनाईमा मनोक्रान्तिमार्फत् प्रेरित हुनुहुँदो रहेछ । अर्थात् उहाँहरुलाई मनोक्रान्तिले जीवन बुझ्न सघाएछ । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणमार्फत् नेपाली पत्रकारिता, नेपाली जनता र नेपालको वास्तविकता विश्वसामु छर्लंग हुने कुरामा आशावादी रहदै व्यवसायी दल बहादुर ऐरीसहित सबै जनाले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

खाना खाएर हामी जि.वि.स. पुग्यौं । २३ गा.वि.स. रहेको डोल्पा जिल्ला क्षेत्रफलका हिसाबले नेपालकै सबभन्दा ठूलो र विकट हिमाली जिल्लो हो भन्दै एल.डी.ओ. आनन्दकेशरी पोखरेलले यस जिल्लामा यातायातको टड्कारो आवश्यकता रहेको बताउनुभयो । जि.वि.स. परिसरमै भिजेर गा.वि.स. सचिव बौद्धसिंह कठायत र दीपेन्द्र शाहीले पनि भ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

डोल्पाको सदरमुकाम दुनैलाई छोडेर हामी दिउँसो १ बजे जुफालतर्फ लाग्यौं। कालागौंडाबाट उकालो लागेर केहीबेर हिंडेपछि हरियाली बालीनाली सहितको जुफाल एयरपोर्ट देखियो। जुफाल ६, लक्ष्मी खोलामा फलफूल बगैंचा पनि रहेछ। यो फलफूल बगैंचा ७७ वर्षीय नरजीत डाँगीको रहेछ। आरीमा बेच्न राखिएका आरु हामीले खाने विचार गरेर डाँगीसँग माग्यौं। नेकपा एमालेको ९ महिने सरकारका प्रधानमन्त्री मनमोहन अधिकारीको पालाबाट सुरु भएको बृद्धभत्ता र प्रत्येक गा.वि.स.का लागि छुट्याइएको रु. ५ लाख रकम एकदम राम्रो काम हो भन्दै डाँगीले स्मरण गर्नुभयो। मदनकुमार भण्डारी, वी.पी. कोइराला, गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल र पुष्पकमल दाहाल प्रचण्ड लगायतका नेताको विषयमा पनि खुलेरै उहाँले टिप्पणी गर्नुभयो। नेपाल र भारतका धेरै ठाउँ घुमेर अनुभव लिएको बताउने डाँगीले अहिले त्यतिकै खेर गइरहेको बारीमा फलफूल लगाएको बताउनुभयो। विश्वास के भन्नुहुन्छ भन्ने प्रश्नको जवाफमा उहाँले भन्नुभयो, राम्रो काम गरे बाटो र माटोले फल आफैं दिन्छ, भ्रमण सफल होस्। त केहीबेर फेरि उकालो निस्किएपछि आर्दश मा.वि. जुफाल छेउको सौगात स्टेशनरीमा हाम्रो नजर पऱ्यो।


जुफाल गाउँ

पत्रिका पाइन्छ कि भनेर सोध्दा प्रोपाइटर गोपाल शाहीले भन्नुभयो, आफूले पैसा खर्च गरेर सित्तैमा पत्रिका प पनि विद्यार्थी अभिभावक कसैले पढेनन्। त्यसकारण पत्रिका नै ल्याउन छाडे। जाँड रक्सी खान मान्छेसँग पैसा हुन्छ। तर पत्रिका किनेर पढ्न पैसा छैन भन्छन् यहाँका मान्छे। यसबाट पनि बुझ्न सकिन्छ डोल्पालीलाई चेतना र व्यवहारिक टड्कारो आवश्यकता छ।

हामी एयरपोर्ट छेउका पसलहरु हेर्दै होटल झरना एण्ड लजमा पुग्यौं। नेपालगञ्ज र सुर्खेतका लागि ३ दिनदेखि कुरेर बसेका मान्छेहरु त्यहाँ रहेछन्। विभिन्न क्षेत्रमा कार्यरत कर्मचारी र सभासद् पानी र कुहिरोका कारण मौसम सुधार न जहाज नआएर कुरिरहेका रहेछन्। उनीहरु मादक पदार्थको सेवन र चूरोटको धुँवा उडाउनमा मस्त थिए। हामीले पनि उनै यस्ता दृश्य नियाल्दै त्यही होटलमा खानपिन र बसोबास गऱ्यौं। वरपरका केही मान्छे उनीहरुलाई जनताको सेवामा भन्दै पचाउन आएकाहरु भन्दै आलोचनाका शब्द बोल्दै थिए।

२०६६ जेठ ११: रातीदेखि नै परेको पानी बिहानसम्म जारी नै थियो। पानी परिरहेको र कुहिरो लागेका कारण दृश्यांकन गर्ने का धमिलो भयो। राम्रोसँग दृश्य अवलोकन गर्न नपाएपनि जुफालबाट हामीले यात्रा अगाडि बढाउनु पर्ने नै थियो। झोला भि प्लास्टिक ओढेर डोल्पाको काइगाउँ हुँदै अर्को जिल्ला जुम्ला छिर्ने योजनाकासाथ हामीले यात्रा प्रारम्भ गऱ्यौं। वर्षातका कारण र चिप्लो बाटोमा चिप्लेटी खेल्दै ओरालो झरेर हामी बगर पुग्यौं। चिसो मौसममा तातो चियाको चुस्की र बिस्कुटको कुटकी त्यहाँबाट तेंसो हिंडेर झोलुंगे पुल तरी त्रिपुराकोट आयौं। त्रिपुराकोटबाट करबघाट हुँदै रुकुम जाजरकोट जाने बाटो छोडेर माथिल्लो बाटो समायौं। बाला त्रिपुरासुन्दरी छेवैबाट फलामे पुल तरेर हामी उकालो लाग्यौं।

भेरी नदीसँगै देखिएको दृश्य

बोटविरुवा केही नभएको नांगो डाँडा काटेर हामी आइपुग्दा वारीपारी दृश्य देखिए। ठाउँ ठाउँमा देखिने अंगुरको झुप्पाझैं एकै ठाउँमा झुरुप्प आर्कषक रहेछन्। भेटिएका माटाका छानाका ससाना घर गोठ रित्तै त कति लगाइएका थिए। कारण, यार्सागुम्बा टिप्ने मौसममा स्कूलसमेत रित्ता हुँदा रहेछन्। डोल्पालीहरुको प्रमुख आ यही नै पाइयो। तर, यसको सही सदुपयोग हुन नसक्नु दुःख हो। सानै मान्छेले पनि राम्रै पैसा कमाउन सक्ने भएकाले गुनाइतिर ध्यान नदिनु अर्को दुःखद आश्चर्य हो।

हामी यस्तै यस्तै कुराहरु गुन्दै अनि प्रा वातावरणसँग रमाउँदै पाहाडा २, भुतिंग्रा आयौं। यहाँबाट गा.वि.स.का चुँ, दाफ, झुँ, हुम् वन्तरी लगायतका भूभाग रहेछ। यतिबेला पानी पर्न बन्द भएर टन्टलापुर घाम लाग्

छ । बिहानको ११:३० बजिसकेको थियो । तर, पेट पूजा भएको थिएन । घर पसल कीरा मेला (यार्सागुम्बा) ले बन्द छन् । भुतिंग्राबाट केहीबेर हिंडेपछि हामी पाहाड ३ कै देवकोटाबारा आइपुग्यौं । देवकोटाबाराकी गुद्धकुमारी जैसीसँग हाम्रो केही दिन अगाडि त्रिपुराकोटमा परिचय भएको थियो । उहाँकै घर सोध्दै गयौ । उहाँ त घरमा हुनुहुँदो रहेनछ । उहाँकी आमा र भाउजुहरुले हाम्रो खानपिनको व्यवस्था मिलाउनुभयो । त्यहाँ हामीले स्थानीयवासी हरी बहादुर बुढा, रुपकर्णा जैसी, जयलक्ष्मी जैसी, कलामती जैसी, नन्दकुमारी जैसी लगायतसँग कुराकानी र परिचय गऱ्यौं । उनीहरुले डोल्पाका ५ प्रतिशत मान्छेलाई वर्षभर, केहीलाई ६ महिना त केहीलाई ३ महिना आफ्नो उब्जनीबाट खाना पुग्ने बताए । यहाँ विश्व खाद्यको डिप्रोक्सले बाटो खने वापत स्थानीयवासीलाई चामल दिंदो रहेछ । सानो झुपंडी बनाउन पुग्ने जग्गालाई कम्तीमा ५० हजार र घर बनाउन ३ लाख रुपैयाँ पर्ने उनीहरुले बताए । खर र ढुंगाको अभाव भएकाले वर्षेनी छानामा माटो राखिने रहेछ । हावा हुरीले पानी उडाएर लाने र धेरै भल बग्ने गरी पानी पर्न नपाउने भएकाले भिरालो बारी भएपनि अन्न उब्जनी थोरै नै सही राम्रो हुन्छ भन्दै थिए उनीहरु । त्यो गाउँमा हिउँद मौसममा हिउँ पर्ने जानकारी पनि पाइयो ।

दिउँसो २ बजेको थियो । देवकोटाबाराबाट बिदा भएर हामी हिंड्यौं । १ हप्तादेखि नुहाउन नपाएकाले जीउ चिलाएर खपिनसक्नु भएको थियो । केहीबेर हिंडेपछि चिसो पानी भएपनि हामीले नुहायौं । नुहाएर १०० मिटर जति अगाडि बढेपछि ३ वटा बाटा भेट्टिए । कुन बाटो जाने होला ? भनेर अलमल पर्दै हामी एउटा बाटो समाएर अगाडि बढ्यौं । पछि ३ वटै बाटा एकै ठाउँमा जोडिए । त्यहाँ भेट भएका जुम्ला घर बताउने २ जनाले भने, चामल खानका लागि एउटै बाटोलाई ३ तिरबाट खनिएको हो ।

हामी उकालो-उकालो परेको बाटो आउँदै रह्यौं । लिकु गा.वि.स.मा पर्ने घोडाखोरा आइपुग्यौं । सोधपुछ गर्दा ३-४ घण्टा हिंडेर काइगाउँ पुगेपछि मात्र घर भेटिने थाहा भयो । हामीसँग धेरै समय बाँकी नरहेकाले साँझ ५:३० मै यही बस्यौं । डोल्पा मात्र होइन अन्य जिल्लामा पनि हामीले अनुभव गरेको एउटा साझा कुरा बास बसेको होटलका सञ्चालकहरु बास बस्ने यात्रुले जाँडरक्सी, चूरोट, मासु प्रशस्त खाइदेओस् भन्ने चाहना राख्दा रहेछन्, हामीलाई पनि सोध्छन् तर हामीले खाने गरेको छैन भन्दा नाक खुम्च्याउँछन् । के भन्नु र खै ? हामी यात्रीसँग त्यस्तो सुविधाभोगी र तुच्छ मनोरञ्जनका लागि कहाँबाट होस् पैसा ? तर तुच्छ मनोरञ्जनका लागि हामीसँग कहिल्यै पैसा नहोस् पनि ।

२०६६ जेठ १२: बिहान उठेर हामीले घोडाखोरामा भोटे चिया पियौं । चियापत्ती तिब्बतबाट आउने अनि त्यसमा स्वाद अनुसार चौंरीको दूध, घिउ र नून मिसाएर पकाइने अनि ढुंग्रोजस्तो भाँडोमा मदानीले चलाएजस्तो घोलेर बनाइने भएकाले यसलाई भोटे चिया भनिंदो रहेछ । त्यही चिया पिएर कराइचो कराइचो बाटो हिंडेर हामीले बल्ड्यांग्रा लेक काट्यौं । ओरालो झरेपछि घोडाखोराबाट करीब ५ घण्टा हिंडेर हामी काईगाउँ आयौं । जंगल काटेर झर्नासाथ माथिबाटै जग्दुल्ला खोलाको किनारमा अवस्थित काईगाउँको झुरुप्प बस्ती, रिमीको फलामे साँघु अनि च्यादर लगाएका २/४ घर पारि पट्टि टल्किए ।

यतिबेला मध्यान्हको १२ बजिसकेको छ । एक दुई ठाउँमा सोधेपछि एउटा सानो पसलमा खाना पकाइदिन मञ्जुर गरे । आलुको तरकारी र भातको एकजना बराबर रु. १०० पऱ्यो । घरको आँगनमा लिंगो गाडेर किन ध्वजा राखेको भनेर सोध्दा पसले दाईले ग्रह शान्त पार्न बौद्ध परम्परा अनुसार राखिएको जवाफ पस्किए । आँगन वा धुरीमा ध्वजा राखेको गाउँघरमा अन्यत्र पनि देख्न सकिन्छ । पसले दाईले थपे हाम्रो परम्पराअनुसार मान्छे मर्दा बढी जाँड रक्सी र खर्च लाग्ने भएकाले आजकाल बाहुन पढाउन थालेका छौं ।

काईगाउँबाट हामी फलामे साँघु तरेर ईलाका प्रहरी कार्यालय पुग्यौं । त्यहाँ सई खुमबहादुर के.सी. र अन्य प्रहरी जवान थिए । हामीसँगको कुराकानीमा सई के.सी.ले भन्नुभयो, म यहाँ आएको ६ महिनामा एउटा पनि मुद्दा आएको छैन, यहाँ अहिले शान्ति छ, गाउँघरका मान्छे च्याउ (यार्चागुम्बा) टिप्न गएका छन्, रेडियो नेपाल मात्र बज्दो रहेछ यस ठाउँमा । त्यो ठाउँबाट बिदा भएर हामी अगाडि बढ्यौं ।

रिमी १, माझगाउँ आइपुग्दा बाटामाथि एक बुढी आमै र छेउमा बेमौसमी तरकारी उत्पादन प्रदर्शनी प्लट २०६३ रिमी १ माझगाउँ लेखिएको बोर्ड हामीले देख्यौं । बूढीआमैलाई गएर सोधपुछ गर्दा प्लास्टिकले बेरेर बनाइएको ग्रिन हाउसभित्र हिउँ पर्ने सिजन (मंसीरदेखि चैत्र) मा तरकारी खेती गरिने बुझियो । बोर्डको माथि किनारामा स्वस्थ शरीरका लागि हरियो तरकारी र अर्को एक छेउमा सञ्चालक भगवती बचत तथा ऋण सहकारी समूह र अर्को कुनामा सहयोग डब्लु. डब्लु. एफ. एन. एम. सी. पी. सगुन डोल्पा लेखिएको पाइयो । म आमा समूहकी पूर्वाध्यक्ष हुँ भन्ने बूढीआमा देउसरी लामाले भाजी, काउली, रायो लगायत अन्य तरकारी खेती गरिने बताउनुभयो । गाउँघरको बारेमा राम्रोसँग लेखिदिनु है बाबु अनि पछि आउँदा हाम्रो आफ्नै घरमा खाना खाने र बस्ने गरी आउनु भन्दै उहाँ हामीबाट बिदा हुनुभयो ।

मझगाउँबाट भगवती नि.मा.वि. झ्याँकोट पार गरेर कतै तेर्सो त कतै उकालो काट्दै हामी चौंरीकोट पारीको डाँडामा आइपुग्यौं । बेलुकीको ५ बजिसकेको थियो । भेडा बाख्रा र गाईवस्तु गोठ फर्कने समय भएको रहेछ । यतातिरका मान्छेहरु प्रशस्त

भेडाबाख्रा, घोडा गाई, खच्चड, झोपा झुमाजस्ता जनावर पाल्दा रहेछन्। गोठालाहरुसँग कुराकानी गर्दै हामी चौरीकोटतर्फ आयौं। यसरी दुःख गरेर हिंड्दा कति तलब पाइन्छ ? एक बूढा गोठालाले हामीलाई सोधे। तलब-सलब पाइदैन बाजे भनेर हामीले भन्दा अँ अँ विना तनाखा त्यसै हिंड्दा हौं त्यसो भए किन हिंड्यौ त ? भनेर ती बृद्ध गोठालाले हामीलाई प्रतिप्रश्न गरे। यसको कारणचाहिं यतातिर विभिन्न एन्.जी.ओ. आइ.एन.जी.ओ. र नामधारी विकासे कार्यकर्ता खुब आउँदा रहेछन्। त्यसकारण तलब भत्ता नलिई हाम्रो जस्तो भ्रमणमा हिंड्ने मान्छेलाई यहाँका प्रायः मान्छेले पत्याउँदै पत्याउँदा रहेनछन्।


मौरे लेकमा

बेलुकी चौरीकोटकै कर्ण बहादुर महताराको घरमा हामी बस्यौं। खाना खाने बेलामा बाटो त पोहोर नाप्दै थिए, खै कुन्नि आउँछ आउँदैन ? गाडी आएदेखि त विकास हुने थियो भन्दै महतारा बूढाबुढी। उहाँहरुले दुःखेसो पोख्नुभयो, जेठ महिनामा हिउँ परेकाले स्याउ र अन्य बाली त्यही हिउले खाइदियो।

२०६६ जेठ १३ः उठ्ने बित्तिकै हिंड्ने बेलामा हामीले बेलुकी खाएको झोपाको दही, दाल र भातको पैसा तिर्यौं। यता लागेपछि सुतेको किराया भने तिर्नु परेको छैन हामीले। यात्रीका लागि सौभाग्य नै बनेको छ, यो सुविधा पनि। बिहान बजे हामी चौरीकोटबाट डोल्पा र जुम्लाको सिमानामा पर्ने मौरे लेकतर्फ लाग्यौं। २ घण्टाभन्दा केही बढी समय चिसोमा गर्दै हामी मौरे लेक आइपुग्यौं।

नूनजस्तै सेताम्मे हिउँका दाना ठाउँठाउँमा जमेका थिए। ती दानालाई चप्पल लगाएका खुट्टाले कुल्चदै अनि चिसो हावाले सेकाउँदै हामीले मौरे लेकको शिर पनि छिचोल्यौं। हामीलाई गाउँलेहरुले जुत्ता लगाएर मात्र जानुहोला भने तर हामीले अहिलेसम्म जस्तै हिउँको चिसोमा पनि काला रंगका स्याण्डल (चप्पल), एउटा सामान्य ज्याकेट, गलफत्ती र पाइण्ट लाएर झोला क्यामेरा भिरेर हिंडिरहेका छौं। खोई कसको आर्शिवाद वा कृपा बर्सिरहेको छ ? हामीलाई अहिलेसम्म सबै व्यवधान समाधान भइरहेका छन्। धन्यवाद कृपा र आर्शिवाददातालाई। यस्तो आर्शिवाद सधैं बर्सिरहोस्।

मौरे लेकबाटै २६ औं जिल्ला डोल्पाको यात्रा पूरा गरी हामी २७ औं जिल्लाको रुपमा जुम्लातर्फ लाग्यौं।

डोल्पा यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति दुनै गा.वि.स.	रु. ३,७५०/-
दीपेन्द्रबहादुर शाही (दुनै)	रु. १,०००/-
बौद्धसिंह कठायत (त्रिपुराकोट १)	रु. १,०००/-
दुनै गा.वि.स.	रु. १,०००/-
मणिराम नेपाल (उद्योग समिति)	रु. ५००/-
कुमार सुवेदी (दुनै)	रु. ५००/-
गोकर्ण के.सी. (दुनै)	रु. ५००/-
दलबहादुर ऐरी (दुनै)	रु. ५००/-
सुरेन्द्र महतारा (गुठीचौर ५,जुम्ला)	रु. १२०/-
छिरिंग वैजी (फोक्सुण्डो २)	रु. ६०/-
हिरामणी वोहोरा (भगवाती जाजरकोट)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

डोल्पा जिल्लामा हार्दिक स्वागत। - वेदनिधि अधिकारी (नि.प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
सफलतापूर्वक सम्पन्न होस्। - भोजजंग शाह (प्र.ना.उ.), जिल्ला प्रहरी कार्यालय
विश्वसमाज सकारात्मक, स्वस्थ र अनुशासित बनोस्। - मणिराम नेपाल (हौंचुर ६, खोटाङ्ग), उद्योग अधिकृत
चुनौतीपूर्ण योजना सफल रहोस्। - आनन्दकेशरी पोखरेल (खार्पा ४, खोटाङ्ग), स्था. वि.अ. डोल्पा
संकलित समाचार सबै जनसमुदायमा पुगोस्। - गोकर्ण के.सी., कुमार सुवेदी, दल बहादुर ऐरी, बौद्धसिंह कठायत, दुनै
सदैव मानवअधिकारको सम्मान गरौं। - महेन्द्र पराजुली (सई), ई.प्र.का. करबघाट
पत्रकारिताको परिचय दिनुभएकोमा धेरै खुसी प्रकट गर्दछु। - हरिबहादुर मल्ल (सचिव), दुनै गा.वि.स
हिमालपारीको जिल्ला डोल्पामा आइपुग्नुभएकोमा धन्यवाद। - लालीमान बूढा (प्रथम उपाध्यक्ष), डोल्पा उद्योग वाणिज्य संघ
प्रेस स्वतन्त्रता, सकारात्मक पत्रकारिताजस्ता नयाँ शब्द सुन्न पाउँद ज्यादै खुशी लाग्यो।

- ज्ञानी रावल (काईगाउँ), जनप्रभा उ.मा.वि

२७ औं जिल्ला जुम्ला डायरी

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफल: २,५३१ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ३० वटा,*
> *निर्वाचन क्षेत्र: १, सदरमुकाम: जुम्ला खलंगा,*
> *अञ्चल: कर्णाली, विकास क्षेत्र: मध्यपश्चिमाञ्चल*
> *भौगालिक अवस्थिति: पूर्व रोल्पा, पश्चिम कालिकोट, उत्तर मुगु र दक्षिण जाजरकोट जिल्ला*
> *भाषा: नेपाली, मगर, शेर्पा, मैथिली, हिन्दी आदि ।*
> *ऐतिहासिक एवं पर्यटकीय स्थल: सिंजा उपत्यका, जुम्ला उपत्यका, चन्दनाथ मन्दिर, विष्टज्यू दह, भेडी पाटन, दानसाँघु (तीला र जवा नदीको संगम) आदि ।*

२०६६ जेठ १३: बिहान पौने ९ बजे २६ औं जिल्ला डोल्पाको भ्रमण सिध्याई औपचारिकरुपमा मौरेलेकबाट हामी जुम्ला जिल्ला प्रस्थान गर्‍यौं । ओरालो झरेर वन जंगल काट्दै अनि चौर र टारको दृश्य नियाल्दै हामी गुठीचौर १ चोत्रा आयौं । चोत्राको एक पसलमा खाना पकाउन लगायौं । खानपिन सकेर चोत्रालाई छाड्दा दिउँसोको १:३० बजिसकेको थियो । लिंगा गाडेर राखिएका ध्वजाले सजाइएका बौद्ध घर, भेडाको ऊन बाटिरहेका बृद्ध, एक हातले झार उखेल्दै अर्को एक हातमा सानो कुटोको सहायताले ३ पाते मकै गोड्दै गरेकी एक महिलाका क्रियाकलापलाई नजर गर्दै हामी दोहा नदी (खोला) को डिलै डिल अघि बढ्यौं ।

पानीको कलकल संगीत र शीतल मौसमसँग झुल्दै अनि गफिदै हिंडेको १ घण्टा बितिसकेछ । यसबीचमा फेदमा आगो लगाएर अनधिकृतरुपमा ढालिएका ठूल्ठूला रुखको दृश्य पनि देख्नु पर्‍यो । अगाडि बढ्दै गर्दा जर्मन नागरिक ऐन्ड्र्यु र कोलिनसँग जम्काभेट भयो । ३ वर्षका लागि नेपाल आएर हाल जुम्लामा श्रीमान् ऐन्ड्र्यूले कृषि र श्रीमती कोलिनले अस्पतालमा काम गरिरहेको बताउनुभयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको अभियानसहित हामी विश्वभ्रमण गर्दैछौं भनेर जानकारी गराउन साथ यु आर भेरी ग्रेट पिपुल भन्दै उहाँहरुले शुभकामना व्यक्त गर्नुभयो । केहीबेरको कुराकानी पश्चात् उनीहरु डोल्पातिर लागे, हामी मणिसाँघु जुम्लातिर ।

मणिसाँघुमा दोहा र तिला खोलाको संगम रहेछ । पुन: हामी खोलाको डीलैडील गुठीचौर तिर लाग्यौं । ठाउँ ठाउँमा भेटिएका घर र मानिसहरुको क्रियाकलापको निरीक्षण गर्दै अनि बाटो सोध्दै हामीले यात्रा जारी राख्यौं । डेढ घण्टा हिंडेपछि बाँबिला खोला मणिसाँघु खोलामा मिसिएको ठाउँमा आइपुग्यौं । दायाँपट्टि साइडको कुनामा झुरुप्प घर भएको गुठीचौर देखियो । बाँयातर्फबाट हामीले बाँबिला खोलाको बाटो समायौं । ४५ मिनेट हिंडेपछि हरियाली गुठीचौर उपत्यका देखियो । चउरभर भेडा बाख्रा, घोडा र अन्य गाईवस्तु चरिरहेको दृश्यले झन् शोभायमान देखियो यो उपत्यका ।

गुठीचौरमा कृषि अनुसन्धान परिषद् भेडा बाख्रा अनुसन्धान कार्यक्रमको कार्यालय सेता टिनले छाइएको रहेछ । कार्यालयमा प्राविधिक नथु मण्डलसँग हाम्रो परिचय र कुराकानी भयो । उहाँले भन्नुभयो, माओवादी जनयुद्धका क्रममा भवन ध्वस्त भएकाले निर्माण प्रक्रियासँगै पुन: जीरो लेभलबाट कार्य सुरु गरेका छौं, हाम्रो मुख्य कार्य भनेको राम्रो बच्चा, ऊन र मासु दिन सक्ने जातको भेडा पहिचान गरी कृषकलाई वितरण गर्नु हो, तरै पनि हामीले जति सेवा किसानलाई दिनुपर्ने हो त्यति सेवा दिन विविध कारणले सकेका छैनौं ।

मण्डलले नजिकै रहेको एक मात्र होटलमा हाम्रो खानपिन र बसोबासको प्रबन्ध मिलाउनुभयो । होटलवालाले बेथु र तीते फापरको साग, दाल र भात पकाएर हामीलाई के पस्किन लागेका थिए, त्यहीबेला ३ जना युवा फटाफट आएर त्यही भात माग्न थाले । केही छिन पर्खनुस् थप खाना पकाएर दिउला भनेर होटलवाला दाईले भन्दा उनीहरुले भने, विगत ३ दिनदेखि हामीले चाउचाउ मात्र खाँदा भोकले मर्ने लागेका छौं, त्यसकारण हामीलाई पहिला दिनुस् । हामी सँगै खाना खाइसकेपछि उनीहरु खुशी देखिए । उनीहरुले भने, चाउचाउ हर्लिक्स जे खाएपनि भात खाएजस्तो हुँदो रहेनछ, हामीलाई सान्है खरो भएको थियो, दाई तपाईको पसलमा धेरै आम्दानी होस्, किनकी तपाईले हाम्रो आत्मा खुशी पारिदिनुभयो । त्यसपछि उनीहरु पसलबाट हिंडे । हामी केहीबेर कुराकानी गरेर सुत्यौं ।

२०६६ जेठ १४: प्रात: ७ बजे हामी गुठीचौरबाट जुम्ला खलंगातर्फ लाग्यौं । गर्ज्यांगकोट ३ निवासी शिव रावलकहाँ हामीले खाजा खाने निर्णय गर्‍यौं । यात्रा प्रारम्भ गरेपछि हामीले यहाँ पहिलोपटक कोदाको रोटी खायौं । गर्ज्यांगकोट २ निवासी धर्मजीत बुढा र ३ का शिव रावलले आफ्नो गाउँघर बारे हामीलाई बताउनुभयो । गुच्चीच्याऊ, यार्सागुम्बा, भुल्तेजस्ता प्रमुख जडीबुटीले बिशेष आम्दानी गरे पनि हामी जुम्लीहरुले पैसाको सही सदुपयोग गर्न जानेका छैनौं, उहाँहरुको गुनासो थियो ।

त्यहाँबाट हामी ओरालो झर्दै गर्ज्यांगकोटका अन्य गाउँ नियाल्दै रह्यौं । परैबाट टल्किने र चिटिक्क परेका ढुंगाको गाह्रो, छाना-छानामा सोलारका प्लेट, चिचिल्ला स्याउका दाना, धान रोपाईंमा व्यस्त कृषक आदिका दृश्यले हाम्रो ध्यान तान्यो । तिला

नदीको किनारमा अवस्थित देपाल गाउँ आइपुग्दा हामीलाई थप आकर्षित गर्‍यो बाजागाजा सहितको रोपाईंले । यहाँ जोत्ने, हातले आली टाल्ने, दाँदेको हरिश काठको होइन डोरीको थियो । साउने र रोप्ने एकैचोटी गरेको देख्दा हामीलाई आश्चर्य लाग्यो । अझ अर्को रोचक दृश्य त दमाहा, सनाई, झ्यास्टा बजाउने शैली पनि पूर्व तिर भन्दा फरक लाग्यो । हाम्रा तिर त हप्ता पन्ध्र दिन वा १ महिना अघि नै सुरुमा बाँझो जोत्ने र छेउ भित्ता खन्ने, दोश्रो चरणमा हिल्याउने र आली लगाउने तथा तेश्रो चरणमा रोपाईका दिन दाँदेले साउने र बाउसे गरेर मात्र रोप्ने गरिन्छ ।


रोपाईं

जे होस्, ब्याडेहरुले बीउ काढिरहेका, हली र गोरुले जोतिरहेका, बाउसेहरु फ्याउरी लगाइरहेका, रोपाहारहरुले १/१ गाभा रोपिरहेका र बाजा बजाउनेहरुले बाजा बजाइरहेको दृश्य हाम्रा लागि साँच्चिकै रमाइलो र मनमोहक दृश्य बन्यो ।

यस्तै दृश्यहरु नियाल्दै अनि वाइसियल कार्यकर्ता संगम गौतमसँग कुराकानी गर्दै हामी दानसाँघु आइपुग्यौं । त्यहाँ गवा नदीको संगम रहेछ । छुट्टा छुट्टै नदीका २ वटा झोलुंगे पुल पार गरेर हामी चन्दननाथ प्रवेश गर्‍यौं । जुम्लाको सदरमुकाम डाँडामा कुचुक्क परेर बसेका अनि साँघुरा गल्ली र बजार भएका अरु जिल्लाका खलंगा भन्दा पृथक् देखियो । नदीको किनारमा खेती योग्य जमीन चारैतिर डाँडाले घेरिएको उपत्यका रहेछ यो खलंगा । कर्णाली अञ्चलको अञ्चल सदरमुकाम समेत रहेको बजार घुम्दै हामी कृषि अनुसन्धान केन्द्रको कार्यालयमा पुग्यौं । त्यहाँ प्राविधिक अधिकृत पारसमणि महत, चेत बहादुर राना, सहायक अविराम रावल लगायतसँग हाम्रो भेट भयो । उहाँहरुले जुम्ला जिल्लाको बारेमा हामीलाई जानकारी दिनुभयो । चन्दननाथ र महत गा.वि.स. अनि नदी पारी कात्तिक स्वामी गा.वि.स. पर्दो रहेछ । खेती योग्य जमीनको बीचबाट गाडीको बाटो कारण दूरगामी असर पर्ने उहाँहरुको कथन थियो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण सफलताको उहाँहरुले कामना गर्नुभयो ।

प्राविधिक अधिकृत पारसमणि महतसँग नास्ता खाँदै हामीले थप कुराकानी गर्‍यौं । अधिकृत महतले भन्नुभयो, काठमाडौंको पाँचतारे होटलमा बसेर योजनाकारले योजना बनाउनु, कर्मचारी २ वर्ष बसेर झारा टार्ने काम गर्नु, जनतालाई भकारी भर्न नसिकाउनु, विभिन्न संघसंस्थाले जुम्ली जनताको मैलो फोटो बेचेर मुनाफा कमाउन तिर ध्यान दिनु, दरो सरकारी नीति र हुन नसक्नु दुःखद कुरा हो, यहाँ भएका श्रोत साधनलाई जोगाएर परम्परागत शैलीलाई थोरै वैज्ञानिकीकरण गर्ने हो भने जिल्लाको विकास नहुने कुरै छैन ।

त्यहाँबाट हामी अधिकृत महतकै सहयोगमा दलित सेवा संघको कार्यालय पुग्यौं । कार्यालयमा लेखापाल पदम सामाजिक परिचालक हरि बहादुर वि.क. लगायतसँग हाम्रो भेट भयो । हामी हरि बहादुर वि.क. को सहयोगमा कर्णाली १०५ टिम्को २ मेगाहर्ज, जिल्ला प्रशासन कार्यालय लगायतका ठाउँमा पुगेका थियौं । कर्णाली एफ.एम. कार्यालय पुग्दा कर्मी कृष्णमाया हमाल, स्मृत्ति शाही, बिक्रम बुढा, हरिशंकर न्यौपाने र गीता महतसँग भेट भयो । हामीले उहाँहरुलाई विश्व अभियानबारे जानकारी गरायौं । जिल्ला प्रशासन कार्यालयमा निमित्त प्रमुख जिल्ला अधिकारी डिल्लीराज पोखरेलसँग भेट । नि.प्र.जि.अ. पोखरेलले भन्नुभयो, म लगायत काठमाडौं बस्ने मान्छे जुम्लालाई अनकण्टार ठाउँ होला भनेर सम्झन्थ्यौं, आएपछि हाम्रो सोचाई गलत भयो । जुम्ला त एकदमै सुन्दर जिल्ला पो रहेछ, तैपनि जुम्लालाई परनिर्भर बनाउने र ल्याउँदा रु. ३० ननाघ्ने चामल रु. ७० तिनुपर्ने जस्ता विकृतिजन्य कार्यले मलाई दुःखित तुल्याएको छ । अझ भनौं जुम्लीलाई विभिन्न एन.जी.ओ. आइ.एन्.जी.ओ. ले ठगी गरेका छन् । विकासभन्दा विनास भएको छ । पत्रकारिता क्षेत्रबारे टिप्पणी गर्दै भन्नुभयो, प्रेस स्वतन्त्र हुनुपर्छ, तर पार्टीगतरुपमा पत्रिका निकाल्नु हुन्न । बेलुकी हामीलाई हिमालयन होटल एण्ड रेष्टुरेण्ट सेवा संघ र नेपाल पत्रकार महासंघ जुम्लाले सदरमुकाम बसुन्जेल खाने बस्ने व्यवस्था गर्‍यो ।

२०६६ जेठ १५ : आज प्रथम गणतन्त्र दिवस । हामीलाई पनि आज एक किसिम आराम नै गर्ने मौका जुर्‍यो । यद्यपि नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्य गौरी कठायत, शाखा जुम्लाका उपाध्यक्ष श्री भण्डारी, सदस्य नेत्र शाही र मनोक्रान्तिप्रेमी राज महत लगायतसँग परिचय र विश्वभ्रमण अभियानबारे जानकारी गराउने कार्य भने हामीले गर्‍यौं ।

२०६६ जेठ १६: बिहान हामी जुम्ला जिल्लाको प्रख्यात धार्मिकस्थल चन्दननाथ मन्दिर गयौं । बिहानी आरतीको बेला परेछ । मन्दिरमा दमाहा घण्ट बजाउनेहरु बजाउँदै आरती गाउँदै थिए भने पूजारी आरती बत्ती लिएर घुमाउँदै । मुख्य मूर्तिको फोटो खिंच्न हुँदैन तर बाहिरचाहिं हुन्छ उनीहरुले भने । विश्वयात्री भन्ने थाहा पाउनासाथ एक पूजारी बोले, विश्वभ्रमण गर्ने तपाईं पनि भगवान् हुनुहुन्छ, तपाईले जे चिताउनुभयो त्यही पुग्छ, यात्रा पूरा हुन्छ । तपाईंहरुलाई हाम्रो आर्शिवाद छ । मन्दिरको विषयमा बुझ्न बेलुकी आउनु पर्छ, आउनुस् अर्का पूजारीले भने ।

जुम्ला सदरमुकाम खलंगा

त्यहाँबाट हामी स्थानीय विकास अधिकारी भोजेन्द्रकुमार क्षेत्रीको निवासमा पुग्यौं । एल.डी.ओ. क्षेत्री निवासमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत लेखा अधिकृत एवं लैंगिक समानता तथा महिला सशक्तिकरण आयोजना अनुगमनकर्ता रत्नकुमार श्रेष्ठ, महिला विकास कार्यालयका हेमकुमार ज्ञवाली, सिला अधिकारी र तारा शाहीसँग भेट भयो । अनुगमनकर्ता श्रेष्ठले आयोजनाको लक्ष्य उद्देश्यबारे जानकारी गराउनुभयो । उहाँको कथन थियो, विपन्न दलित र महिलाहरुलाई कानूनी सचेतना गराउने, गोरेटो पुल पुलेसा मर्मत गरी आय आर्जन र क्षमता अभिबृद्धि गर्ने आयोजनाको प्रमुख उद्देश्य हो । तर, विविध कारणले गर्दा लक्ष्यअनुसारको उपलब्धि हासिल गर्न सकिएको छैन । त्यसकारण जि.वि.स. र आयोजना बीच समन्वय गरेर कसरी प्रभावकारी ढंगले कार्यक्रम सञ्चालन गर्न सकिन्छ भनेर हामी लागिपरिरहेका छौं ।

एल.डी.ओ. निवासबाट हामी नेपाल पत्रकार महासंघ महिला केन्द्रिय सदस्य गौरी कठायतको घरमा पुग्यौं । खानपिन त्यहीं भयो । हामीले जुम्ला जिल्लाको विषयमा उहाँसँग कुरा गर्‍यौं । पत्रकार कठायतले भन्नुभयो, कर्णालीमा एन्.जी.ओ. आइ.एन्.जी.ओ. धेरै पाइन्छन् । तर, जुन रुपमा विकास हुनुपर्ने हो त्यो हिसाबले विकास भएको पाइदैन । जसले गर्दा जनतामा चेतनाको अझै अभाव र परनिर्भरता बढिरहेको छ । यहाँ सर्वसाधरणदेखि सरकारी स्तरसम्मका व्यक्तिहरु कुन संस्थाले कति भत्ता दिन्छ, त्यही आधारमा मात्र कार्यक्रममा उपस्थिति जनाउने गर्दछन् । यद्यपि केही संस्थाका कार्यक्रम प्रभावकारी छन् ।

त्यसको लगत्तै हामी खलंगा क्षेत्र भ्रमणमा निस्कियौं । एयरपोर्ट आसपास तिला नदी, झोलुंगे पुल तरेर कात्तिक स्वामीको बोहोरा गाउँ लगायतका ठाउँ हामीले घुम्यौं । एयरपोर्ट नजिकमा चन्दननाथ १, तलीचौरका अक्कल बुढा, यति एयरलाइन्सका हेल्पर रतन बहादुर मल्ल, कात्तिकस्वामी बोहोरा गाउँका प्रकाश रावल, धापा २, जाँच सिंजाका निराजन नेपाल लगायतसँग हाम्रो कुराकानी भयो । उनीहरु सबैले विश्वभ्रमणको लक्ष्य प्राप्तिका लागि हामीलाई शुभकामना दिए । सिंजाका नेपालको थप भनाई यस्तो थियो, मानिस जन्मेपछि मर्नुअघि संसार बदल्नु पर्छ, सुरुवात् आफैंबाट गर्नुपर्छ ।

एयरपोर्टबाट हिंड्दै हामी टुँडिखेल परिसर आयौं । जगन्नाथ ९, साउने बाजुराका कृष्णचन्द्र जोशीसँग हाम्रो जस्काभेट भयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानलाई शुभकामना दिंदै उहाँले भन्नुभयो, संसार भुकम्पमयी भई हल्लिरहेछ, किनभने मानिस संसारसँग लड्छन् र हार्दैछन् पनि । तर, तपाई यो चञ्चल मनसँग लडेर संसार घुम्दै हुनुहुन्छ त्यसको लागि आत्मारुपी गुलाबबाट नमस्कार एवं शुभकामना ।



जोशीसँग छुट्टिएर हामी टुँडिखेल नजिकमै पर्ने साविककै बासस्थान हिमालयन होटलमा आयौं । लोकसेवाको विभिन्न जिल्लाबाट परीक्षा दिन आएका परिक्षार्थीहरुसँग कुराकानी गर्दै खाना खायौं । र, ओछ्यानमा पल्टियौं ।

२०६६ जेठ १७: पत्रकार नेत्र शाहीको सहयोगमा हामीले बिहान अपांग पुनस्थापनाको कार्यालयमा डेढ घण्टा डायरी टाइप गर्‍यौं । खाना खाएर हामी नेपाल पत्रकार महासंघ जुम्ला शाखाद्वारा आयोजित स्वागत तथा बिदाई कार्यक्रममा सहभागी भयौं । उक्त

शाखाले अबिर तथा पुष्प गुच्छा पहिऱ्याई अभियान सफलताको कामना गऱ्यो । कार्यक्रममा बोल्दै पत्रकार बिक्रम बुढा शाहीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण सफलतामा मात्र टुंगियोस् भनी मन्तव्य व्यक्त गर्नुभयो । अर्का पत्रकार शिवराज न्यौपानेले नेपालमा नकारात्मक पत्रकारिता मौलाएको छ भन्दै केन्द्रियस्तरमा दुःख कष्ट गरेर यहाँबाट पठाइएका समाचार पनि सम्प्रेषण नहुने गरेको दुःखेसो पोख्नुभयो । उहाँले भन्नुभयो, हाम्रा आवाज आफैंले दबाएका छौं । कर्णालीमा छापा पत्रकारिता चुनौती बनेको छ । भ्रमणबारे उहाँले भन्नुभयो, यस भ्रमणको सुरुवातले सकारात्मक दिशामा अगाडि बढ्न प्रेरित गर्नेछ, गरोस् । पत्रकार कर्ण भण्डारीले जुम्लाको पत्रकारिता पीडामा रुमल्लिरहेको पैदल मार्गमा समाचार संकलन गर्दाको कठिनाई स्मरण गर्नुभयो । हातमा कापी र डट्पेनसम्म नभएको कतिपय अवस्थामा पनि पत्रकारिता गरिरहेको बताउँदै पत्रकार भण्डारीले पसिना बगाएर पठाइएका समाचार पनि केन्द्रले सम्प्रेषण गर्न गाह्रो मानेको गुनासो पोख्नुभयो । राम्रा र हाम्रा समाचार लेखिनस् भने कसरी चल्दो रहेछस् हामी पनि हेरौंला भन्दै आफूलाई विभिन्न बेलाबखत धम्की पनि आइरहेको उहाँले बताउनुभयो । हजारौं माइलको यात्रा एक पाईलाबाटै सुरु हुने बताउँदै पत्रकार भण्डारीले जुम्लाका पत्रकारको तर्फबाट प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणलाई स्वागत गर्दै सफल बनाउन आफू जुनसुकै सहयोग गर्न तयार रहेको जानकारी दिनुभयो । स्वागत तथा बिदाई कार्यक्रमकी प्रमुख अतिथि पत्रकार महासंघ महिला केन्द्रिय सदस्य गौरी कठायतले जुम्लाको पत्रकारिता ४/५ वर्षभित्र केही विकसित भएपनि संख्या र गुणात्मक रुपमा कमजोर छ भन्दै जम्मा ४५ जना पत्रकार मध्ये २५ जना पत्रकार महासंघ शाखा जुम्लामा सदस्य रहेको, कर्णाली एफ.एम. र केही साप्ताहिक प्रसारित/प्रकाशित भइरहेको जानकारी दिनुभयो ।

जुम्लाबाट समाचार सम्प्रेषणका लागि गतिलो र प्रभावकारी माध्यम नभएको बताउँदै सदस्य कठायतले जुम्लाका पत्रकारको दक्षता अभिबृद्धिका लागि विशेष प्याकेज कार्यक्रम पत्रकार महासंघ केन्द्रिय समिति तथा सरकारले ल्याउनुपर्ने बताउनुभयो । पत्रकारहरुमा सोच विचार र चिन्तन सकारात्मक हुनुपर्छ भन्नु हुँदै कठायतले पत्रकारहरुलाई ऊर्जा, जोश बढाउने कार्यक्रम राज्यले व्यवस्था गर्नुपर्ने बताउनुभयो । संसारलाई बदल्नु छ भने सुरु आफैंबाट गर्नुपर्छ भन्ने उक्तिलाई सार्थक बनाउन प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण सुरु भैसकेको प्रति खुशी व्यक्त गर्दै उहाँले सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

महासंघ उपाध्यक्ष श्रीबहादुर भण्डारीले जुम्लाको पहिलो पत्रकार रत्नाकर देवकोटा र त्यसपछि नवराज शाही, भण्डारी, नरेन्द्रनाथ योगी, के.बी. जुम्ली लगायतको नाम लिनुभयो । पत्रकारिताको यो विश्वभ्रमण अभियान महान् अभियान भन्दै उपाध्यक्ष भण्डारीले आफूलाई यस भ्रमणले केही गर्न जोश जाँगर थपिएको बताउनुभयो । एउटा डाँडाबाट अर्को डाँडा पुग्न कठिनाई महसुस हुने मलाई अब पैसा मात्रै सबै चिज होइन रहेछ भन्ने आत्मविश्वास र साहस यही भ्रमणको सुरुवातले दिएको छ । त्यसैले तपाईहरुले कठिनाई पर्दा दाया बाँया हेर्नुहोला पार गर्ने पुल अवश्य देख्नु हुनेछ । र, विश्वमाझ नेपाललाई चिनाउनु... महासंघ सदस्य राम नेपालीको सञ्चालनमा भएको उक्त कार्यक्रममा अन्य पत्रकारहरु देवी प्रसाद सिम्खडा, लक्ष्मीप्रसाद... जंगदेव बि.सी., देवी प्रसाद पाण्डे, पूर्णप्रसाद चौलागाई लगायतको उपस्थिति थियो ।

यो कार्यक्रम समापन पश्चात् हामी नेपाल इन्भेष्टमेण्ट बैंक गयौं । बैंकका प्रबन्धक एकराज महतसँग भेट गऱ्यौं । महतले सेवा सुविधाभन्दा ऋणलाई प्राथमिकता दिने विशेषता यस बैंकको छ भन्नुभयो । राज्यको चौथो अंग पत्रकारिता क्षेत्र महत्व हुन्छ भन्दै जुम्लामा निराशा मात्र होईन आशा पनि भन्ने जानकारी दिन विश्वभ्रमण सफलताको कामना गर्नु... बैंकको काम सकी हामी हिमालयन होटल गयौं । होटल... माझ बिदा भई हामी जि.वि.स. कार्यालय आयौं । कार्यालयमा एल.डी.ओ. भोजेन्द्रकुमार क्षेत्री र कार्यक्रम अधिकृत क्षेत्रबहादुर थापासँग हाम्रो भेट भयो । एल.डी.ओ. क्षेत्रीले जुम्लामा पत्रकारिता फस्टाएको छैन, कर्णाली एफ.एम. मात्र छ भन्नु हुँदै पत्रकारितामाथि कतैबाट पनि हस्तक्षेप हुन नहुने धारणा राख्नुभयो । प्रेस स्वतन्त्रताको विगुल फुक्दै नेपाल र विश्वकै भ्रमणमा जुन साहस गर्नुभएको छ, त्यसको म हार्दिक सरहाना गर्दै सफलताको कामना गर्दछु, उहाँले भन्नुभयो ।

जुम्ला तातोपानी

जि.वि.स. कार्यालयबाट हामी कृषि अनुसन्धान... र सबैसँग कर्मचारीहरुसँग भेट गर्न गयौं । खलंगाबजार र सबैसँग...

हात हल्लाउँदै हामी जुम्लाको प्रसिद्ध ठाउँ तातोपानी तर्फ लाग्यौं। बाटामा एक ठाउँ नास्ता गर्दा भेला भएका युवाहरुलाई विश्वभ्रमण अभियानबारे जानकारी दियौं। उनीहरुले भ्रमण प्रगतिमूलक होस् भन्दै शुभकामना दिए। हिंड्दै हामी ३ घण्टामा तातोपानी पुग्यौं। हातमुख धोयौं। पानीमा ह्वास्सै गन्धक बास्ना आयो। यो अत्यन्त तातो पानी र आसपासका दृश्यहरु हामीले नियाल्यौं। साँझ परिसकेकाले हामी यहीं स्थानीय एक होटलमा खाना खाएर सुत्यौं।

२०६६ जेठ १८: बिहान उठेर पनि हामीले तिला नदीको किनारमा अवस्थित यही तातोपानी अवलोकन गऱ्यौं। बाऱ्है मास गन्धक मिसिएको त्यो तातोपानी बगिरहँदो रहेछ। बाथ, घुँडा दुख्ने र रगत जम्ने जस्ता समस्या भएका धेरै मानिसहरु विभिन्न ठाउँबाट त्यहाँ नुहाउन आउने गरेको स्थानीयवासीले बताए। नुहाइरहेको प्रत्यक्ष दृश्य देख्न पनि पाइयो। जुम्ला जिल्लामा कच्ची बाटो बनेर यातायात सञ्चालन भएपछि पर्यटकको संख्यामा बृद्धि भएको स्थानीय होटल सञ्चालिकाले बताइन्। कोदाको रोटी र अचार खाएर हामी बिहानको ७:३० बजे लाँघु हुँदै उकालियौं। खस भाषाको उद्गम स्थल सिंजा क्षेत्रतर्फ हाम्रो यात्रा अघि बढ्यो। उकालामा तातोपानी ७ का तुला बहादुर रावल भेट्टिनुभयो। गाईलाई लक्ष्मी, भैसीलाई भइसा, दूधे बाखाका पाठापाठीलाई बग्रेटा बग्रेटी स्थानीय स्तरमा भनिने गरेको जानकारी उहाँले हामीलाई दिनुभयो। केही माथिसम्म सँगै उकालो निस्केर उहाँ छुट्टिनुभयो। ठाउँठाउँमा हामी बाटो सोध्दै नाक ठोक्किने उकालो हिंडेर चुलाकोट निस्कियौं।

त्यहाँ भन्दा अझ माथि माइथाप्लामा मोबाइल टावर देखियो। कुँडारी ८, चुलाकोटका जे.के. बी.सी. र उहाँका साथीहरु गाईबाखा चराउन जाँदै रहेछन्। राष्ट्रप्रति अगाध आस्था र प्रेम देखाउने उहाँले हामीसँग केहीबेर कुराकानी गर्नुभयो। किशोर उमेरका ती बी.सी. भन्दै हुनुहुन्थ्यो, सत्तामा नेताहरु लड्छन्, चुनावको बेला भाषण छाँट्छन्, जनताका लागि केही गर्दैनन्, अशिक्षित जनता एकअर्कामा लडाई झगडा गर्छन्, यस्तो देख्दा मलाई ज्यादै चिन्ता लागेको छ। भारतको भ्रमण पनि गरेर आएको बताउने उहाँले भारतको हिमाञ्चल प्रदेश र आफ्नो गाउँलाई तुलना गर्दै भन्नुभयो, त्यहाँ कस्तो विकास छ सोही प्रकृतिको हाम्रो ठाउँ पछाडिको पछाडि नै छ। वनजंगल र वन्यजन्तु विनास हुँदै गएकोले पानी कम परेर बालीनाली उत्पादनमा कमी आएकोमा पनि उहाँले चिन्ता व्यक्त गर्नुभयो। हाम्रो देशमा जल, जडीबुटी, तीर्थयात्रा क्षेत्रमा डलर कुहेर गएको छ भन्दै उहाँले राष्ट्र र राष्ट्रियताप्रति सबै नेपाली एकजुट भएर अगाडि बढ्नुपर्ने धारणा राख्दै यात्रा सफलताको कामना गर्नुभयो।

चुलाकोटबाट हामी तुल्जरा आयौं। सानो चिया पसलमा हामीले जुम्लाकै स्थानीय सिमी खायौं। शहर बजारमा खाइने राज्मालाई बिर्साउने यो सिमी हामीलाई साऱ्है मीठो लाग्यो। यही बेला चिया पसले दाईले भने, जुम्लाको सिमी खेती व्यवस्थितरुपमा गर्ने र देशभर पुऱ्याउने हो भने जिल्लाको आर्थिकस्तरमा राम्रो बृद्धि हुन सक्दछ। साँच्चै, हामीलाई पनि यही सिमीबाटै बिहानी खानाको छाक टऱ्यो। खाना खानुपर्ने आवश्यकता महसुस भएन। त्यहाँबाट हिंड्न लाग्दा राहदेव मा.वि. का प्र.अ. पृथ्वी बहादुर राउत, शनीगाउँ १ धिताल लिहीका कृष्णबहादुर रोकाया, सम्झराज धिताल र रत्न रोकाया त्यहाँ आइ पुगनुभयो। उहाँहरुसँग भएको केहीबेरको कुराकानी अनि भ्रमण सफलताको कामना सँगै हामी आफ्नो बाँकी यात्रातर्फ लाग्यौं।

तुल्जराबाट केहीबेर तेंर्सो हिंडेपछि डाँडाबाट ओरालो झर्ने बाटो आयो। त्यहींबाट सिंजा क्षेत्र सुरु भएको संकेत मिल्यो। ११ वटा गा.वि.स. ओगटेर रहेको यो सिंजा उपत्यकाको दृश्य नियाल्दै हामी ओरालो झऱ्यौं। बाटो अप्ठ्यारो अप्ठ्यारै थियो। बड्की ३ र ४ को मोफला गाउँमा आइपुग्दा अग्लो लिंगो र ध्वजा देख्यौं। स्थानीयवासीलाई सोध्दा थाहा भयो, कात्तिक पूर्णिमाका दिन ६० हातको लिंगो प्रत्येक २ वर्षमा फेर्नुपर्ने राहदेव भगवान्को रहेछ। धेरै वर्ष पहिले माथ्ला गाउँलेले तल्लो गाउँलाई पानी नदिंदा ६० हातको ज्वाला निस्किएर गाउँ ध्वस्त भएको र वर्तमान गाउँलाई रक्षा गरेको मान्यताअनुसार लिंगो राखिँदै आएको उनीहरुले बताए।

त्यहाँबाट पुन: ओरालो झरेर हामी हिमा नदी आएतिरै किनारै किनार लाग्यौं। यसक्रममा नराकोट धापाको जाँच काट्दै हामी पाण्डवगुफा पुग्यौं। बाटामा भैरव उ.मा.वि. नराकोटका प्राध्यापक भेष बहादुर रोकायासँग हाम्रो भेट भयो। सिंजा खस भाषाको उद्गम स्थल भएपनि अशिक्षित जनता र आफूहरु केही शिक्षित व्यक्ति पनि गाँस, बाँस, कपासकै लागि नै लागि परेका कारण यसको विकास हुन नसकेको रोकायाले बताउनुभयो। प्राध्यापक रोकायाका अनुसार बाइसे चौबिसे राज्य अन्र्तगत सिंजा एउटा राज्य रहेको, बहादुर शाहले राजा सुवान शाहीलाई ३ पटक हमाला गरेर वि.सं. १८४६ मा परास्त गरेकोजस्ता कुराहरु हामीले सोधपुछका क्रममा पायौं। हामी खोला तरेर पाण्डवगुफा ९, पाण्डुसेरा गुफाको नजिक विजया रोकायाको घरमा पुग्यौं। खाना खाएर यही सुत्यौं।

२०६६ जेठ १९: बिहान उठेर हामीले ऐतिहासिक एवं धार्मिक महत्वको स्थल पाण्डव गुफाको अवलोकन गऱ्यौं। हामीलाई सहयोग पुऱ्याउनु भयो, पाण्डवगुफा गा.वि.स.का सहायक सब इञ्जिनियर सुदर्शन काफ्ले, पाण्डव गुफा ९ का धन प्याकुरेल र वडा ३ का इन्द्रसिंह खत्रीले। गुफाको अगाडि पानीको धारो राखिएको, गुफाका छेउबाट ढुंगा झिकिएको र मन्दिर जीर्ण अवस्थामा रहेको देखियो। आगामी दिनमा हामी संरक्षणमा जुट्छौं स्थनीयवासीहरुले हामीसँगको भेटमा भने। उक्त गुफामा पाण्डवहरु एक वर्ष गुप्तवास बसेको पौराणिक भनाई रहेछ। वि.सं. २०२२ सालतिर पाण्डव र द्रौपदीसहितको मूर्ति चोरी भएको पनि उनीहरुले बताए। सहायक सब

इञ्जिनियर काफ्लेले हामीलाई यस क्षेत्रको थप भ्रमणमा डोर्याउनु भयो । खोलाको किनारमा अव्यवस्थित रुपमा राखि ठड्याएमा पारी पट्टिको गाउँलाई अशुभ हुने मान्यता रहेको ढुंगाको खम्बा हेरेर हामी उकालो लाग्यौं । पाण्डवगुफा स्थानीयवासी सुदर्शन काफ्लेको घरमा हामीले खाना खायौं । उहाँसँगै विराट मन्दिरतर्फ थप यात्रा अगाडि बढायौं ।

१ घण्टाजति उकालो हिंडेपछि हामी गरुड नुहाउने धारामा पुग्यौं । त्यहाँ वैशाख पूर्णिमाको दिन गरुड आएर श्रावण पूर्णिमाका दिन पनि विभिन्न जिल्लाका तीर्थयात्री आउने, गाईवस्तु किलामा वा झुण्डिएर मरेको खण्डमा घर मूलीले बाबियाको दाम्लो घाँटीमा बाँधेर बस्ने र बिहान नुहाएर पाप कटाउने जस्ता चलन रहेको काफ्लेले हामीलाई जानकारी गराए। भीमसेनले वाण हानेर पानी निकाली वाणगंगा खोला बगेको पनि थप भनाई रहेछ त्यहाँ । त्यसको छेउको बारीमा वि.सं. सालतिर तामाको बाकसभित्र सुन भेटिएको प्रसंग पनि काफ्लेले सुनाउनुभयो । धनलाल उपाध्यायको बारीमा जोखे भेटिएको १७७ दाना सुनकै कारण गाउँलेले जेल बस्नु परेको र त्यतिबेलाका अञ्चलाधीश तथा सुरक्षा निकायका मान्छे मिले हिनामिना गरेको जस्ता प्रसंग पनि उहाँबाटै सुन्न पाइयो ।

धार्मिक महत्व रहेको र संरक्षण विहीन गरुड नुहाउनेबाट हामी डाँडामा रहेको विराट मन्दिर आइपुग्यौं । ठूला आकर्षक प्राकृतिक दृश्य, वारिपारिका डाँडापाखा, कनका सुन्दरी मन्दिर एवं सिंजा क्षेत्रलाई हामीले त्यहाँबाट मज्जाले नियाल्यौं। हामीलाई यो महसुस भयो कि ऐतिहासिक सिंजा क्षेत्रमा धेरै किसिमका सम्भावना भएपनि पाण्डवहरु गुप्तबास बसेझैं बसेको क्षेत्र । त्यसैले पनि स्थानीयस्तरमा जनचेतना अभिबृद्धि गरेर यो क्षेत्रको ऐतिहासिक, प्राकृतिक श्रोत साधनको पहिचान सम्बन्धित निकायले ध्यान दिनु जरुरी छ ।

छुट्ने बेलामा काफ्लेले पत्रकारिता क्षेत्र पिछडिएका वर्गको प्रतिनिधित्व गर्न र सत्य तथ्य कुराहरुको उजागर गर्न परोस् भन्ने सुझावका साथ भ्रमण सफलताको कामना गर्नुभयो । काफ्ले जीकै घरबाट ल्याएको खाजा हामीले सँगै बसेर उहाँसँग छुट्टिएर हामी विराट गा.वि.स. को बुडु हुँदै डोब आइपुग्यौं ।

लुगा धोएर त्यही रहेको एउटा मात्र सामान्य होटलमा बस्यौं । बेलुका जुम्ला सामान लिन हिंडेका शुक्राढीक ६, न टोल मुगुका बीर्खबहादुर विश्वकर्मासहित ९ जनाको समूह र अन्य बटुवाहरुसँग हाम्रो कुरा भयो । एकीकृत नेकपा माओवादी जिल्ला कमिटी सदस्य समेत रहेको बताउने विश्वकर्माले भूमिगत हुँदाको अनुभव पनि सुनाउनुभयो । उहाँले भन्नुभयो, सुरुमा कालीकोटका कमरेडहरु गाउँमा आउँदा म लगायत गाउँलेको सातो पुत्लो उड्यो, प्रहरीहरुलाई मार्ने उनीहरुले हामीलाई के गर्छ भन्ने लागेको थियो, तर पछि यही पार्टी हाम्रो ढुकढुकी बन्यो। र हामी समेत भूमिगत भयौं। यस्तै किसिमका अनुभव सुनाउँदै टोलीले हामीलाई बेलुकी खानाको शुल्क तिरिदियो ।

खाना खाँदा होटलवाला दाईले भने, लु सर हाम्रामा त यस्तै छ, ल त्यहाँ बस अनि खाउ । यतातिरको लवज नै यस्तै रहेछ । त्यसैले हामी पनि यो लबजलाई सम्मानजनक ढंगले सहर्ष ग्रहण गरिरहेका छौं । यहाँबाट आधा घण्टा उकालो चढेर कालकाँडा डाँडा पुगेपछि मुगुको सिमाना सुरु हुँदैछ। त्यसकारण २७ औं जिल्ला जुम्ला भ्रमण आज यहीं सिद्धिदैछ ।

जुम्ला यात्राका क्रममा प्राप्त नगद सहयोग

नेपाल पत्रकार महासंघ	रु. १,०००/-
राजबहादुर महत (महत ५)	रु. १,०००/-
जि.वि.स.	रु. ६,००/-
एकराज महत (महत ५)	रु. ५००/-
निराजन नेपाल (धापा २),	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

देश तथा विदेश भ्रमण सफल होस् । - नथु मण्डल, गुठीचौर
सानो सुन्दर देश नेपाललाई विश्वसामु चिनाउनु । - पारसमणि महत र चेतबहादुर राना, कृषि अनुसन्धान केन्द्र
विश्वकै अगाडि मेटिन लागेको नेपालको नाम लेखाउनु । - हरिबहादुर वि.क. (मालिका बोता ७), दलित सेवा संघ
देशकै लागि सहयोग पुरने पाएँ मैले । - निराजन नेपाल, धापा २
संसारको ज्ञान पिउन पाउँ । - कृष्णचन्द्र जोशी, जगन्नाथ ९, साउनेगाउँ बाजुरा
पिछडाडिएका क्षेत्रको सत्य तथ्य कुरा सम्बन्धित निकायमा पुगोस् । - सुदर्शन काफ्ले, पाण्डवगुफा ३ सिंजा
दुई वर्ष नेपाल र भावी विदेशभ्रमण सफल होस् । - डिल्लीराज पोखरेल (नि.प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
उच्च मूल्यांकन र प्रशंसा गर्दै बाँकी यात्राका लागि शुभकामना । - श्रीबहादुर भण्डारी (उपाध्यक्ष), नेपाल पत्रकार महासंघ

२८ औं जिल्ला मुगु डायरी

संक्षिप्त परिचय

क्षेत्रफल: ३,१०३ वर्ग किलोमिटर, गा.वि.स. संख्या: २४ वटा, निर्वाचन क्षेत्र: १, सदरमुकाम: गमगढी, अञ्चल: कर्णाली, विकास क्षेत्र: मध्यपश्चिम भौगालिक अवस्थिति: पूर्व डोल्पा, पश्चिम बाजुरा, उत्तर हुम्ला र चीनको तिब्बत र दक्षिण जुम्ला र कालिकोट

जातजाति: क्षेत्री, ठकुरी, शेर्पा, कामी, ब्राम्हण, दमाई, सार्की अन्य ।

पर्यटकीय स्थल: रारा ताल, छायाँ क्षेत्र, चंखेली लेक, मुर्माटप, ऋणमोक्ष भगवती, कालिका मन्दिर, थार्प मष्ठा, खेष्मा मालिका, गुम्बाहरु तिहार, कार्ति, किंम्री, पेम्बा टाँसी, पेमा, दंगखांग, ताखा, खारि, मांग्री आदि ।

(साभार: संक्षिप्त परिचय २०६४ जि.वि.स.)

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको कर्णाली अञ्चलमा पर्ने मुगु जिल्लाको क्षेत्रफल ३१०३ वर्ग कि.मी.र २४ वटा गा.वि.स. रहेछन् । यार्सागुम्बा, गुची च्याउ, चिराइतो, जटामसी, सुतक, कटुकी, सिलाजित, पाँच औले, डालेचुक, घुची च्याउ, सुगन्धवाल, अतिस, विष जरा, भुल्ते, मुतकस, असलवेद, पदमचाल, बोझ्रो, लौठसल्ला, निरमषीजस्ता २५० भन्दा वढी जडीबुटी पाइने यस जिल्लामा रारा ताल, छाया क्षेत्र, चंखेली लेक, मुर्मा टप आदि क्षेत्र प्रमुख पर्यटकीय क्षेत्र अन्तर्गत पर्दा रहेछन् ।

२०६६ जेठ २०: जुम्ला विराट गा.वि.स. डोबको एक होटलमा मध्यान्ह १२:३० बजेसम्म लेखेर बस्यौं । त्यहाँबाट मुगुतर्फ हामीले आफ्ना पाइला अघि बढायौं । आधा घण्टा उकालो हिंडेर हामी जुम्ला जिल्लाको विराट गा.वि.स. र मुगु जिल्लाको खमाले गा.वि.स.को सिमाना कालकाँडा डाँडा आइपुग्यौं । यही डाडाबाट हाम्रो २८ औं जिल्ला मुगु भ्रमण सुरुवात् भयो ।

लेक काटेर हामी खमाले ९, चाकपाडे तर्फ ओरालो हानियौं । जेठ महिनाको हरियाली, चउरमा भेडा बाखा, खच्चड घोडा र गाईवस्तुले हरिया घाँस चराप्चुरुप पार्दै खाइरहेको दृश्य हेरिरहुँ-हेरिरहुँ जस्तो लाग्यो हामीलाई । तर के गर्ने यात्रीलाई ? केहीबेर आँखालाई पवित्र पारी हिंड्नुको विकल्पै थिएन । उच्च लेकाली प्रा.वि. चाकपाडेमा आइपुग्दा शिक्षक मधुसुदन सिंहसँग भेट भयो । उहाँले भन्नुभयो, यहाँ धेरै चिसो हुन्छ, हिउँ परेका बेला त कोठामा आगो तापेर बस्नुको विकल्प नै हुँदैन, शैक्षिक चेतना कम भएकाले छात्रवृत्ति पाउने निहुँमा मात्र अभिभावकले छोरीलाई स्कूल पठाउने तर पढाउन तिर ध्यान नदिने समाज छ यहाँ । विश्वभ्रमण सफलताको कामनासहित शिक्षक सिंहले देखाएको भीर पाखाको बाटो पछ्याउँदै ओराली झरेर हामी न्याउली खोला आइपुग्यौं । पहाडी जिल्लामा जन्मिएकाले हामीलाई धेरै मध्ये एउटा फाइदा भएको छ, त्यो भनेको जस्तासुकै भीरपाखाका अप्ठ्यारा बाटाघाटा भएपनि हामी नडराई हिंड्न सक्छौं ।

न्याउली खोलाको तिरैतिर हामीले यात्रा जारी राख्यौं । ठाउँ-ठाउँमा काठका फट्के तर्दै हामी गजडा दोबाटो आइपुग्यौं । खोला बगेतिरै हामी बायाँ अगाडि बढ्न लाग्दा गणेश रोकाया टुप्लुक्क आइपुग्नुभयो । उहाँलाई सोध्दा पत्ता लाग्यो, बाटो त दाँया खत्याड खोलाको उद्गमस्थल तर्फै पो रहेछ । जुन खोला रारा तालको निकास हुने पानीबाट बगेको उनै रोकायाको जानकारीबाट थाहा भयो । जे होस्, अहिलेसम्मको यात्राको दौरानमा हामी केही ठाउँमा बाटो भुल्लिन लाग्दा कोही न कोही आइपुगेकै छ । लाग्छ, विधाताले हाम्रो यात्रा राम्रैसँग अगाडि बढाउँदै छ । हामी गणेश रोकायासँग कुराकानी गर्दै शेरी २, पहाडीपानी हुँदै रारा ८, माझघट्ट आइपुग्यौं । पहाडी पानीबाट ४५ मिनेट हिंडेपछि रोकाया जी आफ्नो गाउँतर्फ ठाडो उकालो लाग्नुभयो । तर, हाम्रो साथ दिन फेरि खमाले ३, कवाका धनबहादुर रोकाया आइपुग्नुभयो । सानैदेखि लक्ष्मी (गाई) हेर्ने र खेतीपाती गर्ने कार्यमा लागेकाले पढ्न नपाएको उहाँको गुनासो रहेछ ।

माझ घट्टको मुर्मा टप होटल एण्ड लजमा हाम्रो खानेबस्ने प्रबन्ध भयो । यहाँ माझ घट्ट लघु जलविद्युत् आयोजनाका कारण बिजुली बत्ती बल्दो रहेछ । सुनेअनुसार बरु यस जिल्लाको सदरमुकाममा बिजुली छैन । होटलमा सुकाढीक २, का परशुराम खत्री, होटल सञ्चालक डबल बहादुर रोकाया, मुर्मा टप युवा क्लबमा कार्यरत वासु खनाल लगायतसँग हाम्रो परिचय भयो । १९ वर्ष जि.वि.स. कालिकोटमा पियन हुँदा १४ एल.डी.ओ. र ३ सभापतिको कार्यकाल पूरा गर्न भ्याएको बताउने खत्रीले एल.डी.ओ. नीलहरी शर्माको कार्य कुशलताको तारिफ गर्नुभयो ।

२०६६ जेठ २१: बिहान उठेर हामी होटल सञ्चालक डबल बहादुर रोकाया र अहेब भैरव बहादुर बुढासँग मुर्मा टपको चुचुरा तिर उकालो लाग्यौं । ठाडो उकालो उक्लिदै जाँदा रारा ताल, मुर्मा गाउँ र वारिपारिका चुचुराहरु देखिन थाले । १२ महिनामा पाक्ने गहुँ खेतीलाई नियाल्दै र कुराकानी गर्दै करीब १:१५ घण्टा हिंडेर हामी मुर्मा टप चुचुरो पुग्यौं । ८ हजार फिट उचाई रहेको मुर्मा टपलाई अहेब बुढाले कास्कीको सरांगकोटसँग तुलना गर्नुभयो । हुन पनि टपबाट नेपालकै सबभन्दा ठूलो रारा तालको पूरा भाग अनि हुम्ला, बाजुरा, कालिकोट, जुम्ला लगायतका जिल्लाको दृश्य प्रष्टै देखिंदो रहेछ । यहाँ रेडियो नेपालको एफ.एम. रिले स्टेशन स्थापना

भएकाले कर्णाली अञ्चलका ५ जिल्लाका जनता सूचनाको हकमा लाभान्वित भएका रहेछन्। स्टेशन सुरक्षार्थ बसेका गोरख बहादुर रोकायाले चियामार्फत् स्वागत गर्दै भन्नुभयो, सोलार बेला बखत तात्न पाएन भने रेडियो प्रसारणमा गढबढी आउने गर्दछ, बिजुली बत्तीको व्यवस्था सम्वन्धित स्थानीय निकायले मिलाइ दिए अझ बढी प्रभावकारी हुने थियो ।

जे होस्, नेपालमा रेडियो नेपालले पुऱ्याउँदै आएको सेवा र पहुँचले यसको गरिमा बढेको छ। केहीबेर बसेर कुराकानी गर्दै जाँदा रारा तालमा लागेको तुँवालो हट्यो जसले गर्दा रारा तालको पूरै भाग प्रस्टरुपमा नियाल्न केही सजिलो त भयो नै साथीहरुले हामीलाई अन्य डाँडा चिनाउने अवसर पनि पाउनु भयो। मुर्मा टपबाट चारैतिर डाँडाले घेरेर बीचमा रहेको मनमोहक रारा ताल पूरा का पूरा देख्न पाउँदा हामीलाई अत्यन्त आनन्द र गौरवको अनुभूति भयो। तर, पनि जति सौन्दर्यता देख्न सकिने उपर्युक्त मौसम हुनुपर्ने हो त्यो अवसर भने हामीले पाएनौं। भनाईको मतलव बेहुलीझैं सुन्दर लाग्ने तालमा कुहिरोले घुम्टो खोलेपनि सल भने उघार्न लजायो, अर्थात् पातलो कुहिरोको धुइरो पूरै हटेन। साथीहरुले बाजुराको परेख लेक, बडीमालिका मन्दिर, चुचेमारा लेक, छायानाथ, खेस्मा मालिका, बझांगको साइपाल हिमाल लगायतको दृश्यावलोकन गराउनु भयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको लागि थालनी गरिएको विश्वभ्रमणमार्फत् सारा संसारको अनुभवले देशको परिवर्तनमा टेवा पुगोस् भन्ने शुभकामना पनि उहाँहरुले व्यक्त गर्नुभयो।

निकै हर्ष र थोरै विस्मात्का साथ हामी मुर्मा टप डाँडाबाट फेरि रारा ताल तिरै ओरालो झऱ्यौं। गन्तव्यका हाम्रा सहयात्रीहरु हामीसँग छुट्टिएर माझघट्ट तिरै लाग्नुभयो। जंगलमा कागज उत्पादन गर्न सकिने भोजपत्र, लौठ सल्ला लगायत स्वास्थ्यका लागि लाभदायक जडीबुटी पनि प्रशस्तै देखियो। जंगलको हरियालीसँग लुटपुटिंदै हामी तालको किनारमा आइपुग्यौं। चारैतिर हरियाली डाँडाकाँडाले घेरिएको रारा ताल नेपालकै एउटा मुटु पर्यटकीय स्थल रहेछ। नेपालको सबभन्दा सानो निकुन्जभित्र पर्ने ठूलो महत्व बोकेको नेपालकै सबभन्दा ठूलो तालका छेउमा रहेको रारा राष्टिय निकुन्जका कर्मचारीहरुसँग हाम्रो परिचय भयो। सहायक संरक्षण अधिकृत शिवनारायण शाह, लेखापाल बिर्ख बहादुर मल्ल, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति अध्यक्ष लाल बहादुर रोकाया, रारा नि.मा.वि. शिक्षक डुगेल लामाले निकुन्ज, ताल र मध्यवर्ती क्षेत्रको विषयमा जानकारी गराउनुभयो।

सञ्चार र यातायात व्यवस्थापनको अभावमा यो सुन्दर तालबाट मुगुवासी र नेपाली जनताले लाभ लिन नसकेको देखियो। रारा निकुन्ज भित्र धेरै डलर छ तर तालको गहिराईमा डुबेर बसेको डलरलाई चिन्न सक्ने र जगेर्ना गर्ने पहल स्थानीय जनता, राजनीतिक दल लगायत सरोकारवालाहरु सबै मिलेर नेपाल सरकारको ध्यानाकर्षण गर्नुपर्ने टड्कारो आवश्यकता छ। अन्यथा ५ कि.मि. लम्बाई ३ कि.मि. चौडाई रहेको ताल आफैंमा यहीं जंगलभित्र अझै सिमित रहने देखिन्छ। निकुन्ज कार्यालयले हामीलाई बिहानी खानाको व्यवस्था गरिदियो। खाना खाँदा पदमचालको अमिलो तर मीठो अचार पनि खान पाइयो। किनकी यो बहुउपयोगी जडीबुटी अचारले स्वास्थ्य मजबुत बनाउने आशाका साथ हामीले पनि प्रयोग गरेका हौं। अचारले हामीलाई सानै छँदा हिमाली भेगका भोटे जातिहरु हिउँदको मौसममा हाम्रो गाउँघरमा पदमचाल बेच्दै आएको र आमाले घाउँ हुँदा घोटेर दबाई लगाइदिएको सम्झना दिलायो।

निकुन्ज कार्यालयबाट हामी मुगु जिल्ला सदरमुकाम गमगढी तर्फ अगाडि बढ्यौं। तालको किनारमा बाँधेर राखिएका डुंगा, पानीमा खेलिरहेका माछा र हावाले ढलपल ढलपल गराइरहेको कन्चन पानीमा ध्यान लगाउँदै रहयौं। बिहानी मौसममा डुंगा चलाइने भएपनि १२ बजेपछि हावा चल्ने भएकाले चलाउन सकिंदो रहेनछ। मनले नमान्दा नमान्दै पनि हामीले रारा तालको किनारलाई छोड्नै पऱ्यो।

गमगढी तिर जाने बाटो केही अगाडि बढेपछि रारा महादेवको बोर्ड देखियो। जीर्ण मन्दिरभित्र खच्चडको गोबर र वरिपरि फोहोर मात्र थियो। कि त बोर्ड झिक्नु पऱ्यो या त मन्दिर व्यवस्थित हुनुपऱ्यो यस्तै कुराकानी गर्दै हामी अगाडि बढ्यौं। निकुन्ज भित्र पर्ने जंगल केहीबेर हिंडेपछि बाटो ओरालो लाग्यो। लामाचौरबाट निकुन्ज क्षेत्र सिद्धियो। हामी श्रीनगर गा.वि.स. प्रवेश गऱ्यौं। कार्कीवाडा ९ की डाँफे होटल सञ्चालिका भगीरथा भण्डारीले चिया बिस्कुट खाएको पैसा लिनुभएन। त्यही होटलमा रुकेका बाँकेका प्रकाश शाही, रारा ब्यारेक, हुटु नेपाली सेनाका जवान आनन्द अर्याल र बालकृष्ण खड्का एवं अन्य ग्राहकहरु भेटिए। बाँकेका शाहीले यो विश्वभ्रमणबाट नेपाली पत्रकारिता क्षेत्रलाई टेवा र नेपालको नाम विश्व जगत्मा पुग्ने धारणा राख्दै यात्रा सफलताको कामना गर्नुभयो। सेनाका जवान अर्याल र खड्काले नेपालका कुना काप्चामा खुम्चेर बसेका अशिक्षित जनताको आवाज समेट्न आग्रह गर्दै बिदा हुनुभयो।

लामाचौरबाट निर्माण व्यावसायी बालकृष्ण दाहाल र गम्था ९ थाराका किशोर विद्यार्थी ओमप्रकाश उपाध्यायसँग कुराकानी गर्दै हामी ओरालो झऱ्यौं। बीचमा मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान नेपाल मुगुका सन्तोषकुमार मल्ल र तर्ज बहादुर शाहीसँग जम्काभेट भयो। उहाँहरुले जनताको गणतन्त्र र गरीब जनताको आवाज समेट्न सक्ने स्वतन्त्र एवं विकास

पत्रकारिता होस् भन्ने चाहाना व्यक्त गर्नुभयो । उहाँहरु सँग कुराकानी गरेर केही तल झर्ना साथ गमगढी बजार देखियो । श्रीनगर गा.वि.स.को वडा नं. ४ र ५ मा अवस्थित बजार साँघुरो डाँडामा भएपनि चिटिक्क पाइयो । गमगढी क्षेत्रको दृश्यावलोकन तथा दाहाल र उपाध्यायसँगको हाम्रो कुराकानी जारी नै थियो । उपाध्यायले आफ्ना बाबुको वि.सं. २०६४ सालमा षड्यन्त्रपूर्वक सदरमुकाममै हत्या भएको दुःखेसो पोख्नुभयो । घरमा बुढा बाजे बज्यै मात्र भएको बताउने उहाँले बाबुले आत्महत्या गरेको गलत पुष्टि गरी हत्याराको सुरक्षा गरेको आरोप लगाउँदै आमा पोइला गएको बताउनुभयो ।

सदरमुकाम गमगढीका साथै आसपासको दृश्य

सदरमुकामबाट ताल्चा विमानस्थल सम्म निर्माणाधीन सडक रहेछ । हो, हामी गमगढी बजार केही बेरमै प्रवेश गर्‍यौं । स्थानीय एक होटलमा नेपाल पत्रकार महासंघ मुगु उपाध्यक्ष राज बहादुर शाही, सभासद् नृपेन्द्र बहादुर मल्ल, रारा बोर्डिंग स्कूलका राजेश केसी, अर्जुन कम्प्युटर सर्भिस सेन्टरका अर्जुन बुढा, शिव शम्भु मल्ल, राजकुमार मल्ल लगायतसँग हाम्रो परिचय भयो ।

महासंघ उपाध्यक्ष शाही र सभासद् मल्लका साथ हामी गमगढी बजार भ्रमणमा जुट्यौं । अझ सम्म सदरमुकाम गमगढीमा बिजुली बत्ती रहेनछ । सोलारबाटै दैनिक कार्य सम्पादन हुने रहेछ । भिरालो परेको बजारमा इन्टरनेट सुविधा नभएकाले फ्याक्स र फोनबाट समाचार सम्प्रेषण गर्नुपर्ने बाध्यात्मक विवशता पाइयो । बजार पुछारमा अवस्थित उ.मा.वि. बाट मुगु कर्णाली नदी, चंखेली लेक (रु. १ को नोटमा रहेको चुचुरो) चारैतिरको प्राकृतिक दृश्यलाई हामीले केहीबेर नियाल्यौं । पानी नपरेकाले हो वा अरु कुनै कारण ती ठाउँहरु एकदमै उजाड देखिए । शिक्षक बुद्धिनाथ तिवारीले मुगु जिल्लालाई प्रधानमन्त्री, उपप्रधानमन्त्रीदेखि लिएर एन.जी.ओ, आइ.एन.जी.ओ कसैले पनि प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको आरोप लगाउनुभयो । र, स्वयं आफूले पनि केही गर्न नसकेको स्वीकार गर्नुभयो ।

पत्रकार साथीहरुले विश्वभ्रमणका क्रममा पत्रकारिता क्षेत्रको विशेष अध्ययन गर्न र कर्णालीका पत्रकारहरुको वास्तविकता उजागर गर्न सुझाव दिए । फर्किएर हामी लाली गुराँस होटलमा आई खाना खायौं । सुत्नलाई २ तला माथि कोठाको व्यवस्था थियो । साँघुरो चेपबाट माथि निस्कनु पर्ने र अप्ठ्यारो र ठाडो भर्‍यांग उक्लिंदा लडी झरिने हो कि भन्ने जग-जगी थियो । हामी त जसो तसो निस्कियौं, मोटाघाटा, बिरामी, बृद्धका लागि साह्रै गाह्रो । मुगु सदरमुकाम अहिलेसम्म घुमेका अन्य जिल्ला भन्दा दुर्गम नै लाग्यो हामीलाई ।

२०६६ जेठ २२: बिहानीको सूर्योदयसँगै हामीले गमगढी बसाईको पहिलो रातलाई बिदाई गर्‍यौं । केहीबेर बजार अवलोकनमा जुट्यौं । बिहानको खाना खाएर १० बजे हामी जिल्ला प्रशासन कार्यालय गयौं । कार्यालयमा प्र.जि.अ. केशर बहादुर के.सी., सहायक प्र.जि.अ. पुष्पराज पौडेल र अन्य कर्मचारीहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणबारे जानकारी गरायौं । जिल्ला प्रशासन कार्यालयले विश्वभ्रमण सफलताका लागि शुभकामना पत्र प्रदान गर्‍यो । यहीबेला एक कर्मचारी गरिब दुःखी जनताको नियमित इमान्दार सेवक भएर कार्य गर्नेको भन्दा ठूला बडाको चाकडी चाप्लुसी गर्ने कर्मचारीको बढुवा हुन्छ, तक्मा पनि उसैले पाउँछ भन्दै थिए । उनको भनाइले हाम्रो ध्यानाकर्षण गरायो । हामीले उनलाई भन्यौं, जनताको सेवा नै राष्टसेवक कर्मचारीको धर्म हो यसमा खिन्नता होइन गर्व महसुस गर्नुपर्छ । उनले फेरि थपे, २९ वर्ष भयो मैले सेवा गरेको त्यसमा म खुशी छु, तर चाकडी चाप्लुसीका कारण पुरस्कृत गरिने परिपाटी मौलाएका कारण म एकदमै दुःखी छु ।

चंकेली लेक

मुगु जिल्लाको बारेमा जानकारी दिदै उनले एउटा गोरुलाई नारेर जमीन जोत्ने, हिमाली भोटे जातिमा घरको जेठो दाजुले विवाह गरे पछि अरु भाईहरुले पनि विवाह नगरी सबैकी साझा श्रीमती राख्ने (बहुपति प्रथा) गरेको अनौठो चलन पनि सुनाए ।

जिल्ला प्रशासनबाट हामी जि.वि.स. पुग्यौं । सूचना केन्द्रबाट मुगुको ब्रोसर लियौं । यातायात, सञ्चार, विद्युत् यहाँको प्रमुख समस्या पाइयो । जि.वि.स. बाट हामी जिल्ला वन कार्यालय गयौं । त्यहाँ विश्व वातावरण दिवस वि.सं. २०६६ को अवसरमा स्थानीय लोक संस्कृतिमार्फत् वातावरण जोगाउने चेतनामूलक कार्यक्रम भइरहेको रहेछ । कार्यक्रममा पश्चिमी देउडा भाका लगायतका लोक लय सुन्न पाईयो । नौलो ठाउँमा नौलो भाका सुन्न अनि संस्कृति हेर्न पाउनु कसका लागि सुखद अनुभव नहोला र ? भयो हामीलाई पनि सुखद अनुभव यस कार्यक्रमबाट । त्यसपछि हामी उद्योग वाणिज्य संघको कार्यालय तर्फ लाग्यौं ।

पत्रकारहरु सँग

त्यहाँ नेपाल पत्रकार महासंघ मुगु शाखाद्वारा आयोजित प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण स्वागत कार्यक्रममा हामी सहभागी बन्यौं । कार्यक्रममा महासंघ अध्यक्ष विनोदकुमार मल्ल, उपाध्यक्ष राजबहादुर शाही, कोषाध्यक्ष विमल हमाल, सहसचिव दानबहादुर बुढा, केन्द्रिय सभासद् नृपेन्द्र बहादुर मल्ल, कुशल बहादुर मल्ल, मोहनकुमार मल्ल लगायतका सञ्चारकर्मीले अबिर पहिन्याई विश्वभ्रमण सफलताका लागि सम्मानसहित शुभकामना पत्र प्रदान गर्नुभयो ।

मुगु जिल्लाको पत्रकारिता विकास वि.सं. २०५५ सालबाट सुरु भएको रहेछ । र, पहिलो पत्रकार पनि अध्यक्ष विनोदकुमार मल्ल नै हुनुहुंदो रहेछ । १० वर्षे युद्धताका राज्य र विद्राही पक्षको चेपुवामा कष्टप्रद पत्रकारिता गर्नुपरेको अनुभव उहाँले कार्यक्रममा बताउनुभयो । त्यसबेला जिल्ला प्रशासनमा मात्र फ्याक्स भएकाले सी.डी.ओ.ले आफ्नो भाषामा समाचार मिलाएर फ्याक्स गर्न लि[illegible] गरेको तितो अनुभव अध्यक्ष मल्लले सुनाउनुभयो । हाल रारा रैबार र रारा टाइम्स पत्रिका दर्ता भएका भएपनि बिजुली बत्ती र छापाखानाको अभावमा नेपालगञ्जबाट प्रकाशित गर्दा नियमित हुन सकेको रहेनछ । १५ सदस्य रहेको महासंघ अघिल्लो साल स्वीकृत गराउन निकै धौ धौ परेको उपाध्यक्ष शाहीले स्मरण गर्नुभयो । इन्टरनेट सुविधा नभएकाले अनेक कठिनाई पूर्वक तयार गरिएको समाचार फ्याक्स गर्न पनि समस्या पर्ने र फ्याक्स पठाइएपछि पनि सम्बन्धित सञ्चारमाध्यमहरुले बेवास्ता गरिदिने कारण जनतासामु विश्वास कायम गर्न पनि आफूलाई गाह्रो परिरहेको दुःखेसो अन्य पत्रकारको पनि थियो । यहाँ भनेका बेला पत्रिका पनि आइपुग्दो रहेनछ ।

आफ्नो प्रतिकूल समाचार प्रकाशन प्रसारण भएमा विभिन्न पक्षले धम्की र दबाब दिने गरेको बताए । उनीहरुले नेपाली पत्रकारहरुको पीडा उजागर र सकारात्मक पत्रकारिताको विकास गर्न केन्द्रिय पत्रकार महासंघ विकट जिल्ला मुगुमा आइ नपुगे पनि तपाईहरु आइपुग्नु भएकोमा धन्यवाद छ भन्दै अभियानलाई प्रशंसा गरे । पत्रकार साथीहरुले दिएको हौसला र सम्मानले हामीलाई पनि उत्साह र जिम्मेवारी बोधका साथ यो भ्रमण र अभियानप्रति अझ कटिबद्ध भएर थप अगाडि बढ्न प्रेरणा मिलेको छ । स्वागत कार्यक्रम समापन पश्चात् हामी चियापान र सामूहिकरुपमा बजार भ्रमणमा सरिक भयौं ।

सदरमुकाममै अवस्थित प्रसिद्ध कालिका मालिका मन्दिरको अवलोकन पश्चात् हामी जिल्ला प्रहरी कार्यालय पुग्यौं । कार्यालयमै निमित्त कार्यालय प्रमुख सई दीप बहादुर खड्का, असई भोला महत र अन्य प्रहरी जवानहरुलाई हामीले विश्वभ्रमणबारे जानकारी दियौं । सई खड्काले विभिन्न कठिनताका बाबजुद पनि नेपाली पत्रकारले कुना काप्चाका जनतालाई सुसूचित गराउने कार्यको प्रशंसा गर्नुभयो । विश्वभ्रमण सफलताको कामना गर्दै उहाँले यो भ्रमणले पत्रकारिता जगत्लाई थप मजबुत बनाउने छ भन्नुभयो । प्रहरी कार्यालयबाट हामी पत्रकार राज बहादुर शाहीको सहयोगमा एल.डी.ओ. निवास गयौं ।

कायममुकायम एल.डी.ओ. प्रेमराज गिरी र लेखापाल नवराज भण्डारीसँग हाम्रो कुराकानी भयो । एल.डी.ओ. गिरीले पत्रकार जनताका लागि भएकाले उनीहरुको सेवा सुविधा राज्यले व्यवस्था मिलाउनु पर्ने र पत्रकारहरुले पनि तथ्य तथ्यांकसम्मत् विन पूर्वाग्रही समाचार सम्प्रेषण गर्नुपर्ने बताउनुभयो । समाचार सम्प्रेषणपछि सम्बन्धित व्यक्ति वा पक्षले आफूले गरेको काम गलत हो भने त्यसलाई सच्चिने मौकाको रुपमा लिनुपर्ने धारणा राख्नुभयो । पत्रकारहरु कुनै पनि प्रलोभनमा नपर्न र पत्रकारहरुलाई कुनै पनि पक्षले यस्तो रणनीति नबनाउन आग्रह गर्नुभयो । विश्वभ्रमणको यो अभियानलाई महत्वपूर्ण अभियानको संज्ञा दिदै उहाँले शुभकामना

पत्र प्रदान गर्दै भन्नुभयो, मुगु जिल्ला दुर्गम नभई मानसिकता दुर्गम भएको हो, यसका लागि मुगुमा सकारात्मक चेतनाको अझ विकास हुनु जरुरी छ ।

एल.डी.ओ. निवासबाट हामी साविककै होटलमा आयौं । होटलमा भेट भएका नाथर्पु ८, नचारा मुगुका युवा विर बहादुर परियारले मुगु जिल्लाका प्राकृतिक श्रोत र साधनका बारेमा विश्वसामु उजागर गर्न विश्वभ्रमण सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

२०६६ जेठ २३: मिमिरे बिहानीसँगै उठेदेखि ९:३० बजेसम्म हामीले लेखन अध्ययनमा नै समय बितायौं । त्यसपछि खानपिन गऱ्यौं । माथिल्लो तलामा निस्कने छिंडी सानो भएकाले काठको भऱ्यांग एकदमै ठाडो थियो । हामीले सोच्यौं, मोटा मान्छे, बुढाबुढी वा सौखिनदारका लागि त यो भऱ्यांग उक्लेर सुत्ने कोठा आइपुग्न र ट्वाइलेटसम्म जान पनि कति कठिनाई पर्ला ? झोला भिरेर हाँस्दै हामी गमगढीवासीसँग बिदा भएर चंखेली लेक हुँदै हुम्ला प्रस्थान गर्ने योजनाका साथ अगाडि बढ्यौं ।

गमगढीबाट आधा घण्टा ओरालो झरेर भट्टी चौरमा मुगु कर्णालीको झोलुंगे पुल तऱ्यौं । रुगा गा.वि.स. अर्न्तगत पर्ने भट्टी चौरबाट उकालो लागेर गेरुनेटा उक्लियौं । त्यहाँबाट एकपटक गमगढी बजार, लेक, डाँडा खोला पाखा पहरातर्फ नजर डुलायौं । गेरुनेटाबाट कराइचो बाटो हिंडेर लमगार खोला पार गऱ्यौं । जिउ चिलाएको र गर्मी पनि भएकाले नुहायौं । हामी पुनः उकालो लाग्यौं । लुमा गाउँ काटेर सल्लाघारीको दृश्य अवलोकन गर्दै हामी वाँम आयौं । त्यहाँ कैलाश प्रा.वि. फैपाटाका शिक्षक लक्ष्मण पाण्डेसँग भेट भयो । उहाँसँग कुराकानी गर्दै हामी फैपाटासम्म आयौं । शिक्षक पाण्डेले आजकाल बालबालिका पौष्टिक आहार कार्यक्रमले पनि विद्यालय आउन आकर्षित भएको तर अभिभावकले काम गर्न घरमै रोक्ने गरेको बताउनुभयो । कर्णालीमा विभिन्न संघ संस्थाका कारण जनतामा परनिर्भरता बढ्न थालेको चिन्ता समेत उहाँमा रहेछ ।

साँच्चिकै हामीले पनि महसुस गरेको कुरा यही हो कि पूर्वको तुलनामा यस क्षेत्रमा च्याउ उम्रे सरी यत्तिका धेरै एन्.जी.ओ. आइ. एन. जी.ओ. छन् बजेट पनि धेरै आउँछ । त्यही अनुपातमा कर्णालीको जनतामा गुणात्मक चेतना वृद्धि हुन सकेको पाइएन । त्यसकारण यहाँका जनतालाई तालिम भत्ता पचाउनेमा मात्र सिमित नगरी आत्मनिर्भर बनाउन सक्ने व्यवहारिक ज्ञान दिन सबै क्षेत्रबाट पहल गर्नु अपरिहार्य छ । यस्तै छलफल गर्दै हामी रुगा ८, दर्खे गाउँ आइपुग्यौं ।


पानी घट्ट

रुगा ८, दर्खे खोलाको किनारमा सानो फुसको एउटा झुप्रोमा घट्टमा पीठो पिसिरहनु भएका जयलाल बढुवालसँग हाम्रो कुराकनी भयो । जौ र कोदो मिसाएर उहाँ पिठो बनाइरहनु भएको थियो । यस क्षेत्रको मिल भनेकै पानीबाट चल्ने घट्ट रहेछ । साँझ पर्न लागिसकेको थियो । हामीले जयलाल सँग बास बस्न पाइन्छ ? भनेर सोध्यौ । किन नपाउनु मेरैमा बस्या पनि हुन्छ अरु कहाँ गया नि हुन्छ उहाँले भन्नुभयो । यसो भनिसकेपछि हामी उहाँकै घरमा गयौं । उहाँको घरमा बाँचे बहादुर बढुवाल, काला बढुवाल र जैनबहादुर बढुवालसँग हाम्रो परिचय भयो । माटाको सुल्फामा धुँवा उडाउँदै उहाँहरुले सोध्नुभयो, कहाँबाट आया हौ ? कर्णालीका जिल्लाहरु डूल्न थालेपछि हामीले तिमी भनेर सम्बोधन गरिएको शब्द यहाँको सम्मानित सम्बोधन हो भन्ने बुझेका छौं । उनीहरुले सर भनेर सम्बोधन गर्ने गरेको भएपनि तपाई भन्ने शब्द घरि घरि निकाल्न खोज्छन्, तर तिमी शब्द नै अगाडि आइहाल्दो रहेछ । तपाईं, हजुर आउनुस्, आइस्योस्, गइस्योस् भन्ने परिवारमा हुर्केका व्यक्तिहरुलाई हेलाँ गरेर बोलाएको जस्तो लाग्न सक्छ, यो तिमी शब्दले । किनकी सुरु सुरुमा हामीलाई पनि स साना भाई बहिनीले सर आउ, यहाँ बस यस्तै छ हाम्रामा लु खाउ भन्दा अप्ठ्यारो महसुस भएको थियो ।

घरबेटी आमाका कुरा भने हामीले बुझ्न सकेनौं, न त उहाँले हाम्रो भाषा नै बुझ्नुभयो। उहाँका बूढा र छोरासँग चाहिं दोहोरो कुराकानी हुन सक्यो। उनीहरुका हात र अनुहारमा मैला जमेको त थियो नै भाँडा पनि त्यस्तै...। तर उनीहरुको दिल साँच्चिकै निर्मल अनि हृदय पनि त्यत्तिकै विशाल थियो। चामलको भात र जौ कोदो मिसाएर बनाइएको पीठोको रोटी बन्यो भान्सामा। हामीलाई भात दिइयो। भोकको झोंकमा हामीले त्यो मैलो धैलो केही देखेनौं। हामीले भात रोटी दुवै खाने इच्छा जाहेर गऱ्यौं र माग्यौं। भुँडी दुख्छ होला भन्दै उनीहरुले भने, हामीकाँ सधैं भात खोज्ने पाहुना आया थे, तर, आजकाले रोटी मागे यसो भनेर त्यहाँ हाँसोको फोहोरा छुट्यो। हा...हा...हा..। हामीले भन्यौ हामी पनि पहाडकै हौ जहाँ जस्तो पाइन्छ त्यस्तै खाइन्छ। तपाईंहरु जे खानु हुन्छ, तमाखु, सुर्ती र जाँड रक्सी बाहेक अरु सबै खाना हामी पनि स्वीकार गर्छौं।

खाना खाइसकेपछि जयलालले भन्नुभयो, नेताहरु माथि कुर्सीका लागि लडिरहन्छन्, हामी जनतालाई बिहानदेखि बेलुकीस... काम गर्दा पनि छाक टार्न गाऱ्हो छ, कुनै पनि पार्टी र नेताले हामीजस्ता गरीब दुःखी जनतालाई केही गरेनन्, खै कसले सुनिदेला ... यी पीडा ? एकतले माटाको छानो भएका होचा घर छन् यहाँ। बाहिर वर्षायाम भएपनि जाडो छ। तर, भित्र गमक्क र न्या... परिवेश। हामीले डिजिटल क्यामेरा मार्फत् उनीहरुको फोटो खिंचेर देखाइ दियौं। तत्कालै आफ्नो फोटो देख्न पाएर उनीहरु ... पर्दै हाँसे। हामीलाई निद्रा लागि त हाल्यो। हामी निद्राको चरणमा शरण पऱ्यौं।

२०६६ जेठ २४: बिहान उठेर हिंड्ने बेलामा जयलालका छोरा बाँचेबहादुरलाई हामीले सोध्यौं, हाम्रो हिसाब कति भयो ? उह... भन्नुभयो, तपाई त पाहुना हुतुहुन्छ, एक छाक खाएको के को पैसा ? गाउँघरको यस्तो उद्धार चलन र विशाल हृदयलाई स्वीका... गर्दै र धन्यवाद दिदै हामी आफ्नो गन्तव्य उकालोतर्फ लाग्यौं। जेठको महिना घाम मज्जैले लागेका थिए। लेकमा बस्दा जा... हिड्दा गर्मी पनि भयो। २ घण्टा हिडिसकेपछि हामी रु. १ को नोटमा राखिएको चंखेली लेक क्षेत्र उक्लियौं। यहीबाट २८ औं जिल्ला मुगु यात्रा अन्त्य र २९ औं जिल्ला हुम्ला यात्रा प्रारम्भ भयो।

मुगु यात्राका क्रममा प्राप्त नगद सहयोग	
नेपाल पत्रकार महासंघ	रु. १,०२०/-
रारा राष्ट्रिय निकुञ्ज	रु. ५००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

केन्द्रिय पत्रकार महासंघको नजर पुग्न नसकेका बेला पत्रकारका पीडा उजागर गर्न सकोस्। – नृपेन्द्र बहादुर मल्ल, रा.स.स. सम्वाददा...
नेपाली पत्रकारिताको ईतिहास र वर्तमान समस्यालाई विश्वमा पुऱ्याउनु।
– विनोद कुमार मल्ल (अध्यक्ष), विमल हमाल (कोषाध्यक्ष), नेपाल पत्रकार महासंघ
विदेशमा पत्रकारको अवस्था बुझी नेपाल प्रष्ट पार्नु। – राज बहादुर शाही (उपाध्यक्ष)
नेपाली पत्रकारको स्वतन्त्रताका लागि भ्रमण सफल होस्।
– मोहन कुमार मल्ल, इमेज च्यानल संवाददाता, दानबहादुर बुढा कर्णाली साप्ताहिक सन्देश
म र सबै कर्मचारीको तर्फबाट धेरै धेरै धन्यवाद। – शिवनारायण शाह (सहायक संरक्षण अधिकृत), रारा राष्ट्रिय निकुञ्ज, हुट्टु
नेपाली पत्रकारिता क्षेत्र र विश्वजगत्मा नेपालको नाममा टेवा पुगोस् – प्रकाश शाही (रझेना ४ बाके)
गरीब जनताको शिक्षा र चेतनामा केही फरक पार्नुहुनेछ। – आनन्द अर्याल र बालकृष्ण खड्का, समरजीत गुल्म, रारा ब्यारेक हु...
मुगुको पर्यटन र जडीवुटीले उचित स्थान पाओस्। – ईश्वरीचन्द्र अधिकारी (सहलेखापाल) जि.वि.स.
कर्णाली अञ्चलका कुना काप्चामा पुग्नु। – विरबहादुर परियार, नाथर्पु ८, नचरा
सफलताको कामना। – केशर बहादुर के.सी. (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
महत्वपूण अभियान भेट्न पाउंदा अत्यन्त खुशी लाग्यो। – प्रेमराज गिरी (कामु. स्था.वि.अ.) जि.वि.स.

२९ औं जिल्ला हुम्ला डायरी

२०६६ जेठ २४: मुगु जिल्लाको रुगा र हुम्ला जिल्लाको दार्मा गा.वि.स.मा पर्ने रु. १ को नोटमा राखिएको चंखेली लेक परिसरबाट हाम्रो औपचारिक २९ औं जिल्ला हुम्ला यात्रा प्रारम्भ भयो । कर्णाली भौगोलिकरुपमा विकट छ तर प्राकृतिक श्रोत र साधन यहाँको सम्पन्नता हो । विकासका पूर्वाधारहरुको व्यवस्थापन गरी यसको सदुपयोग गर्नु यहाँका सबै जनता, नेता, कार्यकर्ता एवं सिंगो राज्यको दायित्व हो । आवश्यकता यही महसुस गर्दै र प्रकृतिको मनोरमतामा हराउँदै हामी चंखेली लेकबाट ओरालो झर्‍यौं ।

संक्षिप्त परिचय

क्षेत्रफल: ६,१३१ वर्ग किलोमिटर, गा.वि.स. संख्या: २३ वटा, निर्वाचन क्षेत्र: १, सदरमुकाम: सिमकोट (सबभन्दा अग्लो स्थानमा रहेको जिल्ला सदरमुकाम), अञ्चल: कर्णाली, विकास क्षेत्र: मध्यपश्चिमाञ्चल

भौगोलिक अवस्थिति: पूर्व मुगु, पश्चिम बझांग, उत्तर चीनको तिब्बत र दक्षिण मुगु र बाजुरा

जातजाति: क्षेत्री, ठकुरी, ब्राम्हण, लामा, दलित आदि ।

(साभार: जिल्ला वन कार्यालय २०६५)

डेढ घण्टा हिंडेपछि दार्मा २, जोगीमारा आइपुग्यो । बिहानको ९:३० बजेको थियो । हामीले खाना पकाउन लगाएर खायौं । गाउँघरको बाटामा शहर बजारको जस्तो तयारी अवस्थामा खाना पाइदैन । अर्डर गरेपछि मात्र पाइन्छ खाना । त्यसकारण हामीले केही समय कुर्नु पर्‍यो । होटलवाला शेर बहादुर शाहीले आफू एकीकृत नेकपा माओवादी जिल्ला सदस्य रहेको बताउनुभयो । आफ्नो छोरा जनयुद्धमा गुमाएको बताउँदै उहाँले क्षतिपूर्ति बापत रु. १ लाख पाउनुभन्दा शहीदको सपना पूरा हुनुपर्नेमा जोड दिनुभयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण अभियानका सम्बन्धमा उहाँले भन्नुभयो, गोलीको क्रान्तिभन्दा बोलीको क्रान्ति धेरै ठूलो हुन्छ, पत्रकारहरुले वास्तविक क्रान्ति गर्न सक्छन् र त्यही क्रान्ति विश्वमा फैलिन्छ, भ्रमण सफलताको शुभकामना ।

त्यहाँबाट हामी रुगा ८, वाम मुगुका काशीराम बढुवाल सँगै दार्मातिर हिंड्यौं । कोटाधारा, सिमखोला, भोराबारा हुँदै देउडीमा आएर हामीले खाजा खायौं । केही घर र पसल रहेको देउडीको सो पसलमा झिंगा मौरीझैं भुनभुनाई रहेका थिए । तर चाउचाउ पकाइ मागेर भोक मार्नै पर्ने बाध्यता थियो हाम्रो । त्यहाँ उपस्थित गाउँलेहरुलाई हामीले विश्वभ्रमण अभियानबारे जानकारी गरायौं ।

दार्माको फेदीबाट झोलुंगे पुलमार्फत् कर्णाली नदी पार गरेर हामी मस्टा गा.वि.स.को पिप्लांग पुच्छारबाट नदीको किनार हिंड्न थाल्यौं । बाटामा भेटि्टएका राताम्मे ऐसेलु नखाईकन हिंड्न हाम्रो मनले मान्दै मानेन । दूधजस्तो नदीको जल र बुरुक् बुरुक् उफ्रिरहेको छालसँग नजर जुधाउँदै हामी हिडिरह्यौं । पहराको बीचमा एक ठाउँमा त निकै अप्ठ्यारो बाटो आयो, ग्यार ग्यारे ढुंगामा ४ पाउ टेकेर उक्लियौं । र, सल्लीसल्ला पुग्न कस्सियौं । सल्लीसल्ला नजिकै पुग्न लाग्दा एक व्यक्ति भेटि्टए । उनले तपाईंहरु कहाँ जाने ? भनेर सोधे । हामीले भन्यौं, आजलाई सल्लीसल्ला । मुखले चँ... चँ... गरेर चुक्चुकाउँदै उनी बोले, सल्लीसल्लाको मान्छे त म नै हुँ, आज तरकारी पनि केही छैन, त्यसैले गाउँतिर हिंडेको, के गर्ने होला ? ढोका बन्द गरेर भोली मात्र आउने योजनाका साथ जाँदैछु । अरु पसल र मान्छे छैनन् भन्ने बुझेकाले उनलाई हामीले भन्यौं, अब हामी सँगै फर्कौं, जे छ त्यही खाउँला । पुन: चँ... चँ... गरेर चुकचुकाउँदै उनले भने, साँझ परिसक्यो, तपाईहरुलाई सुत्नै दिएँ भने पनि राम्रै धर्म होला । त्यसपछि हामी उनीसँगै आयौं ।

श्रीमस्टा १ का स्थायी बासिन्दा उहाँको रहेछ, नाम पदम बहादुर सिंह । सल्लीसल्ला आइपुगेर कुराकानीका क्रममा खाना पकाउँदै उहाँले भन्नुभयो, यहाँ बस्न थालेपछि विभिन्न प्रकारका मान्छेसँग भेट गर्न पाइएको छ । बिहान आएका ३/४ जना मान्छेहरुलाई घर कहाँ हो ? भनेर सोधेको त जहाँ गयो त्यहीं घर हो भने, मलाई त कस्ता सन्काहा मान्छे रहेछन् भन्ने लाग्यो, आखिर सबैको जन्म घर त हुन्छ नि, त्यस्ता मान्छे त मलाई मन परेन, नेपाल भ्रमणमा पुराण लाउँदै हिंडेको पण्डितको टोलीले पनि त्यसो भन्नु हुन्छ ? तर तपाईंहरु जस्ता व्यक्ति भेट्न पाउँदा म अत्यन्त खुशी छु । पत्रकार कस्ता हुन्छन् भनेर कल्पना गर्थे आज प्रत्यक्ष देख्न पाएँ, यसरी भेट्न, देख्न र आफैंसँग राख्न पाउनु मेरा लागि ठूलो कुरा हो । उहाँको कुरा सुन्दा हामीलाई यस्तो महसुस भयो, पत्रकारप्रति जनताको ठूलो आशा र भरोसा छ । तर...कुना काप्चामा पत्रकारको उपस्थिति छैन । अर्थात् नेपाली पत्रकारिताको विकास हुन अझ धेरै बाँकी छ ।

यहाँ हामीले तरकारीको रुपमा चाउचाउ र भात खायौं । बाजुरा जान यहीं आउनु पर्छ भन्ने थाहा पाएपछि केही सामान यही पसलमा राख्न दियौं । थप केहीबेर कुराकानी गरेर हामी सुत्यौं ।

२०६६ जेठ २५: होटलवाला पदम दाई बिहान ४:३० बजे नै उठेर हिंड्नुभयो । हामी भने शरीर केही थाकेको महसुस भएकाले ६:३० बजेसम्म सुत्यौं । सल्लीसल्लामा दुई नदी को संगम स्थल छ । उठ्नासाथ हामी हुम्ला कर्णाली नदीको तिरैतिर हुम्ला सदरमुकाम

सिमकोटका लागि अगाडि बढ्यौं। मानसरोवर शिर रहेको हुम्ला कर्णाली नदी आएकै बाटो डेढ घण्टा हिंडिसकेपछि हामी साँया २, को न्यासी आइपुग्यौं। खाना पकाउन लगायौं। खाना पाकुन्जेल लेखपढ गर्‍यौं। सुमन थापा, धनमान सिंह र विपीन थापासँग त्यहाँ हाम्रो परिचय र विश्वभ्रमण अभियानका विषयमा कुराकानी भयो। खाना खाएर हामीले यात्रालाई निरन्तरता दियौं।

बाटामा सुस्ताएका हुम्ली महिलाहरु

सुर्केगाडमा आएर नदीको पुल पार गर्‍यौं। हाम्रो बाटोले त्यहाँबाट बायाँ किनार लियो। पुलको मुखैमा प्रहरी चौकी सर्केदेव रहेछ। कार्यालयमा सई बल बहादुर महतारा, असई नारायण भट्टसँग हाम्रो केहीबेर कुराकानी भयो। साँया गा.वि.स.मा पर्ने सुर्केगाड हुम्लाको दोश्रो सदरमुकामको रुपमा लिइने गरेको पनि हामीलाई थाहा भयो। यो भेगमा नजिक नजिकमा स्कूल खुलेका छन्, जनताको चेतनास्तर पनि उठ्दैछ, तर मदिरापान चलनचाहिं बढी नै छ, सई महताराले भन्नुभयो। उहाँले पारीपट्टि डाँडाको टुप्पोनिरको घर देखाउँदै भन्नुभयो, त्यो घर सभा कर्णजीत बुढाथोकीको हो।

प्रहरी कार्यालयबाट बिदा भएर हामीले गन्तव्यतर्फ पाइला सार्‍यौं। बाटामा भेटिएका हुम्लीहरुको जिज्ञासा मेटाउन स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानसँग सम्बन्धित पर्चा दिंदै र केही शब्द बोल्दै अनि बाटो सोध्दै सर्कीदेउ स्यालतडी आइपुग्यौं। त्यहाँ सर्कीदेउ उनापानीका पुषे कार्की, विक फडेरा, गोरे वि.क., देव बहादुर फडेरा, रामदल र विरवल विकसँग हाम्रो भेट भयो। पुषे कार्कीले हामीलाई जोत्दा ६ हल गोरु लाग्ने पाखो बारीमा आफूले अत्तीस खेती गरि बताउनुभयो। औषधी हुन्छ भन्ने थाहा भएपनि के को लागि प्रयोग हुन्छ भन्ने उहाँले बताउन सक्नुभएन। तर, ३ वर्षमा प्रयोगमा ल्या सक्ने भएकाले १० देखि १५ लाख रुपैयाँ कमाई हुने आशा राख्नु भयो। परम्परागत खेतीपाती भन्दा कृषक दाजुभाईले जडी लगाउँदा राम्रो आम्दानी गर्न सक्छन्, त्यसैले जडीबुटी खेती गरौं भन्ने राय दिन चाहान्छु उहाँले भन्नुभयो।

उपस्थित अन्य उनापानीवासीले १० नंग्रा खियाएर पनि ३ महिना राम्रोसँग खान नपुग्ने, पानी कम परेकाले सुकौरो लाग्ने गुनासो गरे। फरक फरक पार्टीका समर्थक उनीहरुले आफ्नो पक्षमा वकालत गरे। अन्तमा विकट जिल्ला हुम्ला विभिन्न कारण पछाडि परेको जनाउँदै जसले जनताको पीर मर्का बुझेर काम गर्छ उसैलाई चुनावमा भोट हाल्छौं र हामी शान्ति चाहान्छौं भन्ने एकमत जाहेर गरे। त्यहाँ हामीले गहुँको रोटी बनाउन लगाएर खायौं। चाउचाउ बिस्कुटभन्दा गाउँघरमा उब्जाइएको अन्नको ताजा रोटी स्वस्थबर्द्धक हुन्छ भन्ने कुरालाई हामीले जोड दिएका थियौं। ताजा खबर रेडियोबाट सुन्न पाउँदा र हाम्रा दुःखकष्ट संकलन गर्न पत्रकार आउँदा खुशी लाग्छ, पत्रकारिता क्षेत्रप्रति उनीहरुको धारणा थियो।

स्यालतडीबाट रिपागाउँ, रिपगार्ड हुँदै क्षारेबाट पुनः हुम्ला कर्णाली नदीको पुल तरेर हामी लाली २, सुनखा आइपुग्यौं। त्यहाँ गाईलाई किलामा नबाँधी बाटैमा गाईकै खुट्टामा दूधे बाच्छा बाच्छी बाँधेर दूध दोहेको केहीबेर हेर्‍यौं। पहिलोपटक गाईकै खुट्टामा बाच्छो बाधेर दूध दोहेको देखेर हामीलाई अचम्म लाग्यो। हाम्रा तिर त गाईलाई किलामा बाँधी बाच्छाले दूध पगारिसकेपछि बाच्छालाई पनि माउले भेट्ने गरी अर्को किलामा नै बाँध्ने चलन छ।

हाम्रो बास यहींको एक होटलमा भयो। हुम्ला कालीका गा.वि.स.बाट सदरमुकाम जान हिंडेका स्थानीयवासी पनि यहीं बसे। हाम्रो उनीहरुसँग कुराकानी भयो। उनीहरुले भने, ठकुरीहरुको शासनबाट हामी पिल्सिएका थियौं, तर बहुदल र दश वर्षे जनयुद्धले जनतामा चेतना बढेको छ। हामी आफूले बोकेको नेपालको नक्सा हेर्दै थियौं। नक्सा देखेर उनीहरुले भने, नेपालको नक्सा बोकेर घुम्दै आया बाबुराम भट्टराईले पार्टी खोल्या हुन् तिम्ले पनि त्यसै गर्न लाग्या होलाउ। उनीहरुको कुरा सुनेपछि हामीले हाम्रा कागजात र केही फोटाहरु पनि हेर्न दियौं। खुब चाख मानेर उनीहरुले हेरे। नेपालका राष्ट्रपति डा. रामवरण यादवको फोटो हामीले चिनाए पछि त नाम मात्र सुन्या हुँ देख्या थिइना, अब मलाई यो फोटो देउ भनेर ४५ वर्षजति पुगेका एक व्यक्तिले मागिहाले। ठीक छ लानुस् भनेर हामीले दियौं। राष्ट्रपतिको फोटो गोजीमा राखेर उनी मक्ख परे। बेला बेलामा गोजीबाट फोटो झिकेर आफू हेर्थे अनि अरु साथीहरुलाई पनि खुशी हुँदै एउटा फोटो त आज पाया हुँ भन्दै छिटो छिटो बोल्थे। के के भने उनले बोलेको बुझ्न हामीले सकेनौं। उनका अन्य साथीहरुले पनि कागजात र फोटा खुब चाख मानेर हेरे।

खाना खाने क्रममा देशको वर्तमान राजनीतिक अवस्थाप्रति टिप्पणी गर्दै उनीहरुले भने, २ ठाउँबाट हाऱ्या माधव नेपाल गिरिजा कोईरालाका कारण प्रधानमन्त्री भया हुन्, केही महिना पछि त्यो प्रधानमन्त्रीको पद काँग्रेसले नै लिन्या हुन्। गिरिजा नै मन्त्री बन्ने हुन्। यस्तै प्रकारका कुराकानी सुनेर हामी सबैजना सुत्यौं।

२०६६ जेठ २६: आज हुम्ला भ्रमणको तेश्रो दिन। हामीले बिहान ६ बजेदेखि आफ्नो यात्रा प्रारम्भ गऱ्यौं। सुनखाडाबाट ठाउँ ठाउँमा चट्टान काटेर पहरा बीचमा बनाइएको बाटो र तल हेर्दा रिंगटा छुट्ला जस्तो हुम्ला कर्णालीको छांगो छिचोल्दै पौने ९ बजे हामी बोक्चे गौडा आइपुग्यौं। बिहानको खाना पकाउन लगाएर यहीं खाइयो। विभिन्न गा.वि.स. बाट सदरमुकाम जाँदै र फर्कँदै गरेका हुम्लीहरुलाई हामीले विश्वभ्रमणबारे जानकारी गरायौं। मदना २ का जयधर्म ढकाल र मैला ७ का परमानन्द उपाध्यायले हुम्ला जस्तो दुर्गम अनि पिछडिएको जिल्लामा आउनु भएकोमा धन्यवाद दिन्छौं भन्दै रनिंग गुम्बा, दूधे दह, भावना लेकजस्ता ठाउँको प्रचार प्रसार गर्न आग्रह गर्नुभयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताले थालिएको यो यात्राले उद्देश्य प्राप्ति गरोस् भन्ने कामना पनि उहाँहरुको थियो।

पौने ११ बजे हामीले खार्पुनाथ ९, बोक्चेगौंडा छाड्यौं। यांगचु हुँदै खार्पुनाथ नदी तुइन (घिर्लिंग) बाट पार गऱ्यौं। यो घिर्लिंग चढाई हाम्रो जिन्दगीको पहिलो अनुभव थियो। फलामको लट्ठा नदीको वारीपारी टाँगिएर कोक्रो जस्तै फलामको डब्बा चक्का सहित झुण्ड्याइएको रहेछ। दुई जना यात्रु चढेपछि वारिबाट छाडियो। र, पारिपट्टिबाट अर्को यही डब्बामा तल रहेको प्लास्टिकको डोरी तानियो। हामी ओर्लिएपछि पारी तिर फर्काउँदा उकालो परेकाले अलि बढि बल लगाएर सम्बन्धित व्यक्तिहरुले तानिरहेका थिए। नदीको पुल २०५७ मा माओवादीद्वारा भत्काइएको रहेछ। तुइनबाट नदी पार गरेको फरक अनुभूतिका साथ हामी अगाडि बढ्यौं। हाम्रो साथमा मेलछाम ९, राँतीका जसु बुढा, श्रीमस्टा २, पिप्लांगका सुरेन्द्र बहादुर शाही र डाँडा फयाँ ३, ग्वालेखोरका भविन्द्र बहादुर शाही पनि हुनुहुन्थ्यो। पहिले पहिले रु.५०० तिर्छु भन्दा पनि नदी तार्ने मान्छे पाइदैन थियो, अहिले त जे होस् कम शुल्कमा तर्न त पाइन्छ, जसु बुढाले भन्नुभयो।

कुडिल्ला आइपुगेपछि श्यामने खोलाबाट हुम्ला कर्णाली नदी छाडेर बाटो उकालो लाग्यो। श्यामनेमा आइपुगेपछि खाजा खाँदा १ पोको चाउचाउको रु. ५० तिऱ्यौं। एक दाना बखडाको मूल्य रु. ५ सुन्दा हामी झस्कियौं। गिट्टीजस्ता ग्यार ग्यारे मसिना ढुंगा बाटाभरि। उकालो बाटो बिस्तार बिस्तारै उक्लियौं। डाँडाबाट नजिकैको दूरीमा हिमश्रृंखला देख्दा शीतलताको अनुभूति भयो। हुम्ला सदरमुकाम सिमकोटको दृश्य नियाल्दै हामी बजार प्रवेश गऱ्यौं। सरासर हामी स्नोल्याण्ड एकीकृत विकास केन्द्रद्वारा सञ्चालित सामुदायिक रेडियो कैलाश एफ.एम. १०३.४ मेगाहर्ज कार्यालय पुग्यौं। कार्यालयमा स्टेशन म्यानेजर कमल शाही, एफ.एम. कर्मी मनबहादुर थापा, बर्ख बहादुर बोहोरा र राजबहादुर शाहीसँग परिचय भयो। ५० वाट प्रसारण क्षमता भएको एफ.एम. बिहान ६ देखि ९ र बेलुकी ५ देखि ९ सम्म प्रसारण भइरहेको जानकारी म्यानेजर शाहीले दिनुभयो। राज बहादुर शाहीले पत्रकारिता क्षेत्रमा नाम भएपनि दैनिक गुजारा चलाउन दाम नभएको गुनासो पोख्नुभयो।

साँझ परेको थियो। हामी बजार झरेर बास बस्ने होटल खोजीमा लाग्यौं। ४-५ ठाउँ सोध्दा पनि नपाएपछि हामी बाध्य भएर जिल्ला प्रशासन, जिल्ला प्रहरी एवं जि.वि.स. कार्यालय ढोका ढक्ढक्याउन पुग्यौं। सी.डी.ओ. को सुरक्षार्थ खटिएका एक सुरक्षाकर्मीको सहयोगमा हामी थकाली भान्छा घरमा आएर बस्यौं। यात्रामा हिंडेपछि बासका लागि हामीले सदरमुकाममा यतिका मेहनेत गरेको पहिलोपटक हो। हुन त थकालीमा हामी अगाडि गएर सोध्दा छैन भनेर फर्काइएको थियो। पछि प्रहरी प्रशासनको सहयोगमा १ रातका लागि छ भनेर दिइयो। जि.वि.स. को गेस्ट रुम चावी नभएको कायममुकायम एल.डी.ओ. कृष्णकुमार निरौलाले बताउनु भयो। यस्तै दौडधुपका साथ अन्तमा हामी थकाली आएर सुत्यौं।

हुम्ला सदरमुकाम सिमकोट

२०६६ जेठ २७: बिहान उठेर हामीले केहीबेर हिजो लेख्न बाँकी डायरी लेखन पूरा गऱ्यौं। नेपालकै सबभन्दा अग्लो स्थानमा (९५०० फिट) रहेको जिल्ला सदरमुकाम हुम्लाको सिमकोट हो। चीनको तिब्बतसँग जोडिएको हुम्ला हिल्सा नाकाका कारण ऐतिहासिक स्थल मानसरोवर जान सजिलो रहेको आज सदरमुकाम भ्रमणका क्रममा थाहा पाइयो। विदेशी पर्यटकहरु समेत आउने गरेको हुम्ला सदरमुकाममा धेरै होटल र लज भने रहेनछन्। हामीले बेलुकी १ छाक खाना खाएको को रु. ३५० (दुई जनाको) र एक रात सुतेको एउटा कोठाको छुटसहित रु. ६०० तिऱ्यौं। अहिले सम्मको

यात्रामा सबभन्दा बढी बिल तिर्नु परेको हाम्रा लागि यो नै पहिलो हो। हामी पैसा तिरेर थकाली भान्साबाट बाहिरियौं।

नेपाल पत्रकार महासंघ हुम्लाका संस्थापक सभापति जय बहादुर रोकायासँग हामीले उहाँको घरमै भेट गऱ्यौं। हुम्ला जिल्लाको पहिलो पत्रकार समेत रहनुभएका रोकायाले छापाखाना र यातायात नभएका कारण हुम्लामा पत्रिका दर्ता भएपनि छपाउन नसकिएको जानकारी दिंदै सदरमुकामबाट एउटा एफ.एम. प्रसारणमा आइरहेको बताउनुभयो। अझै पनि हुम्ली पत्रकारहरुले विभिन्न पक्षको अवरोध र इन्टरनेट असुविधाका कारण निर्बाध समाचार सम्प्रेषण गर्न नपाएको उहाँले बताउनुभयो। त्यहीं उपस्थित जैर १, का निर्माण व्यवसायी अक्किल बूढाले पनि यात्रा सफलताको कामना गर्नुभयो।



सदरमुकाममा सामान ढुवानीका लागि पुगेको हेलिकोप्टर

हामी त्यहाँबाट बाहिरिएर एक होटलमा खाना खायौं। खाना पश्चात् जिल्ला प्रशासन कार्यालय गयौं। निमित्त प्रमुख जिल्ला अधिकारी सुदेवकुमार पोखरेलले शुभकामना पत्र प्रदान गर्नुभयो। जि.प्र.का. को काम सकी हामी जि.वि.स. कार्यालय गयौं।

जि.वि.स. अर्न्तगत नै रहेको जिल्ला प्राविधिक कार्यालयमा प्रमुख इन्जिनियर देवी ऐडी, लेखा प्रमुख दिपेन्द्र कार्की सहलेखापाल प्रकाश बहादुर शाही, मुचु गा.वि.स. सचिव नमराज शर्मा लगायतसँग भेट भयो। सबैबाट विश्वभ्रमण सफलताको शुभकामना प्राप्त गरियो। तर, कायममुकायम एल.डी.ओ. कृष्णकुमार निरौला बिरामी भएको भन्दै हामीलाई भेट गर्न दिइएन। इन्जिनियर ऐडीले २७ गा.वि.स. रहेको हुम्ला जिल्ला भौगोलिक विकटता र राज्यको बेवास्ताका कारण पछाडि परेको बताउँदै विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो।

जि.वि.स. बाट हामी जिल्ला वन कार्यालय गयौं। वन कार्यालयमा प्रमुख सुवासचन्द्र दास र रेन्जर शिवशंकार भाटसँग हाम्रो भेट भयो। कार्यालय प्रमुख दासले जम्मा ६१ वटा सामुदायिक वन र ७५ वटा कबुलियती वन रहेको हुम्ला जिल्लामा जनचेतनाको अभावका कारण वन फडानी भइरहेको र उचित संरक्षण पनि हुन नसकेको बताउनुभयो। २२ प्रजातिका जडीबुटीहरु निकासी हुने जानकारीका साथ प्रमुख दासले कुनै पनि समाजको विकास गर्न पत्रकारको ठूलो हात हुने भएकाले तपाईंहरुको यात्रा धेरै नै महत्वको छ भन्दै शुभकामना व्यक्त गर्नुभयो।

वन कार्यालयबाट हामी नेपाल खाद्य संस्थान गयौं। कार्यालयमा शाखा प्रमुख रतन बहादुर चन्द, वरिष्ठ सहायक नारायण के.सी., सहायक पूर्ण बहादुर थापा र पत्रकार महासंघ हुम्लाका अध्यक्ष तीर्थराज रोकायासँग भेट भयो। शाखा प्रमुख चन्दले हुम्ला जिल्लामा फापर, कोदो, उवा, आलु र सिमी प्रशस्त मात्रामा उत्पादन हुने भएपनि हौसला र प्रोत्साहनको अभावमा हुम्लीहरु खाद्यान्न आपूर्तिमा परनिर्भर भइरहेको धारणा राख्नुभयो। साथै उहाँले राजनीतिक दल र सी.डी.ओ. को सिफारिस पत्रको आधारमा बाध्य भएर समुचित मात्रामा खाद्यान्न वितरण गर्न नसकेको बताउनुभयो। निष्पक्ष र खोजमूलक पत्रकारिता गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले पत्रकारहरु व्यक्तिगत स्वार्थ सिद्धि र लोभ लालचबाट टाढा रहनु पर्ने बताउनुभयो। समाजका सकारात्मक काम, कारवाही पनि मिडियाले सम्प्रेषण नगरी आलोचनामात्र गरिरहेको आरोप लगाउँदै विश्वभ्रमण सफलताको उहाँ लगायत सबैले कामना गर्नुभयो।

खाद्य संस्थानकै कार्यालयमा भेट हुनुभएका पत्रकार महासंघ अध्यक्ष रोकायाले उपस्थित सबै व्यक्तिहरुकै अगाडि आफू पत्रकारिताभन्दा राजनीतिमा भविष्य बनाउने बताउनुभयो। खाद्य संस्थान कार्यालयमा भएको यही भेटघाटमा बेलुकीको ५ बजिसकेको थियो। त्यसपछि सिमकोट बजार भ्रमणमा निस्कियौं। भ्रमणका क्रममा वन कार्यालयका रेन्जर प्रलेश बस्नेतसँग हाम्रो जम्काभेट भयो। विश्वभ्रमणको समाचारले आफू खुशी भएको बताउँदै उहाँले यात्रा सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो।

हामी सिमकोट अझ रमाइलो तरिकाले हेर्न सदरमुकामको शिरमा रहेको डाँडामै निस्कियौं। डाँडामा निस्किएर सिमकोट र आपपासका क्षेत्र हिमश्रृंखला, हरियाली खोंच आदि हेर्न पाइयो। निकै रमणीय र आनन्ददायक लाग्यो, डाँडाबाट हेर्दा सिमकोट बजार। तर यातायात र सञ्चारको अभाव हुम्लामा छ भन्ने कुरा हामीलाई पनि नखड्किने कुरै भएन। हामी लुंगोहाल्ना, लादेवाडा गाउँ हुँदै पुनः बजार फर्कियौं। एक होटलमा खाना खाएर हामी जि.वि.स.को अतिथि गृह गयौं। र, सुत्यौं।

२०६६ जेठ २८: प्रातःकालीन समयमै उठेर हामी जिल्ला प्रहरी कार्यालय नजिकै रहेको मानसरोवर उ.मा.वि. तिर अगाडि बढ्यौं। प्रहरी कार्यालय नजिकै रहेको सोही उ.मा.वि. का शिक्षक ज्ञानबहादुर शाहीसँग हाम्रो भेट भयो। हाम्रो योजनाबारे जानकारी पाएपछि शिक्षक शाहीले उ.मा.वि. प्राचार्य गंगाप्रसाद भट्टलाई बोलाउनुभयो। उहाँ जुनसुकै विचार धारालाई सम्मान गर्ने र कमी कमजोरीलाई पनि उजागर गर्ने खालको स्वभाव भएको र मानवअधिकारका विभिन्न संघ संस्थामा क्रियाशील हुनुहुँदो रहेछ। प्राचार्य भट्टसँगको भेटमा उहाँले हामीलाई विद्यालय एवं समग्र हुम्ला जिल्लाको बारेमा जानकारी गराउँदै साँझमा थप भेट गर्ने बताउनुभयो।

उहाँ र अर्का शिक्षकसँग छुट्टिएर हामी फेरि सिमकोट बजार भ्रमणमै जुट्यौं । समय न हो केही बेर पत्रपत्रिका पढ्दा पढ्दै र यताउती घुम्दा घुम्दै बिहानको खाना खाने बेला भै गएछ । स्थानीय एक होटलमै खाना खाएर हामी घरेलु तथा साना उद्योग विकास समिति कार्यालय गयौं । उक्त कार्यालयमा उद्योग अधिकृत माधव सुवेदीसँग भेट भयो । भेटमा अधिकृत सुवेदीले हुम्ला जिल्लामा पाइने फलफूल स्याऊ, राडीपाखी, कपडा बनाउन प्रयोग गरिने अल्लो, जडीबुटीहरु अर्न्तगत डालेचूक, सिस्नो, ढटेलो, चुली (दानाबाट निकालिने तेल) आदिका बारेमा जानकारी दिनुभयो । स्थानीय जडीबुटीको प्रशोधन हुनुपर्ने आवश्यकता औंल्याउदै उहाँले विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो । उद्योगको विकास गर्न पत्रकारिता क्षेत्रको सहयोग र हौसला चाहिने उहाँको भनाइ थियो । उक्त कार्यालयबाट हामी जिल्ला शिक्षा कार्यालय गयौं ।

शिक्षा कार्यालयमा शाखा अधिकृत एवं निमित्त जि.शि.अ. मानसिंह विष्ट, प्राविधिक सहायक वर्ष बहादुर कार्की, सल्लाघारी नि.मा.वि. का शिक्षक धर्मेन्द्र थापा लगायतसँग हामो भेट भयो । उहाँहरुले हुम्ला जिल्लामा ८८ प्रा.वि. २५ नि.मा.वि., ७ मा.वि. र ३ उच्च मा.वि. रहेको जानकारी दिनुभयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणलाई शुभेच्छा उहाँहरुको पनि रह्यो । जि.शि.का. को काम सकी हामी सिमकोट गा.वि.स. कार्यालय गयौं । कार्यालयमा भर्खरै नियुक्ति पाएका गा.वि.स. सचिव रुद्रबहादुर ओली र सर्कीदेउका सचिव नारायण शर्मासँग भेट भयो । सचिवद्वयले गा.वि.स. मा आफू भर्खरै नयाँ सचिव भएर आएकाले केही जानकारी दिन नसिकने बताउँदै भ्रमण सफलताको कामना गर्नुभयो ।

गा.वि.स. कार्यालयबाट हामी जिल्ला पशु सेवा कार्यालय गयौं । कार्यालयमा पशु विकास अधिकृत विन्देश्वर रायसँग भेट भयो । अधिकृत रायले चरन क्षेत्र दिनदिनै नाश हुनु तथा एन.जी.ओ, आइ.एन.जी.ओ. को सहयोगका कारण स्थानीयवासी पैसाका लागि मात्र तालिम गर्ने, सीप नसिक्ने र पशुपालन गर्न नतम्सिएको बताउनुभयो । हुम्लामा याक, नाक, चौरी, झोपा, झुमा, भेडाबाख्रा, कुखुरा, गधा, खच्चडआदिको पालन गरिने बताउँदै उहाँले विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो । प्रेस स्वतन्त्रता नहुनुमा राजनीतिक हस्तक्षेप मुख्य कारण रहेको उहाँको बुझाइ छ ।

पशु कार्यालयबाट हामी जिल्ला कृषि विकास कार्यालय गयौं । उक्त कार्यालयमा प्राविधिक सहायक भक्त बहादुर रोकाया, ना.प्रा.स. उमाकान्त भण्डारी, रुद्र बहादुर शाही, चुमानसिंह गिरी, सहलेखापाल मधुकर रायामाझी लगायतसँग हाम्रो भेट भयो । उहाँहरुले हुम्ला जिल्लामा पहिला गोलभेंडा, काउली, प्याज उत्पादन नहुने तर कृषि विकासको गतिविधिका कारणले यी तरकारीहरु आजकल उत्पादन हुने बताउनुभयो । हुम्ला जिल्ला स्याऊ र ओखरका लागि प्रसिद्ध छ, त्यसैलाई हामी प्रबर्द्धन गर्न लागिपरिरहेका छौं । यातायातको सुविधा हुने हो भने यी बालीनालीहरुबाट हुम्लीहरुले राम्रो लाभ लिनेछन्, उहाँहरुको भनाइ थियो । हामीले कहिल्यै नसुनेको चिनाको भात एकदमै पोसिलो हुने अनुभव सुनाउँदै उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

त्यहाँबाट हामी कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र (किडार्क) को कार्यालय गयौं । जुम्ला जिल्लामा मुख्य कार्यालय राखेर कर्णाली अञ्चलका ५ वटै जिल्लामा क्रियाशील सो संस्थाका हुम्ला जिल्ला संयोजक नन्द बहादुर रोकाया, कार्यक्रम अधिकृत गोकुल बुढा र अरुसँग पनि हाम्रो भेट भयो । संयोजक रोकायाले हुम्ला जिल्लाको दक्षिणी भेगमा खेतीयोग्य जमीन, उत्तरी भेगमा पशुपालन र मध्य भागमा जडीबुटी खेती गर्न सकिने तर यसका लागि राज्यले यातायात, शिक्षा र सिंचाई जस्ता विकासका पूर्वाधारहरुको व्यवस्था मिलाइदिनुपर्छ, यसो भएमा हुम्लीहरु आफैंमा आत्मनिर्भर हुने र विदेशी दातृराष्टको सहयोग नचाहिने बताउनुभयो । कर्णालीका पत्रकारहरु राज्यबाट उपेक्षित रहेको भन्दै उहाँले पत्रकारितालाई चौथो अंगकै रुपमा व्यवहार गर्नुपर्ने बताउनुभयो । पत्रकारिता पेशालाई सगरमाथाको चुचुरोमा पुर्‍याउने निश्चित हेतु लिएर हुम्ला जिल्लामा आउनुभएका तपाईंहरुको भ्रमण सफल र उद्देश्य पूर्ति होस् उहाँले भन्नुभयो ।

साँझ हामी जि.वि.स.कै पाहुनाघर आयौं । पाहुनाघरमा राष्ट्र शान्ति, मानवीय मैत्री श्रीमद्‌भागवत् १०८ सप्ताह विराट ज्ञान महायज्ञ नामक कार्यक्रम लिएर नेपालका ७५ वटै जिल्ला भ्रमण गर्ने क्रममा ६६ औं जिल्लाको रुपमा हुम्ला आइपुगेको बताउनु हुने पण्डित रमेशप्रसाद सुवेदीसँग मानसरोवर उ.मा.वि. का प्राचार्य गंगाप्रसाद भट्ट मार्फत् भेट भयो । पण्डित सुवेदीले देशमा शान्ति स्थापनाका लागि सेतो परेवा उडाउने होइन, मान्छे भित्रको कालो बादल हटाउनु पर्छ भन्नुभयो । उहाँहरु दुवै जनाले विश्वभ्रमण सफलताको शुभकामना पनि व्यक्त गर्नुभयो ।

त्यसपछि हामी खाना खाएर सुत्यौं । सादा खाना दाल, भात र तरकारीको पैसा एक छाक एकजनाको रु. १०० तिर्नु परिरहेको छ ।

२०६६ जेठ २९: प्रात:कालीन समयको उठान सँगै हासी विराट ज्ञान महायज्ञ कर्ता परिवारको निमन्त्रणामा सिमकोट बजार शोभा यात्रामा सहभागी भयौं । ६९ औं अनुष्ठान महायज्ञ उद्‌घाटन पूर्व गरिएको उक्त यात्रामा विभिन्न तह, तप्काका कर्मचारी, शिक्षक, पत्रकार, बुद्धिजिवी तथा सयौं सिमकोटवासीको उपस्थिति थियो । स्कूले छात्राहरुले शिरमा पूर्ण कलश राखी बजार परिक्रमा गरेको

दृश्य र संगीतमय भजन कीर्तनको गुञ्जायसले सिमकोटको वातावरणमा रोमाञ्चकता थपिदिएको थियो। जसले गर्दा सबै भक्त आनन्दित र रोमाञ्चित देखिएका थिए।

तर, बजारभरि जथाभावी फालिएका सिसाका टुक्राले शोभायात्रामा सहभागीहरुलाई खुट्टा घोच्ला वा काट्ला कि भ जगजगी भयो। शोभायात्रा उद्घाटन र समापन पश्चात् हामी यो कार्यक्रमबाट बाहिरियौं। बाहिरिंदा बाहिरिंदै जिल्ला प्र कार्यालयका सई चूडामणी भुसालले विश्वभ्रमणको योजनाबारे चासो राख्नुभयो। उहाँको जस्तै चासो अरु प्रहरीहरुका लागि पनि साझा विषयवस्तु बनेको रहेछ। त्यसैले सई भुसालले हामीलाई जिल्ला प्रहरी कार्यालय लगी अन्य महिला तथा पुरुष प्रहरी पनि परिचय गराउनुभयो। उहाँहरु सबैले विश्वभ्रमण सफलताको कामना गर्नुभयो भने सईले हाम्रो बिहानी खानाको व्यवस्था कार्यालय क्याण्टिनमै मिलाउनुभयो। खाना खाइसकेपछि हामी सईकै सहयोगमा प्रहरी नायब उपरीक्षक बहादुर जंग मल्लसँग गर्न पुग्यौं। भेटमा डी.एस.पी. मल्लले हुम्ला जिल्लाका लामा जातिमा बहुपति (पाण्डु प्रथा) अझै पनि रहेको बताउनुभयो। उहाँ अनुसार घरको जेठो दाईले विवाह गरिसकेपछि अरु जति नै भाई भएपनि विवाह गर्न नपाइने र दाईले बिहे गरेकी श्रीमती सबै भाई साझा श्रीमती हुने चलन रहेछ।

किन यसो भएको होला भनी बुझ्दा केहीले श्रीमती पाल्न गाह्रो हुने र केहीले आफ्नो सम्पत्ति धेरै तिर बाँडिने हु पनि बेग्ला बेग्लै विहे नगरेको भन्ने प्रतिक्रिया पनि दिन्छन् रे। कस्तो अनौठो चलन ? जसका कारण धेरै दाजुभाई भएको घर एउटी महिलाले कति शारीरिक एवं मानसिक सास्ती बेहोर्नु पर्दो हो ? हामीले सदरमुकाम छोड्ने बेलामा यो कुरा सुन्यौं। त्य सिमकोटमा सामान ढुवानी हवाई सेवाबाट हुने जानकारी दिदै डी.एस.पी. मल्लले पत्रकारिता पेशा फेसन जस्तै भएको र यस मर्यादा तथा विश्वासमा ह्रास आएको धारणा राख्नुभयो। राज्यले पत्रकारलाई चौथो अंगकै रुपमा व्यवहार गर्नुपर्ने बताउँदै उहाँ विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो।

हामी सदरमुकामबाट पुन: सल्लीसल्ला हुँदै त्यहाँबाट बाजुरका लागि प्रवेश गर्ने योजनाका साथ हिंड्यौं। हामी सिमकोट छोडेर लाली २, सुनखाडा तर्फ प्रस्थान गऱ्यौं। लगातार ७ घण्टा हिडिसकेपछि हामी सुनखाडा आइपुगेका हौं। यहाँ आइपुगेपछि डाँडा होटलका कर्णजीत ऐरी, शोभा ऐरी, विवेक बुढा लगायतसँग कुरा गऱ्यौं। फिटिक्कै पढ्दै नपढेको बताउने कर्णजीत र उहाँकी श्रीमती शोभासँगको कुराकानी हाम्रा लागि महत्वपूर्ण भयो।

उहाँहरुको गुनासो थियो, प्रौढ शिक्षा पढाउनेहरुले पैसा मात्र खाए तर पढाएनन्। अहिलेसम्म पनि गाडी देख्न नपाएको बता शोभाले हाम्रो क्यामेरामा खिंचेको गाडीको तस्वीर खुब हेरर दंग पर्नुभयो। तस्वीर हेरेपछि उहाँका प्रश्न र जिज्ञासाहरु हामीमा निकै सल्बलाएका पनि थिए। उहाँको वास्तविक उमेर थाहा पाउनु अगाडि हामीले दिदी भनेर बोलाउँदा उहाँले किन दिदी भन हौं ? भन्नुभयो। उहाँ केहीबेर रिसाउनु पनि भयो। हामीभन्दा ५/७ वर्ष जेठी जस्तै लाग्थ्यो तर उहाँ र उहाँका श्रीमान्का अनुसार शोभाको वास्तविक उमेर त २२ वर्ष मात्रै पो रहेछ। परेन त हामीलाई वित्याँस...। २ सन्तानकी आमा शोभाले कोक्रोमा रहेको आफ्नो बच्चालाई निकालेर काखमा राख्दै भन्नुभयो, छोरा तिम्रो कारणले गर्दा म बूढी देखिएछु। उहाँलाई धेरै पीर नै परेको बुझ्यौं हामीले। त्यसपछि हामी नै दाई रहेछौं बहिनी हामीलाई माफ गर्नुस् भनेपछि मात्र उहाँको अनुहारमा मुस्कान छायो। अ कहिलेकाहिं त कस्तो अप्ठ्यारोमा परिंदो र पारिंदो रहेछ कसैलाई दिदी भनिदिंदा...।

आज हाम्रो विगत पनि शोभा बहिनीको गाडी तस्वीर सम्बन्धी चासोले खुब सल्बलायो। किनभने हामी दुई मध्येमै एक जनाले १९ र अर्कोले १६ वर्षको उमेर पछि मात्रै गाडी प्रत्यक्ष देखेका र चढेका हौं। त्यतिबेला पनि हाम्रो भोजपुर जिल्लाको कुनैपनि भागमा गाडीले छोएकै थिएन (अहिलेचाहिं जान थाल्यो भन्ने सुन्दैछौं, आफू भने जान पाएका छैनौं)। एस.एल.सी. पा गरेपछि हामी काठमाडौं पढ्न भनेर घरबाट हिंड्यौं। पूरापूर दिनभर १२ घण्टा हिडेंपछि मात्र छिमेकी जिल्ला धनकुटाको हि आइपुग्यौं। त्यसपछि मात्र हामीले गाडी चढ्ने अवसर पाएका थियौं।

हामी कर्णाली नदीका मीठा माछासहित भात खाएर सुत्यौं।

२०६६ जेठ ३०: बिहान उठ्ने वित्तिकै हामी आजको गन्तव्य सल्लीसल्ला बनाएर हिंड्यौं। सल्लीसल्ला आउँदा रिपगार्डमा बिहा खाना खायौं। सत्या २, न्यासीका चन्द्र बहादुर थापाले आफूले हुम्ला जिल्लामै पहिलोपटक माछा पालन व्यवसाय सुरु गरेको दावी गर्दै अवलोकनका लागि अनुरोध गर्नुभयो। उहाँका अनुसार निख्खर पानी आउने र जाने व्यवस्था भए बाह्रैमास मा पाल्न सकिन्छ। ती माछालाई उहाँले चारोका रुपमा गाई भैंसीको गोबर, भात, मासु आदि दिनुहुँदो रहेछ।

न्यासीमा धेरै दिनदेखि पिउन नपाएको दही झट्ट देख्दा पिइ हालौं लाग्यो। २ माना दही घुट्क्याएर हामी कर्णालीको छालैछाल अगाडि बढ्यौं। लगातार १२ घण्टा हिंडिसके पछि साँझ ६ बजेतिर गन्तव्य स्थल सल्लीसल्ला पुग्यौं। सल्लीसल्ला पुग्ने वित्तिकै लाली ८, प्युसका बकवीर शाही र श्रीमस्टा १ पिप्लांग हुम्लाका दान बहादुर सिंहसँग हाम्रो भेट भयो। विश्वभ्रमणमा

चासो राख्दै उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो। बेलुकी सल्लीसल्लाको त्यही एक्लो होटलमा खाना खाएर हामी सुत्यौं।

ओखलमा धान कुट्दै

२०६६ जेठ ३१: बिहानै उठ्ने बित्तिकै हामी सल्लीसल्लाबाट बाजुरा जिल्लाको यात्रा तय गरेर श्रीनगर १, गल्वागाड प्रस्थान गर्‍यौं। लगातार ५ घण्टा हिंडेपछि हामी जैर ८, सोता आइपुग्यौं। सोतामा आइपुग्दा बिहानको ११ बजिसकेछ। खाना पकाउन लगाएर खायौं। यसभन्दा अघि बाटामा एउटै पसल थिएनन्। भीरैभीरको बाटो तल कर्णाली सलल बगिरहेको थियो। खाना खाएको त्यस स्थलमा जैर ८, तुम्चका कृष्णप्रसाद जैसी, खड्ग बहादुर रावत, खड्ग बहादुर बुढा र फोतु ५, मुगुका वीरेन्द्र शाहीसँग हाम्रो कुराकानी चल्यो। उहाँहरुले नेपालका कुनै पनि पार्टी र सरकारले आफ्नो गाउँलाई नहेरेको दुःखेसो पोख्नुभयो। एमालेबाट पूर्व गा.वि.स. अध्यक्ष समेत बनेको बताउने जैसीले भन्नुभयो, अबदेखि पार्टीमा म पनि उठ्दिन र कुनै पार्टीलाई भोट पनि माग्दिन। राजनीतिप्रतिको वितृष्णा पूर्व गा.वि.स. अध्यक्षको त यतिसम्म छ भने अरु सामान्य जनताको के कुरा गरौं...यसतर्फ नेताहरुको बुद्धि खुलोस्।

त्यहाँबाट हामी मुकै आयौं। मुकैमा नौलो एक फलफूल बेरु भेटियो। बेरुलाई चाख्दा फँडिरको स्वादजस्तै लाग्यो हामीलाई। ओखलमा धान कुटिरहेका २ महिलाले हामीलाई उक्त फलफूलको स्वाद चखाएका थिए। चाख्दा मीठो लागेको त्यो फल खाएर हामी अगाडि बढ्यौं। काटीसेरा हुँदै श्रीनगर १, गल्वागाड आइपुग्यौं। गल्वागाड आइपुग्दा झमक्कै साँझ परिसकेको थियो।

प्रहरी चौकी गल्वागार्डले हामीलाई होटलसम्म लैजान सहयोग गर्‍यो। होटल सञ्चालक कर्ण महताराका घरमा खाना खायौं। खाना खाँदा हामीले जीवनमै पहिलोपटक कागुनोको भात पनि खान पायौं। हेर्दा मकैका साना साना दानाका टुक्राजस्ता देखिने त्यो चामलको भात निकै मीठो लागेपनि अघाइसकेका कारण थोरै खायौं। किनभने घरबेटीले हामीलाई कागुनाको भात खाँदैनन् होला भनेर अर्कै चामलको भात दिएका थिए। उनीहरुले खान लागेको देखेपछि हामीले मागेर खाएको हो। हा...हा...हा...। सुताई पनि यही घरमै भयो।

२०६६ आषाढ १: बिहानै हामी गन्तव्य स्थान हुम्लाकै कवाडीतर्फ लागेका थियौं। श्रीनगर ३, मछाड आइपुगेपछि जनक महतारासँग हाम्रो भेट भयो। उहाँले हामीलाई कुन पार्टीबाट आउनुभएको ? भनी प्रश्न गर्नुभयो। जवाफमा हामीले कुनै पनि पार्टीको अथवा पार्टी पत्रकार नभई स्वतन्त्र पत्रकारिताको उद्देश्यसहित नेपाल भ्रमण गरिरहेका छौं भन्यौं। स्वतन्त्र पत्रकारको अर्थ बुझिसकेपछि उहाँ खुशी देखिनुभयो र भन्नुभयो, कुनै पार्टीको नभई खुल्ला मान्छे आएकै राम्रो। त्यहाँबाट हामी अढाइ घण्टा हिंडेर तीर्थसाइन आइपुग्यौं। यात्रा कर्णाली नदीको छालसँगै अगाडि बढिरहेको थियो। तीर्थसाइनमा पारी पट्टि तर्ने फलामे पुल थियो। त्यो पुल मुगुको धैन जानका लागि रहेछ।

तीर्थसाईन पुलको मुखनेर अनौपचारिक शिक्षा केन्दद्वारा प्रौढ शिक्षाका लागि वितरित ८/१० बोरा किताबहरु बेवारिसे अवस्थामा फालिएको भेट्यौं। यस विषयमा त्यहाँका स्थानीयवासीहरु सँग जिज्ञासा राख्दा उनीहरुले भने, ठेकेदारले प्रौढ शिक्षा पढाउने शिक्षकहरुलाई जिम्मा लगाएको हो, र ४ महिना पछि उनीहरुले लिन आउने भनेका थिए, तर ६ महिना पुग्न लाग्दा समेत उनीहरु यि किताब लिन आएका छैनन्। यसैबाट तपाई हामी आफैं अनुमान गर्न सक्छौं, देशमा सरकारी बजेट कति सदुपयोग... हुन्छ भनेर ? नेपालमा जाँड, रक्सी, चूरोट, खैनीको पसल मात्रै जताततै खुलेका छन्। मानिसको स्वास्थ्यमा प्रतिकूल असर पार्ने यस्ता चिजबिज जतिसुकै दुर्गम वा केही नहुने भनिएको ठाउँमा पनि हामीले भेट्टाइरहेकै छौं। तिनीहरुको ढुवानी जसरी पनि मिलाइएको छ। अपसोच, ज्ञानको खानी पाठ्यपुस्तक यहाँ यसरी कुहिरहेछ, लात हानिएको छ।

...अवस्थामा पाठ्यपुस्तक

हामीले यही खाना खायौं । खाना खाँदै गर्दा रुमालदेवी प्रा.वि. धैन ९, गुरुगाउँ मुगुका शिक्षक धनलाल म… आइपुग्नुभयो । मल्लले हल बल्द लिन हिंडेको भन्नुभयो, हामीलाई हल बल्दको अर्थ थाहा थिएन । पछि सोध्दा हल गोरु भन्ने … रहेछ । हामी सँगै बाटामा यात्रारत उहाँले जनचेतना र तालिम गाउँघरमा नरहेको बताउनुभयो । शिक्षक भएपछि समाजले … सकारात्मक दृष्टिप्रति उहाँले खुलेरै प्रशंसा गर्नुभयो । यसमा उहाँ दंग हुनुहुन्छ । तर, राजनीतिप्रति भने उहाँलाई निकै वितृष्णा … भएको रहेछ । केहीबेर हिंडेर उहाँसँगै हामी मदना ३, शान्तिबजार पैमा आएर बस्यौं ।

टन्टलापुर घाम लागेका कारण केहीबेर आराम गर्न हामी त्यहाँ बसेका थियौं । त्यहाँ नेपालको सबभन्दा लामो … कर्णालीको पानी पियौं । र, केहीबेर स्थानीवासीसँग कुराकानी गऱ्यौं । झण्डै १ वर्षदेखि पानी नपरेर विचल्लीमा परेका उनीहरु … आफूलाई हामी दुख्या मन्छ्या भनेर दुःखेसो पोखे । दुःखेसो नपोख्नु पनि कसरी ? जब कि एक वर्ष अघिदेखि त्यहाँ पानी परे… रहेनछ । प्रकृतिले हाम्रो जस्तो देश नेपालका कृषक्लाई दिएको यो भन्दा ठूलो सजाय अरु के नै होला र ? उनीहरु देशको समसामयि… अवस्थाबारे पनि खुबै चासो राख्दा रहेछन् । त्यसैले हामीले पढ्दै आएको हिमाल खबरपत्रिका उनीहरुले मागे, हामीले दियौं ।

त्यहाँबाट हिंडेरै आजको गन्तव्य स्थान कवाडी आइपुग्यौं । कवाडी आइपुग्न हामीलाई हिजो बेलुकी बास बसेको स्थानबाट ७ घण्टा लाग्यो । कवाडीमा आइपुगेपछि हामीले यहींको प्रहरी चौकी मैला ९, कवाडीमा सम्पर्क गऱ्यौं । यहीं ठाउँमा बगेको कवाडी नदीले हुम्ला र बाजुरा जिल्लाको सिमाना छुट्याएको रहेछ । यो नदीमा हामीले नुहाई धुवाई गऱ्यौं । जोड जोड सित चलेको हावाले हाम्रा लुगा कपडा झण्डै उडाइदियो । तर जे भएपनि हामीलाई नदीको त्यो चिसो पानीमा नुहाउँदा साँच्चै परमानन्दको ऐहसास भयो ।

बेलुका हामीलाई यही चौकीका असई विसनसिंह धानुकले चौकीमै खानपिन र बसोबास मिलाउनुभयो । असई धानुकका अनुसार मैला गा.वि.स. हुम्ला जिल्लाकै सबभन्दा विकट गा.वि.स. हो । जहाँ सञ्चारको सुविधा पनि छैन, जनचेतना पनि छैन । खाना खाने बेलामा अन्य प्रहरी जवान लोकराज गौतम, कुल बहादुर रावत, देवी वि.सी., लगायतले विश्वभ्रमण बारे जिज्ञासा राख्दै यस भ्रमणले नेपाल र नेपाली जनतालाई विश्वमाझ चिनाओस् भनी शुभेच्छा व्यक्त गर्नुभयो । २९ औं जिल्ला हुम्लाको यात्रा पनि आज रातभर सुतिसकेपछि सिद्धिदैछ ।

हुम्ला यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
जिल्ला कृषि विकास परिवार	रु. १,०००/-
किर्डाक	रु. १,०००/-
विन्देश्वर राय (जिल्ला पशु)	रु. ५००/-
गंगाप्रसाद भट्ट (मानसरोवर उ.मा.वि.)	रु. ५००/-
जिल्ला शिक्षा कार्यालय	रु. ५००/-
माधव सुवेदी (घरेलु समिति)	रु. ५००/-
कमल शाही (कैलाश एफ.एम.)	रु. ५००/-
अक्किल वुढा (जैर १)	रु. ३००/-
जयबहादुर रोकाया (सिमकोट ३)	रु. २००/-
देवी ऐडी (वराई २)	रु. २००/-
प्रकाशवहादुर शाही (खार्पुनाथ ५)	रु. २००/-
प्रलेस वस्नेत (जिल्ला वन)	रु. २००/-
जिल्ला वन कार्यालय	रु. २००/-
रतनवहादुर चन्द (खाद्य संस्थान)	रु. २००/-
पूर्ण वहादुर थापा (खाद्य संस्थान)	रु. १००/-
नारायण के.सी. (खाद्य संस्थान)	रु. १००/-
विनोद शाह (सवैला ७)	रु. ५०/-
वकवीर शाही (लाली ८)	रु. ५०/-
दानवहादुर सिंह (श्रीमष्टा १)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

राजनीतिक संरक्षण स्वतन्त्र प्रेसको बाधक । – नारायण प्रसाद शर्मा, गा.वि.स. सचिव सर्किदेउ
नेतृत्व पंक्तिलाई पनि सुमार्ग तिर लैजाओस् । – गोकुल बुढा, जैर २
विश्वकै प्रथम स्मरणीय व्यक्तित्व बन्न सफलता मिलोस् – गंगा प्रसाद भट्ट, प्राचार्य, श्री मानसरोवर नमूना उ.मा.वि., सिमकोट
भविष्यका युवा पिढी, पत्रकारितामा लागेका र लाग्नेलाई प्रेरणा मिलोस् । – जय बहादुर रोकाया, कान्तिपुर संवाददाता
विश्वलाई सकारात्मक सोच दिने छ । – सुदेवकुमार पोखरेल (खार्पा, खोटांग), नि. प्रजिअ
पासाहरुको जंजालबाट बाहिरिनु नै गन्तव्यको उचाई । – मानसिंह विष्ट (श्रीकोट ७ वैतडी), जि.शि.का.
विश्वभरको पत्रकारितामा सकारात्मक प्रभाव पार्नेछ । – प्रकाश बहादुर शाही, खार्पुनाथ ५
पृथ्वीलोक हाम्रो घर परिवेश हो । – देवी ऐडी, इन्जिनियर, बराई २
अध्यात्म र भौतिक जगत्ले पनि कदर गरोस् । – पं. रमेश प्रसाद सुवेदी, १०८ विराट महायज्ञ कर्ता परिवार
लुकेका पवित्रस्थल र प्रतिभालाई मिडियामा देखाइदिनु । – जयधर्म ढकाल, मदना २, परमानन्द उपाध्याय, मैला ७
नेपाललाई विश्वसामु चिनाउनु । – नमराज शर्मा (सचिव), मुचु गा.वि.स.
प्रेस स्वतन्त्रतामाथि राजनीतिक हस्तक्षेप छ । – विन्देश्वर राय (पशु विकास अधिकृत), जिल्ला पशु
सु-स्वास्थ्य र सफलताको शुभकामना । – भक्तबहादुर रोकाया, जिल्ला कृषि विकास कार्यालय
देश विदेश भ्रमण सुखमय रहोस् । – मधुकर रायामाझी (सहलेखापाल), जिल्ला कृषि विकास कार्यालय
हुम्ला जिल्लामा पाउँदा ज्यादै खुशी लाग्यो । – नन्दबहादुर रोकाया, जैर ६
विश्वमा नेपालको राष्ट्रिय पहिचान र छवि उच्च राख्नु । – दीपेन्द्र कार्की, जि.वि.स.
कल्पना कति गतिशील छ..! – बहादुरजंग मल्ल, प्रहरी नायब उपरीक्षक
यो रमणीय भेटबाट अत्यन्त खुशी छौं । – विसनसिंह धानुक (प्र.स.नि.), लोकराज गौतम, प्रहरी चौकी मैला कवाडी

३० औं जिल्ला बाजुरा डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः २,१८८ वर्ग किलोमिटर, गा.वि.स. संख्याः २७ वटा
निर्वाचन क्षेत्रः १, सदरमुकामः मार्तडी,
अञ्चलः सेती, विकास क्षेत्रः सुदूर पश्चिमाञ्चल
भौगालिक अवस्थितिः पूर्व कालिकोट, मुगु, पश्चिम बझाङ, उत्तर हुम्ला र दक्षिण अछाम जिल्ला ।
भाषाः नेपाली, शेर्पा, मगर, मैथिली, गुरुंग आदि ।

२०६६ आषाढ २: बिहान उठेर हामीले हुम्लाको मैला गा.वि.स. र बाजुराको रुगीन गा.वि.स.को सिमानामा पर्ने कवाडी खोलामा लगाइएको पुल तर्‍यौं । यहीबाट हाम्रो ३० औं जिल्ला बाजुरा यात्राको प्रारम्भ भयो । रुगीन ४, टीठी आइपुगेर स्थनीय होटल सञ्चालक भीम बहादुर शाही, नन्द बहादुर शाही र प्यारु शाहीसँग हामीले कुराकानी गर्‍यौं । उहाँहरुले रुगीन र बिछ्या गा.वि.स. बाजुराको सबभन्दा विकट ठाउँ भएको बताउनुभयो । उक्त गा.वि.स. मा विकास निर्माणको आशा गरेका उनीहरुले हामीसँग विश्वभ्रमणको सिलसिलामा रुगीनलाई चिनाइदिन आग्रह गर्दै भ्रमण सफलताको कामना गरे ।

हामी रुगीन गा.वि.स. कै वडा नं. १ हुँदै बाँधु ४, बोल्सिक धुलाचौर आइपुग्यौं । धुलाचौरकै एक स्थानीय पसलमा खाना पकाउन लगाएर कुराकानीमा जुट्यौं । स्थानीयवासी जग्गीप्रसाद पाण्डे र विष्णुराज पाण्डेले लामो समयदेखि खडेरी परेका कारण चामल उपलब्ध गराउन सम्बन्धित निकायले ध्यान देओस् भन्ने माग गर्नुभयो । बाढी पहिरो जाने त्यस ठाउँमा जिल्ला प्रशासन कार्यालयले रु. १००० पैसा दिने बाहेक अरु केही नगरेको उहाँहरुको गुनासो छ । सरकारी विद्यालयमा पढाउने शिक्षक/शिक्षिका आफैंले आफ्ना छोराछोरी चाहिं नीजि बोर्डिगमा पढाउने कारण शिक्षाको गुणस्तर खस्किएको बताउँदै उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । खाना खाएपछि हामीले केहीबेर आराम गर्‍यौं । बाँधु ६ का स्थानीयवासी पदमलाल तिमल्सिनासँग कुराकानी गर्दै अगाडि बढ्यौं ।

मैला कवाडी

ध्वजा बाँधेका र ढुंगा चढाउने चलन

राँगे गौडाको डरलाग्दो भीर र पहरा छिचोल्दै हामी बाँधु ८, पातला आइपुग्यौं । पातलाबाट केही अगाडि बढिसकेपछि थुप्रै ढुंगा थुपारिएको एउटा ठाउँ र रुखमा ध्वजैध्वजा बाँधिएको सानो मन्दिर हामीले भेट्यौं । ती दुवै बारे स्थानीय पदमलालसँग हामीले जिज्ञासा राख्यौं । जिज्ञासाका क्रममा उहाँले भन्नुभयो, देश प्रदेश घुम्दा राम्रो होस् भनेर भक्तजनले ध्वजा बाँधेका र ढुंगा चढाएका हुन् ।

निकै फटाफटको हिडाईले हामी कोल्टी १, जोगिने आइपुग्न सफल भयौं । जोगिनेबाट निकै पर नै कर्णाली नदीको किनारलाई छाडेर हामी यता मोडिएका छौं । यहाँ आइपुग्दा झमक्कै साँझ परिसकेको थियो । स्थानीयवासी कर्णवीर राउतका घरमा हामीले बास माग्यौं । उहाँले हामीलाई सहजै बस्न दिनुभयो । खाना पाकुन्जेल लक्ष्मी र ललिता रावतसँग पनि हाम्रो कुराकानी भयो । घरबेटी बा कर्णवीरले यतातिर आफू खुशी विवाह गर्ने चलन बढेको बताउनुभयो । आफू खुशी विवाह गर्नेले माइत वा ससुराली जाने (स्थानीय भाषामा माइती ससुराली

मनाउने) र जति दिन सम्म पनि माइती ससुराली बस्न हुने चलन छ रे, त्यसपछि माइती ससुरालीले दिएका सामान लिएर घर जाने परम्परा विद्यमान छन् ! हामीले यहाँ सिस्नो, कोदोको पीठो हालेर पकाएको फाँडो, रोटी र भात बेलुकीको खानामा खायौं । र रात्री विश्रान्ति लियौं ।

२०६६ आषढ ३ः प्रात:कालीन समयमा उठेर हामी वि.सं. २० सालबाट नेपालगञ्जबाट जहाज चल्न थालेको बाजुरा जिल्लाको एकमात्र विमानस्थल कोल्टी र त्यस आसपासको बजारको अवलोकन गर्दै जिल्ला सदरमुकाम मार्तडीतर्फ प्रस्थान गर्‍यौं। शिरमा हेर्दा ठूलठूला डाँडा पाखा र पुछारमा दानसाँघु खोला को गाउँबस्तीले ढाकेको कोल्टी बजार केही समथर र फाँटिलो भागमा रहेछ। बाजुरा जिल्लाको एक महत्वपूर्ण बजार पनि रहेछ कोल्टी। जहाँबाट आसपासमा बसोबास गर्ने बाजुरेलीहरुले आफ्नो दैनिक उपभोग्य सामान किनबेच पनि गर्दा रहेछन् ।

कोल्टी बजार नियालिसकेपछि हामी दानसाँघु खोलाले लडाएको झोलुंगे पुल हेर्दै काठको फड्केबाट खोलो तरेर कोटिला चाटाबगर आयौं । चाटा बगरमा कोटिला २ का शिव लौहार, बाँधु ६ का पण्डित जयधर्म दाहाल, नन्द बहादुर मल्ल लगायतसँग कुराकानी भयो । कुराकानीमा उनीहरुले गाउँघरमा धामी झाँक्री तथा छाउपडी (रजस्वला) हुँदा छुट्टै गोठ वा आँगनमा पाल हालेर महिलालाई राखिने चलन विद्यमान रहेको बताए । ऐचो पैंचो, सरसापट चल्ने र कोही बिरामी हुँदा समाजले गर्ने सहयोग गाउँको राम्रा उदाहरण हुन् भन्ने उनीहरुको भनाई रह्यो । हामीले कुराकानी गर्दै नास्ता खायौं ।

त्यहाँबाट उकालो चढ्न सुरु गर्‍यौं । केहीबेर हिंडेर माथि आइपुगेपछि पाण्डुसैन ३, पहलसेराकी ज्ञानु रोकाया (जोशी) सँग हाम्रो भेट भयो । सामाजिक परिचालक रहेको बताउने रोकायाले गाउँघरमा शौचालय प्रयोग गर्नेको संख्या बढेको, आफूले महिलाहरुलाई चेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको र छाउपडी प्रथा अन्त्य गर्न आफू अगाडि बढिरहेको बताउनुभयो। उहाँसँग कुराकानी गर्दै हामी पहेलसेरा आइपुग्यौं । उहाँको घर खोला छेउमै रहेछ । अर्न्तजातिय विवाह गरेका कारण आफू माइतीबाट टाढा हुनुपरेको दुःखेसो उहाँले पोख्नुभयो । एक अर्कामा मन परापर भएर विवाह हुन्छ भने त्यसमा जातभात वा अन्य कारण देखाएर माईती पक्ष वा समाजले किन आपत्ति जनाउने ? सहर्ष स्वीकार गर्नुमा नै सबैको कल्याण हुन्छ भन्ने हामीलाई लाग्छ। हामीले उहाँको घरमा चिसो पानी पिएर आफ्नो यात्रालाई जारी राख्यौं । पाण्डुसैन गा.वि.स. त्यहाँका विद्यालय तथा केही घर परिसरलाई छिचोल्दै अनि विद्यार्थी भाई बहिनीसँग कुराकानी गर्दै उकालो निस्किरह्यौं । खच्चड व्यवसायी नन्द बहादुर बुढा र देवलकोट मा.वि. गोत्रीका शिक्षक नर बहादुर शाहीसँग हाम्रो जम्काभेट भयो ।

लघुजलविद्युत्, पाण्डुसैन

ठेकेदारबाट आफू ठगिएको बताउँदै व्यवसायी बूढाले भन्नुभयो, सर जुनसुकै व्यवस्था आएपनि धनीकै उद्धार हुने रहेछ, गरिब त पसिना चुहाएको चुहायै । उहाँको दुःखेसोलाई मनन गर्दै हामी एक कान्लामाथि मात्र के निस्केका थियौं, बखडा भेटियो । बेच्ने दिदीले यसको नाम आफूहरुले खुलुम भन्ने गरेको सुनाइन् । ताता घाममा पसिना चुहाउँदै उकालो उक्लिरहेका हामीले रु. १० मा ४० दाना खुलुम किनेर खायौं । दाँत कुँडिउञ्जेल खुलुम खाएर हिंडेका हामीलाई परख्या काँधले उकालो सकिएको संकेत दियो । परख्या काँधमै बिहानी खाना खायौं ।

परख्या काँधबाट हामी ओरालो हानियौं । बाटामा भेटिएका सप्रोस नेपाल बाजुराका कर्मचारी ध्रुव बोगटी, लक्ष्मी भण्डारी र

अन्य बटुवाहरुसँग बाटो सोध्दै मार्तडी गा.वि.स. अर्न्तगत पर्ने ढम्कने, चुथी काटेर केही तल झर्‍यौं। तल छंगछंग बगिरहेकी बूढी खोला र पारी मार्तडी बजारले हाम्रो ध्यानाकर्षण गरायो। डाँडामा घर पुच्छारमा धान खेती हुने फाँटिलो जमीनका कारण शोभायमान देखियो, बाजुरा सदरमुकाम मार्तडी बजार।

मार्तडीको दृश्यलाई कैद गर्दै हामी खोला झर्‍यौं। हात गोडा स्नान गरेर करिब १५ मिनेट हिंडेपछि साँझ ७:३० बजे हामी मार्तडी आइपुग्यौं। कृष्ण अमीशा होटलमा पेट पूजा गरेर निद्राको भुजाका लागि ओछ्यानमा पल्टियौं।

२०६६ आषाढ ४: बिहान उठेर हामी मार्तडी बजार भ्रमणमा जुट्यौं। बजार भ्रमणका क्रममा पत्रकार महासंघ बाजुराका सचिव सर्पलाल गिरीसँग मार्तडी खुल्लामञ्चमा भेट भयो। सचिव गिरीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे चासो राख्दै महासंघ बाजुरा शाखा अध्यक्ष अर्जुन शाहसँग भेट गराउनुभयो। अध्यक्ष शाहसँग केहीबेर कुराकानी भयो। पछि भेट्ने उहाँको कुरामा सहमति जनाएर हामी बिदा भयौं। उहाँसँग बिदा भएपछि हामी रेकी साधना र सकारात्मक विचार, स्वस्थ सफल जीवनको मूल आधार भन्ने नाराका साथ सुदूरपश्चिमको बैतडी जिल्लाबाट नेपाल भ्रमण प्रारम्भ गरी सातौं जिल्लाको रुपमा बाजुरा आइपुग्नु भएकी भोजपुरकी एकल महिला नेपालभ्रमण यात्री मीलादेवी राई (मातापटं) सँग हाम्रो भेट भयो। महिला मान्छे त्यसमा पनि एक्लै पूरै नेपाल भ्रमण गर्न थालनी गर्नु चानचुने विषय होइन। ६ वटा जिल्ला यात्रा समापन गरिसक्नु भएकी उहाँले आफू यात्रामा आनर्न्दित रहेको अनुभव सुनाउनुभयो।

बजार पुछारमा रहेको जिल्ला प्रहरी कार्यालय नजिकैको चिया पसलमा बसेर हामी कुराकानी गरिरहेका थियौं। त्यसैबेला डी.एस.पी. कृष्ण बहादुर चन्द आइपुग्नुभयो। केहीबेरको कुराकानी र परिचय पश्चात् हामी बजार तर्फ नै निस्कियौं। खाना खाएर हामी पीसवीनको कार्यालय गयौं। कार्यालयमा अध्यक्ष लाल बहादुर ओली, नेपाली काँग्रेसका जिल्ला सभापति मान बहादुर रावल, त्रिशक्ति मा.वि. का शिक्षक प्रकाश कुँवर, क्रान्तिकारी पत्रकार संघका सदस्य कर्ण बहादुर रावल लगायतलाई भेटेर हामीले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको अभियानबारे बतायौं। काँग्रेस सभापति रावलले यस्तो कार्यक्रम लिएर तपाईहरु २० वर्षअघि नै बाजुरा आउनु पर्थ्यो, तपाईहरु जस्ता पत्रकार नआएकै कारण बाजुराको विकास हुन सकेन भन्नुभयो। बाजुरेलीहरु अत्यन्त इमान्दार, सज्जन र मिहिनेती छन् भन्दै सभापति रावलले भ्रमण अभियान सफलताको शुभकामना व्यक्त गर्नुभयो। पीसवीनको कार्यालयमा भएको उक्त भेटघाट र कुराकानी पश्चात् हामी जिल्ला प्रशासन कार्यालयमा गएर प्र.जि.अ. चण्डेश्वर पोखरेलसँग भेट गर्‍यौं। प्र.जि.अ. पोखरेलले पत्रकारितामा बाजुरा अगाडि रहेको बताउँदै यसमा बाजुरेली युवाहरूको महत्वपूर्ण हात छ, भन्नुभयो। साथै बाजुरेलीहरु वाक्पटुतामा पनि निपुर्ण रहेको प्र.जि.अ.को भनाई थियो। धार्मिक पर्यटकीय स्थल बडीमालिका मन्दिर, बूढी नन्दा र खप्तड क्षेत्रको चर्चा गर्दै उहाँले यसको व्यवस्थापन हुनुपर्ने बताउँदै विश्वभ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो। जि.वि.स. कार्यालयमा स्थानीय विकास अधिकारी शिवराज कोइरालाले बाजुरा भौगोलिक रुपमा विकट भएपनि जडीबुटी, पर्यटकीय क्षेत्र आदिका लागि प्रचुर सम्भवाना भएको जिल्ला हो, भन्नुभयो। पाठकलाई राज्यको पाँचौं अंग मान्नुपर्ने धारणा राख्दै उहाँले पाठक, सरकार र पत्रकार बीच सकारात्मक वातावरण बनाउन पत्रकारिता क्षेत्रले भूमिका खेल्नुपर्ने उहाँको सुझाव थियो। सरकारले गरेका राम्रा नराम्रा काम पाठकसामु पुर्‍याउन यस भ्रमणले ऊर्जा थपोस् भन्नु हुँदै अधिकारी कोइरालाले विश्वभ्रमण सफलताको कामना गर्नुभयो।

जि.वि.स.बाट हामी महिला विकास कार्यालय पुग्यौं। कार्यालय प्रमुख अधिकृत पुनम रेग्मीले हाम्रो अन्य जिल्ला भ्रमण अनुभवबारे जिज्ञासा राख्नुभयो। विकट क्षेत्रमा काम गर्दा आफूले सिर्जनशील हुने मौका पाएको बताउँदै रेग्मीले पत्रकारिता क्षेत्र स्वतन्त्र, निष्पक्ष, मर्यादित एवं सकारात्मक हुन यस भ्रमणले टेवा पुर्‍याओस् भनी सफलताको कामना गर्नुभयो। अधिकृत रेग्मीसँग गरिएको भेटघाटमै झमक्कै साँझ परिसकेको थियो। हामी हिजो बसेको होटलमै आज पनि आयौं। खाना खाएर सुत्यौं।

२०६६ आषाढ ५ : बिहानीको सुरुवात् नेपाल पत्रकार महासंघ बाजुरा शाखाका संस्थापक सभापति दयाराम पण्डितसँगको भेटबाट भयो। उहाँसँग पछि भेट्ने सल्लाह गरेर हामी मार्तडी गा.वि.स. कार्यालयमा गएर सचिव बेलजंग शाहीसँग भेट गर्‍यौं। सचिव शाहीले मार्तडी सदरमुकाम रहेको गा.वि.स. भएपनि विकास निर्माणको हिसाबले पछि परेको बताउनुभयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियान सबैका लागि हो भन्दै उहाँले सफलताको कामना गर्नुभयो।

मार्तडी गा.वि.स. कार्यालयबाट हामी जिल्ला आयोजना कार्यालय गयौं । कार्यालयमा डी.आई.एस.पी. टेक्निकल सेक्स प्रमुख सुरेन्द्रराज विष्ट र इञ्जिनियर ध्रुब थापासँग हाम्रो भेट भयो । बाजुरा जिल्ला विकासका हिसाबले ७४ औं स्थानमा पर्ने बता सेक्सन प्रमुख विष्टले सडक निर्माण र जिविकोपार्जनमा मद्दत पुर्‍याउन ए.डी.बी. को सहयोग मार्फत् कार्य गरिरहेको बताउनुभ जति बढी काम सफल गर्‍यो, त्यति नै ए.डी.बी.ले रकम निकासा गर्छ, यसले महिला पुरुषलाई समान रुपले ज्याला दिन्छ उहाँह भनाई थियो । बाजुरामा पत्रपत्रिकाको संस्थागत वितरण र इन्टरनेटको पहुँच पनि सर्वसाधरण बाहिर परेको बताउँदै उहाँह विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

उक्त कार्यालयबाट हामी पुनः पीसवीनको कार्यालय गयौं । पीसवीन अध्यक्ष लाल बहादुर ओलीले यस संस्थाको कार्य बाजुरा, अछाम र बझांग जिल्लामा चलिरहेको बताउँदै बालबालिका र महिलाका विषयलाई यसले प्राथमिकता दिने गरे बताउनुभयो । अध्यक्ष ओली र संयोजक भीम बहादुर खड्काको शुभेच्छा लिएर हामी बाहिरियौं ।

पीसवीनको कार्यालयबाट हामी सप्रोक्स नेपालको कार्यालय पुग्यौं । कार्यालयमा सिनियर फिल्ड सुपरभाइजर लाक्प घिसिंग र आर.सी.आई. डब्लुका टेक्निकल असिस्टेण्ट उमेश बुढाथोकी सँग हाम्रो कुराकानी भयो । उहाँहरुले सप्रोक्स नेपाल बाजुरावासीलाई खाद्यान्न वितरण लगायत अन्य कार्यक्रम पनि सञ्चालन गरिरहेको बताउनुभयो । यस कार्यक्रमबाट बाजुरे जनताहरु खुशी रहेको दाबी गर्दै उहाँहरुले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

हामी बाजुरा उद्योग वाणिज्य संघको कार्यालय गयौं । अध्यक्ष देब बहादुर रोकाया र मानसिंह थापासँग हाम्रो कुराका भयो । बाजुरामा ठूला किसिमका कुनै कल कारखाना छैनन्, यद्यपि काठ, फर्निचर उद्योग, हाते कागज र अल्लोबाट झोला, पाइ इस्टकोट बनाइने गरिन्छ, अल्लोका झोला, पाइण्ट र इस्टकोट विदेशीले बढी मन पराउँछन्, उहाँहरुले भन्नुभयो । बाजुरामा भ चुन ढुंगा, फलामखानी, सुनखानी आदिको सरकारले उत्खनन् गर्ने हो भने बाजुराको मात्र नभएर देशकै आयस्तरमा सुधार उहाँहरुको भनाई छ । पर्यटकीय स्थलको रुपमा विकास गरिने ठाउँहरुमा छेडे दह, बडीमालिका मन्दिर नजिक रहेका त्रिभुवन वि स्थलजस्ता फाँट टार, विभिन्न स्थानमा रहेका फरक फरक आकृतिका गुफाहरु रहेको उहाँहरुले जानकारी दिनुभयो । सञ्च माध्यमको विकास नभए निरंकुशता मौलाउँछ भन्दै उहाँहरुले प्रेस स्वतन्त्रताका लागि व्यक्तिगत स्वतन्त्रता अनिवार्य रहेको धारणास विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

हामी उद्योग वाणिज्य संघ बाजुराबाट निस्कदै थियौं । बाटामा जिल्ला शिक्षा कार्यालयका प्राविधिक सहायक दी भण्डारीसँग हाम्रो जम्काभेट भयो । विश्वभ्रमणको योजना ठूलो र साहसिक छ भन्दै उहाँले भ्रमण सफलताका लागि शुभका व्यक्त गर्नुभयो । हामी निर्धारित गन्तव्यतर्फ लाग्यौं । खाना खायौं होटलमा र सुत्यौं ओछ्यानमा ।

२०६६ आषाढ ६: रेडियो एफ.एम. बाजुरा १०४ मेगाहर्ज कार्यालयबाट हाम्रो बिहानी भ्रमण सुरु भयो । कार्यालयमा प्राविधिक ब वि.क., कार्यक्रम सञ्चालक शेरबहादुर खड्का, स्टेशन म्यानेजर तुलाराम जैसी, महिला सञ्चारकर्मी सरला गौतम लगायत हाम्रो भेट भयो । भेटमा म्यानेजर जैसीले बाजुरा एफ.एम. हरेक बिहान ५ देखि १०:१५ सम्म र बेलुकी ४:३० देखि १०:१५ स सञ्चालन हुने गरेको जानकारी दिँदै उक्त एफ.एम.ले आत्महत्या सम्बन्धी समाचार प्रसारण नगरी सकारात्मक र वि पत्रकारितालाई जोड दिएको बताउनुभयो । विश्वभ्रमण सम्बन्धी टिप्पणी गर्दै उहाँले भन्नुभयो, खाली भ्रमण गरेर मात्र केही हुँ यस भ्रमणले देशलाई नै उपलब्धि हुने निष्कर्ष निकाल्नु पर्छ ।

एफ.एम. को काम सकी हामी बाजुराकै पत्रकार दयाराम पण्डितसँग भेट गर्न पुग्यौं । बाजुराको पत्रकारिताबारे जानका दिनुहुँदै उहाँले सुदूर पश्चिमको पहाडी जिल्ला अन्तर्गत पत्रकारिता विकासमा बाजुरा अगाडि रहेको बताउनुभयो । २०५६ साल बाजुरामा पत्रकारिता सुरु भएको हो । पहिला म एक्लै डायरी र कलम लिएर बजार घुम्दा रेडियो नेपालको कलाकार आयो भ मान्छे हाँस्ये । प्रशासनिक निकायबाट सूचना लिन पनि गाह्रो पर्थ्यो तर अहिले पत्रकारिता जनताको मुद्दा भएको यहाँका मान्छेले बुझे छन् । ४ वटा पत्रिका दर्ता भएमध्ये अहिले मालिका टाइम्स मात्र प्रकाशित भइरहेको र एउटा एफ.एम. बजिरहेको छ उहाँ भन्नुभयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणलाई शुभकामना व्यक्त गर्दै उहाँले त्रिवे बचत तथा ऋण सहकारी संस्थाका व्यक्तिहरुसँग पनि परिचय गराउनुभयो ।

उहाँहरुसँगको भेटघाट पछि हामी बसेकै होटलमा आयौं । त्यहाँ भेट भएका ने.वि.संघ बाजुरा उपाध्यक्ष चक्रराज जोशीले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो । मार्तडी बजार बसाइको समय हाम्रा लागि सिद्धिसकेको थियो । तर, ३ दिन मार्तडी बसाइ र घुमाइमा पनि सुरुमै छिस्स भेट हुनभएका पत्रकार महासंघ अध्यक्ष अर्जुन शाहसँग फेरि हाम्रो भेट हुन सकेन ।

जे होस्, मार्तडी बजारबाट हामी बिदा हुने सुरसारमा थियौं । हामी बसेकै होटलतिर नेपालयात्री मीला जी टुप्लुक्क आइपुग्नुभयो । मनभरिका शुभेच्छा व्यक्त गर्दै लक्ष्य प्राप्तिका निम्ति हामीलाई उहाँले बिदाई गर्नुभयो । अन्ततः मीला जी र मार्तडीवासीमाझ हामी बिदा भयौ ।

मार्तडी बजारबाट खेतको फाँट हिंड्दै बूढीगंगा खोला झऱ्यौं । त्यहाँबाट उकालो चढ्दै हामी मार्तडीकै वडा नं. १ मा पर्ने ढम्कने आएर बास बस्यौं । ढम्कनेका स्थानीयवासीले सदरमुकामकै वडा भएर पनि बिजुली बत्ती, सञ्चार, यातायात, खाद्यान्न आदि नभएका कारण आफू हेपिएको र कर्णालीको जस्तो भूभाग भएपनि सेती अञ्चलमा पारिएको गुनासो गरे । हामी खाना खाएर सुतिहाल्यौं ।

२०६७ आषाढ ७ : बिहान उठ्ने बित्तिकै हामी कालिकोट जिल्ला प्रस्थान गर्ने उद्देश्यका साथ फेरि कोल्टी तर्फै प्रस्थान गऱ्यौं । बाटामा फापर प्रा.वि. का शिक्षक पदमबहादुर सिंहसँग हाम्रो भेट भयो । उहाँले यात्रा धेरै राम्रो रहेछ भन्दै शुभकामना व्यक्त गर्नुभयो । ढम्कनेबाट लगातार ६ घण्टा हिंडेर हामी कोल्टी आइपुग्यौं । कोल्टी बजारको पुनः भ्रमण गऱ्यौं । बजार भ्रमणका क्रममा स्टेशनरी सञ्चालक संगत शाही, नन्देश्वरी नि.मा.वि. का प्र.अ. विनोद ठाकुर र पत्रकार महासंघ बाजुरा सचिव सर्पलाल गिरीसँग हाम्रो भेट भयो ।

सञ्चालक शाहीले जलश्रोत र जडीबुटी प्रयोग गर्ने हो भने बाजुरावासीको ठूलो कल्याण हुने बताउनुभयो । पत्रकारितामा अश्लिल सामाग्रीलाई प्राथमिकता दिंदा समाजमा त्यसले नराम्रो छाप छोड्ने धारणा राख्दै उहाँले विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो । प्र.अ. ठाकुरले धेरै युवाहरु चक्रव्युँहमा फसेका छन्, ती फसेका युवा पनि यस्तै रचनात्मक काममा लागेका भए नेपाल कति सुन्दर हुन्थ्यो होला ? भनी कल्पना गर्दै विश्वभ्रमण अभियान सफलताको शुभकामना व्यक्त गर्नुभयो । शुभकामना व्यक्त गर्न पत्रकार सचिव गिरी पनि पछि पर्ने कुरै भएन । उहाँहरु सबैलाई धन्यवाद दिएर हामी स्थानीय ललिता रावलको घरमा आएर बास बस्यौं ।

२०६६ आषाढ ८: बिहानै हामी कोल्टीलाई छोडेर पिलीचौर कर्णाली नदी किनार तर्फ अगाडि बढ्यौं । पिली चौरमा नास्ता गरेर कर्णालीको पुल तर्न लागदा साप्पाटा ७, लौठी बाजुराका ममता र सिर्जना शाही दिदीबहिनीसँग हाम्रो भेट भयो । उहाँहरुसँगै पुल तरेर हामी कर्णालीको छालैछाल साप्पाटातिरै प्रस्थान गऱ्यौं । बाटामा सहयात्री बनेका ममता र सिर्जनाले साप्पाटा गा.वि.स.बाट आफूहरु एस.एल.सी. पास गर्ने पहिलो महिला भएको बताउनु भएको थियो । उहाँहरुले काम्तीमा आफूले बोकेको चामल झिकेर खाना पकाएर खुवाउनु हाम्रा लागि अविस्मरणीय क्षण बन्न पुग्यो । कारण, गाउँमा खाना पाइएन । त्यस क्षेत्रका मान्छेहरुलाई आफूले उब्जाएको खाद्यान्नले ३ महिना जति धान्ने गरेको यिनै दुई दिदी बहिनीबाट थाहा पायौं । बिहानी खाना खाएकै ठाउँमा साप्पाटका हंश बहादुर बुढा, प्रकाश बम ठकुरी र लंक वि.क. लगायतसँग हाम्रो कुराकानी चल्यो । उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

ताता घाममा राता गाला पार्दै अनि कागुनो खेती नियाल्दै उनै शाही दिदी बहिनीका साथ हामी अगाडि बढिरहयौं । उहाँहरुका अनुसार लगभग ४० प्रतिशत बाजुराका बालबालिका स्कूल जान्छन् अरु ६० प्रतिशत पढ्नबाट अझै बञ्चित छन् । भीर पहराको बाटो बेलाबखत हाँसो ठट्टा गर्दै अनि सयलमा बस्दै हामी हिंडी नै रह्यौं । फयाल गाउँ नपुग्दै आज दिनभरका सहयात्री ममता र सिर्जना बहिनी उकालो लाग्नुभयो । हामी भने फयाल गाउँवासीसँग कुरा गर्दै तेँसो लाग्यौं ।

यसक्रममा साप्पाटाका काम्ती, क्षुद्री घट्ट हुँदै उकालो लागेर वडा नं. ८, फयाल गाउँमा बास बस्न हामी आइपुग्यौं। फयाल गाउँमा हामी २ जनालाई फरक फरक घरमा खानाको प्रबन्ध भयो। रघुमाता मा.वि. का शिक्षक पूर्ण बहादुर बुढाको घरमा हामीलाई सुत्नको प्रबन्ध भयो। यहाँ पहिलोपटक चुली नामको फल चाख्ने मौका बुढा परिवारले हामीलाई मिलायो। यो गाउँ यति विकट गाउँ रहेछ कि जहाँ खाना पानी दुवैको संकट...संकट...। रात १०:४५ बजे हामी ओछ्यानमा पल्टियौं।

२०६६ आषाढ ९: बिहानै उठेर हिंड्ने हाम्रो योजना शिक्षक पूर्ण बहादुर बुढाको अनुरोधमा स्थगित भयो। कारण, स्थानीयवासीसँग केहीबेर अर्न्तक्रिया गर्नु पर्‍यो। उपस्थित साप्पाटा फयालवासीहरुले आफ्ना पीडाहरु हामीलाई सुनाउँदै माथिल्लो निकायसम्म पुर्‍याइदिन अनुरोध गरे। उनीहरुको दु:खेसो थियो, आफूले उब्जाएको अन्नले ३ महिना पनि धान्न नसक्ने भएकाले एक पेट खान र १२ महिना लाउनमा आफ्नो सारा परिश्रम हामीले खन्याउनु परेको छ, भतेडी गार्डबाट हाम्रो गाउँको सिंचाईका लागि राष्टिय योजना आयोगले हेरियोस्, यसो हुन सके बाजुराका ३ र कालिकोटका २ गा.वि.स. का जनता हामी लाभान्वित हुने छौं, सिंचाई र आधुनिक कृषि प्रणाली लागू भएमा हाम्रो माटो मलिलो छ, हामी आत्मनिर्भर रहन सक्छौं, हाम्रो यो गाउँको भूगोल कर्णालीसँग मिल्दोजुल्दो छ। हामीलाई केही सुविधा छैन, त्यसकारण संघीयता निर्माण गर्दा कर्णाली क्षेत्र र छिमेकी जिल्लाका केही गा.वि.स. छुट्याई छुट्टै राज्य निर्माण होस् भन्ने हाम्रो माग छ। यसबाहेक अन्य ज्ञानगुन, सोच, विचारका कुराहरु हामीबाट धेरै टाढा छन्।

यस गाउँका पुरुषहरु इण्डिया जाने र नेपाल बस्नेले पनि मजदूरी गर्छन्। मजदूरीबाट प्राप्त पैसाले जेनतेन गुजारा चल्दो रहेछ उनीहरुको। बिहान रोटी र बेलुकी पाएसम्म भात खाने चलन रहेछ यो गाउँमा। साँच्चै, कसरी खान पाइन्छ भनेर छट्पटिएर जीवन बिताइरहेका उनीहरुलाई ज्ञानगुनका कुरा वाहियात लाग्नु कुनै अस्वाभाविक कुरा भएन। किनभने भोको पेटले भजन हुँदैन भन्ने कुरा सर्वविदितै छ नि। जुन कुरा सार्थक भएको छ यहाँ।

अर्न्तक्रियामा सहभागीहरुले विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गरेपछि हामी उनीहरुसँग छुट्टिएर शिक्षक पूर्ण बहादुर बुढाको घरमा उहाँसँगै आयौं। कोदाको रोटी, अमिलो अंगुरको अचार र तरकारी खायौं। साँच्चिकै मीठो, त्योभन्दा ठूलो उहाँहरुको श्रद्धा र सम्मान। उहाँहरुलाई हृदयदेखि नै धन्यवाद, जसले आफ्नो दुई छाकको गाँस काटेर पनि हामीलाई गाँस र बास उपलब्ध गराउनुभयो। यस्तै अनुभवका बीच हामीले यही गाउँबाट ३० औं जिल्ला बाजुराको भ्रमण अन्त्य गरी ३१ औं जिल्ला कालिकोट भ्रमणका लागि धौलागोहतर्फ अगाडि बढ्यौं।

बाजुरा यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
पिसवीन नेपाल	रु. १,०००/-
मीलादेवी राई (टं) भोजपुर	रु. १,०५०/-
त्रिवेणी सामुदायिक कोष	रु. २०५/-
दयाराम पण्डित	रु. १००/-
सर्पलाल गिरी	रु. १००/-
चक्रराज जोशी	रु. २००/-
दीपक भण्डारी (जि.शि.का.)	रु. ५०/-
संगत शाही	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

प्रेस दुर्गम, पिछडिएका, निमुखा, गरिब र सहाराविहीनको मुखपत्र बनोस्। - पूर्णबहादुर बुढा, साप्पाटा, ८ बाजुरा
व्यावसायिक पत्रकारिता गर्ने थप ऊर्जा मिल्यो। - दयाराम पण्डित (संस्थापक सभापति), नेपाल पत्रकार महासंघ बाजुरा शाखा
राष्ट्रले यो साहसलाई कदर गर्नुपर्दछ। - अर्जुन बहादुर खत्री, गोत्री ५, बाजुरा, नेपाल
स्वतन्त्र प्रेसको विश्व सन्देश नै ठूलो अभियान र कार्य। सर्पलाल गिरी, सचिव, नेपाल पत्रकार महासंघ
यो शिक्षामूलक यात्रा आफैंमा अद्भूत छ। - हंशबहादुर बुढा सुमन, साप्पाटा ६
भगवान् अर्न्तमनको इच्छा शक्ति हो। - सरला गौतम, नेपाल एफ.एम. नेटवर्क, काठमाडौं
साहसिक सकारात्मक यात्रा नेपालीको पहिचान। लाल बहादुर ओली (अध्यक्ष) पीसवीन
फाइण्डिंगसहरुलाई प्रकाशनमा ल्याई विश्वमा फैलाउनु होस्। - भीम बहादुर खड्का (कार्यकारी संयोजक), पीसवीन
सोच, विचार, ईच्छा, आकांक्षा सफल रहुन्। - लंक वि.क., साप्पाटा ९
३० औं जिल्लामा भेट हुँदा अति खुशी छु। - देवी वि.सी., बाधु १ पाडी
मार्तडीवासीको तर्फबाट स्वागत। - गोविन्द बल्लभ पाण्डेय (शिक्षक), कृतिचौर मा.वि. मानाकोट, प्र.अ. त्रिभुवन प्रा.वि. नुवाकोट
समास्याको समाधान गर्दै अघि बढ्नु। - राजनारायण शाह (ब्रम्हपुरी २, सर्लाही), शिक्षक रघुमाता मा.वि.
मानवजातिका लागि सकारात्मक आवाज। - मीलादेवी राई (टं), एकल महिला नेपाल भ्रमणयात्री, भोजपुर
साहसिक अभियानलाई शुभकामना। - चण्डेश्वर पोखरेल (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

३१ औं जिल्ला कालिकोट डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,७४१ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ३० वटा,
निर्वाचन क्षेत्रः १, सदरमुकामः मान्म,
अञ्चलः कर्णाली, विकास क्षेत्रः मध्यपश्चिमाञ्चल
भौगालिक अवस्थितिः पूर्व जुम्ला, जाजरकोट, पश्चिम बाजुरा, अछाम, उत्तर मुगु र दक्षिण दैलेख, जाजरकोट जिल्ला
भाषाः नेपाली, मगर, मैथिली, थारु, नेवार आदि

२०६६ आषाढ ९: बाजुरा साप्पाटाको फयाल गाउँबाट हामी कालिकोट चौलागोह पुलाहाँ आइपुग्दा दिउँसोको १:१५ भएको थियो। धौलागोहबाटै हाम्रो ३१ औं जिल्ला कालिकोट भ्रमण सुरु भयो। स्थानीय परेग भण्डारी र नरी भण्डारीसँगको कुराकानी र भौगोलिक विकटताले नै त्यस गाउँका मान्छे कति पीडित छन् भन्ने कुरा सुरुमै छर्लगियो। उहाँहरुले कालिकोटकै सबभन्दा विकट यो ठाउँमा बर्सेनी भोकमरी पर्ने गरेको बताउनुभयो। चर्को घाम लागेर केराका बोट र अन्य बिरुवा सुकेका छन्। हपहपी खपिनसक्नु गर्मी छ। पुलाहांका महिला तीरतीरे ढुंगे धारामा पानीको लाइनमा बसेका छन्। त्यस भेगका मान्छेहरु तल कर्णाली नदी बगिरहेको दृश्य हेर्छन्। अनि नदीमा माछा मारेर पानी नपाउनुको चित्त बुझाउँछन्।

वास्तवमा भन्ने हो भने प्राकृतिक श्रोत र साधनले भरिपूर्ण हाम्रो देशलाई पैसा र चामल भिख माग्ने अनि दिने चलनको अन्त्य हुनु जरुरी छ। हामी नेपालीलाई त खाँचो छ, दक्ष जनशक्तिको। र, पहल यसैमा हुनुपर्छ हाम्रो। जसले गर्दा हामी नेपाली आत्मनिर्भर बन्न र बनाउन नेपालका प्राकृतिक श्रोत र साधन (जल,जमीन, जडीबुटी, धार्मिक ऐतिहासिक स्थल आदि) प्रयोगमा आउनेछन्। छलफल यस्तै गर्दै हामी थिर्पुतिर लाग्यौं।

ओरालो झर्दा झर्दै रातीको ८ बजिसकेको थियो। बीच बाटोमा घरहरु थिएनन्। हामी थिर्पु ४, त्रिपगाड मोड झर्यौं। मोडको छेउमा रहेको घरमा पुगेर बास बस्न पाइन्छ कि ? भनेर सोध्यौं। एक महिलाले यो होटल हैन घर हो, पुल पारी होटल छ जानुस् भनिन्। हामी पुल तरेर अर्को मुखमा मात्र के पुगेका थियौं, अँध्यारामा छ्यामछ्याम छुमछुम गर्दै एक पुरुष केही अगाडि र एक महिला केही पछाडि आइरहेको भेट्यौं। महिलाले रात परि सक्यो त तपाईंहरु कहाँ पुग्ने ? भनेर सोध्नुभयो। हामीले यता छेउमा कता बास बस्ने ठाउँ छ रे ! त्यतै हिंडेको भन्यौं। उहाँले कसले भन्यो ? भन्नुभयो, हामीले पारी पुल छेउको घरमा सोधेको एकजना दिदीले भन्नुभएको भन्यौं।

त्यसपछि उहाँले यहाँबाट निकै टाढा मात्र छन् घर, तपाईंहरु अब मसँगै फर्कौं, हिंड्नुस् त्यो मेरै घर हो, बुहारीले खाना पकाउन अल्छी गरेर तपाईंहरुलाई पठाइ होली ! त्यो अलि अल्छी मान्छे। उहाँको आग्रह पछि हामी उहाँकै घरमा फर्क्यौं। भित्री दिलदेखि नै धन्यवाद ज्ञापन गर्यौं। घरमा आएर परिचय गर्दा थाहा भयो, यो घर टेक बहादुर बमको रहेछ।

गाईवस्तु पनि यति रात परेपछि नै चरनबाट घर फर्किए। घरकी बुहारीले हामीलाई साग, मही र भात खान दिनुभयो। सायद, सासुले फर्काएर ल्याइन् भनेर कि कसो हो ? उहाँ अलिक झर्केर बोल्दै हुनुहुन्थ्यो। सायद, यस घरकी बुहारी पनि बच्चाकी आमा दिनभर काम गरेर थाकेका कारण पनि यस्तो मुडमा पुग्नुभएको होला। यस्तै हो हामी मान्छेका स्वभाव फरक फरक। उहाँको झर्काइलाई ध्यान नदिई भोकले थाकेका हामीलाई खाना साच्चै मिठो लाग्यो। धेरै दिनदेखि मही खान नपाएको धोको पनि पूरा गर्यौं यहाँ। त्यसपछि रात्री विश्राममा नलागि के धर ?

२०६६ आषाढ १०: बिहान ५ बजे हामीले त्रिपगार्ड छाड्यौं। कमलचौर हुँदै लखनवाडा आएर चिया नास्ता गर्यौं। मकै खेतीको हरियाली देख्न पायौं। बालीनालीले पानीलाई खोजी राखेकै छ, किनकी यो ओइली सकेछ। नजिकै बगेको कर्णाली नदी धमिल्लिएर तछाडमछाड गर्दै दौडिरहेको छ। हामी यी एक एक दृश्य नियाल्दै अनि टोपी खस्ने खुइले डाडालाई नमस्कार गर्दै यात्रा जारी राखिरहेका छौं।

जीतेगाडा सामान लिन डोको बोकेर हिंडेका १२ कक्षामा अध्ययनरत नारीहरु दक्षिणा र सुलक्षणा बमसँग हाम्रो कुराकानी भयो। आफ्नो ठाउँमा गाडी कहिले आउला ? भनेर उहाँहरु कल्पनामा मस्त। हामी बोल्नमा व्यस्त। रान्माकोटबाट पुल तरेर कर्णालीलाई देब्रे पारेर हामी दुईजना कुरा गर्दै अगाडि बढ्यौं। पसिनाको धारा बगाउँदै भारी बोकेका र लिन हिंडेका मान्छेहरु अनि भीरपहरालाई नियाल्दै हामी नानीकोट गा.वि.स. प्रवेश गर्यौं। मयमा दूध पिएर हामी बिहानको १० बजे नानीकोट ९, फूकगार्ड आइपुग्यौं। नुहाई धुवाई गरेर खाना खायौं। डायरी लेख्दा लेख्दै साँझ पर्यो। हामी यही बस्यौं।

२०६६ आषाढ ११: बिहान उठ्दा पानी परिरहेको थियो। प्लास्टिक ओढेर हामीले मान्मका लागि यात्रा अगाडि बढायौं। फूकोट गा.वि.स. अर्न्तगत पर्ने बडारुख भात्तडी, नडी हुँदै हामी स्यूना ९, शान्तिघाट आयौं। स्थानीय कमला खड्का, धनमल थापा, टेक

बहादुर थापा लगायतसँग हामीले कुराकानी गऱ्यौं । रोड खन्न सुरुवात् गरिएसँगै बजार बिस्तार हुन थालेको रहेछ । खडेरी घाँस कम भएपछि गाईवस्तु पालनमा कमी आई मल नपुग्ने, जनसंख्या बढे पनि जमीन नबढ्ने, छोराछोरीलाई स्कूल पठाउन थाले कम वस्तु पाल्नु जस्ता कारणले खाद्यान्न उत्पादनमा कमी आएको सहभागीहरुले बताए । ४ घण्टा उकालो हिंडेर स्यूना मा विजयपुरमा पढ्न विद्यार्थीहरु धाइरहेको उनीहरुले दुःखेसो गरे । यद्यपि १४/१५ दिन लगाएर चिसापानी कैलालीबाट सा ल्याउनुपर्ने बाध्यताबाट मुक्त हुँदै आफ्नो ठाउँसम्म गाडी आउने सुरसारका कारण भने उनीहरु खुशी देखिए । आफ्नो गा कालिकोटका २ वटा एफ.एम. र रेडियो नेपाल सुन्न पाउने उनीहरुले जानकारी गराए । हामीले शान्तिघाटमै बिहानको खाना खा

शान्तिघाटबाट नयाँ बन्दै गरेको बाटोलाई नियाल्दै साँघुरो र अप्ठ्यारो बाटोमा भारी बोकेका मानिसहरुलाई कष्टसँग सम्मिलित हुँदै हामी अगाडि बढ्यौं । बीचमा भीरबाट एउटा ढुंगा खसेर एक बटुवालाई झण्डै लाग्यो... । बाटो जोखिम छ भन्ने कुराको प्रमाण हो यो । रकु गा.वि.स.का सिस्नेगडो, आम्तडा, बडिमूल हुँदै हामी रेगिलघाट आयौं । त्यहीं कालिकोट सदरमुकाम मान्मको केही दृश्य देखिइसकेको थियो । राम्ररी बनिनसकेको झोलुंगे पुलबाट कर्णाली नदी तरेर बदल गा.वि.स. को भूभागमा केही समय हामीले उकालो यात्रा गऱ्यौं ।

मान्म ५, सियला गाउँमा आएर खाजा खायौं । चर्को घाम, उकालो बाटो पसिना चुहाउँदै र दिमाग खियाउँदै हामीले बजारको दूरी कम गरि नै रह्यौं । साँझ ६ बजे कालिकोट सदरमुकाम मान्म बजारमा हाम्रा पाइला आइपुगे । पत्रकार हरिना सञ्ज्यालको सहयोगमा हामीले निमित्त सहायक प्र.जि.अ. मणिकुमार पोखरेल र स्थानीय विकास अधिकारी एकनारायण शर्मा भेट गऱ्यौं । उहाँहरुले हामीलाई स्वागत गर्दै जि.वि.स. गेस्ट हाउसमा बसोबासको प्रबन्ध मिलाउनुभयो । स्थानीय एक होटल खाना खाएर हामी सोही गेस्ट हाउसमा सुत्यौं ।

२०६६ आषाढ १२: बिहान उठेर हामी कायममुकायम एल.डी.ओ. एकनारायण शर्मासँग कुराकानीमा जुट्यौं । २०३२ सालमा नेपालको ७५ औं कान्छो जिल्ला कालिकोट भौगोलिक विकटता सँगै जैविक विविधताले भरिपूर्ण रहेछ । यसकै समस्या सम्भावनाका बारेमा हामी कुराकानी गर्दै थियौं । एकीकृत नेकपा माओवादीका जिल्ला स्तरीय कार्यकर्ता अनन्त र सर्प आइपुग्नुभयो । हामीले उहाँहरुलाई कालिकोटको जीवनस्तर कसरी उकास्न सकिन्छ ? भनेर प्रश्न गऱ्यौं । यातायात, सुविधाका साथ माटो अनुसारको फलफूल खेती गर्न गराउन सके जीवनस्तर उठ्न सक्ने उहाँहरुको भनाई थियो । एल.डी.ओ. शर्मा उहाँरुलाई भन्नुभयो, यदि तपाईंहरुले दुःख नमान्ने हो भने ३ महिना पनि खान नपुग्ने यो गाउँलाई छोडेर तराई तर्फ झर्ने क्षेत्रलाई सरकारले जैविक विविधताको क्षेत्र घोषणा गर्दा कसो होला ? उहाँहरुले सरकारले त्यसको प्रबन्ध मिलाउन सक्छ भने भन्ने जवाफ दिनुभयो ।

जन्मे, हुर्केको ठाउँको माया सबैलाई हुन्छ । तर, सधैंभरि अरुको भर परेर गुजारा चलाउनु भन्दा वैकल्पिक उपायको बसाई सराई गर्नु पनि राम्रै कुरा हो भन्ने लाग्छ हामीलाई । द्वन्द्व प्रभावित जिल्ला मध्ये तेश्रोमा पर्ने कालिकोटमा सामाजिक विकास कमी भएपनि राजनीतिक चेतना बढी रहेको एल.डी.ओ शर्माको अनुभव छ । बाढी प्रकोप बढी हुने भएपनि सुनखानी र मलिलो माटो हुनु यस जिल्लाको थप सकारात्मक पक्ष हुन् भन्ने उहाँलाई लागेको छ । लोभ, लालचमा नफसी वास्तविकता उजागर गर्ने आधिकारिक समाचार सम्प्रेषणमा पत्रकारको ध्यान जाओस् भन्ने सल्लाहका साथ एल.डी.ओ. शर्माले सञ्चारमाध्यमकै कारण ठाउँमा बसेर सबै कुरा सुन्न, बुझ्न पाइएकोमा खुशी व्यक्त गर्नुभयो । ३० वटा गा.वि.स. रहेको कालिकोट जिल्लाका बारे



एल.डी.ओ. शर्मासँग छलफल गर्दागर्दै बिहानको ९:४५ बजिसकेको थियो । हामीले स्थानीय होटलमै खाना खायौं । र, जिल्ला प्रशासन कार्यालयतर्फ पाइला लम्कायौं ।

विकट हिमाली/पहाडी जिल्लामा खासै कार्यालय प्रमुख भेट्टाउन पाइदो रहेनछ । उनीहरु बढी समय काठमाडौं काजमा बस्दा रहेछन् । कर्णालीका ५ जिल्ला घुम्दा हामीले सी.डी.ओ. मुगुमा बाहेक अन्यत्र काही भेट्टाएनौं । अन्य कार्यालय पनि निमित्तले नै बढी काम चलाउँदा रहेछन् । कालिकोटको जिल्ला प्रशासनमा पनि हामीले निमित्त सी.डी.ओ. मणिकुमार पोखरेललाई भेट्टायौं । विगत ६ महिनादेखि कार्यरत नि.प्र.जि.अ. पोखरेल यस्ता धारणा राख्नुभयो, सोच सकारात्मक भएमा सबै कुरा रा

हुन्छ, कालिकोट आफैंमा नराम्रो जिल्ला होइन, यहाँका मानिससँग धैर्यता बिहीन जोश, जाँगर छ, मर्ने मार्ने, घाइते बन्ने बनाउने कुरामा मात्र साहस देखाउँछन्, यहाँका बासिन्दाहरु, त्यसकारण राज्य र यहाँका जनताले दृष्टिकोण बदलेर आत्मनिर्भर बन्ने/बनाउने दिशातिर सकारात्मक पहल हुन आवश्यक छ, भित्री मनदेखि नै सबैमा जागरुकता आउने हो भने कालिकोट जिल्लालाई सुन्दर जिल्ला बनाउन सकिन्छ ।

पत्रकारिता क्षेत्रले सुनेको भरमा हचुवा समाचार सम्प्रेषण गर्दा विश्वसनीयतामा कमी आउने भएकाले आधिकारिकताका लागि सम्बन्धित निकायमा सोधपुछ गर्नुपर्ने धारणा नि.प्र.जि.अ. पोखरेलको थियो । पत्रकार केन्द्रमुखी हुने र नकारात्मक प्रचारमा मात्र नलागी समाजको तल्लो वर्ग एवं क्षेत्रमा पुग्नुपर्छ उहाँको सुझाव थियो । पत्रकारिताको यो विश्वभ्रमणले सक्षम, सबल, स्वतन्त्र एवं सकारात्मक पत्रकारिताको विकास होस् भन्ने शुभेच्छा पत्र उहाँले जिल्ला प्रशासन मार्फत दिनुभयो ।

जिल्ला प्रशासन कार्यालयमै भेट हुनुभएका मालकोट ३, निवासी प्रेमबहादुर शाहीले हामीसँग भन्नुभयो, पहिले हामी कालिकोटेहरु हुम्ला, मुगुका मान्छेलाई चामल बेच्दथ्यौं, तर अहिले जल, मल र माटोको परीक्षण अभावमा परनिर्भर भएका छौं, त्यसकारण एन्.जी.ओ.को डट्पेन कापी र चामल होइन, लगानीअनुसारको प्रतिफल हासिल गर्न हामीलाई चाहिएको छ आत्मनिर्भर बन्ने तौर/तरिका ।

त्यहाँबाट हामी जि.वि.स. कार्यालय अगाडि खुल्लामञ्च परिसर पुग्यौं । खुल्लामञ्चमा एकीकृत नेकपा माओवादीले राष्ट्रपति डा. रामवरण यादवद्धारा पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले प्रधानसेनापति रुक्मांगद कटुवाललाई दिएको अवकाश कार्यान्वयन गर्न नदिएको विरोधमा विरोधसभा गरेको रहेछ । जि.वि.स. मा भेट भएका नेपाली काँग्रेस कालिकोट उपसभापति अम्ब बहादुर शाहीले भन्नुभयो, केन्द्रबाटै सहमति गराएर आएका विभिन्न विकासे कार्यालयका बजेट लक्षित समुदायमा पुग्न सक्दैनन्, हामीले असहमति जनाउँदा जनाउँदै पनि सम्बन्धित निकायले बेवास्ता गर्दछ, फलस्वरुप लगानीअनुसारको सफलता हासिल हुँदैन । पत्रकारिता क्षेत्रप्रति टिप्पणी गर्दै उहाँले भन्नुभयो, कार्डधारी पत्रकार होइन, व्यवसायिक, निष्पक्ष पत्रकारको राष्ट्रलाई खाँचो छ, हाल कालीकोटका केही व्यवसायिक पत्रकारले पनि पत्रकारिता बाहेक अन्य वैकल्पिक पेशा अपनाउँदा मलाई दुःख लागेको छ, तपाईंहरुको भ्रमणले व्यवसायिक पत्रकार निर्माण गर्नका निम्ति योगदान पुर्‍याओस् ।

जि.वि.स.बाट हामी सामुदायिक रेडियो चुलीमालिका एफ.एम. १०१ मे. कार्यालय पुग्यौं । कार्यालयमा सो रेडियोका अध्यक्ष एवं सादा नेपालका अशोकनाथ योगी, एफ.एम. कर्मीहरु लिलाराज बम, हीरा शाही, सुशिलराज शाही, विश्वराज बोगटी लगायतसँग हाम्रो भेट भयो । उहाँहरुले रेडियो खोल्नुपर्ने कारण प्रस्ट्याउँदै भन्नुभयो, ग्रामीण भेगका जनताको प्रत्यक्ष आवाज सुनाइदिने र सूचनाको हक उपयोग गराउने पहलको थालनी हो । परीक्षण प्रसारण भइरहेको यस रेडियोमा कालिकोटका ३० गा.वि.स. मात्र नभई छिमेकी जिल्लाबाट समेत फोन र विज्ञापन उपलब्ध गराउने कार्यले हामीमा उत्साह पलाएको छ । टी.भी. खोल्न समेत उत्प्रेरित गरेको छ ।

उहाँहरुसँग पछि भेट्ने वचनबद्धताका साथ चुलीमालिका एफ.एम. परिसरबाट बिदा भएर हामी कालिकोटको अर्को रेडियो मालिका एफ.एम. १०२.८ मे. कार्यालय पुग्यौं । किर्डाकद्धारा सञ्चालित उक्त रेडियो पनि २०६५ चैत्र २३ गतेबाट परीक्षण प्रसारणमै रहेछ । एफ.एम.कर्मी कृष्णराज धमला, कोकिला सञ्ज्याल एवं प्राविधिक जीवन शाही र राधिका बरालसँग विश्वभ्रमण र रेडियो मालिकाबारे हाम्रो कुराकानी भयो । उहाँहरुले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो । उहाँहरुको शुभेच्छा भावनाका साथ आजको हाम्रो यात्रा समापन भयो । यतिबेला रातीको ८ बजिसकेछ । हामीले खाना खाएर सुत्नेभन्दा अरु कुनै कार्य गरेनौं ।

पत्रकारहरुसँग

२०६६ आषाढ १३ः बिहान ८ः३० बजे पत्रकार र नागरिक समाजबीच अर्न्तक्रिया भयो । जि.वि.स. गेस्टहाउसमा भएको उक्त कार्यक्रममा पत्रकार महासंघ, कालिकोट अध्यक्ष तुलाराम पाण्डे, सञ्चारकर्मीहरु अशोकनाथ योगी, अनन्त बराल, अशोककुमार सिंह, भानुभक्त बराल, नगेन्द्र बहादुर विष्ट, लिलाराज बम, नागरिक समाजका अमलराज शाही र मायाराम महतारा लगायतले बोल्नुभएको थियो । नागरिक समाजका प्रतिनिधिहरुले

'क' श्रेणीको द्वन्द्वग्रस्त क्षेत्र कालिकोटमा प्रशासनकि निकाय कमजोर रहेको तथा राजनीतिक दलमा झैंझगडा एवं अपराध राजनीतिक संरक्षण पाएकाले दण्डहीनता बढेको प्रति चिन्ता व्यक्त गरे।

पत्रकारहरुले चाहिं सबै राजनीतिक दलहरुबाट आफूहरुलाई तारो बनाउने काम भइरहेको र जबरजस्ती पत्रकारिता परिरहेको बताए। महासंघ अध्यक्ष पाण्डेले पत्रकार निःशुल्क काम गर्छन् भन्दैमा मिडिया व्यवस्थापन पक्षले क्षमता नभएका संचार बनाउने र कार्डधारी पत्रकारको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले थप्नुभयो, पत्रकारिताको धर्मअनुसार चल्न नसक्दा आउँछ, त्यसकारण महासंघ केन्द्रदेखि नै पार्टी कार्यकर्तालाई महासंघको पदाधिकारी बनाउने परिपाटी हट्नु पर्छ। त्यसैले म पत्रकार साथीहरुलाई व्यावसायिक पत्रकारिता गर्न र कसैको पक्षपोषण नगर्न आग्रह गर्दछु। अर्का वक्ता अशोकनाथ योगीले भन्नु सकारात्मक पत्रकारिताका लागि राज्यले वातावरण मिलाउनु पर्छ, अनि हामी पनि सबै सकारात्मक सोच र व्यवहारका साथ बढ्ने हो भने समस्या हुँदैन, व्यावसायिक पत्रकारिताको विकास गर्न सकिन्छ, आवाजविहीन जनताको प्रतिनिधित्व हुनेछ।

कालिकोटे पत्रकारहरुले द्वन्द्वका क्रममा गुमाएका पत्रकार नवराज शर्माको स्मरण गर्दै वर्तमानमा २ वटा रेडियो र पत्रिका प्रसारण तथा प्रकाशन भइरहेको बताए। १० वर्ष माओवादी जनयुद्धको अवस्थालाई सम्झँदै उनीहरुले भने, त्यति सी.डी.ओ.ले समाचार सम्पादन गरिदिन्थे अनि राज्य र विद्राही पक्ष दुवैको चेपुवामा परिन्थ्यो, संचारको असुविधाका कारण पैसा भनेर समाचार समेत पठाउने कार्य गर्नु पर्‍यो, तर अहिले सुरु भएको शान्ति प्रक्रियापछि हाम्रो पुनर्जन्म भएको छ।

बिहानको खाना खाएर हामी बजार भ्रमणमा निस्कियौं। बजार क्षेत्रलाई खासगरी खाँडाचक्र र त्यसभन्दा तलको गाउँ मान्म भनिंदो रहेछ। तर, अहिले मान्मा भनेर औपचारिकता दिएको बजारवासीलाई सोध्दा हामीले जानकारी पायौं। बजारबाट मिनेटजति टाढा रहेको भूरे टाकुरे राजाको दरबार र कालिका मन्दिर भ्रमण गर्न हामी गयौं। त्यहाँ नेपाल रेडक्रस सोसाइटी कालिकोटमा कार्यरत बाँकेका कृष्णसिंह थापा क्षेत्री र दिपेन्द्र हमाल, सुर्खेतका प्रेम भारती र गोरखाका बालकृष्ण घिमिरेसँग हाम्रो परिचय भयो। वर्तमानमा विशेषगरी विश्वखाद्यको साझेदारीमा कामका लागि खाद्यान्न कार्यक्रम अगाडि बढाइरहेको उनीहरु हामीलाई बताए। नेपाली पत्रकारिता र नेपालको वास्तविकतालाई विश्वसामु छर्लंग बनाउन विश्वभ्रमण सफल होस् भनी उनीहरु शुभकामना दिए।

उक्त डाँडाबाट वारीपारीको मनोरम दृश्य, मान्म गाउँ, तिला र कर्णाली नदीको गल्छी अवलोकनसँग सँगै बजारतिर हामी फर्क्यौं। जिल्ला प्रहरी कार्यालयमा डी.एस.पी.सँग हाम्रो भेट हुन सकेन। यद्यपि सई डम्बर भट्टराईसँग केहीबेर कुरा गरेर हामी चुलीमालिका एफ.एम. कार्यालय पुनः गयौं। रेडियो परिवारले हामीलाई आज बेलुकी भोजनको प्रबन्ध मिलाएको हामी खाना खाएर धन्यवाद ज्ञापन गर्दै जि.वि.स. गेस्ट हाउस आयौं। तर, ढोका बन्द भएकाले हामी केहीबेर बाहिरै बस्यौं। समय पनि रातको लगभग १० बजिसकेको थियो। रेडियो कै साथीहरुले फोन गरेर ढोका खोल्न लगाउनु भयो। त्यसपछि हामी ओछ्यानमा आएर रात्री विश्राम लियौं।


पञ्चदेवल मन्दिर

२०६६ आषाढ १४: बिहान पौने १० बजे हिजो भेटिएनुभएका रेडक्रस सोसाइटी कालिकोटका साथीहरुको निमन्त्रणामा खाना खान गयौं। खाना खाएर उहाँहरुलाई धन्यवाद ज्ञापन गर्दै फेरि हामी डी.एस.पी. कार्यालय आयौं। डी.एस.पी.लाई भेट्ने योजना यसपटक पनि विफल भयो। हामी जि.वि.स. कार्यालयमा पुग्यौं।

कायममुकायम एल.डी.ओ. एकनारायण शर्माले विश्वभ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो। जि.वि.स.बाट बिदा भएर हामी किर्डाक कार्यालय आयौं। किर्डाक कालिकोट संयोजक एवं पत्रकार महासंघ अध्यक्ष तुलाराम पाण्डेले दिनुभएको शुभकामना पत्र लिएर हामी सामाजिक जागरण तथा विकास प्रतिष्ठान (सादा नेपाल) कार्यालय पुग्यौं। कर्णालीका ५ वटै जिल्लामा कार्यालय रहेको बताईएको सो प्रतिष्ठानका अध्यक्ष अशोकनाथ योगीलाई भेट्यौं। उहाँसँग बिदा भएर हामीले ३२ औं जिल्ला दैलेख यात्रा योजनासहित बजार क्षेत्रलाई छोड्यौं।

कच्ची सडक बनेको भएपनि राती परेको पानीका कारण कुनै यातायातका साधन चलेका थिएनन्। हामी हिंड्दै मान्म गाउँ झर्‍यौं। त्यहाँ पञ्चदेवल मन्दिर अवलोकन गर्‍यौं। यो मन्दिर जिल्लाको प्रमुख धार्मिक पर्यटकीय स्थलकै रुपमा रहेछ। उचित संरक्षण र संवर्द्धनको अभाव यहाँ पनि उत्तिकै छ। मन्दिरलाई छोडेर हामी तिला नदीतर्फ ओरालो झर्दै थियौं। बाटामा साक्षरता अभियान सञ्चालन गर्दै

आएको बताउने मान्म २ की जमुना पाण्डेसँग हाम्रो भेट भयो । उहाँले आफू साक्षरता अभियानमा लागिरहेको तर कक्षामा न्यून उपस्थिति रहेकाले चिन्ता लागेको बताउनुभयो । उहाँको भ्रमण सफलताको शुभेच्छासहित हामी बाटो लाग्यौं ।

इन्द्रेणी झरना

तिला नदीको पुल पार गरेर भर्ता गा.वि.स. भूभाग टेक्यौं हामीले । हुम्ल बजार जितेगाडालाई छोड्दै हामी कालेखोला काटेर दही खोला वास बस्न आयौं। यस क्रममा चट्टानै चट्टान भएको पहरालाई काटेर बनाएको सडक अनि कर्णाली नदीको बहाव सँगै हामी हराएका थियौं। कारण, मान्छेले गर्न चाह्यो भने असम्भव के छ र ? हामी यो उदाहरणीय कामको प्रशंसासहित इन्द्रेणी छाँगा हेर्दै कालिकोटको भर्ता र दैलेखको पिपलकोट गा.वि.स. सिमानामा पर्ने दही खोला आइपुगेका थियौं ।

स्थानीय कल्पना होटलकी सञ्चालिका पिपलकोट ४ की कल्पना थापाले हामीसँग आफ्नो इति वृतान्त कहनु भयो। हाम्रो यात्राको विषयमा पनि उहाँ उत्तिकै जिज्ञासु देखिनुभयो । उहाँकी छोरी इशरा र राजकलाले पनि भ्रमणबारे चासो नदेखाएको चाहिं होइन। कल्पना दिदीले भन्नुभयो, मेरो विवाह ९ वर्षको उमेरमा १८ वर्षको केटासँग भएको थियो। सुरुताका बूढाको पनि वास्तै गर्दिनथे। ४ छोरा थाहै नपाई भएपछि बूढासँग बात गरे । कि त तिमीले मलाई राम्रो गर, या त विवाह गरिदेउ भनेपछि मैले आफैंले केटी खोजेर श्रीमान् को विधि विधानसँग विवाह गरिदिएँ। ३ वर्षपछि उनलाई श्रीमान्ले नहेरे पछि उ पोइला गई। त्यसपछि मैले श्रीमान् लाई माया गर्न थालें। वास्तवमा उहाँ नै जति गरे नगरे पनि जति भने नभने पनि मेरै श्रीमान् हुनुहुँदो रहेछ। कसै गरे पनि टरेन ।

उहाँको कुरा निकै ठट्यौलो जस्तो भएपनि गम्भीर लागे हामीलाई। आफ्नो श्रीमान्लाई विवाह गराइदिंदा उहाँ १९ वर्षकी हुनुहुन्थ्यो रे! १९ वर्षमै ४ सन्तानकी आमा बन्नुभएकी उहाँले कसरी सौता भित्र्याउनुभयो ? हामी आश्चर्यचकित भयौं। यस्तै गन्थन मन्थनका साथ बेलुकी ११ बजेतिर हामीले कालिकोट बसाईको अन्तिम रात्री विश्राम लियौं। र, कालिकोट भ्रमण पनि सक्यौं।

कालिकोट यात्राका क्रममा प्राप्त नगद सहयोग

एकनारायण शर्मा (जि.वि.स.)	रु. २,०००/-
जिल्ला प्रशासन कार्यालय	रु. ५००/-
सादा नेपाल	रु. ५००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

कालिकोटमा स्वागत गर्न पाउँदा खुशी लाग्यो । - मणिकुमार पोखरेल (नि.प्र.जि.अ.), जिल्ला प्रशासन

विश्वबन्धुत्व, भातृत्व र सद्भाव विकास होस् । - एकनारायण शर्मा (चिलाउनेबास ७ स्याङ्गजा), स्था. वि.अ. जि.वि.स.

...साँच्चै प्रेस स्वतन्त्रता छाओस्, सबैमा सुबुद्धि जागी... । - कृष्णराज धमला, स्यूना ६, रेडियो मालिका

हरपल जनता सताउने नचलोस् क्रान्ति ।

- कोपिला सञ्ज्याल, नानीकोट ७, राधिका बराल आँसु, फूकोट ८, जीवन कुमार शाही, रेडियो मालिका

नेपालको यथार्थता विश्वसामु प्रदर्शित होस् । - कृष्णसिंह थापा क्षेत्री, वनकटुवा ३, पेडारी, बाके, दिपेन्द्र हमाल (कालिकानगर १, कोहलपुर, बाके), बालकृष्ण घिमिरे, हर्मी ६, गोरखा, प्रेम भारती, उत्तरगंगा ९, मुलपानी सुर्खेत हाल: नेपाल रेडक्रस सोसाइटी, कालिकोट, डिल्लीराज शर्मा, चौतारा ५, स्यांगजा हाल: जि.वि.स.

कर्णालीको कालिकोटमा हार्दिक स्वागत । - तुलाराम पाण्डे (अध्यक्ष), नेपाल पत्रकार महासंघ

केन्द्रमा समाचार प्राय: नबज्ने, काम गर्दा धम्की आइरहने । - आनन्द बराल रेडियो नेपाल

स्वतन्त्ररुपमा पत्रकारिता गर्न पाउँ । - नगेन्द्रबहादुर विष्ट र लिलाराज बम (रेडियो चुलिमालिका), भानुभक्त बराल (गोरखापत्र संस्थान)

उद्देश्य प्राप्तिमा सहज वातावरण सिर्जना होस् । - अशोकनाथ योगी (अध्यक्ष), विश्वराज बोडाटी (महासचिव), रेडियो चुलिमालिका

३२ औं जिल्ला दैलेख डायरी

२०६६ आषाढ १५: प्रात: ५:३० बजे हामीले ३१ औं जिल्ला कालिकोट भर्ता गा.वि.स र पिपलकोट गा.वि.स. साँधमा पर्ने दही खोला छोडेर ३२ औं जिल्ला दैलेख भ्रमण प्रारम्भ गऱ्यौं। कर्णाली पुल पारी अछामको भानखोरा र हामी हिडिंरहेको पीपलकोट दैलेखको भूभागलाई नियाल्दै हामी अगाडि बढ्यौं। पीपलकोट ५, कीटमा आएर मही र खीरको नास्ता गऱ्यौं। होटल सञ्चालक धर्मराज सञ्ज्यालले रेडियो नेपालबाट विश्वभ्रमण अभियानबारे समाचार सुनेको थिएँ, आज प्रत्यक्ष तपाईंहरुलाई देख्न पाउँदा धेरै खुशी लाग्यो भन्दै महीको पैसा लिन मान्नु भएन।

संक्षिप्त परिचय

क्षेत्रफल: १५००५१ हेक्टर वर्ग किलोमिटर, गा.वि.स. संख्या: ५५ नगरपालिका: १, निर्वाचन क्षेत्र: २, सदरसुकाम: दैलेखबजार, अञ्चल: भेरी, विकास क्षेत्र: मध्यपश्चिमाञ्चल

भौगालिक अवस्थिति: पूर्व जाजरकोट, पश्चिम अछाम उत्तर कालिकोट र दक्षिण सुर्खेत जिल्ला।

जातजाति: क्षेत्री ठकुरी, ब्राम्हण, गुरुंग, मगर, कामी, सार्की, दमाई नेवार, वादी र मुसलमान।

पर्यटकीय स्थल: पञ्चकोशी क्षेत्र (कोटिला, शिरस्थान, नाभीस्थान, धुलेश्वर, पादुका), भैरवी, तल्लो डुंगेश्वर, दुल्लु कीर्ति खम्ब, पञ्चदेवल, कोदगडी, वागवानी, बेलासपुर, पाथरनाउली, सात खम्ब, चामुण्डा, विन्द्रासैनी, कालिका देवी, घोडा दाउने आदि।

(साभार: जि.वि.स. दैलेख २०६१)

त्यहाँबाट बिदा भएर हामी सिंहासैन ९, खिड्कीज्यूला आइपुग्यौं। यहाँ वि.सं. २०६४ सालबाट बजार सुरु भएको स्थानीय पसलेहरुले बताए। हुम्ला, अछाम, दैलेखका मान्छे यहाँ आउने गरेका छन्, कालिकोटका चुलीमालिका र मालिका, अछामको रामारोशन, दैलेखको पञ्चकोशी एफ.एम., रेडियो नेपाल सुनिने पनि पसलेहरुको भनाई थियो।

खिड्की ज्यूलाबाट हामी भेल्तडी हुँदै राकम कर्णाली बजार आयौं। असार १५ को दिन किसानहरुले रोपाइँ गरिरहेका थिए। बारीमा मकै र खरबारीमा घाँस अनि जंगलको हरियाली दृश्य पनि हामीले नजर गऱ्यौं। राकम कर्णाली बजारमा खाना खायौं। स्थानीय एकजना दृष्टिविहीन नयाँराम माझीले आफू पूर्णरुपमा अपांग भएपनि आधा भत्ता मात्र पाएको गुनासो पोख्नुभयो। भित्रैदेखि मख्ख हाँसेर उहाँले हाम्रो भ्रमण सफलताको कामना गर्नुभयो। भेरी कर्णाली पुस्तक पसल एण्ड जनरल अर्डर सप्लायर्सका बल बहादुर सिजापतिले मान्छेहरुमा रक्सी खाने बानी परेपनि पत्रिका पढ्ने चासो नभएकोमा चिन्ता व्यक्त गर्नुभयो। जनज्योति मा.वि. राकम कर्णालीका शिक्षक जीवराज रेग्मीले पत्रकारिता पेशा गर्दा घरजग्गा नै बेच्नु परेकाले हाल त्यो पेशा छोडेर अन्य पेशामा लाग्नु परेको तितो अनुभव सुनाउनुभयो। उहाँले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियान सार्थक होस् भनी शुभकामना व्यक्त गर्नुभयो। हामीले बजार क्षेत्र पार गरेर अगाडि बढ्यौं। बढ्न त बढ्यौं अगाडि तर सूचना र जानकारी अभावमा हामीले राकम कर्णालीको जंगलमा बस्ने लोपोन्मुख राउटे जातिसँग भेट गरेर उनीहरुको जनजीवन बुझ्न सकेनौं। पछि पो हामीलाई यो कुरा थाहा भयो। र, खुनखुन लाग्यो।

बजारबाट केही अगाडि बढेपछि पानीको धारा देखियो। घाम लागेर गर्मी भइरहेका बेला भेटिएको चिसो पानीको धारा देखेर कसलाई पो लोभ नलाग्ला र? हामीले मज्जासँग नुहायौं। धारा नजिकैको बोटमा फलेको फल रुख चढेरै टिपेर खायौं। घाँस काट्न आएकी एक स्थानीय दिदीले पनि हामीलाई त्यो फल दिनुभयो। जसलाई स्थानीय भाषामा जंखु भनिंदो रहेछ। भोजपुरतिर जामुन भनिन्छ यस फललाई। जंखु खाए लगत्तै हामीले यात्रा थाल्यौं। सिंगौली गा.वि.स.को खुमलडाँडा साइखोला हुँदै टुनीबगर बजारमा आइपुग्दा साँझ पऱ्यो। कर्णालीको तीरमा अवस्थित यही बजारमा हामी बास बस्यौं। खुब गर्मी भयो। होटलमा खाना खाएर सुत्यौं।

२०६६ आषाढ १६: प्रात: उठ्नासाथ सिंगौडी ६ मा अवस्थित टुनी बगर बजार हामीले भ्रमण गऱ्यौं। वि.सं. २०५९ बाट गाडी चल्न सुरु गरेदेखि यो बजार विस्तार भएको रहेछ। बजार क्षेत्रमा ढुंगा, बालुवा थुप्रो देखेपछि हामीले स्थानीय पसलेहरुसँग जिज्ञासा राख्यौं। उनीहरु यसले गर्दा दु:खित देखिए। कहिल्यै बाढी नआउने सानो खोल्सामा यसपटक बाढी आएर यस्तो अवस्था आइपर्‍यो, पसले हर्क बहादुर बुढाले जानकारी दिनुभयो। बजार सँगै रहेको कर्णालीको झोलुंगे पुल पार गरेर अछामेलीहरु आउने जाने गर्दा रहेछन्। पुल तर्नासाथ अछामको रानीवन सुरु हुँदोरहेछ।

टुनी बगरबाट हामी मध्य पश्चिम यातायात अर्न्तगत पर्ने ६५५ नं को बस चढ्यौं। बसका धनी भुपेन्द्र तिवारीले हामीलाई पादुका खोलासम्म नि:शुल्क ल्याई दिनुभयो। कच्ची बाटो गाडीलाई निकै सास्ती नै थियो। सात्तला गा.वि.स. को ...

हुँदै रामाघाट तरेर बस लयाटी बिन्द्रासैनी गा.वि.स. को पालताडा छिचोलेर पादुका खोलाको पुलमा आइपुगेको थियो। हामीले त्यहीं बिहानी खाना खायौं। मध्यान्ह १२ बजिसकेको थियो। स्थानीय रावल होटलमा केहीबेर आराम र डायरी लेखनमा जुट्यौं।

साँझ ५ बजे हामी पादुका खोला पुलबाट पादुका स्थानतर्फ उकालो लाग्यौं। खोलै खोला २ घण्टा हिंडेर पादुका मन्दिर परिसर आइपुग्यौं। मन्दिरका पूजारी अमृतनाथ योगीले हामीलाई पादुका ३ स्थित आफ्नै घरमा ल्याएर खानपिन र बसोबासको प्रबन्ध मिलाउनुभयो।

२०६६ आषाढ १७: बिहान उठेर हामीले पूजारी अमृतनाथ योगीको घरमै मुख धोयौं। कारण, पानीको धारा टाढा रहेछ। त्यसपछि हामी पादुका मन्दिर गयौं। पूजारीले हामीलाई यो मन्दिरको विशेषता र चिन्ता यसरी व्यक्त गर्नुभयो, परापूर्व कालमा महादेवले शोकमा डुबी आफ्नी श्रीमती सतीदेवीको मृत शरीर बोकेर धर्ती डुल्ने क्रममा पाउ पतन भएर यो तीर्थस्थल बनेको हो, अझ यहाँ पञ्चपाण्डव आएर ३६० मन्दिर बनाएको थप किम्वदन्ती छ। नदीले वर्षेनी मन्दिर क्षेत्र कटान गर्दै रहेकाले केही वर्षअघि बलिरहेको ज्वाला निभ्यो, धुनी घर पनि चुहिने भएर लड्न लागेको छ, तर कतैबाट पनि यसको संरक्षणमा पहल भएको छैन।

हुन पनि खोला पारी जम्बुकाँध गा.वि.स. लाइनचौरको फाँटिलो भूभाग, वारीपट्टि पादुका ३ मा अविस्थत यो मन्दिरको मनोरमता जो कसैलाई लोभ्याउने खालको छ। आँप, पीपल, खरी, किमुजस्ता रुखहरुले शोभायमान हरियाली मन्दिर क्षेत्र र धार्मिक आस्थावान्का लागि पवित्र भूमि रहेछ यो परिसर। ठूल्ठूला पत्थरका बुट्टेदार खम्बा र मूर्ति बेवारीसे अवस्थामा लडेका छन् यहाँ। यसको संरक्षण र सम्बर्द्धनमा स्थानीयवासीदेखि सरकारी निकायसम्मको उत्तिकै जिम्मेवारी हुन्छ। सबैको ध्यान केन्द्रित होस्।

पूजारीलाई हामीले किन कान छेड्नुभएको भनेर प्रश्न गऱ्यौं। उहाँले भन्नुभयो, पूजारीका लागि कान छेडेर कुण्डल लगाउनु अनिवार्य छ। हिंड्ने बेलामा पूजारीले भन्नुभयो, मन्दिरको नाममा रहेको १६ कित्ता जगगा के भयो मलाई थाहा छैन। म विना पारिश्रमिक हरेक बिहान बेलुकी पूजा र धूप बत्ती गरिरहेको छु।

हामी पादुका मन्दिरबाट भर्खर भर्खर खन्दै गरेको रोडै रोड हिंडेर पादुका गा.वि.स. परिसर भुजनिया पोखरी आयौं। स्थानीय पसलेको सोलारमा ब्याटी चार्ज गर्दै कुराकानी गऱ्यौं। पादुका ४ का देवेन्द्र पुरी, चन्द्रदेव पुरी, विष्णु पुरी र अन्य उपस्थित स्थानीयवासीले १० वर्षे युद्धकालीन अवस्थापछि शान्ति सुरक्षा महसुस भइरहेको बताए। यद्यपि राजनीतिक खिचातानीका कारण ग्रामीण विकासको बजेट कार्यान्वयन हुन नसकेकाले खानेपानीमा समस्या परेको उनीहरुले गुनासो पोखे।

त्यहाँबाट हिंड्दै हामी बडलम्जी १, घ्यातिधु बजार हुँदै उकालो चढेर धुलेश्वर मन्दिर पुग्यौं। डाँडामा अवस्थित मन्दिरबाट टाढा टाढा सम्मको दृश्य देख्न पाइयो। पर्यटकीय क्षेत्र बनाउन सकिने त्यो आनन्दभूमिलाई छोडेर हामी दुल्लुतिर लाग्यौं। पेटमा मुसा दर्गुन थालिसकेका थिए। भजनिया पोखरी र घ्यातिधु बजारमा कतै तरकारी त कतै पानी छैन भनेर खाना पकाउन मानेनन्।

बाटामा भेट हुनुभएका दुल्लु उ.मा.वि. का शिक्षक शक्ति बहादुर बुढाले हामीलाई बालेश्वर मन्दिर देखाउँदै दुल्लु ल्याउनुभयो। बालेश्वर मन्दिर जंगबहादुर राणाका बाबु बालनरसिंह कुँवरको समाधिस्थल हो रे! मासको पीठोको लिउन हानिएको मन्दिर क्षेत्र पनि उत्तिकै शीतल र आनन्ददायक थियो। त्यतिबेला लिउन हान्न पाउने मासको पीठो आजकल त कहाँ पाउनु र खै?

दैलेखको पूरानो र हालको दोश्रो सदरमुकामको रुपमा रहेको दुल्लु बजारको पूर्वेली राई होटलमा आएर हामीले बिहानको खाना खायौं। यतिबेला दिउँसो २ बजिसकेछ। संयोगले यो होटल पनि भोजपुरकै राई परिवारको परेछ। यहीं नेपाल पत्रकार महासंघ दैलेखका सचिव घनश्याम भण्डारी र अन्य स्थानीयवासीसँग पनि हाम्रो परिचय र कुराकानी जम्यो। आज हामी यहीं बसेर आराम, अध्ययन र लेखनमा व्यस्त रह्यौं। बेलुकी खानपिन र बसोबास पनि यही भयो। यो होटलकै छेउमा माओवादी आक्रमणबाट ध्वस्त दुल्लु दरबारको दृश्य पनि देख्न पाइयो।

२०६६ आषाढ १८: बिहानी घामको झुल्को सँगै हामी दुल्लुबजार भ्रमणमा जुट्यौं। यसक्रममा हामी सर्वप्रथम ईलाका प्रहरी कार्यालय पुग्यौं। त्यहाँ प्रहरी निरीक्षक नवीन क्षेत्री र अन्य प्रहरी जवानसँग हाम्रो परिचय र कुराकानी भयो। निरीक्षक क्षेत्रीले भन्नुभयो, दुल्लु सुन्तलाका लागि प्रसिद्ध र पहिलेको एक राज्य रहेछ। वादी, मुस्लिम लगायत सबै जातजाति यस क्षेत्रमा बस्छन्, यहाँ गरिबी छ। विद्यार्थीले परीक्षामा चिट चोर्नुपर्छ भन्ने मानसिकता पनि उत्तिकै छ। यद्यपि भूबनोट राम्रो र ऐतिहासिक पुरातात्विक हिसाबले उत्कृष्ट लाग्छ दुल्लु। यस क्षेत्रमा पत्रपत्रिका पढ्न र टेलिभिजिन हेर्न पाइदैन। त्यसकारण ढुंगे युगझैं लाग्छ।

प्रहरी परिवारको विश्वभ्रमण सफलताको शुभेच्छा लिएर हामी द्वन्द्व कालमा ध्वस्त भएको दुल्लु दरबार परिसर हुँदै कृति खम्बा पुग्यौं । त्यहाँ दुल्लु १ का दिनेश खनाल, रावतकोट १, का मदनकुमार थापा र अन्य व्यक्तिसँग हामीले केहीबेर कुराकानी गर्‍यौं । उनीहरुले प्रेसलाई हेर्ने राज्यको नजर सही हुनुपर्ने भन्दै पत्रकारिता क्षेत्रले पनि वास्तविक एवं आधिकारिक समाचार सम्प्रेषण गर्नुपर्छ भन्ने धारणा व्यक्त गरे । आफ्नो जिल्ला एवं क्षेत्रमा भएका ऐतिहासिक तथा प्राकृतिक श्रोत साधन सदुपयोग हुन नसक्नुमा हामी आफूले पनि उचित भूमिका निभाउन नसक्नु हो भनी स्वीकार गरे ।

७ खम्बा

अनुसन्धानकर्ता पूर्णप्रकाश नेपाल यात्रीका अनुसार कृति खम्बाको शिलालेख १०३८ मा लेखिएको नेपालकै पहिलो शिलालेख हो । यो खम्बालाई नियालेर हामी चाँदनी चोक पुग्यौं । आशि जनरल अर्डर एण्ड सप्लायर्स सञ्चालकले भने, पहिले सुर्खेतबाट आउने नयाँ नेपाल दैनिक पत्रिका १०० प्रति बिक्ने गर्दथ्यो तर आजकाल आउन छाड्यो । सुर्खेतबाट अरु पत्रिका पनि कसैले पठाइ दिदैनन् ।

हामीले यात्राका क्रममा जहींतही चूरोट, रक्सी, चाउचाउ विस्कुट भेटेका छौं । पुस्तक पसल भेटिनासाथ रंगीन पत्रि पाएका छौं । यसबाट हामीले प्रष्ट हुनुपर्छ, नेपाली समाज सस्तो मनोरञ्जन अर्थात् विकृतितर्फ कति अगाडि बढिरहेको छ भ

बजारबाट फर्किएर हामी बास बसेको पूर्वेली राई होटल एण्ड लज आयौं, खाना खायौं । छुट्टिने बेलामा भोजपुर जन्मघर भएका होटल सञ्चालक धन बहादुर र उहाँकी श्रीमती सीता राईले हामीलाई भावुक बनाउनुभयो । हामी आफ्नै गाउँठाउँ आफन्त भेट हुन पाउँदा साह्रै हर्षित छौं भनेर उहाँहरुले आँखाबाट आँसु झार्दा हामी पनि भावुक नहुने कुरै भएन । हामी पनि मान्छे, नयाँ नयाँ ठाउँ र परिवेशमा घुमिरहेका छौं । त्यसैले आत्मियतापूर्वक कुराकानी र सोधीखोजी गर्ने मान्छे पाउनु हाम्रा लागि पनि गौरवको कुरा हुन्छ । उहाँहरुले हाम्रो ३ छाक खाना र बसाइको हिसाब गर्न मान्दै मान्नु भएन । अझ तपाईंहरुलाई सह गर्न सकिएन भन्दै हुनुहुन्थ्यो उहाँहरु । रोडको ठेक्का पट्टाका सिलसिलामा यहाँ आइपुगेको बताउने उहाँहरुलाई धन्यवाद दिंदै छुट्टियौं ।

नाभीस्थान शीरस्थान हुँदै दैलेख बजार पुग्ने बाटो तय भयो । हामी दुल्लु बजारबाट केही तेर्सो हिंडेर अलिकति ओ झरेपछि गमौडी ७, सातखम्बा गाउँ आइपुग्यो । त्यहाँ ७ वटा खम्बा गाडेका रहेछन् । बीचमा अग्लो दुवैतिर क्रमशः केही चट्टानका बुट्टेदार खम्बा हामीले देख्यौं । यस खम्बाका बारेमा कसै-कसैले भने परापूर्व कालमा पाँच पाण्डवले फरक फरक ठाउँ गाडेका हुन् यी खम्बा । तर, पछि तिब्बती भोटेले एकै ठाउँ गाडेर सुनको थाली लगेका रे ! फेरि कसैले भने गाउँकै मान्छेले मि गाडेका हुन् यी खम्बा । जे होस्, यस क्षेत्रमा यस्ता धेरै किसिमका पुरातात्विक शिलालेख, खम्बा र मन्दिर पाइदा रहेछन् । यिनीहरुको वास्तविक संरक्षण र पहिचान हुन सकेको छैन ।

सातखम्बा हेरेर हामी वर्षा याममा परेको पानी जमाएर हिउँदको समयमा पिउने पानीको जोहो गर्ने उद्देश्यका साथ राखिएका सिमेण्टका ठूल्ठूला घैंटालाई नियाल्दै ओरालो झर्‍यौं । बाटामा सातखम्बाकै लालजिरी ठकुरी र दुई वटी लक्ष्मी वि.क. हाम्रो भेट भयो । यी दुई लक्ष्मी सासु बुहारी पर्दा रहेछन् । दुवैको एउटै नाम परेकाले क लक्ष्मी र ख लक्ष्मी नाम राख्नु पर्‍यो हामीले भन्दा सबैको हाँसोको फोहोरा छुट्यो । गमौडी गा.वि.स. परिसरमा रु. १ मा दुई दानाका दरले रु. ५ को १० दाना नास किनेर खायौं । त्यसपछि हामी गैरी हुँदै ओरालो झरेर गमौडी ८, नाभीस्थान आयौं ।

नाभीस्थान यस भेगका मान्छे मरेपछि ल्याउने घाट रहेछ । रुद्रावती खोला किनारमा अवस्थित यो ठाउँ पारी रावत गा.वि.स.को भूभाग पर्दो रहेछ । हामीचाहिं नाभीस्थानको अवलोकनमा जुट्यौं । इन्द्र ज्वाला र बडी ज्वाला दुई ठाउँमा निरन्तर आगो बल्दो रहेछ । यो ज्वाला कहिलेदेखि बलेको हो र बल्नुको कारण के हो ? भन्ने विषयमा जनश्रुति मात्र छन् । पञ्च पाण्डव आफ्नी आमालाई मरेपछि यहाँ जलाउन ल्याउँदा आगो नपाएपछि आराधाना गरेर ज्वाला निस्केको हो भन्ने स्थानीय मान्यता रहेछ । नाभीस्थानका पूजारी भगवान् नाथ योगीले भन्नुभयो, तामाको पाइप ल्याएर यो मुखनेर घण्ट राखिएको छ, तर कहाँबाट आएको छ पत्तो छैन ।

नाभीस्थान मन्दिर परिसर पनि विभिन्न मूर्तिहरुले सजाइएको छ। समीको ठूलो बोट, आँप, बाँसजस्ता विरुवाले यो ठाउँ शोभायमान छ। यही ठाउँमा गमौडी ४ का एकदेव पुरी, रावतकोट ८, का जय बहादुर महतारा, गमौडी ६ वेदे गाउँका नर बहादुर बुढा र भक्त नेपाली एवं नाभीस्थान कोठारीका गगनसिंह पुरी लगायतसँग हामीले कुराकानी गऱ्यौं। यो मन्दिरको गुठियार समेत रहेका बताउने उनीहरुले आफूहरु धार्मिक शोषणमा परेको गुनासो गरे। यसको कारणचाहिं गुठीलाई चार आना जग्गा बराबर १ माना घिउ, १ माना तेल र चार आना नगद बुझाउनु पर्थ्यो रे! तर, अहिले १४ वर्ष भयो हामी आन्दोलित भएर कर बुझाएका छैनौं, गुठीयार भन्दा बाहिरका मान्छेलाई हामीले जग्गा किनबेच गर्न पनि पाउँदैनौं। हामी मन्दिरको जोताहा छौं। हाम्रो आन्दोलन भनेको सरकारको मातहतमा अरु जग्गाधनीले बुझाए सरह मालपोत तिरेर आफ्नो जग्गा बनाउनका लागि हो। यो मागमा हालसम्म पनि सुनुवाई भएको छैन। यस्ता गुनासो सुनाएर विश्वभ्रमण सफलताको कामना गर्दै उनीहरु मन्दिरबाट आफ्नो घरतिर लागे।

मन्दिरमा रहेको ज्वालादेखि केही मिटर तल खोलामा पानीका भुल्का रहेछन्। भुल्कामा हरियो पातको सोली बनाएर आगो लगाउँदा त्यो सोली भुलुक् भुलुक् निस्केको पानीको भुल्कासँगै बल्दो रहेछ। यसबेला हामी सान्है भावुक बन्यौं र सोच्यौं, कुन समयदेखि यी ज्वालाहरु बलिरहेका होलान् ? पक्कै पनि यहाँ कुनै न कुनै पेट्रोलियम पदार्थ वा अन्य केही तत्व हुन सक्छ र त यो बल्छ।

तर यसको वास्तविक अनुसन्धान र सदुपयोग गर्ने दिशातिर नेपाल सरकारको किन ध्यान छैन ? अथाह प्राकृतिक धन भएको नेपाली भूभागलाई भीख मंगा बनाउने दरिद्र मानसिकता भएका नेता, विज्ञ, विकासे कार्यकर्ता र नेपालको श्रोत साधन पहिचान गर्न सिकाउने भन्दा भीख दिएर तुजुक देखाउने दातृ निकायको निकम्मापनमा हामी सबै नेपाली जनता पनि धेरथोर जिम्मेवार छौं। त्यसकारण, यो देशलाई भिखारी बनाउने नेता तथा दातृ संस्था होइन, नेपाली विद्यार्थीहरुलाई नेपालको हावापानी, भूमि, वनजंगल आदिको वैज्ञानिक खोज अनुसन्धान गर्न गराउन सक्ने शिक्षा र यो परिपाटी बसाल्न सक्ने राजनेता चाहिएको छ। कुशल राजनेता र दक्ष जनशक्ति नेपाली आमाले खोजेकी छन्, चाहेकी छन्। त्यसकारण जनस्तरबाटै भीख माग्ने विद्यमान परिपाटीको सट्टा वैज्ञानिक शिक्षाका लागि हामी नेपाली आफैं लागि पर्नुपर्ने र यसैका लागि दातृ संस्था एवं विदेशी निकायसँग अपिल पनि गर्नुपर्ने बेला आइसकेको छ। ढिलो गर्ने किन यस शुभकार्यमा ? जसमार्फत् नेपाल र नेपालीको भविष्य सुन्दर बन्न सक्छ भने।

मन्दिरका पूजारी योगी टेन्सन छ त्यसैले भांग खान्छु भन्दै थिए। बीच बीचमा भांगको सुरमा गफ गर्थे। वि.सं. २०६१ मा नेकपा माओवादीले खुट्टामा बञ्चरो प्रहार गरेको दुःखेसो सुनाउन बेलाबखत उनी कड्किएर बोल्थे भने, कुनै बेला जोक्स पनि सुनाएर माहोल रमाइलो बनाउँथे। कोठारी गगनसिंह र पूजारी योगीले लामो समयदेखि आफूहरुले तलब नपाएको गुनासो पनि पोख्न पछि परेनन्। पूजारीले समितिले पनि हिसाब किताब पारदर्शी ढंगले नगरेको आरोप लगाए भने कोठारी सिंहले महन्थ र समितिले हेर्ने कुरा मलाई केही थाहा छैन भन्ने प्रतिक्रिया दिए। त्यसैले अब नेपाल सरकार, गुठी संस्थान, व्यवस्थापन समिति सबै मिलेर मन्दिर व्यवस्थापनको सही नीति लागू गर्न पछि पर्नु हुँदैन। किनभने पूजारी कोठारी लगायतका कर्मचारीको कसरी व्यवस्था गर्ने र मन्दिरलाई कसरी चलाउने भन्ने कुरामा सबैजना स्पष्ट हुन जरुरी देखिन्छ।

पञ्चकोशी मध्येका शिरस्थान, नाभीस्थान, कोटिला, पादुका र धुलेश्वर बन्नुका पछाडि २ वटा भनाइहरु रहेको हामीले पायौं। बूढापाकाको एउटा भनाइअनुसार महादेवले आफ्नी श्रीमती सतीदेवीको मृत् शरीर बोकेर हिंडेपछि कोख झरे ठाउँमा कोटिला, शिर झरेर शिरस्थान, नाभी झरेर नाभीस्थान, पाउ खसेर पादुका र धुलोमुलो खसेर धुलेश्वर बनेको भन्ने छ। त्यसैगरी अर्को भनाइमा नाभीस्थान पहिलेदेखि नै मान्छे मरेपछि ल्याउने घाट थियो। पछि एउटा ठूलो सर्प देखा पऱ्यो। जसका कारण मुर्दा ल्याएर पोल्न नपाई सर्प फणा फिजाएर आउने हुँदा उसैलाई फालिदिएर हिंड्नु पर्ने अवस्था सिर्जना भयो। पञ्च पाण्डवले पनि आफ्नी आमा मरेपछि घाटमा जलाउन ल्याउँदा उक्त सर्पले लखेट्यो। त्यसपछि पाण्डवले धनुवाण प्रहार गर्दा नाभी झरेर नाभीस्थान, शीर खसेर शीर स्थान, कोख झरेर कोटिला, पाउ खसेर पादुका र धुलो मुलो खसेर धुलेश्वर बन्यो भन्ने भनाइ छ।
नाभीस्थान, शीर खसेर शीर स्थान, कोख झरेर कोटिला, पाउ खसेर पादुका र धुलो मुलो खसेर धुलेश्वर बन्यो भन्ने भनाइ छ। दैलेखको पञ्चकोशी पवित्र तीर्थस्थल हो भन्न कुनै कञ्जुस्याई

वास्तविक कुनै प्रमाण नभएपनि यी दुवै भनाईलाई मध्यनजर गर्दा दैलेखको पञ्चकोशी पवित्र तीर्थस्थल हो भन्न कुनै कञ्जुस्याई गर्नुपर्ने देखिदैन। यी क्षेत्रहरु धार्मिकताले मात्र नभई ठूलै प्राकृतिक श्रोत र साधनयुक्त ठाउँ भएकाले यसलाई पर्यटकीय क्षेत्रको रुपमा अध्ययन अनुसन्धान गर्दै विकसित गर्न सकिन्छ। यस्तै यस्तै कुराकानी र चिन्तन मननका साथ हामी यही बास बस्यौं।

२०६६ आषाढ १९: मिर्मिरे बिहानीको उज्यालो सँगै हामी उठ्यौं। नाभीस्थानका पूजारी र कोठारीसँग बिदा भएर हामी पञ्चकोशीकै अर्को प्रसिद्ध स्थल शिरस्थानतर्फ अगाडि बढ्यौं। रुद्रावती खोलाको बाँया किनारै किनार पानीको छालसँगै ३० मिनेट हिंडेर हामी शिरस्थान आयौं। त्यहाँका पूजारी टीकानाथ योगीले हामीलाई वारी पट्टि बलिरहेको ज्वाला र पारीपट्टि निभेको ज्वालास्थान देखाउनुभयो। पूजारीका अनुसार पारीपट्टीचाहिं वर्षायाममा पानी भएको बखत ज्वाला बल्छ। रावतकोट ९ मा अविस्थत शिर



सदरमुकाम दैलेख बजार

स्थानमा पनि थुप्रै पुराना मन्दिर र खम्बा छन् । सबैतिरको उचित व्यवस्थापनकै हो । दैलेखमा ३ दिन भइसक्यो, हामी ऐतिहासिक, पुरातात्विक एवं प्राकृतिक श्रोत साधनको अवलोकन व्यस्त छौं । दैलेख जिल्ला भ्रमण गर्न पाउँदा हामी गौरवान्वित छौं । तर, यस्ता श्रोत साधन लुकेर, लोप भएर र निमेर लागेको देख्दा हामीलाई उत्तिकै दुःख पनि लागेको छ । चसक्क काँडा बिँझेका छन् । कामना गर्छौं यी काँडाले पल्टिएर मनलाई थांगथिलो नपारुन् ।

यस्तै अनुभूतिका साथ शिरस्थानलाई छोडेर छामघाटबाट झोलुंगे पुल पार गऱ्यौं । त्यहाँबाट दैलेख सदरमुकाम अर्न्तगतको नारायण नगरपालिका सुरु हुँदोरहेछ । ना.न.पा. कुइकाना चानमारीका यम बहादुर बस्नेतले आफू वडा नं. १ को घर नं. २ मा बसिरहेको बताउनुभयो । उहाँ त्यहीं होटल गरेर हुँदो रहेछ । छामघाटका माछाको स्वाद लिएर हामी उकालो लाग्यौं । हाम्रो साथमा जि.शि.का. का श्रोत व्यक्ति शिवराज खड्का हुनुहुन्थ्यो । कुईकानाको उकालोमा घाम भएका कारण पसिना राम्रैसँग आए । पिपल चौतारामा बसेर हामीले केहीबेर श्रोत व्यक्ति खड्कासंग दैलेख भ्रमण र विश्वभ्रमणबारे कुराकानी गऱ्यौं । यही कुराकानीको मौकामा एकीकृत नेकपा माओवादी दैलेख सदस्य ... बहादुर शाही, छिउडी पुषाकोटका निवर्तमान अध्यक्ष मोतिराम खड्का, रिजुका तेजबहादुर र कमल बहादुर शाही र अन्य दैलेखी आइपुगे । दैलेख जिल्लाको धार्मिक स्थलका बारेमा पुस्तकको रुपमा परिचित गराइदिन अनुरोध गर्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो, श्रोत व्यक्ति खड्काले ।

माओवादी सदस्य शाहीले दैलेखको पत्रकारिता अहिलेसम्म निष्पक्ष पाएको धारणा व्यक्त गर्नुभयो । निवर्तमान अध्यक्ष खड्काले जि.वि.स. का प्राविधिकहरु तोकिएभन्दा बढी कमिसन नखाई योजना फरफारक गर्दैनन्, पैसा खान पाए भने योजना नभई फरफारक गरिदिन्छन् भन्ने आरोप लगाउनुभयो । अन्य दैलेखीहरु उहाँको भनाइमा सहमत देखिए । रिजुका शाही दाजुभाइले दैलेख जिल्लाका महत्वपूर्ण स्थल कुनै पनि पाठ्यपुस्तकमा हालसम्म नसमेटिनु सम्बन्धित निकायको बेवास्ता हो भनी टिप्पणी गर्नुभयो । उहाँहरुले दिएको शुभेच्छा ग्रहण गर्दै हामीले उकालो काट्यौं । डाँडामा निस्किएर तल हेर्दा रमाइलो गाउँबस्ती र छामघाटको ... देखियो । नारायण मन्दिर छेउबाट हामी बजार प्रवेश गऱ्यौं ।

सुरुमै नारायण मन्दिरको अवलोकन गरेर हामीले खाना खायौं । खाना खाने बेलामा भेट हुनुभएका बराह १, काफल गैरका मन बहादुर वि.क, कालभैरव ५, भूकाँहाका चन्द्र सुनुवार एवं नारायण नगरपालिका १, पुरानो बजारका ११ वर्षीय भाई ... भण्डारीसँग केहीबेर कुराकानी चल्यो । वि.क.ले बेरोजगारी र गरिबी समस्याका कारण गाउँबाट तरकारी बेचेर गुजारा चलाइरहेको बताउनुभयो । त्यहाँबाट बिदा भएर हामी पुरानो बजार खुल्लामञ्च हुँदै नयाँ बजार तर्फ लाग्यौं ।

नगरपालिकाको बजार ठूलै र लाम्चो आकारको डाँडामा रहेछ । दैलेखको सदरमुकाम पहिले दुल्लुमा भएपनि पछि दैलेख बजारमै सारिएछ । कतै उकालो ओरालो त कतै भिरालो छ दैलेख बजार । हामी यही बजार क्षेत्र घुम्दै जिल्ला प्रशासन कार्यालय दैलेख पुग्यौं । त्यहाँ प्रमुख जिल्ला अधिकारी वलदेव गौतम र प्रहरी नायब उपरीक्षक राजेन्द्र खड्कासँग भेट भयो । उहाँहरुले दैलेख पञ्चकोशी जस्ता महत्वपूर्ण स्थलहरुले शोभायमान छ, राजनीतिक चेतना पनि बढी नै हो, तर सामाजिक विकासमा पछाडि रहेको छ भन्नुभयो । यसैगरी परीक्षामा विद्यार्थीले चिट चोर्नु चोराउनु पर्छ भन्ने गलत संस्कार दैलेखमा बसेको प्रति उहाँहरुले चिन्ता प्रकट गर्नुभयो । प्र.जि.अ. गौतमले पत्रकारिता क्षेत्रबारे यस्तो धारणा राख्नुभयो, पत्रकारिता क्षेत्रले अस्वस्थ

पत्रकारहरुसँग

होडबाजीमा नलागी आधिकारिक र यथार्थ समाचार सम्प्रेषण गर्नुपर्छ, कसैको मुखपत्र नबनी व्यावसायिक मर्यादामा रहनुपर्छ, नेपालमा अर्न्तराष्ट्रिय मान्यताअनुसारका सञ्चारमाध्यम स्थापित हुन सकुन् ।

प्रिन्टिंग मेसिन

प्र.जि.अ. गौतमले यात्रा गर्नुमात्र ठूलो कुरा होइन, यसबाट प्राप्त हुने उपलब्धि ठूलो हुन्छ, धेरैले यात्रा गरेका छन्, तपाईहरुले के गर्नु हुने हो ? भन्दै विश्वभ्रमण सफलताका लागि शुभकामना पत्र प्रदान गर्नुभयो । उहाँको धारणाप्रति डी.एस.पी. खड्काको पनि सहमति रह्यो । जिल्ला प्रशासनबाट हामी नेपाल पत्रकार महासंघ दैलेखका अध्यक्ष विष्णुप्रसाद शर्मालाई भेट्न जि.वि.स. पुग्यौं ।

जि.वि.स.मा स्थानीय विकास अधिकारी विष्णुहरी पौडेल, त्यहाँ उपस्थित सञ्चारकर्मी र अन्य महानुभावसँग भेट भयो । ५५ गा.वि.स. र १ नगरपालिका रहेको दैलेख दधिचि ऋषिको तपस्या स्थल भएका कारण अपभ्रंश भएर दैलेख भएको र अर्को भनाइअनुसार पहिले दही धेरै पाइने भएका कारण दही पाइने लेक अर्थात् दैलेख भएको जानकारी अधिकारी पौडेलले दिनुभयो । र, विश्वभ्रमण सफलताको कामना पनि गर्नुभयो ।

त्यसपछि हामी पत्रकार महासंघ शाखा कार्यालय दैलेख पुगेर पत्रकार साथीहरुमाझ छलफल गर्‍यौं । उक्त छलफलमा अध्यक्ष विष्णुप्रसाद शर्मा, उपाध्यक्ष नवीन रिजाल, पत्रकारहरु पुष्कर थापा, प्रकाश अधिकारी लगायतको उपस्थिति थियो । महासंघका युवा अध्यक्ष शर्माले दैलेखको पत्रकारितामा जागिर छोडेर पनि युवा पत्रकारहरु पत्रकारिता गर्न अगाडि बढेको बताउँदै यस्ता पत्रकारहरुको प्रशंसा गर्नुभयो । माओवादीद्वारा पत्रकार डेकेन्द्रराज थापाको हत्या भएपछि दैलेखको पत्रकारिता साँच्चिकै जुर्मुराएको छ, त्यसको नेतृत्व दैलेखका युवा पत्रकारहरुले गरेका छन्, हौसिँदै उहाँले भन्नुभयो ।

हत्या भएको ४ वर्षपछि पनि स्वर्गीय पत्रकार डेकेन्द्रराज थापाको शव उत्खनन्मा पत्रकार महासंघ दैलेख शाखाले सफलता प्राप्त गर्‍यो, जसलाई अन्तराष्ट्रिय पत्रकार महासंघले समेत कद्दर गरेको छ । तर जनकपुरमा हत्या गरिएकी पत्रकार उमा सिंहलाई शहीद घोषणा गरी सरकारले क्षतिपूर्ति दिने निर्णय गरे पनि पत्रकार डेकेन्द्र थापाको परिवारलाई अहिलेसम्म हेरेन, क्षतिपूर्ति दिएन, यसमा महासंघ केन्द्रिय समितिले पहल गर्नु जरुरी छ, दैलेखी पत्रकारको सामूहिक आवाज थियो । यस जिल्लाका अग्रज पत्रकारहरुमा श्यामल अधिकारी (२०३२), डेकेन्द्रराज थापा, हरिहरसिंह राठौरलगायत रहेछन् । विश्वभ्रमणबारे अध्यक्ष शर्माले भन्नुभयो, यो कोहम् र सोहम् जोडीले नेपालको समग्र पत्रकारितालाई अध्ययन गरी विश्वमा नेपाली पत्रकारिताको अवस्था दर्शाउन सफल होस् ।

बेलुकी हामी याङ्गपाङ्ग भोजपुरमा जन्मिएर आजकाल कान्ति अफसेट प्रेस दैलेखमा कार्यरत दाजुभाई रोहित र विनोद ढकालको कोठामा बस्यौं ।

२०६६ आषाढ २० र २१: हाम्रा काम थोरै भए, धेरै रहे । शारीरिक थकानका कारण यि दिन आराममा बिते । आरामबाट बचे खुचेको समयमा हामीले अध्ययन र जम्माजम्मी ३ जना व्यक्तिसँग विश्वभ्रमण अभियानबारे कुराकानी गर्‍यौं । उहाँहरु हुनुहुन्थ्यो, वालिंग ३, स्यांगजाका सूर्य प्रसाद श्रेष्ठ एवं दैलेखका विद्यार्थी अर्चना के.सी. र रामबहादुर वि.क. । के.सी. लाई भ्रमण खुब रमाईलो लागेछ । उहाँहरु सबैले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । हामीले धन्यवाद ज्ञापन गर्‍यौं ।

२०६६ आषाढ २२ र २३: बिहान उठ्ने बित्तिकै हामी डायरी लेखन कार्यमा व्यस्त रह्यौं । केही क्षण फुर्सद निकालेर हामी पञ्चकोशी एफ.एम. १०४ मे. दैलेखको कार्यालय गयौं । पञ्चकोशी सामुदायिक सञ्चार केन्द्र दैलेखद्वारा सञ्चालित उक्त एफ.एम. कार्यालयमा स्टेशन म्यानेजर हरिहरसिंह राठौर, कार्यक्रम संयोजक गोविन्द भारती, एफ.एम. कर्मीहरु खेमराज थापा, याम शर्मा, अमृता राना मगर, शंकरकिशोर अभय र कार्यालय सहायक शशी श्रेष्ठसँग हाम्रो भेट भयो ।

स्टेशन म्यानेजर राठौरले पनि दैलेखको पत्रकारितामा नयाँ पुस्ताको प्रवेश भएको जानकारी गराउनुभयो । कुनै पनि निकायले सूचना लुकाउने कारण समाचार सकंलन एवं सम्प्रेषणमा आफूहरुले अवरोधको सामना गरिरहेको बताउँदै उहाँले दैलेखमा पत्रकारिताको अवस्था त्यति मजबुत छैन भन्नुभयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणलाई

शुभकामना पत्र प्रदान गर्दै उहाँले भन्नुभयो, नेपालबाट सुरु भएको यो विश्वभ्रमण अति नै प्रशंसनीय छ, जसमार्फत पत्रकारहरु कति साहसिला र हौसलावान् छन् भन्ने कुरा विश्वका पत्रकारहरुले बुझ्न पाउनेछन्, जहाँबाट भएपनि यो भ्रमणमा सहयोग गर्न म तयार छु चिन्ता नलिनुहोला। एफ.एम. कर्मीहरुलाई न्यून तलबमा काम गराउनु परेको यथार्थ स्वीकार्दै म्यानेजर राठौरले केही साथीहरु स्वयंसेवक भएर काम गरिरहेको पनि बताउनुभयो। हामी एफ.एम. परिवारसँग बिदा भएर प्रकाश अधिकारीसँग बजारमा रहेको एउटा औषधी पसल पुग्यौं।

त्यहाँ भुपेन्द्र शाही र आनन्द शाहीसँग बहस भयो। शाहीले नेपालमा स्वतन्त्र पत्रकार कोही नभएको बरु आफू नै एकमात्र स्वतन्त्र पत्रकार भएको दाबी गर्नुभयो। पत्रकारिताबारे उहाँको भनाइ थियो, नेपालका पत्रकारहरु रहरमा छन्, पत्रकारिताको इथिक्सलाई पालना गरेका छैनन्, सत्य, तथ्य, निष्पक्ष समाचार भनेर पनि पत्रकारले कसै न कसैको पक्ष गरिरहेकै छन्। यो बाध्यता पनि हो। किनकी नेपालमा स्वतन्त्र पत्रकार भएर काम गर्न गाऱ्हो छ, त्यसको अनुभव मसँग। त्यसैगरी आनन्द शाहीले मोफसलमा पत्रकारिता गर्ने पत्रकारको भविष्य नहुने धारणा राख्नुभयो। विश्वभ्रमणबारे उहाँको टिप्पणी यस्तो थियो, तपाईंहरुले विश्वभ्रमण पूरा गर्न कुनै न कुनै पार्टीको साहरा लिन बाध्य हुनुहुनेछ, जसरी म पत्रकार महासंघको सदस्य समेत भएर हाल तरुण दलमा आएको छु।

हामी पत्रकार महासंघ कार्यालय गयौं। महासंघ अध्यक्ष विष्णु शर्माले महासंघको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो। उहाँको यही शुभकामना पश्चात् हामी साविककै कोठामा आई खाना खायौं। र, सुत्यौं।

२०६६ आषाढ २४: बिहान १० मिनेट जति ओरालो झरेर हामीले पानीको मुहानसँगै रहेको धारामा नुहाई धुवाई गऱ्यौं। सदरमुकाममा घर घरमा धारा जडान गरिएको भएपनि ३ दिनदेखि पानी नआएकाले बजारवासी समस्यामा परेका छन्। दिदीले भनिन्, यहाँ पानी हुने हो भने त अन्य सुविधा राम्रै छ, यो जस्तो राम्रो ठाउँ त कहाँ होला र ?

खाना खाएर हामी नारायण नगरपालिका पुग्यौं। कार्यकारी अधिकृत वीरेन्द्रदेव भारतीले पुरानो बजारमा अवस्थित नारायण मन्दिरको नामबाट नगरपालिकाको नामाकरण गरी २०५४ सालमा स्थापना गरिएको बताउनुभयो। नगरपालिकाको आयश्रोत खासै नभएको र केन्द्रले पनि पहाडी भूभाग वा सुगम दुर्गम केही नछुट्याई एकै प्रकारको बजेट दिने गरेकाले समस्या छ उहाँले भन्नुभयो। धार्मिक एवं पर्यटकीय स्थलको संरक्षण सम्बर्द्धन गर्न नसकिएको बताउँदै उहाँले नगरपालिका क्षेत्रको मुहार बदल्न आफूहरु दिनप्रतिदिन लागि परिरहेको पनि उहाँले जानकारी दिनुभयो। हाल राजनीतिक दलका नेताहरुले धारो पानी र मन्दिरमा बजेट लगानी नगर्न आफूलाई सल्लाह दिन थालेका छन् उहाँले थप्नुभयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालनी गरिएको विश्वभ्रमण अभियान सफलताको कामना गर्दै अधिकृत भारतीले यस भ्रमणबाट एउटा जिल्लामा भएका राम्रा कुरा अरु जिल्लामा अनि विदेशमा भएका राम्रा कुरा नेपालमा ल्याएर देशको लागि ठूलो योगदान पुग्नेछ भन्ने आशा व्यक्त गर्नुभयो।

नगरपालिकाबाट हामी जिल्ला प्रहरी कार्यालय गेट अगाडि रहेको कान्ति अफसेट प्रेसमा आयौं। लाँकुरी गा.वि.स. का सचिव चन्द्रबहादुर विष्टसँग चिया पिउँदै केही बेर कुराकानी भयो। सचिव विष्टले भन्नुभयो, जाँड, रक्सी, चूरोट खैनीजस्ता कुलतका कारण नेपाली समाज बिग्रिएको छ। उहाँसँग बिदा भएर हामीले अफसेटका साथीहरु खेमराज सिजापति, लाल बहादुर सिंह, बहादुर चौधरी, प्रदीप अधिकारी लगायतसँग परिचय गऱ्यौं। यस्तै डूलघुम र कुराकानीमा आजको दिन बित्यो। बेलुकी दाजु र भाई विनोद ढकालसँग उहाँहरुकै कोठामा रमाईलो कुराकानीका साथ खाना खाएर सुत्यौं।

२०६६ आषाढ २५: बिहान उठ्नासाथ हामी विश्व सम्पदा सूचीमा सूचिकृत पञ्चदेवल अवलोकनका लागि गयौं। नारायण नगरपालिका ६, भुर्ती गाउँमा अवस्थित यो देवल सदरमुकामबाट ३० मिनेट पैदल हिंडेर हामी पुगेका थियौं। असार महिना केही दिन लागेको मौसम भएपनि गाउँघरमा धान चमरा र सुत्ला सेताम्मे भएका मकै बारीको दृश्य नियाल्दै हामी पञ्चदेवल पुग्यौं। देवल पुग्न भाई विनोद ढकालले साथ दिनुभयो। पञ्चदेवल नामाकरण गरिए पनि त्यहाँ विभिन्न कला र बुट्टाले सजिएका साना ठूला गरी २२ वटा देवल रहेछन्। नारायण नगरपालिका

का डिल्लीप्रसाद भट्टराईलाई हामीले त्यहीं भेट्यौं। उहाँले भन्नुभयो, एक रातमा नै पाण्डवले पत्थर भेला गरेर यी देवल बनाएका हुन् रे, तर, यसको उचित संरक्षण हुन सकेको छैन, मर्मत सम्भारका लागि आएका पैसा नेताले खाइदिइ हाल्छन्, यही कारणले यो पछि पऱ्यो।

वास्तवमा धार्मिक हिसाबले नै बनाइएको भएपनि त्यतिका ढुंगा भेला गरेर सिर्जनशील तरिकाले निर्माण गरिएको पञ्चदेवलको संरक्षण हुनै पर्छ। जुनसुकै धर्म सम्प्रदायका मान्छेले पनि यो प्राचीन, कलात्मक एवं विश्व सम्पदा सूचीमा सूचिकृत देवललाई संरक्षण गर्न नाक खुम्च्याउनु पर्दैन। धार्मिक या पर्यटकीय स्थलको रुपमा संरक्षित गर्न सकिन्छ, यस देवललाई। अझ यस देवल वरिपरि फूल बगैंचाले सजाउने हो भने यसको रुप रंग नै फेरिन्छ। हामी यस्तै छलफल गर्दै फर्कियौं।

खाना खाए लगत्तै हामी कृषि अनुसन्धान केन्द्र किमी गाउँ गई त्यहाँको बागवानी भ्रमण गऱ्यौं। केन्द्र प्रमुख वरिष्ठ वैज्ञानिक (एस ४) इश्वरीप्रसाद गौतमले भन्नुभयो, यहाँ नेपाल अधिराज्यमै सबभन्दा गुणस्तरयुक्त बिउ उत्पादन हुन्छ, त्यसका लागि पनि वातावरणले साथ दिएको छ, त्यसैले होला नार्क स्थापना दिवसमा जीवन ज्योति मकै उत्पादन साल्टाडा दैलेखले उत्कृष्ट राष्टिय सम्मान पत्र पायो। उहाँले थप्नुभयो, धान, मकै, गहुँ, कोदो र प्रायःजसो तरकारी फलफूलको परीक्षण यहाँ हुन्छ। स्थानीय स्तरमा काँक्रा चोर्दा पाप लाग्दैन भन्ने मान्यता रहेकाले यसको भने बीउ उत्पादन गर्न सकिएन भन्ने रमाइलो प्रसंग पनि उहाँले सुनाउनु भयो। विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्दै केन्द्र प्रमुख गौतमले कुनै पनि राजनीतिक दल, संघ संस्था को कसैको पनि पत्रकार नभई स्वतन्त्र पत्रकारको भूमिका खेली गाउँघर र बस्ती बस्तीका समाचार प्रसारणका निमित्त अनुरोध गर्नुभयो।

त्यहाँबाट फर्किएर किमुगाउँ र वरिपरिको दृश्य नियाल्दै हामी दैलेख बजारतिर आयौं। नास्ता, अध्ययन र लेखनमा बाँकी रहेको समय बिताइयो। बेलुकी चितवनका राम बहादुर मिजार र साविकका हामी ४ दाजुभाई कुराकानी गऱ्यौं। राती १० बजे निद्रा लागेकाले सुत्यौं।

२०६६ आषाढ २६: दैलेख बजार छोड्ने दिन आज। गत शुक्रबार दैलेख बजार आइपुगेर हामी डायरी टाइप गर्नुपर्ने र नयाँ पर्चा छपाउनु पर्ने भएकाले आज बेलुकी ५ बजेसम्म बजारमै बसेका थियौं। एक हप्तासम्म सँगै हाँसखेल गरेर बसेका ढकाल दाजुभाई सँग छुट्टिएर हिंड्नु पर्दा असहज महसुस चाहीं भएकै हो। जे, होस् रोहित दाजुले पर्चा छपाइदिनु र पूरै टाइप गर्न नसिकए पनि केही टाइप घटाउन आफैंले पाउनु हाम्रो उपलब्धि बन्यो दैलेख बसाइ।

हामी बेलुकी ५ बजे दैलेख बजार छोडेर प्रसिद्ध पञ्चकोशी मध्ये एक कोटिलातिर ओरालो हानियौं। पानी परिरहेकै थियो। १०/२० पाइला ओरालो झर्नासाथ कालभैरव ५ का रमेश संकल्प भण्डारीले हामीलाई देखेर बोलाउनुभयो। उहाँले विश्वभ्रमण सफलताको कामना गर्नुभयो। उहाँसँग छुट्टिएर हामी कुइकाना गाउँ र वारिपारी हाम्रो आँखाले भ्याउने दृश्यहरु अवलोकन गर्दै ओरालो हिंडिरहयौं। झण्डै डेढ घण्टा हिंडेर हामी कोटेश्वर महादेव मन्दिर कोटिला आइपुग्यौं।

खोला किनारभन्दा थोरै अग्लो डाँडामा अवस्थित मन्दिरमा पूजारी माई नारद गिरी साँझको आरती गर्दै हुनुहुन्थ्यो भने राम गिरीले घण्ट र दमाहा बजाउँदै। साँझको समयमा आरती गर्दै बजाइएका ती बाजाले हामीलाई पनि आनन्दको अनुभूति गरायो। हामी पूजारी माईकै साथ आश्रमतिर आयौं। त्यहाँ अरु २ जना माई र १ जना पुरुष साधु बस्दा रहेछन्। शिव गिरी त्यहाँकी गुरु हुनुहुँदो रहेछ। रमण गिरी अर्की बूढी माको नाम। यी नामहरु सुन्दा पुरुषको झैं लाग्छ। तर, वाम गिरी बाहेक अरु महिला।

उहाँहरुले हामीलाई आश्रम आइपुग्नासाथ पिढीमा बसालेर पाकेका आँप खान दिनुभयो। हार्दिकता, सौहार्द्धता एवं प्रेमपूर्वक दिइएको त्यो पाकेको आँप खादा कति मीठो भयो कति...वर्णन गरि साध्य छैन। त्यसपछि पनि तरकारी, मही, रोटी उहाँहरुले हामीलाई भोजन गराउनुभयो। केहीबेर उहाँहरुसँग हाम्रो कुराकानी पनि चल्यो। मन्दिरका गुरु महाराज गिरीले भन्नुभयो, मान्छे व्यक्तिगत रुपमा ठूल्ठूला शहर र देशमा महल बनाउँछन् तर, मठ मन्दिर र अरुको हित हुने काममा कत्ति पनि खर्च गर्दैनन्। यस्तै कुराकानी गर्दागर्दै रातको १० बजिसकेछ। हामी सबै जना सुत्यौं।

२०६६ आषाढ २७: बिहान उठेर पनि हामीले यही मन्दिरको राम्ररी अवलोकन गऱ्यौं। नारायण नगरपालिका ९ अन्तर्गत पर्ने कोटिला मन्दिर पञ्चकोशी भित्रका अन्य मन्दिरभन्दा केही व्यवस्थित रहेछ। हामीलाई लाग्यो, अन्य मन्दिरमा पुरुषको कमसल नेतृत्व तर यहाँ महिलाको सबल नेतृत्व भएकाले पनि हुनुपर्छ, यो मन्दिर अरुभन्दा व्यवस्थित देखिनुमा। अरु ठाउँमा महन्तहरुले आफ्नो हित र स्वार्थ अनुकूल चलेका कारण पनि व्यवस्थित हुन नसकेको हो भन्ने स्थानीयवासीहरुको आरोप छ। यस उदाहरणबाट बुझ्न सकिन्छ, पुरुषप्रधान नेपाली समाजमा महिलाहरुले पनि अवसर पाउने हो भने पुरुषको भन्दा राम्रो नेतृत्व गरेर समाजलाई ठोस योगदान दिन सक्छन्। त्यसैले देशको सर्वोच्च नेतृत्व पनि कुशल महिलालाई सुम्पिने पो हो कि ? कोटिला मन्दिर छेउमा

वि.सं. २०५० साल अघिसम्म नदी बग्थ्यो रे । नदीले अर्को किनारबाट धार परिवर्तन गरेपछि अहिले त्यहाँ खेत बनाइएको रहेछ । माईहरुले भन्नुभयो, सात कित्ता जमीन छ, उब्जनी राम्रै हुन्छ, यो जमीन नहुँदा हामी भीक्षा मागेर खान्थ्यौं ।

चिया पिएर हामी कोटिलाबाट बिदा भयौं । माताहरुको हार्दिकता, आतिथ्यता र मानवीयताको चर्चा गर्दै अनि उहाँहरुले आज पनि दिनुभएको आँप खाँदै हामी चुप्रातिर लाग्यौं । लाग्न त हामी चुप्रातिर लाग्यौं तर, दैलेख जिल्लाका यि ऐतिहासिक तथा पुरातात्विक स्थलहरु लोपोन्मुख हुँदै गएकोमा हामीलाई झन् बढी दुःख लागेको छ । हामी छामघाटको किनारै किनार नारायण नगरपालिका अर्न्तगतकै चुप्रा आइपुग्यौं । चुप्राको केही तल लोहारे र छामघाट मिसिएको छ ।

कोटिला मन्दिर

लोहारे खोलाको पुल तरेर हामी चुप्राको अर्को भाग बेलपाटा ५ आयौं । बजार क्षेत्र भ्रमण गर्दै बस काउण्टरमा भेला भ मानिसहरुसँग हामीले केहीबेर कुराकानी गऱ्यौं । त्यसपछि ३७६८ नम्बरको मध्यपश्चिम यातायातको बस चढेर हामी सुर्खेत लाग्यौं । कच्ची बाटो, वर्षाको समय ठाउँ ठाउँ बस रोक्किँदै नालीमा फस्दथ्यो । यो बस डुंगेश्वर हुँदै केहीबेर खोला किनार अनि उकालो चढेर गुराँसे आयो । सेरी दैलेख र चन्दनी सुर्खेतको सिमाना गुराँसेबाट हाम्रो ३२ औं जिल्ला दैलेख यात्रा अन्त्य र ३३ औं जिल्ला सुर्खेत भ्रमण प्रारम्भ भयो ।

दैलेख यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. ३,०००/-
नारायण नगरपालिका	रु. २,०००/-
पञ्चकोशी एफ.एम.	रु. १,००५/-
ई.प्रहरी.का. दुल्लु	रु. ५००/-
ईश्वरीप्रसाद गौतम (कृ.अ.केन्द्र)	रु. ५००/-
बखत बहादुर शाही (कृ.अ.केन्द्र)	रु. १६०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पत्रकारिता क्षेत्रमा नयाँ क्रान्ति ल्याउने आशा । - नवीन रिजाल (उपाध्यक्ष), पत्रकार महासंघ
दैलेखमा हार्दिक स्वागत यात्रा सफल रहोस् ।
- विष्णु शर्मा (अध्यक्ष), गोविन्द के.सी., प्रकाश अधिकारी, कविराज वि.सी. अमर सुनुवार, पत्रकार महासंघ
नमन कुमार शाही (इन्सेक जिल्ला प्रतिनिधि)
सकारात्मक शान्ति पत्रकारितालाई शुभकामना । - हरिहरसिंह राठौर, कान्तिपुर दैनिक
पत्रकारिताको क्षेत्रगत वर्गीकरण गर्नुपर्छ । - खेमराज थापा, रेडियो पञ्चकोशी
संसार जहिले साहसीको हातमा छ । - रमेश संकल्प भण्डारी, कालभैरव ५, दैलेख
पवित्र पत्रकारिता पेसा मर्यादित, पारदर्शी एवं स्वच्छ बनोस् । - शक्ति बहादुर बुढा, बढलम्जी १
सहज रुपमा नैं सफल रहोस् । - नवीनकुमार क्षेत्री, प्रहरी निरीक्षक, ईलाका प्रहरी कार्यालय, दुल्लु
गाउँ घर र वस्ती वस्तीका समाचार निष्पक्ष ढंगले सम्प्रेषण हुन् । - ईश्वरी प्रसाद गौतम, कृषि अनुसन्धान केन्द्र
दैलेख जिल्लाका महत्वपूर्ण धार्मिक स्थल परिचित हुन पाउन् । - शिवराज खड्का, गमौढी ४
पत्रकारिताको माग पूरा होस् । विष्णुहरी पौडेल, स्थानीय विकास अधिकारी
कार्यक्रम पूर्ण सफलताको कामना । - वीरेन्द्रदेव भारती, कार्यकारी अधिकृत नारायण नगरपालिका
साहसिक अभियान सफलताको कामना - वलदेव गौतम (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
जन्म र मृत्युको वास्तविकता बुझी राष्ट्र र विश्वसामु केही गर्नैपर्छ । - विनोद ढकाल, याङपाङ- ६ भोजपुर
विश्वसामु नेपालको ठूलो गौरव झल्काउने छ । - रोहित ढकाल, याङपाङ- ६ भोजपुर

३३ औं जिल्ला सुर्खेत डायरी

२०६६ आषाढ २७: दैलेखको चुप्राबाट जरबुटा ८, राता नाङ्ला बस आइपुगेपछि होटल अगाडि रोकियो। यात्रु र बस कर्मचारीसँगै हामीले खाना त्यहीं खायौं। यो ठाउँ आलुका लागि प्रख्यात रहेको बस कर्मचारीले बताए। दुई चार बोरा आलु गाडीमा लोड पनि गरे उनीहरुले। त्यसपछि गाडी अगाडि बढ्यो। साँघुरो बाटो बीचबीचमा विपरित दिशाबाट आएको गाडीलाई साइड दिन ब्याक गर्नु पर्थ्यो। कुहिरो लागेका कारण माथि डाँडाबाट सदरमुकाम वीरेन्द्रनगरको दृश्य धमिलो धमिलै देख्यो। चारैतिर डाँडाले घेरिएको समथर सुर्खेत उपत्यका वीरेन्द्रनगरले हामीलाई पूर्वाञ्चलको पर्यटकीय नगरी धरानको झल्को दियो। बिहान १० बजे दैलेखको चुप्राबाट हिंडेको बस दिउँसो ३ बजे वीरेन्द्रनगर बसपार्क आइपुग्यो।

> **संक्षिप्त परिचय**
>
> *क्षेत्रफल: २,४५१ वर्ग किलोमिटर, गा.वि.स. ५० वटा,*
> *नगरपालिका: १ निर्वाचन क्षेत्र: ३, सदरमुकाम: वीरेन्द्रनगर,*
> *अञ्चल: भेरी, विकास क्षेत्र: मध्यपश्चिमाञ्चल*
> *भौगालिक अवस्थिति: पूर्व सल्यान, पश्चिम डोटी, कैलाली, उत्तर जाजरकोट, दैलेख, अछाम र दक्षिण कैलाली, बर्दिया*
> *भाषा: नेपाली, मगर, थारु, राजी, मैथिली आदि*

बसबाट ओर्लनासाथ हामीले नेपाल पत्रकार महासंघ सुर्खेतका अध्यक्ष श्रीधर पौडेललाई फोन गर्‍यौं। उहाँले आफू नेपालगञ्ज रहेको जानकारी दिंदै सचिव कलेन्द्र सेजुवालको फोन नम्बर दिनुभयो। फोन गर्नासाथ सचिव सेजुवाल, स्थानीय रारा टेलिभिजन एवं बुलबुले एफ.एम. का सुदीप पुरी हामीलाई भेट्न बसपार्क पुग्नुभयो। होटल भ्याली भ्यू एण्ड लजमा हामी आयौं। बेलुकी मनोक्रान्ति साधक श्राम् (सुरत साउद, अछाम) र ज्रिम् (बलेन्द्र बुढा, बाजुरा) सँग हाम्रो कुराकानी भयो। खाना खाएर हामी सुत्यौं।

२०६६ आषाढ २८: बिहानै उठेर हामी वीरेन्द्रनगर बजार भ्रमण गर्न निस्कियौं। तल्लो बजारका स्थानीय व्यापारी दिव्यदेव काफ्लेले यस क्षेत्रमा तास, जुवा, रक्सी, वेश्यावृत्तिजस्ता विकृति हटाएर जनताको चेतनास्तर उकास्नु पर्ने आवश्यकता औंल्याउनु भयो। त्यहाँबाट हामी मंगलगढी चोक र त्यो चोकबाट जुम्ला रोड बौद्धतर्फ लाग्यौं। भेक पुस्तक पसलका बिक्रेताले सुर्खेतका सबै स्थानीय पत्रपत्रिका राम्रैसँग बिक्री वितरण हुने गरेको हामीलाई जानकारी दिए। बौद्ध चोकबाट हामी खोर्के लाइनको बस्ती नियाल्दै अगाडि बढ्यौं। यस लाइनमा विभिन्न जिल्लाबाट आएका श्रमिक मजदूर बस्ने गरेको र ऐलानी जग्गाको लालपूर्जा आउने भने पनि अहिलेसम्म नपाएको गुनासो स्थानीय कुरसिंह राउतले गर्नुभयो। उहाँको भनाई थियो मनोक्रान्तिका कार्यक्रमले मेरो जाँड रक्सी खाने बानी हटाइदियो, यसमा म खुशी छु।

खोला तरेर हामी शान्ति टोलतर्फ लाग्यौं। ठाउँ ठाउँमा उत्सुक स्थानीयवासीसँग कुराकानी गर्‍यौं। धरानको लाहुरेहरुको जस्तो बस्ती रहेछ भनेर हामीले भन्दा ठ्याक्कै मिलाउनुभयो, यहाँ पनि बढी ब्रिटिश सेनाका नेपालीहरु नै बस्छन् भन्दै स्थानीय एक युवा हाँसे। त्यहाँबाट कारागार क्षेत्र हुँदै चौतारा छेउबाट हामी मुख्य बजार तिर झर्‍यौं। बजार क्षेत्र नियाल्दै दूर संचार कार्यालय छेउबाट बौद्ध पथ हुँदै हामीले बसेकै होटलमा आएर खाना खायौं।

सुर्खेत सदरमुकाम वीरेन्द्रनगर बजार

खाना खानसाथ पत्रकार सचिव कलेन्द्र सेजुवालले फोन गरेर हामीलाई महासंघको कार्यालयमा बोलाउनुभयो। हिंड्दै हामी जि.वि.स., नगरपालिका एवं रेडक्रस छेउमा रहेको महासंघ कार्यालय पुग्यौं। महासंघको आफ्नै भवन व्यवस्थित हुँदै गएको पाइयो। त्यहाँ उपस्थित पत्रकार साथीहरु बीच अनुभव आदान प्रदान कार्यक्रम भयो। महासंघ सचिव सेजुवालले सुर्खेत जिल्लामा ३ वटा दैनिक, ५ वटा रेडियो र १ साप्ताहिक प्रकाशन तथा प्रसारण भइरहेको जानकारी गराउनुभयो। स्थानीय टी.भी. च्यानल पनि प्रसारणमा रहेको बताउँदै उहाँले हाल सुर्खेतमा पत्रकारिताको अवस्था सन्तोषजनक रहेको बताउनुभयो। अन्य

सञ्चारकर्मीहरुले श्रमजीवी पत्रकार ऐन लागू गर्न नसकेको र यदाकदा पत्रकारका नाममा व्यक्तिगत स्वार्थमा पत्रकारिता बद्नाम हुने गरेको भन्दै उहाँहरुले चिन्ता व्यक्त गर्नुभयो । यसका अतिरिक्त राज्यले चौथो अंगको व्यवहार गर्नुपर्ने र सकारात्मक पत्रकारिताको विकासका निम्ति विश्वभ्रमणले योगदान पुऱ्याओस् भनी सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

सुर्खेतका पत्रकारहरुसँग

सुर्खेतको पत्रकारिता साहित्यिक पत्रिका जुनकिरीका सम्पादक जनकलाल शर्माको सम्पादनमा सुरु भएको र त्यसपछि बालाराम शर्मा, भानुभक्त भारती र टंकप्रसाद भट्टराईको योगदान रहेको पाइयो । समाचार पत्रको रुपमा टंकप्रसाद भट्टराईद्वारा सम्पादित बुलबुले साप्ताहिक रहेछ । यिनै जानकारी र कार्यक्रम पश्चात् महासंघ भवनबाट बाहिरिएर हामी बजार भ्रमण तर्फ लाग्यौं ।

वीरेन्द्रनगर नगरपालिकाको घण्टाघर अवलोकन पश्चात् हामी पर्यटकीय स्थल बुलबुले उद्यानतर्फ लाग्यौं । बाटा मालिका मा.वि. मटेला, सुर्खेतका प्र.अ. नवराज भारतीसँग हाम्रो भेट भयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका ला सुरु गरिएको विश्वभ्रमणले उद्देश्य प्राप्ति गरोस् भन्ने उहाँको शुभेच्छा लिएर हिंड्दै हामी बुलबुले उद्यान पुग्यौं । विभि किसिमका फूल र रुख बिरुवाले शोभायमान उद्यानभित्र प्रवेश गर्दा हामीलाई आनन्दको अनुभूति भयो । खोई हाम्रो यो कमज हो वा खुबी जहाँ गयो त्यहीं आनन्द लाग्छ । बुलबुल गरेर पानी निस्किइ निरन्तर दश धारा बगिरहने ताल भएकाले यसला बुलबुल ताल भनिंदो रहेछ । लाटीकोइली गा.वि.स. अर्न्तगत रहेको यो एक आकर्षक स्थल बुलबुले उद्यान भित्रको ताल र क वीरेन्द्रनगरवासी र केही क्षण प्रकृतिसँग रम्न चाहने जो कोहीका लागि उपर्युक्त छ ।

उद्यान घुमिसकेपछि हामी एयरपोर्ट लाइनतिर गयौं । वी.न.पा. ११ एयरपोर्ट गेट नजिक पुग्न लाग्दा कतैबाट दाई दाई भ स्वर आयो । फर्केर हेर्दा एकजना महिलाले हामीलाई नै बोलाउनुभएको रहेछ । उहाँ हुनुहुँदो रहेछ, रेडियो प्यूठानमा कार्यरत महि सञ्चारकर्मी अल्का एम.सी. । उहाँले हामीलाई बाटै छेउमा रहेको उहाँको घर लैजानुभयो । एम.सी. परिवारले हामी दैलेख भ्र रहँदाको समाचार पढेको र रेडियो प्यूठानमा अर्न्तवार्ता सुनेको रहेछ । त्यसकारण, परिचय गर्न मन लागेर बोलाएका हौं, उहाँहरु भन्नुभयो । घर गएर ज्योति र जानकी एम.सी. लगायतसँग कुराकानी गर्दै खाजा खायौं । केहीबेरको कुराकानी पश्चात् हामी फे भ्रमणमै जुट्यौं ।

एयरपोर्टमा हवाइजहाज र हेलिकोप्टर थिए । तर, मौसम प्रतिकूल थियो । हामी वी.न.पा. ८ को कालिन्चोक चोक हुँ बजार फर्कियौं । वरिपरि डाँडाकाँडा र वनजंगलले घेरिएको बीचमा समथर भूभाग वीरेन्द्रनगर नगरपालिका बजार हामीला रमाइलो लाग्यो । ६ वटा राजमार्ग जोडिएको सुर्खेत जिल्ला धेरै सम्भावनायुक्त जिल्ला देखिन्छ । साँझ साविककै होटलमा आ हामीले खाना खायौं । अनि सुत्यौं ।

२०६६ आषाढ २९: बिहानीको समय लेख, पढमा नै व्यतित भयो । ११ बजे खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय, सुर्खे गयौं । कार्यालयमा प्र.जि.अ. रुद्रप्रसाद पौडेल र प्रशासकीय अधिकृत नवराज बरालसँग हाम्रो कुराकानी भयो । प्र.जि.अ. पौडेल ६ वटा राजमार्ग जोडिएको सुर्खेतलाई विभिन्न पर्यटकीय क्षेत्रमा समेत यातायात बिस्तार गरी प्रमुख पर्यटकीय क्षेत्र बनाउन सबै पक्ष पहल हुनुपर्ने बताउनुभयो । पोखरा सुर्खेत राजमार्ग कार्यान्वयन हुन नसक्नु दुःखद पक्ष हो । नेपालमा आन्तरिक पर्यटन बढाउन सरकार लाग्नु पर्छ । कर्मचारीहरुलाई पनि पर्यटनका लागि १ महिने व्यवस्था मिलाउने हो भने पर्यटन क्षेत्रको बिस्तार हुन्छ । यसप्र स्वदेशी विदेशी पर्यटकको संख्या बढाउने हो भने नेपालको पर्यटनमा ठूलै टेवा पुग्न सक्ने प्र.जि.अ. पौडेलले धारणा राख्नुभ

सुर्खेत जिल्ला समग्रमा राम्रो रहेपनि बहुविवाह, लागूपदार्थ, एच.आइ.भी. एड्सजस्ता समस्या दुःखद कुरा हुन्, उहाँ भन्नुभयो । कुनै पनि कार्यालयमा ढिला सुस्ती भएको खबर पाउनासाथ आफूले तुरुन्तै पहल गर्ने र त्यसमा अझ आनाकानी भ राजनीतिक दलका प्रतिनिधि बोलाएर भएपनि समयमै काम कारवाही गराउने गरेको दावी प्र.जि.अ. पौडेलको रह्यो । राम्रो लिनुभएछ विश्वमभ्रमणको भनी शुभकामना पत्र प्रदान गर्दै प्र.जि.अ. पौडेलले प्रेसले खराब पक्षलाई औंल्याएर सुध्रिने मार्ग देखाउ छ । र, चौथो अंगभन्दा बलियो छ । वर्गीकरणमा परेकालाई मात्र नभई सबै सञ्चारमाध्यमलाई सरकारले विज्ञापन दिनुपर्छ

कांक्रेविहार

मेरो धारणा छ। पत्रकारिताले पनि सबै पक्षको कुरा उद्धृत गरेर समाचार लेख्नुपर्छ, कतै कतै पूर्वाग्रहीपन पनि पाइन्छ। त्यस्तो नहोस् भन्ने म लगायत सबैको चाहना छ। बिदा हुने बेलामा प्र.जि.अ.ले भन्नुभयो, तपाईंहरुले भारत भ्रमण गर्दा त्यहाँका पत्रकार, प्रशासक, सरकार सबै पक्षसँग बाँध र सिमामा हुने गरेका समस्या अन्त्य गर्न अनुरोध गर्नुहोला भन्ने सल्लाह दिनुभयो।

प्र.जि.अ. सँग बिदा भएर हामी वीरेन्द्रनगर नगरपालिका आयौं। कार्यकारी अधिकृत ललितकुमार बस्नेतसँग हामीले केही बेर कुराकानी गऱ्यौं। शैक्षिक, प्रशासनिक र पर्यटकीय केन्द्र वीरेन्द्रनगर स्वच्छ, स्वस्थ र समुन्नत पार्ने हाम्रो रहर भन्ने नारा यस नगरपालिकाको रहेछ। नेपालको राजधानी काठमाडौंबाट लगभग ६०० कि.मी. उत्तर पश्चिममा अवस्थित नगरपालिकाको क्षेत्रफल ३६ वर्ग कि.मि. छ। यसको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, राता नांला र दक्षिणमा चूरे पहाडको हर्रे देउरालीका मनोरम पहाडले घेरिएको कौचार आकारमा दक्षिणतिर ढल्किएको सानो न धेरै जाडो न धेरै गर्मी हुने सुन्दर उपत्यकाको रुपमा चिनिंदो रहेछ। काँक्रेविहार, बुलबुले ताल, घण्टाघर, देउती बज्यै, कुइनेपानी, रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्रजस्ता पर्यटकीय स्थल छन् भन्ने जानकारी दिँदै कार्यकारी अधिकृत बस्नेतले सन्चारमाध्मबाट पनि राम्रो सहयोग मिलेको बताउनुभयो। कार्यालयमै लेखापाल रामदत्त सापकोटा, रेडक्रस जिल्ला सभापति लिलाराज सुवेदी, रेडक्रस मन्त्री देवप्रसाद गौतमले यो यात्राबाट निकालिएको निचोडले राज्यलाई सही दिशा दिन सकोस्, अनि प्रेसलाई स्वतन्त्र, निष्पक्ष बनाउन भूमिका खेलोस् भनी शुभकामना दिनुभयो।

नगरपालिकाबाट हामी यससँगै जोडिएर रहेको जि.वि.स. सुर्खेत कार्यालय पुग्यौं। कार्यालयमा स्थानीय विकास अधिकारी यज्ञप्रसाद भट्टराई, अनुगमन योजना तथा प्रशासकीय अधिकृत ध्रुवराज आचार्य, सूचना अधिकृत यामनारायण गौली लगायतसँग हाम्रो भेट भयो। सूचना अधिकृत गौलीले सुर मिलेका खेतहरुबाट निर्मित भएको तथा देवताहरुको आदि क्रिडास्थलको रुपमा चिनिने सुर्खेत जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्रको केन्द्रको रुपमा रहेको जानकारी गराउनुभयो। क्षेत्रीय सदरमुकाम भनिएपनि सो रुपमा विकास हुन नसकेको दुःखेसो जनताको छ। केही कार्यक्रम गर्नु पऱ्यो भने पनि नेपालगञ्ज तिरै हुन्छन्। अरु कुरा जे भएपनि प्राकृतिक एवं भौगोलिक सुन्दरताले सम्पन्न जिल्ला सुर्खेतलाई हामीले विकासतर्फ लम्काइरहेका छौं। वर्तमान युग भनेको सूचनाको युग हो। जो सँग पर्याप्त सूचना छ, उही सम्पन्न व्यक्ति हो भन्दै उहाँले सकारात्मक पत्रकारिताका पाठक दिनानुदिन बढिरहेको धारणा राख्नुभयो। सबैलाई सत्मार्गमा लाग्न र सकारात्मक सोचको विकास गर्न भ्रमण सफल हुनेमा विश्वस्त छु भन्दै उहाँ लगायत सबैले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो। त्यस पश्चात् हामीले बजार घुम्यौं। बेलुकी खाना खाएर सुतियो।

२०६६ आषाढ ३०: बिहान उठेर हामी सुर्खेत जिल्लाको लाटीकोइली गा.वि.स. ८ मा रहेको पुरातात्विक ठाउँ काक्रेविहार भ्रमण गर्न गयौं। हाम्रो साथमा हुनुहुन्थ्यो, दुनी ९, चौखुट्टे अछामका सुरत साउद भ्राम् र जयवागेश्वरी १, बाजुराका बलेन्द्र बुढा ज्रिम्। वीरेन्द्रनगर नगरपालिकाबाट ५ कि.मी. पैदल हिंडेर हामी बीच जंगलको डाँडामा अवस्थित काँक्रे विहार पुगेका थियौं। त्यहाँ भग्नावशेष ढिस्को र उत्खनन् गरिएका विभिन्न देवी देवताका कलात्मक मूर्ति रहेछन्। कुन समयमा बनाइएका हुन् यि कलात्मक मूर्तिहरु ? यिनीहरु यत्रतत्र लडेको देखेर हाम्रो ध्यानाकर्षण भयो। त्यति बिघ्न ठूला ढुंगा भेला गरेर बनाइएको सिर्जनात्मक कलाले हामीलाई लठ्याउन सम्म लठ्यायो। हामी त्यहाँ केहीबेर बस्यौं। हास्य रसयुक्त ज्ञानवर्द्धक कुराकानी गर्दै तस्वीर खिंचेर बजारतिर फर्क्यौं।

भ्राम् र ज्रिम् जी सँग छुट्टिएर हामीले होटलमा खाना खायौं। खाना खाएर नेपाल बैंक लिमिटेड कार्यालय पुग्यौं। शाखा प्रबन्धक महेश्वरप्रसाद श्रेष्ठले उद्देश्य प्राप्तिका लागि शुभकामना दिनुभयो। त्यहाँबाट हामी रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र सुर्खेत तर्फ लाग्यौं। टेम्पो चढेर कार्यालय पुगेपछि क्षेत्रीय प्रसारण केन्द्र प्रमुख पुष्करराज गौतम, पत्रकार भानुभक्त खड्का र रुक्मिणी गौतम पोखरेलसँग हाम्रो परिचय भयो। विश्वभ्रमणको उद्देश्यसँग परिचित भएपछि केन्द्र प्रमुख गौतमले प्रेस मर्यादित, स्वतन्त्र र सकारात्मक बन्न बनाउन यस भ्रमणले योगदान पुऱ्याओस् भनी शुभकामना दिनुभयो। फेरि भोली कार्यालयमा उहाँ र रेडियो परिवारसँग भेट्ने निर्णय साथ हामी बजारतिरै फर्क्यौं।

मध्यपश्चिम यातायात व्यवसायी संघको कार्यालय पुग्दा केही कर्मचारी भेटिएपनि कोही पनि पदाधिकारी हामीले भेट्न पाएनौं। त्यहाँबाट मध्यपश्चिम क्षेत्रीय प्रहरी कार्यालयमा डी.आई.जी. सँग भेट गर्न जाँदा कार्यालय समयमा आउनु भनेपछि गेटबाटै हामी फर्क्यौं। त्यहाँबाट काँक्रेविहार दैनिक कार्यालय आई हामीले कार्यकारी सम्पादक ललित बसेलसँग भेट गर्‍यौं। काँक्रेविहार दैनिकबाट नयाँ नेपाल दैनिक कार्यालय पुग्दा कार्यालय खुल्ला भएपनि बत्ती गएकाले होला सम्बन्धित कोही व्यक्ति पनि भेट्न सकिएन। घण्टाघर लाइनतिर घुम्न जाँदा जलजला पुस्तक पसलका खड्ग बहादुर वि.क.सँग कुराकानी भयो। राष्टिय जनमोर्चा पार्टीमा आबद्ध छु भन्दै उहाँले सैद्धान्तिक, आर्थिक र प्राविधिक कारणले पत्रकार क्षेत्र पिछाडिएको धारणा व्यक्त गर्नुभयो। आफूले पनि पत्रकारिता गर्ने बताउँदै उहाँले स्वतन्त्र, निष्पक्ष र व्यावसायिक पत्रकारिता विकास हुनुपर्ने म राख्नुभयो। नेपालमा पार्टीको अन्धभक्त भएर समर्थन गर्ने परिपाटी अन्त्य र राजनीति विज्ञानको रुपमा विकास हुनुपर्ने उहाँको थियो। वीरेन्द्रनगर बजार घुम्दा घुम्दै साँझ परि त हाल्यो।


देउती बज्यै मन्दिर

२०६६ आषाढ ३१: उठ्नासाथ हामी देउती बज्यै मन्दिरतर्फ लाग्यौं। लाटीकोइली गा.वि.स. पिपरा गाउँमा अवस्थित सो मं पुग्न नपाउँदै बाटामा रातो टीका लगाएर मन्दिर पुगेर फर्कंदै गरेका मानिसहरुलाई भेट्यौं। मनको कामना पूरा हुने विश्वा साथ मानिसहरु त्यहाँ जाँदा रहेछन्। हामी पाँचै जना मन्दिर प्रवेश गर्‍यौं। आज पनि हिजो काँक्रेबिहार जाने साथीहरु बर्दियाका निश्चल बोहोरा पनि हामीसँग थपिनु भएको छ। विभिन्न देवी देवताका स साना मन्दिरसहित एउटा ठूलो मन्दिर रहेछ। बजारमा फोटो स्टुडियो सञ्चालन गर्नेहरु त्यहाँ फोटो खिंच्न आउँदा रहेछन्।

वरिपरि घुमेर मन्दिर नियाली सकेपछि हामी त्यहाँबाट जरबुटा १, गाग्रेताल गाउँ गयौं। स्थानीयवासीहरुसँग कुरा भयो। क्षेत्रीय हुलाक कार्यालयका खरिदार विष्णुप्रसाद आचार्यले हुलाकलाई सबै तिरबाट पुरानै हिसाबबाट व्यवहार गरिए दुःखेसो व्यक्त गर्नुभयो। समयअनुसार यसको सेवामा परिवर्तन गरी विद्युत् टेलिफोन बिल तिर्ने विकसित देशको जस्तो हुलाक बनाउनु पर्छ भन्ने धारणा राख्नुभयो। त्यहाँका स्थानीयवासीले मनोक्रान्ति योग गर्ने सानो टहरा निर्माण गरेका रहेछन्। प्रेसले पूर्वा नभई सबै पक्षको आवाज समेट्न सकोस् भन्ने माग पनि उनीहरुले गरे।

त्यहाँबाट हामी बजार आएर ३ जना साथीसँग छुट्यौं। रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र गयौं। नेपाल पत्रकार महा सुर्खेत उपाध्यक्ष भानुभक्त खड्काले विश्वभ्रमण अभियानबारे अर्न्तवार्ता रेकर्ड गर्नुभयो।

त्यहाँबाट हामी सुरत साउद र बलेन्द्र बुढा जी बसेकै कोठामा आएर खाना खायौं। लेखपढ र आराम गर्‍यौं। सुरत र जी र बिहानी ग्रुपका विश्वकिरण नेपालीले पनि शुभकामना लेख्नुभयो। गर्मी भएकाले छतमा गएर हामी सुत्यौं। १ घण्टा पाउँदा नपाउँदै पानी पर्न थाल्यो। कोठामै आएर निदायौं।

२०६६ श्रावण १: बिहानै उठेर हामी सुर्खेतकै गुटु विद्यापुर हुँदै अछाम जिल्ला प्रवेश गर्ने योजनाका साथ साथीहरुसँग छुट्टिएर र चढ्यौं। ७३२३ नं.को मध्यपश्चिम यातायातको बसमार्फत् हामीले बांगे सिमलबाट वीरेन्द्रनगरलाई छोड्यौं। बस जंगलको बा बाटो दौड्दै हुर्के, ओदानतल भएर कुनाथरी ४ बड्डी चौर आएर रोकियो। बिहानको १०:३० बजेको थियो। यात्रुहरु ओर्लिएर ख खान थाले। हामीले पनि खाना खायौं। बड्डी चौरबाट कर्णाली राजमार्ग र गुट्टु जाने बाटो छुट्टिंदो रहेछ। खाना खाइसके हामी बस चढ्यौं।

गिमिने खोला तरेर किनारै किनार बाटो हिलो भएकाले बस कर्मचारीले माटो ढुंगा हाल्दै बस अगाडि बढाउँदै थिए। अगाडि बढ्नासाथ हिलो खाल्डोमा बस फस्यो। चक्का चिप्लिएर अगाडि बढ्नै सकेन। यात्रु र बस कर्मचारी मिलेर माटो हालिरहेका थिए। खलासीले टायर छेउमा बसेर अनि गल लगाएर उचाल्दै पनि थिए। विचरा टायर पड्किएर उनको अनुहार भरि हिलो माटो पर्‍यो। पानीले पखालेर हेर्दा उनको आँखा रातो भएको थियो। धन्न आँखा बचेछन् ती भाईका! टन्टल घाम लागिरहेको थियो। नजिकमा पिउने पानी नभएकाले यात्रुहरु तिर्खाले छट्पटाइ रहेका थिए। यो सडकका लागि करोडौं

बजेट आएर पनि नेताले सदुपयोग गरेनन् भनेर गाली गरेको आवाज पनि सुनियो। त्यही बेला बिजौरा ८ का कृष्णप्रसाद देवकोटा, गंगाराम देवकोटा र बाबियाचौर २ का कृष्णदेव वनसँग हाम्रो परिचय भयो।

आधा घण्टापछि विपरित दिशाबाट आएको बसमा चढेर हामी अगाडि बढ्यौं। खाल्डो र हिलोमा झ्याईकुटी पार्दै बस आफ्नै गतिमा चलिरह्यो। छत चढ्नुको पनि एउटा बेग्लै फाईदा भयो, हरियाली सुन्दरतालाई नियाल्दै हुँइकिने मौका पाउनु। सालकोट ५, पलाइटे, बाबियाचौर ६, बराइचे लेखिएका बोर्डका अक्षर पढ्न पनि भ्याइयो। गाडीमा यात्रारत साथीहरुलाई विश्वभ्रमणबारे जानकारी नगराएको पनि होईन। बेलुकी ५ बजे बस विद्यापुर ४ आएर रोकियो। बाटो भत्किएका कारण बस गुटु आएन। त्यसकारण ओर्लिएर हिंड्दै हामी गुटु लाग्ने भयौं।

प्रहरी चौकी विद्यापुरका असई ओमबहादुर शाहीसँग हाम्रो परिचय भयो। जाँड, रक्सीका कारण गाउँमा झगडा हुने गरेको असई शाहीले हामीलाई जानकारी गराउनुभयो। हुँदै नभएका कुरा मिडियाले समाचार सम्प्रेषण नगरेपनि कहिलेकाहिं वास्तविकताभन्दा बढी प्रचार गर्छ भन्ने उहाँको धारणा रहेछ। चौकीबाट स्थानीय होटलमा आएर हामीले नास्ता गर्‍यौं। होटल सञ्चालक टीकाराम साउद, विद्यापुर ३ का भीमराज सुवेदी र विद्यापुर ४ का इन्द्रप्रसाद सापकोटासँग कुराकानी भयो। यस क्षेत्रमा स्वर्णिम नेपाल साप्ताहिक पत्रिका जाँदो रहेछ। पहिलेको हिद्देपुरलाई विश्वनाथ शास्त्रीले विद्यापुर बनाएका हुन्, हाम्रो क्षेत्र विद्याका लागि पनि उत्कृष्ट छ उनीहरुले भने। नामअनुसारको ठाउँ त हुनै पर्‍यो नि हामीले भन्दा सबैजनाको हाँसोको फोहरा छुट्यो।

भीमराज सुवेदीकै सहयोगमा हामी गुटु ९, भट्टेसेरा तर्फ लाग्यौं। सल्यानको सल्लीबजारमा भेट हुनुभएका मित्र तीर्थ पौडेलको निमन्त्रणामा हामी यहाँ आइपुगेका हौं। तीर्थ जीका बुवा नरहरी पौडेल गाउँकै विद्यालयको शिक्षक हुनुहुँदो रहेछ। उहाँकै घरमा हामी बस्यौं। साँझ साँझमा तीर्थ जीसँग नुहाउन गयौं। बेलुकी परिवारका सबै सदस्यसँग यात्रा अनुभवबारे कुराकानी भयो। ८७ वर्षीया हजुरआमा कान छेउमै रेडियो लगेर खबर सुन्नु हुँदोरहेछ। यसबाट प्रष्ट हुन्छ, के युवा, के बृद्ध, के जवान सबैलाई सूचनाको हक आवश्यक छ। यो हक अधिकारबाट कसैलाई बञ्चित गरिनु हुँदैन। स्वतन्त्र प्रेसको कुनै विकल्प छैन। हामी ११ बजे सुत्यौं।

२०६६ श्रावण २: बिहान उठेर हातमुख धोइ केहीबेर पढ्ने र कुराकानी गर्ने काम भयो हाम्रो। खाजा खाएर मात्र जानुपर्छ भन्ने तीर्थ जीको अनुरोधलाई स्वीकार गर्‍यौं। तीर्थ जीको सानी छोरीसँग ठट्यौलो कुराकानी भयो। हामीसँग जाने भनेर जिस्काउन साथ उहाँले जान्छु भन्नुभयो। हिंड्ने बेलामा आफ्नो झोला बोकेर अंकलहरुसँग जाने भन्दै उहाँ रोएको क्षण हामी कहिल्यै भुल्न सक्दैनौं। हामी उहाँका हजुरबुवा नरहरि सँग बाटो लाग्यौं। गुटु बजारमा आएर हामीले स्थानीयवासीसँग केहीबेर कुराकानी गर्‍यौं। हाम्रो नयाँ नेपाल दैनिकका संवाददाता आकाश तारा वयक्ले वर्तमान पत्रकारिता क्षेत्रमा कार्यरत सञ्चारकर्मी पेशागत तवरले भन्दा मनोरञ्जनात्मक ढंगले बढी लाग्ने गरेको टिप्पणी गर्नुभयो। व्यावसायिक पत्रकारिता गर्न र टिक्न चाहनेले बढी नै दुःख कष्ट झेल्ने गरेका छन् उहाँले भन्नुभयो। गुटु ८, विशालनगरका स्थानीय बाँस्तोला भाँडा पसलका बलबहादुर बाँस्तोला र बजारवासीले यात्रा सफलताको कामना गर्नुभयो। हामी विद्यापुर बजार आयौं।

विद्यापुरबाट बान्द्रे, कल्यान हुँदै उकालो चढेर हामी चमेरे गुफा आयौं। विद्यापुर ८, चमेरेका नर बहादुर वाग्लेले हामीलाई चमेरे गुफा देखाउनुभयो। संरक्षणको अभावमा गुफाका भागहरु पुरिँदै गएका रहेछन्। वाग्लेले भन्नुभयो, भित्र ५ कोठा छन् ठूलै राँको बालेर पस्नुपर्छ, संरक्षणमा एक्लै लागेर नहुने रहेछ, यस गुफामा प्रशस्त चमेरा बस्ने भएकै कारण नै चमेरे गुफा भनिएको हो। गुफा अवलोकन पछि हामी वाग्लेकै घरमा आयौं। असारको गर्मी उकालो बाटो हिंडेर हामी यहाँ आइपुगेका थियौं। आउनासाथ हामीलाई आँप दिइयो। हाम्रा लागि यो आँप वरदान सावित भयो।



विद्यापुरको चमेरे गुफा

त्यहाँबाट हामी सुरेन्द्र वाग्ले, बालकृष्ण सापकोटा र गंगाराम घिमिरेको साथमा तल्लो सान्नेको मूल दह, माथिल्लो सान्नेको जाजुरा दह (ताल दह) र गाउँघर अवलोकन गर्न गयौं। वीरेन्द्रनगर र गुटुतिर भन्दा यता धेरै नै शीतल रहेछ। ढुंगै ढुंगाका ढाँडभरि गिट्ठाका प्रशस्तै लहरा अनि बारीमा केराका बोटहरु देखिए। जाजुरा दह वरिपरिको भाग रमाइलो छ। पानी पनि सङ्लै देखिन्छ। यद्यपि वरिपरि लगाइएको तार बार भत्किएको र जनचेतना नभएकाले यस दहको संरक्षण छैन। तार फलामका डण्डी कस कसका घरमा पुगे अत्तो पत्तो रहेनछ

। त्यसकारण अब गाउँलेलाई सचेत गराएर मात्र तारबारका लागि सरकारी रकम दिनुपर्ने देखिन्छ। दहको छेउमा ३/४ वटा ... प्रशस्त फडिर पाकिरहेका रहेछन् ।

साथीहरुले रुखमा चढेर फडिर झार्दै हामीलाई ख्वाउनुभयो । अघाउञ्जेल फडिर खाएर हामी सुरेन्द्र वाग्लेकै ... फर्क्यौं । बाटोमा एनेकपा माओवादीका पदम पुनसँग हाम्रो भेट भयो । उहाँले आफूहरु गाउँको विकासमा लागिपरिरहेको ... यात्रा सफलताको कामना गर्नुभयो । त्यसपछि बेलुका बुवा नरबहादुर वाग्लेसँग धेरै नै राम्रा, रमाइला र रोचक कुराकानीहरु ... उहाँ गाउँले उखान र कथा भन्न खुब रुचाउनु हुँदोरहेछ । अन्ततः खाना खाएर हामी सुत्यौं । यो भेगतिर आफूभन्दा मान्यजन ... बड्डा भनिंदो रहेछ ।

२०६६ श्रावण ३: बिहान उठ्नासाथ हातमुख धोएर हामीले नास्ता गर्‍यौं । त्यहाँबाट बिदा भएर सुरेन्द्रजीकै साथमा हामी गु... अवलोकनका लागि आयौं । विद्यापुर ९, डण्डुरे खोलाको खारेपानी भित्तामा अवस्थित यो दह गुफा भित्र रहेको छ । गुफाको ... टर्च बालेर हामी बिस्तारै पस्यौ । साँघुरो डिलबाट एउटा डिल काटेर घस्रदै तल झरेपछि निलो पानीको दह भेटियो । बाहिरबाट ... नामो निशान नदेखिने तर गुफाको सुरुंग हिंडेपछि यस्तो दृश्य देखिनु एकदमै आश्चर्यजनक कुरा लाग्यो हामीलाई । गुप्तीदह अवलोकन ... पश्चात् हामी सुरेन्द्र जीसँग छुट्टिएर बाँसपानीबाट जंगलघाट तरेर अछाम जिल्ला प्रवेश गर्ने योजनासहित हिंड्यौं ।

विद्यापुर ९ औल छाप्रे, आइपुगेपछि स्थानीयवासी लाल बहादुर राम्जाली मगर र परशुराम बाँस्तोलासँग हामीले ... कुराकानी गर्‍यौं । राम्जाली जीले पत्रकार आफ्नो गाउँमा आइपुग्दा साह्रै खुशी लागेको बताउँदै भन्नुभयो, मन्त्री प्रधानमन्त्री ... यसरी नै गाउँबस्ती घुमेर योजना तर्जुमा गरे कति धेरै देश विकास हुन सक्थ्यो ? बाँस्तोलाले गाउँमा रहेका जाजुरा दह, गु... र चमेरे गुफाजस्ता पर्यटकीय क्षेत्रलाई ध्यानमा राखेर आगामी एक वर्षभित्र सडक पुर्‍याइने लक्ष्य रहेको जानकारी दिनु...

त्यहाँबाट बिदा भएर हामी अगाडि बढ्यौं । जंगलमा बाटो हराए पनि बाटो खोज्दै, हाँस्दै, बोल्दै अनि प्रा... वातावरणमा रमाउँदै हामी ओखलढुंगा आयौं । गुटु ३, बाँसपानी ओखलढुंगाका मान बहादुर दर्लामीको घरमा हामीले खाना खायौं ... भेगतिरका मान्छे इण्डियातिर जान्छन्, र पानीको पनि अभाव छ दर्लामीले बताउनुभयो ।

खाना खाएर हामी बाँसपानीबाट ओरालो झर्‍यौं । बाँसपानीमा स साना होटलहरु प्रशस्तै रहेछन् । एउटा होटलमा दही ... यात्रा जारी राख्यौं । पुनः जंगलको बाटो सुरु भएपछि हामीले सुर्खेतमा प्रशस्त वन भएको महसुस गर्‍यौं । पुराना रुख खासै नदेखि... सामुदायिक वन गठन भएपछि यसरी वन संरक्षण हुन थालेको हामीले अनुमान लगायौं ।

छाप्रे ४, ठाडा खोला जंगलघाट हामी आइपुग्यौं । साँझ परिसकेको थियो । कर्णाली नदीको संगीतमा झुल्दै हामीले खाना खायौं । र, सुत्यौं ।

सुर्खेत यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
वीरेन्द्रनगर नगरपालिका	रु. १,५००/-
वलवहादुर बाँस्तोला (गुटु ८)	रु. ५००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

नोटले होइन अठोटले आँटिएको यात्रा । – नरहरी पौड्याल, प्रधानाध्यापक श्री नेपाल राष्ट्रिय नि.मा.वि., गुटु
संघर्ष नै जीवन, जीवन नै संघर्ष । – निश्चल कुमार बोहोरा (कुण्ठित) बर्दिया कैलाली
...संसार फेर्नुपर्छ आफैं बनेर इन्द्र । – सुरतानन्द ब्ल्याकहोल (भ्राम्), चौखुट्टे अछाम
संसारको कुनै पनि भूगोलले छेक्ने छैन । – विश्व किरण नेपाली, बिहानी ग्रुप प्रा.लि. वीरेन्द्रनगर
सकारात्मक सोचसहित समाज परिवर्तनका लागि थालिएको अभियान, उद्देश्यमा आँच आउन नदिनुहोला ।
– कलेन्द्र सेजुवाल, (सचिव), पत्रकार महासंघ, रमेश शाही (राजधानी दैनिक), सुदीप पुरी (बुलबुले एफ.एम.), ध्रुव कुमार कोईराला (... पोष्ट), नन्द गेलांग (भेरी एफ.एम.), ललित बसेल (काँक्रे बिहार दैनिक), दीपक बुढा (लोकमञ्च दैनिक), लक्ष्मण सुनार (हिमाल एफ.एम.), मीना वली (रासस), विद्या खरेल (जागरण एफ.एम.), अल्का एम.सी. (रेडियो प्यूठान), रुक्मिणी पोखरेल (रेडियो नेपाल क्षेत्रीय प्रसारण ...)
कुनै न कुनै वहानामा प्रेस पटक पटक निशाना बन्दै आइरहेको छ । – भानुभक्त आचार्य (उपाध्यक्ष), नेपाल पत्रकार महासंघ
साहसिक अभियान, पूर्ण सफलताको कामना । – रुद्रराज पौडेल (प्र.जिअ.), जिल्ला प्रशासन कार्यालय

३४ औं जिल्ला अछाम डायरी

२०६६ श्रावण ४: बिहान उठेर छाप्रे ४, जंगलघाटमा हामीले दही रोटी खायौं । कर्णाली पुल पार गरेर ३३ औं जिल्ला सुर्खेत सिध्याई ३४ औं जिल्ला अछाम यात्रा प्रारम्भ गर्‍यौं । हामी प्रवेश गरेको भूभाग तुर्माखाँद गा.वि.स. पर्दोरहेछ । तुर्माखाँद ७ का निरञ्जन बहादुर बुढा र चन्द्र बहादुर बुढाले युद्धमा लुकी हिंड्ने मान्छे अहिले अग्र पंक्तिमा आएका, पढ्नु पर्दैन भन्ने माओवादीले अहिले पढाइ खोज्ने गरेकोजस्ता कुराहरुबाट आफू दुःखित भएको बताउनुभयो । जुनसुकै पार्टी आएपनि टाठा बाठालाई नै अघि बढाउने र गरिब दुःखीलाई नहेर्ने रहेछ, उनीहरुले थपे ।

संक्षिप्त परिचय

क्षेत्रफलः १,६९२ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ७५ वटा,
निर्वाचन क्षेत्रः २, सदरमुकामः मंगलसेन,
अञ्चलः सेती, विकास क्षेत्रः सुदूर पश्चिमाञ्चल
भौगालिक अवस्थितिः पूर्व कालिकोट र दैलेख, पश्चिम डोटी, उत्तर बाजुरा र बझांग र दक्षिण सुर्खेत जिल्ला ।
पर्यटकीय स्थलः रामारोशन ताल, खप्तड क्षेत्र, साँफेबगर, विनायक, थान खोला शिव मन्दिर आदि । (श्रोतः जि.वि.स.)

त्यहाँबाट हामी ठाडो उकालो निस्कियौं । तातो घाममा सालघारीको बाटो पानी पिउन नपाउँदा हामीलाई निकै गाऱ्हो पर्‍यो । शीतल छहारीमा बसेर गर्मीसँग लड्दै हामी जुय गाउँ आइपुग्यौं । भए भरको प्यास पानीले मेटाएर अगाडि बढ्यौं । तुर्माखाँद ९, जैसुर आएर नास्ता गर्‍यौं । महेन्द्र वयक र गणेश बहादुर वयकसँग कुराकानी गर्दै तुर्माखाँद बजार पुग्यौं । यस भेगतिर पनि गाडीको बाटो खनिदै रहेछ । तुर्माखाँद बजार भैरव स्थान, रबभुलु, रानीवन, नारायणपुर र तुर्माखाँदकै केन्द्र हो, गणेश वयकले हामीलाई भन्नुभयो ।

गाउँघरको बजार नियाल्दै हामी अस्थायी प्रहरी पोष्ट तुर्माखाँद आयौं । प्रहरी पोष्टका असई पूर्णनाथ योगी र हवल्दार धनसिंह खत्रीसँग हाम्रो परिचय भयो । असई योगीले अछाम मदिरा निषेधित क्षेत्र भएकाले यस भेगमा खासै झैझगडा नहुने बताउनुभयो । तुर्माखाँदको नामाकरणको विषयमा जिज्ञासा राख्दा असई योगीले भन्नुभयो, बाजुरा, मुगु, कालिकोट, जुम्ला, अछामका मान्छे पहिले यही बाटो हिंड्ने र थकान मेट्न चौतारीमा बसेर तमाखु खाने गर्दथे रे ! तमाखु खाएर खरानी फाल्दा बनेको थुप्रो ठूलै हुने भएकाले यसको नाम तुर्माखाँद रहेको रे ! हामी प्रहरी पोष्टबाट अगाडि बढ्यौं । स्थानीय होटलमा दही र केरा खाँदै स्थानीयवासीसँग कुराकानी गर्‍यौं । यस भेगमा कालिकोटको चुलीमालिका, दैलेखको पञ्चकोशी, सुर्खेत, वर्दिया र कैलाली तिरका एफ.एम. सुन्न सकिने उनीहरुले हामीलाई बताए । त्यहाँबाट २ घण्टा हिंडेर हामी तोषी गा.वि.स.को बाँसकाढा आइपुग्यौं । स्थानीय होटलमा खाना खाएर सुत्यौं ।

२०६६ श्रावण ५: बिहान उठ्दा हामीलाई निद्राले राम्रोसँग छाडेकै थिएन । कारण, हिजो उकालोमा घामको चर्को प्रभाव र राती ओछ्यानमा छानाबाट पानी चुहिएर निद्रामा बाधा पर्नु । जे होस्, हामी चिया पिएर स्थानीयवासी देव बहादुर चलाउने र दीपक चलाउनेको साथमा शिव मन्दिर अवलोकनका लागि प्रस्थान गर्‍यौं । डेढ घण्टा हिंडेर हामी तोषी ९, थानको खोला शिव मन्दिर पुग्यौं । जंगलै जंगलको बीच भाग र खोला किनार छेउमा मन्दिर रहेछ । पहराको फेदमा रहेका शिवलिंगमा भित्ताबाट गाईको थुनजस्तो आकृतिबाट तपतप पानी चुहिंदो रहेछ । स्थानीयवासीका अनुसार उहिले यहाँ दूध झर्दथ्यो रे ! पूजारीले पूजा विगारेकाले हालमा पानी मात्रै झरेको हो भन्ने मान्यता रहेछ त्यहाँ । जुनसुकै मौसममा एकनासले पानी झर्ने र त्यही बिलाउने गर्दछ, हामीसँग जानुभएका चलाउने दाजुभाईले बताउनुभयो । उहाँहरुले भन्नुभयो, पूर्णिमाको अघिल्लो रात शंख घण्ट आफैं बज्न सक्ने शक्ति यहाँ छ, १ वर्षभित्र यहाँ गाडी बाटो खनिसक्ने हाम्रो योजना छ ।

सदरमुकाम मंगलसेन

त्यहाँबाट फर्किएर जुकालाई रक्तदान गर्दै हामी कुराकानीका साथ बाँसकाढा आयौं । हामीलाई आउन जान ३ घण्टा समय लाग्यो । खाना खाएर हामी धमाली ७, पुण्यपाटा तिर अगाडि

बढ्यौं। बाटाभरि राताम्मे घंगारु र हरिया टिम्मुर प्रशस्तै भेटिए। घंगारु खाँदै पुण्यपाटा आइपुगेर स्थानीयवासीसँग हामीले केही कुराकानी गऱ्यौं। हाम्रा गाउँका मान्छेहरु आफ्नो उब्जनीबाट वर्षभर खान नपुग्ने भएकाले इण्डिया जाने गर्दछन्, जसका कतिपयले सँगै एड्स पनि लिएर आउँछन्, उनीहरुले भने। अहो, कस्तो बिडम्बना परिवार पाल्नका लागि विदेशमा रोजगार गएका उनीहरु चेतना अभावका कारण रोग बोकेर आउनुपर्ने ? धिक्कार छ यो देशका नेता अनि नेपाल सरकारलाई, जनतालाई तीव्र भोक, रोग र शोकमा धकेलेका छन्। अछामको एकमात्र एफ.एम. रामारोशन रेडियो केही दिनदेखि खोई के हो नबजेकाले सुन्न पाइएन, स्थानीयवासीको गुनासो थियो। स्थानीय धमाली ३ का तेज बहादुर शाही र मंगलसेनका सेवक संस्थामा कार्यरत एकेन्द्र विरहीले विश्वयात्रा सफलताको कामना गर्नुभयो।

पुण्यपाटाबाट हामी उकालो लाग्यौं। उकालो केहीबेर हिंडेर ओरालो अनि तेर्सो हिंडेपछि हामी बतासखाँद आइपुग्यौं। बतासखाँद मष्टमण्डली र मुली गा.वि.स.को साँधमा पर्दो रहेछ। नास्ता गर्दै हामीले स्थानीयवासीसँग कुराकानी गर्यौं। मस्टमण्डली गा.वि.स. का पूर्वाध्यक्ष समेत रहेको बताउने नेपाली काँग्रेस अछाम जिल्ला कमिटी सदस्य नयाराम बजगाईंले यस बस्तीसम्म आइपुग्नु भएकोमा स्वागत छ भन्नुभयो। मस्टमण्डली ७ का इन्द्र रावतले प्रत्येक गा.वि.स. मा एकजना पत्रकार हुनुपर्ने भन्ने माग गर्नुभयो। चक्रेश्वरी प्रस्तावित मा.वि. का परिचर जमानसिंह रावतको विगत १० वर्षदेखि रु. ८०० मा काम गर्दै आएका आफूहरुलाई सरकारले बेवास्ता गरेको दुःखेसो थियो।

त्यहाँबाट हिंड्दै हामी कमलबजार तिर लाग्यौं। सेवक नेपालमा कार्यरत एकेन्द्र विरहीले आफूले साहित्य सिर्जना गरेको भएपनि विविध कारणले खुम्चेर बस्नु परेको बताउनुभयो। ५ गा.वि.स. को संगम बयला, मूली, धमाली, तोषी, रानीखोला मस्टामण्डाली, सेरा ठाउँको केन्द्र कमल बजारमा विमानस्थल खनिएको रहेछ। तर करोडौं लगानी गरेर बनाइएको यो विमानस्थल उद्घाटन नै नभई प्रयोगविहीन छ। नेपालमा लगानी र खर्च हुनुपर्ने ठाउँ र गर्नुपर्ने व्यक्तिका लागि कति पनि सहयोग गरिँदैन, नगर्नु पर्ने ठाउँ र व्यक्तिका लागि करोडौं बगाइन्छ। कसरी होला यसरी त देशको विकास ? गाडी बाटो आएका कारण जहाजको आवश्यकता नपर्ने भएकाले क्यान्सिल गर्नुपर्ने बहाना गरिएको रहेछ यहाँ। हामी बिरही जीसँगै बाइकोट डाँडा निस्कियौं। चारैतिरको खुल्ला दृश्य नियाल्यौं। यस वर्ष पानी खासै नपरेका कारण किसानहरु मर्कामा परेका छन्। अगाडिका वर्षमा जस्तो हो भने श्रावण महिनामा कुहिरो र पानीका कारण टाढाका दृश्य अवलोकन गर्न गाऱ्हो हुन्थ्यो, सकिने पनि विरही जीले भन्नुभयो।

बाइकोट डाँडाबाट कालिकोटको मान्मबजार, दैलेख, सुर्खेत, धनगढी, डोटी लगायतका सिमाना र सुन्दर डाँडाहरु अवलोकन गर्न पाइयो। त्यहाँबाट बजार झरेर हामी प्रहरी चौकी गयौं। चौकीमा असई लालबहादुर रावल, एन.जी.ओ. फेडेरेसन अछाम जिल्ला सदस्य भक्तराज ढुंगाना, नन्दा मा.वि. बाहुनगाउँ कालिकाका शिक्षक ज्ञानेन्द्र रावल, नेकपा एमाले क्षेत्रीय सचिव बल बहादुर कुँवरसँग परिचय भयो। कार्यालय पुग्ने बित्तिकै असई रावलले भन्नुभयो, हिजै मात्र मैले रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र, वीरेन्द्रनगर सुर्खेत मार्फत् तपाईंहरुको अर्न्तवार्ता सुनेर अछाम आउँदै हनुहुन्छ भन्ने थाहा पाएको थिएँ, आज प्रत्यक्ष भेट हुन पाउँदा खुशी लाग्यो। उहाँहरुसँग केहीबेरको कुराकानी र शुभेच्छा लिएर फर्कंदा बेलुकीको ८ बजिसकेको थियो। भरखरै होटलमा आएर खाना खाई हामी सुत्यौं।

२०६६ श्रावण ६: बिहान ६ बजे हामीले कमल बजार छोड्यौं। कच्ची रोड भएकाले जीप चल्न सकेको रहेनछ। हामी रोड हुँदै डेढ घण्टा हिंडेर गहिरी टाँड आयौं। कुइका र वीरपथ गा.वि.स. को संगम गहिरी टाँडमा मीठो दहीको साथमा चना खायौं। यहाँबाट विनायक राकम कर्णाली रोड छुट्टिदो रहेछ। त्यहाँ ग्रामीण विकास केन्द्रका तर्क भूल, लाल बहादुर वि.क. र भीम नेपालीसँग हाम्रो परिचय भयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरेको विश्वभ्रमणबारे हामीले उनीहरुलाई जानकारी दियौं। साथै स्थानीयवासीसँग पनि केहीबेर कुराकानी गरी हामी जीप चढ्यौं।

जीपका यात्रुहरुलाई पनि हामीले विश्वयात्राबारे जानकारी गराउन छोडेनौं। शान्ति जनजागरण ग्रामीण सडक मर्मत सम्भार समिति अध्यक्ष छत्र बहादुर शाही र सदस्य कर्ण बहादुर शाहीसँग जीपमै परिचय भयो। उनीहरुले यात्रा सफलताको कामना गरे। खाल्डो र हिलो कच्ची बाटोमा पिंग खेलाउँदै जीप अगाडि बढिरह्यो। बिहानको १० बजे जीप मंगलसेन माथिको डाँडा जनाली मण्डली १, ठूलासैन आएर रोकियो। हामी त्यहीं ओर्लियौं।

ठूलासैनमा नेपाल पत्रकार महासंघ अछाम अध्यक्ष वेदप्रकाश तिमल्सैना, रेडियो रामारोशन एफ.एम. ९२ मेगाहर्जका कार्यकारी निर्देशक विनोद थापा, एफ.एम. कर्मीहरु जनक भण्डारी, टेकबहादुर थापा र मन्जु कुँवर एवं स्थानीयवासी

भण्डारीसँग हाम्रो भेट भयो । कार्यकारी निर्देशक थापाले विद्युतको ड्याम भत्केका कारण एफ.एम. र बजारमा बत्ती बन्द रहेको जानकारी दिनुभयो । उहाँहरुले हाम्रो बिहानी खानाको प्रबन्ध गर्नुभयो । खाना खाएर हिंड्दै हामी मंगलसेन तर्फ ओरालो झर्‍यौं ।

अछाम सदरमुकाम मंगलसेनको शिरमा रणसेर गण रहेछ । गणपति (कर्णेल) किरण के.सी. लेफ्टिनेण्ट हरिप्रसाद घिमिरे र श्याम मल्ल, सिपाही अनिलकुमार योञ्जन र उमेश भट्टराई लगायत अन्य नेपाली सेनाका जवानसँग हामीले कुराकानी गर्‍यौं । कर्नेल के.सी. ले भन्नुभयो, पत्रकारिता क्षेत्र निष्पक्ष एवं मर्यादित पेशाको रुपमा विकसित हुनुपर्छ, यही पेशाको श्रीबृद्धिका लागि तपाईहरुले यत्रो महान् योजना अगाडि सार्नुभएको रहेछ, मैले त भर्खरै तपाईहरुकै फाईल डकुमेण्टस् हेरेपछि थाहा पाएँ, यति महत्वपूर्ण अभियानलाई नेपालका मिडियाले खासै प्राथमिकता दिएजस्तो त मलाई लागेन, तर मलाई लाग्छ, यो अभियानलाई मिडियाले उच्च प्राथमिकताका साथ जनतालाई जानकारी गराउनुपर्छ, अनि मात्र नेपाल र नेपालीको गौरव झल्काउने यो अभियानबारे सबैलाई थाहा हुनेछ । गण परिवारको शुभेच्छा लिएर हामी जिल्ला प्रशासन कार्यालय अछाम आयौं ।

प्र.जि.अ. चिरञ्जिवी अधिकारी र डी.एस.पी. हीरालाल धमलासँग हाम्रो भेट भयो । उहाँहरुले भन्नुभयो, २०४२ सालमा मदिरा निषेधित जिल्ला घोषणा भएकाले अछाममा अपराध कम हुने गरेका छन्, मदिरा खानेलाई रु.२३०० र बेच्नेलाई रु. ६००० जरिवाना हुने व्यवस्था यहाँ गरिएको छ । प्र.जि.अ. अधिकारीले प्राकृतिक श्रोत र साधनयुक्त अछाम जिल्ला भौगोलिक हिसाबले पनि कम विकट रहेको तर एच.आइ.भी. एड्स र आर्थिक हिसाबले यो जिल्ला समस्याग्रस्त छ भन्नुभयो । पुरुषले कम काम गर्ने र महिलालाई बढी काममा जोत्ने नराम्रो परिपाटीको अन्त्य हुनु जरुरी छ, प्र.जि.अ. ले थप्नुभयो । हाल बालश्रम मुक्त जिल्ला घोषणा गर्न लागिपरिहेको प्र.जि.अ. र डी.एस.पी.को भनाइ थियो । पत्रकारितामा राम्रा पक्ष धेरै छन्, नयाँ परिवर्तनका लागि प्रेसले महत्वपूर्ण भूमिका खेलेको छ र, लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न पनि यसले महत्वपूर्ण भूमिका खेल्नुपर्छ । सबै क्षेत्रमा भएका सकारात्मक र नकारात्मक पक्षलाई उत्तिकै उजागर गर्न प्रेसले सक्नुपर्छ, हाल नकारात्मक पक्षलाई मात्र बढी बढावा दिने परिपाटी प्रेसले अन्त्य गर्नुपर्छ । यसो भन्दै प्र.जि.अ. ले विश्वभ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो ।

जिल्ला प्रशासनबाट हामी बजारतर्फ झर्‍यौं । भिरालो जमीन र सानो बजार रहेछ, मंगलसेन । हामी सेवक नेपालको कार्यालय पुग्यौं । कार्यालयका लेखापाल भरत रावलले हामीलाई आफ्नै कोठामा बसोबासको प्रबन्ध मिलाउनुभयो । साँझ परिसकेको थियो । हामीले स्थानीय एक होटलमा खाना खायौं । र, कोठामा आएर सुत्यौं ।

२०६६ श्रावण ७: बिहान बजारबाट केही पर धारामा गएर हामीले नुहाई धुवाई गर्‍यौं । खाना खाएर दिनभर डायरी विस्तृतिकरणमा समय बितायौं ।

२०६६ श्रावण ८: खाना खाएर ११ बजे हामी जिल्ला शिक्षा कार्यालयतर्फ लाग्यौं । अरु सरकारी कार्यालयभन्दा बजारको फेदमा नै रहेछ जि.शि.का. । विश्वभ्रमण अभियानबारे हामीले जानकारी गराउने बित्तिकै जिल्ला शिक्षा अधिकारी सुरेशकुमार जोशीले भन्नुभयो, प्रेस मात्रै स्वतन्त्र होईन अब हामी कर्मचारी पनि स्वतन्त्र हुन पाउनु पर्‍यो । देशभर नै विभिन्न राजनीतिक दलले राम्रा मान्छे होइन हाम्रा मान्छे नियुक्ति गर्नु पर्‍यो भनेर दबाब दिन्छन्, त्यसकारण शिक्षा क्षेत्रमा सुधार गर्न सर्वप्रथमः राजनीतिक हस्तक्षेप अन्त्य सँगै विकेन्द्रीकरण सिद्धान्त लागू गर्नुपर्छ, दोश्रोमा शिक्षकलाई आयोगको व्यवस्था गरेर योग्य शिक्षक नियुक्त गर्नुपर्छ, तेश्रोमा शिक्षकलाई निजामती कर्मचारीलाई भन्दा माथि राखी बढी तलब दिनुपर्छ, चौथो समुदाय र व्यवस्थापन समितिलाई अनुगमन गर्ने जिम्मेवारी दिनुपर्छ, अन्तमा सबैजना आफ्नो काम, कर्तव्यप्रति जिम्मेवार र अनुशासित हुनुपर्छ, यसो नहुने हो भने शिक्षा क्षेत्रमा सरकारले लगानी गरे अनुसारको उपलब्धि हासिल हुनै सक्दैन, भर्ना अभियान भनेर स्कूल बन्द गर्न नहुने र शुक्रबार आधा दिन छुट्टि होइन, अतिरिक्त क्रियाकलापका लागि समय छुट्याइएकाले सबै विद्यालयले यि क्रियाकलाप गर्नुपर्छ ।

पत्रकारिता विषयमा टिप्पणी गर्दै जि.शि.अ. जोशीले भन्नुभयो, नेपालमा पत्रकारिताको विकास हुन बाँकी छ, यसलाई एउटा दल वा समूहको स्वार्थमा प्रयोग नगरी स्वतन्त्र, निष्पक्ष, मर्यादित, सकारात्मक र व्यावसायिक बन्न बनाउन सबै क्षेत्रबाट पहल हुनुपर्छ । यसो भन्दै उहाँले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

जि.शि.का. बाट हामी जिल्ला कृषि विकास कार्यालय आयौं । त्यहाँ वरिष्ठ कृषि विकास अधिकृत बालगोविन्द पाठक, नेपाली काँग्रेस अछामका वीरेन्द्र बहादुर शाह र तेजप्रसाद ढुंगाना लगायतसँग परिचय भयो । अधिकृत पाठकले अछाममा यातायात सुविधा भएपछि विकास हुन सक्ने बताउँदै फलफूल र तरकारी प्रशस्त उत्पादन गर्न सक्ने स्थान छन् भन्नुभयो । अछामका मान्छे रोजगारीका सिलसिलामा भारतका विभिन्न ठाउँ जाने भएकाले अवधि भाषा बोल्ने, भारतीय रुपियाँ यहाँ पनि राम्रैसँग चल्ने र तराईमा जस्तै यहाँ पनि होली खेल्ने चलन आफूलाई मन पर्ने धारणा राख्दै उहाँले विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

जि.कृ.वि. का बाट हामी जिल्ला वन कार्यालय पुग्यौं । जिल्ला वन अधिकृत धनीचन्द ठकुरीले झ्याउ, रिठ्ठा, अमला, बोझो, सुगन्धवाल, तेजपत्ता, पाषणवेद जस्ता जडीबुटी अछाममा प्रशस्त पाइने एवं पदमचाल र कुट्कीजस्ता अमूल्य जडीबुटी पनि केही मात्रामा जंगलमा भेटिने हामीलाई जानकारी दिनुभयो । साथै उहाँले खोटो संकलनबाट वार्षिक एक करोड आम्दानी गर्ने र अछाम जिल्लाका पचहत्तरै वटा गा.वि.स.मा सामुदायिक वन गठन भएको बताउनुभयो । पत्रकारिता गर्न अछाम सानो ठाउँ भएको भएपनि स्थानीय सञ्चारकर्मीसँग राम्रो सम्बन्ध रहेको बताउँदै उहाँले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो । यो कार्यालयबाट हामी जिल्ला अदालत अछाम कार्यालय प्रस्थान गर्‍यौं ।

त्यहाँ सबै कर्मचारी र न्यायाधीश बिदामा घर गएको एक पियनले हामीलाई जानकारी गराए । अदालतको कार्य... अवलोकन पश्चात् हामीले जिल्ला आयुर्वेद प्रमुख डा. रामकामेश्वर ठाकुर, वैद्य नरेन्द्रप्रसाद कलौनी र सत्यनारायण महतो... कार्यालयमै भेट गर्‍यौं । आयुर्वेद प्रमुख ठाकुरले बिरामीलाई सन्तुष्ट गराउन नसक्ने हो भने जतिसुकै धेरै पढेको छु भन्ने डाक्टर... पनि औचित्य हुन नसक्ने धारणा राख्दै वाक् शुद्धिका लागि व्याकरण, शारिरीक रोगका लागि आयुर्वेद र मन शुद्धिका ला... पतञ्जली योग आविष्कार भएको बताउनुभयो । शारीरिक, मानसिक र सामाजिकरुपमा स्वस्थ हुनपर्ने कुरालाई ध्यानमा रा... आफूले कार्य गरिरहेको र स्थानीय जडीबुटी उपयोगमा ल्याउन पहल भइरहेको कथन उहाँको थियो ।

जिल्ला आयुर्वेद कार्यालयमा गरिएको कुराकानी पश्चात् हामी जि.वि.स. अछाम आयौं । दुई पटकको प्रयासमा ... एल.डी.ओ. सँग भेट गर्ने अवसर नमिले पछि हामीले सूचना अधिकृत पदम बहादुर मालीसँग केहीबेर कुराकानी गर्‍यौं । अछा... राम्रा मीठा आँप पाइने भएकाले यसलाई हिन्दीमा आम भनिएको र यसैबाट अपभ्रंश भएर अछाम नाम रहेको पहिलो भनाइ र... दोश्रो भनाइमा नाम चलेका डोटेली खतिवडा (भट्ट) ब्राम्हणले मल्ल राजाकी छोरीसँग प्रेम विवाह पश्चात् राज्य पाएर शाह उपाधि ... प्राप्त गर्दा जनता अचम्ममा परेकाले यसैबाट अछाम नामाकरण रहन गएको जनश्रुति सूचना अधिकृत माझीले बताउनुभयो । अछाम... युद्धको असर ठूलो परेको तर शान्ति प्रक्रियासँगै विकासका पूर्वाधारले गति लिएको जानकारी गराउँदै उहाँले यहाँ ब्राम्हण क्षेत्री... बाहुल्यता रहेको र मुस्लिम धर्मावलम्बीको समेत बसोबास भएको बताउँदै विश्वभ्रमण सफलताका लागि शुभेच्छा प्रकट गर्नुभयो ।

नेपाल पत्रकार महासंघ अछाम शाखामा परिचयात्मक कार्यक्रम भयो । महासंघका अध्यक्ष वेदप्रकाश तिमिल्सैना... अछाममा केही साप्ताहिक र एउटा रामारोशन एफ.एम. ९२ मेगाहर्ज प्रकाशन/प्रसारण भइरहेका छन्, यद्यपि आर्थिक, प्राविधि... समस्या भने उत्तिकै मात्रामा रहेको छ भन्नुभयो । अध्यक्ष तिमिल्सैनाले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका ला... थालिएको यो विश्वभ्रमण अभियानले प्रेस स्वतन्त्रता किन चाहिन्छ ? भन्ने कुरा समाजमा प्रस्ट्याउन सकोस् र सकारात्म... पत्रकारिताको विकासमा योगदान पुर्‍याओस् भनी शुभकामना व्यक्त गर्नुभयो । रामारोशन एफ.एम.का कार्यकारी निर्देशक विन... थापाले पत्रकारिताको छवि उच्च बनाउन र व्यावसायिक पत्रकारिताको विकासमा भ्रमणले टेवा पुर्‍याओस् भनी शुभेच्छा व्य... गर्नुभयो । अन्य सञ्चारकर्मी साथीहरुले प्रेस स्वतन्त्रताका लागि भ्रमण कोशेढुंगा सावित होस् भन्नुभयो । यससँगै हाम्रो आज... औपचारिक भ्रमण सम्पन्न भयो । बेलुकी खानपिन र बसोबास साविक अनुसार नै रह्यो ।

२०६६ श्रावण ९: बिहान उठेर जिल्ला स्वास्थ्य कार्यालय पुगी कार्यालय प्रमुख डा. पुरुषोत्तम सेढाई, वरिष्ठ जनस्वास्थ्य अधि... शैलेन्द्र श्रेष्ठ र खरिदार टेकबहादुर स्वाँरसँग हामीले भेट गर्‍यौं । कार्यालय प्रमुख डा. सेढाईले, अछाममा झाडा पखाला लागे... अरु नलागेका मान्छेले भूतप्रेत लागेका कारण आफूलाई सर्छ भनी बिरामीलाई छुनुहुन्न र महिलाहरु रजस्वला हुँदा भिन्दै घर... (छाउगोठ) मा राख्नुपर्छ भन्ने परम्परागत मान्यतामा क्रमिक सुधार आउँदै गएको बताउनुभयो । जनचेतनाको अभावमा यस्ता... परम्परा र संस्कार बसेका हुन भन्दै उहाँले एच.आइ.भी. संक्रमितको संख्या पनि अछाममा बढिरहेको जानकारी दिनुभयो... सकारात्मक पत्रकारिता भन्नु भन्दा समालोचनात्मक वा तटस्थ पत्रकारिता भन्दा बेस होला कि भन्ने धारणा राख्दै उहाँले ...

स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणलाई सक्दो सहयोग गर्नु हामी सबैको कर्तव्य हो भन्दै भ्रमण सफलताको कामना गर्नुभयो ।

जिल्ला स्वास्थ्य कार्यालयबाट हामी षोडशादेवी उ.मा.वि. आयौं । उ.मा.वि. का शिक्षक विद्यार्थीलाई हामीले सामूहिकरुपमा विश्वभ्रमणबारे जानकारी गरायौं । उ.मा.वि. का प्रधानाध्यापक मदन बहादुर कुँवर, शिक्षक विद्यार्थी सबैले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो । यो उ.मा.वि. बाट हामी राष्टिय वाणिज्य बैंक पुगी २ घण्टासम्म २ हजारको चेक साट्न पर्खियौं । चेक साटेपछि सेवक नेपालको कार्यालयमा सचिव प्रेमप्रसाद ढुंगाना र लेखापाल भरतसिंह रावलसँग कुराकानी गर्न पुग्यौं । सचिव ढुंगानाले अछाममा पहाडी राजमार्ग जोडिएमा सुन्तला, जुनारजस्ता फलफूल एवं खप्तड, रामारोशन, बैद्यनाथजस्ता पर्यटकीय क्षेत्रका कारण अछामी जनताको जीवनस्तर उक्सिने धारणा राख्नुभयो । पत्रकारिताका विषयमा सचिव ढुंगानाको टिप्पणी यस्तो थियो, अछाममा पत्रकारितालाई निरन्तरता दिने मान्छेको खाँचो छ, तर, पत्रकारिता क्षेत्र पार्टीगत धारणावाट बाहिर आउनुपर्छ, विश्वभ्रमण सफलताको शुभकामना ।

जि.वि.स. छेउमा भेट्टिनु भएका युवा जंगीजनार्दन विष्टले यात्राबाट तपाई दुई बन्नु राम्रो कुरा हो तर देशका लागि केही हुँदैन भन्ने धारणा राख्नुभयो । हामी गा.वि.स. कार्यालय मंगलसेन पुग्यौं । कार्यालयमा सचिव तुलसीप्रसाद ढुंगाना, सबओभरसियर नरेश कठायत, चाल्चा गा.वि.स. ना.सु सचिव उर्वशा थापा, नेपाल रेडक्रस सोसाइटी अछामका बलबहादुर बोगटीलगायतसँग हामीले परिचय र कुराकानी गऱ्यौं । सचिव ढुंगानाले मंगलासैनी देवीको नामबाट मंगलसेन गा.वि.स.को नामाकरण भएको जानकारी दिनुभयो । १७५२ घर धुरी भएको मंगलसेनमा पिउने पानीको समस्या रहेछ । पत्रकारिता क्षेत्र एक दल वा सरकारको पक्षपोषण गर्ने खालको नभई सबै क्षेत्रको आवाज समेट्ने बन्न सक्नुपर्छ भन्दै उहाँले सदरमुकाममा गोरखापत्र दैनिक नआउँदा सरकारी सूचना र गतिविधि थाहा पाउन अप्ठेरो परेको बताउनुभयो । गा.वि.स. सचिवको अभावमा आफूले ३ गा.वि.सको काम गर्दै आएको पनि उहाँको भनाई थियो । खोटांग जन्मघर बताउने ना.सु. सचिव थापाले पूर्वमा भन्दा पश्चिममा महिला विभेद बढिरहेछ भन्दै चिन्ता व्यक्त गर्नुभयो । सबैले यात्रा सफलताको कामना गर्नुभयो । मंगलसेन गा.वि.स. कार्यालयमा भएको यही कुराकानीसहित हामीले सदरमुकाम यात्रा सम्पन्न गऱ्यौं ।

मंगलसेन बजार छोडेर हामी अछामको एउटा प्रमुख पर्यटकीयस्थल रामारोशनको यात्रा तय गरी ओरालो झऱ्यौं । बाटामा २०/२२ जना बालबालिका सहित मिराकल एजुकेशनल एकेडेमीको डाइरेक्टर बताउने ललित शाहसँग हाम्रो जम्काभेट भयो । उहाँले प्रकृतिसँग विचरण गराउँदै र विभिन्न कला सिकाउँदै विद्यार्थीलाई आफूले पढाउने गरेको दाबी गर्नुभयो । तर, उहाँ मदिरा सेवनले टिलपिल हुनुहुन्थ्यो । दुई कक्षामा पढ्ने उहाँकै एक विद्यार्थी भरत भण्डारीले पढाउने शिक्षकले मद्यपान गर्न नहुने धारणा राख्नुभयो । शाहको अनुरोधमा आज हामी उहाँको घर मंगलसेन बाँगापाटा बास बस्न मञ्जुर भयौं । हामीलाई लाग्यो, उहाँ प्रतिभावान् अनि पढे लेखेको मान्छे हो र सिकाउने शैली पनि राम्रो छ तर उहाँको यति राम्रो शैली र प्रतिभा मदिरा सेवनका कारण दुरुपयोग भइरहेको छ, यदि यही अवस्था कायम रही रह्यो भने घाटा उहाँ र उहाँको परिवारलाई मात्र पर्ने छैन, उहाँका ति सबै विद्यार्थी र अभिभावकलाई पनि पर्न सक्छ, यसमा सबैको ध्यान पुग्न जरुरी छ ।

नौसुठे गाई

बाँगापाटामा कानून व्यवसायी मिनबहादुर शाह, ७१ वर्षीय ज्ञानबहादुर शाह, सिर्जना सिंह र बाजुराका सागर सिंहसँग हाम्रो परिचय भयो । बृद्ध शाहले भ्रमण राम्रो हो, विभिन्न ठाउँका रहनसहन र रितिरिवाज बुझ्न पाइन्छ भन्दै भ्रमण सफलताको कामना गर्नुभयो । बेलुकी स्कूलमा बोर्डस गरिएका ति साना भाई बहिनीले आँगनमा गोलाकार बसेर खानपिन गरेको दृश्य रमाइलो थियो । २०/२२ जना बच्चाको हेरचाहमा सम्पूर्ण परिवार खटेको थियो । हामीले पनि यहीं खानपिन गरेर सुत्यौं ।

२०६६ श्रावण १०: बिहान उठेर हामी यात्रामै जुट्यौं । कैलाश खोलाको पुल तरेर उकालो हिंड्दै कालिका गा.वि.स. को सुँगाली गाउँ आइपुग्यौं । स्थानीयवासी मिनबहादुर रावल, सुरत ताम्राकार, सुरमा सुनार र वसन्त बहादुर रावलसँग हाम्रो परिचय भयो ।

राम्रो उब्जनी हुने सुनजस्तै जग्गा भएकाले सुगाली गाउँको नामाकरण भएको उनीहरुले जानकारी गराए। गाउँको एक घरमा ... अछाममा मात्र पाइने लोपोन्मुख नौमुठे गाई अवलोकन गर्‍यौं। अछामको नौमुठे गाई प्रसिद्ध भएपनि आजकाल यसको संख्यामा ... आएको स्थानीयवासीले बताए।

सुगालीबाट कच्ची सडकै सडक हामी नगरदर्ना आयौं.। त्यहाँबाट तल कैलाशलाई नियाल्दै हामी दर्ना पुलतर्फ को ... झर्‍यौं। पुल तरेर कालागाउँ भूभागमा रहेको पूर्वे होटलमा हामीले खाना खायौं। दर्ना गा.वि.स. ६ निवासी शिक्षक ... परियारले नेपालकै पहिलो मदिरा निषेधित जिल्ला घोषणा भएको भएपनि व्यवहारमा कार्यान्वयन नभएको गुनासो गर्नुभयो। ... गा.वि.स. फलफूलका लागि प्रसिद्ध छ भन्दै उहाँले आफूलाई दलित भनेर कसैले हेलाँ नगरी सम्मान दिएका छन्, गल्ती गर्ने मान्छे ... आफ्ना पार्टी वा नाताको नाममा कसैले संरक्षण दिइनु हुन्न भन्ने धारणा राख्नुभयो। शिक्षक परियारले विशेष गरी रेडियो ... सरकारको गुणगान मात्र गाउने गर्दछ भन्दै समग्र पत्रकारिता क्षेत्र स्वच्छ र कसैले शंका नगर्ने किसिमको होस् भन्ने माग गर्नु...

त्यहाँबाट हामी कैलाश खोलाको तिरैतिर कैलाशको मुहानतर्फ अगाडि बढ्यौं। मालतीकोट ४, गजड बजार, मुजा... शान्तडा पुल हुँदै बल्दे खोलाको पुल तरेर रामारोशनको भूभाग टेकी हामी उकालो लाग्यौं। बाटामा स्थानीयवासीसँग कुरा... हामी अगाडि बढेका थियौं। यस भेगतिर रेडियो रामारोशन र रेडियो नेपालमात्र सुनिन सकिंदो रहेछ। हिउँद मौसममा ... बगरसम्म ट्याक्टर आउने जानकारी स्थानीयवासीले हामीलाई दिए। उकालो हिंडेर कोट आइपुग्दा बेलुकीको ८ बज्नै ला... थियो। स्थानीय एक होटलमा खाना खायौं। त्यहीं होटलमा भेट भएका केही व्यक्तिहरुमध्ये गंगोत्री ग्रामीण विकास मञ्च, अछा... कार्यरत गणेशमान ठकुल्लाले शुभकामना व्यक्त गर्नुभयो।

२०६६ श्रावण ११: रातभर उपियाँले टोकेका कारण बिहान निद्राले छोड्नै मानेको थिएन, जे भएपनि यात्रा अगाडि बढ्‍ाउ... थियो। त्यसकारण हामी तडीगैरा तिर लाग्यौं। तडीगैरामा हामीले पदमबहादुर शाह, बिर्ख बहादुर शाह र भरत शाहसँग ... गर्‍यौं। उहाँहरुले रामारोशन गा.वि.स. अछामको अन्तिम अनि बाजुरा र कालिकोट जिल्लासँग जोडिएको जानकारी दिँदै वडा ... ३ र ५ मा सिंचाइको अभाव भएको हामीलाई बताउनुभयो। केहीबेरको कुराकानी पश्चात् हामी भरत शाहको अनुरोधमा रामारो... ५, माडुमा अवस्थित उहाँको घर पुग्यौं। उहाँकी श्रीमतीले हामीलाई खानपिन गराउनुभयो। र, दुवैजनाले विश्वभ्रमण सफलता... लागि शुभकामना व्यक्त गर्नुभयो।

शाह दम्पत्तिले देखाएको बाटो अनुसरण गर्दै हामी दम्साइलो काट्दै गरेको रोडैरोड अगाडि बढ्यौं। डेढ घण्टा जंगल... बाटो हिडेपछि हामी ५/७ मिनेट उकालो काटेर रामे डाडा निस्कियौं। चउरमा भैसी चराइरहनु भएका रामारोशन ८, का केवल... रोकायाले तल्लो एवं माथ्लो धौने तालको जानकारी दिदै बाटुले र जिगले तालको अवलोकन गराउनुभयो। लामा द्वय र लिसाइ... ताल केही माथि रहेछन्। रामारोशन ७, तल्लो पातलका कुलबहादुर बटालाले देखाएको बाटो अनुसरण गर्दै पानी आएका... प्लास्टिक ओढेर हामी ती ताल घुम्यौं। श्रावण महिना पानी परेर कुहिरो लागिरहेको छ। गोठालाहरु भिज्दै घाँस दाउरा गरिरहे... छन् भने भैसी गाई चरिरहेका। तालका वरपर ढुंगा छापेर घुम्ने बाटो बनाइएको छ भने वनजंगल र चउरले शोभायमान छन् ताल ... बण्ड (ताल) १८ खण्ड (ढिस्को) भनेर चिनिने रामा र रसुन वल्लो पल्लो पाटोलाई मिलाएर रामारोशन भनिएको रहेछ।

हामीले माथिबाटै कतै खर त कतै प्लास्टिकले छाएका स साना छाप्राहरु देख्यौं। हामी ती झुप्राहरु नियाल्दै रसुन चउर... झर्‍यौं। यी झुप्रा वर्षातको समयमा भैसी, गाईवस्तु गोठ राखेर बसेका गाउँले गोठालाहरुले बनाएका रहेछन्। रामारोशन गाउँ... स्थानीयवासीले चैततिर बढी मात्रामा भैंसी ल्याउने र गोठ राख्ने गर्दा रहेछन् यहाँ। पुस माघमा हिउँ पर्ने भएकाले हामी ... असोजतिर तल गाउँ झर्ने गर्छौं एकजना गोठाला दाईले भन्नुभयो। रसुन चउरलाई हेर्दा पहिले ताल थियो क्यारे भन्ने हामी... अनुमान लगायौं। किनकी चउर बीचबाट खोल्सो बनेर पानी कलकल गर्दै बगिरहेको थियो।

झरी परिरहेको थियो। हामी प्लास्टिक ओढेर त्यहाँको प्राकृतिक दृश्यलाई अवलोकन गर्दै रह्यौं। एकातिर भोक लागेको ... अवस्था थियो। अर्कातिर रामारोशनमा दही दूध प्रशस्त पाउँछ भनेर मंगलसेनदेखि मान्छेहरुले दिएको जानकारी पनि हो होइन? ... हामीलाई परीक्षण गर्नु थियो। छाप्राभित्रको वस्तु स्थिति पनि हेरौं भन्ने लागेर हामीले निहुरिएर छाप्रा भित्र हेर्‍यौं। दिउँसोको ... धेरै छाप्रा खाली नै थिए। यसैक्रममा हामी ३ वटा चहारेर चौथो छाप्रोमा पुग्यौं।

रामारोशन ९, पातालका गजेन्द्र बहादुर बुढाले निगालो चिर्दै हामीलाई होचो छाप्रोबाट बाहिर हेरेर घर कहाँ हो? भन्नुभयो। हामीले ... घरको ठेगाना बताउँदै केही खान पाउँछ? भनी सोध्यौं। उहाँले हामीलाई भित्र पस्न अनुरोध गर्नुभयो। हामी छाना होचो भएका...

टुक्रुक्क बसेर भित्र पस्यौं । छाप्राभित्र ठूल्ठूला मुडा जोतेर आगो बालिएको अनि ठाउँ ठाउँमा पानी चुहिँदै गरेको अवस्था । छेउमा भैंसीको सानो पाडो बाँधिएको थियो । ग्वाला बुढाले फलामको तावाँ बसाएर मकैका पीठाको रोटी हाल्न लाग्नुभयो ।

रोटी हाल्दै उहाँले भन्नुभयो, विदेशी पर्यटक पनि यही झुपडीमा बसेर खाने गर्दछन् । हामी राती पनि यही सुत्ने हो, निद्रा राम्रो लाग्छ, दही खानेलाई मानाको रु. ५ पर्छ महीको पैसा पर्दैन । त्यसबेला हामीले ठूल्ठूला महलभित्र पलंग र गद्दामा सुत्ने मान्छेको प्रसंग झिक्दै भन्यौं, सबै भन्दा ठूलो चीज सन्तोष नै हो । महलमा बस्ने मान्छे बढी अनिद्राका रोगी हुन्छन्, औषधी नखाइ सुत्न सक्दैनन् । त्यसकारण यही झुप्रामा पनि आनन्दमा सुत्न सक्ने तपाईहरु बढी सुखी हुनुहुन्छ । हाम्रो कुरा सुनेर बूढाले निश्चल हाँसो हाँस्नुभयो । अन्तमा दुई माना दही १ माना मही र ४ वटा रोटी खाएर हामी उहाँलाई धन्यवाद दिंदै जात्तोला पुग्ने योजनाका साथ हिंड्यौं ।

रसुनबाट लगभग ३० मिनेट हिंडेपछि हामीले तल ठूलो चउर देख्यौं । त्यहाँ पनि स साना छाप्रा थिए । ओरालो झरेर रसुनजस्तै सुन्दर चउरमा हामी आइपुग्यौं । यसलाई किनीमिनी भनिंदो रहेछ । रसुन र किनीमिनी फुटेर गाउँ बगाउनुको साथै कैलाश खोला ठूलो बनेको भनाइ रहेछ । आज दिनभर नै पानी परिरहेको र जुकालाई रक्तदान हामीले गर्नुपरेको थियो । किनीमिनीबाट हामी सिदूरे हुँदै रामारोशन ९, वीणाका बोट निवासी नरबहादुर बटालाको घरमा आइपुग्दा साँझ ७:३० भैसकेको थियो । मुसलधारे पानी रोकिएको थिएन । हामी बटालाको घरमा बास मागेर बस्यौं । जुका हाम्रा खुट्टाबाट बाहिरिए पनि रगत आउने क्रम भने १ घण्टासम्म पनि रोकिएन । हामी खाना खाएर सुत्यौं ।

२०६६ श्रावण १२: बिहान उठेर हामी साँफेबगर, चौखुट्टे हुँदै डोटी जिल्ला छिर्ने निर्णय गरेर हिंड्यौं । जात्तोला, भट्ट बगर हुँदै हामीले मुजाबगरमा आएर खाना खायौं । धनगढी कैलालीका रुद्र जोशी, गाँजर ४, अछामका राजेन्द्र बोहोरा र मुजाबगरकै अमर होटल एण्ड लज सञ्चालकलाई हामीले विश्वभ्रमणको जानकारी दियौं । कैलालीका जोशीले पत्रकारिता क्षेत्रको विकृति, विसंगति हटाएर यस पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्न विश्वभ्रमणले टेवा पुऱ्याओस् भनी शुभेच्छा प्रकट गर्नुभयो ।

मुजाबगरबाट हामीले पुनः आफ्नो यात्रा अगाडि बढायौं । खोलाको डिलैडिल दर्नाको पुल तरेर उकालो लाग्यौं । कालिका ८, कालाबाटोमा नास्ता गऱ्यौं । पानीको धारामा नुहाउने, मुख धुने अनि पिउने कार्यलाई निरन्तरता दिइनै रह्यौं । कालाबाटो बाट हामी बाँस्कोट हुँदै तेंसोबाटो लागेर जयगढ आइपुग्यौं । त्यहाँ जिल्ला युवा सञ्जाल अछाम अध्यक्ष रोशनकुमार भुल, शिक्षक रामबहादुर कुँवर, तिमल्सेन ४, हाडाभुवाका कमलराज तिमल्सिना लगायतसँग हाम्रो परिचय भयो । स्थानीय तिमल्सिनाकै होटलमा हामी खाना खाएर सुत्यौं ।

२०६६ श्रावण १३: बिहान हामीले हिजो साँझ यहीं भेट गरेका ३ जना साथीहरुसँग थप कुराकानी गऱ्यौं । शिक्षक रामबहादुर कुँवरले हाम्रो बिहानी खाना प्रबन्ध मिलाउनुभयो । यी साथीहरुले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो । उहाँहरुसँगको कुराकानी पश्चात् हामीले जयगढ छोड्यौं । राम जीले केही वरसम्म हामीलाई छोड्न आउनुभयो । इण्डियामा बसेर पढ्नुभएकाले यहाँको संस्कृतिसँग घुलमिल हुन उहाँलाई गाऱ्हे परेको रहेछ । रामजीसँग पनि छुट्टिएर हामी जनालीकोट बयला हुँदै र हिलो सडक पार गर्दै प्लास्टिक ओढेरै साँफेबगर आइपुग्यौं । बाटामा भेट भएका अछामेलीसँग कुराकानी गरि नै रह्यौं । डाडाबाटै वारीपट्टि छिपे खोला, पारिपट्टि पभौली गाड र बीचमा धमिलो भेलसहित बगिरहेको बूढी गंगा नदी अनि यी दुवै किनारमा अवस्थित साँफेबगर बजार साँच्चिकै मनमोहक देख्यो ।


साँफे बगर

साँफे बजारको पुरानो बजारलाई नियाल्दै हामी झोलुंगे पुल तरेर नयाँबजार आयौं । क्यामेराका ब्याटीको चार्ज निश्रिएको थियो । बजारमा बिजुली बत्ती थिएन । र, सोलारले पनि काम गर्न सकेन । त्यसकारण हामी मधुकन-कन्टेक-लुम्बिनी-जेभी को कार्यालय पुग्यौं । यहाँ जेनेरेटरबाट निकालिएको बत्तीमा ब्याटी चार्ज गऱ्यौं । यही कम्पनीका लेखापाल बालाजु काठमाडौं निवासी राजाराम भट्टराईको अनुरोधमा हाम्रो यही बस्ने निर्णय भयो । बेलुकी दोलखा घर भएका इन्जिनियर रोहित खत्री र दीपेन्द्र उप्रेती एवं काभ्रेपलाञ्चोकका स्टोरकिपर रोशनराज खरेलसँग

हाम्रो परिचय भयो । उहाँहरु साँफेबगर मार्तडी (बाजुरा) सडक निर्माणका लागि बस्नुभएको रहेछ । हामी खाना खाएर १०:३० बजे सुत्यौं ।

२० ६६ श्रावण १४: बिहान उठेर बन्द ढोका खोलेको त खुल्दै खुल्दैन बा ! हामीले लेखापाल भट्टराईलाई भित्रबाट जोडजोडसँग बोलायौं । हाँस्दै उहाँले बाहिरबाट लगाएको चुकुल खोल्नुभयो । कुरो बुझ्दा त बेलुकी हामी सुतिसकेपछि घरबेटीले मान्छे कोही छैनन् होला भनेर पिएका सुरमा चुकुल लगाइदिएछन् । सबैजना भेला भएर हाँसो फोहोरा छुट्यो । हा...हा...हा...। जे होस्, यो पनि यात्राको अविस्मरणीय क्षण बन्यो, हाम्रा लागि ।

छाउपडी छाप्रो (गोठ)

चिया पिइ हामी बूढीगंगा तरेर पुरानो बजार पुग्यौं । मस्टामाण्डौं १ अर्न्तगत पर्ने बजारको फोटो खिंच्दै अनि बजारवासीलाई विश्वभ्रमणबारे जानकारी गराउँदै हामी गा.वि.स. कार्यालय परिसर पुग्यौं । विशेष कामले आज बिहानै गा.वि.स. सचिव रामबहादुर बूढ थापा कार्यालयमै हुनु हुँदोरहेछ । त्यसैले उहाँसँग हामीले मस्टामाण्डौं गा.वि.स. का विषयमा कुराकानी गऱ्यौं । कुँवरहरुका देवता मस्टको नामबाट गा.वि.स.को नामकरण गरिएको सचिव बूढ थापाले जानकारी गराउँदै १० वर्षे युद्धमा साँफेको एयरपोर्ट र सरकारी कार्यालय ध्वस्त भएको बताउनुभयो । समयको परिवर्तन सँगै मस्टामाण्डौंवासीको स्तर उन्नति भइरहेको बताउँदै उहाँले विश्वभ्रमण सफलताको का गर्नुभयो ।

त्यहाँबाट हामी पुन: बूढी गंगा तरेर सिद्धेश्वर १, साँफेबजार आयौं । बजार घुम्यौं । स्थानीय व्यवसायी चेतमान कडा महेन्द्र कडायत, भरत खड्का, रहिश अन्सारी, वम भट्टसँग कुराकानी गऱ्यौं । वि.सं. २०५२ बाट यातायात सुचारु भएपछि विका पूर्वाधारहरु व्यवस्थापन हुँदै गएको जानकारी गराउँदै उहाँहरुले खप्तड, रामारोशन, बडीमालिका जस्ता ऐतिहासिक पर्यटकीय स जाने बाटो साँफेबगर रहेको बताउनुभयो । भावुक स्टेशनरी स्टोरका खेमबहादुर कुँवरले पत्रकारिता क्षेत्र जोखिमपूर्ण रहेको धार राख्दै समाजमा पिछडिएका वर्ग किसान सबैको भावना समेट्ने गरी पत्रकारिता अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो । सबै मा बोल्न, लेख्न पाउने हकको सुरक्षा गर्न विश्वभ्रमण सफल होस् भनी शुभकामना प्रदान गर्नुभयो । बाजुरा स्थायी घर भएका टंक पत्रकारितामा कुनै पनि क्षेत्रबाट हस्तक्षेप हुन नहुने भन्दै वास्तविक पत्रकारमार्फत् सञ्चारमाध्यम सञ्चालन हुनुपर्ने धारणा राख्नु बजारबाट हामी पुन: मधुकन कन्टेक लुम्बिनी जेभी कार्यालय पुग्यौं । कार्यालयका सबै कर्मचारीले विश्वभ्रमण सफलताका ला कामना गर्नुभयो । त्यही खाना खाएर हामी बिदा भयौं ।

दिउँसो ३:३० बजे बसमार्फत् हामीले साँफेबजार छोड्यौं । घुम्ती मोडहरु पार गर्दै उकालो बाटो बस साँझ ५:३० बजे ९, चौखुट्टे चेक पोष्टमा रोकियो । हामी बसबाट ओर्लियौं । प्रहरी चौकी चौखुट्टेका असई देवबहादुर कुवँरसँग परिचय भयो । बिस्कुटले स्वागत गर्दै असई कुँवरले यो विश्वभ्रमण मिडियाहरुले झन् बढी बुझ्न आवश्यक छ भन्दै सफलताका लागि शुभका व्यक्त गर्नुभयो । त्यहीबेला काँडामाण्डौं २, डोटी निवासी नेकपा एमाले जिल्ला कमिटी सदस्य दीर्घराज बोगटी आइपुग्नुभयो । २ घण्टा हामीले उहाँसँग कुराकानी गऱ्यौं । बोगटीले चौखुट्टेमा शान्त, संयम र सहयोगी मानिसहरु बस्ने गरेको बताउनुभयो । वर्तमान अवस्थामा कुनै पनि पार्टीले दम्भ, घमण्ड नगरी सहमतिका साथ राष्टियताका पक्षमा एकजुट हुनुपर्ने धारणा राख्दै विश्वभ्र सफलताको कामना गर्नुभयो ।

बेलुकी ८ बजिसकेको थियो । हामी सत्कार होटलमा आएर खानपिन गऱ्यौं । यहाँ गोरे साउद, भानसिंह साउद, केशव र घरपरिवारसँग हाम्रो कुराकानी भयो । यो घर मनोक्रान्ति साधक साधिका सुरत साउद (ध्राम्), कुन्तीकुमारी साउँद (त्रिम्) र साउँद (क्रिम्) को जन्मघर हो । हामी उहाँहरुको अनुरोधमै यहाँ आइपुगेका हौं । यस घरपरिवारले आफ्ना छोराछोरीलाई मनोक्रा कक्षाका अतिरिक्त औपचारिक शिक्षालाई पनि अगाडि बढाउन् भन्ने चाहेको रहेछ ।

२०६६ श्रावण १५: बिहान उठेर हामीले लेखपढ मै समय बितायौं । महिला विकास कार्यालयमा कार्यरत अमृता अनुपम उपा र भानसिंह साउदले विश्वभ्रमणका लागि शुभकामना व्यक्त गर्नुभयो । दिउँसो पनि नुहाई धुवाई, पढाइ लेखाइमै समय बित्यो । बेलु घरपरिवारका साथ कुराकानी गर्दै हामी खाना खाएर सुत्यौं ।

२०६६ श्रावण १६: बिहान भानसिंह साउँदसँग हामी एउटा घरमा छाउपडी छाप्रो (गोठ) हेर्न गयौं। घर छेउँसँगै माटाको सानो गाऱ्हो लगाएर बनाइएको अनि यसभित्र पराल ओछ्याएको छाप्रो देखियो यहाँ। महिनावारी भएका बेला ५ दिनसम्म महिलाहरुलाई बेग्लै राख्ने उद्देश्यले यो झुप्रो बनाइएको रहेछ। महिनावारी भएका बेला महिलाले घर टेक्न नहुने र एक्लै सानो छाप्रोमा बस्नुपर्ने नराम्रो परम्परा र संस्कृति यस क्षेत्रमा अझै पनि बृहत्त रहेछ। यसको बारेमा पहिलादेखि नै हामीले सञ्चारमाध्यममा सुन्न पाएका त थियौं, आज प्रत्यक्ष यो गोठ देख्नु पऱ्यो। यसरी यहाँ बस्दा सामान्य पराल ओछ्याएर मात्र महिलाले बस्नुपर्ने कारण धेरै महिलाको अकालमा ज्यान गइरहेको छ। यस्तो नराम्रो परम्परामा क्रमशः सुधार हुँदै आइरहको स्थानीयवासी भानसिंह साउँदले बताउनुभयो। छाउपडी गोठ हेरिसकेपछि हामी अछाम जिल्लाको भ्रमण अन्त्य गरी ३५ औं जिल्ला डोटी प्रस्थान गऱ्यौं।

अछाम यात्राका क्रममा प्राप्त नगद सहयोग

डा. पुरुषोत्तम सेढाई(जि.स्वा.का.)	रु. ३,०००/-
जिल्ला शिक्षा कार्यालय	रु. २,०००/-
रणशेर गण (मंगलसेन)	रु. १,०००/-
जिल्ला कृषि विकास कार्यालय	रु. १,०००/-
षोडशादेवी उ.मा.वि.	रु. १,०००/-
मन्धुकन कन्टेक लुम्विनी जे.भी.(साँफे)	रु. १,०००/-
नेपाल पत्रकार महासंघ परिवार	रु. ९३०/-
साँफे हाटवजार व्यवस्थापन समिति	रु. ५०५/-
मंगलसेन गा.वि.स.	रु. ५००/-
राजाराम भट्टराई (काठमाडौं)	रु. ५००/-
मस्टामाण्डौ गा.वि.स.	रु. ५००/-
जिल्ला वन कार्यालय	रु. ३२०/-
रहिस अन्सारी (साँफेवगर)	रु. ३००/-
प्रेम ढुंगाना(सेवक नेपाल)	रु. १०१/-
रामवहादुर वुढथापा(मस्टामाण्डौं ९)	रु. १००/-
कालभैरव जनरल स्टोर (साँफेवगर)	रु. १००/-
भावुक स्टेशनरी (साँफेवगर)	रु. ५२/-
रोशनकुमार भुल (कालिका ७)	रु. ५१/-
एकेन्द्र विरही	रु. ५०/-
तेजवहादुर शाही (धमाली ३)	रु. ५०/-
सागर सिंह(वाजुरा)	रु. ५०/--

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

लक्ष्य पूरा नहुञ्जेल संघर्ष जारी राख्नु। - कमलराज तिमल्सिना, तिमल्सैन ४, हाडाभुँवा, अछाम, नेपाल

जहाँ संघर्ष छैन, त्यहाँ प्रगति हुँदैन। - रोशन कुमार भुल, अध्यक्ष, जिल्ला युवा सञ्जाल

पत्रकारमाथिको अन्याय र अत्याचार अन्त्य होस्। - महेन्द्र कडायत, चण्डिका गा.वि.स. बयालपाटा

नेपाली माझ सकारात्मक सोच विकास होस्। - उर्वशा थापा, (दिक्तेल ४, खोटांग) गा.वि.स. सचिव (ना.सु.)

जनताको सुसूचित हुने अधिकारको संरक्षण होस्। - भरतसिंह रावल, जुपु १

आफूलाई बदलेर संसार बदल्नु पर्छ। - मदन बहादुर कुँवर, प्र.अ., श्री षोडशा उ.मा.वि. मंगलसेन

नेपाली जनताको हित र पाउनुपर्ने अधिकारको संरक्षण होस्। - गणेशमान ठकुल्ला, बरदादेवी ५, बेलपाटा

यात्रा मंगलमय र उपलब्धिमूलक बनोस्। - डा. पुरुषोत्तम सेढाई, जिल्ला स्वास्थ्य कार्यालय

उद्देश्य ईश्वरले पूरा गरुन्। - धनीचन्द ठकुरी, जिल्ला वन कार्यालय

हाम्रा यादहरु जीवन रहेसम्म ताजा रहुन्। - भरत शाह, अध्यक्ष, रामारोशन संरक्षण समिति

Good things happening. - Ram bahadur Saud, Kalika 7

नेपाली पत्रकारिताको इज्जतलाई नयाँ उचाईमा पुऱ्याओस्।

- वेदप्रकाश तिमल्सैना (अध्यक्ष), राम ब. कुँवर (उपाध्यक्ष), विनोद थापा (निर्देशक रेडियो रामारोशन), जंग ब. के.सी., ललितकुमार के.सी., कृष्ण ब. बुढा, टेक ब. थापा एवं नेपाल पत्रकार महासंघ परिवार

मानवताको नवकिरण विश्वभर उदाओस्। - भानसिंह साउद, दुनी ९

सबै माथि स्वतन्त्रता छाउँदै जाओस् है...। - अमृता अनुपम उपाध्याय, कुईका ७, सयाँर

यो सन्देश प्रेसहरुले झन् बुझ्न जरुरी छ। - देव बहादुर कावर, प्रहरी सहायक निरीक्षक, चौखुट्टे

अरुको निम्ति बाँच्न सिक्नु नै सच्चा मानवता हो। - राजाराम भट्टराई, काठमाडौं

मानवीय संवेदना र सदाचारिताको प्रवर्द्धनमा सहायोग पुगोस्। - रोशनराज खरेल, फलाँटे ५, काभ्रे

जस्तोसुकै कठीन परिस्थितिमा पनि पाईलाहरु अगाडि बढिरहुन। - रोहित खत्री, दिपेन्द्र उप्रेती, दोलखा

मंगलसेनमा हार्दिक स्वागत। - चिरञ्जिवी अधिकारी (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

३५ औं जिल्ला डोटी डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः २,०२५ वर्ग किलोमिटर, गा.वि.स. संख्या ५० वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः सदरमुकामः सिलगढी, अञ्चलः सेती, विकास क्षेत्र सदूरपश्चिमाञ्चल

भौगालिक अवस्थितिः पूर्व अछाम र सुर्खेत, पश्चिम डडेल्धुरा र बैतडी, उत्तर बझांग र दक्षिण कैलाली

जातजातिः ब्राम्हण, क्षेत्री, दलित अन्य।

पर्यटकीय स्थलः खप्तड राष्टिय निकुञ्ज, शैलेश्वरी, राधाकृष्ण र भिमेश्वर मन्दिर (सिलगढी), कोट भैरव मन्दिर र वासुधारा -दिपायल), बडी केदार (लानाकेदारेश्वर), भागेश्वर मन्दिर (मूढे गाउँ), घण्टेश्वरी मन्दिर (गैरा), वेतालमाण्डौं मन्दिर (सातफरी), सहस्रलिंग (खप्तड), सेती कर्णाली दोभान (कानाचौर) आदि।

२०६६ श्रावण १६: बिहान ७:३० बजे दुनी ९ (अछाम) र काँडामाण्डौं २ (डोटी) को सिमानामा पर्ने चौखुट्टे बजारबाट हामीले ३५ औं जिल्ला डोटी भ्रमण सुरु गर्‍यौं। जीप चढेर हामी सानागाउँ हुँदै साजघाटमा खोलाको पुल तरेर आयौं। अन्त कतै नलागेको वाकवाकी यहाँ लागेकाले जति दृश्यांकन राम्ररी गर्नु पर्ने हो, त्यो गर्न सकिएन। पहाडी भौगोलिक स्थललाई नियाल्दै ९:३० बजे हामी सिलगढी न.पा. वडा नं. १ नाँचन्थली मोडमा जीपबाट ओर्लियौं।

नेत्रेश्वरी होटल एण्ड लजमा खानपिन गरी दिनभर आराम, डायरी लेखन र अध्ययनमा समय बितायौं। बेलुकी यही होटलमै हाम्रो बसोबास भयो। राती ११ बजे होटल बन्द भैसकेपछि पनि केही मान्छेले ढोका ढक्ढक्याउँदै अलिकति रक्सी पाउँ भनेर मागे। होटल्नी दिदीले भित्रैबाट रक्सी छैन भनेर ढोका खोलिनन्। जसरी पनि हामीलाई चाहिन्छ भन्दै उनीहरुले अड्डी कसेर ढोकामा जोडजोडसँग हान्न थाले। स्थिति अलिक गम्भीर भएपछि ती दिदीले प्रहरीलाई फोन गरिन्। तिनीहरुलाई प्रहरीले लिएर गयो। हरे मान्छे पनि कस्ता कस्ता ? मध्यरातमा भट्टी पसल खोज्दै हिंड्ने अनि रक्सी छैन भन्दा पनि उल्टै आइलाग्न खोज्ने...। हुन त यस्तो घट्ना घट्नुमा धेरथोर रक्सी पसल पनि जिम्मेवार छैनन् भन्न सकिदैन...।

२०६६ श्रावण १७: बिहान उठेर हामी नाचनथली मोडबाट तेर्सो हिड्दै सिलगढी बजार प्रवेश गर्‍यौं। मालिका मन्दिर हुँदै शैलेश्वरी मन्दिरतर्फ ओरालो झर्‍यौं। सिलगढीमा पुराना होचा घर र नेवारी बस्तीको नै बाहुल्यता रहेछ। शैलेश्वरी मन्दिर आइपुगेपछि मन्दिर परिसरमै डोटी बहुमुखी क्याम्पसका सहप्राध्यापक नेत्रप्रसाद पनेरुसँग हाम्रो भेट भयो। सहप्राध्यापक पनेरुले काली पूर्व पिठौरागढ क्षेत्रलाई तल्ली डोटी र काली पश्चिमलाई मल्ली डोटी भनिने गरिएको जानकारी दिनुभयो। उहाँले पहिले दुई श्रीमती राख्ने चलन भएकाले यसैबाट अपभ्रंश भई डोटी नामाकरणको व्युत्पति रहेको पनि सुनाउनुभयो। पत्रकारिता क्षेत्रबारे उहाँको टिप्पणी यस्तो थियो, पत्रकारिता दृष्टि हो देखेका कुरा लेख्छ भन्ने कुरा समाजले बुझ्न सक्दैन, तर पनि पत्रकारिता स्वतन्त्र एवं मर्यादित पेशा हुनुपर्छ। उहाँकै सहयोगमा हामी विकास सञ्चार समूहको कार्यालय पुग्यौं।



कार्यालयमा कार्यक्रम प्रबन्धक एवं पत्रकार महासंघ डोटीका संस्थापक सभापति शंकर थापासँग हाम्रो भेट भयो। संस्थापक सभापति थापाले डोटीमा ३ वटा साप्ताहिक प्रकाशन भइरहेका, रेडियो नेपालको क्षेत्रीय प्रसारण दिपायलबाट हुने गरेको अनि एफ.एम. खोल्ने तयारी भइरहेको जानकारी गराउनुभयो। हुन त यहाँ १०/१२ वटा पत्रिका दर्ता भएका छन् तर आर्थिक समस्याका कारण प्रकाशन हुन सकेका छैनन्। पत्रकारले कसैको गल्ती औंल्याइदिंदा सम्बन्धित पक्षले सच्चिने मौका रुपमा नलिइ उल्टो अर्थ लगाउने चलन यहाँ छ तर पनि पत्रकार साथीहरु विभिन्न समस्याका बाबजुद आफ्नो कर्तव्य निर्वाह गरिरहेका छन्, उहाँले भन्नुभयो। उहाँसँगै हामीले बिहानी खानपिन गर्‍यौं...

संस्थापक सभापति थापाले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालनी गरिएको विश्वभ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो। यसमा लेखिएको छ, प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि तपाईंहरुले थालनी गर्नुभएको विश्वभ्रमणको खबरले डोटी जिल्लामा कार्यरत हामी पत्रकारहरुलाई हर्षित बनाएको छ। यस सुखद घडीमा पत्रकार भट्टराईद्वयको विश्वभ्रमणबाट प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको पक्षमा विश्व जनमत श्रृजना हुने तर्फ सघाउ पुग्ने हामीले अपेक्षा गरेका छौं। यस सञ्चार समूहले नयाँ डोटेली आवाज साप्ताहिक प्रकाशित गर्दै आइरहेको रहेछ।

सञ्चार समूहको कार्यालयबाट हामी दिपायल सिलगढी नगरपालिका कार्यालय पुग्यौं। कार्यकारी अधिकृत निरञ्जनकुमार रिमालले एउटै स्तरका कर्मचारीको मापन हुन नसक्नु र राज्यले कर्मचारीलाई उत्प्रेरित गर्न नसकेको धारणा राख्नुभयो। सडक निर्माण गर्दा डोजर लगाउने भन्दा स्थानीयवासीलाई सहभागी गराउँदा जनताको जीवनस्तर उकास्न सकिने भएपनि यसो हुन नसकेकोमा उहाँले चिन्ता व्यक्त गर्नुभयो। नेपालमै जन्मे हुर्केको र निजी भन्दा सरकारी विद्यालयमा पढेको व्यक्तिले राजनीति गरेमात्र देशको समस्या बुझ्न र समाधान गर्न सक्छ उहाँले भन्नुभयो। पत्रकारिता क्षेत्रको विषयमा अधिकृत रिमालको यस्तो धारणा छ, अहिलेको युग सञ्चारको हो, पहिलेभन्दा अहिले पत्रकारिता सशक्त ढंगले अगाडि बढेको छ, पत्रकारले देश र जनताका समस्या उठान गरेका छन्, तर सम्बन्धित पक्षले सुनुवाई गरेको छैन, कसैले कसैको गल्ती उठान गर्दैमा डराउनु पर्दैन, बरु यसलाई सच्चिने मौकाको रुपमा लिनुपर्छ।

नगरपालिकाबाट हामी जिल्ला प्रशासन कार्यालय आएर प्रमुख जिल्ला अधिकारी गोविन्दमणि भुर्तेललाई भेट्यौं। शैलेश्वरी मन्दिरको धर्मशालामा बासको टुंगो भयो। होटलमा खाना खाएर हामी सुत्यौं।

२०६६ श्रावण १८: बिहान उठेर हामी सिलगढी बजार भ्रमणमा निस्कियौं। शैलेश्वरी मन्दिरबाट ओरालो झर्‍यौं। सिलगढीको भिरालो बजारमा नेवार समुदायको बाहुल्यता रहेछ। उक्त ठाउँ, संघ संस्था र कार्यालयका बोर्ड नियाल्दै रह्यौ हामी। सेतीको माला, खप्तडको मोती, स्वस्थ समुन्नत शिक्षित डोटी लेखिएको कोटेशन पढ्यौं। एवं रितले हामी पुछारमा रहेको बसपार्क सम्म पुग्यौं। तल कलकल बगिरहेकी पश्चिम सेती नदी, किनारमा अवस्थित दिपायल बजार, वरपरका डाडापाखा अनि गाउँ बस्तीलाई नियालेर हामी पुनः शैलेश्वरी मन्दिरमै फर्कियौं। पत्रकार महासंघ पूर्वसभापति शंकर थापाले नै आज पनि खानाको व्यवस्था गर्नुभयो। बिहानको खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय पुग्यौं।

प्र.जि.अ. गोविन्दमणि भुर्तेलले डोटी जिल्ला सदरमुकाममा न्यानो स्वागत छ भन्दै भ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो। डोटी जिल्लाको परिचय दिंदै उहाँले राणाकालीन समयमा डोटी गौंडा भनेर प्रसिद्ध ठाउँ सुदूर पश्चिमाञ्चलको क्षेत्रीय सदरमुकाम शैलेश्वरी र खप्तडले परिचित छ भन्नुभयो। प्रेसको विषयमा प्र.जि.अ. भुर्तेलको यस्तो धारणा छ, वि.सं. २०४६ पछि सञ्चार क्षेत्रले ठूलो फड्को मारेको छ, जनतालाई सुसूचित गराउन गाउँबस्ती देखि माथिल्लो निकायसम्मका कुरा ल्याउनु यसको राम्रो पक्ष हो, तर, पनि कहिलेकाहीं पूर्वाग्रही हिसाबले प्रेस प्रस्तुत हुँदा दुःख लाग्छ मलाई, हुन त खोलाका माछादेखि जोगीलाई समेत राजनीतिले असर पार्दछ, यसो हुँदा हुँदै पनि सार्वजनिक पेशाका कुनै पनि व्यक्तिले आग्रही पूर्वाग्रही बन्नु हुँदैन।

प्र.जि.अ. सँग बिदा भएर आज पनि हामी दिपायल सिलगढी नगरपालिका पुग्यौं। कार्यकारी अधिकृत निरञ्जनकुमार रिमाल, कानूनी सल्लाहकार दिपकबहादुर सिंह, सामुदायिक विकास अधिकृत रमेशचन्द्र जोशी लगायतसँग हामीले कुराकानी गर्‍यौं। कार्यकारी अधिकृत रिमालले भन्नुभयो, नगरवासीमा नै नागरिक दायित्व र कर्तव्य बोध हुन सकेपछि मात्र नगरपालिकाको वास्तविक विकास हुन सक्छ, यसका लागि नगरपालिका, राजनीतिक दलका नेता एवं जनताको सहकार्य जरुरी छ, बजेट बाँडफाँडमा मात्र नभई कार्यान्वयनमा पनि सबै पक्ष जिम्मेवार बन्नुपर्छ, व्यक्तिगत र दलीय स्वार्थमा भन्दा जनताको सेवामा आफ्नो सेवा जोड्नु पर्छ। विश्वभ्रमणका लागि

उहाँको शुभेच्छा यस्तो छ, यो विश्वभ्रमण सिर्फ भ्रमणमा मात्र सीमित नरही यसले नतिजा ल्याउन सकोस् र देशवासी परि हुन पाउन् । दिपायल र सिलगढी मिलाएर बनाइएको १४ वडा रहेको नगरपालिका कार्यालयबाट हामी जि.वि.स. पुग्यौं ।

जि.वि.स. कार्यालयमा प्रशासन फाँटका ना.सु. चुडामणि जोशी र सूचना अधिकृत ना.सु. कृष्णबहादुर खड्कासँग हाम्रो भयो । स्था.वि.अ. खप्तड घुम्न जानुभएको रहेछ । उहाँसँग भेट्न आउने निर्णय गरेर जि.वि.स. बाट हामी जिल्ला पशु सेवा कार्या आयौं । पशु विकास अधिकृत डाक्टर महेशराज विष्टले नेपालमा २०४६ सालभन्दा अगाडि जीवन निर्वाहका लागि पशुपालन गर्ने गरि २०४६ पछि यसले स्वरोजगारको रुप लिएको र २०५५ सालपछि व्यावसायिकरुपमा यो पेशा अगाडि बढेको जानकारी दिनुभयो । डोटीम पहाडी जिल्लामा झैं पालिने भैंसी र बाख्रा यहाँ पनि पालिने संख्या उल्लेखनीय रहेको उहाँले बताउनुभयो । पत्रकारले सुसूचित ग जनतालाई केही कुरा थाहा हुँदैन, यसैगरी अरु युवाहरुले पनि देशका लागि केही गर्नुपर्छ भन्दै उहाँले विश्वभ्रमण सफलताको शुभे प्रकट गर्नुभयो ।

जिल्ला पशु सेवा कार्यालयबाट हामी जिल्ला वन कार्यालय पुग्यौं । कार्यालयका ना.सु. हेमन्त सिंहले डोटीमा बढी मा रिठ्ठा पाइने र अन्य जडीबुटीमा झ्याउ, पाषणवेद, अमला, कुरिलो प्रमुख रहेको बताउँदै विश्वभ्रमण सफलताको कामना गर्नुभ

जिल्ला वन कार्यालयबाट हामी शैलेश्वरी मन्दिर प्रांगणमा आएर साहित्य कला र संस्कृतिको क्षेत्रमा महत्वपूर्ण योग पुऱ्याउने पूर्वपत्रकार धन बहादुर मल्लसँग केहीबेर कुराकानी गऱ्यौं । शैलेश्वरी मन्दिर वरिपरि, तलमाथि, भित्रबाहिर शोभा विभिन्न प्रकारका बुट्टेदार कलात्मक मूर्ति मल्लले आफ्नै खर्चमा निर्माण गर्नुभएको रहेछ । बगैंचासहित कला कौशलले भ शैलेश्वरी मन्दिर साँच्चिकै मनमोहक छ । मल्लले भन्नुभयो, २०१५ सालमा मैले सगरमाथा संवाद समितिमा समाचार पठा एउटा न्यूज सम्प्रेषण गर्दा रु. ३ मिल्दथ्यो, पछि २०१७ सालमा सगरमाथा संवाद र नेपाल समाचार समिति मिलेर राष्ट्रिय सम समिति बन्यो, त्यसमा मैले ३५ वर्ष काम गरें, अहिले सञ्चारक्षेत्रमा संख्यात्मक विकास भएपनि गुणात्मक विकास हुन स छैन, त्यसकारण प्रेस मर्यादित र सकारात्मक बन्न तपाईंहरुको विश्वभ्रमणले महत्वपूर्ण भूमिका खेल्ने कुरामा म विश्वस्त

हामीले नेपाल पत्रकार महासंघ डोटीका अध्यक्ष दिलबहादुर छत्याललाई फोन गऱ्यौं । उहाँले आफू धनगढी रहे जानकारी दिदै डोटीमा रहेका अरु साथीहरुको फोन नम्बर उपलब्ध गराउनुभयो । सोही आधारमा हामीले महासंघ सहस डम्बर भट्टसँग भेट गऱ्यौं । उहाँले हाम्रो खानपिनको प्रबन्ध मिलाउनुभयो । खाना खाने होटलमा केही डोटेलीहरुसँग कुरा भयो । खाना पश्चात् हामी धर्मशालासै आएर सुत्यौं ।

२०६६ श्रावण १९: बिहान शैलेश्वरी क्षेत्र विकास समितिका अध्यक्ष नवराज जोशी रेग्मी र धर्मशालाका कर्मचारी कर्णबह विष्टसँग हाम्रो कुराकानी भयो । शैलेश्वरी मन्दिर सुदूरपश्चिमकै चर्चित मन्दिर हो भन्दै अध्यक्ष भट्टले मन्दिर व्यवस्थापनका ल धर्मशालामा बस्ने यात्रुहरुलाई सामान्य शुल्क लिने गरिएको बताउनुभयो । र, विश्वभ्रमण सफताको कामना गर्नुभयो ।

नेपाल पत्रकार महासंघ डोटीका सहसचिव डम्बर भट्टले यात्रा सफलताको कामना गर्दै महासंघको तर्फ शुभकामना पत्र प्रदान गर्नुभयो । त्यसपछि हामीले खाना खायौं । त्यही होटलमा उपस्थित नेपाली काँग्रेस डोटी सचिव राम

दुना टपरी गाँस्दै

उपाध्यायसँग परिचय भयो । सचिव उपाध्यायले ऐतिहासिक प्रवेश द्वार रहेको डोटीमा डोटेली भाषा र डोटेली देउडा पख भन्नुभयो । नेपाली काँग्रेस सदैव पत्रकारको कलम स्वतन्त्र दिनुपर्छ भन्ने कुरामा अडिग रहेको जनाउँदै उहाँले पत्रक क्षेत्र लगायत कतिपय विषयवस्तुमा सरकारमा गएपछि अरु पार्टीको पनि बिर्सने बानी छ भनी स्वीकार्नु भयो ।

हामी सामुदायिक विकास केन्द्र डोटी कार्यालय पुग त्यहाँ हामीले सहायक इञ्जिनियर गेहेन्द्र बम र टीका पुजा कुराकानी गऱ्यौं । इञ्जिनियर बमले जिल्लाको २४ आफू कार्यरत संस्थाले युवा सूचना केन्द्र स्थापना गरेको शान्ति र शिक्षाका क्षेत्रमा समेत भूमिका खेलिरहेको जान

दिनुभयो। क्षेत्रीय सदरमुकाम दिपायलमा भएपनि कार्यालय प्रमुख कम मात्रामा भेटिने र गाउँमा सचिव नभएकाले जनता मार्कामा परिरहेको दुःखेसो उहाँले पोख्नुभयो। हाल पत्रकारिता क्षेत्रमा एउटै विषयमा धेरै दृष्टिकोणबाट आवाज र कलम चल्ने गरेकाले जनतालाई बुझ्न कठीन भएको धारणा राख्दै अब यसो नहुन उहाँले विश्वभ्रमणमार्फत् लिखित शुभकामना व्यक्त गर्नुभयो। शुभकामना टीका पुलाराको पनि थियो।

त्यहाँबाट हामी जिल्ला कृषि विकास कार्यालय पुग्यौं। कार्यालयमा बाली संरक्षण अधिकृत रामनिवास जैसवाल, प्राविधिक सहायक जगन्नाथ पन्त र अन्य कर्मचारीसँग हाम्रो परिचय भयो। डोटी जिल्लाका करिब ४० प्रतिशत मानिसलाई मात्र आफ्नो उत्पादनमा वर्षभर खान पुग्ने गरेको जानकारी उहाँहरुले दिनुभयो। डोटी जिल्लामा धान, मकै, कोदो, खुर्सानी र बदामजस्ता बालीहरु उत्पादन हुने गरेको उनीहरुको कथन थियो। पत्रपत्रिका र पत्रकारले एक पक्षको मुखपत्र र प्रवक्ता नबनी सबै पक्षको विकास र विशेषगरी कृषिका कुरालाई पनि उचित स्थान दिनुपर्ने धारणा उनीहरुले राखे। सबैले भ्रमण सफलताको कामना गरे।

जिल्ला कृषि विकास कार्यालयबाट हामी जि.वि.स. डोटीको कार्यालय पुग्यौं। कार्यालयमा स्थानीय विकास अधिकारी राजु थापाको कार्यकक्षमा पुगेर हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे जानकारी दियौं। स्था.वि.अ. थापाले विश्वभ्रमण गएपछि त गो, वेण्ट, गन भन्दै विदेश पुगेपछि फर्किने भनेको त्यतिकै हो भन्नुभयो। हामीले विश्वभ्रमण सकेर नेपालमै फर्की पत्रकारिता क्षेत्रमार्फत् देशकै विकासमा लाग्छौं भन्यौं। अनि स्थानीय विकास मन्त्रालयबाट लेखिएको पत्र हेर्न भन्यौं। उहाँले पत्र नै नहेरी तपाईंहरुले पैसा खोज्नुभएको हो, अहिले छैन चेक चल्दैन भन्नुभयो। यसैबीच हामीले एउटा फोटो खिंच्यौं। फोटो खिच्नासाथ तत्काल उहाँको प्रतिक्रिया आयो- के फोटो खिचेर पैसा दिएन भनेर मेरो नकारात्मक कुरा लेख्न लाग्नुभयो, पत्रकारहरुको यो बानी मलाई मन पर्दैन, फोटो खिंच्न त सोध्नुपर्छ। हामीले भन्यौं, तपाईंको व्यक्तिगत कोठामा आएर फोटो खिचेको होइन, सार्वजनिक कार्यकक्षमा आएर फोटो खिंच्न किन हुँदैन ? यति भन्नासाथ मसँग पनि क्यामेरा छ नि भनेर आक्रोशित हुँदै एल.डी.ओ. थापा कार्यकक्षबाट निस्कनु भएपछि हामी पनि बाहिरियौं। कार्यकक्षमा ताला लगाएर उहाँ हिंड्नुभयो। ३५ जिल्ला यात्रा गर्दा यसरी हामीप्रति प्रस्तुत हुने उहाँ नै प्रथम व्यक्ति हुनुहुन्छ।

हामी जि.वि.स.बाट जिल्ला स्वास्थ्य कार्यालयतर्फ उकालो लाग्यौं। कार्यालयमा निमित्त कार्यालय प्रमुख गणेश बहादुर के.सी. र मेडिकल अधिकृत डा. विकास खत्रीसँग परिचय गर्‍यौं। निमित्त कार्यालय प्रमुख के.सी.ले जिल्लामा बर्सेनी झाडापखाला बाट केही मानिस मर्ने गरेका भएपनि लेखाजोखा नहुने गरेको तर यसपटक चर्चामा आएको बताउनुभयो। उहाँका अनुसार वर्षायामको पानीले बगाएको फोहोर पानी मुहानमा पर्छ, यही पानी मान्छेले प्रयोग गर्दछन् र झाडापखाला हुन्छ। जनचेतनाको अभावकै कारण अप्रिय घट्ना घट्छ भन्दै उहाँले विश्वभ्रमण सफलताको कामना गर्नुभयो। मेडिकल अधिकृत खत्रीले समाचार अतिरञ्जित होइन, वास्तविक घट्नास्थलमा नै पुगेर प्रकाशन प्रसारण हुनुपर्छ भन्ने धारणा राख्नुभयो।

जिल्ला स्वास्थ्य कार्यालयबाट हामी जिल्ला शिक्षा कार्यालयतर्फ तेर्सियौं। कार्यालयमा शाखा अधिकृत फणीन्द्र जोशी र ना.सु. भुवन जोशीसँग परिचय गर्‍यौं। उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो। जि.शि.का. बाट हामी पुनः बजारतर्फ फर्कियौं। एनेकपा माओवादी र नेकपा एमाले कार्यालय गयौं। एमाले कार्यालयमा कार्यालय सचिव राम बहादुर ऐरले पूर्वप्रधानमन्त्री डा.के.आई सिंहको जन्म भएको ऐतिहासिक डोटी गौंडा मानवीय सूचकांकमा ६८ औं स्थानमा रहेको जानकारी दिनुभयो। जिल्लामा अझै पनि व्यावसायिक पत्रकारिताको विकास नभएपनि निष्पक्षरुपमा पत्रकारहरुले काम गरिरहेका छन् भन्दै उहाँले पत्रकारहरुको प्रशंसा गर्नुभयो। तर, राजधानीबाट निस्कने केही पत्रिकाका संवाददाताले भने पूर्वाग्रही भएर गलत

दिपायलसँगै पश्चिम सेती



समाचार दिने गरेको आरोप लगाउनुभयो । साथै उहाँले स्वतन्त्र, मर्यादित एवं निष्पक्ष प्रेस अपरिहार्य छ भन्नुभयो ।

आज यस्तै भेटघाट र कुराकानीका साथ समय बितेको पत्तै भएन । साँझ ८ बजे खाना खायौं । र, धर्मशालामा आएर सुत्

२०६६ श्रावण २० : बिहान सिलगढीलाई छोडेर दिपायलका लागि हामीले जीप चढ्यौं । जीप ओरालो झरेर सेती नदीको पुल तर्‍यो । किनार अवस्थित पिपल्ला बजार पुगेर रोकियो । जीपबाट ओर्लिएर हामी सेती नदी पुलतिरै फर्क्यौं । पुल तरेर सिमेण्टको खुड्किला उक्लिंदै कोट भैरव मन्दिर डाँडा पुग्यौं । त्यहाँबाट दिपायल गाउँ पिपल्ला बजार लगायत अन्य हरिया डाँडापाखा रमाइलो मनमोहक देखिए । कोट भैरव मन्दिरमा यस्तो अभिलेख थियो, डोटीका राजा भूपति शाहको शासनकाल शाके १४८० देखि मा दिपायल गनैर गौंडामा राजदरबार निर्माण हुँदा प्रवेशद्वारमा भैरवको स्थापना भएको । संवत् १८९० सम्म पूजाखर्च दरबारबाट बेहोरिने गरिएको थियो । दरबारको संरक्षण तथा मन्दिरको सामान्य जिर्णोद्वार यस क्षेत्रको प्रहरी परिवार नगरपालिकाबाट वि.सं. २०५० सालमा गरियो । यस प्रमाणबाट बाइसे चौबीसे राज्य भएको बेलामा डोटीमा पनि राजा गरेको प्रस्ट हुन्छ ।

कोट भैरवबाट तल झरेर हामीले झोलुंगे पुल पार गर्‍यौं । नदीको उद्‌गमस्थलतिर किनारै किनार लाग्यौं । अनुसन्धान केन्द्र भतेगडा डोटीको गेट छेउबाट रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्रको टावर देखियो । हिंड्दै हामी सोही पुग्यौं । कार्यालयमा क्षेत्रीय प्रसारण केन्द्र प्रमुख रविप्रसाद शर्मा, कार्यक्रम संयोजक उद्धवसिंह सिवाकोटी, पत्रकार तेजु लगायतसँग हामीले परिचय गर्‍यौं । केन्द्र प्रमुख शर्माले क्षेत्रीय प्रसारण केन्द्रबारे जानकारी दिंदै भन्नुभयो, पत्रकारहरुलाई स्वतन्त्र ढंगले काम गर्ने वातावरण सबै तिर बाट दिइनुपर्छ, हत्या, हिंसा, अपहरणजस्ता कार्य बन्द हुनुपर्छ, विश्वभ्रमण सफलतापूर्वक सम्पन्न होस् । त्यहाँबाट रेडियो नेपालकै गाडीमा बसेर हामी राजपुर आयौं । खाना खायौं । र, क्षेत्रीयस्तरका कार्यालय भ्रमण जुट्यौं ।

क्षेत्रीय प्रशासन कार्यालयमा निमित्त क्षेत्रीय प्रशासक शिवदत्त अवस्थीसँग भेट भयो । उहाँले २०३९ सालमा क्षेत्रीय सदरमुकाम घोषणा गरिए पनि सुदूर परिश्चमको विकासमा सरकारले उचित ध्यान दिन नसकेको धारणा राख्नुभयो । स्थानीय पत्रिकाले टाढाका सुनेका कुराभन्दा आफ्नै परिवेशमा देखेका कुरा प्रकाशन प्रसारण गर्दा राम्रो हुन्छ भन्दै आजको लोकतान्त्रिक परिवेशमा प्रेस स्वतन्त्रता अपरिहार्य छ र, यसबाटै मानवीय अधिकारमा बल पुग्न सक्दछ उहाँले भन्नुभयो । विश्वयात्राका लागि सहयोग एवं सद्‌भाव राख्नु प्रत्येक मानवको कर्तव्य हो भन्दै उहाँले यात्रा सफलताको कामना गर्नुभयो ।

क्षेत्रीय प्रशासन कार्यालयबाट हामी लोकसेवा आयोग, नेपाल टेलिकम, राष्टिय योजना तथ्यांक शाखा, सुदूर पश्चिम सिंचाइ विकास डिभिजन नं. २ हुँदै घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय पुग्यौं । कुनै कार्यालयमा पनि कार्यालय प्रमुख थिएनन् । घ.सा.उ.वि.स. मुख्य शाखा कार्यालयमा वरिष्ठ सहायक अर्जुन मल्ल, वरिष्ठ सहायक प्राविधिक मानबहादुर नगरकोटी लगायतसँग परिचय र कुराकानी भयो । वरिष्ठ सहायक मल्लले बझांग, बाजुरा, अछाम र डोटीको मुख्य शाखा यही रहेको बताउनुभयो । उनीहरुले भने, डर,धाक धम्कीबाट टाढा भएर पत्रकारहरुले स्वतन्त्र र निष्पक्ष पत्रकारिता गर्नुपर्ने र यो क्षेत्रले धार्मिक पर्यटकीय स्थलको सामाग्री बढी प्राथमिकता दिनुपर्ने बताउँदै भ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

घरेलु कार्यालयबाट हामी सुदूर पश्चिम क्षेत्रीय निर्देशनालय पुग्यौं । कार्यालयमा डा. सुवोधराज मिश्र र एनेकपा माओवादी सम्बद्ध २ स्वास्थ्य कार्यकता कुंम्भराज खाती र खगेन्द्र वि.क.सँग हाम्रो भेट भयो । डा. मिश्रले सुदूर पश्चिममा फोहोर पानी र कुपोषण झाडापखालाको महामारीको रुप लिएको बताउनुभयो । उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो । त्यसपछि हामी क्षेत्रीय शिक्षा निर्देशनालय गयौं । त्यहाँ प्रा.स. दशरथ दत्त भट्ट र सुवोधकुमार लामासँग परिचय भयो । उहाँहरुको पनि शुभेच्छा लिएर हामी राजपुर बजार घुम्दै अनि जिज्ञासुहरुलाई यात्राबारे जानकारी दिंदै नेपाली सेनाको सुदूर पश्चिम पृतनातर्फ लाग्यौं ।

राजपुर बजारको सबभन्दा माथि पृतना र तलतिर अन्य क्षेत्रीय कार्यालयहरु रहेछन् । त्यहाँ पृतनापतिसँग भेट गराइएन । गेटमै कर्णेल विजयध्वज कार्की, सहदेव खड्का र दिलीप विष्टसँग हाम्रो कुराकानी भयो । उनीहरुले सबै विषयमा कुराकानी गरे पनि प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताका बारेमा केही बोल्न चाहेनन् । यतिमात्र भने, केही बोल्यो भने नागरिक

सर्वोच्चताको कुरा हुन्छ त्यसकारण यात्रा सफल रहोस्। उनीहरुसँग बिदा भएर हामी पिपल्ला बजार तर्फ झर्‍यौं। ८ बज्नै लागेको थियो। छामछाम छुमछुम गर्दै हामी एक होटलमा आइ खाना खाएर सुत्यौं।

२०६६ श्रावण २१: बिहान पिपल्ला बजार दिपायल घुम्यौं। दिपायल सिलगढी नगरपालिका वडा नं. ७ मा अवस्थित यो बजार घुम्ने क्रममा केही मानिसलाई यात्राबारे जानकारी दियौं। यही क्रममा दिपायल पोष्ट राष्टिय साप्ताहिकका प्रकाशक सम्पादक मिन बमसँग हाम्रो भेट भयो। उहाँले पनि यो भ्रमणले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको पक्षमा विश्वजनमत सिर्जना गर्न यात्रा सफल होस् भनी शुभकामना पत्र प्रदान गर्नुभयो। शुभकामना व्यक्त गर्नेमा एकीकृत नेकपा (माओवादी) का चन्द्रदेव ओझा पनि हुनुहुन्थ्यो। होटलमा आई खाना खाई हामी जीप चढेर पुन: सिलगढी आयौं।

डोटी यात्राका क्रममा प्राप्त नगद सहयोग

दिपायल सिलगढी नगरपालिका	रु. ३,५००/-
सामुदायिक विकास केन्द्र	रु. ५०५/-
सुदूर पश्चिम पृतना(राजपुर)	रु. ४००/-
जयवहादुर थापा (खप्तड रा.नि.)	रु. ३००/-
सूर्य वहादुर के.सी. (खप्तड रा.नि.)	रु. २०२/-
गणेश के.सी.(जि.स्वा.का.)	रु. १६०/-
हेमन्त सिंह(जिल्ला वन)	रु. १५०/-
अर्जुन मल्ल (घरेलु)	रु. १०५/-
राजेन्द्रप्रसाद जोशी	रु. १००/-
खगेन्द्र जोशी (जि.शि.का.)	रु. १००/-
शिवदत्त अवस्थी (क्षे.प्रशासन.का.)	रु. १००/-
भुवन जोशी (जि.शि.का.)	रु. ५८/-
प्रेमवहादुर खत्री (खप्तड रा.नि.)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

सिलगढीमा न्यानो स्वागत, शुभकामना। - गोविन्दमणि भुर्तेल (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

यो सन्देशले स्वतन्त्रता र सकारात्मक पत्रकारिताको विश्व जनमत सिर्जना हुनेछ।
- शंकर थापा -कार्यक्रम प्रबन्धक), विकास सञ्चार समूह, मिन वम (सम्पादक), दिपायल पोष्ट साप्ताहिक

उच्च मूल्यांकनसहित सफलताको कामना। - डम्बर भट्ट (कार्यालय सचिव), पत्रकार महासंघ

जहाँ प्रेस सकारात्मक पनि हुन्छ, त्यहाँको समाज नैतिकवान् र सभ्य बन्न सक्छ। - चन्द्रदेव ओझा, एनेकपा (माओवादी)

नेपाल चिन्ने र चिनाउने मान्छे अहिलेको आवश्यकता। कुम्भराज खाती, राज्य कमिटी सदस्य, एनेकपा (माओवादी) दिपायल

देशका लागि सकारात्सक अभियान। खगेन्द्र वि.क., डी.सी.एम. एनेकपा (माओवादी)

A example message for the whole world. **- Subodh Kumar Lama, Regional Education Directorate**

भ्रमणको नतिजाबाट देशवासी लाभान्वित होउन्।
- निरञ्जन कुमार रिमाल, कार्यकारी अधिकृत, दिपायल सिलगढी नगरपालिका कार्यालय

विश्व अनुभव लिने साहस सबैमा सुखद कुरा। - रमेशचन्द्र जोशी, सामुदायिक विकास अधिकृत

प्रेस मुकुण्डेको जञ्जालबाट मुक्त होस्। - दीर्घराज बोगटी, काठमाण्डौ २, नेकपा (एमाले)

उद्देश्य सुन्दा खुशी लाग्यो। - खगेन्द्र प्र. जोशी, शाखा अधिकृत, जि.शि.का.

सामाजिक, आर्थिक, नागरिक तथा भौतिक क्षेत्रको अर्न्तवस्तुमा पुग्नुहुनेछ।
- दीपक बहादुर सिंह, कानूनी सल्लाहाकार, दिपायल सिलगढी नगरपालिका कार्यालय

मन-मनबाट आनन्द प्रस्फुटित होस्। - महेशराज विष्ट, जिल्ला पशु सेवा कार्यालय

मानव सभ्यताका लागि फलदायी बनोस्। - हेमन्त बहादुर सिंह, जिल्ला वन कार्यालय

प्रेरणाको यो पाठ आमजनताले अनुसरण गरे देश बदल्न सकिन्छ। - रामनिवास जैसवाल, बाली संरक्षण अधिकृत

सहयोग एवं सद्भाव राख्नु प्रत्येक मानवको कर्तव्य। - शिवदत्त अवस्थी, शाखा अधिकृत क्षेत्रीय प्रशासन कार्यालय, सु.प. दिपायल

यस्ता कार्यहरु सजिलै हुन सकुन्। - गणेश बहादुर के.सी., जिल्ला स्वास्थ्य कार्यालय

पत्रकारिता पेशाको सम्मान र कद्दर। - नवराज जोशी (रेग्मी), अध्यक्ष श्री शैलेश्वरी क्षेत्र विकास समिति

शान्ति र समृद्धिको अनुभूति होस्। - गेहेन्द्र बम, स. इञ्जिनियर, सामुदायिक विकास केन्द्र

स्वतन्त्रताको पक्षमा लागिरहन प्रेरणा मिलोस्। - दशरथदत्त भट्ट, प्राविधिक सहायक क्षेत्रीय शिक्षा निर्देशनालय

सिलगढीबाट खप्तडको यात्रा तय गरेर हामी १२:३० बजे उकालो लाग्यौं । खप्तड प्रवेश गर्दा बीच बाटोमा एउटा टावर सुरक्षार्थ भीमदल गणले चौतारामा पिउने पानीको व्यवस्था र खप्तड जाने बाटोको नक्सा बनाएको रहेछ। पानी पिएर नक्सा हेरेर हामी अगाडि बढ्यौं । पौवा, बगलेक हुँदै झिग्राना आइपुग्न श्रावण महिना वर्षेझरी हामी प्लास्टिक ओढेर हिडिरह्यौं । बग्लेकसम्म कच्ची रोड रहेकाले हिउँदको समयमा जीप चल्छ रे ।

साँझ परेको थियो । दर्के झरी यतातिरको भाषामा मेघ परिरहेको अवस्थामा हामी झिग्रानाका २-४ घर र कि पसलमा बास माग्न पुग्यौं । कतै छैन भने । अन्तमा एउटा झुपडीमा गएर सोध्दा एकजना दाई बोल्नुभयो, सुत्ने ठाउँ छ तर, ओढ्ने ओछ्याउने केही छैन । अन्यत्र कतै नपाइएका कारण जे होला भनेर हामी घरभित्र पस्यौं । खरले छाएको होचो घर साँघुरो र फोहोर कोठाको एउटा काठको खाट । हामीले त्यही खाटमा झोला बिसायौं । घरभित्र अनि खाटमाथि पानी तपतप चुहिरहेको थियो । म पनि भाडामा एक्लै बस्छु, मेरा कोही छैनन् हामीलाई बास दिने दाईले भन्नुभयो। उहाँले हामी सोध्नुभयो, तरकारी आलु छ, रोटी हालौं ? हामीले स्वीकृति दियौं । आलुको तरकारी र गहुँको रोटी तयार भयो । बालिएको दाउरा आगाको उज्यालोमा रोटी र पिरो तरकारी हामीले खायौं। त्यसपछि उहाँले एउटा बोरा, प्लास्टिक र थोत्रो टालो ओछ्याउन र ओढ्न दिनुभयो । हामी सुत्न त सुत्यौं तर खुट्टातिर राती पनि पानी चुहिरह्यो । निदाउँदै अनि ब्युँझदै उज्यालो भयो।

२०६६ श्रावण २२: बिहान उठेर चिया पियौं । हाम्रो हिसाब कति भयो दाई भन्दा रु. २६० घरबेटी दाईले भन्नुभयो। हामी छक्क पर्‍यौं । कसरी दाई ? हामीले सोध्यौं । खानाको दुइजनाको रु. १२०, सुतेको रु १०० र चियाको रु. १० । बोरा ओछ्याएर सुतेको रु. १०० तिनुपर्छ र भनेर हामीले सोध्यौं । तिर्नै पर्छ दाईले भनेपछि जे भएपनि बास पाउनु नै यहाँ ठूलो कुरा हो भनेर रु. २६० नै तिरेर उहाँलाई धन्यवाद दिदै हामी उकालो लाग्यौं। हुन त यि दाईको आम्दानीको श्रोत पनि केही देखिदैन अनि आक्कल झुक्कल कोही यात्रु हामीजस्तै अबर परेपछि मात्र त्यहाँ पुग्दा रहेछन्। त्यसकारण उनले लिएको पैसामा हाम्रो कुनै गुनासो रहेन, छैन। तर यात्राका क्रममा यो ओछ्यान, यो सुताई र यो पैसा तिराई हाम्रा लागि नयाँ र अविस्मरणीय अनुभव हो ।

झिग्रानाको डाँडामा शत्रुभञ्जन गुल्मको एक टुकडी बस्दो रहेछ । डयुटीमा खटिएका सैनिकले लेफ्टिनेण्ट आउन्ज्याल पर्खन भने । आधा घण्टा बसेपछि उपसेनानी लेफटिनेण्ट कुल बहादुर पौडेल र जमदार उमाकान्त भट्ट आइपुगे। उहाँहरुसँग चिया पिउदै केहीबेर कुराकानी गरेपछि उकालो लाग्यौं ।

पानी दर्किरहेको छ। बेजोडको ठाडो उकालो। बीच बीचमा बस्ने ठाउँ पनि हिलो र दर्किरहेको पानीले कहीं छैन। बाटाभरि भल बगिरहेको छ। जंगलको एकान्त सुनसान ठाउँमा छौं हामी। नहिंडी सुखै थिएन। ओढेको प्लास्टिक ओछ्याएर बस्दा अनि हिंड्दा कम्ता गाह्रो परेन। लगातार ३ घण्टाको ठाडो उकालो अनि अठेरो बाटो हिंडेर हामी बीचपानी आइपुग्यौं। खरले छाएको घर र मान्छे देख्दा साह्रै खुशी लाग्यो। होटलभित्र छिर्‍यौं। हुन त श्रावण महिना जाडो हुने मौसम त होइन, तर लेकको ठाडो उकालोमा चिसो पानीले ठिंग्रिएपछि मौसमको के ठेगान र ? रातो-तातो बलिरहेको आगोका डिलमा तातो पानी पिउँदै र बिस्कुट चपाउँदै आराम गर्‍यौं। बल्ल आनन्दको सास फेर्न पाइयो।

खाना पाकेर खाँदा दिउँसो १ बजिसकेको थियो । खाना खाएर पनि केहीबेर आराम गरी २ बजे हामीले पुन: यात्रालाई निरन्तरता दियौं। बाटोमा केही चराचुरुंगी पनि देखिए । नचिनेको एउटा जनावर देख्दा केही डर-डर पनि लाग्यो । डर र निरन्तर परिरहेको दर्के पानीको बाबजुद हिंड्दै गर्दा साँझ ५ बजे हामीले हरियो पाटनको दर्शन पायौं । त्यहाँ विभिन्न किसिमका फूलहरु फूलेका रहेछन् । रंगीविरंगी फूल र सीता पाइला मन्दिर क्षेत्रको वातावरणले हामीलाई आनन्दित तुल्यायो । हामी त्रिवेणी हुँदै खप्तड निकुन्ज कार्यालय पुग्यौं। कार्यालयमा भेटिएका रेन्जर, सहायक कर्मचारीसँग कुराकानी गर्‍यौं । उनीहरुले हामीलाई नजिकैको होटलमा गएर बस्न भने । ७:३० बजे हामी होटल पुग्यौं। जाडो छ यहाँ । खाना खाएर १० बजे सुत्यौं ।

२०६६ श्रावण २३: बिहान हामी खप्तड दह भ्रमण गर्न गयौं। आज पनि कुहिरो लागेको, सिमसिम पानी पर्दै थियो । ४५ मिनेट हिंडेपछि हामी दह पुग्यौं । दह लाम्चो आकारको, एकातिरको भाग केही ठूलो र पछाडिको भाग सानो रहेछ । कुहिरो

ढाकेका कारण एकै ठाउँबाट खासै राम्रो देख्न सकिएन दह । दह छेउछाउ स साना मन्दिर र गुम्बाहरु पनि रहेछन् । त्यहाँबाट फर्किएर हामीले होटलमा खाना खायौं ।

त्यसपछि निकुञ्ज कार्यालय गयौं । कार्यालयमा पुग्दा मध्यान्हको १२ बजिसकेको थियो, तर कर्मचारी कोही थिएनन् । निकुञ्ज निवास स्थानमा भने केही व्यक्ति तास खेल्दै थिए । ढोका बाहिरबाट हामीले ब्रोसर छ कि के छ निकुञ्ज बारेमा लेखेको ? दिनुस् न भनेर सोध्दा दिने मान्छे छैन भन्ने जवाफ भित्रबाट आयो । त्यहाँबाट हामी ४५ मिटर हिंडेर माथि डाँडामा रहेको खप्तड बाबा आश्रम स्थल पुग्यौं । यतिबेला हामीलाई खप्तड बाबाको एउटा उद्गार याद आयो, एकाग्रतापूर्वक गरिएको विचारले असम्भवलाई पनि सम्भव बनाउँछ । हो, हामी पनि आज खप्तड आउने विचारलाई साकार बनाउन सफल भएका छौं ।

बाबाको आश्रम बाहिर फलामे गेट अनि फलामे काँडे तारको बार रहेछ । हामी गेटबाट भित्र पस्यौं । च्यादार लगाएर चिटिक्क पारेको घरको बाहिर पट्टि खप्तड बाबाको शालिक राखिएको रहेछ । हिउँदको समयमा हिउँ पर्ने यस ठाउँमा लगातार ५० वर्षसम्म तपस्या गरेर खप्तड बाबा बस्नु भएको थियो रे ! हुन त खप्तड क्षेत्र ऋषिमुनिको पवित्र तीर्थस्थल भनेर हिन्दू धर्मग्रन्थमा समेत उल्लेख छ । केहीबेर हामी त्यहीं बस्यौं । त्यहीबेला खप्तड बाबासँग ३ वर्ष सँगै बसेको बताउने नेपाली सेनाका बल बहादुर रावल आइपुग्नुभयो । हामीले बाबाका विषयमा उहाँसँग केही जिज्ञासा राख्यौं ।

खप्तड बाबा कोही मान्छे आउँदैछ भने अगाडि नै थाहा पाउने र आएपछि कुन उद्देश्य लिएर आएको भनेर नसोधिकनै भनिदिनुहुन्थ्यो, रावलले भन्नुभयो । भारतीय कास्मिरी ब्राम्हण भनिएपनि बाबाको वास्तविकता आफूलाई थाहा नभएको रावलले बताउनुभयो । रावलका अनुसार खप्तड बाबा ५ बजे उठ्ने, ६ देखि ७ बजेसम्म ध्यान गर्ने, ७ बजेपछि कालो चिया पिउने, ८ बजे दूध पाउडर चिया पिउने र १ बजे भोजन गर्ने, माछामासु, धुम्रपान मद्यपान, लसुन प्याज बाहेक अरु सबै खानु हुन्थ्यो । लाहा छाप लगाएर किन ढोका बन्द गर्नुभएको भन्ने प्रश्नको जवाफमा उहाँले भन्नुभयो, धुप बत्ती गरेर दशहरामा अनि सैनिक उच्च अधिकारी आउँदा मात्र यो ढोका खुल्छ, अरु बेला खुल्दैन । कोठा भित्र बाबाका जुत्ता र कपडा छन् । यस्तो एकान्त जंगल अनि हिउँमा त्यति विधि लामो तपस्या गरी खप्तड बाबाले विचार विज्ञान, स्वास्थ्य विज्ञान, म र मेरो कर्तव्यजस्ता बहुमूल्य कृति छोडेर जानुभएको छ । समाजका लागि उहाँले दिएको यो योगदान वास्तवमै अनुकरणीय छ । लक्ष्य प्राप्तिका लागि आवश्यक पर्दा जतिसुकै समय दिन सक्नुपर्ने ऊर्जा, जोश र जाँगर मिलेको छ हामीलाई पनि बाबाको तपस्या, योगदान र यस क्षेत्रको भ्रमणले ।

बाबा आश्रमबाट हामी त्रिवेणीतर्फ ओरालो झर्‍यौं । पोषिलो घाँसमा चरिरहेका भैंसी, गाई गोरु, बाख्राले आँखामा गाजल लगाएझैं अनि विभिन्न किसिमका फूलले लाली क्रिम घसिएझैं देखिएका छन्, पाटन र चउरहरु । हामी यही प्राकृतिक मनोरमतामा र डाँडा डाँडाका कोणधारी वृक्षलाई नियाल्दै आफैंमा हरायौं... ।

पानी बगिरहेको खोल्सा काठको फड्केबाट तरेर हामी केदार ढुंगा नियाल्दै त्रिवेणी घाट पुग्यौं । हामीले पाएको जानकारीअनुसार यहाँ जेठ महिनामा पर्ने दशहरा मेलामा स्नान गर्ने श्रद्धालुहरुको भव्य भीड लाग्छ । यो मेलामा बाजुरा, बझांग, अछाम, डोटी लगायत अन्य जिल्लाबाट पनि मानिसहरु आउने गर्दछन् । त्रिवेणीमा विभिन्न देवीदेवताका कलात्मक बुट्टाले भरिएका पुराना मूर्ति, मन्दिर रहेछन् ।

त्रिवेणीबाट हामी सहस्रलिंगतर्फ उकालियौं । केही समय खोलाको किनार, ठाउँठाउँमा काठका फट्के तर्दै, ठाडो उकालो, फेरि थोरै ओरालो अनि त्यसपछि तेर्सो जम्माजम्मी डेढ घण्टा हिंडेर हामी सहस्रलिंग पुग्यौं । यो खप्तड क्षेत्रको सबभन्दा अग्लो भाग समुद्री सतहबाट ३२०० मिटरभन्दा माथि रहेछ । त्यहाँ ठूल्ठूला चट्टान अनि एउटा चट्टानमाथि शिव, पार्वती, गणेश, कुमारका मूर्ति राखिएका रहेछन् ।

त्यहाँबाट फर्किएर हामी पुनः निकुञ्ज कार्यालय आयौं । एकाउण्टेण्ट सूर्यबहादुर के.सी., ना.सु. जयबहादुर थापा, प्रेमबहादुर खत्री र अन्य निकुञ्जका कर्मचारीसँग हाम्रो भेट भयो । उनीहरुले हामीलाई संग्रहालयमा रहेका भालु, बँदेलका अवशेष र अन्य जीवजन्तुका विषयमा जानकारी दिए । यी कर्मचारीहरुले विकट खप्तड क्षेत्रमा काम गर्नु परे पनि सेवा सुविधा सोही अनुसारको नभएको गुनासो गर्दै विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गरे ।

त्यहाँबाट हामी होटलमा आयौं । होटलमा हामी बैशाखदेखि भदौसम्म विभिन्न २२ वटा पाटनमा गाई वस्तु गोठ राखेर बस्ने गोठाला हौं भन्ने मानिसहरुसँग हाम्रो कुराकानी भयो । एक ग्वालाले मीठो दही ल्याएर ख्वाउनुभयो, तर महंगो पैसा तिर्नुपर्‍यो । बेलुकी हामी खानपिन गरेर सदाझैं १० बजे सुत्यौं ।

२०६६ श्रावण २४: बिहान उठेर हामीले अछाम, डोटी, बझांग र बाजुराको सिमानामा पर्ने खप्तड क्षेत्रको भ्रमण सिध्याएर ३६ औं जिल्ला बझांग छिर्ने योजना बनायौं । यही सिलसिलामा फेरि निकुञ्ज कार्यालय पुग्यौं । खप्तडको बढी भाग बाजुराले ओगटेको जानकारी दिंदै ना.सु. जय बहादुर थापा र प्रेम बहादुर खत्रीले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । त्यसपछि २.२५ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको सुन्दर पर्यटकीय स्थल खप्तड क्षेत्रलाई छोडेर हामी ३६ औं जिल्ला बझांगतिर लाग्यौं ।

३६ औं जिल्ला बझाङ डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः ३,४२२ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४७ वटा, नि... क्षेत्रः २ वटा सदरमुकामः चैनपुर, अञ्चलः सेती, विकास क्षेत्रः सु... पश्चिमाञ्चल

भौगालिक अवस्थितिः पूर्व बाजुरा र हुम्ला, पश्चिम बैतडी र दा... उत्तर हुम्ला र चीनको तिब्बत र दक्षिण डोटी र अछाम

मातृभाषाः नेपाली, मैथिली, भोजपुरी, थारु, तामांग, नेवारी, म... अवधि, वान्तवा, गुरुंग, उर्दु, शेर्पा आदि ।

पर्यटकीय स्थलः सुर्मासरोवर (सुर्मा), जयपृथ्वीनगर (कडेल), कै... गुफा (कैलाश), खप्तड राष्टिय निकुञ्ज (छान्ना क्षेत्र), हिमालहरु सा... नाम्पा र योगा, बड्डी ज्यावन (दह बगर), माटे साँघु (व्यासी), ... दह (छान्ना), लोककुण्ड ताल, निलसरी कुण्ड, राम्चा दह आदि।

(साभारः बझांग जिल्ला तथ्यांक विवरण जि.वि.स.)

२०६६ श्रावण २४ गतेः ऐतिहासिक पर्यटकीय स्थल खप्तडमा हामीले ३५ औं जिल्ला डोटीको यात्रा अन्त्य गरेर ३६ औं जिल्ला बझांग भ्रमणका लागि प्रवेश गऱ्यौं । यसक्रमको सुरुवात् गा.वि.स.माझी गाउँ पऱ्यो । खप्तडबाट सँगै आउनुभएका लामतोला ८, बझांग निवासी लक्ष्मीराज जैसीको सहयोगमा हामी लेखाडा आयौं । जंगलको ओरालो बाटो अन्त्य भएर गाउँ बस्ती, डाँडा काँडा, हरियाली पाखा पखेरा, बेंसी टार, खेती देखिन थाले । माझी गा.वि.स.कै लेखाडामा हामीले बिहानको खाना खायौं । केहीबेर आराम गरेर पुनः यात्रा थाल्यौं ।

हिलो अनि चिप्लो बाटो ओरालो झरेर हामी मेल्तडी डाँडामा आइपुग्यौं । त्यहाँबाट मेल्तडी, दारु गाउँ, द्यौलीगाड लगायत अन्य गाउँ-ठाउँ रमाइला देखिए । हरियाली धान, मकै खेतीसँगै पुराना चिटिक्क परेका ढुंगाका छाना लगाएका घरले हामीलाई आकर्षित गऱ्यो । यस्तै दृश्यमा हराउँदै हामी मेल्तडी गाउँ आइपुग्यौं । माझीगाउँ २ अन्तर्गत पर्ने यस गाउँमा भंगीगाड लघु जलविद्युत् सञ्चालनमा रहेछ । यहाँका स्थानीयवासीहरु... हामीले केहीबेर कुराकानी गऱ्यौं । गुन्यू चोली अनि सेतो सल काँधको दुवैतिर छड्के बाँधेर अगाडि पछाडि जिउ ढाकिएको ... पोशाकमा सजिएकी बूढी आमैले बोलेको कुरा हामीलाई बुझ्न गाऱ्हो पऱ्यो । अड्कल र ईशारा काट्दै भएपनि हामीले केही... कुराकानी गऱ्यौं । फोटो खिंचेर उहाँलाई देखाइ दियौं । तत्कालै खिंचेको फोटो हेरेर यि बूढी बूढी आमा र अन्य आमैहरु ... परेर हाँसे । एक घरका गाउँले दाईले आरु खुवाए । स्थानीय नरेन्द्र रावलले भ्रमणबारे जिज्ञासा राख्नुभयो । हामीले भ्रमणबारे लेखि... पर्चा दिंदा पढ्न लेख्न आउँदैन भन्ने दाईहरुले ध्यानपूर्वक हाम्रो कुरा सुने । त्यहाँबाट हामी अगाडि बढ्यौं । कालुखेती ५, मतुवा... अमरजंग सिंहले हामीलाई बाटो देखाइदिनुभयो ।

वामेली खोला तरेर नुवाकोट, सिप्टीकोट हुँदै लामातोलाको भूभागमा प्रवेश मात्र के गरेका थियौं, हामी । एक पुरु... कताबाट आउनु भएको र घर कता ? भनेर जिज्ञासा राखे । हामीले आफ्ना परिचय दियौं । उहाँले म पनि बझांगमा कार्य... सञ्चारकर्मी शैलेन्द्र रोकाया भनेर परिचय दिंदै भन्नुभयो, आज हाम्रै घरमा गएर बसौं । हुन त हामी उहाँको गाउँबाट केही अगा... बढिसकेका थियौं । यद्यपि उहाँको अनुरोधलाई स्वीकार गरेर फर्क्यौं । माझीगाउँ ५, सिल्काबाडामा शैलेन्द्रजी कै घरमा हामी ब... बस्यौं । बझांग र विश्वभ्रमण विषयमा कुराकानी भयो । ख... खाएर बेलुकी १० बजे हामी सुत्यौं ।

मेल्तडी गाउँ
आसपासको दृश्य

२०६६ श्रावण २५: बिहान उठेर हामीले नुहाईधुवाई गऱ्यौं । नुहाई... धुवाई सकेर हाम्रो हिंड्ने बेला भएको थियो । त्यति नै बे... धारामा पानी थाप्न गाग्री बोकेर १२/१३ वर्षका २ बालबालि... आए । उनीहरुले गाग्री थाप्न मात्र के लागेका थिए, एक... महिला ठूल्ठूलो स्वरमा बझांगी भाषामा कराउँदै आइपुगिन् । ... धारामा आइपुग्न नपाउँदै ती भाइबहिनी थोरै पानी भरि... आफ्नो गाग्री जुरुक्क उचालेर गए । फत्फताउँदै ती महि... भित्ताबाट झार उखेलिन्, अनि आफूले लगाएको नाकको फु... छुवाउँदै धारा वरिपरि पानी छर्किइन् । ३ पटक पानी छर्कि...

उनी फत्फताउँदै नै आफ्नो जर्किन भरेर हिंडिन्। ति महिला जाने बित्तिकै फेरि अघि गएका भाई बहिनी पुन: आए। उनीहरु नजिकै छल्लिएर बसेका रहेछन्। ति बालबालिका हामीसँग धेरै बोलेनन्। तर, पनि मसिनो स्वरमा बालकले भने- हामी पानी नचल्ने जाति भएकाले गाली गरेको हो, सधैं हामी पानी थाप्न आउँदा यसरी नै गाली गर्छन्, हामी टाढा पानी लिन जाने गर्दछौं, कहिलेकाहीं मात्रै यहाँ आउने हो।

हामी स्पष्ट भयौं, छुवाछुत प्रथा पूर्वका गाउँमा भन्दा पश्चिमका गाउँमा अझ बढी रहेछ। पूर्वमा दलितले छोएको पानी धेरैजसोले नखाए पनि कम्तीमा धारा पधेंरो एउटै हुन्छ। तर पश्चिममा भरसक यतातिरका माथिल्लो जातका भनिनेहरुले दलित जातिलाई धारा पनि छुन दिन नमान्ने रहेछन्। उनीहरुले धारा छोइहाले भने सुन पानी छर्केर चोख्याउने चलन रहेछ। अहो ! मानव मानवबीच कस्तो विभेद ?

नुहाईधुवाई सकेर घरमा आएर हामीले खाना खायौं। शैलेन्द्रजी सँगै साइपाल एफ.एम. को स्टेशन भएको लिंगापाटन लेकतिरबाट चैनपुर प्रवेश गर्ने योजना बनाएर हामी हिंड्यौं। यस भेगलाई छान्ना क्षेत्र भनिन्छ, यहाँ ६ गा.वि.स. छन् र माझीगाउँ यसैको बीचमा पर्छ, यस्तै जानकारी दिंदै शैलेन्द्र जी अगाडि लाग्नुभयो, हामी पछि पछि। नेकपा एमाले बझांग सदस्य मिश्र बहादुर रोकाया माझीगाउँ छेउमा भेट्टिनुभयो। उहाँले चैनपुरदेखि बाहेक अन्य गा.वि.स. को पहिलो लघु जलविद्युत् हाम्रै माझीगाउँमा बनेको हो भन्ने जानकारी हामीलाई पस्कनुभयो। जनताको चाहना शान्ति हो, कुर्सीको लडाईभन्दा राष्ट्रिय हितमा नेताहरु लागुन् भन्ने मेरो चाहना छ, उहाँले थप्नुभयो।

हामी अगाडि बढ्यौं। गाउँघरमा जनचेतना नभएका कारण चर्पी भएपनि खुल्लारुपमा बाटामा दिसा गरेको भेटियो। यस्तो सुन्दर गाउँ यो दुर्गन्धबाट मुक्तिको आशा गरिरहेको छ। विविध कुराकानी गर्दै ओरालो झरेर चौलीगाड खोलाको झोलुंगे पुल हामीले पार गर्‍यौं। त्यहाँ घाटखोला लघुजलविद्युत् हाउस र ३,४ वटा किराना पसल छन्। घाट खोलाबाट दर्‍है उकालो हिंड्नुपर्ने तर बीचमा खानेकुरा केही नभेटिने जानकारी पाएपछि हामीले दालमोठ चिउराको प्रबन्ध गरेर उकालो लाग्यौं।

घाट खोलाको किनारलाई साक्षी राखेर हामी बेजोडको ठाडो उकालो उक्लियौं। शैलेन्द्रजीले फलामको खियाजस्तै पानी बगेको ठाउँलाई देखाउँदै भन्नुभयो, फलाम र धातुहरु यस ठाउँमा विशेषज्ञले पत्ता लगाएका छन्। पसिना पुछ्तै अनि चिसो पानी पिउँदै हामीले यात्रा जारी राख्यौं। देशका हरेक क्षेत्र राजनीतिक हस्तक्षेपका कारण धराशायी बनेको र मान्छे आफ्नो जिम्मेवारीबाट भड्किरहेकोमा हाम्रो एकमत बन्यो। त्यसकारण अब जनतादेखि नेता, प्रशासक हुन वा पत्रकार, विद्यार्थी हुन् वा शिक्षक, मजदुर हुन् वा किसान सबैले आ आफ्नो अधिकारका साथमा कर्तव्य र जिम्मेवारी बहन गर्नुपर्ने बेला आएको छ। यस भएमा मात्र देश र विश्वकै उन्नति प्रगति हुन सक्छ। यस कुरालाई आत्मसात् गरेर हामी सबै अगाडि बढ्नु पर्छ। अब, सिद्धान्त मात्र होइन, व्यावहारिक कार्यान्वयनको खाँचो छ देशलाई।

जति-जति ठाडो भीर उक्लिएर हामी माथि आयौं, त्यति-त्यति नै चौलीगाड र माझीगाउँ रमाइलो देख्न पायौं। भोक लाग्नासाथ भिरालो ठाउँको छोटो घाँसमा बसेर दालमोठ चिउरा खाँदै थकाई मर्ध्यौं। खर्कमा गाईवस्तु चराइरहेका ग्वालाहरुसँग बाटो सोध्दै निस्किन्थ्यौं। बाटो हराउने र खोज्ने क्रम जारी नै थियो। खोजेको बाटो नभेटेपछि भिरालो खर्कमा आफैले रोजेको बाटो खोजेर हिंड्नु हिंडियो। हुन त: सिंहले पनि आफैं बाटो खोजेर हिंड्छ रे। कतै हामी पनि सिंह त भएनौं ? हा...हा...हा...। कुरो यतिमा मात्र के सिद्धियोस्, खर्कमा चरिरहेका गाई भैसीले ठाउँ ठाउँमा ढुंगा लडाउँदा हामीलाई झण्डै लागेको। गाई भैसीले हामीलाई झण्डै शहीद बनाए भन्दै हाँसो ठट्टाका साथ ४ घण्टामा लिंगापाटन डाडामा हामी निस्किछाड्यौं। खुशीले गद्गद् हुँदै आनन्दको सुस्केरा हाल्यौं। तर कुहिरोले गर्दा धेरै टाढाको दृश्य देख्न भने पाएनौं।

लिंगापाटनमै पुर्खौंदेखि गाईगोठ राखेर बस्ने गरेको बताउने जीवन रोकायाले बागगविरो (बाघलाई पासो थाप्न ढुंगा प्रयोग गरेर बनाइएको गुफा) देखाउनुभयो। उहाँका अनुसार पहिले यस भेगमा धेरै बाघ पाइन्थे। आफूले पालेको जनावरलाई बाघले आक्रमण गरेर मारेपछि बाघ मार्ने जुक्तिहरु बूढाहरुले निकालेछन्। सोही अनुसार ढुंगाको गुफा खोर बनाएर बाघले मारेको जनावर राखिदिने र सो जनावर लिन बाघ त्यसभित्र पस्नासाथ ढोका लागिहाल्ने प्रबन्ध मिलाइएछ। त्यसपछि बन्दूक वा भालाले रोपेर बाघ मार्ने गर्दथे रे। तर, आजकाल यस क्षेत्रमा बाघ खासै देख्न पाइदैन, रोकायाले भन्नुभयो।

साइपाल एफ.एम. परिसरमा सञ्चारकर्मीहरुसँग

हामी साइपाल एफ.एम. १००.६ मेगाहर्ज कार्यालय आयौं । स्टेशन म्यानेजर दीपेन्द्रबहादुर सिंह र एफ.एम.कर्मी शेरबहादुर शाहीसँग हाम्रो परिचय भयो । साँझ ७ बजे रेडियो प्रसारण आरम्भ भयो। ८:१५ देखि ८:४० सम्म हामीलाई म्यानेजर सिंहले प्रत्यक्ष रेडियो कुराकानीमा सहभागी गराउनुभयो । खाना खाएर एफ.एम. कार्यालयमै सुत्यौं ।

२०६५ श्रावण २६: बिहान उठेर हामीले एफ.एम. र बझांगको पत्रकारिताका विषयमा व्यवस्थापक दीपेन्द्र बहादुर सिंहसँग कुराकानी गर्‍यौं। उहाँका अनुसार यो रेडियो सुदूर पश्चिमाञ्चलकै जेठो रेडियो हो, बझांग जिल्लाको पनि एकमात्र यो रेडियो दुई ठाउँ फेरेर माझीगाउँ ६ लिंगापाटनमा आइपुगेको । हिंड्ने बेलामा प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमणले नेपाली पत्रकारिताको विकासमा योगदान पुर्‍याओस् भनी व्यवस्थापक सिंहले शुभकामना पत्र प्रदान गर्नु

२८०० मिटर उचाईमा रहेको लिंगापाटनलाई छोडेर हामी बझांग सदरमुकाम चैनपुरको यात्रा गर्न लाग्यौं। ३५ मिनेट ओरालो झरेपछि सानो खोला आइपुग्यौं। खोलाका किनारमा १०, १५ वटा भैसी गोठ राखेर बसेका ग्वालाहरु भेटिए। गाउँबसी मान्छेले वर्षा याममा लेकतिर आफ्ना वस्तुभाउ ल्याएर गोठ राख्ने चलन अद्यापि कायम रहेछ यहाँ । यतातिर बाटो हिंड्नलाई अप्ठ्यारो थियो । त्यहाँबाट हामी १० मिनेट जति तेर्सो अनि १० मिनेट सल्लाघारीको ओरालो हिंडेर अर्को एक खोलामा झरे त्यहाँ पनि १५,२० वटा गाईगोरुको गोठ भेटियो । लेकमा राखेर गाईवस्तु पाल्ने चलन क्रमश: हराउँदै गएको छ, एक ग्वालाले यसको कारणचाहिं आजकाल जताततै खुलेका स्कूलका कारण छोराछोरीले नभ्याउने, अलिकति पढालेखा नोकरीका लागि नेपा मुख्य शहर र भारत जाने गरेकाले रहेछ । हामी त्यहाँबाट पुंग्रा लेकतर्फ उकालो चढ्यौं ।

हेमन्तवाडा गा.वि.स. मा पर्ने पुंग्रा गाउँमा निस्केर हामीले पानी पियौं । गोरस भए चिउरा खाउँ भनेर हामीले सोधे गर्‍यौं । गोरस नपाएपछि हामी ओरालो झर्‍यौं । पुंग्रालेकबाट सेती नदी र बाहुली गार्डको दोभानमा पर्ने बझांग जिल्ला सदरमुकाम चैनपुर बजार निकै रमाइलो देखियो । यसको अतिरिक्त चुच्चा परेको डाँडाको टुप्पा, गाउँघर समथर बेसी लगायत अन्य ठाउँ दृश्य झनै मनमोहक देखिन्थ्यो । दालमोठ चिउरा चपाउँदै गडखेत, गोलाई काटेर हामीले सेती नदीको झोलुगे पुल पार गर्‍यौं

चैनपुर बजार प्रवेश गरेपछि शैलेन्द्र जीले विभिन्न ठाउँको परिचय गराउँदै ल्याउनुभयो । बजारको प्रसिद्ध सुर्मादेवी मन्दिर परिसरमा केही युवा साथीहरुसँग हाम्रो परिचय भयो । हिजो बेलुकी साइपाल एफ.एम. मा गरिएको कुराकानीले रेडियो सु श्रोताहरुलाई हामीले धेरै केही भन्नु परेन । त्यो कुराकानीको बलियो प्रभाव परेछ यहाँ । जिल्लामा एउटा मात्र रेडियो हुँदा यसबा गएको तरंगले बढी प्रभाव पार्ने महसुस हामीले गर्‍यौं । किनभने हामीले केही जिल्लामा धेरैवटा रेडियोमा कुराकानी गरेपनि बजार खासै प्रभाव परेको पाउँदैन थियौं ।

वर्षायाममा राखिएको गोठ

सुर्मादेवी मन्दिरमा भेटि्टनुभएका पत्रकार जनक खड्का र जगदीश रोकायासँगै हामीले प्र.जि.अ. राजेश पौडेल, सहायक प्र.जि.अ. चिरञ्जिवी थापा र निमित्त स्थानीय विकास अधिकारी ब्रह्मलाल गिरीलाई कार्यालयमै गएर भेट्यौं ।

बेलुकी जी.टी.जेड टिम कोअर्डिनेटर क्लाउडिया (जर्मनी) र रोल्पा जिल्ला संयोजक राजकुमार राईले खाना व्यवस्था मिलाउनुभयो । संयोजक राई आम्तेक २, भोजपुर हुनुहुँदोरहेछ । कामको सिलसिलामा उहाँहरु दुईजना बझांग आउनु भएको । खाना खाइसकेपछि हामी जि.वि.स. गेस्ट हाउस आयौं । उहाँहरुसँग केहीबेर थप कुराकानी पनि भयो । दुवै जना विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो । रात्री विश्राम यही गेस्ट हाउसमा भयो ।

२०६६ श्रावण २७: बिहान उठ्नासाथ हामी डायरी लेखनमा जुट्यौं । बेलुकी चैनपुर ८ भोपुरमा मनोक्रान्ति साधक तिरेश के.सी. (क्रिम्) को घरमा दाजु रमेश के.सी. का साथ पुग्यौं । आमा दमयन्ती र बहिनी भुवनेश्वरी के.सी.ले आत्मियतापूर्वक खानपिन गराउनुभयो । पारिवारिक वातावरणमा कुराकानी भयो । राती १० बजे सुतियो ।

सदरमुकाम चैनपुर

२०६६ श्रावण २८: हामी बिहान ६ बजे उठ्यौं । चिया पिएर रमेश जीसँग जयपृथ्वी बहुमुखी क्याम्पस र सत्यवादी उ.मा.वि. चैनपुर ८, भोपुर गयौं । क्याम्पसमा सहायक क्यापस प्रमुख डी.बी. थापा, लेक्चररहरु रामप्रसाद उपाध्याय, नृपराज जोशी, राजेन्द्रप्रसाद जोशी, दीर्घराज पण्डित, लाल बहादुर बोहोरा लगायतसँग परिचय गऱ्यौं । सहायक क्याम्पस प्रमुख थापाले नेपालमा विशुद्ध पत्रकारिता गर्ने पछाडि र मिशन पत्रकारिता गर्नेहरु अगाडि छन् भन्दै स्वतन्त्र र व्यावसायिक प्रेसको विकास हुनुपर्नेमा जोड दिनुभयो । अन्य सहभागीहरुले बझांग जिल्लामा पत्रकारिता साहित्य लगायतको विधा पछाडि परेको बताउनुभयो । मानवतावादी दार्शनिक राजा जय पृथ्वीबहादुर सिंहको नामबाटै यो क्याम्पसको नामाकरण गरिएको रहेछ । सिंह नेपाली पत्रकारिताको पनि दरिलो र गर्विलो इतिहास हुनुहुन्छ । कुराकानीमा सहभागी लेक्चररहरुले प्राकृतिक हिसाबले सम्भावनायुक्त बझांगमा ५,७ वटा हिमाली भेग बाहेक अरु सबै पहाडी भेग रहेको र खस ब्राम्हणको बाहुल्यता भएको साथै यो जिल्ला बाइसे चौबिसे राज्य मध्ये शक्तिशाली राज्य रहेको बताउनुभयो । उहाँहरुले भ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

सत्यवादी उ.मा.वि. जयपृथ्वी बहादुर सिंहले वि.सं. १९६७ मा काठमाडौं नक्सालमा नक्साल दरबार प्रा.वि. को रुपमा खोलेका रहेछन् । पछि २००४ सालमा बझांग सारिएछ । जानकारीअनुसार यो उ.मा.वि. सुदूर पश्चिमकै पहिलो विद्यालय रहेछ । जयपृथ्वीबहादुर सिंह देवशमशेरको प्रमुख सल्लाहाकार भएका बखत बेलायत र जापानको भ्रमणमा गएछन् । ती देशको भ्रमण गरेर आएपछि उनले नेपालमा विद्यालय खोल्नुपर्ने सल्लाह देवशमशेरलाई दिएछन् । नेपालको विकासका सम्बन्धमा विविध सल्लाह देवशमशेरलाई उनैले दिन्थे रे । यद्यपि राणाशासनकालमा सबै कुरा सुनुवाई नभएपछि मानवतावादको सन्देश फैलाउन उनी सक्रिय भएछन् । यी जानकारी हामीलाई प्र.अ. लालबहादुर खड्का, शिक्षकहरु लोकेन्द्र खड्का, हितराज जोशी, हरिनारायण चौधरी, कुम्भराज जोशी लगायतले कुराकानीका क्रममा दिनुभएको हो । उहाँहरुले भ्रमण सफलताको शुभकामना पनि व्यक्त गर्नुभयो ।

हामी पुनः क्रिम्जी कै घर आएर खाना खायौं । रमेश जी र भुवनेश्वरीजीले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो । हामी भोपुरबाट चैनपुर बजार आयौं । भोपुर सेती नदीको किनारमा चैनपुरबाट १५ मिटरको दूरीमा पर्दछ । सेनाको एक टुकडी र क्याम्पस पनि त्यही छ ।

चैनपुर बजार आएपछि हामी जि.वि.स. हलमा पुग्यौं । त्यहाँ नेपाल पत्रकार महासंघ बझांग शाखाद्वारा स्वागत तथा अर्न्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । पत्रकार, राजनीतिक दल र नागरिक समाज समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा निमित्त स्थानीय विकास अधिकारी ब्रह्मलाल गिरीले बझांगमा पत्रकार फस्टाए पनि पत्रकारिता नफस्टाएको धारणा व्यक्त गर्नुभयो । राजनीतिक दलका प्रतिनिधिले राज्यले प्रेसलाई सही रुपमा व्यवस्थापन गर्न नसकेको बताउनुभयो । उपस्थित पत्रकार एवं कार्यवाहक अध्यक्ष सूर्यभक्त जोशीले जिल्लामा एउटा रेडियो र पाक्षिक पत्रिका सञ्चालनमा रहेको भएपनि पत्रकारिता गरेर बिहान बेलुकी छाक टार्न नसकेको दुःखेसो गर्नुभयो । पत्रकारहरुको कथन थियो, हामी जनता र राष्टको समाचार लेख्छौं, हामीले घरपरिवारको समाचार कहिल्यै लेखेनौं, तर पनि राज्यले हामीलाई बेवास्ता गर्दछ... । सबैको एकमुष्ट आवाज यही थियो, पत्रकारिताको यो विश्वभ्रमण सफलतापूर्वक सम्पन्न होस् ।

जि.वि.स. हलमा भएको कार्यक्रम पश्चात् हामी प्र.जि.अ. राजेश पौडेललाई भेट्न गयौं । जिल्ला प्रशासन कार्यालयमा भएको उक्त भेटमा बझांग उद्योग वाणिज्य संघका अध्यक्ष ओमजंग शाही पनि हुनुहुन्थ्यो । प्र.जि.अ. पौडेलले कार्यालयको तर्फबाट विश्वभ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो ।

बझांग जिल्लामा अन्य मध्य पश्चिमी जिल्लामाझैं मस्ट कुलदेवता मान्ने चलन प्रमुखरुपमा रहेछ । सुर्मासरोवर मेलामा भक्तजनले एक किलोमिटर टाढैबाट जुत्ता फुकाली दर्शन गर्नुपर्छ रे । हाते कागज र अल्लो उद्योग बझांगमा सञ्चालनमा छन् ।

केन्द्रिय प्रसारण विद्युत् जिल्लामा आइनपुगेको र स्थानीय विद्युत्ले बजारमा धान्न सकेको छैन । कच्ची बाटोका कारण हि मात्र यहाँ बस यात्रा गर्न पाइन्छ । हप्तामा एकपटक वायुसेवा निगमले उडान भर्ने गरेको छ । यी जानकारी हामीलाई प्र पौडेल र अध्यक्ष शाहीले दिनुभएको हो ।

जिल्ला प्रशासनबाट निस्किएर हामीले केहीबेर बजार भ्रमण गऱ्यौं । नागरिक समाज अध्यक्ष देवबहादुर रोकाया रेडक्रस सोसाइटी बझांगकी सरस्वती जोशी लगायतले शुभकामना व्यक्त गर्नुभयो । बेलुकी हामीलाई खाना खान मन जि.वि.स. गेस्ट हाउसमै सुत्यौं ।

२०६६ श्रावण २९: बिहान उठेर पनि हामी चैनपुर बजार भ्रमणमा जुट्यौं । हामीलाई भ्रमणको लागि विशेष सहयोग पुग्य भएको थियो, बझांगका सक्रिय पत्रकार जगदीश रोकायाले । हामी जिल्ला प्रहरी कार्यालयतर्फ उकालो लाग्यौं । प्रहरी कार्य छेउबाट बजारको फोटो खिंच्यौं । प्रहरी नायब उपरीक्षक वसन्त पन्त र प्रहरी निरीक्षक मिलन बस्नेतसँग कुराकानी गऱ्यौं । बझ ९९ प्रतिशत अपराधका घट्ना रक्सी सेवनको कारण हुने गरेको प्र.ना.उ. पन्तले हामीलाई जानकारी गराउनुभयो । प्रहरी निरी बस्नेतले पैसा कमाएर तराईमा घर बनाउने होइन, बझांगको विकासमा लाग्ने बझांगीको आवश्यकता छ, भन्नुभयो । उहाँहरु विश्वभ्रमण यात्राका लागि शुभकामना थियो, नेपाल र नेपाली पत्रकारितालाई विश्वमाझ परिचित गराउन र विदेशका देशहरु विकास भएका रहेछन् भन्ने विषयमा अध्ययन गरेर नेपालको विकासमा योगदान पुग्न सक्ने खुराक पस्कन सफल हुनुहोस् ।

हामी बजार को सिरानमा रहेको जिल्ला प्रहरी कार्यालयबाट फेरि बजार झऱ्यौं । एक होटलमा खाना खायौं । के खुल्लामञ्चमा भएको वाइसियल दोश्रो जिल्ला भेलामा एक नजर डुलायौं । त्यसपछि हेमन्तवाडाको पडेश भ्रमणका लागि अगाडि बढायौं । सेती नदीको पुल तरेर हामीले पडेशको उकालो चढ्यौं । पडेशको एक घरमा पुगेर एक बूढी आमैले दिनु महि स्थानीय भाषामा छाई पियौं । यसको तल फाँटिलो खेती सँगै सेनाको ब्यारेक बसेको रहेछ । बूढी आमै भन्दै हुनुहुन्थ्यो सबै खेतीमा सेनाको ब्यारेक बस्यो, पैसा दिने भन्छ कहिले दिन्छ ? थाहा छैन । फाँटिलो खेतीपाती सँगै रहेको पडेश गाउँ हामी निकै सुन्दर लाग्यो । पडेशबाट हामी फर्क्यौं । पडेशकै भागबाट चैनपुर लगायत आसपासको दृश्य नियाल्यौं । दुई नदीको सङ्ग अवस्थित चैनपुर बजार साच्चिकै आकर्षक र हेरिरहुँ हेरिरहुँ लाग्यो हामीलाई । हामी फर्कंदा सेतीको माथिल्लो पुल तरेर बजार आयौं । बेलुकी हाम्रो खानपिन होटलमै र सुताई हिजोकै अतिथि गृहमा भयो ।

२०६६ श्रावण ३०: हामी बिहान उठेर पुनः भोपुर गयौं । तिरेश जीको घरमा खाना खायौं । त्यसपछि हामी चैनपुर बजार फर्क्यौं । पत्र शैलेन्द्र रोकाया र जयपृथ्वी पोष्टका प्रकाशक सम्पादक समेत रहनुभएका अन्नपूर्ण पोष्ट दैनिकका पत्रकार जगदीश रोकाया शुभेच्छा लिएर हामीले चैनपुर छोड्ने निर्णय गऱ्यौं ।

हामी चैनपुरबाट डडेल्धुरा भ्रमणमा जाने योजनाका साथ हिंड्यौं । बाहुली गार्ड खोलाको पुल तरेर रिठ्ठा पाटा गाविस अर्न्तगत पर्ने सिमखेत आयौं । जहाँ, जिल्ला स्वास्थ्य कार्यालय, एयरपोर्ट लगायतका कार्यालयहरु छन् । यिनै कार्यालयहरु नजर हामी सेती नदीको बहावसँगै हानियौं ।

बाटामा भेटिएका जालपा उ.मा.वि.का विद्यार्थीहरुले प्याजी रंगका लुगा लगाएका थिए । वास्तवमा यो रंग शान्ति र क्रान्ति दुवै मिसिएको रंग हो । यो कपडा लगाउँदा स्वास्थ्यलाई समेत फाईदा पुग्ने अनुसन्धानकर्ताले बताएका छन् । बाटामा हामीले भेट

माझीगाउँ नेटाकाटिया बझांगका दीर्घराज जोशीलाई भेट्यौं उहाँसँग कुराकानी गर्दै हामीले बाटो काट्यौं । भीरपाखा पार हाँसो ठट्टाका साथ यात्रा निकै रमाइलो बन्यो । यसक्रम हामीले सुवेदा, मालुमैला लगायतका भूभाग पार गरेका थियौं तमैल बजार आइपुगेपछि दीर्घराज जोशीले नास्ताको व्यवस्था मिलाउनुभयो । मुक्तक कविता लेख्ने जोशीले हाम्रो डायरीमा मुक्तक र दुःखान्त जीवनसम्बन्धी केही भावनाहरु लेख्नुभयो

तमैलबाट हामी दीघराज जोशी र उहाँका कान्छा भाइ छुट्टियौं । त्यसपछि हाम्रो सहयात्री बन्नुभयो, कालुखेत छोटाखेत बझांगका ध्रुवराज उपाध्याय । उहाँ श्रीमती र जेठी दिदीसहित ससुराल हिंड्नुभएको रहेछ । यतातिरका मान्छे सम्म भाषामा तिम्रो घर कहाँ हो ? तिमी कहाँका हौं ? भनेर हामीले

सोध्ने गर्दछन् । यस्तो सम्बोधन विशेषरुपमा कर्णाली र सेती अञ्चलमा पाएका छौं हामीले । पूर्वतिर तिमी भनेर आफूभन्दा सानालाई प्रयोग गरिन्छ । ल सर बस, ल सर पढ (सुत्नुलाई पढ्नु) जस्ता शब्दद्वारा हामीलाई उनीहरुले स्वागत सत्कार गरिरहेका छन् । बडो रमाईलो भइरहेछ यात्रा ।

परिगाल, मटेला हुँदै हामी भाँडेबगर आइपुग्यौं । दिउँसो पौने १ बजे चैनपुरबाट हिंडेका हामी भाँडेबगर आइपुग्दा साँझ ७ बजेको थियो । हामी यहीको एक स्थानीय होटलमा बास बस्यौं । खाना २ जनाको रु. १०० र सुतेको रु.२० बेलुकी नै तिर्‍यौं । बेलाबखत बास बस्ने गरेका केही मान्छेहरु बिहान उठेर पैसा नै नतिरी भाग्ने गरेकाले हामी बेलुकै पैसा उठाउने गर्छौं, होटलवालाले भने ।

२०६६ श्रावण ३१: भाँडे बगरबाट हामी बिहान ७:३० बजे हिंड्यौं । मौरी बगर काटेर झोता बजार खाना खान आइपुगियो । आजकल हामीले भेट भएर उत्सुकतापूर्वक सोधपुछ र कुराकानी गर्ने मान्छेलाई डायरी लेख्न दिने गरेका छौं । यसै मुताविक स्थानीय पसले मान बहादुर कडायतले पनि विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो ।

त्यहाँबाट हामी भैरवनाथ मा.वि. को फोटो खिंच्दै भैरवनाथ गा.वि.स. को झोता हुँदै पौडी आयौं । स्थानीय नरेन्द्र बोहोराले शुभकामना व्यक्त गर्नुभयो । यस भेगमा कच्ची बाटो भएकाले हिउँदमा मात्र गाडी कुद्ने गर्दछ, त्यही कारण ४,५ वर्षदेखि यता यो बाटोको ठाउँ ठाउँमा जस्ताका पसलहरु थापिएको स्थानीय पसलेहरु बताउँछन् ।

पौडीबाट हामी जुइली खोला तरेर रायल गा.वि.स. को भूभाग प्रवेश गर्‍यौं । नारु गाड आइपुगेपछि शिक्षक कविन्द्र रावलले हामीलाई अम्बा खुवाउनुभयो । अम्बा ठीक ठीकैका थिए । उहाँले हाम्रो डायरीमा विश्वभ्रमण सफलताका लागि शुभकामना लेख्नुभयो । नारु गार्ड खोलामा भेल आएर गाडीको बाटो समेत भत्काएको रहेछ । ठाडो खोलो अप्ठ्यारो भएकाले शिक्षक रावलले हामीलाई तारिदिनुभयो । त्यसपछि हामी रायलकै देउरा बजार आइपुग्यौं ।

प्रहरी चौकी देउराका रुकुमसिंह महरासँग बजारमा भेट भयो । परिचय गर्नासाथ उहाँले हामीलाई नास्ताको प्रवन्ध गर्नुभयो । त्यतिबेला बेलुकीको ५ बजिसकेको थियो । आज यही बस्ने निर्णय भयो । स्थानीय पसले र बटुवाहरुसँग हामीले परिचय गर्‍यौं । वि.सं. २०५५ सालदेखि यो बजारले ठूलो आकार लिन थालेको स्थानीय पसलेहरुले हामीलाई जानकारी गराए । यस भेगमा बझांगको साइपाल एफ.एम. र रेडियो नेपालमात्र बज्दो रहेछ । प्रहरी जवान रुकुमसिंह महराले बेलुकी पनि खानपिन र बसोबासको प्रवन्ध मिलाउनुभयो । हामी ९ बजे सुत्यौं ।

२०६६ श्रावण ३२: बिहान ६:३० बजे हामी देउराबाट हिंड्यौं । सेती नदीलाई छाडेर हामी कालांग नदीको तीरै तीर लाग्यौं । पानी परिरहेकै थियो । प्लास्टिक ओढेर हामी बाग्ताल आयौं । यो बाँज गा.वि.स. को वडा नं. ८ मा पर्छ, स्थानीय व्यापारीले हामीलाई बताए । त्यहाँबाट हामीले गाडीका लागि खोलामा बनाइएको पुल पार गर्‍यौं ।

रुपायल हुँदै उकालो चढेर हामी धरान बजार आयौं, तर पूर्वको जस्तो समथर भूभाग होईन र ठूलो बजार पनि छैन यो धरान । भिरालो बारीमा रहेका २,४ वटा मध्ये एक होटलमा हामीले बिहानको खाना खायौं । ४ जना धनगढी र महेन्द्रनगर जाने बझांगेली युवाहरुले पनि हामीले खाना खाएकै होटलमा खाए । भात सिद्धियो । अरु पनि खाने भनेर उनीहरुले खाना मागेपछि होटलवाला दाईले नजिकको होटलबाट खाना ल्याएर दिए । तर, एक युवाले जबरजस्ती बढी भात मागेर फाँकेका कारण होटलवालाले नमज्जा माने । खाना खाइसके पश्चात् धरान बजारबाट हामी ६ जना हाँसो ठट्टा गर्दै उकालो लाग्यौं ।

उनीहरुले विश्वभ्रमण सफलताको कामना पनि गरे । रोडको ठाउँ ठाउँमा पहिरो गएको रहेछ, गाडीहरु बीच बाटामै अलपत्र, झरि बर्सिरहेकै छ, यस्तै बेलामा पनि हिंडेरै हामी सुनकुडा बजार आयौं । फोटो खिंचेर स्थानीयवासीलाई परिचय दिंदै तेंसो लाग्यौं । देउलेक काटेर हामी अगाडि बढ्यौं । एउटा खोला छेउमा बस भेट्यौं । महेन्द्रनगर आउने बस भएकाले धनगढीका बस स्टाफले जान नदिने भन्दै थिए । किनभने महेन्द्रनगरको बसले धनगढीका यात्रु पनि चढाएको थियो । पछि यात्रुहरुको दबाबका कारण बस हिंड्यो । स्याँडी हुँदै वित्थड आएर बस रोकियो । बसका यात्रुसँगै हामीले पनि नास्ता गर्‍यौं । बित्थडबाटै बझांग र बैतडीको सिमाना छुट्टिदो रहेछ ।

त्यहाँबाट बैतडी जिल्लाको श्रीभावर काटेर बस ढुलिया मोडमा रोकियो । बाटो मर्मत भइरहेको थियो । ढुल्यामोडबाट गाडी स्टाफले अगाडि बढ्न मानेनन्, कारण विद्यार्थीले छुट मागे । अनि कम यात्रुमा फाइदा हुँदैन भनेर स्टाफले यसो गरेका हुन । यसो भइसकेपछि हामीले यही बस्ने निर्णय गर्‍यौं । अरु यात्रु भने जीप चढेर अगाडि बढे । हामी खाना खाएर सुत्यौं ।

२०६६ भाद्र १: हुन त हामी डडेल्धुरा जानुपर्ने हो तर बैतडीको केही भूभाग काटेर मात्र डडेल्धुरा पुगिने रहेछ । यसकारण बैतडीको खोड्पे जाने योजनाका साथ हामी धुल्यामोडबाट जीप चढ्यौं । पानी परिरहेकै थियो । बीच बाटोमा पहिरो गएको रहेछ । हिंडेरै हामी अगाडि बढ्यौं । यही क्रममा हाम्रो भेट भयो वाइसियल केन्द्रिय सदस्य रणबहादुर कुंवर दीपेन्द्रसँग ।

रोडै रोड उहाँसँगै कुराकानी गर्दै हामी हिडिरह्यौं । जुनसुकै क्षेत्रमा राजनीतिक हस्तक्षेप भएको र नेपालको परिवेश सुहाउँदो शिक्षा नभएकाले देशको विकास हुन नसकेको हो, कुराकानीको हाम्रो सार यही बन्यो । साथै नीति निर्माण तहमा पुग्ने व्यक्तिले नेपालको भूगोल र नेपाली जनताको स्तर बुझ्न नसकेकाले पनि देशमा समस्या उत्पन्न भएको हो भन्नेमा हामी एकमत भयौं । केन्द्रिय सदस्य दीपेन्द्रले भन्नुभयो, पत्रकारिता क्षेत्र कुनै पनि दल विशेष नभई सबैको प्रतिनिधित्व गर्न सक्ने हुनुपर्छ, साथै हाम्रो देशलाई भिखारी होइन, आत्मनिर्भर बनाउन नेपालकै प्राकृतिक श्रोत र साधनको प्रयोग र परिचालन गर्न सक्नुपर्छ, शिक्षा पनि यस्तै जनशक्ति उत्पादन गर्न सक्ने हुनुपर्छ । यस्तै कुराकानीका साथ हामी मध्यान्ह १२ बजे खोड्पे बजार आइपुग्यौं ।

कोशी होटलमा खाना खाएर हामी लेखपढमा जुट्यौं । यो होटल संखुवासभा चैनपुरका किरण कुमार राईका परिवारको रहेछ । उहाँका बुवा नरेन्द्र राई ठेक्का पट्टाको कामले यतातिर आएर घर बनाएर बस्नुभएको १५ वर्ष बितेछ । बेलुकी खाना खाँदै किरण जीसँग हाम्रो थप कुराकानी भयो । छिमेकी जिल्लाका छिमेकीका नाताले पनि आत्मियतापूर्वक सुखदुःखका कुरा बाँड्यौं ।

यतातिरका मान्छेहरु दाजुभाई पनि एक ठाउँमा भेला भएर कुराकानी गर्दैनन्, र आफन्त जस्तो व्यवहार पनि एकअर्कामा गर्न सक्दैनन्, तर हामी पूर्वकालाई यहाँका मान्छेले आफन्त मान्छन् । आफू राम्रो भए सबैजना राम्रा हुँदा रहेछन्, किरण राईले विशेष जोड दिंदै भन्नुभयो । यस्तै प्रकारका कुराकानीका साथ हामी भोली डडेल्धुरा प्रवेश गर्ने योजनाका साथ १० बजे सुत्यौं ।

बझाङ यात्राका क्रममा प्राप्त नगद सहयोग

सत्यवादी उ.मा.वि.(भोपुर)	रु. ५००/-
जयपृथ्वी पोष्ट पाक्षिक	रु. ३३०/-
वसन्त पन्त (जिल्ला प्रहरी)	रु. २०१/-
त्रिशक्ति कम्प्युटर (चैनपुर)	रु. १६०/-
लालवहादुर वोहोरा	रु. १०१/-
दीर्घराज पण्डित	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

जिल्लाको विविध जानकारी लिदै थालिएको यात्रालाई शुभकामना । – राजेश पौडेल (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
मिडिया हाउस र पत्रकारलाई यो हौसलाले थप जागरण र प्रेरणा मिल्नेछ । – दिपेन्द्रबहादुर सिंह (स्टेशन व्यवस्थापक), साइपाल एफ.एम.
सिंगो नेपाली पत्रकारको शिर ठाडो भएको छ । – जगदीश रोकाया (सम्पादक) जयपृथ्वी पोष्ट पाक्षिक
नेपालको गणतान्त्रिक शासन पद्धति जनविश्वास योग्य बन्न सकोस् । – लालबहादुर खड्का (प्र.अ.), सत्यवादी उ.मा.वि., भोपुर चैनपुर
के गर्न सक्दैनन् नारीहरुले ? तिमीलाई जन्म दिने पनि नारी नै हुन् । – सरस्वती जोशी, नेपाल रेडक्रस सोसाइटी, चैनपुर
मानव सेवा नै परम धर्म । – देव बहादुर खड्का, हेमन्तवाडा १, कुसापानी
नेपाल फर्केको समाचार सुन्न पाउँ । – जगदीश रोकाया, पत्रकार बझांग, नेपाल
...गुजरा कसोरी गरु म निर्धनले... । – दीर्घराज जोशी रोहित, माझी ७, नेटाकाटिया
देशका लागि योगदान गर्न सफल हुनु होस् । – वसन्त पन्त, प्रहरी नायब उपरीक्षक, मिलन बस्नेत, प्रहरी निरीक्षक
मेरा प्रेरणाको श्रोत बन्न पुगेको छ । – जनककुमार खड्का, पत्रकार हेमन्तवाडा १
आम मानवजातिलाई सकारात्मक सन्देश । – सत्यराज उपाध्याय, लुँयाटा
पत्रकारिताको विकास गर्न गराउन यात्रा मंगलमय रहोस् । – विरेन्द्र थापा, पाटादेवल २
मलाई पनि थप हौसला र ऊर्जा मिलेको छ । – शैलेन्द्र रोकाया (अन्जान), सञ्चारकर्मी
मानव कल्याणका निम्ति लागि पर्नु मानिसको ठूलो धर्म हो । – कविन्द्र रावल, रायल ५
विश्वलाई नै केही सन्देश दिन सक्नुपर्छ । – मान बहादुर कडायत, कोटभैरब ४, सडिल थलारा खोली
समुद्रजति लामो, ताल जति गहिरो सुमधुर सम्झनाका । – कुबेरसिंह धामी, (प्र.स.नि.), रुकुमसिंह महरा (प्रहरी जवान) प्रहरी चौकी देउरा
I am looking ... German press - **Claudia from Germany, G.T.Z. Nepal**
हाम्रो मुलुकमा पनि साहसिक व्यक्तित्वहरु रहेछन् । – राजकुमार राई, आम्तेक २ भोजपुर
रोग र भोकले अझै मर्दैछन् जनताहरु... । – रमेशकुमार के.सी. (बिम्ब), सचिव, अनेरास्ववियु (जि.क.)
समाजका नराम्रा पक्ष हटाएर राम्रा पक्ष समेट्नेछ । भुवनेश्वरी के.सी., जयपृथ्वी बहुमुखी क्याम्पस, भोपुर

३७ औं जिल्ला डडेल्धुरा डायरी

२०६६ भाद्र २: बिहान उठ्दा झरी परिरहेकै थियो । हामी ३६ औं जिल्ला बझांगबाट बैतडीको खोड्पे हुँदै ३७ औं जिल्ला डडेल्धुरा पस्ने योजनामा छौं । सोही अनुसार बिहान खोड्पेबाट डडेल्धुराका लागि जीप चढ्यौं । बीच बाटामा पहिरो गएकाले जीप पार गर्न सकेन । हामी जीपबाट ओर्लियौं । त्यो जीप त्यहीबाट फर्क्यो । पहिरो यता उताका जीपले यात्रु साटासाट गरे । हामीले यातायात व्यवसायी संघहरुका चिठी देखायौं । धेरै ठाउँमा हामीलाई यी चिठीका कारण निःशुल्क यात्रा गर्ने अवसर जुटेको छ । केही बसका कर्मचारी भने मान्दैनन् । यहाँका ड्राइभर खलासी पनि कडै परेछन् रु. १० छुट माग्दा पनि दिएनन् । हामी उनीहरुलाई धन्यवाद दिएर २ कि.मी. जति पैदल हिंडेपछि जीप चढ्यौं ।

संक्षिप्त परिचय

क्षेत्रफलः १५३८०० हेक्टर, गा.वि.स. संख्याः २० वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः १, सदरमुकामः डडेल्धुरा, अञ्चलः महाकाली, विकास क्षेत्रः सुदूर पशिचमाञ्चल

भौगालिक अवस्थितिः पूर्व सेती नदी र डोटी जिल्ला पशिचम महाकाली नदी भारत उत्तर वैतडी र दक्षिण कञ्चनपुर र कैलाली ।

जातजातिः बाहुन, क्षेत्री, ठकुरी, कामी, सार्की, टमटा, गुरुंग, मगर, तामांग, लिम्बु, नेवार, पार्की, दमाई, सुनार, राउटे आदि ।

पर्यटकीय स्थलः अमरगढी किल्ला, अजयमेरुकोट, उग्रतारा मन्दिर, भागेश्वर मन्दिर, घटाल थान, परशुराम क्षेत्र, आलिताल आदि ।

(साभारः डडेल्धुरा एक झलक २०५७ जि.वि.स.)

डडेल्धुरा बजार आइपुगेर बसपार्कको एक होटलमा खाना खायौं । हामीले भ्रमण गरेका सुदूर पशिचमका जिल्लामध्ये डडेल्धुरा विकसीत छ जस्तो देखिन्छ । हामी बागबजार हुँदै तुफानडाँडा तर्फ लाग्यौं । बिहान जीपमा आउँदा हामीले पोखरा, कीर्तिपुर जस्ता ठाउँको नाम पढ्न पाएका थियौं । अहिले बागबजार बोर्डमा लेखेको देख्दा काठमाडौंको याद आयो ।

हामी हिलटाइम्स दैनिकको कार्यालय पुग्यौं । त्यहाँ सो दैनिकका सम्पादक एवं नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य छत्र साउद, पत्रकारहरु बरुण पनेरु, बलबहादुर महरा, बाबुराम श्रेष्ठ, कैलालीमा कार्यतर पत्रकार पी.आर. चटौत लगायतसँग परिचय भयो । हामी सबै डडेल्धुरा पोष्टको कार्यालय गयौं । त्यहाँ पत्रकार साथीहरुबीच परिचय र अनुभव आदान प्रदान कार्यक्रम भयो । उक्त कार्यक्रममा पत्रकार महासंघ डडेल्धुरा अध्यक्ष राम धामी, सचिव लाल बहादुर ऐरी, कोषाध्यक्ष मानबहादुर साउद, डडेल्धुरा पोष्टका प्रकाशक केशव बोहोरा लगायत पूर्व उल्लेखित सञ्चारकर्मीहरुको उपस्थिति थियो ।

अध्यक्ष धामी, केन्द्रिय सदस्य साउद एवं अन्य उपस्थित पत्रकारहरुले डडेल्धुराको पत्रकारिता अवस्थाबारे जानकारी दिनुभयो । हाल डडेल्धुरामा ४ वटा दैनिक र एउटा एफ.एम. प्रकाशन प्रसारण भइरहेका छन् । सुदुर पशिचमका अन्य पहाडी जिल्लाको भन्दा यहाँ पत्रकारिता क्षेत्रले फड्को मारेको छ । गुणस्तरीयता र जनताको पहुँचसम्म सूचना पुऱ्याउने दिशातिर केन्द्रित छौं, सहभागीहरुले भने । एन.डी. प्रकाश चटौत डडेल्धुराका प्रथम पत्रकार र २०४६ सालको परिवर्तन पश्चात् नैनसिंह महरा, छत्र साउद लगायतका व्यक्तित्वहरुको पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान रहेको चर्चा समेत कार्यक्रममा भयो । ग्रामीण भेगका जनतासम्म सूचनाको पहुँच पुऱ्याउन डडेल्धुरामा व्यावसायिक रेडियोको आवश्यकता छ । साथै सञ्चारकर्मीलाई पनि व्यावसायिक बन्न बनाउन अपरिहार्य छ । किनभने सञ्चारकर्मीले सुरक्षित महसुस गर्न सकेन भने कुनै पनि क्षेत्रको वास्तविकता जनता माझ आउन सक्दैन, कार्यक्रमको निष्कर्ष थियो ।

सदरमुकाम डडेल्धुरा



बेलुकी बसोबासका लागि पत्रकार महासंघ डडेल्धुराले हामीलाई होटल सनलाइट एण्ड लजमा व्यवस्था मिलायो । बैतडीका पत्रकार लोकेश साउद र कैलालीमा कार्यरत पत्रकार कपिल भट्टसँग हाम्रो अनुभव साटासाट भयो । स्वतन्त्र रुपमा कुनै पनि पार्टी निकट नभई पत्रकारिता गर्नेलाई नेपालमा काम गर्न गाऱ्हो छ, आफ्नो हित र स्वार्थ अनुकूल पत्रकारितालाई प्रयोग गर्नेहरुले विकृत बनाइ रहेका छन्, त्यसकारण स्वतन्त्र मर्यादित र व्यावसायिक पत्रकारिता अहिलेको अपरिहार्य विषय बनेको छ, हाम्रो कुराकानीको निचोड यही रह्यो । राती १० बजे हामी सुत्यौं ।

२०६६ भाद्र ३: बिहान उठेर हामीले अध्ययनमा नै समय खर्चियौं । बझांगतिर पत्रिका हेर्न नपाएकाले यहाँ आएर हामीले त्यसको तिर्सना केही हदसम्म मेटाउन पायौं । खाना खाएर हामी जिल्ला प्रशासन कार्यालयतिर लाग्यौं । सहायक प्रमुख जिल्ला अधिकारी हरिराज विष्टलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं ।

जिल्ला प्रशासनबाट हामीले जिल्ला प्रहरी कार्यालय आएर प्रहरी नायब उपरीक्षक चक्र बहादुर सिंहसँग भेट गर्‍यौं । प्र.ना.उ. सिंहले ७ वटा जिल्ला जानका लागि डडेल्धुरालाई छुनै पर्ने जानकारी दिनुभयो । पूर्वको तुलनामा यतातिरका जिल्लाका मानिसमा राजनीतिक चेतना बढी र सोचाई एवं शैलीमा पनि आफूले फरक पाएको उहाँले बताउनुभयो । साथै डडेल्धुरा जिल्ला दलहरु बीच विकास निर्माणको कार्यमा आपसी समझदारी रहेकै कारण अगाडि बढ्न सकेको हो भन्नुभयो । यसका अतिरिक्त सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहेको चर्चा गर्दै प्र.ना.उ. सिंहले डडेल्धुराको पत्रकारिता धनगढीको दाँजोमा पुगेको मैले पाएको छु भन्नुभयो । उहाँको शुभेच्छा लिएर हामी कार्यालयबाट बाहिरियौं ।

सेनाको नियन्त्रणमा रहेको अमरगढी किल्लालाई बाहिरबाटै नियालेर हामी अगाडि बढ्यौं । सो ऐतिहासिक गढी सेनाको नियन्त्रणमा राखिनु दुःखद कुरा हो । युद्धको बेलामा सुरक्षाका लागि राखिएको दाबी गरिएको भएपनि देशमा गणतन्त्र आइसकेको अहिलेको अवस्थामा पनि सबै नागरिकले भ्रमण गर्न र यसको ऐतिहासिकतबारे बुझ्न नपाउनु भनेको बिडम्बना नै हो ।

हामी डडेल्धुराको एकमात्र नगरपालिका अमरगढी नगरपालिका कार्यालय पुग्यौं । त्यहाँ निमित्त कार्यकारी अधिकृत कविन्द्रराज भट्टले वि.सं. २०५३ सालमा गठित यस नगरपालिकाको नामाकरण ऐतिहासिक वीर पुरुष अमरसिंह थापाको नामबाट गरिएको जानकारी दिनुभयो ।

डडेल्धुरा जिल्ला सदरमुकामको एक उच्च खलंगा टाकुरामा अवस्थित अमरगढी डोटी राज्य नेपाल एकीकरण भएपछि महाकाली नदी पारी पनि विजय हासिल गर्न अमरसिंह थापाद्वारा निर्माण गरिएको विशाल ढुंगे किल्ला हो । यसैको गौरवमय इतिहास र यहाँ रहेका ऐतिहासिक धार्मिक स्थलहरु पोखरा गुफा, उग्रतारा मन्दिर, घटाल स्थान, सहस्रलिंग, शैलेश्वर महादेवआदि पुरातात्विक सम्पदाहरु नै यस नगरपालिकाका परिचायक हुन् । डडेल्धुरा जिल्लाको सदरमुकाम खलंगालाई समेट्ने यस नगरपालिकाको महत्व अत्तरिया डडेल्धुरा हुँदै छिमेकी जिल्ला डोटी, अछाम र बझांग जाने राजमार्गहरुले अझै बढाएको छ, नगरपालिकाको सूचना सामाग्रीमा उल्लेख गरिएको छ । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण अभियान सफलताको कामना गर्दै नि.कार्यकारी भट्टले भन्नुभयो, नेपालमा स्वतन्त्र पत्रकारको सहीरुपमा विकास होस् र यसलाई सम्पूर्ण पक्षबाट सहयोग मिलोस् । नगरपालिकाबाट संस्थागत आर्थिक सहयोग गर्न चाहिं आफ्नो अधिकार नभएको उहाँले बताउनुभयो ।

त्यहाँबाट हामी जिल्ला विकास समितिको कार्यालय डडेल्धुरा पुग्यौं । कार्यालयमा सूचना अधिकृत कृष्णदेव जोशीसँग भिडियो कुराकानी गर्‍यौं । सूचना अधिकृत जोशीले जि.वि.स.को ब्रोसर र जानकारीका साथै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । एल.डी.ओ. साब नभएकाले आर्थिक सहयोग गर्न सक्ने कुनै उपाय नभएको जानकारी पनि उहाँले हामीलाई दिनुभयो ।

जि.वि.स. बाट फर्केर हामी आफ्नो एफ.एम. १०४.८ मे. कार्यालय आयौं । त्यहाँ एफ.एम. कर्मी दीपेन्द्र अवस्थी सानु जीतराज भट्ट र राजेन्द्र मनरालसँग हाम्रो परिचय भयो । कार्यक्रम संयोजक राजेन्द्र मनरालले शुभकामना पत्र प्रदान गर्नुभयो । यो एफ.एम. सञ्चालन मानव विकास तथा सामुदायिक सेवा (एच.बी.सी.एस.) नामक गैऱ्ह सहकारी संस्थाले गरेको रहेछ । यही एफ.एम. मा अवस्थी जीले ३० मिनेटको विश्वभ्रमणसम्बन्धी अर्न्तवार्ता रेकर्ड गर्नुभयो । रेकर्डका क्रममा उहाँले भूमिका बाँधेर भन्नुभयो, हामी त सबै जातजाति भाषा भाषीको सम्मान गर्छौं, त्यसैले तपाईंहरु आफ्नो भोजपुरी भाषामा हाम्रा श्रोताका लागि केही सन्देश दिनुस् न । हामी एक किसिम छक्क पनि पर्‍यौं । तर, अर्न्तवार्ता छोड्ने कुरा आएन बरु हामीले नेपाली भाषामै हाम्रो पहाडी जिल्ला भोजपुर घर हो । त्यहाँ भोजपुरी भाषा बोलिदैन र हामीले बोल्ने गरेको भाषा भोजपुरी पनि होइन । त्यहाँ बरु राई जातिको बाहुल्यता छ । हुन तः अन्य केही जिल्लामा पनि भोजपुर भन्ने जिल्ला तराईको जिल्ला अनि धेरै विकसित तथा भोजपुरी भाषीको होला भन्ने गर्छन् । तर यथार्थ त्यस्तो होइन । जे होस्, नेपाल भ्रमण गरेर थोरै भएपनि भोजपुर प्रति मान्छेले सोचेको धारणामा प्रष्ट पार्ने मौका हामीले पाएका छौं । यही मौका दिलाउने प्रस्तोता दीपेन्द्र जीलाई धन्यवाद ।

एफ.एम. बाट बाहिरिंदा साँझको ७ बजिसकेको थियो । हामी होटलमा आयौं । आज पनि धनगढीका पत्रकार कपिल भट्ट, बैतडीका पत्रकार द्वय लोकश साउँद र गणेश लोहारसँग कुराकानी गर्दै खाना खायौं । लोहारले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमणले आफूलाई पनि सोच्न बाध्य गराएको अभिव्यक्ति सहित भ्रमण सफलताको कामना गर्नुभयो । रेडियो सुन्दै निद्रादेवीको शरणमा परियो ।

२०६६ भाद्र ४: बिहानी खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय डडेल्धुरा गयौं । सहायक प्र.जि.अ. हरिराज विष्टले विश्वभ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो । प्रमुख जिल्ला अधिकारी राजेन्द्र प्रसाद घिमिरेले वर्तमानमा उठ्ने गरेका समावेशी

धारणा राम्रो भएपनि प्रक्रिया राम्रो नभएको दृष्टिकोण प्रस्तुत गर्नुभयो। ठाउँ बुझेर समावेशी कुरा ल्याउनु पर्छ, योग्य र क्षमतावान् मान्छेको सबैतिर खाँचो छ, राजनीतिबाट सकारात्मक हस्तक्षेप भएमा सुशासन कायम हुन्छ, प्र.जि.अ.ले जोड दिँदै भन्नुभयो। वर्तमान सञ्चारमाध्यममा आउने समाचारहरु हावा नचली पात हल्लिदैन, तर जिम्मेवारी बोध गरेर आधिकारिक र तथ्यसम्मत् ढंगले जनतालाई सुसूचित गर्न गराउन सके प्रेसको विश्वसनीयता झनै बढ्न सक्छ भन्दै उहाँले यो विश्वभ्रमण पूरा भएपछि पत्रकारिता क्षेत्र परिष्कृत हुने विश्वास व्यक्त गर्नुभयो। र, विश्वभ्रमणका लागि एउटा शुभकामना पनि लेख्नुभयो।

जिल्ला प्रशासन कार्यालयबाट हामी डडेल्धुरा जिल्लाको ऐतिहासिक एवं पुरातात्विक स्थल अजैमेरुकोट प्रस्थान गर्‍यौं। टुँडिखेलबाट सल्लाघारीको ओरालो झरेर पोखरा गाडको झोलुंगे पुल पार गरी हामी तेसो लाग्यौ। डडेल्धुरा बजारबाट डेढ घण्टा पदयात्रा गरेपछि हामी डडेल्धुरामा सक्रिय पत्रकार बलबहादुर महरा र महेन्द्रनगरका हर्केश भट्टको सहयोगमा अजयमेरुकोट दरबार पुग्यौं। अजयमेरु गा.वि.स.को वडा नं. ७ मा अवस्थित यो कोट नपुग्दै हामीले देवल देख्यौं। अलिकति उकालो उक्लिएर डाँडामा पुग्दा भग्नावशेष दरबारका भवन र विभिन्न कला कौशलयुक्त खम्बाहरु भेट्यौं। बाइसे चौबिसे राज्य भएका बखत राजा नागी मल्लको पालामा यी कलात्मक देवल र खम्बाहरु निर्माण गरिएको हो, पत्रकार महराले भन्नुभयो। विशाल प्रस्तर मूर्ति तथा गुफासमेत बनाइ भूमिगतरुपमा स्नानास्थल त्यतिबेलाका रानीले जाने गरिएको भनिएको सुरुंगबाटो समेत हामीले अवलोकन गर्‍यौं। यो ठाउँको उचित संरक्षण सम्बर्द्धन हुने हो भने डडेल्धुराको राम्रै गहना ठाउँ बन्न सक्ने हामीले पायौं।

दरबारबाट हामी ओरालो झर्‍यौं। पाइण्ट भिजाउँदै गाड (खोला) तरेर मन्दिर पुग्यौं। राजाको दरबार माथि डाँडामा भएकाले तल रहेको मन्दिरमा फोहोर भयो, त्यसकारण देवी रिसाइन र राजाका छोरा हुन सकेनन्, ज्योतिषीले एउटी छोरी सरसफाइका लागि मन्दिरमा चढाउन राजालाई सल्लाह दिएछन्, यसैको फलस्वरुप देउकी प्रथा चलेको हो भन्ने किम्वदन्ती रहेछ। त्यहाँबाट हामी मजार खोलाको पुल तरेर डडेल्धुरा बजारतर्फ प्रस्थान गर्‍यौं। एउटा ठूलो मन्दिरजस्तो गुफा (ढुंगै ढुंगा मिलाएर पानी खाने कुँवाजस्तै बनाइएको नोलोमा) हामीले पानी खायौं। अहिलेसम्म यो नोलो कुँवा इनारभन्दा फरक किसिमको देखेकाले अचम्म लाग्यो हामीलाई। केहीबेर तेर्सो हिंडेर पोखरा गाडको पुल तर्‍यौं। चाउचाउ बुक्याउँदै हामी ४ जना उकालो ठडियौं।

टुँडिखेलभन्दा केही तल आराम गर्न हामी चौरमा बस्यौं। वारिपारिका दृश्य नियाल्यौं। साइपाल हिमाल लगायतका हिमश्रृंखला क्यामेरामा कैद गर्‍यौं। प्राकृतिक वातावरणमा हामी केहीबेर रम्यौं। त्यसपछि उठेर हामी बजार आयौं। साँझ परिसकेको थियो। साथीहरुसँग छुट्टिएर हामी साविककै बासस्थान तर्फ आयौं। खाना खाएर बी.बी.सी. नेपाली सेवा सुन्दै ओछ्यानमा पल्टियौं।

२०६६ भाद्र ५: बिहान हामी सदूरपश्चिमको एउटा चर्चित उग्रतारा मन्दिर गयौं। बागबजारबाट डडेल्धुरा बैतडी मार्गको ५ किलोमिटर टाढा पश्चिम पट्टि अग्लो रमणीय स्थानमा रहेको यो मन्दिर हामी हिंडेरै पुग्यौं। मन्दिरका चौकीदार लालबहादुर साँकीले भन्नुभयो, डडेल्धुरा आउने जोसुकै राष्ट्रिय व्यक्ति यहाँ दर्शन गरेर जाने गर्दछन्। अमरगढी दर्पणमा उल्लेख भएअनुसार कार्तिक पूर्णिमामा लाग्ने प्रसिद्ध देइजात (उग्रतारा मेला) पछि डडेल्धुरा जिल्लामा चिस्यान् मौसम सुरु भई हिउँद लाग्ने भएकाले कृषकहरुका फुर्सदका दिन आउँछन्। यो मेलामा डडेल्धुरावासीका अतिरिक्त कैलाली, कञ्चनपुर, बैतडीजस्ता जिल्लाहरुबाट समेत मानिसहरु आउने गर्दछन्। डडेल्धुराकै खनामडा, छेचोडा, दमडा र जिलोडामा भण्डार रहेको उग्रतारा मन्दिरमा यिनै ठाउँबाट देउरो (घरको भण्डारमा राखेका देवता) पनि आउँछ। चर्तुदशीको राती रतेडी (रत्यौली) मनाइने र पूर्णिमाको दिन सांस्कृतिक झलकका साथ खेल र जात्रा गरी देउरो उग्रतारा मन्दिरमा ल्याइने गौरवमय परम्परा रोमाञ्चक एवं विस्मयकारी छ।

उग्रतारा मन्दिर

अमरगढी नगरपालिका ८ मा पर्ने भगवती मन्दिर परिसरको अवलोकन पश्चात् हामी पोखराबजार तर्फ झर्‍यौं। बजारमा प्रहरी चौकीका असई नरबहादुर कार्की, वडा सचिव केशवसिंह भण्डारी, स्थानीयवासी हरि प्रसाद भट्ट, विजयसिंह भाट लगायतसँग हाम्रो परिचय र कुराकानी भयो। वडा सचिव भण्डारीले अशक्त, बृद्धा एवं अपांगलाई सरकारले भत्ता दिनु राम्रो हो, तर जोसुकैलाई भत्ता दिंदा पछिसम्म स्थायित्व हुन सक्दैन भन्ने धारणा राख्नुभयो। स्थानीयवासीले पोखरा क्षेत्र पहिले बाघ भालु लाग्ने जंगल भएपनि अहिले विकास छ तर विकृति भित्रियो भनेर दुःखेसो गरे। त्यतिबेला हामीले धेरै दुर्गम ठाउँका कहानी उनीहरुलाई सुनाउँदै भन्यौं, मान्छेको मानसिकतामा परिवर्तन नभएसम्म कुनै ठाउँको कुनै पनि मान्छे दुःखमा मात्र रुमल्लिरहदो

रहेछ । आफ्नो मात्र दुःख हेर्ने परिपाटी अन्त्य हुन सक्दैन । यो कुरा के जनता के नेता सबैमा लागू हुन्छ । सबै आफ्नो मात्र आवश्यकता पूर्ति गर्छन् । र, स्वयंको दुःखमात्र ठूलो ठान्दछन् । किनभने घरको आगनबाटै गाडी गुड्दा र पक्की बाटो हुँदा पनि पोखराका जनताको दुःखेसो उस्तै छ भने गाडीको मुख पनि देख्न नपाएका जनताको खै के कुरा गर्नु र ?

हामीले पोखरामै बिहानको खाना खायौं । असई कार्की एवं प्रहरी जवानले भ्रमण सफलताको कामना गरे । हिंड्दै हामी डडेल्धुरा बजार आयौं । जिल्ला भूसंरक्षण कार्यालय पुग्यौं । कार्यालयमा वाइसियल डडेल्धुरा जिल्ला उपाध्यक्ष टेकराज भट्ट (शक्ति) भूसंरक्षण कार्यालयका ड्राईभर धरमसिंह खड्का, सब इन्जिनियर रामदिन चौधरी, लेखापाल प्रभाकर जैसी र कार्यालय सहयोगी मदनराज ओझासँग हाम्रो परिचय भयो । वाइसियल उपाध्यक्ष भट्टले पत्रकारिता क्षेत्र अक्सर गरेर पैसावाल र हुने खानेको पक्षमा केन्द्रित रहेको आरोप लगाउनुभयो । कसैको पनि स्वार्थमा पत्रकारिता प्रयोग नभई स्वतन्त्र र निष्पक्ष हुन सक्नु पर्ने धारणा उपाध्यक्ष भट्टले प्रस्तुत गर्नुभयो । जिल्ला भूसंरक्षण कार्यालयका कर्मचारीहरुको भ्रमण सफलताको शुभकामना लिएर बजारतिरै आयौं ।

भाद्र महिना लागिसके पनि श्रावणमा गएका कार्यालय प्रमुख जिल्लामा आइपुगेका छैनन् । योजना पास गराउन केन्द्रमा जानुपर्ने र बजेट नहुँदा काम नहुने भएकाले कर्मचारी घर जाने गरेको जुनसुकै कार्यालयका कर्मचारी दाबी गर्दछन् । तर, केही इमान्दार कर्मचारीहरु भने कानूनअनुसार यसरी कार्यालय रित्तो बनाउन नहुने धारणा राख्दछन् । कुनै पनि कार्यालय प्रमुख अन्यत्र जाँदा जनताको काम रोक्न नहुने र केन्द्रले पनि सही नीति अवलम्बन गर्नुपर्छ, भन्ने उनीहरुको माग छ । सरकारी नीति खुकुलो भएकाले २,३ महिनामा हतार हतार गरेर बजेट पास गराउने र कार्यालय प्रमुखलाई केन्द्र तिरै काज मिलाइदिने भएकाले पनि जिल्लाको सही रुपमा विकास हुन नसक्ने धारणा राख्नेहरु पनि हामीले भ्रमणका क्रममा पाएका छौं । राजनीतिक दलको संरक्षणका कारण इमान्दार कर्मचारीको उचित मूल्यांकन नहुने तर कामचोर कर्मचारी पुरस्कृत हुने परिपाटीको कारण पनि कर्मचारी तन्त्रमा धेरै विकृति भित्रिएको दुःखेसो गर्नेहरु पनि हामीले कम्ता भेटेका छैनौं ।

हामी बस्ने होटलमा आएर नेपाल पत्रकार महासंघ डडेल्धुरा सचिव लालबहादुर ऐरीसँग केहीबेर कुराकानी गऱ्यौं । डडेल्धुरा प्राकृतिक सौन्दर्यतामा राम्रो जिल्ला रहेको उल्लेख गर्दै सचिव ऐरीले यो जिल्ला सदुरपश्चिमका अन्य जिल्ला प्रवेश गर्ने द्वारको रुपमा रहेको अल्पविकसित पर्यटकीय क्षेत्र हो भन्नुभयो । उहाँका अनुसार डडेल्धुरा जिल्ला प्रथम महिला मन्त्री द्वारिकादेवी ठकुरानी, शहीद भीमदत्त पन्त र ३ पटकसम्म प्रधानमन्त्री भइसक्नु भएका नेता शेर बहादुर देउवाको जन्मथलो हो ।

वि.सं. २०४६ सालको परिवर्तन पश्चात् डडेल्धुराको पत्रकारिताले फस्टाउने मौका पाएको छ । पूर्व राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते चालेको शाही कदमकै दिन हिलटाइम्स दैनिक सुरुवात् भएको हो । लोकतन्त्रको संस्थागत विकास गर्न पत्रकारिता क्षेत्रको ठूलो भूमिका रहन्छ, त्यसकारण यहाँका पत्रकार आफ्नो गोजीमा चिया पिउने पैसा नभएपनि आफ्नो कर्तव्य पूरा गरिरहेका छन् भन्दै सचिव ऐरीले यो विश्वभ्रमणले सबै जिल्लाका पत्रकार र विश्वकै पत्रकारिताका बारेमा वास्तविकता प्रस्तुत गर्नेमा म आशावादी छु भन्दै शुभकामना व्यक्त गर्नुभयो । साँझ परिसकेको थियो । हामीले उही निर्धारित होटलमा खाना खायौं, अनि सुत्यौं ।

२०६६ भाद्र ६: बिहान उठ्नासाथ हामी आलीताल तिर घुम्न जाने योजना बनाएर डडेल्धुरा बसपार्क आयौं । २ जनामध्ये एकजनालाई निःशुल्क यात्रा गराउने समितिका एक पदाधिकारीको निर्णयअनुसार हामी बुडरसम्मका लागि माइक्रोबस चढ्यौं । माइक्रोबस भत्काँडा आइपुग्नै लाग्दा माइक्रोका कर्मचारीले भाडा मागे । मलाई थाहा छैन, २ जनाको रु. २०० दिनुस्, कडारुपमा प्रस्तुत हुँदै उनी बोले । समितिका जिम्मेवार पदाधिकारीको निर्णय तपाईंले मान्नुपर्छ हामीले भन्यौं । अन्ततः बाध्य भएर उनले एकजनाको पैसा लिए । आखिर संसार व्यक्तिको स्वभावमा भर पर्दछ । कसैलाई हामी विश्वयात्रामा हिंडेको भनेर परिचय दिंदा मात्र पनि खुशी हुँदै ठीक छ भनेर यात्रा गराउँछन् । कोही बस व्यवसायी समितिको चिट्ठी देखेपछि सहयोग गर्छन् । कोही बस कर्मचारी समितिका मान्छेले स्वीकृति दिंदा पनि गैरजिम्मेवार तरिकाले भाडा माग्छन् । बस कर्मचारीको स्वभाव पनि फरक फरक पाइन्छ ।

माइक्रोबस भत्काँडा हुँदै डोटी र डडेल्धुरा दाँया बाँया पारेर बसेको गैरा बजार आएर रोकियो । यात्रुहरु तरकारी किन्न लागे । हामी डडेल्धुराका पत्रकार वरुण पनेरुसँगै अवलोकनमा जुट्यौं । पुनः माइक्रो चल्यो, हामी पनि सिटमा बस्यौं । २ घण्टापछि माइक्रो बस बुडर डोटी आइपुग्यो । बसबाट ओर्लियौं । बुडरमै खाना खायौं ।

बिहान १०:३० बजे परशुराम क्षेत्रसम्म पुग्ने योजनाका साथ हामी हिंड्यौं । वर्षा याममा कच्ची बाटो ठाउँ ठाउँमा बाटो भत्किएकाले र बुडर जोगबूढा सडकमा यातायात अवरुद्ध भएकाले हिंड्नु परेको हो । हामी वनजंगल र खोला खोल्साको गोरेटो बाटो पहिल्याउँदै अगाडि बढि रह्यौं । डडेल्धुरामा वनजंगल प्रशस्त भएकाले बार्है महिना हरियाली हुन्छ, साथी वरुणले भन्नुभयो । उहाँको हिंडाइमा हामी हिंड्न सकेनौं । वरुण जी आफ्नो सुरमा हिंड्नुभयो । हामी आफ्नै सुरमा ठाउँ-ठाउँमा मान्छेलाई सोधपुछ गर्दै गन्तव्य तर्फ लम्किरह्यौं ।

रंगुन खोलाको तिरैतिर धान मकै खेतीको लोभलाग्दो दृश्य छ। आलीताल गा.वि.स.को भूभागमा हाम्रा पाइला छन्। मदननगर (गोदाम), मौरीबजार हुँदै हामी स्यालचौडी आइपुग्यौं। आलीताल ५, स्यालचौडीका राजदत्त भट्टले हामीलाई स्यालचौडी मन्दिर, रंगुन नदीले बस्ती बगाएर बगरमा परिणत गराएको दृश्य अवलोकन गराउनुभयो। आलीतालको भूभागबाट जोगबूढा गा.वि.स. मा प्रवेश गर्नासाथ जोगबूढा १, सिद्धधामकी करुणा नेपाली र उहाँका भाईसँग हाम्रो भेट भयो।

उहाँहरुसँग कुराकानी गर्दै आमपानी काटेर हामी जोगबूढा आयौं। केहीबेर बजार घुम्यौं। स्थानीय व्यापारी टिकाराम साउद, जीत नाथ, इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर महेन्द्र चन्द, सशस्त्र प्रहरीका इन्स्पेक्टर एवं नेपाली सेनाका क्याप्टेनसँग परिचय गऱ्यौं। प्रहरी इन्स्पेक्टर चन्दले डडेल्धुराको भित्री मधेश (आलीताल, शीर्ष र जोगबूढा गा.वि.स.) मध्ये बीचको गा.वि.स. जोगबूढा पर्ने हामीलाई जानकारी दिनुभयो। जोगबूढा गा.वि.स. को नामाकरण पहिले बूढा जोगी बस्ने गरेका कारण भएको रहेछ। डडेल्धुरा बैतडी दार्चुलाजस्ता ठाउँबाट औलो उन्मुलन पश्चात् मानिसहरु यहाँ आएर बसोबास गरेका रहेछन्। यस भित्री मधेश क्षेत्रमा डडेल्धुरा जिल्लाकै आधा जनसंख्या छ रे ! जसले चुनावमा पनि प्रत्यक्ष प्रभाव पार्ने प्रसंग उहाँले कोट्याउनु भयो। नेपाललाई विश्वमाझ चिनाउन र विदेशका राम्रा कुरा नेपाल आएर लेखमार्फत् सार्वजनिक गर्न सफल हुनुहोस् भन्दै उहाँले विश्वभ्रमण सफलताको कामना गर्नुभयो।

बेलुकी हामी जयशंकर होटलमा बास बसी खाना खायौं। विभिन्न स्थानबाट आएका यात्रुसँग कुरा गऱ्यौं। दिनभर हिंडेको थकान मेटाउन राती ९ बजे ओछ्यानमा पल्टियौं।

२०६६ भाद्र ७: जयशंकर होटलका सञ्चालक शेर नाथ लाई रु. १७० रुपैयाँ तिरेर हामी अगाडि बढ्यौं। केही दिन अघि रंगुन नदीको भेलले प्रहरी चौकी, सेनाको क्याम्प लगायतका क्षेत्र डुबानमा पारेको रहेछ। जोगबूढा बजार छेउबाट नदी पार गर्न नसकिने बुझेपछि हामीले झोलुंगे पुलबाट नदी पार गर्ने निर्णय गऱ्यौं। पुनः हामी आमपानी खर्जान तर्फ हिजो आएकै बाटो फर्क्यौं। खर्जान आइनपुग्दै शीर्ष ६, रज्यौरामा स्थायीरुपमा बसोबास गर्न थालेका सक्राम राउटेसँग हाम्रो भेट भयो। वनमा शिकार गर्ने, बस्ने खाने गर्दै आएका यी राउटेलाई आमपानी र रज्यौरामा सरकारले बसोबासको प्रबन्ध गरेको रहेछ। सक्रामले भन्नुभयो, पहिलेभन्दा यो राम्रो छ। प्रस्टसँग नेपाली बोल्न भने सक्रामलाई गाऱ्हो परिरहेकै थियो।

खर्जानसम्म हामी सक्राम जीसँग कुरा गर्दै आयौं। पुलको मुखकै चिया पसलमा हामीले चिया पियौं। त्यहाँ बसिरहेका जोगबूढा १, खजुरानीका गोपाल भट्टराई, भागेश्वर मा.वि. शीर्ष ६, लौनका शिक्षक कविर बोहोरा लगायतसँग हामीले सोधपुछ गऱ्यौं। राउटेहरु क्षेत्रीय जातिका हुन्, उनीहरु जंगलमा बस्दा जाँड रक्सीजस्ता नसालु पदार्थ सेवन गर्दैनथे, राज्य र गैरसरकारी संस्थाले आधुनिक तरिकामा राउटेलाई स्थायीरुपमा बसोबास गर्न सहयोग गर्नु राम्रो कुरा हो, तर, विभिन्न किसिमबाट यी संघ संस्थाले दिएको रकम सदुपयोग हुन सकेन, बरु यिनीहरुमा जाँड, रक्सी लगायतमा फजुल खर्च गर्ने विकृति भित्रियो, अनि घर जग्गा पनि बिक्री गर्न थाले यिनीहरुले, उनीहरुले भने।

शिक्षक बोहोराले भन्नुभयो, यस भेगका डाडा काढा मन्दिर अनि भग्नावशेष ठाउँलाई हेर्दा पहिले मानिसको बसोबास यहीं थियो भन्ने अनुमान गर्न सकिन्छ, कारणवश, रित्तिएको मानव बस्ती औलो नियन्त्रण पछि पुनः बसेको हो। उनीहरुका यस्तै कुराकानी सुनेर हामी खर्जानबाट हिंड्यौं। खर्जानबाटै रंगुन नदी र कल्यान खोलाको दोभानमा रहेको सलौन झोलुंगे पुल हामीले पार गऱ्यौं। यस भेगका बासिन्दाले महाकाली र शुक्लाफाँटा एफ.एम. अनि रेडियो नेपाल सुन्दा रहेछन्।

हामी शीर्ष गा.वि.स.को सलौन हुँदै अगाडि बढिरहयौं। कृषि सडकै सडक कटाल आयौं। एउटा पसलमा नास्ता गर्दै स्थानीयवासीसँग कुराकानी गऱ्यौं। शिव पार्वती नि.मा.वि. का शिक्षक भान बहादुर बोहोराले भन्नुभयो, प्राकृतिक हराभराका कारण गाउँ सुन्दर छ, तर यहाँ अवैध काठ कटानी पनि भइरहेको छ, पञ्चायत कालदेखि गाउँमा ल्याउने भनिएको पानीको नहर नेताका कारण बन्न सकेको छैन। किन हो कुन्नि आजकाल सदरमुकामबाट पत्रकार पनि आएका छैनन्। शिक्षक बोहोरा लगायत सबै गाउँलेहरुको दुःखेसो हो यो।

त्यहाँबाट बिदा भएर हामी तातो घाममा राता गाला पार्दै हिंड्यौं। गाउँघरमा आज तीजको निकै रौनक छ। घर घरमा रेडियोबाट तीजका गीत घन्किरहेका छन्। यही बेला हामीले जन्मघर भोजपुरतिर पनि ध्यान पुऱ्याएछौं। घर परिवारको कुरा गर्दै परिगाउँ नेर आइपुग्दा बाटो भुलेछौं। फर्किएर हामी रंगुनको छालै छाल अघि बढ्यौं। एउटा घरमा अम्बा मागेर खायौं। यसले हाम्रो भोक माऱ्यो। थोरै अगाडि बढ्नासाथ महाकाली नदी देख्यो।

महाकाली नदीलाई हेरेर पूर्वको मेची नदी सम्झियौं। हामी खुशीले गद्गद् भयौं। पूर्वको मेचीबाट भारतको सिमा नियालेका हामीले पश्चिम महाकालीको तीरबाट पनि भारतको भूभाग देख्न पायौं। हामी मेचीमा पुग्दा हिउदको समय नदीमा पानी कम र समथर भूभाग थियो। तर, आज कालीमा टनाटन पानी र अग्लो डाँडाकाँडा भएको भारतीय भूमि देखिदैछ। मुख्य फरक यही नै हो।



परशुराम क्षेत्र

यस फाँटिलो भागबाट नदी किनार लगायत चारैतिरको दृश्य हामीले नियाल्यौं । नजिकै रंगुन नदी महाकालीमा मिलेको र महाकाली आएतिर टुक्रुक्क बसेको परशुराम मन्दिरले हाम्रो ध्यान तान्यो । रमाईलो अनुभूति र गहन जिम्मेवारी महसुस गर्दै हामीले लामो सास फेर्‍यौं, नदीको पानीले हातपाउ पखाल्यौं, भोक तिर्खा सारा हराएर गए, थकान सबै हटेको महसुस भयो । त्यसपछि हामीले परशुराम मन्दिरतिर हाम्रा पाइला अगाडि बढायौं ।

शालीन ढंगले बगेकी महाकाली, बीचमा सेतो मन्दिरको ढिस्को, छेउमा पानी बिहीन गल्छी, विभिन्न आकार प्रकारका चट्टान निकै अजब गजब लाग्छ यो दृश्य । ठूलो बाढी आएका बेला गल्छी लगायत मन्दिर परिसरमा पानी पुग्छ, तर कुनै नोक्सानी गर्दैन, एक स्थानीयवासीले हामीलाई जानकारी दिए । त्रेता युगमा महर्षि जमदग्नि पुत्र परशुरामले तपस्या गरी शंकरजीलाई खुशी पारेर अमोद अस्त्र (फर्सा) प्राप्त गरेका थिए । त्यही फर्साको प्रयोगबाट उनले हयग्रीव लगायतका क्षेत्रीहरुको नाश गरे। कर्णालीको काग पर्वत र पश्चिम अल्मोडाको नन्दा पर्वत गिरी बीचको मानस क्षेत्र बराबर अर्को कुनै पनि तीर्थस्थल छैन भनेर स्कन्दपुराणको मानस खण्डमा उल्लेख छ । यसबाट यो तीर्थको महत्व झनै झल्किएको पाइन्छ ।

शीर्ष गा.वि.स ९ मा अवस्थित यस क्षेत्रलाई अब धार्मिकरुपमा मात्र व्याख्या विश्लेषण नगरी पर्यटकीय क्षेत्रको रुपमा पनि विकास गर्नुपर्ने आवश्यकता हामीले देख्यौं । समथर भूभाग कालीको शीतल हावा र प्राकृतिक सुन्दरताबाट जो कसैलाई यहाँ आनन्दको अनुभूति हुने रहेछ । परशुराम क्षेत्र विकास सञ्चालक समिति अध्यक्ष सत्यनाथ योगी अभदूत बार पन्थी नाम बताउने पूजारीले भन्नुभयो, हिउँदका समयमा डुंगाबाट पारी भारततर्फ आवतजावत हुन्छ, परशुरामको गुरु योजना बन्यो भन्छ रेडियोले है कस्तो हो थाहा छैन, ४ कि.मि. क्षेत्रफल रहेको यस क्षेत्रको विकासमा आफू अहोरात्र खटे पनि मलाई कसैको साथ मिलेको छैन।

चिया नास्ताको यस क्षेत्रमा खासै प्रबन्ध रहेनछ । भएको एउटा पसलमा पनि आज केही खानेकुरा छैन रे । हामी १० वर्ष माओवादी जनयुद्धका बेला ध्वस्त भएको पाठशाला र परशुराम क्षेत्र परिसरलाई नियाल्दै परिगाउँ तर्फ लाग्यौं । शीर्ष ९, परिगाउँका गणेशबहादुर गुयालले आफ्नै घरमा लगेर हामीलाई हरिया मकै पोलेर ख्वाउनुभयो भने बाबु प्रसादे गुयालले खाना पकाए। गुयालले तामरखानी खोलाले आफ्नो सहित १९ घर परिवारको जग्गा कटान गरेको क्षेत्र हामीलाई भ्रमण गराउनुभयो। दुवै तिर तार जाली गरेर नाली बनाउन पाए हामीलाई राहत मिल्ने थियो, गुयालले भन्नुभयो ।

गुयालसँग बिदा भएर हामी भट्टराई टोलतिर आयौं । साँझ परेको थियो । चन्द्रदेव भट्टराईको घरमा हामी पुग्यौं। भट्टराई सबै ठाउँकै एकै हुन् र, गोत्र पनि एउटै हो भन्ने हाम्रो बुझाई । तर हामी यहाँ आएपछि यो बुझाई गलतजस्तै देख्यो । किनभने यहाँका भट्टराईहरुले कपिलानामा गोत्र भन्दा रहेछन् ! अरु भारदारी गोत्रका पनि भट्टराई हुन्छन् रे ! हुन त सबै जाति र धर्म संस्कृतिका मान्छे एकै हुन् । वेदले पनि भनेको छ, वसुधैव कुटुम्बकम् । त्यही जात र थरको लेप हामीमा पनि छँदै छ। हो, उनीहरुले पनि भट्टराई भनेर देखाएको आत्मियताले हाम्रो मन उत्साहित हुनु स्वभाविकै हो ।

खाना पछि पनि भट्टराई बन्धुहरुसँग गतिलै कुराकानी भयो । कुराकानीमा थिए, शीर्ष ९, परिगाउँ भट्टराई टोलका टेकराज, पदमराज, गौरीदत्त, टेकराज, गणेशदत्त, प्रतापदत्त, हरिदत्त, धनराज, देवदत्त, जयराज, महेशराज, कृपाराज लगायतका भट्टराई बन्धुहरु । यतातिर तीजभन्दा पनि बढी महत्वका साथ गौरा पर्व मनाउने चलन रहेछ । बोलीचाली संस्कृति परम्परा पूर्व र पश्चिमका भट्टराईसँग मिल्दैन । उनीहरुले भने एउटै वडामा एक मा.वि., एक नि.मा.वि. र एक प्रा.वि. तथा पचहत्तर घर भट्टराई भएको अन्यत्र कतै छ कि यात्रामा खोज गर्नुहोला । यी भट्टराई बन्धुहरुले व्यक्त गरेको विश्वभ्रमण शुभकामना सँगसँगै हामीले निद्रादेवीको आर्शिवाद ग्रहण गर्‍यौं ।

२०६६ भाद्र ८: बिहान उठेर हामी समाजसेवी टेकराज भट्टराईको घरमा आयौं । भुवनेश्वरी उ.मा.वि., भूमिराज नि.मा.वि. र त्रिवेणी बहुमुखी क्याम्पस, जोगबूढाको अर्थ संकलन समिति संयोजक हुनुहुँदो रहेछ उहाँ । उहाँले भन्नुभयो, रंगुन र महाकाली नदीको दोभानमा रहेका हामी श्रीलंकाजस्तो टापुमा छौं, राज्यले उति वास्ता गर्दैन, जसरी भएपनि बालबालिकालाई शिक्षा दिनै पर्‍यो, यसका लागि २०६३ सालमा विद्यालय चलाउन महिनामा एकदिन उपवास (भोकै) बसेर सबै अभिभावकले खाद्यान्न बटुल्यौं, अहिले सप्तमी

स अभियान सुरु गरेका छौं, जस अन्तर्गत १. सम्धासम्धी, २. संघसंस्था, ३. शिक्षा कार्यालय, ४. साथी, ५. समुदाय, ६. सालासाली, ७. सर सहयोग पर्दछन् ...।

उपवास बस्दाका बखत पत्रकारले सम्प्रेषण गरेको समाचार हेरेर सहयोग गर्नेहरु आएका थिए, यसका लागि पत्रकारिता क्षेत्रलाई धन्यवाद छ समाजसेवी भट्टराईले भन्नुभयो । पत्रकारिता क्षेत्र स्वतन्त्र, सकारात्मक भएमा समाज विकासमा महत्वपूर्ण योगदान पुग्न सक्छ । शिक्षा क्षेत्रमा विशेष सेवा गर्ने इच्छा रहे पनि आर्थिक अभावका कारण गाऱ्हो परिरहेको उहाँले जनाउनुभयो ।

वाह क्या गजबको रचनात्मक उपाय परिगाउँका जनताको ! जसले सरकारलाई नै चुनौती दिएको छ, अनि अरुलाई पनि आफ्नो गाउँ ठाउँलाई सरकारले हेरेन भने कुनै सिर्जनशील तरिका अपनाएर आफ्नो गाउँको विकासमा आफैं अग्रसर हुन सकिन्छ भन्ने पाठ सिकाएको छ, बधाई यि गाउँका जनताको सिर्जनशील उपायलाई ।

त्यहाँ बूढी आमाहरुलाई चाहिं हामीले डिजिटल क्यामेराले फोटो खिंचेर देखाइदियौं । तत्कालै फोटो देख्न पाएर उनीहरु दंग परे, निकै चाख मानेर ती फोटाहरु हेरे, खुशी हुँदै हामीलाई आर्शिवाद दिए । आमाहरुसहित समूहमा फोटो खिंच्ने बित्तिकै एकाएक हाम्रो डिजिटल क्यामेरामा समस्या आयो । अहिले यसले फोटो खिंच्दैन । हामीलाई अलिक नरमाइलो महसुस भइरहेको छ ।

परिगाउँबाट हामी अगाडि बढ्यौं । पुन: हिजो गएको बाटो फर्केर कटाल हुँदै हामी सलौनमा इन्द्र मडैको घरमा आइपुग्यौं । मडै परिवारले हामीलाई हरिया मकै पोलेर खुवायो । गुलियो मकै भोको पेटमा कति मीठो भयो भनि साध्य छैन । कालुसिंह मडैले पत्रकार जगत् लाई स्वतन्त्र गराउनका निम्ति कर्तव्य निष्ठ भएर यात्रा थाल्नुभएकोमा सफलताको शुभकामना छ, भन्नुभयो । त्यहाँबाट बिदा भएर हामीले सलौनको झोलुंगे पुल पार गऱ्यौं ।

रंगुन नदीको किनारै किनार अस्ति आएको बाटो नै आलितालका लागि यात्रा तय भयो । हाँस्दै, बोल्दै हामी कालाकोट आइपुग्यौं । त्यहाँ भेटिएका एक स्थानीयवासीले परशुराम क्षेत्रमा पुल, चौकी र भन्सार स्थापनाका लागि आन्दोलन भएपनि सम्बन्धित निकायबाट सुनुवाई नभएको र आलितालका लागि पनि विभिन्न क्षेत्रका व्यक्तिहरु आएर आश्वासन दिएपनि केही नभएको गुनासो गरे । कालाकोटबाट रंगुनको झोलुंगे पुल पार गरेर हामी आलितालतर्फ उकालो लाग्यौं ।

४० मिनेट हिंडेर हामी आलिताल पुग्यौं । सानै सही कच्ची बाटो भर्खरै काटिएको रहेछ । वरिपरि जंगल र डाँडाले घेरिएको सुन्दर ठाउँमा रहेछ ताल । चारैतिर घुम्ने बाटो बनाएर बस्ने ठाउँ अनि केही तल होटलको प्रबन्ध गर्नुपर्ने आवश्यकता देखिन्छ । तालको संरक्षण सम्बर्द्धन गरी पर्यटकीय रुपमा प्रचार प्रसार हुनुपर्छ । करिब १५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस तालको गहिराई अझसम्म पत्ता लगाइएको छैन रे ! हामी तालको मनोरमतामा केहीबेर हराउँदै परिक्रमा गरेर फर्क्यौं । यो ताल आलिताल ४ मा पर्दछ ।

अगाडि गएको बाटो पछ्याउँदै हामी पुन: कालाकोट आयौं । नास्ता गऱ्यौं । आलिताल ४ का जय बहादुर चुनाराले वि.सं. २०४२ सालदेखि काठका भाँडा ठेकी बनाउँदै आएको आफूले सीपको सदुपयोग गर्न प्रमाणपत्र बनाउन जाँदा नपाएको गुनासो पोख्नुभयो । दूरी पुगेन भनेर मलाई प्रमाणपत्र दिइएन, तर नेताको पावर लगाउने र पैसा घुस खुवाउन मान्छेले ऐलानी जग्गामा उद्योग सञ्चालनका लागि प्रमाणपत्र पाएका छन्, चुनाराको आक्रोश थियो । हामी त्यहाँबाट हिंड्न लागेका थियौं, पत्रकार महासंघ डडेल्धुरा अध्यक्ष राम धामी टुप्लुक्क पुग्नुभयो । उहाँ सदूरपश्चिमको भव्य पर्व गौरापर्वका लागि आफ्नो घर तर्फ जाँदै हुनुहुंदोरहेछ ।

हामी कालाकोटबाट हिंड्यौं । ३० मिनेट जति हिंडेपछि आलिताल ५, मदननगर (गोदाम) आइपुग्यौं । प्रहरी चौकीका असई हेमराज भट्ट र अन्य प्रहरी जवानले चौकीमा बोलाएर सोधपुछ गरे । त्यसपछि हामी लीला होटलमा आयौं । खाना खाएर रात्री विश्राममा लाग्यौं ।



आलीताल

२०६६ भाद्र ९: बिहान उठेर हामीले चिया पियौं । लिला होटलकी दिदीले हामीलाई सुतेको शुल्क छुट गर्नुभयो । त्यसपछि हामी पुन: डडेल्धुरा बजार आउने योजना बनाएर मदननगरबाट हिंड्यौं । रातभरी पानी परेकाले खोला खोल्सामा पानीको मात्रा बढेको रहेछ । तिनीहरुलाई पार गर्दै हामी आलिताल ७, भिमनगर (घरेलु) आइपुग्यौं । बिहानको १० बजेको थियो । हामीले त्यही बिहानको खाना खायौं । स्थानीय व्यवसायी भान बहादुर नेपालीले उत्सुकतापूर्वक विश्वभ्रमणबारे जिज्ञासा राख्नुभयो । उहाँले भन्नुभयो, यो ठाउँमा पहिले बेतबाँसको घरेलु उद्योग र कार्यालय थिए, पछि

बन्द भए, त्यसैगरी शहीद भीमदत्त पन्तलाई हत्या गरेको ठाउँ पनि यही हो, त्यसकारण भावरबाट घरेलु हुँदै यो ठाउँको नाम अहिले भीमनगर भएको छ। भीमनगरमा भेटिएका अन्य विश्वभ्रमण जिज्ञासुहरुको पनि जिज्ञासा मेटाउँदै हामी अगाडि बढ्यौं।

गाडीको बाटो छोडेर हामी छोटो बाटो उकालो लाग्यौं। जंगलै जंगल उकालो काटेर हामी छतिवन गा.वि.स. बुडर बजार आयौं। सानो कपको दहीलाई रु. १५ तिर्नुपऱ्यो। त्यहाँ दहीको मूल्य महंगो लाग्यो हामीलाई। त्यहाँबाट सुदूर पश्चिम यातायात व्यवसायी संघको ७०५९ नं को बस चढ्यौ। २ घण्टा पछि डडेल्धुरा बजार आइपुग्यौं।

बजार आएर हामी जि.वि.स. कार्यालय गयौं। निमित्त स्थानीय विकास अधिकारी रामप्रसाद पाण्डेसँग कुराकानी र उहाँको शुभेच्छा ग्रहण गरेर हामी फर्क्यौं। हिमखण्ड, डडेल्धुरा पोष्ट, अमरगढी पोष्ट र हिलटाइम्स दैनिक कार्यालय पुगेर सञ्चारकर्मी साथीसँग बिदा भयौं। हामी भोली बिहानै बैतडी भ्रमणका लागि जाँदैछौं। डिजिटल क्यामेरा बन्छ कि भनेर बजारमा केही ठाउँ सोध्यौं, तर यहाँ बन्न नसक्ने जनाइयो।

साँझ होटल सनलाइटमै आयौं। होटल सञ्चालक दान बहादुर भण्डारी निकै मिजासिलो र अरुको भावना बुझ्न सक्ने मान्छे लाग्यो हामीलाई। उहाँले विश्वभ्रमणका बारेमा भन्नुभयो, पत्रपत्रिकामा तपाईंहरुको बारेमा पढ्दा कस्ता हुनुहोला भन्ने मनमा जिज्ञासा लागिरहन्थ्यो, विगत केही दिनदेखि तपाईंहरुसँग बस्न पाउँदा मैले आफूलाई गौरव महसुस गरेको छु, तपाईंहरुको भ्रमण उग्रतारा माताले पूरा गरुन्। उहाँको आत्मियता झल्किएको शुभेच्छालाई धन्यवाद दिंदै खाना खाएर हामी रात्री विश्रामका लागि बिछ्यौनामा प्रवेश गऱ्यौं।

डडेल्धुरा यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. १,०००/-
टेकराज भट्टराई (शीर्ष ९परिगाउँ)	रु. ५००/-
आफ्नो एफ.एम.	रु. २००/-
ई.प्र.का. जोगवूढा	रु. २००/-
कविन्द्रराज भट्ट	रु. १६०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु:
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहनेछ)

सकारात्मक पत्रकारितामा महत्वपूर्ण योगदान पुग्ने विश्वास। - राजेन्द्र प्रसाद घिमिरे, प्र.जि.अ.
डडेल्धुरामा हार्दिक स्वागत, शुभकामना। - हरिराज विष्ट (स.प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
समाजमा सकारात्मक सन्देश ल्याउने आशा। - चक्र बहादुर सिंह, प्रहरी नायब उपरीक्षक
विश्व सञ्चारकर्मीलाई गौरवको कुरा। - छत्र साउद, केन्द्रिय सदस्य, नेपाल पत्रकार महासंघ
कहिल्यै बाधा अवरोध नआओस्। - नर बहादुर कार्की, (प्र.स.नि.) प्रहरी चौकी, पोखरा
स्वतन्त्र पत्रकारको सही रुपमा विकास होस्। - कविन्द्रराज भट्ट, अमरगढी नगरपालिका कार्यालय
विश्व भाइचारा, शान्ति र दिगो विकासमा सफलता पाओस्। - रामप्रसाद पाण्डे (नि.स्था.वि.अ.)
मनुष्य जगतमा सद्विचारको बाहुल्यता बढोस्। - कृष्णदेव जोशी, सूचना अधिकृत जि.वि.स.
सञ्चारक्षेत्रको गुणस्तर अभिबृद्धिमा योगदान पुग्ने आशा। - राम धामी, अध्यक्ष, पत्रकार महासंघ
पत्रकारका आक्रमणकारीमाथि कारवाही होइन, संरक्षण भइहेको छ। - बल बहादुर महरा, पत्रकार
हार्दिक धन्यवाद। - वरुण पनेरु, एभीन्यूज टी.भी. डडेल्धुरा संवाददाता
ईच्छाएको चाहाना परिपूर्ति होस्। - बाबुराम श्रेष्ठ, अन्नपूर्ण पोष्ट संवाददाता
महान् र जिवित अनुग्रही परमेश्वरले सुरक्षा प्रदान गरुन्। - राजेन्द्र मनराल (कार्यक्रम संयोजक), आफ्नो एफ.एम.
पत्रकारका पाउहरु आँसुहरुले रुझेका मझेरीसम्म पुगुन्। - दीपेन्द्र अवस्थी सानु, आफ्नो एफ.एम.
सत्य निर्णय मान्ने नै मानिस। - टेकराज भट्टराई, महेशराज भट्टराई, कृपराज भट्टराई शीर्ष ९, परिगाउँ भट्टराई टोल परिवार
नेपालको सकारात्मक सन्देश विश्वभरी जानेछ। - दान बहादुर भण्डारी, होटल सनलाईट एण्ड लज, तुफान डाँडा
स्वतन्त्रताका लागि जीवन। - कालुसिंह मडै, शीर्ष ८, सलौन
विश्व मानचित्रमा पत्रकारिताको स्थान ऐतिहासिक बनोस्। - लोकेश साउद, मल्लादेही ३, पुरचौडी बैतडी

३८ औं जिल्ला बैतडी डायरी

संक्षिप्त परिचय

क्षेत्रफल: १४५१।१३ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ६२ बटा, नगरपालिका: १ निर्वाचन क्षेत्र: २, सदरमुकाम: खलंगा (गोठालापानी), अञ्चल: महाकाली, विकास क्षेत्र: सदूरपश्चिमाञ्चल
भौगालिक अवस्थिति: पूर्व बझांग र डोटी, पश्चिम भारतको उत्तराञ्चल प्रदेश, उत्तर दार्चुला जिल्ला र दक्षिण डडेल्धुरा।
जातजाति: क्षेत्री, ठकुरी, ब्राम्हण, दलित र अन्य।
पर्यटकीय स्थल: पातालभुमेश्वर गुफा, मन्दिरहरु जगन्नाथ (द.न.पा.), रौलाकेदार (रौलेश्वर), ईश्वरी गंगाधाम (दशरथचन्द नगरपालिका द.न.पा.), ग्वाल्लेक केदार, त्रिपुरा सुन्दरी (द.न.पा. ८), मेलौली भगवती, डिलासैनी, उदयदेव मन्दिर, देउलेक केदार, निंगलासैनी (देहीमाण्डौं), असिम केदार, दोगडा धाम, न्वाली, सिंगासधुरा आदि।
(साभार: बैतडी एक चिनारी २०५८, जि.वि.स.)

२०६६ भाद्र १०: बिहान हामी ३७ औं जिल्ला डडेल्धुरा यात्रा अन्त्य गरी ३८ औं जिल्ला बैतडी आउने योजनासहित डडेल्धुरा बसपार्कबाट जीप चढ्यौं। जीप पोखरा हुँदै डडेल्धुरा र बैतडीको सिमाना अनार खोली आएर केहीबेर रोक्कियो। त्यसपछि बैतडीको खोड्पे तर्फ अगाडि बढ्यो। विप्याकटाल हुँदै खोड्पे आइपुगेपछि हामी जीपबाट झर्‍यौं।

कोशी होटलमा खाना खायौं। संखुवासभा चैनपुरमा जन्मिएर यस ठाउँमा होटल गर्दै आउनु भएका किरण राईले आत्मियतापूर्वक कुराकानी गर्नुभयो। सिद्धेश्वर गा.वि.स.को खोड्पे डाँडामा उक्लिएर हामीले तस्वीर खिंच्यौं। २ भाई राकेशकुमार राई र लक्ष्मण टेलरले वरपरका गाउँघर चिनाउनुभयो। निकै टाढासम्मको दृश्य देख्न पाउँदा हाम्रा आँखा पवित्र भए। डाँडाबाट हामी बजारतर्फ नै झर्‍यौं। यही बजार खोड्पेबाट बझांग र बैतडी जाने सडक फाट्छ। हामीलाई प्रहरी चौकीका जवान नरेशसिंह धामीले बैतडी पाटनसम्म पुर्‍याइदिन एक बसलाई अनुरोध गरिदिनुभयो।

बस चढेर हामी पाटन आयौं। पाटन क्षेत्र साँच्चै रमाइलो लाग्यो। यसको माथिपट्टि सल्लाघारी रहेछ। चौरमा बसेर हामीले २ घण्टा लेखपढमा बितायौं। त्यसपछि बजार घुम्दै पाटनको एयरपोर्ट नजिक आइपुग्यौं। भू.पू. सेनाका मेजर र हाल किराना पसलका साहुजी रमेश पन्तले हामीलाई बोलाएर चिया पिलाउनुभयो। पन्त सँगको कुराकानीमै साँझ परिसकेको थियो।

पाटन ९, डोबरका स्थानीय बासिन्दा एवं पाटन भ्याली लोअर सेकेण्डरी स्कूलका प्रिन्सिपल नारायण भण्डारी टुप्लुक्क आइपुग्नु भयो। मनोक्रान्तिप्रति आस्था राख्ने उहाँले हामीलाई आफ्नै घर ल्याउनुभयो। उहाँकी श्रीमती तुलसी भण्डारीले खाना बनाएर खुवाउनुभयो। यात्रा अनुभवका साथमा केहीबेर कुराकानी गरेर हामी सुत्यौं।

२०६६ भाद्र ११: बिहान खाजा खाएर हामी सुदूर पश्चिमाञ्चलको ठूलो पर्व गौरा हेर्नका लागि सकार २, जरौली हिंड्यौं। डोबराबाट लोर्खा हुँदै चौखुडाबाट तिपडी गाडको झोलुंगे पुल तर्‍यौं। त्यहाँबाट उकालो चढेर हामी जरौली पुग्यौं। जरौली निवासी नरेन्द्रप्रसाद भट्टराईले हामीलाई आफ्नो घर पुर्‍याउनुभयो। र, खाना पकाएर पनि खुवाउनुभयो। त्यहाँ गौरा मेलाको भव्य सुरसार थियो। जरौलीका अधिकांश स्थानीयवासी भट्टराई नै हुनुहुँदोरहेछ। सकारको १, ४,५ र ६ वडामा भट्टराई मात्र र अन्य वडामा पनि बहुसंख्यक भट्टराई बसोबास गर्दा रहेछन्।

हामीले त्यहाँ राजेन्द्रप्रसाद, सोभिलाल, लक्ष्मण, गणेशदत्त, भुवन, अम्बर र नरेन्द्रराज भट्टराई तथा गणेश सिंह ओली लगायतसँग परिचय र कुराकानी गर्‍यौं। उहाँहरु सबैले परापूर्वकाल देखि चल्दै आएको गौरा पर्वको विषयमा हामीलाई जानकारी गराउनुभयो। मान्छेहरु भूमिराज मन्दिर परिसरमा जम्मा भइरहेका थिए। विशेषगरी यो पर्वमा महिलाहरु व्रत बस्ने चलन रहेछ। यो पर्व कृष्णाजन्माष्टमी देखि सुरु हुन्छ। गएको पञ्चमीमा ५ किसिमका अन्न (गहत, मास, गहुँ, गुराँस, मकै) भिजाएर क्वाँटीजस्तै राखिन्छ, जसलाई बिरुडा भनिन्छ। षष्ठीका दिन धारामा ५ घाँस (तिल,साँवा,गुबो,बलु,गौराफूल) लाई धानले बेरेर गौरादेवीको मूर्ति बनाइन्छ। जसलाई बेहुली सिंगारेझैं सिगारिन्छ। र, धारा छेउमा पूजा गरेर राखिन्छ।



खोड्पे

सप्तमीका दिन गौरा देवीलाई पूजा गरिन्छ। आज अष्टमीका दिन भूमिराज मन्दिरमा पूजा गर्ने चलन रहेछ। महिलाहरुले



पाटन क्षेत्र

गौरा देवीको गीत गाउँदै मूर्ति टाउकामा राखेर भूमिराज मन्दिर घुमाए । सबैले बोकेर घुमाइसकेपछि भुइँमा राखे । त्यसपछि दुईजना पुरुषले तन्नाको फेर दुई तिर समाए । त्यो तन्नामा पाँच किसिमका फल सुन्तला, अम्बा, दारिम, अमिलो, मौसम राखिए । ती फललाई उनीहरुले तन्ना झड्कालेर आकाशतिर फाले । महिलाहरुले ती फललाई आफ्नो ओढ्ने, सलको फेरमा थापे । भुईमा झरेका फलफूल तछाड मछाड गरेर टिप्नेको दृश्य पनि कम्ता रमाइलो थिएन । ती फललाई महिलाले प्रसाद मानेर खाए । घाँटीमा रातो डोरी (दूबाधागो) बाँधे । त्यसपछि महिलाहरुले श्रीमान्, छोराछोरी, आफन्त आदिलाई बिरुडाले टाउको र दुवै काँधमा पूजे अनि निधारमा टीका लगाइदिए । हामीलाई पनि उनीहरुले यसै गरे । यसो गर्नु भनेको चिरायुको कामना रहेछ । यसपछि महिलाहरुलाई खाना खान छूट भयो । व्रत सिद्धियो ।

सकार लदौली गाउँबाट पुरुषहरु बाजागाजा सहित आए । महिलाहरु छुट्टै गौरा देउडा खेल्न थाले । पुरुषहरु भूमिराज मन्दिर वरिपरि समूहमा गौरा देवीको गीत गाउन थाले । उता युवती तथा महिलाहरुको देउडा दोहोरीमा सुख, दुःख सुन्न पाइयो । केही समयपछि धामीहरु कामे । यसरी गौरा र देउडा गाउँदै कार्यक्रम सिद्धियो । यस क्षेत्रका मानिसहरुको भेला हुन पाउने अवसर रहेछ गौरा । चेलीबेटी सबै परिवार भेटघाट हुने र गाउँघरका सबै जातजातिका मान्छे जमघट हुने मौका पनि रहेछ, यो पर्व । दुई युवा अमर र नरेन्द्रराज भट्टराईले भन्नुभयो, यस गौरा पर्वलाई जाँड रक्सी खाने र विकृति भित्र्याउने पर्वको रुपमा नभई एक अर्कासँग दुःख सुख साट्ने पर्वको रुपमा विकसित गर्नु पर्ने टड्कारो आवश्यकता छ । आगामी ३ दिनसम्म यो पर्व जारिरहन्छ, स्थानीयवासी नरेन्द्रप्रसाद भट्टराईले भन्नुभयो । हामी उहाँकै घरमा बस्ने निधो गऱ्यौं । खानामा मासको पीठालाई घ्यूमा पकाएर तयार गरिएको बट्कू पनि समावेश थियो ।

आज हामीलाई अनौठो र रमाइलो लाग्यो । किनभने सुदूर पश्चिममा आएर गौरा पर्व हेर्न पाउनु हाम्रो सौभाग्य हो । हुन पनि साँच्चै हो, महिलाहरु गीतमार्फत् आफ्ना भावनाहरु पोखिरहेका र समूहमा नाचिरहेका थिए भने पुरुषहरु पनि एकअर्कामा हाँसो ठट्टा गरिरहेका । जे होस्, माथि उल्लेखित विशेषता बोकेको यस पर्वको सकारात्मक पक्षलाई सबै क्षेत्रबाट प्रोत्साहन र विकृत पक्षलाई हटाउन पहल हुनैपर्छ भन्ने हामीलाई पनि लाग्यो । बेलुकी ९:३० बजे हामी सुत्यौं ।

२०६६ भाद्र १२: बिहानै उठेर जरौलीबाट फेरि हामी पाटन आयौं । पाटन ४, लोर्खा आइपुग्दा बाटो भुल्लिएर डम्बरबहादुर चन्दको घर पुगिएछ । उहाँले हामीलाई घरमा बोलाएर चिया पिलाउनुभयो । विगत २ वर्षदेखि कम्मरको नसा चढेर उहाँ कुज्जिनु भएको रहेछ । डाक्टरले पछि क्यान्सर हुन सक्छ, त्यसकारण चाँडै अप्रेशन गर्नु भनेको छ, तर, के गर्नु पैसा नभएकाले सार्‍है गाह्रो पऱ्यो, चन्दले दुःखेसो पोख्नुभयो । उहाँको परिवारसँग बिदा भएर हामी डोबरा आयौं । नारायण भण्डारीको घर सार्‍है हँसिलो र दिलदार छ । उहाँकी श्रीमती तुलसीले हामीलाई चिया नास्ता गराउनुभयो ।

नोलो (इनार वा कुवा जस्तो) मा गएर हामीले नुहायौं । ढुंगै ढुंगा छापेर माथि मन्दिरको गजुरझैं पारेर बनाइएको नोलो दोश्रोपटक भयो हामीले देखेको । पानी भर्न आएका एकजना दाईले भने, यसरी बनाइएको पानी चिसो र कतिपय रोगमा समेत लाभदायक हुन्छ । अहो, पूर्वजहरुको यो कलाकृति साँच्चिकै सम्मान योग्य छ । नुहाई धुवाई सिध्याएर हामी नारायण सरकै घरमा फर्कियौं । दिनभर अध्ययन लेखनमै हामीले अधिकांश समय बितायौं । बेलुकी खाना खाएर केहीबेर टी.भी. हेऱ्यौं । र, राती १०:३० बजे सुत्यौं ।

२०६७ भाद्र १३: बिहान ८ बजे डोबराबाट हामी पाटन बजार निस्कियौं । स्थानीयवासी चमन भण्डारी र केशव विष्ट लगायतसँग हाम्रो भेट भयो । हामीले उनीहरु सबैलाई विश्वभ्रमणवारे जानकारी गरायौं । केहीबेर कम्प्युटरमा टाइप गऱ्यौं । र, पिनाकल कम्प्युटर इन्स्टिच्यूटमा आयौं । इमेल पनि गऱ्यौं । प्यास त्रैमासिक गजल पत्रिकाका प्रकाशक सम्पादक दीपसागर पन्त प्यासीसँग कुराकानी भयो । उहाँले साहित्यिक पत्रिका चलाउन झनै गाह्रो परेको अनुभव हामीलाई सुनाउनुभयो ।

पहिले बैतडी सदरमुकाम पाटनमा भएपनि पछि बैतडी खलंगा सारिएको रहेछ । एयरपोर्ट भएपनि जहाज आउँदैन । यो क्षेत्रमा हरियाली वातावरण छ । केही सरकारी कार्यालय पनि छन् यहाँ । पाटन क्षेत्रको विषयमा नारायण सरले भन्नुभयो, प्राकृतिक सुन्दरताले भरिपूर्ण पाटन सदरमुकाम बस्न उपर्युक्त छ । तर, यहाँ विकृति विसंगति धेरै छन् । म पनि पहिला बिग्रिएको मान्छे त

मनोक्रान्तिको संगतमा गएर योग, ध्यान, प्राणायाम, रेकी आदिको अभ्यास गरिसकेपछि अहिले म सप्रिएको छु, घरपरिवारमा खुशीयाली छाएको छ, मलाई लाग्छ, यहाँका सबैले वास्तविक मनोक्रान्ति बुझ्न र गर्न आवश्यक छ। किनकी भित्री मनदेखि नै मानसिक परिवर्तन हुने हो भने समाज र संसारको विकास कुनै नौलो कुरा होईन। उहाँले विश्वभ्रमण सफलताका लागि शुभकामना पनि लेख्नुभयो।

दिउँसो २ बजे पाटनबाट डोबरा नै हामी आयौं। खाना खाइ सक्नासाथ बाग्लुंगकी गंगा पौडेल (मनोक्रान्ति महामाता योगिनी श्री ङं) र पर्वतका खिमबहादुर पुन (साधक श्री ग्रिम्) आइपुग्नु भयो। ९० दिनसम्म निराहार ९ फिट गहिरो बन्द खाडलमा तपस्या गर्नुभएकी योगिनी र उहाँलाई तपस्या सफल बनाउन सक्रिय भूमिका खेल्ने मध्येका एक प्रमुख व्यक्ति साधक ग्रिमको स्वागत दर्शनका लागि स्थानीयवासीको उपस्थिति थियो। उक्त भूतपस्या नेपालको बाँके जिल्ला पिप्रहवा गा.वि.स.को जमुनाह भन्सार मैदान (जुनचाहिं भारतको रुपैडियासँग जोडिएको छ) मा २०६५ चैत्र १६ गतेदेखि २०६६ आषाढ १३ गतेसम्म ३ महिनासम्म भएको थियो। स्थानीय राजु र जानकी वादीको घरमा हामी राती ११ बजे सुत्यौं।

२०६६ भाद्र १४: बिहान जानकी जी कै घरमा नास्ता गरेर हामी नारायण सर कहाँ पुग्यौं। पाटन ९ डोबरा गाउँको पिजास मन्दिर घुम्यौं। दिउँसो २ बजे पछिको समय कुराकानी आराम र टी.भी. हेरेरै बित्यो। बेलुकी खाना खाएर हिजो सुतेकै ठाउँमा हामी सुत्यौं।

२०६६ भाद्र १५: बिहान १० बजे हामीले डोबरा छोड्यौं। बिदा हुने बेलामा पनि नारायण भण्डारी परिवारले सान्है आत्मियता र सद्भाव प्रकट गऱ्यो। उहाँहरुप्रति हामी कृतज्ञ र आभारी छौं।

पाटन बहुमुखी क्याम्पस अगाडि जम्काभेट हुनुभएका कृष्णदत्त जोशीले विश्वभ्रमण सफलताको कामना गर्नुभयो। पाटन क्षेत्रलाई नियाल्दै हामीले पदयात्रा मार्फत् पाताल भुमेश्वर गुफा पुग्ने योजना बनायौं। आजको हाम्रो यात्रामा सहभागी बन्नुभयो, राजु, जानकी र सुरज अनि ग्रिम् जी। हामी ६ जना सल्लाघारीको हरियालीमा रमाउँदै उकालो हिंडिरह्यौं। ठाउँ ठाउँमा आराम गर्दै रह्यौं। भूमेश्वर गा.वि.स. का ठाँड र थुमजस्ता ठाउँहरु हामीले काट्यौं। गाउँमा मकै पोल्न लगाएर खायौं। पाताल भूमेश्वर आइ नपुग्दै भेटिएको एक मन्दिर परिसरका कलिला तर अमिला मौसम र ज्यामिर पनि हामीले खान छाडेनौं। कारण उकालो बाटो हिंड्दाको पीडा अनि पेटभित्रको क्रिडा दुवै जोडिएको थियो।

पाटनबाट बिहान १० बजे हिंडेका हामीहरु दिउँसो ३ बजे पाताल भूमेश्वर गुफा आइपुग्यौं। चारैतिर हरियाली सुन्दरताले भरिएको मन्दिर, पोखरी अनि देव देवीका मूर्तिहरुलाई हामीले केहीबेर नियाल्यौं। मन्दिरबाट तलको भूभागमा रहेको गुफामा हामी पुग्यौं। राजु र जानकी जी बाहिरै बस्नुभयो। हामी ४ जना गुफाभित्र पस्यौं। चट्टानै चट्टानले बनेको गुफामा पानी बगिरहेको छ। प्रकृतिले उपहारस्वरुप छोडिदिएको गुफाभित्र साँघुरो बाटो पनि नभएको होइन। गुफाभित्र बिजुलीको तार भएपनि बत्ती थिएन। १० वर्षे युद्धताका बल्बहरु चोरिएछन्। र, गुफा अन्धकार बनेछ। तर, पनि ठाउँ ठाउँका खुल्ला र विभिन्न किसिमका बनोटलाई नियाल्दै चार पाउ टेक्दै र घस्रदै भएपनि हामीले सुरुंग यात्रा जारी राख्यौं। बीचबीचमा अरु बाटा पनि भेटिन्थे। १ घण्टासम्म भित्र छिर्दा पनि यसको अन्तिम बिन्दूसम्म हामी पुग्न सकेनौं। ग्रिम् जी अझ भित्र जानुपर्छ, बत्ती सकिए पनि छामछाम छुमछुम गर्दै भएपनि फर्कन सकिन्छ भन्दै हुनुहुन्थ्यो। सुरज भाई अगाडि देखि नै डराएको आभाष पाइन्थ्यो। बेला बखत मलिन अनुहारले फर्कौं फर्कौं भन्दै हुनुहुन्थ्यो। फेरी, इमर्जेन्सी लाइटको ब्याट्री सकिने डर, र बाहिर कुरिरहनु भएका राजु जीको जोडीलाई मध्यनजर गर्दै हामी फर्किने निर्णय गऱ्यौं।


पाताल भूमेश्वर गुफा

चमेराको विष्टी र परमात्माको पत्थर सृष्टिमा टेक्दै र समाउँदै हामीले जाँदा १ घण्टा र फर्कंदा पनि करिब १ घण्टै समय गुफा यात्रामा बितायौं। हाम्रो टोली गुफा बाहिर निस्किएपछि भित्र पस्दाका बखत के भयो र कसो होला ? भनेर बाहिर आत्तिएर कुरिरहनुभएका साथीहरु फुरुंग भएर रमाउनुभयो। गुफाको पूरा यात्रा गर्ने इच्छा हुंदा हुंदै पनि हामी बीचबाटै फर्कियौं। गुफा घुम्ने हाम्रो इच्छा अझै पूरा हुन सकेको छैन। मौका मिले फेरी आइनेछ। जिन्दगीकै अहिलेसम्मको सबभन्दा बढी समयको सुरुंग यात्रा हो यो यात्रा।

यहाँ पर्यटकीय हिसाबले राम्रै सम्भावना छ। तत्काल ओढार भित्र बत्तीको व्यवस्था गर्न सके सुनमा सुगन्ध हुन्छ।

अबका दिनमा बल्ब चोरी हुनबाट रोकियोस्। अनि चोरको पनि सद्बुद्धि पलाओस्। यसको संरक्षण र सम्बर्द्धन गर्न सबै क्षेत्र लागि परुन्।

पाताल भूमेश्वरबाट हामी सतबाँझ तर्फ लाग्यौं। डाँडाबाट बैतडीका विभिन्न भूभाग एवं दार्चुलाका टाकुराहरु हामीले नियाल्यौं। बैतडी भ्रमण निकै रमाइलो लागिरहेको छ। वासुलिंग, सिउडी हुँदै हामी सतबाँझ आयौं। आजको यात्रा टुंगियो हामीलाई बिदाइ गर्‍यो। उहाँहरुसँग छुट्टिन मन नहुँदा नहुँदै पनि हामी ७४३३ नम्बरको बस चढेर बैतडी सदरमुकामतर्फ लाग्यौं। साथीहरु पाटनतर्फ नै फर्कनुभयो।

गुरुखोला, मुस्याचौर, देहिमाण्डौं हुँदै बस दशरथचन्द नगरपालिका प्रवेश गर्‍यो। सदरमुकामको गोठालापानी बसपार्कमा बस रोकियो। बसबाट ओर्लिएर हामीले एक होटलमा खानपिन गर्‍यौं। र, रात्री विश्राममा लाग्यौं।

२०६६ भाद्र १६: बझांग बैतडी पुर्चौडी होटलमा नेपाल पत्रकार महासंघ, बैतडीका कार्यवाहक अध्यक्ष नरेन्द्र भट्ट र सचिव खगेन्द्र अवस्थी हामीलाई भेट्न आउनुभयो। उहाँहरुसँगै हामी महासंघ एवं बैतडी सन्देशको कार्यालय पुग्यौं। केहीबेर कुराकानी गर्दै गढीतर लाग्यौं। गढीमै प्रायः सरकारी कार्यालयहरु रहेछन्।

हामी जिल्ला प्रशासन कार्यालयमा पस्यौं। निमित्त प्र.जि.अ. गंगाधर पौडेलसँग भेट भयो। बैतडीमा धार्मिक मान्छेहरु बढी छन्, तर, बैतडी बढी अन्धविश्वासमा रुमल्लिएको मैले पाएको छु। वर्तमान अवस्थामा स्थानीय सञ्चारकर्मी र प्रशासनको सम्बन्ध राम्रो रहेको जानकारी सहित पत्रकारिता क्षेत्रबारे उहाँले आफ्नो धारणा यसरी व्यक्त गर्नुभयो, प्रतिस्पर्धात्मक तरिकाले आएको पत्रकारिता क्षेत्रमा यथार्थता, निष्पक्षता र स्वतन्त्रताको अझै आवश्यक छ, राजनीतिक मात्र नभई समाजका अन्य पाटालाई पनि पत्रकारिताले समेट्न बाँकी छ, राज्यले पनि यस क्षेत्रको विकासमा अझै प्रभावकारी भूमिका खेल्नुपर्ने आवश्यकता मैले देखेको छु किनकी राज्यले अहिलेसम्म पनि पत्रकारितालाई उचित ध्यान दिन सकेको छैन। उहाँले विश्वभ्रमण सफलताको शुभकामना पनि प्रदान गर्नुभयो।

जिल्ला प्रशासन कार्यालयबाट हामी दशरथ चन्द नगरपालिका कार्यालय पुग्यौं। कार्यालयमा निमित्त कार्यकारी अधिकृत चन्द्रनारायण प्रसाद, सामाजिक विकास शाखा प्रमुख विनोदबहादुर चन्द र खरिदार डम्बरसिंह थापासँग हाम्रो परिचय भयो। शाखा प्रमुख चन्दकाअनुसार चौध वटा वडामा विभाजित यस नगरपालिकाले महाकाली नदी पारी भारतको सिमा पाएको छ। यस नगरपालिका भित्र पर्ने बैतडी सदरमुकामबाट हामीले भारतका विभिन्न भूभाग प्रष्टैसँग देख्न सक्छौं। साथै दार्चुला जिल्ला जाने झुलाघाटबाट भारतकै पिठौरागढ हुँदै यातायातबाट यात्रा गर्न सकिन्छ। यो नगरपालिकाका बासिन्दाहरुले नगर क्षेत्रको विकासमा पूर्वाधारको उपभोग गर्न पाएका छैनन्। तर, महान् शहीद दशरथ चन्दको जन्मभूमिबाट परिचित हुने सौभाग्य यसले पाएको छ। यस नगरपालिका भित्र त्रिपुरा सुन्दरी भगवती र जगन्नाथ स्वामीजस्ता धार्मिक पर्यटकीय क्षेत्रहरु रहेका छन्। उहाँले नेपालको पत्रकारिता लगायत देशलाई चिन्ने अनि विदेशमा लगेर नेपाल चिनाउनु भन्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो।

नगरपालिका कार्यालयबाट हामी जि.वि.स. कार्यालय पुग्यौं। स्थानीय विकास अधिकारी यदुप्रसाद पन्थीले स्थानीय सञ्चारकर्मी र सञ्चारसाध्यम सँग राम्रो सम्बन्ध रहेको बताउँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो। हामी यो कार्यालयबाट पनि बाहिरियौं। खुल्लामञ्चबाट हामीले बैतडी, दार्चुला र भारतका भूभागका दृश्य नियाल्यौं। बैतडी जिल्लावासी कुलाउ २ का पर्श वल्लभ तिवारी र महारुद्र ८ का गोविन्दराज ओझाले विश्वभ्रमणबारे जिज्ञासा राख्नुभयो। उहाँहरुको जिज्ञासा मेटाउँदै हामी जिल्ला प्रहरी कार्यालय आयौं। डी.एस.पी. साब आराममा हुनुहुन्छ भोली बिहान भेट गर्न आउनु होला भन्ने प्रहरी जवान राजेन्द्र भट्ट र हवल्दार जयकृष्ण भण्डारीको प्रतिक्रियाका साथ हामी त्यहाँबाट निस्कियौं। श्री सिंह शार्दुल गुल्ममा गुल्मपति, क्याप्टेन कोही हुनुहुन्न भन्ने प्रतिक्रिया भित्र गएर आएका जवानले दिएपछि हामी फर्कियौं। सोच्यौं, सेनाका हाकिम साबहरुलाई भेट्न पत्रकार भनेपछि निकै गाह्रो छ।

हामी गढीका कार्यालयहरुको भ्रमणलाई आजका लागि अन्त्य गरेर गोठालापानी तिर झर्‍यौं। पत्रकार नरेन्द्र भट्ट र खगेन्द्र अवस्थीले सिद्धि होटलमा हामीलाई बस्नको प्रवन्ध मिलाउनु भयो। बेलुकी खाना खगेन्द्र जीले व्यवस्था गर्नुभयो। राती १० बजे हामीले ओछ्यानमा विश्राम गर्‍यौं।

२०६६ भाद्र १७: बिहान हामीले बैतडीका डी.एस.पी. नवराज भट्टसँग भेट गर्‍यौं। भेट हुनासाथ उहाँले तपाईहरुको भ्रमण त राम्रो हो, तर देशचाहिं प्रगतिभन्दा दुर्गतितिर धकेलिएको छ भन्ने टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो, बैतडी जिल्लामा केही खाने मान्छेहरु बाहेक बहुमत जनता मदिरालाई निषेधित गर्नुपर्छ भन्ने मैले पाएको छु आजकाल सञ्चारको विकासका कारण जनताले प्रहरीलाई भन्दा पत्रकारलाई पहिला फोन गर्छन् त्यसकारण पनि प्रहरी र पत्रकारको समन्वय खाँचो छ, पत्रकारिता क्षेत्रमा पैसा पाए नराम्रो कुरा पनि लुकाइदिने र पैसा नपाए भए नभएको बाहिर ल्याइदिने विकृति छ, मोफसलका सकारात्मक समाचार पठाउने रिपोर्टर

केन्द्रमा चिने बुझेको भए थोरै भएपनि आउने नत्र कुनै लिंक नभएको रिपोर्टरले दुःख मात्र पाउँदो रहेछ, त्यसकारण पनि पत्रकारिता निष्पक्ष एवं सकारात्मक दिशातिर अघि बढ्न मैले आवश्यक देखेको छु।

उहाँको विश्वभ्रमण सफलताको कामनासहित हामी जिल्ला प्रहरी र सेनाको ब्यारेकको शिरमा रहेको जगन्नाथ स्वामी मन्दिर पुग्यौं। विभिन्न किसिमका घण्टहरु एवं बुट्टाले सजाइएको मन्दिर अवलोकन गर्‍यौं। यतातिरका मान्छेले आफ्नो नाम लेखेर घण्ट मन्दिरमा चढाउने चलन बढी नै रहेछ। प्रशस्त घण्ट चढाउने व्यक्तिहरु प्र.ना.उ.,प्र.जि.अ. र गुल्मपति बढी पाइन्छ।

मन्दिरबाट हामी प्रहरी कार्यालय परिसर हुँदै बाहिरियौं। अन्यत्रबाट बाहिरिने बाटो हामीले देखेनौं। हामी गोठालापानी बजार झर्‍यौं। पत्रकार नरेन्द्र भट्टले खानाको व्यवस्था गर्नुभयो। हामीले बैतडीका स्थानीयवासी दिपेन्द्रबहादुर चन्द दीप र मदनराज अवस्थीसँग कुराकानी गर्‍यौं। सामुदायिक सेवा केन्द्रमा भएको उक्त कुराकानीमा प्रहरी जवान करवीर चन्द र अन्य प्रहरी जवानहरु पनि हुनुहुन्थ्यो। प्रहरी सेवामा कार्यरत उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो। आजको दिन पनि यस्तै कुराकानी र भेटघाटमा बित्यो। बेलुकी खानपिन पछि हामी रेडियो सुन्दै ओछ्यानमा पल्टियौं।

२०६६ भाद्र १८: बिहान हामी त्रिपुरा सुन्दरी मन्दिर गयौं। बैतडी झुलाघाट सडकै सडक हिड्दै हामी दशरथ चन्द नगरपालिका ८, पूजारा गाउँ अवस्थित सो मन्दिर पुग्यौं। तल माथि वरिपरि चारैतिरको दृश्य अवलोकन गर्‍यौं। भाद्र महिना भएर पो हो कि किन ? अझै पनि हामीलाई बैतडी हरियालीपूर्ण र सुन्दर लागिरहेछ। यसैको लहरमा उभियो, त्रिपुरा सुन्दरी मन्दिर परिसर पनि। यो मन्दिरको मुख्य प्रतिमा ताला लगाएर पूजारी पनि नभेटिएका कारण हेर्न सकिएन। तर, बाहिरी सजावट राम्रो छ। यद्यपि चाउचाउ खाएर फालिएका खोलले थोरै विकर्षित गर्‍यो। यस ठाउँमा धर्मका आधारले मात्र नभई पर्यटकीय अवलोकनका लागि पनि देश विदेशका पर्यटक भित्र्याउन आवश्यक देखिन्छ। हामीले केहीबेर मन्दिर परिसर अवलोकन गर्दै आनन्दको अनुभूति गर्‍यौं। त्यसपछि सदरमुकाम तिरै फर्कियौं। पौने ३ किलोमिटर बाटो हिंड्दै हामी गोठालापानी आइपुग्यौं। खाना खायौं। मेल गर्न गएपनि सर्भर गढबढीका कारण सकेनौं।

दिउँसो १ बजे हामी गोठालापानीबाट देहिमाण्डौं ताका मेला हेर्नका लागि हिंड्यौं। सदरमुकामको यो दोश्रो बजार शाहीलेकबाट उकालो लाग्यौं। बाटामा जीप रोकियो र छतमा बस्यौं। मदनराज अवस्थीसँग कुरा गर्दै देहिमाण्डौं पुग्यौं। यो मेलामा सदूर पश्चिमका अन्य जिल्ला भन्दा धेरै नै भक्तजन यहाँ आउने गरेको जानकारी हामीले प्राप्त गर्‍यौं। निंगलासैनी माताको मन्दिर परिसरमा लागेको मेलाको प्रमुख आर्कषण देउडा नृत्य थियो। विभिन्न परिकारका मिठाइहरुको किनबेच प्रमुखरुपमा रहेको पाइयो। समूहमा हातेमालो गरेर देउडा गाउँदै गरेको नृत्यले सबैलाई एक हुन सन्देश दिइरहेको हामीले अनुभव गर्‍यौं।

त्यही मेलामा नेपाल रेडक्रस सोसाइटी बैतडीका अध्यक्ष भीमदत्त पाण्डे, नेकपा एमाले बैतडी सचिव नरेन्द्र विष्ट, सदस्य जंगदेव भट्ट, प्रेस युनियन बैतडी अध्यक्ष वसन्तप्रकाश विष्ट लगायतसँग हाम्रो जम्काभेट भयो। अध्यक्ष पाण्डेले यो क्षेत्रको प्रमुख मेला नै ताका मेला हो भन्दै विश्वभ्रमणले समाजमा सकारात्मक सन्देश देओस् भनी शुभकामना व्यक्त गर्नुभयो। यस्तै शुभकामना युनियन अध्यक्ष विष्टले पनि लेख्नुभयो। विभिन्न पोशाकमा सजिएका महिला पुरुषको भाग भंगीमा हामीले नियाल्दै रह्यौं। मन्दिर वरपर सेता पहेंला विभिन्न बुट्टासहित ध्वजाहरु फर्फराई रहेका थिए।

यही मौकामा हामीले पत्रकार महासंघ बैतडी सचिव खगेन्द्र अवस्थीसँग कुराकानी गर्‍यौं। उहाँले हामीलाई जिल्लामा २ वटा साप्ताहिक पत्रिका प्रकाशित भइरहेको, रेडियो नेपाल सुन्न पनि बैतडीवासीलाई गाऱ्हो परिरहेको र एउटा पनि एफ.एम. सञ्चालन हुन नसकेको जानकारी दिनुभयो। बैतडीमा २०४६ सालको आन्दोलन पश्चात् पहिलो पत्रकार लक्ष्मीदत्त पाण्डे क्रियाशील रहेको बताउनुभयो। ताका मेलामा देहिमाण्डौबाट बैतडी तिरका चन्द बैतडा र देहिमाण्डौबाट पाटन तिरका चन्द सोरडी क्षेत्रको नाँच आउने गरेको पनि सचिव अवस्थीले जानकारी दिनुभयो। उहाँले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो। हामी मेला अवलोकनमै छौं अहिले पनि।

देहिमाण्डौं ताका मेला

टेम्को दमाहासहित आउने नाच ४ बजे आइपुग्छ भनेको बैतडा र सोरडी क्षेत्रको मेला ढिलो आयो। ६ बजे सोरडी क्षेत्रको नाचले बाजागाजा सहित माता की जय भन्दै मन्दिर परिक्रमा गर्‍यो। यसको हाउभाउ जनआन्दोलन भन्दा कम थिएन। साँझ ७ बजे बैतडा क्षेत्रको नाचले त्यसैगरी मन्दिर घुम्यो। दुवै तर्फको

नाचमा घोडामा बेहुलो झैं सजिएर आएका मान्छेका बारेमा हामीमा जिज्ञासा उठ्यो। सोधपुछ गर्दा थाहा भयो, उनीहरु नाचका नाइके जसले खर्च बर्चको चाँजो पाँजो मिलाएर नाच ल्याएका रहेछन् । त्यसमा पनि सबभन्दा बढी खर्च गर्ने बढी ठाँटिएर घोडामा र अन्य कम लगानी गर्ने सामान्य माला लगाएर भत्खौरोको भेषमा घोडामा थिए । नौलो किसिमको मेला तर धनी गरिबको विभेद देखिने परम्परा हामीले आज प्रत्यक्ष हेर्न पायौं ।

त्रिपुरा सुन्दरी मन्दिर

साँझ झमक्कै परिसकेको थियो । जीप चढेर हामी गोठालापानी तिर लाग्यौं । मान्छेको भीडभाडले बस पाउन मुस्किल थियो। छतभरि अटि नअटि मान्छे बसेका थिए। मेलाको मौका छोपेर जीपले रु. ३० लाग्ने ठाउँमा रु. ५० भाडा लियो । ३,४ जना युवाले विरोध गरेर बसबाट झरिसकेपछि रु. ३० तिरे हामी र अन्य यात्रुचाहिं रु. ५० नै तिरेर कमजोर सावित भयौं । केही समयपछि हामी गोठालापानी आइपुग्यौं । खाना खायौं । सुत्यौं ।

२०६६ भाद्र १९: बिहान उठेर हामी सदरमुकामबाट गोकुलेश्वर हुँदै दार्चुला जाने योजनामा थियौं । तर, कार्यवाहक अध्यक्ष घरबाट आइ नपुग्नु भएकाले उहाँकै अनुरोधमा अड्कियौं । दिनभर लेखन अध्ययनमा समय बितायौं । बेलुकी नरेन्द्रजीले आत्मियतापूर्वक कुराकानी गर्दै खानाको प्रबन्ध मिलाउनुभयो । भोली बिहान झुलाघाटबाट भारतको पिठौरागढ हुँदै दार्चुला पस्ने योजना बन्यो।

२०६६ भाद्र २०: बिहान ५:१५ मा उठेर हामी हिंड्ने तरखरमा लाग्यौं । अध्यक्ष भट्टले विश्वभ्रमणलाई साहसिक कदम भन्दै शुभकामना पत्र प्रदान गर्नुभयो । नरेन्द्र जी र खगेन्द्र जीबाट छुट्टिएर हामी ७:३० बजे झुलाघाटका लागि जीप चढ्यौं। भारतको भूभागमा कस्तो हुने हो यात्रा भन्ने कल्पना गर्दै रह्यौं । झुलाघाट जान केहीबेर पक्की त्यसपछि कच्ची बाटो जीप गुडि नै रह्यो। तर महाकाली पारी भारतीय भूभाग अवलोकन सहित हामी जुलाघाट आयौं । जीपबाट ओर्लिएर पहराको बीचमा मान्छे हिंड्ने बाटो हिंड्यौं। नेपाली भूभागको नेपाली बजार भिरालो जग्गामा बसेको रहेछ । झोलुंगे पुलबाट सामान बोकेर नेपालीहरु नेपाल भित्रिदै गरेका दृश्य पनि देख्न पाइयो ।

बैतडी यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
नारायण भण्डारी (पाटन ९)	रु.५००/-
नेपाल पत्रकार महासंघ	रु.५००/-
कृष्णदत्त जोशी (पाटन ९)	रु. २००/-
राजु र जानकी कुमाल (पाटन ९)	रु. २००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

नेपाली पत्रकारहरु संसारलाई महान् सन्देश दिन सक्षम छन् । - नारायण भण्डारी, संस्थापक पाटन भ्याली स्कूल, पाटन
गौरापर्व लोप हुँदै गएको छ । - गणेश भट्टराई, सकार २, जरौली
गौरापर्वको महान् अवसरमा भेट हुन पाउँदा अत्यन्त खुशी लागेको छ । - भुवन भट्टराई, सकार २, जरौली
सानो लक्ष्य लिनु अपराध हो । - नरेन्द्रराज भट्टराई, सकार २, जरौली
असम्भव शब्द मूर्खहरुको डायरीमा रहन्छ । - अमर भट्टराई, सकार १, डंसिली
हिंडेरै विकट ठाउँमा आउनु भयो...! - राजेन्द्र प्रसाद भट्टराई, सकार २, जरौली
संस्कृतिलाई विश्वसामु झल्काउने प्रयत्न । - लक्ष्मण भट्टराई, गणेशसिंह ओली, सकार २, जरौली बैतडी
...मन त्यसै त्यसै हर्षित हुँदो रहेछ.... । - किरणकुमार राई (पोखरांग, चैनपुर, संखुवासभा) खोड्पे
भौतिकवादी प्रभावले व्याप्त समाजलाई आध्यात्मिक सन्देश प्रवाह गर्नु । - यदु प्रसाद पन्थी (भगवती ४, अर्घाखाँची) स्था.वि.अ.
समग्र पत्रकारिता क्षेत्रको सफलताको कामना । - गंगाधर पौडेल, सहायक प्र.जि.अ.
शहीद दशरथ चन्दको जन्म थलो बैतडी । - चन्द्रनारायण प्रसाद, नि.कार्यकारी अधिकृत दशरथचन्द नगरपालिका
दृढ अठोट सफलतापूर्वक सम्पन्न हुन सकोस् । - नवराज भट्ट, प्रहरी नायब उपरीक्षक
साहस अतुलनीय र सरहानीय छ । - दिपेन्द्र बहादुर चन्द दीप, सलेना ३
सद्मार्गमा डोर्‍याउने उद्देश्य सफल होस् । - कस्वीर चन्द, दुर्गास्थान २, कर्पत
मानवले जाँदा के नै लान्छ र ? - वसन्तप्रकाश विष्ट, अध्यक्ष नेपाल प्रेस युनियन
पाईलाहरु प्रगतिको चरम शिखर टेक्न सफल हुन् । - मदनराज अवस्थी, शंकरपुर ४, मुलखताली
भ्रमणको नाराले सार्थकता पाओस् । - नरेन्द्रप्रसाद भट्ट, का.वा. अध्यक्ष नेपाल पत्रकार महासंघ

हामी पनि पुल तरेर भारतीय भूभाग प्रवेश गर्‍यौं । हामीलाई सामान्य सोधपुछ भारतीय सुरक्षाकर्मीले गरे। भारतको झुलाघाटमा जीप पाउने ठाउँ भन्दा अर्कै बाटो लागेछौं हामी। केही बेर हिंडेपछि बाटामा दिसापिसाब देखिनुले वाटो भुल्लिएको संकेत गर्‍यो। पीच बाटो भएपनि खुल्ला दिसा गर्ने गलत संस्कृति यहाँ पनि भेटियो। हामी अझ अगाडि बढेर जीप स्ट्याण्ड तिर लाग्यौं। बीचमै जीप आएर पिठौरागढ भनेपछि हामी त्यसमै चढ्यौं। भारतको उत्तराखण्डको पिठौरागढ जिल्लाका गोरीहाट, बड्डा हुँदै बिहान ९:३० बजे हिंडेको जीप ११ बजे पिठौरागढ आइपुग्यो।

दार्चुला र धार्चुला
तस्वीरः विक्रम गिरी,

नेपालको जस्तै पहाडी भूभाग हरिया जंगल तर फरक निकै विकास रहेछ यहाँ। यहाँका मानिसहरु पनि इण्डियन जस्तो देखिंदैनन्। नेपालीसँग मिल्दाजुल्दा अनुहारका छन्। हामीले यस सुन्दर शहर र आकर्षक गाउँ हेर्दै खाना खायौं। हाम्रो ध्यान पिठ्युँमा बोरा भिरेर उभिएको एक व्यक्तिमा खिचियो। अनुहार पनि नेपाली नै पाएपछि सोध्न मन लाग्यो। किनकी हामीले बैतडीमै त्यसरी बोरा लगाएकाहरु नेपाली नै हुन्छन् भन्ने जानकारी पाएका थियौं। तपाईंको घर नेपाल हो भनेर सोध्दा उहाँले भन्नुभयो, हो मेरो घर स्याँडी ७ बझांग नेपाल र नाम हीरालाल विश्वकर्मा। उहाँसँग केहीबेर हाम्रो कुराकानी भयो। भारी बोकेर महिनामा ३,४ हजार कमाइन्छ, त्यसैले घर खर्च चलाईन्छ, के गर्ने जीवन धान्नका लागि यहाँ आएर मजदूरी गर्नुपरेको छ।

उहाँसँग केहीबेर कुराकानी गरेर हामी धार्चुलाको जीप लाग्ने ठाउँमा पुग्यौं। मान्छे भरिनासाथ गैहाल्छ हो बसौं भाई दाई भनेर नेपाली ढाका टोपी लगाएका डाइभरले अनुरोध गरे। हामी त्यही जीपमा बस्यौं। डाइभर सँग हाम्रो केहीबेर कुराकानी भयो। उनकी आमा नेपालको बैतडीकी र बाबु भारतको पिठौरागढका रहेछन्। उनीसँग नेपाली रगत जोडिएको रहेछ। त्यसैले हुनुपर्छ उनी नेपाली ढाका टोपी लगाउँदा रहेछन्। आमाको मृत्यू भैसकेकाले बैतडी भनेपछि मामा घर चाहिं कता हो भन्ने उनलाई थाहा रहेनछ।

दिउँसो ३ बजे जीप पिठौरागढबाट हिंड्यो। पहाडी बाटो पानी आइरहेकाले ठाउँ ठाउँमा डोजर प्रयोग गरेर बाटो खोलिंदै थियो। बाटोको भित्तो कटाइ नेपालको भन्दा फरक पाइयो। त्यसकारण ठूलै पानी आएपनि बाटो अवरुद्ध खासै हुन नपाउने रहेछ। हरियाली वातावरणमा पक्की बाटो जीप आफ्नै सुरमा दौडिरह्यो। ओगाला आइपुगेपछि चिया नास्ताका लागि जीप रोकियो। भा.रु. १० मा कुरकुरे पाइयो। नास्ता पश्चात् पुनः जीप चल्यो। जौलजिभी, बलुवाकोट हुँदै जीप अगाडि बढिरहेको थियो। दाई आज इण्डियामा नै बसौं न हुन्न डाइभरले हामीलाई प्रश्न गरे। इण्डियामा बस्नुहुन्छ तर आज हैन पछि आउँछौं। आज पारि नेपाल तरौं न हामीले भन्यौं। हाम्रो अनुरोधलाई स्वीकार्दै डाइभरले जीप दौडाएर ७ बज्न ५ मिनेट बाँकी हुँदा धारचुला पुल ल्याए। पुल आइनपुग्दै अगाडि रोक्न अन्य यात्रुले गरेको अनुरोधलाई स्थिगित गरी पहिले हामीलाई पुलनेर ल्याइपुर्‍याए। दुई जनाको भा.रु. २२० दिएर डाइभरसँग हामी छुट्टियौं। ५ मिनेट ढिला भएको भए हामी नेपाल तर्न पाउँदैन थियौं। तर, मौका तिनै डाइभरले मिलाइदिए, उनलाई धन्यवाद।

भारत भूमिमा यात्रा गर्दा अचम्मै लाग्यो हामीलाई। एकातिर धारचुला इण्डिया अर्कातिर दार्चुला नेपाल बीचमा बगिरहेकी महाकाली नदी। अन्ततः हामी यही महाकाली नदीको पुल तरेर मातृभूमि नेपाल छिर्‍यौं। खुब आनन्दको ऐहसास भयो। यही आनन्दको ऐहसास सँगसँगै ३८ औं जिल्ला बैतडीको यात्रा समापन र ३९ औं जिल्ला दार्चुलाको यात्रा प्रारम्भ भयो।

३९ औं जिल्ला दार्चुला डायरी

२०६६ भाद्र २० गतेः साँझ ७ बजेको थियो। वैतडीको झुलाघाटबाट भारतको पिठौरागढ, धारचुला हुँदै महाकाली नदीको झोलुंगे पुल पार गरेर हामी नेपालको ३९ औं जिल्ला दार्चुला सदरमुकाम खलंगा आइपुग्यौं। दार्चुलाका सञ्चारकर्मी भोजराज जोशीसँग स्थानीय एक पसलेले भेट गराइदिए। हामी पसरौल गेस्ट हाउस आएर बस्यौं।

रु. ४५० कोठाको भाडा भएपनि रात परिसकेकाले भोली कतै व्यवस्था मिल्ला भन्ने आशामा हामीले बस्नु नै पर्ने भयो, अनि खाना खानु पनि। अरुका लागि त यो पैसा महंगो नहुन सक्छ तर हाम्रा लागि सस्तो हैन। हुन त सस्तो महंगो भन्नु पनि के हो र ? यात्राका क्रममा यस्ता आरोह अवरोह त सबैलाई आइहाल्छन् नि। चित्त आफसे आफ बुझ्यो।

संक्षिप्त परिचय

क्षेत्रफलः २,३२२ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४१ वटा, निर्वाचन क्षेत्रः १, सदरमुकामः खलंगाबजार, अञ्चलः महाकाली, विकास क्षेत्र सुदूरपश्चिमाञ्चल

भौगालिक अवस्थितिः पूर्व बझांग, पश्चिम भारतको उत्तराखण्ड प्रदेश, उत्तर चीनको तिब्बत र दक्षिण वैतडी

भाषिकाः नेपाली, व्यासी, तिब्बती, हिन्दी, मगर आदि।

पर्यटकीय स्थलः अपी हिमाल (७१३२ मिटर), व्यास हिमाल (६७७० मि.), नम्पा हिमाल (६७५४ मि.), लिपु लेक (५००० मि.), भग्नावशेष महल (उकु), सुर्मासरोवर ताल र धर्मी गुफा (खण्डेश्वरी) आदि

(साभारः दार्चुला संक्षिप्त चिनारी, जि.वि.स.)

यस्तै सोचका साथ महाकाली नदीको ठूलै हल्ला खल्ला र पारिपट्टि धारचुला भारतको झलमल्ल दृश्यलाई यही होटल परिसरबाट हामीले केहीबेर नियाल्यौं। यहाँका नेपाली र भारतीय जनताबीच सम्बन्ध राम्रो रहेछ। जसका कारण बिहेवारी पनि चल्ने सुन्न पाइयो। नदी पारिपट्टि पक्की बाटो छ, वारि नेपालमा यातायात छैन। भएपनि कच्ची बाटोका कारण वर्षायाममा बन्द छ।

२०६६ भाद्र २१: बिहान केहीबेर हामी बजार घुम्यौं। १० बजे खाना खान होटल पुग्यौं। ११ बजे नदी किनारमा लाम्चो आकारको बजारको शिरमा अवस्थित जि.वि.स. कार्यालय दार्चुला पुग्यौं। त्यहाँ हामीले निमित्त स्थानीय विकास अधिकारी पिताम्बर अधिकारीसँग कुराकानी गर्‍यौं। दुवै तिर धारै धार परेको ठाउँ भएकाले यसलाई धारचुला भनिएको र यसैबाट जिल्लाको नामाकरण अपभ्रंश हुँदै दार्चुला भएको हो। अर्कातिर यस जिल्लामा पहिले बस्ती बसेको ठाउँ नै दार्चुला र राणाकालीन अवस्थामा सरकारी कार्यालय स्थापना गरिएको आधारमा पनि दार्चुला जिल्लाको नामाकरण हुन गएका भनाइहरु छन् भन्ने उपाध्यायले जानकारी दिनुभयो।

स्थानीय सञ्चारमाध्यम सञ्चारकर्मीसँग जि.वि.स.को राम्रो सम्बन्ध रहेको बताउँदै अधिकारी उपाध्यायले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण सफलताको कामना गर्नुभयो। उहाँले भन्नुभयो, यस्तो यात्रा पत्रकार एवं अन्य सार्वजनिक क्षेत्रमा काम गर्ने व्यक्तिहरुले पनि गर्नु आवश्यक छ, किनभने विभिन्न ठाउँमा फरक फरक किसिमका रितिस्थिति र काम गर्ने शैलीहरु हुन्छन्, राम्रा कुराहरुको अनुसरण गर्नका निम्ति प्रत्यक्ष हेर्न र अनुभव गर्न भ्रमण आवश्यक हुन्छ।

जि.वि.स. बाट हामी जिल्ला प्रशासन कार्यालय गयौं। बजारको शिरमा जि.वि.स. र लगभग पुछारमा जि.प्र.का. रहेछ। जि.प्र.का. मा प्रमुख जिल्ला अधिकारी खम्बराज थानी, सहायक प्र.जि.अ. धनप्रसाद शर्मा पौडेल र सरकारी वकिल (जिल्ला न्यायाधिवक्ता) राजेन्द्रसिंह भण्डारीलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणबारे जानकारी गरायौं। प्र.जि.अ. थानीले दार्चुला जिल्ला धार्मिक पर्यटकीय दृष्टिले मात्र नभई प्राकृतिक दृश्यावलोकनको हिसाबले पनि उत्तिकै राम्रो रहेको बताउनुभयो। साथै मानसरोवर व्रह्मदेव सडक छोटो पर्ने र चमेलिया जलविद्युत् निर्माण भएपछि जिल्लाको थप महत्व बढ्ने धारणा राख्नुभयो। स्थानीय सञ्चारमाध्यमकै कारण गाउँ बस्तीसम्म आफूले गरेका र त्यहाँ भएका गतिविधिबारे जानकारी लिन दिन सजिलो भएको छ भन्दै प्र.जि.अ. थानीले पत्रकारिता क्षेत्रको स्वतन्त्र, निष्पक्ष र सकारात्मक अपरिहार्यता औंल्याउनु भयो। उहाँले विश्वभ्रमण अभियान सफलताको शुभकामना व्यक्त गर्नुभयो।

दार्चुलाका पत्रकारहरु

जिल्ला प्रशासनं कार्यालयबाट हामी दार्चुला समाचार केन्द्र रेडियो कालापानी पुग्यौं। जिल्लामा कार्यरत सञ्चारकर्मीसँग परिचय गर्‍यौं। दार्चुलामा ४ वटा साप्ताहिक, अर्द्धसाप्ताहिक पत्रिका, एउटा एफ.एम. अनि राजधानीका मिडियामा कार्यरत

पत्रकारहरु रहेछन् । आजको दिन यस्तै कुराकानी र भेटघाटमा बित्यो । बेलुकी ८ बजिसकेपछि हामीले सरकारी वकिल कार्यालयमा झोला राख्यौं । बाहिर होटलमा आएर भोजन गर्‍यौं । कार्यालयमै केहीबेर टी.भी. हेरेर सुत्यौं ।

२०६६ भाद्र २२: बिहानी खाना पश्चात् हामी खलंगा गा.वि.स. कार्यालय पुग्यौं । गा.वि.स. हलमा निजामती कर्मचारी दिवसको कार्यक्रम सुरु भइसकेको रहेछ । हामीले पनि कार्यक्रममा सहभागी भएर विभिन्न कार्यालयबाट उपस्थित कर्मचारी माझ प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण अभियानबारे जानकारी दिने मौका पायौं । निजामती कर्मचारीहरुले आफ्नो कार्यक्षेत्रका बारेमा कविता वाचन गर्नुका साथै दायित्व र चुनौतीका विषयमा अर्न्तक्रिया गरे । अर्न्तक्रियाका सहभागीहरुमार्फत् डा. विमल कोइराला मुख्य सचिव भएपछि नेपालमा यो दिवस मनाउन थालिएको जानकारी पाइयो । उनीहरुले जनताको सेवा गर्न कसम खाएका हामी स्वयंले जिम्मेवारी र कर्तव्य बिर्सन नहुने, भ्रष्टाचारबाट निजामती क्षेत्रलाई मुक्त गर्नुपर्ने छिटो छरितो ढंगमा सेवाग्राहीको कार्य सम्पादन गर्नमा ध्यान केन्द्रित गर्नुपर्ने बताए । आफूहरुलाई राजनीतिक दबाब र आफूले प्राप्त गरेका सेवा सुविधा लगायतका समस्याहरु चुनौतीको रुपमा रहेको पनि उनीहरुले चर्चा गरे । कानून सम्मत् मिल्ने कुरालाई मिल्ने र नमिल्ने कुरालाई नमिल्ने भन्न सक्नुपर्ने अनि सबै जनतालाई समानरुपमा व्यवहार गर्नुपर्छ भन्ने उनीहरुको सामूहिक आवाज थियो ।

कार्यक्रममा करार र ज्यालादारी कर्मचारीले आफूले भोगेका दुःख कष्टका बारेमा आवाज उठाएका थिए । कार्यक्रमका सभापति प्र.जि.अ. खम्बराज थानीले भन्नुभयो, लोकसेवा पास गरेर आएका हामी कर्मचारी योग्य र सक्षम छौं, त्यसकारण लटरम्म फलेको वृक्षको हाँगो नुहिएझैं हामीले जनतासामु नम्रता र इमान्दारिता प्रदर्शन गरेर उनीहरुको मन जित्नुपर्छ, यसको सुरुवात् हामी स्वयंले गर्नुपर्छ, ज्ञान आर्जनको अन्तिम लक्ष्य चरित्र निर्माण हुनुपर्छ ।

हो, वास्तवमै आज कार्यक्रममा बोलिएका कुराहरु निजामती कर्मचारीले पालना गर्न सके भने जनताको नजरमा उनीहरुको छवि उज्जिलिने छ । ढिलासुस्ती, कमिशनखोरी, भ्रष्टाचारी र पूर्वाग्रही भन्ने आरोपबाट बच्न अबको निजामती कर्मचारी क्षेत्रले आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गर्न सक्नुपर्छ । कुरा गरेर मात्र केही हुने वाला छैन । सफलताका लागि शुभकामना ।

कार्यक्रम समापन पश्चात् हामीले खलंगा गा.वि.स. सचिव राजेन्द्रसिंह धामीसँग कुराकानी गर्‍यौं । सदरमुकाममा अवस्थित खलंगा गा.वि.स. बारे जानकारी गराउँदै उहाँले राष्टिय तथा अर्न्तराष्टिय स्तरमा यात्रा गरी प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताका लागि संघर्षमय कार्य थालनी गर्नुभएकोमा यात्राको लक्ष्य परिपूर्ति होस् र, नेपालले यहाँहरुको योगदानबाट केही उपलब्धि हासिल गरोस् भनी शुभकामना व्यक्त गर्नुभयो । त्यही कार्यालयमा उपस्थित कार्यालय सहयोगी मानसिंह ठगुन्ना, प्राविधिक सहायक यमुना जोशी, स्थानीयवासी रेखा हुम्ली, पिपलचौरी गा.वि.स. सचिव मोहनदेव जोशी, जिल्ला हुलाक कार्यालयका ना.सु. केशवदत्त जोशी लगायतले नेपाल र पत्रकारिता क्षेत्रलाई विश्वसामु चिनाउने लक्ष्य लिनुभएको रहेछ, हामीलाई खुशी र गौरवको अनुभूति भएको छ भनी शुभेच्छा व्यक्त गर्नुभयो ।

आज दिनभर पानी परि नै रह्यो । हामी बेलुकी कालापानी सामुदायिक समाचार केन्द्र, रेडियो कालापानी एफ.एम. कार्यालय पुग्यौं । एफ.एम. अध्यक्ष नरेशप्रसाद जोशीले विश्वभ्रमण अभियानबारे रेडियो कुराकानी रेकर्ड गर्नुभयो । बेलुकी हाम्रो खाना र बस्नको प्रबन्ध यही रेडियोले नै मिलायो ।

२०६६ भाद्र २३: हिजोदेखि परेको पानी आजसम्म पनि रोकिएको छैन । दिनभर हामीले सरकारी कार्यालय भ्रमण र कुराकानीमा समय बितायौं । सुरुमा हामी जिल्ला पशु सेवा कार्यालय गयौं । कार्यालय प्रमुख लोकराज जोशी, पशु चिकित्सक श्यामनारायण झा, जे.टी.ए. डम्बरबहादुर ठगुन्ना लगायत अन्य कर्मचारीसँग हाम्रो कुराकानी भयो । कार्यालय प्रमुख जोशीले खरी रोग लागेका कारण भैसीहरु मरिरहेको तर केन्द्र र विभागले अनुसन्धानमा बेवास्ता गरेकाले रोकथाम गर्न गाह्रो भएको दुःखेसो गर्नुभयो । अन्य संघ संस्थाले पनि पशु सेवा कार्यालयसँग समन्वय नै नगरी बाख्रा बाँड्ने र पशु पालनका क्षेत्रमा लगानी गरेकाले समस्या परिरहेको उहाँले बताउनुभयो । प्रेस स्वतन्त्रता सबैका लागि अपरिहार्य रहेको धारणा राख्दै उहाँले प्रेस स्वतन्त्रता जिन्दावाद भन्नुभयो ।

हामी मुख्य बजारबाट छुट्टिएर केही पर रहेको बजारकै अर्को भागतर्फ लाग्यौं । त्यहाँ पनि बजार र केही सरकारी कार्यालय अनि जिल्ला स्वास्थ्य कार्यालय रहेछन् । महाकालीको बहाव र भारतको धारचुलालाई नियाल्दै हामी जिल्ला कृषि विकास कार्यालय पुग्यौं । कार्यालय प्रमुख महेन्द्रप्रसाद चौधरी र केही कर्मचारीसँग हाम्रो कुराकानी भयो । कार्यालय प्रमुख चौधरीले दार्चुला जिल्लाका अधिकांश जनतालाई ४ महिनाभन्दा बढी आफूले उब्जाएको खाद्यान्न नपुग्ने बताउनुभयो । यहाँ उखु, अदुवा, भटमासजस्ता नगदे बाली हुन्छन् । सिमा क्षेत्रका बासिन्दाहरु भारतीयसँग भटमाससँग चामल साटेर गुजारा चलाउँछन्, चौधरीले थप्नुभयो । वास्तविकरुपमा सूचनाको आदान प्रदान भएमा जनतालाई ठूलो लाभ पुग्ने धारणासहित सोही कार्यालयका कर्मचारी टेकबहादुर थापाले हाम्रो डायरीमा लेखेको शुभकामनालाई रुजु गरी कार्यालय प्रमुख चौधरीले हस्ताक्षर गर्नुभयो ।

जि.कृ.वि. कार्यालयबाट हामी जिल्ला प्राविधिक कार्यालय आयौं । इन्जिनियर शेखरचन्द बडुले चीन र भारतसँग सिमाना जोडिएको दार्चुला भूबनोटमा धेरै पछाडि भएपनि आर्थिकरुपमा मजबुत छ भन्नुभयो । यसको उत्तरी क्षेत्रमा मंगोलियन र दक्षिणमा भारतको कुमाउली संस्कृतिसँग मिल्दोजुल्दो संस्कृति भएपनि हाल नेपाली संस्कृतितिर उन्मुख देखिन्छ भन्दै उहाँले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

पुन: हामी मुख्य बजारतिरै आयौं । चौलानी पुस्तक पसलका मनोजकुमार पन्तले हामीलाई पुस्तक पसलमा बोलाउनुभयो। यात्राबारे सोधपुछ गर्दै उहाँले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो । त्यहाँबाट हामी जिल्ला शिक्षा कार्यालय पुग्यौं। जिल्ला शिक्षा अधिकारी धनसिंह धामीले फागुन १२ को शिक्षा दिवसलाई सेप्टेम्बर ८ को अन्तर्राष्टिय साक्षरता दिवसमा मिलाइएको बताउनुभयो । संयोगवश आज सेप्टेम्बर ८ नै परेछ । आज यहाँ पनि साक्षरता दिवस मनाइएछ । यस जिल्लामा ५७.३९ साक्षरता प्रतिशत छ ।

शिक्षा समाज र व्यक्तिलाई सही दिशातिर डोर्‍याउने माध्यम बन्नुपर्ने हो तर यसो हुन सकेन। कारण, एक नम्बरमा शिक्षकले आफ्नो जिम्मेवारी पूरा गर्न नसक्नु, दोश्रोमा अभिभावक अशिक्षित भएकाले छोराछोरीले के पढे, विद्यालयमा पढाइ भयो कि भएन ? भनेर निगरानी गर्न नसक्नु, तेश्रोमा राम्रोभन्दा पनि हाम्रो मान्छे नियुक्ति गर्नुपर्छ भन्ने मानसिकतामा व्यवस्थापन समिति लाग्नु र चौथोमा शिक्षा मन्त्रालय, विभाग र शिक्षा कार्यालयले पनि उचित ध्यान दिन नसक्नु हुन् भन्ने मलाई लाग्छ, जि.शि.अ. धामीले भन्नुभयो ।

आफूले थाइल्याण्ड पढ्दाताकाको प्रसंग झिक्दै जि.शि.अ. धामीले भन्नुभयो, त्यहाँ हरेक क्षेत्रका मानिसहरु आफ्नो जिम्मेवारीप्रति प्रतिवद्ध भएर लागेका छन्, नेपालमा त्यस्तो संस्कृतिको विकास हुन सकेको छैन, पत्रकारिता क्षेत्र सूचनामूलक भएपनि अनुसन्धानमूलक र गुणात्मक बन्न बाँकी छ, तर पनि यसले समाजको सेवा गर्न सदैव लागि पर्नेमा म विश्वस्त छु, विश्वभ्रमण सफलताको शुभकामना ।

जि.शि.का. बाट पुन: हामी रेडियो कालापानी एफ.एम. १०२.२ मे. कार्यालय गयौं । त्यहाँ अध्यक्ष नरेशप्रसाद जोशी, एफ.एम. कर्मी नागेन्द्रप्रसाद जोशी, वलदेव सिंह प्रसाद धामी, केशवदत्त भट्ट लगायतसँग हाम्रो परिचय भयो । अध्यक्ष जोशीले भन्नुभयो- नेपालको कालापानी भारतले अतिक्रमण गरेर नेपाली जनतालाई दु:ख दिने गर्छ, सोझा सिधा मान्छेले १ लिटर मट्टितेल ल्याउने बेलामा पनि सास्ती खेप्नुपर्छ, नेपालबाट आउने पक्की सडक नभएकाले यातायातको समस्या छ, गोकुलेश्वरमा रहेको एयरपोर्ट पनि सञ्चालनमा छैन, यिनै कारणले गर्दा पनि भारतीय सिमामा नेपालीहरुलाई बढी दु:ख दिइन्छ। साँच्चै किन मान्छे-मान्छेमा यस्तो विभेद र थिचोमिचो राष्ट्रिताका नाममा ? यो मेरो देश र त्यो तेरो देश भन्ने नाममा ? अचम्म, छक्क र दु:ख सबै लाग्छ, यस कुरामा हामीलाई । हामी चाहान्छौं, नेपाल र भारतबीचको सम्बन्ध मित्रवत् बनोस्, एकअर्काको दु:ख, सुखमा दुवैको साझेदारी होस्। सबैभन्दा महत्वपूर्ण कुरा भारतले नेपालीलाई कुनै पनि ठाउँमा दिने दु:खको अन्त्य होस् । अनि हामी नेपालीले पनि आफ्नो केही गल्ती कमजोरी भए आफैं सुधार्न तिर लागि हालौं ।

पत्रकारिताका सवालमा अध्यक्ष जोशी भन्नुहुन्छ- मलाई भारतमा पत्रकारिता गरेको अनुभव पनि छ, त्यहाँ पत्रकारलाई ठूलो आस्था र सम्मान गरिन्छ, तर यहाँ त्यो संस्कारको विकास हुन बाँकी छ, दार्चुलाकै पत्रकारहरु पनि व्यावसायिकरुपमा अघि बढ्न सकेका छैनन्, यद्यपि नेपालकै पछिल्लो जिल्ला दार्चुलामा पनि पत्रकार महासंघको शाखा र मिडियाको विकास हुँदै जानु सुखद कुरा हो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालनी गरिएको विश्वयात्रालाई अध्यक्ष जोशीले नवइतिहास निर्माणको यात्रा अनि प्रेस र नेपालीको शिर उचो बनाउने कदमको रुपमा लिनुभयो। राष्ट्रिय अस्मितालाई उच्चतामा परिणत गर्ने तपाईहरुको यो भ्रमण सफल होस् भन्दै उहाँले कालापानी सामुदायिक सञ्चार केन्द्रको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो।

हामी सरकारी वकिल कार्यालयमै आयौं। जिल्ला न्यायाधिवक्ता राजेन्द्रसिंह भण्डारीसँग कुरकानी गर्दै टी.भी. मा समाचार हेर्‍यौं।

२०६६ भाद्र २४: बिहान उठेर मालिकार्जुन, गोकुलेश्वर हुँदै कञ्चनपुर जाने योजना हामीले बनायौं । सोही अनुसार अगाडि बढ्ने क्रममा हामी जिल्ला प्रहरी कार्यालय परिसर पुग्यौं । प्रहरी नायब उपरीक्षक डिल्लीराज विष्टसँग फोनमा र प्रहरी निरीक्षक खेमराज र उद्धब भट्टसँग हामीले प्रत्यक्ष कुराकानी गर्‍यौं । निरीक्षकद्वय भट्टले जिल्लामा बाढी पहिरोको प्रभाव बढी पर्ने र मद्यपानका कारण घरेलु हिंसा हुने गरेको जानकारी दिनुभयो। भौगोलिक विकटता र यातायात पहुँच अभावका कारण झिना मसिना कुरामा पनि भारतको भर पर्नुपर्ने दार्चुलेलीहरुको बाध्यात्मक अवस्था छ भन्नुभयो । दार्चुला शान्त र प्राकृतिक, श्रोत साधन युक्त छ । पत्रकार र प्रहरीको सम्बन्ध सुमधुर छ। संघर्ष गरेर भएपनि एफ.एम. खोलिएका कारण जनता सुसूचित हुन पाएका छन्। तर उत्तरी भेगसम्म एफ.एम. को पहुँच विस्तार भए अझ बढी प्रभावकारी हुने थियो भन्दै निरीक्षक द्वयले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो।

हामी जिल्ला प्रहरी कार्यालयबाट भोजराज जीको मानसरोवर केवल आयौं। उहाँले पत्रकार महासंघ सचिव राजेन्द्र बहादुर

हस्ताक्षरित शुभकामना पत्र हामीलाई प्रदान गर्नुभयो। यसका लागि हामीले केही समय खर्चिनु परेको थियो। बिहान १० बजे हामीले दार्चुला सदरमुकाम खलंगालाई छोड्यौं।

महाकाली नदीको पुल पार गरेर भारतको धारचुला पुग्यौं। एस.एस.बी. ले सोधपुछका साथ झोला छामछुम गरे। त्यसपछि हामी धारचुलाबाटै बलुवाकोटका लागि जीप चढ्यौं। महाकाली नदीको किनारै किनार जीप बलुवाकोट पुगेर रोकियो। झोलुंगे पुल पार गरेर पुन: हामी नेपाली भूमि दार्चुलाको दत्तु आयौं। प्रहरी चौकी दत्तुका जवान अविल कुँवरले नेपालबाट तरकारी र दूध भारत निर्यात गरिने बताउनुभयो।

सानो पोको भए केही गर्दैन, अलि ठूलो चामलको बोरा वा सामानको पोको भयो भने पारीवाट ल्याउन दिँदैन तर पैसा खान पाएमा भारतीय सुरक्षाकर्मीले छोड्ने गरेको एक दत्तुवासी युवाले हामीलाई बताए। हामीले दत्तुमै खाना खायौं। कच्ची सडकै-सडक यात्रा अघि बढायौं।

महाकाली नदीको बहावसँगै हाम्रो यात्रा जारी रह्यो। नदी पारी भारतीय भू-भागमा पक्की सडक र बिजुली प्रष्टसँग देखिन्छ। तर पुल वारी नेपालमा यी दुवै सुविधा छैन। भू-बनोट दुवैतिर उस्तै, रितिरिवाज रुप रंग एउटै। यद्यपि भौतिक पूर्वाधारको हिसाबले धेरै फरक छन्, यी दुई देश।

हिंड्दै हामी भर्तौला आइपुग्यौं। त्यहाँ ११ वर्षको उमेरमा बिहे भएर १६ वर्ष पुग्दा १ छोरा र १ छोरी भए, २५ वर्षको उमेर पुगेपछि लोग्नेले छूरी हान्यो, त्यसपछि घर छोडेर हिंडे, सुर्खेत, चिसापानी लगायतका ठाउँमा होटल गरें र, हाल यहाँ आएर एक्लै गुजाराका लागि सानो पसल गरेर बसेकी छु भन्ने ठूलो सिस्ने बलुवाचौर रुकुम जिल्ला घर बताउने लालकुमारी हमालसँग हाम्रो भेट भयो। उहाँलाई हामीले छोराछोरीको माया लाग्दैन ? भनेर प्रश्न गर्‍यौं। छोराछोरी अनि ज्वाइँ सुर्खेतमा हुँदा आएर घर फर्कौं भने, रुवाबासी भयो, तर छूरी हान्ने लोग्नेको मुख कसरी हेर्नु भनेर म फर्कन मानिन, म धर्म भाई बुहारीसँग यस ठाउँमा आएँ, भाईले नदीमा हाम फाल्यो, अनि बुहारी पोइला गई, म एक्लै यही बसें, छोराछोरीसँग भगवान् ले भेट गराउलान् भन्ने आशा छ, बृद्धा लालकुमारीको जवाफ थियो।

संसारमा कस्ता कस्ता मान्छेसँग भेट हुन्छ, लालकुमारीको दुखेको मुटु अझै निको हुन नसकेको कुरा सुन्दा अचम्मित भयौं हामी। सोच्यौं, वास्तवमा मान्छेको मन दुख्नु भनेको जीवनमा अकल्पनीय नै कुरा हुँदो रहेछ। किनकी ३० वर्ष बितिसक्दा पनि लालकुमारीको यो अवस्था छ। त्यसकारण त गीतामा कृष्णले भनेका होलान्- मन एव मनुष्याणां कारणम् बन्ध मोक्षयो अर्थात् मान्छेको मन नै बन्धन र मुक्तिको कारण हो।

जे होस्, एक्लै संघर्ष गरेर भएपनि लालकुमारीले आफ्नो जीवन बिताउँदै हुनुहुँदोरहेछ, निश्चय नै उहाँ साहसी हुनुहुन्छ। तर यति लामो समय रिस राखेर नबसी छोराछोरीसँग जानु भएको भए बेस हुन्थ्यो कि भन्ने हामीलाई लाग्छ। यस्तै कुराकानीका साथ हामी मेलखेत आइपुगेछौं। हिंडेको पत्तै भएन।

खोलाको छेउमा पसल देखेपछि सोधपुछ गर्‍यौं। शंकरपुर घर भएर भगवती गा.वि.स. मा अवस्थित मेलखेतमा पसल सञ्चालन गरी बस्नुभएका बजिर सिंह धामीले महीको प्रबन्ध गर्नुभयो। महीलाई छाई र दहीलाई भिनाली भन्ने चलन यी पश्चिमी जिल्लाहरुमा छ। शंकरपुरका भगवत सिंह बोहोराले भन्नुभयो, हाम्रो यस क्षेत्रमा अम्बा, आँप, केरा, अनार, कागती लगायतका फलफूल फल्छ। यतातिर एफ.एम. नसुनिने पनि उहाँको जानकारी थियो। यसपछि चाहिं हामीले मेलखेतबाट सडक छोडेर माथ्लो गोरेटो बाटो समायौं।

भगवती ६, खुनाका कल्याणसिंह धामी र लोकेनसिंह धामीसँग कुराकानी गर्दै हामी आयौं। उहाँहरुले तल कलकल गर्दै बगिरहेको वासाली देखाउँदै भन्नुभयो, यो खोला पारि शंकरपुर गा.वि.स. पर्छ, यस भेगमा खाद्यान्न राम्रो उत्पादन हुन्छ। सिलीचमा गाउँको भगवती मन्दिर, उखु, धान, मकै खेती नियाल्दै गाडको झोलुंगे पुलमा हामी आइपुग्यौं। धामी दाजुभाई त्यहाँबाट उकालो लाग्नुभयो। हामी भने पुल पार गरेर मालिकार्जुन तिर उकालियौं।

उकालो बेजोडको रहेछ। ठाडो उकालोमा ठाउँ ठाउँ थकाइ मार्दै डाँडाकाँडा, पाखापखेरा, खोला खोल्सा चारैतिर अवलोकन गरिनै रहयौं। पानी पर्न थाल्यो। कुहिरो लागेको छ। हाम्रा खुट्टामा लुसुक्क टाँसिएर जुकाहरु आफ्नो पेट भर्न लागे। हामी रक्तदान भयो भनेर प्लास्टिक ओडेर हिंडिरह्यौं। ३ घण्टा निरन्तर उकालो काटेपछि डाँडामा हामी उक्लियौं।

साँझको ७:३० बजेको थियो। मालिकार्जुनका स्थानीयवासी एवं दार्चुलाका पत्रकार शंकर धामीले फोन मार्फत् मिलाइ दिनुभएको प्रेमसिंह धामीको पसलमा हामी पुग्यौं। यहाँ हरिया मकै, खीर अनि खानाको प्रबन्ध भयो। पसलमा भेला भएका मानिसहरु सँग परिचय पनि गरियो। थकानका कारण हामी ९:१५ बजे सुत्यौं।

२०६६ भाद्र २५: बिहान उठ्दा वर्षात् भइरहेको थियो। प्लास्टिक ओढेर हामी मालिकार्जुन मन्दिरतिर लाग्यौं। अग्लो डाँडामा मन्दिर

र वरिपरि जंगल । श्री शैलीशिखर मालिकार्जुन स्वामी मन्दिर लेखिएको बोर्ड सँगै रहेको गेटबाट हामी मन्दिर प्रवेश गऱ्यौं । मालिकार्जुन ८ का मदन धामीसँग भेट भयो । मन्दिर परिसर हामीलाई रमाइलो र नौलो पनि लाग्यो । किनभने मन्दिर र गजुर अलिक भिन्न प्रकारको देखियो । मन्दिर पल्लो पाटाको बजार पनि हामीले अवलोकन गऱ्यौं । दार्चुला सदरमुकाम जाने कच्ची सडक बाटो छेउमै छ । दार्चुलामा पर्यटकीय सम्भावना बोकेको ठाउँ मालिकार्जुन पनि हो ।


मालिकार्जुन मन्दिर

हामी हिजो बेलुकी बास बसेकै होटलमा फर्कियौं । र, बिहानको खाना खायौं । पत्रकार शंकर धामी आइपुग्नुभयो । मालिकार्जुन गा.वि.स. धामी थरका मान्छेहरुको अखडा नै रहेछ । अरु थरका मान्छे न्यून बस्दा रहेछन् । यहाँ दार्चुलाबाट प्रकाशित केही पत्रिका पनि देखिए । हामीले धामी जीसँग भिडियो कुराकानी गऱ्यौं । उहाँले नजिकै देखिने अग्लो डाँडा देखाउँदै भन्नुभयो, वास्तविक मालिकार्जुन मन्दिर त्यहाँ छ, त्यहाँ जानेले केही दिन अगावै देखि भोको बस्नुपर्छ, व्रतबन्ध नगरे जान मिल्दैन, चोखो भोको बसेर त्यहाँ जानेहरुको मनोरथ पूरा हुने विश्वास रहि आएको छ, मालिकार्जुनलाई हाल नेपाल सरकार सातौं धामको रुपमा घोषणा गरेको छ ।

पत्रकार धामीले भन्नुभयो, मान्छेले दार्चुलाभन्दा पनि कालापानी तिर हाम्रो घर हो भन्दा छिटो चिन्दछन्, त्यसकारण भारतले अतिक्रमण गरेर दुःख दिइरहने ठाउँ कालापानीबाटै दार्चुलालाई चिनाउनु पर्ने तीतो यथार्थ छ हामीसँग । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता विश्वको आवश्यकता हो भन्दै धामीले भ्रमण सफलताको कामना गर्नुभयो । हामी मालिकार्जुनबाट बिदा भएर गोकुलेश्वरतर्फ अगाडि बढ्यौं ।

मालिकार्जुन उ.मा.वि. मा अध्ययनरत श्याम, नरेशसिंह, अनिता, शोभा, मुन्नी धामी लगायतका विद्यार्थीसँग कुराकानी गर्दै कच्ची सडकै सडक हामी हिंडिरह्यौं । विद्यार्थी भाईबहिनीहरुले आफ्नो गाउँ ठाउँमा दशैं भन्दा बढी धुमधामसँग गौरा पर्व मनाउने गरेको बताए । ग्वानी गा.वि.स. को भूभाग काटेर हामी सल्लाघारीको ओरालो झऱ्यौं । गोकुलेश्वर ६, नक्तडामा खाजा खायौं । नास्ताको पैसा नक्तडाकै जनकसिंह विष्टले तिर्नुभयो । उहाँले भन्नुभयो, हाम्रो गाउँ वर्षा याममा हरियाली देखिए पनि हिउँदमा मरुभूमि हुन्छ ।

हामी नक्तडाबाट अगाडि बढ्यौं । चमेलिया (चमेली) नदी पारी बैतडीका विभिन्न भूभाग र चारैतिरको हरियाली मनोरम दृश्यले हामीलाई आनन्दित गरायो । साँझमा हामी गोकुलेश्वरको देबु होटल आइपुग्यौं । स्थानीय लघुजलविद्युत् को मधुरो बत्ती झ्याप-झ्याप जाने/आउने गरिरह्यो । हामी खाना खाएर सुत्यौं ।

२०६६ भाद्र २६ः बिहान उठेर हामीले गोकुलेश्वर बजार अवलोकन गऱ्यौं । चमेलिया नदी किनारको यो बजारमा एयरपोर्ट पनि छ । २०५०/५२ सालबाट गाडी चल्न थालेपछि हवाई सेवा बन्द भयो, स्थानीय एक पसलेले भने । इलाका प्रहरी कार्यालय गोकुलेश्वर पुग्दा असई जयसिंह धामी र अन्य प्रहरी जवानसँग हाम्रो भेट भयो । गाडी चल्दा दार्चुलाबाट निस्कने पत्रिकाहरु आउँछन्, नत्र यहाँ कुनै पनि पत्रिका पढ्न पाइदैन, उनीहरुले भने । यहाँबाट निर्माणाधीन चमेलिया जलविद्युत् गृह पुग्न गाडीबाट २ घण्टा जति लाग्ने जानकारी दिंदै असई धामीले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । नास्ता गरेर हामी जीप चढ्यौं । हाम्रो ३९ औं जिल्ला दार्चुला यात्रा गोकुलेश्वरमै अन्त्य भयो ।

बैतडी जिल्लाको औपचारिक यात्रा गरिसकेका भएपनि हामी यही जिल्लाको भूभाग हुँदै कञ्चनपुर पुग्नु पर्ने भो । बैतडीको जमाडी खोला, पञ्ज्यूकीनयाँ आइपुगेपछि हामी जीपबाट ओर्लियौं । झोलुंगे पुल तरेर हिंड्न थाल्यौं । २ ठाउँमा ठूल्ठूला पहिरो गएर बाटो भत्किएको रहेछ । बेलाबखत माथिबाट ढुंगा र पहिरो बगिरहेकै थियो । हामीले जसरी पनि पहिरो पार गर्नु नै पर्ने भो । पहिरो पार हामीले गर्दासम्म कुनै माटो र ढुंगा खसेन । सायद, लामो र ठूलो साहस जुटाएर यी भाईहरुले विश्व मानवजातिको लागि यात्रा गर्देछन् भनेर पनि होला, हा...हा...हा...! अहिलेसम्म प्रकृति परमात्माले हामीलाई ठूलो किसिमको त्यस्तो कुनै समस्या पारेको छैन । पानी परिरहेकै थियो । चिप्लो बाटोमा चिप्लेटी खेल्दै हामी ढिगगाड आयौं । ढिगगाड माथि रहेको अग्लो डाँडा र ठाउँका झरना छहराहरुले हाम्रो ध्यान तान्यो । हामी त्यसमा केहीबेर टोलायौं, रमायौं र आनन्दित बन्यौं ।

ढिगगार्डमा महेन्द्रनगर पुग्ने बस भेटियो । हामीले आफ्नो परिचय दिँदै बस व्यवसायी संघबाट प्राप्त चिठी बस कर्मचारीलाई देखायौं । उनीहरुले झोक्किदै भने, आफू ३ दिनदेखि रोक्किएर यहाँ बस्नु परेको छ, विद्यार्थीको पनि छूट हुँदैन सबैलाई पूरा भाडा लाग्छ । बेलुकी ४:१५ बजे बस चल्यो हामी त्यही बसमा बैतडीको सतबाँझ आएर ओर्लियौं । होटलमा खाना खाएर सुत्यौं ।

२०६६ भाद्र २७: बिहान हामीले कञ्चनपुर पत्रकार महासंघका अध्यक्ष हरि जोशी अनि सचिव लक्ष्मण तिवारीलाई हामी आउँदैछौं भनेर खबर गऱ्यौं । ८ बजे बैतडीबाट काठमाडौं हिंडेको बस आयो । हामी अत्तरियासम्म जाने योजना बनाएर बसमा चढ्यौं । बस कन्डक्टर कञ्चनपुरका मिन बहादुर अधिकारीले हाम्रो उद्देश्य बुझिसकेपछि भाडा लिनुभएन । बस बैतडीको पाटन, खोड्पे, डडेल्धुरा जिल्लाका भूभाग, डोटीको बित्थड, कैलालीको खानी डाँडा, गोदावरी हुँदै अत्तरिया आइपुग्यो । वर्षायामको हरियाली वनजंगलको सौन्दर्यता बस भित्रैबाट देख्न पाइयो ।

कैलालीको अत्तरिया आइपुग्दा दिउँसो ३:४५ बजेको थियो । हामी चढेको बस बर्दिया जाने भयो । हामी ओर्लिएर महेन्द्रनगरको बस चढ्यौं ।

दार्चुला यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला पशु सेवा कार्यालय	रु. ८००/-
जिल्ला प्रशासन कार्यालय	रु. ५००/-
रेडियो कालापानी	रु. ५००/-
जिल्ला प्रहरी कार्यालय	रु. ५००/-
राजेन्द्रसिंह धामी (खलंगा)	रु. २५०/-
शंकर धामी (मालिकार्जुन)	रु. २००/-
केशवदत्त जोशी (जि.हुलाक.का.)	रु. २००/-
जयधनसिंह धामी (गोकुलेश्वर प्रहरी का.)	रु. २००/-
भोजराज पन्त	रु. १५१/-
मिनवहादुर धामी (दार्चुला समाचार)	रु. १५१/-
टेकवहादुर थापा र महेन्द्र चौधरी (जिल्ला कृषि विकास)	रु. १५०/-
मोहनदेव जोशी (पिपलचौर)	रु. १००/-
शेरखचन्द्र वडु (प्राविधिक कार्यालय)	रु. ६०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

दार्चुला खलंगामा स्वागत, शुभकामना । - खम्बराज थानी (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
उद्देश्य पूरा होस् । - जयधनसिंह धामी, ग्वानी ५
राष्ट्रमा योगदान गर्ने भावना जागृत भयो । - महेन्द्र प्रसाद चौधरी, जिल्ला कृषि विकास कार्यालय
नेपालले केही उपलब्धि हासिल गर्न सकोस् । - राजेन्द्रसिंह धामी, गा.वि.स. सचिव खलंगा
म खुशी साथ शुभकामना टक्र्याउँदछु । - केशवदत्त जोशी, ना.सु. जिल्ला हुलाक कार्यालय
भेटघाटको अवसरले एकदमै गौरावान्वित भएका छौं । - मोहनदेव जोशी, गा.वि.स. सचिव पिपलचौरी
देश तथा मानवताको सम्मान । - मानसिंह ठगुन्ना, कार्यालय सहयोगी खलंगा गा.वि.स.
देश विकासमा अगाडि बढ्नुभएकोमा खुशी लाग्यो । - यमुना जोशी, प्राविधिक सहायक खलंगा ४
नयाँ नयाँ खोजी गर्दै अगाडि बढ्नुहोस् । - रेखा हुम्ली, हुन्ना टिंकरी कन्या मा.वि. खलंगा
लक्ष्यको विराटता देखेर अचम्म र खुशी लाग्यो । - शेखरचन्द्र वडु, ईञ्जिनियर जिल्ला प्राविधिक कार्यालय
सकारात्मक सोच तथा विश्वबन्धुत्वको भावना जागृत होस् । - मनोजकुमार पन्त, श्री स्नातक क्याम्पस खलंगा
सांसारिक क्रियाकलापमा मस्त रहने उमेरमा...। - धनसिंह धामी, जिल्ला शिक्षा अधिकारी
पत्रकारिता राज्यको चौथो अंग हो । - उद्धवदेव भट्ट, प्रहरी निरीक्षक
जो आफूलाई हेर्छ उसलाई सबैले हेर्छन् । - राजेन्द्रसिंह भण्डारी, सरकारी वकील
राष्टको अस्मितालाई उच्चतामा पुऱ्याउने साहसलाई शुभकामना । - नरेशप्रसाद जोशी (अध्यक्ष), रेडियो कालापानी एफ.एम. परिवार
जीवन एक संघर्षमय यात्रा । - मिन बहादुर धामी, दार्चुला समाचार केन्द्र खलंगा
भ्रमण सफलताको शुभकामना । - शंकर धामी, पत्रकार, मालिकार्जुन ८, प्रेमनगर
दार्चुलाको प्रतिबिम्ब स्मरणमा रहिरहोस् । - भोजराज पन्त, भगवती १, सम्पादक जनचेतना अर्द्धसाप्ताहिक
पत्रकारिता विकासमा निरन्तरता मिलोस् । - अशोकसिंह धामी, मालिकार्जुन ९, आरुबाटा
हृदयदेखि थालिएको काम सधैं सफल हुन्छ । - विनोद रावत (बिजी), स्नातक क्यापस, खलंगा
मिडिया सुरक्षित रहे संसार देख्न सकिन्छ । - भीमराज पन्त, (दैजी ३ कञ्चनपुर) महादेव छापाखाना, दार्चुला
ऐतिहासिक यात्रालाई शुभकामना । - मनोहरसिंह धामी, भगवती ८, ठिंग
महाकाली अञ्चलको दार्चुला जिल्लामा स्वागत, शुभकामना । - राजेन्द्रप्रसाद बडु (सचिव), पत्रकार महासंघ
दुर्गम जिल्ला दुर्गम ठाउँ विकास भएन...। - प्रेमसिंह धामी, मालिकार्जुन ८, भौतडी, भालिजेवला

४० औं जिल्ला कञ्चनपुर डायरी

संक्षिप्त परिचय

क्षेत्रफल: १,६१० वर्ग किलोमिटर, गा.वि.स. संख्या: १९ वटा, नगरपालिका: १ निर्वाचन क्षेत्र: ३, सदरमुकाम: महेन्द्रनगर (भिमदत्तनगर), अञ्चल: महाकाली, विकास क्षेत्र: सुदूर पश्चिमाञ्चल

भौगालिक अवस्थिति: पूर्व कैलाली, पश्चिम भारतको उत्तरप्रदेश, उत्तर डडेल्धुरा र दक्षिण भारतको उत्तरप्रदेश।

पर्यटकीय स्थल: झिलमिला, वेदकोट, कालिकिच ताल, सिद्धनाथ मन्दिर, ब्रम्हदेव, वल्मिको राना थारु सांस्कृतिक ग्राम, देखतभुलीको प्राचीन खण्डहर, शुक्लाफाँटा वन्यजन्तु आरक्ष, दोधारा र चाँदनी जोड्ने महाकाली नदीको पुल (एशियाकै लामो), कोटीहोम क्षेत्र (त्रिभुवन बस्ती), घटाल बाबा मन्दिर (दैजी) आदि

२०६६ भाद्र २७ गते: दार्चुलाको गोकुलेश्वरबाट बैतडी, डडेल्धुरा, डोटी अनि कैलाली जिल्लाको भूभाग काटेर हामी बसमार्फत् कञ्चनपुर प्रवेश गर्‍यौं । अत्तरियाबाट गाडी परिवर्तन गरेर दिउँसो ४ बजे बस चढ्यौं । कञ्चनपुरको वाणी, कलुवापुर, झलारी, दैजी, सुडा वसन्तपुर हुँदै महेन्द्रनगर बसपार्क आइपुग्दा साँझको ५:३० बजेको थियो। पत्रकार महासंघ कञ्चनपुर सचिव लक्ष्मण तिवारी आएर हामीलाई भेट्नु भयो । हामी बेलुकी क्लासिक होटलमा आयौं। खाना खायौं। समाचार हेरेर सुत्यौं।

२०६६ भाद्र २८: हिमाली र पहाडी जिल्लाबाट लामै समयको अन्तरालमा हामी तराई जिल्ला प्रवेश गरेका छौं। शहरी एवं तराईको गर्मी वातावरणले प्रभाव पारिरहेको छ। खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय कञ्चनपुर पुग्यौं। कार्यालयमा प्र.जि.अ. कुसुमाकार ढकाल, पत्रकार चित्रांग थापा लगायतसँग हाम्रो परिचय भयो । कञ्चनपुर जिल्ला भारतसँग जोडिएको तराईको जिल्ला भएपनि पहाडी भाषा संस्कृति नै बढी छ, प्र.जि.अ. ढकालले हामीसँगको कुराकानीमा भन्नुभयो। स्थानीय परिवेश समेटे पनि यहाँका पत्रिकाले विश्लेषणयुक्त सामाग्री पस्कन सकेका छैनन् भन्दै उहाँले विश्वभ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो।

जिल्ला प्रशासन कार्यालयबाट हामी जि.वि.स. कार्यालय पुग्यौं। सूचना अधिकृत सिद्धराज पन्तले जि.वि.स. प्रत्यक्ष जनताको विकास सम्बन्धी निकाय भएकाले पत्रकारिता क्षेत्रसँग समन्वय गरेर अघि बढे जनतालाई सुसूचित गर्न सकिने धारणा राख्नु भयो। कतिपय देशमा नेपाल पनि छ र ? भन्ने गर्छन् रे ! त्यसैले तपाईंहरु विश्वभ्रमण गर्दा सबैतिर नेपालको परिचय दिन सक्षम हुनुहोस् भन्दै उहाँले शुभेच्छा प्रकट गर्नुभयो । योजना अनुगमन तथा प्रशासकीय अधिकृत कृष्णप्रसाद गौतमले महेन्द्रनगर नगरपालिकाको टाउन प्लानिंग व्यवस्थित तरिकाले गरिएकाले अरु शहरका लागि पनि अनुकरणीय रहेको छ भन्नुभयो। उहाँले जि.वि.स. को काम कारवाही नेता भएका बेला राम्रो थियो तर कर्मचारीले बिगारेका छन् भन्दै गुनासो पोख्नुभयो।

हामी बजार भ्रमणमा निस्कियौं। १ देखि ५ नम्बरसम्म गल्ली र मिलेका घर रहेछन्। बजार घुम्दै हामी जिल्ला प्रहरी कार्यालय पुग्यौं। त्यहाँ प्रहरी उपरीक्षक माधवप्रसाद नेपाल र प्रहरी नायब उपरीक्षक हरी वाग्लेसँग हाम्रो भेट भयो। जिल्लामा जाँड, रक्सी र अपहेलनाका कारण घरेलु हिंसा बढिरहेको उपरीक्षक नेपालले बताउनुभयो। हामीले दिन मिल्ने सबै सूचना पत्रकारलाई उपलब्ध गराउने गरेको छौं र, श्रोत, साधनले भ्याएसम्म सञ्चारकर्मीले पनि कार्य गरेका छन्, उहाँको भनाई थियो। विभिन्न कार्यालय र ठाउँहरुको भ्रमण गर्दागर्दै साँझको ७ बजिसकेछ। हामी हिजो बसेकै होटलमा आयौं, खाना खायौं र सुत्यौं।

सदरमुकाम महेन्द्रनगर



२०६६ भाद्र २९: बिहानै हामी भीमदत्तनगर (महेन्द्रनगर) बजार घुम्यौं। १० बजे जि.वि.स. कार्यालय गयौं। केहीबेर स्थानीय विकास अधिकारी श्यामराज अधिकारीको प्रतिक्षामा बस्यौं। एल.डी.ओ. साब आएर सी.डी.ओ. साब कहाँ जानुभएको छ एक जि.वि.स. कर्मचारीले हामीलाई भने। जि.प्र.का. गएर हामीले एल.डी.ओ. अधिकारीलाई भेट्यौं। स्थानीय विकास

मन्त्रालयले लेखिदिएको चिठी देखायौं । उहाँले आर्थिक सहयोग गर्न अहिले सम्भव छैन, मभन्दा अगाडिको एल.डी.ओ. साब कारवाहीमा पर्नुभएको छ, मलाई पनि यहाँ राम्रो मान्दैनन्, त्यसकारण सहयोग गर्न सकिएन भन्दै हिंड्नु भयो । हामी पनि त्यहाँबाट नगरपालिका कार्यालय तिर लाग्यौं ।

कञ्चनपुरका पत्रकारहरु प्रेस स्वतन्त्रताका लागि सडकमा
तस्वीर: विक्रम गिरी

राजा महेन्द्रको नामबाट नामाकरण गरिएको नगरपालिकाको नाम अहिले भीमदत्तनगर भनेर फेरिएको रहेछ । केही दिनदेखि गरिएको तालाबन्दीका कारण नगरवासीहरु मर्कामा परेका रहेछन्, उता जिल्ला शिक्षा कार्यालयमा पनि ताला लगाइएको छ । हामी यस्तै दृश्य नियाल्दै बजार घुम्यौं । नेपाल बैंक लिमिटेड कार्यालय गयौं । शाखा प्रबन्धक कृष्णराज पाण्डेय र कृष्णबहादुर बमसँग हाम्रो भेट भयो । इन्टरनेटमा समस्या आएकाले सेवाग्राहीहरुलाई समस्या परिरहेको पाइयो ।

दिउँसो ३ बजे हामी अभियान दैनिक कार्यालय गयौं । सो दैनिकका प्रकाशक एवं पत्रकार महासंघ कञ्चनपुर सचिव लक्ष्मण तिवारीले फोन गरेर कञ्चनपुरमा कार्यरत पत्रकारहरुलाई भेला गर्नुभयो । हामीले अहिलेसम्म जिल्ला घुम्दाका अनुभव पत्रकार साथीहरुमाझ राख्यौं । सचिव तिवारीले कञ्चनपुरको पत्रकारिता रामबहादुर चन्दले सुरु गरेको वार्ता साप्ताहिकबाट सुरु भएको बताउनुभयो । हाल कञ्चनपुरमा ८ वटा दैनिक ५ वटा साप्ताहिक र २ वटा एफ.एम. प्रकाशन प्रसारणमा छन् । ३/४ वर्ष अगाडि पत्रकारितामा लाग्नेहरुको धेरै उत्साह र लहर थियो, हाल निराशा छाएको छ । विगत डेढ वर्षदेखि बेपत्ता पत्रकार प्रकाश ठकुरीको विषयमा प्रशासनले उचित ध्यान दिएको छैन । राजनीतिक दलको पनि खासै सहयोग पाइएको छैन, कञ्चपुरमा कार्यरत पत्रकारहरुको गुनासो छ ।

कञ्चनपुरका पत्रकारहरुले विश्वभ्रमण सफलताको कामना गरे पश्चात् पत्रकार महासंघ दार्चुला अध्यक्ष विक्रम गिरीसँग हाम्रो विस्तृत कुराकानी भयो । उहाँले यात्रा सुरुवात्देखि हालसम्मको हाम्रो गतिविधि टिपोट गर्नुभयो । यात्रा एकदमै आवश्यक छ, पत्रकारहरुको यो पृथक पहिचान र गौरव हो । तर, केन्द्रिय पत्रकारिताले यहाँबाट पठाएको समाचार सामाग्रीलाई उचित स्थान दिदैन, उहाँले दुःखेसो पोख्नुभयो ।

हामी महाकाली एफ.एम. कार्यालय पुग्यौं ।एफ.एम. अध्यक्ष खेम भण्डारी, समाचार सम्पादक वी.पी. अनमोल, नन्दलाल जोशी, पुरण बुढाथोकी, प्रेमराज भट्ट लगायतसँग हाम्रो परिचय भयो । उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो । महाकाली एफ.एम. कार्यालयमा भएको कुराकानी सँगै आजको हाम्रो भ्रमण पूरा भयो । हिजो कै होटलमा आएर खाना खाइयो । रेडियो सुनियो, टी.भी. हेरियो अनि सुतियो ।

२०६६ भाद्र ३०: आज बिहान पनि हामी रेडियो महाकाली ९६.२ मे. कार्यालयको अनुरोधमा सोही कार्यालय गयौं । त्यहाँ सञ्चारकर्मी प्रेमराज भट्टसँग प्रत्यक्ष रेडियो कुराकानी भयो । रेडियो कुराकानी पश्चात् हामी जीपमा चढेर महाकाली पारीका चाँदनी र दोधारा गा.वि.स. भ्रमणका लागि लाग्यौं । महाकाली नदीको झोलुंगे पुल छेउमा जीपबाट ओर्लियौं । एशियाकै लामो बताइएको यो झोलुंगे पुलको लम्बाई १४५२.९६ मिटर छ । २०६१ सालमा नेपाल सरकारबाट यसको निर्माण भएको हो । हिंड्दै हामीले यो पुल १५ मिनेटमा पार गर्‍यौं । महाकाली नदी पारिका चाँदनी र दोधारा गा.वि.स.का बासिन्दा यो पुल बनेपछि लाभान्वित भएका रहेछन् । यो पुल नबन्दा भारतको बाटो भएर सदरमुकाम महेन्द्रनगर जाने आउने गर्नुपर्दा बढी सास्ती खेप्नु पर्थ्यो एक स्थानीयवासीले भने ।


एशियाकै लामो दोधारा र चाँदनी झोलुंगे पुल

महाकाली पारिका यी गा.वि.स. कस्ता होलान् भन्ने हाम्रो मनको कौतुहलता मेटिन थाल्यो । दुईवटा नदीको बीचमा रहेका यी

गाउँले वर्षायाममा भने जोखिम मोल्नुपर्ने रहेछ । सरसर्ती हेर्दा बिजुली बत्ती, समथर भूभाग र जमीनमा देखिएको धान, मकै खेती राम्रो लाग्यो । हिंड्दै हामी चाँदनी गा.वि.स. र दोधारा गा.वि.स. सिमानामा पुग्यौं । त्यहाँ इलाका प्रहरी कार्यालय रहेछ । भारतबाट निस्कने पत्रिका र महेन्द्रनगरका स्थानीय पत्रिका पनि त्यहाँ पुग्दा रहेछन् । प्याराडाइज कम्प्युटर दोधाराका दिलबहादुर सिंजाली, दोधारा १ की लक्ष्मी कार्की, चाँदनी १ का दूरपालसिंह राना मगर, प्राथमिक स्वास्थ्य केन्द्रका कर्मचारी करणसिंह नायक लगायतसँग हामीले केहीबेर कुराकानी गऱ्यौं । विश्वभ्रमणबारे पत्रिकामा पढेको र रेडियोमा सुनेको आज प्रत्यक्ष देख्न पाइयो भन्ने मान्छेहरु पनि त्यहाँ आउने जाने भन्ने हिंड्ने गर्दै थिए ।

नेपाल-भारत सीमा स्तम्भ

यहाँ ७५ वटै जिल्लाबाट आएका मानिसहरु बस्ने गर्छन्, ठाउँ राम्रो छ, तर महाकाली नदी पार गरेर गाडी आउने बाटो नभएक हामीलाई दुःख छ, उनीहरुले गुनासो गरे । उनीहरुको माग थियो, शुक्लाफाँटा वन्यजन्तु आरक्ष आउने पर्यटकलाई पुलसम्म आ वातावरण मिलेदेखि आन्तरिक र बाह्य पर्यटक बढ्ने थिए ।

कञ्चनपुरका विद्यार्थीले आन्दोलन गरेका कारण यहाँ लोडसेडिंग हुँदोरहेनछ । स्थानीय दिलबहादुर सिंजालीको भ्रम सफलता सम्बन्धी शुभकामना लिएर हिंड्दै हामी बाबाथान बजार तर्फ अगाडि बढ्यौं । केराको मूल्य सोध्दा दर्जनको रु. आइ.सी. भन्ने सुनियो । विस्तृतमा बुझ्दा इण्डियाको बजारमा कारोबार हुने भएकाले त्यही अनुसारको मूल्य हुने रहेछ नेपालीभन्दा भारतीय नोट दिंदा पसले खुशी हुँदारहेछन् । बजार नेपालको तर पैसा भारतीय चलेको देख्दा अचम्मै लाग्यो । प्रह चौकी बाबा थानमा असई मदनराज उपाध्याय, जवान महेन्द्र थलाल, नेपाल रेडक्रस सोसाइटी उपशाखा दोधाराका अध्यक्ष केश बराल, पूर्णागिरी प्रा.वि.का शिक्षक निर्मल चन्द लगायतसँग हाम्रो परिचय भयो । असई उपाध्यायले प्रेस स्वतन्तता ए सकारात्मक पत्रकारिताका लागि हुने यो विश्वभ्रमणबाट प्राप्त अनुभवले नेपाली पत्रकारितामा क्रान्ति ल्याउनेछ भन्ने आशा शुभेच्छासहित भ्रमण सफलताको कामना गर्नुभयो ।

प्रहरी चौकीबाट केही अगाडि बढेर हामी बाबा थान मन्दिर पुग्यौं । त्यहाँ भेला भएका युवाहरुले आफ्नो ठाउँको विषय जोखिम छ भनेर पटक पटक समाचार पढ्दा, सुन्दा, बुझ्दा डर लागेको बताए । धेरै आए, लेखे, फोटो लगे तर केही भएन उनीहरु आक्रोश थियो । एकजना ४० वर्ष जतिका व्यक्ति भने आइ.सी. नोट बैंकले नलिंदा मार्का परिरहेको दुःखेसो गर्दै थिए । हामी त्यहाँबा अगाडि बढेर जोगबूढा नदीको पुलमा पुग्यौं । यतिबेला हामी थप आश्चर्यमा पऱ्यौं । कारण महाकाली पारी २ वटा गा.वि.स. फे जोगबूढा पारी दोधाराका कञ्चभोग (वडा १), सुन्दर नगर (वडा ५) र कुत्तिया कबर (वडा ९) गरी ३ गाउँ पर्दा रहेछन् ।

जोगबूढाको झोलुंगे पुल पार गरेर हामी नेपाल भारत सीमा स्तम्भसम्म पुग्यौं । पिलर हेरेर फर्कियौं । हामी फेरि झोलुं पुल पार गरेर बाबा थान तिरै आयौ. । उक्त पुलमा साइकल मोटरसाइकल पार हुँदै थिए । एक स्थानीयवासीले भने, १० मिनेटम भारतीय बजारमा रु. २५० मा १ बोरा सिमेण्ट पाइन्छ, तर, नेपालमा किन्दा तेब्बर चौब्बर पर्छ । आजकाल नाका टाइट भएक कहिलेकाहिं घुस ख्वाएर भएपनि मालसामान ल्याउन बाध्य छौं ।

त्यहाँबाट महेन्द्रनगर फर्कने योजनासहित हामी हिंड्यौं । दोधारा चाँदनीको सिमाना रहेको चोकमा आइपुग्दा दोधारा ५ क सर्वजीत बूढा र दोधारा ३ का किसन थापासँग भेट भयो । उहाँहरुले भ्रमणबाट नेपालीको इज्जत संसारभर जोगाउनु र आफ्न शीतल, शान्त व्यवहारले विश्वका जनताको मन जित्न सफल हुनुहोस् भनी शुभेच्छा प्रकट गर्नुभयो । साँझको ५ बजिसकेछ ।

हिंड्दै हामीले चाँदनी बजार काटिसकेका थियौं । २ जना साथीले हामीलाई आफ्नो बाइकमा राखेर पुलको मुखसम्म ल्याइदिए । उनीहरु मोटरसाइकल मार्फत् महेन्द्रनगरसम्म यात्रु ओसार/पसार गर्दा रहेछन् । मिरमिरे उज्यालो बाँकी थियो । उनीहरु भने, ५०० रुपैयाँ दिने भए महेन्द्रनगर बाइकमा पुऱ्याइ दिन्छौं । जवाफमा हामीले भन्यौं, हामी यात्री मान्छे त्यति धेरै पैसा तिर्न सक्दैनौं, यति भनेर हामी हिंडी पनि हाल्यौं ।

दोधारा चाँदनी पुल पार गरिसकेपछि हामी अस्थायी प्रहरी पोष्ट पिपरैया पुग्यौं। प्रहरी सहायक निरीक्षक लालसिंह विष्टले हाम्रो खानपिन र बसोबासको प्रबन्ध चौकीमा मिलाउनुभयो। एकजना प्रहरी जवान टिल्ल परेर आफ्नै मात्र कुरा गर्ने र हाम्रा कुरा नसुन्ने गर्न थाले। धेरै बोलेर बाधा पुऱ्याउन थालेपछि हामीले अन्य प्रहरी जवानलाई भन्यौं, उनीहरुले रक्सी खाएका ती प्रहरी जवानलाई घोक्र्याएर बाहिर निकाले। एक आपसमा वादविवाद र अलि अलि कुटपिट पनि गरे। सर अन्यथा नलिनु होला, एकजना जड्याहाले गर्दा यस्तो नराम्रो भयो, अरु प्रहरीहरुले भने।

२०६६ भाद्र ३१: बिहान उठेर हामी पुल छेउको पसलमा पुग्यौं। महेन्द्रनगर नगरपालिकाको वडा नं. १३ मा पिपरैया गाउँ पर्दो रहेछ। स्थानीय होटल सञ्चालक गोरख बहादुर सिंहले नेपालका विकट गाउँ ठाउँमा पनि सेठ छन्, तर तिनीहरुले पैसाको सदुपयोग नगरी पोको पारेर राखेका छन् भन्ने धारणा राख्नुभयो। उहाँले भन्नुभयो, विदेशमा पसिना बगाउनुभन्दा आफ्नै देशमा पसिना बगाउनु निको हुने ठानेर म त विदेशबाट फर्किएको मान्छे हुँ। यहाँ आएर मैले होटल सञ्चालन गरेको छु, होटल पनि राम्रोसँग चलेको छ, त्यसैले म त नेपालमा केही छैन र केही गर्न सकिँदैन भन्ने मानसिकता परिवर्तन गरेर नेपाली माटोमा मेहनत गर्न सबै नेपालीसँग आव्हान गर्दछु। भारतले सीमा क्षेत्रमा नेपालीलाई दिने गरेको दुःखबाट आफू मर्माहत हुने गरेको पनि उहाँले बताउनुभयो।

प्र.स.नि. लालबहादुर विष्टले हाम्रो देश नेपाल र नेपालीको नाम संसारभर परिचित गराउने उद्देश्यसहित प्रारम्भ गरिएको विश्वभ्रमण सफल होस् भन्ने कामना गर्नुभयो। प्रहरी जवान अम्बादत्त जोशीले पत्रकारिता क्षेत्र राज्यको चौथो अंग भएकाले सोही अनुसारको व्यवहार र अधिकार राज्यले दिनुपर्छ भन्ने धारणा राख्नुभयो।

पिपरैयाबाट हामी शुक्लाफाँटा वन्यजन्तु आरक्ष भ्रमणका लागि अगाडि बढ्यौं। दोधारा ६ का जंगबहादुर रावलले हामीलाई आफ्नो बाइकमा राखेर मझगाउँसम्म ल्याइदिनुभयो। यस क्षेत्रको धान खेती निकै मज्जाले फूल्दै फल्दै रहेछ। मझगाउँका युवा राजेन्द्रबहादुर सिंहले हामीलाई आरक्ष कार्यालयसम्म पुऱ्याउनुभयो। कार्यालयका गेम स्काउट कर्ण बहादुर विष्ट, ववित‍ा चौधरी, बलराम राना, सहायक संरक्षण अधिकृत चन्द्र बहादुर चन्दसँग हाम्रो कुराकानी भयो। अधिकृत चन्दले ३०५ वर्ग किलोमिटर क्षेत्रफल रहेको आरक्षको प्रमुख आकर्षण बाऱ्ह सिंगे रहेको जानकारी दिनुभयो। करीब २००० को संख्यामा बाऱ्ह सिंगे र ३५० प्रजातिका चरा यो आरक्षमा छन्। तर, यसको क्षेत्र अहिले अतिक्रमण भइरहेको र चलन भोग गर्दै आएका जग्गाका बासिन्दाहरुलाई विना मुआब्जा उठाइदिंदा समस्या आइरहेको छ। २४ औं पटक आयोग बन्दा पनि केही गर्न सकेको छैन। कारण, सरकारसँगै यो आयोग फेरिरहन्छ, गर्नुपर्ने काम गर्न सक्दैन, उहाँको गुनासो थियो।

४ पांग्रे गाडी नभएकाले घुम्न/घुमाउन नसक्ने जानकारी हामीलाई दिइयो। प्रकृति संरक्षण कोषको गाडी पनि बाहिर गएको छ, भोली आउनु भएमा कुनै बेला घुमाउन सक्छौं, तर समय निश्चित गर्न सकिंदैन, भरे बेलुकी फोन गर्नुहोला, कोषका प्रशासन सहायक प्रमोद सुवेदी र रेञ्जर हिरा के.सी. ले हामीलाई भन्नुभयो। उहाँहरुको यो जवाफले हामीलाई यहाँ प्रत्यक्ष बाऱ्हसिंगे हेर्ने मौका दिएन। हामी पुनः महेन्द्रनगर बजार आयौं।

बजारमा आएपछि फारवेष्ट दैनिकका संवाददाता रनी विवश रासस कार्यालयनेर भेट्टिनुभयो। उहाँले भ्रमण सफलताको कामना गर्नुभयो। हिंड्दै डूल्दै हामी शुक्लाफाँटा एफ.एम. ९९.४ मे. कार्यालय पुग्यौं। त्यहाँ स्टेशन म्यानेजर धिरेन्द्र सिनाल, टेक्निसियन पूर्णाकर शर्मासँग हाम्रो कुराकानी भयो। स्थानीय रेडियो भएकाले स्थानीय परिवेशका समाचारलाई प्राथमिकतामा राखिने गरिएको बताउँदै म्यानेजर सिनालले यस्ता समाचारहरु बजाउँदा कतिपयले तिमीहरुलाई न्यूज बनाउन आउँदैन भनेर आलोचना गर्ने गरेका छन् तर पनि हामी हामी आत्महत्याका समाचार बजाउँदैनौं भन्नुभयो। आजको हाम्रो गतिविधि यति मै टुंगियो। साँझ परिसकेको थियो। हामी बसपार्कको एक होटलमा आइ खाना खायौं। र, सुत्यौं।

२०६६ आश्विन १: बिहानै उठेर हामी धेरै चर्चित र विवादित विषय बनेको ब्रह्मदेव टनकपुर क्षेत्र भ्रमणका लागि प्रस्थान गऱ्यौं। महेन्द्रनगर बसपार्कबाट गड्डा चौकी पुगेपछि बस रोकियो। भन्सार कार्यालय केही अगाडि पुग्दा सशस्त्रका एक प्रहरीको गोजीमा टाँगावालाले पैसा हालिदिए र सामान बोकेको टाँगा अगाडि बढाएको दृश्य देख्न पाइयो। पैसा पाएपछि ती प्रहरी अर्कैतिर छड्किए, टाँगावाला सामान लिएर दौडिए।

दशैंको मौसम बोर्डरबाट झोला झ्याम्टा बोकेर नेपाल भित्रिने नेपालीको बाक्लै लर्को थियो। यहीं लर्को हेर्दै हामी अगाडि बढ्यौं। नहर छेउको नेपाली भूभागमा नास्ता गऱ्यौं। पसले श्रीबहादुर चन्दले आफू ३५ वर्षदेखि यही बसेको बताउनुभयो। नजिकैको सानो जंगल क्षेत्रलाई देखाउँदै उहाँले भन्नुभयो, त्यहींनेर नेपालीहरु बढी लुटिन्छन्।

सिद्धबाबा

त्यहाँबाट पनि हामी अगाडि बढ्यौं । भारतीय भूभाग सुरु भैसकेको देख्दा अचम्म पनि लाग्यो । किनभने दार्चुला र बैतडीमा भारततिरको पुलको मुखमा भारतीय सुरक्षाकर्मी थिए भने नेपालतर्फ नेपाली सुरक्षाकर्मी तर यहाँ दुवै तिर भारतीय सुरक्षाकर्मी र सिमाना पनि नदीभन्दा धेरै वरको भूभागमा । भारतीय सुरक्षाकर्मीहरु नेपाली यात्रुहरुको सामान जाँच गरिरहेका थिए । हामी सरासर शारदा ब्यारेज पुलको मुखमा पुग्यौं । वि.सं. २०३२ साल अगाडि यो पुलको बीच भागमा नेपाल र भारतको झण्डा थियो रे तर अहिले छैन। पुलको मुख छेउनेर पुगेर एउटा फोटो खिचेको त परैबाट कसैले भनिदिएपछि भारतीय सुरक्षाकर्मी आइहाले । फोटो मेटाएर खिंचेको छैन भनेर केहीबेर क्यामेराको अन्य फोटो देखाउन हैरान भयो । विश्वभ्रमणमा हिंडेका पत्रकार हौं, व्रहमदेव जाने भनेर डकुमेण्ट देखायौं । त्यसपछि ल ठीक छ अघि नै भन्नु पर्थ्यो नि भन्दै उनीहरुले भारतको भूभागमा नखिची क्यामेरा झोलामा राखेर व्रह्मदेव जानु भन्दै हात मिलाएर हामीलाई छाडिदिए । हामी पुल पारि पुगेर रिक्सा चढ्यौं ।

वनबासाबाट बसमार्फत् टनकपुर पुग्यौं । पुन: रिक्सा चढेर टनकपुर पुलमा झर्‍यौं । यहाँ भारतले मज्जाले सक्दो बाँध बाँधे आफ्नो भूभाग तर्फ महाकालीको अधिकांश पानी लगेको रहेछ । हामीले टनकपुर पुल पार गर्‍यौं । गड्डा चौकीमा जस्तै दुवैतिर भारतीय सुरक्षाकर्मी थिए र नेपाली सिमाना पनि धेरै वर भेटियो । महेन्द्रनगर नगरपालिका ९, मटैनाका दुर्गानाथ जीले हालको पिलरभन्दा करिब २०० मिटर टाढाको पुरानो पिलर देखाउँदै भन्नुभयो, पहिले नेपालको सिमाना त्यहाँ थियो, तर के गर्ने हाम्रो देश नेपालमा हामीले गतिलो अभिभावक पाएनौं, त्यसैले दु:ख पाइरेहका छौं ।

हामी व्रह्मदेव बजार पुग्यौं । हाल बजारको पुच्छरमा पहिले महाकाली बग्थ्यो, पछि ५७७ मिटर नेपाली भूभागमा भारतले बाँध बाँधेर महाकालीको धार परिवर्तन गराएको हो, स्थानीय पसले परमानन्द जोशी, टिकादत्त पनेरु, खगेन्द्र प्रसाद पनेरु, हरिशप्रसाद भट्ट र शंकरसिंह विष्ट, गणेश चैसीरा (अल्पसंख्यक) ले भने । शंकर सिंह विष्टले थप्नुभयो, वनवासाको ३६ ढोका पुलको मध्यभाग १८ औं ढोकामा २०२८ सालसम्म नेपालको झण्डा थियो । हामी नेपाली कमजोर भएकाले भारतीयहरुले दादागिरी देखाएर सिमा मिच्छन् र हामीलाई दु:ख दिन्छन्, निराश भएका उनीहरुले गुनासो गरे ।

हुन पनि साँच्चै हो, हामी नेपालीहरुले आफ्नो देशको प्राकृतिक श्रोत र साधन प्रयोग गर्न सकेका छैनौं । हाम्रा नेताहरुलाई कुर्सीमा कसरी पुग्ने भन्ने चिन्ता र खेलबाट फुर्सद छैन । बुद्धिजिवी भनाउँदाहरुलाई बुद्धि लडाउँदै ठिक्क । वास्तविकता बुझ्ने र आवाज उठाउने कोही छैनन् । देशभर नेताले देश बेच्यो भनेर आरोप प्रत्यारोप मात्र भएको छ । त्यसैले अब यस्तो अवस्थाबाट मुक्ति पाउन हामी आफू बाहिरी आवरणमा मात्रै होइन भित्री मनदेखि नै एक भएर राष्टियताका लागि लड्ने र देश बनाउन जुट्ने समय आइसकेको छ ।

यस बाँधका अतिरिक्त हामीले सिद्धबाबा मन्दिरको भ्रमण गर्‍यौं । यस मन्दिरमा नेपालकै सबभन्दा लामो मेला लाग्दो रहेछ । मेला फागु पूर्णिमादेखि ३ महिनासम्म चल्ने रहेछ । भारतको पूर्णागिरी दर्शन गरेपछि सिद्धनाथमा आएर दर्शन नगरे सम्म पूर्णता पाउँदैन भन्ने धार्मिक मान्यताका कारण भारतीय नागरिक पनि दर्शनका लागि यहाँ आउने गर्दछन्, मन्दिरका पूजारीले हामीलाई बताए । यहाँबाट ३ घण्टा पैदल दूरीमा रहेको झिलमिला ताल र सिद्धनाथ बाबा मन्दिरको सही व्यवस्थापन गर्न सके यस भेगका हामी जनता लाभान्वित हुने थियौं, स्थानीयवासीले भने । यस बजारमा नेपाली पत्रिका नपुगे पनि भारतका दैनिक पत्रिकाचाहिं पुग्दा रहेछन् ।

ब्रह्मदेवबाट हामी पेप्सीको गाडीमा नेपालकै भूभाग हुँदै गड्डा चौकी आयौं । कच्ची सडक ठाउँठाउँमा रोक्किदै ट्रक आयो । गड्डा चौकीबाट बसपार्क आएर हामी एउटा सामान्य होटलमा बस्यौं । यहाँ खानाको पैसा मात्र तिर्नु पर्ने रहेछ, बास नि:शुल्क । २०६६ आश्विन ९: बिहान उठेर हामी सुदूर पशिचम दैनिकको कार्यालय पुग्यौं । प्रकाशक/सम्पादक कर्ण बोहोरासँग कुराकानी गर्‍यौं । अरुको सञ्चार माध्यममा जति खटिएपनि केही नहुने देखेपछि म आफ्नै पत्रिकाको व्यवस्थापनमा लागेको छु, सम्पादक बोहोराले अनुभव सुनाउनुभयो । हामी गुणस्तरीयता दिन लागिरहका छौं भन्दै उहाँले पहिले सुदूर पशिचमका पहाडी जिल्लामा पत्रिका

पुऱ्याइए पनि पैसा नउठेकाले गाऱ्हो भएको छ भन्नुभयो । हाम्रो बिहानी खानाको व्यवस्था पनि मनसुन होटलमा उहाँले नै मिलाइ दिनुभयो ।


वेतकोट ताल

खाना खाएर बाहिरिएपछि वैद्यनाथ इञ्जिनियरिंग कलेजमा अध्ययनरत विद्यार्थीत्रय खकेन्द्र विवश रावल, कृष्ण क्षितिज मल्ल र भरत बहादुर विष्टसँग हाम्रो जस्काभेट भयो । विश्वभ्रमणको सवालमा उनीहरु एकदमै उत्सुक देखिए । भ्रमणको अनुभव सुनेर उत्तिकै खुशी पनि ।

हामी अभियान दैनिक कार्यालय पुग्यौं । महासंघ अध्यक्ष हरि जोशी, सचिव लक्ष्मण तिवारी, पत्रकार चित्रांग थापा, विक्रम गिरी लगायतको उपस्थिति थियो । अध्यक्ष जोशीले कञ्चनपुर पत्रकार महासंघको स्थापना २०५४ सालमा भएको जानकारीसहित यात्रा सफलताको शुभकामना पत्र दिनुभयो । पत्रकारहरुसँग विदाइका हात हल्लाएर हामी क्लासिक होटल आयौं ।

त्यतिबेला हामीसँग रु. २५००/- मात्र गोजीमा थियो । होटल सञ्चालकलाई १ दिनको छुट गर्न सकिन्छ कि भनेर अनुरोध गऱ्यौं । उनले मानेनन् । पूरै रु. २०००/- होटलमा बुझाएर जे पर्ला त्यहीं टर्ला भन्दै बेतकोट ताल जाने योजना बनाएर हिंड्यौं । दैजीबाट वेदकोट ताल हामी हिंडेरै गयौं । रु. ५०० बाँकी छ, बस्न खान जे होला भनेर आँट गरेर हामी हिंड्यौं । भस्का, छेला हुँदै जंगल काटेर हामी साँझ ६ बजे वेदकोट ताल पुग्यौं । मन्दिरमा पूजारी थिएनन् । बस्ने ठाउँ पनि थिएन । हतार हतारमा दैजी ५ मा अवस्थित तालको चारैतर्फ घुम्यौं । तराईको गर्मीलाई चूरे पहाडको हरियो वनका बीचमा अवस्थित यो तालले हामीमा शीतलता प्रदान गऱ्यो । कञ्चनपुरलाई टनकपुरको विवादित विषयले मात्र होइन, अन्य पर्यटकीय हिसाबले पनि चिनाउन सकिने हामीले पायौं । तर, अपसोच नकारात्मक कुराले मात्र हाल देश, जनता र मिडियालाई गाँजेको छ । हामी यस्तै छलफल गर्दै साँझ ६:३० बजे तालबाट छेला पुग्ने गरी फर्क्यौं ।

जाँदा डेढ घण्टा लागेको बाटो आउँदा हामी फटाफट हिंडेर १ घण्टामै आइपुग्यौं । छेलामा स साना झुप्रा पसल रहेछन् । तर चामल पीठो दुवै सकिएको मौका परेछ । हामी चाउचाउ खाएर सुत्यौं ।

२०६६ आश्विन ३: छेलाबाट हामी बिहानै उठेर दैजी आयौं । दैजी चोकमा नास्ता गऱ्यौं । बेलौरी जाने योजनाका साथ गाडी चढ्यौं । गाडीवालाले पैसा लिएनन्, धन्यवाद उनलाई । गाडी झलारी ९, कलुवापुर आएर रोकियो । हामी त्यही झऱ्यौं । स्थानीय जयकालिका पुस्तक सदनका जय बहादुर वलीले शिक्षित मान्छे कम भएका कारण राजधानीका पत्रिका कमैले पढ्ने गरेको बताउनुभयो । यद्यपि स्थानीय सामाग्री समेट्ने पत्रिकाहरुप्रति भने धेरैको चासो हुने उहाँको भनाइ थियो । हामी कलुवापुरबाट बेलौरीको गाडी चढ्यौं ।

यहाँचाहिं गाडीले एकजनाको भाडा लियो । गाडी पिपलाडी ३, वंशाह अनि मैनाहाको लामाताललाई छोड्दै श्रीपुर गा.वि.स. को बेलौरी पुग्यो । गाडीमै परिचय भएका वीर बहादुर सुनारले हामीलाई युरेशिया रेयुकाईको २२ औं शाखा कार्यालयमा लैजाउनुभयो । उहाँले नै हामीलाई खानपिनको व्यवस्था मिलाउनुभयो । हामी बजार भ्रमणमा निस्कियौं ।

बेलौरी कञ्चनपुरको पुरानो सदरमुकाम रहेछ । श्रीपुर ४, बेलौरीका १४ वर्षिय उद्धब अर्याल र १५ वर्षिय भाई सुरज अर्यालसँग रमाइलो कुराकानी भयो । भाईहरुले रेडियो पत्रपत्रिका, टेलिभिजन तथा विश्वभ्रमण सम्बन्धमा जिज्ञासा राख्नुभयो । धेरै राम्रो काम थाल्नुभएछ दाई भन्दै उहाँहरुले सफलताको शुभकामना दिनुभयो । त्यसपछि हामीले स्थानीयवासी सुरेश कुँवर र करण कार्कीलाई भेट्यौं । स्थानीय सञ्चारमाध्यममा पनि कार्यरत उहाँहरुले अझै पनि पत्रकारिता गर्न असहज भएको र धाक धम्कीको सामना गरिरहनु परिरहेको छ भन्नुभयो । स्वयंसेवक नै भएर कार्य गर्नु परेकाले अन्य पेशा नअपनाइ भएन भन्दै उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

बजार घुम्दै हामी इलाका प्रहरी तथा सशस्त्र बेस क्याम्प पुग्यौं । दुवै ठाउँमा कार्यालय प्रमुख हुनुहुन्न भनेर अरुले कुरा गर्न चाहेनन् । हेटौंडाबाट युनिटीकै कार्यक्रम लिएर आएको बताउने परशुराम अधिकारीले युनिभर्समै नभएको कार्यक्रम मैले दिन्छु

तपाईंहरु पनि बस्नुस् भन्नुभयो। अधिकारीको भनाइ र बोलाईले हामीलाई विकर्षण गऱ्यो। हुन त: कसैको विचारमा सह
हुनु/नहुनु आफ्नै अर्न्तमनको कुरा हो।

बेलुका रेयुकाई जिल्ला संयोजक वीरबहादुर सुनारले हामीलाई आफ्नै घरमा लैजानुभयो। बेलौरीका सञ्चारकर्मी र
जीको सहयोगको कारण हामीलाई केही राहत मिल्यो। नत्र, हामीसँग खल्ती रित्तो भैसकेको अवस्था थियो। हुन त भगवा
भन्नुहुन्छ रे तँ आँट म पुऱ्याउँछु। आखिर हाम्रो यात्रा यस्तै भयो। कहीं न कहीं, केही न केही सहयोग गर्ने मान्छे हुने रहेछन्
उत्साह र हौसलाले भावी विदेश भ्रमण गर्न अझ हौसला र उत्साह मिलेको छ।

२०६६ आश्विन ४: हामी बिहानै उठ्यौं। बजारसम्म वीर बहादुर जी सँगै आयौं। बेलौरी उद्योग वाणिज्य संघ अध्यक्ष यज्ञ
एनेकपा माओवादी जिल्ला सदस्य भक्त राना र सिलाइ व्यवसायी ज्ञानु भट्टसँग हामीले परिचय गऱ्यौं। उहाँहरुले दिनुभएको
सफलताको शुभकामना सँगै ४० औं जिल्ला कञ्चनपुर यात्रा पूरा गरी हामी ४१ औं जिल्ला कैलाली यात्राका लागि बसबाट धनगढी प्रस्थान गऱ्यौं।

कञ्चनपुरमा यात्राका क्रममा प्राप्त नगद सहयोग

ब्रम्हदेव वजार व्यवस्थापन समिति	रु. १८०/-
मनसुन होटल (महेन्द्रनगर)	रु. ११०/-
नेपाल पत्रकार महासंघ	रु. ५००/-
सुरेश कुँवर (श्रीपुर ४ वेलौरी)	रु. २००/-
करन कार्की (श्रीपुर ४ वेलौरी)	रु. २००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

महेन्द्रनगरमा स्वागत, शुभकामना। - कुसुमाकर ढकाल (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
सञ्चारकर्मीको यात्रा गतिमय बनोस्। - कर्ण बोहोरा, सम्पादक पश्चिम नेपाल दैनिक
सफलताको कामनासहित हार्दिक बधाई। - हरिप्रसाद जोशी (अध्यक्ष), नेपाल पत्रकार महासंघ
सफल पारिसकेपछि पनि पुन: भेट होस्। - सिद्धराज पन्त, सूचना अधिकृत, जि.वि.स.
सञ्चारकर्मीले भ्रमणबाट धेरै सिक्ने प्रयास गर्ने नै छन्। - विक्रम गिरी, अध्यक्ष, दार्चुला पत्रकार महासंघ
निष्पक्ष समाजका अग्रसर व्यक्ति पत्रकार। - लक्ष्मी थापा, दोधारा ३, श्री भानु बहुमुखी क्यापस
साहसिक काम विश्वमा नमूना बनोस्। - पुरण बुढाथोकी, बेलडाँडी १, वैवाहा रेडियो महाकाली
भ्रमण र अभियान सफल रहोस्। - लक्ष्मण तिवारी, सचिव नेपाल पत्रकार महासंघ
प्रेस स्वतन्त्रताको पक्षमा वकालत। - वी.पी. अनमोल (समाचार सम्पादक) नन्दलाल जोशी, रेडियो महाकाली
म कुना काप्चाको भ्रमणले हर्षित भएँ। - धीरेन्द्र सिनाल, स्टेशन म्यानेजर शुक्लाफाँटा एफ.एम.
सूचनाको हक एक मौलिक हक। - दिल बहादुर सिजाली, दोधारा २
यस्ता कार्यहरु सरलतातर्फ जाउन्। - पदमराज बोहोरा, अमरगढी ३, डडेल्धुरा
पत्रकारितामा क्रान्ति ल्याउनु हुनेछ। - मदनराज उपाध्याय (प्र.स.नि.) प्रहरी चौकी बाबा थान
सबै पक्षलाई झकझक्याउन सकोस्। - सर्वजीत बूढा, दोधारा ५
विश्वका जनताको मन जित्नुहोस्। - किसन थापा, दोधारा ३
God bless you always, always and always. - **Gumansaa Man Sonwar, Dodhara 7**
नेपाल र नेपालीको नाम चम्काउने साहस। - लालसिंह विष्ट (प्र.स.नि.), पिपरैया
गाउँको बारेमा २ शब्द कोरिदिनुहोला। - भुपेन्द्र बहादुर चन्द, प्रहरी जवान, सुडा ९
सुदूर पश्चिमाञ्चलवासीको तर्फबाट बधाई। - राजेन्द्र बहादुर सिंह, विद्यार्थी मझगाउँ
देशको शिर उचो राख्नेछ। - कर्ण बहादुर विष्ट, वाझलिंग २, सतबाँझ बैतडी
सामाजिक योगदानले मानिस इतिहासमा अमर हुन्छ। - रनी विवश, महेन्द्रनगर
ब्रम्हदेवको चिनारी नै सिद्धबाबा मन्दिर। - खगेन्द्र प्रसाद पनेरु र हरिशप्रसाद भट्ट, ब्रम्हदेव
चंगा सरी आकाश छोयो मनले। - खकेन्द्र विवश रावल, सुगरखाल ७, कैलाली
यो भेट एक स्वर्णिम अवसर। - कृष्ण क्षितिज मल्ल, बाँधु २, बाजुरा
तपाईंको यात्रासँग आफैं हराएँ। - भरत बहादुर विष्ट, बलिया ९, व्यवस्थितनगर लम्की कैलाली
Best wishes in your journalism career. - **Joe Joshi (Senior Editor) CNN Atlanta**
Best wishes. - Prakash Bohora, Mahendranagar
मन असाध्यै खुशी र हल्का भयो। - वीर बहादुर सुनार, श्री पुर्तिम बेलौरी बजार
विश्वमा नेपाली पत्रकारहरुको नाम राख्नु। - सुरेश कुँवर र करण कार्की, श्रीपुर बेलौरी ४

४१ औं जिल्ला कैलाली डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः ३,२३५ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४२ वटा, नगरपालिकाः २, सदरमुकामः धनगढी, अञ्चलः सेती, विकास क्षेत्रः सुदूर पश्चिमाञ्चल भौगालिक अवस्थितिः पूर्व कर्णाली नदी, वर्दिया, सुर्खेत, पश्चिम कञ्चनपुर, डडेल्धुरा, उत्तर डोटी, डडेल्धुरा, सुर्खेत, र दक्षिण भारतको उत्तर प्रदेश। पर्यटकीय स्थलः घोडाघोडी, जोखर, टिल्को वेहड बाबा, कोइलही, पुरैना ताल आदि।

(श्रोतः जि.वि.स.)

२०६६ आश्विन ४: कञ्चनपुरको बेलौरीबाट बस चढेर हामी कैलालीको सदरमुकाम धनगढी प्रस्थान गऱ्यौं। बस कञ्चनपुरको कालिका, डोकेबजार हुँदै मोहना पुल तरेर धनगढी प्रवेश गऱ्यो। हामी चौराहामा उत्र्यौं। रिक्सा चढेर एल.एन. चोक आयौं। अनुमोदन राष्ट्रिय दैनिकको कार्यालयमा नेपाल पत्रकार महासंघ कैलाली अध्यक्ष दीर्घराज उपाध्याय, पत्रकार प्रकाशविक्रम शाह, कपिल भट्ट लगायतसँग भेट भयो। उहाँहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं।

हामी जिल्ला प्रशासन कार्यालय कैलाली पुग्यौं। कार्यालयमा प्रशासकीय अधिकृत भरतप्रसाद लुईटेल र अधिकृत वसन्तकुमार कनौजियासँग भेट गऱ्यौं। प्र.जि.अ. मन्त्रीलाई स्वागत गर्न जानुभएको जानकारी पायौं। प्रशासकीय अधिकृत लुइटेलले भन्नुभयो- जिल्ला प्रशासनलाई गरिबको जेठो छोरो बनाइएको छ, कैलाली जिल्ला आदिवासी थारुहरुको बाहुल्यता रहेको र हालको सबभन्दा बढी बसाई सराई गरेर आउने जिल्ला हो, कैलालीमा सुदूर पश्चिमका पहाडी जिल्लाबाट बढी र नेपालभरका अन्य जिल्लाबाट समेत मान्छेहरु बसाइ सरेर आउँछन्, यो जिल्ला यस अञ्चलकै तेश्रो ठूलो जिल्ला हो, यो जिल्लामा माओवादी जनसेनाका ४ वटा शिविर रहेका छन्।

स्थानीय सञ्चारमाध्यम/कर्मीसँग जिल्ला प्रशासनको राम्रो सम्बन्ध छ भन्दै प्रशासकीय अधिकृत लुईटेलले, समग्र देशकै पत्रकारिताले कहिलकाहीं महत्व दिन नपर्नेलाई बढी र महत्व दिन पर्नेलाई कम प्राथमिकता दिने गरेका छन् भन्ने धारणा राख्नुभयो। वस्तुनिष्ठ र यथार्थपरक समाचार सम्प्रेषणले सञ्चारमाध्यम र सञ्चारकर्मीको विश्वसनियता रहने बताउँदै उहाँले जिल्ला प्रशासन कार्यालयको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो।

हामी जिल्ला प्रशासनबाट धनगढी नगरपालिका कार्यालय पुग्यौं। नगरपालिकाका कार्यकारी अधिकृत सूर्यनाथ कोइरालासँग भेट भयो। नगरपालिकाको जानकारी यस प्रकार छ: वि.सं. २०३३ सालमा स्थापित धनगढी नगरपालिकाको पूर्वमा उर्मा गा.वि.स. र खुटिया नदी, पश्चिममा मोहना नदी, उत्तरमा गेटा, बेलादेवीपूर गा.वि.स. र दक्षिणमा मोहना नदी र भारतको सिमाना रहेको छ। कैलालीको सदरमुकाम समेत रहेको यस नगरपालिकाको जम्मा क्षेत्रफल ९५ वर्ग किलोमिटर छ। १४ वडा रहेको यस नगरपालिका भित्र बसोबास गर्ने मानिसहरुले दशैं, तिहार, माघी, होली, गौरापर्व प्रमुखरुपमा मनाउने गर्दछन्।

यस नगरपालिका भित्र जौखर ताल र तिलिचो ताल पर्दछन् भने ऐतिहासिक धार्मिक स्थलहरुमा जाखौर बाबा, रामजानकी मन्दिर, पशुपति मन्दिर, बुद्ध मन्दिर, नैनादेवी मन्दिर, कालिका भैरव, वनदेवी मन्दिर, राजयोग सेवा केन्द्र र लक्ष्मीनारायण मन्दिर रहेका छन्।

सदरमुकाम धनगढी

नगरपालिकाबाट हामी नेपाल पत्रकार महासंघ कार्यालय गयौं। महासंघको कार्यालयसँगै जोडिएर रहेको मर्निंग बेल दैनिक कार्यालयमा पस्यौं। सम्पादक वीरेन्द्र रावल र प्रकाशक लोग्शरी कुँवरसँग परिचय भयो। बेलुकीको बसाई र खुवाई महासंघ अध्यक्ष दीर्घराज उपाध्यायको व्यवस्थापनमा हामीले डिभोटी होटलमा गऱ्यौं।

२०६६ आश्विन ५: बिहान हामी बजार भ्रमणका लागि निस्कियौं। धनगढीमा खासै भव्य भवन देखिदैनन्, घरहरु ठिकैका लाग्यो हामीलाई। सुदूर पश्चिमकै प्यागोडा शैलीको अग्लो मन्दिर

भनिएको रामजानकी मन्दिर पनि हामी पुग्यौं । त्यहाँबाट हिंड्दै हामी भन्सार रोडबाट मोहना पुल तरेर नेपाल भारतको सिमाना गौरीफण्टा पुग्यौं । सिमाना नजिकै रहेको शान्ति पुनःस्थापना गृह, कञ्चनपुर काउण्टरमा कार्यक्रम संयोजक वासुदेव भट्टराई, सोना शर्मा र मेरिना साउँदसँग परिचय गऱ्यौं । चेलीबेटी बेचबिखन रोक्ने प्रमुख उद्देश्य राखी यो गृह स्थापना भएको हो, उनीहरुले भने ।

यसको छेउमा रहेको मन्दिरमा त्रिनेत्र मोहना गोदावरी धाम युवा क्लबले देवी भागवत पुराणको आयोजना गरेको रहेछ । हामी पुराणस्थलमा पुग्यौं । पण्डित नन्दराज जोशी, रगर बाबा, नरेन्द्र जोशी, शेरबहादुर लामा, निर्मल परियार लगायतको पुराण व्यवस्थापन समूहले विश्वभ्रमण यात्रा सफलताको कामना गऱ्यो । रगर बाबाले आफू ३६ वर्षदेखि दिनमा एकपटक फलफूल खाएर बस्दै आएको बताउनुभयो । बाइसी विचुवा ९, कञ्चनपुरमा डोकेबजारबाट फर्किएर हामी धनगढी बजार आयौं । मर्निंग बेल दैनिकका सम्पादक वीरेन्द्र रावलले हाम्रो बिहानी खानाको प्रबन्ध गर्नुभयो । खाना खाएर पुनः हामी बजार भ्रमणमै जुट्यौं ।

आज मुस्लिम समुदायको महान् चाड इद परेकाले सरकारी कार्यालय बन्द रहे । हामी चुवाई पुस्तक पसल पुग्यौं । त्यहाँ पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघका क्षेत्रीय उपाध्यक्ष वेदप्रकाश चुवाईं, सदूर पश्चिम क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख रामेश्वरप्रसाद श्रेष्ठ र सुदूर पश्चिम कला प्रतिष्ठानका अध्यक्ष राजकुमार जोशीसँग हाम्रो भेट भयो । उपाध्यक्ष चुवाईले विश्वमा बढ्दै गएको अविश्वासको दूरी र आपसी द्वन्द्वको निराकरण हुँदै विश्व अध्यात्ममय हुनुपर्छ भन्नुभयो ।

त्यहाँबाट हामी अनुमोदन दैनिकको कार्यालय पुग्दा कुरियर व्यवसायी टंक लुईटेल, श्रीनेपाल दैनिक कार्यालयमा कार्यकारी सम्पादक डिल्लीराज जोशी, धनगढी पोष्ट दैनिक कार्यालयमा तेजराज भट्ट र सुदूर सन्देश दैनिक कार्यालयमा प्रकाशक सम्पादक हेमन्त पौडेल, कार्यकारी सम्पादक शिवराज भट्ट, सहसम्पादक शिवराज खत्री लगायतसँग हाम्रो परिचय र कुराकानी भयो । उहाँहरुबाट भ्रमण सफलताको शुभेच्छा लिंदालिदै साँझ ६:३० बजिसकेछ । हामी हिजो बसेकै होटल आयौं, खाना खायौं, समाचार सुन्यौं र पत्रपत्रिका पढेर सुत्यौं ।

२०६६ आश्विन ६: बिहान हामी सुदूर सन्देश दैनिक कार्यालय पुग्यौं । त्यस दैनिकका कार्यकारी सम्पादक शिवराज भट्ट र नेपाल पत्रकार महासंघ डोटी अध्यक्ष दिलबहादुर छत्यालको अनुरोधमा हामीले यात्रा अनुभव सुनायौं, उहाँहरुले टिपोट गर्नुभयो । त्यहाँबाट फर्किएर हामी जोखर ताल गयौं । क्याम्पस रोडबाट रिक्सा चढेर हामी ध.न.पा. ७ देवरिया गाउँमा अवस्थित सो ताल पुगेका हौं । झारले ढोकेको पोखरी सफा गर्न सुरु गरिएको रहेछ । स्थानीय महिला समूहले माछा पालन गरेर आम्दानी गर्छन रे । यसको वरिपरि पार्क बनाउने अनि बस्नका लागि व्यवस्थापन गर्ने हो भने पर्यटकहरु यो तालको मनोरम दृश्यमा रमाउने देखिन्छ । हामीले तालका संरक्षक विक्रम रावलसँग यस्तै कुराकानी गरेर फर्क्यौं ।

त्यहाँबाट हामी कैलाली बहुमुखी क्याम्पस परिसर अनि धानखेती अवलोकन गर्दै अगाडि बढ्यौं । धनगढी गाउँ पुगेर तौलाहा पोखरी र बस्तीलाई नियाल्यौं । धानखेती निकै मलिलो नै देखियो । यो गाउँमा पहिले धन गाडेका थिए रे, वडा नं. ८ धनगढी गाउँका करण चौधरीले हामीसँगको कुराकानीमा बताउनुभयो । यही गाउँबाट नै धनगढी नगरपालिकाको नामाकरण भएको रहेछ ।

हामी जिल्ला प्रहरी कार्यालय गेट पुग्यौं । एस.पी. साब बाहिर जानुभएको छ, भेट गर्नका लागि अरु कोही हुनुहुन्न, एक प्रहरी जवानले हामीलाई भने । त्यहाँबाट हामी जि.वि.स. कार्यालय पुग्यौं । जि.वि.स.मा कार्यक्रम अधिकृत योगेन्द्र ओझासँग परिचय र कुराकानी भयो ।

अधिकृत ओझाले भन्नुभयो, जहाँ प्रेस स्वतन्त्र हुन्छ, त्यहीं विकास हुन्छ । विश्वलाई अध्ययन गर्दा प्रेसको भूमिका ठूलो पाइन्छ । मान्छेको चेतनाको विकासमा प्रेसले ठूलो टेवा पुऱ्याउन सक्छ । १० वर्षको धनगढी बसाइलाई मूल्यांकन गर्दा पनि मैले प्रेसको विकास र भूमिका उल्लेखनीय भएको पाएको छु । त्यसकारण यो समाज र देशको प्रतिनिधित्व गर्दै तपाईंहरुले थालनी गर्नुभएको यात्रा प्रशंसायोग्य छ । तपाईंहरुको यो साहसिक यात्रा सफलतापूर्वक सम्पन्न होस् शुभकामना ।

हामी रु. १/- प्रति व्यक्तिको टिकट काटेर भीमदशरथ उद्यान ऐश्वर्य पार्क घुम्यौं। भित्र खासै व्यवस्थित पार्क नभएपनि रु. १/- मा पार्क घुम्ने मौका खुब मज्जा लाग्यो। हा...हा...हा...। कतै यो विश्वकै कम शुल्क तिरेर भ्रमण गर्न पाइने पार्क त होईन ? त्यहाँबाट वनदेवी र लक्ष्मीनारायण मन्दिर घुमेर हामी होटल फर्कियौं। खानपिन गरेर सुत्यौं।

२०६६ आश्विन ४: बिहान हामी नेपाल पत्रकार महासंघ कैलाली शाखाद्वारा आयोजित दशैं तिहार शुभकामना आदान प्रदान कार्यक्रम २०६६ मा सहभागी भयौं। विभिन्न सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीको यस कार्यक्रममा उपस्थिति रहेको थियो। सो कार्यक्रमका सहभागीहरुले शुभकामना आदान/प्रदान गर्दै पत्रकारिता पेशालाई आगामी दिनमा समय सापेक्ष परिवर्तन गर्दै लान र प्रेस स्वतन्त्रता मजबुत बनाउन बडादशैं र दीपावलीले थप ऊर्जा प्रदान गरोस् भनी कामना गरे। हामीले पनि विश्वभ्रमणको सोच र नेपालमा भ्रमण गरिसकेका जिल्लाको पत्रकारिता अवस्था बारे जानकारी गरायौं। महासंघको यो शुभकामना आदान प्रदान गर्ने कार्यक्रम पहिलोपटक आरम्भ गरिएको हो, अध्यक्ष दीर्घराज उपाध्यायले भन्नुभयो।

अध्यक्ष उपाध्यायले कैलालीको पत्रकारिताका विषयमा हामीलाई यस्तो जानकारी दिनुभयो- हाल कैलालीमा १३ दैनिक ६ एफ.एम. र साप्ताहिक पत्रिका प्रकाशित/प्रसारित भइरहेका छन्। काठमाडौं पछि मोफसलको उत्कृष्ट पत्रकारिता कैलालीमा छ, यहाँ ५० जना व्यावसायिक पत्रकार छन्, उनीहरुको मूल पेशा नै पत्रकारिता हो। यस वर्षको साधारणसभा बाट निस्क्रिय र गैर पत्रकारलाई बिदाई गर्ने प्रक्रियाको थालनी भएको छ। कैलालीको पत्रकारिता विकासबाट अन्य जिल्लाले पनि पाठ सिक्नुपर्छ। किनभने यस शाखाको पहलमा कैलालीका महिला सञ्चारकर्मीलाई पूर्ण छूट र पुरुष सञ्चारकर्मीलाई ५० प्रतिशत छूट पाउने सहमति यातायात व्यावसायी संघले गरेको छ।

ठूला उद्योग धन्दा नभएकाले सञ्चारमाध्यमलाई आर्थिक अभाव छ। एउटा पत्रिका हुँदा रु. १००० को विज्ञापन पाइन्थ्यो भने हाल त्यो पैसा सबैलाई बाँडेर विज्ञापनदाताहरुले दिने गरेका छन्। हामी सबैको माग हो, स्थानीय पत्रिकाले स्थानीय विज्ञापन पाउनु पर्छ। वर्तमानको वर्गीकरण नीति परिवर्तन गरिनु पर्छ। राजधानी र मोफलसललाई एउटै नियम लगाइनु हुँदैन। मोफसलका कार्यालयका विज्ञापन मोफसलकै सञ्चारमाध्यमले पाउनु पर्छ।

यही कार्यक्रममै उपस्थित पत्रकारहरुले १ वर्ष अगाडि हत्या गरिएका पत्रकार जे.पी. जोशीका हत्यारालाई कारवाही गर्न र काजक्रिया गर्न अस्थिपञ्जर फिर्ता गराउन राज्यसँग जोडदार माग गरे। हाल पत्रकारहरुको एकमत भएकाले समस्या आइपर्दा सामना गर्न सकिने अवस्था रहेको भन्दै उनीहरुले कञ्चनपुरबाट प्रकाशित पश्चिम नेपाल दैनिकमा पत्रकारलाई राज्यले सुराकी बनाउन लागेको समाचारप्रति आपत्ति जनाए। उनीहरुले भने, पत्रकारितालाई प्रयोग गरेर यो पेशालाई जटिल बनाउन लागिएको छ, यसको जो सुराकी बन्छ त्यसको पत्रकार महासंघ सदस्यता खारेज गरिनेछ। उक्त समाचारमा कान्तिपुर र नागरिक दैनिक, प्रेस युनियन र प्रेस चौतारी, नेपाल टेलिभिजन र रेडियो नेपाल अनि स्थापित स्थानीय सञ्चारमाध्यमका पत्रकारलाई प्राथमिकता दिने कुरा उल्लेख गरिएको रहेछ।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण सबै पत्रकारको एजेण्डा र भ्रमण रहेको अध्यक्ष उपाध्यायले बताउनुभयो। उहाँले भन्नुभयो, सकारात्मक र स्वतन्त्र पत्रकारितको अभाव खड्किएको छ, अतः यो अभियान सफल हुनु र बनाउनु भनेको पत्रकारिता क्षेत्र पछि सफल हुनु हो र यो अभियान असफल हुनु भनेको पत्रकारिता क्षेत्र पनि असफल हुनु हो भन्ने मलाई लाग्छ, यात्रा सफलताको शुभकामना। हामीलाई महासंघले खानपिन र गेस्ट हाउस खर्च व्यहोर्दै शुभकामना पत्र प्रदान गर्‍यो।

हामी पनि पत्रकारिता क्षेत्रलाई मर्यादित र जिम्मेवार बनाउन अनि जनतालाई सकारात्मक सन्देश र ऊर्जा दिन सक्नु पर्नेमा जोड दिँदै आएका छौं। अतः कसैले पनि पत्रकार र पत्रकारितालाई गलत ढंगमा प्रयोग गरेर अगाडि नबढ्न बढाउन हामी सबैसँग आव्हान गर्दछौं।

महासंघ कार्यालयबाट हामी दिनेश एफ.एम. ९३.८ मे. कार्यालय पुग्यौं। स्टेशन म्यानेजर अमिता कुँवरले हाल बजारमा मिडियामार्फत् विज्ञापन गर्नुपर्छ भन्ने धारणा विकसित भएको बताउनुभयो। सुरुमा विज्ञापनका लागि धेरै कोशिस गर्नु पर्थ्यो, तर अहिले उनीहरु आफैं आउने गरेका छन्। हाल पत्रकारिता क्षेत्रमा खोज एवं सकारात्मक पत्रकारितको अभाव खट्किएको उहाँको धारणा थियो।

त्यहाँबाट फेरि हामी मर्निंग बेल दैनिक कार्यालय पुग्यौं। कार्यालयमा साप्ताहिक पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालका केन्द्रिय उपाध्यक्ष वीरेन्द्र रावलले कमैया, हलिया, छाउपडी, देउकी, कमारा कमारी लगायतका कुप्रथा सुदूर पश्चिममा अझै रहेको तर सुदूर पश्चिम प्राकृतिक श्रोत र साधनले भरिपूर्ण क्षेत्र भएको बताउनुभयो। यी प्राकृतिक सम्पत्तिको सही सदुपयोग गर्न सक्ने हो भने सुदूर पश्चिमवासी आत्मनिर्भर र सम्पन्नशाली बन्न सक्छन्, उहाँको भनाइ थियो। यस्तै संस्कार र संस्कृतिले यहाँको

पत्रकारितालाई प्रभाव पारेको छ, तर पनि विकास तर्फ कैलाली जिल्ला अगाडि बढ्दै गएको छ, पत्रकारितामा संख्यात्मक वि भएपनि गुणात्मक विकास हुन बाँकी छ, हरेक राजनीतिक दलले पनि सत्तामा हुँदा प्रेसलाई नहेर्ने र सत्ता बाहिर रहँदा मिडिय प्रयोग गर्ने गर्दछन् भन्दै उपाध्यक्ष रावलले असल र सक्षम पत्रकारिता गर्न तर्फ सबैजना लाग्नुपर्ने बताउनुभयो।

साप्ताहिक/मासिक पत्रिकाबाटै नेपाली पत्रकारिताको इतिहास सुरु भएको जनाउँदै उपाध्यक्ष रावलले यिनीहरुको उ सम्मान हुन नसकेको दुःखेसो पोख्नुभयो। इतिहासका जुनसुकै कालखण्डमा साप्ताहिक/पाक्षिक पत्रिका र पत्रकारले उल्लेख्य भूमि निर्वाह गरेका छन् भन्दै उहाँले यी पत्रिकाहरुलाई उपेक्षा गर्नु भनेको पत्रकारितालाई भुल्नु हो पनि भन्नुभयो। यो सञ्जाल पत्रकारका लागि सेती अञ्चल अस्पतालमा निःशुल्क उपचारको प्रबन्ध मिलाएको र प्रेस क्षेत्रका हरेक मुद्धामा महासंघलाई नि सहयोग पुर्‍याउँदै आएको पनि उहाँले जानकारी दिनुभयो।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालनी गरिएको विश्वभ्रमणले लोकतन्त्रमा पनि नेपाली पत्रकारि भोग्नु परेका पीडातर्फ सबैको ध्यान पुर्‍याउने विश्वास व्यक्त गर्नुभयो। नेपालीलाई ४३ प्रतिशत वन चाहिनेमा नेपालमा ६३ प्रति वन छ, त्यसकारण विश्व र सगरमाथामा जलवायु परिवर्तन नेपाल र नेपालीका कारण भएको होइन भन्ने कुरा विश्वसमुदायमा पार्न र नेपालका पर्यटकीय क्षेत्रको जानकारी दिन सफल हुनुहोस् भनी उपाध्यक्ष रावलले शुभेच्छा प्रकट गर्नुभयो।

मर्निंग बेलकै कार्यालयमा हामीले राष्टिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीका संरक्षण अधिकृत झंकरबहादु रावल र क्रान्तिकारी पत्रकार संघ कैलाली सचिव टंक कुँवरलाई विश्वभ्रमणबारे जानकारी गरायौं। त्यसपछि हामी जिल्ला व कार्यालय गयौं। कार्यालयमा सहायक वन अधिकृत शेरसिंह धामी, सत्यनारायण महतो र रेन्जर किशोर धामीसँग कुराकानी गर्‍यौं उहाँहरुले भन्नुभयो- कैलाली जिल्ला प्रशस्त सिमसार र जैविक विविधताले भरिपूर्ण क्षेत्र हो, यहाँका मान्छेमा विविधता छ, बर्मेली समेत यहाँ बसेका छन्, यस जिल्लामा धेरैजसो वन सरकारी छ तर समुदायमा क्रमशः हस्तान्तरण हुने प्रक्रिया अगाडि बढिरहेक छ, क्षेत्रफलको हिसाबले नेपालमै बढी वन भएको जिल्ला पनि हो कैलाली। यस्तै जानकारीका साथ उहाँहरुले विश्वभ्रमण सफलताक कामना गर्नुभयो। हामी त्यहाँबाट बाहिरियौं।

हामी बी.बी.सी. नेपाली धनगढी संवाददाता उमीद वागचन्दको कार्यालय पुग्यौं। २० वर्षको पत्रकारितामा आफूले धे आरोह/अवरोह पार गरेको संवाददाता बागचन्दले अनुभव सुनाउनुभयो। उहाँले भन्नुभयो- मान्छेको स्वभाव असन्तोषी भएकाले जतिसुकै समाचार प्रसारण गरे पनि थोरै भएको र नसमेटिएको गुनासा आइरन्छन्। उहाँसँग हामीले केहीबेर आ-आफ्ना अनुभ साटासाट गर्‍यौं। त्यहाँबाट हामी चुवाई पसल आयौं।

हामीले आजै धनगढी छोड्ने मनस्थिति बनाएका थियौं। तर, चुवाई पसल सञ्चालक वेदप्रकाश चुवाईको अनुरोधमा उहाँ घरमा बस्न गयौं। उहाँका घरपरिवारका सदस्यसँग कुराकानी गर्दै खाना खायौं। चुवाई जी आध्यात्मिक संगत र ज्ञान ध्यानमा डुब्ने व्यक्ति हुनुहुँदोरहेछ। हामी १० बजे कुराकानीलाई अन्त्य गरेर सुत्यौं।

२०६६ आश्विन ८: उठ्ने बित्तिकै आज हामी धनगढी ८, अनामनगर पुग्यौं। यहाँ पनि काठमाडौंको जस्तै अनामनगर, रातोपुल, नयाँबजार जस्ता नाम गरेका ठाउँ रहेछन्। अनामनगरमा स्थानीयवासी एवं शिक्षक धनप्रसाद दाहाल, शिक्षिका फाल्गुना दाहाल, विद्यार्थीहरु काशीनाथ दाहाल, इश्वर पौडेल, राजेन्द्र दाहाल, सिर्जना दाहाल, स्थानीयवासी पुश्कर दाहाल र सुदर्शन दाहालसँग हाम्रो परिचय भयो। पुष्कर दाहालले सरकारबाट कृषि क्षेत्र उपेक्षित भएको गुनासो गर्नुभयो। भोजपुर जन्मस्थान भएका धनप्रसाद दाहालकै घरमा खाना खाएर हामी बिदा भयौं। उहाँहरुकै अनुरोधमा हामी त्यहाँ पुगेका थियौं। यो टोलमा भोजपुरेहरु रहेछन्।

बिदाई हुने बेलामा उहाँहरुको भावुक र संवेदनशील शुभेच्छाले हामीलाई अझ जिम्मेवारी बोध महसुस गरायो। त्यहाँबाट हामी धनगढी बसपार्क तिर लाग्यौं। बसपार्कबाट हामी अत्तरियाको बस चढ्यौं। बस धनगढी चौरहाबाट चटकपुर विमानस्थल हुँदै अगाडि बढ्यो। हाम्रो फाइल हेरेर कन्डक्टरले पैसा लिएनन्। हामी अत्तरिया चोक आइपुग्यौं।

अत्तरियाबाट चार दिशा जाने बाटो अर्थात् डडेल्धुरा वैतडी, महेन्द्रनगर, धनगढी र पूर्व बर्दिया बाँके जाने बाटो रहेछ। अत्तरिया मालाखेती गा.वि.स. मा पर्छ। हामी सामुदायिक रेडियो घोडाघोडी एफ.एम. १००.४ मे. कार्यालय पुग्यौं। प्रसारणका हिसाबले यो रेडियो सुदूर पश्चिमकै पहिलो रेडियो हो, स्टेशन म्यानजेर मस्तवीर कन्याकडरहवाले भन्नुभयो। आर्थिक समस्याले रेडियो चलाउन गाह्रो भइरहेको बताउँदै उहाँले विश्वभ्रमण सफलताका लागि शुभकामना पत्र प्रदान गर्नुभयो।

त्यहाँबाट हामी इलाका प्रहरी कार्यालय मालाखेती पुग्यौं। प्रहरी निरीक्षक गणेशबहादुर बमले स-साना कुरामा पनि सडक जाम र हुल दंगा गर्ने नराम्रो संस्कृति बढेकोमा चिन्ता प्रकट गर्नुभयो। यही कार्यालयमा भेट हुनुभएका मालाखेती ३, चौकीडाँडाका तारासिहं धामीले भ्रमण गर्दा सबै ठाउँको बारेमा थाहा हुन्छ, यस्तो काम राम्रो हो भन्नुभयो। अत्तरियाबाट हामी घोडा घोडी ताल

लागि बस चढ्यौं । उभिनु परेकाले बीच बीचका ठाउँको नाम हेर्न सकिएन । यद्यपि वनजंगल र धानखेतीको मनोरम दृश्य हेर्न भने हामीले छुटाएनौ ।

घोडाघोडी ताल

घोडाघोडी ताल आइपुगेपछि हामी बसबाट ओर्लियौं । तालको बीचमा कमल फूलेर शोभा दिइरहेको छ । यो ताल विश्वकै रामसार क्षेत्रमा सूचीकृत र सडकको छेउमा भएपनि खासै व्यवस्थित देखिएन । ताल वरपरको जंगलको छाहरी र शीतलतामा हामी आनन्दित भयौं । बेलुकी यही ताल छेउको विराट सनातन वेद विद्याश्रममा बस्यौं ।

धनकुटामा जन्मिएर सोही आश्रममा बस्दै आउनुभएका शिव बद्री चरणदास (शिवप्रसाद बाँस्तोला) र जयनन्द जोशीसँग कुराकानी गर्‍यौं । चरणदास जीले भन्नुभयो, हालका धेरै धार्मिक/आध्यात्मिक गुरुहरु शिष्य/शिष्यालाई शोषण गरेर बस्छन्, यो कार्य मलाई मन पर्दैन । बुद्धले कहिल्यै प्रतिमा स्थापना गर्नु भन्नु भएन, हाल बुद्ध धर्मका नाममा उहाँको ज्ञानलाई विकृत बनाइयो, म त वास्तविक गुरु बुद्धलाई मान्छु किनभने गुरुको काम ज्ञान दिनु हो, शिष्य/शिष्यालाई शोषण गरेर बस्नु होइन ।

धर्म र अध्यात्मका नाममा कथित गुरुहरुले शिष्य/शिष्याहरुमाथि गरिरहेको शोषणप्रति हामी पनि विरोध गर्दछौं, र उहाँका जायज भनाईमा सर्मथन पनि जनाउँछौं । तर चरणदास जीको पनि आफूले भनेको, बुझेको कुरा मात्र ठिक अरुको कुरा जति सबै वेठीक भन्ने भन्ने भनाईमा भने हामी सहमत हुन सकेनौं । अर्कातिर हाम्रा केही कुरा पचाउन उहाँलाई पनि गाह्रो पर्‍यो । यस्तै क्रिया/प्रतिक्रिया गर्दै रह्यौं, हामी चरणदास जी सँग ।

वटुकहरु रुद्री पढ्न व्यस्त थिए । यहाँ सात जना स-साना बटुक, एकजना पूजारी र चरण दास जी बस्नु हुँदोरहेछ । यही बनेको दाल र भात हामीले पनि भोजन गर्‍यौं । ९ बजे हामीले रात्री विश्राम लियौं ।

२०६६ आश्विन ९: घोडाघोडी तालबाट हामी बिहानै उठेर हिंड्यौं । सुखड बजारबाट लम्कीका लागि बस चढ्यौं । बस सडकपुर, बैनिया हुँदै लम्की आइपुग्यो । लम्की नगरउन्मुख बजार रहेछ । हिन्दू धर्मावलम्वीको मुख्य चाड दशैंको आज फूलपाती हो । लम्कीमा बजारका धेरै सटरहरु बन्द छन् भने बस चढेर घर फर्कनेहरुको भीडभाड छ । स्थानीय रंग तिमल्सिनासँग हाम्रो भेट भयो । लम्की बालिया गा.वि.स. को वडा नं. ८ मा पर्दछ । स्थानीय किराना पसलका मुना र मनिषा पाठकले विश्वभ्रमण र पत्रकारिता क्षेत्रबारे जिज्ञासा राख्नुभयो । पत्रकारहरुको हत्या भइरहेको सुन्दा हामीलाई नराम्रो लाग्छ, पाठक दिदी बहिनीले भन्नुभयो । हामी टीकापुरका लागि बस चढ्यौं ।

हामी बसेको बसको सिट छेउको सिसा फूटेको रहेछ । पानी परेर भित्र पस्यो । प्लास्टिक झिकेर पानी रोक्यौं । झरी परेका कारण बाटाको वातावरण हेर्न सकिएन । लम्कीदेखि १४ किलोमिटर दूरीमा रहेको टीकापुर आइपुगेर हामीले होटलमा खाना खायौं । टीकापुर कैलालीको अर्को नगरपालिका हो । प्लास्टिक ओढेरै हामी टीकापुर एफ.एम. १०१ मे. कार्यालय पुग्यौं । त्यहाँ एफ.एम. प्रबन्धक गणेश चौधरी, समाचार प्रमुख दीपक ढुंगाना र लेखापाल नवराज देवकोटा लगायतसँग हाम्रो परिचय भयो । समाचार प्रमुख ढुंगानाले रेडियोमा हाम्रो कुराकानी रेकर्ड गर्नुभयो । हिंड्दै हामी टीकापुर बजारबाट टीकापुर बृहत उद्यान पुग्यौं ।

टीकापुर उद्यानको गेटबाट भित्र छिर्‍यौं । महेन्द्र आरोग्य गृह, वीरेन्द्र आवास गृह र फलफूल बगैंचा भ्रमण गर्‍यौं । पार्क निकै ठूलो र रमाइलो लाग्यो तर जति व्यवस्थापन हुनुपर्ने त्यति व्यवस्थापन देखिँदैन । पर्यटक बस्नका लागि कुनै होटल वा लज छैनन् । राजा महेन्द्र जंगलमा शिकार खेल्न जाँदा बाघको आक्रमणबाट घाइते भएपछि चिकित्सकको सल्लाहमा यस पार्कमा १ महिना बसेका थिए रे ! त्यसपछि उनको रोग निको भएको पनि यहाँका स्थानीय बासिन्दा बताउँछन् । यहाँको प्राकृतिक वातावरण राम्रो भएकाले नै रोग निको भएको हुनुपर्छ भन्ने हामीलाई लाग्यो । यस पार्कका गार्ड दुज बहादुर दर्लामी ८४ बिघाह क्षेत्रफल भएको पार्कको नगरपालिकाले व्यवस्थापन गर्न नसकेको दुःखेसो गर्नुहुन्छ । यो पार्क नेपालकै सबभन्दा ठूलो पार्क हो । कर्णालीको चिसापानीबाट डुंगामार्फत् पर्यटक यहाँसम्म ल्याइ पुर्‍याउने उद्यमी उपेन्द्र महतोको टिमले प्लानिंग गरेको थियो । तर ५०/६० वर्षका लागि पार्क नगरपालिकाले भाडामा दिन नमानेकाले यो योजना कार्यान्वयन हुन सकेन, उहाँले भन्नुभयो ।

पार्क घुमिसकेपछि हामी पुनः टीकापुर बजार आयौं। टीकापुर एफ.एम. कार्यालयमा स्टेशन म्यानेजर एकिन्द्र तिमल्सिनासँग हाम्रो भेट भयो। साँझ परिसकेको थियो। हाम्रो खानपिन बसोबासको प्रबन्ध यहीं भयो।

२०६६ आश्विन १०: बिहान हामीले सुदूर पश्चिमको प्रयास साप्ताहिक कार्यालयमा प्रधान सम्पादक दुर्गा देवकोटासँग केहीबेर कुराकानी गर्‍यौं। महिला पत्रकारकै सक्रियतामा सो साप्ताहिक २ वर्षदेखि प्रकाशित भइरहेको रहेछ। उहाँकाअनुसार पहिले महिलाहरु २-४ महिना पत्रकारिता गरेर छोड्ने गर्दथे तर आजकाल एफ.एम. र पत्रिका खुलेका कारण सो क्रम रोकिएको छ। प्रयास साप्ताहिक प्रकाशित गर्नुको कारणचाहिं पेशाबाट आफू बञ्चित हुन नपरोस् र केही मात्रामा भएपनि महिला पत्रकार उत्पादन गर्न सकियोस् भन्ने हो। सम्पादक देवकोटाले भन्नुभयो, सुरुमा महिलाहरुले पत्रिका प्रकाशन गर्न सक्दैनन् भनेर अरुले भन्दा साँच्चै सकिन्छ कि भन्ने लागेको थियो। तर, अहिले हामीले यसरी पत्रिका प्रकाशित गरेको देख्दा सबैजना आश्चर्यमा छन्। आजकल सबै क्षेत्रमा विज्ञापन र पत्रिका पढ्न एक अर्कालाई भनसुन गरिदिने पनि चलन चलेको छ, सम्पादक देवकोटाले खुशी व्यक्त गर्दै भन्नुभयो। कैलाली जिल्ला धेरै सम्भावना बोकेको ठाउँ भएकाले सकारात्मक सोच र मेहनेत गर्ने जो कोहीले धेरै ठूलो प्रगति गर्न सक्छन्, महिला पत्रकार देवकोटाको सबैलाई सल्लाह छ।

हामी फूलबारी एफ.एम. ९३.२ मे. कार्यालय पुग्यौं। यस कार्यालय परिसरभित्रको बगैंचामा विभिन्न सर्जकहरुका नाममा बिरुवा रोपिएका रहेछन्। फूलबारी एफ.एम. प्रबन्ध निर्देशक रेशम चौधरीले आफू पनि सर्जक भएकाले नारायण गोपाल, तारादेवीदेखि लिएर सबै सर्जकको सम्मानमा रुख रोपेर बगैंचा बनाइएको बताउनुभयो। यसरी बिरुवा रोपेर सर्जकहरुको सम्मान गरेको हामीले अन्यत्र देख्न पाएका थिएनौं। यस कार्यका लागि हाम्रो रेडियो परिवारलाई बधाई।

टीकापुरमा २ वटा एफ.एम. छन्, व्यवस्थापन गर्न सक्ने हो भने अझै एउटा एफ.एम. चल्न सक्छ, तिहारपछि म त फूलबारी टेलिभिजन खोल्न १० तले घर निर्माण गर्ने योजनामा छु, हाल टीकापुर र बर्दियामा पनि एफ.एम. मज्जाले चलाइरहेको छु, निर्देशक चौधरीले भन्नुभयो। उहाँले निर्धक्कताका साथ आफ्नो योजना प्रस्तुत गरेको सुन्दा हामी प्रभावित भयौं। किनभने केही छोडेर अधिकांशले मिडिया चलाउन गाह्रो भएको गुनासो पोख्थे, पोखिरहेका छन्। मोफसलका लागि मिडिया चलाउन सही नेतृत्व भए अवश्य केही गर्न सकिने रहेछ भन्ने हामीलाई पनि लाग्यो। यस रेडियोका सहसम्पादक दीपक आचार्य जलनले विश्वभ्रमण अभियानबारे रेडियो कुराकानी रेकर्ड गर्नुभयो। टीकापुरमा अहिले २ एफ.एम. ३ दैनिक, ३ साप्ताहिक र २ अर्द्ध साप्ताहिक पत्रिका रहेछन्।

फूलबारी एफ.एम. बाट हामी इलाका प्रहरी कार्यालय टीकापुर पुग्यौं। बिदाका दिनमा प्रहरी निरीक्षकले परिवारसँग व्यस्त छु भन्ने खबर पठाएर भेट गर्न आएनन्। एक प्रहरी जवानले हाकिमको चाप्लुसी सेवा नगरेको र आफ्ना मान्छे ठूलो पोष्टमा नभएकाले ११ वर्षसम्म आफ्नो बढुवा भएन भनेर दुःखेसो पोखे। हामी चिसापानी आउने योजनाका साथ हिंड्यौं।

टीकापुरबाट फेरि लम्कीका लागि बस चढ्यौं। बस दुगौंली, पथरैया हुँदै लम्की आइपुग्यो। बसबाट ओर्लिएर हामीले खाना खायौं। चिसापानीका लागि बस चढ्यौं। चिसापानीमा बसबाट ओर्लियौं। कर्णाली नदीको १ खम्बे पुल चुरे पहाड र वन जंगलले रमाइलो देखियो। हामीले दशैका २/३ दिन रात यही बसेर लेखपढ गर्ने योजना बनायौं। चिसापानीमा र्‍याफटिंग खेल्न धेरै पर्यटक आउँछन्, एक स्थानीय व्यापारीले भने। आज दशैंको अष्टमी ...।


चिसापानीको १ खम्बे पुल

२०६६ आश्विन ११: आज दशैंको नवमी...। ४ बजेपछि कर्णालीको पुल मुनि नदीमा लुगा धुन गयौं। कर्णाली पुल आकर्षक लाग्यो।

२०६६ आश्विन १२: आज चाहिं विजया दशमी अर्थात् बडादशैंको सबभन्दा महत्वपूर्ण दिन...। पौने ११ बजे होटलकी आमा लक्ष्मी खड्काले टीका लगाउन अनुरोध गर्नुभयो। उहाँको अनुरोधलाई हामीले स्वीकार गर्‍यौं। लक्ष्मी आमाले टीका र जमरा लगाइ दिँदै बाबुहरु जुन योजनामा हिंड्नुभएको हो, त्यो योजना दुर्गा माताले पूरा गरुन् भन्दै आर्शिवाद दिनुभयो। मीठो खाना ख्वाउने, दशैंमा टीका लगाइदिने र आफ्नै आमाको झल्को दिने भूमिका निभाउने उहाँप्रति हाम्रो श्रद्धा र सम्मान बाहेक अरु त के नै हुन्छ र...?

साँझपख हामीले चिसापानी बजार घुम्यौं। यहाँबाट मुगु, जुम्ला लगायतका कर्णाली अञ्चलका तथा सुदूर पश्चिमका जिल्ला

जाने मान्छेहरु पैदलयात्रा गर्दा रहेछन्। कर्णालीको तिरै तिर बाटो जाँदो रहेछ। चोक भएकाले गर्दा नै यहाँको बजार कुनै-कुनै जिल्लाको सदरमुकामभन्दा ठूलो जस्तो लाग्यो हामीलाई। पर्यटकहरु सुर्खेतबाट भेरी नदी हुँदै कर्णालीबाट र्‍याफ्टिंग खेल्दै चिसापानी भन्दा तल पुगेर ठाकुरद्वारा बर्दिया उत्रँदा रहेछन्।

चिसापानीको पुल २०५० साल मंसीर २८ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले समुद्घाटन गर्नुभएको रहेछ। हामीले पुलको वारपार गर्‍यौं। एउटा अग्लो खम्बामा पुलका लट्ठाहरु कस्सिएका रहेछन्। झोलुंगे पुल भएपनि पक्की गाडी हिंड्ने रहेछ यो पुल। भोली बिहान बाई बाई कैलाली, हाई हाई बर्दिया !!!

कैलाली यात्राका क्रममा प्राप्त नगद सहयोग

धनगढी नगरपालिका	
जिल्ला विकास समिति	रु. १,०००/-
मर्निंग बेल दैनिक	रु. १,०००/-
चुवाई पुस्तक पसल	रु. ५०१/-
फूलबारी एफ.एम. टीकापुर	रु. ५००/-
शान्ति पुर्नस्थापना गृह	रु. ५००/-
सुदूर सन्देश पब्लिकेशन	रु. ५००/-
ई.प्र.का. मालाखेती	रु. २००/-
	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगइन गर्न सक्नुहुनेछ)

धनगढीमा स्वागत, शुभकामना। - भरतप्रसाद लुईटेल (प्रशासकीय अधिकृत), जिल्ला प्रशासन कार्यालय
उच्च प्रशंसा, सफलताको विन्दुमा पुगेर मात्र टुंगियोस्। - दीर्घराज उपाध्याय (अध्यक्ष), पत्रकार महासंघ
सफलताको कामना। - हेमन्त पौडेल (सम्पादक), सुदुर सन्देश पब्लिकेशन प्रा.लि.
प्रेसलाई सकारात्मक एवं जनपक्षीय बनाउन प्रेरणा। - लोगशरी कुँवर, प्रकाशक मर्निंग बेल दैनिक, धनगढी
नेपाली पत्रकारितालाई अझ उच्च बनाउनु। - गणेश चौधरी, कान्तिपुर दैनिक संवाददाता, टीकापुर
हर पाइतालाले सफलता पाउनु पर्छ....। - दीपक आचार्य (जलन) फूलबारी एफ. एम., टीकापुर
पत्रकारितामा सकारात्मकता ल्याउने दृढ अठोटलाई सलाम। - दीपक ढुंगाना, समाचार प्रमुख, टीकापुर एफ.एम.
यात्राले राष्टघातीहरुलाई घच्घच्याओस्। - दूर्गा देवकोटा, सुदूर पश्चिमको प्रयास साप्ताहिक, टीकापुर
सहयोग गर्नु हरेक नागरिकको कर्तव्य हो। - रेशम चौधरी, प्रबन्ध निर्देशक, फूलबारी एफ.एम.
मानवअधिकार रक्षाका लागि ठूलो योगदान। - वीरेन्द्र रावल (केन्द्रिय उपाध्यक्ष) साप्ताहिक पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल
सुन्दर तथा साहसिक यात्रा सफल बनोस्। - दिल बहादुर छत्याल, नागरिक दैनिक
कैलाली आगमनालाई धन्यवाद, सफलताको कामना। - मस्तबीर क्याकडरहवा (स्टेशन मैनेजर), रेडियो घोडाघोडी एफ.एम. अत्तरिया
म प्रभावित भएँ। - शिवराज भट्ट, अन्नपूर्ण पोष्ट संवाददाता
प्रेस स्वतन्त्रताका लागि हिंड्नुभएकोमा बधाई तथा शुभकामना। - अमिता कुँवर (स्टेशन म्यानेजर) दिनेश एफ.एम. धनगढी
विश्वमा नेपाली पत्रकारहरुको नाम राख्न सक्नुहोस्। - उमीद वागचन्द, वी.वी.सी. संवाददाता, प्रकाशविक्रम शाह (अनुमोदन दैनिक), सुमन पन्त, (समाचार सारांश दैनिक), भरत शाह (नेपाल टेलिभिजन संवाददाता) हरिश बि.के. (युग समाचार पत्र), धनगढी
महान् व्यक्तिले नै संसार अडेको ठान्दछु। - फाल्गुना दाहाल, धनगढी ८, अनामनगर
सानो देखिने नेपाल विश्वभरी चिनिने छ। - टंक लुईटेल, धनगढी २, कैलाली
विश्व अध्यात्ममय बनोस्। - वेदप्रकाश चुवाई, चुवाई पुस्तक पसल, धनगढी
छलफल हुँदा सारै खुशी लाग्यो। - योगेन्द्रप्रसाद ओझा, कार्यक्रम अधिकृत जि.वि.स.
नेपाल चिनाउन चाहनुभएकोमा म खुशी छु। - धनप्रसाद दाहाल, धनगढी ८
सधैं सफल भइरहनु। - सिर्जना दाहाल, कैलाली बहुमुखी क्याम्पस
अराजकता अन्त्य गर्न सफलता मिलोस्। - गणेश बहादुर बम (प्र. नि.) ईलाका प्रहरी कार्यालय, मालाखेती
राष्ट्रियताका लागि सधैं समर्पित हुनु। - वासुदेव भट्टराई, शान्ति पुर्नस्थापना गृह, कञ्चनपुर शाखा
दस्तावेज अनुसन्धानमा उपर्युक्त बनोस्। - सूर्यनाथ कोईराला (कार्यकारी अधिकृत) धनगढी नगरपालिका
यात्रा र लक्षको पूर्ण सफलताको कामना।
- राजकुमार जोशी (अध्यक्ष), सुदूरपश्चिमाञ्चल कला प्रतिष्ठान, रामेश्वर प्रसाद श्रेष्ठ (कार्यालय प्रमुख) सु.प. क्षेत्रीय खेलकुद विकास समिति

४२ औं जिल्ला बर्दिया डायरी

२०६६ आश्विन १३: ४१ औं जिल्ला कैलालीको भ्रमण चिसापानीमा अन्त्य गरी बसमार्फत् हामीले कर्णाली नदीको एक खम्बे पुल पार गऱ्यौं । अब हाम्रो ४२ औं जिल्ला बर्दिया यात्रा प्रारम्भ भयो । हामी नेउलापुर १, आम्बासामा बसबाट उत्रियौं । होटलमा खाना खायौं । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे स्थानीयवासीहरुसँग कुराकानी गऱ्यौं ।

संक्षिप्त परिचय

क्षेत्रफल: २,२८,००० हेक्टर, गा.वि.स. संख्या: ३१ वटा, नगरपालिका: १, निर्वाचन क्षेत्र: ३, सदरमुकाम: गुलरिया, अञ्चल: भेरी, विकास क्षेत्र: मध्यपश्चिमाञ्चल
भौगालिक अवस्थिति: पूर्व बाँके, पश्चिम कैलाली, उत्तर सुर्खेत र सल्यान र दक्षिण भारत
भाषा: थारु, नेपाली, अवधि, हिन्दी, उर्दु र अन्य ।
पर्यटकीय स्थल: बर्दिया राष्टिय निकुञ्ज, बढैया ताल, कर्णाली पुल (चिसापानी), पन्टुन पुल, कृष्णासार (खैरापुर), चेपांग गाउँ (बेलवा), मन्दिरहरु वागेश्वरी, सन्तोषी, कोटही, राधाकृष्ण, रामजानकी र गणेश मन्दिर (राजापुर), ठाकुर जी र शिव मन्दिर (ठाकुरद्वारा) आदि।
(साभार: बर्दिया जिल्ला २०५८)

बकुवा चोकमा स्थानीय मेडिकल व्यवसायी पंकज थापा, दिल बहादुर वि.क., रामबहादुर थापा, शिवपुर ८, महनपुरका गगनबहादुर खड्का लगायतका व्यक्तिसँग हामीले कुराकानी गऱ्यौं । थारुहरुको बाहुल्यता रहेको शिवपुरमा दैलेख जिल्लाबाट बसाई सरेर आएकाहरुको संख्या पनि उल्लेख्य रहेको जानकारी उनीहरुबाट पाइयो । सिंचाई नभएका कारण बोरिंग गरेर खेत रोप्ने गर्दछौं, उनीहरुले भने । व्यवसायी थापाले चिया नास्ताको व्यवस्था गर्नुभयो ।

चर्को घाममा ठाउँ ठाउँमा आराम गर्दै हामी अगाडि बढ्यौं । ठाकुरद्वारा मन्दिर आयौं । आसपासको क्षेत्र भ्रमण गऱ्यौं । कैलाली चिसापानीमा १५/१६ सय खर्च भएका कारण गोजीमा पैसा कम छ । त्यसकारण मन्दिरमा बस्न पाइएला कि भनेर सोधपुछ गऱ्यौं। पुरुष गाउँतिर गएका रहेछन् महिलाले छैन भनिन् । विदेशी आउने ठाउँ महंगो होला, हामी यस्तै कुराकानी गर्दै जसरी हुन्छ कसैको सहयोग लिएर बस्ने निर्णयका साथ हिंड्यौं । भट्टराईको एउटा पसल देखेर दाजुभाईले केही सहयोग गर्लान कि ? भन्ने आशा गरेको त उहाँले उता रिसोर्ट छ त्यता होटल भनेर देखाइ पो दिनुभयो । होटल रिसोर्ट देखाइदिने दाईलाई धन्यवाद भन्दै हामी हिंड्यौं।

बर्दिया निकुञ्ज कार्यालयतर्फ अगाडि बढ्दै थियौं । दुई जना दाईहरु आउनुभयो । उहाँहरुसँग हाम्रो परिचय भयो । झमक्कै साँझ परिसकेको थियो । हामीले आजको रात तपाईंहरुको घरमा बस्न मिल्छ भनी सोध्यौं । ठाकुरद्वारा ९, शिवपुरका सन्तवीर सुनारले सहजै हामीलाई आफ्नो घर ल्याउनुभयो । साथमा उहाँका ज्वाई टीकापुर कैलाली निवासी कृपराज वि.क. हुनुहुन्थ्यो। लोडसेडिंगका कारण हामी सामान्य कुराकानी गरेर ९ बजे सुत्यौं ।

२०६६ आश्विन १४: बिहान पेण्टर सन्तवीर सुनार उहाँका ज्वाई, घरपरिवार तथा अन्य सदस्यसँग हाम्रो कुराकानी भयो । यो गाउँमा थारुहरुको बाहुल्यता रहेछ । थारुहरुको संस्कार, संस्कृति क्रमश: परिवर्तन हुँदै गइरहेको छ, सन्तवीरले भन्नुभयो । बिहान १० बजे खाना खाएर हामी त्यहाँबाट छुट्यौं ।



खोलाको किनारै किनार हामी बर्दिया निकुञ्ज कार्यालयतर्फ अगाडि बढ्यौं । निकुञ्जका जनावर गाउँमा आएर बालीनाली नष्ट नगरुन् भन्ने अभिप्राय:ले विद्युतीय तारद्वारा बार लगाइएको रहेछ । बाली खाइदिने डरले मानिसहरु हात्ती र जंगली जनावर रुङ्न अग्लो टहरो बनाएर बस्ने गर्दारहेछन् । हामी यस्तै दृश्य र होटल परिसर हेर्दै निकुञ्ज कार्यालय आयौं ।

बर्दिया राष्टिय निकुञ्ज कार्यालयमा खरिदार नवराज पोखरेल र अन्य कर्मचारीहरुलाई हामीले विश्वभ्रमणबारे जानकारी गरायौं

कछुवा

। दशैंको मौसम भएकाले प्रमुख संरक्षण अधिकृत लगायत धेरै कर्मचारी कार्यालयमा उपस्थित थिएनन् । निकुञ्ज कार्यालय परिसरमा हामीले एक सिंगे गैडा, गोही प्रजनन् केन्द्रमा घडियाल, मगर गोही र कछुवा हेर्न पायौं । अन्य जनावर हेर्नका लागि केही हप्ता जंगल घुम्नु पर्छ रे । त्यहाँ हामीले थारु सांस्कृतिक संग्रहालयको पनि अवलोकन गर्ने मौका पायौं । संग्रहालयभित्र उनीहरुको दिनचर्या, रितिरिवाजका बारेमा अध्ययन गर्न सकिने रहेछ । बेहुला बेहुली बोक्ने डोली, इष्टदेवका मूर्ति, पहिरन, भाँडाकुँडा, ढिकी लगायत विभिन्न सामानहरुको अवलोकन गर्दा त्यतिबेला र अहिलेका थारु जातिमा आकाश जमीनको फरक पाइन्छ ।

बर्दिया राष्ट्रिय निकुञ्ज तराईको सबैभन्दा ठूलो र प्राकृतिक वातावरणको दृष्टिकोणले अद्वितिय तथा अति मनोरम क्षेत्र हो । वि.सं. २०३२ सालमा कर्णाली वन्यजन्तु आरक्षको रुपमा स्थापना भएको यसको पूर्व पशिचम लम्बाई ७० किलोमिटर र उत्तर दक्षिण चौडाई १० किलोमिटर क्षेत्रफलमा फैलिएको छ, यो जानकारी हामीले निकुञ्जको सूचना बोर्डमा पढ्न पायौं । त्यहाँ विभिन्न वन्यजन्तुको तस्वीर सहितका विविध सूचना पनि टाँसिएका छन् ।

निकुञ्ज कार्यालय परिसरमा हामीले सुमन रञ्जितकार र सुस्मा खत्री रञ्जितकारको परिवार भेट्यौं । उनीहरु सपरिवार काठमाडौंबाट निकुञ्जमा दशैं मनाउन आएका रहेछन् । आफूले सुनेजस्तो वन्यजन्तु हेर्न पाइएन भनेर गुनासो पोख्दै सरकारले पनि प्राकृतिकरुपमा बनेको यो निकुञ्ज व्यवस्थापनमा ध्यान नदिएकोप्रति उनीहरुले आक्रोश व्यक्त गरे । कार्यालयका खरिदार नवराज पोखरेलले सरकारले उचित वातावरण सिर्जना गर्न नसक्नु, हामीले महत्व दर्शाउन नसक्नु र यातायातको पनि उचित व्यवस्थापन नभएका कारणहरुले गर्दा निकुञ्जले उपलब्धि हासिल गर्न नसकेको बताउनुभयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणबाट मातृभूमि र संसार चिनारीमा लाग्नु भएका तपाईंहरुलाई आत्मादेखि नै सफलताको कामना गर्दछु भनी पोखरेलले शुभेच्छा प्रकट गर्नुभयो ।

निकुञ्ज कार्यालयबाट बिदा भएर हामी हिंड्यौं । छेउछाउका होटल एवं बस्तीहरुको अवलोकन गर्‍यौं । मध्यान्हको घाम टाउकै फूटलाजस्तो थियो । शीतलमा बसेर हामी केहीबेर सुस्तायौं । त्यसपछि ठाकुरद्वारा बजार आयौं । सन्तवीर आर्ट सेन्टरमा पुगेर सन्तवीर जी सँग बिदा भएर हिंड्यौं । क्यापिटल एक्सप्रेसको बस चढेर हामी नेउलापुर ५, भुरीगाउँ आयौं । बर्दियाको यो पनि एउटा प्रमुख बजार र पूर्व पश्चिम राजमार्गले छोएको ठाउँ रहेछ । यहाँबाट बर्दिया सदरमुकाम गुलरिया जाने सडक त छ नै सुर्खेत जोड्ने बाटो पनि सर्भे भएको स्थानीयवासीले बताए ।

साँझ पर्ने लागेको थियो । हामीले बजारका केही युवाहरुसँग कुराकानी गर्‍यौं । कृष्णप्रणामी मन्दिर गयौं । मन्दिरमै हामीले खाना खायौं । बजार र होटलमा भन्दा हामीलाई मन्दिरमा बस्दा सहज लाग्छ । कारण, यहाँ धुमपान, मद्यपान हुँदैन । अन्यत्र भन्दा अंलिक मानवीयता र आत्मियताको महसुस हुन्छ ।

२०६६ आश्विन १५: बिहान उठेर हामीले श्रीकृष्ण प्रणामी मन्दिरमा उदयराज गौली, दुरक ५, कैलालीका गोविन्दप्रसाद पौडेल र देवराज गौतमसँग कुराकानी गर्‍यौं । कैलालीका पौडेलले प्रशासनिक क्षेत्र गन्हाउने पानी खानेको जमातबाट मुक्त हुनुपर्ने बताउनुभयो । यसो भएमा अन्य मान्छेहरुमा पनि कानून लगाउन सकिने र

एक सिंगे गैडा

शान्ति कायम हुन सक्ने उहाँको धारणा छ । अहिंसा परमो धर्म लाई आत्मसात् गरेर पत्रकारिता क्षेत्र पनि अगाडि बढ्नु पर्ने सुझावसहित उहाँहरुले यात्रा सफलताको शुभकामना दिनुभयो ।



मन्दिरबाट हामी भुरीगाउँकै न्यू अर्याल पुस्तक पसलमा आयौं । पसल सञ्चालक रुद्रप्रसाद अर्यालले विश्वभ्रमण नेपाली नागरिकमा वैचारिक प्रस्फुटन गर्न र विश्वसामु नेपालीको कमजोर भन्दा राम्रो पक्षलाई बढी उजागर गर्न सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो । बसमार्फत हामी रारा ताल, सानो श्री कुसुम्बा बजार लगायतका भूभाग पार गरेर खैरापुर आयौं । खैरापुरको एक होटलमा खाना खाएर प्राकृतिकरुपमा विश्वकै दुर्लभ वन्यजन्तु कृष्णसार बसोबास गरेको स्थलतर्फ लाग्यौं ।

थारु भाषा बोल्ने एकजना भाईको कुरा हामीले बुझ्न सकेनौं । चर्को घामको प्रवाह नगरी हामी गुलरिया २, पण्डितपुरमा कृष्णसार हेर्न पुग्यौं । त्यहाँ हामीले कृष्णसार संरक्षण क्षेत्रका अध्यक्ष मूलचन्द्र यादव, गेमस्काउट होमचन्द्र ठकुरी, विनोदकुमार यादव लगायतसँग कुराकानी गऱ्यौं । संरक्षण गर्न सुरु गर्दा ४५ वटा कृष्णसार थिए, हाल यो संख्या बढेर २०५ पुगेको छ, अध्यक्ष यादवले भन्नुभयो । ७०८ बिघाहा जमीनलाई कृष्णसार चरन क्षेत्र प्रस्तावित गरिएकोमा हाल मुक्त कमैयालाई २०० बिघाह जमीनमा बसाएर कृष्णसारको क्षेत्र अतिक्रमण गरिएको गुनासो उहाँले पोख्नुभयो । विश्वकै दुर्लभ कृष्णसारबाट बर्दिया मात्र नभई नेपाललाई विश्वमा चिनाउन सकिने भएकाले सबैको सहयोग अपरिहार्य छ, हामीलाई लागेको कुरा यही हो । बीचबाट पण्डितपुर जाने बाटो बन्द गरेर तारबार सहित गेटको व्यवस्था गर्नुपर्ने सबैको सुझाव त्यहाँ राखिएको सुझाव पुस्तिकामा उल्लेख गरिएको छ ।

गुलरिया नगरपालिका द्वारा प्रकाशित पर्चामा कृष्णसारको विशेषता यस्तो छः

१. सुन्दर आकृति भएको मृग जातिको जीव ।

२. तीव्र गतिमा (८० किलोमिटर प्रति घण्टा) दौड्न सक्ने ।

३. खुल्ला र सुख्खा चौरमा बस्न मन पराउने ।

४. भुईंबाट १० फिटसम्म उफ्रिने र हावामै तीनपटक दिशा बदल्ने ।

५. भालेहरु लडाईं गरी जित्ने भालेले पोथीहरुमाथि आधिपत्य जमाउने र हरुवा भाले बहिस्कृत भई शक्ति सञ्चयमा लाग्ने । भाले प्रधान प्रथा भएको ।

६. जन्मेको ५ दिनभित्र बच्चामा आमासरह दौडने क्षमता विकास हुने ।

७. नरम पालुवा घाँस र बाली खान रुचाउने ।

८. पोथीहरु सबै एकै रंगको हुने, भालेहरु उमेर बढ्दै जाँदा क्रमशः कालो हुँदै जाने ।

९. भालेको लामो सिंग हुने, पोथीको सिंग नहुने ।

यस्तै विशेषता भएको कृष्णसारको हामीले अवलोकन गऱ्यौं । स्थानीय विनोदकुमार यादवसँगै उहाँको घर आयौं । गुलरिया नगरपालिका ३, चौधरीपुरमा रहेको उहाँको घरमा घरपरिवार र छिमेकीसित हाम्रो परिचय भयो । उनीहरुले बर्दिया खाद्यान्न र जंगलले भरिपूर्ण जिल्ला हो भने । सामुदायिक वन उपभोक्ताका केही व्यक्ति, रेञ्जर, वनअधिकृत लगायतको संलग्नतामा काँचो रुख काटेर सुकाउने र सुकेको काठ भनी बेच्ने गरिएको र मुक्त कमैया र सुकुम्बासीको नाममा गैर व्यक्तिले फाईदा उठाइरहेकोमा सरकारले ध्यान पुऱ्याउन नसकेको उनीहरुले दुःखेसो गरे । उनीहरुले यो विश्वभ्रमण २ जनाको मात्र नभई सबै नेपाली जनताको उपलब्धिका लागि हो भन्दै सफलताको कामना गरे । बेलुकी हामी यहीं खाना खाएर सुत्यौं ।

२०६६ आश्विन १६ः बिहान खैरापुरबाट हिंड्दै हामी बर्दिया सदरमुकाम गुलरिया आयौं । तराईको ठाउँमा हिंड्दा निकै गर्मी भयो । गुलरिया बजार प्रवेश गर्नासाथ पूर्वपरिचित बर्दियाकै सञ्चराम चौधरीसँग भेट भयो । उहाँसँग हामीले केही समय कुराकानी गऱ्यौं । त्यसपछि फूलबारी एफ.एम..कार्यालय पुग्यौं । एफ.एम. स्टेशन म्यानेजर युवराज न्यौपानेले रेडियो रिपोर्ट रेकर्ड गर्नुभयो ।

एफ.एम. कार्यालयबाट हामी जिल्ला प्रशासन कार्यालय गयौं । कार्यालयमा प्र.जि.अ. वेणीमाधव ज्ञवाली, लेखापाल गोपीकृष्ण ज्ञवाली तथा भूमिसुधार कार्यालयका लेखापाल ज्ञानप्रसाद ज्ञवालीलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणबारे जानकारी दियौं । प्र.जि.अ. ज्ञवालीले बर्दिया कृषिको दृष्टिकोणले उत्तम, बर्दिया राष्टिय निकुञ्ज, कृष्णसार, बढैया ताल र चिसापानी पुलले शोभायमान तराईको जिल्ला भएपनि विकासका दृष्टिकोणले पिछडिएको छ, भन्नुभयो । हाम्रो देश नेपालमा सांस्कृतिक, प्राकृतिक र भौगोलिक हिसाबले गर्मीदेखि जाडो ठाउँ भएकाले पर्यटकीय हिसाबले अत्यन्त राम्रो सम्भावना देखिन्छ, प्र.जि.अ. को भनाई छ ।

पत्रकारिता क्षेत्रबारे उहाँको धारणा यस्तो छ, प्रत्येकजस्तो जिल्लामा खोलिएका एफ.एम. रेडियो र प्रकाशित पत्र पत्रिकाले जनताको सुसूचित हुन पाउने अधिकारलाई रक्षा गरेका छन् । यस कार्यमा सामुदायिक रेडियोको अझ ठूलो देन छ । श्रीलंकाबाट समेत नेपालका मिडिया कसरी चलिरहेका छन् भनेर अध्ययन गर्न आइरहेका छन् रे । यो हामी सबैका लागि खुशीको कुरा हो । तर, बेलाबखत पत्रकारिता क्षेत्र आचार संहिता पालनाको अभावमा केही समस्या र विकृतियुक्त देखिएको छ, त्यसलाई हटाउन सबैले पहल गर्न आवश्यक छ । जि.प्र.का. बाट शुभकामना पत्र लिएर हामी बजार भ्रमणमा जुट्यौं ।

भ्रमणकै क्रममा हामी बर्दिया टाइम्स दैनिकको कार्यालय पुग्यौं । विगत ९ वर्षदेखि साप्ताहिक, अर्द्धसाप्ताहिक हुँदै यो पत्रिका हाल बर्दियाको एउटा मात्र दैनिकको रुपमा रहेछ । हामीले यस पत्रिकाकी प्रकाशक तथा कार्यकारी सम्पादक गीता अधिकारीसँग कुराकानी गऱ्यौं । पत्रकार महासंघ अध्यक्ष श्रीराम सिग्देल र पूर्वाध्यक्ष युवराज श्रेष्ठलाई टेलिफोन गऱ्यौं । अध्यक्ष सिग्देलले महासंघको तर्फबाट केही गर्न नसकिने प्रतिक्रिया व्यक्त गर्नुभयो । साँझमा हामी सार्वजनिक स्थानमा कतै बस्ने व्यवस्था छ कि ? भन्दै खोजखाज र सोधपुछमा व्यस्त रह्यौं । कतै चाँजो पाँजो नमिलेपछि हामी निमा होटलमा आएर बस्यौं ।

हिमाली पहाडी जिल्लामा भन्दा तराईका विकसित मानिने जिल्लामा हामीलाई आर्थिकरुपमा गाऱ्हो भइरहेको छ । खासै सहयोग भएको छैन । अर्थात् सुगम भनिएका यस्ता जिल्ला हाम्रो आर्थिक र मानसिक सवालमा दुर्गम बनिरहेका छन् ।

२०६६ आश्विन १७: बिहान हामीले बर्दिया टाइम्स दैनिक कार्यालयमा प्रधान सम्पादक एवं नागरिक समाज सञ्जाल बर्दियाका अध्यक्ष बालकृष्ण ओली, प्रेस क्लब अफ नेपालका अध्यक्ष यमनाथ घिमिरे र मानवअधिकार तथा शान्ति समाजका सदस्य धर्मराज न्यौपानेसँग भेट गऱ्यौं । उहाँहरुले विश्वभ्रमण अभियानका लागि एउटा कार्यक्रम संयोजन गर्ने निर्णय गर्नुभयो । यसको मुख्य जिम्मेवारी अध्यक्ष घिमिरेले लिनुभयो । धर्मराज न्यौपानेले तपाईहरुको सफलता हामी सबैको सफलता हो भन्नु हुँदै शंकर गेस्ट हाउसमा खाने बस्ने प्रबन्ध गरिदिनुभयो । खाना खाएर हामी बजार भ्रमणमा निस्कियौं । कैलाली र बाँकेको बीचमा पर्ने बर्दिया सेपमा परेको जस्तो लाग्यो ।

प्रकृति बुक्स एण्ड स्टेशनरीका केशब पौडेलले नेपालगन्जमा जस्तो गुलरियाका मान्छेमा स्थानीय पत्रिका पढ्ने बानी नभएको धारणा राख्नुभयो । हामीले बजारका अन्य क्षेत्र पनि भ्रमण गऱ्यौं । तराईको जिल्ला सदरमुकाम भएर पनि यहाँ उति साऱ्हो विकास हुन सकेको देखिएन । बेलुकी हामी गेस्ट हाउसमा आएर खाना खायौं । केहीबेर लेखपढ गऱ्यौं । अनि सुत्यौं ।

२०६६ आश्विन १८: प्रेस क्लब अफ नेपालका अध्यक्ष यमनाथ घिमिरेका साथ हामी गुलरिया उद्योग वाणिज्य संघको हलमा गयौं । अघिल्लो दिन नै तय भएको यो कार्यक्रममा जिल्लाका केही राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी लगायतको उपस्थिति थियो । नेकपा एमालेका लक्ष्मण ज्ञवाली, नेपाली काँग्रेसका, नागरिक समाजका अध्यक्ष बालकृष्ण ओली, गुलरिया उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्रप्रसाद कँडेल, प्रहरी निरीक्षक राजेन्द्र बस्नेत, पत्रकार विष्णु तिमल्सिना, मेनुका चौधरी, गीता अधिकारी लगायतका व्यक्तिहरुले कार्यक्रममा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका सहभागीहरुले विश्वमै प्रेस स्वतन्त्रता हनन् र सकारात्मक पत्रकारिताको विकास हुन नसकिरहेका बेला नेपालबाट विश्वभ्रमण सुरु हुनु सुखद कुरा हो भनी टिप्पणी गरे । प्रेस स्वतन्त्रताको धेरै चर्चा परिचर्चा भएपनि सकारात्मक पत्रकारिताको विषयमा खासै आवाज उठ्न नसकेको बेला यसकै लागि अभियान थालिएकाले भ्रमणको थप महत्व छ भने । समाजमा जिम्मेवार, ग्रामीणमुखी सकारात्मक पत्रकारिताको आवश्यकता आदिका विषय विश्वभ्रमण मार्फत् विश्वभर नै सन्देश पुग्ने र नेपालको थप पहिचान जानेमा उनीहरु विश्वस्त देखिए । यस भ्रमणले विश्वमै पत्रकारहरुलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउनेछ, पत्रकारितामा हुर्किएका गलत प्रवृत्तिको निवारणमा समेत सघाउ पुग्नेछ उनीहरुको थप विश्वास हो यो ।

बर्दियामा १ दैनिक पत्रिका २ वटा एफ.एम. र ५ वटा साप्ताहिक पत्रिका प्रकाशित प्रसारित छन्। समाजप्रति जिम्मेवार पत्रकारहरुको अभाव छ भन्दै पत्रकार महासंघको जिल्ला शाखा निस्क्रिय अवस्थामा रहेको प्रति सहभागीहरुले चिन्ता व्यक्त गरे। जिल्लाको विकासमा पत्रकारको पनि हात हुन्छ, दुःख गरेर काम गर्ने पत्रकार आर्थिक शोषणमा परेका छन्, सञ्चारमाध्यम गरिब र विपन्न क्षेत्रका जनताको पक्षमा हुनुपर्छ, जिल्लाको श्रोत साधन गलत सञ्चारमाध्यमले पाएका छन्, त्यसकारण उचित सञ्चारमाध्यम हेरेर दिनुपर्छ। जनताको जवाफदेही पत्रकारिता चलाउनु पर्छ सहभागीहरुको थप भनाइ थियो।

कार्यक्रमका सहभागीहरुले विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षार्थ एवं समाजमा सकारात्मक उत्प्रेरणा जगाउने पत्रकारिताको विकासका लागि विश्वभ्रमण सफल होस् भनी शुभेच्छा प्रकट गरे। हामी त्यहाँबाट जि.वि.स. कार्यालय बर्दिया गयौं। जि.वि.स. मा कार्यक्रम अधिकृत पावती पण्डितले पत्रकारिता क्षेत्रसँग जि.वि.स.को राम्रो सम्बन्ध रहेको जनाउँदै सम्पूर्ण गतिविधि मिडियालाई जानकारी गराउन सके सूचना छिटो छरितो ढंगले जनतामा पुग्ने बताउनुभयो।

जि.वि.स. पछि हामी बसेको होटलमा फर्किएर पत्रकार महासंघ बर्दियाका संस्थापक अध्यक्ष विष्णुप्रसाद तिमल्सिनासँग कुराकानी गर्‍यौं। उहाँले वि.सं. २०३७ सालमा आफूले पहिलोपटक बर्दियामा पत्रकारिता सुरु गरेको बताउनुभयो। त्यतिवेला एक हप्तामा काठमाडौंबाट पत्रिका आउनुलाई छिट्टो मानिन्थ्यो। जिल्लामा पत्रकार महासंघले गैर पत्रकारलाई सदस्यता वितरण गर्नु, राजनीतिक पार्टीहरुले आफ्नो पक्कडमा पत्रकारलाई राख्ने प्रयास गर्नु र आर्थिक श्रोतको पनि उपर्युक्त आधार नदेखिनुले व्यावसायिक पत्रकारिता फस्टाएको छैन, संस्थापक अध्यक्षको धारणा थियो। क्रमशः पत्रकारिता क्षेत्रको विकास भइरहेको छ। स्थानीय निकाय मूलरुपले दलीय सहमतिमा भएकाले आफ्नो पकड जमाएको दलले व्यावसायिक पत्रकारलाई भन्दा आफ्नो नजिककालाई सहयोग गर्छन्। हामी पत्रकारमा एकता नभएका कारण पनि पत्रकारिता क्षेत्र पछाडि परेको हो, उहाँले गुनासो गर्नुभयो। प्रेसको क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन विश्वभ्रमण सफल होस् भनी अध्यक्ष तिमिल्सिनाले शुभेच्छा प्रकट गर्नुभयो।

त्यहाँबाट छुट्टिएर हामी जिल्ला प्रहरी कार्यालय पुग्यौं। प्रहरी निरीक्षक राजेन्द्र बस्नेतसँग केहीबरे कुरा गरेर हामी गुलरिया नगरपालिका कार्यालय आयौं। त्यहाँ निमित्त कार्यकारी अधिकृत मुकुन्द अर्यालसँग कुराकानी भयो। वि.सं. २०५३ सालमा स्थापित गुलरिया नगरपालिकाको क्षेत्रफल १९.१ वर्ग कि.मि. (नेपालको सातौं नगरपालिकि) रहेको छ। यो तालै ताल र कृष्णसार पाइने नगरपालिका भएकाले पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न सकिन्छ। नगरपालिकाको कार्य क्षेत्र स्पष्ट किटान नभएकाले पनि यो नगरपालिका पर्यटकीय क्षेत्र विकासमा पछाडि परेको छ। बजेट पनि अनुदानको भरमा मात्र चलेकाले आन्तरिक श्रोत छैन। तर पनि यहाँ बस्ने सबै जातजाति र धर्म संस्कृतिका मान्छे बीच द्वेष दुस्मनी छैन, सौहार्द्धपूर्ण वातावरण छ, अधिकृत अर्यालले भन्नुभयो।

अधिकृत अर्यालले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण ठूलो आँट र साहस हो भन्दै यस्तो धारणा राख्नुभयो, सर्वप्रथम प्रेस स्वतन्त्र हुनुपर्छ यसमा सबैको एकमत हुनुपर्छ र हाम्रो छ। हचुवाका भरमा समाचार सम्प्रेषण नगरी खोजमूलक, यथार्थपरक विषयवस्तु समेटेको खण्डमा यसले वास्तविक ऐनाको काम गर्छ। समाजको विकासमा टेवा पुग्छ। त्यसकारण अहिलेको प्रमुख आवश्यकता सकारात्मक पत्रकारिताको छ, तपाईहरुको यो अभियान सफल होस् शुभकामना।

नगरपालिकाको काम सिध्याएपछि हामीले गुलरिया छाड्यौं। जीप चढेर हामी मैनापोखर आयौं। ईलाका प्रहरी कार्यालय, मैनापोखरका प्रहरी निरीक्षक चक्र जोशी, असई राम बहादुर कटुवाल लगायत अन्य प्रहरी जवानसँग विश्वभ्रमण र हालसम्म भ्रमण गरिसकेका जिल्लाहरुका विषयमा कुराकानी गर्‍यौं। राम्रो कामको थालनी गर्नुभएछ, सबैले सहयोग गर्नुपर्छ भन्दै प्रहरी निरीक्षक जोशीले बेलुकीको हाम्रो खाना कार्यालयमै व्यस्था गर्नुभयो। उहाँले हामीलाई आफ्नै कमाण्डमा गाडीमा राखेर भोलागौडी ल्याउनुभयो। स्थानीय रिमझिम होटलमा सुत्ने व्यवस्था गरेर उहाँको टोली फर्कियो। हामी उहाँहरुलाई धन्यवाद दिदै रात्री विश्राममा लाग्यौं।

बढैया ताल

२०६६ आश्विन १९: बिहान उठेर हामीले रिमझिम होटलका सञ्चालक राम बहादुर बोहोरा र सोरहवा ९, भोलागौडीका पसलेहरु सँग केहीबेर कुराकानी गऱ्यौं। बोहोरा जी माओवादी जनयुद्धताका भूमिगत भएर काम गरेको अनि ठूल्ठूला नेताहरुको वडी गार्ड समेत बसेको भन्दै हुनुहुन्थ्यो। बोहोरा जीले व्यवस्था गर्नुभएको चिया नास्ता ग्रहण गरेर हामी बढैया तालका लागि अगाडि बढ्यौं।

४.५ किलोमिटर सडकको भित्री भाग यात्रा गरेर हामी बढैया ताल पुग्यौं। बीचमा हामीले मधेशका होचा अनि नाली बनाएर टायलले जस्तो छाएका घर र खेतीपातीको दृश्य कैद गऱ्यौं। तालमा पुगेर चारैतिरको भाग अवलोकन गर्दै यसको सुन्दरतामा हरायौं हामी। तालको बीचमा फूलेको कमलको फूलले बढैया तालको थप सौन्दर्यता थपेको छ। हामीले बढैया ताल सिमसार संरक्षण समितिको कार्यालयमा व्यवस्थापक कुमार अधिकारीलाई भेट्यौं।

व्यवस्थापक अधिकारीले १६५ बिगाह क्षेत्रफल भएको ताल हाल अतिक्रमणमा परेर १०४ बिघाहमा सीमित रहेको बताउनुभयो। यहाँ लोप भैसकेका माछा, विभिन्न प्रजातिका वनस्पति समेत पाइन्छन्, यो ताल मध्यपश्चिमकै ठूलो ताल हो, यसको चारैतिर गार्डेन अनि होटलहरु व्यवस्था गरेर पर्यटक भित्र्याउने योजना राखिएको छ, अधिकारीले हामीलाई जानकारी दिनुभयो।

अधिकारीका अनुसार हाल ५ वर्षको लागि रु. ५५, ५५,००० मा जि.वि.स.ले ताल ठेक्कामा दिएको छ। माछा पालनका लागि मात्र ताल प्रयोग भइरहेको देखिन्छ। साँच्चै, योजना मुताविक तालको व्यवस्थापन हुने हो भने माछा, वनस्पति अध्ययनका साथै आन्तरिक र बाह्य पर्यटक पनि बढैया तालमा पुऱ्याउन सकिने देखिन्छ।

हाम्रो बिहानी खानाको व्यवस्था व्यवस्थापक अधिकारीले त्यही मिलाउनुभयो। त्यसपछि हामी भलगौंडी फर्कियौं। ४२ औं जिल्ला बर्दियाको यात्रा अन्त्य गरी ४३ औं जिल्ला बाँकेका लागि भलगौडीबाट हामी बस चढ्यौं।

रुकुम यात्राका क्रममा प्राप्त नगद सहयोग

धर्मराज न्यौपाने (गुलरिया)	रु. ६०५/-
गुलरिया उ.वा.संघ	रु. ५००/-
प्रेस क्लब अफ नेपाल	रु. २००/-
जिल्ला प्रहरी कार्यालय	रु. २००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

जनजीवन अध्ययन गर्ने उद्देश्य पूर्ण होस्। - वेणीमाधव ज्ञवाली (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
यो सुरुवात् सफलताको विन्दूमा पुगोस् । - ज्ञानप्रसाद ज्ञवाली, भूमिसुधार कार्यालय, बर्दिया
नेपाली संस्कृति र सभ्यताको पहिचान गराउनुस्। - विष्णुप्रसाद तिमल्सिना, पत्रकार
सत्तामुखी पत्रकारलाई सन्देश बोध होस्। - कुमार अधिकारी, बढैया ताल बर्दिया
पत्रकारितालाई सकारात्मक परिवर्तनको दिशातिर अगाडि बढाउने छ। - गीता अधिकारी (प्रकाशक), बर्दिया टाइम्स दैनिक
Make clear and clear the field of journalism. - Yam Ghimire, President Press club of Banke
Best wishes you for getting success. - Bramhananda Yadav, Gularia 3, Bardiya
बुझ्नेले मात्र बुझ्छ, विश्वभ्रमणको महत्व कति हुन्छ ? - सञ्जय यादव, गुलरिया ३
सफलतम विन्दूमा पुगेर पूर्ण विराम लागोस्। - पंकज थापा, शिवपुर ५
सफलता मिलि रहोस्। - सन्तवीर सुनार (आर्ट पेण्टर), ठाकुरद्वारा ९
प्राप्त विचारहरु अध्ययन अनुसन्धानका लागि उपर्युक्त बनुन्। - कृपाराज वि.क., टीकापुर ६, शंकरपुर कैलाली
मातृभूमि एवं संसार चिनारीका निम्ति सफलताको कामना। - नवराज पोखरेल, बर्दिया राष्ट्रिय निकुञ्ज
नेपालीको राम्रो पक्षलाई बढी उजागर गर्नु। - रुद्रप्रसाद अर्याल, न्यू अर्याल पुस्तक पसल, भुरीगाउँ
भ्रमणको लक्ष्य पूरा होस्। - मुलचन्द्र यादव, अध्यक्ष कृष्णसार संरक्षण समिति, गुलरिया नगरपालिका २
निरन्तर राम्रोसँग अगाडि बढोस्।

- युवराज न्यौपाने, स्टेशन म्यानेजर, फूलबारी एफ.एम., पार्वती पण्डित (कार्यक्रम अधिकृत) जि.वि.स. बर्दिया, मुकुन्द अर्याल (शाखा अधिकृत), गुलरिया नगरपालिका कार्यालय

४३ औं जिल्ला बाँके डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः २,३५८ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४६ वटा, नगरपालिकाः १, सदरमुकामः नेपालगञ्ज, अञ्चलः भेरी, विकास क्षेत्र मध्य पश्चिमाञ्चल

भौगालिक अवस्थितिः पूर्व दांग र भारत, पश्चिम बर्दिया, उत्तर दांग, सुर्खेत र दक्षिण भारत

भाषाः अवधि, नेपाली, हिन्दी र अन्य । (श्रोतः जि.वि.स.)

२०६६ आश्विन १९: बर्दियाको सोरहवा ९, भोलागौंडीबाट बस चढेर हामी ४३ औं जिल्ला बाँकेको सदरमुकाम नेपालगञ्ज आयौं । बसको भित्री भाग अनि छत खचाखच थियो । भित्र चेप्पिएर उभिनु परेकाले हामीले कुन कुन भाग काटेर बस नेपालगञ्ज भित्रियो भन्ने थाहा पाएनौं । खजुरा आइपुग्यो भन्ने सुनेको केहीबेरमै बस नेपालगञ्ज आइपुग्यो भनेर रोक्कियो । रिक्सा चढेर हामी नेपालगञ्जबाट काठमाडौं जाने बसपार्क आयौं । बसपार्ककै गण्डकी शर्मा होटलमा नेपालगञ्जका लागि मनोक्रान्ति प्रशिक्षण सञ्चालन गरिरहनु भएका साधकसाधिकाहरुसँग हाम्रो भेट भयो । नेपालगञ्ज बसुञ्जेल हामी उहाँहरुकै कोठामा बस्ने निर्णय भयो ।

२०६६ आश्विन २०: बिहान पानी परिरहेको थियो । प्लास्टिक ओढेर हिंड्दै हामी नेपाल पत्रकार महासंघ बाँके कार्यालयमा पुग्यौं । महासंघका अध्यक्ष झलक गैरेले बिहानै हामीलाई फोनमा महासंघ कार्यालय आउनुस्, त्यही भेटौं भन्नुभएको थियो । लगभग १ घण्टा कुरेपछि बिहान १० बजे सचिव शुक्रऋषि चौलागाई कार्यालयमा आउनुभयो । हामीले उहाँलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । भोली कुनै समय पत्रकार भेटघाट कार्यक्रम राख्ने सल्लाह भयो । महासंघकी सदस्य दूर्गा रोकायाले खानाको प्रबन्ध मिलाउनुभयो । त्यसक्रममा पत्रकार स्मृत्ति गिरीसँग परिचय भयो ।

हामी नेपालगञ्ज बजार भ्रमणमा निस्कियौं । नेपालगञ्ज नेपालका केही प्रमुख शहरमध्ये ठूलै शहर लाग्यो हामीलाई पनि । वडा नं. १२ भेरी अञ्चल अस्पतालनिर पौडेल पुस्तक पसलका श्रीमन पौडेलसँग परिचय भयो । उहाँले तपाईंहरुको विश्वभ्रमणबाट सम्पूर्ण पत्रकार मित्रहरुलाई स्वतन्त्र र निष्पक्ष समाचार संकलन गर्न उत्प्रेरित गरोस् भन्दै शुभकामना प्रकट गर्नुभयो । दर्के पानीमै हिंड्दै हामी त्रिभुवन चोक नयाँ सडक हुँदै काठमाडौं बसपार्क आयौं ।

गण्डकी शर्मा होटलका सञ्चालक लोचनराज अधिकारी, जीवकला अधिकारी, अस्मिता र आशिष अधिकारीसँग हाम्रो कुराकानी भयो । होटल सञ्चालिका जीवकला अधिकारीले आफ्नो रोग मनोक्रान्तिमा सिकाइने योग रेकीबाट निको भएको र छोराछोरीको पढाइमा सुपरलर्निंगले सहयोग पुगेको जानकारी दिनुभयो । सम्झना रेष्टुरेण्टका खुमानन्द पाण्डेले १२ वर्षदेखि औषधी खाँदै आइरहेको पेटको रोग रेकी साधनाले निको गराएको भन्दै खुशी व्यक्त गर्नुभयो । हामीलाई शर्मा होटल परिवारले नै खानाको प्रबन्ध गर्‍यो ।

२०६६ आश्विन २१: पत्रकार महासंघ सचिव शुक्रऋषि चौलागाईको निमन्त्रणामा हामी वागेश्वरी एफ.एम. कार्यालय गयौं । रेडियोमा प्रत्यक्ष कुराकानी गरेर फर्क्यौं । बीच बाटोमा ठूलो पानी पर्‍यो । हामीसँग ओढ्ने कुनै साधन थिएन । रिक्सामा आधाआधी भिजेर आयौं । दिनभर मुसलधारे पानी पर्‍यो । हामी कोठामा आराम गरेर बस्यौं ।

वागेश्वरी मन्दिर

रेडियोको समाचारमा मध्य र सुदूर पश्चिमका विभिन्न जिल्लामा बाढीले क्षति पुर्‍याएर कतै मानवीय क्षति भएको सुनियो भने धेरै ठाउँमा हजारौंको संख्यामा मानिस विस्थापित पनि । प्राकृतिक विपत्तिले निम्त्याएको कस्तो दुःखद समाचार ?

२०६६ आश्विन २२: बिहान उठ्दा वर्षात् रोकिएको रहेछ । हामी बजारतिर निस्कियौं । पुष्पलाल चोक आसपासका पसलमा स्थानीय पत्रिका आएका छन् कि ? भनेर सोधपुछ गर्‍यौं । कतै

पाउन सकिएन । हिजो अस्तिको पानीले हो कि के हो ? यहाँ त्यति स्थानीय पत्रिका बजारमा देखिएनन् । कोठामै फर्किएर हामीले लुहाईधुवाई र लेखपढमा दिन व्यतित गऱ्यौं ।

२०६६ आश्विन २३: आज पनि हामी बिहान उठेर नेपालगञ्ज बजार भ्रमणमै निस्कियौं । बसपार्कबाट न्यूरोड शहीद सेतु वि.क. चोक हुँदै वागेश्वरी मन्दिर गयौं । बाँके जिल्लाको सदरमुकाम नेपालगञ्जमा रहेको ऐतिहासिक धार्मिक मन्दिर वागेश्वरीमा भारतबाट समेत हिन्दू तीर्थयात्रीहरु आउँदा रहेछन् । सो मन्दिर सतीदेवीको जिब्रो पतन भएको शक्ति पीठको रुपमा विकसित भएको कथन छ । मन्दिरबाट हामी घरबारी टोल हुँदै वी.पी. चोक पुग्यौं । सुर्खेत रोड मिडिया चोकमा अवस्थित नेपाल पत्रकार महासंघ बाँके शाखाले पत्रकार साथीहरुसँग भेटघाट गरायो ।

उक्त कार्यक्रममा बाँकेको पत्रकारिता विकास क्रम र चुनौतीहरुबारे चर्चा भयो । वि.सं. २०११ सालमा स्वर्गीय महावीर गुप्ताको सम्पादनमा हिन्दी भाषामा प्रकाशित विचार प्रधान साप्ताहिक नयाँ सन्देशबाट यस जिल्लाको पत्रकारिताको इतिहास सुरु भएको रहेछ । हाल बाँके जिल्लाबाट ७ वटा दैनिक, आधा दर्जन साप्ताहिक, अर्द्ध साप्ताहिक एवं ६ वटा स्थानीय एफ.एम. प्रकाशित प्रसारित भइरहेका छन् । मध्य तथा सुदूर पश्चिमको केन्द्र विन्दूको रुपमा नेपालगञ्ज शहर रहेको छ । त्यसकारण राजधानीबाट प्रकाशित/सञ्चारित सञ्चारमाध्यमका क्षेत्रीय कार्यालयहरु समेत राखिएका छन् । कान्तिपुर र नागरिक दैनिक यहाँबाट पनि छापिने गर्दछन् । कार्यक्रममा महासंघ अध्यक्ष झलक गैरे, सचिव शुक्रऋषि चौलागाई लगायत जिल्लामा क्रियाशील अन्य पत्रकारहरुको उपस्थिति थियो ।

हुन त: पत्रकारिता क्षेत्रमा जहींतहीं चुनौती छन् । त्यसैले बाँकेको पत्रकारिताले पनि समय समयमा उतार चढाव बेहोरिरहेकै पाइन्छ । प्रकाशन आरम्भमा नेपालगञ्जमा छाप्ने प्रेस नभएकाले लखनउबाट छपाएर ल्याइन्थ्यो रे । वि.सं. २०५६ पश्चात् बाँकेको पत्रकारिताले व्यावसायिक रुपमा फस्टाउने मौका पनि पाएछ । हालमा कुनै समाचार प्रकाशित गर्नु पूर्व धेरै पटक सोचेर लेख्नुपर्ने बाध्यात्मक अवस्था र स्वनियन्त्रण गरिरहनु परेको नमीठो यथार्थता पनि पत्रकारहरुसँग रहेछ । जसका कारण प्रेस स्वतन्त्रता र व्यावसायिक पत्रकारिता मौलाउन अवरोध सिर्जना भइरहेको छ ।

विश्वमा प्रेस स्वतन्त्रता, प्राथमिकतामा सकारात्मक पत्रकारिता को मूल ध्येय लिएर थालेको यात्रा नेपालगञ्ज आइपुग्दा हर्षको सञ्चार भएको छ । यो अध्ययन यात्रा हामी सबै पत्रकार र मानवजातिका लागि प्रेरणा बनोस् । सकारात्मक पत्रकारिता विश्वकै प्राथमिकतामा पर्नुपर्छ, त्यो आवश्यकता हो । यो यात्राले विश्वभर त्यो सन्देश प्रवाह गरी नेपाली पत्रकार मात्र होईन, आम नेपाली र नेपालको गौरव बृद्धिमा नयाँ उचाई थप्न सकोस्, हार्दिक शुभेच्छा, सञ्चारकर्मीको छाता संगठन नेपाल पत्रकार महासंघ बाँके शाखाद्वारा प्रदान गरिएको शुभकामना पत्रमा लेखिएको छ ।

महासंघ कार्यालयको कार्यक्रम समापन पछि हामी स्थानीय प्रशासन एवं निकाय प्रमुखहरुलाई भेट्न हिंड्यौं । जिल्ला प्रशासन कार्यालयमा प्र.जि.अ. वीरेन्द्र बहादुर बानियाँले भन्नुभयो- पत्रकारिता र प्रशासन क्षेत्रको सम्बन्ध राम्रो भएमा जनतामा वास्तविक सूचना प्रवाह हुन सक्छ, अनि मात्र जनतालाई सही सूचना दिन र समाजलाई सकारात्मक रुपान्तरण गर्न सकिन्छ । जि.वि.स. कार्यालयमा स्थानीय विकास अधिकारी केदारनाथ शर्माले भन्नुभयो- प्रेस स्वतन्त्र, जिम्मेवार र समाजलाई सकारात्मक रुपान्तरण गर्ने किसिमको हुनुपर्छ, जि.वि.स. लगायत राज्यले पनि उचित बजेट छुट्याएर मिडिया विकासमा सघाउ पुऱ्याउनुपर्छ । हामी कोठामा आयौं । यात्रामा निस्किएपछि हामीले ४३ औं जिल्ला बाँके आएपछि पहिलोपटक आफैंले खाना पकाएर खायौं । अहिले कोठामा हामी मात्र भएकाले यस्तो मौका जुरेको हो ।

२०६६ आश्विन २४: बिहान खाना खाएर हामी अग्रज पत्रकार पन्नालाल गुप्तालाई भेट्न गयौं । वयोबृद्ध पत्रकार गुप्ता वि.स. २०३१ सालबाट निरन्तर प्रकाशित किरण साप्ताहिकका सम्पादक हुनुहुन्छ । उमेर बूढो भएपनि जोश तन्नेरीकै रहेछ, उहाँमा ।

लोकतन्त्र विना प्रेस स्वतन्त्रता र विचारको सम्मान हुन नसक्ने उहाँको धारणा छ। माओवादी सरकार र राष्ट्रपति यादव दुवैले गर्ने गरेकाले देशमा संकट आइरहेको उहाँको ठम्याइ छ। महात्मा गान्धीजस्ता त्यागी नेताको नेपालमा आवश्यकता औंल्याउँदै पत्रकार गुप्ताले भन्नुभयो, नेपालका सबै राजनीतिक दलका नेताहरुको मानसिकता सामन्ती छ।

पञ्चायतकालीन व्यवस्थामा शासकहरुको गुणगान मात्र गाउनु पर्दथ्यो, वि.सं. २०४६ सालपछि व्यावसायिक पत्रकारिता फस्दाउँदै गएको छ, यसमा म खुशी छु तर यसमा पनि राजनीतिक क्षेत्रजस्तै विकृति र गुणात्मकताको अभाव भने खड्किएको छ, अग्रज पत्रकार गुप्ताले भन्नुभयो। उहाँका अनुसार २०३६ सालसम्म नेपालगञ्ज आउने नेताहरु हिन्दीमा भाषण गर्दथे, त्यतिबेला सय घरजति मात्रै नेपाली भाषी थिए। यो कुराकानी हामीले इन्द्रजीत डिजिटल स्टूडियोमा गरेका थियौं।

हामी नेपालगञ्ज नगरपालिका गएर सामुदायिक व्यस्थापक कृष्णप्रसाद जोशीसँग कुराकानी गऱ्यौं। १३१४ हेक्टर क्षेत्रफल ओगटेको नगरपालिकाको पूर्वमा पुरइना पुरैनी गा.वि.स., पश्चिममा परसपुर, उत्तरमा कारकाँदो गा.वि.स. पर्दछन् भने दक्षिणमा जयशपुर गा.वि.स.। नेपालगञ्ज जंगबहादुरले परिकल्पना गरेको नयाँ मुलुकको शहरको रुपमा विकास गरिएको हो। तर, यहाँ साँघुरा गल्ली र योजनाबद्ध विकास हुन सकेको छैन। यो नगरपालिका भित्र प्रसिद्ध बागेश्वरी मन्दिर, रानी तलाउ, मिनी जू तथा चिल्डेन पार्क, वाटर पार्क, मस्जिद, गुम्बा, चर्चहरु छन्।

सामुदायिक व्यवस्थापक जोशी पत्रकारिता क्षेत्रकै कारण नेपालमा प्रजातन्त्र र लोकतन्त्र स्थापना हुन सकेको हो भन्नुहुन्छ। उहाँ थप्नुहुन्छ, स्थानीय एफ.एम.हरुले स्थानीय भाषा, धर्म र संस्कृतिलाई समेटनुको साथै जनतालाई सुसूचित गराउने भूमिका खेलेका छन्।

२०६६ आश्विन २५: आज हामीले कान्तिपुर दैनिकको सुदूर तथा मध्य पश्चिम ब्यूरोमा गएर कान्पिुरकर्मी राजेन्द्रनाथसँग भेट गऱ्यौं। हामीले यात्राको अनुभव सुनायौं, उहाँले टिपोट गर्नुभयो। उहाँले पनि वर्तमान पत्रकारितामा हरेक कुरा नकारात्मक कोणबाट उठान गरिने संस्कृति विकास भएको स्वीकार गर्नुभयो। वास्तविकरुपमा सकारात्मक कोण र ग्रामीण भेगका विषयहरु अहिले पत्रकारिता क्षेत्रले प्राथमिकताका साथ समेट्न सकेको छैन, उहाँको थप भनाइ थियो। पत्रकारिता क्षेत्र र विश्वभ्रमणको विषयमा हामी करिब डेढ घण्टा कुरा गरेर त्यहाँबाट हिंड्यौं।

सामुदायिक रेडियो कृष्णसार एफ.एम. ९४ मे. कार्यालय पुग्यौं। त्यहाँ हामीले कार्यक्रम संयोजक माधव अधिकारी, समाचार सम्पादक राकेशकुमार मिश्र, मार्केटिंग म्यानेजर शोभा थापा लगायतका सञ्चारकर्मीसँग परिचय गऱ्यौं। कार्यक्रम संयोजक अधिकारीले विश्वभ्रमण अभियानबारे प्रत्यक्ष अर्न्तवार्ता प्रस्तुत गर्नुभयो। यो एफ.एम. को प्रसारण क्षमता २००० वाट रहेछ। व्यवस्थापन राम्रो गरेर रेडियो चलाउने हो भने कुनै समस्या हुँदैन, मात्र परिश्रम गर्नुपर्छ, कार्यक्रम संयोजक अधिकारीको धारणा थियो।

हामी २८ वर्षदेखि प्रकाशित जनमत अर्द्धसाप्ताहिकको कार्यालय पुग्यौं। त्यहाँ अर्द्धसाप्ताहिक सम्पादक पूर्णलाल चूके र पिस नेपाल डटकम का प्रबन्ध निर्देशक प्रज्वल चुकेसँग कुराकानी गऱ्यौं। सम्पादक चुकेले प्रेस स्वतन्त्रतामा समस्या रहेको बताउँदै नेपालमा सकारात्मक पत्रकारिता हुँदै नभएकाले यो पत्रकारितामा टेवा पुऱ्याउन विश्वभ्रमण अभियान लक्षित होस् भन्नुभयो। साँझ परिसकेकाले हामी कोठामा फर्कियौं।

२०६६ आश्विन २६, २७, २८, २९, ३० ३१ र कार्तिक १, २, ३ गते: तिहारको बेला नेपालगञ्जमा रहने योजना बनाएर बसेका थियौं हामी। योगी श्री चं (रमेशकुमार के.सी., सर्लाही) योगी श्री खं (सरोजराज अधिकारी, अर्घाखाँची) महामाता योगिनी श्री डं (गंगा पौड्याल, बाग्लुंग), एकल नेपाल महिला यात्री माता योगिनी श्री टं (मीलादेवी राई, भोजपुर) र साधक श्री ग्रिम् (खिमबहादुर पुन, पर्वत) का साथमा हामी थियौं। यो मौसम जीवन, मनोक्रान्ति र युवाका समस्या सवालमा विश्लेषणमूलक बन्यो।

मनोक्रान्तिका धेरै योद्धाहरु संसारलाई बदल्नु छ, सुरु आफैंबाट गर्नु छ भन्ने मूल नारालाई आत्मसात् गरी आ-आफ्नो तर्फबाट युवा, जोश, जाँगरका साथ लागि परिरहनु भएको छ। निश्चय पनि यसरी गुरु र शिष्यहरु समाज रुपान्तरणमा लागि पर्नु एकदमै राम्रो कुरा हो। उहाँहरुको भनाई छ, हामीलाई मनोक्रान्तिले पीडा र दुःख पचाएर जीवन जिउने कला सिकाएको छ, यसमा हामी अत्यन्त आभारी छौं। तर सांगठनिकरुपमा मनोक्रान्ति अभियान अगाडि बढ्न नसकेकाले मनोक्रान्तिलाई उठाउँछु भनेर लाग्नु पर्ने हामी योद्धाको प्रगति हुन सक्ने देखिएन, त्यसकारण आफ्नै लक्ष्य, उद्देश्य, अनुसारको पावर प्वाइण्ट पहिचान गरेर अब हामी अगाडि बढ्नु पर्छ।

पक्कै हो आफूलाई बदल्दै संसार बदल्ने नारा दिने मनोक्रान्ति द्रष्टा डा. योगी विकाशानन्द किन पारिवारिक मोह र व्यक्तिगत सम्पत्ति कमाउनमा बढी उद्धत हुनुहुन्छ ? यो प्रश्नको जवाफ हामीले देशका विभिन्न जिल्लामा भेटेका योद्धा, मनोक्रान्ति प्रेमी र जिज्ञासुहरुले खोजिरहेको पाएका छौं ।


भाईटीकाको उल्लास

हुन त आजकाल कोही दर्शन र राजनीतिका नाममा, कोही धनको तुजुकमा, कोही बन्दूकको भरमा त कोही धर्म अध्यात्मको नाममा युवा शक्तिलाई प्रयोग गरिरहेका छन् । यिनै युवा शक्तिलाई प्रयोग गरेर उनीहरु मालामाल बन्न अनेकौं तानाबाना बुनिरहन्छन् । उनीहरुले तेरो र मेरो समूह धर्म आदिका नाममा युवाहरुलाई भुलाई रहेका छन् । विद्वान भनेको त्यो हो, जसले धेरै भन्दा धेरै मान्छेलाई मूर्ख बनाउन सक्छ भन्ने व्यंगात्मक उक्तिलाई चरितार्थ गर्न यिनीहरुले खोजे जस्तो लाग्छ । त्यसकारण अब हरेक युवाहरुले समाजमा चलाइएका यस्ता विविध गलत परिपाटी र षड्‌यन्त्रहरु चिर्दै आफ्नै स्वभाव र लक्ष्यअनुसार विश्वमानवजातिको हितलाई केन्द्रमा राखेर अगाडि नबढी धरै छैन, हाम्रो दृष्टिकोण ।

उल्लेखित विषयमा छलफल र कुराकानी सँगसँगै हामीले दीपावली मनायौं । गंगा र मीला जी चेली अनि सरोज, रमेश, खिम र हामी दुई माइती बन्यौं । पञ्च पाण्डव भन्दै चेलीहरुले हामी माईतीहरुलाई प्रेम र आत्मियताका साथ भाईटीका लगाइ दिनुभयो । यो पर्वलाई हामीले कुनै तडकभडक नगरी आत्मिक प्रेमको प्रस्फुटन गर्ने महान् उल्लासमय पर्वकारुपमा मनायौं । यात्राका क्रममा एउटा प्रमुख रमाईलो क्षण बन्न पुग्यो, यो सामूहिक भाइटीका र हाम्रो एक वर्ष समयावधि पूरा भएको नेपाल यात्रा ।

नेपालगञ्ज रहँदाका यी दिनहरुमा हामीले नेपालगञ्ज बजारका विभिन्न ठाउँ र भारतको बहराइच, रुपैडिहा पनि भ्रमण गर्‍यौं । रुपैडिहामा बाग्लुंगकी गंगा पौडेल (योगिनी श्री डं) ले ९० दिनसम्म गर्नुभएको निराहार भूतपस्याको प्रभाव अध्यात्मप्रति आस्थावान् भारतीयहरुलाई खुब परेछ । त्यसरी श्रद्धा व्यक्त गर्नेहरुमध्ये महेन्द्र शुक्ला, प्रवीण जैसवाल, राजु गुप्ता आदिसँग हाम्रो प्रत्यक्ष कुराकानी भयो । उक्त भूतपस्या नेपालको यही जिल्ला पिप्रहवा गा.वि.स.को जमुनाह भन्सार मैदान (जुनचाहिं भारतको रुपैडियासँग जोडिएको छ) मा २०६५ चैत्र १६ गतेदेखि २०६६ आषाढ १३ गतेसम्म ३ महिनासम्म भएको थियो ।

९ फिट गहिरो र ९ फिट चौडा रहेको बन्द खाडलभित्र निराहार तपस्यामा बस्नु आम मान्छेले सोच्नसम्म पनि गाऱ्हो छ । झट्ट सुन्दा पत्यार नलाग्ने यो कठोर तपस्याले विश्व कीर्तिमान कायम गरे नगरेको विषय खोजको विषय हुन सक्छ । हामीले सुनेसम्म विज्ञानले अहिलेसम्म मान्छे २ महिनाभन्दा बढी खाना नखाइ बाँच्नै सक्दैन भनेको छ । तर, मनोक्रान्ति अभियानको संस्थागत विकास नभएको र व्यवस्थापकीय कमजोरीका कारण उसले आफ्नो स्थान आफैंले खुम्च्याएर बसेको छ भन्ने हामीलाई लाग्छ । सायद, यही कारण पनि हुनसक्छ, ९० दिनको निराहार भूतपस्या विश्वकीर्तिमान राख्ने कार्यक्रम भएपनि गंगा पौडेलको नाम गिनिज बुकमा लेखिन पाएन । तर पनि यि दुर्लभ साहसिक नेपाली चेलीलाई हाम्रो तर्फबाट एकैपटक हार्दिक सलाम अनि बधाई ।

यता नेपालगञ्जवासी विभिन्न पेशा व्यवसायसँग सम्बन्धित मनोक्रान्तिप्रेमीहरुसँग पनि हाम्रो छलफल र परिचय भयो । उहाँहरु हुनुहुन्छ, लोचनराज, जिवकला, अनिषा, अस्मिता र आशिष अधिकारी (गण्डकी शर्मा होटल एण्ड लज), निशा शाह (विद्यार्थी), टेलिकममा कार्यरत नारायण सुवेदी अमन, आशा अधिकारी (विद्यार्थी), जनकराम भण्डारी (भेटनरी अधिकृत), कुबेरानन्द (व्यवसायी), भगीरथी पाण्डे, विश्वनाथ पाण्डे, भीमलाल पाठक आदि । उहाँहरुले मनोक्रान्तिका विविध साधनाले आफ्नो स्वास्थ्य सुधार हुनुको साथै जीवनलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याइदिएको बताउनु भयो । तर, व्यवहारमा पारदर्शिता र सांगठनिकता मनोक्रान्तिमा नभएकाले आफूहरुलाई गाऱ्हो परिरहेको उहाँहरुको दुखेसो थियो ।

२०६६ कार्तिक ४: लामो समयको नेपालगञ्ज बसाई पश्चात् हामी बस चढेर कोहलपुर आयौं। बस राम्रा एयरपोर्ट हुँदै ४ तिर (चौरहवा) चोक कोहलपुर आइपुगेको थियो। हामीले केहीबेर बजारको गतिविधि नियाल्यौं। मध्यपश्चिम क्षेत्रीय टाफिक प्र कार्यालय कोहलपुरका प्रहरी नायब उपरीक्षक जनक खत्रीसँग हामीले भेट गऱ्यौं। यो कार्यालय १५ वटा जिल्लाको क्षेत्रीय कार्यालय हो, उहाँले भन्नुभयो। उहाँलाई हामीले गृह जिल्ला भोजपुरबाट यात्रा थाल्दा पनि जिल्ला प्रहरी कार्यालय प्रमुखको हैसियतमा भेटघाट गरेका थियौं।

यसप्रकार कोहलपुरमा हामीले ४३ औं जिल्ला बाँके भ्रमण अन्त्य गऱ्यौं। ४४ औं जिल्ला दांगका लागि बस चढ्यौं। पूर्व को बसको छतमा बसेर आएका थियौं। बेलुकीको सिरोटेले निकै जाडो महसुस गरायो। समथर भूभाग रात्री बसको गति निकै थियो। साँझ ७ बजे दांगको लमहीमा हामी बसबाट उत्रियौं। स्थानीय होटलमा खाना खाएर सुत्यौं।

बाँके यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. १,०००/-
गण्डकी शर्मा होटल (वसपार्क)	रु. ५००/-
जनक खत्री (क्षेत्रीय टाफिक)	रु. ५००/-
वीरेन्द्र बहादुर वानियाँ (जि.प्रशासन)	रु. २००/-
कृष्णप्रसाद जोशी (ने. नगरपालिका)	रु. १००/-
पौंडेल पुस्तक पसल(नेपालगञ्ज)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पत्रकारिता विकासको उद्देश्यलाई हार्दिक प्रशंसा। - वीरेन्द्र बहादुर बानिया (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
सकारात्मक पत्रकारिता विश्वकै प्राथमिकतामा पर्नुपर्छ, त्यो आवश्यकता हो। - झलक गैरे (अध्यक्ष), नेपाल पत्रकार महासंघ
पत्रकारितामार्फत् विश्वलाई सकारात्मक सन्देशको प्रयास। - माधव अधिकारी (कार्यक्रम संयोजक), रेडियो कृष्णसार एफ.एम.
कोहलपुरमा स्वागत, शुभकामना। - जनक खत्री (प्र.ना.उ.), क्षेत्रीय ट्रापिक प्रहरी कार्यालय
भगवान् बुद्धको जस्तै प्रेरणा प्रदान गर्ने क्षमता प्राप्त होस्। - पन्नालाल गुप्ता (सम्पादक) किरण साप्ताहिक
सकारात्मक पत्रकारिताको सन्देश छर्ने पवित्र उद्देश्य सफल होस्। - पूर्णलाल चुके (सम्पादक), जनमत अर्द्ध साप्ताहिक
प्रेस जगत्लाई थप सहयोग पुग्नेछ।
- राकेशकुमार मिश्र, पत्रकारहरु उमा थापा मगर, चिरञ्जिवी वली, राजेश आचार्य, प्रदीप वाग्ले, कृपाराम वाडिया, दामोदर भण्डारी, भूमि भण्डारी, जयसिंह के.सी., राजेन्द्र नाथ (पत्रकारहरु
मानव समाज बुझ्न सहयोग पुग्नेछ। - शुक्रऋषि चौलागाई (सचिव), नेपाल पत्रकार महासंघ
प्रेस स्वतन्त्रतामा पूर्ण सहयोग मिल्नेछ। - मेराज सल्मानी पत्रकार
आध्यात्मिक जगत्ले रुपानगणको शक्ति प्रदान गरोस्। - जनकराम भण्डारी, भेटनरी अधिकृत, जिल्ला पशुसेवा कार्यालय
सुखमय विश्व सिर्जनामा सफलता मिलोस्। - केदारनाथ शर्मा, स्थानीय विकास अधिकारी
परिवर्तनको सन्देश दिन सके सफलता ठहरिनेछ। - कृष्णप्रसाद जोशी, नेपालगञ्ज नगरपालिका कार्यालय
उत्तरोत्तर प्रगतिको शुभकामना। - इन्द्रजीत बर्मा (कार्यक्रम संयोजक), जयवागेश्वरी असल शासन क्लब, नेपालगञ्ज
राम्ररी कुनै कार्य सुरु गर्नु आधा काम पूरा हुनु हो। - सरोज अधिकारी (खं), अर्घाखाँची
नेपाललाई विश्वले आध्यात्मिक तथा विज्ञानको पाटोवाट पनि चिन्नेछ। - निशा शाह, नेपालगञ्ज बसपार्क
सञ्चार जगत् तेश्रो नेत्र। - खिम बहादुर पुन (ग्रिम्), पर्वत नेपाल
कठिनाईलाई कालकुट् विष पचाएझै पचाउनु। - गंगा पौड्याल (डं), बाग्लुंग
जन्मदै करोडौं शुक्रकीटलाई त जितेर आएका हौं भने जीवनमा किन हार खाने ? - अनिशा अधिकारी, नेपालगञ्ज, बाँके, नेपाल।
...प्रेस स्वतन्त्रताको सन्देश लिएर, विश्वको मुहार फेर्नु छ अव। - रमेशकुमार के.सी. (चं), सर्लाही
एक एक शब्दमा प्राण भरियोस्। - मीना चन्द (बर्दिया), एकल नेपालयात्री
नकारात्मकताको दलदलवाट विश्व बचाउने अभियान। - अस्मिता अधिकारी, नेपालगञ्ज बसपार्क
निष्पक्ष समाचार संकलनमा सुझाव देओस्। - श्रीमन पौडेल, नेपालगञ्ज १२
उदाहरणीय नेपाल बनाउन हमेशा कोशिश भइरहोस्। - आदिप ज्ञवाली प्रशान्त, खिदिम ३, अर्घाखाँची

४४ औं जिल्ला दाङ डायरी

सङ्क्षिप्त परिचय

क्षेत्रफलः २,९५५ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ३९ वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः ५, सदरमुकामः घोराही, अञ्चलः राप्ती, विकास क्षेत्रः मध्यपश्चिमाञ्चल

भौगोलिक अवस्थितिः पूर्व कपिलवस्तु र अर्घाखाँची, पश्चिम सुर्खेत र बाँके, उत्तर सल्यान, रोल्पा, प्यूठान र दक्षिण भारत

पर्यटकीय स्थलः रत्ननाथ, अम्बिकेश्वरी, बराह मन्दिर, बान्हकुने दह, पुरन्धरा छहरा, चमेरे गुफा, राप्ती शान्ति उद्यान आदि ।

(श्रोतः जि.वि.स.)

२०६६ कार्तिक ५: देउखुरी उपत्यकाको लमही बजारबाटै हाम्रो ४४ औं जिल्ला दाङ्ग यात्रा औपचारिकरुपमा सुरु भयो । लमही हामी हिजो बेलुकी साँझ ७ बजे बाँकेको कोहलपुरबाट गाडी चढेर आइपुगेका हौं । पूर्वपश्चिम राजमार्ग मा पर्ने लमही क्षेत्र ११ वटा गा.वि.स.को केन्द्र विन्दूको रुपमा रहेको छ ।

बिहान हामी सामुदायिक रेडियो देउखुरी एफ.एम. १०५ मे. कार्यालय पुग्यौं । कार्यालयमा निमित्त प्रबन्ध निर्देशक अशोककुमार यादव, समाचार सम्पादक आशिष देवकोटा, कार्यक्रम प्रस्तोता एम.वी. समर्पण, समाचार वाचक ओमप्रकाश बस्याल, देउखुरी दैनिकका सम्पादक उदय आले र संवाददाता हेमराज शर्मासँग कुराकानी गऱ्यौं । लमहीमा एउटा एफ.एम., दैनिक र साप्ताहिक पत्रिका प्रसारित प्रकाशित छन् । जसले गर्दा पत्रकारहरुको संख्यामा बृद्धि त भएको छ । पारिश्रमिकको अभावमा पत्रकारितामा आउने जानेहरुको क्रम पनि चलिरहेकै छ । मिडिया सञ्चालकहरुले नियुक्ति पत्र नदिनु, सञ्चार निर्देशिका नबनाउनु, श्रमजीवी पत्रकार ऐनअनुसार पारिश्रमिक नदिनु देशभरी नै परिपाटी बसेको छ, पत्रकारहरुको गुनासो थियो । स्वभाविक हो, व्यवस्थापन पक्ष कमजोर भएमा कुनै पनि क्षेत्र बलियो हुनै सक्दैन ।

देउखुरी उपत्यकाको डेढ लाख जनुसंख्यामा एउटा दैनिक र एउटा एफ.एम. राम्ररी व्यवस्थापन गरेर चलाउन सकिने धारणा सम्पादक आलले राख्नुभयो । बजार अनुगमन गर्न पत्रकारहरुलाई उद्योग वाणिज्य संघले अवरोध पुऱ्याएको गुनासो निमित्त प्रबन्ध निर्देशक यादवले गर्नुभयो । भन्नलाई पत्रकारिता चौथो अंग भन्ने तर व्यवहारमा लागू नगर्ने परिपाटी सरकारदेखि राजनीतिक दल अनि विभिन्न संघसंस्थामा रहेको उहाँहरुको गुनासो थियो । यद्यपि केही वर्ष पहिले २/४ जना मात्र पत्रकार भएको लमहीमा हाल बृद्धि भएको र सञ्चारमाध्यमको स्थापनाका कारण राम्रै सम्भावना रहनेमा उनीहरु आशावादी छन्। आज बिहानको खाना हामीलाई देउखुरी रेडियोले नै मिलायो ।

खाना खाएर हामी घोराहीको बस चढ्यौं । केही गोलाईहरु काट्दै सुन्दर, शान्त घोराही उपत्यका हामी प्रवेश गऱ्यौं । यो दृश्य देख्न पाउँदा निकै आनन्दको अनुभूति भयो । ट्राफिक चोकमा हामी बसबाट झऱ्यौं । त्यहाँ, घोराही नगरपालिका ५, नवलपुरकी अञ्जना चौधरी हाम्रो दाङ्ग जिल्लामा स्वागत छ, भन्दै हामीलाई लिन पुग्नुभयो । हामीले उहाँको घरमा आएर ठूलो झोला बिसायौं, सानो झोला बोकेर बजारतर्फ लाग्यौं ।

घोराही बजारको दृश्य नियाल्दै हामी तरकारी मण्डी छेउ शाही मसला उद्योग अगाडि पुग्यौं । त्यहाँ स्वस्थ्य सफल र सभ्य समाजको श्रोत, प्राकृतिक जीवनशैली सकारात्मक सोच नाराका साथ २०६६ भदौं १० गते झापाबाट एक्लै नेपाल घुम्न निस्कनुभएकी अर्की महिला यात्री साधिका मीना चन्द (बर्दिया) सँग भेट भयो । हामी सबैजना कटुवा खोला पार गर्दै अम्बिकेश्वरी मन्दिर गयौं । धान पाक्नै लागेको छ । चारैतिरका डाँडा काँडा पनि आर्कषक देखिन्छन् । मन्दिर परिसरमा विभिन्न देवी देवताको मूर्ति सजाइएको छ । केहीबेर हामीले पार्कमा शीतल ताप्यौं । केही समयको अम्बिकेश्वरी मन्दिरको दर्शन र यात्रा अनुभव आदानप्रदान गरेर हामी फर्क्यौं ।


अम्बिकेश्वरी मन्दिर

कटुवा खोला पार गरेर बजार प्रवेश गऱ्यौं । घोराही पार्क छेउबाट बजार डूल्दै अगाडि बढ्यौं । दुगडका एरिया म्यानेजर भरत शाहीसँग हाम्रो भेट भयो । उहाँले वर्तमानमा यो व्यवसाय फस्टाइरहेको बताउनुभयो । साँझ परिसकेको थियो । हामी मीनाजीसँग छुट्टिएर अञ्जनाजी सँगै उहाँकै घर नवलपुर आयौं । उहाँको बुवा नोखी चौधरीसँग कुराकानी गऱ्यौं । उहाँ जिल्ला कृषि विकास कार्यालयमा कार्यालय सहयोगी हुनुहुन्छ । हामीले खाना खायौं । टी.भी. मा समाचार हेरेर सुत्यौं ।

२०६६ कार्तिक ६: बिहानीको समय हामीले डायरी लेखन, स्थानीय पत्रिका अध्ययन र नुहाई धुवाईमा व्यतित गऱ्यौं । खाना

खाएर अञ्जनाजीकै सहयोगमा भ्रमणमा निस्कियौ । ट्राफिक चोकबाट हिंड्दै हामी सिद्ध रत्ननाथ मन्दिर गोरक्षनाथ चौघेरा पुग्यौं । यो मन्दिर घोराही नगरपालिका (त्रिभुवन) वडा नं ४ मा बजारबाट २ कि. मिटर पूर्वमा पर्छ । यो मन्दिर १३ सय वर्ष अघि बनेको हो भनेर योगी नरहरिनाथको खोजले देखाएको छ, मन्दिरका लेखापाल हीरानाथ योगीले हामीलाई बताउनुभयो । रत्ननाथ मन्दिर भारतको देवी पाटनसँग सम्बद्ध छ । यो मन्दिर नेपाल भारत सांस्कृतिक एकता एवं मित्रताको उल्लेखनीय उदाहरणको रुपमा परिचित हुँदै आएको रहेछ । रक्षा बन्धनमा भक्तजनहरुको बढी भक्तिभाव हुने र फाल्गुण विजया एकादशीका दिन मठाधीश छनौट गरिन्छ, जसलाई पीर भन्ने गरिन्छ, लेखापाल योगीको कथन थियो ।



पौराणिक कला कौशलले भरिपूर्ण यो रत्ननाथ मन्दिर परिसरभित्र कालसेन, भैरव, पाटेश्वरी, बालासुन्दरी, गोरखनाथ र वैजनाथ मन्दिर रहेका छन् । धेरै पुरानो गलाइचि रुख र इनारको अवलोकन पनि यहाँ गर्न पाइयो । त्यसपछि हामी बजारतर्फ लाग्यौं ।

चौघेरा मन्दिरबाट हिंड्दै हामीले झोलुंगे पुल पार गर्‍यौं । भरतपुर क्षेत्र नियाल्दै नेपाल पत्रकार महासंघ दाङ्ग शाखाको भवन पुग्यौं । महासंघले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानलाई स्वागत कार्यक्रमको आयोजना गर्‍यो । कार्यक्रममा हामीले हालसम्म घुमेका ४३ जिल्ला भ्रमण प्रतिवेदन संक्षिप्तरुपमा प्रस्तुत गर्‍यौं । वर्तमानको पत्रकारितामा सकारात्मकता, जनमुखी र जवाफदेहिता नभएकाले यसतर्फ सबै लागि पर्नु पर्नेमा वक्ताहरुले जोड दिए । महासंघ अध्यक्ष प्रताप रेग्मीले हाल दाङ्ग जिल्लामा घोराहीबाट ३ दैनिक, ३ एफ.एम. केही साप्ताहिक, लमहीबाट १ दैनिक १ एफ.एम. र तुलसीपुरबाट एक एफ.एम. प्रकाशन/प्रसारण भइरहेको बताउनुभयो । महासंघका संस्थापक सभापति एवं हाल प्रेस काउन्सिल नेपालका अध्यक्ष नारायणप्रसाद शर्माको दाङ्गको पत्रकारिता विकासमा अग्रणी स्थान रहेको चर्चा कार्यक्रममा भयो ।

अध्यक्ष रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महासंघका केन्द्रिय सभासद् उदय जी.एम., क्रान्तिकारी पत्रकार संघका अध्यक्ष होमप्रसाद बस्याल, प्रेस चौतारी महिला विभाग प्रमुख सरिता सुवेदी लगायतले बोल्नुभएको थियो । महासंघ उपाध्यक्ष अजयदीप शर्माको स्वागत मन्तव्यबाट सुरु भएको यो कार्यक्रममा कोषाध्यक्ष दुर्गालाल के.सी. ले धन्यवाद ज्ञापन तथा कार्यक्रमको सञ्चालन महासंघ सचिव सविन प्रियासनले गर्नुभएको थियो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको पक्षमा आवाज उठाएकाले तपाईंहरु प्रशंसाको पात्र हुनुहुन्छ भन्दै उपस्थित पत्रकारहरुले हामीलाई अबिर लगाएर विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गरे ।

२०६६ कार्तिक ७: बिहान ११ बजे खाना खाएर आज पनि अञ्जना जी सँगै हामी भ्रमणमा निस्कियौं । घोराही बजारबाट ३ किलोमिटर उत्तर पश्चिममा अवस्थित १२ कुने दह हिंड्दै हामी पुग्यौं । घोराही नगरपालिका वडा नं. ७ सेवारको उत्तरी भाग र महाभारत पर्वतको दक्षिणी काखमा चारैतिर पहाडले घेरेको बीच समथर भूभागमा अवस्थित दहको छेउमा बराह मन्दिर छ । यहाँ प्रत्येक वर्षको माघे संक्रान्तिका दिन स्वदेशी तथा विदेशी श्रद्धालुहरुको घुइचो लाग्ने हामीले जानकारी पायौं ।


नमछु बौद्ध गुम्वा

हामी त्यो दहमा पुग्दा बच्चाहरु पौडीमा रमाइरहेका थिए । पिक्निक् खान आएकाहरु रमाइलो नाचगान गरिरहेका र दुनियाँ आएका मानिसहरु सौर्न्दयतामा मग्न देखिन्थे । हामी पनि वरिपरि घुम्यौं । त्यसपछि नमछु बौद्ध गुम्बातर्फ लाग्यौं ।

पहेलपुर झुलेका धानका बालाले दाङ्ग उपत्यकालाई सुनको गहनामा सजिएकी सुन्दर महिलालाई झैं सिंगारिदिएको छ । गुम्बाबाट चारैतिरको दृश्य नियालेर हामी फेरि बजारतर्फ नै फर्केका छौं ।

बेलाबखत हाँसो ठट्टा गर्दा अन्जना जी रिसाएजस्तो गर्दै हिंड्नु हुन्थ्यो। महिलाहरु पुरुषभन्दा बढी भावनात्मक हुन्छन् भन्ने कुरा उहाँबाट पनि पुष्टि भइरहेको थियो। हामी घोराही बजार आएर नयाँ युगबोध दैनिक कार्यालय पुग्यौं। यो पत्रिका वि.सं. २०३३ सालमा पाक्षिक, २०३७ मा साप्ताहिक र २०५६ देखि दैनिकको रुपमा प्रकाशित भइरहेको यस क्षेत्रकै जेठो एवं क वर्गको र मोफसलमा ठूलो साइजको पत्रिका हो। यसका संस्थापक प्रकाशक वर्तमान प्रेस काउन्सिलका अध्यक्ष नारायणप्रसाद शर्मा हुनुहुन्छ, भने अहिले यसका प्रकाशक सम्पादक पत्रकार महासंघ अध्यक्ष प्रताप रेग्मी रहनु भएको छ। यो जानकारी पछि स्वयं अध्यक्ष रेग्मीले हामीलाई सामुदायिक रेडियो मध्यपश्चिम एफ.एम. ९१.४ मे. कार्यालय घुमाउनुभयो।

हामी गणतन्त्र र गोरक्ष राष्ट्रिय दैनिक पत्रिकाको कार्यालय पुग्यौं। दाङ्गको पत्रकारिता हामीलाई पनि उत्कृष्ट लाग्यो। रुपन्देही र दाङ्गको पत्रकारिता गुणस्तरीयताका हिसाबले प्रतिस्पर्धात्मक पनि छन्। किनभने यि पत्रिकाहरुका सामाग्री अरु जिल्लाका तुलनामा पठनीय देखिन्छन्। आजै हामीले सामुदायिक रेडियो स्वर्गद्वारी एफ.एम. १०२.८ मे. र इन्द्रेणी एफ.एम. प्रा.लि.को ९२.४ मे. कार्यालय पनि पुग्न भ्यायौं। दाङ्गमा रेडियो स्वर्गद्वारी जेठो रेडियो रहेछ। यो रेडियोको विषयमा हामीले समाचार वाचक देवेन्द्र बस्नेत र इन्द्रेणी एफ.एम. को बारेमा समाचार सम्पादक हेमराज शर्मासँग कुरा गरेका थियौं। बेलुकी महासंघ अध्यक्ष रेग्मीको सहयोगमा राप्ती सुपर लज आयौं। खाना खाएर त्यहीं सुत्यौं।

२०६६ कार्तिक ८: बिहान ८ बजे हामी नेपाल पत्रकार महासंघ दाङ्ग कार्यालय पुग्यौं। सूचना तथा सञ्चारमन्त्री शंकर पोखरेलको उपस्थितिमा प्रेस चौतारी दांगले पत्रकार सम्मेलन आयोजना गरेको थियो। सरकारी मन्त्रीहरुको कार्यक्रममा कालो झण्डा देखाएर विरोध जनाउने एनेकपा माओवादीको घोषित कार्यक्रम छ। तर पत्रकार सम्मेलनमा जाने बाटो अवरोध गरेर ढुंगा प्रहार गर्ने काम माओवादी कार्यकर्ताले गरेका छन्। यद्यपि प्रहरीले स्कर्टिंग गरेर मन्त्री पोखरेललाई पत्रकार सम्मेलनमा पुऱ्याउने कार्य गऱ्यो। प्रेस चौतारी दाङ्गले विज्ञप्ति जारी गरी प्रेसको कार्यक्रममा अब उप्रान्त यसो नगर्न माओवादी पार्टीलाई अनुरोध गरेको छ।

त्यसपछि हामी युटीएल राप्ती सेवा उद्घाटन कार्यक्रममा पुग्यौं। दाङ्गका स्थानीय विकास अधिकारी मधुसुदन पौडेलले सो कार्यक्रमको उद्घाटन गर्दै गुणस्तरीयता प्रदान गर्न सञ्चालक कम्पनीलाई शुभकामना दिनुभयो। संचार क्षेत्रमा युटीएलले थप सेवा पुऱ्याउने विश्वास पत्रकार महासंघ अध्यक्ष प्रताप रेग्मीले गर्नुभयो। युटीएलका आशिष गौतमले धन्यवाद ज्ञापन गर्दै थप सेवा सुविधाका लागि केन्द्रमा अनुरोध गर्ने वचन बद्धता व्यक्त गर्नुभयो। यही कार्यक्रममा महासंघ अध्यक्ष रेग्मीले एल.डी.ओ. पौडेललाई विश्वभ्रमण अभियानबारे जानकारी गराइदिनुभयो। खाना खाएर हामी स्थानीय निकायका प्रमुखहरु भेट्न हिंड्यौं।

घोराही नगरपालिका पुगेर कार्यकारी अधिकृत हरिप्रसाद पाण्डेयसँग कुराकानी गर्‍यौं। वि.सं. २०३५ साल माघ १५ गते त्रिभुवन नगर पञ्चायतको नामबाट स्थापित घोराही नगरपालिका नेपालको मध्यपश्चिम विकास क्षेत्र अर्न्तगत पर्ने राप्ती अञ्चलकै जेठो नगरपालिका हो। ७४.४५ वर्ग कि.मी. मा फैलिएको यस नगरपालिकाको पूर्वमा सिस्ने खोला, पशिचममा गुर्जे खोला, उत्तरमा सैघा गा.वि.स छुट्याउने खोला र दक्षिणमा कुइरे पानी हुँदै अमराही जाने दामोदर सडकले सिमाना छुट्याएको छ। ११ वडामा विभाजित यो नगरपालिकाको वडा नं. १० र ११ शहरी क्षेत्रभित्र पर्दछ। यस नगरपालिका भित्र सिरडी साई मन्दिर, कालिका भगवती र राधाकृष्ण मन्दिर, सत्य साई केन्द्र, गणेश र शिव मन्दिर, चर्च मस्जिद, नंमछु बौद्ध गुम्बा जस्ता धार्मिक मठ मन्दिर रहेका छन्।

लोकनाचतर्फ घोराही नगरपालिकाको थारु समुदायमा बड्का नाच, लठ्ठा नाच, सक्ख्या पैया नाच, मगर समुदायको भूमे नाच, सारिंगे नाचआदि अग्रपंक्तिमा आउँछन्। यसैगरी मेला पर्वतर्फ चौघेरा फिरफिरे मेला र १२ कुने दह मेलालाई घोराही नगरस्तरीय प्रमुख मेलाको रुपमा लिइदोरहेछ। यो नगरपालिको प्रमुख विशेषता भनेको नेपालकै नमूना ल्याण्डफिल्ड साइट हो। घोराही ९ मा यो ल्याण्डफिल्ड साइट ८६ बिगाह, १२ कट्ठा १९ धुरमा फैलिएको बताइन्छ। जहाँ फोहोर व्यवस्थापन गरी मौरी पालन, वृक्षारोपण र फलफूलका रुख रोपिएका छन्। यसलाई राष्ट्रिय योजना आयोगले समेत उत्कृष्ट ठहऱ्याएको छ। यो नगरपालिका भित्र चक्रपथ निर्माण पनि गरिन लागेको छ।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारितका लागि थालिएको विश्वभ्रमण सफलताको कामना गर्दै कार्यकारी अधिकृत पाण्डेयले स्थानीय पत्रकारहरुसँग नगरपालिकाको राम्रो सम्बन्ध रहेको बताउनुभयो। आफूले पाएको सम्पूर्ण अधिकार प्रयोग गरेर आर्थिक सहयोग गर्छु भन्दै उहाँले हामीलाई छुट्टा छुट्टै निवेदन लेख्न लगाउनुभयो। त्यसपछि रु. ३०० का दरले २ जनालाई रु. ६०० दिनुभयो। ४४ वटा जिल्लासम्म आइपुग्दा २ वटा निवेदन लेख्न लगाएर यति सहयोग दिने उहाँ नै पहिलो व्यक्ति हुनुहुन्छ। के गर्नु ? चौध दलको चित्त बुझाउनुपर्छ उहाँले भन्नुभयो।

घोराही नगरपालिका कार्यालयबाट हामी जि.वि.स. कार्यालय दांग पुग्यौं। स्थानीय विकास अधिकारी मधुसुदन पौडेलले भन्नुभयो, तपाईंहरु देशको सम्माननीय राजदूत बनेर विश्वभ्रमण गरिसकेको मैले देखिसकें, अवश्य यो भ्रमण सफल हुन्छ, तपाईंहरुलाई शुभकामना। आज हामीलाई स्था.वि.अ. पौडेलले नै जि.वि.स. मै खानपिन र बसोबासको प्रबन्ध मिलाउनुभयो। आफ्नो जिल्लाको सेवा गरेर नै नोकरीबाट अवकाश लिने उहाँको सोच रहेछ।

२०६६ कार्तिक ९: बिहान हामी एनेकपा माओवादी कार्यालय गयौं । कार्यालयमा हामीले जिल्ला सेक्रेटरी सुवास पुन र सहसचिव रामजी चौधरीसँग कुराकानी गर्‍यौं । सेक्रेटरी पुनले राष्ट्र स्वतन्त्र नभएसम्म प्रेस स्वतन्त्र नहुने धारणा राख्नुभयो । प्रेस स्वतन्त्र भनेको गरिब दुःखी, कुना कन्दरा र निमुखा सोझा जनताको आवाज बोल्ने माध्यम हो तर, हालमा ठूला बडा पूँजीपति वर्गको विषयमा बोल्ने, नांगा तस्वीर छाप्ने र अपहेलित अशिक्षित जाति जनजातिको फोटो छापेर एन.जी.ओ. आइ.एन.जी.ओ. चलाउने ठूला प्रेस केन्द्रित रहेका छन् भन्ने उहाँको आरोप छ । त्यसकारण पुंजीपतिको लगानीमा रहेको प्रेसलाई स्वतन्त्र, मर्यादित र सकारात्मक बनाउन तपाईहरुको भ्रमण केन्द्रित रहोस् भनी सेक्रेटरी पुनले शुभकामना दिनुभयो ।

बिहानी खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय गयौं । त्यहाँ प्र.जि.अ. ऋषिराम ढकाल, प्रहरी उपरीक्षक पुष्कराज रेग्मी, शान्ति मन्त्रालयका खेम गिरी लगायत उपस्थित व्यक्तिहरुलाई हामीले विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । प्र.जि.अ. ढकालले हावापानी र ठाउँका हिसाबले दांगलाई संघीय राजधानी बनाउन सकिने र आधारशीलालाई हेर्दा चितवन उपर्युक्त हुने धारणा प्रस्तुत गर्नुभयो । दांग जिल्लाको पत्रकारिता उत्कृष्ट छ भनी प्र.जि.अ.ले प्रशंसा गर्नुभयो । पाठक, पत्रकार, श्रोत व्यक्ति सबैमा नकारात्मक मानसिकता हाबी रहेकाले पत्रकारिताको सही विकास हुन बाँकी रहेको उहाँले बताउनुभयो । पत्रकारितामा सकारात्मक र नकारात्मक दुवै पक्षको चित्रण गरिदिंदा राम्रो हुने तर एक पक्षीय मात्र लेख्दा सम्बन्धित व्यक्तिले सुध्रिने मौकाको रुपमा लिदैन । कार्य मर्यादित, जिम्मेवार र सकारात्मक पत्रकारिताको विकास हुन जरुरी छ, प्र.जि.अ. ढकालले भन्नुभयो ।

अब भने हामी घोराहीबाट तुलसीपुर जाने बस चढ्यौं । बस नारायणपुर, हेमन्तपुर, बेलझुण्डी बिजौरी हुँदै रानीघाटबाट तुलसीपुर प्रवेश गर्‍यो । हामी दाङ्ग जिल्लाको अर्को प्रमुख बजार तुलसीपुरलाई नियाल्दै अघि बढिरहेका थियौं । दुई भाई युवाले हामीलाई कहाँबाट आउनुभएको भन्दै जिज्ञासा राखे । परिचय गर्दा एकजनाले नारायण आचार्य र अर्को जनाले नवराज आचार्य भन्नु हामी आश्चर्यमा पर्‍यौं । हाम्रो नामसँग ठ्याक्कै मिल्ने र एकै ठाउँ पढ्न बस्नुभएका यी दंगाली साथीहरुलाई हामीले पनि मीतज्यू भन्दै सम्बोधन गर्‍यौं । केहीबेर कुराकानी गर्दै बजार घुमेर उहाँहरु आफ्नो कोठातर्फ लाग्नुभयो । हामी व्यवसायी अरुणकुमार श्रेष्ठको घरमा बस्यौं ।

२०६६ कार्तिक १०: बिहान ६:१५ बजे हामी सामुदायिक रेडियो तुलसीपुर एफ.एम. १००.२ मे. कार्यालय पुग्यौं । कारण, ६:३० बजे प्रत्यक्ष अर्न्तवार्ताका लागि एफ.एम. समाचार सम्पादक सुशील बस्नेतले हामीलाई त्यहाँ बोलाउनु भएको थियो । हामीले कार्यक्रम समाप्ति पछि केहीबेर एफ.एम. कर्मी साथीहरुसँग कुराकानी गर्‍यौं । सम्पादक बस्नेतले स्थानीयवासीहरुलाई सूचनाको पहुँच पुर्‍याउन र विशेष अवस्थामा शान्ति कायम गराउन रेडियोले महत्वपूर्ण योगदान पुर्‍याएको छ, भन्नुभयो ।

त्यसपछि हामी तुलसीपुर बजार भ्रमणमा निस्कियौं । व्यापारी एवं नेवाः दय दबुका केन्द्रिय वरिष्ठ उपाध्यक्ष दीपक शाक्यसँग केहीबेर कुराकानी गर्‍यौं । जन्मघर भोजपुर भएका शाक्यले आफूलाई धेरै जिल्ला घुम्दा दांग मन परेर तुलसीपुरमा व्यापार गरेर बस्न थालेको बताउनु भयो ।

तुलसीपुर बजार सल्यान, रुकुम, रोल्पा, जाजरकोट, डोल्पासम्मको व्यापारिक केन्द्रको रुपमा रहेको छ । तुलसीपुर राप्ती अञ्चलको सदरमुकाम रहेका कारण अञ्चल कार्यालयहरु पनि स्थापना गरिएका छन् । हामीले आज बिहान, बेलुकीको खाना र बसोबास हिजो आकस्मिक भेट हुनुभएका एउटै नाम भएका साथीहरुको कोठामा गर्‍यौं ।

बिहानको खाना खाएर हामी तुलसीपुर उद्योग वाणिज्य संघको कार्यालय गयौं । त्यहाँ अध्यक्ष दीपेन्द्र कुमार खत्री, नेपाली काँग्रेस दांग सदस्य गोपीनाथ योगी, राप्ती शान्ति उद्यानका अध्यक्ष हरी रिजाल, जिल्ला शिक्षा कार्यालयका श्रोत व्यक्ति शशीधर के.सी. सँग हाम्रो कुराकानी भयो । अध्यक्ष खत्रीले तुलसीपुरमा मैदा, चामल, चिउरा, तेल मिल सञ्चालनमा रहेका र सिमेन्ट फ्याक्ट्री पनि सञ्चालन उन्मुख अवस्थामा रहेको जानकारी दिनुभयो ।

सदस्य गोपीनाथ योगीले तुलसीपुरमा अमल्लिया तुलसीपुर सल्यान राजमार्ग, राप्ती राजमार्ग अनि सुर्खेत जोड्ने राजमार्ग रहेको जानकारी दिनुभयो । उहाँहरुले दिनुभएको अन्य जानकारीमा: यहाँ पुरानो विमानस्थल पनि छ । यो ठाउँमा २०२८/३० सालमा हिउँदमा मधेश र वर्षा याममा पहाडी मुलका मान्छे कोटमा निस्किएर बस्थे । कारण औंलोको समस्या भएर हो । दिउँसो नलागे पनि राती बस्यो भने औलोले समाति हाल्थ्यो । तर आदिवासी थारुलाई भने यो रोग लाग्दैन थियो । तुलसीपुर नजिकको दूरीमा पुरन्धरा छहरा, चमेरे गुफा रहेका छन् ।

पत्रकारिता क्षेत्रमा आक्रमण हुनु तानाशाही प्रवृत्ति हो । बन्दूकभन्दा कलम शक्तिशाली हुने भएकाले यसको सकारात्मक प्रयोग हुनुपर्छ । सत्तामा बस्ने मान्छेले नदेखेको कुरा कलमले देख्नुपर्छ । पत्रकारिताका कारण मुलुक बन्छ, तर यसमा होशियार हुनुपर्छ अन्यथा देश जल्न सक्छ । हाल पत्रकारिता क्षेत्रमा केही अनाडी मान्छे प्रवेश गरेकाले केही विकृति भित्रिएको छ । विना पक्षपात भन्नुपर्दा दाङ्गमा पत्रकारिता टिकाउने व्यक्ति नारायणप्रसाद शर्मा हुन् । साथै टेकनाथ गौतम, दधिराम सुवेदीको पनि पत्रकारितामा ठूलो योगदान छ भन्ने सदस्य योगीको भनाइमा उपस्थित अन्य व्यक्तिहरुको पनि सहमति थियो ।

उद्योग वाणिज्य संघबाट हामी तुलसीपुर नगरपालिका कार्यालय पुग्यौं। त्यहाँ निमित्त कार्यकारी अधिकृत टोप बहादुर डाँगीसँग हामीले भिडियो कुराकानी गऱ्यौं। वि.सं. २०४८ साल चैत्र ३० गते स्थापना भएको यो नगरपालिकाको क्षेत्रफल ९५ वर्ग किलोमिटर छ। ११ वडामा विभाजित तुलसीपुर नगरपालिकाको पूर्वमा हलवार गा.वि.स. पश्चिममा पवननगर गा.वि.स. दक्षिणमा टरिगाउँ गा.वि.स र उत्तरमा सल्यान जिल्लासँग सिमाना जोडिएको छ। सफा, साक्षर व्यवस्थित नगरी हाम्रो अभियान, विकासमा जनसहभागिता तुलसीपुरको पहिचान भन्ने नारा यस नगरपालिकाको छ।

पत्रकारिता क्षेत्रले हामीले गरेका गल्ती कमजोरी औंल्याएर सच्चिने मौका प्रदान गरेको छ र राम्रा कार्यहरुको पनि प्रचार प्रसार गरेर हौसला बढाउन सहयोग गरेको छ, अधिकृत डाँगीले भन्नुभयो। प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियान पूरा गरेर तपाईहरु नेपाल फर्कनुस्, हामी नेपाली जनता फूल मालाद्वारा स्वागत गर्न प्रतिक्षारत छौं भन्दै उहाँले नगरपालिकाको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो। हामीले नगरपालिकाकै सहलेखापाल लेखक घिमिरे, खरिदार यशोदा वली र न्यायका लागि द्वन्द्व पीडित समाजकी इमा पोखरेलसँग पनि परिचय गऱ्यौं।

नगरपालिका कार्यालयपछि हामी तुलसीपुर ३, मा श्री गणेश सामुदायिक वन उपभोक्ता समूह अन्तर्गत पर्ने राप्ती शान्ति उद्यान गयौं। २० हेक्टर क्षेत्रमा निर्माणाधीन यो पार्क व्यवस्थित हुन बाँकी नै रहेछ। यसका संयोजक हरि रिजालले हामीलाई दिनुभएको जानकारीअनुसार पार्क निर्माण गर्नुको कारण माओवादी जनयुद्ध सुरु भएको द्वन्द्वग्रस्त राप्ती अञ्चलमा शान्तिकामी जनता पनि छन् भनेर सन्देश प्रवाह गर्नु हो, हाल हामी राप्ती शान्ति उद्यान, विश्वशान्तिको पहिचान भन्ने नारा लिएर अगाडि बढ्दै छौं। आन्तरिक तथा बाह्य पर्यटन विकास र यहाँका सांस्कृतिक धरोहर रक्षा गर्नु हाम्रो उद्देश्य हो, अध्यक्ष रिजालको भनाई थियो।

हामीले पनि केहीबेर पार्क डूल्यौं। र साथी नारायण र नवराज आचार्यका साथ उहाँकै कोठामा फर्कियौं। बसपार्कस्थित कोठामा आएर संयोगवश भएको भेट र नामका विषयमा थप कुराकानी गऱ्यौं। उहाँहरुसँगै पढ्ने अन्य साथीहरुसँग पनि यात्राका अनुभव बाँडिए। खाना खाएर सुत्यौं।

२०६६ कार्तिक ११: बिहान ८ बजे हामीले तुलसीपुर छोड्यौं। बसमार्फत् बेलझुण्डी आयौं। बेलका रुखहरु प्रशस्त भएको कारण यस ठाउँको नाम बेलझुण्डी राखिएको रहेछ। बेलझुण्डीको मुख्य विशेषता भन्नु नै नेपाल संस्कृत विश्वविद्यालय हो। पूर्वीय दर्शनको संरक्षण, सम्बर्द्धनको मूल ध्येयका साथ अगाडि बढेको विश्वविद्यालयलाई वि.सं. २०४३ सालमा त्रि.वि. बाट छुट्याइएको थियो। हाल यस विश्वविद्यालयका लगभग २० वटा आंशिक र सम्बन्धन प्राप्त शिक्षालयहरु देशका विभिन्न ठाउँमा स्थापना भएका रहेछन्। यस विश्वविद्यालयका उपकुलपति विदूरप्रसाद पौडेल, शिक्षाध्यक्ष (रेक्टर) प्रा.डा. भागवतप्रसाद शर्मा र सामान्य प्रशासन प्रमुख गंगामणि शर्मासँग पनि हाम्रो परिचय र कुराकानी भयो।

यस विश्वविद्यालय अर्न्तगतका विद्यापीठमा संस्कृत, आयुर्वेद शिक्षा, आइएस्सीमा विज्ञान, हिन्दी मैथिली भाषा पढाइ हुनुका साथै हाल विदेशी नागरिकहरु पनि यस विश्वविद्यालयमा संस्कृत शिक्षा पढ्न आउन थालेकोमा विश्वविद्यालय परिवार दंग रहेछ। जीवन जगतका विषयमा राम्ररी ज्ञान दिन सक्ने संस्कृत भाषालाई परम्परागत कर्मकाण्डमा मात्र सीमित छ भनेर बुझ्नु गलत भैसकेको र अब नयाँ किसिमबाट बुझ्नु बुझाउनु अति आवश्यक देखिन्छ उहाँहरुले भन्नुभयो।

सोहम् र कोहम् नामलाई यसप्रकार सोऽहम् कोऽहम् लेखेर विश्वभ्रमणमा जानुभए संस्कृत भाषा र नेपालको सांस्कृतिक पहिचान दिन सफल हुनुहुने थियो भनेर हामीलाई उहाँहरुले सुझाव दिनुभयो। हामीलाई यो विश्वविद्यालय घुमाउने र खानपिन गराउने कार्यमा केदारनाथ गौतमले सहयोग पुऱ्याउनुभयो। हामी बेलझुण्डीलाई छाडेर पुनः घोराही आयौं। तुलसीपुरबाट घोराही ३० किलोमिटर दूरीमा छ। हामी नवलपुरमै गयौं। खाना खाएर सुत्यौं।

२०६६ कार्तिक १२: आज पनि हामी नेपाल पत्रकार महासंघ कार्यालय पुग्यौं। त्यहाँ अध्यक्ष प्रताप रेग्मी, महासंघ सल्लाहाकार द्वय सुशील गौतम र रामप्रसाद पौडेल, सचिव सविन प्रियासन, सदस्य हुमराज बस्याल लगायत सबैसँग हामी बिदा भएर हिंड्यौं।

यात्राको अबको गन्तव्य हामीले ४५ औ जिल्लाको रुपमा लमजुंगलाई बनाएका छौं। नारायणघाट नपुगी लमजुंग पुग्ने कुनै अवस्था रहेन। अतः घोराहीबाट हामी लमही आयौं। लमहीबाट पत्रकार राधेश्याम गुप्ता र ईलाका प्रहरी कार्यालयको सहयोगमा हामी बुटवलतर्फ गाडीमा प्रस्थान गऱ्यौं। भालुवांगमा बस केहीबेर रोकियो। राप्तीको पुल र पहाडी चुचुराहरु निकै आकर्षक देखिए। यही आर्कषण र दांग जिल्लाको भ्रमण समापन सँगै हामीले तराई, मध्यपश्चिम र सुदूरपश्चिमका सबै जिल्लाको भ्रमण सकेका छौं।

बस पुनः अगाडि बढ्यो। दिउँसो २:३० बजे बस रुपन्देहीको बुटवल आइपुग्यो। हामी त्यस बसबाट ओर्लिएर नारायणघाटका लागि गाडी चढ्यौं। बुटवलबाट दिउँसो ३ बजे हिंडेको गाडी साँझ ६ बजे नारायणघाट आइपुग्यो। हामी कमलनगर गयौं। साधक रत्नम् (रोशन दाहाल, दोलखा) ले खानपिनको व्यवस्था मिलाउनुभयो।

२०६६ कार्तिक १३, १४ र १५: कमलनगर चितवनमै हामी अध्ययन र लेखन गरेर बस्यौं। साधिका प्लिम्, साधक स्लिम् (सुजन कँडेल, कास्की) मनोक्रान्तिप्रेमी होमजी कुँवर, रामप्रसाद पाण्डे, शकुन्तला घिमिरे, विमला गौतम लगायतसँग हामीले सामान्य कुराकानी गर्न भ्यायौं। परिगाउँ डडेल्धुरा जिल्लामा डिजिटल क्यामेरा बिग्रिएकाले पुनः अर्को एउटा क्यामेरा किन्यौं। हो, यस्तै त्यस्तै भ्रमण र भेटघाटका साथ दांगदेखि चितवन सम्मको हाम्रो यात्रा पूरा भयो।

दांग यात्राका क्रममा प्राप्त नगद सहयोग

नेपाल संस्कृत विश्वविद्यालय (वेलुभ्कुण्डी)	रु. ५,०००/-
जिल्ला विकास समिति	रु. २,५००/-
एनेकपा (माओवादी)	रु. १,०००/-
नेपाल पत्रकार महासंघ	रु. १,०००/-
तुलसीपुर उ.वा.संघ	रु. १,०००/-
तुलसीपुर नगरपालिका	रु. १,०००/-
घोराही नगरपालिका	रु. ६००/-
केदारनाथ गौतम(सालभ्कण्डी रुपन्देही)	रु. २१०/-
गंगामणि शर्मा	रु. १३०/-
लालवहादुर डाँगी	रु. ११०/-
रेडियो देउखुरी	रु. १०५/-
वुद्धिवहादुर जि.सी.	रु. १००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

उद्देश्यको हार्दिक प्रशंसा, शुभकामना। - ऋषिराम ढकाल (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
नेपाली पत्रकारितालाई विश्व समुदायसमक्ष पुऱ्याउन योगदानको अपेक्षा। - प्रताप रेग्मी (अध्यक्ष), पत्रकार महासंघ
विश्वकै पत्रकारिताको इतिहासमा अंकित हुने विश्वास। - सुशील गौतम, पूर्वाध्यक्ष, नेपाल पत्रकार महासंघ दाङ्ग
चुनौती देखेर आँसु बगाउनु ठूलो कुरा होइन। - एस.बी. समर्पण, रेडियो देउखुरी, लमही
प्रेस जगत्का लागि खुशी र गौरवको विषय बनेको छ। - अजयदीप शर्मा, उपाध्यक्ष, नेपाल पत्रकार महासंघ
श्रमजीवि पत्रकारहरुकै लागि गौरवको कुरा हो। - सविन प्रियासन (सचिव), नेपाल पत्रकार महासंघ
विश्वमै प्रेस स्वतन्त्रता आवश्यक छ, सकारात्मक पत्रकारिताको खाँचो छ। - तुलसीराम सुवेदी, रियल रिपोर्टर ग्रुप
पत्रकारिताको समस्या र सम्भावना पहिचान होस्। - अशोककुमार यादव (नि.प्रबन्ध निर्देशक), रेडियो देउखुरी
प्रेस स्वतन्त्रताको आवाज बुलन्द गर्न सफल हुनुहोस्। - उदय आले, हेमराज शर्मा, देउखुरी दैनिक लमही
भेट गर्न पाउँदा धेरै खुशी लाग्यो। - आशिष देवकोटा (समाचार सम्पादक), रेडियो देउखुरी
स्वतन्त्रताको आवाज विश्वभर मुखरित गर्ने उद्देश्य सफल रहोस्। - उदय जीएम, अन्नपूर्ण पोष्ट दैनिक
...बोकेको लक्ष्य पूरा होस्, हार्दिक मंगलमय शुभकामना। - अनिमा पैध (सञ्चारकर्मी), रेडियो तुलसीपुर
विश्व पत्रकारिता अनुभव साटासाट गर्नु हुनेछ। - हुमप्रसाद बस्याल (अध्यक्ष), क्रान्तिकारी पत्रकार संघ
यो साहस र हिम्मतले हामीलाई ऊर्जा दिएको छ। - सरिता सुवेदी, प्रेस चौतारी
युवा पत्रकारहरुले पनि धेरै गर्न सक्छन्। - हेमराज शर्मा (सम्पादक), ईन्द्रेणी एफ.एम.
समाजलाई नयाँ विचारको वातावरण सिर्जना होस्। - सुशीला आचार्य (अध्यक्ष), पत्रकार महिला मञ्च
कठिनाई र उतार चढावलाई सहजै लिनु। - देविका जीएम, सञ्चारकर्मी
विश्वभ्रमणका क्रियाकलाप राम्रा रहुन्। - प्रेमबहादुर राम्जा, सञ्चारकर्मी तुलसीपुर
सफलताको शुभकामना। - सुशील बस्नेत, रेडियो तुलसीपुर
ग्रामीण भेगका पर्यटन तथा विकास निर्माण समेट्नु। - द्रोर्ण बहादुर के.सी., तुलसीपुर नगरपालिका १०
सञ्चार चेतना जगाउने उद्देश्य सफल होस्। - रामप्रसाद पौडेल (सल्लाहाकार), नेपाल पत्रकार महासंघ
जय नेपाल आमा। जय विश्वयात्रा। - अञ्जना चौधरी घोराही ५, नवलपुर
विभिन्न देशमा सिकेका ज्ञान मातृभूमिमा प्रयोग गर्नु। - मनोजकुमार सापकोटा, पवननगर ३
नयाँ नेपाल निर्माण गर्ने उपकरण र सोच हासिल होस्। - मधुसुदन पौडेल, स्थानीय विकास अधिकारी
भ्रमण मानव कल्याणका लागि सावित होओस्। - गोपीनाथ योगी, तुलसीपुर ५, कृष्णकुमार गिरी, तुलसीपुर ३
सगरमाथा शिखर जत्तिकै सफलता हासिल गरोस्। - धीरज चौधरी, श्री नवश्रृजित युवा जागरण क्लब तुलसीपुर
यस कार्यले मानव कृतज्ञ रहनेछ। - डा. अरुणकुमार श्रेष्ठ, वी.पी. चोक लाईन, तुलसीपुर
यात्रा सफल होस्। - शंकर भट्टराई, हलवार ८, खाद्रे
धेरै ज्ञान र सीप हासिल गर्नु। - नारायण आचार्य (मानपुर ३) र नवराज शर्मा (नारायणपुर ३, चारबघिया)
कोऽहम् सोऽहम्मा र सोऽहम् कोऽहम्मा परिवर्तन हुनु।
- विदूर प्रसाद पौडेल (उपकुलपति), प्रा.डा. भागवत् प्रसाद शर्मा (शिक्षाध्यक्ष) नेपाल संस्कृत विश्वविद्यालय, केन्द्रिय कार्यालय बेलझुण्डी
पत्रकारिताको वास्तविक सन्देश दिन सकोस्। - विष्णुप्रसाद दाहाल (लेखा अधिकृत)
सम्पूर्ण मानवलाई नयाँ दिशा बोध होस्। - गंगामणी शर्मा, नेपाल संस्कृत विश्वविद्यालय
नेपालको गरिमालाई उचो राख्नु। - लक्ष्मण पोखरेल (सह लेखा नियन्त्रक), केशवकुमार दाहाल (वरिष्ठ सहायक) नेपाल संस्कृत विश्वविद्यालय
अदम्य साहसप्रति म अत्यन्त प्रभावित भएँ। - वासुदेव भुसाल, रामपुर ४ र बुद्धिबहादुर जि.सी., नेपाल संस्कृत विश्वविद्यालय
अध्ययनले समाज बदल्न सफल हुनुहोस्। - केदारनाथ गौतम (सालभ्कण्डी ५, रुपन्देही), नेपाल संस्कृत विश्वविद्यालय, केन्द्रिय कार्यालय बेलझुण्डी
नगरको विविध जानकारी लिनुभएकोमा पूर्ण सफलताको कामना। - टोपबहादुर डाँगी (समाज कल्याण अधिकृत), तुलसीपुर नगरपालिका कार्यालय
जिल्लाको विविध जानकारी लिनुभएकोमा पूर्ण सफलताको कामना। - दिपेन्द्रकुमार खत्री (अध्यक्ष), तुलसीपुर उद्योग वाणिज्य संघ

४५ औं जिल्ला लमजुङ्ग जिल्ला डायरी

२०६६ कार्तिक १६: ४४ औं जिल्ला दाङ्गबाट चितवनको नारायणगढमा हामीले ज्यानलाई केही दिन आराम दिएर आज ४५ औं जिल्ला लमजुङ्ग भ्रमण सुरु गऱ्यौं । बिहान ७:३० बजे नारायणगढबाट लमजुङ्ग सुन्दरबजार आउने बसमा चढ्यौं। बस मुग्लिङ्गबाट काठमाडौं जाने बाटो छोडेर बायाँ लाग्यो । नदीको पुल पार गरेर बस तनहुँ जिल्लाको आँबु खैरेनी, डुम्रे, पुर्कोट हुँदै पाउँदीबजारबाट लमजुङ्ग प्रवेश गऱ्यो ।

भोटेओडार ८, सिउँडीबजार आइपुगेपछि बस रोकियो। हामी बसबाट ओर्लियौं । स्थानीय भट्टराई स्टेशनरीकी सञ्चालिकाले गाउँका मान्छेमा पत्रिका किनेर पढ्ने बानी विकसित नभइसकेको बताउनुभयो । हामी पदयात्रा गर्दै मध्यमर्स्याङ्गदी जलविद्युत केन्द्रको गेट हुँदै भोटेओडार बजार आयौं । नाम सुनिराखेको भोटेओडार कस्तो होला ? भन्ने हामीमा कौतुहलता थियो। मर्स्याङ्गदी नदी किनारको फाँटमा धान पाकेर पहेंलपुर भएको छ। माथि डाडा काँडा पारी पट्टि पनि उस्तै भूभाग, अलि टाढामा हिमश्रृंखला देख्न सकिने भोटेओडार हामीलाई निकै सुन्दर लाग्यो। भक्ति आदर्श क्याम्पस समेत रहेको त्यहाँ सानो बजार पनि रहेछ।

संक्षिप्त परिचय

क्षेत्रफलः १,६९२ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ६१ वटा, निर्वाचन क्षेत्रः २, सदरमुकामः बेशीशहर, अञ्चलः गण्डकी, विकास क्षेत्रः पश्चिमाञ्चल भौगालिक अवस्थितिः पूर्व गोरखा, पश्चिम कास्की, उत्तर मनांग, र दक्षिण तनहुँ

जातजातिः गुरुंग, क्षेत्री, ब्राम्हण, कामी, तामांग, सार्की, नेवार, दमाई, घर्ती, मगर, दुरा, राई, ठकुरी, कुमाल, सन्यासी, मुस्लिम, थकाली, चेपांग, नखुलेको अन्य ।

पर्यटकीय स्थलः घलेगाउँ, भुजुंग, खासुर, लमजुंग दरवार, पुरानकोट, चेपे घाट, रागीनास कोट, सिन्दुरे ढुंगा, मेमे पोखरी, दूध पोखरी, बाह्र पोखरी, इलम पोखरी, लमजुंग कालिका, उदिपुर कालिका, उदिपुर अकला, कपुरिश्वर महादेव, ईशानेश्वर महादेव, लक्ष्मीनारायण आदि ।

(साभारः संक्षिप्त चिनारी २०६५)

स्थानीयवासी राम बहादुर र विष्णुहरी सापकोटाका अनुसार २०२०/२२ सालदेखि बस्ती बस्न थालेको हो, यो बजारमा। त्यसभन्दा पहिले मनाङ्गका भोटेहरु ओहोर दोहोर गर्दा ओडारमा बास बस्ने गर्दथे रे। सोही कारण भोटेओडार नामाकरण भएको हो, अहिले गाडी चल्यो, बस्ती ठूलो भयो । त्यसकारण मान्छेहरु ओडारमा बास बस्ने छोडेका छन्। एक स्थानीयवासीले भने- सहकारी पसलमा सामान किन्यो भने एकातिर सुपथ मूल्यमा पाइन्छ, अर्कातिर प्राप्त मुनाफा समुदायमा खर्च हुन्छ। यतातिर मानिसहरु सदरमुकाम बेसीशहरबाट प्रसारण हुने रेडियो मर्स्याङ्गदी एफ.एम. ९५ मे. का अलावा अन्य जिल्लाबाट प्रसारित रेडियोहरु पनि सुन्ने गर्दा रहेछन् । हामीसँग भेट भएका भोटेओडारवासीहरुले सञ्चारमाध्यम स्वतन्त्र मर्यादित र वास्तविकतामा आधारित समाचार दिन सक्ने हुनुपर्छ भन्ने कुरामा जोड दिए ।

भोटेओडारबाट हिंड्दै हामी उदिपुर गा.वि.स.को भूभागबाट अगाडि बढ्यौं। निर्माणाधीन माथिल्लो मर्स्याङ्गदी जलविद्युत् ड्याम साइटको दृश्य अवलोकन गऱ्यौं । साँझ पर्नै लागेको थियो । जीप चढेर हामी बेसीशहरतर्फ आयौं । बजार आइपुगेपछि बसबाट ओर्लिएर हामी सरासर सामुदायिक विकास तथा सञ्चार केन्द्रद्वारा सञ्चालित रेडियो मर्स्याङ्गदी ९५ मे. कार्यालय पुग्यौं ।

एफ.एम. कर्मी कासीम राना, केदार बोहोरा लगायतसँग हाम्रो परिचय भयो । नेपालका ग्रामीण बस्तीहरुमा समेत सूचनाको पहुँच पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेका सामुदायिक रेडियोकर्मीहरुलाई सरकार र सम्बन्धित निकायले उचित ध्यान दिएको छैन, त्यसकारण यसतर्फ सबैको ध्यान पुगोस् भन्ने आवाज साथीहरुको थियो । हुन पनि हो, हाल नेपालका एफ.एम. रेडियोमा काम गर्ने धेरै साथीहरु न्यून पारिश्रमिक र स्वयंसेवकको रुपमा आफ्नो समय र सीप लगानी गरिरहेका छन्। साथीहरुसँग कुराकानी गर्दागर्दै साँझको ७:३० बजिसकेको थियो । हामी सयपत्री होटलमा आयौं । खानपिन गरेर रेडियोमा समाचार सुन्दै ओछ्यानमा पल्टियौं ।

२०६६ कार्तिक १७: बिहान ७ बजे हामी होटल टुकुचे पिकमा पुग्यौं । त्यहाँ नेपाल पत्रकार महासंघ लमजुंग शाखा अध्यक्ष किसान संगीत नेपालीसँग भेट भयो । केही बेरको कुराकानी पश्चात् हामी न्यू मुस्तांग गेष्ट हाउसमा बस्नका लागि गयौं । अध्यक्ष किसानले फोन गरेपछि बेलुकी सयपत्री होटलको लजिंग फुडिंग सञ्चालक विकास श्रेष्ठले चार्ज लिनुभएन। न्यू मुस्तांग होटलमा बस्ने प्रबन्ध मिलाइदिएर संगीत र अञ्जनकुमार शर्मा जी छुट्टिनुभयो । हामी खाना खाएर गाउँशहर कालिकातर्फ लाग्यौं ।

लमजुंग जिल्लामा बेशीशहर, गाउँशहरजस्ता शहरै शहर रहेछन् भनेर हाँसो ठट्टा गर्दै हामी उकालो लाग्यौं। उकालो बाटो केहीबेर हिंडेपछि बेसीशहरतर्फ फर्केर हेरेको त मर्स्याङ्गदी नदी किनारमा अवस्थित यो बजार फाँटिलो धान खेतीका कारण झनै आकर्षक लाग्यो । चारैतिरको हिमाली पहाडी दृश्यको साथमा बेसीशहर बजार धपक्कै बलेको पायौं । उकालो बाटो भएपनि प्राकृतिक सुन्दरतासँग हराउँदै हिंड्दा कठिनाईको अनुभव हुन पाएन। हामी दनाई गाउँ हुँदै गाउँशहर कालिका दरबार पुग्दा ३ घण्टा समय बितिसकेको थियो ।

झ्यालढोका बन्द रहेको दरबार परिसर बाहिरबाट हामीलाई स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालयका प्रमुख बहादुर घिमिरेले गौरीशंकर मनास्लु, लमजुंग, गणेश, अन्नपूर्ण माछापुछ्रे जस्ता हिमाल देख्न सकिने बताउनुभयो। लमजुंग दरबार शाहवंशको उद्गमस्थल हो भन्दै कार्यालय प्रमुख घिमिरेले स्थानीय रेडियोको कारण कुना काप्चाका मान्छेहरु टाठा बाठा भएको बताउनुभयो। कसरी ? भन्ने प्रश्नको जवाफमा उहाँले भन्नुभयो- जुनसुकै घट्ना वा समाचार तत्कालै रेडियोले दिन्छ र जनताले सुन्न पाउँछन्। बेसीशहरमा खसीको मासुको भाउ सुनेका किसानले सोही अनुसार हामी खसी किन्न जादा मोल गर्छन्, सस्तो गाउँमा खसी पाइन्छ भनेर जाने हामी बढी मूल्य तिनुपर्ने अवस्था छ।

दरबार परिसरबाट हामी बाहिर निस्कियौं। केही माथिको बजार पुग्यौं। केही घर र पसल रहेछन् यहाँ। हामीले तिनीहरुलाई नियाल्यौं। स्थानीयवासी खड्ग बहादुर बानियाँले हिजो तपाईंहरु लमजुंग आउनु भएको छ भनेर रेडियोमा सुनेको थिए, आज यहाँ देख्न भेट्न पाउँदा खुशी लाग्यो भन्नुभयो। लमजुंगमा राष्टकवि माधवप्रसाद घिमिरे, लोकगायिका विमाकुमारी दूरा, कलाकार राजु परियारजस्ता व्यक्तित्वहरु जन्मिएका छन् भन्ने विषयमा पनि उहाँसँग हाम्रो कुराकानी भयो।

हामीले घडी हेर्दा त बेलुकीको ४ बजिसकेको रहेछ। सरासर बेसीशहरतर्फ हामी ओरालो झर्‍यौं। बाटामा लमजुंग कालिका युवा क्लबका अध्यक्ष रामचन्द्र श्रेष्ठसँग हाम्रो जम्काभेट भयो। उहाँले सञ्चारक्षेत्रले समाजलाई डोर्‍याउन सक्ने भएकाले यो क्षेत्र स्वतन्त्र र जिम्मेवार ढंगले अगाडि बढ्न सक्नुपर्छ, भन्नुभयो। हामी वेसीशहर आइपुग्दा ६ बजिसकेको थियो। खानपिन गरेर सुत्न लाग्दा ८:३० भयो।

२०६६ कार्तिक १८: बिहान ८ बजे महासंघ अध्यक्ष किसान संगीत र होटल व्यवसायी आशावीर गुरुंगले दिनुभएको जानकारीका आधारमा हामी घलेगाउँ तर्फ प्रस्थान गर्‍यौं। ग्रामीण पर्यटनका लागि सार्कमै प्रसिद्ध घलेगाउँको नाम हामीले काठमाडौं बस्दादेखि नै सुनेका थियौं। कस्तो होला त घलेगाउँ ? भन्ने जिज्ञासा लिएर हामी कुराकानी गर्दै हिडिंरह्यौं। साम्दी हुँदै हामी बाग्लुंग पानी गा.वि.स. को भिम्दाबेंशी निस्कियौं। नास्ता गर्दै एक युवासँग कुरा गर्‍यौं। यतातिर मर्स्यांग्दी एफ.एम. का अतिरिक्त मकवानपुरका पालुंग, प्रतिध्वनि एफ.एम. सुनिन्छ, ती युवाले हामीसँग भने।

नास्ता प्रश्चात् हामी बाटो लाग्यौं। पुमाभीरको थाप्लामा उक्लँदा चिसो हावाले शीतलता प्रदान गर्‍यो। त्यहाँबाट देखिने चारैतिरको दृश्यले हामीमा नौलो उमंग पैदा भयो। यस्तै हिमाल, पहाड, पाखा पखेरा, लेक वेशी वनजंगलका मनमोहक दृश्यले नै माधवप्रसाद घिमिरेलाई राष्टकवि बनाएको हुनुपर्छ, हामीले अनुमान लगायौं। क्यामेरामा यो ठाउँको दृश्य कैद गर्‍यौं।

त्यसपछि तेर्सो लाग्यौं। बाग्लुंग पानीबाट अगाडि बढ्नै लाग्दा २ जना गुरुंगसेनी आमासँग हाम्रो भेट भयो। हामी त पढ्या लेख्या छैन, केही जान्दैन भन्दै खुब हाँसो ठट्टा गर्नुभयो, आमाहरुले। उहाँहरुसँग गफ गर्दै हिड्दा बाटो काटेको पत्तै भएन। एउटी आमाले भन्नुभयो, तमुवान् अनि जनजाति भनेको के हो बूढा भनेर सोध्दा बूढाले हामी हौं भन्यो, म त छक्क परें, कसले राखिदियो आजसम्म यो नसुनेको शब्द ?

राकसिंह हुँदै कपुरगाउँ पुगेपछि ती आमाहरु अर्कै बाटो लाग्नुभयो। हामीले होटलमा खाना खायौं। केहीबेर तेर्सो हिंडेपछि उकालो लाग्यौं। कच्ची बाटोमा जीपहरु धुलो उडाउँदै कुद्दै थिए। उकालो चढेर घलेगाउँ प्रवेश द्वारको चौतारोमा पुग्यौं। ढुंगाको चौतारो छेवैबाट घलेगाउँका घरहरु सुरु भए। दीर्घ घलेले हामीलाई गाउँको विषयमा जानकारी दिदै घुमाउनुभयो। स साना होचा घरहरु भएको र घले गुरुङ्गको बसोबास रहेको यो स्थलमा केही विश्वकर्मा पनि रहेछन्। स्याङ्गजाको सिरुबारीबाट प्रेरित भएर २०५८ बाट यहाँ ग्रामीण पर्यटन सुरु गरिएको रहेछ। एउटा घरमा २ जनाको दरले पाहुना राखिने नियमअनुसार पालैपालो हरेक घरमा यहाँ आउने पर्यटक बस्दछन्। उत्तरकन्या गा..वि.स. को १, २ र ३ वडालाई घलेगाउँमा समेटिएको छ। हाल ३२ घरले पालो गरेर पर्यटकलाई राख्ने गरिएको छ। हरेक वर्षको वैशाख २३ देखि २५ गते घलेगाउँ महोत्सव आयोजना गर्ने जानकारी हामीलाई घलेगाउँ पर्यटन समितिका कर्मचारी दीर्घ घलेले दिनुभयो।


कपुरगाउँ

हामीले संयुक्त भेडा पालन गरेको भेडीगोठ र माथि डाँडाबाट चारैतिरको दृश्य नियाल्न पायौं। त्यतिबेला सूर्यास्तको समय परेको थियो। गाउँ बस्तीका साथै हिमाल पहाड, खोंच कुंचहरु रमाइला देखिए। आजका पाहुना राख्ने पालो पूर्णबहादुर गुरुङ्गको घरमा परेको रहेछ। हामी यही बस्यौं। चिसो मौसम सुरु भएको

संकेत हात खुट्टा धुँदा सिल्यो । खाना खाने बेलामा हामीलाई लोकल रक्सी चल्छ ? भनेर सोधियो । कारण, यहाँको लोकल रक्सी र मासु खानकै लागि पनि मान्छे आउँदा रहेछन् । तर कहिल्यै नखाएकाले हामीले भने खाएनौं ।

घलेगाउँमां भेडीगोठ

खाना खाइसकेपछि घरबेटी पूर्ण बहादुर गुरुंगले भन्नुभयो, हामीकहाँ स्वदेशी विदेशी पर्यटक, कवि, लेखक, पत्रकार लगायत धेरै थरिका मान्छे आउँछन् । जसमा कोही कोठाभित्र बसेर लेखिरहने, कोही वरपर घुमिरहने, कोही घुमफिर र लेखपढ गर्ने अनि कोही कोठामा मासु रक्सी खाने र तास खेल्ने आदि । यहाँ विभिन्न पर्वका बेला नाचिने नाचहरु गुरुंग संस्कृति अन्र्तगत पर्दछन् । बाऱ्हमासे घाटु नाच भने पाहुनाको अर्डरअनुसार नाचिन्छ रे, हामीले भने हेर्न पाएनौं । यही घरमा सिमापानी ५ का टंकबहादुर परियार लुगा सिलाउन आउनुभएको रहेछ । उहाँले आफू विदेश गएका बेला श्रीमती अर्कैसँग पोइला गएर बाल बच्चा बिचल्लीमा पारेको दुःखेसो पोख्नुभयो ।

२०६६ कार्तिक १९: बिहान उठेर हामी सूर्योदय र हिमालको दृश्य नियाल्न टावरमा गयौं । त्यहाँबाट स्वर्गीय डाक्टर हर्क गुरुंगको नाममा राखिएको हर्क हिमाल, माछापुछ्रे, लमजुंग, मनास्लु लगायतका हिमालहरु हेरिरहुँ हेरिरहुँ लाग्ने गरी देखिए । केहीबेर हामी यही भुल्यौं । उत्तरकन्या मन्दिर, चिया बगान लगायतको अवलोकन गऱ्यौं ।

हामी पुनः बास बसेको घरमा आयौं । चिया नास्ता गऱ्यौं । बिदाई गर्दा हामीलाई घरबेटी आमाले सेता चामल र दही मिसाएको टीका र फूलको माला लगाईदिनुभयो । यसरी स्वागत बिदाई गर्नु यहाँको चलनै रहेछ । यही क्रममा घलेगाउँ पर्यटन समिति अध्यक्ष खड्गधन गुरुंग र उपाध्यक्ष लिल बहादुर घलेसँग हामीले भेट गऱ्यौं । उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्दै हाम्रो बसोवास र खाना खर्च समितिबाट मिलाइ दिने निर्णय गर्नुभयो । हामी घलेगाउँबाट बिदा भएर बेसीशहर तर्फ फर्क्यौं ।

हिजो आएको बाटो परिवर्तन गरेर हामी आज सिमपानी लामागाउँ तर्फ झऱ्यौं । २ घण्टा हिंडेर लामागाउँ पुग्यौं । बलराम गुरुंगले आफ्नो घरमा बोलाएर चिया नास्ता गराउनुभयो । खानाको प्रबन्ध भने आज बिहान मिल्न सकेन ।

सिमपानीबाट हामी भलाम खोला तरेर नजरे वेसी, बाग्लुंग पानी हुँदै वेशीशहर ४, सहजी बसपार्क आयौं । बेलुकी न्यू मुस्तांग गेस्ट हाउसमै बस्यौं ।

२०६६ कार्तिक २०: बिहान उठेर हामी होटल टुकुचे पिक पुग्यौं । त्यहाँ नेकपा एमाले लमजुंग जिल्ला अधिवेशन उद्घाटन गर्न आउनुभएका केन्द्रिय महासचिव ईश्वर पोखरेल, केन्द्रिय सदस्य खगराज अधिकारी, सभासद् डी.बी. कार्की र जिल्लाका नेता, कार्यकर्ता र पत्रकारहरुको उपस्थिति थियो । एमालेको पत्रकार सम्मेलन पश्चात् नेपाल पत्रकार महासंघ लमजुङ्गको आयोजनामा प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे अर्न्तक्रिया कार्यक्रम भयो ।

सो अवसरमा विश्वभ्रमणको उद्देश्य, योजना र पत्रकारिता क्षेत्रको अवस्थाबारे गरमागरम बहस भएको थियो । महासंघ पूर्वाध्यक्ष कृष्ण के.सी. ले नेपालमा श्रमजीवि पत्रकार र मालिक पत्रकार रहेको उल्लेख गर्दै सेवा सुविधा र अवसर जति मालिक पत्रकारहरुले मात्र पाइरहेको गुनासो राख्नुभयो । उहाँले थप्नुभयो, श्रमजीवी पत्रकार सधैं तलको तलै छन्, धेरै साथीहरु श्रमजीवि पत्रकार ऐनअनुसारको पारिश्रमिक समेत नपाई श्रम शोषणमा परेका छन्, कुनै पनि जिल्लाका सञ्चारमाध्यमका लागि उचित वर्गीकरण र मूल्यांकन हुन सकेको छैन । लमजुंगको एउटा ग्रामीण भेगमा बस्न मान्छेको पासपोर्ट हराएमा काठमाडौं कै पत्रिकामा विज्ञापन दिन पुगनुपर्ने बाध्यात्मक अवस्था छ । त्यसकारण राज्य र सम्बन्धित पक्षको नजर मोफसलतिर पुग्नु अनिवार्य छ, पूर्वाध्यक्ष के.सी. ले भन्नुभयो । महासंघ अध्यक्ष किसान संगीत नेपालीले जिल्लामा ५ साप्ताहिक र १ रेडियो प्रकाशन/प्रसारणमा रहेको जानकारी गराउनुभयो ।

पत्रकारहरुसँग

एमाले केन्द्रिय महासचिव ईश्वर पोखरेलले सपना त देख्नै पर्छ, सपना देख्ने मान्छे नै सफल बन्छ भन्दै विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो। उपस्थित सबै व्यक्ति व्यक्तित्वहरुले पनि भ्रमण सफलताका लागि शुभकामना भन्नुभयो। कार्यक्रम समापन पश्चात् हामीले खाना खायौं।

खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय गयौं। कार्यालयमा प्र.जि.अ. विष्णुप्रसाद पोखरेलले लमजुंग जिल्लालाई लुकेको मोतीको संज्ञा दिनुभयो। हाम्रो देश नेपाल प्राकृतिक श्रोत र साधनले भरिपूर्ण भएपनि हामी मान्छे अपूर्ण भएकाले विकास हुन नसकेको हो, प्रजिअ पोखरेलले भन्नुभयो। लमजुंगका पत्रकारहरुले आफ्नो धर्म निर्वाह गरिरहेका छन् भन्दै उहाँले जिल्ला प्रशासन कार्यालयको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो। यही कार्यालयमै भेट हुनुभएका परमेश्वर अधिकारीले कोलासोथर गा.वि.स. गुरुंगहरुको उद्‌गम स्थल रहेको जानकारी गराउनुभयो।

जिल्ला प्रशासन कार्यालयबाट हामी जि.वि.स. कार्यालय लमजुंग पुग्यौं। स्थानीय विकास अधिकारी नभएकाले हामीले कार्यक्रम अधिकृत मेघेन्द्र पोखरेलसँग कुराकानी गऱ्यौं। जिल्ला शिक्षा कार्यालयमा विद्यालय निरीक्षक नेत्रप्रसाद सापकोटाले पत्रकारहरु पनि राजनीतिक लबिंगमा रहेका कारण समाजको यथार्थ चित्रण हुन नसकेको आरोप लगाउनुभयो। पत्रकारिता क्षेत्र स्वतन्त्र, मर्यादित र सकारात्मक हुन सके समाजको वास्तविक रुपान्तरण हुन सक्ने उहाँको धारणा थियो। उहाँको शुभेच्छा लिएर हामी जिल्ला कृषि विकास कार्यालय गयौं। त्यहाँ पनि विषयवस्तुमा आधारित कुराकानी हुन सकेन।

वरिष्ठ कृषि विकास अधिकृतको कार्यकक्षमा ३ जना व्यक्तिहरु कुराकानी गरिरहेका थिए। उहाँहरुले हामीलाई कोही हुनुहुन्न पर्सी आइतबार आउनु भनेर बोल्न नचाहे पछि हामी हिंड्यौं। केहीबेर बेसीशहर बजारमै डूल्यौं। इमेल गऱ्यौ। एमाले लमजुंगको जिल्ला अधिवेशन उद्‌घाटन कार्यक्रम अवलोकन गरेर बास बस्न हामी साविककै होटलमा पुग्यौं। खाना खाएर सुत्यौं।

२०६६ कार्तिक २१: बिहान हामीले जिल्ला प्रहरी कार्यालयमा प्रहरी नायब उपरीक्षक प्रकाश अधिकारी र सहायक प्र.जि.अ. बाबुराम लामिछानेसँग कुराकानी गऱ्यौं। प्र.ना.उ. अधिकारीले पत्रकारहरु व्यावसायिक संगठनमा एक भएर अगाडि नबढेका कारण पत्रकारिता क्षेत्र स्वतन्त्र र मर्यादित बन्न नसकेको धारणा राख्नुभयो। सहायक प्र.जि.अ. लामिछानेले सञ्चारको विकासका कारण आज कुनै पनि समाचार केही क्षणमै संसारभर पुग्न सक्नु खुशीको कुरा हो भन्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो।

खाना खाएर हामी नेपाल पत्रकार महासंघ लमजुंग शाखा कार्यालय गयौं। त्यहाँ महासंघ सहसचिव नवीनराज कुईकेलसँग हामीले केहीबेर कुराकानी गऱ्यौं। केहीबेरको कुराकानी पछि कम्प्युटरमा टाइपिंग पनि गरियो। बेलुका यथास्थानमै खानपिन र रात्री विश्राम भयो।

कार्तिक २२: बिहान हामीले हामी बसेको होटलकै दिदीहरुसँग कुरा गऱ्यौं। होटल सहयोगीको रुपमा भूमिका निर्वाह गरिरहनुभएकी एक बहिनीलाई ठट्टा गर्दै हामीले सोध्यौं, तपाईं कहिले बिहे गर्ने ? आफूले पढ्न नसकेको कारण दुःख पाएको र आफ्नो नाम पनि लेख्न नसक्ने बताउने ति बहिनीले भनिन्, नपढेकोलाई कसले पत्याउँछ र ? खाना पकाउन र भाँडा माझ्न भन्दा अरु केही गर्न आउँदैन। उनले यसो भनेर मलिन अनुहार बनाउँदा हामीलाई नरमाईलो महसुस भयो। पढ्न नसक्नु र नपाउनुको पीडा कस्तो र कति हुँदोरहेछ ? भन्ने भाव उनको यो मलिन अनुहारले प्रष्टै झल्कायो।

नेपाल बैंक लि. लमजुंग शाखामा अनलाईन सुविधा नहुँदा हामीले कान्तिपथ काठमाडौं शाखामा भएको आफ्नै खाताबाट पैसा निकाल्न सकेनौं। यतिबेला हामीलाई खर्चको अभाव भइसकेको थियो। लमजुंगमा हामीले खासै आर्थिक सहयोग जुटाउन नसकेकाले पनि यस्तो भएको हो। पत्रकार महासंघ अध्यक्ष किसान संगीतसँग हामीले यस विषयमा कुराकानी गऱ्यौं। लमजुंग बेसीशहर बसाइको लजिंग फुडिंग महासंघबाट तिरिदिने उहाँले बताउनुभयो। रु. १ हजार सापटस्वरुप उहाँबाटै लिएर मनांग पुग्ने योजनाका साथ हामीले बेसीशहर छोड्यौं। यात्रा हो अभाव र पूर्ति भइरहन्छ। विभिन्न विकल्पका साथ यात्रा जारी राखेका छौं।

पम खोला तरेर हामी बेलाउती बिसौना हुँदै सिमपानी ९, गैरागाउँ आयौं। त्यहाँ स्थनीयवासी कमल भुजेल र उहाँका साथीहरुसँग परिचय भयो। मस्र्यांगदी नदीको किनारै किनार प्रकृतिसँग रमाउँदै हामी अघि बढ्यौं। विदेशी पर्यटकहरु दुवैतर्फ आउने जाने गरिरहेका थिए। खुंदी हुँदै हामी भुलभुले झरनातर्फ झोलुंगे पुल पार गऱ्यौं। ठाउँ ठाउँमा क्याम्प खडा गरेर बसेका विदेशीहरु रमाईरहेका थिए। भुलभुले ५ ङदीमा हामी बास बस्यौं। रु. १ सयमा कोठा र दुईजनाको खानाको पनि रु. १०० नै तिरियो।

२०६६ कार्तिक २३: बिहान ७ बजे हामीले पदयात्रा प्रारम्भ गऱ्यौं। मनांग तिलिचो तालमा उद्‌गमस्थल भएर बगिरहेकी मस्र्यांगदी नदी हाम्रो पथप्रदर्शक बनेकी छन्। ङदीमा हामीले पर्यटनविद् डा. हर्क गुरुंगको समाधिस्थल नियाल्यौं। सिस्नेरी खोला तरेर ठाउँ ठाउँमा मस्र्यांगदी नदी पुल पार गर्दै हामी अर्खलेवेंशी पुग्यौं। अर्खले बेशीमा नास्ता गरेर हामी पारिपट्टि बाहुन डाँडाको पुछारमा रहेको तातोपानी हेर्न गयौं। मस्र्यांगदी नदी किनारमा भीरको पुछारमा रहेको त्यहाँको तातोपानी मुखमा यसो के राखेका मात्र थियौं नुनिलो, गन्धे र टर्रो स्वादले हाम्रो मुखको स्वादै फेरियो।

जोन उडको सहयोगमा स्थापपित पुस्तकालय

बाहुन डाँडाको थुम्की नियाल्दा बाहुनको नाकजस्तै चुच्चो रहेछ भन्दै हामी हाँस्यौं । यही थुम्कीको उकालो लाग्यौं । राष्ट्रकवि माधवप्रसाद घिमिरेको जन्मस्थान बाहुनडाँडा गाउँ हेर्ने हाम्रो रहर थियो। त्यसकारण ठाडो उकालोको प्रवाह नगरी हामी पर्यटक, होटल र पसलहरु रहेको सानो बजार बाहुनडाँडामा निस्कियौं। चन्द्रोदय उ.मा.वि. नपुग्दै केराका झ्यांग र पुस्तकालयको जग्गा राष्ट्रकविको हो भनेर स्थानीयवासीले हामीलाई देखाइदिए । यो गाउँघर नियाल्दा मान्छे जुनसुकै कुना काप्चामा जन्मेको किन नहोस् सिर्जनशीलताको प्रयोग गर्न सक्यो भने ऊ महान् बन्न सक्ने रहेछ, सुगम दुर्गममा जन्मिएको भन्नु त बहाना मात्रै रहेछन् भन्ने हामीले अनुभव गर्‍यौं ।

चन्द्रोदय उ.मा.वि. गएर हामीले प्राचार्य रामचन्द्र न्यौपाने, शिक्षक बाबुराम गौतम र पुस्तकालय प्रमुख सम्झना घिमिरेसँग परिचय गर्‍यौं। पुस्तकालय भएको कारण विद्यार्थीमा खेल्नेभन्दा नयाँ नयाँ पुस्तक पढ्ने बानी बसेको उहाँहरुले हामीलाई जानकारी गराउनुभयो। यो पुस्तकालय रुम टू रीडका संस्थापक जोन उडको सहयोगमा स्थापना भएको रहेछ । उ.मा.वि.बाट फर्किएर हामी बजार आयौं। होटलमा खाना खायौं ।

नर्थ पोल होटल सञ्चालक गोविन्द घिमिरेले गाडीको बाटो पारी अर्खलेबेशी हुँदै गएकाले यतातिर पर्यटकहरु कम हिंड्न थालेको बताउनुभयो। खोई के हो, के हो ? कसैलाई फाईदा हुँदा कसैलाई घाटा पनि हुँदोरहेछ। त्यहाँबाट हामी ओरालो, तेर्सो, कराइचो बाटो हिंड्दै स्याँगे झर्‍यौं। बाटामा भेट्टिएका विदेशी पर्यटकहरुसँग कुराकानी गर्‍यौं। काठमाडौं शहर बढी दुर्गन्धित र फोहोरी शहर भएको भन्दै उनीहरुले आपत्ति प्रकट गरे, तर अन्नपूर्ण क्षेत्र भ्रमण गर्न आउन पाएकोमा एकदमै गर्व लागेको बताए ।

स्याँगेबाट हामी अगाडि बढ्यौं। स्याँगेसम्म जसोतसो कच्ची बाटो बनिसकेको रहेछ। बेसीशहरबाट जीप चढेर आउने मान्छेहरुलाई जीपबाट ओर्लिएपछि स्यांगे आउन १ घण्टा लाग्दो रहेछ। स्याँगेबाट अगाडि बढ्दा भीरपहराका चट्टान फोडेर बाटो बनाइरहेको दृश्य हामीले देख्न पायौं। ३,४ वर्षपछि मनांग सदरमुकाम चामेसम्म बस पुग्ने अनुमान यस भेगका मानिसहरुले गरेका रहेछन्। भीर पहराको बाटोमा केही बिदेशी पर्यटक डराई/डराई हिंडिरहेका थिए । माथि बाटो खनिरहेका अवस्थामा ढुंगाले मान्छेलाई नलागोस् भन्ने हेतुले बनाइएको एउटा कामचलाउ पुल पार गर्न केही विदेशी पर्यटक त धेरै डराए। अधिकांशका दुवै हातमा लठ्ठी थिए, तिनै लठ्ठी टेकेर हाई र हेलो गर्दै उनीहरु अगाडि पछाडि बढिरहे ।

आजकल ५ बजे नै साँझ पर्दछ। जगत हुँदै हामी च्याम्चे आइपुग्दा ५:१५ बजेको थियो। यतातिरका मान्छेको प्रमुख व्यावसाय नै होटल पसल रहेछन्। एक होटलमा हामी बास बस्यौं। नेपालीहरुलाई खाएको मात्र पैसा लिइदो रहेछ। सुत्न भने निःशुल्क। यही सशुल्क खुवाई र निःशुल्क सुताई सँगसँगै हामीले ४५ औं जिल्ला लमजुंग भ्रमण अन्त्य गर्दैछौं। भोलीबाट ४६ औं जिल्ला मनाङ्ग।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु:

लमजुंग जिल्लामा स्वागत, शुभकामना । - विष्णुप्रसाद पोखरेल (प्र.जिअ.), जिल्ला प्रशासन कार्यालय
एउटा विशेष सपना पूरा होस् । - ईश्वर पोखरेल, केन्द्रिय महासचिव, नेकपा (एमाले)
देशलाई विश्वसामु चिनाउने पत्रकारितामूलक भ्रमण सफल होस् । - सूर्य बहादुर घिमिरे, लमजुंग दरबार कार्यालय
घलेगाउँवासीको तर्फबाट शुभकामना । - लिल ब. घले -उपाध्यक्ष), पर्यटन समिति, घलेगाउँ
नयाँ ठाउँमा पुग्दा नयाँ सिर्जनशीलता थपिन्छ । - मेघेन्द्र पोखरेल, जि.वि.स.
यात्रा सफल रहोस् । - सहायक प्र.जि.अ. बाबुराम लामिछाने र प्र.ना.उ. प्रकाश अधिकारी
नेपालीका लागि मुख्य सचेतक पत्रकार । - नेत्रप्रसाद सापकोटा, जिल्ला शिक्षा कार्यालय
हजार माइलको यात्रा एक माइलबाटै सुरु हुन्छ । - नवीनराज कुईकेल, पत्रकार
अध्ययन भ्रमण सफल रहोस् । - वसन्ता भट्ट, रेडियो मस्याङ्दी
अनुभव साटफेरले खुशी लाग्यो । - कृष्ण के.सी., पत्रकार
निर्विघ्नता साथ लक्ष्य प्राप्त होस् । - ईश्वर पाण्डे (अध्यक्ष), प्रेस चौतारी
भ्रमण सफलताको कामना र धन्यवाद । - कमला के.सी. (प्रकाशक), लमजुंग जागरण साप्ताहिक
पत्रकारिताको आकाश फराकिलो बनाउने काम । - उषा न्यौपाने, दूराडाँडा ७

४६ औं जिल्ला मनाङ्ग डायरी

२०६६ कार्तिक २४: च्याम्चे लमजुङ्गबाट हामी बिहान ७ बजे हिंड्यौं । सामान्य रुघाखोकी लागे पनि अरु केही भएको छैन । लमजुङ्ग र हिमाल पारीको मनाङ्ग जिल्लाको सिमाना धारापानी गा.वि.स. ताल आइपुग्दा बिहान ९ बजेको थियो । ताल गाउँको छेउमा साँघुरो गल्छी । लमजुङ्गबाट आउँदा देब्रे साइड ताल गाउँको मर्स्याङ्गदी नदी पारीबाट गाडी बाटो खनिने भएको रहेछ । माटो तल झार्दा खोला पुरिएर आफ्नो गाउँमा बाढी पस्ला कि ? भन्ने डर तालवासीलाई छ ।

यसै पनि मर्स्याङ्गदीले भानु मा.वि. परिसर र गाउँ किनारालाई कटान गरिरहेकै रहेछ । सरकारले करोडौं खर्च गरेर नदी नियन्त्रणका लागि तार जाली लगाएर पर्खाल लगाएको देखिन्छ तर एक सालमै भताभुंग, त्यसकारण उपर्युक्त किसिमको विकल्प निकालिनु पर्ने धारणा प्र.अ. भीमबहादुर कार्कीको छ । तालगाउँ समाजसेवी आसलाल गुरुंगले तालगाउँवासी सँग भएको सम्झौता सरकारले कार्यान्वयन नगरेको आरोप लगाउनुभयो । त्यहाँ शिक्षक जीतबहादुर तामांग र अन्य शिक्षक गाउँवासी र सीमा प्रहरी चौकी तालका प्रहरी जवानसँग पनि हाम्रो कुराकानी भयो । तालमै खाना खाएर हामी अगाडि बढ्यौं ।

संक्षिप्त परिचय

क्षेत्रफलः २,२४६ वर्ग किलोमिटर, गा.वि.स. संख्याः १३ वटा, निर्वाचन क्षेत्रः १, सदरमुकामः चामे, अञ्चलः गण्डकी, विकास क्षेत्रः पश्चिमाञ्चल
भौगालिक अवस्थितिः पूर्व गोरखा र लमजुंग, पश्चिम मुस्तांग र म्याग्दी, उत्तर मुस्तांग र चीनको तिब्बत, र दक्षिण कास्की र लमजुंग
धर्मः बौद्ध, हिन्दू अन्य ।
प्रमुख जडीबुटीहरुः यार्सागुम्बा, पाँचऔले, मिमिया, जटामसी, सिलाजित, पाषाणवेद, विष, वन लसुन, सोमलता, लौठसल्ला, अकरकरा, वन आलु, भोटे खयर, आँखे टिमुर, जिम्बु, शिबाकथ्रोन, कुटकी, निरमषी, तिक्ष्ण, सुगन्धवाल, पदमचाल, चिराइतो, तेजपात, गुचेच्याउ, कुरिलो आदि ।
पर्यटकीय स्थलः तिलिचो ताल (खांसार), गंगापूर्ण ताल, मनांग गाउँ, थोरांग पास (टंकी मनांग गा.वि.स.), स्वर्गद्वारी, वेरवेरिस वृक्ष, माटे चट्टान, विमानस्थलसँगै हुण्डे, विभिन्न गुम्बा, विभिन्न हिमश्रृंखला, आदि ।

निगालाघारी, खोत्रो कार्ते हुँदै हामी धारापानी आयौं । निगालाघारीमा भुटेको लेकाली भटमास किनेर खाँदै आउँदा खुब मीठो भयो । धारापानीमा रेडियो नेपाल बज्न पनि गाऱ्है मान्दो रहेछ । स्काई फोनले चाहिं टावरका १,२ वटा खम्बा मुस्किलले देखाएको थियो । हुन पनि चट्टानै चट्टानले भरिएका टाकुराका फेद अनि नदी किनारको खोंच भएका यि बस्तीसम्म सञ्चारको तरंग सितिमिति कसरी आउनु, बाटै पनि कहाँ छ र ? यसको अर्थ यि भीर टाकुरा र खोंचले सञ्चार तरंगलाई पनि चुनौती खडा गरेका छन् । बजारबाट केही सय मिटर अगाडि बढ्दा चेकपोष्टबाट लार्के हुँदै गोरखा जाने बाटो फाट्यो । हामी भने चामेतिरकै बाटो लाग्यौं ।

बगरछाप, दनाकू हुँदै केहीबेर अगाडि बढेपछि तिमांगको उकालो आयो । उकालो काटेर हामी चामे १, स्र्याचु थान्चोक आइपुग्यौं । साँझ परिसकेको थियो । बाटा छेउको सानो होटलमा हामी बास बस्यौं । खानाको लागि तालबाट मनांग सुरु हुनासाथ एक छाकको एकजनाको रु. १००/- तिर्नु परिरहेको छ । आज पनि सुत्नको पैसा भने नलाग्ने भएको छ । यही हो हाम्रो सुखद खबर ।

जाडो मौसम अगेनाका छेउमा बसेर घरबेटी दाई विन्जन गुरुंग र उहाँकी श्रीमतीसँग हामीले कुराकानी गऱ्यौं । मनांगमा हरेक वर्ष हिउँ कम परिरहेको उहाँहरुको अनुभव छ । हातखुट्टा धुँदा चिसो पानीले कटक्कै काट्न खोज्यो । खाना खाएर हामी सुत्यौं ।



२०६६ कार्तिक २५: बिहान उठेर चिसो मौसम भएपनि तातो मन गरेर हामी हिंड्यौं । चारैतिर देखिने हिमश्रृंखलाले साँच्चै नै हिमाल पारिको जिल्ला हो भनेर परिचय दिइरहेको छ, मनांग जिल्लालाई । कोतो आएर नास्ता गऱ्यौं । आगोमा हात सेक्यौं । यात्रालाई निरन्तरता दियौं ।

वारिपारि सेतै फूलेका अनि मुसुक्क हाँसेका हिमाली दृश्य, नदी किनारको साँघुरो ठाउँ अनि चट्टाने भूभाग, ढुंगाले बनेका राम्रा र रमाईला घर रहेछन्, चामे बजारमा । स्वागत द्वारदेखि नै हामी नयाँ अनुभूति गर्दै थियौं । यस्तो ठाउँमा मान्छे कसरी आइपुगेर बसे होलान् ? हामी बजार नियाल्दै अगाडि बढ्यौं ।

जिल्ला खेलकुद विकास समिति कार्यालय सचिव दूधबहादुर गुरुंगसँग हाम्रो जम्काभेट भयो । उहाँसँगै आएर हामीले वीरजंग गुरुंगको घरमा खाने र बस्ने प्रबन्ध मिलायौं ।

यहाँ पनि खानाको रु. रु. १००/- एक छाक एकजनाको तिरेपछि सुत्न भने निःशुल्कै भयो । बिहानको खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय पुग्यौं । त्यहाँ हिजो पर्साका प्र.जि.अ. दुर्गाप्रसाद भण्डारीलाई कृषि तथा सहकारी राज्यमन्त्री करिमा बेगमले कार्यालयमै गरेको कुटपिटको विरोधमा २ घण्टा सबै कार्यालयको कामकाज ठप्प गरी विरोध जनाउने कार्यक्रम रहेछ । सबै कार्यालयका प्रतिनिधि जिल्ला प्रशासनको गेटमा जम्मा भएका थिए ।



मनाङ्ग प्र.जि.अ. रामराज सुवेदी र केही कार्यालयका प्रतिनिधिलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी दियौं । प्र.जि.अ. सुवेदीले विरोध कार्यक्रम (१० देखि १२ बजेसम्म) सकिएपछि हामीलाई शुभकामना पत्र दिनुभयो । त्यसपछि हामी जि.वि.स. कार्यालय गयौं । कार्यालयमा स्थानीय विकास अधिकारी नभएकाले आ.ले.प. नमनारायण मल्लसँग कुराकानी गर्‍यौं ।

जि.वि.स पश्चात् हामी जिल्ला स्वास्थ्य कार्यालय गयौं । कार्यालय प्रमुख महेश्वर श्रेष्ठले मनांगको ५० प्रतिशत जनसंख्या जिल्लामा नबस्ने भएकाले सेवा प्रदायक र सेवाग्राही दुवै कम रहेको जानकारी दिनुभयो । ग्यासट्राइटिस र श्वासप्रश्वास सम्बन्धी रोगीहरु प्रमुख मात्रामा रहेको मनाङ्गगमा एउटा पनि नीजि औषधी पसल नभएको रोचक जानकारी डा. श्रेष्ठले दिनुभयो । सायद, जाँडो छ भन्दै चिल्लो, पिरो र छ्यांग बढी खाएकाले होला, यहाँका मान्छेलाई यस्ता रोगले सताएको ! जि.स्वा.का. बाट हामी जि.शि.का. गयौं । त्यहाँ पनि जिल्ला शिक्षा अधिकारी नभएकाले हाम्रो भेट शाखा अधिकृत लक्ष्मण देवकोटासँग भयो । उहाँले पत्रकारिता जगत्को समस्या र सम्भावना पहिचान गर्न यस भ्रमणबाट सफल हुनुहोस् भन्दै शुभेच्छा प्रकट गर्नुभयो । यतिबेलासम्म दिउँसो ४:३० भैसकेको थियो ।

हामी बजारतिरै झर्‍यौं । बासस्थानमा आएर तातो पानी पिउँदै अगेनामा हामीले आगो ताप्यौं । हातमुख धुन र चिसोपानी छुन निकै गाह्रो भयो । तातोपानी नै प्रयोग गर्‍यौं । आगो ताप्ने, खाना खाने, घरबेटीसँग कुराकानी गर्ने र ८ बजे नै सुत्ने काम चाँड चाँडै नै भयो ।

२०६६ कार्तिक २६: बिहान ८ बजे हामी बजार घुमफिरमा निस्कियौं । आजको दिन चिसोसँग निकै संघर्ष गर्नु पर्‍यो । कारण, दिनभर सिमसिम पानी परि नै रह्यो ।

बिहानी खाना खाएर हामी घरेलु तथा साना उद्योग विकास समिति कार्यालय मनांग चामे परिसर पुग्यौं । जिल्ला कृषि विकास, जिल्ला निर्वाचन कार्यालयमा पनि गयौं । जाडो भएको र सेवाग्राही पनि नभएका कारण कार्यालयका कर्मचारी आगो ताप्नमा बढीजसो ब्यस्त थिए । हामीले उनीहरुलाई विश्वभ्रमण अभियानबारे जानकारी दियौं । उनीहरुले हामीलाई प्रेस स्वतन्त्र, मर्यादित र सकारात्मक हुनुपर्छ भन्ने कुरामा जोड दिए ।

घरेलु कार्यालयका कर्मचारी मात्रिका धिताल, वरिष्ठ कृषि विकास अधिकृत महेन्द्रराज कोडाल, वागवानी विकास अधिकृत यज्ञराज जोशी र जिल्ला पशु सेवा कार्यालयका डा. चन्द्रबहादुर रानासँग पनि हामीले कुराकानी गर्‍यौं ।

दिउँसो ४ बजे पश्चात् हामी हिजो बसेकै ठाउँमा आयौं । इन्सेक प्रतिनिधि एवं मनांगका पत्रकार कमान बहादुर गुरुंग अनि शिक्षक एवं पत्रकार शम्भु भट्टराईसँग यही हाम्रो भेट भयो । भोली बिहान पुनः भेट्ने गरी हामी सामान्य कुराकानी सहित छुट्यौं । जाडोमा सिरकभित्र गुटमुटिने र खाना खाने कार्य जारी नै रह्यो । आलुको तरकारी, दाल र भात जाडोमा मीठो भयो । भात साविकको भन्दा बढी नै छिर्‍यो ।

२०६६ कार्तिक २७: हिजोकै निधो बमोजिम आज बिहान हामीले पत्रकारिताको क्षेत्रमा मनांगबाट प्रतिनिधित्व गरिरहनु भएका कमान बहादुर गुरुङ्गसँग कुराकानी गर्‍यौं । उहाँले मनांग जिल्ला गाडीको सुविधा नभएपनि अन्य हिसाबले सुगम रहेको जानकारी दिनुभयो । सम्बन्धित निकायहरुले सूचना लुकाउने परिपाटीका कारण कहिलेकाहिं समाचार सम्प्रेषणमा बाधा पुग्ने गरेको दुःखेसो पनि उहाँले गर्नुभयो ।

हाल मनांग जिल्लामा सानो बजार, थोरै जनसंख्या र कलकारखाना नभएका कारण पनि हुनुपर्छ एउटा पनि पत्रिका अथवा रेडियो सञ्चालनमा आउन सकेको छैन । मनांगबाट वी.पी. लामा, शम्भु भट्टराई र कमान बहादुर गुरुङ्गले नै शिक्षण पेशामा आबाद्ध रहेरै भएपनि पत्रकारको भूमिका निर्वाह गरिरहनु भएको पाइयो । यहाँका हरेक कार्यालयमा जनदिशा र गण्डकी खबर दैनिक पत्रिकाको नै बाहुल्यता देखियो । सायद, पोखराबाट विशेष प्रबन्ध मिलाइएकाले पनि होला ।

हामी मनाङ्ग उद्योग वाणिज्य संघका अध्यक्षलाई पसलमै भेट्न गएका थियौं । उहाँले हामीलाई कार्यालयमा भेट्नुभयो। पनि भेट्नु भएन । उता जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक नलप्रसाद उपाध्यायलाई आजसम्म ३ पटक गेटमा जाँदा पनि किन हो कुन्नि ? भेट गर्न दिइएन । यद्यपि प्रहरी निरीक्षक अमर क्षेत्री र प्रहरी जवान दिनेश भण्डारी लगायतसँग भने हाम्रो परिचय भएको थियो ।

आजै हामीले लोकप्रिय उ.मा.वि. का शिक्षक जितबहादुर कोईराला र अशोक श्रेष्ठलाई भेटेका थियौं । उहाँहरुले पनि यात्रा सफलताको कामना गर्नुभएको छ। बिहानको खाना खाएर ११:३० बजे हामी चामेबाट वेसीशहर लमजुंग, पोखरा, स्याग्दी हुँदै मुस्तांग छिर्ने योजनाका साथ हिंड्यौं ।

थोराङ्ला पासबाट मुस्तांग छिर्ने योजना पानी र हिउँ परेका कारण हामीले रद्ध गर्‍यौं । कारण, हामीसँग हिउँमा लगाउने कपडा र जुत्ता थिएनन् । चिसो हिमाली हावा र वातावरणको मज्जा लिंदै चामेबाट हामी धारापानी ६, ओडारगाउँ आयौं।

स्थानीय दूध बहादुर गुरुंगको घरमा हाम्रो बास भयो । यो गाउँको डाँडामा बडेमाको ढुंगा रहेछ । यो ढुंगाको चारैतिर ओडार भएकाले ओडार गाउँ नामाकरण भएको जानकारी हामीले पायौं । स्मरणीय छ, यो गाउँ पूर्वमन्त्री एवं एनेकपा माओवादीका नेता देवप्रसाद गुरुंगको जन्मथलो पनि हो । यो गाउँ माटाका छाना भएका घरहरुको गाउँ झुरुप्प र जाडोको समयमा गमक्क बन्द रहेछन् । दूध बहादुर गुरुंगकी आमा धनकुमारी र ठूली आमा भमद्कुमारी अनि छिमेकी चण्डीमाया लगायतका गुरुंगसेनी आमाहरुसँग हाम्रो खुब रमाइलो कुराकानी भयो ।

नेपालीमा भन्दा गुरुंग भाषामा कुरा गर्न उहाँहरुलाई सजिलो हुन्थ्यो । नेपालीमा बिस्तारै भाका घुमाएर बोलेका उहाँहरुका शब्द सुन्दा अझै सुनिरहुँ सुनिरहुँजस्तो लाग्थ्यो । हिमाली ठाउँका उसिनेका ठूलठूला आलु नूनखुर्सानीसँग क्वाम् क्वाम् खाँदा कम्ता स्वाद आएन । आफ्नै छोराहरुलाई जस्तै माया गरेर उहाँहरुले पुनः खाना पकाएर खुवाउनु भयो । खानपिन गराउँदा हामीलाई आफ्नै आमाको अनुभव उहाँहरुले गराउनुभयो । जय होस् यि आमाहरुको ।

२०६६ कार्तिक १८: बिहान उठेर हामी ती आमाहरुसँग बिदा भएर हिंड्यौं । हिंड्ने बेलामा फेरि फेरि आउँदै गर्नु है बाबु भनेर उहाँहरुले यात्रा सफल सफलताको आर्शिवाद दिनुभयो । हामी अस्तिकै बाटो धारापानी हुँदै तालमा आयौं । यहाँबाट फेरि लमजुंगको भूभाग सुरु भयो । च्याम्चे स्यांगे हुँदै हिंडेर हामी ञदी आएर बास बस्यौं ।

२०६६ कार्तिक २९: लमजुंगको ञदीबाट हामी बेसीशहर आयौं । होटल टुकुचेमा गएर उषा न्यौपानेलाई महासंघ लमजुंग अध्यक्ष किसान संगितले दिनुभएको सापट पैसा फिर्ता दियौं । त्यहाँबाट बस चढेर हामी डुम्रे तनहुँ आयौं । डुम्रेबाट बसमार्फत् पोखरा बुद्ध चोकमा झर्‍यौं । पोखराकै पूर्वपरिचित साथी सन्जीव थापा मगरको सहयोगमा हामी बसपार्कको एक होटलमा आएर बस्यौं । उहाँको सहयोगप्रति हामी आभारी छौं ।

मनांग यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. १,०००/-
जिल्ला पशु सेवा कार्यालय	रु. १,०००/-
जिल्ला प्रशासन कार्यालय	रु. ५००/-
घरेलु तथा साना उद्योग समिति	रु. ३००/-
ईश्वरीप्रसाद चिलवाल	रु. २००/-
लक्ष्मण देवकोटा (जि.शि.का.)	रु. २००/-
महेश्वर श्रेष्ठ (जि.स्वा.का.)	रु. २००/-
महेन्द्रराज कौडाल	रु. १२५/-
यज्ञराज जोशी.	रु. १०५/-
मिनवहादुर वानियाँ (जि.स्वा.का.)	रु. १००/-
मुक्तिनाथ आचार्य (जि.वि.स.)	रु. १००/-
भक्तबहादुर आले (जि.स्वा.का.)	रु. १००/-
रामचन्द्र सेढाई (ने.कृ.वि.)	रु. ६०/-
नानीराम सिलवाल	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरुः
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

मनांगमा जिल्लामा स्वागत, शुभकामना । - रामराज सुवेदी (प्र.जिअ.), जिल्ला प्रशासन कार्यालय
विश्व पत्रकारिताको खाडल पत्ता लगाउनु । - महेश्वर श्रेष्ठ (कार्यालय प्रमुख), जिल्ला स्वास्थ्य कार्यालय
समस्या र सम्भावना पहिचान होस् । - लक्ष्मण देवकोटा (शाखा अधिकृत) जिल्ला शिक्षा कार्यालय
नेपाललाई विश्वमा चिनाउने लक्ष्य । - नारायण मल्ल, निमित्त स्थानीय विकास अधिकारी
पेशागत हक, हितका लागि विश्व पत्रकारिता यात्रा । - मात्रिका धिताल, घरेलु तथा साना उद्योग विकास समिति
उद्देश्य प्राप्तिमा सफलता मिलोस् । - वरिष्ठ कृषि विकास अधिकृत, जिल्ला कृषि विकास कार्यालय
नेपालको पहिचान गर्न तल्लीन यात्रा । - यज्ञराज जोशी, वागवानी विकास अधिकृत
उद्देश्य प्राप्तिमा सफलता मिलोस् । - डा. चन्द्र बहादुर राना, जिल्ला पशु सेवा कार्यालय
प्राप्त ज्ञान र अनुभव पत्रकारिताको औजार बनोस् । - कमान बहादुर गुरुंग, अन्नपूर्ण पोष्ट संवाददाता
पत्रकारिता क्षेत्रलाई अझ अगाडि बढाओस् । - शम्भुप्रसाद भट्टराई, जनदिशा र गण्डकी खबर दैनिक संवाददाता

४७ औं जिल्ला मुस्ताङ्ग डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः ३,५६४.२ वर्ग किलोमिटर, गा.वि.स. संख्याः १६ वटा, निर्वाचन क्षेत्रः १, सदरमुकामः जोमसोम, अञ्चलः धौलागिरी, विकास क्षेत्रः पश्चिमाञ्चल

भौगालिक अवस्थितिः पूर्व मनांग, पश्चिम डोल्पा, उत्तर चीनको तिब्बत र दक्षिण म्याग्दी

पर्यटकीय स्थलः मुक्तिनाथ मन्दिर, कागवेनी, दामोदर कुण्ड, लोमान्थांग (ऐतिहासिक पर्खालभित्रको गाउँ), छोसेरको गुफाभित्रको घरहरु, मार्फा स्याऊ फाराम, सबै गाउँमा रहेका ऐतिहासिक गुम्बाहरु आदि ।

(साभारः संक्षिप्त जानकारी, जि.वि.स.)

२०६६ मंसीर १ गतेः चामे मनाङ्गबाट लमजुङ्गसम्म हिंड्दै अनि गाडीमा लमजुङ्गबाट पोखरा, स्याग्दी हुँदै ३ दिनपछि हामी मुस्ताङ्गको भूभाग प्रवेश गऱ्यौं । आज बिहान हामी पोखराबाट ८ बजेको म्याग्दी आउने बस चढ्यौं । म्याग्दी सदरमुकाम बेनीबाट मुस्तांग घाँसाको लागि बस चढ्यौं ।

कच्ची अप्ठ्यारो बाटो उकालामा कतै ब्याक गर्दै त कतै रोकिंदै अनि घस्रिंदै झमक्क साँझ परेपछि बस घाँसा बसपार्क, मुस्ताङ्ग आइपुग्यो । हामीसँग आर.आर.एस.डी.पी. मुस्तांगमा कार्यरत मोतीप्रसाद लामिछाने हुनुहुन्थ्यो । म्याग्दीको तातोपानीदेखि हामी ३ जना मात्र यात्रु रहेका थियौं । मुस्ताङ्ग प्रवेशद्वार घाँसा कुन्जो र लेते गा.वि.स. मा पर्दोरहेछ । हामी लेते ३, नवीन भट्टचनको धौलागिरी होटलमा बस्यौं । लामिछाने जीले आमसञ्चारको दुनियाँ र राष्ट्रको चौथो अंग सञ्चारमाध्यमलाई सुदृढिकरण गरी राष्ट्रिय हित एवं नागरिक मौलिक हक अधिकारका बारेमा जनचेतना एवं प्रचार प्रसार गराउने प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

२०६६ मंसीर २ः हामी बिहान ७ बजे जोमसोम हिंड्ने तयारीमा लाग्यौं । मोती जीले बेलुकीको खाना बस्नको रकम तिरेर हामीलाई सहयोग गर्नुभयो । हामी घाँसाबाट लेतेसम्म गाडी चढेर आयौं । उहाँचाहिं सिधै जोमसोम जानुभयो । मुस्ताङ्ग जिल्ला प्रवेशसँगै अनौठो अनुभूतिका साथ रमाइलो लाग्न थालिहाल्यो हामीलाई ।

ईलाका प्रहरी कार्यालय लेतेमा इन्चार्ज सई प्रेम बहादुर बोहोरा, ज्ञानोदय मा.वि. लेतेका शिक्षक गोविन्दराज पौडेल लगायत अन्य प्रहरी जवानलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता का लागि थालिएको विश्वभ्रमणबारे जानकारी गरायौं । शिक्षक पौडेलले भन्नुभयो- नेपालमा वास्तविक पत्रकारिताको सुरुवात् हन लागेको छ, स्नातकोत्तर गरेकाहरुले मात्र वास्तविक पत्रकारिता गर्न सक्छन्, तर तपाईहरु स्नातक तह पढ्दा पढ्दै हिंड्नुभएछ त्यसकारण पढाईले छेक्न सक्ला जस्तो मलाई लाग्छ, यति हुँदाहुँदै पनि उद्देश्य भने सान्दर्भिक र महान् छ । उहाँले यसो भन्नुभएपछि हामीले भन्यौं, औपचारिक पढाईभन्दा अनुभव र सिर्जनशीलता प्रस्फुटन ठूलो कुरा हो । यसका लागि औपचारिक प्रमाणपत्र हासिल गरे नि/नगरे नि उस्तै हो । मूल कुरा त हासिल गरिएको त्यो डिग्रीलाई सही सदुपयोग गर्न सकिएको छ कि छैन ? अर्थात् त्यस डिग्रीले समाज र संसारलाई कुनै योगदान दिएको छ कि छैन ? भन्ने नै हो ।

चाहे त्यो स्वअध्ययनबाटै संसार हल्लाउने मान्छे बनेको होस् अथवा औपचारिक डिग्री धेरै हासिल गरेर जागिर खाएको वा जागिरको खोजीमा आफैं हल्लिएर बसेको मान्छे होस् । खाने मुखलाई जुँगाले छेक्न सक्दैन भने झैं गर्नेले जहाँबाट जसरी पनि पत्रकारिता वा अन्य पेशा अपनाउन सक्छ । नगर्नेले बहानाबाजी गरेर केही पनि गर्न सक्दैन । उदाहरणै हेर्ने हो भने अण्डर एस.एल.सी. थोमस एल्वा एडिसनले आविष्कार गरेको चिम म पी.एच.डी. होल्डरले बाल्दिन भनेर उनको सिर्जनशीलतालाई कसले पो बेवास्ता गरेका छन् र ? हाम्रै देशमा पनि स्वअध्ययनबाटै विचारोत्तजेक साहित्य सिर्जना गर्ने साहित्यकार झमक घिमिरेको सिर्जनशीलतालाई कसले मान्दैन र ? चर्चित गायक रामकृष्ण ढकालको गायन र अभिनेता हरिवंश आचार्यको अभिनयलाई डिग्री हासिल गरेको छैन भनेर कसले तिरष्कार गरेका छन् र ? बरु बढीभन्दा बढी प्रशंसक यिनीहरुकै छन्, यिनीहरुकै वजनदार र दमदार प्रस्तुतिले राष्टलाई नै सही मार्ग निर्देश गर्ने सन्देश निरन्तर प्रवाह गरिरहेका छन् ।

यसको अर्थ औपचारिक पढाई बेकार हो वा धेरै पढेका मान्छेले केही गर्न सकेका छैनन् भन्न खोजिएको भने होइन । बरु स्वअध्ययन वा अनौपचारिक शिक्षाबाट पनि मान्छेले जुनसुकै क्षेत्रको सबल नेतृत्व गर्न सक्छन् भन्न खोजिएको हो । मात्र यसप्रकारको शिक्षालाई हेर्ने हाम्रो कमजोर मानसिकताको पर्दा च्यात्नु पर्नेछ, च्यात्न जरुरी छ ।

सई बोहोराले भन्नुभयो, १० वर्षे माओवादी जनयुद्धताका रोल्पाजस्तो जिल्लामा कार्य गर्दा पनि आफू शान्तिप्रिय भएकाले एकपटक पनि भिडन्त गर्नु परेन, हुन त यसोभन्दा अरु साथीहरुलाई खिल्ली उडाएजस्तो हुन सक्छ, यद्यपि मैले हासिल गरेको अनुभव हो यो। उहाँको कुराले हामीलाई एकदमै छोयो। वास्तवमा हामी आफू अरुलाई हान्छु, मार्छु भनेर वा अरुको नकारात्मक र नराम्रो टिप्पणी गरेर हिंड्छौं भने अरुले पनि हामीलाई त्यसरी नै हेर्छ, हान्छ, मार्छ। त्यसकारण आफू भलो त जगतै भलो भन्ने भनाइ प्रचलनमा आएको हो भन्ने हामीलाई लाग्छ। बिहानी खानपिनको व्यस्वस्था चौकीले नै मिलायो।

लेतेमा खाना खाएर जोमसोम गन्तव्य बनाएर हामी हिंड्यौं। कालोपानी, धम्फू, कोखे ठाँटी, लोजुंग हुँदै हामी कोवांग आइपुग्यौं। कच्ची बाटोमा गाडीले उडाउने धुलो र हावाले ल्याउने छारो बेजोडको थियो। चिसो हावाले उडाएको छारो धुँवाको मुस्लो झैं हामीलाई ढाक्दथ्यो। कालीगण्डकी नदी किनारको यात्रा, नजिकै नियाल्न सकिने मुसुक्क हाँसेका हिमश्रृंखला, मंसीरको चिसो हावाले मुस्ताङ्गको परिचय दिन थालिसकेको थियो।

कोवांगमा रहेको भूपि स्मृत्ति थाक पुस्तकालयमा हामी केहीबेर बस्यौं। लाइब्रेरीमा पूर्व पश्चिम विभिन्न जिल्लाबाट आएका पत्रपत्रिका र पुस्तकहरु रहेछन्। गाउँ भएकाले पाठक भने कमै आउँछन्, लाइब्रेरियन शुकदेवी गौचनले भन्नुभयो। उहाँको नाकमा फूली नदेखेपछि हामीले तपाईं नेवार हो ? भनेर सोध्यौं। उहाँले भन्नुभयो, नेवार होइन हामी थकाली हौं। थकाली जातिमा तुलाचन, भट्टचन, हिराचन र शेरचन हुन्छन्।

हामी त्यहाँबाट अगाडि बढ्यौं। इट्टाबाट बनाइएका घरहरु निकै सुन्दर छन्। छरिएका घरहरु नभएपनि ठाउँ ठाउँमा भएका झुरुप्प बस्ती टाढैबाट आकर्षक देखिन्छन्। हिंड्दै हामी कवि भूपि शेरचनको गाउँ टुकुचे आइपुग्यौं। यसबेला हामीले उहाँको कवितांश सम्झियौं, हुँदैन बिहान मिर्मिरे तारा झरेर नगए, बन्दैन मुलुक दुई चार सपुत मरेर नगए। यो मर्मस्पर्शी कवितांशले केही पाउनका निम्ति केही गुमाउनुपर्छ भन्ने भाव बोकेको गजबको सन्देश प्रवाह गरेजस्तो लाग्छ हामीलाई। नदीको दुवै किनारामा केही फाँटिला ठाउँमा बस्ती छन् यहाँ। तर दुवै वस्तीमाथि चट्टानका पहाड उजाड भएपनि लोभलाग्दा देखिन्छन्। बाटामा हामीले भेडा च्यांग्राको बथानसहित भारी बोकेर उपल्लो मुस्तांगबाट जाडो छल्न झरेकाहरु समेत भेट्यौं। उनीहरु नेपाल भारतका विभिन्न ठाउँमा पुगेर व्यापार समेत गर्छन् रे।

हामी मार्फा छेउबाट गाडी चढ्यौं। घाम डाँडामा डूब्नै लागेका थिए। चिसो सिरोटेले जाडोको अनुभूति दिलाएको थियो। हामीले चप्पल लगाएका छौं। गाडीबाटै मार्फाको स्याउ बगैंचा नियाल्यौं। गाडीमा मुस्तांग जिल्लामा कार्यरत पत्रकार चन्द्रसिंह बस्ताकोटीसँग हाम्रो परिचय भयो। कुराकानी गर्दागर्दै बस अर्कै संसारमा भित्रिएझैं देखियो। दुवै किनारमा सानो बजार माथि चट्टानै चट्टानको पहाड। झट्ट हेर्दा मरुभूमि। हामी जोमसोम एयरपोर्ट गेट अगाडि गाडीबाट झर्‍यौं। फेवा होटल पुग्यौं। बेलुकीको खाना खायौं। पानी छुन निकै गाह्रो लाग्यो। खाना खाएर हामी सिरकमा मज्जाले गुट्मुटिएर सुत्यौं।

२०६६ मंसीर ३: बिहान सिरक छोड्न गाह्रो लाग्दै थियो। यद्यपि ८ बजे हामी जोमसोम बजार नियाल्न निस्कियौं। घाम माथि पहाडबाट क्रमश: बजारतर्फ झर्दै थियो। पुथांग एयरपोर्टभन्दा माथि ढिस्कोमा निस्किएर हामीले केहीबेर घाम ताप्यौं। चारैतिरको रमाइलो दृश्य नियाल्यौं। न्यानो र चिसो सिरेटो मिश्रित घाममा बसेर दृश्यांकन गर्न पाउँदा हामीलाई धर्तीको स्वर्गमा नै आइपुगे जस्तो अनुभव भयो। जोमसोम बजार र हिमाल पनि अत्यन्तै आकर्षक...। त्यसैले त भनिएको होला, एकातिर नेपालको युरोप अर्कातिर नेपालको मरुभूमि हो, हिमालपारिको जिल्ला मुस्तांग।

हामी बजारमै फर्किएर बेलुकी बसेको होटलमा खाना खायौं। जिल्ला प्रशासन कार्यालयतर्फ लाग्यौं। दश बजे नै जोडजोडले चिसो हावा चल्न थाल्यो। यतिबेला हामीलाई गायक तिलक बम मल्लले गाएको गीत सम्झना भयो- जोमसोमै बजारमा १२ बजे हावा सरर...। तर यहाँ त १० बजे नै पो हावा सरर भएपछि...। झोलुंगे पुल पार गरेर हामी प्रशासन कार्यालय पुग्यौं। प्रजिअ उमेशकुमार ढकाल र अन्य कर्मचारीहरु पारदर्शक टिन (कर्कटपाता) प्रयोग गरेर बनाइएको कार्यकक्षमा टी.भी. हेर्दै हुनुहुन्थ्यो। न्यानो घामको ताप त्यहाँ पर्दो रहेछ। जाडो ठाउँमा सिर्जनशीलता प्रयोग गरेर बनाइएको कोठामा बस्दा अर्कै किसिमको अनुभूति भयो। यही ठाउँ तिर प्राय: सरकारी कार्यालयहरु रहेछन्।

हामी जि.वि.स. कार्यालय पुग्यौं। स्थानीय विकास अधिकारी मणिकुमार ज्ञवाली र योजना अनुगमन तथा प्रशासन अधिकृत कृष्णप्रसाद पन्थीसँग हामीले भेट गर्‍यौं। उहाँले भ्रमण सफलताको कामना गर्दै हामीलाई सूचना सामाग्री दिनुभयो। जि.वि.स.बाट हामी जि.शि.अ. कार्यालय गयौं। जि.शि.अ. नभएकाले प्राविधिक सहायक भूमिराज ज्ञवालीसँग कुराकानी गर्‍यौं।

सदरमुकाम जोमसोम

प्राविधिक सहायक ज्ञवालीले पत्रकारिता पेशा जोखिमपूर्ण पेशा रहेको जनाउँदै तथ्यसम्मत् र खोजमूलक समाचार नेपाली पत्रकारितामा आउन नसकेको धारणा राख्नुभयो ।

सोही कार्यालयमा उपस्थित जनकल्याण नि.मा.वि. का शिक्षक रामप्रसाद शर्माले आफ्नो विद्यालयको बारेमा प्रकाशित समाचार बढाई चढाई गरिएको भनी आक्रोश पोख्नुभयो । केही दिन अगाडि मात्र सो विद्यालयका शिक्षकले एक छात्रालाई दिएको यातनाका विषयमा सञ्चारमाध्यममा समाचार प्रकाशित/प्रसारित भएको रहेछ । यस बारेमा कुरा बुझ्दा मुस्तांगमा मुखिया प्रथा रहेको र मुखियाबाट नमिलाई सार्वजनिकरुपमा सञ्चारमाध्यमले समाचार प्रसारण गरेका कारण उनीहरु बढी नै आत्तिएर आक्रोशित भएका रहेछन् । एक्काइसौं शताब्दीमा मुखियाले भनेजस्तो चल्नुपर्ने...?

जि.शि.का. बाट हामी घरेलु तथा साना उद्योग विकास समिति कार्यालय पुग्यौं । कार्यालय प्रमुख वरिष्ठ उद्योग अधिकृत दामोदर सिग्देल र लेखापाल प्रेमलाल मल्लसँग हामीले कुराकानी गर्‍यौं । स्याऊ यस जिल्लाको प्रमुख कृषि उत्पादनको रुपमा रहेकाले स साना स्याऊ ब्राण्डिका डिस्टिलरीहरु स्थापना भएका छन् । यहाँ घरेलुरुपमा स्याऊको सुकुटी जाम लगायत अन्य परिकार तथा चिचि, तोराको जूस तथा ब्राण्डी पनि उत्पादन गरिन्छ । यस बाहेक काठका फर्निचर उद्योगहरुमेत रहेका छन् अधिकृत सिग्देलले जानकारी दिनुभयो । लेखापाल मल्लले मिडियामा हुँदै नभएको कुरा आउँदैन, भएकै कुरा आउँछ भन्दै भ्रमण सफलताको कामना गर्नुभयो ।

जिल्ला प्रहरी कार्यालयमा डी.एस.पी. भोला रावलसँग भेट गर्न खोज्दा कार्यालय समय सकियो भोली आउनु भनि फर्काइयो । त्यसपछि हामीले बजार भ्रमण गर्‍यौं ।

जनमुखी बहुउद्देश्यीय सहकारी संस्थाकी अध्यक्ष सुनदेवी रसाइलीसँग हाम्रो भेट भयो । सामान्य कुराकानी पश्चात् हामी फर्कियौं । कस्केली कपडा पसलमा केही कर्मचारी र ग्राहकहरुसँग परिचय गरियो । घाम अस्ताइसकेका थिए । अनि साँझ पर्दै थियो । चिसोको मात्रा चढ्दै थियो । हामी हिजो बसेको पसलमै आयौं ।

होटल्नी दिदी सिर्जना शेरचनले देशमा बूढा नेताहरु भएकाले विकास हुन नसकेको बताउनुभयो । अमेरिकी राष्ट्रपति बाराक ओबामाको प्रसंग झिक्दै युवाहरुले शासन सत्ता चलाएमा देशले मुहार फेर्ने धारणा उहाँको छ । अरुले ठेक्का पट्टा गर्दा मजदूरलाई ठगने गरेकाले पोखरा काठमाडौंमा घर ठड्याए, तर मेरा बूढाले इमान्दारी प्रदर्शन गरेकाले तलको तलै पर्नु पर्‍यो भन्दै उहाँले दुःखेसो गर्नुभयो । इमान्दारिता नै ठूलो कुरा हो, आत्तिनु पर्दैन दिदी तपाईं हामीले भन्यौं ।

यतातिर भेडा खसी आदिको मासु प्रशस्त सुकुटी बनाएर राख्ने चलन रहेछ । हामी बसेको होटलमा पनि भर्खर काटेको आलो मासु, झुण्ड्याइएकाले जताततै बासनै बासना । रातभर सुत्न सार्‍है गार्‍हो । कारण यो मासुको बासनालाई धेरै समय नाकले धान्न सकेन, जताततै गन्धै गन्ध आयो ।

२०६६ मंसीर ४: बिहान हामी एकीकृत नेकपा माओवादीको कार्यालयमा गयौं । त्यहाँ कार्यालय सचिव शारदा सापकोटा र अखिल नेपाल महिला संघ क्रान्तिकारीकी अध्यक्ष रुपा गुरुंगसँग हाम्रो भेट भयो । सचिव सापकोटाले भन्नुभयो, मुस्तांगमा सामाजिकरुपमा अझै मुखिया प्रथा ठीक भएपनि मुखियाले जे भन्यो अरुले त्यही मान्नुपर्ने चलन ठीक छैन । यसैगरी अध्यक्ष गुरुंगले भन्नुभयो- गुरुंग भित्र पनि दलित छन्, त्यसकारण यसलाई पनि परिवर्तन गर्दै लानुपर्ने आवश्यकता छ, मुस्तांगमा पनि हाल अधिकांश जिल्लामाझैं माओवादी, काँग्रेस, एमाले पार्टी सक्रिय छन्, मुस्तांगी महिलाहरुमा पनि विभिन्न कार्यक्रमहरुमा सहभागिता जनाउने जागरुकता सुरु भएको छ ।

एनेकपा माओवादीको कार्यालयबाट हामी मुस्तांग इको म्युजियम पुग्यौं । त्यहाँ मुस्तांग जिल्लाको विविध विषयलाई चित्रमा उतारेर राखिएको रहेछ । यसबाट उपल्लो मुस्तांगका मुस्तांगी राजा जिग्मे परवल विष्ट (२०६५ मा तत्कालीन गृहमन्त्री वामदेव गौतमले राजा रौजटा सम्बन्धी ऐन खारेज गरिएको बताएका थिए), जिल्लाको भौगोलिक अवस्था, विभिन्न चाडबाड, गाउँबस्ती एवं समग्र मुस्तांगको अध्ययन गर्ने जो कसैलाई मद्दत पुग्ने देखिन्छ ।

हामी सरकारी कार्यालय भ्रमणका लागि प्रस्थान गऱ्यौं । जिल्ला कृषि विकास, जिल्ला भूसंरक्षण एवं अन्नपूर्ण संरक्षण क्षे आयोजना कार्यालयको संयुक्त आँगनमा हामी पुग्यौं । त्यहाँ हामीले अशोक लामा, भीमबहादुर थकाली, महिला समूहकी अध्य मीमकुमारी शेरचन र जोमसोमकै शैलेन्द्र थकालीसँग प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण बारेमा कुरा गऱ्यौं । शैलेन्द्र थकालीले राजाभन्दा ठूलो यात्री हुन्छ भन्नुभयो । गरिबी निवारण गर्ने उद्देश्यका साथ नेपाल सरकार ल्याएका नीति कार्यक्रमहरुले प्रभावकारी भूमिका खेल्न नसकेको उहाँको भनाई थियो । यहाँका मान्छे घर जमीन बेच्दैनन्, तर पो काठमाडौंमा घर बनाएर बस्दछन् । उपस्थित व्यक्तिहरुले नेपाली सञ्चारमाध्यमबाट रे र अरेको भरमा समाचार सम्प्रेषण नगरे यथार्थपरक र खोजमूलक सामाग्री प्रस्तुत गर्न सकोस् भन्ने सुझाव दिए ।

हामी एक्याप (अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना) कार्यालयमा पस्यौं । कार्यालय प्रमुख पारसविक्रम सिंहले अन्नपूर्ण क्षेत्र विश्वको दशौं गन्तव्यमा परेको भएपनि नेपालमा सो अनुसारको पर्यटक भने भित्र्याउन नसकिएको बताउनुभयो । यस वर्ष नेपाली इण्डियन पर्यटक बढे पनि पदयात्रामा गाडीका कारण धुँवा धूलो भएकाले अरु देशबाट भने पर्यटक कम आएका छन् । वि.सं. ९१ मा कास्कीको घान्द्रुकबाट सुरु भएर फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा १०१ जातका स्तनधारी र ४७४ जातका चराहरु बसोबास गर्ने गर्छन्, उहाँले भन्नुभयो ।

कार्यालय प्रमुख सिंहले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नु भएपछि हामी हिंड्यौं । जिल्ला पशु सेवा कार्यालयमा प्रमुख नभएकाले पशु सेवा प्राविधिक हरिनारायण चौधरी र कार्यालय सहायक सूर्यप्रसाद सापकोटासँग हामीले कुराकानी गऱ्यौं । प्राविधिक चौधरीले तल्लो मुस्तांगमा गाडी आएकाले भेडापालनमा कमी आएको बताउनुभयो । थोरै समय बसाइको हिसाबले मुस्तांग रमाइलो सुन्दर ठाउँ भएपनि नियमित बस्न गाऱ्हो हुने उहाँहरुको अनुभव छ ।

हामी जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र गयौं । डा. शोभाराम सुवेदीले भन्नुभयो, आम्ची डाक्टर छम्प गुरुंगका अनुसार मुस्तांगमा ३०० किसिमका जडीबुटी पाइन्छन् । यहाँ बस्ने मान्छेहरुले रक्सी, मासु, चिल्लो, अमिलो, पिरो बढी सेवन गर्छन्, त्यसकारण ग्यासटाइटिस, बाथ जोर्नी दुख्ने र अम्लपित्तका बिरामी बढी छन् । डा. सुवेदीले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गरेपछि हामी महिला विकास कार्यालयतर्फ लाग्यौं । यो कार्यालयमा महिला कार्यकर्ता यशोदा आचार्य, मुख्य महिला कार्यकर्ता राममाया थापा लगायतसँग हामीले केहीबेर कुराकानी गऱ्यौं । त्यस कार्यालयमा पनि महिला विकास अधिकृत हुनुहुन्नथ्यो । महिला कार्यकर्ता आचार्यले भन्नुभयो, मुस्तांगी महिलाहरु सबै कुरामा राम्रो भएको र भेदभावपूर्ण व्यहार नभएको बताउँछन् । उहाँले सञ्चार क्षेत्रले सबैको कुरा समेटेर तथ्यसम्मत् सामाग्री पस्किएको खण्डमा समाजलाई सही गति दिन सक्ने बताउनुभयो । उपस्थित कर्मचारीहरुले विश्वभ्रमण सफलतापूवर्क सम्पन्न होस् भनी शुभेच्छा प्रकट गर्नुभयो । सम्पूर्ण कार्यालयका कर्मचारी बजेट पास नभएर तलब रोकिएका कारण छट्पटिएका छन् ।

बेलुकीको ४:३० बजिसकेको थियो । हामी कस्केली कपडा पसलमा आयौं । सञ्चारकर्मी चन्द्रश्वर बस्ताकोटीसँग कुराकानी गऱ्यौं । हिमालपारीको सुन्दर जिल्ला मुस्तांगमा भौगोलिक, सांस्कृतिक एवं धार्मिक महत्वका स्थानहरु छन् । यो जिल्लाको उत्तरी भूभाग चीनको स्वाशासित क्षेत्र तिब्बतसँग जोडिएको छ । त्यसकारण यो वर्ष भारतीय अमेरिकी राजदूतहरुको भ्रमणबाट कतै आफ्नो विरुद्धको कार्य हुने हुन् कि भनी चीन आशंकित बनेको छ । मुखिया प्रथाका कारण धेरै घट्नाहरु बाहिर ल्याइएका छैनन्, दबाइएका देखिन्छन् । त्यसैले यो जिल्लामा पत्रकारिता गर्न अप्ठेरो परेको छ । यहाँ मूर्द्धा शान्ति रहेको मेरो भोगाईको निष्कर्ष छ, सञ्चारकर्मी बस्ताकोटीले भन्नुभयो । त्यही पसलमा भेट हुनुभएकी एक्लै भारतका विभिन्न ठाउँमा आफूले यात्रा गरिसकेको बताउने झलककुमारीले भन्नुभयो- इमान्दारीमा रहँदा गाऱ्हो हुन्छ तर घाटा हुँदैन ।

२०६६ मंसीर ५: हामी बिहान ६:४५ बजे नै मुक्तिनाथ क्षेत्र जान भनेर हिंड्यौं । ७ बजे मुक्तिनाथ जाने जीप काउण्टरमा हामी आइपुग्दा टिकट काउण्टर खुलेकै थिएन । त्यसैले हिंड्ने योजना बनाएर अगाडि बढ्यौं । तर जनहित उ.मा.वि. काटेर थोरै अगाडि बढेका मात्र के थियौं, चिसो सिरेटोले आँखा हेर्न र खुट्टा चाल्न गाऱ्हो बनायो । यात्राकै सबैभन्दा बढी जाडो भएको र हिंड्न नसकेको क्षण भयो यो समय हाम्रा लागि । खुट्टामा जुत्ता थिएनन्, सामान्य गलफन र ज्याकेटका भरमा मंसीरको हिउँको हावालाई चिरेर हिंडन् सकेनौं । सीधै अगाडिबाट आउने चिसो हावाका कारण आँखा हेर्न र हिंड्न नसकिने अवस्था सिर्जना भएपछि जीप कुर्ने निर्णय भयो । फर्किएर जीप काउण्टर आयौं । चिया पियौं । र, जीप चढेर यात्रा सुरु गऱ्यौं ।

झण्डै आधा घण्टा वितेपछि जीप कागबेनी आइपुग्यो । हामी त्यहीं ओर्लियौं । कलिला घाम निकै न्याना थिए । हामी गाउँबेंसी र पुराना मानेहरु नियाल्दै हिन्दू धर्मावलम्वीका लागि विशेष पवित्रस्थल, श्राद्ध तर्पण, पिण्ड दिने थलो कागबेणी पुग्यौं । काली र गण्डकी

नदीको संगममा रहेको यो तीर्थ पितृ उद्धारका लागि उत्तम स्थल भनेर हिन्दू धर्मग्रन्थमा उल्लेख गरिएको छ । पर्यटकीय महत्व एवं अध्ययन अनुसन्धानका हिसाबले पनि कागबेनी उत्तम नै देखिन्छ । यहाँ पुराना बौद्ध गुम्बाहरु पनि छन् । पितृ तीर्थस्थलमा मुक्तिनाथ अन्नदान क्षेत्र सन्तसेवा आश्रम रहेछ ।

त्यहाँ हामीले पण्डित बालकृष्ण सुवेदी, श्री जनशान्ति मा.वि. का शिक्षक यज्ञप्रसाद बस्याल र ध्रुव बरालसँग परिचय गर्‍यौं । यतातिर केही एफ.एम. लामो एरियल तार लगाएर बजाउँदा बज्दा रहेछन् । संसारलाई बदल्नु छ, सुरु आफैंबाट गर्नु छ भन्दै शिक्षकद्वयले विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गरेर विद्यालयतिर लाग्नुभयो । पण्डित सुवेदीले आश्रममा खानाको व्यवस्था मिलाउनुभयो ।

खाना खाएर हामी मुक्तिनाथतर्फ उकालो लाग्यौं । न्याना घाम लागेकाले केहीबेर आनन्द भएपनि हिंड्दा गर्मी होला जस्तै भयो । कहिले जाडो, कहिले गर्मी कुनै बेला दुःख त कुनै बेला सुख । घाम र पानी मान्छेको जिन्दगानी । मुस्तांगमा सुख्खा उजाड धारिला कपडामा आइरन लगाए जस्ता भीर पाखा छन्, तर, साह्रै सुन्दर लाग्छन् । अहिलेसम्मको भ्रमणमा दृश्यांकनका हिसाबले सर्वाधिक मन परेको ठाउँ बनेको छ हामीलाई मुस्तांगको यो क्षेत्र । कतै वृक्षारोपण गरिएका बोट पनि पहेंला देखिए त कतै बाटामा भेटिएका भोटे पीपल पात झरेर ठुट्टै । पानी बगेको धारा छेउछाउमा उछिटिएका छिटा आइस बनेका छन् । गलफन बुन्दै गरेका दिदीहरु र पसल थापेका केही पसलेहरु फोटो खिंच्दा किन खिंचेको ? भनेर गाली गर्न खोज्छन् । हामी पत्रकारभन्दा चाहिं चुपचाप लाग्दा रहेछन् । नत्र पैसा ठटाउने जुक्ति रहेछ उनीहरुको । यही सुन्दरता र वातावरणको मीठोतितो अनुभव लिंदै हामी मुक्तिनाथ क्षेत्र आइपुग्यौं ।

लगभग ४ घण्टामा हामी फोटो खिंच्दै र सेतै हिमश्रृंखलाको आकर्षणमा डूब्दै मुक्तिनाथ मन्दिर पुग्यौं । भगवान् विष्णु आफैं आएर तपस्या गरेको स्थल मुक्तिनाथजस्तो पवित्र तीर्थ संसारमा कहीं छैन भन्ने हिन्दू धर्मशास्त्रमा उल्लेख गरिएको बताइन्छ । यसको परिसरभित्र बौद्ध गुम्बाहरु पनि छन् । हामीले मन्दिर छेउमा रहेका १०८ धारामा नुहायौं । दुई वटा साना पोखरीमा पनि डुबुल्की हानेकै हो । जाडो ठाउँको चिसो हिउँ पानीमा तातो मन गरेर नुहाउँदा अनि डुबुल्की मार्दा तातै आनन्द पनि आयो, हा...हा...हा... । अत्यधिक जाडोले गर्दा धेरै मान्छेले आफ्नो शिरमा पानी मात्र छर्किए, केहीले नुहाए पनि ।

विदशीहरुले पनि भित्र पसेर चन्दा दिंदै रसिद काटे । मूलथानमा आनीहरु (बौद्ध भिक्षुणीहरु) बस्दा रहेछन् । भित्र चढाउने भेटीघाटीहरुबाट केही आनीले शहरमा घर ठड्याएका छन् भन्ने आरोप पनि सुन्न पाइयो । हिन्दू धर्मअनुसार वर्णन गरिएको मन्दिरमा आनीहरुले दर्शनार्थीहरुलाई फूल, धूप बत्ती दिएर पूजा गर्न लगाएको देख्दा अचम्म लाग्यो । बाहिरपट्टि गेटमा हिन्दू धर्मका पूजारी टीका लगाइ दिंदै थिए । दुवै धर्मका अनुयायी मिलेर पूजाआजा गरेको देखिन्छ यहाँ । साँच्चै प्रसन्न मनले यसरी पूजाआजा गरिएको हो भने त धार्मिक सहिष्णुता, मानव एकता अनि सहअस्तित्वका लागि पनि धेरै राम्रो हो, तर मन खुम्च्याएर जसो तसो पूजाआजामा बसिएको हो भने चाहिं यसले दीर्घ कालमा त्यति राम्रो परिणाम दिन सक्ला जस्तो हामीलाई लाग्दैन ।

सहयोग रसिद काटिरहेका रबिन सुवेदी रहस्य, सुरक्षाकर्मी, आनीहरु लगायत उपस्थित सबैलाई हामीले विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । उहाँहरुले भ्रमण सफलताको कामना गर्दै हामीलाई खादा ओढाइ दिनुभयो । हामी मन्दिरबाट बिदा भएर तल रानी पौवा आयौं । स्वामी कमलनयनाचार्यको पहलमा म्याग्दीको गलेश्वरदेखि दामोदर कुण्डसम्म विभिन्न ठाउँमा आश्रमको व्यवस्था गरिएको आश्रम पण्डित गोविन्द आचार्यले बताउनुभयो ।

ठण्डीले पानी आइस जमेको

हामी रानीपौवाकै आश्रममा बस्यौं । आश्रम पण्डित आचार्यले आश्रम सञ्चालन गरेर हाम्रो होटल सुकाइदिए भनेर होटल व्यवसायीहरुले गुनासो गर्छन् भन्नुभयो । हाम्रो विचारमा पैसा भएकाहरु त होटलमा बस्छन्, खान्छन्, दुःख गरेर उनीहरु आश्रममा आउँदैनन्, बस्दैनन् । तर, टाढाबाट आउने पैसा नभएका वा कम पैसा भएका यात्रुलाई होटलमा पैसा तिरेर खानु बस्नु महंगो हुन्छ, त्यसैले यस्ता यात्रीका लागि आश्रम हुनु निकै खुशीको कुरा हो ।

२०६६ मंसीर ६: बिहान ८ बजे हामी मुक्तिनाथ क्षेत्रबाट जोमसोम गन्तव्य बनाएर फर्कियौं । बिहानी मौसममा हिमालका

स्याउको रुखमा चढ्दै

हिउँ सेताम्मे देखिए, भीर टाकुरा निकै रमाइला पाइए। पानीमा पनि आइस बाक्लै जमेको थियो। यही मौकामा हामीले पूरानो झारकोट गुम्बा हेऱ्यौं। माटाका छाना भएका घर हेर्दै झर्दा लटरम्म फलेका स्याउका बगैंचामा हाम्रा आँखा पुगे। मुस्तांगको पर्यायजस्तै बनेको स्याऊ फलेको देख्ने सिजन सक्यो क्यारे भन्ने लागिरहेका बेला बोटमै फलेको स्याऊ प्रत्यक्ष अगाडि भेट्दा खुशीको सिमै रहेन। घरबेटी दाईलाई भनेर हामी हतार हतार बगैंचा गयौं।

रुखमा चढेर फोटो खिंच्यौं। आफ्नै हातले टिपेर स्याऊ खायौं। अहा कति स्वादिलो स्याऊ। चिसोचाहिं वरफ खाएभन्दा कम थिएन, मुख गंग्रेला जस्तो। तर जिन्दगीमै पहिलोपल्ट आफ्ना हातले टिपेर खान पाएको स्याऊ के छोडिन्थ्यो र? छोडेनौ हामीले। रु. १२० को अढाई किलो स्याऊ किनेर पनि पो बोक्यौं त। अन्यत्र फलेन भन्छ, मेरोमा भने यसपाला राम्रो फलो, नाम सोध्न हामीले बिर्सिएका ती दाईले भने।

हामी फुरुंग हुँदै हिंड्यौं। चारैतिरको दृश्यलाई नियाल्दै केही साथीहरुलाई फोन गरेर मुक्तिनाथको यात्रा अनुभव सुनाउँदै कागबेनी आयौ। का को अर्थ काली, ग को अर्थ गण्डकी अनि दुई नदीको संगम वेणी कागवेणी हो भनेर पण्डित बालकृष्ण सेवदीले अर्थ लगाउनुभयो। आज बिहान पनि हामीलाई उहाँले खाना पकाएर खुवाउनुभयो। पितृलाई पिण्ड चढाउने र तर्पण दिने तीर्थयात्रीहरु पनि आउने जाने गरिरहेका थिए।

हामीले पाएको जनकारीमा विश्वमै शालीग्राम (भनिनु पर्ने शालग्राम) पाइने नेपालको एकमात्र नदी कालीगण्डकी जसको दामोदर कुण्डदेखि नवलपरासीको त्रिवेणीसम्म शालग्राम भेट्टाउन सकिन्छ। विज्ञानका दृष्टिकोणले पनि यो विशेष प्रकारको धातु मानिन्छ। यसभित्र सुन पनि पाउन सकिन्छ रे। नफूटेका शालिग्राम हिन्दूहरुले पूजा गर्दछन्। हाल कतै कतै चोरी पैठारी पनि भइरहेको पाइएकाले पछि हराउने हो कि? भन्ने चिन्ता पनि केही मानिसहरुमा रहेको छ। वास्तवमा यति बहुमूल्य शालग्राम हराउनु बडो दुःखकै कुरा हुनेछ। यसमा यहाँका स्थनीयवासी र सरकारको बेलैमा ध्यान पुगोस्।

हामी कागवेणीबाट पनि हिंड्दै आयौं। बेलाबखत हावाले र गाडीले उडाएको धुलो र ससाना गिटीका टुक्राले क्रिम पाउडर हाम्रो शरीरमा घसि नै रह्यो, आँखा चिम्लिदै अनि बेला बखत भित्तातिर अडेस लाग्दै नदीको किनारै किनार आउँदा पनि हामी रमाउन छोडेनौं।

पुनः मुस्तांग सदरमुकाम जोमसोम आइपुगेपछि हामीले इन्सेक प्रतिनिधि एवं शिक्षिका शर्मिला गुरुंग र अर्की शिक्षिका वसन्ता गुरुंगसँग भेट गऱ्यौं। सञ्चारकर्मीसमेत रहनु भएकी शर्मिला जीले भन्नुभयो- १० वर्षे माओवादी जनयुद्धको समेत असर नपरेको मुस्तांग अहिलेसम्म पनि शान्त छ, भाषागत सांस्कृतिक एवं भौगोलिक विविधताले सम्पन्न छ, यहाँ महिला हिंसा छैन। तर मुस्तांगको मुखिया प्रथामा रहेका विकृति विसंगति क्रमशः हटाउँदै जानुपर्छ।

फेरि हामी कस्केली कपडा पसल आयौं। त्यहाँ भेट हुनुभएका जिल्ला न्यायाधिवक्ता यादवप्रसाद पौडेल र सञ्चारकर्मी शिवानी ल्वागन एवं अन्य उपस्थित व्यक्तिलाई पनि हामीले विश्वभ्रमणबारे जानकारी दियौं। न्यायाधिवक्ता पौडेलले प्रेस स्वतन्त्रताको अभावमा नागरिकहरुको मौलिक हक तथा अधिकारको सुनिश्चितता हुँदैन, नागरिकप्रति उत्तरदायी नहुने सरकारले प्रेस स्वतन्त्रता तथा स्वाधीनतामाथि बेलाबेलामा हर्कत गर्ने कुरा हामी सबैलाई थाहा नै छ, तसर्थ: यिनै हक, अधिकार जोगाउनका लागि व्यक्तिगत रुपमा ठूलो साहस गर्नुभएका तपाईंहरुलाई भ्रमण सफलताका लागि शुभकामना। हामी पूर्व निर्धारित होटल आएर खाना खायौं।

सुरुमा बस्ने दिन रु. १३० खानाको लाग्छ भन्ने ती होटल्नी दिदीले पैसा लिने बेलामा रु. १५० का दरले हिसाब गर्नुभयो। उहाँका श्रीमान्ले प्रति व्यक्ति एक छाकको रु. १३० ले हिसाब गरे पनि उहाँले चाहिं अर्कै चामल हो भन्दै हामीबाट १५० रुपियाँ कै दरले पैसा ठटाउनुभयो। हामीले प्रतिवाद गरे पनि उहाँमा स्वीकारोक्ति देखिएन। उल्टै उहाँले भन्नुभयो, के गर्नु बाबु छोराछोरी पढाउनुपर्ने। अन्तत: अब आउने यात्रुलाई सुरुमै प्रष्ट जानकारी दिएर हामीलाई जस्तो अप्ठ्यारो नपार्नु है दिदी भन्दै हामीले पैसा तिऱ्यौं।

२०६६ मंसीर ७: हामीलाई बिहान ओछ्यानमै लिन पत्रकार चन्द्रेश्वर बस्ताकोटी आउनुभयो । आफ्नो कोठामा लगेर चिया नास्ता गराउनुभयो । अनि बिदाइ गर्नुभयो । जोमसोमबाट हामी बिहान ७:३० बजे गाडी चढेर घाँसा हुँदै म्याग्दी जिल्ला प्रवेश गर्ने योजनाका साथ हिंड्यौं ।

अन्नपूर्ण सर्किट घुम्ने पर्यटकसँग लेतेमा

गाडी यात्राका क्रममा विदूर नगरपालिका वडा नं. ९, नुवाकोट स्थायी घर बताउने भरत गिरीसँग हाम्रो परिचय भयो । हामी अन्तिम सिटमा उहाँसँगै थियौं । विदेशीसँग हिंड्दा पैसाको कमी नहुने बताउने उहाँले निकै रमाइला कुरा गर्नुभयो । उहाँका कुराकानीमा केही सोचनीय पक्ष पनि थिए । उहाँ भन्दै हुनुहुन्थ्यो- घरमा बुवा कुइरेसँग लागेर जे पनि खाएर तँ बिग्रिस् भन्छन् । आफू त यस्तै हो खान, हिंड्न, रमाइलो गर्न मन लाग्छ । कसैका लागि कसैले केही गर्न सक्दैन । पैसा कमाउन सकियो भने बाबुआमा, छोराछोरी, लोग्ने स्वास्नी, आफन्त, साथीभाईले पनि बढी चासो दिने र प्यारो गर्ने नत्र वास्तै गर्दैनन्, आखिर सबैले आफ्नो स्वार्थका लागि नाता गाँस्ने न हुन् । भरत जीको कुरा पनि आध्यात्मिक जस्तै लाग्छन्, फरक यति थियो उहाँसँग जीवनको विशेष लक्ष्य थिएन, सस्तो मनोरञ्जनमा उहाँले आफूलाई अलि बढी नै डुबाइरहनु भएजस्तो लाग्यो हामीलाई ।

अन्ततः हामी मुस्तांगकै घाँसामा बसबाट ओर्लियौं । सबैसँग छुट्टिएर हामी २ जना मात्रै म्याग्दी सिमाना लाग्यौं । छुट्ने बेलामा लेख्न मन नलागि नलागि पनि लेख्नै पर्‍यो, यस्तो सुन्दर मुस्तांग जिल्लाका केही मुस्तांगीहरुमा बढीभन्दा बढी व्यावसायिक मानसिकता हाबी रहेछ । सायद, अन्नपूर्ण क्षेत्र घुम्न आउनेहरुको लर्कोले पनि यसो हुन गएको होला ? तर, यति साह्रो व्यावसायिक मानसिकता नभइदिए सुन्दर मुस्तांगमा सुनमाथि सुगन्ध थपिने थियो ।

मुस्तांग यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
भरत गिरी (विदुर न.पा. नुवाकोट)	रु. १०६०/-
दामोदर सिग्देल (घरेलु उ.स.)	रु. २२१/-
पारसविक्रम सिंह(एक्याप)	रु. २२०/-
जिल्ला प्रहरी कार्यालय	रु. २००/-
यशोदा आचार्य (महिला विकास का.)	रु. १५०/-
प्रेमलाल मल्ल (घरेलु उ.स.)	रु. ११५/-
गोविन्दराज पौडेल	रु. १००/-
प्रेमबहादुर बोहोरा (ई.प्र.का.)	रु. १००/-
रवीन सुवेदी (राँखु पिप्ले म्याग्दी)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

मुस्तांग जिल्लामा स्वागत, शुभकामना । - उमेशकुमार ढकाल (प्र.जिअ.), जिल्ला प्रशासन कार्यालय
सकारात्मक सोचले सफल होस् । - मणिकुमार ज्ञवाली (स्था.वि.अ.), जिल्ला विकास समिति कार्यालय
धन्य होगी नेपाली धरती माँ । - झलक कुमारी इर्फना, भारत
सबै नागरिकलाई चेतनाको प्रभाव फैलाउने कदम । - यादव प्रसाद पौडेल, जिल्ला न्यायाधिवक्ता
पत्रकारिता र वैचारिक विशुद्धताको अभियानलाई बधाई । - मोतीप्रसाद लामिछाने, शंकरपोखरी ४, मल्यांगदी पर्वत
पत्रकारिता अनुभव विश्वकै पत्रकारवीच साटासाट गर्नु । - चन्द्रेश्वर बस्ताकोटी, सञ्चारकर्मी
हिमालपारीको जिल्ला मुस्तांगमा हार्दिक स्वागत । - शर्मिला गुरुंग, जोमसोम ६
हर पाइलामा शब्दहरु मार्फत् विजयको कामना । - शिवानी ल्वागन, रासस प्रतिनिधि
उद्देश्य पूर्ण सफलताको कामना । - प्रेमबहादुर बोहोरा (सई), ईलाका प्रहरी कार्यालय लेते,
सदा सकारात्मक सोच लिएर अगाडि बढ्नु । - दामोदर सिग्देल, वरिष्ठ उद्योग अधिकृत, प्रेमलाल मल्ल, घरेलु समिति
समसामयिक विषयको विश्वभ्रमण । - पारसविक्रम सिंह, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, जोमसोम
नेपाललाई विश्वसामु चिनाउनु हुनेछ । - महिला विकास कार्यालय जोमसोम मुस्तांग परिवार
कहीं कतैबाट दुर्व्यवहारहरु खेप्न नपरोस् । - जय श्री मुक्तिनाथ
कागवेनीमा स्वागत, शुभकामना । - बालकृष्ण सुवेदी, मुक्तिनाथ अन्नदान श्रेत्र

स्याउको रुखमा चढ्दै

हिउँ सेताम्मे देखिए, भीर टाकुरा निकै रमाइला पाइए। पानीमा पनि आइस बाक्लै जमेको थियो। यही मौकामा हामीले पूरानो झारकोट गुम्बा हेऱ्यौं। माटाका छाना भएका घर हेर्दै झर्दा लटरम्म फलेका स्याऊका बगैंचामा हाम्रा आँखा पुगे। मुस्तांगको पर्यायजस्तै बनेको स्याऊ फलेको देख्ने सिजन सक्यो क्यारे भन्ने लागिरहेका बेला बोटमै फलेको स्याऊ प्रत्यक्ष अगाडि भेट्दा खुशीको सिमै रहेन। घरबेटी दाईलाई भनेर हामी हतार हतार बगैंचा गयौं।

रुखमा चढेर फोटो खिंच्यौं। आफ्नै हातले टिपेर स्याऊ खायौं। अहा कति स्वादिलो स्याऊ। चिसोचाहिं वरफ खाएभन्दा कम थिएन, मुख गंग्रेला जस्तो। तर जिन्दगीमै पहिलोपल्ट आफ्ना हातले टिपेर खान पाएको स्याऊ के छोडिन्थ्यो र? छोडेनौ हामीले। रु. १२० को अढाई किलो स्याऊ किनेर पनि पो बोक्यौं त। अन्यत्र फलेन भन्छ, मेरोमा भने यसपाला राम्रो फलो, नाम सोध्न हामीले बिर्सिएका ती दाईले भने।

हामी फुरुंग हुँदै हिंड्यौं। चारैतिरको दृश्यलाई नियाल्दै केही साथीहरुलाई फोन गरेर मुक्तिनाथको यात्रा अनुभव सुनाउँदै कागबेनी आयौ। का को अर्थ काली, ग को अर्थ गण्डकी अनि दुई नदीको संगम वेणी कागवेणी हो भनेर पण्डित बालकृष्ण सुवेदीले अर्थ लगाउनुभयो। आज बिहान पनि हामीलाई उहाँले खाना पकाएर खुवाउनुभयो। पितृलाई पिण्ड चढाउने र तर्पण दिने तीर्थयात्रीहरु पनि आउने जाने गरिरहेका थिए।

हामीले पाएको जनकारीमा विश्वमै शालीग्राम (भनिनु पर्ने शालग्राम) पाइने नेपालको एकमात्र नदी कालीगण्डकी जसको दामोदर कुण्डदेखि नवलपरासीको त्रिवेणीसम्म शालग्राम भेट्टाउन सकिन्छ। विज्ञानका दृष्टिकोणले पनि यो विशेष प्रकारको धातु मानिन्छ। यसभित्र सुन पनि पाउन सकिन्छ रे। नफूटेका शालिग्राम हिन्दूहरुले पूजा गर्दछन्। हाल कतै कतै चोरी पैठारी पनि भइरहेको पाइएकाले पछि हराउने हो कि ? भन्ने चिन्ता पनि केही मानिसहरुमा रहेको छ। वास्तवमा यति बहुमूल्य शालग्राम हराउनु बडो दुःखकै कुरा हुनेछ। यसमा यहाँका स्थनीयवासी र सरकारको बेलैमा ध्यान पुगोस्।

हामी कागवेणीबाट पनि हिंड्दै आयौं। बेलाबखत हावाले र गाडीले उडाएको धुलो र ससाना गिटीका टुक्राले क्रिम पाउडर हाम्रो शरीरमा घसि नै रह्यो, आँखा चिम्लिदै अनि बेला बखत भित्तातिर अडेस लाग्दै नदीको किनारै किनार आउँदा पनि हामी रमाउन छोडेनौं।

पुन: मुस्तांग सदरमुकाम जोमसोम आइपुगेपछि हामीले इन्सेक प्रतिनिधि एवं शिक्षिका शर्मिला गुरुंग र अर्की शिक्षिका वसन्ता गुरुंगसँग भेट गऱ्यौं। सञ्चारकर्मीसमेत रहनु भएकी शर्मिला जीले भन्नुभयो- १० वर्षे माओवादी जनयुद्धको समेत असर नपरेको मुस्तांग अहिलेसम्म पनि शान्त छ, भाषागत सांस्कृतिक एवं भौगोलिक विविधताले सम्पन्न छ, यहाँ महिला हिंसा छैन। तर मुस्तांगको मुखिया प्रथामा रहेका विकृति विसंगति क्रमशः हटाउँदै जानुपर्छ।

फेरि हामी कस्केली कपडा पसल आयौं। त्यहाँ भेट हुनुभएका जिल्ला न्यायाधिवक्ता यादवप्रसाद पौडेल र सञ्चारकर्मी शिवानी ल्वागन एवं अन्य उपस्थित व्यक्तिलाई पनि हामीले विश्वभ्रमणबारे जानकारी दियौं। न्यायाधिवक्ता पौडेलले प्रेस स्वतन्त्रताको अभावमा नागरिकहरुको मौलिक हक तथा अधिकारको सुनिश्चितता हुँदैन, नागरिकप्रति उत्तरदायी नहुने सरकारले प्रेस स्वतन्त्रता तथा स्वाधीनतामाथि बेलाबेलामा हर्कत गर्ने कुरा हामी सबैलाई थाहा नै छ, तसर्थ: यिनै हक, अधिकार जोगाउनका लागि व्यक्तिगत रुपमा ठूलो साहस गर्नुभएका तपाईंहरुलाई भ्रमण सफलताका लागि शुभकामना। हामी पूर्व निर्धारित होटल आएर खाना खायौं।

सुरुमा वस्ने दिन रु. १३० खानाको लाग्छ भन्ने ती होटल्नी दिदीले पैसा लिने बेलामा रु. १५० का दरले हिसाब गर्नुभयो। उहाँका श्रीमान्ले प्रति व्यक्ति एक छाकको रु. १३० ले हिसाब गरे पनि उहाँले चाहिं अर्कै चामल हो भन्दै हामीबाट १५० रुपियाँ कै दरले पैसा ठटाउनुभयो। हामीले प्रतिवाद गरे पनि उहाँमा स्वीकारोक्ति देखिएन। उल्टै उहाँले भन्नुभयो, के गर्नु बाबु छोराछोरी पढाउनुपर्ने.? अन्तत: अब आउने यात्रुलाई सुरुमै प्रष्ट जानकारी दिएर हामीलाई जस्तो अप्ठ्यारो नपार्नु है दिदी भन्दै हामीले पैसा तिऱ्यौं।

२०६६ मंसीर ७: हामीलाई बिहान ओछ्यानमै लिन पत्रकार चन्द्रेश्वर बस्ताकोटी आउनुभयो। आफ्नो कोठामा लगेर चिया नास्ता गराउनुभयो। अनि बिदाइ गर्नुभयो। जोमसोमबाट हामी बिहान ७:३० बजे गाडी चढेर घाँसा हुँदै म्याग्दी जिल्ला प्रवेश गर्ने योजनाका साथ हिंड्यौं।



गाडी यात्राका क्रममा विदूर नगरपालिका वडा नं. ९, नुवाकोट स्थायी घर बताउने भरत गिरीसँग हाम्रो परिचय भयो। हामी अन्तिम सिटमा उहाँसँगै थियौं। विदेशीसँग हिंड्दा पैसाको कमी नहुने बताउने उहाँले निकै रमाइला कुरा गर्नुभयो। उहाँका कुराकानीमा केही सोचनीय पक्ष पनि थिए। उहाँ भन्दै हुनुहुन्थ्यो- घरमा बुवा कुइरेसँग लागेर जे पनि खाएर तँ बिग्रिस् भन्छन्। आफू त यस्तै हो खान, हिंड्न, रमाइलो गर्न मन लाग्छ। कसैका लागि कसैले केही गर्न सक्दैन। पैसा कमाउन सकियो भने बाबुआमा, छोराछोरी, लोग्ने स्वास्नी, आफन्त, साथीभाईले पनि बढी चासो दिने र प्यारो गर्ने नत्र वास्तै गर्दैनन्, आखिर सबैले आफ्नो स्वार्थका लागि नाता गाँस्ने न हुन्। भरत जीको कुरा पनि आध्यात्मिक जस्तै लाग्छन्, फरक यति थियो उहाँसँग जीवनको विशेष लक्ष्य थिएन, सस्तो मनोरञ्जनमा उहाँले आफूलाई अलि बढी नै डूबाइरहनु भएजस्तो लाग्यो हामीलाई।

अन्ततः हामी मुस्तांगकै घाँसामा बसबाट ओर्लियौं। सबैसँग छुट्टिएर हामी २ जना मात्रै म्याग्दी सिमाना लाग्यौं। छुट्ने बेलामा लेख्न मन नलागि नलागि पनि लेख्नै पऱ्यो, यस्तो सुन्दर मुस्तांग जिल्लाका केही मुस्तांगीहरुमा बढीभन्दा बढी व्यावसायिक मानसिकता हाबी रहेछ। सायद, अन्नपूर्ण क्षेत्र घुम्न आउनेहरुको लर्कोले पनि यसो हुन गएको होला ? तर, यति साऱ्हो व्यावसायिक मानसिकता नभइदिए सुन्दर मुस्तांगमा सुनमाथि सुगन्ध थपिने थियो।

मुस्तांग यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
भरत गिरी (विदुर न.पा. नुवाकोट)	रु. १०६०/-
दामोदर सिग्देल (घरेलु उ.स.)	रु. २२१/-
पारसविक्रम सिंह(एक्याप)	रु. २२०/-
जिल्ला प्रहरी कार्यालय	रु. २००/-
यशोदा आचार्य (महिला विकास का.)	रु. १५०/-
प्रेमलाल मल्ल (घरेलु उ.स.)	रु. ११५/-
गोविन्दराज पौडेल	रु. १००/-
प्रेमवहादुर वोहोरा (ई.प्र.का.)	रु. १००/-
रवीन सुवेदी (राँखु पिप्ले म्याग्दी)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

मुस्तांग जिल्लामा स्वागत, शुभकामना। – उमेशकुमार ढकाल (प्र.जिअ.), जिल्ला प्रशासन कार्यालय

सकारात्मक सोचले सफल होस्। – मणिकुमार ज्ञवाली (स्था.वि.अ.), जिल्ला विकास समिति कार्यालय

धन्य होगी नेपाली धरती माँ। – झलक कुमारी इर्फना, भारत

सबै नागरिकलाई चेतनाको प्रभाव फैलाउने कदम। – यादव प्रसाद पौडेल, जिल्ला न्यायाधिवक्ता

पत्रकारिता र वैचारिक विशुद्धताको अभियानलाई बधाई। – मोतीप्रसाद लामिछाने, शंकरपोखरी ४, मल्यांगदी पर्वत

पत्रकारिता अनुभव विश्वकै पत्रकारबीच साटासाट गर्नु। – चन्द्रेश्वर बस्ताकोटी, सञ्चारकर्मी

हिमालपारीको जिल्ला मुस्तांगमा हार्दिक स्वागत। – शर्मिला गुरुंग, जोमसोम ६

हर पाइलामा शब्दहरु मार्फत् विजयको कामना। – शिवानी ल्वागन, रासस प्रतिनिधि

उद्देश्य पूर्ण सफलताको कामना। – प्रेमबहादुर बोहोरा (सई), ईलाका प्रहरी कार्यालय लेते,

सदा सकारात्मक सोच लिएर अगाडि बढ्नु। – दामोदर सिग्देल, वरिष्ठ उद्योग अधिकृत, प्रेमलाल मल्ल, घरेलु समिति

समसामयिक विषयको विश्वभ्रमण। – पारसविक्रम सिंह, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, जोमसोम

नेपाललाई विश्वसामु चिनाउनु हुनेछ। – महिला विकास कार्यालय जोमसोम मुस्तांग परिवार

कहीं कतैबाट दुर्व्यवहारहरु खेप्न नपरोस्। – जय श्री मुक्तिनाथ

कागवेनीमा स्वागत, शुभकामना। – बालकृष्ण सुवेदी, मुक्तिनाथ अन्नदान क्षेत्र

स्याउको रुखमा चढ्दै

हिउँ सेताम्मे देखिए, भीर टाकुरा निकै रमाइला पाइए। पानीमा पनि आइस बाक्लै जमेको थियो। यही मौकामा हामीले पूरानो झारकोट गुम्बा हेऱ्यौं। माटाका छाना भएका घर हेर्दै झर्दा लटरम्म फलेका स्याऊका बगैंचामा हाम्रा आँखा पुगे। मुस्तांगको पर्यायजस्तै बनेको स्याऊ फलेको देख्ने सिजन सक्यो क्यारे भन्ने लागिरहेका बेला बोटमै फलेको स्याऊ प्रत्यक्ष अगाडि भेट्दा खुशीको सिमै रहेन। घरबेटी दाईलाई भनेर हामी हतार हतार बगैंचा गयौं।

रुखमा चढेर फोटो खिंच्यौं। आफ्नै हातले टिपेर स्याऊ खायौं। अहा कति स्वादिलो स्याऊ। चिसोचाहिं वरफ खाएभन्दा कम थिएन, मुख गंग्रेला जस्तो। तर जिन्दगीमै पहिलोपल्ट आफ्ना हातले टिपेर खान पाएको स्याऊ के छोडिन्थ्यो र ! छोडेनौ हामीले। रु. १२० को अढाई किलो स्याऊ किनेर पनि पो बोक्यौं त। अन्यत्र फलेन भन्छ, मेरोमा भने यसपाला राम्रो फल्यो, नाम सोध्न हामीले बिर्सिएका ती दाईले भने।

हामी फुरुंग हुँदै हिंड्यौं। चारैतिरको दृश्यलाई नियाल्दै केही साथीहरुलाई फोन गरेर मुक्तिनाथको यात्रा अनुभव सुनाउँदै कागबेनी आयौ। का को अर्थ काली, ग को अर्थ गण्डकी अनि दुई नदीको संगम वेणी कागवेणी हो भनेर पण्डित बालकृष्ण सुवेदीले अर्थ लगाउनुभयो। आज बिहान पनि हामीलाई उहाँले खाना पकाएर खुवाउनुभयो। पितृलाई पिण्ड चढाउने र तर्पण दिने तीर्थयात्रीहरु पनि आउने जाने गरिरहेका थिए।

हामीले पाएको जनकारीमा विश्वमै शालीग्राम (भनिनु पर्ने शालग्राम) पाइने नेपालको एकमात्र नदी कालीगण्डकी जसको दामोदर कुण्डदेखि नवलपरासीको त्रिवेणीसम्म शालग्राम भेट्टाउन सकिन्छ। विज्ञानका दृष्टिकोणले पनि यो विशेष प्रकारको धातु मानिन्छ। यसभित्र सुन पनि पाउन सकिन्छ रे। नफूटेका शालिग्राम हिन्दूहरुले पूजा गर्दछन्। हाल कतै कतै चोरी पैठारी पनि भइरहेको पाइएकाले पछि हराउने हो कि ? भन्ने चिन्ता पनि केही मानिसहरुमा रहेको छ। वास्तवमा यति बहुमूल्य शालग्राम हराउनु बडो दुःखकै कुरा हुनेछ। यसमा यहाँका स्थनीयवासी र सरकारको बेलैमा ध्यान पुगोस्।

हामी कागवेणीबाट पनि हिंड्दै आयौं। बेलाबखत हावाले र गाडीले उडाएको धुलो र ससाना गिटीका टुक्राले क्रिम पाउडर हाम्रो शरीरमा घसि नै रह्यो, आँखा चिम्लिदै अनि बेला बखत भित्तातिर अडेस लाग्दै नदीको किनारै किनार आउँदा पनि हामी रमाउन छोडेनौं।

पुनः मुस्तांग सदरमुकाम जोमसोम आइपुगेपछि हामीले इन्सेक प्रतिनिधि एवं शिक्षिका शर्मिला गुरुंग र अर्की शिक्षिका वसन्ता गुरुंगसँग भेट गऱ्यौं। सञ्चारकर्मीसमेत रहनु भएकी शर्मिला जीले भन्नुभयो- १० वर्षे माओवादी जनयुद्धको समेत असर नपरेको मुस्तांग अहिलेसम्म पनि शान्त छ, भाषागत सांस्कृतिक एवं भौगोलिक विविधताले सम्पन्न छ, यहाँ महिला हिंसा छैन। तर मुस्तांगको मुखिया प्रथामा रहेका विकृति विसंगति क्रमशः हटाउँदै जानुपर्छ।

फेरि हामी कस्केली कपडा पसल आयौं। त्यहाँ भेट हुनुभएका जिल्ला न्यायाधिवक्ता यादवप्रसाद पौडेल र सञ्चारकर्मी शिवानी ल्वागन एवं अन्य उपस्थित व्यक्तिलाई पनि हामीले विश्वभ्रमणबारे जानकारी दियौं। न्यायाधिवक्ता पौडेलले प्रेस स्वतन्त्रताको अभावमा नागरिकहरुको मौलिक हक तथा अधिकारको सुनिश्चितता हुँदैन, नागरिकप्रति उत्तरदायी नहुने सरकारले प्रेस स्वतन्त्रता तथा स्वाधीनतामाथि बेलाबेलामा हर्कत गर्ने कुरा हामी सबैलाई थाहा नै छ, तसर्थः यिनै हक, अधिकार जोगाउनका लागि व्यक्तिगत रुपमा ठूलो साहस गर्नुभएका तपाईंहरुलाई भ्रमण सफलताका लागि शुभकामना। हामी पूर्व निर्धारित होटल आएर खाना खायौं।

सुरुमा बस्ने दिन रु. १३० खानाको लाग्छ भन्ने ती होटल्नी दिदीले पैसा लिने बेलामा रु. १५० का दरले हिसाब गर्नुभयो। उहाँका श्रीमान्ले प्रति व्यक्ति एक छाकको रु. १३० ले हिसाब गरे पनि उहाँले चाहिं अर्कै चामल हो भन्दै हामीबाट १५० रुपियाँ कै दरले पैसा ठटाउनुभयो। हामीले प्रतिवाद गरे पनि उहाँमा स्वीकारोक्ति देखिएन। उल्टै उहाँले भन्नुभयो, के गर्नु बाबु छोराछोरी पढाउनुपर्ने...! अन्ततः अब आउने यात्रुलाई सुरुमै प्रष्ट जानकारी दिएर हामीलाई जस्तो अप्ठ्यारो नपार्नु है दिदी भन्दै हामीले पैसा तिऱ्यौं।

२०६६ मंसीर ७: हामीलाई बिहान ओछ्यानमै लिन पत्रकार चन्द्रेश्वर बस्ताकोटी आउनुभयो। आफ्नो कोठामा लगेर चिया नास्ता गराउनुभयो। अनि बिदाइ गर्नुभयो। जोमसोमबाट हामी बिहान ७:३० बजे गाडी चढेर घाँसा हुँदै म्याग्दी जिल्ला प्रवेश गर्ने योजनाका साथ हिंड्यौं।

अन्नपूर्ण सर्किट घुम्ने पर्यटकसँग लेतेमा

गाडी यात्राका क्रममा विदूर नगरपालिका वडा नं. ९, नुवाकोट स्थायी घर बताउने भरत गिरीसँग हाम्रो परिचय भयो। हामी अन्तिम सिटमा उहाँसँगै थियौं। विदेशीसँग हिंड्दा पैसाको कमी नहुने बताउने उहाँले निकै रमाइला कुरा गर्नुभयो। उहाँका कुराकानीमा केही सोचनीय पक्ष पनि थिए। उहाँ भन्दै हुनुहुन्थ्यो-घरमा बुवा कुइरेसँग लागेर जे पनि खाएर तँ बिग्रिस् भन्छन्। आफू त यस्तै हो खान, हिंड्न, रमाइलो गर्न मन लाग्छ। कसैका लागि कसैले केही गर्न सक्दैन। पैसा कमाउन सकियो भने बाबुआमा, छोराछोरी, लोग्ने स्वास्नी, आफन्त, साथीभाईले पनि बढी चासो दिने र प्यारो गर्ने नत्र वास्तै गर्दैनन्, आखिर सबैले आफ्नो स्वार्थका लागि नाता गाँस्ने न हुन्। भरत जीको कुरा पनि आध्यात्मिक जस्तै लाग्छन्, फरक यति थियो उहाँसँग जीवनको विशेष लक्ष्य थिएन, सस्तो मनोरञ्जनमा उहाँले आफूलाई अलि बढी नै डूबाइरहनु भएजस्तो लाग्यो हामीलाई।

अन्ततः हामी मुस्तांगकै घाँसामा बसबाट ओर्लियौं। सबैसँग छुट्टिएर हामी २ जना मात्रै म्याग्दी सिमाना लाग्यौं। छुट्ने बेलामा लेख्न मन नलागि नलागि पनि लेख्नै पर्‍यो, यस्तो सुन्दर मुस्तांग जिल्लाका केही मुस्तांगीहरुमा बढीभन्दा बढी व्यावसायिक मानसिकता हाबी रहेछ। सायद, अन्नपूर्ण क्षेत्र घुम्न आउनेहरुको लर्कोले पनि यसो हुन गएको होला? तर, यति साह्रो व्यावसायिक मानसिकता नभइदिए सुन्दर मुस्तांगमा सुनमाथि सुगन्ध थपिने थियो।

मुस्तांग यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
भरत गिरी (विदुर न.पा. नुवाकोट)	रु. १०६०/-
दामोदर सिग्देल (घरेलु उ.स.)	रु. २२१/-
पारसविक्रम सिंह(एक्याप)	रु. २२०/-
जिल्ला प्रहरी कार्यालय	रु. २००/-
यशोदा आचार्य (महिला विकास का.)	रु. १५०/-
प्रेमलाल मल्ल (घरेलु उ.स.)	रु. ११५/-
गोविन्दराज पौडेल	रु. १००/-
प्रेमबहादुर वोहोरा (ई.प्र.का.)	रु. १००/-
रवीन सुवेदी (राँखु पिप्ले म्याग्दी)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु:

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

मुस्तांग जिल्लामा स्वागत, शुभकामना। - उमेशकुमार ढकाल (प्र.जिअ.), जिल्ला प्रशासन कार्यालय
सकारात्मक सोचले सफल होस्। - मणिकुमार ज्ञवाली (स्था.वि.अ.), जिल्ला विकास समिति कार्यालय
धन्य होगी नेपाली धरती माँ। - झलक कुमारी इर्फना, भारत
सबै नागरिकलाई चेतनाको प्रभाव फैलाउने कदम। - यादव प्रसाद पौडेल, जिल्ला न्यायाधिवक्ता
पत्रकारिता र वैचारिक विशुद्धताको अभियानलाई बधाई। - मोतीप्रसाद लामिछाने, शंकरपोखरी ४, मल्यांगदी पर्वत
पत्रकारिता अनुभव विश्वकै पत्रकारबीच साटासाट गर्नु। - चन्द्रेश्वर बस्ताकोटी, सञ्चारकर्मी
हिमालपारीको जिल्ला मुस्तांगमा हार्दिक स्वागत। - शर्मिला गुरुङ, जोमसोम ६
हर पाइलामा शब्दहरु मार्फत् विजयको कामना। - शिवानी ल्वागत, रासस प्रतिनिधि
उद्देश्य पूर्ण सफलताको कामना। - प्रेमबहादुर बोहोरा (सई), ईलाका प्रहरी कार्यालय लेते,
सदा सकारात्मक सोच लिएर अगाडि बढ्नु। - दामोदर सिग्देल, वरिष्ठ उद्योग अधिकृत, प्रेमलाल मल्ल, घरेलु समिति
समसामयिक विषयको विश्वभ्रमण। - पारसविक्रम सिंह, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, जोमसोम
नेपाललाई विश्वसामु चिनाउनु हुनेछ। - महिला विकास कार्यालय जोमसोम मुस्तांग परिवार
कही कतैबाट र्दुव्यवहारहरु खेप्न नपरोस्। - जय श्री मुक्तिनाथ
कागवेनीमा स्वागत, शुभकामना। - बालकृष्ण सुवेदी, मुक्तिनाथ अन्नदान क्षेत्र

४८ औं जिल्ला म्याग्दी डायरी

संक्षिप्त परिचय

क्षेत्रफल: २,२९७ वर्गमिल, गा.वि.स. संख्या: ४१ वटा, निर्वाचन क्षेत्र: १, सदरमुकाम: बेनी, अञ्चल: धौलागिरी, विकास क्षेत्र: पश्चिमाञ्चल भौगालिक अवस्थिति: पूर्व कास्की, मनांग, पर्वत, पश्चिम रुकुम र बागलुंग, उत्तर मुस्तांग र डोल्पा र दक्षिण बागलुंग भाषाभाषी: नेपाली, नेवारी, मगर, थकाली, गुरुंग, छन्त्याल आदि। पर्यटकीय स्थल: रुप्से छहरा, अन्ध गल्छी, पुनहिल टावर, गलेश्वर मन्दिर, पुलस्त्य आश्रम, तातोपानी कुण्डहरु, विभिन्न मन्दिरहरु आदि। (साभार: संक्षिप्त चिनारी, जि.वि.स.)

२०६६ मंसीर ७ गते: बिहान ११:४५ बजे हामी मुस्ताङ्गको कुन्जो गा.वि.स. र म्याग्दीको नार्च्याङ्ग गा.वि.स. को कोप्चेपानीबाट ४८ औं जिल्लाको रुपमा म्याग्दी प्रवेश गऱ्यौं । वारिपारिका डाडाकाँडा गाउँ बस्ती मान्छे हिंड्ने विभिन्न बाटो नियाल्दै हामी अगाडि बढ्यौं । ओरालो बाटो केहीबेर झरेपछि कालीगण्डकी नदीको झोलुंगे पुल पार गरेर आयौं ।

माथिबाट छंगछंग गर्दै झरेको सुन्दर छहरामा हाम्रा आँखा पुगे । दाना गा.वि.स. वडा नं. २ मा अवस्थित रुप्से छहरा (१८ सय मिटर अग्लो) को तल विश्वकै गहिरो गल्छी भनिएको अन्ध गल्छी (६९६५ मिटर गहिरो) रहेछ । अन को अर्थ अन्नपूर्ण र ध को अर्थ धौलागिरी अर्थात् सो गल्छी अन्नपूर्ण र धौलागिरीको जरामा छ पनि भनिंदो रहेछ । एकै ठाउँमा दुईवटा आकर्षण म्याग्दीवासी र नेपालकै गौरव हो भन्ने हामीलाई अनुभूति भयो । भीरपाखाका अन्य दृश्यसमेत अवलोकन गर्दै हामीले अन्ध गल्छी र रुप्से छहराबाट आफ्ना पाइला अगाडि बढायौं ।

मुस्तांगको जाडो बाटो झरेकाले पनि हुन सक्छ, म्याग्दी भूभागमा हामीलाई न्यानो र आनन्द लाग्यो । पुण्येश्वर महादेव मन्दिर (महिपति) आश्रममा आएर हामी बस्यौं । साँझ परेको त थिएन तर हामी आराम गर्ने उद्देश्यका साथ समय रहँदै बस्यौं । आश्रमका पूजारी भुपेन्द्र आचार्यले चियापान र बेलुकी भोजन तयार पारेर ख्वाउनुभयो । आँखा देख्दिन बाबु भन्ने उहाँकी ८७ वर्षिया बूढीआमा मुवाले खबर ध्यान दिएर रेडियोमा सुन्नु भएको देख्दा आश्चर्य लाग्यो । मृत्यूको समाचार सुन्दा भने यी बूढी आमा चँ...चँ...चुँ...चुँ... गर्नुहुन्थ्यो । यसबाट पनि पुष्टि हुन्छ मृत्युका समाचार कति पीडादायी हुन्छन् भनेर । तर त्यस्ती बूढीआमाको रेडियो मोहले २१ औं शताब्दीमा सञ्चारमाध्यम सबैको मुटुको ढुकढुकी हो भन्ने आधारमा अझ बल पुगेको छ ।

२०६६ मंसीर ८: बिहान उठेर पनि हामीले यिनै बूढीआमासँग केहीबेर कुरा गऱ्यौं । समाचार र राम्रो गीत रेडियोमा सुन्न मन पराउँछु भन्ने यी आमालाई एउटा फोटो खिंचौं है भन्दा खुशी हुँदै उहाँले भन्नुभयो, अरु आउँदा त खिंच्न मन लाग्दैन थियो, तर, लामो यात्रा गर्न हिंडेका बाबुहरुले भनेपछि रहर लाग्यो, लु खिचुम्। फोटो खिचिसकेपछि उहाँले हामीलाई भ्रमण सफल होस् बाबु फेरि पनि आउनु है भनेर आर्शिवाद दिनुभयो । हामी त्यहाँबाट हिंड्यौं ।



भुरुंग तातोपानीमा स्वदेशी/विदेशी पर्यटक नुहाउँदै थिए । नदी किनारमा तातोपानी कुण्ड बनाएर नुहाउने व्यवस्था गरिएको रहेछ । त्यहाँ टिकट कटाएर शुल्क समेत उठाउने गरिन्छ । हामी तातोपानी कुण्ड र बजार नियालेर अगाडि बढ्यौं । शिवालय मन्दिर घारखोला हेर्दै हामी भुरुंग ८ को शिवालय मन्दिर पुग्यौं । त्यहाँ हामी पुग्नासाथ खानाको विषयमा सोधपुछ गरेर बनाइ हाल्नुभयो ।

खाना (आश्रमको भाषामा प्रसाद) खाएर हामी रातोपानीको तातोपानीमा नुहाउन गयौं । निकै अगाडिदेखि मैलिएको जीउ र लुगा धुन र नुहाउन पाउँदा शरीर नै अर्कै पो हो कि जस्तो महसुस भयो । बेलुकी हामी रघुनाथ आश्रममा आएर बस्यौं । खाना खायौं । बिजुली बत्ती नभएकाले टुकी बालेर ओछ्यान लगाएर सुत्यौं ।

२०६६ मंसीर ९: लुगा नसुकेका कारण पनि हामी १२ बजेसम्म त्यहीं लेखपढ गरेर बस्यौं । गुरुले भिक्षा मागेर यो आश्रम चलाउनु भएको छ । चोर डाँका फटाहा, साधु यात्री जो आएपनि खुशी साथ खान दिनु भनेर केही दिनका लागि तीर्थयात्रामा उहाँ जानु भएको छ भन्ने भक्त हामीलाई खाना दिने बेलामा भने अलि झोक्किनु भयो ।

हुन त बूढा मान्छेले बेलुकी बिहान दुःख गरेर पकाएर खुवाउनुभयो, त्यसमा हामी कृतज्ञ छौं । तर त्यहीं काम गरेर बस्छु भनेर आएको मान्छे भित्री हृदयदेखि खुशी नभई बसेको छ भने चाहिं आश्रमको उद्देश्य विपरित हुन्छ भन्ने हामीलाई लाग्छ । हामीले रघुनाथ आश्रमबाट हिंड्ने बेलामा बिदा माग्यौं । गाई वस्तुको स्याहार गर्ने सुस्त मनःस्थितिका भक्तले भात पकाउने बूढालाई देखाउँदै भन्नुभयो, यी बूढाले मलाई राम्रो गर्दैनन्, रघुनाथ गुरुलाई बाटोमा भेट्नु भयो भने चाँडो जानु भनिदिनुस् है । हामीलाई त्यतिबेला निकै नरमाइलो लाग्यो । विचरा त्यस्तो मान्छेलाई सेवा गर्छु र भगवान्को भक्त हुँ म भन्ने ती बूढा बा ले किन खुशी पार्न सकेनन् होला ?



हिंड्दै हामी तिप्ल्यांग बेत खोला आयौं । स्थानीय होटलकी गोमा पूर्जा मगरसँग निकै फरासिला कुराकानी भयो । टी.भी.मा नेपालीभन्दा हिन्दी सिरियल हेर्न मन पर्छ भन्ने पूर्जा मगरले विश्वभ्रमण सफल होस् भन्दै पुस्तक पढ्न पाउने आशा समेत व्यक्त गर्नुभयो । हामीले यात्रा अगाडि बढायौ ।

भगवती राखु हुँदै हामी बैसरी आइपुग्यौं । अग्लो ठाडो भीरको फेद नदी किनारमा अवस्थित बैसरीबाट हामीले फोटो खिंच्यौं । स्थानीय एक पसले दिदीले हामीलाई यही भीरले खान दिएको छ, सबैजना आएर यही भीरको फोटो खिंचेर जान्छन् भनिन् । हुन पनि बेजोडको काफल डाँडा भीरको दृश्य क्यामेरा हुने जो कसैलाई खिंच्न मन नलाग्ने कुरै भएन । तर उहाँलाई भने त्यो भीरको फोटो खिंचेर केही नकिनी यात्रीहरु हिंडिदिदा मन दुखेको हामीले बुझ्यौं ।

पुनः हामी गलेश्वर बास बस्ने योजना बनाएर हिंड्यौं । नदी खोंच पहरा बेजोडकै देखिए बाटामा । हामी रघुगंगा नदी पार गरेर गलेश्वर क्षेत्र प्रवेश गऱ्यौ. । साँझ परेको थियो । पुलस्त्य पुलाहश्रम अन्नक्षेत्र घतान ६, गलेश्वरमा हामीले बास माग्यौं । पण्डित कृष्णप्रसाद पौडेलले सहजै बस्न अनुमति दिनुभयो । हामी खानपिन गरेर सुत्यौं ।

२०६६ मंसीर १०: बिहान उठेदेखि नै हामी अध्ययन लेखनमा व्यस्त रह्यौं । यहीं गलेश्वर उ.मा.वि. का शिक्षक गिरीराज सुवेदी, साधु सन्त एवं भगवती च्यूरा मिल रुपन्देहीका सञ्चालक चित्रबहादुर गुरुंगसँग सामान्य कुराकानी गर्न भ्यायौं । बोल्न नसक्ने एक महिला साधुले हामीले फोटो हेर्दै हाउभाउले कुरा गर्नुभयो, बदाम खुवाउनुभयो । उहाँको व्यवहार देखेर हामी प्रभावित भयौं । चित्र बहादुर गुरुंगले अन्नदान जस्तो अरु कुनै दान नभएको भन्दै हरेक वर्ष आश्रममा अन्नदान दिइरहेको बताउनुभयो । यस अन्नक्षेत्रमा निःशुल्क खाना र आवासको व्यवस्था छ । दिनभर हामीले अध्ययन लेखनमै समय खर्चियौं । कारण, मनांग मुस्तांग डायरीको सामान्य टिपोट मात्र गरेको, तर जाडोले लेख्न नसकेकाले विस्तृत डायरी लेखनमा यो समय खर्चिएको अवस्था हो । आश्रमका पण्डित कृष्णप्रसाद पौडेल, साहिली दिदी र भक्तिनीहरुले हामीलाई प्रेमपूर्वक चिया नास्ता खाना बनाएर खुवाउनुभयो ।

भोली उद्घाटन हुने पुलाहाश्रम ज्ञान महायज्ञका लागि टाढा टाढादेखि भक्तजनहरु आएका छन् । व्यासाचार्य किशोर कुमार गौतम र सुशील ब्रम्हचारीले बेलुका प्रवचन पस्कनुभयो । उहाँहरुले गलेश्वरधाम र कालिगण्डकी नदी अनि हिमश्रृंखलाको दार्शनिक र धार्मिक महत्व दर्शाउनुभयो । भूटानी शरणार्थी नेता टेकनाथ रिजालको समेत उपस्थिति छ यहाँ । प्रवचन पश्चात् हामी सुत्यौं ।

२०६६ मंसीर ११: बिहान उठेर हामीले गलेश्वर महादेव मन्दिर भ्रमण गऱ्यौं । त्यहाँको पत्थर एशियाकै नदी किनारमा रहेको मध्ये ठूलो हो भन्ने दाबी पनि रहेछ । सतीदेवीको गला पतन भएर यो शक्ति पीठ उत्पत्ति भएको धार्मिक विश्वास छ । मन्दिर परिसरको चट्टान र दृश्य साँच्चिकै मनमोहक देखिन्छ । मन्दिर भ्रमणका क्रममा हाम्रो भेट गलेश्वर कार्यालय शिवालय क्षेत्र विकास कोष प्रवन्ध समितिका सचिव दुर्गादत्त पौडेलसँग पनि भएको थियो । उहाँले भ्रमण सफलताको कामना गर्नुभयो । बिहानी नास्ता लिएर हामी विराट ज्ञानमहायज्ञ स्थल पुलाहाश्रमतिर उकालियौं ।

राहुघाट हुँदै वारिपारिका दृश्वावलोकनका साथ गन्तव्य स्थल पुग्यौं । डाँडामा धौलागिरी, अन्नपूर्ण र माछापुछ्रे हिमाल देख्न सकिने आश्रमस्थल साऱ्है सुन्दर ठाउँमा रहेछ । तल नदी किनारमा वेनी बजार, गलेश्वर मन्दिर पारि मल्लाज पर्वत, नजिकै पुलाहाचौर गाउँ लगायत टाढा टाढाका दृश्यावलोकन गर्न सकिन्छ । पुलस्त्य र पुलह ऋषिले तपस्या गरेको धार्मिक विश्वास रहेको सो स्थल माथिको डाँडामा रेडियो म्याग्दीको टावर पनि रहेछ ।

श्रीमद्भागवत् शिवमहापुराण धन धान्याञ्चल एवं लक्ष्य हवनात्मक विराट ज्ञानमहायज्ञको उद्घाटन समारोहमा प्रमुख वाचक किशोरकुमार गौतम, साधु सन्त, जिल्ला उच्च पदस्थ अधिकारी एवं विभिन्न ठाउँबाट आएका भक्तजन र सञ्चारकर्मीको उपस्थिति थियो । सो यज्ञस्थलमा ऋषिद्वय पुलस्त्य र पुलहद्वारा हवन गरि ढाकिएको ऐतिहासिक शिला पनि छ । त्यहाँ उपस्थित पत्रकारहरुसँग पनि हामीले सामान्य परिचय गऱ्यौं ।

यज्ञस्थलबाट हिंड्दै हामी म्याग्दी सदरमुकाम बेनीतर्फ लाग्यौं । माथि डाँडाबाट कालिगण्डकी र म्याग्दी नदीको संगमस्थल वेनी बजार निकै आकर्षक देखियो । तल खोंचमा झरेजस्तो अनुभव पनि हामीलाई भयो । नेपाने गाउँ हुँदै बेनी बजार झर्दा साँझ पर्ने लागेको थियो । होटलहरुमा बास बस्न सोधपुछ गऱ्यौं । ३/४ होटलमा सोधेपछि अनि बजार घुमेपछि साइनो होटलमा बास मिल्यो । यसरी घुम्नुमा सस्तो भरपर्दो होटल खोज्नु थियो । रु. ७० मा सादा खाना र रु. २० एकजना सुतेको तिर्नुपर्छ भनेपछि हामी यही होटलमा बस्यौं ।

२०६६ मंसीर १२: बिहानै उठेर हामी रेडियो म्याग्दी कार्यालय पुग्यौं । त्यहाँ स्टेशन म्यानेजर धनबहादुर छन्त्याल, कार्यक्रम संयोजक विक्रम बोगटी र पत्रकार गोपाल छन्त्यालसँग हाम्रो भेट भयो । नेपाल पत्रकार महासंघ म्याग्दी शाखाले कार्यक्रम आयोजना नगरेपनि हाम्रो रेडियोबाट भएपनि पत्रकार साथीहरुसँग भेट गराउँछु भन्दै गोपालजी लागि पर्नु भयो । पछि स्टेशन म्यानेजर धन बहादुर जी झोक्किदै आउनुभयो । तपाईंहरुको यो कार्यक्रम हामी संयोजन गर्न सक्दैनौं । मुख्य काम महासंघको हो तर यहाँको पत्रकारलाई पर्दा त बोल्न नसक्ने महासंघ भन्दै आक्रोशित हुनुभयो । विक्रम जी पनि महासंघप्रति नै रुष्ट भएर कुरा गर्दै आउनुभयो । पछि गोपाल जीले भन्नुभयो, म त सिधै मुस्तांगबाट यहाँ आउनुभएको होला भन्ने सोचेको थिएँ । अन्यत्र भेटेर यहाँ आउनु भएछ । हिजै म्याग्दी कालीले समाचार बजाइ सक्यो रे अरु साथीहरुलाई फोन गर्दा पनि केही गर्नु पर्दैन एउटा सामान्य न्यूज फाले हुन्छ भने भन्नुभयो ।

तर, हामी वेनीमा आउने बित्तिकै अन्यत्र नगई रेडियो म्याग्दी नै पुगेका थियौं । यही पहिला हो भन्दा पनि उहाँहरुले सुन्नु भएन । माथि पुलाहश्रममा १,२ जना पत्रकार साथीहरुसँग सामान्य परिचय भएको थियो । सोही आधारमा म्याग्दी कालीले समाचार बजाएको हो भन्यौं । हामीले बुझाउन सकेनौं वा उहाँहरुले बुझ्न चाहनु भएन । हाम्रो उद्देश्य पत्रकारिता क्षेत्रलाई बलियो बनाउन विश्व जनमत तयार गर्ने हो भन्दै अगाडि बढ्यौं । औपचारिक कार्यक्रम भए एकै थलोमा हामीले पाएको अनुभव सुनाउने र यहाँका पत्रकार साथीहरुको अनुभव सुन्न र क्यामेरामा कैद गर्न सजिलो हुन्थ्यो अनि जिल्लाको परिचय आफ्नो विवेकले भ्याएसम्म अध्ययन गर्ने मात्रै थियो । तर पत्रकार मित्रहरुको आक्रोश...के भन्नु र ?

खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय गयौं । त्यहाँ प्रमुख जिल्ला अधिकारी यज्ञराज बोहोरा, सहायक प्र.जि.अ. भिमप्रसाद तिवारी, को.ले.नि.का प्रमुख केदारनाथ पौडेल, आयुर्वेदिक चिकित्सक रामचन्द्र पौडेल लगायतलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणबारे हामीले जानकारी दियौं । प्र.जि.अ. बोहोराले भन्नुभयो, २०४६ सालपछि नेपालमा पत्रकारिताको विकास हुनु खुशीको कुरा हो । अब यसले गुणस्तरीयता, विश्वसनीयता र जिम्मेवारीपन तिर ध्यान दिनुपर्ने आवश्यकता छ । सहायक प्र.जि.अ. तिवारीले २०६० चैत्र ७ गते नेकपा माओवादीसँग भएको दोहोरो भिडन्तमा सबै सरकारी भवन ध्वस्त भएपछि पुन: निर्माण भएको जानकारी दिनुभयो ।


सदरमुकाम वेनी वजार

जिल्ला प्रशासन कार्यालयबाट हामी जि.वि.स. कार्यालय गयौं । त्यहाँ स्थानीय विकास अधिकारी विष्णुप्रसाद पोखरेलले म्याग्दीका पत्रकारहरुलाई नेपाल पत्रकार महासंघ शाखाले एकत्रित गर्न नसकेको बताउनुभयो । यसबाट सञ्चार क्षेत्रमा जि.वि.स. ले दिन सक्ने सहयोग पनि कसरी दिने भन्ने अन्यौलता रहेको उहाँको धारणा छ । जि.वि.स. बाट हामी जिल्ला पशु सेवा कार्यालय पुग्यौं । त्यहाँ हामीले नरबहादुर बानियाँलाई भेट्यौं । उहाँले पशुमा देखिने प्रमुख रोगहरुमा खोरेत, नाम्ले, जुका, भ्यागुते, जुम्रा, उपियाँ रहेको जानकारी दिनुभयो । विश्वभ्रमणको उद्देश्य प्राप्ति होस् भनी शुभेच्छा प्रकट गर्नुभयो ।

यो कार्यालयबाट हामी अर्थुंगे गा.वि.स. कार्यालय आयौं । यहाँ गा.वि.स. अन्तर्गत वेनी बजार म्याग्दी सदरमुकाम पर्दछ ।

कार्यालयका सचिव कृष्णबहादुर कार्कीले अर्थुङ्गे, राठोचौर, घतान र ज्यामरुङकोटलाई मिलाएर बेनी नगरपालिका बनाउने प्रक्रिया सुरु भएको जानकारी दिनुभयो । यस गा.वि.स. का बासिन्दाले स्वस्थकर पानी पिउन पाएका छन्, स्थानीय म्याग्दी संचार, रुप्से र नवविकल्प साप्ताहिक पत्रिका, दुई वटा एफ.एम. रेडियो, केवलबाट सम्पूर्ण नेपाली टी.भी. अनि राजधानी काठमाडौं तथा छिमेकी जिल्लाका पत्रिकाले यहाँका मानिसहरु सुसूचित हुने अधिकार प्रयोग गरिरहेका छन्, उहाँले भन्नुभयो ।

गा.वि.स. सचिव कार्की र असिस्टेण्ट सब इन्जिनियर विष्णु पौडेलले नेपाली सञ्चारमाध्यमहरुले निष्पक्ष भएर समाचार सम्प्रेषण गर्न नसक्नुले समाचार पनि शंका गरेर बुझ्नु परेको छ, नेताहरुले पनि कुरा फेरेर बोल्ने भएकाले सर्वसाधरण जनतालाई बुझ्न कठिन परिरहेको धारणा व्यक्त गर्नुभयो । बेलुकीको लगभग ५ बज्न लागिसकेको थियो । हामीले बजारमा आएर नेपाल पत्रकार महासंघ म्याग्दी शाखा अध्यक्ष घनश्याम खड्कालाई भेट्यौं । उहाँले विभिन्न विचार बोकेका केही व्यक्तिहरुले महासंघलाई प्रयोग गरेर राजनीति गर्न खोजेका कारण सबै पत्रकारहरुलाई संगठित गर्न नसकिएको बताउनुभयो । आज बिहान जि.वि.स. मा हामीले युथ भिजन मिडिया हाउसका अध्यक्ष ठाकुर आचार्य, पत्रकार अगन्धर तिवारी, हरिकृष्ण गौतम लगायतले महासंघ अध्यक्ष एकलौटीरुपमा चलेका छन् भनी आरोप लगाएको सुनेका थियौं । साथै रेडियो म्याग्दीका साथीहरुले पनि महासंघ निस्क्रिय अवस्थामा छ भनेका थिए । हामीले महासंघ अध्यक्ष खड्कालाई सम्पूर्ण पत्रकार साथी माझ औपचारिक भेटघाटका लागि समन्वय गर्न आग्रह गर्‍यौं । उहाँले धेरैजसो साथीहरु बाहिर छन् भन्ने प्रतिक्रिया दिनुभयो ।

झमक्कै साँझ परिसकेको थियो । हामी हिजो बसेकै होटलमा आयौं । खाना खायौं । पत्रिका पढ्यौं । र, सुत्यौं ।

२०६६ मंसीर १३: आज बिहानै देखि हामी वेभसाइट हेर्ने इमेल पठाउने पत्रिकाका लागि म्याटर टाइप गर्नेजस्ता कार्यहरुमा व्यस्त भयौं । बीच बीचमा झ्याप झ्याप बत्ती जाँदा पूरा म्याटर भने हामीले इमेल गर्न भ्याएनौं ।

२०६६ मंसीर १४: आज बिहान ७ बजे हामी सिंहा तातोपानी हेर्दै दरवांग पुग्ने योजना बनाएर हिंड्यौं । म्याग्दी डिजिटल फोटो स्टूडियोमा नेपाल टेलिभिजन म्याग्दी संवाददाता अमर बानियाँसँग भेट भयो । उहाँले औपचारिक कार्यक्रम आयोजना गर्न महासंघ अध्यक्ष घनश्याम खड्कालाई हामीले नभनीकनै फोनमार्फत् अनुरोध गर्नुभयो । अध्यक्ष कार्यक्रम आयोजना गर्न भ्याउनु हुन्न रे भन्ने खबर बानियाँले हामीलाई सुनाउनुभयो । यो फोटो स्टूडियोमा नुवाकोटका अशोक लामासँग पनि हाम्रो चिनजान भयो ।

हिंड्दै हामी म्याग्दी नदीको किनारै किनार अगाडि बढ्यौं । चुत्रेनी, कोठासाँघु लगायतका गाउँ ठाउँ हेर्दै हामी सिंघा ४, तातोपानी आयौं । नदी किनारको भित्ताबाट उम्रेको तातोपानीमा गन्धकको मात्रा रहेछ । कुण्डको निर्माण गरी विभिन्न रोगका रोगीहरुलाई डूबेर नुहाउन सक्ने व्यवस्था त्यहाँ छ । महिला पुरुष जाडोको मौसममा तातोपानीमा डूबिरहेका थिए । यहाँ शिव मन्दिर बन्नु पहिला पशुबली दिइन्थ्यो । हाल शिवजीको मन्दिर बनाए पछि सो क्रम रोकिएको छ, स्थानीय् व्यवसायी कृष्ण खड्काले जानकारी दिनुभयो । उहाँले तातोपानी कुण्डमा बाथ, युरिक एसिड, ग्यास्टिक, जिउ दुख्ने लगायतका रोगीहरु आउने गरेको बताउनुभयो । नुहाई धुवाई गरिरहेका केही व्यक्तिहरुले पनि यहाँ माथि उल्लेखित रोगीहरु केही दिन बसेर निको भएर गएको उदाहरण प्रस्तुत गरे ।

हामी तातोपानीमै खाना खाएर दरवांगतर्फ अगाडि बढ्यौं । धूले बाटोमा गाडीले उडाएको धुलो केही समय सामना गर्नै पर्‍यो । बाबिया चौरबाट भने हामी गाडी चढ्यौं । सानो कच्ची बाटोमा ठाउँ ठाउँ ब्याक गरेर विपरित दिशाबाट आएको सवारी साधनलाई साइड दिंदै हामी चढेको बस दरवांग पुग्यो । हामी बसबाट ओर्लियौं ।

सिंघा, तातोपानी

दरवांग बजारले विस्तारित रुप लिदै रहेछ । सि.डि.एम.ए. फोन चल्दै रहेछन् । यहाँ म्याग्दीको एउटा सेवा केन्द्र खोल्न सक्ने अवस्था देखिन्छ । हामी बजारतिर हेर्दै विश्वभ्रमण के हो ? भन्दै जिज्ञासा देखाउनेहरुसँग कुराकानी गर्दै पुरानो स्कूल आइपुग्यौं ।

पश्चिम म्याग्दी युवा क्लबको भवनमा मनोक्रान्तिकी महामाता योगिनी श्री डं, योगिनी श्री ठं र योगी श्री चं बस्नु हुंदो रहेछ । बाँकी समय उहाँहरुसँग हाम्रो कुराकानी भयो । बेलुकी खाना पश्चात् दरबांगे मनोक्रान्ति परिवारको जमघट भयो ।

नेपाली कागज बनाउन भिजाइएको लोक्ता

उहाँहरुले हामीलाई अबिर माला लगाइदिएर नाचगान, भजनकीर्तनसहित विश्वभ्रमण अभियानको स्वागत गर्नुभयो। स्वागत कार्यक्रममा बोल्दै मनोक्रान्ति साप्ताहिक सम्पादक रमेशकुमार के.सी. (चं) ले बिहान उठ्नासाथ हत्या, हिंसा, लुटपाटका समाचार पढ्दा पढ्दा सुन्दा सुन्दा आम मानिसमा नकारात्मक छाप परेको छ भन्दै अब सकारात्मक सन्देश दिने सामाग्री सञ्चारमाध्यमले प्राथमिकतामा पर्नुपर्छ भन्नुभयो ।

गंगा पौडेल (मनोक्रान्ति महामातां डं) ले राज्यको चौथो अंग पत्रकारिता क्षेत्रमा कार्यरत पत्रकारहरुलाई स्वतन्त्ररुपमा काम गर्न र पारिश्रमिकका लागि सम्बन्धित निकायले ध्यान दिनुपर्ने बताउनुभयो। यो विश्वभ्रमणले विश्वमै नयाँ आयाम थप्ने आशा र विश्वासका साथ योगिनी श्री ठं (जमुना पौडेल) ले सञ्चालन गर्नुभएको सो कार्यक्रममा यज्ञकुमारी शर्मा, उमा सुवेदी, होममाया फगामी, गौमाया वि.क. लगायत उपस्थित महिलाहरुले भ्रमण सफलताको कामना गर्नुभयो । यहाँ भजन कीर्तन र नाचगान खुब रमाइलोसँग भयो। भ्रमण थालनी गरेको १३ महिना ११ दिन पछि पहिलोपटक हामीले पनि भजन गाएर नाच्यौं। नेपाल भ्रमण गरिरहनु भएकी नवदूर्गाकी एक सदस्य साधिका श्री ड्रिम्ले दार्चुलाबाट स्वतःस्फूर्त हामीलाई रु. २०० को रिचार्ज कार्ड नं. मोबाइलका लागि पठाइ दिनु भएछ, कार्यक्रम आयोजक र उहाँलाई पनि एकैचोटी धन्यवाद । कार्यक्रम समापन पश्चात् हामी झोलुंगे पुल तरेर पारी दरवांग उमा सुवेदीको घरमा आएर सुत्यौं ।

२०६६ मंसीर १५: बिहानै उठेर हामी ओखरबोट फूलबारी पुग्यौं । त्यहाँ योगी चंले रेकी साधना गराउनु हुँदो रहेछ। सो साधानामा सहभागी भएकाहरुले यो विधामा विश्वास गरेर अभ्यास गर्ने हो भने सबैलाई फाइदा पुग्छ भन्ने विचार व्यक्त गरे। फूलबारीमा हामीले श्री सिद्ध नि.मा.वि. का शिक्षक भीमबहादुर बुढा, आमा समूहकी अध्यक्ष विष्णुकली सापकोटा, शिक्षक मोतिराज उपाध्याय, कृषक एवं व्यापारी लालमान रसाइली लगायत अन्य स्थानीय वासिन्दालाई विश्वभ्रमण अभियानबारे जानकारी गरायौं।

खोलाको किनारै किनार हिंडेर हामी सोले हर्स पावर प्रा.लि. रुम ९, पुग्यौं । हाम्रो साथमा योगी जी पनि हुनुहुन्थ्यो। त्यहाँ नेपाली कागज बनाइदो रहेछ । सो कागज उत्पादन कम्पनीका सञ्चालक सदस्य कमलनाथ शर्माले यहाँ बनाइने नेपाली कागज विदेशमा निर्यात गरिरहेको बताउनुभयो । यसका लागि वरुवा बोटको बोक्रा कच्चा पदार्थको रुपमा प्रयोग हुँदो रहेछ। बोक्रा सफा गरेर तातोपानीमा पकाउने, सेलाएर मेसीनमा पेल्ने त्यसपछि फ्रेममा राखेर सुकाएपछि तयार हुँदो रहेछ, बलियो नेपाली कागज। यो ठाउँ पुगेपछि सानामा गल्फुले निस्कँदा आमाले पांग्रो कुटेर नेपाली कागज टाँसिदिनुभएको अनि यही कागजमा बुवाले चिना बनाउने चलन सम्झना भयो ।

त्यहाँबाट हामी दरवांग बजार नै आयौं । खानपिन, पत्रिका अध्ययन, टी.भी. हेर्ने जस्ता कार्य भए ।

२०६६ मंसीर १६: बिहान हामी उठेर वेनी आउने सुरसारमा लाग्यौं । योगिनी डंले भ्रमण सफलताको कामना गर्दै हामीलाई बिदा गर्नुभयो भने मेमोरी पावरमा अब्बल योगिनी श्री ठं (जमुना पौडेल, बाग्लुंग) ले बसपार्क पुऱ्याउन आउनुभयो । बसको टिकट उहाँले नै काटिदिनुभयो । हामीले त्यहाँ स्थानीय सञ्चारकर्मी सन्तोष पौडेल र गोपालप्रसाद रेग्मीलाई भेट्यौं । शिक्षक समेत रहनुभएका रेग्मीले दरवांगमा इन्टरनेट सेवा सञ्चालन हुन लागेको जानकारी दिंदै भन्नुभयो, श्रमजीवी पत्रकार ऐन सरकार र सञ्चारमाध्यमले चाँडै लागू गरुन्, गराउन् ।

हामी गाडी चढेर वेनी फर्क्यौं । बिहान ७:३० बजे दरवांगबाट गाडी चढेका हामी वेनी आइपुग्दा बिहानको ११ बजेको थियो । बसबाट ओर्लेर हामी बजार तिर लाग्यौं । जिल्ला प्रहरी कार्यालय अगाडिको वरको रुखलाई घेरेर बनाइएको शिवालय देख्दा हामीलाई निकै अनौठो लाग्यो । त्यहाँबाट हामी जिल्ला कृषि विकास कार्यालय पुग्यौं । यस कार्यालयका प्राविधिक सहायक भोजबहादुर थापाले १, २५, ८८३ जना रहेका म्याग्दीवासीलाई औसतमा १० महिना २९ दिन आफ्नो उब्जनीबाट खान पुग्ने बताउनुभयो । हाल कृषि विकास कार्यालयले बेमौसमी तरकारी र विउ उत्पादनमा ध्यान केन्द्रित गरिरहेको छ भन्दै उहाँले यो कार्यालयले सञ्चालन गरेका कार्यक्रममा पत्रकारहरुलाई लगेर अनुगमन गराउने गरिएको बताउनुभयो ।

हामी जिल्ला प्रहरी कार्यालय पस्यौं । त्यहाँ निमित्त प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीसँग हाम्रो भेट भयो । उहाँले जिल्लामा कर्तव्य ज्यान र आत्महत्यासम्बन्धी घट्नाहरु बढी घट्ने गरेको जानकारी दिनुभयो । जि.प्र.का. बाट हामी जिल्ला शिक्षा कार्यालय गयौं । तपाईंहरुको विश्वभ्रमणबारे त बुझियो, तर जि.शि.अ. सर हुनुहुन्न भन्दै बोल्न गाऱ्हो मान्ने गंगाबहादुर गुरुंगसँग हामीले केहीबेर कुराकानी गऱ्यौं । उहाँले २०६५ को साक्षरता अभियाअनुसार म्याग्दीमा ७२ प्रतिशत साक्षरता दर रहेको जानकारी दिनुभयो । त्यसपछि म्याग्दी उद्योग वाणिज्य संघमा पसेर जिल्ला स्वास्थ्य कार्यालय पुग्यौं ।

आज एच.आइ.भी. एडस दिवस भएकाले डाक्टर साबहरु जि.वि.स. हलतिर जानुभएको रहेछ । सिनियर अहेब भिम मल्लले स्वाइनफ्लु नियन्त्रणमा आएको जानकारी गराउनुभयो । जिल्ला स्वास्थ्य कार्यालयबाट हामी रेडियो म्याग्दी काली एफ.एम. ८८.२ मे. कार्यालय गयौं । सञ्चार सहकारी संस्थाद्वारा सञ्चालित सो एफ.एम. का संयोजक सञ्जय श्रेष्ठ, स्टेशन म्यानेजर बादल न्यौपाने, समाचार वाचिका आकांक्षा रिजाल एवं कार्यक्रम सञ्चालक प्रवीण खत्रीसँग हामीले कुराकानी गऱ्यौं । संयोजक श्रेष्ठले दशैंमा टीका लगाएर दिइने आर्शिवाद जयन्ती मंगला कालीको स्थान यहाँ रहेको छ भन्दै विभिन्न धार्मिक मन्दिरहरु रुप्से झरना, विश्वकै सबभन्दा गहिरो अन्ध गल्छी र तातो पानीहरुले सुसज्जित छ म्याग्दी भन्नुभयो ।

२०६६ मंसीर १७: हामी बिहान उठेर रेडियो म्याग्दीकाली एफ.एम. कार्यालय गयौं । स्टेशन म्यानेजर बादल न्यौपानेले अन्तरंग कुराकानी रेकर्ड गर्न बोलाउनु भएको थियो । रेडियोमा कुराकानी रेकर्ड पश्चात् नेकपा एमाले कार्यालय पस्यौं । त्यहाँ वैकल्पिक जिल्ला सदस्य पूर्णबहादुर बानियाँसँग हाम्रो भेट भयो । सदस्य बानियाँले म्याग्दीको पत्रकारिताले सबै क्षेत्रको आवाज समेट्न लागिपरिरहेको बताउनुभयो । साथै विश्वभ्रमण सफल बनोस् भनी शुभकामना प्रकट गर्नुभयो । हामी खाना खाएर ४८ औं जिल्ला म्याग्दीको भ्रमण अन्त्य गरेर ४९ औं जिल्ला पर्वततर्फ लाग्यौं ।

म्याग्दी यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २५००/-
अर्थुंगे गा.वि.स.	रु. १,०००/-
चित्रवहादुर गुरुंग (आनन्दवन रुपन्देही)	रु. ५००/-
सुरेन्द्रराज शर्मा (दरवांग)	रु. ३००/-
भोजवहादुर थापा (जिल्ला कृ.वि.)	रु. २००/-
मनवहादुर थापा (रत्नेचौर ५)	रु. ५०/-
लिलावहादुर पुन	रु. ५०/-
नरवहादुर बानियाँ (जि.प.से.)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

४८ औं म्याग्दी जिल्लामा स्वागत, शुभकामना ।

– यज्ञराज बाहोरा (प्र.जिअ.), जिल्ला प्रशासन कार्यालय, सुन्दर तिवारी (नि.प्र.ना.उ.), जिल्ला प्रहरी कार्यालय

युवा व्यक्तित्वबाटै राज्यले केही पाउने हो । – कृष्णबहादुर कार्की (सचिव), विष्णु पौड्याल (असिस्टेण्ट सब इन्जिनियर) अर्थुंगे गा.वि.स. बेनीबजार, भोज बहादुर थापा (प्राविधिक सहायक) जिल्ला कृषि विकास कार्यालय

भ्रमणले विश्वमै नयाँ आयाम थप्नेछ । – जमुना पौड्याल (ठं), बाग्लुंग

जनताको आवाज पत्रकारिता स्वतन्त्र हुनैपर्छ । – गिरीराज सुवेदी, गलेश्वर उ.मा.वि. घतान तोरीपानी

जो कसैलाई सहयोग गर्न अनुरोध । – कृष्णप्रसाद पौडेल, घतान ६, अन्नक्षेत्र गलेश्वर

सन्देश सकारात्मक सोच सहित ग्रहण गरौं । – विष्णुप्रसाद पोखरेल, स्थानीय विकास अधिकारी

नेपालीलाई केही गराउन सक्नुहोस् । – अशोक लामा, वेतिनी ३, नुवाकोट

मंगला कालीको संगम स्थल बेनीमा भेटन पाउँदा हर्षको सीमा रहेन । – सञ्जय श्रेष्ठ, बेनीबजार २

ठूलो सपना देख्न छाड्नु हुँदैन । – विक्रम बोगटी (कार्यक्रम संयोजक), रेडियो म्याग्दी

सकारात्मक उद्देश्य लिनु नै सकारात्मक जीवनको पाटो । – बादल न्यौपाने, म्याग्दीकाली एफ.एम.

देश अहिले आक्रान्त छ र प्रेस स्वतन्त्र हुन सकिरहेको छैन । – गोपाल छन्त्याल, अन्नपूर्ण पोष्ट संवाददाता

संसार बदल्ने पत्रकारिताको महान् उद्देश्य । – असर बानिया, नेपाल टेलिभिजन संवाददाता

यात्राको पहिलो पाइला नै दरिलो टेकिएको छ । – प्रवीण खत्री, पुलाचौर ८, भीरमुनि

अढाई करोडभन्दा बढी नेपालीको आर्शिवादले यात्रा सफल होस् । – सन्तोष सुवेदी, दरवांग

४९ औं जिल्ला पर्वत डायरी

२०६६ मंसीर १७: मध्यान्ह १२ बजे स्याग्दीको वेनीबाट कालीगण्डकी नदीको पुल तरेर हामीले पर्वतको वेनीबाट ४९ औं जिल्ला पर्वत भ्रमण सुरु गऱ्यौं। मल्लाज माझफाँटमा वेनी पर्वतको बजारलाई नियाल्दै हामी पदयात्रामा जुट्यौं। कालीगण्डकी नदीको बहावसँगै हामी धाइरिंग गा.वि.स. को मिलनचोक हुँदै नागीवांग ९, आयौं। वारीपारी नदी किनार र डाँडा चुचुरा निकै रमाइला लागे। हामी स्थानीय राम बहादुर थापाको होटलमा बास मागेर बस्यौं। केहीबेर लेखन अध्ययन गरेर खाना खायौं। त्यसपछि निद्रादेवीको शरणमा पऱ्यौं।

२०६६ मंसीर १८: बिहान ६ बजेदेखि बेलुकी ९ बजेसम्म हामीले स्याग्दीको विस्तृत डायरी लेखन गऱ्यौं। खानपिन र बेलाबखत समाचार सुन्न बाहेक अन्य बेला लेखपढमा नै समय खर्चियौं।

२०६६ मंसीर १९: बिहानी खाना खाएर हामी गाडीमार्फत् पवर्तको सदरमुकाम कुस्मातर्फ आयौं। जिल्ला प्रहरी कार्यालय पर्वत कुस्माको गेट अगाडि गाडीबाट ओर्लियौं। केही विद्यार्थीहरु त्यहाँ भेटिए। उनीहरुले हामीलाई बजार नपुग्दै गाडीबाट ओर्लिएको देखेपछि पैदल यात्रा भनेर हिंड्नु भाको हो क्यार त्यही भएर यहीं ओर्लिनु भयो कि क्या हो ? भनेर शंका मान्दै सोधे। अहिले नेपालमा समावेशीकरणका कुरा उठिरहेका छन्, त्यसैले हाम्रो यात्रा पनि समावेशी हो भनेर ठट्टा गऱ्यौं। अर्थात् कतै गाडी त कतै पैदल यात्रा हामीले नेपालमा गरिरहेका छौ, भन्यौं।

संक्षिप्त परिचय

क्षेत्रफल: ५३६.८६ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ५५ वटा, निर्वाचन क्षेत्र: २, सदरमुकाम: कुस्मा बजार., अञ्चल: धौलागिरी, विकास क्षेत्र: पश्चिमाञ्चल

भौगालिक अवस्थिति: पूर्व कास्की र स्यांगजा, पश्चिम बाग्लुंग र म्याग्दी, उत्तर म्याग्दी र दक्षिण स्यांगजा र गुल्मी

जातजाति: बाहुन, क्षेत्री, मगर, कामी, दमाई, गुरुंग, सार्की, ठकुरी, नेवार, सन्यासी, सुनार घर्ती, मुस्लिम, कुमाल, राई, माझी, थकाली, तामांग अन्य।

पर्यटकीय स्थल: हलजुरेको लेक (३,३०९ मि.), जलजलाको धुरी, पञ्चासेको लेक (२५१७ मि.), डहरेको लेक, चिसापानी लेक, गोल्यांग लेक, गुप्तेश्वर गुफा, भुवनेश्वरी, शितलपाटी, अँधेरी खोला, पैयुँकोट दरबार, धुवाकोट, सेतीवेणी शिला, महाशिला, बाटुले चौर, कर्नेलको दरवार आदि।

(साभार: जि.वि.स तथ्यांक २०६४)

प्रहरी कार्यालय नजिकै रहेको शिवालय ९ कुस्मामा पर्ने गुप्तेश्वर गुफाको स्वागत द्वार नजिकै गुरुकुल शिक्षामा आधारित श्री गुप्तेश्वर वेदवेदांग संस्कृत पाठशालामा हामी पुग्यौं। पण्डित पदमराज उपाध्यायले अन्नपूर्ण भण्डार काठमाडौंले पाठशालामा पढ्ने विद्यार्थीको खानपिन प्रवन्ध मिलाइ दिएको जानकारी दिनुभयो।

हामी ओरालो झरेर गुप्तेश्वर गुफा परिसर पुग्यौं। हामी गुफा हेर्न आएका हौं, कता पर्छ ? भनेर हामीले त्यहाँ रहेका भक्त भक्तिनीलाई सोध्यौं। आफ्नो नाम औतारी जोगी मीठु पौडेल बताउने भक्तले भन्नुभयो, महाराजको मुकुटमा बिजुलीको पैसा राख्नुस् बत्ती बालिदिन्छु। सिधै पैसाको कुरा गर्नु भन्दा तपाईंहरुले टिकटको व्यवस्था गरेको भए राम्रो हुन्थ्यो, यो पैसा के हुन्छ कसो हुन्छ ? भन्ने मानिसमा शंका उत्पन्न हुन्छ, अत: तपाईंहरुले टिकट वा स्वेच्छिक चन्दाका लागि रसिदको व्यवस्था गर्नु उपर्युक्त हुन्छ, स्वेच्छिक रुपमा चन्दा दिने व्यवस्था रसिद मार्फत् मिलाउने हो भने मान्छेले इच्छाअनुसार केही बढी दिने पनि हुन्छन्, हामीले भन्यौं। हाम्रा कुरा सुनेर बाबा बोल वम गिरीले तपाईंहरु भित्र हेर्न जानुस् भनेर बत्ती बालिदिनुभयो।

गुप्तेश्वर गुफा

हामी गुफाभित्र छिऱ्यौं। प्राकृतिकरुपमा बनेको गुफा हामीलाई निकै राम्रो लाग्यो। भित्तामा देखिएका विभिन्न आकृतिहरुले गुफाको सौन्दर्यता बढाएको छ। शिवलिंग र केही देवीदेवताका मूर्ति पनि त्यहाँ राखिएका छन्। भित्र पानी पनि बग्दो रहेछ। बिजुली बत्तीको व्यवस्थाले सजिलोसँग यात्रा गर्न सकियो। पार्वतीले महादेव पति पाउँ भनेर तपस्या गरिएको गुफा भन्ने कथन रहेछ। यसको थप व्यवस्थापन हुनु जरुरी छ। वि.सं. २०४५ सालदेखि सो गुफामा रहँदै आएको बताउने बाबा बोल वम गिरीले आउने भक्तजनलाई प्रसादको रुपमा चिया पकाएर दिने गर्नु हुँदोरहेछ।

गुप्तेश्वरबाट हामी कुस्मा बजार आयौं। यो बजार पनि शिवालय गा.वि.स. अर्न्तगत नै पर्दो रहेछ। हामीले केहीबेर बजारको गतिविधि नियाल्यौं। राम्रा

देउराली पर्वत जन्मस्थान रहेका मोदी खोला जलविद्युत् केन्द्रमा कार्यरत किशोर के.सी. ले हामीलाई कुस्माबाट आफू बसिरहेको स्थान तिलाहार गा.वि.स. अर्न्तगतको डिमुवा ल्याउनुभयो। हामी विद्युत् केन्द्रमा कार्यरत कर्मचारीहरुका बालबच्चा विद्यालय लाने ल्याउने बसमा चढेर डिमुवा आयौं । किशोर जीको क्वार्टरमै उहाँका परिवारजन सँग कुराकानी गरेर बस्यौं ।

पञ्चासे क्षेत्र (पर्वत, स्यांगजा र कास्की) यात्राः

२०६६ मंसीर २०: हामी बिहान ६:२० बजे किशोरजीका साथ डिमुवाबाट पञ्चासे भ्रमणका लागि उकालो लाग्यौं । तुँवालो लागेकाले वारी पारिको दृश्य खासै देख्न पाइएन । कुराकानी गर्दै हामी चित्रे गा.वि.स. का पंगाले, लम्सालथर हुँदै चित्रे बजार पुग्यौं । यही बजारको सानो चिया पसलमा हामीले नास्ता गर्‍यौं । सोही पसलमा दुई जना बूढा मान्छे चिसोबाट बचाउँछ भन्दै मनतातो रक्सी पिउँदै रहेछन् । उनीहरुले हामीलाई सोधे, यसो चिसोबाट बच्न पिउने होइन भाईहरु ?

हामीले भन्यौं, हामीलाई जोमसोम मुक्तिनाथको चिसोमा त पिउनु परेन खै यहाँ त के पिउनु पर्ला र बाजे ? यति मात्र हामीले के भनेका थियौं ती बूढा बाजेहरु त खित्का छाडेर हाँसे । अनि भने त्यसो भए तपाईंहरु सार्‍है तगडा मान्छे रहेछ । हामी त... यही हो बुढेसकालको हाम्रो साथी । वास्तवमा यस्ता कुरा भनेको खाने मान्छेले बनाएको वहानाबाजी मात्र हो भन्ने हामीलाई लाग्छ । त्यसकारण जोसुकै मान्छे पनि आफूले इच्छाएको कुरा सही भनेर पुष्टि गर्न विभिन्न तर्क कुतर्क अघि सार्ने गर्दछन् । भयो यहाँ पनि त्यस्तै...।

चित्रेबाट हामी ढुंगा छापेर बनाइएको बाटो उक्लियौं । माथि डाडाबाट केही तलको चित्रे गाउँ, खोंचमा बसेकी मोदी र यसमा मिसिएका सहायक खोलाहरु, झुरुप्प देखिएका गाउँबस्ती सान्है रमाइला थिए । बाख्ले, रकाचन जस्ता बोट विरुवाको हरियाली वन चौर सान्है गजब रहेछन् । हामी यही वनको प्राकृतिक सौन्दर्यतामा भुल्दै उकालो हिडिरहयौं ।

बीच बाटोमा चित्रे ५ का दयाराम पौडेल, सोही गा.वि.स. वडा नं. १ निवासी देवराज पौडेल र अर्का एक पौडेल बन्धु भेट्टिए । उनीहरु २ वटा बाख्राका पाठी लिएर सिद्धथान बाबामा पूजा गर्न भनेर हिंडेका रहेछन् । उनीहरुसँग कुराकानी गर्दै हामी ताल बराह छेउमा निस्कियौं । त्यहाँ पर्वत, स्यांगजा र कास्कीमा कार्यरत पत्रकारहरुको टोलीसँग जम्काभेट भयो । उनीहरु पञ्चासे अवलोकन भ्रमणबाट फर्कंदै थिए । हामीले ताल बराह थानको ताल र मन्दिर अवलोकन गर्‍यौं । जंगलको बीचमा रहेका ताल र मन्दिर शोभायमान छन् नै । यहाँ बाला चर्तुदशीमा ठूलो मेला लाग्छ, दयाराम पौडेलले भन्नुभयो ।

हामी पुनः उकालो लाग्यौं । मूल बाटो छाडेर अर्कै बाटोबाट पौडेल बन्धुहरुले हामीलाई हिंडाए । उन्यू घारी गोरेटोजस्तो देखिने जंगलको बाटो हिंड्दै हामी सिद्धथान बाबाको चुचुरामा पुग्यौं । पञ्चासे पर्वत, स्यांगजा र कास्कीको संगमस्थल रहेछ । केही तुंवालो नखुलेका कारण हामीले माछापुच्छ्रे अन्नपूर्णजस्ता हिमाल र पोखराको फेवातालको दृश्यावलोकन स्पष्टरुपमा गर्न पाएनौं । पाठो दिन्छु भनेर पाठी ल्याइस म सन्तुष्ट नभएपनि खुशी छु, धामीले काम्दै पूजा गर्न आएका भक्तलाई भने, काम्दै उनले म सिद्धथान बराह हुँ, मेरो घर अतिक्रमण गरेर शिवजीको मूर्ति स्थापना गरिएकोमा म दुःखी छु पनि भने । अन्तमा खुर कलेजो, पुवा खीर सबै कुरा मूर्तिमा धामीले चढाए ।

हाम्रा संस्कृति, परम्परा पनि बढो रमाइला र हाँस उठ्दा पनि छन् । मानिसले आत्मानन्द र सन्तुष्टिका लागि के मात्र गर्दैन । हुन त संसार विश्वासमा अडिएको छ । विश्वास गरेर साह्रो गाह्रो पर्दा भाकल गरी पाठा पाठी बोका राँगा, सुँगुर, कुखुरा आदि चढाउने प्रतिज्ञा भक्तले गर्छन् । आखिर यी सबै मान्यता न हुन् ।

हामी त्यहाँबाट अर्को डाडाँमा उक्लियौं । यो डाडाको टावरबाट दृश्यहरु नियाल्यौं । तुँवालो राम्ररी हटिनसकेकाले दृश्य जति रमाइलो देखिनु पर्ने अनुमान गरेका थियौं, त्यसमा कमी भयो । खुल्ला आकाश हुँदा त्यो ठाउँबाट धेरै राम्रा दृश्यावलोकन गर्न सकिन्छ, किशोर जीले भन्नुभयो । टावर भएको डाडाबाट वल्लो डाडामा आउँदा नेपाल पञ्चधाम पञ्चासेको कार्यालय, पाञ्चायन मन्दिर र सानो गुफाभित्र विभिन्न सन्तहरुको समाधि स्थल देख्न पाइयो । त्यहाँ हामीले पञ्चासे क्षेत्र विकास उप समित अध्यक्ष गोपाल गुरुंगसँग कुराकानी गर्‍यौं । उहाँको जानकारी र पञ्चासे वर्ष २५ विशेषांकमा पञ्चासेको संक्षिप्त परिचय यसरी दिइएको छः

८०० देखि २५१७ मिटरसम्म उचाइ रहेको पञ्चासेको वन क्षेत्र ५५ सय हेक्टर क्षेत्रफलमा रहेको छ । यस जंगलमा १२ प्रकारका वनजंगल, ५८९ फूल फूल्ने प्रजातिका वनस्पति, १५० थरीका औषधीजन्य बोटहरु ८ थरिका रेशादार वनस्पति, १८ थरिका पुष्प व्यावसायजन्य वनस्पतिहरु, ५६ थरिका जंगली च्याउ, ९८ थरिका उन्यूजन्य वनस्पति, संसारमै पञ्चासेमा मात्र पाइने ३ थरिका सुनगाभा, ११३ थरिका अन्य सुनगाभा लगायतले यो ठाउँ सुनगाभाको राजधानी भनेर चिनिन्छ । धार्मिक आध्यात्मिक हिसावले पनि पञ्चासे निकै महत्वपूर्ण मानिन्छ । जहाँ च्यवन ऋषिले तपस्या गरेका थिए भन्ने प्रमाण च्यवन प्राशका लागि ८ प्रकारका जडीबुटीमध्ये ६ प्रकारका पाइएको युवा नेपाली वैज्ञानिक आविष्कार सुवेदीको अनुसन्धानले पुष्टि गरेको बताइएको छ ।

५ थुम्का र ५ वटा खोलाको उद्गम स्थललाई आधार मानेर पञ्चासे पञ्चकोशी नामाकरण गरिएको भनाई छ । यहाँ शिर रहेको हर्पन खोलाबाट गएको पानी पोखराको फेवातालमा जम्मा छ भने रति, जरे खोला पर्वतबाट मोदी नदीमा मिसिएका छन् । त्यसैगरी आँधी खोला र सेती खोलाको श्रोत पनि पञ्चासेबाटै गएका छन् ।

हामी चौथो डाँडामा रहेको बुद्ध बिहार र तमु गुरुंग टावर हुँदै पाँचौं डाडा ढुंगे चौतारा आयौं । यहाँबाट ५ वटै डाडाको अवलोकन गर्ने काम सिध्यायौं । एक डाडा र अर्को डाडाका बीचमा गहिरो ठाउँ भएकाले ओरालो उकालो हिंड्नु पर्‍यो । अन्तिम डाँडाबाट भने हामी सिधा ओरालो झर्‍यौं । किशोर जीले यही यात्राका क्रममा भन्नुभयो, मनोक्रान्तिका कक्षामा सहभागी हुनु अघि ममा विभिन्न किसिमका शारीरिक एवं मानसिक समस्याहरु थिए, जब मैले रेकी योग लगायतका मनोक्रान्ति कक्षाहरु लिएर साधना गरें, तबदेखि ममा सम्पूर्ण समस्याहरुलाई पचाउन सक्ने क्षमता बढेको छ, परिवर्तनको विषयमा भन्न सक्ने अनुभवहरु धेरै छन् ।

पुनः पर्वतकै भूभागः

किशोर जीको घर राम्जा ठाँटीमा हामी साँझमा आइपुग्यौं । उहाँका माता पिता र पशुपति उ.मा.वि. का शिक्षक लक्ष्मण गौतमसँग कुराकानी गर्‍यौं । साधक ड्रिम् र भ्राम्बाट सुपरलर्निंग सिकेर विद्यार्थीलाई रमाई रमाई सिकाउन सक्ने शैली विकसित गरेको छु भन्ने शिक्षक गौतमले फिजिकल थेरापीभन्दा वैज्ञानिक मनोक्रान्ति योगले बढी लाभ दिने बताउनुभयो । खाना खाएर हामी ९:२० बजे सुत्यौं ।

२०६६ मंसीर ११: बिहान हामी ७ बजे राम्जा ठाँटीबाट कुस्मातर्फ लाग्यौं । किशोर जी डिमुवातिर झर्नुभयो । ओरालो झर्दै हामी पकुवाबाट दोबिला आयौं । त्यहाँ जरे र रती खोला मिसिएर थोरै तलको दूरीमा पुगेपछि मोदीमा विलय भएका रहेछन् । स साना टिनका छाना र घर भएको बजार चिटिक्क परेको छ । हामी मोदी खोला तरेर पोखराबाट आएको पक्की सडकमा आइपुग्यौं ।

आज एनेकपा माओवादीले नेपाल बन्द गरेको छ । कारण डुडेझारी सामुदायिक वनमा बसेका सुकुम्बासीमाथि प्रशासनले अस्ति गोली प्रहार गरेर मानवीय क्षति पुर्‍याएको भन्ने रहेको छ ।

हामी हिंडेरै कुस्मा आयौं । जिल्ला प्रशासन कार्यालयमा प्र.जि.अ. पिताम्बर घिमिरे, स.प्र.जि.अ. तुलसीराम पौडेल, स्थानीय विकास अधिकारी विष्णुबहादुर थापा लगायतलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । प्र.जि.अ. घिमिरेले पत्रकारिता क्षेत्रले जोखिम उठाएर पर्याप्त सुरक्षाको अभावमा पनि जनतालाई सुसूचित गरिरहेको बताउनुभयो । उहाँले सञ्चार माध्यमले स्थानीय समाचार र सन्देशमूलक सामाग्री प्रस्तुत गर्ने र साना तिना नकारात्मक कुरालाई बेवास्ता गरेर अगाडि बढ्ने परिपाटी अंगाल्न आवश्यक छ भन्नुभयो । त्यहाँबाट हामी जिल्ला स्वास्थ्य कार्यालय गयौं । कार्यालय प्रमुख डा. झलक शर्मा गौतम र अन्य स्वास्थ्यकर्मीहरुसँग भेट गर्‍यौं । उहाँले जिल्लामा छालाका रोग, दम, अम्लपित्त, ग्यासट्राइटिसजस्ता रोगका रोगीहरु प्रमुख मात्रामा रहेको बताउनुभयो ।

जि.स्वा.का. बाट हामी पर्वत सदरमुकाम कुस्मा र कटुवा चौपारी ज्ञादी जोड्ने निर्माणाधीन मोदी खोला झोलुंगे पुल निरीक्षण गर्न पुग्यौं । उक्त पुल नेपालकै सबभन्दा बढी उचाई (१३५ अग्लो) रहेको झोलुंगे पुल भएको बताइएको छ । अब ज्ञादी गाउँको जग्गाले खुब भाउ पाउने भयो भन्दै दुई जना व्यक्तिहरु कुराकानी गरिरहेका थिए । मोदीको तल खोंच, पारी ज्ञादी गाउँ पुल हेर्न आउने मान्छेको भीडभाड निकै राम्रो थियो ।


ज्ञादी पुल

पुलबाट हामी बन्द बजार हेर्दै जिल्ला प्रशासन कार्यालय अगाडि आयौं । शहीद चोक पर्वतका सञ्चारकर्मीको जमघट हुने स्थान रहेछ । त्यहाँ हामीले केही पत्रकारहरुका अतिरिक्त नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष राजन गुरुंगलाई भेटेका थियौं । गुरुंगले प्रेम पुन (योगी भं) ले आफ्नै गृह जिल्ला पर्वतबाटै भूतपस्या गरी विश्वभर वातावरण जोगाउन रुख रोप्ने अभियान र आव्हानसहित विश्व पदयात्रा सुरु गरेको तर अहिले उहाँ कहाँ हुनुहुन्छ भन्ने थाहा नभएको बताउनुभयो । हामी कुसुम भोजनालयमा आएर बास बस्यौं । महिला पत्रकार माया अधिकारीसँग केहीबेर हामीले यात्राका विषयमा कुराकानी गर्‍यौं ।

२०६६ मंसीर २२: बिहान हामी नेपाल पत्रकार महासंघको

कार्यालयमा गयौं । त्यहाँ महासंघ पर्वत अध्यक्ष ओमप्रकाश घायल, कोषाध्यक्ष सन्तोष थापा र पत्रकार द्वय लक्ष्मण सापकोटा र माया अधिकारीसँग यात्रा अनुभव र पर्वतको पत्रकारिताबारे छलफल गर्‍यौं । अध्यक्ष घायलका अनुसार पर्वतमा मोदीकाली, अभिमत, धौलागिरी पोष्ट साप्ताहिक र रेडियो पर्वत प्रकाशन प्रसारण भइरहेका छन् । केन्द्रिकृत विज्ञापन प्रणालीका कारण सञ्चार माध्यमहरु आर्थिकरुपमा कमजोर छन् । पत्रकारहरुलाई पनि पत्रकारिता गरेर मात्र बाँच्न मुस्किल छ । धेरै क्षेत्रबाट पत्रकारिता नेतामुखी र नकारात्मक कुराहरुलाई मात्र बढावा दिइरहेका छन् भन्ने टिप्पणीलाई पत्रकारिता क्षेत्रले पनि सुनुवाई गर्नुपर्ने बेला आएको छ, अध्यक्ष घायलले भन्नुभयो । महिला पत्रकार अधिकारीले जिल्लामा सीमित महिला पत्रकार रहेको उल्लेख गर्दै मानवअधिकारको अवस्था पनि दयनीय रहेको बताउनुभयो । तापनि महिला सञ्चारकर्मी र महिला दिदी बहिनीहरुले धेरै चुनौतीहरुको सामना गर्दै अगाडि बढिरहेका छन्, अधिकारीको थप भनाइ थियो ।

पत्रकारहरुसँग

हामीले महासंघ कार्यालयबाट निस्किएर होटलमा आई खाना खायौं । खाना खाएर जि.वि.स. कार्यालय गयौं । त्यहाँ योजना अनुगमन तथा प्रशाकीय अधिकृत अच्युतराज रेग्मी र पत्रकार कमला के.सी.सँग हाम्रो कुराकानी भयो । ढोका बाहिर आफ्नो माग पूरा गराउन धर्नामा बसेका कर्मचारीहरुलाई देखाउँदै काम ठप्प पारिएको अवस्थाले जि.वि.स. कार्यालयको कामकाज पनि ठप्प रहेको अधिकृत रेग्मीले बताउनुभयो । कमला जीसँगको केहीबेरको कुराकानी पछि हामी बजारसम्म आयौं । उहाँ आफ्नो कामतिर लाग्नुभयो । हामी जिल्ला पशु सेवा कार्यालयतिर लाग्यौं ।

कार्यालय प्रमुख पशु विकास अधिकृत राजेन्द्र बहादुर बस्नेतले युवा स्वरोजगार कार्यक्रम अर्न्तगत ५७ जना युवालाई भैंसी पालनका लागि रकम उपलब्ध गराइएको बताउनु भयो । जसमध्ये ८० प्रतिशत युवाले भैंसी पालनबाट लाभ लिइरहेका छन्, उहाँले भन्नुभयो । यो कार्यालयबाट हामी जिल्ला कृषि विकास कार्यालय गयौं । वागवानी विकास अधिकृत पद्मनाथ आत्रेयले पर्वत जिल्लामा उत्पादित खाद्यान्नबाट १ लाख ७२ हजार ३ सय ७५ अनुमानित जनसंख्यालाई हिसाब गर्दा २२७ दिन खान पुग्ने र १३८ दिन खान अपुग हुने जानकारी दिनुभयो । यस जिल्लामा कफी, सुन्तला आलु र तरकारी खेती नगदे बालीकोरुपमा रहेको उहाँको भनाई छ ।

हामी कृषि विकास कार्यालयबाट जिल्ला शिक्षा कार्यालय पुग्यौं । त्यहाँ हामीले जिल्ला शिक्षा अधिकारी नारायणप्रसाद भट्ट, विद्यालय निरीक्षक राजेन्द्र क्षेत्री, विष्णु सापकोटा, शंकरपोखरी ४ का ओम गिरी लगायतसँग भेट गर्‍यौं । विद्यालय निरीक्षक क्षेत्रीले पर्वत जिल्लाको साक्षरता प्रतिशत ५७.०३ प्रतिशत रहेको तथ्यांक हामीलाई दिनुभयो । यसप्रकार आजको हाम्रो कार्यालय भ्रमण पनि पूरा भयो ।

कुस्माका कार्यालय र बजारमा पोखरा, बाग्लुंग र राजधानीबाट प्रकाशित पत्रपत्रिका पनि राम्रैसँग आइपुग्दा रहेछन् । हामीले डिमुवा आएर मोदी खोला जलविद्युत् गृहको पावर हाउस अवलोकन गर्‍यौं । यहाँ १४.८ मेगावाट बिजुली उत्पादन गर्ने क्षमता छ, हाल पानी कम भएकाले त्यसको आधामात्र बिजुली उत्पादन भइरहेको प्राविधिक द्वय कृष्णप्रसाद शर्मा र शिवराम शर्माले जानकारी दिनुभयो । त्यसपछि हामी डिमुवाको बस काउण्टरमा लोकेश के.सी. सँग परिचय गरी किशोर कुमार के.सी. कै कोठामा आयौं ।

क्यामेराबाट पेनड्राइभमा फोटो खन्याउन खोज्दा दिउँसो साइबरमै पेन ड्राइभ छोडिएको अनुमान भयो । ४५ जिल्लाको फोटो राखेको पेनड्राइभ हरायो भने के गर्ने होला ? भन्ने थोरै चिन्ता पनि पर्‍यो । पछि जे होला होला परमात्माको लीला भन्दै हामी सुत्यौं । २०६६ मंसीर २३: बिहान ९:२० मा तिलाहार ६, डिमुवाबाट हामी जलविद्युत् केन्द्रका कर्मचारीको बच्चा विद्यालय लाने ल्याउने बसमा चढ्यौं । बस देउपुर, पाती चौर, बाजु हुँदै कुस्मा आएर रोकियो । हामी सरासर हिजो पेनड्राइभ छोडिएको अनुमान गरिएको श्रेष्ठ कम्युनिकेशन तिर लाग्यौं । कम्युनिकेशन बन्द रहेछ... । लगत्तै हामी नजिकको एक पसलेलाई सोधेर कम्युनिकेशन सञ्चालकको घरमा नै पुग्यौं । उनीहरुले हाम्रो पेनड्राइभ सुरक्षित राखिदिएका रहेछन् । हामी खुशी हुँदै उनीहरु र गडलाई धन्यवाद दिएर फलेबास गन्तव्य बनाएर हिंड्यौं ।

सशस्त्र प्रहरी बलको कार्यालय छेउबाट हामीले बजार छोडेर अगाडि बढ्यौं । हरियाली वनजंगलमा चराको आवाज संगीतको मीठो धुन झैं लाग्यो । कुराकानी गर्दै हामी मोदी र कालीको संगमस्थल झर्‍यौं । नरसिंहको मन्दिर घुम्यौं । दुई नदीको संगमलाई नियाल्यौं । ठूलो महादेवको मूर्ति पनि त्यहाँ रहेछ । हामीले मोदीको झोलुंगे पुल पार गर्‍यौं । थोरै तेर्सो हिंडेर उकालो लाग्यौं ।

मुडीकुवा निस्कियौं। बीच बीचमा भेट भएका जिज्ञासु व्यक्तिहरुलाई विश्वभ्रमणबारे जानकारी दियौं। नदी पारी बागलुंगको बलेवा क्षेत्र अनि हामी हिंड्दै गरेको फलेबास क्षेत्रका गाउँबस्ती, डाडापाखा नियाल्दै तेर्सो लाग्यौं। फलेबास क्षेत्रमा खानी गाउँ, देवीस्थान र मुडीकुवा गरी जम्मा ३ गा.वि.स. पर्दा रहेछन्। हामी रेडियो पर्वत भएको ठाउँतर्फ उकालियौं। गाउँको बीचमा ग्रामीण विकास सचेतन समाजले रेडियो खोलेको रहेछ। तल गाउँ बस्तीका मान्छेहरु मज्जासँग एफ.एम. बाट गीत सुनिरहेका थिए।


रेडियो पर्वतको टावर

हामी भने साँझ साँझमा रेडियो पर्वत १०३.६ मे. कार्यालय पुग्यौं। स्टेशन म्यानेजर ध्रुव शर्माले प्रत्यक्ष रेडियो कुराकानीमा हामीलाई सहभागी गराउनुभयो। साँझ झमक्कै परिसकेको थियो। हामीले ग्रामीण भेगमा स्थापना भएको रेडियोले सुसूचित गराउन गराएको योगदानलाई धन्यवाद दियौं। स्टूडियो पनि काठका फल्याक ठोकेर बनाइएको रहेछ। हामी रेडियोबाट बाहिरियौं। रात परिसकेको अवस्था। बस्ने ठाउँको पत्तो थिएन।

रेडियो स्टेशनबाट २,३ घर माथि आएपछि हुतराज पौडेलको घरमा बास मिल्यो। हामी त्यहाँ पुग्ने बित्तिकै पौडेल परिवारले सोध्यो, अहिले भर्खरै रेडियोमा बोल्ने तपाईंहरु हो ? हामीले हो भन्यौं। पौडेल जी ले दुःख सुखका कुराकानी सुनाउनुभयो। हाम्रो फाईल डकुमेन्ट्स हेरेर उहाँले हामीलाई पर्वत् जिल्लामा आर्थिक एवं अन्य रुपले कत्तिको चासो दिए भनेर गम्भीर प्रश्न गर्नुभयो। हामीलाई उत्तर दिन असहज भयो। कारण, केही जिल्लामा भएको स्वागत र आर्थिक सहयोगको रेकर्ड हेरेर हामीलाई उहाँले प्रश्न गर्नुभएको थियो। सायद, हामीबाट चित्त बुझ्दो जवाफ नपाएकाले पनि होला। उहाँले आफैं भन्नुभयो, पर्वतेहरु आफैं मै हुँ भनेर अरुलाई वास्ता गर्दैनन्। उहाँले यसो भन्नासाथ हामीले कुराकानी मोड्यौं।

पत्रकारिता क्षेत्रबारे पौडेलको धारणा माग्यौं। उहाँले भन्नुभयो, इमान्दार पत्रकारहरुलाई गैरपत्रकार र पार्टीको प्रवक्ता बनेका पत्रकारहरुले अवरोध पुऱ्याएका छन्, सम्मानित पत्रकारिता पेशाको दुरुपयोग गरेर विकृत बनाइएको छ, त्यसकारण सबैको आवाज समेट्न सक्ने पत्रकारिता क्षेत्र स्वतन्त्र र निष्पक्ष हुनुपर्छ भन्ने मलाई लाग्छ। हामी खानपिन पश्चात् सुत्यौं।

२०६६ मंसीर २४: बिहान ७:३० बजे खानीगाउँबाट हामी धुले रोडै रोड हिंड्दै मुडीकुवा तर्फ आयौं। यहाँका केही स्थानीयवासीले फलफूल प्रशस्त हुने भएकाले यस ठाउँलाई फलेबास नामाकरण गरिएको हो भन्ने जानकारी दिए।

श्री माटेदेवल उ.मा.वि. परिसर आइपुग्यौं। उ.मा.वि.का शिक्षक एवं नेपाल रेडक्रस सोसाइटी पर्वतका मन्त्री धनेश्वर रेग्मीसँग हाम्रो भेट भयो। केहीबेर कुराकानी गर्दै चिया पियौं। त्यहाँबाट हामी हिजो हिंडेकै बाटो मोदी काली वेणी झरेर कुस्मातर्फ उकालो लाग्यौं। ढुंगा छापेर बाटो निर्माण भइरहेको थियो। ३,४ जना दिदीहरु ढुंगाको भारी पिठ्युँमा बोक्नै नसक्ने गरी बोकेर निस्कँदै थिए। एकजना बूढा बाले लठ्ठी टेक्दै उकालो उक्लने क्रममा खुई खुई गर्दै भन्दै थिए, बाबु हाम्रो देशमा राम्रो नेता नजन्मिएकाले देशको विकास हुन सकेन।

उकालो काटिसकेपछि हामीले केहीबेर शीतलमा आराम गऱ्यौं। बेहुलो लिएर जन्तीहरु बेहुलीको घरतर्फ जाँदै थिए। बाजा बजाएर रौसेहरु नाच्दै थिए। यतातिर बाजा बजाउने शैली, स्वर र ताल पूर्वको भन्दा फरक लाग्यो। नरसिंगा पनि बेग्लै बनोटको देखियो। त्यतिबेला हामीले एउटा भनाई सम्झियौं, बेहुलो जान्छ बेहुली लिन जन्ती जान्छन् किन ? हा...हा...हा...। हामी कुस्मा बजार आयौं। बिहानी होटलमा खाना खायौं। यसक्रममा विभिन्न विद्यालयका शिक्षकहरु शंकरपोखरी ९ का दुर्गादत्त भुसाल, नागलीवांग ३ का नारायणदत्त रेग्मी, राम्जा १ का दुर्गाप्रसाद गौतम र बागलुंग १ का तेजेन्द्र आचार्यसँग विश्वभ्रमणबारे कुराकानी चल्यो।

यो कुराकानी पछि हामी बजार भ्रमणमै निस्कियौं। बाटामा नेपाल युवा कम्युनिष्ट (एकीकृत) का केन्द्रिय सदस्य कृष्ण क्षेत्रीसँग हाम्रो जम्काभेट भयो। उहाँहरुको संगठनले सीमा अतिक्रमण र वैदेशिक हस्तक्षेपको विरुद्ध हाम्रो अभियान, सम्बृद्ध नेपालको निर्धारित समयमा अग्रगामी संविधान भन्ने मूल नाराका साथ मेची काली राष्टिय जनजागरण अभियान सञ्चालन गरिरहेको पर्चा पढ्न पाइयो।

शहीद चोकमा हामीले इन्सेक प्रतिनिधि माधवराज पाण्डेय, पत्रकारहरु गणेश पौडेल, दुर्गाप्रसाद शर्मा, विमल खतिवडा, छविलाल तिवारीसँग परिचय गऱ्यौं। इन्सेक प्रतिनिधि पाण्डेयले कानूनको शासन र प्रजातान्त्रिक पद्धतिको अभ्यास हुन नसकेकाले मानवअधिकारको अवस्था कमजोर रहेको बताउनु भयो। पत्रकार साथीहरुले प्रेस स्वतन्त्रता र पत्रकारिता जगत् मा सकारात्मक परिवर्तन गर्न भ्रमणले योगदान पुऱ्याओस् भनी शुभेच्छा प्रकट गर्नुभयो।

हामी नेपाली काँग्रेसको कार्यालय गयौं। नेपाल विद्यार्थी संघका केन्द्रिय सदस्य एवं पर्वत जिल्ला अध्यक्ष मोहन आचार्यले यात्रामा आइपर्ने बाधा व्यवधानसँग सामना गर्दै अगाडि बढ्न आग्रह गर्नुभयो। ने.कां. पार्टी कार्यालयबाट एनेकपा माओवादी कार्यालय पुग्यौं। इन्चार्जसँग भेट हुन सकेन। कार्यालय सचिव विष्णु लामिछानेले विश्वभ्रमण भीमकाय लक्ष्य भएको भन्दै भ्रमण सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो। त्यहाँ सञ्जय तिवारी र अन्य केही व्यक्तिसँग पनि परिचय र कुराकानी भएको थियो।

यो कार्यालयबाट हामी नेकपा एमाले कार्यालय गयौं। त्यहाँ प्रचार विभाग प्रमुख उदय सुवेदी र संगठन विभाग प्रमुख राजुप्रसाद पौडेलसँग हाम्रो भेट भयो। उहाँहरुले भन्नुभयो, पत्रकारिता क्षेत्रमा भएको विकासबाट जनताहरु सुसूचित त भएका छन्, तर पनि अझै खोजमूलक र अनुसन्धानमूलक सामाग्रीको अभाव अनि समाज रुपान्तरणमा भएका राम्रा कुराहरुले प्राथमिकता पाएका छैनन्। पार्टीहरुले नै बढी पत्रकारहरु उत्पादन गरिरहेको दृष्टान्त प्रस्तुत गर्दै उहाँले पत्रकारितालाई व्यवस्थापन गर्न सरकार, पार्टी एवं सञ्चारमाध्यम सबैको पहल जरुरी रहेको बताउनुभयो।

हामी बजार भ्रमणमा जुट्यौं। जि.वि.स. पर्वतका यो.अ.तथा प्र.अ. अच्यूतराज रेग्मीलाई फोन गर्‍यौं। उहाँले हाम्रो कुस्मा बसाईको खानपिन र बसोबासको शुल्क जि.वि.स.बाट मिलाइ दिन्छौं भन्नुभयो। आज पनि हामी कुसुम भोजनालयमा आएर ओछ्यानमा पल्टियौं। हो, यही ओछ्यानको पल्टाइसँगै हाम्रो ४९ औं जिल्ला पर्वत भ्रमण समाप्त भयो। भोलीबाट हाई हाई बाग्लुंग।

पर्वत यात्राका क्रममा प्राप्त नगद सहयोग

डा. झलक शर्मा गौतम	रु. ५००/-
पिताम्वर घिमिरे (जि.प्रशासन)	रु. १५०/-
धनेश्वर रेग्मी(माटेदेवल उ.मा.वि.)	रु. १२०/-
राजेन्द्रवहादुर वस्नेत (जि.पशु से.का.)	रु. १००/-
राजेन्द्र क्षेत्री	रु. १००/-
ओम गिरी (शंकर पोखरी ४)	रु. १००/-
विष्णु सापकोटा	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

४९ औं स्यागदी जिल्लामा स्वागत, शुभकामना। - पिताम्बर घिमिरे (प्र.जिअ.), जिल्ला प्रशासन कार्यालय
Human beings rarely know what their aim is.
- Laxman Gautam, Pashupati higher Secondary School, Ramjathanti
सत्य, तथ्य पत्रकारिता सन्देश संसारभर फैलाउनुस्। - डा. झलक शर्मा गौतम, जिल्ला स्वास्थ्य कार्यालय
लक्ष्य र उद्देश्य प्राप्त होस्। - अच्युतराज रेग्मी (योजना अनुगमन तथा प्रशासकीय अधिकृत), जि.वि.स.
जिन्दगीका हरेक यात्रा सुरुमा अप्ठ्यारो तर अन्त्यमा सुखद हुन्छ। - पद्मनाथ आत्रेय, वागवानी विकास अधिकृत
हामीले यहाँ अहिले नगरे कहिले गर्ने ? - राजेन्द्र क्षेत्री, विद्यालय निरीक्षक
पत्रकारिता चासोमा युवा जोश जाँगर। - राजेन्द्र बहादुर बस्नेत, पशु विकास अधिकृत
पन्चासे सिद्धबाबासँग प्रार्थना। - गोपाल गुरुंग (अध्यक्ष), पन्चासे क्षेत्र विकास उपसमिति
तपाईंहरुसँग पन्चासे यात्रा: जीवनभरको अविस्मरणीय क्षण। - किशोर के.सी. एवं विना के.सी. डिमुवा
नेपालीको शान्ति, विकास र स्वाधीनतामा सहयोग पुगोस्। - धनेश्वर रेग्मी, शिक्षक श्री माटेदेवल ज.स.उ.मा.वि. मुडीकुवा १
पत्रकारिता सम्बन्धी अभिरुचिमा सफलता मिलोस्। - विष्णु सापकोटा, जिल्ला शिक्षा कार्यालय
नेपालको पर्यटकीय अवस्था विश्वसामु पहिचान होस्।
- शिक्षकहरु दुर्गादत्त भुसाल (शंकरपोखरी ९), नारायणदत्त रेग्मी (नारलीवांग) दुर्गाप्रसाद गौतम (राम्जा ५), तेजेन्द्र आचार्य (बागलुंग न.पा. १)
पत्रकारितालाई तटस्थ राख्न अभियान सफल होस्। - मोहन आचार्य (अध्यक्ष), नेपाल विद्यार्थी संघ
भीमकाय लक्ष्यप्रति सफलताको शुभकामना। - विष्णु लामिछाने, पिपलटारी १, सञ्जय तिवारी, शालिग्राम ६
उद्देश्यले सफलता पाओस्। - उदय सुवेदी (प्रचार विभाग), प्रमुख नेकपा एमाले (जि.क.)
पत्रकारितामार्फत् नेपालीहरु विश्वमा चिनिउन्। - नेत्रप्रसाद तिवारी, मुडीकुवा ३, अम्बोट
यात्रा आम सञ्चारकर्मीका लागि अनुकरणीय होस्। - ओमप्रसाद घायल (अध्यक्ष), नेपाल पत्रकार महासंघ
सबैले हार्दिकताका साथ सहयोग गरिदिनु हुन अनुरोध। - कमला के.सी., गोरखापत्र संवाददाता
पत्रकारितालाई विश्वभर चिनाउने उद्देश्य सफल होस्। - माया अधिकारी, अन्नपूर्ण पोष्ट
प्रेसको सकारात्मक परिवर्तनमा सहयोग पुगोस्। - सन्तोष थापा (कार्यकारी सम्पादक) निष्पक्ष अभिमत साप्ताहिक
सकारात्मक चिन्तन र उन्नतिको प्रभाव फैलाउनुस्। - माधवराज पाण्डेय (सचिव), पत्रकार महासंघ
प्रेस आक्रमणका घट्नाहरुमाथि सकारात्मक सन्देश देओस्। - गणेश पौडेल, गोरखापत्र र पोखरा हटलाईन
विश्वभ्रमण एकदमै सफल होस्। - ध्रुव शर्मा (स्टेशन म्यानेजर), रेडियो पर्वत फलेबाँस, लक्ष्मण सापकोटा, रासस, ईमेज संवाददाता
सफलता मिलोस्। - राजुप्रसाद पौडेल (संगठन विभाग प्रमुख), नेकपा एमाले

५० औं जिल्ला बाग्लुङ डायरी

> **संक्षिप्त परिचय**
>
> क्षेत्रफलः १,७८४ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ५९ वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः ३, सदरमुकामः बागलुंग, अञ्चलः धौलागिरी, विकास क्षेत्रः पश्चिमाञ्चल
>
> भौगालिक अवस्थितिः पूर्व पर्वत, पश्चिम रुकुम, रोल्पा, प्यूठान, उत्तर म्याग्दी र दक्षिण गुल्मी र प्यूठान
>
> भाषाः नेपाली, मगर, नेवारी, तामांग आदि ।
>
> पर्यटकीय स्थलः बागलुंग कालिका, भैरवस्थान मन्दिर (अमलाचौर), ढोरपाटन शिकार आरक्ष, ज्ञानोदय बुद्ध विहार, गाजा दह, संसारकोट, धुरीहरु भकुण्डे, हाँडीकोट, पाग्जाकोट, शिव, लोंगा, थाप्लेको धुरी, रामकोट, घुम्टेको लेक, भैरवस्थान, घोडा बाँधे, फागुनेको धुरी, जैमिनेश्वर क्षेत्र आदि ।
>
> (साभारः जि.वि.स. तथ्यांक २०६४)

२०६६ मंसीर २५: बिहान ७:३० बजे हामी पर्वतको सदरमुकाम कुस्माबाट ५० औं जिल्ला बाग्लुंग भ्रमणका लागि प्रस्थान गर्‍यौं । हिंड्दै हामी छमर्के, अर्मादी, खुर्कोट काटेर पांग गा.वि.स.को मालढुंगा आयौं । मालढुंगाबाट म्याग्दी र बाग्लुंग जाने सडक छुट्छ । हामीले कालीगण्डकी नदीको पुल पार गरेर बागलुंग नगरपालिकाको भूभाग टेक्यौं । पुल तर्नासाथ उकालो खुड्किला हिंडेर बाग्लुंग कालिका भगवती मन्दिर पुग्यौं । सडकदेखि खुदुर्के झर्ने चौतारासम्म २८२ मिटर सिमेण्टेड खुड्किला भएकाले हिंड्न सजिलो भयो । हामीसँग खमर्केदेखि तनहुँ घर बताउने दिनेश न्यौपाने हुनुहुन्थ्यो । उहाँसँग रमाइला कुराकानी गर्दै हिंडेकाले बाटो काटेको चालै पाइएन ।

बाग्लुंग कालिका यस भेगको प्रसिद्ध मन्दिर रहेछ । पशु बली दिने परम्परा पनि त्यहाँ छ । मन्दिर आइपुग्ने बेलामा मुसुक्क हाँसेको धौलागिरी हिमाल र तल बगिरहेकी काली गण्डकी नदी अनि पर्वतका गाउँ बस्तीका दृश्यले हाम्रो थकान नै मेटायो । हामीले केहीबेर मन्दिर परिसरको वातावरणलाई नियाल्यौं । हरियाली वातावरणमा रमाउँदै पूजाआजा गर्ने दर्शनार्थीहरु थिए । हामी त्यो दृश्यलाई क्यामेरामा कैद गरेर बाग्लुंग बजारतर्फ आयौं ।

धौलागिरी अञ्चलको अञ्चल सदरमुकाम समेत रहेको बाग्लुंग जिल्लाको सदरमुकाम बाग्लुंग नगरपालिकामा पर्दछ । हामी बजारको दृश्य नियाल्दै जिल्ला प्रशासन कार्यालय परिसर पुग्यौं । अस्ति मंसीर २३ गते रुकुमकी महिला पत्रकार टीका विष्टमाथि मरणासन्न हुने गरी गरिएको आक्रमणको विरोधमा देशभरका पत्रकार महासंघका शाखाहरुले आज जिल्ला प्रशासन कार्यालयमा धर्ना दिए । बाग्लुंग शाखाले पनि आज प्रशासनमा धर्ना दिइ दोषी पत्ता लगाएर यथा शीघ्र कारवाहीको माग गरे । त्यसपछि शान्ति, सहमति र संविधान नेपाल पत्रकार महासंघको अभियान भन्ने नाराका साथ विभिन्न भागमा पुगेर संकलन गरिएको हस्ताक्षर प्र.जि.अ. मार्फत् संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दललाई बाग्लुंग शाखाले पठायो । जसको नेतृत्व महासंघ अध्यक्ष हरिनारायण गौतमले गर्नुभएको थियो ।

आज मानवअधिकार दिवस पनि । सोही अवसरमा इन्सेक प्रतिनिधि रामबहादुर जि.सी. ले पनि सरकारसमक्ष आफ्नो ज्ञापन पत्र प्र.जि.अ. मार्फत् नै पठाउनुभयो । सामुदायिक सेवा केन्द्रमा बाग्लुंग शाखाले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण अभियानलाई स्वागत गर्‍यो । कार्यक्रममा हामीले हालसम्म देखे भोगेका यात्रा अनुभव सुनायौं । शाखा अध्यक्ष हरिनारायण गौतमले यो भ्रमण समय सान्दर्भिक र स्मरणीय भएको बताउनुभयो । अन्य पत्रकार साथीहरुले भ्रमण सफलताको कामना गरे ।



कार्यक्रम समापन पश्चात् हामी प्र.जि.अ. भरत पौडेललाई भेट्न गयौं । केहीबेर उहाँसँगको कुराकानी पछि हामी बाग्लुंग बजार भ्रमणमा निस्कियौं । बजारभन्दा केही माथि डाडामा निस्किएर दृश्यांकन गर्‍यौं । कालीगण्डकी र काँठे खोलाको संगमले यसलाई थप सौन्द्धर्यता दिएको छ । यसका साथै यहाँबाट हिमाली दृश्य समेत नियाल्न पाउनु यसको थप आकर्षण हो । हामी केहीबेर प्राकृतिक वातावरणमा रमाएर पुनः बजार झर्‍यौं ।

होटल समिटमा हाम्रो बस्ने खाने ३ दिनका लागि राष्ट्रिय समाचार समिति महासंघले प्रबन्ध मिलाइदियो । साँझमा राष्ट्रिय समाचार समिति



अञ्चल कार्यालयमा विश्वभ्रमण अभियानलाई अञ्चल प्रमुख याम बहादुर थापा मगरले स्वागत गर्नुभयो । हामी रासस कार्यालयबाट बाहिर निस्कँदा महिला पत्रकार कोपिला कंडेलसँग भेट भयो । केहीबेर कुराकानी गरेर हामी आजको भ्रमण अन्त्य गरी होटलमा फर्कियौं । नढाँटिकन भन्नुपर्दा, आजकाल सामान्य होटलमा खाने बस्ने बानी परेछ क्यारे, ठूलो होटलको खान्की र बसोबास अलिक अनौठो लागिरहेछ... । हामी खाना खाएर सुत्यौं ।

२०६६ मंसीर २६: बिहान ८ बजे हामी होटल पिस प्यालेस गयौं । त्यहाँ प्रेस चौतारीको आव्हान, समय सिमाभित्र संविधान निर्माण भन्ने नाराका साथ प्रेस चौतारी, नेपालको बाग्लुंग शाखाको दोश्रो जिल्ला अधिवेशन उद्घाटन सत्र थियो । सो कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य पुण्य पौडेलले राजनीतिक दलहरुले दोषीलाई संरक्षण र सरकारले पनि कारवाहीमा चासो नदिएका कारण पत्रकारहरुमाथि आपराधिक घट्नाहरु दोहिरिइरहेको बताउनुभयो । राजनीतिक दलहरुले भाषणमा मात्र नभई व्यवहारमा नै पत्रकारिता क्षेत्रलाई उचित व्यवहार गर्नुपर्ने उहाँका जोड थियो । उहाँले थप्नुभयो, राजनीतिक दल एकजुट भएमात्र संविधान निर्माण हुने र आपराधिक गतिविधि निरुत्साहित हुन सक्छ, उनीहरुले संरक्षण दिइ राखे सिंगो देशमा नै अशान्ति बढ्छ ।

सो उद्घाटन समारोहमा एनेकपा माओवादीका जिल्ला सेक्रेटरी आजाद, प्रेस चौतारीका केन्द्रिय सदस्य दुर्गाप्रसाद शर्मा, एमाले प्रचार विभाग प्रमुख भुपाल चालिसे, प्र.जि.अ. भरत पौडेल, पत्रकार महासंघ बाग्लुंग अध्यक्ष हरिनारायण गौतम, क्रान्तिकारी पत्रकार संघका अध्यक्ष महेन्द्र घर्ती, प्रेस युनियनका दुर्गादत्त आचार्य, महिला अधिकारकर्मी मनकुमारी के.सी. लगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । वक्ताहरुले लोकतन्त्रको जिवित खम्बा सञ्चारकर्मीहरुमाथि आक्रमण हुनु भनेको लोकतन्त्र खतरामा पर्नु हो भन्दै पत्रकारले पनि पत्रकारिता आचारसंहिता अनुरुप चल्नुपर्नेमा जोड दिए । विचारको प्रतिवाद विचारले नै गर्नुपर्छ, भौतिकरुपमा कसैलाई समाप्त पार्नु हुन्न भन्ने वक्ताहरुको राय थियो । सो कार्यक्रमको अध्यक्षता प्रेस चौतारी बाग्लुंग अध्यक्ष रामकृष्ण शर्मा, स्वागत मन्तव्य उपाध्यक्ष यामबहादुर थापा मगर र सञ्चालन रामकृष्ण बोहोराले गर्नुभएको थियो ।

यस कार्यक्रम समापन पश्चात् हामीले जिल्ला शिक्षा, पशु सेवा, कृषि विकास, जिल्ला हुलाक, नेपाली काँग्रेस पार्टी कार्यालय भ्रमण गरेका थियौं । शिक्षा कार्यालयमा जि.शि.अ. परीक्षातिर गएका छन् भन्ने खबर पाइयो भने जिल्ला पशु सेवामा प्रमुख पशु चिकित्सक पोखरा । जिल्ला कृषि विकास कार्यालयमा वरिष्ठ कृषि विकास अधिकृत हेमराज विष्टले राज्यको चौथो अंग पत्रकारिता क्षेत्र जसले जनतालाई विभिन्न कोणबाट सूचना दिने भएकाले त्यसको स्वतन्त्रताका लागि विश्वमा दिलो ज्यानले बिगुल फुक्न सफलताको शुभकामना व्यक्त गर्नुभयो । योजना अधिकृत शिरिष पुनले ६०७०२ मे. टन खाद्यान्न बाग्लुंगवासीलाई चाहिनेमा ५३६९९ मेटिक टन मात्र हाल यहाँको जमीनमा उब्जीने बताउनुभयो । सोही कार्यालयमा भेट्टिनु भएका कृषक टीकाराम सापकोटाले १० रोपनी जग्गामा तरकारी खेती गरेर पोहोर साल रु. ३ लाख आम्दानी गरेको बताउनुभयो । बाग्लुंग जिल्लामा सम्भावित खेतीको रुपमा मौरी पालन र कफी खेती गर्न सकिने योजना अधिकृत शिरिषको भनाई छ ।

जिल्ला हुलाक कार्यालयमा गएर कार्यालय प्रमुख अधिकृत बद्रीबहादुर पौडेल, ना.सु. कमल लामिछाने, हल्कारा तेजेन्द्र आचार्यसँग हाम्रो परिचय र कुराकानी भयो । अधिकृत पौडेलले हुलाकमा चिठीको भन्दा बढी भीड पत्रपत्रिकाको भएको जानकारी दिनुभयो । उहाँहरुले प्रेस क्षेत्र स्वतन्त्र, मर्यादित र सम्मानित पेशा बन्नुपर्ने धारणा राख्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

हामी जिल्ला हुलाकबाट एनेकपा माओवादी कार्यालय पुग्दा साँझको ५ बजेकाले हुनुपर्छ कार्यालय बन्द थियो । नेपाली काँग्रेसको कार्यालयमा भने जिल्ला सचिव प्रकाश शर्मा पौडेल र नेपाल महिला संघकी पार्वती आचार्य भेट्टिनुभयो । हामीले पनि अनुभव गरेको कुरा सचिव पौडेलले भन्नुभयो, बाग्लुंगका पत्रिका ढिलो निस्कन्छन्, त्यतिञ्जेलसम्म पोखरा र राजधानीका पत्रिका पनि आइ सक्छन् । सचिव पौडेलले जिल्लामा नोकरी गर्न आउने केही ठूलाबडा भनिने कर्मचारीहरु राजनीतिक दललाई वास्ता गर्दैनन्, आफू खुशी गर्छन् भन्ने आरोप लगाउनुभयो ।

बजार भ्रमणकै सिलसिलामा अमर उ.मा.वि. का प्राचार्य हरि कँडेल, महेन्द्र बहुमुखी क्याम्पसका प्राध्यापक शेषकान्त रिजाल, शिक्षक गोविन्द गौतम, स्थानीय व्यावसायी राजेन्द्र गौतम, बलाराम गौतम लगायत सँग पनि हाम्रो भेट भएको थियो । सबैले भ्रमण सफलताको कामना गरे ।

२०६६ मंसीर २७: बिहान उठेर हामी बाग्लुंग सूचना तथा सहकारी संस्था लिमिटेड द्वारा सञ्चालित बाग्लुंग एफ.एम. ९६.४ मे. कार्यालय पुग्यौं । स्टेशन म्यानेजर ज्ञानेन्द्र गौतमले धौलागिरीकै पहिलो सामुदायिक एफ.एम. बाग्लुंग एफ.एम. को प्रसारण क्षमता ५०० वाट भएको जानकारी दिँदै स्थानीय समुदायको सशक्तिकरणमा रेडियोले ध्यान दिएको बताउनुभयो । त्यसपछि हामी निलगिरी एफ.एम. प्रा.लि.द्वारा सञ्चालित सयपत्री एफ.एम. ९६.४ मे. कार्यालय गयौं । त्यहाँ हामीले सहायक सम्पादक एवं महिला पत्रकार भाषा शर्मा, संवाददाता सुवास आचार्य, संगम घर्ती मगर, लक्ष्मी परियार र कार्यक्रम संयोजक उपेन्द्र थापासँग कुराकानी गर्‍यौं । यो एफ.एम. को प्रसारण क्षमता ५०० वाटै रहेछ । हामीले महिला पत्रकार शर्मासँग कस्तो वातावरण बनेमा महिला पत्रकारहरुले अझ सशक्त ढंगले पत्रकारिता गर्न सक्छन् ? भनेर सोध्यौं । उहाँले उचित पारिश्रमिकको व्यवस्था र सुरक्षाको महसुस गराउन सकेको खण्डमा महिला पत्रकारहरु पत्रकारिता पेशा गरेर बाँच्न सक्छन् भन्ने जवाफ दिनुभयो । उहाँले पुरुष पत्रकारमा पनि यही नियम लागू हुनुपर्छ भन्न पनि छुटाउनु भएन ।



हामी धौलागिरी एफ.एम. ९८.६ मे. कार्यालय पुग्यौं । यस एफ.एम. का स्टेशन म्यानेजर रामकृष्ण शर्मा र प्राविधिक राजेन्द्र ढकालसँग हाम्रो भेट भयो । आजको दिन हामीले मिडिया हाउस भ्रमण गर्न र बजार घुम्नमै बितायौं । मिडियामा कार्यरत सञ्चारकर्मीहरु श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नभएको दुःखेसो गर्दछन् । साथै आफ्नो अनुकूलको समाचार आउँदा खुशी हुने र प्रतिकूलको समाचार आएमा जुनसुकै पक्षले पनि पत्रकारहरुलाई हेर्ने नकारात्मक दृष्टिकोण परिवर्तन हुन आवश्यक छ भन्दछन् ।

हुन पनि हामी मान्छेहरु आफ्नो गल्ती कमजोरी अरुले औंल्याइ दिएमा सहर्ष स्वीकार गर्दैनौं । तर अब आफ्नो विषयमा नकारात्मक समाचार आउँदा प्रतिशोधको भावना लिनुभन्दा आफ्नो गल्ती कमजोरी सच्याउन तिर सबैजना लाग्नुपर्छ । पत्रकारिता क्षेत्रले पनि गल्ती कमजोरी कोट्याई सकेपछि सकारात्मक पक्षलाई पनि ओझेल पार्ने कार्य भने गर्नु हुँदैन भन्ने हामीलाई लाग्छ ।

२०६६ मंसीर २८: हामीले बिहान जिल्ला प्रहरी कार्यालयमा निमित्त प्रहरी नायब उपरीक्षक गोविन्द आचार्यलाई भेट्यौं । उहाँले जिल्ला प्रहरीमा बढीजसो सार्वजनिक मुद्धाहरु आउने गरेको जानकारी दिँदै चेतनाको अभावमा आत्महत्या गर्नेमा महिलाहरु बढी छन् भन्नुभयो ।

हामी जि.वि.स. कार्यालय गयौं । कर्मचारी आन्दोलनका कारण काम काज ठप्प भएकाले जि.वि.स. को जिन्सी शाखाबाट ब्रोसर लिएर आयौं । त्यसपछि बाग्लुंग नगरपालिका कार्यालय गयौं । त्यहाँ पनि हालत उही थियो । कर्मचारीको आन्दोलनका कारण जुनियर इन्जिनियर त्रिलोचन गिरीसँग हाम्रो केहीबेर कुराकानी भयो । धौलागिरी अञ्चलको एक मात्र बाग्लुंग नगरपालिका वि.सं. २०५४ सालमा कालिका मूलपानी र लहरे पीपल गा.वि.स. लाई समायोजन गरी स्थापना गरिएको हो । ११ वडामा विभाजित यो नगरपालिकाको १९.२३ वर्ग किलोमिटर क्षेत्रफल छ । माच्छी चरणदेखि डाँफे चरणसम्म फैलिएको बाग्लुंग नगरपालिका भित्र सदरमुकाम बाग्लुंग बजार कालिका भगवती मन्दिरजस्ता धार्मिक पर्यटकीय क्षेत्रहरु समेत पर्दछन् ।

हामी नेपाल पत्रकार महासंघको कार्यालयमा गयौं । त्यससँगै ढोरपाटन दैनिकको कार्यालय पनि छ । यहाँ महासंघ अध्यक्ष हरिनारायण गौतमसँग केहीबेर कुराकानी गर्‍यौं । उहाँले विदूर खड्का बाग्लुंग जिल्लाकै पहिलो पत्रकार भएको जानकारी दिनुभयो । हाल ढोरपाटन र धौलागिरी जागरण दैनिक, धौलागिरी स्टार, कालिका साप्ताहिक तथा ३ वटा एफ.एम. मा धौलागिरी एफ.एम.(धौलागिरीकै पहिलो), सयपत्री र बाग्लुंग एफ.एम. प्रकाशन, प्रसारणमा छन् । बीच बीचमा केही दैनिक साप्ताहिक निस्कने र बन्द हुने क्रम पनि चलिरहेकै अवस्था छ । झोलुंगे पुलको जिल्लाबाट चर्चित बाग्लुंग जिल्लाले अब लघु जलविद्युत्को जिल्लामार्फत् आफ्नो परिचय थप्दैछ, अध्यक्ष गौतमले भन्नुभयो ।

हामी बाग्लुंग बजारलाई छोडेर बाग्लुंगकै अन्य भूभाग हेर्दै गुल्मी छिर्ने योजनाका साथ हिंड्यौं । हिंड्दै हामी धुले बाटोमा जीपले उडाएको धुलो पान गर्दै आयौं । पाला २, खहरेको एक होटलमा बास बस्यौं । घरबेटी कृष्ण के.सी. सँग कुरा गरी खाना खाएर हामी सुत्यौं ।

२०६६ मंसीर २९: बिहान पालाको खहरेबाट हिंड्दै हामी बेलुकी हटियाबजार गलकोट आइपुग्यौं । यस क्रममा हामी पालाबाट बिहुँ गा.वि.स.को दोबिल्ला हुँदै उकालो हिंडेर सुल्डाँडा निस्कियौं । यहाँ ८० प्रतिशत कँडेल थरका मान्छेहरु बस्दछन्, स्थानीय पशुपति चिन्तामणि कँडेलले भन्नुभयो । त्यहाँ हामीले रु. १० का ३ दाना सुन्तला किनेर खायौं । हामी पुनः उकालो लाग्यौं । १०,१५ मिनेट उकालो हिंडेपछि एउटा झोला बोकेको सानो भाईसँग भेट भयो । हामीले उमेर सोध्दा नबताए पनि नाम भने सुर्जे वि.क. भन्ने

उत्तर पायौं। कहाँ भनेर सोध्दा गलकोट नरेठाँटी घर। मान्छे बोल्न निकै चलाख। म पोखराबाट आमालाई लिन आएको हुँ, बाबुको त के कुरा गर्नु कान्छी आमा ल्याएर बसेका छन्। हामी यि भाईका कुरा सुन्दै हिंडिरहेका थियौं, तल खोंच र भीरमाथि थाप्लोमा निस्किएपछि सुर्जे भाईले भीर देखाउँदै भन्नुभयो, अंकल यस्तो भीर छ, हाम्री आमा एक्लै घरमा बस्छिन्, म लिन आएको जालिन् की नजालिन् ? हामी चुपचाप कुरा सुन्दै हिंडिरह्यौं। तपाईं पोखराबाट एक्लै आउनुभएको हो त भाई ? हामीले सोध्यौं।

हैन हजुर बा हजुरआमासँग आएको मसँग रु. १० मात्र थियो, उहाँहरु गाडीमा जानुभयो अनि मचाहिं हिंडेरै बाग्लुंगदेखि आएको एक पोका चाउचाउ किनेर टन्न अघाउने गरी खाएँ। भाईको कुराले हामी गम्भीर हाँसो हास्यौं। त्यो भाईमा निडरताचाहिं थियो। प्रश्नोत्तर गर्न निकै खप्पिस। हाम्रा परिचयका कागज पनि म बाँड्छु भन्दै उहाँले बाँड्नुभयो। बिहुँ गा.वि.स. कै रिजाल चोक निस्किएर हामीले खाना खायौं। सुर्जे भाईलाई पनि ख्वायौं। १२, १३ वर्ष जतिको यो भाईको कुरा सुनेर र दुःख बुझेर हामीले आफू सहयोग मागेर पनि खर्च टार्दै आएको पैसा खर्च गर्‍यौं। खाना खाएपछि हामी विभिन्न हिमश्रृंखलाहरु नियाल्दै डाडापाखा लेक वेंसी हेर्दै गाउँबस्तीको गोरेटोमा आफ्ना पाइला चालिरह्यौं। घोडा बाँधे डाँडा निस्किएपछि उकालो सकियो।

त्यहाँ नेपाली सेनाको क्याम्प रहेछ। सुर्जे भाईले आर्मीको हुल देख्नासाथ भन्नुभयो, अंकल चुप लागेर जाऔं है फेरि सेनाले गाली गर्छन्। पहिले संकटकालको स्मरण गर्नुभएको हो भाई ? भनेर हामीले सोध्यौं। हामी तेंसो केहीबेर हिंडेर वर डाडामा आयौं। त्यहाँबाट गल्कोट क्षेत्र निकै रमाइलो देख्यौं। सुर्जे भाई अब लखतरान बनाउने ओरालो झर्नुपर्छ अंकल भन्न थाल्नुभयो। हामी रमितेको ओरालो झर्‍यौं। केही तल झरेपछि २, ४ घर आइपुगे। सुर्जे भाई हामीलाई थाहै नदिई कता लाग्नुभयो, हामीले पत्तै पाएनौं। हुन त हामीभन्दा अलिक अगाडि दगुर्दै झरेका कारण बाटो फरक पर्‍यो वा के भयो ? हामीलाई थाहा भएन।

तोरी खोला किनारमा भरखरै टुसाएको हरियो गहुँ बाली नियाल्दै हामी गन्तव्यतर्फ अगाडि बढिरह्यौं। नरेठाँटी बजार आइपुग्ने बेलामा झोला भिरेर टन्न सामान बोकेको मान्छे आइपुगे। रक्सी खाएर फिटफाट भएका उनीले चिठीपत्र बोकेका रहेछन्। उनी आफ्नै सुरमा बोल्दै हिंडिरहे। हामी पनि पछि पछि लाग्यौं। सरहरु गाडी नचढे पनि मोटरबाटोमा हिंड्दा गाडीमै हिंडेजस्तै आनन्द आउँछ उनले भने। हामी खित्का छोडेर हास्यौं। हा...हा...हा...।

नरेठाँटी बजार आएपछि हामी हुलाकी दाईसँग छुट्टियौं। गल्कोट क्षेत्रका मुख्य ६ गा.वि.स. मध्ये नरेठाँटी पनि एउटा गा.वि.स. रहेछ। यही हामीले खाजा खायौं। जिज्ञासु केही मान्छेलाई विश्वभ्रमणबारे जानकारी दिएर हामी तोरीखोलाको तीरको बाटो लाग्यौं। झोलुंगे पुल पार गरेर हामी हटिया बजार आयौं। यो हटिया बजार गलकोट क्षेत्रको केन्द्र रहेछ। हामी बजारलाई नियाल्दै बिशाल होटल एण्ड लजमा आएर बस्यौं। होटल सञ्चालक दुर्गा घिमिरे र केही ग्राहकसँग कुराकानी गर्‍यौं।

होटल सञ्चालक घिमिरेले हटियाबाट डेढ घण्टाको बाटो उकालो हिंडेपछि पुगिने चुचुरोमा भुरे टाकुरे राजाले गोलाकार दरबार बनाएकोले गलकोट नामाकरण भएको हामीलाई जानकारी दिनुभयो। खानपिन गरेर हामी सुत्यौं।

२०६६ मंसीर ३०: बिहान उठेर हामी हटियाबजार भ्रमणमा निस्कियौं। तोरी खोलाको किनारमा अवस्थित यो बजारमा वंकटेश्वर महादेव शिवालय मन्दिर छ। त्यसको आश्रममा ब्रम्हाकुमारी इश्वरीय विद्यालय ओम् शान्तिका तीन दिदीबहिनी बस्नु हुँदो रहेछ। ब्रम्हकुमारी इन्दिराले हामीलाई केही सुनेका अनि नसुनेका दुवै खाले कुराहरु सुनाउनु भयो। यहाँ सिकाउने मान्छे (गुरु) बस्ने आसनलाई सन्दरी भनिंदो रहेछ। कोकोनट पर्सनालिटीभन्दा म्यांगो पर्सनालिटी मान्छेमा आवश्यक छ भन्नुभएको उहाँको कुराले हाम्रो मस्तिष्कमा छाप पार्‍यो। मान्छे आफू शान्त संयम हुनुलाई म्यांगोको संज्ञा र आफूभित्र जलेर बाहिर शान्ति, प्रगति स्वतन्त्रताको कुरा गर्नेलाई कोकोनटको संज्ञा दिइएको हो उहाँले भन्नुभयो। हामीलाई लाग्छ, कोकोनट र म्यांगो दुवै पर्सनालिटी मान्छेमा आवश्यक छ। एकअर्काको अभावमा मान्छेले पूर्णतातर्फको यात्रा गर्न सक्दैन।

सञ्चारमाध्मले प्रवाह गरेको विचार र सूचनाबाट संसार डोहोरिने भएकाले पत्रकारिताले सकारात्मक सन्देश प्रवाह गर्नुपर्ने खालका सामाग्रीलाई प्राथमिकताका साथ प्रसारण गर्नुपर्छ पनि उहाँले भन्नुभयो। उहाँका साथीहरुको नामचाहिं साधना र पशुपति रहेछ। यसबाट पनि हामी अझै प्रष्ट हुन जरुरी छ कि धर्म अध्यात्मका काम गर्ने व्यक्तिहरुले समेत सञ्चारमाध्यमको अपरिहार्यता बुझ्दै गएका छन्।

हामी हटिया गा.वि.स. कार्यालय गयौं। गा.वि.स. सचिव खोई कता मलामी गएकी... अन्यत्र कतै हो ? भनेर कसैले जानकारी दिन सकेनन्। स्वास्थ्य कार्यालयमा पनि अहेब थिएनन्। अ.न.मी. दिदीले उहाँ बिदामा हुनुहुन्छ भन्नुहुन्थ्यो। त्यसपछि हामी गलकोट उ.मा.वि.मा पुग्यौं। श्रोत शिक्षक उमाकान्त शर्माले ३ कक्षामा पढ्ने बहिरा विद्यार्थीको कक्षा अवलोकन गर्न अनुरोध गर्नुभयो। सांकेतिक भाषामा उनीहरुले आफ्नो परिचय र केयरटेकर माया चोखालले सोध्नुभएको प्रश्नको उत्तर दिए। हामीले पहिलोपटक सांकेतिक भाषाको पढाई हेर्ने मौका पायौं। श्रोत शिक्षक शर्मा अरु विद्यार्थीलाई भन्दा यिनीहरुलाई बढी मेहेनत गरेर पढाउनुपर्छ तर तलब भने कम छ भन्दै गुनासो पोख्दै हुनुहुन्थ्यो।

गलकोट उ.मा.वि. बाट हामी बेलुकी बसेको होटलमा आयौं । खाना खाएर बाटो लाग्यौं । तोरी खोला हटिया छेउमै रहेको दरम खोलामा मिसिंदो रहेछ । हामी दरम खोलाको किनारै किनार हिंड्यौं । ठाडो ओडार, मल्म, हरिचौर, बाँसखोला गलेंग, दिस हुँदै हामी रिघा ७, मनेया पाटन आइपुग्यौं । यसक्रममा हामीले ठाउँ ठाउँमा डोजरले बाटो फराकिलो बनाइरहेको, बीच बीचमा झोलुंगे पुल र गाउँबस्तीका दृश्यहरु अवलोकन गर्न पाएका थियौं । यस पाटनमा हामी बसेको होटलकी दिदीले यस वडामा केही घर दलितका भएपनि मगरहरुको बस्ती बाक्लो छ भन्नुभयो । हामी अध्ययन र भोजनपछि रात्री विश्राममा जुट्यौं ।

२०६६ पुस १: बिहान रिघाको मनेया पाटनबाट हिंडेर हामी खर्बाङ्ग बजार आयौं । दगातुम्डाडा गा.वि.स. मा पर्ने यो बजार बाग्लुंग, बुटवल, गुल्मी र बुर्तिवांगको नाका रहेछ । दरम खोला र बडीगार्ड यसकै पुछारमा जोडिंदा रहेछन् । कच्ची बाटो जीप चढेर पुगिने बाग्लुंगको दोश्रो बजार बुर्तिवांगमा सेवा केन्द्र छन्, स्थानीय पत्रकार कमल पौडेलले भन्नुभयो । उहाँले ग्रामीण भेगमा समाचार संकलन गर्न जाँदा आर्थिक कठिनाई भोग्नुपरेको दृष्टान्त प्रस्तुत गर्नुभयो । समाचार र रिपोर्ट बजाएपछि रेडियोले दिने पारिश्रमिकभन्दा फिल्डमा खट्दा हुने खर्च बढी छ यति हो नामका लागि पत्रकारिता गरिएको छ पौडेलको गुनासो थियो ।

बुर्तिबांग, ढोरपाटन शिकार आरक्ष, प्यूठान, रुकुम, रोल्पातिरको पनि नाका रहेको जानकारी पनि हामीले पायौं । बडीगार्ड खोला नदीमा नुहाई धुवाई गऱ्यौं । भिजन गेस्ट हाउसमा आएर बिहानी खाना खायौं । त्यसपछि अध्ययनन लेखनमै व्यस्त रह्यौं ।

२०६६ पुस २: हामी बिहान उठेदेखि बेलुकी ८ बजेसम्म नै लेखनमा जुट्यौं । बीचमा केही समय भाँडा माझ्केको ८ वर्ष भयो भन्ने साना भाईहरुसँग पनि केहीबेर बोल्यौं । पढ्ने गरेको छ कि छैन ? भन्दा ४ कक्षामा पढ्छु भनेर भाईले जवाफ दिएपछि हाम्रो अरु कुराकानी हुन पाएन । हो, आजैको रात बाग्लुंग बसाईको अन्तिम रात र भ्रमण पनि अन्तिम हुँदैछ । भोली बिहानदेखि गुल्मीको यात्रा ।

बाग्लुंग यात्राका क्रममा प्राप्त नगद सहयोग

होमराज विष्ट (जि.कृ.वि.)	रु. २००/-
जिल्ला हुलाक कार्यालय	रु. २००/-
धौलागिरी एफ.एम.	रु. २००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

आवाज विहिनहरुका लागि आवाज भनेकै पत्रकार हुन् । - भरत पौडेल (प्र.जिअ.), जिल्ला प्रशासन कार्यालय
सञ्चार उपभोक्ताहरुले पत्रकारिताका विषयमा विभिन्न कोणबाट प्रश्न उठाइरहेको सन्दर्भमा सकारात्मक पत्रकारिताको उद्घोष नै महत्वपूर्ण कार्यको थालनीको रुपमा लिनु पर्दछ । - हरिनारायण गौतम (अध्यक्ष), नेपाल पत्रकार महासंघ
दुःखभित्र सुख खोज्ने अठोटलाई सलाम । - संगम घर्ती मगर, सयपत्री एफ.एम.
विश्व नागरिकको यो स्वार्थ पूरा होस् । - रामकृष्ण शर्मा (स्टेशन म्यानेजर), धवलागिरी एफ.एम.
जहाँबाट सक्छौं प्रेस स्वतन्त्रताका लागि लडिरहौं । - भाषा शर्मा (सहसम्पादक), जागरण दैनिक
विश्व मानवजातिका लागि केही गर्नैपर्छ । - लक्ष्मी परियार, सयपत्री एफ.एम.
पत्रकारिता गर्न चाहिने साधना, सीप, ज्ञान र परिश्रम उत्पन्न गर्नु । - मुकेशचन्द्र राजभण्डारी (सचिव) नेपाल पत्रकार महासंघ
पत्रकारिताको गन्तव्यलाई सहज र सरल बनाओस् । - कमल पौडेल, दगातुम्डाडा ६
यात्रा अनुभव विश्वजगतलाई जानकारी गराउनु । - याम बहादुर थापा, रासस अञ्चल प्रमुख धवलागिरी
आजको आवश्यकता सकारात्मक सोच अनि सकारात्मक परिवर्तन ।
- मनकुमारी के.सी. (अध्यक्ष), आर्दश सञ्चार सहकारी, गंगा शर्मा (कोषाध्यक्ष), बुद्धिजिवी परिषद्
स्वतन्त्र एवं सकारात्मक प्रेसको वातावरण सिर्जाओस् । - ज्ञानेन्द्र गौतम (स्टेशन म्यानेजर), बागलुङ्ग एफ.एम.
पत्रकारिता मजबुत बनाउने यात्रा शुभ होस् । - सुवास आचार्य र उपेन्द्र थापा, सयपत्री एफ.एम.
विश्वभ्रमण पछि राष्टसेवामा समर्पित हुनु । - कमल लामिछाने, जिल्ला हुलाक कार्यालय
स्वतन्त्रताको विगुल फुक्न सफलता मिलोस् । - हेमराज विष्ट (वरिष्ठ कृषि विकास अधिकृत)
साहसिक भ्रमण पूर्णरुपमा सफल रहोस् । - बद्रीप्रसाद पौडेल (शाखा अधिकृत), जिल्ला हुलाक कार्यालय
राजनीतिक पार्टी लगायत अन्य सबै पक्षलाई सचेत र जागरुक गराउन समेत प्रेरणा मिलोस् ।
- प्रकाश शर्मा पौडेल (सचिव), नेपाली कांग्रेस
महान् विचारको कार्यले सफलता पाओस् । - त्रिलोचन गिरी (जुनियर इञ्जिनियर) बागलुङ्ग नगरपालिका
समाजका लागि महान् लक्ष्य सफल होस् । - कृष्ण के.सी. पाला २, खहरे
समस्यालाई सजिलै समाधान गर्ने साहस प्रदान होस् । - बुद्धिबल चालिसे, खर्बाङ्ग बजार

५१ औं जिल्ला गुल्मी डायरी

२०६६ पौष ३ गतेः विहान ८ बजे हामीले बागलुङ्गको दगातुम्डाँडा गा.वि.स. को खरबाङ्गबाट दरमा खोलाको पुल तरेर गुल्मीको वामी टक्सारबाट ५१ औं जिल्ला गुल्मी भ्रमण सुरु गऱ्यौं। वामी टक्सार गुल्मीको प्रमुख मध्येको एक बजार रहेछ। वा को अर्थ धान र मी को अर्थ बेच्नु भन्ने हुन्छ, भन्नुभयो, श्रेष्ठ स्टेशनरीका प्रोपाइटर मोहनलाल श्रेष्ठले। पहिले धान बेच्ने स्थान भएकाले नै वामी भनेर नेवारी भाषाबाट नामाकरण गरिएको रहेछ। त्यसैगरी पहिले मुद्रा (टक) काट्ने ठाउँ भएकाले टक्सार। यस भनाईको पुष्टि गर्ने आधार यहाँ भएका फाँटिला खेतीयोग्य जमीन हुन्। वामी टक्सारमा नयाँ प्रविधिबाट नेपालको पहिलो दरमखोला लघु जलविद्युत् आयोजना निर्माण भएको हो भन्ने जानकारी पनि हामीलाई श्रेष्ठले दिनुभयो।

संक्षिप्त परिचय

क्षेत्रफलः १,१४९ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ७९ वटा, निर्वाचन क्षेत्रः ३, सदरमुकामः तम्घास, अञ्चलः लुम्बिनी, विकास क्षेत्रः पश्चिमाञ्चल

भौगालिक अवस्थितिः पूर्व स्यांगजा र पर्वत, पश्चिम प्यूठान, उत्तर बागलुंग र दक्षिण पाल्पा र अर्घाखाँची जिल्ला।

जातजातिः बाहुन, क्षेत्री, मगर, कामी, सार्की, दमाई, कुमाल, नेवार, सन्यासी, ठकुरी आदि।

पर्यटकीय स्थलः रेसुंगा तपोभूमि, रुरु क्षेत्र, आँपचौर कोटेश्वर गुफा, वस्तुविचित्र गुफा, रुद्रवेणी राम मन्दिर क्षेत्र, श्रृंगीश्वर तपोभूमि (बलेटक्सार), पुर्कोट दह, ऐतिहासिक दरबारहरु, होपुरे लेक अगलुंग, शालिमे दह कुर्घा, पूर्तिघाट आदि। (साभारः जि.वि.स. सामाग्री)

वामी टक्सारमै भेट हुनुभएका शिक्षक महेश्वर घिमिरेसँग हामीले केहीबेर कुराकानी गऱ्यौं। बजार क्षेत्र हेर्दै हामी वामी टक्सार हेल्थ पोष्ट अगाडि आयौं। हेल्थपोष्ट इन्चार्ज नारायणप्रसाद सापकोटाले यो गा.वि.स. मा सापकोटाको बाहुल्यता रहेको जानकारी दिनुभयो। मेडिकल सञ्चालक अग्निधर लोहनीले यस क्षेत्रमा पत्रपत्रिका आइनपुग्ने बताउनुभयो। गुल्मी, पाल्पा र अर्घाखाँचीका रेडियोहरु सुनिन्छन् र केवल लाइनबाट टी.भी. हेर्न सकिन्छ, स्थानीयवासीहरुले हामीसँगको कुराकानीमा बताए। वामी प्रहरी चौकीका इन्चार्ज रामबहादुर बानियाँले नास्ताको प्रबन्ध मिलाउनुभयो। क्याम्पसस्तरको पढाई पनि वामी टक्सारमा हुन थालेको रहेछ।

वामी टक्सारबाट बडीगाड (रुद्रावती) नदीको किनारै किनार हामी अगाडि बढ्यौं। पारीपट्टिको भूभाग मुसीकोट गा.वि.स. को पर्दो रहेछ। नदीको वेगसँग तरंगित हुँदै ठाउँ ठाउँमा गाडीले उडाएको धुलो स्वीकार गर्दै रह्यौं हामी। पर गाडी आएको देख्नासाथ हामी व्यंग्य गर्दै शतुर आयो अब भन्थ्यौं, हाँस्थ्यौं र तर्किन खोज्थ्यौं, धुलोदेखि। कुर्घा गा.वि.स.को भूभाग प्रवेश गर्नासाथ एउटी दिदीले के वेपार ल्याउनुभो ? भनेर सोध्नुभयो। हामीले विश्वभ्रमण गर्न हिंडेको भन्यौं। उहाँले आफैं खर्च गरेर ? भन्नुभयो। हामीले अरुले सहयोग गर्छन् खर्च आफैं गर्छौं भन्यौं। नजिकै रहेकी अर्की दिदी बोल्नुभयो, अरुले सहयोग गर्छन् भने त घुम्न के गाऱ्हो भयो र ? घुमेर खान पाइने भए को काम गर्ने, म पनि घुम्ने थिए नि ? हामीले भन्यौं, पाइदो रहेछ त दिदी। लौ त त्यसो भए, दुवै दिदीको जवाफ आयो। हामी अगाडि बढ्यौं।


वामी टक्सार

बाटामा हामीले जुम्ला सिंजा क्षेत्रका २ बन्धुलाई भेट्यौं। उनीहरु गलैंचा काँधमा बोकेर बेच्न हिंडेका रहेछन्। हामी पनि सिंजा क्षेत्र जुम्ला भ्रमणका दौरानमा पुगेका थियौं। एकजना पाण्डवगुफा ३ का शिवशंकर काफ्ले र अर्का नराकोट २ का हरि शर्मा हमाल हुनुहुँदो रहेछ।

कुर्घा गा.वि.स.को भुवाचिदीमा हामीले विहानी खाना खायौं। घिमिरे होटलकी साहुनीले भन्नुभयो, २०५२ सालतिर कुखुराको मासु पकाउन गाऱ्हो लाग्थ्यो, अण्डा, मासु लुकाएर ल्याउँथे। बाहुनी भएर के गर्न लागि भन्छन् भनेर लाज लाग्थ्यो। तर, अहिले त्यस्तो लाग्दैन, आफैं खाइन्छ। यो गाउँ पारी बडागाउँ गा.वि.स. को भूभाग पर्दछ।

भुवाचिदीबाट हामीले पुनः यात्रालाई निरन्तरता दियौं। मालिका खोलाबाट आँपचौरको भाग सुरु भयो। इन्द्रेगौंडा बजार आइपुग्ने बेलामा हाम्रो नजर शान्ति फाइन टेलर्समा पऱ्यो। बाबुराम परियारले हाम्रो झोला र पाइण्ट मर्मत गरिदिनुभयो। तर शुल्क

लिन मान्नु भएन । चियाको व्यवस्था गर्नुभयो । त्यहाँ उपस्थित आँपचौर ७ का खेमराज अर्याल र गोपाल वि.क. लगायतसँग पनि हाम्रो केहीबेर कुराकानी भयो ।

बडी गार्डसँगै इन्द्रेगौंडा

तलबाटै माथि डाँडामा रहेको राधाकृष्ण मन्दिर निकै आकर्षक देखियो । हामी इन्द्रे गौंडा बजारबाट उकालो हिंडेर मन्दिर परिसर आयौं । तल कलकल बग्दै गरेकी बडीगाड (रुद्रावती), पारीपट्टिका गाउँबस्ती डाँडा थुम्का थुम्की अनि चारैतिरका रमाइला दृश्यहरुले हाम्रो थकानलाई बिर्साइदियो । सो मन्दिरका कोषाध्यक्ष योगप्रसाद भण्डारी र उहाँकी श्रीमतीले हामीलाई आज मन्दिरमै बस्न आग्रह गर्नुभयो । रुद्रवेणीदेखि बाग्लुंग सिमानासम्मका विभिन्न ठाउँमा मन्दिरहरु निर्माण गर्ने कार्य स्वामी परमानन्द गुरुको पहलमा भएको हो, कोषाध्यक्ष भण्डारीले भन्नुभयो ।

साँझ मन्दिरमै हामीलाई सेवक लेखनाथ (लोकनाथ) अर्यालले प्रसादी बनाएर खुवाउनुभयो । उहाँसँग निकै हाँसो ठट्टाका साथ रमाइला कुराकानीहरु भए । सन्दर्भ थियो, हामीले तरकारी काट्ने कुरालाई मन्दिरमा सुधार्ने भन्नुपर्छ भनेर उहाँले सिकाउँदा सिकाउँदै पनि बिर्सेर काँट्नु नै भन्नु । त्यस्तै सागलाई मसिनो पारेर सुधार्दा र मिची मिची पखाल्दा भिटामिन जान्छ भन्छन्, यसको बारेमा तपाईंको भनाई के छ ? भनेर हामील सोध्दा आधा गएपनि आधा त रहि हाल्छ नि भन्ने हाँसो उठ्दो जवाफ अर्यालले दिनुभयो । त्यस्तै भगवान्ले बनाइ दिएको नसा काटेर परिवार नियोजन गर्दा अपांग बनिन्छ, भन्नुभयो । पहिले पहिले अपांग बनिन्थ्यो होला तर अब यस्तो सोचाईले हुँदैन, हामीले भन्यौं । उहाँले हामीलाई राम राम, शिव शिव वा कृष्ण कृष्ण मन मनै जपी हिड्दा यात्रा सफल हुन्छ भन्नुभयो । हामी ९ बजे सुत्यौं ।

२०६६ पौष ४: बिहान आँपचौर ६ मा अवस्थित राधाकृष्ण मन्दिरबाट हामी उठेर हिंड्यौं । सालघारीको बाटो उकालो हिंडेर केही माथि पुग्यौं । र आँपचौर तल्ला फाँटतिर ओरालो झर्यौं । बाटामा आँपचौर ४, तल्लाफाँटका गोपालप्रसाद भट्टराई र एक शिक्षकसँग सामान्य कुराकानी गरियो । हामी कफी विकास केन्द्र आँपचौर तल्लोफाँटको कार्यालयमा आयौं ।

कार्यालय प्रमुख महाप्रसाद पौडेलले कफी फाराम देखाउँदै यस खेतीबारे जानकारी गराउनुभयो । उहाँले दिएको जानकारी अनुसार नेपालमै पहिलोपटक वि.सं. १९९५ मा आँपचौर १ निवासी हीरा गिरीले वर्माबाट कफीको विरुवा ल्याएर आफ्नो बारीमा रोप्नुभएको हो । नेपालका ३०, ३५ जिल्लामा अहिले व्यावसायिक रुपमा कफी खेती सुरु गरिएको छ । यो नगदे बाली हो । यसको बेर्ना तयार गर्न डेढ वर्ष लाग्छ भने विरुवा रोपेको ३ वर्षपछि दाना फल्न थाल्छ । दानालाई सुकाएर बोक्रा उप्काइन्छ र फब्लेटालाई धुलो बनाएर प्रयोग गरिन्छ ।

आँपचौर गा.वि.स. मा खराल थरका मानिसको बाहुल्यता छ । हामी तल्लाफाँटबाट हिंड्दै तुरांग १, मझुवा बजार आयौं । तुरांगमा अर्याल थरका मान्छेको बाहुल्यता रहेको स्थानीय व्यापारी इन्द्रमणि अर्यालले बताउनुभयो । त्यहाँबाट हामीले बडी गार्डको झोलुंगे पुल पार गर्‍यौं ।

ठाडो उकालो चढ्यौं । जुभुंग गा.वि.स. को फोक्सीबास उर्लाकोट हुँदै हामी हटिया बजार आइपुग्यौं । हटिया बजार छिर्नासाथ मान्छेहरुले पल्याक् पुलुक् हामीलाई हेर्न थाले । हामीले आफ्नो परिचय दियौं । त्यसरी हेर्नुको कारणचाहिं अस्ति राती एक होटलमा बास बसेका मान्छेले लुटपाट गरेर भागेका रहेछन् । त्यसबाट स्थानीयवासी त्रसित बनेका छन् । हामीले आफ्नो लक्ष्य योजना बताएपछि उनीहरु विश्वस्त भए । अहेब बुद्धि बहादुर ज्ञवालीले सञ्चारमाध्यमबाट द्वन्द्वलाई बढावा दिने सामाग्रीहरु भन्दा शान्तिपूर्ण तवरबाट समाज रुपान्तरण गर्ने खुराकहरुलाई प्राथमिकताका साथ प्रकाशन प्रसारण गर्नुपर्ने धारणा राख्नुभयो । हामीले स्थानीय एक होटलमा बसोबास गर्‍यौं ।

२०६६ पौष ५: बिहान हटियाबाट हामी रेसुंगा क्षेत्रका लागि प्रस्थान गर्‍यौं । झिरबास हुँदै उकालो लाग्यौं । झिरबास शिरमा रहेको एउटा मन्दिरबाट हामीले गोरेटो बाटो समायौं । माथि जंगलमा आएपछि बाटो हरायो । बुट्यान घारीमा छिर्न गाऱ्हो भयो । भीरजस्तो ठाउँबाट विभिन्न बुट्टा समाउँदै हामी माथि निस्किइ छाड्यौं । लुगामा कुरो पनि हामीसँगै जान्छु भनेर खुब टाँसियो, हा...हा...हा..। आखिर केही समय हिंडेपछि हामी मूल बाटोमा निस्कियौं । अघि केही समय दुःख गरेर हिंड्नु परे पनि रोड भेटेपछि सजिलो भयो । आखिर जीवन भनेकै यही न हो । दुःख पर्दा नआत्तिकन स्वीकार गरेपछि सुख अवश्य आउने रहेछ ।

यहाँ एक सरो रोड खनिएको रहेछ । घुम्तीमा हामी छोटो बाटो पहिल्याउँदै हिंड्यौं । बिहान १०:३० बजे रेसुंगा पोखरीमा आइपुग्यौं । त्यहाँ धर्मशाला र मन्दिर निर्माणाधीन छन्। ८२ वर्षिय पीठाधीश शालिकराम मरासिनीले हामीलाई रेसुंगाको बारेमा जानकारी दिनुभयो । रेसुंगा क्षेत्र प्रसिद्ध तपोभूमि रहेछ । रुरु रेसुंगा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति गुल्मीद्वारा प्रकाशित ब्रोसरमा दिइएको परिचय यस्तो छः रिडीबाट ४५ किलोमिटर कालोपत्रे बाटो उत्तरतर्फ लागेपछि गुल्मी जिल्लाको सदरमुकाम तम्घास पुगिन्छ । सदरमुकामबाट पूर्व, उत्तरतर्फ रेसुंगा पर्वत देखिन्छ। यसको ठीक सामुन्नेमा जुम्ल्याहा भाईजस्तै गरी यस क्षेत्रको सौन्दर्य बढाउन अर्जुन पर्वत खडा भएको छ। रेसुंगा क्षेत्र ३४ सय हेक्टर भूमिमा फैलिएको छ ।

रेसुंगा यज्ञशाला

रुरु र रेसुंगाको धार्मिक अन्तरसम्बन्ध छ । ऋषिमुनि, तपस्वी, योगी तथा सन्तहरु गर्मी याममा रेसुंगा क्षेत्र र जाडो याममा रुरु क्षेत्रमा बस्ने गर्दथे । पौराणिक समयमा ऋष्य श्रृंग ऋषिले रेसुंगामा तपस्या गरेका थिए । उनै ऋषिको नामबाट रेसुंगा नामाकरण भएको जनविश्वास रहीआएको छ। इतिहासमा स्वामी शशीधर, महाप्रभु लक्ष्मीनारायण, ठाकुरप्रसाद यदुकानन्द आदिले रेसुंगा क्षेत्रमा तपस्या, यज्ञ एवं यज्ञादि गरेको भेटिन्छ। स्वामी शशीधरले जोशमनी सन्त सम्प्रदायको प्रार्दुभाव यही रेसुंगामा बसेर गरेका थिए । यो प्रगतिशिल विचार नेपालभर भारत, भूटान, बर्मा लगायत एशियाका अन्य देशमा समेत फैलिएको थियो ।

शशीधर, लक्ष्मीनारायणसँग सम्बन्धित क्रमशः विष्णुपादुका शिवालय र यज्ञशाला मन्दिर रेसुंगामा रहेका छन् । यहाँ श्रावण महिनाभर मेला लाग्दछ । रेसुंगामा लक्ष्मीनारायणले पोखरीको निर्माण गरी आर्यवर्तका समस्त तीर्थस्थलको जल ल्याई यस पोखरीमा मिसाएकाले उक्त पोखरीमा नुहाएपछि नेपाल तथा भारतका धेरै नदीमा स्नान गरेको पुण्य प्राप्त हुन्छ भन्ने भनाई छ ।

नेपालका तत्कालीन शासकहरु रणबहादुर शाहदेखि जुद्धशमशेर सम्मका राजा तथा राणाहरु कुनै न कुनै रुपमा रेसुंगाका स्वामी सन्त तथा महाप्रभुहरुबाट प्रभावित भएको पाइन्छ ।

रेसुङ्गा क्षेत्र धार्मिक, ऐतिहासिक दृष्टिबाट नभई प्राकृतिक सौन्दर्य, जैविक विविधता र पर्यटकीय दृष्टिबाट समेत महत्वपूर्ण छ । यस क्षेत्रमा जडीबुटी जंगल जलश्रोत र जंगली जनावरहरु पाइन्छन्। यस क्षेत्रसँग जोडिएका ११ गा.वि.स. तथा नजिकका अन्य धेरै गा.वि.स. वासिन्दाहरुले जडीबुटी जंगल र जलश्रोतको फाइदा लिएका छन्। रेसुङ्गाको पानी ३१ किलोमिटर टाढा बलेटक्सार र बम्धा गा.वि.स. का जनताले समेत प्रयोग गरेका छन्। रेसुंगा क्षेत्रको नजिकै वस्तु गा.वि.स. मा विचित्र गुफा रहेको छ ।

हामी पोखरी आसपासको दृश्वावलोकन गरेर यज्ञशालातर्फ उकालो लाग्यौं । ढुंगा छापेको बाटो जंगल भित्रको दूरी पार गर्दै यज्ञशाला आइपुग्यौं । त्यतिबेलासम्म हामीले खाना खाएका थिएनौं । बीचमा पसलहरु केही नभेटेकाले भोक लागेर टर्न आटेको थियो। यज्ञशालाकै रेखदेखमा रहनुभएका बलीथुम २ टारी गुल्मीका लक्ष्मण गौतमले हामीलाई खाना पकाएर खुवाउनुभयो । बीच बीचमा मान्छेहरु आइरहेका देखिन्थे । आज, भोली र पर्सी माओवादीले राष्ट्पतिको असंवैधानिक कदम सच्याएर नागरिक सर्वोच्चता कायम गर्नुपर्ने मागसहित आम हड्ताल (नेपाल बन्द) को घोषणा गरेको छ । त्यसकारण पनि हुनुपर्छ गाउँघरका मान्छेहरु मन्दिर दर्शन गर्न आएका । सायद, यही होला समस्याको सदुपयोग भनेको ।

गुल्मी लगायत अन्य जिल्लाबाट आएका दर्शनार्थीहरुसँग पनि हाम्रो कुराकानी भयो । विश्वभ्रमणबारे उनीहरुले जिज्ञासा राखे । र, भ्रमण सफलताको कामना गरे । बाँकी समय हामीले अध्ययनमा व्यतित गर्‍यौं । साँझ खाना खाए पश्चात् तर्दथानन्दजीसँग हाम्रो कुराकानी भयो । उहाँले हामीलाई आध्यात्मिक बाटो अपनाएर यात्रा गरेमा सफल हुन सकिन्छ भन्नुभयो । साथै तपाईंहरुसँग भएको सकारात्मक ऊर्जा घनीभूत छ, यसलाई बढावा दिँदै देशमा शान्ति स्थापनार्थ सहयोग पुर्‍याउनु होला भन्ने सुझावसहित शुभेच्छा प्रकट गर्नुभयो । हामी निद्रादेवी शरणमा पर्‍यौं ।

२०६६ पौष ६: बिहान उठेर हामीले रेसुङ्गा क्षेत्रको तपोभूमिमा ध्यान गर्‍यौं। ७ बजे घाम झुल्किसकेका थिए। हामी दृश्यावलोकनका लागि बाहिर निस्कियौं । छाना र चौरलाई तुषारोले छपक्क ढाकेको थियो । त्यहाँ पानीको अभाव रहेछ । तलबाट डोकामा बोकेर ल्याउनुपर्ने । हुन त वर्षायामको पानी जम्मा गर्ने घैंटा छन् । तर घैंटामा पानी निथ्रिएको रहेछ । घाम लागेपछि जस्ताबाट तुषारो पग्लिएर झर्न थालेको थियो, भाँडोमा थाप्दा केही पानी जम्मा पनि भयो ।

हामी भ्यू टावर गयौं । तुवाँलोले अवरोध गरेको भएपनि तलको तम्घास बजार, गाउँ बस्ती अनि नजिकका हिमशृंखला नराम्रो देखिएन । कलिलो घामको तापसँगै दृश्यावलोकन गर्दा निकै आनन्द आयो । यहाँबाट मौसमले साथ दिए भारतको लखनउसम्म देखिने जानकारी पनि हामीले पाएका छौं । हामी भ्यू टावर पश्चात् मन्दिरहरु अवलोकन गरेर पुन: यज्ञशाला फर्कियौं । खाना खाएर डायरी लेख्यौं । सेवक लक्ष्मण गौतमले नेपालमा पत्रकारहरुलाई सौतेनी व्यवहार गरिएको छ भन्दै प्रेस स्वतन्त्रता संसारका मानवसँग जोडिएको विषय हो भन्नुभयो । भ्रमण सफलताको शुभकामना समेत उहाँले दिनुभयो । त्यही भेटि्टनु भएका बूढा मान्छे टीकाराम गौतम हामीले डायरीमा लेखेको देखेपछि मेरो पनि नाम लेखिदिनु होला भन्दै हुनुहुन्थ्यो ।

रेसुंगा क्षेत्रलाई व्यवस्थित गर्न स्थानीयवासी, राजनीतिक दल, नागरिक समाज, सरकार सबैको ध्यान पुग्न अत्यावश्यक छ । किनभने यो क्षेत्रमा धार्मिक हिसाबले मात्र नभई प्रकृतिप्रेमी स्वदेशी विदेशी जोसुकैका लागि पनि उपर्युक्त वातावरण छ ।

९:३० बजे हामी यज्ञशालाबाट बाहिरियौं । तर्दथानन्दजीले टीका लगाएर प्रसादी दिँदै भन्नुभयो, दु:ख परेको बेला यज्ञशालाको ऊर्जा स्मरण गर्नुहोला । हामी जंगलको ओरालो बाटो झर्‍यौं । बीच जंगलमा ५, ६ जना केटाहरु आगो बालेर मनपरी कुराकानी गरिरहेका थिए । मादकपदार्थमा लठि्ठएका उनीहरुको कुरा हामी सुनेको नसुन्यै गरेर हिंड्यौं । लक्का जवानहरु सम्भवत: दैनिक भइरहेको बन्दको कारणले पनि चिन्तित भएर यस्तो बाटो अपनाइरहेका होलान् कि ? केही तल झरेपछि पौष महिना भएपनि हरियाली खेतबारीसँगै रमाइलो तम्घास बजार देखा पर्‍यो । कुराकानी गर्दै अनि बजारको दृश्ययावलोकन गर्दै हामी हिडिरह्यौं ।

बजार आइपुग्नै लाग्दा हामीले नेपाल पत्रकार महासंघ गुल्मी अध्यक्ष जनार्दन घिमिरेलाई फोन गर्‍यौं । रेसुंगा मञ्चको चौरमा अध्यक्ष घिमिरे, उपाध्यक्ष नवराज भुषाल एवं तारा भुसालसँग हाम्रो भेट भयो । उहाँहरुले स्टार होटलमा हाम्रो बसोबासका लागि फोनबाटै प्रबन्ध मिलाइ दिनुभयो । हामी महासंघका कार्यवाहक सचिव एवं रेडियो रेसुंगाका समाचार प्रमुख भरत पाण्डेयसँग रेडियो कार्यालय गयौं । त्यहाँ स्टेशन म्यानेजर मदन खनाल, कार्यक्रम संयोजक गोविन्द देवकोटा (जी.डी. जोन्स रियाज), महिला सञ्चारकर्मी गगनशीला खड्का, प्राविधिक विष्णु तिवारी रेडियोकर्मी नारायण पोखरेल लगायतसँग परिचय गर्‍यौं । १०६.२ मे.मा बज्ने रेडियो रेसुंगा एक सर्भेक्षणअनुसार देशकै छैठौं नम्बरको रेडियोमा परेको रहेछ । साथीहरुले त्यहाँ हाम्रो यात्रा अनुभव रेकर्ड गर्नुभयो ।

हामी स्टार होटलमा आयौं । नागरिक सर्वोच्चता कायम गर्न र संयुक्त सरकार गठनको मागका लागि भन्दै एकीकृत नेकपा माओवादीले आमहड्ताल गरेका कारण आज दोश्रो दिन पनि बजार बन्द नै छ । खानपिन गरेर हामीले टी.भी.मा समाचार हेर्‍यौं । निद्रादेवीको आग्रहलाई स्वीकार गर्‍यौं ।

२०६६ पौष ७: आज बिहान उठेर हामी तम्घास बजार भ्रमणमा निस्कियौं । यसक्रममा हामी तम्घासस्थान संयुक्त मन्दिर, ढुंगाउदिना, मिलनचोक, भीम चोक, नयाँ बजार, रेसुंगा बहुमुखी क्याम्पस रोड लगायतका ठाउँ डूल्यौं । एनेकपा माओवादीको बन्दका कारण तेश्रो दिन पनि बजार सबैतिर बन्द थियो ।

खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय गयौं । प्र.जि.अ. परशुराम अर्यालसहित अन्य कर्मचारीलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । प्र.जि.अ. अर्यालले गुल्मी जिल्ला प्रशासनमा राहदानी बनाउन आउने एक व्यक्तिबाट लाग्ने शुल्क बाहेक थप रु. २५ लिइने र त्यो पैसा पत्रकार महासंघका लागि जम्मा गरिदिने चलन रहेको हामीलाई जानकारी दिनुभयो । देशमा नेतापछि पत्रकारको स्थान भएकाले क्षमतावान् व्यक्ति यस पेशामा आउनु पर्ने धारणा उहाँले राख्नुभयो । प्र.जि.अ. अर्यालले भन्नुभयो, लेखेकै भरमा पत्रकारमाथि आक्रमण गरिनु हुँदैन, केही वर्ष पहिले सैनिकका मान्छे समेत प्रेस पास बोकेर हिंडेको मैले भेटेको छु । त्यसकारण सम्मानित र मर्यादित पत्रकारिता पेशामा रहेका विकृत पक्ष र गैरपत्रकार हटाउने तर्फ सबै लागि पर्नुपर्छ । जिल्ला प्रशासन कार्यालयको तर्फबाट उहाँले दिनुभएको शुभकामना पत्र लिएर हामी बाहिरियौं ।

हामीले नेपाल पत्रकार महासंघको कार्यालय पुगेर आफूले हासिल गरेका अनुभवहरु केही पत्रकार साथीहरु माझ सेयरिङ गर्‍यौं । त्यसपछि जि.वि.स. को कार्यालय पुग्यौं । स्थानीय विकास अधिकारी नरेशकुमार चापागाईंले योजना अुगमसन तथा प्रशासकीय अधिकृत भक्ति मरासिनीलाई भेट्न भन्नुभयो । अधिकृत मरासिनीले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिता राज्यका लागि अपरिहार्य छ भन्दै यसका लागि सरकार, प्रेस जगत् एवं सम्बन्धित

निकायहरुले उचित पहल गर्न आवश्यक रहेको धारणा राख्नुभयो। प्रेस क्षेत्रको विकासका निम्ति निर्भिक भएर लडिरहन र जुधिरहन प्रेरणा मिलोस् भनी उहाँले यात्रा सफलताको कामना गर्नुभयो। हाम्रो तम्घास बसाईको खर्च जि.वि.स.ले व्यहोरिदिने भएको छ।

हामी जिल्ला प्रहरी कार्यालय पुग्यौं। प्रहरी नायब निरीक्षक पदमप्रसाद सुवेदीले श्रीमान्हरु लाहुर जाने र आर्थिक समस्याले सताउने दुवै कारण महिलाहरुले आत्महत्या गर्ने गरेको बताउनुभयो। उहाँका अनुसार पुरुषभन्दा महिलाको संख्या नै आत्महत्या गर्नेमा बढी छ यहाँ।

जिल्ला प्रहरीबाट हामी बजारतिरै लाग्यौं। चिन्तामणि निमकला भुसाल प्रतिष्ठानका अध्यक्ष नन्दराम भुसाल र सचिव ताराप्रसाद भुसालले मानवजातिको हितका लागि थालिएको यात्रा ईश्वरको शक्तिका कारण पुरा हुने आशा व्यक्त गर्दै सफलताको कामना गर्नुभयो। हामी उहाँहरुसँग छुट्टिएर १ घण्टा साइबरमा बस्यौं। साँझ हामी हिजो बसेकै होटल आयौं। खाना खायौं। ८ बजेको उज्यालो ९० नेटवर्कमा हामी गुल्मी आइपुगेको खबर बजेछ। त्यही खबर बजेको सुनेर केही जिल्लाबाट साथीहरुको फोन आयो।

२०६६ पौष ८: बिहान उठेर हामी केही समय अध्ययन, लेखनमा नै व्यस्त रह्यौं। ८:३० बजे बजार घुम्दै जिल्ला प्रशासन कार्यालय अगाडिको चोकमा पुग्यौं। त्यहाँ नेकपा एमाले जिल्ला कमिटी सदस्य डिल्लीराम भुसाल, नेपाली काँग्रेसका जिल्ला कमिटी सचिव फडीन्द्र भण्डारी, राप्रपा जिल्ला सदस्य हिमबहादुर बोहोरा, प्रेस चौतारी गुल्मी अध्यक्ष हरिप्रसाद पोखरेल, नेपाल प्रेस युनियन जिल्लाध्यक्ष रेशम कुँवर लगायतसँग हाम्रो परिचय भयो। हामीले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं।

एमाले सदस्य भुसालले जिल्लामा पत्रिका चल्न नसक्नु अस्वस्थ प्रतिस्पर्धामा पत्रकारहरु चल्नु प्रमुख कारण हो भन्नुभयो। चौतारी अध्यक्ष पोखरेलले भने आर्थिक कारण मूल हो भन्नु भयो। त्यसपछि हामी पत्रकार महासंघको कार्यालय गयौं। त्यहाँ भेला भएका पत्रकार साथीहरुले वास्तविक समाचार लेख्न सुरक्षा नभएका कारण सेल्फसेन्सरसिप गर्नु परेको दुःखेसो पोख्नुभयो। यसतर्फ सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गराउन पत्रकारहरुबीच अझ दरिलो एकताको खाँचो हामीले पनि महसुस गरेका छौं। महासंघ अध्यक्ष जनार्दन घिमिरेले हाल गुल्मीमा रेसुंगा र रुरु एफ.एम. सञ्चालनमा रहेका छन् भने साप्ताहिक पत्रिका कहिले कहिले निस्किने र बन्द हुने अवस्था छ भन्नुभयो। हाल यहाँ कुनै पनि प्रकारका पत्रिका प्रकाशित भएका छैनन्। अध्यक्ष घिमिरेका अनुसार २०५८ सालदेखि गुल्मीमा व्यावसायिक पत्रकारिता आरम्भ भएको हो र अहिले गुल्मीमा पत्रकारिता पेशाबाट बाँच्नेको संख्या ३, ४ जनाभन्दा बढी छैन।

महासंघ कार्यालयबाट बाहिरिएर हामीले बिहानको खाना खायौं। त्यसपछि बजारमा एक चक्कर लगायौं। आजबाट बन्द खुलेकाले बजारमा उत्साहबर्द्धक चहलपहल देखिएको छ। रेडियो रेसुंगा कार्यालयमा भेट हुनुभएका दृष्टिविहीन प्रस्तोता रवि पोखरेलले आफूलाई दृष्टिविहीन भएकोमा कुनै पछुतो छैन भन्नुभयो। यसको कारणचाहिं मलाई मेरो परिवारले केही गर्न सक्दैन भनेर घरैमा थुनेर नराख्नु अनि लेखपढ हिंड डुलमा सहयोग पुऱ्याउनु हो, उहाँले भन्नुभयो।

हामीले तम्घास बजारलाई छोडेर श्रृंगाका लागि बस चढ्यौं। अचम्म! बसमा हामी दुवैलाई एकैसाथ गाऱ्हो, उकुसमुकुश र वाक्वाकी होला जस्तो भयो। यसअघि डोटी सिलगढी जाने क्रममा पनि यस्तै अवस्था सिर्जना भएको थियो। हामी बसबाट ओर्लेर रेडियो रुरु एफ.एम. ९४.८ मे. कार्यालय पुग्यौं। स्टेशन म्यानेजर युगराज बस्यालले नजिकैको एक होटलमा खाने बस्ने प्रबन्ध मिलाइ दिनुभयो। होटलमा रक्सीले मातेका मान्छे ठूटे अंग्रेजी छाट्दै थिए। मनमा जे-जे आयो त्यही बोलिरहेको पाइयो। हामी खाना खाएर सुत्न लाग्दा उनीहरुको अन्तराष्टियस्तरको तास प्रतियोगिता सुरु भएको थियो, हा...हा...हा...।

देश बिग्रनुमा नेताको मुख्य हात भएपनि यस्ता विकृतिको बढावा दिने केही मान्छेको भूमिकाले पनि निश्चितरुपमा सघाउ पुऱ्याएको छ। त्यसकारण जनतादेखि नेतासम्म सबैको मनमा सकारात्मक परिवर्तन हुन जरुरी छ। अन्यथा सुँगा रटाईझैं भन्ने गरिएको शान्ति, प्रगति र देशको विकास हुन सक्दैन।

२०६६ पौष ९: बिहान ७:३० बजे हामी रुरु एफ.एम. ९४.८ मे. कार्यालयमा गयौं। एफ.एम. परिवार युगराज बस्याल, देव थापा, चरामणी गैरे, श्रृजना कँडेल, चन्दा गैरे लगायतसँग हाम्रो परिचय र कुराकानी भयो। गुल्मी जिल्लाको सदरमुकामबाट २७ किलोमिटर टाढा श्रृंगामा यो रेडियो स्थापना गरिएको रहेछ। गाउँ बस्तीका आवाजहरु उठाउन यसले खेलेको भूमिकाका कारण स्थानीयवासीले दिने विज्ञापनकै भरमा चलेको छ, परिश्रम गरेपछि जुनसुकै ठाउँमा एफ.एम. चलाउन सकिन्छ, एफ.एम. सञ्चालक युगराज बस्यालले भन्नुभयो।

नेपालका अधिकांश सामुदायिक एफ.एम. हरु अरुले दिएको सहयोगको भर पर्ने र सञ्चालकहरुले आफू दुःख नगर्ने भएकाले सञ्चारकर्मीहरुलाई मारमा पारेका छन्। साँच्चिकै व्यवस्थापन गरेर रेडियो चलाउने हो भने कोही पनि मारमा पर्दैन। सबैले आफ्नो

परिश्रमको राम्रै फल पाउन सक्छन् भन्ने अनुभव स्यानेजर बस्यालले सुनाउनुभयो। यसरी रेडियो चलाउन सजिलो छ भनेर हामीसँग कुरा गर्नेमा फूलबारी एफ.एम. कैलालीका निर्देशक रेशम चौधरी पछि उहाँ हुनुहुन्छ। हुन त: सामुदायिकमा जस्तो दु:खेसो प्राइभेट रेडियोहरुले गर्दैनन्। बस्यालले भन्नु भएजस्तै सामुदायिक भनेर देखाउने अनि व्यक्तिगत लाभ लिने सञ्चालकहरुको व्यवहार त दोषी छैन ? किन प्राइभेटमा भन्दा बढी दु:खेसो उनीहरुको छ त ? यो सवाल खोजविनको विषय हुनैपर्छ भन्ने हामीलाई पनि लागेको छ।

गुल्मीका स्थानीय निकाय बफादार छैनन्, रेडियोलाई केही सहयोग पनि गर्दैनन्। पत्रकारको हक हितका निम्ति पत्रकार महासंघले पनि उचित भूमिका निर्वाह गर्न सकेको छैन, स्टेशन म्यानेजर बस्यालका गुनासा हुन् यी।

रुरु एफ.एम. को कार्यालय श्रृंगा जनता उ.मा.वि. परिसरमा स्थापित छ। यस उ.मा.वि. का प्रधानाध्यापक होमनाथ कँडेलले हामीलाई कार्यालयमा लानुभयो। शिक्षक शिक्षिका बीच औपचारिक परिचय र केहीबेर छलफल चल्यो। प्र.अ. कँडेलले मानिसमा वैचारिक र राजनीतिक स्वतन्त्रता हुनु आवश्यक छ, त्यसकारण म आफू पनि विद्यालय समय (१० देखि ४ बजे) बाहेक राजनीति गर्छु भन्नुभयो। यस विद्यालयको पढाई अर्न्तराष्ट्रिय स्तरसम्म प्रतिस्पर्धा गर्ने किसिमको बनाउने दाबी पनि उहाँले गर्नुभयो। उक्त परिचय र छलफल कार्यक्रममा उपस्थित माधव पौडेल, विकासचन्द्र अर्याल, कृष्णप्रसाद गौतम, मीना गौतम, हरिप्रसाद कँडेल, यज्ञमूर्ति कँडेल, भरत खरेल, डोलराज खनाल, मित्रप्रसाद कँडेल, सुमित्रा परियार, लक्ष्मी पौडेल, राधा बञ्जाडे, रेश्मा पौडेल, सुस्मिता अर्याल, सुरज पन्थ, पिताम्बर कँडेल, यज्ञमूर्ति कँडेल, पशुपति कँडेल, हरिप्रसाद कँडेल लगायत शिक्षक/शिक्षिकाले विश्वभ्रमण अभियान सफलताको कामना गर्दै हामीलाई अबिर लगाइ दिएर बिदाई गर्नुभयो।

हामी रिडी आइपुग्ने योजनाकासाथ हिंड्यौं। बलेटक्सार ६, श्रृंगेश्वर तपोभूमि परिसर आयौं। जंगलको बीचमा श्रृंग ऋषिले तपस्या गरेको ठाउँमा हामीलाई पनि आनन्दको अनुभूति भयो। तपस्वी विष्णु प्रसाद ज्ञवाली र पूजारी येदुनाथ शर्माका दम्पत्तिसँग हाम्रो कुराकानी भयो। त्यहाँ यज्ञशाला र मन्दिरहरु छन्। पूजारी बुवा आमाले हामीलाई प्रेमपूर्वक चिया पिलाउनुभयो। आज यहीं बसौं बाबुहरु भन्नुभयो। हामी अगाडि बढ्ने नै भएपछि उहाँहरुले हामीलाई आर्शिवादसहित चिया पिउनु है बाबुहरु भनेर रु. २० आमाले गोजीमा राखिदिनुभयो। उहाँहरुको बेशर्त प्रेमलाई धन्यवाद दिदै हामी बिदा भयौं।

श्रृंगेश्वर तपोभूमिबाट हामी बलेटक्सार बजार आयौं। खन्यारुख, फलाँटे, पानी टंक हुँदै रिडीतर्फ झर्‍यौं। पौष महिना रात परिसकेको थियो। जुनको ज्योतिमा हिंड्दै साँझ ७ बजे हामी रिडी आइपुग्यौं। स्थानीय होटलमा खाना खायौं। होटल परिवारका सदस्यसँग रमाइला कुराकानी गरेर सुत्यौं।

२०६६ पौष १०: बिहान उठेर हामीले सैलुनमा कपाल छाट्यौं। हामी बसेको होटलकी बहिनी रुरु ६, रिडीकी अस्मिता, भाई अमर पौडेल र आमासित हाम्रो थप कुराकानी भयो। उहाँहरुले हामीलाई मकै भुटेर खुवाउनुभयो। त्यसपछि भाई अमरसँग हामी रिडी क्षेत्र घुम्न निस्कियौं।

यसक्रममा हामीले रिडी बजार, रिडी र कालीगण्डकीको दोभान, मन्दिर, गुफा, देवदत्तको निर्माणाधीन मूर्तिको अवलोकन गर्‍यौं। भीरलाई खोपेर बनाइएको गुफाहरु हामीलाई निकै सिर्जनात्मक र आकर्षक लागे। रुरु क्षेत्रको परिचय रुरु रेसुंगा बुलेटिनमा यसरी दिइएको छ:


देवदत्तको निर्माणाधीन मूर्ति

रुरु रिडी क्षेत्र नेपालको करिब मध्य भागमा अवस्थित प्राचीन समयदेखि नै प्रसिद्ध तीर्थस्थल हो। यसको ऐतिहासिक एवं धार्मिक महत्व छ। यसको महिमा पुराण अनि शास्त्रहरुमा समेत गरिएको तथ्यले पनि यो ठाउँ पौराणिक काल देखिनै आकर्षक गन्तव्य स्थल रहेको पुष्टि हुन्छ। अघि भोट मधेश आवत जावत गर्ने प्रमुख नाका रहेको यो ठाउँ अहिले पनि यस क्षेत्रको प्रधान यातायातको गन्तव्य बनेको छ। नेपालका चार धाममध्येको एक धाम रुरु रेसुंगा क्षेत्र पुरातात्विक एवं सांस्कृतिक अवलोकनका लागि समेत दर्शनीय स्थल हो।

पवित्र कालीगण्डकी र रिडी नदीको संगम स्थल रहेको रुरु क्षेत्रलाई नेपालको वनारस पनि भनिने गरिएको छ। वनारसमा पाइने सम्पूर्ण विशेषताहरु यहाँ सहजै प्राप्त गरिने भएकाले यसो भनिएको हो। थुप्रै संख्यामा रहेका मठमन्दिर, बगैंचा र गुफाले यो धार्मिक आस्थाको केन्द्र रहिआएको छ। यसलाई पवित्र घाटको रुपमा समेत लिइने गरिएको छ। जहाँ गुल्मी, पाल्पा, स्यांगजा र अर्घाखाँचीका अधिकांश भागबाट दाह संस्कारका लागि मुर्दा ल्याउने गरिन्छ। शव ल्याउन नसक्नेले अस्थु ल्याएर (फूल) सेलाउने गर्दछन्। मृत्यू पूर्व आफन्तहरुलाई अन्तिम क्षणमा कसै कसैले

शरीरको आधा भाग नदीमा डूबाएर स्वर्ग जाने चाहना प्रकट गरेका हुन्छन् ।



रिडी रुरु क्षेत्रमा यातायात हुनु पूर्व मानिस आफैंले बोकेर वा घोडा खच्चडलाई सामान बोकाएर केही वर्ष अघिसम्म पनि लाने गरिन्थ्यो । गुल्मी, पाल्पा, अर्घाखाँची, र बागलुंगका अधिकांश भूभाग रिडी भएर नै सडक यातायातले जोडिएका छन् । रुरु पूग्न हाल हवाई मार्ग भएर आउँदा भैरहवा विमानस्थलबाट बुटवल, तानसेन हुँदै आउनुपर्ने हुन्छ । यस्तै सडकमार्ग भएर काठमाडौं बुटवल, तानसेन हुँदै रुरु आउन सकिन्छ । लुम्बिनीबाट ९६ किलोमिटर र तानसेनदेखि ३० किलोमिटर मात्र टाढा रहेको यस ठाउँमा आउनलाई सबै खाले नीजि, सार्वजनिक सवारी साधन भनेकै बेला पाउन सकिन्छ ।

रिडी घुम्ने क्रममा हाम्रो भेट पुण्य श्रेष्ठसँग भयो । उहाँले वर्तमान पत्रकारिता क्षेत्रमा वस्तुनिष्ठ सामाग्रीको अभाव छ भन्ने धारणा राख्नुभयो । सन्तुलित समाचार सम्प्रेषण हुन नसक्दा पत्रकारिता क्षेत्रको विश्वसनीयतामा प्रश्न उठ्ने गरेको छ उहाँले भन्नुभयो। रिडीमा राजधानी काठमाडौं र रुपेन्दहीतिरका पत्रपत्रिका आउँदा रहेछन् । बजार भ्रमण गरिसकेपछि हामीले खाना खायौं । यससँगै हाम्रो ५१ औं जिल्ला गुल्मी भ्रमण पनि अन्त्य भयो । अनि पाल्पा जिल्ला भ्रमण सुरु ।

गुल्मी यात्राका क्रममा प्राप्त नगद सहयोग

श्रृंगा जनता उ.मा.वि.	रु. ५०१/-
जिल्ला प्रशासन कार्यालय	रु. ५००/-
चिन्तामणि निमकला भुसाल प्रतिष्ठान	रु. ५००/-
श्रेष्ठ स्टेशनरी (वामी १)	रु. २००/-
महाप्रसाद पौडेल (कफी विकास)	रु. १००/-
श्रेष्ठ स्टेशनरी (वामी १)	रु. २००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

बन्दूक, ब्लेड र खुकुरीलाई आफ्नो मुख्य अस्त्र बनाएर कलम बोक्ने पत्रकारहरुको गला रेट्ने र आवाजहरुलाई सदाका लागि दबाउन खोज्नेहरुलाई एकपटक कलमको मसीको महत्व र त्यसले दिने शान्तिको पाठ पढ्न प्रेरित गर्न सकोस् । पत्रकारहरुको भेषमा रहेका छदमभेषीहरुलाई निरुत्साही गर्न यसले एउटा दरिलो सबक सिकाओस् ।

– जर्नादन घिमिरे (अध्यक्ष), भरत पाण्डेय (का.वा. सचिव), पत्रकार महासंघ

सम्पूर्ण पत्रकारिता क्षेत्र नै स्वतन्त्र हुनुपर्छ । – जी.डी. जोन्स रियाज (कार्यक्रम प्रमुख), रेडियो रेसुंगा

भ्रमणले मानिसलाई अझ बढी अनुभवी र विज्ञ बनाउँछ । – परशुराम अर्याल (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

पत्रकारका आक्रमणकारीहरुलाई कानूनी कठघरामा ल्याउन दबाब देओस् । – मदन खनाल (स्टेशन म्यानेजर), रेडियो रेसुंगा

प्रेस स्वतन्त्रताको पक्षमा सकारात्मक सन्देश । – गगनशिला खड्का, नयाँ पत्रिका संवाददाता

अप्ठ्यारोमा सहयोगका लागि सम्झनुहोला । – नारायण पोखरेल, रेडियो रेसुंगा

सहयोगका लागि हरकदम तत्पर छु । – अञ्जु ज्ञवाली, सञ्चारकर्मी

पत्रकारितामा उदाहरणीय अभियान बनोस् । – युगराज बस्याल, देव थापा, चुरामणी गैरे तथा रुरु एफ.एम. ९४.८ मे. परिवार

परिश्रमबाट नै सफलता हासिल हुन्छ । – अस्मिता पौड्याल, रुरु ६, रिडीबजार

राम्रो कुराहरु आफ्नो देशमा ल्याउनु पर्छ । – अमर पौडेल, रुरु ६, रिडी

पत्रकारिताका घातक पक्ष चिर्न भ्रमण सफल रहोस् । – महेश्वर घिमिरे, वामी १, पल्टार

हरेक जिल्लाको विषय समाजलाई प्रष्ट्याउनु । – मोहनलाल श्रेष्ठ, वामी टक्सार

प्रेसलाई अवरोध नगरौं । – खेमराज अर्याल, आँपचौर ७, इन्द्रगौडा

स्वतन्त्र प्रेसका समस्या पन्छाउन अनुरोध । – बाबुराम परियार, आपचौर ६, इन्द्रेगौडा

मानवताको फ्रिडमबारे सत्य तथ्य अवलोकन गर्नु । – लक्ष्मुमन गौतम, बलिथुम २, टारी

विश्व जनमानसमा तथ्य सन्देश प्रवाह गर्नु । – महाप्रसाद पौडेल, प्रमुख कफी विकास केन्द्र, आँपचौर

आमूल परिवर्तनका ईच्छाहरुले सफलताको सिंढी चुमुन् ।

– वसन्त श्रेष्ठ, तम्घास ४, गुल्मी, श्याम रसाईली, मक्रहर ६, काटनी रुपन्देही, शोभाकान्त पाण्डे रुपन्देही, जि.वि.स.

पत्रकारितामा निर्भिक भएर लडिरहनु । – भक्तिराम मरासिनी (योजना अनुगमन तथा प्रशासकीय अधिकृत), जि.वि.स.

हरेक पलमा ईश्वरको साथ मिलोस् । – नन्दराम भुसाल (अध्यक्ष) र तारा प्रसाद भुसाल (सचिव) चिन्तामणी निमकला भुसाल प्रष्ठिान, तम्घास

५२ औं जिल्ला पाल्पा डायरी

संक्षिप्त परिचय

क्षेत्रफल: १३६५९३ हेक्टर, गा.वि.स. संख्या: ६५ वटा, नगरपालिका: १ वटा, निर्वाचन क्षेत्र: ३, सदरमुकाम: तानसेन, अञ्चल: लुम्बिनी, विकास क्षेत्र: पश्चिमाञ्चल

भौगालिक अवस्थिति: पूर्व नवलपरासी, पश्चिम अर्घाखाँची र गुल्मी, उत्तर स्यांगजा, तनहुँ, गुल्मी, र दक्षिण रुपन्देही र नवलपरासी।

ऐतिहासिक पर्यटकीय स्थल: तानसेन दरबार, रणउजेश्वरी मन्दिर, अम्बरनारायण मन्दिर, रानीघाट दरबार (बौघागुम्बा), हृषिकेश मन्दिर, अर्गली दरबार, भैरवस्थान, श्रीनगर, गोरु काट्ने ऐतिहासिक ढुंगा (कचल गा.विस.), सिद्धपानी गुफा, विभिन्न दरबार, गुफा, ताल आदिले भरिपूर्ण जिल्ला।

२०६६ पौष १०: दिउँसोको २:१५ बजेको थियो। हामी गुल्मीको रिडी बजारबाट रिडी नदीको पुल पार गरेर ५२ औं जिल्ला पाल्पाको भूभागमा प्रवेश गर्‍यौं। अर्गली गा.वि.स. वडा नं. ९ मा अवस्थित हृषिकेश मन्दिर परिसर आयौं। रिडी र कालीगण्डकी नदीको दोभानमा टाउको नुहाउने र हात खुट्टा पखाल्ने कार्य गर्‍यौं। हृषिकेश मन्दिरमा पूजारी अरुणदेव भट्टराई, वटुकहरु देवप्रसाद सुवेदी, डिल्लीराज मरासिनी, लेखनाथ (मधु) सुवेदी, गणेश भण्डारी लगायतसँग हाम्रो कुराकानी भयो।

रुरु रेसुंगा बुलेटिनमा हृषिकेशको परिचय यस्तो छ: भगवान् हृषि केशवको भव्य मूर्ति रहेको हृषिकेश मन्दिर यस क्षेत्रकै प्रख्यात मन्दिर हो। यहाँ भगवान् हृषिकेशवको चर्तुबाहु कृष्ण वर्णको ३ फिट ९ इन्च अग्लो शिलाको प्राकृतिक प्रस्तर मूर्ति रहेको छ। पाल्पाली राजा मणिमुकुन्द सेनले कालिगण्डकी नदीमा फेला पारी सोऱ्हौ शताब्दीतिर मन्दिर बनाइ स्थापना गरेको भन्ने भनाई रहेको छ। प्राकृतिक रुपमा यति सुन्दर र भव्य मूर्ति अन्यत्र कहीं नभएको भनाई छ। कालीगण्डकीमा स्नान गरेर हृषिकेशवको दर्शन गरे मनले चिताएको पुग्ने विश्वास यहाँ पाइन्छ।

हृषिकेशवकै सामुन्ने रुरु कन्याको मूर्ति रहेको छ। पौराणिक कालमा रुरु नाम गरेकी कन्याले तपस्या गरी भगवान् विष्णुलाई खुशी तुल्याएकीले उनै रुरु कन्याको नामले यस क्षेत्रको नाम रुरु रहेको भन्ने भनाई छ। रुरुलाई हिजोआज प्राय: रिडी भनिन्छ। रिडी नाम रहने अन्य कारणमा यो क्षेत्रमा स्नान गर्नाले देव ऋण, पितृ ऋण, ऋषि ऋणबाट मुक्त होइने हुँदा यो ठाउँलाई ऋण मुक्तिको कारणले रिणी भनिदै गर्दा रिडी हुन पुगेको भनाइ छ। हृषिकेशमा माघे संक्रान्तिमा ३ दिनसम्म पश्चिमाञ्चलकै सबैभन्दा विशाल मेला लाग्दछ। पश्चिमाञ्चल क्षेत्रको यो ठाउँमा मगर बस्ती रहेकाले मगर भाषामा रि भन्नाले धमिलो र डि भन्नाले पानी हुन्छ। यसैबाट रिडी नाम रहेको भन्ने भनाई पनि छ।

यस मन्दिरका पूजारी अरुणदेव भट्टराईले इन्द्रियलाई नियन्त्रण गर्नु भन्ने हृषिकेशको अर्थ हुन्छ भन्नुभयो। पहिले पीठो, घ्यू, दूध गुठीबाट उठ्ने गरे पनि हाल बन्द रहेको उहाँको भनाइ छ। साँझमा आरतीं बत्ती भयो। घण्ट, झ्याम्टा, मादल र भजनले त्यहाँको वातावरण आनन्दित बन्यो। वटुक भाईहरुले हाम्रो आज बेलुकीको खानपिन र बसोबासको प्रबन्ध मिलाउनुभयो। हामी पौवा (पार्टी वा आश्रम) को एउटा कोठामा सुत्यौं।

हृषिकेश मन्दिर

२०६६ पौष ११: बिहान ८ बजे हृषिकेश मन्दिर परिवारबाट बिदा भएर हामी हिंड्यौं। बाटामा आँप बगैंचा बीचको पोखरी, हरियाली वनजंगलको दृश्यावलोकन गर्दै हामी अर्गली बजार आयौं। बजारबाट उकालो खुट्किला उक्लदैं सिद्ध बाबा मन्दिर रहेको डाँडामा पुग्यौं। औंर्व ऋषिको तपोभूमि अर्गली पहाडको खोंचमा समथर र उब्जाउ भूमि छ। अर्गली गाउँको मध्य भागमा रहेको आकर्षक शैलोच्य पर्वतमा औंर्व ऋषिको आश्रम रहेको छ। औंर्व ऋषिको क्रोधलाई शान्त पार्न ब्रम्हा, विष्णु र महेश्वर त्रिदेव एकैपटक उपस्थित भई क्रोध शान्त पारेको भनाइ छ। यस ठाउँबाट राणा प्रधानमन्त्री जुद्धशमशेरले बनाएको दरवार पनि नजिकै अर्गली बजार छेउमा देखिन्छ।

सिद्धबाबा मन्दिरमा भेट्टिनुभएका पूजारी जनार्दन अधिकारीसँग कुराकानी गर्दै हामी अर्गली गाउँ झर्‍यौं । बधाइरो का विरुवा सुख्खा पाखामा पहेंला भएका थिए । हामी और्व आश्रम व्यवस्थापन समिति अध्यक्ष यज्ञप्रसाद पराजुलीको घरमा पुग्यौं । उहाँको घरपरिवारले हामीलाई प्रेमपूर्वक खानपिन गरायो । अध्यक्ष पराजुलीले हामीलाई राजकुलो, बद्रीनारायण मन्दिर लगायतको अवलोकन गराउनुभयो । राजकुलो जेठी सिंचाइ आयोजनाद्वारा निर्माण गरिएका पानी वितरणका साँचाहरु लगायतका विषयको अध्ययन गरेर अमेरिकी नागरिक बब र एडले थेसिस लेखेको जानकारी हामीले पायौं । हाल देशीविदेशी मान्छेहरु समेत राजकुलोको अवलोकन गर्न आउने गरेको बताउनुहुन्छ, गा.वि.स. सचिव तुलसी पाण्डे । अर्गली बजारमा त्रिभुवन उ.मा.वि. प्राचार्य श्रीधर प्रसाद भट्टराई, र स्थानीयवासी दुर्गादत्त रेग्मीसँग हाम्रो भेट भयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानलाई उहाँहरुले शुभकामना दिनुभयो ।


विश्वकै ठूलो त्रिशुल

हामी गाडी चढेर भैरवस्थान तिर लाग्यौं । गाडीका कर्मचारीले चिठी पत्र देखाउँदा पनि हाम्रो भाडा लिइ छाडे । ८० प्रतिशत बसका स्टाफले हामीलाई भाडा लिएका छैनन् । २० प्रतिशत मान्छेलाई भने हामीले केही गर्दा पनि बुझाउन सकेका छैनौं । साँझमा हामी भैरवस्थान बजार आइपुग्यौं । डाँडामा चिसो सिरेटो चल्यो । हामी उकालो चढेर मन्दिरमा पुग्यौं । भैरवस्थानमै खानपिन र पूजारीहरुसँग कुराकानी गर्‍यौं । ९ बजे ओछ्यानमा पल्टियौं ।

२०६६ पौष १२: बिहान उठेर भैरव मन्दिर परिसर घुम्यौं । मूल पूजारी जीतनाथ योगीले सोर्‍हौं शताब्दीमा पाल्पाली राजा मणि मुकुन्द सेनले सपनामा देखेपछि मन्दिर निर्माण गरेका हुन् भन्नुभयो । त्यहाँ नवरात्र, मंसीर र वैशाखमा बढी भक्तजनहरुको घुइँचो लाग्ने गर्दछ । पाल्पा सदरमुकाम तानसेनबाट ९ किलोमिटर पश्चिम भैरवस्थान ५ मा यो मन्दिर पर्दछ । जहाँको आकर्षण पहाडको टुप्पोमा अवस्थित मन्दिरमा रहेको विश्वकै ठूलो दाबी गरिएको त्रिशुल हो ।

बिहानको राती ३ बजे नै उठेर पूजारीहरुले पूजा आजा र साँझ धुपबत्ती बाल्ने चलन रहेछ । त्यहाँ प्रसादीको रुपमा चामल वा गहुँको पीठोको रोट (ठूलो तावामा पकाइने बाक्लो बाबर) पकाएर माना पाथी वा यथाशक्य चढाउने गरिंदो रहेछ । हामीले पनि चियासँग यो रोट प्रसादका रुपमा ग्रहण गर्‍यौं । केहीबेर रोट पकाएको हेरेर हिंड्यौं । बोका, कुखुरा, हाँस, राँगाजस्ता पशुबली पनि त्यहाँ दिइदो रहेछ । देशको उच्च ओहोदाका मान्छे समेत त्यहाँ पुगेर भाकल गर्छन् रे ।

भैरवस्थान मन्दिरबाट हिंड्दै हामी तानसेनतर्फ लाग्यौं । डाँडैडाँडा पीच बाटो हिंड्दा खुब रमाइलो भयो । सामाकोट, जोगीपानी, ढुंगाखानी हुँदै हामी बतासे डाँडा आइपुग्यौं । श्रीनगरको सल्लाघारीले पाल्पा सदरमुकाम तानसेनको थप सौन्दर्यता थपेको हामीले पायौं । पहाडको झुरुप्प शहर तानसेन परिसर हामी प्रवेश गर्‍यौं । शीतल पाटीमा केहीबेर सुस्तायौं । खाना खायौं ।


सदरमुकाम तानसेन

बजारको दृश्यावलोकन गर्दै हामी त्रिभुवन बहुमुखी क्याम्पस परिसर पुग्यौं । त्यहाँ नेपाल पत्रकार महासंघ पाल्पाका कोषाध्यक्ष माधव अर्याल, क्रान्तिकारी पत्रकार संघका अध्यक्ष जीवलाल सुवेदी, पत्रकार नारायण पंगेनी, रेखीराम राना, खेलकुद क्षेत्रसँग सम्बन्धित अर्घाखाँचीका युवा आदिप ज्ञवाली प्रशान्तसँग हाम्रो भेट भयो । त्यहाँ केहीबेर छलफल पनि चल्यो ।

पुन: बजार घुम्दै हामी पत्रकार महासंघ पाल्पा कार्यालय पुग्यौं । महासंघले हामीलाई पाल्पाली ढाका टोपी र शुभकामना पत्र दिएर स्वागत सम्मान गर्‍यो । महासंघ अध्यक्ष भगवान् भण्डारी, सचिव राजेशकुमार अर्याल, कोषाध्यक्ष माधव अर्याल



लगायतका पाल्पाली सञ्चारकर्मीले प्रेस स्वतन्त्र एवं सकारात्मक हुनुपर्नेमा एकमत जाहेर गर्नुभयो । महासंघले हाम्रो तानसेन बसाईको खानपिन र बसोबासको प्रबन्ध गौरीशंकर होटलमा मिलाइदियो । हामी किरण कौशलका साथ यो होटल आयौं ।

खाना खाने थाल काँसको थियो । र, यात्राका क्रममा भेटेको यो सबभन्दा ठूलो थाल पनि हो । यही थालमा भात खाएर ओछ्यानमा सुतियो ।

२०६६ पौष १३: बिहान हामी उठेर साइबरमा बस्यौं । खाना खाएर जिल्ला प्रशासन कार्यालय गयौं । प्र.जि.अ. जनकराज रेग्मीले साधन श्रोतले भ्याएसम्म पाल्पाली सञ्चारमाध्यम, सञ्चारकर्मी जनतालाई सुसूचित गराउन लागिपरिरहेका छन्, भन्नुभयो । जुनसुकै क्षेत्र पनि वर्तमानमा धमिलो भएको भन्दै उहाँले हरेक व्यक्तिमा स्वत:स्फूर्त शुद्धिकरण आवश्यक छ भन्नुभयो । सहयोग मागेर हिंड्ने जमाना गए भन्दै उहाँले हामीलाई घुमाउरो पारामा आफ्नो असन्तुष्टि पोख्नुभयो, कटाक्ष हान्नुभयो । तर... हामी पनि जर्वजस्ती कसैको मन दुखाएर सहयोग लिने मान्छे त कहाँ परियो र ? स्वत:स्फुर्त दिएको सहयोग मात्र स्वीकार गर्छौं भन्ने जवाफ प्र.जि.अ. लाई फर्काउँदै हामी हिंड्यौं । जिल्ला प्रशासनमै अधिवक्ता शिव देवकोटासँग पनि हाम्रो कुराकानी भएको थियो । उहाँले पनि न्यायालय र पत्रकारिता दुवै क्षेत्रमा शुद्धिकरणको आवश्यकता औंल्याउनुभयो ।

जिल्ला प्रशासन कार्यालयबाट हामी तानसेन नगरपालिका कार्यालय पुग्यौं । टुँडिखेल छेउमा रहेको यो नगरपालिकाको गेट अगाडि ठूलो पाल्पाली करुवा राखेर यहाँको विशेषता झल्काइएको रहेछ । निमित्त कार्यकारी अधिकृत कृष्ण पौडेलले प्रेस स्वतन्त्रता हुनुपर्छ नै त्योभन्दा बढी सकारात्मक पत्रकारिता आवश्यकता छ, भन्नुभयो । नेपाली पत्रकारितामा सकारात्मक समाचार प्राथमिकरुपमा र भित्री पानामा सानो नकारात्मक समाचार वास्तविकतामा आधारित रहेर प्रकाशन प्रसारण गरिएमा राम्रो हुने धारणा उहाँको छ ।

नगरपालिकाबाट हामी नेपाली काँग्रेस पार्टी कार्यालय गयौं । निर्माणाधीन भवनमा पार्टी सचिव माधव नेपाल र कार्यालय सचिव सागर बस्यालसँग हाम्रो भेट भयो । सचिव नेपालले पार्टी पत्रकारिता मौलाउँदै गएका कारण पत्रकारिता पेशा र समाचार सामाग्रीमा विश्वासको संकट छ, भन्नुभयो । तपाईंहरु सम्बद्ध पनि सञ्चारकर्मी र सञ्चारमाध्यम त छन् नि भन्दा उहाँले भन्नुभयो, पार्टी भित्रकै पत्रकार पनि व्यक्तिलाई हेरेर समाचार सम्प्रेषण गर्ने गर्दछन् । तटस्थ भएर वस्तुनिष्ठ समाचार बाहिर ल्याउँदैनन् ।

यहाँनेर हामी स्वयं पत्रकारहरुले पनि आफैंलाई चिन्ने र बुझ्ने बेला आएको छ । कसै निकट भएर पक्षपोषण गर्दा त्यो पार्टी वा समूह भित्रका पनि सबैको चित्त बुझाउन सक्दैनौं भने हामी किन यो उ पार्टी र संस्थाको पत्रकार भनेर चिनिने ? तटस्थ रहेर सम्पूर्ण जनताको पत्रकार हो भन्ने छाप जनतामा किन नदिने ? त्यसकारण हामी स्वयं पनि स्वतन्त्र हुन जरुरी छ । यसो हुने हो भने र पत्रकारहरु एक ढिक्का भएर अघि बढ्ने हो भने प्रेस स्वतन्त्रता माथि कसैले धावा बोल्न सक्दैन । अब हामी नकारात्मक टीका टिप्पणी र नेताका भाषण बाजीमा मात्र नअलमल्लिई आवाज विहीन जनताको प्रतिनिधित्व गर्न अगाडि बढ्नै पर्छ । सकारात्मक सन्देश दिने समाचारलाई प्राथमिकताका साथ सम्प्रेषण गर्नेपर्छ । यसबाटै सम्पूर्ण देशवासीको कल्याण हुन्छ ।

यो कार्यालयबाट हामी एकीकृत नेकपा माओवादी कार्यालय पुग्यौं । त्यहाँ हामीले मगरात राज्य समिति सदस्य प्रभावकुमार आर.सी., पाल्पा जिल्ला कमिटी सदस्य चन्द्रप्रसाद परियार डिफेन्स लगायत अन्य नेता कार्यकर्तालाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी दियौं । उहाँहरुलाई हामीले किन पत्रकारहरुमाथि हुने हत्या र आक्रमणमा एनेकपा माओवादीको नाम बढि नै जोडिने गर्दछ ? भनेर प्रश्न गऱ्यौं । उहाँहरुले आफ्नो पार्टीलाई बचाउ गर्दै भन्नुभयो, अन्तराष्ट्रियस्तरमा हाम्रो पार्टीलाई बदनाम गराउन यसो गरिएको हो । यो कार्यालयको काम सकी हामी नवजनचेतना साप्ताहिक कार्यालय पुग्यौं ।

पत्रकार अमृत अधिकारीले पाल्पा जिल्ला ६५ वटै गा.वि.स.मा नवजनचेतना सम्बद्ध २५ सय बाल क्लब रहेको जानकारी दिनुभयो । आजका साना बालबालिका भोलीका कर्णधार उनीहरुलाई जागरुक गराउन साप्ताहिकले खेलेको भूमिका प्रशंसनीय छ ।

यस्तो चलन अन्य जिल्लाका सञ्चारकर्मी सञ्चारमाध्यमले समेत लागू गर्नुपर्ने देखिन्छ। यो कार्यालयबाट हामी पाल्पा दैनिक कार्यालय पुग्यौं ।

जिल्लाको एकमात्र दैनिक पाल्पा दैनिकका प्रकाशक भीमलाल भट्टराई, सम्पादक नवराज पौडेल र व्यवस्थापक शारदा भुसालसँग हाम्रो कुराकानी भयो । आफूहरु कुनै पक्षको लबिंग नगरी स्वतन्त्र रुपमा पत्रिका सञ्चालन गर्न लागि पर्दा राजनीतिक वर्गीकरण गरेर सम्बन्धित निकायबाट पाउनु पर्ने सहयोग पाउन नसकेको उहाँहरुको गुनासो छ । सर्वदलीय संयन्त्रबाट बजेट बाँडफाँड गर्दा पनि आफ्ना पक्षको पत्रिकालाई हेर्ने र कुनै पनि पार्टी निकट नभएका पत्रिकालाई वास्ता नगर्ने परिपाटी छ, उहाँहरुले जोड दिनुभयो। यसैकारण पनि नेपालका सञ्चारकर्मी कुनै पार्टी वा संगठन निकट हुन्छन् भन्ने पुष्टि गर्दछ। अब भने पाल्पा दैनिक कार्यालयबाट हामी फर्कियौं । हिजो बसेकै होटलमा आयौं । खाना खाएर सुत्यौं ।

२०६६ पौष १४: बिहान उठेर नेकपा एमाले पार्टी कार्यालय गयौं । त्यहाँ पार्टी सचिव देवीप्रसाद बस्यालसँग हाम्रो कुराकानी भयो । उहाँले सानो ठाउँ भएपनि पोखरा, बुटवल पछि पाल्पाली सञ्चारकर्मीले खेलेको भूमिका प्रशंसनीय छ भन्नुभयो। तानसेनमा धवल पुस्तकालय राणा शासन कालमै स्थापना भएको छ । संक्रमणकालीन अवस्थामा सबभन्दा प्रभावकारी सञ्चार माध्यम पहिले साप्ताहिक पत्रिका थिए भने हालमा रेडियो एफ.एम.भएका छन्। पूँजीवादीले मिडियाको दुरुपयोग गरेका छन्। त्यसकारण एक अर्काका समाचार खण्डन गर्न पनि पार्टीहरुलाई आफू निकटका सञ्चारमाध्यमको आवश्यकता परेको हो । तर यिनीहरुहको औचित्य मिसन सफल भएपछि समाप्त हुन्छ। मिसन पत्रकारिता सधैं टिकिरहन सक्दैन। त्यसकारण वास्तविक खाँचो भनेको व्यावसायिक स्वतन्त्रता भएको सञ्चारमाध्यमकै हो । वर्तमान सन्दर्भमा प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको टड्कारो आवश्यकता छ। नकारात्मक सन्देश दिने सामाग्री सञ्चारमाध्यमले कम गरेर सकारात्मक सन्देश दिने सामाग्रीलाई मुख्य पृष्ठमा स्थान दिन सक्नुपर्छ, सचिव बस्यालको पत्रकारिता सम्बन्धी धारणा हो यो ।

अर्को प्रसंगमा सचिव बस्यालले भन्नुभयो, कम्युनिष्टहरु आध्यात्मिक पक्षलाई शून्य बनाएर अगाडि बढेकाले अपूर्ण छन्, त्यसकारण अध्यात्मका सकारात्मक पाटाहरु पनि अबलम्बन गर्नुपर्छ भन्ने निष्कर्षमा म पुगेको छु।

एमाले कार्यालयबाट फर्किएर हामीले खाना खायौं। खाना खाएर जि.वि.स. कार्यालय गयौं। पाल्पाली राजाको ऐतिहासिक दरवार पुनः निर्माण हुँदैछ । जि.वि.स. मा हामीले स्थानीय विकास अधिकारी कृष्णचन्द्र घिमिरे, कार्यक्रम अधिकृत दूर्गा थापा, अधिकृत विनोद नेपाललाई भेटेर प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारितको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं ।

हामी जि.वि.स. बाट सूचना सामाग्री लिएर जिल्ला प्रहरी कार्यालय गयौं। प्र.ना.उ. नभएको भन्ने केही प्रहरी जवानहरुको जानकारीलाई आधार मानेर उनीहरुसँग नै हामीले केहीबेर कुराकानी गर्‍यौं । त्यसपछि श्रीनगर डाँडातिर उकालो लाग्यौं ।



सल्लाघारी रहेको यो डाँडाले तानसेनको शोभा बढाएको छ। हामीले जंगल क्षेत्रभित्र प्रवेश नगर्दै सुन्दर तानसेन नगरपालिकालाई नियाल्यौं । पहाडको बजार गल्ली साँघुरा छन्। तर पनि चिटिक्क परेको छ तानसेन बजार । हामीले श्रीनगर परिसरको चारैतिरको भाग घुम्यौं। त्यहाँ वनभोज खान जानेहरुको भीड लाग्दो रहेछ। तुँवालो लागेकाले हामीले हिमश्रृंखलाको दृश्यावलोकन भने राम्रोसँग गर्न सकेनौं । जिल्ला पार्श्वचित्रमा श्रीनगर डाँडालाई हिमश्रृंखलाको सबैभन्दा बढी भाग देखिने नेपालको एक मात्र स्थानको रुपमा उल्लेख गरिएको छ । श्रीनगर डाँडामा पार्क, पञ्चायत स्तम्भ, बुद्धको मूर्ति लगायत निर्माण गरिएका छन्।

त्यहाँ रुपन्देहीका दुई युवा सन्देश कार्की र दिनेश क्षेत्री एवं दार्जिलिङ्ग भारतबाट घुम्न आएका युवा प्रनाई कालदेमसँग हाम्रो परिचय भयो । युवा कालदेमले आफूलाई श्रीनगर धेरै नै राम्रो लागेको प्रतिक्रिया दिनुभयो। सन्देशजीले पत्रकारिता क्षेत्र र समाजको निमित्त योगदान पुर्‍याउने दिशामा भ्रमण केन्द्रित होस् भन्नुभयो।

श्रीनगर डाँडाबाट हामी बतासे डाँडा पुगेर श्रीनगर एफ.एम. ९३.२ मे., रेडियो मुक्तिनाथ ९०.८ मे. र रेडियो पश्चिमाञ्चल ९९.४ मे. कार्यालयमा पस्यौं। मुक्तिनाथ एफ.एम. का समाचार वाचक मिलन वि.क.ले आफूहरु समाजसेवा गर्ने हिसाबले कार्य गरिरहेका छौं भन्नुभयो। पश्चिमाञ्चल एफ.एम. कार्यालयमा प्राविधिक सुन्दर नेपाल, प्रस्तोता शिवप्रसाद ज्ञवाली र समाचार वाचिका इन्दु बस्याल लगायतसँग हाम्रो परिचय र कुराकानी भयो। ३ वटै एफ.एम. का साथीहरुले रेडियोको प्रसारण क्षमता ५०० वाट रहेको बताउनुभयो। उहाँहरु पारिश्रमिकको अभाव भएकाले यही पेशा अपनाउने वा नअपनाउने, दुविधामा हुनुहुन्छ।

हामीले देऊराली साप्ताहिक कार्यालयमा पाल्पाली अग्रज पत्रकार मेघराज शर्मासँग कुराकानी गऱ्यौं। यो साप्ताहिकले विकास पत्रकारिता अंगालिरहेको रहेछ। गाउँघरका समाचार ल्याउन र यस्ता सामाग्री प्रकाशित गर्ने पत्रिकालाई टिकाउन गाह्रो भएको अनुभव सम्पादक शर्माको छ। भन्नलाई सबैले पार्टी पत्रकारिता गर्न हुन्न हुन्छन् तर सेवा सुविधा दिने बेलामा आफू निकटकालाई मात्र हेर्छन् किनभने कर्मचारी पनि कुनै न कुनै पार्टी निकट हुन्छन्, अग्रज पत्रकार शर्माको थप अनुभव हो यो।

पञ्चायतकालमा राजाको समाचार छाप्दा श्री ५ आए नआएको छाप्ने बेलामा अरुभन्दा बढी हेर्नु पर्दथ्यो, ५ चाहिं छुटाउन पाइदैनथ्यो। कारण, मानहानी भएको भनेर मुद्दा चलाइन्थ्यो, हाँस्दै शर्माले भन्नुभयो। उहाँका अनुसार हिजोको भन्दा आज पत्रकारितामा स्वतन्त्रता भएपनि यसको राम्रो उपयोग भएको छैन। हामी सञ्चारमाध्यम सञ्चारकर्मीले पनि वस्तुनिष्ठता, जवाफदेहिता र आचार संहिता पालना गर्न सकेमात्र पत्रकारिताको सही सदुपयोग हुन सक्छ, सम्पादक शर्माले भन्नुभयो।

अर्को एक प्रसंगमा वरिष्ठ पत्रकार शर्माले भन्नुभयो, पहिले पोखरामा छोरीबेटी दिन हुन्न भन्ने चलन हामीकहाँ थियो, अहिले पोखरा कति अगाडि बढ्यो। तर हामी पाल्पाली जहाँको त्यहीं छौं विकासको हिसाबले गर्दा। विभिन्न सेवा कार्यालयहरु तानसेन बाहिर बिस्तार नगर्नु र पाल्पाबाट बौद्धिक वर्ग बसाई सर्नुले पाल्पाको विकासमा कमजोर प्रभाव पारेको उहाँको ठम्याई छ।

देऊराली साप्ताहिक कार्यालयबाट हामी बस्दै आएको होटलमैं आयौं। होटलमा पत्रकार महासंघ पाल्पा अध्यक्ष भगवान् भण्डारी आउनुभयो। उहाँसँग हामीले थप कुराकानी गऱ्यौं। हाल पाल्पामा ४ साप्ताहिक १ दैनिक र ५ वटा एफ.एम. रेडियो प्रकाशित प्रसारित छन्। तर श्रमजीवी पत्रकार ऐन भने लागू हुन सकेको छैन। अध्यक्ष भण्डारीले भन्नुभयो, सकारात्मक पत्रकारिताको खडेरी तपाईहरुको अभियानले अन्त्य गर्न सकोस्।

जुनसुकै क्षेत्रको व्यक्ति किन नहोस्, सुरुमा उसले आफ्नो कर्तव्य बोध गर्न सक्नुपर्छ। आफ्नो मनमा नै शान्ति र सकारात्मक सोचको विकास गर्नुपर्छ अनि मात्र समाजको विकास हुन सक्छ। मान्छेले खोजेको शान्ति प्रगति हुन सक्छ भन्ने कुरामा हामीले जोड दियौं। अध्यक्ष भण्डारीले सज्जनभन्दा दुर्जनको संख्या बढी रहेकाले वर्तमानमा नकारात्मकताको बढावा भएको छ भन्नुभयो। आज हामीले उहाँसँगै खाना खायौं। उहाँ आफ्नो कोठामा फर्किनु भयो। हामी यही सुत्यौं।

२०६६ पौष १५: बिहान उठेर बजार भ्रमणमा निस्कियौं। अमृत होटल विशालबजार छेउमा एकजना व्यक्तिले विश्वभ्रमण भनेर नाटक गरेर हिंड्छन भन्दै थिए हामीहरुलाई। हामी नवसंवाद साप्ताहिक कार्यालयमा रिपोर्ट टाइप गर्न र इमेल पठाउन आयौं। त्यस साप्ताहिकका सम्पादक भोजराज भट्टराईले हामीलाई बोलाएर साप्ताहिकको कार्यालय पुऱ्याउनु भएको थियो। हाल उहाँले नेपालमा नयाँ संविधान र श्रमजीवी पत्रकार ऐन लागू हुनुपर्ने माग राखी पूरै कालो पोशाक लगाएर दबाब दिइरहनु छ।

अपरान्ह ४ बजेको थियो। हामी तानसेन बजार छाडेर रानीघाट हुँदै स्यांगजा छिर्ने योजनाका साथ हिंड्यौं। कैलाशनगर डाँडाबाट सिधै ओरालो झऱ्यौं। बरांगदी ३, अर्चले गाउँबस्ती झर्दा साँझ पर्ने लागेको थियो। मौसम धुम्मिएर चिसो र पानी पर्ला कि झैं गर्दै थियो। हामी खोलाको किनारै किनार जंगलको बाटो हिंडेर बौघा पोखराथोक ९, अबल आयौं। किराना पसल भएको एउटा घरमा गाह्रो मान्दै बास दिए। एकजना जडिया दाइले भने, पत्रकार इमान्दार हुनुपर्नेमा आजकल पैसामा बिक्न थालेका छन् अरे, जे भएपनि पत्रकारले सबै कुरा लेखेर बोलेर सुनाइ दिन्छ, त्यो राम्रो काम हो। उनी आफ्नै सुरमा बोलिरहे। हामी चुपचाप। खाना खायौं। दुई फेजको तार भएकाले बत्तीमा अक्षर देख्न सकिएन। लेखपढ गर्न नसकेपछि हामी सुत्यौं।

२०६६ पौष १६: बिहान उठेर हामी खोलाको किनारै किनार जंगलको बाटो हिंड्यौं। डेढ घण्टाजति हिंडेपछि कालीगण्डकी नदी र यसमा अवस्थित रानी महल दरबार आइपुग्यो। हामीले दरबार अवलोकन गऱ्यौं। खड्ग शमशेरले आफ्नी प्यारी रानी तेजकुमारीको सम्झनामा यो दरबार बनाएका रहेछन्। भित्र पानी पोखरी र बगैंचा रहेको भएपनि दरबार अहिले व्यवस्थित छैन। तर ५६ फिट चौडाई र ११२ फिट अग्लाई भएको चार तले भवन वरपरको वातावरण भने आनन्ददायक छ। यसको व्यवस्थापन गर्ने हो भने यहाँ राम्रो पर्यटकीय सम्भावना देखिन्छ।

हाल दरबार भित्ताका सबै भाग प्रेमी,प्रेमिकाका नामले भरिएका छन् त कतै भत्किएका । व्यवस्थित नहुँदा त यो दरबार यति आकर्षक देखिन्छ भने यसको व्यवस्थापन गर्दा कति राम्रो हुन्थ्यो होला भन्नुभयो, ह्वाइट हाउस काठमाडौंबाट टुरमा आउनुभएका विवेक कार्की र महेश अधिकारीले ।


रानीमहल

हामी रानीमहल, कालीगण्डकी नदीको बहाब पारी स्यांगजाको भूभागलाई नियाल्दै स्थानीय होटलमा आएर खाना खायौं । होटल साहुनीले भन्नुभयो, यस दरबारको भित्तामा नकोर भन्दा उल्टै हामीलाई हप्काउँछन् । त्यसकारण आजकल चुप लाग्छौं । आएर हेरेर जानु त राम्रो हो, तर तोडफोड गर्नेहरु पनि छन्, बुद्धि बिग्रिएका मान्छेलाई खोई के भन्नु ?

दरबारका ढोकाहरु खुल्ला छन् । तामाले छाएको मन्दिर छ । नेपालको ताजमहलको रुपमा परिचित गराउन व्यवस्थापन तर्फ स्थानीयवासी, जिल्लावासी, सरकार र सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ ।

हामीले दिउँसो नुहाईधुवाई अध्ययन, लेखनमा समय बितायौं । होटलमा खाना खायौं । सोलारको बत्ती निभेकाले चाँडै सुत्यौं । आज पाल्पा भ्रमणको अन्तिम दिन, भोलीबाट स्याङ्जातिर ।

पाल्पा यात्राका क्रममा प्राप्त नगद सहयोग	
जिल्ला विकास समिति	रु. १,०००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

अभिव्यक्ति स्वतन्त्रता, मानवता तथा विश्ववन्धुत्वको भावनालाई जागृत गर्नु/गराउनु ।
– जनकराज रेग्मी (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

नेपाली प्रेस र नेपाल पत्रकार महासंघले उठाउँदै आएको प्रेस स्वतन्त्रता आन्दोलनको अभिन्न अंग पनि हो यो विश्वयात्रा ।
– भगवान् भण्डारी (अध्यक्ष), नेपाल पत्रकार महासंघ

विश्व खोज अनुसन्धानले सुसूचित गराउनु । – माधव अर्याल (कोषाध्यक्ष), पत्रकार महासंघ
भिजन कार्यान्वयन सबैलाई मार्गदर्शन । – रेखीराम राना, गोरखापत्र, नयाँ सत्ता, समाचारदाता
प्रत्यक्ष भेटको मज्जा वेग्लै हुने रहेछ । – भोजराज भट्टराई, सञ्चारकर्मी
कुनै व्यक्तिको गोजीमा रहेको छ प्रेस स्वतन्त्रता...। – कृष्ण दर्नाल, मुभुंग ७
पत्रकारितामा गुणात्मक विकास भएको छैन । – वी.पी. घिमिरे, आमसंचार र पत्रकारिता स्नातक तह
सबै स्वतन्त्रताको मुटु प्रेस स्वतन्त्रता । – पदम भट्टराई, आमसञ्चार र पत्रकारिता स्नातक तह
कतिपय अवस्थामा यी सबै चाहना कल्पनामा मात्र सिमित हुन्छन् तर...। – इन्दु बस्याल, यम्धा ९, सेलन्दि
स्वतन्त्रता व्यवहारमा लागू होस् । – अमृत अधिकारी, नवजनचेतना साप्ताहिक
लक्ष्य सफलताको केन्द्रसम्म पुऱ्याउनु । – जीवलाल सुवेदी (केन्द्रिय सभासद्), पत्रकार महासंघ
विश्व बुझ्ने बुझाउने अभियान सफल रहोस् । – नारायण पंगेनी (सम्पादक), रेडियो पश्चिमाञ्चल ९९.४ मे. तानसेन
नयाँ प्रेरणा दिलाउन सफल कदम । – शिवप्रसाद ज्ञवाली (कार्यक्रम प्रस्तोता), रेडियो पश्चिमाञ्चल एफ.एम.
Will make all Nepalese proud. - Sundar Nepal
राष्ट्रिय उद्देश्यमा लाग्न युवाहरुलाई प्रेरणा । – देवीप्रसाद बस्याल, सचिव नेकपा एमाले
लोकतन्त्रलाई वलियो गन्तव्य बनाउनु । – माधव नेपाल (सचिव), नेपाली कांग्रेस
पत्रकारितालाई मर्यादित बनाउनु । – प्रभावकुमार आर.सी. (रोल्पाली), चन्द्रप्रसाद परियार डिफेन्स (रोल्पा ओट), एनेकपा माओवादी
सच्चा पत्रकारको चिनारी विश्वभरी नै दिनु । – चेतनारायण सुवेदी चिन्तन, रुरु संस्कृत विद्यापीठ, रिडी ४ रातामाटा
विश्वभरी प्रेस स्वतन्त्रताको खाँचो । – सञ्जय काश्यप, श्री संस्कृत मा.वि. रिडी गुल्मी
सबैले निस्वार्थ सहयोग गरुन् । – रामप्रसाद पाण्डेय र यज्ञप्रसाद पराजुली, अर्गली १
नेपाललाई विश्व पत्रकारितामा चिनाउनु । – तुलसीराम पाण्डेय (सचिव), अर्गली गा.वि.स.
महान् यात्रा निर्विघ्नतापूर्वक सुसम्पन्न होस् । – दुर्गादत्त रेग्मी (अर्गली १), श्रीधर प्रसाद भट्टराई, प्राचार्य, श्री त्रिभुवन उ.मा.वि. अर्गली

श्रीनगर डाँडाबाट हामी बतासे डाँडा पुगेर श्रीनगर एफ.एम. ९३.२ मे., रेडियो मुक्तिनाथ ९०.८ मे. र रेडियो पश्चिमाञ्चल ९९.४ मे. कार्यालयमा पस्यौं । मुक्तिनाथ एफ.एम. का समाचार वाचक मिलन वि.क.ले आफूहरु समाजसेवा गर्ने हिसाबले कार्य गरिरहेका छौं भन्नुभयो । पश्चिमाञ्चल एफ.एम. कार्यालयमा प्राविधिक सुन्दर नेपाल, प्रस्तोता शिवप्रसाद ज्ञवाली र समाचार वाचिका इन्दु बस्याल लगायतसँग हाम्रो परिचय र कुराकानी भयो । ३ वटै एफ.एम. का साथीहरुले रेडियोको प्रसारण क्षमता ५०० वाट रहेको बताउनुभयो । उहाँहरु पारिश्रमिकको अभाव भएकाले यही पेशा अपनाउने वा नअपनाउने, दुविधामा हुनुहुन्छ ।

हामीले देउराली साप्ताहिक कार्यालयमा पाल्पाली अग्रज पत्रकार मेघराज शर्मासँग कुराकानी गर्‍यौं । यो साप्ताहिकले विकास पत्रकारिता अंगालिरहेको रहेछ । गाउँघरका समाचार ल्याउन र यस्ता सामाग्री प्रकाशित गर्ने पत्रिकालाई टिकाउन गाह्रो भएको अनुभव सम्पादक शर्माको छ । भन्नलाई सबैले पार्टी पत्रकारिता गर्न हुन्न हुन्छन् तर सेवा सुविधा दिने बेलामा आफू निकटकालाई मात्र हेर्छन् किनभने कर्मचारी पनि कुनै न कुनै पार्टी निकट हुन्छन्, अग्रज पत्रकार शर्माको थप अनुभव हो यो ।

पञ्चायतकालमा राजाको समाचार छाप्दा श्री ५ आए नआएको छाप्ने बेलामा अरुभन्दा बढी हेर्नु पर्दथ्यो, ५ चाहिं छुटाउन पाइदैनथ्यो । कारण, मानहानी भएको भनेर मुद्दा चलाइन्थ्यो, हाँस्दै शर्माले भन्नुभयो । उहाँका अनुसार हिजोको भन्दा आज पत्रकारितामा स्वतन्त्रता भएपनि यसको राम्रो उपयोग भएको छैन । हामी सञ्चारमाध्यम सञ्चारकर्मीले पनि वस्तुनिष्ठता, जवाफदेहिता र आचार संहिता पालना गर्न सकेमात्र पत्रकारिताको सही सदुपयोग हुन सक्छ, सम्पादक शर्माले भन्नुभयो ।

अर्को एक प्रसंगमा वरिष्ठ पत्रकार शर्माले भन्नुभयो, पहिले पोखरामा छोरीबेटी दिन हुन्न भन्ने चलन हामीकहाँ थियो, अहिले पोखरा कति अगाडि बढ्यो । तर हामी पाल्पाली जहाँको त्यहीं छौं विकासको हिसाबले गर्दा । विभिन्न सेवा कार्यालयहरु तानसेन बाहिर बिस्तार नगर्नु र पाल्पाबाट बौद्धिक वर्ग बसाई सर्नुले पाल्पाको विकासमा कमजोर प्रभाव पारेको उहाँको ठम्याई छ ।

देउराली साप्ताहिक कार्यालयबाट हामी बस्दै आएको होटलमैं आयौं । होटलमा पत्रकार महासंघ पाल्पा अध्यक्ष भगवान् भण्डारी आउनुभयो । उहाँसँग हामीले थप कुराकानी गर्‍यौं । हाल पाल्पामा ४ साप्ताहिक १ दैनिक र ५ वटा एफ.एम. रेडियो प्रकाशित प्रसारित छन् । तर श्रमजीवी पत्रकार ऐन भने लागू हुन सकेको छैन । अध्यक्ष भण्डारीले भन्नुभयो, सकारात्मक पत्रकारिताको खडेरी तपाईहरुको अभियानले अन्त्य गर्न सकोस् ।

जुनसुकै क्षेत्रको व्यक्ति किन नहोस्, सुरुमा उसले आफ्नो कर्तव्य बोध गर्न सक्नुपर्छ । आफ्नो मनमा नै शान्ति र सकारात्मक सोचको विकास गर्नुपर्छ अनि मात्र समाजको विकास हुन सक्छ । मान्छेले खोजेको शान्ति प्रगति हुन सक्छ भन्ने कुरामा हामीले जोड दियौं । अध्यक्ष भण्डारीले सज्जनभन्दा दुर्जनको संख्या बढी रहेकाले वर्तमानमा नकारात्मकताको बढावा भएको छ भन्नुभयो । आज हामीले उहाँसँगै खाना खायौं । उहाँ आफ्नो कोठामा फर्किनु भयो । हामी यही सुत्यौं ।

२०६६ पौष १५: विहान उठेर बजार भ्रमणमा निस्कियौं । अमृत होटल विशालबजार छेउमा एकजना व्यक्तिले विश्वभ्रमण भनेर नाटक गरेर हिंड्छन भन्दै थिए हामीहरुलाई । हामी नवसंवाद साप्ताहिक कार्यालयमा रिपोर्ट टाइप गर्न र इमेल पठाउन आयौं । त्यस साप्ताहिकका सम्पादक भोजराज भट्टराईले हामीलाई बोलाएर साप्ताहिकको कार्यालय पुर्‍याउनु भएको थियो । हाल उहाँले नेपालमा नयाँ संविधान र श्रमजीवी पत्रकार ऐन लागू हुनुपर्ने माग राखी पूरै कालो पोशाक लगाएर दबाब दिइरहनु छ ।

अपरान्ह ४ वजेको थियो । हामी तानसेन बजार छाडेर रानीघाट हुँदै स्यांगजा छिर्ने योजनाका साथ हिंड्यौं । कैलाशनगर डाँडाबाट सिधै ओरालो झर्‍यौं । बरांगदी ३, अर्चले गाउँवस्ती झर्दा साँझ पर्ने लागेको थियो । मौसम धुम्मिएर चिसो र पानी पर्ला कि झैं गर्दै थियो । हामी खोलाको किनारै किनार जंगलको बाटो हिंडेर बौघा पोखराथोक ९, अबल आयौं । किराना पसल भएको एउटा घरमा गाह्रो मान्दै बास दिए । एकजना जडिया दाइले भने, पत्रकार इमान्दार हुनुपर्नेमा आजकल पैसामा बिक्न थालेका छन् अरे, जे भएपनि पत्रकारले सबै कुरा लेखेर बोलेर सुनाइ दिन्छ, त्यो राम्रो काम हो । उनी आफ्नै सुरमा बोलिरहे । हामी चुपचाप । खाना खायौं । दुई फेजको तार भएकाले बत्तीमा अक्षर देख्न सकिएन । लेखपढ गर्न नसकेपछि हामी सुत्यौं ।

२०६६ पौष १६: विहान उठेर हामी खोलाको किनारै किनार जंगलको बाटो हिंड्यौं । डेढ घण्टाजति हिंडेपछि कालीगण्डकी नदी र यसमा अवस्थित रानी महल दरबार आइपुग्यो । हामीले दरवार अवलोकन गर्‍यौं । खड्ग शमशेरले आफ्नी प्यारी रानी तेजकुमारीको सम्झनामा यो दरबार बनाएका रहेछन् । भित्र पानी पोखरी र बगैंचा रहेको भएपनि दरबार अहिले व्यवस्थित छैन । तर ५६ फिट चौडाई र ११२ फिट अग्लाई भएको चार तले भवन वरपरको वातावरण भने आनन्ददायक छ । यसको व्यवस्थापन गर्ने हो भने यहाँ राम्रो पर्यटकीय सम्भावना देखिन्छ ।

हाल दरबार भित्ताका सबै भाग प्रेमी,प्रेमिकाका नामले भरिएका छन् त कतै भत्किएका । व्यवस्थित नहुँदा त यो दरबार यति आकर्षक देखिन्छ भने यसको व्यवस्थापन गर्दा कति राम्रो हुन्थ्यो होला भन्नुभयो, ह्वाइट हाउस काठमाडौंबाट टुरमा आउनुभएका विवेक कार्की र महेश अधिकारीले ।


रानीमहल

हामी रानीमहल, कालीगण्डकी नदीको बहाब पारी स्यांगजाको भूभागलाई नियाल्दै स्थानीय होटलमा आएर खाना खायौं । होटल साहुनीले भन्नुभयो, यस दरबारको भित्तामा नकोर भन्दा उल्टै हामीलाई हप्काउँछन् । त्यसकारण आजकल चुप लाग्छौं । आएर हेरेर जानु त राम्रो हो, तर तोडफोड गर्नेहरु पनि छन्, बुद्धि बिग्रिएका मान्छेलाई खोई के भन्नु ?

दरवारका ढोकाहरु खुल्ला छन् । तामाले छाएको मन्दिर छ । नेपालको ताजमहलको रुपमा परिचित गराउन व्यवस्थापन तर्फ स्थानीयवासी, जिल्लावासी, सरकार र सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ ।

हामीले दिउँसो नुहाईधुवाई अध्ययन, लेखनमा समय बितायौं । होटलमा खाना खायौं । सोलारको बत्ती निभेकाले चाँडै सुत्यौं । आज पाल्पा भ्रमणको अन्तिम दिन, भोलीबाट स्याङ्जातिर ।

पाल्पा यात्राका क्रममा प्राप्त नगद सहयोग	
जिल्ला विकास समिति	रु. १,०००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

अभिव्यक्ति स्वतन्त्रता, मानवता तथा विश्ववन्धुत्वको भावनालाई जागृत गर्नु/गराउनु ।
– जनकराज रेग्मी (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

नेपाली प्रेस र नेपाल पत्रकार महासंघले उठाउँदै आएको प्रेस स्वतन्त्रता आन्दोलनको अभिन्न अंग पनि हो यो विश्वयात्रा ।
– भगवान् भण्डारी (अध्यक्ष), नेपाल पत्रकार महासंघ

विश्व खोज अनुसन्धानले सुसूचित गराउनु । – माधव अर्याल (कोषाध्यक्ष), पत्रकार महासंघ
मिशन कार्यान्वयन सबैलाई मार्गदर्शन । – रेखीराम राना, गोरखापत्र, नयाँ सत्ता, समाचारदाता
प्रत्यक्ष भेटको मज्जा बेग्लै हुने रहेछ । – भोजराज भट्टराई, सञ्चारकर्मी
कुनै व्यक्तिको गोजीमा रहेको छ प्रेस स्वतन्त्रता...। – कृष्ण दर्नाल, मुभुंग ७
पत्रकारितामा गुणात्मक विकास भएको छैन । – वी.पी. घिमिरे, आमसंचार र पत्रकारिता स्नातक तह
सबै स्वतन्त्रताको मुटु प्रेस स्वतन्त्रता । – पदम भट्टराई, आमसञ्चार र पत्रकारिता स्नातक तह
कतिपय अवस्थामा यी सबै चाहना कल्पनामा मात्र सिमित हुन्छन् तर...। – इन्दु बस्याल, यम्धा ९, मेलन्दि
स्वतन्त्रता व्यवहारमा लागू होस् । – अमृत अधिकारी, नवजनचेतना साप्ताहिक
लक्ष्य सफलताको केन्द्रसम्म पुऱ्याउनु । – जीवलाल सुवेदी (केन्द्रिय सभासद्), पत्रकार महासंघ
विश्व बुझ्ने बुझाउने अभियान सफल रहोस् । – नारायण पंगेनी (सम्पादक), रेडियो पश्चिमाञ्चल ९९.४ मे. तानसेन
नयाँ प्रेरणा दिलाउन सफल कदम । – शिवप्रसाद ज्ञवाली (कार्यक्रम प्रस्तोता), रेडियो पश्चिमाञ्चल एफ.एम.
Will make all Nepalese proud. - Sundar Nepal
राष्ट्रिय उद्देश्यमा लाग्न युवाहरुलाई प्रेरणा । – देवीप्रसाद बस्याल, सचिव नेकपा एमाले
लोकतन्त्रलाई बलियो गन्तव्य बनाउनु । – माधव नेपाल (सचिव), नेपाली काँग्रेस
पत्रकारितालाई मर्यादित बनाउनु । – प्रभावकुमार आर.सी. (रोल्पाली), चन्द्रप्रसाद परियार डिफेन्स (रोल्पा ओट), एनेकपा माओवादी
सच्चा पत्रकारको चिनारी विश्वभरी नै दिनु । – चेतनारायण सुवेदी चिन्तन, रुरु संस्कृत विद्यापीठ, रिडी ४ रातामाटा
विश्वभरी प्रेस स्वतन्त्रताको खाँचो । – सञ्जय काश्यप, श्री संस्कृत मा.वि. रिडी गुल्मी
सबैले निस्वार्थ सहयोग गरुन् । – रामप्रसाद पाण्डेय र यज्ञप्रसाद पराजुली, अर्गली १
नेपाललाई विश्व पत्रकारितामा चिनाउनु । – तुलसीराम पाण्डेय (सचिव), अर्गली गा.वि.स.
महान् यात्रा निविघ्नतापूर्वक सुसम्पन्न होस् । – दुर्गादत्त रेग्मी (अर्गली १), श्रीधर प्रसाद भट्टराई, प्राचार्य, श्री त्रिभुवन उ.मा.वि. अर्गली

५३ औं जिल्ला स्याङ्जा डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः ११६४ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ६० वटा, नगरपालिकाः २, निर्वाचन क्षेत्रः ३ सदरमुकामः स्यांगजा पुतलीबजार, अञ्चलः गण्डकी, विकास क्षेत्रः पश्चिमाञ्चल

भौगालिक अवस्थितिः पूर्व तनहुँ, पश्चिम पर्वत, गुल्मी र पाल्पा, उत्तर पर्वत र कास्की, र दक्षिण पाल्पा कालीगण्डकी नदी।

पर्यटकीय स्थलः छायाक्षेत्र छांगछांदी, अन्धाअन्धी दह (चिलाउनेबास), डहरे देउराली (आरुचौर), कैलाश गुफा (वहाकोट), पञ्चासे धाम, आलमदेवी, सिरुबारी (पञ्चमूल), गल्याम आरुखर्क, टाउघडेरी, जगत्रदेवी आदि। (साभारः जि.वि.स. २०६१)

२०६६ पौष १७: दिउँसो १ बजेको थियो। हामी पाल्पा रानीघाटबाट कालीगण्डकी नदीको झोलुंगे पुल पार गरेर स्याङ्जा प्रवेश गर्‍यौं। ५३ औं जिल्लाको रुपमा आलमदेवी गा.वि.स. बाट हामीले स्यांगजा यात्रा सुरु गरेका हौं। आलमदेवी ६, सटुघामा भीमलाल पाण्डेको घरमा पुग्यौं। उहाँकी श्रीमती सृजनाले चियाको व्यवस्था गर्नुभयो। एकजना दिदीले खयर पाकेको हेर्न हामीलाई अनुरोध गर्नुभयो। हामीले खयरको बोटमा दाना फलेर पाकेको होला भन्ने सोच्यौं। हाम्रो सोझो सोचाई, अन्यत्र कहीं खयर पाक्दैन र दिदी? हामीले प्रश्न गर्‍यौं। ती दिदीले अहँ यहाँ मात्र पकाइएको हो भन्नुभयो। त्यसपछि हामी ल ठीक छ नयाँ कुरा हेर्न पाइने भो भन्दै सटुघा गाउँबाट काभ्रेतिर ओरालो झर्‍यौं।

कसरी पाकेको होला त हामी कुराकानी र तर्क वितर्क गर्दै २० मिनेट ओरालो झर्‍यौं। गन्तव्यस्थान नपुग्दै माथिबाटै मूढा गिडे/चिरेको देख्यौं। हामीलाई अझै पत्तो छैन। रुखमा फलेर पाकेको छ होला भन्ने अड्कलमै हामी थियौं। तल केही खरले छाएका र पाल बेरिएका झुप्राहरु देखिए। लहरै बोक्रा निकालेर भित्री भागमात्र भएका मुढाहरु काठको साँचो बनाएर चेपिएका र तिनीहरुलाई एउटा मुढालाई २ तिरबाट बञ्चराले चोइटा चोइटा पारेको दृश्य देखियो। हैन यता यसरी टुक्रा पार्नुलाई कि पकाउनु भन्छन्, हामीले एक आपसमा कुरा गर्‍यौं। नजिक पुगेपछि भाँडामा हालेर खयरका चोइटा पकाउँदै गरेको देखेपछि हामी आश्चर्यमा पर्‍यौं। त्यहाँ छिप्पिएका खयरका काठको बोक्रा निकालेर मूढा तयार गरिंदो रहेछ। मसिनो टुक्रा बनाएर भाँडामा पानीसहित चोइटा राखेर ४ घण्टा पकाइन्छ। लहरै चुल्हामा राखिएका भाँडामा खयर पकाएको दृश्य साह्रै आकर्षक देखिन्छ। पकाएको भाँडाबाट काठको डुंडमा खन्याइन्छ। २ देखि ३ दिनमा लेदो जमेपछि खाडलमा राखिन्छ। खाडलमा राखेको ६/७ दिन पछि सिमेण्ट ढलान गरेझैं लामो ओछ्यान बनाइदो रहेछ। ढलान सुकेपछि सलाईको बट्टा जत्रै टुक्रा काटेर निर्यात गरिन्छ रे।

हामीले जीवनमै पहिलोपटक खयर पकाएको कत्था उद्योग देख्यौं। विशेषगरी गुट्खा पान बनाउन यसको प्रयोग हुन्छ। गाउँघरका मान्छेहरु आउँ, झाडा पखालाजस्ता रोग निको हुन्छ भनेर खान्छन् भन्नुभयो, प्रोपाइटर भिम बहादुर का भाई वेदबहादुर थापाले। हाल नेपालगञ्ज, रुपन्देही, वीरगञ्जजस्ता ठाउँहरुमा अत्याधुनिक मेसिनबाट कत्था उद्योग सञ्चालन गरिएका छन् उहाँले भन्नुभयो। मानिसले घरेलु रुपमा सञ्चालन गरिएको भने यो नै एकमात्र हो, थापाले जानकारी दिनुभयो।

हामी थापा कत्था उद्योग आलमदेवी ७, काभ्रेमा सञ्चालित सो उद्योग हेरेर सटुघा गाउँ फर्क्यौं। सटुघाबाट हामी आलमदेवी स्थान तिर उकालो लाग्यौं। पाण्डेय थरका मान्छेहरुको मुख्य बसोबास स्थल रहेछ, यो ठाउँ। हामी ठाउँ ठाउँमा बाटो सोध्दै र आफ्नो परिचय दिंदै उकालो हिंडिरह्यौं। बीच बीचबाट हामी आएको बाटो नियाल्थ्यौं। सटुघा फाँट, कालीगण्डकी नदी र रानी महलले थकान मेटाइदिएको अनुभव हुन्थ्यो। डाँडाको टुप्पोमा आइपुग्दा साँझको ५ बजिसकेछ। हामीले आलमदेवी थान परिसर नियाल्यौं। यो मन्दिर पहिलाका राजा महाराजाको कुल देवता मान्ने ठाउँ हो रे। खुंडा, कट्टी, खुकुरीजस्ता धारिला हतियारहरु यत्रतत्र छरिएका रहेछन्, यहाँ पशुबली दिएका रगतका टाटाहरु बढी नै छन्। हैन यो मन्दिर हो कि बधशाला? मन्दिर परिसर नियाल्न आएका केही व्यक्तिहरु कुरा गर्दै थिए। भीमसेन पाती फूलको फेदमा घण्ट गाडिएको रहेछ। त्यहीं भक्तजनहरुले पूजा आजा गर्दा रहेछन्। आलमदेवी मन्दिर परिसरबाट तल रमाइला गाउँ, ठाउँ र फाँटहरु देखिए। तर तुँवालो लागेकाले धेरै टाढा टाढाको दृश्य भने अवलोकन गर्न सकिएन।

मन्दिरबाट हामी देउराली झर्‍यौं। त्यहाँ केही पसल र घरहरु छन्। लगभग साँझ परिसकेको थियो। हामीले कोटाकोटका ऋषिराम पाण्डेय (शीलम्) जी को घर सोध्यौं। आलमदेवी ६, का पर्थ थापाले एकजना गाउँले दाईलाई बाटो देखाइदिन भन्नुभयो। हामी जूनको टकमा ओरालो झर्‍यौं। रमाइलो फाँटमा मधुरो भएपनि आकर्षक रुपमा गाउँघर देखिए। जंगलको बाटो १ घण्टा हिंडेपछि गाउँ आयो। कुकुरहरु खुब भुके। यही गाउँघरमा सोध्दै हामी आलमदेवी २, कोटाकोट शीलम्जीको घर आइपुग्यौं।

साँझको ७ बजिसकेको थियो। आजकालको जमाना रातको बेला ऋषि जीकी आमा झट्ट बोल्न अक्मकाउनुभयो। परिचय भइसकेपछि बुवा पिताम्बर र आमा गीता पाण्डेयसँग कुराकानी भयो। केहीबेर खानपिन र कुराकानीले रातको १० बजेको त्यसपछि हामी सुत्यौं।

२०६६ पौष १८: बिहान अध्ययन लेखनमै समय बितायौं । खाना खाएर हामी ऋषिराम जीका बुवा पिताम्बर पाण्डेयसँग रोडै रोड चण्डी भञ्ज्यांगको सिमानासम्म पुग्यौं । त्यहाँबाट हामीले कालीगण्डकी र बडी गार्ड (रुद्रावती) संगमस्थल रुद्रवेणी प्रष्टसँग देख्न पायौं । राम मन्दिरले संगमस्थानलाई थप शोभा बढाएको छ । गुल्मी जिल्लाको अश्लेवा लगायत अन्य भूभागको दृश्य पनि देख्न पाइयो । फर्किएर हामीले आमा गीता पाण्डेयसँग कुराकानी गर्‍यौं । धेरैका आमा बाबुले छोरा छोरीले धेरै पढुन्, जागिर खाउन्, पैसा कमाउन् भन्ने चाहना राखेका हुन्छन् । ऋषि मनोक्रान्तिमा गएर जोगी बनेर हिंड्ने हो कि ? भन्ने चिन्ता व्यक्त गर्नुभयो उहाँले ।


कालीगण्डकी जलविद्युत् ए को ड्याम मिर्मी

गाउँघर समाजका मान्छेले कुरा काट्ने प्रवृत्ति जहाँ तहीं नै हुन्छ । अरु अगाडि बढेको वा पछाडि सरेको दुवै अवस्थामा प्रतिकूल भूमिका खेल्ने मान्छेहरुको स्वभावै हो । कमजोर भए हेप्ने अनि बलियो भए कसरी कमजोर तुल्याउने भनेर ताना बाना बुन्नमा मानिसहरु लागि पर्छन् । कमै मान्छेहरु हुन्छन् समाजमा, जो अरुको दुःख सुख दुवैको साथी बन्छ । अरुले आफ्नो बारेमा गर्ने खिस्सी वा जलन हामी आफूलाई थाहा हुन्छ । तर हामीले पनि अरुप्रति कस्तो दृष्टिकोण राखेर व्यवहार गर्दैछौं भन्ने कुरा आफूलाई थाहा हुँदैन । त्यसकारण अरुले मलाई नकारात्मक दृष्टिकोणले हेर्दैछ भने मैले आफूले पनि कतै अरुप्रति नकारात्मक व्यवहार त गरेको छैन ? भनी आफूलाई पनि नियाल्नु आवश्यक छ ।

हामी मध्यान्ह १२:१५ बजे कोटाकोट छोडेर मिर्मी पुग्ने योजना बनाएर हिंड्यौं । धुले सडक, वन पाखा काट्दै बिर्घा गाउँ आइपुग्यौं । बीच बाटोमा भेटिने मान्छेहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणवारे जानकारी र पर्चा वितरण गर्‍यौं । तल कालीगण्डकी नदीमा थोरै पानी बगेको देखिन्छ । कारण, मिर्मीमा बाँध बाँधेर सुरुंगबाट विद्युत् उत्पादनका लागि पानी लगिएको छ । समथर फाँटिलो जरगामा बसेको बिर्घा गाउँमा हामीले खाजा खायौं ।

खाजा खाएर हामी अगाडि बढ्यौं । मिर्मी बजार र यसको पुच्छारको बाँध शोभायमान बनेर हाम्रा आँखा अगाडि तेर्सियो । पारी हर्मीचौरका हरिया घरहरुले हामीलाई केहीबेर उभ्यायो । यस्तै रमाइला रमाइला दृश्य हेर्दै हामी मिर्मी आइपुग्यौं । मिर्मीमा भट्टराई थरका मान्छेहरुको बाहुल्यता रहेछ । हामी स्थानीयवासी वेदप्रकाश भट्टराईको नाम लिंदै गाउँ पस्यौं । साँझ पर्न लागेको थियो । वेदप्रकाश भट्टराई घरमा नहुनु भएको जानकारी पायौं । त्यसपछि हामीलाई कृष्णगण्डकी ९, मिर्मीका शंकर भट्टराईले उहाँको घर ल्याउनुभयो । उहाँको आग्रहमा हामी यहीं बस्यौं ।

उहाँकी आमा दुर्गाले देशमा कुनै पनि पार्टी र नेताले राम्रो गरेनन् भन्नुभयो । सबैजना राम्रा कुरा गर्छन्, तर आफ्नो र अरुको आत्मा एउटै सम्झँदैनन्, आफूलाई दुख्दा अरुलाई पनि दुख्छ, भोक आफूलाई लाग्दा अरुलाई पनि लाग्छ भन्ने कुरा मान्छेहरुले बिर्सिएर आफ्नो मात्र स्वार्थमा लागेकाले देशमा अशान्ति मच्चिएको हो भन्ने उहाँलाई लाग्छ ।

हुन त: हाम्री आमा नपढेकी हुनुहुन्छ, ल्याप्चे हान्नु हुन्छ, तर तपाईंहरुसँग यस्तो कुरा गर्न सक्नुभयो, यो नै ठूलो विकास र परिवर्तन हो, आमाको प्रशंसा गर्दै छोरा शंकरले भन्नुभयो । शंकरजीसँग केहीबेर हामी बजार घुम्यौं । यो ठाउँमा पहिला खरका झुपडी थिए रे । हाल पक्की घरहरु बनेर बजारको रुप लिएको छ । पक्की मोटरबाटो पनि बनेकाले मिर्मीवासीको अनुहारमा खुशी देखिन्छ ।

२०६६ पौष १९: बिहानको समय अध्ययन लेखन गरेरै बितायौं । खाना यही खाएर हामी बिहान १० बजे हिंड्यौं । मिर्मी बजारमा भेट हुनुभएका २ भाई कृष्णगण्डकी ९ निवासी जनक र विवश भट्टराईले उत्सुकतापूर्वक सोधखोज गर्नुभयो । यहाँ सेनाको क्याम्प बस्न तारबार गरेर भवन बनाउँदा बनाउँदै माओवादीले भत्काइदिएका कारण क्याम्प बस्न सकेनछ । भाईहरुले हामीलाई तारबार गरेको छेउ डाँडाबाट कालीगण्डकी ए जलविद्युत् आयोजनाको ड्याम देखाएर जानुभयो । यही जलविद्युत्का कारण मिर्मी बजार विस्तारित हुँदैछ । हाम्रो ठाउँमा यस्तो विकास होला भन्ने हामीले सोचेका थिएनौं, यहाँका स्थानीयवासीहरुले भने । हामी त्यहाँबाट सिमेण्ट ढलान गरिएको भित्ताबाट हामी सिधै ओर्लियौं ।

हामी पीच रोड हिंड्दै केही तल झर्‍यौं । पहिरो नजाओस् भनेर सिमेण्ट ढलान गरिएको भित्ताबाट हामी सिधै ओर्लियौं । ग्रुफ फोर सम्बद्ध एक नदीलाई थुनेर सुरुंगबाट पानी पठाइएको ठाउँमा ठूलो तलाउ परेको रहेछ । हामी ड्यामको गेटमा पुग्यौं । गार्डले भने ए पाका गार्डसँग सोधपुछ गर्न कोशिश गर्‍यौं । परिचय दिनु नै परेपछि विश्वभ्रमणमा हिंडेका हामी पत्रकार भन्यौं । गार्डले भने ए पत्रकार त्यसो भए त पत्रकारलाई यहाँ छिर्न नदिनु भन्ने आदेश छ । जे पायो त्यही नराम्रो लेख्छन् । एउटा कुरा भन्यो भने बंग्याएर अर्कै बनाउँछन् । त्यसकारण भयो पुग्यो भन्दै गार्ड आक्रोशित भए । हामीले उनलाई के कस्तो रिपोर्ट लगेको हो भनेर सोधपुछ गर्न खोज्दा भयो भयो म बोल्दिनँ भन्दै गार्ड हिंडे ।

हामी गेटबाट केही वर आयौं । स्याङ्जा पत्रकार महासंघ अध्यक्ष ओमप्रकाश शर्मालाई फोन गर्‍यौं । खोई त्यस्तै छ त्यहाँ त नकारात्मक तरिकाले नै पत्रकारलाई व्यवहार गर्छन्, उनीहरुले गरेको व्यवहार पत्रकारले समाचारमा दिन्छन्, पत्रकारबाट पनि कुनै साथीले पूर्वाग्रही भएर दिए कि ? यस्तै कुरा गर्नुभयो अध्यक्ष शर्माले । त्यसपछि हामीले निर्णय गर्‍यौं, त्यसो भए यिनीहरुको हाकिमलाई भनेर हामीले केही न केही पहल त. गर्नै पर्‍यो ।

स्याङ्जाकी कान्तिपुर संवाददाता वसन्ती बाँस्तोलालाई हामीले फोन गर्‍यौं । उहाँले आयोजना प्रमुख आइपी तिवारीको मोबाइल नम्बर दिनुभयो । हामीले सिधै प्रमुख तिवारीलाई फोन गर्‍यौं । गार्डले गरेको व्यवहार बारे अवगत गरायौं । ६ अर्ब मान्छे एकै हुँदैनन्, त्यसकारण विष्ट सरलाई सम्पर्क गर्नुस् भनेर इञ्जिनियर राजबहादुर विष्टको नम्बर उहाँले दिनुभयो । इञ्जिनियर विष्टले हाम्रै मोबाइल फोनबाट अर्कै गार्डलाई आदेश दिनुभयो । गार्डले घुमाउने मान्छेको खोजी गरे ।

हामी गेटबाट कार्यालय भित्र पस्यौं । पत्रकारलाई त घुमाउन डर लाग्छ, जे पायो त्यही लेखिदिन्छन्, मान्छेको सरुवा हुन्छ, ४,५ जना कर्मचारीको समूह बोल्यो । सुरुमै तपाईहरु पत्रकारलाई बुझ्दै नबुझी नकारात्मक व्यवहार गर्नुहुन्छ भने कहाँबाट राम्रो लेख्छ त ? हामीले उनीहरुलाई प्रश्न गर्‍यौं । पहिले एकजना पत्रकारलाई घुमाएका थियौं, ढोकाबाट अलि अलि पानी चुहेको विषयलाई लिएर ड्याम धराशायी भयो भनेर समाचार प्रसारण गरिदिए, त्यसैले हामी डराएका हौं, उनीहरुको जवाफ थियो ।

सिफ्ट इन्चार्ज गणेश भण्डारीले हामीलाई बाँध क्षेत्र घुमाउनुभयो । हामीले पानी मुनि बनाइएको बाँधको भाग पनि अवलोकन गर्‍यौं । उहाँका अनुसार ६५ हेक्टर क्षेत्रफलमा फैलिएको यस बाँधमा ४४ वटा हाइड्रोलिक सिस्टमका गेट छन्, ४ क्यूसेक पानी हिउँदको समयमा पनि फिस वे गेटबाट निरन्तर छोडिन्छ, ६ किलोमिटर सुरुंगबाट गएको पानीले बेल्टारीमा २ वटा टर्बाइन घुमाएर १४४ मेगावाट बिजुली निस्किन्छ । यो विद्युत् केन्द्र नेपालकै सबैभन्दा ठूलो जलविद्युत् गृह हो । विभिन्न देशका संस्थाहरुको सहयोगमा बनेको यो विद्युत् केन्द्र वि.सं. २०१८ देखि सर्भे भएको थियो भने सन् २००० मा निर्माण सम्पन्न भयो । र, २००२ मा नेपाल विद्युत् प्राधिकरणलाई जिम्मा लगाइयो ।

सिफ्ट इन्चार्ज भण्डारीले प्रेस स्वतन्त्र र स्वच्छ हुनुपर्छ, त्यसका लागि निडर भएर आफ्नो पेशाको सुरक्षा प्रदान गर्न तपाईंहरुको विश्वभ्रमण सफल होस् भनी शुभेच्छा प्रकट गर्नुभयो । हामी ड्यामको गेट (जहाँ मुनि सुरुंगबाट पानी गइरहेको छ) बाट बाहिरियौं । हिंड्दै हामी आँधीखोला दोभानको बजार आयौं । झोलुंगे पुल तलबाट स्टीमर सेती वेणी आउँदो रहेछ । हामी स्टीमरमा चढ्यौं । आधा घण्टा जलयात्रा गरेर सेती वेणी आइपुगियो । यो स्टिमरमा शैक्षिक भ्रमणमा आएका विद्यार्थीहरु पनि थिए । आ आफ्नो क्यामेरामा दृश्य कैद गर्दै उनीहरु डाँडा पाखा भीर पहराको अवलोकनमा व्यस्त भए । स्टिमर आफ्नै गतिमा जल प्रवाह गरिरहेको थियो । सेतीवेणीमा सेती खोला आएर कालीगण्डकीमा मिस्सिएको रहेछ । यिनैको दोभानमा बढेमाको शालग्राम शिला छ ।

चारैतिर परिक्रमा गर्न र घुम्न रेलिंग बनाइएको रहेछ । यो शालग्राम अरु देशमा नपाइने हुनाले सम्भवतः विश्वकै ठूलो हो, स्थानीय व्यापारी त्रिविक्रमप्रसाद ह्योजु भन्नुहुन्छ । उहाँकी श्रीमती ज्ञानुले चिया नास्ताबाट स्वागत गर्नुभयो । ह्योजु दम्पतिले हामीलाई स्वदेश एवं विदेशका मान्छेको स्पन्दन बुझी नेपाली पत्रकारिताको विकास गर्न आग्रह गर्‍यो ।

त्यसपछि हामीले स्थानीय व्यापारी र शालीग्राम क्षेत्र विकास समितिका पदाधिकारीहरुसँग भेट गर्‍यौं । समिति सदस्य भीष्मराज न्यौपानेले हाम्रो भ्रमणको बारेमा जानकारी लिनुभयो । समिति सम्बद्ध केशवराज न्यौपानेले समितिको तर्फबाट खाने बस्ने प्रबन्ध मिलाइदिनुभयो । यस पवित्र ठाउँमा वैशाख र माघको संक्रान्ति एवं हरिशयनी र हरिबोधनी एकादशीमा भव्य मेला लाग्दछ, साथै अन्य एकादशी र चाडपर्वका बेला पनि घुइँचो लाग्ने गर्दछ । अन्य ठाउँका मेला नलाग्ने ठाउँलाई सरकारले पर्यटकीय क्षेत्र घोषणा गरे पनि यसलाई पर्यटकीय क्षेत्रको रुपमा विकास र घोषणा गर्न राज्यले उपेक्षा गरेको छ, सेतीवेणीवासीको गुनासो हो यो । यो विशाल शिलालाई नदीमा जतिसुकै ठूलो बाढी आएपनि नडुबाउने गरेको उनीहरु बताउँछन् । तर, कालीगण्डकीमा बनाइएको बाँधका कारण बजार डूब्ने हो कि ? भन्ने चिन्ता रहेछ, सेतीवेणीवासीलाई ।

स्टिमर यात्रा

सेती वेणी गुल्मी, लुम्बिनी अञ्चल, पर्वत धौलागिरी र स्यांगजा गण्डकी अञ्चलको संगममा पर्दछ । हामी पिढीखोला ८, सेती वेणी बजारको एक होटलमा बास बस्यौं । घरपरिवार सँग हामीले अब विश्वलाई खरानी घसेर हिंड्ने जोगी वा भौतिक सुख

सुविधामा आफ्नै लागि मात्र बाँच्ने भोगी मान्छे होइन, बीचको मार्ग अपनाउने सममार्गी व्यक्तित्वको आवश्यकता छ भन्ने कुरा गर्‍यौं । हाम्रो यो भनाईमा उनीहरु पनि सहमत देखिए । राती ९ बजे हामी सुत्यौं ।

२०६६ पौष २०: बिहान अध्ययन लेखनमै अधिकांश समय बितायौं । खान खाएर १०:३५ बजे स्टिमर (डुंगा) चढ्यौं । यात्रुहरुले स्टिमरलाई नेपालको पानी जहाजको संज्ञा दिँदै थिए । हर्न बजाएर विपरित दिशाबाट आउने स्टिमरलाई हामी चढेको स्टिमरले संकेत दिँदै थियो । बिरामीलाई पनि स्ट्रेचरमा राखेर स्टिमरमा चढाइएको थियो । स्टिमर भएकाले बिरामी र सामान ओसार पसारमा सुविधा भएको छ, यो नहुने हो भने त्यहाँका स्थानीयवासीले स्टेचरमा बिरामी लानुपर्ने र सामान बोक्नुपर्ने हुन्छ । २५ मिनेटको स्टिमर जलयात्रा पश्चात् हामी मिर्मी आँधीखोला दोभान बजार उत्रियौं । जीपमा चढेर हामी जयपते डाँडा उक्लियौं । त्यहाँबाट ओरालो ४५ मिनेट हिंडेर बेलटारीमा अवस्थित कालीगण्डकी ए को पावर हाउस पुग्यौं ।

पावर हाउसभित्र क्यामेरा मोबाइल लान नमिल्ने सेक्युरिटी गार्डले बताए । हामीले आफ्नो वास्तविक योजना बताएपछि उनीहरुले आधिकारिक व्यक्तिलाई फोन गरे । आधिकारिक व्यक्तिबाट फोन आएपछि हामीलाई भित्र फोटो भिडियो खिंच्न कुनै रोकतोक भएन । प्राविधिक नारायणप्रसाद रिजालले हामीलाई घुमाउनुभयो । १३२ के.भी. प्रसारण क्षमता भएको कालीगण्डकी ए जलविद्युत्मा ६ किलोमिटर सुरुंग छ । पहाडलाई छेडेर गाउँ मुनिबाट ल्याइएको पानीले टर्बाइन चलाएपछि विद्युत उत्पादन हुँदो रहेछ । ३ वटा टबाईन मध्ये हाल २ टर्बाइनमात्र सञ्चालनमा रहेछन् । पर्याप्त पानी हुने मौसममा ३ वटै टर्बाइन सञ्चालनमा आउँछन् । ११५ मिटर माथिसम्म मिर्मीकै हाराहारीमा सुरुंग छ, त्यसपछि पानी ओरालो झर्छ, प्राविधिक रिजालले हामीलाई जानकारी दिनुभयो । सात तले भवनका विभिन्न कोठा चोटामा राखिएका फरक फरक यन्त्रहरु अवलोकन गरेर हामी बाहिरियौं ।

नेपालकै ठूलो विद्युत् गृह हेर्न पाउँदा हामीलाई पनि खुशी लाग्यो । यो हेराईमा हामी अचम्मित भएर सोच्यौं, आखिर मान्छेको सिर्जनशीलता कतिसम्म शक्तिशाली हुँदो रहेछ त ? यही गृहमा कार्यरत टीकाराम न्यौपानेले हामीलाई विद्युत् गृहकै गेस्टहाउसमा बस्नको प्रबन्ध मिलाइ दिनुभयो ।

पावर हाउसबाट निस्किएर हामीले कालीगण्डकी मत्स्य ह्याचरीको पोखरीहरु नियाल्यौं । ह्याचरीका कर्मचारी दिनेश भट्टराईका अनुसार नेपालमा पाइने १८४ जात मध्ये ६४ जातका माछाहरु कालीगण्डकीमा पाइन्छन् र, यो ह्याचरीले भूरा उत्पादन गरेर नदीमा छोड्ने गर्दछ ।

गेस्टहाउस परिसरमा भेटिट्नु भएका नेपाली सेनामा कार्यरत आरुखर्क ४, स्यांगजाका महेन्द्र बहादुर खत्रीले हाम्रो बेलुकी खानाको व्यवस्था गरिदिनुभयो । खाना खाने क्याण्टिनमा भेट भएका चालक देवीप्रसाद न्यौपाने, कर्मचारी पुनाराम चौधरी, कुलानन्द अर्याल लगायतले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वयात्रा सफलताको कामना गर्नुभयो । यहाँका कर्मचारीहरुले पनि पहिले केही सञ्चारमाध्यमका पत्रकार आएर सन्तुलित समाचार नदिंदा हाकिमहरु कारवाहीमा परेको खबर सुनाए । कारण, खोतल्दै जाँदा पत्रकार र जानकारी दिने कर्मचारी दुवैको अपूर्ण जानकारीले यस्तो भएको रहेछ । त्यसकारण पत्रकार भन्नासाथ यहाँ सबैजना सशंकित बन्दा रहेछन् । हामीले सूचना दिन पत्रकारलाई आधिकारिक व्यक्तिसँग पुर्‍याउन र उनीहरु आउँदा सशंकित नहुन आग्रह गर्‍यौं ।

२०६६ पौष २१: आज बिहान यही विद्युत् केन्द्रका चालक देवीप्रसाद न्यौपानेले हामीलाई नास्ता ख्वाएर ९ बजे केन्द्रकै गाडीमा जगत्रदेवीसम्म ल्याइदिनुभयो । कालीगण्डकी ए जलविद्युत्मा सुरक्षा गार्डको रुपमा कार्यरत अग्निधर न्यौपानेले हामीलाई उहाँको घर जगत्रदेवी २ मा बोलाउनु भएको थियो । त्यहाँ आइपुगेपछि हामीलाई न्यौपानेले जगत्रदेवी मन्दिर, दशैंघर, कालिका मन्दिर र गाउँघर घुमाउनु भयो । दुःखको कुरा यस ठाउँमा पानीको अभाव रहेछ । पानीको मुहानमा पहिरो जाँदै खन्दै गर्दा ठूलै भ्वांग परिसकेछ । तुर्रर उम्रिने पानीले सबैलाई धान्न सकिरहेको छैन । घण्टौंसम्म गाग्री लाइनमा राखिएका छन् । पाइपबाट पानी ल्याउने योजनामा भएको विवादका कारण हामी खानेपानी समस्या झेलिरहेका छौं, स्थानीय पेउनारायण न्यौपानेले भन्नुभयो ।

कर्मचारी अग्निधर न्यौपानेकै घरमा फर्किएर हामीले खाना खायौं । उहाँले कालीगण्डकी प्रोजेक्टमा आफ्नो घरबार उठाएर १ नं. प्रभावितमा परेकाले सकुन्जेल खाइपाइ आएको जागिर गर्न वा ज्यालादारीमा नियुक्त हुन पाउनु पर्ने र छोरा नातीले पनि नोकरी गर्न पाउनु पर्छ भन्ने माग सम्बन्धित निकायमा पुर्‍याइदिनु भनेर हामीसँग आग्रह गर्नुभयो ।

दिउँसोको २ बजे जगत्रदेवीबाट हामी गल्यांगतर्फ लाग्यौं । बलाम गुठी, गरांगदी हुँदै गाउँबस्ती, खोलानाला, डाडापाखा नियाल्दै कतै ओरालो त कतै थोरै उकालो र तेर्सोबाटो हिंड्दै हामी गल्यांग बजार आइपुग्यौं । माथि डाँडैबाट तल्लो गल्यांग र दुई डाँडा बीचको गल्छी एवं कालीगण्डकी र आँधी खोलाले घेरेको बीच भूभागमा अवस्थित माथ्लो गल्यांग बजार सुन्दर देखिएको थियो ।

स्यांगजाकै तेश्रो बजार क्षेत्र नं. ३ को केन्द्र गल्यांगबजारमा स्थानीय सञ्चारकर्मी टीकाराम अधिकारी र केही पसलेहरुसँग कुरा गर्‍यौं । अधिकारीले प्रेसलाई चौथो अंग भनेर सबैले भने पनि राज्यले उचितरुपमा व्यवहार गरेको छैन भन्नुभयो । साँझ पर्ने


गल्यांग

लागेको थियो । हामी आँधीखोला जलविद्युत् केन्द्र सञ्चालन गरिरहेको वुटवल पावर कम्पनिको कार्यालय आयौं । त्यहाँ प्रमुख व्यक्ति बाहिर गएका रहेछन् । यहाँका एक कर्मचारीले गेस्ट हाउस खाली नभएको हामीलाई प्रतिक्रिया दिए ।

हामीसँग पैसाको कमी थियो । त्यसकारण गाउँमा झरेर बास बस्ने योजनाका साथ हामी हिंड्यौं । भट्टराईहरु यस क्षेत्रमा धेरै छन् भन्ने सुनेका थियौं । तर कहाँ अनि कसको नाम लिने भन्ने कुरामा हामी अनविज्ञ । लल्यांग आइपुगेपछि एकजना अर्याल बूढा बालाई यहाँ केही कुराकानी गर्न सक्ने र बताउन जान्ने भट्टराई को छन् ? भनेर सोध्यौं । उहाँले देवीप्रसाद भट्टराईको घर देखाइ दिनुभयो ।

झमक्क साँझमा हामी जगत्रदेवी ९ लल्यांग देवीप्रसाद भट्टराईको घर आइपुग्यौं । दमको विराम भएकोले चिसोमा उहाँ आराम गरिरहनु भएको रहेछ । उहाँकी श्रीमतीले उहाँलाई निद्राबाट ब्युँझाइ दिनुभयो । हामी कुराकानी गरेर बस्यौं । नेपाली काँग्रेस क्षेत्र नं. ३ का सभापति समेत रहनुभएका भट्टराईले नेपाल र नेपाली भएर बाँच्न पाउने अधिकारको सृजना गर्नमा पत्रकारिता क्षेत्रले महत्वपूर्ण भूमिका निर्वाह गर्न सकोस् भनेर शुभकामना व्यक्त गर्नुभयो ।

नेपालका नेताहरु कुर्सीमा अल्झिएर देशका कुना काप्चाको विकासमा ध्यान नदिएकाले देशमा अशान्त वातावरण बनेको हो भन्ने उहाँलाई लाग्छ । केही समयपछि उहाँका छोरा हरिप्रसाद भट्टराई आइपुग्नुभयो । दुःखको कार्य सुरु गर्नु भएछ, सफल हुनुहोला शुभकामना, उहाँले भन्नुभयो । खाना खाएर हामीले केहीबेर टी.भी. हेऱ्यौं । ९:३० बजे ओछ्यानमा पल्टियौं ।

२०६६ पौष २२: बिहान हुस्सु लागेर मौसम चिसो भएको थियो । हामी बिहान लल्यांगबाट गल्यांग बजार आयौं । बजार व्यवस्थापन समिति अध्यक्ष श्यामप्रसाद बस्यालसँग कुराकानी गऱ्यौं । जगत्रदेवी गा.वि.स. को वडा नं. ८ र ९ पेलाकोट गा.वि.स. को ९ र १ तथा तुलसी भञ्ज्यांग गा.वि.स. को ८ र ६ वडा रहेको गल्यांग बजार स्यांगजा, पाल्पा र गुल्मीको समेत केन्द्र विन्दूमा पर्दछ । यहाँका मानिसहरु काठमाडौं, पोखरा र रुपन्देहीका पत्रपत्रिका पढ्ने तथा पाल्पा र स्यांगजाका रेडियो सुन्ने र केवलबाट टेलिभिजन हेर्ने गर्दछन् ।

व्यवस्थापन समिति अध्यक्ष बस्याल भन्नुहुन्छ, नगर विकास समिति घोषणा गरिए पनि दलहरुको विवादका कारण लागू हुन सकेको छैन । सुरक्षाका लागि इलाका प्रहरी कार्यालय छैन । र, सदरमुकाम टाढा भएकाले सेवा केन्द्र पनि स्थापना भएका छैनन् । यी हाम्रा प्रमुख समस्याकारुपमा रहेका छन् । उहाँ सँगको यो कुराकानी पछि हामी बजारतिर लाग्यौं ।

बजारमा जगत्रदेवी ९ सिम्ले गल्याङ्गका युवराज भट्टराई ध्रुवसँग हाम्रो जम्काभेट भयो । उहाँसँग हाम्रो पूर्व परिचय मनोकान्तिमा योग, ध्यान सिक्न जाँदा भएको थियो । हाल उहाँ घरतिरै पसल गरेर बसिरहनु भएको रहेछ । खुशी हुँदै विहानी खानाको प्रबन्ध उहाँले नै गर्नुभयो । त्यसपछि हामीले गल्यांग बजार व्यवस्थापन समिति कार्यालय पुगेर कार्यालय सचिव होमप्रसाद श्रेष्ठ र सहायक श्याम अर्याललाई भेट्यौं । उहाँहरुसँग हामीले उठाएको नाराबारे छलफल भयो । हामी रोडभन्दा माथि तिरको भाग पनि घुम्यौं । भानुभक्त उ.मा.वि. गल्यांग बहुमुखी क्याम्पस परिसरबाट तल्लो गल्यांग तिर ओरालो झऱ्यौं ।

बजार क्षेत्रको नजर गर्दै आँधीखोला किनारमा पुग्यौं । त्यतिबेला पारिला घाम लागेका थिए । यही खोलामा हामीले लुगा धोएर सुकायौं । दिउँसो ४ बजेपछि हामी वालिङ्गका लागि गाडी चढ्यौं । साँझमा वालिङ्ग बजार आइपुग्यौं । कतै धर्मशाला छन् कि ? भनेर सोधखोज गऱ्यौं । नभएपछि होटलमा बस्ने योजना बन्यो । ३, ४ वटा लजमा सोधपुछ गऱ्यौं । कमन बेडमा दुई जनाको रु. १०० तिर्नुपर्छ, ५० मात्रै तिरेर हुँदैन उनीहरुले भने । हामी भण्डारी नेशनल होटल एण्ड लज आयौ । आफ्नो वास्तविकता जाहेर गरेपछि कमन बेडको रु. ५० मात्र लिन होटल साहुजीले सहमति जनाउनुभयो । खाना खाएर हामी ९ बजे सुत्यौं ।

२०६६ पौष २३: हामीले बिहान ७ बजे नेपाल पत्रकार महासंघ स्यांगजा सचिव हिमलाल पराजुलीलाई फोन गऱ्यौं । फोन गर्नासाथ उहाँ हामीलाई भेट्न आउनुभयो । उहाँले अन्य पत्रकार साथीहरुलाई फोन गर्नुभयो । महासंघ सहसचिव राधाकृष्ण ढुंगे, पत्रकारहरु श्रीकृष्ण सिग्देल, विवेक अर्याल लगायत आएर विश्वभ्रमण अभियानलाई स्वागत गर्नुभयो । पत्रकार साथीहरुले पत्रकारिता क्षेत्र स्वतन्त्र, सकारात्मक, मर्यादित एवं खोजमूलक बनाउन र विश्वसनीय पेशाको रुपमा स्थापित गराउन सबैको ध्यान जानु पर्नेमा जोड दिए । सचिव पराजुलीले जिल्लामा दुई वटा एफ.एम. र केही साप्ताहिक प्रसारित प्रकाशित भइरहेको

जानकारी दिनुभयो । ठूला उद्योग धन्दा, कलकारखाना नहुनु र व्यावसायिकरुपमा अगाडि बढ्ने वातावरण एवं पत्रकार नहुनुले यहाँको पत्रकारिता पछाडि परेको हो कि ? जस्तो देखिन्छ । तर २ वटा रेडियो खोले पछि पत्रकारिता क्षेत्रप्रति रुचि राख्नेहरुको संख्या बढ्नुले आगामी दिनको राम्रो संकेत गरेको छ । अन्य क्षेत्रमा स्याङ्जा अगाडि छ । लोकसेवा पास गरेर निजामती क्षेत्रमा कार्यरत कर्मचारी पनि देशभर उल्लेख्यरुपमा छन् ।

महासंघ सचिव हिमलाल पराजुलीले दुई छाक खाना र बसाईको हाम्रो खर्च मिलाइदिनुभयो । त्यहाँबाट हामीलाई उहाँले ईलाका प्रशासन कार्यालय र वालिंग नगरपालिका कार्यालय पुऱ्याउनुभयो । ईलाका प्रशासन कार्यालयका प्रमुख केशवराज शर्माले यहाँका शिक्षित व्यक्तिले पत्रकारिता क्षेत्रलाई प्राथमिकता नदिनु र पत्रकारले पनि व्यावसायिक पत्रकारिता तर्फ उचित ध्यान नपुऱ्याएको कारण यो पेशा पछाडि परेको हो भन्नुभयो ।

कार्यकारी अधिकृत मुक्तिराम आचार्यसँग वालिंग नगरपालिका बारे हाम्रो कुराकानी भयो । वि.सं. २०५३ माघ ११ गते स्थापना भएको यो नगरपालिकाका ११ वडा छन् । गऱ्हौं कालिका मन्दिर तथा गऱ्हौंसुर वडा नं. ४ ध्यांगलिंग बाहुन्थान र थामको चौरजस्ता धार्मिक पर्यटकीयस्थल वालिंग नगरपालिका भित्र पर्दछन् । वालिंग, तल्लो वालिंग, भुम्रे, भकुण्डे, र्मिदी, रामबच्छा त्रियासी, खहरे लगायतका मुख्य बजारहरु यस नगरपालिका भित्र रहेकां छन् । स्यांगजाको क्षेत्र नं. २ मा पर्ने प्रमुख शहर पनि हो वालिंग ।

वालिंग नगरपालिकाको कार्यालयबाट हामी बाहिर निस्किएर बजार भ्रमणमा जुट्यौं । आँधी खोलाको तटमा अवस्थित वालिंग बजार निकै राम्रो लाग्यो । बजार क्षेत्रको १ घण्टाजति भ्रमण गरेर हामीले वालिंग छोड्यौं । हेलुसम्म गाडीमा आयौं । गाडी रामबाच्छा, दहथुम्को, वयरघारी छिचोल्दै हेलु आइपुगेका थियो । हेलुबाट हामी पुल तरेर दरंग खोलाको फाँटै फाँट अगाडि बढ्यौं । धान खेती हुने फाँटहरु आकर्षक देखिन्छन् । लगभग साँझ परिसकेको थियो । हामीले नब्बे तिर बस्न पाउँछ कि ? भनेर ३, ४ वटा किराना पसलमा सोध्यौं । उनीहरुले हामीलाई अर्जुन चौपारी नजिकै पर्छ जानुस् भनेर बाटो देखाइदिए । हामी छामछाम छुमछुम गर्दै झमक्क रात परेपछि अर्जुन चौपारी आइपुग्यौं । स्थानीय थकाली होटलमा खाना खाएर सुत्यौं ।

२०६६ पौष २४: आज बिहानको पौने ३ बजे नै कुकुर जोड जोडसित भुक्यो । हामी सुतेको कोठामा ३ बेड थिए । २ बेडमा हामी सुतेका थियौं भने अर्को बेडमा बेलुकी सुतेका मान्छे थिएनन् । राती नै हिंड्ने कस्तो के काम गर्ने मान्छे होला भनेर हामीले कुराकानी गऱ्यौं । त्यस होटलमा गाडी स्टाफहरु बस्ने गरेको जानकारी हामीले बेलुकै पाएका थियौं । त्यसकारण गाडीमा काम गर्ने कर्मचारी होला भनेर हामी निदायौं । ५ बजे उठेर एकजना गाडी कर्मचारीले हामी सुतेको कोठामा चार्जमा राखेको मोबाइल हरायो भने । हामीले उनलाई राती उठेर गएको मान्छे को हो ? भन्यौं । उनीहरुले नचिनेको बताए ।

होटल साहुजी लगायत कसैले पनि नचिनेको अपरिचित व्यक्ति होटलमा बसेको रहेछ । १३ हजार रुपियाँमा किनेको मोबाइल ३, ४ दिनमै गयो भन्दै बसका कर्मचारी चिन्तित देखिए । हामीले हाम्रो पनि केही सामान हरायो कि ? भनेर चेक गऱ्यौं । हाम्रो केही पनि हराएको रहेनछ । मान्छेहरु पनि कस्ता कस्ता प्रवृत्तिका हुन्छन् । संस्कार आनीबानी चिन्नै गाऱ्हो ।

हामी ७ बजे अर्जुन चौपारीबाट नेपालकै पहिलो नमूना पर्यटकीय गाउँ सिरुबारीको यात्रा तय गरेर हिंड्यौं । खोलाको तिरैतिर ठाडै जानुपर्नेमा हामी पारिपट्टि तरेर भंगारी, सिमलचौर रोडै रोड पुगेछौं । बाटो भुलेर भएपनि हाम्रो गाउँ हेर्न आइपुग्नु भएछ, स्थानीय बासिन्दाले हाँस्दै भने । उनीहरुले उ त्यो पारी पर्छ भनेर सिरुबारी पन्चमूल लगायतका गाउँ देखाए । तल दरंग खोलाको किनारमा अवस्थित अर्जुन चौपारी देख्यौं । हामीलाई एकजना बूढा बाजेले आरुचौर पिपलडाँडाबाट ओरालो झर्ने बाटो देखाइदिए । हामी पुन: दरंग खोला झरेर उकालो लाग्यौं । खुबै चर्चामा आएको सिरुबारी कस्तो होला ? भन्नेमा हामीलाई कौतुहलता अझै छ ।

उकालो बाटो हिंड्दै पन्चमूल १, अर्घौंदी निस्कियौं । स्थानीय सन्जयकुमार तिवारीसँग कुराकानी भयो । त्यहाँ तिवारीहरुको बाक्लै बसोबास रहेछ । हामी धारामा चिसो पानी पिएर उकालो लाग्यौं । ढुंगा छापेको ठाडो उकालो बाटो भोको पेट यात्रा स्मरण गर्न लायक बन्यो । पत्रकार महासंघ सचिव हिमलाल पराजुलीले सिरुबारी पर्यटन विकास समिति संयोजक जुम गुरुंगलाई फोन गरिदिनुभएको थियो । जुम गुरुंगले हामीलाई सरासर अध्यक्ष क्याप्टेन बबरसिंह गुरुंगको घरमा जान भन्नुभयो । चिटिक्क परेको ढुंगा छापेको बाटो, आगन र कौसीमा ढकमक्क फूलेका फूलहरुले शोभायमान आकर्षक सिरुबारीका घरहरु हेर्दै हामी अध्यक्ष गुरुंग निवास पुग्यौं । अध्यक्षकी श्रीमतीले फूल दिएर र बुद्ध आमा समूहकी अध्यक्ष मैना गुरुंगले कुल्फी फूलको माला लगाइदिएर हामीलाई स्वागत गर्नुभयो । लगत्तै खाना ख्वाउनुभयो । खाना खाएर हामीले १ घण्टा आराम गऱ्यौं ।

दिउँसो २ बजेपछि हामी घुम्न निस्कियौं। कोषाध्यक्ष रान बहादुर गुरुंगले पथ प्रदर्शकको भूमिका निभाउनुभयो। हामी गाउँघर वनजंगल नियाल्दै माथि डाँडामा उक्लियौं। डाँडाबाट सिरुबारी गाउँका साथै पञ्चमूल गा.वि.स. का अन्य भूभाग लगायतलाई हामीले नियाल्यौं। भ्यू टावर त्यहाँ भन्दा अझ माथि पर्दछ। खरबारी र हरियाली जंगलले सौन्र्दयता बढाएको छ। यदि सूर्योदय हेर्न मन भएमा भोली बिहान ४:३० बजे उठेर जानुपर्छ डेढ घण्टामा भ्यु टावर पुगिन्छ, त्यहाँबाट सूर्योदयको अतिरिक्त पोखरा, नारायणघाट, पाल्पा, स्याग्दीको डाडा पर्वत, कुस्मा बागलुंगबजार पञ्चासे लेक माछापुछ्रे धौलागिरी अन्नपूर्ण लगायतका हिमश्रृंखला देख्न सकिन्छ, कोषाध्यक्ष गुरुंगले भन्नुभयो।

हामी पुन: गाउँतिर झर्‍यौं। चारैतिर घुम्यौं। गाउँलेहरुले निकै मेहनेत गरेर पर्यटकीय गाउँ बनाउन सफल भएको हामीले महसुस गर्‍यौं। अध्यक्ष बबरसिंह गुरुंगले यो गाउँ यति महत्वको गाउँ बनाउन भू.पू. सांसद रुद्रमान गुरुंगको मुख्य भूमिका रहेको बताउनुभयो। वि.सं. २०५२ सालमा ग्रामीण पर्यटनको रुपमा घोषणा हुनु पूर्व पनि विदेशीहरु यहाँ आउने गर्दथे। पछि हामीले हेलुदेखि हिंडाएर ल्याउन थाल्यौं। हाल कोही गाडीमा त कोही हिंडेर आउँछन्। ३, ४ घण्टा हिंडेर आउनुपर्छ भन्ने पनि छन्। पञ्चमूल ४ को यस सिरुबारी गाउँमा ४० घर गुरुंगकै छन्। हरेक दिन पालो गरेर एक घरमा २ जनाको दरले पाहुना राख्ने गरिन्छ, अध्यक्ष गुरुंगले भन्नुभयो।

अध्यक्ष गुरुंग भन्नुहुन्छ, गाउँको एकता, पानीको श्रोत, हरियाली वनजंगल भयो भने हरेक गाउँमा पर्यटक भित्र्याउन सकिन्छ। यहाँ ग्रामीण पर्यटन विकास समिति, बुद्ध आमा समूह, सिद्धार्थ आमा समूह, नव युवा क्लब, धर्मोदय सभा सक्रियरुपमा लागि परेका छन्। राष्ट्यि घरेलु उद्यमी पुरस्कार, राष्ट्यि युवा वन पुरस्कार, पाटा पुरस्कार, पहाडिया विकास पुरस्कारजस्ता महत्वपूर्ण पुरस्कार समेत सिरुवारीका उल्लेखित समूहले हासिल गरिसकेका रहेछन्। यहीं गाउँबाट प्रभावित भएर लमजुंगको घले गाउँ लगायत अन्य जिल्लामा पनि ग्रामीण पर्यटन सुरु भएको छ।

बेलुकीको खाना पश्चात् ८ बजे सामुदायिक भवनमा सांस्कृतिक कार्यक्रम भयो। यहाँको संस्कृति र भेषभुषामा सज्जिएर गुरुंग कलाकर्मीहरुले नृत्य एवं गीत संगीत प्रस्तुत गरे। आज हेटौंडाबाट आएका अरु २ जना पाहुना पनि थिए। यहाँ केही दिन अगाडि नै खबर गरेर पाहुना आएमा बाजागाजा सहित गुम्बामा पुर्‍याएर फूलमालाद्वारा स्वागत गर्ने, खानपिनको लागि पालो अनुसार घरमा लाने, डूलाउने, घुमाउने तथा बेलुकी सांस्कृतिक कार्यक्रम गरेर पर्यटकलाई मनोरञ्जन गराउने चलन रहेछ। पारिवारिक वातावरणमा बस्न पाउने भएकाले पर्यटकहरु पनि मख्ख पर्दा रहेछन्। नाचगान सिद्धिएपछि हामीले रात्री विश्राम गर्‍यौं।

२०६६ पौष २५: बिहान नित्यकर्म पूरा गर्‍यौं। ७ बज्नासाथ अध्यक्षकी श्रीमतीले चिया नास्ता गर्न बोलाउनुभयो। सेल रोटी चिया खायौं। यस्तो परिकार ख्वाउने यहाँको चलनै रहेछ। हामी नास्ता गरेर घरबेटी आमाले दिनुभएको बिदाई फूल बोकेर गुम्बा पुग्यौं। त्यहाँ गुरुंगसेनी आमाहरु आफ्नो पोशाकमा सजिएर फूलमाला बोकेर बस्नुभएको थियो। संयोजक जुम गुरुंगले भन्नुभयो, हाम्रा घरपरिवारका सदस्यलाई पनि सबै मिलेर बिदाई गर्ने चलन छ। त्यसकारण तपाईंहरुलाई पनि त्यसैगरी बिदाई गर्न उपस्थित भएका हौं। गाउँघरमा होटल खोल्दैनौं अनि खोल्न पनि दिदैनौं। किनभने विदशीहरु हाम्रो घरका सबै गतिविधिहरु, गाईभैसी दुहेको, जातो पिधको, ढिकी कुटेको आदि हेरेर मख्ख पर्छन्। पारिवारिक वातावरणमा बस्न मन पराउँछन्। हुन त हाम्रोमा धेरै सामाग्री किनेर ल्याउनु परेकाले केही महंगो पनि छ।

संयोजक गुरुंगको मन्तव्य सकिएपछि आमा समूहले हामीलाई फूलमाला लगाइदिएर बिदाइ गर्‍यो। गाडी चढ्ने ठाउँसम्म उहाँहरुसँगै आउनुभयो। वसमा चढाएर उहाँहरुले बिदाईका हात हल्लाउनुभयो। हाम्रो खाना बसाइको उहाँहरुले नै नि:शुल्क व्यवस्थापन गरिदिनुभयो। धेरै धेरै धन्यवाद उहाँहरुको आतिथ्यता, स्वागत एवं हार्दिकताका लागि।

राम्रा कुराको अनुसरण सबैले गर्नुपर्छ, हरेक गाउँका जनताले सिरुबारीबाट केही न केही सिक्न सके राम्रै हुनेछ।

बस बिहान ८ बजे सिरुबारीबाट स्यांगजा सदरमुकाम पुतली बजारका लागि प्रस्थान गर्‍यो। कच्ची सडकमा धुलो उडाउँदै बस पुतलीखेत, वार्ड खोला, प्रगतिनगर हुँदै स्यांगजा बजार जिल्ला प्रहरी कार्यालय गेटमा आएर रोकियो। हामी सिटी हल सोध्दै पुग्यौं। मनोक्रान्ति योग साधना केन्द्र स्यांगजाकी पूर्वाध्यक्ष गीता सुनार र वर्तमान कोषाध्यक्ष भ्रमण अभियान स्वागतार्थ बस्नुभएको रहेछ। लगत्तै उहाँहरुले हामीलाई भोजनको प्रबन्ध मिलाउनुभयो।

भोजन पश्चात् हामी अध्ययन लेखन गरेर बस्यौं। अपरान्ह ४ बजे साधना केन्द्रका अन्य पदाधिकारीसहित पूर्वाध्यक्ष गीता सुनार आउनुभयो। उहाँहरुले तपाईहरुलाई आफैं खाना बनाएर खान समस्या हुन्छ भने अन्यत्र व्यवस्थापन गर्छौं भन्नुभयो। भाडाकुँडा सामान सबैकुरा यही भएकाले हामी आफैं बनाएर खान्छौं हामीले भन्यौं। यहाँ मनोक्रान्तिका योगी श्री बं (किरण गुरुंग, धादिंग) को पालादेखि नै मनोक्रान्ति कार्यक्रम चल्दै आएको हल र बस्ने कोठा रहेछ। योगी बंपछि साधक ज्राम् (प्रकाश आचार्य, दक्षिणकाली काठमाडौं), ज्रिम् र नवराज बसिसक्नु भएछ। तर केही दिनदेखि खाली छ यो ठाउँ। आजबाट केही दिनका लागि हामी बस्दैछौं।

२०६६ पौष २६: बिहान ४ बजे नै मोबाइलमा फोन आयो । गोरखा जन्मघर भएका प्रकाश भट्टराई (साधक मिल्म्) स्यांगजा आइपुगेर फोन गर्नुभएको रहेछ । हामीले स्थानीय मनोक्रान्तिप्रेमी क्षेत्र गुरुंगको सहयोगमा मिल्म्जीलाई लिएर कोठामा आयौं । कुराकानी गर्दै खाना बनाएर हामी तीनै जनाले खायौं । ११ बजेपछि हामी बजार भ्रमण गर्न निस्कियौं ।

लक्ष्मी स्मृत्ति सामुदायिक पुस्तकालयद्वारा सञ्चालित रेडियो स्यांगजा एफ.एम. ८९.६ मे. कार्यालय पुग्यौं । समाचार प्रमुख इन्द्र गोदार, एफ.एम. कर्मीहरु प्रकाश डोटेल, शारदा मल्ल, अनमोल पोखरेल अनि कान्तिपुर संवाददाता वसन्ती बाँस्तोलासँग भेट भयो । समाचार प्रमुख गोदारले स्यांगजामा पत्रकारिता क्षेत्र नफस्टाउनुमा अन्य पेशा व्यवासायीहरुले उचित चासो नदिनु, सञ्चारमाध्यममा ठूला नेताका भाषणले मात्र स्थान पाउनु, खोजपत्रकारिता एवं अनुसन्धानमूलक सामाग्रीमा सञ्चारकर्मीको उचित ध्यान नपुगनु तथा पत्रकारहरुमा दक्षता अभिवृद्धिका लागि पत्रकार महासंघ लगायत अन्य कुनै पनि संघ संस्थाले सेमिनार सञ्चालन नगर्नु रहेको बताउनुभयो ।

आँधी खोलाको किनारमै स्यांगजा सदरमुकाम पुतलीबजार पनि रहेछ । साँघुरो-साँघुरो भित्तामा ३, ४ वटा बजारमा फैलिएको रहेछ, पुतलीबजार । हामी बजार क्षेत्रकै गतिविधि नियाल्न साँझ सम्म तल्लिन भयौं ।

२०६६ पौष २७: बिहान ५ बजे नै योग साधनाका लागि साधिकाहरु हलमा जम्मा हुनुभयो। मिल्म् जीले साधना गराउनुभयो। योग साधना केन्द्रकी अध्यक्ष निर्मला लम्साल, उपाध्यक्ष कृष्ण गुरुंग, पूर्वाध्यक्ष गीता सुनार, सदस्यहरु धनकुमारी गुरुंग, नानी मैया श्रेष्ठ लगायतले साधक मिल्म् र हामीलाई पनि खादा अविर पहिन्याई स्वागत तथा अभिनन्दन गर्नुभयो । उहाँहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे यही कार्यक्रममा औपचारिक जानकारी गरायौं ।

बिहान १० बजे हामी जिल्ला प्रशासन कार्यालय पुग्यौं । प्र.जि.अ. नन्दीकेशर त्रिपाठीले संसार आक्रान्त भएका बेला, संसारमा मरे मारेको न्यूजले प्राथमिकता पाइरहेको अवस्थामा सबै कुरा जग जाहेर भएर पनि कसैले थाहा नपाएको जस्तो गरिएको परिस्थितिमा विश्व शान्ति, प्रेस स्वतत्रता एवं सकारात्मक पत्रकारिता विकासमा सुरु गरिएको विश्वभ्रमणले महत्वपूर्ण भूमिका खेलोस् भनी शुभेच्छा प्रकट गर्नुभयो । कार्यालयमा २ नाम थर र दुई जन्म मिति एकै भएकाहरुको सिफारिस गराउन भीड थियो ।

त्यहाँबाट हामी जि.वि.स. कार्यालय पुग्यौं । त्यहाँ अन्नपूर्ण पोष्टकी संवाददाता भवानी अधिकारी, श्री जामुने डाडा मा.वि. विरुवा अर्चलेका प्र.अ. श्रीरामचन्द्र शर्मा, जि.वि..स. कर्मचारी गंगा ढकाल अभागी, देवी नेपाल लगायतसँग हाम्रो परिचय भयो । प्र.अ. शर्माले राजनीतिक जलपबाट मुक्त रही पत्रकारिताले निष्पक्ष समाचार सम्प्रेषण गर्नुपर्छ भन्नुभयो भने सञ्चारकर्मी अधिकारीले प्रेस स्वतन्त्रताको प्रत्याभुति गर्न भ्रमण सफल होस् भन्नुभयो। भेट भएका अन्य कर्मचारीहरुले पनि भ्रमण सफलताको कामना गरे ।

जि.वि.स. बाट हामी पुतलीबजार नगरपालिका कार्यालय पुग्यौं । नगरपालिकामा बैठक चलिरहेकाले हाम्रो कुराको कुनै सुनुवाई गरिएन । नगरपालिका कार्यालयबाट हामी नेकपा एमालेको कार्यालय गयौं । उपसचिव सूर्य कुमार पौडेल र अन्य नेता कार्यकर्तालाई विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । उपसचिव पौडेलले आफ्नो पार्टीको तर्फबाट पत्रकारिता क्षेत्रलाई गर्नुपर्ने सम्पूर्ण सहयोग गरिरहेका छौं भन्दै भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

एनेकपा माओवादी कार्यालय पुग्यौं । त्यहाँ कार्यालय इन्चार्ज शोभाकर ढकाल, कार्यालय सचिव पारस शर्मा, क्रान्तिकारी पत्रकार संघका अध्यक्ष अर्जुन काफ्ले लगायत अन्य सँग हाम्रो परिचय र कुराकानी भयो । कार्यालय सचिव शर्माले विश्वभ्रमण सफलताका लागि शुभकामना पत्र प्रदान गर्नुभयो । अध्यक्ष काफ्लेले भोजपुर दलगाउँमा जन्मिएर हाल को.ले.नि.का. स्यांगजमा कार्यरत रमेश सुवदीसँग भेट गराउनुभयो । खुशी हुँदै र कुराकानी गर्दै सुवेदीले हामीलाई पत्रकार महासंघ स्यांगजा शाखा कार्यालय ल्याउनुभयो । राती ९:१५ बजेसम्म महासंघ अध्यक्ष ओमप्रकाश शर्मासँग कुराकानी भयो ।

अध्यक्ष शर्माले भन्नुभयो, पत्रकारितामा जो कोही व्यक्ति अध्ययनशील, दृढ निश्चयी एवं लगाव भएको हुनुपर्छ, यसो सुनेको भरमा र इन्टरनेट हेरेर समाचार पढ्दैमा पत्रकार हुन सकिदैन, यसका लागि प्यास चाहिन्छ, दुःख कष्ट सहन सक्नुपर्छ । उहाँले माओवादीको १० वर्षे जनयुद्धताका शाही सेनाले दिएको

दुःख र माओवादीले अपहरण गरेर लगेका व्यक्तिहरु छुटाउन जाँदा पाएको कष्टका बारेमा सुनाउनुभयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानलाई उहाँले महत्वाकांक्षी योजना भन्दै भ्रमण सफलताको कामना गर्नुभयो।

२०६६ पौष २८: बिहान हामीले मनोक्रान्ति योग साधनामा सहभागी साधिकाहरुको अनुभव रेकर्ड गर्‍यौं। धेरै साधिकाले यी साधनामार्फत् आफ्नो कब्जियत, महिनावारी, टाउको दुख्ने लगायतका समस्या समाधान भएकोमा खुशी व्यक्त गरे। थोरैले चाहिं आगामी दिनमा रोगबाट मुक्त होइएला भनेर आशा राखे। मनोक्रान्तिका योद्धाहरु सामाजिक स्वरुपलाई अध्ययन गर्दै व्यक्ति एवं समाज परिवर्तनमा जुट्नु पर्ने उनीहरुको राय छ। मनोक्रान्ति सम्पूर्ण व्यक्ति, समाज र राष्ट्रका लागि आवश्यक छ भन्दै उनीहरुले यसको व्यवस्थापन पक्ष सशक्त हुनुपर्नेमा जोड दिए।

बिहानको खाना खाएर हामी जि.वि.स. जिल्ला प्रहरी, जिल्ला शिक्षा, नेपाली काँग्रेस एवं स्यांगजा जिल्ला उद्योग वाणिज्य संघ कार्यालय पुग्यौं। स्यांगजा जिल्ला उ.वा.संघको हलमा उज्यालो ९० नेटवर्कको नेपालीको अभियान नयाँ संविधान कार्यक्रम रेकर्ड भइरहेको थियो। सहभागी मध्ये केहीले समय थप गरेर भएपनि हाम्रो संविधान राम्रो संविधान बनाउनु पर्नेमा जोड दिएका थिए। नेताहरु संविधान निर्माणमा भन्दा कुर्सी मोहमा फसेका छन् भन्दै सहभागीहरुले देश र जनताका पक्षमा एकजुट हुन आव्हान गरे। सो कार्यक्रममा जिल्लाका राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, उद्योगी व्यवसायी एवं विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति थियो। यो कार्यक्रम हुनुभन्दा अघि हामीले उ.वा.संघ अध्यक्ष दीपक लम्सालसँग भेट गरिसकेका थियौं।

कार्यक्रम समापन पश्चात् हामी जि.वि.स.गयौं। स्थानीय विकास अधिकारी दीर्घनारायण पौडेलसँग कुराकानी गर्‍यौं। एल.डी.ओ. सँगको कुराकानी पछि हामी जिल्ला प्रहरी कार्यालयमा प्रहरी नायब उपरीक्षक उत्तम सुवेदीसँग भेट गर्न गयौं। भोजपुर दलगाउँमा जन्मनुभएका उपरीक्षक सुवेदीले खुशी व्यक्त गर्दै विश्वभ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो। यही क्रममा प्रहरी निरीक्षक ओमप्रकाश चौधरी, प्रहरी जवान अर्जुन पौडेल लगायतका अन्य प्रहरी जवानसँग पनि हाम्रो परिचय भयो।

प्रहरी कार्यालयबाट हामी जि.शि.का. गयौं। जि.शि.अ. दुर्गाप्रसाद श्रेष्ठले पत्रकार विद्वत वर्ग भएकाले विषयवस्तुको गहन अध्ययन हुनुपर्ने र त्यसपछि मात्र प्रकाशित प्रसारित सामाग्रीले समाजमा ठूलो परिवर्तन गर्न सक्ने धारणा राख्नुभयो। भोजपुर जन्मस्थान भएका जि.शि.अ. श्रेष्ठले विश्वभ्रमण अभियानलाई स्वागत छ भन्दै शुभकामना पत्र प्रदान गर्नुभयो। भोजपुर बजारमै जन्मनु भएकी उहाँकी श्रीमती करुणा श्रेष्ठले पनि भेट हुन पाउँदा आफूलाई एकदमै खुशी लागेको बताउँदै भ्रमण सफलताको कामना गर्नुभयो। उहाँहरुको प्रेम, आत्मियता र शुभेच्छाले हामीमा पनि थप उत्साह, उमंग सञ्चार भयो।

हामीले नेपाली काँग्रेस जिल्ला सभापित एवं राष्टिय सभाका पूर्व सांसद खगेन्द्र रेग्मीसँग पार्टी कार्यालयमै भेट गर्‍यौं। उहाँले नेपालको ईज्जत विश्वमा उचो बनाउन तपाईं तरुण युवाहरु सफल हुनुस् भन्दै शुभकामना व्यक्त गर्नुभयो।

हो, यस्तै त्यस्तै भ्रमण र भेटघाटका साथ हामीले ५३ औं जिल्ला स्यांगजा भ्रमण समापन गर्‍यौं। अनि बेग्लै जोश, जाँगरका साथ ५४ औं जिल्ला कास्कीको पोखरातिर दिउँसो ४:३० बजे गाडीमा हुइकियौं।

स्याङ्जा यात्राका क्रममा प्राप्त नगद सहयोग

उत्तमराज सुवेदी (जिल्ला प्रहरी)	रु. २,०००/-
स्यांगजा उ.वा.संघ	रु. २,०००/-
मनोक्रान्ति योग साधना केन्द्र	रु. १,४००/-
दुर्गाप्रसाद श्रेष्ठ (जि.शि.का.)	रु. १,०००/-
जिल्ला प्रशासन कार्यालय	रु. १,०००/-
जिल्ला विकास समिति	रु. १,०००/-
वालिंग नगरपालिका	रु. ७००/-
रमेश सुवेदी -दलगाउँ १ भोजपुर)	रु. ५०५/-
गल्यांगवजार व्यवस्थापन समिति	रु. ५००/-
युवराज भट्टराई ध्रुव (गल्यांगवजार)	रु. ५००/-
केशवराज शर्मा (ई.प्रशासन), वालिंग	रु. ५००/-
एनेकपा माओवादी	रु. ५००/-
त्रिविक्रमप्रसाद ह्योजु (सेतीवेणी)	रु. २५०/-
भीष्मराज न्यौपाने (सेतीवेणी)	रु. ११०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

शान्ति, मानवता र सकारात्मक सोचको भावनालाई जागृत गर्नु/गराउनु । – नन्दीकेशर त्रिपाठी (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

विश्वकै पत्रकारितामा नयाँ आयाम ल्याउने विश्वास । – हिमलाल पराजुली, सचिव नेपाल पत्रकार महासंघ

यात्रा सुखद र सफल रहोस् ।

– निर्मला लम्साल (अध्यक्ष) तथा सम्पूर्ण स्यांगजावासी साधकसाधिका परिवार, मनोक्रान्ति योग साधना केन्द्र, सिटी हल

सफलतापूर्वक सम्पन्न होस् । – उत्तमराज सुवेदी (प्र.ना.उ.), ओमप्रकाश चौधरी (प्रहरी निरीक्षक), जिल्ला प्रहरी कार्यालय

कठीन र बहुचर्चित यस कार्यक्रमलाई स्यांगजामा स्वागत, शुभकामना । – पारस शर्मा (कार्यालय सचिव), एनेकपा (माओवादी)

नेपालका सम्भावनाहरुबारे अन्तर्राष्टियस्तरसम्म पुऱ्याउने साहसिक लक्ष्य तथा उद्देश्य । – दीपक लम्साल (अध्यक्ष) जिल्ला उद्योग वाणिज्य संघ

पत्रकारिता जगत्मा नयाँ आयाम थपियोस् । – दुर्गाप्रसाद श्रेष्ठ (जि.शि.अ.) जिल्ला शिक्षा कार्यालय

देशका लागि केही नगर्नेको कुनै अर्थ छैन । – शंकर भट्टराई, श्रीकृष्ण गण्डकी ९, मिर्मी फाँट

पत्रकारितामा निडर भई सुरक्षा प्रदान गर्नु । – गणेशप्रसाद भण्डारी, काली गण्डकी ए जलविद्युत् केन्द्र

मुदुको स्पन्दन बुझ्ने भ्रमण सफल होस् । – त्रिविक्रम प्रसाद हयोजू, सेतीवेणीबजार

यात्रा फलिफाप र आरामदायी रहोस् । – भीष्मराज न्यौपाने, राजेन्द्र एग्रोभेट सेन्टर, सेती वेणीबजार

लक्ष्य सफल हुँदै जाओस् । – महेन्द्र बहादुर खत्री, आरुखर्क ४

विश्वभ्रमणको ऊर्जाले नेपालीको उच्च शिर हुनेछ । – देवीप्रसाद न्यौपाने, श्रीकृष्णगण्डकी ३, बलाम बेलटारी

विश्वभ्रमण भरि कुनै पनि विघ्न बाधाहरु नआउन् । – पुनाराम चौधरी, कुलानन्द अर्याल, जगत्रदेवी ९,कालीगण्डकी परिवार

सफलताको शुभकामना । – देवीप्रसाद भट्टराई, सभापति नेपाली काँग्रेस क्षेत्र नं. ३ र हरीप्रसाद भट्टराई गल्यांग

शुभयात्रा गन्तव्यमा नपुग्दासम्म नरोकियोस् । – श्यामप्रसाद बस्याल (अध्यक्ष), गल्यांगबजार व्यवस्थापन समिति

आवाज विहीनको आवाजलाई लाख लाख शुभकामना । – युवराज भट्टराई ध्रुव, जगत्रदेवी ९, सिम्ले गल्यांग

आम नेपालीमा सकारात्मक सन्देश जाओस् । – अर्जुन पौडेल (प्रहरी जवान), जिल्ला प्रहरी कार्यालय

कठीन र जोखिम पत्रकारिता पेशामा अदम्य साहस । – केशवराज शर्मा (कार्यालय प्रमुख), ईलाका प्रशासन कार्यालय वालिंग

आँखाले नियाल्ने, खुट्टाले टेक्ने र स्वभावनाले आत्मसात् गर्ने उद्देश्य । – मुक्तिराम आचार्य (कार्यकारी अधिकृत), वालिंग नगरपालिका

सुख, शान्तिको सन्देश दिने भ्रमण सफल होस् । – क्याप्टेन बबरसिंह गुरुंग (अध्यक्ष), जुम गुरुंग (संयोजक) पर्यटन विकास समिति सिरुबारी, पञ्चमूल

राजनीतिक जलपबाट मुक्त रहोस् । – रामचन्द्र शर्मा (प्र.अ.) श्री जामुने डाँडा मा.वि., बिरुवा अर्चले ५

केही गर्नुपर्छ भन्ने उत्साह हो यो भ्रमण । – सुधीरकुमार पौडेल, उपसचिव नेकपा एमाले

सञ्चार जगत् को छुट्टै पहिचान दिलाउने यात्रा । – रमेश सुवेदी, दलगाउँ १, भोजपुर

नेपाली पत्रकारितालाई विश्वकै उत्कृष्ट स्थानमा पुऱ्याउनु । – प्रकाश भट्टराई (मिल्प्), गोरखा

यात्राको दौरानमा राम्रो अध्ययन र अवलोकन गर्नुहोला । – खगेन्द्र रेग्मी, सभापति नेपाली काँग्रेस

देशको स्थिति सुधार्न सफलता मिलोस् । – गंगा ढकाल अभागी, फापरथुम ५

विश्वका सकारात्मक कुरा स्वदेशमा कार्यान्वयन गराउनु । – देवी नेपाली, चिन्नेबास ८

पत्रकारिताको मुहान फेर्न योगदान पुगोस् । – श्रीकृष्ण सिग्देल र विवेक अर्याल, सञ्चारकर्मी वालिंग

निष्पक्ष र विदूर दृष्टिको हुनपर्छ पत्रकारिता । – टिकाराम अधिकारी, जगत्रदेवी ८, गल्यांग

सफलताले पाइलाहरु चुमिरहुन् । – ईन्द्र बहादुर गोदार (समाचार प्रमुख), सामुदायिक रेडियो स्यांगजा

दुवैको लक्ष्यले शिखर चुमोस् । । – अर्जुन काफ्ले (अध्यक्ष), क्रान्तिकारी पत्रकार संघ

महत्वकांक्षी योजना समेत पूरा होस् । – ओमप्रकाश शर्मा (अध्यक्ष), नेपाल पत्रकार महासंघ

स्वतन्त्रताको प्रत्याभूति छिट्टै गर्न सकौं । – भवानी अधिकारी, अन्नपूर्ण पोष्ट संवाददाता

२०६६ पौष २८ गतेः साँझ ५:४५ बजे हामी स्याङ्जाबाट गाडीमा कास्की जिल्लाको सदरमुकाम पोखरा आइपुग्यौं। पृथ्वी चोकबाट गाडी परिवर्तन गरेर महेन्द्र पुल झर्‍यौं। पैदल हिंड्दै रानीपौवा पेट्रोल पम्प आयौं। पम्प छेउमा डेरा गरी बस्ने इनरुवा २, सुनसरी घर भई हाल नेपाल टेलिकम पोखरामा कार्यरत भाई गोपाल काफ्लेले हामीलाई आफ्नो कोठामा ल्याउनुभयो। उहाँ सँगै बस्ने साथी तनहुँका लोक बहादुर भुजेलसहित हामी ४ जना भ्रमणबारे कुराकानीमा जम्यौं। बीच बीचमा हुने हाँसो ठट्टाले माहोल रमाईलो बन्यो।

२०६६ पौष २९: बिहान ५:३० बजे नै माछापुच्छ्रे एफ.एम. बाट शुभसमाचार नामक समाचारहरु आयो। आँखा खोल्नासाथ यस्तो समाचार सुन्न पाउँदा खुशी लाग्यो। विभिन्न ठाउँमा भएका विकास, निर्माण तथा जनजागरणका समाचारहरुलाई शुभसमाचारमा समेटिएको रहेछ। सकारात्मक पत्रकारिताको खडेरी परेको वर्तमान परिवेशमा यो रेडियोको विशेष अभियान साँच्चै मानवको हितमा छ। किनभने सधैं हत्या, हिंसा र नकारात्मक कुराको समाचारले जनमानसमा एका बिहानै निराशा र त्रास उत्पन्न गराउँछ। अतः सकारात्मक र राम्रा कुराहरुको विशेष समाचार दिने यो रेडियोको अभियानबाट अरु सञ्चारमाध्यमले पनि सिक्नुपर्ने बेला आएको छ भन्ने हामीलाई लाग्यो।

संक्षिप्त परिचय

क्षेत्रफलः २,०१७ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४३ वटा, उपमहानगरपालिकाः १ (पोखरा), नगरपालिका १, निर्वाचन क्षेत्रः ४, सदरमुकामः पोखरा, अञ्चलः गण्डकी, विकास क्षेत्रः पश्चिमाञ्चल

भौगालिक अवस्थितिः पूर्व लमजुंग, तनहुँ पश्चिम स्यांगजा, पर्वत, उत्तर मनांग, म्याग्दी र दक्षिण स्यांगजा, तनहुँ।

पर्यटकीय स्थलः महेन्द्रगुफा, चमेरे ओडार, केदार महादेव मन्दिर, गुप्तेश्वर महादेव गुफा, विन्ध्यवासिनी मन्दिर, ताल बराही, भद्रकाली, बौद्ध गुम्बाहरु शान्ति स्तुप, डेभिज फल्स, फेवा ताल, बेगनास ताल, रुपा ताल, सेती नदी, घान्द्रुक, सिकलेस, सरांगकोट, अन्नपूर्ण बेस क्याम्प, पञ्चासे लेक, पुम्दीकोट, भुम्दीकोट, अर्मला कोट, काहुँको भ्यू टावर, चार्ल्स टेकिंग रुट आदि।

बिहान ९ बजे खाना खाएर हामी समाधान राष्ट्रिय दैनिक कार्यालय नयाँबजार पुग्यौं। त्यहाँ नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष नारायण कार्कीसँग हामीले भेट गर्‍यौं। उहाँले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता वर्तमानमा अपरिहार्य रहेको बताउँदै पर्सी माघ १ गते बिहान कार्यक्रम आयोजना गरिने जानकारी दिनुभयो। त्यसपछि हामी नयाँ सडकबाट चिप्ले ढुंगा, महेन्द्र पुल हुँदै हिंडेरै रानीपौवा आयौं। कोठामा डायरी विस्तृतीकरण र अध्ययनमा नै समय बितायौं। बेलुकी ९ बजे खाना खाएर सुत्यौं।

२०६६ पौष ३०: बिहान उठेदेखि बेलुकी ४ बजेसम्म हामीले डायरी लेखन र पत्रपत्रिका अध्ययनमा नै समय व्यतित गर्‍यौं। ४ बजेपछि हस्पिटल चोकतिर घुम्न गयौं।

स्थानीय होटल सञ्चालक कृष्णहरी तिमल्सिनाले पत्रकारिता क्षेत्र सबैको कुरा समेट्न र वास्तविकता उजागर गर्न सशक्त ढंगले अगाडि बढ्नु पर्छ भन्नुभयो। बिहान समाधान दैनिकमा हामी पोखरा आइपुगेको समाचार पढ्नु भएको रहेछ उहाँले। अतः हामीले नास्ता गरेको पैसा नै लिनु भएन। तपाईंहरुजस्तो राम्रो काममा हिंडेका मान्छेलाई यति ख्वाउन पाउनु मेरो भाग्य नै हो ति भन्नुभयो। हामी उहाँको हार्दिकतालाई धन्यवाद दिदै कोठामा फर्कियौं।

पत्रकारहरुसँग

२०६६ माघ १: आज सहस्राब्दीकै सबभन्दा लामो खण्डग्रास सूर्य ग्रहण लाग्यो। यस्तो ग्रहण अब ३४७ वर्षपछि मात्र लाग्ने खगोल शास्त्रीहरुले जनाएका छन्। त्यतिमात्र होईन आज माघे संक्रान्ति पनि। बिहान ७ बजे नै चितवन स्थायी घर भएका नेपाल टेलिकममै कार्यरत गोपाल बरालले हामीलाई तरुल, सुठुनी, चाकु ख्वाएर विश्वभ्रमण सफलताको कामना गर्नुभयो। हामी नास्ता पश्चात् नेपाल पत्रकार महासंघ, कास्की शाखाको कार्यालय नयाँ सडक पुग्यौं।

महासंघ शाखा कार्यालयमा पत्रकारहरुबीच अर्न्तक्रिया कार्यक्रम भयो। महासंघ अध्यक्ष नारायण कार्की, महासंघ केन्द्रिय सदस्य पुण्य पौडेल, क्रियाशील युवा पत्रकार संघ नेपालका अध्यक्ष कमल पौडेल अथक, इन्सेक प्रतिनिधि टंक खनाल, महिला

सञ्चारकर्मी कृपा भण्डारी लगायत अन्य उपस्थित सञ्चारकर्मीहरुले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियान ५४ औं जिल्ला कास्की आइपुगेकामा स्वागत गर्दै आगामी यात्रा सफलतापूर्वक सम्पन्न होस् भनी कामना गर्नुभयो ।

सेतीको खोंच

महासंघद्वारा प्रकाशित २०५८ सालको स्मारिकाअनुसार कास्कीको पत्रकारिता २०१७ साल कार्तिक ६ गते प्रकाशित हिमदूत साप्ताहिकबाट सुरु भएको पाइन्छ । बीच बीचमा प्रकाशन र बन्द हुँदै आएको यो साप्ताहिक हाल दैनिकको रुपमा प्रकाशित भइरहेको छ । यसको प्रकाशन सुरुवात्मा जगन्नाथ सिग्देल र पछि चित्रांगत सिग्देलको योगदान देखिन्छ । विभिन्न समयमा विभिन्न पत्रपत्रिका प्रकाशन र बन्द हुने क्रमसँगै हाल कास्कीबाट ७ वटा दैनिक, २ साप्ताहिक र ९ वटा रेडियो प्रकाशित प्रसारित भइरहेका छन् । साथै पोखराबाट २ र लेखनाथबाट १ केवल टेलिभिजन प्रसारणमा छन् । विभिन्न समयमा हुने गरेका राज्य परिवर्तनका आन्दोलन र युद्धको शिकार यहाँको पत्रकारिता र पत्रकारहरु बनेको पनि इतिहास छ । आर्थिकको मार पनि कस्केली सञ्चारकर्मीले झेल्नु परेकै छ ।

महासंघ कार्यालयबाट कार्यक्रम सकेर हामी बाहिरियौं । युनिक बर्थ इन्टरनेशनल बगर पोखरामा कार्यरत व्यवस्थापक नवराज बस्नेतले हामीलाई आफ्नो कार्यालयमा लानुभयो । त्यहाँ अर्का व्यवस्थापक केदार अधिकारीले राज्यको चौथो अंग प्रेस स्वतन्त्र एवं सकारात्मक होस् भन्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । त्यसपछि हामी डा. के.आई. सिंह पुलसम्म पुगेर फर्क्यौं । बगरबाट गाडी चढेर पार्दी बिरौटा पुग्यौं । त्यहाँबाट हिंड्दै माघे संक्रान्ति मेला अवलोकनका लागि ढुंगे साँघु गयौं ।

मेलाभन्दा १,२ किलोमिटर वरदेखि नै गाडी, मोटरसाइकल र मानिसको भीडभाड थियो । ठेलमठेल र पेलमपेल भीड छिचोल्दै हामी मेलास्थल पुग्यौं । तल सेती नदीमा केही भक्तजन नुहाउँदै थिए भने माथि मेलामा सहभागी विभिन्न कार्यक्रममा रमाइरहेका थिए । सितोरियो कराँते, हाडी फुटाउने, गिलास लडाउने लगायतका रमाइला खेलमा पनि मान्छेको घुइँचो थियो । विभिन्न किसिमका मालसामान बेच्ने र किन्नेहरु पनि उत्तिकै व्यस्त देखिन्थे । मुरली बाँसुरी किन्ने युवा युवती गाला फुलाएर फुकीरहेका थिए । हामी यस्तै-त्यस्तै क्रियाकलापहरुलाई नियाल्दै अनि हजारौंको भीड छिचोल्दै फरक्क फर्कियौं ।

घारीपाटन, बसपार्क, सेती पुल पार गर्दै रामघाटबाट हामी रानी पौवा आइपुग्यौं । सेतीको पुलबाट हामीले केहीबेर यसको खोंचलाई नियाल्यौं । तल खोंचमा छंगछंग गर्दै सेती नदी बगिरहेकी छन् । यी खोंचहरुमा कहिलेकाहीं मानिसहरु खसेको तथा अड्किएको हामीहरुले समाचारमा सुन्दै आइरहेका थियौं । खोंचको छेउका भागहरु भत्किएर झर्न लागेको छ । सेती अझै गहिरिएर पोखरा भास्सिने त होइन ? भनेर कुरा गर्नेहरु पनि हामीले भेट्यौं ।

बेलुका कोठामै आएर खाना खायौं । डायरी लेख्यौं । रेडियोमा समाचार सुन्दै ९:२० मा ओछ्यानमा पल्टियौं ।

२०६६ माघ २: बिहान १० बजे हामी नेपाल दूरसंचार कार्यालयमा कार्यरत उत्तम गुरागाईंको निमन्त्रणामा उहाँको घर गयौं । उहाँकी श्रीमती लक्ष्मी गुरागाईं पहारीले तरुल, चाकु एवं खाना ख्वाउनुभयो । खाना खाइसकेपछि उहाँहरुले हामीलाई खादा र अबिर पहिऱ्याई डायरी र कलम सम्झना र उपहारस्वरुप प्रदान गर्दै विश्वभ्रमण सफलताको शुभकामना प्रदान गर्नुभयो । उहाँको पुर्ख्यौली घर धनकुटा जिल्लामा रहेछ ।

त्यहाँबाट हामी मुडुला कार्कीको कुलपूजा स्थलतिर उकालो लाग्यौं । सिंढी उक्लिएर डाँडामा पुग्दा वनभोज खान आएकाहरु नाचगानमा व्यस्त थिए । पर्यटकहरु पोखरा उपत्यकाको मनमोहक दृश्यमा लठ्ठिएका देखिन्थे । हामीले पनि दुर्गा मन्दिर परिसरबाट पोखरा उपत्यकालाई नियाल्यौं । तुँवालोको बीचमा पनि सल ओढेकी बेहुलीझैं आकर्षक देखियो पोखरा । हामी त्यहाँबाट माटेपानी गुम्बा आयौं । गुम्बाको प्रवेशद्वारमा कर्मा डुब्युगयुद छोर्खोलिंग मनांग मोनाष्ट्री लेखिएको छ । लामाहरु प्रार्थनामा व्यस्त छन् । हामी गुम्बाबाट विन्ध्यावासिनी मन्दिर पुग्ने योजनाका साथ हिंड्यौं । रानी पौवाको सडक समाएर अघि बढ्यौं ।

बिजुलीका पोलमा माटेपानी गुम्बा फेदीटोल विकास संस्थाद्वारा विभिन्न कोटेशनहरु लेखिएका रहेछन् । सकारात्मक चिन्तन, हाँसोको महत्व, नागरिकको कर्तव्य लगायतका उद्गारहरु मननीय छन्, व्यवहारमा उतार्न लायक छन् । विभिन्न किसिमका व्यापारिक प्रयोजन तथा जिन्दावाद मुर्दावादका राजनीतिक नाराहरुले शहर बजारका भित्ता रंगिरहेको वर्तमान परिवेशमा यो संस्थाले एक कदम अगाडि बढेर यी उद्गारहरु लेखेको रहेछ ।

हामी उल्लेखित उद्गारहरु पढ्दै महेन्द्र पुल पालिखे चोक हुँदै विन्ध्यवासिनी मन्दिर परिसर पुग्यौं। पोखराको महत्वपूर्ण स्थानमध्ये एक सो मन्दिर परिसरमा पारिलो घाम ताप्नेहरु, भ्रमणका क्रममा विभिन्न ठाउँबाट आएर फोटो खिंच्नेहरु, भिखारी एवं दर्शनार्थीहरु आ-आफ्नै धूनमा थिए। विभिन्न गतिविधि र दृश्य नियाल्दै हामीले विन्ध्यावासिनी प्रतिमाको अवलोकन गर्‍यौं। डाँडाबाट देखिने जति पोखराका दृश्य नियाल्यौं। त्यसपछि बहुप्रतिक्षित फेवाताल तर्फ लाग्यौं।



पृथ्वीचोकबाट बस फेरेर फेवाताल परिसरमा झर्‍यौं। पोखराको प्रमुख आकर्षण फेवाताल र तालको बीचमा अवस्थित बराही मन्दिर नजिकै देखिने माछापुछ्रे हिमालले जो कसैको मन कुटुक्क खान्छ, लोभ्याउँछ तर पीडित बनाउँदैन। हामी यो तालको किनारमा उभियौं। चारैतिरको गतिविधि नजर गरियो। डुंगामा फेवाताल घुम्ने स्वदेशी विदेशी पर्यटक तालको वल्लो पल्लो छेउसम्म जाँदै आउँदै रमाइरहेका देखिन्थे। डुंगा व्यावसायीहरु पालैपालो दर्शनार्थीहरुलाई मन्दिर लान र ल्याउनमा व्यस्त थिए। हामी पनि डुंगामा चढेर बाराही मन्दिर पुग्यौं। वरिपरि घुमेर आनन्द लियौं। पूर्व परिचित नवितानन्द, जीवन खतिवडा एवं अन्य केही चिनजानका साथीहरु हामीले त्यहाँ भेट्यौं। एकजनाको रु. २० का दरले पैसा लिइँदो रहेछ डुंगाबाट ताल बराही मन्दिर आउन/जान। टिकट पनि नदिइने यो तरिकाबाट राजस्व उठ्छ कि उठ्दैन ? उठ्दा कति उठ्दो हो ? हिसाब/किताब कसरी राखिन्छ ? थाहा छैन हामीलाई।

अचम्मको कुरा त त्यही हो, चारैतिरको पानीले छेकेको, हिमालले देखेको, पोखरालाई लेखेको तालको बीचमा बाराही मन्दिरको सानो ढिस्को कसरी बन्यो होला ? यस विषयमा मान्छेका विभिन्न भनाई छन्।

हामीलाई एकजनाले भने, के गर्नु हजुर फेवातालमा ढल मिसाएछन् ? किसिम किसिमका फोहोर मैला यही फाल्छन्, ताल पुरिँदै गएको छ, यो अवस्थामा सुधार आएन भने फेवाताल र पोखराको अस्तित्व संकटमा छ। वास्तवमा ती मान्छेले लिएको चिन्ता दूर गर्न पोखरेलीहरु एकजुट हुनुपर्ने देखिन्छ। र, सम्बन्धित निकायले पनि बेलैमा ध्यान दिएर यसको वचावटमा ढिला गर्नु हुँदैन। हामी ताल बाराहीबाट फर्किएर होटल द कान्तिपुर बैदाम लेकसाइड आयौं।

होटल सञ्चालक सुन्दरकुमार श्रेष्ठ भोजपुरको माटोमै जन्मनु, हुर्कनु भएको रहेछ। ग्रामीण भेगमा जन्मनु भएका सञ्चालक श्रेष्ठ मेहेनत र परिश्रमका साथ आज पोखरामा गनिएका होटलमध्येको एक होटल बनाउन सफल हुनु भएछ। हामीले उहाँलाई भेटेर केहीबेर कुराकानी गर्‍यौं। उहाँले पोखरा बसुन्जेल यहीं बस्न भन्नु भएको छ। हामी आज यहीं बसेका छौं। तर भोली के गर्छौं ? थाहा छैन।

२०६६ माघ ३: बिहान उठेर हामी केदारेश्वर महादेवमणि मन्दिर परिसर गयौं। फराकिलो ठाउँमा फेवातालको नजिक यो मन्दिर रहेछ। ठूलो मन्दिर निर्माणाधीन अवस्थामा छ। यस मन्दिरका पूजारी ईन्द्रप्रसाद पौडेलले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको माध्यमसमार्फत् विश्वभ्रमण गरी सगरमाथाको चुचुरो छुन सफल हुनुहोस् भनी शुभेच्छा व्यक्त गर्नुभयो।

मन्दिरबाट हामी कान्तिपुर होटलमै आयौं। होटलमा नास्ताका लागि अनुरोध गरियो। आफैंले लिएर खानुपर्ने नास्ता क्या गजब। विभिन्न थरीका नास्ताका परिकारहरु। कुन चीज कसरी खाने ? भन्नेमा हामीलाई त्यति अनुभव पनि छैन। आफ्नै पारामा खायौं। चिया कफी पनि थियो। चिनी राखेर पियौं।

त्यसपछि हामी जिल्ला प्रशासन र जि.वि.स. कार्यालय आयौं। सी.डी.ओ. कुनै कार्यक्रममा र एल.डी.ओ. पनि कतै जानुभएको बताइएपछि भेट हुन सकेन। त्यहाँबाट पोखरा उपमहानगरपालिकाको कार्यालय नयाँसडक आयौं। कार्यकारी अधिकृत तिलक पौडेलसँग भेट भयो। अधिकृत पौडेल संसारलाई बदल्नु छ, सुरु आफैंबाट गर्नु छ भन्ने मनोक्रान्तिको नारा र यसका द्रष्टा गुरु डा. योगी विकाशानन्दबाट असाध्यै प्रभावित हुनुहुन्छ। उहाँ भन्नुहुन्छ, पहिले हाँस्न बिर्सिसकेको मैले जीवनमा जतिसुकै कठिनाई आइपरे पनि अहिले त हाँसी हाँसी बाँच्न सक्ने क्षमता मनोक्रान्ति दर्शनले मलाई दिएको छ, मलाई जीवन जिउने कला सिकाएको छ। उहाँसँग खुब हाँसो र ठट्टाका साथ ज्ञानबर्द्धक कुरा भए। उहाँले विश्वमा फैलिँदै गएको पीत पत्रकारिता र अशान्तिको अवस्थालाई दूर गर्न विश्वभ्रमण सफल होस् भनी कामना गर्नुभयो। उहाँले हामीलाई खादा पहिर्‍याई शुभकामना पत्र प्रदान गर्नुभयो।

बेलुकी हामी मनोक्रान्तिकी माता योगिनी श्री अं (देवी अर्मजा पुन) को निमन्त्रणामा उहाँको जन्मघर लेखनाथ नगरपालिका अर्न्तगत पर्ने तल्लो गगनगौंडा आयौं। उहाँले वि.सं. २०६३ सालमा गोदावरी ललितपुरमा ५७ दिनसम्म ९ फिट

गहिरो बन्द खाडलमा निराहार भू-तपस्या गर्नुभएको थियो। हाम्रो साथमा रेकी साधना र सकारात्मक विचार, स्वस्थ सफल जीवनको मूल आधार भन्ने नाराका साथ एक्लै नेपालका ७५ जिल्ला भ्रमण गरिरहनुभएकी मीलादेवी राई (योगिनी टं, भोजपुर) पनि हुनुहुन्थ्यो। नेपाल यात्रा सुरु भएपछि उहाँलाई यसअघि हामीले बाजुरा र बाँके जिल्लामा पनि भेटेका थियौं। एक्लै नेपालका कुना कन्दरासम्म पुग्न आँट गर्ने नेपाली समाजकी यि साहसिक दुर्लभ महिलाको साहस शब्दमा वर्णन गर्न गाऱ्हो छ। नेपालयात्रा सफल बनाउन बेलाबखत उहाँलाई हामी आफूले जाने बुझेको सल्लाह, सुझाव दिइरहेका पनि छौं। सलाम र बधाई एकै पटक यि दुवै साहसिक चेलीलाई।

हामी पृथ्वीचोक पोखराबाट गाडी चढेर अँध्यारो भइसकेपछि गगनगौंडा आइपुग्यौं। देवी जीका भाई बहिनी र बुवासँग हाम्रो परिचय भयो। सभ्य र भव्य अनि रमाईला कुराकानी भए यहाँ। उहाँले म चाँडै अमेरिकामा पुगेर त्यहाँ पनि तपाईंहरुलाई यसैगरी स्वागत गर्न पाउँ भन्ने कामना गर्नुभयो। आज उहाँले तयार गरेको खानामा ब्रुनाईबाट ल्याइएको माछा समावेश गरिएको रहेछ, क्या गजब। खाना खाएर हामी १० बजे सुत्यौं।

२०६६ माघ ४: बिहान उठेपछि ८ बजेसम्म अध्ययन लेखनमा हाम्रो समय बित्यो। तल्लो गगनगौंडाबाट बस चढेर हामी पृथ्वीचोक ओर्लियौं। टं ज्री हामीबाट छुट्टिनुभयो। हामी नेकपा एमाले जिल्ला कार्यालय नयाँबजार पुग्यौं। कार्यालयमा प्रबन्धक धनबहादुर नेपाली र क्षेत्रीय सदस्य कृष्ण लम्सालसँग हाम्रो परिचय भयो। प्रबन्धक नेपालीले पत्रकारिता क्षेत्रमा राजनीतिक हस्तक्षेप हुन नहुने र पत्रकारहरु पनि आग्रह पूर्वाग्रहबाट टाढा हुनुपर्ने साथै पत्रकारहरुलाई न्यूनतम पारिश्रमिक व्यवस्था गर्न सरोकारवालाहरुले उचित ध्यान पुऱ्याउनु पर्छ भन्नुभयो।

हामी एकीकृत नेकपा माओवादीको कार्यालय गयौं। सहइन्चार्ज रामजी बराल जीवनले आलोचना पचाउन नसक्ने सामन्ती दम्भ भएकाहरुले पत्रकारिता क्षेत्रमा आक्रमण गर्ने गरेका छन् भन्नुभयो। यसको अर्को कारण अस्वस्थ पत्रकारिता पनि हो। यद्यपि शहर केन्द्रित र सुविधाभोगी पत्रकारिता र पत्रकारमा क्रमशः सुधार आइरहेको छ सहइञ्चार्ज बरालले भन्नुभयो। अपराधी जन्माउने समाजको रुपान्तरणको आवश्यकता औंल्याउँदै उहाँले विश्वभ्रमण सफलताको कामना गर्नुभयो।

हामी सभागृह चोकबाट पृथ्वी चोक बसपार्क, बुद्ध चोक हुँदै अमरसिंह चोकबाट केही भित्र पस्यौं। डूलघुम गर्दै पुनः बुद्धचोकको गोरखा ग्रोसरी डिपार्टमेन्टल स्टोर आयौं। परिचित मित्र संञ्जिवकुमार थापा, प्रितम थापा लगायत अन्य उपस्थित साथीहरुलाई हामीहरुले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं। उहाँहरुले उत्सुकतापूर्वक हाम्रो अभियानबारे चासो लिदै शुभेच्छा प्रकट गर्नुभयो। हामीलाई लिन बुद्धचोकमै पुग्नुभएका पोखरा उ.म.न.पा. ७ मुस्तांग चोक मितेरी मार्ग निवासी केदारनाथ अधिकारीसँग उहाँको घर पुग्यौं। उहाँकी श्रीमती सीता छोरा श्रवण र छोरी कामना, कुलदीप अधिकारी लगायत नजिकका अन्य नातेदारसँग हाम्रो कुराकानी भयो।

पोखराका स्थानीयवासी केदारनाथ अधिकारीले बृहत्त क्षेत्र पत्रकारितालाई बदनाम गराउने कार्य कहीं कतैबाट नहोस्, जनताको वास्तविक सूचना पाउने अधिकारमाथि सबैले सम्मान् गरुन् भन्दै विश्वभ्रमण अभियान सफलताको शुभकामना व्यक्त गर्नुभयो। त्यसपछि हामी सुत्यौं।


डेभिज फल्स
(पाताले छाँगो)

२०६६ माघ ५: हामी चर्चित पातले छाँगा (डेभिज फल्स) पुग्यौं। फेवातालबाट बग्दै आएको पानी खोंचबाट भूमिगत भएर बगेको रहेछ। त्यहाँ विभिन्न ठाउँबाट आएका स्वदेशी विदेशी पर्यटकहरु पानी खसेको दृश्य र खोंचलाई नियाल्दै अचम्मित र आनन्दित भइरहेका देखिए। डेभिज फल्समा ५०० मिटर लामो भूमिगत जलप्रवाह छ भने अन्दाजी १०० फिट गहिराई भन्ने सूचना बोर्डमा उल्लेख गरिएको छ। इस्वी संवत् १९६१ जुलाई ३१ तारिखका दिन स्वीस नागरिक श्रीमती डेभिज नुहाई रहेको अवस्थामा फेवातालबाट बाढी आएर बगाएको कारण पाताले छाँगाको नाम डेभिज फल्स भन्न थालिएको जानकारी समेत उक्त बोर्डमा छ।

यही छांगो हेर्दै रहेका मेची बहुमुखी क्याम्पस झापाबाट शैक्षिक भ्रमणमा आएका विद्यार्थीहरुले विश्वभ्रमणबारे जिज्ञासा राखे। हाम्रा कुरा सुनिसकेपछि एक विद्यार्थी भाईले भन्नुभयो, नेपाल भारतको एक प्रान्त हो भनेर धेरै देशमा भन्छन् रे, तपाईहरु विश्वभ्रमण गर्दा नेपाल एउटा स्वतन्त्र राष्ट्र हो भनेर चिनाउनु होला। पत्रकारिताको माध्यमबाट नेपाललाई चिनाउने तपाईहरुको भ्रमण सफल होस् भन्ने शुभकामना प्रकट गर्दै विद्यार्थी भाईबहिनी हामीबाट छुट्टिए।

पाताले छाँगा परिसरभित्र एउटा सिमेण्टको खाल्डोमा पानी अनि बीचमा मनकामना भगवतीको मूर्ति राखिएको रहेछ। पानीमा डलर (क्वाईन) खसाएर मूर्तिको प्लेटमा अड्याउन सके मनले चिताएको पुग्छ भन्ने विश्वासका साथ मानिसहरु पैसा खसाउँदै थिए। मेरो अडियो भन्दै केहिले खुशी व्यक्त गरे भने केहीले अड्याउन नसकेकोमा थुक्क मेरो त अडिएन भन्दै हिंडे। हामीले पनि रमाइलो मानेर केहीबेर सो दृश्य क्यामेरामा कैद गऱ्यौं। मान्छेलाई पंगु बनाएर पैसा झार्ने कस्तो अचम्मको खेला ?

पाताले छाँगाबाट हामी गुप्तेश्वर महादेव गुफा गेट पुग्यौं। गुफाबाट प्रवेश गर्नासाथ कामधेनु गाईगोठ लेखिएको छ। गाईको मुखजस्तो ठाउँबाट भित्र प्रवेश गरेपछि एक कुनामा गाईको मूर्तिका साथ पूजारी भेटिँए। पूजारी बाले हातमा गुच्चा देखाउँदै भने, रु. १० को यो दाना सानो पाइपमा खसालेपछि गाईबाट शिवलिंगमा दूधधारा झर्छ। एक भक्तले पाइपमा गुच्चा खसाल्नसाथ खटक्क आवाज आएपछि गाईको थुनबाट दूध धारा झऱ्यो। विद्युतीय माध्यमबाट सो व्यवस्था मिलाइएको रहेछ। हा...हा...हा... क्या गजबको पैसा उठाउने जुक्ति ?

गुफाभित्र केही तल झरेपछि शिवको ठूलो मूर्ति देखियो। त्यहाँ फोटो खिंच्न निषेध लेखिएको भएपनि पूजा गर्ने र फोटो खिंच्नेहरुको ताँती थियो। हामी त्यहाँबाट अझ अगाडि बढेपछि अलि साँघुरो होचो भागमा पुग्यौं। त्यो भाग कटेपछि हामीले पर छंगछंग पानी खसेको झरना र माथितिर उज्यालो प्वाल देख्यौं। डेभिज फल्सबाट झरेको पानी यहींबाट भूमिगत भएर गएको रहेछ। गुफाभित्र बत्तीको व्यवस्था भएका कारण अवलोकनका लागि सजिलो भयो। गुफाका भित्ताहरुका बनोट अजब गजबका देखिए। गतिविधिचाहिं मज्जाले हाँसेर फ्रेस हुन खालका। हामी गुफाबाट बाहिरियौं।

छोरेपाटनमा अवस्थित गुफा र छाँगा हेरेर हामी जिल्ला प्रशासन कार्यालय पुग्यौं। प्र.जि.अ. शम्भु कोईराला, सहायक प्र.जि.अ. देवराज ढकाल, स्थानीय विकास अधिकारी गुरुप्रसाद सुवेदी लगायतका सरकारी अधिकृतहरु त्यहाँ हुनुहुन्थ्यो। त्यहाँ पुगेर हामीले आफ्नो परिचय र आधिकारिक चिठी देखाउनसाथ प्र.जि.अ. कोईरालाले आर्थिकको बाहेक अरु कुरा गरौं भनेर हेर्दै नहेरी प्रतिक्रिया व्यक्त गर्नुभयो। हुनत: आजकल विभिन्न उद्देश्य लिएर भ्रमण गर्नेहरुको ताँतीले उहाँ विरक्तिनु भएको हो कि ? कास्कीको पत्रकारिता जगत् राम्रो छ, आफूले निर्वाह गर्नुपर्ने भूमिका निर्वाह गरिरहेको छ, प्र.जि.अ.ले भन्नुभयो।

एक अर्को प्रसंगमा बैदाममा आमा समूहद्वारा बन्द सदाका लागि बन्द गर्ने अभियानप्रति प्रशासनले उचित ध्यान दिने प्रजिअले बताउनुभयो। स्थानीय विकास अधिकारी सुवेदीसँग हामीले कुराकानी गर्न खोज्दा उहाँले त कुरा गर्नै चाहनु भएन। हामी जि.वि.स. कार्यालय गयौं। सूचना अधिकृत पशुपति सुवेदीले पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण कास्की जिल्लालाई विश्वभर चिनाउनु होला भन्दै विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो।

बस चढेर हामी नेपाली काँग्रेस कार्यालय महेन्द्रपुल पुग्यौं। कास्की सभापति यज्ञबहादुर थापाले कास्की जिल्ला तालै ताल, कोटै कोट र गुफै गुफाको सुन्दर जिल्ला हो भनी चित्रण गर्नुभयो। सभापति थापाले भन्नुभयो, पत्रिका चलाउँदा या त मुखपत्र भनेर लेख्नुपर्छ, होइन भने नेपाली काँग्रेस लगायत अन्य पार्टीले पनि पत्रकारिताको दुरुपयोग गर्नु हुँदैन। उहाँसँग भेट गर्दै रहँदा ने.वि.संघका नवीनराज बराल, सन्तोष बराल लगायत अन्य सँग पनि हाम्रो परिचय भयो।

२०६६ माघ ६: आज सरस्वती पूजाको दिन। हामी रानी पौवाबाट अन्नपूर्ण एफ.एम. कार्यालयतर्फ लाग्यौं। स्टेशन म्यानेजर दिपेन्द्र श्रेष्ठ, सरस्वती पूजामा जानु भएकाले भेट हुन सकेन। हामी महेन्द्र गुफातिर लाग्यौं। बगरबाट गाडी चढेर महेन्द्र गुफा पुग्यौं। भित्र प्रवेश गर्न खोज्दा अँध्यारोका कारण हामी रोक्कियौं। हामीलाई गुप्तेश्वरमा झैं बिजुली बत्ती छ कि ? भन्ने लागेको थियो। तर त्यस्तो रहेनछ। केहीबेर बसेपछि गुफा घुम्न इमर्जेन्सी बत्तीसहित आएको समूहको पछि लागेर हामी पनि पस्यौं। धेरै जनामा एउटा इमरजेन्सी लाइट। बिस्तारै गुफाभित्र घुम्दाको मज्जा नै बेग्लै। एल आकारको गुफाको अन्तिम भागमा पुगेपछि मूर्तिमा पूजाआजा गर्नेको भीड भेटियो। त्यहाँ पूजारी बा आज सरस्वती पूजाको दिन, तपाईंहरुको मनोरथ पूरा होस् भनेर टीका लगाइदिंदै आशिष दिन व्यस्त थिए। त्यहाँबाट फर्किएर क्यापिटल एलको खुम्चिएको भागबाट हामी घस्रदै बाहिर निस्कियौं। तब पो बुझियो गुफाको महत्व, अँध्यारो नभए यसको के अस्तित्व ?

हामी महेन्द्र गुफाबाट चमेरे गुफा पुग्यौं। त्यहाँ झन् निष्पट अँध्यारो। काठमाडौंबाट घुम्न आएका ४ जना युवाहरुले बोकेको बत्तीको सहारामा हामी भित्र पस्यौं। माथि गुफाको सिलिंगभर काला कोईलाजस्ता चमेरा लहरै बसिरहेका रहेछन्।

एक युवाले नहान नहान भन्दाभन्दै अर्को युवाले ढुंगो टिपेर ति चमेरालाई प्वाक्क हानि हाले। विचरा एउटा चमेरा त भुईमा फ्यात्त खसिहाल्यो, छट्पटाउँदा छट्पटाउँदै केहीबेर मै मरिहाल्यो। बाहिर गेटमा चमेरालाई नचलाउनु, हल्ला नगर्नु भनेर लेखिएको थियो। तर ति युवाले बुझ्न पचाएरै चमेरो मारि छाडे। नमान्नेका अगाडि के भन्न सकिन्छ र ? त्यसपछि भित्तामा समाउँदै हामी माथि सानो छिँडि (प्वाल) मा आइपुग्यौं। महेन्द्र गुफाको भन्दा अझ सानो प्वालबाट बल्ल तल्ल हामी बाहिरियौं।

चमेरे गुफाबाट हामी बसमार्फत् बगर आयौं। ऐतिहासिक पी.एन्. (पृथ्वीनारायण बहुमुखी क्याम्पस) भित्र पस्यौं। सेती नदी पारी मणिपाल शिक्षण अस्पताल भव्य देखियो। सरस्वती पूजाको दिन क्याम्पस परिसर भित्रै विवाह समारोह पनि भइरहेको थियो। हामी क्याम्पस वरिपरि घुमेर अन्नपूर्ण नेचुरल हिस्ट्री म्युजियम भित्र पस्यौं। त्यहाँ अन्नपूर्ण क्षेत्र भित्रका जाति जनजाति वन्यजन्तु, भौगोलिक अवस्था लगायत अन्य क्षेत्रमा पाइने वन्यजन्तु र वनस्पतिको बारेमा अध्ययन गर्न चाहने जो कसैलाई सहयोग पुग्ने देखिन्छ।

पी.एन् क्याम्पसबाट हामी नदीपुर, महेन्द्र पुल, नयाँबजार हुँदै पृथ्वी चोक आयौं। नेपालयात्री महिला मिलाजीसँग आज हामी परित्यक्त बालगृह पोखरा ६, लेकसाइड पुग्यौं। सो बालगृहकी सञ्चालिका मीना रामदामले हामीलाई स्वागत गर्नुभयो। मैले त मनमा क्रान्ति गरेरै आफूले चाहेजस्तो व्यक्तिसँग अर्न्तजातिय विवाह गरे, १८/२० जनाकी आमा भएर बस्न पाउँदा अझ खुशी छु हाँस्दै सञ्चालिका रामदामले भन्नुभयो। त्यहाँ हामीले हाँसी हाँसी कुराकानी गर्दै ढिंडो खायौं। खाना खाइसकेपछि आइपुग्नुभएका उहाँका श्रीमान् श्याम रामदामले वर्तमानमा मान्छेहरुले धन, आधुनिकता र विलासितामा डूब्दा डूब्दै स्वास्थ्य र शान्ति हराएका छन् भन्नुभयो। रातको ११ बजिसकेको थियो। निद्रा लाग्नु स्वाभाविकै हो। झुपु झुपु निद्रा लागेपछि ओछ्यानतिर सुत्न जानु पनि कुन नौलो कुरा भयो र ?

२०६६ माघ ७: बिहान हामी सराङ्कोटतर्फ लाग्यौं। बाग्लुंग बसपार्कबाट ट्याक्सी चढेर आधारशिविर पुग्यौं। त्यहाँबाट हिंडेर यसो के उकालो लागेका थियौं आकाशमा बेलुन उडेको जस्तो दृश्य देखियो। अलि ठम्याउँदै उकालो निस्कँदै जाँदा त त्यो बेलुनजस्तो झोलामा मान्छे पो चरो झैं उडिरहेको, कस्तो अचम्म ? भरे यो त प्याराग्लाइडिंग पो रहेछ। पहिले फोटोमा उडेको देखिएको थियो, आज प्रत्यक्ष देख्न पाइने भयो भन्दै हामी सरासर स्पटमै पुग्यौं।

अर्द्ध चन्द्राकार प्लास्टिकको ठूलो सिलिपिङ्ग व्यागजस्तो झोलामा धेरै डोरीहरु थिए। त्यसलाई अलि हावा लाग्ने ओरालो चौरमा बिछ्याइयो। ४,५ मिटर फैलाईएको डोरीमा तल नानी बोक्ने झोला जस्तोमा टमक्क मान्छे कस्सिए। यो प्याराग्लाइडिङ्गको झोलालाई उनीहरुले ओरालोमा दौडाउँदै चरो उडेजस्तै गरी आकाशमा उडे। हामीलाई हेरेको हेरैं पारे। तैपनि वरिपरि यसरी मान्छेले प्याराग्लाइडिंग उडाएको दृश्य हामीले मुण्टै अन्हरिउन्जेलसम्म टुलुटुल हेर्‍यौं। रु. १० हजार तिरेर उड्नु पर्ने रे। पैसा हुने र सक्नेले त जे जसो गरे पनि भयो नि, नहुने र नसक्नेले के गर्नु ? यति मात्रै सोच्नु, हेर्नु, चित्त बुझाउनु, अरु उड्दा हामी उडेजस्तै भयो हा...हा...हा...। हामी उकालो लाग्यौं।

सराङ्कोट भ्यू टावर निस्किएर पोखरा उपत्यका, हिमश्रृंखला र अन्य डाँडाकाडा, खोंच, पहरा, छहरा नियाल्दा फेरि अर्कै रौनकता थपियो। बिहानै सूर्योदय हेर्न आउनेहरु हुन्छन्, स्थानीय एक होटल व्यवसायीले भने। हामी मध्यान्ह १२ बजे त्यहाँ पुगेका थियौं। पोखरा आउने जो कोही त्यहाँ एकपटक पुग्नै पर्ने ठाउँ लाग्यो हामीलाई। टावरबाट हामीले एकातिर फेवातालमा हर्पेश खोला र यसको तट निकै रमाइलो देख्यौं भने अर्कोतिर सेती नदी र काली खोला बगिरहेको दृश्य पनि उत्तिकै मनमोहक। साथै पोखरा बजार, फेवा ताल त वर्णन गरि साध्य छैन।



हामी भ्यू टावरबाट बेस क्याम्पतिर झर्‍यौं। एक होटल्नी दिदीले चिया खाएर जाउँ भन्नुभयो। हामीले चिया खाँदै बेच्न राखिएको खुकुरी देखेपछि यो खुकुरी कहाँ को हो ? भनि सोध्यौं। उहाँले भोजपुरको हो भन्नुभयो। हो र दिदी ? हामी पनि भोजपुरकै हौं त। यसो भनेपछि उहाँले भोजपुरको भनेपछि बिक्ने भएकाले भनेको भन्नुभयो। हिंड्ने बेलामा उहाँले चियाको पैसा लिनुभएन।

बिहान जाँदा रु. ३०० लिएको ट्याक्सीले बजार झर्दा रु. ६० मा नै ल्याइदियो। हामीले बगरको एक होटलमा नास्ता गर्‍यौं। यात्री मीला जी तनहुँ जाने योजनाका साथ हामीसँग छुट्टिनुभयो। हामी २ जना नेपाल पत्रकार महासंघ कास्की शाखाको कार्यालय नयाँ सडक पुग्यौं।

महासंघ उपाध्यक्ष श्याम कुंवरले नेपालको पत्रकारिताको पछिल्लो अवस्था बुझ्न सहयोग पुऱ्याएको र पत्रकारहरुलाई सकारात्मक पत्रकारिता गर्न प्रेरित गरेको बताउँदै विश्वभ्रमण सफलताका लागि शुभकामना पत्र प्रदान गर्नुभयो । महासंघ कार्यालयबाट हिंड्दै हामी पुनः रानी पौवा आयौं ।

२०६६ माघ ८: बिहान ९:३० बजे रानीपौवाबाट पोखरा छोड्ने निर्णय गरेर हामी हिंड्यौं । पृथ्वी चोक छेउको बसपार्कबाट तालचोकका लागि बस चढ्यौं । बस बुद्ध चोक, अमरसिंह, औधोगिक क्षेत्र अनि चाउथे हुँदै विजयपुर खोला तरेर लेखनाथ नगरपालिकाको भूभाग प्रवेश गऱ्यो । ताल चोकमा झरेर हामीले आफ्ना पर्चा सकिएकाले फोटोकपी गऱ्यौं ।

ताल चोकबाट हिंड्दै हामी भण्डारढिक गयौं । त्यहाँ लेखनाथ महोत्सव २०६६ को उद्घाटन समारोह थियो । २०६६ माघ ८ देखि १७ गतेसम्म चल्ने महोत्सवको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि संविधान सभाध्यक्ष सुवासचन्द्र नेम्वांग हुनुहुन्थ्यो । हामी विभिन्न व्यापारिक स्टलहरु अवलोकन गर्दै उद्घाटनस्थलको मञ्च अगाडि पुग्यौं । उद्घोषक्को उद्घोषसँगै विभिन्न जातजातिको झाँकीहरु अगाडि बढे । पहिलोपटक क्षेत्री समाजको झाँकी हेर्ने अवसर पनि पाइयो । ढाका कपडाको पहिरनमा चिटिक्क परेर अगाडि बढेका क्षेत्री क्षेत्रीनीहरुको पोशाक निकै राम्रो सुहाएको देखिन्थ्यो । गुरुंग, वि.क. आमा समूहजस्ता दलित एवं जनजातिको भेषुभषा झनै आकर्षणको केन्द्र रह्यो । उद्घाटन मञ्चमा संविधान सभाध्यक्षका साथ सभासद् उद्योगी व्यवसायी जिल्लाका उच्च पदस्थ कर्मचारी राजनीतिक दलका नेता कार्यकर्ता लगायत विभिन्न तह र तप्काका व्यक्तिहरुको उपस्थिति थियो ।

उद्घाटन समारोह समापन पश्चात् हामी ले.न.पा. १५ मालेपाटन निवासी नारायण रिजालको अनुरोधमा उहाँको घर जाने योजना बनाएर हिंड्यौं । तालचोकबाट गाडी चढ्यौं । सो गाडीलाई मालेपाटन झारिदिन अनुरोध गऱ्यौं । साँझ परेर जून लागेको थियो । बसका कर्मचारीले हामीलाई यही हो मालेपाटन भनेर झारिदिए । हामी कहिल्यै नपुगेको मान्छेलाई के थाहा ? उनले राजा (जनताको चौतारो पनि नपुऱ्याई झारेका रहेछन् । नारायण जीले फोन गरेर अर्को त्यहींको साथीलाई सोध्दा पत्ता लाग्यो, मालेपाटन पुग्न त अब कम्तीमा आधा घण्टा लाग्छ । त्यसपछि हिंड्दै हामी एक तिवारी दाईको सहयोगमा जनताको चौतारो बजारमा पुग्यौं । त्यहाँको नाम राजा महेन्द्रले चौताराको उद्घाटन गरेकाले राजाको चौतारो भन्ने गरिएको भएपनि अहिले जनताको चौतारो भन्न थालिएछ । हामी ओरालो झर्दै थियौं । हामी भए ठाउँमा नारायण जी साइकलमा आइपुग्नुभयो । त्यसपछि हामी कुराकानी गर्दै आँपु खोला तरेर रोडै रोड थोरै उकालो बाटो पनि हिंडेर गन्तव्य पुग्यौं ।

नारायणजीलाई हामीले कालीगण्डकी जलविद्युत् ए परियोजनामा भेटको थियौं । साहित्यतिर पनि रुचि राख्ने उहाँले २ वटा कविता संग्रह (खण्डकाव्य) प्रकाशित गरिसक्नु भएको रहेछ । डोल्पा दुनैको बारेमा सुनेकै भरमा र फोनमा कुराकानी गरेकै आधारमा झ्याउरे लयमा सरल भाषामा लेखिएको दुःखान्त जीवन पुस्तक पढ्दा हामी आश्चर्यमा पऱ्यौं । माओवादीले गरेको आक्रमण र सिपाही एवं माओवादी छोरा अनि आमाको पीडा मार्मिकरुपमा गुथ्नु भएको रहेछ उहाँले । ५ कक्षा पढ्दा पढ्दै पढाई छोडेर इण्डियामा काम गर्न जानुपर्दाको दुःख पछि नेपाल फर्केर संघर्ष गर्दै एस.एल.सी. सम्म पास गर्दाका प्रसंगहरु बडो मार्मिक रहेछन् उहाँका ।

कुरै कुरामा प्रसंग चल्यो, ८ कक्षा पढेका एडोल्फ हिटलरले भाषण गर्न सिक्ने बेलामा भट्टीमा मान्छेलाई रक्सी ख्वाएर र रुखहरुलाई सम्बोधन गरि गरि भाषण बाज भएका थिए रे । हाम्रो कुरा सुन्नासाथ नारायण जीले भन्नुभयो, त्यतिबेला हिटलरले रक्सी ख्वाएछन् अहिले हामीले कविता सुनाउन ठीक त्यस्तै एक कप चिया ख्वाएर आफ्नो कविता सुनाउनु पर्छ । हामी सबैजना गलल्ल हाँस्छौं । उहाँकी श्रीमती सविनाबाट खाना पाकिसकेछ । खाना खान थालेपछि छिमेकी तुलसी तिमल्सिना र अन्य साथीहरु हाम्रा फाइलहरु हेर्न थाल्नुभयो ।


भट्टीमा उखुको खुंदो पकाइदै

२०६६ माघ ९: बिहान उठेर उखुको खुँदो पकाएको हेर्न गयौं । एकापट्टि मेसिनमा उखुको रस निकालेर पाइपबाट पठाइएको थियो भने अर्कापट्टि भट्टीमा ४ वटा फलामका ठूल्ठूला भाडामा पाइपबाट आएको रस पाक्दै । भट्टीमा भक्भक् उम्लिइरहेको उखुको रस राम्ररी पाकेपछि खुँदो बन्छ । त्यो गाउँमा खुदोको व्यापार नगदे बालीको रुपमा हुने भएपनि बजार नपाउनु अनि उखु खेती कम हुँदै जानु समस्या बनेको रहेछ । यस्तो कुरा हामीलाई उखु कृषकहरुले सुनाए । सायद, आजकल मान्छेहरु जागिर खाने र किसानी पेशालाई छोड्दै जाने लहर नै चलेकाले यस्तो भएको होला ।

हामी उखुको खुंदो बनाएको दृश्यलाई कैद गर्दै मालेपाटनको अन्य भाग घुम्न निस्कियौं । तल फुर्से र ताल खोला मिसिएका छन् । छेउछाउमा पहिरो गएर ढिस्का ढास्की निस्किएछन् । खरका छाना लोप भएर च्यादार र पक्की छाना मात्र देखिन्छन् यहाँ । हामी गाउँघरको दृश्य नियाल्दै अघि बढ्यौं । उखु रोपिरहेको दृश्य देखेपछि केहीबेर टक्क उभियौं ।

गोरु नारेर एकजना हली दाई हलोले जमीन जोतिरहनु भएको थियो । हलोले जोतेको ठाउँमा (स्योमा) साना उखुका टुक्रा ३ जनाले धमाधम राख्दै थिए । अर्को स्यो जोत्दा उखुका डाँक्ला पुरिन्थे । नयाँ स्योमा नयाँ डाक्ला राखिन्थे । हामीले फोटो खिंचेको देखेपछि हाम्रो फोटो अब पत्रिकामा आउने भयो भनेर उनीहरु दंगदास भएर हाँस्दै काम गरिरहे ।

हामी लेखनाथ दाना उद्योगतिर लाग्यौं । यो उद्योग लेखनाथ नगरपालिकाकै हालसम्मको ठूलो कुखुरा फाराम हो, प्राविधिक कृष्ण आचार्यले भन्नुभयो । उहाँले हामीलाई ब्रोइलर कुखुराका चल्लादेखि ४५ दिनपछि मासुका लागि प्रयोग हुने कुखुराले पार गर्ने चरणहरु देखाउनुभयो । ब्रोइलर कुखुरालाई लोडसेडिंग भएको बेला पनि जेनेरेटर चलाएर भएपनि उज्यालो चाहिन्छ, नत्र मर्छन रे । यि कुखुरालाई दानाको रुपमा मकै, भट्ट, हड्डी तिलको पिना, चून ढुंगा, नून धानको ढुटो, औषधि भिटामिनहरु ९ प्रकारका चीजबिज मिसाएर दिनु पर्दो रहेछ । कुखुराको विष्टी प्रयोग गरिएको जमीनमा फलेका मोटा मोटा मूलाले हामी सबैको ध्यान खिंच्यो । यसबाट के प्रष्ट भयो भने मल र जलका साथ स्याहार सुसार राम्रो भएमा तरकारी खेती बालीनाली सप्रिन्छ । यो उद्योग सुरुमा स्थापना हुंदा सामुदायिक हाल व्यक्तिगतरुपमा सञ्चालित रहेछ । मोटरबाटो नआउँदै गाउँमा सञ्चालन गरिएको यो उद्योग मोटरबाटो आएपछि त झनै फस्टाउँदै गएको छ, एक कर्मचारीले हामीलाई बताए ।

हामी नारायण जीको घरमा फर्किएर खाना खायौं । खाना खाएर क्लब घर भएको चौरमा पुग्यौं । त्यहाँ सार्थक सन्देश साप्ताहिक पोखराका प्रकाशक भरतप्रसाद तिवारी, जागृति युवा क्लब ले.न.पा. १५ का अध्यक्ष नारायणप्रसाद पाण्डे तथा नेपाली काँग्रेसका नेता कार्यकर्ता गोपीराज वाग्ले, दोलराज पण्डित लगायतलाई हामीले सुरु गरेको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । उहाँहरुले नेपाल नेपालीको नाम विश्वसामु परिचित हुने, मानवअधिकार, विश्वबन्धुत्व एवं विश्व शान्तिमा टेवा पुग्नेमा विश्वस्त हुँदै विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

यो समुहसँग छुट्टिएर हामी ले.न.पा. १५ ढोडबेशी निवासी लक्ष्मीराज धमलाका साथमा उहाँको गाउँ गयौं । उहाँले कुराकानी गर्दै ढोडवेसीको शिवराज पन्थीको गाईगोठमा पुऱ्याउनुभयो । सरल र स्पष्टरुपमा बोल्ने पन्थीले हामीलाई हार्दिकतापूर्वक स्वागत गर्दै यहींको उखुको खुदो पानी व्यवस्था गर्नुभयो । ढोडवेसीको खुंदोले आफ्नो छुट्टै पहिचान बनाएको रहेछ । झण्डै महजस्तो लाग्ने खुंदो पानीले चर्को घाममा उकालो हिंड्दाको प्यास मेटाएर शितलता प्रदान गऱ्यो । हुनत आजकल जहातहीं रक्सी जाँडका भट्टीहरु स्थापना भइरहेका छन् । दूध दही केन्द्र लोप हुँदै गइरहेका छन् । तर पनि खुशीको कुरा विदेशको लाखभन्दा स्वदेशको काख प्यारो हुन्छ भन्ने भनाईलाई हृदयंगम गरी पन्थीजीले गाईपालन गर्न थाल्नु भएको रहेछ । ढोडवेसीमा सिंचाई भएदेखि अर्गानिक खेतीबाट पनि यो ठाउँलाई चिनाउने कोशिशमा छौं, हामीसँगको कुराकानीमा उहाँले काठमाडौंबाट गाई लिएर आउँदा बीच बीचमा ट्राफिक अनि जि.वि.स.का कर्मचारीहरुले दुःख दिएको गुनासो पोख्नुभयो । उनीहरुले रु. ५० लाग्ने ठाउँमा ५०० रुपियाँ सम्म शुल्क तिराए रे । हाम्रो देशमा कैयौं युवा बेरोजगार रहनु र कुलतमा फस्नुमा हाम्रो राज्य संयन्त्र जिम्मेवार छ भन्ने हामीलाई यहाँ पनि अनुभूति भयो । किनभने कुनै कृषकले स्वदेशमै केही गर्न चाहान्छ भने उसलाई प्रोत्साहन गर्ने कार्यक्रम सरकारी निकायबाट ल्याउनुको साटो उल्टै कृषकलाई दुःख दिनु किन ?

ढोडवेसीबाट हामी गाडी चढेर सात मुहान आयौं । त्यहाँबाट पैदल रुपातालको दृश्यांकन गर्न आइपुग्यौं । साँझ पर्ने लागेको थियो । रुपाकोट गा.वि.स. र लेखनाथको सिमानामा पर्ने ताल संरक्षण सहकारी संस्थाका कर्मचारी कृष्णबहादुर भुजेलले हामीलाई डुंगामा राख्नुभयो । पौने घण्टाजति डुंगामा यात्रा गरेर हामी बाहिर निस्कियौं । अँध्यारो भएर जुन लागिसकेको थियो । यो सहकारी गठन हुनु अगाडि तालमा घाँसले ढाकेको थियो हामी गाउँलेको पहलमा यो ताल अहिले सफा भएको छ, हाँस्दै भुजेलले हामीसँगको कुराकानीमा भन्नुभयो । हाल माछापालन व्यावसायबाट सहकारीले मनग्ये आम्दानी गरेको छ । जे होस् स्थानीयवासी जुटेर आफ्नो छेउछाउमा रहेका यस्ता ताल तलैया, मन्दिर गुफा, ऐतिहासिक गाउँ ठाउँको महत्व बुझ्न सक्नुपर्छ भन्ने उदाहरण रुपा तालवासीहरुले पस्केका छन् । अवश्य पनि यो राम्रो काम हो । यसैगरी नेपालभरका स्थानीय जनता एकजुट र जागरुक भएर लाग्ने हो भने गाउँ विकास गर्न कुनै बेर लाग्दैन ।

हामी कृष्णबहादुर भुजेलकै सहयोगमा माथि सुन्दरी डाँडा आयौं । एक होटलमा खाना खायौं । यो होटल आसपास यस्ता गफगाफ सुनियो, जलश्रोतको धनी देश नेपालमा अब २४ घण्टामा २० घण्टा बिजुली आउदैन होला कुनै दिन । बरु कहिल्यै नआए टुकीमा बानी परिन्थ्यो । यिनै गफ सुन्दै हामी विछ्यौनामा पल्टियौं ।

२०६६ माघ १०: हामीले बिहान सुन्दरी डाँडाबाट एकैपल्ट रुपाताल र बेगनास ताल चियायौं । बेगनास, रुपा, खास्टे, दिपांग, गुँदे, न्यूरेनी र मैदी ताल गरी लेखनाथ नगरपालिका भित्र ७ ताल छन् भन्ने जानकारी हामीले लेखनाथ महोत्सवमा पाएका थियौं । लगत्तै

हामी बेगनास तालतिर लाग्यौं । तुँवालोको कारण खासै राम्रो तस्वीर लिन सकिएन । तापनि बडेमाको ताल बेगनास यसको किनारमा माछालाई टुक्रा टुक्रा पारेर बेचिरहेका मान्छे, डुंगामा ताल घुमिरहेका पर्यटक, किनारमा नै रमाइरहेका स्वदेशी विदेशी पाहुनाहरुलाई एक नजर लगाएर हामी बेगनास ताल बसपार्क आयौं ।

होटलमा खाना खायौं । भातको छ्याँटकाँट र स्वाद अलि बेग्लै लागेपछि हिजै पकाएको साजी हो कि ? भन्दै हामीले खायौं । होटलकी दिदी बत्ती गएर त्यस्तो भयो कि ? भनेर बिस्तारै भन्दै थिइन् । खाना खाएपछि हामी तालचोकसम्म हिंड्दै आयौं । र, ५४ औं जिल्ला कास्की भ्रमण समापन गरेर ५५ औं जिल्लाको भ्रमणका लागि गाडी चढेर तनहुँ तिर प्रस्थान गर्‍यौं ।

कास्की यात्राका क्रममा प्राप्त नगद सहयोग

पोखरा उपमहानगरपालिका	
द होटल कान्तिपुर (लेकसाइड)	रु. ५,०००/-
परित्यक्त बालगृह (लेकसाइड)	रु. १,०००/-
भरतप्रसाद तिवारी (सार्थक सन्देश)	रु. ५००/-
तुलसी तिमल्सिना (मालेपाटन लेखनाथ)	रु. ५००/-
शिवराज पन्थी (पन्थी डेरी), ढोडवेशी	रु. २००/-
गोपाल काफ्ले (इनरुवा सुनसरी)	रु. २००/-
दोलराज पण्डित (मालेपाटन लेखनाथ)	रु. १५१/-
नारायणप्रसाद पाण्डे (ले.न.पा. १५)	रु. १५०/-
लक्ष्मीराज धमला (ले.न.पा. १५)	रु. १०५/-
गोपीराज वाग्ले (ले.न.पा. १५)	रु. १००/-
मिनबहादुर गुरुंग (ले.न.पा. १५)	रु. १००/-
गोपीचन्द्र खनाल (मालेपाटन लेखनाथ)	रु. १००/-
साधुराम सिग्देल (मालेपाटन लेखनाथ)	रु. ५०/-
	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

मानवता तथा विश्ववन्धुत्वको उद्देश्य । – शम्भु कोईराला (प्र.जि.अ.) जिल्ला प्रशासन कार्यालय
सकारात्मक पत्रकारिता गर्न पनि प्रेरित गरेको छ । – श्याम कुँवर (उपाध्यक्ष), नेपाल पत्रकार महासंघ
पत्रकारिता विकासमा योगदान पुग्ने अपेक्षा ।
– नारायण कार्की (अध्यक्ष) नेपाल पत्रकार महासंघ, समाधान दैनिक, बी.बी.सी. नेपाली सेवा, पुण्य पौडेल (केन्द्रिय सदस्य), नेपाल पत्रकार महासंघ, पोखरापत्र दैनिक, कमल पौडेल अथक (अध्यक्ष) क्रियाशील युवा पत्रकार संघ नेपाल, माछापुच्छ्रे एफ.एम. पोखरा हटलाइन दैनिक, टंक खनाल (इन्सेक प्रतिनिधि) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, ऋषिकान्त पौडेल (कान्तिपुर टेलिभिजन), नवराज सापकोटा (विग् एफ.एम.), कृपा भण्डारी (पोखरा एफ.एम., हिमदूत पत्रिका) रुद्र श्रीष मगर (गण्डकी टेलिभिजन, रेडियो गण्डकी), गणेश पौडेल (गण्डकी टेलिभिजन), रमण गिरी (पोखरा एफ.एम., गोल्डेन न्यूज दैनिक), महेश कुमार खाती, (रेडियो तरंग),
पत्रकारिता राष्टको प्रमुख एक हिस्सा जुन आज टुहुरो हुन पुगेको छ । – हरिबहादुर कार्की (सम्पादक), असल साथी साप्ताहिक
निरंकुशता लाद्न पाइने छैन । – भरतप्रसाद तिवारी (प्रकाशक), सार्थक सन्देश साप्ताहिक
फराकिलो विषय । – धनबहादुर नेपाली (कार्यालय प्रबन्धक), नेकपा एमाले
ठोस परिस्थितिको ठोस विश्लेषण वास्तविक विज्ञान हो । – रामजी बराल, एनेकपा (माओवादी)
पाईला सदाकाल सफल रहुन् । – नारायणप्रसाद पाण्डे (अध्यक्ष), जागृति युवा क्लब, ले.न.पा. १५, मालेपाटन
कास्कीका कुरा विश्वभर पुग्ने अपेक्षा । – पशुपति सुवेदी (सूचना शाखा), जि.वि.स.
प्रेरणाको श्रोत बन्न सफल हुनुहोस् । – नवीनराज बराल, ने.वि.संघ
स्वतन्त्रता सकारात्मक ढंगले प्रयोग भए सुनमा सुगन्ध हुन्छ । – यज्ञ बहादुर थापा (सभापति), नेपाली काँग्रेस
अर्को भेट अवश्य हुने अपेक्षा । – सुन्दरकुमार श्रेष्ठ, बैदाम पोखरा
धेरै नेपाली युवाले प्रेरणा लिनेछन् । – सन्तोष बराल, ने.वि.संघ पृथ्वीनाराण क्याम्पस, पोखरा
सफलताको शुभकामना । – मीना रामदास, अनाथ बालबालिका गृह, बैदाम पोखरा
देश बनाउने भावनालाई शुभकामना । – गोपाल काफ्ले (इनरुवा २, सुनसरी) दूरसंचार कार्यालय, रानीपौवा ११
कठिनाई झेलेरै यात्रा सफल रहोस् । – गोपाल बराल (माडी १, चितवन), दूरसंचार कार्यालय, रानीपौवा ११
भ्रमण सुखद र सान्दर्भिक रहोस् । – लोकबहादुर घर्ती (डुम्रे ४, तनहुँ) दूरसंचार कार्यालय, रानीपौवा ११
प्रेस स्वतन्त्रताको कमी कमजोरीमा चनाखो भई थालिएको भ्रमण । – तुलसी तिमल्सिना, लेखनाथ नगरपालिका १५, मालेपाटन
अवरोध हटाउने हौसला जारी रहोस् । – गोपीराज वाग्ले, लेखनाथ १५, मालेपाटन
विश्व समाजको जानकारी लिई फर्कनु । – दोलराज पण्डित, लेखनाथ १५
स्वतन्त्र पत्रकारिताको गहन अठोट । – नारायणप्रसाद रिजाल, लेखनाथ १५ मालेपाटन
विश्वका पत्रकार एक हौं भन्ने सन्देश । – केदार अधिकारी (सिमपानी धादिंग), हाल पोखरा
पशुपतिनाथ भगवान् सँग प्रार्थना । – प्रितमकुमार गुरागाई र लक्ष्मी पहारी गुरागाई दूर संचार कार्यालय, पोखरा
विश्वमै सफल कीर्तिमान हासिल गर्नु । – इन्द्रप्रसाद पौडेल (स्यांगजा) केदाश्वर महादेवमणि मन्दिर पोखरा
आत्मा राष्टप्रति विभोर हुनेछ । – गणेशबहादुर ढकाल, पोखरा ६, बैदाम
उद्देश्य नि:सन्देह पूरा हुने विश्वास । – तिलक पौडेल (कार्यकारी अधिकृत), पोखरा उपमहानगरपालिका कार्यालय

५५ औं जिल्ला तनहुँ डायरी

२०६६ माघ १० गतेः हामी कास्कीको लेखनाथ नगरपालिका र तनहुँको दुलेगौडा गा.वि.स.को कोत्रेबजारको सिमानामा गाडीबाट झऱ्यौं। त्यहींबाट हामीले ५५ औं जिल्ला तनहुँको औपचारिक यात्रा प्रारम्भ गऱ्यौं। लुगा मैलिएर जात्रै भएका थिए। हामी लुगा धुन भनेर सेती नदी किनारमा झऱ्यौ। साबुन लानै बिर्सिएछ। नदी किनारमा हामी बस्यौं। डोजरले बालुवा उघाउँदै ट्रकमा राख्दै थियो। नजिकै रहेका क्रसर उद्योगले पनि आफ्नो काम गरिरहेका थिए। कलकल संगीत भर्दै दौडिइरहेकी सेती नदी हामी आनन्दपूर्वक नियालिरहेका थियौं। सेती नदीको पानी कैयौं ढुंगा ढिस्कामा ठोक्किदै गन्तव्यतर्फ लम्किरहेको छ। ऊ हण्डर खाएर फर्किएको छैन। उसलाई रत्ति पनि भय चिन्ता छैन। हो, हामीले पनि यही नियम प्रयोग गर्दैछौं।

संक्षिप्त परिचय

क्षेत्रफलः १५४६ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४६ वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः ३, सदरमुकामः दमौली, अञ्चलः गण्डकी, विकास क्षेत्रः पश्चिमाञ्चल

भौगालिक अवस्थितिः पूर्व चितवन, गोरखा, पश्चिम स्यांगजा, उत्तर कास्की, लमजुंग र दक्षिण पाल्पा, चितवन, नवलपरासी

जातजातिः मगर, ब्राम्हण, गुरुंग, क्षेत्री, नेवार, कामी, दमाई, सार्की, ठकुरी, कुमाल, दरै, मुस्लिम आदि।

पर्यटकीय स्थलः छाब्दी वराही, ढोरवराही, थानीको थान, देवघाट, तनहुँसुर दरवार, भानु जन्मस्थल, व्यास गुफा, थप्रेक, भिमाद, मानुंगकोट, छिम्केश्वरी लेक, सिद्धगुफा, बन्दीपुर, ढोरफिर्दी आदि।

(साभारः तनहुँ एक झलक २०६४, जि.वि.स.)

२ घण्टा किनारमा बसेर नुहाई धुवाई र केहीबेर पढाईले समय बितेको पत्तै भएन। स्वामी आनन्द अरुणको सन्त दर्शन पनि पढ्दै छलफलको विषय बन्यो। साबुन किन्न कोत्रे बजार आउँदा बेलुकी बासको टुंगो यहीं गरौं कि जस्तो लागेको थियो। तर सोधपुछ गर्दा कतै बस्ने व्यवस्था छैन भन्ने जवाफ पाइयो। एक नास्ता पसलेले भने, ऊ त्यो होटलमा पाइन्छ, तर, २,३ हजार खर्च गर्न सक्ने सम्मको भएमात्रै दिन्छन् नत्र दिँदैनन्। हुन त हामीले त्यहाँ गएर अगाडि सोधिसकेका थियौं। संसार कति पैसाको पछाडि दगुर्दै छ। पैसाकै कारण शान्ति, प्रेम र आनन्दित जीवन गुमिरहेको छ। त्यसैले विलासीताको जीवन र तुच्छ मनोरञ्जनमा समय र पैसा कहाँ पाउनु हामीले ? नपाइयोस् यस्तो कार्यमा खर्च गर्ने पैसा कहिल्यै पनि...।

हामी गाडी चढेर दुलेगौंडा बजार आयौं। एक होटलमा बास बस्ने निधो भयो। लुगा धोएर सुकायौं। रात परि हाल्यो। बेलुकीको खाना यहीं खाइयो, सुतियो।

२०६६ माघ ११ः बिहान उठेदेखि बेलुकी १० बजेसम्म हामी यहीं होटलको एक कोठामा अध्ययन लेखनमा समय बितायौं। दिउँसो ३ बजे यो कोठा खाली हो ? भन्दै हाम्रो विपरितको कोठामा पसेका एक जोडी केटा केटी बेलुकी ५ बजे थिएनन्। संसारमा मान्छे कस्ता कस्ता छन् ? प्रभुको लीला विचित्र छ।



नेपालकै लामो तुइन पुल

२०६६ माघ १२ः आज बिहान पनि ६ बजेदेखि १०:३० बजेसम्म हामीले यहीं डायरी लेखन र अध्ययनमै समय बितायौं। खानपिन पश्चात् हिंड्दै खैरेनीटारतर्फ अगाडि बढ्यौं। नगरउन्मुख दुलेगौंडा गा.वि.स.को बेल चौतारा हुँदै मिल्डाँडा आइपुग्यौं। त्यहाँ हामी तनहुँ सूचना समाज सहकारी संस्था लि. द्वारा सञ्चालित रेडियो तनहुँ ९७.२ मे. कार्यालय पस्यौं। रेडियो व्यवस्थापक रमेश पौडेलले संकटकाल पछाडि पत्रकारिता क्षेत्रमा काम गर्न सहज वातावरण तयार भइरहेको छ, अब राज्यले वर्गीकरणमा समानुपातिक व्यवहार गर्नुपर्छ अनि सञ्चारमाध्यमहरुले श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्नुपर्छ, यसो भएमा व्यावसायिक पत्रकारिता फस्टाउन सक्छ भन्ने विचार प्रकट गर्नुभयो।

कार्यक्रम संयोजक तेजप्रसाद वारलेले दुलेगौडा २, कोत्रे बजारको तुइन पुल नेपालकै लामो तुइन पुल रेहेको जानकारी दिनुभयो। दुलेगौंडा बजारबाट नजिकैको दूरीमा रहेको ढोरफिर्दी गा.वि.स. मा पर्ने ढोरबराही मन्दिर १५,२० मिनेटको अन्तरमा माछा पानीसहित बाढी भैं आउने गरेको अनौठो कुरा पनि वारलेले बताउनुभयो। उहाँले हाम्रो अर्न्तवार्ता रेडियोमा रेकर्ड गर्नुभयो।

त्यहाँबाट हामी बजार नसकिउञ्जेल हिंड्यौं। नास्ता गरेर खैरेनीटारबाट दमौली आउने गाडी चढ्यौं। गाडीका कर्मचारीलाई हामीले विश्वभ्रमणबारे जानकारी गराएपछि भाडा निःशुल्क भयो। हामी तनहुँ सदरमुकाम दमौली बजार गाडीबाटै ओर्लियौं। दमौली व्यास नगरपालिका भित्र पर्दछ।


सदरमुकाम दमौली

नेपाल पत्रकार महासंघ तनहुँका अध्यक्ष प्रदीप काफ्लेले हामीलाई भञ्ज्यांग दैनिक कार्यालय बोलाउनुभयो। त्यहाँ अध्यक्ष काफ्ले, भञ्ज्यांग दैनिकका सम्पादक विश्वबन्धु भण्डारी लगायत अन्य पत्रकार हुनुहुन्थ्यो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे हामीले उहाँहरुलाई जानकारी गरायौं। अध्यक्ष काफ्लेले हाम्रो बसोबासका लागि रुफटफ लजमा भनिदिनुभयो। हामी होटलमा आएर खाना खाएर सुत्यौं।

२०६६ माघ १३ः बिहान उठेर केशवटार ७ मा अवस्थित छाब्दी बाराही मन्दिरतिर लाग्यौं। गणेशमानसिंह चोकबाट हिंडेको गाडी व्यास नगरपालिका कै भादगाउँ, चारकुने, मोहोरियाटार हुँदै छाब्दी बाराही गेट पुग्यो। हरिया डाँडाकाँडाका बीचमा सानो ठाडो खोलो, त्यहीं खोलाभित्र चिटिक्क परेको सानो मन्दिर। मन्दिर परिसर प्रवेश गर्नासाथ सानो पानीको कुण्डमा साना ठूला माछाहरु छप्लांग छुप्लुंग, फत्ल्यांग फुत्लुंग नाचिरहेको, कुदिरहेको गजबको दृश्य जसले हाम्रो ध्यान तान्यो। यति सानो पानीको कुण्डमा त्यत्तिका धेरै माछाहरु नाँचेको दृश्य यस अगाडि कतै देख्न पाएका थिएनौं। एकजना भक्तले भने, यहाँको प्रमुख विशेषता नै यहीं हो। यिनै माछाहरुलाई मान्छे पूजा गर्न आउँछन्। देवीले माछाको रुप लिएर आएको विश्वासमा पनि यहाँ भव्य पूजा गरिन्छ। तर यी माछा कसैले ल्याएर पालेको होइन।

मान्छेहरु टाढा टाढाबाट आफ्नो मनोकामना पूरा भएपछि पाठा, परेवा, कुखुरा, हाँसजस्ता जनावर ल्याएर यहाँ बली दिंदा रहेछन्। हामी मन्दिर भित्र प्रवेश गर्‍यौं। बली दिइएको पशुको रगत लत्पतिएको बाटो अगाडि बढेपछि अर्को पानीको कुण्ड भेटियो। त्यहाँ तल्लो कुण्डमाभन्दा ठूला माछा थिए। राजवाम नामको माछालाई धेरै मान्छेले पूजा गर्दा रहेछन्। पशुबली त्यहीं कुण्डमा दिइदो रहेछ। त्यहाँ जाने तीर्थालुहरुले चारो पनि लादा रहेछन्। यति धेरै रगत र चारो खान पाएकै कारण माछाहरु पनि बडेमाका विकासे भएछन्।

त्यहाँ लेखिएको सूचना यस्तो छः वि.सं. १८०० जेठ ९ देखि जहरसिंह आले मगरको वंशजले यहाँ पूजाआजा गर्दै आएको परम्परा छ। देवीले बालिकाको रुप धारण गरी जहरसिंहलाई आफू यस ठाउँमा आएर बस्ने भएकाले तिम्रो परिवारबाट पूजा अर्चना गर्नु तर औंसी, एकादशी र श्रावण महिनामा म गुप्त वास बस्ने भएकाले पूजा बली नगर्नु।

छाब्दी बाराहीमा ऐतिहासिक कुण्ड छ। त्यहाँका माछाहरुको चहलपहल र क्रियाकलापले जो कसैको मनमस्तिष्कमा गहिरो छाप पार्ने देखिन्छ। बरु तनहुँ दमौली पुग्ने जो कोही व्यक्ति त्यहाँ पुग्नु धेरै राम्रो हुनेछ। र, यसको संरक्षण सम्बर्द्धनमा पनि विशेषगरी अझ ध्यान पुग्नुपर्छ। हामी छाब्दी बराहीबाट गाडीमै पुनः दमौली बजार आयौं। खाना खाएर लोकवाणी दैनिकको कार्यालय पुग्यौं।

छाब्दी बाराहीका माछा

कार्यालयमा उपस्थित पत्रकार साथीहरुसँग अनुभव आदान/प्रदान भयो। वर्तमान नेपाली प्रेस अप्ठ्यारो अवस्थामा गुज्रिरहेका बेला प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको अभियान सुरु हुनु गौरवको कुरा हो भन्दै उनीहरुले विश्वभ्रमण सफलताको कामना गरे। पत्रकार समुन्द्र पौडेलले वर्तमान नेपाली पत्रकारितामा उचित शब्द चयनको अभाव, सन्देशमूलक, सकारात्मक एवं खोजमूलक सामाग्रीको कमी भएको धारणा राख्नुभयो। यो कार्यक्रम सकिएपछि हामी व्यास गुफातिर लाग्यौं।

सेती र मादी नदीको संगम स्थलको तटमा व्यास गुफा। त्यहाँ भजन कीर्तन र बाजागाजाको धुनले वातावरण आनन्दित थियो। पूर्वपरिचित राईपुर ६, तनहुँ निवासी रामजी भट्टराई त फुरुक्क पर्दै नाचिहाल्नुभयो। महर्षि वेदव्यासको पावन जन्मभूमि रहेको यस क्षेत्रमा आउन पाउँदा हामी पनि हर्षविभोर भयौं। किनभने

यस्तो महान् ऋषिमुनिहरुको ऊर्जा र आर्शिवाद हामीमा प्रक्षेपित हुनु पनि जरुरी छ । वेद, महाभारत जस्ता सदावहार ग्रन्थ भइदिनु यी महर्षिको गुणगान शब्दमा कसरी व्यक्त गर्ने ?

रामजी र उहाँकी श्रीमती फूलमाया भट्टराईले संसारका कुनाकाप्चा सम्म यथार्थ सूचना सम्प्रेषण गर्न सक्ने सञ्चार क्षेत्र स्वतन्त्र एवं सकारात्मक भएमा समाजको सही रुपान्तरण हुन सक्ने धारणा राख्नुभयो । यही गुफा परिसरमा भेटिनुभएका रामबजार कास्कीका तिलक थापा र मिमलचौर कास्कीकै भरत क्षेत्री, मन्दिरका दामोदर बाबा, शान्तिदेवी माता लगायत सबै भक्तजनले शान्तिको सन्देश फैलाउन कहीं कतै विघ्न वाधा नपरोस् भनी विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

पत्रकारहरुसँग

हामी व्यास गुफा परिसरका अन्य मन्दिर र क्षेत्रहरुलाई नियाल्दै बजारतिरै फर्कियौं । साइबरमा बस्नासाथ बत्ती गयो । हिजो बसेकै होटलमा आइयो । खाना खाएर ९:३० बजे निद्रा शरणम् गच्छामि ।

२०६६ माघ १४: हामी बिहान उठेर लेखपढमा व्यस्त रह्यौं । ९ बजे दमौलीको सन्तोष होटल पुग्यौं । त्यहाँ स्वास्थ्य पत्रकारिता तालिमको उद्घाटन सहायक प्र.जि.अ. थमनसिंह थापाबाट भयो । प्रशिक्षण दिनका लागि राससका प्रधान सम्पादक श्रीराम सिंह बस्नेत र स्वास्थ्य पत्रकार संघका अध्यक्ष लक्ष्मण अधिकारी आउनु भएको छ । गोरखा, कास्की, स्यांगजा, अर्घाखाँची, पर्वत लगायतका जिल्लाका २० जना प्रशिक्षार्थीको सहभागिता छ । कार्यक्रमका वक्ताहरुले स्वास्थ्य नै धन हो भन्नेमा जोड दिएका थिए । हाल सञ्चारमाध्यमहरुमा राजनीतिक मुद्धाले मात्र प्राथमिकता पाएको तर स्वास्थ्य जस्तो महत्वपूर्ण क्षेत्र ओझेलमा परेका कारण पनि स साना रोगहरुले विकराल स्थितिको रुप लिएको धारणा समेत व्यक्त गरिएको थियो । अब सञ्चारमाध्यममा अनिवार्य रुपले स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने किसिमका सामाग्रीले पनि प्रमुख स्थान पाउनु पर्नेमा वक्ताहरुले जोडदार आवाज उठाए ।

सकारात्मक एवं स्वास्थ्य पत्रकारिताको अपरिहार्यता दर्शाइएको उक्त कार्यक्रममा जापानमा नकारात्मक समाचार सानो समाचारको रुपमा अन्तिम कुनै कुनामा छापिने जानकारी पनि दिइयो । कार्यक्रममा दमौली अस्पतालका डाक्टर अजय ढकाल, पत्रकार महासंघ तनहुँ अध्यक्ष प्रदीप काफ्ले, उपाध्यक्ष प्रकाशचन्द्र भट्टराई लगायत विभिन्न सञ्चारमाध्यमका पत्रकार एवं उद्योगीहरुको समेत उपस्थिति रहेको थियो । उद्घाटन कार्यक्रम पश्चात् प्रशिक्षक द्वय बस्नेत र अधिकारी अनि तनहुँका पत्रकार मदन वाग्लेसँग पनि केहीबेर हाम्रो कुराकानी चल्यो । त्यहाँबाट राजनीतिक दलका कार्यालयहरु तर्फ हामी लाग्यौं ।

नेपाली काँग्रेसको कार्यालयमा सभापति रघुनाथ पौडेलले तनहुँमा पत्रिका नि:शुल्क वितरण भइरहेका छन्, पत्रकारलाई पत्रकारिता गरेर मात्र बाँच्ने आधार पनि कम रहेको छ भन्नुभयो । पत्रकार महासंघ तनहुँ शाखालाई जि.वि.स.को छतमाथि कार्यालय बनाउन गरिएको अनुरोधलाई अस्वीकार गरे, व्यापार गर्ने ठाउँको खोजीमा लागे भन्ने आरोप सभापति पौडेलले लगाउनुभयो ।

ने.काँ. कार्यालयबाट हामी एनेकपा माओवादी कार्यालय पुग्यौं । जिल्ला इन्चार्ज हरिबहादुर चुमान अजितले कुनै पनि सञ्चारमाध्यम कुनै पनि पार्टीको प्रवक्ता नबन्न र श्रमजीवी जनताको पक्षमा आवाज उठाउन आग्रह गर्नुभयो । बहुराष्टिय कम्पनिको लगानीमा चलेका ठूला भनिने मिडियाहरु श्रमजीवी जनताको पक्षमा छैनन्, यी मिडियाहरु पूजीपति वर्गको इशारामा नाचिरहेका छन् भन्ने अजितको आरोप छ । स्वदेशी पूँजी र लगानीमा श्रमजीवी जनताको पक्षमा वकालत गर्ने मिडिया नभएसम्म पत्रकारिता पेशा सम्मानित र स्वतन्त्र नहुने तर्क उहाँले राख्नुभयो । यति हुँदा हुँदै पनि उहाँले जनादेश पत्रिकाले चाहिं स्वतन्त्र विचार प्रवाह गरिरहेको दाबी गर्नुभयो ।

एनेकपा माओवादी कार्यालयबाट हामी नेकपा एमाले कार्यालय गयौं । त्यहाँ जिल्ला उपाध्यक्ष श्रीप्रसाद श्रेष्ठ, सदस्य सिताराम सुर्खाली, उपसचिव एवं अनेमसंघ जिल्लाध्यक्ष रेखा थापा बस्याल लगायतसँग हाम्रो भेट भयो । उपाध्यक्ष श्रेष्ठले अन्य कर्मचारीका संगठन दलगत आस्थाका आधारमा चलेका कारण कमजोर भएपनि पत्रकार महासंघलाई सबै सँग आस्थावानहुरुले छाता संगठनको रुपमा मानेका कारण मजबुत छ, भन्ने धारणा राख्नुभयो । लेखे बोलेकै भरमा पत्रकारमाथि आक्रमण हुनु र मारिनु हुँदैन । साथै सञ्चारमाध्यमले पनि तथ्यपूर्ण र सकारात्मक सन्देश दिने सामाग्रीलाई प्राथमिकता दिने गर्नुपर्छ भन्ने भनाईमा अनेम संघ अध्यक्ष बस्यालले जोड दिनुभयो ।

उहाँहरुले तनहुँ जिल्लालाई चिनाउँदा महर्षि वेदव्यासको पुण्यभूमि, आदिकवि भानुभक्त आचार्यको जन्मभूमि, सेती मादीको संगम एवं पवित्र तीर्थ देवघाटद्वारा शोभायमान, महाभारतको सबभन्दा अग्लो चुचुरो छिम्केश्वरी डाडा र मगर संस्कृतिको बाहुल्यता रहेको अनुपम उपहार हो तनहुँ भन्नुभयो ।

त्यहाँबाट हामी बजार घुम्दै माथि टुप्पाको सालघारी डाँडा पुग्यौं । सेतीमादीको संगमस्थल रहेको दमौलीबजार चारैतिर डाडापाखा हरियालीको बीचमा साच्चै आर्कषक देखिंदो रहेछ । केहीबेर यो आकर्षक दृश्यको पान गरिसकेपछि हामी बजारतर्फ झर्‍यौं । नेपाल पत्रकार महासंघ तनहुँका संस्थापक सभापति विश्वबन्धु भण्डारीसँग कुराकानी गर्‍यौं । त्यसपछि हामी फेरि व्यास गुफा पुग्यौं । यहाँ वृहत्त १ महिने व्यास माघ मेला लागिरहेको छ । यसको व्यवस्थापनका निमित्त श्री दामोदर बाबा प्रमुखरुपमा खटिइरहनु भएको छ ।

सबैलाई देउता भन्दै हंसमुख बोली वचन बोल्ने दामोदर बाबाले हामीलाई पनि यही खाने बस्ने प्रबन्ध मिलाउनुभयो । हामीलाई मात्र होइन, यहाँ आउने जो कोही यात्रुलाई दैनिक भण्डारा भोजनको व्यवस्था छ । यहाँ बसेपछि विभिन्न जिल्लाबाट सन्त, महन्त एवं भक्तजनहरुका कुराकानी पनि सुन्न पाइयो । उहाँहरु हिन्दू राज्य विघटन गरिएकोमा आपत्ति जनाउँदै हुनुहुन्थ्यो । एक भक्तले भने, हिन्दू सम्प्रदायभित्र तल्लो माथिल्लो जात भनेर भेदभाव गरेकै कारण हिन्दू धर्म नफैलिएको हो ।

चितवन मंगलपुरका ऋषिप्रसाद चौलागाईले हामीलाई विश्वभ्रमण गर्दा धनेरु पहाड भेटेमा खबर गर्नुहोला, त्यहाँ अष्टचिरञ्जिवी लगायतका देवताको बास छ भनी अनुरोध गर्नुभयो । दामोदर बाबाले चाहिं आफ्ना धारणा यसरी राख्नुभयो, हामी हिन्दू भित्रै पनि विभिन्न सम्प्रदाय खडा गरेका छौं, वैदिक सनातन धर्म अंगीकार गर्न सकेका छैनौं, विद्वत वर्ग पनि एकअर्काको नकारात्मक टिका टिप्पणी मात्र गर्नुहुन्छ, तर अब हामी सबैले सबैका राम्रा र सकारात्मक पक्षलाई हेर्नुपर्छ, जन्मदैमा कुनै पनि मान्छे सानो वा ठूलो हुँदैन, उसले गर्ने कर्मका आधारमा ठूलो सानो भन्ने हुन्छ, हामी ब्राह्मण भित्रै पनि एकअर्कामा नै एउटाले पकाएको अर्कोले खादैनौं, त्यसकारण पनि धर्मको सकारात्मक सन्देश समाजमा प्रवाह हुन नसकेको हो । अत: म अब कुनै सम्प्रदायभित्र नबाँधिइकन व्यास आश्रम खडा गर्न जुटेको छु, मुठी मानो दान उठाएर काम पूरा हुन्छ भन्नेमा विश्वस्त छु ।

दामोदर बाबाको यो कुरा अरुको तुलनामा हामीलाई चित्त बुझ्यो । किनभने एक अर्का सम्प्रदायका नकारात्मक टीका टिप्पणी गरेर आफूले लिएको बाटो ठीक हो भनेकै कारण समाजमा अशान्ति मच्चिएको छ । हामी नुहाएर खाने, ठाडो टीका लाउने, ऊ नुहाएर नखाने टीका नलगाउने, म मासु नखाने ऊ मासु खाने भनेरै आज एकले अर्काको अस्तित्व स्वीकार गर्न नसकिरहेको अवस्था छ । भगवान् शान्ति भएन भनेर शान्ति चाहियो भनी ढोंग फुक्नमा मान्छेहरु व्यस्त छन् । काम आफैं अशान्त हुने किसिमको भेदभाव पूर्ण व्यवहार गर्ने अनि बाहिरी मुखले शान्ति चाहियो भन्नु त धार्मिक भन्नेहरुको पाप हो भन्ने लाग्छ हामीलाई ।

प्रेमविना शान्ति आउँदैन भनेझैं शान्ति हामी मानवले नै हराएको हो । कतै तेरो मेरो धर्म सम्प्रदायले त कतै धन दौलत अहंकारले । त्यसकारण हरेक मान्छे आफू शान्त भए अनि अरुलाई सम्मानजनक व्यवहार गर्न सके शान्ति कायम गर्न सकिन्छ भन्ने आजको प्रवचन र छलफलले हामीलाई थप विश्वस्त तुल्याएको छ । यही छलफल सँगै हामी आनन्द साथ कार्पेट कम्बल ओछ्याएर अनि ओढेर ८, १० जना लहरै सुत्यौं । सबैजना मिलेर समूहमा सुत्नुको छुट्टै रमाईलो...।

२०६६ माघ १५: हामी बिहान ४ बजे नै ब्युँझियौं । व्यास गुफा मन्दिरमा बाबाहरु बिहानै उठेर नुहाई धुवाई गर्न थालिसक्नु भएको रहेछ । हामीले पौने ६ बजे किनारमा सेतीमादीको जलले हातमुख धोयौं । चिया पिएर भजन, कीर्तन प्रवचन श्रवण गर्‍यौं । ८ बजेतिर दमौली बजार निस्कियौं ।

बिहान १०:३० बजे जिल्ला प्रशासन कार्यालय पुग्यौं । कार्यालयमा निमित्त प्र.जि.अ. थमनसिंह थापासँग भेट भयो । प्र.जि.अ. थापाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति हुनुपर्छ भन्नुभयो । त्यहाँबाट हामी तनहुँ उद्योग वाणिज्य संघको कार्यालय पुग्यौं । अध्यक्ष मोहनकुमार वि.क.लाई फोन सम्पर्क गर्दा कार्यालयका कार्यकारी सचिवलाई भेट गर्न भन्नुभयो । कार्यकारी सचिवले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । उ.वा.संघबाट हामी व्यास नगरपालिकाको कार्यालय गयौं ।

कार्यकारी अधिकृत रामचन्द्र तिवारीले समाजलाई सही मार्गदर्शन गर्न सकारात्मक पत्रकारिताको ठूलो भूमिका रहन्छ भन्नुभयो । महर्षि वेदव्यासको नामबाट नामाकरण गरिएको यो नगरपालिका भित्र सदरमुकाम दमौली बजार समेत पर्दछ । व्यास नगरपालिकाबाट हामी जि.वि.स. कार्यालय गयौं । स्थानीय निकाय कर्मचारीहरुले गरेको हड्तालका कारण बन्द थियो । चौरमा बसेका कर्मचारीहरुसँग हाम्रो केहीबेर कुराकानी भयो । स्थानीय निकाय कर्मचारी संघ तनहुँ अध्यक्ष कृष्णप्रसाद शर्मा र अन्य कर्मचारीले प्रेस स्वतन्त्र र स्वच्छ हुनुपर्छ भन्ने एजेण्डासहित थालिएको विश्वभ्रमण सफल होस् भनी शुभेच्छा व्यक्त गर्नुभयो ।

हामी जि.वि.स. कार्यालयबाट बजारतर्फ आयौं । अभिषेक आयुर्वेद फर्माका भानु चापागाईंसँग कुराकानी गर्‍यौं । त्यसक्रममा फर्मामा आउने केही व्यक्तिहरुलाई हामीले विश्वमा पत्रकार एवं सञ्चार गृहमाथि भइरहेका हत्या, हिंसा आक्रमणजस्ता कार्यहरु रोकिउन् भन्ने विश्वमानव जातिले सूचनाको हकबाट बञ्चित हुनु नपरोस् र, सकारात्मक सन्देश प्रवाह गर्ने किसिमका समाचार प्राथमिकतामा परुन् भन्ने

आवाजलाई बुलन्द गर्दै यसका लागि सबै पक्षलाई एक ढिक्का बनाउने उद्देश्यसहित थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं। उनीहरु सबैले शुभकामना व्यक्त गरे। हामी बसेको होटल रुफटफ आयौं। खाना खाएर ९.१५ बजे सुत्यौं।

२०६६ माघ १६: हामी बिहान दमौली एफ.एम.को कार्यालय गयौं। त्यही भवनमै नेपाल पत्रकार महासंघ तनहुँ शाखाको कार्यालय रहेछ। त्यहाँ हामीले महासंघ अध्यक्ष प्रदीप काफ्ले एवं कार्यक्रम सञ्चालक पुष्पराज खतिवडासँग कुराकानी गऱ्यौं। अध्यक्ष काफ्लेले हाल ४ दैनिक, १ साप्ताहिक र ४ वटा एफ.एम. तनहुँबाट प्रकाशित प्रसारित भइरहेका र एउटा एफ.एम. खुल्ने तयारीमा रहेको जानकारी दिनुभयो। आफू अनुकूलको समाचार प्रकाशन प्रसारण भए सकारात्मक व्यवहार गर्ने र प्रतिकूल समाचार भए नकारात्मक हेर्ने राजनीतिक दल, प्रशासन लगायत सञ्चार उपभोक्ताहरुको दृष्टिकोण सञ्चारकर्मीमाथि छ, उहाँले भन्नुभयो। हामी खाना खान होटल आयौं। कान्तिपुर संवाददाता पूर्ण वि.के. ले खाना खाएकै बेला हाम्रा यात्रा अनुभूति टिपोट गर्नुभयो।

हामीले छोड्यौ दमौली बजार। र, हिंड्दै आयौं घाँसी कुवा। कुवा छेउमै बसोबास गर्दै आउनुभएका नेत्रनारायण रेग्मीले घाँसी कुवा बारे जानकारी गराउनुभयो। रोडदेखि माथि भित्तामा सिमेण्ट प्लास्टर गरिएको ठाउँ देखाउँदै रेग्मीले भन्नुभयो, त्यो ठाउँमा भएको कुवा रोड बनेपछि पाइपद्वारा पानी ल्याएर रोडमुनि बनाइएको हो। हालको घाँसी कुवामाथि मन्दिरको गजुर बनाइएको छ। घाँसी कुन ठाउँबाट त्यहाँ आएका हुन् र उनको नाम के थियो ? त्यो थाहा छैन। घाँस काटेर बेचेको एक दुई पैसा संकलन गरेर आफ्नो कृति राख्न कुवा खनाएका हुन् घाँसीले भनेर स्कूलमा हामीले पढेका हौं। उनको यही कार्यबाट घोडा चढेर आएका भानुभक्त आचार्य प्रभावित भएछन्। अनि साहित्य सिर्जना र रामायणलाई नेपालीमा अनुवाद गरेछन्। साहित्य सिर्जना गरेकै कारण उनी आदिकवि भानुभक्तका नामले प्रसिद्ध भए। घाँसी कुवा तल बुल्दी खोला, पारी व्यास नगरपालिकाको कोल्यांग गाउँ रहेछ। यो गाउँ घाँसीले कुवा खन्दा जंगल थियो रे। चारैतिरको जंगलको बीचमा घाँसीले कुवा खनाएका हुन्। कुवा नजिकै भानु र घाँसीको स्मारक बनाइएको रहेछ।

हामी तनहुँ घुम्दा देख्न नपाएको कुरा के छ भने महर्षि वेदव्यास र आदिकवि भानुभक्त जन्मिएको ठाउँमा उनीहरुको योगदानको उचित सम्मान र कद्दर जति हुनुपर्ने हो त्यति भएको छैन। हो, प्रेरणा जो कोहीबाट जतातत्तै पाउन वा भेट्न सकिन्छ, यसका लागि ठूलो ठाउँ वा शहर नै हुनुपर्छ भन्ने छैन। जसरी एउटा जंगलमा घाँस काट्ने घाँसीबाट प्रेरित भए भानुभक्त त्यसैगरी यस्तो प्रेरणा हामीले पनि खोजी गरे अवश्य भेट्टाउँछौं।

यो ठाउँको भ्रमण गरिसकेपछि हामी डुम्रे आयौं। विमलनगर सिद्धगुफा व्यवस्थापन समिति अध्यक्ष लालकुमार श्रेष्ठले डुम्रेबाट विमलनगर बजारसम्म हामीलाई मोटर बाइकमा ल्याउनुभयो। त्यहाँबाट हामी गुफातिर उकालो लाग्यौं। तल कलकल गरेर बगिरहेकी मर्स्यांगदी नदी वारिपारिका गाउँ बस्ती, डाँडाकाडा हेर्दै माथि गुफासम्म निस्कन झण्डै पौने घण्टा लाग्यो।

पहरामाथि रहेको सिद्धगुफा वरपर जंगल छ। एशियाकै ठूलो दाबी गरिएको सो गुफाभित्र हामी पस्यौं। ठाउँ ठाउँमा विभिन्न आकृति आफ्नो दृष्टिकोणअनुसार देख्न सकिन्छ। कतै शिवलिंग त कतै बन्दाकोभीको झझल्को, कतै शंखजस्तो आकृति त कतै ऋषिमुनिले ध्यान गरेजस्तो लाग्ने चूनढुंगाद्वारा बनेका आकृति साह्रै अनौठा। गुफाभित्र प्रवेश गर्ने बेलामा सानो ढोकाजस्तो प्वाल भएपनि भित्र भने सयौं मानिस अट्न सक्ने फराकिलो ठाउँ। हामीले हालसम्म देखेमध्ये यो गुफा सबभन्दा ठूलो गुफा हो। हामीलाई दिपक सुनारले टर्च बालेर यो विशाल गुफामा घुम्न सघाउनुभयो।

यस गुफामा पहिले भालु बस्ने गर्थे। मानिसहरु भालुले खाने डरले जान डराउँथे। तर वि.सं. २०४४ सालमा स्थानीय चन्द्र बहादुर थापा, दुर्गाबहादुर थापा, नारायण कुमाल, नरबहादुर पुन र नोटरेडम स्कूलका शिक्षक वारेण्ट कार्टोसले जे परे पर्ला परेको ब्यहोरौंला भनेर खोजतलास गुफाभित्र पसेछन्। भालु लुक्ने गुफा आज देश विदेशका मानिसहरुको आकर्षणको केन्द्र बनेको छ। आज पनि हामी त्यहाँ रहँदा रहँदै २ समूहमा आएका ५०, ६० जना मान्छेले गुफा भ्रमण गरि त हाले। हामी गुफा पुग्नुअघि र पछि पनि मान्छेहरु आउने जाने गरेको तलैबाट देखिन्थ्यो। यो गुफाको लम्बाई ४३७ मिटरजति अनुमान गरिएको छ, व्यवस्थापन समिति लालकुमार श्रेष्ठले भन्नुभयो।

गुफाबाट हामी बन्दीपुर ६, विमलनगर बजारतिर झर्‍यौं। ढुंगा छापेको बाटो शीतको कारण होला चिप्लै थियो। यो बाटो कटेपछि सुन्तला रोपिएको बगैंचामा झरियो। सो बगैंचाका धनी ७८ वर्षिय पदम सिंजालीले धान खेती मासेर सुन्तला खेती सुरु गरिएको हो, तर यस वर्ष असिनाले सबै नष्ट गर्‍यो भनेर दुःखेसो पोख्नुभयो। यो साल यस्तो भएपनि अघिल्ला वर्षहरुमा धान खेतीको भन्दा धेरै बढी फाइदा सुन्तलाले दिने गर्दथ्यो। साँच्चै हाम्रा देशका किसानहरुसँग भएको जमीनको माटो परिक्षण गरेर कुन बाली फस्टाउन सक्छ भनेर पत्ता लगाई सोहीअनुसार खेती गर्न लगाउन सम्बन्धित निकायद्वारा पहल गर्नुपर्ने देखिन्छ। किनभने हरेक कृषकले आफूले लाउदै आएको बाली लगाउन मरिहत्ते गरिरहेको पाइन्छ। उनीहरुलाई अर्को बाली लगाउँदा बढी फाइदा हुन्छ भन्ने कुराको थाहा नै छैन। धेर थोर थाहा भएपनि कृषक्मा अझै अन्यौलता र आशंका हटेको छैन।

हामी विमलनगर रकल्याण्ड रेष्टुरेण्ट एण्ड लजमा आयौं। प्रोपाइटर लालकुमार श्रेष्ठसँग खाना खाएपछि विशेष कुराकानी भयो। मलाई विवाह गर्नुभन्दा अगाडि ५, ६ जनालाई दिनमा नकुटी चित्त नै बुझ्दैनथ्यो, तर म गुरिल्लाबाट हाल समाजसेवीको रुपमा परिचित हुँदैछु, श्रेष्ठले भन्नुभयो। गुफाको प्रचार प्रसारको लागि धेरै नै मेहेनत गरिरहनु परेको छ। तर पत्रकारहरुको साथका कारण धेरै अगाडि बढ्न मैले हौसला पाएको छु। गुफाले श्रेष्ठलाई पत्रकारहरुसँग त नजिक्यायो नै गुफामा नेपालमै पहिलोपटक गरिएको र्‍याफ्लिंग (डोरीको माध्यमद्वारा पहराबाट तल झरिने) मा हिंड्ने प्रथम व्यक्ति बन्ने सौभाग्य पनि उहाँलाई नै जुरेछ। जेम्स जातको केराको एउटा घरीमा १५ सय कोसा फलेपछि अखबारमा राम्रैसँग छाउने मौका पनि उहाँलाई मिलेछ। जाँड रक्सीजस्ता मादक पदार्थ सेवन नगर्ने श्रेष्ठ ४३ वर्ष पुग्दा पनि आफूलाई अहिलेसम्म कुनै रोग नलागेको बताउनु हुन्छ।

२०६६ माघ १७: हामी बिहान ८:३० बजे अध्यक्ष लालकुमार श्रेष्ठकै सहयोगमा डुम्रेबाट पर्यटकीयस्थल बन्दीपुर बजारको गाडी चढ्यौं। खचाखच भरिएको जीपमा उभिएरै यात्रा गर्नुपर्‍यो। उकालो चढ्दै आधा घण्टा लगाएर जीप बन्दीपुर बजार पुग्यो। जीपबाट हामी ओर्लियौं। तनहुँ पत्रकार महासंघ अध्यक्ष प्रदीप काफ्लेले फोन गरेर भानु उ.मा.वि. व्यवस्थापन समिति कृष्णकुमार प्रधानसँग भेट गराइदिनुभयो। प्रधानले पर्यटन समिति बन्दीपुरका अध्यक्ष वामदेव भट्टराई, ने.काँ गाउँ पार्टी सभापति प्रेमबहादुर बानियाँ, बन्दीपुर बहुमुखी क्याम्पस प्रमुख विक्रम पिया लगायतसँग परिचय गराउनुभयो। उहाँहरुको जानकारीअनुसार र हामीले बजारको अवलोकन गर्दा पनि बन्दीपुर बजारमा पुरानो काष्ठकलाको भक्तपुरसँग मिल्दा जुल्दा घरहरु रहेका छन्। यहाँ मेला र जात्रा पनि नेवारी नै प्रमुख रुपमा लाग्छ। नेपालमा यातायातको साधन चल्नुअघि भोट मधेश गर्ने प्रमुख नाकामध्ये बन्दीपुर व्यापारिक केन्द्र एउटा विशेष नाका रहेछ। यहाँका प्रमुख आदिवासी मगरहरु हुन्।

वि.सं. २०२५ सालसम्म तनहुँको सदरमुकाम बन्दीपुरमा बसेको थियो। सदरमुकाम दमौली सरेपछि धेरै धनीमानी चितवन नारायणगढ गएर बजारको विकास गरेका हुन। सदरमुकाम सरेपछि पछाडि परेको बन्दीपुर बजारलाई पृथ्वी राजमार्ग डुम्रेबाट गएपछि झनै छायामा पारेछ। हाल बन्दिपुरलाई ग्रामीण पर्यटनको रुपमा विकास गरिएको छ। यसको दक्षिणी भूभागमा प्रशस्त स्लेट ढुंगा पाइने भएकाले घरका छाना ढुंगाका छन् भने बाटोमा पनि ढुंगा छापिएको छ। बजारभित्र गाडी प्रवेश गर्न रोक लगाएर ध्वनि प्रदुषण कम गर्ने प्रयास गरिएको छ।

हामी पर्यटन समिति बन्दीपुर अध्यक्ष वामदेव भट्टराईसँग बजार भ्रमणमा निस्कियौं। उहाँले हामीलाई ३ धारेको पुरानो शिव मन्दिर र नोटड्रम बोर्डिंग स्कूल पनि पुर्‍याउनुभयो। उहाँले नै खानपिनको व्यवस्था पनि मिलाइदिनुभयो। खाना खाएर हामी बन्दीपुर आदर्श नगर उन्मुख गा.वि.स. गयौं। त्यहाँ गा.वि.स. सचिव जगत बहादुर श्रेष्ठ, कर्मचारीहरु सीता सदाशंकर वि.क., पूजा श्रेष्ठ लगायत उपस्थित अन्य गाउँवासीहरुसँग प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे छलफल भयो।

सचिव श्रेष्ठले ४८.४४ वर्ग कि.मि. क्षेत्रफल ओगटेको बन्दीपुरवासीहरुले टी.भी. हेर्न, एफ.एम. रेडियो सुन्न र पत्रपत्रिका पढ्न पाएकाले सुसूचित हुन सकेका छन् भन्नुभयो। निर्वाचित जनप्रतिनिधि नहुँदा गा.वि.स.को काम कारवाहीमा अप्ठ्यारो भइरहेको दुखेसो पनि उहाँले गर्नुभयो। त्यहाँबाट हामी दिल प्रा.वि. प्रांगण पुग्यौं। खड्गदेवी मन्दिर परिसरभित्र रहेको सो विद्यालय १९५८

मा भाषा पाठशालाको रुपमा स्थापना गरिएको जानकारी हामीलाई शिक्षक रामचन्द्र भट्टराईले गराउनुभयो । तर बोर्डमा भने १९७६ लेखिएको छ ।

त्यसपछि हामी शहीद स्मारक टुँडिखेल लगायतका क्षेत्रहरु घुम्दै थानी माई मन्दिरतिर उकालो लाग्यौं । चट्टानै चट्टान भएको बाटो हिंड्दै माथि पुग्दा बन्दीपुर बजारको पूरा स्वरुप देख्न पाइयो । बन्दीपुर जाने जो कोही व्यक्ति थानीमाई डाँडामा पुग्नै पर्छ भन्ने पनि लाग्यो हामीलाई । त्यहाँ पुराना मूर्तिहरु छन् । खडेरी परेका बेला हरहर महादेउ, पानी देउ भनेर पूजा पनि त्यहाँ गरिंदो रहेछ । यस्तै रोचक, अविस्मरणीय र सुन्दर दृश्य हेर्दै हामी थानीमाई डाडाबाट तल बजारमा झर्‍यौं ।

खाजा खाएर जीपमार्फत् डुम्रे बजार पुग्यौं । यो बजार पनि बन्दीपुर गा.वि.स.मै पर्छ । जुन तनहुँकै प्रमुख व्यापारिक तथा यातायात केन्द्र पनि हो । हामीले डुम्रेबाट अगाडि बढेर विमलनगर रकल्याण्ड होटलमा राखेको झोला बोकेर हिंड्यौं । साँझ परिसकेको थियो । नयाँपुल सम्म हामीलाई लालकुमार श्रेष्ठकै छोरीले बाइकमा ल्याइदिनुभयो । त्यसपछि हामी तनहुँको औपचारिक भ्रमण सकेर ५६ औं जिल्लाको रुपमा गोरखा जिल्ला प्रस्थान गर्‍यौं ।

तनहु यात्राका क्रममा प्राप्त नगद सहयोग

अखिल नेपाल महिला संघ	रु. ५००/-
व्यास नगरपालिका (दमौली)	रु. ५००/-
बन्दीपुर गा.वि.स.	रु. ५००/-
तनहुँ उ.वा.संघ	रु. ३००/-
पुष्पराज खतिवडा (बुधवारे, झापा)	रु. १०५/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरू :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

समग्र कार्यक्रम सफल रहोस् । - थपनसिंह थापा (स.प्र.जि.अ.) जिल्ला प्रशासन कार्यालय
उद्देश्यको सफलतामा सार्थकता पाउनेछ । - प्रदीप काफ्ले (अध्यक्ष), नेपाल पत्रकार महासंघ
पूर्ण प्रेस स्वतन्त्रताको बहाली गरौं । ।
- प्रकाशचन्द्र भट्टराई (कार्यकारी सम्पादक), कृष्ण न्यौपाने र ऋषिकान्त दुवाडी (लोकवाणी दैनिक), एस.बी. नेपाली (पत्रकार)
प्रेस स्वतन्त्रता सुनिश्चित गरौं । - समुन्द्र पौडेल, नेपाल पत्रकार महासंघ
उद्देश्यमा सफल हुनुहोस् । - पवन पौडेल, समाचारदाता दमौली एफ.एम.
मुलुकलाई शान्तिको बाटोमा लैजाने यात्रा । - मदन वाग्ले, अध्यक्ष रिपोर्टर्स क्लब
संसार बदल्ने यो महान् सपनाले समाजलाई नयाँ बाटो देखाओस् । - श्रीरामसिंह बस्नेत, पत्रकार लेखक
ईच्छा, आकांक्षा र अभिलाषाका पाईलालाई सफलता मिलोस् । - रमेश पौडेल (स्टेशन म्यानेजर), रेडियो तनहुँ, दुलेगौंडा
यात्रा सफलताको मंगलमय शुभकासना । - तेजप्रसाद वाग्ले (कार्यक्रम संयोजक), रेडियो तनहुँ ९७.२ मे.
सञ्चार जगत्मा एक नयाँ आयाम । - विनोद खनाल, आँबु खैरेनी ६
समाज परिवर्तनको उद्देश्य सफल होस् । - रघुनाथ पौडेल (सभापति), नेपाली कांग्रेस
अनुभूतिले उद्देश्य प्राप्ति हुनेछ । - हरि बहादुर चुमान (अजित, इन्चार्ज), एनेकपा माओवादी
सकारात्मक रुपान्तरणमा कोशेढुंगा सावित होस् । - श्रीप्रसाद श्रेष्ठ (उपाध्यक्ष), नेकपा एमाले
चेतना अभिबृद्धि गर्ने उद्देश्य सफल होस् । - रेखा थापा बस्याल (अध्यक्ष) अखिल नेपाल महिला संघ
उद्देश्य सहयोगीलाई धन्यवाद । - रामचन्द्र तिवारी (कार्यकारी अधिकृत), व्यास नगरपालिका
पत्रकारितामा सकारात्मक विश्वास दिलाउने साहस । - कृष्णप्रसाद शर्मा (अध्यक्ष), स्थानीय निकाय कर्मचारी संघ
कठीन घडीमा पनि सफलता मिलोस् । - भानु चापागाई, (अभिषेक आयुर्वेद फर्मा), व्यास १० सफासडक दमौली
धन्यवाद, साधुवाद र सफलताको शुभकामना । - पुष्पराज खतिवडा, बुधबारे ४, झापा, हालः दमौली
दमौलीमा हार्दिक स्वागत । - जीवनकुमार श्रेष्ठ, सञ्चालक रुफटप रेष्टुरेण्ट एण्ड लज, दमौली
गिनिज बुकमा नाम लेखियोस् । - लालकुमार श्रेष्ठ (अध्यक्ष), विमलनगर सिद्धगुफा विकास समिति
हर्षको अनुभव । - कृष्णकुमार प्रधान (अध्यक्ष), श्री भानु उ.मा.वि. व्यवस्थापन समिति, बन्दीपुर
बन्दीपुर भेट खुशीको महसुस । - प्रेम बहादुर बानियाँ, सभापति नेपाली काग्रेस गाउँ समिति, बन्दीपुर
खड्गदेवी माईले शक्ति दिउन् । - वामदेव भट्टराई (अध्यक्ष), पर्यटन समिति
सादा जीवन उच्च विचारको लिएर शान्ति यात्रा । - सीता सदाशंकर वि.क., बन्दीपुर ३, चण्डेनी टोल
विश्वशान्ति होस् । - पूजा श्रेष्ठ, बन्दीपुर ४
चुनपहरामा स्वागत गर्न पाउँदा सार्‍है खुशी लाग्यो । - रोहित पिया, बन्दीपुर ६, चुनपहरा
समाचार जस्ताको तस्तै झलक दिने अभिप्राय । - रामजी र फूलमाया भट्टराई, राईपुर ६, खोलावेत
उद्देश्य र यात्रा पूर्ण होस् । - तिलक थापा, पोखरा १५, रामबजार र भरत क्षेत्री, पोखरा ८, सिमलचौर
सबैको सहयोग, सद्भाव मिलोस् । - जगत् बहादुर श्रेष्ठ (सचिव), बन्दीपुर आदर्श नगरोन्मुख गा.वि.स.

५६ औं जिल्ला गोरखा डायरी

२०६६ माघ १७: साँझपख हामी नयाँपुलबाट गोरखाको भूभागमा पर्ने च्याङ्ली ८ मा अवस्थित कामधेनु गाईपालन केन्द्र पुग्यौं। केन्द्रका प्रोपाइटर राजेन्द्रराज पन्तले भोली बिहान उज्यालोमा आएर गाई फार्म हेर्न भन्नुभयो। हामी रात परिसकेकाले आँबुखैरेनी बस्न पुग्नु पऱ्यो भने त भोली आउन भ्याईंदैन भन्दै थियौं। तर, उहाँले द्वन्द्व कालमा आफ्नै साथीको नाम लिएर आएको मान्छेलाई राख्दा विस्फोटक पदार्थ छोडेर गएको उदाहरण दिंदै अनि हामीलाई गाऱ्हो नमान्नुस भन्दै पुल पारी तनहुँको भूभागमा फोन गरेर खाने बस्ने प्रवन्ध मिलाइ दिनुभयो।

साँच्चै एकपटक कसैले कोहीबाट धोका खायो भने मान्छेमा विश्वास पलाउन समय लाग्दो रहेछ। जे होस्, उहाँले हामीलाई फोन गरेर बस्ने खाने व्यवस्था मिलाइ दिनुभएकोमा धन्यवाद।

संक्षिप्त परिचय

क्षेत्रफल: ३,६१० वर्ग किलोमिटर, गा.वि.स. संख्या: ६६ वटा, नगरपालिका: १, निर्वाचन क्षेत्र: ३, सदरमुकाम: गोरखा बजार, अञ्चल: गण्डकी, विकास क्षेत्र: पश्चिमाञ्चल

भौगालिक अवस्थिति: पूर्व धादिंग र चीनको तिब्बत, पश्चिम तनहुँ लमजुंग, मनांग तिब्बत, उत्तर तिब्बत चीन र दक्षिण चितवन, तनहुँ धादिंग

प्रमुख भाषा: नेपाली, गुरुंग, मगर, शेर्पा भोटे, तामांग, राई किराँती, नेवार, थारु, सतार, लिम्बु, मैथिली अन्य।

पर्यटकीय स्थल: ऐतिहासिक गोरखा दरवार, तल्लो दरबार, मनकामना मन्दिर, मनास्लु क्षेत्र, गुम्बाहरु, गुफाहरु, कोटहरु (उपल्लो,तल्लो लिगलिगकोट आदि), हनुमान ढोका, भिमसेन थापाको मन्दिर, ताल पोखरी, सामा गुम्बा आदि।

(साभार: एक चिनारी जि.वि.स.)

हामी तनहुँको भूभागमै पर्ने चुनपहरा नयाँपुलको स्थानीय होटल पुग्यौं। बन्दीपुर ६, चुन पहराका रोहित पिया र आँबुखैरेनी ६ का विनोद खानलसँग हाम्रो भेट र कुराकानी भयो। उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो।

२०६६ माघ १८: बिहान ८ बजे हामी च्याङ्ली ८, हरिनापाखोको कामधेनु गाई पालन केन्द्रमा मर्स्याङदी नदीको नयाँपुल पार गरेर पुग्यौं। तनहुँको बन्दीपुर गा.वि.स. वडा नं. ६ मा अवस्थित पृथ्वी राजमार्गमा पर्ने चुनपहरा नयाँ पुलबाट हामी गोरखाको भूभाग प्रवेश गरेका हौं। गाईपालनका लागि पाखामा छरिएको हरियो घाँस हेर्दै विनोद खनालसँग गाई फार्म पुग्नासाथ प्रोपाइटर राजेन्द्रराज पन्तले चियाको व्यवस्था मिलाउनुभयो। त्यसपछि हालसम्म गाईपालन केन्द्रको बारेमा लेखिएका विभिन्न सामाग्री र आगन्तुक पुस्तिकामा व्यक्त गरिएका विभिन्न क्षेत्रका व्यक्तिहरुको भावना हामी पढ्न थाल्यौं।

बडा हाकिम बाबु कृष्णराज पन्तले आफ्नो एक्लो छोरालाई आफूजस्तै कम्तीमा पनि बडाहाकिम बन्नुपर्ने र कुलको इज्जत राख्नुपर्ने कुरामा जोड दिएका थिए। म आफ्नै नाम र पौरखले चिनिनु पर्छ, बाबुका नामले होइन भनेर सानैदेखि व्यावसाय गर्न मन पराउने कृषक् राजेन्द्रराजले बुवाको भनाई वास्ता गर्नु भएनछ। बी.ए. पास गरेर वि.सं २०३२ सालमा फलफूल खेती गर्न च्याङ्ली पुग्नुभएका उहाँले २०५२ सालबाट गाईपालन गरेर बस्नुभएको रहेछ। १४५ वटा गाई अहिले कामधेनु गाईपालन केन्द्रमा छन् (जहाँ हामी घुम्यौं)। हाल उहाँको मासिक आम्दानी १ देखि डेढ लाखसम्म पुग्छ। १४, १५ जनाले यही केन्द्रमा रोजगारी पाएका छन्। यो अवस्थासम्म आइपुग्दा धेरै आरोह अवरोह पनि उहाँले खेप्नु परेको छ। १४ वटा गाई एकै पटक रोगले मर्दा र द्वन्द्वकालमा एकै पटक झण्डै डेढ लाखको दूध खोलामा बगाउनु पर्दा पनि उहाँ आत्तिनुभएनछ। पेशालाई नसा बनाएर १० देखि १२ वर्षसम्म परिश्रम गरेपछि फल पाइन्छ भन्ने सन्देश पन्त अरुलाई बाँड्नु हुन्छ।

दूध दुहुँदै कृषक्

यो गाईपालन केन्द्रबारे एनेकपा माओवादीका बरिष्ठ नेता एवं उपाध्यक्ष डा. बाबुराम भट्टराईले लेख्नुभएको छ, देशलाई आत्मनिर्भर बनाउने र देश भित्रै रोजगारी सिर्जना गर्ने यस्तो कार्यलाई सरकार लगायत सबै क्षेत्रले प्रोत्साहन गर्नुपर्दछ। सबै नेपालीले एक पटक यो फार्मको निरीक्षण भ्रमण गर्नु र प्रेरणा

लिउन्। त्यस्तै अरविन्द योग मन्दिरका संस्थापक रामचन्द्र दासले लेख्नुभएको छ, महर्षि वशिष्ठ ज्यूको आश्रममा राजर्षि विश्वामित्र गएर गाईहरु देखेपछि अति प्रलोभित भएझैं म पनि यहाँ प्रलोभित र प्रभावित भएको छु। यहाँ आइपुग्ने देशका लेखक, विश्लेषक, कलाकार, प्रशासक नेता जो कोही प्रभावित भएर पुस्तिकामा राष्ट्रकै लागि गौरवको कुरा हो भनेर लेखेका छन्।

वायाँबाट दोश्रो कृषक् राजेन्द्रराज पन्त र परिवारका साथ

देशकै नमूना गाई फार्म सञ्चालन गर्नुभएका कृषक् पन्त आफ्नो कार्यबाट प्रेरणा लिएर अन्त कतै यस्तो कार्य सुरु नभएकोमा दुःख मान्नुहुन्छ। आधुनिक तरिकाबाट वास्तविकरुपमा नेपालमा विभिन्न प्रकारको कृषि गर्ने २० हजार किसान भए पुग्छ भन्ने धारणा राख्नुहुने पन्त ओशो रजनीश दर्शनबाट प्रभावित हुनुहुन्छ। उहाँसँग हामीले कुराकानी गरिरहेको समयमा लेखनाथबाट एक हुल मानिस गाई फार्म अवलोकनका लागि प्रवेश गरे। रु. १००० समूहको प्रवेश शुल्क लिएर पन्तले यो समूहलाई गाई फार्मबारे जानकारी दिनुभयो। दिनमा धेरै समूह फार्म अवलोकन गर्न आउँदा आफ्नो समय पनि त्यसमा बित्ने भएकाले उनीहरुलाई शुल्क लिनु परेको पन्त बताउनु हुन्छ।१, २ जनासम्म सिक्ने हिसाबले आए भने म निःशुल्क नै सिकाइ दिन्छु भन्ने पन्तले हालसम्म कृषिसम्बन्धि कुनै तालिम लिनु भएको छैन रे। कुनै तालिम नलिएको बताउने उहाँले हाल अरुलाई पशुपालन सम्बन्धी तालिम पो दिनुहुन्छ रे, क्या गजबको बात। शिक्षाभन्दा ठूलो कुरा सिर्जनशील अनुभव हुन्छ भन्ने कुराको ज्वलन्त उदाहरण बन्नु भएका पन्तले इतिहास र राजनीति शास्त्रमा बी.ए. गर्नुभएको छ। पशुपालनको क्षेत्रमा उल्लेखनीय काम गरेर उहाँले विभिन्न संघसंस्थाबाट धेरै पुरस्कारहरु पनि पाइसक्नु भएको रहेछ।

पढेर जागिरै खानुपर्छ, सानो तिनो काम गर्नु हुँदैन भन्ने मान्यता रहेको शिक्षित/अशिक्षित नेपाली समाजका लागि पन्तको कार्यले दर्है झापड दिएको छ। स्वदेशमा बसेर केही गर्न सकिदैन भन्नेका लागि कृषक् राजेन्द्रराजका परिवारले गरेको गाईपालन केन्द्र उदाहरणको रुपमा पेस भएको छ। विदेशमा गएर नेपालमा तल्लो स्तरको काम मानिने ट्वाइलेट सफा गर्न, भाँडा माझ्न र चर्को घाममा मजदूरी गर्न राजी हुने जो कोहीले यो उदाहरणबाट सिके राम्रै हुने थियो। किनभने उहाँले गाईपालन गरेको ठाउँ पहिले रुखो पाखो भएको ठाउँ हो। तर, मेहनत र परिश्रमका कारण हाल देशका वरिष्ठ व्यक्तिसमेतको आकर्षणको केन्द्र विन्दू बनेको छ त्यो ठाउँ।

हामीलाई पन्तले खाना ख्वाएर बिदा गर्नुभयो। पुनः चुनपहरा आएर आँबुखैरेनीको गाडी चढ्यौं। टी आकारको आँबु खैरेनी आइपुगेर हामी एक होटलमा बास बस्यौं।

माघ १९: अध्ययन तथा डायरी लेखनमा समय बितायौं। यसबीचमा नेपालको पचहत्तरै जिल्ला पुगेर मनोक्रान्ति प्रशिक्षण दिने उद्देश्यसहित हिंडेको ७ सदस्यीय महिला (नवदूर्गा) टोलीले फोन गऱ्यो। हालसम्म ५७ जिल्लाको भ्रमण सकेको बताउँदै टोलीले अचानक आज अभियानको केन्द्रिय नेतृत्वले आफूहरुलाई उचित समन्वय नगरेकाले घर-घर लाग्दैछौं भन्ने जानकारी दियो। नेतृत्वको यस्तै व्यवहार मन नपरेकाले हामी आफ्नै प्रकारको संस्था खोलेर नेपालगञ्जमा बस्न लागेका छौं नेपालगञ्ज टोलीको अर्को फोन आयो।

यी गुनासा सुनेपछि हामीले मनोक्रान्तिको केन्द्रमा फोन गऱ्यौं। केन्द्रले हामी सबै योद्धाहरुको कन्फ्युजन हटाउँछौं भन्यो। हामीले सोही कुरा सम्बन्धित व्यक्तिहरुलाई सुनायौं। उनीहरुले भने, यस्तो प्रतिबद्धता विगतमा पनि लागू नभएकाले विश्वास गर्ने आधार छैन। हामीले नेपाल भ्रमण गर्दा मनोक्रान्ति योद्धाको समस्या के देख्यौं भने उनीहरु ५ वर्षे कार्यक्रमपछि आफू के गर्छौं भनेर स्पष्ट हुन सकेका छैनन्। जसले गर्दा उनीहरुको परिवारमा समेत के हुने हो भनेर चासो र चिन्ता गम्भीररुपमा प्रकट भएको पाइएको छ। २०६७ वैशाख १ गतेबाट ६ महिने कुण्डलिनी साधना समापन गरेर शिष्या/शिष्यासहित गुरु डा. योगी विकाशानन्द देश भ्रमणमा निस्कने कुरामा पनि धेरै योद्धाको आशंका देखियो। खै आफूलाई बदल्दै संसार बदल्ने सपना बोकेको मनोक्रान्तिले कसरी बदल्ला त समाज र संसारलाई ? यस्तो अवस्थामा।

२०६६ माघ २०: आबुँखैरेनीबाट हिंड्दै हामी मर्स्यांगदी नदी पार गरेर मजुवा देऊराली गोरखाको भूभाग पस्यौं। नेपालकै एकमात्र गोरखकाली रबर उद्योग लिमिटेडको गेटमा पुग्यौं। गेटमा रहेका पालेहरुलाई उद्योगका मेसिनहरु हेराइदिन अनुरोध गऱ्यौं। भित्र सोधपुछ गरेर एकजना गार्ड आएर उनले हामीलाई झोला र क्यामेरा गेटमा राखेर जानुस् भने। हामीले झोला राखेपनि क्यामेरा भने १, २ वटा फोटो र मुभी खिंच्न पाइन्छ कि भन्यौं। उनीहरुले भने, सर्वसाधरणलाई त घुम्न पनि रोक लगाइएको छ, तर तपाईंहरु पत्रकार भएकाले कम्पाउण्ड घुमाइदिने आदेश अनुरुप घुमाइदिने मात्र हो, भित्रको त केही पनि हेर्न पाइदैन।


गोरखकाली रबर उद्योग

हामीले सम्बन्धित व्यक्तिलाई भेट्टाइदिन अनुरोध गऱ्यौं। उनीहरुले मिटिंगमा हुनुहुन्छ भनेर आनाकानी गरेपछि हामीले फोन नम्बर माग्यौं। एकजना गार्डले अफिसर ईश्वर अर्यालको फोन नम्बर दिए। फोन गर्दा मेसिनको मिल्दैन बाहिर फोटो खिंच्दा हुन्छ भन्ने जवाफ आयो। यो विषयलाई लिएर पत्रकार महासंघ गोरखा अध्यक्ष किशोरजंग थापालाई फोन गर्दा गेटमा फोटो खिंचेर सदरमुकाम आउनु नत्र फर्कंदा खिचौंला भन्नुभयो। हामीले पुनः अफिसर अर्याललाई फोन गरेर देशकै एउटा ठूलो रबर उद्योगलाई विश्वमाझ नेपालको पौरख गौरव का रुपमा चिनाउन हिंडेका छौं, एक ठाउँ मात्र भएपनि हेर्न र फोटा खिंच्न दिनुस् भनेर भन्यौं। त्यसपछि फाइनल प्रोडक्टको एक कुनाबाट एक सट खिंच्नुस् भन्ने जवाफ पाएपछि गार्डलाई अर्यालसँग भएका कुरा राख्यौं। एकजना सुरक्षा गार्डले हामीलाई लिएर वरिपरि घुमाउनुभयो। तर, मेसिन हेर्न कतै पनि पाईदैन, अब यति हो भनेर गेटतिर जाऔं भन्दै फर्काउन खोजे।

हामीले पुनः अफिसर अर्याललाई फोन गरेर गार्डसँग कुरा गराएपछि फाइनल टायर बनेको एक छेउमा पुगेर फोटो लियौं। किन यसरी सर्वसाधरणलाई रोक लगाइयो त? कार्तिक अगाडि त सबैलाई छूट रहेछ भनेर हामीले सोध्दा धेरै मान्छे भित्र पस्दा धुलो मेसिनमा टाँसिएर टायर राम्रो उत्पादन हुन नसकेकाले प्रतिबन्ध लगाइएको उनीहरुले दाबी गरे। तर प्रेसलाई पनि प्रतिवन्धित गर्ने जुन कार्य भएको छ? यसतर्फ पत्रकार महासंघ एवं उद्योग सम्बन्धित पक्षबीच अन्तरक्रिया गरेर सहज वातावरण बनाउन आवश्यक छ। उद्योगलाई नकारात्मक असर पर्न सक्ने स्थान वा मेसिन के हुन्? कि उद्योग भित्रको बदमासी लुकाउन प्रेसलाई रोक लगाएका हुन्? आशंका उब्जिएको छ। यसतर्फ राज्य लगायत सम्बन्धित सबैको ध्यान जाओस्। स्वतन्त्र प्रेसको कसैबाट अवमूल्यन नहोस्।

वि.सं. २०४३ सालमा शिलान्यास गरेर २०४८ सालबाट उत्पादन सुरु गरेको यो गोरखकाली रबर उद्योग दरौंदी खोला र मर्स्यांगदी नदीको सिमानामा ६३० रोपनीमा फैलिएको जानकारी गार्ड कमाण्डर कृष्णप्रसाद आचार्यले दिनुभयो। उहाँको यही जानकारी लिएर हामी मजुवा देऊराली प्रहरी चौकी गेटतर्फ लाग्यौं। यही गेटबाट माइक्रो बस चढेर गोरखा सदरमुकाम प्रस्थान गऱ्यौं।

३ किलो, ११ किलो, १२ किलो बजार भनेर किलोमिटरको आधारमा बजारको नामाकरण गरिएको रहेछ, यो गोरखा आउने बाटामा। हामी यिनै २३ किलोमिटर दूरी पार गरेर सदरमुकाम गोरखाबजार प्रवेश गऱ्यौं। पृथ्वीनारायण नगरपालिका अर्न्तगत पर्ने बजार क्षेत्र पार गरेर माइक्रो बस गोरखा बजार आइपुग्यो। बसबाट उत्रिएर हामीले पत्रकार महासंघ अध्यक्ष किशोर थापालाई सम्पर्क गऱ्यौं। तर उहाँको फोन उठेन। त्यसपछि गोरखा बुक्स एण्ड स्टेशनरीका साथीले सचिव भीमलाल श्रेष्ठलाई सम्पर्क गराउनुभयो। सामान्य भेटघाट र कुराकानी पश्चात् भोली भेटौंला भन्ने उहाँको भनाईसहित हामी बसपार्ककै एक होटलमा बास बस्यौं।

२०६६ माघ २१: बिहान केहीबेर गोरखा बजार क्षेत्रको अवलोकन गऱ्यौं। लामो साइजको भिरालो बजार ठाउँचाहिं केही सानो नै रहेछ। तल तल फाँटिला खेतीयोग्य जमीन देखिन्छन्। घुम्दै जाँदा हामी नयाँबजारको प्रलय पुस्तक एण्ड तुफान स्टेशनरीमा पुग्यौं। प्रोपाइटर दण्डप्रसाद पुडासैनी दुस्मनले नेपालका कुनै पनि पत्रिका स्वतन्त्र छैनन्, भए राजधानीबाट निस्कने एक दुई

दैनिक होलान् भन्नुभयो । उहाँले हामीलाई आजको एउटा अन्नपूर्ण पोष्ट दैनिक उपहारस्वरुप प्रदान गरेर भ्रमण सफलताका लागि कामना गर्नुभयो ।

हामी खाना खाएर जिल्ला प्रशासन कार्यालय गयौं । प्र.जि.अ. कमलमणि काफ्लेले गोरखाका सञ्चार संस्था र कर्मीहरुसँग प्रशासनको पेशाप्रति इमान्दार रही समन्वय गरेका छौं, भन्नुभयो । आलोचना पचाउन नसक्ने अन्य क्षेत्रमा भएका व्यक्तिहरुको बानी र एकतर्फी समाचार सम्प्रेषण गर्ने केही पत्रकारको कमजोरी सुधार भएको खण्डमा नेपाली पत्रकारिता मजबुत हुन्छ भन्नुभयो । प्र.जि.अ. ले हामीलाई प्रशासनको तर्फबाट दिनुभएको शुभेच्छा पत्र लिएर हामी जि.वि.स. कार्यालय गयौं ।

कार्यालयमा स्थानीय विकास अधिकारी राजकुमार श्रेष्ठ, योजना अनुगमन तथा प्रशासकीय अधिकृत जीवन ज्ञवाली, कान्तिपुर दैनिक गोरखा संवाददाता कृष्ण आचार्य लगायतसँग हाम्रो परिचय भयो । वास्तवमा गोरखा जिल्ला धार्मिक, ऐतिहासिक एवं क्रान्तिकारी जिल्ला भनेर खुब चर्चित छ । देश हल्लाउने हस्तीहरु नेता डा. बाबुराम भट्टराई, डा. उपेन्द्र देवकोटा, पण्डित नारायण पोखरेल, आदिका जन्मथलो पनि हो यो गोरखा जिल्ला । तर, जुन हिसाबको चर्चा र परिचर्चा सुनिन्थ्यो गोरखा जिल्लाको र हामीमा विकासको कल्पना थियो, त्यहीं अनुपातमा यहाँको विकास भएको जस्तो चाहिं लागेन हामीलाई ।

जि.वि.स.बाट हामी गोरखा नगरपालिका कार्यालयतर्फ लाग्यौं । पहिलेको पृथ्वीनारायण नगरपालिका अहिले गणतन्त्रको घोषणा पछि नाम फेरिएर गोरखा नगरपालिका भएछ । यस कार्यालयका कार्यकारी अधिकृत रामचन्द्र अधिकारी र नगरपालिका द्वारा प्रकाशित ब्रोसिएर अनुसारको जानकारी यस्तो छः गोरखा जिल्लाको एकमात्र ऐतिहासिक नगरी पृथ्वीनारायण, गोरखा नगरपालिका वि.सं. २०५३ साल माघ १५ गते स्थापना गरिएको हो । ५९.५५ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यो नगरपालिका काठमाडौं बाट १४१ कि.मि. पश्चिम र अमरसिंह राजमार्गको आँबुखैरेनी तनहुँबाट २४ किलोमिटरको दूरीमा पर्दछ । यस नगरपालिकाको अधिकांश भूभाग पहाडी क्षेत्रले ढाकेको छ भने केही भाग टार बेंसीले । गोरखा जिल्लाका ऐतिहासिक धरोहरमध्ये गोरखा दरबार, गोरखनाथ मन्दिर, कालिका मन्दिर एवं तल्लो दरबार यसै नगरपालिका भित्र पर्दछन् ।

अधिकृत अधिकारीको शुभकामना पश्चात् हामी त्यहाँबाट बिदा भयौं । रेडियो गोरखाको मार्केटिंग कार्यालयमा नेपाल पत्रकार महासंघ गोरखाका अध्यक्ष किशोरजंग थापाले फोन गरेर बोलाउनुभयो । त्यहाँ पुगेर हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको अभियानबारे उहाँलाई जानकारी गरायौं । भोली औपचारिकरुपमा पत्रकार साथीहरुसँग भेटघाट गराउने अध्यक्ष थापाको वचन पश्चात् हामी बजारतिर घुम्न निस्कियौं । लाम्चो आकारको भिरालो भूभागमा फैलिएको गोरखाबजार माथि गोरखा दरबारले शोभायमान छ । ऐतिहासिक विशेषता बोकेको यो गोरखा जिल्ला सदरमुकाम गोरखा बजार घुम्दा घुम्दै रात परि हाल्यो ।

हामी हिजो बसेकै होटलमा आयौं । खाना खायौं । गाडी स्टाफहरु सँगै कमन बेडमा हामी थियौं । उनीहरुको एक आपसका मनलागदी छाडा, भाडाका कुराहरुले हाम्रो रात अर्थात् निद्रामा खलल पुऱ्यायो । तर के गर्ने ? परिस्थितिको सामना गर्ने मनस्थिति हामीले तत्काल बनाइ हाल्यौं ।

२०६६ माघ २२ : बिहान गोरखा विकास तथा सूचना केन्द्रद्वारा सञ्चालित रेडियो गोरखा ९२.८ मे. को प्रसारण केन्द्र गयौं । एफ.एम. कर्मी किरण लोहनीले झण्डै ४५ मिनेटसम्म प्रत्यक्ष रेडियो अर्न्तवार्तामा सहभागी गराउनुभयो । अर्न्तवार्ता रोचक र घोचक नै भयो । अर्न्तवार्ता पश्चात् पत्रकारहरु गणेश श्रेष्ठ, शिव अप्रिय र अञ्जन खत्रीसँग पनि हाम्रो कुराकानी चल्यो । त्यसपछि हामी गोरखकाली मन्दिरतर्फ लाग्यौं ।

गोरखा दरबार

ढुँगैढुंगा छापेर बनाएको उकालो बाटोका खुड्किला चढ्दै गयौं, हामी । श्री ५ रामशाहले न्याय, निसाफ छिन्ने गरेको भनिएको ऐतिहासिक पञ्चे (धर्मे) चौतारामा पुग्दा थिए योग्य राजा बडाराम शाह शीर्षकको सानैमा पढेको कवितांश याद आयो । पहिले पहिले मानिसले भन्ने गरेको न्याय नपाए गोरखा जानु भन्ने गरेका भनाई पनि स्मरण भयो । त्यस चौतारामा टाँसिएको उल्लेखित

जानकारी पढ्दा साँच्चै माथिका भनाइ पुष्टि भएझैं लाग्यो । सोही चौतारामा बसेर राम शाहले माना/पाथीको चलन, ऋण दिंदा/लिंदा लगायतका नियमहरु बनाएको शिलामा उल्लेख गरिएको छ । त्यही कुरालाई आधार मानेर हालसम्मका नियम कानून बनेका हुन कि ? भन्न सकिन्छ ।

हामी पञ्चे चौतारोबाट अझै उकालो लाग्यौं । बीच बाटामा भेटिएको एक मन्दिरमा विवाह भइरहेको थियो । विभिन्न ठाउँमा भ्रमण गर्न आएका मानिसहरुको ओहोरदोहोर भइरहेको देखिन्थ्यो । हामी गोरखकाली मन्दिरमा पुग्यौं । त्यहाँ पुग्दा निकै रमाइलो लाग्यो । पृथ्वीनारायण शाहको न्वारानमा बालिएको आगो अझसम्म निभाइएको छैन भनिएको आगो पनि हेरियो । दरबार परिसरबाट तलमाथि, वरिपरिको वातावरण पनि नियालियो । बाबा गोरखनाथको गुफामा पनि किन नपुग्ने त ? भनेर पुगियो । पृथ्वीनारायण शाहलाई दही दिंदा खुट्टामा झरेकाले जहाँ टेक्यो, त्यहाँ विजय गर्न सकिने आर्शिवाद यहीं पाएका हुन् भन्ने भनाइ र ठाउँ पनि देख्न सुन्न पाइयो । विभिन्न ढुंगा र काठका कला कौशलले भरिपूर्ण गोरखा दरबार साँच्चिकै रमाइलो छ । यही रमाइलो दरबार परिसरलाई नियाल्दै हामी पल्लो डाडा तिर गयौं । यो डाँडाबाट दरबारतिर एक नजर लगायौं । त्यस समयका मान्छेले यस्तो डाँडामा यत्तिका धेरै मेहनत गरे छन् । तलैबाट कलात्मक तरिकाले पर्खाल लगाएर यो दरबारको निर्माण गरेको हुनुपर्छ भन्ने पनि हामीलाई लाग्यो ।


बाबा गोरखनाथको गुफा

दरबारबाट केही तल झरेपछि गोरखा बजारको दृश्य देखियो । हामी यही दृश्यमा रमाउँदै बजार परिसर आयौं । गोरखा दरबार संग्रहालय भित्र पस्यौं । पहिले पहिलेका राजाहरुले प्रयोग गर्ने विभिन्न किसिमका अनौठा भाडाकुँडाहरु, राजाका तस्वीरहरु, तोप आदि अध्ययन, अनुसन्धान गर्न चाहनेका लागि महत्वपूर्ण ठाउँ रहेछ यो संग्रहालय ।

यो संग्रहालय पनि घुमिसकेपछि हामी नेपाली काँग्रेसको जिल्ला पार्टी कार्यालय पुग्यौं । पार्टी सचिव किरणबाबु श्रेष्ठले पत्रकार र पत्रकारिता क्षेत्रलाई वशमा पार्न खोज्नु राजनीतिक पार्टीको आफ्नो स्वार्थको कारण हो तर, प्रयोग नहुनु पत्रकारहरुको धर्म हो भन्नुभयो । सञ्चार जगत् मा आक्रमण गर्नु भनेको निरंकुशतावादी चरित्र देखाउनु हो भन्दै सचिव श्रेष्ठले वर्तमानमा प्रेस माओवादीको निशाना बनेको आरोप लगाउनुभयो । यही पार्टी कार्यालयमा भेटिएका ताप्लेक गा.वि.स. ने.कां पार्टी सचिव कृष्णकुमार श्रेष्ठले आफूहरु गाउँमा पिल्सिएर बाध्यतावश बसेको दुःखेसो पोख्नुभयो ।

यसपछि हामीले गोरखा उद्योग वाणिज्य संघका महासचिव जीवन ज्योति श्रेष्ठलाई भेट्यौं । महासचिव श्रेष्ठले जिल्लामा गोरखकाली रबर उद्योग र गोरखा आयुर्वेद कम्पनी बाहेक अरु खासै उल्लेखनिय उद्योग धन्दा जिल्लामा नरहेको जानकारी दिनुभयो । त्यहाँबाट हामी नेकपा एमालेको कार्यालय गयौं ।

जिल्लाध्यक्ष रामशरण बस्नेत, सचिव सम्झना देवकोटा, सदस्य कृष्ण कुँवर र प्रेम गुरुंगसँग हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे छलफल गऱ्यौं । अध्यक्ष बस्नेतले गोरखाका सञ्चारमाध्यम र कर्मीहरुले जनतालाई सुसूचित गराउने कार्यमा उल्लेखनीय भूमिका खेलिरहेको बताउनुभयो । प्रेस स्वतन्त्र, सकारात्मक र सबै पक्षलाई उत्तिकै स्थान दिन सक्ने हुनुपर्नेमा उहाँले जोड दिनुभयो । ऐतिहासिक एवं पर्यटकीय हिसाबले महत्वपूर्ण गोरखा जिल्ला भौगोलिक विकटता र योजना बद्ध विकास नभएका कारण पछाडि परेको उहाँको भनाई छ । हामी सदरमुकाम बसुञ्जेल होटलमा भएको खर्च रेडियो गोरखामार्फत् मिलाउने जानकारीका साथ उहाँले भ्रमण सफलताको कामना गर्नुभयो ।

हामी एमाले कार्यालयबाट एनेकपा माओवादी कार्यालय पुग्यौं । संयुक्त जनआन्दोलन समिति गोरखाका अध्यक्ष लेख बहादुर थापा मगर जीवन्तले पत्रकारितालाई समाजको दर्पणको रुपमा विकास गरिनु पर्ने धारणा राख्नुभयो । उहाँले नेपालका केही ठूला भनिने दैनिक/पाक्षिक पत्रिका राष्टिय स्वाधीनताभन्दा बाहिर गएका छन् भन्ने आरोप लगाउनुभयो । राष्टियता मजबुत बनाउन र शोषित पीडित जनताको पक्षमा प्रेस जगत् लाग्नुपर्ने सुझाव उहाँले दिनुभयो ।

अध्यक्ष थापा मगरले गोरखा शाहवंशको उद्गम स्थल, राणा शासन विरुद्ध लड्ने प्रथम शहीद लखन थापा र जैसिंह चुमी राना मगर जनआन्दोलनका शहीद सुरेश तमु, जनयुद्धका प्रथम शहीद दिलबहादुर रम्तेल, पहिलो वेपत्ता फणीन्द्र सिम्खडा लगायतको वीरतासँग गाँसिएको जिल्ला हो भन्नुभयो । गोरखा जिल्ला कास्की जस्तै पर्यटकीय क्षेत्र बन्न सक्ने बताउँदै अध्यक्ष जीवन्तले लिगुलिग्कोट हुँदै सिरान डाडा, मनकामना हुँदै गोरखा दरबार, धारचे, गुम्दा हुँदै लाप्रा र मनास्लु हिमाल (विश्वको आठौं), आरुघाट, सिर्दिबास, छेकम्पारको बाटो पर्यटकीय मार्ग बनाउने योजना अगाडि बढिरहेको पनि उहाँको भनाइ छ ।



साँझ पर्ने लागेको थियो । आज पत्रकार साथीहरुसँग औपचारिक भेटघाट भएन । तर, पनि हामी बसेकै होटलमा गोरखाली २ सञ्चारकर्मी सुदीप कैनी र संगम तिवारी आउनुभयो । पत्रकारिता क्षेत्रमा लागेर बाँच्न सक्ने अवस्था सिर्जना नभएकोमा उहाँहरुले दुःखेसो पोख्नुभयो । वास्तवमा भन्ने हो भने, श्रमजीवी पत्रकारको हक, हितका लागि जिल्लामा रहेको पत्रकार महासंघको पनि खासै उल्लेखनीय भूमिका देखिदैन । जसबाट गोरखा पनि कसरी अछुतो होस् ।

यी पत्रकारहरुले हामीलाई मनोक्रान्ति साप्ताहिक पत्रिकामा कार्यरत भएकाले पत्रकारिताको नाम गरेर मनोक्रान्ति प्रचारमा हिंडुतु भएको त होइन ? भनेर सोधे । र, यस्तो प्रश्न धेरै पत्रकारमा पनि प्रत्यक्ष अप्रत्यक्ष हामीले महसुस गरेका छौं ।

वास्तवमा भन्ने हो भने भ्रमण गर्ने हाम्रो सानैदेखिको आँट, साहसमा थप ऊर्जा हौसला वृद्धि गर्न मनोक्रान्तिको हात अवश्य छ। तर, यो यात्रा मनोक्रान्तिको प्रायोजन वा अभियान नभई हामी आफैंले तयार पारेको अभियान हो । त्यसकारण पत्रकारिता क्षेत्र र पर्यटनको विषयमा हाम्रो अध्ययन भ्रमण विशेषगरी केन्द्रित छ । र, मनोक्रान्ति लगायत समाजका देखिने, भेटिने जुनसुकै गतिविधिका बारेमा पनि हामीले यो भ्रमणको दौरानमा राम्रा नराम्रा पक्ष छुट्याउने अर्थात् चिरफार गर्नेछौं । हामी सबैलाई यही जानकारी दिन चाहान्छौं ।

२०६६ माघ २३: बिहानी खाना खाए पश्चात् हामीले पत्रकार महासंघ सचिव भीमलाल श्रेष्ठ र कोषाध्यक्ष कैलाशबाबु श्रेष्ठसँग भेट गर्‍यौं । सचिव श्रेष्ठले पूर्व राजा ज्ञानेन्द्रको शासनकाल पछाडि गोरखामा एउटा एफ.एम. र २ वटा साप्ताहिक पत्रिका निरन्तर प्रसारण/प्रकाशनमा रहेको जानकारी दिनुभयो । प्रेस स्वतन्त्रता र मानवअधिकारको स्थिति भने अझै कमजोर छ, उहाँको भनाइ थियो ।

उहाँहरुसँग छुट्टिएर हामी गोरखा बजारबाट मनकामनाका लागि गाडी चढ्यौं । आँबुखैरेनी तनहुँबाट अर्को गाडी फेर्‍यौं । चितवन जिल्लाको चेरेस कुरिनटार आइपुग्यौं । यहाँ मनकामना मन्दिरका लागि नेपालको पहिलो एवं एकमात्र केवुलकार स्टेशन सञ्चालनमा छ ।

हामीलाई केबुलकारका स्टेशन म्यानेजर डी.एन्. कायस्थले निःशुल्क टिकट मिलाइ दिनुभयो । वि.सं. २०५५ सालमा तत्कालीन युवराजधिराज दीपेन्द्र वीर विक्रम शाहदेवबाट यो केबुलकार उद्घाटन गरिएको शिलामा उल्लेख छ । त्यसपछि हामी केबुलकार चढ्यौं । चेरेस र मनकामना मन्दिर गोरखा परिसरमा खम्बासँगै राखिएका चक्का र तारलाई बिजुलीले घुमाउँदा तारमा झुण्ड्याइएको कार तलमाथि पुग्ने रहेछ । आज हामी जीवनमै पहिलोपटक केबुलकार चढ्यौं । त्रिशुली नदी पार गर्दै गाउँ जंगल काटेर मन्दिर छेउमा केबुलकार आइपुग्यो । कारको ढोका अटोमेटिक चढ्ने र झर्ने बेलामा खुल्ने र केही मिनेटमै बन्द हुने गर्दो रहेछ । ठाउँ ठाउँमा कार ओरालो छिटो दर्गुदा खम्बाको जोर्नीमा हर्लगग झर्दा आंग सिरिंग हुने गर्दथ्यो, तर डर लागेको होईन मज्जा आएको । मान्छे बोक्ने ३१ र सामान बोक्ने ३ गरी जम्मा ३४ वटा केबुलकार रहेछन् यहाँ । एउटा कारको दुईतिर भएको सिटमा ६ जनासम्म बस्न मिल्दो रहेछ । हामी कारबाट ओर्लिएर मन्दिर तर्फ अगाडि बढ्यौं ।

शनिबारको दिन भएकाले मनकामनामा दर्शनार्थीहरुको धेरै भीड थियो । मानिसहरु तल झर्न लामबद्ध थिए । भीडका एक मान्छेले यस्तो विकट स्थान केबुलकार भएका कारण यहाँको बजार मालामाल भयो, मन्दिर पनि धेरै प्रसिद्ध भयो भन्दै थिए । हामी भीड छिचोल्दै मन्दिर परिसर पुग्यौं । मुख्य मन्दिरभित्र फूलपाती र नरिवलले पूजा गर्नेको भीड थियो भने साइडतिर पशुवली पनि चलिरहेको देख्यो ।

मनकामना माईको उत्पत्तिबारे थुप्रै किम्बदन्ती र जनश्रुति रहेछन् । पहिलेका राजा महाराजाले खुबै भक्ति भाव गर्ने रहेछन् यहाँ । लायो थापा मगरका सन्तानले मूल पूजारीको सुरुदेखि नै काम गर्दै आएका छन् । लखन थापा मगरबाट सुरु भएको यो पूजा हालसम्म १७ औं पुस्तासम्म आइपुगेको छ । हालका पूजारी इन्सान थापाले हाम्रो आजको खाने बस्ने व्यवस्था मिलाइ दिनुभयो । हामीले स्थानीय एक होटलमा खानपिन गऱ्यौं । विश्वभ्रमण गर्न हिंडेका हौं भन्दा यी होटल सहयोगी दाईहरु अचम्म र छक्क परे । यत्रो खर्च कहाँबाट कसरी आउँछ ? भन्ने लगायतका प्रश्न गरे । हामीतिर एकोहोरो भएर दाई, बहिनीहरुले हेरेको हेर्‍यै गरे । हामी पनि छक्क पर्‍यौं । ९:३० बजे हामी सुत्यौं ।

२०६६ माघ २४: बिहान उठेर हामीले मन्दिर आसपासको वातावरणलाई नियाल्यौं । मूल मन्दिरमा नित्य पूजा गर्दा पूजारीले ढोका बन्द गर्दा रहेछन् । भित्र तान्त्रिक विधिद्वारा चण्डी पाठ गरेर पूजा गरिन्छ रे । हामीले पूजारी इन्सान थापालाई भेट्यौं । उहाँले बेलाबखत पत्रकारले कुरै नबुझी लेखिदिन्छन् भन्नुभयो । कुन के कुरा पत्रकारले कुरै नबुझी लेखिदिए त ? भनेर सोध्दा अब भइहाल्यो त्यसबारे कुरा नगरौं, सबै क्षेत्रका मान्छेले इमान्दारिता साथ काम गर्नुपर्छ भन्दै भ्रमण सफलताको कामना गर्नुभयो । प्यागोडा शैलीमा बनेको मन्दिर जिर्णोद्वार गर्ने योजना रहेछ, यहाँ ।

हामी ९ बजे केबुलकार चल्न सुरु गरेकाले मन्दिरबाट हिंड्यौं । मनकामनाबाट विभिन्न किसिमका दृश्य अवलोकन गर्न सकिने ब्रोसियरमा उल्लेख गरिएको छ । तुँवालो लागेकाले हामीले भने धेरै टाढाको दृश्य देख्न सकेनौं, नजिकका केही भूभाग चाहिं राम्ररी नै हेर्न पायौं । केबुलकार चढिसकेपछि त १० मिनेटमै हामी मनकामनाबाट कुरिनटार चेरेस चितवन झरि हाल्यौं ।

मेनेजर डी.एन्. कायस्थले केबुलकार स्टेशनको तर्फबाट विश्वभ्रमण सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो । त्यसपछि ५६ औं जिल्ला गोरखा भ्रमण सकी ५७ औं जिल्लाको रुपमा लंगरेन्जमा सुदूर पूर्व इलाम जाने योजनाका साथ हामी गाडी चढ्यौं । र, यही जिल्ला सँगसँगै पशिचमका सबै जिल्लाको भ्रमाण हामीले सकेका पनि छौं । र, पूर्वका बाँकी जिल्लाको भ्रमण गर्दै हामी राजधानी काठमाडौं पुग्ने योजनामा छौं ।

गोरखा यात्राका क्रममा प्राप्त नगद सहयोग	
गोरखा नगरपालिका	रु. ३,०००/-
जिल्ला विकास समिति	रु. २,०००/-
रेडियो गोरखा	रु. ११९०/-
कामधेनु गाईपालन केन्द्र(च्यांली ८)	रु. ५००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

सकारात्मक सोच र शान्तिको भावना जागृत गराउनु । - कमलमणि काफ्ले (प्र.जि.अ.), जिल्ला प्रशासन
गाउँ, जिल्ला र देश परिचय गराउने उद्देश्य । - राजेन्द्रराज पन्त, कामधेनु गाईपालन केन्द्र, च्याङ्ली ८
विश्वभर सचेतनाको प्रकाश फैलाओस् । - कृष्णबाबु कुँवर, नेकपा एमाले गोरखा
यात्राका लागि शुभकामना । - डी.एन् कायस्थ (स्टेशन म्यानेजर), मनकामना दर्शन प्रा.लि.
पत्रकारिताविना सुशासनको कल्पना गर्न सकिदैन । - जीवन ज्ञवाली (योजना अनुगमन तथा प्रशासकीय अधिकृत), जि.वि.स.
यात्रा फलदायी रहोस् । - रामचन्द्र अधिकारी (कार्यकारी अधिकृत), गोरखा नगरपालिका
स्वतन्त्र र निष्पक्ष समाचार, देश विकासको मूल आधार । - किरणबाबु श्रेष्ठ, सचिव नेपाली कांग्रेस
सूचनाको हकबाट टाढा रहनु नपरोस् । - जीनवज्याति श्रेष्ठ, गोरखा बसपार्क
सबैका लागि स्वतन्त्र र सकारात्मक पत्रकारिता मार्ग बनोस् । - रामशरण बस्नेत (अध्यक्ष) र सम्झना देवकोटा (सचिव), नेकपा एमाले
यो पनि एउटा युद्ध हो, युद्धमा वीरहरुले संघर्ष गर्दछन् । - लेखबहादुर थापा मगर जीवन, एनेकपा माओवादी (अध्यक्ष), संयुक्त जनआन्दोलन
कलम र क्यामेरा तथ्यसम्मत् काममा पछाडि नहटुन् । - संगम तिवारी (उपाध्यक्ष), क्रान्तिकारी पत्रकार संघ
उद्देश्य प्राप्तिको स्पष्ट खाका कसैले मोड्न सक्दैन । - किरण लोहनी, रेडियो गोरखा, ९२.८ मेगाहर्ज
अभियान सबैको, नेतृत्व दुईको । - गणेश श्रेष्ठ, रेडियो गोरखा, ९२.८ मेगाहर्ज
स्वतन्त्र पत्रकारिताको लक्ष्य । - सुदीप कैनी, पत्रकार, गोरखा नगरपालिका १, दरबारमार्ग
प्रेस स्वतन्त्रताका खातिर ज्यादै खुशी छु । - भीमलाल श्रेष्ठ (सचिव), नेपाल पत्रकार महासंघ
पाइला सफलता विना नरोकियोस् । - कैलाशबाबु श्रेष्ठ (कोषाध्यक्ष) पत्रकार महासंघ

५७ औं जिल्ला इलाम डायरी

२०६६ माघ २४ देखि २७ गतेसम्मः पश्चिमाञ्चल गोरखाको मनकामना मन्दिरबाट हामी सुदूरपूर्व इलाम ५७ औं जिल्लाको रुपमा प्रस्थान गरेका थियौं । यही योजनाका साथ चितवनको नारायणगढ र सुनसरीको इनरुवा बस्दै अनि मोरङ्गको बेलबारी हुँदै झापाको दमकसम्म बस यात्रा भयो ।

संक्षिप्त परिचय

क्षेत्रफलः १७०३ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४८ वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः ३, सदरमुकामः इलाम, अञ्चलः मेची, विकास क्षेत्रः पूर्वाञ्चल, भौगालिक अवस्थितिः पूर्व भारत, पश्चिम मोरंग र पाँचथर, उत्तर पाँचथर र दक्षिण झापा

भाषाः नेपाली, बान्तवा, लिम्बु, तामांग, मगरआदि ।

पर्यटकीय स्थलः माईपोखरी, श्रीअन्तु डाँडा, सन्दकपुर, सिद्धिथुम्का, गजुरमुखी, सानो पाथीभारा, कन्यामआदि ।

दमकबाट रतुवा खोलाको बगर केहीबेर हिंडेर २७ गते बेलुकी हामी चुलाचुली ६, पेल्टीमारी इलाम प्रवेश गर्‍यौं । यो खोलामा पुल नभएकाले वर्षायामका बेला यात्रुहरुले ठूलो सास्ती व्यहोर्नु पर्ने हिंड्दा हिंड्दै भेटभएका पेल्टीमारीका स्थानीयवासीले दुःखेसो गरे । यो खोला पार गर्दा हाम्रो साथमा हुनुहुन्थ्यो, आमा चेतमाया भट्टराई (बेलबारीमा भेट), बहिनीहरु यशोदा र देवका पराजुली (दमकमा भेट) । हामी एक अर्काका जीवन अनुभव र अनुभूतिहरु साटासाट गर्दै र भ्रमणको बारेमा जानकारी गराउँदै पेल्टीमारी आइपुग्यौं ।

इलाम भ्रमणको प्रारम्भमै शान्ता, माधव पोखरेल (दिदीभिनाजु) को घरमा लगाएको श्रीमद्भागवत् महापुराणको संयोग जुर्‍यो । यही संयोगमा बुवाआमा, दिदीबहिनी, भाञ्जा भाञ्जी, काका लगायत आफन्तजनको उपस्थिति देख्दा खुशी लाग्यो । उहाँहरुसँग १७ महिनापछि नेपालका ५७ औं जिल्लाको भ्रमण गर्ने क्रममा यहाँ भेट भएको हो । वास्तवमा यो भेट पारिवारिक भएपनि मिसन भ्रमणकै बन्यो । बेलुकी भजनकीर्तनको रमाईलो हेरेर स्थानीय कुबेर सुवेदीको घरमा आएर सुत्यौं ।

माघ २८ गतेः बिहान पुराण श्रवणार्थ आयौं । पुराणका वाचक पं. फणीन्द्रप्रसाद भट्टराई (भोजपुर) र उपवाचक पं. टेकराज दाहाल (दमक, झापा) हुनुहुन्छ । मध्यान्ह १२ बजेपछि हामी दमक गयौं । फोटो धुलाएर रम्बा काफ्ले दिदीसँगै पेल्टीमारी फर्किंदै थियौं । अँध्यारोमा बाटो भुल्लिएछ । माधवप्रसाद पोखरेल भिनाजु गएर ल्याउनुभयो । बेलुका विभिन्न जिल्लाबाट आउनुभएका धेरै आफन्तजनहरुसँग भेट भयो ।

बेलुकी स्थानीयवासी तथा आफन्तजनले भजनकीर्तनमा नाचगान गरेको महोलले वातावरण उल्लासमय बन्यो । भजन कीर्तनको महत्वपूर्ण अवसरमा हामीलाई कुल पुरोहित कृष्णप्रसाद नेपाल र उद्घोषिका तुलसा पौड्यालले भक्तजनसामु विश्वभ्रमण अभियानबारे जानकारी गराउन अनुरोध गर्नुभयो । कार्यक्रममा हामीले विश्वमा प्रेस स्वतन्त्रता, सकारात्मक पत्रकारिता, विश्व शान्ति, विश्ववन्धुत्व, सकारात्मक सोच आवश्यक रहेको र यही आवश्यकता पूरा गर्न विश्वभ्रमणमा निस्किएको बतायौं ।

माघ २९ गतेः आज पुराण समापनको दिन (सांगे) । अनिल पोखरेल र सौरभ दाहालको व्रतबन्ध पनि । हिन्दू धर्म संस्कारअनुसार मामाले भाञ्जाको कपाल काटिदिने, पहेंला टालाले सिंगार्ने, पुरोहितले जनै लाइदिने, मन्त्र सुनाउने, भिक्षाटन गराउने, देशान्तर सुनाउने जस्ता काममा सबैको ध्यानाकर्षण रह्यो । सबै इष्टमित्र, आफन्तजनसामु वटुकहरुले भिक्षाम् देही भन्दै पुराणस्थल वरिपरि घुमेर चामल, पैसा, सुपारी, फूल भेला गरेको र उनीहरुलाई रातो अबिरले रंगाइदिएको माहोल सार्‍है रोचक थियो । जन्मदिने आमा र हजुरआमाले सुरुमा पाथीले, दोश्रोपटक मानाले र तेश्रोपटक अञ्जुलीले भिक्षा दिइने चलन पनि छ व्रतबन्धको यस कार्यमा, जसलाई भेला भएका मान्छेहरु खुब नियालिरहेका थिए ।

२०६६ फाल्गुण १ः बिहान पुराण विसर्जनको फूलपाती सेलाएको अवलोकन गर्न हामी पनि भजन कीर्तन टोलीसँगै लाग्यौं । साधु होलीको जलमा फूलपाती विसर्जन गरेर घर फर्कियौं । पुराणमा आएका सबैजसो आफन्तजन बिदा भएर आ-आफ्नो घरतिर लागे । केहीको फोटा खिंच्यौं, केहीको ब्याट्री नभएकाले खिंच्न पाइएन । पेल्टीमारीमा बिजुली बत्ती छैन, सोलार टुकीको प्रयोग हुन्छ ।

दिउँसो पेल्टीमारी गाउँ घुम्दै हात्तीलेदा तिर लाग्यौं । साथमा हुनुहुन्थ्यो, पण्डित फणीन्द्रप्रसाद भट्टराई र यशोदा, देवका स्थानीयवासी माधवप्रसाद र अञ्जु पोखरेल । चुलाचुली २ मा पर्दोरहेछ, हात्तीलेदा । त्यहाँ रहेका श्री हाङ साम साम्योक माङहिम मन्दिरमा महागुरु फाल्गुनन्द, दोश्रो सिरजंग, एकलव्य, महादेव, इमानसिंह चेमजोङ्ग, रणध्वज नेम्वाङ्ग, बद्रीनन्द तुम्वापो लगायतका मूर्ति तथा प्रतिमाहरु यस मन्दिरका सल्लाहाकार नारायण लावतीले अवलोकन गराउनुभयो ।

चिया पिउने क्रममा सल्लाहाकार लावतीले मनु स्मृतिद्वारा वर्ण विभाजन लगायतको व्यवस्थाको आधारमा समाजमा गलत संस्कृति विकास भएको धारणा राख्नुभयो भने पण्डित भट्टराईले समाजका मान्छेहरुले यसलाई गलत रुपमा व्याख्या गरेर बुझेका र चलन चलाएका हुन् भन्नुभयो ।

२०६६ फाल्गुण २ देखि ४ गतेः यि दिनहरुमा हामीले अध्ययन लेखन, आराम र बेला बखत आउने पेल्टीमारीवासीसँग कुराकानी गर्दै समय बितायौं। फाल्गुण ३ गते बिहान बारीमा धेरै समयपछि सपरिवार तोरी उखेल्दा कम्ता रमाइलो भएन।

यही मौकामा दमककी दाहाल दिदीले स्वर्गीय नेता मनमोहन अधिकारीको घरमा भान्से काम गर्दाताका स्वर्गीय नेता मदनकुमार भण्डारीलाई चिया दिंदा उहाँले नरम भाषामा दिदी चिया ल्याउनुभयो भनेको अहिलसम्म स्मरण भइरहेको बताउनुभयो। उहाँका अनुसार भण्डारीको बोलीमै चुम्बकको जस्तो आकर्षण रहेको थियो।

२०६६ फाल्गुण ५: पेल्टीमारीबाट हिंड्दै हामी दमक बजार झऱ्यौं। साइबरमा बसेर इमेल गऱ्यौं। छापाखानामा गएर पर्चा छाप्न अर्डर दियौं। बेलुकी सिद्धकाली भोजपुरे भाँडापसलका प्रोपाइटर पुष्पबहादुर पाण्डेको घरमा बस्यौं। च्यांग्रे भोजपुर जन्म घर भएका यी दाईसँग बाँझो गा.वि.स. अन्र्तगत पर्ने लारुम्बामा किराँत धर्म गुरु आत्मानन्द लिङदेनको आश्रम जाने विषयमा कुराकानी गऱ्यौं। भोली बिहान ७ बजे लारुम्बा जाने योजना बन्यो।

२०६६ फाल्गुण ६: बिहान ७ बजे हामी लारुम्बाका लागि जीप लाग्ने ठाउँसम्म आयौं। जीप खचाखच भएकाले छतमा बस्नु पऱ्यो। जीप दमकबाट भूटानी शरणार्थी क्याम्प बेल्डाँगी हुँदै रतुवा खोलातिर अगाडि बढ्यो। चिसो हावामा चिसो अनुभूति गर्दै अनि भूटानी शरणार्थी क्याम्प नियाल्दै रह्यौं। जीप रतुवा खोला आइपुग्यो। खोलै खोला जीप गुडिरह्यो। चट्टान, गिट्टी, बालुवा र पानीमाथि टायर गुड्दा गति बिस्तारै थियो। त्यसकारण जाडो भएन। खोला छिचोलेर जीप धूलौटे रोड उकालो लाग्यो। कपाल र आँखाका परेला कुइरा पारेर अनि कुइरे भएर हामी भञ्ज्यांगमा ओर्लियौं।

ओर्लनासाथ भाई गोपाल पाण्डेले हामीलाई मन्दिर परिसर पुऱ्याउनुभयो। भौगोलिकरुपमा विकट देखिए पनि रमाइलो रहेछ लारुम्बा। बाँझो गा.वि.स. को ८ र ९ वडामा पर्दो रहेछ यो ठाउँ। यज्ञशाला परिसर घुमेर हामी किराँत धर्मगुरु आत्मनन्द लिङदेनको निवासतिर अगाडि बढ्यौं।

बाटामा साना नानीबाबुहरुले सेवारो भन्दै नमस्कार गरे। धर्मगुरु निवास गेटमा रहेका सुरक्षा गार्डले हामीलाई सहजै प्रवेश दिए। हामी सरासर आश्रम आँगनमा पुग्यौं। बुट्टे टोपी, सेतो हाफ भेष्ट र सामान्य ट्राउजरमा रहनुभएका उहाँ आएर हामीसँग सहजताका साथ कुराकानी गर्नुभयो। हाम्रो देशमा सम्पत्ति धेरै छ, तर हामीले प्रयोग गर्न सकेका छैनौं उहाँले हामीले देखाएका विभिन्न स्थानका फोटा हेर्दै भन्नुभयो। पञ्चकोशी क्षेत्र दैलेखको ज्वालाको फोटो उहाँले साऱ्है मन पराउनुभयो। हामीले उपहारस्वरुप उहाँलाई सो फोटो दियौं। खानपिनको प्रबन्ध आश्रममै भयो।

आश्रमका गाईहरुका लागि गाउँवासीहरुले पालैपालो घाँस त्यहाँ लगिदिने चलन रहेछ। आश्रमबाट फर्कने बेलामा धर्मगुरु लिङदेनले शुभेच्छा प्रकट गर्दै भन्नुभयो, तपाईंहरुको यात्रा सफल रहोस्, ठूलो किताब बनाउनु, किताब हामीले पनि पढ्न पाउँ, विश्वभ्रमण गरेर विश्व कीर्तिमान राख्नु। उहाँसँग बिदा भएर हामी किराँत चो:लुङ मुहिङगुम अङसी माङगेन्ना सेवाको केन्द्रिय कार्यालय आयौं।

बीचमा हाफ टिसर्ट र नेपाली टोपीमा किराँत धर्मगुरु आत्मानन्द लिंदेन र अनुयायीका साथ

अध्यक्ष श्री योङहाङ केहेरसिंले लारुम्बालाई किराँत धार्मिक पर्यटकीय स्थल बनाउने योजना रहेको बताउनुभयो। तपाईंहरु किन यति विकट ठाउँमा बस्नुभएको भन्ने प्रश्नमा अध्यक्ष केहेरसिंहले भन्नुभयो, विकट र अप्ठ्यारा ठाउँमा नै देवताको बास हुन्छ, हावापानी स्वच्छ, वातावरण शान्त भनेर गुरुले भन्नुहुन्छ त्यसैले यहाँ बसेका हौं। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानलाई सकारात्मक कदम भन्दै उहाँले यस अभियानमार्फत् विश्वमा बढ्दै गएको हत्या, हिंसा र अमानवीय कर्म हटाउन सबैलाई प्रेरणा मिलोस् भनी शुभकामना पत्र प्रदान गर्नुभयो। त्यहाँ उपस्थित अन्य व्यक्तिहरुले पनि भ्रमण सफलताको कामना गरे।

किराँत धर्म मान्ने धर्मावलम्बीहरुले महागुरु फाल्गुनन्दको साक्षात् अवतारको रुपमा आत्मानन्द गुरु आउनुभएको हो भनेर मान्दा रहेछन्। अरु जे जस्तो भएपनि धुम्रपान, मद्यपानजस्ता तामासिक पदार्थ सेवनका कारण हामी किराँती पछाडि परेका हौं, अब यस्तो चलन त्यागेर भड्किलो चाडपर्व मनाउन बन्द गर्नुपर्छ भन्ने आव्हान र अभियान लारुम्बा क्षेत्रको प्रशंसनीय कदम हो भन्ने हामीलाई लाग्यो। यहाँ जुवातास पनि बन्द छ उनीहरु बताउँछन्। वि.सं. २०३४ सालमा धर्मगुरु आत्मानन्द लिङदेन लारुम्बा आउनु भएपछि विकट ठाउँको जग्गा महंगो र गाउँको नाम पनि प्रसिद्ध भएको रहेछ।

किराँत नाम नदिइकनै अरु नै नाम दिएर सबै जातजातिलाई समेट्ने योजना ल्याउन सके अझै राम्रो हुने थियो कि ? भन्ने हामीलाई लाग्छ। तर पनि धर्मान्धता र कट्टरताबाट टाढा भएर समाजको रुपान्तरण गर्न किराँत धर्म अगाडि बढोस्, हाम्रो शुभकामना। हामी अध्यक्ष केहेरसिंहकै घरमा आयौं। त्यहाँ च्यांग्रे डडुवाका टीकाराम कार्की र औलियाका गोपाल पाण्डेको डेरा रहेछ। भाँडा व्यापार गर्ने सिलसिलामा उहाँहरु यहाँ आउनुभएको हो। गाउँघर र भ्रमणको विषयमा उहाँहरुसँग कुराकानी गर्दै खाना खाइयो।

भूटानी शरणार्थी क्याम्प बेलडाँगी झापा यात्रा

२०६६ फाल्गुण ७: बिहान लारुम्बाबाट जीप चढेर हामी भूटानी शरणार्थी शिविर बेलडाँगी १ पुग्ने योजनाका साथ हिंड्यौं। बाटो हिजोकै धुलौटे हो। खोलाको गिट्टी बालुवामा चक्का चिप्लाउँदै थियो, जीपले। हामी १० बजे भूटानी शरणार्थी शिविर बेलडाँगी १ झर्‍यौं। मनोक्रान्तिप्रेमी ओमा ढुंगेलले हामीलाई प्रशिक्षण स्थल ल्याउनुभयो। साधक श्री छिरम्ले त्यहाँ प्रशिक्षण सञ्चालन गरिरहनु भएको रहेछ। उहाँहरुले भोजनको प्रबन्ध मिलाउनुभयो।

दिउँसो २ बजे शरणार्थी शिविरका मनोक्रान्तिप्रेमीहरुले विश्वभ्रमण अभियान स्वागतार्थ कार्यक्रम आयोजना गरे। सन् १९९१ मा भूटान सरकारले देशबाट लखेटेर नेपालमा शरणार्थीको रुपमा बस्न बाध्य तुल्याएको कार्यक्रममा बताइयो। विभिन्न चरणमा नेपाल पसेका शरणार्थीहरुको संख्या १ लाख २० हजार रहेको अनुमान छ। यो शिविरमा सञ्चालित मनोक्रान्ति प्रशिक्षणले हामीलाई शारीरिकरुपमा स्वस्थ, मानसिकरुपमा शान्त र प्रफुल्ल, अनि सामाजिकरुपमा सिर्जनशील, ऊर्जाशील र क्षमतावान् बनाएको छ, जीवनमा केही गर्ने जोश जाँगर बढेको छ, मनोक्रान्तिका यि कार्यक्रम ५,७ वर्ष अगाडि नै हामीले सिक्न पाएका भए सम्भवतः हामी यसबेला आफ्नै देश भूटानमा फर्किएका हुन्थ्यौं, अलिक ढिलो भयो, ढिलै भएपनि शरणार्थी शिविरमा उपस्थिति जनाएकोमा हामी मनोक्रान्ति परिवारप्रति ऋणी भएका छौं, उपस्थित सहभागीहरुले आस्था र श्रद्धा व्यक्त गर्दै भने। यो कार्यक्रमपछि हामी शरणार्थी शिविर घुम्दै सरसर्ती अध्ययन गर्न थाल्यौ।

टाटीले बारेका र फूसको छाना भएका यी झुप्राहरु। कथंकदाचित एउटै झुप्रामा मात्र पनि आगो लागेमा पूरै शिविर ध्वस्त हुने सम्भावना। यो अनौठो बस्ती हामीले केहीबेर नियाल्यौं। आफ्ना जनतालाई किन यसरी लखेट्यो त्यो भूटान सरकारले ? हामी पनि भूटान गएका बखत यो प्रश्न राख्नेछौं, त्यो देशको सरकारसँग।

झापाको बेलडाँगी १,२ र ३ क्याम्प, खुदुनाबारी, गोलधाप, टिमाई र शनिश्चरे मोरंगमा जीवन व्यतित गरिरहेका शरणार्थीहरुलाई हाल विभिन्न देशमा पुर्नस्थापित गर्ने काम सुरु भएको छ। हामीसँग भेट भएका शरणाथीहरुले नेपाल सरकार, नेपाली जनता र दातृ राष्टहरुलाई धन्यवाद दिए। तर शरणार्थीको नाममा आएका विविध सामाग्रीहरुमा घोटाला गर्ने केही नेता र कर्मचारीको भने नामै किटेर धोकेबाजको संज्ञा पनि दिए। नेपाली कुटनीतिज्ञको भूमिकामा पनि असन्तुष्टि व्यक्त गरे। उनीहरुले भूटान फर्कनबाट रोक्ने भारत सरकारको मुख्य विरोध गर्दै भने, भारतले भूटानको राजनीतिक, प्राकृतिक र सास्कृतिक सम्पत्ति सबै आफ्नो स्वार्थमा प्रयोग गर्न पाइरहेको छ, त्यसकारण हामीलाई भूटान फर्कन दिदैन। यदि भारतले चाहने हो भने तत्कालै शरणार्थी समस्या हल हुन्छ।



बेलडाँगी १ का भूटानी शरणार्थीहरुसँग

हुन तः आध्यात्मिक हिसाबले भन्ने हो भने वसुधैव कुटुम्बकम्, सारा संसार हाम्रो घर। यस पृथ्वीमा बस्ने जो कोही हामी एउटै परिवार। हामीले उनीहरुलाई सान्त्वनाका यिनै शब्दहरु बाढ्यौं। आज रात यहीं बस्ने निधो भयो। जहाँ गएपनि हास्यरस मिश्रित ज्ञानबर्द्धक कुराकानी हुन्छ। भयो यहाँ पनि त्यस्तै।

२०६६ फाल्गुण ८: हामीलाई बिहान नास्ता नगरी हिंड्ने अनुमति नै मिलेन। नास्ता पश्चात् हामी शिविरका साथीहरुसँग बिदाईको हात हल्लाउँदै ओम राई जीको मोटरसाइकलमा चढ्यौं। उहाँले हामीलाई बेल्डाँगी २ र ३ को शरणार्थी क्याम्प घुमाउनुभयो। धेरै दुःख, कष्ट, संघर्ष गरेर जीवन व्यतित गरिरहनु भएका क्याम्पका बन्धुहरुको प्रेम आत्मियता हामी कहिल्यै भुल्ने छैनौं। उहाँहरु अडिग भएर भूटान फर्कने अभियानमा लाग्नुभएमा सफल हुनुहुनेछ। त्यसका लागि हाम्रो शुभकामना।

हामी बेल्डाँगी १ बाट टेम्पो चढेर दमक झऱ्यौं । सलिना सञ्चार केन्द्रमा आएर फोटो व्यवस्थापन गर्ने कार्य गऱ्यौं । यस कार्यमा कम्प्युटर उपलब्ध गरेर सहयोग पुऱ्याउनु हुने सञ्चालिका सलिना (तुलसा) पोखरेलप्रति हामी आभारी छौं ।

दमकबाट हिंड्दै हामी बेलुकी पुन: पेल्टीमारी शान्ता दिदीको घरमा आयौं । पथरी ९ मोरंग निवासी माधवप्रसाद भट्टराई र रमेश पोखरेल लगायतसँग हाम्रो केहीबेर कुराकानी चल्यो । खाना खाएर सुतियो ।

कन्याम चिया बगान

२०६६ फाल्गुण ९: हामीले बिहान उठेर नुहाई धुवाई गऱ्यौं । सबैसँग बिदा भएर मध्यान्ह १२ बजे इलाम जिल्लाको कन्याम पुग्ने योजना बनाएर हिंड्यौं । दमकबाट बिर्तामोड गाडीमार्फत् आयौं । कन्यामतिर जाने गाडी नपाएकाले बिर्तामोड झापाकै एक होटलमा हामी बस्यौं ।

फेरी ईलामको भूभाग प्रवेश

२०६६ फाल्गुण १०: बिहान ८ बजे कन्याम ५, हर्कटे बजारका लागि बिर्तामोडबाट गाडी चढ्यौं । बस चारआली हुँदै शान्तिनगरबाट झापाको भूभागलाई छोडेर इलामको कोलबुङ्गतर्फ उकालो लाग्यो । पहाडी भूभाग हरियाली वनजंगल अम्रिसो र बास झांगले इलामको पहिचान दिइहाल्यो । उकालो बाटोका गोलाई काट्दै बस सानी पाथीभरालाई बिदाइको हात हल्लाउँदै हर्कटे बजार आयो ।

बसबाट ओर्लिएर दायाँ बायाँ हेर्न नभ्याउँदै स्थानीय फणीन्द्र भट्टराईले हामीलाई आफ्नो घरतिर बोलाइ हाल्नुभयो । हामी उहाँका बुवा नरहरीनाथ, आमा, बहिनी र उहाँकी श्रीमती इन्दिरासँग कुराकानी गर्न थाल्यौं । बुवा नरहरीले ६ महिना नेकपा एमालेका तत्कालीन महासचिव मदनकुमार भण्डारीसँग पञ्चायतकालमा (धनकुटा, तेऱ्हथुम, खोटांग, भोजपुर, इलाम) हिंडेको स्मरण गर्नुभयो । उहाँले खिंचिदिएको विवाहको फोटोमा जननेता मदन र नेतृ विद्या भण्डारी मुस्कुराइरहेको हेर्न पाइयो ।

खाना खाएर हामी कन्याम चिया बगान हेर्दै अगाडि बढ्यौं । यसका लागि फणीन्द्र भट्टराईले सहयोग गर्नुभयो । स्वर्गीय राजा वीरेन्द्रले वि.सं. २०२८ सालमा चिया खेती उद्घाटन गर्नुभएको यो कन्याम चिया बगान नेपालकै सबभन्दा ठूलो बगान हो, यो बगान कन्याम गा.वि.स. को १,२,५,७ र ८ वडामा फैलिएको छ, भट्राईले भन्नुभयो । यो भव्य बगान हेर्दै हामी फिक्कल बजार आयौं ।

फिक्कल ५, रम्पोक गाउँमा स्थापित रेडियो फिक्कल ९०.६ मे. कार्यालय पुग्यौं । कार्यालयमा एफ.एम. कर्मी धड्कन शर्मा, रीता राराहांग राई लगायतसँग भेट भयो । उहाँहरुसँग हामीले आज दार्जिलिंग जाने मनसाय व्यक्त गऱ्यौं । दार्जिलिंगबाट फर्किएर हाम्रोमा आउनु होला भनेर उहाँहरुले अनुरोध गर्नुभयो । उहाँहरुको अनुरोध स्वीकार गर्दै हामी पशुपतिनगरतिर अगाडि बढ्यौं ।

हुन त नेपाल डाँडा काडा कै देश हो । तर, इलाम अन्य जिल्लाका डाडाकाँडा भन्दा पृथक् छ किनकी यस जिल्लाका डाँडाकाँडाले चियाखेती सजाउने मौका पाएका छन् । अरु जिल्लाका डाँडाकाडा नांगो भएर बस्न बाध्य छन् । नेपालका अरु जिल्ला र इलाम जिल्लाबीच भएको भिन्नता यहीं नै हो । इलाम भन्नासाथ चिया खेती पर्याय बनेको छ । हामी गाडीमार्फत् भारत र नेपालको सिमाना पशुपतिनगर पुग्यौं ।

रेडियो फिक्कलका साथीहरुले यहाँका रिपोर्टरको फोन दिनु भएपनि सम्पर्क हुन सकेन । हामी इलाका प्रहरी कार्यालय पशुपतिनगरको गेटमा आयौं । प्रहरी निरीक्षक देवेन्द्र पाण्डेसँग भेट गऱ्यौं । निरीक्षक पाण्डेले पशुपतिनगर र दार्जिलिंगको विषयमा जानकारी दिनुभयो । यहाँबाट तरकारी दार्जिलिंग सप्लाई हुन्छ, तर यहीं खान पाउन मुस्किल छ निरीक्षक पाण्डेको भनाइ थियो । दार्जिलिंगमा आदिकवि भानुभक्तको भव्य शालिक लगायत नेपाली भाषा भाषीको सम्मान देख्दा आफूलाई गौरव लागेको तर नेपालमा यस्ता महान् सर्जकको सम्मान नहुँदा दुःख लाग्ने अनुभूति उहाँले बाँड्नु भयो ।

आजको हाम्रो खाने बस्ने व्यवस्था उहाँले प्रहरी कार्यालयभित्र नै मिलाइ दिनुभयो । भेटघाट खानपिनका क्रममा त्यहाँ हामीले अन्य प्रहरी जवानहरुलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । उनीहरुले भ्रमण सफलताको कामना गरे ।


दार्जिलिंग बजार

२०६६ फाल्गुण ११: बिहान उठेर दार्जिलिंग जाने तरखर गऱ्यौं । दार्जिलिंगमा नेपाली पैसा चल्दैन भनेको सुनेपछि भारतीय रुपियाँ साट्न पशुपतिनगरका केही पसल धायौं । बिदाको दिन परेकाले खासै सटरहरु खुलेका रहेनछन् । बल्ल हामी एउटा पी.सी.ओ. मा पुग्यौं । रु. २००० नेपालीको आई.सी. १२०० भारु हामीले पायौं ।

फेरि हामी सिमानातिर अगाडि बढिरहँदा एउटा भ्यान ड्राइभरले दाईहरु दार्जिलिंग जाने हो ? हाम्रो भ्यानमा जाऔं भने । हामीले भाडा सोध्दा उनले ७० रुपियाँ आई.सी. भने । रु. ४० मा लान्छ सिमाना पारी पुग्नुपर्छ भन्ने सुनेका थियौं, त्यसकारण सोही कुरा हामीले उनलाई भन्यौं । होइन दाई रु. ५० त ठूलो गाडीले लिन्छ त्यसका लागि तपाईंहरु त्यति टाढा पुग्नुपर्छ ६० रुपियाँ दिनुस् भन्न थाले । यो प्रस्तावलाई पनि हामीले इन्कारेपछि अन्ततः उनी ४५ रुपियाँ आई.सी.मा लान मञ्जुर भए । हामी भ्यान चढेर लाग्यौं गन्तव्यतर्फ ।

सानैदेखि सुनेको दार्जिलिंग बजार मनभरि कस्तो होला ? भन्ने उत्सुकता हाम्रो मानसपटलमा सल्बलाइरहेको थियो । भ्यान हरिया धूपी सल्लाको वन छिचोल्दै अगाडि बढ्यो । हामी पहाडी भूभागको दृश्य नियाल्दै रह्यौं । सुकेपोखरी लगायत अन्य पहाडी गाउँ बस्ती छोड्दै भ्यान आफ्नै गतिमा दौडिरह्यो । दार्जिलिंग पुग्न ५ किलोमिटर बाँकी हुँदा भ्यान जाममा फस्यो । कारण, बाटो मर्मत हुँदै रहेछ । वरैबाट पहाडी भिरालो जमिन भएपनि घना बस्ती देखिन थालेको थियो । नेपालमा योभन्दा सजिला पहाड भएपनि विकासको गति बढ्न सकेको छैन । तर, दार्जिलिंगमा यस्ता बडेमाका घरहरु बनेका रहेछन् । भौतिक विकास निकै देखिन्छ यहाँ ।

बसपार्कमा भ्यानबाट झर्न नपाउँदै गोरुको मासु बेच्ने ठाउँ (बीफ पसल) देखा पऱ्यो । भ्यानबाट ओर्लिसकेपछि हामीले केहीबेर वरपर घुम्ने जमर्को गऱ्यौं । स्वतन्त्र गोर्खाल्याण्डको माग गर्दै विद्यार्थीहरु अनसनमा बसेका रहेछन् । बंगाली संस्कृतिसँग आफूहरुको संस्कृति मेल नखाने भएकाले हामी आफ्नै संस्कृतिको राज्य निर्माण गर्न लागेका हौं, एक दार्जिलिंगे युवाले भने ।

त्यहाँबाट निस्कने नेपाली र अन्य भाषाका पत्रिका हामीले किन्यौं । त्यहाँ हिमाल पाक्षिक, नवयुवा मासिकजस्ता नेपाली पत्रिका पनि देख्न पाइयो । एक हिसाबले त हामीलाई दार्जिलिंग नेपालकै ७६ औं जिल्ला हो कि ? जस्तो लाग्यो । किनभने हामी यस अगाडि भारतको पिठौरागढ पुग्दा त्यहाँ हिन्दी भाषाकै बोलवाला भएका कारण इण्डिया नै पुगेको महसुस भएको थियो । दार्जिलिंगमा नेपाली भाषा भाषीका मान्छे भेटिएकाले विदेशजस्तो महसुस भएन । हुन पनि पहिले दार्जिलिंग नेपालमै रहेको इतिहासहरु पढ्न पाइन्छ ।

हामी दार्जिलिंगको एक होटलमा खाना खान पस्यौं । भात खल्लो रहेछ, भोक लागेकाले छाड्ने कुरै भएन । खाना खाएर हामी महाँकाल मन्दिर चौरस्तातर्फ घुम्न हिंड्यौं । चौरस्तामा आदिकवि भानुभक्त आचार्यको ठूलो शालिक, शालिकमा नेपाली जातिय कवि रामायणका रचयिता भानुभक्त आचार्य लेखिएको पढ्न पाउँदा हामीलाई खुशी लाग्यो । यसबाट सिर्जनाका महत्व बुझ्न पायौं । राजा स्वदेशमा मात्र पुज्य हुन्छ तर विद्वान जहातहीं सम्मानित हुन्छ भन्ने भनाइ चरितार्थ भएझैं लाग्यो । त्यहीं शालिकको वरपर घोडामा मान्छेलाई चढाउँदै फोटो खिंचाएर पैसा झारेको दृश्य पनि हाम्रा आँखाले देख्न पाए । पहाडकी रानी भनेर चिनिने दार्जिलिंग बजार प्रचार प्रसार र भौतिक पूर्वाधार विकासका हिसाबले बढी नै चर्चित ठाउँ भएको हो कि भन्ने लाग्यो हामीलाई । किनभने यस्तै वा योभन्दा राम्रा प्राकृतिक सुन्दरता भएका ठाउँ नेपालमा कति छन् कति तर हिमाल पहाडले छोपिएझैं छोपिएका छन् विचरा नेपालका ती ठाउँहरु ।

चौरस्ता दार्जिलिंगमा आदिकवि भानुभक्तको शालिक

हामी बेल्डाँगी १ बाट टेम्पो चढेर दमक झऱ्यौं । सलिना सञ्चार केन्द्रमा आएर फोटो व्यवस्थापन गर्ने कार्य गऱ्यौं । यस कार्यमा कम्प्युटर उपलब्ध गरेर सहयोग पुऱ्याउनु हुने सञ्चालिका सलिना (तुलसा) पोखरेलप्रति हामी आभारी छौं ।

दमकबाट हिंड्दै हामी बेलुकी पुन: पेल्टीमारी शान्ता दिदीको घरमा आयौं । पथरी ९ मोरंग निवासी माधवप्रसाद भट्टराई र रमेश पोखरेल लगायतसँग हाम्रो केहीबेर कुराकानी चल्यो । खाना खाएर सुतियो ।

२०६६ फाल्गुण ९: हामीले बिहान उठेर नुहाई धुवाई गऱ्यौं । सबैसँग बिदा भएर मध्यान्ह १२ बजे इलाम जिल्लाको कन्याम पुग्ने योजना बनाएर हिंड्यौं । दमकबाट बिर्तामोड गाडीमार्फत् आयौं । कन्यामतिर जाने गाडी नपाएकाले बिर्तामोड झापाकै एक होटलमा हामी बस्यौं ।

कन्याम चिया बगान

फेरी ईलामको भूभाग प्रवेश

२०६६ फाल्गुण १०: बिहान ८ बजे कन्याम ५, हर्कटे बजारका लागि बिर्तामोडबाट गाडी चढ्यौं । बस चारआली हुँदै शान्तिनगरबाट झापाको भूभागलाई छोडेर इलामको कोलबुङ्गतर्फ उकालो लाग्यो । पहाडी भूभाग हरियाली वनजंगल अम्रिसो र बास झांगले इलामको पहिचान दिइहाल्यो । उकालो बाटोका गोलाई काट्दै बस सानी पाथीभरालाई बिदाइको हात हल्लाउँदै हर्कटे बजार आयो ।

बसबाट ओर्लिएर दायाँ बायाँ हेर्न नभ्याउँदै स्थानीय फणीन्द्र भट्टराईले हामीलाई आफ्नो घरतिर बोलाइ हाल्नुभयो । हामी उहाँका बुवा नरहरीनाथ, आमा, बहिनी र उहाँकी श्रीमती इन्दिरासँग कुराकानी गर्न थाल्यौं । बुवा नरहरीले ६ महिना नेकपा एमालेका तत्कालीन महासचिव मदनकुमार भण्डारीसँग पञ्चायतकालमा (धनकुटा, तेऱ्हथुम, खोटांग, भोजपुर, इलाम) हिंडेको स्मरण गर्नुभयो । उहाँले खिंचिदिएको विवाहको फोटोमा जननेता मदन र नेतृ विद्या भण्डारी मुस्कुराइरहेको हेर्न पाइयो ।

खाना खाएर हामी कन्याम चिया बगान हेर्दै अगाडि बढ्यौं । यसका लागि फणीन्द्र भट्टराईले सहयोग गर्नुभयो । स्वर्गीय राजा वीरेन्द्रले वि.सं. २०२८ सालमा चिया खेती उद्घाटन गर्नुभएको यो कन्याम चिया बगान नेपालकै सबभन्दा ठूलो बगान हो, यो बगान कन्याम गा.वि.स. को १,२,५,७ र ८ वडामा फैलिएको छ, भट्राईले भन्नुभयो । यो भव्य बगान हेर्दै हामी फिक्कल बजार आयौं ।

फिक्कल ५, रम्पोक गाउँमा स्थापित रेडियो फिक्कल ९०.६ मे. कार्यालय पुग्यौं । कार्यालयमा एफ.एम. कर्मी धड्कन शर्मा, रीता राराहांग राई लगायतसँग भेट भयो । उहाँहरुसँग हामीले आज दार्जिलिंग जाने मनसाय व्यक्त गऱ्यौं । दार्जिलिंगबाट फर्किएर हाम्रोमा आउनु होला भनेर उहाँहरुले अनुरोध गर्नुभयो । उहाँहरुको अनुरोध स्वीकार गर्दै हामी पशुपतिनगरतिर अगाडि बढ्यौं ।

हुन त नेपाल डाँडा काडा कै देश हो । तर, इलाम अन्य जिल्लाका डाडाकाँडा भन्दा पृथक् छ किनकी यस जिल्लाका डाँडाकाँडाले चियाखेती सजाउने मौका पाएका छन् । अरु जिल्लाका डाँडाकाडा नांगो भएर बस्न बाध्य छन् । नेपालका अरु जिल्ला र इलाम जिल्लाबीच भएको भिन्नता यहीं नै हो । इलाम भन्नासाथ चिया खेती पर्याय बनेको छ । हामी गाडीमार्फत् भारत र नेपालको सिमाना पशुपतिनगर पुग्यौं ।

रेडियो फिक्कलका साथीहरुले यहाँका रिपोर्टरको फोन दिनु भएपनि सम्पर्क हुन सकेन । हामी इलाका प्रहरी कार्यालय पशुपतिनगरको गेटमा आयौं । प्रहरी निरीक्षक देवेन्द्र पाण्डेसँग भेट गऱ्यौं । निरीक्षक पाण्डेले पशुपतिनगर र दार्जिलिंगको विषयमा जानकारी दिनुभयो । यहाँबाट तरकारी दार्जिलिंग सप्लाई हुन्छ, तर यहीं खान पाउन मुस्किल छ निरीक्षक पाण्डेको भनाइ थियो । दार्जिलिंगमा आदिकवि भानुभक्तको भव्य शालिक लगायत नेपाली भाषा भाषीको सम्मान देख्दा आफूलाई गौरव लागेको तर नेपालमा यस्ता महान् सर्जकको सम्मान नहुँदा दुःख लाग्ने अनुभूति उहाँले बाँड्नु भयो ।

आजको हाम्रो खाने बस्ने व्यवस्था उहाँले प्रहरी कार्यालयभित्र नै मिलाइ दिनुभयो । भेटघाट खानपिनका क्रममा त्यहाँ हामीले अन्य प्रहरी जवानहरुलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । उनीहरुले भ्रमण सफलताको कामना गरे ।


दार्जिलिंग बजार

२०६६ फाल्गुण ११: बिहान उठेर दार्जिलिंग जाने तरखर गऱ्यौं । दार्जिलिंगमा नेपाली पैसा चल्दैन भनेको सुनेपछि भारतीय रुपियाँ साट्न पशुपतिनगरका केही पसल धायौं । बिदाको दिन परेकाले खासै सटरहरु खुलेका रहेनछन् । बल्ल हामी एउटा पी.सी.ओ. मा पुग्यौं । रु. २००० नेपालीको आई.सी. १२०० भारु हामीले पायौं ।

फेरि हामी सिमानातिर अगाडि बढिरहँदा एउटा भ्यान ड्राइभरले दाईहरु दार्जिलिंग जाने हो ? हाम्रो भ्यानमा जाऔं भने । हामीले भाडा सोध्दा उनले ७० रुपियाँ आई.सी. भने । रु. ४० मा लान्छ सिमाना पारी पुग्नुपर्छ भन्ने सुनेका थियौं, त्यसकारण सोही कुरा हामीले उनलाई भन्यौं । होइन दाई रु. ५० त ठूलो गाडीले लिन्छ त्यसका लागि तपाईंहरु त्यति टाढा पुग्नुपर्छ ६० रुपियाँ दिनुस् भन्न थाले । यो प्रस्तावलाई पनि हामीले इन्कारेपछि अन्ततः उनी ४५ रुपियाँ आई.सी.मा लान मञ्जुर भए । हामी भ्यान चढेर लाग्यौं गन्तव्यतर्फ ।

सानैदेखि सुनेको दार्जिलिंग बजार मनभरि कस्तो होला ? भन्ने उत्सुकता हाम्रो मानसपटलमा सल्बलाइरहेको थियो । भ्यान हरिया धूपी सल्लाको वन छिचोल्दै अगाडि बढ्यो । हामी पहाडी भूभागको दृश्य नियाल्दै रह्यौं । सुकेपोखरी लगायत अन्य पहाडी गाउँ बस्ती छोड्दै भ्यान आफ्नै गतिमा दौडिरह्यो । दार्जिलिंग पुग्न ५ किलोमिटर बाँकी हुँदा भ्यान जाममा फस्यो । कारण, बाटो मर्मत हुँदै रहेछ । वरैबाट पहाडी भिरालो जमिन भएपनि घना बस्ती देखिन थालेको थियो । नेपालमा योभन्दा सजिला पहाड भएपनि विकासको गति बढ्न सकेको छैन । तर, दार्जिलिंगमा यस्ता बडेमाका घरहरु बनेका रहेछन् । भौतिक विकास निकै देखिन्छ यहाँ ।

बसपार्कमा भ्यानबाट झर्न नपाउँदै गोरुको मासु बेच्ने ठाउँ (बीफ पसल) देखा पऱ्यो । भ्यानबाट ओर्लिसकेपछि हामीले केहीबेर वरपर घुम्ने जमर्को गऱ्यौं । स्वतन्त्र गोर्खाल्याण्डको माग गर्दै विद्यार्थीहरु अनसनमा बसेका रहेछन् । बंगाली संस्कृतिसँग आफूहरुको संस्कृति मेल नखाने भएकाले हामी आफ्नै संस्कृतिको राज्य निर्माण गर्न लागेका हौं, एक दार्जिलिंगे युवाले भने ।

त्यहाँबाट निस्कने नेपाली र अन्य भाषाका पत्रिका हामीले किन्यौं । त्यहाँ हिमाल पाक्षिक, नवयुवा मासिकजस्ता नेपाली पत्रिका पनि देख्न पाइयो । एक हिसाबले त हामीलाई दार्जिलिंग नेपालकै ७६ औं जिल्ला हो कि ? जस्तो लाग्यो । किनभने हामी यस अगाडि भारतको पिठौरागढ पुग्दा त्यहाँ हिन्दी भाषाकै बोलवाला भएका कारण इण्डिया नै पुगेको महसुस भएको थियो । दार्जिलिंगमा नेपाली भाषा भाषीका मान्छे भेटिएकाले विदेशजस्तो महसुस भएन । हुन पनि पहिले दार्जिलिंग नेपालमै रहेको इतिहासहरु पढ्न पाइन्छ ।

हामी दार्जिलिंगको एक होटलमा खाना खान पस्यौं । भात खल्लो रहेछ, भोक लागेकाले छाड्ने कुरै भएन । खाना खाएर हामी महाँकाल मन्दिर चौरस्तातर्फ घुम्न हिंड्यौं । चौरस्तामा आदिकवि भानुभक्त आचार्यको ठूलो शालिक, शालिकमा नेपाली जातिय कवि रामायणका रचयिता भानुभक्त आचार्य लेखिएको पढ्न पाउँदा हामीलाई खुशी लाग्यो । यसबाट सिर्जनाका महत्व बुझ्न पायौं । राजा स्वदेशमा मात्र पुज्य हुन्छ तर विद्वान जहातहीं सम्मानित हुन्छ भन्ने भनाइ चरितार्थ भएझैं लाग्यो । त्यहीं शालिकको वरपर घोडामा मान्छेलाई चढाउँदै फोटो खिंचाएर पैसा झारेको दृश्य पनि हाम्रा आँखाले देख्न पाए । पहाडकी रानी भनेर चिनिने दार्जिलिंग बजार प्रचार प्रसार र भौतिक पूर्वाधार विकासका हिसाबले बढी नै चर्चित ठाउँ भएको हो कि भन्ने लाग्यो हामीलाई । किनभने यस्तै वा योभन्दा राम्रा प्राकृतिक सुन्दरता भएका ठाउँ नेपालमा कति छन् कति तर हिमाल पहाडले छोपिएझैं छोपिएका छन् विचरा नेपालका ती ठाउँहरु ।

चौरस्ता दार्जिलिंगमा आदिकवि भानुभक्तको शालिक

हामी चौरस्ताबाट माथि डाँडामा अवस्थित महाँकाल मन्दिरतर्फ उकालो लाग्यौं। आउने जाने मान्छेहरु आ आफ्नै सुरमा थिए। मन्दिरको गेट अगाडि झापाका त्रिलोचन नेपाल र चन्द्रप्रसाद खतिवडा चिना टिपन, ज्योतिष कार्य गरेर बस्नुभएको रहेछ। हामीले केहीबेर उहाँहरुसँग कुराकानी गर्‍यौं। मन्दिरभित्र चाहिं पण्डित र लामा पूजारीहरु बस्दा रहेछन्। छेवैमा एउटा गुफा रहेछ। गुफाका पूजारी बा यहाँबाट देवताहरु नेपालको महेन्द्र गुफामा गएर निस्कन्छन् भन्दै हुनुहुन्थ्यो। मान्छे चाहिं पुग्न सक्दैनन् पूजारी बा ? भनेर हामीले प्रश्न गर्दा उहाँले मान्छेलाई त बाहिरी भाग छँदै छ नि गुफा त भगवान् का लागि पो बनाएको हो त भन्ने जवाफ फर्काउनुभयो। क्या गजबको जवाफ, हा...हा...हा...।

महाँकाल मन्दिरबाट पुनः हामी चौरस्ता झरेर महाँकाल मन्दिरलाई फन्को मार्न थाल्यौं। ढकमक्क फूलेको लालीगुराँसले दार्जिलिंग बेहुलीझैं सिंगारिएको अनुभूति भयो। तर दार्जिलिंग बजार घुम्दा साँघुरो सडक नेपालको राजधानी काठमाडौं न्यूरोडका गल्ली झैं भेटिए। त्यतिबेला हामीलाई पश्चिम नेपालका जाजरकोट जिल्लाबाट डोल्पा जिल्ला जाँदा भेरी नदी किनारको साँघुरो बाटोको दुवैतिर रहेको चट्टानी भीरको सम्झना आएको थियो। यो मानव निर्मित भीर हो भनेर हाँस्दै हामी हिंड्यौं। एक हिसाबले भव्य भवनका बीचमा हिंड्नुपरेका साँघुरो गल्ली भएको दार्जिलिंगलाई ठट्टा पो गर्‍यौं त हामीले।
हामी राज्यपाल भवन गेटनिर पुगेर चारैतिर नियाल्ने प्रयासमा जुट्यौं। त्यहाँका कर्मचारी सञ्जय मुखियासँग परिचय भयो। एक्कासी नेपालको सिम भएको हाम्रो मोबाइलमा फोन आउँदा हामी झसंग भयौं। किनकी केही अगाडि रिस्ट्रिक्टको सिम्बोल आएर फोन आउन जान बन्द भएको थियो। एक्कासी फोन आएर रिसिभ गरेको देख्दा मुखिया जी पनि छक्क पर्नुभो। हामीले अर्को कल फोन गर्‍यौं। त्यसपछि भने सेवा अवरुद्ध भयो। यो तरंग पनि कस्तो होला ? हामीलाई सपना जस्तो बनाएर गयो। हा...हा...हा...।

दार्जिलिंगबाटै प्रकाशित हुने पत्रिका भने छैनन् तर सिलीगुडीबाट यहाँका समाचार छापिएर आउँछन्, राज्यपाल भवन कर्मचारी मुखियाले भन्नुभयो। हामी बसपार्क झर्‍यौं। साँघुरो सडकमा बसपार्क भएपनि नेपालको जस्तो जाम भएको देखिएन। हामी जीप चढेर पशुपतिनगर आयौं।

पशुपतिनगर आउने क्रममा जीपमा बसेका भारतका मान्छेहरु पनि नेपालमा जस्तै नेताहरुको विषयमा विरोध गरेरै बोल्दै थिए। भ्रष्टाचार गर्नेहरु नै सरकारमा बसेकाले विकास हुन नसकेको हो भनेर दुःखेसो पोखिरहेका थिए। आखिर जात त एउटै रहेछ मान्छेको, शान्ति, आनन्द र सन्तुष्टि त कहींका मानिसमा पनि छैन कि क्या हो ?

पशुपतिनगरबाट फेरि ईलाम प्रवेश

पशुपतिनगर बजारमा तिवारीभञ्ज्यांग भोजपुरका प्रहरी हवल्दार रमेश कार्कीसँग हामीले केहीबेर कुराकानी गर्दै नास्ता गर्‍यौं। उहाँसँग छुट्टिएर हामी फिक्कलका लागि गाडी चढ्यौं। फिक्कलमा आएर सस्तो मस्तो लज खोजेर बस्ने सल्लाह भयो। किनकी हामी यस्तैमा बस्न रमाउँछौं। ३,४ वटा होटलमा चहारेपछि रु. २०० तिनुपर्छ भनेको सानो कोठालाई १५० मा मिलाएर हामी बास बस्यौं।
२०६६ फाल्गुण १२: बिहान उठेर हामी रेडियो फिक्कल एफ.एम. ९०.६ मे. कार्यालय पुग्यौं। अन्तुको झुल्के घामसँगै सुदूरपूर्वको हरियाली आवाज रेडियो फिक्कल भन्ने उद्घोषसहित सञ्चालित सो एफ.एम. का सञ्चालक समिति अध्यक्ष साहित्यकार गणेश रसिकसँग हाम्रो भेट हुन सकेन। १० मिनेटमात्र हामी उहाँको घर पुग्न ढिलो भएछ। भर्खरै बुवा त मिरिक भारततिर जानुभयो, उहाँका छोराबुहारीले भन्नुभयो। भोजपुरमा जन्मिनुभएका साहित्यकार रसिकले कर्मघर इलाममा बनाउनु भएको छ। हामी रेडियो स्टेशनमा झर्‍यौं।



बिहानी खाना रेडियोकै साथीहरुले व्यवस्था गर्नुभयो। साथीहरु राजकुमार दाहाल, रेजिना राई, ज्योति विन्दु राई, नेत्रकुमारी राई, रीता राराहांग राई लगायतसँग हाम्रो खाना खाने क्रममा जमेरै कुराकानी भयो। अनभुव आदान प्रदानका लागि राजकुमार जीले रेडियोमा समय मिलाएर अर्न्तवार्ता पनि रेकर्ड गर्नुभयो। साथीहरुप्रति आभार प्रकट गर्दै हामी पुनः फिक्कलतर्फ लाग्यौं।

हिंड्दै ३० मिनेटमा फिक्कल आइएछ। जीप चढेर हामी तीनघरेतर्फ अगाडि बढ्यौं। शान्तिगोलाई रोकिदिनु भनेर हामीले जीपलाई भनेका थियौं। जीप कर्मचारीले बिर्सिएछन्। जीप त

तीनघरेबाट अगाडि बढिसकेछ । हाम्रो झर्ने ठाउँ कता होला ? भनेर सोध्दा त एक यात्रुले ए गइसक्यो शान्तिगोलाई त भने... । हतार हतार ओर्लियौं हामी ।

१० मिनेटजति फर्किएर हामी विराटनगर दुग्ध वितरण आयोजनाको दुग्ध चिस्याउने केन्द्रमा आइपुग्यौं । कार्यालय प्रमुख भोजराज ओझाले खुशी हुँदै हामीलाई फूल दिएर स्वागत गर्नुभयो । इलामका ७ अ अलैंची, अर्थोडक्स चिया, ओलन, अम्लिसो, आलु, अदुवा र अकबरे खुर्सानी मध्ये ओलन (दुग्ध) व्यावसाय एक हो । जसबाट दैनिक लगभग ३० हजार लिटर दूध बिक्री गरी झण्डै डेढ करोड रकम इलामेलीहरुले भित्र्याउन सक्ने तथ्यांक कार्यालय प्रमुख ओझाले हामीलाई प्रस्तुत गर्नुभयो ।

विगत ३४ वर्षदेखि दुग्ध वितरण आयोजनामा कार्यरत उहाँ १२ वर्ष भएछ इलाम बस्नु भएको । जन्मस्थान भोजपुरबाट विराटनगर बसाई सर्नुभएका उहाँले आफ्नो जीवनमा बुवाले सानैमा छोडेर गएकाले धेरै दुःख कष्ट सहनु परेका अनुभवहरु पनि सुनाउनुभयो । गरिबीकै कारण आफूले एस.एल.सी. भन्दा माथि पढ्न नसकेकोमा दुःख लाग्ने गरेको बताउने कार्यालय प्रमुख ओझा अरुले पढ्छन् भने पढ्न दिनुपर्ने धारणा राख्नुहुन्छ । यद्यपि निश्चिन्त भएर बाँच्न सकेको छु पनि भन्नुहुन्छ उहाँ । ज्ञानरस मिसिएको रमाइलो कुराकानी र हाँसो ठट्टाका साथ खाना खाएर हामी राती ९ बजे सुत्यौं ।

२०६६ फाल्गुण १३: बिहानै हामी दूधको ट्यांकरमा चढेर इलाम सदरमुकाम प्रस्थान गर्‍यौं । माई खोला पारिबाट इलाम बजार हेर्दा हामीलाई आम्तेकबाट भोजपुर बजार हेरेजस्तै भयो । हामी इलाम बजारको जिरो किलोमिटरमा ट्यांकरबाट ओर्लिएर इलाम बजारभित्र प्रवेश गर्‍यौं ।

जरायोटार १, भोजपुर जन्मस्थान भएर पुनरावेदन अदालत इलाममा कार्यरत कर्मचारी सत्यनारायण गौतमले हामीलाई अदालतको क्वार्टरमा बोलाउनुभयो । हामी क्वार्टरमा आयौं । खाना खायौं । त्यसपछि नेपाल पत्रकार महासंघ इलाम शाखाको भवनमा पुग्यौं ।

महासंघ सचिव अशोककुमार बान्तवाले अन्य पत्रकार साथीहरुलाई खबर गर्नुभयो । उहाँहरुसँग हामीले अर्न्तक्रिया गर्‍यौं । अन्तरक्रियाका सहभागीहरुले भने, देशमा प्रेस स्वतन्त्रता संकटमा परेको अवस्था छ, प्रतिकूलको समाचार सुन्नै नसक्ने धारणा विकसित भएको छ, आफ्ना कमजोरीलाई सकारात्मक ढंगले ग्रहण गरेर सुधार्नतिर लाग्ने परिपाटी विकासै भएको छैन । पत्रकारिता क्षेत्रमा कुनै मापदण्ड नहुनुले पनि समस्यै समस्या आइलागेको छ । यस्तो कठीन परिस्थितिमा तपाईंहरुले थालेको प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान सफल होस् शुभकामना । हाल इलाममा एक दैनिक, ३ रेडियो र ३ साप्ताहिक पत्रिका प्रकाशित प्रसारित छन् ।

यो कार्यक्रम सकिएपछि हामी इलाम बजार घुमफिरमा जुट्यौं । गत २०६६ फाल्गुण ३ गते आगलागीमा परेर २० घर ध्वस्त भएको दुःखत दृश्य पनि हामीले देख्नु पर्‍यो । बेलुकी हामी अदालतकै गेस्ट रुममा बस्यौं ।

२०६६ फाल्गुण १४ : बिहान हामी मनोक्रान्तिप्रेमी लक्ष्मी ढुंगेलको कोठामा पुग्यौं । योगिनी श्री गं (सुधा देवकोटा, सिन्धुली) र योगी श्री पं (गजेन्द्रराज नेम्वांग, पाँचथर) ले इलाममा सञ्चालन गरेको मनोक्रान्ति प्रशिक्षणमा सहभागी भएर ढुंगेल परिवारले आफ्नो जीवन परिवर्तन गरेको अनुभव सुनायो । हरेक महिनावारी हुँदा मलाई स्लाइन पानी लिनुपर्ने समस्या थियो तर मनोक्रान्ति साधनाको अभ्यासपछि अहिले म यों समस्याबाट मुक्त भएकी छु, अहिले म स्वस्थ, शान्त छु खुशी हुँदै ढुंगेलले सुखद अनुभूति सुनाउनुभयो । उहाँ गुरु डा. योगी विकाशानन्द तथा मनोक्रान्तिका सबै योद्धाहरुप्रति कृतज्ञता व्यक्त गर्नुहुन्छ । आफ्नो निवासमा आइपुग्ने केही योद्धामा हुने अहं भावना र अभियानको व्यवस्थापनमा परिवर्तन आएदेखि अझ बढी खुशी हुने थिएँ भन्नुहुन्छ उहाँ । हामीले बिहानको खाना त्यहीं खाएर हिंड्यौं ।

नेकपा एमालेको जिल्ला कार्यालय पुग्दा अध्यक्ष मणिकुमार लिम्बु, सचिव गणेश बराल र महिला सदस्य विमलादेवी शर्मा लगायतसँग हाम्रो भेट भयो । अध्यक्ष लिम्बुले प्राकृतिक सौर्न्दयताको खानी र ७ अ ले परिचित इलामको पत्रकारिता अभाव र दबावको बाजजुद पनि अगाडि बढिरहेको छ भन्नुभयो । पत्रकारिता क्षेत्र स्वतन्त्र मर्यादित र सकारात्मक हुनुपर्ने बताउँदै उहाँले विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो । हामी स्थानीय शान्ति समितिको कार्यालय पुग्यौं ।

त्यहाँ संयोजक एवं ने.काँ, जिल्ला सचिव होम दुलाल, स्थानीय देउमाई साप्ताहिकका लक्ष्मी मिश्र लगायतसँग भेट भयो। संयोजक दुलालले पर्यटनको ठूलो सम्भावना बोकेको इलाममा एकदमै जाँगरिला र स्वरोजगारवाला मान्छे बस्छन् भन्नुभयो। ३ देश का (नेपाल, भारत, भूटान) हिमाल देख्न सकिने ३७०२ मिटर उचाइमा रहको सन्दकपुरजस्ता ठाउँ पनि छन् इलाममा भन्न पाउँदा आफूलाई गौरव लाग्ने बताउनुहुन्छ उहाँ। देशको पत्रकारिता क्षेत्र दयनीय अवस्थाबाट गुज्रिरहेको छ भन्दै उहाँले यसको विकासमा सबै क्षेत्रको प्रतिबद्धता चाहिनेमा जोड दिनुभयो। फेसनको रुपमा सञ्चारमाध्यम खोल्ने कार्य गर्न नहुने र अस्वस्थ प्रतिस्पर्धा पत्रकारिता भित्र नहुँदा राम्रो हुने धारणा उहाँको छ।

एकीकृत नेकपा माओवादीको कार्यालयमा पुगेर हामीले सहइञ्चार्ज कान्छा लाओती र कार्यालय सहयोगी पुष्प चौलागाईं (हिमाल बा) सँग भेट गऱ्यौं। सहइञ्चार्ज लाओती श्रमजीवी पत्रकार ऐन कार्यान्वयन हुन नसक्नु, राजनीतिलाई सही ठाउँमा राख्न नसक्नु र पत्रकारिता क्षेत्र परनिर्भर रहेकाले गुणात्मक विकास हुन नसकेको धारणा राख्नुहुन्छ। माओवादी कार्यालयबाट हामी जिल्ला प्रशासन कार्यालय इलाम पुग्यौं।

कायम मुकायम प्र.जि.अ. रेवतीरमण पोखरेलले केही पेशा नपाएर पत्रकारिता गरी हिंडेको भन्ने अवस्था आउन नदिन सबै सजग हुनुपर्छ भन्ने धारणा राख्नुभयो। जि.प्र.का. बाट हामी माइपोखरी सञ्चार सहकारी संस्था लि. द्वारा सञ्चालित इलाम एफ.एम. ९३ मे. कार्यालय पुग्यौं। ५०० वाट प्रसारण क्षमता भएको सो रेडियोका समाचार सम्पादक फणीन्द्र संगमले रेडियोमा विश्वभ्रमण अभियानको अर्न्तवार्ता रेकर्ड गर्नुभयो। एफ.एम. कर्मीहरु रवीन्द्र सुवेदी, सिजन राई र इन्दु अधिकारीसँग पनि हाम्रो परिचय भयो । बेलुकी हिजो कै स्थानमा आएर बास बसियो।

२०६६ फाल्गुण १५: विहानभर अध्ययन लेखनमै समय बित्यो। ११ बजे खाना खाएर डूल्न हिंडियो। हाम्रो साथमा हुनुहुन्छ, कर्मचारी सत्यनारायण गौतम। उहाँले हामीलाई चियाबारी, पिपलबोटे, चूरेघाँटी, वरबोटे लगायतका क्षेत्र घुमाउनुभयो। भ्रमणकै क्रममा उहाँले हामीलाई अधिवक्ता भीम खत्री र उपप्राध्यापक निरसिंह खत्रीसँग पनि भेट्टाउनुभयो। भ्रमण राम्रो छ, सफल होस् भन्ने उहाँहरुको शुभेच्छा रह्यो। बेलुका हामीलाई भेट्न आउछु भनेर डा. खत्री आउनु भएन। बिर्सनु भयो कि चाहनु भएन, दुवै कुरा हामीलाई थाहा भएन। अधिवक्ता खत्रीले चाहिं भोली भेट्ने कुरा गर्नुभएको छ खै के हुन्छ कुन्नि ?

२०६६ फाल्गुण १६: आज होलीको दिन। बिहान हामीले नेपाल पत्रकार महासंघ इलामका संस्थापक सभापति धर्म गौतमसँग कुराकानी गऱ्यौं। उहाँले इलाम जिल्लाको परिचयका साथमा पत्रकारिताबारे आफ्ना विचार यसरी व्यक्त गर्नुभयो- वि.सं. २०४८ सालमा तत्कालीन पत्रकार संघको शाखा गठन भएको हो इलाममा। विभिन्न चरणहरु पार गर्दै हालसम्म आइपुग्दा पत्रकारिता क्षेत्रमा आग्रह पूर्वाग्रह बढेको छ भन्ने आरोपलाई उचित जवाफ पस्कन ठाउँ छैन। पत्रकारिताले सकारात्मक पक्षलाई जुन रुपले स्थान दिनुपर्ने हो त्यो दिन सकेको छैन। हुन पनि कुकुरले मान्छे टोकेको भन्दा मान्छेले कुकुर टोकेको समाचार बन्छ भन्ने मान्यता पत्रकारितामा स्थापित छ। यद्यपि स्वतन्त्र, सकारात्मक र सबै पक्षको प्रतिनिधित्व गर्न भने पत्रकारिता क्षेत्र चुक्नु हुँदैन। सञ्चारमाध्यममा सम्प्रेषित सही आलोचनालाई पचाउन सक्ने क्षमता पनि सम्बन्धित वा पक्षमा हुनुपर्छ।

हामी स्थानीय युवा मनिष गौतमको साथ उहाँको घर पुग्यौं। ८७ वर्षिय बूढी हजुरआमा कौशल्या गौतमलले पुण्य नै ठूलो कुरा हो बाबु सदासर्वदा भगवान् को नाम जपेर हिंड्नु जे चिताए नि सफल हुन्छ भनेर आर्शिवाद दिनुभयो। त्यहाँबाट हामी अदालत क्वार्टरमै फर्कियौं। खाना खाएर हामी शान्ति सञ्चार सहकारी संस्था लि. द्वारा सञ्चालित सामुदायिक रेडियो नेपालवाणी एफ.एम. ९४.९ मे. कार्यालय पुग्यौं। कार्यक्रम सञ्चालिका दुसवि भट्टराईले हामीसँग रेडियो कुराकानी रेकर्ड गर्नुभयो। यो एफ.एम. को प्रसारण क्षमता १००० मेगावाट रहेछ।

हामी पत्रकार महासंघ कार्यालय पुग्दा इलामकी महिला पत्रकार कोकिला ढकाल भेटिनुभयो। उहाँसँग नेपाली पत्रकारिता क्षेत्र र पत्रकारहरुको बारेमा लामै कुराकानी भयो। पुरुष पत्रकारहरुलाई पनि विभिन्न अप्ठ्यारा त नभएका होइनन् तर पुरुष प्रधान समाजमा महिला पत्रकारलाई अझ बढी पारिवारिक र सामाजिक चुनौती तथा अड्चनहरु देखिएका छन्, नेपाली पत्रकारितामा। जसका कारण महिला पत्रकारहरुको संख्या न्यून छ। अझ फिल्डमा खटिएर काम गर्ने महिलाहरुको उपस्थिति त झनै कम छ। बेलुकी खानपिन र बसोबास यथास्थानमै।

हंसमुख कर्मचारी सत्यनारायण गौतमले हाम्रो अभियानका लागि पुऱ्याउनु भएको सहयोग र खेल्नुभएको भूमिका जीवनभर हामी भुल्न सक्दैनौं। उहाँकी जेठी दिदी पनि ताप्लेजुंगको पाथिभरा मन्दिर पुगेर आउनु भएकाले झन् बढी रमाइलो कुराकानीको वातावरण बन्यो यहाँ। मान्छे एकदिन मर्नुपर्छ त्यो भन्दा अगाडि अरुका लागि केही योगदान दिएर नै मर्नु बेस हुन्छ भन्ने दिदीको भनाइ पनि कम मार्मिक थिएन।

२०६६ फाल्गुण १७: विहानी खाना मनोक्रान्तिप्रेमी लक्ष्मी ढुंगेलको कोठामा नै खायौं। त्यहाँबाट हामी जि.वि.स. कार्यालय गयौं। गेटमा हामीले देखेको तर भेट नभएको अनुहार भेटेपछि परिचय गऱ्यौं। उहाँ हुनुहुन्छ, साहित्यकार गणेश रसिक। उहाँसँग हामीले धेरै बेर

कुराकानी गर्ने समय पाएनौं । उहाँको शुभेच्छा लिएर हामी जि.वि.स. कार्यालयभित्र पस्यौं । बिहान नेपाल वाणी एफ.एम. मा तपाईंहरुको अन्तर्वार्ता सुनेको थिएँ, अहिले भेट्न पाउँदा सार्है खुशी लाग्यो भन्दै गोयक् ६ इलामका कमल राईले हामीसँग परिचय गर्नुभयो । उहाँलाई धन्यवाद भनेर हामी जि.वि.स. सूचना शाखा प्रमुख जगत कोइरालालाई भेट्न गयौं । ४८ गा.वि.स. र १ नगरपालिका भएको इलाम जिल्लाबारे उहाँले जानकारी दिनुभयो । अलैंची, आलु, अदुवा, अर्थोडक्स चिया, ओलन, अम्लिसो, अकबरे खुर्सानी जस्ता ७ अ ले चर्चित इलाम जिल्लामा वि.सं. २०१२ सालमा नेपालका पहाडी जिल्ला मध्ये पहिलोपटक गाडी भित्रिएको उहाँले बताउनुभयो ।

साहित्यकार गणेश रसिकसँग

हामीले स्थानीय विकास अधिकारी भुपराज राईलाई भेट्यौं । इलाम जि.वि.स. को तर्फबाट मेरो हैसियतले आर्थिकरुपमा संयन्त्रको बैठक नबसी रु. १ हजारभन्दा बढी सहयोग दिन सकिदैन भन्ने एल.डी.ओ. राईको स्वरमा स्वर ने.काँ जिल्ला सदस्य खगेन्द्र देवानले मिलाउनुभयो । हुन त हाम्रा विभिन्न जिल्लाका संयन्त्र पनि थरिथरिकै छन् । मनले खायो भने एल.डी.ओ. ले ५ हजारसम्म कसैलाई नसोधी सहयोग गर्न सक्ने प्रावधान छ भन्ने ५६ जिल्लाकै जि.वि.स. मा सुनेको हो । तर, मन नलागेपछि कसको के नै लाग्छ र ? त्यहाँ कुराकानी हुँदै गर्दा बीचमा लेखापाल पो आएर प्वाक्क बोले, के के भनेर पैसा माग्न आउँछन् यी पत्रकारहरु यहाँबाट पैसा दिन अब सकिदैन । वर्षमा ५ हजार महासंघलाई दिने त्यसपछि जे गर्छ सबै उसैले हेर्छ । हामीसँग पैसा छैन ।

डेरा आँखा पार्दै लेखापालले एल.डी.ओ. ले तोक लगाउनु भएको रु. १ हजारको चेक दिए । उनलाई धन्यवाद भन्दै हामी नेपाल बैंक लि. कार्यालय पुग्यौं । त्यहाँका कर्मचारीले भने विनम्रतापूर्वक चेक साटिदिने काम गरिदिए । हामी इलाम नगरपालिका कार्यालयमा पुग्यौं ।

नगरपालिका कार्यालयमा कार्यकारी अधिकृत युवराज दाहाल र ना.सु. रामकुमार शाहसँग भेट गऱ्यौं । वि.सं. २०१५ सालमा स्थापित यो नगरपालिकाको क्षेत्रफल २७ वर्ग किलोमिटर रहेको उहाँहरुले जानकारी दिनुभयो । त्यहाँबाट हामी पत्रकार महासंघ इलाम शाखा पुग्यौं । शाखा कार्यालयमा अध्यक्ष सटेन्द्र जवेगु, पूर्वाध्यक्ष सोमनाथ सुसेली, पत्रकार रोशन साँवा, गणेश घिमिरे लगायतसँग परिचय भयो । त्यहाँ वैदेशिक रोजगार प्रवर्द्धनं विभागकका निर्देशक मुकुन्द अधिकारी इलामेली पत्रकारहरुका साम्नु वैदेशिक रोजगारमा जानु पूर्व के कस्ता सावधानी र तयारी अपनाउनु पर्छ भन्ने विषयमा जानकारी गराउँदै हुनुहुन्थ्यो ।

हामी सिंहवाहिनी लयर चेम्बर्समा पुग्यौं । चेम्बर्समा जिल्ला बार इलाम अध्यक्ष तारानाथ पराजुली र पुनरावेदन बार अध्यक्ष मदन खड्कासँग हाम्रो भेट भयो । उहाँहरुले भन्नुभयो, विकासका पूर्वाधारहरुको अवस्था राम्रो भएकाले इलाम अगाडि बढेको हो, इलाम मात्र नेपाल अधिराज्यको त्यस्तो पहाडी जिल्ला हो जहाँ तराईबाट मान्छे बसाईसराई गर्दछन् । यो भेटघाट र कुराकानी सँगसँगै साँझ परि हाल्यो ।

हामी धोबीधारा चोक पर पूर्वपरिचित मित्र शर्मिला सुवेदी (झिल्म्) को घर पुग्यौं । उहाँकी दिदी र साथीहरुसँग कुराकानी गर्दै हामीले खाना खायौं । ९:३० बजे सुत्यौं ।

२०६६ फाल्गुण १८: बिहान धोबीधाराबाट पुनरावेदन अदालततिरै हामी अगाडि बढ्दै थियौं । जिल्ला प्रहरी कार्यालय अगाडि ए दाजुभाईहरु भन्ने बोली आयो । अरु कसैलाई बोलाएको होला भनेर हामीले वास्ता गरेनौं । पुनः सोही शब्द सुनेपछि हामीले फर्केर हेर्‍यौं । नभन्दै हामीलाई नै बोलाइएको रहेछ । च्यांग्रे डढुवा भोजपुर माइतीघर र धनकुटा श्रीमान्को घर भएकी सृजना (मैया) कार्की बानियाँ प्रहरी पेशामा जागिरे श्रीमान् युवराज बानियाँसँग त्यहाँ बस्नु भएको रहेछ । सुरुमा चिन्न गाऱ्हो भएपनि उहाँले गाउँले पुर्खाको साइनोबाट चिनाएपछि भने हामीलाई चिन्न सजिलो भयो ।

फेरि यही घरकै घरबेटी शकुन्तला भट्टराई रायामाझी पनि भोजपुर हेलौंछाकै पर्नु भएछ । पूर्व प्रधानन्यायाधीश मीन बहादुर रायामाझीकी बहिनी शकुन्तलाले पनि हामीलाई बोलाएर दूध पिलाउनुभयो । उहाँहरु आफ्ना छोरा र माइतीलाई खाना ख्वाउन पाइएन भन्दै हुनुहुन्थ्यो । किनभने हामीलाई पुनरावेदन अदालत क्वार्टरमा खानपिन व्यवस्था भइसकेको थियो । साँच्चै चेलीबेटीका लागि माइती गाउँको भनेपछि कुकुर पनि प्यारो हुन्छ भन्ने भनाइ यहाँ चरितार्थ भयो ।

अदालत क्वार्टरमा आएर हामीले खाना खायौं । आज हामी यो क्वार्टर र इलाम सदरमुकामबाट छुट्ने तरखरमा छौं । हाम्रो बिदाईको घडीमा सत्यनारायण जीले आँसु नै खसाल्नुभयो । हामी उहाँप्रति आभारी छौं । बजार आइसकेपछि मनोक्रान्तिमा चिनजान

भएका सुर्खेतका चन्द्र बहादुर सलामी जीसँग हाम्रो भेट भयो। हाल उहाँ इलाम ब्यारेकमा कार्यरत हुनुहुँदोरहेछ। उहाँले नास्ता नगरीकन हामीलाई हिंड्नै दिनुभएन । छुट्ने बेला भएपछि सलामी जीका आँखाभरि आँसु टिलपिलाए... ।

हिंड्दै हामी बिब्ल्याँटे आयौं। २ घण्टा कुरेपछि जीप चढेर माइपोखरीतर्फ लाग्यौं। कच्ची बाटो पिङ्ग खेलाउँदै जीपले हामीलाई माईपोखरी छेउको देउराली बजार ल्याइदियो। जीपबाट ओर्लिएर हामी होटलमा बास बस्यौं।

२०६६ फाल्गुण १९: बिहान ८ बजे माइपोखरी धामको माईपोखरी सत्यधुनी वेद पाठशाला पुग्यौं। प्रधानाचार्य थलप्रसाद खतिवडालाई हामीले विश्वभ्रमण अभियानबारे जानकारी गराउन साथ उहाँले भोजन गरेर मात्र जान भन्नुभयो। इलाम जान हतार भएकाले हाम्रो डायरीमा केही भावना पोखेर धर्मशास्त्राचार्य पण्डित गंगाप्रसाद बराललाई आवश्यक सहयोगका लागि अनुरोध गरिदिएर उहाँ हिंड्नुभयो। पण्डित बरालले एक बटुक रमेश काफ्लेलाई पोखरी परिसर घुमाउन खटाइदिनुभयो। हामी वटुक भाई रमेशसँगै माइपोखरी भ्रमणमा निस्कियौं।

ढकमक्क लालीगुराँस अनि चाँप फूलेर शोभायमान हरियाली वनस्पति मध्ये धुपी सल्ला प्रमुख पाइने माईधाम रमाइलो लाग्यो। चर्चित यस पोखरीका ९ कुना रहेछन्। ती कुनालाई विशेषताका आधारमा नामाकरण गरिएको रहेछ। ती कुना हुन्, माईधाम, गलैंचे झ्याउ, मालिंगेनी, सरिसृप, ठक्ठके, माइदेवी, सुनाखरी, गुराँसे र चाप कुना। धार्मिक आस्थावानहरुले देवीका ९ अवतारका रुपमा पनि यस पोखरीमा पूजा गरेर वरदान माग्दा रहेछन्। नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय सभापति विष्णु निष्ठुरीले लगभग शतप्रतिशत आफ्ना मनोकामना माइपोखरीबाटै पूरा भएको एक लेखमा उल्लेख गर्नुभएको रहेछ। रामसार क्षेत्रमा समेत सूचीकृत माइपोखरीमा बाहिरबाट आउने पानीको श्रोत हामीले देखेनौं।

हामीले वेदपाठशालाका वटुकहरु सँगै खाना खायौं। स्वर्गीय हरि धंगुल र उहाँकी श्रीमती इन्द्रमाया धंगुलले यस क्षेत्रको विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेको धर्मशास्त्राचार्य बरालले बताउनुभयो। महात्मा नारायण दिलले विभिन्न देश विदेशका ठाउँ घुमेर वनस्पति ल्याई यस क्षेत्रलाई हराभरा बनाउन महत्वपूर्ण भूमिका खेल्नुभएको त्यहाँ स्थापित शालिक र शिलालेखमा उल्लेख छ।

८० हेक्टर वन क्षेत्रफल रहेको माइपोखरीले १.८ हेक्टर भूभाग ओगटेको छ। सो मन्दिर परिसरमा रहेको धुनी वि.सं. २०४५ सालदेखि अनवरत रहेको बताइएको छ। त्यहाँ दर्शन गर्न पुग्नुभएका काठमाडौं कालीमाटी निवासी यामबहादुर कर्माचार्य र उहाँहरुका साथीहरुसँग पनि हामीले केहीबेर कुराकानी गरेका थियौं। सबैको शुभेच्छा लिएर दिउँसो २ बजे हामीले माइपोखरी क्षेत्रलाई छाड्यौं।

पुँवा खोला, वनजंगल, गाउँबस्ती, खोलाखोंच नियाल्दै हामी पुँवा खोला बजारमा हिंड्दै ओरालो झर्‍यौं। जीप चढेर हामी राँके आयौं। जीपवाला साथीले हामीलाई भाडा छूट गरिदिए। राँके बजार इलाम र पाँचथर जिल्लाको संगममा पर्दो रहेछ। यहाँबाट रवि हुँदै दमक जाने मोटरबाटो पनि छ। हामी स्थानीय एक होटलमा बास बस्यौं। काठको घर, सानो कोठा, शौचालय पुग्न पनि ३ तला झर्नु पर्ने अवस्था निकै चर्कै रहेछ यहाँ, मुगु पुग्दा बसेको एउटा होटलको भयो सम्झना यहाँ।

यहाँ तेऱ्हथुमको रेडियो मेन्छ्यामबाट मलामी जाने सूचना प्रवाह गरेको हामीले सुन्यौं। पहिलोपटक यो सूचना सुनेकाले हामीलाई अनौठो लाग्यो। यही ठाउँमा हामीले ५७ औं जिल्ला इलाम भ्रमण पूरा गरी ५८ औं जिल्ला पाँचथर प्रस्थान गर्‍यौं।

रुकुम यात्राका क्रमममा प्राप्त नगद सहयोग

किरांत चोलुङ मुहिङ्गुम अङ्सी माङ्गोन्ना सेवा (वाँझो ९)	रु. २,०००/-
ईलाम नगरपालिका	रु. १,०००/-
जिल्ला विकास समिति	रु. १,०००/-
भोजराज ओझा (विराटनगर ४)	रु. ५००/-
लक्ष्मी ढुंगेल (मालापथ)	रु. ५००/-
नरहरी भट्टराई (कन्याम ५, हर्कटे)	रु. १५०/-
यामवहादुर कर्माचार्य (काठमाडौं)	रु. १००/-
सुजन सुब्बा (चिसापानी २)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगाअन गर्न सक्नुहुनेछ)

भ्रमण पश्चात् शक्तिशाली मुलुक बनाउनु नेपाल । - तुलसा पौडेल, चुलाचुली ६, पेल्टीमारी

देशको नाम राख्नु भन्नु नै आफ्नो उद्देश्य पूरा गर्नु हो । - उर्मिला काफ्ले, इनरुवा

सफलताको कामना ।

- रेवतीरमण पोखरेल (कासु. प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय, युवराज दाहाल (कार्यकारी अधिकृत), इलाम नगरपालिका

पत्रकारितामा महत्वपूर्ण योगदान र वस्तुगत उपलब्धि हासिल होस् । - सटेन्द्र जबेगु (अध्यक्ष), पत्रकार महासंघ

जनजीवनमा नयाँ आयाम थपिने आशा । - कुवेर सुवेदी, चुलाचुली ६

नेपालीको पहिचान विश्वमा छोडेर फर्कनु । - सविता भट्टराई, पथरी ९, जयचोक मोरंग

सञ्चार जगत्लाई नयाँ आयामले अगाडि बढाउनु । - माधवप्रसाद पोखरेल, चुलाचुली ६, पेल्टीमारी

श्रीमद्भागवत् पुराणले यो यात्रा पूरा गरुन् । - केदारनाथ पोखरेल, चुलाचुली ६, पेल्टीमारी

सामाजिक सद्भाव र मानव शान्तिका लागि प्रेरणा मिलोस् ।

- योङ्गहाङ्ग केहेरसिंह (केन्द्रिय अध्यक्ष), किरांत चोलुङ, मुहिङगुम अङसी माङगेन्ना सेवा, बाँझो ४, माङसेबुङ्ग

मानव हक, हितका लागि बुलन्द आवाज ।

- बनेम बिक्रम फागो (अध्यक्ष), किरात साम्यो नालीफुङ्वा मुजोत्लुङ पान्जुम्भो (तन्नेरीहरुको धार्मिक संगठन)

आध्यात्मिक चिन्तन समेत सफल होस् । - सुमन लाओती (गुन्द्रुके) लिम्बु (केन्द्रिय सदस्य), किरात साम्यो साक्यिङ्वेन मुजोत्लुङ्ग पान्जुम्भो

तागेरा निंगवा भुमांग (ईश्वर) प्रति प्रार्थना ।

- डी.बी. लिङदम (सेसेमी), केन्द्रिय सचिव किरात साम्या साक्यिम्गोन मुजोत्लुंग पान्जुम्भो, सहसम्पादक हाम्रो बुलन्द आवाज पाक्षिक

यो भेट अजम्बरी संयोग बनिरहोस् ।

- हर्क खेवा (खाम्बेक्सा), सचिव, किरात साम्यो माङसेवासावा थुम पान्जुम्भो, झापा, थेमिमाहांग टीकारम केरुंग (संयोजक), नीजि गुरु आश्रम कृषि उपसमिति, नन्दकुमार नेम्वांग, महमाई ६, इलाम, हाल: बाँझो ९, माङसेबुङ, कन्द्रिय सदस्य किरात चोलुंग मुहिंगगुम अंगसी मांगगेन्ना सेवा केन्द्रिय समिति, सेर्मा दिलवीर (सेर्मा साम्जीरी) मांगजाबुंग १, वाहिजो पान्थर, सिक्साम्वा (शिक्षक) किरांत साम्जिक मुन्धुम निसाक्हिम (किरात मुन्धमशाला), आङबुहाङ रामुकमार, लिंगदेन चक्र बहादुर, साँबा पृर्थिसिं (केन्द्रिय कोषाध्यक्ष), के.स.कि.चो.मु.अ. माङगेन्ना सेवा

इलामको सुदूर पश्चिम आइपुग्दा खुशी लागेको छ । - कविन्द्र योङ्गहाङ्ग, बाँझो ८, लामिटार

सबैको सहयोग प्राप्त होस् । - परशुराम तिंसिना, (पूर्व मा.वि. शिक्षक), श्री पञ्चकन्या उ.मा.वि. च्यांग्रे, भोजपुर

भ्रमणले नयाँ चेतना फैलाउनु । - खेमराज पाण्डे (कुमार), जन्मभूमि भोजपुर

पत्रकारिताको विश्वभ्रमण पूरा होस् । - टिकाराम कार्की, च्यांग्रे ७, माथिल्लो मार्से डडुवा र गोपाल पाण्डे, च्यांग्रे ६, औलिया भोजपुर

हृदयदेखि नै धन्यवाद । - रमेशकुमार कार्की, तिवारी भञ्ज्यांग १, भोजपुर

हिमालझैं अटल भएर दुःखमा मुस्कुराउँदै कदम चाल्नु होला ।

- मीनबहादुर साउद (छिम्), हाल: भूटानी शरणार्थी क्याम्प बेलडाँगी १, झापा

नयाँ नयाँ वस्तुको संकलन र आविष्कार गर्ने मनोबल जागोस् । - ओमा ढुंगेल भूटानी शरणार्थी क्याम्प, बेलडाँगी १

यात्रा सधैं सफल रहोस् । - वीर बहादुर थापा, भूटानी शरणार्थी बेलडाँगी १, झापा

Capture the beautiful moments, cherish the memories that stay on, take a note of all little joys.

- Tika Lamichhane Magar (sector 'D'), Chandrika Rai (Pathari Camp, Sector D/2, Hut No 06)

Service to the mankind is service to the god. - Devi Ghising 'Tamang' (Beldangi 1, Sector B/3, Hut No. 324), Ohm Rai (Beldangi 1, Sector B-III, Hut No 341), Chanmaya Uchal (Beldangi 1) And all Beldangi 1, Manokranti Family

Better to light a small lamp than curse the darkness. - Indu Adhikari, Ilam, FM 93 Mhz.

Get success in your mission.

- Rejina Rai (Radio Fikkal 90.6), Govinda Prasad Lamichhane (RSS), Biplab Bhattarai (Kantipur Reporter)

I Wish for your world tour. - Ashok Kumar Bantawa (Secretary) FNJ, Khilanath Dhakal (Nagarik Daily Reporter)

Example setting task and a worth- appreciating job. - Manish Gautam, Student Kathmandu.

यात्रा कहिल्यै कदापि नरोकियोस्। - पुष्पराज भट्टराई (च्यांग्रे ५), देउराली भोजपुर
पैसा भन्दा ठूलो इज्जत हुन्छ। - शान्ता (कमला) पोखरेल, (चुलाचुली ६, पेल्टीमारी
कृष्ण, राम, बुद्धलाई स्वयं आमाबाबुले चिनेनन्...। - पण्डित फणीन्द्र प्रसाद भट्टराई, तिवारी भञ्ज्यांग ३, वरबोटे भोजपुर
भ्रमण सफलताको क्रम देखियो। भोलीका दिन पनि सफल रहोस्। - रामप्रसाद र कृष्णकुमारी भट्टराई, तिवारी भञ्ज्यांग ३, भोजपुर
पत्रकारिता अवस्था चित्रण गर्न सहयोग गर्नेछ।

- फणीन्द्र संगम, समाचार सम्पादक इलाम एफ.एम., घटना र विचार साप्ताहिक संवाददाता

स्वतन्त्र पत्रकारिताको विगुल फुक्नुस्।

- कोकिला ढकाल, (राजधानी दैनिक, कञ्चनजंघा एफ.एम.), ख्याम भुजेल (इलाम एफ.एम., इलाम आवाज), भीम चापागाई (नयाँ पत्रिका दैनिक), विचारसिंह लावती (रेडियो फिक्कल), सोनु मुखिया (सन्दकपुर दैनिक) सुजन तिंसिना, निशा तामांग (कर्मचारी, नेपाल पत्रकार महासंघ), सुदीप श्रेष्ठ (सगरमाथा टेलिभिजन)

पत्रकारमाथि हेर्ने सोचमा सकारात्मक परिचय ल्याओस्। - दुसवी भट्टराई, रेडियो नेपाल वाणी एफ.एम.
साथीहरुमा शुभकामना। - धर्म गौतम, इलाम
यात्राले सबैको मनमा सद्बुद्धि पलाओस्। - गणेश घिमिरे, पत्रकार
आभार व्यक्त गर्दै सफलताको कामना। - रोशन साँवा, पत्रकार
उच्च मूल्यांकनसहित सफलताको कामना। - सोमनाथ सुसेली (स्टेशन म्यानेजर), नेपाली वाणी एफ.एम.
यात्रा निश्चित विन्दूमा पुगोस्। - धड्कन शर्मा, रेडियो फिक्कल ९०.६ मे.
प्रेस स्वतन्त्रताप्रति सकारात्मक असर पारेको छ। - ज्योतिविन्दु राई, रेडियो फिक्कल
पढेर ठूलो मान्छे होइन, ज्ञानी मान्छे बन्नु। - रीता राराहांग राई (माइमभुवा ४, आहालेटार), रेडियो फिक्कल
धैर्यतालाई सम्हाल्दै अघि बढ्नु। - राजकुमार दाहाल (रेडियो फिक्कल), नेत्रकुमारी राई (फिक्कल ५, रम्फोक)
सफलताको शुभकामना। - रवीन्द्र सुवेदी, इलाम एफ.एम.
पत्रकारिताको सन्देश विश्वभर सञ्चालित गराउने महान् उद्देश्य। - सिजन राई, इलाम एफ.एम.
देशको थप परिचय स्थापित होस्। - नरहरि भट्टराई र फणीन्द्र भट्टराई, कन्याम ५ हर्कटे
पत्रकारिता जगत्ले नयाँ दिशा लिन थालोस्। - मणिकुमार लिम्बु (अध्यक्ष), नेकपा एमाले
घरेलु हिंसा अन्त्यमा योगदान रहोस्। - विमलादेवी शर्मा, नेकपा एमाले
सकारात्मक चेतना अभिबृद्धि विकासमा योगदान पुगोस्। - होम दुलाल (संयोजक), स्थानीय शान्ति समिति
यो सन्देश लोकतन्त्रको धड्कन। - होम दुलाल (सचिव), नेपाली कांग्रेस जिल्ला कार्य समिति
आगामी सन्ततिलाई पद चिन्ह प्रदान गरोस्। - कान्छा लाओती सहइन्चार्ज एनेकपा (माओवादी)
सकारात्मक सोचले सगरमाथाको उचाइ चुमोस्। - निर्मलप्रसाद ढुंगेल, जिल्ला शिक्षा कार्यालय
म पनि खुशी छु, हामी सबै खुशी छौं। - लक्ष्मी ढुंगेल, इलाम १, शर्मिला सुवेदी, धोबीधारा ८
साधु परिवारबाट अरु शक्ति प्रदान होस्। - कमल राई, गोयक ६
हरेक पाइलामा सफलता मिलोस्। - जगत कोइराला (सूचना शाखा प्रमुख), जि.वि.स.
पूरा भए विश्वलाई नौलो र सकारात्मक सन्देश। - भुपराज राई, स्थानीय विकास अधिकारी
विश्वयात्राको शुभकामना। - प्रेमसागर अधिकारी, जि.वि.स, सत्यनारायण गौतम (जरायोटार १, फेदिटोल भोजपुर), पुनरावेदन अदालत
सकारात्मक सोचको अवधारणा। - रामकुमार शाह, इलाम नगरपालिका कार्यालय
सफलताको कामना। - तारानाथ पराजुली (अध्यक्ष), जिल्ला अदालत बार इकाई र मदन खड्का -अध्यक्ष), पुनरावेदन बार
भेटले खुशीको सीमा रहेन। - चन्द्रबहादुर सलामी (लाटीकोइली ७, सुर्खेत) इलाम ब्यारेक
जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी। - थलप्रसाद खतिवडा (प्रधानाचार्य), श्री माई पोखरी सत्यधुनी पाठशाला, माइपोखरीधाम
पत्रकारिताले अझ गति प्राप्त गरोस्। - पण्डित गंगाप्रसाद बराल (धर्मशास्त्राचार्य), सत्यधुनी वेद विद्याश्रम माइपोखरी धाम, सुलुबुंग ५

५८ औं जिल्ला पाँचथर डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,२४१ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४१ वटा, निर्वाचन क्षेत्रः २, सदरमुकामः फिदिम, अञ्चलः मेची, विकास क्षेत्रः पूर्वाञ्चल भौगालिक अवस्थितिः पूर्व सिक्किम, दार्जिलिंग, पश्चिम तेह्रथुम, धनकुटा, उत्तर ताप्लेजुंग र दक्षिण इलाम, मोरंग। (श्रोतः जि.वि.स.)

२०६६ फाल्गुण २० गतेः बिहान ७ बजे ५७ औं जिल्ला इलाम यात्रा सकी ५८ औं जिल्ला पाँचथरको यात्रा राँकेबाट सुरु गर्‍यौं। हिजोसम्म इलाम घुम्दा डाँडापाखा चिया, अम्रिसो अलैंचीका कारण जमीन हराभरा देखेथ्यौं जताततै। तर राँकेबाट पाँचथर नाघेपछि नाँगा पाखा देख्दा अचम्म र दुःख एकै साथ लाग्यो। जीप चढेर हामी (माइला र कान्छा) कान्छीदोकान बजार झर्ने योजनाका साथ हिंड्यौं। रमाइला डाडाकाँडा हेर्दै रानीटार गा.वि.स. को पौवा भञ्ज्यांग काटेर जीप दौडिरह्यो। जीपबाटै हिमश्रृंखलाहरु देख्न पाइयो। जीप भित्रबाट हेर्दा त हामी गुडिरहेको डाँडाभन्दा हिमाल पो होचा छन् कि जस्तो लाग्यो। कति अग्लो ठाउँमा हिंडेछौं! कस्तो हामी हिंग हाम्रो ? हा...हा...हा...!

हामी कान्छीदोकान बजार झर्‍यौं। त्यहाँ तार टाँगिएपनि बिजुली बत्ती बलेको रहेनछ। एक पसलमा खाना बनाउन लगाएर बस्यौं। विभिन्न जिल्लाका ताल तलैया मन्दिर, बजार, गाउँघर आदिबारे हामीले खिचेका फोटा देखाउँदा उत्सुकतापूर्वक युवायुवती, बच्चा, वृद्ध, महिला, पुरुष भेला भएर खुब हेरे। तपाईंहरुले ठाउँ ठाउँका फोटा ल्याएर देखाउनुभयो, हाम्रो ठाउँको पनि खिंचेर अन्त देखाइदिनु है भनेर उनीहरुले अनुरोध गरे। हामीले खाना खाएको होटल्नी दिदीले २ छोरा र १ छोरी भएपनि बुढाले कान्छी श्रीमती ल्याएको दुःखेसो गरिन्। लोग्ने मान्छेले के के गर्छन् गर्छन् ? के गर्नु हामी आईमाईले खप्नै पर्‍यो, विवाह हुँदा मेरो उमेर १५ वर्षको थियो उहाँले गुनासो पोख्नुभयो।

कान्छी दोकान बजारबाट हामी लब्रे कुटीतिर निस्कियौं। रातम्मे फूलेको गुराँसले रातो चिम्टी र रबर धागोले सजिएकी सुन्दरीझैं सुन्दर देखिन्थ्यो लब्रेकुटी परिसर। मुजोलुङ माङ युक्नदिन चोकमागू ३, लब्रेकुटी वि.सं. १९९३ मा किराँत धर्मका महागुरु फाल्गुनन्दद्वारा निर्माण गरिएको उल्लेख छ। त्यहाँ घण्ट, त्रिशुल, ध्वजा झण्डाहरु छन्। यहाँको प्रकृतिसँग रमाउँदै हामी तलतिर झर्‍यौं। महागुरुको शालिकसहित मन्दिरहरु रहेछन्। छेउमा रहेको स्कूल कि.सा.व.चो. प्रा.वि. मा शिक्षिका विष्णु लिम्बुसँग हाम्रो कुराकानी भयो। तल्लो तालमा रहेको किराँत माङसेन वरक चोलुङ माङहिममा तुम्वापो ध्रुव, कुरुम्बा १ पाँचथरकी ववित़ा लावती र प्रेमराज लावतीसँग पनि हाम्रो चिनजान र कुराकानी भयो। उहाँहरुसँग वर्तमान शिक्षित भनिएका धेरै व्यक्तिहरुमा मिथ्याज्ञान हावी रहेकाले जताततै समस्या र निराशा देखिएको हो भन्ने विषयमा छलफल चल्यो।

त्यहाँबाट हामी ओरालो झर्दै फिदिम ८, लालीखर्कको न्यू स्टाफ होटलमा आएर बस्यौं। प्रोपाइटर हरि र शोभा कटुवालले हिउँदमा झापाबाट पाँचथर तरकारी आउने र वर्षायाममा पाँचथरबाट झापा जाने गरेको जानकारी दिनुभयो।

२०६६ फाल्गुण २१: बिहान उठेदेखि बेलुकी नसुतेसम्म नै अध्ययन लेखन र नुहाई धुवाईजस्ता कार्यहरुमा हामी व्यस्त रह्यौं। यो होटलमा बिहान खाना खानका लागि बस स्टाफ र त्यसका यात्रुहरु हतार-हतार गरिरहेका देखिन्थे।

२०६६ फाल्गुण २२: बिहान हामी लालीखर्कबाट हिंड्ने योजनाका साथ होटल्नी दिदी शोभा कटुवालसँग बिदा माग्न पुग्यौं। उहाँले हामी २ जनाको ६ छाक खानामध्ये ३ छाक खानाको मात्र पैसा हिसाब गर्नुभयो। साथै एक टुथपेष्ट र १, १ वटा नुहाउने र लुगा धुने साबुनको हिसाब भएन। स्वतःस्फुर्त हाम्रो यात्राको मर्मलाई बुझेर शोभा दिदीले जुन सद्भाव देखाउनु भयो, त्यसका लागि उहाँलाई हाम्रो हार्दिक धन्यवाद।



सदरमुकाम फिदिम

अब भने सदरमुकाम फिदिम बजारतर्फ हामी ओरालो झर्‍यौं। लालीखर्कको वल्लो छेउबाट तल पुंवा खोलाको नजिकै फाँटमा रहेको सुन्दर पहाडी बजार फिदिम देखा पर्‍यो। कतै कतै यसअघि नै देखेजस्तै लाग्ने फिदिम बजारको दृश्यांकन गर्दै ओरालो बाटो हिंडेको पत्तै भएन। बजारको सिरानको जंगलसँगै मरेका मान्छेको चिहान बनाएर राखिएको ठाउँ भेटियो। ओरालो झर्दै गर्दा बेलायती सेनामा कार्यरत नगेन्द्रराज नेम्वाङ्गको भू-तपस्या व्यवस्थापनको लागि अहिले म धरान बजारमा छु भन्दै

मनोकान्तिका योगी श्री णं (गजेन्द्रराज नेम्वाङ्ग, पाँचथर) ले हामीलाई फोन गर्नुभयो । आफ्नो जन्मथलो पाँचथरमा प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानलाई फोनबाटै हार्दिक स्वागत छ भन्दै उहाँले मेची बोर्डिंग स्कूलमा हाम्रो आजको खाने बस्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो ।

तिम्बु पोखरी
तस्वीरः लक्ष्मी गौतम

फिदिम बजार झर्नासाथ चौतारा छेउमा हटिया देखियो । प्रत्येक शनिबार लाग्ने हटियाको दृश्य निकै रमाइलो लाग्यो । गुन्द्रुक, सिन्की लगायत गाउँले उत्पादन त्यहाँ बेच्न राखिएको रहेछ । मानाले भरेर सिन्की बेचिरहेको दृश्य पनि देख्न पाउँदा हामीलाई आफ्नै गाउँ च्यांग्रेको हटिया बजार र पुराना दिन याद आए । यो हटियालाई छिचोलेर हामी फिदिम बजार क्षेत्रभित्र प्रवेश गर्‍यौं । शनिबारको दिन दारी काट्ने सैलुन खोज्दा निकै भीडभाड देखियो ।

हामी सरासर माथि गढीमा रहेको सामुदायिक रेडियो सुम्हात्लुंग एफ.एम. पुग्यौ. । त्यहाँ एफ.एम. कर्मी उत्तर लिम्बुसँग भेट भयो । उहाँले राजधानी र मोफसलमा पत्रकारिता गर्नु पर्दाको फरक यसरी बताउनुभयो, राजधानीमा पर्याप्त सूचना श्रोत हुन्छ र विषयगतरुपमा कलम चलाउन पाइन्छ, मोफसलमा श्रोतको कमी हुन्छ र सबै क्षेत्र एउटैले हेर्नुपर्छ । उहाँ सँगै हामी बजारमा झरेर गणतन्त्र चोक पुग्यौं ।

गणतन्त्र चोकमा पत्रकार लक्ष्मी गौतम, पत्रकार महासंघ जिल्ला अध्यक्ष लेखनाथ खतिवडा, पत्रकार भीम तुम्वापो, रानीटार ४ का गिरीराज बाँस्कोटा लगायतसँग हाम्रो परिचय भयो । पत्रकारिता र विश्वभ्रमणका विषयमा पत्रकार गौतमले भन्नुभयो, हामीले समाजलाई हेर्ने जस्तो दृष्टिकोण हुन्छ, समाजका व्यक्तिहरुले देख्ने दृष्टिकोण पनि सोही बमोजिम हुन्छ । मुलुकको प्रेस जगत्माथि विभिन्न प्रकारका प्रहार र चुनौतीहरु आइराखेका बखत सुरु गरिएको यो अभियानले सञ्चार क्षेत्रको स्वतन्त्रता सँगै सकारात्मक पत्रकारिताका लागि देशभरका पत्रकारलाई प्रेरित गरेको छ, यात्राको शुभकामना ।

हामी बजार क्षेत्र नियाल्दै गढीमा रहेको मेची बोर्डिङ्ग स्कूल आइपुग्यौं । रेडियो सुम्हात्लुंग एफ.एम. की अध्यक्ष समेत रहनुभएकी बोर्डिङ्ग प्रिन्सिपल सीता सेलिंग (तुम्वाहाम्फे) ले लिम्बु भाषाको सहीरुपमा संरक्षण सम्बर्द्धन हुन नसकेकाले हाम्रा कुलदेवता रिसाएर देशमा अशान्ति मच्चिएको हो कि ? भन्ने धारणा राख्नुभयो । स्कूल परिसरमा किराँत धर्मअनुसार मन्दिरको निर्माण गरिएको रहेछ । महागुरु फाल्गुनन्दको सपना साकार पार्न आत्मानन्द गुरुको जन्म भएको हो भन्ने उहाँ केही गुरुहरुमा तँ ठूलो कि म भन्ने अहं भावना देख्दा आफूलाई दुःख लाग्ने गरेको बताउनुहुन्छ । आत्मानन्द, ओम् नन्द र विकाशानन्दजस्ता गुरुहरु समाजलाई सही मार्ग निर्देश गर्न आउनुभएको हो भन्ने उहाँलाई लाग्दो रहेछ । गुरु डा. योगी विकाशानन्दको स्वास्थ्यसम्बन्धी प्रवचनबाट प्रभावित भएर मैले विद्यार्थीहरुलाई मुरली मकै, चना, नरिवलजस्ता चिजबीजलाई आफैंले तयार पारेर खाजा ख्वाउने योजना बनाएकी छु उहाँले भन्नुभयो । फाष्टफुडका कारण मान्छेको स्वास्थ्यमा नकारात्मक असर र जोखिम पर्ने भएकाले उहाँले यसो गर्न लागेको बताउनुभयो । यसो गर्न सक्नु भयो भने राम्रो कुरा हो ।

पत्रकार लक्ष्मी गौतमसँग

यो विद्यालयमा आवासीयरुपमा पनि विद्यार्थी बस्दा रहेछन् । यही अध्ययनरत छात्रा यमुना र जमुना नेम्वांगसँग पनि हाम्रो भेट र कुराकानी भयो । निकै खुशी भएर बहिनीहरुले कुराकानी गर्नुभयो । इंगलिस स्कूलमा पढेका कारण पनि ६ कक्षामा पढने यमुना र ४ कक्षामा पढ्ने नमूना दुवैले अंग्रेजी भाषामै बोल्नुभयो । यही बोर्डिङ्ग स्कूलमा खानपिन गरेर हामी सुत्यौं ।

२०६६ फाल्गुण २३ः बिहान उठेर हामी बोर्डिङ्ग परिसरमै रहेको सुम्हात्लुंग सञ्चार सहकारी संस्था लि. द्वारा सञ्चालित सुम्हात्लुंग एफ.एम. १०४.२ मे. कार्यालय पुग्यौं । रेडियोका साथीहरुसँग कुराकानी भयो । १०० वाट प्रसारण क्षमता भएको सो एफ.एम. जिल्लाको एउटै मात्र रेडियो हो । यहाँहरुको खबर के छ ? भन्ने हाम्रो प्रश्नमा दुःखका साथ कार्य गरिरहेका छौं उहाँहरुले भन्नुभयो । कार्यक्रम प्रमुख सेसेफुंग शर्मा र शारदा आंगदेम्बेसँग पनि हाम्रो कुराकानी भयो । तुमतुम्याहाङग भनेको प्रधानमन्त्री,

इड्साबा भनेको पत्रकार, तेम्मुकी भनेको रेडियो र चुम भनेको साथी भन्ने जस्ता केही लिम्बु भाषाका शब्द पनि शारदाजीले हामीलाई सिकाउनुभयो।

यो गढीबाट हामी बजार झऱ्यौं। लिम्बु भाषामा फिदिमलाई फेदेन भनिन्छ। फेदेनको अर्थ फराकिलो फाँट भन्ने हुँदो रहेछ। हामीले बजारको एक होटलमा बिहानी खाना खायौं। त्यसपछि नेपाल पत्रकार महासंघ पाँचथर कार्यालय पुग्यौं। सूचना केन्द्र सञ्चालन गर्ने तयारीमा रहेको जानकारी दिनुहुने महासंघ अध्यक्ष लेखनाथ खतिवडा र कोषाध्यक्ष मिलन राईसँग हाम्रो केहीबेर कुराकानी भयो।

हामी नेकपा एमाले कार्यालय पुग्यौं। अध्यक्ष गणेश काम्बाङ्ग, उपाध्यक्ष राजकुमार भण्डारी लगायत त्यहाँ उपस्थित अन्य नेता कार्यकर्तासँग हामीले कुराकानी गऱ्यौं। अध्यक्ष काम्बाङ्गले वर्तमानमा पत्रकारिता र पत्रकार क्षेत्र नाजुक-नाजुक अर्थात् अप्ठ्यारो-अप्ठ्यारो अवस्थाबाट गुज्रिएको आफूले देखेको छु भन्नुभयो। वास्तविक समाचारको सत्यता स्वीकार गर्न सक्ने गुण सबैमा विकसित हुनुपर्छ। सरकारले चौथो अंगलाई गर्ने व्यवहार गर्नुपर्छ। र, राजनीतिक दल, नागरिक समाज लगायत सबैले पत्रकारितालाई सहयोग गरेको खण्डमा प्रेस क्षेत्र बलियो हुन्छ भन्ने धारणा राख्नुहुन्छ उहाँ। पत्रकारहरु पनि मानसिकरुपमा मजबुत (व्यक्तिगत र समूहगत) र पत्रकार आचार संहिता पालना गर्ने सवालमा प्रतिबद्ध हुनुपर्छ भन्ने पत्रकारहरुलाई उहाँको सल्लाह, सुझाव रहेको छ।

हामी एमाले कार्यालयबाट एकीकृत नेकपा माओवादी कार्यालय गयौं। त्यहाँ उपस्थित जिल्ला स्तरीय नेता कार्यकर्तालाई हामीले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं। १२,१५ जनाको समूहलाई भ्रमण गर्दा प्राप्त गरेका केही तस्वीरहरु वरिपरि घुमाएर हेर्न दिंदा उहाँहरुले यात्रा निकै जानकारीमूलक र रमाईलो लागेको अनुभव सुनाउनुभयो। जिल्ला इन्चार्ज मिन्सोले पत्रकार र पत्रकारिता क्षेत्र असुरक्षित भएको छ भन्दै पत्रकारितामा पनि खोज पत्रकारिता हुन नसकेको धारणा राख्नुभयो। यस क्षेत्रको दायरा फराकिलो हुने भएकाले यसलाई स्वतन्त्र, मर्यादित र सकारात्मक पेशाको रुपमा विकास गर्न सबै क्षेत्रको ध्यान पुग्नुपर्छ भन्नुभयो। ४१ प्रतिशत लिम्बु जाति, ४१ वटा गा.वि.स. र २ निर्वाचन क्षेत्र रहेको पाँचथर जिल्लामा पत्रकारिता क्षेत्रचाहिं सामान्य ढंगले चलेको उहाँको बुझाई छ।

माओवादी कार्यालयबाट हामी नेपाली काँग्रेस पार्टी कार्यालय पुग्यौं। त्यहाँ नेपाली काँग्रेस पाँचथर जिल्ला कमिटी सदस्यहरु मोहन नेम्वांग, अम्बिका न्यौपाने, ने.वि.संघ सदस्य नरेश सुब्बालगायतसँग हाम्रो भेट भयो। उहाँहरुले देशमा सञ्चार व्यावसायी जमिम शाह र अरुण सिंघानियाको हत्या लगायत सञ्चारमाध्यम सञ्चारकर्मी माथि विभिन्न पक्षबाट हुने गरेका हत्या, हिंसा, आतंकलाई मध्यनजर गर्दा देशमा आमनागरिक असुरक्षित रहेका छन् भन्ने कुरा प्रष्टिएको छ भन्नुभयो। लिम्बुवान् र माओवादी पक्षबाट पत्रकारिता क्षेत्रलाई असुरक्षित बनाइएको आरोप पनि उहाँहरुले लगाउनुभयो। नेपाली काँग्रेस लोकतान्त्रिक पार्टी भएकाले अरुजस्तो उद्दण्ड छैन भन्ने दाबी उहाँहरुको छ। सदस्य नेम्बांग भन्नुहुन्छ, म लिम्बु हुँ तर ४१ प्रतिशत लिम्बुलाई राज्य दिंदा भोली ५९ प्रतिशत अरु जातिले राज्य माग गरे भने के गर्ने ? भन्नेमा चिन्तित छु। हामी सबै जातजाति धर्म संस्कृतिका मान्छे एक हौं भन्ने भावना सबैमा जागृत हुन सकोस् भन्ने मेरो चाहना छ।

हामी ने.कां. को कार्यालयबाट जिल्ला प्रशासन कार्यालय गयौं। प्र.जि.अ. बालकल्याण समितिको बैठकमा भएको रहनु भएको बताइएकाले कार्यालय सहयोगीलाई हामीले अभियानको पर्चा दिएर पठायौं। डेढ घण्टा पछि बोलाउनु भनेर सी.डी.ओ. साबले भन्नुभएको छ भन्ने उनको खबरलाई आधार मानेर हामी बजारतिर आयौं। सूचना केन्द्रमा केही पत्रकार साथीहरुसँग परिचय गऱ्यौं। दिउँसो ४:४० बजे जिल्ला प्रशासन पुग्दा प्र.जि.अ. को कार्यकक्ष रित्तो थियो। कार्यालय सहयोगीलाई हामीले सोधपुछ गर्दा टाउको दुखेर सुत्नुभएको छ भोली आउनु भन्ने खबर पायौं। त्यसको केहीबेरमा भोली नारी दिवस सार्वजनिक दिवस परेका छ भन्ने जानकारी पायौं। ल भोली काम नसिद्धिने रहेछ थप फिदिम बसाइ लम्बिने भो भन्ने बुझेपछि हामी हिजोकै बासस्थानमा लाग्यौं।

२०६६ फाल्गुण २४: आज १०० औं नारी दिवस। देशभर विविध कार्यक्रमका साथ नारी दिवस मनाउने तयारी भइरहेको छ भन्ने सामुदायिक नेटवर्क सी.आई.एन्. को बिहानी ६ बजेको समाचार सुन्यौं। बोर्डिंग स्कूलकी सीता स्याडमलाई भेट्यौं। उहाँले यात्रा सफलताको शुभकामना पत्र प्रदान गर्नुभयो। त्यहाँबाट हामी बजार झऱ्यौं। भण्डारी होटल एण्ड लजमा खाना खाएर बेलुकी बस्ने प्रबन्ध आफैंले मिलायौं।

गणतन्त्र चोकमा पत्रकार लक्ष्मी गौतम र उहाँकी श्रीमती राधा स्मृत्तिसँग हाम्रो जम्काभेट भयो। सबैजना महिला विकास कार्यालयले जि.वि.स. शहीद मञ्चमा आयोजना गरेको नारी दिवस कार्यक्रम अवलोकन गर्न पुग्यौं। कार्यक्रममा शहर बजारमा दिवस मनाउने गरिएको भएपनि गाउँघरका दिदी बहिनीसामु यसको महत्व पुऱ्याउन नसकिएको वक्ताहरुले बताए। समाजका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका महिलाहरु र महिला सञ्चारकर्मीको संख्या बढी थियो। आगामी दिनमा नारी पुरुष बराबरी भन्ने मान्यता स्थापित गर्न नेपाल जनउद्धार संघका कलाकारहरुले सडक नाटक प्रस्तुत गरे। उक्त नाटकमा महिलामाथि हुने गरेका

पत्रकार एवं साहित्यकारहरुसँग

घरेलु हिंसा अनि समाजका विकृत पक्षको कसरी निराकरण गर्न सकिन्छ भन्ने विषयवस्तु समेटिएको थियो। मूल विषयवस्तु भने सुत्केरी गराउन प्रसुति गृह लैजानु पर्छ भन्ने सन्देशमा नाटक विशेष केन्द्रित थियो।

सडक नाटक हेरिरहेका बेला हामीलाई पत्रकार महासंघका साथीहरुले साहित्यिक महोत्सव तथा महानन्द पुरस्कार वितरण समारोह २०६६ को पत्रकार सम्मेलनमा बोलाउनुभयो। त्यहाँ उपस्थित साहित्यकार एवं पत्रकारहरुमाझ हाम्रो औपचारिक परिचयको वातावरण मिल्यो। महासंघका एक सदस्यले मनोक्रान्तिको धर्म प्रचार गर्न पत्रकारिताको आवरण दिइएको हो ? भन्ने प्रश्न गर्नुभयो। हामीले भन्यौं, जरुर मनोक्रान्ति र आध्यात्मिक क्षेत्रले हामीलाई भ्रमणका लागि आँट, साहस र ऊर्जा थपिदिएको छ। सकारात्मक चिन्तनतर्फ प्रेरित गरेको छ। तर, हाम्रो यात्रा प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको पक्षमा विश्व जनमत सिर्जना गर्नुमा केन्द्रित छ। नेपालको पत्रकारिता र पर्यटन क्षेत्रको अध्ययन गर्नमा हामीले समय लगानी गरेका छौं। यसको परिणाम भविष्यले बताउँछ।

हाम्रो कुरा सुनेर पत्रकार महासंघ पाँचथरका पूर्वसभापति लवदेव ढुंगानाले भन्नुभयो, प्रेस स्वतन्त्रता, मानवअधिकार रक्षा र लोकतन्त्रका पक्षमा उहाँहरुको भ्रमण केन्द्रित रहेको मैले पाएँ, यो यात्रा सञ्चारकर्मी र सञ्चार व्यावसायी असुरक्षित भइरहेको अवस्थामा सान्दर्भिक छ त्यसकारण यात्रा सफल रहोस् यसका लागि हामी सबैले सहयोग गरौं, पुऱ्याऔं। पूर्वसभापति ढुंगाना बोलेपछि अर्का पूर्वसभापति प्रेम ओझाले सकारात्मक पत्रकारिता अहिलेको आवश्यकता हो भन्दै विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो। वर्तमान ससयमा विभिन्न सांगठनिक समूहहरुबाट हामी असुरक्षित छौं, कतिपय समाचार प्रकाशित नगरी सेल्फ सेन्सरसीप गर्न हामी बाध्य छौं भन्ने यी पाँचथरका पत्रकारको गुनासो थियो।

पत्रकार र साहित्यकारहरुसँग भेटघाट कार्यक्रम सकेर हामी नारी दिवस सप्ताहव्यापी कार्यक्रम अर्न्तगत पूर्वाञ्चल स्तरीय महिला फुटबल प्रतियोगिता उद्घाटन समारोहस्थल टुँडिखेल पुग्यौं। वयोबृद्ध लालबहादुर थापाद्वारा उद्घाटन गरिएको सो प्रतियोगिता मदन भण्डारी स्पोर्टस एकेडेमीले आयोजना गरेको हो। सो उद्घाटन कार्यक्रममा लिम्बुहरुको च्याब्रुंग नाच देखाइएको थियो। उद्घाटन पश्चात् खेल सुरु भयो।

यही मौकामा हामीलाई पत्रकार लक्ष्मी गौतमले पूवसांसद एवं मदन स्पोर्टस एकेडेमीका केन्द्रिय उपाध्यक्ष वसन्तविक्रम नेम्वांग, जिल्ला खेलकुद विकास समिति महेन्द्र विक्रम यामसुहांग, युथ फोर्स जिल्लाध्यक्ष नरबहादुर गुरुंग लगायतसँग परिचय गराउनुभयो। उहाँहरुले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिता वर्तमानको अपरिहार्यता हो, यसका लागि सरकार, राजनीतिक दल, नागरिक समाज, पत्रकार लगायत सबै क्षेत्रको उत्तिकै भूमिका रहनु पर्छ भन्दै भ्रमण सफलताको कामना गर्नुभयो। यही उद्घाटनस्थलमा प्रेस चौतारी जिल्लाध्यक्ष युधिष्टिरराज अमगाईं, सञ्चारकर्मी नरेन्द्र रिमाल र राधिका कुँवरसँग पनि हाम्रो परिचय भयो।

हामी बिहान झोला राखेकै होटलमा आयौं। पत्रकार लवदेव ढुंगाना र इलामका नारायण पौडेलसँग केहीबेर कुराकानी भयो। नास्ता गरिरहनु भएका पत्रकार ढुंगानाले हामीलाई विदेश भ्रमण जाँदा दौरा, सुरुवाल टोपीको डेस मैले व्यवस्था गर्दछु तपाईहरु आत्तिनु पर्दैन भन्नुभयो।

२०६६ फालुगण २५: बिहान उठेर हामी बजार घुम्न निस्कियौं। फिदिमका चोक चोकमा रहेका पानी आउने धाराहरुमा गाग्रीहरुको बाक्लो उपस्थिति थियो। पहाडी बजार भएकाले पनि यहाँ चाहिंदो मात्रामा पानी आपूर्ति हुन सकेको रहेनछ भन्ने हामीले अनुमान लगायौं। इमेल गर्न हामी साइबर छन् कि भनेर बुझ्दा भएको एउटा साइबर पनि बन्द रहेको पाइयो। एक सञ्चारकर्मीले भने, यहाँ सार्वजनिक इन्टरनेट सेवा छैन। विभिन्न सरकारी, संस्था र नीजि व्यक्तिहरुसँग मात्र छ, त्यसकारण हामीले इन्टरनेट सेवा उपभोग गर्न पाएनौं।

हामीले खाना खायौं। नेपाल प्रेस युनियनका जिल्ला अध्यक्ष समेत रहनुभएका पत्रकार लवदेव ढुंगानाले विश्वभ्रमण अभियानलाई लिएर स्थानीय विकास अधिकारीलाई फोन गर्नुभयो। युनियनको तर्फबाट जि.वि.स.का नाममा आर्थिक सहयोगका लागि निवेदन लेखेर दिनुभयो। तत् पश्चात् हामी जि.वि.स. गयौं। स्थानीय विकास अधिकारी शिवराम पोखरेलसँग केहीबेर कुराकानी गरेर हामी जिल्ला प्रशासन कार्यालय पुग्यौं।

प्र.जि.अ. डुल्लुराज बस्नेतसँग बल्ल आज भेट्ने मौका मिल्यो । प्र.जि.अ. बस्नेतले वर्तमान पत्रकारिता क्षेत्र एकातिर आर्थिक एवं भौतिक हिसाबले संकटमा परेको बताउनुभयो भने अर्कातिर पत्रकारिता क्षेत्रले पनि आग्रह पूर्वाग्रहबाट टाढा रहन नसकी वास्तविक समाचार सम्प्रेषण गर्ने बेला बखत चुक्ने गरेको छ भन्नुभयो । हरेक क्षेत्रका व्यक्ति तथा प्रतिनिधिहरुले आ आफ्नो जिम्मेवारी सही ढंगले पूरा गर्न नसकेको भन्दै उहाँले सबैले आ आफ्नो जिम्मेवारी इमान्दारिताका साथ पूरा गर्ने हो भने देशमा सुव्यवस्था स्थापना हुन सक्ने धारणा राख्नुभयो । हामी जिल्ला प्रशासनको पत्र लिएर जिल्ला प्रहरी कार्यालय झर्‍यौं ।

प्रहरी नायब उपरीक्षक यज्ञविनोद पोखरेल एवं अन्य प्रहरी जवानहरुसँग हाम्रो परिचय भयो । प्र.ना.उ. पोखरेलले देशमा पीत पत्रकारिता बढ्दै गएकाले इमान्दार एवं योग्य पत्रकारहरु मारमा परिरहेका छन् भन्ने धारणा राख्नुभयो । देशका हरेक क्षेत्रमा टपरटुइँयाहरुको संख्या बढ्दै जानु अनि गतिलो नेतृत्व जनताले नपाउनु नै देशमा अस्थिरताको मुख्य कारण हो, छाडा प्रवृत्तिको उपज हो प्र.ना.उ. पोखरेलको भनाई छ । हामी फौजी क्षेत्रका मान्छेको पारिवारिक जीवन छैन, हाम्रो पेशा नै अपजसिलो छ । हामी हाकिमहरु त यसो भन्छौं भने ऊ त्यो बन्दूक बोकेको सिपाहीको (देखाउँदै) हालत कस्तो होला त ?

उहाँको यस मार्मिक भनाईले हामीलाई पनि सोच्न बाध्य गरायो । हुन पनि हो हिजो निरंकुश तन्त्रको विरुद्ध लाग्ने नेतालाई यिनै प्रहरीले कुटपिट गरेका हुन् तर आज तिनै नेतालाई यिनै प्रहरीले सलाम ठोक्नु र उनीहरुको आदेश मान्नु परेको छ । यसबाट पनि प्रष्ट हुन्छ प्रहरी साध्य होइन, साधन अर्थात् सामान जस्तै हुन् । राज्य सञ्चालकले जसरी प्रयोग गर्छन्, त्यहीअनुसार चल्छन् प्रहरी ।

हामी जिल्ला प्रहरीबाट ने.कां. को बोलावटमा पुनः कार्यालय गयौं । कार्यालयमा पार्टी सचिव सुरेन्द्रकुमार दाहाल, १ नं. क्षेत्रीय सभापति कोनाहांग नेम्वांग, र अन्य नेता कार्यकर्तासँग हाम्रो भेट भयो । उहाँहरुले प्रेस स्वतन्त्रता लोकतन्त्रको अपरिहार्य आवश्यकता हो भन्दै विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो ।

फेरि पत्रकार लवदेव ढुंगानासँग थप कुरा गर्‍यौं । सुरुमा इलामसँग मिलेर नेपाल पत्रकार महासंघको संयुक्त शाखा बनाउनु परेको पाँचथरले पछि ताप्लेजुंगसँग मिल्नु परेको थियो । तर अहिले छुट्टै शाखाको मान्यता पाँचथरले पाएको छ । अधिकांश शाखाहरुको जस्तै यसमा पनि पत्रकारहरुको गुटबन्दी एवं गैरपत्रकारको संलग्नता देखिन्छ । महासंघको नेतृत्व पनि खासै प्रभावकारी छैन । कार्डधारी पत्रकारिताको क्रियाकलापले पनि पत्रकारिता क्षेत्र जोखिममा परेको छ । वास्तविक विषय उठान गर्दा विभिन्न पक्षको तारो बन्नु परेका कारणले पनि पत्रकारहरु सेल्फसेन्सरसिप गर्न बाध्य बनेका देखिन्छन्, उहाँले भन्नुभयो । ढुंगाना २०६२/२०६३ को जनआन्दोलनमा ५० दिन हिरासत बस्नु भएछ भने त्यसताकाको समयमा असुरक्षित वातावरणले पाँचथरबाट विस्थापित भएर पुनःस्थापित हुनुभएको रहेछ ।

आज दिनभर नै पाँचथर जिल्लाका विभिन्न व्यक्ति तथा निकायसँग भेट र छलफल गर्न सहयोग गर्ने पत्रकार ढुंगानाप्रति हामी आभारी छौं । बेलुकी हामी हिजोकै होटलमा आयौं । खाना खायौं । खाना खाने क्रममा होटल्नी दिदी, उहाँका परिवार र पाहुनाले विश्वभ्रमण अभियानबारे जिज्ञासा राख्नुभयो । देशभर सोधिएको र उनीहरुको पनि एउटा रोचक प्रश्न यस्तो छ, तपाईहरुले बिहे गर्नु भएको छ कि छैन ? हा...हा...हा...।

२०६६ फालुगुण २६: हामी निकै समयपछि आज बिहान ४ बजे नै उठ्यौं । कारण, बिहानको ४:३० बजे जोरपोखरीको गाडी जान्छ आउनु भनेर बस काउण्टरमा भनिएको थियो । तर बिहानको ६:३० मा मात्र बस अगाडि बढ्यो । काउण्टरले हाम्रो भाडा नलिन कण्डक्टरलाई भनिदियो । बसको भित्र र छत पनि भरिभराउ भएको थियो । हामी पनि छतमै बसेका थियौं ।



शाही शासनकालको हिरासत अनुभव सुनाउँदै पत्रकार लवदेव ढुंगाना

हामी सँगै बसेका केही केटाहरु बाटामा केटीहरु देख्नासाथ जिस्काउने गर्दथे । उनीहरुसँग हाँसो ठट्टाका अरु विषयहरु पनि थिए । सहयात्री बनेका ताप्लेजुंगका डिल्ली अधिकारीले भन्नभयो, भारपाको धुलो उच्च स्तरीय छ । हुन पनि फिदिम बजार सिद्धिनासाथ पिच बाटो सिद्धिएर धुले बाटो सुरु भयो । हेवाँ खोला तरेपछि भारपाको धुलो बर्सिन थाल्यो । आँखाका परेला र कपाल गोराहरुका झैं भए । सित्तैमा कैलो मेहन्दी लगाउन पाइयो । ताप्लेजुंगकै अर्का साथी जगदीप चौहानले आफूलाई योग, ध्यान गर्न मन लागे पनि साथीहरुले चाहिं जिस्काउने गरेको अनुभव सुनाउनुभयो । उहाँ ओशो र मनोक्रान्तिका पुस्तक पढ्नु हुँदो रहेछ । अन्य

यात्रु साथीहरुले जाँड, रक्सी, चूरोट खैनी खान हुँदैन भनेर भन्नु भन्दा फ्याक्ट्री नै बन्द गर्न सरकार लागि पर्नु पर्ने बताए। यी साथीहरुका थरिथरि कुराकानी सुन्दा सुन्दै र हामीले सुरु गरेको भ्रमणबारे जानकारी दिंदा दिंदै गाडी त चतुरे हुँदै जोरपोखरी आइपुगि पो हालेछ।

हामी भापा गा.वि.स.मा पर्ने जोरपोखरी बजारसमा ओर्लियौं। खाना खायौं। भापाबाट ताप्लेजुंग पाथिभरा दर्शनमा हिंडेका दर्शनार्थी यात्रु गाडी बिग्रिएकाले अलपत्र परेर बसेका भेट्टिए। हामी बजारबाट पोखरी भएतिर लम्कियौं। पोखरी त ठूलै थियो पानीचाहिं थोरै। यहाँ वर्षायाममा भने धेरै पानी हुन्छ रे। लहरै २ वटा पोखरी सानो डाँडाको सिमाना बनाएर बसेका रहेछन्। वरिपरिको हरियाली दृश्य अनि चार चुलीले त्यहाँको आकर्षणमा रौनकता थपेका छन्। हामी जोरपोखरीबाट अगाडि बढ्ने सुरसारमा थियौं।

एकतिन, १ पाँचथर घर बताउने दीपक खत्रीसँग हाम्रो जम्काभेट भयो। उहाँले हामीलाई आगेजुंग गुम्बा पुग्न आग्रह गर्नुभयो। उहाँको आग्रह बमोजिम हामी ताप्लेजुंग जाने सडक छाडेर एकतिनतिरको सडकतर्फ लाग्यौं। २०, २५ मिनेट अगाडि बढेपछि लसुने गाउँ निस्किएछौं। एकतिन गा.वि.स. अर्न्तगत पर्ने यो गाउँका एकजना शेर्पा दाईलाई हामीले लसुन कत्तिको फल्छ ? भनेर सोध्यौं। उहाँले भन्नुभयो, पानी नै छैन के को लसुन फल्नु नि ? लसुन नफल्ने गाउँ लसुने, उ त्यो (देखाउँदै) मन्दिर नभएको पल्लो गाउँको नाम मन्दिर छ यस्तै छ भतिजहरु हो... हो... हो... गर्दै शेर्पा दाजु हाँस्नुभयो।

हाँस्दै हामी पनि गुम्बा जाने बाटो सोधेर हिंड्यौं। यतातिरका गाउँ बस्ती निकै रमाईला देखिए। कतै बाँसका चोया काढ्दै त कतै खरले गोठ छाउँदै गरेको दृश्यले विगतका गाउँले दिनको स्मरण गरायो। यिनै गाउँको परिवेश नियाल्दै हामी जंगलको बाटो उकालो लाग्यौं। ढकमक्क गुराँस फूलेर जंगल राताम्मे। हामी गुम्बा परिसर पुग्नासाथ कुकुर दाईले (कुकुरले भुक्दै) हामीलाई स्वागत गर्नुभयो। एकतिन ६ मा पर्ने यो आगेजुंग गुम्बा वि.सं. २०१५ सालमा स्थापना भएको लेखिएको छ। सुनसान हरियाली वातावरण, डाँडामा हुने गुम्बा र मन्दिरहरुले मानिसको मन मस्तिष्कलाई शान्त गराउने त भइहाल्यो। हामी गुम्बाको रेखदेखमा बसेका साना भाईबहिनीहरुसित केहीबेर कुराकानीमा व्यस्त रह्यौं। खाजा खाएर गोपेटारतर्फ ओरालो भर्यौं।

पञ्चमी गा.वि.स. अर्न्तगत पर्ने गोपेटारमा सानो बजार रहेछ। हामी यही बजारको दाहाल होटलमा बास बस्यौं। यो बजारमा पनि पानीकै समस्या रहेछ। हामीले त्यहाँ भेला भएका केही युवाहरु र होटलवाला दाई दिदीलाई यतातिर पत्रकार कत्तिको आइ पुग्छन् ? भनेर प्रश्न गर्‍यौं। एकजना दाईले खोई मलाई त थाहा छैन तपाईहरुलाई पहिलोपटक देखेको, भेटेको हो भन्नुभयो।

२०६६ फाल्गुण २७ : बिहान हामी गोपेटारबाट हिंड्दै गर्ने र बीच बाटोमा गाडी आए चढ्ने योजना बनाएर हिंड्यौं। तर गाडी आएन। हिंडेरै हामी काबेली आइपुग्यौं। नागी गाउँ आइपुगेपछि एकजना दाईले सोधे, कहाँ बस्ने ? हामी बस्ने भन्दा पनि अहिलेलाई हिंड्ने भन्दै अगाडि बढ्यौं। अर्को दाईले ठ्याक्कै यही प्रश्न सोधेकाले अब हामीले के भन्न खोजेको भनेर कुरा बुझ्नै पर्ने भयो। हामीले ति दाईसँग केहीबेर कुरा गरेपछि थाहा पायौं, यतातिर घर कहाँ भनेर सोध्दा, कहाँ बस्ने भनिंदो रहेछ। हामीलाई सुदूर पशिचमतिर कत्ताबाट आया हौं ? भन्ने गर्दथे। यतातिर कहाँ बस्ने भन्दा रहेछन्। विभिन्न ठाउँको भाषा शब्द र लवज नेपाली नै भएपनि फरक पर्ने रहेछ भन्ने कुरा हामीले पूर्व पशिचम भ्रमणबाट बुझ्दैछौं। किनभने हामी पनि पूर्व भोजपुरकै भएकाले यतातिर त लवज फरक पर्दैन होला भन्ने ठानेका थियौं। र, पूर्वमा अन्यत्र यसरी बोलेको पनि सुनेका थिएनौं।



पहाडी सुख्खा गाउँघर हेर्दै अनि कतै कतैका धारामा भेट्टिने पानी पिउँदै हामी अमरपुर ४ को भालुचोक, पाँचथर आइपुग्यौं। हाम्रो गेस्ट हाउसमा खाना खान पस्यौं। सानो बजारको सो होटलमा धेरै थरि स्वादका मान्छे आउने नै भए। उनीहरुको स्वादअनुसार आफू चल्न नसक्दा होटल व्यवसायको अनुरोध भनेर एउटा यस्तो अनुरोध पत्र टाँसिएको रहेछः

एउटा भन्छ, नून बिलिनो, अर्को भन्छ चर्को
तेश्रो भन्छ पिरो छैन, चौथो भर्को फर्को
.... कसको चित्त हेरु मैले मान्छे भद्रगोल। (विस्तृत फोटामा)

हामीले अनुरोध पत्र पढ्दै अनि होटलवालाहरुसँग हाँसो ठट्टा गर्दै खाना खायौं। उनीहरुलाई हामीले भन्यौं, कोही त मीठो मानेर खानेहरु पनि आउँछन् होला नि ? त्यो चाहिं लेख्नु भएको रहेनछ त, थप्नुपर्ला कि ? हाम्रो कुरा सुनेर होटलकी एउटी बहिनीले भनिन्, धेरैमा एकजना मान्छे त्यस्तो आउँछ अनि के लेख्नु दाई ?

कतै हामी पनि भान्सेलाई यस्तै यस्तै गुनासा पोखेर दुःख दिइरहेका त छैनौं ? कतिपय मान्छे त यस्ता पनि भेटिएका छन् जो आफूचाहिं कहिल्यै खाना

नचाउने, अल्छी गर्ने अनि खाने बेलामा यो भएन र त्यो भएन भनेर श्रीमती, आमा, बा वा भान्सेलाई चाहिं भक्कुमार गाली गर्ने। त्यसैले सोचौं, खुब सोचौं अनि हाम्रो पनि यस्तो बानी छ भने अबदेखि सुधार्नु पर्ला कि ?

यस भेगमा ताप्लेजुंगको रेडियो तमोरको राम्रै पक्कड पाइयो। हामी भालुचोकबाट हिंड्दै नेपाल चोकबाट ओरालो लाग्यौं। बीच बाटामा भेट्टिनु भएकी एक दिदीले प्रसाद भन्दै एउटा रोटी दिनुभयो। दुवै जनाले झगडा नगरी बाँडेर खायौं, हा...हा...हा...। भेट भएका अन्य मान्छे हामीलाई कोही रोड कर्मचारी हुनुहुन्छ भन्दथें त केहीले दबाई बेच्न आउनुभएको हो ? अनि केहीले चाहिं आर्मी पुलिस के मा काम गर्नुहुन्छ ? भनेर सोध्ने गर्दथे। देशभर यात्रा गर्दा हामीलाई यस्ता प्रश्न पनि आए, तपाईहरुलाई राजा ज्ञानेन्द्रले हटाएको हो ? हिन्दू धर्मको रक्षामा हिंड्नुभएको ? हामी आफ्नो पर्चा दिंदै र पत्रकारिता क्षेत्रबाट सुरु गरिएको विश्वभ्रमण अभियानबारे जानकारी दिंदै हिंड्थ्यौं।

ठाउँ ठाउँमा आँपको फूल फूलेको दृश्य देख्न पाइयो यो बाटोमा। अनि देख्न पाइयो पारिपट्टि नाँगा डाडा पहरा र तल हावेली खोला। खोला नझर्दै एउटा सानो बजार आयो। त्यहाँबाट अलिक तल झरेपछि दाहिने झोलुंगे पुलतिर एउटा बाटो लाग्यो भने देब्रे गाडीको पुलतिर अर्को बाटो। हामीचाहिं गाडीको पुलमा झर्‍यौं। यही पुलको बीच भागमा आएपछि हामीले ५८ औं जिल्ला पाँचथर भ्रमण पूरा गर्‍यौं, अनि सुरु गर्‍यौं ५९ औं जिल्ला ताप्लेजुंग भ्रमण।

पाँचथर यात्राका क्रममा प्राप्त नगद सहयोग	
जिल्ला विकास समिति	रु. २,०००/-
जिल्ला प्रहरी कार्यालय	रु. १,०००/-
नेपाली कांग्रेस	रु. १,०००/-
नेकपा (एमाले)	रु. ६००/-
वसन्तविक्रम नेम्वांग	रु. ५००/-
लवदेव ढुंगाना	रु. २००/-
नरवहादुर गुरुंग	रु. २००/-
वालकृष्ण ओझा	रु. १५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

मातृभूमिलाई चिन्ने र चिनाउने गहन उद्देश्य। - डुल्लराज बस्नेत (प्रजिअ), जिल्ला प्रशासन

प्रेस स्वतन्त्र मात्र होइन, सकारात्मक पनि हुनुपर्छ। - लक्ष्मी गौतम, सञ्चारकर्मी

सफलताको कामना। - सीता सेलिंग (प्रिन्सिपल), मेची बोर्डिंग इंगलिस स्कूल

सञ्चारकर्मी र सञ्चार व्यवसायी असुरक्षित भएको अवस्थामा अभियान सान्दर्भिक छ।

- लवदेव ढुंगाना (पूर्वअध्यक्ष), नेपाल पत्रकार महासंघ

यो आदर्श विस्तार हुनेमा हामी आशावादी छौं। - सुरेन्द्रकुमार दाहाल (सचिव), नेपाली कांग्रेस

यात्रा: एउटा पक्ष उपलब्धि, अर्को पाटो ज्ञान प्राप्ति। - सेसेफुङ शेर्मा, कार्यक्रम प्रमुख, सुम्हात्लुङ्ग एफ.एम.

पत्रकारितालाई सही दिशामा डोर्‍याउन प्रेरणा मिलोस्। - शारदा आङदेम्बे, सुम्हात्लुंग एफ.एम, फिदिम

नेपाली समाजलाई एउटा सन्देश। - युधिष्ठिरराज आमगाई (अध्यक्ष), प्रेस चौतारी

सकारात्मक पत्रकारिताको सन्देश विश्वभर दिनु। - नरेन्द्र रिमाल, थाङनाम ९

मानवअधिकार प्रत्याभूतिका लागि महत्वपूर्ण योगदान दिनेछ। - राधिका कुँवर, सरांग डाडा ४

सुन्दर मन हुनेले नै संसारलाई सुन्दरतातिर हिडाउँछ। - गिरीराज बाँस्कोटा, रानीटार ४

विश्व अवलोकन पढ्न पाउँ, सेवारो। - विष्णु लिम्बु (थाङसुहाङ), प्र.अ. कि.सा.व.चो. प्रा.वि.

प्रेस जनताको आँखा, कान हो।

- तुम्वापो ध्रुव (चोकमागु ३), किरांत साङदेन वरक चोलुंग माङहिम, प्रेमराज लावती, कुरुम्बा १

साहसपूर्ण यो अभियान सफल रहोस्। - गणेश काम्बांग (नाँगी ३), अध्यक्ष नेकपा एमाले

भ्रमणले सबै तिर सकारात्मक सन्देश दिनेछ। - मित्सो (इन्चार्ज) एनेकपा माओवादी

पत्रकारिता विकासमा मद्दत पुर्‍याउने विश्वास। - वसन्तविक्रम नेम्वांग, पूर्व सांसद फिदिम १

शान्ति, सद्भाव र मैत्रीको सन्देश फैलाउने जमर्को। - शिवराम पोखरेल, स्थानीय विकास अधिकारी

मत्ता लाउनुस्, नयाँ भूगोल नयाँ परिवेश। - यज्ञविनोद पोखरेल (प्र.ना.उ.), जिल्ला प्रहरी कार्यालय परिवार

यात्रा सफल होस्। - नबिता लावती, कुरुम्बा १, पाँचथर

People of Nepal must be change. - **Namuna Nembang, Mechi Boarding, Phidim 4 Gadhi**

Change the crazy mind of world people. - **Yamuna Nembang (Class VI), Phidim 4 Gadhi**

५९ औं जिल्ला ताप्लेजुङ्ग डायरी

२०६६ फाल्गुण २७: पाँचथर जिल्लाको अन्त्य भएर ५९ औं जिल्ला ताप्लेजुंग भ्रमण सुरु भयो, काबेली खोलाको पुल पार गरेपछि। दिउँसोको ४ बजेको थियो। पुलको छेउमै रहेको एक होटलमा खाजा खायौं। यहीं भेट हुनुभएका पाँचथर फिदिम घर बताउने दुई युवा अर्जुन र अनिल वाइवा तथा अन्य व्यक्तिहरुसँग कुरानी भयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे उनीहरुले चासो राखे, र सफलताको कामना गरे।

संक्षिप्त परिचय

क्षेत्रफलः ३,६४६ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ५०, निर्वाचन क्षेत्रः २, सदरमुकामः फुङ्गलिङ्ग, अञ्चलः मेची, विकास क्षेत्रः पूर्वाञ्चल भौगालिक अवस्थितिः पूर्व भारतको सिक्किम, पश्चिम संखुवासभा, उत्तर चीन र दक्षिण तेर्‍हथुम, पाँचथर

पर्यटकीय स्थलः पाथिभरा, ओलांगचुंगगोलाको ४०० वर्ष पुरानो बौद्धगुम्बा, विश्वको तेश्रो ठूलो कञ्चनजंघा हिमाल, मिल्के जलजले (गुराँसको राजधानी) आदि।

(श्रोतः जि.वि.स.)

कावेलीको कलकल बगिरहेको कञ्चन पानीमा हामीले आनन्दका साथ नुहाई/धुवाई गर्‍यौं। यतिबेला काठमाडौं बस्दाका बखत धारामा हतार/हतार ३ दिनमा आउने पानी थापेर जसोतसो जिउ र लुगा चोख्याउने गरेको सम्झना झलझली याद आयो। बेलुकी काबेलीका मीठा माछासित भात खाएर रात्री विश्राममा लाग्यौं।

२०६६ फाल्गुण २८: हामी बिहान उठेदेखि दिउँसो ३:३० बजेसम्म काबेली खोलामै लुगा सुकाउने, डायरी लेख्ने अनि पढ्ने काममै व्यस्त रह्यौं। ४ बजे काबेलीबाट अगाडि बढ्यौं। कच्ची सडक छ। त्यसमाथि हिजोदेखि नै ड्राइभर मारेको विरोधमा गाडी बन्द छन्।

खहरे खोला पार गरेर हामी नाङ्खोल्याङ्गको भूभागमा प्रवेश गर्‍यौं। गाउँघर, खोला, भीरपाखा हेर्दै धुले सडक हिंडिरह्यौं। केहीबेर उकालो चढेपछि तेर्सो लाग्यौं। तल काबेली र तमोर नदीको मिलन देख्न पाइयो भने पारी पट्टि पाँचथरका गाउँबस्ती अनि डाँडापाखा। प्रकृतिसँग रमाउँदै नाङ्खोल्याङ्ग ३ को सेसेम्बु आइपुगदा साँझ परिसकेको थियो। वारीपारीका भूभागलाई हेर्दा हामीलाई भोजपुरकै तिलाहार, भिर्कोट, औलियाका भूभाग पुगेझैं लाग्यो।

गाडी नआउँदा त हामीलाई धेरै दुःख पर्दथ्यो, अहिले त स्वर्ग भएको छ नि स्थानीय होटल्नी दिदीले भन्नुभयो। हामी यहीं होटलमा बास बस्यौं।

२०६६ फाल्गुण २९: बिहान सेसेम्बुबाट हिंडेर धूले सडकै सडक खोक्से खोला पार गरेपछि हामी उकालो लाग्यौं। दोर्खु गा.वि.स.को भूभाग कतै उकालो त कतै धूले तेर्सो बाटो बानन्दे हुँदै अगाडि बढिरह्यौं। ताप्लेजुंग सदरमुकाम फुङ्गलिङ्ग आइपुग्ने बेलामा नाक ठोक्किने उकालोले हामीलाई निकै चुनौती दियो। हुन त पेटमा मुसा दर्गुनु अनि घाम हुनुले पनि उकालोलाई कडा बन्न हौसाइरहेको हुन सक्छ। अलैंची खेती सँगै सुरु भएको उकालोमा बास झांग भने प्रशस्त थिए। हामी पसिनै पसिना भएर फुङ्गलिङ्ग बजार निस्कियौं।

योगिनी श्री हं (बृन्दा बराल, ताप्लेजुङ्ग) को निमन्त्रणामा हामी जौबारी आइपुग्यौं। यहाँ आएपछि मनोक्रान्ति कार्यक्रममा सहभागी शेखर सुवेदी, राज थापा, दीपक कार्की, दामोदर भट्टराई, सपना प्रधान, भिमा गौतम, ज्योति निरौला लगायतसँग प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता अभियानबारे कुराकानी भयो। खानपिन आराम गरेर केही समय बसियो।



बेलुकीपख हामी बजार घुम्न झर्‍यौं। लाम्चो बजार, भिरालो जमीन, अधिकांश काठले बनेका घर, पहाडको काखमा अवस्थित फुङ्गलिङ्ग बजार आमाले काखमा बच्चा बोके झैं देखिन्छ। काठका घर भएकाले कुनै एक घरमा आगो सल्कियो भने अर्को घरमा पुग्न कति बेर नलाग्ने देखिन्छ। यसैकारण पनि होला केही वर्ष अगाडि यहाँ आगलागी भएर ठूलो क्षति पनि भएको थियो।

हामीले दिउँसै फोन गरेर भेट्न खोजेका पत्रकार महासंघ ताप्लेजुंग अध्यक्ष खगेन्द्र अधिकारीसँग साँझपख तोक्मे डाँडामा भेट भयो। भोली अन्य पत्रकार साथीहरुसँगै भेला हुने सल्लाह गरेर हामी जौबारीमै फर्कियौं। खाना खाएर केहीबेर कुराकानी गरेर सुत्यौं।

२०६६ चैत्र १: बिहान बजारतिर घुम्दै कम्प्युटर सेन्टर गयौं । ११ बजेपछि मात्र इन्टरेनट कनेक्सन हुन्छ भन्ने जानकारी पाएपछि हामी केही सामाग्री टाइप गरेर फर्क्यौं । दारी काटिसकेपछि बजारको एक सैलुन सेन्टरमा विश्वभ्रमण अभियानको पर्चा छोडेर हामी हिंड्यौं । त्यसको केहीबेरमै एउटा फोन आयो । फोन रहेछ, च्यांग्रे ६ औलियामा जन्मिई ताप्लेजुंगमा व्यवसाय सञ्चालन गर्दै आउनुभएका खेमकुमार श्रेष्ठको । खेमजी र हामी गाउँको श्री पञ्चकन्या मा.वि. सँगै पढेका साथी अनि उहाँको जेठा दाई प्रेमकुमार श्रेष्ठले हामीलाई प्रा.वि. तहमा क देखि ज्ञ चिनाउनु भएको हो ।

केही छिनमै हामी उहाँको पसल न्यू ताप्लेजुंग स्टोर्स पुग्यौं । कुराकानी गर्दै बजार डूल्यौं । गाउँघर, स्कूले साथीभाई लगायतका विषयमा जानकारी लिनेदिने कार्य भयो । हामीले बजार घुम्दा नरेन्द्र सिक्कुमको कुखुरा पालन र च्याउ खेती पनि अवलोकन गर्न पायौं । स्वदेशमै मेहनेत गऱ्यो भने उन्नति प्रगति गर्न सकिन्छ भन्ने एउटा उदाहरण पेश गर्नु भएको रहेछ, ताप्लेजुंगमा व्यवसायी सिक्कुमले ।

बेलुकी ३:३० बजे हामी नेपाल पत्रकार महासंघ ताप्लेजुंगको निमन्त्रणामा महासंघ कार्यालय गयौं । महासंघले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको अवधारणालाई विश्वभर फैलाउन तथा लोकतन्त्र, मानवअधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता मानवीय जीवनका अभिन्न अंग भएकाले यिनीहरुको संरक्षणमा समर्पित अभियान सफल होस् भन्ने शुभेच्छा प्रकट गऱ्यो । उपस्थित सबै सञ्चारकर्मीले पत्रकारको सुरक्षा, श्रमजीवी पत्रकार ऐन कार्यान्वयन हुनु नसकेकोमा रोष प्रकट गर्दै सम्बन्धित पक्षले ध्यान पुऱ्याओस् भनी जोडदार माग गरेका छन् । महासंघले हामीलाई अबिर र खादा पहिऱ्याई अभियानप्रति थप जुझारु भएर लाग्न हौसला प्रदान गऱ्यो । यहाँ पत्रकार महासंघ ताप्लेजुंग अध्यक्ष खगेन्द्र अधिकारी, पूर्व सभापति किशोर राई, वर्तमान सचिव राजेन्द्र श्रेष्ठ, पत्रकारहरु सीता निरौला, धर्मप्रसाद पौड्याल, आनन्द गौतम, मोहनचन्द्र दाहाल, सुवास आचार्य, कमलप्रसाद भट्टराई, केशवप्रसाद भट्टराई, गंगा गौतम लगायतको उपस्थिति थियो ।

हाल ताप्लेजुंगमा ताप्लेजुंग साप्ताहिक (जिल्लाकै पहिलो २०५४ सालबाट), वीअस टाइम्स पाक्षिक र तमोर एफ.एम. प्रकाशित प्रसारित छन् । यहाँ राजधानी एवं पूर्वाञ्चलका विभिन्न जिल्लाबाट प्रकाशित प्रसारित सञ्चारमाध्यममा कार्यरत पत्रकारहरु छन् । जिल्लाकी पहिलो महिला सञ्चारकर्मी सीता निरौला बी.बी.सी. नेपाली सेवामा समेत कार्यरत हुनुहुन्छ । यस जिल्लामा पनि आफ्नो प्रतिकूलको समाचारलाई सच्चिने मौकाको रुपमा नलिई आलोचना पचाउन सक्ने क्षमता कुनै पनि पक्षमा विकास भैनसकेको सञ्चारकर्मी गुनासो गर्दछन् । त्यसैले यस जिल्लामा पनि सेल्फ सेन्सरसीप भइरहेको छ ।

बेलुकी खेमजीकोमा आएर हामीले उहाँकी श्रीमती जानुका, भाई शैलेश (धनु) श्रेष्ठ र स्टाफ हेमराज बस्नेतसँग कुराकानी गऱ्यौं । खानपिन पछि आरामतिर ध्यान लग्यौं ।

२०६५ चैत्र २: बिहान जौबारीमा निस्केर खाना खायौं । कार्यालय प्रमुखहरुलाई भेट्न बजारतिर झऱ्यौं । जिल्ला प्रशासन कार्यालयमा प्र.जि.अ. ईश्वरराज रेग्मी, लेखापाल सूर्य भट्टराई लगायतसँग हाम्रो भेट भयो । प्र.जि.अ. रेग्मीले सञ्चारकर्मीहरुको विशेष भूमिकाका कारण बन्द हड्ताल फिर्ता गराउने तथा विभिन्न सहमति गराउन र समन्वय गर्न सजिलो परेको छ भन्दै ताप्लेजुंगे पत्रकारहरुको प्रशंसा गर्नुभयो । त्यहाँबाट हामी जि.वि.स. कार्यालय आइ स्थानीय विकास अधिकारी प्रेमकुमार श्रेष्ठसँग भेट्यौं । जि.वि.स.मा भेटिएका सामाजिक परिचालक, सेवाग्राहीलाई पनि प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे जानकारी दियौं । अनि सिद्धिडाँडा भ्रमणका लागि हिंड्यौं ।

ताप्लेजुंग सदरमुकाम फुंगलिंग बजारबाट लगभग ४५ मिनेट जति हिंडेपछि हामी हांगदेवा २, सिद्धिडाँडा पुग्यौं। हाम्रो साथमा हुनुहुन्थ्यो, ताप्लेजुंगवासी शेखर सुवेदी र खेम श्रेष्ठ। हामी उत्तिस एवं अलैची घारी पार गरेर रमाईला कुराकानीका साथ सिद्धिडाँडा प्रवेशद्वार पुगेका थियौं। यो डाडाको प्रवेश द्वारमा पोखरी, धारा र मन्दिर रहेछन्। केहीबेर उकालो लाग्दै र प्राकृतिक सुन्दरता नियाल्दै चण्डेश्वरधाम पुग्यौं। किसिम किसिमका फूल रोपेर सजाइएको मन्दिर परिसरमा कर्मयोगमा डूबिरहनु भएका गोपीमान गुरुंग भेट्टिनुभयो। उहाँले हामीलाई विभिन्न आकार प्रकारका ढुंगाका मूर्तिहरु देखाउनुभयो। सानो पोखरी, चिटिक्क परेको मन्दिर, रमाइलो गुफा आदिले हाम्रो मन पुलकित भयो। कर्मयोगी गुरुंगले सबै धर्मका प्रणेताहरु महापुरुष भएका कारण आफूले ससम्मान उनीहरुका फोटा मन्दिर भित्र टाँसेको हुँ भन्दै देखाउनुभयो।

सिद्धिडाँडा

सिद्धि डाँडाबाट हामी जौबारी फर्कियौं। वृन्दा बराल जी, उहाँकी पुत्री ज्योति निरौला र भीमा गौतमसँग केहीबेर कुराकानी गर्‍यौं। १०:३० बजे सुत्यौं।

२०६६ चैत्र ३ : बिहान हामीले ताप्लेजुंगकी पहिलो महिला पत्रकार सीता निरौलासँग कुराकानी गर्‍यौं। पुरुषहरु महिला अगाडि बढुन् तर आफूभन्दा चाहिं एक पाइला पछाडि नै हुन् भन्ने चाहदा रहेछन् भन्ने अनुभव सुनाउनुभयो उहाँले। तर, पनि महिलाहरु आफू क्षमतावान् भएर अगाडि बढ्नुपर्ने र सञ्चारकर्मीले पनि पत्रकारिताको मर्म धर्मअनुसार चल्नुपर्छ भन्नुहुन्छ पत्रकार निरौला। उहाँले विभिन्न क्षेत्रका शहीदहरुको स्मारक बनाइपनि पत्रकार शहीदको शालिक भने निर्माण गरिएको छैन यसतर्फ पनि राज्य र सञ्चार संस्थाको ध्यान जानुपर्छ भन्नुभयो।

१० बजेपछि हामी राजनीतिक दल एवं अन्य क्षेत्रका प्रतिनिधिसँग भेटघाट गर्न निस्कियौं। यसक्रममा हामी नेपाली कांग्रेस, उद्योग वाणिज्य संघ, जिल्ला प्रहरी, नेकपा एमाले, एनेकपा माओवादी र जिल्ला प्रशासन कार्यालय पुग्यौं। कांग्रेस, उ.वा.संघ र जिल्ला प्रहरीमा प्रमुख व्यक्ति कोही पनि भेटिएनन्। कर्मचारीहरुलाई हामीले अभियानबारे लेखिएको पर्चा छाड्यौं।

एमाले पार्टी कार्यालयमा भेट्टिनुभएका अध्यक्ष तिलकुमार मेन्यांगबो, सचिव बलबहादुर सामसुहांगसँग केहीबेर कुराकानी गर्‍यौं। सचिव सामसुहांगले भन्नुभयो, गणतन्त्र स्थापना भएपनि पत्रकारितामा पेशाकर्मीहरु असुरक्षित बन्दै गएका छन्, भ्रष्टाचार, ठेकेदार, प्रशासक आदिका विषयमा लेख्न सकिरहेका छैनन्, उनीहरु सेल्फसेन्सरसिपबाट गुज्रिरहेका छन्। अध्यक्ष मेन्याङगबोले देशको कुल अलैंची उत्पादनमध्ये ७० प्रतिशत उत्पादन ताप्लेजुंगले उत्पादन गर्ने जानकारी दिनुभयो। यो कार्यालयबाट हामी एनेकपा माओवादी कार्यालय आयौं। जिल्ला इन्चार्ज सुमनसँग भेट भयो।

दिउँसो ३:३० बजे फुंगलिंगबजार भित्रै अवस्थित जिमी पोखरी पार्कमा पुग्यौं। मादेन गुठीको स्वीकृतिमा वृन्दा बराल (योगिनी हं) ९ फिट फराकिलो खाडलमा भूतस्या गर्न तम्तयार भएकाले नेपाली सेनाले यहाँ पार्क भित्रै खाडल खन्न सघाएछ। अघिल्लो दिनदेखि नै उपवास बसी पेट सफा गरेर उहाँ सो खाडलभित्र तपस्याका लागि तयारी अवस्थामा हुनुहुन्थ्यो। हजारौंको भीड जम्मा भएको यस कार्यक्रममा प्र.जि.अ. ईश्वरराज रेग्मीले तपस्वी हंलाई फूलको माला पहिर्‍याई तपस्या सफलताको कामना गर्नुभयो।

तपस्वीले आत्मरुपान्तरण गर्न र तपस्याबाट प्राप्त ऊर्जा विभिन्न शारीरिक एवं मानसिक रोगीको उपचार गर्ने लक्ष्यका साथ आफू ९ दिनसम्म पानी मात्र पिएर तपस्यामा बस्न लागेको जानकारी दिनुभयो। उहाँलाई सयौं दर्शकले हात हल्लाएर तपस्या बस्न अनुमति दिए। तपस्वी हं भन्याङ्बाट ओर्लिएर खाडलभित्र प्रवेश गर्नुभयो। काठ र त्रिपाल तेर्स्याएर त्यसमाथि माटोले खाडल बन्द गरियो। ताप्लेजुंग जिल्लामै पहिलोपटक यस्तो तपस्या भएकोमा उपस्थित मानिस गम्भीर बनेका थिए। कोही भगवान्को शक्तिको रुपमा चर्चा गर्दै थिए त कोही अक्सिजनको अभावले मान्छे मर्ने हो कि ? भन्ने प्रतिक्रिया व्यक्त गर्दै थिए। अनि केही भने अगाडि नै अभ्यास गरेको हुनाले योग, ध्यान, प्राणायामको माध्यमद्वारा सफल हुन सक्छ भन्दै थिए।

भूतपस्या व्यवस्थापन समितिका अध्यक्ष तारावीर थापा, उपाध्यक्ष अमिर मादेनं अन्य पदाधिकारी तथा मनोकान्तिप्रेमीहरु व्यवस्थापनमा खटिरहेका थिए। विभिन्न सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीहरु तस्वीर कैद गर्न व्यस्त देखिन्थे। अन्य मानिसहरु पनि आफ्नो मोबाइलमा दृश्य खिचिरहेको पाइन्थ्यो। तपस्वी तपस्या स्थल प्रवेश गरिसकेपछि हामी भूतपस्या स्थलबाट फर्किएर खेमजीको मा नै आएर बास बस्यौं। उहाँले देश विकासका लागि तीव्र गतिमा विकास निर्माणका कार्यहरु सबैले गर्नुपर्छ भन्नुभयो।

२०६६ चैत्र ४: बिहान ७ बजे पाथिभरा मन्दिर जाने योजनाका साथ फुङ्गलिङ्गबाट हामी हिंड्यौं । उकालो काट्दै माथि गुम्बा डाँडामा निस्किएर फुङ्गलिङ्ग बजारलाई नियाल्यौं । माथिबाट तमोरको गल्छी अनि वरपर गाउँघरको राम्ररी दृश्यपान गऱ्यौं । एस.एल.सी. परीक्षा राम्रो होस् भनेर पाथिभरासँग वरदान माग्न हिंडेका १०-१५ जनाको विद्यार्थी समूह भेट्यौं । उनीहरुले हाम्रो झोलामा लेखिएको विश्वभ्रमण शब्द पढ्दै प्रश्न सोधे । दाई साँच्चिकै विश्वको भ्रमण गर्ने हो अनि खर्च कसले दिन्छ ? वास्तवमा यस्ता प्रश्न सबैका साझा हुन् हामीलाई सोधिने ।

छाते ढुंगो

हुन पनि कसले कहाँ, कति, कसरी अनि कस्तो सहयोग गर्छ ? हामीलाई नै थाहा हुँदैन । यद्यपि विभिन्न ठाउँमा पुग्दा विभिन्न क्षेत्रका व्यक्ति, संघसंस्था मध्ये कसै न कसैले, कतै न कतै सहयोग गरिरहेको अवस्था छ, यहीं नै हो हाम्रो प्रायोजक भन्ने छैन । हाम्रा कुरा सुनेर उनीहरुले अचम्मित हुँदै भ्रमण सफलताको कामना गरे ।

सुकेटार विमानस्थल आएर हामीले बिहानी नास्ता गऱ्यौं । यस भेगका चौरहरु पनि मनलाई निकै नै लठ्याउने किसिमका छन् । सुकेटारमा ताप्लेजुंगका लागि एउटा एयरपोर्ट छ । फटाफट हिंड्दै हामी हांगदेवा गा.वि.स.को गुप्ते देउराली काट्यौं । तेर्सो बाटो फुरुम्बु ४ सुइरेपानी चोक आइपुग्यौं । बाटाभर चाँपको फूलले यात्रीहरुलाई स्वागत गरिरहेका छन् । सुइरेपानीमा खाना खाएर हामी हिंड्यौं । सादा खाना दाल भातको रु. १०० तिऱ्यौं ।

तेर्सो हुँदै कतै उकालो त कतै करिम करिम बाटो हामी अगाडि बढ्यौं । तेर्सोबाट अलि अगाडि बढ्दा छाते ढुंगो फेला पऱ्यो । ठूलो ढुंगालाई फूल चढाएझैं गरेर चढाउने गरेका साना ठूला ढुंगा पनि देखिए । सेतो गुराँसको मुस्कानले हाम्रो मनलाई पनि लोभ्यायो । सानो फेदी हुँदै हामी ठूलो फेदी निस्कियौं ।

ठूलो फेदीको फलैंचामा बस्यौं । त्यही पञ्चकन्या कालिका होटल एण्ड लजमा ठाकुर भट्टराई, दिलकुमारी र प्रेम कुमारी राई आउनुभयो । उहाँहरुले विश्वभ्रमणमार्फत् नेपालको विश्वव्यापी परिचय हुने र विश्वभर शान्तिको सन्देश फैलाउन सफल हुने विश्वास व्यक्त गर्नुभयो । माथि मन्दिरमा पानी र खानपानको समस्या छ, यही बसेर जानुस् भन्ने अनुरोध गर्नुभयो उहाँहरुले । हामीले माथि नै पुग्ने निर्णय सुनाएपछि उहाँहरुले हामीलाई निशुल्क खानपिन गराएर बिदा गर्नुभयो । धन्यवाद उहाँहरुलाई ।

पाथिभरा फेदीदेखि मन्दिरसम्म टाँगिएको धागो

हामी उकालो लाग्यौं । फेदिदेखि नै धागो टाँगेर सक्नेले ३ कि.मि. माथि मन्दिरसम्म नै पुऱ्याउँदा रहेछन् । अन्य मन्दिरमा भन्दा धागो टाँग्ने पृथक् चलन यहाँ देख्न पाइयो । ठूलो फेदी बजार नजिकैबाट नै थान मन्दिरको सुरुवात् हुँदोरहेछ । तीर्थ व्रत गर्न आएकाहरु त्यहींदेखि नै फूलपाती चढाउँदै अनि पूजा गर्दै हिंड्दा रहेछन् । हामी बाटामा भेटिएका मानिसहरुसँग कुराकानी गर्दै रह्यौं । गुराँसका बुट्टयानहरु बाटामा प्रशस्त थिए । उकालोमा अक्सिजनको कमीले गर्दा सास फेर्न केही गाऱ्हो हुन्थ्यो । हिंड्न पनि अप्ठ्यारो महसुस भयो । पाथीभरा मन्दिर परिसर निस्कँदा हामीले चिसोको अनुभूति गऱ्यौं ।

पाथीभरा मन्दिर क्षेत्र संरक्षण तथा सम्बर्द्धन समितिका पदाधिकारी त्यहाँ पुग्नुभएको जानकारी पायौं । हामीले उहाँहरुको ढोका ढक्ढक्यायौं । भित्रबाट के होला भन्ने प्रश्न आयो । उहांहरुलाई हामीले नेपाल हुँदै विश्वभ्रमण गर्न हिंडेका यात्रीहरु हौं भन्यौं । हामी ढोका बाहिर उहाँहरु कोठाभित्र । साँझ परेको थियो । उहाँहरुले उता तल मान्छे छन् भेट्नुस् भन्नुभयो । हामी यसो कोठाबाट केही अगाडि बढेका थियौं । सबै चोरै चोर, फटै फटाहा भन्ने शब्द भित्रका मान्छेहरुले भनेको हामीले सुन्यौं । मन्दिरजस्तो पवित्र ठाउँमा त्यस्ता शब्दहरु हामीलाई प्रयोग गरिएका हुन् वा अरु कसैलाई ? हामीलाई थाहा भएन ।

पूजारी टीका पौडेल र कर्मचारी भक्तिहांग लिम्बुले हामीलाई ओड्ने ओछ्याउनेको व्यवस्था गर्नुभयो । हामी पाटीमा आयौं । पाटीमा मेलोंग घर बताउने ४ जना

युवाहरु आगो बालेर बसेका रहेछन्। बाहिर फुरुरु रुवाजस्तो हिउँ फुस्फसायो । हामी आगो ताप्दै ति युवाहरुसँग कुराकानी गर्न थाल्यौं । वीरबल मादेनले भन्नुभयो, नेपालमा डा. बाबुराम भट्टराईजस्तो क्षमतावान् अरु नेता नभएकाले देश बिग्रिएको हो । हामी सुत्यौं ।

पाथीभरा

२०६६ चैत्र ५: राती हामी ३ वटा कम्बल ओडेर सुतेका थियौं। हिउँ पर्ने ठाउँमा राती जाडो नहुने कुरै भएन। जेनतेन सुतेर बिहान ६ बजे उठियो, एक हिसाबले सुताई तपस्या गरियो । सँगै सुतेका साथीहरुले तलदेखि जर्किनमा पानी ल्याएका रहेछन्। त्यही पानीले हामीले पनि हातमुख धोयौं। एउटा कम्मलको रु. १० भाडा तिर्नुपर्ने रहेछ यहाँ । हामीलाई निःशुल्कै मिल्यो । आफूले ओडे ओछ्याएका लुगा पट्याएर हामीले सम्बन्धित ठाउँमा बुझायौं ।

श्रद्धालुहरु मन्दिरमा पुगेर पूजाआजा गर्दै घण्टका ध्वनिहरु निकालिरहेका थिए। श्रद्धालुको स्वागतार्थ बिहानको कलिलो घाम पनि त्यहाँ परिसकेको थियो। ठाउँ ठाउँमा चुत्रा काँडाका स साना पोथ्रा बाहेक सुकेको घाँस चौरमा छ। यहाँबाट नजिकै देखिंदा रहेछन्, कञ्चनजंघा र कुम्भकर्णजस्ता हिमालहरु। हामी पनि प्रफुल्लित हुँदै मन्दिरभित्र प्रवेश गर्‍यौं। वरिपरि पर्खाल लगाइएको भएपनि मन्दिर खुल्ला चौरमै खुल्ला छ, छाना छैन ।

देवीको ठूलो मूर्ति अनि स साना ढुंगाका अन्य प्रतिमाहरु छन्। त्रिशुल चढाउने ठाउँमा भक्कु त्रिशुलै त्रिशुल छन् भने छेउमा गणेश जीले सुँडो तेर्स्याएर आर्शिवाद दिइरेहको मूर्ति छ। फुरुम्बु, लिंखिम, ताप्लेथोक, सिकाइजा र फावाखोला गा.वि.स.को सिमानाले छुने पाथिभरा मन्दिर ३७९४ मिटरको उचाईमा छ। देशका विभिन्न भागका साथै विदेशबाट सो मन्दिरमा भक्तजन आउने जाने गरिरहेको पूजारी कुबेर धितालले बताउनुभयो ।

पहिले गुरुंग थर भएका एक मानिसले भेडा बाख्रा चराउन यो स्थानमा ल्याएछन्। त्यतिकैमा सबै भेडा बाख्रा अलप भएछन्। निद्रा लागेर गोठालो सुतेपछि सपनामा देवीले चोखो बोकाको बली दिन भनिछन्। गोठालोले बोका बली दिएपछि आफ्ना सबै भेडाबाख्रा फिर्ता पाएछन्। त्यसपछि यस ठाउँमा पूजा गर्ने चलन बसेको किम्वदन्ती छ, पूजारीले हामीलाई सुनाउनुभयो। कस्तो अनौठो किम्बदन्ती ?

पाथीभरा मन्दिर क्षेत्र संरक्षण तथा सम्बर्द्धन समितिका सदस्य लक्ष्मी काफ्लेले यहाँ विशेषगरी नौरथामा मेला लाग्ने जानकारी दिनुभयो। नरिवल फुटाएर पूजाआजा गर्नेको संख्या यहाँ बढी नै रहेछ, छेउमा पशुबली पनि भइरहेको थियो। यिनै दृश्य नियालेर हामीले पाथीभरा मन्दिर परिसर छोड्यौं ।

पाथीभरा मन्दिर परिसर क्षेत्रबाट सदरमुकाम फुंगलिंग पुग्ने योजना बनाएर डंका डंग ओरालो झर्‍यौं। ठूलोफेदी हिजो बेलुकी खाना खाएकै बन्धुको होटलमा आज बिहानको पनि खाना खान आउन निम्ता थियो। निम्तो नै भएपछि खाना नखाने कुरै भएन। हजुर बा हजुरआमाको साइनो लगाउन हामीलाई भट्टराई वंश दर्पणले सजिलो बनायो। हामी ठूलो फेदीमा उहाँहरुलाई धन्यवाद दिएर झर्‍यौं। तेर्से आइपुगेर दही खान भीम बहादुर कार्कीको पसलमा पस्यौं। दही अमिलो रहेछ, चिनी हालेर गुलियो बनाएर खाइ छाडियो ।

दही खाँदै गर्दा खोटांग खार्पामा जन्मिएकी अनि मनोकान्तिमा समर्पित सीता राई आइपुग्नुभयो । पशुपति मन्दिर परिसर काठमाडौंमा उहाँले लगातार टाउकोले टेकेर १२ घण्टे (शीर्षासन) पूरा गरिसक्नु भएको समाचार सुन्न र पढ्न पाएका थियौं हामीले। हाल म ७५ जिल्लाका विभिन्न मन्दिरमा शीर्षासन गर्दै हिंडेकी हुँ उहाँले भन्नुभयो। भोजपुर मजुवाकी तपस्वी योगमायाबाट विशेष प्रभावित उहाँ शीर्षासनमै (टाउकोले टेकेर) विभिन्न धर्म दर्शनसँग सम्बन्धित किताबहरु समेत पढ्ने गर्नुभएको हामीले पनि देखका छौं। जुन हामी धेरैका लागि कल्पना गर्न सम्म पनि गाऱ्हो छ। उहाँका अनुसार सबै धर्मलाई सबैले समान सम्झिए विश्वमा शान्ति आउँछ। उहाँले हामीलाई मकैका साथै विभिन्न गेडागुडी मिसाएर घरेलुरुपमै तयार गरिएको ताजा सातु दिनुभयो, जुन स्वास्थ्यका लागि एकदमै राम्रो डाइट हो। हामी त के दिन सक्छौं र उहाँलाई, उहाँको यो साहसिक यात्रा माथिको साहसिक कार्यलाई हाम्रो हार्दिक बधाई तथा शुभकामना। उहाँ र हामी बीचको मिसन संवाद सुनेर पसले कार्की दाईले दहीको पैसा लिन मान्नु भएन।

हामी उहाँसँग विदा भएर ओरालो झर्‍यौं। उहाँ मन्दिरतर्फ उकालिनुभयो। सुकेटार आइपुग्ने बेलामा दमक झापा निवासी वासु पौडेल र विष्णु अधिकारी हामीले भेट्यौं। केहीबेर उहाँहरुसँग गफगाफ गर्दै सुकेटारसम्म आइयो। सुकेटारबाट हामी दुईजना

मात्र ओरालो लाग्यौं । बीचमा एउटा होटलमा नास्ता गर्ने क्रममा त्यस होटलकी दिदीले भन्नुभयो, बाहुनले बाहुनसँग, क्षेत्रीले क्षेत्रीसँग, तामाङ्गले तामाङ्गसँग, गुरुङ्गले गुरुङ्गसँग वा जुनसुकै जातिले आफ्नोभन्दा अरु नै जातिसँग अर्थात अर्न्तजातिय (इन्टर काष्ट म्यारिज) विवाह गर्दा राम्रो हुन्छ ।

सरासर हामी फुङ्गलिङ्ग बजार झऱ्यौं । सेनाको व्यारेक अगाडि निर्मला पौडेल जीसँग भेट भएर हामी उहाँको घर दोर्खु १ आयौं । उहाँहरुसँग हिजो भू-तपस्या कार्यक्रममा परिचय भएको थियो । हिजोकै निमन्त्रणालाई स्वीकार गर्दै हामी उहाँहरुको घरमा आएका हौं । घरमा आएपछि परिवारका अन्य सदस्यहरु सोम, भीमा, शिव, लिला, विमला, उमेश पौडेल र नाङ्खोल्याङ्गका केशव अधिकारीसँग परिचय र कुराकानी भयो ।

कुराकानीका क्रममा सोम पौडेलले खोनपानीको पाइपमा आएको समस्या पत्ता लगाउन नसकेर हैरानी व्यहोर्नु परेको बताउनुभयो । आफू र कार्यालय कर्मचारीहरु पाइपमा आएको समस्या पत्ता लगाउन नै चिन्तित भएका बेला ग्राहकबाट आउने गालीले गर्दा मुड फ्रेश हुन नसकेको भन्दै यतिबेला घरपरिवार वा अन्य व्यक्तिसँग राम्रोसँग बोल्न मन नलाग्ने अवस्था छ । मान्छेलाई टेन्सन भएपछि अपशब्द पनि बोल्न आउँदो रहेछ भन्दै उहाँले गम्भीर हाँसो हाँस्नुभयो ।

खाना खाएपछि हामी सबैका सबैसँग महत्वपूर्ण कुराकानी भए । हामीले भ्रमण गरेका जिल्लाका केही फोटा हेरेपछि उहाँहरुले आफैं नेपाल घुमेर आएजस्तो अनुभूति भयो भन्नुभयो । जे होस्, हाम्रो देश नेपालका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय ठाउँका फोटाहरु देखाएर पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपाली जनतालाई जानकारी गराउन पाउनु हामीले आफ्नो अहोभाग्य सम्झेका छौं । र, यो क्रम नेपालमा मात्र सिमीत रहने छैन विश्व मानव समुदायमा पनि पुऱ्याउन हामी दृढ संकल्पित भएका छौं ।

२०६६ चैत्र ६: फुङ्गलिङ्ग छोड्ने योजनाका साथ हामी पौडेल परिवारसँग बिदा भएर बजार आइपुग्यौं । बजारका सबैलाई धन्यवाद दिएर हामी ताप्लेजुंगका केही भाग घुम्दै तेऱ्हथुम पुग्ने योजना बनाएर हिंड्यौं ।

फुङ्गलिङ्गबाट क्याम्पस परिसर हुँदै ओरालो झऱ्यौं । माथिबाटै तल कलकल बगिरहेकी तमोर नदीमा कतिबेला पुगेर घामले निकालेका पसिना र चिलाइरहेको टाउकाको मयल फालौं भन्ने हतारो लागिरहेको थियो । हामी चौतारीको शीतल ताप्दै दोभान आइपुग्यौं । तमोर नदी किनारका ढुंगामा लुगा फुकालेर पानीमा चोबलियौं । गर्मीको बेला चिसो नदीको पानीमा नुहाउन पाउनु भनेको प्रेमी प्रेमिका स्वर्गिक आनन्दमा डूबेभन्दा पनि बढी आनन्द आउनु हो । अहा, यो क्षण कसरी भुल्नु । तर प्रेमिकासँग स्वर्गीक आनन्दमा भने हामी अहिलसम्म भुलेका छैनौं है, सुनेका भरमा लेखेको । हा...हा...हा...।

तमोरपछि हामी मौवाँ खोला तरेर चाँगेको भूभाग लाग्यौं । साँझ पर्ने लागेको थियो । चाँगे १, तिरतरे निवासी बीरकुमार आंगुहांगको पसलमा हामी पस्यौं । त्यस पसलमा रक्सी खाएर बसेका केही दाईहरुले बास त पाइन्छ तर फटाइ गरे तमोर तर्न दिइन्न भन्दै थिए । उनीहरु मदिरामा लठ्ठिएका भएपनि घरबेटी सही भएकाले हामी बास बस्यौं । सन्तोष आंगबुहांगले भन्नुभयो, के गर्ने दाई हेर्नोस् समाजमा मान्छेहरु बुझ्दैनन्, लडाई झगडा गर्नमा बहादुरी ठान्छन् । झन् ढुंगे साँघुतिरका मान्छे त आफैं लडेर वा अकास्मत् शरीरको कुनै अंग काटिएर अस्पताल गएपनि अरु मान्छेले नै काटेको होला भनेर शंका गर्छन् । कस्तो विडम्बनायुक्त व्यवहार । आगामी दिनमा सबै मान्छेको चेत खुलेर समाजमा मेलमिलापको वातावरण सिर्जना होस्, हाम्रो कामना ।

घरबेटी बा वीरकुमारले वि.सं. २००७ सालमा अन्य भूभागबाट बाहुनहरुलाई लखेटेपनि चांगेबाट लिम्बुहरुले कुनै किसिमको दुःख नदिएको बताउनुभयो । जो जहाँ जे भएपनि सबै जातजाति एक ढिक्का भएर देशमा बस्न पाउनुपर्छ उहाँले भन्नुभयो । ताप्लेजुंगको तोङ्वा १ नं. मा गनिन्छ । घरमा पाहुना आएका बेला जसरी पनि मासु र तोङ्वा व्यवस्था गर्नुपर्ने चलन छ । के गर्ने ? उहाँको भनाई हो यो ।

२०६६ चैत्र ७: बिहान तिरतिरेबाट हामी ढुंगेसाँघु १ चाँगेछेउ यामनाथ भट्टराईको घरमा निस्कियौं । घरपरिवारले खाना खाइसकेको समय परेछ । फेरि पकाएरै उहाँहरुले हामीलाई खाना ख्वाउनुभयो । स्थानीय मा.वि. का शिक्षक खेमनाथ भट्टराईले ढुंगेसाँघु गा.वि.स. मै स्वर्गीय जननेता मदनकुमार भण्डारीको जन्म भएको बताउनुभयो । उहाँका अनुसार चाँगेमा भएका धेरै भट्टराईहरु बसाई सराई गरेर गइसकेका छन् । अब बाँकी रहेका २, ४ घर पनि तराई झर्ने तरखरमा छन् । भोजपुर भुल्के बिर्तामा पनि चाँगेबाटै कुलपूजा गर्न अंश लगेको भट्टराईहरु बताउँछन् । उहाँहरुसँग हामीले खानपिन गरेर केहीबेर कुराकानी गर्नमा समय खर्चियौं । उहाँहरुलाई धन्यवाद दिएर हामी बिदा भयौं । र, गुफा पोखरी जाने बाटो लाग्यौं ।

उकालो बाटो हिंड्दै गोर्जाबाट भुजेआएपछि हामी तेर्सो लाग्यौं । जंगलमा फूलेका राता, सेता प्याजी अनि अनेकौं जातका फूलका सौर्न्दय पान गर्दै, तस्वीर खिंच्दै, नाच्दै, गाउँदै, उर्र लाउँदै हामी हिंड्यौं । प्रकृतिसँग रमाउन पाउँदा कसको पो मन पुलकित नहोला र ? बुलु भनिने सेतो गुराँस प्रजातिको फूल झनै बढी ढकमक्क थियो यो बाटोमा । हामी मेन्छ्याम डाडाका ध्वजा पतकाहरुलाई नियाल्दै साँझमा गुफापोखरी बास बस्न आइपुग्यौं । मेन्छ्याम् डाँडा ताप्लेजुंग तेऱ्हथुम र संखुवासभा जिल्लाको सिमानामा पर्दोरहेछ । विश्वमै गुराँसको राजधानी भनेर चिनिने तिनजुरे मिल्के जलजले क्षेत्र पनि यही भेगमा रहेछ ।

दिउँसो वनजंगलको सौन्दर्यतामा हराइयो। बीचमा गाउँबस्ती खासै भेट्न नसकेकाले गुफापोखरी आइपुग्दा भोकाएका थियौं हामी। रेडियो खोल्दा अचानक एउटा दुःखद समाचार सुन्नु पर्‍यो। त्यो समाचार थियो, नेपाली काँग्रेसका सभापति, पूर्वप्रधानमन्त्री एवं वर्तमान उच्च स्तरीय राजनीतिक संयन्त्रका संयोजक गिरिजाप्रसाद कोईरालाको आजै मध्यान्ह १२:१० बजेको समयमा भएको निधन। एकजना पाका अनुभवी नेता देशले गुमाएको छ। उहाँलाई हाम्रो हार्दिक श्रद्धाञ्जली।

हुन तः पूर्व प्र.म. कोईरालालाई विभिन्न ढंगबाट टीका टिप्पणी गर्नेहरु छन्। हुनु पनि पर्छ, हामी पनि गर्छौं। त्यतिबेलाको विद्रोही नेकपा (माओवादी) सँग १२ बुँदे समझदारी गरी वि.सं २०६२/०६३ को जनआन्दोलन सफल बनाउन र शान्ति प्रक्रियाका लागि नेपाली राजनीतिमा उहाँले जुन भूमिका निर्वाह गर्नुभयो त्यो साँच्चिकै प्रशंसनीय छ। यसबाहेक उहाँबाट हामी सबैले सिक्नुपर्ने पाठ भनेको निडरता, आशावादिता, आत्मविश्वास र धेरै नबोले पनि गहन कुरा बोल्न सक्ने क्षमता नै हुन्, जसले कुनै न कुनै प्रभाव पारेरै छोड्छ।

सिक्न नहुने कुराचाहिं उहाँ कुर्सी, पारिवारिक र पुत्री मोहमा फस्नुभयो, जसले गर्दा दिनप्रतिदिन चम्किँदै गएको उहाँको छविमा दाग लाग्यो।

यी दुवै खाले गर्न हुने र गर्न नहुने पाठ हामीले सिक्न सक्यौं र व्यवहारमा लागू गर्न सक्यौ भने त्यो नै उन्नति र प्रगतिको एउटा महान् पाटो र बाटो हुनेछ। आशा गरौं आगामी दिनमा पूर्व प्र.म. गिरिजाप्रसादमा भएका कमजोरी हटाउन सक्ने र खुबी उठाउन सक्ने अझ क्षमतावान् राजनेता देशमा जन्मिने छन्, जन्मिउन्।

हामीले अब ५९ औं जिल्ला ताप्लेजुंगलाई समाप्त गरेर भोलीबाट ६० औं जिल्ला तेऱ्हथुम प्रस्थान गर्दैछौं। आजचाहिं संखुवासभाको गुफापोखरीमा भयो हाम्रो बास।

ताप्लेजुंग यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
एनेकपा (माओवादी)	रु. ५००/-
जिल्ला प्रशासन कार्यालय	रु. ५००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

देशको गौरव र गरिमा बढाउने अभियान। – ईश्वरराज रेग्मी (प्रजिअ), जिल्ला प्रशासन कार्यालय
लोकतन्त्र, मानवअधिकार, अभिव्यक्ति स्वतन्त्रताको संरक्षण होस्।
– खगेन्द्र अधिकारी (अध्यक्ष), राजेन्द्र श्रेष्ठ (सचिव), मोहनचन्द्र दाहाल, सुवास आचार्य, कमलप्रसाद भट्टराई, आनन्द गौतम, केशवप्रसाद भट्टराई, किशोर राई, गंगा गौतम, माला पालुंवा, धर्मप्रसाद पौड्याल एवं नेपाल पत्रकार महासंघ
सञ्चारकर्मीले वास्तविकतामा आधारित आफ्नो कलम स्वतन्त्रपूर्वक चलाउन पाउन्।
– सीता निरौला (वी.वी.सी. नेपाली सेवा र अन्नपूर्ण पोष्ट दैनिक)
यो अभियानले विश्व हल्लाओस्। – वृन्दा बराल (हं), साँब्लाखु
Bring spiritual and healthy human society. - **Christian Simon Sammeer**
God wish you success. - **Jyoti Niraula, Sablakhu**
विश्वकै एक असल नागरिक हुनु। – खेमनाथ भट्टराई (न्यासभित्त) र गणेश भट्टराई ढुंगेसाघु १ चाँगे छेउ
जनतालाई सुसूचित गराउनु पत्रकारिताको धर्म हो। – प्रेमकुमार श्रेष्ठ, स्थानीय विकास अधिकारी
एउटा नयाँ आयाम थप्न सकोस्। – तिलकुमार मेन्याङबो (अध्यक्ष), नेकपा एमाले
पत्रकारिताको विश्वसनीयतामा उत्प्रेरणा पैदा गरोस्। – सुमन (इन्चार्ज), एनेकपा माओवादी
मानिस एउटा सक्रिय र चेतनशील प्राणी हो। – खेमकुमार र जानुका श्रेष्ठ (च्यांग्रे ६, औलिया भोजपुर), न्यू ताप्लेजुंग स्टोर्स, फुंगलिंग
भ्रमणको ज्ञानलाई दुनियाँमा फैलाउनु। – प्रेमकुमार राई र दिलकुमारी राई (भट्टराई), पाथिभराफेदी
स्वतन्त्रता तथा शान्तिका लागि यात्रा।
– ठाकुर भट्टराई र इन्द्रनारायण भट्टराई, श्री पञ्चकन्या कालिका होटल एण्ड लज (फुरुम्बु ३), पाथिभरा ठूलोफेदी ताप्लेजुंग
ओम जय गुरुदेव, जय गुरुमा। – नेपाल भ्रमणयात्री सीता राई (खार्पा खोटांग), भीमबहादुर कार्की, फुरुम्बु ४, तेर्से देउराली
प्राप्त ज्ञानलाई विश्वभर नै प्रचार प्रसार गर्दै जानुहोस्। – केशव अधिकारी, नांगखोल्यांग ७
सम्पूर्ण परिवारको तर्फबाट हार्दिक शुभकामना। – शिवराज र लिला पौडेल, विमला, निर्मला पौडेल, दोर्खु ९
परिस्थितिलाई सामना गर्दै यात्रा सफल रहोस्। – भीमा गौतम (लेटांग मोरंग), हालः दोर्खु ८

६० औं जिल्ला तेऱ्हथुम डायरी

> **संक्षिप्त परिचय**
>
> क्षेत्रफलः ६७९ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ३२ वटा, निर्वाचन क्षेत्रः १, सदरमुकामः म्यांगलुंग, अञ्चलः कोशी, विकास क्षेत्रः पूर्वाञ्चल भौगालिक अवस्थितिः पूर्व पाँचथर, पश्चिम धनकुटा, उत्तर ताप्लेजुंग, संखुवासभा र दक्षिण धनकुटा र पाँचथर।
>
> पर्यटकीय स्थलः ह्यात्रुंग झरना (नेपालकै सबभन्दा अग्लो ३६५ मि.), याकुम्बा गढी, गौखुरी गुफा, मार्गा पोखरी, मेन्छ्याम डाँडा, मजौ गुफा, आठराई पोखरी आदि।
>
> (श्रोतः जि.वि.स.)

२०६६ चैत्र ८ गतेः बिहानै देखि रेडियोका स्वर र अखबारका पूरै पाना स्वर्गीय नेता एवं पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोईरालाका जीवनका विविध गतिविधिहरुमा केन्द्रित रहेको सुनियो। दिनभर रेडियो, टेलिभिजनमा शोक धुन र उहाँको विषयमा विभिन्न व्यक्तिहरुले बोलेका कुराहरु प्रसारण भइरहे। हामी पनि रेडियोमा प्रत्यक्ष प्रसारण सुन्दै रह्यौं।

गुफा पोखरीमा हामी बसेको होटल संखुवासभा जिल्लातर्फ पर्दोरहेछ। वल्लो पाटो तेऱ्हथुम पल्लो पाटो संखुवासभा यहींबाट हाम्रो ६० औं जिल्ला तेऱ्हथुम यात्रा सुरु भयो। हामी बसेको होटलकी दिदीलाई यो ठाउँ कुन गा.वि.स. मा पर्छ भनेर सोधेको त उहाँलाई थाहा नै रहेनछ। शेर्पा जातिकी ती दिदीलाई नेपाली बोल्न हम्मे हम्मे परेको पाइयो। हामी ईलाका प्रहरी कार्यालय गुफापोखरीतिर लाग्यौं। खुल्ला चौरमा टेन्ट टाँगेर विदेशी पर्यटक घाममा खुब मज्जाले ब्रेकफाष्ट लिंदै थिए। अनि टेण्ट उठाउँदै पनि। चौरको रेन्जलाई नियाल्दै हामी प्रहरी कार्यालय आयौं। कार्यालयमा स्थानीयवासी भोला कार्की, प्रहरी नायब निरीक्षक तीर्थकुमार कार्की र अन्य प्रहरी जवानले गुफा पोखरीको विषयमा केही जानकारी गराउनुभयो।

मेन्छ्यायाम भनेको धान नाच्ने डाडा। जहाँ धान नाच नाच्दै शिवपार्वती अलप भएको किम्वदन्ती पनि रहेछ। यस भेगमा बत्तीस प्रजातिमध्ये २८ प्रजातिका गुराँस पाइन्छ। भौगोलिक एवं प्राकृतिकरुपले स्थान सही भएपनि सही नेता नपाएकाले यो ठाउँ पछाडि पऱ्यो, स्थानीयवासी भोला कार्कीले दुःखेसो गर्नुभयो। ४, ५ वर्षदेखि यस ठाउँमा जलवायु परिवर्तन हो वा अरु कुनै कारण समयसापेक्ष हिउँपानी नपरेको उहाँले बताउनुभयो। संखुवासभाको नूनढाकी गा.वि.स. र तेऱ्हथुमको सिरजुंग गा.वि.स. यहाँ जोडिएका रहेछन्। कञ्चनजंघा, मकालु, कुम्भकर्णजस्ता हिमश्रृंखला देख्न पाइने गुफा पोखरी पर्यटकहरुको मूल बाटो नै रहेछ। हामीलाई ईलाका प्रहरी कार्यालय नै बिहानको खाना प्रबन्ध गऱ्यो।

हिंड्दै हामी अगाडि बढ्यौं। चौकी बजार छेउमा झनै बढी गुराँस फूलेको देखियो। मंगलबारे हुँदै डाँडाका खुल्ला चौर अनि खर्के खर्क हिंड्दा खुब रमायौं हामी। १,२ ठाउँमा याक झोपा चरिरहेको दृश्य पनि देख्न पाइयो। मादीमूलखर्क चौकीबजारबाट हामी देऊरालीतर्फ उकालो लाग्यौं।

त्यतिबेलासम्म संखुवासभा र तेऱ्हथुमको सिमानामा हिंडिरहेका हामी अब भने पूर्णतया तेऱ्हथुमकै भूभाग प्रवेश गरिसकेका थियौं। देऊरालीबाट ओरालो झर्दा ठाउँठाउँमा मानिसहरु दाउरा काटिरहेका भेटिए। कानूनीरुपमा हो वा गैर कानूनी थाहा भएन। तर, रुखहरु निकै काटिएको देखेर साऱ्है दुःख लाग्यो।

पुराना-पुराना शेर्पा जातिले बनाएका माने र अक्षरहरुको फोटो खिंच्दै रहयौ हामी। सिमीनाक्सी पाथीभरा मन्दिर परिसर आइपुग्दा हामीलाई जिरीखिम्ती बजारको दृश्यले स्वागत गऱ्यौं। सशस्त्र प्रहरीको सुरक्षा बेस क्याम्प छेवैबाट झरेर हामी जिरीखिम्ती बजार आइपुग्यौं।

स्व. नेता गिरिजाप्रसाद कोईरालाको शोकमा बजार पूरै बन्द थियो। मानिसहरु रेडियो सुन्ने र टेलिभिजन हेर्ने कार्यमा व्यस्त देखिए। हामी पनि स्वर्गीय नेताको पार्थिव शरीर आर्यघाट लगिंदै गरिएको रेडियो नेपालको प्रत्यक्ष प्रसारण सुन्दै स्थानीय एक होटलमा बास बस्यौं। जिउँदो रहँदा पुत्ला दहन र आलोचनामा मात्र ध्यान दिने व्यक्तिहरु पनि आज शोक मनाउने र श्रद्धाञ्जली व्यक्त गरिरहेका छन् भन्ने खबर रेडियोबाट सुन्न पाइयो। नेकपा एमालेका नेता एवं प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारले पनि कोईरालालाई राजकीय सम्मान दिएर अन्त्येष्टिको



जिरी खिम्ती

चाँजापाँजो मिलायो । मानिसहरु भन्दै थिए, मरण त गिरिजाप्रसादको जस्तो भए पो !

जीवनको उत्तरार्द्ध कालमा नेपाली राजनीतिका हस्ती कोईरालाले फोक्सो रोगी भएका कारण चूरोट छोडेको र विभिन्न गल्तीको प्रायश्चित गरेको खबर सञ्चारमाध्यमबाट सुन्न पाइएको थियो । यसबाट धुमपान गर्नेहरुले केही पाठ सिके राम्रो हुने थियो ।

२०६६ चैत्र ९: बिहान १० बजेसम्म जिरी खिम्तीमै अध्ययन र आराम गरेर हामीले समय बितायौं । खाना खाएपछि हिंड्दै हामी तेऱ्हथुम जिल्ला सदरमुकाम म्याङ्गलुङ्ग बजारतिर लाग्यौं । कतै कतै अलि अलि पिच र धेरैजसो थिच बाटो पनि भेटिन्थ्यो । सदरमुकाम म्याङ्गलुङ्ग बजार नपुग्दै पाइपमा लगिएको पानी सकेट फूटेर हो वा फूटाइएर नराम्ररी खेर गइरहेको थियो । सदरमुकाम लगिएको पानी होला बजारमा खान छ कि छैन ? यहाँ यसै खेर गइरहेको छ, यस्तै कुराकानी गर्दै हामी अगाडि बढ्यौं ।

सदरमुकामको स्वागतद्वार स्वर्गीय विष्णुमाया लिम्बुको सम्झनामा बनाइएको रहेछ । सानो बजारभित्र कतै कतै पिच भएपनि धुलोको मात्रा एकदमै बढी । हामीलाई पत्रकार महासंघ तेऱ्हथुम अध्यक्ष महेन्द्रप्रसाद काफ्लेले कार्यालयमा बोलाउनु भयो । तेऱ्हथुम उद्योग वाणिज्य संघ र पत्रकार महासंघको कार्यालय एउटै रहेछ । त्यहाँ हामीले महासंघ अध्यक्ष काफ्ले एवं उ.वा.संघ अध्यक्ष सभा पौडेल लगायत अन्य पदाधिकारीलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको अभियानबारे जानकारी दियौं ।

पत्रकार महासंघ अध्यक्ष काफ्लेले ढाका कपडा, ३६५ मिटर लामो एशियाकै सबभन्दा लामो ह्यात्रुंग झरना, तिनजुरे मिल्के जलजलेजस्ता पर्यटकीय हिसाबले महत्पूर्ण स्थान रहेको तेऱ्हथुमबारे कमैलाई जानकारी छ भन्नुभयो । उहाँले हाल तेऱ्हथुममा नवबिहानी र तेऱ्हथुम आवाज साप्ताहिक अनि एउटा एफ.एम. रेडियो प्रकाशित प्रसारित भइरहेको बताउनुभयो । उहाँका अनुसार नारायणमान श्रेष्ठको सम्पादनमा २०१६ सालमा चन्द्रमा भन्ने भित्ते पत्रिकाबाट तेऱ्हथुमको पत्रकारिता सुरु भएको हो । हामीलाई महासंघले दुई दिन होटलमा खाने बस्ने प्रबन्ध मिलाइदियो ।

हामी जिल्ला प्रशासन कार्यालय गयौं । एउटै कम्पाउण्ड जोडिएका भवनमा प्रशासन, जि.वि.स., मालपोत र जिल्ला अदालत रहेछन् । मालपोत कार्यालय प्रमुख गौतम अमात्य, लेखापाल सहजीत राई लगायतसँग हाम्रो कुराकानी भयो । उहाँहरुले विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो । जि.वि.स. को कार्यालयमा सूचना केन्द्र प्रमुख देवेन्द्र निरौलासँग हामीले कुराकानी गऱ्यौं । प्रमुख निरौलाले जि.वि.स. र तेऱ्थुमका स्थानीय सञ्चारकर्मीसँग सम्बन्ध राम्रो रहेको तर पत्रकारिता क्षेत्रलाई कुनै पनि किसिमको सहयोग गर्ने व्यवस्था भने जि.वि.स. ले गरेको छैन भन्नुभयो । त्यहाँबाट हामी होटल निलकमलमा आएर बस्यौं ।

२०६६ चैत्र १०: बिहान बजार क्षेत्रको भ्रमण गऱ्यौं । ठूलो वरको फेदका जराहरुमा सिंहवाहिनी भगवती मन्दिर बनाइएको रहेछ । बिहान हामीले स्थानीयस्तरमा उत्पादित तरकारी बजार पनि अवलोकन गऱ्यौं । वि.सं. २०५९ सालमा आगलागी भएर ध्वस्त पुरानो बजार पुन: निर्माण हुँदै गरेको देखिन्छ ।

बिहानी खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय पुग्यौं । प्रमुख जिल्ला अधिकारी सीताराम कार्कीले सानो जिल्ला खासै राजनीतिकरुपमा चासो राख्नेहरु पनि छैनन्, त्यसकारण पनि यहाँ पत्रपत्रिका फस्टाउन नसकेका हुन् भन्नुभयो । हामी प्रशासनको तर्फबाट उहाँले दिनुभएको शुभेच्छा पत्र अनि चियापानमा सरिक भयौं । पहिले सल्यान जिल्ला भ्रमणमा पनि भेट हुनुभएका प्रजिअ कार्कीसँग यात्राका क्रममा भएको हाम्रो यो दोश्रो भेट हो । फेरि अर्को जिल्लामा पनि भेट हुने हो कि भन्दै हाँसो ठट्टा पनि चल्यो, उहाँसँग ।

हामी नेकपा (एमाले) को कार्यालय पुग्यौं । त्यहाँ सचिव विष्णुविक्रम सुब्बा, म्याङ्गलुङ्ग बहुमुखी क्याम्पसका प्राध्यापक दधिराम न्यौपाने लगायतसँग हाम्रो भेट भयो । हाम्रो लक्ष्य योजना सुनिसकेपछि उहाँले स्था.वि.अ. खड्ग बहादुर चापागाईंलाई फोन गर्नुभयो । हामी सर्वदलीय संयन्त्रमा पास गर्छौं सबैलाई दिइने सामान्य रु. ३०० भन्दा उहाँहरुको विश्वभ्रमण अभियान भएकाले विशेषरुपमा व्यवस्था मिलाइदिनु होला ।

त्यहाँबाट हामी एनेकपा माओवादी कार्यालय पुग्यौं । सचिव सचिन शर्मा, महिला कार्यकर्ता विमला फुयाल, फूर्वी शेर्पा लगायत अन्य व्यक्तिहरुसँग प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता अभियानबारे कुरा गऱ्यौं । उहाँहरुले भन्नुभयो, तथ्यसम्मत् कुराहरु आउँदा सबैले सच्चिने मौकाको रुपमा लिनुपर्छ, पत्रकारिता क्षेत्र स्वतन्त्र, निष्पक्ष र सबैको भावना समेट्न सक्ने हुनुपर्छ ।

आफ्नो आस्था क्षेत्रका कुराहरु लुकाएर अन्य पक्षका नभएका कुराहरु कुनै पनि पक्षका पत्रकारहरुले सार्वजनिक गर्नु हुँदैन। सचिव शर्माले पनि एल.डी.ओ. लाई फोन गरेर अरुलाई गर्ने सहयोग भन्दा विशेष प्रकारले सहयोग गरेर संयन्त्रमा राख्नुहोला भन्नुभयो। त्यहाँबाट हामी नेपाली काँग्रेस पार्टी कार्यालय पुग्यौं। कार्यालय बन्द भैसकेको रहेछ।


सदरमुकाम म्याङ्गलुङ्ग

हामी जि.वि.स. पुग्यौं । जि.वि.स.मा स्था.वि.अ. खड्गबहादुर चापागाईलाई भेट्यौं। जिल्लाको आर्थिक अवस्था कमजोर भएकाले एकजनालाई रु. ३०० भन्दा बढी दिन सकिदैन त्यसकारण २ वटा निवेदन लेख्नुस् भन्नुभयो। हामीले राजनीतिक दलका प्रतिनिधिले त २, ४ हजार एल.डी.ओ. ले चाहेमा दिन सक्नुहुन्छ र हामीले फोन पनि गरिदिएका छौं भन्नुभएको छ भन्दा उहाँले भन्नुभयो, नेवार र बाहुन भए त दिन्थ्यो होला, तर म त क्षेत्री मैले बोलेभन्दा बढी दिन्न भन्नुभयो। अन्ततः जनताको पैसा जति भएपनि ठिकै छ भनेर हामीले रु. ३०० कै दरले २ जनाको नाममा दिइएको रु. ६०० नै लियौं। उहाँको व्यक्तिगत थियो भने त हामीले लिने थिएनौं। किनकी उहाँको कुरा गराईले यही बताइरहेको थियो।

जि.वि.स. बाट हामी मेन्छ्याम सञ्चार सहकारी संस्थाद्वारा सञ्चालित रेडियो मेन्छ्याम् १०२.६ मे. पुग्यौं। त्यहाँ एफ.एम. कर्मी साथीहरु रत्न खापुंग, मनु याक्थुंगवा, प्रवीण श्रेष्ठ, आशा तुम्वाहाम्फे, प्रेमप्रकाश गुरागाईं बसुन्धरा सिनागु लगायतसँग हाम्रो परिचय भयो। यो रेडियोले मलामी जाने सूचना प्रवाह गरेको पनि हामीले पाँचथर र इलामको संगम राँकेमा सुनेका थियौं। पहिलोपटक यो सूचना सुनेकाले हामीलाई अनौठो लागेको थियो। १०० वाट प्रसारण क्षमता भएको रेडियोमार्फत् जनतालाई सूचना, मनोरञ्जन लगायतका क्षेत्रमा सहयोग पुऱ्याइरहेको यो रेडियोमा पनि श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नभएको रेडियोकर्मीहरुले बताए। बेलुकी हामी हिजो बसेकै होटल आयौ.। खाना खाएर सुत्यौं।

२०६६ चैत्र ११: बिहान पनि हामी रेडियो स्टेशन पुग्यौं। सञ्चालक प्रवीण श्रेष्ठ बाबु बिरामी भएकाले आउन पाउनु भएन, साथीहरुले भन्नुभयो। हुन तः अन्तर्वार्ता रेकर्ड गर्छौं भनेर उहाँले नै बोलाउनु भएकाले हामी त्यहाँ पुगेका थियौं। त्यसपछि हामी वसन्तपुर जाने योजना बनाएर बसपार्क झऱ्यौं। बस काउण्टरमा गएर हामीले हाम्रो अभियानबारे जानकारी दियौं। उनीहरुले भने, राम्रो काममा हिंड्नु भएछ सफल हुनुहोस्, तर सबै क्षेत्रको तारो बनेको यातायातका साधनमार्फत् तपाईहरुलाई निःशुल्क यात्रा गराउन सक्दैनौं।

हामी सदरमुकाम म्यांगलुंगबाट वसन्तपुरका लागि गाडीमा चढ्यौं। गाडी खचाखच भयो। जिरीखिम्ती बजारमा केहीबेर गाडी रोकियो। पत्रकार महासंघ अध्यक्ष महेन्द्र काफ्ले बिदाईको हात हल्लाउन आइपुग्नुभयो। जिल्लाका अन्य पत्रकार साथीहरु गाउँमा रिपोर्टिंग गर्न जानुभएकाले भेट हुन सकेन। गाडी लसुने आइपुगेपछि रोकियो। मान्छेहरु अझै भरिए। कण्डक्टरले एकजनाको पैसा लिए। हामीलाई सिट छोडेर उभिन वा छतमा बस्न भने। हामी छतमा बस्यौं। कच्ची बाटो धुलोले बेलाबखत हामीलाई स्वाई खाइरहन्थ्यो। डाडापाखाको दृश्य हेर्दै हामी अगाडि बढिरह्यौं। साँघुरो बाटो भएकाले विपरीत दिशाबाट आएको गाडीलाई साइड दिन हम्मे हम्मे पर्दथ्यो।

बिहान ११ बजे वसन्तपुर बजार आइपुग्यौं। होटलमा खाना खायौं। कान्तिपुर तेन्हथुम संवाददाता चन्द्र कार्कीलाई फोन गर्‍यौं। उहाँ आएर हामीलाई बजारतिर घुमाउन लानुभयो। वसन्तपुर गा.वि.स. वडा नं. ४ मा अवस्थित बजारमा स्थानीयवासी लक्ष्मण तिवारी, हरिकृष्ण निरौला, ईलाका प्रहरी कार्यालयका इन्स्पेक्टर कमल खत्री लगायतसँग हाम्रो कुराकानी भयो।

एमाले जिल्ला नेता समेत रहनुभएका तिवारीले देशमा राजनीतिक तरलताका कारण सबैजना असुरक्षित रहेकाले संविधान निर्माण गरेर कार्यान्वयनमा लागेपछि सबैकुरा सुधार हुँदै जाने धारणा व्यक्त गर्नुभयो। सञ्चारकर्मी बढी मारमा परिरहेको कुरा पनि साँचो हो, उहाँले स्वीकार गर्नुभयो। हामीसँग भेटघाट गरिएका व्यक्तिहरुले नेपाली सञ्चारमाध्यमले जनतालाई सुसूचित गर्न उल्लेखनीय योगदान गरेपनि सकारात्मक एवं मान्छेलाई ऊर्जा प्रदान गर्ने किसिमका सामाग्रीहरुलाई भने प्राथमिकता नदिएको प्रति गुनासो पोखे। राजधानीबाट प्रकाशित पत्रपत्रिकाहरुमा स्थापित लेखकहरुको स्तरीय लेख नभएपनि ठाउँ पाउने तर अन्य व्यक्तिहरुको स्तरीय लेखले पनि ठाउँ नपाउने र डष्टवीनमा फालिने गरेका छन् भन्ने आरोप पनि उनीहरुले लगाए।

वसन्तपुर बजार मकालु, कञ्चनजंघा र किमाथांका लगायतको प्रवेश द्वार हो। कोशी अञ्चलमा गाडीबाट पुगेर सजिलै हिउँ खेल्न पाइने स्थान, तिनजुरे मिल्के जलजल (टी.एम.जे.) को गन्तव्य स्थल, मेची काली पहाडी राजमार्गले छुने पर्यटकीय

स्थलमध्येको एक वसन्तपुर, पूर्वी पहाडी जिल्लाको प्रमुख गन्तव्य हो, पत्रकार चन्द्र कार्कीले भन्नुभयो । प्रहरी निरीक्षक कमल खत्रीको जन्मघर पनि प्याउली भोजपुर नै रहेछ । उहाँसँग पनि केहीबेर कुराकानी जम्यो, बजार घुमियो ।

हामी बास बस्न एक होटल आयौं । भरौल ८ सुनसरी घर भएका दुवै खुट्टा सुकेका अपांग चन्द्र मुसहरले हाम्रो पर्चा पढ्नुभयो । अरु बढी केही नसोधी तपाईंहरुलाई मैले सहयोग गर्नुपर्छ र तपाईंहरुले लिनै पर्छ भनेर उहाँले हामीलाई अपार प्रेमका साथ रु. ३० सहयोग गर्नुभयो । हुन पनि विश्वभ्रमणको अभियानलाई यस्तै धेरै दुःखमा परेका व्यक्तिहरुले नै बढी बुझ्ने र स्वच्छ सहयोग गर्ने गरेको यात्रामा हामीले पाएका छौं। अरुसँग मागेर आफ्नो गुजारा चलाउने यी अपांग व्यक्तिले हामीलाई गरेको यो सहयोग अत्यन्तै महत्वपूर्ण र अतुलनीय छ । हामी यही होटलमा बस्यौं । रक्सीले मातेका व्यक्तिहरुले होटल साहुकी छोरीलाई जिस्काउँदै ठेलेर भाँडा लडाइ दिएको निहुँमा केहीबेर दुवै पक्षबीच कडा वादविवाद पर्‍यो । वादविवाद हुने चिजै खाए अनि बेचेपछि किन नहोस् त यस्तो ?

पत्रकार चन्द्र कार्कीसँग

२०६६ चैत्र १२: बिहान पनि पत्रकार चन्द्र कार्की अनि राष्टिय लाली गुराँस संरक्षण व्यवस्थापन समिति सम्बद्ध प्रकाश श्रेष्ठसँग कुराकानी गर्‍यौं । पत्रकार कार्कीले भन्नुभयो तेऱ्हथुममा ३, ४ जना साथीहरुले व्यवासायिक पत्रकारिता गरिरहेका छन्, केही वर्ष पहिलेसम्म कुनै व्यक्तिको समाचार आएमा पत्रिका नै नपढ्ने परिपाटी थियो, तर अहिले आएर पढ्ने पाठकहरु बढेका छन्, सञ्चारमाध्यमबाट प्रसारित समाचारको प्रतिक्रिया पनि पाइन्छ, तर पहिले पत्रकारहरु भूमिगत संगठन वा प्रशासनबाट असुरक्षित महसुस गर्दथे भने हाल व्यक्ति-व्यक्ति विशेषबाट पनि असुरक्षित भएका छन्, समाजमा आफ्नो विषयमा कुनै समाचार आएमा गल्ती कमजोरी सुधार्नेतिर लाग्ने परिपाटीको अझै विकास हुन सकेको पाइदैन । तथ्यसम्मत् समाचार आएपनि यो पत्रकार फलानो पार्टीतिर आबद्ध थियो र मेरो रिसले लेखिदियो भन्ने चलन छ । हुन त १,२ जनाले पत्रकारिताको बदनाम नगरेका पनि होइनन् । जसले गर्दा इमान्दार र योग्य पत्रकारहरु यही विकृत र असुरक्षित वातावरणको शिकार भएका छन् ।

वसन्तपुरले तेऱ्हथुम, धनकुटा र संखुवासभा जिल्लाको भूभागलाई छोएको रहेछ । ६० औं जिल्ला तेऱ्हथुम भ्रमण वसन्तपुरमै अन्त्य गरेर हामी ६१ औं जिल्लाको रुपमा संखुवासभा तिर प्रस्थान गर्‍यौं ।

तेऱ्हथुम यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. ६००/-
जिल्ला प्रशासन कार्यालय	रु. ५००/-
जिल्ला मालपोत कार्यालय	रु. ५००/-
ईलाका प्रहरी कार्यालय, वसन्तपुर	रु. ५००/-
एनेकपा (माओवादी)	रु. १६०/-
लक्ष्मण तिवारी (वसन्तपुर ४)	रु. १५०/-
सोमनाथ गौतम	रु. १००/-
हरिकृष्ण निरौला (वसन्तपुर ४)	रु. १००/-
विष्णुविक्रम सुब्वा	रु. १००/-
दधिराम न्यौपाने	रु. १००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

उच्च कद्दर सफलताको शुभकामना । - महेन्द्र काफ्ले (अध्यक्ष), नेपाल पत्रकार महासंघ, सभा पौडेल (अध्यक्ष), उद्योग वाणिज्य संघ
सकारात्मक सोचको अवरधारणा । - सीताराम कार्की (प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
नेपाली समाजलाई एउटा सन्देश दिनेछ । - योगेश ढुंगाना, होटल निलकमल, स्यांगलुंग बजार
नेपाली पत्रकार सुरक्षाको दृष्टिले अत्यन्तै जोखिम अवस्थामा छन् । - विष्णुविक्रम सुब्बा (सचिव), नेकपा एमाले
उद्देश्यमा सफलता मिलोस् ।
- फूलकुमार लिम्बु (मोराहांग १), हालः स्यांगलुंग क्याम्पस, विमला फूयाल, (जिरी खिम्ती ९), फूर्बी शेर्पा, (श्रीजुंग ९)
साहसिक अभियानप्रति हार्दिक सम्मान । - सचिन शर्मा, एनेकपा माओवादी
कदमप्रति आभार । - मनु याक्थुंगबा, रत्न खापुंग, रेडियो मेन्छ्याम, प्रेमप्रकाश गुरागाई, रेडियो मेन्छ्यायम, स्यांगलुंग बजार
विना अवरोध उद्देश्य पूरा होस् । - चन्द्र कार्की, कान्तिपुर दैनिक संवाददाता
लक्ष्यमा पुग्न सफलता मिलोस् । - कमल खत्री (प्रहरी निरीक्षक) ईलाका प्रहरी कार्यालय

६१ औं जिल्ला संखुवासभा डायरी

२०६६ चैत्र १२ गतेः तेऱ्हथुम वसन्तपुर बजारबाट तामाफोक ९, टुटे देऊराली हुँदै ६१ औं जिल्लाको रुपमा संखुवासभा भ्रमणमा हामी जुट्यौं। हुन त हामी यस अगाडि संखुवासभाको तुम्लिङ्गटार मनकामना हुँदै भोजपुर दिंलादेखि नेपाल भ्रमण सुरु गर्न काठमाडौंबाट पुगेका थियौं। तर आज नयाँ बाटो हुँदै औपचारिक संखुवासभा भ्रमण गर्न थालेका छौं।

टुटे देऊरालीबाट धुले बाटोमा गाडीले उडाएको धुलो स्वीकार गर्दै हामी अगाडि बढ्यौं। ओखे आइपुगेर बिहानी खाना खायौं। होटलकी दिदीले भनिन्, हामी गुराँसको फूलबाट रक्सी बनाउँछौं, १ लिटरको रु. १०० देखि १५० सम्म पर्छ, चिनी, हर्षा लगायतका रोगमा पनि यसले फाइदा पुग्छ। त्यहाँबाट हामी अगाडि बढ्यौं।

संक्षिप्त परिचय

क्षेत्रफलः ३,४८० वर्ग किलोमिटर, गा.वि.स. संख्याः ३३ वटा, नगरपालिकाः १ वटा, निर्वाचन क्षेत्रः २, सदरमुकामः खाँदबारी, अञ्चलः कोशी, विकास क्षेत्रः पूर्वाञ्चल

भौगालिक अवस्थितिः पूर्व ताप्लेजुंग, तेह्रथुम, पश्चिम भोजपुर, सोलुखुम्बु, उत्तर चीनको तिब्बत र दक्षिण धनकुटा, भोजपुर

भाषाभाषीः नेपाली, तामांग, वान्तवा, शेर्पा, लिम्बु आदि।

पर्यटकीय स्थलः मकालु वरुण राष्टिय निकुन्ज, सभापोखरी, दूध पोखरी, काल पोखरी, थाम पोखरी, गुफा पोखरी, संसारकै सबभन्दा होचो उपत्यका तुम्लिंगटार, मनकामना, सिद्धकाली, शिवधारा, पार्वती गुफा, आदि।

(साभारः जि.वि.स.बाट प्राप्त एक चिनारी)

आधा घण्टाजति हिंडेपछि हामी सडकबाट केही तल लाग्यौं। खोल्सामा पानी बगिरहेको थियो, तर थिएन धारो। तेऱ्हथुम प्रवेश गर्दादेखिकै लुगा धुने योजनालाई आजचाहिं पूरा गर्नु नै थियो, ढुंगाको धारो आफैंले निर्माण गऱ्यौं। फुरुंग हुँदै ताता घामका सामु चिसो पानीले नुहाईधुवाई गरियो। यात्राका क्रममा यो पनि पहिलो अनुभव भयो आफैंले धारो बनाएर नुहाएको। त्यसपछि यात्रा अगाडि बढ्यो।

रोड कच्ची पक्की दुवै थियो। पिच सडक ठाउँ ठाउँमा भत्किएको र उप्किएको पाइन्थ्यो। भर्खरै पिच गरेको यो बाटोमा के देख्नु परेको यस्तो ? यो पिच पनि कति चाँडो उप्किदो रहेछ ? सिमेण्ट उस्तो कि ठेकेदार ? वा अरु कुनै व्यक्ति वा निकाय ? हरियाली वनजंगल सँगै डाँडै-डाँडाको बाटो रमाइलो छ। हामी मुडे शनिश्चरे बजार आइपुग्यौं। त्यहाँ नास्ता गऱ्यौं। यही बजारबाट चारै दिशा जाने बाटो रहेछ। धनकुटाको डाँडागाउँसँग सिमाना जोडिएको यस बजारबाट संखुवासभा, आँखीभुई, तामाफोक, चैनपुर तथा डाडागाउँ चानुवातिर सडंक फाट्दो रहेछ। हामी चैनपुरको सडक समाएर अगाडि बढ्यौं। मुडेबजारबाट माथि डाँडामा ठूलो प्रतिमा देखियो। हामी उकालो निस्कियौं। किराँती राजा यलम्बरको मूर्ति हो भनेर एक स्थानीयवासीले हामीलाई चिनाए। सो डाडाबाट तुँवालो नलागेका बेला निकै गाउँ ठाउँ देखिन सक्ने हामीलाई अनुभव भयो।

मुडेमा सोध्दा अगाडि बास बस्ने ठाउँ पाउँछ, भनेकाले बाटो घटाउने उद्देश्यका साथ हामी हिंड्यौं। साँझ ६:१५ बजे हामी जौटारी आइपुग्यौं। त्यहाँ भएका २ घरमा बास माग्यौं। हाम्रोमा लुगाफाटोको अभाव छ, त्यसकारण बास बस्न आधा घण्टा हिंडेपछि भञ्ज्यांग पुग्नुहुन्छ भने। माम्लिङ्ग भञ्ज्याङ्ग कतिबेला आइपुग्ला भन्दै हामी ओरालो लाग्यौं। वानेश्वर ७, त्रिशुले संखुवासभा घर बताउने महेन्द्र तामांग पनि बाटामा भेट्टिनुभयो। २,४ वटा झुरुप्प टिन घर जुनको उज्यालोमा केही तल देख्दा अब भञ्ज्यांग आइपुग्यो कि ? भन्ने हामी अड्कल काट्थ्यौं। तर त्यहाँ झर्दा मान्छेहरु अझ आधा घण्टा लाग्छ भन्दथे। बीचका केही घरमा बास पाइन्छ कि ? भनेर सोधपुछ गर्थ्यौं उनीहरु भन्थे, अब भञ्ज्यांग आइपुगि हाल्यो नि। खै यो आधा घण्टाको दूरीमा रहेको भञ्ज्यांग कहिले आइपुग्ला ? हामी तीनै जना हाँस्दै ओरालो झऱ्यौं। बास पाइएन भने खोलामा मेरो दाजुको पसल छ त्यही पुगेर बस्नुपर्छ महेन्द्र जी भन्दै हुनुहुन्थ्यो।


राजा यलम्बर

डेढ घण्टा हिंडेपछि बल्ल माम्लिङ्ग भञ्ज्यांग आइपुग्यो । यही भञ्ज्याङ्गको एक पसलमा बास मागेर बस्यौं । आजकल पसल ठाउँ ठाउँमा पाइने भएकाले पनि गाउँघरमा बास दिन छाडेछन् । अनि अपरिचित मान्छेलाई घरमा बास दिन डराउँदा रहेछन् । भोली चाँडै चैनपुर पुगिने भयो भनेर खाना खाएर हामी सुत्यौं ।

२०६६ चैत्र १३: बिहान पौने ७ बजे हामीले माम्लिंग भञ्ज्यांग छोड्यौं । सडक छाडेर हामी छोटो गोरेटो पछ्याउँदै पिलुवा खोला झऱ्यौं । पुल तरेर नास्ता गऱ्यौं । ताता घाममा हामी खोलाबाट चैनपुरतर्फ उकालो लाग्यौं ।

केही माथि निस्किउञ्ज्यालसम्म त फूलेको सेतो फूलले बाटोको सौन्दर्यता बढाएको पायौं । पछि सुकौरो लागेर सेतो गनमनेको बुट्टाले पाखै सुख्खा भएको रहेछ । पसिनाका धारा बगाउँदै हामी हिंडिरह्यौं । बीचमा वर पीपलको चौतारीमा सयल ताप्दा त्यतिबेला हामीलाई डा. तारानाथ शर्माको घनघस्याको उकालो काट्दा निबन्धको याद आयो । आज शुक्रबार चैनपुरमा हटिया लाग्ने भएकाले मान्छेहरु बजारतर्फ यस्तो घाममा पनि भारी बोकेर त्यतिकै उकालो उक्लिरहेका छन् । फलाँटे गाउँ निस्किएर हामीले पानी पियौं । हिंड्नलाई अलिक सहज भयो ।

लामो समय खडेरी परेकाले पानीको मुहानहरु सुकेका छन् भनेर गाउँलेहरु चिन्ता प्रकट गर्दै थिए । संखुवासभाको हाल दोश्रो बजार अनि पुरानो सदरमुकाम चैनपुरको प्रवेशद्वारमा निस्कनासाथ जिल्ला अदालतको बोर्ड देखियो । यस अदालतमा पूर्वपरिचित कर्मचारी जरायोटार १, फेदीटोल भोजपुरका चन्द्रप्रसाद गौतम कार्यरत हुनुहुन्छ । उहाँले हामीलाई अदालतको क्वार्टरमा लगेर खानपिन गराउनुभयो ।

दिउँसो उहाँसँगै हामी चैनपुरको शुक्रबारे हटिया घुम्न गयौं । पहाडी बजार न हो माना पाथीको चलन छदैछ । थालजस्ता सख्खरका डल्ला छन् । हुन त स्वास्थ्यको दृष्टिले सेतो चिनीभन्दा सख्खर नै फाईदाजनक हुन्छ भनिन्छ । तर आजकालका हामी धेरै मान्छेले सेतो चिनी खाएर स्वास्थ्य बिगारिरहेका छौं । हामी यस्ता फाईदाजनक गाउँले उत्पादन अनि माटाका भाडाकुँडा, बाँसका डाला नांला हेर्दै बजार घुम्यौं । बजारबाट अदालतमा फर्किएर केही कर्मचारीसँग कुराकानी गऱ्यौं । बेलुकी खानपिन तथा बसोबास यही क्वार्टरमै भयो ।

२०६६ चैत्र १४ र १५: बिहान उठेदेखि नै जिल्ला डायरी अध्ययन लेखनमा व्यस्त रह्यौं । जिल्ला न्यायाधीश शिवप्रसाद पराजुलीलले मानिस जन्मेपछि संसार हेर्नु पनि ठूलो कुरा हो, त्यसकारण तपाईहरुले सुरु गर्नुभएको विश्वभ्रमण एकदम राम्रो छ सफल होस् भन्नुभयो । अध्ययन/लेखनको क्रमलाई सिध्याएर फेरि हामी चैनपुर बजारको भ्रमणमा निस्कियौं ।

हामीले भेटेका केही व्यक्तिहरुका अनुसार सदरमुकाम चैनपुरमा नै रहिरह्यो भने कर्मचारी र नौला मान्छेका कारण हाम्रा छोरीबुहारी बिग्रन्छन् भनेर यहाँका मान्छेले भनेपछि सदरमुकाम खाँदबारी सारिएको हो रे । यसमा अहिले केहीको पश्चाताप पनि रहेछ । संखुवासभा जिल्लाका ईलाका स्तरीय कार्यालयहरु रहेछन् यहाँ । नेवारहरुको बाहुल्यता भएको पुरानो बजार रहेछ चैनपुर । चैनपुरे करुवा भनेर नेपालमा चर्चित छ तर एक दुई ठाउँ कतै कतै देखिए पनि लोपोन्मुख अवस्थामा छ यो करुवा । आजसम्म यही अदालत क्वार्टरमा नै हाम्रो बास भयो । भोली खाँदबारीतर्फ जाँदैछौं ।

२०६६ चैत्र १६: बिहान ७:३० बजे खाँदबारी जाने योजनासहित चैनपुरबाट जीप चढ्यौं । जीपको भाडा पनि कर्मचारी चन्द्रप्रसाद गौतमले नै मिलाइ दिनुभयो । विगत ३ दिनदेखिको उहाँको सहयोग र सद्भावप्रति हामी अत्यन्तै आभारी छौं, उहाँलाई हाम्रो हार्दिक धन्यवाद । उहाँसँग बिदाईका हात हल्लाउँदै हामी जीपमा चढेर तुम्लिंगटारका लागि प्रस्थान गऱ्यौं । एकजना सोझो तत्यांग्रो बोल्ने मान्छे दौड्दै गाडीमा चढ्न खोजे । विचरा अगाडि देखि नै तुम्लिंग जाने भनेर उनी चढ्न खोज्दै थिए, तर उनलाई गाडीवालाहरुले चढ्न दिएनन् । गाडी आफ्नै गतिमा हुईकियो, बाध्य भएर उनी लुखुर लुखुर हिंड्न थाले... । त्यति सोझो मान्छेलाई कतै मिलाएर राखिदिएको भए कति ठूलो पुण्य हुन्थ्यो होला ? तर खोई अहिलेका मान्छेले पैसामा जस्तोसुकै पुण्य पनि बेचिसके ।

जीप खैरांग हुँदै सभा खोला झऱ्यो । एकजना दिदीले सानो एल.के.जी. मा पढ्ने बच्चालाई स्कूल पुऱ्याउन जीप रोक्न खोजिन् । ठाउँ छैन भनेर जीप अगाडि बढ्यो । दौड्दै ती दिदी छोटो बाटो झरेर जीप रोक्न लगाई छाडिन् । बच्चा जीपमा चढ्यो । कसैले काखमा राखेनन्, पुरुषभन्दा अलिक बढी संवेदनशील महिलाहरुले पनि वास्ता गरेनन् । उभिरहेको त्यो सानो बालकलाई हामीले नै काखमा राखेर स्कूलसम्म ल्याइदियौं । परीक्षा दिनका लागि ती बालक स्कूल हिंडेका रहेछन् । मान्छेको स्वभाव कस्तो भइसकेको होला ? हामी आफूलाई दुःख पर्दा अरुले सहयोग गरोस् भन्ने चाहना त राख्छौं, आफ्नो बच्चा वा कोही आफन्त छ भने पनि हामी मरिहत्ते गर्छौं । अरुको भनेपछि हामीलाई वास्तै छैन । हामी निजी स्वार्थै स्वार्थको साँघुरो घेरामा जेलिएका छौं, खुम्चिएका छौं ।

जीप तुम्लिंगटार आएर रोकियो । त्यही खाना खाएर हामी खाँदबारीतर्फ उकालो लाग्यौं । ढुंगा बिसाउने, छत्रेपाटी हुँदै हामी संखुवासभा सदरमुकाम खाँदबारी प्रवेश गर्‍यौं । ढुंगा छापेर बजार क्षेत्रमा पिच गर्ने तयारी भइरहेको रहेछ ।

अल्लोबाट हाते कपडा बुनिरहेकी महिला

सिधै हामी भानुचोक गयौं । साधिका शारदा पौडेल गीतम् र शान्ता तिवारी सुक्तम्को निमन्त्रणामा हामी उहाँहरुको कोठामा आयौं । शनिश्चरे १, मोरंग र लेखनाथ ९, कास्कीमा जन्मनुभएका साधिकाद्वय गीतम् र सुक्तम् हाल संखुवासभामा मनोक्रान्तिका सेमिनारहरु सञ्चालन गर्दै आउनुभएको रहेछ । उहाँहरुको कोठामा नवीनकला राई, देवकुमारी श्रेष्ठ, दिपाली पराजुली लगायतका मनोक्रान्तिप्रेमीहरु पनि योग, ध्यान रेकी साधनामा सहभागी भई विभिन्न शारीरिक एवं मानसिक रोगबाट आफूलाई स्वस्थ बनाउँदै हुनुहुँदो रहेछ ।

साँझमा बजार घुम्यौं । जीवन र जगत् सम्बन्धी गीतम् र सुक्तम् जीसँग उपयोगी कुराकानी भए । खाँदबारी बसुञ्जेल हामीलाई यहीं बस्ने व्यवस्था उहाँहरुले मिलाउनु भयो ।

२०६६ चैत्र १७: बिहानको खाना खाएर हामी नयाँबजारमा अवस्थित जिल्ला प्रशासन कार्यालयतर्फ लाग्यौं । एनेकपा माओवादी समर्थित युद्धमा वेपत्ता परिवारले आफ्ना बेपत्ता परिवारका सदस्यहरु सार्वजनिक गर्न माग गर्दै प्रशासन कार्यालयमा धर्ना दिएका रहेछन् । १०-१२ बजेसम्मको कार्यक्रम समापन भैनसकेकाले हामी बजारको अन्तिम भागसम्म पुग्ने योजना बनाएर हिंड्यौं ।

बाटामा अल्लोको हाते कपडा बुनिरहेको दृश्य देखियो । त्यहाँ टक्क उभिएर कपडा बुनेको दृश्य हामीले क्यामेरामा कैद गर्न थाल्यौं । तानमा अल्लोको कपडा बुनिरहनुभएकी खाँदबारी न.पा. १० निवासी मिसन राईलाई हामीले अल्लोको कपडाबारे सोधपुछ गर्‍यौं । प्रेसर एलर्जीका लागि यो कपडा उत्तम छ भन्ने रिपोर्ट त आइसकेको छ, अरु के के का लागि उपयोगी हुन सक्छ भनेर चाहिं अनुसन्धानकर्ताहरु अनुसन्धान गर्दैछन्, राईले हामीलाई बताउनुभयो । हुन त आजकल अत्याधुनिक प्रविधिबाट लुगाकपडा तयार भइरहेका छन् । विभिन्न किसिमका रसायनहरु समेत प्रयोग हुने भएकाले ती कपडाहरु स्वास्थ्यका दृष्टिले जोखिमयुक्त हुन सक्छन् तर प्राकृतिकरुपमा उत्पादन गरिएका अल्लोजस्ता हातेकपडाहरु रोगीका लागि लाभदायक हुन सक्छन् भन्ने कुरामा हामी पनि विश्वस्त छौं । यहाँ अल्लोको कपडाबाट मोबाइलका खोल, झोला, पछ्यौरा लगायत अन्य पहिरन पनि बनाईदा रहेछन् ।

फेरि, हामी जिल्ला प्रशासन कार्यालयतर्फै फर्क्यौं । प्रशासनमा निमित्त प्र.जि.अ. काशीराम शर्माले विश्वभ्रमण अभियानका लागि स्वागत तथा शुभकामना पत्र प्रदान गर्नुभयो । नि.प्र.जि.अ. शर्माले ले पत्रकारिता क्षेत्र स्वतन्त्र नहुने हो भने नागरिक अधिकार कागजमा मात्र सिमीत हुने थियो भन्ने धारणा राख्नुभयो । पत्रकारिता क्षेत्र प्रतिशोधबाट टाढा रही स्वतन्त्र, सकारात्मक र आवाजविहीनहरुको वास्तविक आवाज बन्न सकोस् भनी उहाँले कामना गर्नुभयो । उहाँले यसो भनिरहँदा एकजना दिदी आइपुगिन् । नि.प्र.जि.अ.लाई आफ्नो उजुरी दिँदै भनिन्, मैले ६ पटक मात्र भयो एस.एल.सी. दिएको, एक्काइस पल्ट भयो भनेर पत्रिकामा फोटो सहित निकालि दिएछन्, यसले गर्दा मलाई साह्रै गाह्रो भयो, झुट समाचार लेख्ने पत्रकार र छाप्ने पत्रिकालाई कारवाही गर्नुपर्‍यो । ठीक छ के भएको रहेछ हामी बुझ्छौं नि.प्र.जि.अ. शर्माले भन्नु भएपछि उनी फर्किन् ।

पत्रकारहरुसँग

जिल्ला प्रशासनबाट फर्किएर हामी पोखरी बजार तिरै आयौं । शिखर बुक्स एण्ड स्टेशनरी सप्लाई सेन्टरमा पत्रिका किन्यौं । हरेक दिन बेलुकीपख राजधानी र क्षेत्रीय स्तरका पत्रिका आइपुग्ने प्रोपाइटर कृष्णबहादुर अधिकारीले बताउनुभयो ।

एमाले कार्यालयमा पुग्दा पार्टी सचिव कवानसेन राईले ठेकेदार र मुन्द्रेको विषयमा पत्रकारहरुले लेख्न सकिरहेका छैनन् भन्नुभयो । संखुवासभाको भुरखोला देखि माथिल्लो भाग दुर्गम

भएकाले विकासका पूर्वाधार पुर्‍याउन चुनौती रहेको धारणा सचिव राईको छ। उहाँले विकासे अड्डामा जिल्लाको विकासका लागि भनेर आएको बजेट तपाईंहरु जस्तो भ्रमण गर्न अरु पनि आउने भएकाले दिन सकिँदैन भन्नुभयो ।

हामी पत्रकार महासंघ कार्यालय पुग्यौं । महासंघ कार्यालयमा संखुवासभाका पत्रकारहरु र स्थानीय केही युवाबीच हाम्रो अन्तरक्रिया भयो। महासंघ का.वा. अध्यक्ष श्याम निरौला सहितका पत्रकारहरुले हामीलाई खादा ओढाएर सम्मान गर्दै प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो। कार्यक्रममा कोषाध्यक्ष कुबेरप्रसाद भेटुवालद्वारा लिखित द हेरिटेज अफ संखुवासभा र संखुवासभा डायरी (अंग्रेजी) पुस्तक एवं संखुवासभा मन्चद्वारा प्रकाशित मकालु सन्देश पनि हामीलाई उपहारस्वरुप प्राप्त भयो। आगामी २७ र २८ गते खाँदबारीमा हुन गइरहेको पूर्वान्चल स्तरीय महासंघ सभासद् भेलाको तयारीमा यहाँका पत्रकारहरु व्यस्त छन्।

कोषाध्यक्ष भेटुवालद्वारा लिखित पुस्तकमा संखुवासभाको परिचय समेटेको छ भने मकालु सन्देशमा पत्रकारिताको इति वृतान्त। नेपाल पत्रकार महासंघका पूर्वसभापति मातृका तिंसिनाद्वारा लिखित मकालु सन्देशको लेखअनुसार संखुवासभाको पहिलो पत्रिका वि.सं. २०१२ सालमा प्रकाशित पुकार पत्रिका सम्भवतः पहिलो होला भनेर उल्लेख गरिएको छ भने २०१३ सालमा प्रकाशित नौलो पाइलोलाई संखुवासभा जिल्लाबाट प्रकाशित हुने पहिलो पत्रिका थियो भनेर जोड दिइएको पाइन्छ। जवाहर रोक्का र रुद्रराज शर्मा प्रथम पत्रकारको रुपमा सूचिकृत छन्। संखुवासभाबाट वराणस तथा देशका अन्य विकसित शहरमा पुगेका युवाहरु एवं स्थानीय स्तरमा हस्तलिखित भित्ते पत्रिका मात्र नभई परापूर्व कालका शिलापत्रहरुलाई पनि पत्रकारिताको नमूनाका रुपमा पूर्वसभापति तिम्सिनाले पेश गर्नुभएको छ। यसैगरी दि इस्टर्न होराइजन २०६१ मा प्रकाशित अंग्रेजी पाक्षिक पत्रिकाको चर्चा पनि उक्त लेखमा गरिएको छ।

वि.सं. २०६१ सालमा साप्ताहिकरुपमा प्रकाशित संखुवासभा पोष्ट साप्ताहिकले हाल दैनिकको रुप लिएको रहेछ। कोशी अन्चलका पहाडी जिल्लामध्ये संखुवासभाबाट प्रकाशित यो पत्रिकाले पहिलो दैनिक बन्ने सौभाग्य प्राप्त गरेको छ । यसबाट अन्य पहाडी जिल्लालाई पनि प्रेरणा मिल्न सक्छ। यसैगरी संखुवासभामा मकालु र खाँदबारी टाइम्स साप्ताहिक एवं एउटा खाँदबारी सामुदायिक रेडियो प्रकाशन प्रसारणमा छन्। यहाँ कार्यरत पत्रकारहरु स्थानीय, क्षेत्रीय एवं राजधानीका सन्चारमाध्यमहरुमा कार्य गर्दै आइरहेका छन्। यद्यपि व्यावसायिक पत्रकारिता गर्नेहरुको संख्या भने न्यून नै रहेछ।

महासंघ कार्यलयबाट बाहिरिएपछि पत्रकार किशोर बुढाथोकीसँग हाम्रो केही समय थप कुराकानी भयो। भोजपुरको तुंगेछा १, मा जन्मनुभएका र कलिलो उमेरमै पत्रकारिता क्षेत्रमा जमेर लाग्न सफल पत्रकार बुढाथोकीले माओवादीको अपहरण एवं जेलको अनुभव समेत संगाल्नु भएको रहेछ।

२०६६ चैत्र १८: बिहान केहीबेर हामी खाँदबारी बजार घुम्न निस्कियौं। साँघुरो पहाडी बजार घुम्न पाउँदा रमाइलो लाग्यो। बिहानी खानाको प्रबन्ध नवोदित गायक नवीन घले (योगी पं, चौकीडाडा भोजपुर) का दिदी भिनाजु (मनहरी र गोविन्द घले) ले गर्नुभयो।

एकीकृत नेकपा (माओवादी) को कार्यालयमा जिल्ला सेक्रेटरी देवान र सल्लाहकार शंकर के.सी.सँग हाम्रो भेट भयो। संखुवासभा प्रशासनिक, राजनीतिक लगायतका हिसाबले पछाडि रहेको सेक्रेटरी देवानको भनाई छ। नेपाल तिब्बत नाका किमाथांका गा.वि.स. मा जम्मा ५५ घर छन्, उनीहरुका नाता कुटुम्ब चीनको तिब्बततर्फ नै पर्दछन्, उहाँले हामीलाई जानकारी दिनुभयो। सेक्रेटरी देवानले भन्नुभयो, पत्रकारिता क्षेत्रलाई राज्यले चौथो अंगको रुपमा व्यवहार गर्न सकेको छैन, पत्रकारिता क्षेत्रले पनि तथ्यको आधारमा सत्य पत्ता लगाउन सक्नुपर्छ, पेशाको आधारमा तटस्थ रही आलोचनात्मक सहयोग हामीले यो क्षेत्रबाट चाहेका छौं।

खाँदबारी नगरपालिकामा निमित्त कार्यकारी अधिकृत दिनेश कट्टेलसँग कुराकानी गर्‍यौं। सन् १९९७ फेब्रुअरी १ मा स्थापना गरिएको यो नगरपालिका भित्र सदरमुकाम खाँदबारी बजार पर्दछ। निमित्त कार्यकारी अधिकृत कट्टेलले आफूलाई आर्थिक अधिकार नभएको भन्दै प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो।

नगरपालिका पछि हामी पत्रकार किशोर बुढाथोकीसँग वाहदल गुल्म पुग्यौं। गुल्मपति शारदाभक्त माटांगुलुले भन्नुभयो, पत्रकारिता क्षेत्रमा कसले छिटो न्यूज दिने भनेर प्रतिस्पर्धामा कहिले कतिपय अवस्थामा तथ्यसम्मत् समाचारहरु नआई अकैं हुने गरेको छ, त्यसकारण आधिकारिक र तथ्यसम्मत् समाचार प्रकाशन प्रसारणमा सञ्चारमाध्यमले उचित ध्यान दिनुपर्छ, यसो भएमा सबैको विश्वास बढ्न सक्छ । सेनाको गुल्मबाट हामी जिल्ला प्रहरी कार्यालय पुग्यौं ।

सदरमुकाम खाँदबारी

प्रहरी नायब उपरीक्षक शेखर कोईराला चैनपुर जानु भएको रहेछ। मोबाइल फोनबाट नै यात्रा सफलताको कामना गर्दै उहाँले प्रहरी निरीक्षक प्रकाश शर्मालाई भेट्न भन्नुभयो । प्रहरी निरीक्षक शर्माले जिल्ला प्रहरी कार्यालयको तर्फबाट उद्देश्य प्राप्तिका लागि शुभेच्छा प्रकट गर्नुभयो । यही कार्यालयमा भेटिट्नुभएका चारपाने ७ झापा घर बताउने टीका बुढाथोकी र खा.न.पा. १३ तुम्लिंटारका जितेन्द्र रायामाझीले मिडियामा तपाईंहरुले थाल्नुभएको यात्राको उद्देश्य पढेका, सुनेका थियौं, आज भेट हुँदा खुशी लाग्यो, राम्रो कार्यको थालनी गर्नुभएको रहेछ, सफल हुनुहोस् शुभकामना छ भन्नुभयो ।

खाँदबारी बचत तथा ऋण सहकारी संस्था लि. द्वारा सञ्चालित खाँदबारी एफ.एम. १०५.८ मे. कार्यालयमा समाचार वाचक एवं कार्यक्रम प्रस्तोता नवराज राई, प्राविधिक सुरेन शाक्य लगायतसँग हाम्रो परिचय भयो। प्रस्तोता राईले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण अभियानबारे अर्न्तवार्ता रेकर्ड गर्नुभयो ।

रातको ९ बजे हामी भानुचोकमा आयौं । मनोक्रान्तिलाई असाध्यै प्रेम गर्ने देवीकुमारी श्रेष्ठले भोजनको व्यवस्था गर्नुभयो ।

२०६६ चैत्र १९: बिहान हामी बसेको ठाउँमा आउनुभएका खाँदबारी संखुवासभा निवासी लोकवहादुर श्रेष्ठले ६०१ सभासद्लाई छिटोभन्दा छिटो नयाँ संविधान बनाउन र लागू गर्न यस भ्रमणको माध्यममार्फत् खबर लगिदिनु होला भन्नुभयो। वजार घुम्ने क्रममा स्थानीयवासी लक्ष्मी अधिकारी बोहोरा र विमला अधिकारी कोईरालासँग हाम्रो भेट भयो। उहाँहरुको माइतीघर र हाम्रो जन्मघर नजिक परेछ। केहीबेरको कुराकानी र चिया अनि महीको चुस्की लिएर त्यहाँबाट हामी फर्कियौं।

खाना खाएर हामी साधिकाद्वय शारदा निरौला (गीतम्) र सुक्तम् अनि प्रकृति निरौलालाई विशेष धन्यवाद दिएर विदा भयौं। शारदा जीलाई उहाँका श्रीमान् प्रल्हाद निरौलाले कपाल खौरिएर साधिका बन्न अनुमति दिनु नेपाली समाजमा चानचुने कुरा होईन। विवाह पछि महिलाहरुलाई धेरै बाधा व्यवधान हुन्छन्, तर शारदाजीले ती व्यवधानहरु चुंडाल्दै मानव जातिको सेवामा लाग्ने प्रण प्रण गर्नुभएको छ त्यो निकै सरहानीय पक्ष हो । उहाँ छोरीलाई पनि सँगै राखेर योग, ध्यान रेकीजस्ता साधना र प्राकृतिक चिकित्साद्वारा मानिसको मानसिक एवं शारीरिक रोगको उपचार पनि गरिरहनु भएको छ। उहाँकी सहकर्मी सुक्तम् चाहिं कलिलै उमेरमा कपाल मुण्डन गरेर समाजसेवाको भावनाले ओतप्रोत भई अघि बढ्दै हुनुहुन्छ। आगामी दिनमा उहाँहरुको मानवीय भावना अझ चुलिएर जाओस्, हाम्रो शुभेच्छा ।

मनकामनाको शिला

हामी जि.वि.स. को कार्यालय आयौं । स्था.वि.अ. पशुपतिनाथ आचार्यले संखुवसभा जिल्लाको परिचयका साथ विश्वभ्रमण सफलताको कामना गर्नुभयो। स्था.वि.अ. आचार्यले भन्नुभयो, जि.वि.स.बाट आर्थिक सहयोग एकजनालाई रु. ३०० का दरले दिन सकिन्छ, त्यहाँभन्दा बढी दिने अधिकार मलाई छैन ।हामीले भन्यौं, संखुवासभा लगायत विश्वमा नेपाललाई चिनाउने, पर्यटकीय सम्भावनाको उजागर गर्ने र जनताले सूचना पाउने अधिकारको सुनिश्चितता प्रदान गर्न चालिएको यो कदमलाई

चाहेमा यहाँले केही न केही सहयोग गर्न सक्नुहुन्छ, चाहनु नचाहनु तपाईंको हातमा छ। त्यसपछि उहाँले भन्नुभयो, ल ठीक छ रु. ४०० का दरले गराइदिन्छु र अरु रु. २०० पनि थपिदिन्छु, संयन्त्रले मानेन भने आफैं हिसाब मिलान गर्छु। पत्युत्तरमा हामीले भन्यौं, यदि हामीलाई दिएको सहयोग रकम यहाँका राजनीतिक दलले पास गर्न मानेनछन् भने हामीलाई सम्पर्क गर्नुस्, इज्जत साथ हामी फिर्ता गरिदिन्छौं। हामीले अहिलेसम्म बुझेको कुरा एल.डी.ओ.ले साँच्चिकै यस्ता अभियानले समाजलाई केही देन दिन सक्छ भन्ने महसुस गरेमा राम्रै सहयोग गर्न सक्छन्, चाहेनन् भने यो र त्यो को बहानामा आफ्नो चाहना मिसाउँछन्। अर्थात् सहयोग गर्दैनन्।

सती ढुंगो

हिंड्दै हामी खाँदबारीबाट तुम्लिंगटारतर्फ ओरालो झऱ्यौं। धूलो बाटोमा ठाउँ ठाउँमा ट्याक्टरले सित्तैमा धुलो उपलब्ध गराइ नै रह्यो। हामी तल अरुण नदी पारी भोजपुर दिंला लगायतका गाउँ ठाउँ हेर्दै तुम्लिंगटार आयौं। नेपाल ग्रामीण पुर्न निर्माण संस्था (आर.आर.एन्.) को कार्यालयमा रुद्र थापा लगायत अन्य कर्मचारीहरुसँग हाम्रो भेट भयो। उहाँहरुको शुभेच्छा लिएर हामी मनकामना मन्दिरतर्फ लाग्यौं। साँझ पर्ने लागेकाले गिद्धे चौतारामा बास बस्यौं।

२०६६ चैत्र २०: बिहान उठेर मनकामना मन्दिर गयौं। अरुण नदीमा पारीपट्टि जन्म गृह र यात्राको पहिलो जिल्ला भोजपुरको भूभागलाई हेर्दै अनि विविध दृश्य सम्झिदै हामीले हातमुख धोयौं। नदी किनारमा अवस्थित मनकामना मन्दिरको पहिलो उद्गमस्थान मानिएको पत्थर अवलोकन गर्न पुग्यौं। विभिन्न आकृति देखिने चट्टान मन्दिरका वरिपरि घेरिएको पर्खाल पूजारी पोषराज कट्टेलले आफ्नो पहलमा भएको बताउनुभयो। आकृतिअनुसार नाम लेखिएको सो शिला हामीलाई पनि अजब गजबको लाग्यो।

यही अनौठो शिला नजिकै अर्को बडेमाको चट्टान छ। यसलाई सती ढुंगा नामाकरण गरिएको रहेछ। यसका विषयमा पनि विभिन्न भनाई छन्। उहिले नदीको बीचमा त्यो ढुंगो थियो, श्रीमान् मरेपछि श्रीमतीलाई डुंगाबाट तारेर सो ढुंगामा पुऱ्याइन्थ्यो, रोई कराई पानीमा हाम फालेर उनीहरु सती जाने गर्दथे भनेर एक थरी मानिसहरु भन्छन्। त्यस्तै अर्का थरीको भनाईमा तपस्विनी योगमाया भोजपुर जिल्लाको भूभागमा पर्ने यहाँबाट नजिकैको दूरीमा रहेको मजुवाबेंसीमा तपस्यारत हुनुहुन्थ्यो, पछि ६७ जना शिष्यशिष्यासहित आजभन्दा १४० वर्ष अगाडि (सवार्थ योगवाणीका अनुसार) राणा शासन र सती प्रथाको विरोधमा यही ढुंगाबाट हामफालेर जलसमाधि लिएकी थिइन्।

हामी मनकामना मन्दिर परिसरका अन्य मन्दिर, वृद्धाश्रम र झ्याम्म परेका पिपलका रुखहरु अवलोकन गर्दै रह्यौं। बूढाबूढी र अपांग व्यक्तिहरु आ आफ्नो धूनमा व्यस्त थिए। हामी पुनः तुम्लिंगटार फर्क्यौं।

तुम्लिङ्गटारमा हाट लागेको थियो। तुम्लिङ्गटार विमानस्थलमा पीच गर्न कामदारहरु व्यस्त थिए। भोजपुर र संखुवासभावासीका लागि यो विमानस्थल अति उपयोगी छ। एपेक्स लुम्बिनी कान्छाराम कन्ट्रक्सनका कर्मचारी गोपीकृष्ण श्रेष्ठले १२०० मिटर लम्बाई र ३० मिटर चौडाईमा विमानस्थल पिच गर्ने लक्ष्य राखिएको हामीलाई जानकारी दिनुभयो। यहाँबाट तल अरुणमा तुर्केको पुल छ। त्यहाँबाट भोजपुर देऊराली लगायत अन्य ठाउँका भोजपुरेहरु आउने जाने गर्दछन्। भोजपुर संखुवासभाको मुख्य नाका नै हो, तुर्केको झोलुंगे पुल।

अरुणनदी

हामी धनकुटाको लेगुवाघाट जीपमा चढेर जाने उद्देश्यका साथ बसपार्क पुग्यौं। लेगुवाका लागि पनि हिलेकै भाडा रु. ११०० दुईजनाको तिर्नुपर्छ भनेपछि हामी जीप चढेनौं। कस्तो चलन होला यहाँ आधाभन्दा कम बाटो लेगुवासम्म पुग्न हिलेकै

...भाडा तिनुपर्ने ? किन होला यसरी जनतालाई ठगेका यी ...वालाहरुले । किन बोल्दैनन् राजनीतिक दल, प्रशासन अनि सम्बन्धित निकायका व्यक्तिहरु ? हिंडेरै अगाडि बढ्ने हाम्रो योजना बन्यो ।

पेरुंगो भित्र सुँगुरका बच्चा

भोजपुर तिवारी भञ्ज्यांग ३, खत्री गाउँका द्रोर्ण बहादुर बोहोरा छोराका साथ त्यहाँ आइपुग्नु भएको रहेछ । कक्षा ९ मा पढ्दै गरेको छोरालाई विदेश पठाउन तुम्लिंगटारबाट काठमाडौंका लागि जहाज चढाउन आउनु भएको रहेछ उहाँ । यो त एउटा उदाहरण मात्रै हो । यस्ता उदाहरण अरु धेरै छन् । पढेर होस् वा नपढेरै वा पढाई छोडेरै जसरी हुन्छ पैसा कमाउनु पर्छ अनि विदेश जानुपर्छ भन्ने मानसिकताले आजकाल गाउँघर, शहर बजार जताततै जरा गाडेको छ । किशोर तथा युवाहरु स्वदेशमा केही गर्न नसकिने निराश निष्कर्षमा पुग्नु र सरकारले पनि युवाप्रति कुनै ठोस कार्यक्रम ल्याउन नसक्नुले उनीहरु विदेश गएर कम पारिश्रमिकमा आफ्नो श्रम ख्न्याउन बाध्य छन् ।

तुम्लिंगटारबाट हिंड्दै कत्ले भञ्ज्यांग आएर हामीले खाना खायौं । चैतेगाउँ अरुणको गढ तिरको बाटो अगाडि बढ्यौं । तल कलकल गर्दै अरुण नदी बगिरहेकी छिन् । हामी राता ताता घाममा पसिना चुहाउँदै गन्तव्यतर्फ लम्किरहेका छौं । पानी नआएर जताततै सुख्खै सुख्खा देखिन्छ । बीच बाटामा बाँसको चोयाले बुनेको पेरुंगो भित्र राखेका सुँगुरका बच्चा पिठ्युँमा बोकेर हिंडिरहेका मान्छेहरु भेटिन्थे । हामी खरांग, गन्देपानी, पिलुवा खोला, खहरे घाट पार गर्दै साँझ ५ बजे आँखीभुई गा.वि.स. को बैरेनी आइपुग्यौं । बैरेनीमा माछा खाएर हिंड्यौं । झमक्क साँझमा चानुवा २, दमार आएर हामी बास बस्यौं । दमारबाट ६१ औं जिल्ला संखुवासभा भ्रमण पूरा गर्‍यौं हामीले । ६२ औं जिल्ला धनकुटा आजको रात काटेपछि भोलीबाट सुरु गर्दैछौं ।

संखुवासभा यात्राका क्रममा प्राप्त नगद सहयोग

आर.आर.एन्. (तुम्लिंगटार)	रु. २,०००/-
जिल्ला प्रहरी कार्यालय	रु. १,५००/-
वराहदल गुल्म	रु. १,०००/-
जिल्ला विकास समिति	रु. ८००/-
एनेकपा माओवादी	रु. २००/-
लोकवहादुर श्रेष्ठ(खाँदवारी)	रु. २००/-
डम्वरवहादुर राई (खाँदवारी, पांमा)	रु. ५०/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

संखुवासभा आगमनलाई धंन्यवाद सफलताको कामना । - श्याम निरौला (का.वा. अध्यक्ष), नेपाल पत्रकार महासंघ
कार्यक्रम पूर्णरुपले सफल होस् । - दिनेश कट्टेल (निमित्त कार्यकारी अधिकृत), खाँदबारी नगरपालिका
भ्रमण सफलताको कामना । - काशीराम शर्मा (स.प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय
संसार हल्लाउनेहरुको सूचीमा हेर्न पाईयोस् । - शारदा निरौला गीतम् (मोरंग) र शान्ता तिवारी सुक्तम् (कास्की)
गरिब, निमुखा र सर्वहारहरुको समाचार प्रवाह होस् । - देवान (जिल्ला सेक्रेटरी) एनेकपा माओवादी
देश भित्र र बाहिर शान्ति छर्न सक्नुस् । - भोला कार्की नुनढाकी ९, गुफा पोखरी
चाँडो संविधान बनाउन ६०१ सभासद्लाई सन्देश दिनु । - लोकबहादुर श्रेष्ठ, खाँदबारी
प्रेस स्वतन्त्रता नाराका साथ सकारात्मक चिन्तन । - तीर्थकुमार कार्की (प्र.ना.नि.), गुफा पोखरी
यो यात्रा मेरो पनि यात्रा होस् । - नवीनकला राई, स्याबुन ७, ओक्तेन
जोडदार समर्थन । - कवानसेन राई (सचिव), नेकपा एमाले
पूर्ण सफलता मिल्न सकोस् । - श्याम निरौला (का.बा. अध्यक्ष), कुवेर प्रसाद भेटुवाल (कोषाध्यक्ष), नवीन दाहाल, गंगा विष्ट, दिपेन्द्र राई, नवीन गुरुंग, इश्वर बुढाथोकी, संगम खवास, कृष्णराज शाक्य, नवराज राई, सुरेन्द्र सुवेदी एवं संखुवासभा पत्रकार परिवार
यात्रा सफल रहोस् शुभकामना र सम्झना । - शारदाभक्त माटांगुलु, खाँदबारी, संजय भण्डारी, वीर बहादुर लिम्बु अनुभव समिर
सफलताको कामना । - जिल्ला प्रहरी कार्यालय परिवार, प्रकाश शर्मा (प्रहरी निरीक्षक)
प्रगतिका बाटाहरु राम्रा रहिरहुन् । - विमला अधिकारी, खा.न.पा. १
सोचेका कामहरुमा सफलता मिलोस् । - लक्ष्मी अधिकारी बोहोरा, आयुष र अभिषेक अधिकारी, खाँदबारी १
देशको उच्चताका लागि यात्रा सफल रहोस् । - रुद्र थापा तथा आर.आर.एन. परिवार तुम्लिंगटार

६२ औं जिल्ला धनकुटा डायरी

२०६६ चैत्र २०: साँझ हामी संखुवासभाको भूभाग छिचोलेर चानुवा गा.वि.स.को दमार धनकुटा बास बस्न आइपुग्यौं। ६२ औं जिल्ला धनकुटा यात्रा यही भूभागबाट सुरु भयो।

चैत्र २१: बिहान दमारबाट बेल्टार आयौं। नदी किनारमा अवस्थित मलिलो फाँटमा धान, मकै खेती खुब फस्टाएको देखियो। मकैका बोटहरु सुत्ला च्यापेर फाँटै सेताम्मे भएको छ। बेल्टारमा शिक्षक फणीन्द्रप्रसाद गौतम र उहाँका अन्य परिवारजनसँग हाम्रो केहीबेर कुराकानी भयो।

संक्षिप्त परिचय

क्षेत्रफलः ८८७ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ३५ वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः २, सदरमुकामः धनकुटा बजार, अञ्चलः कोशी, विकास क्षेत्रः पूर्वाञ्चल भौगोलिक अवस्थितिः पूर्व तेन्हथुम र पाँचथर, पश्चिम भोजपुर र उदयपुर, उत्तर संखुवासभा र दक्षिण मोरंग र सुनसरी पर्यटकीय स्थलः भेडेटार, डाँडाबजार, ध्वजे डाँडा, हिले, धनकुटा बजार, चुलिवन, पाताल वन, छिन्तांग देवी, पञ्चकन्या शहीदपार्क, चित्रे डाँडा, पाख्रीबास, सिधुवा बजार, जीतपुर, पारी पात्ले सुन्तला जात अनुसन्धान केन्द्र, राजारानी ताल आदि।

(साभारः धनकुटा चिनारी २०६५, जि.वि.स.)

बिहानको खाना खाएर हामीले अरुण नदीको चिसो पानीमा नुहायौं। गर्मीका बेला चिसो पानीमा नुहाउन पाउँदा कम्ती मज्जा भएन। नदीको तीरमा पञ्चवली गर्नेहरुको जमघट थियो। राँगा, परेवा, बोका, कुखरा, हाँसको पञ्चबली दिएर नदीमा पूजा गर्ने चलन रहेछ यहाँ। स्थानीय देवीप्रसाद गौतमकी ठूली दिदीले नदी किनारमा रुद्रीपूजा लगाउनुभएको थियो। हामी पनि निम्ता मान्न सो पूजामा उपस्थित भयौं। हिन्दू कर्मकाण्डअनुसार पूजा सम्पन्न भयो।

पाती प्रसाद लगाउने बेला भएको थियो। शर्मिला गौतम (भट्टराई) बहिनीकी सानी छोरी आयुषा बालुवामा लुडीबुडी गर्दै पूजास्थल छेउमै खेल्दै हुनुहुन्थ्यो। नदीमा उहाँलाई जोगाउन चर्के परिरहेको अवस्था। सबैजनाको सामूहिक फोटो खिंच्ने तयारी हुँदै गर्दा यि आयुषा अरुणको पानीमा डुबुल्की मारेर चिच्याएको सुनियो। हत्तपत्त पानीबाट निकालियो। धन्न नदीले बगाएन।

हुन त मान्छे बाँच्नु छ भने जसरी पनि बाँच्छ, एउटा नमूना यही हो। हामीले यस घरपरिवारका सदस्यसँग विश्वभ्रमणको लक्ष्य उद्देश्य, देश डूल्दाका अनुभव सुनाउँदै र फोटाहरु देखाउँदै बाँकी समय बितायौं।

२०६६ चैत्र २२: बिहान शर्मिला बहिनीले पोलेर दिनुभएका हरिया मकै खाएर हामी पुलडाँडा, लेगुवातिर आयौं। गौतम एग्रोभेटका सञ्चालक दिलीप गौतम र उहाँकी श्रीमतीसँग कुराकानी गर्दै हामीले बिहानी खाना खायौं। ठूलो रेडियोमा तार टाँगेर केही एफ.एम. सुन्न सकिन्छ, सामान्य तरिकाले रेडियो नेपालसम्म बज्ने गर्दो रहेछ त्यहाँ। सञ्चालक गौतमका अनुसार भारतीय कृषि कम्पनीले नेपाली कृषकहरुलाई विउविजन र अन्य सेवा दिने नाममा नराम्ररी ठगिरहेको छ।

त्यहाँबाट नेपालकै लामोमध्ये एक लेगुवाघाट झोलुंगे पुल पार गरेर हामी जन्मभूमि भोजपुरको माटो टेक्न पुग्यौं। ६२ औं जिल्लाको रुपमा धनकुटा आइपुगेको मौकामा हामीले मातृभूमिको माटो समाउने मौका पाउँदा आफूमा थप जोश र ऊर्जा पैदा भयो। यो भूमिलाई सतत् प्रणाम गर्दै हामी पुलबाट पुन: धनकुटाको लेगुवा बजारतिरै आयौं। कारण, गृह जिल्ला भोजपुर हामीले नेपाल यात्राको पहिलो जिल्लाकै रुपमा भ्रमण गरिसकेका थियौं। र, अहिले त्यहाँ जाने हाम्रो योजना पनि थिएन।

लेगुवाकै रामरिठ्ठा बजार छेउबाट फेरीमार्फत् मालसामान र गाडीहरु राखेर भोजपुरको भूभाग तर्फ पार गराएको दृश्य पनि यहाँ हामीले देख्न पायौं। पारीपट्टि ठूला बसहरु पनि भोजपुर सदरमुकामतर्फ कच्ची सडकमा गुडिरहेको देख्दा खुशी लाग्यो। तर अरुण नदीमा गाडीको पुल बन्ने कुनै सुरसार देख्न पाइएन। १२ बजे फेरी १ घण्टाका लागि बन्द हुँदा यात्रुहरु नदी वारीपारी टोलाएर बसिरहेका थिए। लेगुवाघाटबाट भोजपुर सदरमुकाम ६६ किलोमिटर र तिवारी भञ्ज्यांग ३९ किलोमिटर टाढा रहेको छ। तर, हामी अहिलेसम्म बस चढेर भोजपुर जान भने पाएका छैनौं। हामीले नेपाल यात्रा सुरु गर्दा भोजपुरमा बस चल्न थालेकै थिएन। बाटो भने खन्ने काम भइरहेको थियो।

रामरिठ्ठामै तिवारीभञ्ज्यांग ३, बोहोरागाउँ भोजपुरका राजन बोहोरासँग हाम्रो जम्काभेट भयो। भाईहरु त धेरै दुब्लाउनु भएछ, किन होउ यस्तो ? उहाँले भन्नुभयो। शरीर दुब्लो देख्नु भयो होला दाई मन त निकै बलियो पो बनाएर आएका छौं त, हामीले भन्यौं। हा...हा...हा...। उहाँसँग केहीबेर कुरा गरेर हामी छुट्यौं।

रामरिठ्ठाबाट पाख्रीबासका लागि हामी बस चढ्यौं। बसले निःशुल्क यात्रा गर्ने अवसर प्रदान गऱ्यो। बीच बाटोबाट फलाँटे तिल्के कुलाका मायादेवी दाहाल (भट्टराई) दिदीका भतिज विनोद दाहाल गाडीमा चढ्नुभयो। उहाँसँग भ्रमण विषयमा कुराकानी भयो। बस दियाले डिकुरे लगायतका भूभाग पार गरेर पाख्रीबास आइपुग्यो। हामी बसबाट ओर्लियौं।

हाम्रा हजुरबाहरुले सुनसरी धरान र चतरा (हप्तौं), बुवाहरुले चतरा र हिले, अनि हामीले धनकुटाको हिले र पाखीबास (३,४ दिन) बाट नून तेल लगेर खानु पर्दथ्यो। सामान लैजाँदा लगिने सामान ढाकर (चोयाको डोको) मा राखेर पिठ्युँमा बोकिन्थ्यो। तोक्मा (टेकाउन मिल्ने मुठ्ठी भरिको बलियो लठ्ठी) को सहायताले ठाउँ ठाउँ टेकन लगाउँदै घर पुऱ्याउनु पर्ने अवस्था थियो। अहिले बस भोजपुर नै पुगेकाले ति पुराना दिन गए। यसकारण पनि पाखीबास बजारमा भीडभाड कम देखिन्छ। पूर्वी पहाडको बजार पाखीबास रमाईलो छ। यहाँबाट धनकुटाको फलाँटे गा.वि.स. हुँदै अँधेरीघाटबाट भोजपुर गाडी तार्ने योजना पनि बनिरहेको सुन्न पाइयो। सान्ने धनकुटातिर पनि गाडी बाटो यहाँबाट छुट्टिन्छ। हामीले केहीबेर बजार अनि कैलाशनाथ मन्दिरको दृश्य क्यामेरामा कैद गऱ्यौं।


पाखीबास

हामी कृषि अनुसन्धान केन्द्र पाखीबास (स्थानीयवासीले फाराम भन्दा बुझ्छन्) तिर लाग्यौं। पाखीबास बजारसम्म त रोड पिच भइसकेको छ। त्यहाँबाट भोजपुरसम्म ग्राभेल बाटो छ। हामी हिले बजारको दृश्यलाई पनि मध्यनजर गर्दै पाखीबास फार्म आइपुग्यौं। फार्म आइपुग्दा दिउँसोको ४ बजिसकेको थियो। हामीले अनुसन्धान केन्द्रका निमित्त कार्यालय प्रमुख गोविन्दप्रसाद तिसिना लगायत अन्य कर्मचारीलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी दियौं। यस केन्द्रमा कार्यरत वैज्ञानिक तिंसिनाले हामीलाई विविध जानकारी दिनुभयो:

वि.सं. १९७२ मा ब्रिटिश सरकारले आफ्ना रिटायर्ड सेनालाई कृषिबारे सिकाउन पाखीबास कृषि केन्द्रको स्थापना गरेको थियो। वि.सं १९९८ मा ब्रिटिश सरकारले नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार) लाई हस्तान्तरण गरेको पाइन्छ। ९७ हेक्टर जमीन ओगटेको यस केन्द्रको प्रमुख प्रविधि विकासको रुपमा पाखीबासको कालो बंगुर (धराने कालो बंगुर), गिरीराज कुखुरा, मकैका १४ जात लोकल खरी, पहाडमा हुने बाख्रा प्रमुख रहेका छन्। साथै विभिन्न रोगहरुका कीरा मार्ने औषधीहरु पनि यसले विकास गरेको छ। मैरै अनुसन्धानमा खुम्रे कीरा मार्ने वातावरण मैत्री औषधी बनाइएको छ। नेपाल सरकारले भारतीय बीउ ल्याएर कृषकलाई करोडौं रुपियाँ क्षतिपूर्ति दिनुको साटो नेपालमै कृषि अनुसन्धान क्षेत्रलाई बढी ध्यान दिनु आवश्यक छ।

एक चौकीदारले केहीबेर हामीलाई कृषि अनुसन्धान केन्द्र हाता भित्र घुमाउनुभयो। यहाँ भित्र विभिन्न जातका फलफूल, चिया अलैंची लगायतको अनुसन्धान भइरहेको छ भन्ने बोट विरुवाले प्रष्ट्याइरहेको थियो। यो परिसर भित्र डूल्दा हामीलाई कृषि प्रधान देश नेपालको सानो तिनो झल्को मिल्यो। तापनि ब्रिटिश सरकारको जस्तो नेतृत्व र अनुसन्धान अहिले नभएको स्वयं कर्मचारीहरु बताउँछन्।

अनुसन्धान केन्द्र घुमेपछि हामी नजिकैको एक पसलमा गएर मोबाइलको रिचार्ज कार्ड किन्यौं। स्काई फोनमा १४१५ डायल गरेर अंक २ थिचेर पिन नं. डायल गरेर ह्याज की थिच्दा बोल्दै बोलेन। हामीले चार्ज गर्नै सकेनौं। नेपाल टेलिकमको सेवा...।

हिले

हामीलाई यही केन्द्रको गेस्ट हाउसमा निःशुल्क खाने बस्ने व्यवस्था मिल्यो। क्याण्टिनमा खाना खाँदा केन्द्रमा कार्यरत एक कर्मचारीले तपाईहरु विदेश गएर उतैतिर हराउनु हुन्छ होला ? भनेर आशंका जाहेर गर्नुभयो। यस्तो हुन सक्दैन भन्दा हाम्रो भनाईमा उहाँलाई विश्वास लागेन।

२०६६ चैत्र २३: हामी बिहान कृषि अनुसन्धान केन्द्र पाखीबासबाट हिलेसम्म हिंडेरै आयौं। मोबाइलमा पैसा हाल्न जतिसुकै कोशिश गरेपनि हाम्रो प्रयास आज पनि सफल हुन सकेन। रिचार्ज सेन्टरमा पुग्नै पऱ्यो। टेलिफोनबाटै हाम्रो नम्बरमा ती दाईले पैसा थपिदिए। खुशी भएर दाईलाई धन्यवाद दिएर हिंड्यौं। हिले बजारको माथिल्लो भागमा उक्लियौं। डाँडाबाट हेर्दा कुनचाहिं पो

बजार नराम्रो देखिएला र ? हिलेबजार पनि यसको अपवाद रहेन । निकै सुन्दर देखियो । हिलेबाट भोजपुर, तेऱ्हथुम, संखुवासभा तिर जाने बाटो फाट्छ ।

खाना खाएर हामी छिन्ताङ्ग जाने सुरसारमा थियौं । त्यसका लागि हामी दुई जना लगायत धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत हेलौंछा १ भोजपुरका बहिनीहरु यशोदा र देवका पराजुली सँगै जीप चढ्यौं । जीप ओरालो लाग्दा छेउका मान्छेले भित्तातिरका मान्छेलाई पेल्ने र उकालो लाग्दा भित्तातिरकाले छेउतिरका मान्छेलाई पेल्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो । पालो फेऱ्यौं भन्दै एकअर्काको हाँसो ठट्टामा अरु यात्रुसँगै हामी पनि सहभागी भइरहेका थियौं । प्रेमीले प्रेमिकालाई उपहार दिंदा लजाएझैं गाडीले धुलो उडाएर दिएको क्रिम पाउडर उपहार कपडाले मुख छोपेर हाँसी हाँसी स्वीकार गरिरहनु परेको थियो । हा...हा...हा...।

छिन्ताङ्ग देवी

हिले, उत्तरपानी, आँखीसल्ला, खुकु गा.वि.स. हुँदै जीप छिन्तांग प्रवेश गऱ्यो । जीपबाट हामी ओर्लियौं । सानो खोल्सो पारी जंगल बीचमा छिन्ताङ्ग जालपा देवी मन्दिर रहेछ । महिनावारी नभएका कन्याहरु र कहिल्यै महिनावारी नहुने पुरुषहरु मात्र खोल्सो काटेर मन्दिर परिसर भित्रै जाने चलन रहेछ । महिनावारी हुन थालेका महिलाहरु भने आफ्नो घरपरिवारमा र स्वयंलाई अनिष्ट हुने डरले जाँदा रहेनछन् । यो परम्परागत मान्यतालाई चुनौती दिंदै जे पर्ला त्यही टर्ला भनेर एनेकपा माओवादीका नेता गोपाल किराँतीकी श्रीमतीचाहिं मन्दिर भित्र सम्म नै गएकी थिइन् रे । उनलाई केही भयो या भएन भन्ने थाहा छैन, एक स्थानीय वासिन्दाले हामीलाई भने ।

खोल्साको पुल छेउमै बहिनीहरुलाई छोडेर हामी भित्र पस्यौं । हामीले भित्रै जाउँ केही हुन्न भन्दा पनि नमानेर बहिनीहरु मन खुम्च्याएर बाहिरै बस्नुभयो । खोई के हो, के हो यो परम्परा र चलन पनि... ?

हामी दुईजना मात्रै मन्दिर परिसर प्रवेश गऱ्यौं । केही ठूल्ठूला रुखहरु सँगै मन्दिर रहेछन् । मूल मन्दिरको छानाचाहिं थिएन । साँझ ४ बजेपछि मात्र पूजा गर्ने चलन भएकाले हामीले चियाएर भित्रको दृश्य हेर्ने कोशिश गऱ्यौं । घण्टी र ध्वजा पतकाले बेहुलीझैं सिंगारिएको थियो, छिन्तांग देवीको शिला । मन्दिर अवलोकन गरिसकेपछि हामी बाहिर निस्कियौं । बाहिर बोका, कुखरा लगायतका जनावर लिएर पूजा गर्न श्रद्धालुहरु आइरहेका देखिए ।

धनकुटा बजार फर्कने योजना बनाएर हामी तत्कालै त्यहाँबाट हिंड्यौं । पञ्चकन्यामा शहीद स्मारक पार्क अवलोकन गऱ्यौं । निरंकुश पञ्चायती व्यवस्था विरोधी आन्दोलनमा वि.सं. २०३६ सालको छिन्तांग हत्याकाण्डमा शहादत प्राप्त शहीदहरुको सम्झनामा जि.वि.स. धनकुटाद्वारा सो पञ्चकन्या शहीद स्मारक पार्क बनाइएको रहेछ । छिन्तांगको यो स्मारक पार्कको शिलान्यास २०४७ कार्तिक २८ गते तत्कालीन नेकपा माले महासचिव मदनकुमार भण्डारीद्वारा र नेकपा एमालेका महासचिव माधवकुमार नेपाल द्वारा २०५३ चैत्र २ गते समुद्घाटन गरिएको उल्लेख छ । पन्ध्र जना शहीदको नाम ठेगाना पनि लेखिएको छ । छेउमा मदनकुमार भण्डारीको शालिक समाविष्ट छ ।

नास्ता खाएर हामी पञ्चकन्याबाट केही माथि आइपुगेका थियौं । अचानक घरबाट फोन आयो । फोनमा हजुरआमा जसुधा भट्टराई अन्तिम अवस्थामा पुग्नुभएको छ भन्ने बहिनीको खबरले हामीलाई दुःखित तुल्यायो । नेपालको २ वर्षे यात्रा नसिध्याई घर नफर्कने हाम्रो योजना रहेकाले घर आउने नआउने बहिनीलाई केही भन्न सकिएन । हजुरआमा बिरामीको खबरले यात्रा रमाईलो नबनेको बहिनी द्वय यशोदा र देवकाको अनुभूति रह्यो । केही गऱ्हौ मन लिएरै भएपनि सुख्खा मौसमका चट्टानेदार डाँडाकाडा हेर्दै हामी आँखीसल्ला ६, थलथलेमा आइपुग्यौं ।

म मानव अधिकार तथा शान्ति समाजको जिल्ला सदस्य हुँ, कुनै पार्टीले केही गरेनन्, जुनसुकै पार्टीले पनि देशलाई स्वतन्त्र हुन दिएनन् भन्ने धारणा राख्ने एकजना दाईको घरमा हाम्रो बास परेछ । स्वतन्त्र मानव अधिकारवादी म भन्ने ति दाईले पिएको सुरमा नेपाली काँग्रेसको पक्षमा वकालत गर्न थाल्नुभयो । हामीले भन्यौं, तपाईं स्वतन्त्र नागरिक र मानवअधिकारकर्मी भन्नुहुन्छ फेरि एउटा पार्टीको पक्षमा वकालत पो गर्न थाल्नुभयो त ? झस्किनुभयो अनि भन्नुभयो, मेरो घरमा तपाईंहरु आएपछि घरको सदस्य सम्झिएर कुरा खोलेको हुँ । आफ्नो भनाईको बचाउ गर्न लाग्नुभयो उहाँ ।

स्वतन्त्र नागरिक, मानवअधिकारकर्मी, पत्रकार वा सार्वजनिक निकायका व्यक्तिहरुले एक पक्षीयरुपमा कसैको झण्डा बोकेर वा वकालत गरेर हिंड्न हुँदैन । यसो भयो भने नागरिक अधिकार धराशायी हुन्छ । सबै पक्षको जायज नाजायज आवाज समेट्न

सक्ने बन्नै पर्छ । नेपालमा अहिले को स्वतन्त्र र को मानवअधिकारवादी ? भनेर छुट्याउन गाह्रो परिरहेको छ । सम्झौता र सौदाबाजीले चल्ने यस्तै कारणले पनि देश समस्याग्रस्त बन्दै गएको छ । अतः स्वतन्त्रता, निष्पक्षता र तटस्थताको नाममा आदर्शचाहिं छाट्ने व्यवहारचाहिं ढाँट्ने कार्य कसैले गर्न मिल्दैन । व्यवहारिकरुपमै स्वतन्त्रता, निष्पक्षता र तटस्थता कार्यान्वयन गर्ने व्यक्तिहरुको नेपालमा अति नै खाँचो छ ।

२०६६ चैत्र २४: आँखीसल्ला थलथलेबाट बिहानै हामी हिंड्यौं । सल्लाघारीको बाटो बेलाहार हुँदै बेलाहारकै मूलाबारी झर्‍यौं । अम्बिका दाहालको घरमा मही पिएर बाटो लाग्यौं । जंगलमा डढेलो लागिरहेको थियो । तर थिएनन् निभाउने कोही... ।

पाल्लेखोलामा आएर हामीले धनकुटा सदरमुकाम आउने गाडी चढ्यौं । धनकुटा ३, आत्मारा आइपुगेपछि बसबाट ओर्लियौं । बहिनीहरुको डेरामा आइपुग्यौं । कुदाककाउले ४ भोजपुर जन्मघर भएकी हाल धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत बहिनी दुर्गा घिमिरे (पम्फा) ले खाना तयार गरेर राख्नुभएको रहेछ ।

खाना खाइसक्नासाथ घरबाट फोन आयो । हजुरआमा भर्खरै ११:०५ बजे बितु भो...। अब हजुरआमासँग कहिल्यै सशरीर भेट नहुने भो...। यो दुःखद खबर सुन्ने बित्तिकै हजुरआमाले गर्नुहुने एक एक गतिविधि आँखा अगाडि नाच्न थाले । भावविव्हल भएर सम्झना गर्नु सिवाय अब त अरु के नै विकल्प थियो र ? भएको यही विकल्प भरपूर प्रयोग गरियो । हजुरआमाको शोक मनाएर दिनभर कोठामै बस्यौं । बेलुकी पानी र मिश्री लिइयो । उहाँलाई हार्दिक श्रद्धाञ्जली ।

वास्तवमा मान्छे जन्मेपछि एकदिन अवश्य मर्छ, संसारको शाश्वत् नियम हो यो । हामी जो कसैले पनि एकदिन अवश्य भौतिक शरीरबाट बिदा लिनुपर्छ । त्यसकारण धेरै चिन्ता गरेर पनि के नै हुन्छ र ? बरु बाँचुन्जेल मानव कल्याणका लागि केही गर्न सकियो भने जन्मनुको सार्थकता रहन्छ...।

२०६६ चैत्र २५: बिहान फलफूल अनि घरबेटी सुवेदी हजुरआमाले दिनुभएको दूध, मही सेवन गरियो । दिउँसो धनकुटा बहुमुखी क्याम्पसमा अध्ययनरत यही घरमा डेरा लिएर बसेका विद्यार्थी भाईबहिनीहरुसँग परिचय भयो । साँझमा नेपाल पत्रकार महासंघ धनकुटा अध्यक्ष विजय सन्तोषी राईले फोन उठाउनु भएन । पत्रकार रमेशचन्द्र अधिकारीलाई फोन सम्पर्क गर्‍यौं । भोली बिहान भेट्ने निर्णय भयो ।

२०६६ चैत्र २६: बिहान ८ बजे हामी पत्रकार रमेशचन्द्र अधिकारीको सल्लाहमा धनकुटा बसपार्क पुग्यौं । पत्रकार अधिकारीले धनकुटाका अन्य पत्रकार साथीहरुलाई फोन गर्नुभयो । बिहान १० बजेपछि महासंघ कार्यालयमा अध्यक्ष विजय सन्तोषी राई, सचिव नगेन्द्र राई, सहसचिव सन्तवीर लामा, पत्रकारहरु सिद्धराज राई, भिषा काफ्ले, मणिकुमार श्रेष्ठ लगायतसँग हाम्रो भेट भयो । नेपालमा भएको मिडिया विकासको खबर प्रेस स्वतन्त्रता नभएका मुलुकहरुका लागि उदाहरणीय पक्ष हुने र प्रेस स्वतन्त्रताको सन्देश जाने महत्वपूर्ण कार्य हो भन्दै उहाँहरुले विश्वभ्रमण सफलताको कामना गर्नुभयो । पत्रकार महासंघ अध्यक्ष राईले धनकुटाबाट प्रकाशित कोशी सन्देश (२०४६) पहिलो खबर पत्रिका रहेको र हाल धनकुटामा २ वटा एफ.एम. अनि ३ वटा साप्ताहिक प्रसारित/प्रकाशित रहेको जानकारी दिनुभयो । धनकुटामा धरानबाट प्रकाशित मोफसलको पहिलो रंगीन दैनिक पत्रिका ब्लाष्ट टाइम्स लगायत अन्य पत्रिका एफ.एम. र राजधानीका दैनिक एवं स्थानीय स्तरमा कार्यरत सञ्चारकर्मीहरु क्रियाशील छन् । हालसम्म धनकुटाबाट दैनिक पत्रिका भने प्रकाशित हुन सकेको छैन ।

महासंघले हामीलाई आज बिहानको खाना व्यवस्था गर्‍यो । मिलनसार र सहयोगी रमेशचन्द्र दाई सँगै कुराकानी गर्दै खाना खायौं । विश्वव्यापी तपाईंहरुको यात्राले प्रेस जगत्को उचाई थप्न र नेपाली पत्रकारिता विश्व जगत्समक्ष परिचित बन्न सकोस् भन्दै उहाँले भ्रमण सफलताको कामना गर्नुभयो । खाना खाइसकेर हामी जिल्ला प्रशासन, नगरपालिका, जि.वि.स. एवं क्षेत्रीय प्रशासन कार्यालय पुग्यौं ।

पत्रकारहरुसँग

जिल्ला प्रशासन कार्यालय मा प्र.जि.अ. कालीप्रसाद पराजुलीले धनकुटाका पत्रकारलाई पत्रकारिता गर्न खासै कठिनाई नभएको धारणा राख्नुभयो । तपाईंहरुले विश्वभ्रमण गरेर के हुन्छ ? भनी हामीलाई प्रजिअ पराजुलीले प्रश्न गर्नुभयो । हामीले भन्यौं, नेपालको पत्रकारिता र पर्यटकीय क्षेत्रलाई आफ्नो औकातले भ्याएसम्म विश्वमा परिचित गराउने छौं । उहाँले कार्यालयको तर्फबाट भ्रमण सफलताका लागि शुभकामना पत्र प्रदान गर्नुभयो ।

धनकुटा नगरपालिकामा कार्यकारी अधिकृत महेन्द्रकुमार खाम्याहांगले एकदम राम्रो कार्य थाल्नुभएछ भन्नुभयो। आजकाल कर्मचारीहरु नेताले झैं वक्तव्य दिन थालेका छन्, यसो गर्न म चाहन्न भन्दै उहाँले कुराकानीका लागि वातावरण प्रमुख उपेन्द्र खनालकोमा हामीलाई पठाउनुभयो । वातावरण प्रमुख खनालले धनकुटा जिल्लाको सदरमुकाम पूर्वाञ्चलको क्षेत्रीय सदरमुकाम समेत रहेको धनकुटा बजार धनकुटा नगरपालिका भित्र रहेकाले शैक्षिकरुपमा महत्वपूर्ण रहेको धारणा राख्नुभयो। यो नगरपालिका भएर नै तेरहथुम, संखुवासभा, भोजपुर जिल्लाको सडक गएको त छ नै पर्यटकीय हिसाबले पनि सुन्दर रहेकाले धनकुटा एकपटक सबैले हेर्न आउनुपर्छ भन्दै उहाँले सबैलाई निमन्त्रणा गर्नुभयो। सन् १९७९ मा स्थापित यस नगरपालिकामा ९ वडा छन्। हिलेजस्तो प्रमुख बजार पनि यही नगरपालिकामा पर्दछ। यसको कुल क्षेत्रफल ४८.३ वर्ग कि.मि. छ भने तापक्रम २ डिग्रीदेखि ३७ डिग्री सेल्यिससम्म पुग्ने गरेको ब्रोसरमा उल्लेख गरिएको छ। स्थानीय सञ्चारमाध्यमद्वारा जनताले सुसूचित हुने अवसर पाएका छन् राजधानीका केही पत्रपत्रिका पनि बजार क्षेत्रमा बिहानै पढ्न पाइन्छ भन्ने जानकारी पनि उहाँले दिनुभयो। यो विश्वभ्रमणले विश्वमा सकारात्मक सन्देश प्रवाह गर्न सक्ने उहाँको भनाई छ।

नगरपालिकाबाट हामी जि.वि.स. को कार्यालय पुग्यौं । पत्रकार रमेशचन्द्र अधिकारीले फोन गरिदिनु भएकाले स्थानीय विकास अधिकारी रामाधीन यादवले बैठकबाटै कार्यालयका कर्मचारी पठाएर जि.वि.स. को ब्रोसर र शुभेच्छा प्रकट गर्नुभयो।

जि.वि.स. बाट हामी क्षेत्रीय प्रशासन कार्यालय पुग्यौं । कार्यालयमा अनुसन्धान अधिकृत राजेन्द्रकुमार लम्सालसँग हाम्रो भेट भयो । उहाँको शुभेच्छा लियौं । त्यहाँबाट आत्मारा नै फर्कियौं ।

२०६६ चैत्र २७: बिहान खाना खाएर हामी पार्टी प्रतिनिधिहरु भेट्ने उद्देश्यसहित विभिन्न कार्यालयतर्फ हिंड्यौं । एनेकपा माओवादी जिल्ला इन्चार्ज निर्मलले एकातिर धनकुटाका सञ्चारमाध्यमलाई कसरी टिकाउन सकिन्छ भनेर मिडिया सञ्चालकहरु लागिपरेका देखिन्छन् भने अर्कातिर श्रमजीवी पत्रकार मारमा परिरहेको मैले पाएको छु भन्नुभयो । केही गा.वि.स. मा पानीको श्रोत नभएकाले बसाईसराई हुनु चुनौती रहेको छ उहाँले भन्नुभयो । यहाँ अखिल नेपाल शिक्षक संगठन जिल्ला अध्यक्ष मदन अधिकारीसँग पनि हाम्रो भेट भयो । अध्यक्ष अधिकारीले यो भ्रमणबाट मानवजगत्को प्रत्यक्ष सिंहावलोकन र समीक्षा हुने साथै राष्ट्र र विश्वलाई पत्रकारिताको माध्यमबाट सकारात्मक सन्देश प्रवाह गर्न लक्ष्य पूर्ण रहोस् भनी विश्वभ्रमण सफलताको कामना गर्नुभयो।

नेकपा एमालेका कार्यालय सचिव भीमबहादुर राईले तथ्यसम्मत् समाचार संकलन गर्न पत्रकारहरु निर्भिक भएर लाग्नुपर्ने धारणा राख्नुभयो । धनकुटा राणाहरुको गौंडा त छँदै थियो, हाल क्षेत्रीय सदरमुकाम छ र आगामी दिनमा प्रान्तीय राजधानी बनाउनुपर्ने सबै दलको माग छ। यसैगरी इलामलाई केही वर्षपछि चिया उत्पादनमा धनकुटाले जित्न सक्ने सम्भावना आफूले देखेको छु पनि भन्नुभयो सचिव राईले। यही हामीले अनेरास्वियुका केन्द्रिय सदस्य लोक चेमजोंग र अन्य कार्यकर्तालाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं।

जिल्ला प्रहरी कार्यालयमा प्रहरी नायब उपरीक्षक अरुणकुमार जि.सी. ले जुनसुकै क्षेत्रका गल्ती कमजोरी निकाल्नु पत्रकारिताको व्यावसायिक धर्म हो, यस्ता समाचारबाट जो कोहीले आगामी दिनमा सच्चिने मौकाको रुपमा लिनुपर्छ भन्ने धारणा राख्नुभयो।

हामी सामुदायिक विकासका लागि सञ्चार नेपालद्वारा सञ्चालित रेडियो मकालु ९२.२ मे. कार्यालय डाडागाउँ वरडोंग टोल पुग्यौं।५०० वाट प्रसारण क्षमता भएको सो रेडियोका रेडियोकर्मी मणिकुमार श्रेष्ठ सिजनले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे अर्न्तवार्ता रेकर्ड गर्नुभयो । रेडियोका तर्फबाट प्रबन्ध निर्देशक कुलप्रसाद राईले शुभकामना पत्र प्रदान गर्नुभयो। अन्य रेडियोकर्मी साथीहरुसँग पनि हामी परिचय गरेर बसपार्कतिर फर्क्यौं । बसपार्कतिर फर्कंदा इन्सेक प्रतिनिधि गीता अधिकारीसँग परिचय भयो ।

उहाँको भ्रमण सफलताको शुभकामना लिएर हामी बहिनी यशोदासँग गाडी चढेर खाल्डे कागते आयौं । कागतेमा चरम्बी ४ न्यांग भोजपुरमा जन्मिएर पुनरावेदन अदालतमा कार्यरत कुमार घिमिरेको घरमा हामी बस्यौं । बहिनी कमला र जिना घिमिरेले हामीलाई स्वागत गर्दै खानपिन गराउनुभयो । यहाँ मानवअधिकार तथा सामाजिक रुपान्तरण (काहुराष्ट) धनकुटाका सदस्य यज्ञप्रसाद अधिकारीले सूचना पाउनु जनताको मौलिक अधिकार हो भन्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो ।

२०६६ चैत्र २८: विहान हामी खाना खाएर माथिल्लो खाल्डे धनकुटाबाट बजारतर्फ ओरालो झर्‍यौं। देब्रेवास हुँदै सल्लेरी छिचोलेर रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्रको टावर छेउबाट धनकुटा बजारलाई नियाल्यौं। विश्वभ्रमण भनेर जिज्ञासु देखिएका रेडियो नेपाल स्टशेन सुरक्षार्थ बसेका नेपाली सेनाका जवानलाई अभियानका विषयमा लेखिएको पर्चा दियौं । क्षेत्रीय संग्रहालयमा झरेर विभिन्न जाति जनजातिका भेषभुषा रहनसहन र लोपोन्मुख सरसामानहरुको दृश्यावलोकन गर्‍यौं। शेर्पा, लेप्चा, आठपहरिया राई, लिम्बु धिमाल, मेचे, राजवंशी सतार, मोरोगिंया थारु, झागड र वात्तर जातिको प्रमुखरुपमा विविध पक्षको झलक सो संग्रहालयमा देखाइएको छ।

संग्रहालयबाट हामी झरेर केहीबेर इन्टरनेटमा बस्यौं । आत्मारा कोठातिर फर्कने क्रममा हेलौछा भोजपुरका दीपक, राम प्रकाश पराजुली भेट हुनुभयो । केहीबेर कुराकानी गरेर हामी कोठा आयौं । च्यांग्रे ५ मोहोरियामा जन्मिएर हाल धनकुटा उ.मा.वि. मा प्राध्यापनरत खेमराज तिंसिना, उहाँका भाई र ज्वाईंसँग केहीबेर कुराकानी गऱ्यौं ।

२०६६ चैत्र २९: बिहान ११ बजे खाना खाएर धनकुटा ३, आत्मराबाट हामी भाई बहिनीहरुसँग बिदा भयौं । सहयोग, सद्भावका लागि उहाँहरुलाई हार्दिक धन्यवाद । उहाँहरुको उज्जवल भविष्यको कामना गर्दै भेडेटारका लागि गाडी चढ्यौं । बस बाखेखोला, मूलघाट तमोर तीर उकाली ओराली नागबेली सडक पार गर्दै भेडेटार आइपुग्यो । बसबाट हामी ओर्लियौं । राजारानी सडकतर्फ पाइला चाल्यौं ।

भेडेटार ६, थुम्की छेउबाट एकपटक भेडेटार बजार नियाल्यौं । दुई डाँडाको बीच भञ्ज्यांगमा अवस्थित भेडेटार बजार साऱ्है आकर्षक देखियो । धनकुटाबाट आएको नागबेली सडक एवं गाउँबस्ती पनि रमाईला देखिए । भेडेटार ७ नाम्जे डाडामा कान्तिपुर, इमेज, सप्तकोशी, गणतन्त्र एफ.एम. टेलिफोन टावरहरुका कारण पूर्व क्षेत्रका जनता सञ्चारबाट लाभान्वित भएका छन् । हामी ती टावरहरु नियाल्दै राजारानीका लागि गाडी चढ्यौं । गाडीले एकजनाको भाडा दिनैपर्छ भनेर हामीबाट लिइ छाड्यो ।

नाम्जेबाट अगाडि कच्ची बाटो रहेछ । हामी राजारानी बजारमा बसबाट झऱ्यौं । दुई तिर थुम्कामा राजा र रानीको मन्दिर भएकाले यस ठाउँलाई राजारानी भनिएको स्थानीय पूर्ण चेम्जोंगले बताउनुभयो । धरानको ब्लाष्ट दैनिक पत्रिका आउने र एफ.एम. सुन्ने गरिएको यहाँका स्थानीय वासिन्दाले हामीसँगको कुराकानीमा भने । यो बजार राजारानी ६ मा पर्छ भने यसको सँगै पुण्य उ.मा.वि. पनि छ । हामीले बजार छेउमै रहेको तालको अवलोकन गऱ्यौं । तालमा सिमेण्टको पर्खाल लगाइएको भएपनि पानी चुहिरहेको थियो । ८, १० वर्ष अगाडिसम्म यहाँ धानखेती थियो, ताल बनाइएको थिइएन तर केही व्यक्तिले जिस्किँदै ड्याम बनाउँदा तालको रुप लिएकाले यसलाई पर्यटकीय क्षेत्र बनाउने पहल थालिएको छ, स्थानीयवासीले बताए । चारैतिर डाडाकाँडा र हरियालीका बीच यो ताल सुनमा सुगन्ध भएको छ । वरपरको वातावणलाई नियाल्दा अर्को खोलातर्फ पनि ताल हुने सम्भावना देखिन्छ । यो ठाउँ धनकुटाको महत्वपूर्ण पर्यटकीय गन्तव्य हुने सम्भावना भएको ठाउँ नै रहेछ । यस्तै अनुभूति संगेल्दै स्थानीय होटलमा हामी आएर बास बस्यौं ।

२०६६ चैत्र ३०: प्रधानमन्त्री माधव नेपाल नेतृत्वको सरकारले एम.आर.पी. मेसिन रिडेबल पासपोर्ट प्रक्रिया पूरा नगरी भारतलाई छाप्न दिन गरेको निर्णयको विरोधमा एनेकपा माओवादीले नेपाल बन्द घोषणा गरेको थियो । तर हिजो सरकारले सञ्चारमाध्यम नागरिक समाज एवं प्रतिपक्षी दलको व्यापक दबाब पश्चात् निर्णय फिर्ता लिएकाले आज नेपाल बन्द गरिएन । केहीले विश्वको दोश्रो ठूलो, एशियाको पहिलो ठूलो तथा केही मान्छेहरुको भनाईमा एशियाको दोश्रो ठूलो रुख भनेर चिनिएको वरको रुख हेर्ने उद्देश्यसहित हामी डाडाबजार २ लाप्चेटार हिंडेरै आयौं ।

साँच्चिकै अजब गजबको रहेछ रुख । धेरै रुख एक ठाउँमा झुरुप्प भएजस्तो देखिने तर एउटै । फेददेखि नै चारैतिर हाँगा फैलिएको । सो रुखको गोलाई ६२ फिट र १३ रोपनी क्षेत्रफलमा हाँगा फैलिएको छ भन्ने जानकारी हामीलाई राम प्रा.वि. का शिक्षक ध्रुव घिमिरेले दिनुभयो । यो रुख अढाई सय वर्ष पुरानो भनेर वनविज्ञान संस्थान हेटौंडाले जनाएको उहाँको भनाई थियो । हामी पनि त्यो रुख देखेर छक्कै पऱ्यौं ।

त्यहाँबाट माथि डाडाबजार निस्केर हामीले बिहानी खाना खायौं । होटल्नी दिदीले पत्रकारिता पेशा साऱ्है डरमर्दो छ, ठाउँ ठाउँमा पत्रकार मारेको पनि सुनिन्छ म त साऱ्है डर लाग्छ भन्नुभयो । त्यहाँबाट हिंड्दै हामी भेडेटारतर्फ आयौं । बाटोमा भेट हुनुभएका कन्या प्रा.वि. भेडेटार ९, मुक्तेनका शिक्षक खुशबहादुर निरौलाले हामीलाई ध्वजे डाडा, थाम डाडा, मोरंग एवं सुनसरी जिल्ला भूभाग चिनाउनुभयो ।



एउटा ठूलो रुख जसका बारेमा ३ भनाइ छन् ।

हामी मोरंगको पाटी ६, सेलिंग र धनकुटाको सिमानामा केहीबेर हिंडेपछि सुनसरी र धनकुटाको सिमाना नै सिमाना रोडै रोड आयौं । भेडेटार बजारमा भेटिनुभएका धनकुटाका रोशन थापा मगरले नास्ताको व्यवस्था मिलाउनुभयो ।

हामीले माथि भेडेटार चार्ल्स प्वाइण्ट भ्यु टावर गएर दृश्य हेऱ्यौं । त्यहाँबाट धरान, सप्तकोशी धनकुटा लगायत विभिन्न ठाउँ देखिने बताइन्छ । हामीले चाहिं तुँवालो लागेका कारण ती ठाउँको दृश्य देख्न पाएनौं । भेडेटार बजारचाहिं साँच्चै हेरिरहुँ हेरिरहुँ लाग्यो । विभिन्न ठाउँबाट आएका मान्छेको भीड

थियो त्यहाँ। कोशी अञ्चलका तराई क्षेत्रका मानिसहरु शीतल हावा खान सो ठाउँमा जाने गरेको पाइन्छ। अन्य क्षेत्रबाट पनि पर्यटक आउने जाने गरि नै रहन्छन्।

हामी भेडेटारबाट माइक्रोको छतमा चढेर धरान झर्‍यौं। ६२ औं जिल्ला धनकुटाको भ्रमण भेडेटारमा अन्त्य गरेर हामी धरानबाट इटहरी लाहान, गोलबजार हुँदै उदयपुरको कटारी घुर्मीबाट ६३ औं जिल्ला ओखलढुंगा प्रवेश गर्ने योजनका साथ हिंडेका छौं। बेलुकी धरान गीता मन्दिरको धर्मशालामा एउटा कोठाको रु. ५० तिरेर बस्यौं।

२०६६ चैत्र ३१ः धरानबाट बिहानै हामी कटारी आउन पाएनौं। कारण भिडियो क्यामेराको आवाज बाहिर नसुनिएकाले बिग्रिएको ? भन्ने डर हामीमा थियो। सुन्दर साउण्डका एकजना दाईलाई हामीले हेर्न लगाएपछि साउण्ड अफ भएको रहेछ भनेर खोलिदिनुभयो। नजाने पछि यति काम पनि महाभारत। त्यसैले भनिएको हुनुपर्छ ज्ञान नै शक्ति हो। काठमाडौं जानुपर्ने हो कि, के हुने होला भनेर चिन्तित भइरहेका बेला अनायसै खुशी भयौं हामी, ति दाईलाई धन्यवाद दियौं। डीभी चक्का किनेर कटारीको गाडी चढ्यौं। १२ बजे दिउँसो हिंडेको गाडी साँझ कटारी आइपुग्यो। हामी एक होटलमा बस्यौं। भोलीदेखि नववर्ष २०६७ सालको पहिलो दिन वैशाख १ गते भएकाले साथीहरुलाई देशभर शुभकामना म्यासेज पठायौं।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

सकारात्मक पत्रकारिताले पनि समाज परिवर्तन गर्न सकिन्छ। – नैन विश्वकर्मा, कार्यक्रम प्रमुख रेडियो मकालु धनकुटा
बाधा र व्यवधानलाई साहस र शक्तिमा परिणत गर्नु। – सरस्वती अर्याल, मोरंग
ऐतिहासिक र साहसिक अभियान। – कविता बराल, रेडियो मकालु एफ.एम.
नेपाली पत्रकारिता विश्व जगतसमक्ष परिचित बन्न सकोस्। – रमेशचन्द्र अधिकारी, कान्तिपुर संवाददाता
भ्रमणको सार्थकता र पूर्णता प्राप्ति होस्। – विजय सन्तोषी राई (अध्यक्ष), नगेन्द्र राई (सचिव) नेपाल पत्रकार महासंघ
सफलताको कामना। – कालीप्रसाद पराजुली (प्रजिअ), जिल्ला प्रशासन कार्यालय
अत्यन्त समसामयिक सन्देश। – कुलप्रसाद राई (प्रबन्ध निर्देशक) रेडियो मकालु
वाक् स्वतन्त्रतालाई चिनाउनु। – सन्तवीर लामा, ब्लास्ट टाइम्स दैनिक संवाददाता
सञ्चारकर्मीको अवस्थाको बारेमा ज्ञात हुने अपेक्षा। – सिद्धराज राई, नागरिक दैनिक संवाददाता
नेपाली परिवेश चिन्न महत्वपूर्ण भूमिका। – भिषा काफ्ले, राजधानी दैनिक
अमानवीय कार्य गर्नेलाई सजग तुल्याओस्। – रविन रुचाल वि.क., रेडियो मकालु
चुनौतीलाई सहज समाधान गर्न टेवा पुगोस्। – बलराम दाहाल, रेडियो मकालु
राम्रो र हाम्रो संविधान निर्माणमा सहयोग पुगोस्। – विमला राई, रेडियो मकालु
शान्ति छ साधना, सप्रेम छ भावना। – मणिकुमार श्रेष्ठ (कुलुंग भोजपुर), रेडियो मकालु

धनकुटा यात्राका क्रममा प्राप्त नगद सहयोग

देवी गौतम (चानुवा २)	रु. ५,०००/-
जिल्ला विकास समिति	रु. १,५००/-
कृषि अनुसन्धान केन्द्र (पाखीवास)	रु. १,०००/-
धनकुटा नगरपालिका	रु. १,०००/-
जिल्ला प्रहरी कार्यालय	रु. ५००/-
एनेकपा (माओवादी)	रु. ५००/-
राजेन्द्र लम्साल (क्षेत्रीय कार्यालय) २)	रु. ५०/-
त्रिलोचन गुरागाईं	रु. ५०/-

ज्ञानको ज्योति संसारभरी छर्नु। – मेघराज घिमिरे (कुदाककाउले ४, भोजपुर), धनकुटा बहुमुखी क्याम्पस
नेपाल फर्किएर संसार पुगेझैं सबैलाई प्रष्ट बनाइ दिनु। – दिलिप गौतम, चानुवा २
भ्रमण प्रकाशनले जनताको आँखा खुलोस्। – गोबिन्दप्रसाद तिम्सिना (निमित्त केन्द्र प्रमुख), पाखीबास
प्रतिभा शक्ति हुँदैन कहिल्यै असफल। – दुर्गा घिमिरे पम्फा (कुदाककाउले ४, भोजपुर), धनकुटा बहुमुखी क्याम्पस
प्रेस स्वतन्त्रताका लागि बिगुल फुक्न सक्नेछ। – खेमराज तिम्सिना, च्यांग्रे ५, भोजपुर
सचेत बनाउने कार्य प्रभावकारी होस्। – राजेन्द्रकुमार लम्साल (अनुसन्धान अधिकृत), क्षेत्रीय प्रशासन कार्यालय
साहसिक अठोट पूर्ण सफल होस्। – अरुणकुमार वि.सी., प्रहरी नायब उपरीक्षक
नेपाली पहिचान विश्वमाझ पुगोस्। – निर्मल (इन्चार्ज), एनेकपा माओवादी
मानव जगत्को प्रत्यक्ष सिंहावलोकन र समीक्षा हुनेछ। – मदन अधिकारी, (अध्यक्ष), अखिल नेपाल शिक्षक संगठन
बधाई तथा शुभकामना। – जिना घिमिरे, चरम्वी भोजपुर, हाल माथिल्लो खाल्डे
बाधा अड्चन नआओस्। – कमला घिमिरे (चरम्बी ४, च्याङ्ग भोजपुर) हालः धनकुटा ३, पात्ले
जीवन रुपान्तरण गर्न आशा जाग्यो। – यशोदा पराजुली (हेलौंछा १, भोजपुर), धनकुटा ३, आत्मारा
सकारात्मक पत्रकारिता बुझाउँदै अगाडि बढ्नु। – देवका पराजुली (हेलौंछा १, भोजपुर), धनकुटा बहुमुखी क्याम्पस
सकारात्मक सन्देश विश्वमा प्रवाह होस्। – दीपक पराजुली (कुलुंग २, भोजपुर), धनकुटा बहुमुखी क्याम्पस
देशले युवा जनशक्तिको खाँचो पूरा गरोस्। – ध्रुव घिमिरे गाउँले, डाडाबजार

६३ औं जिल्ला ओखलढुंगा डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,०७४ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ५६ वटा, निर्वाचन क्षेत्रः २ । सदरमुकामः ओखलढुंगा, अञ्चलः सगरमाथा, विकास क्षेत्रः पूर्वाञ्चल भौगालिक अवस्थितिः पूर्व खोटांग, पश्चिम रामेछाप, उत्तर सोलुखुम्बु र दक्षिण खोटांग, उदयपुर र सिन्धुली

भाषाः नेपाली, तामांग, बान्तवा, मगर, शेर्पाआदि ।

२०६७ वैशाख १ गतेः बिहान ६ बजे उदयपुरको कटारीबाट गाडी चढेर हामी १० बजे घुर्मी झऱ्यौं । घुर्मीबाट सुनकोशी नदीको माथि पुलमा रु. २० दुई जनाको तिरेर टोक्सेल २, हर्कपुर भएर ओखलढुंगा प्रवेश गऱ्यौं । यहींबाट हाम्रो ६३ औं जिल्ला ओखलढुंगा यात्रा प्रारम्भ भयो । यो भन्दा अघिल्लो हाम्रो भ्रमण जिल्ला धनकुटा थियो ।

खाना खाएर सुनकोशी नदीमा नुहाईधुवाई गर्न पुग्यौं हामी । वैशाखका ताता घाममा सुनकोशीमा नुहाउन पाउनु कम्ती खुशीको कुरा भएन । बेलुकी हर्कपुरकै एक होटलमा बास बस्यौं । आज आमाको मुख हेर्ने दिन भनेर समाचार सुन्दा अनि होटल्नी दिदीले आफ्नी आमालाई फलफूल र खानेकुरा दिएर मुख हेर्दा हामीले पनि फोटामा आमालाई हेऱ्यौं...।

२०६७ वैशाख २: बिहान ७ बजे हर्कपुरबाट हामी माने भञ्ज्यांग आउने गाडी चढेर हिंड्यौं । धुलो बाटो भीरपाखा हेर्दै अनि हिलेपानी हुँदै मानेभञ्ज्यांग आइपुग्यौं । थाक्ले ५, हिलेपानीको पिपल ढाँडमा राष्टिय गीतका रचयिता व्याकुल माईला प्रदीपकुमार राईको जन्मघर पर्छ भन्ने कुरा आज हामी बास बसेको घरका मूली कुश बहादुर खड्काबाट थाहा पायौं । मानेभञ्ज्यांग ४ निवासी खड्का दोहोरी गाउन खुब रमाउनु हुँदोरहेछ । उहाँले भन्नु भयो, मलाई आंगमा देउता आउँछ, मासु, रक्सी अनि नछुने भएकी महिलाले छोएको खाएमा शरीरमा सञ्चो हुँदैन...? हामी दिनभर अध्ययन लेखन र आराममै व्यस्त रह्यौं ।

२०६७ वैशाख ३: आज पनि हामी बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म लेखन अध्ययनमै व्यस्त भयौं । यही घरका भाई विदुर खड्काले आफ्नो बुवाबारे यसो भन्नुभयो, गाउँघरको विकास निर्माणदेखि लिएर अन्य सामाजिक कार्यमा भोक तिर्खा बिर्सिएर हाम्रा बुवा लागिपर्नु हुन्छ, तर कसैले पनि उहाँको योगदानको कद्र गर्दैनन्, हुन त उहाँ पढ्न लेख्न सक्नुहुन्न, राजनीतिलाई पेशा नबनाइकन छुट्टै नेता बनेर हिंडेर काम छैन । छोराको टिप्पणीलाई बाबु कुश बहादुरले भन्नुभयो, अरुले नदेखेर के भयो त ? म समाजका लागि हित हुने काममा लागि नै रहन्छु ।

माथिको बाबुछोराको भनाईलाई आधार मान्दा भने कुशबहादुर जीजस्तै सामूहिक सहयोगी भावना भएका नेता कार्यकर्ताको अभाव नेपालमा असाध्यै खड्किएको छ । किनकी परिवार वा कसैको दबाब र प्रभावमा परेर सार्वजनिक सम्पत्ति हिनामिना गरी अकूत सम्पत्ति कमाउने नामधारी सामाजिक कार्यकर्ता, नेता, कार्यकर्ता, कर्मचारी आदि स्वस्थ र सुन्दर समाज निर्माणका लागि आवश्यकता होइनन्, प्रदुषण हुन् । त्यसैले यस्तालाई त समाजले समाजबाट नै लघार्नु पर्ने देखिन्छ । राम्रा मान्छेको खोजी गर्नु समाजको दायित्व हो भने सार्वजनिक निकायको जिम्मेवारी लिइसकेपछि यि राम्रा मान्छेहरु अरुको दबाब वा प्रभावमा नपरी काम गर्नु एक मात्र उत्तम विकल्प हो ।

२०६७ वैशाख ४: बिहान मानेभञ्ज्यांगबाट ओखलढुंगा सदरमुकाम आउने क्रममा हामी प्रहरी चौकी मानेभञ्ज्यांग पस्यौं । प्रहरी सहायक निरीक्षक देवेन्द्र बहादुर वि.क. र अन्य प्रहरी जवानलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानमार्फत् नेपालका पर्यटकीय क्षेत्रसहित नेपाली पहिचान विश्वमाझ दिलाउने हाम्रो उद्देश्य प्रष्ट पाऱ्यौं । उनीहरुले यात्रा सफलताको कामना गरे ।


सदरमुकाम ओखलढुंगा

प्रहरी चौकीबाट केही अगाडि चौरमा फूटबल खेल भइरहेको देख्यौं । बच्चादेखि बृद्ध बृद्धासम्म खेलको चर्चा परिचर्चा गर्दा रहेछन्, यतातिर । ब्रिटिश आर्मी भएका नेपालीहरुले आफैं लगानी गरेर खेल खेलाउने परिपाटी पनि यस भेगमा रहेछ ।

हामी खेल मैदानबाट अगाडि बढेर चोकमा आइपुग्दा प्रहरी जवान विदुर कोईरालासँग भेट भयो । उहाँसँग चिया पिउँदै केहीबेर कुराकानी गरियो । त्यहाँबाट हामी उकालो हिंड्यौं । तिल्पुंग डाँडा, माधवपुर ९ काट्दै अगाडि बढ्यौं । बाटामा भेटिएका ऐसेलुका स्वाद लिंदै केत्तुके आइपुग्यौं । महावीर मेडिकल हलमा रु. २६ बट्टामा लेखिएको कानमा राख्ने औषधीलाई रु. ३० तिर्नु पऱ्यो । कारण सोध्दा स्थानीय हेल्थ पोष्टको सिनियर अहेब

भनेर परिचय दिने बिक्रेता दुखी राउतले ढुवानी भाडाका कारण रु. ४ बढी लिनुपरेको हो भन्नुभयो। केत्तुके दुवै तिरको डाडाका बीचमा बसेको रमाइलो भन्ज्यांग रहेछ। यहाँ काठमाडौंको हावा सिधै आउँछ भन्ने भनाई पनि सुन्न पाइयो। आज बिहान हामीलाई खाना खाने व्यवस्था भने मिल्न सकेन। चाउचाउमै गुजारा चलाइयो।

केत्तुकेबाट उकालो लाग्नसाथ दुईजना महिलाले डोकोमा पानी बोकेर हिंडिरेहको देखियो। केत्तुके ३, माडी घर बताउने निरमाया र ब्याँलीमाया तामांगले भन्नुभयो, के गर्नु दाई, ३ घण्टाको बाटो पानी बोक्नुपर्छ, डाँडामा पानीको श्रोत नभएकाले ५ घर छौं, अरु बसाई सरिसके। हरे, यि दिदीहरुलाई कति धेरै हैरानी... ?

उकालो बाटोमा पात्लें फूलेर पाखै सुनजस्तो देखिएको दृश्य क्यामेरामा कैद गर्दै हिंड्यौं हामी। सल्लेरी ६, लगलगेबाट ओखलढुंगा बजार देखियो। तुँवालो लागेको बेला पनि डाँडामा सेतो सल ओढेकी सुन्दरी झैं यसको सुन्दरता टल्कियो। बाँसको चोयाले बुनेका बडेबडे डोकामा कतै पत्कर सोर्दै गरेको दृश्य देखिन्थ्यो त कतै डोको भरेर घरतिर लागेको अनि कतै रित्तो डोको बोकेर आउँदै गरेको। लेकमा पत्कर लगेर गाईवस्तुको थलामा सोत्तर लगाउने र मल बनाउने चलन छ। वास्तवमा यसरी बनाइएको कम्पोष्ट मल रासायनिक मलभन्दा धेरै गुणस्तरीय पनि हुन्छ।

यहाँबाट अघि बढ्ने क्रममा पानी छिट्याउन थाल्यो। हामी सरासर ओखलढुंगा बजार आइपुग्यौं। डाँडामा लाम्चो आकार वल्लो, पल्लो, माथिल्लो तीन चार भागमा टुक्रिएर बसेको रहेछ यो बजार। दुवैतिर भिरालो जमीन डाँडामा टक्र्याक टुक्रुक घर हामीलाई अनौठो तर रमाइलो लाग्यो।

कोशेली घरका सञ्चालक कुलबहादुर राईले अधिवक्ता टुकराज निरौला र पत्रकार राजनकुमार राईलाई भेट गराउनुभयो। हामीले पत्रकार महासंघको कार्यालयमा बसेर केहीबेर कुराकानी गर्‍यौं। ओखलढुंगामा हाल लेक बेसी पाक्षिक, आँसु त्रैमासिक, जनसाहित्यिक जमर्को दैव्मासिक, रेडियो ओखलढुंगा र आफ्ना एफ.एम. प्रकाशित प्रसारित भइरहेको पाइन्छ। युगकवि सिद्धिचरण श्रेष्ठको जन्मथलो ओखलढुंगामा दैलो पाक्षिक, जुनकिरी, नव ओखलढुंगा, ओखलढुंगा साप्ताहिक (हाते प्रेसबाट) प्रकाशित भएको भएपनि हाल बन्द छन्। विद्युत् सेवा नियमित नहुँदा र फोनको व्यवस्था पनि उचित नभएका कारण यहाँका पत्रकारहरुलाई पर्न सम्म अप्ठ्यारो परेको रहेछ। हामी ओखलढुंगा प्रवेश गरेदेखि नै मोबाईल एवं ल्याण्ड लाईन फोन समेत अवरुद्ध भएका छन्।

महासंघको कार्यालयबाट स्थानीय एक होटलमा आयौं। खाना खायौं। होटल परिवार एवं ग्राहकहरुसँग विश्वभ्रमण अभियानबारे कुराकानी गरेर सुत्यौं।

२०६७ वैशाख ५: बिहान हामी मानव विकास तथा सामुदायिक सेवाद्वारा सञ्चालित आफ्नो एफ.एम. १०४.८ मे. र रेडियो ओखलढुंगा एफ.एम. १०५.६ मे. को कार्यालय पुग्यौं। दुवै कार्यालयका सञ्चारकर्मीहरुसँग सामान्य परिचय गरेर फर्कियौं।

खाना खाएर जिल्ला प्रशासन कार्यालय पुग्यौं। प्र.जि.अ. फणीन्द्रमणी पोखरेल, प्रहरी नायब उपरीक्षक रामकृपाल शाह उपस्थित सेवाग्राही एवं कर्मचारीहरुसँग हाम्रो कुराकानी भयो। बिजुली बत्तीको अभाव र नियमित हवाईसेवा नहुँदा राष्ट्रिय समाचारहरु समेत थाहा पाउन मुस्किल परेको उनीहरुको भनाई थियो। उनीहरुले ओखलढुंगा जिल्लामा यातायात एवं सञ्चारको भरपर्दो व्यवस्था नभएकाले यो जिल्ला पछाडि परेको छ, भने।

जि.प्र.का. बाट हामी जि.वि.स. गयौं। स्थानीय विकास अधिकारी बिदामा र निमित्त स्थानीय विकास अधिकारी बैठकमा व्यस्त हुनुहुन्थ्यो। त्यहाँ ३० वर्षदेखि कार्यरत कर्मचारी श्रीमती शान्ता बस्नेत र प्रेमबहादुर राईसँग केहीबेर हाम्रो कुराकानी भयो। उहाँहरुले जि.वि.स. मा धेरै एल.डी.ओ. साब आएपनि सबैको भावना बुझ्न सक्ने स्थानीय विकास अधिकारी भुपाल निरौलालाई भने भुल्न नसकिने बताउनुभयो। त्यसपछि हामी सूचना शाखा प्रमुख गोपाल कटुवालको पर्सी रुम्जाटारबाट फर्किएर जि.वि.स. को सूचना सामाग्री लिएर जानुहोला भन्ने आश्वासन पश्चात् एनेकपा माओवादी कार्यालयतिर आयौं।

सञ्चारकर्मीहरुसँग

यस कार्यालयमा सहसचिव ठंकर पोखरेलसँग हाम्रो कुराकानी भयो। सहसचिव पोखरेलले स्वतन्त्र सञ्चारमाध्यम सबैको साझा सम्पत्ति हुने भएकाले स्वतन्त्र, सकारात्मक एवं मर्यादित बनाउन सबै पक्षले जिम्मेवार भएर आफ्नो कर्तव्य पूरा गर्नुपर्ने बताउनुभयो। त्यही भेट हुनुभएका पूर्वाञ्चल सिंचाई विकास सवडिभिजन कार्यालय ओखलढुंगाका कर्मचारी चन्द्रे कामीलाई कार्यालय समयमा किन यहाँ हुनुहुन्छ ? भनेर सोध्दा म त यहाँ काम परेर आएको हुँ कार्यालयमा पनि अरु कोही छैनन्। सरकारी कार्यालयका हाकिमहरु नै कर्तव्यनिष्ठ भएर

गर्दैनन् हामीजस्ता कर्मचारीले के गर्नु ? भन्ने प्रतिक्रिया दिनुभयो । फिल्डमा जाँदा धेरै ठाउँमा आफूले वास्तविक थर बताउादा दलित भनेर मान्छेले बास नदिने कारण अर्कै थर बताएर बस्ने गरेको उहाँले बताउनुभयो ।

एनेकपा माओवादी कार्यालयबाट हामी नेकपा एमाले कार्यालयमा गयौं । जिल्ला कमिटी सदस्य मेखराज खड्का, नवराज दाहाल लगायतका नेता कार्यकर्तासँग हाम्रो कुराकानी भयो । सदस्य खड्काले लिखु, दूधकोशी र सुनकोशीले घेरिएको ओखलढुंगामा सञ्चारमाध्यमको भर्खर भर्खर विकास हुन थालेको धारणा राख्नुभयो । एमाले कार्यालयबाट हामी ओखलढुंगाको ओखल हेर्न पल्लो बजारको छेउमा पुग्यौं ।

ओखलढुंगाको ओखल

पहिले भीमजीत मल्लले धान कुटेर फौजलाई ख्वाएको भनिएको ओखलढुंगालाई इट्टाको पर्खाल लगाएर अग्लो ढिस्कोमा राखिएको रहेछ । छेवैमा युगकवि सिद्धिचरण श्रेष्ठको शालिक र मेरो प्यारो ओखलढुंगा कविताका हरफहरु लेखेर राखिएका छन् । यो कविता हामीले मा.वि. तहमै पढेका थियौं । त्यतिबेलादेखि नै कस्तो होला ओखलढुंगा ? भनेर हाम्रो मनमा कौतुहलता जागेको थियो । आज प्रत्यक्ष हेर्न पाउँदा हामी साँच्चै खुशी भएका छौं । ओखल आसपासको वनजंगलमा पलाएको पालुवाले यसको सुन्दरता अझ बढाएको छ ।

साँझ ७ बजे हामी रेडियो ओखलढुंगाका साथीहरुको निमन्त्रणमा एफ.एम. कार्यालय गयौं । स्टेशन म्यानेजर लिला बहादुर श्रेष्ठ, एफ.एम. कर्मी सञ्जीव कार्की, राज दयाल, देवकुमार दाहाल लगायतसँग हाम्रो परिचय र कुराकानी भयो । म्यानेजर श्रेष्ठले रेडियोमा प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे प्रत्यक्ष अन्तर्वार्ता प्रस्तुत गराउनुभयो । यहाँका रेडियोहरु जेनेरेटरबाट चलाउने गरिएका छन् । रेडियोमा कुराकानी गरेर बाहिरिन नपाउँदै रुम्जाटारबाट फोन आयो । भोली हामी रुम्जाटार भ्रमणमा जाँदैछौं भनेर अन्तर्वार्तामा भनेकाले पूर्व जि.वि.स. सभापित महेश कोर्मोचाले बिहान मेरो घरमा भोजन गर्ने गरी आउनु होला भनेर हामीलाई निम्ता गर्नुभयो । सूचना सम्प्रेषण कतिसम्म शक्तिशाली हुन्छ भन्ने कुराको ज्वलन्त उदाहरण हो यो ।

दिनभरको भेटघाट र कुराकानीका सहभागीहरुले ओखलढुंगाले राष्ट्रियस्तरका पत्रकार राजेन्द्र दाहाल, पुरुषोत्तम दाहाल, होमनाथ दाहाल, गजुरधन राई, तोया दाहाल, गणेश राई, पुष्पहरी बराई लगायतको जन्म गराएको प्रति गर्व गरे पनि जिल्लामा सञ्चारमाध्यमको दरिलो आधार खडा नभएकोमा भने दुःख व्यक्त गरे । साथै नेकपा एमालेका वर्तमान महासचिव ईश्वर पोखरेल, ने.कां.का नेता एवं पूर्वमन्त्री बलबहादुर राई, नेपाली सेनाका पूर्व प्रधान सेनापति रुक्मांगद् कटुवाल, गायिका मौसमी गुरुंग जस्ता व्यक्तित्वहरुको जन्म भएपनि जिल्लालाई बिर्सिएकी ? भनी चिन्ता प्रकट गरेका छन् । रेडियोबाट राती ९ बजे हामी होटलमा आयौं । खाना खाई रात्री विश्राममा सरिक भयौं ।

२०६७ वैशाख ६: बिहान ६ बजे रुम्जाटारका लागि प्रस्थान गर्‍यौं । कच्ची सडकै सडक तल देखिएको आकर्षक टार रुम्जाटारको दृश्यांकन गर्दै छेउछाउको शान्त अनि हरियाली वातावरणलाई नियाली रह्यौं । वर्नालु गा.वि.स.को भूभाग छिचोल्दै हामी घुमी फिरी रुम्जाटार भन्ने ठाउँमा पुग्यौं । गुरुंगहरुको बाहुल्यता रहेको रुम्जाटारमा सडक बनाउने र ढुंगा छाप्ने कार्य भइरहेको छ । जिल्लाको एक मात्र विमानस्थल रुम्जाटारमै रहेको छ ।

हामी रुम्जाटार ३ मा अवस्थित सृजना गुरुंग र महेश कोर्मोचाको घरमा हिजो बेलुकीको निमन्त्रणाअनुसार पुग्यौं । उहाँहरुले हामीलाई स्वागत गर्दै खानपिन गराउनुभयो । नेपाली काँग्रेसका महासमिति सदस्य एवं पूर्व जि.वि.स. सभापति कोर्मोचाले हामीलाई ओखलढुंगाबारे विस्तृतमा जानकारी गराउनुभयो । ओझेलमा रहेको ओखलढुंगा जिल्लाको भविष्य सोच शीर्षक दिएर जिल्लाको मात्र नभई पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रका जिल्लाको समेत महत्वपूर्ण पर्यटकीयस्थलका बारेमा कोर्मोचाले लेख्नु भएको छ । उक्त लेखको प्रस्थान विन्दूमा कुनै पनि कार्य गर्न चाहिन्छ क्षमता र दक्षता, पर्यटनको मूल सर्त हो राजनीतिक स्थिरता र शान्ति सुरक्षा, नयाँ नेपाल निर्माणार्थ गरौं पर्यटन विकास यसैले दिन्छ सबैलाई गास, बास र कपास लेखिएको छ । यस लेखमा कोर्मोचाले शहीदै शहीदको जिल्ला ओखलढुंगा हो भन्दै खिजी गा.वि.स.को पर्यटन र जिल्लाका अन्य भागहरुलाई समेट्नु भएको छ ।

दुवै खोलाको बीचमा केही उच्च भागमा रहेको समथर भूभाग भएकाले वल्लो पल्लो गाउँ ठाउँ जाँदा यहीं भएर जानुपर्ने अनि जहाज चढ्न पनि त्यहीं पुग्नुपर्ने भएकाले पनि यो ठाउँलाई घुमीफिरी रुम्जाटार भनिएको रहेछ । पछि यही उखान विकसित हुँदै जाँदा देशभर चर्चामा परेको जानकारी पाइयो । रुम्जाटारका विषयमा इलाममा जन्मिएर रुम्जाटारलाई कर्मथलो बनाउनु भएका सन्त ज्ञानदिल दासले भन्नुभएछ, रुम्जाटारको कोदोको पीठो, निर्गुनको दाउन, धर्म र कर्म गुरुंगले गरे छक्क परे बाहुन । यहीं ठाउँमा जन्मिएर

राष्टिय अन्तराष्टिय चर्चा बटुल्न सफल शिवशक्ति बाबा कालीदास, हाल रुम्जाटारमा अखण्ड कीर्तनका सञ्चालिका रामकुमारी गुरुंग र माइती नेपालकी अध्यक्ष अनुराधा गुरुंग कोईराला लगायतले रुम्जाटारको महत्व अझ उभ्रेलिएको छ ।

हामीले रुम्जाटारमा रुम्जाटार प्रा.वि. की प्र.अ. राधादेवी गुरुंगसँग पनि केहीबेर कुराकानी गऱ्यौं । उहाँले बोर्डिंग पढाउँदा जस्तै सरकारी विद्यालय पढ्ने बालबालिकालाई घरका अभिभावकले चासो राख्ने हो भने गुणस्तर कायम गर्न सकिन्छ भन्ने धारणा राख्नुभयो । यहाँ एफ.एम. सुन्न, टेलिभिजन हेर्न र प्लेन आएमा पत्रपत्रिका पढ्न पाइने रहेछ । हामीले रुम्जाटारमा विगत ४६ वर्षदेखि राडीपाखी बुन्दै आउनुभएकी पुण्यदेवी श्रेष्ठसँग पनि भेट गऱ्यौं । उहाँले भेडाहरुको चरन क्षेत्र कम हुँदै जानु र यसतर्फ संघसंस्था एवं सरकारको ध्यान नपुगनुले यो व्यवासाय लोप हुँदै गएको बताउनुभयो । वेल कम टु रुम्जाटार लेखिएको राडी हामीलाई उहाँले देखाउनु पनि भयो । उहाँले भन्नुभयो, मैले ४६ वर्ष अगाडि यो व्यवसाय गर्दा डब्बल बेडको मूल्य रु. ५० देखि ६० रुपियाँ पर्थ्यो, हाल ४ हजार पर्छ । तर मागअनुसारको उत्पादन गर्न सकेको छैन । देशमा रोजगार नपाएर छट्पटिएकाहरुलाई सीप भए यो प्रसंगले के भन्न खोजेको होला ? उनीहरु आफैं मनन गरुन् ।

हामी रुम्जाटारबाट पुन: ओखलढुंगा बजारतर्फ फर्क्यौं । बाटामा खोटांग घर भएर हाल जिल्ला जनस्वास्थ्य कार्यालय ओखलढुंगामा कार्यरत लालबहादुर खड्कासँग भेट भयो । कुराकानी गर्दै हामी उकालो बाटो काटेर ओखलढुंगाबजार आइपुग्यौं । वजारमा स्थानीय व्यवसायी इन्द्रराज राजभण्डारीसँग भेट भयो । साँझ परिसकेकाले उहाँसँग केहीबेर कुराकानी गरेर हामी वासस्थान आयौं ।

२०६७ वैशाख ७: केहीबेर ओखलढुंगा बजारबाट देखिने डाडाकाँडाका हरियाली दृश्य नियाल्यौं । प्रकृतिसँग रमाइरहेका बेला ॐ उच्चारणसँगै संस्कृतका श्लोक पढिएका स्वरहरु गुञ्जन थाले । तल एउटा स्कूलमा विद्यार्थीहरुलाई कक्षाकोठामा प्रवेश गर्नुअघि लामबद्ध राखेर प्रार्थना गराइएको रहेछ । विद्यार्थीहरुलाई स्वस्थ तन र सफा मनको उद्देश्यसहित गरिएको उक्त कार्यक्रम अन्य स्कूल कलेजले पनि सिक्न लायक छ भन्ने हामीलाई लागदछ ।

बिहानको खाना खाने बेलामा हामी बसेको होटलमा भेट्टिनुभएका सेर्ना मा.वि. शिक्षक राजकुमार बाँस्तोला र जाल्पा मा.वि. कालीमाटी, रातमाटे २ की शिक्षिका मेनुका बाँस्तोलाले सरकारी शिक्षा क्षेत्रप्रति अभिभावकलाई माया नहुनु र सरकारले पनि यसको उचित व्यवस्थापन गर्न नसकेका कारण सरकारी शिक्षालय पछाडि परेका हुन् भन्ने धारणा राख्नुभयो ।

हामी सहयोगी हातहरुको समूह (साहस) नेपालको कार्यालय पुग्यौं । यो संस्थाले २०६७ जेठ १४ लाई आधार बनाएर चोकमा संविधान बन्न कति दिन बाँकी छ ? भनेर हरेक दिन अपडेट गरिरहेको रहेछ ।

हामी नगरोन्मुख ओखलढुंगा गा.वि.स. कार्यालयमा पुग्यौं । त्यहाँ गा.वि.स. सचिव नइन्द्रराज राई, ने.कां. जि.क. सदस्य सुरेन्द्र भट्टराई एवं सेवाग्राहीहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । त्यहाँबाट हामी जि.वि.स. को कार्यालय गयौं ।

स्थानीय विकास अधिकारी कृष्णप्रसाद पुडासैनीले मैले पनि नेपालका ६५ जिल्ला घुमि सकें, घुमेर के हुन्छ अनि के गर्नुहुन्छ ? भनेर हामीलाई प्रश्न गर्नुभयो । हामीले नेपालका ७५ जिल्लामा पत्रकारिता क्षेत्र र पर्यटकीय क्षेत्रको विषयमा अध्ययन अवलोकन गरेर विश्वभर पुऱ्याउने लक्ष्य राखेका छौं । एकै शब्दमा भन्नुपर्दा नेपालका समस्या र सम्भावनालाई विश्वसमुदाय माझ पऱ्याउने हाम्रो योजना छ भन्ने जवाफ दियौं । ल ठीकै छ त्यसो हो भने भन्दै उहाँले विश्वयात्रा सफलताको शुभेच्छा प्रकट गर्नुभयो । सूचना शाखा प्रमुख गोपाल कटुवालले उपलब्ध गराउँछु भनेको जि.वि.स. सूचना सामाग्री हामीलाई दिन सक्नु भएन । अनि स्था.वि.अ. पुडासैनीले खोज्न लगाउनु भएको ब्रोसर वा सूचना सामाग्री केही पनि भेट्टिएन । सूचना सामाग्री उपलब्ध गराउने कुरामा जि.वि.स. जिम्मेवार ढंगले अगाडि बढ्न नसकेको हामीले पायौं ।

जि.वि.स. बाट हामी नेपाली काँग्रेसको कार्यालय पुग्यौं । काँग्रेसको बोर्ड २ वटा घरमा छुट्टा छुट्टै झुण्डाइएको भएपनि एउटा घरमा मात्र खुल्ला रहेछ । उपसभापति प्रदीपकुमार सुनुवारले लिखु आसपासमा सुनुवारहरुको प्रमुख वासस्थान रहेको र पाण्डव सुनुवार जस्तो लोकप्रिय गायक एवं सञ्चारकर्मी पनि यही जिल्लाको हुनुहुन्थ्यो भन्ने जानकारी दिनुभयो । उपसभापति सुनुवार र सदस्य दानवहादुर बानियाँले विश्वमा बढ्दै गएको पत्रकार माथिको हत्या, हिंसा, डरधाक, धम्की र त्रासदीको दुर्भाग्यपूर्ण स्थिति अन्त्य गर्न र २१ औं शताब्दी सञ्चारको सञ्चारको युग हो भन्ने महत्व दर्शाई शान्ति, सद्भाव, सहयोग र आदर्शताको

अभिवृद्धि गर्न विश्वभ्रमण सफल होस् भनी कामना गर्नुभयो ।

हामीले नेपाल पत्रकार महासंघ ओखलढुंगाका उपाध्यक्ष युवराज गजमेरलाई भेट्यौं । उहाँले जिल्लाका प्रशासनिक, राजनैतिक एवं कुनै पनि तह तप्काबाट पत्रकारिता जगत्लाई उचित किसिमले सहयोग नगरेको गुनासो पोख्नुभयो । महासंघको तर्फबाट विश्वभ्रमण अभियान सफलताको शुभकामना पत्र प्रदान गर्दै उहाँले सदरमुकाममा हाम्रो बसाई, खुवाईको शुल्क पनि व्यहोरि दिनुभयो । त्यहाँबाट हामी बस्दै आएको होटल फर्कियौं ।

होटलकी बहिनी लक्ष्मी तामांगले भन्नुभयो, बाहुनहरु त बूढो भएपछि मात्र विहे गर्छन्, हाम्रो गाउँघरमा त व्रत छ भन्दै बाहुनबाहुनीहरुले पानी पनि छुन दिदैनन्, एकचोटि मैले छोइदिएको झण्डै मारे । यसो भन्दै उहाँ आफैं हाँसेपछि अरुलाई पनि हाँस्ने माहोल बन्यो । कुरा ठट्टामै भएपनि छुवाछुत समस्या गम्भीर थियो । हामी वसेकै कोठामा आज वस्नुभएका च्यूरी डाडा प्रस्तावित मा.वि. का शिक्षक वेदप्रसाद दाहालसँग पनि केहीबेर कुराकानी गरेर सुतियो ।

२०६७ वैशाख ८ गते बुधबारः बिहान ओखलढुंगा बजारलाई छाडेर सोलुखुम्बु प्रवेश गर्ने योजनाका साथ हामी हिंड्यौं । कच्ची बाटो ठाउँ ठाउँमा मर्मत भइरहेकाले हिजो चल्दै गरेका जीपहरु पनि बन्द भए । केही समय उकालो अनि तेर्सो बाटो हिंडेपछि बिब्ल्याँटे आइपुग्यौं । त्यही खाना खाएर हामी अगाडि बढ्यौं ।

लेकको बाटो आलु खेती हेर्दै अनि रमाईला डाडापाखा खर्क नियाल्दै हामी सोलुखुम्बुको दाप आइपुग्यौं । यस क्रममा हामीले चित्रे, टोड्के, जन्तरखानी, ठाँडेजस्ता ठाउँहरु पार गरेका थियौं । चोत्राका काँडा र चिमलको सौन्र्दयताले हाम्रो ध्यान खिंचेको थियो । ओखलढुंगाका भूभागले बिदाई गरेर सोलुखुम्बुको भूभागले स्वागत गरिसकेछ हामीलाई त्यो त पत्तै थिएन... । दापका होटलमा बोर्ड हेर्दा मात्रै यो कुरा हामीलाई थाहा भयो ।

(नोटः ओखलढुंगा डायरीको बाँकी अंश रामेछाप डायरीमा ।)

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पत्रकारलाई स्वतन्त्र र सुरक्षित वातावरण सिर्जना होस् । - प्रदीपकुमार सुनुवार (उपाध्यक्ष), नेपाली काँग्रेस

रोग, भोक, शोक ग्रस्त नेपालीलाई आएन गणतन्त्र । - ठंकर पोखरेल (सहसचिव), एनेकपा माओवादी

आँटिलो कामलाई स्वागत र शुभकामना । - मेखबहादुर खड्का (कार्यालय सचिव), नेकपा एमाले

सफलताको शुभकामना । - युवराज गजमेर (उपाध्यक्ष) नेपाल पत्रकार महासंघ

समग्र रेडियोकर्मी यो उद्देश्यप्रति साथमा साथ हुनेछौं । - लिला बहादुर श्रेष्ठ (स्टेशन म्यानेजर) रेडियो ओखलढुंगा

सफलताको शुभकामना । - फणीन्द्रमणि पोखरेल (प्रजिअ), देवेन्द्र बहादुर वि.क. (प्र.स.नि.), मानेभञ्ज्यांग

सबै नेपाली एक भई विकासमा अघि बढौं । - विदुर खड्का, मानेभञ्ज्यांग ४

यात्रा देशकै स्मरणको दर्पण बनोस् । - टुकराज निरौला, अधिवक्ता

पत्रकारिताको पक्षमा बोल्दै हिंड्नु चानचुने कुरा होइन । - राजकुमार बास्तोला, सेर्ना नि.मा.वि., सेर्ना

थिंक गुड, डु बेटर एण्ड गेट द बेस्ट । - महेश कोर्मोचा (खिजी चण्डेश्वरी २) र सिर्जना गुरुंग (रुम्जाटार ३)

७५ जिल्ला भ्रमण पनि सानो कुरा होइन ।

- मेनुका बाँस्तोला, जाल्पा मा.वि., कालिमाटी रातमाटे २

उद्देश्य पूरा होस् ।

- मेघजीत राई, अमृता शाक्य, बन्दी राई, दीपबहादुर गुरुंग (सहास नेपाल)

पोकली झरना अवलोकनमा स्वागत ।

- महेश वि.क., पोकली झरना सेवा समाज सपरिवार

यात्रा सधैं सुखद र फलदायी होस् ।

- नइन्द्रराज राई (सचिव), नगरोन्मुख गा.वि.स. ओखलढुंगा

ओखलढुंगा यात्राका क्रममा प्राप्त नगद सहयोग

ग्रामोदय युगकवि सिद्धिचरण उ.मा.वि.गम्नांगटार	रु. ३,०००/-
ओखलढुंगा गा.वि.स.	रु. १,०००/-
जिल्ला विकास समिति	रु. १,०००/-
लालप्रसाद भट्टराई (गाम्नांगटार)	रु. ५,००/-
साहस नेपाल परिवार	रु. ३००/-
लालवहादुर खड्का	रु. २००/-

पत्रकारितामाथिको त्रासदी चिर्ने उद्देश्य । - दानबहादुर बानियाँ, (ज्यामिरे २) क्षेत्रीय सभापति, नेपाली काँग्रेस

पत्रकारितामा स्तरियताको सन्देश विश्वभर पुगोस् । - कृष्णप्रसाद पुडासैनी, स्थानीय विकास अधिकारी

देशका महत्वपूर्ण स्थान र सुझाव समाजसम्म ल्याउनुहोला । - चन्द्रबहादुर कार्की (वाक्सा ६) नेपाली काँग्रेस,

पत्रकारिताको विश्वव्यापी लहर व्यापक छाओस् । - वेदप्रसाद दाहाल (सिंहदेवी ८, कुवापानी) श्री च्यूरी डाडा प्रस्तावित मा.वि, च्यूरीडाडा सिंहदेवी ३,

कदममा सफलता नै सफलताले चुमिरहोस् । - राजमान तामांग, केतुके ९, ठूलो जुरे

हरेक कदममा सफलता मिलोस् । - राज दयाल, सञ्जिव कार्की (कुन्तादेवी ६), देवकुमार दाहाल (वर्णालु २, सानीटार), रेडियो ओखलढुंगा एफ.एम.

यात्रा हिमालजस्तै अटल र समुद्रभन्दा लामो रहिरहोस् । - सरलादेवी धमला (कुन्तादेवी २), नेकपा एमाले

दिगो विश्व शान्तिका लागि थप बल पुग्ने विश्वास । - अर्जुन अधिकारी, पोकली ३

स्वतन्त्र पत्रकारिताको विकास र सम्बर्द्धन गर्नुहोला । - घनप्रसाद पुडासैनी, गाम्नांगटार ५

अनुभव सुन्न तथा तस्वीर हेर्न पाउँदा आभारी छौं । - लालप्रसाद, शुभद्रा, सस्मिता, सुशीलादेवी र मदनकुमार भट्टराई, गाम्नांगटार ३

२ भाईको वेग अति तुफानका साथ अगाडि जाओस् । - इन्द्रप्रसाद, मेनुका, लक्ष्मी, पुष्पा, पूजा र प्रज्ञान् भट्टराई, गाम्नांगटार ३

पत्रकारिताको प्रभावले शान्ति कायम गर्न सकियोस् । - प्रेमप्रसाद भट्टराई (प्राचार्य), ग्रामोदय युगकवि सिद्धिचरण उ.मा.वि. गाम्नांगटार

You will be successful. - **Ambika Bhattarai, Gamnangtar- 4**

Launch good vision about country. - **Rabin Karki, Diyale**

६४ औं जिल्ला सोलुखुम्बु डायरी

२०६७ वैशाख ८: दिउँसो ३ बजे ओखलढुंगाको भू-भाग पार गरेर ६४ औं जिल्लाको रुपमा सोलुखुम्बु जिल्लाको केरुंग ३, दाप आइपुगेका थियौं । विभिन्न किसिमका लेकाली वनस्पति र दृश्यहरु हेर्दै आउँदा बोर्डमा आँखा परेपछि मात्र हामी झल्यास्स भयौं, सोलुखुम्बुको भू-भाग सुरु भइसकेछ भनेर । विश्व प्रसिद्ध सर्वोच्च शिखर सगरमाथा हेर्न पाइने रहर जागेर ।

संक्षिप्त परिचय

क्षेत्रफल: ३३१२ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ३४ वटा, सदरमुकाम: सल्लेरी, अञ्चल: सगरमाथा, विकास क्षेत्र: पूर्वाञ्चल
भौगालिक अवस्थिति: पूर्व भोजपुर, संखुवासभा, पश्चिम दोलखा, रामेछाप, उत्तर चीनको तिब्बत र दक्षिण ओखलढुंगा र खोटांग
पर्यटकीय स्थल: सगरमाथा लगायतका विभिन्न हिमश्रृंखलाहरु, खुम्बु क्षेत्र (खुम्जुंग ग्रीन भ्याली, नाम्चे बजार, लुक्ला आदि), साल्पा पोखरी, दूधकुण्ड, विभिन्न गुम्बाहरु आदि । (श्रोत: जि.वि.स.)

नास्ता गरेर दापबाट हामी केरुङ्ग २ कै पाताले डाँडामा आइपुग्यौं । दिउँसो कुइरो लागेर हिमाल देख्न पाइएन । भोली बिहान प्रष्टसँग देख्न सकिन्छ भनेर स्थानीयवासीले बताएपछि हामी यही बस्यौं । होटल्नी दिदीले गुराँसका दाउरा हर्रर बालेर आगो ताप्न पाएपछि भएको जाडो दूर भयो । प्रहरी जवानहरु लगायत स्थानीय व्यक्तिहरु आएर तोङ्वा तान्न थाले । यतातिर काठेघररहरु नै बढी छन् भने किचनभित्रै धारा । हात धुने, चुठ्ने भाडा माझ्ने बेसिन पनि काठकै छन् । पातालेमा बेलुकी ४ बजेदेखि बिहान ८ बजेसम्म स्थानीय लघु जलविद्युत्बाट निकालिएको बिजुली बल्दो रहेछ । आलुखेती मुख्यरुपमा हुने भएकाले यस भेगका लेकाली वासिन्दा आलुका विभिन्न परिकार बनाएर खाने गर्दछन् ।

२०६७ वैशाख ९ गते बिहिवार: बिहान उठ्नासाथ विश्वको सर्वोच्च शिखर सगरमाथा लगायतका हिमश्रृंखलाको अवलोकन गर्न त पायौं, तर निकै खुशी हुनलाई भने कुहिरोले छोपेर रोकिदियो । हामी त्यहाँबाट अगाडि बढ्यौं । माथि डाँडामा पुगेर चारैतिरको दृश्य नियाल्यौं । वसन्तको पालुवाले हामीलाई रोमाञ्चित र पुलकित गरायो । ठाउँ ठाउँमा हामी शेर्पा समुदायले बनाएको मानेहरुलाई हेर्दै अनि तल सोलु खोलाको खोंचलाई नियाल्दै ओरालो झर्‍यौं । तिंगला ९, मुडेमा आलुको ढिंडो छ्यापीको सुप र टिम्मुरको दानाको अचारसित खाइयो । खुब मीठो लाग्यो भोकको झोंकमा । पुन: हामी ओरालो लाग्यौं । वेली डाँडामा रु.२०० को रिचार्ज कार्डलाई रु. २२० तिर्नु पर्‍यो ।

सरासर सोलु खोलाको पुल पार गरेर एउटा पसलमा अडियौं । नास्ता गर्दै त्यहाँ भेला भएका मानिसहरुसँग प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे कुराकानी गर्‍यौं । चौरीखर्क ६ फाग्दिंगमा होटल व्यवसाय सञ्चालन गरेका महेश कार्कीले विश्वभ्रमणबाट नेपाली पर्यटकीय क्षेत्रको प्रचार प्रसार हुन सक्ने विश्वास व्यक्त गर्नुभयो । हामीले खोलाको कन्चन पानीमा नुहाई धुवाई गर्‍यौं । केही समय लुगा सुकाएर बस्यौं ।

साँझको ५ बजेको थियो । सानो रेडियोमा एफ.एम.हरु नबजेकाले सूचनाविहीन भएर बस्न मन लागेन । केही माथि पुगेर बस्ने सोचका साथ हामी उकालो लाग्यौं । केही ठाउँमा बास बस्न पाइन्छ भनेर सोध्दा प्रत्येक घरले अलि पर अलि पर भनिरहे । ७ बजिसक्दा पनि बस्ने ठाउँको पत्तो लागेन । हामी तेर्सो रोडैरोड जंगलको बाटो जुनको टकमा हाँसीखुशीका साथ हिंडि नै रह्यौं । आज हामी सदरमुकाम सल्लेरी आइपुग्ने योजना थिएन । मोबाइलको व्याट्री सिद्धिएर अफ भएको अवस्था । जे पर्ला त्यही टर्ला भन्ने उक्तिलाई मनन गर्दै हामी अगाडि बढ्यौं । पर क्षितिज झै लाग्ने स्थानमा बिजुली बत्ती बलेको देखियो । हामी त्यही बत्तीलाई हेर्दै पाइला चालिरह्यौं । सल्लेरी हो वा अरु कुनै बजार हामीलाई थाहा छैन ।


सदरमुकाम सल्लेरी

समय रातको ८ बजिसकेको थियो । रोडमाथि बत्ती बलेको बजार देखियो । हामी कहाँनेरबाट उक्लने भनेर बाटो हेर्न थाल्यौं । केहीबेर हिंडेपछि उकालो लाग्ने सानो गोरेटो बाटो देखियो । त्यही गोरेटोलाई पछ्याउँदै बजार निस्कियौं । लाम्चो आकारमा पातला घर थिए । सदरमुकाम सल्लेरी बजार हो कि होइन ? जस्तै लाग्यो । अधिकांश घरका ढोका बन्द भैसकेका थिए । यसो बोर्ड हेर्दा बुद्ध होटल एण्ड लज देखियो । तल एउटा

...खुल्ला थियो। हामी सरासर भित्र पसेर बास माग्यौं। सुरुमा ठाउँ छैन भन्ने जवाफ आयो। सबै हाम्रो वास्तविकता बताएपछि ...का लागि अनुमति मिल्यो।

मोबाइल व्याट्री चार्ज गरेर हामीले स्थानीय पत्रकार नारायण श्रेष्ठलाई फोन गऱ्यौं। उहाँले आफ्नै पसलमा अहिले नै भेट ...आउनुस् भन्नुभयो। उहाँको पसलमै गएर भेट्यौं। पसलसम्म हामीलाई पुऱ्याउने काम बाटोमा जम्काभेट भएका विवश कुलुंगले ...भएको थियो। विवश जी सोलुखुम्बु पोष्टमा कार्यरत हुनुहुँदो रहेछ। पत्रकार नारायण श्रेष्ठले जिल्लामा सबै क्षेत्रको पत्रकारप्रति ...नजर सकारात्मक छ भन्नुभयो। उहाँले सल्लेरीबाट माथिल्लो खुम्बु क्षेत्र जान अप्ठ्यारो भएकाले नजान सल्लाह दिनुभयो। हामी ...तीमा पनि नाम्चे पुग्ने योजनामा छौं। त्यहाँबाट हामीले होटलमा फर्किएर खानपिन र रात्री विश्राम गऱ्यौं।

...६७ वैशाख १०: बिहान उठेर सदरमुकाम सल्लेरी बजार क्षेत्रको भ्रमण गऱ्यौं। लाम्चो आकारको भिरालो जमीनमा धेरैजसो भागमा ...लाइन घर छन्। केही खोल्साका ससाना पुलहरु पार गर्दै बजार क्षेत्र डुल्नु पर्ने रहेछ। हामी नयाँबजार पुग्यौं। त्यहाँ लगभग ...० घर गत २०६७ वैशाख ५ गतेको आगलागीमा ध्वस्त भएछन्। बढीजसो काठका घर भएकाले एउटा घरमा आगलागी हुँदा ...त्र पनि टिप्ने सम्भावना बढी हुँदो रहेछ। एउटा घरको चाइनिज चुल्हो विस्फोट भएर आगलागी सुरु भएछ। हिमाली जिल्लामा ...नी दमकलको उचित व्यवस्था नभएकाले आगलागी हुँदा निभाउन पनि मुस्किल पर्ने स्थानीयवासीहरुले बताए।

खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय पुग्यौं। प्र.जि.अ. यादव सुवेदीले प्रेस स्वतन्त्रता एवं सकारात्मक ...कारिताको विश्वभ्रमण अभियानलाई पुनित उद्देश्य भन्दै कार्यालयको तर्फबाट सफलताको शुभकामना पत्र दिनुभयो। ...हाँबाट हामी जि.वि.स. पुग्यौं। स्थानीय विकास अधिकारी घर जानुभएको र निमित्त स्थानीय विकास अधिकारी तीर्थराज कट्टेल ...ती बैठकमा हुनुहुन्छ भन्ने जानकारी पाइयो। त्यहाँबाट जिल्ला प्रहरी कार्यालय पुगेर प्रहरी नायब उपरीक्षक सुदमकुमार ...सिजापति सँग भेट गऱ्यौं। सोलुखुम्बुमा पीत पत्रकारिता भएको छैन र हामीले दिनुपर्ने सूचनाहरु पनि पत्रकारहरुलाई कञ्जुस्याई नगरी ...दिएका छौं, हाम्रा कमीकमजोरी औंल्याउँदा स्वीकार गर्ने गरेका पनि छौं, प्र.ना.उ. सिजापतिले भन्नुभयो।

जिल्ला प्रहरी कार्यालयबाट हामी सगरमाथा एकीकृत विकास केन्द्रद्वारा सञ्चालित दूधकोशी एफ.एम. ९४.६ मेगाहर्ज कार्यालय ...पुग्यौं। त्यहाँ हामीले अध्यक्ष रीना उप्रेती के.सी., एफ.एम. कर्मी सानी शेर्पा, शान्ति गुरुंग मञ्जु खत्री, टीका तामांग लगायतसँग कुराकानी ...ग्यौं। उहाँहरुले श्रोताहरुसँग भिज्न पाउँदा रमाइलो लागेपनि आर्थिक कठिनाई व्यहोर्नु परेको बताउनुभयो।

दूधकोशी एफ.एम.बाट हामी योंगस्टार क्लब लाइसेन्स होल्डर रहेको पूर्वाञ्चलकै पहिलो सामुदायिक रेडियो सोलु एफ.एम. ...९१.२ मेगाहर्ज कार्यालय गयौं। भोली बेलुकी ४ बजे पत्रकार साथीहरुसँग भेटघाट गर्ने पत्रकार महासंघ सचिव एवं सोलु एफ.एम. ...स्टेशन म्यानेजर मनोज श्रेष्ठसँग सल्लाह गरेर हामी फर्क्यौं।

...०६७ वैशाख ११: आज लोकतन्त्र दिवस। तत्कालीन राजा ज्ञानेन्द्रले वि.सं. २०६३ वैशाख ११ गते राष्ट्रका नाममा सम्बोधन गरी ...संसद पुर्नस्थापना गरेको दिन। २०६२ चैत्र २४ देखि निरन्तर १९ दिन नेपाली जनता सडकमा ओर्लिएपछि बाध्य भएर राजा ...ज्ञानेन्द्रले उक्त कदम चाल्नु भएको थियो। वि.सं. २०६२ मंसीरमा सशस्त्र आन्दोलन चलाइरहेको नेकपा माओवादी र ७ दलबीच ...भएको १२ बुँदे सहमतिका आधारमा जनआन्दोलन २ सफल भएको थियो।

बिहान हामी खाना खाएर बजारभन्दा माथिको गुम्बामा पुग्यौं। सल्लै सल्लाले हरियाली छाएको सल्लेरी बजारको ...आनन्दित वातावरणमा रम्दै पुन: नयाँबजार झऱ्यौं। हटिया लागेकै बीचमा लोकतन्त्र दिवसका लागि जिल्लास्थित राजनीतिक ...दल, स्थानीय प्रशासन, निकाय, पत्रकार, तथा जनप्रतिनिधिहरुको कार्यक्रममा उपस्थिति थियो। जि.वि.स. सोलुखुम्बुले आयोजना ...गरेको सो कार्यक्रममा एभरेष्ट म्याराथुनमा सहभागी विजेताहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो।

बजारको माथिल्लो भागमा हामी पुग्यौं। तरकारी बेचिरहेकी एक व्यापारीकी छोरीले बन्दाको मूल्य रु. ३५ पर्छ भनेर एक ...बूढीआमालाई भनिन्। बूढी आमाले रु. ३० दिन्छु भन्नु पर्नेमा ४० दिदा हुन्छ ? भन्नुभयो। उनका व्यापारी बाबुले हुन्छ हुन्छ ...भन्दै बन्दा जोखेर झोलामा हालिदिए। पछि बूढी आमा झल्यास्स हुनुभएछ। ए, म त ३० रुपियाँ भन्नुपर्ने झुक्किएर ४० पो भनेछु ...भन्दै बूढी आमाले रु. ३० झिकेर दिनुभयो। ती व्यापारीले आउँदैन भनेर बूढीआमालाई बन्दाकोभी दिएनन्।

रु. ३५ को ठाउँमा झुक्किएर बूढीआमाले ४० रुपियाँ भन्दा ५ रुपियाँ भएपनि बढी लिन पाएँ भनेर दंग परेका ती व्यापारी ...फेरि ३० रुपियाँ दिन्छु भनेपछि खिन्न पो भए। अहो, यी व्यापारी..., त्यो पनि लोकतन्त्र दिवसका दिन...। यसैबाट प्रष्ट हुन्छ, आफूभन्दा ...सोझासीधा मान्छेलाई छक्याएर बढी फाईदा लिन खोज्ने मान्छे जहाँतहीं हुँदा रहेछन्। एउटा ज्वलन्त उदाहरण यही हो। त्यसबेला ...हामीलाई लाग्यो, गलत नियतका यस्ता टाठा बाठाले सही नियतका सोझा सीधालाई कति ठाउँमा यसरी ठगिरहेका होलान् ? अनि

त्यसैले अबचाहिं अरुलाई झुक्याएर ठगेको धन टिक्न सक्दैन भन्ने गलत नियतका मान्छेले यही प्रसंगबाट बुझ्ने हुन्छ। अनि ...कतै म पनि ठगिएकी भनेर उपभोक्ता स्वयं पनि सचेत हुनैपर्ने टड्कारो आवश्यकता देखिन्छ। नत्र नाफा र सहुलियतका नाममा ...व्यापारी वा उपभोक्ता दुवै ठगिने छन्।

हामी सल्लेरी ७ को दोर्पु बजार छेउमा अवस्थित सोलु एफ.एम. कार्यालयमा पुग्यौं । सोलु एफ.एम. बाहेक अन्य पत्रकारहरुलाई फोन गरे पनि आएनन् भनेर स्टेशन म्यानेजर मनोज श्रेष्ठले हामीलाई भन्नुभयो । स्टेशन म्यानेजर श्रेष्ठले जिल्लामा आफूहरु आवाज विहीनहरुको आवाज बनाउन र सकारात्मक सन्देश प्रवाह गर्ने समाचारको खोजीमा हप्तौं लगाएर ग्रामीण बस्तीमा पुग्ने गरेको बताउनुभयो । उहाँको अनुभवमा राजधानीका मिडियाले सकारात्मक पत्रकारिता गर्न सकेका छैनन् । त्यसैले राजधानीबाट सकारात्मक पत्रकारिताका लागि सबै सञ्चारमाध्यम सञ्चारकर्मीले लागि पर्नुपर्ने उहाँको सुझाव छ । सरकारले पत्रकारिता क्षेत्रलाई सही रुपमा हेर्न नसकेको गुनासो गर्नुहुने उहाँले प्रतिशोधको भावनाले मिडिया खोलिनु पनि आफ्नो र देशकै लागि घाटा हो भन्नुभयो । वि.सं. २०६१ भाद्र ११ गतेबाट परीक्षण सुरु भएको सोलु एफ.एम. गाउँघरका जनता (जो सँग आज जस्तो फोन सुविधा थिएन) को सन्देश आदान प्रदान गर्ने उद्देश्यसहित स्थापना भएको थियो, उहाँले बताउनुभयो ।

कार्यक्रम उत्पादक एवं बी.बी.सी. नेपाली सेवा सोलु संवाददाता सुजता तामाङ्गले राज्यले पत्रकारलाई उचित सुरक्षा दिन नसकेको र विवाहित भैसकेपछि महिलाहरुलाई पत्रकारिता गर्न बढी गाह्रो पर्ने बताउनु भयो । पत्रकारले विभिन्न कठिनाईलाई चिर्दै अगाडि बढेर जनताको सुख दुःखको साथी बन्नुपर्छ उहाँको सुझाव छ । समाचार प्रमुख नुतन श्रेष्ठले यो विश्वयात्राले नेपाल लगायत विश्वमा प्रेस स्वतन्त्रताको पक्षमा सहयोग मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो भने कार्यक्रम संयोजक भोजेन्द्र बस्नेतले पत्रकारिता क्षेत्रमा चर्चाको मात्र बढी खोजी भइरहेको बेलामा यस भ्रमण अभियानले विश्वमा सकारात्मक पत्रकारिता स्थापनाका लागि ईटा थपोस् भन्नुभयो ।सोलु एफ.एम. द्वारा नै प्रकाशित सोलुको पहिलो खबर पत्रिका सोलु समाचार साप्ताहिक पनि हामीले पढ्न पायौं । योङ्ग स्टार क्लबका अध्यक्ष बुद्धिनारायण श्रेष्ठ, सदस्य बुद्धिकुमार राजभण्डारी लगायतका पदाधिकारी एवं एफ.एम. कर्मी को शुभेच्छा लिएर हामी हिंड्यौं ।

सोलु एफ.एम.बाट एनेकपा माओवादी कार्यालय पुग्यौं । सहइन्चार्ज हिमाल गिरी, सेक्रेटरी सागर किराँती लगायतका नेता कार्यकर्ता हामीले त्यहाँ भेट्यौं । सहइन्चार्ज गिरीले नेटवर्क र आर्थिक व्यस्थापन हुन सके पत्रकारिता क्षेत्र सबल हुन सक्ने धारणा राख्नुभयो । यसका लागि संघ संस्था राजनीतिक दल र शैक्षिक क्षेत्रको सकारात्मक पहल हुनुपर्ने उहाँले बताउनुभयो । सोलु एफ.एम. समावेशी, समानुपातिक अनि निष्पक्षतातर्फ उन्मुख रहेको उहाँको भनाई छ । जिल्लाको पत्रकारिता विकासमा नेपाल पत्रकार महासंघबाट कुनै पहल नभएको पनि उहाँले बताउनु भयो । उहाँद्वारै लिखित सोलुखुम्बु र पर्यटन नामक पुस्तक भी.सी.डी. उहाँले हामीलाई उपहारस्वरुप प्रदान गर्नुभयो भने सेक्रेटरी किराँतीले शेर्पा स्वायत्त राज्य लेखिएको खादा ओडाएर स्वागत गर्नुभएको थियो ।

झमक्क साँझ परिसकेका कारण हामी आफ्नो वासस्थान आयौं । होटल परिवार एवं पाहुनासँग कुराकानी गर्‍यौं । लोखिम गा.वि.स. का पूर्वाध्यक्ष पदमबहादुर राईले आफ्नो गाउँघरमा सुनिने रेडियोले जनचेतना बृद्धि गराएको छ भन्दै खुशी भएको अनुभव सुनाउनु भयो । २०६७ वैशाख १२: बिहान १० बजे हामी जि.वि.स. कार्यालय पुग्यौं । कायममुकायम स्थानीय विकास अधिकारी नारायणप्रसाद मैनालीले पत्रकारलाई आफ्नो भन्नु केही नरहेको भन्दै प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विषयमा केही नबोल्ने बताउनुभयो ।

जि.वि.स. बाट हामी नेपाली काँग्रेसका केन्द्रिय संविधान मस्यौंदा समिति सदस्य आङ्गगेलु शेर्पालाई भेट्न लक्ष्मी होटल पुग्यौं । सोलुखुम्बुमा पत्रकारिताको विकास भर्खरै सुरु भएको उहाँले बताउनुभयो । उहाँसँग ने.कां. जि.क. सदस्य खिलराज बस्नेत पनि हुनुहुन्थ्यो । त्यहाँबाट हामी सल्लेरी गा.वि.स. कार्यालय पुग्यौं । सदरमुकामको यो कार्यालयमा विभिन्न गा.वि.स सचिव आआफ्नो टेबुलमा कार्य गरिरहेका थिए भने सेवाग्राहीहरुको उत्तिकै भीडभाड थियो । केही स्थानीयवासी सचिवहरुलाई गाउँमा आएर आफ्नो कार्य गरिदिन आग्रह गर्दै थिए । केहीले गाउँमा सचिव नभएका कारण आफूलाई जिल्ला धाएर काम गराउन अप्ठ्यारो परेको छ भन्दै आक्रोश पोखेको देखियो ।

हामी सदरमुकाम सल्लेरी बजार छाडेर खुम्बु क्षेत्र लाग्ने योजनाकासाथ हिंड्यौं । पत्रिका पसलमा निश्चित पत्रिका भएकाले बेच्न नमिल्ने प्रतिक्रिया पाइयो । सल्लेरीबाट हिंड्दै हामी फाप्लु आयौं । त्यहाँ एयरपोर्ट, जिल्ला स्वास्थ्य कार्यालय लगायत केही सरकारी कार्यालय र बजार रहेछन् । फाप्लुबाट हामी अझै अगाडि बढ्यौं । सुर्केमा आएर उसिनेका ठूलठूला आलु चक्कुले काटेर खायौं । बाटामा जंगलै उजाड पारेर दाउराका कुन्यु लगाएको दृश्य देख्दा साह्रै नमज्जा लाग्यो । जलवायु परिवर्तन हुनुमा एउटा कारण यसरी मान्छेले जथाभावी वनविनास गर्नु पनि हो ।

फेरा हुँदै टाक्सिन्दुको वडा नं. ८ मा अवस्थित रिंग्मो आइपुग्दा साँझ पर्‍यो । हामीले यही बास बस्ने योजना बनायौं । होटल्नी दिदीलाई ट्वाइलेट कहाँ छ भनेर सोध्यौं । उनले देखाएको ठाउँमा सल्लीफिर र घुस्यान देखियो । बाहिर हेर्दा ट्वाइलेट लेखिएको छ । भित्र हेर्दा बाख्रा वा कुनै जनावरको खोरजस्तो । केहीबेर अलमल्ल परेर जे होला भनेर ढोका भित्र पसेर पिसाब फेरेर हिंडियो । हा...हा...हा...। पछि अरु पनि त्यहीं गएपछि थाहा भयो, दिसा पिसाब त्यहाँ सल्लीपिरले छोप्ने चलन रहेछ । जे होस्, गर्न त ठीकै गरिएछ । नयाँ ठाउँमा नयाँ चलन यस्तै पो पाइयो ।

हामी बास बसेकै होटलमा २ अमेरिकी नागरिकसँग कुराकानी गर्‍यौं । उनीहरुले हाम्रो योजना सुनेर अचम्म माने । नेपाली विदेशी जसले पनि सोध्ने साझा प्रश्न भनेको पैसा कसले दिन्छ ? नै हो ।

२०६७ वैशाख १३: हामी विश्वको सर्वोच्च शिखर सगरमाथा भएको जिल्ला सोलुखुम्बुको खुम्बु क्षेत्रतिर लागेको छौं । विदेशी पर्यटकहरु पनि बिहानै देखि देखिए, जुभिङ्ग गा.वि.स. को काँडे आइपुगुन्जेलसम्म ठाउँ ठाउँमा जाने आउने गरिरहेका थिए उनीहरु । भारी बोकेर विदेशी पर्यटकलाई सगरमाथा बेस क्याम्प लगायत खुम्बु क्षेत्र घुमाउन उकालो निस्किरहेका नेपाली दाजुभाईहरुलाई पनि हामीले भेट्टायौं । खच्चडको बथान भारी बोकेर नाम्चेतर्फ लागेका र सामान लिन झरेका दृश्य पनि देख्न पाइयो ।

रिङमोबाट लगभग १ घण्टा उकालो चढेर हामी टाक्सिन्दु डाँडामा आइपुग्यौं । दुई कप चियाको रु. ४० तिरेर ओरालो झर्‍यौं । डेढ घण्टा हिंडेपछि टाक्सिन्दु ४ नुनथलामा पुग्यौं । माथिबाट नजिकै देखिने नुनथला घुमाउरो बाटोको कारण लामै समय लाग्यो । टेलिफोनका बडे बडे एण्टेना बोकेर हिंडिरहेका मान्छेहरु पनि भेटिए । नुनथला प्रहरी चौकीमा असई खड्ग बहादुर कार्की, हवल्दार माधव प्रसाद भट्टराई र अन्य प्रहरी जवानसँग भेट भयो । यस चौकीले हामीलाई खानपिनको व्यवस्था पनि मिलाइदियो । स्थानीयवासी टेक बहादुर राईले भन्नुभयो, यहाँका अधिकांश शेर्पाहरु शहरबजार र विदेशतिर बसेका छन्, उनीहरुका घर भाडामा लिएर अहिले राई जातिहरु बसेका छन् । यस भेगमा विदेशी दातृ निकायहरुले विकास निर्माणमा सहयोग पुर्‍याएका छन् । सोलुखुम्बु आसपासका जिल्ला र तराई भेगका केही रेडियो पनि सुन्न सकिन्छ यहाँ ।

खाना खाएर हामी नुनथलाबाट पुन: ओरालो लाग्यौं । तल हेवाँ खोला आएर दूधकोशीमा मिसिएको रहेछ । त्यहीबाट झोलुंगे पुल पार गरेर हामी उकालो निस्कियौं । जुभिंग गा.वि.स. को भूभाग उकालो हिंडेर माथि डाँडाको पेमा नाम्दिंग गुम्बा पुग्यौं । त्यहाँबाट खरीखोला बजार लगायत वारीपारीका दृश्य सुन्दर देखिए । पानी छिट्याउन थालेकाले हामी खरीखोला बजार तिर अगाडि बढ्यौं । खोलासम्मको बाटो तेर्सो छ । जुभिंगमा किनेको रु. २५ रुपियाँको भुटेको मकै खरीखोलामा बसेर खायौं । जाडा ठाउँका मकै गर्‍याम गुरुम चपाउँदा कस्ता मीठो भएन । आकाशबाट पानी पर्न थालि त हाल्यो, खोला तरेर एउटा घरको आड लिएर हामी ओत लाग्यौं । पानी नरोकिएपछि प्लास्टिक ओडेरै उकालो ठडियौं । बारीमा आलु र मकै एकसाथ रोपिएका रहेछन् । बुप्सा डाँडाबाट खरी खोलाको भूभागलाई एकपटक नियाल्यौं । गहुँ पाकेर पहेंलपुर देखिएको दृश्यले हाम्रो मनै लोभ्यायो । यहाँ आइपुगेपछि पानी पर्न रोकियो, तर रोकिएन हाम्रो यात्रा ।

काँडेमा आइपुग्दा साँझ पर्‍यो । हामीले यहीं बस्ने निधो गर्‍यौं । सोलुखुम्बु र खोटांग जिल्लाका नेपाली दाजुभाई जहाजबाट लुक्ला झर्ने विदेशीलाई एभरेस्ट बेस क्याम्प पुर्‍याउनु पर्ने भन्दै थिए । ट्रेकिंग गाईड नन्द अमीत राईले यो विश्वभ्रमण अभियानमार्फत् विश्वमा नेपालको थप परिचय जाने विश्वास व्यक्त गर्नुभयो । यस्तो विश्वास अरु ट्रेकर दाजुभाईहरुको पनि रहेको पाइयो ।

२०६७ वैशाख १४: बिहान ६ बजे काँडेबाट थाम डाँडा हुँदै हामी अगाडि बढ्यौं । तल खोंचमा दूधकोशी नदी निरन्तर थकाईविहीन यात्रा गरिरहेको थियो भने ठाउँठाउँमा झर्ना र खोलाहरुबाट बगेका पानीहरुले रमाईलो दृश्य प्रदान गर्दै दूधकोशीमा मिस्सिएर साथ दिइरहेका थिए । हामी तेर्सो बाटो हिंड्दै पइँया आइपुग्यौं । आलु उसिनन्न लगाएर खायौं । केही आलु पानी चडेर बिग्रन लागेका रहेछन् । होटलवाला भाईले अब नयाँ आलु आउन लागेकाले पुराना आलु त्यस्ता भएका हुन् भनेर चलाखीपूर्ण जवाफ दिए । रु. १०० को नोट उनलाई दिएर हामी बाटो लाग्यौं ।

केही ठाउँमा त भीर पहराबाट बाटो रहेछ। हेर्दा नजिकै देखिने लुक्ला बजार यिनै भीरपहराका कारण जाने बाटो भने तल खोंचमा देखिन्थ्यो। त्यहीं खोंचमा चौरीखर्क ७ मा अवस्थित सुर्के बजार रहेछ। हामी ओरालो बाटो खन्द्रांग खुन्द्रुंग झरेर सुर्के बजार आयौं। जुन गाउँ नेपालकै प्रथम सगरमाथा आरोही महिला पासांग ल्हामु शेर्पाको जन्मथलो समेत रहेछ। स्थानीय नमस्ते होटलमा खाना पकाउन लगायौं। होटलकी साहुनी शेर्पीनी दिदीसँग हाँसो ठट्टा गर्दै खाना खायौं। हाँसो ठट्टाबाट प्रभावित मिङमा शेर्पा दिदीले निःशुल्क कफीको व्यवस्था गर्नुभयो। कफी पिएर हामी अगाडि बढ्यौं। फर्कंदा रिङमोसम्म यही बाटो झर्नु पर्ने भएकाले हामी लुक्ला नपसी लुक्ला पुच्छारबाटै नाम्चे हुँदै खुम्जुंग पुग्ने योजनाका साथ हिंड्यौं।

कतै उकालो त कतै तेर्सो करिम करिम बाटो रहेछ यहाँ। मुसेमा ठूला ढुंगाको ओडारमा भरिया दाईहरुले खाना पकाउन चुल्हा लगाएको र कतै खच्चड झोपा बाँध्ने गरिएको पनि पाइयो। चौरीखर्क निस्कनासाथ माने र ध्वजाहरु प्रशस्त देखिन थाले। एकजना शेर्पीनी दिदीलाई यसमा के लेखेको छ दिदी ? भनेर हामीले सोध्यौं। उहाँले भन्नुभयो, ॐ माने पेमे हुँ लेखेको छ, यो माने घुमेर गयो भने भूत प्रेत लाग्दैन। हामी छेउछाउको कोणधारी वृक्ष एवं लेकाली वातावरणमा रम्दै अगाडि बढिरह्यौं। बडे बडे ढुंगामा शेर्पा भाषाका अक्षरहरु लेखेर आकर्षक रंग र ढंगले ले सजाइएका छन्। घाटका मानेहरुमा लेखिएका अक्षरहरु अझ बढी आकर्षक लागे। प्याज फूलेको दृश्य पनि अजब गजब नै थियो।

मानेहरुका यिनै दृश्यहरु क्यामेरामा कैद गर्दै हामी ठाडो कोशीजस्ता स साना बजार र होटललाई नियाल्दै फाक्दिंग आइपुग्यौं। नेपाली भरियाहरुलाई लक्षित गरेर चलाइएको महेश कार्कीको होटलमा चिया पियौं। यात्रा जारी नै थियो। दूधकोशीको पुल तरेर नदीको किनारै किनार जोम्फुटे, वेंकार पुग्यौं। पुनः नदीको पुल तरेर चौरीखर्क १ को छुमुवा आयौं। कुलुंग होटलमा बास बस्यौं। होटलवाला दाईले पहिले सोलुखुम्बुको गुम्देल, भोजपुरको दोभाने, संखुवासभाको तुम्लिंगटार हुँदै धनकुटाबाट सुनसरीको धरान पुगेर नून बोकेर खाएको मार्मिक कहानीहरु सुनाउनुभयो। अहिले खच्चडलाई सल्लेरीबाट सामान बोकाएर ल्याउने चलन छ।

२०६७ वैशाख १५: आज छुमुवाबाट मोञ्जो, जोरसल्ले हुँदै हामी नाम्चेको बेजोडको उकालो चढेर नाम्चेबाट खुम्जुंग आइपुग्यौं। मोञ्जोबाट नदीको पुल तरेर जोरसल्ले, फेरी जोरसल्लेबाट पुल तरेर नदी किनारै किनार हामी अगाडि बढेका थियौं। उकालो बाटो आइनपुग्दासम्म केही अप्ठ्यारा ठाउँहरु पार गर्नुपऱ्यो। भीर र चट्टान काटेर बनाइएको ठाउँ ठाउँको साँघुरो बाटोले खच्चडहरुलाई ओहोर दोहोर गर्न निकै सास्ती भएको देखियो। सल्लाघारीको उकालो नाम्चे बजार आइनपुग्दासम्म स्वदेशी विदेशी पर्यटकहरुलाई निकै दुःखको अनुभूति भएको पाइयो। २ वटा हातमा लठ्ठी टेकेर पसिनाको धारा चुहाउँदै विदेशी पर्यटकहरु उकालो चढिरहेका थिए। ठाउँ ठाउँमा विश्राम लिएका पर्यटक र उनीहरुका नेपाली सहयोगीहरु भेटिए। लेकको उकालो चढ्न सबैलाई गाह्रो महसुस हुन्छ नै। कोही कोहीलाई त अक्सिजन कम भए निस्कन नसक्ने स्थिति पनि आउन सक्दछ। लसुन, टिमुर र औषधीहरु प्रयोग गर्नेहरु पनि हुन्छन् लेक लागेको खण्डमा। तर हामीलाई अहिलेसम्म कहीं पनि लेक लागेको छैन।

हामी नाम्चेको तल्लो खण्डमा निस्कियौं। त्यहाँबाट माथिल्लो बजारमा बिजुलीद्वारा पानी तानेर लगिएको रहेछ। माथिल्लो बजारमा निस्किएर ईलाका प्रहरी कार्यालय पुग्यौं। प्रहरी निरीक्षक विष्णुगोविन्द थापा, प्रहरी जवान रोहित भुजेल लगायत अन्य प्रहरीहरुसँग हामीले कुराकानी गऱ्यौं। नाम्चेबजारमा बाहिर बिजुलीका तार पोलहरु नदेखेपछि सोलार बत्ती हो कि ? कसो भनेर हामीले प्रश्न गऱ्यौं। प्रहरी परिवारको जानकारीबाट थाहो भयो, यहाँ त जमीनमुनिबाट तार ल्याएर घरघरमा बिजुली बत्ती पुऱ्याइएको रहेछ। यो भिरालो जमिनमा भव्य महल खडा गरिएका रहेछन्। यसको पारी सम्भवतः विश्वको सबभन्दा उच्च स्थानमा रहेको होटल कोङ्दे देखियो, साथै मुसुक्क हाँसेका हिमश्रृंखलाहरु पनि। घाम लागेकाले तातो तातै अनुभूति भइरहेथ्यो यहाँ हामीलाई। आज बिहान हामीलाई ईलाका प्रहरी कार्यालय नै खानाको व्यवस्था मिलायो।

नाम्चेको उकालोबाट थाकेर आएका पर्यटक १ रात यहाँ थकाइ मारेर मात्र अन्यत्र जाँदा रहेछन्। हामी नाम्चे बजार घुम्दै केही स्थानीय अगुवाहरुलाई भेट्न भनेर गयौं। खुम्बु नागरिक समाजका अध्यक्षलाई व्यस्त छन् भनेर भेट्न दिइएन। उहाँको मोवाइल नम्बर माग्दा पनि ऊ सँग र त्यससँग छ भनेर कसैले दिन मानेनन्। एकजना भरिया भाईले हामीलाई बाटामा भनेका थिए, के गर्नु दाई मुख्य गाईड र खैरे बाहेक हामीलाई त नाम्चेका शेर्पाहरुले मान्छे नै गन्दैनन्, पशुलाई भन्दा तल्लो थरिको व्यवहार हामी



कमजोर नेपालीहरुलाई गर्दछन्। त्यस्तै अरु केहीले पनि हामीलाई भनेका थिए, त्यहाँका शेर्पाहरु डलरवालाको धूनमा छन् तर तिनै डलरवालालाई त्यहाँसम्म पुऱ्याउने भरियाहरु र अन्य सरकारी वा संघसंस्थाका प्रतिनिधि नै किन नहुन् बोल्न मान्दैनन्, पैसाकै कारण मानवीयता चाहिं हराएको हो कि ? भन्ने महसुस हुन्छ हामीलाई त । त्यस्तै अर्को एउटा यस्तो प्रसंग पनि सुनियो, एकपटक जिल्लाका प्र.जि.अ. लाई समेत राती बास बसेको ठाउँबाट विदेशी आए अन्यत्रै जानुस् भनेर निकालेका थिए रे, यहाँका कुनै होटल व्यवसाय सञ्चालकले । यि भनाईमा मेल खान गएको हामीले पनि पायौं ।

हामीलाई के लाग्छ भने विदेशी पर्यटकको स्वागत सत्कार गर्नु एकदमै राम्रो कुरा हो । तर तिनै पर्यटकको सामान बोकेर जाने अनि आफ्नो ठाउँ भनेर गर्व गर्दै घुम्न आउने नेपाली दाजुभाईलाई गरिने यस्तो नकारात्मक र विभेदपूर्ण व्यवहारले कति दुख्ला त उनीहरुको मन ? यति सुन्दर ठाउँमा स्वदेशी वा विदेशी जो कोहीलाई स्यांगजाको नमूना पर्यटकीय गाउँ सिरुबारीमा गुरुंग समुदायले गर्ने स्वागतजस्तै आफूले सकेको सकारात्मक स्वागत, सत्कार र समान व्यवहार यहाँ पनि हुनु एकदमै जरुरी छ । यसो भएमा मात्र यो सुन्दर सुनजस्तो ठाउँमा अझ सुगन्ध थपिनेछ, यस ठाउँको सकारात्मक चर्चा अझ विश्वभर चुलिनेछ ।

आशा गरौं, यहाँका साहसी शेर्पा दाजुभाईहरुले यति कुरा अवश्य बुझ्नेछन् र सबैलाई सकारात्मक र समान व्यवहार गर्नेछन्। यदि यसो हुन सक्यो भने साहसिक शेर्पाहरुको गौरव गाथामा सबै नेपाली जनताको मन पनि रोमाञ्चित हुनेछ। अन्य जनताले पनि यस क्षेत्रका मानिसलाई आदर, सद्भाव गर्नेछन्। नत्र भोली केही अप्ठ्यारो पर्दा डलरले पेलिएको यो ठाउँ र डलरवादी चिन्तन भएका यहाँका शेर्पा दाजुभाईलाई अरु त परै जावस् अन्य भेगमा बस्ने शेर्पा समुदायले नै नाक खुम्च्याउने अवस्था नआउला भन्न सकिन्न ।

हामी नाम्चे बजारबाट उकालो लाग्यौं । कुर्सीको आकारमा अवस्थित नाम्चेबजार माथिबाट झनै आकर्षक देखियो । हामी स्याङ्बोचे विमानस्थल पुग्यौं। यो विमानस्थलमा जलवायु परिवर्तनसम्बन्धी कालापत्थरमा भएको मन्त्रिपरिषद् बैठकबारे सञ्चारकर्मीलाई जानकारी दिन पत्रकार सम्मेलन र स्थानीय झाँकी समेत प्रदर्शन भएको टी.भी. को पर्दामा हामीले हेर्न पाएका थियौं। हो, हामी अहिले त्यही ठाउँमा छौं । विमानस्थल वरपर धुपी सल्लाको हरियालीसँगै नजिकै मुस्कुराइरहेका हिमश्रृंखलाले यसको थप शोभा बढाएको छ ।

स्यांगबोचेबाट हामी केही माथि डाँडामा निस्कियौं। हरिया टिनले छाएका घर (खुम्जुंग ग्रीन भ्याली) र माथि शिरमा रहेको झुम्बिला हिमश्रृंखलाले आगन्तुकलाई स्वागत गरेको आभाष भयो। डाँडा वरपर फूलेका गुराँस प्रजातिको चिमलले हाम्रो मनलाई झुवै पुलकित गरायो। त्यहीं भेट हुनुभएका ताप्लेजुंग जन्मघर बताउने टुरिष्ट गाईड तपन राजभण्डारीले हामीलाई २०, २१ वर्षको पर्यटन अनुभव सुनाउँदै भन्नुभयो, यस क्षेत्रमा पहिले हिलो बाटो थियो हाल ढुंगा छापेर सजिलो बनाइएको छ, पहिले नाम्चेमा थोरै घर थिए, हाल नाम्चेले ठूलै बजारको रुप लिएको छ। यो क्षेत्रमा महंगी बढी भएको र सरकारले पनि पर्यटन विकासमा उचित ध्यान नपुऱ्याएको उहाँको गुनासो छ ।

हामी खुम्जुंग ग्रीन भ्यालीतर्फ अगाडि बढ्यौं। विश्वको सर्वोच्च शिखर सगरमाथाको गा.वि.स. टेक्न पाएकोमा खुशी हुँदै हामी एउटा चिया कफी पसलमा पुग्यौं। खुम्जुङ्ग मा.वि.मा पढ्ने विद्यार्थीहरुका राता रगत चुहिएला कि झैं देखिने हृष्टपुष्ट गालालाई नियाल्दै हामी एउटा चिया कफी पसलमा पुग्यौं। यो पसल नेपाली दाजुभाईका लागि विशेष रहेछ। जुभु २, सोलुखुम्बु स्थायी घर भएका र हाल होटल एभरेष्ट भ्यूमा कार्यरत कर्मनन्द राईले यस होटललाई सञ्चालन गरिरहनु भएको छ। हामी यही बस्यौं। उहाँकी श्रीमतीले खानपिनको प्रबन्ध गर्नुभयो। नारायणस्थान अँधेरी ७, ओखलढुंगा घर बताउने इन्टेकमा कार्यरत चन्द्रकुमार राईले चियाको पैसा म तिर्छु भनेर स्वतःस्फूर्त दिनुभयो ।

टेलिभिजन अन गर्दा निर्णायक बहस कार्यक्रमको प्रत्यक्ष प्रसारण भइरहेको रहेछ। यो बहस आगामी वैशाख १९ गतेबाट एनेकपा माओवादीले गर्ने अनिश्चितकालीन आमहड्ताल राजनीतिक दलहरुले सहमति गरी फिर्ता लेओस् भन्ने उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंघले ३ दलका शीर्षस्थ नेताहरुलाई एकै ठाउँमा ल्याएको रहेछ। वर्तमान माधवकुमार नेपाल नेतृत्वको सरकारले राजीनामा दिएर माओवादी नेतृत्वमा सहमतिको सरकार गठन गर्नुपर्ने माग माओवादी नेताहरुले गरिरहेका थिए भने कांग्रेस एमालेका नेता पहिलेदेखि गरिएका सहमति र समझदारी माओवादीले पालना नगरेकाले सुरुमा आमहड्ताल फिर्ता गरेर

सहमतिमा आउनु पर्नेमा जोड दिइरहेका थिए। दुवै पक्षको आ आफ्ना अडानका कारण ठोस निष्कर्ष निस्केन। निष्कर्ष ननिस्किए पनि सबैले वार्तादि्वारा फेरि सहमति गर्ने सहमति जनाउँदै बहस अन्त्य गरियो। कार्यक्रममा एनेकपा माओवादीको तर्फबाट अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, वरिष्ठ उपाध्यक्ष द्वय मोहन वैद्य किरण र डा. बाबुराम भट्टराई, नेपाली काँग्रेसका तर्फबाट कार्यवाहक सभापति सुशिल कोईराला, नेताद्वय रामशरण महत र कृष्णप्रसाद सिटौला एवं नेकपा एमालेका तर्फबाट अध्यक्ष झलनाथ खनाल, महासचिव ईश्वर पोखरेल र नेता प्रदीप ज्ञवाली सहभागी हुनुहुन्थ्यो। हामी यही होटलमा खानपिन गरेर सुत्यौं।

२०६७ वैशाख १६: बिहान उठेर चारैतिर हेर्दा हिजो हामी आउँदा हिउँ नभएको यो ठाउा, पूरै भ्याली र डाँडाकाडा पनि सेताम्मे हिउँले रुवा र डसना फिजाएझैं सजिएको अवस्थामा देखियो। जाडो भएपनि हिउँको यो मनमोहक दृश्य र हिमश्रृंखला देख्न पाउँदा साह्रै रमाईलो, तातो र न्यानोको अनुभूति भयो। बेलुकी परेको पानीका कारण यस्तो अवस्था सिर्जना भएको हो।

बिदा हुने बेलामा हामीले होटल सञ्चालक कर्मनन्द राईलाई कति रुपियाँ भयो भनेर सोध्यौं, उहाँले तपाईंहरुजस्तो यात्रीले एक छाक खाना खाएको पैसा दिनुपर्दैन भन्नुभयो। यति विधि महंगो ठाउँमा हामीले खाजा खाना गरेर ५,६ सय मूल्य बराबरको खाएका थियौं होला तर प्रेम स्नेह एवं आत्मियतापूर्वक उहाँहरुले हामीसँग पैसा लिन मान्नुभएन। उहाँहरुले देखाउनुभएको यो सद्भाव र गर्नुभएको सहयोगप्रति हामी आभारी एवं कृतज्ञ छौं।

खुम्जुङ्ग ग्रीन भ्यालीबाट हामी होटल एभरेष्ट भ्यूतर्फ कर्मनन्द जीसँगै उकालो लाग्यौं। उहाँले हामीलाई विविध जानकारी दिंदै होटल एभरेष्ट भ्यू पुऱ्याउनुभयो र भन्नुभयो, यो होटल विश्वकै सबभन्दा उच्च स्थानमा रहेको होटल भनेर गिनिज बुकमा समेत नामाकरण भएको छ। ३८०० मिटर उचाईमा रहेको सो होटल परिसरमा प्राकृतिकरुपमा रहेका ढुंगा र भूभागलाई कुनै घच्च नदिई भवनको निर्माण गरिएको छ। त्यसको छतमा हामी चढ्यौं।

कर्मनन्द जीले हामीलाई होटलको छतबाट विश्वको सर्वोच्च शिखर सगरमाथा लगायत अन्य धेरै हिमश्रृंखलाहरु देखाउनुभयो। हामीलाई उहाँले सगरमाथा देखाउँदा अरु छेउका हिमालचाहिं अग्ला हुन् कि भन्ने भान पर्छ भन्नुभएको थियो, भयो हामीलाई पनि त्यस्तै। नुप्से र लोत्सेको बीचमा सगरमाथा होचोजस्तै देखियो। सगरमाथाको टुप्पामा खासै हिउँ देखिएन। हिउँ हावाले उडाएर लाने भएकाले हिउँ नजमेको हो, उहाँले भन्नुभयो। हामीले एभरेष्ट भ्यू होटलबाट आमाडब्लम्, खंगतेगा, थामसेर्कु, क्वांगदे, खुम्बिला लगायतका हिमश्रृंखलाहरु अवलोकन गर्ने मौका पायौं। सोलुखुम्बु जिल्लामा सगरमाथा (८,८४८ मिटर), लोत्से (८,५१६ मि.), चोयु (८,२०१ मि.), ल्होत्सेसार (८,४०० मि.) अग्ला हिमालहरु छन् भने ३५०० भन्दा माथि उचाईका ३७ वटा हिमशिखरहरु रहेछन्। खुम्बिला हिमाल भने शेर्पाहरुले आस्थाको धरोहरको रुपमा पूजा गर्ने गर्दा रहेछन्। त्यहाँ जान नसक्ने, नदिइने र १, २ जना गएका भएपनि फेरि फर्किएनन् भन्ने सुन्न पाइयो।

विदेशबाट हजारौं डलर खर्च गरेर विदेशीहरु हाम्रो नेपालमा यही हिमाल हेर्न आउँछन्। ८,८४८ मिटर अग्लो यो शिखर विश्वको तेश्रो ध्रुव उपनामले समेत चिनिन्छ। सन् १९५३ मे २९ का दिन नेपालका तेन्जिंग नोर्गे शेर्पा र न्युजिल्याण्डका सर एडमण्ड हिलारीले सगरमाथामा पहिलोपटक पाइला टेकेका थिए। तत्पश्चात् हालसम्म विभिन्न कीर्तिमानी राख्ने कार्यहरु जारी छन्। साईकलबाट विश्वका १५० राष्ट घुमेका नेपालका साहसिक व्यक्तित्व विश्वसाईकल यात्री पुष्कर शाह पनि १५० देशको झण्डा सगरमाथामा फहराएर विश्व शान्तिको कामना गर्न सगरमाथा आधार शिविर लाग्नुभएको खुशीको खबर पनि प्राप्त भएको छ। विश्व मानव समुदायकै ध्यान आकृष्ट गर्न सक्ने चुम्बकीय गुण भएको नेपाल र विश्वकै अमूल्य निधि सगरमाथा नजिकबाट नियाल्न पाउँदा हामी कति खुशी, आनन्दित, प्रफुल्लित र गौरावान्वित भयौं त्यो क्षण कुनै पनि शब्दले वर्णन गरि साध्य छैन। सतत् नमस्कार, सलाम अनि अभिवादन यो विश्वको सबभन्दा अग्लो छाना सगरमाथा (माउण्ट एभरेष्ट) लाई!!!

हामीले हिमश्रृंखला अवलोकन पश्चात् होटल एभरेष्ट भ्यूको बेडहरु हेर्न गयौं। यो होटलका प्रत्येक कोठा र ट्वाइलेटबाट समेत सगरमाथा लगायतका हिमश्रृंखला देखिने र २ बेडको एउटा कोठालाई एक रात सुत्दा नेपाली १४, १५ हजार पर्ने अनि बढी जापानीज आउने गरेको यस होटलमा कार्यरत कर्मचारीहरुले जानकारी दिए। त्यहाँ कार्यरत माधव कार्की, कृष्ण मगर लगायतका सँग हाम्रो परिचय भयो। उहाँहरुले दिनुभएको तातो कफी पिएर आनन्दित हुँदै हामी होटलबाट बाहिरियौं।

बाहिर चौरमा बिहानीको कलिलो घामसँगै हिमश्रृंखलाको दृश्यमा पर्यटकहरु हराइरहेका थिए। हामी पनि सगरमाथाको शिखरझैं आफ्नो लक्ष्य योजनाबाट कति पनि विचलित नहुने प्रण गर्दै नाम्चे झऱ्यौं। त्यहाँ सगरमाथा राष्टिय निकुञ्जको कार्यालय पुगेर कर्मचारीहरुसँग कुराकानी गऱ्यौं। निकुञ्ज अधिकृत लालविहारी यादवले जो सुकैले जे गरे पनि अन्तिम खोजी पैसाकै हो भन्ने आफूले निष्कर्ष निकालेको बताउनुभयो। तर हाम्रो निष्कर्ष लक्ष्य प्राप्तिका लागि पैसा साधनको रुपमा आवश्यक भएपनि अन्तिम खोजी अर्थात् साध्य ज्ञानको हो।

लुक्ला एयरपोर्ट

वि.सं. २०३३ सालमा स्थापित सगरमाथा राष्टिय निकुन्ज १,१४८ वर्ग किलोमिटरमा फैलिएको छ। वि.सं. २०३६ सालमा युनेस्कोले प्राकृतिक सुन्दरता, दुर्लभ तथा लोपोन्मुख जीवजन्तु र वनस्पति, आकर्षक शेर्पा संस्कृति एवं विश्वको अग्लो शिखर सगरमाथालाई समेत महत्व दिएर विश्वसम्पदा सूचीमा सूचीकृत गरेको हो। यस निकुन्ज भित्र थुप्रै हिमाल, हिमनदी, उपत्यकाका साथै हिउँ चितुवा, हिम कुखुरा, डाँफे, मुनाल, घोरल, थार आदि वन्यजन्तुहरु समेत पाइन्छ।

निकुन्ज परिसरबाट हामी लुक्ला आइपुग्ने योजना बनाएर हिंड्यौं। जाँदा उकालो परेको नाम्चे फर्कंदा ओरालो पर्नु कुनै अस्वाभाविक कुरा भएन। ठाउँ ठाउँमा विदेशी पर्यटकहरुसँग कुराकानी गर्दै हामीले छेलुंगबाट सुर्के जाने बाटो छोडेर लुक्लातिर पाइला अगाडि बढायौं। वनजंगलको हरियाली लेकाली सिरेटोको मज्जा लिदै लुक्लाको प्रवेशद्वार आइपुग्यौं। प्रवेश द्वारमै सगरमाथाको सफल आरोहण गरेर फर्कंदै गर्दा बीच बाटोमा मृत्यु भएकी प्रथम महिला राष्टिय विभूति पासांग ल्हामु शेर्पाको प्रतिमा देख्न पाइयो। उहाँको स्मृत्तिमा बनाइएको सो स्वागत द्वारमा उल्लेख गरिएअनुसार वि.सं. २०१८ साल मंसीर २८ गते चौरीखर्क गा.वि.स. मा जन्मिएनु भएकी आरोही शेर्पाको २०५० वैशाख १० गते स्वर्गारोहण भएको हो। उहाँजस्ती साहसिक नेपाली नारी जसले महिलाहरु पनि महान् पुरुषार्थका लागि कमजोर छैनन् भन्ने प्रेरणदायी इतिहासमा छाप छोडेर जानुभयो, उहाँलाई हाम्रो सलाम।

हामी बजारतर्फ अगाडि बढ्यौं। स्वदेशी विदेशी व्यक्तिहरु बजारमा डूलघुम गरिरहेका थिए। लुक्ला बजार ठूलै रहेछ। हामीले यहाँ चौरीखर्क ८ लुक्ला निवासी अमृत मगरलाई सम्पर्क गऱ्यौं। उहाँले हामीलाई आफ्नै घरमा बोलाउनुभयो। हामी उहाँको घरमै आएर बस्यौं। तेन्जिङ्ग हिलारी विमानस्थलमा तारा एयरलाइन्समा कार्यरत उहाँले हामीलाई विविध जानकारी दिनुभयो। वमखोला जलविद्युत् आयोजनामार्फत् बजारमा विद्युत् आपूर्ति गरिएको छ। यहाँ केवल च्यानल मार्फत् टेलिभिजन हेर्न सकिएपनि ग्राहकअनुसार पत्रिका आउने भएकाले खुद्रा किन्न पाइदैन। शेर्पा भाषामा लुक् को अर्थ भेडा र लाको अर्थ चउर अर्थात् भेडा चराउने चउर भन्ने हुन्छ। यसबाट के अनुमान गर्न सकिन्छ भने लुक्ला पहिले भेडीगोठ थियो।

हामीले यहाँ ट्रेकिङ्ग गर्ने केही साथीहरुसँग पनि कुराकानी गऱ्यौं। तिंगला ९, सोलुखुम्बु निवासी मान बहादुर मगरले भन्नुभयो, पहिले पहिले ट्रेकिङ्गमा जाँदा पसलहरु नहुने भएकाले खाना सिद्धिएर आफूले भारी बोकेर लगेको छालाको नाम्लो समेत खानुपर्ने अवस्था आउथ्यो रे, तर अहिले जहाँ तहीं होटल र खाने बस्नको प्रबन्धले सजिलो बनाएको छ।

२०६७ वैशाख १७: हामी बिहान तेन्जिङ्ग हिलारी लुक्ला विमानस्थलमा पुग्यौं। लाम्चो आकारको विमानस्थलको माथिल्लो भागबाट पूरै भाग देख्न सकिंदो रहेछ। अग्नि, सीता र तारा एयरका जहाजहरु आउने जाने क्रम बाक्लो देखियो। विमानस्थलमा ४ वटा टुइनेटर जहाजहरु लहरै पार्किंग गरिएको पाइयो। नेपालकै सबैभन्दा बढी (काँगेल, फाप्लु, स्यांगबोचे, लुक्ला) ४ वटा विमानस्थल पनि सोलुखुम्बुमै रहेका छन्। तीमध्ये बढी प्रचलित लुक्ला विमानस्थलमा दिनको कम्तीमा ६०, ७० फ्लाईट हुने गरेको सम्बद्ध कर्मचारीले बताए। धेरैजसो विदेशीहरु लुक्ला विमानस्थलमा ओर्लिएर खुम्बु क्षेत्रको भ्रमण जाने गर्दछन्। केही भने दोलखाको जिरीबाट पैदल हिंड्दै रामेछापको बाम्ती भण्डार, सोलुखुम्बुको लामाजुरा, जुनवेंशी हुँदै यस क्षेत्रको भ्रमण सकेर फर्कंदा लुक्लाबाट जहाजमा फर्केको पाइयो।

हामीले यति एअरको कार्यालयमा अमृत जीलाई भेट्यौं। सोलुखुम्बुबाट प्रकाशित सोलु समाचार साप्ताहिकले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानलाई लिएर बनाएको ब्यानर न्यूज लगायत अन्य समाचारको पत्रिका काठमाडौंबाट छापिएर यहाँ भर्खरै आइपुगेको रहेछ। सो पत्रिका हेरेर प्रत्यक्ष हामीलाई केहीले अभियानबारे थप जिज्ञासा राखे। खुशी हुँदै भ्रमण सफलताको कामना गरे। चिया पिएर बिदा भएर हामी हिंड्यौं।

नेले २, सोलुखुम्बु जन्मघर भएका जीतेन्द्र बस्नेत हाल नाम्चे र लुक्लामा व्यवसाय सन्चालन गरेर बस्नु भएको रहेछ। सगरमाथा समाज सेवा नामक संस्था गठन गरेर सामाजिक कार्यलाई अगाडि बढाउन साथीभाईहरु मिलेर लागिपरिरहेको उहाँको भनाई भयो। यो लुक्ला बजार वि.सं. २०३५ सालबाट विस्तृतिकरण भएको र विमानस्थल तेन्जिंग नोर्गे शेर्पा र एडमण्ड हिलारीको सगरमाथा आरोहण पश्चात् आउने जाने पर्यटकको संख्यामा वृद्धि भएको स्थानीय व्यवासायी कृष्णबहादुर नेपालीले बताउनुभयो। उहाँकी छोरी मनकुमारी कार्की (नेपाली) ले हाम्रो घर तराईतिर रु. १० तिर्दा १ दर्जन आउने केराको मूल्य यहाँ रु. ३५० पर्छ भनेको

सुन्दा म त छक्क परे भन्नुभयो। लुक्लाबाट हामी सुर्केतिर झऱ्यौं। लुक्लाको माथि हिउँ परेका हिम श्रृंखला र भिरालो जमीन भएपनि बजार आसपासमा भएको गजबको टारले हामीलाई रमाईलो लाग्यो।



सुर्केमा खाना खाएर हामी उकालो चढ्यौं। माउण्टेन भ्यू लज जुभिंग ७, पैया गाउँका ग्याल्जेन शेर्पाले हामीलाई आलु र चियाबाट स्वागत गर्नुभयो। उहाँसँगै टेकिंग गएर आएका अन्य साथीहरुसँग पनि केहीबेर कुराकानी गरेर हामी पुनः उकालो नै चढ्यौं।

काँडेबाट ओरालो झरेर खरीखोला हुँदै जुभिंग २, चोखामा आएर बास बस्यौं। पसलकी दिदी बद्रीमाया राईले आफूले पढ्न नपाएकोमा एकदमै दुःख लाग्ने गरेका कारण छोरा छोरीलाई दुःख गरेर पढाइरहेका छौं भन्नुभयो। हाम्रा पालामा जाँतोमा कोदो पिध्नुपर्ने, खेतीपाती गर्नुपर्ने र बाउआमाले घरको काममा दुःख हुन्छ भनेर नपढाएको प्रति पनि उहाँको दुःखेसो थियो। यस भेगमा रेडियो सोलुको राम्रै प्रभाव भएपनि हालमा पत्तालेको टावर बिग्रिएर सुन्न नपाइरहेको स्थानीयको गुनासो छ।

२०६७ वैशाख १८: बिहान जुभिंग चोखाबाट हिंड्ने बेलामा हामीले बद्रीमाया दिदीलाई हाम्रो कति रुपियाँ भयो ? दिदी भनेर हिसाब सोध्यौं। उहाँले देश र जनताको हितका लागि हिंड्नुभएका तपाईहरुसँग पैसा छैन होला पर्दैन भन्नुभयो। उहाँलाई धन्यवाद दिएर हामी ओरालो झऱ्यौं। दूधकोशी तऱ्यौं। दूधकोशीबाट उकालोमा ठाउँ ठाउँमा बस्दै अनि कुराकानी गर्दै नुनथला निस्कियौं। प्रहरी हवल्दार माधवप्रसाद भट्टराई (सालु रामेछाप) ले खानपिनको व्यवस्था होटलमा मिलाइदिनुभयो।

एकजना ७९ वर्षीय बूढा मान्छे रनजीत शेर्पाले भन्नुभयो, म यहाँबाट हिंडेर ३ घण्टामा सल्लेरी पुग्छु। जबकि हामीलाई रिंग्मो आइपुग्न नै सरासर हिंड्दा ३ घण्टा लाग्यो अनि नुनथला आइपुग्न पनि झण्डै ३ घण्टा। जे होस्, उहिलेको स्वस्थ अनि स्वच्छ बातावरण र खानपिनमा हुर्कनु भएका यी बूढा बा तगडा देखिनुहुन्थ्यो। नुनथलाबाट हामी उकालो लाग्यौं। माथि निस्किएपछि एकजना दाई घरमा काठका फल्याक जोडेर छाना हाल्दै हुनुहुन्थ्यो। यस भेगतिर काठका छाना भएका घरहरु बढी छन्। छानो बनाउँदै गरेका एकजना दाईले भन्नुभयो, ७, ८ वर्षसम्म यो छानो खप्छ।

हामीलाई उकालो हिंड्न केही गाऱ्हो परेकै हो। बाटामा खक्कन, ढाकर अनि तोक्माको प्रयोग गरी भारी बोकेर हिंडेका दाईहरुले रेडियो झुण्ड्याएर एफ.एम.सुन्दै हिंडेको देख्दा निकै रमाइलो लाग्यो। यसबाट २१ औं शताब्दीमा मान्छे सूचना पाउन जस्तोसुकै अवस्था र जुनसुकै ठाउँमा तत्पर छ भन्ने कुराको पुष्टि गर्दछ। बीच बाटामा भारी ठोकिएर लडेपछि २ जना साथीहरु भारी उठाएर मिलाउँदै थिए। यस्तो भिरालो बाटोमा उकाली ओराली गर्दै भारी बोक्ने यी दाजुभाईका लागि डोको र नाम्लो रेल मोटर बनेका छन्।

हामी टाक्सिन्दु गुम्बाभित्र पस्यौं। २ जना लामा चौंरीको घिउ र पीठो प्रयोग गरेर तोर्मा बनाउँदै हुहुहुन्थ्यो। पीठो माथि काठका सिन्का प्रयोग गरेर पुत्लाको रुप दिइदो रहेछ। शेर्पाहरुले मान्छे मरेपछि पुत्ला दहन गर्ने र प्रसादको रुपमा क्रियापुत्रीले खाने गरिएको जानकारी लामाहरुले हामीलाई दिए। हामी गुम्बाको आकृति नियालेर टाक्सिन्दु डाँडातिर उक्लियौं। टाक्सिन्दु गा.वि.स. मै पर्ने रिंग्मोमा हामीले अस्ती माथितिर जाँदा राखेका झोला लियौं।

त्यहाँबाट हामी सल्लेरी जाने बाटो छोडेर जुनवेशी तर्फ लाग्यौं। बाटोमा विभिन्न विरुवाहरुमा पलाएका पालुवा, खोल्सा, खोंचलाई नियाल्दै हामीले सोलु खोला पार गऱ्यौं। वेनी गा.वि.स. को टिम्बुरे हुँदै यही गा.वि.स. को वडा नं. ७ मा अवस्थित सलुंग आएर हामी एक होटलमा बास बस्यौं। यतातिर लेकमा तराई पहाडमा जस्तो बाहिर बस्ने ठाउँ हुँदैन। भित्र ठूलो चुल्हो र त्यसको वरिपरि बस्ने ठाउँ हुन्छ। कतिपय पसलमा बाहिर साइनबोर्ड हुँदैन। तर भित्र खाने बस्ने सुविधाका लागि व्यवस्था गरिएको हुन्छ। घरभित्र पसेर, हेरेर अनि सोधेर थाहा पाइन्छ।

एकजना दाईले ट्वाइलेट र पानीको विषयमा प्रश्न राखे। बास बसेकै अर्का पाहुना दाईले पहाडकै मान्छे हौला तल गएर झारले पुछन भन्ने जवाफ दिए। होटलवाला अलमल्लमा परे। कारण, ट्वाइलेट भत्किएको रहेछ। भारी बिसाएर ती दाईहरुले स्वादले कोदोको ढिडो मस्काएर खाए। हामीले दाल, भात र आलुको तरकारी खायौं। सोलुमा आलु भने बडो गजबका साथ भक्कु खान पाइएको छ अरु तरकारीचाहिं खासै पाइएन।

जुनवेंशी



२०६७ वैशाख १९: हिजो मे १ तारिखका दिन एनेकपा माओवादीले काठमाडौंमा भव्य कार्यक्रम गरेछ । सरकारले आफ्ना माग सुनुवाई गरेन भनेर उसले आजबाट अनिश्चितकालीन आमहड्ताल सुरु गरेको रेडियोबाट सुन्न पाइयो। हामीचाहिं रमाईला डाँडाखर्कको सौन्दर्यतामा हराउँदै जुनवेशी आइपुग्यौं। त्यहाँ सोलु सदरमुकाम सल्लेरीबाट सिधै आउने बाटो पनि मिसियो। खोला तरेर गुम्बा र बजारलाई नियाल्दै हामी चोकमा आइपुग्यौं । वेनी प्रहरी हवल्दार सन्तोष शिखर कार्की, प्रहरी जवान एवं अन्य स्थानीयवासीसँग परिचय भयो । प्रहरी चौकीले हाम्रो बिहानी खानाको प्रबन्ध मिलायो ।

जुनवेशीबाट डेढ घण्टा जति हिंडेपछि थुप्तेंग क्षोलिंग गुम्बा पुग्न सकिने प्रहरी हवल्दार कार्कीले बताउनुभयो । त्यहाँ १ हजार जति लामाहरु बसेर पढ्छन् रे । अपसोच हामी त्यतातिर गएनौं। जुनवेशीबाट जिरी आउने बाटोलाई हामीले समायौं। कतै तेर्सो त कतै उकालो बाटो हिंड्दै टाकटारे आइपुग्यौं । त्यहाँबाट केहीबेर हिंडेपछि गुराँस घारी र उकालो बाटो आयो ।

लालीगुराँसका रुखमा पात झरेको अवस्था छ। हामी जोडतोडका साथ उकालो हिंडेर लामाजोरा डाँडामा निस्कियौं। भकाञ्जे गा.वि.स. अर्न्तगत पर्ने यस ठाउँमा चिमल फूलेर सार्है मनमोहक र जो कसैको मन तान्ने वातावरण बनाएको रहेछ। नास्ता गरेर तेर्सो लाग्यौं। एकजना दाईले भन्नुभयो, यस ठाउँमा घडी र मोबाइलको समय एकै हुँदैन, २ घण्टाको फरक हुन्छ। नभन्दै हामीले आफ्नो मोबाइल झिकेर हेरेको त साँझको ६ बजेर ९ मिनेट गएको थियो। घडीमा भने ३ बजेर ४२ मिनेट मात्र। किन यसो भएको हो भनेर हामीलाई जानकारी गराउने दाईलाई सोध्दा चाइना नजिक भएकाले होला भन्नुभयो। बेलुकी दाप्चुमा आएर स्थानीयवासीलाई सोध्दा ५, ६ महिना भयो यस्तो भएको पहिले ठीक समय दिन्थ्यो भन्ने जवाफ पायौं।

हामी लामाजोराको तेर्सो बाटो हिंडेर ओरालो झर्‍यौं। बाटो जस्तो छ त्यस्तै हिंड्नु त यात्रीको कर्म नै हो। हामी बेलुकी भकाञ्जे ४ मा पढ्ने दाक्चुमा बास बस्यौं। बूढा बाजेले तोङ्वा तान्दै घर कहाँ हो भनेर सोध्नुभयो। ३ पटक हामीले आफ्नो घर भन्दा पनि नसामा डुबेका यि बुढा बाले धन्न ४ पटकचाहिं सोधेनन्। एकपटक भन्दा ए भन्थे, फेरि २,४ कुरा गरेपछि फेरि घर कहाँ भन्थे बूढा शेर्पा । हा...हा...हा... तोंमाको कमाल ।

२०६७ वैशाख २०: भकाञ्जेको दाक्चुबाट ओरालो झरेर किञ्जा आइपुग्यौं। ठाउँ ठाउँमा भेटिएका ऐसेलुको रसास्वादन गर्न पनि हामी चुकेनौं। सित्तैमा प्राकृतिकरुपमा फलेको फल छोड्न पनि मिलेन नि कसो ? किञ्जा बजार एकातिर किञ्जा खोला र अर्कातिर लिखु नदी बीचमा रहेको छ। बजारको पुच्छारमा यिनीहरुको दोभान छ। माथि बाटै टापुजस्तो लाग्ने यो बजारको दृश्य हामीले क्यामेरामा कैद गर्न भने छुटाएनौं।

किञ्जा प्रहरी चौकीमा प्रहरी जवानहरु र स्थानीयवासीसँग हामीले केहीबेर प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको लागि थालिएको विश्वभ्रमण अभियानबारे कुराकानी गर्‍यौं। सई इन्द्रप्रसाद दाहाल र अन्य प्रहरी जवानले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो। किञ्जा भ्रमणपछि सोलुखुम्बु जिल्लाको भूभाग अन्त्य भयो।

हामी रामेछाप जिल्लाको भूभागतर्फ लाग्न पुल पार गर्‍यौं। गुम्देल ६, कोरेनमा खाना खायौं। गुन्द्रुक र भातको रु. १०० का दरले पैसा बुझायौं। होटल्नी दिदी पशुपति कार्कीले सुरुमा आफ्नो नाम बिर्सिए भने पनि पछि हाँस्दै बताउनुभएको थियो। दूध कोशी जेठी, तामाकोशी माइली र लिखु कोशी कान्छी भन्छन्, सामान्य हिसाब गर्न पढेकाले क्यालकुलेटर थिचेर पनि गल्ती गर्छन् तर म नपढेकी मान्छे भएपनि ट्याकट्टुक हिसाब गर्न सक्छु, तैपनि पढ्ने लेख्ने कार्य गर्न नसकेकाले भने मेरो मन सार्है रुने गर्छ। उहाँसँगको कुराकानी पछि यस्तो महसुस भयो, पढ्न नपाउनुको पीडा असाध्यै पीडादायक हुँदोरहेछ। मकैको हरियाली हेर्दै हामीले यात्रालाई अगाडि बढायौं। माथि तल भीर पाखा अनि अझ तल लिखु बगिरहेकी, घाम केही चर्का भएपनि हिंड्दै हामी गुम्देल ८, सन्तमाया बस्नेतको घर आइपुग्यौं।

यो घरमा हामीले २ गिलास मही खायौं। अरुलाई पैसा लिइरहनुकी दिदीले हामीलाई पैसा लिन मान्नुभएन। पहिले पहिले आज मेरो मेला आउनु भनेर उर्दी जारी गरेकै भरमा ठूला ठालुकोमा जानुपर्ने बाध्यता माओवादीको १० वर्षे जनयुद्ध पश्चात् अन्त्य भएको छ सन्तमाया बस्नेतले खुशीसाथ भन्नुभयो। उहाँले नेताहरुलाई सचेत गराउनुभयो अब मर्ने मार्ने कार्य देशमा सदाका लागि बन्द होस् मेरो यही कामना छ।

त्यहाँबाट हामी पुन: उकालो लाग्यौं । गुम्देलकै वडा नं. ९, थाल्चे आइपुग्दा आकाशबाट पानी आयो । हामी ढालबहादुर बस्नेतको घरमा ओत लाग्यौं । चिया पिउँदै उहाँको घरपरिवारसँग कुराकानी गऱ्यौं । उहाँकी श्रीमती, छोरा र छोरीमा काम्ने, लड्ने र एक्लै बोल्ने रोगहरुका कारण परिवारमा समस्या परेको रहेछ । धामी झाँक्री लगाएपछि केही बिसेक भएको उहाँहरुको ठहर छ। धामी झाँक्री लगाएर आजित हुनुभएका बस्नेत कसरी पैसो कमिन्छ भनेर सबै मान्छे दाउ हेरेर बसेका छन् भन्नुहुन्थ्यो ।

हामी थाल्चेबाट अगाडि बढ्यौं । बाम्ती गा.वि.स. को भण्डार निकै रमाइलो पायौं । उपत्यका झैं लाग्ने यो भण्डारमा पहिले राजाले भण्डार राख्ने भनेका थिए रे । सोही अनुरुप बसपार्क क्षेत्रलाई रत्न ज्योति भनिएको रहेछ । वि.सं. २०६२ बाट यो बजार बिस्तार भएको स्थानीय सूर्य होटल एण्ड लजका सूर्य बहादुर मगरले बताउनुभयो । हामी उहाँकै होटलमा बस्यौ. । इलाका नं. १ रामेछाप अर्न्तगत पर्ने यो बजार वाइसियलका लालप्रसाद गुरागाईं र उहाँका सहकर्मीहरु कल्याणकुमार आचार्य र शिवकुमार परियारसँग हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे कुराकानी गऱ्यौं ।

२०६७ वैशाख २१: हुन त हामी ६५ औं जिल्ला भ्रमणका लागि दोलखातर्फ आएका हौं । यद्यपि सोलुखुम्बुबाट आउँदा यस रुटमा रामेछापको भूभाग परेको हुनाले रामेछापलाई कटाउन सक्ने कुरै भएन । हिजो ११ बजेदेखि आज १२ बजेसम्म हामीले रामेछापकै भूभागलाई नियाल्न पर्ने भो । बिहान बाम्तीको भण्डारबाट हामी देउराली सम्मको उकालो मज्जाले हिंड्यौं । उकालो बाटो जति जति माथि आयौं, जंगल सुरु नभएसम्म भण्डार बजारले मन लोभ्याइरहन्थ्यो । हामीले देऊरालीमा खाजा खाएर ओरालो लाग्यौं । चुचुरे गा.वि.स. को खर्सुबास, सांग्वा डाडा हुँदै शिवालय बजार झऱ्यौं । साङ्‌वा डाँडाबाटै खिम्तीको किनारमा अवस्थित शिवालय बजार नजिकै देखिने नुम्बुर हिमाल, डाँडाकाँडा वनपाखाले आर्कर्षित गरेको थियो । हामी शिवालयमा खाना खाएर खिम्तीको पुल तरेर दोलखा जिल्लाको भू-भाग टेक्न आइपुग्यौं ।

सोलुखुम्बु यात्राका क्रममा प्राप्त नगद सहयोग

कृष्णबहादुर नेपाली (चौरीखर्क, लुक्ला)	रु. १,०२५/-
जिल्ला विकास समिति	रु. १,०००/-
सगरमाथा राष्टिय निकुञ्ज परिवार	रु. ५१०/-
सगरमाथा एकीकृत विकास केन्द्र	रु. ५००/-
सगरमाथा राष्टिय निकुञ्ज परिवार	रु. ५१०/-
जीतेन्द्रवहादुर बस्नेत (नेले २)	रु. ५००/-
हरिश्चन्द्र राई	रु. १४५/-
आंगेलु शेर्पा	रु. १००/-
पेम्वा ग्याल्जेन शेर्पा	रु. १००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पत्रकारहरुमा सकारात्मक सोचको विकास होस् । – सुजता तामांग, (बी.बी.सी नेपाली सेवा संवाददाता)
सोलखुम्बुमा स्वागत, सफलताको कामना । – यादव सुवेदी (प्रजिअ), जिल्ला प्रशासन कार्यालय
प्रेस स्वतन्त्रताको पक्षमा सहयोग मिलोस् । – नुतन श्रेष्ठ (समाचार प्रमुख), सोलु एफ.एम.
सकारात्मक पत्रकारिता गर्नेलाई थप प्रेरणा हुनेछ । – मनोज श्रेष्ठ (स्टेशन म्यानेजर), सोलु एफ.एम.
सफलताको शुभकामना । – उमेश श्रेष्ठ, सोलु एफ.एम.
सकारात्मक पत्रकारिता स्थापनामा ईट्टा थपियोस् । – भोजेन्द्र बस्नेत (कार्यक्रम संयोजक), सोलु एफ.एम.
सफल पत्रकारिताको शुभकामना । – सीता उप्रेती के.सी. (अध्यक्ष), सगरमाथा एकीकृत विकास केन्द्र रेडियो दूधकोशी एफ.एम.
सोलुखुम्बुमा स्वागत गर्न पाउँदा खुशी लागेको छ । – सुदम सिजापति (प्र.ना.उ), जिल्ला प्रहरी कार्यालय
पत्रकारिता क्षेत्र चुनौतीपूर्ण मोडबाट गुज्रिरहेको छ । – हिमाल गिरी, एनेकपा माओवादी, सल्लेरी
स्वतन्त्र र जोखिमयुक्त पेशा हो पत्रकारिता । – तीर्थराज कट्टेल, नेचावेतघारी ४
पत्रकारिता अझ जवाफदेही बन्न आवश्यक । – आंगेलु शेर्पा, सदस्य नेपाली कांग्रेस केन्द्रिय संविधान मस्ययौदा समिति
नूनथलामा स्वागत, यात्रामा शुभकामना ।
– खड्ग बहादुर कार्की (प्र.स.नि.), माधवप्रसाद भट्टराई (प्रहरी हवल्दार) प्रहरी चौकी नूनथला
नेपालीको गौरवमय सूसमाचार विश्वव्यापी होस् । – नन्द अमित राई, (टेकिंग गाईड) लोखिम ६
यात्रा सफल रहोस् । – विष्णुगोविन्द थापा (प्र.नि.), ई.प्र.का. नाम्चे
विश्वमा शान्ति फैलियोस् । – कर्मनन्द राई, (जुवु २), होटल एभरेष्ट भ्यू खुम्जुंग
विश्वभर नै सकारात्मक पत्रकारिताको सन्देश प्रवाह होस् । – हरिश्चन्द्र राई, दूधकोशी उपवेशिन आयोजना
सरहाना योग्य यात्रा । – लालविहारी यादव, उपसचिव (प्रा), सगरमाथा राष्टिय निकुञ्ज कार्यालय नाम्चे
महान् अभियान सफल रहोस् ।
– जितेन्द्र बहादुर बस्नेत (नेले २), अमृत मगर श्री तेन्जिंग विमानस्थल तारा एयर लाइन्स लुक्ला स्टेशन, चौरीखर्क ८, लुक्ला,
हामी सदैव साथ दिनेछौं । – कृष्णबहादुर नेपाली (व्यवसायी), मनकुमारी कार्की (नेपाली), लुक्ला
पैँया गाउँमा स्वागत र बुद्धसमक्ष प्रार्थना ।
– पेम्बा ग्याल्जेन शेर्पा, निमा ओङ्छु शेर्पा, न्यूजील्याण्ड ओकल्याण्ड, रिन्जी शेर्पा माउण्ट कुक न्यूजिल्याण्ड (जुभिङ्ग गा.वि.स. वडा नं. ७, पैयाँ गाउँ)
हार्दिक मंगलमय शुभकामना ।
– सन्तोष शिखर कार्की (प्रहरी हबल्दार), प्रहरी चौकी बेनी र इन्द्रप्रसाद दाहाल (प्रहरी नायब निरीक्षक), प्रहरी चौकी, किन्जा

६५ औं जिल्ला दोलखा डायरी

२०६७ वैशाख २१: ६४ औं जिल्ला सोलुखुम्बु यात्रा समापन गरेर हामी रामेछापको शिवालय बजारबाट खिम्ती खोलाको पुल तरी ६५ औं जिल्लाको रुपमा दोलखाको भूभाग प्रवेश गऱ्यौं। दोलखा सँगसाथ एक साहसिक व्यक्तित्व विश्वसाइकलयात्री एवं सगरमाथा आरोही पुष्कर शाहको याद आउँछ। उहाँ हाम्रो यात्राको पनि एक प्रेरक व्यक्तित्व हुनुहुन्छ। जसले साईकलमार्फत् १५० राष्ट्रको भ्रमण पूरा गरी सगरमाथातर्फ आफ्नो विश्वशान्ति यात्रालाई अगाडि बढाउनु भएको छ। हो, हामी तिनै सपुतको जन्मभूमितर्फ हाम्रा पाईला लम्काइरहेका छौं। केहीबेर तेर्सो हिँडेर यलुंग खोलाको पुल तऱ्यौं। किनारै किनार आफ्ना पाइला अगाडि बढायौं। माली गा.वि.स. का भूभागहरु पार गर्ने क्रममा माथि डाडामा निस्कियौं। लमतन्न परेको भू-भाग, चउर, हर्ष भएको ठाउँ त्यही बसिरहुँ बसिरहुँ जस्तो लाग्यो।

संक्षिप्त परिचय

क्षेत्रफलः २,१९१ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ५१ वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः २, सदरमुकामः चरिकोट, अञ्चलः वागमती, विकास क्षेत्रः मध्यमाञ्चल, भौगालिक अवस्थितिः पूर्व रामेछाप, सोलुखुम्बु, पश्चिम सिन्धुपाल्चोक, उत्तर चीन र दक्षिण रामेछाप
अल्पसंख्यक जातजातिः जिरेल, सुरेल, थामी।
पर्यटकीय स्थलः शैलुंग, कालिञ्चोक, जिरी, दोलखा भिमेश्वर, रोल्वालिंग हिमश्रृंखलाका दर्जनौं हिमाल, महाँकाल भगवती, त्रिपुरा सुन्दरी, टसी गुम्बा, देउलांगेश्वर, गाईखुरा महादेव आदि। (श्रोत जि.वि.स.)

विश्वसाईकल यात्रीकै जिल्लामा अर्का साईकलयात्री टोलीको पनि तरंग मिलेकाले पनि हुन सक्छ त्यही बखत हामीलाई आन्तरिक र बाह्य पर्यावरण जोगाऔं भन्ने नाराका साथ जलवायु परिवर्तनको मुद्दा लिएर विश्वसाईकल यात्रामै निस्कनु भएका यात्री द्वय काभ्रे घर भएका रुपक खड्का (यां) र राजेन्द्र सापकोटा (घं) को फोन आयो। उहाँहरुले भारतबाट पाकिस्तानको भिसा नमिलेकाले अन्य सार्क मुलुक घुमिसकेर नेपाल फर्किएको बताउनुभयो। उहाँहरुसँग निकै अविस्मरणीय र रमाईला फोन कुराकानी भए।

हामी जिरीतर्फ ओरालो लाग्यौं। साँझको झिसमिसे उज्यालोले धेरै देख्न नपाए पनि सल्लाघारीको हरियाली, जिरी पुछारको फाँट र हरिया चउरले हाम्रो मन पुलकित भयो। अहा, नेपालको स्वीटजरल्याण्ड !

साँझमा हामी बसपार्कको शुभकामना होटलमा आएर बस्यौं। १९ र २० गते शान्तिपूर्ण भएको एनेकपा माओवादीको हड्ताल आज पनि केही छिटफूट घट्ना बाहेक शान्तिपूर्ण नै रहेको सञ्चारमाध्यमवाट खबर सुन्न र हेर्न पाइयो। तर जनजीवन देशभर कष्टकर नै भएछ।

२०६७ वैशाख २२, २३ र २४: यि मितिमा एनेकपा माओवादीको देशव्यापी आमहड्ताल र हाम्रो डायरी लेखन सँगसँगै चल्यो। डायरी लेखनमा त्यस्तो गाह्रो केही भएन तर देशव्यापी आमहड्तालका क्रममा बन्द अवज्ञा गर्ने र आयोजक पक्षको झडपका कारण ठाउँ ठाउँमा जनता घाइते र मृत्यू भएकाले कतिपय ठाउँमा कर्फ्यु पनि लगाइयो भन्ने दुःखद समाचार सुन्नु पऱ्यो।



जिरी

नेपालमा बन्द धेरै भयो, अब यसको वैकल्पिक उपायमा ध्यान दिने बेला आएको छ। किनभने यसबाट सर्वसाधारण जनतालाई बढी सास्ती परिरहेको छ, ठूलाठालुलाई त केही फरक नपर्ला ? तर जनताकै हितका लागि राजनीति गरेको हुँ भन्ने नेता कार्यकर्ताले पनि यसरी गलत संस्कार बसाल्नु कति सम्मको अमानवीय कार्य होला ? आफ्ना मागका सम्बन्धमा सम्बन्धित निकायलाई दबाब दिने अधिकार सबैलाई छ, हुनुपर्छ। यसका लागि शान्तिपूर्ण आन्दोलन र धर्ना दिन सकिन्छ। तर यसरी पूरै देशलाई ठप्प पारेर नेपाल बन्द गर्नु भनेको जनतालाई हदैसम्मको दुःख दिने कार्य भएकाले यसको वैकल्पिक उपाय खोजी गर्न लागि परुन् दल वा कुनै पनि पक्ष वा समूहका बन्द कर्ताहरुले। अब बन्द सदाका लागि खुल्ला होस् ! खुल्ला होस् !! खुल्ला होस् !!!

२०६७ वैशाख २५: बिहान जिरी बजार उपत्यका नियाल्न हामी गुम्बामाथिको डाँडामा निस्कियौं । हरिया सल्लाघारी, सिमसार चउरसँगै रहेको जिरी उपत्यका नेपालको स्वीटजरल्याण्ड भनेर पनि चिनिंदो रहेछ । स्वीटजरल्याण्डको ज्यूरिच भन्ने शहरसँग मिल्दोजुल्दो हावापानी र सिमक्षेत्र भएकाले पनि जिरीलाई स्वीटजरल्याण्ड भनिएको रहेछ । हुन पनि चिसो लेकाली वातावरण र लोभलाग्दो गरी मिलेर बसेको ठाउँले गर्दा जो कोही मान्छे त्यहाँ पुगेपछि अहा जिरी नभनी फर्कन सक्दैन भन्ने हामीलाई पनि अनुभूति भयो । जिरी उपत्यकालाई राम्रोसँग नियाल्न बजार माथिको डाँडामा वारपार हिंड्न मिल्ने बाटो र बस्ने फलैचाहरु बनाउन आवश्यक देखिन्छ । यो आवश्कता किन पनि देख्यौं भने हामी जंगलमा उन्यू अनि बुट्ट्यानहरुसँग झम्टाझम्टी गर्दै वल्लो डाँडाबाट पल्लो डाडा पुगेका थियौं । बाटो नभएकाले खोज्दा केही समय परेको मेहेनतको झलक हो यो । समस्याभित्र सम्भावना खोज्ने बानी परेकाले पनि होला, यस यात्रालाई सहज बनाउन वनभरि पाकेका लटरम्म ऐंसेलुको स्वादले हामीलाई मिठासपूर्ण भूमिका खेल्यो ।

जंगलमा जुकालाई रक्तदान गर्दै र सल्लीपीरमा चिप्लिएर लडिएला कि ? भनेर सावधानी अपनाउँदै हामी पशु विकास फार्म जिरीतर्फ झऱ्यौं । वि.सं. २०१४ सालमा स्वीस सरकारले कृषि पेशामा संलग्न व्यक्तिहरुको जीवन स्तर उकास्ने उद्देश्यका साथ सो फार्मको स्थापना गरेको रहेछ । पछि २०२९ सालमा नेपाल सरकारलाई हस्तान्तरण गरिएको विकास फार्मका एकाउण्टेण्ट परशुराम कार्कीले हामीलाई बताउनुभयो । हाल त्यस फार्ममा गाई र सेतो बंगुरको उन्नत जात तयार गर्ने गरिएको छ । स्वीस सरकारले ८४ हेक्टर सिम क्षेत्रलाई सोलिंग गरेर प्याराडाइज, कैलाश कुटी, एकान्त कुटीजस्ता विशेष प्रकारका भवन निर्माण गरेको रेहछ यहाँ । यसको संरक्षण सम्बर्द्धनमा चुनौती थपिएको बताउनुहुन्छ, एकाउण्टेण्ट कार्की ।

पशु विकास फार्मबाट हामी बसपार्क आयौं । खाना खाई जिरीबाट अगाडि बढ्यौं । हाट डाँडामा आएपछि शिक्षक दुर्गाप्रसाद दहालसँग हाम्रो भेट भयो । उहाँले बिहान ६ बजे काठमाडौंबाट हिंडेको गाडी मध्यान्ह १२ बजे आइपुग्ने भएकाले राजधानीबाट प्रकाशित पत्रिका पनि सँगै आइपुग्ने हामीसँगको कुराकानीमा बताउनुभयो । हाट डाँडाको एयरपोर्टमा गाडी चल्न थालेपछि जहाज आउन बन्द भएको र हाट लाग्न छोडेको जानकारी पनि शिक्षक दाहालले दिनुभयो ।

हाट डाँडाबाट हामीले ५, ६ कि.मि. दूरी उकालो र तेर्सो हिडिसकेपछि एउटा अनौठो जनावर देख्यौं । गर्धन केही लामो भएको भेडाभन्दा अग्लो, अल्फा नामको सो जनावर एक विदेशी नागरिकले पालेको जानकारी हामीले पायौ । ५ वटा ती अल्फाहरु चारैतिर फलामे तारबार भित्र घाँसमा चरिरहेका थिए ।

पीच बाटो, हरियाली चौर, जंगल र डाडाकाँडालाई नियाल्दै हामी हनुमन्ते भञ्ज्यांग आइपुग्यौं । त्यहाँबाट हामी ओरालो ओरालो परेको सडकै सडक हिडिरह्यौं । बेलाबखत पानी आउने भएकाले प्लास्टिक ओड्ने गर्दथ्यौं । पारिपट्टि डाँडाको तल झुरुप्प बस्ती भएको मिर्के गाउँ रमाईलो देखियो ।

साँझ ७ बजे काभ्रे गा.वि.स. अर्न्तगत पर्ने मैनापोखरी बजार आइपुग्यौं । एक होटलमा बास मागेर बस्यौं । होटलवाला साहुजीले छेउछाउमै रहेका शंखपोखरी र मैना पोखरीको आश्चर्यलाग्दो प्रसंग सुनाउनुभयो । उहाँका अनुसार उहिले उहिले शंख पोखरीमा शंख बजेपछि मैना पोखरीमा मैना चरो कराउँदथ्यो रे !

२०६७ वैशाख २६: बिहान ७ बजेको गाडीमा मैनापोखरीबाट दोलखा सदरमुकाम चरिकोट आउने योजना बनाएका थियौं हामीले । तर गाडीको ढोकामा उक्लिन खोज्दा यो गाडी जाने होईन, सुपरमा चरिकोट जाने मान्छे चढ्न मिल्दैन भन्दै अर्का बसका कर्मचारीले हामीलाई ताने । यात्रुको ईच्छाअनुसार बस चढ्न नपाइने यो कस्तो नियम हो ? बाध्य भएर हामी ८ बजे तान्ने कर्मचारीकै गाडीमा चढ्यौं । छत र भित्रको भाग कतै खाली थिएन । खाँदाखाँद गरेर हामी छतमै बस्यौं । बसका कर्मचारीलाई हामीले हाम्रो भ्रमणबारे लेखिएको कागज दियौं । उनले लिन मान्दै मानेनन् । केही बस व्यवसायीका चिट्ठी वा हामीले भन्न खोजेका कुरा पनि उनले हेर्न सुन्न चाहेनन् । एकोहोरो भाडा दिनु, म पढ्न जान्दिनँ भनेर उनले स्वांग पारे । केही अगाडि विद्यार्थीका परिचय पत्र हेरेर अंग्रेजीसमेत उनले पढेको हामीले नै सुनेका थियौं । ती मालिक


सदरमुकाम चरिकोट

हुन् वा कर्मचारी हामीले छुट्ट्याउन सकेनौं । ६५ जिल्लामा यसरी कुरै पनि सुन्न नचाहने व्यक्ति उनी नै पहिलो हुन् ।

मैना पोखरीबाट नाम्दु हुँदै ओरालो बाटोका गोलाई काटेर बस तामाकोशी नदी झऱ्यो । पुल पार गरेर बस रोक्कियो । काफल, केरा, पानी, काँक्रा, माछा लगायतका सामान बेच्नेहरु कराउँदै आए । बस उकालो बाटोका मोडहरु घुम्दै अनि सल्लेरीको हावा खाँदै चरिकोट बसपार्क छिऱ्यो ।

पत्रकारहरुसँग

बसबाट ओर्लिएर हामीले नेपाल पत्रकार महासंघ दोलखा अध्यक्ष राजेन्द्र मानन्धरलाई फोन गऱ्यौं । फोनको घण्टी गयो तर मोबाइल उठेन । बसपार्कबाट हामी सातदोबाटो चोक आयौं । चोकमा चन्द्र सूर्य अंकित नेपालको ठूलो झण्डा बनाएर अन्य ठाउँमा शालिक राखिएझैं राखिएको रहेछ । खाना कतातिर गएर खाने होला भन्दै दायाँ बायाँ के हेरिरहेका थियौं, त्यसैबेला मनोकान्तिमा चिनजान हुनुभएका पवटी ९, भंगेरी दोलखा निवासी लालबहादुर खड्का दोलखामा स्वागत छ भन्दै आइपुग्नुभयो । हामीलाई उहाँले खानपिनको व्यवस्था मिलाउनुभयो ।

खाना खाएर हामी पत्रकार महासंघ कार्यालय पुग्यौं । त्यहाँ महासंघ अध्यक्ष राजेन्द्र मानन्धर, सचिव जीवन लामा, दोलखा एक्सप्रेस साप्ताहिकका कार्यकारी सम्पादक रविन्द्र गौतम, प्रकाशक दिलबहादर के.सी., महासंघ कार्यालय सहायक कृष्णबहादुर भुजेल लगायतसँग हाम्रो कुराकानी भयो । अरु थप पत्रकारहरु एक ठाउँमा जम्मा गर्न सकिदैन भन्ने अध्यक्ष मानन्धरको भनाई सँगै महासंघ कार्यालयमा आजै काम हामीले सिध्याउनुपर्ने अवस्था सिर्जना भयो । हामीले दोलखा जिल्ला र पत्रकारिता विषयमा उपस्थित पत्रकारहरुसँग जानकारी लियौं ।

दोलखा जिल्लाको पत्रकारिता इतिहासमा दर्ताका दृष्टिले अरुणिमा त्रैमासिक पत्रिका पहिलो र अग्रज पत्रकारको रुपमा स्वर्गीय देवदास श्रेष्ठ (२०३६) लाई मानिन्छ । हाल जिल्लामा १७ वटा पत्रपत्रिका दर्ता भएपनि सैलुंगको सूर्य, कालिन्चोक सन्देश, दोलखा एक्सप्रेस, चोंदोंग (जिरीबाट), नवतरंग गोगर पाक्षिक र जनजिविका चौमासिक प्रकाशनमा छन् । यसैगरी कालिन्चोक एफ.एम. हाम्रो रेडियो र रेडियो सैलुंग एफ.एम. प्रसारण भइरहेको रहेछ । पहिले छापाखाना र आर्थिक अभावका कारण पत्रपत्रिका प्रकाशित हुन नसके पनि हाल छापाखानाको भने चरिकोटमा सुविधा छ । सञ्चारमाध्यममा कार्यरत श्रमजीवीहरु उचित पारिश्रमिकको अभावका कारण सुरुमा जस्तो जोश जाँगर नभएको बताउँछन् । राजधानीबाट सञ्चालनमा रहेका सञ्चारमाध्यमहरु र छिमेकी जिल्लाका सञ्चारमाध्यममा यहाँका सञ्चारकर्मीहरु खटिइरहेका छन् ।

हामी पत्रकार महासंघको कार्यालयबाट शहीद समाजद्वारा सञ्चालित हाम्रो रेडियो एफ.एम. १०३.४ मे. स्टेशन पुग्यौं । २५० वाट प्रसारण क्षमता भएको सो रेडियोका रेडियोकर्मीहरु लक्ष्मण खड्का, डिल्लीप्रसाद फुयाल (शीतल), सूर्य घिसिंग लगायतसँग हाम्रो परिचय भयो । रेडियोकर्मी फुयालले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानले स्वतन्त्र पत्रकार बन्न सबैलाई प्रेरणा मिलोस् भन्दै शुभेच्छा प्रकट गर्नुभयो ।

शैलुंग एफ.एम.कर्मीहरुसँग

त्यहाँबाट हामी शैलुंग सञ्चार सहकारी संस्थाद्वारा सञ्चालित सामुदायिक रेडियो एफ.एम. १०३.४ मेगाहर्ज कार्यालय पुग्यौं । त्यहाँ निर्देशक चिरञ्जिवी मास्के, स्टेशन प्रमुख होम पाठक, पत्रकार महिला मन्दिरा थापा, लेखा तथा प्रशासन प्रमुख नवीन शिवाकोटी र सीता सापकोटा लगायतसँग हाम्रो भेट भयो । निर्देशक मास्केले भन्नुभयो, दोलखामा स्वीस सरकारले सडक, स्वास्थ्य, शिक्षा भेटनरी र सामुदायिक वनको क्षेत्रमा लगानी

गरेको छ। दोलखा जिल्लामा ३३ सय मेगावाट बिजुली उत्पादन गर्न सक्ने सम्भावना रहेको छ, जडीबुटीको क्षेत्रमा पनि दोलखा धनी छ।

पत्रकारिताका सवालमा उहाँको भनाई थियो, वि.सं. २०५३ सालमा दोलखाको पत्रकारको टिम नपुगेर रामेछापसँग संयुक्तरुपमा शाखा खोल्यौं। पछि २०५६ मा आएर संख्या पुगेकाले छुट्टाछुट्टै शाखा गठन गर्‍यौं। हाल दोलखाको पत्रकारिता जोश, जाँगरका साथ अगाडि बढिरहेको छ। अन्य क्षेत्रका मान्छेले हेर्ने दृष्टिकोणमा पनि क्रमशः सकारात्मक नजर बन्दै गइरहेको पाइन्छ।

बेलुकी हामी लालबहादुर खड्का जी कै कोठामा आयौं। सामाजिक कार्यकर्ता ईन्द्रमाया प्रधान श्रेष्ठसँग पनि यहाँ परिचय भयो। कुराकानी गर्दै खाना खायौं। त्यसपछि सुत्यौं।

२०६७ वैशाख २७: बिहान हामी चरीघ्यांग डाँडा पुग्यौं। गुम्बासमेत रहेको सो डाँडाबाट हामीले नेपाली समय मापनको विन्दु गौरीशंकर (७,१३४ मि.) हिमाल, चरिकोट बजार लगायत अन्य विभिन्न गाउँघर अनि डाडापाखाको दृश्य नियाल्ने कोशिश गर्‍यौं। घुम्टोले सुन्दरीलाई ढाकेझैं कुहिरोले गौरीशंकरलाई ढाकेको थियो। हामीसँग लालबहादुर जी पनि हुनुहुन्थ्यो। उहाँले टुकी संघ, सिंचाई उपभोक्ता महासंघ लगायतका संस्थाहरुले गाउँघरको विकासमा सक्दो योगदान गरेको जनाउँदै जिल्लाका सबै संघ संस्था जिम्मेवार ढंगले लागि नपर्दा दाताहरुको रकम सही सदुपयोग हुन सकेको छैन भन्नुभयो। वश्वभ्रमण अभियानलाई शुभेच्छा प्रकट गर्दै उहाँले भन्नुभयो, देश विदेशबाट प्राप्त ज्ञानले सञ्चारक्षेत्रको सकारात्मक रुपान्तरण गर्न यो भ्रमण अभियान सफल होस्।

खाना खाएर हामी जिल्ला प्रशासन कार्यालय दोलखा पुग्यौं। प्र.जि.अ. श्रीकृष्ण श्रेष्ठले पत्रकारिता पेशामा लाग्नेहरुका लागि न्यूनतम बाँच्न सक्ने अवस्था पनि नहुनु, समय सापेक्ष परिवर्तनका निमित्त तालिम, गोष्ठी सञ्चालन हुन नसक्नु, पत्रकार आचार संहिताको पालनामा ध्यान नपुग्नुजस्ता कारणहरु पत्रकारिताको गुणस्तरीयता कायम गर्न बाधक बनेको धारणा राख्नुभयो। देशको उत्थान र विकासका लागि थालनी भएको विश्वभ्रमणले हामी सबैको शान्तिको चाहनालाई पूरा गरोस् भनी प्रजिअ श्रेष्ठले शुभकामना पत्र प्रदान गर्नुभयो। यही कार्यालयमा कालिन्चोक एफ.एम. अध्यक्ष दीपक बस्नेतसँग पनि परिचय भयो हाम्रो।

जि.प्र.का. बाट हामी भिमेश्वर नगरपालिका कार्यालय गयौं। कार्यकारी अधिकृत शिवप्रसाद रिजालले वर्तमानमा मानिसहरुले आफूलाई नेहेर्ने तर अरुको सबै खोटमात्र देख्ने गरेका छन्, त्यसैले जताततै समस्यै समस्या आएको हो भन्ने धारणा राख्नुभयो। सूचनाले शक्ति र सामर्थ्य निम्त्याउँछ भन्दै अधिकृत रिजालले सूचना प्रवाह गरी आम नागरिकको स्वतन्त्रताको रक्षाका लागि यो यात्रा सफल रहोस् र पत्रकारहरुलाई सबै मिडिया हाउसले बाँच्न सक्ने व्यवस्था गरुन् भन्ने सुझावसहित शुभकामना व्यक्त गर्नुभयो।

वि.सं. २०५३ साल माघ १८ गते गठन गरिएको भिमेश्वर नगरपालिकाको क्षेत्रफल ६५.०४ वर्ग कि.मि. रहेको छ। यसै नगरपालिका भित्र सदरमुकाम चरिकोट, प्रसिद्ध भिमेश्वर मन्दिर, त्रिपुरा सुन्दरी मन्दिर, महाँकाल मन्दिर, कोटी होम, चरीघ्यांग गुम्बा लगायत पर्दछन्। यही नगरपालिकामा नगरपालिका सह सहजकर्ता विन्द्रा श्रेष्ठ र सेवाग्राहीहरु सँग पनि हाम्रो परिचय भयो।

दोलखा भिमसेन मन्दिर

नगरपालिकाबाट हामी जि.वि.स. कार्यालय पुग्यौं। त्यहाँ हामीले योजना अनुगमन तथा प्रशासकीय अधिकृत दीपक ढकाल, कार्यक्रम अधिकृत विक्रम कार्की लगायतलाई भेटेर प्रेस स्वतन्त्रता तथा सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं। अधिकृत ढकाल र कार्कीले पत्रकारहरु पैसा माग्न मात्र आउँछन्, स साना पत्रिकाहरुलाई पैसा छरेर कुनै उपलब्धि हुँदैन, किनभने यस्ता पत्रिकामा भएनभएका कुरा मात्रै लेखिन्छन्, ठेकेदार र व्यापारी पनि पत्रकार छन् जस्ता आरोप लगाउनु भयो। कुनै पनि सहयोग गर्ने अवस्थामा जि.वि.स. छैन भन्दै अधिकृतद्वयले हाम्रा कुरा सुन्न चाहनु भएन।

हामीले स्थानीय विकास अधिकारी शंकरबहादुर थापा सँग आफ्ना कुरा राख्यौं। स्थानीय विकास अधिकारी थापाले लेखा शाखामा सम्पर्क राख्न भन्नुभयो र, केही सहयोग पनि जि.वि.स.बाट मिल्यो। पछि त अधिकृतद्वय पनि हाम्रो भनाईमा केही सकारात्मक देखिनुभयो। अधिकृत कार्कीले ऐतिहासिक, प्राकृतिक एवं पर्यटकीय हिसाबले महत्वपूर्ण रहेको दोलखा जिल्लाको बारेमा जानकारी गराउनुभयो।

जि.वि.स. बाट हामी नेकपा एमालेको जिल्ला कार्यालय पुग्यौं । जिल्ला सचिव भरत दुलालले छोटो समयमा दोलखाको पत्रकारितामा विकास भएको देखिएपनि व्यावसायिक पत्रकारिता अझै हुन सकेको छैन भन्ने धारणा राख्नुभयो । अबको नेपाली समाजमा सकारात्मक पक्षको उजागर गर्न बढी आवश्यक छ भन्दै सचिव दुलालले सबै क्षेत्र खराब छ भनेर जनतामा मिडियाले गलत प्रचार प्रसार गर्ने गरेको आरोप लगाउनुभयो । राजनीतिको क्षेत्रमा पनि केही इमान्दार र स्वच्छ छवि भएका व्यक्तिहरु छन् उनीहरुको खोजी गरेर मिडियाले अगाडि ल्याउने हो भने विकृत देखिएको नेपाली राजनीति पनि सुध्रिन सक्छ भन्ने सचिव दुलालको धारणा छ । दोलखा जिल्लाले हालसम्म ३१ जना सगरमाथा आरोही (वेदी गाउँ), विश्वसाईकल यात्री पुष्कर शाह, पहिलो आनी उत्पादन गर्ने विगु गुम्बा, वरिष्ठ पत्रकार गोपाल थपलिया, पत्रकार बालकृष्ण बस्नेत, साहित्यकार मनबहादुर मुखिया, नेताहरु भीमबहादुर तामांग, पशुपति चौलागाई, गंगा कार्की, जिप्त छिरिंग शेर्पा लगायतका व्यक्ति व्यक्तित्व जन्माएको छ भन्ने जानकारी पनि उहाँले दिनुभयो ।

साँझमा हामी सातदोबाटो चोक शिवहरी थापाको आधारभूत टेकिंग कन्सर्नमा पत्रिका लिन पुग्यौं । काठमाडौं बसाइका क्रममा कुरियर कार्गोमा काम गर्दा थापासँग परिचय भएको थियो । उहाँले निःशुल्क दिएको पत्रिका लिएर हामी हिजोकै बासस्थान लाग्यौं । २०६७ वैशाख २८: बिहान चरिकोटबाट दोलखा बजारमा अवस्थित भिमेश्वर मन्दिर पुग्यौं । बीच बाटोमा ऐसेलु खाँदै पैदल १ घण्टाजति हिंडेर हामी भिमेश्वरबजार पुगेका थियौं । त्यहाँ स्थानीय सञ्चारकर्मी महेन्द्र श्रेष्ठ, भिमेश्वर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष देवेन्द्रनारायण प्रधान, भिमेश्वर बृहत्त क्षेत्रका सचिव भरत श्रेष्ठ लगायतसँग हाम्रो भेट भयो । अध्यक्ष प्रधानले दोलखा तिब्बत नेपालको पुरानो व्यापारिक केन्द्र रहेको जानकारी दिंदै पशुपतिनाथभन्दा अगाडिको मन्दिर भिमेश्वर मन्दिर र दोलखा नेपाल भाषाको उत्पत्ति स्थल हो भन्ने दाबी गर्नुभयो ।

भिमेश्वर उत्पतिको कहानी उहाँहरुले सुनाए बमोजिम यस्तो छ, परापूर्व कालमा भारी बोक्ने ढाक्रेले ३ वटा ढुंगाको चम्को लगाएर खाना पकाउन बसालेछन् । एक तिरको चुल्होतर्फ चामल पाक्दै पाकेनछ । भोकको झोंकमा ढाक्रेले पन्युँ दाविलोले कस्तो चुल्हो परेछ भन्दै चम्कोमा हानेछन् । उक्त चम्कोबाट रगत र दहीजस्तै पदार्थ निस्किएछ । त्यसपछि ढाक्रे डराएछन् । सपनामा उनलाई म भीमेश्वर हुँ, महिनाको एउटा बली दिनु, नडराउनु भनेछन् । सोही भनाईलाई विश्वास मानेर त्यहाँ पूजाआजा हुन्छ । नेवार जातिहरुले विशेषगरी इष्ट देवताको रुपमा दोलखा भीमेश्वरलाई मान्ने गर्दछन् । दोलखा भिमेश्वरको शिलामा पसिना आएमा देशमा अनिष्ट हुने भनाई पनि उहाँहरुले सुनाउनुभयो ।

हामी भिमेश्वर मन्दिर परिसर पुग्यौं । मन्दिरमा भक्तजनहरु पूजाआजा गर्दै रहेछन् । कलात्मक तथा आर्कषक तवरले बनाइएको सो मन्दिरमा गजुरलाई चारैतिरबाट नागले पहरा दिइरहेको जस्तो लाग्छ । नेवार जातिको विशेष बसोबास रहेको भीमेश्वर बजारबाट हामी पुनः चरिकोट बजार फर्कियौं ।

भिरालो जमीनमा घर भने ठूलठूलै देखिन्छन्, डाँडाका दुवैतिर छरिएको चरिकोट बजारको क्षेत्रफल खासै ठूलो लागेन । नेकपा एमाले दोलखाले बिहानी खानाको प्रबन्ध मिलायो । खाना खाएर हामी विभिन्न कार्यालय र बजार क्षेत्रको भ्रमणमा निस्कियौं । एनेकपा माओवादी जिल्ला सदस्य कुलविन्द्र फुयालले पत्रकारितामा देखिएका खराब चिन्तनको अन्त्य गर्न तथा प्रेसमाथि हुने बन्धनहरु हटाउन जागरण फैलाउने यो अभियान सकारात्मक छ भन्दै भ्रमण सफलताको डायरीमा शुभेच्छा लेख्नु भयो । हामी घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय पुग्यौं । त्यहाँ निमित्त प्रमुख उद्योग अधिकृत प्रकाशप्रसाद दाहाल, प्रवीनकुमार बस्नेत र कपिल अधिकारीसँग विश्वभ्रमण सम्बन्धमै कुराकानी भयो ।

त्यहाँबाट हामी नेपाली काँग्रेसका केही प्रतिनिधि भेट्नु पर्‍यो भनेर अगाडि बढ्यौं । सातदोबाटो चोकमा देवी न्यौपानेको समूह कार्यालयमा कोही थिएनन्, ताराबहादुर कोईराला समूहको कार्यालयमा भने उपसभापति प्रदीप मानन्धर र क्षेत्रीय सभापति तीर्थबहादुर खड्का भेट्टिनुभयो । उपसभापति मानन्धरले भन्नुभयो, वास्तविक जनताको छोराले यो देशमा राजनीति गरेका छैनन्, हिजोका ठूला ठालु भनिने गाउँका सम्भ्रान्त वर्गको नै राजनीतिमा हालीमुहाली छ । पत्रकारिताका सम्बन्धमा उहाँको यस्तो धारणा छ, तथ्यांकशास्त्री र पत्रकार पूर्वाग्रही हुनुहुदैन, निष्पक्षता र निडरता पत्रकारहरुमा आवश्यक छ र जनताको भरोसा पनि पत्रकारमाथि रहेकाले स्वतन्त्र, मर्यादित एवं सकारात्मक ढंगले पत्रकारिता पेशा सञ्चालन गर्न सबै क्षेत्रले उचित सहयोग गर्नुपर्छ ।

सातदोबाटो चोकमा जम्काभेट हुनुभएका ने.वि.संघ दोलखा आबद्ध गोकर्णप्रसाद भण्डारी, विद्यार्थी विनिता सुवेदी र समिता चौलागाईसँग हाम्रो भेट भयो । त्यहाँबाट भण्डारी जीसँगै हामी चरिघ्यांग डाडातर्फ अगाडि बढ्यौं । बाटामा जम्काभेट हुनुभएका साहित्यकार विष्णु सुवेदी र सञ्चारकर्मी विनिता सिवाकोटीसँग परिचय भयो । रेडियो शैलुङ्गमा कार्यरत सञ्चारकर्मी शिवाकोटीले

हामीलाई स्टूडियोमा लगेर विश्वभ्रमण अभियानवारे रेडियो कुराकानी रेकर्ड गराउनुभयो । कालिन्चोक एफ.एम. पुग्दा अध्यक्ष दीपक बस्नेत भेट्टिनु भएन । समाचार प्रमुख शेरबहादुर भुजेलसँग छोटो कुराकानी भयो । असल शासन समन्वय समितिको स्वामित्वमा सञ्चालित सो रेडियोको १०६.४ मे. रहेको छ ।

जिल्ला प्रहरी कार्यालयमा डी.एस.पी. लाई भेट्न हिजो देखि हामीले गरेको प्रयास सफल हुन सकेन । गोकर्णजीले फोन गरेर मिलाएको समयमा ५,१० मिनेट ढिला पुगेकाले हो वा डी.एस.पी. ले भेट दिन नचाहेकाले के हो कुन्नि ? हामीले भेट्न पाएनौं । हामीले शिक्षकहरु अवतार ढकाल, तुलनाथ कोईराला र टीकाप्रसाद काफ्लेलाई सातदोबाटो चोकमा भेट्यौं । रा.प्र.पा. दोलखाका सभापति नरबहादुर पाखिन र सचिव तीर्थबहादुर के.सी.ले पत्रकार पनि कर्मचारीसँग मिलेकाले हो कि ? के हो ? जिल्लामा धेरै भ्रष्टाचार भएपनि बाहिर आउन सकेको छैन भनी आक्रोश पोख्नुभयो । त्यही भेट हुनुभएका पत्रकार महासंघ सभासद् बद्री चौलागाईले यो अभियान नितान्त पत्रकारिताका लागि मात्र नभएर सिंगो मुलुकका समस्या र सम्भावना समेतलाई अर्न्तराष्ट्रिय जगत्मा चिनाउने प्रयास भएकाले यो चानचुने विषय नभएको बताउनुभयो । आजको पत्रकारिता व्यावसायिकताका नाममा पत्रकारिताको मान्यतालाई बिर्सिरहेको अवस्थामा पत्रकारिताले नेपाली समाजको परिवर्तनमा ध्यान दिनुपर्छ, आम नेपाली पत्रकारलाई सचेत बनाउन यस भ्रमणले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने आशा राख्दै उहाँले भ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो । चिया खाजाको प्रबन्ध पनि उहाँले मिलाउनुभयो ।

साँझ परिसकेको थियो । हामी गोकर्णजी को अनुरोधमा खाना खाएर आज उहाँकै कोठामा सुत्न आयौं । राजनीतिक क्षेत्रमा पनि समूह विभाजनले गर्दा सान्है दुःख हुँदोरहेछ, एकअर्का पक्षबाट कुट्ने मार्ने धम्की आउँछन्, हुन त चुनौतीसँगै अवसर पनि हुन्छ, उहाँको राजनीतिक अनुभव सार हो यो ।

२०६७ वैशाख २९: बिहान हामीले कालिन्चोक जाने योजना बनाएका थियौं । लालबहादुर जीको कोठामा पुगेपछि उहाँ र हरिमाया जीले शैलुङ्गतिर हामीलाई लिएर जाने योजना बनाउनु भएको रहेछ । हामी उहाँहरुसँग शैलुङ्गतर्फ हिंड्यौं । चरिकोटबाट ओरालो सल्लाघारीको हावा खाँदै र हिंड्दै किराँती छाप झर्‍यौं । भूमिगत कालमा माओवादीहरुले गाउँघरको विकासमा सामाजिक कार्यकर्ता भएर आफूले कार्य गर्दा अपहरण गरेर ४, ५ दिन हराएँ, मरिने हो कि, बाँचेर फर्कन पाइन्छ ? भन्ने कुनै टुंगो थिएन गम्भीर हाँसोसँगै इन्द्रमाया जीले भन्नुभयो ।

फेरि ओरालो झरेर चर्नावती खोलाको झोलुंगे पुल पार गर्‍यौं । साँघुरो काठका फल्याक ओछ्याइएको एकदमै जीर्ण हिंड्दै डर लाग्ने पुल रहेछ यो पुल त । भारतको गयामा श्राद्ध गर्न जाँदा त्यहाँका पण्डितले नेपालकै चर्नावती खोलामा श्राद्ध गरेर आएको छ कि छैन ? भनेर सोध्दछन् रे ! लालबहादुर जीले भन्नुभयो । यसको मतलब धार्मिक हिसाबले यो खोला महत्वपूर्ण मानिंदो रहेछ ।

त्यहाँबाट हामी उकालो लाग्यौं । घामको राप र भोकको तापले उकालो हिंड्न सबैलाई गान्है भएको हो । फस्कू गा.वि.स. को गोथारेमा निस्किंदा वर पीपलको छहारी भेटियो । ढुंगाले बनाएको चौतारोमा हामी सबै थचक-थचक बस्यौं । केहीबेर सुस्ताउँदै सोच्यौं, अब त गाडी जतातत्तै पुगेकाले मान्छे खासै हिंड्दैनन्, सरासर गन्तव्यमा पुग्नेछन्, प्रकृतिको यस्तो सुन्दर हावामा रमाएर बस्ने चौतारा त के पाउँथे ? हामी गौरीशंकर हिमालको मनोरम दृश्यमा हराउँदै त्यहाँबाट आएको शीतल हावाले सञ्चारित उत्साह र उमंगका तरंग अनुभव गर्न थाल्यौं ।


शैलुंग

चौतारोबाट पुनः उकालो लागेर गाउँमा निस्कियौं । अमिलो तर घाममा हिंडेका बेला अमृत समान वा सो सरह हुने मही पिउँदै घरबेटी बाआमा सँग हामी केहीबेर गफियौं । त्यहाँबाट हामी इन्द्रमाया जीको घर फस्कू ४, मन्जीतमा आइपुग्यौं । घामले केही थकानको महसुस भएकाले हुनुपर्छ, हामी ३ जना पुरुष पलंगमा पल्टियौं । इन्द्रमाया जीले चाहिं आलु उसिनेर पो ल्याउनु भएछ । उहाँको वोलावटले झसंग भएर हामी उठ्यौं । गफिदै, हास्दै आलु खायौं । आलु खाएको केही समयपछि फेरि रोटी, तरकारी तयार भएछ । हामी सँगै हिंडेर आउनु भएकी उहाँ बनाउने हामी सुत्दै, उठ्दै, खाँदै कुरा गर्ने । हामी आभारी छौं उहाँप्रति । माछाको तेल पनि स्मरण शक्ति बढ्छ भन्दै पिउन छाडिएन । लगभग १०

बजेको हुँदो हो, रात्री विश्रामका लागि शयन कक्षतिर लाग्यौं ।

२०६७ वैशाख ३०: इन्द्रमाया जीले तयार पारेर दिनुभएको रोटी तरकारीको पोको झोलामा राखेर लालबहादुर जीसँग हामी २ जना उकालो लाग्यौं । बिहान झण्डै ८ बजेतिर फस्कू मञ्जीतबाट शैलुंगतिर उकालो लागेका हामी जंगलमा भेटिएका काफलका रुख चढ्यौं । स्वतन्त्ररुपमा हरियो जंगलमा आफ्नो मन लागि टिपेर खाएका काफलको स्वादै बेग्लै । अहिले जंगलमा स्वतःस्फुर्तः फलेका काफल ऐसेलुहरु नै छन् होला सायद प्राकृतिक फलफूल । अन्य खाद्यान्न तरकारी फलफूल भनेको सबै रासायनिक मल र कीटनाशक औषधीद्वारा संरक्षित छन् । त्यसले मानव स्वास्थ्यमा पारेका नकारात्मक असर र प्राप्त रोगको लेखाजोखा गरि साध्य छैन ।

हामी गोठपानी निस्कियौं । सेलरोटी तरकारी खाएर उकालो लाग्यौं । वसन्त ऋतुमा पलाएको पालुवाहरुले जंगलको मुहारै बेग्लै । निगाले, भितारे हुँदै कालापानी निस्कियौं । कालापानीमा हामीले ल्याएको तरकारी र रोटी चपायौं । त्यसपछि पनि शैलुंगतिरै लाग्यौं । केहीबेर कोणधारी वनस्पति रहेको जंगल हिंडेपछि खुल्ला चउर आयो । माथितिर हेर्दा मान्छेहरु थपक थपक बसेझैं बसेका टाउकै टाउका झैं लाग्ने थुम्काहरु देखिए । उकालो हिंडेर लखतरान भएको शरीरमा थुम्का माथि बसेर शीतल हावा खाएपछि स्फूर्ति बढ्यो । भेडा बाख्रा, गाईगोरु चउरमा घाँस खाएर पेट भरिरहेका देखिए भने कतै प्रेमीप्रेमिकाहरु प्रेमालापमा व्यस्त ।

ध्वजा पताका फर्फराइरहेको सबैभन्दा अग्लो डाडातर्फ हामीले पाइला अगाडि बढायौं । नजिकै देखिने एक डाँडाबाट अर्को डाँडा काट्दा झर्नुपर्ने उकाली ओरालीले केही टाढाको अनुभूति गराउँदथ्यो । यतिबेला हामीलाई मंसीर महिनामा खेतमा धान झारी सकेर धानको रास चुल्याएको याद आयो । किनभने शैलुंगका थुम्काहरु ठ्याक्कै त्यस्तै धानको रास झैं चुल्लिएर ड्याम्म बसेका छन् । उनीहरु आ आफ्नो उचाई र गहिराईमा कति पनि घमण्ड नदेखाइकन अनि झगडा नगरी एक आपसमा मिलेर बसेको देख्दा त हामीलाई आरिस पनि लाग्यो । कम्तीमा यो शैलुंग थुम्काहरुको भ्रमण हाम्रा नेताहरुले पनि गरे कहिल्यै मिल्न नसकेका यी नेताहरु सँगसँगै मिलेर राष्ट्र निर्माणको अभियानका लागि नयाँ संविधान बनाउन अभिप्रेरित हुने थिए कि ?

३,१४६ मिटर उचाईमा रहेको डाँडामा हामी उक्लियौं । डाँडामा माने पनि रहेछन् । त्यहाँबाट चारैतिरको दृश्य नियालेपछि हामीलाई दोलखा भ्रमणमा सक्रिय सहयोग गरिरहुन भएका लालबहादुर खड्काले भन्नुभयो, म दोलखाली भएपनि कहिल्यै यहाँ आइपुगेको थिइन्, आज यो ठाउँ हेरेपछि अर्कै सुन्दर दोलखा अनि नेपालमा आइपुगे जस्तो लाग्यो ।

हुन पनि त्यहाँ सय वटा थुम्का रहेको बताइन्छ । धेरै थुम्का भएकाले हामीले गन्न त भ्याएनौं । तामांग भाषामा शै भनेको सय र लुंग भनेको थुम्का अर्थात् शैलुंग बराबर सयथुम्का हुन्छ रे । रामेछाप र दोलखाको सिमानामा पर्ने शैलुंगबाट मौसम सफा भएको बेला काठमाडौं उपत्यका, गौरीशंकर हिमाल लगायत धेरै टाढा टाढाका मनोरम दृश्य देख्न सकिने स्थानीयवासीको भनाई छ । हामीले पनि भूभागहरु नियाल्न त पाएका हौं, तर कुहिरो लागेका कारण जति टाढा टाढा सम्मको दृश्य देख्नुपर्ने हो त्यो भने देख्न सकेनौं ।

पुलकित हुँदै हामी केहीबेर शैलुंगमा बस्यौं । शैलुंग छोड्न मन थिएन । मन नहुँदा नहुँदै पनि झर्नु पर्ने नै भएपछि बाटो लाग्यौं । ओरालो बाटो जंगल काटेर छिर्नाई झर्‍यौं । बारीमा आलुको फूल ढकमक्क फूलेको देखियो । एकजना बृद्ध किसानले भने, आजकल समय परिवर्तन भएर होला ? पहिले पहिलेजस्तो जुका पनि लाग्न छोडेका छन् । विश्वमा भइरहेको तापक्रम बृद्धिले प्रभाव पारेको हुन सक्ने हाम्रो अनुमान छ ।

कालिञ्चोक

पुनः हामी ओरालो झरेर शैलुंगेश्वरी २, भैंसेबजार आइपुग्यौं । स्थानीयवासी भोजराज खोटांगे, धनबहादुर तामांग लगायतले विश्वभ्रमण अभियानलाई खुशीपूर्वक स्वागत गर्नुभयो । उहाँहरुले यो अभियानबारे रेडियो शैलुंगमा सुन्नुभएको रहेछ । साँझ परिसकेकाले हामीले उहाँहरुसँग धेरै कुरा गर्न पाएनौं । टर्च बाल्दै जंगलको बाटो डेढ घण्टाजति हिंडेर पवटी ९, भंगेरी लालबहादुर जीको घर उहाँसँगै आइपुग्यौ. । उहाँको मूलघरमा आमाबुवासँग कुराकानी गर्दै मही काफल खाँदा शीतलताको आभाष भयो । केही क्षणको बसाइ पश्चात् उहाँकै घरमा आएर खानपिन गर्‍यौं ।

२०६७ वैशाख ३१: आज हामी पवटीबाट चरिकोट जाने भने पनि गएनौं । बिहान घर छेउको जहरसिं धारामा मज्जाले नुहायौं । उहाँको घरपरिवारसँग फोटो खिंच्यौं । लालबहादुर जी, उहाँकी श्रीमती शारदासँग फोटो खिंच्न लजाउनुभयो भन्ने हाँसो ठट्टा पनि चल्यो । दिनभर आराम र गफगाफ गर्दै अनि आलु खाँदै समय बितायौं । बेलुकी खाना पश्चात् निद्रादेवीको शरण पऱ्यौं ।

२०६७ जेठ १: बिहान हामी पवटीबाट शैलुंगेश्वर ९, कात्तिके पुग्यौं । काफल खाएर स्थानीय अर्जुन काफ्लेको घर पुग्यौं । त्यहाँ बिहानी खानपिनको व्यवस्था भयो । हिंड्दै हामी तामाकोशी झऱ्यौं । तामाकोशीका माछा भुजासित खाइयो । टन्टलापुर घाममा बच्चा, युवा, प्रौढहरु पौडी खेलिरहेको देख्दा आफूलाई पनि शीतलताको अनुभव भयो । तामाकोशीबाट ट्रक चढेर हामी चरिकोट बजार आयौं ।

२०६७ जेठ २: बिहान चरिकोटबाट हामी तीनै जना दोलखाको एउटा अर्को महत्वपूर्ण पर्यटकीयस्थल कालिञ्चोकतर्फ उकालो लाग्यौं । देऊराली छेउको हरियो सल्लाघारी र पोखरी काटेर बजारमा नास्ता गऱ्यौं । त्यहाँबाट पुनः उकालो हिंड्दै बिहान ११ बजे कुरीबजार निस्कियौं । कुरीबजार नपुग्दै डाँडामा फूलेको फूल चिमल भीरपाखा एवं कालिञ्चोक डाडाको दृश्यले हामीलाई रोमाञ्चित गराएको थियो ।

कुरी बजारका स्थानीय व्यवसायी चन्द्र बहादुर तामांगले खानपिनको प्रबन्ध मिलाउनु भयो । उहाँसँग भेट गर्न गोर्कणजीले फोनमार्फत् सहयोग गर्नुभएको हो । खाना पश्चात् हामी लाग्यौं उकालो कालिन्चोक मन्दिरतिर । उराठलाग्दो तर रमाईलो भीरका खुड्किला चढ्दै हामी बीच भागमा पुग्यौं । लाल बहादुर जीलाई अक्सिजनको कमी भएकाले होला झण्डै रिंगटा लागेर ढल्नुभएको । उहाँको हात समाउँदै हामी टाकुरामा रहेको कालिञ्चोक थान पुग्यौं ।

घण्ट र त्रिशुल भक्तजनहरुले खुब चढाउँदा रहेछन् कालिञ्चोक भगवतीलाई । मन्दिरको बीचमा सानो कुण्ड र मूर्तिहरु छन् । दुवैतर्फ भीरपहरा डाडै डाडा हिंड्न मिल्ने बाटा छन् । छेउछाउमा रुख विरुवा केही छैनन् । मन्दिर भएको डाँडाबाट पाटी भएको अर्को डाडातिर हामी लाग्यौं । बीचमा गल्छी भएकाले पार गर्न फलामे पुल बनाइएको छ । लालजी रिंगटा चलेर पुलबाट खस्छु कि भनेर डराउनुभयो । पाटी भएको डाँडामा पुगेर हामीले केहीबेर आराम गऱ्यौं । उच्च ठाउँ अक्सिजनको कमी हुने नै भयो झन् दुवैतिर भीर बीचमा सानो थुम्को, अनि कहीं कहीं त सानो गोरेटो बाटो मात्र भएकाले पनि त्यसमा हिंड्दा जो कोहीलाई अप्ठ्यारो महसुस हुनु स्वाभाविकै हो । त्यहाँबाट देखिने टाढा टाढासम्मको दृश्य वर्णन गरि साध्य छैन... । खुल्ला आकाश भएको बेला पुग्ने हो भने अझ बढी रमाईलो हुने देखिन्छ यहाँ ।

देवीहरु भेट हुने चोक भएकाले पनि कालिञ्चोक नामाकरण भएको हुन सक्ने केही व्यक्तिहरु विश्वास गर्छन् । हामी डाँडै डाँडा तारेभीर (कालिञ्चोक ७) जाने बाटोतिर झऱ्यौं । हरिया चउर, चिमल फूलेको दृश्य र चउरमा चरिरहेका झोपाहरुलाई हेरेर लालबहादुर जी मुस्कुराउनुभयो । अनि भन्नुभयो, अहो कस्ता कस्ता ठाउँहरु रहेछन् भनेर बल्ल आज पो मैले थाहा पाएँ ।

हामी तारेभीर (कालिञ्चोक ७) जाने योजनका साथ हिंड्यौं । गाउँघरमा गएर विकास र जागरणका कार्यक्रम चलाउन भन्दै हिंडेका ३ जना दोलखालीहरु बाटामा भेट्टिए । कुराकानी गर्दै केहीबेरको जंगल र खोल्सो हिंडेपछि टाकुराको भीरको शिरमा पुग्यौं । यही भीरका कारण तारेभीर रहेको होला भन्दै हामी ओरालो झऱ्यौं । ढुंगा छापेर भीरको बीचमा बनाइएको खुड्किला हिड्न बानी भएकालाई सार्है सजिलो थियो, तर शहर बजारमा बस्ने बानी भएकालाई चर्को नै छ । संस्था मार्फत् गाउँघरमा तालिम सञ्चालन गर्न भनेर हिंड्नुभएका मध्ये एकजनाले दाईले भन्नुभयो, यस्तो विकट ठाउँमा अब त फर्कनु नपरोस् । हामीले भन्यौं, चेतना र विकास गर्न त यस्तै ठाउँमा आउनु पर्छ नि होइन र सर ? उहाँ चुपचाप हुनुभयो । हाम्रा गाउँघर पछाडि पर्नुको कारणमध्ये गरीब दुःखी र दुर्गम ठाउँको विकास गर्छु भनेर ल्याइएको वजेटमाथि शहर बजारमा बसेर केही व्यक्तिले मोज गर्नु पनि हो । यी साथीहरुको कुरा सुन्दा हामीलाई यसो भन्न मन लाग्यो ।

बिजुली बत्तीका पोल ठाउँ ठाउँमा राखिएका थिए । गाडेर ठड्याउन भने बाँकी नै रहेछन् । १० मिनेट जति ओरालो झरेपछि पानी पर्न थाल्यो । उनीहरुलाई छोडेर हामी ३ जना अगाडि बढ्यौं । गुराँसको जंगलमा ओरालो बाटो दोड्दै झऱ्यौं । पानी ठूलो परेकाले ओडारमा केहीबेर ओत पनि लाग्यौं । तारेभीर जाने बाटो छोडेर हामी पाख्रीनटार तिर लागेछौं । पाख्रिनटारबाट पुनः तेर्सो लाग्यौं ।

लेकाली ठाउँ टाढा टाढा वस्ती । साँझमा तारेभीर गाउँ पुग्यौं । स्थानीय विद्यालयकी शिक्षिका मीरा श्रेष्ठसँग लालबहादुर जीको चिनजान भएपनि कहिल्यै यहाँ आइपुग्नुभएको रहेनछ । अविवाहित शिक्षिकाको घर सोध्दा मान्छेहरुले मीरालाई हेर्न आउनु भएको हो ? भन्दै पो सोध्छन् वा ...। हुन पनि गाउँघरमा ३ जना पुरुष मान्छे लालबहादुर जी परिपक्व उमेरका हुनुहुन्छ भने हामी

युवा। अनि त गाउँलेले पनि युवतीको घर जाने बाटो सोध्दा किन कन्यार्थी आएका हुन् कि भनेर अनुमान नलगाउन्? स्वभाविककै हो तर वास्तविकता त्यो होइन।

हामी मीरा जीको घरमा पुग्यौं। स्थानीय सेतीदेवि प्रा.वि. की प्रधानाध्यापिका लक्ष्मी खड्का (बस्नेत) पनि यही बस्नु हुँदो रहेछ। गाउँघरका मान्छेले त नचिनेका मान्छेलाई बासै दिँदैनन्, अनि छुवाछुतको भावना त झनै बढी छ, प्रअ. खड्काको भनाई थियो। हामी यही खानपिन गरेर सुत्यौं।

विश्वसाईकल यात्री पुस्कर शाहकी आमा नरमकुमारी

२०६६ वैशाख ३: पहिले पहिले चरिकोटबाट चामल बोकर खानु पर्थ्यो, हाल नजिकै दूरीमा गाडी बाटो आइपुगेकाले सजिलो भएको तारेभीर गाउँवासीहरुको भनाई छ। तर सिंचाई नभएकाले बालीनाली परिश्रमअनुसार भित्र्याउन नसकिएको गुनासो उनीहरुको थियो।

बिहान मीरा जी सहित हामी ४ जना तारेभीर नजिकैको खोलातर्फ लाग्यौं। सिंचाई कुलो निर्माणमा कार्य गर्दै आउनुभएका लालबहादुर खड्का जी खोलामा पानी कति रहेछ भनेर हेर्न जानुभएको हो। खोलामा पानी पर्याप्त रहेछ, पाइपद्वारा पनि ल्याउन सकिन्छ, उहाँले भन्नुभयो। पुन: हामी मीराजी कै घरमा आयौ। खाना खायौं। प्र.अ. लक्ष्मी खड्का बस्नेत र मीरा श्रेष्ठले विश्वभ्रमण अभियान सफलताको शुभेच्छा प्रकट गर्नुभयो। तपाईंहरुको गाउँमा चाँडै सिंचाई कुलो र गाडी आइपुगोस् भन्ने कामना गर्दै हामी त्यहाँबाट हिंड्यौ।

उकालो बाटो जोडतोडका साथ निस्कियौं। हिजो आएकै बाटो थियो। कुहिरोले घाम छेकिदिएकाले बाटो शितल भयो। कुरीबजारमा आएर खाजा खायौं। कुरीबाट चरिकोट आउँदा हिजो उकालो हिंडेको बाटो आज ओरालो सजिलो भयो। देउराली आइपुग्न लाग्दा ऐंसेलुको झ्यांगतिर हाम्रा नजर परे। रातास्मे पाकेका गुलिया ऐसेलुमाथि हामी जाइलाग्यौं। बेलाबखत राती गाईलाई फुकाउन जाँदा कुप्री गाईले हानेकै हो। कुप्री गाईले अलि अलि चिथोरेको कोतरेकै हो। तर राती गाई पाउने लोभमा कुप्री गाईको वास्तै गरिएन हा...हा...हा...। सडक खन्दा केही खोल्सोजस्तो ठाउँमा खसेको माटो माथि उम्रेको नहर बोटलाई मल पुगेछ। त्यस बोटका ठूला टोप्रा भएका झुप्पाले हामीलाई टन्न अघाउन सफल भयो।

अघाएपछि हामी हामी बाटो लाग्यौं। साँझमा चरिकोट बजार आइपुग्यौं। खानपिन गरेर सुत्यौं।

२०६७ जेठ ४: हामीले बिहान चरिकोट बजारमा सञ्चारकर्मी दीपशंकर चौलागाई, गोकर्ण भण्डारी लगायतलाई भेट्यौं। त्यहाँबाट भीमेश्वर १२ मकै बारीमा अवस्थित विश्वसाइकलयात्री पुष्कर शाहको घरतर्फ लाग्यौं। हिजो मात्रै सगरमाथा आरोही शाहले आफ्नो टोलीसहित १५० राष्टको झण्डा सगरमाथामा फर्फराएर विश्वशान्तिको सन्देश फैलाउनु भएको सुखद खबर सञ्चारमाध्यममा सुन्न पाइएको थियो। हिंडेरै हामी कुटीडाँडा मा.वि. पुग्यौं। त्यहाँबाट ओरालो झरेपछि उहाँको गाउँ आयो।

धानचमरा आउने बेला भएका लहलह हरिया मकै बारीले ठाउँको नामलाई पुष्टि गरेको पनि हामीलाई लाग्यो। मकैबारी भित्र रातो जस्ता लगाएको घरमा सोध्दै खोज्दै हामी पुग्यौं। उहाँको घरमा ताला लगाइएको थियो। छिमेकी भाउजु राधा शाहले बुहारीलाई विश्वसाईकल यात्रीकी आमा नरम कुमारी शाहलाई घर जान लगाइदिनु भनेर खबर पठाउनुभयो। चिया बनाउँदै उहाँले भन्नुभयो, साईकल यात्री पुष्कर सानैदेखि मिलनसार र सबैसँग घुलमिल हुन सक्ने मान्छे लाग्थ्यो मलाई।

केहीबेर पछि आमा नरम कुमारी आइपुग्नुभयो। वि.सं. २०२४ साल फाल्गुण ५ गते जन्मनुभएका विश्वसाईकलयात्री शाहले स्थानीय स्कूलमा मा.वि. तहको पढाई पूरा गर्नुभएछ। बुवा इण्डियन आर्मी श्याम शाहको २०४३ सालमै स्वर्गारोहण भएछ, भाई केदार शाह काठमाडौ तिर बस्नुहुन्छ भने सम्पर्कविहीन भएर श्रीमती सीता कार्की शाह क्यानडामा। १२ वर्षे १ छोराका बाबु यात्री शाहलाई २०४६ सालको जनआन्दोलनमा कान्छी औंलामा गोली लागेर ७ टाँका लगाउनु परेको थियो। बेहोस हुँदा डाक्टरले मरेको घोषणा गरेर पत्रपत्रिकाबाट समाचार आएको सुन्दा आमा नरमकुमारीका आँखाबाट आँसुको भल बगेछन्। पछि छोराले देब्रे हातले मेरो औंलामा गोली लागेको मात्र हो आमा म जीवितै छु भन्ने चिठी पठाएपछि अलिक ढुक्क भयो। पछि म आफैं काठमाडौं गएर भेंटे।

जे होस्, छोराले ११ वर्ष लगाएर १५० देश घुमेकोमा म आफूलाई गर्व गर्छु। किनकी उसले पुर्खा, गाउँ राष्ट सबैको इज्जत राखेकाले विश्वकै युवाहरुका लागि प्रेरणाको श्रोत बनेको छ। मैले दिएको रु. १०० संसार घुमेर पनि उसले मलाई नै दिएपछि प्रसाद सम्झेर फिर्ता लिए। मेरो यसमा हर्षको सिमा छैन। यसरी कुरा गरिरहँदा आमा नरमकुमारीका आँखा रसाए।

हिंड्ने बेलामा उहाँले हामीलाई भन्नुभयो, बाबुहरु पनि विश्वयात्रामा निस्केको समाचार अस्ति दोलखाकै रेडियोमा सुनेको थिएँ, मेरो घरमा पनि आउनु हुन्छ होला भन्ने लागेको थियो। आज आउनुभयो, मलाई साऱ्है खुशी लाग्यो, आजदेखि मेरा छोराहरु २ बाट ४ भए। उहाँले टीका लगाएर हाम्रो हातमा १, १ सय राखिदिदै भन्नुभयो, पुष्करलाई पनि यसरी नै मैले रु. १ सय दिएर बिदा गरेकी थिएँ, उसले आफ्नो काम सफल गरेर आयो, अब बाबुहरु पनि दाईजस्तै विश्व विजेता भएर फर्कनु। हामी उहाँको आर्शिवाद र शुभेच्छाप्रति कृतज्ञ हुँदै र ग्रहण गर्दै निस्कियौं। विश्वसाइकल यात्रीको जन्मथलोबाट हामी आफूलाई थप जिम्मेवारी महसुस गर्दै भरपुर ऊर्जा लिएर चरिकोट फर्कियौं।

दोलखा यात्रालाई महत्वपूर्ण सहयोग पुऱ्याउने सबै साथीहरुलाई धन्यवाद दिदै हामी सातदोबाटो चोकबाट खिम्ती किर्नेका लागि गाडी चढ्यौं। छतबाट बाहिरी वातावरण नियाल्दै रह्यौं। तामाकोशी नदीको किनारै किनार कच्ची बाटो बस अगाडि बढ्यो। सँगै छतमा बसेका युवाहरु उरन्ठेउला जोक्स र कुराकानी गर्दै थिए। ठाउँ ठाउँमा देखिएका युवतीहरुलाई विभिन्न बहानामा गलत तवरले जिस्काउन पनि यिनीहरु पछि परेनन्। बाऱ्हबिसे, शीलतली हुँदै रामेछाप तर्फको देवीटारबाट पुनः दोलखाको शहरे ४, किर्नेटार आएर बस रोकियो। हामी बसबाट झऱ्यौं।

खिम्ती जलविद्युत आयोजना बनेका कारणले गर्दा पनि किर्नेटार विकासका पूर्वाधारहरुले गर्दा सम्पन्न नै देखिन्छ। स्थानीयवासी एवं किर्नेटारका सहकारी संस्थाहरुमा आबद्ध सूर्य न्यौपानेले हामीलाई खानपिन र बसोबासको प्रबन्ध मिलाउनुभयो। उहाँको स्टेशनरी पसलमा भेला हुनुभएका दिदी बहिनी दाजुभाईहरुलाई विश्वभ्रमण र हालसम्म घुमेका जिल्लाका केही फोटा हेर्ने अवसर हामीले दियौं। थुप्रै जिज्ञासा उहाँहरुबाट आए। सबैको हित हुने विश्वयात्रा सफलतापूवर्क सम्पन्न होस् भनी उहाँहरुले शुभेच्छा व्यक्त गर्नुभयो।

२०६७ जेठ ५: हामीलाई बिहान सूर्य जी ले नै खिम्ती जलविद्युत् अवलोकनका लागि चाँजोपाँजो मिलाउनुभयो। सुरक्षा गार्डको अनुमति लिएर हामी कार्यालय परिसर पुग्यौं। एच.पी.एल.सी.एस.आर अफिसर तथा मेकानिकल सपोर्ट इञ्जिनियर चमान सिंह वि.क.ले हामीलाई भूमिगतरुपमा रहेको पावर हाउसभित्र गाडीमार्फत् लानुभयो। १ किलोमिटर पहाडको फेदीमा भित्ता खोपेर बनाइएको सुरुंग यात्रा निकै स्मरणीय लाग्यो। पलातेदेखि किर्नेटारको पानी बाहिर निस्केर तामाकोशीमा नमिलेसम्म जम्मा १३ कि.मि. सुरुंग बनाइएको छ, यसको बीच बीचमा पनि सुरुंग बनाएर मूल सुरुंग खन्न बाटो अवलम्बन गरिएको छ इञ्जिनियर वि.क. ले भन्नुभयो।

सन् १९९५ देखि निर्माण सुरु गरेर २००० मा उत्पादन सुरु भएको सो विद्युत् गृहका कोठा कोठा पनि घुम्यौं। जमीनमुनि खोपेर पानीद्वारा बिजुली बत्ती निकाल्ने यो सिर्जनशील परिश्रम वर्णन गरि साध्य छैन। आयोजनाले उपलब्ध गराएको हेलमेट र ज्याकेट लगाएर अवलोकनका लागि प्रवेश गरेका थियौं हामी। थकानरहित यात्रामा घुमिरहेका टर्बाइन र विभिन्न मेसिनहरुको दृश्यांकन गर्दै हामी पावर हाउसबाट बाहिरियौं। ६० मेगावाट क्षमता रहेको सो विद्युत् गृहबाट पानी अभावमा ५० प्रतिशतभन्दा कम ऊर्जा उत्पादन भइरहेको जानकारी इञ्जिनियर वि.क.ले दिनुभयो। इञ्जिनियर वि.क. का अनुसार नर्वेलीको ५१ प्रतिशत, लगभग १५ प्रतिशत बुटवल पावर कम्पनीको तथा विभिन्न नेपालीहरुको व्यक्तिगत शेयर समेत यस जलविद्युत्मा रहेको छ।

खाना खाएर हामी खिम्ती ग्रामीण सहकारी संस्था लिमिटेड कार्यालय आयौं। वि.सं. २०६१ सालमा सहकारी ऐन २०४८ बमोजिम दर्ता भएको सो संस्था हिमाल पावर लिमिटेडद्वारा लगानी गरी विकसित काँक्रे जलविद्युत् आयोजनाद्वारा झाँक्रे जलविद्युत् गृह तथा सम्पूर्ण विद्युत् प्रसारण, वितरण प्रणाली र यो सँग सम्बन्धित चलअचल सम्पत्ति समेत लिई हिमाल पावर लिमिटेडद्वारा प्रभावित गा.वि.स.मा विद्युत् सञ्चालनका लागि गठन भएको हो। यस सहकारीको कार्यक्षेत्र दोलखाका शहरे, च्यामा, हावा र ठूलो पाताल तथा रामेछापका रस्नालु, बेतानी नामाडी, फर्प र फुलासी २ जिल्लाका १० वटा गा.वि.स. पर्दछन्। हामीले संस्था अध्यक्ष नारायणध्वज खड्का, निमित्त महाप्रबन्धक कुमार फुयाल, लेखा सुपरिवेक्षण संयोजक सूर्यप्रसाद न्यौपानेबाट यो जानकारी पाएका हौं। उहाँहरुले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारितका लागि थालिएको विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो। हामी रामेछाप जिल्लाको भ्रमणका लागि अगाडि बढ्यौं। खिम्ती खोलामा आइपुगेपछि ६५ औं जिल्ला दोलखा भ्रमण अन्त्य भयो। झोलुंगे पुल पार गरेर हामीले ६६ औं जिल्ला रामेछाप भ्रमणलाई अगाडि बढायौं।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

जनचाहना प्रतिबिम्बित् होस् । – चिरञ्जिवी मास्के (निर्देशक), रेडियो शैलुंग, चरिकोट

व्यापारीको हातमा रहुन्जेल प्रेस स्वतन्त्रता असम्भव । – कुलविन्द्र फुयाल, एनेकपा (माओवादी)

सफलतापूर्वक सम्पन्न होस् । – श्रीकृष्ण श्रेष्ठ (प्रजिअ), जिल्ला प्रशासन कार्यालय

अनवरत सफलताको शुभकामना । – लक्ष्मण खड्का (सहायक स्टेशन म्यानेजर) हाम्रो रेडियो, चरिकोट

पत्रकारिता विकास उद्देश्यलाई प्रशंसा । – देवेन्द्र नारायण प्रधान (अध्यक्ष), भीमेश्वर बचत तथा ऋण सहकारी संस्था

समाजको रुपान्तरण र विकासमै पत्रकारको भविष्य हुन्छ ।

– बद्रीकुमार चौलागाई, (केन्द्रिय पार्षद), नेपाल पत्रकार महासंघ, भिमेश्वर नगरपालिका ५, जिलु

नेपाली पनि विश्वमा केही गरेर देखाउँछन् । – प्रकाशप्रसाद ढकाल (उद्योग अधिकृत), घरेलु समिति

नेपालीलाई विश्वमा चिनाओस् । प्रवीणकुमार बस्नेत, घरेलु समिति, मुख्य शाखा कार्यालय

सञ्चार जगत्मा विभिन्न किसिमले हस्तक्षेप भइरहेको छ । – गोर्कणप्रसाद भण्डारी, ने.वि.संघ

निडर भई काम गर्नेहरु नै सार्थक मानिस हुन् ।

– प्रदीप मानन्धर (उपसभापति), नेपाली काँग्रेस

प्रेरणादायी भ्रमण सोचेअनुसार पूरा होस् ।

– परशुराम कार्की (देउराली ४, भोजपुर), पशु विकास फार्म, जिरी

भेट हुन पाउँदा म आफूलाई नै भाग्यमानी ठान्दछु ।

– दुर्गाप्रसाद दाहाल, जिरी ९

विश्वभ्रमण सफल रहोस् ।

– राजेन्द्र मानन्धर (अध्यक्ष), नेपाल पत्रकार महासंघ

सकारात्मक पत्रकारिताको विकास होस् ।

– जीवन लामा, सचिव नेपाल पत्रकार महासंघ

दोलखा यात्राका क्रममा प्राप्त नगद सहयोग

खिम्ति ग्रामीण विद्युत सहकारी संस्था	रु. २,०००/-
जिल्ला विकास समिति	रु. १,५००/-
रेडियो शैलुङ्ग	रु. १,०००/-
भीमेश्वर नगरपालिका	रु. ५००/-
कपिल अधिकारी (घरेलु समिति)	रु. ५००/-
भोजराज खोटांगे (शैलुङ्गेश्वर २)	रु. ४००/-
पर्शुराम कार्की (भोजपुर)	रु. २१०/-
धनवहादुर तामाङ्ग (शैलुङ्गेश्वर २)	रु. २००/-

सफलताको शुभकामना । – दिल बहादुर के.सी. प्रकाशक दोलखा एक्सप्रेस

विकासशील पत्रकारिताको विकासमा टेवा पुगोस् । – रविन्द्र गौतम (सदस्य), नेपाल पत्रकार महासंघ

देशमा शान्ति र अमनचयन स्थापना होस् । – सविना खड्का, सञ्चारकर्मी कालिञ्चोक एफ.एम.

सफलताको कामना । – कृष्णबहादुर भुजेल (कार्यालय सहायक), नेपाल पत्रकार महासंघ

प्रेस स्वतन्त्र हुनको समाजलाई बुझाउन सक्नुपर्छ । – सूर्य घिसिंग (भुवाफेदा ६, पोसवे), हाम्रो रेडियो

स्वतन्त्र पत्रकार बन्ने प्रेरणा सबैलाई मिलोस् । – डिल्लीप्रसाद फुयाल शीतल (च्याम्हा १), हाम्रो रेडियो

चेतनाको दियो बाँड्न सफलता मिलोस् ।

– होम पाठक, स्टेशन प्रमुख, नवीन शिबाकोटी (लेखा तथा प्रशासन प्रमुख), रेडियो शैलुंग सामुदायिक एफ.एम. १०४ मे. भीमेश्वर नगरपालिका १, चरिकोट

साहस र अठोटको अभियान सहज होस् । – लालबहादुर खड्का, पवटी ९, भंगेरी

सूचनाले शक्ति र सामर्थ्य निम्त्याउँछ । – शिवप्रसाद रिजाल (कार्यकारी अधिकृत), भीमेश्वरनगर नगरपालिका

विकास, सम्बृद्धि र गन्तव्य प्राप्तिका लागि कोशे ढुंगा हुन सकोस् । – भरत दुलाल, सचिव नेकपा एमाले

शक्तिस्वरुपासँग प्रार्थना । – शिवहरी थापा, आधारभुत टेकिंग कन्सर्न, सातदोबाटो

विश्वबन्धुत्व अभियान सफल होस् । – विन्द्रा श्रेष्ठ (सहसहजकर्ता) भिमेश्वर नगरपालिका

नयाँ नयाँ ज्ञान र अनुभव बटुलेर फर्कनु । – इन्द्रमाया प्रधान श्रेष्ठ, फस्कु ४, मञ्जेत टोल

धेरै धेरै खुशी लागेको छ । – विनिता सुवेदी र समिता चौलागाई, कालिञ्चोक उ.मा.वि. चरिकोट

निर्दिष्ट उद्देश्य सफलताको शुभकामना । – शेरबहादुर भुजेल, समाचार प्रमुख कालिञ्चोक एफ.एम.

नेपालीलाई विश्वको जानकारी गराउनु ।

– अवतार ढकाल (याकु ७, भोजपुर), कुलनाथ कोईराला (एकटप्पा ९), टीकाप्रसाद काफ्ले (कुडुले तेनुपा ५, धनकुटा)

हामी दोलखाली शिक्षकहरुको शुभकामना । – लक्ष्मी खड्का बस्नेत (शिक्षिका), सेती वेनी प्रा.वि. कालिन्चोक, माघपौवा ९

यात्रा सफताको शुभकामना । – मीरा श्रेष्ठ, कालिञ्चोक ७

अन्तिमसम्म पनि न्यानो माया । – चन्द्रबहादुर तामांग, कालिञ्चोक ८, कुरि

साहसिक यात्रा सफलताको हार्दिक मंगलमय शुभकामना । – सूर्यप्रसाद न्यौपाने, शहरे २

श्री पशुपतिनाथले यहाँहरुको मनोकामना पूरा गरि दिउन् ।

– चमानसिंह वि.क. (एच.पी.एल,सी.एस.आर. अफिसर तथा मेकानिकल सपोर्ट इञ्जिनियर), हिमाल पावर लिमिटेड, खिम्ति जलविद्युत् केन्द्र

विश्वका सम्पुर्ण राष्टको भ्रमण गर्नुहुनेछ भन्ने विश्वास । – नारायणध्वज खड्का (अध्यक्ष), श्री खिम्ती ग्रामीण विकास सहकारी संस्था

६६ औं जिल्ला रामेछाप डायरी

२०६७ जेठ ५: दिउँसो २ बजे शहरे गा.वि.स. को किर्नेटार, दोलखा हुँदै हामीले खिम्ती खोला तर्‍यौं । खिम्ती गा.वि.स. को भू-भाग प्रवेशसँगै ६६ औं जिल्ला रामेछाप भ्रमण सुरु भयो । धोवी, शिरिषे हुँदै पोकली झरना (ओखलढुंगा) पुगेर मन्थली जाने कि ? भन्ने हाम्रो योजना बनेको थियो । गाडी छुटिसकेकाले हलेदेबाट पाउला कि ? भनेर स्थानीयवासीले हामीलाई भने। केही अगाडि ईलाका हुलाक कार्यालयमा पसेर ब्याटी चार्ज गर्‍यौं । हुलाकमा आजकल एफ.एम. का चिठी अनि पत्रपत्रिका नै बढी ओसार पसार हुने गरेको र यहाँ कम्प्युटर ट्रेनिंग दिइने गरेको पनि एक कर्मचारीले बताए ।

संक्षिप्त परिचय

क्षेत्रफलः १,५६४.३२ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ५५ वटा, निर्वाचन क्षेत्रः २, सदरमुकामः मन्थली, अञ्चलः वागमती, विकास क्षेत्रः मध्यमाञ्चल भौगालिक अवस्थितिः पूर्व ओखलढुंगा र सोलुखुम्बु, पश्चिम काभ्रेपलाञ्चोक उत्तर दोलखा, सिन्धुपाल्चोक र दक्षिण सिन्धुली, रामेछाप ।

पर्यटकीय स्थलः भालुखोप, गुप्तेश्वर, सेर्दी डाँडा, शैलुंग, कालडाँडा, खाँडादेवी, भृंगेश्वर, थानापति महादेव, त्रिवेणी, कुसुण्डे ओडार, तोरी फले छाँगो, हात्ती छाँगो, नुम्बुर चिज सर्किट, आदिवासी जनजाति पदमार्ग आदि । (श्रोतः जि.वि.स.)

मन्थली आइनपुग्दै कतै बास बसेर नदीको पानीमा नुहाई धुवाई गर्नुपर्ला कि ? भन्ने पनि हाम्रो सोच थियो । नदीको बहावसँगै हामी अगाडि बढिरह्यौं । घाम हुँदा ठाउँ ठाउँमा शीतल तापेर पनि आनन्द लिन्थ्यौं । करमबोट आइपुगेपछि केही पसलहरुमा बास बस्न मिल्ला कि ? भनेर सोधपुछ गर्‍यौं । एउटा सानो होटलकी दिदीलाई सोध्दा गर्मी हुन्छ होला भनेर आनकानी गरिन् । गर्मी नै भएपनि नदीमा मज्जासँग नुहाइधुवाई गरेपछि सुत्न सकिएला भनेर हामीले उनलाई सोही कुरा सुनायौं । एकछिन सोच विचार गरेपछि मेरामा ठाउँ छैन, लामखुट्टेले पनि खान्छ, मन्थलीमा बस्न पाउँछ जानुस्, होटल्नी दिदीले भनिन् । मन्थलीमा बास बस्न पाइन्छ भन्ने त हामीलाई थाहा छँदैछ नि यो ठाउँमा बसेर यहाँको अवस्था पनि नियालौं भन्ने पो हाम्रो मनसाय हो त । खोई कुन्नि किन यिनीहरुले यतातिर बस्ने व्यवस्था नगरेका होलान् ? मान्छे बस्दा फाईदा त उनीहरुलाई नै हुने हो । ल ठीक छ भनेर हामी त्यहाँबाट हिंड्यौ ।

बाटोमा बास बस्नका लागि कतै मिलेन, त्यसैले हामी मन्थली नै आइपुग्यौं । मन्थलीको आकाशे आइपुग्दा साँझ पर्‍यो । मन्थली बजार तामाकोशी नदी किनारको टारमा अवस्थित गर्मी ठाउँ रहेछ । हामीले मा.वि. तह पढ्दाताका सहपाठी हाल मन्थली स्मृत्ति बहुमुखी क्याम्पसका सहप्राध्यापक दलबहादुर भुजेल (डी.बी.) लाई फोन गर्‍यौं । खुशी हुँदै फोनबाटै उहाँले तपाईहरुका लागि खाना अर्डर गरें है मैले भन्नुभयो । हामी उहाँले दिनुभएको रुट पछ्याउँदै बसपार्क देवकोटा चोक, वी.पी. चोक हुँदै भट्टराई होटलमा आइपुग्यौं । उहाँसँग सोही क्याम्पसका उपप्राध्यापक पेशल आचार्य पनि बस्नुभएको रहेछ । सहप्राध्यापक भुजेल र हामी पञ्चकन्या मा.वि.च्यांग्रे भोजपुरमा कक्षा ६ देखि एस.एल.सी. सम्मका कक्षा साथी । उहाँको घर च्यांग्रे २, प्याक्ला भोजपुर ।

हामी त घरमै आइपुग्यौं भनेर भट्टराई होटलमा हाँसो ठट्टा गर्दै खाना खाइयो । लामो समयको अन्तरालमा भेट हुनुभएका डी.बी. जी अनि नवपरिचित पेशल सरसँगको थप आत्मियता संगाल्दै हामी उहाँको कोठामा आयौं । उहाँहरुसँग गाउँघरदेखि शहरबजार अनि हामीले घुमेका जिल्लाका अनुभवहरु साटासाट गर्दा साह्रै आनन्द लाग्यो । निद्रादेवीले धेरै अनुनय विनय गरेपछि हामी सबैजना उनको शरण नपरी हुँदै भएन ।



मन्थली

२०६७ जेठ ६: बिहानीको समय ९:३० बजेसम्म अध्ययन आराममै बित्यो । खाना खाएपछि हामी रेडियो तीनलाल र रामेछाप नयन साप्ताहिक कार्यालय पुग्यौं । साप्ताहिक कार्यालयमा दुर्गा भुजेल र हजुरको रेडियोमा कार्यरत बद्रीविक्रम कार्कीसँग हाम्रो कुराकानी भयो । भुजेल जी पत्रिका पोष्ट गर्न हुलाकतिर जानुभयो भने हामी जिल्ला प्रशासन कार्यालय ।

प्रमुख जिल्ला अधिकारी शंकर अर्यालले भन्नुभएको र हामीले पनि अनुभव गरेको कुरा के हो भने मध्यमाञ्चलमा



लेक्चररद्वय पेशलकुमार आचार्य र डी.बी. भुजेल

रामेछाप जिल्ला अलिक दुर्गम हो कि भन्ने लाग्नु। हुन त सबै क्षेत्रको सहयोग भए चाँडै विकसित हुन सक्ने आधारशिला पनि यहाँ नभएका होइनन्। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमणबाट पत्रकारिता क्षेत्र एवं देशलाई नयाँ ऊर्जा प्रदान गर्न सक्ने ज्ञान पत्ता लगाउनु होला भन्दै प्रजिअ अर्यालले कार्यालयको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो। सोही अवसरमा प्रहरी नायब उपरीक्षक राजेन्द्र बहादुर थापा क्षेत्रीसँग पनि हाम्रो परिचय भयो।

प्रशासन कार्यालयबाट रामेछाप उद्योग वाणिज्य संघ कार्यालय पुग्यौं। कार्यकारी अधिकृत नवीनकुमार के.सी. ले प्रेस स्वतन्त्रता वर्तमानमा अपरिहार्य विषयवस्तु भएकाले अभियान सार्थक हुने बताउनुभयो। पत्रकार महासंघ रामेछापका कोषाध्यक्ष समेत रहनुभएका के.सी.ले केही दिन जिल्लाको अन्य भागको भ्रमण पश्चात् मन्थली आउनु होला, हामी औपचारिक कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरुलाई उपस्थित गराउँछौ भन्ने वचन पनि दिनुभयो। उहाँको सल्लाह मान्दै हामी जे.एन् पुस्तक पसलमा पुगेर सञ्चालक जगन्नाथ दाहाललाई भेट्यौं। उहाँले हामीलाई धोबी-शिरिषे-पोकली, झरना (ओखलढुंगा)-साँघुटार-भालुखोप-रामेछाप हुँदै मन्थली कसरी फर्कने ? भन्ने विषयमा सल्लाह दिनुभयो।

जे.एन्. पुस्तक पसलबाट हामी जिल्ला प्रहरी कार्यालय पुग्यौं। ईलाका प्रहरी कार्यालय धोबी रामेछापका प्रहरी निरीक्षक टंकप्रसाद भट्टराई पनि त्यहाँ आउनुभएको रहेछ। हामीले उहाँसँग केहीबेर कुराकानी गऱ्यौं। भोली म पनि धोबी जान्छु, नत्र सँगै जाऔं भन्ने उहाँको प्रस्ताव स्वीकार गरेर हामी फर्कियौं।

पुष्पवृष्टि साप्ताहिक (क्रान्तिकारी पत्रकार संघ) को कार्यालयमा पत्रकारहरु मधुसुदन रायामाझी, सुमित श्रेष्ठ, वेदवहादुर श्रेष्ठ, राजु श्रेष्ठ लगायतलाई हामीले भेट्यौं। उनीहरुले रामेछापका पत्रकारलाई वर्तमानमा असुरक्षाको महसुस भएको बताए। अघिल्ला एक प्र.जि.अ. का पालामा आफूहरुले उनीबाट भएका कर्तुतहरुको भण्डाफोर गर्दा प्रशासनबाटै मानसिक यातना पाएको स्मरण गर्नुभयो। व्यावसायिक पत्रकारिता गर्न खोज्ने पत्रकारलाई कतैबाट प्रोत्साहन मिल्न नसकेको उहाँहरुको दुखेसो छ।

पुष्पवृष्टिको कार्यालयबाट हामी प्रो-पब्लिक असल शासन परियोजनाको कार्यालय गयौं। त्यहाँ जिल्ला पैरवी संयोजक एवं सञ्चारकर्मी रमेश ढुंगेल, सालुका विद्यार्थी विक्रम भट्टराई र बिजुलीकोटका खिलाबहादुर महतसँग हाम्रो भेट भयो। जिल्लाका विभिन्न स्थानमा पुगेर गरिएको सार्वजनिक सुनुवाई मार्फत् सार्वजनिक निकायका पदाधिकारीले जिम्मेवारी वहन गर्न थालेको संयोजक ढुंगेलको भनाइ छ। असल शासनका निर्देशक केदार खड्काको पनि घर यही जिल्ला हो, उहाँले भन्नुभयो।
२०६७ जेठ ७: बिहानै हिंड्ने हाम्रो योजना भएपनि प्राविधिक कारणले हामी जिल्ला प्रहरी कार्यालय आएर दिउँसो १ बजे प्रहरी गाडी चढेर धोबी प्रस्थान गऱ्यौं। साथमा प्रहरी निरीक्षक टंकप्रसाद भट्टराई, ड्राईभर (छोरा श्रीमतीसहित), असई र प्रहरी जवान थिए। कच्ची बाटो धुलो उडाउँदै जीप हलेदे तिल्पुंगबाट चरिकोट जाने बाटो छोडेर उकालो लाग्यो। गाउँबस्ती, डाडापाखा, वारिपारिका दृश्य, तल बगिरहेकी तामाकोशीलाई नियाल्दै हामी बिजुलीकोट गा.वि.स. को धोबीबजार आइपुग्यौं।

धोबी बजारमा के.बी. पुस्तक पसलका कमल खड्का र रेडियो शैलुंगका संवाददाता गजेन्द्र घिसिंगलाई हामीले भेट्यौं। छोटो कुराकानी हुन नपाउँदै डाँडामा रहेको शीतल धोबी बजारलाई छाडेर हामी शिरिषेका लागि गाडी चढ्यौं। तल लिखुसँगै आसपासमा केही बस्तीहरु देखिन्छन्। कच्ची र अप्ठ्यारो बाटोमा गाडीले खुबै पिङ्ग खेलायो। नजिकैका सिटमा बसेका एकजोडी युवायुवती प्रेमालापमा व्यस्त देखिन्थे। शिरिषेमा पुगेर बस रोकियो। हामी एक होटलमा रात्री विश्राम गऱ्यौं।

पोकली झरना ओखलढुंगा यात्रा

२०६७ जेठ ८: प्रात: ७ बजे हामी लिखु किनारमा चिटिक्क परेर रहेको शिरिषे बजार, रामेछापबाट झोलुंगे पुल पार गरेर ओखलढुंगाको भूभाग प्रवेश गऱ्यौं। टारकेराबारीको लहलह मकैका बोटहरु हेर्दै उकालो लाग्यौं। त्यही क्रममा भेट हुनुभएका गाम्नांगका २ जना र अर्का एक पोकली ४ का पुष्प पौडेले सँग हाम्रो कुराकानी भयो। माथि टारमा निस्किएर हामी पोकली झर्नातर्फ देब्रे लाग्यौं। पुष्प पौडेलले सेनामा जागिर खाँदा एकोहोरो भएर काम गर्दा आफ्नो व्यक्तित्व विकास नष्ट भएको दु:खेसो

गर्नुभयो । आफूले पढ्न नसके पनि छोराछोरीलाई राम्रो पढाउनु पर्छ भन्ने आफ्नो भावना रहेको पौडेलले बताउनुभयो । हाँसो, ठट्टा गर्दै हामी गोपाल भुजेलको घर पुग्यौं । त्यहाँबाट पौडेलजी छुट्टिनुभयो । हामी स्थानीय गोपाल भुजेलको पछि लाग्यौं ।

पोकली झरना

गोपाल भुजेलले तपाई फेरि कहिले आउनुहुन्छ र ? बरु म बेलुका केही ढिलासम्म काम गर्छु भन्दै स्थानीय ओम सुवेदीको घर छेउसम्म हामीलाई पुऱ्याएर फर्नुभयो । उहाँको सहयोगी भावनालाई आभार प्रकट गर्दै हामी झरना तिर लाग्यौं । सुवेदी श्रीमती दुर्गा पौडेलले हामीलाई २०६५ कार्तिक २१, २२ गते भएको पोकली झरना महोत्सवको स्मारिका प्रदान गर्नुभयो । महोत्सवको तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन र ओखलढुंगामै जन्मनुभएका प्रधानसेनापति रुक्मांगद् कटुवालले समापन गर्नुभएको उल्लेख छ । सभासद् एवं स्थानीयवासी बालकृष्ण ढुंगेलको उल्लेखनीय योगदान रहेको स्मारिकाले बताउँछ। सभासद् ढुंगेल टेलिभिजनमा नक्कली झरनाको विज्ञापन हेरेर आफ्नै गाउँको प्राकृतिक सक्कली झरनाको प्रचार प्रसार र पूर्वाधार विकास गर्न प्रेरित हुनुभएको अनुभव स्मारिकामा पढ्न पाइयो ।

हामी रमेश घिमिरेको सहयोगमा झरना परिसर पुग्यौं । धुपवत्ती गरेर भाँडाकुँडा दिनुस् भगवान् भन्दा भाँडा उत्रिने र सफा गरेर लगेपछि विलय हुने किम्वदन्ती रहेको हाँडी दह हामी पुग्यौं । त्यहाँ जुठा भाँडाकुडा राम्ररी सफा नगरी लगेकाले आजकाल निस्कन छाडेको भन्ने जनश्रुति पनि सुन्न पाइयो । जनश्रुति जे भनिएपनि राम्रो काम गरेमा त्यसको परिणाम राम्रो नै आउँछ र नराम्रो गरे परिणाम नराम्रै हुन्छ भन्ने सन्देश यो कथा प्रसंगले दिएको छ । सो दहमा पनि माथिबाट छंगछंग खसिरहेको राम्रो छहरा रहेछ । अचम्म लाग्दा भीर पहरा सँगै रहेको पोकली झरना क्षेत्र परिसरमा खुड्किला निर्माणाधीन छन् । सिमेण्टको प्रयोग नगरी ढुंगाको सिढी निर्माण गरिएको भए यहाँ आउने पर्यटकले प्राकृतिक वातावरणको अझ बढी मज्जा लिन पाउने थिए कि ?

हाँडी दहभन्दा माथ्लो भागमा मुख्य पोकली झरना रहेको छ । १३० मिटर लामो मानिएको सो झरनाको तल ओखल परेका ढुंगाहरु छन् । हाल स्थानीयवासीहरु पोकली झरनालाई व्यवस्थित गर्न जुटिरहेको पनि देख्न पाइयो । यस ठाउँमा धामी झाँक्रीहरु नाच्ने गाउने चलन पनि छ रे । शिरिषेबाट उकालो निस्कँदाको गर्मी र थकान यो झरनाको दृश्य पानले बिर्साइदियो । पहराबाट पानी हामफालेको दृश्यसँगै तल चट्टानमा ठोक्किँदाको अवस्था सान्है प्रेरक लाग्यो । अग्लो पहरा नभनी अनि ढुंगामा चोट लाग्ला कि ? भन्ने पनि प्रवाह नगरी हाम्फाल्दै गरेको यो झरनाको पानी सबैको आकर्षणको केन्द्र बनेको छ । यो झरना ओखलढुंगाको परिचयसँग गाँसिएको छ । जसका कारण ग्रामीण पोकलीवासीको भाग्य दिनप्रतिदिन चम्किदैछ । त्यतिमात्र होइन छिमेकी जिल्ला रामेछापवासीको पनि आय आर्जनको श्रोत भएको छ यो झरना । हो, पोकली झरनाले आफूले दुःख कष्ट सहेरै भएपनि हामी मान्छेले अरुका लागि पनि प्रफुल्लित, आनन्दित र हित हुने कार्य गर्न सक्नुपर्छ भन्ने पाठ सिकाएको छ ।

बरु, यस क्षेत्रमा स्वदेशी विदेशी पर्यटकको सेवा सुविधाका लागि आवास र अन्य पर्यटकीय क्षेत्रसँग जोड्न सक्ने मार्गहरु बनाउनु पर्ने देखिन्छ । यसो हुन सक्यो भने नेपाल राष्टका लागि नै गौरवको विषय हुनेछ पोकली झरना । यसका लागि स्थानीयवासीको प्रमुख भूमिका र अन्य निकायको पनि ध्यान जानु आवश्यक रहन्छ । त्यही झरना परिसरमै भेट्टिनु भएका पोकली झरना सेवा समाजका सचिव महेश वि.क. ले पोकली झरना भ्रमण गर्न आउनुभएकोमा धन्यवाद भन्दै प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

हामी झरनाबाट फर्कियौं । छेवैको घिमिरेको घरमा खाना पकाउन लगायौं । रु. १०० तिरेर खाना खाइयो । ९० सालको भुइँचालोमा गोठालो गर्न सक्ने भएकी थिएँ भन्ने हजुरआमा धनकुमारी घिमिरे (पोकली ३, कुवारु) ले भन्नुभयो, म मान्छेको अनुहार हेरेरै उसको बारेमा जान्दछु । गुड्डुडु कम्प दिएर जोखाना दिन्छ मलाई भन्दै हाम्रा बारेमा पनि उहाँ स्वतःस्फुर्त भन्न थाल्नुभयो । केही कुरा मिल्यो केही मिलेन । यहीं भेट्टिनुभएकी कुन्तादेवी २, ओखलढुंगा घर बताउने एमाले महिला सदस्यं सरलादेवी धमलाले भ्रमण सफलताको कामना गर्नुभयो ।

पोकलीबाट हामी लाग्यौं, गाम्नाङ्गटारतिर । टारकेराबारी ४, मझुवा आएर दुर्गाबहादुर र देउकुमारी पौडेलको घरमा हामीले मही पियौं । घरबेटी भीमबहादुरले पत्रकारिता भनेको सान्है राम्रो पेशा हो, यात्रा सफल होस् भन्नुभयो । गाम्नाङ्गटार जाने बाटो ठाउँठाउँमा सोध्दै डूडेखोला पार गऱ्यौं । कुलै कुला हिंडेर भट्टराई गाउँ गाम्नाङ्ग ३ आइपुग्यौं । प्रेमप्रसाद भट्टराईलाई घरमा नभेटेपछि लालप्रसाद भट्टराईको घरतर्फ झऱ्यौं, र यही बस्यौं । भट्टराई वंशावलीअनुसार लालप्रसाद भट्टराई २३ नम्बर र हामी २६

युगकवि सिद्धिचरण उ.मा.वि. शिक्षकशिक्षिकाहरुसँग

नम्बरका रहेछौं । बूढा हजुरबाको नाता पऱ्यो उहाँसँग । यो वंशावलीले पनि कमालै गरेको छ, कहीं कहीं आफ्नो उमेरभन्दा कान्छालाई जेठो साइनो लाग्छ, कहीं कहीं जेठो उमेरकालाई पनि कान्छो साइनो लगाउनु पर्छ ।

बूढी हजुरआमा शुभद्रा र भर्खरकी हजुरआमा सस्मिता भट्टराईले पकाएर दिनुभएको खाना खायौ । खाना खाएर वंशावली हेर्दै निलकमल र मदनकुमार भट्टराईसँग कुराकानी गऱ्यौं । सिन्धुपाल्चोकको सिन्धुकोट धुसेनीबाट भट्टराईका जिजुमध्ये एकजना भुल्के भोजपुर र एकजना गाम्नाङ्ग विर्ता लागेका रहेछन् । सबै ब्राम्हण क्षेत्री कान्नेकुब्जी, कनौजिया भारत हुँदै नेपालको जुम्ला सिंजातिर आएको इतिहासमा उल्लेख छ । सोहीअनुसार भट्टराईहरु बाग्लुंग गलकोट, ज्ञादी पर्वत, लमजुंग गोरखा सिन्धुपाल्चोक हुँदै हाम्रो पुर्खा भोजपुर पुगेको केही इतिहास वंशावलीमा उल्लेख गरिएको रहेछ ।

हुन त: वसुधैव कुटुम्वकम्, सारा संसार हामी सबैको साझा घर र परिवार भनेर शास्त्रले भन्छ । यद्यपि मानव जीवनमा चलेको नाता सम्बन्धले सबैको मन धेरै थोरै प्रभावित हुँदोरहेछ, हामी पनि यसबाट अछुतो रहन सकेनौं ।

२०६७ जेठ ९: बिहान हामी बसेकै घरमा आउनुभएका हजुरबा इन्द्रप्रसाद भट्टराईले भौतिक शरीर टाढा भएपनि आत्मा एकै रहोस् भन्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । खाना खाएर हामी पूर्व शिक्षक लालप्रसाद भट्टराईसँगै गाम्नाङ्ग बजार निस्कियौं ।

गाम्नाङ्गटार बजारमा रहेको स्वास्थ्य चौकी, ढुंगेधारा लगायतका स्थानहरु घुमेर हामी ग्रामोदय युगकवि सिद्धिचरण उ.मा.वि. पुग्यौं । प्राचार्य प्रेमप्रसाद भट्टराई, शिक्षक धनप्रसाद पुडासैनी, अर्जुन अधिकारी र अम्बिका प्रसाद भट्टराईसँग हाम्रो परिचय र कुराकानी भयो । पत्रकारिताप्रति जनताको भरोसा भएकाले यो पेशा कहिल्यै नचुकोस्, समाजलाई शान्ति र प्रगतितर्फ डोऱ्याउन उल्लेखनीय भूमिका निर्वाह गरोस्, वर्तमान अन्यौलपूर्ण स्थितिको अन्त्य गर्न अग्रणी भूमिका खेलोस् । विश्वभ्रमणमार्फत् विश्ववन्धुत्व र शान्तिप्रतिको भावना जगाउन सफल हुनुहोस् भन्दै प्राचार्य भट्टराईले विद्यालयको तर्फबाट शुभकामना पत्र प्रदान गर्नुभयो । अन्य शिक्षकशिक्षिकाहरुको पनि भ्रमणप्रति शुभेच्छा रह्यो । वि.सं. २०२० सालमा स्थापित सो विद्यालयमा हाल क्याम्पस पनि सञ्चालनमा आएको छ ।

उक्त उ.मा.वि. बाट बिदा भएर हामी शिरिषेतर्फ ओरालियौं । टारकेराबारी आइपुग्दा ठूलो पानी पऱ्यो । स्थानीय भोजवहादुर बड्काको घरमा ओत लाग्यौं । माओवादीहरुले हप्काई दप्काई नगरीकन जनताको मन जितेर सहयोग मागेका भए बढी फाइदा लिन सक्थे, त्यसबाट उनीहरु चुके, उहाँको विश्लेषण छ । पानी रहेकाले हामी हिंड्यौं । अगाडि १०, १५ पाइला बढ्नासाथ फेरि पानी बर्सियो । एकजना बूढी आमैको घरमा हामी पस्यौं । एउटी छोरी भएपछि बूढा खस्नुभयो र २२ वर्षको उमेरमा विधुवा हुनुपऱ्यो भन्ने तिमल्सिना आमाले प्रेमपूर्वक चिया दिनुभयो ।

पानी सिमसिम पर्दै थियो, हामी ओरालो लाग्यौं । बाटो अलि अलि चिप्लै थियो । तल नागबेली परेकी लिखु कोशीको दृश्यमा हराउँदै हामी पुल तरेर शिरिषे आइपुग्यौ. । साँघुटार पुग्ने योजना पानीले रोकिदियो । २ दिन ओखलढुंगाकै भूभाग घुमेर हामी रामेछापको भूभाग शिरिषेमा बास बस्न आइपुग्यौं ।

पुन: रामेछापकै भूभाग

२०६७ जेठ १०: शिरिषेबाट ८ बजे हिंडेर हामी बिहान ११ बजेतिर साँघुटार आइपुग्यौं । लिखु नदीको किनारै किनार विदुरकोट गा.वि.स. को फोकु वेसी लगायतको भूभाग पार गरेर टारबेसीमा रहेको मकैको खेती नियाल्दै हामी यो बजार आइपुगेका हौं । खाना खाएर हामीले साँघुटार बजार घुम्यौं । झोलुंगे पुल पार गरेर नर्मदेश्वर महादेव मन्दिर (नर्मदेश्वर २, ओखलढुंगा) पुग्यौं । पुराना मठमन्दिर अनि पाटी पौवा रहेको सो ठाउँका स्थनीयवासी ताराबहादुर मगर माछा मार्ने जाल बुन्दै हुनुहुन्थ्यो उहाँले देशमा जसको सरकार बने पनि जनतालाई काम गरेर खाने वातावरण मिलोस् भन्ने माग गर्नुभयो । त्यहाँबाट फर्किएर हामी पुन: साँघुटार बजार, रामेछाप नै आयौं । स्थानीयवासी बद्रीदास भौकाजीले हामीलाई बेलुका यही बस्नुपर्छ भन्नुभयो ।

हामी हिमगंगा उ.मा.वि. तर्फ लाग्यौं । बजारको शिरमा रहेको सो उच्च मा.वि. को कार्यालयमा पुगेर शिक्षक शिक्षिकाहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको अभियानबारे जानकारी गरायौं । प्रधानाध्यापक झनहरी

दाहाल, शिक्षक, श्रीप्रसाद घिमिरे, मेघराज बुढाथोकी र राजबाबु भौकाजी लगायतसँग विद्यालयको बारेमा जानकारी लियौं। वि.सं. २००९ सालमा प्रा.वि.को रुपमा स्थापना भएको विद्यालय हाल क्याम्पस तहसम्मको अध्ययन अध्यापन गर्ने गराउने अवस्थामा पुगिसकेको रहेछ। उहाँहरुको जानकारी अनुसार हाल कक्षा १ देखि १० सम्म नि:शुल्क शिक्षा हिमगंगाले दिन थालिसकेको छ।

सबै पत्रकार र सञ्चारमाध्यम समाज रुपान्तरणका लागि अझ जिम्मेवार ढंगले प्रस्तुत हुनुपर्ने र शैक्षिक पत्रकारिता पनि अझ सशक्तरुपमा अगाडि बढ्नुपर्ने आवश्यकता देखिन्छ, शिक्षक मासिक सबै शिक्षक ग्राहक बनेर पढ्नुपर्ने मैले ठानेको छु, प्र.अ. दाहालको धारणा छ। मन्त्रालयका सचिव माधव पौडेल, साहित्यकार विमल भौकाजी, सीटीइभीटीका निर्देशक रेवत श्रेष्ठ, नेपाल विद्युत प्राधिकरणका उत्तरकुमार श्रेष्ठ, कलाकारितामा प्रथम विद्यावारिधि (कसै कसैको भनाइमा दोश्रो) रामकुमार भौकाजी आदिजस्ता राष्टिय स्तरका व्यक्तित्वले पनि हिमगंगामै अध्ययन गर्नुभएको उहाँहरुको भनाई छ।

विद्यालयबाट हामी स्थानीय समाजसेवी बद्रीदास भौकाजीको घर आयौं। यहाँ रामकुमार, अशोककुमार र अरुण भौकाजीसँग हाम्रो परिचय भयो। चित्रकलाका पी.एच.डी. रामकुमार भौकाजीले यूरोप र अमेरिकामा प्रेस स्वतन्त्रताको कुरा गर्दा मान्छे हाँस्छन्, बरु कलाकारिता (नाच्ने,गाउने वा पेण्टिङ्ग आदि) सिकेर विदेश भ्रमणमा जातुस् भन्ने सुझाव हामीलाई दिनुभयो। उहाँका अनुसार यूरोप अमेरिकामा प्रशस्त प्रेस स्वतन्त्रता छ, त्यसकारण यो नारा हास्यास्पद हुन्छ। युएनसँग सम्बद्ध अंग्रेजी, फ्रेन्च, स्पेनिस, चाइनिज, रसियन र अरेबियन भाषा सिकेर भ्रमणमा निस्कन उहाँको हामीलाई थप सल्लाह छ।

साँघुटार वि.सं. १९८५ सम्म फुकौरे (कदम) घारी र मच्छड लाग्ने औंलोको केन्द्र थियो। हाम्रो बाजे व्यापार गर्न आएर बसेपछि बिस्तारै यहाँको बजार यो अवस्थासम्म विकसित भएको हो, समाजसेवी बद्रीदास भौकाजीले भन्नुभयो। उहाँका अनुसार स्वयं उहाँकै पहलमा २०६२ सालमा यहाँ मोटरबाटो आएको हो। वि.सं. २०३९ सालमा मिल र २०४० मा बत्ती यहाँ बालिएको पनि उहाँले बताउनुभयो। चन्द्रशमशेरको पालामा टारसँगै फलामको सांगलमा काठको पुल हालिएकाले साँघुटार नाम रहेको हो। पहिले धनकुटा, भोजपुर, खोटांगदेखि यताका मान्छे साँघुटार भएर नेपाल (काठमाडौं) जाने गर्दथे। जसले जे भने पनि मलाई साँघुटार प्यारो लाग्छ, गर्व गर्दै उहाँले भन्नुभयो।

२०६७ जेठ ११: प्रात: ६ बजे नै हामी साँघुटारबाट च्याउके ठाँटीको बस चढ्ने तरखरमा लाग्यौं। समाजसेवी बद्रीदास भौकाजीसँग पुन: गफगाफ चल्यो। आफूले साँघुटारमा बसेर कृषि, शिक्षण लगायतको क्षेत्रमा गरेको कार्य काठमाडौंमा पहिले गोरखापत्रले छापिदिएको प्रसंग उहाँले ल्याउनुभयो। जसका कारण विभिन्न एयरपोर्ट र ठाउँमा अहो यति ठूलो सम्मान पाएको मान्छे भन्दै धेरैले नमस्कार गरे, केहीले त पाटी ख्वाउन नै भनेको कुरा हाँस्दै सुनाउँदै उहाँले भन्नुभयो, इमान्दार भएर विकासको कार्यमा लाग्ने हो भने कुनै न कुनै दिन मूल्यांकन हुँदो रहेछ।

उहाँले राजा महेन्द्र, वीरेन्द्र, राजनेता तथा साहित्यकार वी.पी. कोईराला, एमाले अध्यक्ष झलनाथ खनाल, नेपाली काँग्रेसका नेता लक्ष्मणप्रसाद घिमिरे, साहित्यकार जगदीश घिमिरे, पूर्वप्रधानमन्त्री सूर्य बहादुर थापा लगायतलाई स्वागत गरेको प्रसंग उठाउनुभयो। उहाँको अनुभवमा नेपालमा वी.पी. जस्तो महान् नेता अरु कोही जन्मिन सकेका छैनन् यसमा उहाँलाई दुःख लागेको छ। उहाँको कुरामा पौडी खेल्दा खेल्दै विहान ७:३० बजेको पत्तै भएन। जसले गर्दा साँघुटारबाट छुट्ने ४ वटै गाडी हिडिसकेछन्।



हिंड्दै हामी उकालो लाग्यौं। थाक्ले हुँदै देउराली खोला आइपुग्दा चर्को घाम र शरीरको मयल चिलाइले हामीलाई उकालो लाग्न दिएन। पुल छेउको घरमा खाना पकाउन लगाएर त्यही घरबाट ल्याएको बटुकाले खोलाको सानो डोबिल्कोबाट पानी उघाएरै भएपनि नुहाई धुवाई गर्‍यौं। नुहाइधुवाई पछि खाना खाएर उकालो लाग्यौं।

ठाउँ ठाउँमा रहेका चौतारीमा थकाई मार्दै देउराली बजार निस्कियौं। नास्ता गर्‍यौं। देउरालीबाट तेर्सो लागेर सालु हुँदै च्याउकेठाँटी आइपुग्दा साँझ पर्‍यो। स्थानीय होटलमा हामी बस्यौं। ट्वाइलेटको व्यवस्था भने रहेनछ...., पाखोतिर दौडादौड।

२०६७ जेठ १२: विहान हामी च्याउकेठाँटी बाट उकालो लाग्यौं। हरियाली वनजंगल सँगै गोड्ने बेला भएको मकै बारीमा निस्कियौं। मकैबारीमा मसिना ढुंगाहरु प्रशस्त माटो बराबर जस्तै थिए। कुहिरो लाग्न थालेको थियो। हामी भालुखोप (ओख्रेनी र सुकाजोर गा.वि.स. सिमाना) बजार निस्कियौं। सानो बजारसँगै स्कूल, खुल्ला मैदान अनि पोखरीमाथि अग्लो डाँडा। त्यही बजार छेउमा रहेको जनहित बचत तथा ऋण सहकारी संस्था लिमिटेडको प्रांगणमा भेट भयो, पटनादेवी नि.मा.वि. शिक्षक मोहनकुमार


रामेछाप

श्रेष्ठ, ओखेनी गा.वि.स. एनेकपा माओवादी सेक्रेटरी मोतीलाल तामांगसँग । बजारबाट हामी उकालो लाग्यौं । भालुखोपलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पिक्निक् पार्क पनि बनाइँदै रहेछ ।

हामी माथि मुख्य टाकुरामा निस्कियौं । मेरो मोबाइल र नेपाल टेलिकमले टावर राखेका छन् । त्यहींबाट केही तल रेडियो तीन लालको पनि टावर देखियो । हामीसँगै जानुभएका शिक्षक श्रेष्ठ र सेक्रेटरी तामांगले विभिन्न हिमश्रृंखलाका साथै सगरमाथा पनि देख्न सकिने बताउनुभयो । उहिले भालु प्रशस्त पाउने र उनीहरुले खोक्ने भएकाले भालुखोकबाट अपभ्रंश हुँदै भालुखोप भएको हो रे यो ठाउँ । २१ सय मिटरको उचाईमा रहेको सो ठाउँलाई प्रचारप्रसारमा ल्याएर मन्थली आउने व्यक्ति वा पर्यटकहरुलाई कम्तीमा रामेछाप र भालुखोप पुऱ्याउन सके राम्रो हुने देखिन्छ ।

भालुखोपको मुख्य डाँडाबाट हामी बजार झऱ्यौं । खानपिन गरेर जुनार कृषि सहकारी संस्था लि. कार्यालय पुग्यौं । जुनारका लागि प्रसिद्ध ओखेनी १, २, ३, ५, ६,७,८,९ वडा र सुकाजौरका ५,६,८,९ वडा बढी प्रसिद्ध रहेको जानकारी हामीलाई शिक्षक श्रेष्ठले दिनुभयो । त्यो सहकारीमा जुस उत्पादन गरिंदो रहेछ । कर्मचारी कमला घिसिंगले हामीलाई जुस बनाइने घर घुमाउनुभयो । शिखर जुनीस स्क्वायस् त्यहाँबाट उत्पादित कोलमा नाम लेखिएको छ । साइट्रिक एसिड, चिनी र पानी जूसमा मिलाएर तयार गरिन्छ, यी कामको जानकारी दिंदै उहाँले हामीलाई जूस पिउन दिनुभयो । भालुखोप छोडेर रामेछाप हामी बजारतिर लम्कियौं ।

रोडै रोड हिंडेर हामी रामेछाप बजारको शिरमा अवस्थित गौरीशंकर उ.मा.वि. आइपुग्यौं । बिहान पौने १० बजे विद्यार्थी बोलाउने र दिउँसो ३० मिनेटमात्र टिफिन दिएर ८ घण्टी पढाइने गरिएको प्र.अ. नीरबहादुर कार्कीले बताउनुभयो । यहाँका शिक्षकहरुलाई हामीले विश्वभ्रमण अभियानबारे जानकारी दियौं । शहीद गंगालाल श्रेष्ठको समेत अक्षरारम्भ भएको गौरीशंकर विद्यालयबाट ठीक सामुन्ने गौरीशंकर हिमाल देखिने भएकाले पनि यस विद्यालयको नाम गौरीशंकर राखिएको रहेछ । वि.सं. १९७८ मा पण्डित शाम्बभक्त सुवेदी मुरारीद्वारा सञ्चालित भाषा पाठशालालाई उत्पत्तिको पृष्ठभूमि मानिन्छ । यही पृष्ठभूमिमा टेकेर हाल क्याम्पस तहसम्मको पढाई हुने व्यवस्था रामेछापमा भैसकेको छ । ऐतिहासिक पृष्ठभूमि रहेको सो विद्यालयमा ४० वर्षदेखि निरन्तर शिक्षण पेशामा संलग्न शिक्षक शिवप्रसाद घिमिरेले हाल चिट चोरेर पास गर्ने संस्कृति मौलाएकाले शैक्षिक गुणस्तरमा प्रश्न चिन्ह उठेको धारणा राख्नुभयो ।

गौरीशंकर उ.मा.वि. बाट हामी बजारतिर झऱ्यौं । रामेछाप जिल्लाको पुरानो सदरमुकाम १४ सय मिटर अग्लो स्थानमा छ । सल्लाघारीसँगै रहेको रामेछाप बजारको वातावरण शित्तल लाग्यो । रामेछापको पहिलो सामुदायिक रेडियो हजुरको एफ.एम. १०२.१ मे. कार्यालय हामी पुग्यौं । एफ.एम. कर्मी उज्जवलराज गिरी, कमला बराईली, पेशल वाग्ले, कल्याण बुढाथोकी लगायतसँग हाम्रो परिचय भयो । त्यहाँबाट निस्किएर हामी पुन: बजार क्षेत्र भ्रमणमा सरिक भयौं ।

पशु सेवा केन्द्र अगाडि पशु स्वास्थ्य प्राविधिक नारायण लामिछाने, स्थानीयवासी एवं शिक्षक मोहनकुमार कार्की लगायतसँग हाम्रो परिचय भयो । रा भनेको बाख्रा र मे भनेको गाई गोरु भन्ने अर्थ तामांग भाषामा हुन्छ जसअनुसार गाई, गोरु, बाख्रा चराउने ठाउँ भएकाले रामेछाप भनिएको हुन सक्ने एउटा भनाई छ । त्यसैगरी यो ठाउँमा रामे नाम गरेको मान्छेले सबैभन्दा अगाडि छाप हान्ने गरेकाले पनि रामेछाप नामाकरण भएको अर्को भनाई रहेछ । वि.सं. २०४५ सालमा राजनीतिक कारणले रामेछापबाट मन्थली सदरमुकाम सारिएको हो भन्ने एकथरीको भनाई छ भने अर्काथरी पानीको अभावमा मन्थली झारिएको हो भन्दा रहेछन् । हामीले एंक होटलमा बसोबास मिलायौं ।

२०६७ जेठ १३: बिहान ६ बजे रामेछापबाट गाडी चढ्यौं । बस सुकाजोर, रणजोर लगायतका खोलाहरु पार गर्दै मन्थली आइपुग्यो । डी.बी. र पेशल सरसँग केहीबेर कुराकानी गरेर हामी कोठामै बस्यौं । आज २५५४ औं बुद्ध जयन्ती परेकाले सार्वजनिक बिदाको दिन पनि हो । हामी नेपाल पत्रकार महासंघ रामेछाप कार्यालय गयौं । महासंघ अध्यक्ष टीकाप्रसाद भट्ट, उपाध्यक्ष दीपक भट्ट, कोषाध्यक्ष नवीन मनोहर के.सी. र रामेछाप नयन साप्ताहिक एवं अन्नपूर्ण संवाददाता हिमाल ढुंगेलसँग हाम्रो कुराकानी भयो । रामेछापमा हाल २ एफ.एम. र ३ साप्ताहिक प्रसारित प्रकाशित छन् । पत्रकारितामा नै निर्विकल्प लागेका व्यक्ति एकजना पनि पाइएन यहाँ । यस पेशाबाट मात्र बाँच्न सक्ने अवस्था नहुनुले पत्रकारितालाई स्वतन्त्र मर्यादित पेशा बन्न र बनाउन चुनौती खडा भएको छ । यसतर्फ सम्बन्धित सबैको ध्यान पुगनुपर्ने देखिन्छ, नत्र प्रेस स्वतन्त्रता नारामा मात्र सीमित हुनेछ ।

पत्रकरहरुसँग

महासंघबाट फर्केर हामीले खाना खायौ । सुनसरीको इनरुवामा जन्मी हुर्की विगत २ दशकदेखि रामेछाप जिल्लालाई श्रमथलो बनाएर शिक्षण, लेखन र पत्रकारिता समेत गर्दै आउनुभएका उपप्राध्यापक पेशल आचार्यसँग हामीले थप कुराकानी गर्‍यौं । उहाँ वि.सं. २०४६ सालअघिको मिसन पत्रकारिता धेरै प्रभावकारी रहेको बताउनुहुन्छ । उहाँको भनाई छ, त्यसयता संख्यात्मक हिसाबले सञ्चारमाध्यमको विकास हुनु सकारात्मक पक्ष रहे तापनि कतिपय व्यक्तिले लोभप्रलोभनमा परेर पत्रकारिता पेशालाई बदनाम गराएका छन्, गुणात्मकतातर्फ अगाडि बढ्नु वर्तमानको चुनौती देखिएको छ, पत्रकारले कुनै एक पक्षको समर्थनमा मात्रै लाग्नु पनि पत्रकारिताको मर्म धर्म विपरीत मात्र होइन, यो पेशालाई मारे बराबर हो । उहाँसँगको कुराकानी पछि हामी तीनलालको शालिक हेर्न हिंड्यौं ।

आकाशे एयरपोर्ट नजिकै शहीद गंगालाल श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठ र मकैको खेतीका लेखक ना.सु. कृष्णलाल अधिकारीको शालिक रहेछ । उहाँहरु जस्ता तिनै व्यक्तित्वको जन्मथलो रामेछाप हो । देशको स्वतन्त्रताका निम्ति आफ्नो ज्यान अर्पण गर्ने व्यक्तित्वको शालिक र प्रेरणादायी जीवन दर्शनबाट हामीलाई पनि विश्वमानव जातिको स्वतन्त्रताको मुटु, लोकतन्त्रको प्राण प्रेस स्वतन्त्रताको मुद्धालाई सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानमार्फत् विश्वव्यापी गर्न थप ऊर्जा र साहस प्राप्त भएको छ । स्वभाविक हो हरेक मान्छे जन्मँदा देखि नै स्वतन्त्र भएर बाँच्न चाहान्छ र स्वाभिमानपूर्वक मर्न पनि चाहान्छ । तर समाजका विभिन्न खाले षड्यन्त्रका तानाबानाले ऊ सिक्रीझैं फनफनी बाँधिएको हुन्छ, विचारक जीन ज्याक्स रुसोले भनेझैं । जसले गर्दा उसलाई स्वतन्त्रताको विगुल फुक्न समाजका षड्यन्त्रकारीहरु रोक्न खोज्छन् । तर दृढसंकल्पित र वास्तविक मानवीय कर्म गर्न चाहने मान्छेको मन कसैको दबाब र बहकावमा कहाँ झुक्छ र ?

तीनलालको शालिक हेरे लगत्तै हामी परीक्षण प्रसारणमा रहेको रेडियो तीन लाल एफ.एम. स्टुडियोमै आयौं । स्टूडियोमा अर्न्तवार्ताकार पेशल आचार्यले विश्वभ्रमण अभियानको अर्न्तवार्ता रेकर्ड गर्नुभयो । स्टूडियोमा सञ्चालक जे.एन्. दाहाल, रेडियोकर्मी रमेश उदास, कल्पना आले र युनिक विफा घिसिंग सँग पनि हाम्रो थप कुराकानी भयो । यस अभियानले मलाई पनि जीवनमा कठीन काम उठाउनु पर्छ भन्ने हौसला मिलेको छ भन्नु हुँदै सञ्चालक दाहालले हामीलाई एउटा डायरी र तीनलाल एफ.एम. को टिसर्ट विश्वभ्रमण अभियान सफल होस् भनेर उपहारस्वरुप प्रदान गर्नुभयो ।

२०६७ जेठ १४: नेपाली जनताले नयाँ संविधान पाउनु पर्ने दिन । तर...। दलहरुबीच सत्ता मोह र विश्वासको खडेरी परेका कारण २ वर्षमा संविधान लेख्ने कार्य पूरा हुन सकेन । बिहानै देखि सञ्चारमाध्यम एवं हामीसँग भेट हुनुभएका महानुभावहरु ऐतिहासिक संविधानसभा विघटन हुने हो अथवा स्याद थप हुने हो भन्ने विषयमा विभिन्न अड्कलहरु काट्न व्यस्त पाइयो । दिनैभर संविधानसभा भवन नयाँ वानेश्वर काठमाडौंमा वार्ता भएपनि निष्कर्षमा पुग्न नसकिएका खबरहरु सञ्चारमांध्यममा छाइरहे । संविधानसभाको स्याद १ वर्षका लागि थप्ने चर्चा परिचर्चा सुनिएको छ खोई के हुने हो । थपियो भने पनि संविधान बन्ने हो कि होइन ? आशंका मात्रै गर्न सकिन्छ ।

हामी बिहान ७ बजे मन्थली उ.मा.वि. कार्यालय गयौं । नि.प्र.अ. टंकप्रसाद दाहाल शिक्षक नवराज घिमिर, शिवप्रसाद सुवेदी, स्ववियु सभापति गंगालाल गोले लगायतसँग हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता अभियानबारे छलफल गर्‍यौं । उहाँहरुले राष्ट्रका प्रमुख ३ अंगलाई खबरदारी गर्दै समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्न सक्ने चौथो अंग पत्रकारितालाई सबल एवं सक्षम बनाउन थालिएको विश्वभ्रमण अभियान सफलतापूर्वक सम्पन्न होस् भन्ने शुभकामना व्यक्त गर्नुभयो । द्वन्द्व बढाउनभन्दा घटाउने दिशातिर र पहुँच नभएका मान्छेको सहभागिता गराउन सञ्चारमाध्यम लागि पर्नु पर्ने उहाँहरुको सुझाव छ ।

वि.सं. २०४६ सालपछि शैक्षिक संस्था धेरै खुले पनि गुणस्तरीयता कायम गर्न भने चुनौती रहेको भेटमा सहभागी शिक्षकहरुको भनाई छ । वि.सं. २०१२ सालमा स्थापित उक्त विद्यालयमा हाल उ.मा.वि. सँगै मन्थली शहीद स्मृत्ति बहुमुखी क्याम्पस सञ्चालनमा छ ।

उ.मा.वि. बाट फर्किएर हामीले खाना खायौं । गा.वि.स. कार्यालय मन्थली पुग्यौं । एउटा लेखअनुसार माझी भाषामा मुन भनेको जाँड र थली भनेको बस्ने चौतारो हुन्छ । मन्थलीमा उहिले बसोबास थिएन । लेकबाट बालीनाली लगाउन आउँदा चौतारोमा बसेर खाजा नास्ता खाने गरेका कारण मुनथलीबाट मन्थली भएको हो कि ? भन्ने भनाई पनि रहेछ । हामीले गा.वि.स. सचिव ढालबहादुर कार्कीसँग केहीबेर कुरा गऱ्यौं । मन्थलीमा खानेपानीको समस्या रहेको सचिव कार्कीले बताउनुभयो । त्यहाँबाट हामी जि.वि.स. कार्यालय पुग्यौं ।

स्थानीय विकास अधिकारी दिलीपकुमार चापागाईंसँग हाम्रो भेट भयो । योजना अनुगमन तथा प्रशासकीय अधिकृतले स्टोरमा जि.वि.स. को सूचना सामाग्री उपलब्ध गराउनुभयो । लेखापालहरु बिदामा भएकाले स्थानीय विकास अधिकारीले तोक लगाउनु भएको रकम पाउन केहीबेर कुर्न पऱ्यो । अन्त्यमा स्टोरकै एक महिला कर्मचारीले पैसा दिएर हाम्रो बाटो फुकाइदिनुभयो ।

जि.वि.स. बाट हामी जिल्ला शिक्षा कार्यालय पुग्यौं । निमित्त जि.शि.अ. हेमन्तकुमार बुढाथोकीसँग भेट भयो । जिल्ला प्राविधिक कार्यालयमा पुग्दा इञ्जियिर शिव अर्यालले प्रेस स्वतन्त्रता जनताको स्वतन्त्रतासँग जोडिएको कुरा हो भन्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो । हामी तामाकोशी सेवा समिति भवनमा रहेको मन्थली बचत तथा ऋण सहकारी संस्था लि. कार्यालय पुग्यौं । सहकारी अध्यक्ष ध्रुवप्रसाद सुवेदीले प्रसिद्ध हिमाली नदी तामाकोशीको नामबाट मन्थली निवासी उत्साहित व्यक्तिहरुको सहयोगमा साहित्यकार जगदीश घिमिरे तथा श्रीमती दुर्गा घिमिरेले वि.सं. २०४० सालमा तामाकोशी सेवा समिति स्थापना गर्नुभएको ब्रोसरमा उल्लेख छ । अध्यक्ष सुवेदीले अनकण्टार जिल्ला रामेछापमा जे जसरी जति पत्रकारिता भएको छ, त्यो उल्लेखनीय ठानेको छु भन्नुभयो ।

सामुदायिक विकास समाज कार्यालय पुगी अध्यक्ष मिलनकुमार घिसिंगलाई भेट्यौं । आत्मनिर्भर, स्वस्थ र समतामूलक समाजको स्थापना गर्ने परिकल्पनाका साथ वि.स. २०५८ सालमा दर्ता भएर सञ्चालनमा रहेको यस संस्थाले देवकोटा चोकमा २०६७ जेठ १४ लाई आधार मानेर संविधानसभाको म्याद सकिन कति दिन बाँकी छ भन्ने सार्वजनिक सूचना टाँस गरेको देख्न पाइयो । अध्यक्ष घिसिंगले भन्नुभयो, महान् लक्ष्यले नै मानिसलाई महान् बनाउँछ, धेरै मानिसहरु सपना त देख्छन् तर सपना पूरा गर्ने अठोटचाहिं गर्दैनन् । सपनालाई साकार बनाउने प्रतिबद्धताका साथ प्रेस स्वतन्त्रताको प्रत्याभूति साथै नेपाल र नेपालीको पहिचानका लागि सुरु भएको यो साहसिक विश्वयात्रालाई सफलताको शुभकामना ।

हामी वी.पी. चोकबाट अगाडि भट्टराई होटल आयौं । होटल परिवार सुरेश, शान्ता, राकेश, राजेश भट्टराईको तर्फबाट अस्मिता सुवेदीले संघर्ष नै सफलताको चुरो हो, जीवन केवल संघर्ष हो त्यही गर्न सिकौं भन्दै शुभकामना लेख्नुभएको छ ।

बेलुकी खाना खाएर रेडियो सुनियो । राती १० बजेसम्म संविधानसभा विघटन हुने हो कि ? म्याद थपिने भन्ने विषयमा अन्यौल थियो । ११ बजेको समाचारमा १ वर्षको कार्यकाल थप्ने, प्रधानमन्त्री माधवकुमार नेपालले अविलम्ब राजीनामा दिने लगायतका ३ बुँदे सहमति भएको सुनियो । जे होस्, नागरिक समाज र जनदबाब म्याद थप्नुपर्छ भन्नेमा थियो । समय घर्किने बेलामा राती सहमति गर्ने नेपाली नेताको पुरानो बानीले यसपटक पनि निरन्तरता पायो ।

२०६६ जेठ १५ शनिवार र १६ गते आइतबारः यी २ दिन अध्ययन, लेखन र छलफलमै व्यस्त रह्यौं । हप्ता दिन अगाडि काठमाडौं जानुभएका सहप्राध्यापक डी.बी. भुजेल आउञ्ज्याल बस्ने सल्लाह भएकाले हामी यही बसेका हौं । उहाँ आईतबार १६ गते बेलुकी काठमाडौंबाट रामेछाप आइपुग्नुभयो ।

२०६७ जेठ १७: पत्रकारिता क्षेत्रले सबैको प्रतिनिधित्व गर्नुपर्ने धारणा व्यक्त गर्दै सहप्राध्यापक भुजेलले हामीलाई विश्वभ्रमण अभियानका क्रममा आइपर्ने सबै बाधा व्यवधानसँग जुधेर सफल पार्न सल्लाह र शुभकामना दिनुभयो । उहाँको शुभेच्छा ग्रहण गर्दै हामी मन्थली बसपार्कबाट बस चढेर तामाकोशी र सुनकोशीको दोभानमा आयौं । झोलुंगे पुल पार गरेर नर्वदेश्वर महादेव मन्दिर पुग्यौ ।

पकरवास २ र ३ को बीचमा पर्ने सो मन्दिरबाट १५ मिनेटको उकालो चढेर बेलपत्र घारी र सिद्धगुफा चर्को घामका वावजुद अवलोकन गऱ्यौं । खोटांग जन्मथलो बताउने साधु टेकनाथ आर्चायले रुद्र शर्मा नाम गरेका साधुले यही गुफामा तपस्या गरी सिद्धि प्राप्त गरेका हुन् भन्ने इतिहास छ भन्नुभयो । हामी पुनः मन्दिरमा झऱ्यौं । मन्दिरका अध्यक्ष वेदप्रसाद प्रसाईले मही र सातुको व्यवस्थामार्फत् स्वागत गर्नुभयो । नजिकै सुनकोशी पारी खाल्डेको भूभाग देखियो । सुनकोशी पारी सिन्धुली जिल्लाको भूभाग पर्ने हामीले जानकारी पायौं ।

सम्पूर्ण साधु, सन्तको आर्शिवाद र शुभेच्छा लिएर त्यहाँबाट हामी हिंड्यौं । १ घण्टाजति हिंडेपछि नदीको पुल भेट्टायौं । यही पुलको आधा भाग पार गरेपछि ६६ औं जिल्ला रामेछाप भ्रमण अन्त्य भई खुर्कोटबाट ६७ औं जिल्ला सिन्धुली भ्रमणको हामीले सुरुवात् गऱ्यौं ।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

जुटाइएको अभिमतले सार्थक रुप लिन सकोस् । - टीकाप्रसाद भट्ट (अध्यक्ष), नेपाल पत्रकार महासंघ

यात्रा सफल होस् । - शंकर अर्याल (प्रजिअ), जिल्ला प्रशासन कार्यालय

मान्छेहरु महान् सपना त देख्छन्, पूरा गर्ने अठोट गर्दैनन् । - मिलनकुमार घिसिंग (अध्यक्ष), सामुदायिक विकास समाज

धराशायी हुँदै गएको पत्रकारितामा सकारात्मक पाइला । - विजय श्रेष्ठ, मधुसुदन रायामाझी, सुमित श्रेष्ठ, वेदबहादुर श्रेष्ठ, राजु श्रेष्ठ, पुष्पवृष्टि साप्ताहिक परिवार

संसार बदल्ने सन्तानले नयाँ नयाँ बाटामा लम्कनु । - अस्मिता सुवेदी (ओखलढुंगा), सुरेश, शान्ता, राकेश र राजेश भट्टराई, मन्थली

संघर्ष नै सफलताको चूरो हो । - दुर्गा भुजेल, मन्थली गा.वि.स. टेकनपुर

उन्नति, प्रगति र यात्राको शुभकामना । - टंकप्रसाद भट्टराई (प्रहरी निरीक्षक), धोबी

भेट्न पाउँदा खुशी लागेको छ । - रमेश ढुंगेल (पैरवी संयोजक) प्रोपब्लिक, विक्रम भट्टराई, सालु, खिलाबहादुर महत, बिजुलीकोट

शुभकामनाका चरु यहाँहरुको महान् यज्ञमा । - पेशल आचार्य (उपप्राध्यापक), मन्थली शहीद स्मृत्ति क्याम्पस

हर्षको समुद्रमा डुबुल्की मारेको आभाष ।

- डी.बी. भुजेल (च्यांग्रे २ भोजपुर), मन्थली शहीद स्मृत्ति बहुमुखी क्याम्पस मन्थली (सहायक प्राध्यापक)

सम्पूर्ण नेपालीको भलाई गर्न सकोस् । - झनहरी दाहाल, प्रधानाध्यापक, हिमगंगा उ.मा.वि., साँघुटार

विश्वयात्राले विजय पाओस् । - रामकुमार भौकाजी, साँघुटार बजार

चुनौतीहरु सहजरुपमा पार हुन सकुन् । - मोहनकुमार श्रेष्ठ (शिक्षक), श्री पट्नादेवी नि.मा.वि. भालुखोप, सुकाजोर ९

समानता र न्यायको आवाज हुन सकोस् । - मोतीलाल तामांग, गाउँ पार्टी सेक्रेटरी, एनेकपा माओवादी, ओखेनी

सान्दर्भिक विषयको लक्ष्य आफैंमा गौरव । - निरबहादुर कार्की (प्र.अ.), श्री गौरीशंकर उ.मा.वि. रामेछाप

अभिलाषा निविघ्नता पूर्वक सफल होस् ।

- गणेशबहादुर कार्की (सहायक प्रधानाध्यपक), रामप्रसाद पौडेल (शिक्षक), श्री गौरीशंकर उ.मा.वि. रामेछाप

उच्च लक्ष्य सहजतापूर्वक पूरा होस् । - पेशल वाग्ले, हजुरको रेडियो १०२.१ मे. रामेछाप

उद्देश्य शिखरमा पुर्याउनु । - उज्जवलराज गिरी, हजुरको रेडियो रामेछाप

२५५४ औं बुद्ध जयन्तिको उत्सव अत्यन्त खुशीको क्षण । - नवीन मनोहर (कोषाध्यक्ष), नेपाल पत्रकार महासंघ

उठाइएको जोखिमलाई सफलताको शुभकामना ।

- हिमाल ढुंगेल (प्रकाशक), रामेछाप नयन साप्ताहिक, दीपक भट्ट (उपसभापति ने.प.म.)

मलाई पनि कठिन काम उठाउने हौसला मिल्यो । - जगन्नाथ दाहाल, जे.एन्. पुस्तक पसल मन्थली

निर्धारित उद्देश्यका लागि केन्द्रित यात्रा निरन्तर होस् ।

- रमेश उदास, कल्पना आले, युनिक विफा घिसिंग, रेडियो तीनलाल एफ.एम. ८८.६ मे. मन्थली

नीजि स्वार्थ त्यागलाई शुभकामना । - गंगालाल गोले (स्ववियु सभापति), मन्थली शहीद स्मृत्ति बहुमुखी क्याम्पस

सकारात्मक अनुभव मुलुक परिवर्तनको खुराक बनोस् । - हेमन्तकुमार बुढाथोकी (निमित्त जि.शि.अ.)

समग्र परिवर्तनको माध्यम हो स्वतन्त्र पत्रकारिता । - दिलिपकुमार चापागाई (स्थानीय विकास अधिकारी)

लक्ष्य प्राप्त होस् । - ध्रुवप्रसाद सुवेदी, अध्यक्ष मन्थली बचत तथा ऋण सहकारी संस्था

प्रेस स्वतन्त्रता एवं निष्पक्ष पत्रकारिताको महान् यात्रा ।

- लालप्रसाद गुरागाई (वाइसियल इन्चार्ज),, कल्याणकुमार आचार्य, शिवकुमार परियार, बाम्ती भण्डार रामेछाप १ नं. इलाका कार्यालय

सफलताको शुभकामना ।

- सूर्य लज तथा रेष्टुरेण्ट, वाम्ती भण्डार ३, रत्नज्योति बसपार्क

Represent Nepal as a country of natural beauty.

- Arun Bhaukaji, Sanghutar Bazar

रामेछाप यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. १,५००/-
सामुदायिक विकास समाज	रु. १,००५/-
हिमगंगा उ.मा.वि. (साँघुटार)	रु. १,०००/-
मन्थली बचत तथा ऋण सहकारी संस्था	रु. ७००/-
मन्थली उ.मा.वि.	रु. ६००/-
मन्थली शहीद स्मृत्ति बहुमुखी क्याम्पस	रु. ६००/-
गौरीशंकर उ.मा.वि. (रामेछाप)	रु. ५५०/-
मोहनलाल श्रेष्ठ (भालुखोप)	रु. ४००/-
शिव अर्याल (जिल्ला प्राविधिक)	रु. ५०/-

६७ औं जिल्ला सिन्धुली डायरी

२०६७ जेठ १७ गतेः रामेछापको भूभागबाट खुर्कोटघाटको पुल तरेर हामीले ६७ औं जिल्ला सिन्धुली यात्रा भिमेश्वर गा.वि.स. अन्तर्गतको खुर्कोट बजारबाट प्रारम्भ गऱ्यौं । यही बजारबाट बसमार्फत् रतनचुरा गा.वि.स.को खन्याखर्क हुँदै सोलाभञ्ज्याङ्ग आयौं । आज बिहानदेखि नै गाडीहरुले हामीलाई भाडा लिएनन् । ऐतिहासिक सिन्धुलीगढीको प्रवेश द्वार रहेको सोला भञ्ज्याङ्गको सिन्धुलीगढी होटलमा नै हामी बास बस्यौं । यहाँ भेला भएका सिन्धुलीवासीहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे जानकारी दियौं । देशका विभिन्न भागका फोटाहरु हेर्न पाएपछि खुशी हुँदै उनीहरुले भने, यहीं बसी बसी धेरै ठाउँका फोटा हेर्न पाइयो, हामीलाई पनि नेपाल घुमेजस्तै भयो ।

संक्षिप्त परिचय

क्षेत्रफलः २,४९१ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ५३ वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः ३, सदरमुकामः सिन्धुलीमाडी, अञ्चलः जनकपुर, विकास क्षेत्रः मध्यमाञ्चल

भौगालिक अवस्थितिः पूर्व उदयपुर, सिराहा, पश्चिम मकवानपुर, उत्तर काभ्रेपलाञ्चोक, रामेछाप, ओखलढुंगा, र दक्षिण रौतहट, सर्लाही, महोत्तरी र धनुषा ।

पर्यटकीय स्थलः सिन्धुली गढी, पञ्चकन्या पोखरी, सिद्धबाबा, कुशेश्वर महादेव, कमला माई, वानेश्वरको गुफा, रतनचुराको गुफा, सर्पे ढुंगा, कालिखोला आदि ।

(श्रोतः जि.वि.स.)

२०६७ जेठ १८ः गायक कृष्ण विक्रम थापाले गाउनु भएको गीत सिन्धुली गढी घुमेर हेर्दा सुन्तली माई कतिमा राम्रो दरबार माऱ्यो ति मायाले माऱ्यो बोलको गीत गुन्गुनाउँदै हामीले बिहान गढी परिसर घुमफिर गऱ्यौं । ऐतिहासिक गढीका भग्नावशेष दरवार, सानो र ठूलो गरी २ मन्दिर र गढी आसपासको मनोरम हरियालीलाई हामीले नियाल्यौं । त्यतिबेलाको दरबार र गढी अहिले भत्किएर थोरै ढुंगाको पर्खालमा सीमित रहेको छ ।

यहाँका स्थानीयवासी डम्बर र युवराज श्रेष्ठले केही रोचक प्रसंगहरु सुनाउनुभयो । सिन्धुली गढीमा बसेर नेपाली फौजले ठूलै सिजर्नशीलता प्रयोग गरेछन् । कसरी भने तलबाट आएको अंग्रेज फौजलाई देख्ने बित्तिकै उनीहरुलाई भगाउन र परास्त गर्न नेपाली फौजले काला अरिंगालका गोलामा ढुंगाले हानिदिएछन् । ति अरिंगालले अंग्रेज फौजका केही व्यक्तिलाई चिलेर मारिदिएछ । त्यतिमात्र होइन जंगलमा रहेको सिस्नाका झांगले तिनीहरुलाई पोलिदिएछ । अरिंगालको टोकाई र सिस्नोको पोलाईले खपिनसक्नु भएपछि अंग्रेज फौज नेपालका कीरा र वनस्पति त यति विषालु छन् भने मान्छे झन् कति शक्तिशाली होलान् भनेर आत्तिएर फर्किएछन् ।

थोरै फौज, विना अत्याधुनिक हतियार नेपालीहरुले आफ्नो जन्मभूमिको वचाउ गरेका हुन् भन्ने इतिहास सुन्न पाउँदा हामीलाई गर्व लाग्यो । बहादुर नेपाली फौजले अंग्रेजसँग युद्ध जितेको यो ऐतिहासिक धरोहर गढीमा आइपुग्न पाउँदा हामी हर्षित भयौं, सँगसँगै उचित संरक्षण नभएकोमा साऱ्है दुःखी पनि ।

हिजोआज नेपालीबीच राष्ट्रियताका सवालमा एकता नहुँदा विदेशी हस्तक्षेप भइरहेको छ । पछिल्लो उदाहरणमा भारतका खाँसीहरुले नेपाली भाषीमाथि अपमान गरिरहेको समाचार छ । यसको एउटा प्रमुख कारण हामी नेपाली कमजोर हुनु अनि देशमा गतिलो सरकार नहुनु पनि हो । त्यसकारण हिमाल, पहाड र तराईका हामी सबै नेपाली एकजुट हुनै पर्ने बेला आएको छ ।



गढीबाट झरेर भञ्ज्यांगमै खानपिन गऱ्यौं । सिन्धुलीमाढीबाट आएको एउटा क्रेन बजारमा टक्क रोकियो । क्रेनको तेल ट्यांकीमा २ वटा साना पाइप राखिए । साना ड्रममा १०० लिटर तेल खन्याइयो । ५,६ हजार नोट गोजीमा राखेर ड्राईभरले क्रेन अगाडि बढाए ।

नेपालमा भ्रष्टाचार कहाँ कहाँ हुन्छ भन्दा पनि कहाँ कहाँ हुँदैन ? भन्ने बेला आइसकेको क्रेन ड्राईभरले सोला भञ्ज्यांगमा तेल बेचेर हिंडेको दृश्यले देखायो । गोजीमा नोट पाएर ड्राईभर दंग, बजारमा भन्दा सस्तोमा तेल पाएर स्थानीय व्यापारी मक्ख, पऱ्यौं हामी छक्क । वी.पी. राजमार्गको सिन्धुलीगढी प्रवेश द्वारमा

देखिएको यो दृश्यले हामीलाई सोचमग्न बनायो। नेपालमा भ्रष्टाचारीको अन्त्य होला ? हामी सोलाभञ्ज्यांगमा नै बास बस्यौं ।

२०६७ जेठ १९: सोलाभञ्ज्यांगबाट सलक्क परेको सफा नागबेली सडक पार गरेर हामी भद्रकाली १ आइपुग्यौं । श्रेष्ठ पसलमा खाजा खायौं । श्रेष्ठ बाजेले विश्वभ्रमणजस्तो ठूलो उद्देश्य पूरा होस् भनेर शुभेच्छा प्रकट गर्नुभयो। त्यसपछि भद्रकाली मन्दिरतर्फ उकालो लाग्यौं । उच्च स्थानमा रहेको यो मन्दिर परिसर घुमिसकेपछि बिहान ९ देखि दिउँसो १:३० बजेसम्म हामी अध्ययन लेखनमै जुट्यौं । त्यसपछि मात्रै सिन्धुली सदरमुकाम सिन्धुलीमाढी तर्फ लाग्यौं ।

तेलको ट्यांकरले हामीलाई ढुंगेबाससम्म ल्याइदियो। त्यहाँबाट हामी खोलाको बगरै बगर बजारतर्फ आयौं । सम्म मैदानमा अवस्थित माडी क्षेत्र भित्री मधेश अर्न्तगत पर्दो रहेछ। हामी स्टल बजार आइपुग्दा आकाशबाट वर्षा भयो । केहीबेर हामी रोक्कियौं। यहीबेला हामीले पत्रकार महासंघ अध्यक्ष सञ्जय दाहाललाई फोन गर्दा उहाँको नम्बर अफ रहेछ। लगत्तै हामीले पूर्वपरिचित तुलसी श्रेष्ठ भाईलाई फोन गर्‍यौं । उहाँले हामीलाई दिनुभएको रुट अनुसार १ नं. बजार काटेर २ नं. बजार राष्टिय वाणिज्य बैंक छेउको घरमा आइपुग्यौं । उहाँ महिला विकास कार्यालय सिन्धुली अर्न्तगतको प्रोजेक्टमा कार्यरत हुनुहुँदो रहेछ । च्यांग्रे भोजपुरका उहाँले हामीलाई अफिसको अतिथि कक्षमा बासको व्यवस्था मिलाउनुभयो ।

साँझमा उहाँसँगै मानव विकास तथा वातावरण संरक्षण केन्द्रद्वारा सञ्चालित रेडियो सिन्धुली गढी एफ.एम. १०३.६ मे. कार्यालय गयौं । त्यहाँ अध्यक्ष कृष्णहरि घिमिरे, एफ.एम. कर्मी लोकहरी अर्याल, शंकर अधिकारी, पोष्टराज अधिकारी लगायतसँग हाम्रो भेट भयो । अध्यक्ष घिमिरेले हामी सबैले लडिरहेको लडाइँ प्रेस स्वतन्त्रताको पक्षमा आवाज उठाउँदै सिन्धुलीमा आइपुगेको प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानलाई हार्दिक स्वागत छ भन्दै सिन्धुलीका विषयमा विविध जानकारी गराउनुभयो ।

सिन्धुली भविष्यको एकदमै सम्भावनायुक्त ठाउँ बन्दै छ। चारै तर्फबाट आउने बसको केन्द्र विन्दू बन्ने भएकाले थाइल्याण्डको राजधानी बैंकक जस्तै हुँदैछ सिन्धुली । तर चूरे विनासका कारण समस्या पर्ला कि ? भन्ने सिन्धुलीवासीलाई चिन्ता रहेको छ, अध्यक्ष घिमिरेले भन्नुभयो । अन्य रेडियोकर्मी साथीहरुको शुभेच्छा ग्रहण गर्दै हामी फेरि २ नं. बजार फर्कियौं । तुलसी भाईसँगै होटलमा खाना खाएर हामी अतिथि गृह आयौं ।

एकपटक गाउँघर, साथीभाई चारैतिरका विगत र वर्तमानका विषयमा उहाँसँग कुराकानी भए । तुलसी भाई र हामीले पनि मा.वि. शिक्षा श्री पञ्चकन्या मा.वि. च्यांग्रेबाटै लिएका हौं। उहाँको बुवा केशरबहादुर श्रेष्ठ प्र.अ. अनि आमा मायादेवी श्रेष्ठ प्रा.वि. शिक्षिका त्यही स्कूलको हुनुहुन्थ्यो भने दिदी सुस्मा एस.एल.सी. सम्मको कक्षा साथी । दुःख सुखका अनुभूति साटासाट गरेर हामी सुत्यौं ।

२०६७ जेठ २०: बिहान नेपाल पत्रकार महासंघ, सिन्धुलीका अध्यक्ष सञ्जय दाहाललाई सिन्धुल साप्ताहिक कार्यालयमा भेट्यौं ।

दिउँसो ११ बजे महासंघ कार्यालयमा सबै पत्रकारहरुसँग भेटघाट गर्ने निधो अध्यक्ष दाहालले गर्नुभयो । सोही ठाउँमा अन्नपूर्ण पोष्ट संवाददाता मीनकुमार दाहालसँग पनि हाम्रो परिचय भयो । दाहाल प्रिण्टिंग अफसेट प्रेस बाहिर बसिरहेका बखत परजुना स्टेशनरीकी भवानी देवकोटा आएर सोधपुछ गर्नुभएको क्षण र उहाँको स्वागत अभिवादन हाम्रा लागि स्मरणीय रह्यो ।

तोकिएको समयमा अध्यक्ष दाहाल आमालाई काठमाडौं लिएर जानुभएको खबर पाइयो । हामीले कान्तिपुर संवाददाता राजकुमार कार्कीलाई फोन गर्‍यौं । उहाँ सहित गोरखापत्रका बाबुराम देवकोटा र नेपाल समाचार पत्रका श्यामहरी अधिकारीसँग महासंघको आफ्नै कार्यालय भवनमा हाम्रो कुराकानी भयो । संक्रमणकालीन अवस्थामा केही ठेकेदार, वन तस्कर र कर्मचारीहरु

आफ्नो कर्तुत बाहिर सार्वजनिक नहुन् भन्ने चाहान्छन्, पत्रकारहरुलाई शत्रु आएझैं गर्छन्, यसबाहेक अरु सबै वर्गले राम्रो व्यवहार गर्ने गरेको भेटमा सहभागी पत्रकारहरुको तितोमीठो अनुभव रहेछ ।

पत्रकार साथीहरुको शुभेच्छा लिएर महासंघ कार्यालयबाट हामी जिल्ला प्रशासन कार्यालयतर्फ लाग्यौं । प्रजिअ जितेन्द्र बहादुर भण्डारीले घरपरिवार छोडेर समाजसेवामा लाग्ने तपाईहरु जस्ता व्यक्ति थोरै हुन्छन् भन्दै विश्वभ्रमण सफलताका लागि शुभकामना पत्र प्रदान गर्नुभयो । जिल्ला प्रशासन कार्यालय बाहिर आएर हामीले नेकपा एमाले सिन्धुली अध्यक्ष कमलजंग राईलाई फोन गर्‍यौं । अध्यक्ष राईले जि.वि.स. को सर्वदलीय बैठक चलिरहेकै ठाउँमा हामीलाई बोलाउनुभयो । त्यहाँ उपस्थित सिन्धुलीका राजनीतिक दल र जि.वि.स. का प्रतिनिधिहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । उनीहरुले पीत पत्रकारिता अन्त्य गर्न र प्रेस, स्वतन्त्र मर्यादित, जिम्मेवार अनि सकारात्मक बनाउन यस भ्रमणले महत्वपूर्ण भूमिका खेल्ने विश्वासका साथ अभियान सफलताका लागि शुभकामना व्यक्त गरे ।

हामी सिन्धुली उद्योग वाणिज्य संघ गएर उपाध्यक्ष राजकुमार श्रेष्ठसँग भेट गर्‍यौं । अनि आयौ परजुना स्टेशनरीमा । मनोक्रान्ति अभियान सिन्धुली कोषाध्यक्ष सुरेशविक्रम देवकोटाले कार्यवाहक अध्यक्ष शोभा श्रेष्ठलाई भेट्टाउनुभयो । शनिवार मनोक्रान्ति सिन्धुली परिवारसँग औपचारिक भेटघाट कार्यक्रम गर्ने निर्णय भयो । यो स्टेशनरीमा हामीले जनकपुरका तरुणकुमार कर्ण लगायत अन्य ग्राहकलाई पनि विश्वभ्रमणबारे जानकारी र पर्चा वितरण गर्‍यौं ।

बेलुकी भाई तुलसी श्रेष्ठसँग नै हाम्रो खानपिन र बसोबास भयो । तुलसी भाईको धुम्रपान मद्यपान नगर्ने बानी हामीलाई मन पर्‍यो । आजकालका समयमा यस्ता युवा भेट्न साह्रै कठिन छ । श्रेष्ठ परिवारका यी युवाको राम्रो स्वभाव अझ श्रेष्ठ हुँदै जाओस् । जसको स्वभाव अनुसरण गर्न अरु युवा पनि लालायित हुन्, शुभकामना ।

२०६७ जेठ २१: बिहान ९:३० बजेसम्मको समय नुहाइधुवाई, अध्ययन र सामान्य घुमघाममा बित्यो । खाना खाएर जिल्ला प्रहरी कार्यालय पुग्यौं । प्रहरी नायब उपरीक्षक जनक भट्टराईले पत्रकारिता र पर्यटनको अध्ययन अवलोकन गरी पहिले आफ्नै देशलाई राम्ररी चिनौं, जानौं भन्ने उद्देश्य सारगर्भित, मार्मिक र उद्देश्यमूलक छ भन्दै आफू र आफ्नो देशलाई चिनिसकेपछि अन्य सम्पूर्ण कार्य सकारात्मक दिशातर्फ अगाडि बढाउन सकिन्छ भन्ने सोचका साथ सुरु भएको विश्वभ्रमण अभियान सफलतापूर्वक सम्पन्न होस् भन्ने शुभकामना लेख्नुभयो । प्रहरी कार्यालयबाट हामी कमलामाई नगरपालिका पुगी कार्यकारी अधिकृत भुपाल बराललाई भेट्यौं । अधिकृत बरालले राम्रो कार्यको थालनी गर्नु भएछ शुभकामना र आर्थिक सहयोगका लागि सर्वदलीय संयन्त्रमा राखिदिन्छु भन्नुभयो । नगरपालिकाको ब्रोसिएर हामीले लियौं ।

वि.सं. २०५३ सालमा स्थापना गरिएको र कमलामाई भगवतीको नामबाट नामाकरण गरिएको यो नगरपालिका भित्र सदरमुकाम माडी बजार पर्दछ । माडी बजार प्लट नं. १ र २ धुरा बजार, ढुंग्रेबास र भिमान बजार पर्ने यस नगरपालिकाको पूर्वमा रानीचुरी, रानीवास, भिमस्थान र बेलघारी गा.वि.स. पश्चिममा डाडी गुराँसे र भद्रकाली गा.वि.स., उत्तरमा रतनचुरा र भद्रकाली गा.वि.स. अनि दक्षिणमा सर्लाही, महोत्तरी र धनुषा जिल्लाको भौगोलिक सिमाना पर्दछ ।

नगरपालिकाबाट हामी रातामाटा स्थित जनता उ.मा.वि. पुग्यौं । प्रिन्सिपल सतिशचन्द्र ढकालले भन्नुभयो, सिन्धुलीमा संख्यात्मक हिसाबले पत्रिका धेरै देखिएपनि नियमित रुपमा निस्कने गरेको छैन, कुनै पक्षतिर आस्था भएपनि तथ्यसम्मत् सामाग्री सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित हुने गरेका छन् । त्यहाँबाट हामी सिद्धस्थली इंगलिस बोर्डिंग स्कूल पुग्यौं । प्याब्सन जिल्लाध्यक्ष ओम प्रधानलाई कार्यालयमा भेट्यौं । उहाँले बोल्न खासै रुचि नदेखाएपछि वा नभ्याएपछि हामी रेडक्रस कार्यालय आयौं ।

रेडक्रस कर्मीहरुसँग

नेपाल रेडक्रस सोसाइटी सिन्धुली अध्यक्ष अशोक श्रेष्ठको निमन्त्रणामा हामी त्यहाँ पुग्यौं । सभापित श्रेष्ठ र रेडक्रस मन्त्री मेनुका सुवेदीले हामीलाई खादा र अबिर पहिर्‍याउँदै भन्नुभयो, विश्वभ्रमण अभियान सफलतापूर्वक सम्पन्न गरेर पुनः नेपाल फर्किएपछि सिन्धुलीमा स्वागत गर्ने मौका मिलोस् । सदरमुकाममा रहेको एकमात्र पत्रिका पसल परजुना स्टेशनरीमा फेरि हामी पुग्यौं । त्यहाँ आउने ग्राहकहरुसँग हाम्रो परिचय र विभिन्न ऐतिहासिक पर्यटकीय स्थलको बारेमा फोटाहरु हेर्दै कुराकानी भयो । यही स्टेशनरीमा भेट हुनुभएका प्रमुख अनुसन्धान अधिकृत माधव तिमल्सिनाले कलिलै उमेरमा थालिएको यस्तो रचनात्मक

सोचबाट मचाहिं प्रभावित भएँ भन्दै स्वतन्त्र र निष्पक्ष पत्रकारिताका नाममा ५,७ वटा पत्रिका पढ्दा पाठक आफैं रणभुल्लमा पर्ने विद्यमान अवस्थालाई चिर्न यो भ्रमण सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

बेलुकी हामी सुरेशजी र उहाँकी आमा ईश्वरी देवकोटासित ढकाल गाउँ तर्फ लाग्यौं । बाटामा भेट भएका मान्छेसँग परिचय गर्ने क्रम चलिनै रह्यो । भेट भएमध्ये स्थानीय नवराज देवकोटा, फोस्रेटार उ.मा.वि. का शिक्षक रमण दाहाल, सिन्धुली एकीकृत विकास केन्द्रका अध्यक्ष दीपक घिमिरेको नाम सम्झना छ । कतै मकै राम्रैसँग फलेको देखिन्थ्यो त कतै लहलह बढिरहेका विरुवा अनि कतै खडेरीले खाएर सुकेका मकै खेतीको दृश्यसमेत अवलोकन गर्ने मौका मिल्यो यता आएपछि । लथालिङ्ग गाउँको भताभुङ्ग मान्छे अरुका नाम राखिदिने मेरो नाम छैन तर ढुंगेल माहिला बाजे भनेर चिन्छन् भन्दै ठट्यौली पनि गर्नुभयो माहिला बाजेले बाटामा ।

सिद्धबाबा मन्दिर

हामी कमलामाई नगरपलिका ४, ढकालगाउँ दमार सुधा देवकोटा (योगिनी श्री गं) का घरमा गयौं । उहाँ मनोक्रान्तिको ईतिहासमै (सम्भवतः नेपालमै) पहिलोपटक ललितपुरको गोदावरीमा १६ दिनसम्म ९ फिट गहिरो खाडलमा निराहार भू-तपस्या गर्ने पहिलो साधिका पनि हुनुहुन्छ । उहाँका दाजु मोहन देवकोटा, आमाबुवा, भाउजुसँग पनि हामीले कुराकानी गर्‍यौं । अध्ययन, लगनशीलता र साहस भन्ने कुराले मानिसको कुनै पनि ईच्छा र आकांक्षा पूरा गर्नका लागि सफलता दिलाउँछ भन्दै उहाँहरुले विश्वभ्रमण सफतापूर्वक सम्पन्न होस् भन्ने कामना गर्नुभयो । त्यहीं खानपिन गरेर हामी स्थानीय नारायण विक्रम थापाको घर पुग्यौं । उहाँको परिवार पनि मनोक्रान्तिप्रेमी नै रहेछ । झण्डै रातको १० बजिसकेको थियो । यहाँ उहाँहरुले प्रेमपूर्वक दिनुभएका पाकेका आँप खायौं । सुरेश जीसँगै उहाँको घरमा आएर सुत्यौं, भोली बिहान सिद्धबाबा मन्दिर जाने योजनाका साथ ।

२०६७ जेठ २२: ढकालगाउँबाट हामी विहान सिद्धबाबा मन्दिरको गन्तव्य बनाएर हिंड्यौं । क.न.पा. ६ राममाडीमा अवस्थित कृष्ण प्रणामी मन्दिर परिसर हेर्दै चिया पिएर ढुंग्रेबाँसबाट उकालो लाग्यौं । हरियो वनजंगल अनि एकान्त वातावरण रहेको उकालोमा मनोक्रान्ति सिन्धुली अध्यक्ष निर्मलरत्न तुलाधरले ध्यान केन्द्र बनाउन थाल्नुभएको रहेछ । सुरेशजीले विभिन्न जानकारी दिदै हुनुहुन्थ्यो । हामीले जति माथि पुगेर तल माडीको फाँट हेर्थ्यौं त्यति नै रमाइलो अनुभूति हुन्थ्यो ।

अझ क.न.पा. ९ च्याउकोटमा अवस्थित सिद्धबाबा मन्दिर पुग्दा त सबै थकान मेटिएको आभाष भयो । मन्दिरका डाँडासँगै नजिकका अन्य टाकुरा र वनजंगलले झनै आकर्षक बनाएको रहेछ, यस ठाउँलाई । प्यागोडा शैलीको यस मन्दिर परिसरमा गहिरो इनार, वरको रुख, १८१२ साल लेखिएको पुरानो घण्टी आदि रहेका छन् । वि.सं. १८१२ अगावै मकवानपुरे सेन वंशीय राज्यकालमा च्याउकोट टापुमा राजा बस्ने गर्दथे, यहाँ पानी नभएकाले राजपधेरो ढकाल गाउँबाट पानी ल्याएर इनारमा राखी राजाले खाने गर्दथे रे भन्ने भनाई रहेको सुरेशजीले बताउनुभयो । सो डाँडामा सिद्धबाबाले तपस्या गरेका कारण पनि मन्दिर स्थापना गरिएको हो भन्ने भनाई रहेछ । ढुंग्रेबासबाट सिद्धबाबा मन्दिरसम्म केबुलकार चलाउने योजना पनि बनेको छ रे । हामी सिद्धबाबा मन्दिरमा केहीबेर ध्यान गरेर अनि बिहानी नास्ता खाएर ओरालो झर्‍यौं ।

मनोक्रान्ति परिवारसँग


क.न.पा. ९ ढुंग्रेबास निवासी ललिता श्रेष्ठको घरमा हामी गयौं । मेरो स्तन, कोख, घुँडा, खुट्टा दुख्ने गर्दथ्यो, काठमाडौंका नामी अस्पतालमा समेत रोग पत्ता नलागेपछि चिन्तित थिएँ तर, ३ वर्षअघि मनोक्रान्ति सेमिनारको संगत गरेपछि हाल म एकदमै स्वस्थ छु, त्यसका लागि यो अभियान परिवारप्रति आभारी छु, ललिताले खुल्ला हाँसो हाँस्दै आफ्नो अनुभव सुनाउनुभयो ।

त्यहाँबाट हामी सिन्धुलीको मुख्य बजार आयौं। कालिका माई मन्दिर हेर्दै हटिया लागेको ठाउँ पुग्यौं। दिउँसोको चर्को घाममा पनि मानिसहरु आ आफ्नो मालसमान किनबेचमा व्यस्त थिए। हरिया पालका छाना बनाएर दोकान थापेको पनि देख्यौं। दिउँसो ४ बजे हामी स्काउट हल पुग्यौं। त्यहाँ मनोक्रान्ति अभियान सिन्धुली परिवारका सदस्यहरुको जमघट थियो। उहाँहरुले योगी श्री जं (चन्द्र गुरुंग, गोरखा) र सां (सुरेशराज जोशी, बझांग) लाई सम्झनु भयो, जसले पहिलो पटक सिन्धुलीमा मनोक्रान्ति कार्यक्रम लिएर आउनु भएको थियो। मनोक्रान्तिको सेमिनारमार्फत् वर्षौं पुराना रोगहरु जस्तै मधुमेह, ढाड शरीर दुख्ने, दम आदिको औषधी खाँदा खाँदा निराश भइसकेका उनीहरुले आजकल उत्साह उमंग सञ्चार भएको अनुभव बाँडे। कार्यक्रममा सहभागी सृजना अधिकारी र लिला श्रेष्ठले सन्तान प्राप्ति गरेको रोचक अनुभव पनि सुनाउनुभयो। एउटा बच्चा भएपछि ३ पटकसम्म गर्भ रहँदै खेर गयो, डाक्टरकामा जाँदा पाठेघरको मुख सिलाउनु पर्छ भने, मैले मनोक्रान्तिबाट रेकी लिनुभएकी शोभा श्रेष्ठसँग सम्पर्क राखे, उहाँले मलाई रेकी उपचार गरिदिनु भएपछि मेरो बच्चा भयो। मैले कुनै डाक्टरको औषधी खानु परेन, न त पाठेघरको मुख सिलाउनु नै पर्‍यो, मृदु हाँसो हाँस्दै अधिकारीले भन्नुभयो। उता लिला श्रेष्ठलाई पनि लामो समयदेखि महिनावारी नभएर पीडा बनेछ, मनोक्रान्ति उपचार पद्धति अपनाउन साथ महिनावारी हुनुको साथै बच्चा पनि भएपछि परिवारमा हर्षको सीमा रहेन, लजालु मुस्कान छर्दै लिलाले आफ्नो अनुभव सुनाउनुभयो। अन्य सहभागीहरुले पनि आफ्ना उपलब्धिहरु सुनाउँदै विश्वभ्रमण अभियानलाई स्वागत एवं शुभकामना व्यक्त गर्नुभयो। सामूहिक फोटो सेसनपछि साँझ हामी तुलसी भाईसँगै आएर बस्यौं।

२०६७ जेठ २३: बिहान हामीले नेपाल पत्रकार महासंघ सिन्धुलीका संस्थापक सभापति शेषराज दाहालसँग कुराकानी गर्‍यौं। उहाँका अनुसार लेटर प्रेसबाट १९ वर्षअघि प्रकाशन आरम्भ भएको सिन्धुल साप्ताहिक सिन्धुलीको पहिलो पत्रिका हो। मैले २०४९ मा धनुषा जिल्लाबाट महासंघको सदस्यता लिएँ र वि.सं. २०५० सालमा सिन्धुलीमै महासंघको शाखा स्थापना गर्‍यौं। त्यस समयमा पत्रकारिता गर्नेहरुको अभाव भएकाले रु. २०० तिरेर सदस्यता लिन पनि कोही मान्दैन थिए। यस्तो अवस्थामा आफ्ना आफन्तजनलाई आफैंले पैसा तिरिदिएर अनि सदस्य बनाएर संख्या पुर्‍याएँ, सभापति दाहालले इतिहास सुनाउनुभयो।

आफ्नो पत्रकारिता यात्रा वि.सं. २०४९ सालमा भएको टनकपुर सन्धि विरुद्ध प्रदर्शनमा उत्रिएकी शहीद सम्झना दाहाल गोलीको शिकार भएपछि सुरु भएको र आफूले पत्रकारिता गर्न थालेपछि विभिन्न चुनौतीसँग सामना गर्नुपरेको उहाँले बताउनुभयो। हुन त पत्रकार महासंघ केन्द्रिय समितिका पूर्वसभापति सुरेश आचार्य र हरिहर विरही र क्रान्तिकारी पत्रकार संघका वर्तमान अध्यक्ष महेश्वर दाहाल लगायतको जन्मथलो पनि सिन्धुली नै हो। तर पनि सिन्धुलीमा पत्रकारिता त्यति फस्टाउन नसकेको संस्थापक सभापति दाहालको अनुभव छ।

हामीले बिहानको खाना मनोक्रान्तिकी सिन्धुली अध्यक्ष शोभा श्रेष्ठको घरमा खायौं। त्यसपछि सामुदायिक विकास कार्यक्रमको कार्यालय पुग्यौं। कार्यक्रम प्रमुख मिलनकुमार श्रेष्ठले पत्रकारितामा निश्चित मापदण्ड नहुनु र उचित रेखदेखको अभाव रहेको धारणा राख्नुभयो। यदि मापदण्ड र रेखदेख हुन सके प्रेस स्वतन्त्र र मर्यादित पेशा बन्न सक्ने कार्यक्रम प्रमुख श्रेष्ठको मत रहेको छ। हाल साविकाले जिल्लामा अपांग बालबालिका, प्रकोप, माइक्रो हाइड्रो लगायतका क्षेत्रमा काम गरिरहेको पनि उहाँको भनाइ छ।

खांग खोला पार गरेर हामी धुरा बजारमा रहेको सिन्धुली एकीकृत विकास सेवा कार्यालय गयौं। कोषाध्यक्ष गोपालकुमार पौडेलले राज्यले पत्रकारिता क्षेत्रलाई चौथो अंगको रुपमा व्यवहार नगरेपनि विकासक्रम राम्रो देखिएको बताउनुभयो। वि.सं. २०५१ सालमा स्थापित यो संस्था स्वास्थ्य, खानेपानी, सरसफाई, महिला बालबालिका, अनौपचारिक शिक्षा लगायतका क्षेत्रमा सक्रिय रहेको व्यहोरा कोषाध्यक्ष पौडेलले हामीलाई अवगत गराउनुभयो।

कमलामाई मन्दिर

धुरा बजारबाट हामी मुख्य बजारको बसपार्क आयौं। गाडीमा चढेर कमलामाई थानतर्फ लाग्यौं। खांग खोला र कमलाको संगममा बसबाट झर्‍यौं। झोलुंगे पुल पार गरेर कमलामाई मन्दिर परिसर पुग्यौं। क.न.पा. वडा नं. १० मा २ खोला संगममा रहेको मन्दिर निकै आकर्षक देखियो। पूजारी भोजबहादुर राईले ढाक्रेले ३ चम्का लगाएर भात पकाउँदा भात घोप्टिएपछि चम्कामा हान्दा रगत आएको र ती ढाक्रे कास्दै कमलामाईको कोइरन ल्याएकाले मन्दिर बनाएर पूजा गर्न थालिएको बताउनुभयो।

हामी कमलामाईबाट पुनः बजार फर्कियौं । क.न.पा. ४ ऐसेलु जंघारतर्फ घुम्न गयौं । जिल्ला कारागार कटेर स्थानीय सीता श्रेष्ठसँगै उहाँको घर पुग्यौं । श्रीमान्ले सौता ल्याएर आफूलाई वास्ता नगरेको उहाँको गुनासो छ । हामी हिजो बसेकै स्थानमा आयौं । खाना खाएर सुत्यौं ।

२०६७ जेठ २४: बिहान सामुदायिक रेडियो सिन्धुलीगढी एफ.एम. १०३.६ मे. कार्यालय रातामाटा गयौं । रेडियोबाट शुभकामना लिएर हामी परजुना स्टेशनरी आयौं । सुरेशजीका दाई सुशील, भाउजु भवानी, आमा इश्वरीसँगै खाना खायौं । उहाँहरुको यो परिवारलाई धन्यवाद ज्ञापन गरेर फुर्कोट हुँदै काभ्रेको भ्रमणमा जाने योजना बनाएर हामी हिंड्यौं ।

बस सिन्धुलीमाढीबाट गढीसम्म उकालो र गढीबाट ओरालो झरेर खुर्कोट आइपुग्यो । खाजा खाने क्रममा होटलमा भेटिएकी एक आमालाई हामीले तपाईको घरमा टेलिभिजन छ भन्यौं, उहाँले छैन भन्नुभयो । पुनः तपाईहरुको घरमा टी.भी. छ भन्दा छ भन्नुभयो । यस्तै हो के गर्नु हामी नेपालीको विवशता । बोलीचालीको भाषाले उहाँलाई टेलिभिजन र टी.भी. फरक फरक चीज हुन भन्ने लागेको रहेछ ।

बेलुका सुत्ने ओछ्यानमा जाँदा धुलै धुलो, मैला लुगाफाटा । आखिर रात त गुजार्नै पर्‍यो, हामीले स्वीकार गर्‍यौं । बस भोली बिहान ८ बजे सुनकोशीको तिरैतिर दुम्जाबाट सिन्धुली छाडेर काभ्रे प्रस्थान गर्दैछ ।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित् शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पत्रकारिता र पर्यटनमा थप योगदान पुग्ने विश्वास ।
– राजकुमार कार्की (कान्तिपुर दैनिक), श्यामहरी अधिकारी (नेपाल समाचार पत्र दैनिक), बाबुराम देवकोटा (गोरखापत्र दैनिक)
समाचार तथा सन्देशमूलक सामाग्रीमा सुधार गर्नुपर्छ । – सुरेशविक्रम देवकोटा, क.न.पा. ५, ढकाल गाउँ
देशको सुरक्षाका लागि पत्रकारको सुरक्षा हुनुपर्छ । – तारानाथ घिमिरे, क.मा.न.पा. ६
खुशी लागेको छ । सफलताको कामना । – कृष्णहरी घिमिरे (अध्यक्ष), रेडियो सिन्धुलीगढी
सिन्धुली आगमनमा आभारी छौं । – सञ्जयकुमार दाहाल (अध्यक्ष), नेपाल पत्रकार महासंघ
यात्रा सफल रहोस् । – जीतेन्द्रबहादुर भण्डारी (प्रजिअ), जिल्ला प्रशासन कार्यालय
आफू र देश चिने सकारात्मक दिशामा अघि बढिन्छ । – जनक भट्टराई, प्रहरी नायब उपरीक्षक
अध्ययन, लगनशीलता र साहसले सफलता दिलाउँछ । – सुधा देवकोटा, मोहन देवकोटा एवं सपरिवार
नयाँ किसिमको उत्साह जागेको छ । – तुलसी श्रेष्ठ (भोजपुर), महिला विकास कार्यालय
सफलताको हार्दिक कामना गर्दछु । – नारायणविक्रम थापा, क.मा.न. ४, दमार
रचनात्मक सोचबाट म चैं प्रभावित भएँ । – माधव तिमिल्सिना (प्रमुख अनुसन्धान अधिकृत), राष्टिय अनुसन्धान विभाग कार्यालय
साहसिक यात्रा सफल होस् । – जगदीश विक्रम कार्की (आ.ले.प.), कमलामाई नगरपालिका
स्वदेश विदेश यात्रा सफल होस् । – अशोक श्रेष्ठ (सभापति), र मेनुका सुवेदी (मन्त्री), नेपाल रेडक्रस सोसाइटी
सफलताका लागि हार्दिक शुभकामना । – मिलन श्रेष्ठ (कार्यक्रम प्रमुख), सा.वि.का.
त्यागले पत्रकारिता जगत्लाई अझै सफल बनाओस् । – गोपालकुमार पौडेल, कमलामाई न.पा. ६, धुराबजार
यो प्रयास पत्रकारले प्रत्याभूत गर्न पाउन् ।
– रमा कार्की, प्रमीला बूढाथाकी, विदुर पौडेल, रेडियो सिन्धुलीगढी
नेपालको नाम विश्वसामु राख्न सक्षम रहनुस् ।
– टीकाप्रसाद काफ्ले, डाडी ५
नेपालीलाई शान्तिको सन्देश ल्याउनु ।
– तरुणकुमार कर्ण, जनकपुर एफ.एम. संवाददाता
कठिन तर महान् उद्देश्य । – सतिशचन्द्र ढकाल, जनता उ.मा.वि. रातमाटा
असल उद्देश्यको कठिन कार्य सफल होस् ।
– कमलजंग राई (अध्यक्ष), नेकपा एमाले, प्रमोदचन्द्र गजुरेल, कमलामाई नगरपालिका ९, ढुंग्रेबास
नियम कानून त बन्दूकबाट निस्कने गोलीजस्तो हुनुपर्छ ।
– जगन्नाथ र शोभा श्रेष्ठ, कमलामाई नगरपालिका ६

सिन्धुली यात्राका क्रममा प्राप्त नगद सहयोग

मनोकान्ति परिवार	रु. २,१२५/-
जिल्ला विकास समिति	रु. २,०००/-
जिल्ला प्रहरी कार्यालय	रु. १,०००/-
ईश्वरी र सुरेश देवकोटा	रु. १,०००/-
कमलामाई नगरपालिका	रु. १,०००/-
सिन्धुली एकीकृत विकास सेवा	रु. १,०००/-
सामुदायिक विकास कार्यक्रम	रु. ५५१/-
मोहन देवकोटा (ढकालगाउँ)	रु. ५०१/-
रेडियो सिन्धुलीगढी	रु. ५००/-
नेपाल रेडक्रस सोसाइटी	रु. ५००/-
नारायणविक्रम थापा (ढकालगाउँ)	रु. ५००/-
ललिता श्रेष्ठ ढुंग्रबाँस	रु. ३००/-
सिन्धुली उ.वा.संघ	रु. ३००/-

६८ औं जिल्ला काभ्रेपलाञ्चोक डायरी

२०६७ जेठ २५: बिहान ८ बजे सिन्धुलीको खुर्कोटबाट काभ्रेको वनेपाका लागि हामी बस चढ्यौं। बस सुनकोशी नदीको किनारै किनार कच्ची बाटो घस्रिँदै, थचारिँदै र हुइँकिँदै अगाडि बढ्यो। ठाउँ ठाउँमा रमाईला फाँट चौतारी अनि बस्तीहरु भेटिए। छतमा बसेर धुँवाजस्तै उडेका धुलोलाई स्वागत गर्दै हामी कुशेश्वर दुम्जा आइपुग्यौं। पेटपूजा गरेर पुन: बसको विशिष्ट स्थान छतमा बस्यौं। बस नहिँडुञ्जेल घामले तातेको फलाम र रडमाथि बस्दा थंगथिलो भएको नितम्बले निकै सास्ती बेहोर्‍यो। बस रोषी खोलाको तिरैतिर हिंड्यो। मंगलटार, भकुण्डेवेंशी, धुलीखेल हुँदै वनेपा आइपुग्दा दिउँसोको १ बजिसकेको थियो।

संक्षिप्त परिचय

क्षेत्रफल: १,४०४ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ८७ वटा, नगरपालिका: ३, निर्वाचन क्षेत्र: ३, सदरमुकाम: धुलिखेल, अञ्चल: बागमती, विकास क्षेत्र: मध्यमाञ्चल भौगालिक अवस्थिति: पूर्व रामेछाप, दोलखा, पश्चिम काठमाडौं, ललितपुर, भक्तपुर, उत्तर सिन्धुपाल्चोक र दक्षिण सिन्धुली र मकवानपुर।

पर्यटकीय स्थल: नेपालको सबभन्दा ठूलो वालपेण्टिंग वनेपाको भैरब मूर्ति, चण्डेश्वरी मन्दिर, पलाञ्चोक भगवती, साँगा नाला भगवती, नमो बुद्ध, फूल्चोकी, गोरखनाथ मन्दिर (पनौती), इन्द्रेश्वर मन्दिर, भगवती मन्दिर धुलिखेल आदि।

(साभार: जि.वि.स. फलक २०५७)

वनेपाबाटै औपचारिकरुपमा हाम्रो यात्राको ६८ औं काभ्रेपलाञ्चोक जिल्ला आरम्भ भयो। भोजपुरका पुष्पराज भट्टराई दाई, प्रशान्त दाहाल भाई र गा.वि.स. सचिव यादव सापकोटासँग वनेपा बसपार्कमै भेट भयो। यात्रा अनि पर्सी २७ गते दाई साउदी अरेबिया जाने विषयमा कुराकानी भयो। विदेशी मरुभूमिका ताता घाममा काम गरेर घरपरिवारका निम्ति केही आय आर्जन गर्न जानुपर्दाका कष्टकर क्षणहरु दाजुको अनुहारमा झल्किरहेका थिए। तैपनि विश्वको यात्रा कदापि नरोकियोस्, जस्तासुकै बाधा अड्चन आएपनि भन्ने उहाँको शुभेच्छाले हाम्रो मन खुब छोयो।

उहाँहरुबाट बिदा भएर हामीले नेपाल पत्रकार महासंघ काभ्रे अध्यक्ष भोला थापालाई फोन गर्‍यौं। उहाँले पत्रकार महासंघ सचिव महेश पौडेलको फोन नम्बर दिनुभयो। सचिव पौडेलले पत्रकार भीम गौतमको नं. मा सम्पर्क गर्न भन्नुभयो। उहाँलाई हामीले चारदोबाटो चोकमा कुरेर बस्यौं। पत्रकारत्रय गौतम, कपिल कोइराला र सरोज सापकोटा चोकमा हामीलाई भेट्न आउनुभयो। हामीलाई यात्रा अनभुव लेख्न र भोली महासंघमा औपचारिक भेटका लागि समय मिलाउन अनुरोध गर्दै उहाँहरु हिंड्नुभयो। हामी उहाँहरुकै सल्लाहअनुसार चण्डिका गेष्ट हाउस आएर बस्यौं। थकान अनि खासै भोक नलागेका कारण खाना नखाने सल्लाह भयो। दिउँसोको धुलो मैलो पखाले पछि शरीरमा स्फूर्ति पैदा भयो।

२०६७ जेठ २६: बिहान हामी चण्डिका होटलका सञ्चालक कृष्णमान कायस्थसँग वनेपा १० स्थित उहाँको घर पुग्यौं। घरको एक तला माथि निस्किएर उहाँसँगै हामी एउटा कोठाको ढोकामा आइपुग्यौं। ढोकाबाटै एक युवाका ठूला तस्वीर राखेको देखियो। भित्र प्रवेश गर्नासाथ देब्रे पट्टि बिरामी राख्ने सिटमा एक युवा पल्टिरहनु भएको र छेउको कुर्सीमा बूढा बा बस्नुभएको। ति युवाका बाबु कृष्णमान बाबु मुकेश भन्दै बोलाउन थाल्नुभयो। मुकेशले यसो हेर्न खोजेर हाँसेजस्तो देखियो, तर... बोल्न सकेको देखिएन...।

जिउँदो शहीद मुकेश कायस्थ

दोश्रो जनआन्दोलन २०६२/६३ चलिरहेको अवस्था। वि.सं. २०६२ चैत २७ गते लोकतान्त्रिक आन्दोलनमा सहभागी भएर वनेपाको तीनदोबाटो चोकमा पुगनुभएका यि १५ वर्षे ठिटो मुकेशका कञ्चटमा एकाएक गोली लाग्यो। तत्काल अस्पताल पुर्‍याइयो। काभ्रेमा नभएपछि काठमाडौंको वीर अस्पतालमा डाक्टर उपेन्द्र देवकोटा उपचारमा संलग्न हुनुभयो। २ वर्षभित्र ठीक हुन्छ होला भन्ने अनुमान २०६७ सालको आजको दिनसम्म आइपुग्दा पनि अनुमान अनुमानमै सीमित रह्यो। जिउँदो शहीद मुकेशको देब्रे कञ्चटमा गोली लागेर घाउ भए ठाउँमा कपाल उम्रेको अनि केही गहिरो भाग रहेछ। घाँटीको बाहिरी भागबाट नली छिराएर १७ महिनासम्म झोल कुरा ख्वाएर बचाइएको रहेछ उहाँलाई। घाँटीमा अहिले त्यसको खत छ। आजकल चम्चाले मुखबाट नै

मुकेशलाई ठोस कुरा ख्वाइन्छ। उहाँका हातमा राखेर केही कुरा खाउ बाबु भन्दै हजुर बा न्हुच्छेमानले मुखमा पुऱ्याइ दिएपछि मुकेशले अलि अलि आफैं खाएजस्तो पनि गर्नुभयो।

भर्खर जन्मिएको बच्चालाईभन्दा स्याहार सुसार गर्न गाऱ्हो छ। लगभग १९ वर्ष पुगेको युवालाई वर्काउन, फर्काउन, उठाउन अनि सुताउन कति कष्ट व्यहोर्नुपर्ला जो कसैले अनुमान गर्न सक्छ। देशका लागि लडेको मुकेशलाई जिउँदो शहीद घोषणा गरिदिए पुग्छ, अरु हामीलाई केही चाहिएको छैन्, बाबु कृष्णमान् र आमा मीरा कायस्थले आँखाबाट आँसु झार्दै नेपाल सरकारसमक्ष आफ्नो माग राख्नुभयो। हुन त वर्तमान प्रधानमन्त्री माधवकुमार नेपालले घरमै पुगेर मन्त्रीपरिषद्मा छलफल चलाउँछु भनेर आश्वासन दिनुभएछ। पछिल्लो भेटमा जिउँदो शहीदसम्बन्धी कुनै व्यवस्था नभएकाले जिउँदो शहीद भन्न मिल्छ तर घोषणा गर्न मिल्दैन भन्ने प्रधानमन्त्री नेपालको जवाफ आएको रहेछ। संविधानसभाको म्याद थप्न, जनआन्दोलनका अपराधीलाई तक्मा दिन मिल्ने नियम बनाउने यो सरकारले जिउँदो शहीदको कानून बनाउन पनि त मिल्छ नि। नियम बनाउँदा किन हुँदैन ? यो सरकारका कार्यहरु जम्मै शहीदलाई अपमान गर्ने किसिमका छन्। सतीले सरापेको देशलाई अब शहीदको सराप लाग्नेछ, जिउँदो शहीद मुकेशकी आमा मीराले भन्नुभयो।

हजुरबा न्हुच्छेमान, पिता कृष्णमान र माता मीरा कायस्थको पाकी थाकिसकेको अनुहार हामीले नियाल्यौं। उहाँहरुको एक्लो छोरा मुकेशको यो अवस्था...। देश र जनताका निम्ति लड्नुभएका जिउँदो शहीद मुकेशप्रति हामी नतमस्तक हुँदै सलाम ठोक्न चाहान्छौं, सलाम ! र, हामी जोडदार अपिल गर्दछौं, शहीदको बलिदानी र रगत पसिनामा टेकेर नेताहरु सत्ता पिपासु नबनुन्, जिउँदो शहीदको यो परिवार र विभिन्न जनआन्दोलन, माओवादी जनयुद्ध, मधेश आन्दोलन लगायतका घाईते, अंगभंग तथा दिवंगत शहीदहरुको भावनामाथि नेताहरु लगायत कोही कसैले कुठाराघात नगरुन् र सबल, सक्षम र समृद्ध नेपाल निर्माणमा अघि बढुन्।

बाबुहरुलाई म खानपिनको व्यवस्था मिलाउँछु भन्दै आमा मीराले भन्दा हामीलाई अप्ठ्यारो महसुस भयो। उहाँहरुको आतिथ्यतालाई स्वीकार गर्दै हामीले खानपिन गऱ्यौं। उहाँहरुले खानपिन मात्र गराउनु भएन विश्वयात्रा कठीन यात्रा र सबैको हितका लागि भएकाले यसलाई सफल बनाउनु हाम्रो पनि कर्तव्य हो भन्दै नगद सहयोग पनि गर्नुभयो। हामी उहाँहरुको सहयोग, सद्भाव, आत्मियता र मानवीय भावनाको ऋणी छौं। आभार प्रकट गर्दछौं।

जिउँदो शहीद मुकेशको घरबाट निस्किए लगत्तै हामी पत्रकार महासंघ काभ्रे शाखा कार्यालय पुग्यौं। महासंघ सचिव महेश पौडेल लगायत उपस्थित पत्रकार परिवारले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानलाई स्वागत गऱ्यो। काभ्रे जिल्लाको पनौतीबाट वि.सं. २०१० सालमा भोर र त्रिवेणी साहित्यिक पत्रिका प्रकाशन भएको पत्रकारिता दर्पण २०६६, यही शाखाद्वारा प्रकाशित स्मारिकामा साहित्यिक पत्रकार मोहन दुवालले उल्लेख गर्नु भएको छ। त्यसैगरी वि.सं. २०११, १२ सालतिर कृष्णप्रसाद दुवालको सम्पादनमा हस्त लिखित पत्रिका २०१३ सालमा कृष्णप्रसाद पराजुलीको सम्पादनमा ज्ञानसागर लिथो पत्रिका निकालेको देखिन्छ। २०१६ सालमा प्रकाशित चिराक मासिकलाई पत्रकार दुवालले अग्रणी साहित्यिक पत्रिका मान्नुभएको छ। काभ्रे जिल्ला प्रशासनमा दर्ता भएको पत्रिकाको हिसाबले वि.सं. २०३० सालमा वेदना मासिक पहिलो पत्रिका बनेको पाइन्छ। हाल दर्ताका हिसाबले ४९ वटा मासिक, साप्ताहिक र ७ वटा एफ.एम. रहेका छन्। १५ वटा साप्ताहिक र रेडियो मात्र सञ्चालनमा छन्। हाल सञ्जिवनी साप्ताहिकको रुपमा प्रकाशित हुँदै आएको भएपनि प्रकाशन आरम्भ दैनिकको रुपमा थियो। यहाँ राजधानी काठमाडौंको दैनिक बिहानको चिया चुस्कीसँगै पढ्न पाउने भएकाले स्थानीय दैनिक प्रकाशन गर्न समस्या भएको बताइन्छ। शनिबार बाहेक हरेक दिन काभ्रेबाट साप्ताहिक पत्रिकाहरु निस्कन्छन्।

काभ्रेमा जुनसुकै संगठनमा भएका पत्रकारहरुबीच राम्रो समन्वय हुने गरेको महासंघ कार्यालयमा सहभागी पत्रकारहरुले हामीलाई बताए। जिल्लामा पत्रकारहरुलाई विभिन्न क्षेत्रबाट हेर्ने दृष्टिकोण सार्है असल पनि छैन, नराम्रो पनि होइन भन्छन् काभ्रेली पत्रकारहरु। गोली चल्दा, हिंसा भड्कदा होस् वा जस्तोसुकै आपत् विपत्मा अरु मान्छे भाग्छन् तर पत्रकारले जसरी हुन्छ समाचार संकलन गरेकै हुनुपर्छ। त्यसैले पत्रकारिता चुनौतीको पेशा हो। फेरी सबै किसिमका आरोह अवरोहसँग सामना गर्नु नै पत्रकारको धर्म हो, उनीहरुको पत्रकारिता गरिरहँदाको अनुभव हो यो। जे होस्, अन्य जिल्लामा जस्तै काभ्रेका पत्रकारहरु पनि आर्थिक, प्रशासनिक, राजनैतिक जुनसुकै चुनौती सामना गरेर पनि अगाडि बढिरहेका छन्।

महासंघ कार्यालयबाट हामी वनेपाको प्रसिद्ध मन्दिर चण्डेश्वरी पुग्यौं । साना ठूला मन्दिर सँगै भव्य चण्डेश्वरी मन्दिर परिसर घुम्यौं । मन्दिरको भित्तामा ठूलो वाल पेन्टिङ भैरवको मूर्ति रहेछ। हामी चण्डेश्वरी मन्दिर पुनः निर्माण तथा क्षेत्र सुधार समितिको कार्यालय भित्र प्रवेश गर्‍यौं । अध्यक्ष सूर्यचन्द्र वादे श्रेष्ठ लगायतका पदाधिकारी तथा कर्मचारी त्यहाँ रहेछन् । सुरुमा हामीसँग चन्दा उठाएर मन्दिर बनाएको ठाउँमा चन्दा दिन सकिंदैन भन्दै मुण्टो बटारेर नबोलुँला भैं गरे उनीहरुले । तर हामीले पैसा प्रधान होइन, लक्ष्य योजना प्रमुख कुरा हो भनेपछि उनीहरु अलिक सकारात्मक भए । अन्य जिल्ला र मन्दिरका फोटाहरु हेरेपछि अध्यक्ष श्रेष्ठले डायरीमा शुभेच्छा लेख्नुभयो। जसको आर्थिक सहायताबाट चलेको छ, उसकै मात्र लेख्नु बोल्नु पत्रकारितामा नराम्रो पक्ष हो, निष्पक्ष भए राम्रो हुन्थ्यो भनेर उनीहरुले टिप्पणी गरे। सुरुमा पैसा उठाउन मात्रै आएका हुन् भन्ने सोच राखेका उनीहरुलाई सकेसम्म हामीले सुरु गरेको मिसनमा सकारात्मक बनाउन सक्यौं, यही हाम्रा लागि खुशीको कुरा हो । हिंड्ने बेलामा उनीहरुले जूस दिएर बिदा गरे ।



चण्डेश्वरी मन्दिर

हामी वनेपा बजार भ्रमणमै निस्कियौं । ए.बी.सी. रेडियो कार्यालय पुगेर व्यवस्थापक रमेशप्रसाद न्यौपानेसँग हामीले भेट गर्‍यौं। विगत २४ वर्षदेखि निरन्तर प्रकाशित काभ्रे टाइम्स साप्ताहिकको कार्यालय पनि यहीं रहेछ। त्यहाँबाट वाहिरिएर हामी साहित्यिक पत्रकार मोहन दुवाललाई फोन गरेर तीनधारा चोक पुग्यौं ।

यहाँ जनमत साहित्यिक मासिकको कार्यालय रहेछ। नेपालको साहित्य क्षेत्रमा जनमत मासिक एवं यसका प्रधान सम्पादक मोहन दुवालको ठूलो भूमिका रहेको पाइन्छ। मासिककी सम्पादिका श्रीमती भारती श्रेष्ठले दिनुभएको चियाको चुस्कीसँगै हामी वरिष्ठ साहित्यकार दुवालसँग कुराकानी गर्न थाल्यौं। साहित्यिक यात्रा घामको जस्तै यात्रा हो, त्यसकारण सबैका निम्ति यो हुनुपर्छ भन्ने दुवालको भनाई वर्तमान परिप्रेक्ष्यमा सान्दर्भिक देखिन्छ। किनभने अहिले साहित्यको नाममा आफ्नो निहित स्वार्थ वा एउटा वर्गको मात्र हित हुने सामाग्री पस्किने चलन चलेको छ। आखिर घामले त कसैलाई पनि तेरो मेरो नभनी सबैलाई बराबर ताप दिइरहेकै हुन्छ।

८८ वटा पुस्तक लेखिसकेको बताउनु हुने उहाँले पछिल्लोपटक ५५५ जना साहित्यकारको हस्ताक्षर सहितको अक्षरभित्रका स्रष्टाहरु नामक पुस्तक तयार पार्नुभएको रहेछ। उहाँजस्ता वरिष्ठ साहित्यकारद्वारा लिखित केही पुस्तक, मूल्यवान् सल्लाह र ज्ञानहरु लिन पाउनु हाम्रा लागि गर्वको विषय हो । यसका लागि हामी आभारी छौं । तर, पनि उहाँले रु. ५०, ५० को पुस्तक उपहार कार्यक्रमका लागि २ जनालाई काटौं कि के गरौं ? भनेर सोध्दै नसोधी सिधै चिट्ठा कटाउनुभयो । उहाँजस्तो मान्छेले चिठ्ठा काटिसकेपछि पैसा तिरेर हिंड्यौं। हुन त हामी जस्ता धेरै मान्छे त्यहाँ गएर उहाँको समय लिइदिन्छौं त्यसकारण पनि यो व्यवस्था गरेको हुनुपर्छ। तापनि अरुबाट सहयोग लिदै विश्वभ्रमणमा निस्किएका हामीलाई यसरी चिट्ठा कटाउनु भनेको अलिक ठीक भएन कि ? भन्ने लाग्यो ।

साहित्यकार मोहन दुवाल दम्पतीसँग

त्यहाँबाट उहाँसगै हामी चण्डिका होटल नै आयौं। मंगलटारका मोहन प्याकुरेलसँग केहीबेर कुराकानी भयो। खाना खाएर सुत्यौं। २०६७ जेठ २७: बिहान हामी हाम्रो इन्द्रावती साप्ताहिक कार्यालय गयौं । त्यहाँ हामीले यात्रा अनुभव पत्रिकाका लागि छाड्यौं । खाना खाएर हामी वनेपा नगरपालिका कार्यालय पुग्यौं। कार्यकारी अधिकृत महेश बराललले निवेदन छोडेर १, २ दिन पछाडि सम्पर्क गर्नुहोला भन्नुभयो। हामीले त्यसै गर्‍यौं। वनेपा काभ्रेको व्यापारिक केन्द्र अनि धुलिखेल, पनौती, नाला, साँगा चारैतिर जाने चोक पर्दो रहेछ। ५.३१ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको वनेपा धनुष आकारमा फैलिएको बताइन्छ। यो शहर काठमाडौं बाट पूर्व अरनिको राजमार्गको २६ किलोमिटरमा उत्तर दक्षिण फैलिएको

छ । मल्ल राजाको पुरानो दरबारको भग्नावशेष, गणेश मूर्ति सहितको शहर पस्ने ढोका, कुण्ड तथा पाटीहरु, गोरखा मन्दिर, चण्डेश्वरी देवी मन्दिर आदि यस शहरका ऐतिहासिक सम्पदा हुन् । वनेपालाई सात गाउँ (वनेपुर, धषेपुर वनेपा, कुर्प्पासी, खोपासी, नालड्ढ नाला, शंगा साँगा) आदिसँग पनि जोड्ने गरिन्छ ।

हामी वनेपाबाट पनौती नगरपालिकाका लागि गाडी चढ्यौं । ऐतिहासिक शहर पनौती बसपार्कमा ओर्लिएर नगरपालिका पुग्यौं । कार्यालयमा कार्यकारी अधिकृत राजेश पन्थीलाई भेटेर ब्रोसर लियौं । अधिकृत पन्थीले यही नगरपालिकाका स्थायी बासिन्दा रुपक खड्का (यां) र कुशादेवीका राजेन्द्र सापकोटा (घं) लाई पनि हामीले नगरपालिकाको तर्फबाट सहयोग गरेर विश्वसाइकल यात्राका लागि बिदा गरेका थियौं, अहिले कहाँ पुगनभयो कुन्नि भन्दै जिज्ञासा राख्नुभयो । त्यहाँ वैतडी कैइलपाल ५ घर बताउने दृष्टिविहीन वसन्त चन्दले ५ जनाको साथीसहित सार्क पैदलयात्रामा निस्किएको बताउनुभयो । त्यसपछि नेपाल बैक लि. गएर बैंकका मैनेजर अर्जुनप्रसाद बञ्जाराको शुभेच्छा लियौं । पुन: पनौती भ्रमणमा आउने योजना बनाएर बसमार्फत् वनेपा हुँदै हामी काभ्रेपलाञ्चोक सदरमुकाम धुलिखेल आयौं ।

पर्यटकीय हिसाबले पनि महत्वपूर्ण रहेको धुलीखेलमा गाडीबाट ओर्लिएर हामी सरासर जिल्ला प्रशासन कार्यालय पुग्यौं । प्रमुख जिल्ला अधिकारी सुधिरकुमार शाह, सहायक प्रजिअ शिवराम गेलाल, सोही कार्यालयमा भेट हुनुभएका काभ्रेवासी अर्जुन आचार्य, भैरव सेढाई लगायतका सेवाग्राहीलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । प्रजिअ शाहले काभ्रे जिल्लामा पत्रकार महासंघ सक्रिय छ, र पत्रकारहरु पनि जुनसुकै आस्थाका भएपनि व्यावसायिक हक, हितका लागि एकजुट हुने गरेका छन् भन्नुभयो । उहाँले प्रशासनको तर्फबाट प्रदान गर्नुभएको शुभेच्छा पत्र लिएर हामी जि.वि.स. गयौं ।

स्थानीय विकास अधिकारी मेघनाथ काफ्लेको सल्लाहमा हामीले निवदेन छोड्यौं । कार्यक्रम अधिकृत ऋषिकान्त घिमिरेले जि.वि.स.को विविध जानकारीका साथ अभियान सफलताको कामना गर्नुभयो भने कर्मचारी सरिता सापकोटाले शुभेच्छा प्रकट गर्नुभयो । बजारसम्म सँगै आउनुभएकी कर्मचारी सापकोटाले हामीलाई रेकी मास्टर मीना पुलामीको पसल देखाइदिनुभयो । पसलमा उहाँकी बहिनी अमृता पुलामी हुनुहुन्थ्यो । त्यसको केही क्षणमा मीना जी बहिनी सरिताका साथ आइपुग्नुभयो । त्यही आउनुभएकी ललिता ढुंगाना लगायत अन्य उपस्थित दिदी बहिनीहरुले नेपाल यात्राका फोटा हेर्दै विविध जानकारी लिने दिने काम भयो । छेवैको सिठाई पसलका सुवास यगोल श्रेष्ठले हामीलाई आफ्नो घरमा लानुभयो । उहाँकी श्रीमती उत्तम श्रेष्ठले खानपिनको प्रबन्ध मिलाउनुभयो ।

धेरै किसिमका रोगवाट ग्रस्त म र बिग्रिएको मेरो बानी मनोक्रान्ति योग, रेकी बाट हटेर स्वस्थ भएको छु, श्रेष्ठले भन्नुभयो । उहाँको हँसिलो मुहारले पनि स्वस्थताको झल्को दिएको देखिन्छ ।

२०६७ जेठ २७: बिहान हामीले धुलिखेलको भगवती मन्दिर, धुलिखेल बजारको शिरमा रहेको हजार सिँढी र देवीस्थान भ्रमणमा निस्कियौं । कसैले भन्छन्, देवीस्थान डाडाको फेदीसम्म गन्दा १ हजार सिंढी छन् त कसैको भनाई छ, एउटा सिँढी बनाउन १ हजार लाग्ने खर्च दिनेको नाम लेखिन्छ भनिएकाले हजार सिँढी नाम दिइएको हो ।

जे होस्, हरियाली वनजंगलसँगै रहेका सिँढी उक्लँदै हामी माथि मन्दिरमा निस्कियौं । लगभग बीचतिर हुनुपर्छ बुद्धको ठूलो मूर्ति सँगै शान्ति स्तुपा बनाइएको रहेछ । देवीस्थान डाँडामा नेपाल टेलिकमको टावर सुरक्षार्थ नेपाली सेना खटिएको छ । हामीले त्यहाँबाट देखिने दृश्यहरुको फोटो खिंच्न लाग्दा सेनाका एक जवानले मन्दिरभित्र मात्र फोटो खिंच्नुस्, बाहिर हुँदैन भने । हुन त: सेनाको सुरक्षार्थ त्यस्तो नियम बनेको होला, तर त्यहाँ पुगेका जो कोही पर्यटकलाई धुलिखेल बजार लगायत वरपरका सिनको फोटो खिंच्न दिइएन भने डाँडामा पुगेर खुशीयालीपूर्वक रम्दै विभिन्न पोजमा फोटो खिचाउनेको मन कुँडिन्छ । साथै पर्यटकीय दृष्टिले महत्वपूर्ण चारैतिरको दृश्यांकन गर्न सकिने देवीस्थान डाँडाको महत्व खुम्चिन्छ । यसतर्फ सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ ।

हामी देवीस्थानवाट बजारतर्फ झर्‍यौं । सेनाका जवानहरु ठूल्ठूला जर्किनमा पानी बोकेर उकालो निस्किरहेका थिए । डाँडामा पानीको श्रोत नभएकाले टाढाबाट पानी बोक्नु परेको बाध्यता एक जवानले सुनाए । हामी जि.वि.स. अगाडि झरिसकेका थियौं । काभ्रे जिल्ला मै जन्मघर भएका श्रीकृष्ण लामा (योगी वं) सँग हाम्रो भेट भयो । जि.वि.स. अगाडि रहेको राज र पारस खड्काको पसलमा

उहाँसँग केहीबेर हाम्रो कुराकानी भयो। त्यहाँ उपस्थित विभिन्न क्षेत्रका व्यक्तिहरुले हामीले घुमिसकेका जिल्ला र ठाउँहरुको बारेमा जिज्ञासा प्रकट गरे। देशभरका केही फोटा देखेर उनीहरु उत्सुक र खुशी भए। तपाईहरुको भ्रमणले देशका पर्यटकीय क्षेत्रले पनि प्रचार प्रसार पाउने रहेछन्, फोटा हेरिसकेपछि एक युवाले टिप्पणी गरे।

हामी वं जीसँग धुलिखेल बजारबाट गाडीमा नमोबुद्ध तर्फ प्रस्थान गऱ्यौं। धुखिलबाट गाडीको छतमा बसेर दाँया बाँयाको प्राकृतिक दृश्य हेर्दै र अन्तर कुन्तरका कुराकानी गर्दै हामी नमोबुद्ध पुग्यौं। विभिन्न ठाउँबाट गाडी रिजर्भ गरेर आएका बौद्ध भिक्षु भिक्षुणीको यहाँ भीडभाड देखियो। प्राचीन राजा महारथका कान्छा छोरा राजकुमार सत्वले भोकाएर अन्यत्र शिकार गर्न जान नसकेकी बूढी सुत्केरी बाघिनी र उनका बच्चा डमरुहरुलाई मर्नबाट जोगाउन आफ्नो शरीरको मासु आफैंले काटेर खुवाएका थिए रे। ५०० जन्मसम्म यस्तै विभिन्न पुण्य कर्म गरेकै कारण पछिल्लो समयमा सिद्धार्थ गौतमले ज्ञान प्राप्त गरेर बुद्ध बनेका हुन् भन्ने धार्मिक विश्वास रहेको छ। यसै उदाहरणबाट नै प्रष्ट हुन्छ, त्याग, तपस्या र आवश्यक पर्दा आफैंलाई बलिदान नदिई कुनै पनि व्यक्ति महान् बन्दो रहेनछ।

लामा अक्षर लेखिएका विभिन्न रंगका कपडाका अनेकौं टुक्रालाई डोरीमा बाँधेर नमोबुद्ध क्षेत्रमा यत्रतत्र टाँगिएको छ। गुम्बा र मानेहरु पनि उत्तिकै आकर्षक छन्। जसका कारण यस क्षेत्रको वातावरण नै जो कोहीलाई आनन्दमय लाग्छ। त्यहाँबाट हामी माथि डाडामा रहेको ठांगु गुम्बामा निस्कियौं। यस गुम्बामा भेटिएका एक लामासँग हाम्रो केहीबेर कुराकानी चल्यो। बुद्ध त पीपलको रुखमुनि तपस्या गरेर बस्नु भएको, तर तपाईहरु आजकलका लामा किन सुविधा सम्पन्न महल गुम्बामा बस्नुहुन्छ ? वंजीले लामालाई प्रश्न गर्नुभयो। बुद्धले जस्तो हामीले कहाँ त्याग गर्न सक्छ र ? हामीले त उहाँबाट प्राप्त ज्ञानलाई पछ्याएको मात्र हो, लामाको जवाफ थियो। लामा भएर बस्दा राम्री सुन्दरी देख्दा मन भड्किदैन त ? भन्ने हाम्रो प्रश्नको जवाफमा लामाको भनाई छ, सुरुमा हेर्दा त मन भड्किन खोज्छ, तर पछि आफ्नै आमा, भाउजु, दिदी बहिनीका रुपमा हेरिन्छ त्यसपछि केही हुँदैन। लामासँग भएको कुराकानी पछि गुम्बाबाट हामी धुलिखेलतर्फ फर्क्यौं।

हामी फेरि बस चढेर धुलिखेल आयौं। धुलिखेलमा उहिले बाघ डुल्ने भएकाले धुँलेख हुँदै धुलिखेल भएको एकथरीको मत छ भने अर्काथरी वन विनास हुँदै जाँदा धुलै धुलो भएकाले धुलिखेल भएको बताउँछन्। वनेपा, पनौती र धुलिखेल शहर काठमाडौं नजिकको नेवार बस्ती भएपनि यहाँ बेग्लै रितिरिवाज र संस्कृति छ भनिन्छ।

धुलिखेलमा हामी काभ्रेकै पहिलो सामुदायिक रेडियो नमोबुद्ध एफ.एम. १०६.७ मे. कार्यालय पुग्यौं। शान्ति र सद्भावका खातिर बुद्धका जीवन उपयोगी सन्देश रेडियोले पस्कने गरेको जानकारी स्टेशन म्यानेजर भक्त स्याङतेनले गराउनुभयो। तामांग, नेवार, माझी, दनुवार, ह्योल्मो, शेर्पा, जिरेल, थामी, मगर र नेपाली भाषाभाषीमा सामाग्री पस्किएका कारणले पनि होला हामीलाई केही मान्छेले जनजातिको रेडियो भयो पनि भन्छन्, म्यानेजर स्याङतेनको भनाई छ।

साँझमा हामी धुलिखेल न.पा. ६ नयाँ गाउँमा अवस्थित मीना जी कै घरमा गयौं। बुईगलको तलामा खाना पकाउने चलन यहाँ पनि रहेछ। पश्चिमतिर केही जिल्लामा पनि हामीले यसरी सिरानको तलामा खाना पकाएको भेटेका थियौं। सिरानको तलामा खाना पकाउँदा तलका दुई तलामा धुँवा लाग्दैन, त्यसैले यो चलन हामीलाई राम्रै लाग्यो। हुन तः हाम्रो गाउँघरमा खरको वा टिनको छाना भएकाले पनि हुनुपर्छ, भुईं तलामा खाना पकाईन्छ। खानपिन र हाँसो ठट्टका साथ उहाँकी बहिनीहरु सरिता, अमृता, बुवा आमा, भाउजु, दाजुसँग हाम्रो परिचय र थप कुराकानी भयो।

२०६७ जेठ २९: बिहान हामी लेखपढमै व्यस्त रह्यौं। बेला बखत सरिता जी सँग जीवन र जगतसँगै केन्द्रित कुराकानी पनि भए। यात्राबाट नै मानिसले आफ्नो वास्तविक जीवन थाहा पाउँछन् रे भन्दै उहाँले यात्रा सफल नहुन्जेल कुनै पनि हालतमा हार नखान सुझावसहित शुभकामना व्यक्त गर्नुभयो। खाना खाएर मध्यान्ह हामी नयाँ बस्तीबाट धुलिखेल निस्कियौं।

धुलिखेल अस्पताल परिसर घुम्दै काठमाडौं विश्वविद्यालय परिसर पुग्यौं। पुस्तकालयमा इमेल चेक गर्ने मौका मिल्यो। नीजि स्तरबाट सञ्चालन गरिएको विश्वविद्यालय व्यवस्थित नै देखिन्छ। त्रि.वि.मा १० जना कर्मचारीले गर्ने काम यहाँ १ जनाले भ्याउनुपर्ने अवस्था छ, एक कर्मचारीले दुई फरक विश्वविद्यालय बीचको अन्तर यसरी छुट्याए।

त्यहाँबाट हामी पुनः धुलिखेल आयौं। मनोक्रान्ति समाज धुलिखेल लेखिएको बोर्ड राखिएको एक कोठामा १०, १५ जना साधकसाधिका ध्यान मग्न थिए। १ घण्टे गुरुऊर्जाको ध्यानबाट बाहिरिएका उनीहरुलाई हामीले जिज्ञासा राख्यौ। उनीहरुले मनोक्रान्तिका सेमिनार एवं उपचार पद्धतिबाट आफूहरुले स्वास्थ्य लाभ लिनुका साथै जीवनमा महत्वपूर्ण काम गर्न प्रेरणा मिलेको अनुभव सुनाए। अनि भने, पीत पत्रकारिता अन्त्य गर्न थालिएको यो विश्वभ्रमण सफलतापूर्वक सम्पन्न होस्। त्यहाँबाट हामी डा. चन्द्र शेखरेनसँग पनौतीतिर लाग्यौं। एक्युप्रेसर, एक्युपन्चर, रेकी लगायतबाट उपचार गर्दै आउनुभएका डा. शेखरनको जन्मघर भारत हो। उहाँसँग हामी वनेपामा छुट्टिएर पनौती लाग्यौं। डा. शेखरन वनेपाबाट काठमाडौं तिर लाग्नुभयो।

पनौती बसपार्कबाट वं जीको सल्लाहअनुसार हामी पनौतीकी स्थानीय वासिन्दा निर्मला कार्कीलाई फोन गरेर उहाँको घरतर्फ लाग्यौं। तेजगंगा क्याम्पस छेउमै उहाँको पसल रहेछ। पनौतीको १२ वर्षे मकर मेलाका बखत लगाइएको महायज्ञमा केही लाख घाटा व्यहोर्नु परेको उहाँले बताउनुभयो। योगी वं उक्त महायज्ञको संयोजक बन्नु भएको रहेछ। कुरो बुझ्दा समिति भित्र एक भएर व्यवस्थापनमा खट्न नसक्नु र नजान्नु प्राविधिक कमजोरी बनेछ। हामी उहाँसँग कुराकानी गरिरहेका थियौं। १० बजेमात्र योगी वं र साधक मिल्म् नालाबाट त्यहाँ आइपुग्नुभयो।

२०६६ जेठ ३०: बिहान हामी पनौतीको इन्द्रेश्वर क्याम्पस गयौं। क्याम्पस प्रमुख श्रीकुमार सुवाल, स्ववियु सभापनि रुपक महत लगायतलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गरायौ। उहाँहरुले विश्वभ्रमणको स्वागातार्थ खादा ओढाएर शुभकामना व्यक्त गर्नुभयो।

बिहानी खानपिन गरेर हामी प्रकाश भट्टराई (मिल्म्) सँग पनौती क्षेत्र घुम्न निस्कियौं। त्रिकोणात्मक प्राचीन बस्तीको रुपमा चिरपरिचित ऐतिहासिक एवं धार्मिक नगरी पनौती एउटै ठूलो चट्टान (ढुंगा) माथि अवस्थित छ भनिन्छ। यस अधिका कुनै पनि भुकम्पमा यहाँ क्षति नभएकोले भुकम्प आए पनौती जानु भन्ने भनाई पनि रहेछ। जिल्लाकै सबभन्दा ठूलो नगरपालिका पनौतीमा हामीले त्रिवेणीघाटको सुरुमा भ्रमण गऱ्यौं। यो ठाउँमा प्रत्येक १२ वर्षमा १२ वर्षे मकर मेला (माघ महिनामा) लाग्ने गर्दछ। यहाँ २ खोलाको दोभान छ। विभिन्न देवी देवताका मूर्ति र मन्दिरहरुले गर्दा त्रिवेणीघाट झकीझकाउ छ। मान्छे मरिसकेपछि पनि जलाउन यहीं लगिंदो रहेछ। यो ठाउँको भ्रमण गरेर हामी गोरखनाथ मन्दिरतर्फ उकालो लाग्यौं।

सिंढी चढेर पुगिने सल्लाधारीको डाँडामा अवस्थित गोरखनाथ मन्दिरमा लामा जट्टाधारी खडे बाबा बस्नु हुँदो रहेछ। २० वर्षसम्म लगातार खडा रहेर (उभिएर) तपस्या गरेकाले नै उहाँको नाम खडे बाबा भएको रे! त्यहाँ सेनाको क्याम्प पनि बसेको छ। हामी मन्दिरबाट ओरालो लाग्यौं। ओरालो झर्दा पनौतीबजार झुरुप्प पुरानो बस्ती, र विविध कला शैलीका कारण हेरिरहुँ हेरिरहुँ झै लाग्यो।


त्रिवेणीघाट

हामी विश्वसम्पदा सूचीमा सूचीकृत इन्द्रेश्वर महादेव मन्दिर पुग्यौं। ऐतिहासिक प्राचीन मन्दिर क्षेत्रको अवलोकन गर्दै पनौती शान्ति संग्रहालय भित्र छिऱ्यौं। पुरानो होचो घरका ३ तलामा विभिन्न नेवारी संस्कृति झल्किने भाडाकुँडा कलाकृतिले सुसज्जित रहेछ, संग्रहालय। अझ रोचक कुरा त ५५ देशका सिक्का समेत हेर्न पाइने सो संग्रहालय बिर्सीनसक्नुको छ। पनौती आएका जो कोही पर्यटकलाई यो संग्रहालय पुग्नु पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ। यसका लागि यहाँका स्थानीयवासीले घुम्न आउने नयाँ मान्छेलाई जानकारी गराउनु पर्छ। हामीलाई चाहिं गोरखनाथ मन्दिरमा भेटिएका एक सेनाका जवानले जानकारी दिएपछि त्यहाँ पुगेका हौं। त्यसभन्दा अघि कुनै पनि स्थानीयवासीले सो संग्रहालयबारे हामीलाई बताएका थिएनन्।

पनौती शान्ति संग्रहालयबाट हामी कपालकोट डाँडामा पुग्यौं । त्यहाँ केहीबेर सुस्तायौ । हृदय र क्यामेरामा एकै साथ पनौतीको सौन्दर्यतालाई कैद गऱ्यौं । पनौती बसपार्क आएर वनेपाको गाडी चढ्यौं ।

वनेपाको चारदोबाटो चोकमा रेकी मास्टर प्रकाशबहादुर कायस्थसँग जम्काभेट भयो । उहाँले भन्नुभयो, हुन त मनोक्रान्तिमा गएर धेरै मान्छे आँटिला साहसिला भएका छन्, यो दर्शन र ज्ञान राम्रो भएपनि यसको संस्थागत, व्यवहारिक र व्यवस्थापन पक्ष कमजोर छ, पटक पटक नयाँ साधक/साधिका आएपछि पुरानालाई छोडिदिने केन्द्रिय नेतृत्वको व्यवहारले धेरै मनोक्रान्तिप्रेमी टाढा भएका छन्, जसका कारण उनीहरुले प्राप्त गरेको त्यो आँट, साहस, ऊर्जा क्षमता कहाँ गएर प्रयोग गरिरहेका छन् भनेर एका दुई बाहेक देख्न पाइएको छैन । रेकी मास्टर कायस्थको शुभेच्छा लिएर हामी आजको रात पनि चण्डिका होटलमै बस्यौं ।

२०६७ जेठ ३१: बिहान हामीले इन्द्रावती साप्ताहिक कार्यालय पुगेर मेमोरी कार्डका फोटाहरु कम्प्युटरबाट पेन ड्राइभमा सार्‍यौं । खाना खाएर हामी एनेकपा माओवादी कार्यालय पुग्यौं । कार्यालय सचिव आयुष शर्माले नेपाल राष्ट्रको गौरव बढाउन प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियान सफल हुनेछ भनी शुभकामना पत्र प्रदान गर्नुभयो । बहुराष्ट्रिय कम्पनी मार्फत् चलेका नेपाली पत्रपत्रिका नै प्रेस स्वतन्त्रताको बाधक रहेको सचिव शर्माको आरोप छ ।

माओवादी कार्यालयबाट हामी नेकपा एमाले कार्यालय गयौं । त्यहाँ कार्यालय सचिव राजन भुर्तेल, स्कूल विभाग प्रमुख राजकुमार सापकोटा र अन्य नेता कार्यकर्तासँग भेट भयो । सचिव भुर्तेलले नेपाली समाज तथा विश्व नै द्वन्द्वपूर्ण अवस्थामा रहेको र व्यक्तिगत स्वतन्त्रताहरु संकटमा परिरहेको अवस्थामा अनेकौं चुनौती देखा परेको पत्रकारिता क्षेत्रमार्फत् प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि यहाँहरुले विश्वभ्रमण गर्न खोज्नु अत्यन्त गौरवपूर्ण कार्य हो, जसले नेपाली जनताको शिर उँचो बनाउने म विश्वास गर्दछु भन्दै शुभकामना पत्र प्रदान गर्नुभयो ।

एमाले कार्यालयबाट हामी नेपाली काँग्रेस कार्यालय पुग्यौं । कार्यालय बन्द रहेकाले नेता शिव हुमागाईलाई फोन गऱ्यौं । उहाँले आफू काठमाडौं छु भन्ने जवाफ दिएपछि हामी फर्कियौं । जिल्ला सहकारी संघको कार्यालय पुग्दा उपाध्यक्ष सोमप्रसाद हुमागाई र रेडक्रस सोसाइटी काभ्रेका उपाध्यक्ष मणिराज कायस्थलाई भेट्यौं । उहाँहरुले आफ्नो पक्षमा लेख्नेलाई राजनीतिक दल वा विभिन्न संस्थाले सहयोग दिने, होइन भने नदिने परिपाटीका कारण पनि पत्रकार स्वतन्त्र हुन सकेका छैनन् भन्ने धारणा राख्नुभयो । मान्छेको आस्था एकातिर हुन्छ, तर सामाजिक एवं सामूहिक संघ, संस्था र पेशामा लाग्दा सबै पक्षलाई समेटेर कार्य गर्नुपर्छ भन्ने विचार उहाँहरुले व्यक्त गर्नुभयो ।

सहकारी उपाध्यक्ष हुमागाईंले भन्नुभयो, व्यवस्थित सहकारी सञ्चालनमा काभ्रे अग्रस्थानमा रहेको छ, पहिले साहुको चर्को व्याज तिर्नु पर्दथ्यो, मध्यम र निम्न वर्गियलाई सार्‍है समस्या थियो, तर अहिले त्यो समस्याबाट मुक्ति मिलेको छ र सबैमा बचत गर्नुपर्छ भन्ने भावना जागृत गराउन सहकारी सफल भएको छ । हामी काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संघको कार्यालय पुग्यौं । प्रबन्धक राधेश्याम श्रेष्ठले काभ्रे जिल्लामा बचत तथा ऋण, कृषि, दुग्ध जस्ता सहकारीहरु सञ्चालनमा रहेको बताउनुभयो ।

बेलुकी ५ बजेको थियो । मिलम् जीले नालाका स्थानीयवासी श्याम सापकोटा र माधव सिग्देललाई भेट गराउनुभयो । उहाँहरुसँग कुराकानी गरिसक्दा लगभग ७ बज्नै लागको थियो । नालातर्फ जाने गाडी छुटिसकेको अनि समय पनि नभएकाले हामीले नाला नजाने मनसाय व्यक्त गऱ्यौं । त्यही बखत् मनोक्रान्तिप्रेमी धनबहादुर श्रेष्ठ टुप्लुक्क आइपुग्नुभयो । आज मेरो कोठामा जाउँ भनेर उहाँले हामीलाई ल्याइ त हाल्नुभयो ।

माइण्ड टेक्नोलाजी, सकारात्मक चिन्तन र मनोविज्ञान क्षेत्रको अध्ययनमा धनबहादुर जी लाग्नुभएको रहेछ । हाँसखेल ठट्टा गर्दै उहाँले खाना बनाउनुभयो । पर्सा स्थायी घर भई हाल वनेपामा बाबु छोरी बस्ने उहाँहरुको कोठाभरिको भित्तामा केही गरौं भन्ने भावना जागृत गराउने कोटेशन, विश्वविख्यात माइण्ड टेक्नोलाजिष्ट एन्थोनी रविन्सजस्ता व्यक्तित्वका फोटा टाँग्नुभएको छ । यी सम्पूर्ण दृश्यमा ध्यान खिंच्दा र नजर लगाउँदा हामीमा पनि अझ ऊर्जा हौसला बढ्यो ।

२०६७ असार १: बिहान धनबहादुर जीकै कोठामा अध्ययन मननमा व्यस्त रह्यौं । कुनै पनि व्यक्तित्वको लामो समय अनुयायी नबनी आफू स्वतन्त्र भएर महान् व्यक्तित्वको प्रेरणाबाट अगाडि बढ्नु पर्छ, यसो गर्न सकेमा जिन्दगी अर्थपूर्ण हुन सक्ने कुराको निचोडमा उहाँ र हामी पुग्यौं । खाना खाएर हामी उहाँसँगै वनेपा चोक आयौं, र, छुट्टियौं ।

चण्डिका होटलमा ३ दिन खाए बसेको शुल्क होटल सञ्चालक कृष्णमान् कायस्थले लिनु भएन । उहाँको सहयोगलाई धन्यवाद दिएर हामी धुलिखेल आयौं । धुलिखेलको शालिकनेर गाडीबाट ओर्लिएर वडा नं. ७ का रेकी मास्टर विश्वनाथ भावार्थसँग हामीले भेट गऱ्यौं । उहाँले आफ्नो घरसँगै रहेको दया रिजालको घर लानुभयो । भावार्थले भन्नुभयो, धुलिखेलमा सुरुवाती चरणमा मनोक्रान्ति पुस्तकालय खोल्न अनि योग रेकी ध्यानमार्फत् धेरै मान्छेको स्वास्थ्य बनाउन सफल भएको छु यसमा म खुशी छु, तर आफूले सिकाएको शिष्य बढी जान्ने भएपछि अहिले अलिक गढबढ भइरहेको र केन्द्रबाट आउने केही योद्धाले पनि मनोक्रान्ति समाज

पलाञ्चोक भगवती

धुलिखेललाई भताभुंग पारेको उहाँको आक्रोश थियो । उहाँले पत्रकारहरु पनि निष्पक्ष कुरा नलेखी बढाई चढाई गर्ने तथा आवाजविहीनको कथा छाप्दा पनि पैसा लिने रहेछन् भन्ने आरोप लगाउनुभयो ।

मनोक्रान्तिप्रेमी दया र लक्ष्मी रिजालले हामीलाई खाजा नखाइ हिंड्नै दिनुभएन । हामी उहाँहरुको हार्दिकतालाई धन्यवाद दिदै आथित्यतामा सामेल भयौं । यही घरमा हाम्रा केही सामान राखेर हामीले पलाञ्चोक भगवतीको यात्रा तय गऱ्यौं । धुलिखेलबाट कुराकानी गर्दै ४ किलोमिटर हिंडेपछि बस चढ्यौं । पाँचखालको तामाघाटमा ओर्लियौं । गोलभेंडा, करेला लगायतका तरकारी बेच्दै र गाडीमा लोड गर्दै गरेको दृश्य देखियो । त्यहाँबाट तरकारी काठमाडौ जाने रहेछ । हामी स्थानीय स्टेशनरी पसल पुग्यौं । स्टेशनरीका बलप्रकाश निरौलाले पानीको समस्याले यस क्षेत्रलाई पिरोलेको दुःखेसो पोख्नुभयो ।

हामी त्यहाँबाट प्रहरी चौकी आयौं । गाडी जाँचमा बसेका ट्राफिक प्रहरीले क्यूको गाडी पलाञ्चोक भगवती गइसकेकाले अरु कुनै गाडी तपाईहरुलाई मिलाइ दिउँला भने । केही क्षणमा भण्डारी थरका ती ट्राफिक हवल्दार कता लागे कता ? साँझ पर्नै लागेको थियो, अरु प्रहरीलाई सोध्दा पर चोकमा जानुस् भनेर अगाडि देखाइदिए । हिंड्दै हामी पलाञ्चोकतिर लाग्ने चोकमा आयौ ।

साँझ परेको थियो । गाडी नपाएपछि जिरो किलो आएर बस्यौं । यहाँबाट मेलम्चीतर्फ जाने गाडी छुट्दो रहेछ । यहाँ पनि होटल्नी दिदीले पानीको समस्या रहेको दुःखेसो पोखिन् । खोलाबाट बालुवा लिएर आएका ट्रक यही रोकिएका थिए, ती ट्रकबाट थोपा थोपा चुहिएको पानी होटलवालाहरुले भाँडामा थापिरहेको देखियो ।

२०६७ असार २: बिहान पाँचखाल जिरो किलोमिटरबाट पलाञ्चोक भगवतीतर्फ उकालो लाग्यौं । नेपाली सेनाको शान्ति कार्य तालिम केन्द्र गेटनिर आइपुगेपछि थाहा लाग्यो, मोबाइल बेलुकी बास बसेकै होटलमा छुटेछ । लगत्तै फर्किएर मोबाइल ल्याइयो । पाँचखालको त्यो सेनाको केन्द्र संयुक्त राष्ट्र संघ अर्न्तगत द्वन्द्व ग्रस्त देशमा शान्ति सेनाको रुपमा जानेहरुका लागि तालिम स्थल रहेछ । हामी होक्से आइपुग्दा एउटा बस आयो । स्कूलको सो बसको सहयोग लिएर हामी पलाञ्चोक मन्दिर भएको डाँडा निस्कियौं ।

तल पाँचखाल र अन्य गाउँबस्ती अनि टाढा टाढासम्मको दृश्यांकन गर्दै हामी पलाञ्चोक मन्दिरभित्र पस्यौं । प्यागोडा शैलीको सो मन्दिरको मूर्ति बनाउने अज्ञात मूर्तिकारले यहाँ मूर्ति बनाउँदा दायाँ हात र नाला भगवतीको मूर्ति बनाउँदा बाँया हात गुमाउनु परेको थियो रे । पछि दाया खुट्टाको औंलाले नक्साल र बाँया खुट्टाको औंलाले शोभा भगवती मूर्ति बनाउँदा खुट्टाहरु पनि काटिदिइसकेपछि ती मूर्तिकारको दुःखद निधन भएको किम्वदन्ती छ । यस्तै मूर्ति अन्यत्र नबनाओस् भनेर त्यतिबेलाका शासकले हातखुट्टा काटिदिएको रे भनेर त्यहाँका स्थानीयले बताए । अहिलेसम्म भेटिएका अभिलेखमध्ये पलाञ्चोक भगवतीको अभिलेख सबभन्दा पुरानो अभिलेख रहेको बताइन्छ । चारैतिर रातो पर्खालले घेरिएको मन्दिर परिसर घुमेर हामीले दोलालघाटतर्फ पाइला अगाडि बढायौं । साठीघर भगवती ८ मा अवस्थित पलाञ्चोक भगवती मन्दिर र वडा नं. ९ को कालिका मन्दिर छोडेर तेर्सो ओरालो झऱ्यौं ।

थुमवारीका बारीमा गोडिसकेका मकै पानी नपरेर ओइलाएको देखियो । यहाँ निकै गर्मी पनि भयो । माथिबाटै हेर्दा इन्द्रावती र दूधकोशीको संगम दोलालघाट रमाईलो लाग्यो । दोलालघाट बजार झर्नै लाग्दा बडेमाको वरको रुख सँगै रातो घरमा विदेशी नागरिक कालीमाईको भक्ति गरेर बसेका छन् भन्ने सुन्यौं । यसो जान खोजेको त कुकुर भुकेर हैरान । हामी दोलालघाटै झऱ्यौं । माछा भात खायौं । पुलको बीच भाग पुगेपछि सिन्धुपाल्चोक सुरु भयो, काभ्रेले विदा दियो । दोलालघाटबाट गाडी चढी ६९ औं जिल्लाको रुपमा सिन्धुलपाल्चोकको बाऱ्हविसे प्रस्थान गऱ्यौं ।

दोलालघाट

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

पत्रकारितालाई समेत मार्गदर्शन गर्न सकोस् । - भोला थापा (अध्यक्ष), नेपाल पत्रकार महासंघ
यात्रा सफल रहोस् । - सुधीरकुमार शाह (प्रजिअ), जिल्ला प्रशासन कार्यालय
यात्रामा लाग्न नसक्दा जीवनको अर्थ खुल्दैन...। - साहित्यिक पत्रकार मोहन दुवाल
पत्रकारिताको नवीनत कार्यको लागि हाम्रो पनि ऐक्यवद्धता ।
- महेश पौडेल (सचिव), सरोज कईकेल (सभासद्), परिच्छेद शर्मा हुमागाई नेपाल पत्रकार महासंघ
प्रेसको महत्व र प्रयोग बारे नयाँ सकारात्मक सन्देश । - ग्याञ्जो लामा (अध्यक्ष), क्रान्तिकारी पत्रकार संघ नेपाल
प्रेस स्वतन्त्रता एवं पर्यटन पत्रकारिताको महान् लक्ष्य ।
- अमरकृष्ण चन्द, रेडियो मध्यपूर्व एफ.एम. १०४ मे. धुलिखेल, कपिल कोईराला, सञ्चारकर्मी
पत्रकारिता क्षेत्रको विकास प्रवर्द्धन र अनुसन्धान । - रमेशप्रसाद न्यौपाने (व्यवस्थापक), काभ्रे टाइम्स साप्ताहिक वनेपा
बाधा अड्चन विना सफल रहोस् । - भारती श्रेष्ठ (सम्पादक), जनमत साहित्यिक मासिक, वनेपा
सकारात्मक पत्रकारिता गर्नका लागि दबाब । - भीम गौतम (सम्पादक), हाम्रो इन्द्रावती साप्ताहिक
विश्व दर्शन्ले सकारात्मक सन्देश दिने छ । - ध्रुव रायामाझी, सम्पादक रोषी साप्ताहिक
प्रेस स्वतन्त्रताको आन्दोलनमा महत्वपूर्ण भूमिका खेल्दछ । - मनोज बस्नेत, कान्तिपुर प्रतिनिधि
सफलताको शिखर चुमोस् । - दिनेश लामा (निर्देशक सम्पादक), हाम्रो इन्द्रावती साप्ताहिक
पत्रकारिताको संवाहक बन्न सकोस् । - उजाड रक्तिम (कार्यकारी सम्पादक), नयाँ सञ्चार दर्शन साप्ताहिक
सकारात्मक पक्षहरु स्थापित गर्न यात्रा अघि बढोस् । - प्रकाश सुन्दाश, रेडियो नमोबुद्ध एफ.एम.
पत्रकारिता समाजको दर्पण हो । - भक्त स्याङतान् (स्टेशन म्यानेजर), रेडियो नमोबुद्ध, धुलिखेल
यही मन्द मुस्कान र दृढताका साथ अगाडि बढ्नु । - सरस्वती श्रेष्ठ, रेडियो नमोबुद्ध
विश्वलाई सकारात्मक ढंगले खोतल्ने प्रयास । - शिशिर दोङ, रेडियो नमोबुद्ध
पत्रकारिता क्षेत्रको परिवर्तन र आधुनिक पत्रकारिताको खोज अनुसन्धान । - सरोज सापकोटा, पत्रकार
पर्यटन विकासका लागि सबैको ध्यान जानुपर्छ । - रामशरण श्रेष्ठ, वनेपा १
सुस्वास्थ्यमा समेत सुखद कामना । - मोहन प्याकुरेल, मगलटार ४
क्षमता र दक्षतालाई प्रयोग गरिरहनुहोस् । - राजेश पन्थी (कार्यकारी अधिकृत), पनौती नगरपालिका
कार्य पूरा भएको सुसमाचार सुन्न पाइयोस् । - अर्जुन प्र. बञ्जारा (मैनेजर), ने.बै.लि. पनौती
दृष्टिविहीन भएपनि अरु मानिसभन्दा कम छैनौं हामी । - वसन्त चन्द (वैतडी), नेपाल दृष्टिविहीन उत्थान केन्द्र, गठ्ठाघर भक्तपुर
देश र पत्रकारहरुको सफलताका लागि हो यो यात्रा । - सरिता सापकोटा, पाँचखाल ९
जीवनलाई बदल्न चाहनेहरु आफैं स्वतन्त्र, पूर्ण र प्यासी छन् । - ललिता ढुंगाना, पाँचखाल ३
बाधा, अड्चन आइरहन्छन् त्यो देखि नडराउनु होला । - सरिता पुलामी, धुलिखेल ६, नयाँबस्ती
लक्ष्य बनाइ हिंडेमा सफल अवश्य भइन्छ । - मीना पुलामी (रेकी मास्टर), धुलिखेल ६, नयाँबस्ती
लक्ष्यमा पुग्नु । - श्रीकुमार सुवाल (क्याम्पस प्रमुख), इन्द्रेश्वर क्याम्पस, पनौती
खाली बाँच्नु मात्र जीवन होइन...। - रुपक महत (सभापति) स्ववियु, इन्द्रेश्वर क्याम्पस, पनौती
संघर्षको भुँइचालोले समेत नडगमगाएको दरिलो पाइलालाई सलाम । - श्रीकृष्ण लामा (वं)
पत्रकारिताबाट मानवीयताका लागि प्रेरणा मिलोस् । - प्रकाशबहादुर कायस्थ (रेकीमास्टर), वनेपा
सफलताको कामना ।
- सोमप्रसाद हुमागाई (उपाध्यक्ष), जिल्ला सहकारी संघ, वनेपा
हामीलाई संसार बुझ्न मद्दत मिल्नेछ ।
- राजकुमार सापकोटा, वनेपा ५
मानवअधिकारको संरक्षणमा महत्वपूर्ण योगदान पुग्ने ।
- राधेश्याम श्रेष्ठ (प्रबन्धक) काभ्रे बचत तथा ऋण सहकारी, वनेपा
जीवनको महानता भनेको कार्य गर्नु हो । - धनबहादुर श्रेष्ठ, वनेपा
उत्तरोत्तर प्रगतिको कामना ।
- विश्वनाथ भावार्थ, धु.न.पा. ७, छापगाउँ

काभ्रेपलाञ्चोक यात्राका क्रममा प्राप्त नगद सहयोग

जिउँदो शहीद मुकेश कायस्थ, वनेपा	रु. २,१००/-
पनौती नगरपालिका	रु. २,०००/-
वनेपा नगरपालिका	रु. १,०००/-
नेकपा (एमाले)	रु. ५००/-
ईन्द्रेश्वर क्याम्पस	रु. ३००/-
काभ्रे बचत तथा ऋण सहकारी संस्था	रु. ३००/-
काभ्रे टाईम्स(वनेपा)	रु. १००/-
मोहन प्याकुरेल (मंगलटार ४)	रु. १००/-
अर्जुनप्रसाद बञ्जरा	रु. १००/-

६९ औं जिल्ला सिन्धुपाल्चोक डायरी

संक्षिप्त परिचय

क्षेत्रफल: २,५४२ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ७९ वटा, निर्वाचन क्षेत्र: ३, सदरमुकाम: चौतारा, अञ्चल: बागमती, विकास क्षेत्र: मध्यमाञ्चल
भौगालिक अवस्थिति: पूर्व दोलखा र चीनको तिब्बत, पश्चिम काठमाडौं, नुवाकोट, उत्तर रसुवा, तिब्बत र दक्षिण काभ्रेपलाञ्चोक र रामेछाप
पर्यटकीय स्थल: हेलम्बु, पाँचपोखरी, तातोपानी, गौराती भिमेश्वर मन्दिर, भैरव कुण्ड, दुगुनागढी, जुगल हिमाल, गांगजाला भञ्ज्यांग, गुम्बा पेमासाल, पाताल गुफा, सुनकोशी र इन्द्रावतीको तीरआदि ।

२०६७ असार २: काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकको सिमाना दोलालघाटबाट ६९ औं जिल्ला सिन्धुपाल्चोक भ्रमणका लागि हामी गाडी चढ्यौं। दोलालघाटबाट थोरै माथिको मोडमा उद्योग वाणिज्य संघ सिन्धुपाल्चोकले बोर्ड राखेर स्वागत गरेको रहेछ। हामीलाई खुशी लाग्यो, अब त नेपाल भ्रमण सकिनै लाग्यो भनेर । बस दूधकोशी नदीको किनारै किनार अगाडि बढ्यो। खाँडीचौर काटेर भोटेकोशीको किनारमा अवस्थित बाऱ्हबिसे पुल छेउमा रोकियो। हामी यही झऱ्यौं। स्थानीय एक होटलमा नुहाइधुवाई गरेर त्यहीं आराम गरियो ।

२०६७ असार ३ र ४: हाम्रा यि दुई दिन राम्चे बाऱ्हबिसेको एक होटलमा अघिल्लो जिल्ला डायरी विस्तुतिकरण र लेखपढमा बिते। मोबाइलमा देशभरबाट आएका फोन कलरलाई ६९ औं सिन्धुपाल्चोक भन्ने जानकारी दिंदा ल नेपाल भ्रमण सक्नुभएछ बधाई छ भन्ने स्वर गुञ्जियो ।

२०६७ असार ५: बिहान ७ बजे बाऱ्हबिसेबाट बस चढेर हामी नेपाल चीनको व्यापारिक नाका तातोपानी ३, लिपिंग लाग्यौं। भोटेकोशी नदीको किनारै किनार चाकु, हिन्दी, भिरपु, खुकुण्डोल, लार्चा हुँदै फुल्पिंगको पुल पार गरेर बस तातोपानी प्रवेश गऱ्यो। फुल्पिंगबाट केही मिटर अगाडि बढेपछि बाऱ्हबिसेबाट भोटेकोशी नदीको दाँया चीन र बाँया नेपालको तातोपानीको भूभाग पर्दोरहेछ। लिपिङ्गमा बसबाट ओर्लिएर हामी अध्यागमन विभाग कार्यालय पस्यौं। अध्यागमन अधिकृत विजयराज पौडेललाई विश्वभ्रमण अभियानबारे जानकारी गरायौं। उहाँले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता संकटमा रहेको वर्तमान घडीमा यो अभियानबाट समस्त पत्रकार जगत्, राज्य पक्ष, नीजि पक्ष र सम्पूर्ण पेशा व्यवासायीहरुलाई यसतर्फ उन्मुख हुन ठूलो प्रेरणा प्राप्त हुने विश्वास लिएको छु भन्दै भ्रमण सफलताको कामनासहित बिहानी खानपिनको प्रबन्ध मिलाउनुभयो ।

खाना खाएर हामी नेपाल-चीन मितेरी पुल पुग्यौं। पुलको मुख छेउ नेपालको भागबाट क्यामेरा निकालेर भिडियो खिंच्न के खोजेका थियौं, सिभिल चाइनिज सुरक्षाकर्मी आएर लोलोपोतो जस्तै शब्द प्रयोग गर्दै रोके। क्यामेरामा त्यो पुलको कुनै दृश्य खोज्दा नभेट्टाएपछि ती सुरक्षाकर्मीले हामीलाई छाडिदिए। अचम्म ! नेपालको सिमाना मै आएर फोटो खिंच्न रोक लगाउने ति चिनियाँ सुरक्षाकर्मी अनि हेरेर बस्ने नेपाल सरकार। हामी पुलको बीच नेपालतर्फको सिमानासम्म पुगेर फर्कियौं। चीन पट्टिको गेटमा चाइनिज अक्षर लेखिएको छ, अक्षरमाथि जनगणतन्त्र चीनको झण्डा फर्फराईरहेको पाइयो। आफ्नो नागरिकता र तातोपानीमै रहेको नेपालको अध्यागमन विभागबाट पास लिएपछि मात्र खास्सा बजारसम्म पुग्न पाइने प्रावधान रहेछ । देशभर नागरिकता नचाहिएकाले हामीले नेपालमा अब यसको काम छैन भन्ठानेर इलाम जिल्लामै छोडेका थियौं, परिणाम वारिबाटै खासा बजारलाई बाईबाई गर्नुपऱ्यो ।



सानै उमेरमा बनाइएको नागरिकताको पुरानो फोटोसँग अहिले अनुहार नमिल्दा चाइनिज सुरक्षाकर्मीलाई पत्यार नलागेपछि उसले नेपाली यात्रुलाई फर्काइ दिएको दृश्य पनि देखियो त्यहाँ। नेपाली र विदेशी नागरिक प्रक्रिया पुऱ्याएर चीनतर्फ जाने आउने क्रम चलिरहेको थियो। मालसामानका ट्रक शनिवार परेकाले उति साऱ्हो आउने जाने गरेको देखिएन। विशेषगरी मानसरोवर तीर्थ यात्रामा जाने भारतीय पर्यटकहरुको अलि नै बढी घुइँचो देखियो।

खास्साबाट २ दिनमा गाडीले मानसरोवर पुऱ्याउँछ रे। नेपालको भन्दा धेरै कडा संयन्त्र चाइनाको रहेको बताउनु हुन्छ, अध्यागमन अधिकृत पौडेल । उहाँसँगै हामीले एउटा घरको छतबाट वारिपारिको दृश्य नियाल्यौं। भोटेकोशी पारि चाइना

तिब्बतको भूभागमा खासा बजार छ । वारिपारि नेपाल चीन दुवैको भूभाग भीर, पाखा, पहरा नै छन् । व्यापारिक नाका खुलेकाले नदी किनारमा महल बनेका त छन् नै नेपालले पनि दिनमा एक करोडसम्म राजस्व उठाउने गरेको सशस्त्र भन्सार सुरक्षा बेस तातोपानीका डी.एस.पी. खिला खतिवडा बताउनु हुन्छ । नेपालको भन्दा धेरै गुणा फाइदा चीनलाई छ । खासा बजारको होलसेल पसलमा नेपाली युवतीयुवाहरुले रोजगारी पनि पाएका छन् भन्ने जानकारी पनि डी.एस.पी. खतिवडाले दिनुभयो । हरियाली वातावरण सँगै रहेको रमाईलो खासा बजार अनि लिपिङ्गलाई छोडेर हामी तातोपानी धारातर्फ फर्कियौं ।

तातोपानी कुण्डमा

तातोपानी धारा निर्माण सुधार समितिले केही शुल्क लिएर नुहाइधुवाई गर्ने वातावरण मिलाउँदो रहेछ । विशेषगरी जाडो मौसममा मान्छेहरुको घुइँचो लाग्ने गरेको धारा सुरक्षार्थ खटिएका सुरक्षाकर्मी बताउँछन् । तातोपानीका ताता धारामा नुहाउने र चिसा धारामा लुगाधुने कार्य गरेर हामी अगाडि बढ्यौं ।

तातोपानीको ९ किलोमा भोटेकोशी पावर कम्पनी जलविद्युत्को ड्याम बाधिएको रहेछ । ड्यामबाट ५० मिटर पहाडलाई सीधा प्वाल पारेर त्यहाँबाट ठाडो ३ किलोमिटर सुरुंगमार्फत् पानी झिर्पु ल्याएर ३६ मेगावाट विद्युत् निकालिएको एक ग्रुप फोर सेक्युरिटीले हामीलाई जानकारी दिए । त्यहाँबाट हामी सिमा प्रहरी चौकी कोदारीसम्म हिंड्दै आयौं । असई रामसिंह थापाको कमाण्डमा रहेका प्रहरी जवानहरुले हामीलाई एक गाडीमा बाऱ्हबिसेसम्म आइपुग्ने व्यवस्था मिलाइदिए । बन्जी जम्पिङ्ग गरेको ठाउँ हेरौंला भन्ने चाहना थियो । गाडी निकै अगाडि बढिसकिहालेछ, जानकारी नपाएकाले हेर्नै पाइएन ।

साँझमा हामी बाऱ्हबिसे बजार आएर युथ एफ.एम. ९६.८ मे. कार्यालय गयौं । त्यहाँ कार्यरत एफ.एम.कर्मी शान्ति श्रेष्ठ र मुना सापकोटासँग परिचय भयो । भोली भेट्ने कुराकानीका साथ पुल वारि आएर हामी एक होटलमा बास बस्यौं ।

२०६७ असार ६: बिहान हामी ग्रामीण विकास समाज राम्चेको कार्यालयमा आयौं । सामुदायिक गाउँ भूमि व्यवस्थापन समितिका अध्यक्ष शम्भु सापकोटा, एकीकृत नेकपा माओवादी सम्बद्ध अम्बिका र अमृता नेपालसँग कुराकानी भयो । सिन्धुपाल्चोकको क्यूल गा.वि.स. बाट वि.सं २०५२ सालमा नेपालमा पहिलोपटक भूमि आन्दोलन सुरु भएको हो । सामुदायिक आत्म निर्भर सेवा केन्द्रको संयोजनमा सिन्धुपाल्चोकको राम्चे गा.वि.स. मा मात्र सामुदायिक भूमि सुधार अभियान सुरु भएको अध्यक्ष सापकोटाले बताउनुभयो । त्यहाँबाट हामी बाऱ्हबिसे बजार क्षेत्र भ्रमणमै निस्कियौं ।

भोटेकोशी नदी किनारमा अवस्थित बाऱ्हबिसे बजार एकातर्फ राम्चे गा.वि.स. मा छ भने अर्को तर्फ बाऱ्हबिसे गा.वि.स. मा पर्दछ । हामीले राम्चे गा.वि.स. तर्फको भूभागमै खानपिन गऱ्यौं । तामांग भाषामा रा भनेको बाख्रा र चे भनेको चराउने खर्क अर्थात् यो ठाउँ पहिले भेडाबाख्रा चराउने खर्क रहेको र पछि यही नाम अपभ्रंश भएर राम्चे नाम रहन गएको कथन सुन्न पाइयो । हामी राम्चे तर्फको बजारबाट पुल पार गरेर बाऱ्हबिसे तर्फको बजार गयौं । युथ एफ.एम. कर्मी शान्ति श्रेष्ठसँग केहीबेर कुराकानी भए । यो भ्रमण अभियानको बारेमा सुनिसकेपछि मलाई जीवनमा केही गर्नुपर्छ भन्ने साहस मिलेको छ र म धेरै खुशी भएकी छु भन्दै उहाँले विश्वभ्रमण गरी संसारलाई बदलेर छोड्ने अभियान पूरा होस् भनी शुभकामना व्यक्त गर्नुभयो । म घरका सदस्यसँग फोटो खिंचेर घरमै राख्छु अरुलाई देखाउदिन र अरुसँग खिच्दिन पनि, त्यसैले अप्ठ्यारो नमान्नु होला भन्दै उहाँले फोटो खिंच्न स्वीकार गर्नुभएन । थरिथरि स्वभाव भएका मान्छेमा एउटा पृथक् स्वभाव...।


बाऱ्हबिसे

त्यहाँबाट हामी बाऱ्हबिसे गा.वि.स. कार्यालय पुग्यौं । कार्यालय सहायक गणेशबहादुर मोक्तानले उपलब्ध गराउनुभएको सूचना सामाग्रीमा भनिएको छ: बाऱ्हबिसे प्राचीन कालदेखि नै नेपाल र तिब्बतको व्यापारिक नाका रहेको थियो, त्यस बखत अहिलेजस्तो यातायात साधन नभएकाले भारी बोकेर वा आवत्

जावत् गर्ने बटुवा भारी बिसाउन एवं बस्न सुविधा होस् भनेर १२ ठाउँमा बिसौना (चौतारा) बनाइएको थियो । यसरी बनाइएका १२ वटा बिसौनाबाट नै बाऱ्हबिसे नामाकरण भएको हो ।

पत्रकारहरुसँग

गा.वि.स. कार्यालयबाट हामी सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ पुगेका थियौं । त्यहाँ हामीले कार्यालय सचिव ईश्वरीप्रसाद चालिसे, युथ एफ.एम. का नवीन श्रेष्ठ लगायतसँग परिचय गऱ्यौं । त्यहाँबाट हामी इलाका प्रहरी कार्यालय गयौं । प्रहरी निरीक्षक हेरम्ब शर्माले केही नराम्रा पत्रकारले गर्दा राम्रा पत्रकारको समेत बदनाम गराएका छन् भन्ने टिप्पणी गर्नुभयो । त्यहाँ सई श्रीप्रसाद कडरिया, असई टीका भट्टराई लगायत अन्य प्रहरी जवानसँग हाम्रो कुराकानी भयो । फर्किएर हामी बाऱ्हबिसे बजारको पुच्छर र राम्चेतर्फ को सिरानी भाग पनि घुम्यौं । भीर पाखा गाउँघरले रमाईलो देखियो यो बजार । बजार क्षेत्रमा आधुनिक घरहरु पनि बनेका छन् ।

साँझमा हामी मनोक्रान्तिप्रेमी शम्भु सापकोटाको निमन्त्रणाअनुसार उहाँकै घर आयौं । बेलुका शारदा उ.मा.वि. का शिक्षक तीर्थराज ढकाल पनि सापकोटा कै घर आउनुभयो । ३४ वर्षदेखि शिक्षण पेशामा कार्यरत शिक्षक ढकाल पढ्दै पढाउँदै हाल एम.ए. अध्ययनरत हुनुहुँदो रहेछ । सापकोटा जीले पनि वि.सं. २०३७ सालमा एस.एल.सी. पास गरेपछि पढ्न छोड्नु भएकोमा हाल १२ कक्षामा पढ्न सुरु गर्नु भएछ । उहाँहरुसँग निकै रमाईला र प्रेरणादायी कुराकानी गरेर हामीले खानपिन गऱ्यौं ।

२०६७ असार ७: बिहान शम्भु जीले यस्तो शुभेच्छा लेख्नुभएछ, जसरी क्रिष्टोफर कोलम्बसले संसारको यात्रामा नयाँ विश्व अमेरिका पाए, त्यसरी नै संसारलाई बदल्ने महत्वपूर्ण शक्ति सञ्चार जगत्को प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको नयाँ विश्व प्राप्त गर्ने अभियानको महान् लक्ष्य निर्विघ्न पूरा होस् । उहाँको शुभेच्छासहित हामी बाऱ्हबिसेबाट सिन्धुपाल्चोक सदरमुकाम चौताराको बस चढ्यौं । लगभग २ घण्टा लगाएर लामोसाँघु, खाँडी चौर, दोलालघाट मोड हुँदै साँगा, ईर्फु लगायतका भूभाग काटेर बिहान १०:३० बजे बस चौतारा आइपुग्यो । खाँडीचौरबाट दोलखा रामेछाप जाने बाटो छुट्दो रहेछ ।

सदरमुकाम चौतारामा बसबाट ओर्लिएर हामी पत्रकार महासंघ भवन पुग्यौं । कार्य समितिका पदाधिकारीहरुको छुट्टाछुट्टै कार्यकक्ष भएको सो भवन व्यवस्थित रहेछ । यसअघि हामीले मोफसलमा यत्तिको व्यवस्थित पत्रकार महासंघ कार्यालय अन्य जिल्लामा भेटेका थिएनौं । महासंघ अध्यक्ष पवित्रकुमार खड्का, कोषाध्यक्ष टीका दाहाल, पत्रकार टीका सुवेदी, कार्यालय सहयोगी अनु श्रेष्ठ लगायतले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानलाई स्वागत गर्नुभयो । सिन्धु पत्रकारिता २०६६ स्मारिकामा अध्यक्षको कलमबाट शीर्षकमा यस्तो लेखिएको छ: पत्रकार बन्न कै लागि पत्रिका निकाल्ने संस्कार जिल्लामा बढ्दै गएको छ, जसका कारण जिल्लाको पत्रकारितालाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन हुन थालेको छ । पत्रकारको बिल्ला भिर्ने बित्तिकै आफूलाई चन्द्रमाबाट आएको छुट्टै प्राणी सम्झने प्रवृत्ति छ । उसमा कुनै सामाजिक उत्तरदायित्व नै छैन कि ? भन्ने भान हुन्छ । जसको व्यवहारले समाजमा पत्रकार नामको त्रास फैलिएको छ ।

हाल जिल्लामा ४, ५ वटा साप्ताहिक प्रकाशित र एउटा रेडियो प्रसारित छन् । यहाँका पत्रकारहरु स्थानीय, छिमेकी जिल्ला एवं राजधानीका सञ्चारमाध्यमहरुमा समेत कार्यरत छन् । पत्रकार महासंघको शाखा वि.सं. २०४९ मा स्थापना भएको हो । स्थानीय स्तरमा सबै क्षेत्रको सहयोग पाएर महासंघ भवन बनाउन सकेका हौं, अध्यक्ष खड्काले भन्नुभयो । जिल्लाका पत्रिका आर्थिक अभावको मारमा छन् भने पत्रकारहरु श्रमको मूल्य नपाएरै भएपनि पत्रकारिता गरिरहेको अवस्था छ । विगत १० वर्षे माओवादी जनयुद्धमा राज्य तर्फबाट पत्रकार कञ्चन प्रियदर्शी र विद्रोही पक्षबाट ज्ञानेन्द्र खड्काको हत्या भएको थियो ।

पत्रकार महासंघको कार्यक्रमबाट हामी इन्द्र लञ्च हाउस आएर खाना खायौं । कवि तथा पत्रकार अमित घिमिरे र लञ्च हाउसका शैलेन्द्र सिलवालसँग भेट भयो । खाना खाइसकेर हामी सिन्धुपोष्टका कार्यकारी सम्पादक टीका सुवेदीको अनुरोधमा साप्ताहिक कार्यालय पुग्यौं । जातीयता र संघीयताले देश टुक्रिन्छ भन्ने मान्यताका पक्षपाती हुनुहुँदो रहेछ, कार्यकारी सम्पादक सुवेदी । हामी सुवेदी र घिमिरेका साथ जि.वि.स. कार्यालय पुग्यौं । स्थानीय विकास अधिकारी कृष्णप्रसाद अर्यालले सल्लाह, सुझाव प्रतिक्रिया लिन साउन लागेपछि आउनु भन्दै निवदेनमा तोक लगाएर हिंड्नुभयो ।

सूचना केन्द्रबाट हामी जिल्लाको परिचय लिएर फर्क्यौं । साहित्यकार अमित घिमिरेले हामीलाई आफ्नो घर लानुभयो । सिन्धु साहित्यको १०० वर्ष नामक वृत्तचित्रको स्लाइड शो उहाँले हामीलाई देखाउनुभयो । जसमा सय वर्षभित्र साहित्यको क्षेत्रमा योगदान पुऱ्याउने सिन्धुपाल्चोके साहित्यकारहरुको फोटो सहित विवरण राखिएको रहेछ । यो पूर्णता होइन, सुरुवात् हो वाक्यसँगै वृत्तचित्र

कथा उहाँले अन्त्य गर्नुभएको छ। उहाँ साहित्य सम्बन्धी पुस्तक निकाल्ने साथीहरुका नि:शुल्क कभर डिजाइन गरिदिने बताउनु हुन्छ। उहाँको बुवा रामप्रसाद घिमिरेले सबै क्षेत्रका मान्छे आफ्नो पेशाप्रति इमान्दार नभएकाले देशमा अराजकता छाएको धारणा राख्नुभयो। घिमिरे परिवारसँग छुट्टिएर हामी बजार तर्फ आयौं।

एनेकपा माओवादी ताम्सालिङ्ग राज्य समिति सदस्य अमानसिंह तामाङ्गसँग हाम्रो केहीबेर कुराकानी भयो। समिति सदस्य तामांगले पत्रकारहरु पनि पैसामा बिक्न थालेकाले देशमा समस्या आएको र पत्रकारिता पनि समस्याग्रस्त भएको आरोप लगाउनुभयो। बेलुकी हामी इन्द्र लञ्च हाउसमै बस्यौं।

२०६७ असार ८: बिहान हामी पत्रकार टीका सुवेदीसँग रेडियो सिन्धु र चौतारा बहुमुखी क्याम्पस गयौं। समाज रुपान्तरण तथा मानव विकास केन्द्रद्वारा सञ्चालित रेडियो सिन्धु १०५ मेगाहर्ज जिल्लाको पहिलो सामुदायिक रेडियो रहेछ। मिल चौरबाट प्रसारण भइरहेको सो रेडियो १०० वाट क्षमताको छ। स्टेशन म्यानेजर यज्ञप्रसाद दंगालले कुनै राजनीतिक दलसँग निकट नहुँदा रेडियो चलाउन केही गाऱ्हो भएको अनुभव सुनाउनुभयो। उहाँका अनुसार जि.वि.स. वा कुनै संस्थाबाट सहयोग दिंदा आफू निकटको लाई सहयोग गर्ने प्रचलन नेपालमा छ र सिन्धुपाल्चोकमा पनि। यही रेडियोकी कोषाध्यक्ष सुनीता लामा अनि अन्य रेडियोकर्मीले देशभरीका फोटाहरु हेर्न पाउँदा आफूलाई खुशी लागेको प्रतिक्रियाका साथ विश्वभ्रमण सफलताको कामना गर्नुभयो।

त्यहाँबाट हामी चौतारा क्याम्पस आयौं। यस क्याम्पसका सहायक क्याम्पस प्रमुख सूर्यराज तिवारीले विद्यार्थीहरुलाई अप टु डेट गर्ने माध्यम नै पत्रकारिता बनेको छ भन्नुभयो। त्यहाँ भेट भएका स्ववियु सभापति प्रदीप सापकोटा र क्याम्पसका अन्य प्राध्यापकहरुले सकारात्मक सोचको सन्देश छर्न सुरु गरिएको विश्वभ्रमण अभियान सफल रहोस् भनी शुभेच्छा प्रकट गर्नुभयो।

बजार आएर बिहानी खाना खाइयो। त्यहाँबाट साहित्यकार अमित घिमिरेसँगै हामी सिद्धिकमलादेवी मा.वि. पीपलडाँडा पुग्यौं। त्यस विद्यालयका १० कक्षाका विद्यार्थीहरुसँग भ्रमणबारे जानकारी गराउने अवसरको चाँजो पाँजो पनि मिलाईदिनु भयो सोही विद्यालयका शिक्षक समेत रहनुभएका घिमिरेले। कक्षा १० का उत्साही एवं जिज्ञासु विद्यार्थीहरुले आफैं कोहम् (म को हुँ) र सोहम् (म त्यही परमात्मा, प्रकृति वा ईश्वरको अंश हुँ) को अर्थ लगाउन सकेकोमा हामीलाई आश्चर्य र खुशी दुवै लाग्यो। किनभने ६९ जिल्लाका प्राय: मान्छेले यी दुवै वैदिक शास्त्रका मन्त्रको अर्थ स्पष्ट लगाउन सकेका थिएनन्। केही दिग्गज व्यक्तित्वले समेत सोहम् को अर्थ लगाए पनि कोहम् को अर्थ सोध्ने गर्दथे। त्यस अर्थमा बधाई छ, ती भाई बहिनीहरुलाई। कक्षा भित्रै देशका विभिन्न भागका फोटाहरु हेर्न पाउँदा आश्चर्यचकित, पुलकित र जिज्ञासु भए उनीहरु। र, भने शुभयात्रा।

सो मा.वि. का प्र.अ. पुष्कर रायमाझी एवं अन्य शिक्षक शिक्षिकाहरुले विश्वभ्रमणको बारेमा जिज्ञासा राख्दै अभियान सफलताको कामना गर्नुभयो। पीपल डाँडाबाट हामी सदरमुकाम चौतारा फर्कने क्रममा अमित जीले भन्नुभयो, म विद्यार्थीहरुलाई किताब रटाउने होइन स्वतन्त्र ज्ञानद्वारा सिक्न प्रेरित गर्दछु।

सदरमुकाम चौतारा आइपुगेपछि हामीले प्र.जि.अ. हरिकृष्ण उपाध्याय, सहायक प्रजिअ गोविन्द सापकोटा, लेखापाल टोलेन्द्र कार्की एवं उपस्थित सेवाग्राहीहरुलाई प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको अभियानबारे जानकारी गरायौं। प्रजिअ उपाध्यायले पत्रकारिताको माध्यमद्वारा सम्बन्धित निकाय सजग र जनता सुसूचित हुन पाएका छन् भन्ने धारणा राख्नुभयो। उहाँका अनुसार सिन्धुपाल्चोक जिल्लामा धनीहरु असाध्यै सम्पन्न र गरिबहरु अत्यन्तै विपन्न छन्। जि.प्र.का. को शुभकामना लिएर हामी नेपाली कांग्रेस पार्टी कार्यालय पुग्यौं। पार्टी सचिव टंकबहादुर कार्कीलाई फोन गर्दा जि.वि.स. कार्यक्रममा छु, पछि भेटौंला भन्ने प्रतिक्रिया दिनुभयो, पछाडि अगाडि आएन भेट हुन सकेन।

हामी सिन्धुल प्रवाह साप्ताहिकको कार्यालय आयौं। सम्पादक दिनेश थापा, पत्रकार टीका दाहाल, ज्ञानेन्द्र तिमल्सिना, राजकुमार लम्साल लगायतसँग हाम्रो कुराकानी भयो। बाऱ्हविसे, तातोपानी तर्फको १ नं. क्षेत्र, चौतारा २ नं र मेलम्ची क्षेत्र ३ नं. क्षेत्र रहेको सिन्धुपाल्चोक जिल्ला ३ जिल्ला जस्तै फरक फरक रहेको अनुभव उहाँहरुले हामीलाई सुनाउनुभयो। ३ वटै क्षेत्रलाई जोड्ने सोझो सडकको आवश्यकता सिन्धुपाल्चोकवासीलाई महसुस भएको देखिन्छ। काठमाडौंको नजिक चीनको नाका भएर पनि जुन रुपले सिन्धुपाल्चोकको विकास हुनुपर्थ्यो, त्यसअनुरुप हुन नसकेको जिल्लावासी गुनासो पोख्छन्।

साँझ हामीले नेकपा एमाले सिन्धुपाल्चोक अध्यक्ष हस्त पण्डितलाई भेट्यौं। अध्यक्ष पण्डितले द्वन्द्व कालमा सिन्धुपाल्चोकमा २ जना पत्रकार मारिएपनि अहिले यहाँका युवाहरु उत्साहका साथ पत्रकारिता क्षेत्रमा लागेका छन् र हाम्रो पार्टीले आपत्ति जनाउनु पर्ने किसिमका समाचार सामाग्री पनि प्रकाशित प्रसारित भएका छैनन् भन्नुभयो। स्थानीय निकायबाट नै युवाहरुले अनुभव संगालेर देश चलाउने योग्यता बनाउनुपर्छ। यदि वर्तमानको जस्तो रिक्तता स्थानीय निकायमा केही समय रहयो भने २० वर्षपछि यो देशमा के होला ? भन्ने चिन्ता उहाँलाई रहेछ।

२०६७ असार ९: बिहान हामी बसेको होटलमै चिया पिउँदै हामीले थप केही व्यक्तिहरुसँग यात्रा अनुभव बाँड्ने मौका पायौं। जिल्ला शिक्षा कार्यालयका उपसचिव विष्णुप्रसाद भट्टराई, पत्रकार महासंघ सिन्धुपाल्चोक सचिव ज्ञानेन्द्र तिमल्सिना र लागर्चे सिन्धुपाल्चोककी

सविना खड्का लगायतसँग हाम्रो कुराकानी भयो । भट्टराईका पुर्खा पनि सिन्धुकोट गा.वि.स. धुसेनीबाटै भोजपुर गएका हुन् भन्ने विषयले उहाँहरुलाई राम्रै छोएछ । हामी चौताराको पुरानो बजार क्षेत्र हेर्दै नारायणस्थान मन्दिरसम्म पुगेर फर्कियौं ।

खाना खाएर हामी जिल्ला शिक्षा कार्यालय, श्रीकृष्ण रत्नगंगा उ.मा.वि. र सिन्धुज्वाला साप्ताहिक कार्यालय पुग्यौं । शिक्षा कार्यालय पुग्दा राहत शिक्षकहरुले आफ्ना मागहरु सरकारले सुनुवाई नगरेको भन्दै कार्यालयमा तालाबन्दी गर्ने सुरसारमा रहेका छौं भन्दै जि.शि.अ. लाई जानकारी गराउँदै थिए । उ.मा.वि.मा पुगेर हामीले विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । सगरमाथा र गौतम बुद्धको देश नेपाल भनेर संसारभर सबैले चिनिसकेकाले अब विश्वभ्रमण गरेर केही नहुने धारणा एक शिक्षकले राखे । अनि अर्का शिक्षकले देश विदेशको पत्रकारिता अनुभव लिएर आउनुस् भने । मलाई पनि धेरै देशका स्कूल घुम्ने रहर त थियो नि के गर्ने ? नेपाली पत्रकारिताका सकारात्मक पाटा छैनन् जस्ता धारणा अर्का शिक्षकले राखे । त्यहाँ रहेका अरु केही शिक्षकले हामीलाई खिल्ली उडाउन पनि खोजे । उनीहरुका विभिन्न धारणा र खिल्ली बुझ्दै हामीले भन्यौं, गौतम बुद्ध र सगरमाथाको देश नेपाललाई विश्वले चिनिसकेको छैन, अझ नेपालभित्र लुकेका विशेषता कति छन् कति ? त्यो लुकेको विशेषता कोरा किताबी ज्ञानले मात्र बताउन सक्ने कुरा होइन । नेपाली पत्रकारिता क्षेत्रमा एफ.एम. रेडियोको विकास र विभिन्न परिवर्तनका खातिर नेपाली पत्रकारिताले खेलेको भूमिका हामी विश्वमाझ प्रस्तुत गर्दैछौं, जोसुकै मान्छेलाई भ्रमण गरेर केही योगदान दिन्छु भन्ने तीव्र आकांक्षा छ भने सफल नहुने कुरै छैन । यति भनेर हामी स्कूलबाट बाहिरियौं ।

हामी पत्रकार महासंघ सिन्धुपाल्चोक कार्यालय पुग्यौं । महासंघ परिवारको शुभकामना लिएर हामी मेलम्ची पुग्ने योजनाका साथ बिदा भयौं । चौतारा बसपार्कबाट सशुल्क गाडी यात्रा गर्दै झण्डै साँझमा मेलम्ची बजार आइपुग्यौं ।

बस चौताराबाट दोलालघाट, काभ्रे जिरो किलो, बाहुनी पाटी हुँदै पुनः सिन्धुपाल्चोक मेलम्ची क्षेत्र प्रवेश गरेको थियो । असार महिनामा लटरम्म फलेको धान खेती अनि गाउँ बस्ती हेर्दै इन्द्रावती नदीको किनारै किनार बसयात्रा गर्दा कम्ता रमाइलो भएन । सञ्चालक टासी लामाको फोन निमन्त्रणामा साँझ हामी मेलम्ची बजारमा अवस्थित लामा गेस्ट हाउस आएर बास बस्यौं । सञ्चालक लामाले केही महिनाअघि एकीकृत नेकपा (माओवादी) अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आफ्नो होटलमा आएर नास्ता खाँदै आफ्नो बारेमा सोध्नुभएको क्षण जीवनकै सबभन्दा सुखद र स्मरणीय क्षण बनेको अनुभव सुनाउनुभयो ।

२०६६ असार १०: बिहान उठ्नासाथ हामीलाई होटल सञ्चालक लामाले बरुवा १, रिबर्मा सिन्धुपाल्चोकको घना जंगलमा अवस्थित ड्र्यागन शिलाको फोटोसहित जानकारी गराउनुभयो । उहाँका अनुसार १०० फिट लम्बाई र ३० फिट चौडाई रहेको नाग गुजिल्टिएर बसेजस्तो आकृति देखिने त्यो दुर्लभ शिलाको उचित प्रचारप्रसार भए पर्यटकीय गन्तव्य बन्न सक्छ । हामी त्यसतर्फ जाने कि ? भन्ने विषयमा छलफल चलेपनि अन्त्यमा नजाने निर्णय सर्वसम्मतले पारित भयो । इन्द्रावती नदी किनारमा अवस्थित मेलम्ची बजार पारी पट्टि शिखरकोट र ज्यामिरे गा.वि.स. को भू-भाग पर्दो रहेछ । मेलम्ची बजार नजिकैको दूरीमा मेलम्ची खोला र इन्द्रावतीको दोभान रहेछ । हेलम्बु गा.वि.स. को अम्बाथानबाट २६ किलोमिटर सुरुंग मार्फत् सुन्दरीजलमा पानी निकालेर काठमाडौंमा वितरण गर्ने लक्ष्य रहेको कारण पनि मेलम्ची चर्चाको शिखरमा छ ।

मेलम्ची खानेपानी योजनाका इन्जिनियर मोहनबहादुर कार्कीले ठट्यौली पारामा भन्नुभयो, विभिन्न चुनौतीका बाबजुद निर्माण कार्य सुरु गरिएको मेलम्ची खानेपानी योजना तपाईंहरु विश्व घुमेर आउँदा पूरा हुन्छ । आयोजनाको कार्यालय पुगेर हामीले त्यहाँ भेट भएका कर्मचारीहरुलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानबारे जानकारी गरायौं । उनीहरुले भ्रमण सफलताको कामना गरेपछि हामी त्यहाँबाट फर्कियौं ।

मेलम्ची

मेलम्ची बजारको जयवागेश्वरी स्टेशनरीमा पत्रिका लिने क्रममा सञ्चालक इन्द्रमणि दाहालसँग हाम्रो भेट भयो । नेपाल पत्रकार महासंघका केन्द्रिय पूर्वसभापति तारानाथ दाहालका दाजु शिखरपुर गा.वि.स. का हुनुहँदो रहेछ उहाँ । त्यहाँबाट हामी श्री इन्द्रेश्वरी उ.मा.वि. पुग्यौं । उ.मा.वि. संयोजक इन्द्रबहादुर श्रेष्ठ, प्र.अ. राधाकृष्ण श्रेष्ठ र अन्य शिक्षकलाई विश्वभ्रमण अभियानबारे जानकारी दियौं । उहाँहरुले साहसिक तथा मर्यादित पत्रकारिता पेशालाई अझ गौरावान्वित बनाउन विश्वभ्रमण सफल होस् भनी शुभेच्छा व्यक्त गर्नुभयो । हामी उ.मा.वि. बाट लामा गेष्ट हाउसमै झर्‍यौं ।

हाेटल सञ्चालक टासी लामाले विश्वभ्रमण अभियान सफलतापूर्वक सम्पन्न होस् भनी हामीलाई खादा ओढाएर बिदा गर्नुभयो । एक रात बास र दुई छाक गाँस निःशुल्क गरिदिनुभएका होटल सञ्चालक लामालाई आभार प्रकटसहित बिदाईको हात हल्लाउँदै हामी तालामाराङ्ग तर्फ लाग्यौं । हिंडेरै हामी तालामाराङ्ग ७, तालामाराङ्ग बजार छेउमा रहेको शिक्षक बालासुन्दर देउजाको घरमा आइपुग्यौं । उहाँकी छोरी प्रमिला देउजा (साधिका इम्) मनोक्रान्तिकै इतिहासमा पहिलोपटक नांगो खुट्टा आगोमा हिंड्ने साधिका हुनुहुन्छ । साधिकाहरु मध्ये लगातार १२ घण्टा सम्भाषण (बोल्ने) गर्ने पहिलो साधिका पनि भनेर चिनिनु भएको छ उहाँ ।

हामी उहाँहरुको घर आइपुग्दा भाई प्रमोद, दाई प्रदीप, बहिनी प्रभा र हजुरआमा हुनुहुन्थ्यो । साँझमा विद्यालयबाट शिक्षक देउजा पनि आइपुग्नुभयो । उहाँहरुसँग विविध अनुभूतिहरु साटासाट गर्दै हामीले खाना खायौं । अनि सुत्यौं ।

२०६६ असार ११: हाम्रो आजको दिन नुहाइधुवाई, आराम, अध्ययन लेखन र देउजा परिवारसँगको कुराकानीमा व्यतित भयो । प्रदीप जी अध्ययनशील र मिलनसार व्यक्ति त हो तैपनि व्यवहारिक र सामाजिक बन्नलाई उहाँ अझै बढी प्रयत्नशील हुनुपर्ने देखिन्छ । किनकी अध्ययन गरेर प्राप्त ज्ञानलाई व्यावहारिकरुपमा कार्यान्वियन गर्न सकिएन भने जीवन समस्या बन्छ ।

२०६६ असार १२: तालामाराङ्गबाट खाना खाएर हामी शिक्षक देउजासँगै बस चढ्यौं । उहाँले हामीलाई गाउँठाउँ चिनाउँदै ल्याउनुभयो । मेलम्ची खोलाको किनारै किनार बस महाँकाल, इचोक हुँदै क्युल आएर रोकियो । ईचोक पहिले चेलीबेटी बेचविखन हुने भनेर बढी चिनिएको थियो, हाल वैधानिक तरिकाले विदेश लाने चलन छ, यसमा प्रत्यक्ष अप्रत्यक्ष राजनीतिक दलको संलग्नता रहने गरेको चौतारामा रहँदा हामीले जानकारी पाएका थियौं ।

क्युलबाट हामी बस परिवर्तन गरेर हेलम्बु ८, तिम्बु आयौं । खोला, खोंच, गाउँबस्ती नियाल्दै तिम्बु आइपुग्दा अब लेकाली भेग सुरु भएको हामीलाई आभाष मिलेको थियो । हामी स्थानीयवासी वीरबहादुर लामा र अन्य व्यक्तिहरुलाई अभियानबारे जानकारी दिंदै अगाडि बढ्यौं । शिक्षक देउजा तिम्बुबाट तालामारांगतर्फ नै फर्कनुभयो ।

तिम्बुबाट लाम्टांग राष्टिय निकुञ्जको भूभाग सुरु भयो । उकालो बाटो हिंड्दै हामी दोरिंग निस्कियौं । दोरिंग डाँडामा भेट भएका एक स्थानीयवासीले काठमाडौंतर्फ पानी लान खनिने मेलम्ची सुरुंग मार्गको खोंच (देखाउँदै) उ त्यहाँ तल पर्छ अनि त्यो पारिको तारतुंग छहरा हो भन्दै हामीलाई देखाउनुभयो । हरियाली वनजंगल डाँडाकाँडाको बीचमा छंगछंग गर्दै बगेको छहराको दृश्यमा हामी केहीबेर रमाएर अगाडि बढ्यौं । दोरिंगबाट, खुर्चुंग निस्किएर दही चिउरा खायौं । लेकको ओरिजिनल दही कम्ता मीठो भएन । ह्योल्मो जातिको बसोबास रहेको यो हेलम्बु क्षेत्र हरियालीसँगै ऐतिहासिक पनि छ । हेलम्बुलाई नेपालको काश्मिर पनि भनेर चिनिंदो रहेछ । यस क्षेत्रमा राजराजेश्वरी दामोदर पाँडेसँग मिलेर रणबहादुर शाहलाई पक्रने योजना बनाएको आरोपमा राजराजेश्वरीलाई ३ वर्ष निर्वासित गराइएको थियो भन्ने इतिहास सुन्न पनि पाइयो ।


ह्योल्मो जातिकी एक महिला

वर्षायाममा परेको पानी प्लास्टिकले छल्दै हामी मेलम्ची नदी तरेर उकालो लाग्यौं । वारिपारि झमझम वर्षासँगै बगेका झरना खोला कम्ता रमाईला छैनन् । जुकालाई गर्नुपरेको रक्तदान पनि किन भुल्नु पर्‍यो र ? हामी तार्कदोको एक निर्माणाधीन होटलमा बस्यौं । उसिनेका आलु मीठो लाग्यो । खाना खान पनि पछि परिएन ।

२०६७ असार १३: बिहान तार्कदोबाट मेलम्ची घ्यांगतर्फ उकालो लाग्ने बेला भयो । हामी होटल साहुनीलाई कति भयो ? भनेर सोध्न गयौं । भित्रबाट उनले ६ सय भनिन् । हामीलाई पत्यार लागेन । पुनः कति भयो रे दिदी ? भनेर सोध्यौं । उनको छोराले सिक्स हण्ड्रेड भनेपछि झसंग भएर कसरी ? भन्दै हामीले फेरि प्रश्न गर्‍यौं । होटल्नी दिदीले खानाको एकजनाको रु. २०० दुई जनाको रु. ४००, आलुको रु. १०० अनि सुतेको दुईजनाको रु. १०० भनिन् । उनलाई हामीले महंगो गर्नुहुँदो रहेछ भन्यौं । ती दिदीले माथि तिर त झन् एकजनालाई नै ६ सय लिन्छन्, मैले त आधा मात्र लिएको हुँ भनिन् । धुलो र भुईंमा लगाइएको ओछ्यान आलुको तरकारी, दाल र भात एक छाक खाएको त्यो बन्दै गरेको होटल व्यवस्थित पनि थिएन । त्यसकारण हामी सस्तै हुन्छ होला भन्ने सोचमा थियौं । खुरुक्क हामी पैसा तिरेर उकालो लाग्यौं ।

आज हामी बेलुकी बास बसेको ठाडोपाटी होटलका दाईले विदेशीलाई लिने शुल्कको आधा हुन्छ भन्नुभएको छ । यसरी हेर्दा १ दिन उकालो हिंडेर आइपुगेको

विकट यो डाँडामा रु. १५० मा खाना पाउँदैछ भने बिहान मेलम्ची घ्यांगबाट एक घण्टा तलको ताकर्दोमा रु. २ सय...। यसैबाट प्रष्ट छ, ती होटल्नी दिदीले महंगो गरेकै हुन्।

हामी बिहान मेलम्ची घ्याङ्ग गाउँ निस्कनासाथ मेलम्ची घ्याङ्ग मा.वि. का प्र.अ. पूर्णबहादुर गौतम घरबाट काठमाडौं जान लाग्नुभएको अवस्थामा भेट्यौं। सामान्य परिचय पश्चात् प्र.अ. गौतम बाटो लाग्नुभयो। हामी उहाँकी श्रीमतीले दिनुभएको चियाको चुस्की लिएर शिक्षक पदम अर्यालको निवास पुग्यौं। त्यहाँ पनि चिया तयार भैसकेछ। फटाफट चिया पिएर हामी उहाँहरुसँगै विद्यालय तिर लाग्यौं। रमाईलो शेर्पा बस्ती, माने घ्याङ्गहरु, हरियो चौर, लटरम्म फलेका स्याऊका बोट आदिको दृश्यले हामीलाई लोभ्याउनु लोभ्यायो।

मेलम्ची घ्याङ्ग मा.वि.का शिक्षकशिक्षिकाहरुसँग

मेलम्ची घ्याङ्ग मा.वि. को प्रांगणमा राष्ट्रगान (सयौं थुंगा फूलका हामी एउटै माला नेपाली, सार्वभौम फैलिएका मेची महाकाली) र प्रतिभा प्रदर्शन गरेर विद्यार्थीहरु कक्षामा प्रवेश गरे। हामी कार्यालय भित्र प्रवेश गऱ्यौं। निमित्त प्र.अ. इन्द्रदेव यादवले विद्यालयबारे जानकारी गराउँदै भन्नुभयो, काभ्रेपलाञ्चोकबाट दुर्गम भेगमा आएर प्र.अ. पूर्ण गौतमले शून्य अवस्थाबाटै वि.सं. २०४२ सालमा सुरु गरेर हाल मा.वि. स्तरको पढाईसम्म ल्याइ पुऱ्याउनु भएको छ, उहाँलाई १७ वर्षअधिदेखि सप्तरी जिल्लाबाट आएर मैले पनि साथ दिइरहेको छु। विद्यालय सरकारी हो तर पनि पाठ्यपुस्तक बोर्डिङ्गका पढाईन्छन् यहाँ। विना कुनै शुल्क बोर्डिंगको पढाई चलिरहेछ। एस.एल.सी. नतिजा पनि प्रथम श्रेणीभन्दा माथि नै छ। यसका लागि विदेशी पर्यटक एवं दाताहरुले राम्रै सहयोग गरेका छन्, हाल केटाकेटी संस्थाले ५ जना र क्यानबाट २ जना शिक्षकलाई तलब व्यवस्था भएको छ।

काठैकाठ मिलाएर बनाइएको कक्षाकोठा भित्र चप्पल फुकालेर जानुपर्ने नियम। हामीलाई यस विद्यालयका शिक्षकहरुले पालैपालो सबै कक्षामा पुऱ्याएर विद्यार्थीहरुसँग परिचय अनि विश्वभ्रमण अभियानबारे जानकारी र कुराकानी गर्ने अवसर दिलाउनुभयो। केही कक्षालाई बीचमा पर्दा लगाएर २ वटा बनाएको र केही कक्षामा डेस्क बेन्चको अभावमा भुईंमा चकटी ओछ्याएर विद्यार्थी बसेको पाइयो। देशका विभिन्न सुगम जिल्ला (झापा, सप्तरी, काठमाडौं आदि) बाट समेत यति टाढा हिंडेर पुग्नुपर्ने ठाउँमा विद्यार्थी पढ्नका लागि आएका रहेछन्।

उहाँहरुले विद्यालयको मेसमै हामीलाई बिहानी खानाको व्यवस्था गर्नुभयो। खानामा हुने खर्च होस्टलमा बस्ने विद्यार्थी, शिक्षक संख्याको आधारमा मासिक हिसाब गरिंदो रहेछ। होस्टलमा बस्ने विद्यार्थीलाई पनि खानाको पैसा तिरेपछि अरु खर्च लाग्दो रहेनछ। हिउँ पर्ने यो ठाउँमा आलु बाहेक अरु तरकारी पाउन मुस्किल देखियो।

जे होस् यस स्कूलले शैक्षिक क्षेत्रमा एउटा नौलो उदाहरण पस्केको छ। कुनै पनि काम गर्नका लागि ठाउँ सुगम दुर्गम भन्ने हुँदैन, सिर्जनशील सोच, मेहनत र सकारात्मक मानसिकताका साथ कार्य क्षेत्रमा अगाडि बढ्नु पर्छ यसो गरेमा प्रगति र नतिजा हात लाग्छन् भन्ने भनाइलाई यो विद्यालयले पुष्टि गर्दछ। यस विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थी सबैको पढ्ने पढाउने, खट्ने खटाउने जोश, जाँगर बढेर जाओस्, हाम्रो शुभकामना।

विद्यालय परिवारसँग बिदा भएर हामी ठाडेपाटी हुँदै गोसाईकुण्ड रसुवा यात्रामा जाने योजना बनाएर हिंड्यौं। उर्गेन छोलिङ्ग चिनियाँ लामा गुम्बा हुँदै खोलाको पुल तरेर ठाडो उकालो लाग्यौं। यस क्षेत्रमा व्यक्तिगत गुम्बाहरु रहेको पनि हामीले जानकारी पाएका छौं। एकान्त जंगलमा आफैं दुईजना गफगाफ गर्दै, थकाई मार्दै हिंडिरह्यौं। कुनै ठाउँमा त रेडियोमा बजेको गीतको तालसँग नाच्दै, हाँस्दै नाक ठोक्किने उकालोको सामना गऱ्यौं।

लगातार मेलम्ची घ्याङ्गबाट ४ घण्टा उकालो हिंडेर सिन्धुपाल्चोक र नुवाकोटको सिमाना ठाडेपाटीमा बास बस्न आइपुग्यौं। नजिकैको दूरीमा याक उफ्रिएको दृश्य देख्दा थकान मरेको आभाष भयो। अझ आफ्नै भाषामा शेर्पा दाईहरुले टुङ्ना बजाउँदै गाएको गीत सुनौं-सुनौं लाग्ने थियो। अनि थियो ६९ औं जिल्ला सिन्धुपाल्चोक भ्रमणको तिथि मिति हामीले अन्त्य गर्ने समय पनि।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

नागरिकको सुसूचित हुने अधिकारलाई स्थापित गर्न सहयोग पुगोस् । – पवित्रकुमार खड्का (अध्यक्ष), नेपाल पत्रकार महासंघ
चौतारामा स्वागत सफलताको कामना । – हरिकृष्ण उपाध्याय (प्रजिअ), जिल्ला प्रशासन कार्यालय
सञ्चार जगत्को नयाँ विश्व प्राप्त होस् । – शम्भु सापकोटा, राम्चे सिन्धुपाल्चोक
सबैको सहयोग मिलोस् । – विजयराज पौडेल (अध्यागमन अधिकृत), तातोपानी
हामीलाई पनि सकारात्मक प्रभाव परेको छ । – अम्बिका र अमृता नेपाल, बाह्रविसे
जीवनमा केही गर्ने साहस ममा पनि आएको छ । – शान्ति श्रेष्ठ र युना सापकोटा युव एफ.एम.
जटील एवं कष्टपूर्ण कार्य जसले गर्छ त्यसलाई इतिहासले पछ्याउँछ । – ईश्वरीप्रसाद चालिसे (कार्यालय सचिव), सिन्धुपाल्चोक उद्योग वाणिज्य संघ
सदा स्वास्थ्यले साथ देओस् । – हेरम्ब शर्मा (प्रहरी निरीक्षक), ई.प्र.का. बाह्रविसे
पत्रकारिता नकारात्मक मात्र होईन सकारात्मक पनि गर्न सकिन्छ । – टीका दाहाल (कोषाध्यक्ष), ने.प.म. संघ
पत्रकारिता क्षेत्रलाई अगाडि बढाउने मनसाय । – टीका सुवेदी (कार्यकारी सम्पादक), सिन्धुपोष्ट साप्ताहिक
वधशालामा बाँधिएको छ प्रेस स्वतन्त्रता । – अमित घिमिरे, कवि/पत्रकार
सफल यात्राको हार्दिक शुभकामना ।
– सुनीता लामा, रेडियो सिन्धु मेलचौर चौतारा, राजकुमार लम्साल, सिन्धुप्रवाह साप्ताहिक, शैलन्द्र सिलवाल, इन्द्र लज्न्व हाउस, चौतारा
पत्रकारिता पूर्णरुपले स्वतन्त्र हुनुपर्छ । – अमानसिंह तामांग, एकीकृत नेकपा माओवादी
चौतारामा स्वागत । – अनु श्रेष्ठ, चौतारा
यस किसिमको जाँगर सम्पूर्णमा ल्याउन सफल हुनु । – सूर्यराज तिवारी, चौतारा बहुमुखी क्याम्पस
सकारात्मक सोचलाई स्वागत । – प्रदीप सापकोटा (सभापति) स्ववियु एवं चौतारा बहुमुखी क्याम्पस विद्यार्थी परिवार
विद्यार्थी भाईबहिनीसँग अनुभव साटासाट गर्नुभएकोमा धन्यवाद । – पुष्कर रायामाझी (प्र.अ.), श्री सिद्धिकमला देवी मा.वि. पिपलडाँडा २
हृदयदेखिकै सलाम उद्देश्य पूरा होस् । – दिनेश थापा (सम्पादक), सिन्धुप्रवाह साप्ताहिक
पत्रकारिताको इतिहासमा कोशेढुंगा सावित होस् । – हस्त पण्डित (अध्यक्ष), नेकपा एमाले
अनुसरण गर्नुपर्ने यथार्थता । – विष्णुप्रसाद भट्टराई (उपसचिव), जि.शि.का.
सारा जगत्ले स्वागत गर्नेछ यस कार्यको । – ज्ञानेन्द्र तिमिल्सिना (सचिव), ने.प.महासंघ
नचिनेसम्म को हो को हो ? देखेपछि माया मोह... । – सविना खड्का, लागर्चे ९
प्रेस स्वतन्त्रता आन्दोलनको रुप ग्रहण गरोस् । – ध्रुव दंगाल, नागरिक दैनिक
...ड्रयागन शिला पनि विश्वभर चिनाइदिनुहोला । – टासी लामा, लामा गेष्ट हाउस, मेलम्ची मेनबजार
लक्ष्य प्राप्ति प्रति हार्दिक शुभेच्छा । – सुरेश कसजु (सम्पादक), सिन्धु सन्देश साप्ताहि चौतारा, रामकृष्ण थापा (अध्यक्ष), क्रान्तिकारी पत्रकार संघ
अठोट पूरा होस् । – मोहन बहादुर कार्की, मेलम्ची
साहसिक पत्रकारिता पेशाको गौरव । – राजेन्द्रबहादुर श्रेष्ठ (संयोजक) इन्द्रेश्वरी उ.मा.वि. मेलम्ची
राष्ट्रको पहिचान गराउने यात्रा । – इन्द्रमणि दाहाल, मेलम्ची
सकारात्मक कार्यमा सफलताको शुभकामना । – प्रदीप देउजा, मेलम्ची भ्याली क्याम्पस, ग्यालथुम
सकारात्मक आयाम थप्न सफलता मिलोस् । – बालासुन्दर देउजा, तालामारांग ७
संसार बदल्न सुरु आफैंबाट । – प्रभा देउजा, तेर्से मा.वि.
मानिस भएर जन्मेपछि केही न केही साहसी कार्य गर्नुपर्छ ।
– शिक्षकहरु राजनप्रसाद निरौला (शिवगञ्ज २, झापा), इन्द्रदेव यादव (वदगामा ३, सप्तरी), जनक सापकोटा (महादेवस्थान ४, काभ्रे), पासाङ स्याङवा मख्खु, टासी धावा शेर्पा, किन्जो टासी शेर्पा, रेञ्जेन शेर्पा, निमा सिंगी शेर्पा र सार्की घले (हेलम्बु ६, सिन्धुपाल्चोक), चन्द्रप्रसाद, शान्ता उप्रेती (झापा), पदम, कमली अर्याल (तालामारांग ५), प्रदीप घिमिरे (भञ्ज्यांग ९, लमजुंग), हरिहर दाहाल (काभ्रे), पूर्णबहादुर गौतम (पोखरी चौरी ९, काभ्रे), टीका लिम्बु (इभांग ७ इलाम) एवं मेलम्ची घ्याङ्ग मा.वि. परिवार, मेलम्ची घ्याङ्ग

सिन्धुपाल्चोक यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. ३,०००/-
नेपाल पत्रकार महासंघ	रु. २,०००/-
मेलम्ची घ्याङ्ग मा.वि. शिक्षक परिवार	रु. १,२००/-
सिद्धिकमलादेवी.मा.वि.(पिपलडाँडा)	रु. १,०००/-
सिन्धुपाल्चोक उ.वा.संघ	रु. १,०००/-
जिल्ला प्रशासन कार्यालय	रु. ५००/-
शम्भु सापकोटा (राम्चे २, बान्हविसे)	रु. २५०/-
रेडियो सिन्धु	रु. २००/-
ईलाका प्रहरी बान्हविसे	रु. २००/-
मोहनबहादुर कार्की (मेलम्ची)	रु. २००/-
ईन्द्रमणि दाहाल (मेलम्ची)	रु. १००/-

७० औं जिल्ला रसुवा डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,५१९.३१ वर्ग किलोमिटर, गा.वि.स. संख्याः १८ वटा, निर्वाचन क्षेत्रः १, सदरमुकामः धुन्चे, अञ्चलः बागमती, विकास क्षेत्रः मध्यमाञ्चल भौगालिक अवस्थितिः पूर्व सिन्धुपाल्चोक, पश्चिम धादिंग, उत्तर चीनको तिब्बत र दक्षिण नुवाकोट

पर्यटकीय स्थलः गोसाईंकुण्ड, रसुवागढी, बेत्रावती (उत्तरगया), कुण्डहरु भैरव, पार्वती, सरस्वती र सूर्य, तातोपानी आदि ।

(साभारः रसुवा विकास सन्देश बुलेटिन)

२०६७ असार १४ गतेः बिहान पानी परिरहेको थियो । काठमाडौं सुन्दरीजलबाट पदयात्रा मार्फत् चिसोपानी, कुटुंगछांग हुँदै गोसाईंकुण्ड, रसुवा जाने बाटो पनि ठाडेपाटीमा मिल्दो रहेछ । हामी भने हिजो साँझ सिन्धुपाल्चोकको मेलम्ची घ्याङ्ग हुँदै यहाँ आइपुगेका हौं । बिहान ७:३० बजे सिन्धुपाल्चोक र नुवाकोटको सिमानामा अवस्थित ठाडेपाटीबाटै गोसाईकुण्ड आइपुग्ने योजना बनाएर हामी हिंड्यौं । कतै ओरालो, कतै तेर्सो त कतै उकालो बाटो हिंड्दै गर्दा मेराखर्क आइपुग्यो । त्यहाँ होटल निर्माणमा व्यस्त मिङ्मार र तेम्बा शेर्पाले हामीलाई चियाको प्रबन्ध मिलाउनुभयो । देशका राजनीतिक नेतृत्व र सम्पन्न वर्गले सुखसयल गरेर ग्रामीण बस्तीका जनतालाई उपेक्षा गरेको उहाँहरुको गुनासो पाइयो ।

जंगल, छहरा, पहाड पखेरामा रमाउँदै हामी घोप्टे हुँदै फेदी आयौं । चट्टानै चट्टानले बनेको भीरमा पसल चलाएर बसेका एक जोडी बूढाबूढीको सुरुकै पसलमा हामीले खाना खायौं । यति टाढाको ठाउँ, बाटो पनि अप्ठ्यारो छ, रु. १५० मा मीठो खाना खान पाउँदा खुशी लाग्यो ।

खाना खाएर सुरु भयो, बेजोडको उकालो बाटो । स साना बुट्यान भएको सो उकालोमा ढुंगै ढुंगामात्र देखिन्छ । बीचबीचमा भेडा, च्यांग्रा र चौरी चर्दै गरेको पाइयो । सिमसिमे पानीसँगै चढिएको उकालोमा श्वास पनि बढेकै हो । टाउकाले अलिअलि चट्चट् गरेर चढ्दैछौं तिमी उच्च स्थानमा भन्ने संकेत पनि दिएकै हो । हामी ४७ सय मिटर उचाईको सूर्यकुण्ड डाडामा निस्कियौं । पानी झनै दर्कियो । बाक्लो हुस्सु लागेर त्यही हुस्सु बाहेक केही नदेखिएको अवस्था । केहीबेर हामी एकअर्कालाई खोज्दै हरायौं पनि । आधा घण्टापछि बर्दकुण्डमा भेट भयो ।

अन्य कुण्डहरु हेर्दै नुवाकोटको भूभाग छाडेर हामी रसुवा जिल्लाको भूभाग प्रवेश गरिसकेका थियौं । वर्षायाममा डम्म बादलसँगै परेको झम्झम् पानी अनि लेकाली हावाले मीठो, चिसो चुम्बन गरिरह्यो । हामी गोसाईकुण्डको त्रिशुल धारा भएको ठाउँसम्म आइपुग्दा पनि कुण्ड देखिएकै थिएन । धारामा उभिएर केहीबेर राम्ररी नियालेपछि बल्ल तल पानीको पोखरी रहेको आभाष मिल्यो । डिलैमा पुगेपछि टम्म फिजारिएको पानी पाइयो । हामी कुण्डको किनारै किनार अगाडि बढ्यौं । मन्दिर धर्मशाला परिसर पुग्यौं । धर्मशाला रित्ता थिए भने मन्दिरमा भगवान्को मूर्ति मात्र । बस्ने ठाउँको कुनै अत्तोपत्तै थिएन ।

जाडो राम्रैसँग भएको अवस्था । कतातिर पाइएला बस्ने ठाउँ भनेर मन्दिर वरपर हेर्दा माथितिर निस्कने बाटो देखियो । हामीले त्यही बाटो पछ्यायौं । कुहिरो पनि हटेर कम भयो । त्यही बेला देखिएको गोसाईंकुण्ड होटल भित्र हामी पसि हाल्यौं ।

गोसाईकुण्ड

टिनको पाता भित्र गोबरका गुइँठा राखेर होटलवालाले आगो बालिदिए । टिनको बाकस तातेर आएको तातोमा बिहानदेखिकै हाम्रो शरीरको चिसोको उपचार भयो । बाहिर कुहिरो हटेर छर्लंग कुण्ड देखियो । दौड्दै बाहिर आएर गोसाईंकुण्डको दृश्य क्यामेरामा कैद गर्‍यौं, हामीले । तीन तिर ढुंगै ढुंगाको पहाड । निकास जाने डिलमा पनि उस्तै चट्टान । बीचमा पानी जमेर बसेको पोखरी हेरिरहुँ हेरिरहुँ लाग्दा लाग्दै पुनः कुहिरोले छपक्क ढाक्यो । भोली बिहान हेर्न पाउने थप आशामा हामी होटलभित्रै छिर्‍यौं । यो कुण्ड ४३८० मिटर उचाईमा पर्दो रहेछ ।

निकुञ्जले सुकेका दाउरा पनि झिक्न दिदैन, ति सुकेका दाउरा त्यसै कुहेर गएका छन्, हामी गोबर खोजेर पर्यटकलाई आगो बालेर सेवा गरिरहेका छौं, होटलवाला दाईले गुनासो पोखे ।

त्यही बसेर नास्ता गरिरहेका एकजना बूढा मान्छेले शीरमा ऊनीको टोपी, कानमा कुण्डल, कम्मरमा पटुकीसँगै खुकुरी र स्थानीय स्तरमा बुनिएको स्वीटर लगाउनुभएको थियो। रातापीरा गाला भएका यी बूढा शेर्पा बाको ठट्यौली कुरा खुब रमाईला थिए। हामीले उनीहरुलाई ६९ जिल्लामध्ये केही जिल्लाका फोटा देखायौं। आश्चर्य मान्दै उनीहरुले ती फोटा हेरे र भने, पश्चिम नेपालमा पनि धेरै राम्रा राम्रा ठाउँहरु पो रहेछन् !

२०६७ असार १५: बिहान साढे ६ बजे हामी होटल बाहिर निस्कियौं। गोसाईकुण्डको कुण्ड वरपर हेरेर मन्दिर क्षेत्र हुँदै त्रिशुलधारा पुग्यौं। चिसो पानीले हातगोडा मुख धोएर शरीरलाई हामीले पनि सिञ्चन गर्‍यौं। कुण्डको वरिपरि फेरो लगायौं। श्रद्धालु भक्तजनले ढुंगामाथि ढुंगा खप्ट्याएर बनाएका आकृति कुण्ड वरपर, तलमाथि प्रशस्त देखिए। यतिबेलै कुहिरोले कुण्डलाई घुम्टो ओढाइसक्यो।

हिन्दू धर्मशास्त्रमा उल्लेख भएअनुसार समुद्र मन्थन गर्दा निस्किएको विष शिवजीले घाँटीमा राखेपछि सहनै नसक्ने अवस्था आएछ। त्यही अवस्थामा त्रिशुलले हानेर निस्किएको यही चिसो पानीको कुण्डमा सुतेर विष पोलाई शान्त पारेछन्, भगवान् महादेवले। यही धार्मिक मान्यतालाई विश्वास गरेर धेरै तीर्थालुहरु कुण्डमा नुहाउन आउँदा रहेछन्।

विशेषगरी ऋषि तर्पणी (जनैपूर्णिमा) र दशहरा मेलामा बढी मात्रामा धार्मिक आस्थावान् र अवलोकनकर्ताहरु यहाँ आउँछन्। अन्य समयमा पनि स्वदेशी, विदेशी पर्यटन पारखीहरु हिमाली वातावरणको मज्जा लिन यहाँ आइरहन्छन्। तपाईंहरु आइपुगेको यो मौसम पर्यटकका लागि अफ सिजन मानिन्छ। असोज कार्तिकतिर यहाँ बढा रमाईलो हुन्छ। गोसाईकुण्ड स्याफ्रु गा.वि.स. ६, रसुवामा पर्दछ, होटल व्यवसायीहरुले बताए।

गोसाईंकुण्डको यात्राबाट भरपूर ऊर्जा र रोचक अनुभव बटुलेर हामी धुन्चेतर्फ लाग्यौं। हिजो भेट हुनुभएका कुण्डल लगाएका शेर्पा बा केही वरसम्म हामीसँग कुरा गर्दै आउनुभयो। गोसाईकुण्डका मान्छे बढी महंगो लिन्छ, तर भगवान्ले हेर्छ भन्दै ती बूढा बा चरनमा छोडेका भेडा बाख्रा खोज्न हामीबाट छुट्टिनु भो। हामीलाई पनि रु. २० पर्ने ब्याट्रीको रु. ८० लिंदा अनौठो र महंगो लागेकै हो। लौरीविना हुँदै हामी चोलांगपाटी झर्‍यौं। ढकमक्क लागेको बाक्लो कुहिरो बेलाबखत थोरै पातलिंदा देखिने स-साना बुट्यान, गुराँस प्रजातिको हरियाली जंगल तथा नांगा पाखा जे देखे पनि राम्रो र रमाइलै लागे हामीलाई।

चोलांगपाटीमै बिहानको खाना खाएर हामी पुन: ओरालो लाग्यौं। जंगलै जंगलको बाटो हिंडेर हामी चन्दनबारी झर्‍यौं। त्यहाँ दुग्ध विकास संस्थानले याक चीज केन्द्र खोलेको रहेछ। यो केन्द्रभित्र हामी पस्यौं। बनाउने त चौरीको दूधबाट हो नामचाहिं भाले याकको राखिएको छ भन्दै एक कर्मचारी हाँसे। सायद, पुरुष प्रधान मानसिकताको प्रतिबिम्ब होला यो नाम पनि। दूध तताउने र चीज बनाउने कार्यमा कामदारहरु व्यस्त थिए। सहायक चिज मेकर जीतबहादुर जिरेलले हामीलाई चिजको गोदाम देखाउँदै चीज चखाउनुभयो। बनाइसकेका ठोस चक्कालाई नूनमा डुबाउने अनि नून पानीले सफा गर्ने गरिएकाले पनि चिज केही नूनिलो हुँदो रहेछ।

चन्दनबारीबाट ढिम्सा हुँदै हामी ओरालो लाग्यौं। रसुवा जिल्लामा कार्यरत पत्रकार कृष्ण थापा र ज्ञानेन्द्र न्यौपानेलाई बीच बाटा बाटै फोन गर्‍यौं। उहाँहरु रसुवाभन्दा बाहिर रहेको जानकारी पाएपछि अर्का पत्रकार बलराम घिमिरेलाई सम्पर्क गर्दै हामी ओरालो झरिह्यौं। त्रिशुली नदीमा झरेर हामीले सोही नदी किनारको बाटो लाग्यौं। यो नदी गोसाईकुण्ड मुहान भएर बगेको छ। ठूलो पहराको बीचको बाटो काट्दै हामी झोलुंगे पुल पार गरेर अगाडि बढ्यौं। सुरुमै हिमालय स्पिरिंग वाटरको भव्य भवन देखियो। त्यहाँबाट रसुवा सदरमुकाम धुन्चे बजारको सुरुवात् पनि भयो।

भिरालो जमीनमा सानो तर चिटिक्क धुन्चेबजार आएपछि अर्याल होटलमा पत्रकार बलराम घिमिरेसँग हाम्रो कुराकानी भयो। यहाँ पत्रकार महासंघको छुट्टै शाखा छैन, नुवाकोटसँग जोडेर गठन गरिएको छ। एउटा नयाँ प्रवाह चौमासिक पत्रिका निस्कन्छ। हामी केन्द्रिय सञ्चारमाध्यममा व्यस्त छौं। यहाँ सबै पक्षबाट पत्रकारहरुलाई राम्रो व्यवहार हुन्छ, पत्रकार घिमिरेले भन्नुभयो। हामी पाठक होटल एण्ड लजमा आएर बस्यौं।

२०६७ असार १६: बिहान १० बजे हामी जि.वि.स. पुग्यौं। स्थानीय विकास अधिकारी राममणि भट्टराई, केही कर्मचारी र सेवाग्राहीलाई हामीले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे जानकारी गरायौं। उहाँहरुको शुभेच्छा ग्रहण गर्दै हामी रसुवा विकास सन्देश चौमासिक बुलेटिन लिएर हिंड्यौं।

जिल्ला प्रशासन कार्यालयमा प्रजिअ शिवप्रसाद नेपाल, कर्नेल पदम खत्री, नेकपा एमाले जिल्ला सदस्य चूडामणि पौडेल लगायतसँग हाम्रो कुराकानी भयो । प्रजिअ नेपालले वर्तमानमा सबभन्दा बढी विकास सञ्चार क्षेत्रकै भएको छ भन्नुभयो । एमाले सदस्य पौडेलले पत्रकारलाई ज्यानको माया भएकाले सबै कुरा लेख्न बोल्न सकेका छैनन् भन्नुभयो भने कर्नेल खत्रीले देखेका कुरा पनि सबै सत्य नहुने भएकाले गहिराईमा पुगेर खोज गर्नु पत्रकारितामा आवश्यक छ भन्ने विचार व्यक्त गर्नुभयो । रसुवा जिल्लामा अन्य जिल्लाका एफ.एम. सुनिने र पत्रिका आउने गर्दछन्, यहाँ अहिलेसम्म एउटा पनि एफ.एम. स्थापना भएको छैन, सायद सानो बजार भएर होला ।

प्रशासनबाट हामी जिल्ला प्रहरी कार्यालयमा पुगेर प्रहरी नायब उपरीक्षक ओमबहादुर रानालाई भेट्यौं । उहाँले राज्यबाट चौथो अंगलाई गर्नुपर्ने सहयोग अपुग भएको र आर्थिक क्षेत्रमा पत्रकारिता जगत् कमजोर रहेकाले समस्या आएको छ भन्ने धारणा व्यक्त गर्नुभयो । जुनसुकै क्षेत्रमा पनि आवश्यकताभन्दा बढी राजनीतिकरण भएकाले देशमा उच्छृंखलता बढेको उहाँको भनाई छ ।

धुन्चे गा.वि.स. कार्यालय पुग्दा कुनै पनि गा.वि.स. सचिवहरु थिएनन् । कार्यालय खाली थियो । विभिन्न गा.वि.स. बाट आएका सेवाग्राहीहरु सचिव खोज्दै थिए । फोन गर्दा धुन्चे गा.वि.स. सचिव रुद्रप्रसाद चापागाईंले अर्कै गा.वि.स. कामको सिलसिलामा पुगेको छु भन्नुभयो । वर्षात् भइरहेकै थियो ।

साँझ प्रधानमन्त्री माधवकुमार नेपालले आफ्नो राजनीमा पत्र पढ्नुभएको टी.भी.मा देखियो । खोई अब को हुने होला प्रधानमन्त्री र को को हुने हुन् मन्त्रीहरु ? जिल्ला प्रहरी कार्यालयको निमन्त्रणामा हामी खाना खान गयौं । हिजो बसेकै होटलमा फर्किएर रात्री विश्राम गर्‍यौं ।

२०६७ असार १७: बिहान रसुवा उद्योग वाणिज्य संघका अध्यक्ष कैसांग नुर्पु तामांगसँग हामीले भेट गर्‍यौं । उहाँले सञ्चारको क्षेत्रमा रसुवा पछाडि रहेकाले एउटा रेडियो खोल्ने तयारी भइरहेको जानकारी दिनुभयो । हाल निर्माणाधीन रसुवागढी स्याफ्रुवेशी सडक खण्ड र चीनको केरुंग नाका भारत जोडिने योजनामा रहेकाले रसुवावासी लाभान्वित हुने उहाँको ठम्याई छ । सन्देशमूलक स्वदेश विदेश भ्रमण अभियान सफल रहोस् भन्ने कामना उहाँले व्यक्त गर्नुभयो ।

हामी लाङ्गटाङ्ग राष्टिय निकुञ्ज कार्यालय पुग्यौं । प्रमुख संरक्षण अधिकृत फणीन्द्रराज खरेल र खरिदार कृष्णप्रसाद गौतमसँग हाम्रो कुराकानी भयो । सन् १९७६ मा स्थापना गरिएको यो निकुञ्जको क्षेत्रफल १७१० वर्ग किलोमिटर मध्ये ४२० वर्ग किलोमिटर मध्यवर्ती क्षेत्रभित्र पर्दछ । यो निकुञ्जले नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, जिल्लाका केही गा.वि.स. हरुको भूभाग लिएको छ । खरिदार गौतमले निकुञ्ज भित्रका होटल व्यवसायीलाई दाउराको साटो वैकल्पिक इन्धनबाट व्यावसाय चलाउन नियम बनाइएको बताउनुभयो ।

निकुञ्ज कार्यालयबाट हामी बास बसेको होटलमा नै आयौं । जिल्ला शिक्षा कार्यालयमा कार्यरत देवी प्रसाद सुवेदीले विश्वभ्रमण सफलताको कामना गर्दै बिहानी खानाको शुल्क तिरिदिनुभयो । हामी हिमालय स्पिरिङ वाटरको गेटमा पुग्यौं । त्यहाँ कार्यरत कर्मचारी प्रमोद देवले कम्पनी मालिक नभएकाले विना आदेश भित्र अवलोकन गराउन नसकिने बताउनु भयो ।

हामी रसुवागढी जाने योजनाका साथ धुन्चेबाट अगाडि बढ्यौं । त्रिशली नदी वारीसम्म हिंड्दै आयौं । त्यहाँबाट धुन्चे बजार तलका खोंच गल्छी खुब राम्रा देखिए । गाडी नपाए हिंड्दै स्याफ्रुवेशीसम्म पुगेर बस्ने विचार गर्दै थियौं । एउटा सेतो सानो गाडी अगाडि देखा पर्‍यो । हात दिएपछि गाडी रोकियो । त्यो गाडीमा राष्टिय प्रजातन्त्र पार्टीका केन्द्रिय सल्लाहाकार बमबहादुर लामा हुनुहुँदोरहेछ । सल्लाहाकार लामाले हाम्रो अभियानलाई सकारात्मक रुपमा लिंदै हामीलाई गाडीमा राख्नुभयो । सो गाडीमा थुमन ४ का फुर्पु छिरिंग तामांग र ड्राईभर पनि थिए । गाडी १२ वटा घुम्ती पार गरेर स्याफ्रुवेशी पुग्यो ।

लामाले हामीलाई आजै रसुवागढी जाऔं भन्नुभयो । उहाँको राम्रो सल्लाहलाई सहर्ष स्वीकार्दै हामी गढीतर्फ लाग्यौं । भोटेकोशीको किनारै किनार अगाडि बढेको जीप ठाउँ ठाउँमा सडक खन्दै गरेको डोजरका कारण रोकिनु पर्‍यो । उहाँ एकदमै सहयोगी मान्छे, ठाउँ ठाउँमा स्थानीय मानिसहरुलाई लिफ्ट दिइरहनु हुन्थ्यो । उहाँ आफ्नो काम टिम्बुरेसम्म भएपनि हाम्रै कारण रसुवागढीसम्म पुग्नुभयो ।


रसुवागढी

ऐतिहासिक रसुवागढी टिम्बुरे गा.वि.स.को भूभागमा पर्दो रहेछ । त्यसको पारीपट्टि चीन तिब्बतको केरुङ्ग । उत्तरबाट लिङ्गदे र पश्चिमबाट केरुङ्ग खोला नदीको संगम भोटेकोशीबाट नेपाली फौजहरु भोटेहरुलाई हराउँदै केरुङ्ग र दिगर्वसम्म पुगेका थिए । वि.सं. १९१२ सालमा जंगबहादुरको पालामा भएको सो युद्धमा गढीको निर्माण गरिएको जानकारी त्यहाँ लेखेर राखिएको रहेछ । हुन पनि ढुंगाको पर्खाल लगाइएको सो गढीबाट चियाएर गोली बर्साउन मिल्ने सिर्जनशील नेपाली शैलीको नमूना त्यहाँ देख्न पाइयो । पारीपट्टि तिब्बततर्फको ढोका बन्द थियो । त्यहाँ परराष्ट्र सहसचिव दुर्गाप्रसाद भट्टराईसहितको टोली पनि हामीले भेटेका थियौं । वीर नेपालीहरुको पौरख अध्ययन धेरै बेर गर्न पाइएन । गाडी फर्कने समय भएकाले हामी गाडीमा चढ्यौं ।

बाटोको बीच बीचमा चिनियाँहरु सडक निर्माण कार्यमा व्यस्त देखिन्थे । चिनियाँ कामदारहरु यस्तो पहरा क्षेत्रमा पनि लगनशीलताका साथ काम गरिरहेका छन् भन्दै नेपालीहरुले उनीहरुको प्रशंसा गर्दै थिए । नेपालीले यो सडक बनाएको भए कहिले सकिहिले ? नेपालीहरु चूरोटखैनी के के खाँदै आलटाल गर्छन्, चिनियाँहरुले लगभग २ वर्षभित्रै द्रुत गतिमा केरुंग धुन्चे सडक पूरा गर्न लागिसके । नेपालीले नेपालीकै बारे यस्तै यस्तै टिप्पणी गरेको सुन्न पाइयो यहाँ ।

साँझ स्याफ्रुवेशी आइ पुगियो । स्थानीय एक होटलमा बास माग्यौं । दुई बेडको भएनि कमन बेड भएनि पूरै रुम तपाईहरुको हुन्छ त्यसकारण एकै रेट हो, होटल्नी दिदीले भनिन् । सहमति जनाएर हामी यही बस्यौं ।

२०६७ असार १८: बिहान हामीले स्याफ्रुवेशी बजार क्षेत्रलाई नियाल्यौं । तातोपानी कुण्ड छेउछाउ बढी नै फोहोर देखियो । स्याफ्रुवेसी प्रहरी चौकीमै प्रहरी नायब निरीक्षक तेजबहादुर थापाले हामीलाई खानपिन गराउनुभयो । त्यहाँबाट हामी चिलिमे जलविधुत् केन्द्रिय कार्यालय पुग्यौं । निमित्त केन्द्र प्रमुख नवराज पोखरेल, इन्जिनियर शैसव कोईराला र प्रशासनका कान्छा बहादुर तामांगले विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो । हामी त्यस कार्यालयको पास बोकेर स्याफ्रुवेशी बजार पुछारको पावर हाउस झर्‍यौं । सुरक्षा गार्ड कामी सिंगेले हामीलाई सुरुंगभित्रको सो पावर हाउस भ्रमणमा सघाउ पुर्‍याउनुभयो ।

भोटेकोशी नदी किनारको भित्ता खोपेर बनाइएको चिलिमे जलविद्युत् केन्द्रले वि.स. २०६० भदौ ८ गतेबाट २२ मेगावाट विद्युत् उत्पादन सुरु गरेको हो । इलेक्ट्रिकल फोरम्यान सन्तोष गिरीले हाम्रै देशका डा. डम्बरबहादुर नेपालीको यो विद्युत् केन्द्र निर्माणमा मुख्य भूमिका छ भन्नुभयो । हामीले पनि डा. नेपालीको एउटा लेखमा आफू नेपालको लोडसेडिङ्ग विरुद्ध लड्न धेरै जलविद्युत केन्द्र निर्माणमा जुट्ने र यसका लागि प्राविधिक लगायत सबै कुरा गर्दै जाने लक्ष्य राख्नुभएको पढन् पाएका थियौं ।

चिलिमे जलविद्युत् सुरुंग

चिलिमे जलविद्युत् केन्द्रको सम्पूर्ण सुरुंग क्षेत्र ३४८७ मिटर रहेको जानकारी हामीले पायौं । पहाडको भित्तालाई प्वाल पारेर नेपाली जनशक्तिले नै यस विद्युत् केन्द्रको निर्माण गरेका हुन् भन्ने जानकारी सुन्न पाउँदा असाध्यै हर्ष लाग्यो । त्यहाँको अवलोकन पश्चात् हामी पुन: धुन्चेतर्फ फर्कियौं । हिंड्दै हामी सानो भार्कुसम्म उकालो निस्कियौं । त्यहाँबाट ठूले भार्कु हुँदै हामी सदरमुकाम धुन्चे आएर बास बस्यौं ।

२०६७ असार १९: बिहान डी.एस.पी. र रसुवा उ.वा. संघका अध्यक्षलाई फोन गर्‍यौं, दुबैको फोन उठेन । कारण, उहाँहरुले हामीलाई रसुवागढीबाट फर्किएपछि एकपटक सम्पर्क गर्न भन्नु भएको थियो । रसुवामा हामी आर्थिकरुपमा कमजोर भयौं, तर मानसिकता दरिलो बनाएर हामीले धुन्चेलाई छोडेर अगाडि बढ्ने निर्णय गर्‍यौं । पाठक होटलकी निर्मला दिदीले स्वत:स्फूर्त हामीले खाए बसेको शुल्क केही छूट गर्नुभयो । उहाँलाई धन्यवाद दिंदै हामी धुन्चेबाट कालिकास्थान का लागि गाडी चढ्यौं ।

गाडीका कर्मचारीले भाडा मागेपछि हामीले अभियानबारे बतायौं । नि:शुल्करुपमै थैबुंग ७, कालिकास्थानमा हामी आइपुग्यौं । धुन्चेदेखि यहाँ आउने कच्ची बाटो बसका लागि चुनौती रहेछ । वर्षायामको बेला ठाउँ ठाउँमा गएको हिलो र पहिरोको

कारण गाडी फस्ने गर्दथ्यो । केही ढिलै गरेर भएपनि बस कालिकास्थान बजारमा आएर अडियो । हामी स्थानीय गोसाईकुण्ड होटलमा खाना खाएर बस्यौं । अध्ययन लेखनमा बाँकी समय बितायौं ।

२०६७ असार २०: धैवुंग ७ मा अवस्थित कालिका स्थानकै एक लजमा हामी बिहान उठेदेखि बेलुकी नसुतेसम्म केही अगाडि टिपोट गरेको डायरीलाई पूर्णता दिन जुट्यौं । दिउँसो नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष धर्मेन्द्र झा, काठमाडौं शाखा सहसचिव दीपक खनाल र बेलुकी उपाध्यक्ष गोविन्द आचार्यसँग हाम्रो कुराकानी भयो । उहाँहरुले ल सफल हुनु भो बधाई छ भनी हौसला प्रदान गर्नुभयो । उहाँहरुले थपिदिनु भएको यो हौसलाले हामीलाइ उत्तरदायित्व बढेको पनि महसुस भइरह्यो ।

२०६७ असार २१: बिहान ८:३० बजे हामी कालिका स्थानमा रहेको कालिका हिमालय क्याम्पस पुग्यौं । केही समय कुरेपछि क्याम्पस प्रमुख मणिलाल राई, लेखापाल हरि ढकाल लगायत केही प्राध्यापकहरु आइपुग्नु भयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु गरिएको विश्वभ्रमण अभियानका लागि केही सुझाव, सल्लाह दिनुस् हामीले भन्यौं । क्याम्पस प्रमुख राईले पत्रकारहरुको बढी फुर्क्याउने र खसाउने बानी आफूलाई मन नपर्ने धारणा राख्नुभयो । हामी त्यहाँबाट प्रहरी चौकी आयौं । असई कमलकाजी तुलाधर र प्रहरी जवान नन्दकुमार मण्डलसँग भेट भयो । असई तुलाधरले जताततै आवश्यकताभन्दा बढी राजनीतिकरण हुन थालेको प्रति दुःखेसो पोख्नुभयो ।

त्यहाँबाट हामी गाडी चढेर बेत्रावती तर्फ झर्‍यौं । बसमा लहरे पौवा १, बेत्रावती रसुवाका राजकुमार थापासँग परिचय भयो । उहाँले विश्वभ्रमण अभियानका लागि शुभेच्छा प्रकट गर्दै स्वतःस्फूर्त हाम्रो पर्चा पढेकै भरमा बसमै हामीलाई केही आर्थिक सहयोग पनि गर्नुभयो । हामी बेत्रावतीको रसुवातर्फको भूभागमा झर्‍यौं ।

फलखु खोला र त्रिशलीको संगममा अवस्थित बेत्रावती उत्तरगयाका नामले वर्तमानमा होइन इतिहासमा प्रसिद्ध छ । त्यहाँ पुग्ने वित्तिकै हामी राम मन्दिरमा गयौं । यहाँ अर्थात् उत्तरगयामा श्राद्ध नगरी भारतको गया पुगेका खण्डमा शिर छोडेर किन पुच्छरमा आएको भनेर पण्डाले गाली गर्छन् रे, स्थानीय बासिन्दाले हामीलाई सुनाए । हिन्दू धर्मावलम्बीका लागि उत्तरगया महत्वपूर्ण तीर्थस्थल हो तर यसको महत्व बाहिर उजागर हुन र यो ठाउँको व्यवस्थापन पनि गर्न सकेको देखिएन । हामीसँग भेट भएका बेत्रावतीवासीले भारतको गयाभन्दा यो ठाउँ पवित्र स्थल भएपनि नेपाल सरकारले बुझ्नेन, नेता र नेपाली जनताले पनि बुझ्न सकिएन भन्दै हामीलाई यसको सन्देश सबै तिर फिंजाउन आग्रह गरे ।

भनिन्छ, कस्तुरी आफ्नो नाइटोमा भएको वासना आफूसँगै छ भनेर थाहा नपाएकाले त्यही वासना खोज्न संसार घुमेजस्तै हामी नेपाली पनि आफैंसँग भएको हीरा चिन्न नसकेर कीरा जस्तै भएर घुमिरहेका छौं । अर्को एउटा भनाईअनुसार पनि सम्पूर्ण दुःखको कारण अज्ञानता हो । सायद, हामी नेपाली पनि यही अज्ञानताको फल भोगिरहेका छौं हरेक दिन र छिन । कारण हामी आफू र आफूसँग भएको अपार सम्भावनालाई चिन्न सकिरहेका छैनौं, अनि चिन्नलाई प्रयास पनि गर्दैनौं । बरु हामीलाई त आफ्नो राम्रो कुरामा पनि अधिक विकर्षण छ अनि अरुको कुरा नराम्रो नै भएपनि खुब आकर्षण छ ...।

यही कुराको एउटा पुष्टि बेत्रावती (उत्तरगया) को प्रसंगले उजागर गरेको छ । त्यसैले अब हामी सदियौंदेखिकै यही आफू र आफ्नो देश नेपाल नचिन्ने पुरानो मानसिकता र परम्पराबाट माथि उठ्नै पर्छ । यसमा सरकारले भूमिका खेल्नुपर्छ । हामी फलाखु खोलामा रसुवाको यात्रा अन्त्य गरेर ७१ औं जिल्ला नुवाकोटतर्फ अगाडि बढ्यौं ।

रसुवा यात्राका क्रममा प्राप्त नगद सहयोग

कालिका हिमालय क्याम्पस	रु.१,०००/-
राममणि भट्टराई (जि. वि. स.)	रु. २००/-
राजकुमार थापा (लहरेपौवा बेत्रावती)	रु. २००/-

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

देशको सकारात्मक विकासमा योगदान पुगोस् । - राममणि भट्टराई, स्थानीय विकास अधिकारी
नेपाललाई अगाडि बढाउन ठूलो साथ । - ओमबहादुर राना, प्रहरी नायब उपरीक्षक
सन्देशमूलक यात्रा । - कैसाङ नुर्पु तामांग (अध्यक्ष), रसुवा उद्योग वाणिज्य संघ
जनतालाई सुसूचित गराउने कार्य । - फणीन्द्रराज खरेल (प्रमुख संरक्षण अधिकृत), लाङटाङ राष्ट्रिय निकुञ्ज
लक्ष्य सोचजस्तै सफल रहोस् । - तेज बहादुर थापा (प्र.ना.नि) एवं चौकी परिवार स्याफ्रुवेशी
उद्देश्य पूर्तिमा सदा अगाडि बढिरहनु । - नवराज पोखरेल, चिलिमे जलविद्युत् केन्द्र, स्याफ्रुवेशी
पूर्ण सफलताको कामना । - शिवप्रसाद नेपाल (प्रजिअ), जिल्ला प्रशासन कार्यालय

७१ औं जिल्ला नुवाकोट डायरी

संक्षिप्त परिचय

क्षेत्रफलः १,१२१ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ६१ वटा, नगरपालिकाः १, निर्वाचन क्षेत्रः ३, सदरमुकामः विदुर, अञ्चलः बाग्मती, विकास क्षेत्रः मध्यमाञ्चल

भौगालिक अवस्थितिः पूर्व काठमाडौं, सिन्धुपाल्चोक, पश्चिम धादिंग, उत्तर रसुवा र दक्षिण काठमाडौं, धादिंग

पर्यटकीय स्थलः बेत्रावती (उत्तरगया), नौ तले दरबार, ककनी, सागर कुण्ड, बोल्देही ताल, पञ्चकन्य सुरुंग, गुभु खोल्सा, तुप्चेश्वरी, भैरवी मन्दिर, देवीघाट, त्रिशुली जलविद्युत् आदि ।

(साभारः जि.वि.स. सूचना झलक)

२०६७ असार २१ः मध्यान्ह १२ बजे रसुवा जिल्लाको बेत्रावती भूभागलाई छोडेर हामी ७१ औं जिल्लाको रुपमा नुवाकोटको गेर्खु १, बेत्रावती आयौं । स्थानीयवासी मुरली डंगोल, सन्तमान तामांग, विष्णुबहादुर डंगोल, लक्ष्मुमन घले, टेकबहादुर प्याकुरेल लगायतसँग हाम्रो कुराकानी भयो । लक्ष्मुमन घलेले शिलामा आफूले लेखेर राखेको रेकर्ड देखाउँदै भन्नुभयो, तिब्बतका भोटे सेनालाई बेत्रावतीबाट तिब्बततिर फर्कन चिनियाँ सेनाले छेकेको र नेपालतर्फ पनि बेत्रावती सिरानमा रहेको दूधेलामा थानमा ठूल्ठूला काठका मुढा मान्छेको साइजमा ठड्याइएका कारण नेपालतिर पनि धेरै फौज रहेछन् भनेर उनीहरु डराएर पानीमा हाम्फालेर बगेका थिए । क्या दामी सिर्जनशीलता नेपाली फौजको, जसले आफ्नो धेरै संख्या देखाउन मुडा ठड्याउने जुक्ति निकाले छन् !

फलखु खोला र त्रिशलीको दोभानमा अवस्थित बेत्रावती उत्तरगयाका नामले वर्तमानमा होइन इतिहासमा प्रसिद्ध छ। यहाँ हामीले खोला वारिपारिका शिव मठ, राम मन्दिर, बजार लगायतलाई नियाल्यौं । यहाँ अर्थात् उत्तरगयामा श्राद्ध नगरी भारतको गया पुगेका खण्डमा शिर छोडेर किन पुच्छरमा आएको भनेर पण्डाले गाली गर्छन् रे ! स्थानीय बासिन्दाले हामीलाई सुनाए। हिन्दू धर्मावलम्बीका लागि उत्तरगया महत्वपूर्ण तीर्थस्थल हो तर यसको महत्व बाहिर उजागर हुन र यो ठाउँको व्यवस्थापन पनि गर्न सकेको देखिएन ।

हामीसँग भेट भएका बेत्रावतीवासीले भारतको गयाभन्दा यो ठाउँ पवित्र स्थल भएपनि नेपाल सरकारले बुझ्ेन, नेता र नेपाली जनताले पनि बुझ्न सकिएन भन्दै हामीलाई यसको सन्देश सबै तिर फिजाउन आग्रह गरे ।

फलखु खोला र त्रिशलीको संगममा अवस्थित बेत्रावती उत्तरगयाका नामले वर्तमानमा होइन इतिहासमा प्रसिद्ध छ। त्यहाँ पुग्ने बित्तिकै हामी राम मन्दिरमा गयौं । यहाँ अर्थात् उत्तरगयामा श्राद्ध नगरी भारतको गया पुगेका खण्डमा शिर छोडेर किन पुच्छरमा आएको भनेर पण्डाले गाली गर्छन् रे, स्थानीय बासिन्दाले हामीलाई सुनाए। हिन्दू धर्मावलम्बीका लागि उत्तरगया महत्वपूर्ण तीर्थस्थल हो तर यसको महत्व बाहिर उजागर हुन र यो ठाउँको व्यवस्थापन पनि गर्न सकेको देखिएन। हामीसँग भेट भएका बेत्रावतीवासीले भारतको गयाभन्दा यो ठाउँ पवित्र स्थल भएपनि नेपाल सरकारले बुझ्ेन, नेता र नेपाली जनताले पनि बुझ्न सकिएन भन्दै हामीलाई यसको सन्देश सबै तिर फिँजाउन आग्रह गरे ।

भनिन्छ, कस्तुरी आफ्नो नाइटोमा भएको वासना आफूसँगै छ भनेर थाहा नपाएकाले त्यही वासना खोज्न संसार घुमेजस्तै हामी नेपाली पनि आफैंसँग भएको हीरा चिन्न नसकेर कीरा जस्तै भएर घुमिरहेका छौं । अर्को एउटा भनाईअनुसार पनि सम्पूर्ण दुःखको कारण अज्ञानता हो । सायद, हामी नेपाली पनि यही अज्ञानताको फल भोगिरहेका छौं हरेक दिन र छिन। कारण हामी आफू र आफूसँग भएको अपार सम्भावनालाई चिन्न सकिरहेका छैनौं, अनि चिन्नलाई प्रयास पनि गर्दैनौं । बरु हामीलाई त आफ्नो राम्रो कुरामा पनि अधिक विकर्षण छ अनि अरुको कुरा नराम्रो नै भएपनि खुब आकर्षण छ ...।

फलखु खोला र त्रिशली नदीको दोभान उत्तरगया

यही कुराको एउटा पुष्टि बेत्रावती (उत्तरगया) को प्रसंगले उजागर गरेको छ। त्यसैले अब हामी सदियौंदेखिकै यही आफू र आफ्नो देश नेपाल नचिन्ने पुरानो मानसिकता र परम्पराबाट माथि उठ्नै पर्छ। यसमा सरकारले भूमिका खेल्नुपर्छ ।

बेत्रावती उत्तरगया परिसर भूभागलाई नियाल्दै हामीले नुहाइधुवाई गर्‍यौं। यहीबेला धनकुटा जिल्लाकी महिला सञ्चारकर्मी देवकला कार्कीको फोन आयो । विषय थियो, आफू कार्यरत

रेडियो मकालु व्यवस्थापनले आफूहरुका माग सुनुवाई नगरेको । हामीले रेडियोका सञ्चालक सिद्धराज राई र कार्यक्रम संयोजक नैन विश्वकर्मालाई फोन गऱ्यौं । उहाँहरुले आन्तरिक कारण हो केही दिनमा मिल्छ भन्नुभयो ।

वर्षायामको उर्लंदो त्रिशुली नदीको भेलमा ध्यान लगाउँदै हामी झोलुंगे पुल तरेर तुप्चे गा.वि.स. को भूभाग तर्फ लाग्यौं । कतै खेतमा धान रोपिसकिएको त कतै धमाधम रोपाईं चलिरहेको पाइयो । तुप्चे फाँट निकै मलिलो र खेती योग्य रहेछ । गाडीको बाटो आइसकेकाले खेती योग्य जमीनमा मान्छेहरुले पक्की घरहरु बनाएका छन् । जनसंख्या वृद्धि सँगै मानिसमा बढ्दो सुविधा भोगी मनोवृत्तिले खेती योग्य जमीन मास्सिदै गएको उदाहरण तुप्चेले पनि पेश गरेको छ । खेती योग्य जमीनभन्दा माथि डाडापाखामा घर बनाइएको भए कति राम्रो हुन्थ्यो ?

अक्करे बजार आइपुगेर हामीले खाजा खायौं । यहाँ प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे कुराकानी भयो । यो गाउँ एनेकपा माओवादीका नेता पोष्टबहादुर बोगटीको गाउँ हो भन्ने जानकारी पाइयो । पसल रहेछ, शम्भु बोगटीको । नेता बोगटी आफ्नो जग्गा विद्यालयलाई हस्तान्तरण गरेर आफू साँच्चै सर्वहारा हुनुहुन्छ, उहाँलाई हामी श्रद्धा गर्छौं, स्थानीयवासीहरुले भने । यहीं भेट हुनुभएका जि.वि.स. नुवाकोट सब इन्जिनियर रामप्रसाद नेपाल, तुप्चे गा.वि.स. कार्यालय सहायक राजेन्द्र प्रसाद रिजाल, जनशक्ति प्रा.वि. तुप्चे ८, का शिक्षक अर्जुन प्रसाद रिजाल लगातका स्थानीयवासीले विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो ।

साँझपख उहाँहरुसँग घुम्दै हामी सलाँखु खोलासम्म पुग्यौं । त्यहाँबाट पारी मनकामना गा.वि.स. को भूभाग पर्दो रहेछ । सलाँखुबाट पुनः एकपल्ट हामीले मनमोहक लाग्ने बेत्रावती क्षेत्र, फाँटिला गाउँबस्ती, त्रिशुली नदी आदिलाई नियालेर फर्कियौं । सोले बजारमा एनेकपा माओवादीका केही स्थानीय कार्यकर्तासँग परिचय भयो । हामी दुई जना मात्र अँध्यारो अँध्यारै भएपनि तेर्सो रोडको बाटो सजिलैसँग अक्करे आयौं । हाम्रो खाजा घरमा खाना खाएर हामी एनेकपा माओवादीकै पहलमा बनाइएको सामुदायिक गेस्ट हाउसमा आएर सुत्यौं । खान, बस्नको निःशुल्क प्रबन्ध भएको छ यहाँ ।

२०६७ असार २२: बिहान हामी तुप्चेवासीलाई धन्यवाद दिंदै अगाडि बढ्यौं । स्थानीय शम्भु बोगटी झोलुंगे पुलसम्म पुऱ्याउन आउनु भयो । त्रिशुली तरेर हामी रोडै रोड हिंड्न सुरु गऱ्यौं । त्रिशुली जलविद्युत् केन्द्रको बाँधको पानी कतै वल्लो पाटोबाट त कतै पल्लो पाटोबाट लगेको पाइयो । नदी तार्ने बेलामा पाइप भए पनि त्यसपछि खुल्ला नहर बनाएर पानी ल्याइएको छ । नदीको बहावसँगै हामीले आफ्ना पाइला अगाडि बढाइ रह्यौं । त्रिशुली बजार छिचोल्दै सदरमुकाम विदुर बजार आइपुग्यौं ।

समथर फाँटमा सदरमुकाम छ भने माथि तिर डाँडा पाखा । नदी किनारमा अवस्थित विदूर बजार गर्मी ठाउँ नै रहेछ । उहिले औलो लागेर श्रीमती मरेपछि लोग्ने मान्छे धेरै विदुर भएकाले यस ठाउँको नाम विदुर रहेको कथन सुन्न पाइयो । विदुर आएर हामीले नेपाल पत्रकार महासंघ रसुवा नुवाकोट अध्यक्ष राजुमित्र खनाल, पत्रकार शिव देवकोटा र रेडियो अभियान संवाददाता श्यामसुन्दर पुडासैनीसँग केहीबेर कुराकानी गऱ्यौं । मध्यान्ह १२:१५ बजे खाना खाएर हामी नुवाकोट सात तले दरबारतर्फ उकालो लाग्यौं ।

सालघारीको हरियालीमा घामले दिएका पसिना पुछ्दै हिंडिरह्यौ । दरबार पुग्ने बेला वरको चौतारीबाट देखिएको विदुर, बट्टार, त्रिशली नदी किनारको दृश्य कस्ता रमाईलो लागेन । माथि भैरवी मन्दिर र साततले दरबार परिसर पुग्दा झनै आनन्दको महसुस भयो । भैरवी मन्दिरमा डंगोल थरका पुजारी रहेछन् । बाबुको मृत्युपछि जेठा छोराले पूजा गर्नुपर्ने परम्परा रहेको सुरेन्द्रमान सिंह डंगोलले बताउनुभयो । विदुर नगरपालिका अर्न्तगत नै पर्ने प्यागोडा शैलीको मन्दिर राता ईंटा र काठका बुट्टेदार काला रंगका आँखी झ्यालको मन्दिरजस्तै आकारमा बनाइएको दरबार र छेउछाउमा पुराना घर निकै कलात्मक र आकर्षक लाग्छन् । हाल पुन निर्माण गर्ने उद्देश्यले दरबार भित्र पस्न पाईंदैन भन्दै त्यहाँ सुरक्षार्थ खटिएका नेपाली सेनाका जवानले हामीलाई पस्न दिएनन् ।

साततले दरबार

ऐतिहासिक नुवाकोटको सात तले दरबारसँगै वि.सं. २०२८ साल अगाडि नुवाकोट सदरमुकाम पनि यहीं थियो, सोही सालमा जबरजस्त त्यतिबेलाका ठूला बडाले विदुरमा सदरमुकाम सारेका हुन् स्थानीय शिव मल्लले भन्नुभयो । हामी दरबार क्षेत्रभन्दा माथि डाँडामा रहेको मालिका मन्दिर महामण्डससम्म पुग्यौं ।

नेपाल शान्ति एवं विकास केन्द्रद्वारा सञ्चालित सामुदायिक रेडियो नुवाकोट एफ.एम. १०६.८ मे. स्टेशनमा एफ.एम. कर्मी राकेश डंगोल भेट्टिनुभयो । नुवाकोटमै पसल गरेर बस्नुभएकी अम्बिका दिदीले विश्वयात्रा बारे जिज्ञासा राख्नुभयो । हाम्रो योजना सुनेर खुशी देखिनु भएकी उहाँले अरु त केही सहयोग गर्न सकिन, यही २ पोका बिस्कूट खानुस् है भाई दिंदै भ्रमण सफलताको कामना गर्नुभयो ।

हामी विदुरतर्फै ओरालो झऱ्यौं । ७ किलोमिटरको दूरीमा रहेको पक्की सडक रहेछ नुवाकोट सात तले दरबार परिसरबाट विदुर बजार । रोड छोडेर छोटोछिटो बाटो हिंड्न पनि सकिने रहेछ, हामी त हिंडेरै गयौं अनि आयौं ।


सदरमुकाम विदुर र आसपास

विदुर आएपछि हामीलाई महासंघ अध्यक्ष राजुमित्र खनाल र पत्रकार शिव देवकोटाले खाने बस्ने गेस्ट हाउस प्रबन्ध गरिदिनुभयो ।

२०६७ असार २३: बिहान साँघु बजार (त्रिशुली) क्षेत्र भ्रमण गऱ्यौं । त्रिशुली नदी पार गरेर पारी पट्टिको बजार पुग्यौं । त्यहाँबाट काठमाडौं जाने गाडीहरु लाग्दा रहेछन् । वि.स २०२१ सालमा निर्मित त्रिशुली जलविद्युत्को पावर हाउस पनि त्यही छ । त्रिशुली बजारबाट हामी पुन: विदुर फर्कियौं ।

नुवाकोट उद्योग वाणिज्य संघ अध्यक्ष शरण उत्सुकले तपाईहरुको उद्देश्य राम्रै हो, तर धेरै जनाले फेसनको रुपमा यस्तो भ्रमण गर्न थालेका छन्, खासै औचित्य पुष्टिचाहिं मलाई होला जस्तो लाग्दैन भन्नुभयो ।

खाना खाएर हामी जिल्ला प्रशासन, जि.वि.स., विदुर नगरपालिका र एनेकपा माओवादी कार्यालय गयौं । प्रजिअ गोविन्दमणि भुर्तेल, स्थानीय विकास अधिकारी दामोदर भण्डारी लगायतले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो । विदुर नगरपालिकाका कार्यकारी अधिकृत मीठाराम हुमागाईंले खाता बन्द भएकाले आर्थिकरुपमा कति पनि सहयोग गर्न सकिएन तर यस देशको छविलाई अरु चम्किलो बनाउन तपाईहरुलाई अपूर्व सफलता मिल्न सकोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

विदुर नगरपालिका तत्कालीन श्री ५ को सरकारले वि.सं. २०४३ फाल्गुण १८ गते गठन गरेको थियो । यस नगरपालिका भित्र सदरमुकाम, सात तले पुरातात्विक (मल्लकालीन) दरबार, भैरवी मन्दिर, जालपा देवी मन्दिर र देवीघाट लगायतका स्थलहरु समेटिएका छन् । सिन्दुरे जात्रा (वैशाख पूर्णिमा) लाखे जात्रा तथा गाईजात्रा (भाद्र) घाटु जात्रा (ज्येष्ठ) फागु पूर्णिमा रथ यात्रा आदि प्रमुख मेला तथा चाडपर्वहरु हुन् भन्ने जानकारी नगरपालिकाको सूचना सामाग्रीमा उल्लेख छ ।

त्यहाँबाट हामी जि.वि.स. कार्यालय गयौं । कार्यालयमा लेखा अधिकृत नारद गौतम, कार्यक्रम अधिकृत पुष्कर शर्मा रिमाल लगायतसँग कुराकानी भयो । उहाँहरुको शुभेच्छा लिएर हामी एनेकपा माओवादी कार्यालय गयौं । कार्यालय सचिव नवीन पुडासैनी, अनेरास्ववियु क्रान्तिकारीका नारायण नेपाल लगायत अन्य कार्यकर्ता माझ हाम्रो कुराकानी भयो । सचिव पुडासैनीले दरबारियाहरुको अखडा रहेको नुवाकोट राजधानी नजिक भएका कारण बत्तीमुनिको अँध्यारोमा परेको विचार व्यक्त गर्नुभयो । पत्रकारितामा आलोचना लेख्न पाइन्छ तर नभएका कुरा एकलौटी लेख्न पाइदैन भन्ने उहाँको धारणा छ ।

विदूरबाट हिंड्दै हामी बट्टार बजार गयौं । बीचमा सेनाको क्याम्प रहेछ । बट्टारमा स्थानीय व्यवसायी रविन्द्र रिजाल, शान्ति टी हाउसमा (नुवाकोट आदर्श बहुमुखी क्याम्पस गेट अगाडि) तुलसीराम घिमिरे, ने.वि. संघ जिल्ला अध्यक्ष मच्छिन्द्र खड्का, पत्रकार महासंघ अध्यक्ष राजुमित्र खनाल, सचिव श्रीराम नेपालसँग हाम्रो कुराकानी भयो । उपप्राध्यापक घिमिरेले विश्वभ्रमण अभियानको शुभेच्छा लेख्दै गर्दा विभिन्न जिल्लाको फोटा हेरेपछि टी हाउसकी शान्ति दिदी प्रसन्न भएर चिया खुवाउनुभयो ।

साँझमा हामी हिजो बसेकै होटल आयौ. । हामी सँगै होटलमा बसेका राष्ट्रिय लोकतारा खोजी अभियान नेपालका रमेशराज सिलवाल, हरिशरण सिलवाल, जनक (शीतल) सिलवाल र सुकुलाल तामांगसँग पनि कुराकानी भयो ।

२०६७ असार २४: बिहान नेपाल पत्रकार महासंघ नुवाकोट-रसुवा शाखाले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको अभियानलाई स्वागत तथा बिदाई कार्यक्रम आयोजना गऱ्यो । नेपाल रेडक्रस सोसाइटीको हलमा भएको सो कार्यक्रममा महासंघ अध्यक्ष राजुमित्र खनाल, रेडक्रस सभापति गणेशकुमार नेपाल लगायत अन्य पत्रकारहरुको उपस्थिति थियो । उपस्थित पत्रकारहरुले जिल्लामा २ वटा रेडियो, २ वटा दैनिक पत्रिका र केही साप्ताहिक प्रकाशन प्रसारण भइरहेको बताए । कार्यक्रममा प्रेस स्वतन्त्रता विश्वभरीका नागरिकहरुको सुसूचित हुन पाउने अधिकार र मर्यादित जिम्मेवार सकारात्मक पत्रकारिता समाज रुपान्तरणको महत्वपूर्ण हिस्सा हो भन्ने धारणा उनीहरुले राखे । नुवाकोटमा विभिन्न क्षेत्रबाट पत्रकारिताका सवालमा टीका टिप्पणी र प्रतिक्रिया आएपनि भौतिकरुपमा भने कुनै आपत्तिजनक कार्यहरु नभएको जानकारी पाइयो । अध्यक्ष खनालले पत्रकारिता क्षेत्रको विकासका निम्ति विश्वभ्रमण महत्वपूर्ण हुने ठहर गर्दै देशको पर्यटन क्षेत्रलाई पनि थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रम समापन पश्चात् हामीले खाना खायौं । दिउँसो २ बजे नुवाकोट सदरमुकाम विदुरलाई छोडेर देवीघाटको यात्रा तय गऱ्यौं । बट्टार हुँदै त्रिशुली नदी किनारका टार, बेसी फाँटहरु नियाल्दै हामी लामी बगैंचा पिपलटार आइपुग्यौं । बाटामा भेट

भएका स्थानीय किसानहरु धेरै टार र खेती योग्य जमीन हुँदा हुँदै पनि सिंचाईको अभावले उपलब्धि हासिल गर्न सकिएन भन्दै दुःखेसो पोख्दै थिए । खेतको डिलैबाट बगेको त्रिशुली नदीको पानी उपयोगमा ल्याउन नसक्नुको परिणाम हो यो । केही ठाउँमा मकै सुत्ला लाग्ने बेलामा खडेरी परेर थारै बसेका पनि भेटिए । पिपलटारमा रु. १० को ठीकै मीठो अघाएर पनि उब्रदो कटहर खायौं ।

पत्रकारहरुसँग

पीपलटारबाट अझ अगाडि हामी हिंड्दै रह्यौं । आँप र अन्य हरियाली वनस्पति बगैंचा भित्र देवीघाटको ठूलो ढुंगो देखियो । सोधपुछ गर्दा र भत्केको ठाउँ हेर्दा थाहा लाग्यो, राजा पृथ्वीनारायण शाहको शालिक माओवादीले १० वर्षे युद्धताका समयमा भत्काएका रहेछन् । सुनेअनुसार पृथ्वीनारायण शाहको दाह संस्कार गरिसकेपछि मलामीहरुले नदीमा नुहाइधुवाई गरे अनि यो ढुंगामा आएर लुगा सुकाए र खाजा खाएका थिए । त्यो बगैंचा सँगै श्री निलकण्ठाश्रम ४ वेद, १८ महापुराण, १२ ज्योर्तिलिंग र ६४ शिवलिंग धाम निर्माण हुँदै रहेछ ।

बगैंचा परिसरबाट हामी त्रिशुली र सूर्यमती (तादी) नदीको दोभानमा अवस्थित प्रसिद्ध जालपादेवी मन्दिर (जलबाट उत्पत्ति भएकी देवी) परिसर आयौं । यहाँ जालपा क्षेत्र विकास समिति अध्यक्ष मानबहादुर डंगोल लगायत मन्दिर मर्मत सम्भार एवं निर्माण कार्यमा जुट्नु भएका दाजुभाईदिदीबहिनीहरु भेट्टिनुभयो । अध्यक्ष डंगोलले महत्वपूर्ण तीर्थस्थल देवीघाट सरकारको वेवास्ताका कारण पछाडि परेको बताउनुभयो । उहाँले हामीलाई आज बेलुकाको खाने बस्ने प्रबन्ध समिति मार्फत् मिलाइ दिनुभयो । बेलुकी स्थानीय विद्यार्थीहरुले विभिन्न जिल्लाका फोटा हेर्दै विविध जानकारी लिए । राती १० बजे हामी सुत्यौं ।

२०६७ असार २५: बिहान उठेर पनि हामीले देवीघाट वरिपरिको दृश्य नियाल्यौं । विदुर न.पा. ७ मा अवस्थित देवीघाट त्रिशुली पारी खड्क भञ्ज्यांग ५ र तादी पारी जिलिङ्ग २ को भूभाग पर्दो रहेछ । नदी किनारमा अवस्थित सो ठाउँ पानी परेकाले पनि आनन्ददायक थियो । पत्रकार देवचन्द्र भट्ट विदुरबाट हामीलाई पत्रिका ल्याइदिएर आउनुभयो । हामी उहाँलाई धन्यवाद दिंदै तादी तरेर दुई पीपल डबलीतर्फ लाग्यौं । त्रिशुली घर बताउने २ जना १५ वर्षभन्दा कम उमेरका बहिनी बाटामा भेट हुनुभयो । दिदीभन्दा बहिनी अलिक चञ्चले स्वभावकी । कुरै कुरामा ती बहिनी रिसाउनु भयो । दिदीले फकाउने कोशिश गर्दा पनि केही चलेन । उहाँहरु पनि डबलीभन्दा केही तल मावली घर हिंड्नु भएको रहेछ । डबलीसम्म सँगै आएपनि भुसुक्कै नामचाहिं लेख्न बिर्सिएछ ।

बीच बाटामा किसानहरु रोपाईंमा व्यस्त थिए, ब्याडेहरु वीऊ काड्न, रोपाहार रोप्न र असारे भाका गाउन, हली हलोले जोत्न र दँदैले जमीन सम्याउन अनि लाठेहरु बाउसे गर्न । निकै रमाइलो लाग्यो हामीलाई यतातिर । पाँचखले कटेपछि जामुनाको बोट कालाम्मे दानाले भरिभराउ देखियो । नखाइकन मनले मानेन । आफैं रुख चढेर मज्जाले खाइयो । बहिनीहरुलाई पनि झारेर दिइयो । ब्याँगे कमिलाले पनि टोकेकै हो । जामुनाको स्वादमा केहीको वास्ता गरिएन ।

मल्थोक रातमाटाको सल्लाघारी उकालो उक्लियौं हामी । अपरान्ह २:३० बजे डबली आइ पुगियो । कामरुदेवी उ.मा.वि. शिक्षक मदनकुमार पौड्याल, स्थानीय पुरुषोत्तम लामिछाने, रमेशकुमार श्रेष्ठ र शालिकराम दाहालसँग हाम्रो कुराकानी चल्यो । हाल यहाँ विद्यालय भए ठाउँमा पहिले २ वटा पीपलका रुख थिए । यस ठाउँमा नुवाकोट, धादिंग, काठमाडौं लगायतका रेडियो सुनिन्छन् भने नेपाल टेलिभिजन पनि हेर्न पाइन्छ । यहाँसम्म कच्ची रोड पनि आइपुगेको छ भन्ने जानकारी दिंदै उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो ।

देवीघाट

हामी माथि कामरुदेवी मन्दिर भए ठाउँसम्म निस्कियौं । वर्षायाम्को हरियालीले गाउँ बस्ती नदी छहरा हेरिरहुँ हेरिरहुँ लागे । डबली बजारका ढुंगाका छाना भएका घर पनि उत्तिकै आकर्षक देखिए । आज रात राजु श्रेष्ठको घरमा बास बस्यौं । छोराहरु राजकुमार, हरिकुमार लगायत परिवारसँग कुराकानी भए । सेता लुगा लगाउनु भएका राजु श्रेष्ठले आफ्नी आमाको निधन पछि एकदमै चिन्तित छु भन्नुभयो । हामीले उहाँलाई भन्यौं, सबैको जाने

बाटो एउटै हो, ढिलो छिटो हुन सक्छ, धेरै चिन्ता गर्नु हुँदैन, चिन्ताले आफैंलाई खान्छ। खाना खाएर १० बजे ओछ्यान पुगियो।

२०६७ असार २६: बिहान उठ्दा झमझम पानी वर्षिरहेको थियो। यही घरमै बिहानी खाना खाएर हामी ओरालो झर्‍यौं। चिप्लो बाटोमा कतै चप्पल फुकाएर बोक्यौं त कतै लगाएरै हिंड्यौं। स्मरणीय कुरा त के छ भने, अहिलेसम्म नेपालका ७१ जिल्लाका हिमाल, पहाड र तराई जहाँ पुगे पनि हामीले जुत्तामा होइन चप्पलमै सकुशल यात्रा सम्पन्न गरेका छौं। र, बाँकी ४ जिल्लामा अर्थात् २ वर्षे नेपाल भ्रमण अवधिभर अनायसै हामीले चप्पल लगाएर नेपाल भ्रमण सक्दैछौं। अनि अर्को महत्वपूर्ण कुरा अहिलेसम्म हामी यहाँ आइपुग्दा सामान्य रुघाखोकी ज्वरो बाहेक त्यस्तो गम्भीर प्रकृतिको स्वास्थ्य समस्या कहीं पनि आएन। हामी नेपाल भ्रमण गर्दा त झन् स्वस्थ पो भयौं। जे होस्, यी २ कुरामा हामीलाई परमात्माले राम्रोसँग हेर्नुभएको छ। स्याहार सुसार गर्नुभएको छ। उहाँलाई हाम्रो नमन्।



फेरि प्रसंग यात्राकै, दुई पीपल ८, कोल्पुटारमा स्थानीय सुदर्शन नेपाल, अर्जुन कुमार नेपाल, लेखनाथ सुवेदी लगायत अन्य स्थानीयवासी बीच उहाँहरुको जिज्ञासा बमोजिम विश्वभ्रमण अभियानबारे खुलेर छलफल भयो। उनीहरुले पत्रकारिता क्षेत्र स्वतन्त्र र मर्यादित बनाउन सबै पक्षको पहल जरुरी रहेको जनाए। साथै नेपालको चिनारी विश्वमाझ पुर्‍याउन सफल हुनुस् भनी शुभेच्छा दिए।

कोल्पुटार पुच्छरमा त्रिशुली र कोल्पु खोलाको दोभान रहेछ। कोल्पु खोला तरेपछि धादिंग जिल्लाको भूभाग सुरु हुन्छ भन्ने जानकारी हामीले पायौं। स्थानीयवासीले हामीलाई एउटा ट्रिपरमा चढाएर लान भनिदिए। ट्रिपर चढेर हामी ७१ औं जिल्ला नुवाकोटलाई बाई बाई गर्दै ७२ औं जिल्ला धादिंग भ्रमणका लागि गल्छी बैरेनीतर्फ हुइँकियौं।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :
(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

तुप्चे गा.वि.स.मा सुनौलो पाइला परेकाले सफलतामा काँढा बिझ्ने छैन। – रामप्रसाद नेपाल, तुप्चे २
सबै क्षेत्र र जातजातिहरुको पहिचान होस्। – राजेन्द्रप्रसाद रिजाल (कार्यालय सहायक), तुप्चे गा.वि.स.
सफलतको विन्दुमा पुग्न सकोस्। – अर्जुनप्रसाद रिजाल (शिक्षक), जनशक्ति प्रा.वि. तुप्चे ८
मलाई अचम्मित बनायो, त्यागको कद्दर गर्दछु। – शम्भुकुमार बोगटी, हाम्रो खाजा घर, तुप्चे
प्रेस जगत्मा सकारात्मक सोच र सुरक्षाको प्रत्याभूति होस्। – श्यामसुन्दर पुडासैनी, रेडियो अभियान
सरकार र ठूलाबडाका अनुसन्धान ठेली असफल भइसकेका छन्। – नारायण नेपाल, अनेराष्वियु क्रान्तिकारी
प्रेसमाथिको हस्तक्षेप पूर्णरुपमा बन्द होस्। – राकेश डंगोल, नुवाकोट एफ.एम.
नुवाकोटको पर्यटकीय क्षेत्र विश्वसामु परिचित बनोस्। – देवचन्द्र भट्ट पत्रकार
विदुर नगरपालिकालाई समेत भ्रमण अंश बनाउनुभएकोमा स्वागत। – मिठाराम हुमागाई, कार्यकारी अधिकृत
सुरक्षित एवं मर्यादित सञ्चार क्षेत्रको परिकल्पना। – भोलाराज पौडेल (समाचार सम्पादक), नुवाकोट एफ.एम.
सफलताको शुभकामना। – रविन्द्र रिजाल, वि.न.पा. ९
साथित्व सबैभन्दा अमूल्य चीज हो। – तुलसीराम घिमिरे (नेपालडाँडा १, भोजपुर), नुवाकोट आर्दश बहुमुखी क्याम्पस
समस्या र चुनौतीलाई पार गर्नु। – मछिन्द्र खड्का (अध्यक्ष), ने.वि.संघ जिल्ला कमिटी
आत्मविश्वासी र साहसीले कठिन कार्य पनि सहज बनाई सफलता चुम्दछ।
– रमेशराज, हरीशरण, जनक शितली, सुकुलाल तामांग, राष्ट्रिय लोकतारा खोजी अभियान नेपाल
विश्वलाई नयाँ सन्देश दिनु महानता हो। – बद्री प्याकुरेल (सम्पादक), नुवाकोट आवाज साप्ताहिक
नेपाली सञ्चार जगत्ले उत्कृष्ट यात्रा कृति पाओस्। – नवदीप अजनवी, सञ्चारकर्मी
स्वतन्त्र आवाजको प्रतिनिधि पत्रकारिता। – मदनकुमार पौड्याल (वगनाह ५, बर्दिया), श्री कामरुदेवी उ.मा.वि., दुईपिपल
७१ जिल्लाको अवस्था चित्रण सुन्न पाउँदा खुशी लाग्यो।
– पुरुषोत्तम लामिछाने (दुईपिपल ३), रमेशकुमार श्रेष्ठ (दुईपिपल ६ डबली), शालिकराम दाहाल (दुईपिल २), हरिकुमार श्रेष्ठ (दुईपिपल, ६)
लक्ष्यलाई हरेक पल अंगाली राख्नु। – सम्झना कार्की
नागरिकको सुसूचित हुन पाउने अधिकार सुनिश्चित होस्।
– राजुमित्र खनाल (अध्यक्ष), नुवाकोट रसुवा शाखा
न्यानो स्वागत सफलताको शुभकामना।
– गोविन्दमणि भुर्तेल (प्रजिअ), जिल्ला प्रशासन कार्यालय

नुवाकोट यात्राका क्रममा प्राप्त नगद सहयोग	
जिल्ला विकास समिति	रु. ५००/-

७२ औं जिल्ला धादिङ डायरी

२०६७ असार २६: नुवाकोट जिल्लाको दुई पीपल ८, कोल्पुटारबाट बालुवा बोकेको ट्रिपर चढेर हामी धादिङ्गको गल्छी बैरेनी गा.वि.स. तर्फ लाग्यौं । दिउँसो लगभग २ बजे कोल्पु खोला पुल पार भएपछि धादिङ्गको भूभाग सुरु भयो । वालुवाको थुप्रोमाथि बसेर हामीले बाहिरी वातावरण नियाली रह्यौं । कच्ची हिलो बाटोमा ट्रिपरले बच्चालाई कोक्रामा हल्लाएझैं हल्लाउँदै हामीलाई गल्छी ल्यायो ।

हाम्रो यात्राका लागि धादिङ्ग जिल्ला मोफसलको अन्तिम तथा नेपालको ७२ औं जिल्ला हो । यस बाहेक अबको हाम्रो औपचारिक यात्रा काठमाडौं उपत्यका (ललितपुर, भक्तपुर र काठमाडौं) मात्र बाँकी छ । काठमाडौं जाने मुख्य सडक पनि गल्छीमा भेटियो । त्यहाँबाट हामी धादिङ्ग सदरमुकाम धादिङ्गवेशीका लागि गाडी चढ्यौं । गाडीले फुरुक्क हुँदै फुर्के खोला पुल तरेर मुख्य हाई वे छोड्यो । कालु पाँडे राजमार्गतिर लाग्यो । गल्छीबाट लगभग २ घण्टामा बस धादिङ्गवेशी आइपुग्यो । भाडा पनि पूरै निःशुल्क भयो ।

संक्षिप्त परिचय

क्षेत्रफल: १,९२४.९ वर्ग किलोमिटर, गा.वि.स. संख्या: ५० वटा, निर्वाचन क्षेत्र: ३, सदरमुकाम: धादिङ्गवेशी, अञ्चल: वागमती, विकास क्षेत्र: मध्यमाञ्चल

भौगालिक अवस्थिति: पूर्व काठमाडौं, नुवाकोट, रसुवा पश्चिम गोरखा, उत्तर चीनको तिब्वत र रसुवा र दक्षिण मकवानपुर, चितवन ।

पर्यटकीय स्थल: चमेरे गुफा (खाल्टे), गुप्तेश्वरी गुफा (कल्लेरी), गंगा जमुना (फूलखर्क), त्रिपुरासुन्दरी माई (सल्यानकोट), भैरवी मन्दिर (सुनौलाबजार), खड्कादेवी (मैदी), मण्डली माई (ढोला), ज्वालामुखी (चैनपुर), तातोपानी मूल (झलांग), सिद्धलेक (नलांग), पाँचधारे, सल्यानटार आदि ।

(साभार: जि.वि.स. बाट प्राप्त संक्षिप्त परिचय)

सरासर हामी नेपाल पत्रकार महासंघ धादिङ्ग शाखा सोध्दै कार्यालय पुग्यौं । त्यहाँ अध्यक्ष सीताराम प्रसाद बर्मा र कोषाध्यक्ष राजाराम शर्मासँग भेट भयो । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे केहीबेरको कुराकानी पश्चात् हामी कोषाध्यक्ष शर्मासँगै ग्रामीण सञ्चार सहकारी संस्था लि द्वारा सञ्चालित रेडियो धादिंग १०६ मे. स्टूडियो गयौं । त्यहाँ चेपांग भाषामा धादिंगको पहिलो समाचारवाचक तथा कार्यक्रम सञ्चालक उद्धव चेपांग, पत्रकार सानुबाबु तिमिल्सिना र केशव अधिकारीसँग हाम्रो परिचय भयो ।

साँझ परिसकेकाले हामी महासंघकै अनुरोधमा जि.वि.स. गेस्ट हाउस तर्फ लम्कियौं । जि.वि.स. प्रशासनको अनुमतिमा बस्न पाइने रहेछ । एकछिनको अलमल, फोन कुराकानी र सोधपुछ पश्चात् हामीले बस्ने अनुमति पायौं ।

२०६७ असार २७: १९७ औं भानु दिवसको साप्ताहिक कार्यक्रम अर्न्तगत स्रष्टा अभियान धादिङ्गले वर्षे झरीसँगै आदिकवि भानुभक्त आचार्यको शालिकमा श्रद्धाञ्जली अर्पण गरी भानुस्मृत्ति काव्य प्रभात आयोजना गऱ्यो । नेपाल बार एशोसियसनको हलमा बिहान भएको सो कार्यक्रमका सहभागीहरुले आदिकवि भानुभक्त आचार्यले नेपाली साहित्यिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानको प्रशंसा गरे । भानु प्रतिष्ठानका केन्द्रिय अध्यक्ष डा. व्रतराज आचार्यले भानु दिवसमा भानुकै विषयमा मात्र लेख्नुपर्छ भन्ने छैन, अरु नै विषयमा साहित्य सिर्जिनु र वाचन गर्नु पनि भानुप्रति श्रद्धाञ्जली अपर्ण गर्नु हो भन्नुभयो । साहित्यकार नवीनबन्धु पहाडी दाहाल, डी.पी. अर्याल (महासचिव भानु प्रतिष्ठान्), पत्रकार महासंघ धादिङ्ग अध्यक्ष सीतारामप्रसाद बर्मा, पत्रकार राजेन्द्रप्रताप शाह लगायतका वक्ताले कवि, साहित्यकारहरुले अब आफ्नो कलामा मात्रै रम्ने होइन, समाज परिवर्तन गर्ने किसिमका अभियान चाल्दै आधुनिकतालाई पनि अंगाल्न सक्नुपर्छ भन्ने कुरामा जोड दिनुभयो ।

चेपांग जातिका सञ्चारकर्मी उद्धव चेपांगसँग



श्रीमती वदनकुमारी लम्सालको रामायण वाचनसँगै सुरु र अन्त्य भएको सो कार्यक्रममा थुप्रै सहभागीहरुले कविता वाचन

गरेका थिए । यस कार्यक्रममा साहित्यकार डिल्लीरमण शर्मा अर्यालको नेपाल दर्शन खण्डकाव्य विमोचन गरिएको थियो । हामीलाई हाँसो उठेको कुराचाहिं के छ भने साना भाई बहिनीको समूहमा हामी बसेका थियौं । यसै कार्यक्रममा विमोचित उक्त पुस्तक वितरण गर्ने क्रममा हाम्रो हातमा परिसकेको थियो । लगत्तै हामीलाई दिइसकिएको सो पुस्तक ठूलालाई पुगेपछि मात्र रहयो भने सानालाई पछि दिउँला, अहिले दिने होइन भन्दै फर्काइयो । हामी पनि आज १३, १४ वर्षको बालक हुन पाएकोमा खुशी छौं, हा...हा...हा... ।

मध्यान्ह कार्यक्रम सकिएपछि यही कार्यक्रममा सामेल कवयित्री कल्पना अधिकारीसँग हाम्रो परिचय र कुराकानी भयो । उहाँले आफू मनोक्रान्ति अभियानबाट स्वस्थ भएकाले अरुले पनि यो अभियान एकपटक बुझ्नै पर्ने धारणा राख्नुभयो । केन्द्रबाट सही नेतृत्व र व्यवस्थापन नहुँदा हिजोआज म चिन्तित भएको छु उहाँले भन्नुभयो ।

खाना खाएर हामी नेपाल पत्रकार महासंघको कार्यालय गयौं । मेमोरी कार्डका फोटाहरु नयाँ पेन ड्राईभमा सार्‍यौं । दिउँसो ४ बजे महासंघकै हलमा धादिङ्गे पत्रकारहरुसँग छलफल भयो । धादिंगमा न्यूज लेखेको विषयमा फोन आउनु भनेको सामान्य नै भएको छ, श्रमजीवी पत्रकार ऐन कार्यान्वयन भएको छैन । हाल धादिंगमा ५ रेडियो र ५ साप्ताहिक प्रसारित प्रकाशित छन् । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियान सफल हुनु समग्र पत्रकारकै सफलता हो, अध्यक्ष सीतारामप्रसाद वर्माले भन्नुभयो । यस कार्यक्रममा उपस्थित महासंघ पूर्वाध्यक्ष राजेन्द्रप्रताप शाह, उपाध्यक्ष सीताराम अधिकारी, कोषाध्यक्ष राजाराम शर्मा, प्रेस चौतारी केन्द्रिय सदस्य केशव अधिकारी, प्रेस युनियन धादिंग अध्यक्ष मुरारी अधिकारी, पत्रकारहरु सानुबाबु तिमल्सिना, गोमा थापा, बुद्धिमान वाइवा, नवराज छत्कुली, कार्यालय सचिव रीता लम्साल, लगायतका उपस्थित पत्रकारले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लाथि थालिएको विश्वभ्रमण अभियानलाई स्वागत गर्दै शुभकामना व्यक्त गर्नुभयो । बेलुकी खानपिन र बसोबास जि.वि.स. गेस्ट हाउसमै भयो ।

२०६७ असार २८: बिहान हामी निलकण्ठ गा.वि.स. अर्न्तगत पर्ने धादिंग बजारको अवलोकन गर्न निस्कियौं । पुछार बजार, बीच बजार र सिरान बजारमा विभाजित धादिंगवेशी बजारको एकापट्टि थप्पल र अर्को तिर अरुण खोला पर्दो रहेछ । भर्खर रोपाइँ गरिएको धानखेतीले यसको शोभा बढाएको छ ।

बीच बजारमा एक काँग्रेस कार्यकर्तासँग हाम्रो दोहोरो संवाद चल्यो । उनले भने, प्रेस युनियन, प्रेस चौतारी वा क्रान्तिकारी पत्रकार संघ मध्ये तपाईंहरु कताको हो, कुनै एकको सदस्य नभई नेपालमा कोही पनि पत्रकार हुनै सक्दैन ? हामीले भन्यौं, हामी त कुनै संगठनको सदस्य पनि छैनौं, सबैका हौं । फेरि उनले भने, कुनै एक संगठनको सदस्य नभई तपाईं वा अन्य कसैले पनि महासंघको सदस्यता लिनै पाउँदैनन् । हामीले फेरि भन्यौं, स्वतन्त्ररुपमा पत्रकारिता गर्न सकिन्छ र स्वतन्त्ररुपमै पत्रकारिता गर्नेहरु पनि महासंघको सदस्य छन्, कुनै संगठनको सदस्य नभईकन महासंघको सदस्यता लिन पाइदैन भन्ने कुनै नियम महासंघको विधानमा पनि छैन । हाम्रो भनाईबाट उनी सन्तुष्ट भएनन् र त्यहीं रहनुभएका पत्रकार महासंघ धादिंग अध्यक्ष सीताराम प्रसाद वर्मालाई उनले यस विषयमा सोधे, अध्यक्ष वर्माबाट अरु संगठनको सदस्य नभइकन पनि महासंघ सदस्य बन्न पाइन्छ भन्ने जवाफ पाएपछि खोई मैले अहिलेसम्म चाहिं त्यस्तो देखेको, सुनेको छैन, उनले भने ।

विहान १० वजे खाना खाएर हामीले राजनीतिक दलका प्रतिनिधि भेट्ने उद्देश्यसहित फोन सम्पर्क गर्‍यौं । एनेकपा माओवादी सहइञ्चार्ज रामवहादुर भण्डारीले म त गणेश हिमालमा छु भन्नुभयो । गणेश हिमालभन्दा चुचुरातिरै पो हो कि भन्ठानेर कहिले भेट गर्न सकिएला त भनेर सोधेको, उहाँले त अहिले नै भेट्न सकिन्छ भन्नुभयो । कुरो बुझ्दै जाँदा धादिंग सदरमुकामकै गेस्ट हाउसको नाम पो परेछ, गणेश हिमाल । हाँस्दै हामी गणेश हिमालमा सहइञ्चार्ज भण्डारीलाई भेट्न पुग्यौं । सहइञ्चार्ज भण्डारीले धादिंगमा काँग्रेस, एमाले, माओवादी तीनै पार्टीका पत्रकार छन्, अरुका अलि अनुभवी भएपनि हाम्रा भर्खर सिक्दैछन् भन्नुभयो । उहाँको बुझाईमा तटस्थ भन्नु आदर्श मात्र हो, तर राज्य र दलले प्रेसलाई अंकुश लगाउन भने हुँदैन ।



सदरमुकाम धादिंगबेंशी

उहाँको शुभेच्छा लिएर हामी निलकण्ठ गा.वि.स. कार्यालय गयौं । गा.वि.स. सचिव टेकराज पन्थीले निलकण्ठ महादेव मन्दिरको नामबाट यस गा.वि.स. को नामाकरण भएको हो भन्ने जानकारी दिनुभयो। उहाँ र उपस्थित सेवाग्राहीहरुले विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो ।

गा.वि.स. बाट हामी सरासर जिल्ला प्रशासन कार्यालय पुग्यौं । सहायक प्रजिअ वेदनिधि खनालले जहाँ जस्तो जे पाइन्छ त्यसैमा रमाउँदै धेरै थरी तरकारीमा मिल्ने आलुजस्तै भएर तपाईहरुले यात्रा सफल गराउनु भनी शुभकामना दिनुभयो। त्यहाँ अर्का सप्रजिअ कृष्ण गैरे, प्रशासन कार्यालयकै कर्मचारी राममणि मिश्र, गजुरी आदर्श उ.मा.वि. का शिक्षक सुदर्शन पाण्डे लगायतसँग पनि हाम्रो कुराकानी भएको थियो । सप्रजिअ खनालले सीडीओ साब भर्खर बाहिरबाट आइपुग्नु भएको छ, एक पटक भेट्नुस्न भन्नुभयो ।

हामी प्रजिअ कार्यालयको ढोकामा रहेका सुरक्षाकर्मीको अनुमति लिएर कार्यकक्षमा पस्यौं । सर नमस्कार भनेर अभिवादन गर्दा तपाईहरु अनुमति नै नलिई कसले आउनु भनेथ्यो र भित्र आउनुभयो ? भन्दै प्रजिअ भरत पौडेल कड्किनुभयो । हामी गेटमा अनुमति लिएर आएको भन्दा मैले तपाईहरुलाई बाग्लुंगमै गर्ने सहयोग गरिसकेको छु फेरि फेरि यसरी तपाईंहरु आउने होइन भन्दै उहाँ झनै आक्रोशित हुनुभयो, विभिन्न कुरा गर्दै उहाँले तुरुन्त बाहिर जानुस् पनि भन्नुभयो ।

गर्न त उहाँले बाग्लुंगमा पनि जसोतसो एउटा शुभकामना पत्र, भाषाचाहिं उत्कृष्ट तवरले नै लेखेर दिनुभएको थियो, अरु केही सहयोग गर्नुभएको होइन। तर के के न गरेजस्तो गरी उहाँले त्यति राम्रो भाषामा आफैंले लेखेको शुभकामना पत्रको मर्ममाथि प्रहार गर्दै आफूलाई प्रस्तुत गर्नुभयो। त्यतिबेला हामीलाई यस्तो लाग्यो, सीडीओ साबको शुभकामना राम्रो, भित्री मनचाहिं अर्थात् उथलपुथल भएको अवस्थामा रहेछ ।

पहिला पनि भेट्टिई सक्नुभएका परिचित सीडीओ साब भेट्टिनु हुने भयो, अब राम्रैसँग अनभुव आदान प्रदान गर्न अवसर मिल्लाजस्तो छ भन्ने हामीलाई लागेको थियो। एक अर्थमा त हामी खुशी पनि भएका थियौं। तर... उहाँको त्यो कड्किने र रड्किने मनसँग हामीलाई लागेको खुशीले के नै गर्न सक्थ्यो र ? योभन्दा अगाडि २ पटक भेट हुनुभएका प्रजिअहरु देवराज ढकाल (रुकुम र कास्की), सीताराम कार्की (सल्यान र तेऱ्हथुम), फणीन्द्रमणि पोखरेल (सुनसरी र ओखलढुंगा), गोविन्दमणी भुर्तेल (डोटी र नुवाकोट) सँग पछिल्लो भेटमा झनै राम्रोसँग अनुभव बाँड्ने अवसर हामीले पाएका थियौं ।

जे होस्, यो यात्राको दौरानमा तीतो अनुभव दिलाउने पहिलो सीडीओ साब भरत पौडेललाई धन्यवाद दिन्छौं हामी । किनभने नकारात्मक र सकारात्मक भएरै कुनै पनि चिजको अस्तित्व हुन्छ, रहन्छ ।

प्रजिअको कार्यकक्षबाट फेरि हामी सहायक प्रजिअ वेदनिधि खनालको कार्यकक्षमा नै गयौं । उहाँको सहयोगी एवं शीतल व्यवहारले प्रजिअ पौडेलले दिनुभएको नकारात्मक ऊर्जा सकारात्मकतामा बदलिदियो ।

हामी जि.वि.स. पुग्यौं । स्थानीय विकास अधिकारी शंकर नेपालसँग भेटघाट गर्न पहिले भोजपुर च्यांग्रे गा.वि.स. मा सचिव भएर बस्नुभएका हाल यही कार्यरत कर्मचारी भुवराज घिमिरेले हामीलाई लैजानुभयो। आर्थिक वर्षको अन्त्यको चटारोमा व्यस्त रहनु भएका स्थानीय विकास अधिकारी नेपाललाई थोरै समय भेटेर भएपनि हामीले अभियानबारे जानकारी दियौं । स्था.वि.अ. नेपालले पत्रकारिता क्षेत्रको मूल्य, मान्यता, अवस्था, जोखिम र सम्भावनाजस्ता विषयहरुमा अधिकाधिक ज्ञान आर्जन गरी राष्ट सेवाका लागि यात्रा समाप्ति पछि फर्कनु भन्दै विश्वभ्रमण सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

जि.वि.स. कार्यालयबाट हामी नेकपा एमाले धादिंग अध्यक्ष गुरुप्रसाद बुर्लाकोटीलाई भेट्न गयौं । अध्यक्ष बुर्लाकोटीले देशमा विधिको शासन सुरु भइनसकेकाले सबै क्षेत्र धराशायी भएको बताउनु भयो । मार्क्सवाद समाजको ज्ञान हो, तर सूत्र विज्ञानको रुपमा बुझिएकाले समस्या आएको छ भन्ने उहाँको धारणा थियो। पर्यटनको विषयमा कुराकानी गर्दा बूढी गण्डकी र्‍याफ्टिंगका लागि बढी उपर्युक्त रहेको उहाँको बुझाई रहेछ। साँझ परिसकेको थियो। हामी हिजोकै वासस्थानमा आएर बस्यौं ।

२०६७ असार २९: बिहान हामीले जिल्ला प्रहरी कार्यालयमा प्रहरी निरीक्षकद्वय जगन्नाथ खनाल र माधव काफ्लेलाई प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानबारे जानकारी दियौं । उहाँहरुले शान्ति, सद्भाव फैलाउन भ्रमण सफल रहोस् भन्ने कामना गर्नुभयो।

खाना खाएर हामी रेडियो धादिंगको कार्यालय गयौं। प्रेस चौतारी धादिंग अध्यक्ष गायत्री खतिवडाले पत्रकारिताको सचेतना जगाउन र प्रेसप्रतिको सम्मानका लागि थालिएको यो यात्रा विश्वभर पुगेर मात्र रोकियोस् र नेपाली प्रेसलाई विश्वसामु चिनाई पत्रकारिताको विकासमा निरन्तर लाग्नु होला भन्दै भ्रमण सफलताको कामना गर्नुभयो। पत्रकार राजाराम शर्माले धादिंग जिल्लाका सदरमुकाम बाहिरका केही ठाउँ कसरी पुग्ने ? भन्ने विषयमा सल्लाह दिनुभयो। त्यहाँबाट निस्किएर हामी निर्माण व्यावसायी संघ, उद्योग वाणिज्य संघ, धादिंग यातायात व्यावसायी संघ र नेपाली काँग्रेस कार्यालय पुगेका थियौं। निर्माण व्यावसायी संघका अध्यक्ष टंककुमार श्रेष्ठले काठमाडौंमा भएपनि फोनमा शुभेच्छा प्रकट गर्दै सकेको सहयोग लिनुहोला भन्दै भैरव इन्टरप्राइजेजमा पुग्न भन्नुभयो। त्यहाँ केशव प्रसाद लम्सालले शुभेच्छा प्रकट गर्नुभयो।

ढुंगाको भाँडामा पानी

नेपाली काँग्रेस पार्टी कार्यालयमा सभापति रामनाथ अधिकारीले भन्नुभयो, नेपाली काँग्रेस जन्मँदा नै स्वतन्त्रताको विचार लिएर जन्मिएको पार्टी हो, प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिता अपरिहार्य छ, वी.पी. कोईराला वि.सं. २०१५ सालमा पहिलो जननिर्वाचित प्रधानमन्त्री बनेपछि प्रशंसा गर्ने सबै मिडियामात्र भएर हुँदैन भनेर उहाँले यसको खिलाफमा लेख्ने पत्रिका निकाल्न लाउनुभएको थियो। सभापति अधिकारी र अन्य पदाधिकारीले हामीलाई खादा तथा अबिर पहिऱ्याई विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो।

हामी बजार क्षेत्रमै घुम्यौं। स्थानीय व्यावसायी एवं मनोक्रान्तिप्रेमी राममाया बुढाथोकी र बुद्धिबहादुर थापासँग हाम्रो भेट भयो। उहाँहरुले पनि यात्रा सफलताको कामना गर्नुभयो। त्यहाँबाट हामी हिजोकै स्थानमा बस्न आयौं।

२०६६ असार ३०: बिहान ६ बजे हामी धादिंग बजारबाट पुरानो सदरमुकाम सुनौला बजारतर्फ उकालो लाग्यौं। अरुण खोलाबाट ठाडो उकालो बेजोडकै रहेछ। बीच बाटोमा ऐतिहासिक पौवा दरबार देख्न पाइयो। उहिले बाटो हिंड्ने बटुवाहरु सो पौवामा बस्ने गर्दथे रे। राजाले त्यतिबेलाका सरदारलाई बिर्ता दिएको भनेर स्थानीयवासीले जानकारी दिए। सो पौवाको छाना झिंगटीको थियो हाल ढुंगाको छ। यही ठाडो उकालोमा भेटिएका मान्छेहरुसँग हामी ठाउँ ठाउँमा बाटो सोध्दै अनि छोटा छरिता कुरा गर्दै भैरवी मन्दिर डाँडामा उक्लियौं।

मन्दिरको वल्लो पाटोमा रेडियो धादिंग र रेडियो बिहानीको टावर छ। भैरवीमा २ वटा टिनका छाना भएका मन्दिर छन्। थोरै भएपनि हामीले त्यहाँबाट सदरमुकाम धादिंगवेशी लगायतको भूभागलाई नियाल्यौं। वर्षायाम कुहिरो लागेका कारण दृश्यांकन गर्न खासै सहज भएन। रेडियो बिहानीको टावर सुरक्षार्थ बस्नुभएका सुरेशकुमार रम्तेलले यस ठाउँ र रेडियोको बारेमा केही जानकारी गराउनुभयो। भैरवी मन्दिर सुनौलाबजार ३ मा पर्दो रहेछ। मन्दिरसँगै ठूलो ढुंगा खोपेर पानी जमाइएको पनि देख्न पाइयो। विना र साइन बनाइएको यो भाँडोको पानी मानव स्वास्थ्यको लागि पनि कति उपयोगी हुन सक्ला ? यस्तै कुराकानी गर्दै हामी हामी सुनौला बजारतिर झऱ्यौं।


गुप्तेश्वरी गुफा

सुनौला बजारमा झरेर हामीले खाना खाने ठाउँ खोज्यौं। २,४ वटा स साना पसलमध्ये एउटा पसलमा खाना पकाइदिनुहुन्छ भनेर सोध्दा साहुनी आमैले मेरा त खेताला छन् म त भ्याउँदिन भनिन्। अब तल माथि सोधी हेरौं नत्र बिस्कुट चाउचाउ भोजन गरौंला भन्ने हाम्रो सोच बन्यो। तर अर्को होटलमा खाना पकाइदिए। पसलको अगाडि पोखरी र पोखरी छेउमा ईलाका प्रहरी कार्यालय रहेछ। साना खोल्साका भित्तामा ठाउँ ठाउँमा सिमेण्ट प्लास्टर गरेर बनाइएका ठूलठूला कुवा छन्।

खाना खाँदै हामीले लालीगुराँस युवा समाज सुनौला बजार अध्यक्ष अर्जुन मगर, स्थानीयवासी कमल सिम्खडा, रामजी राना, हरिकुमार श्रेष्ठ लगायतसँग कुराकानी गऱ्यौं। उनीहरुले वि.सं.

२०३२ सालमा यहाँबाट धादिंगवेशीमा सदरमुकाम सरेको जानकारी दिए। सुख्खा समयमा सुनौला बजारसम्म गाडी चलेपनि पानी परेपछि बन्द भएको छ। काठमाडौं नजिकैको जिल्ला धादिंग, धादिंगको पुरानो सदरमुकाम भएर पनि सुनौला बजारको उचित विकास हुन नसकेको गुनासो हामीसँगको भेटमा स्थानीयवासीले गरे।

बिहानी खाना खाएर हामी सुनौला बजारबाट ३० मिनेट जतिको दूरीमा अवस्थित गुप्तेश्वरी गुफातर्फ लाग्यौं। खुल्ला जमीन खर्क चौरमा गाईबाख्रा गोठालाहरु यत्रतत्र थिए। हामी मूल बाटो छोडेर थौरै डिल झर्‍यौं। भिरालो खरबारीको बीच भागमा रहेछ यो गुफा।

केही उत्सुकता अनि जिज्ञासा लिएर हामी गुफाको मूल द्वारबाट भित्र पस्यौ। विभिन्न आकार प्रकारका अनि चित्र विचित्रका दृश्यहरु पो रहेछन् यहाँ त। कतै केराका काइँयाजस्ता चट्टान त कतै शिवलिंगको आकार अनि कतै गाईका थुनजस्ता देखिने आकृतिहरुले हाम्रो ध्यान मज्जैले तान्यो। यही मौकामा तपतप चुहिरहेको जलले गुफा पार गर्ने क्रममा हामीलाई अभिषेक पनि गरिदियो। ढाँडै ढाँडमा बनेको गुफा प्रवेश गर्दा चाहिं ठूलो पछिल्तिरबाट निस्कँदा चाहिं सानो मुख रहेछ। दुब्ला पातला भएका हामी त जसोतसो सुकेको शरीरभित्र लुकेको बल देखाउँदै अनि अलि अलि भएको बुद्धि र विवेक प्रयोग गर्दै बाहिर निस्किन सफल भयौं। तर मोटाघाटाहरुलाई चाहिं.....गार्‍है पर्ला है हा...हा...हा...।

हामी त्यहाँबाट फर्कियौं। फर्किने क्रममा खर्कमा गाईवस्तु चराइरहेका एकजना बूढा गोठालाले हामीलाई कहाँबाट आउनुभयो ? के का लागि ? भन्दै जिज्ञासा राख्नुभयो। हाम्रो योजना र अभियान सुनिसकेपछि उहाँले भन्नुभयो, हेर्नुस् बाबुहरु तपाईहरुलाई यो सारा संसार घुम्नैका लागि भगवान्ले खटाएका रहेछन्। र त अहिलेसम्म नेपालका ७२ जिल्ला घुमेर सबै गाउँ ठाउँ पुगेर दुःख सुख बुझ्दै आउनुभएछ, तपाईंहरुलाई भेट्नु मेरो अहोभाग्य हो, यसमा मलाई सार्‍है खुशी लाग्यो। आगामी दिनमा पनि नेपालीका यस्तै सुख दुःख बुझ्ने काम गर्दै संसारभर पुग्नु मेरो तपाईंहरुलाई आर्शिवाद छ।

हामी बिहान गएकै बाटो फर्केर बेलुकी बास बस्न धादिंगवेशी नै आइपुग्यौं। आउँदा खेरी पौवाको ओरालोबाट भुईं कुहिरो हटेर सदरमुकाम धादिंगवेशी लगायतको दृश्य राम्रो देखियो। बीच बाटोमा भेट हुनुभएका रघु नि.मा.वि. शिक्षक उद्धव रिजालले तथ्यांकमा सबै बालबालिका विद्यालय भर्ना भएका छन्, तर व्यवहारमा विद्यालय नआउने बालबालिकाको संख्या पनि उल्लेख्य छ भन्नुभयो।

बेलुका हामी उही जि.वि.स. गेस्ट हाउसमै आयौं। यहाँ विभिन्न कार्यालयका कर्मचारीहरु खाना खान आउने गर्दा रहेछन्। यही क्रममा बेलुकीको खाना खान आउनुभएका पूर्व परिचित इञ्जिनियर प्रकाश अधिकारी, नवपरिचित दामोदर गैरे लगायत अन्य कर्मचारी र गेस्ट हाउस सञ्चालक परिवारसँग हाम्रो कुराकानी भयो।

२०६७ असार ३१: बिहान धादिंग जि.वि.स. गेस्ट हाउस सञ्चालिका शर्मिला थापा सरुले डायरी उपहार अनि सिंचाई कार्यालयका इञ्जिनियरद्वय प्रकाश अधिकारी र उपेन्द्र रेग्मीले आत्मियतापूवर्क प्रदान गनुभएको शुभेच्छा उपहार लिएर हामी त्यहाँबाट बिदा भएर हिंड्यौ। इञ्जिनियर अधिकारीसँग मनोकान्तिमा हाम्रो चिनजान भएको थियो। धादिङ्ग यातायात व्यावसायी संघका अध्यक्ष होमनाथ रिजालको स्वीकृति बमोजिम व्यवस्थापक नन्दलाल श्रेष्ठले हामीलाई सहयोग गर्नुभयो। तर अध्यक्षसँग भने भेट हुन सकेन। त्यहाँबाट हामी नेपाल पत्रकार महासंघ धादिंग शाखा आएर बिदा भयौं।

धादिंगकी स्थानीयवासी वदनकुमारी लम्सालले हामीलाई फोन गरेर बोलाउनुभयो। हामीले उहाँको कोठामा गएर खानपिन गर्‍यौं। उहाँ सानो छँदाका अनुभव र अनुभूति निकै मर्मस्पर्शी रहेछन्। वदनकुमारीले हाँस्दै भन्नुभयो, हाम्रा पालामा छोरीले काम गर्नुपर्छ, पढ्नु हुँदैन भन्ने थियो, त्यसकारण बुवाले भाईहरुलाई धुलौटोमा लेखेर पढाएको चोरी चोरी हेरेर मैले पढ्न सिकेकी हुँ। मनोकान्तिमा गएर योग, रेकी अभ्यास गरेपछि रोग सञ्चो भएको छ भन्दै उहाँले हाल एक्लै भएपनि घरमा योग गर्ने गरेकी छु भन्नुभयो। शारीरिक व्यायाम र रोगका लागि मात्र नभई मानसिक ऊर्जा हासिल गर्न पनि योग त काम लाग्ने नै भईहाल्यो।

सल्यानटार



बिहान ११ बजे हामी धादिंगवेशीबाट हिंड्यौं। थप्पल खोला तरेर उकालो बाटो हिंड्दै पाल्पा भञ्ज्यांगको मुरली भञ्ज्यांग आइपुग्यौं। उकालोमा गर्मीले निकै सतायो। यद्यपि विभिन्न गाउँ बस्ती, पहाड टाकुरी र जति जति माथि आयो उति उति सुन्दर देखिने सदरमुकाम धादिंगवेशी हेर्न पाएकाले त्यो गर्मीलाई अलिक हलुका बनायो। अझ शितल चौतारीमा बस्दाको आनन्द त के कुरा गरेर साध्य।

मुरली भञ्ज्यांगबाट हामी चैनपुरतिर तेर्सियौं । हुलाकी भञ्ज्यांग हुँदै हामी सालवास चैनपुरको सालवास उ.मा.वि. परिसर पुग्यौं । त्यहाँबाट तल छर्लंग देखिने सल्यानटार (आँखु र बूढी गण्डकी नदीको बीच) को दृश्यांकन गर्न शिक्षक केशवराज लोहनीले सहयोग पुऱ्याउनुभयो । उहाँका अनुसार नेपालको सबैभन्दा ठूलो टार पाल्पाको रागीनासटार र दोश्रोमा धादिंग सल्यानटार पर्दछन् । सल्यानटारको सिरान र पुछार साँघुरो देखिएपनि बीचमा फराकिलो भूभाग रहेछ । त्यहाँबाट हामीले गोरखा धादिंगको पुरानो बजार आरुघाटलाई पनि नियाल्ने कोशिश गऱ्यौं । बूढी गण्डकी पारी गोरखा पर्दछ । धादिंगले गण्डकी अञ्चल र पश्चिमाञ्चल विकास क्षेत्र पनि छोएको पाइन्छ ।

साँझ पर्न लाग्दा हामी उ.मा.वि. बाट सालबास फर्क्यौं । सालघारीमा झ्याउँ झ्याउँ गर्दै कराइरहेका झ्याउँकिरी र अन्य कीराहरुका इर्रर... गर्ने विभिन्न आवाजका संगीतले मनलाई मन्त्र मुग्ध गरायो । साँझमा हामी सालवास आइपुग्यौं । ३,४ वटा खुद्रा पसल भएपनि बास बसाउने चलन खासै रहेनछ । बास पाउन अलिक मेहनेत नै गर्नुपऱ्यो । रेडियोमा विश्वभ्रमण अभियान धादिंग आइपुगेको समाचार सुनेका २,३ जना बूढा बा यहाँ आइपुगेपछि भने स्थानीय पसलमै बास मिल्यो । यो ठाउँलाई सालवास भन्नुको कारणचाहिं पृथ्वीनारायण शाह नुवाकोट जाँदा सालको फेदमा बास बसेकाले हो भन्ने भनाई रहेछ ।

यतातिर कच्ची सडक छन् । पानी परेकाले गाडी चल्न छाडेको छ । सिमेण्ट प्लास्टर गरेर निर्माण गरिएका चौतारा र वरका रुख सडक खन्ने क्रममा भत्कँदै छन् । स्थानीय प्रेमनाथ बुर्लाकोटीले हामीलाई नेपाल भ्रमण गर्दा कहाँ कहाँ कस्तो कस्तो देख्नुभयो ? भनेर सोध्नुभयो । सधैं रेडियो सुनेर खबर बुझ्ने उहाँलाई प्रत्येक पार्टी भित्र आफ्ना साथीभाई बीच पनि खुट्टा तान्ने प्रवृत्ति रहेकाले देश पछि परेको हो भन्ने लाग्दो रहेछ । हामी खानपिन गरेर बेलुकी १० बजे सुत्यौं ।

२०६७ असार २५: बिहान ७ बजे प्रेमनाथ बुर्लाकोटी बा आइपुग्नुभयो । रेडियोमा सुनिराख्थें तपाईहरुको नाम र तपाईहरु पुगेको ठाउँ, आज तपाईहरुलाई प्रत्यक्ष भेट्न पाउँदा असाध्यै खुशी छु, फेरि फेरि पनि यस्तै शुभ खबर सुन्न पाउँ भन्दै उहाँले हामीलाई प्रेमपूर्वक बिदाई गर्नुभयो । सालबास केही गहिरोमा छ । दुवैतिर डाडा । एकातिर शिव मन्दिर र अर्कातिर ज्वालामाई थान छन् यहाँ ।

हामीले मैदीको यात्रा तय गऱ्यौं । मुसलधारे पानीमा हिंड्दै गर्दा ढोला आइपुगेका थियौं । बाटो भुलियो जस्तो लागेर एउटा घरमा सोधन पस्यौं । एक युवाले पानी परिराखेको छ बसौं न अनि कुरा गरौं भन्नुभएपछि प्लास्टिक झिकेर हामी खाटमा बस्यौं । उहाँको नाम रहेछ, छत्रबहादुर सिलवाल । नेपाली सेनामा कार्यरत उहाँ अहिले केही दिनका लागि घर बिदामा बस्नुभएको मौका । उहाँले पनि रेडियोमा विश्वभ्रमण अभियानबारे सुन्नु भएको रहेछ । २ जना भएकाले उहाँले हामीलाई चिनेरै बसौं भनेको बुझियो । उहाँका बुवा वीरबहादुर, आमा र श्रीमतीसँग हाम्रो कुराकानी भयो । उहाँहरुको परिवारले सुरुमा पोलेका हरिया मकै, त्यसपछि पनि खाना नखाइकन हामीलाई हिंड्नै दिनुभएन । पैसा पेलेर तेरो मेरो धर्म भनेर बेरोजगार युवालाई केही धर्मका ठेकेदारले समाजमा प्रयोग गरेर विद्वेष फैलाइरहेका छन् भन्ने सिलवाललाई यसमा ठूलो चिन्ता लागेको रहेछ ।

ढोला ५ मा रहेको यो घर परिवारलाई धन्यवाद दिएर हामी अगाडि बढ्यौं । केही समय रहेको पानी पुन: दर्कन थाल्यो । हामी मैदी १, उखुवारी, समी भञ्ज्यांग उ.मा.वि. सम्म ओरालो तेर्सो हिंडेर आइपुग्यौं । त्यहाँबाट मैदीकोट तिर उकालो लाग्यौं । चिप्लो बाटो, प्लास्टिकले वर्षात् शरीरमा पर्नबाट रोकिरहेका छौं । कोटमा निस्कनै लाग्दा २,३ जना युवाले के बेच्न ल्याउनुभयो ? भनेर हामीले पछाडि बोकेको झोला हेर्दै सोधे । हामीले विश्वभ्रमण बोकेर हिंडेको भन्दै ठट्यौली गऱ्यौं । उनीहरु हाँसे । आजकाल गाउँमा केही मान्छेहरु दबाई बेच्न आउने भएकाले गर्दा पनि उनीहरुले हामीलाई सोधेका रहेछन् ।

मैदीकोट मन्दिरमा पृथ्वीनारायण शाहको व्रतबन्ध गरिएको भन्ने भनाई छ । कुहिरोले रुईले छोपेजस्तै छपक्कै छोपेको थियो । तर पनि जीर्ण मन्दिर देखिइ नै हाल्यो । हामी कोटबाट मैदी बजारतिर झऱ्यौं । सातदोबाटो चोकमा जगत ज्योति सामुदायिक विकास समाजको कार्यालयमा मैदीवासीसँग हाम्रो भेटघाट कार्यक्रम भयो । यहाँ सोलार प्रविधिद्वारा पानी उकालो तानेर गाउँमा ल्याइएको रहेछ । मैदी धादिंगका गा.वि.स. मध्ये जनसंख्याका हिसाबले ठूलो, कुमाल जातिको बसोवास स्थान तथा ऐतिहासिक कोट नमूना विकास निर्माणले समेत परिचित रहेछ । यस कार्यक्रममा समाजका अध्यक्ष दुर्गानारायण श्रेष्ठ, सचिव सुजन श्रेष्ठ, शिक्षक सीताराम अधिकारी, दलित समन्वय समितिका ध्रुव परियार, मैदी ग्रामीण विद्युत् सहकारी संस्थाका व्यवस्थापक गोविन्दमान श्रेष्ठ र ठूलो चौर मा.वि.का प्र.अ. राजेन्द्र सिम्खडा उपस्थित हुनुहुन्थ्यो ।

सो कार्यक्रममा उपस्थित सामाजिक कार्यकर्ता शालिकराम दवाडीले भन्नुभयो, हाम्रो ढोलामण्डली गा.वि.स. को देवीथानमा जान हुँदैन भनेर अहिलेसम्म कोही महिलाहरु पनि गएका थिएनन्, तर पत्रकार सीता अधिकारी गएर क्रान्ति गर्नुभएकोमा मलाई एकदमै हर्ष लागेको छ, यस्तै साहसिक पत्रकारहरुको जन्म देशमा हुन जरुरी छ । बेलुकी खानपिन र बसोवास सचिव श्रेष्ठको घरमै भयो ।

२०६७ श्रावण १: आज साउने संक्रान्ति । हामी धादिंगको मैदीबाट नलांग गा.वि.स. आइपुगेका छौं । बिहान मैदीबाट हिड्दा पानी परि नै रहयो । अमराईमा आइपुग्दा पनि हामीलाई स्थानीयवासीले रेडियोमा समाचार सुनेका थियौं विश्वभ्रमणका पत्रकार स्वतन्त्र

पत्रकारिताका लागि धादिंग आइपुगे भनेर, सायद तपाईंहरु नै हो कि ? भने। जे होस्, गाउँका मान्छेलाई सुसूचित गराउन रेडियोले ठूलो भूमिका खेलेका रहेछन् भन्ने कुरा यहाँ पनि छर्लंगियो। पानीमा घुम्लुङ्ग प्लास्टिक ओडेका हामीलाई उनीहरुले यसरी अड्कल काट्नु निकै अनौठो पनि लाग्यो।

अमराईबाट हामी नलाङ्गतर्फ लाग्यौं। धादिंगमा सदरमुकामभन्दा अन्यत्र हामीले पक्की सडक भेटेका छैनौं। जुनसुकै जिल्लाको सदरमुकाम बाहिरको अवस्था बेग्लै छ। त्यसैले सदरमुकामलाई मात्र हेरेर समग्र जिल्लाको मूल्यांकन गर्न नहुने रहेछ। हाम्रा देशका नीति नियम शहरमा बसेर अनि विकसित देशलाई हेरेर तर्जुमा हुन्छन् र त धेरै योजनाहरु निकम्मा बनेका छन्। हामी पात्लेतिर उकालो लाग्ने ठाउँमा पुग्यौं। पत्रकार राजाराम शर्माको घर त्यहीं पर्दोरहेछ। उहाँको घरमा उहाँकी आमा कृष्णकुमारी, श्रीमती देवका, हजुरबा देवीप्रसाद अर्याल, हजुरआमा गौरादेवी, छोरा विज्ञान अनि छोरी विशाखासँग कुराकानी भए।

हामी यहीं खाना खाएर उकालो लाग्यौं। पात्ले मा.वि. आँबुखिर्रेमा निवर्तमान गा.वि.स. उपाध्यक्ष कमलबहादुर गुरुंगसँग हाम्रो भेट भयो। उहाँले हामीलाई श्रीवन नेचर क्याम्प अनि गाउँबस्ती चिनाउँदै देखाउँदै सिद्धलेक पुऱ्याउनुभयो। हरियाली जंगल काटेर सिद्ध लेक पुग्दा आनन्दको महसुस भयो। १५२५ मिटर उचाई रहेको यो लेक चुचुरोबाट टाढा टाढासम्मको दृश्य देख्न पाउँदा हामी दंग पऱ्यौं। नलांग र सलांग गा.वि.स. को सिमानामा पर्ने सिद्धलेक धार्मिक आस्थाको हिसाबले पनि महत्वपूर्ण रहेछ। यहाँको एउटा कहावत्, उहिले गाउँघरका मान्छेलाई घरको कार्यक्रममा भाडाकुँडा आवश्यक पर्दा सिद्धलेकमा धूप धुँवार गरेपछि पाइन्थ्यो, कार्यक्रम सकिएपछि सफा गरेर लगिदिनुपर्ने नियम। एकदिन एकजना गाउँलेले भोली लगिदिनुपर्ला भनेर राखेछन्। बिहान वा दिउँसो ल्याएर बेलुका फर्काउनु पर्ने र धुप बत्ती गरेपछि लोप हुने नियमअनुसार त्यसरी साँझमा नफर्काएपछि मेरा भाडाकुँडा चाँडो फर्काइदेउ भन्ने आवाज उनले सुनेछन्। डराएर ती व्यक्तिले भाँडा हत्तपत्त लगिदिएछन्। त्यसपछि हराएका भाडाकुँडा हालसम्म निस्किएका छैनन् रे ! यस्तो कथा हामीले ओखलढुंगाको पोकली झरनामा पनि सुनेका थियौं। कथा कहावत् जे भएपनि कुनै पनि काम समयमै गर्नुपर्छ, नगर्दा त्यसको घाटा अरुलाई होईन आफैंलाई हुने हो भन्ने सन्देश सायद यो कथाले दिन खोजेको हुनुपर्छ।

यो किम्वदन्तीको विषयमा उपाध्यक्ष गुरुंगसँग छलफल गर्दै पुन: हामी नलांग १, पात्ले गाउँ झऱ्यौं। सिद्धलेकबाट अन्नपूर्ण, मनास्लु, गणेश, लांगटांग लगायतका हिमाल साथै धादिंगका ४८ गा.वि.स. अनि छिमेकी जिल्लामा गोरखा, तनहुँ चितवन, रसुवा, नुवाकोट, काभ्रे, काठमाडौं ललितपुर लगायत धेरै स्थानको अवलोकन गर्न पाइने नलांग १ का स्थानीय भीमबहादुर श्रेष्ठले बताउनुभयो। हामी श्रेष्ठको घरमा चिया पिएर गुरुंगसँगै उहाँकै घर आयौं। उहाँले स्याऊ, सुन्तला लगायतका फलफूल बारीमा लगाउनुभएको रहेछ। घरमा आएपछि गुरुंगले भन्नुभयो, हामी समुदायबाटै गाउँमा विद्युतीकरण गर्न अगाडि बढ्यौं, राजनीतिक हिसाबले धेरै चुनौती खडा भए, अन्ततः चुनौतीका बाबजुद गाउँमा बिजुली बाल्न सफल भयौं। उहाँको भनाईलाई आधार मानेर भन्ने हो भने दत्तचित्त भएर कुनै पनि कार्य गर्दा सफलता हात लाग्छ नै, एउटा नजिर यही हो।

नेपाल टेलिभिजनबाट अनौठो प्रतिभा कार्यक्रम आयो। कार्यक्रम सञ्चालक एवं हास्यकलाकार सन्तोष पन्तले कलाकार रोहन ढकालसँग उहाँको साहसिक प्रतिभाका विषयमा कुराकानी गर्नुभयो। कलाकार ढकालले भन्नुभयो, मलाई कर्णालीको पुलबाट पानीमा हाम फाल्न, उठेर सुतेर बाइक गुडाउन जस्ता धेरै प्रतिभा देखाउन सक्छस् भन्ने साहस र ऊर्जा भित्री मनदेखि नै आयो, त्यसैले प्रयास गरे अनि सफल भए। मलाई यस्ता चुनौतीपूर्ण काम नगर्न घरपरिवार, इष्टमित्र लगायत सबैको अनुनय विनय भयो। कर्णालीको पुलबाट हाम फाल्ने योजना सुनाउँदा आमा मुर्छा परेर रुनुभयो, बुवा सहन नसकेर मद्यपान गर्न थाल्नुभयो। तर... प्रतिभा प्रस्फुटन गर्न मैले रोक्न सकिन, गरेरै छाडें, ढकालले आँसु खसाल्दै भन्नुभयो। मान्छेले आफ्नो अन्तर हृदयबाट आएको प्रतिभा प्रस्फुटन गर्नुपर्छ जसरी मैले गरे भन्दै उहाँले यस्तो प्रतिज्ञा पनि गर्नुभयो, म यस्तै अनौठा प्रतिभाद्वारा यो देशलाई विश्वमा चिनाउन चाहान्छु। कार्यक्रम हेरिसकेपछि हामी खाना खाएर सुत्यौं।

२०६७ श्रावण २: पात्लेबाट हामी बिहान धुसामा चेपांग बस्ती हेर्ने योजना बनाएर हिंड्यौं। १०, १५ मिनेट ओरालो झरेपछि बाटामा स्थानीय सीताराम भुजेलसँग भेट भयो। उहाँको ससुराली भोजपुर दिंलातिर रहेछ। उहाँको अनुरोधमा हामी उहाँकै घर पस्यौं। भोजपुरे दिदी तारादेवी भुजेल अत्यन्त खुशी हुनुभयो। माइती गाउँको भनेपछि कुकुर त प्यारो हुन्छ भने तपाईहरु त यत्रो भ्रमणमा हिंड्नुभएको मान्छे त्यसैले हाम्रा घरमा खाना खाएर मात्र जानुपर्छ उहाँले भन्नुभयो। उहाँको अनुरोधलाई स्वीकार गर्दै हामीले खाना खायौं।

खाना खाने क्रममा उहाँको बारेमा केही थप कुरा बुझ्न पाइयो। यी दिदीको पहिले गाउँमै विवाह भएको रहेछ। उतापट्टिको सानो छोरा पनि सँगै छ। छोराको बाबुले तल्लो जातकी सौता ल्याए भनेर तारा दिदी छुट्टै बस्नु भएछ। सँधै एक्लै बसेर के गर्ने भन्ने भएपछि छोरा सँगै लिएर आउनु भएछ। यता सीताराम दाईकी जेठी श्रीमती मरेकी। छोरा बुहारी छोरी ज्वाईं, नाती नातिनाका धनी उहाँलाई पनि साहराको अभाव भइरहेको अवस्थामा परिवारका सदस्यकै स्वीकृतिमा तारादेवीसँग भेट अनि विवाह भएछ। त्यो सानो बच्चा पिंगमा मज्जाले मच्चिदै, दौडिदै कुकुरसँग खेलिरहेको अवस्था। कति रमाईलो बाल्यकाल...।

धुषावासी एवं स्वास्थ्यकर्मीहरुसँग

हामीले नलाङ्गकै ५ नं. वडा खाल्ले सिताराम भुजेलको घरबाट पुनः यात्रालाई अगाडि बढायौं । सलांग ८, बुंगचुंगसम्म हिंड्दै ओरालो झर्‍यौं । बुंगचुंगबाट गाडी चढेर मलेखु हुँदै चरौंदी आएर गाडीबाट झर्‍यौं । धुसा कसरी जाने होला ? भनेर सोधपुछ गर्दै जितेन्द्र चेपांगको होटलमा पुग्यौं । त्यहाँ धुषा ५, विधांगका सुरेन्द्र वि.क.सँग भेट भयो । बिहान विधांगबाट तरकारी लिएर आएको गाडी दिउँसो ४ बजे फर्कने रहेछ । हामी ठूलो झोला पसलमा छाडेर त्यही तरकारी बोक्ने मिनी ट्रकमाथि चढ्यौं । गोलभेंडा राख्ने क्रेटमाथि बस्यौं । मान्छे खाँदा खाँद र कोचाकोच थिए । कच्ची बाटो चारपांग्रे भएकाले मात्र ठेलठाल गर्दै भएपनि चढ्दथ्यो । रातो माटो पानी परिरह्यो भने त गाडी चल्दैन, हाम्रो खाने बाटो नै यही तरकारी हो, यो बाटो चाँडो पीच भए हुन्थ्यो, हामीसँग छेउमै बसेका कृषक सूर्यवहादुर वस्नेतले भन्नुभयो ।

चरौंदी र मरौंदी मिसिएको दोभान चौकीबाट स्यादुल र धुसा जाने बाटो छुट्टियो । हामी चढेको ट्रक दाहिने उकालो लाग्यो । छेउछाउका साथीहरु एक अर्कामा ढेस्सा लाग्दै अनि समाउँदै हुइँकिने क्रम जारी रह्यो । ठाउँ ठाउँमा मान्छे र क्रेट झार्दै गाडी विधांग आइपुग्यो । यहाँ आउँदा मान्छेको संख्या न्यून भइसकेको थियो । गाडीको अन्तिम गन्तव्य पनि यहीं । हामी पनि गाडीबाट झर्‍यौं ।

यहाँका चेपांगहरुलाई नेपाली बोल्न अप्ठ्यारो नै हुँदो रहेछ । यिनीहरुले पनि यहाँ तरकारी खेती गरेर बजारमा वेच्न लान थालेको पाइयो । च्यादरका छाना लगाएर घर बनाएको पनि देखियो । हामी सुरेन्द्र जीसँग एक चरण गाउँ घुम्यौं । यहाँका स्थनीयवासी तथा कर्मचारीहरुसँग कुराकानी गर्‍यौं । बेलुका उहाँकै घर आएर खानपिन गरेर सुत्यौं ।

२०६७ साउन ३: बिहान उठेर धुसा विधाङ्गको सामुदायिक भवनमा गयौं । त्यहाँ स्थानीयवासी मंगलसिंह चेपाङ्ग, शान्ति नेपाल संस्थामा कार्यरत अनमी विष्णुमाया चेपाङ्ग, धुषा उपस्वास्थ्य चौकीका अहेब सुनीलकुमार सिंह, अ.न.मी. निलम सिंह लगायतसँग हाम्रो कुराकानी भयो । अनमी विष्णुमाया चेपाङ्गका अनुसार चेपाङ्ग भाषामा चे भनेको कुकुर र पाङ्ग भनेको धनुष बाण हान्ने व्यक्ति अर्थात् कुकुर साथमा लिएर धनुष वाणद्वारा जंगलमा सिकार गर्दै अनि कन्दमूल खाँदै बस्ने व्यक्ति नै चेपांग हो । चेपांगहरु जंगल, अप्ठ्यारा डाडाकाँडा र लेकमा बस्न रुचाउँछन् । नेपालको धादिंग, गोरखा, मकवानपुर र चितवन जिल्ला जोडिएकै भूभाग तिर यिनीहरुको बसोबास छ । आदिवासी जनजातिको अति सीमान्तकृत वर्गमा सूचीकृत चेपांगका भार, रोम, टहले, तिपाल आदिजस्ता ४७ वटा थर छन् । उनीहरुको जीवनस्तरमा परिवर्तन ल्याउन चेपांग संघ र समुदायले भूमिका खेलिरहेको छ । हाल धादिंगबाटै चेपांग भाषा समाचार र कार्यक्रम रेडियोमा सुन्न पाउँदा उनीहरु खुशी भएर नाच्छन्, सुन्छन् अनि रमाउँछन् । अरु जातजाति आधुनिकतामा धेरै अगाडि बढिसक्दा पनि चेपांगहरु गिट्ठा भ्याकुर जंगली कन्दमूल खाँदै पहिला रमाउने गर्दथे, तर अहिले अन्न र कन्दमूल बराबर खाने तथा आधुनिकतातिर लम्किएका चेपांग भेट्न पाइन्छ ।

चेपांग बस्तीमा विभिन्न संघ संस्था एवं सञ्चारमाध्यमले जनचेतना जगाउन राम्रो भूमिका खेलिरहेको पाइयो । उनीहरुको स्वास्थ्य, शिक्षा, सरसफाई जस्ता महत्वपूर्ण विषयमा क्रमशः सुधार भइरहेको पाइन्छ, तैपनि अझै धेरै चेपांगले पुरानो शैली छोडेका रहेनछन् । यसमा सम्वन्धित निकायको ध्यान अझै राम्रोसँग पुगोस् र उनीहरुको पीर मर्का बुझ्ने काम होस् ।

स्वास्थ्यकर्मीहरुसँगै खाना खाएर हामी विधांगबाट विदा भयौं । सुरेन्द्र, अनिल र सुरेश जीले हामीलाई उपस्वास्थ्य चौकीभन्दा वरसम्म पुर्‍याएर फर्कनुभयो । हामी चाहिं चरौंदीतर्फ ओरालो झर्‍यौं । बाटामा एकजना बूढा वीर चेपांग (प्रजा) सँग भेट भयो । उहाँलाई भिजुअल खिंचेर दखाइदिएको मख्ख पर्दै हाँस्नुभयो । यिनै चेपांगको हाँसो सँगसँगै चरौदी धुषावाट ७२ औं जिल्ला अर्थात् मोफसलको अन्तिम जिल्ला धादिंग भ्रमण समापन भयो । अब हामी केही दिन चितवन बसेर काठमाडौ उपत्यका प्रवेश गर्दैछौं । यही योजना मुताविक हामी चरौंदीवाट गाडी चढेर नारायणघाट चितवन प्रस्थान गर्‍यौं ।

फेरी चितवन यात्रा

चरौंदी धादिंगबाट गाडी चढेर नारायणघाट चितवन आयौं । नारायणघाट आउनै पर्ने कारणचाहिं हामीले विभिन्न जिल्लाका सामाग्री त्यहाँ छोडेका थियौं, तिनै सामाग्री लिन यहाँ आएका हौं । नारायणघाटमा हामी नारायण नदीको किनारमा अवस्थित मनोक्रान्ति साधनास्थल पुष्पलाल भवन आयौं । साधिका च्राम् (उमादेवी जुग्जाली, म्याग्दी) र उहाँका भाई सागर जुग्जालीसँग हाम्रो कुराकानी भयो । यही हामी बास बस्यौं ।

२०६७ श्रावण ४ र ५ गतेः ४ गते हामी यही दिनभर नुहाइधुवाई, अध्ययन अनि आराममा व्यस्त रह्यौं ।

५ गते बिहान र दिउँसो पनि यही काम नै भयो । साँझ मनोक्रान्तिप्रेमी रामबहादुर कुमालले हामीलाई भरतपुर नगरपालिका ११, भोजाड लिएर आउनुभयो । यहाँको साधनास्थलमा मनोक्रान्ति परिवारको जमघट थियो । उहाँहरुले विश्वभ्रमण अभियानलाई स्वागत गर्दै आफ्ना अनुभव सुनाउनुभयो । कार्यक्रममा साधकसाधिकाहरु रामबहादुर र निर्मला कुमाल, आरती र पूजा कुमाल, अनिता थापा, पम्फा कुमाल, गंगा के.सी. ई.डी. (इन्द्र दराई), जगन्नाथ ढकाल, महाकाली कुमाल लगायतको उपस्थिति थियो । साधिका निर्मला कुमालले आफ्नो मुटु, नसा र पाठेघरको समस्या रेकी, योग र ध्यान गरेपछि ठीक भयो भन्नुभयो । अरुले पनि दम, टाउको दुख्ने, शरीर पोल्ने, डिप्रेशन, रुघाखोकीजस्ता धेरै दीर्घ रोग मनोक्रान्तिबाट ठीक भएको भन्दै खुशीपूर्वक अनुभव सुनाए । तन र मनमा निकै हर्षित देखिएका उनीहरुले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियान सफलताका लागि शुभकामना व्यक्त गरे । खाना खाएर हामी यही सुत्यौं ।

२०६७ श्रावण ६ः आज हामी एनेकपा माओवादीका जनसेना राखिएको शक्तिखोर शिविरतिर जाने योजनामा थियौं । यही योजना मुताविक निर्मला र अनिता जी हामीलाई केही वर बजारसम्म पुर्‍याउन आउनुभयो । उहाँहरुको न्यानो आत्मियता र सहयोगलाई धन्यवाद दिदै हामी भोजाडबाट ट्याक्टर चढ्यौं । ट्याक्टर चढेर हामी खोलेसिमल बजार पुग्यौं । केहीबेर हिंडेर टेम्पो चढ्यौं । ३ नं. डिभिजन गेटमा पुग्यौं ।

हाम्रो मुख्य लक्ष्य माओवादी जनसेनाको क्याम्प घुम्ने थियो । मुख्य कमाण्डर हुनुहुन्न भनेर हामीलाई घुम्न दिइएन । हामीले पनि अगाडि कसैलाई खबर नगरिकन गएका थियौं । ठूलो मान्छेलाई फोन गर्नुपर्ने, सोर्स फोर्स नलगाइकन कहीं कतै काम बन्दैन भन्ने पक्का पक्की छ नेपालमा । अझ यहाँ आएपछि यो भनाई झन् चरितार्थ भयो । किनभने गेटमा भेट्टिएका साना दर्जाका जनसेनाले माथिल्लो तहका कमाण्डरको फोन नम्बर पनि दिएनन्, दिन सकेनन् र सम्पर्क पनि गराएनन् । एक कम्पनी सहकमाण्डरले भने, हामी आफ्नै देशमा शरणार्थी झैं जीवन बिताइरहेका छौं । खै के गर्नु ? अवस्था यस्तै सिर्जना भएपछि हामी क्याम्प नघुमी फर्कन बाध्य भयौं ।

वास्तवमा माओवादीले यिनै सेनाको बलमा १० वर्षे जनयुद्ध लडेर तत्कालीन शाही सेनालाई चुनौती दिँदै नेपालबाट राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापना गर्न अन्य राजनीतिक पार्टीसँग मिलेर सफल भयो । हाल नेपालभरका ७ डिभिजनमा १९, २० हजार सेना स साना अस्थायी टहरामा बसेका छन् । यिनीहरुलाई अहिले कसरी समायोजन तथा पुर्नस्थापना गर्ने भन्ने विषयमा विवाद छ । देशमा नेपाली सेना र जनसेना गरी २ किसिमका सेना छन् ।

अन्य राजनीतिक दल माओवादीका सेना रहिरहने वा समायोजन भएपछि हामीलाई अप्ठ्यारो हुन्छ कि ? भनेर डराइरहेका छन् भने माओवादी यी सेनाको व्यवस्थापन गराउँदा आफ्नो शक्ति कमजोर हुने हो कि ? भन्ने चिन्तामा छ । ती शिविरमा बसेका सेना पनि नेपाल दाजुभाई हुन् र नेपाली सेना पनि नेपाली दाजुभाई नै हुन् । त्यसकारण एकअर्कामा मनमुटाव र टकराव सिर्जना गर्ने किसिमका अभिव्यक्ति र कामकारवाही कतै हुनु हुँदैन ।

यस्तै चिन्तन मनन गर्दै अनि लक्ष्यअनुसारको अधुरो अनुभव सँगाल्दै शक्तिखोरबाट पुनः हामी नारायणघाट फर्कियौं । बेलुकाको बास नारायणी नदी किनारको पुष्पलाल स्मृत्ति भवनमै । भोली काठमाडौं प्रस्थान हुनेछ ।

प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा लिखित शुभेच्छा सार र सन्देशहरु :

(शुभेच्छाको विस्तृत भावना हेर्न चाहनु हुने महानुभावहरुले Narayan Nabaraj Bhattarai फेसबुक नोट लगअन गर्न सक्नुहुनेछ)

सूचनाको हक सुनिश्चित हुन सकोस् । - कमल बहादुर गुरुंग, पूर्व उपाध्यक्ष, नलांग गा.वि.स. धादिंग

चेपांग जातिको तर्फबाट हार्दिक शुभकामना । - उद्धव चेपांग (धुषा १) रेडियो धादिंग

आवश्यक सहयोग गर्न तयार । - रामबहादुर भण्डारी (सहइन्चार्ज) एनेकपा माओवादी

नेपाली पत्रकारिताको वास्तविक स्थिति चिनाउनु ।

- सानुबाबु तिमिल्सिना (कान्तिपुर संवाददाता), बुद्धिमान वाईवा (तराई टी.भी.), केशव अधिकारी (अन्नपूर्ण पोष्ट), राजेन्द्रप्रताप शाह (पूर्वाध्यक्ष ने.प.म.संघ), गोमा थापा (प्रभात किरण साप्ताहिक), मुरारी अधिकारी (नेपाल प्रेस युनियन), सीतराम अधिकारी (उपाध्यक्ष)

अग्रिम बधाई तथा हार्दिक शुभकामना । - सुदर्शन पाण्डे (भु.पु. प्र.अ.) आदर्श उ.मा.वि.

उदाहरणीय कदममा सफल हुनुहोस् । - रीता लम्साल (निलकण्ठ ५), नेपाल पत्रकार महासंघ

जहाँ जे जस्तो पाइन्छ त्यसैमा रमाउनु । - वेदनिधि खनाल (सोल्मा १ तेन्हथुम), स.प्र.जि.अ.

यात्रा समाप्तिपछि राष्टसेवामा फर्कनु । - शंकर नेपाल, स्थानीय विकास अधिकारी

यात्रा सफलताका साथ पूरा होस् । - भुवराज घिमिरे, जि.वि.स., टेकराज पन्थी निलकण्ठ गा.वि.स. सचिव,

७२ जिल्ला अनुभव सुन्दा अत्यन्त हर्षित भएको छु । - गुरुप्रसाद बुर्लाकोटी (अध्यक्ष), नेकपा एमाले

प्रेस सचेतना जगाउने स्वागतयोग्य कदम । - गायत्री खतिवडा (अध्यक्ष), प्रेस चौतारी

यात्रा सफल रहोस् । - बुद्धिबहादुर थापा, बुढाथुम ५

संसारलाई बदल्नु छ, सुरु आफैंबाट गर्नु छ । - राममाया बुढाथोकी धादिंगवेशी

हार्दिक शुभकामना । - अर्जुन मगर (अध्यक्ष), कमल सिम्खडा, रामजी राना, हरिकुमार श्रेष्ठ लालीगुरास युवा समाज सुनौला बजार परिवार

विश्व पत्रकारले खुल्लारुपमा लेख्न नसकेका बेला ठूलो क्रान्ति । - दामोदर गैरे (अधिकृत), जिविकोपार्जन प्रबर्द्धन ऊर्जा शाखा

संघर्षविनाको सफलता के सफलता ? - शर्मिला थापा (सरु), निलकण्ठ क्याम्पस धादिंगवेशी

मधुर वाणीहरुको उत्साह मिलिरहोस् । - उपेन्द्र रेग्मी, धादिंगवेशी

दृढ संकल्प र तीव्र ईच्छा शक्ति भयो भने मान्छेको आफैंभित्रको शक्ति विष्फोट हुँदो रहेछ । - प्रकाश अधिकारी -इन्जिनियर), सिंचाई सब डिभिजन ३

बुद्धको जन्मस्थान र सगरमाथाको देश विश्वसामु चिनियोस् । - छत्रबहादुर सिलवाल (ढोला ५)

राष्ट्रिय गौरव बृद्धि गर्न सहयोग पुग्नेछ ।

- दुर्गानारायण श्रेष्ठ (अध्यक्ष), सुजन श्रेष्ठ (सचिव) जनज्योति सामुदायिक विकास संस्था मैदी, सीताराम अधिकारी (मा.शि.) समीभञ्ज्यांग उ.मा.वि.

दलितहरुको अवस्था पनि चित्रण होस् । - ध्रुव परियार (कोषाध्यक्ष), दलित समन्वय समिति, मैदी

राज्यले पनि केही नयाँ सिकोस् । - गोविन्दमान श्रेष्ठ (व्यवस्थापक), विद्युत् सहकारी संस्था मैदी

अदम्य आँट, सफलताको शुभकामना । - राजेन्द्र सिंखडा (प्र.अ.), ठूलोचौर मा.वि. मैदी ६

धेरैभन्दा धेरै सफलता होस् ।

- देवका, राजाराम, विज्ञान, केशव, अम्बिका, कृष्णकुमारी र विशाखा शर्मा, देवीप्रसाद र गौरादेवी अर्याल, (नलांग २, हात्तीसुडे महादेवस्थान)

शुभयात्राको बधाई । - सीताराम भुजेल (नलांग ५)

दुर्गम, सुगम ठाउँका नागरिकको विचार संकलनमा सफलता मिलोस् । - विष्णुमाया चेपांग (अ.न.मी.) शान्ति नेपाल संस्था धुषा

प्रेस स्वतन्त्रता आजको आवश्यकता । - अनिल वि.क. प्यासी, धुषा ५

प्रेस स्वतन्त्रतालाई विकासलाई सहयोग पुऱ्याउँछ । - सुनिलकुमार सिंह (अहेब) धुषा उपस्वास्थ्य चौकी

कोरा किताबी ज्ञानभन्दा प्रत्यक्ष हेरे देखेको सार्थक हुन्छ । - सुरेश वि.क. (दूधराज)

पत्रकार जगत्को नाम अमर राख्न सकियोस् । - सुरेन्द्र वि.क. धुषा ५, विधांग तथा सम्पूण धुषा गा.वि.स. परिवार

पत्रकारिताको क्षेत्रमा योगदान पुग्ने विश्वास ।

- सीतारामप्रसाद बर्मा (अध्यक्ष) नेपाल पत्रकार महासंघ

विश्व पत्रकारिताको विद्यमान मूल्य, मान्यता र व्यवसायिकताको नवीनतम सोच प्राप्त गरोस् ।

- वेदनिधि खनाल (स.प्र.जि.अ.), जिल्ला प्रशासन कार्यालय

धादिंग यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. ५,०००/-
निर्माण व्यवसायी संघ	रु. २,०००/-
नेपाली कांग्रेस	रु. १,०००/-
प्रकाश अधिकारी (सिंचाई कार्यालय)	रु. १,०००/-
उपेन्द्र रेग्मी (सिंचाई कार्यालय)	रु. १,०००/-
धादिंग यातायात व्यवसायी संघ	रु. १,०००/-
वदनकुमारी लम्साल	रु. ६००/-
वेदनिधि खनाल (प्रशासन)	रु. ५००/-
निलकण्ठ गा.वि.स.	रु. ५००/-
प्रेमनाथ बुर्लाकोटी(चैनपुर सालबाँस)	रु. २००/-

काठमाडौं उपत्यका प्रवेश पछिका केही दिन
(२०६७ साउन ८ देखि २१ सम्म)

यि दिनहरुमा २१ महिनापछि भेट हुनुभएका आफन्तजन, परिचित तथा नवपरिचित साथीभाई एवं शुभेच्छुक महानुभावहरुसँग प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण र सकिनै लागेको नेपाल भ्रमणबारे कुराकानी भए। जिल्लाका फोटो देखाउने र हेर्ने जानकारी लिने र दिने कार्य पनि विशेष महत्वका साथ सँगसँगै अघि बढे।

साउन ७: चितवन नारायणघाटबाट दिउँसो १ बजे बस चढेर हामी साँझ ६ बजे प्रदर्शनीमार्ग काठमाडौं हरी (मेखराज) भट्टराई (च्यांग्रे ५, देउराली भोजपुर) को कोठामा आएर बस्यौं। उहाँकी श्रीमती तारा, छोरी सुरक्षा, भाई खगेन्द्र भट्टराई, नारायणप्रसाद दाहाल र शान्ति कोईरालासँग कुराकानी गर्‍यौं। उहाँहरुले विश्वमा प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको अभियानले नेपाललाई विश्वसामु चिनाउन सफलता पाओस् भन्ने शुभकामना व्यक्त गर्नुभयो।

साउन ८: प्रदर्शनीमार्ग टुकुचा पुल, काठमाडौंमा दुग्ध व्यवसायी हरी (मेखराज) भट्टराई (च्यांग्रे ५ देऊराली, भोजपुर) सँग हाम्रो कुराकानी भयो। धेरै दुःखकष्ट झेल्दै र संघर्ष गर्दै विगत १८ वर्षदेखि काठमाडौंका होटल, घर र डेरीमा काम गर्दै अहिले उहाँ ३ जना सहयोगी (ज्ञानु तामांग, महेश, खगेन्द्र भट्टराई) का साथमा अर्डरअनुसार होटल, पसल तथा कार्यालयका क्याण्टिनमा डेरीको दूध पुर्‍याइ दिनुहुन्छ। लगनशील एवं परिश्रमी व्यवसायी भट्टराई आफू स्वदेशमै काम गर्ने र विदेश जान चाहने वा विदेशमा रहेका नेपाली दाजुभाईलाई पनि आफ्नै देशमा काम गर्न सल्लाह दिनुहुन्छ। देशभित्रै पनि मेहनत गर्ने हो भने विदेशमा भन्दा राम्रो आर्थिक आयआर्जन गर्न सकिने भनाईमा उहाँ आफू विश्वस्त देखिनुहुन्छ। जन्मेको ६ महिनामा नै आमा गुमाउनु भएका उहाँले औपचारिक शिक्षा हासिल गर्ने अवसर भने पाउनु भएन। औपचारिक पढाईको प्यास मेटाउन नपाएकाले उहाँलाई बेलाबखत दुःख लाग्दो रहेछ। उहाँका जेठा दाजु कुमार भट्टराई नेपाल मेडिकल कलेज जोरपाटी र माहिला दाजु मानबहादुर (योगेन्द्र) दुबईमा कार्यरत हुनुहुन्छ। जे होस्, जीवनमा आउने चुनौतीलाई पछार्दै उहाँ सफल जीवनका लागि अगाडि बढिरहनु भएको छ, उहाँको उज्जवल भविष्यको शुभकामना।

आफू नबदलिई अरु कोही बदलिंदैन भन्दै तिवारी भञ्ज्यांग ३ बोहोरागाउँ भोजपुर (हाल मोरंग) का ईच्छा बहादुर बोहोरा (सरोज) ले भन्नुभयो सानो देश नेपालको भौगोलिक स्थिति, भीरपाखा, पहरा र हरेक क्षेत्रको अवलोकन गरी अब त्यो अवलोकनलाई विश्वमानचित्रमा चिनाउनका लागि सुरु भएको यो विश्वभ्रमण अवश्य नै सफल हुनेछ, मेरो भित्री आत्मादेखि नै तपाईंहरुलाई प्रगतिको शिखरमा पुग्न शुभकामना।

शान्तिनगर नयाँवानेश्वरमा बस्ने भोजपुरेहरु दयाराम, जानुका र आकृति भट्टराई (तिवारी भञ्ज्याङ्ग ३, वरबोटे) र भीमादेवी भट्टराई र साहिल खड्का (बोया), विष्णु र नारायण भट्टराई एवं केशरबहादुर कार्की (च्यांग्रे ५) ले नेपालका विभिन्न जिल्लाका फोटाहरु हेर्दै जानकारी अनुभव लिनुभयो। हामी पनि नेपाल घुमेजस्तै भयो भन्दै उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो।

साउन १०: सिंहदरबार प्लाजामा होटल व्यावसाय सञ्चालन गरिरहनुभएका आम्तेक ६, पितौंला भोजपुरका राजेन्द्रप्रसाद बजगाईं, रमादेवी खड्का (बजगाईं) र दुग्धविकास संस्थानमा कार्यरत च्यांग्रे ५, देउराली भोजपुरका नेत्रबहादुर बोहोरासँग भेट भयो। व्यवसायी बजगाईंले हामीसँगको भेटमा अहिले महिला अधिकारका धेरै कुरा उठे पनि पुरुषका कुराहरु सुन्ने कुनै आयोग वा निकाय नभएकाले आफू समस्यामा परेको गुनासो गर्नुभयो। समस्या समाधानका लागि महिला पुरुष दुवैको समस्या उठान गर्न सक्ने पुरुष वा कुनै स्वतन्त्र आयोगको गठन हुनुपर्छ उहाँले भन्नुभयो। नेपाल भ्रमणका क्रममा भेटिएका व्यक्ति र जिल्लाबाट पाएका सन्देशमार्फत् आफू ज्यादै खुशी भएको बताउँदै उहाँहरुले यो विश्वभ्रमण समाज र व्यक्तिलाई नयाँ सन्देश दिन अबका दिनमा पनि सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो।

साउन १५: बुढानिलकण्ठ नारायणथान बस्ने मेनुका, निरुता र फोनमा दुबईबाट हेमचन्द्र, दाहाल (तिवारी भञ्ज्यांग ३ वरबोटे भोजपुर) ले आफूले सकेसम्म जहाँ जहिल्यै पनि साथ दिइने बताउँदै प्रेस स्वतन्त्रता र सकारात्मक सोचको यो विश्वभ्रमणले प्रगतिशिल समाज बनाउन सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो।

साउन १७: बालुवाटार बस्ने नेपाल मेडिकल कलेजमा कार्यरत कुमार भट्टराईको कोठामा प्रमिला भट्टराई (च्यांग्रे ५, देऊराली भोजपुर) र उहाँकी आमासँग कुराकानी भयो। ७५ जिल्लाका फोटा हेरेर अनुभव सुनिसकेपछि उहाँहरुले भन्नुभयो- सगरमाथा चढ्नेहरुको नाम त धेरै सुनियो तर नेपालका ७५ जिल्ला घुमेर आएका मान्छेको नामचाहिं हामीले अहिलेसम्म सुन्न पाएका थिएनौं, हामीले सुनेकोमा त तपाईंहरु नै पहिलो हो, आगामी दिनमा अझै प्रगति गर्दै जानुस्, विश्वभ्रमण सफल पार्नुस् हाम्रो परिवारको तर्फबाट शुभकामना।

यही भेट हुनुभएका अमेरिकामा पी.एच.डी. अध्ययनरत कृष्ण विष्ट (च्यांग्रे २, प्याक्ला) ले प्रेस स्वतन्त्रता र नेपालमा यसको सकारात्मक प्रभावका लागि थालिएको विश्वभ्रमण अभियान मलाई एकदमै सान्दर्भिक लाग्यो भन्दै यस भ्रमणले विश्वमा प्रेम, शान्ति र सद्भावका लागि सन्देश दिन सकोस् भनी शुभेच्छा प्रकट गर्नुभयो। यसैगरी सानोदुम्मा १, सुप्ला भोजपुरका शिक्षक काजीमान थापा र नारायण थापाले भोजपुरको कर्णालीमा जन्मिएर आफ्नो जन्मभूमि च्यांग्रेको गरिमालाई विश्वसामु पुऱ्याउन थालिएको यो ऐतिहासिक र सकारात्मक कदमप्रति खुलेर तारिफ गर्न चाहान्छौं भन्दै विघ्न बाधाका बाबजुद उद्देश्य पूरा होस्, शुभकामना भन्नुभयो। विद्यार्थी विनोद (कृष्ण) कार्की (च्यांग्रे ७, डडुवा भोजपुर) ले विश्वमै पत्रकारिता क्षेत्र अझ मजबुत बनोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो।

साउन १९: बत्तीसपुतली, गौशाला बस्ने शारदा, रोशन, रोजिना र दुबईबाट फोनमा दुर्गाप्रसाद (देवेन्द्र) काफ्ले (च्यांग्रे ६, औलिया भोजपुर) ले नेपाल भ्रमणको अनुभव र विदेश भ्रमणको योजना सुनिसकेपछि खुशी हुँदै देशको नाम राख्न विश्वभ्रमण सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो।

कमलादीमोडमा होटल सञ्चालिका च्यांग्रे ६, औलियाकी रमादेवी बोहोरा र उहाँको परिवारले नेपाल भ्रमण सकेकोमा बधाई छ भन्दै बाँकी यात्राका लागि शुभकामना व्यक्त गर्नुभयो।

साउन २०: सञ्चारग्राम सिनामंगल काठमाडौंमा प्रेस काउन्सिल नेपालका अध्यक्ष नारायणप्रसाद शर्माले नेपालमा सिर्जनात्मक अर्थात् सकारात्मक पत्रकारिताको आवश्यकता रहेको बताउँदै यो यात्राले समाजमा केही योगदान पुग्न सकोस् भनी शुभकामना व्यक्त गर्नुभयो। कर्मचारी मोती भुसालले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको यो अभियानले समाचार लेखेकै कारण पत्रकार मर्नु पर्ने अवस्थाको अन्त्य गर्न र दिनदिनै लिग छोड्दै गएको नेपाली लगायत विश्व प्रेसले पनि सकारात्मक कुरा सिकोस् भन्दै शुभकामना व्यक्त गर्नुभयो।

पत्रकार महासंघको केन्द्रीय कार्यालयमा अध्यक्ष धर्मेन्द्र झा, सचिव रामजी दाहाल, कर्मचारी भुवन कार्की लगायतसँग हाम्रो कुराकानी भयो। अध्यक्ष झाले ७५ जिल्लाको भ्रमण अब त सकिहाल्नु भएछ बधाई छ भन्दै नेपालका पत्रकारहरु असुरक्षित भइरहेको अवस्थामा विश्वभ्रमण गर्नु प्रशंसनीय कार्य हुनेछ यसका लागि मानसिकरुपमा तपाईहरु दऱ्हो हुनुस्, महासंघ सहयोग गर्न तयार छ भन्नुभयो। उहाँले नेपाल अमेरिका जर्नालिष्ट एशोसियन (नाजा) का संस्थापक सदस्य राम सी. खरेलसँग परिचय गराउनुभयो। यो अभियान राम्रो रहेछ, अमेरिकामा हामी तपाईहरुलाई सहयोग गर्न तयार छौं भन्दै संस्थापक सदस्य खरेलले निम्तो गर्नुभयो।

साउन २१: कीर्तिपुरमा विद्यार्थीहरु भोजपुरका रवीन पाण्डे (श्यामशिला ८, तिलाहार), बाबुराम भट्टराई (बैकुण्ठे), गोपाल गौतम (साँब्लाखु ६, ताप्लेजुंग), तीर्थ र टीकाराम पौड्याल अनि भक्त बहादुर बाँस्तोला (गुटु सुर्खेत) सँग कुराकानी भयो। उहाँहरुले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सुरु भएको यो साहसिक विश्वभ्रमण अभियानले समुन्नत शान्त विश्व बनाउन अनि भातृत्व एकता र बन्धुत्वको विकास गर्न सहयोग पुऱ्याओस् भनी शुभकामना व्यक्त गर्नुभयो।

७३ औं जिल्ला ललितपुर डायरी

२०६७ असार २२ गतेः मोफसलको अन्तिम ७२ औं जिल्ला धादिंगको भ्रमण सकेर प्राविधिक कारणवश चितवन र काठमाडौं उपत्यकाको १९ दिने बसाइपछि ७३ औं जिल्ला ललितपुर यात्रा प्रारम्भ भयो। बिहान ८ बजे हामी पुतलीसडक काठमाडौंबाट ललितपुरको पाटन ढोका आइपुग्यौं। नेवारी भाषाका अक्षरहरु गेटमा लेखिएका छन्। पाटन ऐतिहासिक एवं पुरातात्विक शहर हो।

संक्षिप्त परिचय

क्षेत्रफलः ३८५ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ४१ वटा, उपमहानगरपालिकाः १ निर्वाचन क्षेत्रः ३, सदरमुकामः लगनखेल, अञ्चलः वागमती, विकास क्षेत्रः मध्यमाञ्चल

भौगालिक अवस्थितिः पूर्व काभ्रेपलाञ्चोक, पश्चिम काठमाडौं, उत्तर भक्तपुर र दक्षिण मकवानपुर

पर्यटकीय स्थलः कृष्ण मन्दिर, अशोक स्तम्भ, पाटन दरवार स्क्वायर, बंगलामुखी, विशंखुनारायण, कालेश्वर महादेवस्थान, बज्रवाराही, मच्छिन्द्रनाथ, सदर चिडियाखाना(जावलाखेल), गोदावरी वनस्पति उद्यान, फूल्चोकी, सन्तानेश्वर महादेव आदि।

(साभारः वार्षिक समीक्षा प्रतिवेदन २०६५, ०६६ जि.वि.स.)

पिम्बहालको जलमण्डप पोखरी र चण्डेश्वरी मन्दिर परिसर घुमेर हामी जावलाखेल हुँदै लगनखेल गयौं। त्यहाँबाट गाडी चढेर बालकुमारी झ्ऱ्यौं। काठमाडौं विश्वविद्यालयको व्यवस्थापन विभाग पुग्यौं। त्यहाँ प्राध्यापक टंकनाथ शर्मा, नेपाल मेडिकल कलेजमा कार्यरत कुमार भट्टराई, अमेरिकामा पी.एच.डी. अध्ययनरत कृष्णकुमार विष्ट लगायतसँग भेट भयो। प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि उहाँहरुबाट विश्वभ्रमण अभियान सफलताको शुभकामना लिएर हामी के.यु. कार्यालयबाट फर्कियौं। सुन्धारा हुँदै पाटन दरबार क्षेत्र परिसर पुग्यौं।

सुन्धारामा भेट्टिनुभएका खोटांगका सुरेश राईले विश्वभ्रमणबारे जिज्ञासा प्रकट गर्दै भ्रमण सफलताको कामना गर्नुभयो। पाटन दरबार परिसरमा स्वदेशी विदेशी पर्यटकहरु खुब देखिए। झिंगटी छाना लगाइएको दरबारका भित्ताहरु ईंट्टाले बनेका छन्। काठमा कुँदिएका कलाकृति आकर्षक लाग्छन्। राजा सिद्धिनरसिंह मल्लको पालामा सुरु गरिएको पाटन दरबार क्षेत्रलाई विष्णु मल्लले पूर्णता दिएको दरबार संग्रहालयका इन्चार्ज सुरेशमान लाखे बताउनुहुन्छ। हामीलाई उहाँले संग्रहालय घुमाउनुभयो। संग्रहालयमा लिच्छविकालीन एवं मल्लकालीन अभिलेख, हिन्दू र वौद्ध धर्मका देवी देवताका मूर्ति तथा शताब्दी पुराना फोटाहरु राखिएका रहेछन्। विभिन्न कलात्मक चित्र मूर्तिबाट स्वदेशी विदेशी पर्यटकले हिन्दू वौद्ध धर्मका साथै शताब्दी अगाडि राजधानी काठमाडौं कस्तो रहेछ ? भन्ने कुराको जानकारी हासिल गर्न सक्दछन् यहाँबाट। ३ तला रहेको यो संग्रहालयमा सातौं देखि सत्रौ शताब्दीका शिलालेख र शिला मूर्तिका पाठ पीठहरु प्रदर्शन समेत गरिएको छ। यो संग्रहालय दक्षिण एशियाकै उत्कृष्ट संग्रहालयमध्येको एक नमूना संग्रहालय मानिन्छ।

पाटन दरबारको केशवनारायण चोक खण्डको जिर्णोद्वार नेपाल र अष्टिया सरकारको संयुक्त प्रयासमा वि.सं. २०४० सालमा सुरु भई २०५३ सालमा समापन भएको हो। पाटन दरबारको जिर्णोद्वार पश्चात् यस दरबारको प्रमुख आकर्षणको रुपमा सुवर्ण ढोका र त्यसमाथिको झ्याल रहेको छ। यसले मुलुकको परम्परागत धातु, कला, सीप र प्रविधिलाई ज्वलन्त दृश्यको माध्यमबाट विश्वसामु चिनाउन सकेको छ।

अझ ढुंगै ढुंगाले बनेका प्यागोडा शैलीको कृष्ण मन्दिरले हामीलाई बढी नै आकर्षित गऱ्यो। त्यति ठूल्ठूला ढुंगा कलात्मक ढंगले बुट्टा भरेर राख्नु असाध्यै महत्वपूर्ण कुरा हो। आधुनिक सिमेण्टजस्ता केमिकल पदार्थद्वारा बनाइएका मठ मन्दिरभन्दा प्राकृतिक ढुंगा प्रयोग गरेर निर्मित मन्दिर वातावरणीय हिसाबले समेत स्वस्थकर हुन्छन्। यहाँ हामीले मन्दिरको एक तलामाथि चढेर सुनको जलप लगाइएको कृष्ण मूर्ति हेऱ्यौं।

पाटन दरबार

पाटन दरबार परिसरबाट हामी पत्रकार महासंघ ललितपुर शाखा कार्यालय, पाटनढोका पुग्यौं। कार्यालयमा अध्यक्ष दामोदर तिमल्सिना, सचिव पूर्णसिंह बराईली, युगाण्डाबाट नेपाल आएर दलित संस्थामा कार्यरत दिलमान दिला बी.आर. सँग भेट भयो। अध्यक्ष तिमल्सिनाले भन्नुभयो, काठमाडौंका कारण ललितपुर शाखा छाँयामा परेको छ, सरकारले साना पत्रिकालाई कर लिने निर्णय गरेर समस्या सिर्जना गरेको छ, पत्रकारिता अन्य व्यावसायजस्तो नभई सेवामूलक व्यावसाय हो, त्यसकारण सरकारले आर्थिकरुपमा संकटपूर्ण ढंगले चलिरहेका पत्रिकामा अन्य व्यावसायजस्तो कर लिनु हुँदैन,

यो कुरा सरकारले बुझ्धेन भने हामी आन्दोलन गर्न बाध्य हुनेछौं ।

आज बेलुका हामीलाई अध्यक्ष तिमल्सिना र सचिव बराईलीको अनुरोध एवं सदस्य बटुककृष्ण कार्कीको सहयोगमा ललितपुरकै एक होटलमा खाने बस्ने प्रबन्ध भयो ।

२०६७ साउन २३: बिहान हामी कुमारीपाटीबाट भृकुटीमण्डप काठमाडौं जानु पर्‍यो । त्यहाँ दोलखाका पूर्वपरिचित विद्यार्थी गोकर्ण भण्डारी र नवपरिचित हरिराज घिमिरे, मोती मोक्तान र चन्द्रप्रसाद दाहालसँग विश्वभ्रमणबारे कुराकानी भयो । उहाँहरुले देशका ७२ जिल्लाबाट संकलन गरेका केही फोटाहरु हेरेपछि खुशी हुँदै भन्नुभयो, प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानलाई हार्दिक शुभकामना । उहाँहरुसँग बिहानी नास्ता गरेर हामी लगनखेल ललितपुर आयौं ।

लगनखेल आइपुगेपछि दिनहुँ दैनिकको कार्यालयमा हामी गयौं । त्यहाँ नेपाल पत्रकार महासंघ ललितपुरका कोषाध्यक्ष एवं यस दैनिकका प्रकाशक/सम्पादक अमृतनाथ तिमल्सिना, कार्यकारी सम्पादक सविन शर्मा लगायतसँग हाम्रो भेट भयो । सम्पादक तिमल्सिनाले भन्नुभयो- दिनहुँ दैनिक ललितपुरको पहिलो दैनिक र ललित सन्देश साप्ताहिक निरन्तर प्रकाशित पत्रिका हो, कुनै पनि पार्टीको पछि नलागी स्वतन्त्र कार्य गर्ने व्यक्ति वा संस्थालाई नेपालमा अप्ठ्यारो छ, सिर्जनशीलताको कद्दर हुँदैन यहाँ, काठमाडौंका ठूला प्रकाशन गृहबाट साना प्रकाशन गृह ओझेलमा त परेका छन् नै सरकारले पनि विभेदकारी नीति अख्तियार गरेकाले अझ मारमा परेका छन् साना प्रकाशन गृह ।

दिउँसो हामी जिल्ला प्रशासन कार्यालय गयौं । प्रजिअ कार्यालयमा नभएकाले सहायक प्रजिअ दुर्गाप्रसाद पोखरेललाई भेट्यौं । ठीक छ, राम्रो कार्यको थालनी गर्नुभएछ तपाईंहरुलाई शुभकामना उहाँले भन्नुभयो । सप्रजिअ पोखरेलको शुभेच्छासँगै हामी त्यहाँबाट बाहिरिएर जि.वि.स. कार्यालय पुग्यौं । जि.वि.स. कार्यालयमा योजना अधिकृत पशुपति पुरी, उपस्थित अन्य कर्मचारी एवं सेवाग्राहीसँग विश्वभ्रमण अभियानबारे कुराकानी भयो । सबैको शुभेच्छा लिएर हामी त्यहाँबाट हिंड्यौं ।

साँझ सपना इम्ब्रोइडरी इटिटोल, लगनखेलका प्रोपाइटर शंकर सेनकोमा हामी आयौं । यस यात्राले मानिस मानिस बीचको सुसम्बन्धलाई अझ बलियो बनाउँदै लैजाओस् र विश्वमा शान्तिको सन्देश छाडोस् भनी प्रोपाइटर सेनले शुभकामना व्यक्त गर्नुभयो । उहाँ बसेदेखि माथिल्लो तलामा बस्ने एकजना बूढा बाले छोरालाई भन्दै हुनुहुन्थ्यो- ३० वर्ष अगाडि कुनै पनि धर्मिक, आध्यात्मिक कार्यक्रममा सरिक भयो भने पढाई छुट्छ । पढाई नसकी कतै नलागनु बेस... ।

२०६७ श्रावण २४: आज बिहानभर झरि परि नै रह्यो । मध्यान्ह १२ बजे टाफिक प्रहरी प्रभाग जावलाखेल पुग्यौं । प्रहरी निरीक्षक दीपक गिरीको शुभेच्छा लिएर हामी जि.वि.स. कार्यालयमै फेरि पुग्यौं । स्थानीय विकास अधिकारी विष्णुप्रसाद ढकालले विश्वभ्रमण राम्रो काम हो भन्दै सर्वदलीय संयन्त्रमा आर्थिक सहयोगका लागि प्रस्ताव लगिने बताउनुभयो ।

हामी लगनखेल क्षेत्रमा नै डूलघुम गर्‍यौं । साँझ कसुन्ती १३ का राजेन्द्रप्रसाद भट्टराईको घरमा पुग्यौं । यहाँ विद्याभुषण खड्का, शान्ता भट्टराई, दोर्जे लामासँग कुराकानी भयो । मान्छेको बुझाईका आ-आफ्नै कोण हुन्छन्, तर्क गर्ने शैली पनि फरक-फरक हुन्छन् भन्ने विषयले यो छलफलमा महत्वपूर्ण स्थान ओगट्यो ।

एकजना प्रकृतिप्रेमी मान्छेले भन्यो रे- जनावरको दूध दोहेर मान्छेले पिउनु अप्राकृतिक कुरा हो, किनभने दूध त जुनसुकै स्तनधारी प्राणीको नव शिशुको लागि बनेको हो, उसले अन्य खाना खान नसकुन्जेलसम्मका लागि प्रकृतिले दूधको व्यवस्था गरेको हो, अन्य खाना खान सक्नेहरुका लागि दूध होइन । हाम्रो विचारमा जनावरको बच्चालाई बढी भएको दूध मान्छेले खान मिल्छ । तर त्यो नवजात बच्चाको भाग चोर्नचाहिं मिल्दैन ।

त्यस्तै अर्को प्रसंग थियो, सुर्ती नखाने मान्छेले भनेछ, सुर्ती गधाले त खाँदैन भने मान्छेले किन खाएका होलान् ? सुर्ती खाने वालाले यस प्रश्नको जवाफ यसरी दिएछ- यार सुर्ती नखाने मान्छे पो गधाजस्तै हो त, हा...हा...हा... । खाने नखाने मान्छेका आ-आफ्नै तर्क । हामीले भन्नुपर्दा, सुर्ती स्वास्थ्यका लागि हानिकारक भएकाले सेवन गर्न हुँदैन । सुर्ती सेवन गरियो भने अकाल मृत्यूको तयारी हुन्छ, अमूल्य जीवनको अपमान हुन्छ ।

विभिन्न विषयमा कुराकानी हुँदै जाँदा बालबालिकालाई सिकाउने/पढाउने सवालमा शिक्षिका शान्ति भट्टराईले भन्नुभयो- बच्चाको मानसिकता बुझेर शिक्षण/प्रशिक्षण गर्नुपर्छ, जसरी पनि पुस्तक पढ्नु पर्ने बाध्यता उनीहरुलाई सिर्जना गर्नु हुँदैन, बरु

हँसाएर, नचाएर, खेलाएर बच्चाको मुडअनुसार सिकाउने पद्धतिको विकास गर्नुपर्छ। उहाँको कुरामा हाम्रो पनि चित्त बुझ्यो। खानपिन पश्चात् सोनी टी.भी.मा इण्डियन आइडल कार्यक्रम हेरेर हामी १०:३० बजे सुत्यौं।

बज्रबाराही मन्दिर

२०६७ श्रावण २५: बिहान कुसुन्तीमै खाना खाएर हामी चापागाउँ प्रस्थान गर्‍यौं। चापागाउँ बसपार्क नपुग्दै हामी बसबाट ओर्लिएर बज्रबाराही मन्दिर गयौं। हरियाली वनजंगलको बीचमा यो मन्दिर रहेछ। मन्दिरको गजुर देखिएन। मन्दिरमा बस्ने जीत बाबाले त्यस मन्दिरका बारेमा हामीलाई जानकारी यसरी दिनुभयो: हालको बज्रवाराही मन्दिर भएको ठाउँमा आहाल थियो। एकदिन एउटा राँगो अकस्मात् आएर आहाल बस्यो। त्यही राँगाले देवीको रुप लिएपछि आहाल पुरेर मन्दिर बनाइयो। श्री निवास मल्लको पालामा यो मन्दिर एक रातमै बनाइएको हो। मन्दिर बनाएर सक्न नपाउँदै बिहानीको भाले बासेकाले गजुर हाल्न भ्याइएनछ।

मन्दिरको किम्वदन्ती सुनेर हामीले पुन: एकपटक मन्दिर परिसर नियाल्यौं। मयूर र गणेशका मूर्ति कलात्मक, सुन्दर अन्यत्र भन्दा बेग्लै पाराका रहेछन्। राजभण्डारी, रिमाल, मुडुला कार्की लगायतका केही जातजातिले कुलदेवताको रुपमा पनि यहाँ पूजा गर्दा रहेछन्। यहाँ पिक्निक्का लागि पनि स्थल रहेछ।

मन्दिर परिसरको दृश्यावलोकन पछि हामी मन्दिरबाट चापागाउँ बसपार्क पुग्यौं। बसपार्क र जनभावना क्याम्पस सँगै चापागाउँ गा.वि.स. कार्यालय रहेछ। त्यहाँ हामीले सचिव जानकी काफ्ले, का.प्रा.स. सिद्धि महर्जन, अन्य कर्मचारी र सेवाग्राहीसँग भेट गरी प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे अवगत गरायौं। पहिले चाँपको जंगल भएकाले यस ठाउँको नाम चापागाउँ रहेको एक कर्मचारीले बताए।

हामी चापागाउँ गा.वि.स. कार्यालयबाट बाहिरियौं। सडकै सडक हिंड्दै ठेचो गा.वि.स. तिर लम्कियौं। स-साना पोखरी र पुराना मठ मन्दिर अवलोकन गर्दै हामी ठेचो गा.वि.स. कार्यालय आयौं। गा.वि.स. कार्यालय बन्द थियो। त्यहाँबाट हामी वैकुण्ठ धाम र चारधाम मन्दिर हेर्दै इकुडोलबाट सुनाकोठी आयौं। एक स्थानीयवासीले यतातिर बिहान मात्र गा.वि.स. कार्यालय खुल्ने गरेकाले आफूहरु अप्ठ्यारोमा पर्ने गरेको दु:खेसो पोखे।

भृंगेश्वर महादेव मन्दिर परिसरमा अनौठो किसिमको ढुंगाको त्रिशुल छ। उहिले उहिले पूजारीले कुसको औंठी लगाएर पूजा गरी फर्कदा सुनको हुन्थ्यो रे, भजन मण्डली अध्यक्ष रामचन्द्र महर्जनले सुनाउनुभयो। यस्तो आश्चर्यलाग्दो कुरा सुनेर त्यहाँबाट हामी अगाडि बढ्यौं। सातदोबाटो आएर गोदावरीको माइक्रो चढ्यौं। किटनी बसस्टपमा विश्वभ्रमणको ब्याग बोकेका हामीलाई देखेर जिज्ञासा उत्पन्न भएपछि गन्तव्यस्थल नपुग्दै बसबाट झरेको बताउनु हुने बुटवलका हीराप्रसाद सेतीले ठूलो हृदय बनाएर थालिएको विश्वभ्रमण सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो।

किटनी बसस्टपबाट हिंड्दै हामी गोदावरी ८, ललितपुरमा बस्ने स्याङ्जाका लेखक ऋषिराम पाण्डेय 'शीलम्' र रामेछापका साधक प्रकाश श्रेष्ठ 'मुक्तम्' जीको कोठामा आएर बस्यौं। नेपाल भ्रमणको अनुभवबाट आफू प्रभावित भएको बताउँदै लेखक शीलम्ले वर्तमान सन्दर्भमा प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिता सबैका लागि आवश्यक रहेको र यसको अभिबृद्धिमा सबै लाग्नुपर्ने भन्दै विश्वभ्रमण सफलताको कामना गर्नुभयो। साधक मुक्तम्ले भन्नुभयो, जसरी डाईभरविना गाडीको कुनै अर्थ हुँदैन त्यस्तै लक्ष्यविना मानव जीवनको कुनै अस्तित्व रहँदैन, अत: महान् लक्ष्य बोकेर सिंगो संसारलाई पैतालाले नाप्दै र सारा मानवजातिहरुलाई सकारात्मक सन्देश दिने तीव्र अभिलाषा बोकेको यो विश्वभ्रमण अभियानको अदम्य साहसलाई म सलाम गर्दछु, यात्रा सफल र सुखद रहोस्, शुभकामना।

२०६७ श्रावण २६: आज बिहान हामी गोदावरीको शान्ति वन क्षेत्र घुम्दै नवधारा पुग्यौं। कलकल उम्रिएको स्वच्छ पानी यहाँ रहेछ, तर ९ धारा मध्ये धेरैमा पानी झरेको थिएन। फूल्चोकी माईको मन्दिर परिसरमा भोजपुरे दशरथ खत्रीले २ हात जोडेर नमस्कार गरिरहनुभएको मूर्ति छ। उहाँले सपनामै देखेरै सो मन्दिर बनाउनु भएको हो भन्ने शिलालेख पनि छ त्यहाँ।

नवधाराबाट फर्किएर हामी गोदावरी कुण्डमा पुग्यौं। कुण्डको धाराभन्दा माथि मन्दिर छ। स्मरणीय छ, यो गोदावरी कुण्डमा १२/१२ वर्षमा मेला लाग्छ। गोदावरी कुण्ड नजिक रहेको लामकुण्डको डीलमा लहरै ५ वटा पुरातात्विक मन्दिर छन्। एकाएक कुण्डको धारामा साबुन लगाएर नुहाउन मनाही छ लेखिएको बोर्डमा हाम्रा आँखा पुगे। र सँगसँगै आँखा पुगे साबुन लगाएरै नुहाई

गोदावरी कुण्ड

रहेका ३/४ व्यक्तिमा। हरे, हामी मान्छे जानी जानी बुझ पचाउने कति बुद्धिमान वेवकुफ। जहाँ जे गर्न हुँदैन भनिएको छ त्यहाँ त्यही नगरी हुँदैन हामीलाई।

त्यसपछि हामी राष्ट्रिय वनस्पति उद्यानतिर लाग्यौं। यो उद्यान गोदावरी र विशंखु गा.वि.स.को संगममा पर्दोरहेछ। गोदावरी पार्क भित्र विभिन्न किसिमका वनस्पति, फूल, उद्यान, प्रेमीप्रेमिका र घुम्न आएका प्रकृतिप्रेमीहरु थिए। सबैजना आ-आफ्नै धूनमा रमाइरहेका देखिए। वि.सं. २०१९ सालमा स्थापित सो उद्यान १५ किलोमिटर क्षेत्रमा फैलिएको छ। यो उद्यान भ्रमण गरिसकेपछि गोदावरीबाट हिंड्दै हामी टौखेल आयौं। त्यहाँ भेट हुनुभएका नव गायक दिवा राई (विगेष्ट) ले यो यात्रा नेपालकै इतिहास रच्ने यात्रा भएकाले अवश्य सफल हुनेछ र म यस यात्राबाट असाध्यै प्रभावित भएको छु भन्दै अभियान सफलताको कामना गर्नुभयो।

२०६७ श्रावण २७: आज बिहान १० बजेपछि हामी इमाडोल गा.वि.स. पुग्यौं। नेवारी भाषामा इमा भनेको चिल हुँदोरहेछ। यस गा.वि.स. कार्यालयमा हामीले सेवाग्राही र कर्मचारीहरुसँग कुराकानी गर्‍यौं। केही मान्छेहरु नेपालका ७२ जिल्ला सकेर ७३ औं जिल्ला भ्रमणका लागि आइपुग्यौं भन्दा छक्क परे, कसै कसैले त पत्याएनन् पनि। तर, फाइल र जिल्ला जिल्लाका फोटाहरु हेरेपछि उनीहरु खुशी हुँदै विश्वभ्रमण अभियानलाई बधाई, शुभकामना र धन्यवाद पनि दिए। राजु शर्मा, अम्बिका कँडेल, सुदर्शन आचार्य लगायतका कर्मचारीहरुसँग हाम्रो निकै रमाईला र ज्ञानबर्द्धक कुराकानी भए, चिया नास्ताका साथमा। कर्मनाशा (कोड्कू खोला) दक्षिणबाट उत्तर बग्ने नदी पनि यही गा.वि.स. भएर बग्ने उनीहरुले जानकारी दिए।

इमाडोलबाट हामी टीकाथली गा.वि.स. गयौं। टीकाथलीले भक्तपुर र काठमाडौं जिल्ला छुन्छ। गा.वि.स. सचिव मेदनप्रसाद काफ्ले, टीकाथली ३ का आर.के. थापामगर र यस कार्यालयमा भेला भएका कर्मचारी तथा सेवाग्राहीले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको अभियान सफलताको कामना गरे।

टीकाथली बाट हामी सिद्धिपुर गा.वि.स. तर्फ लाग्यौं। यतातिरको भित्री नेवारी बस्ती निकै रमाईलो रहेछ। ठाउँ ठाउँमा परालका गुन्द्री सुकुल बुन्दै गरेको दृश्यले हामीलाई पनि आफ्नो गाउँघर पुगेको याद दिलायो। सिद्धिपुर गा.वि.स. कार्यालयमा सचिव अम्बिका प्रसाद देवकोटा, स्थानीयवासी रत्नकुमार निमफुंग लगायत अन्य कर्मचारी र सेवाग्राहीसँग सम्बन्धित विश्वभ्रमण अभियानबारे कुराकानी भयो। सिद्धिपुरलाई सानागाउँका नामले पनि चिनिन्छ, यो ठाउँ सल्लाघारी फाँडेर बस्ती बसाइएको हो भन्ने जानकारी उनीहरुले दिए।

त्यहाँबाट हामी कृष्ण प्रणामी मन्दिर इमाडोल आयौं। यस मन्दिरमा भेट हुनुभएका महेन्द्रनगर कञ्चनपुरका विद्यार्थी महेशप्रसाद जोशी र कैलालीका नारायण अवस्थी सँगै हामी पनि आरती र भजन कीर्तनमा सहभागी भयौं। मन हलुका भयो। हाम्रा लागि कृष्ण प्रणामी मन्दिरको निःशुल्क खानपिन र बसोबासले नेपालका विभिन्न जिल्लामा पनि राहत दिलाएको थियो। यो परिवारप्रति हाम्रो हार्दिक धन्यवाद।

२०६७ श्रावण २८: ललितपुर जिल्ला लगनखेल, जावलाखेल, गोदावरी यिनै भूभाग जस्तै सबैतिर विकास भएको होला भन्ने हामीलाई लागेको थियो। तर, हामीलाई लागेजस्तो मात्रै कहाँ हुँदो रहेछ र ? पत्रकार अमृतनाथ तिमल्सिनासँग जानकारी लिएर ललितपुरको दक्षिणी भूभाग गोटीखेल एरिया आइपुगेपछि त यो ठाउँ अर्कै पो लाग्यो। हामी लगनखेलबाट चापागाउँ अनि चापागाउँबाट चन्दनपुरको गाडी चढेका थियौं। चापागाउँबाट कच्ची बाटो, वर्षे झरी, त्यसमाथि हुटको यात्रा। बस चापागाउँबाट लेले, नल्लु, भारदेउ, चौघरे, सिंगाने भञ्ज्यांग, गोटीखेल, मानीखेल हुँदै पुनः गोटीखेल फर्किएर चन्दनपुर आइपुग्यो। बसमा चढ्नासाथ पर्न थालेको पानी रोकिँदै रोकिएन। बसभित्र बस्ने सीट नभएकाले छतमा पनि भीडभाड थियो। बीच बाटोमा यात्रु थपिने क्रम पनि जारी नै रह्यो। छतमाथि बस्नेले त्रिपाल ओढ्यौं। ठाउँ ठाउँमा प्वाल भएको त्रिपालबाट पानी चुहिने रह्यो। बेला बखत हावाले पाल मलाई दे भन्दै तान्थ्यो। तर हामी यात्रु धेरै भएकाले उसलाई दिएनौं, स्वार्थी भयौ। शरीरमा लगाएका कपडा आधा सरो नभिजेका पनि होइनन्। वाह ! नेपालका ७२ जिल्लामा गर्न नपाएको अनुभव ललितपुर भ्रमणमा गर्न पाइयो, क्या गजब।

चन्दनपुरमा स-साना पसलहरु रहेछन्। गाउँघरको बजार भएकाले मान्छे यहाँ उल्लेख्यरुपमै आइपुग्दा रहेछन्। गाडी आइपुग्ने अन्तिम गन्तव्य भएकाले पनि हुनुपर्छ सबैको केन्द्र बनेको हो, यो ठाउँ। हामी रामशरण बजगाईंको होटलमा बस्यौं। यहाँ भेला भएका स्थानीयवासीसँग हाम्रो कुराकानी भयो। उनीहरुले आफू ललितपुरको कर्णालीमा बसेका छौं भने, तर हामीलाई त्यस्तोचाहिं

लागेन। लाग्यो के त भन्दा भर्खर-भर्खर यातायात आइपुगेको यो ललितपुरको दक्षिणी भेग ललितपुर जिल्लामै पर्छ र ? सोच्यौं, जुनसुकै सुगम जिल्लामा पनि दुर्गम ठाउँ हुने र दुर्गम ठाउँमा सुगम सम्भावना पनि देखिंदा रहेछन्।

२०६७ श्रावण २९: बिहान हामीले चन्दनपुरमा खुवा बनाएको दृश्य अवलोकन गऱ्यौं। गाउँलेहरु दूध लिएर त्यहाँ आए। केहीले खुवा बनाउने ठाउँमा दूध छोडे भने केहीले डेरीका लागि दिए। त्यहाँबाट हामी कालेश्वर ९ का स्थानीयवासी भूमिनन्द तिमल्सिना र मीठाराम दाहालसँग उहाँहरुको गाउँतिर निस्कियौं। भर्खर डोजर लाएर खनिएको बाटोमा कुराकानी गर्दै गयौं। उहाँहरुले बारीमा लगाएको जडीबुटी खेती हेऱ्यौं। खेती उर्वरै देखियो। तिमल्सिना लालीगुराँस बहुउद्देश्यीय कृषि तथा भेटनरी समूहका अध्यक्ष र दाहाल उपाध्यक्ष हुनुहुँदो रहेछ। युवाहरु विदेशिनुको सट्टा आफ्नै देशमा व्यावसायिक कृषि पेशा अपनाउन उपर्युक्त हुने उहाँहरुको सल्लाह छ। यसका लागि सरकारले कृषि क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने माग राख्नुहुन्छ उहाँहरु। अध्यक्ष तिमल्सिनाको घरमा काँक्रा, मकै र चिया खाँदै केहीबेर गफगाफ चल्यो। तिमल्सिनाका बुवाले भन्नुभयो, हाम्रा कुप्रा हजुरबा हिंड्दै डुल्दै जाँदा वैद्यनाथको भाडीमा मृत्यू भएछ, त्यतिबेलाको समय कति इमानको थियो भने, उहाँसँग भएको सुन जडित शालिग्राम चिठीसहित हुलाकमार्फत् घरमै आइपुग्यो, त्यस्तो इमानको समय गयो बाबु। उहाँले हामीलाई त्यो शालिग्राम पनि देखाउनुभयो।

हामी ससिपा भञ्ज्यांड निस्कियौं। यहाँबाट टुंगुन गढी (अंग्रेजसँग लडाइ भएको स्थान) नजिकै पर्ने कुरा अध्यक्ष भूमिनन्दले हामीलाई बताउनभयो। कुहिरो लागेकाले भञ्ज्यांगबाट टाढाको दृश्य भने हामीले देख्न सकेनौं। त्यही भञ्ज्यांगमा भेट हुनुभएका ठूलादुर्लुङ्ग निवासी रामबाबु बस्नेतले भन्नुभयो- कफी खेतीका कारण ४-५ महिना खान पुग्ने हाम्रा गाउँवासीको जीवनमा आर्थिक कायापलट ल्यायो। उहाँको भनाईलाई आधार मानेर के भन्न सकिन्छ भने नेपालका ७५ जिल्लाको माटो हावापानी अनुसार जडीबुटी, फलफूल, अन्न बाली, पशुपालन अन्य कृषि व्यवसाय गर्न/गराउन राज्यले ध्यान दिनुपर्छ। सामाजिक प्रतिष्ठा र ईज्जतका नाममा सानो ठूलो भनेर काममा गरिएको विभेद अन्त्य गरिनु पर्दछ। अरु पेशाकर्मीभन्दा महान् कृषकको सम्मान हुनुपर्छ किनकी जतिसुकै ठूला काम गर्ने मानिसलाई पनि खान चाहिन्छ। चाहे उसले दाल, चामल खाओस् अथवा फलफूल सागपात नै ल्याओस् आखिर त्यो किसानबाटै पाउने हो, किसानले नै उब्जाउने हो।

ससिपा भञ्ज्यांगबाट हामी उपाध्यक्ष मीठाराम दाहालको घर भऱ्यौं। यहाँ जयराम दाहाल, मनोज दाहाल एवं घरपरिवारसँग कुराकानी भयो। खाना पनि यहीं खाइयो। कालेश्वर ७, सिंगटा पाखा मनोज भाईले हामीलाई ल्याउनुभयो। यहाँ पत्रकार अमृतनाथ तिमल्सिनाकी आमा रुकुमैना र बुवा प्रेमप्रसाद सँग परिचय भयो। बुवा प्रेमप्रसादले यहीं बस्नुपर्छ भनेर जोड गर्नुभयो। उहाँ जनै बाँट्दै गर्दा हाम्रो कुराकानी चलिरह्यो। हिन्दूधर्मअनुसार व्रतबन्ध गरेपछि ६ डोराको धागो बाटेर शिखा पारिएको जनै लगाउनुपर्छ। जनै पूर्णिमा आउँदैछ। त्यस दिन मन्त्रोच्चारण गरेर पुजिएको जनै वर्षभर लगाउने चलन रहेको छ।

यो घर र खोलाको नजिकै हरियाली वनपाखा प्रशस्त छ। हाम्रो कुराकानी हाँसो ठट्टा खुबै गुन्जियो यहाँ। बेलुकी आमा रुकुमैनाले पकाएर दिनुभएको मीठो खिर खाइयो। पारिवारिक वातावरणमा आत्मितापूर्वक कुराकानी भए। बहिनी रचना तिमल्सिना र सृजना दाहाल पनि यही हुनुहुन्छ।

२०६७ श्रावण ३०: बिहान उठेर हामीले चिया पियौं। बुवा प्रेमप्रसाद र आमा रुकुमैना तिमल्सिनाले हामीलाई टीका लगाएर विश्वभ्रमण अभियान सफलताको कामना गर्दै आर्शिवाद दिनुभयो। यही क्रममा बुवाले भन्नुभयो, आजबाट मेरा २ भाई छोरा थपिएर ४ भाई भए। हामी उहाँहरुको असीम स्नेहप्रति कृतज्ञ हुँदै त्यहाँबाट चन्दनपुरतर्फ भऱ्यौं। सिर्जना बहिनीले आफ्नो घर लानुभयो। त्यहाँ पनि उहाँका बुवा इन्द्रमणि, आमा, भाउजु लगायत दाहाल परिवारसँग कुराकानी भयो। हामी जहाँ जहाँ पुग्यौं, त्यहाँका मान्छेले कहाँ कहाँ, कस्तो कस्तो ? देख्नुभयो भनेर सोधेपछि नेपालभरका केही फोटा नदेखाउने त कुरै भएन। उहाँहरु पनि यिनै फोटा हेरेर निकै हर्षित हुनुभयो। यहाँ हामीलाई हरिया मकै ख्वाएर रातो टीकाका साथमा आर्शिवाद मिल्यो।

चन्दनपुर आइपुग्दा एभरेष्ट अर्गानिक चिया विकास प्रा.लि. को नर्सरीमा चन्दनपुरका टुक्रप्रसाद घिमिरे (दारी बा) भेट्टिनुभयो। दारी बाले हामीलाई कालेश्वर मन्दिरतर्फ उकाल्नुभयो। लाम्रांगको उकालो बेजोडको थियो। खोर भञ्ज्यांग हुँदै हामी ३ घण्टा लगाएर कालेश्वर निस्की छाड्यौं। वर्षाको बेला वर्षातै भइरहेको थियो।



कुहिरो लागेकाले धेरै टाढाको दृश्यांकन गर्न त सकेनौं। तर, कालेश्वरको यो अग्लो डाँडामा अवस्थित महादेव मन्दिर, पानी जम्मा गर्ने घैंटा, वनजंगलको एकान्त हरियाली आदिले हाम्रो मनलाई लोभ्याएकै हो। दृश्यावलोकन पछि हामीले केहीबेर आराम गर्दै तलैबाट लगेको पानी र चाउचाउले भोक मेटायौं।

कालेश्वरबाट हामी गोटीखेलतर्फ ओरालो झर्‍यौं। खुब रमाईला कुराकानी गर्ने दारी बा समाजमा अलिक बेग्लै किसिमले सोच्ने र सहयोगी भावना भएको व्यक्ति हुनुहुँदो रहेछ। ओरालो झर्ने क्रममा अचम्मको ढुंगो देखियो। तल छ सानो ढुंगा, त्यो ढुंगा माथिको आधा भागमा अडिएर बसेको अग्लो ठूलो ढुंगा। यो ढुंगा भिरालो जमीनमा अचम्मसँग बसेको छ। स्थानीयवासीहरु उहिले कालले चन्दन घोटेर माथि कालेश्वरमा चढाएको ढुंगा हो भन्दा रहेछन्, यसलाई। त्यसैले भनिएको रहेछ, चन्ढुंगा। यो ढुंगालाई तामांग जातिले वनदेवीको रुपमा पूज्ने चलन पनि रहेछ।

त्यहाँबाट नदी किनारमा अवस्थित गुचुमुच्च परेको गोटीखेल बजार र यस आसपासको दृश्य साच्चै रमाईलो देखियो। गोटीखेल २, वैतरणीधाम झर्‍यौं, हामी। वैतरणीधाम सुधार समिति अध्यक्ष केशवप्रसाद घिमिरेले हामीलाई त्रिवेणीधाम घुमाउनुभयो। त्यहाँ विभिन्न देव देवीका मन्दिर र मूर्तिहरु छन्। हिन्दू धर्ममा आस्था राख्नेहरु यसलाई वैतरणी नदीको रुपमा स्वीकार गर्दछन्। यहाँ नुहाएर कालेश्वरको दर्शन गर्ने हो भने मरण पश्चात् सहजै वैतरणी नदी तर्न सकिन्छ भन्ने मान्यता रहि आएको छ। यो पवित्र तीर्थको पहिचान दिलाउने जमर्कोमा यस समितिले वैतरणीधाम आसपासका स्थानहरु समेत समेटेर पुस्तिका प्रकाशित गरेको रहेछ। नेपाल पर्यटन बोर्डले नेपालका धार्मिक, सांस्कृतिक स्थल, साहसिक खेल र पर्यटकीय क्षेत्र अझसम्म उचित ढंगले पहिचान गर्न नसकेको जनको गुनासो छ। अध्यक्ष केशव घिमिरेकोमा यस क्षेत्रमै पहिलोपटक बालिएको बिजुली बत्ती र मिल पनि रहेको स्थानीयवासी बताउँछन्। यो बत्तीको उज्यालोमा हामी पनि आज अध्यक्षको घरमै बसेका छौं।

२०६७ श्रावण ३१: बिहान गोटीखेल बजार महांकाल उ.मा.वि. छेउबाट बस चढ्यौं। बसमार्फत् हामी गोटीखेल ८ मा अवस्थित ठोस्ने (ठोट्ने) खोला आयौं। यहाँ नेपालका १४ अञ्चलको पदयात्रा गर्नुभएका पूर्व प्रधानपञ्च धालप्रसाद तिमल्सिनासँग भेट भयो। हामीले उहाँकै घरमा बिहानी खाना खायौं। यात्राका क्रममा उहाँले सोलुखुम्बुको एक जंगलमा रुखको फेदमा बसेर वोटविरुवाको मुना चपाएको अनुभव पनि हामीलाई सुनाउनुभयो। उहाँले आफ्नो घुँडालाई कापी र काँडालाई कलम बनाएर अक्षर लेख्न सिक्नुभएको भन्ने कुरा सुनाउँदा हामीलाई कथा झैं लाग्यो।

दिनभर हामीले जीवनका अनुभव बाड्दै अनि लेखन अध्ययनमा समय बितायौं। आमा रेवतीकुमारी घिमिरे (तिमल्सिना) ले खानपिनको प्रबन्ध मिलाउनुभयो। बेलुकी हाम्रो आजको बास पनि यही भयो।

२०६७ भाद्र १: हामीले बिहानको चिया नास्ता ठोट्ने खोलामा नै गरेका थियौं। गाडीमार्फत् चापागाउँ हुँदै लगनखेल आयौं। जावलाखेलको सदर चिडियाखाना भित्र डूलघुम गर्‍यौं। विभिन्न किसिमका जीवजन्तु, चराचुरुंगी र चिडियाखाना घुम्न आएका पर्यटकहरुको गतिविधि नियाल्यौं।

पाटन सेकुवा घर लगनखेलका सञ्चालक कुमार थापा र कालिका मास्के (मोहोरियाकोट १७, लमजुंग) ले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताका लागि यो विश्वभ्रमणमा सफलताका पाइलाहरु सधैं अघि बढुन्, यो लक्ष्य कहिल्यै नडगमगाओस् भनी शुभकामना व्यक्त गर्नुभयो।

२०६७ भाद्र २: बिहान १० बजे हामी नमूना गा.वि.स. कार्यालय लुभु परिसर पुग्यौं। गोब्राटेश्वर महादेव मन्दिर एवं महालक्ष्मी क्याम्पस परिसरमा डूलघुम गर्‍यौं। गा.वि.स. को कार्यालयमा सचिव भुवानीप्रसाद घिमिरेसँग केहीबेर कुराकानी भयो। नेवारी भाषामा लु को अर्थ सुन र भु को अर्थ थाल हुन्छ। लुभुबाट हिंड्दै लगनखेल आयौं। बीच बाटामा भेट हुनुभएका टोरण्टो क्यानडाका लियाम लसनले यो यात्राबाट धेरै अनुभव बटुल्न सकिने भएकाले आफूलाई पनि खुशी लागेको बताउनुभयो। लगनखेलबाट हामी हरिसिद्धि पुग्यौं। त्यहाँ सिकर्मी रविन्द्र महर्जनको घरमा बास भयो।

२०६७ भाद्र ३: बिहान हरिसिद्धिबाट हामी बाँडेगाउँमा अवस्थित इ.सी.आर. एफ.एम. १०४.२ मे. कार्यालय पुग्यौं। त्यहाँ रेडियोकर्मी कृष्णहरी महर्जनसँग सामान्य कुराकानी भयो। दिउँसो जि.वि.स. कार्यालय परिसर आयौं। त्यहाँ नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति ललितपुरका अध्यक्ष एवं हरिसिद्धि गा.वि.स. सचिव शालिकराम मिश्र, गोदावरी सचिव कुमार बस्नेत, ठैव सचिव उमादेवी भुसाल लगायतसँग प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे कुराकानी भयो। उहाँहरुले अभियान सफलताको कामना गर्नुभयो।

हामी पुल्चोक इन्जिनियरिंग क्याम्पस पुग्यौं। महिला छात्रावासकी कर्मचारी सीता सुवेदी (साङ्पाङ्ग ६, आहाले भोजपुर) ले यस क्याम्पसको बारेमा जानकारी दिंदै र दिवा नास्ताको व्यवस्था गर्दै भन्नुभयो- यात्रा सफल होस्, सोचेका सम्पूर्ण कुरा पूरा हुन्, शुभकामना। त्यहाँबाट हामी ललितपुर उपमहानगरपालिका कार्यालय आयौं। कार्यकारी अधिकृत कार्यालयमा भेट्न सकिएन। कर्मचारी राजेन्द्र अधिकारीसँग कुराकानी गरेर फर्कियौं।

सन्तनेता एवं पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसँग



टेम्पो चढेर लगनखेलतर्फ अगाडि बढ्दा जावलाखेल आइपुग्ने बेलामा आकाशबाट परेको पानीले पूरै सडक भरिएछ। टेम्पो अगाडि बढ्न सकेन। हिंड्दै हामी लगनखेल पुग्यौं। त्यहाँ भेट हुनुभएका पत्रकार कृष्ण ज्ञवालीले विश्वभरकै नागरिकहरुको सूचना पाउने हकअधिकारको पक्षमा वकालत गर्ने कार्यक्रम सफल होस् भन्ने शुभेच्छा प्रकट गर्नुभयो।

२०६७ भाद्र ४: कार्यालय समय सुरु भइसकेको थियो। हामी लिटिल एन्जेल्स स्कूल हात्तीवनमा सञ्चालक उमेश श्रेष्ठसँग भेट गर्न गयौं। केही दिन अगाडिदेखि फोन सम्पर्क गरेर भेट्न खोजिरहेका हाम्रो आज पनि उहाँसँग टेलिफोनमा मात्र कुराकानी भयो। यो स्कूल परिसर घुमेर हामी गोदावरी गा.वि.स. कार्यालय पुग्यौं। कार्यालयमा सचिव कुमार बस्नेत, सहायक श्रीराम आचार्य लगायतसँग हाम्रो कुराकानी भयो।

यो गा.वि.स. मा पर्ने गोदावरी कुण्डमा १२ वर्षे सिंहस्त मेला लाग्छ भने फूल्चोकीको जंगलमा विश्वमा नपाइने २०० प्रकारका पुतली पाइन्छन्, कार्यालय सहायक आचार्यले हामीलाई जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, जहाँ उपभोक्ता समिति र उपभोक्ताहरु सक्रिय हुन्छन्, त्यहाँ सम्बन्धित निकायको ध्यान जान्छ र विकास हुन्छ। गोदावरी गा.वि.स. भित्र फूल्चोकी, गोदावरी कुण्ड, अघोरनाथ मन्दिर, मनोकान्ति स्याटिक्स गुरुकुल आदि महत्वपूर्ण स्थलहरु पर्दछन्।

गोदावरी गा.वि.स. बाट हामी ठैव गा.वि.स. कार्यालय बाँडेगाउँ आयौं। सचिव उमादेवी भुसालले हामीलाई हिजो यहाँ भेट्ने समय दिनुभएको थियो। फोन गर्दा उहाँले आज अन्यत्र काम परेकाले आउन नसकेकाले अरु कुनै दिन भेटौंला भन्नुभयो। त्यसपछि श्वेत बराही मन्दिर घुम्न गयौं। यो मन्दिर पुग्दा हामीलाई निकै आनन्दको महसुस भयो।

त्यहाँबाट हामी नेपाल पत्रकार संघका पहिलो संस्थापक सभापति, सन्तनेता एवं पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको आश्रम बाँडेगाउँ गयौं। उहाँकी प्रमुख सहयोगी अमिता कपाली र सहयोगी ऋषि गुरुंगले हामीलाई सन्तनेता भट्टराईसँग भेट गराउनुभयो। सफा सेतो वस्त्र र चस्मा लगाई ओढ्ने ओढेर एउटा कोठाभित्र बस्नु भएको रहेछ उहाँ। हामी प्रवेश गर्नासाथ उहाँले भ्रमण गर्ने यत्रो पैसो कहाँबाट आउँछ भनेर प्रश्न गर्नुभयो। भगवान्ले पूरा गर्नु हुन्छ भन्नेमा हामी विश्वस्त छौं, हामीले भन्यौं। हाम्रो जवाफ सुनेर उहाँले तपाईंहरु जहाँ जहाँ पुग्नुहुन्छ मेरा लागि पनि आर्शिवाद माग्नुहोला, भगवान्ले तपाईहरुको यात्रा पूरा गरिदिनुहुनेछ भन्दै दुई हात जोडेर प्रार्थना गर्नुभयो।

हामीले सुरु गरेको प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताको विश्वभ्रमण अभियानका लागि के सल्लाह सुझाव दिन चाहानु हुन्छ? भन्ने प्रश्न उहाँले सुन्नुभएन। सहयोगीले उहाँलाई तपाईंको चाहना के छ रे? भनेर उल्टो प्रश्न सोधिदिए। प्रत्युत्तरमा सन्तनेता भट्टराईले मनका ईच्छाहरु त के के हुन्छन् हुन्छन् नि? मलाई १०० वटी स्वास्नी चाहिएका छन् पूरा गर्न सक्नुहुन्छ? भनेर हामीलाई नै प्रश्न गर्नुभयो। उहाँको यो जवाफ सुनेपछि हामीले उहाँमा विवाह नगर्नुमा कतै पछुतो पो रहेछ कि? भन्ने अनुमान गर्‍यौं। सहयोगीहरुले भने, उहाँ अलिक बिरामी हुनुहुन्छ, कान पनि कम सुन्नुहुन्छ। त्यसपछि हामीले कुरो अगाडि बढाएनौं, बरु फोटो खिच्नका लागि अनुरोध गर्‍यौं। उहाँले सहजै फोटो खिचाउनुभयो। बिदा हुने बेलामा उहाँले हामीलाई चिया खुवाएर पठाउनु भनेर सहयोगीलाई अह्राउनुभयो। उहाँजस्तो गरिमामय व्यक्तित्वसँग यसरी फोटो खिच्न र डायरीमा हस्ताक्षर गराउन पाउँदा हामीलाई गर्व लाग्यो। चिया पिएर हामी बाहिरियौं।

पारिपट्टि सन्तानेश्वर महादेव मन्दिर प्रष्ट देखिन्छ। भट्टराई आश्रम सल्लाघारीसँगै एकान्त ठाउँमा छ। उहाँकी प्रमुख सहयोगी अमिता कपाली भन्दै हुनुहुन्थ्यो, पहिले शक्तिमा हुँदा सबै जना आउँथे अहिले बूढो भएपछि कोही वास्ता गर्दैनन्, अहिलेका नेताले आफ्नो व्यक्तिगत स्वार्थलाई मात्र हेरेर देशलाई बेच्नै लागिसके।

यही आश्रमको भ्रमण सँगसँगै हामीले ७३ औं जिल्ला ललितपुर यात्रा अन्त्य गर्‍यौं। त्यसपछि काठमाडौंको पुरानो बसपार्क पुगेर दुवाकोट भक्तपुरको गाडी चढ्यौं।

ललितपुर यात्राका क्रममा प्राप्त नगद सहयोग

निरबहादुर राई (पाङ्चा भोजपुर)	रु. २,०००/-
जिल्ला विकास समिति	रु. २,०००/-
सिद्धिपुर गा.वि.स.	रु. १,०००/-
लुभु गा.वि.स..	रु. १,०००/-
हरिसिद्धि गा.वि.स.	रु. १,०००/-
धालप्रसाद तिमल्सिना (गोटीखेल ८)	रु. ५,००/-
केशवप्रसाद घिमिरे (गोटीखेल २)	रु. ५००/-
पाटन सेकुवा कर्नर (कुमार र कालिका) लगनखेल	रु. ५००/-
चापागाउँ गा.वि.स.	रु. ५००/-
टीकाथली गा.वि.स.	रु. ५००/-
रविन्द्र महर्जन (हरिसिद्धि)	रु. १००/-

७४ औं जिल्ला भक्तपुर डायरी

संक्षिप्त परिचय

क्षेत्रफल: ११९ वर्ग किलोमिटर, गा.वि.स. संख्या: १६ वटा, नगरपालिका: २, निर्वाचन क्षेत्र: २, सदरमुकाम: भक्तपुर, अञ्चल: वागमती, विकास क्षेत्र: मध्यमाञ्चल

भौगालिक अवस्थिति: पूर्व काभ्रेपलाञ्चोक, पश्चिम काठमाडौं र ललितपुर, उत्तर काठमाडौं, काभ्रे र दक्षिण ललितपुर

जातजाति: नेवार, क्षेत्री, ब्राम्हण, तामांग र अन्य ।

पर्यटकीय स्थल: चाँगुनारायण मन्दिर, दरवार स्क्वायर, ५५ झ्याले दरवार, दत्तात्रेय मन्दिर, न्यातपोल मन्दिर, भैरव मन्दिर, सूर्यविनायक मन्दिर, नगरकोट आदि ।

(साभार: जि.वि.स. संक्षिप्त चिनारी २०६५)

२०६७ भाद्र ४: ललितपुरको भ्रमण सकी साँझमा हामी रत्नपार्क काठमाडौं आयौं । रत्नपार्क पुग्ने बित्तिकै काठमाडौंका राजीव कुँवर 'ऱ्हाम्' ले जूस ख्वाउँदै प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो । पुरानो बसपार्कबाट हामी ७४ औं जिल्ला भक्तपुर भ्रमणका लागि दुवाकोटको गाडी चढ्यौं । चाँगुनारायण गा.वि.स. वडा नं. ३ मा झऱ्यौं । पुरानो बसपार्कबाटै गाडीमा हामी सँगै आउनुभएकी मित्र कविता ढुंगाना 'घिल्म्' ले क्षेत्रफलका आधारमा नेपालकै सबभन्दा सानो जिल्ला भक्तपुरमा यहाँहरुलाई स्वागत छ भन्दै आफ्नो घरमा ल्याउनुभयो । उहाँले मेचीमहाकाली साईकल यात्रा मकवानपुरकी दुर्गा गौतम, 'चिल्म्' सँग गरिसक्नु भएको छ । उहाँका बुवा यही वर्ष स्वर्गवास हुनु भएकाले आमा र दाजुहरुले सेता लुगा लगाउनु भएको छ । हिन्दू धर्म संस्कारअनुसार श्रीमान् मर्दा श्रीमतीले कपाल काट्ने, सेतो लुगा लगाउनु पर्ने र अन्य धेरै विधिविधान पुऱ्याउनु पर्ने तर श्रीमती मर्दा श्रीमान्ले खासै केही गर्नु नपर्ने कस्तो चलन ? तर यो चलनमा क्रमश: सुधार भइरहेको पनि भेटिन्छ अचेल । कपाल काट्ने चलन आजकल हराउँदै गएको छ । उहाँकी आमा लक्ष्मी, दाजुहरु इन्द्रमणि र प्रेमराज अनि बहिनीहरुसँग परिचय र भ्रमणका विषयमा केहीबेर कुराकानी भयो । खाना खाएर सुत्यौं ।

२०६७ भाद्र ५: आज बिहानभर पानी परिह्यो । दिउँसो घाम लागेका बेला लुगा धुने र नुहाउने काम भयो ।

२०६७ भाद्र ६: बिहान उठ्दा झरी परिरहेकै थियो । कविता जीले व्यवस्था गर्नुभएको छाता ओढेर हामी उहाँसँगै चाँगुनारायण मन्दिरतर्फ उकालो लाग्यौं । खुड्किला चढ्दै मन्दिर परिसर पुग्यौं । विश्वसम्पदा सूचीमा समेत सूचीकृत नेपालकै पुरानो मध्येको एक मन्दिर चाँगुनारायण मन्दिर विभिन्न प्राचीन कला कौशलले भरिपूर्ण रहेछ ।

कुहिरो पानीको संयोग । यहाँबाट पनि धेरै टाढाको दृश्य देख्न पाइएन । मन्दिरबाट नजिकैको दूरीमा चाँगु संग्रहालय देखियो । हामी त्यतै तिर लाग्यौं । संग्रहालय भित्र २२५, १७५ र १४० वर्ष अगाडिको धान, पुरानो तराजु, कौवा अक्षर, संसारकै सबभन्दा सानो फुक्का दाम (माटोको पैसा), मानांक लगायतका सरसामान त्यहाँ रहनुभएका वैष्णवराज श्रेष्ठले चिनाउनुभयो । यो संग्रहालय प्राचीन र ऐतिहासिक गतिविधि बुझ्न र अध्ययन गर्न उपयोगी रहेछ ।

चाँगुनारायण मन्दिर



मन्दिरबाट हामी पुन: कविता जी कै घरमा फर्किएर खाना खायौं । उहाँले जीवन यात्रामा आउने विविध बाधा र व्यवधानलाई जीवनकै परीक्षा सम्झेर जोश र होशपूर्वक मन र मित्रतालाई यत्तिकै पवित्र राखी कलमका कला विश्वसामु सदैव अजेय र अमर राख्न सफल हुनुहोस् भनेर शुभकामना व्यक्त गर्दै हामीलाई बिदा गर्नुभयो । लक्ष्मी आमाले पनि भ्रमण सफल होस् फेरि फेरि आउँदै गर्नु है बाबु भन्नुभयो ।

चाँगुनारायणबाट हामी भक्तपुर दूधपाटी आयौं । हिजो देखि नै नेपाल पत्रकार महासंघ भक्तपुर अध्यक्ष नारायण किलम्बुसँग भेट गर्ने प्रयास सफल भएन । हिजो फोन उठाएपनि आज उहाँले फोन उठाउनु भएन । मन केही खिन्न भएपनि आशावादी नै छ ।

साँझमा च्यांग्रे ६ औलिया भोजपुर जन्मघर भएकी झापाकी कुमारी (हीरा) बोहोरा (कार्की) को कोठा बाल्कोटमा आएर हामी बस्यौं । यहाँ उहाँका श्रीमान् हरिकुमार, छोरीहरु अस्मिता, अनु, सम्झना छोराहरु अश्विन, धिरज, लगायतसँग देशभरको अनुभव सुनाउने काम भयो । आत्मविश्वास र दृढ अठोटले नै मानिसलाई

लक्ष्यमा पुऱ्याउँछ भन्दै याम्ब्यासडर एकेडेमी जोरपाटीका चेयरमेन हरिकुमार कार्कीले यस्तो शुभकामना व्यक्त गर्नुभयो- यो अतुलनीय र ऐतिहासिक विश्वभ्रमण अभियानले समाजमा र आफूमा समेत सकारात्मक सोचको विकास हुने भएकाले यसको म हृदयदेखि नै प्रशंसा गर्दै सफलताको कामना गर्दछु ।

२०६७ भाद्र ७: खाना खाएर हामी दूधपाटीमा समय समाज साप्ताहिक कार्यालय पुग्यौं । त्यहाँ सम्पादक सोम शर्मा बजगाई, संवाददाता जयराम बाँस्तोला र लीला श्रेष्ठ 'ज्योती' सँग हाम्रो परिचय भयो । सम्पादक शर्मा बजगाईंले असल पत्रकारिता, चौथो अंगले खेलिरहेको भूमिका र खेल्नुपर्ने भूमिकाको सन्देश अनि पत्रकारिताको विश्वसनीयतालाई फैलाउन यस अभियानलाई सफलता मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो । जितेर जाउ सधैं रमाउ र जिन्दगीमा नहार साथी, म मात्र तिम्रो छु सम्झनामा रहन्छ माया नमार साथी भावना व्यक्त गर्दै संवाददाताद्वय श्रेष्ठ र बाँस्तोलाले तपाईंहरुमा भएको शक्ति ज्योति बनेर विश्वमा एउटा मार्ग होस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

दुवाकोटमा नेपाली काँग्रेस भक्तपुरको जिल्ला अधिवेशन चलिरहेको रहेछ । सो पार्टीसम्बद्ध केदार खड्कासँग हाम्रो सामान्य कुराकानी भयो । त्यहाँबाट हामी भक्तपुर दरबार क्षेत्रतिर लाग्यौं । ऐतिहासिक, पुरातात्विक शहर भक्तपुर दरबार स्क्वायरमा स्वदेश/विदेशी पर्यटकहरुको चहलपहल छ ।

हामी भक्तपुरको पहिलो दैनिक मजदूर दैनिक कार्यालय गयौं । सम्पादक विष्णु गोपाल कुसी र पत्रकार प्रकाश श्रेष्ठसँग केहीबेर कुराकानी भयो । पत्रकार श्रेष्ठले सकारात्मक पत्रकारिताका विषयमा केही बुझौंन भन्नु भएपछि हामीले जाने, बुझे, सुनेका अनुभवहरु यसरी भन्यौं- विश्वकै पत्रकारितामा एउटा मान्यता छ, ब्याड न्यूज इज गुड न्यूज, अर्थात् खराब समाचार नै राम्रो समाचार हो । तर, यो मान्यतालाई मात्र आत्मसात् गर्दा विश्वमा नकारात्मक कुराहरु र मान्छेको सोचमा परिवर्तन हुन सकेको छैन । मान्छेको मन झन्झन् साँगुरिएको छ । जताततै मै खाउँ मै लाउँ प्रवृत्ति झाँगिदै गएको देखिन्छ । मान्छे-मान्छे बीचको सम्बन्ध टुटेको देखिन्छ । अतः मानवमा एकता, भातृत्व र मानवताको दियो बाल्न पत्रकारिता क्षेत्र लागि पर्नु पर्छ । खराब समाचार नै राम्रा समाचार हुन् भन्ने मान्यतालाई परिवर्तन गर्नु पर्दछ । सञ्चारमाध्यममा नकारात्मकभन्दा सकारात्मक समाचारले बढी स्थान ओगट्नु पर्छ । सञ्चारमाध्यम एक पक्षीय भएर समाजमा प्रस्तुत हुनु हुँदैन, आदि ईत्यादि । हाम्रो कुरा सुनिसकेपछि उहाँहरुले यस भ्रमणमार्फत् समाजलाई सकारात्मक दिशामा परिवर्तन गर्न र देशको सार्वभौमिकता तथा स्वाभिमान रक्षा गर्न बहस र छलफल अगाडि बढाउन सफलता मिलोस् भन्दै शुभेच्छा पत्र प्रदान गर्नुभयो ।

त्यहाँबाट हामी भक्तपुर एफ.एम. १०५.४ मे. कार्यालय गयौं । एफ.एम. का प्रबन्ध निर्देशक विजय हाछेथुले धेरै रेडियोहरु खुल्दै गएकाले बजार साँघुरिएको छ भन्नुभयो । एफ.एम. का समाचार निर्देशक लक्ष्मण पलिखेल र अन्य सञ्चारकर्मीसँग पनि हाम्रो परिचय भयो । उहाँहरुको शुभेच्छा लिएर साँझ बाल्कोट नै आएर बस्यौं ।

२०६७ भाद्र ८: आज जनै पूर्णिमा । हिन्दूहरुले बिहान उठेर नुहाइधुवाई गरी नयाँ जनै (ब्रतबन्ध गरेकाले) र हातमा रक्षाबन्धन (सबै जनाले) पूजा गरेर लगाउँछन् । धेरै प्रकारका गेडागुडी मिसाएर उमारिएको क्वाँटी (कोक्ती) खाने चलन छ । स्वास्थ्यका दृष्टिकोणले पनि यसरी बनाइएको क्वाँटी निकै उत्तम ठानिन्छ । विभिन्न तीर्थस्थलमा मेला पनि लाग्ने गर्दछ ।

बिहान हामी बाल्कोटबाट भक्तपुर बसपार्क हुँदै नगरकोटको बस चढ्यौं । पत्रकार एवं रेडक्रस सोसाइटी उपशाखा नगरकोटका अध्यक्ष सोम शर्मा बजगाईंले हामीलाई कार्यक्रममा बोलाउनु भएको थियो । हामी नगरकोट फेदी हावा घरमा उत्रियौं । त्यहाँका स्थानीयवासी केशव लामिछानेले आमाको स्मृत्तिमा रेडक्रसलाई

आमाको स्मृत्तिमा रेडक्रसलाई एम्बुलेन्स

एम्बुलेन्स हस्तान्तरण गर्ने कार्यक्रम रहेछ। सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी भक्तपुरका सभापति मनोजकुमार थापा, उपशाखा सभापति सोम शर्मा बजगाईं, पत्रकारहरु ईश्वरकाजी खाईजु, रमेश गिरी, मकर श्रेष्ठ, दीपक लामिछाने एवं स्थानीयवासीको उपस्थिति थियो। नचाहिने भोज भतेर र कार्यक्रम गरी धेरै खर्च गर्नुको साटो मानवीय सेवाका लागि एम्बुलेन्सदाता केशव लामिछानेले एम्बुलेन्स अर्पण गरी राम्रो कार्य गर्नुभयो, उहाँलाई धन्यवाद। यस्तो रचनात्मक काम अरुले पनि गर्न सकौं, शुभकामना।

नगरकोट

यस कार्यक्रममा उपस्थित पत्रकार लगायत विभिन्न क्षेत्रका महानुभावहरुलाई हामीले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे जानकारी गराउने अवसर पायौं। पत्रकार रमेश गिरीले प्रेस जगत् जटिल संकटमा परेको बेला प्रेस स्वतन्त्रताकै नारा लिएर सुरु भएको यो यात्रा विना संकट सम्पन्न होस् र विश्वमै प्रेस स्वतन्त्रता स्थापना गर्न ठूलो टेवा पुगोस् भनी शुभकामना व्यक्त गर्नुभयो। अन्य महानुभावहरुले भ्रमण सफलताका लागि शुभेच्छा प्रकट गर्नुभयो।

दिउँसो हामी दान गरिएको यही एम्बुलेन्समा चढेर पर्यटकीय क्षेत्र नगरकोटको मेला हेर्न गयौं। त्यसै पनि नगरकोट पर्यटकीय गन्तव्य। देशविदेशबाट पर्यटक सूर्योदय, सूर्यास्त, विभिन्न हिमश्रृंखला लगायतको प्राकृतिक दृश्यपान गर्न आउने ठाउँ। भाग्यको खेल र समयको झेल पानी र कुहिरोको अत्यधिक चाप भएकाले हामीले भने टाढाको दृश्यावलोकन गर्न पाएनौं।

मुसलधारे पानी परिरहेकै थियो। मेलामा पनि उत्तिकै भीडभाड। झरीमा रुझ्रै भएपनि ढ्यांग्रो ठोकिरहेका धामी झाँक्री एवं मेलाका सहभागीहरुको चहल पहल भने हामीले नियाल्न पायौं। कुण्डको पानी अचाउने, पूजा गर्ने र झाँक्री बस्नेहरुको दृश्य रोमाञ्चक लाग्यो। यही रोमाञ्चक गतिविधिको समाचार संकलन गरी हाम्रो टोली फर्कियो। हामी २ जना नगरकोटबाटै गाडी चढेर बेलुकी बाल्कोट नै आयौं, खायौं, सुत्यौं।

२०६७ भाद्र ९: आज गाईजात्रा। नेवार जातिहरुले यो पर्व धुमधामसँग मनाउँछन्। बिहान बाल्कोटबाट हिंड्दै हामी श्यामा श्याम धाम ठिमी, सल्लाघारी चोक हुँदै दूधपाटी सिद्धपोखरी मन्दिर पुग्यौं। त्यहाँ हामीलाई मित्र स्मारिका भैल लिन आउनुभयो। उहाँ भक्तपुरकी स्थानीयवासी। उहाँ र उहाँका साथीहरु यशोदा, प्रमिना र राजु सँग हामीले भक्तपुरको विशेष पर्व गाईजात्रा हेर्ने अवसर पायौं। विभिन्न किसिमका बाजागाजाले गुञ्जायमान थियो भक्तपुर शहर। मान्छेको भीड छिचोल्नै गाह्रो। उहाँहरुले दिनुभएको जानकारीअनुसार यो गाईजात्रा पर्व जुन घरमा मान्छे मरेको हो त्यही वर्ष त्यही घरबाट गाईको जस्तो स्वरुपमा मान्छे रंगीचंगी कपडामा सजाएर निकालिन्छ। मृतक मान्छेको फोटो, चम्मर, विभिन्न सजावटसहितको डोली बोकेर मान्छेहरु सहभागी हुँदा रहेछन्। उनीहरु चना, केराउ, फलफूलजस्ता खानेकुरा अरुलाई बाँड्दा पनि रहेछन्। लौरा ठोक्काउने खेलमा हामी पनि सहभागी हुँदै भक्तपुर दरबार परिसर दत्तात्रेय मन्दिर लगायतका क्षेत्र घुम्यौं। लौरा ठोक्काउँदा झण्डै एक अर्काको हातमा लागेको...।

लौरा ठोक्काउँदै

दिनभर घुमघाम, गफगाफ र नाचगान गरिसकेपछि हाम्रो यो भक्तपुरे टोली प्रमिना जी को घरमा क्वाँटी खान गयो। क्वाँटी खाइसकेपछि हामीलाई सूर्यविनायक चोकसम्म ल्याएर टोली फर्कियो।

गाडी चढेर हामी सल्लाघारी चोक आयौं। साँझ परिसकेको थियो। चोक छेउछाउमा कृष्ण प्रणामी मन्दिर छ भनेर सुनेका थियौं। सोधपुछ खोजविन गऱ्यौं। तर पत्ता लागेन। कसैलाई बाटामा सोध्दा कसैले कटुन्जेमा छ भनिदिए। मोफसलका ७२ जिल्ला भन्दा काठमाडौं उपत्यकाका ललितपुर, भक्तपुरका शहर क्षेत्र घुम्दा बास बस्ने ठाउँका लागि गाह्रो, साह्रो, अप्ठ्यारो सबै अवस्था आइरहेको छ। आफन्त, नाता कुटुम्बकोमा जान उनीहरुलाई भन्दा हामीलाई बढी अप्ठ्यारो र दिक्क पनि लागिसकेको थियो।

तर पनि हामीसँग एउटा मूल मन्त्र थियो, छ र हुनेछ गाह्रो छ र त गर्नुपर्छ। हामी यही मूल मन्त्रलाई आत्मसात् गर्दै कटुञ्जेतर्फ नै लाग्यौं। अँध्यारोमा हिंड्दै, हाँस्दै हाम्रो यात्रा जारी रह्यो। मनले खायो भने केटी दिने बेलामा खासगरी गाउँघरमा एउटा यस्तो भनाई प्रचलित छ, यत्तिको केटाले रुखको फेदमा लगेर भएपनि मेरी छोरी पाल्छ। हामीले यही उखानलाई सम्झिदै रुखको फेदमा लगेर केटी पाल्न त होइन, हामी स्वयं रुखको फेदमा बसौं ला नि के को चिन्ता भन्ने सम्मको मानसिकता तयार गर्दै थियौं। राती ८ बजे हामी कटुञ्जे ८, कुञ्जवनको प्रणामी मन्दिर आइपुग्यौं। यहाँ मन्दिरको गेट बन्द भइसकेको रहेछ। हाम्रो अनुरोधमा गेट खुल्यो। यहाँका भक्त सुन्दरसाथहरुले हार्दिकतापूर्वक खाने, बस्ने प्रवन्ध मिलाउनुभयो। भगवान्‌ले पनि खै के कसो गर्नुभयो, हामीले रुखको फेदमा बस्ने मानसिकता परीक्षण गर्नै परेन। हा...हा...हा...।

२०६७ भाद्र १०: विहान ५ नबज्दै मन्दिरमा पूजापाठ र आरती सुरु भयो। चिया पिएर हामी मोक्षद्वारी सन्यास आश्रम कटुञ्जे ६, सुर्वणेश्वर मन्दिर पुग्यौं। डाँडामा रहेको मन्दिरबाट उपत्यकाका केही भागहरु देख्न पाइए। मोक्षद्वारी अग्लो डाँडामा रमाईलो देखियो। त्यहाँबाट भक्तपुर लगायत उपत्यकाका धेरै भाग देख्न सकिंदो रहेछ। मन्दिर छेउको चउरमा विद्यालय पोशाक लगाएका एक जोडी प्रेमालापमा व्यस्त देखिए। घरबाट कलेज जान भनेर हिंडेका होलान् के को कलेज जानु... जंगल नलेजमा पो रहेछन् साथीहरु त।

पुन: हामी प्रणामी मन्दिर फर्क्यौं। प्रसाद (खाना) ग्रहण गरेर हामी जिल्ला प्रशासन कार्यालय तिर लाग्यौं। कटुञ्जेबाट जि.प्र. का. आउने क्रममा हनुमन्ते खोला छेउको पर्यटक सेवा केन्द्र राम मन्दिरमा जयराम लागेजुसँग कुराकानी भयो। उहाँले पत्रकारिता क्षेत्रबाट पर्यटकीय गन्तव्य पहिचान गर्न र विश्वमा पर्यटकीय क्षेत्रलाई परिचित गराउन यात्रा सफल होस् भनी शुभेच्छा प्रकट गर्नुभयो। शान्ति निकेतन मा.वि. हुँदै हामी दरबार क्षेत्रतिर अगाडि बढ्दा विभिन्न प्रकारका माटाका भाँडा बनाएर सुकाएको हेर्न पाइयो। साना ठूला विभिन्न आकार प्रकारका यि भाँडा देख्दा लोभै लाग्यो।

जिल्ला प्रशासन कार्यालयमा हामीले सहायक प्रजिअ यामप्रसाद सुवेदीसँग प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियानबारे कुराकानी गर्‍यौं। उहाँले यो भ्रमणले नेपाल पर्यटन वर्ष २०११ लाई पनि सफल बनाउन अनि नयाँ पर्यटकीय गन्तव्यको पहिचान गरी विश्वसामु प्रचार प्रसारमा सहयोग मिल्नेछ भनी शुभेच्छा व्यक्त गर्नुभयो। जिल्ला प्रशासनबाट हामी जि.वि.स. गयौं। लेखा अधिकृत काशीनाथ भट्टराईले आगामी १३ गते फेरि जि.वि.स. आउनु होला भन्ने सल्लाहमा हामी फर्क्यौं। भक्तपुर नगरपालिका द्वारा सञ्चालित जनज्योति पुस्तकालयमा पुग्यौं। त्यहाँका कर्मचारी भुपाल भूलसँग कुराकानी हुँदै थियो, यही मौकामा पुनर्जागरण साप्ताहिकका रत्नकुमार भुजु र पत्रकार ईश्वरकाजी खाइजु पनि त्यही आइपुग्नुभयो। उहाँहरुसँग केहीबेर कुराकानी गरेर हामी निस्कियौं।

नेकपा एमाले भक्तपुरको कार्यालयमा अध्यक्ष राजेन्द्र राजथला र उपसचिव हरिशरण लामिछानेसँग कुराकानी भयो। अध्यक्ष राजथलाले नेपालको मिसन पत्रकारिताले स्वतन्त्र र व्यावसायिक पत्रकारितालाई ओझेलमा पारेको बताउनुभयो। नेपालमा व्यावसायिकताको नाममा खोलिएका समाचार माध्यम पनि कतै न कतै ढल्किएर स्वतन्त्रता देखाउन सकेका छैनन् भन्ने उहाँको आरोप छ। युनिटी लाईफ इन्टरनेशनलको उदाहरण पेश गर्दै उहाँले भन्नुभयो, जनतामाथि खेलबाड गर्ने मल्टिनेशनल कम्पनी वा जुन सुकै समूह किन नहुन् मिडियाले विज्ञापन लिन अस्वीकार गर्नुपर्छ। नेपालमा मिडियाले कसैको सुधारको लागि आलोचना गर्दा आलोचना पचाउन सक्ने क्षमता देखिदैन नि ? भन्ने हाम्रो प्रश्नमा अध्यक्ष राजथलाले आलोचनालाई सबैले सकारात्मक ढंगले लिनु पर्छ भन्नुभयो। उहाँले नेपालको नाम उच्च राख्न र देश जनताको पक्षमा सकारात्मक सन्देश प्रवाह गर्न भ्रमण सफल हुने विश्वास व्यक्त गर्नुभयो।

विश्वकै अग्लो शिवमूर्ति

एमाले कार्यालयबाट हामी समय समाज साप्ताहिकको कार्यालय आयौं। त्यहाँ लेखक हरिहर तिमल्सिनाले नेपाली समाज, पत्रकारिता र राष्ट्रियताको छवि उच्च राख्न यहाँहरुको पहल सिद्ध बनोस् भनी शुभेच्छा व्यक्त गर्नुभयो। एकाएक हाम्रो डिजिटल क्यामेरामा समस्या आयो। त्यसकारण भक्तपुरबाट गाडी चढेर हामी न्यूरोड काठमाडौं पुग्यौं। विरामी क्यामेरालाई विशेषज्ञकोमा जाँच गरायौं। रु. ३ हजार लाग्छ, भोली लिन आउनु भनेर क्यामेराका प्राविधिकले भने।

२०६७ भाद्र ११: साँझमा मात्र हाम्रो क्यामेरा बन्यो । दिनभर अध्ययन आराममै समय बित्यो ।


माटाका भाँडा

२०६७ भाद्र १२: काठमाडौंबाट हामी बनेपाको गाडी चढेर साँगामा ओर्लियौं। भक्तपुर र काभ्रेको सिमाना साँगा । चित्तापोल ५, साँगा भक्तपुरमा अवस्थित विश्वकै अग्लो शिवमूर्ति अवलोकनका लागि हामी पुग्यौं। १४३ फिट अग्लो कैलाशनाथ मूर्तिमा महादेव एक हातमा त्रिशुल र अर्को हातमा डमरु लिएर ठिंग उभिएका छन्। उच्च स्थानमा त्यसरी उभिंदा जाडो गर्मी केहीले पनि छोएको देखिएन यि महादेवलाई। भक्तपुरका अधिकांश भाग लगायत उपत्यकाका पनि केही भागको दृश्य निकै रमाईलो देखियो यहाँबाट। पर्यटक एवं विद्यालयका विद्यार्थीहरुको घुइँचो त कुरै नगरौं।

सो मूर्ति कमल जैनले निर्माण गराएका र मूर्तिकार (मातुराम) नरेश वर्माको सहयोगमा बनाइएको उल्लेख गरिएको छ। वि.सं. २०६७ असार ७ गते सोमबार यो मूर्तिको उद्घाटन गरिएको हो । यो मूर्ति उद्घाटन गर्न व्यक्तिगत रुपमा बनाइएको भनेर राष्ट्रपति डा. रामवरण यादव जानुभएको थिएन। विश्वको ठूलो मूर्ति धार्मिक उद्देश्य राखेर बनाएपछि व्यापार गर्न नहुने आवाज उठिरहेका छन्। जे होस्, नेपालको चिनारी गराउन यो मूर्तिले अवश्य भूमिका खेल्नेछ। तर मूर्ति छेउमै गएको पहिरो रोक्नुपर्ने चुनौती पनि त्यहाँ देखियो ।

त्यहाँबाट फर्किएर हामी कृष्णप्रणामी मन्दिर कटुञ्जे गयौं। कृष्ण जन्माष्टमीको अवसरमा कार्यक्रम भइरहेको छ। हामीले पनि केहीबेर प्रवचन सुन्यौं। कृष्ण प्रणामीहरु धर्म ग्रहण गरेपछि कण्ठी (घाँटीमा डोरो) बाँध्ने र मांस, मदिरा खान नहुने बताउँछन्। सुन्दर साथ भनेर सम्बोधन गरिन्छ यो धर्म ग्रहण गर्नेहरुलाई। आज हामी यही बस्यौं। कृष्ण प्रणामीका एकजना कट्टर समर्थकले अरु धर्म र धर्मावलम्बीको बढी आलोचना गरे। मांस, मदिरा खाने मान्छे नरकमा पर्ने र प्रणामीहरु राज जीको धाममा पुग्ने उनको दाबी छ।

उनको कुरा सुनिसकेपछि हामीले भन्यौं, यो धर्तीमा सबभन्दा बढी लडाइँ झगडा जातजाति र धर्म संस्कृतिको नाममा नै भएको पाइन्छ। स्वेच्छा हो, स्वतन्त्ररुपमा आफूलाई मन लागेको धर्म ग्रहण गर्नु। तर एक अर्काको अस्तित्वमाथि हिंसा गर्नु राम्रो होइन। कसैले पनि अरुको धर्म नराम्रो र मेरो मात्रै धर्म राम्रो भन्ने भावना लिएर अरुमाथि हिंसा गर्न पाइदैन। शारीरिक भन्दा अझ बढी पीडादायी हुन्छ वाचिक हिंसा। पशुपंक्षी मारकाट गर्नु तथा बली दिनु नराम्रो कुरा हो। तर यही नाममा अरुलाई हदैसम्मको गाली गलौज गरिन्छ भने त्यो गाली गलौज गर्ने मान्छे पनि नरक मै पर्नेछ भन्ने कुरा सबैले बुझ्ने हुन्छ।

भन्नलाई शान्ति चाहियो भन्ने तर व्यवहारमा अरुलाई नाना थरी गाली गलौज गर्ने, अमानवीय कार्य नरोक्ने, आफू ठीक अरु सबै गलत देख्ने परिपाटी जारी नै रहिरह्यो भने शान्ति र अमनचयन प्राप्तिका लागि सबभन्दा ठूला बाधक तत्व यिनै हुनेछन् र यसले समाजमा ढोंग, आवरण र प्रचार (विज्ञापन) बाहेक अरु केही उपलब्धिपूर्ण काम गर्दैन।

हामीले देशका अरु पनि केही ठाउँमा भेटेका अध्यात्म र विभिन्न धर्मलाई अनुसरण गर्छु भन्ने नाममा केही व्यक्तिले वाचिक र मानसिकरुपमा अरुलाई खुब गाली गलौज र मानसिक हिंसा गरेको पाएका छौं। वास्तवमा सबै धर्म राम्रा छन्, तर सबै धार्मिकहरु राम्रा नराम्रा के छन् त्यो खोजको विषय हुन सक्छ। जुनसुकै धर्मका प्रर्वतकले आफ्नो गहन साधनाद्वारा प्रमाणित गरेका ज्ञानहरु कसरी नराम्रा हुन सक्छन् र ? किनकी धर्म आफैंमा नराम्रो चीज पनि त होईन। तर त्यसलाई अनुसरण गर्ने मान्छेका गलत नियतले धर्म सम्प्रदाय भई विकृत हुँदै गएको देखिन्छ। अतः सबैले बुझ्नै पर्छ मानवीयताभन्दा अर्को ठूलो धर्म केही हुँदैन। त्यो मानवीयता प्रकट हुन्छ एक अर्कालाई सहयोग, सद्भाव, आदर सम्मान गर्नुबाट नैं। यदि यसो हुने हो भने शान्ति नआउने कुरै छैन। यसो होईन भने युद्ध रोकिनुपर्छ भनिनु पनि युद्धकै पूर्व तयारी हो।


सूर्यविनायक मन्दिर

समय समाज साप्ताहिक परिवारसँग

२०६७ भाद्र १३: बिहान केही बूढीआमाहरुसँग मन्दिरमा केहीबेर कुराकानी भयो। उहाँहरुलाई हामीले विभिन्न स्थानका फोटाहरु देखायौं। प्रफुल्लित हुँदै उहाँहरुले विभिन्न धामहरुको जिज्ञासा राख्नुभयो। यहीं बसी बसी हामीलाई त विभिन्न धाम पुगेको जस्तो भयो, बाबु तपाईहरुको यात्रा सफल होस् भन्ने शुभेच्छा छ उहाँहरुको। एउटी आमाले भन्नुभयो- बिहे नगरी हिडेछौं बाबु धेरै राम्रो, अर्काकी छोरीको पाप त भएन।

हामीले उहाँहरुको कुरा सुनिरह्यौं। देशका अमूल्य निधिहरुको बारेमा उहाँहरुलाई बताउन पाउनु र उहाँहरुको निश्चल आर्शिवाद ग्रहण गर्ने अवसर मिल्दा खुशी पनि लाग्यो। केहीबेर हामीले प्रशिक्षिका उषा घिमिरेसँग पनि कुराकानी गऱ्यौं। उहाँले पत्रकारिता क्षेत्रबाट विशेषगरी प्रेम, शान्ति र सद्भावका लागि पहल हुनुपर्ने र पहल हुन सक्ने सामाग्रीहरु सम्प्रेषण गर्नुपर्ने बताउनुभयो। यही मन्दिरमा भेट हुनुभएका चूडामणी आचार्यले भन्नुभयो, भगवान् को जन्म दिनमा भोकै तीर्खै बसेर पुण्य मिल्छ भन्ने कुरामा मलाई विश्वास लाग्दैन, भोकै व्रत बस्नु पर्दैन।

भोजन गर्नुअघि हामी मन्दिरसँगै जोडिएको नवपरिचित मित्र शाकुन्डल खड्काकी आमाको अनुरोधमा उहाँको घर गयौं। दूध पिएर उहाँहरुको शुभेच्छासहित हामी मन्दिरमै फर्कियौं। प्रसाद ग्रहणमा सहभागी भयौं।

उहाँहरुलाई धन्यवाद दिदै हामी कटुन्जेबाट सूर्य विनायक मन्दिर हुँदै सिपाडोल ६ मा अवस्थित डोलेश्वर महादेव मन्दिर पुग्यौं। मन्दिर निकै आकर्षक लाग्यो। भारत उत्तराञ्चलका केदार पीठाधीश्वर जगद्गुरु श्री श्री श्री १००८ श्री भीमाशंकर शिवाचार्य महास्वामीबाट डोलेश्वर भनिने यस शैव मन्दिरलाई श्री केदारनाथ जीको शिरोभागका रुपमा प्रमाणित एवं घोषणा गर्दै यस शिलापत्रलाई अनावरण गरियो, २०६६ भदौं ६ शनिवार भन्ने भित्तामा लेखेर टाँसिएको छ।

डोलेश्वर महादेवबाट हिंड्दै हामी जगाती, आदर्श हुँदै भक्तपुर दरबार परिसरमा अवस्थित जि.वि.स. कार्यालय परिसर गयौं। देशभर घुम्दा महिला स्थानीय विकास अधिकारी भेटेका थिएनौं। तर, भक्तपुरमा स्थानीय विकास अधिकारीकै हैसियतमा प्रभा पाण्डेलाई हामीले भेट्यौं। धेरै भीडभाड र व्यस्तताले गर्दा हामीले उहाँसँग त्यहाँ धेरै कुरा गर्न पाएनौं। उहाँले तपाईंहरुले देखे भोगेका कुरा हामी सबैले जान्न, पढ्न, सुन्न पाउँ भन्दै शुभेच्छा प्रकट गर्नुभयो। उहाँको सफलता अन्य दिदी बहिनीका लागि पनि प्रेरणादायी छ भन्ने हामीलाई लाग्छ। त्यहाँ हामीले लेखा अधिकृत काशीनाथ भट्टराई लगायत अन्य कर्मचारी र सेवाग्राहीसँग पनि कुराकानी गरेका थियौं।

जि.वि.स. बाट हामी समय समाज साप्ताहिक कार्यालय पुग्यौं। त्यहाँ भेटिट्नुभएका पत्रकार कमल गौतमले यी भाईहरुले केही गर्दैनन्, सोम जी मैले भनेको कुरा सम्झी राख्नु भन्नुभयो। सम्पादक सोम शर्मा बजगाईं र संवाददाता लीला श्रेष्ठ (ज्योती) ले उहाँहरुलाई त प्रोत्साहन र हौसला पो दिनुपर्छ कहाँ तपाईं जस्तो मान्छेले त्यस्तो कुरा गर्नुभएको ? भन्नुभयो।

वास्तवमा हामी आफूले थालेको कार्यमा दृढ छौं। कसैले भाँडेर हाम्रो मन कदापि भाँडिने छैन। किनकी यो अभियान हामीले कसैको करकाप वा वहकावमा लागेर थालेका होइनौं। जुनसुकै किसिमका आलोचना, प्रतिक्रिया वा समस्यालाई निल्दै र सदुपयोग गर्दै, चाप्लुसी प्रशंसाबाट जोगिदै अनि स्वस्थ प्रशंसा र हौसलालाई स्वागत र शिरोधार्य गर्दै हामीसँग अगाडि बढ्ने क्षमता मजबुत भइसकेको छ, भइरहेको छ, भइरहने छ।

हामी त्यहाँबाट ठिमी नगरपालिका कार्यालय आयौं। त्यहाँ ना.सु. धनकृष्ण श्रेष्ठसँग भेट भयो। उहाँले विश्वभर नेपाल र नेपालीको सकारात्मक परिचय दिन भ्रमण सफल होस् भनी शुभेच्छा प्रकट गर्नुभयो। ठिमी नगरपालिका भित्रैको निलबाराही नाच पनि हामीले अवलोकन गऱ्यौं। ४ रात ४ दिनसम्म विभिन्न किसिमका सांस्कृतिक भेषभुषामा यो जात्रा चल्ने एक स्थानीयवासीले बताए। यही नाचको अवलोकन सँगसँगै हाम्रो ७४ औं जिल्ला भक्तपुर यात्रा सम्पन्न भयो। अब अन्तिम जिल्ला काठमाडौं अनि बाईबाई २ वर्षे नेपालभ्रमण।

भक्तपुर यात्राका क्रममा प्राप्त नगद सहयोग

जिल्ला विकास समिति	रु. २,०००/-
नेपाल रेडक्रस सोसाइटी	रु. १,०००/-
सोम शर्मा बजगाईं (नगरकोट)	रु. २००/-
दीपक लामिछाने (नगरकोट)	रु. १५०/-
कर्मराज लामिछाने (नगरकोट हावाघर)	रु. १५०/-
कर्मराज लामिछाने (नगरकोट)	रु. १००/-
अनिल लामिछाने (नगरकोट)	रु. १००/-

७५ औं जिल्ला काठमाडौं डायरी

२०६७ भाद्र १३: बिहान भक्तपुर बाल्कोटबाट ठिमी चोकमा आएर हामी काठमाडौंका लागि गाडी चढ्यौं । कोटेश्वरमा गाडीबाट ओर्लिएर हिंड्दै नयाँ वानेश्वर आयौं । हामी खुशी छौं, नेपाल भ्रमणको अन्तिम (७५औं) जिल्ला तथा नेपालको राजधानी काठमाडौंको औपचारिक भ्रमण गर्न आइपुगेकोमा । हुन तः हामी ७ वर्ष काठमाडौं बसिसकेपछि ६८२ दिन अगाडि विश्वमा प्रेस स्वतन्त्रता, प्राथमिकतामा सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियानमा निस्केका हौं । काठमाडौं जिल्लाका पनि केही गाउँ बस्ती पुग्ने हाम्रो योजना बनेको छ । ७५ जिल्लाकै मान्छे राजधानी आउने र बस्ने भएकाले पनि सक्दो केही व्यक्तिसँग भेटघाट गर्नु नै छ । साथी भाई आफन्तजन सबैमा भ्रमणको अनुभव साट्नु नै छ । त्यसैले अबका हाम्रा बाँकी दिन यसैमा बित्नेछन् ।

संक्षिप्त परिचय

क्षेत्रफलः ३९५ वर्ग किलोमिटर, गा.वि.स. संख्याः ५७ वटा, महानगरपालिकाः १, नगरपालिकाः १, निर्वाचन क्षेत्रः १०, सदरमुकामः काठमाडौं, अञ्चलः बागमती, विकास क्षेत्रः मध्यमाञ्चल
भौगालिक अवस्थितिः पूर्व भक्तपुर, काभ्रेपलाञ्चोक, पश्चिम धादिंग, नुवाकोट उत्तर नुवाकोट, सिन्धुपाल्चोक र दक्षिण ललितपुर, मकवानपुर
पर्यटकीय स्थलः पशुपतिनाथ, स्वयम्भुनाथ, बौद्धनाथ, हनुमान ढोका वसन्तपुर, बज्रयोगिनी, बालाजु बाइसधारा, दक्षिणकाली, शेषनारायण, बुढानिलकण्ठ, चन्द्रागिरी, शिवपुरी राष्ट्रिय निकुञ्ज, नागार्जुन, सुन्दरी जल, नौतले धरहरा आदि ।
(साभारः काठमाडौं जिल्लाको वेभ साइटबाट)

सोही अनुरुप आज हामी तिरेश के.सी. 'क्रिम्/शीतलशून्य' को कोठा सामाखुशी आयौं । बझाङ्गमा जन्मनुभएका शीतलशून्य निकै राम्रा र सन्देशमूलक गजल लेख्ने र वाचन गर्ने गर्नुहुन्छ । उहाँको गजल सुन्दा हामीलाई पनि जीवन दर्शन वोध मात्र हुँदैन, केही गर्ने हुटहुटी पनि पैदा गराउँछ । उहाँका दाई रमेश, बहिनीहरु भुवनेश्वरी, रेखा र भाई उमेश हुनुहुन्छ । सबै जनासँग हाम्रा रमाईला अनि महत्वपूर्ण कुराकानी भए । यदि कुनै पनि चीजलाई दिलदेखि नै चाहियो भने संसारले त्यसलाई पूरा गर्न सहयोग गर्छ भन्दै शीतलशून्य जीले पत्रकारिताका सवालमा आफ्नो धारणा यसरी प्रस्तुत गर्नुभयो- एकातिर प्रेस स्वतन्त्रता विना विश्वको विकास असम्भव छ, अर्कातिर अबको पत्रकारितामा मानव जातिलाई सकारात्मक सन्देश दिने सामाग्रीहरु प्राथमिकताका साथ समावेश नहुने हो भने विश्वको विनास पनि पत्रकारिताबाटै हुने सम्भावना म देख्छु, भ्रमण अभियान सफलताको शुभकामना ।

२०६७ भाद्र १४: आज मध्यान्ह १२ बजे हामी राष्टिय समाचार समितिको केन्द्रिय कार्यालय सिंहदरबार प्लाजा पुग्यौं । त्यहाँ कार्यरत पत्रकार दीपक खनाल (गोरखा) सँग नेपालका ७४ जिल्लाको यात्रा अनुभवबारे कुराकानी भयो । उहाँले भ्रमणका फोटा हेर्दै र जानकारी लिदै प्रत्येक जिल्लाको कम्तीमा पनि एउटा विशेषता टिपोट गर्नुभयो ।

अभियान सफल होस् बन्धुद्वयको चुमेर सगरमाथा, नेपाली भईकन रहोस् विश्वभर अजर अमर गाथा भन्ने शुभेच्छासहित पत्रकार खनालले पत्रकारिता र विश्वभ्रमण अभियानप्रतिको आफ्नो धारणा यसरी राख्नुभयो- यो अभियान नकारात्मक पत्रकारिता गरेर समाजलाई नै नकारात्मक बाटोमा डोऱ्याउनेहरुका लागि दरिलो झापड हो । अहिलेको विश्वमा हुने खाने वर्गका मिडियाले हुँदा खाने जनताका विरुद्ध नकारात्मकरुपमा प्रचार युद्ध गरेर विश्वलाई नै असन्तुलित बनाइरहेका छन् । विश्व अशान्ति मच्चाउने खेलहरु भइरहेका छन् । यस्तो स्थितिमा प्रेस स्वतन्त्रताको नारा देखाउने दाँत बनिरहेको छ । प्रेस स्वतन्त्रता होइन कि स्वच्छन्दता छ यहाँ । पुँजीवादी मिडियाले जनताका विरुद्ध जे लेखे, बोले, देखाए, खिचे र सम्प्रेषण गरे पनि प्रेस स्वतन्त्रता र व्यावसायिक पत्रकारिता हुने तर जनपक्षीय मिडिया र पत्रकारले जे सम्प्रेषण गरे पनि मिसन पत्रकारिता र प्रेस स्वतन्त्रताको उल्लंघन गरेको हुने असन्तुलित चिन्तन छ संसारको पत्रकारिता जगत्मा । अतः मलाई लाग्छ, यो अभियान यस्तो मानसिकता, संकीण चिन्तन र पूर्वाग्रही मनोरोग भएकाहरुका लागि झीर बन्नेछ ।


पशुपतिनाथ मन्दिर

साँझ शान्तिनगर बस्ने भोजपुरका दयाराम भट्टराईको कोठामा हामी बस्यौं ।

२०६७ भाद्र १५: काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर) आइपुगेपछि भेटिने आफन्तजन र साथीभाईसँग लामै कुराकानी हुने गरेको छ । उहाँहरुको जिज्ञासा बमोजिम अनुभव सुनाउने र केही ठाउँका फोटा देखाउने कार्य हामी गर्छौं । आफूलाई राम्रो लागेको कुनै ठाउँ फोटामा देख्दा कसैले चाहिं

कहिले जान पाइएला त्यहाँ ? भन्ने चासो, गुनासो र चिन्ता गर्छन् भने कोही आफू जान नसके पनि काठमाडौं बसी बसी ७५ वटै जिल्लाका फोटाहरु हेर्न पाइयो भनेर दंग पर्छन्। खर्च चाहिं कसरी जुटाउनु भयो नि ? भन्दै अचम्मित हुनेहरुको संख्या पनि कम छैन। अठोट भएपछि नोटको चाँजो पाँजो मिल्दो रहेछ भन्ने हाम्रो जवाफ सुनेर खै होला त नि ! भन्नेहरु पनि छन्। यसरी घुमेर जागिर पाईन्छ कि तलब ? सरकारले भत्ता कति दिन्छ ? नत्र किन भोकै तीर्खै यति धेरै दुःख गर्नु ? भन्ने स्वरहरु पनि काठमाडौंमा मात्र होइन देशैभरि सुन्न पाइयो।


धरहराबाट काठमाडौं

वास्तवमा भन्ने हो भने हामी कुनै तलब, भत्ता, प्रशंसा अनि आलोचना बटुल्न यो कार्य गरिरहेका छैनौं। न त सरकार, कुनै पार्टी, संस्था, वाद, धर्म वा व्यक्तिले हामीलाई भत्ता दिएर नै भ्रमणमा खटाएको हो। हामी त स्वतःस्फूर्त विभिन्न क्षेत्र, वर्ग, तह र तप्काका नेपाली जनताको सहयोगमार्फत् यो कार्य किन गरिरहेका छौं भने, विश्वकै नागरिकको हक, अधिकार र कर्तव्य संरक्षणका लागि आवाज उठाउने र सम्बन्धित ठाउँमा जनभावना पुऱ्याउने स्वतन्त्र प्रेसले विश्वशान्ति, भाईचारा, सहअस्तित्व तथा समाज रुपान्तरणका लागि सकारात्मक भूमिका स्थापित गर्न सहयोग पुऱ्याओस् र यसका लागि सम्बन्धित निकाय एवं नागरिकहरुको पनि सकारात्मक भूमिका रहोस् भनेर नै हो।

२०६६ भाद्र १६: आज दिउँसो हामी सुन्धारामा भीमसेन थापाले बनाएको ऐतिहासिक ९ तले धरहरा घुम्न गयौं। वि.सं. १८८२ मा मुगल शैलीमा बनेको यो धरहरा ६१.८८ मिटर (२३ फिट) अग्लो छ। ९ तला रहेको यो धरहरामा २१३ वटा सिँढी रहेका छन्। नागबेली आकारमा रहेको धरहराका उकालो खुड्किला उक्लँदा पहाडका अग्ला ठाउँहरु चढ्दाको जस्तै अनुभूति भयो। सात तलामाथिको बार्दलीबाट वरिपरि घुमेर हेर्दा काठमाडौं उपत्यकाका भू-भाग झनै रमाईलो देखियो। झट्ट हेर्दा पहाडको फराकिलो ढाँडमा देखिएका चट्टानझैं लाग्छन्, काठमाडौंका घरहरु। हाम्रो साथमा शिक्षिका जानुका भट्टराई (मिश्र), विद्यार्थीद्वय आकृति भट्टराई र साहिल खड्का पनि हुनुहुन्थ्यो। उहाँहरुसँगै हामी बेलुकी बास बस्न शान्तिनगर वानेश्वर आयौं।

२०६७ भाद्र १७: दिउँसो महाराजगञ्ज टिचिङ्ग अस्पतालको छेउमा गएका थियौं। त्यहाँ पूर्व परिचित मित्रद्वय तेज बहादुर डुम्रेल 'म्राम्' (डोटी) र गोविन्द बोहोरा (महाराजगञ्ज, काठमाडौं) सँग भेट भयो। राम्रो तयारी गर्नु नै आधा काम सम्पन्न गर्नु हो भन्दै सञ्चारकर्मी डुम्रेलले भन्नुभयो- यस महान् यात्राको खबरले सञ्चार कर्ममा क्रियाशील हामी उत्साहित भएका छौं र समग्र प्रेस नै उत्साहित हुनुपर्छ भन्ने मलाई लाग्दछ। किनकी प्रेसमाथि दिन दहाडै आक्रमण र विस्थापित हुने क्रम जारिरहेको वर्तमान अवस्थामा यो अभियानले प्रेस स्वतन्त्रता विरोधीहरुलाई निरुत्साहित गर्न मलजलको रुपमा काम गरेको छ। पत्रकारितामार्फत् विश्वलाई नै सही सन्देश दिन र नेपालीहरु पनि विश्वसामु केही गर्न सक्दा रहेछन् भन्ने एउटा उदाहरण यस भ्रमण अभियानबाट विश्वले बुझ्नेछ। अभियान सफलताको शुभकामना।

पार्टी प्रचारक बोहोराले नेपाली जनतालाई प्रफुल्ल, स्वस्थ, सिर्जनशील र आत्मनिर्भर बनाउन मनोक्रान्ति दर्शनमा आधारित पार्टी खोल्न लागेको बताउनुभयो। सफल मान्छेले नै सफल अभियान चलाउँछन् भन्दै उहाँले यो विश्वभ्रमण अभियान पवित्र पत्रकारिताका लागि मात्र नभएर समग्र विश्वलाई सकारात्मकतातिर लाने अभियान बन्न सकोस् भन्दै भ्रमण सफलताको कामना गर्नुभयो।

यही भेटको दौरानमा महिला प्रहरी सुन्तली धामी (दार्चुला) सँग हाम्रो कुराकानी भयो। उहाँ गत सालको दशैंमा अछामका आफ्नै सहकर्मी प्रहरीहरुद्वारा सामूहिक बलात्कारको शिकार हुनु परेको थियो। पीडक पक्षलाई उचित कारवाही हुन नसकेकोमा उहाँ अत्यन्तै चिन्तित देखिनुभयो। उहाँले भन्नुभयो, समाज र राष्ट्रप्रति मेरो पनि दायित्व छ। समाजमा हुने अन्याय र अत्याचारको भण्डाफोर गर्दै न्याय र समानताका लागि म पनि अब आफू निरन्तर लडिरहनेछु। जीवनमा जतिसुकै पीडा भएपनि त्यसलाई परास्त गर्दै अगाडि बढ्नुपर्छ। यसका लागि म रत्तिभर पनि विचलित भएकी छैन।

साहस, संघर्ष, धैर्य र विद्या सधैं साथमा रहोस् भन्दै महिला प्रहरी धामीले मन, मुटु, मस्तिष्क र आत्मादेखि यो महान् लक्ष्यलाई अगाडि बढाउन तपाईंहरुलाई मेरो शुभेच्छा छ भन्दै विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो। धन्यवाद तथा सलाम छ सुन्तली जी तपाईलाई ! तपाई जीवनमा आउने आँधी बेहेरीलाई पहाड बनेर टक्कर लिँदै हुनुहुन्छ। यस्तो पीडाको पराकाष्ठामा रहेर पनि तपाईंले व्यक्त गर्नुभएका मर्मस्पर्शी, साहसिला र प्रेरणादायी अभिव्यक्ति हामी सबैका लागि साँच्चिकै मनन्योग्य छन्। आगामी दिनमा तपाईं सबैका सामु उदाहरणीय पात्र बन्न सक्नुस्, तपाईंलाई हाम्रो पनि शुभकामना।

बेलुकी हामी बालुवाटार नेपाल मेडिकल कलेजमा कार्यरत कुमार भट्टराई (च्यांग्रे ५, देऊराली भोजपुर) को कोठामा आयौं। यहाँ भेट हुनुभएकी दन्त चिकित्साकी विद्यार्थी सुनैना थापा (जोरपाटी, काठमाडौं) ले अहिले नेपालमा पनि दाँतको हेरचाह गर्ने परिपाटी सुरु हुन थालेको छ, यो खुशीको कुरा हो भन्नुभयो। आजकल सञ्चारमाध्यममा वास्तविकताभन्दा बढी नै बढाईचढाई गरेर समाचार सामाग्रीहरु प्रकाशित प्रसारित हुने गरेका छन्, यस्तो विडम्वनायुक्त परिपाटी रोकिनु आवश्यक छ, सुनैना जीको सञ्चारमाध्यमलाई सुझाव र विश्वभ्रमणलाई शुभकामना छ।

नेपाल पत्रकार महासंघ, काठमाडौं परिवारसँग

२०६७ भाद्र १८: आजको दिन नुहाई धुवाई आराम अध्ययनमै बित्यो।

२०६७ भाद्र १९: बिहान हामी कान्तिपुर पब्लिकेशन्समा कार्यरत परेश जोगी (सिद्धेश्वर ५, दाँवा भोजपुर) को शंखमुलस्थित कोठामा पुग्यौं। खाना खाँदै उहाँसँग हामीले केहीबेर कुराकानी गर्‍यौं। उहाँले भन्नुभयो- शक्तिशाली भनिएको ढुंगामाथि कमजोर मानिएको पानीको थोपाको निरन्तर प्रवाह भइरहँदा त्यो ढुंगो खिइन्छ र क्षतविक्षत हुन्छ, यही विधि सत्यता र गुह्यता (भित्री रहस्यात्मक कुरा) आफूले चाहेको विषयमा लागू गर्न सकियो भने सफलता हात पार्न सक्ने देखिन्छ, अत: यो विश्वभ्रमण अभियानमा पनि माथिकै गुह्यता अपनाउने हो भने सफलता पक्का हात पर्ने देखियो, शुभकामना।

त्यहाँबाट हामी हिंड्न लाग्दा याङ्गपाङ्ग ६, भोजपुरका ठमनाथ र विनोद ढकाल फोन गरेर हामीलाई लिन शंखमुल नै पुग्नुभयो। उहाँहरुसित हामी सुभाष प्रिन्टिंग प्रेस पाटन आयौं। अनुभव आदानप्रदान गरेपछि ठमनाथ भाईले यो भ्रमणले विश्वमा नै प्रेस स्वतन्त्रता छाओस् भन्दै अबको यात्राको सरलता र सुलभताका लागि कामना गर्नुभयो। आजको बसाइखुवाई पनि यही भयो।

२०६७ भाद्र २०: बिहान १० बजे पछि हामीले नेपाल पत्रकार महासंघ, काठमाडौं शाखा कार्यालयका पदाधिकारीहरुसँग भृकटीमण्डपस्थित कार्यालयमा भेटघाट गर्‍यौं। केन्द्रका कारण उपत्यकाका शाखा सेपमा परेको उहाँहरुको भनाई छ। नेपालका पचहत्तरै जिल्ला यात्रा पूरा गर्नुभएकोमा हार्दिक बधाई छ भन्दै शाखा अध्यक्ष युवराज विद्रोहीले भन्नुभयो- प्रेसकै माध्यमद्वारा विश्वभ्रमण गर्ने यो महान् अभियानमा नेपाली प्रेसको सधैं साथ र समर्थन रहनेछ, तपाइंहरुको यो विश्व चुम्ने अभियानले सार्थकता पाओस्, शुभकामना। उपाध्यक्ष धनबहादुर मगरले यो यात्रा नेपाली प्रेस स्वतन्त्रताका लागि उदाहरणीय कार्य हो, पत्रकारिता क्षेत्रको व्यक्ति भएकाले तपाईहरुको विश्वभ्रमण अर्थपूर्ण र प्रेस स्वतन्त्रताका लागि महत्वपूर्ण रहनेछ भन्नुभयो।

सचिव गोविन्दप्रसाद चौलागाईंले स्वतन्त्र प्रेसमा हस्तक्षेप बढिरहेका बेला यो अभियानले नेपाली सञ्चारकर्मीलाई विश्वमाझ चिनाउने भएकाले सबै नेपाली सञ्चारकर्मी र सञ्चार संस्थाले यो मनोबलको उच्च सम्मान गर्नुपर्ने आवश्यकता देख्दछु भन्नुभयो। सहसचिव दीपक खनालले अहिले प्रेस स्वतन्त्रता होइन स्वच्छन्दता छ भन्दै यो अभियान नकारात्मक पत्रकारिता गरेर समाजलाई नै नकारात्मक बाटोमा डोर्‍याउनेहरुका लागि दरिलो झापड हो भन्नुभयो। कोषाध्यक्ष टी.बी. विरही थापाले पत्रकारिताजस्तो चुनौतीपूर्ण पेशामा रहेर नेपालको पत्रकारिता र मुलुकको अवस्थालाई विश्वसामु पुर्‍याउने अनि प्रेस स्वतन्त्रताको मुद्धालाई विश्वमानचित्रमा घनीभूत बनाउने यो महान् अभियानलाई सफलताको शुभकामना छ भन्नुभयो।

नेपाल साहित्यिक पत्रकार संघका सचिव चेतनाथ धमलाले यो अभियान विश्व प्रेस स्वतन्त्रताका लागि गौरव सावित होस् भन्दै यो साहस र उत्साहले विश्व चुम्ने र नेपाली प्रेसको विशिष्ट पहिचान स्थापित गर्ने सक्षमता प्रकट भइरहोस् भनी हार्दिकता व्यक्त गर्नुभयो।

साँझमा हामी अध्यक्ष विद्रोहीको सल्लाहमा काठमाडौं महानगरपालिकाद्वारा सञ्चालित मेट्रो एफ.एम. कार्यालय गयौं। मेट्रो बहस कार्यक्रममा कार्यक्रम सञ्चालक गोपाल घिमिर (यज्ञराज) ले प्रत्यक्ष अर्न्तवार्तामा हामीलाई सहभागी गराउनुभयो। सञ्चालक घिमिरेले नेपाल र नेपालीको परिचयलाई विश्वसमक्ष चिनाउने यो अभियान हो भन्दै यसलाई पूरा गराउन सबैले सहयोग गर्न समेत अनुरोध गर्नुभयो। एफ.एम.कर्मी सुनील राजोपाध्यायले यो अभियानलाई म पनि आदर गर्छु भन्दै अरुलाई पनि नैतिक समर्थन गर्न आग्रह गर्नुभयो। बेलुका प्रदर्शनी मार्गस्थित हरी भट्टराई (च्यांग्रे ५ देऊराली, भोजपुर) को कोठामा हामी आयौं। हाम्रो बास यही भयो।

२०६७ भाद्र २२: बिहान प्रदर्शनीमार्ग टुकुचा पुलमा किराना पसल सञ्चालक मुकेश र रुपक तण्डुकार (पुतलीसडक ३१, काठमाडौं) र केक पसल सञ्चालिका सरिता कार्की (धनकुटा) सँग भेट भयो। पसल सञ्चालक तण्डुकारद्वयले भन्नुभयो, पत्रपत्रिकामा तपाईहरुको भ्रमणका विषयमा बेला मौकामा पढ्ने गर्थ्यौं, नेपाल भ्रमण पूरा गरेको उपलक्ष्यमा आज भेट भयो, यहाँहरुलाई हार्दिक बधाई साथै विश्वभ्रमण सफलताको शुभकामना छ। होटल सञ्चालिका कार्कीले चियाको व्यवस्था गर्दै भ्रमण सफल होस् भन्नुभयो।

साँखु, सुन्दरीजल र नाङ्लेभारे यात्रा

२०६७ भाद्र २२: दिउँसो हामी परामर्श साप्ताहिकका प्रकाशक तीर्थ विनोद गिरीको सल्लाहअनुसार पुरानो बसपार्कबाट साँखु पुग्यौं। उहाँको कार्यालयमा भेटिट्नु भयो, योग प्रशिक्षक उत्तम दाहाल (प्राम्)। उहाँ दार्शनिक तर्कमा रुचि राख्ने मान्छे। कुनै पनि कुरा नलुकाई सम्बन्धित मान्छेको सिधै अगाडि बोल्ने र परम स्वतन्त्रताको सौखिन बताउने उहाँ भक्तपुरमा घर भएपनि अहिले साँखु बस्नुहुन्छ। प्रशिक्षक दाहालको भारत भ्रमण अनुभव सुन्दै हामी उहाँकै कोठामा आयौं। अपरान्ह प्रकाशक गिरी पनि आउनुभयो। उहाँ नमस्कार गर्ने तर हात कसैसँग पनि नमिलाउने मान्छे, हामीचाहिं झुक्किएर हात दिन हैरान। लामो दारी र कपाल पालेर बाबाजी जस्तो देखिनुहुन्छ उहाँ। उहाँहरुसँग हामीले देशभरका अनुभव र जीवनका भोगाई साट्यौं। धुप मे निकलो. घटाओ मे नहाकर देखो, जिन्दगी क्या हे किताब को हटाकर देखो भन्दै योग प्रशिक्षक दाहालले हामीलाई विना भाव यात्रा गर्न अनि जिन्दगी आफैं बन्ने भएकाले आफू जिन्दगीको दास नबन्न शुभकामना व्यक्त गर्नुभयो।

२०६७ भाद्र २३: बिहान हामी प्रकाशक तीर्थविनोद गिरीको निमन्त्रणामा उत्तम जीसँगै उहाँको घरमा खाना खान गयौं। साँखुको हावापानी गाउँबस्ती र फाँट भएकाले राम्रो छ। पुरानो बस्ती, मन्दिरमाथि कतै पीपल त कतै अरु नै रुख उम्रिएका अनौठो लाग्दो ठाउँ साँखु।

खाना खाएर हामी बज्रयोगिनी माई थानतिर उकालो लाग्यौं। हिन्दू र बौद्धको संयुक्त मन्दिर वज्रयोगिनी एउटा प्रमुख शक्ति पीठ हो। त्यहाँ पुग्न खुड्किला चढ्दै जानु पऱ्यो। हरियाली वनजंगलसँगै रहेको मन्दिर रमाईलो र आकर्षक छ। एउटा ढुंगाको गुफामा सानो झ्यालजस्तो प्वाल रहेछ। कोल्टे परेर नछिरे अथवा बुद्धि नपुऱ्याई छिरे अड्किन सक्ने। कसै कसैले यो प्वालबाट छिर्ने धर्माती र नछिर्ने पापी भन्ने गरेको कुरा पनि सुन्न पाइयो। हामी पनि रमाईलो मान्दै छिऱ्यौं। सायद, धर्माती भयौं होला...हा...हा...हा...। वि.सं. १३१२ मा आगो संरक्षण गर्ने हेतुले बालिएको आगो अहिलेसम्म ननिभाइएको मन्दिरको हेरचाहमा संलग्न एक व्यक्तिले हामीलाई बताए। हामीले मन्दिरबाट केही माथि डाँडामा पुगेर साँखु बजार आसपासका फाँट, वरपर देखिने गाउँ बस्ती आदिको दृश्य नियालेर साँखुबजार तिरै झऱ्यौं।

२०६७ भाद्र २४ र २५: उत्तम जीको कोठा र विनोद जीको अफिसमा देश भ्रमण अनुभव परामर्श साप्ताहिकका लागि लेख्दा-लेख्दै र टाइप गर्दा-गर्दै यि २ दिन बिते।

२०६७ भाद्र २६: बिहान साँखुमै पर्ने शाली नदी क्षेत्रमा घुम्न गइयो। हिन्दू धर्मावलम्बीले मान्ने स्वस्थानी व्रतकथा अनुसार पवित्र तीर्थ हो यो ठाउँ। यहाँ माघ महिनामा स्वस्थानी व्रतको १ महिने अवधिभर नै भीडभाड हुने गर्दछ। नदी किनारमा मन्दिर, पारिपट्टि धान खेतीको बीचमा ३ वटा डोले र १ चन्द्रावतीको मूर्ति बीचमा शाली नदी रहेछ। खेतीको बीचमा मूर्ति देख्दा हामीले अनुमान लगायौं, पहिले नदीको पानी त्यहींबाट बगेको हुनुपर्छ। समय क्रमसँगै बहाव पर सर्दै गएको होला।



शाली नदीबाट फर्किएर हामी सुन्दरी जलको यात्राका लागि प्रस्थान गऱ्यौं। डाँछीबाट हिंड्दै वागमती तरेर नयाँपाटी सुन्दरीजल वी.पी. संग्रहालय पुग्यौं। ऐतिहासिक संग्रहालयभित्र राजनेता वी.पी. कोईरालालाई पञ्चायती सरकारले थुनामा राख्दा प्रयोग गरेका सामाग्री, उहाँले विभिन्न देश भ्रमण गर्दा खिंचेका फोटाहरु सजाइएका रहेछन्। साथै सर्वमान्य नेता गणेशमान सिंह, सन्तनेता कृष्णप्रसाद भट्टराई, नेता दिवान सिंह राई लगायतका बारेमा पनि उल्लेख गरिएको रहेछ। पञ्चायती शासनको विरोधमा लागेका नेताहरुलाई बन्दी बनाइएको घरमा संग्रहालय रहेछ। संग्रहालय भित्र फोटो खिंच्न भने दिइएन।

साँखुमा माटाका भाडा बनाउँदै

प्रजातन्त्र र स्वतन्त्रताका योद्धाको संग्रहालय भित्र फोटो खिच्न किन नपाइएको होला ?

वी.पी. संग्रहालयबाट हामी सुन्दरीजल बाँधतर्फ उकालो लाग्यौं। काठमाडौंको खानेपानीका लागि विछ्याइएको पाइपसँगै बाटो छ। शिवपुरी राष्टिय निकुञ्जको प्रवेशद्वार नपुग्दै छंगछंग बगेका झरना र खोलाको दृश्य, स्वदेशी/विदेशी पर्यटकका गतिविधि र प्रेमीप्रेमिकाका आगमन र प्रस्थानले हाम्रो ध्यान खिच्यो। त्यहाँको त्यति कञ्चन पानी वागमतीमा बग्दै काठमाडौं उपत्यका छिरेपछि ढलमा बिलाउँछ। त्यति शुद्ध पानी हामी मान्छेकै दुर्गन्धित गतिविधिका कारण झनै दुर्गन्धित बनेको छ।

हामीलाई निकुञ्जको गेटमा टिकट काट्न अनि भिडियो क्यामेरा राख्न बाध्य गराइयो। सञ्चारकर्मी, यात्री केही भन्दा र डकुमेण्ट देखाउँदा पनि निकुञ्जका सुरक्षाकर्मीले छोड्न मानेनन्। खानेपानी बाँधसम्म पुगेर फर्कन्छौं भन्दा पनि उनीहरुले भिडियो क्यामेरको चार्ज तिर्नैपर्छ भनेपछि क्यामेरा छाडेर भित्र पस्यौं। त्यहाँबाट नाङ्लेभारे जाने बाटो नभएकाले हामी सुन्दरीजलको बाँधसम्म हेरेर साँखुमै फर्कियौं।

२०६७ भाद्र २७: बिहान नाङ्लेभारेका लागि साँखुबाट हामी लप्सेफेदीसम्म गाडीमा गयौं। वर्षायाम भएकाले कच्ची बाटोमा गाडी जान सकेन। काठमाडौंका दुर्गम मानिएका गा.वि.स. घुम्ने हाम्रो योजना। कच्ची बाटो नांग्लेभारेसम्म पुगेको भएपनि वर्षायाममा बस चलेको थिएन। हामी लप्सेफेदीबाट हिंड्दै नाङ्लेभारे चौकी पुग्यौं। झरी र कुहिरोको संयोग। चौकीमा नै खानपिन भयो। यात्री हौं जहाँ भेटिन्छ, जे जस्तो पाइन्छ त्यस्तै खाइन्छ।

प्रहरी चौकीमा सरोज ढुंगाना, सोनाम लामा लगायतका प्रहरी जवानसँग हाम्रो कुराकानी भयो। नाङ्लेभारे ७ का भोटु खनाल र विदुरप्रसाद खनाल पनि यहीं आइपुग्नुभयो। स्थानीय विदुरप्रसाद खनालले आफ्नो देश र जनताको कुनै माया र चिन्ता नभएपछि अनि देशलाई विकास र अग्रगमनतर्फ लान नसकेपछि नेताहरुले सत्ता र कुर्सीको लोभमा फसेर देशको मूल कानून बनाउन सकेनन् भन्दै आक्रोश पोख्नुभयो। आफ्नो देश र देशको भूभाग नबुझेका कोही पनि व्यक्ति नेता, मन्त्री, प्रधानमन्त्री बन्न लायक हुँदैनन् बरु यस्ता मान्छे त घूसखोरीमा लागेर देश निर्माणका बाधक हुन्छन् भन्ने उहाँको विश्लेषणपरक बुझाइ रहेछ। युवा भोटु खनालले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि यो अदम्य साहस र हिम्मत यहाँहरुमा अझै जागिरहोस् भन्दै विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो।

हामी चौकीभन्दा केही अगाडि बढेर डाँडामा पुग्यौं। त्यहाँबाट तल चापाबोट, पटापभन्दा अझ पारी सिन्धुपाल्चोकको सिन्धुकोट, डाँडापाखा, टाकुरी भञ्ज्यांग अन्य गाउँबस्तीलाई नियाल्यौं। यतातिरका मान्छे पनि ललितपुरको दक्षिणी भेगका मान्छे झैं काठमाडौंको कर्णाली हो हाम्रो गाउँ भन्दा रहेछन्। त्यहाँबाट केही जिल्लाका साथीहरुसँग हाम्रो सम्पर्क भएको थियो। काठमाडौंमा पनि हिंडेर जानुपर्ने गा.वि.स.मा हामी अहिले छौं भन्दा आश्चर्यमा परे उनीहरु। नाङ्लेभारेबाट हिंड्दै हामी साँखु आयौं।

२०६७ भाद्र २८ देखि आश्विन २४

यि दिनहरुमा पनि हामी काठमाडौंका विभिन्न स्थान पुग्ने, विभिन्न क्षेत्रका व्यक्तिहरुसँग अनुभव सुनाउने र देशभरका फोटाहरु देखाउने अनि परिचय दिने काममा व्यस्त रह्यौं।

भाद्र २९: पुरानो बसपार्कबाट गाडी चढेर हामी दक्षिणकाली पुग्यौं। उद्धारवती र पूर्णावती गंगाको दोभानमा अवस्थित दक्षिणकालीमा मंगलबार, बिहीबार र शनिवार बढी भीड हुन्छ। तल छोरी र माथि डाँडामा आमाको मन्दिर हो भन्ने विश्वास छ यहाँ। हामी आमा छोरी दुवै मन्दिरमा गयौं। त्यसपछि शेषनारायण मन्दिरमा आयौं। थरिथरिका माछा, भित्तामा झर्ला झर्ला जस्तो गरेर अडिएको ढिस्को, अनि गुफाको दृश्य त्यहाँ आकर्षक छन्। चार नारायणमध्ये एक शेषनारायण मन्दिरमा उम्रिएको पानी

नाङ्लेभारे



समेत लगेर फर्पिङ्गमा विद्युत् उत्पादन गरिएको रहेछ। शेषनारायणमा हामीले गीत सुटिङ्ग कार्यक्रममा सहभागी पत्रकार गोपीकृष्ण ढुंगाना (पथिक), प्रलाप राई लगायतसँग कुराकानी गऱ्यौं। उहाँहरुले भ्रमण सफलताको कामना गर्नुभयो।

शेषनारायण मन्दिरबाट पाइप लाईन पछ्याउँदै हामी दक्षिणसेतीदेवी गा.वि.स.मा अवस्थित नेपालकै पहिलो जलविद्युत् फर्पिङ्ग जलविद्युत्को ड्याम (रिजरभ्वायर) मा पुग्यौं। यो विद्युत् गृह वि.सं. १९६८ जेठ ९ गते राणा प्रधानमन्त्री चन्द्र शमशेरले स्थापना गरेका हुन्। केन्द्रमाथिको डाँडामा रहेको गोलाकार ड्याम, आसपासका गाउँबस्ती र हरियाली धानखेती साऱ्है आकर्षक लागे हामीलाई।

भाद्र ३०: बालाजुबाट बस चढेर हामी ककनी गयौं। नुवाकोट जिल्लामा पर्ने भएपनि काठमाडौंको नजिक प्रसिद्ध पर्यटकीय गन्तव्यमा गनिन्छ ककनी। बस ओशो तपोवन हुँदै अनि कुइनेटा मोड पार गर्दै ककनी पुगेको थियो। हामी भञ्ज्यांगमा झरेर उकालो लाग्यौं। सशस्त्र प्रहरीको क्याम्प, च्याउखेती लगायतको हरियाली दृश्यले हाम्रो ध्यान त खिंच्यो, तर कुहिरो लागेकाले टाढाको दृश्य त्यति राम्रो देख्न पाइएन। खल्लो लाग्यो।

भदौं ३१: हामी शहीद स्मारक त्रिभुवन पार्क थानकोट गयौं। पिक्निक् जानेहरु, प्रेमीप्रेमिकाका जोडी मात्र नभई जो कसैलाई डूलघुम गर्ने काठमाडौंको प्रसिद्ध पार्क हो यो पार्क। वर्षायाम भएकाले खासै चहलपहल भने थिएन त्यहाँ। पानी परिरहेकै थियो। हामी पार्कबाट फर्किएर कलंकी मन्दिर छेउमा ज्ञानज्योति ट्रेडर्स आयौं। यस ट्रेडर्सका सञ्चालक लालबहादुर पौडेलकै पसलमा मित्र माधवप्रसाद तिंसिना (दुवैजनाको जन्मथलो भोजपुर च्यांग्रे नै हो) पनि त्यहाँ आइपुग्नुभयो। यहाँ हामी गाउँघरदेखि देशभरका अनुभव आदान प्रदानमा जुट्यौं।

पसलमा चूरोट छ? साहुजी भनेर सोध्ने एक ग्राहकलाई सञ्चालक पौडेलले भन्नुभयो, माफ गर्नुहोला मैले चूरोट र मदिरा बेच्न छाडें। उहाँको यो कुरा सुनेर हामीले आफू धुमपान, मद्यपान बेच्ने तर आफ्ना परिवारका सदस्यलाई यसको सेवन गरेको देख्दा गाली र झैझगडा गर्ने देशभरका थुप्रै अनुहारहरुलाई सम्झियौं। उनीहरुका ती गतिविधि आँखा अगाडि नाचे। वास्तवमा हामी हाम्रा छोराछोरी र परिवारका सदस्यले धुमपान, मद्यपान नगरुन् भन्ने चाहान्छौं भने आफू उदाहरणीय बन्नुको विकल्प छैन।

ज्ञानज्योति ट्रेडर्सका सञ्चालक पौडेलले नेपाल भ्रमण शुभेच्छा डायरीमा लेख्नुभयो- समस्त जीवजन्तुमध्ये उच्चकोटीको मानव जीवन। यसलाई सार्थक बनाउन यावत् मानव जगत् संसार विचरण गर्दै रहेको अवस्था। यो अवस्थामा मानवजातिको उत्थानका लागि चेतनाको दियो जलाउन थालिएको यो साहसिक विश्वभ्रमण। प्रत्येक देशका सरकार, नागरिक समाज र संघसंस्थाहरुलाई यो भ्रमणको महत्व र विश्व भातृत्व भावना कद्दर गरी अर्न्तआत्माबाट नै सहयोग गर्ने भावना जागृत होस्। अन्तमा यो भ्रमणले कुनै व्यक्ति र पत्रकारको मात्र चिनारी नभएर विश्वसामु सगरमाथा र गौतम बुद्धको देश नेपाल समेत प्रतिनिधित्व हुनेछ भन्ने अपेक्षासहित, म, पत्नी शुभद्रा र पौडेल परिवारको यही शुभकामना।

मूलेले गर्न सकेन भने म गर्छु भन्ने भावनासहित कर्मक्षेत्रमा उत्रने युवाको आवश्यकता देख्ने श्री पञ्चकन्या मा.वि. च्यांग्रे भोजपुरमा पढ्दाताका कक्षासाथी हाल शिक्षक माधवप्रसाद तिंसिना शुभेच्छा डायरीमा लेख्नुहुन्छ- मेरो प्राज्ञिक उन्नयनमा समेत व्यवस्थित जग बसाउने आधार बनेको यो अभियानको सफल नेपाल भ्रमणलाई हार्दिक बधाई, विश्वभ्रमणपछि अनुभूति आदानप्रदान गर्न पाउने विश्वास सहित आगामी यात्राका लागि शुभकामना।

आश्विन ३: हामी जनदिशा दैनिकको कार्यालय अनामनगर गयौं। सहसम्पादक सन्तोष पौडेलले भन्नुभयो- यो विश्वभ्रमण अभियानले नेपालको वास्तविक चित्र र पत्रकारिताको यथार्थ अवस्थाको जानकारी विश्व समुदायलाई हुनेछ, साहसिक यात्रा सफलताको शुभकामना। संवाददाता प्रकाश लामिछानेले लेख्नुभयो- प्यारो देश नेपालको माटोलाई माया गर्दै र मितेरी गाँस्दै ७५ जिल्ला भ्रमण सक्नुभएकोमा हार्दिक बधाई, नेपाललाई विश्वमा चिनाउने आगामी भ्रमणलाई शुभकामना।

त्यहाँबाट बाहिरिएर हामी सिंहदरबार पूर्वी ढोका अगाडि पुग्यौं। त्यहाँ नेपाल पत्रकार महासंघ केन्द्रिय उपाध्यक्ष गोविन्द आचार्यसँग भेट भयो। नेपालका कुना कुनामा पुगेर तपाईंहरु आउनुभयो बधाई छ भन्दै उपाध्यक्ष आचार्यले आगामी दिनमा प्रकाशित हुने पुस्तक र डकुमेन्ट्रीले नेपाल र नेपाली पत्रकारिताको अवस्था दर्शाउन सकोस् र विश्वभ्रमण पनि सफल होस्, शुभकामना

भन्नुभयो । यो अभियानलाई यो अवस्थासम्म ल्याइपुऱ्याउन यात्रा घोषणा गरेको मितिदेखि नै उपाध्यक्ष आचार्यको निरन्तर सुझाव, समन्वय र महत्वपूर्ण भूमिका छ । यसका लागि हामी उहाँप्रति आभारी छौं ।

आश्विन ४: हामी रेडियो नेपालको केन्द्रिय कार्यालय सिंहदरबार पुग्यौं। नायब कार्यकारी निर्देशक सुशिल कोईरालाले विश्वयात्राप्रति सम्मान व्यक्त गर्दै रेडियो नेपालको तर्फबाट विश्वयात्रीको कार्ड बनाइदिनुभयो। त्यहाँ कार्यक्रम संयोजक धनेन्द्र विमल, कार्यक्रम अधिकृतद्वय राजन कार्की र बुद्धिबहादुर के.सी. लगायतसँग पनि परिचय भयो। नेपाल भ्रमणको केही अनुभव र भावी लक्ष्य उद्देश्य सुनेर खुशी हुनुभएका कार्यक्रम अधिकृत कार्कीले यो भेट अविस्मरणीय रहेको बताउँदै भ्रमण सफलताको कामना गर्नुभयो ।

आश्विन ५: हामी हिमाल खबर पत्रिकाका प्रकाशक कनकमणि दीक्षितको सल्लाहअनुसार सम्पादक किरण नेपालसँग भेट गर्न नयाँवानेश्वर गयौं। सम्पादक नेपालले भन्नुभयो, पत्रकारिता सामाजिक योगदान हो, यसपटक हिमाल खबरपत्रिकाले दशैं विशेष अंक गाउँलाई लक्षित गरेर निकाल्दैछ, यसका लागि तपाईंहरुले पनि ७५ जिल्ला नै समेटेर आफूले देखेका कुराहरु लेख्नुहोस्। उहाँकै गाडीमा हामी रेडियो नेपाल परिसर आयौं ।

रेडियो नेपालको युवा संसार कार्यक्रमका लागि प्रस्तोता रत्न चौधरीले नेपाल भ्रमणको अनुभवसम्बन्धी अर्न्तवार्ता रेकर्ड गर्नुभयो । अर्न्तवार्ता विशेषगरी देशका युवा, पत्रकारिता, पर्यटन र नेपाली जनजीवनको अवस्थामा केन्द्रित रह्यो । कार्यक्रम प्रस्तोता चौधरीले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको उद्देश्य सोचेजस्तै सहज र सरल तथा विना बाधा अवरोध सोचेकै समयमा पूरा होस् भनी शुभकामना गर्नुभयो ।

युनाइटेड साझा कुरियर एण्ड कार्गो सर्भिस प्रा.लि. (चिठीपत्र, पार्सल, सामान ओसार पसार गर्ने प्राइभेट कार्यालय) अनामनगर हनुमानथानमा प्रबन्ध निर्देशक अनिल राजभण्डारी (ओखलढुंगा), कार्यालय प्रमुख गोकुल भुर्तेल (थानकोट, काठमाडौं), वसन्ता बस्नेत लगायत अन्य कुरियर कर्मीसँग कुराकानी भयो। राष्ट्रकै लागि एउटा राम्रो काम जसरी नेपाल भ्रमण सहजै सम्पन्न भयो, आगामी विदेश भ्रमण पनि यसैगरी सहजै सम्पन्न गर्न सक्नुहोस् भनी उहाँहरुले शुभकामना व्यक्त गर्नुभयो ।

आश्विन ६: अन्नपूर्ण राष्ट्रिय दैनिकको शैली परिशिष्टांकमा पाँचथरका पत्रकार लक्ष्मी गौतमले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिता अभियानका विषयमा लेख्नुभएको रिपोर्ट, अनुभव र केही फोटाहरु प्रकाशित भएकाले देशका विभिन्न जिल्लाबाट बधाई तथा शुभकामनाका फोन घण्टीहरु दिनभर नै बजिरहे । पत्रकार गौतम लगायत उहाँहरु सबैलाई धन्यवाद ।

आश्विन ७: धनकुटाका कान्तिपुर संवाददाता रमेशचन्द्र अधिकारीसँग चावहिलमा हाम्रो छोटो कुराकानी भयो। त्यहाँबाट फेरि हामी रेडियो नेपालको स्टूडियो पुग्यौं । कार्यक्रम व्यक्ति र विषयका लागि चर्चित कार्यक्रम प्रस्तोता नवीन दाहालले अर्न्तवार्ता रेकर्ड गर्नुभयो ।

कार्यक्रम प्रस्तोता दाहालले डायरीमा शुभेच्छा लेख्नुभएको छ- आज फेरी म धेरै दिनपछि धेरै खैंशी भएँ । किनकी केही हदसम्म नेपाल र नेपालीहरुको बारेमा तपाईहरुसँग बुझ्न, सुन्न र रेडियो कुराकानी गर्न पाएँ । हामी आफैले आफैंलाई बुझ्न नसकिरहेको समयमा समग्र देश नेपाललाई चिनेर बुझेर अब विश्व चिन्ने बुझ्ने यो यात्रा अत्यन्तै सुखद, सहज र सफल रहोस्, विश्वभ्रमणपछि फेरी भेट्ने चाहना राख्दै धेरै धेरै शुभकामना ।

आश्विन ८: हिमाल खबरपत्रिकाको कार्यालय हात्तीवन, ललितपुरमा हामी रिपोर्ट लिएर गयौं । कार्यालयमा सम्पादक किरण नेपाल, सहसम्पादकद्वय आनन्द पी. राई र रामजी दाहाल, पत्रकार प्रभात भट्टराई लगायतसँग कुराकानी भयो ।

आश्विन १०: हामी कान्तिपुर राष्ट्रिय दैनिकको कार्यालय सुविधानगर तिनकुने गयौं। कान्तिपुरकर्मी अखण्ड भण्डारीले प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताको लक्ष्य साथ सुरु भएको यात्रा अभियान सफलताका लागि हार्दिक शुभकामना, हाम्रो शुभकामना डायरीमा लेख्नुभयो । उहाँले हामीलाई पत्रकारहरु गोपाल खनाल, होम कार्की, प्रतिमा बाँस्कोटा र अन्जली महर्जनसँग परिचय र कुराकानी गराउनुभयो । पत्रकार खनालले प्रेसमाथि चौतर्फी आक्रमण भइरहेको र पत्रकारितालाई प्रोपोगाण्डा बनाउनुपर्छ भन्ने गलत तत्वहरुद्वारा सम्पूर्ण चौथो अंगमाथि धावा बोल्ने काम भइरहेको बेला सूचना स्वतन्त्रताको यो विश्वव्यापी अभियानप्रति मेरो शुभकामना छ, यस्तो पवित्र उद्देश्य सफल होस् भन्नुभयो ।

आश्विन १३: नेपाल टेलिभिजनका कार्यकारी अध्यक्ष कुन्दन अर्यालसँग कार्यालयमै भेट भयो । उहाँले नेपाल भ्रमण सफल गरेर एउटा डिग्री नै हासिल गर्नैभयो बधाई छ भन्नुभयो । हामी न्यूज २४ टेलिभिजन कार्यालय गयौं । त्यहाँ समाचार प्रमुख चिरञ्जीवी

देवकोटा, टेलिभिजनकर्मीहरु उमेशकुमार यादव, संगम बानियाँ, राजेशकुमार बटाला लगायतसँग हाम्रो कुराकानी भयो । प्रेस स्वतन्त्रताको पक्षमा यो अभियान सफल होस् भन्दै उहाँहरुले शुभेच्छा प्रकट गर्नुभयो । आज बेलुकाको खानपिन उमेश जीले टेलिभिजन क्याण्टिनमै व्यवस्था गर्नुभयो ।

आश्विन १४: एन्.टी.भी. २ मेट्रोका माधव कार्कीसँग कुराकानी भयो । उहाँले कुनै कार्यक्रममा बोलाएर नेपाल भ्रमणको अनुभव लिन सकिने देखियो भने बोलाउँछौ भन्नुभयो ।

आश्विन १५: हामी भोजपुर काठमाडौं सम्पर्क मञ्च नेकपा एमालेको दशैं तिहार शुभकामना आदानप्रदान कार्यक्रममा पुग्यौं । यस कार्यक्रममा दशैंलाई खर्चिलो नभई किफायतीकोरुपमा मनाउनु पर्ने सुझाव र शुभकामना व्यक्त गरिए । अध्यक्ष नगेन्द्र खनाल एवं अन्य भोजपुरेहरु निराजन बतास, राजेन्द्रप्रसाद बजगाईं, तुलसीराम सापकोटा, राजकुमार परियार लगायतसँग हाम्रो कुराकानी एवं परिचय भयो । उहाँहरुले विश्व प्रेस स्वतन्त्रताको यो उच्च अभिलाषा गन्तव्यमा सकुशल पुगेर फर्कियोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

असोज १६: गोदावरी ८, ललितपुरमा स्थानीयवासी शम्भु, चम्पा र सरोज रस्तेल एवं मनोक्रान्ति म्याट्रिक्सका साधकसाधिकाहरुसँग अनुभव आदान प्रदान भयो । सकारात्मक सोच एवं सफलताको ऊर्जास्थल नै हो, मनोक्रान्ति म्याट्रिक्स । तर, बोलीअनुसार व्यवहार देख्न नपाउँदा अबका दिनमा आफू के गर्ने ? भनेर अन्यौलता छाएको ५ वर्षे कोर्षका धेरैजसो सहभागीहरुले बताए ।

असोज १७: साधकत्रय ग्रिम्, क्रिम्, छिल्म् र साधिकाद्वय मीना र टीनाका साथ हामी फूल्चोकी घुम्न गयौं । हरियाली जंगलभित्र स्वस्थ अक्सिजन लिंदै, चराचुरुंगीको चिरबिर संगीतमा झुल्दै ३/४ घण्टाको उकालो चढेको कुनै पत्तो भएन । फूल्चोकीको डाँडामा टेलिभिजन टावर सुरक्षार्थ सेनाको टुकडी सँगै फूल्चोकी मन्दिर रहेछ । यस परिसरको ढुंगामा बसेर खाजा खान अनि कुहिरोकै बाबजुद वरपरको दृश्य हेर्न पाउँदा रमाईलो भयो । जति देखियो, त्यति हेरियो, चित्त बुझाइयो ।

त्यहाँ पुग्दा भोक र तीर्खाले व्याकुल भइयो । एकातिर खाजा पानी बोकेका साथी अगाडि नै मन्दिरमा पुगेकाले यस्तो अवस्था सिर्जना भएको हो । अर्कातिर मीना जी बाटो भुलेर बेपत्ता । एक्लै केटी मान्छे तर पुरुष चाल ढाल भएकी तगडा मान्छेचाहिं हो है उहाँ । उहाँ मन्दिरमा पुग्दा हामी सबैजना खुशी भयौं । बिहान ८ बजेदेखि बेलुकी ८ बजेसम्मको दोहोरो हिंडाई सफलतापूर्वक सम्पन्न गरियो । म्याट्रिक्समा आइपुगियो ।

यहाँ साधकसाधिकाहरु भोजपुरका विक्रम राई (ज्ञानम्), मित्रा राई (दिप्तम्), दिनेश तामांग (ध्यानम्), शर्मिला राई (श्रुतम्), देवेन्द्र राई (संयम्) र विनोद राई (सत्संग), बर्दियाकी मेलिना गिरी (तरंग), कृष्ण मुर्राती, झापाकी यानुका न्यौपाने (स्वगति), कोपिला रसाईली, नुवाकोटकी पार्वती पाण्डे (के.सी.), पाँचथरका एल.बी. नेम्वांग (फ्राम्) र सविता नेम्वांग, काठमाडौंका आशिष बस्नेत (भद्रम्) र श्याम श्रेष्ठ (खाम्), पर्वतका विक्रम खड्का (सौर्यम्) र सुनिल सापकोटा (उत्सव), सुर्खेतका पूर्ण बहादुर खड्का (अद्वेत), मकवानपुरका यामप्रसाद गौतम (निसंग), वैतडीका नेपाल यात्री हरिश वि.क. (खिल्म्), कञ्चनपुरका विनोद पौडेल (घ्राम्), गोरखाका चन्द्र बहादुर गुरुंग (जं) लगायतसँग विश्वभ्रमण अभियानका विषयमा कुराकानी भयो ।

काभ्रेका साधक उत्तम मोक्तान (गिलम्) ले भन्नुभयो- आम मानिसको दुःख र दर्दलाई राज्यको सम्बन्धित निकायसम्म पुऱ्याउने दायित्व पत्रकारको भएपनि वर्तमान पत्रकारिता व्यवसायमुखी र राजनीतिमुखी भएका कारण यसभित्र स्वार्थ लुकेको देखिन्छ, यस्तो अवस्थामा थालिएको यो विश्वभ्रमण अभियान एकदमै सान्दर्भिक छ, लक्ष्य साकार होस् शुभकामना ।

सहर करो गालिफ, फिर जिन्दगानी कहाँ, अगर जिन्दगानी भी मिले, फिर न जवानी कहाँ भन्दै क्रिष्टिना (राधिका) क्षेत्री (कोक्राझार आसाम, भारत) ले शुभकामना डायरीमा लेख्नुभयो, आज के जमाना में सकारात्मक पक्ष से ज्यादा लोग नकारात्मक पक्षको लक्ष्य करते हैं । लेकिन हमे बहुत खुस होना चाहिए कि जमाना बदल रही है, आज भी ऐसा युवा लोक हैं जो समाजको सच्चा क्रान्ति सिखते हैं बाहर के न होकर अन्दर के क्रान्ति ले मैदानमे उतरे है । आप लोगों के उद्देश्य महान् है । इस युद्ध के मैदान आप लोक अकेले नहीं है । सारा विश्व आपके साथ है । यही शुभकामना देना चाहती हुँ ।

असोज १८: हामी ऐक्यबद्धता मासिकको कार्यालय पुतलीसडक पुग्यौं । त्यहाँ सम्पादक निलकण्ठ तिवारी, कार्यकारी सम्पादक ध्रुवराज भट्टराई लगायत अन्य सञ्चारकर्मीसँग हाम्रो भेट भयो । उहाँहरुले आफ्नो तर्फबाट विश्वभ्रमण अभियानका लागि खेल्न सक्ने भूमिकामा सहयोग गर्ने प्रतिबद्धता जनाउनु भयो । कार्यकारी सम्पादक भट्टराईले शुभेच्छा डायरीमा लेख्नुभयो- नकारात्मक समाचार जस्तै हत्या, हिंसा, बलात्कार मृत्यूका समाचार केही क्षणमै विश्वभर फैलिन्छन्, तर सकारात्मक समाचारले उचित ठाउँ

पाएको देखिदैन । यो प्रवृत्ति नेपालमा अझ बढी देखिन्छ । हामीहरुले यो नकारात्मकतालाई हटाउनै पर्छ । सभ्य, शान्त, हिंसामुक्त र भ्रष्टाचाररहित विश्वका लागि यहाँहरुले लिएको उद्देश्य र गर्न लागेको भ्रमणले ठूलो योगदान पुऱ्याउने छ भन्ने कुरामा म निकै आशावादी छु । भ्रमणमात्रै होईन उपलब्धिमूलक भ्रमण होस्, यही मेरो शुभकामना ।

असोज २०: काठमाडौंबाट हामी मनोक्रान्ति म्याट्रिक्स, गोदावरी ललितपुर आयौं । यहाँ गुरु डा. योगी विकाशानन्द, उहाँकी आमा पूर्णदेवी श्रेष्ठ, श्रीमती कमलेश्वरी सैजु, छोरी निर्वाणा र छोरा क्वाण्टम्, यसैगरी योद्धाहरुमा मनोक्रान्तिकै इतिहासमा पहिलोपटक नेपालका पचहत्तरै जिल्ला पदयात्रा गरिसक्नुभएका नुवाकोटका अनन्तराम के.सी. (कं), काभ्रेका राजेन्द्र सापकोटा (घं) र रुपक खड्का (यां), एक्लै नेपालका ७५ जिल्ला भ्रमण गरिसक्नुभएकी पहिलो महिला भोजपुरकी मीलादेवी राई (टं) र दोश्रो महिला यात्री बर्दियाकी मीना चन्द, मेची-महाकाली पहिलो महिला साईकलयात्रीद्धय भक्तपुरकी कविता ढुंगाना (घ्लिम्) र मकवानपुरकी दुर्गा गौतम (च्लिम्), मनोक्रान्ति साप्ताहिक सम्पादक रमेशकुमार के.सी. (चं), रेडियो प्रस्तोता भक्तपुरकी नयनकमल सैजु (सुषुम्ना), पहिलो भूतपस्वी सिन्धुलीकी सुधा देवकोटा (गं), ९० दिने भूतपस्वी गंगा पौड्याल (डं), मेमोरी मास्टर रौतहटका दीपक नेपाल (क्राम्), माइण्ड टेक्नोलोजी प्रशिक्षक काभ्रेपलाञ्चोकका नवराज फुयाल (छं), योग मास्टर नवलपरासीका विजय सापकोटा (डं), पहिलो सभामुख पाँचथरका गजेन्द्रराज नेम्वाङ्ग (णं), गायकद्वय नवलपरासीका नारायण सापकोटा (ध्राम्) र भोजपुरका नवीन घले (पं), म्याट्रिक्स इन्चार्ज काभ्रेका निरञ्जन पराजुली (क्षाम्), कार्यालय सचिव कपिलवस्तुका शिवराज घिमिरे, बजार व्यवस्थापक सर्लाहीका वृजनन्दन महतो (वृज) लगायत उपस्थित साधक/साधिका तथा मनोक्रान्तिप्रेमीहरुसँग हाम्रो कुराकानी भयो । उहाँहरुले प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि थालिएको विश्वभ्रमण अभियान अन्तर्गत २ वर्षे नेपाल भ्रमण सकिएकोमा बधाई ज्ञापन गर्दै आगामी यात्रा पनि यसैगरी सफल हुनेछ भन्ने विश्वासका साथ शुभकामना व्यक्त गर्नुभयो ।

धेरै निराश एवं जीवनदेखि हार खाइसकेका अनि शारिरीक तथा मानसिक रोग भएका व्यक्तिहरुले मनोक्रान्ति साधनाबाट पुर्नजीवन पाएका छन्, युवाहरुले सही मार्ग भेट्टाएका छन् । यति हुँदा हुँदै पनि व्यावसायिकताबाट माथि उठ्न अनि संस्थागतरुपमा लैजान नचाहनु/नसक्नुले मनोक्रान्ति आफैंमा खुम्चिएर बसेको छ भन्छन्, शुभेच्छुकहरु । उनीहरुको भनाई छ, यदि आध्यात्मिकता मात्र हो भने प्रचार प्रसार लगायतका कुरामा गुनासो रहनु हुँदैन, अभियान हो भने सबैले हाम्रो अभियान हो भन्ने अनुभूति गर्न पाउनुपर्छ । ५ वर्षे नेतृत्व विकास एवं आत्मरुपान्तरण सत्र कार्यक्रममा सहभागी तमाम ऊर्जाशील योद्धा एवं साधकसाधिकाहरुले समेत यो अभियान आफ्नो हो भन्ने अनुभूति गरेर लागि परेको देखिएन, गुरुका अगाडि धेरै साधकसाधिकाहरुले आफ्ना कुरा भन्न नसकी भित्रै दबाएर राखेका देखिन्छन् । अभियान भनिए पनि सम्पूर्ण चल अचल सम्पत्ति पारिवारिकरुपमा राखिएको रहेछ, देशका विभिन्न ठाउँमा भेटेका शुभेच्छुक एवं योद्धाहरुले हामीसँग दुःखेसो गरे ।

असोज २१: बिहान गुरुले हामीलाई मनोक्रान्ति आध्यात्मिकता मात्र हो, यहाँ आउने साधकसाधिका स्कूल कलेज पढ्न आउने विद्यार्थी जस्तै मात्र हुन् भन्नुभयो । उहाँले यसो भन्नु भएपछि मनोक्रान्तिको ५ वर्षे कोर्ष सपना देखिए अनि देखाए बमोजिम सफल भएन कि ? भन्ने हामीलाई लाग्यो । किनभने उहाँले धेरै युवायुवतीहरुलाई विभिन्न प्रवचनमार्फत् सम्पूर्ण भविष्य नै मनोक्रान्तिमा छ, तपाईहरु घरपरिवार सबै कुरा छाडेर आउनुस्, हामी खत्तमबाट उत्तम (उत्कृष्ट) मानव बनाउँछौं, र, संस्थागतरुपमा अगाडि बढ्छौं बढाउँछौं भन्दै आव्हान गर्नुभएको थियो ।

२०६७ असोज २२ देखि कार्तिक २:

हिन्दूहरुको प्रमुख चाड बडादशैं परेकाले घरतिर जाने मान्छेहरुको बसमा घुइँचो लागेको छ । घर फर्किने मान्छेहरुका कारण बसका छत भरिभराउ छन् । यी दिनहरुमा हामी काठमाडौंका विभिन्न स्थान घुम्दै आफन्तजनकहाँ पालैपालो बस्दै रह्यौं । यसरी बस्नुपर्ने कारण कोठा खोजी गरेपनि भेट्न सकिएन । हामी कहिलकाहिं बाहिर होटलमा खाना खाएर सुत्न मात्र पनि गयौं उहाँहरुको कोठामा । लेख्न, पढ्न, बस्न गाऱ्हो भइरहेछ यसरी । काठमाडौंमा महंगाईको मारमा उहाँहरुकहाँ हामी संकोच मानेर बसिरहेका छौं । हुन त उहाँहरु कसैले पनि हामीलाई अप्ठ्यारो परेको छ भन्नुभएको छैन । तैपनि हाम्रो मनले मानिरहेको छैन । हाम्रा कारणले उहाँहरुमा पर्न गएको अप्ठ्यारोप्रति हामी हृदयदेखि नै क्षमायाचना

हनुमानढोका

मागदछौं । उहाँहरुको यो अमूल्य सहयोगप्रति हामी ऋणी छौं । अहिलेलाई आभार एवं धन्यवाद प्रकट गर्दछौं ।

आश्विन २४: जि.वि.स. ललितपुरमा धाउँदा बल्ल तल्ल रु. २ हजार सहयोग मिल्यो । यसका लागि पत्रकार अमृतनाथ तिमल्सिनाको पनि पहल भएको थियो । हाकिम साबहरुले दाँया बाँया गरेको तथ्यसम्मत् समाचार छापेपछि रिसाउने परिपाटी छ के गर्नु ? पत्रकार तिमल्सिनाले हामीसँग दुःखेसो गर्नुभयो ।

साँझ पुतलीसडकमा काठमाडौंका मित्र शिवराम रायामाझी (ल्नाम्) सँग जम्काभेट र केहीबेर कुराकानी भयो । नेपाल भ्रमण सम्पन्न भएको उपलक्ष्यमा चियानास्ताको व्यवस्था गर्दै उहाँले आगामी भ्रमण सफल होस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

आश्विन २५: हामी जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौं गयौं । प्रजिअ लक्ष्मीप्रसाद ढकालसँग कुराकानी गऱ्यौं । प्रजिअ ढकालले शुभकामना पत्र बनाउन निर्देशन दिदै विश्वभ्रमण सफलताका लागि शुभकामना व्यक्त गर्नुभयो । प्रशासकीय अधिकृत सुरेन्द्रराज पौडेलले शुभकामना पत्र दिनुभयो । ७५ जिल्ला भ्रमणको आधिकारिक पत्र पाइसकेपछि हामीलाई धेरै खुशी लाग्यो । यद्यपि विदेश भ्रमणको जिम्मेवारी एवं संकलन गरेका सामाग्री जनसमक्ष ल्याउनुपर्ने कार्यलाई पनि गहनरुपमा लिएका छौं हामीले ।

पाटनढोका ललितपुरमा भोजपुरका पूर्वमन्त्री एवं नेकपा एमालेका पूर्व सांसद हेमराज राईसँग हामीले भेट गऱ्यौं । पूर्वमन्त्री राईले यो अभियान भोजपुरका लागि मात्र नभएर राष्ट्रकै लागि गौरव गर्न लायक अभियान हो यसलाई सक्दो सहयोग गर्न म पनि तयार छु भन्दै विश्वभ्रमण अभियान सफलताको कामना गर्नुभयो ।

आश्विन २६: बिहान पूर्वमन्त्री एवं नेपाली कांग्रेसका केन्द्रिय सदस्य ज्ञानेन्द्र बहादुर कार्कीसँग भेट गर्न हामी उहाँको निवास हांत्तीगौडा काठमाडौं पुग्यौं । हामी त्यहाँ पुग्दा योगाभ्यासमा व्यस्त उहाँले ५० नाघेकाले योगाभ्यास गर्नुपर्छ भन्नुभयो । उहाँलाई भोजपुरको विकास नहुनुको कारण के हो ? भनेर सोध्दा अहिलेसम्म प्रतिनिधि छनौट गर्दा भोट सही ठाउँ र व्यक्तिमा जान नसक्नु हो भन्नुभयो ।

नेपाली पत्रकारिताले छोटो समयमै उत्साहजनक फड्को मारेको छ भन्दै पूर्वमन्त्री कार्कीले अझ पनि विश्वसनीयताको खाँचो भएको बताउनुभयो । लोकतन्त्रको रक्षा गर्न निहित स्वार्थबाट बचेर समाजका विकृति विसंगतिलाई पत्रकारिताले उजागर गर्नुपर्ने धारणा राख्दै उहाँले विश्वभ्रमण अभियान सफल बनाउन आफ्नो तर्फबाट सक्दो सहयोग रहने बताउँदै फेरी भेटौं भन्नुभयो ।

दिउँसो हामी रेकी योग क्लिनिक चावहिल गौरीघाट गयौं । त्यहाँ भोजपुरका मिसन, भिजन, किरण, सिर्जन, गुणातीत र सुरेश श्रेष्ठले विश्वभ्रमणको अदम्य साहस र विराट लक्ष्यका कारण हामीलाई निकै ऊर्जा मिलेको छ भन्दै आफू पनि यस्तै विराट लक्ष्यमा लम्कन अभिप्रेरित भएको बताउनुभयो । र, भ्रमण सफलताको कामना गर्नुभयो । काभ्रेका मित्र विकास मैनाली, काठमाडौंका मधु श्रेष्ठ लगायतसँग पनि त्यहाँ हाम्रो कुराकानी भएको थियो ।

त्यहाँबाट हामी नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यालय, सञ्चारग्राम काठमाडौं पुग्यौं । महासचिव पोषण के.सी. ले २ वर्षे नेपाल भ्रमण सिध्याउनु भएकोमा बधाई छ, यसको प्रतिवेदन लेख्नुस्, दशैंपछि सार्वजनिक गर्नुपर्छ भन्नुभयो ।

आश्विन २७: हामीले भोजपुर क्षेत्र नं. १ का सभासद् एवं पूर्वराज्यमन्त्री पदमबहादुर राईसँग भेट गऱ्यौं । पुरानो वानेश्वर कात्यायनी चोकमा भएको भेटमा सभासद् राईले हजारौं नेपाली जनताको बलिदानीलाई आफ्नो पार्टी एकीकृत नेकपा (माओवादी) र राज्यले भुल्न नमिल्ने बताउनुभयो । नेपालमा सोझा सीधा इमान्दार मान्छे पछाडि पर्ने उहाँकी श्रीमतीको दुखेसो थियो । उहाँहरुले प्रेसको प्रत्याभूति एवं सकारात्मक पत्रकारिताबारे जानकारी लिने उद्देश्यले नेपालको दिंलाबजारबाट सुरु भएको विश्वभ्रमण यात्रा सार्थक एवं सफल रहोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

असोज २८ देखि कार्तिक १: यि दिनहरुमा हामी काठमाडौंमा रहनुभएका आफन्तजनसँगै दशैंमा सामेल भयौं । कपनका नरेन्द्र र विश्व भट्टराई परिवारले नेपाल र नेपालीहरुको प्रगतिका लागि सुरु गरिएको यात्राले विजयको शिखर चुमोस् र लक्ष्यहरु पूर्णरुपले सफलीभूत हुन् भन्दै शुभकामना प्रकट गर्नुभयो । असोज ३१ गते विजयादशमी परेको थियो ।

कार्तिक २: प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि विश्वभ्रमण अभियान अर्न्तगत २ वर्षे नेपाल यात्रा समापनको दिन हो, आज । तर, दशैं परेकाले पत्रकार सम्मेलन गरेर यसको औपचारिक समापन घोषणा गर्न बाँकी छ । यसैबीच भोली बिहान कान्तिपुर एफ.एम. को रेडियो टक कार्यक्रममा प्रस्तोता प्रज्वलता खड्काले प्रत्यक्ष अर्न्तवार्ता लागि बोलाउनु भएको छ ।

यसप्रकार २ वर्ष अर्थात् ७३० दिनको नेपाल भ्रमण डायरी समाप्त भयो ।

काठमाडौं यात्राका क्रममा प्राप्त नगद सहयोग

ध्रुवलाल श्रेष्ठ (ध्रुवानन्द)	रु. ५,०००/-
ईन्द्र कर्माचार्य (मीनभवन)	रु. २,०००/-
सभासद् पदमवहादुर राई (वोया भोजपुर)	रु. १,०००/-
शंकर थापा (टक्सार १ भोजपुर)	रु. १,०००/-
लालवहादुर पौडेल (च्यांग्रे भोजपुर)	रु. ५००/-
उपराष्टपति परमानन्द झा	रु. ५००/-
त्रिपुरा श्रेष्ठ (यट्खा)	रु. ५००/-
गोविन्द वोहोरा (महाराजगञ्ज)	रु. ५००/-
चक्रवहादुर धामी (मैतीदेवी)	रु. ५००/-
नारायण थापा(सुप्ला, भोजपुर)	रु. २००/-
रामप्रसाद नेपाल	रु. २००/-
चन्द्रवहादुर गुरुंग	रु. ५०/-

२ वर्षे नेपाल भ्रमण प्रतिवेदन

"विश्वमा प्रेस स्वतन्त्रता, प्राथमिकतामा सकारात्मक पत्रकारिता" को मागसहित हाल हामी २ यात्री/पत्रकार विश्वभ्रमण अभियानमा निस्किएका छौं । वि.सं. २०६५ साल कार्तिक २ गते यो भ्रमण हामीले नेपालको पूर्वी पहाडी जिल्ला भोजपुरबाट सुरु गरेका हौं । २ किसिमबाट विभाजित यो विश्वभ्रमण स्वदेश र विदेश भ्रमण अन्तर्गत केन्द्रित छ । ९ वर्षे योजनाका साथ थालिएको यो भ्रमणले वि.सं. २०६७ कार्तिक १ गते अर्थात् २ वर्षमा नेपालका सबै (७५) जिल्ला पूरा गरिसकेको छ । यस दौरानमा हामीले नेपालका पचहत्तरै जिल्ला सदरमुकाम, ५८ नगरपालिकाका साथै ९९७ गा.वि.स. का ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं पर्यटकीय स्थल सकेसम्म भ्रमण गर्‍यौं । विभिन्न पेशा/व्यवसायका १५ हजार भन्दा बढी व्यक्ति र १ हजार भन्दा बढी पत्रकारसँग यस अभियानका विषयमा प्रत्यक्ष भेटघाट र अर्न्तक्रिया भयो । प्रस्तुत छ, सोही भेटघाट र अर्न्तक्रियाका आधारमा तयार पारिएको प्रतिवेदन ।

प्रेस स्वतन्त्रताको अपरिहार्यता:

प्रेसलाई विश्वभर राज्यको महत्वपूर्ण अंगका रूपमा हेरिन्छ । यसको गहन महत्वलाई बुझेर नै सत्ता सञ्चालकहरूले राज्यको चौथो अंगकारूपमा परिभाषित गर्दै आएका छन् । आवाज विहीनको आवाज भन्ने र सधैंभरी अग्रगमन, परिवर्तन र विकासका पक्षमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले नै प्रेसलाई राज्यदेखि सर्वसाधाणसम्मले पनि अत्यन्त गरिमामय नजरबाट हेरेका हुन् । तर बिडम्बना प्रेस विश्वभर अहिलेसम्म पूर्णरूपले स्वतन्त्र हुन सकेको छैन । कुनै न कुनै रूपमा यसमाथि हनन् भइरहेकै छ । नेपालमा पनि राज्य, गैरराज्य पक्ष राजनीतिक दलदेखि भूमिगत समूह र अब त व्यक्ति-व्यक्ति समेत विभिन्न आवरणमा प्रेस स्वतन्त्रता हनन् गर्न अधिक अग्रसर भइरहेका छन् । जसले गर्दा नेपाली पत्रकारितामा स्वनियन्त्रण (Self-censorship) दिनप्रतिदिन बढ्दो छ । लोकतान्त्रिक गणतन्त्र स्थापना भइसक्दा समेत यो अवस्था जारी मात्रै छैन, प्रेस स्वतन्त्रता विरोधी तत्वहरूले नेपाली पत्रकारिताको विकासलाई तहस-नहस पार्न खोजिरहेका छन् । तर कसैका सामु घुँडा टेकेर पछि हटेको छैन नेपाली प्रेस । जुनसुकै तुफान र आँधीबेहेरीलाई पनि दृढता र अनवरत संघर्षका साथ सामना गर्दै अगाडि बढिरहेको छ नेपाली पत्रकारिता आन्दोलन ।

आफ्नो अधिकार र कतर्व्यप्रति सचेत नेपाली प्रेस नेपाल पत्रकार महासंघ र पत्रकारसँग सम्बन्धित राष्ट्रि तथा अन्तर्राष्ट्रिय सञ्चार संगठनहरूको सहयोगमा प्रेस स्वतन्त्रताको पक्षमा सशक्त र घनिभूत आवाज उठाइरहेको छ । र, अहिले सर्वाधिक महत्वमा परेको विषय देशभरकानेपाली पत्रकारहरूले अब बन्ने नयाँ संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेण्टी (सुनिश्चितता) हुनुपर्दछ भनिरहेका छन् । जुन सुनिश्चितता हुनु पनि पर्दछ । किनकी प्रेस स्वतन्त्रताको सन्दर्भ पत्रकारहरूलाई स्वतन्त्र बनाउन सँग मात्र गाँसेर हेरेमा त्यो अलिक संकुचित धारणा नै हुनेछ। स्वतन्त्र प्रेसको अर्थ त पत्रकार वा सञ्चार गृहलाई स्वतन्त्र बनाउने मात्र नभई राज्यदेखि सर्वसाधारण अनि समग्र विश्वमानव जातिलाई मर्यादित, सन्तुलित एवं तटस्थ सूचना प्रवाह गर्नु हो । र, अर्को गम्भीर यथार्थ के पनि हो भने जबसम्म प्रेस स्वतन्त्र हुन सक्दैन, तबसम्म नागरिकको सूचनामा पहुँच पुग्नै सक्दैन । अनि हरेकका हक, अधिकार र कर्तव्य कुण्ठित हुन्छन् । त्यसैले कुनै पनि हालतमा प्रेस स्वतन्त्रता यो युगको अपरिहार्य आवश्यकता बनेको छ ।

नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालद्वारा सूचना विभाग, सञ्चारग्राम काठमाडौंमा संयुक्तरुपमा आयोजित प्रतिवदेन सार्वजनिकीकरण तथा स्वागत कार्यक्रम
२०६७ मंसीर २८ गते

सूचना पाउने जनताको हक, अधिकारबारे नेपालभर सन्देश दिनु नै यस भ्रमणको उपलब्धि हो । नेपालको पत्रकारिताका चुनौती, सम्भावना र सुधारका लागि सुझावहरु पनि यो संक्षिप्त प्रतिवेदनले समेटेको छ । प्रेस स्वतन्त्रता एवं सकारात्मक पत्रकारिताका लागि सम्पन्न यो २ वर्षे नेपाल भ्रमण नेपालकै पहिलो भ्रमण अभियान हो ।

– धर्मेन्द्र झा (केन्द्रिय अध्यक्ष), नेपाल पत्रकार महासंघ

अबको पत्रकारितामा सकारात्मक वा सिर्जनात्मक पत्रकारिताको आवश्यकता छ ।

– नारायणप्रसाद शर्मा (अध्यक्ष), प्रेस काउन्सिल नेपाल

यस भ्रमणले विश्वमा प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ अगाडि बढाउनु पर्छ ।

– गोपाल थपलिया, वरिष्ठ पत्रकार

(यो प्रतिवेदन काउन्सिल अध्यक्ष नारायणप्रसाद शर्माले सार्वजनिक गर्नुभएको थियो भने महासंघ अध्यक्ष धर्मेन्द्र झा, सूचना विभागका महानिर्देशक श्रीधर गौतम, महासंघ महासचिव पोषण के.सी. र वरिष्ठ पत्रकार गोपाल थपलियाले स्वागत, शुभकामना मन्तव्य राख्दै प्रतिवेदनबारे बोल्नुभएको थियो ।)

नेपालमा प्रेस स्वतन्त्रता विरोधी घटनाहरू दिनप्रतिदिन बढिरहेका छन्। हामीले नेपाल भ्रमण गरेको २ वर्षभित्रै पनि दिन दहाडै २ सञ्चारकर्मी र ३ सञ्चार व्यवसायीलाई निर्मम हत्या गरियो। जनकपुरकी पत्रकार महिला उमा सिंह, कैलालीका पत्रकार जेपी जोशी, च्यानल नेपालका अध्यक्ष जमिम शाह, जनकपुर टुडेका अध्यक्ष अरूण सिंघानिया र पछिल्लोपटक रेडियो तुलसीपुर दाङ्गका अध्यक्ष देवी प्र. धिताल (हेमराज) को पनि हत्या भयो। यसभन्दा अघि पनि पत्रकार वीरेन्द्र शाह, प्रकाश ठकुरी, ज्ञानेन्द्र खड्का, डेकेन्द्रराज थापा, कृष्णसेन ईच्छुक आदि हत्याका घट्ना प्रकाशमा आएका थिए। यी त प्रकाशमा आएका नेपालका केही ठूला घट्ना हुन्। तर यी कुनै पनि घट्नाका दोषीलाई सरकारले अझैसम्म पनि कारवाही गर्न सकेको छैन। परिणाम- मुलुकमा दण्डहीनता मौलाएको छ। मानवअधिकार हनन् भएको

छ। र, नागरिकहरूले दिनप्रतिदिन असुरक्षित महसुस गरेका छन्। राज्यले कसैलाई पनि सुरक्षाको प्रत्याभूति दिलाउन सकेको छैन। अर्थात् 'काग कराउँदै गर्छ, पीना सुक्दै गर्छ' जस्तै भएको छ।

तर पनि शोकलाई शक्तिमा बदल्न सक्ने जागरुक नागरिक अनि निर्भिक, निडर र साहसी नेपाली पत्रकार एवं सञ्चार गृहहरूले विभिन्न चुनौतीका बाबजुद पनि छोटो समयमा नेपाली पत्रकारिताको लोभलाग्दो विकास दक्षिण एशियासामु प्रस्तुत गरि उदाहरणीय भइसकेका छन्। यस अभियानलाई अझ विश्वव्यापी बनाउन, नेपाली सञ्चार जगतको गुणस्तरीय विकासमा टेवा पुऱ्याउन र नेपाललाई विश्वमाझ चिनाउन हामीले पनि ७ वर्षे विदेश भ्रमणको घोषणा गरिसकेका छौं- विश्वमा प्रेस स्वतन्त्रता, प्राथमिकतामा सकारात्मक पत्रकारिताको नारा/मागलाई लिएर।

नेपाली पत्रकारिताको पछिल्लो विकासः

एक शताब्दी भन्दा लामो छ, नेपाली पत्रकारिताको इतिहास (वि.सं. १९५० लाई आधार मान्दा ११७ वर्ष)। यति समय पार गर्दा नेपालमा पत्रकारिता विकास विभिन्न आयामबाट भएको देखियो। पछिल्लो पटक २०६७ कार्तिक महिनासम्म आइपुग्दा नेपालका गाउँ बस्तीसम्म प्रिण्ट मिडिया (पत्र-पत्रिका) को तुलनामा इलेक्ट्रोनिक मिडिया (एफ.एम. रेडियो, टेलिभिजन) ले व्यापकता समेटेको छ। जसअर्न्तगत नेपालको काठमाडौं उपत्यकाबाट प्रसारित सामुदायिक सूचना नेटवर्क (सी.आई.एन्), उज्यालो नेटवर्क, नेपाल एफ.एम. नेटवर्क, एक दर्जन जति नेपाली टेलिभिजन च्यानल र बेलायतको राजधानी लण्डनबाट प्रसारित बी.बी.सी. नेपाली सेवाले समाचार, सूचना, ज्ञान-विज्ञान एवं मनोरञ्जन सम्प्रेषणमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। सार्वजनिक रेडियोको रूपमा चिनिने रेडियो नेपालका ५ वटा क्षेत्रीय प्रसारण केन्द्र छन् भने यही रेडियोको केन्द्रिय प्रसारण पहुँच सबै जिल्लामा विस्तारित छ। तर कर्णाली अञ्चलका डोल्पा र मुगु, हिमाल पारीका जिल्ला मनाङ्ग र मुस्ताङ्ग, अनि मध्यमाञ्चलको रसुवा जिल्लामा अहिलेसम्म कुनै पनि प्रकारका एफ.एम. रेडियो स्थापना भएका छैनन्।

तराईका जिल्ला अर्न्तगत झापा, मोरङ्ग, सुनसरी, धनुषा, पर्सा, मकवानपुर, चितवन, रूपन्देही, सुर्खेत, कञ्चनपुर, कैलाली, बाके, दाङ्ग अनि पहाडी जिल्ला अर्न्तगत कास्की, पाल्पा, डडेल्धुरा जिल्लामा नेपाली पत्रकारिता निकै फस्टाएको छ। ती जिल्लामा एफ.एम. रेडियो र पत्र-पत्रिकाको विकास अझै पनि भइरहेको छ। पर्साको वीरगञ्जमा त झन् मोफसलको पहिलो स्याटेलाइट टेलिभिजन तराई टेलिभिजन प्रसारणमा छ। मोफसलका जिल्ला अर्न्तगत कैलाली, पर्सा, रुपन्देही र कास्की जिल्ला दैनिक पत्रिका प्रकाशित गर्नेमा अग्रणी छन्। तर धेरैजसो जिल्लामा साप्ताहिक/पाक्षिक/मासिक पत्रिका प्रकाशित भएपनि नियमित भने छैनन्। यसरी हेर्दा हिमाल र पहाडका जिल्लाहरू भन्दा तराईका जिल्लाहरू सञ्चार र यातायातका साधनको सबै खाले पहुँचका कारण पत्रकारिता विकासमा निकै अगाडि देखिन्छन्।

यसैगरी हिमाल पारीका मनाङ्ग र मुस्ताङ्ग जिल्ला बाहेक सबै जिल्लामा पत्रकार महासंघका जिल्ला शाखा स्थापना भएका छन्। मध्यमाञ्चलको नुवाकोट र रसुवा जिल्लामा महासंघको संयुक्त शाखा छ। स्थापित शाखाहरू मध्ये धेरै शाखा क्रियाशीलता तर्फ उन्मुख छन् भने केही शाखा निस्क्रिय।

पत्रकारलाई हेर्ने दृष्टिकोण :

पूर्व, पश्चिम, हिमाल, पहाड, तराई धेरै ठाउँका दुर्गम तथा अविकशित गाउँबस्तीमा पत्रकार शब्दै नसुनेका व्यक्ति धेरै रहेछन् नेपालमा। यसको एउटा उदाहरण कर्णाली अञ्चलको सम्भावनायुक्त तर अहिलेसम्म सबभन्दा अविकसित जिल्ला डोल्पाकी ज्ञानी रावलले हाम्रो डायरीमा लेखेकी छन्- 'पत्रकार, प्रेस स्वतन्त्रता र सकारात्मक पत्रकारिताजस्ता नयाँ शब्द र यसको अर्थबारे बताइदिनुभएकोमा तपाईहरुलाई धेरै धेरै धन्यवाद।' यस्तो भावना लेख्ने उनीजस्ता थुप्रै ज्ञानी छन्, नेपालमा। यद्यपि, यी ज्ञानी १२ कक्षामा पढ्ने विद्यार्थी हुन्।

पत्रकार शब्दले मात्रै अर्थ नबुझ्ने नागरिक पनि थुप्रै रहेछन्, जाजरकोट, डडेलधुरा, बैतडी, बझाङ्ग, अछाम, लगायतका जिल्लामा। ती नागरिकहरूलाई उनीहरूकै फोटो खिचेर देखाएपछि मात्र हामीप्रति उत्सुक भए। त्यसपछि उनीहरूले आफ्ना साथीहरूसँग कुरा गरे- 'अब मेरो नाम पत्रिका र रेडियोमा आउने अनि फोटो चाहि टि.भी.मा देखिने भयो।

बाराको हलखोरियामा भेटिएकी राजकुमारी बम्जनलाई चाही पत्रकार यो युगको भगवान (उनकै शब्दमा) हो भन्ने लाग्दोरहेछ। त्यस्तै पत्रकारजस्तो मान्छेलाई रेडियोमा सुनेको तर आज मेरो यो झुपडीमा देख्न, राख्न र बोल्न पाउँदा मलाई असाध्यै खुशी लाग्यो भने- सल्लीसल्ला हुम्लाका पदम बहादुर सिंहले।

आवाजविहिनहरू यो देशमा पत्रकारलाई असाध्यै ठूलो भरोसा गर्दा रहेछन् । पत्रकारले हाम्रो गाउँठाउँको बारेमा केही समाचार लेखेपछि र त्यसलाई सञ्चारमाध्यमबाट सम्प्रेषण गरेपछि सरकारले हेर्छ अनि विकास हुन्छ भन्ने मान्यतामा अगाध आस्था रहेछ उनीहरूलाई । अनि हिमाली र पहाडी जिल्लाका दुर्गम र अविकसित गाउँ बस्तीमा बस्नेहरुलाई । पत्रकारकै कलमको कारण हामी यो अवस्थामा पुगेका हौ भनेर खुशी व्यक्त गर्न चाहनेहरु पनि धेरै भेट्टिए, विशेषगरी नेपालका गाउँघरमा ।

यति हुँदाहुँदै पनि धेरैजसो नागरिक नेपाली पत्रकारिताको विकासमा राजनीतिक हस्तक्षेप बढी भएको आरोप लगाउँछन् । उनीहरूको आरोप छ- "नेपालका प्राय:जसो सञ्चारमाध्यम नेतामुखी, राजधानीमुखी, शहर र सदरमुकाममुखी भएका छन्, गाउँमुखी, जनमुखी, सकारात्मकतामुखी र विकासमुखी भएका छैनन् । किनभने पत्रकारहरूले खाली हत्या, हिंसा, आक्रमण, लुटपाट, मृत्यूआदिका नकारात्मक समाचार मात्र प्राथमिकतामा देख्छन्, लेख्छन्, पढ्छन्, भन्छन् र सुनाउँछन् ।"

विभिन्न राजनीतिक परिवर्तनमा सञ्चारमाध्यमले खेलेको भूमिका र वि.सं. २०४६ सालको जनआन्दोलन पश्चात् नेपाली पत्रकारिता क्षेत्रमा भएको विकासलाई राजनीतिक दल, विभिन्न सरकारी निकाय र नीजि संघ-संस्थाका प्रतिनिधिहरूले गर्वका साथ प्रस्तुत गरे । र, राज्यको चौथो अंग पत्रकारिता स्वतन्त्र, सकारात्मक र मर्यादित हुनुपर्छ पनि भने । तर पत्रकार र पत्रकारिता क्षेत्रप्रति गुनासो, असन्तुष्टि र आरोपचाहिं उनीहरूकै बढी पाइयो । उनीहरू आफू अनुकूल समाचार आए पत्रकारलाई राज्यको चौथो अंग भन्दै धाप मार्ने, आफू प्रतिकूल आए धम्की र मानसिक तनाव दिने गर्दा रहेछन् । यति सम्मन् कि आफ्नो दलको राम्रो प्रचार, प्रतिष्ठा र प्रतिरक्षाका लागि आफै मिडिया खोलेका छन् उनीहरूले ।

प्रेस स्वतन्त्रताको भाषण गर्न माहिर बुद्धिजीवी र मानव अधिकारकर्मीहरु पनि पत्रकारितालाई वास्तविक सहयोग गर्दा रहेनछन् धेरै जिल्लामा । अनि जिल्लाका केही पत्रकार चाहि पत्रकार महासंघको झण्डामा गोलबद्ध हुनुको सट्टा मेरो भविष्य त राजनीतिमै छ भन्दै सार्वजनिक रुपमा बोल्ने र पार्टीको झण्डा पनि बोक्दा रहेछन् । यो घटना हुम्ला, मकवानपुर लगायतका जिल्लामा प्रत्यक्ष देख्न र सुन्न

पाइयो । सायद, यस्तै देखेर भोगेर होला, नेपालगंजका विश्वनाथ पाण्डेको आरोप छ- "पत्रकार स्वतन्त्र, निष्पक्ष र तटस्थ हुनुको साटो पैसा र रक्सीको पछि लागि पीत पत्रकारिता गर्छन् । वास्तविक पत्रकारिताको मर्म-धर्म अनुसार चल्दैनन् । अनि यसको दोष जति सबै इमान्दार र कर्तव्यनिष्ठ पत्रकारमाथि पर्छ ।

पत्रकार र सञ्चार संस्थाको अवस्था:

नेपाल सरकार, राजनीतिक दल एवं स्वयं सञ्चारमाध्यमहरूबाट समेत नेपाली पत्रकार प्रशंसाको शिकार भएका छन् । श्रमजीवि पत्रकार ऐन सरकार र सञ्चारमाध्यमहरूले लागू गरेनन् भनेर अधिकांश जिल्लाका पत्रकारहरू आक्रोशित र हैरान देखिन्छन् । मूलधारको पत्रकारिता विशेषगरी राजनीतिमुखी भएकाले राजनीति बाहेक अन्य विषयवस्तुमा कलम चलाएर नेपालमा बाँच्न नसकिने धारणा राख्छन् धेरै पत्रकारहरू । त्यस्तै सम्बन्धित निकायले सूचना लुकाउने परिपाटी छ । स्वनियन्त्रण गर्नुपर्ने समस्या दिनप्रतिदिन बढ्दो छ । अनि मोफसलबाट दु:ख गरेर पठाइएका समाचारहरू पनि मुलुकमा केन्द्रमुखी पत्रकारिता हाबी रहेको कारण प्रकाशित/प्रसारित हुँदैनन् । स्थलगत रिर्पोर्टिङ्गमा जाँदा सञ्चार संस्थाले दिने पारिश्रमिकभन्दा आफ्नै गोजीको खर्च बढि हुन्छ । पत्रकारितामा नाम र दाम देखेर होमिएका व्यक्तिहरू खासगरी पैसा कमाउन नसकेपछि आफ्नो घरजग्गासमेत बेचेर ऋण चुक्ता गरेको र पत्रकारिता पेसा छोडेको नमीठो अनुभव सुनाउँछन् । यसैबाट प्रस्ट छ कि उनीहरू विशेषत: जीउधनको सुरक्षा र रोजीरोटीको चिन्तामा छन् । राज्य र सम्बन्धित निकायप्रति उनीहरूको आक्रोश छ- "पत्रकारितालाई राज्यले चौथो अंग भन्ने तर व्यवहारमा केही सेवा सुविधा नदिने गरिरहेको छ । त्यसकारण हामी अभाव, दबाब र प्रभावमा परिरहेका छौं ।" यस्तो दु:खेसो पोख्नेहरूमा नेपालका चर्चित एवं स्थापित मिडियाका पत्रकारहरू समेत भेट्टिए । यद्यपि उचित पारिश्रमिकको अभावमा पनि मुटु मिचेर काम गरिरहेका देखिन्छन् मोफसलका साहसिक युवा तथा महिला पत्रकारहरू । महिला पत्रकारहरूको उपस्थिति पनि प्रगति उन्मुख छ ।

अझ गाँठी कुरा त के छ भने नेपाली पत्रकार जो दिनरात खटेर पनि भोकै बस्न बाध्य छ, जो जे देख्छ त्यही लेख्छ परिणामस्वरुप हत्या, धम्की र आक्रमणको शिकार हुन्छ, जो आफ्नो घरजग्गा बेचेर ऋण चुक्ता गर्छ, जो आफ्ना सबै रहरलाई बन्धकी राखी बाध्यता र विवशताको जीवन बाँच्छ, कर्णाली अञ्चल र केही पहाडी-हिमाली जिल्लाका सवालमा त झन् विद्युत्, सञ्चार र यातायातका साधनको पहुँच अभावका कारण जो राष्ट्रिय महत्वका गतिला समाचार सम्बन्धित निकायसम्म पठाउनै पाउँदैनन् । यसतर्फ राज्यको ध्यान खोई ? उनीहरूले हामी माझ यस्तै प्रश्न गरे ।

खासगरी इमान्दार र योग्य पत्रकारहरू नेपाली पत्रकारितामा कुनै योग्यता र मापदण्ड नभएका गैर पत्रकारहरूको व्यापक प्रवेशले अत्यन्त चिन्तित छन्, र यसैले पत्रकारितामा डरलाग्दा विकृति र विसंगति भित्र्याएको उनीहरूको भनाई छ । कुनै पार्टी निकट सञ्चार संगठनको सदस्यता नलिई स्वतन्त्र पत्रकारिता गर्न जिल्लामा गाह्रो भएको अनुभव पत्रकारहरूको छ । पत्रकार महासंघको सदस्यता लिन कुनै न कुनै सञ्चार संगठन निकट हुनुपर्ने र महासंघ पदाधिकारीले पनि त्यही अनुसार व्यवहार गर्ने गरेको उनीहरूको गुनासो छ । यस्तो गुनासो पत्रकारहरू बीचमै देखिएको एकताको समस्याबाट सिर्जित प्रतिफल हो । तर जे भएपनि आफूले पत्रकारिताको व्यावसायिक धर्म निर्वाह गरिरहेको उनीहरू बताउँछन् । यद्यपि पत्रकारिता गरेर मात्रै बाँच्न नसकिने हुँदा आफूले विभिन्न वैकल्पिक पेशा अपनाउन बाध्य भएको उनीहरूको स्पष्टोक्ति छ । यिनै उल्लेखित अवस्थाका कारणले गर्दा "मुलुकमा प्रेस स्वतन्त्रताको प्रत्याभूति हुन नसकेको हो"- उनीहरू भन्छन् ।

फेरि मिडिया सञ्चलाकहरू चाहिँ स्थापना गरिसकिएका सञ्चारमाध्यम कसरी टिकाउन सकिन्छ भन्ने ध्याउन्नमा छन्। अनि सरकारी एवं विभिन्न संघ-संस्थाको विज्ञापन नपाउनुको हैरानीले खिन्न र आजित देखिन्छन् उनीहरू। मोफसलका सञ्चारमाध्यम त झन् स्थानीय विज्ञापन केन्द्रिय मिडियालाई दिइएको गुनासो गर्दछन्। लोककल्याणकारी विज्ञापनको समानुपतिक वितरण नभएकाले पनि ठूलो मार खेपिरहेका छन्- मोफसलका सञ्चारमाध्यमहरूले। अनि विज्ञापन प्राप्त गर्न र लोकप्रियता कमाउन मिडिया-मिडियै बीचमा पनि अस्वस्थ प्रतिस्पर्धा चलिरहेको पाइन्छ।

नेपालमा प्रचलित पत्रकारिता र चुनौतीहरू :

१. रेडियो पत्रकारिता- नेपालका शहर बजारमा मात्र नभएर गाउँ-बस्तीसम्म पहुँच पुग्न सफल रेडियो (एफ.एम.) पत्रकारिताले जनतालाई सुसूचित गर्न अग्रणी भूमिका खेलेको छ। तर जिल्ला जिल्लामा खुलेका सामुदायिक रेडियो विभिन्न पार्टी तथा संघ-संस्था निकट रहेर चलेकाले यस्ता रेडियोहरूको तटस्थता, निष्पक्षता र विश्वसनीयतामा प्रश्न चिन्ह उठेको देखिन्छ। साथै स्थानीय स्तरमा खुलेका सामुदायिक/नीजि एफ.एम.हरूले विभिन्न वेभसाइटबाट बढी समाचार साभार गरेर आफ्नै क्षेत्रको ग्रामीण पत्रकारितालाई ओझेलमा पारेको जनको गुनासो छ। छुट्टै नियमित विद्युत् सेवा नभएका जिल्लामा सञ्चालित सञ्चारमाध्यमलाई तेल किनेर जेनेरेटरमार्फत् रेडियो चलाउन समस्या परेको देखिन्छ।

२. छापा पत्रकारिता- रेडियो पत्रकारिता पछि छापा पत्रकारिताले नेपालमा जनस्तरदेखि राज्यको नीति निर्माण तहसम्ममा समेत महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। साथै जिल्ला-जिल्लाबाट प्रकाशित दैनिक, साप्ताहिक, पाक्षिक, मासिक पत्रिका हुलाक मार्फत् कुना-काप्चासम्म पुगेका छन्। यस्ता पत्रिकाहरू मध्ये कुनै मिसनको रूपमा निस्किएका छन् भने केही व्यवसायिकतातिर उन्मुख छन्। कुनै-कुनै हिमाली पहाडी जिल्लामा दर्ता भएका पत्रिका छाप्ने प्रेसको अभावमा नजिकको विकसीत जिल्ला/शहरबाट प्रकाशित भएको पाइन्छ। तर समस्याचाहिं के भने ती पत्रिकाहरू नियमित रूपले सम्बन्धित जिल्ला पुगेको पाइदैन। र, देशभरका केही पत्रिकाहरू त सरकारी सेवा सुविधा लिन र चाडपर्वमा विज्ञापन बटुल्न मात्रै पनि प्रकाशित हुने गरेको अवस्था छ।

३. टेलिभिजन पत्रकारिता- नेपालका विकसीत शहर बजारमा टेलिभिजन पत्रकारिता बढी केन्द्रित छ। जसले शहर बजारमा बस्ने हरूको ध्यान समाचार, सूचना र मनोरञ्जनमार्फत् मज्जाले तानेको देखिन्छ। तर समाजमा तीव्र आक्रमक देखिने र नकारात्मक असर पार्ने दृश्य समाग्री प्रसारणमा टी.भी. च्यानल आवश्यकता भन्दा बढी केन्द्रित भएको सर्वसाधारणहरूको गुनासो छ।

४. अनलाइन पत्रकारिता- नेपालमा कान्छो पत्रकारिताको रूपमा चिनिने अनलाइन पत्रकारिताले पनि इन्टरनेटको पहुँच भएका मानिसहरूलाई सुसूचित गरिरहेको पाइन्छ। पछिल्लो समय राजधानी बाहिरका जिल्लाहरूमा पनि वेभसाइटमार्फत् यस्तो पत्रकारिता गर्ने चलन बढ्दो छ। रेडियो, टी.भी. र पत्रपत्रिकाहरूले पनि आ-आफ्नो वेभसाइट निर्माण गरेर यस पत्रकारितालाई व्यापकता दिंदै गएका छन्। यस अर्थमा यो पत्रकारिता आउँदा दिनमा निकै प्रभावकारी हुने देखिन्छ। तर नेपालका कुना-काप्चासम्म यसको पहुँच पुग्न निकै समय लाग्ने अवस्था छ। राज्यको स्पष्ट नीति नभएको र स्वच्छन्दता व्याप्त रहेको यस पत्रकारिताप्रति उपभोक्ताहरूको आरोप छ।

सकारात्मक पत्रकारिता :

पत्रकारितामा एउटा विश्वव्यापी मान्यता छ- 'ब्याड न्यूज इज गुड न्यूज' अर्थात् नकारात्मक (खराब) समाचार नै राम्रो समाचार हो। यही प्रचलित मान्यतामा टेकेर अहिले विश्वको पत्रकारिता चलिरहेको छ। र, त्यसको अछूतो नेपाल पनि नहुने कुरै भएन। यो मान्यतालाई आधार बनाएर पत्रकारिता गर्नेहरू भन्छन् "राम्रो समाचार पाठक/श्रोता/दर्शकहरूले पढ्दैनन्/सुन्दैनन्/हेर्दैनन्।" तर समयानुकूल यो मान्यतालाई पनि परिवर्तन गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ। किनकी कुनै पनि देशका नागरिकले बिहान उठ्ने बित्तिकै हत्या, आत्महत्या, हिंसा, बलात्कार, द्वन्द्वआदिका समाचार मात्रै पढ्न, सुन्न र हेर्न चाहदैनन्। वैज्ञानिकहरूले यो अनुसन्धान पुष्टि गरिसकेका छन् कि यस्ता समाचारबाट व्यक्तिमा नकारात्मक किसिमका जैव रसायन (Bio-chemicals) सक्रिय हुन्छन् र त्यस्ता रसायनले कुनै पनि व्यक्तिलाई नकारात्मक कार्यमा लाग्न उत्प्रेरणा जगाउँछ। परिणाम- माथि उल्लेख गरिएका घट्नाहरू घट्नुको साटो बढ्छन्।

अत: मानवजातिलाई सही मार्ग निर्देशन गर्न शान्ति, सद्भाव, एकता, जागरण, विश्वबन्धुत्व र मानवतामा भएको विकास जस्ता समाचारहरू प्राथमिकताका साथ मिडियामा सम्प्रेषण हुनु अति जरुरी भइसकेको छ। जसले व्यक्ति, समाज, राष्ट्र र सिङ्गो विश्वलाई सकारात्मक मार्ग तर्फ डोऱ्याओस्। किनभने पत्रकारिता पेशा अरू पेशा-व्यवसायजस्तो नभई नवमानव निर्माण गर्ने सामाजिक अभियान र योगदान पनि हो। त्यसैले त हुनुपर्छ यही युगीन आवश्यकतालाई पूरा गर्न अहिले भारतका पूर्व राष्ट्रपति एवं बहुमुखी प्रतिभा सम्पन्न वैज्ञानिक डा. ए.पी.जे. अब्दुल कलाम सञ्चारकर्मी बनेका छन्। र, भारतीय जनताको लुके छिपेका प्रतिभा र सफलतालाई विश्वभर चिनाउन सकारात्मक पत्रकारिता अभियान सञ्चालन गरिरहेका छन्। यता नेपालमा एशियाको नोबेल पुरस्कार भनेर चिनिने रोमन म्यागासासे पुरस्कारबाट सम्मानित वरिष्ठ नेपाली पत्रकार भारतदत्त कोइरालाले पनि विकासमूलक एवं शान्ति पत्रकारिताको अवधारणालाई अगुवाई गरिरहेका छन्।

जनकपुरका पत्रकार राम आशिष यादव भन्छन्- "नेपालमा सकारात्मक पत्रकारिताको विकास नहुनुमा राजधानीका ९०% नेतामुखी समाचार आउनु र मोफसलका १०% समाचार पनि नआउनु" मुख्य कारण ठान्छन्। त्यस्तै सिरहाका एक पत्रकारले भने- "राजधानीका नेतृत्वदायी सञ्चारमाध्यममा हत्या, हिंसा, अपहरणको समाचार चाहिं पटक-पटक फोन-इमेल सम्पर्क गरि ब्रेकिङ्ग न्यूज बनाउने तर समाजमा सकारात्मक सन्देश दिने समाचार चाहि वास्तै नगर्ने परिपाटी छ।" जबसम्म यो परिपाटी परिवर्तन हुँदैन, तबसम्म

नेपालमा सकारात्मक पत्रकारिताको विकास हुनै नसक्ने उनको धारणा छ ।

फेरी वीरगञ्जका पत्रकार कृष्णचन्द्र (के.सी.) लामिछानेको चाहिं यस्तो धारणा छ- "सकारात्मक पत्रकारिता शुद्ध, सन्तुलित र विश्वसनीय तवरले गर्ने हो भने तराईका ५० प्रतिशत समस्या स्वतः समाधान हुन्छन् । सिन्धुपाल्चोकका एक पत्रकार नकारात्मक र अरूलाई गाली मात्रै गर्ने प्रवृत्तिका समाचार सम्प्रेषण गर्दागर्दै आफू स्वयं नकारात्मक भएको र आफूमा सकारात्मकता हराएपछि त्यस्तो सञ्चार माध्यममा काम गर्न छोडी अन्यत्र पत्रकारिता गरिरहेको अनुभव सुनाउँछन् ।

ललितपुरका पत्रकार अमृतनाथ तिमिल्सिना सकारात्मक पत्रकारिताका लागि अर्को मुख्य आवश्यकता ठान्छन्- पत्रकारको सही भोजन । पत्रकारले खानपानमा मात्रै सुधार गर्न सक्ने हो भने पनि नेपालमा सकारात्मक पत्रकारिता विकासका लागि अर्को अभियान नै नचाहिने उनको ठहर छ । त्यस्तै बागलुङ्का पत्रकार हरिनारायण गौतम सञ्चार उपभोक्ताहरूले पत्रकारितालाई विभिन्न कोणबाट प्रश्न उठाइरहेको सन्दर्भमा सकारात्मक पत्रकारिताको विकास अपरिहार्य ठान्छन् ।

स्वतन्त्र पत्रकारिताका समस्याहरू:

- सूचनाको सर्वसुलभ पहुँच अभाव हुनु,
- राज्यले चौथो अंगको व्यवहार र गरिएका सम्झौता कार्यान्वयन गर्न नसक्नु,
- पत्रकार र सञ्चारमाध्यमको भौतिक तथा पेशागत सुरक्षा नहुनु,
- ज्ञान, सीप, दक्षता र क्षमतामा कमी,
- पत्रकारितालाई आफ्नो नियन्त्रणमा राख्न अधिक प्रयास गर्नु (राजनीतिक दल, स्थानीय तथा प्रशासननिक निकाय, विभिन्न संघ-संस्थामार्फत्),
- बढ्दो स्वनियन्त्रण (Self-censorship),
- पत्रकारले श्रमको उचित मूल्य नपाउनु,
- सञ्चारमाध्यममा विज्ञापन अभाव र राज्यको विभेदकारी विज्ञापन नीति,
- मापदण्ड विपरित गैरपत्रकार (कार्डधारी/नामधारी) को व्यापक प्रवेश,
- विद्युत, सञ्चार र यातायातका साधनको पहुँच अभाव,
- पत्रकार आचार संहिताको पूर्णतया पालना नहुनु,
- पत्रकारहरूको एकतामा समस्या देखिनु,
- सरोकारवाला निकाय तथा प्रतिनिधिमा आलोचना पचाउन सक्ने संस्कृतिको अभाव,
- सञ्चारमाध्यममा अवस्थ प्रतिस्पर्धा र विश्वसनीयतामा प्रश्न चिन्ह,
- राजनीतिक आस्थालाई आधार मानेर नेपाल पत्रकार महासंघबाट सदस्यता वितरण,
- सरकारी सञ्चार संस्थामा राजनीतिक नियुक्ति र निष्पक्ष मूल्याङ्कनको अभाव ।

सुझाव:

माथिका सम्पूर्ण परिदृश्यलाई आत्मसात् गर्दा के भन्न सकिन्छ भने सम्बन्धित सबै पक्षले आ-आफ्नो जिम्मवारी इमान्दार भएर पूरा गर्नुपर्छ । व्यावसायिक पत्रकार आचार संहिता लागू गराउने र मिडियालाई सेवा सुविधा प्रदान गर्ने प्रेस काउन्सिल एवं सूचना विभाग, नेपालका श्रमजीवि पत्रकारहरूको नेतृत्व गरिरहेको नेपाल पत्रकार महासंघ र पत्रकारसँग सम्बन्धित अन्य संस्थामा समेत आफैंमा शुद्धिकरणको अभ्यास गर्नु जरूरी छ । संचारकर्मी एवं सञ्चार गृहले पनि पत्रकार आचार संहिताको अनिवार्य पालना गर्नुपर्दछ । सञ्चार गृहले सञ्चारकर्मीलाई श्रमको उचित मूल्य दिनुपर्छ । साथै सरकारका तर्फबाट दिइने सेवा सुविधा सबै सञ्चारमाध्यमले प्राप्त गर्नुपर्दछ । स्थानीय निकायले स्थानीय सञ्चारमाध्यमलाई प्राथमिकता दिएर सूचना, विज्ञापन वा सेवा, सुविधा उपलब्ध गराउनु पर्दछ । सञ्चार गृहले सकारात्मक सन्देश प्रवाह गर्ने खालका समाचार सामाग्रीहरू पनि उत्तिकै प्राथमिकतामा सम्प्रेषण हुनु पर्दछ । त्यस्तै पत्रकार महासंघका सबै जिल्ला शाखाले मोफसलमा क्रियाशील पत्रकारहरूको समस्या बुझी उनीहरूलाई सशक्त र क्षमतावान् बनाउन विभिन्न तालिम, गोष्ठी, सेमिनार, स्थलगत भ्रमण र अन्य सेवा सुविधाको व्यवस्था गर्नुपर्दछ ।

यसका लागि महासंघलाई राज्यको सहयोग अपरिहार्य छ । अनि अहिलेसम्म राज्य र पत्रकार महासंघ बीच भए गरेका सहमति कार्यान्वयन र पालना हुनुपर्दछ । कुनै पनि हत्या वा अपराधमा दोषी ठहरिएका व्यक्तिलाई कानूनको कठघरामा ल्याई कारवाही गर्न सक्नुपर्छ । कहीं कतैबाट प्रेस स्वतन्त्रतामा अंकुश लगाइनु हुँदैन । नयाँ बन्ने संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रताको सुनिश्चितता गरिनु पर्दछ । राज्यले पत्रकारलाई सुरक्षाको प्रत्याभूति दिलाउनु पर्छ । त्यसमा जनताको पनि सहयोग राम्रो हुन्छ ।

सञ्चारमाध्यमको समाचार सम्प्रेषणमा असन्तुष्टि भए असन्तुष्ट पक्षले खण्डन, छलफल वा कानूनी तवरबाट अगाडि बढ्नु पर्दछ । त्यसका लागि प्रेस काउन्सिलमा उजुरी दिन र अदालतमा मुद्धा लड्न पाइन्छ । सम्बन्धित पक्षले आलोचनालाई सहन, पचाउन सक्ने क्षमता राख्न र सुध्रने मौकाको रूपमा लिन सक्नुपर्छ । अनि मात्र सबैले अपेक्षा गरेको नेपाली पत्रकारिताको गुणस्तरीय विकास अझ अगाडि बढ्छ ।

देशको अवस्था:

हाम्रो देश नेपाललाई प्रकृतिले धेरै चीज दिएको छ । नेपालका चौध अञ्चल पचहत्तरै जिल्लामा कुनै न कुनै किसिमका ऐतिहासिक, सांस्कृतिक, धार्मिक एवं पर्यटकीय महत्वका धरोहरहरू छन् । यसलाई हामीले उचित संरक्षण, संम्बर्द्धन र सदुपयोग गर्न सकेका छैनौं । यहाँको जल, जमीन, जंगल, जडीबुटीआदिको उचित रूपमा पहिचान हुन सकेको छैन । यसलाई प्रयोगमा ल्याउन दक्ष जनशक्तिको कमी छ । भएका केही जनशक्ति पनि कोही विदेशतर्फ पलायन छन् त कोही देशको अस्थिर राजनीतिका कारण मौन देखिन्छन् ।

वि.सं. २०४६ सालको परिवर्तन पश्चात् नेपालका गाउँ-घरमा सकारात्मक कार्य पक्कै भएका छन् । सञ्चार, यातायात, विद्युत् लगायतका क्षेत्रमा प्रगति हुँदै गएको छ । तर केन्द्रदेखि गाउँसम्म संस्थागत भ्रष्टाचार मौलाएका कारण हुनुपर्ने जति विकास भएको छैन । जनप्रतिनिधिको अभावमा राजनीतिक संयन्त्रमार्फत् चुनिएका पदाधिकारीहरूको मनोमानी देशभर चलेको छ । कुनै पनि जिल्लाका जनताले हामीसँगको भेटमा विकासका लागि आएको पैसा उचित रूपमा सदुपयोग भएको छ भनेनन् ।

माओवादी जनयुद्ध र पछिल्लो राजनीतिक उथलपुथल पछि देशका कुना-काप्चामा बस्ने मानिसहरूमा पनि चेतनास्तर बढ्दै गएको पाइयो । यो उपलब्धि नेपाली जनताले कठीन परिस्थिति झेलिसकेपछि पाएका हुन् । परिणामस्वरूप नेपालका कुना-काप्चाका नेपालीहरू पनि आफ्नो हक, अधिकारका लागि आफैं आवाज उठाउन सक्ने भएका छन् । यद्यपि अधिकारका लागि आफूले पूरा गर्नुपर्ने दायित्व र कतर्व्यको बोध हुन भने अझै बाँकी देखिन्छ ।

गणतन्त्र प्राप्ति पश्चात् आजकालका मान्छेमा छाडातन्त्र पनि मौलाएको छ । सार्वजनिक निकाय (प्रशासन, विद्यालय, स्वास्थ्यआदि) मा आवश्यकताभन्दा बढी राजनीतिले प्रश्रय पाएको छ । अपवाद बाहेक आफ्नो पेशा-व्यवसाय र जिम्मेवारी इमान्दारिताका साथ कुनै पनि निकायका व्यक्तिले पूरा गरेको देखिँदैन । बरु यो मेरो दलको र त्यो उसको समूहको भनेर अपराधका घट्ना चाहिँ घटिरहेका देखिन्छन् । राजनीतिक संरक्षणका कारण दण्डहीनताले प्रश्रय पाएका कारण यस्तो भएको हो । तैपनि १० वर्षे द्वन्द्वकालीन अवस्थामा जस्तो अशान्ति चाहिं गाउँ-घरमा देखिएन ।

नेपाली जनता चाहान्छन्- सबै वर्ग, तह र तप्काका जनताको हक, अधिकार र कतर्व्य सुनिश्चित हुने खालको लोकतान्त्रिक संविधान चाँडै बनोस् । खाना, नाना र छाना सबैले पाउन् । शान्तिपूर्ण लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थागत विकास हुन सकोस् । यसका लागि नेपालका सबै दलहरू मिलेर राष्ट्र र जनहितमा लागून् । वितृष्णा बढ्ने खालका कार्यहरू नेपालमा कसैले नगरुन् ।

हार्दिक आभार एवं अनुरोध

अन्त्यमा- २ वर्षे नेपाल भ्रमण अभियान सफल बनाउन सहयोग गर्ने सम्पूर्ण नेपाल पत्रकार महासंघ परिवार, संचार संस्था/कर्मी, स्थानीय तथा प्रशासनिक निकाय, यातायातकर्मी, शिक्षाकर्मी, विद्यार्थी, उद्योगी, व्यवसायी, धार्मिक/आध्यात्मिक संघ संस्था एवं विभिन्न तह र तप्काका नेपाली दाजुभाई, दिदीवहिनीमा हामी हार्दिक आभार प्रकट गर्दछौं । र, ७ वर्षे विदेश भ्रमण अभियान सफल बनाउन नेपाल सरकारका सम्पूर्ण निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय सञ्चार एवं मानवअधिकार संघ संगठन, गैरआवासीय एवं प्रवासी नेपाली, नेपाली राजदूतावास एवं सम्बन्धित निकाय तथा महानुभावमा रचनात्मक सल्लाह, सुझाव एवं सक्दो सहयोगका लागि हामी हार्दिक अनुरोध गर्दछौं ।

प्रतिवेदन प्रस्तुतकर्ता :
विश्वयात्री पत्रकारद्वय:
नारायण प्रसाद भट्टराई 'सोहम्'/नवराज भट्टराई 'कोहम्',
ईमेल: mjournalist65@yahoo.com,
worldjournos@gmail.com मोबाइल: ९७४११४३८४४

पुस्तक प्रकाशनका लागि प्राप्त सहयोग (फेसबुक मित्रहरूबाट)	
अमित थापा (इमाडोल ललितपुर), हाल सिड्नी अष्टेलिया	रु. २२,९५०/-
भवानीप्रसाद डोटेल 'भोजपुरे' (याकु ७, भोजपुर) हाल दोहा कतार	रु. ६,२०८/-
उज्जवल चापागाईं, नयाँ वानेश्वर काठमाडौं	रु. ५,५००/-
रामप्रसाद भट्टराई 'पूर्वेली' (धरान सुनसरी), हाल मलेशिया	रु. ५,०००/-
के.वी. कार्की 'अर्जुन' (त्रिवणी ३, कालीखोला, उदयपुर) हाल मलेशिया	रु. ३१५१/-
चिरञ्जिवी तिंसिना (च्यांग्रे ५, मोहोरिया भोजपुर) हाल कतार	रु. ३०३०/-
छवि सुवेदी (च्यांग्रे २, प्याक्ला भोजपुर) हाल कतार	रु. ३०३०/-
शारिका श्री, नर्थ क्यारोलिना, अमेरिका	रु. ३०००/-
दयाराम काशीछावा (छालिंग २, कालिण्टार भक्तपुर) हाल दुवई	रु. २१००/-
भोजकुमार श्रेष्ठ (वोया ४, विहीवारे भोजपुर), हाल कतार	रु. २,०००/-
देवराज राई (पृथ्वीनगर ५, झापा) हाल कतार	रु. २,०००/-
गणेश गोदार (पुतलीवजार न.पा. ४, स्याङ्जा), हाल कतार	रु. २,०००/-
गणेश कोईराला (च्यांग्रे ४, प्याक्ला, भोजपुर) हाल कतार	रु. २०००/-
भानुभक्त पौडेल अमेरिका	रु. १,५४९/-
टंकप्रसाद खड्का 'टीका' (मधुमल्ला ४ मोरंग), हाल कतार	रु. १००० /-
लोक रायमाझी (भीरपानी ५, रामेछाप), हाल काठमाडौं	रु. १००० /-
देवराज खतिवडा (विराटनगर उ.प. नगरपालिका) हाल कतार	रु. १,००० /-
विकी लामा 'इनोसेण्ट' (निर्मलवस्ती ६, पर्सा) हाल कतार	रु. १,००० /-
टंक अधिकारी (श्यामसिला २, भिरकोट), हाल कतार	रु. १,०००/-
दिवश कुमार मगर (उर्लावारी २ हाटखोला मोरंग), हाल कतार	रु. १००० /-
शिव सोनाम (पृथ्वीनगर ५, झापा) हाल कतार	रु. १००० /-
अमृता भण्डारी विष्ट (च्यांग्रे २, भोजपुर), हाल अमेरिका	रु. ५००/-
पुस्तक प्रकाशनका लागि प्राप्त सहयोग	
गोपाल गुरागाईं (उज्यालो ९० नेटवर्क), ललितपुर	रु. ५०००/-
ज्ञानेन्द्रबहादुर कार्की (ने.कां, केन्द्रिय सदस्य)	रु. १००१/-
नरेन्द्र भट्टराई कपन, काठमाडौं	रु. ५००/-

कुरराम बहुमुखी क्याम्पस परिसरको बगैंचा

पर्सा वन्यजन्तु आरक्ष, अमलेखगञ्ज वारामा हात्तीमा सयर गर्दै

शिव लिंगमा पूजा गर्दै (शिवनगर, रौतहट)


साधुहरूको समाधिस्थल, मलंगवा सर्लाही

ॐ
जलेश्वर महादेव
जलेश्वरधाम, महोत्तरी

जानकी मन्दिर,
जनकपुरधाम धनुषा

सलहेशको मूर्ति, सिराहा


नेपालकै सवभन्दा पहिलो नहर चन्द्रनहर, फत्तेपुर सप्तरी

वराहक्षेत्र, सुनसरी

खाना पकाउनका लागि प्रयोग गरिने गोबरका गुइँठा (बाहुनी, मोरङ)


नेपालको सबभन्दा होचो भाग केचनाकवल


कटारी बजार क्षेत्र, उदयपुर


...धनकुटाको ठूलो रुख
...बारेमा ३ भनाइ छन्।

ह्योल्मो जातिकी महिला, सिन्धुपाल्चोक

चन्दुगो (कालेश्वर, ललितपुर)


पञ्चदेवल मन्दिर कालिकोट

हलेसी महादेव गुफा, खोटाङ

कागेश्वर महादेव गुफा, रुखीवास भोजपुर

सख्खर खाऔं, स्वस्थ बनौं
(चैनपुर, संखुवासभा)


सदरमुकाम फिदिम, पांचथर
2010/03/06


वसन्तपुर, तेह्रथुम


हिन्दूहरुको संस्कारअनुसार २ बालकको व्रतबन्ध गरिँदै, पेल्टीमारी

पाथिभरा मन्दिर, ताप्लेजुंग

नेपालको एकमात्र केबुलकार स्टेशन, चितवन-गोरखा
2008/01/01


एशियाकै ठूलो दावी गरिएको सिद्धगुफा, बिमलनगर बन्दीपुर तनहुं

वराहक्षेत्र, सुनसरी

खाना पकाउनका लागि प्रयोग गरिने गोबरका गुइँठा (वाहुनी मोरङ)

नेपालको सबभन्दा
होचो भाग केचनाकवल



कटारी बजार क्षेत्र, उदयपुर



गाजारानी छतफुटाको ठूलो रुख
यसका वारेमा ३ भनाइ छन्।

ह्योल्मो जातियी महिला,
सिन्धुपाल्चोक

चन्दुगो (कालेश्वर, ललितपुर)



पञ्चदेवल मन्दिर
कालिकोट

हलेसी महादेव गुफा, खोटाङ

कागेश्वर महादेव गुफा, रजीवांस भोजपुर

सख्खर खाऔं, स्वस्थ बनौं (चैनपुर, संखुवासभा)



सदरमुकाम फिदिम, पांचथर


वसन्तपुर, तेह्रथुम


हिन्दूहरुको संस्कारअनुसार २ बालकको व्रतवन्ध गरिदै, पेल्टीमारी इलाम

पाथिभरा मन्दिर, ताप्लेजुंग

नेपालको एकमात्र केबुलकार स्टेशन, चितवन-गोरखा


एशियाकै ठूलो दावी गरिएको सिद्धगुफा, बिमलनगर बन्दीपुर तनहुँ

गुरुंगसेनीहरु लेखनाथ महोत्सवमा झाँकी प्रदर्शन गर्दै (कास्की)

लेखनाथ महोत्सव कार्यक्रममा उपस्थित छेत्री पोशाकमा सजिएका महिलाहरु


ग्रामीण पर्यटकीय स्थल पञ्चमुल सिरुवारी, स्याङजा

पाल्पाली ढाका टोपीले सम्मान

नेपालको पहिलो कफी केन्द्र, आँपचौर, गुल्मी


खर्बाङ बजार क्षेत्र, बागलुंग


पञ्चासे क्षेत्र (पर्वत, कास्की र स्याङजा)


नेपाली कागज बनाएर सुकाइएको अवस्था, म्याग्दी

मुस्ताङका स्याउ र हिमाल

गोसाइँकुण्ड, रसुवा

भालुखोप, रामेछापमा उत्पादित जुनारको जुस दिँदै महिला कर्मचारी

सिन्धुलीमाडी, सिन्धुली

दोलखामा भेटिएका अल्फा जनावर



शैलुंग (दोलखा र रामेछाप)



खुम्जुंग ग्रीन भ्याली, सोलुखुम्बु

ओखलढुंगामा फलेको पाल्ले

गुफापोखरी, संखुवासभा



नवराज भट्टराई 'को ऽहम्' र नारायणप्रसाद भट्टराई 'सो ऽहम्' अत्यन्तै क्रियाशील, जागरुक तथा देशभक्त युवा हुन् । भोजपुरमा जन्मिएका भट्टराई बन्धुले मात्र ३५० रुपैयाले यात्रा सुरु गरे । र, स्वत:स्फूर्त जनसहयोगमा नेपालका ७५ जिल्लाको स्थलगत भ्रमण सकेर **नेपाल भ्रमणका ७30 दिन** नामक कृति प्रकाशित गरेका छन् । त्यस्तै, उनीहरुले **नेपाल दर्शन** को श्रव्यदृश्य समेत उत्पादन गरेर नेपालको भूगोल, संस्कृति, पर्यटकीय क्षेत्र, परम्परा तथा तमाम विशेषता उजागर गरी आन्तरिक तथा बाह्य पर्यटनलाई दुर्लभ कोसेली प्रदान गरेका छन् । नेपाललाई विश्व रंगमंचमा परिचित गराउन **विश्व दर्शन अभियान** समेत स्थापना गरेका भट्टराईद्वयले विश्व भ्रमण गर्ने लक्ष्य लिएका छन् ।

– डा. रवीन्द्र समीर

नेपाल, नेपाली जनता र पत्रकारलाई संसारभर चिनाउने यो अथक प्रयत्नको म प्रशंसा गर्दछु । नेपालको राष्ट्रिय एकता मजबुत बनाउन यो भ्रमण सफल रहोस् ।

डा. रामवरण यादव (प्रथम राष्ट्रपति, नेपाल)

नेपाल र नेपाली जनतालाई संसारभर चिनाउने यस प्रयासलाई मेरो शुभकामना ।

परमानन्द झा (प्रथम उपराष्ट्रपति, नेपाल)

यस्तो अनुपम तथा अमूल्य नियात्रा कृति जनसमक्ष उपहार प्रस्तुत गर्ने नियात्राकारहरु कमै मात्र होलान् । यो नियात्रा ग्रन्थको दोश्रो आवृत्तिले ...कोऽहम् र सोऽहम्ऽऽ को दार्शनिक पृष्ठभूमि भित्र ......शिवोऽहम्ऽऽ पल्लवित र पुष्पित हुने लक्षण देख्दैछु । यसमा म विश्वस्त छु ।

सत्यमोहन जोशी

पचहत्तर जिल्लामा फैलिएका दर्शनीय स्थलहरुको सुन्दर विवरणले भरिएको यो किताबले पूर्वको ताप्लेजुङदेखि पश्चिमको दार्चुलासम्मको जनजीवन, सामाजिक जीवनको समेत राम्रो चिनारी दिन्छ । त्यसैले यो पुस्तक सक्दा प्रत्येकको हातमा, त्यसो हुन नसक्दा प्रत्येक विद्यालयको पुस्तकालयमा हुनु अनिवार्य छ ।

प्रदीप नेपाल

यी कृति देश विदेशमा कोशेली पठाएर नेपालको गौरव दशै दिशामा फैलाऔँ । सबैभन्दा ठूलो कुरा ता यसलाई अन्य भाषामा, खासगरी अङ्ग्रेजीमा अनुवाद गर्न सके नेपालको एक आत्मालाई विश्वले दर्शन गर्न पाउने थियो । यसको निमित्त आवश्यक खर्च जुटाइदिनु हुन सरकार, उदारमना व्यक्ति वा संस्थासमक्ष अनुरोध पनि गर्दछु ।

प्रा. डा. गोविन्दराज भट्टराई

बडो रोचक एवं कौतुहलपूर्ण पुस्तक र वृत्तचित्र । अभिव्यक्ति स्वतन्त्रता, वाणीको अधिकार र सही सूचनाको हकको सन्देश बोकेको यो अभियानको हिस्सा बन्ने रमाइलो सञ्जोग समयले हामीलाई जुराएको छ । यो अवसरको हामीले भरपूर उपयोग गर्न सकौं ।

शंकरप्रसाद (एसपी) कोइराला

७३० दिन निरन्तर सम्पूर्ण जिल्लाको भ्रमण गरी तयार गरिएको यो पुस्तक सायद **नेपाली भाषा-साहित्यको प्रथम कृति** हो भन्ने मलाई लाग्दछ । हिमाल, पहाड, तराईको विविधता अनि ती विविधता भित्र रहेका अनेक पत्र-पत्रात्मक विशेषतालाई सूक्ष्मतम रुपमा केलाएर लेखिएको यो पुस्तक **नेपालको इन्साइक्लोपेडिया** भन्दा पनि अत्युक्ति नहोला भन्ने मैले अनुभव गरेको छु ।

जीवा लामिछाने

अहिलेसम्म नेपाली भाषामा यस्तो पुस्तक मैले देखेकी र पढेकी थिइन । यो त **नेपालको लोन्ली प्लानेट** जस्तै लाग्यो । यसलाई अंग्रेजी अनुवाद गर्नु आवश्यक छ । पुस्तक हरेक स्कूलमा पुऱ्याउनु पनि त्यत्तिकै जरुरी देखिन्छ ।

पुष्पा बस्नेत (सीएनएन हिरो)

प्रकाशक :

9 789937 238960